# सरकारी वकील दिग्दर्शन, २०६३

## (Prosecutors' Manual, 2063)

## (चौथो संस्करण, २०७९)

महान्यायाधिवक्ताको कार्यालय, नेपाल
रामशाहपथ, काठमाडौं

# सरकारी वकील दिग्दर्शन, २०६३

## (Prosecutors' Manual, 2063)

## (चौथो संस्करण, २०७९)

**दिग्दर्शन पुनरावलोकन समूहः**
नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे
नायब महान्यायाधिवक्ता श्री पद्मप्रसाद पाण्डेय
प्रहरी अतिरिक्त महानिरीक्षक श्री दिवेश लोहनी
सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल
सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी
सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी
सहन्यायाधिवक्ता श्री शंकर खत्री
सहन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी
सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी
उपन्यायाधिवक्ता श्री सविता शर्मा

**सम्पादनः**
सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल
सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी
उपन्यायाधिवक्ता श्री सविता शर्मा

**कृति** : सरकारी वकील दिग्दर्शन
**संस्करण** : पहिलो संस्करण, २०६३
दोस्रो संस्करण, २०७०
तेस्रो संस्करण, २०७४
चौथो संस्करण, २०७९
**प्रकाशित प्रति** : १०००
**प्रकाशक** : महान्यायाधिवक्ताको कार्यालय, नेपाल
**फोन नं.** : ४२००८१८, ४२००८२५, ४२००८०७
**वेव साइट** : ag.gov.np
**सर्वाधिकार** : महान्यायाधिवक्ताको कार्यालय, नेपाल
**मुद्रण सहयोग** : संस्थागत सुधार मार्फत न्यायमा अभिवृद्धि परियोजना, (A2J Project)

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल

(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

## मन्तव्य



फौजदारी न्याय प्रशासनको महत्वपूर्ण स्तम्भ अभियोजन पक्षको नेतृत्व महान्यायाधिवक्ताले गर्दछ । नेपालको संविधानको धारा १५८ ले महान्यायाधिवक्तालाई प्रमुख अभियोजनकर्ताको हैसियतमा सरकार वादी फौजदारी मुद्दामा अभियोजन गर्ने नगर्ने विषयमा अन्तिम निर्णय गर्ने, अदालत वा न्यायिक निकाय समक्ष मुद्दा दायर गर्ने र सरकारको तर्फबाट मुद्दामा प्रतिनिधित्व गर्ने तथा हिरासत वा कारागारमा रहेका व्यक्तिहरुलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्त वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी प्राप्त भएमा छानविन गरी त्यस्तो नगर्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने लगायतका संवैधानिक र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले सरकार वादी मुद्दाको अनुसन्धानलाई प्रभावकारी र प्रक्रिया सम्मत बनाउन अनुसन्धान अधिकारीलाई निर्देशन दिने, अदालत तथा न्यायिक निकायमा बहस पैरवी र प्रतिरक्षा गर्ने गराउने, अनुसन्धानको प्रक्रियामा शंकित उपर मानवोचित व्यवहारको प्रत्भायूति हुने वातावरण बनाउने लगायत फौजदारी मुद्दाको अनुसन्धान अभियोजनमा महत्वपूर्ण कानूनी जिम्मेवारी प्रदान गरेको छ । महान्यायाधिवक्ताबाट आफूमा निहित यस्ता अधिकारहरुलाई तोकिएको शर्तको अधीनमा रहने गरी मातहतका सरकारी वकीलहरुलाई प्रत्यायोजन भएको छ । यही अधिकार अन्तर्गत रही महान्यायाधिवक्ता र महान्यायाधिवक्ताको कार्यालय मातहत रहेका समस्त सरकारी वकीलहरुले कार्यसम्पादनको जिम्मेवारी निर्वाह गरिरहेका छन् ।

फौजदारी मुद्दाको अनुसन्धान अभियोजनको महत्वपूर्ण जिम्मेवारी रहने सरकारी वकीलहरूको जिम्मेवारी निर्वाहमा कसूरजन्य कार्य गर्ने तौर तरिका, प्रकृति - प्रवृत्तिमा आएको परिवर्तन तथा अन्तरदेशीय र संगठित अपराधको उत्पत्ति र विस्तारको कारण केही जटिलता थपिएका छन् भने मानव अधिकारको अवधारणामा आएको नवीनता र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष राष्ट्र भएको कारण उत्पन्न दायित्वको निर्वाह, फौजदारी न्याय प्रशासनमा विकसित नवीनतम् अवधारणाको अवलम्बन तथा मुलुकको फौजदारी न्याय प्रशासनमा कार्यान्वयनमा आएका संहिता कानूनहरूको व्यवहारमा प्रभावकारी कार्यान्वयनका माध्यमबाट "पीडितलाई न्याय र दोषीलाई सजाय" को फौजदारी न्याय प्रशासनको उद्देश्य हासिल गर्ने चुनौती रहेका छन् । मुद्दाको अनुसन्धान अभियोजन लगायत समस्त फौजदारी न्याय प्रशासनका यीनै जटिलता र चुनौती बीच पीडित तथा आरोपीको मानव अधिकार संरक्षण तथा न्यायिक काम कारबाहीमा कानूनको शासनको मर्मलाई आत्मसाथ गर्दै महान्यायाधिवक्ता र मातहत कार्यरत सरकारी वकीलहरूले गुणस्तरीय र परिणाममुखी कार्यसम्पादन गर्नु पर्ने जिम्मेवारी रहेको छ । यस्तो जिम्मेवारी निर्वाहमा समस्त सरकारी वकीलहरू कटिबद्धका साथ कार्यक्षेत्रमा उत्रिनु पर्ने आवश्यकता छ ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

यसै पृष्ठभूमिमा सरकारी वकीलहरूको काम कारबाहीमा एकरूपता, गुणस्तरीयता, प्रभावकारिता र कार्यसम्पादनलाई सरल, सहज, प्रभावकारी, सामियक र व्यावहारिक बनाउन दिशानिर्देश गर्ने दस्तावेजको रूपमा प्रस्तुत दिग्दर्शनको चौथो संस्करणको रूपमा प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । दिग्दर्शनको प्रकाशन र प्रयोगबाट अपेक्षित उद्देश्य हासिल गर्न सहयोग पुग्ने कुरामा म विश्वस्त छु । यस दिग्दर्शनमा कार्यान्वयनमा आएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले व्यवस्था गरेका कार्यविधिगत कार्य प्रक्रिया तथा २०७५ सालमा जारी भएका मौलिक हक कार्यान्वयनसँग सम्बन्धित कानून एवं न्यायिक दृष्टिकोणहरू र महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका नयाँ परिपत्रहरुलाई समेटिएको मैले पाएको छु । विगतमा जस्तै यो दिग्दर्शनले सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा राख्दछु । प्रस्तुत दिग्दर्शनमा समेटिएका विषयवस्तु केवल सरकारी वकीलका लागि मात्र नभई कानूनका विद्यार्थी, प्राध्यापक, कानून अध्यापन हुने संस्थाहरू लगायत कानून, न्यायका क्षेत्रमा रुची राख्ने तथा फौजदारी न्याय प्रशासनका क्षेत्रमा कार्यरत सबैका लागि उपयोगी हुनेछ भन्ने मलाई लागेको छ ।

सरकारी वकील दिग्दर्शनलाई अद्यावधिक गरी यस रूपमा ल्याउने कार्यमा संलग्न दिग्दर्शन पुनरावलोकन कार्यदलका संयोजक नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, सहसंयोजक नायब महान्यायाधिवक्ता श्री पद्म प्रसाद पाण्डे, सदस्यहरु प्रहरी अतिरिक्त महानिरीक्षक श्री दिवेश लोहनी, सहन्यायाधिवक्ताहरु श्री गोपालप्रसाद रिजाल, श्री संजीवराज रेग्मी, श्री हरिप्रसाद जोशी, श्री शंकर खत्री, श्री हरिप्रसाद रेग्मी, श्री सोमकान्ता भण्डारी, उपन्यायाधिवक्ता श्री सविता शर्मा समेतले गर्नु भएको अथक परिश्रम प्रशंसनीय छ । वहाँहरु सबै प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । साथै दिग्दर्शनको पुनरावलोकन कार्यमा समन्वय र सहयोग गर्नु हुने नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, सहन्यायाधिवक्ता द्वय श्री लोकराज पराजुली र श्री उद्धव प्रसाद पुडासैनी विशेष धन्यवादका पात्र हुनुहुन्छ । प्रस्तुत दिग्दर्शन परिमार्जन र प्रकाशन गर्न सहयोग गर्ने संस्थागत सुधार मार्फत् न्यायमा अभिवृद्धि परियोजना (ए टु जे प्रोजेक्ट) लाई धन्यवाद दिन चाहन्छु ।

२०७९ पौष

(खम्मबहादुर खाती)

महान्यायाधिवक्ता

☎ : ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

परिमार्जित तेस्रो संस्करणका सन्दर्भमा महान्यायिधवक्ताज्यूको मन्तव्य

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(..... शाखा)

पत्र संख्या :-
चलानी नं. :-

राम
मिति



नेपालको संविधानले महान्यायाधिवक्तालाई नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएका अधिकारीलाई संवैधानिक तथा कानुनी विषयमा राय उपलब्ध गराउने, प्रमुख अभियोजनकर्ताको हैसियतमा फौजदारी मुद्दामा अभियोजन गर्ने नगर्ने विषयमा अन्तिम निर्णय गर्ने र सम्बन्धित अदालत वा न्यायिक निकाय समक्ष मुद्दा दायर गर्ने र ती मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची अन्तर्गतका मुद्दामा अनुसन्धान गर्ने अधिकारीलाई निर्देशन दिने तथा हिरासत वा कारागारमा रहेका व्यक्तिहरुलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्त वा कानुन व्यवसायीसँग भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी प्राप्त भएमा छानविन गरी त्यस्तो नगर्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने लगायतका महत्वपूर्ण जिम्मेवारीहरु प्रदान गरेको छ । महान्यायाधिवक्ताले आफूमा निहित यी अधिकारहरु तोकिएको शर्तको अधीनमा रहने गरी आफू मातहतका सरकारी वकीलहरुलाई प्रत्यायोजन गर्न सक्ने संवैधानिक व्यवस्था छ । महान्यायाधिवक्ताले प्रत्यायोजन गरेको अधिकार अन्तर्गत रही मातहत सरकारी वकीलहरुले यो अधिकार र जिम्मेवारी निर्वाह गरिरहेको अवस्था छ ।

सरकारी वकीलहरुले कानुनको अधिनमा रही माथि उल्लेखित अधिकारको प्रयोग गरी कार्य सम्पादन गर्दा कानुन सम्मत र प्रभावकारी ढंगले गर्न सकेमा पीडितलाई न्याय र दोषीलाई दण्ड दिलाई कानुनको शासनको स्थापना र मानव अधिकारको संरक्षण गर्ने फौजदारी न्याय प्रशासनको उद्देश्य हासिल हुन सक्दछ । विज्ञान र प्रविधिको विकास, यातायात र सञ्चारको क्षेत्रमा आएको विकासले अपराधको प्रकृति र प्रवृत्तिमा परिवर्तन ल्याएको छ । अन्तरदेशीय र संगठित अपराधको उत्पत्ति र विस्तारको कारण अपराधको अनुसन्धानमा बहुराष्ट्रिय सहयोगको आवश्यकता जस्ता कुराले फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई जटिल बनाइदिएको छ । मानव अधिकारको अवधारणामा भएको विकास र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरुको पक्ष भएको कारण उत्पन्न दायित्व समेतबाट सरकारी वकीलहरुको कार्य चुनौतीपूर्ण भएको छ।

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६

पत्र संख्या :-
चलानी नं. :-

रामशाहपथ काठमाडौं
मिति :-.....

सरकारी वकीलले सम्पादन गर्नुपर्ने यी चुनौतीपूर्ण कार्यहरुलाई एकरुपतापूर्वक एवं प्रभावकारी ढंगले सम्पादन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले विश्व वैंकको सहयोगमा २०६३ सालमा सरकारी वकील दिग्दर्शन तयार गरी प्रकाशनमा ल्याइएको थियो । यो दिग्दर्शनबाट सरकारी वकीलहरुको कार्य सम्पादनमा सहजता हुनुको साथै कार्य सम्पादनमा एकरुपता कायम गर्न महत्वपूर्ण सहयोग पुगेको छ । दिग्दर्शन प्रकाशन पश्चात जारी भएका नयाँ कानुनहरु तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका नयाँ परिपत्रहरुलाई समेटी २०७० सालमा परिमार्जन गरी यसको दोस्रो संस्करण प्रकाशन गरिएको थियो । २०७२ सालमा नयाँ संविधान जारी भएको र नयाँ संविधानले अदालतको क्षेत्राधिकारमा परिवर्तन गरेको तथा न्याय प्रशासन सम्बन्धी नयाँ ऐन कानुनहरु तर्जुमा भई कार्यान्वयनमा आएको एवम् न्यायिक दृष्टिकोणहरु समेत थप भएको सन्दर्भमा दिग्दर्शनलाई अध्यावधिक गरी दिग्दर्शनको तेस्रो संस्करण प्रकाशन गरिएको छ । दिग्दर्शनलाई यो रुपमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

दिग्दर्शनलाई अद्यावधिक गर्ने कार्यमा संलग्न पुनरावलोकन कार्यदलका संयोजक नायव महान्यायाधिवक्ता श्री किरण पौडेल, सदस्यहरु सहन्यायाधिवक्ताहरु श्री पद्मप्रसाद पाण्डेय, श्री रेवतीराज त्रिपाठी, श्री खेमराज ज्ञवाली, श्री रमादेवी पराजुली, श्री सुरेन्द्रबहादुर थापा, श्री भरतलाल शर्मा, उपन्यायाधिवक्ताहरु श्री रामकुमार थापा, श्री राजेश कुमार कटुवाल, श्री राजेन्द्रसिंह भण्डारी, शाखा अधिकृत श्री भीमसेन काफ्ले समेतले गर्नु भएको अथक परिश्रम प्रशंसनीय छ । दिग्दर्शनको पुनरावलोकन कार्यमा समन्वय गर्नु हुने सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई र कम्प्युटर टाइप तथा सेटिङ्गमा सहयोग गर्ने नायव सुब्बा श्री चन्दन कुमार ठाकुर विशेष धन्यवादका पात्र हुनुहुन्छ । यो दिग्दर्शनलाई प्रकाशनका लागि आर्थिक सहयोग गर्ने यू.के.एड.( डि.एफ.आई.डी) र संयोजन गर्ने सर्च फर कमन ग्राउण्ड तथा कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथसाथै सर्च फर कमन ग्राउण्डका कन्ट्री डाइरेक्टर डा. भोला प्रसाद दाहाल र कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) का वरिष्ठ कार्यक्रम व्यवस्थापक श्री राममणि गौतम र कार्यक्रम संयोजक श्री सुखदेव सापकोटा समेतलाई धन्यवाद दिन चाहन्छु । विगतमा जस्तै यो दिग्दर्शनले सरकारी वकीलको कार्य सम्पादनमा सहयोग पु¥याउने छ भन्ने अपेक्षा राख्दछु ।

२०७४ साउन

.....
( रमन कुमार श्रेष्ठ)
महान्यायाधिवक्ता
महान्यायाधिवक्ता

# महान्यायाधिवक्ताको कार्यालय

(..... शाखा)

पत्र संख्या :-

चलानी

रामशाहपथ काठमाडौं

मिति :-.....

**मन्तव्य**

पीडितलाई न्यायको अनुभूति दिलाउन, समाजलाई सुरक्षाको प्रत्याभूति दिन, दोषीलाई दण्डको दायरामा ल्याई अपराधजन्य कार्य गर्नबाट रोकी सुधार गर्न फौजदारी न्याय प्रशासन क्रियाशील रहेको हुन्छ । फौजदारी न्यायका सम्बन्धमा सरकारी वकीलहरू महत्वपूर्ण अवयव हुन् । सरकारी वकीलले सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनका अतिरिक्त सरकारलाई सरोकार पर्ने मुद्दा, सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिला एवं रिट क्षेत्रमा समेत बहस पैरवी र प्रतिरक्षा तथा कानूनी राय सल्लाह प्रदान गर्ने जस्ता व्यावसायिक कार्यहरू गर्नु पर्ने हुन्छ । उक्त कार्यहरु सरलीकृत रूपमा संचालन गर्न सघाउ पुऱ्याउने उद्देश्यले २०६३ सालमा सरकारी वकील दिग्दर्शन तयार गरी प्रकाशन गरिएको थियो । उक्त दिग्दर्शनबाट सरकारी वकीलले सम्पादन गर्ने कार्यहरूमा निश्चितता, सरलता, स्तरीयता र एकरूपता कायम गर्न मद्दत पुगेको देखिन्छ ।

दिग्दर्शन जारी भएपछि विभिन्न नयाँ कानूनहरूको तर्जुमा भएको, सर्वोच्च अदालतबाट विभिन्न कानूनी सिद्धान्तहरू प्रतिपादन भएको र महान्यायाधिवक्ताको कार्यालयबाट पनि समय समयमा परिपत्रहरू जारी हुँदै आएकोले यी सबै विषयहरू समेटेर दिग्दर्शनलाई परिमार्जन गर्न तथा अध्यावधिक गर्न आवश्यक थियो । यही आवश्यकता पूरा गर्नका लागि यो दिग्दर्शन परिमार्जन, अध्यावधिक र समयानुकूल बनाई पुनः प्रकाशन गर्न पाउँदा मलाई ज्यादै खुसी लागेको छ ।

डानीडा ह्युगोको आर्थिक सहयोग र कानून अन्वेषण तथा स्रोत विकास केन्द्रको व्यवस्थापनमा संचालित Tackling impunity by strengthening the institutional and prosecutorial capacity of office of the Attorney General कार्यक्रम अन्तर्गत यस दिग्दर्शन परिमार्जन गरिएको हो । यसैले यसका लागि सहयोग गर्ने डानीडा ह्युगो तथा सो संस्थाका मुकुन्द कट्टेल र कानून अन्वेषण तथा स्रोत विकास केन्द्रलाई सहयोगका लागि धन्यवाद दिन चाहन्छु ।

दिग्दर्शनको परिमार्जनको कार्यमा नायब महान्यायाधिवक्ता द्वय श्री सूर्यप्रसाद कोइराला, श्री ठोकप्रसाद सिवाकोटी, सहन्यायाधिवक्ताहरू श्री किरण पौडेल, श्री महेश शर्मा पौडेल, श्री कृष्णजीवी घिमीरे, श्री रेवतीराज त्रिपाठी र तत्कालीन सहन्यायाधिवक्ता हाल जिल्ला न्यायाधीश श्री धर्मराज पौडेल, उपन्यायाधिवक्ता द्वय श्री मदनबहादुर धामी र श्री उद्धवप्रसाद पुडासैनीको अथक मेहनत प्रशंसनीय छ । दिग्दर्शन परिमार्जनका क्रममा अन्य सरकारी वकीलहरूको भूमिका पनि महत्वपूर्ण छ । यस कार्यमा पूर्व महान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता प्रा.डा. युवराज संग्रौला र पूर्व महान्यायधिवक्ता तथा वरिष्ठ अधिवक्ता श्री मुक्तिनारायण प्रधानको पनि महत्वपूर्ण योगदान रहेको छ । म वहाँहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसैगरी कानून अन्वेषण तथा स्रोत विकास केन्द्रका सुखदेव सापकोटा लगायत यस कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न सबै धन्यवादका पात्र हुनुहुन्छ ।

द्रोणराज रेग्मी
महान्यायाधिवक्ता

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०१७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेवसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :- .....

## मन्तव्य

विज्ञान र प्रविधिको विकाससँगै अपराधको प्रकृति र अपराधीको अपराधिक कार्यशैलीमा आएको परिवर्तनले फौजदारी न्याय प्रशासनलाई जटिल बनाएको छ । फलस्वरुप फौजदारी न्याय प्रशासनको एक प्रमुख अंगको रुपमा रहेको सरकारी वकीलहरुको कार्य चुनौतीपूर्ण हुन गएको छ । सरकारी वकीलको कार्य स्तरीय हुन सकेमा अपराधीलाई दण्ड र पीडितलाई न्याय दिलाउने फौजदारी न्याय प्रशासनको उद्धेश्य हासिल गर्नमा मद्धत पुग्दछ । समयको क्रमसँगै आएको चुनौतिको सामना गर्न सक्ने गरी सरकारी वकीलहरुको दक्षता अभिवृद्धि गर्न तथा काममा स्तरीयता र एकरुपता कायम गर्नको निमित्त विश्व बैंकको आर्थिक अनुदान सहयोगमा सञ्चालित महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुदृढीकरण परियोजना अन्तर्गत तयार भएको सरकारी वकील दिग्दर्शन प्रकाशित गरी पाठकहरु समक्ष प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।

अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको अभाव हुँदा न्याय प्रशासनसँग सम्बन्धित कानूनी व्यवस्थाहरु विभिन्न कानूनहरुमा छरिएर रहेका छन् । यसले गर्दा यदाकदा सरकारी वकीलहरुको काममा एकरुपता कायम गर्न कठिन भएको छ । यो समस्यालाई केही हदसम्म भएपनि प्रस्तुत दिग्दर्शनले संवोधन गर्नेछ । दिग्दर्शन प्रयोगकर्तालाई सरल र सहज होस भनी यसभित्र सरकारी वकीलको कामसँग सम्बन्धित कानूनी व्यवस्थाहरु, तत्सम्बन्धी सैद्धान्तिक अवधारणा, सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरु र महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न समयमा जारी गरिएका परिपत्रहरुलाई प्रसंग अनुसार समावेश गरिएको छ । यसको अलावा फौजदारी न्याय प्रशासनसंग सम्बन्धित ऐन, नियम, नजिर र तत्सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजहरुको नेपाली रुपान्तर समेतलाई परिशिष्टमा राखिएको छ । यसबाट सरकारी वकीलहरु, अनुसन्धान अधिकारीहरु तथा फौजदारी न्याय प्रशासन प्रति चासो राख्ने सबै लाभान्वित हुनु हुनेछ भन्ने आशा छ । प्रस्तुत दिग्दर्शनको प्रकाशन फौजदारी न्याय प्रशासनको ईतिहासमा एउटा कोशे ढुङ्गा सावित हुनेछ ।

दिग्दर्शन तयारीका लागि शुरु देखि नै योगदान दिनुभएका विश्व बैंकका वरिष्ठ कानूनी सल्लाहकार श्री किशोर उप्रेती र सहयोगी टोली प्रति उहाँहरुले गर्नु भएको योगदानको कदर गर्दै धन्यवाद दिन चाहन्छु । दिग्दर्शनको प्रारम्भिक मस्यौदा गर्नुहुने प्रा. डा. रजितभक्त प्रधानाङ्ग र मसौदाको परिमार्जन गर्ने श्री गुणनिधि न्यौपानेले गर्नु भएको प्रशंसनीय कार्यको कदर गर्दै उहाँहरुलाई हार्दिक धन्यवाद दिनु चाहन्छु । उहाँहरुले दिग्दर्शनको तयारी र परिमार्जनको क्रममा अन्तक्रिया मार्फत फौजदारी न्याय प्रशासनसँग सम्बन्धित विभिन्न विद्वान व्यक्तित्वहरु तथा सरोकारवाला निकायका जिम्मेवार व्यक्तिहरुको सल्लाह र सुझाव लिई यो दिग्दर्शनलाई यस रुपमा ल्याई पुऱ्याउनु भएको छ । यस दिग्दर्शनको प्रारम्भिक मसौदा तयारी र त्यसको परिमार्जनको क्रममा प्रत्यक्ष र परोक्ष रुपबाट सुझाव र सल्लाह दिनुहुने सबै विद्वतवर्ग प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा मसौदालाई सम्पादन गरी यस रुपमा ल्याउन सहयोग गर्ने श्री सूर्यप्रसाद कोईराला, श्री मेदिनीप्रसाद पौडेल, श्री कृष्णप्रसाद पौडेल, श्री विपुल न्यौपाने, श्री जनकबहादुर अधिकारी, श्री ऋषिकेश वाग्ले, श्री रमेश शर्मा पौडेल, श्री रेवतीराज त्रिपाठी र श्री चन्द्रकान्त खनाल तथा दिग्दर्शनको डिजाइनिङ्ग तथा फर्म्याटिङ्ग गर्ने श्री अजित धिमिरे धन्यवादका पात्र हुनुहुन्छ ।

(यज्ञमूर्ति वन्जाडे)
महान्यायाधिवक्ता

☎ ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स : ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्जः ४-२१८०९७, ४-२१८०९९, ४-२६२४९४, ४-२६२५०६
ईमेल :- info@attorneygeneral.gov.np, वेवसाइट : www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :-

रामशाहपथ, काठमाडौं

चलानी नं. :-

मिति :- .....

## प्राक्कथन

सरकारी वकीलहरुले सम्पादन गर्ने अपराध अनुसन्धानमा प्रहरीलाई निर्देशन, वयान, अभियोजन, वहस पैरवी, प्रतिरक्षा र कानूनी रायसमेतका कार्यमा सरलता, सहजता, स्तरीयता र एकरुपता कायम गर्नको निमित्त एउटा विस्तृत कार्य निर्देशिकाको आवश्यकता महसुस भै रहेको थियो । नेपाल सरकारबाट महान्यायाधिवक्ताको कार्यालयलाई वार्षिक रुपमा विनियोजित रकम यस कार्यका लागि खर्च गर्न पर्याप्त थिएन । तत्कालीन महान्यायाधिवक्ता श्री सुशीलकुमार पन्तको अग्रसरतामा उहाँकै कार्यकालमा विश्व बैंकसँग Office Of The Attorney General Instituitional Strengthening Project का लागि बैंकले आर्थिक अनुदान सहयोग गर्ने सम्झौता भएको थियो । यसै परियोजना अन्तर्गत प्रस्तुत दिग्दर्शन तयार भएको छ । तत्कालीन महान्याायधिवक्ता श्री महादेव यादवको कार्यालयमा दिग्दर्शन निर्माणका लागि प्रारम्भिक कार्य गरियो । यसैगरी तत्कालिन महान्यायाधिवक्ता प्रा. श्री पवनकुमार ओझाको समयमा मस्यौदाका बारेमा विस्तृत छलफल भै दिग्दर्शन तयार गर्न परामर्शदाता नियुक्ति गर्ने कार्य भयो । तत्पश्चात तत्कालीन महान्यायाधिवक्ता श्री लक्ष्मी बहादुर निरालाको कार्यकालमा यस कार्यलाई निरन्तरता दिईयो । महान्यायाधिवक्ता श्री यज्ञमूर्ति वन्जाडेले दिग्दर्शन निर्माण कार्यमा संलग्न सबैजनालाई राम्रोसंग कार्य सम्पन्न गर्नका लागि हौसला र उत्साह प्रदान गर्नुकासाथै दिग्दर्शनको स्तर राम्रो पार्नमा कतिपय अवस्थामा आफै पनि सक्रिय रुपमा लाग्नु भयो । उहाँहरु सबैको योगदान महान्यायाधिवक्ताको कार्यालयले सधैं सम्झिरहने छ ।

समाविष्ट विषयवस्तुको प्रस्तुति सरल र वोधगम्य होस भन्ने उद्धेश्यले सरकारी वकीलले सम्पादन गर्ने कार्यको विभाजनको आधारमा दिग्दर्शनलाई विभिन्न भागमा वर्गीकरण गरिएको छ । यस दिग्दर्शनमा सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा, तत्सम्बन्धी नेपाल कानूनले गरेको व्यवस्था, सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त र महान्यायाधिवक्ताको कार्यालयबाट तत्सम्बन्धमा समय समयमा जारी भएका परिपत्रहरुमा उल्लेखित विषय समेतलाई सम्बन्धित स्थानमा समावेश गरिएको छ । सरकारी वकीलको कामसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, संझौता, ऐन, नियम, नजिर र अन्तर्राष्ट्रिय मापदण्ड समेतलाई परिशिष्टमा राखिएकोले ती सामग्रीको खोजी कार्य सरल हुने छ ।

दिग्दर्शन तयारीका लागि आर्थिक अनुदान सहयोग उपलब्ध गराउने विश्व बैंक र विशेष गरी सो बैंकका वरिष्ठ कानूनी सल्लाहकार श्री किशोर उप्रेतीको सहयोग विना दिग्दर्शन यो रुपमा आउन संभव थिएन । यसै गरी विश्व बैंक नेपाल Country Office का Director श्री केन ओहोसी , Procurement Specialist श्री नारायण शर्मा Financial Management/ Operation Specialist श्री विज्ञान प्रधानले यो दिग्दर्शन निर्माणमा ठूलो सहयोग गर्नु भएको छ । दिग्दर्शनको प्रारम्भिक मस्यौदा तयार गर्ने प्रा. डा. श्री रजितभक्त प्रधानाङ्ग र सो मसौदालाई परिमार्जन गर्ने श्री गुणनिधि न्यौपानेको परिश्रम र विद्वताबाट नै यो दिग्दर्शन यस रुपमा आउन सकेको हो । उपन्यायाधिवक्ता त्रय श्री मेदोनी प्रसाद पौडेल, श्री रमेश शर्मा पौडेल तथा श्री चन्द्रकान्त खनालले यसमा समावेस भएका सामग्रीलाई परिस्कृत र शुद्धाशुद्धी गर्न अथक प्रयास गर्नु भएको छ । तसर्थ उहाँहरुसबै धन्यवादका पात्र ठहर्नु हुन्छ ।

यस दिग्दर्शनले नव प्रवेशी सरकारी वकीलहरुलाई सहजताका साथ आफ्नो कार्य सम्पादन गर्न मद्धत गर्नुको अलावा कार्यरत सरकारी वकीलहरुको कार्य सम्पादनमा स्तरीयता , पारदर्शिता, जवाफदेहिता र उत्तरदायीपना ल्याउन समेत मद्धत गर्ने छ । आगामी दिनमा सरकारी वकीलहरुले आफ्नो कार्य सम्पादन गर्दा यो दिग्दर्शनलाई मार्गदर्शकको रुपमा प्रयोग गरेर आफ्नो काम सम्पादन गर्नुहुनेछ । यसैगरी अन्य सरोकारवाला निकाय र व्यक्तिहरुले पनि सरकारी वकीलसंग सम्बन्धित काममा यसैलाई आधार मानेर सम्बन्ध र समन्वय कायम राख्नुहुनेछ भन्ने आशा लिएको छु ।

दिग्दर्शनलाई सकभर बढी सूचनामूलक र त्रुटिरहित बनाउन प्रयास गरिएको छ । यो दिग्दर्शन सरकारी वकीलहरुको कार्य सम्पादनको लागि सामान्य मार्गनिर्देशनको लागि भएकोले यसमा सम्बन्धित सबै विषयको विस्तृत विवेचना संभव र व्यवहारिक पनि छैन । कतिपय विषयमा विभिन्न सीमाहरुको कारण सबै विषयवस्तुहरु पूर्णरुपमा समेट्न पनि सकिएको छैन । प्रयास गर्दा गर्दै पनि भाषागत र अन्य त्रुटीहरु रहेका हुन सक्छन् । ती त्रुटीहरुलाई आगामी संस्करणमा सच्याउँदै लैजाने प्रयास गरिने छ । सम्पूर्ण विद्वान पाठकवर्गले अध्ययनको क्रममा देखिएका त्रुटीहरु औल्याई यस दिग्दर्शनको आगामी संस्करणलाई परिमार्जन गर्नमा सहयोग पुऱ्याई दिनुहुनेछ भन्ने अपेक्षा गर्दछु ।

(त्रैलोक्यराज रेग्मी)
नायव महान्यायाधिवक्ता

☎ ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स : ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज: ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
ईमेल :- info@attorneygeneral.gov.np, वेबसाइट : www.attorneygeneral.gov.np

# विषय - सूची


| सि.नं. | विषय | पेज |
|---|---|---|
| (क) | मन्तव्य | i - vii |
| (ख) | विषय सूची | viii - xxiv |
| (ग) | संक्षिप्त शब्दावली र तिनको पूर्णरूप | xxv - xxvi |
| १. | **भाग -१**<br>**प्रारम्भिक** | १-९६ |
| १.१ | **परिच्छेद – १**<br>**परिचय** | २-४ |
| | १.१.१ दिग्दर्शनको परिचय | ३ |
| | **१.१.२** दिग्दर्शनको आवश्यकता र महत्व | ४ |
| | **१.१.३** दिग्दर्शनको प्रयोग | ४ |
| | **१.१.४** दिग्दर्शनको आधिकारिकता | ४ |
| १.२ | **परिच्छेद – दुई**<br>**सरकारी वकील सम्बन्धी व्यवस्था र विकासक्रम तथा सरकारी वकीलको काम, कर्तव्य र अधिकार** | ५-४२ |
| | **१.२.१** महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयको स्थापना र विकासक्रम | ७ |
| | **१.२.२** सरकारी वकीलको परिभाषा | ९ |
| | **१.२.३** महान्यायाधिवक्ताको संवैधानिक तथा कानूनी स्थिति | ९ |
| | **१.२.३.१** ऐतिहासिक पृष्ठभूमि | १० |
| | **१.२.३.२** महान्यायाधिवक्ताको नियुक्ति | ११ |
| | **१.२.३.३** व्यवसायिक स्वतन्त्रता | ११ |
| | **१.२.४** महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार | १२ |
| | **१.२.४.१** अन्य काम, कर्तव्य र अधिकार | १४ |
| | **१.२.५** नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार | १५ |
| | **१.२.६** महान्यायाधिवक्ताको कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार | १६ |
| | **१.२.७** व्यवस्थापन समिति | १७ |
| | **१.२.८** समन्वय समिति | १७ |
| | **१.२.८.१** गठन | १७ |
| | **१.२.८.२** काम, कर्तव्य र अधिकार | १८ |
| | **१.२.८.३** उच्च सरकारी वकील कार्यालय तह | १८ |
| | **१.२.८.४** विशेष सरकारी वकील कार्यालय तह | १९ |
| | **१.२.८.५** जिल्ला सरकारी वकील कार्यालय तह | २० |
| | **१.२.९** प्रोवेशन तथा प्यारोल बोर्डः गठन तथा काम कर्तव्य र अधिकार | २१ |
| | **१.२.९.१** प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड | २२ |

| | | |
|---|---|---|
| | १.२.१० सजाय सुझाव समितिः गठन तथा काम, कर्तव्य र अधिकार | २२ |
| | १.२.११ पीडित संरक्षण सुझाव समितिः गठन तथा काम | २३ |
| | १.२.१२ अनुसन्धान समिति | २३ |
| | १.२.१३ अपराध शास्त्रीय अनुसन्धान केन्द्रः स्थापना तथा कार्य | २४ |
| | १.२.१४ अभियोजन प्रशिक्षण केन्द्रः स्थापना तथा कार्य | २५ |
| | १.२.१५ नीति व्यवस्थापन समूह | २६ |
| | १.२.१६ मुख्य न्यायाधिवक्ता | २६ |
| | १.२.१७ उच्च सरकारी वकील कार्यालय | २७ |
| | १.२.१८ सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार | २७ |
| | १.२.१९ अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार | २९ |
| | १.२.२० विशेष सरकारी वकील कार्यालय | २९ |
| | १.२.२१ सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार | ३० |
| | १.२.२२ अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार | ३० |
| | १.२.२३ जिल्ला सरकारी वकील कार्यालय | ३१ |
| | १.२.२३.१ कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकार | ३१ |
| | १.२.२३.२ अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार | ३२ |
| | १.२.२४ सरकारी वकीलको अन्य जिम्मेवारी | ३२ |
| | १.२.२५ अन्य निकायमा रहेका सरकारी वकीलको काम, कर्तव्य र अधिकार | ३३ |
| १.३ | **परिच्छेद – तीन**<br>**फौजदारी न्याय प्रशासनसँग सम्बन्धित मौलिक हक तथा फौजदारी न्यायका मान्य सिद्धान्त** | ४३–९६ |
| | १.३.१ फौजदारी न्याय प्रशासनसँग सम्बन्धित मौलिक हक | ४५ |
| | १.३.१.१ सम्मानपूर्वक बाँच्न पाउने हक सम्मानपूर्वक बाँच्न पाउने हक | ४५ |
| | १.३.१.२ स्वतन्त्रताको हक | ४६ |
| | १.३.१.३ समानताको हक | ४७ |
| | १.३.१.४ न्याय सम्बन्धी हक | ५१ |
| | १.३.१.४.१ पक्राउको कारण थाहा पाउने | ५१ |
| | १.३.१.४.२ पक्राउ परेका व्यक्तिले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने | ५३ |
| | १.३.१.४.३ मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत हुन पाउने | ५४ |
| | १.३.१.४.४ तोकिए भन्दा बढी सजाय नहुने | ५५ |
| | १.३.१.४.५ निर्दोषिताको अनुमान | ५७ |
| | १.३.१.४.६ एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय नगरिने | ५७ |
| | १.३.१.४.७ आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने | ५९ |
| | १.३.१.४.८ कारबाहीको जानकारी पाउने | ६० |

| | | |
|---|---|---|
| | १.३.१.४.९ स्वच्छ सुनुवाइ | ६१ |
| | १.३.१.४.१० निःशुल्क कानूनी सहायता | ६२ |
| | १.३.१.५ अपराध पीडितको हक | ६३ |
| | १.३.१.६ यातना विरूद्धको हक | ६५ |
| | १.३.१.६.१ हिरासत अनुगमन सम्बन्धी व्यवस्था | ६७ |
| | १.३.१.६.२ कारागार अनुगमन सम्वन्धी व्यवस्था | ७४ |
| | १.३.१.७ निवारक नजरबन्द विरूद्धको हक | ७९ |
| | १.३.१.८ छुवाछूत तथा भेदभाव विरूद्धको हक | ८० |
| | १.३.१.९ गोपनीयताको हक | ८२ |
| | १.३.१.१० शोषण विरूद्धको हक | ८५ |
| | १.३.१.११ संवैधानिक उपचारको हक | ८६ |
| | १.३.२ स्वच्छ सुनुवाइ, फौजदारी न्याय सम्बन्धी सिद्धान्त | ८६ |
| | १.३.२.१ कार्यविधि कानूनसँग सम्बन्धित सिद्धान्त | ८७ |
| | १.३.२.२ सारवन कानूनसँग सम्बन्धित सिद्धान्त | ८८ |
| | १.३.२.३ मुलुकी अपराध संहितामा गरिएका फौजदारी न्यायका सामान्य सिद्धान्त | ८९ |
| | १.३.३ मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेज र तिनको प्रयोग | ९३ |
| | १.३.३.१ मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपाल पक्ष रहेका दस्तावेज | ९३ |
| | १.३.३.२ मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपाल पक्ष रहेका दस्तावेजको प्रयोग | ९५ |
| २. | **भाग दुई**<br>**सरकार वादी हुने मुद्दाको अनुसन्धान, अभियोजन एवं अदालती प्रक्रिया** | ९७-३५० |
| २.१ | **परिच्छेद एक**<br>**सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान तहकिकात, अभियोजन तथा प्रतिरक्षासँग सम्बन्धित मुख्य मुख्य कानून** | ९८ |
| | **२.१ कानूनको सूची** | ९९ |
| २.२ | **परिच्छेद – दुई**<br>**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ भित्रका मुद्दाको अनुसन्धान र अभियोजन** | १००-१८३ |
| | **२.२.१ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्रका मुद्दासँग सम्बन्धित कसूर** | १०२ |
| | **२.२.१.२ कसूरको अनुसन्धानमा सरकारी वकीलको संलग्नता र निर्वाह गर्नु पर्ने भूमिका** | ११३ |
| | **२.२.१.२.१ जाहेरी दरखास्त, प्रारम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन** | ११३ |
| | **२.२.१.२.२ जाहेरी दरखास्त वा कसूरको सूचना** | ११३ |
| | **२.२.१.२.३ जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कारी उपरको उजुरी प्रक्रिया** | ११४ |
| | **२.२.१.२.४ प्रारम्भिक अनुसन्धान प्रतिवेदन** | ११५ |

| | | |
|---|---|---|
| | २.२.१.२.५ निर्देशन | ११७ |
| | २.२.२.२ जाहेरी तामेलीमा राख्न सकिने अवस्था र प्रक्रिया | १२० |
| | २.२.२.३ कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ | १२१ |
| | २.२.२.४ म्याद थप | १२३ |
| | २.२.२.५ हिरासतमा राख्ने अवधि | १२३ |
| | २.२.२.६ धरौट, जमानत, तारेख वा हाजिर जमानी | १२७ |
| | २.२.२.७ अभियुक्तको बयान | १३० |
| | २.२.२.७.१ बयान गराउनु अघि सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा | १३१ |
| | २.२.२.७.२ बयान गराउँदा सरकारी वकीलले विचार गर्नु पर्ने कुरा | १३२ |
| | २.२.२.७.३ बयानको प्रमाणिक मूल्य | १३४ |
| | २.२.२.७.४ महिला, बोल्न असमर्थ, फरक क्षमता भएका र नेपाली भाषा नबुझ्ने व्यक्तिको बयान लिँदा विचार गर्नुपर्ने थप कुरा | १३४ |
| | २.२.२.८ अनुसन्धान अधिकारीलाई राय सल्लाह दिने | १३७ |
| | २.२.२.९ अनुसन्धान प्रतिवेदन, मिसिल संलग्न प्रमाणको मूल्यांकन र थप निर्देशन | १३७ |
| | २.२.२.९.१ अनुसन्धान प्रतिवेदन र अनुसन्धान प्रतिवेदन पेश गर्नु पर्ने अवधि | १३८ |
| | २.२.२.९.२ अनुसन्धान प्रतिवेदनमा खुलाउनु पर्ने कुरा | १३९ |
| | २.२.२.९.३ अनुसन्धान प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा | १४० |
| | २.२.२.१० मिसिल संलग्न प्रमाणको मूल्यांकन | १४० |
| | २.२.२.१०.१ साक्षी एवं मौखिक प्रमाणको मूल्यांकन | १४२ |
| | २.२.२.१०.२ लिखित प्रमाणको मूल्यांकन | १५० |
| | २.२.२.१०.३ दशी प्रमाणको मूल्यांकन | १५९ |
| | २.२.२.१०.४ अन्य प्रमाणहरूको मूल्यांकन | १५९ |
| | २.२.२.१०.५ थप निर्देशन | १६० |
| | २.२.२.१०.६ पीडित प्रभाव प्रतिवेदन | १६० |
| | २.२.३ मुद्दा चल्ने नचल्ने निर्णय प्रक्रियामा सरकारी वकीलको भूमिका | १६१ |
| | २.२.३.१ सम्बन्धित व्यक्तिले मुद्दा नचलाउने | १६७ |
| | २.२.३.२ आंशिक रुपमा मुद्दा चलाउने निर्णय | १६७ |
| | २.२.३.३ प्रतिवादी नभएको वा नखुलेको वारदात | १६८ |
| | २.२.३.४ प्रतिवादी खुलेको तर पर्याप्त प्रमाण नभएको | १६९ |
| | २.२.३.५ सानातिना मुद्दा नचलाउने | १७० |
| | २.२.४ अभियोगपत्रको तयारी र मुद्दाको दायरी | १७१ |
| | २.२.४.१ अभियोगपत्र तयार गर्दा विचार गर्नुपर्ने कुरा | १७३ |
| | २.२.४.२ सजायको मागदावीमा छुट | १७५ |
| | २.२.४.३ अभियोगपत्र दर्ता गर्ने | १७७ |
| | २.२.४.४ थप वा पुरक अभियोगपत्र दायर गर्ने | १७७ |

| | | |
|---|---|---|
| | २.२.४.५ अभियोगपत्र संशोधन | १७८ |
| | २.२.४.६ सानातिना त्रुटि सच्याउने | १७८ |
| २.३ | परिच्छेद – तीन<br>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची २ भित्रका मुद्दाको अनुसन्धान र अभियोजन | १८४-२२३ |
| | २.३.१ परिचय | १८६ |
| | २.३.२ अनुसूची २ मा समावेश भएका फौजदारी कसूर | १८६ |
| | २.३.३ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची -२ मा समावेश भएका कसूरको अनुसन्धान सम्बन्धी व्यवस्था | २१५ |
| | २.३.३.१ कसूरको अनुसन्धान कारबाहीमा सरकारी वकीलको भूमिका | २१७ |
| | २.३.३.२ कसूरको जाहेरी वा सूचना | २१७ |
| | २.३.३.३ अनुसन्धान गर्ने अधिकारी | २१८ |
| | २.३.३.४ प्रमाण लोप वा नास हुन नदिन र कसूर गर्ने व्यक्ति उम्कन नपाउने व्यवस्था गर्ने | २१८ |
| | २.३.३.५ अनुसन्धान गरी सबुद प्रमाण संकलन गर्ने | २१९ |
| | २.३.३.६ कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्ने | २२० |
| | २.३.४ मुद्दाको प्रारम्भिक प्रतिवेदन र निर्देशन | २२० |
| | २.३.५ मुद्दा चल्ने वा नचल्ने निर्णय, अभियोजन र सरकारी वकीलको भूमिका | २२२ |
| | २.३.५.१ मुद्दा चल्ने नचल्नि निर्णय र मुद्दा दर्ता | २२२ |
| २.४ | परिच्छेद – चार<br>सरकार वादी हुने फौजदारी मुद्दाको सुनुवाइ प्रक्रियामा सरकारी वकीलको भूमिका | २२४-२७० |
| | २.४.१ अनुसन्धानको लागि हिरासतमा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधि | २२६ |
| | २.४.२ फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था | २२७ |
| | २.४.३ अभियुक्तको अदालतमा बयान गराउदा सरकारी वकीलको भूमिका | २२८ |
| | २.४.४ अभियुक्त अदालतमा सावित भएमा फैसला गर्ने | २२९ |
| | २.४.५ थुनछेक सम्बन्धी व्यवस्था | २२९ |
| | २.४.५.१ अभियुक्तलाई थुनामा राख्ने | २२९ |
| | २.४.५.२ अभियुक्तसँग धरौट वा जमानत वा बैंक जमानत लिने | २३० |
| | २.४.५.३ तारेखमा राख्नु पर्ने | २३० |
| | २.४.५.४ थप धरौट, जमानत वा बैंक जमानत माग्न सकिने | २३० |
| | २.४.५.५ कारबाहीको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने | २३१ |
| | २.४.५.६ धरौट वा जमानतको रकम तोक्ने आधार | २३१ |
| | २.४.५.७ थुनछेक सम्बन्धी अन्य व्यवस्था | २३१ |
| | २.४.५.८ थुनछेक बहस गर्दा ध्यान दिनुपर्ने कुरा | २३४ |
| | २.४.६ थुनछेकको आदेश वा अन्तरकालीन आदेश उपर निवेदन दिनु पर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया | २३७ |
| | २.४.७ थुनछेक आदेश भई सकेपछि वादी प्रतिवादी बीच छलफल गराउने | २३८ |

| | | |
|---|---|---|
| | २.४.७.१ वारेन्ट, म्यादी पूर्जी, समाव्हान र तामेली सम्बन्धी व्यवस्था | २३९ |
| | २.४.८ पक्राउ परेका अभियुक्त अदालतमा उपस्थित गराउनु पर्ने | २३९ |
| | २.४.८.१ पक्राउ पूर्जी जारी गर्ने कार्यविधि | २४० |
| | २.४.८.२ समाह्वान जारी गर्ने कार्यविधि | २४२ |
| | २.४.८.३ साक्षीको नाममा समाह्वान जारी गर्ने | २४३ |
| | २.४.८.४ पक्राउ पूर्जीको तामेली | २४५ |
| | २.४.८.५ विदेशमा रहे बसेका अभियुक्तका नाममा पक्राउ पूर्जी जारी गर्न वा समाव्हान तामेल गर्ने | २४५ |
| | २.४.९ अदालतमा पेश हुने लिखतमा पुऱ्याउनु पर्ने सामान्य रीत | २४६ |
| | २.४.१० साक्षी तथा प्रमाण परीक्षण | २४७ |
| | २.४.१०.१ प्रमाणको भार | २४८ |
| | २.४.१०.२ साक्षी हुन सक्ने व्यक्ति | २५० |
| | २.४.१०.३ साक्षी उपस्थिति | २५१ |
| | २.४.१०.४ सरकारी पक्षको साक्षी उपस्थित गराउने प्रक्रिया | २५१ |
| | २.४.१०.५ साक्षी उपस्थित गराउँदा सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा | २५२ |
| | २.४.१०.६ साक्षी प्रति सरकारी वकीलको व्यवहार | २५२ |
| | २.४.१०.७ साक्षी परीक्षण | २५२ |
| | २.४.१०.८ साक्षी बकाउँदाको कार्यविधि | २५३ |
| | २.४.१०.९ सोधपुछ र जिरह | २५३ |
| | २.४.१०.१० सोधपूछ | २५४ |
| | २.४.१०.११ जिरह | २५४ |
| | २.४.१०.१२ पुनः सोधपुछ | २५५ |
| | २.४.१०.१३ सूचक प्रश्न | २५५ |
| | २.४.१०.१४ साक्षीको व्यवहार, मुखाकृति इत्यादि टिपोट गर्ने | २५५ |
| | २.४.१०.१५ बन्दसवाल | २५५ |
| | २.४.१०.१६ बन्द सवालद्वारा साक्षी बुझ्ने प्रक्रिया | २५५ |
| | २.४.१०.१७ श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्ने | २५६ |
| | २.४.१०.१८ एक पटक बुझिसकेको साक्षी फेरी बुझ्न नहुने | २५६ |
| | २.४.१०.१९ साक्षी उपस्थित नभएमा र नबुझी नहुने साक्षीका सम्बन्धमा अवलम्बन गर्नु पर्ने प्रक्रिया | २५६ |
| | २.४.११ साक्षीको संरक्षण तथा सुरक्षा | २५७ |
| | २.४.१२ साक्षीलाई प्रतिकूल हुनबाट रोक्न ध्यान दिनुपर्ने विषय | २५९ |
| | २.४.१३ सह-अभियुक्तको पोल | २६० |
| | २.४.१४ विशेषज्ञको परिक्षण | २६३ |
| | २.४.१५ लिखत प्रमाणको परीक्षण | २६५ |
| | २.४.१६ दशी प्रमाणको परिक्षण | २६५ |

| | | |
|---|---|---|
| | २.४.१७ अभियोगपत्र दायर भए पछि प्राप्त हुन आउने प्रमाणहरूको प्रस्तुति र परीक्षण | २६६ |
| | २.४.१८ अपराध पीडितको फौजदारी न्याय सम्बन्धी हक | २६६ |
| | २.४.१८.१ मौलिक हक | २६६ |
| | २.४.१८.२ स्वच्छ व्यवहार पाउने अधिकार | २६६ |
| | २.४.१८.३ अनुसन्धान सम्बन्धी सूचनाको अधिकार | २६६ |
| | २.४.१८.४ अभियोजन सम्बन्धी सूचनाको अधिकार | २६७ |
| | २.४.१८.५ न्यायिक कारबाही सम्बन्धी सूचनाको अधिकार | २६७ |
| | २.४.१८.६ सुरक्षित हुन पाउने अधिकार | २६८ |
| | २.४.१८.७ धारणा व्यक्त गर्ने अधिकार | २६८ |
| | २.४.१८.८ कानून व्यवसायी राख्न पाउने अधिकार | २६८ |
| | २.४.१८.९ सुनुवाइमा उपस्थिति र सहभागिताको अधिकार | २६९ |
| | २.४.१८.१० सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार | २६९ |
| | २.४.१८.११ सम्पत्ति फिर्ता पाउने अधिकार | २६९ |
| | २.४.१८.१२ कसूर सम्बन्धी मद्दाका सम्बन्धमा छलफल गर्न सक्ने | २६९ |
| | २.४.१८.१३ लिखित निवेदन दिन सक्ने अधिकार | २६९ |
| | २.४.१८.१४ क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार | २६९ |
| | २.४.१८.१५ क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको अधिकार | २७० |
| | २.४.१८.१६ निवेदन दिन वा पुनरावेदन गर्न सक्ने | २७० |
| | २.४.१८.१७ पीडितको कर्तव्य | २७० |
| | २.४.१८.१८ अधिकारको सम्मान गर्नु पर्ने | २७० |
| | २.४.१८.१९ अधिकार प्रचलनको लागि निवेदन दिन सकिने | २७० |
| २.५ | **परिच्छेद – पाँच**<br>**सरकार वादी हुने मुद्दाको बहस पैरवी र प्रतिरक्षामा सरकारी वकीलको भूमिका** | २७१-२८१ |
| | २.५.१ सरकार वादी हुने मुद्दाको बहस पैरवी र प्रतिरक्षा सम्बन्धी व्यवस्था | २७३ |
| | २.५.२ बहसको तयारीमा सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा | २७६ |
| | २.५.३ बहस व्यवस्थापन | २७७ |
| | २.५.३.१ मिसिल व्यवस्थापन | २७७ |
| | २.५.३.२ लिखत कागजातहरूको क्रमबद्धता | २७७ |
| | २.५.३.३ सम्वन्धित कानूनको ज्ञान | २७८ |
| | २.५.३.४ कार्यविधि कानूनको ज्ञान | २७८ |
| | २.५.३.५ प्रमाण सम्बन्धी कानूनको ज्ञान | २७८ |
| | २.५.३.६ कानून तथा न्यायका मान्य सिद्धान्तहरूको ज्ञान | २७८ |
| | २.५.३.७ नजीरहरूको जानकारी | २७८ |
| | २.५.३.८ राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विकसित भएको नविनतम् अवधारणाहरूको जानकारी | २७८ |
| | २.५.३.९ तथ्यहरूको विश्लेषण | २७८ |

| | | |
|---|---|---|
| | २.५.४ बहसकला | २७८ |
| | २.५.५ बहस गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा | २७९ |
| | २.५.६ बहस नोट तयारी र पेश गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा | २८० |
| २.६ | परिच्छेद – छ<br>सरकार वादी मुद्दामा फैसला पश्चात सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिका | २८२-२९५ |
| | २.६.१ फैसलाको जानकारी | २८४ |
| | २.६.२ सरकारी वकीलले पुनरावेदन गर्ने | २८४ |
| | २.६.३ पुनरावेदनको म्याद | २८४ |
| | २.६.४ पुनरावेदन गर्ने / नगर्ने सम्बन्धमा विचार गर्नु पर्ने कुरा | २८७ |
| | २.६.५ पुनरावेदन गर्ने सम्बन्धी व्यवस्था | २८९ |
| | २.६.६ पुनरावेदन गर्ने प्रक्रिया र पुनरावेदनपत्रको मस्यौदा गर्दा ध्यान दिनु पर्ने कुरा | २९० |
| | २.६.६.१ पुनरावेदन दिँदा पुऱ्याउनु पर्ने रीत | २९१ |
| | २.६.६.२ पुनरावेदन सम्बन्धी कारबाही गर्नु नपर्ने | २९४ |
| | २.६.७ पुनरावेदन नगर्ने सम्बन्धी व्यवस्था | २९४ |
| २.७ | परिच्छेद – सात<br>मुद्दा दोहोऱ्याउन निवेदन दिने सम्बन्धी व्यवस्था | २९६-३०० |
| | २.७.१ मुद्दा दोहोऱ्याउने वा नदोहोऱ्याउने निवेदन गर्ने निर्णय गर्दा विचार गर्नु पर्ने कुराहरू | २९८ |
| | २.७.२ मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय पछि अवलम्बन गर्नु पर्ने प्रक्रियाहरू | २९८ |
| | २.७.३ मुद्दा दोहोऱ्याउने निवेदन गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रियाहरू | २९९ |
| २.८ | परिच्छेद – आठ<br>पुनरावलोकन सम्बन्धी व्यवस्था | ३०१-३०४ |
| | २.८.१ पुनरावलोकन गर्ने निर्णय गर्दा विचार गर्नु पर्ने कुराहरू | ३०२ |
| | २.८.२ पुनरावलोकन गर्ने निर्णय गर्दा पुऱ्याउनु पर्ने रीत र प्रक्रिया | ३०३ |
| २.९ | परिच्छेद – नौं<br>सरकार वादी हुने फौजदारी मुद्दाको अन्य मुद्दामा परिणत र त्यसको परिणाम | ३०५-३०८ |
| | २.९.१ सरकार वादी हुने फौजदारी मुद्दाको अन्य दुनियाँ वादी हुने फौजदारी मुद्दामा परिणत र त्यसको परिणाम | ३०७ |
| | २.९.२ सरकार वादी फौजदारी मुद्दाबाट व्यक्ति वादी फौजदारी मुद्दामा परिणत र त्यसको परिणाम | ३०७ |
| २.१० | परिच्छेद - दश<br>मुलतवी सम्वन्धी व्यवस्था | ३०९-३१४ |
| | २.१०.१ मुलतवीको परिचय | ३१० |
| | २.१०.२ मुद्दा मुलतवी रहने अवस्था | ३१० |
| | २.१०.३ मुलतवी राख्ने प्रक्रिया | ३१३ |
| | २.१०.४ मुद्दा मुलतवीबाट जगाउने अवस्था | ३१३ |
| २.११ | परिच्छेद – एघार<br>मुद्दा फिर्ता र मिलापत्र | ३१५-३२४ |

| | | |
|---|---|---|
| | २.११.१ सरकार वादी हुने फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी व्यवस्था | ३१७ |
| | २.११.२ मुद्दा फिर्ता लिने प्रकृया | ३१८ |
| | २.११.२.१ परामर्श माग गर्नुपर्ने | ३१८ |
| | २.११.२.२ निर्णय कार्यान्वयनको लागि लेखि पठाउने | ३१८ |
| | २.११.२.३ अदालतमा निवेदन दिनुपर्ने | ३१९ |
| | २.११.२.४ विवरण उपलब्ध गराउनुपर्ने | ३१९ |
| | २.११.३ नेपाल सरकार वादी भई चलाइएका मुद्दा मिलापत्र सम्बन्धी व्यवस्था | ३२२ |
| | २.११.४ मुद्दा मिलापत्र गर्ने प्रक्रिया | ३२३ |
| | २.११.४.१ विचाराधीन मुद्दा मिलापत्र गर्ने | ३२३ |
| | २.११.५ मुद्दा फिर्ता वा मिलापत्र भए पछिको परिणाम | ३२४ |
| २.१२ | परिच्छेद – बाह्र<br>फैसला कार्यान्वयनमा सरकारी वकीलको भूमिका | ३२५–३२९ |
| | २.१२.१ सरकार वादी फौजदारी मुद्दाको फैसला कार्यान्वयनमा सरकारी वकीलको भूमिका | ३२७ |
| | २.१२.२ फैसला कार्यान्वयनमा सरकारी वकीलको भूमिका | ३२७ |
| | २.१२.२.१ फैसला बमोजिम अद्यावधिक लगत राख्ने | ३२८ |
| | २.१२.२.२ फैसला कार्यान्वयनको लागि नेपाल सरकार वा सम्बन्धित कार्यालयमा लेखी पठाउने | ३२८ |
| | २.१२.२.३ कसूर पीडितलाई फैसलाका बारेमा जनाकारी गराई बिगो/क्षतिपूर्ति प्राप्त गर्न सहजीकरण गर्ने | ३२८ |
| २.१३ | परिच्छेद – तेह्र<br>बाल न्यायमा सरकारी वकीलको भूमिका | ३३०–३५० |
| | २.१३.१ बाल न्यायको अवधारणा | ३३२ |
| | २.१३.२ बाल न्यायका आधारभूत सिद्धान्त | ३३३ |
| | २.१३.३ बाल न्याय सम्बन्धी अन्तर्राष्ट्रिय कानूनीले गरेको व्यवस्था | ३३३ |
| | २.१३.४ नेपालमा बाल न्याय सम्बन्धी कानूनी व्यवस्था | ३३५ |
| | २.१३.५ बाल न्याय सम्पादन | ३३६ |
| | २.१३.५.१ बाल न्याय सम्पादन गर्दा विचार गर्नुपर्ने कुरा | ३३६ |
| | २.१३.५.२ बालबालिकालाई नियन्त्रणमा लिने व्यवस्था | ३३७ |
| | २.१३.५.३ निगरानी कक्षको स्थापना सम्बन्धी व्यवस्था | ३३७ |
| | २.१३.५.४ अनुसन्धान तथा अभियोजन सम्बन्धी बिशेष व्यवस्था | ३३८ |
| | २.१३.५.५ पुर्पक्ष सम्बन्धी व्यवस्था | ३३८ |
| | २.१३.५.६ बाल न्याय सम्पादन कार्यविधि सम्बन्धी व्यवस्था | ३३९ |
| | २.१३.५.७ बालबालिकालाई हुने सजाय | ३३९ |
| | २.१३.५.८ बालबालिकालाई सजाय गर्दा विचार गर्नुपर्ने कुरा | ३३९ |
| | २.१३.६ कसूर पीडित बालबालिकाको अधिकार | ३४० |
| | २.१३.७ दिशान्तर सम्बन्धी व्यवस्था | ३४१ |

| | | |
|---|---|---|
| | २.१३.७.१ दिशान्तर गर्दा विचार गर्नु पर्ने कुरा | ३४१ |
| | २.१३.७.२ दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया | ३४२ |
| | २.१३.८ बाल अदालत सम्बन्धी व्यवस्था | ३४२ |
| | २.१३.९ बालबालिका विरूद्धको कसूर | ३४३ |
| | २.१३.१० बाल अदालतबाट भएको फैसला उपर पुनरावेदन सम्बन्धी व्यवस्था | ३४४ |
| | २.१३.११ बालबलिकाको उमेर कायम गर्ने आधार सम्बन्धी व्यवस्था | ३४४ |
| | २.१३.१२ बाल न्याय सम्पादनमा सरकारी वकीलको भूमिका | ३४५ |
| ३. | भाग - तीन<br>सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ, दायरी र प्रतिरक्षामा सरकारी वकीलको भूमिका | ३५१-३८७ |
| ३.१ | परिच्छेद - एक<br>मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची २८ मा समावेश भएका नेपाल सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ, दायरी र प्रतिरक्षामा सरकारी वकीलको भूमिका | ३५२-३८७ |
| | ३.१ सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ, दायरी र प्रतिरक्षासँग सम्बन्धित कानून | ३५५ |
| | ३.२ मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनूसुची २८ मा समावेस भएका सरकार वादी हुने देवानी मुद्दाहरु | ३५५ |
| | ३.३ सरकार वादी हुने देवानी मुद्दा सम्वन्धी व्यवस्था | ३५६ |
| | ३.३.१ नेपाल सरकार वा त्यसको कुनै कार्यालय, अदालत, संवैधानिक निकायको हक हित वा सरोकार भएको मुद्दा | ३५६ |
| | ३.३.२ सरकारी जग्गा दपोट सम्बन्धी मुद्दा | ३५६ |
| | ३.३.३ तिरो दपोट सम्बन्धी मुद्दा | ३५८ |
| | ३.३.४ विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न नपाइने र विदेशीलाई अंश अपुताली प्राप्त भएमा हस्तान्तरण गर्नु पर्ने विषय समावेश भएको मुद्दा | ३५८ |
| | ३.३.५ सरकारी रकम कलम दबाएको वा सरकारी हकदैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा | ३५९ |
| | ३.३.६ नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू देवानी मुद्दा | ३५९ |
| | ३.४ सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ सम्बन्धी व्यवस्था | ३५९ |
| | ३.५ जाँचबुझ गर्ने अधिकृतले राय पेश गर्नु पर्ने र रायमा खुलाउनु पर्ने कुरा | ३६३ |
| | ३.५.१ जाँचबुझको राय सहित मिसिल पेश भएपछि सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा | ३६४ |
| | ३.५.२ मिसिल संलग्न प्रमाणको मूल्याङ्कन | ३६४ |
| | ३.६ सरकारी वकीलले निर्देशन दिने | ३६६ |
| | ३.६.१ सरकारी वकीलले मुद्दा चलाउने निर्णय गर्दा विचार पुऱ्याउनु पर्ने मूलभूत कुरा | ३६६ |
| | ३.७ सरकारी वकीलले मुद्दा चल्ने नचल्ने निर्णय गर्ने | ३६७ |
| | ३.७.१ हदम्याद सम्बन्धी व्यवस्था | ३६७ |
| | ३.७.२ सरकारी वकीलबाट मुद्दा नचलाउने निर्णय गरेमा अवलम्वन गर्नु पर्ने प्रकृया | ३६७ |
| | ३.८ सरकार वादी हुने देवानी मुद्दाको दायरी | ३६८ |
| | ३.८.१ फिरादपत्र तयार गर्नुअधि ध्यान पुऱ्याउनुपर्ने कुरा | ३६८ |

| | | |
|---|---|---|
| | ३.८.२ फिरादपत्रको ढाँचा र फिरादपत्रमा खुलाउनु पर्ने कुरा | ३६८ |
| | ३.८.३ फिरादपत्र तयारी गर्दा ध्यान पुऱ्याउनुपर्ने कुरा | ३६९ |
| | ३.८.३४फिरादपत्रको दायरी | ३७० |
| | ३.९ अन्तर्कालीन आदेश जारी गर्न निवेदन दिने सम्बन्धी व्यवस्था | ३७० |
| | ३.१० सरकार वादी हुने देवानी मुद्दामा इतलायनामा र म्याद तामेली सम्बन्धी व्यवस्था | ३७१ |
| | ३.१०.१ इतलायनामा तामेल गर्दा विचार गर्नुपर्ने कुराहरू | ३७१ |
| | ३.११ सरकारलाई प्रतिवादी बनाई दिएको देवानी मुद्दामा प्रतिउत्तर पत्र | ३७४ |
| | ३.११.१ प्रतिउत्तरपत्र तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा | ३७५ |
| | ३.११.२ प्रतिउत्तरपत्रको ढाँचा र खुलाउनुपर्ने कुरा | ३७६ |
| | ३.१२ सरकार वादी हुने देवानी मुद्दामा वारिस सम्बन्धी  व्यवस्था | ३७६ |
| | ३.१३ सरकार वादी हुने देवानी मुद्दामा साक्षी एवं प्रमाण परीक्षणमा सरकारी वकीलको संलग्नता र भूमिका | ३७७ |
| | ३.१३.१ देवानी मुद्दामा प्रमाणको भारको सम्बन्धमा रहेका मूलभूत कानूनी व्यवस्था | ३७७ |
| | ३.१३.२ साक्षी परीक्षण | ३७८ |
| | ३.१३.३ देवानी मुद्दामा साक्षीको महत्व | ३७८ |
| | ३.१३.४ प्रमाणहरुको परीक्षणमा सरकारी वकीलको भूमिका | ३७८ |
| | ३.१३.५ प्रमाण परीक्षण गर्दा सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा | ३७८ |
| | ३.१४ सरकार वादी हुने देवानी मुद्दामा बहस पैरवी र प्रतिरक्षा | ३७९ |
| | ३.१५ सरकार वादी हुने देवानी मुद्दामा फैसला पश्चात् सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिका | ३८० |
| | ३.१६ फैसला उपर पुनरावेदन गर्नु पर्ने नपर्ने सम्बन्धमा | ३८० |
| | ३.१६.१ पुनरावेदन गर्दा ध्यान दिनुपर्ने कुरा | ३८० |
| | ३.१६.२ पुनरावेदनपत्रमा खुलाउनुपर्ने कुरा | ३८१ |
| | ३.१६.३ पुनरावेदन गर्दा पुऱ्याउनु पर्ने रीत र पक्रिया | ३८१ |
| | ३.१६.४ पुनरावेदन गर्दा सरकारी वकीलले विचार गर्नुपर्ने कुरा | ३८१ |
| | ३.१६.५ पुनरावेदन नगर्ने निर्णय गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया | ३८२ |
| | ३.१६.६ पुनरावेदन नगर्ने निर्णय गर्दा विचार गर्नु पर्ने कुरा | ३८२ |
| | ३.१७ सरकार वादी हुने देवानी मुद्दाको दोहोऱ्याउने निवेदन दिने नदिने निर्णय सम्बन्धी प्रक्रियामा सरकारी वकीलको भूमिका | ३८२ |
| | ३.१७.१ मुद्दा दोहोऱ्याउने सम्बन्धी कार्यविधि | ३८३ |
| | ३.१७.२ मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त नभएमा | ३८३ |
| | ३.१८ सरकार वादी हुने देवानी मुद्दाको पुनरावलोकन गर्ने निर्णय प्रक्रियामा सरकारी वकीलको भूमिका | ३८३ |
| | ३.१८.१ पुनरावलोकनको लागी निवेदन दिँदा विचार गर्नुपर्ने कुराहरु | ३८३ |
| | ३.१९ सरकार वादी हुने देवानी मुद्दा फैसला कार्यान्वयनको प्रक्रियाको क्रममा सरकारी वकीलको संलग्नता र निर्वाह गर्नुपर्ने भूमिका | ३८४ |
| | ३.१९.१ फैसला कार्यान्वयनको परिचय | ३८४ |

| | | |
|---|---|---|
| | ३.१९.२ फैसला विविधत प्राप्ति गर्ने | ३८४ |
| | ३.१९.३ फैसला बमोजिम अद्यावधिक लगत राख्ने | ३८४ |
| | ३.१९.४ फैसला कार्यान्वयनका लागि नेपाल सरकारको सम्बन्धित कार्यालयमा लेखी पठाउने | ३८४ |
| | ३.१९.५ विभागीय प्रमुखले विचार गर्नु पर्ने कुरा | ३८५ |
| | ३.१९.६ चलन चलाउने / नामसारी दाखिल खारेज गर्ने | ३८५ |
| | ३.१९.७ फैसला कार्यान्वयनमा सरकारी वकीलको संलग्नता र निजले निर्वाह गर्नु पर्ने भूमिका | ३८५ |
| | ३.२० विविध | ३८५ |
| | ३.२०.१ मुलतवी | ३८५ |
| | ३.२०.२ मिलापत्र गर्ने | ३८५ |
| | ३.२०.३ अन्य देवानी मुद्दा चलाउने सम्बन्धि व्यवस्था | ३८५ |
| | ३.२०.४ नेपाल सरकार उपर नालिस दिने कार्यविधि | ३८६ |
| | ३.२०.५ अन्य विषयमा संहिता र कानून बमोजिम हुने | ३८६ |
| | ३.२०.६ छुट्टै कानूनमा लेखिएको कुरामा असर नपर्ने | ३८६ |
| | ३.२०.७ सरकार वादी देवानी मुद्दामा सरकारी वकील | ३८६ |
| ४. | भाग चार<br>रिट निवेदनको सुनुवाइ प्रक्रियामा सरकारी वकीलको संलग्नता र प्रतिरक्षा | ३८८-४७९ |
| ४.१ | परिच्छेद एक<br>रिटको सामान्य परिचय, वर्गीकरण र अदालतको रिट क्षेत्राधिकार | ३८९-४२४ |
| | ४.१.१ रिटको परिचय | ३९१ |
| | ४.१.२ नेपालमा रिट सम्बन्धी अवधारणाको विकास | ३९१ |
| | ४.१.३ असाधारण अधिकारक्षेत्रको प्रयोग सम्बन्धमा सर्वोच्च अदालतको व्याख्या | ३९२ |
| | ४.१.४ न्यायिक पुनरावलोकनको अधिकारको प्रयोगका सम्बन्धमा सर्वोच्च अदालतको व्याख्या | ३९५ |
| | ४.१.५ रिटको वर्गीकरण र न्यायिक प्रयोग | ३९७ |
| | ४.१.५.१ बन्दीप्रत्यक्षीकरण Habeas Corpus | ३९७ |
| | ४.१.५.२ बन्दीप्रत्यक्षिकरण जारी हुने / नहुने अवस्था | ३९८ |
| | ४.१.५.३ उत्प्रेषण Certiorari | ४०३ |
| | ४.१.५.४ उत्प्रेषण जारी हुने / नहुने अवस्था | ४०४ |
| | ४.१.५.५ परमादेश Mandamus | ४१० |
| | ४.१.५.६ परमादेश जारी हुने / नहुने अवस्था | ४११ |
| | ४.१.५.७ प्रतिषेध Prohibition | ४१३ |
| | ४.१.५.८ प्रतिषेध जारी हुने / नहुने अवस्था | ४१३ |
| | ४.१.५.९ अधिकारपृच्छा Quo Warranto | ४१४ |
| | ४.१.५.१० अधिकारपृच्छा जारी हुने / नहुने अवस्था | ४१४ |
| | ४.१.५.११ निषेधाज्ञा Injunction | ४१५ |
| | ४.१.५.१२ निषेधाज्ञा जारी हुने / नहुने अवस्था | ४१५ |

| | | |
|---|---|---|
| | ४.१.६ अदालतको रिट क्षेत्राधिकार | ४१८ |
| | ४.१.६.१ जिल्ला अदालतको रिट सम्बन्धी क्षेत्राधिकार | ४१८ |
| | ४.१.६.२ उच्च अदालतको रिट सम्बन्धी क्षेत्राधिकार | ४१८ |
| | ४.१.६.३ सर्वोच्च अदालतको रिट सम्बन्धी क्षेत्राधिकार | ४१९ |
| | ४.१.६.४ न्यायिक पुनरावलोकन | ४१९ |
| | ४.१.६.५ अन्य रिट क्षेत्राधिकार | ४२० |
| | ४.१.६.६ सार्वजनिक सरोकारको विवाद हेर्ने क्षेत्राधिकार | ४२० |
| | ४.१.७ नेपाल सरकारको तर्फबाट रिट निवेदन गर्ने व्यवस्था र प्रक्रिया | ४२१ |
| | ४.१.८ संवैधानिक इजलासबाट सुनुवाइ हुने रिट सम्बन्धी व्यवस्था | ४२२ |
| ४.२ | परिच्छेद दुई<br>रिट निवेदन सम्बन्धी प्रक्रियामा सरकारी वकीलको संलग्नता र भूमिका | ४२५-४४३ |
| | ४.२.१ रिट निवेदन तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरू | ४२७ |
| | ४.२.१.१ रिट निवेदन सम्बन्धी लिखत तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरु | ४२७ |
| | ४.२.१.२ रिट निवेदन तयार गर्दा विचार पुऱ्याउनु पर्ने अन्य कुराहरु | ४२८ |
| | ४.२.१.३ बन्दीप्रत्यक्षीकरणको निवेदनपत्र तयार गर्दा विचार पुऱ्याउनु पर्ने थप कुराहरु | ४२९ |
| | ४.२.१.४ रिट निवेदनको प्रारम्भिक सुनुवाइ | ४३० |
| | ४.२.१.५ कारण देखाउ आदेश | ४३० |
| | ४.२.१.६ बन्दीप्रत्यक्षीकरणको निवेदन सम्बन्धी विशेष व्यवस्था | ४३० |
| | ४.२.१.७ विशेष अवस्थामा बन्दीलाई उपस्थित नगराए पनि हुने | ४३० |
| | ४.२.२ अन्तरिम आदेश | ४३१ |
| | ४.२.२.१ अन्तरिम आदेश माग गर्न सकिने अवस्था | ४३२ |
| | ४.२.२.२ अन्तरिम आदेश जारी हुने आधार | ४३३ |
| | ४.२.२.३ अन्तरिम आदेश उपर माथिल्लो अदालतमा निवेदन वा रिट नलाग्ने | ४३३ |
| | ४.२.२.४ विशेष आदेश | ४३३ |
| | ४.२.२.५ अन्तरिम आदेशको सूचना | ४३३ |
| | ४.२.२.६ अन्तरिम आदेश जारी गर्ने वा नगर्ने वा जारी अन्तरिम आदेश निरन्तर हुने नहुने विषयमा छलफल | ४३४ |
| | ४.२.२.७ अन्तरिम आदेश वदरका लागि गर्नुपर्ने कारवाही सम्बन्धी प्रक्रिया | ४३४ |
| | ४.२.३ लिखित जवाफ | ४३५ |
| | ४.२.३.१ लिखित जवाफ प्रस्तुत गर्ने | ४३५ |
| | ४.२.३.२ लिखित जवाफ तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरु | ४३५ |
| | ४.२.३.३ लिखित जवाफ तयार गर्दा विचार पुऱ्याउनु पर्ने अन्य कुराहरु | ४३६ |
| | ४.२.३.४ बन्दीप्रत्यक्षीकरणको लिखित जवाफ तयार गर्दा खुलाउनु पर्ने थप कुराहरु | ४३७ |
| | ४.२.३.५ लिखित जवाफ दर्ता | ४३७ |
| | ४.२.३.६ रीत नपुगी प्राप्त लिखित जवाफका सम्बन्धमा गर्ने | ४३८ |

| | | |
|---|---|---|
| | ४.२.४ रिट निवेदन उपरको प्रतिरक्षा | ४३८ |
| | ४.२.४.१ रिट निवेदनसँग सम्बन्धित निर्णय र मिसिल कागजातको प्राप्ति | ४३८ |
| | ४.२.४.२ बहस पैरवी सम्बन्धी कानूनी व्यवस्था | ४३८ |
| | ४.२.४.३ सरकारी वकीललाई मिसिल पठाउनुपर्ने कानूनी व्यवस्था | ४३९ |
| | ४.२.४.४ बहस पैरवी गर्दा बिचार पुऱ्याउनु पर्ने कुराहरू | ४३९ |
| | ४.२.५ रिट निवेदनमा जारी भएको आदेश उपर मुद्दा दोहोऱ्याउन निवेदन गर्न सकिने | ४४० |
| | ४.२.५.१ जिल्ला अदालत र उच्च अदालतबाट रिट निवेदनमा जारी भएको आदेश उपर निवेदन दिने | ४४० |
| | ४.२.५.२ रिट निवेदनमा जारी भएको आदेश उपर कारवाही प्रक्रिया | ४४१ |
| | ४.२.५.३ निवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु | ४४२ |
| | ४.२.६ रिट निवेदन सम्बन्धी आदेशको प्राप्ती र कार्यान्वयनको प्रक्रिया | ४४२ |
| | ४.२.७ सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतमा रहेको रिट जारी गर्ने अधिकारमा समानता र अन्तर | ४४२ |
| ४.३ | परिच्छेद – तीन<br>रिट सम्बन्धी केही महत्वपूर्ण सैद्धान्तिक अवधारणा | ४४४–४७९ |
| | ४.३.१ शक्तिबाह्यको सिद्धान्त (Doctrine of Ultravires) | ४४६ |
| | ४.३.२ अनुचित विलम्बको सिद्धान्त (Doctrine of Laches) | ४४९ |
| | ४.३.३ सार्वजनिक सरोकारको सिद्धान्त (Doctrine of Public Interest) | ४५१ |
| | ४.३.४ हकदैयाको सिद्धान्त (Doctrine of Locus Standi) | ४५४ |
| | ४.३.५ कानूनी शासनको सिद्धान्त (Doctrine of Rule of Law) | ४५६ |
| | ४.३.६ सार्थक सम्बन्ध र तात्विक सरोकारको सिद्धान्त (Doctrine of Meaningful Relation and Substantial Interest) | ४५६ |
| | ४.३.७ वैकल्पिक उपचारको सिद्धान्त (Doctrine of Alternative Remedy) | ४५७ |
| | ४.३.८ सुविधा वा अधिकार प्रयोग गरिसकेपछि विवादको उठान गर्ने सिद्धान्त (Doctrine of Approbate and Reprobate) | ४६० |
| | ४.३.९ प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) | ४६० |
| | ४.३.१० समर्पणको सिद्धान्त (Doctrine of Submission) | ४६४ |
| | ४.३.११ विबन्धनको सिद्धान्त (Doctrine of Estoppel) | ४६५ |
| | ४.३.१२ स्वच्छ र सफाहातको सिद्धान्त (Doctrine of Clean Hands) | ४६६ |
| | ४.३.१३ सम्पत्ति सम्बन्धी राज्यशक्तिको सिद्धान्त (Principle of Eminent Domain) | ४६७ |
| | ४.३.१४ आवश्यकताको सिद्धान्त (Doctrine of Necessity) | ४६९ |
| | ४.३.१५ न्यायिक निरूपणको मापदण्डको सिद्धान्त (Doctrine of Judicially Manageable Standard) | ४७० |
| | ४.३.१६ राजनैतिक प्रश्न सम्बन्धी सिद्धान्त (Political Question Doctrine) | ४७१ |
| | ४.३.१७ सुविधा सन्तुलन र अपुरणीय क्षतिको सिद्धान्त (Balance of Convenence and Irraperable loss) | ४७३ |
| | ४.३.१८स्वेच्छाको सिद्धान्त (Doctrine of Pleasure) | ४७३ |

| | | |
|---|---|---|
| | ४.३.१९ शक्ति पृथकीकरणको सिद्धान्त (Doctrine of Separation of Power) | ४७५ |
| | ४.३.२० वैधानिक अपेक्षाको सिद्धान्त (Principle of Legitimate Expectation ) | ४७५ |
| | ४.३.२१ भई सकेको काम बैध हुने सिद्धान्त (Doctrine of Factum Valet) | ४७६ |
| | ४.३.२२ मुद्दाको अन्तिमताको सिद्धान्त (Principle of Finality of Judgment ) | ४७६ |
| | ४.३.२३ विधायिकी बुद्धिमत्ताको सिद्धान्त (Principle of legislative Wisdom) | ४७७ |
| | ४.३.२४ हदम्यादको व्यवस्था निलम्बन हुने सिद्धान्त (Doctrine of tolling) | ४७७ |
| | ४.३.२५ न्यायिक आत्मसंयमको सिद्धान्त (Principle of Self restrain ) | ४७८ |
| | ४.३.२६ कपटपूर्ण विधायन (Colourable Legislation) को सिद्धान्त | ४७८ |
| | ४.३.२७ कार्यकारिणी अधिकारको सिद्धान्त (Principle of Executive Power) | ४७९ |
| ५. | भाग - पाँच<br>कानूनी राय तथा प्रतिरक्षा | ४८०-७९८ |
| ५.१ | परिच्छेद – एक<br>कानूनी राय सम्बन्धी व्यवस्था | ४८१-४८९ |
| | ५.१.१ कानूनी रायको परिचय | ४८३ |
| | ५.१.२ संवैधानिक तथा कानूनी विकासक्रम | ४८३ |
| | ५.१.३ कानूनी राय सम्बन्धमा भएका संवैधानिक र कानूनी व्यवस्था | ४८४ |
| | ५.१.४ कानूनी राय प्रदान गरिने निकाय | ४८५ |
| | ५.१.४.१ महान्यायाधिवक्ताको कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था | ४८५ |
| | ५.१.४.१.१ कानूनी रायको ढाँचा | ४८६ |
| | ५.१.४.२ उच्च सरकारी वकील कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था | ४८६ |
| | ५.१.४.३ जिल्ला सरकारी वकील कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था | ४८६ |
| | ५.१.५ कानूनी राय प्रदान गर्दा सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा | ४८७ |
| | ५.१.६ प्रदेश सरकारलाई कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था | ४८८ |
| | ५.१.७ राय सम्बन्धी अन्य व्यवस्था | ४८९ |
| ५.२ | परिच्छेद - दुई<br>प्रतिरक्षा सम्बन्धी व्यवस्था | ४९०-४९८ |
| | ५.२.१ प्रतिरक्षा | ४९२ |
| | ५.२.२ नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा | ४९४ |
| | ५.२.३ सरकारी वकीलले मुद्दामा प्रतिरक्षा गर्न इन्कार गर्ने अवस्था | ४९४ |
| | ५.२.४ सरकारी वकीलले प्रतिरक्षा गर्न कानून व्यवसायीमा दर्ता हुन नपर्ने | ४९५ |
| | ५.२.५ सरकारी वकीलको कर्य सम्पादनमा सहयोग गर्नु पर्ने | ४९५ |
| | ५.२.६ विभागीय कारबाहीका लागि लेखी पठाउने | ४९६ |
| | ५.२.७ मुख्य न्यायाधिवक्ताको कार्यालयमा खटिएका सरकारी वकीलको प्रतिरक्षा सम्वन्धी दायित्व | ४९८ |
| | परिशिष्टहरू | ४९९-८८७ |

| | | |
|---|---|---|
| १. | **परिशिष्ट – एक** | ५००-५६२ |
| | **१.१ महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका महत्वपूर्ण सूचना, परिपत्र तथा निर्देशन** | ५०१-५६२ |
| २. | **परिशिष्ट – दुई** | ५६३-६७० |
| | **२.१ सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचार संहिता, २०७५** | ५६५-५७१ |
| | **२.२ महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७** | ५७२-६७० |
| ३. | **परिशिष्ट – तीन** | ६७१-८८७ |
| | **३.१ म्याग्ना कार्टा, १२१५** | ६७३-६७६ |
| | **३.२ दासत्व महासन्धि, १९२६** | ६७७-६८० |
| | **३.३ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** | ६८१-६८६ |
| | **३.४ जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि ,१९४९** | ६८७-६९३ |
| | **३.५ दासत्व, दास व्यापार र दासत्व समान संस्था तथा अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि, १९५६** | ६९४-६९९ |
| | **३.६ सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५** | ७००-७१० |
| | **३.७ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, (प्रतिज्ञापत्र) १९६६** | ७११-७२७ |
| | **३.८ आर्थिक सामाजिक सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६** | ७२८-७३७ |
| | **३.९ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल, १९६६** | ७३८-७४१ |
| | **३.१० महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९** | ७४२-७५३ |
| | **३.११ कानून कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता, १९७९**<br>**Code of Conduct for Law Enforcement Officials** | ७५४-७५७ |
| | **३.१२ यातना तथा अन्य क्रुर ,अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४** | ७५८-७६९ |
| | **३.१३ अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणा, १९८६ (Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power)** | ७७०-७७२ |

| | | |
|---|---|---|
| | ३.१४ बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ | ७७३-७९१ |
| | ३.१५ कानून व्यवसायिको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९० Basic Principles of the Role of Lawyer) | ७९२-७९६ |
| | ३.१६ अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० Guidelines on the Role of Prosecutors) | ७९७-८०१ |
| | ३.१७ संगठित अपराध विरूद्धको अन्तरदेशीय महासन्धि, २००० | ८०२-८३४ |
| | ३.१८ Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime (TIP Convention) | ८३५-८४४ |
| | ३.१९ भ्रष्टाचार विरूद्धको संयुक्तराष्ट्र संघीय महासन्धि, २००३ | ८४५-८८७ |

## दिग्दर्शनमा प्रयोग भएका संक्षिप्त शब्दावली र तिनको पूर्ण रूप

| संक्षिप्त शब्दावली | पूर्ण रूप |
|---|---|
| अदुअआ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| अपराध संहिता | मुलुकी अपराध संहिता, २०७४ |
| उ.अ. | उच्च अदालत |
| कसूरको अनुसन्धान नियमावली | फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ |
| कानून मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| कार्य सञ्चालन कार्यविधि | महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकिकृत कार्य सञ्चालन कार्यविधि, २०७८ |
| जातीय भेदभाव तथा छुवाछुत ऐन | जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ |
| जि.अ. | जिल्ला अदालत |
| जि.प्र.का. | जिल्ला प्रहरी कार्यालय |
| देवानी कार्यविधि संहिता | मुलुकी देवानी कार्यविधि संहिता, २०७४ |
| देवानी संहिता | मुलुकी देवानी संहिता, २०७४ |
| दु.सं. | दुर सञ्चार |
| न.पा. | नगरपालिका |
| निनं / नि.नं. | निर्णय नम्बर |
| नेकाप / ने.का.प. | नेपाल कानून पत्रिका |
| नेपाल प्रहरी र प्रदेश प्रहरी ऐन | नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सपुरिवेक्षण र समन्वय) ऐन, २०७६ |
| नेस | नेपाल सरकार |
| प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| प्र.ना.नि. | प्रहरी नायब निरीक्षक |
| प्रमं तथा मपका | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय |
| प्रतिनिधि सभा नियमावली | प्रतिनिधि सभा नियमावली, २०७५ |
| फौजदारी कार्यविधि नियमावली | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ |
| फौजदारी कार्यविधि संहिता | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ |

| | |
|---|---|
| बालबालिका ऐन | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| भ्र.नि. | भ्रष्टाचार निवारण |
| मपस | मन्त्रिपरिषद् सचिवालय |
| महिला मन्त्रालय | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| राष्ट्रिय सभा नियमावली | राष्ट्रिय सभा नियमावली, २०७५ |
| सअबु | सर्वोच्च अदालत बुलेटिन |
| सरकारी वकील सम्बन्धी नियमावली | सरकारी वकील सम्बन्धी नियमावली, २०७७ |
| संविधान | नेपालको संविधान (२०७२) |
| सू.प्र. न्यायाधिकरण | सूचना प्रविधि न्यायाधिकरण |

# भाग– एक

# प्रारम्भिक

# परिच्छेद–एक

## परिचय

यस परिच्छेद भित्र

१. दिग्दर्शनको परिचय
२. दिग्दर्शनको आवश्यकता र महत्व
३. दिग्दर्शनको प्रयोग
४. दिग्दर्शनको आधिकारिकता

## १. दिग्दर्शनको परिचय

नेपालको संविधानले परिकल्पना गरेको कानूनी राज्यको अवधारणालाई साकार पार्ने उद्देश्यलाई व्यवहारमा उतार्ने कार्यका लागि स्थापित संवैधानिक संरचना भित्र महान्यायाधिवक्ताको महत्वपूर्ण भूमिका रहेको छ। महान्यायाधिवक्तालाई नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारको हैसियतले संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह प्रदान गर्ने कर्तव्य संविधानले तोकेको छ। नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहत सरकारी वकीलहरूबाट सरकारको प्रतिनिधित्व गर्ने संवैधानिक व्यवस्था रहेको छ। संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा रहेको छ। महान्यायाधिवक्ताले संघीय संसद वा त्यसको कुनै समितिले गरेको आमन्त्रण अनुसार बैठकमा उपस्थित भई कानूनी प्रश्नका सम्बन्धमा राय व्यक्त गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ। आफ्नो पदीय कर्तव्यको पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार छ।

महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालना गर्दा नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने र हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने अधिकार तोकिएको छ। नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनुपर्ने व्यवस्था गरेको छ। यी जिम्मेवारी पूरा गर्न महान्यायाधिवक्ताको कार्यालय एवं मातहतमा १८ उच्च सरकारी वकील कार्यालय, १ विशेष सरकारी वकील कार्यालय र ७७ जिल्ला सरकारी वकील कार्यालय गरी ९७ वटा कार्यालयहरू स्थापना गरिएका छन्। यी कार्यालयहरूमा महान्यायाधिवक्ता समेत ४४८ सरकारी वकील (सरकारी वकीलको दरबन्दी संख्या ५२० रहेको छ) र अन्य सहायक कर्मचारीहरू कार्यरत रहेका छन्। सबै तहका सरकारी वकीलहरूको कार्य सम्पादन गर्नमा सहयोग पुगोस् भन्ने उद्देश्यले २०६३ सालमा यो दिग्दर्शन तयार गरिएको थियो। सो दिग्दर्शन तयार हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ प्रचलनमा रहेको थियो। दिग्दर्शन जारी भएपछि नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको र कानूनमा विभिन्न परिवर्तन भएको समेत कारणले २०७० सालमा दिग्दर्शनको परिमार्जन गरी दोस्रो संस्करण र २०७४ सालमा दिग्दर्शनको परिमार्जन गरी तेस्रो संस्करण प्रकाशित गरिएको थियो। मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ तथा मौलिक हक कार्यान्वयनसँग सम्बन्धित कानून लगायत अन्य कानूनी व्यवस्थाहरू समेत परिवर्तन भएको समेत परिप्रेक्ष्यमा यो दिग्दर्शन परिमार्जन र अध्याबधिक गर्नु आवश्यक भएकोले यो दिग्दर्शन चोथो पटक परिमार्जन गरी प्रकाशन गरिएको छ। यो दिग्दर्शनमा दुई खण्डमाः पहिलो खण्ड (क) मा ५ भाग र दोस्रो खण्ड (ख) मा परिशिष्टहरू रहेका छन्। खण्ड (क) अन्तरगत पहिलो भागमा दिग्दर्शनको परिचय, सरकारी वकीलहरूको काम, कर्तव्य, अधिकार र फौजदारी न्याय प्रशासनसँग सम्बन्धित मौलिक हकहरू तथा फौजदारी न्यायका मान्य सिद्धान्तहरू समावेश गरिएका छन्। दोस्रो भागमा सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन एवम् प्रतिरक्षाका व्यवस्थाहरू उल्लेख गरिएका छन्। यस भागमा सरकार वादी फौजदारी मुद्दाका विभिन्न चरणमा सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिकाको विस्तृत रूपमा उल्लेख गरिएको छ। यो भाग विशेष गरी जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूको काम कर्तव्यसँग सम्बन्धित छ। सरकार वादी फौजदारी मुद्दाको जाहेरीदेखि लिएर फैसला कार्यान्वयनसम्मका सबै प्रक्रियाहरू यसमा उल्लेख भएका छन्। यसका अतिरिक्त बाल न्याय सम्बन्धमा सरकारी वकीलको भूमिका पनि यस भागमा उल्लेख गरिएको छ। सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ, दायरी र प्रतिरक्षाका विषयमा सरकारी वकीलको भूमिकालाई भाग तीनमा राखिएको छ। देवानी मुद्दाको जाँचबुझ र दायरीदेखि चलन चलाउनेसम्मका सबै प्रक्रिया यसमा उल्लेख गरिएका छन्। रिट निवेदन सम्बन्धी सिद्धान्तको सामान्य जानकारी र रिट निवेदन तयार गर्दा र बहस पैरवीमा समेत सरकारी वकीलको भूमिकालाई भाग चारमा समाविष्ट गरिएको छ। रिट निवेदनको अलावा बहस पैरवी एवं प्रतिरक्षा गर्दा बुझी राख्नु पर्ने केही सैद्धान्तिक अवधारणाहरू समेत भाग चारमा समावेश गरिएका

छन् । सरकारी वकीलको कानूनी राय दिने सम्बन्धी उत्तरदायित्व, राजस्व सम्बन्धी मुद्दामा सरकारी वकीलको भूमिका एवं प्रतिरक्षा सम्बन्धी दायित्व र सो सम्बन्धी प्रक्रियाहरू भाग पाँचमा समावेश गरिएको छ ।

यो दिग्दर्शन आफैमा एउटा सन्दर्भ पुस्तक समेत हुन सकोस् भन्ने उद्देश्यले परिशिष्टलाई विस्तृत बनाइएको छ । सरकारी वकीलको काम कर्तव्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरू परिशिष्टको रूपमा खण्डमा रहेका छन् । परिशिष्टमा महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका निर्देशन तथा परिपत्रहरू, सरकारी वकीलको आचार संहिता र अभियोजन नीति तथा मार्गदर्शन एवं नेपाल पक्ष भएको वा नेपालले अनुमोदन गरेका मानव अधिकारसँग सम्बन्धित सन्धि संझौताहरू आदि समावेश गरिएका छन् ।

## २. दिग्दर्शनको आवश्यकता र महत्व

सरकारी वकीलहरूले आफ्नो उत्तरदायित्व पालना गर्दा विभिन्न कानूनहरूको प्रयोग गर्नुपर्ने हुन्छ । यी कानूनहरूको सारभूत रूपमा प्रयोग गर्ने र कानून प्रयोग गर्दाको कार्यविधिमा एकरूपता हुनु कानूनी राज्यको अवधारणालाई मूर्तरूप दिनका लागि अत्यावश्यक रहेको हुन्छ । यसका साथै नेपाल न्याय सेवा सरकारी वकीलको समूहमा प्रवेश गर्ने सरकारी वकीलहरूलाई आफ्नो कर्तव्य र उत्तरदायित्व राम्रोसँग कसरी निर्वाह गर्न सकिन्छ भन्ने कुराको सहज जानकारी गराउन पनि अत्यन्तै आवश्यक छ । प्रचलित कानूनमा भएका संशोधन, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा विकसित भएको नविनतम् मान्यताहरूलाई संहिताकरण र अध्यावधिक गर्नका लागि पनि दिग्दर्शनको आवश्यकता र यसको सामयिक परिमार्जन आवश्यक पर्छ । सरकारी वकीलको काम कारवाहीसँग प्रत्यक्ष सरोकार राख्ने अन्य सरकारी वा गैरसरकारी निकाय एवं सर्वसाधारण नागरिकले पनि सरकारी वकीलका काम कारवाही बारेमा सरल रूपमा जानकारी पाउन सकेमा काम कारवाहीमा सरलता र आपसी समन्वयमा सरलता आई सेवाग्राहीले सजिलोसँग शीघ्र सेवा प्राप्त गर्न सक्दछन् ।

माथि उल्लेख गरिएका विभिन्न आवश्यकतालाई पूरा गर्न सकियोस् भन्ने उद्देश्यले यो दिग्दर्शनको निर्माण गरिएको हो । यसबाट सरकारी वकीलहरूको काम कारवाही बढी पारदर्शी र उत्तरदायित्वमूलक ढंगबाट सम्पन्न हुनेछ । यसबाट वस्तुनिष्ठ रूपमा मुलुकभर समानरूपमा र एकरूपताका साथ सरकारी वकीलका कार्य सम्पन्न हुनेछन् । यसबाट कानूनी राज्यको अवधारणालाई मूर्तरूप दिन टेवा पुग्ने छ ।

## ३. दिग्दर्शनको प्रयोग

यो दिग्दर्शनको प्रयोग दुई किसिमबाट हुनेछ भन्ने आशा लिइएको छ । यस दिग्दर्शनको मुख्य खण्डले सरकारी वकीललाई दैनिक कार्य सम्पादन गर्ने क्रममा प्रत्यक्ष सहयोग पुऱ्याउँदछ । यसमा सरकारी वकीलका सबै काम कारवाहीको विस्तृत जानकारी र ती कामहरू सम्पन्न गर्ने प्रक्रिया उल्लेख गरिएका छन् । परिशिष्ट खण्डहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिने गरी राखिएका छन् । यसमा समाविष्ट विषयहरूले सरकारी वकीलको दैनिक कार्य सम्पादन गर्ने क्रममा कुनै कुरा निर्देश गर्दैनन् । सरकारी वकीलले प्राथमिकताका साथ जान्नुपर्ने विषयका सामग्रीहरू सहज रूपमा प्राप्त गर्न सकियोस् भनेर यो खण्डको निर्माण गरिएको हो । नव प्रवेशी सरकारी वकीललाई यसको अध्ययन अझै बढी उपयोगी हुनेछ । सरकारी वकीलको काम कारवाहीको बारेमा अनुभव प्राप्त गरिसकेका सरकारी वकीलहरूका लागि आफ्नो काम दिग्दर्शनको प्रयोगबाट छिटो र सजिलोसँग सम्पन्न गर्न सहयोगी हुनेछ ।

## ४. दिग्दर्शनको आधिकारिकता

यस दिग्दर्शनले प्रचलित नेपाल कानून बमोजिम सम्पन्न गर्नुपर्ने काम कारवाहीमा सरलता र काममा सुधार ल्याउने उद्देश्य राखेको छ । यसमा उल्लेख भएका नेपाल कानूनहरू पनि सरकारी वकीलको काम कारवाहीको सजिलोका लागि राखिएका हुन् । उल्लेखित कानूनहरूको आधिकारिकता सम्बन्धित कानूनमा नै रहन्छ । सरकारी वकीलले कार्य सम्पादन गर्दा सम्बन्धित कानून कै आधारमा काम गर्नु पर्दछ । सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त एवं फैसलाको हकमा पनि यसमा उल्लेख गरिएका सामाग्री सन्दर्भ सामाग्री मात्र हुनेछ । सो बाहेक दिग्दर्शनमा उल्लेखित अन्य कुराहरूलाई सरकारी वकीलले आफ्नो कार्यसम्पादन गर्दा अनुशरण गर्नु पर्नेछ ।

# परिच्छेद-दुई

## सरकारी वकील सम्बन्धी व्यवस्था, विकासक्रम तथा सरकारी वकीलको काम, कर्तव्य र अधिकार

यस परिच्छेद भित्र

१. दिग्दर्शनको परिचय
२. दिग्दर्शनको आवश्यकता र महत्व
३. दिग्दर्शनको प्रयोग
४. दिग्दर्शनको आधिकारिकता

## यस परिच्छेद भित्र


१. महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयको स्थापना र विकासक्रम

२. सरकारी वकीलको परिभाषा

३. महान्यायाधिवक्ताको संवैधानिक तथा कानूनी स्थिति

ऐतिहासिक पृष्ठभूमि

महान्यायाधिवक्ताको नियुक्ति

व्यावसायिक स्वतन्त्रता

४. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

अन्य काम, कर्तव्य र अधिकार

५. नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

६. महान्यायाधिवक्ताको कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार

७. व्यवस्थापन समिति

८. समन्वय समितिः गठन तथा काम, कर्तव्य र अधिकार

उच्च सरकारी वकील कार्यालय तह

विशेष सरकारी वकील कार्यालय तह

जिल्ला सरकारी वकील कार्यालय तह

९. प्रोवेशन तथा प्यारोल बोर्डः गठन तथा काम कर्तव्य र अधिकार

प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड

१०. सजाय सुझाव समितिः गठन तथा काम, कर्तव्य र अधिकार

११. पीडित संरक्षण सुझाव समितिः गठन तथा काम

१२. अनुसन्धान समिति

१३. अपराधशास्त्रीय अनुसन्धान केन्द्रः स्थापना तथा कार्य

१४. अभियोजन प्रशिक्षण केन्द्रः स्थापना तथा कार्य

१५. नीति व्यवस्थापन समूह

१६. मुख्य न्यायाधिवक्ता

१७. उच्च सरकारी वकील कार्यालयः

१८. सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

१९. अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार

२०. विशेष सरकारी वकील कार्यालयः

२१. सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

२२. अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार

२३. जिल्ला सरकारी वकील कार्यालय

कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकार

अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार

२४. सरकारी वकीलको अन्य जिम्मेवारी

२५. अन्य निकायमा रहेका सरकारी वकीलको काम, कर्तव्य र अधिकार

अख्तियार दुरूपोग अनुसन्धान आयोग

निर्वाचन आयोग

राष्ट्रिय महिला आयोग

आन्तरिक राजश्व विभाग

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

राजश्व अनुसन्धान विभाग

कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण

जिल्ला प्रशासन कार्यालय, काठमाडौं

## १. महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको स्थापना र विकासक्रम

नेपालको पहिलो लिखित संविधान नेपाल सरकार वैधानिक कानून, २००४ को धारा १२ मा प्रधान कानूनी सल्लाहकारको नियुक्ति गर्ने व्यवस्थाबाट नेपालमा महान्यायाधिवक्ताको परिकल्पना गरिएको पाइन्छ । उक्त धाराले सरकारलाई कानूनी विषयमा राय सल्लाह दिन प्रधान कानूनी सल्लाहकार नियुक्त हुने व्यवस्था गरेको थियो । उक्त कानून लागू नै नभएको हुँदा सो पदमा कसैको नियुक्ति भएन र सरकारी वकीलको रूपमा कुनै पदाधिकारीको औपचारिक व्यवस्था हुन सकेन । नेपाल अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था थिएन । नेपाल प्रधान न्यायालय ऐन, २००८ लागू भए पश्चात् राज्यलाई सरोकार पर्ने गम्भीर प्रकृतिका सरकार वादी फौजदारी मुद्दाको तहकिकात र अनुसन्धान मुद्दा हेर्ने अड्डा, अदालत वा अमिनिका हाकिम, न्यायाधीशबाट नै हुने प्रचलन थियो । तथापि यो ऐनको प्रथम संशोधानले एटर्नी जनरलको व्यवस्था गरेको देखिन्छ। वि.स. २०१२ सालमा न्याय प्रशासन (पुनगर्ठन) ऐन जारी गरियो । यस ऐनले अब उप्रान्त सरकारी मुद्दाको तहकिकात एवं मुद्दा चलाउने समेतको काम कारबाही प्लिडर तथा प्रोसिक्युटरबाट गर्ने भन्ने कानूनी व्यवस्था गऱ्यो । यसबाट सरकार वादी हुने मुद्दाको तहकिकात गर्ने एवं त्यस्तो मुद्दा चलाउने निर्णय प्रोसिक्युटरले गर्ने भन्ने प्रचलित व्यवस्था नेपालको कानूनी इतिहासमा वि.स. २०१२ सालमा नै स्वीकार गरिएको मान्न सकिन्छ । तर यो ऐन लागू हुन सकेन र सरकारी वकीलको स्थापना पनि विधिवत् रूपमा हुन सकेन ।

वि.सं. २०१३ साल जेठ ८ गते जारी भएको सर्वोच्च अदालत ऐन, २०१३ ले प्रधान न्यायालय ऐन, २००८ लाई खारेज गऱ्यो र सो ऐनमा एटर्नी जनरल सम्बन्धी व्यवस्था नगरिएकोले एटर्नी जनरलको पूर्व व्यवस्था समेत समाप्त भयो । सर्वोच्च अदालत खडा भएको केही समय पछि महत्वपूर्ण संवैधानिक विवादको रिट पर्न आएका र सरकारका तर्फबाट बहस एवं प्रतिरक्षा गर्नु पर्ने आवश्यकता पर्न गएकोले सर्वोच्च अदालत ऐन, २०१३ अन्तर्गत राजपत्रमा आदेश जारी गरी २०१३ साल श्रावण महिनामा गभर्मेन्ट एड्भोकेटको नियुक्ति गरियो ।

नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महान्यायाधिवक्ताको संवैधानिक व्यवस्था हुन सकेन तर तत्कालीन सरकारले महान्यायाधिवक्ताको कानूनी व्यवस्था गर्नुपर्ने आवश्यकता सम्झी कार्यकारिणी निर्णयबाट २०१६ साल भाद्र महिनामा एटर्नी जनरलको नियुक्ति भयो र निजको कर्तव्य र अधिकार तोकियो । यसप्रकार महान्यायाधिवक्ताको व्यवस्था भई सरकारी वकीलको केन्द्रीय निकायको रूपमा महान्यायाधिवक्ताको कार्यालयको स्थापना समेत भयो ।

वि.सं. २०१७ सालमा सरकारी मुद्दा सम्बन्धी ऐन जारी भई २०१८ साल वैशाख देखि लागू भयो । यस ऐनले पहिलो पटक सरकारी वकीलको परिभाषा गर्दै सरकार वादी हुने मुद्दामा कार्यपालिका तर्फका अधिकारीबाट प्रारम्भिक तहकिकात, जाँचबुझ र अदालतमा मुद्दा चल्दा यथोचित प्रतिनिधित्व गर्न एवं सरकार वा सरकारी काम कारबाहीमा सरकारी कर्मचारी प्रतिवादी हुने मुद्दाको प्रतिरक्षा पनि यथोचित ढंगबाट हुन आवश्यक भएको र सरकारी अधिकारीलाई कानूनी राय सल्लाह दिई मुद्दा परेमा त्यसको सुचारु रूपमा परिचालन गरी न्याय प्रशासन सुदृढ पार्नमा अधिकाधिक सहयोग गर्न सरकारी वकीलको समेत यथोचित व्यवस्था गर्न उपयुक्त देखिएको आधारमा सो ऐन निर्माण गरिएको भन्ने कुरा सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को प्रस्तावनाबाट स्पष्ट हुन्छ । सरकार वादी हुने फौजदारी मुद्दामा (सो ऐनको अनुसूची १ का मुद्दा) तहकिकात एवं अनुसन्धान गर्ने तथा अदालतमा मुद्दा दायर गर्ने कार्य प्रहरी र सरकारी वकीलबाट हुने व्यवस्था भयो । सरकार वादी हुने देवानी मुद्दाहरू दायर गर्ने काम पनि सरकारी अभिवक्ताबाटै हुने व्यवस्था सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ ले गऱ्यो । सरकार वादी हुने मुद्दामा बहस, पैरवी, प्रतिरक्षा, पुनरावेदन र निवेदन गर्ने समेतका कार्यहरू पनि सरकारी वकीलले गर्नु पर्ने कर्तव्य कानूनले सुम्पियो । यस ऐन अन्तर्गत बनेको सरकारी वकील सम्बन्धी नियमावली, २०१८ ले सरकारी वकीलहरू एटर्नी जनरलको मातहतका एवं निजको सामान्य प्रशासकीय नियन्त्रणमा रहने व्यवस्था गरी सरकारी वकीलको काम, कर्तव्य र अधिकारको विस्तृत व्यवस्था गऱ्यो । यसैगरी सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ ले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को व्यवस्थाहरूको कार्यान्वयन गर्न तहकिकात सम्बन्धी कार्यविधि, फौजदारी मुद्दाको दायरी र तत् सम्बन्धी कार्यविधि, देवानी मुद्दाको कार्यविधि लगायतका व्यवस्थाहरू गऱ्यो । २०२८ सालमा सरकारी वकील सम्बन्धी अर्को नियमावली जारी गरियो र यसले पुरानो सरकारी वकील सम्बन्धी नियामवली, २०१८ लाई खारेज गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को अनुसूची १ मा उल्लेखित फौजदारी मुद्दा, अनुसूची २ मा उल्लेखित देवानी मुद्दा र सरकारलाई सरोकार पर्ने भनी सरकारले तोकिदिएको मुद्दालाई सरकारलाई सरोकार पर्ने मुद्दा भनी परिभाषित समेत गऱ्यो । यस नियमावलीमा सरकारी वकील कार्यालयको संस्थागत स्थापना गरी सरकारी

वकीलको काम, कर्तव्य र अधिकार निर्धारण गर्नुका साथै सरकारलाई सरोकार पर्ने मुद्दाको बहस पैरवी, प्रतिरक्षा सम्बन्धमा विस्तृत व्यवस्था गरिएको थियो। नेपालको संविधान, २०१९ जारी भएपछि भाग १४ मा महान्यायाधिवक्ता (एटर्नी जनरल) को छुट्टै संवैधानिक व्यवस्था गरियो। निजको नियुक्ति, सेवाका शर्त तथा काम कर्तव्यका बारेमा समेत उक्त संविधानले व्यवस्था गरेको थियो।

नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारको सम्बन्धमा छुट्टै व्यवस्था गरियो। सरकारको हकहित एवं सरोकार पर्ने मुद्दा चल्ने नचल्ने अन्तिम निर्णय महान्यायाधिवक्ताबाट हुने संवैधानिक व्यवस्था भयो। उक्त संविधानको धारा ११० मा महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह दिनु निजको कर्तव्य हुने संवैधानिक व्यवस्था भयो। यसका साथै कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष सरकारका तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा रहने व्यवस्था समेत यो संविधानले गरेको हुँदा सरकारी मुद्दा सम्बन्धी कानूनमा संशोधन एवं नयाँ कानून निमार्ण गर्नुपर्ने भयो। महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारको सम्बन्धमा २०४७ सालको संविधान अनुरूप कानूनी व्यवस्था गर्न एवं अभियोजन सम्बन्धमा समसामयिक सुधार गर्न सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ बमोजिम २०५५ सालमा सरकारी मुद्दा सम्बन्धी नियमावली र सरकारी वकील सम्बन्धी नियमावलीहरू जारी भएका थिए।

नेपालको अन्तरिम संविधान, २०६३ जारी हुँदा यस संविधानको भाग १६ मा महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था गरियो। महान्यायाधिवक्ता प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुने र प्रधानमन्त्रीको इच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने तथा महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा सर्वोच्च अदालतको न्यायाधीश सरह हुने व्यवस्था गरिएको थियो। सो संविधानले यस अघिका संविधानले महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने, नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा प्रतिनिधित्व गर्ने, यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने जस्ता महान्यायाधिवक्तका काम, कर्तव्य र अधिकारलाई निरन्तरता दिएको थियो। उल्लेखित काम कर्तव्यका अतिरिक्त केही नयाँ जिम्मेवारी पनि यो संविधानले महान्यायाधिवक्तालाई सुम्पियो। जस अनुसार मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने र हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने अधिकार महान्यायाधिवक्तालाई दिइयो।

२०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको भाग १२ मा महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था रहेको छ। यस संविधानले गरेको व्यवस्था अनुसार महान्यायाधिवक्ताको नियुक्ति प्रधानमन्त्रीको सिफारीसमा राष्ट्रपतिबाट हुन्छ। निज प्रधानमन्त्रीको इच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने व्यवस्था छ। महान्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा सर्वोच्च अदालतको न्यायाधीश सरह हुने व्यवस्था यस संविधानमा गरिएको छ। यस संविधानले यस अघिका संविधानले व्यवस्था गरेका महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने, नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा प्रतिनिधित्व गर्ने, यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने जस्ता महान्यायाधिवक्ताका काम, कर्तव्य र अधिकारलाई निरन्तरता दिएको छ। यसैगरी मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने र हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने महान्यायाधिवक्तालाई दिइएको अधिकारलाई पनि यस संविधानले निरन्तरता दिएको छ। यस

बाहेक नेपाल सरकारको तर्फबाट दायर मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनु पर्ने नयाँ व्यवस्था समेत यस संविधानमा गरिएको छ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ लगायतका कानूनलाई प्रतिस्थापन गर्दै २०७५ भाद्र १ गते देखि लागू भएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ समेतले सरकारी वकीलको काम कर्तव्य र अधिकारका सम्बन्धमा महत्वपूर्ण परिवर्तन ल्याएका छन्। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५, सरकारी वकील सम्बन्धी नियमावली, २०७७, महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ एवं सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी तथा प्रतिरक्षा निर्देशिका, २०७९ समेतले मूल रूपमा सरकारी वकीलको काम, कर्तव्य र अधिकार निर्धारण गरेका छन्।

## २. सरकारी वकीलको परिभाषा

- सरकारी वकील भन्नाले सामान्यतया सरकारको वकील भन्ने बुझिन्छ। सरकारी वकीलले राज्यको कानून उल्लंघन गर्नेलाई कसूरदार कायम गरी सो बमोजिम सजायको मागदावी लिई अदालतमा मुद्दा दायर गर्ने एवं नेपाल सरकारलाई कानूनी सल्लाह दिने तथा अदालतमा नेपाल सरकारको प्रतिनिधित्व गर्ने गर्दछ। नेपालको संविधानमा सरकारी वकील शब्दावलीको प्रयोग भएको छ। संविधानमा महान्यायिधवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोवकएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ।

संविधानको धारा १५८ को उपधारा (७)

- सरकारी वकीलको परिभाषा मुलुकी फौजदारी कार्यविधि संहित,२०७४ ले गरेको छ। जस अनुसार "सरकारी वकील" भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता र सहायक जिल्ला न्यायाधिवक्तालाई सम्झनु पर्छ र सो शब्दले महान्यायाधिवक्ताबाट सरकारी वकीलको हैसियतमा काम गर्न तोकिएको अधिकृतलाई समेत जनाउँछ।

फौजदारी कार्यविधि संहिताको दफा २ (त)

उपर्युक्त परिभाषाले महान्यायाधिवक्ता समेतलाई सरकारी वकीलको रूपमा परिभाषित गरेको छ भने निजले तोकेको अन्य अधिकृत समेत सरकारी वकील हुन सक्ने व्यवस्था गरी सरकारी वकीलको क्षेत्र व्यापक बनाएको छ। महान्यायाधिवक्ताको पद नेपालको संविधान बमोजिमको पद र सो बाहेक सबै सरकारी सरकारी वकीलको श्रेणी र पद नेपाल निजामती सेवाको राजपत्राङ्कित तृतीय श्रेणी (सहायक न्यायाधिवक्ता वा सहायक जिल्ला न्यायाधिवक्ता) देखि राजपत्राङ्कित विशिष्ट श्रेणी (नायब महान्यायाधिवक्ता) सम्मका पद रहने व्यवस्था छ।

सरकारी वकील सम्बन्धी नियमावलीको नियम ३

उल्लिखित व्यवस्थाबाट सरकारी वकीलः

- नेपाल सरकारको कानूनी सल्लाहाकार हो।
- नेपाल सरकारको हक हित र सरोकार निहित रहेको मुद्दा चलाउने अधिकारी हो।
- सार्वजनिक सम्पत्तिको संरक्षक हो।
- न्यायको पहरेदार हो।
- पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने संस्था हो।
- अदालतको सहयोगी हो।
- कानूनको रक्षक हो।

## ३. महान्यायाधिवक्ताको संवैधानिक एवं कानूनी स्थिति

राज्यका तर्फबाट मुद्दाको प्रतिनिधित्व र प्रतिरक्षा गर्ने व्यवस्थाको सुरुवात तेह्रौ शताब्दीको मध्यतिर बेलायतमा King's Attorney को माध्यमबाट भएको पाइन्छ। पछि यो राज्यको कानूनी प्रतिनिधिको रूपमा विकसित हुनपुग्यो। प्रत्येक मुलुकमा सरकारको तर्फबाट मुद्दाको प्रतिनिधित्व गर्न महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीलको व्यवस्था गरिएको हुन्छ।

## ऐतिहासिक पृष्ठभूमि

- हाम्रो मुलुकको सन्दर्भमा महान्यायाधिवक्ताको ऐतिहासिक पृष्ठभूमिलाई हेर्ने हो भने महान्यायाधिवक्ताको संवैधानिक एवम् कानूनी हैसियत नेपाल सरकार वैधानिक कानून, २००४ बाट विधिवत रूपमा सुरु भएको पाइन्छ । उक्त कानूनमा सरकारलाई आवश्यक परेमा कानूनी विषयमा उचित सल्लाह प्रदान गर्न प्रधान कानूनी सल्लाहकार श्री ३ बाट नियुक्त गर्ने र निजले हरेक अड्डा अदालतमा गई सरकारको तर्फबाट छलफल गर्ने अधिकार रहेको उल्लेख भएको पाइन्छ । नेपाल सरकार वैधानिक कानून, २००४ को दफा १२
- नेपालको दोस्रो संवैधानिक कानूनको रूपमा रहेको नेपाल अन्तरिम शासन विधान, २००७ ले भने महान्यायाधिवक्ताको संवैधानिक व्यवस्था गरेको थिएन । २००८ सालमा नेपाल सरकारले आफ्नो कार्यकारिणी अधिकार प्रयोग गरी कार्यकारिणी आदेशबाट महान्यायाधिवक्ताको नियुक्ति गरेको थियो ।
- प्रधान न्यायालय ऐन, २००८ को प्रथम संशोधन (२००८/६/३१) ले महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तोकेको थियो । तर उक्त ऐन पनि २००८ साल पौष ८ गतेबाट मात्र लागू भएको थियो । उक्त ऐनले मुद्दा मामिलामा, ऐन कानून सम्बन्धी विषयमा सल्लाह मागेमा सल्लाह दिनु, मुद्दा मामिलामा अदालतमा उपस्थित भै प्रतिरक्षा गर्नु र प्रचलित कानूनले एटर्नी जनरलले गर्नुपर्ने सबै काम गर्नु भनी तोकिएको थियो । प्रधान न्यायालय ऐन, २००८ को दफा ४१ को उपदफा (७)
- तत्पश्चात् नेपालको संवैधानिक विकास क्रममा निर्मित तेस्रो संविधान, नेपाल अधिराज्यको संविधान, २०१५ मा पनि महान्यायाधिवक्ताको पदलाई संविधानमा समावेश गरिएको थिएन । त्यसैले यो पद कार्यकारिणी पदकै रूपमा रहेको थियो ।
- नेपालको चौथो संविधानको रूपमा लागू भएको नेपालको संविधान, २०१९ मा महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदका रूपमा व्यवस्था गरेको थियो । सो संविधानले महान्यायाधिवक्ताको काम संवैधानिक एवम् कानूनी विषयमा राय सल्लाह दिनु र सरकार वादी मुद्दाको प्रतिरक्षा गर्नु भनी तोकेको थियो । नेपालको संविधान, २०१९ को धारा ७९
- नेपालको संवैधानिक इतिहासमा पाँचौ संविधानको रूपमा रहेको नेपाल अधिराज्यको संविधान, २०४७ मा महान्यायाधिवक्ताको नियुक्ति र निजको काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरिएको थियो । यो संविधानले पहिलो पटक महान्यायाधिवक्तालाई सरकारका तर्फबाट कुनै अदालत वा न्यायीक अधिकारीका समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्न पाउने अधिकारको व्यवस्था गऱ्यो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०९ र ११०
- नेपालको अन्तरिम संविधान, २०६३ ले कानूनी राज्यको अवधारणालाई मूर्त रूप प्रदान गर्न न्याय प्रशासनको एक महत्वपूर्ण निकायको रूपमा संविधानको भाग १६ मा महान्यायाधिवक्तालाई संवैधानिक पदको रूपमा विगतको भन्दा पनि थप जिम्मेवारीका साथ व्यवस्था गरेको थियो । वर्तमान नेपालको संविधानको भाग १२ मा समेत ती जिम्मेवारीलाई निरन्तरता दिइएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, फौजदारी कसूरको अनुसन्धान नियमावली, २०७५ र सरकारी वकील सम्बन्धी नियमावली, २०७७, एवं सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी तथा प्रतिरक्षा निर्देशिका, २०७९ समेतले महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीललाई थप काम, कर्तव्य र अधिकार सुम्पेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३४ देखि १३७ सम्म संविधानको धारा १५७ देखि १५९ सम्म

नागरिकहरूको हक, अधिकार र स्वतन्त्रता गैरकानूनी ढङ्गबाट अपहरण नहोस्, अपराधीहरू माथि कानून बमोजिम अदालती कारबाही चलाई शान्ति र न्याय व्यवस्था कायम राख्न सकियोस्, सरकारी निकायबाट गरिने काम कारबाहीमा द्विविधा उत्पन्न भएमा स्वतन्त्र रूपले कानूनी राय परामर्श प्राप्त हुन सकोस् भन्ने उद्देश्यले वर्तमान संविधानमा महान्यायाधिवक्ताको पदलाई संवैधानिक पदको रूपमा स्थापना गरिएको छ । महान्यायाधिवक्ताले राज्यका तीन प्रमुख अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासँग निकट सम्पर्कमा रहेर आफ्नो कार्यसम्पादन गरी आएको छ । संघीय कार्यपालिका, संघीय व्यवस्थापिका, संवैधानिक अंगहरू तथा सरकारी निकायको कानूनी सल्लाहकारको समेत भूमिका निर्वाह गरिरहेको महान्यायाधिवक्ताको कार्य संवैधानिक तथा कानूनी दृष्टिले महत्वपूर्ण छ । समाजको शान्ति सुव्यवस्थामा खलल पार्ने आपराधिक गतिविधि नियन्त्रण गरी त्यस्ता गतिविधिमा संलग्न व्यक्ति उपर

कानून बमोजिम न्यायिक कारबाही चलाउने, कानूनी राय उपलब्ध गराई सरकार र सरकारी निकायको कार्य सम्पादनमा सहयोग पुऱ्याउने, नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने, कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने र हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने एवं नेपाल सरकारको तर्फबाट दायर मुद्दा फिर्ता लिँदा राय दिने कार्य समेत संविधानले तोकेको सन्दर्भमा कानूनको शासनलाई साकार पार्न महान्यायाधिवक्तालाई संविधान र प्रचलित कानूनद्वारा महत्वपूर्ण जिम्मेवारी दिइएको छ ।

**महान्यायाधिवक्ताको नियुक्ति:**

- महान्यायाधिवक्ताको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने संवैधानिक व्यवस्था रहेको छ । महान्यायाधिवक्ताको पदमा नियुक्ति हुन सर्वोच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेको व्यक्ति हुनु पर्दछ। महान्यायाधिवक्ताको पदावधि निश्चित गरिएको छैन । संविधानले निजको पदावधि प्रधानमन्त्रीको इच्छानुसारको अवधिसम्म रहने व्यवस्था गरेको छ। व्यवहारमा महान्यायाधिवक्ता प्रधानमन्त्रीको सिफारिसमा नियुक्त हुने भएबाट प्रधानमन्त्री आफ्नो पदमा बहाल रहेसम्म महान्यायाधिवक्ता पनि बहाल रहने र निजले राजिनामा दिएमा वा पदमुक्त भएमा महान्यायाधिवक्ताले पनि आफ्नो पदबाट राजिनामा गरी नयाँ नियुक्त हुने प्रधानमन्त्रीलाई आफूले विश्वास गरेको व्यक्तिलाई सरकारका प्रमुख कानूनी सल्लाहकारको रूपमा रहेको महान्यायाधिवक्ता पदमा नियुक्तिका लागि बाटो खोलिदिने प्रचलन रहेको पाइन्छ ।

संविधानको धारा १५७

**व्यावसायिक स्वतन्त्रता:**

- महान्यायाधिवक्तालाई नेपालको प्रचलित संविधान र कानूनले थुप्रै जिम्मेवारी सुम्पिएको छ । महान्यायाधिवक्ताको व्यावसायिक स्वतन्त्रता र कार्यगत उन्मुक्ति कति हुने भन्ने विषयमा उठेको विवादमा सर्वोच्च अदालतबाट स्पष्ट दिशानिर्देश गरेको छ। संविधानले सरकार वादी मुद्दामा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्बन्धमा महान्यायाधिवक्ता वा सरकारी वकीलले आफूलाई संविधान एवम् कानूनले प्रदान गरेका अधिकारको प्रयोग गरी गरेको निर्णयहरू उपर अन्य कुनै संवैधानिक निकायले त्यसको जाँच पडताल र निर्णय गर्न नमिल्ने भनी स्पष्ट दिशानिर्देश गरेको छ । उक्त मुद्दामा नेपाल सरकारको कानूनी सल्लाहकार र सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता पुगेको व्यक्ति महान्यायाधिवक्ताको पदमा नियुक्ति हुने एवं कानूनको ज्ञाताको रूपमा संविधानले स्वीकार गरेको छ । महान्यायाधिवक्तालाई नेपाल सरकारकाबाट सोधनी भएमा कानूनी राय सल्लाह दिने अधिकार, संसदमा उपस्थित हुने अधिकार, अभियोजन वा प्रतिरक्षाको अधिकार लगायत संविधान र कानून बमोजिम प्राप्त अधिकार प्रयोग गर्दा एउटा व्यावसायिक व्यक्ति वा निकायले प्राप्त गर्ने अधिकार, सुविधा वा उन्मुक्ति सबै प्राप्त हुन्छ । महान्यायाधिवक्ताले आफ्नो विवेक प्रयोग गरी गरेका त्यस्ता कार्य उपर कुनै निकायबाट प्रश्न उठाउने अधिकार नहुने, त्यस सम्बन्धमा निजलाई व्यावसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ भनी उक्त मुद्दामा व्याख्या गरी महान्यायाधिवक्ताको Professional independency र Functional immunity का सम्बन्धमा स्पष्ट व्याख्या भएको छ ।

बद्रिबहादुर कार्की वि. अदुअआ., नेकाप २०५८, नि.नं. ७००१,

- त्यस्तै अर्को एक मुद्दामा जिल्ला सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित संवैधानिक अधिकार प्रयोग गरी गरेको निर्णय उपर महान्यायाधिवक्ता सरह संरक्षण एवम् कार्यगत स्वतन्त्रता प्राप्त हुने । संविधान अन्तर्गत महान्यायाधिवक्ता लगायतका सरकारी वकीलले आफ्नो अधिकार क्षेत्रभित्र रही सम्पादन गरेको अभियोजन, प्रतिरक्षा तथा कानूनी परामर्श सम्बन्धी कुनै निर्णय वा कारबाही कानूनी वा गैर कानूनी, सही वा गलत भएको भनी निवेदन हेरे सरह वा पुनरावलोकन गरे सरह गरी जाँच्न मिल्दैन । यसो गर्ने हो भने नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११०(२) र (५) अन्तर्गत महान्यायाधिवक्ता र सरकारी वकीलहरूलाई प्राप्त अधिकार क्षेत्रको मर्यादा नरहने र अतिक्रमण हुन गई संविधान प्रदत्त कार्यगत स्वतन्त्रता

मधुसुदन भट्टराई वि. नरेन्द्र बहादुर चन्द्र समेत नेकाप २०५९

प्राप्त व्यक्ति वा निकायको हैसियतमा प्राप्त हुने व्यावसायिक उन्मुक्ति, अधिकार र सुविधा शुन्यमा परिणत हुने भनी सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति कति हुने भन्ने बारेमा उब्जेको अन्यौलता समाप्त गर्ने प्रयास भएको थियो। नि.नं ७०८२

- उल्लिखित मुद्दाहरूमा महान्यायाधिवक्ताले गरेका त्यस्ता कार्य उपर कुनै निकायबाट प्रश्न उठाउन अधिकार नहुने त्यसमा निजलाई व्यावसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ भनी व्याख्या गरिएको भएपनि पछिल्लो समयमा सर्वोच्च अदालतबाट महान्यायाधिवक्ताले गरेको मुद्दा चलाउने नचलाउने निर्णयमा संविधानको धारा १०७ अनुसार न्यायिक पुनरावलोकन हुने सिद्धान्त कायम भएको छ। ने.का.प. २०७५ निनं. १०११४

- सुन्तली धामीको मुद्दामा महान्यायाधिवक्ताले गरेको निर्णय सरकारी निकायको लागि मात्र अन्तिम हुन सक्दछ। नेपालको अन्तरिम संविधानको धारा १३५ ले महान्याधिवक्तालाई अधिकार, दिएको भएता पनि धारा १३५ ले धारा १०७ को यस अदालतको असाधारण अधिकारलाई सीमित गर्न वा कटौती गर्न वा नियन्त्रण गर्न सक्दैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) ले यस अदालतलाई यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विषय समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपर्युक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ भन्ने संवैधानिक प्रावधान रहेको देखिन्छ। उल्लिखित संवैधानिक व्यवस्था अन्तर्गत पूर्ण न्यायको निमित्त यस अदालतले कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयलाई Judicial Review गर्न सक्ने। अन्तिम अवस्थासम्म सरकारबाटै पीडितको तर्फबाट मुद्दामा प्रतिरक्षा लगायतको काम गरिन्छ। पीडितको हैसियत गवाहमा सीमित हुन्छ। हाम्रो प्रणालीमा पीडितले आफै मुद्दा चलाउन सक्तैन। पीडित राज्यबाट व्यवस्थित अपराध अनुसन्धान प्रहरी र सरकारी वकीलमा भर पर्नुपर्ने हुन्छ। पीडितले आफू पीडित भएको व्यहोराको आफूमा भएको प्रमाण सहित प्रहरीमा उजूर गर्दा प्रहरी र सरकारी वकीलले मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडित न्याय पाउने मौलिक हकबाट वञ्चित हुन पुग्ने। धारा ३२ को हक नागरिकलाई प्राप्त भएपछि संविधानले नै यस अदालतको धारा १०७(२) को यस अदालतको न्यायिक पुनरावलोकन गर्न पाउने अधिकारलाई Exclude वा Limit गर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्था, मान्य सिद्धान्तअनुसार Political Question समावेश भएको विषय वा विधायिकाको आन्तरिक कार्य व्यवस्थापनको विषय र यस अदालतबाट धारा १०७(३) अन्तर्गत अन्तिम भएका विषयहरूमा Writ against judiciary हुन नसक्ने मान्य सिद्धान्तको अवस्थामा वाहेक अन्य अवस्था र विषयमा मान्य सिद्धान्तमा रहेर कार्यपालिकातर्फका प्रत्येक अधिकारीले गरेको निर्णयको न्यायिक पुनरावलोकन गर्न सक्ने सिद्धान्त प्रतिपादन भएको छ। सुन्तली धामी विरुद्ध जि.प्र.का अछाम समेत नेकाप २०६८ नि नं ८५४१,

## ४. महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

नेपालको संविधान, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली २०७५, तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ एवं अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

- महान्यायाधिवक्ता सरकारको मुख्य कानूनी सल्लाहकार भएको हुँदा संविधानमा व्यवस्था भए बमोजिम संवैधानिक एवम् कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने, संविधानको धारा १५८
- नेपाल सरकारको हक, हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने,
- संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने,

- पदीय कर्तव्य पालना गर्दा महान्यायाधिवक्तालाई नेपालको जुनसुकै अदालत, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुने,
- मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने,
- हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,
- नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिने सन्दर्भमा आफ्नो राय दिने,
- संघीय संसद, वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्ने,
- संविधान र अन्य कानून बमोजिम आफूले सम्पादन गरेको काम जस्तैः वर्षभरिमा संवैधानिक तथा कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, सरकार वादी भई चलेका मुद्दा सम्बन्धी विवरण, नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरेको विवरण, नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण सहितको प्रतिवेदन प्रत्येक वर्ष राष्ट्रपति समक्ष पेश गर्ने,

संविधानको धारा १५९

- नेपाल सरकार वादी हुने फौजदारी मुद्दासँग सम्बन्धित कसूरको गम्भीरताका आधारमा आफू मातहतका कर्मचारी बाहेकका अन्य व्यक्ति समेत संलग्न रहेको अनुसन्धान टोली गठन गर्न आवश्यक भएको भनी परामर्श माग भएमा विशेषज्ञ समेत रहेको अनुसन्धान टोली गठन गर्न प्रहरी महानिरीक्षक वा सम्बन्धित अधिकारीलाई परामर्श दिने,

फौजदारी कार्यविधि संहिताको दफा १२(२)

- नेपाल सरकारबाट दायर हुने कुनै फौजदारी मुद्दामा भई रहेको अनुसन्धानका बारेमा महान्यायाधिवक्ताले आवश्यक जानकारी लिन सक्ने,
- उपदफा (१) बमोजिम जानकारी लिँदा नेपाल सरकार वादी हुने कुनै कसूरको अनुसन्धान प्रक्रिया अपर्याप्त भएको वा त्यस्तो कसूरमा कुनै खास उपाय, तरिका वा विधि अपनाउनु पर्नेमा त्यस्तो उपाय, तरिका वा विधि नअपनाइएको वा थप अनुसन्धान गर्नु पर्ने भन्ने लागेमा महान्यायाधिवक्ताले अनुसन्धान सम्बन्धमा अनुसन्धान अधिकारी वा निजको विभागीय प्रमुखलाई जुनसुकै समयमा निर्देशन दिन सक्ने।

फौजदारी कार्यविधि संहिताको दफा २७

- अदालतमा एकपटक दायर भैसकेको मुद्दामा थप प्रमाण पेला परी पहिले लिएको मागदावी संशोधन गर्न आवश्यक देखिएमा अभियोगपत्र संशोधन गर्न सम्बन्धित सरकारी वकीललाई स्वीकृति दिने,

फौजदारी कार्यविधि संहिताको दफा ३६

- नेपाल सरकारको हक, हित सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको अधिकारीको तर्फबाट अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भई बहस पैरवी गर्ने,
- सर्वोच्च अदालतमा संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा उपस्थित भई बहस पैरवी गर्ने,
- अदालतबाट भएका आदेश वा फैसलाहरूको कार्यान्वयनका लागि सम्बन्धित संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयलाई लेखी पठाउने,
- प्रचलित कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा सोको आधार र कारण खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा सुधार गर्न र एकरूपता कायम त्यस्ता निकाय, मन्त्रालय, सचिवालय, विभाग वा कार्यालय बीच आवश्यक समन्वय गर्ने,

सरकारी वकील सम्बन्धी नियमावली को नियम ११ को उपनियम (१)

- कारागार तथा हिरासतमा रहेका कैदी तथा थुनुवाको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- मुख्य न्यायाधिवक्ताको काम कारबाहीको सम्बन्धमा एकरूपता र प्रभावकारिताका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने,
- संविधान तथा संङ्घीय कानूनको कार्यान्वयनका सम्बन्धमा मुख्य न्यायाधिवक्तालाई आवश्यक निर्देशन दिने,
- प्रदेश सरकारको व्यवस्थापनमा रहेका हिरासत, सुधारगृह वा थुनुवा कक्षमा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए वा नभएको सम्बन्धमा मुख्य न्यायाधिवक्ताबाट अनुगमन गराउने,
- सर्वोच्च अदालतमा विचाराधीन रहेको कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा महान्यायाधिवक्ताले वा विभागीय प्रमुखले थप सरकारी वकीललाई खटाउन सक्ने, — ऐजन नियम ११ को उपनियम (२)
- सरकारी कार्यालय वा कानून बमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने महान्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरूद्ध उजुर गर्न कानूनले तोकेको अधिकारीले उजुरी नगरेमा वा त्यस्तो उजुरी गर्न कुनै अधिकारी नतोकिएकोमा महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकीलले त्यस्तो निर्णय वा काम कारबाही विरूद्ध कानून बमोजिम सम्बन्धित निकायमा उजुर गर्न वा गर्न लगाउन वा आवश्यक सुझाव वा निर्देशन दिनसक्ने, — ऐजन उपनियम (३)

**अन्य काम, कर्तव्य र अधिकार:**

नेपालको संविधान, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले निर्धारण गरेको महान्यायाधिवक्ताको काम, कर्तव्य तथा अधिकारका अतिरिक्त महान्यायाधिवक्ताले अन्य विभिन्न ऐन कानूनद्वारा व्यवस्था भए अनुसारको विभिन्न भूमिका निर्वाह गर्ने तथा पदीय जिम्मेवारीहरू पूरा गर्ने कार्य गर्दछन्। ती जिम्मेवारीहरू निम्न छन्

- **संसदमा उपस्थित भई राय व्यक्त गर्ने:** प्रतिनिधि सभा नियमावली, २०७५ तथा राष्ट्रिय सभा नियमावली, २०७५ मा व्यवस्था भए बमोजिम सभामुख / अध्यक्षले कुनै कानूनी प्रश्नको सम्बन्धमा महान्यायाधिवक्ताको राय लिन आवश्यक ठानेमा महान्यायाधिवक्तालाई सदनमा उपस्थित भई राय व्यक्त गर्न अनुमति दिने र महान्यायाधिवक्ताबाट व्यक्त राय माथि संसदमा छलफल नहुने व्यवस्था समेत रहेको, — प्रतिनिधि सभा नियमावलीको नियम २३५, राष्ट्रिय सभा नियमावलीको नियम २१७
- **न्याय सेवा आयोगको सदस्य:** न्याय सेवाका राजपत्राङ्कित पदमा नियुक्ति, सरुवा बढुवा (नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा र राजपत्र अनङ्कितबाट राजपत्राङ्कित पदमा बढुवा गर्दा बाहेक) वा विभागीय सजाय गर्दा नेपाल सरकारले न्याय सेवा आयोगको सिफारिस अनुसार गर्नुपर्ने व्यवस्था भए बमोजिम प्रधानन्यायाधीशको अध्यक्षतामा महान्यायाधिवक्ता समेत सदस्य रहने गरी न्याय सेवा आयोगको गठन हुने हुँदा उक्त आयोगको सदस्य भै काम गर्ने, — नेपालको संविधानको धारा १५४
- **नेपाल कानून व्यवसायी परिषद्को अध्यक्ष:** नेपाल राज्यका कानून व्यवसायीहरूको हकहितको संरक्षण गरी समाजप्रति बढी जिम्मेवारीपूर्ण सेवा सञ्चालन गर्न गठित कानून व्यवसायी परिषद्को अध्यक्ष भै काम गर्ने, — नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० को दफा ४
- **नोटरी पब्लिक परिषद्को अध्यक्ष:** नोटरी पब्लिक सम्बन्धी ऐनले महान्यायाधिवक्ताको अध्यक्षतामा नेपाल नोटरी पब्लिक परिषद् गठनको व्यवस्था गरेको हुँदा सो नोटरी पब्लिक परिषद्को अध्यक्ष भै काम गर्ने, — नोटरी पब्लिक परिषद ऐन, २०६३ को दफा ५
- **केन्द्रीय कानूनी सहायता समितिको सदस्य:** नेपालको संविधानको धारा २० को उपधारा (१०) ले असमर्थ पक्षलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सेवा पाउने हकको व्यवस्था गरेको छ। यस सन्दर्भमा कानूनी सहायता सम्बन्धी ऐन, २०५४ निर्माण भई लागू गरिएको छ। उक्त ऐनले कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको अध्यक्षतामा पाँच सदस्यीय केन्द्रीय कानूनी सहायता समिति गठन गर्ने — कानूनी सहायता सम्बन्धी ऐन, २०५४, को दफा ६

प्रावधान गर्दै महान्यायाधिवक्ता पदेन सदस्य रहने व्यवस्था गरेको पाइन्छ । यस प्रकार असमर्थ पक्षको तर्फबाट कानूनी सहायता सम्बन्धी व्यवस्था गर्ने कार्यमा महान्यायाधिवक्ताको समेत महत्वपूर्ण भूमिका रहने,

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८, दफा ३९

- **प्रोवेशन तथा प्यारोल बोर्डको अध्यक्ष**: कैद सजाय पाएका कसूरदारको सामाजिक पुनःस्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग पुऱ्याउन महान्यायाधिवक्ताको अध्यक्षतामा प्रोवेशन तथा प्यारोल बोर्ड रहने व्यवस्था बमोजिम प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति निर्माण गरी नेपाल सरकारलाई सिफारिस गर्ने, कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड, पालना गर्नुपर्ने शर्त निर्धारणका साथै प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको सुपरिवेक्षण तथा निर्देशन दिने समेतका कार्य सम्पादन गर्ने,

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४६, दफा ४७

- **सजाय सुझाव समितिको अध्यक्ष**: सजाय निर्धारण सम्बन्धी नीति निर्माण कार्य समेतका लागि महान्यायाधिवक्ताको अध्यक्षतामा सजाय सुझाव समिति रहने व्यवस्था भएकाले प्रचलित दण्ड नीतिका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सुधार गर्नुपर्ने विषय, खास प्रकृतिका कसूरमा गर्नुपर्ने सजाय, दण्ड सजायका सम्बन्धमा कानूनी र नीतिगत सुधार गर्नुपर्ने विषयका आदि सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव, परामर्श दिने कार्य गर्ने,

फौजदारी कार्यविधि संहिताको दफा १९४

- **समन्वय समितिको अध्यक्ष**: नेपाल सरकार वादी हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायहरूको बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन गठित समन्वय समितिको अध्यक्ष भई काम गर्ने,

हवाई सुरक्षण (व्यवस्था) नियमावली, २०४६ को नियम २.१.१.२

- **राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको पदेन सदस्य**: नेपाल सरकारले नागरिक उड्डयनलाई पूर्ण सुरक्षित गराउने प्रयोजनको निम्ति पर्यटन मन्त्रीको अध्यक्षतामा गठन गरेको राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिको पदेन सदस्य भई काम गर्ने,

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४४, दफा ४५

- **पीडित संरक्षण सुझाव समितिको संयोजक**: कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनको लागि महान्यायाधिवक्ताको संयोजकत्वमा पीडित संरक्षण सुझाव समिति रहने व्यवस्था भए बमोजिम पीडितको हक हितको संरक्षणका लागि कानूनी सुधार, पीडितको सुरक्षा व्यवस्था, क्षति न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने नीतिगत उपाय, पीडितलाई सेवा सुविधा दिने लगायतका विषयमा नेपाल सरकार समक्ष सिफारिस एवं सुझाव दिने कार्य गर्ने,

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४३

- **व्यवस्थापन समितिको अध्यक्ष:** सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण गर्न तथा नीतिगत विषयमा निर्णय लिने,

## ५. नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

नायब महान्यायाधिवक्ताको पद नेपाल निजामती सेवा अन्तर्गत राजपत्राङ्कित विशिष्ट श्रेणीको पद हो । यो विभागीय प्रमुखको पद पनि हो । त्यसैले अन्य सरकारी वकील भन्दा नायब महान्यायाधिवक्ताको जिम्मेवारी गहन र महत्वपूर्ण छ । नायब महान्यायाधिवक्ताको प्रमुख कार्य महान्यायाधिवक्ताको कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हो । सरकारी वकील सम्बन्धी नियमावली, २०७७ तथा समय समयमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार निम्न रहेका छन्:

सरकारी वकील सम्बन्धी नियमावलीको नियम १२ (ख)

- कुनै संवैधानिक वा कानूनी विषयमा नेपाल सरकारको कुनै मन्त्रालय, सचिवालय वा संवैधानिक निकायलाई राय सल्लाह दिने,

ऐजन खण्ड (ग)

- नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको अधिकारी वा कर्मचारीको तर्फबाट अड्डा अदालतमा उपस्थित भै बहस पैरवी गर्ने,

ऐजन खण्ड (घ)

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोऱ्याउनका लागि नेपाल सरकार वा नेपाल सरकारको अधिकारी वा कर्मचारीको तर्फबाट निवेदन दिने सम्बन्धी कारबाही गर्ने वा गराउने,

ऐजन खण्ड (ङ)

- अदालतमा विचाराधीन रहेको कुनै गम्भीर वा सार्वजनिक महत्वको वा नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको कुनै मुद्दामा अभियोजन वा बहस पैरवी गर्न तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्न आवश्यक छ भन्ने लागेमा थप सरकारी वकील खटाउने,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्रको आदेशका लागि प्राप्त मिसिल कागजात अध्ययन गरी मिलापत्रका लागि आदेश दिने वा नदिने सम्बन्धी कारबाही गर्ने,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (८) बमोजिम प्राप्त आंशिक निर्णय जाँची आवश्यक निर्देशन दिने,
- मातहत कार्यालयबाट प्राप्त मुद्दा दोहोऱ्याउन निवेदन गर्ने मस्यौदा प्रस्ताव जाँची मुद्दा दोहोऱ्याउने वा नदोहोऱ्याउने सम्बन्धमा अन्तिम निकाशा दिने,
- मातहत कार्यालयबाट प्राप्त पुनरावेदन गर्ने वा नगर्ने गरी प्राप्त मिशिल अध्ययन गरी महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिमको कैद वा जरिवानाको हदसम्मको मुद्दामा अन्तिम निकाशा दिने,
- महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा पुनरावेदन, अन्तरकालिन आदेश उपरको निवेदन, मुद्दा दोहोऱ्याउने निवेदन वा पुनरावलोकन गर्ने गरी निर्णय भएकोमा त्यस्ता निवेदन दर्ता गर्ने,
- महान्यायाधिवक्ताबाट तोकिए बमोजिम केन्द्रीय प्रहरी विशेष अदालत, सशस्त्र प्रहरी विशेष अदालतको अध्यक्षको रूपमा कार्य सम्पादन गर्ने,
- कानून बमोजिम गठित विभिन्न समिति (नेपाल कानून आयोग, विधेयक समिति, राष्ट्रिय न्यायिक प्रतिष्ठानको कार्यकारी समिति, नेपाल कानून पत्रिका सम्पादन समिति, न्याय सेवा तालिम केन्द्र सञ्चालक समिति, केन्द्रिय पुस्तकालय सञ्चालक समिति आदि) मा सदस्यको रूपमा कार्य गर्ने,
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ बमोजिम आफूलाई तोकिएको विभागको प्रमुख र विषयगत मुद्दा महाशाखा प्रमुखको कार्य सम्पादन गर्ने,

महान्यायाधिवक्ताबाट भएको अधिकार प्रत्यायोजन नेपाल राजपत्र, भाग ४ मिति २०७८।१।१३ मा प्रकाशित छ।

कार्यविधिको परिच्छेद – तीनमा विस्तृत कार्य विवरण उल्लेख छ।

## ६. महान्यायाधिवक्ताको कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार

महान्यायाधिवक्ताको कार्यालयमा नायब महान्यायाधिवक्ताका अतिरिक्त नेपाल निजामती सेवा, न्याय सेवा अन्तरगत सरकारी वकील समूहका राजपत्रंकित प्रथम श्रेणीका सहन्यायाधिवक्ता, राजपत्रांकित द्वितीय श्रेणीका उपन्यायाधिवक्ता र राजपत्रंकित तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता समेत सरकारी वकीलको रूपमा कार्यरत रहेका छन्। महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलको मुख्य कर्तव्य महान्यायाधिवक्ता र नायब महान्यायाधिवक्ताको कार्यसम्पादनमा सहायता पुऱ्याउनु नै हो। प्रचलित कानून बमोजिम महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:

- सर्वोच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट बहस पैरवी गर्ने,
- विभागीय प्रमुखले तोके बमोजिम मुद्दा मामिला सम्बन्धी र अन्य काम कारबाही गर्ने,
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ बमोजिम तोकिएको महाशाखा, शाखाको कार्यसम्पादन गर्ने,
- आफूलाई तोकिएको विषयगत मुद्दा महाशाखा अन्तर्गत तोकिएका मातहत कार्यालयबाट प्राप्त मुद्दा चल्ने/नचल्ने, अन्तरकालिन आदेश उपर निवेदन गर्ने/नगर्ने, आंशिक निर्णय सदर गर्ने/नगर्ने, मुद्दामा मिलापत्र गर्न आदेश दिने/नदिने, पुनरावेदन गर्ने/नगर्ने, मुद्दा दोहोऱ्याउन निवेदन गर्ने मिसिलमा आधार र कारण खुलाई निर्णयार्थ टिप्पणी पेश गर्ने,

सरकारी वकील सम्बन्धी नियमावलीको नियम १३ (ख)

ऐजन खण्ड (ग)

कार्यविधिको परिच्छेद – तीनमा विस्तृत कार्य विवरण उल्लेख छ।

## ७. व्यवस्थापन समितिः

सरकारी वकील सम्बन्धी नियमावली को नियम ४३

- सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण गर्न तथा सरकारी वकील कार्यालयले सम्पादन गर्ने कार्यको नीतिगत विषयमा निर्णय लिनका लागि महान्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको अध्यक्षतामा सबै विभागीय प्रमुख सदस्य र प्रशासन हेर्ने सहन्यायाधिवक्ता सदस्य सचिव रहने गरी एक व्यवस्थापन समिति रहने व्यवस्था छ।
- व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्ने र महान्यायाधिवक्ताको पद रिक्त भएको वा कुनै कारणले लामो समयसम्म महान्यायाधिवक्ता अनुपस्थित रहेकोमा व्यवस्थापन समितिका अन्य सदस्य मात्र उपस्थित भई बैठक वसी निर्णय गर्न सकिन्छ।
- व्यवस्थापन समितिले समितिको बैटक सम्बन्धी कार्यविधि आफैले निर्धारण गर्न सक्ने र विषयवस्तुको गाम्भीर्यताका आधारमा व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार कुनै सरकारी वकील, विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिने व्यवस्था समेत छ।

## ८. समन्वय समितिः

फौजदारी कार्यविधि संहिता को दफा १९४

नेपालको संविधानले महान्यायाधिवक्तालाई प्रमुख अभियोजनकर्ताको जिम्मेवारी प्रदान गरेको छ । प्रमुख अभियोजनकर्ता र राज्यको प्रमुख कानूनी सल्लाहकार समेतको हैसियतबाट महान्यायाधिवक्तालाई फौजदारी न्याय प्रशासनमा गहन दायित्व सुम्पेको छ। यो दायित्व निज एक्लैबाट मात्र पूरा हुन सम्भव छैन किनकी फौजदारी न्याय प्रशासनको क्षेत्रमा विभिन्न अपराधहरूको अनुसन्धान तहकिकात गर्ने विभिन्न अधिकारीहरू प्रचलित कानूनले तोकिदिएका छन्। अभियोजनकर्ताको अभियोजन सम्बन्धी संवैधानिक दायित्व तब मात्र पूरा हुन्छ जब अनुसन्धान कार्य प्रभावकारी हुन्छ। यसका साथै प्रचलित कानूनहरूलाई समय सापेक्ष संशोधन गर्दै लानु पर्ने हुन्छ। यसका लागि अपराध अनुसन्धानमा संलग्न निकायहरू बीच समन्वय र समझदारीको महत्वपूर्ण भूमिका रहन्छ। अभियोजन र अनुसन्धान प्रक्रियामा के कस्ता कमी कमजोरीहरू छन्, तिनीहरूलाई कसरी सुधार गर्न सकिन्छ र अनुसन्धानमा संलग्न निकाय बीच पदीय दायित्वलाई अझ कसरी प्रभावकारी रूपमा निर्वाह गर्नु उचित हुन्छ भन्ने विषयहरूमा आवश्यक परामर्श छलफल र सुझावहरू लिई नेपाल सरकार वादी हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनसँग संलग्न निकाय बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउन समन्वय समिति रहने र समन्वय समितिको कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुने समेत व्यवस्था छ।

### समन्वय समितिको गठनः

सरकारी वकील सम्बन्धी नियमावली को नियम ४४

| | |
|---|---|
| महान्यायाधिवक्ता, | अध्यक्ष |
| कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, | सदस्य |
| गृह मन्त्रालयका सचिव, | सदस्य |
| नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, | सदस्य |
| महान्यायाधिवक्ताको कार्यालयका महान्यायाधिवक्ताले तोकेको - राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो दर्जाको सरकारी वकील, | सदस्य सचिव |

समन्वय समितिले गर्ने काम कारबाहीमा सहयोग गर्ने, समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने, अनुगमन गर्ने, समितिका निर्णय अभिलेखिकरण गर्ने तथा समन्वय समितिले तोकेको अन्य कार्य गर्ने गरी महान्यायाधिवक्ताको कार्यालयमा आवश्यक संख्यामा सरकारी वकील रहेको समन्वय समितिको सचिवालय रहने व्यवस्था छ।

**समन्वय समितिको काम कर्तव्य र अधिकार:**

समन्वय समितिको काम कर्तव्य र अधिकारका बारेमा मुलुकी फौजदारी कार्यविधि संहितामा कुनै उल्लेख नभएता पनि गठनको व्यवस्था हेर्दा समितिको काम, कर्तव्य अधिकार विस्तृत रहेको पाइन्छ। समन्वय समितिको कार्य निम्न बमोजिम रहेको छः

- अनुसन्धान, तहकिकात र अभियोजन गर्ने निकाय बीच समन्वय कायम गर्ने,
- अपराध अनुसन्धान र अभियोजन प्रक्रियामा प्रभावकारिता ल्याउने,
- अनुसन्धान एवं अभियोजनका क्रममा देखिएका कमी कमजोरी र कठिनाइहरूको सूचनाहरू एवं जानकारी अनुसन्धान अधिकारी एवं सरकारी वकीलबाट प्राप्त गर्ने,
- अनुसन्धान एवं अभियोजनका क्रममा कानूनमा देखिएका कमी कमजोरीहरूको मूल्यांकन गर्ने,
- तत्काल कानूनमा गर्नुपर्ने सुधारका कुराहरू सम्बन्धित निकायमा पठाउने,
- अनुसन्धान प्रकृयामा विकसित नवीनतम् सिद्धान्तहरूलाई प्रयोग गर्ने गर्न लगाउने,
- अनुसन्धान एवं अभियोजनमा देखिएका समस्याहरूको विश्लेषण गर्ने,
- अनुसन्धान एवं अभियोजन प्रकृयालाई छिटोछरितो र प्रभावकारी बनाउन अन्य निर्देशनहरू जारी गर्ने,
- अदालतबाट अनुसन्धान एवं अभियोजनका सन्दर्भमा दिइएका निर्देशनहरूको पालना र कार्यान्वयन गराउने,

समन्वय समितिको गठन र यसले गर्नुपर्ने काम कारबाही हेर्दा यो समिति नीति निर्माण तहमा रहेको हुनाले अनुसन्धान एवं अभियोजन तहमा देखिएका कमी कमजोरीहरूको सूचना संकलन र त्यसको आधारमा गरिनु पर्ने सुधारका प्रक्रियाहरू अघि बढाउने मूल लक्ष्य देखिन्छ। समन्वय समितिले निम्न क्षेत्रमा देखा परेका समस्याहरूको पहिचान गरी आवश्यक सुझाव प्रदान गर्नुपर्ने हुन्छः

- अपराध, अनुसन्धानका क्रममा देखिएका समस्याहरू र निदानका उपायहरू,
- अभियोजनमा देखिएका समस्याहरू र निदानका उपायहरू,
- मुद्दा सुनुवाइका क्रममा देखिएका समस्याहरू,
- प्रचलित कानूनमा देखिएका कमी कमजोरीहरू,
- प्रचलित कानूनमा संशोधन, थपघट गर्ने विषयहरू,
- फैसला कार्यान्वयनका क्रममा देखिएका समस्या र निदानका उपायहरू,
- पुनरावेदन वा पुनरावलोकन सम्बन्धमा देखिएका समस्याहरू,
- मुद्दा अनुसन्धान र अभियोजन सम्बन्धमा सामन्जस्यता कायम गर्ने विषयहरू

**८.१ उच्च सरकारी वकील कार्यालय तहको समन्वय समिति:**

केन्द्रिय तहको समन्वय समितिको मिति २०७५।०५।०६ को बैठकले नेपाल सरकार वादी हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनसँग संलग्न निकायहरूका बीचमा आवश्यकता अनुसार समन्वय कायम गर्न उच्च सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी अनुसन्धान र अभियोजनलाई सुदृढ बनाउने प्रयोजनार्थ देहाय बमोजिम समन्वय समितिको गठन गरी कार्यादेश समेत तोक्ने निर्णय गरेको छ।

**समन्वय समितिको गठन:**

| | |
|---|---|
| उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता, | संयोजक |
| प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी, | सदस्य |
| नेपाल प्रहरी, प्रदेश प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत, | सदस्य |
| सहन्यायाधिवक्ताले तोकेको उच्च सरकारी वकील कार्यालयको अधिकृत स्तरको सरकारी वकील, | सदस्य सचिव |

**कार्यादेश:**

- अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन उच्च सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,
- फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायहरूलाई सूचना तथा जानकारी प्रवाह गर्ने,
- जिल्ला तहमा रहेको समन्वय समितिलाई मार्ग निर्देशन गर्ने,
- केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने,
- समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्ने,
- समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्ने,
- सम्बन्धित सरकारी वकील कार्यालयले वार्षिक प्रतिवेदन पठाउँदा समन्वय समितिको काम कारबाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्ने,
- अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने,
- समितिको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्ने ।

**८.२ विशेष सरकारी वकील कार्यालय तहको समन्वय समिति:** नेपाल सरकार वादी हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनसँग संलग्न निकायहरूका बीचमा आवश्यकता अनुसार समन्वय कायम गर्न विशेष सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी अनुसन्धान र अभियोजनलाई सुदृढ बनाउने प्रयोजनार्थ देहाय बमोजिम समन्वय समितिको गठन गरी कार्यादेश समेत तोक्ने व्यवस्था छ ।

**समन्वय समितिको गठन:**

| | |
|---|---|
| सहन्यायाधिवक्ता, विशेष सरकारी वकील कार्यालय, काठमाडौ, | संयोजक |
| सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको महानिर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत, | सदस्य |
| नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी एकाइको प्रमुख, | सदस्य |
| वैदेशिक रोजगार विभागको महानिर्देशक वा निजले तोकेको बरिष्ठ अधिकृत, | सदस्य |
| आन्तरिक राजस्व विभागको महानिर्देशक वा निजले तोकेको बरिष्ठ अधिकृत, | सदस्य |
| अपराध अनुसन्धान व्यूरो (CIB) का प्रमुख वा निजले तोकेको सो व्यूरोका अधिकृत, | सदस्य |
| संयोजकले तोकेको विशेष सरकारी वकील कार्यालयका अधिकृतस्तरको सरकारी वकील, | सदस्य सचिव |

**कार्यादेश:**

- अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन विशेष सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,

केन्द्रिय तहको समन्वय समितिको मिति २०७५।०५।०६ को बैठकको

निर्णय बमोजिम निर्धारण गरिएको

- फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायलाई सूचना तथा जानकारी प्रवाह गर्ने,
- केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने,
- समितिले विशेष सरकारी वकील कार्यालयको कार्यक्षेत्रमा परेका नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्नेछ।
- समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयका साथै सरोकारवाला निकायहरूमा पठाउनु पर्ने,
- विशेष सरकारी कार्यालयले वार्षिक प्रतिवेदन पठाउदा समन्वय समितिको काम कारबाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्नेछ।
- अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने,
- समितिको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्ने।

## ८.३ जिल्ला सरकारी वकील कार्यालय तहको समन्वय समिति:

नेपाल सरकार वादी हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनसँग संलग्न निकायहरूका बीचमा आवश्यकता अनुसार समन्वय कायम गर्न जिल्ला सरकारी वकील कार्यालय तहमा समेत समन्वय समितिको स्थापना गरी अनुसन्धान र अभियोजनलाई सुदृढ बनाउने प्रयोजनार्थ देहाय बमोजिम समन्वय समितिको गठन गरी कार्यादेश समेत तोक्ने व्यवस्था छ।

**समन्वय समितिको गठन:**

| | |
|---|---|
| जिल्ला सरकारी वकील कार्यालयका प्रमुख, | संयोजक |
| प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी, | सदस्य |
| जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको सो कार्यालयको अधिकृत, | सदस्य |
| जिल्लामा रहेका अपराध अनुसन्धान गर्ने निकायका प्रमुख वा निजले तोकेको अधिकृत, | सदस्य |
| संयोजकले तोकेको जिल्ला सरकारी वकील कार्यालयका अधिकृतस्तरको सरकारी वकील, | सदस्य सचिव |

**कार्यादेश:**

केन्द्रिय तहको समन्वय समितिको मिति २०७५।०५।०६ को बैठकको निर्णय बमोजिम निर्धारण गरिएको

- अपराध अनुसन्धान, अभियोजन र नेपाल सरकार वादी हुने मुद्दाको बहस पैरवी र सरकारी पक्षको प्रतिरक्षालाई प्रभावकारी बनाउन जिल्ला सरकारी वकील कार्यालय र सरोकारवाला अन्य सरकारी निकायहरूसँग समन्वय कायम गर्ने,
- फौजदारी न्याय प्रशासनसँग सम्बन्धित नयाँ कानूनी व्यवस्थाको बारेमा सरोकारवाला निकायलाई सूचना तथा जानकारी प्रवाह गर्ने,
- केन्द्रीय तहको समन्वय समितिले दिएको निर्देशन बमोजिमको कार्य गर्ने,
- समितिले नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजन तथा न्याय सम्पादनसँग सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सो बैठकमा आमन्त्रण गर्न सक्ने,
- समितिले गरेका निर्णयहरूको जानकारी महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय र सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउनु पर्ने,

- सम्बन्धित सरकारी वकील कार्यालयले वार्षिक प्रतिवेदन पठाउदा समन्वय समितिको काम कारबाही र निर्णयको बारेमा समेत उल्लेख गर्नु पर्ने,
- अन्य विषयमा समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने,
- समितिको बैठक प्रत्येक दुई महिनामा एक पटक बस्नु पर्ने।

## ९. प्रोवेशन तथा प्यारोल बोर्डः

फौजदारी कसूरमा कैद सजाय पाएका व्यक्तिलाई सजाय कार्यान्वयनको सन्दर्भमा कारागारको विकल्पको रूपमा प्रोवेशन तथा प्यारोलमा राख्ने व्यवस्था नेपालको सन्दर्भमा नवीन व्यवस्था हो। दण्डको सुधारात्मक व्यवस्था अन्तर्गत कैद सजाय पाएका कैदीलाई निश्चित सर्तको अधिनमा रही प्रोवेशन वा प्यारोल अधिकृतको निगरानीमा समाजमा जीवन यापन गर्न अनुमति दिई घटित अपराधप्रति पश्चाताप बोध गराउने र पुनः अपराध नगर्ने वातावरण निर्माण गर्न कसूरदारलाई सामाजिकीकरण गराउने भन्ने प्रोवेशन तथा प्यारोल सम्बन्धी व्यवस्थाको मुख्य उद्देश्य हो।फौजदारी कसूर (सजाय निर्धरण तथा कार्यान्वयन) ऐन, २०७४ ले प्रोवेशन तथा प्यारोल सम्बन्धी अवधारणालाई स्वीकार गरेको छ।

### प्रोवेशन तथा प्यारोल बोर्डको गठनः

कैद सजाय पाएका कसूरदारको सामाजिक पुनःस्थापना तथा एकिकरण गर्ने कार्यमा सहयोग समेत पुऱ्याउनका लागि देहाय बमोजिम एक सङ्धीय प्रोवेशन तथा प्यारोल बोर्ड रहने व्यवस्था छः

फौजदारी कसूर (सजाय निर्धरण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८(१)

| | |
|---|---|
| महान्यायाधिवक्ता | अध्यक्ष |
| कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, | सदस्य |
| गृह मन्त्रालयका सचिव, | सदस्य |
| उपलब्ध भएसम्म एक जना महिला सहित सम्बन्धित मन्त्रालयले तोकेको- | |
| दुई जना मनोचिकित्सक, | सदस्य |
| नेपाल प्रहरीका महानिरीक्षक, | सदस्य |
| सम्बन्धित मन्त्रालयले तोकेको अपराधशास्त्री वा दण्डशास्त्री | सदस्य |
| कारागार व्यवस्थापन विभागका महानिर्देशक, | सदस्य सचिव |

### काम, कर्तव्य र अधिकारः

- प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति निर्माण गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड विकसित गर्ने,
- प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्त निर्धारण गर्ने,
- प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको काम कारबाहीको सुपरिवेक्षण, नियन्त्रण गर्ने तथा आवश्यकता अनुसार निर्देशन गर्ने,
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम सजाय कार्यान्वयनमा सिफासिस तथा कसूरदारलाई पुनर्स्थापनामा सहयोग गर्न आवश्यक प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतको रूपमा नियुक्त वा तोक्न सकिने व्यक्तिहरूको सूची निर्माण गर्ने,
- प्रोवेशन तथा प्यारोल सम्बन्धी अन्य आवश्यक कुराहरू गर्ने।
- बोर्डले आफनो काम कारबाही सञ्चालनको लागि आवश्यक पर्ने कार्यविधि आफै निर्धारण गर्ने,
- बोर्डले आफनो काम कारबाहीमा सहयोग पुऱ्याउनका लागि आवश्यकता अनुसार उपसमिति गठन गरी कार्यक्षेत्रगत शर्त, कार्यविधि र अन्य आवश्यक कुराहरू तोक्न सक्ने,

फौजदारी कसूर (सजाय निर्धरण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३९

**प्रदेश प्रोवेशन तथा प्यारोल वोर्ड:**

केन्द्रिय स्तरको प्रोवेशन तथा प्यारोल बोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड रहने व्यवस्था छ। एक वर्षभन्दा बढी कैद सजाय पाई दुई तिहाई कैद अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसूरदारलाई सम्बन्धित प्रोवेशन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिनसक्ने व्यवस्था फौजदारी कसूर (सजाय निर्धरण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९मा रहेको छ।

**गठन:**

| | |
|---|---|
| मुख्य न्यायाधिवक्ता, | - अध्यक्ष |
| प्रदेश कानून मन्त्रालयका सचिव, | - सदस्य |
| प्रदेश गृह मन्त्रालयका सचिव, | - सदस्य |
| प्रदेश प्रहरीका प्रहरी प्रमुख, | - सदस्य |
| उपलब्ध भएसम्म एकजना महिला सहित प्रदेश सरकारले तोकेको दुई जना मनोचिकित्सक | - सदस्य |
| प्रदेश सरकाले तोकेको अपराधशास्त्री वा दण्डशास्त्री | - सदस्य |
| प्रदेश कारागार व्यवस्थापन सम्बन्धी निकायको प्रमुख | - सदस्य सचिव |

प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको काम कर्तव्य र अधिकार फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिम बनेको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ।

फौजदारी कसूर (सजाय निर्धरण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदपा (२)

सोही ऐनको दफा ३९ को उपदफा (५)

**१०. सजाय सुझाव समिति:**

सजाय निर्धारण सम्बन्धी नीति निर्माण कार्य समेतको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा एक सजाय सुझाव समिति रहने व्यवस्था फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेको छ।

**गठन:**

| | |
|---|---|
| महान्यायाधिवक्ता, | - अध्यक्ष |
| कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, | - सदस्य |
| नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, | - सदस्य |
| अपराध अनुसन्धानको क्षेत्रमा कम्तिमा पन्ध्र वर्षको अनुभव हासिल गरेका वा दण्डविद्हरू मध्येबाट नेपाल सरकारले तोकेको एक जना सदस्य, | - सदस्य |
| कसूरदारलाई पुनःस्थापना गर्ने काममा संलग्न व्यक्तिहरू मध्येबाट नेपाल सरकारले तोकेको कम्तिमा दश वर्षको अनुभव प्राप्त गरेको एक जना | - सदस्य |

फौजदारी कसूर (सजाय निर्धरण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४६

**काम कर्तव्य र अधिकार:**

- कसूरको गम्भीरता अनुसार कसूरदारलाई हुने सजायको उपयुक्त हद निर्धारण गर्न मापदण्ड विकसित गर्ने,
- प्रचलित दण्ड नीतिको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने तथा सुधारका लागि नेपाल सरकार समक्ष सुझाव दिने,
- कुनै खास प्रकृतिका कसूरका सम्बन्धमा गर्नुपर्ने सजायका सम्बन्धमा नेपाल सरकारलाई राय, सल्लाह र परामर्श दिने,
- कसूरदारको विवरण संकलन गर्ने र अद्याबधिक गरी राख्ने, विश्लेषण गर्ने र दण्ड सजायका सम्बन्धमा सुझाव दिने,
- दण्ड सजायका सम्बन्धमा प्रचलित कानूनमा कुनै सुधार गर्नुपर्ने देखेमा नेपाल सरकारलाई सुझाव दिने,
- समितिको काम कारबाही सञ्चालनको लागि आवश्यक पर्ने कार्यविधि निर्धारण गर्ने,

फौजदारी कसूर (सजाय निर्धरण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४७

- समितिको काम कारबाहीमा सहयोग पुऱ्याउन कार्यक्षेत्रगत शर्त, कार्यविधि र अन्य आवश्यक कुराहरू तोकी आवश्यकता अनुसार उपसमिति गठन गर्ने ।

## ११. पीडित संरक्षण सुझाव समितिः

अपराध पीडित संरक्षण ऐन, २०७५ ले कसूर पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिनका लागि महान्यायाधिवक्ताको संयोजकत्वमा स्थायी प्रकृतिको एक पीडित सुझाव समिति रहने व्यवस्था गरेको छ। नेपाल सरकारले गर्ने कसूर पीडितको सुरक्षा, हक हितको संरक्षण एवं कसूरको कारणबाट पीडितले बेहोरेको वा बेहोर्ने क्षति, प्रतिकूल प्रभाव र असर न्यून गर्नको लागि आवश्यकता अनुसार उद्धार, सामाजिक पुनःस्थापना, परामर्श, आर्थिक, भौतिक, सामाजिक, कानूनी सहायता लगायतका सेवा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक सुझाव प्राप्त गर्ने उद्देश्यले यो समितिको व्यवस्था गरिएको हो ।

### समितिको गठनः

| | |
|---|---|
| महान्यायाधिवक्ता, | - संयोजक |
| नेपाल कानून आयोगका अध्यक्ष, | - सदस्य |
| नेपाल सरकार, अर्थ मन्त्रालयका सचिव, | - सदस्य |
| नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, | - सदस्य |
| नेपाल प्रहरीका प्रहरी महानिरीक्षक, | - सदस्य |
| पीडित न्यायशास्त्र वा फौजदारी न्यायको क्षेत्रमा उल्लेखनीय योगदान गरेको व्यक्तिहरूमध्येबाट | |
| नेपाल सरकारले तोकेको एक जना विज्ञ, | - सदस्य |

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४४

नेपाल सरकारबाट तोकेका विज्ञ सदस्यलाई कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा आफ्नो पदीय दायित्व इमान्दारीपूर्वक पालना नगरेमा सफाइ पेश गर्ने अवसर दिई नेपाल सरकारले हटाएकोमा बाहेक नेपाल सरकारबाट तोकेका विज्ञ सदस्यको पदावधि पाँच वर्षको हुने व्यवस्था छ ।

### समितिको कामः

- पीडितको हक हितको संरक्षणका लागि विद्यमान कानूनमा गर्नुपर्ने सुधार तथा परिमार्जनका विषयमा नेपाल सरकारलाई सिझाव दिने,
- पीडितको सुरक्षा तथा पीडितले कसूरको कारणबाट बेहोरेको क्षति र प्रतिकूल असर न्यून गर्नको लागि नेपाल सरकारले अवलम्बन गर्नुपर्ने नीतिगत उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- पीडितको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा संझौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने,
- पीडित आवश्यकता पहिचान गरी आवश्यकता अनुसारको खास सेवा सञ्चालन गर्न नेपाल सरकारलाई सुझाव दिने,
- पीडित संरक्षण सुझाव समितिको संयोजक तथा सदस्यहरूले सो समितिको बैठकमा भाग लिए वापत नेपाल सरकाले तोके बमोजिम बैठक भत्ता समेत पाउने व्यवस्था छ ।

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४५

ऐजन ऐनको दफा ४६

## १२. अनुसन्धान समितिको व्यवस्थाः

अपराधको अनुसन्धान तथा अभियोजन गर्ने कार्य देशको शान्ति सु-व्यवस्था एवं न्याय व्यवस्थासँग गाँसिएको अत्यन्त संवेदनशिल विषय भएकाले यसमा संलग्न हुने अनुसन्धानकर्ता एवं अभियोजनकर्ता आफ्नो कार्य प्रति जिम्मेवार र जवाफदेही हुनु पर्दछ । अनुसन्धान र अभियोजनमा हुने त्रुटिपूर्ण, गलत कार्यले अपराध गर्नेले उन्मुक्ति पाउने, निरपराधी सजायको भागिदार बन्न सक्ने र अपराध पीडितले झन पीडा भोग्न पर्ने अवस्था आउने हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा ९९ ले कानून बमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी भएको अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले वदनियतपूर्वक अनुसन्धान गर्ने र अभियोग लगाउने कार्यलाई कसूर कायम गरी सजायको व्यवस्था गरेको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अपराध संहिताको दफा ९९ बमोजिमको वदनियतपूर्वक अनुसन्धान र अभियोजन गरेको कसूरको सम्बन्धमा अनुसन्धान गर्न अनुसन्धान समितिको व्यवस्था गरेको छ ।

फौजदारी कार्यविधि संहिताको दफा १८९

**गठनः**

महान्यायाधिवक्ताले तोकेको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको सहन्यायाधिवक्ता - अध्यक्ष
नेपाल सरकारले तोकेको नेपाल सरकारको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत - सदस्य
नेपाल सरकारले तोकेको नेपाल प्रहरीको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत - सदस्य

उल्लोखित अनुसन्धान समितिले आवश्यक अनुसन्धान गर्दा वदनियतपूर्बक अनुसन्धान वा अभियोजन गरेको देखिएमा त्यस सम्बन्धमा मुद्दा चलाउन सम्बन्धित सरकारी वकीलको कार्यालयमा लेखि पठाउने व्यवस्था छ ।
वदनियतपूर्बक अनुसन्धान वा अभियोजन गरेको भन्ने कसूरको अनुसन्धान र तहकिकात गर्ने तथा अभियोजन गर्ने विधि र प्रक्रियाका बारेमा सो दफामा कुनै उल्लेख नभएता पनि सरकार वादी मुद्दाका सम्बन्धमा अनुसन्धान र अभियोजन गर्ने व्यवस्था यसमा पनि लागू हुन्छ ।
बदनियतपूर्वक अनुसन्धान र अभियोजन सम्बन्धी कसूर सरकार वादी मुद्दासँग सम्बन्धित कसूर नभएकाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सो कसूरलाई सरकार वादी हुने भनी मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ वा अनुसूची २ मा समावेश गर्नुपर्ने देखिन्छ ।

## १३. अपराधशास्त्रीय अनुसन्धान केन्द्रः

नेपालको संविधानको धारा १५९ मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र संघीय कानून बमोजिम सम्पादन गरको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था छ । महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा अन्य विवरणका अलावा अपराधका प्रवृत्ति सम्बन्धी विवरण समेत उल्लेख गर्नुपर्ने हुन्छ । त्यसैले महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्यमा अपराधको प्रवृत्ति अध्ययन गर्ने कार्य समेत पर्दछ । वर्तमान संविधान लागू भएपछि तत्काल अपराधको प्रवृत्ति अध्ययन गर्ने सम्बन्धमा औपचारिक निकायको व्यवस्था गरेको थिएन । महान्यायाधिवक्ताको कार्यालयको कार्य सञ्चालन तथा कार्यविवरण निर्देशिका, २०७३ मा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गरी सो केन्द्रबाट सम्पादन गरिने कार्यका सम्बन्धमा व्यवस्था गरेको थियो, तथापि त्यसबेलासम्म अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापनाको कानूनी आधार भने देखिँदैन । सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले पहिलो पटक अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापनाको कानूनी आधार स्थापित गरेको छ ।

**अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापनाः**

अपराधको प्रवृत्ति सम्बन्धी अध्ययन विश्लेषण गर्न महान्यायाधिवक्ताको कार्यालयमा एक अपराधशास्त्रीय अनुसन्धान केन्द्र रहने र सो केन्द्रको काम कर्तव्य र अधिकार महान्यायाधिवक्ताले स्वीकृत गरेको कार्यविधिमा उल्लेख गरे बमोजिम हुने व्यवस्था छ ।

सरकारी वकील सम्बन्धी नियमावलीको नियम ६

**केन्द्रबाट सम्पादन हुने कार्यः**

महान्यायाधिवक्ताको कार्यालयको मानव अधिकार संरक्षण तथा कानूनी राय विभाग अन्तर्गत सहन्यायाधिवक्ताको नेतृत्वमा रहने अपराधशास्त्रीय अनुसन्धान केन्द्रबाट देहाय बमोजिमका कार्य सम्पादन हुने गरी निर्धारण गरिएको छः

कार्य सञ्चालन कार्यविधिको प्रकरण ७.२८

- अपराधको कारण, प्रवृत्ति, रोकथामका उपाय समेतका अपराधका आयामहरू तथा अपराध र फौजदारी न्याय प्रशासन सम्बन्धमा अध्ययन विश्लेषण गर्ने,
- अपराधको सूचना संकलन र तथ्यांक व्यवस्थापनका सम्बन्धमा अपराध अनुसन्धान तथा अभियोजन गर्ने निकायसँग समन्वय गर्ने,
- नेपाल सरकारबाट मस्यौदा भएका फौजदारी कानूनसँग सम्बन्धित विधेयकहरूमा राय प्रतिक्रिया प्रदान गर्ने,

- दण्ड नीति, यसको प्रयोग तथा परिणाम समेत अध्ययन गरी अपराध र दण्डको अनुपातका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने र सम्बद्ध निकायमा सुझाव पेश गर्ने,
- फौजदारी कानून कार्यान्वयनको प्रभावकारिताका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्ने,
- नयाँ किसिमका अपराधको पहिचान र सजाय गर्न आवश्यक पर्ने कानून निर्माणका लागि सुझाव तयार गर्ने,
- फौजदारी न्याय प्रशासनसँग सम्बन्धित प्रचलित कानून कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा कानून बनाउनु पर्ने वा भई रहेको कानून संशोधन गर्न वा बनी रहेको कानून लागू गर्नुपर्ने देखिएमा नेपाल सरकार समक्ष प्रस्तुत गर्ने सुझाव तयार गर्ने,
- महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले केन्द्रबाट सम्पादन हुने गरी निर्धारित क्रियाकलाप सम्पादन गर्नुका साथै विभागको प्रमुखबाट तोकिएका अन्य कार्य गर्ने।

## १४. अभियोजन प्रशिक्षण केन्द्रः

सरकारी वकीलको व्यावसायिक दक्षता, सीप विकास एवं क्षमता अभिवृद्धि गर्न सेवा विशिष्टीकरण, अनुसन्धानमूलक लगायत पुनर्ताजगी प्रशिक्षण प्रदान गर्ने उद्देश्यले महान्यायाधिवक्ताको कार्यालयमा २०६८ साल देखि नै अभियोजन प्रशिक्षण केन्द्रको स्थापना गरी सरकारी वकीललाई विभिन्न प्रशिक्षण प्रदान गर्दै आएको देखिन्छ। महान्यायाधिवक्ताको कार्यालयको कार्य सञ्चालन तथा कार्य विवरण निर्देशिका, २०७३ ले समेत अभियोजन प्रशिक्षण केन्द्रको व्यवस्था गरी सो केन्द्रबाट सम्पादन हुने कार्यहरू उल्लेख गरेको थियो। महान्यायाधिवक्ताको कार्यालयले आन्तरिक रूपमा सरकारी वकीलको क्षमता अभिवृद्धि गर्न अभियोजन प्रशिक्षण केन्द्रबाट अनौपचारिक रूपमा विभिन्न प्रशिक्षण प्रदान गर्दै आएको भएता पनि त्यसबेलासम्म केन्द्र स्थापना र सञ्चालनको पनि यसको कानूनी आधार भने देखिदैन। सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले पहिलो पटक अभियोजन प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालनको कानूनी आधार स्थापित गरेको छ।

### अभियोजन प्रशिक्षण केन्द्रको स्थापनाः

सरकारी वकीलको क्षमता अभिवृद्धि गर्न महान्यायाधिवक्ताको कार्यालयमा एक अभियोजन प्रशिक्षण केन्द्र रहने र सो केन्द्रको काम कर्तव्य र अधिकार महान्यायाधिवक्ताले स्वीकृत गरेको कार्यविधिमा उल्लेख गरे बमोजिम हुने व्यवस्था छ।

सरकारी वकील सम्बन्धी नियमावलीको नियम ५

### केन्द्रबाट सम्पादन हुने कार्यः

महान्यायाधिवक्ताको कार्यालयको कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग अन्तर्गत सहन्यायाधिवक्ताको नेतृत्वमा रहने अभियोजन प्रशिक्षण केन्द्रबाट देहाय बमोजिमका कार्यसम्पादन हुने गरी निर्धारण गरिएको छः

कार्य सञ्चालन कार्यविधि, २०७८ को प्रकरण ७.१८

- अभियोजन प्रशिक्षण केन्द्र सञ्चालन सम्बन्धी कार्यविधिको तर्जुमा र स्वीकृति गरी व्यवस्थित रूपमा सञ्चालन गर्ने तर्फ आवश्यक कार्य गर्ने,
- सरकारी वकीलको दक्षता अभिवृद्धि, सेवा विशिष्टीकरण र पुनर्ताजगी प्रशिक्षण लगायतका कार्यक्रमको आवश्यकता पहिचान गरी प्रशिक्षण कार्यक्रम संचालन गर्ने ,
- सरकारी वकील तथा कर्मचारीका लागि आवश्यक प्रशिक्षण/तालिमको पाठ्यक्रम तर्जुमा र पुनरावलोकन गर्न विभागको प्रमुख समक्ष पेश गरी निर्णय भए बमोजिम कार्यान्वयन गर्ने/गराउने,
- नेपाल सरकार वादी भएका मुद्दामा अनुसन्धान गर्ने अनुसन्धानकर्ता, अर्धन्यायिक निकायका पदाधिकारीलाई प्रशिक्षण दिने प्रयोजनका लागि गृह मन्त्रालय, राष्ट्रिय निकुञ्ज, प्रहरी प्रधान कार्यालय लगायतका सम्बद्ध निकायसँगको समन्वय र सहकार्यमा पाठ्यक्रम तर्जुमा र प्रशिक्षण सञ्चालन गर्ने/गराउने,

- योजना महाशाखासँग समन्वय गरी सरकारी वकील तथा कर्मचारी एवं अनुसन्धान अधिकारीलाई प्रदान गर्ने प्रशिक्षण/तालिमको वार्षिक कार्य तालिका बनाई कार्यक्रम सञ्चालन गर्ने/गराउने,
- सरकारी वकील तथा कर्मचारीको तालिम सम्बन्धी विस्तृत प्रोफाइल तयार गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्ने,
- सरकारी वकीललाई प्रशिक्षक प्रशिक्षण प्रदान गर्ने कार्यक्रम तर्जुमा गरी प्रशिक्षक प्रशिक्षण आयोजना गर्ने,
- कार्यक्रम प्रशिक्षण/तालिममा सहजीकरण गर्न विषयगत विज्ञ सरकारी वकीलका साथै बाह्य प्रशिक्षकहरूको समेत सूची र सम्पर्क विवरण तयार गरी विभागको प्रमुखबाट स्वीकृत गराई प्रशिक्षकको सेवा लिने,
- अभियोजन अनुगमन महाशाखा समेतसँगको सहकार्यमा तालिम पूर्वको कार्यसम्पादनस्तर मूल्याङ्कन र तालिम पश्चातको कार्यसम्पादनस्तरका आधारमा पाठ्यक्रम पुनरावलोकन गर्न आवश्यक कार्य गर्ने,
- अन्य प्रशिक्षण प्रदायक निकायसँग समन्वय र सहकार्य गर्ने,
- लक्षित समूहभित्र तालिमको प्रभाव मूल्याङ्कन गरी आवश्यक सुधार गर्ने,
- प्रशिक्षण केन्द्रका लागि आवश्यक भौतिक पूर्वाधार, सामग्री, स्रोत लगायतका कार्य गर्न सरकार, दातृ निकायहरूको सहयोग प्राप्त गर्न योजना महाशाखासँग सहकार्य गर्ने,
- महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले केन्द्रबाट सम्पादन गर्ने गरी निर्धारित जिम्मेवारी र सोको अनुगमन सम्बन्धी वार्षिक कार्ययोजना अनुसारका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्ने/गराउने,
- विभागको प्रमुखले तोकेका तथा केन्द्रसँग सम्बन्धित अन्य कार्य गर्ने।

## १५. नीति व्यवस्थापन समूहः

सरकारी वकील कार्यालयको सुदृढीकरण लगायत नीति निर्माणसँग सम्बन्धित विषयमा महान्यायाधिवक्ता तथा व्यवस्थापन समितिलाई सुझाव तथा परामर्श उपलब्ध गराउन महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता तथा सहन्यायाधिवक्ताहरू रहेको एक नीति व्यवस्थापन समूह रहने व्यवस्था सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४५ ले गरेको छ। नीति व्यवस्थापन समूहको बैठक आवश्यकता अनुसार बस्ने र समूहको सचिवको रूपमा महान्यायधिवक्ताको कार्यालय प्रशासन शाखाका उपन्यायाधिवक्ताले कार्य सम्पादन गर्ने व्यवस्था समेत रहेको छ।

### नीति व्यवस्थापन समूहको कामः

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४५ मा भएको व्यवस्थाको प्रतिकूल नहुने गरी नीति व्यवस्थापन समूहले देहायका कार्य गर्नेछः

कार्य सञ्चालन कार्यविधिको प्रकरण १२

- सरकारी वकीलको कार्यसम्पादनमा सुधार, व्यावसायिकता विकास र संस्थागत सुदृढीकरण सम्बन्धी नीतिगत, समूहमा छलफल गर्नुपर्ने विषयवस्तु यकिन गरी नियमित रूपमा बैठक छलफल गरी व्यवस्थापन समितिलाई सुझाव/ सल्लाह दिई सोको अभिलेख राख्ने,
- व्यवस्थापन समितिले तोकेका विषयमा छलफल गरी यकिन राय सल्लाह दिने,
- महान्यायाधिवक्ताले तोकेका नीतिगत निर्णय गर्नुपर्ने अन्य विषयमा सुझाव दिने,
- समूहको कार्यलाई व्यवस्थित र संस्थागत गर्न कार्य विभाजन वा जिम्मेवारी बाँडफाँड गर्ने,
- समूहले आफ्नो कार्यसम्पादन आफै व्यवस्थित गर्ने।

## १६. मुख्य न्यायाधिवक्ता

नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था गरेको छ। सोही धाराको उपधारा (६) मा मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरूको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था समेत रहेको छ । सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार अन्तर्गत मुख्य न्यायाधिवक्ताको काम कारबाहीको सम्बन्धमा एकरूपता र प्रभावकारिताका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने, संविधान तथा संघीय कानूनको कार्यान्वयनको सम्बन्धमा मुख्य न्यायाधिवक्तालाई आवश्यक निर्देशन दिने, प्रदेश सरकारको व्यवस्थापनमा रहेका हिरासत, सुधारगृह वा थुनुवा कक्षमा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए वा नभएको सम्बन्धमा मुख्य न्यायाधिवक्ताबाट अनुगमन गराउने अधिकार महान्यायाधिवक्तालाई दिइएको छ । हाल सातवटै प्रदेशका मुख्य न्यायाधिवक्ताको कार्यालयहरूमा ७ जना रा.प.द्वितीय श्रेणीका उपन्यायाधिवक्ता र रा.प.तृतीय श्रेणीका २१ जना सहायक न्यायाधिवक्ताको दरबन्दी स्वीकृत भई सरकारी वकीलहरू कार्यरत रहेका छन् ।

नेपालको संघीय संरचना अनुसार प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रूपमा रहने मुख्य न्यायाधिवक्ताको पदमा उच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेका व्यक्तिलाई सम्बन्धित मुख्य मन्त्रीले सिफारिस गरे बमोजिम प्रदेश प्रमुखबाट नियुक्त हुन्छन् । मुख्य मन्त्री मार्फत प्रदेश प्रमुख समक्ष लिखित राजिनामा दिएमा, मुख्य मन्त्रीको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा वा निजको मृत्यु भएमा बाहेक मुख्य न्यायाधिवक्ता मुख्य मन्त्रीले चाहेको अवधिसम्म आफ्नो पदमा बहाल रहन सक्छन् । मुख्य न्यायाधिवक्ताले संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह दिनुका साथै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त प्रदेश कानून बमोजिम हुने संवैधानिक व्यवस्था छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति र काम, कर्तव्यको जवाफदेहिता प्रदेश सरकार अर्थात मुख्यमन्त्रीप्रति हुने, महान्यायाधिवक्ताले संविधान बमोजिम मुख्य न्यायाधिवक्तालाई अधिकार प्रत्यायोजन गर्न नसक्ने भएकाले मुख्य न्यायाधिवक्ता महान्यायाधिवक्ताको मातहतमा रहने भन्दा पनि यी दुई निकाय बीच कार्यगत स्वतन्त्रता र समन्वयात्मक र सहयोगी भूमिकामा रहेको देखिन्छ ।

## १७. उच्च सरकारी वकील कार्यालय

अदालतको संरचना अनुरूप प्रत्येक उच्च अदालत वा त्यस्ता अदालतको मुकाम रहेका स्थानमा उच्च सरकारी वकील कार्यालयहरू स्थापना भएका छन् । राजपत्रांकित प्रथम श्रेणीका सहन्यायाधिवक्ताको नेतृत्वमा राजपत्रांकित द्वितीय श्रेणीका उपन्यायाधिवक्ता र राजपत्रांकित तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता यस कार्यालयमा कार्यरत छन् । उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलको काम, कर्तव्य एवं अधिकारहरू देहाय बमोजिम हुने कानूनी व्यवस्था छः

### सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः

- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेको उच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको तर्फबाट अभियोगपत्र, पुनरावेदनपत्र, निवेदनपत्र दायर गर्ने वा गराउने गराउने तथा बहस पैरवी गर्ने,
- नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय र तत्सम्बन्धी कार्य गर्ने,
- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेको उच्च अदालत र अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट पुनरावेदन, निवेदनपत्र दायर गर्ने वा गराउने र बहस पैरवी गर्ने,
- महान्यायाधिवक्ताको कार्यालयले खटाएमा आफ्नो प्रादेशिक अधिकारक्षेत्र बाहिरका कुनै अड्डा अदालतमा उपस्थित भई बहस, पैरवी लगायतका काम कारबाही गर्ने,
- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेका प्रदेश प्रमुख तथा नेपाल सरकारको कार्यालयका प्रमुखले मागेको कानूनी प्रश्नमा राय सल्लाह दिने,

सरकारी वकील सम्बन्धी नियमावलीको नियम १५

(नोटः हिरासतमा रहेको व्यक्तिको

- हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा सो विषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने, मानव अधिकारको अवस्था बारे अनुगमन गर्ने सम्बन्धमा महान्यायाधिवक्ताबाट भएको अधिकार प्रत्यायोजन सम्बन्धी सूचना नेपाल राजपत्र भाग ४, मिति २०७८।१।१३ मा प्रकाशित छ।)
- हिरासतमा मानवोचित व्यवहार नभएको सम्बन्धमा छानबिन गरी निर्देशन दिएको विषयमा महान्यायाधिवक्ताको कार्यालयमा प्रतिवेदन पेश गर्ने,
- प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएका अधिकार बमोजिमको काम कारबाही गर्ने,
- उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले प्रचलित कानूनको अधिनमा रही सरकारी वकील सम्बन्धी नियमावली, २०७७ बमोजिम आफूमा निहित प्रशासकीय अधिकार मध्ये केही अधिकार आफू मातहतको अन्य कुनै सरकारी वकील वा अधिकृतले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्ने,
- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्रका राजपत्रङ्कित तृतीय श्रेणीका सरकारी वकीललाई राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखको पदमा बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गरी सो को जानकारी महान्यायाधिवक्ताको कार्यालयमा तुरून्त दिने, सरकारी वकील सम्बन्धी नियमावलीको नियम ७ (१)
- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्रका राजपत्रङ्कित र राजपत्र अनङ्कित कर्मचारीलाई बढीमा तीन महिनासम्म आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्रको कुनै कार्यालयमा काज खटाउने र त्यसको जानकारी तुरून्त महान्यायाधिवक्ताको कार्यालयमा दिने, ऐजन नियमावलीको नियम ७(४)
- आफ्नो कार्यालयका सरकारी वकील तथा कर्मचारी र आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्रका जिल्ला न्यायाधिवक्ताको विदा स्वीकृत गर्ने, ऐजन नियमावलीको नियम ९(२)
- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्रका जिल्ला सरकारी वकील कार्यालय तथा उच्च सरकरी वकील कार्यालयको प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशन गर्ने, ऐजन नियम ९(६)(७)
- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र पर्ने जिल्ला सरकारी वकील कार्यालयको वर्षको कम्तिमा एक पटक निरिक्षण तथा अनुगमन गरी सरकारी वकील सम्बन्धी नियमावलीमा उल्लेख भएका विषय खुलाई महान्यायाधिवक्ताको कार्यालयमा प्रतिवेदन पेश गर्ने, ऐजन नियम १०
- आफ्नो कार्यालयबाट सम्पादित काम कारबाहीको मासिक तथा वार्षिक प्रतिवेदन निर्धारित ढाँचामा तोकिएका विषय खुलाई निर्धारित समयमा महान्यायाधिवक्ताको कार्यालयमा पठाउने,
- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेको उच्च अदालत वा अन्य कुनै अड्डा अदालतबाट भएका फैसला उपर पनुरावेदन वा दोहोऱ्याई पाउन निवेदन, अन्तरकालिन आदेश उपर निवेदन गर्नु पर्ने भए वा अन्य निकासा लिनु पर्ने भए सो को आधार र कारण स्पष्ट रूपमा खुलाई पुनरावेदनको म्याद शुरू भएको दश दिन भित्र फैसला सहितको मिसिल साथै राखी महान्यायाधिवक्ताको कार्यालयमा मस्यौदा प्रस्ताव पठाउने, पठाउन लगाउने। हेर्नुहोस्, ऐजन नियम २२ देखि २५ सम्म, नियम २७,
- जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको फैसला उपर सम्बन्धित उच्च अदालतमा पुनरावेदनपत्र दायर गर्नुपर्ने नदेखिएमा पुनरावेदन नगर्ने अन्तिम निर्णय गरी सो को अभिलेख राखी निर्धारित ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको तीन दिन भित्र पठाउने, ऐजन , नियम २३(३)
- उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याउन निवेदन गर्न उपयुक्त छैन भन्ने लागेमा आधार र कारण खोली मुद्दा दोहोऱ्याउन निवेदन नगर्ने निर्णय गरी सो को अभिलेख राखी निर्धारित ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको तीन दिन भित्र पठाउने, ऐजन, नियम २४(२)
- उच्च अदालतबाट भएको अन्तरकालिन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ७३ वा न्याय प्रशासम ऐन, २०७३ को दफा १५ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन उपयुक्त नभएमा निवेदन गर्नु नपर्नाको आधार र कारण खोली सम्बन्धित मिसिलमा प्रमाणित गरी राख्ने, प्रमाणित गर्न लगाउने, ऐजन नियम, २५(२)

- मातहत जिल्ला सरकारी वकील कार्यालयबाट कुनै कसूरका सम्बन्धमा मुद्दा नचलाउने वा कुनै प्रतिवादीका हकमा आंशिक रूपमा मुद्दा चलाउने गरी वा नेपाल सरकार वादी भई मुद्दा नचलाउने गरी भएको निर्णय जाँच गर्दा मुद्दा चलाउनु पर्ने देखिएमा आधार र कारण खुलाई मुद्दा चलाउने निर्णय गरी सम्बन्धित सरकारी वकीललाई मुद्दा दर्ता गर्न निर्देशन दिने, फौजदारी कार्यविधि संहिताको दफा ३२(९)
- मातहत कार्यालयबाट मुद्दा नचलाउने निर्णय गरी प्राप्त भएका मिसिल मध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएको मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भई सकेको मुद्दामा अन्तिम निकासा दिने, नेपाल राजपत्र भाग ४ मिति २०७८।१।१३
- उच्च सरकारी वकील कार्यालयका विभिन्न शाखा/फाँटबाट सम्पादन हुने गरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ ले निर्धारण गरिएका कार्यसम्पादन गर्ने वा गर्न लागाउने। कार्य संचालन कार्यविधि प्रकरण ८

**अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार:**

उच्च सरकारी वकील कार्यालयमा सहन्यायाधिवक्ताको अतिरिक्त आवश्यक संख्यामा उपन्यायाधिवक्ता र सहायक न्यायाधिवक्ता तथा अन्य अधिकृत, सहायक तथा सहयोगीस्तरका कर्मचारीहरू समेत कार्यरत छन्। उच्च सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था छः

- सहन्यायधिवक्ताको कार्यसम्पादनमा सहयोग गर्ने,
- नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान, तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट भएको अधिकार प्रत्यायोजन र सहन्यायाधिवक्ताबाट भएको कार्य विभाजन अनुसार आधार कारण खुलाई मुद्दा चल्ने वा नचल्ने निर्णय गरी तत् सम्बन्धी अन्य कार्य गर्ने, सरकारी वकील सम्बन्धी नियमावलीको नियम १६
- नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सहन्यायाधिवक्ताले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,
- सहन्यायाधिवक्ताले तोके बमोजिम मुद्दा हेर्ने अधिकारी तथा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने वा नगर्ने सम्बन्धी काम कारबाही गर्ने, हेर्नुहोस्, कार्य संचालन कार्यविधिको प्रकरण ८
- उच्च सरकारी वकील कार्यालयका विभिन्न शाखा/फाँटबाट सम्पादन हुने गरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ ले निर्धारण गरेका र सहन्यायाधिवक्ताबाट आफूलाई जिम्मेवारी तोकेका शाखा/फाँटको कार्यसम्पादन गर्ने, गर्न लगाउने।

## १८. विशेष सरकारी वकील कार्यालय

महान्यायाधिवक्ताको कार्यालय मातहत रहेको विशेष सरकारी वकील कार्यालयको स्थापना नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७०।७।२५ को निर्णयानुसार भएको हो। विशेष अदालतको मुकाम काठमाडौंमा स्थापना भएको छ। सहन्यायाधिवक्ताको नेतृत्वमा आवश्यक संख्यामा उपन्यायाधिवक्ता, सहायक न्यायाधिवक्ता लगायत अन्य सहायक र कार्यालय सहयोगीस्तरका कर्मचारी विशेष सरकारी वकील कार्यालयमा कार्यरत छन्। यस कार्यालयबाट विशेष अदालतमा सुनुवाइ हुने भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण मुद्दा, राजश्व न्यायाधिकरण काठमाडौं, वैदेशिक रोजगार न्यायाधिकरण, प्रशासकीय अदालत र उच्च अदालत पाटनको वाणिज्य इजलासबाट सुनुवाइ हुने नेपाल सरकार वादी हुने मुद्दामा बहस पैरवी तथा प्रतिरक्षा हुँदै आएको छ। सरकारी वकील सम्बन्धी नियमावली, २०७७ एवं समय समयमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम यस कार्यालयका सरकारी वकीलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

**सहन्यायाधिवक्ताको काम कर्तव्य र अधिकार:**

- विशेष सरकारी वकील कार्यालयलाई अभियोजन गर्ने अधिकार भएका फौजदारी मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय र तत्सम्बन्धी कार्य गर्ने, — सरकारी वकील सम्बन्धी नियमावलीको नियम १७
- उच्च अदालत पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजश्व न्यायाधिकरण, काठमाडौं र अन्य कुनै अड्डा अदालतमा सुनुवाइ हुने नेपाल सरकारको हक, हित वा सरोकार रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट बहस पैरवी गर्ने,
- उच्च अदालत पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजश्व न्यायाधिकरण, काठमाडौबाट भएका आदेश वा फैसला उपर निवेदन, पुनरावेदन गर्नुपर्ने भएमा मस्यौदा सहित महान्यायाधिवक्ताको कार्यालयमा पठाउने,
- महान्यायाधिवक्ताले तोके बमोजिम अन्य काम कारबाही गर्ने,
- प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएका अधिकार बमोजिम काम कारबाही गर्ने,
- सहन्यायाधिवक्ताले आफूमा निहित प्रशासकीय अधिकार मध्ये केही अधिकार आफू मातहतको अन्य कुनै सरकारी वकील वा अधिकृतले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्ने, — हेर्नुहोस्, कार्य संचालन कार्यविधिको प्रकरण ९
- विशेष सरकारी वकील कार्यालयका विभिन्न शाखा / फाँटबाट सम्पादन हुने गरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ ले निर्धारण गरेका कार्य सम्पादन गर्ने, गराउने ।

सुरक्षित कारोवार ऐन, २०६३, बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा, वैदेशिक रोजगार ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको मुद्दामा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्तालाई मुद्दा चल्ने वा नचल्ने निर्णय र तत्सम्बन्धी अन्य कार्य गर्ने अधिकार महान्यायाधिवक्ताबाट प्रत्यायोजन भई नेपाल राजपत्र भाग ४ मिति २०७८।१।१३ मा प्रकाशन भएको छ ।

**अन्य सरकारी वकीलको काम, कर्तव्य र अधिकार:**

- विशेष सरकारी वकील कार्यालयका सहन्यायधिवक्ताको कार्य सम्पादनमा सहयोग गर्ने, — सरकारी वकील सम्बन्धी नियमावली को नियम १८
- विशेष सरकारी वकील कार्यालयलाई अभियोजन गर्न अधिकार भएका मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट भएको अधिकार प्रत्यायोजन र सहन्यायाधिवक्ताबाट भएको कार्य विभाजन अनुसार मुद्दा चल्ने वा नचल्ने निर्णय र तत्सम्बन्धी कार्य गर्ने,
- नेपाल सरकार वादी भई दायर भएका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सहन्यायाधिवक्ताले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,
- सहन्यायाधिवक्ताले तोके बमोजिम मुद्दा हेर्ने अधिकारी तथा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने सम्बन्धी आवश्यक काम कारबाही गर्ने, — हेर्नुहोस्, कार्य संचालन कार्यविधिको प्रकरण ९
- विशेष सरकारी वकील कार्यालयका विभिन्न शाखा / फाँटबाट सम्पादन हुने गरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ ले निर्धारण गरेका र सहन्यायाधिवक्ताबाट आफूलाई जिम्मेवारी तोकेका शाखा / फाँटको कार्य सम्पादन गर्ने, गराउने ।

## १९. जिल्ला सरकारी वकील कार्यालयः

महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचनामा जिल्ला सरकारी वकील कार्यालय शुरू तहको कार्यालयको रूपमा रहेको छ। अदालतको संरचना अनुसार प्रत्येक जिल्ला अदालतको मुकाम रहेको स्थानमा जिल्ला सरकारी वकील कार्यालय रहेका छन् । काठमाडौं जिल्लामा राजपत्रांकित प्रथम श्रेणीका र अन्य ७६ जिल्लामा राजपत्रांकित द्वितीय श्रेणीका सरकारी वकीलको नेतृत्व रहेको छ। जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत रहेका सरकारी वकीलहरूको काम, कर्तव्य र अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ तथा अन्य कानूनले देहाय बमोजिम व्यवस्था गरेको छः

### जिल्ला सरकारी वकील कार्यालयका प्रमुख (सहन्यायाधिवक्ता / जिल्ला न्यायाधिवक्ता) को काम, कर्तव्य र अधिकारः

| | |
|---|---|
| • नेपाल सरकार वादी हुने मुद्दामा प्रहरी वा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भए बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र मुद्दा चल्ने निर्णय भएकोमा सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने, | सरकारी वकील सम्बन्धी नियमावलीको नियम १९ |
| • नेपाल सरकार वादी भई दायर भएका मुद्दा वा नेपाल सरकारको हक हित वा सरोकार निहित रहेका मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा अदालतमा बहस पैरवी र प्रतिरक्षा गर्ने, | |
| • सम्बन्धित जिल्लामा रहेका नेपाल सरकारका कार्यालयका प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय सल्लाह दिने, | |
| • मुद्दा हेर्ने अधिकारी वा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने वा नगर्ने सम्बन्धी आवश्यक काम कारबाही गर्ने, | |
| • प्रचलित कानून बमोजिम कार्यालय प्रमुखलाई भएका अधिकार बमोजिमको काम कारबाही गर्ने, | |
| • आफूलाई भएको प्रशासकीय अधिकार मध्ये केही अधिकार मातहतका अन्य सरकारी वकीललाई प्रत्यायोजन गर्ने, | |
| • मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा उल्लिखित कुनै कसूरको जाहेरी दरखास्त सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेको उजुरी लिई सो सम्बन्धी कारबाही गर्ने, | फौजदारी कार्यविधि संहिताको दफा ५ |
| • विषय विषयमा बनेका विशेष कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र अनुसूची- २ भित्रका मुद्दामा कानूनमा व्यवस्था भए बमोजिम जाहेरी तामेलीमा राख्ने , म्याद थपको निवेदन र सोमा बहस गर्ने, अभियुक्तको बयान गराउने, हिरासतमा रहेको ब्यक्तिलाई छाड्न सहमति दिने, अभियुक्तले अदालतमा बयान गर्दा अन्यथा जिकिर लिएमा तत्सम्बन्धमा थप अनुसन्धान गर्न लगाउने, अदालत ल्याउन नसकिने प्रमाणलाई श्रव्य दृष्यका साधनबाट अभिलेख गर्ने जस्ता अपराध अनुसन्धान सम्बन्धी कार्य गर्ने गराउने, | हेर्नुहोस् ऐजन संहिताको सम्बद्ध दफाहरू ११, १४, १५, १६, १२३(२), १८४(१) |
| • नेपाल सरकार वादी भएका मुद्दासँग सम्बन्धित कुनै कसूरको अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीलाई थप अनुसन्धान गर्न निर्देशन वा कुनै राय सल्लाह दिनुपर्ने भए दिने । | ऐजन, दफा दफा १०, दफा २६ |
| • कानूनमा व्यवस्था भए बमोजिम पुरक अभियोगपत्र दर्ता गर्ने, सजाय कम गर्न मागदावी लिने, थप अभियोग मागदावी लिने र अभियोगपत्र संशोधन गर्ने साथै खास किसिमका सानातिना कसूरमा मुद्दा दायर नगर्ने निर्णय सम्बन्धी काम गर्ने, | ऐजन, दफा ३३, दफा ३४, दफा ३५, दफा ३६ |
| • नेपाल सरकार वादी भई चलेका फौजदारी मुद्दा मध्ये मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लिखित मुद्दामा मिलापत्रको लागि पर्न आएको दरखास्त दर्ता गरी सनाखत गराउने साथै मिलापत्र गर्न उपयुक्त हुने नहुने आधार र कारण सहितको राय महान्यायाधिवक्ताको कार्यालयमा पठाउने, पठाउन लगाउने, | सरकारी वकील सम्बन्धी नियमावलको नियम ३३ |
| • मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची- २८ भित्रका सरकार वादी हुने देवानी मुद्दा चल्ने नचल्ने निर्णय गरी मुद्दा चल्ने देखिएमा फिरादपत्र दायर गर्ने, | देवानी कार्यविधि संहिताको दफा २५४, दफा २५५ |

- महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ ले जिल्ला सरकारी वकील कार्यालयका शाखा/फाँटबाट सम्पादन हुने गरी निर्धारण गरेका काम कारबाही गर्ने, गराउने।

हेर्नुहोस्, कार्य संचालन कार्यविधिको प्रकरण १०

**जिल्ला सरकारी वकील कार्यालयका अन्य सरकारी वकीलको काम कर्तव्य र अधिकार:**

- जिल्ला सरकारी वकील कार्यालयका प्रमुख (सहन्यायधिवक्ता वा जिल्ला न्यायाधिवक्ता) को कार्य सम्पादनमा सहयोग गर्ने,
- नेपाल सरकार वादी हुने मुद्दामा अधिकार प्राप्त अधिकारीद्वारा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीका लागि प्राप्त भएका मिसिलमा महान्यायाधिवक्ताबाट भएको अधिकार प्रत्यायोजन र कार्यालय प्रमुखबाट कार्य विभाजन भए अनुसार मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने, मुद्दा चल्ने देखिएकोमा आफ्नै कार्यालयबाट चलाउनु पर्ने मुद्दाको हकमा अभियोगपत्र तयार गरी दायर गर्ने,
- नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा कार्यालय प्रमुखले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,
- कार्यालय प्रमुखले तोके बमोजिम मुद्दा हेर्ने अधिकारी वा सम्बन्धित अदालतबाट भएको फैसला वा आदेश उपर पुनरावेदन, निवेदन गर्ने वा नगर्ने सम्बन्धी आवश्यक काम कारबाही गर्ने,
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८ ले जिल्ला सरकारी वकील कार्यालयका शाखा/ फाँटबाट सम्पादन हुने गरी निर्धारण गरेका र कार्यालय प्रमुखले जिम्मेवारी दिएका शाखा/ फाँटको काम कारबाही गर्ने, गराउने।

सरकारी वकील सम्बन्धी नियमावलीको नियम २०

हेर्नुहोस्, कार्य संचालन कार्यविधिको प्रकरण १०

**२०. सरकारी वकीलको अन्य जिम्मेवारी:**

माथीका दफा दफामा सरकारी वकीलको पद वा हैसियत अनुसारका काम, कर्तव्य र अधिकारको उल्लेख गरिएको छ। "अभियोजनमा सुधार र व्यावसायिक विकास" भन्ने मूल नारा र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने, मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने, संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्ने, सरकारी वकीलको सेवालाई व्यावसायिक बनाउने र संस्थागत सुदृढिकरण गर्ने भन्ने पाँचवटा लक्ष्यका साथ सरकारी वकीलबाट सम्पादन गरिने हरेक महत्वपूर्ण कार्यलाई समेटि तर्जुमा गरिएको महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९–२०८२/०८३) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु सबै सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीको कर्तव्य हो। सो रणनीतिक योजना कार्यान्वयनका सन्दर्भमा सबै तहका सरकारी वकील कार्यालयका सालवसाली रूपको वार्षिक कार्ययोजना समेत तयार गरिएको छ, वार्षिक कार्य योजना बमोजिमका क्रियाकलापहरू निर्धारित समय र तरिका अनुसार सम्पादन गर्नु पर्दछ। यसका अतिरिक्त सरकारी वकीललाई प्रचलित कानूनले सुम्पिएका अन्य जिम्मेवारी देहाय बमोजिम रहेका छन्;

- कुनै सरकारी वकीलले गर्नुपर्ने वा गर्न सक्ने कुनै काम वा कर्तव्य महान्यायाधिवक्ताले तोके बमोजिम माथिल्लो वा समान तहको सरकारी वकीलले पनि गर्न सक्ने र यसरी गरिएको काम कारबाही अधिकार प्राप्त अधिकारीबाट भएको मानिने,
- सरकारी वकील कार्यालयमा कुनै सरकारी वकील अनुपस्थित रहेको वा निजको पद रिक्त रहेको अवस्थामा त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम सो कार्यालयको बरिष्ठतम् सरकारी वकीलले तोके बमोजिम सो कार्यालयको कुनै पनि सरकारी वकीलले गर्ने,
- मातहत कार्यालयको कुनै सरकारी वकील अनुपस्थित रहेको वा निजको पद रिक्त रहेको अवस्थामा त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम माथिल्लो तहको सरकारी वकील कार्यालयको प्रमुखले तोकेको सरकारी वकीलले गर्ने,
- कुनै सरकारी वकील कार्यालय वा निकायमा कार्यरत सरकारी वकील अनुस्थित रहेको वा पद रिक्त रहेको अवस्थामा त्यस्तो सरकारी वकीलले गर्नु पर्ने काम अर्को कार्यालयका सरकारी वकीलले गर्ने गरी

फौजदारी कार्यविधि संहिताको दफा १८५

सरकारी वकील सम्बन्धी नियमावलीको नियम २१

महान्यायाधिवक्ताको कार्यालयले वा आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र सम्बन्धित उच्च सरकारी वकील कार्यालयको प्रमुखले तोक्ने,

- महान्यायाधिवक्ताको कार्यालयले विशेष अवस्थामा कुनै पनि तहको सरकारी वकीललाई विशेष जिम्मेवारी दिई नेपाल सरकारको तर्फबाट मुद्दा दायर गर्न वा बहस पैरवी गर्न कुनै सरकारी वकील कार्यालयमा खटाउन सक्ने र यसरी खटिई आएको सरकारी वकीललाई सम्बन्धित कार्यालयको सरकारी वकील र कर्मचारीले सहयोग गर्नुपर्ने,
- सरकारी वकीलले नेपाल सरकारको हक, हितमा प्रतिकूल असर नपर्ने र नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने तथा कार्यालयको काममा बाधा नपुग्ने गरी महान्यायाधिवक्ताको स्वीकृति लिई नेपाल सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थामा कानून व्यवसाय गर्न, त्यस्तो संगठित संस्थाको तर्फबाट बहस पैरवी गर्न वा कुनै शैक्षिक वा प्राज्ञिक संस्थामा अध्यापन, अनुसन्धान, अन्वेषण तथा प्रशिक्षण गर्न सक्ने, — ऐजन, नियमावलीको नियम ४१
- कुनै पनि सरकारी वकीललाई निजको दरबन्दी नभएता पनि सरकारी वकीलको कार्यसम्पादनमा प्रभाव नपर्ने गरी संवैधानिक आयोग, नेपाल सरकारबाट गठन हुने आयोग, समिति, कार्यदल वा निर्वाचनको काममा खटाउन सकिने, — ऐजन नियम ४७
- सरकारी वकीलको कार्यसम्पादनलाई प्रभावकारी बनाउन वा सरकारी वकीलसँग सम्बन्धित कुनै कानूनी व्यवस्थाको पुनरावलोकन गर्न वा सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयले कार्यादेश र जिम्मेवारी दिई आवश्यकता अनुसार विभिन्न कार्यदल वा अनुसन्धान समूह गठन गरे बमोजिमको जिम्मेवारी निर्वाह गर्ने। — ऐजन नियम ४८

## २१. अन्य निकायमा रहेका सरकारी वकीलको काम कर्तव्य र अधिकारः

महान्यायाधिवक्ताको कार्यालय र सो कार्यालय अन्तर्गतका उच्च, विशेष र जिल्ला सरकारी वकील कार्यालय बाहेक संवैधानिक आयोग, निकाय तथा सरकारी कार्यालयमा समेत सरकारी वकीलको दरबन्दी रहेको छ। सरकारी वकील कार्यालय बाहेक अन्य निकायमा कार्यरत रहँदा सरकारी वकीलले व्यावसायिक आचरणको परिधि भित्र रही प्रचलित कानून बमोजिम तत् तत् निकायबाट सुम्पिएको जिम्मेवारी बमोजिम कर्तव्य निर्वाह गर्नु पर्दछ। अन्य निकायमा रही कार्य सम्पादन गर्दा सरकारी वकीलले कानूनी शासन, कार्यविधि कानूनको परिपालनाको सुनिश्चितता हुने गरी कार्य सम्पादन गर्ने, गराउने तर्फ क्रियाशिल हुनुका साथै महान्यायाधिवक्ताको कार्यालय र आफू कार्यरत कार्यालय बीच समन्वय र सम्बन्ध कायम गरी काम कारबाही गर्नु पर्दछ। अन्य निकायमा रहेका सरकारी वकीलको काम कर्तव्य र अधिकार निकायगत रूपमा देहाय बमोजिम संक्षिप्त रूपमा उल्लेख गरिएको छः

### २१.१ अख्तियार दुरूपयोग अनुसन्धान आयोगः

कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कार्य गरेको सम्बन्धमा अनुसन्धान गरी भ्रष्टाचारको कसूरमा संलग्न देखिएका सार्वजनिक पद धारण गरेको व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न, गराउन र तत्सम्बन्धी अन्य कार्य गर्ने मुख्य जिम्मेवारी रहेको स्वतन्त्र संवैधानिक निकायको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहेको छ। नेपालको संविधानको भाग २१, धारा २३८, धारा २३९, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ समेत र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ समेतले अख्तियार दुरूपयोग अनुसन्धान आयोग र यसको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको देखिन्छ।

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सो आयोगका क्षेत्रीय कार्यालय समेतमा गरी राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ता ४ जना, रा.प. द्वितीय श्रेणीका उपन्यायाधिवक्ता ६ जना र रा.प. तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता १३ जना गरी जम्मा २३ जना सरकारी वकीलहरू कार्यरत छन्। — हेर्नुहोस् महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (२०७७/०७८) तालिका नं. १ पेज ४

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सरकारी वकीलको काम कर्तव्य र अधिकारः

- आयोगमा कार्यरत सहन्यायाधिवक्ताले महाशाखा प्रमुखको हैसियतका कार्य गर्ने,
- आफूलाई तोकिएको भ्रष्टाचार सम्बन्धी उजुरीको (प्रारम्भिक तथा विस्तृत) अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- आयोगबाट अदालतमा दर्ता गर्ने आरोपपत्र ,लिखित जवाफ तथा प्रतिउत्तरपत्र तयारी ,अदालतमा दर्ता भएका मुद्दाको मिसिल तथा पेशी व्यवस्थापन ,अदालतबाट भएका आदेश तथा फैसला उपर निवेदन , पुनरावेदन तथा पुनरावलोकनपत्र तयारी र दर्ता सम्बन्धी कार्य गर्ने,
- आयोगबाट अदालतमा उपस्थित गराउन पर्ने साक्षीहरू उपस्थित गराउने प्रबन्ध मिलाउने,
- आयोगमा कार्यरत सहन्यायाधिवक्ताले स्क्रिनिङ कमिटिमा पदेन तथा आमन्त्रित सदस्यको रूपमा काम गर्ने,
- सहन्यायाधिवक्ताले पूर्णता परीक्षण समितिको संयोजक तथा उपन्यायाधिवक्ताले सदस्यको हैसियतले काम गर्ने,
- महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी भ्रष्टाचार मुद्दामा आवश्यकता अनुसार सम्बन्धित अदालतमा उपस्थित भई नेपाल सरकारको तर्फबाट बहस पैरवी तथा प्रतिरक्षा गर्ने,
- आयोगबाट तोकिए बमोजिम अन्य कार्य गर्ने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८ तथा आयोगको च.नं .८९१७ मिति २०७९/५/१२ को पत्रका आधारमा तयार गरिएको ।

## २१.२ निर्वाचन आयोग:

संविधान तथा संघीय कानून बमोजिम राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचन एवं राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने जिम्मेवारीमा रहेको निर्वाचन आयोगमा एक स्वतन्त्र संवैधानिक निकायको रूपमा रहेको छ।नेपालको संविधान एवं निर्वाचन आयोग ऐन, २०७३ लगायत विभिन्न निर्वाचन सम्बन्धी विषयगत कानूनहरूले निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरेको देखिन्छ।निर्वाचन आयोगमा राजपत्रांकित द्वितीय श्रेणीका उपन्यायाधिवक्ता – १, र राजपत्रांकित तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता -१, गरी जम्मा २ जना सरकारी वकीलको दरबन्दी रहेको छ। निर्वाचन आयोगको संगठन संरचना अनुसार दुवैजना सरकारी वकीलहरू राजनीतिक दल व्यवस्थापन शाखामा कार्यरत रहेको देखिन्छ ।

### निर्वाचन आयोगमा कार्यरत सरकारी वकीलको काम कर्तव्य र अधिकार:

- आयोगको कार्यमा कानूनी सल्लाह प्रदान गर्ने,
- निर्वाचन कानून सम्बन्धी नीति, निर्देशन कार्यान्वयन गर्ने,
- आयोगमा दर्ता भएका राजनीतिक दलहरूको आर्थिक विवरण र निर्वाचन खर्च विवरण प्राप्त भए नभएको सम्बन्धमा आयोगलाई जानकारी गराउने,
- निर्वाचन आयोग विरूद्ध अदालतमा परेका रिट निवेदन तथा अन्य मुद्दामा आयोगका तर्फबाट लिखित जवाफ वा प्रतिवाद तयार गर्ने र महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी बहस पैरवीको प्रवन्ध मिलाउने,
- आयोगमा हुने निर्णय लेखन र इजलास संचालनमा सहयोग पुऱ्याउने,
- राजनैतिक दल दर्ता तथा विधान संशोधनका लागि परेका निवेदन उपर कानून बमोजिम कारबाहीका लागि प्रक्रिया पुरा गरी, गराई आयोग समक्ष पेश गर्ने व्यवस्था मिलाउने,
- आयोगको प्रशासनिक कार्यमा कानूनी वाधा अड्चन पर्न आएमा आवश्यक ऐन, तथा नियम हेरी सो सम्बन्धमा आवश्यक राय पेश गर्ने,
- निर्वाचन आयोग उपर परेका उजुरीको लिखित जवाफ समयमै तयार गरी अदालतमा पठाउने,
- राजनीतिक दल दर्ताको लागि परेका आवेदनहरूमा आवश्यक छानविन गरी दल दर्ताको लागि राय सहित आयोगमा पेश गर्ने र दर्ता भएका राजनीतिक दलहरो अभिलेख अद्यावधिक राख्ने,

निर्वाचन आयोगको च.नं.२०७९/८० , १०२ मिति २०७९/५/१३ को पत्रका आधारमा तयार गरिएको

- राजनीतिक दलहरूले कानून बमोजिम पेश गर्नुपर्ने वार्षिक आयव्यको लेखापरीक्षण प्रतिवेदन प्राप्त गर्ने र त्यस्तो विवरणको समीक्षा गरी अभिलेख अद्यावधिक गर्ने गराउने,
- नेपालको संविधान र संघीय कानून बमोजिम राजनीतिक दलले पालना गर्नुपर्ने समानुपतिक समावेसी प्रतिनिधित्व सम्बन्धी व्यवस्था पालना गराउन राजनीतिक दललाई अभिप्रेरित गर्ने,
- आयोग समक्ष पेश गर्नुपर्ने प्रस्तावहरूमा कानूनको रीत पुऱ्याई पेश गर्ने,
- राजनीतिक दलहरूबाट निर्वाचन सम्बन्धी विषय हेर्ने सम्पर्क व्यक्ति (Focal Person) को विवरण लिई दलसँगको सम्बन्धलाई प्रभावकारी बनाई राख्ने,
- राजनीतिक दलको दर्ता ,निर्वाचन चिन्ह ,केन्द्रीय कार्यकारिणी समिति लगायतका विवरण अद्यावधिक गरी राख्ने र आयोग अन्तर्गतका कार्यालयहरूलाई समेत सोही बमोजिम गर्न लगाउने,
- निर्वाचन आयोग उपर परेका उजुरीहरूमा आयोगका तर्फबाट बहस पैरवीको प्रबन्ध मिलाउने र बहसमा आवश्यकता अनुसार उपस्थित हुने,
- राजनीतिक दल दर्ता सम्बन्धमा परेका निवेदन उपर सो दलको विधान अध्ययन गरी नेपालको संविधान र प्रचलित कानून प्रतिकील भए नभएको सम्बन्धमा आयोगलाई सल्लाह उपलब्ध गराउने र आयोगबाट भएको निर्णय एवं निर्देशन अनुसार पत्राचार गर्ने,
- राजनीतिक दलको केन्द्रीय समिति ,दलको नाम ,झण्डा ,छाप ,चिन्ह र विधान संशोधन भई आएमा कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी अध्यावधिक र अभिलेखिकरणका लागि आयोग समक्ष पेश गर्ने,
- एउटै राजनीतिक दलका दुई वा दुई भन्दा बढी राजनीतिक दलको बीचमा विवाद उत्पन्न भई विवाद निरूपणका लागि निवेदन पेश भएमा आयोगमा पेश गरी विवाद निरूपणको प्रकृया अगाडि बढाउने,
- राजनीतिक दलले संविधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र दलको विधान बमोजिम ५ वर्षभित्र दलको केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन गरे नगरेको विवरणको जानकारी लिई नगरेको भए कानून बमोजिमको थप कारवाही अगाडि बढाउने,
- राजनीतिक दलको महाधिवेशनबाट निर्वाचित पदाधिकारी र केन्द्रीय समिति सदस्यमा निर्वाचित भएको व्यक्तिले सो दलको कार्यालयमा आफ्नो चल अचल सम्पतिको विवरण पेश गरी दलले त्यस्तो सम्पति विवरण पेश गर्ने र नगर्नेको नामावली सार्वजनिक गरे नगरेको विवरण माग गरी थप कारवाही प्रकृया अगाडि बढाउने,
- राजनीतिक दलहरूबीच भएको एकीकरण, दल दर्ता खारेजीको निवेदन परेमा सो उपर कानून बमोजिम कारवाहीको लागि प्रकृया पूरा गरी गराई आयोग समक्ष पेश गर्ने व्यवस्था मिलाउने,
- निर्वाचन आचारसंहिताको कार्यान्वयन र अनुगमन गर्ने गराउने साथै निर्वाचन समाप्त भएपछि त्यस सम्बन्धी प्रतिवेदन तयार गर्ने,
- नेपालको संविधान र प्रचलित कानून बमोजिम राजनीतिक दलहरूले पालना गर्नुपर्ने आवश्यक विषयमा निर्देशन दिन आयोग समक्ष सिफारिस गर्ने।
- आयोगमा परी आउने तोकिए बमोजिमका अन्य भैपरी कामहरू गर्ने।

## २१.३ राष्ट्रिय महिला आयोगः

महिलाको हक, हित र अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै महिला सशक्तिकरण गर्न तथा महिला विरूद्ध हुने सबै किसिमका भेदभावलाई उन्मूलन गरी लैंगिक न्याय सुनिश्चित गर्ने उद्देश्यले नेपालको संविधानको धारा २५२ बमोजिम महिला आयोगको गठन भएको छ। नेपालको संविधानको धारा २५३ र महिला आयोग ऐन, २०७४ ले महिला आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। महिला आयोगको संगठन संरचना बमोजिम सो आयोगको उजुरी तथा मुद्दा व्यवस्थापन शाखामा राजपत्रांकित तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता–१ को दरबन्दी रही सरकारी वकीलले सोहि शाखालाई सुम्पिएको जिम्मेवारी निर्वाह गरी आएका छन्।

**राष्ट्रिय महिला आयोगमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य र अधिकार:**

- आयोगमा प्राप्त उजुरी दर्ता गरी छानबिन सम्बन्धी कार्य गर्ने, गराउने,
- घटना अनुसन्धान गरी मुद्दा दायर वा अन्य व्यवस्थापन सम्बन्धी कार्यका लागि सम्बन्धित निकायमा सिफारिस तथा अनुगमन सम्बन्धी कार्य,
- उजुरीमा मेलमिलाप सम्बन्धी कार्य,
- आयोगलाई कानूनी राय तथा सेवाग्राहीलाई कानूनी परामर्श दिने कार्य,
- पीडित महिलाको उद्धार, सुरक्षा वा पुनःस्थापनाका लागि सिफारिस गर्ने कार्य,,
- आयोग विरुद्ध परेका निवेदनको लिखित जवाफ तयार गर्ने कार्य,
- महिला अधिकारसँग सम्बन्धित ऐन कानून कार्यान्वयनमा आइपरेका समस्याको अध्ययन अनुसन्धान गरी समस्या समाधानका उपाय पहिल्याउने,
- लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने कार्य,
- आयोगले तोकेका अन्य कार्य गर्ने।

https://nwc.gov.np/about/department-tasks/

राष्ट्रिय महिला आयोगको च.नं . २६३ मिति ०७९/०५/२० को पत्रलाई समेत आधार लिइएको

**२१.४ आन्तरिक राजश्व विभाग:**

नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत रहेको आन्तरिक राजश्व विभागले देशको कर प्रशासन सञ्चालन गर्ने कार्य गर्दछ । मूल्य अभिवृद्धि कर, आयकर, अन्त:शुल्क तथा अन्य कर कानूनको कार्यान्वयन यस विभागको कार्यक्षेत्र भित्र पर्दछ । आन्तरिक राजश्व विभागको संगठन संरचना अनुसारको कानून शाखामा राजपत्रांकित द्वितीय श्रेणीका उपन्यायाधिवक्ता – १ र राजपत्रांकित तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता –१ गरी २ जना सरकारी वकील कार्यरत छन्। आन्तरिक राजश्व विभाग अन्तर्गत रहेको ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयमा समेत १/१ जना सहायक न्यायाधिवक्ता स्तरका सरकारी वकील समेत कार्यरत छन्।

**आन्तरिक राजश्व विभाग र सो अन्तर्गतका कार्यालयमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य र अधिकार:**

- आन्तरिक राजश्व विभाग तथा मातहत कार्यालयले सम्पादन गर्ने काम कारबाहीका सम्बन्धमा कानूनी राय प्रदान गर्ने ,
- विभाग तथा कार्यालय उपर परेका रिट निवेदनको लिखित जवाफको मस्यौदा तयार गर्ने,
- महानिर्देशकबाट हुने कर निर्धारण उपर परेको प्रशासकीय पुनरावलोकनको निर्णयमा आवश्यक सहयोग गर्ने,
- आन्तरिक राजश्व कार्यालयका तर्फबाट राजश्व न्यायाधिकरणको आदेश/फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदनको लागि जानुपर्ने अनुमति सम्बन्धी निवेदनपत्रको मस्यौदा तयार गर्दा सम्बन्धित अधिकारीलाई आवश्यक सहयोग गर्ने,
- राजस्व न्यायाधिकरणमा बहसपैरवी गर्नको लागि अनुरोध भई आएमा महान्यायाधिवक्ताको कार्यालय र विशेष सरकारी वकील कार्यालयसँग समन्वय गरी बहस पैरवीको लागि सहभागी हुने,
- सरकारी वकील कार्यालयबाट अड्डा अदालतमा राजश्व / कर सम्बन्धी मुद्दामा बहस पैरवी गर्दा आवश्यक पर्ने निर्णय कागजात एवं प्राविधिक विषयमा परामर्श उपलब्ध गराउन सहजीकरण गर्ने,
- राजस्व न्यायाधिकरणबाट भएका फैसलाहरूको संग्रह प्रकाशनमा आवश्यक समन्वय गर्ने।

आन्तरिक राजश्व विभागको च.नं .४५२ मिति २०७९/६/२७ को पत्रका आधारमा तयार गरिएको।

**२१.५ सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग:**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको मुख्य कार्य सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी र अन्य विनाशका हातहतियार विस्तार (प्रोलिफेरेशन) मा सहयोग गर्न कुनै पनि प्रकारका गैरकानूनी कमाई र योगदान सम्बन्धी कसूरमा अनुसन्धान तथा मुद्दा दर्ता गर्ने हो।सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ तथा सोको नियमावली, २०७३ ले विभागबाट सम्पादन गहुने कार्यका बारेमा उल्लेख गरेको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा राजपत्रांकित द्वितीय श्रेणीका उपन्यायाधिवक्ता-१, राजपत्रांकित तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता– २ र महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका राजपत्र अनङ्कित प्रथम श्रेणीका २ जना सहायक कर्मचारी समेत कार्यरत छन्।

**सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा कार्यरत सरकारी वकीलको काम कर्तव्य र अधिकार:**

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं .१३-३-४४ मिति २०७९/६/२७ को पत्रका आधारमा तयार गरिएको।

- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सम्पादन गर्ने काम कारवाहीका सम्बन्धमा नीतिगत तथा कानूनी विषयमा परामर्श, सल्लाह दिने,
- अनुसन्धान सम्पन्न भएका मुद्दामा अनुसन्धान प्रतिवेदन सहित मुद्दा चल्ने/नचल्ने निर्णयका लागि विषेश सरकारी वकील कार्यालयमा मिसिल पठाउने सम्बन्धमा सम्बन्धित अनुसन्धान अधिकृतलाई अनुसन्धान राय प्रतिवेदन र अभियोजन सम्बन्धमा आवश्यक परामर्श ,सुझाव दिने,
- सरकारी वकील कार्यालयबाट मुद्दा चलाउने सम्बन्धमा निर्णय भई प्राप्त मिसिलका सम्बन्धमा अभियोगपत्र तयार गर्न सल्लाह ,सुझाव दिने,
- सरकारी वकील कार्यालयबाट मुद्दा चलाउने/नचलाउने सम्बन्धमा परिणाममुखी र वैज्ञानिक अनुसन्धानका प्रयोजनार्थ प्राप्त निर्देशन कार्यान्वयन गर्न सरकारी वकील र अनुसन्धान अधिकृत बीच समन्वय र आवश्यक सहजीकरण गर्ने,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा बहस ,पैरवी तथा प्रतिरक्षा र पुनरावेदन सम्बन्धी कार्यका लागि सरकारी वकील कार्यालयलाई आवश्यक मिसिल कागजात र प्राविधिक सहयोग उपलब्ध गराउने तथा आवश्यक परेमा सम्पत्ति शुद्धीकरण विभागको तर्फबाट सरकारी वकीलसँग समन्वय गरी बहस पैरवीमा उपस्थित हुने,
- विभागलाई विपक्षी बनाई दायर भएका रिट निवेदनको लिखित जवाफ तयार गर्ने कार्यमा सहयोग गर्नुका साथै विभागको तर्फबाट प्रतिरक्षा गर्ने ,सरकारी वकील कार्यालयमा निर्णय ,कागजात र अन्य सहयोग उपलब्ध गराउने एवं आवश्यक परेमा सरकारी वकीलसँग समन्वय गरी विभागको तर्फबाट बहस पैरवीमा उपस्थित हुने,
- विभागले तोके बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान तहकिकात र अभियोजन गर्ने,
- अनुसन्धान र अभियोजनमा देखिएका समस्याको निराकरण गर्न वैज्ञानिक प्रमाणमा आधारित पद्धतिलाई अवलम्बन गरी तथ्यमा आधारित अनुसन्धान पद्धतिका लागि अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग सहजीकरण गर्ने,
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना कार्यान्वयन सन्दर्भमा तोकिएका कार्यहरू गर्ने गराउने,
- सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐनको उद्देश्य हासिल गर्न आवश्यक परामर्श ,सल्लाह दिने,
- फैसला कार्यान्वयनको अनुगमन तथा अन्तर्राष्ट्रिय सन्धि ,सम्झौता एवं दायित्व बारेमा परामर्श सल्लाह दिने,
- जाँचबुझ एवं अनुसन्धानका क्रममा प्राप्त तथ्यहरूबाट विदेशी समकक्षीसँग संयुक्त अनुसन्धान गर्नु पर्ने देखिएमा सो सम्बन्धमा प्रतिवेदन पेश गर्ने,
- कुनै विषयको जाँचबुझ एवं अनुसन्धानको क्रममा कुनै विषयमा अन्य कुनै अनुसन्धान गर्ने निकायसँग समानान्तर वा संयुक्त अनुसन्धान गर्न उपयुक्त छ भन्ने लागेमा सो सम्बन्धी विवरण सहितको प्रतिवेदन पेश गर्ने।

## २१.६ वैदेशिक रोजगार विभाग:

वैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४ बमोजिम वैदेशिक रोजगार सम्बन्धी मामला हेर्न यस विभागको गठन भएको हो। वैदेशिक रोजगार ऐन, २०७४ र सोको नियमावलीले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको काम, कर्तव्य र अधिकारको बारेमा व्यवस्था गरेको छ। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको संगठन संरचना अनुसार अनुसन्धान तथा मुद्दा शाखाको प्रमुख (निर्देशक) को रूपमा रा.प. द्वितीय श्रेणीका उपन्यायाधिवक्ता र अन्य ४ जना रा.प. तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता एवं महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका रा.प. अनङ्कित प्रथम श्रेणीका ३ जना कर्मचारी समेत वैदेशिक रोजगार विभागमा कार्यरत छन्।

## २१.७ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग:

खाद्य उद्योग स्थापना व्यवस्थापन, आयात निर्यात एवं उत्पादित खाद्य वस्तुको गुणस्तर परिक्षण, खाद्य प्रविधि विकास एवं विस्तार लगायत दुषित खाद्य सम्बन्धी कसूरको कानून बमोजिम अनुसन्धान कारबाही गर्ने गराउने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट हुन्छ। यस विभागमा एक जना सहायक न्यायाधिवक्तास्तरको सरकारी वकील कार्यरत छन्।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य र अधिकार:**

- विभागबाट सम्पादन हुने कार्यसँग सम्बन्धित आवश्यक कानूनी तथा कार्यविधिगत विषयमा राय परामर्श उपलब्ध गराउने,
- खाद्य एवं दाना सम्बन्धी ऐन ,नियममा भएको व्यवस्थाहरू संशोधन ,परिमार्जन गर्नुपर्ने भएमा त्यस सम्बन्धी आवश्यक कार्य गर्ने,
- खाद्य ऐन, २०२३ एवं दाना पदार्थ ऐन, २०३३ को बर्खिलाप हुने कसूरको अनुसन्धान, तहकिकात सम्बन्धी विषयमा खाद्य निरीक्षक/दाना निरीक्षकलाई माग भई आए बमोजिम कानूनी सल्लाह प्रदान गर्ने,
- विभागलाई विपक्षी बनाई दायर भएका रिट निवेदनमा लिखित जवाफ तयार गर्ने कार्यमा सहयोग गर्नुको साथै विभागको तर्फबाट प्रतिरक्षा गर्ने सरकारी वकील कार्यालयमा निर्णय, कागजात र अन्य सहयोग उपलब्ध गराउन सहजीकरण गर्ने,
- महानिर्देशकबाट तोकिएको अन्य कार्य गर्ने ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको च.नं .२६ मिति २०७९/५/१५ को पत्रका आधारमा तयार गरिएको।

**२१.८ राजश्व अनुसन्धान विभाग:**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहेको राजश्व अनुसन्धान विभागको मुख्य कार्य सबै प्रकार (कर तथा गैर कर) राजस्व चुहावट र विदेशी विनिमय सम्बन्धी कसूरको अनुसन्धान तहकिकात र अभियोजन गर्ने हो । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ र राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी विनिमय (नियमित गर्ने) नियमहरू २०२० समेतले यस विभागको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ। राजश्व अनुसन्धान विभाग र अन्तर्गत कार्यालयमा राजपत्रंकित द्वितीय श्रेणीका उपन्यायाधिवक्ता – १, रा.प. तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता -१ र महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका रा.प.अनं. प्रथम श्रेणीका सहायक कर्मचारी - ४ रहेका छन् ।

**राजश्व अनुसन्धान विभागमा रहेका सरकारी वकीलको काम, कर्तव्य र अधिकार:**

- विभागबाट सम्पादन हुने कार्यसँग सम्बन्धित आवश्यक कानूनी तथा कार्यविधिगत विषयमा राय परामर्श उपलब्ध गराउने,
- राजस्व चुहावट एवं विदेशी विनिमय सम्बन्धी मुद्दामा अनुसन्धान तहकिकात सम्पन्न भए पछि अनुसन्धान प्रतिवेदन तयारी, मुद्दा चल्ने, नचल्ने निर्णय गर्न सरकारी वकील कार्यालयमा मिसिल कागजात पठाउने कार्यमा आवश्यकता अनुसार अनुसन्धान अधिकारीलाई आवश्यक सहयोग र सहजीकरण गर्ने,
- विदेशी विनिमय सम्बन्धी मुद्दामा मुद्दा चल्ने निर्णय भई मिसिल प्राप्त भए पछि अभियोगपत्र तयारी र दर्ता सम्बन्धमा सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक सहयोग र सहजीकरण गर्ने,
- राजश्व चुहावट र विदेशी विनिमय सम्बन्धी मुद्दामा अदालत वा मुद्दा हेर्ने अधिकारीका समक्ष प्रतिरक्षा गर्न सरकारी वकीललाई आवश्यक पर्ने प्रमाण मिसिल एवं प्राविधिक सहायता उपलब्ध गराउन समन्वय र सहयोग गर्ने,
- विभागलाई विपक्षी बनाई दायर भएका रिट निवेदन र अन्य मुद्दामा विभागको तर्फबाट लिखित जवाफ वा प्रतिउत्तर तयार गर्ने कार्यमा सम्बन्धित अधिकारीलाई सहयोग गर्ने,
- अड्डा अदालतबाट भएका फैसला, आदेश उपर विभागको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन गर्नु पर्नेमा त्यास्ता कानूनी लिखत तयार गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,
- विभागबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## २१.९ भन्सार विभाग:

भन्सार ऐन, २०६४ तथा प्रचलित कानून बमोजिम भन्सार महसुल छुट भएकोमा बाहेक निकासी वा पैठारी हुने प्रत्येक मालवस्तुमा लाग्ने भन्सार महसुलको निर्धारण, उठाउने कार्यको व्यवस्थापन तथा भन्सार चोरी निकासी तथा चोरी पैठारी जस्ता कसूरजन्य कार्यको नियन्त्रण, अनुसन्धान र कानूनी कारबाहीका लागि स्थापना भएको नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत रहेको राजश्व संकलन गर्ने महत्वपूर्ण विभागको रूपमा भन्सार विभाग रहेको छ।विश्व भन्सार संगठनले जारी गरेका औजार तथा मापदण्डलाई पालना गर्दै अन्तर्राष्ट्रिय व्यापारमा आएको परिवर्तनसँगै भन्सार प्रशासनलाई अझ बढी कुशल, सेवामूखि तथा पारदर्शी बनाउनु भन्सार विभागको मुख्य जिम्मेवारी हो। भन्सार विभागको संगठन संरचना अनुरूप सामान्य प्रशासन तथा जनशक्ति विकास शाखामा राजपत्रांकित तृतीय श्रेणीका सहायक न्यायाधिवक्ता समेत रहने व्यवस्था छ।

## भन्सार विभागमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य तथा अधिकार:

- आफूलाई तोकिएको शाखाको प्रमुखको कार्यसम्पादनमा सहयोग गर्ने,
- विभागबाट सम्पादन हुने कार्यसँग सम्बन्धित आवश्यक कानूनी तथा कार्यविधिगत विषयमा राय परामर्श उपलब्ध गराउने,
- प्रचलित कानून बमोजिम भन्सार विभागका महानिर्देशकबाट गरिने प्रशासकीय पुनरावलोकन सम्बन्धी कार्यमा कानूनी तथा कार्यविधिगत विषयमा सहयोग गर्ने,
- भन्सार अधिकृतबाट गरिने चोरी निकासी, पैठारी सम्बन्धी मुद्दाको अनुसन्धान तहकिकात तथा निर्णय सम्बन्धी कार्यमा माग भए बमोजिम आवश्यक राय परामर्श दिने,
- भन्सार सम्बन्धी मुद्दामा अनुसन्धान तहकिकात सम्पन्न भए पछि अनुसन्धान प्रतिवेदन तयारी, मुद्दा चल्ने, नचल्ने निर्णय गर्न सरकारी वकील कार्यालयमा मिसिल कागजात पठाउने कार्यमा आवश्यकता अनुसार अनुसन्धान अधिकारीलाई सहयोग र सहजीकरण गर्ने,
- सम्बन्धित सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भई मिसिल प्राप्त भए पछि अभियोगपत्र तयारी र दर्ता सम्बन्धमा सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक सहयोग र सहजीकरण गर्ने,
- भन्सार मुद्दामा अदालत वा मुद्दा हेर्ने अधिकारीका समक्ष प्रतिरक्षा गर्न सरकारी वकीललाई आवश्यक पर्ने प्रमाण मिसिल एवं प्राविधिक सहायता उपलब्ध गराउन समन्वय र सहयोग गर्ने,
- विभागलाई विपक्षी बनाई दायर भएका रिट निवेदन र अन्य मुद्दामा विभागको तर्फबाट लिखित जवाफ वा प्रतिउत्तर तयार गर्ने कार्यमा सम्बन्धित अधिकारीलाई सहयोग गर्ने,
- अड्डा अदालतबाट भएका फैसला, आदेश उपर विभागको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन गर्नु पर्नेमा त्यस्ता कानूनी लिखत तयार गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,
- भन्सार प्रशासनसँग सम्बन्धित मुद्दामा अनुसन्धान तहकिकात हुँदा रीतपूर्वक भएको छ वा छैन, शंकित व्यक्तिलाई अवैध तवरले थुनामा राखिएको छ वा छैन, मानवोचित व्यवहार गरिएको छ वा छैन भन्ने सम्बन्धमा विभागको सूचना अधिकारी मार्फत सूचना संकलन गर्ने र अनुसन्धान अधिकारी एवं मुद्दा हेर्ने अधिकारीलाई रीतपूर्वक कार्य गर्न गराउन निर्देशन दिन राय परामर्श प्रदान गर्ने,
- न्यायिक निकायबाट भन्सार विभाग एवं भन्सार कार्यालय सम्बद्ध मुद्दाको पेशी तोकिएको बखत भन्सार विभाग एवं कार्यालयको तर्फबाट अन्तरिम छलफल एवं अन्य सुनुवाइका बखत उपस्थित भै इजलासबाट सोधिएको सवालको जवाफ दिने,
- सर्वोच्च अदालत, उच्च अदालत, राजश्व न्यायाधिकरण, प्रशासकीय अदालत समेतबाट माग भै आएका सक्कल मिसिल, लिखित प्रतिक्रिया समेत पठाउन आवश्यक समन्वय र सहकार्य गर्ने,
- भन्सार विभागमा दर्ता भएका मुद्दाको विस्तृत विवरण सहित मासिक एवं वार्षिक (मास्केवारी) विवरण तयार पारी शाखा प्रमुखलाई जानकारी गराउने,
- भन्सार कार्यालयमा भन्सार प्रशासन सम्बद्ध मुद्दाको निरीक्षण अनुगमन गरी राय परामर्श सहित सुझाव पेश गर्ने,

भन्सार विभागको च.नं .१० मिति २०७९/५/२२ को प्राप्त पत्रका आधारमा तयार गरिएको ।

- भन्सार विभागका महानिर्देशकबाट गरिने प्रशासकीय निर्णय सम्बन्धी कार्यमा आवश्यक कानूनी राय प्रदान गर्ने,
- विद्यमान कानून, ऐन, नियम, कार्यविधि एवं आर्थिक प्रशासन सम्बद्ध विषयमा निरन्तर अध्ययन अन्वेषण गर्ने,
- भन्सार विभागबाट जारी कार्यविधि, निर्देशिका, फैसला संग्रह, परिपत्र आदिमा कानूनी राय परामर्श दिने,
- अड्डा अदालतबाट भएका फैसलाको अण्तिम टुङ्गो लागेको अवस्थामा कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउन परामर्श दिने,
- भन्सार कार्यालय वा विभाग मातहत कार्यरत कर्मचारीहरूलाई विभागीय सजाय सम्बन्धी कारवाही गर्दा आवश्यक राय परामर्श उपलब्ध गराउने,
- भन्सार विभाग, भन्सार कार्यालय, न्यायिक निकाय, सरकारी वकील तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने गराउने,
- भन्सार प्रशासन सम्बद्ध मुद्दा मामिलाको अनुसन्धान, अभियोजन, कारवाही एवं किनारा गर्न भण्सार विभाग तथा भन्सार कार्यालयमा कार्यरत कर्मचारीलाई आवश्यक तालिम सञ्चालन गर्न सहजीकरण गर्ने,
- भन्सार विभाग तथा भन्सार कार्यालयबाट सम्पादित हुने कार्यसँग सम्बन्धित कानूनी राय/परामर्श माग भएमा सम्बन्धित कानून वा विषयको अध्ययन गरी राय/परामर्श प्रदान गर्ने ।
- विभागबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## २१.१० कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग:

फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफत गर्ने सम्बन्धमा समसामयिक व्यवस्था गर्न बनेको कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० बमोजिम कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधनको व्यवस्थापन र लिलाम बिक्री सम्बन्धी कार्य गर्न कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना भएको हो । विभागको संगठन संरचना अनुसार कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागमा राजपत्रांकित तृतीय श्रेणी सहायक न्यायाधिवक्ता दर्जाका सरकारी वकील समेत रहने व्यवस्था छ ।

## कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य र अधिकार:

- महानिर्देशकको कर्य सम्पादनमा सहयोग गर्ने,
- विभागबाट सम्पादन हुने कार्यसँग सम्बन्धित आवश्यक कानूनी तथा कार्यविधिगत विषयमा राय परामर्श उपलब्ध गराउने,
- विभागलाई विपक्षी बनाई दायर भएका रिट निवेदन र अन्य मुद्दामा विभागको तर्फबाट लिखित जवाफ वा प्रतिउत्तर तयार गर्ने कार्यमा सम्बन्धित अधिकारीलाई सहयोग गर्ने,
- अदालत वा मुद्दा हेर्ने अधिकारीका समक्ष विभागको तर्फबाट प्रतिरक्षा गर्न सरकारी वकीललाई आवश्यक पर्ने प्रमाण मिसिल एवं प्राविधिक सहायता उपलब्ध गराउन समन्वय र सहयोग गर्ने,
- अड्डा अदालतबाट भएका फैसला, आदेश उपर विभागको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन गर्नु पर्नेमा त्यस्ता कानूनी लिखत तयार गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,
- विभागबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## २१.११ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग:

नेपालको स्थानगत जैविक विविधताको संरक्षणका लागि भौगोलिक परिस्थितिकीय प्रणालीको (Ecosystems) संरक्षण, संकटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तु वनस्पति लगायत जैविक विविधता संरक्षण, वन्यजन्तु तथा वनस्पति संरक्षण र व्यवस्थापन सम्बन्धी

अध्ययन अनुसन्धानका साथै प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाउँको संरक्षण समेतका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना भएको हो। विभागको संगठन संरचना अनुसार वन्यजन्तु अपराध नियन्त्रण शाखामा राजपत्रांकित तृतीय श्रेणी सहायक न्यायाधिवक्ता दर्जाका सरकारी वकील समेत रहने व्यवस्था छ।

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य र अधिकार:**

- वन्यजन्तु अपराध नियन्त्रण शाखाबाट सम्पादन हुने देहायका कार्यमा शाखा प्रमुखलाई आवश्यक सहयोग गर्ने:
- वन्यजन्तुको अपराध नियन्त्रणका लागि केन्द्रियस्तरमा सम्बन्धित निकायहरूसँग समन्वय कायम गर्ने,
- मातहतका कार्यालयहरूमा प्रभावकारिता आउने गरी चोरी शिकार नियन्त्रण एकाई परिचालन गर्न आवश्यक राय सुझाव पेश गर्ने,
- अन्तर्राष्ट्रिय महासन्धी, सन्धी र संझौताहरूको कार्यान्वयन भए नभएको अनुगमन गर्ने,
- वन्यजन्तु चोरी शिकारमा संलग्न व्यक्तिहरूको अभिलेख तयार गर्ने,
- विभाग र अन्तर्गतका कार्यालयहरूमा वन्यजन्तु अपराधका विषयहरूमा अदालती कारबाहीमा रहेका विषयवस्तुसँग आवश्यक पर्ने जवाफ, प्रतिवेदन तयार गर्ने,
- वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धमा केन्द्रिय स्तरमा सञ्चालन गर्ने कार्यमा सहयोग गर्ने र आवश्यक सहयोग उपलब्ध गराउने।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु सम्बन्धी कसूरको अनुसन्धान अधिकारी तथा निर्णय गर्ने अधिकारीको क्षमता विकासका लागि महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी पाठ्यक्रम निर्माण तथा प्रशिक्षणका लागि पहल गर्ने,
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु सम्बन्धी मुद्दामा अदालत वा मुद्दा हेर्ने अधिकारीका समक्ष प्रतिरक्षा गर्न सरकारी वकीललाई आवश्यक पर्ने प्रमाण मिसिल एवं प्राविधिक सहायता उपलब्ध गराउन समन्वय र सहयोग गर्ने,
- विभागलाई विपक्षी बनाई दायर भएका रिट निवेदन र अन्य मुद्दामा विभागको तर्फबाट लिखित जवाफ वा प्रतिउत्तर तयार गर्ने कार्यमा सम्बन्धित अधिकारीलाई सहयोग गर्ने,
- अड्डा अदालतबाट भएका फैसला, आदेश उपर विभागको तर्फबाट निवेदन, पुनरावेदन वा पुनरावलोकन गर्नु पर्नेमा त्यस्ता कानूनी लिखत तयार गर्न आवश्यक सहयोग र सहजीकरण गर्ने,
- विभागबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने।

https://dnpwc.gov.np/ne/division-and-section/

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको च.नं .८४३ मिति २०७९/६/३० को पत्रानुसार तयार गरिएको

## २१.१२ जिल्ला प्रशासन कार्यालय, काठमाडौं:

स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप संचालन गर्न तथा शान्ति र व्यवस्थालाई प्रभावकारी रूपमा संचालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५ ले जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार काठमाडौँ जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो। यस कार्यालयको संगठन संरचना अनुरूप प्रशासन शाखाको कानून अधिकृतको रूपमा राजपत्रांकित तृतीय श्रेणी सहायक न्यायाधिवक्ता दर्जाका सरकारी वकील समेत रहने व्यवस्था छ।

**जिल्ला प्रशासन कार्यालय काठमाडौंमा कार्यरत सरकारी वकीलको काम, कर्तव्य र अधिकार:**

- कानून शाखालाई प्रदान गरेको जिम्मेवारी निर्वाह गर्ने,
- कुनै कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धान अधिकारी तोक्नका लागि पत्र प्राप्त भएकोमा सम्बन्धित कार्यालयसँग परामर्श गरी विषयगत विज्ञलाई अनुसन्धान अधिकारी तोक्न प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने,

जिल्ला प्रशासन

- प्रमुख जिल्ला अधिकारी नै अनुसन्धान अधिकारी भएका कसूरको अनुसन्धान तथा अभियोगपत्र तयार गरी दर्ता गर्ने कार्यमा सम्बन्धित सरकारी वकील कार्यालयसँग समन्वय, सहजीकरण गरी प्रमुख जिल्ला अधिकारीको कार्य सम्पादनमा सहयोग गर्ने,
- प्रमुख जिल्ला अधिकारीबाट शुरू कारबाही र किनारा हुने मुद्दाको दर्ता, मुद्दाको सुनुवाइ प्रक्रिया तथा निर्णयमा प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादनमा सहयोग गर्ने,
- जिल्ला प्रशासन कार्यालयलाई विपक्षी बनाएका रिट निवेदन लगायत मुद्दामा कार्यालयको तर्फबाट लिखित जवाफ, प्रतिउत्तरपत्र तयार गर्ने,
- कार्यालयको तर्फबाट अड्डा अदालतमा प्रतिरक्षा गर्ने सम्बन्धित सरकारी वकीललाई आवश्यक प्रमाण, मिसिल, कागज समय मै उपलब्ध गराउन समन्वय र सहजीकरण गर्ने,
- जिल्ला प्रशासन कार्यालयबाट सम्पादन हुने कार्यसँग सम्बन्धित आवश्यक कानूनी तथा कार्यविधिगत विषयमा सम्बन्धित कर्मचारीलाई राय परामर्श दिने,
- प्रमुख जिल्ला अधिकारीबाट सुनुवाइ हुने मुद्दाको मिसिल तथा अभिलेख व्यवस्थापन गर्नुका साथै अड्डा अदालतबाट मुद्दाको कारबाहीको सिलसिलामा माग भएका मिसिल कागज समयमै पठाउने व्यवस्था मिलाउने,
- प्रमुख जिल्ला अधिकारीबाट तोकिएका कानून र न्याय सम्बन्धी अन्य कार्य गर्ने ।

कार्यालय, काठमाडौंको च.नं .५२८ मिति २०७९/५/२० को पत्रानुसार तयार गरिएको ।

# परिच्छेद-तीन

## फौजदारी न्याय प्रशासनसँग सम्बन्धित मौलिक हक तथा फौजदारी न्यायका मान्य सिद्धान्त

**यस परिच्छेद भित्र**

फौजदारी न्याय प्रशासनसँग सम्बन्धित मौलिक हक

१.१ सम्मानपूर्वक बाँच्न पाउने हक सम्मानपूर्वक बाँच्न पाउने हक

१.२ स्वतन्त्रताको हक

१.३ समानताको हक

१.४ न्याय सम्बन्धी हक

- पक्राउको कारण थाहा पाउने,
- पक्राउ परेका व्यक्तिले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने,
- मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत हुन पाउने,
- कानूनमा तोकिए भन्दा बढी सजाय नहुने,
- निर्दोषिताको अनुमान
- एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय नगरिने,
- आफ्नो विरूद्ध साक्षी हुन कर नलाग्ने,
- कारबाहीको जानकारी पाउने,
- स्वच्छ सुनुवाइ,
- निःशुल्क कानूनी सहायता

१.५ अपराध पीडितको हक

१.६ यातना विरूद्धको हक

- हिरासत अनुगमन सम्बन्धी व्यवस्था,
- कारागार अनुगमन सम्बन्धी व्यवस्था,

१.७ निवारक नजरबन्द विरूद्धको हक

१.८ छुवाछूत तथा भेदभाव विरूद्धको हक

१.९ गोपनीयताको हक

१.१० शोषण विरूद्धको हक

१.११ संवैधानिक उपचारको हक

२. स्वच्छ सुनुवाइ, फौजदारी न्याय सम्बन्धी सिद्धान्त

२.१ कार्यविधि कानूनसँग सम्बन्धित सिद्धान्त

२.२ सारवन कानूनसँग सम्बन्धित सिद्धान्त

२.३ मुलुकी अपराध संहितामा उल्लेखित फौजदारी न्यायका सामान्य सिद्धान्त

३. मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेज र तिनको प्रयोग

३.१ मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपाल पक्ष रहेका दस्तावेज

३.२ मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपाल पक्ष रहेका दस्तावेजको प्रयोग

## १. फौजदारी न्याय प्रशासनसँग सम्बन्धित मौलिक हक

कानूनी राज्यमा कानूनको सर्वोपरिता हुन्छ र कानूनले गर्नु पर्ने भनी निर्देशित गरेका कार्य नगरेमा वा गर्न नहुने भनी निषेध गरेका कार्य गरेमा त्यस्तो व्यक्तिलाई कानूनद्वारा निर्धारित दायित्व बहन गराउने क्रममा फौजदारी न्याय प्रशासनको प्रक्रिया क्रियाशील हुन्छ। यसरी फौजदारी न्याय प्रशासनको प्रक्रिया सञ्चालन गर्दा एक पक्षको रूपमा सिङ्गो राज्य संलग्न हुन्छ भने अर्कोतिर व्यक्ति रहने हुन्छ। राज्य र व्यक्ति बीचमा सन्तुलन कायम गर्न संविधानले केही मूलभूत मान्यता व्यक्तिको हकमा प्रयोग हुने गरी सुनिश्चित गरिदिएको पाइन्छ। संविधानले प्रदान गरेका यस्ता हकहरूलाई फौजदारी न्याय प्रशासन सञ्चालन गर्ने क्रममा राज्यका सबै अङ्गहरूले संवेदनशील तवरले परिपालन गर्नु पर्ने हुन्छ।संविधानमा भएका यी व्यवस्थाहरू मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा उल्लेखित व्यवस्थाहरू अनुरूप भएबाट नेपालको संविधानले फौजदारी न्याय प्रणालीको स्तरलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल निर्धारण गरेको देखिन्छ। फौजदारी न्याय प्रशासनसँग सम्बन्धित निम्न हकहरूलाई हाम्रो वर्तमान संविधानमा मौलिक हकका रूपमा प्रत्याभूति एवं व्यवस्था गरिएका छन् :

### १.१ सम्मानपूर्वक बाँच्न पाउने हक

बाँच्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानिसको सबैभन्दा प्रिय वस्तु उसको जीवन हो। यो हक अन्तर्गत जीवन जिउने क्रममा प्रत्येक व्यक्तिलाई मर्यादित व्यवहार गरिनु पर्दछ भन्ने मान्यता राखिन्छ। मानिसलाई मानवको रूपमा बाँच्न पाउने र अन्य मानवबाट नमारिने अधिकारको सुनिश्चितता नै जीवनको अधिकार (Right to Life) को सार हो। यस भित्र शरीर उपरको हक तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकार समेत समाविष्ट रहेको मानिन्छ। आफ्नो शरीर माथिको आफ्नो नियन्त्रण र सुरक्षा, शरीरका प्रत्येक अङ्ग सुरक्षित राख्दै जीवनलाई सार्थक तुल्याउन आवश्यक पर्ने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार समेत सम्मानपूर्वक बाँच्न पाउने हक भित्रै पर्दछन्।

सम्मानपूर्वक बाँच्न पाउने हक मानिसको जन्मसिद्ध अधिकार हो। यो हकको अभावमा अन्य मौलिक हक तथा स्वतन्त्रताहरू निरर्थक हुन पुग्छन्। मानिसले सम्मानपूर्वक बाँच्नको लागि आफ्नो विवेक एवं चेतनालाई प्रयोग गर्न पाउने वातावरण आवश्यक हुन्छ। व्यक्तिको जीउ, ज्यान र व्यक्तित्वको सुरक्षामा राज्यको तत्काल उपस्थिति नभएको समयमा जीवनको रक्षाको लागि कानूनमा व्यवस्था गरेर व्यक्ति स्वयंलाई नै आफ्नो सुरक्षा गर्ने जिम्मेवारी सुम्पिएको पाइन्छ। जसलाई आत्म रक्षाको अधिकार भनिन्छ। सम्मानपूर्वक बाँच्न पाउने हक मौलिक हक अन्तर्गतको पनि मौलिक हक मानिन्छ। यो हक प्राकृतिक व्यक्तिको जन्मसिद्ध हक भएको हुँदा राज्य वा कसैले पनि अप्राकृतिक रूपमा व्यक्तिको जीवन हरण गर्न सक्दैन भन्ने नै हो। त्यसकारण प्राकृतिक व्यक्तिलाई जतिसुकै जघन्य कसूर गरेको भए पनि मृत्यदण्डको सजाय नहुने प्रत्याभूत संविधानमा गरिएको छ।

#### संवैधानिक व्यवस्था

- प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ।
- कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन।

नेपालको संविधानको धारा १६

#### सर्वोच्च अदालतको फैसला/आदेश

- स्वच्छ वातावरणमा जिउन पाउने हकमा कुनै पनि प्रत्यक्ष वा परोक्ष असर परेमा न्यायिक उपचारको सान्दर्भिकता रहने हुनाले यस हकलाई न्यायमा पहुँचको हकसम्ममा पनि विस्तारित रूपमा हेर्न सकिने। बाँच्न पाउने हक (Right to life) र सम्मानपूर्वक जीउन पाउने हक अन्तर्गत जिउने मात्र नभएर सामाजिक, शारीरिक र मानसिक रूपले स्वस्थ्य रहन पाउने, स्वस्थ्य वातावरणमा बाँच्न पाउने, स्वस्थ्य वातावरणमा काम गर्न पाउने तथा प्रदुषणरहित वायुमा स्वास फेर्न पाउने जस्ता अधिकार पनि समेट्नु पर्ने।

  प्रकाशमणी शर्मा समेत वि. प्रमं तथा म.प.का. समेत, नेकाप २०६५ अंक ४, नि. नं. ७९५४

- कैदी बन्दीहरूले कुन औषधी उपचार गर्ने, निश्चित औषधी छान्ने अधिकार नरहे तापनि चिकित्सकबाट पेसागत मापदण्ड बमोजिम उपयुक्त उपचारको सुनिश्चितता गराउनुपर्ने तथा जीवनको रक्षा तथा स्वास्थ्य उपचारको पहुँच विना भेदभाव, गोपनीयताको रक्षासहित गराउनुपर्ने कर्तव्य राज्यमा रहेको देखिन्छ।

  गोपाल सिवाकोटी (चिन्तन) समेत वि. प्रमं तथा मपका. समेत,

यसमध्ये पनि अत्यन्त जोखिममा रहेका दीर्घकालीन रोग भएका, महिला, ज्येष्ठ नागरिक तथा गर्भवती महिलाको संरक्षणको लागि विशेष उपायको अवलम्बन गर्ने दायित्वसमेत राज्यमा रहने ।

नेकाप २०७७ अंक ५, नि. नं. १०५०९

## १.२ स्वतन्त्रताको हक

नागरिक अधिकारहरू मध्ये स्वतन्त्रताको हकलाई सबैभन्दा महत्वपूर्ण मानिन्छ । मानवीय चेतना बुद्धि र विवेकको सकारात्मक अर्थमा स्वच्छ तवरले प्रयोग गर्न पाउनु नै स्वतन्त्रताको हक हो । सरकारको उद्देश्य डर र त्रासका माध्यमबाट जनतामा शासन गर्नु नभई स्वच्छ र स्वतन्त्र वातावरणमा जनताको विवेक र बौद्धिकतामा कार्य गर्न दिने हो । अनावश्यक नियन्त्रण, दवाव र कुण्ठाले मानव समाजलाई सभ्य किसिमले अगाडि बढाउन नसक्ने हुनाले यस्तो अवस्था निर्मूल गर्न वैयक्तिक स्वतन्त्रतालाई हरेक प्रजातान्त्रिक राज्यमा प्रत्याभूत गरिएको हुन्छ । यस्तो प्रत्याभूति अन्तर्गत नागरिकहरूका वैयक्तिक अधिकार एवं स्वतन्त्रताहरूलाई कानूनको आधारमा मात्र नियन्त्रण गर्न सकिने शर्त स्थापना गरिएको हुन्छ । स्वतन्त्रताको हक स्वच्छन्द कहिले पनि नहुने हुनाले राज्यले कानूनको निर्माण गरी न्यायोचित आधारमा यस्तो हकमा निश्चित नियन्त्रण गर्न सक्ने देखिन्छ ।

### संवैधानिक व्यवस्था

- कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।
- प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः–
  - ✓ विचार र अभिव्यक्तिको स्वतन्त्रता,
  - ✓ विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
  - ✓ राजनीतिक दल खोल्ने स्वतन्त्रता,
  - ✓ संघ र संस्था खोल्ने स्वतन्त्रता,
  - ✓ नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता,
  - ✓ नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

नेपालको संविधानको धारा १७

### कानूनी व्यवस्था

- कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन ।
- कानूनको अधीनमा रही प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता र अधिकार हुनेछः
  - ✓ आफ्नो विचार राख्ने तथा अभिव्यक्त गर्ने,
  - ✓ विना हातहतियार शान्तिपूर्वक भेला हुने तथा सभा, सम्मेलन गर्ने,
  - ✓ सङ्घ वा संस्था खोल्ने,
  - ✓ नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने,
  - ✓ कुनै पेशा, रोजगार, उद्योग, व्यवसाय गर्ने,
  - ✓ आफूले चाहेको शिक्षा वा आफ्नो मातृभाषामा शिक्षा आर्जन गर्ने,
  - ✓ सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, हस्तान्तरण गर्ने र सम्पत्तिको अन्य कुनै कारोबार गर्ने,
  - ✓ सार्वजनिक नैतिकता र परम्पराको मर्यादा राखी सनातनदेखि चली आएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने,
  - ✓ आफ्नो समुदायको भाषा, लिपि वा संस्कृतिको संरक्षण र सम्बर्दन गर्ने,
  - ✓ आफ्नो धार्मिक समुदायको स्वतन्त्र अस्तित्व कायम राखी धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन गर्ने,

देवानी संहिताको दफा २०

- ✓ आफ्नो जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको रक्षा गर्ने वा गोप्य राख्ने

**सर्वोच्च अदालतको फैसला/आदेश**

- ➢ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ ले नेपाली नागरिकलाई विभिन्न स्वतन्त्रताहरू प्रदान गरेको छ । कानूनको अख्तियार बेगर ती स्वतन्त्रताहरू उपभोग गर्न बाधा पुऱ्याइने कुनै पनि कार्य प्रजातान्त्रिक र संविधानसम्मत हुँदैन ।

  अच्युतराज बुढाथोकी वि. मपस नेकाप २०५७, नि.नं ६९२०,

- ➢ इच्छुक कैदीलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ को शिक्षा प्राप्त गर्ने हक, धारा २३ को धर्मसम्बन्धी हक समेत उपभोग गर्ने अवसर दिएको देखिन्छ । कैद सजाय भई कारागारमा बस्दैमा सबै मौलिक हकहरू स्वतः स्थगन वा निलम्बित हुन्छ भन्ने होइन । कैद ठेकिएको व्यक्तिको हिँडडुल र आवतजावत गर्ने स्वतन्त्रता बाहेक अरु स्वतन्त्रता अपहरण हुन नसक्ने ।

  जङ्गबहादुर सिंह समेत वि. प्रमं तथ मपका, नेकाप २०६८ अंक ३ नि.नं ८६३१

- ➢ स्वतन्त्रता कहिल्यै निरपेक्ष हुँदैन, मौलिक हकको रूपमा प्रदत्त उक्त स्वतन्त्रताहरू निरपेक्ष होइनन् भन्ने कुरा तिनै स्वतन्त्रतासम्बन्धी मौलिक हकको प्रावधानका प्रतिबन्धात्मक वाक्यांशहरूले समेत पुष्टि गरको देखिन्छ । संविधानमा उल्लिखित प्रतिवन्धात्मक वाक्यांशहरूले आफनो हकको उपभोग गर्दा अर्काको हक, सार्वजनिक नैतिकता, शिष्टाचार, राष्ट्रिय अखण्डता, सामुदायिक सद्भाव जस्ता कुराहरूलाई समेत पालना र ख्याल गर्नुपर्ने र सोअनुसार संयमित रहनु पर्ने दायित्व निर्धारण गरको देखिन्छ । यसबाट संविधानले निर्देशित गरको प्रतिबन्धात्मक वाक्यांशको दायरामा रही अर्काको हकमा आघात पुग्ने गरी बन्द हड्ताल जस्ता कार्य गर्न तथा बन्द हड्तालको नाउँमा गरिने ज्यादती जोरजबरजस्ती जस्ता कार्यहरूलाई रोक्ने गरी कानून बनाउन सक्ने अख्तियारी संविधानले दिएकै देखिने ।

  भोजबहादुर के.सी.वि. प्रमं तथ मपका, नेकाप २०७४ अंक ७ नि.नं.९८३९

- ➢ Negative Rights को रूपमा रहेका स्वतन्त्रतासम्बन्धी हकहरू उपभोग गर्ने वातावरण बनाउन राज्यले त्यस्तो हकको उपभोग गर्न रोक्न वा हस्तक्षेप गर्न हुँदैन भन्ने विधिशास्त्रीय मान्यता रहेको छ । तर यस्ता हकहरू कुनै एक समूह वा संगठनको मात्र हुन्छ भनेर मान्न र स्वतन्त्रताको उपभोग गरेको नाउँमा कुनै पनि दल वा संगठनलाई जेजस्तोसुकै काम कारबाही गर्ने छुट दिई राज्य निष्क्रिय बस्नु पर्दछ भन्ने मान्यता पनि पटक्कै होइन Right भन्ने एउटै सिक्काको पाटाको रूपमा रहेका duty लाई पूरा गराउन पनि राज्य उद्धत रहनै पर्ने ।

  नागरिक स्वतन्त्र छन्, सार्वभौम, र अधिकार सम्पन्न छन् भन्नुको अर्थ संविधान र कानूनले स्पष्टतः रोक नलगाएको विषयमा आफ्नो विचार राख्न स्वतन्त्र छन् भन्नु पनि हुन्छ।यसमा कसैलाई पूर्वजानकारी दिनुपर्ने वा सहमति लिनु नपर्ने ।

  लेनिन विष्ट वि. गृह मन्त्रालय,समेत नेकाप २०७६ अंक ११ नि.नं. १०३८८

## १.३ समानताको हक

समानता भनेको समानहरूका बीच समान व्यवहार गर्नु भन्ने बुझिन्छ।जसरी समानहरूका बीच असमान व्यवहार ग्राह्य हुँदैन । त्यसरी नै असमानका बीच समान व्यवहार पनि ग्राह्य हुँदैन। कानूनका अगाडिको समानता भन्नाले कानूनको दृष्टिमा सबै समान छन्, अधिकार र न्याय सबैलाई समान रूपमा उपलब्ध छन् भन्ने बुझिन्छ । कानूनको शासनमा आधारित सभ्य समाजमा कसैलाई पनि लिङ्ग, जात, जाति, धर्म, सम्प्रदाय, वर्ण वा अन्य कुनै पनि आधारमा फरक व्यवहार नगरिने कुराको प्रत्याभूति गरिएको हुन्छ । समानता भनेको सबैलाई समान व्यवहार गर्ने भन्ने बुझाउँछ । कानूनी दृष्टिबाट समानता भन्नाले कानूनको आधारमा समानहरू बीच समान व्यवहार (Like should be treated alike) भन्ने अर्थमा बुझिन्छ।परम्परागत रूपमा यसले कानूनको अगाडि समानता र कानूनको समान संरक्षण समेतलाई बुझाउँछ । यसभित्र सबै नागरिकलाई एउटै कानून प्रयोग गरिनुपर्छ र कानूनले कसैलाई विशेषाधिकार प्रदान गरिनु हुन्न भन्ने कुरा पर्दछ ।

संविधानद्वारा सुनिश्चित गरिएको समानताको हकलाई फौजदारी न्याय प्रशासनको सन्दर्भमा हेर्ने हो भने मुद्दाका दुवै पक्ष (अभियोजन र प्रतिपक्ष) लाई समान व्यवहार गर्नुपर्ने कुरा बुझ्न सकिन्छ । न्याय प्रशासनको क्रममा मुद्दाका दुवै पक्षलाई समान सुविधा प्रदान गर्नुपर्ने हुन्छ।यसले विना भेदभाव समान पहुँचको मान्यतालाई समेत सुनिश्चित गर्दछ । तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक

रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकास गर्ने प्रयोजनार्थ राज्यले विशेष कानून बनाएर अझ थप व्यवस्था गर्नसक्ने संवैधानिक व्यवस्था रहेको छ ।

## संवैधानिक व्यवस्था

- सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण जात जाति,लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । — नेपालको संविधानको धारा १८
- राज्यले नागरिकहरूका बीच उत्पति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।
  तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।
  स्पष्टीकरण : यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ।
- समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।
- पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

## कानूनी व्यवस्था

- प्रत्येक नागरिक कानूनको दृष्टिमा समान हुने छन् । — मुलुकी देवानी संहिता, २०७४ को दफा १७
- कुनै पनि नागरिकलाई कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।
- कुनै पनि व्यक्तिलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, समुदाय, पेशा, व्यवसाय, लिङ्ग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै पनि आधारमा निजी तथा सार्वजनिक स्थानमा भेदभाव गरिने छैन र त्यस्तो आधारमा कुनै पनि व्यक्तिलाई सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा आफ्नो इच्छा अनुसारको धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन । — मुलुकी देवानी संहिता, २०७४ को दफा १८
- कसैलाई पनि समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।
- कुनै नागरिकलाई सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा कानूनले निर्धारण गरेको योग्यताका आधारमा मात्र गरिनेछ।त्यसरी नियुक्ति गर्दा कुनै पनि नागरिक माथि उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन
- **विशेष व्यवस्था भएकोमा भेदभाव गरेको नमानिने** : दफा १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक वा सा◌ंस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, — देवानी संहिताको दफा १९

मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गरेकोमा भेदभाव गरेको मानिने छैन ।

## सर्वोच्च अदालतको फैसला/आदेश

- एउटै अपराधमा संलग्न दुई प्रतिवादीहरूलाई निर्धारण गरिएको सजायको बीचमा ठुलो अन्तर रहनु न्यायसंगत देखिँदैन । — नेकाप २०४८, निनं. ४३०५
- मुद्दाको प्रकृतिको आधारबाट कैदी वा थुनुवाले प्राप्त गर्नसक्ने सुविधाबाट वञ्चित गरी असमान व्यवहार गर्नसक्ने अख्तियारी विपक्षीहरूलाई प्राप्त भए गरेको देखिन नआउँदा विपक्षीहरूको काम कारबाही न्यायसंगत भन्न नमिल्ने । — बुद्धराज तामाङ वि. मपस, नेकाप २०४९, नि.नं. ४५३०
- समानता निरपेक्ष हुन सम्भव छैन । कानूनले समानताको न्यायोचित वर्गीकरण गर्न सक्छ । धारा ११(१) अन्तर्गत कुनै किसिमको वर्गीकरण गर्न नमिल्ने होइन । त्यस्तो वर्गीकरणबाट एक वर्गीकरणमा परेका मानिसहरू र अर्को वर्गीकरणका मानिसहरूको बीचमा पृथकता हुन सक्तछ । केवल त्यो वर्गीकरण सम्झन बुझ्न सकिने र औचित्यपूर्ण हुन्छ । — बाबुराम रेग्मी समेत वि. कानून मन्त्रालय, नेकाप २०५६, नि. नं. ६७४९
- प्रहरी बलमा अनुशासन कायम गर्न प्रहरी कर्मचारीले गर्न नहुने भनी कसूरको गम्भीरता अनुसार विभिन्न वर्गमा कसूरको विभाजन गरी प्रहरी कर्मचारीको दर्जा वा तह अनुसार अलग अलग तहको अदालतबाट त्यस्ता कसूरसँग सम्बन्धित मुद्दाको कारबाही र किनारा गराउने गरी गरिएको कानूनी व्यवस्थालाई वेमनासिव वा संविधान प्रदत्त समानताको हक प्रतिकूल मान्न नमिल्ने । — चन्द्रकान्त ज्ञवाली वि. मपस, नेकाप २०५९, नि.नं. ७११०
- बलात्कारलाई जघन्य अपराध नामाकरण गरेको अवस्थामा अपराधको परिमाण एउटै हुने भएपछि सजायमा बैबाहिक बलात्कार र गैरवैवाहिक बलात्कार बीचमा भिन्नता गर्नुको कुनै औचित्यपूर्ण आधार नदेखिने।अपराध, आपराधिक कार्य गरे बापत हुने भएकाले कर्ताको हैसियतको भिन्नताले सजायमा कमी गर्ने हो भने संविधानले अंगीकार गरेको समानताको सिद्धान्तको बर्खिलाप गरेको हुन जाने । — जितकुमारी पंगेनी न्यौपाने वि. प्रमं तथा मपका समेत, नेकाप २०६५ नि.नं.७९७३,
- अमूक समूहलाई फरक समूह वा वर्ग अन्तर्गत पर्ने भएकाले फरक व्यवहार गरिएको हो भनी राज्यले उचित रूपमा बर्गिकरण गरी सोको पुष्टि गर्नुपर्ने।एकै अबस्था र हैसियत भएकाहरू बीच फरक व्यवहार गर्दा राज्यले अनुचित रूपमा वर्गीकरण गरी असमान स्थिति रहेको भनी दिएका आधार औचित्यपूर्ण हुन नसक्ने । — प्र.ना.नि. रोमन कुमार बस्नेत बि. प्रमं तथा मपका समेत, नेकाप २०६५ नि.नं. ७९५५
- अदालत र अन्य अर्धन्यायिक निकायका अधिकारीको आदेशले मुद्दाको पुर्पक्षको निमित्त थुनामा रहेका थुनुवाहरूको हैसियत, स्थिति र अवस्था समान प्रकृतिको मान्नु पर्ने हुँदा समान अवस्थाका थुनुवाहरूलाई समान व्यवहार गरिनुपर्ने अन्यथा राज्यद्वारा छुट्टाछुट्टै व्यवहार गरिनु समानताको सिद्धान्त विपरित हुने । — कृष्ण लामा समेत बि. प्रमं तथा मपका समेत, नेकाप २०६५ नि.नं. ७९४८,
- वर्ग भनेको व्यापक शब्द हो । यो शब्दले धनी वा गरिब वर्ग मात्र समेटिने भनि व्याख्या गर्न सकिन्न । वर्गको शाब्दिक अर्थ खोज्दा "वर्ग" ले श्रेणी, समूह, समाज, जाति समेत धेरै अर्थ दिने गर्दछ । उदाहरणको लागि मनुष्य वर्ग, वनस्पति वर्ग, पुरुष वर्ग, महिला वर्ग इत्यादि।अतः वर्ग शब्दले धनी र गरिव मात्र जनाउँछ भन्न मिल्ने नदेखिने ।

  वर्ग भित्र सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएका जातजाति पनि पर्न आउँछन्।त्यसैले यस्तो पिछडिएको वर्गको उत्थानको लागि संविधानको धारा ११ ले समानताको हकलाई उचित बन्देज लगाउँदै Positive Discrimination को व्यवस्था गरेको पाइन्छ । यसबाट संविधानले समानता समानका हकमा मात्र लागू हुनुपर्छ भन्ने मूलभूत मान्यता र स्थापित सिद्धान्तलाई स्वीकार गरेको पाइन्छ।असमानहरूको बीचमा कानूनको समान संरक्षणको अवस्था हुँदैन भनी यस अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको पाइन्छ। त्यस्तै विवेकसम्मत फरक (Intelligible Differential) को सिद्धान्तलाई यस अदालतले समेत स्वीकार गरेको पाइदा उपरोक्त तथ्य र आधारहरूलाई हेर्दा समानताको हकमा उचित प्रतिवन्ध लगाई विशेष कानून बनाउन नसकिने भन्ने अवस्था देखिन नआउने । — लालबहादुर नेपाली वि. प्रमं तथा मपकासमेत, ने.का.प. २०६१, अंक ४, नि.नं. ७३५९

➢ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ (१) ले दुई अवस्थालाई अंगिकार गरेको छ । सबै नागरिक कानूनको दृष्टिमा समान रहने र कसैलाई पनि कानूनको समान संरक्षणबाट बन्चित नगरिने । सरसर्ती हेर्दा यी दुई अवधारणा समान जस्तो देखिन्छ तथापि एकअर्कोमा फरक छन्।प्रथम अवधारणा अन्तर्गत सबै नागरिक कानूनको दृष्टीमा समान रहने, कानून भन्दा माथि कोही नहुने, कसैलाई विषेश सुविधा प्रदान नगर्ने र सबैलाई समानताको व्यवहार गर्ने भन्ने हो भने दोस्रो अवधारणा कानूनको समान संरक्षण अन्तर्गत समान अवस्थामा समान संरक्षण अर्थात् अवस्था असमान भएकोमा असमान व्यवहार वा भेदभाव हुन सक्ने ।

संविधानको धारा ११(३) ले समान र असमान दुई अवस्थालाई मध्यनजर राखेको छ । समान अवस्थामा धर्म, वर्ण, लिङ्ग, जातजातिका आधारमा भेदभाव नगरिने संवैधानिक व्यवस्था गरेकोमा सोही धाराको प्रतिबन्धात्मक वाक्यांशले असमान अबस्था अर्थात् महिला, बालक, वृद्ध शारीरिक वा मानसिकरूपले असक्त व्यक्ति वा आर्थिक सामाजिक शैक्षिक दृष्टीले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने ।

संवैधानिक व्यवस्था अनुशरण नगरी स्वविवेक र तजविजको आधारमा राम्रो उद्देश्यबाट गरिएको कार्य पनि संवैधानिक व्यवस्था प्रतिकूल भएका कारण मनोमानी र स्वेच्छाचारी बन्दछन् र त्यस्तो कार्यले संवैधानिक मान्यता प्राप्त गर्न सक्ने अबस्था नरहने ।

संविधानको धारा ११(३) को प्रतिवन्धात्मक वाक्यांशले महिला, बालक वा शारीरिक वा मानसिकरूपले आशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टीले पीछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेकोमा संविधान लागु भएको यति लामो अवधि बितीसक्दा पनि कानून निर्माणतर्फ सरकारको दृष्टि पुगी समयमै कानून निर्माण भएको अवस्था नदेखिएको पीछडिएका संरक्षण आवश्यक वर्ग वा समुदाय महिलालाई उठाउन राज्यबाट विशेष व्यवस्था हुन नितान्त आवश्यक भएको हुँदा यसै आर्थिक वर्ष भित्रमा यथासक्य चाँडो आर्थिक सामाजिक वा शैक्षिक दृष्टिबाट पिछडिएको र अशक्त भन्ने कुरा निरोपणका स्पष्ट आधार तोकी कानून निर्माण गरी पीछडिएका, संरक्षण आवश्यक भएका वर्ग र महिलाको संरक्षण र सन्तुलित विकासको कार्यक्रम संचालन गर्नु भनी श्री ५ को सरकार, मन्त्रिपरिषद्को नाममा निर्देशनात्मक परमादेश जारी हुने ।

प्रद्योश क्षेत्री समेत वि. प्रमं. तथा मपका. समेत ने.का.प. २०६१, अंक ७, नि.नं. ७४१२,

➢ विशेष संरक्षणको अर्थ कमजोर वर्गलाई यथास्थितिमा राखिराख्ने र तिनीहरूको भूमिकालाई न्यून वा कमजोर पार्ने (Impoverishment) होइन बरु त्यस्तो वर्गलाई आवश्यक र वाञ्छित उपायहरूसहित उचनीचको धरातल बदलिएर समान धरातल प्रदान गर्नु हुने ।

समानता, स्वतन्त्रता र जीवनको हक भन्नु नै हरेकले सम्मानपूर्ण र प्रतिष्ठापूर्ण जीवनयापन गर्न पाउँछ भन्नु हो जसबाट महिलाले बहिष्कृत हुनुपर्ने कुनै पनि अवस्था सह्य हुन नसक्ने ।

प्रकाशमणि शर्मा समेत वि. मपकासमेत ने.का.प. २०६२, अंक ८, नि.नं. ७५७७

➢ कुनै पनि व्यक्ति वा समूहलाई कानूनको प्रयोग वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको ध्येय भएकोले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुऱ्याउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । कानूनको दृष्टिमा समान व्यवहार गर्नु प्रक्रियागत समानता हो भने परिणाममा समानता प्राप्त गर्नु सारवान समानता हो। समानहरूका बीच समान व्यवहार गर्नु र असमानहरूका बीच असमान व्यवहार गर्नु नै समानताको सार हुने ।

समानताको सिद्धान्तले परिणामलाई गौण र प्रक्रियालाई जोड दिँदै सबैलाई कानूनको अगाडि समान मान्ने भएकोले औपचारिक समानता (Formality Equality) को सिद्धान्त पनि भनिन्छ ।

शालिकराम भट्टराई समेत वि. राष्ट्रपतिको कार्यालय समेत, ने.का.प. २०७१ अंक ५ निनं. ९१५५

➢ मौलिक अधिकारको सन्दर्भमा समानताको सिद्धान्त राज्यका काम कारबाहीहरूसँग जोडिएको हुन्छ । कुनै पनि व्यक्ति वा समूहहरूलाई कानूनको प्रयोग वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको ध्येय भएकाले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुऱ्याउनु वा परिणाममा समानता खोज्नु पनि समानताको अर्को पक्ष मानिन्छ । कानूनको दृष्टिमा समान व्यवहार गर्नु प्रक्रियागत समानता हो भने परिणाममा समानता प्राप्त गर्नु सारवान समानता हो। समानहरूका बीच समान व्यवहार गर्नु र असमानहरूका बीच असमान व्यवहार गर्नु नै समानताको सार हुने ।

सामान्य कानूनको प्रयोगमा वा अन्य व्यवहारमा राज्यले आफ्ना नागरिक बीच जात, जाति, क्षेत्र, भाषा, धर्म, वर्ण, लिङ्ग, यौनिक वा लैङ्गिक पहिचान, सामाजिक उत्पत्ति जस्ता कुनै वा सबै आधारमा भेदभाव

अमृतकुमार शर्मा वि. प्रमं. तथा मपका. समेत ने.का.प. २०७२ अंक ९, निर्णय नं. ९४५९

गर्नु पनि हुँदैन । यस सिद्धान्तले कानूनको अगाडि सबै समान हुने, कसैलाई पनि विशेषाधिकार वा छुटको व्यवस्था नहुने र सामान्य कानूनको प्रयोगमा सबै बराबर हुने मान्यता राख्दछ । कानूनको प्रयोगमा सरकारले तजबिज लगाउन पाउने अधिकारलाई यसले नियन्त्रण गर्दछ । समानका लागि समान व्यवहार र असमानहरूका बीच फरक व्यवहार यस सिद्धान्तको मुख्य आधार हो । समान रूपमा असमान व्यवहारको अपेक्षा सम्भव र वाञ्छनीय मानिँदैन । संवैधानिक विधिशास्त्रीय दृष्टिकोणबाट समानताको यस्तो व्यवस्था राज्यको लोक कल्याणकारी दायित्व अन्तर्गत राज्यलाई बढी उत्तरदायी बनाउनका निमित्त राखिएको हुन जाने ।

- संविधानसँग कानून अमान्य भएको भन्ने निवेदनको निरूपणका लागि यस अदालतले लिने गरेको आधारहरूमा विधायिका निर्मित कानून संविधानसम्मत रहेको अनुमान गरिन्छ । कानून संविधानसँग बाझिएको छ भन्ने जिकिर लिने पक्षले सो कुरा स्पष्ट किसिमले प्रमाणित गर्नुपर्छ । यसको लागि निजले सफा हात लिएर आउनुपर्छ र उल्लिखित कानूनलाई स्वीकार गरेको वा त्यसबाट फाइदा लिएको देखिनु हुँदैन । बाझिएको कुरा सामान्य विवेक भएको मानिसले सहजरूपमा थाहा पाउन सक्ने हुनुपर्छ । सामान्य मानिसले त्यसरी बुझ्न सक्दैन भने त्यसलाई बाझिएको भनेर अदालतले बलपूर्वक व्याख्या गर्दैन । अदालतले कानूनको समीक्षा गरेर यस्तो कानून भैदिए अझ राम्रो हुन्थ्यो भनी त्यसको औचित्य खोज्ने वा मसौदाकारको काम गर्दैन । अदालतले दाबी गरिएको कानून स्पष्टसँग संविधानसँग बाझिएको छ छैन भन्नेसम्म हेर्छ । विवेक, तर्कसम्मत र बुझ्न सकिने वर्गीकरण (reasonable and intelligible differentia) सर्वस्वीकृत छ । समान र असमान बीच समान कानून लागू गर्न मिल्दैन । यसबाट झन् असमानता बढ्छ । कर्मचारी प्रशासनको स्वरूप संगठन र तिनीहरू बीचको वर्गीकरण राज्यको नीतिभित्र पर्ने नीतिगत कुरा भएकाले यो अन्यायपूर्ण नदेखिएसम्म अदालतले हात नहाल्ने ।

रविन्द्र श्रेष्ठ समेत वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत ने.का.प. २०७३ अंक २, निर्णय नं. ९५३८

## १.४ न्याय सम्बन्धी हक

व्यक्तिका आधारभूत नैसर्गिक अधिकारहरू कसैका आपराधिक कृयाकलापबाट हनन् भएमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई कानूनद्वारा दण्ड भागी बनाइन्छ भन्ने कुरा राज्यद्वारा एकातिर सुनिश्चित गरिएको हुन्छ भने अर्कोतिर आम जनताको जीवन, स्वतन्त्रता र सम्पत्ति संरक्षण गर्ने दायित्व बहन गर्ने नाममा स्वेच्छाचारी तवरले राज्यले कुनै पनि कार्य गर्न नसकोस भनी न्याय सम्बन्धी हकको प्रत्याभूति संविधानले गरेको हुन्छ । वैयक्तिक स्वतन्त्रताको संरक्षणको निमित्त यस्तो हकको सुनिश्चित गरिएको हो । आफ्नो विरुद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाइने सिद्धान्तलाई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले पनि सुनिश्चितता प्रदान गरेका छन् । संविधानद्वारा प्रत्याभूत गरिएको न्याय सम्बन्धी हक स्वच्छ न्यायिक कारबाहीका आधारभूत सिद्धान्तबाट निःसृत भएका छन् । यस्तो हक कुण्ठित गरिएमा न्यायिक कारबाहीको स्वच्छता स्वतः समाप्त हुन जान्छ । अतः यस्तो हकहरूको संरक्षण र पालना गर्नु फौजदारी न्याय सम्पादन गर्ने जुनसुकै निकायका लागि बाध्यात्मक हुन्छ ।

### पक्राउको कारण थाहा पाउने हक

व्यक्तिको स्वतन्त्रताको हरण गर्ने कार्यको औचित्य रहे नरहेको कुरा न्यायिक मूल्याङ्कनको विषय हो । यसैले कानूनद्वारा स्थापित स्वतन्त्र, निष्पक्ष र सक्षम अदालतबाट मात्र थुनाको वैधता छ वा छैन भन्ने कुरा निर्धारण हुन सक्छ । अदालतले गर्ने यस्तो मूल्याङ्कन पनि वस्तुगत आधारमा मात्र निरूपण हुनुपर्ने हुन्छ । यसैले गिरफ्तार गरी थुनामा लिइएको प्रत्येक व्यक्तिको अविलम्ब न्यायिक अधिकारी समक्ष प्रस्तुत गरिनुपर्ने अधिकारलाई महत्वपूर्ण संरक्षणका रूपमा लिइएको हो । अपराधको आरोपका आधारमा मात्र कसैको स्वतन्त्रतालाई धरापमा पार्न नपाइने संरक्षणको प्रत्याभूति यस सिद्धान्तले गरेको छ ।

कानून कार्यान्वयन गर्ने वा अपराधको अनुसन्धानको जिम्मेवारी लिएको अधिकारीले पदमा रहेको हैसियतबाट क्षेत्राधिकारको दुरूपयोग गर्नुहुन्न भन्ने मान्यतालाई कानूनी राज्यको सिद्धान्तले कडाइपूर्वक वरण गर्नुपर्ने मान्यता राख्छ । यसैले कानूनको अख्तियारीबाटै सम्पादन गरिएको भए पनि यस किसिमको अख्तियारीको शक्तिको प्रयोगलाई न्यायिक निगरानी र जाँचको विषय मानिएको छ । यसै कारणले पक्राउ गरिएको वा थुनामा लिइएको व्यक्तिलाई आफूलाई गरेको पक्राउ र थुनछेक वैधानिक छैन भन्ने

दाबी लिने र त्यसको वैधता उपर प्रश्न उठाउने अधिकारलाई संविधानद्वारा संरक्षित गरिएको पाइन्छ । यस्तो गिरफ्तारी र थुनछेकको वैधता स्थापित हुन नसकेको अवस्थामा त्यसको पूर्तिका रूपमा क्षतिपूर्ति पाउने कुरालाई पनि महत्वपूर्ण प्रत्याभूति प्रदान गरेको छ । कुनै व्यक्तिलाई राज्यले जथाभावी पक्राउ गर्न नहुने र पक्राउ गर्नुपर्ने कानूनी आधार भएर पक्राउ गर्दा पनि पक्राउ गर्नाको कारणसहितको सूचना तुरुन्त दिनुपर्ने हुन्छ । संविधानले प्रत्याभूत गरेको यस्तो अधिकारको सम्मान पक्राउ गर्ने अधिकार पाएको निकायले कसैलाई पक्राउ गर्दा परिपालना गरेको छ वा छैन भनी सरकारी वकीलले सम्वेदनशील तवरले विचार गरी नभएको पाएमा त्यसको प्रयोगको लागी वातावरण सृजना गर्नुपर्ने हुन्छ । संविधानले निर्दिष्ट गरेको यस्तो प्रावधानको उल्लंघन हुन जाँदा यसको जिम्मेवारी सरकारी वकीलले समेत बहन गर्नुपर्ने हुन जान्छ ।

पक्राउले व्यक्तिको स्वतन्त्रतामा आघात पार्ने भएपनि कतिपय अवस्थामा न्यायिक प्रकृयामा पक्राउ गर्नुपर्ने बाध्यता आई पर्छ । यसरी पक्राउ गर्दा पनि व्यक्तिका कम भन्दा कम स्वतन्तत्रा हनन् होस भन्ने र जथाभावी रूपमा पक्राउबाट जोगाउन आवश्यक हुन्छ । यसैले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको सम्मान गर्न स्वेच्छाचारी एवं मनोमानी रूपले कसैलाई गिरफ्तार गर्न नपाइने गरी संवैधानिक र कानूनी रूपमा अधिकारको प्रत्याभूति गरिएको हुन्छ । प्रत्येक व्यक्तिलाई गिरफ्तारीको कारण थाहा पाउने अधिकार बेलायतको कानून प्रणालीको उपजको रूपमा विकसित भएको मानिन्छ ।

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता माथि किन हस्तक्षेप गरी गिरफ्तार गरियो सोको कारण थाहा पाउने र त्यसको प्रतिरक्षा गर्न पाउने हक रहन्छ । कुनै पनि कसूरको अभियोग लागेको व्यक्तिलाई आफू विरुद्ध लगाइएको अभियोगको कारण र प्रकृति जान्न पाउने अधिकार हुन्छ । कसूरको कारण र प्रकृतिको जानकारी प्राप्त गरेमा आफूलाई लगाइएको आरोप सही वा गलत थाहा यकिन गर्न सजिलो हुन्छ।त्यस्तो जानकारीले शंकित व्यक्तिले उचित प्रतिरक्षाको तयारी गर्न सक्छ ।

**संवैधानिक व्यवस्था**

- कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

नेपालको संविधानको धारा २०(१)

**कानूनी व्यवस्था**

- कसूरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसूर गर्दा गर्दैको अवस्थामा रहेमा निजलाई प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्नेछ ।
- कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको सिलसिलामा यस परिच्छेद बमोजिम तत्कालै पक्राउ गर्नु पर्ने भएमा त्यसको कारण खुलाई सम्भव भएसम्म पक्राउ गर्नु पर्ने व्यक्तिको पहिचान खुल्ने विवरण सहित पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।
- उपदफा (२) बमोजिम निवेदन परेमा र पक्राउ गर्नु पर्ने कारण मनासिव देखिएमा मुद्दा हेर्ने अधिकारीले सोही निवेदनमा पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।
- पक्राउ पूर्जीको ढाँचा अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ ।
- उपदफा (३) बमोजिमको आदेश पक्राउ गर्नु पर्ने व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गरिने छैन ।
- उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा वा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबूद नष्ट गर्ने मनासिव कारण भएमा त्यस्तो व्यक्तिलाई अनुसूची–९ बमोजिमको ढाँचामा तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।
- उपदफा (६) बमोजिम जरुरी पक्राउ पूर्जी जारी गरी कुनै व्यक्ति पक्राउ भएकोमा मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति प्राप्त नगरी त्यस्तो कसूरसँग सम्बन्धित अन्य अनुसन्धान सम्बन्धी कारबाही गर्न सकिने छैन ।
- कुनै कसूर भएको बखत तत्काल प्रहरी उपलब्ध नभएमा कसूर गर्दाका बखत उपस्थित भएको वा कसूर भएको देख्ने व्यक्तिले त्यस्तो कसूर गर्ने व्यक्तिलाई भाग्न वा उम्कन नदिई निजलाई नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ ।

फौजदारी कार्यविधि संहिताको दफा ९

- उपदफा (१) वा (६) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्दा निजलाई पक्राउ गर्नु अघि पक्राउ गर्नु पर्ने कारण खुलाई सम्झाई बुझाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ ।

## सर्वोच्च अदालतको फैसला/आदेश

- वैयक्तिक स्वतन्त्रताको अपहरण हुनु अति संवेदनशील विषय हो।यस्तो विषयमा अदालत गम्भीर हुन पर्दछ । कुनै पनि व्यक्तिलाई पक्राउ गरिसके पश्चात् के कुन कसूरमा पक्राउ गरिएको हो भन्ने जानकारी सहितको थुनुवा पूर्जी दिनुपर्ने कानूनी राज्यको न्यूनतम् मापदण्ड मात्र नभई त्यसरी पक्राउ गरी थुनामा राख्नुको कारणसहितको सूचना पाउनु पर्ने हरेक व्यक्तिको मौलिक हक नै हो।नेपालको अन्तरिम संविधानको धारा २४ ले यसलाई व्यक्तिको मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ।केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को कसूरमा कसूरदारलाई विना बारेन्ट पक्राउ गर्न सकिने व्यवस्था उक्त ऐनको दफा (३) मा भए पनि त्यसरी थुनामा राख्नुको कारणसहितको थुनुवा पूर्जी दिन नपर्ने भन्ने व्यवस्था उक्त ऐनमा भएको नदेखिदा कानूनबमोजिमको थुनुवा पूर्जी अनिवार्य रूपमा दिनुपर्ने । कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

  लोप्साङ्ग शेर्पा समेत विरुद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत, नेकाप २०६८ अंक ८, नि.नं ८६७२,

- मुद्दाको कारबाहीका क्रममा आधारभूत रूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी कुनै निकायबाट गरिएको निर्णयबाट व्यक्ति उपर घोर अन्याय भएको देखिएको अवस्थामा रिट क्षेत्रबाट त्यस्ता निर्णय उपर न्यायिक परीक्षण गर्न सकिने ।
  व्यक्तिलाई राज्यको निकायले कुनै फौजदारी कसूर गरेको अभियोगमा न्यायिक वा अर्धन्यायिक निकायमा मुद्दा दायर गर्छ भने सो व्यक्तिलाई पक्राउ गर्ने, उक्त अपराधको अनुसन्धान गर्ने, अदालतमा मुद्दाको सुनुवाइ गर्ने तथा फैसला कार्यान्वयनसम्मको चरणहरूमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको अनिवार्य पालना गर्नुपर्ने ।

  खुलबहादुर कुँवर वि.जिल्ला प्रशासन कार्यालय, काठमाडौं (ने.का.प. २०७६, अंक ४, नि.नं. १०२५०)

## पक्राउ परेका व्यक्तिले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक

पक्राउमा परेको व्यक्तिले कानून व्यवसायीसँग परामर्श गर्न पाउने निजको अधिकारको कुरा हो । कुनै व्यक्ति पक्राउ परेकै बखतदेखि कानून व्यवसायीको सल्लाह लिन पाउने, त्यस्तो सल्लाह गोप्य रहने र कानून व्यवसायीबाट मुद्दाको प्रतिरक्षा गर्न पाउने मौलिक हकको औचित्य र प्रयोजन भनेको कानूनका ज्ञाताबाट प्रतिरक्षा गर्ने अवसर प्राप्त हुने अवस्था सृजना गर्नु हो । यसका साथै आफू कुनै आरोपमा पक्राउ परेमा प्राकृतिक न्यायको सिद्धान्त अनुसार व्यक्तिलाई आफैं वा कानून व्यवसायी मार्फत त्यसको कानूनी प्रतिरक्षा गर्न पाउने अधिकार हुने भएकाले त्यसको प्रत्याभूति गर्ने, कसूर वा आरोपका बारेमा जानकारी प्राप्त गरेपछि आफू उपरको आरोप सही वा गलत के हो भन्ने यकीन गर्न कानून व्यवसायीको सहयोगले मद्दत पुऱ्याउने र मुद्दामा यथोचित प्रतिनिधित्व भै दुवै पक्षका बीच समान व्यवहार गर्ने अवस्थाको सृजना गर्नु पनि हो ।

राज्यले उचित कारण सहित कुनै व्यक्तिलाई पक्राउ गरेकोमा त्यस्तो व्यक्तिले आफ्नो पक्राउ कानूनी भए नभएको एवं आफूलाई गरिने अन्य कारबाहीको प्रतिरक्षाको लागि आफूले रोजेको कानून व्यवसायीसँग भेट गर्न पाउने कुरालाई प्रजातान्त्रिक देशहरूको कानूनी प्रणालीमा अत्याधिक महत्वका साथ स्वीकार गरिएको हुन्छ र नेपालमा पनि संविधानतः यसलाई स्वीकार गरिएको छ।यस्तो अधिकारको संरक्षण गर्न सरकारी वकीलले आफ्नो तर्फबाट सकारात्मक भूमिका खेल्नु पर्ने हुन्छ ।

## संवैधानिक व्यवस्था

- पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ ।
  तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।
  स्पष्टीकरणः यस उपधाराको प्रयोजनका लागि "कानून व्यवसायी" भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ

  संविधानको धारा २०(२)

## कानूनी व्यवस्था

- यस दफा बमोजिम पक्राउ गरिएको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा अनुसन्धान अधिकारीले निजलाई त्यस्तो कानून व्यवसायीसँग सल्लाह लिन दिनु पर्नेछ ।

फौजदारी कार्यविधि संहिताको दफा १३(६)

## सर्वोच्च अदालतको फैसला/आदेश

- कानूनी सहायता पाउने अधिकारभित्र कुनै व्यक्तिले आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन तथा निजद्वारा पुर्पक्ष गर्न पाउछ भन्ने अधिकारको बारेमा थाहा नभएको व्यक्तिलाई निजले त्यस्तो अधिकारको उपभोग गर्न पाउँछ भन्ने कुराको जानकारी पाउने अधिकार समेत पर्दछ ।

यज्ञमूर्ति बन्जाडे वि. बाग्मती विशेष अदालत समेत नेकाप २०२७, नि.नं. ५४७

- संकटकालीन अवस्थामा समेत निलम्बन हुन नसक्ने न्यायसम्बन्धी हकअन्तर्गतको थुनामा रहेका व्यक्तिलाई कानून व्यवसायीद्वारा परामर्श र सेवा पाउने हकलाई अन्य कुनै बहानामा निस्तेज पार्न नमिल्ने ।

नेकाप २०७७, अंक ४, नि.नं. १०४७९

## मुद्दा हेर्ने अधिकारी समक्ष अविलम्ब प्रस्तुत गर्नु पर्ने

कुनै पनि व्यक्तिलाई पक्राउ गरी थुनामा राख्दा उसको व्यक्तिगत स्वतन्त्रताको निलम्बन हुन्छ।त्यसैले यस्तो स्वतन्त्रताको निलम्बन स्वेच्छाचारी एवं गैरकानूनी तरिकाबाट हुन नपाओस भनेर पक्राउ गर्न अधिकार प्राप्त व्यक्तिले त्यस्तो पक्राउलाई अनुमोदन गराउने निश्चित समय पछि मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत गर्नु पर्दछ । विश्वव्यापीरूपमा स्थापित गरिएको यो मान्यतालाई वर्तमान संविधानले प्रमुखताका साथ ग्रहण गरेकोले यसको परिपालना गराउन सरकारी वकील चनाखो हुनुपर्ने हुन्छ ।

## संवैधानिक व्यवस्था

- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन ।
  तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

संविधानको धारा २०(३)

## कानूनी व्यवस्था

- कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागि यस परिच्छेद बमोजिम पक्राउ गरेपछि चौबीस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।
- उपदफा (१) विपरीत हुने गरी कसैलाई हिरासतमा राख्न सकिने छैन ।
- कुनै व्यक्तिलाई उपदफा (१) मा लेखिएको म्यादभन्दा बढी हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले त्यसको आधार र कारण खुलाई सरकारी वकील कार्यालय मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।
  स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि चौबीस घण्टाको अवधिभित्र पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनको लागि पक्राउ गरिएको ठाउँबाट प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई गणना गरिने छैन ।

फौजदारी कार्यविधि संहिताको दफा १४

- कसूरसँग सम्बन्धित कुनै व्यक्तिलाई पक्राउ गर्न पर्ने मनासिव आधार नदेखिएको अवस्थामा अनुसन्धान अधिकारीले पक्राउ नगरी अनुसन्धान गर्नु पर्नेछ ।
- कैदको सजाय नहुने कुनै कसूरको अनुसन्धान गर्नु पर्दा सोसँग सम्बन्धित व्यक्तिलाई हिरासतमा नराखी अनुसन्धान गर्नु पर्नेछ ।

कसूरको अनुसन्धान नियमावलीको नियम २५

- उपनियम (२) बमोजिम हिरासतमा नराखी अनुसन्धान गर्नु पर्दा आवश्यकता अनुसार त्यस्तो व्यक्तिसँग धरौट, जमानत वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाडन सकिनेछ ।

## सर्वोच्च अदालतको फैसला/आदेश

- पक्राउ परेको मितिले २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी सो अधिकारीको आदेशले थुनामा राखेको नदेखिएको कारणले अधिकार प्राप्त अदालतले थुनछेकको आदेश जारी गरी थुनामा रहेको बन्दीलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी रिहाई दिन अदालती थुना कानूनी त्रुटिपूर्ण हुनु अनिवार्य हुने । — अम्बरबहादुर गुरुङ वि त्रि.वि. सुरक्षा गार्ड कार्यालयसमेत नेकाप. २०४९, अंक १, निनं. ४४५०
- बस्तुतः अभियुक्त पक्राउ भएपछि अनुसन्धानको लागि प्रहरी हिसारतमा रहने हुन्छ । अनुसन्धानबाट कसूर गरेको नदेखिएमा हिरासतमा रहेको अभियुक्त उपर मुद्दा नचल्ने भई प्रहरी हिरासतमा रहेको अभियुक्त अनुसन्धानको तहबाट हिरासतबाट छुट्न सक्ने हुन्छ भने अनुसन्धान पछि सबुद प्रमाणको आधारमा प्रहरी हिरासतमा रहेको अभियुक्त उपर मुद्दा नचल्न पनि सक्छ । बन्दीलाई शुरुमा पक्राउ गरी प्रहरी हिरासतमा राख्दा अनुसन्धानको लागि हिरासतमा राखिएको र पक्राउ भएको २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराएको नदेखिएकोले सो थुना गैरकानूनी हुन्छ । — रघुनाथ अग्रवाल विरुद्ध जि.प्र.का. काठमाडौं समेत, नेकाप २०५२, नि.नं. ६०३८
- व्यक्तिको मौलिक हकको रूपमा रहेको संविधानले प्रदान गरेको पक्राउ गरेको समयबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने संवैधानिक प्रत्याभूतिलाई प्रत्येक व्यक्ति वा निकायले पालना गर्नुपर्ने।चौबिस घण्टाको अवधि गणना गर्दा सार्वजनिक विदालाई बाहेक नगरिएको अवस्थामा सैनिक ऐनमा सार्वजनिक विदाको दिनलाई चौबीस घण्टाको अवधिभित्र गणना नगरिने भनी गरिएको व्यवस्था संविधान अनुकूल देखिन नआउने । — माधव कुमार बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेकाप २०६६, नि.नं. ८१८४
- व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरणको विषयलाई न्यायिक परीक्षण विना प्रयोगमा ल्याउन नहुने कुरालाई अन्यथा सोच्नु र अन्यथा व्याख्या गर्नु हाम्रो संवैधानिक व्यवस्था, गर्दै आएको अभ्यास, व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता र कानूनी राज्यको अवधारणा र त्यसको मूल्य मान्यता समेतको प्रतिकूल हुन जाने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(४) को प्रावधान अन्तर्गत धरौती वा जमानत दिन नसकेको वा नदिएको कारणबाट थुनामा राख्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ (३) ले तोकेको समयाबधि (बाटाको म्याद बाहेक चौबीस घण्टा) भित्र सम्बन्धित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र त्यस्तो अधिकारीको आदेश बमोजिम गर्नुपर्ने हुन्छ । यदि त्यसो नगर्ने हो भने त्यस्तो थुनाका सम्बन्धमा कहिल्यै पनि न्यायिक परीक्षण नहुने र अनन्तकाल सम्म थुनामा नै रहनु पर्ने अवस्थाको सिर्जना हुन जान्छ, जुन विधिकर्ताको मनसाय हुनै सक्दैन र त्यस्तो स्वेच्छाचारितालाई संविधानले प्रश्रय दिएको पनि छैन।यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(४) को प्रावधानलाई निरपेक्ष रूपमा नभै संविधान, उक्त ऐनका अन्य प्रावधान र प्रचलित नेपाल कानून समेतको सापेक्षतामा हेर्नु पर्ने र सो प्रावधान अन्तर्गत धरौटी वा जमानत नदिएको कारणबाट थुनामा राख्नु पर्दा संविधानको धारा २४(३) को प्रक्रिया अवलम्बन गर्नुपर्ने । — झलकलाल श्रेष्ठको हकमा श्रीमती सविना श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग,समेत, नेकाप २०६५ अङ्क १, निर्णय नं. ७९१२

## तोकिए भन्दा बढी सजाय नहुने

फौजदारी न्याय सम्बन्धी हक अन्तर्गत प्रत्याभूत गरिएको मूलभूत मान्यता अनुसार कुनै पनि व्यक्तिलाई विद्यमान प्रचलित फौजदारी कानूनले कसूर तथा सजाय नहुने कुनै काम निजले गर्दा त्यस्तो व्यक्तिलाई सजाय गर्न नहुने तथा फौजदारी कसूर गर्दाकै अवस्थामा विद्यमान रहेको कानूनमा तोकिए भन्दा बढी सजाय दिन नहुने हो । सरकारी वकीलले अभियोग पत्र तयार गर्दा आरोपित कसूर विद्यमान फौजदारी कानूनद्वारा समेटिएको छ वा छैन र सजायको प्रावधानहरूलाई कुन हदसम्म निर्धारण गरेर राखिएको छ भन्ने कुरा सधै ख्याल गर्नु पर्ने हुन्छ ।

## संवैधानिक व्यवस्था

- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन । — नेपालको संविधानको धारा २०(४)

## कानूनी व्यवस्था

- कानून बमोजिम बाहेक सजाय नहुनेः कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय हुने छैन। — अपराध संहिताको दफा ७

## सर्वोच्च अदालतको फैसला/आदेश

- कुनै पनि घटित अपराधको दोषी करार गर्नका लागी त्यस्तो क्रिया कानूनले निषेधित र निबन्धित भएको हुनुपर्छ। सजाय कानून बमोजिम गर्नुपर्ने नगरेमा नगर्नु पर्ने कुरा गरेमा हुने विषय हो। प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन भन्ने संवैधानिक सुरक्षा समेत नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यक्तिको लागि सुरक्षित गरेको पाइन्छ। प्रस्तुत वारदातको प्रकृतिबाट वादी कथन अनुरूप सजाय हुनसक्ने प्रचलित कानूनी व्यवस्था रहे भएको नपाइने। — नेपाल सरकार वि. लाल ब. तामाङ, नेकाप २०५८, नि.नं. ६९७१
- सविक ऐनले सजाय भागी नबनाएकोमा हालको ऐनले सजाय भागी बनाएको अवस्था प्रस्तुत मुद्दामा देखिन नआई दुवै ऐनले अपराध मानी सजायको व्यवस्था गरी राखेको र सजायको हकमा केही फरक देखिए पनि सविक ऐनले हुने कैद सजायको हद भन्दा कम गरेको देखिन आएकोले हालको ऐनको व्यवस्थाले मात्र प्रतिवादीलाई प्रतिकूल असर पारेको भन्ने अवस्था देखिन आएन।
  निवेदन वा उजुरी जुनसुकै बखत परेको भए पनि त्यसमा कारबाही हुँदाको अवस्थामा विद्यमान कार्यविधि सम्बन्धी कानूनको प्रक्रिया नै अपनाउनु पर्ने। — पासाङ दावा तामाङ वि. नेपाल सरकार, नेकाप २०५८, नि.नं. ६९९२
- नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(१) अनुसार कुनै कार्य गर्दा त्यस्तो कार्यलाई कानूनले दण्डनीय कसूर नमानेको अवस्थामा पछाडी बनेको कानूनले अगाडि नै भैसकेको कार्यलाई दण्डनीय कसूर घोषणा गरी सजायको व्यवस्था गर्न र त्यस्तो कानूनको प्रयोग गरी अगाडी नै घटेको वारदातसँग सम्बन्धित व्यक्तिलाई सजाय गर्न तथा कसूर गर्दाको अवस्थामा कानून बमोजिम हुनसक्ने सजाय भन्दा बढी सजाय गर्न नमिल्ने संवैधानिक प्रत्याभूति प्रदान गरिएको स्पष्ट हुने। — उत्तम लामा वि. नेपाल सरकार, नेकाप २०६१ , नि.नं. ७४३२,
- नेपाल अधिराज्यको संविधान २०४७ को धारा १४(१) मा तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन भन्ने व्यवस्था भएको पाइन्छ। ऐन कानूनको आधार नखुलाई दफा आदि उल्लेख नगरी जरिवाना सजाय गर्नु संविधानको धारा १४(१) विपरीत हुन्छ। — शम्भुलाल अमात्य विरुद्ध भोटेकान्छा महर्जन, नेकाप २०५२, नि.नं. ५०५२
- कानून बन्नुभन्दा पहिले अपराध नमानिने कुनै कार्यलाई पछि कानून बनाई अपराध मानिएमा, पहिले सानो र कम गंभीर हुने कसूरलाई पछि ठुलो र बढी गंभीर कसूर कायम गरिएमा, पहिले कम सजाय हुने कसूरलाई बढी सजाय कायम गर्ने गरी कानून निर्माण गरिएमा, प्रमाण सम्बन्धी कानूनी नियमहरूमा फेरबदल गरि कसूर प्रमाणित गर्न कम प्रमाण भए पनि पुग्ने गरी कानून निर्माण गरिएमा मात्र त्यस्तो कानूनलाई Ex Post Facto कानून मानिने हुँदा त्यस्तो कानूनलाई अदालतले अमान्य गर्न सक्ने।
  सविक ऐनले पनि कसूरको संज्ञा दिई सजाय समेत निश्चित गरेको क्रियालाई हालको ऐनमा समेत निरन्तरता दिई सविक ऐनभन्दा कम सजाय व्यवस्था रहेकोमा एउटै क्रियालाई सविक ऐन र हालको ऐनले फरकफरक नामाकरण गरेको भन्ने मात्रै आधारमा Ex Post Facto प्रसँग उठाउनु सान्दर्भिक नहुने। — नेपाल सरकार विरुद्ध इश्वर पोखरेल समेत, नेकाप, २०६६ नि.नं .८२००
- कानूनले कसूर नमानेको विषयमा कसै उपर मुद्दा चलाउने र कसूरदार ठहर गर्ने कार्य फौजदारी न्यायको सिद्धान्त विपरीत हुन्छ । देवानी दायित्व अन्तर्गतको विषयलाई समेत मिसाई फौजदारी कसूरमा प्रतिवादीलाई सजाय गर्न जाहेरी परेको अवस्थामा बलजफ्ती फौजदारी प्रकृतिको विवाद सिर्जना गर्न नहुने। — ओमबहादुर खड्का वि. नेपाल सरकार, नेकाप २०७६ अंक १० नि.नं. १०३७४
- कानूनले स्पष्ट रूपमा परिभाषित गरी कसूर मानेको विषयमा त्यस्तो कानूनको स्पष्ट उल्लङ्घन गरेको भनी स्थापित नभएसम्म अर्कै प्रयोजनलाई बनेको विद्यमान कुनै कानूनी प्रावधानलाई तानतुन पारेर — नेपाल सरकार वि. अन्जन के.सी. समेत, नेकाप

व्याख्या गरी कसूर कायम गर्न (*nullum crimen sine lege*) र सजाय गर्न (*nulla poena sine lege*) नहुने। २०७७ अंक ६ नि. नं. १०५२३

## निर्दोषिताको अनुमान

कुनै पनि व्यक्तिलाई कुनै कसूरको अभियोग लाग्न सक्छ। त्यसरी कुनै कसूरको अभियोग लाग्दैमा निजले कसूर गरेको भनी भन्न मिल्दैन। सक्षम अदालतबाट त्यस्तो कसूर प्रमाणित वा ठहर नभएसम्म त्यस्तो व्यक्तिलाई निर्दोष मान्नु पर्छ। यसैलाई निर्दोषिताको अनुमान भनिन्छ। अदालतले प्रमाणित नगरेसम्म निर्दोष मानिने कुरा कमन ल प्रणालीमा आत्मसात गरिएको पाइन्छ। मानव अधिकारको विश्वब्यापी घोषणापत्रको धारा ११ तथा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ को उपधारा (२) ले दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने हकको व्यवस्था गरेको छ। नेपालमा पनि नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक यो व्यवस्थालाई संविधानमा मौलिक हकको रूपमा व्यवस्था गरेको थियो। हालको संविधानले यसलाई निरन्तरता दिएको छ। कसूरको अनुसन्धान लगायत फौजदारी न्याय प्रशासनका क्रममा यो कुरालाई सदैव ख्याल राख्नु पर्छ।

### संवैधानिक व्यवस्था

- कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन। संविधानको धारा २० (५)

### कानूनी व्यवस्था

- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई त्यस्तो कसूर गरेको प्रमाणित नभएसम्म कसूरदार मानिने छैन। मुलुकी अपराध संहिता, २०७४ को दफा १२

### सर्वोच्च अदालतको फैसला/आदेश

- कुनै व्यक्तिको अभियोग प्रमाणित नभएसम्म निज बेकसूर मानिनेछ भन्ने फौजदारी न्यायको मूलभूत मान्यता रही आएको सन्दर्भमा अभियोग लाग्ना साथ कसूरदार मान्नु न्यायसंगत नहुने। नेकाप २०५५ नि.नं. ६६२२
- अदालतले दोषी ठहर नगरुञ्जेलसम्म अभियोग लागेको व्यक्तिको हैसियत Accused नै रही रहने हुँदा अभियोग लागेको व्यक्ति निर्दोष नै मानिन्छ, अभियोग लाग्दैमा दोषी मान्न नमिल्ने।
  अभियुक्तले आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार Wave नगरी त्यो अधिकार प्रयोग गरेमा अदालत वा Prosecution ले त्यसको उल्टो वा विपरीत अर्थ गरी अभियुक्तका सम्बन्धमा केही जवाफ नदिएकोले निर्दोष मान्न नमिल्ने हुनाले उल्टो नकारात्मक अर्थ गरी दोषी भनी ठहर गर्न नमिल्ने। नीलम पौडेल समेत वि. प्रमं तथा मपका. नेकाप २०६७ अंक १० नि.नं ८४७३
- आफ्नो निर्दोषिता प्रमाणित गर्ने काम प्रतिवादीको हुने भए पनि वादी पक्षले आफ्नो अभियुक्त यकिन गर्ने र अनुसन्धानको आधारमा आफूले तयार पारी दायर गरेको अभियोगपत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो भनी विधायिकी कानूनले त्यस्तो कसूर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्त्वहरू (Constituent elements of crime) को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता (Concurrency) अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्ने। नेपाल सरकार वि. सानुमाया राई (श्रेष्ठ), नेकाप २०७५ अंक १ नि.नं. ९९३५

## एक पटक भन्दा बढी मुद्दा चलाईने र सजाय नगरिने

फौजदारी न्यायको सिद्धान्तमा दोहोरो खतरा विरुद्धको संरक्षणको रूपमा परिचित यस मान्यताले फौजदारी कारबाही चलाई न्यायिक निकायले पुर्पक्ष गरी सजाय वा सफाइ दिएपछि सोही कुरामा कारबाही र सजायको पुनरावृत्तिलाई निषेध गर्दछ। यो सिद्धान्त अन्तिम किनारा भएको मुद्दामा लागू हुने मापदण्ड हो। तर यसले पुनरावलोकन र पुनरावेदनको पक्षलाई भने निषेध गर्दैन।

### संवैधानिक व्यवस्था

- कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाईने र सजाय दिइने छैन। संविधानको धारा २० (६)

## कानूनी व्यवस्था

- एउटै कसूरमा दोहोरो सजाय नहुनेः कुनै व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाईने र सजाय गरिने छैन । — अपराध संहिताको दफा ९

## सर्वोच्च अदालतको फैसला/आदेश

- निवेदक उपर हङकङ न्यायालयबाट सजाय भएको आधिकारिक रूपमा पुष्टि नभएकोमा एउटै मुद्दामा दुई पटक सजाय भएको जिकिर पुग्न सकेको नदेखिने । — नेकाप २०४८, निनं. ४४१०
- अष्ट्रेलियामा भएको आपराधिक कार्यको लागि पुनः नेपालमा मुद्दा चलाउन सक्ने कानूनी व्यवस्थाको अभावमा प्रतिवादीहरूको हकमा अभियोग दाबी खारेज गरेको फैसला मनासिव ठहर्ने । — नेकाप २०५७, नि.नं. ६८७२
- प्रतिबादीहरूसमेतको मिलोमतोमा विभिन्न निकायका नक्कली छापहरू बनाई झुट्टा विवरणलाई साँचो व्यहोरा भनी उल्लेख गरी बैंकमा खाता खोली चोरीको अवैध ट्राभल्स चेकहरू रु १०,२८,८४८। ५० बराबरको रकम खातामा जम्मा गरेकोले कृत्रिम लेटरप्याडमा नक्कली छाप दस्तखत बनाउने कार्य, स्वीकृति नै प्राप्त नगरी विदेशी विनिमयको कारोबार गर्ने कार्य र बैंकलाई झुक्यानमा पारी ठग्ने तीन पृथक् कानूनद्वारा व्यवस्थित तीन स्वतन्त्र कसूर हुन्।कसूरका हकमा एकपटक भन्दा बढी मुद्दा चलाईने र सजाय नगरिने संविधानको धारा २४(६) ले समाहित गरेको दोहरो खतराको सिद्धान्त विविध कसूर भएबाट एउटै कसूर हो भनी अर्थ गर्न मिल्दैन । — दुर्गा उप्रेती वि. नेस नेकाप २०६७ अंक २ नि.नं ८३२१
- दोहोरो खतराको सिद्धान्त (Principle of Double Jeopardy) को सम्बन्धमा विचार गर्दा फौजदारी कानूनको यो सिद्धान्त पनि Commmon Legal System बाट विकास भएको सिद्धान्त भएको र यसले एउटा व्यक्तिलाई एकै कसूरमा पटक पटक वा एक पटक भन्दा बढी पटक कारबाही र सजाय गर्नु हुदैन भनी व्यक्तिलाई संरक्षण प्रदान गर्दछ।यो सिद्धान्तको २ पहलु छन् । Autrefois acquit अर्थात् पहिले सफाइ पाइसकेको र Autrefois Convict अर्थात पहिले नै दोषी ठहर भएको।एउटै कसूरमा पहिले कारबाही चली सफाइ पाएको वा दोषी ठहर भै सजाय पाएको होस् सोही विषयमा पुनः कारबाही गर्न कसूर ठहर गर्न मिल्दैन।एउटै फौजदारी अपराधमा एकपटक भन्दा बढी अनुसन्धान तहकिकात गरी व्यक्तिउपर कारबाही चलाउन र सजाय गरी पटकपटक संकट सिर्जना गर्ने कार्य गर्नबाट दोहोरो खतराको सिद्धान्त (Principle of Double Jeopardy) ले सुरक्षा प्रदान गर्दछ । यो सिद्धान्तको आधारमा प्रतिरक्षा लिन पक्षहरू उनै, विषयवस्तु उही र सक्षम अदालतबाट विधिपूर्वक सुनुवाइ भै अन्तिम निर्णय भएको हुन आवश्यक हुन्छ । व्यक्ति वा सरकार जसले मुद्दा चलाए पनि कुनै व्यक्तिउपर एउटै कसूरमा पटक–पटक मुद्दा चलाउने हो भने व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा खतरा उत्पन्न भै उही व्यक्ति पटकपटक प्रताडित हुन पुग्ने । — बालकृष्ण के.सी. समेत वि. जि.प्रहरी का. दैलेख समेत, नेकाप २०६७ अंक ९ नि.नं. ८४५९
- एउटै वारदात उपर यी निवेदक समेत विरुद्ध ज्यान सम्बन्धीको १ र १३(३) नं. बमोजिम अभियोगपत्र दायर गरी सजाय भई सो भुक्तान समेत भइसके पछि कर्तव्य मुद्दा दायर भएपछि तीन वर्षको अन्तरालमा पुनः सोही वारदातलाई आधार बनाई मानिस अपहरण र बन्धकतर्फ पुनः अनुसन्धान गरी यी रिट निवेदक उपर अभियोगपत्र दायर गर्न र मुद्दा चलाउन उक्त अ.बं. ७३ नं. ले मिल्दैन । अपहरण गरिएको भनिएको घटना कर्तव्य ज्यानको वारदातको एक भाग मात्र हो, समष्टिगतमा उक्त घटनादेखि ज्यान मारिएको घटनासम्म एउटै वारदात हो भनी माथिको प्रकरणमा विवेचना गरी सकिएको छ । तर त्यसको एक भागलाई आधार बनाएर अभियोगपत्र दायर गर्नु नै परेछ भने पनि त्यो कर्तव्य ज्यान मुद्दाको अभियोगको साथ साथै अधिकार प्राप्त अदालतमा दायर गर्नुपर्ने हुन्छ । — गोविन्दबहादुर बटाला "जीवित" वि. प्रमं तथा म.प.का. नेकाप २०६६ अंक ६, नि.नं. ८६३८
- कानूनले नै कल वाइपासमा कारबाही र सजाय जिल्ला अदालतले गर्ने तथा सेवा प्रदायकलाई भएको हानी वापतको विगो वापत समेत कारबाही दूरसंचार प्राधिकरणले गर्ने भन्ने कानूनी प्रवन्ध रहेको स्थितिलाई दोहोरो खतराको सिद्धान्तले नसमेट्ने । एउटै दफा भित्र दुई वा सो भन्दा बढी कसूर र तिनमा कारबाही गर्ने अलग अलग निकायको व्यवस्था गर्न विधायिकालाई बन्देज छैन । सेवा प्रदायकलाई भएको — मोहम्मद मजहरूल इस्लाम वि. नेपाल सरकार, नेकाप २०७०

हानि निर्धारण गर्न प्राविधिक रूपमा यकिन गर्नु पर्ने भएबाट त्यो विगो निर्धारण गर्ने दायित्व कानूनलेनै दूरसंचार प्राधिकरणलाई र कल वाइपास हो होइन र हो भने कसले गरेको हो प्रमाणको मूल्यांकनद्वारा ठहर गरी कैद समेत गर्ने जिम्मेवारी जिल्ला अदालतलाई कानूनले नै स्पष्ट शब्दमा दिइरहेको छ । यस्तो अवस्थामा एउटै कसूरमा दुई पटक कारबाही र सजाय भएको प्रश्न उठ्न नसक्ने ।

अंक १२ नि.नं. ९०९७

➢ एउटा कसूर गरेको आरोपमा एक पटक सजाय पाएपछि वा सफाइ पाएपछि सोही कसूरमा पुनः मुद्दा चलाउने वा सजाय गर्न नहुने सिद्धान्त नै दोहोरो खतराको सिद्धान्त हो । यसले एउटै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाई सजाय गर्न हुँदैन भन्ने मान्यता राख्दछ । यो दोहोरो खतराको सिद्धान्त यान्त्रिक रूपमा प्रयोग हुने विषय भने होइन । मुद्दाको आ-आफ्ना विशिष्टता हुन्छन् । कुनै पनि कानूनी एवं विधिशास्त्रीय सिद्धान्तको प्रयोग गर्नुअघि सम्बन्धित मुद्दाको तथ्यगत सन्दर्भ र तत्सम्बन्धी कानूनतर्फ दृष्टि दिनु आवश्यक हुने ।

रोमान्स राना वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेकाप २०७७ अंक १०, नि.नं. १०५८५

वारदातको श्रृङ्खला (Chain of Crime) एउटै भए पनि त्यस्तो श्रृङ्खलामा भएका कार्यहरू फरक-फरक फौजदारी कानून सम्बन्धित विषय बन्न सक्ने ।

## आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने

कसैले अपराध गर्दछ र अपराध गरेको कुरा स्वेच्छिक रूपमा स्वीकार गर्दछ भने त्यो उसको इच्छाको विषय हो । तर राज्यका कुनै पनि निकायले आरोपित व्यक्तिलाई मैले कसूर गरेको हुँ भनी भन्न बाध्य गराउन हुँदैन भन्ने सिद्धान्त नै स्वच्छ पुर्पक्षको महत्वपूर्ण पक्ष हो । कुनै पनि व्यक्तिले गरेको कसूर तटस्थतापूर्वक वस्तुनिष्ठ हिसाबले प्रमाणित हुनु पर्दछ नकी अरू कुनै उपायद्वारा यस मान्यतालाई कार्यान्वयन गर्ने सिलसिलामा कसैलाई पनि आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने भन्ने हकको प्रत्याभूति व्यक्तिलाई भएको हो । यो हक मौन बस्ने अधिकारसँग जोडिएको छ । अपराध प्रमाणित गर्ने भार अभियोजन पक्षको हुन्छ र उसले वस्तुनिष्ठ प्रमाणको मूल्याङ्कनबाट कसूर गरेको कुरालाई स्थापित गर्न सक्नुपर्ने भन्ने यस सिद्धान्तको मूलभूत पक्ष हो ।

कुनै अभियोग लगाइएको व्यक्ति निजले गरेको कसूर प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिने, प्रमाणको भार अभियोग लगाउने पक्ष उपर हुने हुँदा अभियुक्तलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अर्थात चुप लाग्ने अधिकार (Right to remain sielnt) हुने फौजदारी विधिशास्त्रको प्रमुख सिद्धान्त बेलायतको कानून प्रणाली Common law system बाट विकसित हुँदै आएको मानिन्छ । अभियुक्तलाई निज विरुद्ध प्रमाण दिन वा अपराध कबुल गर्न कर लगाइयो भने त्यसमा राज्य शक्ति दुरूपयोग भएको मानिन्छ र त्यसबाट निर्दोष व्यक्ति पनि दोषी ठहर हुन सक्ने भएकाले त्यसबाट जोगाउन यस मान्यताको विकास भएको हो । यो अधिकार चुप लाग्न पाउने अधिकारसँग सम्बन्धित छायो अभियोग लागेको व्यक्तिको हकमा मात्र लागू हुन्छ ।

### संवैधानिक व्यवस्था

- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन ।

संविधानको धारा २० (७)

### कानूनी व्यवस्था

- आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्नेः कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्ने छैन ।

अपराध संहिताको दफा ११

### सर्वोच्च अदालतको फैसला/आदेश

➢ आफ्नो विरुद्ध आफैं साक्षी हुनु नपर्ने संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले बाहेक आफ्नो विरुद्ध बोल्न बाध्य हुँदैन । अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थन वा विरुद्धमा प्रमाण लाग्न सक्छ । कुनै व्यक्ति केही पनि नबोली चुप बस्दछ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन । उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइदैन । विशेष

चन्द्र ब. नेपाली वि. मप.सचिवालय, नेकाप २०५१, नि.नं. ४९६८

परिस्थितिमा कुनै ऐनले विशेष व्यवस्था गरी प्रमाणको भार मुद्दाको कुनै पक्षलाई तोक्दैमा संविधानद्वारा प्रदत्त आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने सिद्धान्त बिपरित हुन जान्छ भन्न मिल्ने नदेखिने ।

- अभियुक्तले आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार परित्याग (Wave) नगरी त्यो अधिकार प्रयोग गरेमा अदालत वा Prosecution ले त्यसको उल्टो वा विपरीत अर्थ गरी अभियुक्तका सम्बन्धमा केही जवाफ नदिएकाले निर्दोष मान्न नमिल्ने भनी उल्टो अर्थ गरी दोषी ठहर गर्न नमिल्ने । अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष पनि अभियुक्तले आफ्नो मौन रहने वा Gulity Plea वा Not Gulity Plea लिने हक उपभोग गर्न सक्छ । उसलाई बाध्य गरी जवाफ लिन नसकिने । — नीलम पौडेल समेत वि. प्रमं तथा मपका. समेत नेकाप २०६७, अंक १० नि.नं. ८४७३

- कुनै पनि व्यक्तिले आफ्नै विरुद्धमा नबोल्न सक्दछ । आफ्नो विरुद्धको प्रमाण आफैँलाई दिन कर छैन भन्ने मान्यतामा आधारित विषय र साक्षीले बकपत्र गर्ने विषय एउटै होइनन् । साक्षीले बोल्ने कुरा आफ्नैको पक्ष वा विपक्षमा हुँदैन । उसले देखेको सत्य तथ्य अदालतमा आई भन्दा न्यायिक प्रक्रियामा सहजता हुने । — अच्यूतप्रसाद खरेल वि. प्रमं तथा मपका. समेत, नेकाप २०६७, अंक १२ नि.नं. ८५१७

- अभियुक्तलाई चुप लाग्ने तथा आफू उपरको अभियोग उपर आधार र कारणसहित प्रतिवाद गर्ने दुवै अधिकार रहने भएको हुँदा न्यायिक प्रक्रियामा सहयोग नगरेको आधारमा मात्र अभियोग दाबी अनुसार कसूरदार ठहर गर्दा न्यायको मर्म तथा प्रचलित कानून प्रणाली प्रतिकूल निर्णय हुन जाने । — नेपाल सरकार वि. विशाल घर्तीमगर, नेकाप २०७७ अंक १२ नि.नं. १०६१६

## कारबाहीको जानकारी पाउने हक

आफ्ना विरुद्ध भएका न्यायिक कारबाही बारे जानकारी पाउने प्रत्येक व्यक्तिको हक हो । फौजदारी न्याय सम्बन्धी अधिकारका सन्दर्भमा कारबाहीको जानकारी पाउने अधिकारका दुई प्रमुख अवधारणा रहेका हुन्छन् । पहिलो हो प्रत्येक व्यक्तिले आफू विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने र दोस्रो, अपराधका पीडित व्यक्तिले आफूले खेप्नु परेको पीडाका सम्बन्धमा राहत दिन राज्यले के कस्तो कारबाही गरेको छ सो को जानकारी पाउने अधिकार । अपराधको कारणबाट शारीरिक, मानसिक वा आर्थिक क्षति पुगेको व्यक्ति पीडित हुन्छ भने त्यस्तो क्षति पुऱ्याउने व्यक्ति पीडक हुन्छ । राज्यले सूचना वा जानकारीको पहुँच एक पक्षमा मात्र सीमित राखी अर्को पक्षलाई भेदभाव गर्न मिल्दैन । फौजदारी न्याय प्रशासनको मुलभूत लक्ष्य कसूरदारलाई कानूनको उचित प्रक्रिया बमोजिम सजाय गर्नु र अपराधका पीडितलाई न्याय दिलाउनु तथा भविष्यमा अपराधको पुनरावृत्ति नहोस् भनी उपयुक्त वातावरणको सृजना गर्नु हो।राज्यको यो लक्ष्य प्राप्तिका लागि न्याय प्रशासनका जिम्मेवार निकायबाट कारबाहीको जानकारी पाउने अधिकारको पहुँच सो कारबाहीसँग सरोकार रहने सबै पक्षसम्म पुग्नु अति आवश्यक हुन्छ । अनुसन्धान गर्ने अधिकारीहरू यी सबै तथ्यसँग जानिफकार हुनु पर्छ ।

नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १४ को उपधारा (३) मा प्रत्येक व्यक्ति विरुद्धको फौजदारी अभियोग निर्धारण गर्दा पूर्ण समानताका आधारमा आफू विरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त र बिस्तृत रूपमा जानकारी पाउने अधिकार हुने व्यवस्था रहेको छ ।

## संवैधानिक व्यवस्था

- प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ । — संविधानको धारा २० (८)

## सर्वोच्च अदालतको फैसला/आदेश

- सुनुवाइको सिद्धान्तको सुनिश्चितताको लागि मूलतः तीन पक्षहरूमा धायन दिनु पर्दछः कुनै व्यक्तिको विरुद्ध निर्णयमा पुग्नुपूर्व सो व्यक्तिलाई सो कारबाहीको जानकार दिनु पर्ने हुनछ, सोको जानकारी दिए पश्चात् सो व्यक्तिलाई आफ्नो हकमा भनाइ राख्ने मौका दिनु पर्दछ र त्यस पश्चात् मात्र निर्णयकर्ताले आधार र कारणसहित निर्णयमा पुग्नु पर्ने हुन्छ । यसरी दुवै पक्षलाई सुनुवाइको मौका दिई निर्णयमा पुग्दा न्याय सम्पादन प्रक्रियामा स्वच्छता निष्पक्षता ल्याउँछायसबाट निर्णयकर्ताले स्वेच्छाचारी रूपले निर्णय गर्नबाट रोक — यज्ञप्रसाद पाण्डेय वि. प्रम तथा मपका समेत, ने.का.प २०७५, अंक ९, नि.नं १००८९

लगाउने काम गर्दछ । सो सिद्धान्तलाई न्यायिक निकाय तथा प्रशासकिय निकाय दुवैले आफ्नो काम कारबाहीको क्रममा बाध्यात्मक रूपमा परिपालना गुर्नपर्ने हुन् । सो सिद्धान्तको पालना नगरी गरिएको निर्णय स्वच्छ र निष्पक्ष नभई स्वेच्छाचारी हुन जाने ।

## स्वच्छ सुनुवाइको हक

कुनै कसूरको आरोप लागेको व्यक्तिले सो कसूर गरेको हो होइन भनी निष्पक्ष र स्वच्छ रूपमा परीक्षण गरिनु नै स्वच्छ सुनुवाइ हो । कसूरको अभियोग लागेको व्यक्तिलाई स्वच्छ सुनुवाइको हक रहन्छ । स्वच्छ सुनुवाइ न्याय न्याय प्रणालीको आत्मा हो । स्वच्छ सुनुवाइको अवधारणाको प्रयोग विभिन्न चरणमा अनिवार्य रूपमा अवलम्बन गर्नु पर्छ । स्वच्छ सुनुवाइको हक सुनुवाइ अगाडिको चरण, सुनुवाइको चरण र सुनुवाइ पश्चात् पनि आवश्यक पर्छ।मुद्दाको अनुसन्धानका क्रममा अर्थात सुनुवाइको चरण भन्दा पहिले अनुसन्धान अधिकारीले अवलम्बन गर्नुपर्ने महत्वपूर्ण स्वच्छ सुनुवाइका मान्यतामा मनोमानी गिरफ्तारी र हिरासतमा निषेध, गिरफ्तारीको कारण थाहा पाउने अधिकार, कानूनी परामर्शको अधिकार, गिरफ्तार गरेको व्यक्ति अविलम्ब न्यायाधीश समक्ष उपस्थित गराई पाउने अधिकार, हिरासतमा रहेको व्यक्तिलाई यातना दिन नपाइने वा मानवीय व्यवहार पाउने अधिकार र हिरासतमा रहदाका अवस्थामा आफन्तसँग भेटघाटको अधिकार आदि पर्दछन् । अनुसन्धान अधिकारीले कुनै कसूरको अनुसन्धान भइरहेका व्यक्तिका यी अधिकारको संरक्षणमा गंभीर हुनु पर्दछ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १० मा कुनै व्यक्ति उपरका फौजदारी अभियोग र अधिकार तथा दायित्व निरोपण गर्दा स्वतन्त्र र सक्षम न्यायाधीकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाइ गरी पाउने पूर्ण समानताको हक हुने व्यवस्था रहेको छ । यसैगरी नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ ले पनि सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणबाट अगाडि समान हुने र कुनै व्यक्ति विरुद्धको फौजदारी अभियोगको निर्धारण गर्दा सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधीकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाइ गराई पाउने अधिकार सुनिश्चित गरिएको छ ।

## संवैधानिक व्यवस्था

- प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ । — संविधानको धारा २० (९)

## कानूनी व्यवस्था

- स्वच्छ सुनुवाइबाट वञ्चित नहुनेः कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाइबाट वञ्चित हुने छैन । — अपराध संहिताको दफा १०

## सर्वोच्च अदालतको फैसला/आदेश

- स्वच्छ सुनुवाइ र कारण सहितको निर्णय न्यायका आधारभूत मान्यता हुन् र यही मान्यताका आधारमा अहरणीय रहेको स्वच्छ सुनुवाईंको विषयलाई संविधान र कानूनले समेत कटौटी गर्न नमिल्ने । जघन्य र अमानवीय प्रकृतिको कसूर गरेको अभियोग लागेका अभियुक्तलाई पनि सुनुवाइको मौका प्रदान गरी आधार कारणको निर्णयबाट दोषी ठहर गर्नु पर्ने । न्यायिक प्रकृया भन्नासाथ स्वच्छ सुनुवाइको अवसर र कारणसहितको निर्णय अनिवार्य रूपमा अगाडि आउँछन् । — अच्युतप्रसाद खरेल वि. प्रमं तथा मपका, नेकाप २०६६ अंक ७ नि.नं ८१८३
- कार्यपालिका अर्थात् सरकारको प्रशासकीय अधिकारीलाई न्यायिक स्वतन्त्रता, निष्पक्षता र नियन्त्रणका न्यूनतम् मापदण्ड बेगर नेपाल सरकार वादी भै चलाईने त्यस प्रकृतिका गम्भीर फौजदारी मुद्दा हेर्न पाउने गरी कानून मार्फत अधिकारक्षेत्र सुम्पिएबाट स्वच्छ र निष्पक्ष न्याय प्राप्त गर्ने नागरिकको मौलिक मानव अधिकारको प्रत्याभूति हुने अवस्था देखिएन । — अम्बरबहादुर राउत वि. गृह मन्त्रालय समेत, नेकाप २०६८ नि.नं. ८६४२
- फौजदारी मुद्दामा अभियुक्त अदालतको आदेशले थुनामा रहन्छ । अदालत आफूले आदेश गरी पुर्पक्षका लागि अन्य कारागारमा पठाउने तर आफ्नै आदेशले थुनामा रहेको थुनुवालाई पेशीको जानकारी नदिने यो कार्य Fair Trial को मान्य सिद्धान्त विपरित हो । यस्तो कार्य ICCPR को धारा १४ र हाम्रो संविधानको — किशोर भन्ने रामबहादुर हमाल वि.

धारा २४ समेत विपरित हो। यस्तो Trial Fair Trial विपरितको Trial हो र यस्तो Trial को कुनै मान्यता हुँदैन भनी सिद्धान्त कायम गर्दै स्वच्छ सुनुवाइका लागि निम्न तत्वहरू आवश्यक पर्ने पनि सिद्धान्त प्रतिपादन भएको छ।

कारागार व्यवस्थापन विभाग समेत, नेकाप २०६७ अंक ४ नि.नं. ८३४५

- ✓ मुद्दा हेर्ने अधिकारी वा अदालत कानूनद्वारा गठित हुनुपर्छ।
- ✓ मुद्दा हेर्ने अधिकारी Competent, Independent / Impartial हुनुपर्छ।
- ✓ अभियोग लागेको अभियोगको बारेमा उसले बुझ्ने भाषामा तुरुन्त जानकारी गराउनु पर्दछ।
- ✓ अभियुक्तलाई लागेको अभियोगको बारेमा उसले प्रतिरक्षालाई तयारीको लागि थुनामा रहेको अभियुक्तलाई पर्याप्त सहुलियत र समय प्रदान गरिदिनु पर्दछ।
- ✓ अभियोग लागेको व्यक्तिले लागेको अभियोगको बारेमा आफूले चाहेमा आफूले रोजेको कानून व्यवसायीबाट प्रतिरक्षा गराउन पाउनु पर्दछ, तर त्यस्तो अभियुक्तले आर्थिक कमजोरीका कारण आफै कानून व्यवसायी राख्न सक्दैन भने राज्यले निःशुल्क कानून व्यवसायी उपलब्ध गराई दिनुपर्छ।
- ✓ अभियोग लागेको व्यक्तिले मुद्दाको कार्वाहीमा आफै उपस्थित भै आफ्नो साक्षी प्रमाण अदालत समक्ष प्रस्तुत गर्न पाउनुपर्छ र आफ्नो साक्षी बकाउन र आफ्नो विरुद्धका साक्षीको जिरह गर्न पाउने मौका पाउनु पर्दछ।
- ✓ अभियुक्त भाषा नबुझ्ने भए उसलाई भाषा बुझ्ने दोभाषे (Interpreter) उपलब्ध गराई दिनुपर्छ।

➢ कुनै व्यक्तिको हकहित विरूद्ध निर्णय गरिन्छ भने त्यसरी निर्णय गर्नुपर्ने कारण आधार यथासमयमा जानकारी गराई प्रतिरक्षाको मौका प्रदान गरिन्छ।

नेकाप २०७४, नि. नं. ९७४३

➢ स्वच्छ सुनुवाइको हकले अभियोग लागेको व्यक्तिलाई आफ्नो कुरा भन्ने, त्यसको सूचना प्राप्त गर्ने, आफ्नो विरूद्धको प्रमाण खण्डन गर्ने आफू निर्दोष रहेको अनुभूति गर्ने व्यवहारको अधिकारसमेतलाई समेट्छ। स्वच्छ सुनुवाइको सिद्धान्तले अभियोग प्रमाणित नभएसम्म अभियोग लागेको व्यक्ति निर्दोष रहेको अनुमान गर्नु पर्ने मान्यतासमेतलाई ग्रहण गर्ने।

अजय शंकर झा "रूपेस" समेत वि. गृह मन्त्रालय समेत, नेकाप २०७५, निनं. १०१११

## निःशुल्क कानूनी सहायताको हक

सामान्यतः कानूनको क्षेत्रमा गरिने निशुल्क व्यावसायिक सेवालाई कानूनी सहायता भन्ने गरिन्छ। यसलाई संकुचित अर्थमा मुद्दा मामिलाको रोहमा कानून व्यवसायीबाट प्रतिनिधित्व गरिने निःशुल्क प्रतिनिधित्वको रूपमा लिने गरिन्छ भने विस्तृत अर्थमा कुनै अदालत, अधिकारी वा न्यायाधिकरण समक्ष गरिने कुनै मुद्दाको कारबाही वा अन्य कानूनी प्रकृयामा उपलब्ध गराइने सेवा वा कानूनी विषयमा दिइने सल्लाह समेतलाई लिइन्छ। न्यायको पहुँच सबैमा पुऱ्याउने उद्देश्यले आफ्नो तर्फबाट कानून व्यवसायी राख्न नसक्ने पक्षका लागि राज्यले नै व्यवस्था गर्नु पर्ने राज्यको संरक्षकीय दायित्वको विषय हो। अधिकार र न्याय कसैलाई इन्कार नगरिने, कसैलाई बिक्री नगरिने र न्याय दिन विलम्ब नगरिने भन्ने म्याग्नाकार्टा, १२१५ को घोषणाबाट निःशुल्क कानूनी सेवाको अवधारणा विकसित हुँदै आएको मानिन्छ।

निःशुल्क कानूनी सेवा सम्बन्धी हक वितरणमुखी न्यायमा आधारित हुन्छ। कानूनको उद्देश्य सबैमा समान न्याय उपलब्ध गराउने भएकोले समान अवस्थामा समान व्यवहार गर्नु राज्यको कर्तव्य हुने र आर्थिक रूपमा सम्पन्न र विपन्न बीचको भेदले न्यायलाई वर्गीय बन्नबाट बचाउनका लागि कानूनी सहायताको अवधारणाको विकास भएको हो। अनुसन्धानका क्रममा कानून व्यवसायीको सल्लाह लिन पाउने अधिकार समेत भएकाले अनुसन्धान अधिकारीले कुनै अभियुक्तले कानून व्यवसायी राख्न सक्ने नसक्ने कुरामा संवेदनशील भई असमर्थ पक्षलाई त्यस्तो सेवा प्रदान गर्न सम्बन्धित संस्थामा सम्पर्क गरिदिनु उपयुक्त हुन्छ।

## संवैधानिक व्यवस्था

- असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ।

संविधानको धारा २० (१०)

**सर्वोच्च अदालतको फैसला/आदेश**

- कानूनी सहायता नियमावली, २०५५ को नियम ६(२) मा कानूनी सहायता नदिने मुद्दाहरूको किटान गरिएको र कानूनी सहायता समितिले अरू मुद्दा पनि किटान गर्न सक्ने गरेको प्रावधानलाई ऐनले प्रत्यायोजित गरे भन्दा बढी अधिकार ग्रहण गरेको भनी नियमावलीको सो प्रावधान बदर भएको।

लिलामणि पौडेल वि. प्रमं तथा मपका, रिट नं. ३५५३, आदेश मिति २०५९।१२।१३

## १.५ अपराध पीडितको हक

### अन्तर्राष्ट्रिय मान्यता

जीउ मास्ने वेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमन सम्बन्धी महासन्धि, १९४९, राजनीतिक तथा नागरिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, महिला विरुद्ध हुने सवैप्रकारका भेदभाव विरुद्धको महासन्धि, १९७९, यातना विरुद्धको महासन्धि, १९८४, अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५, बालअधिकार महासन्धि, १९८९, अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९०, अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी रोम विधान, १९९०, अन्तरदेशीय सँगठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, मानव बेचविखन खासगरी महिला बालबालिकाको बेचबिखनलाई रोक्ने दवाउने र सजाय गर्ने सम्बन्धी उपलेख, २००१, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण सम्ब्न्धमा व्यवस्था भएको महासन्धिको स्वैच्छिक उपलेख, २००२ महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको महासिन्ध, २००२ लगायतका दस्तावेजहरू पीडितहरूको हक अधिकार तथा सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय व्यवस्थाहरू हुन्।

पीडित न्याय सम्बन्धी देहायका आधारभूत सिद्धान्तहरू रहेका छन्।

- सरकारी वकील पीडितका न्यायका अधिकारप्रति सदैव सचेत रहनुपर्छ।
- पीडितहरूसँग विनयपूर्वक र आदरपूर्वक व्यवहार गरिनुपर्छ।
- पीडितहरूलाई मुद्दाको कारबाहीको सम्बन्धमा सूचना माग्न पाउने अधिकार हुन्छ।
- पीडितहरूको न्यायिक अधिकारी समक्ष आफ्नो भनाइ राख्न पाउने अधिकार हुन्छ।
- पीडितहरू निशुल्क कानूनी सेवाका हकदार हुन्छन्।
- पीडितहरूको आफ्नो पहिचान गोप्य राखिएको वा संरक्षण गरिएको सुनिश्चित गरी पाउने अधिकार हुन्छ।
- पीडितहरूको प्रतिशोधबाट बच्न र संरक्षित हुन पाउने अधिकार हुन्छ।
- पीडितहरूको मिलापत्रमा भाग लिन पाउने अधिकार हुन्छ।
- पीडितहरूको पीडकबाट क्षतिपूर्ति पाउने अधिकार हुन्छ।
- पीडितहरूको हिंस्रक अपराधका घटनामा राज्यबाट क्षतिपूर्ति पाउने अधिकार हुन्छ।
- पीडितहरूको सामाजिक सहयोग पाउने अधिकार हुन्छ।

### संवैधानिक व्यवस्था

- अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ।

संविधानको धारा २१ (१)

- अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।

ऐजन उपधारा (२)

यस बाहेक संविधानमा उल्लेख भएका समानताको हक, न्याय सम्बन्धी हक, सूचनाको हक, सम्पत्तिको हक, गोपनीयताको हक तथा शोषण विरुद्धको हक समेत अवस्था अनुसार पीडितको अधिकारसँग सान्दर्भिक हुन्छन्।

## कानूनी व्यवस्था

त्यस्तै अपराध पीडित संरक्षण ऐन, २०७५, मुलुकी अपराध संहिता, २०७४ मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ मा अपराध पीडित संरक्षण तथा सुरक्षा सम्बन्धमा विभिन्न कानूनी व्यवस्था गरिएको छ। साथै मुलुकी अपराध संहिता, २०७४ मा प्राय कसूरमा पीडितलाई प्रतिवादीबाट मनासिव क्षतिपूर्ति भराउने कानूनी व्यवस्था गरिएको छ। निश्चित मुद्दाहरू निरन्तर सुनुवाइ गरिने तथा मुद्दाको कारबाही बन्द इजलासबाट गरिने गरी कानूनी व्यवस्था गरिएको छ। मुद्दा नचल्ने निर्णय भएमा जाहेरवालालाई सूचना दिनुपर्ने (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४१) व्यवस्था, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को क्षतिपूर्ति सम्बन्धी व्यवस्था, यातना तथा क्षतिपूर्ति ऐन, २०५३ को क्षतिपूर्ति (दफा ४), यातना पाएको ब्यक्तिलाई नेपाल सरकारले उपचार गरिदिनुपर्ने (दफा ५) व्यवस्था, मानव बेचबिखन तथा ओसार पसार ऐन, २०६४ मा भएका पीडितको बयान प्रमाणित गर्ने र प्रमाणित बयान बकपत्र नभएपनि प्रमाणग्राह्य हुने (दफा ६), पीडितले छुट्टै कानून व्यवसायी राख्न पाउने (दफा १०), दोभाषे राख्न पाउने (दफा ११), विदेशमा बेचिएको भए नेपाल सरकारले उद्दार गर्ने (दफा १२), पीडितको उपचार, पुनर्स्थापना र पारिवारिक पुनर्मिलन सम्बन्धी व्यवस्था (दफा १३), पीडितलाई क्षतिपूर्ति दिने सम्बन्धी व्यवस्था (दफा १७), सुराकी र पीडितको गोपनीयता कायम राख्ने, पीडितलाई अड्डा अदालत आउँदा जाँदा वा निश्चित अवधिसम्म सुरक्षा दिने (दफा २७) र बन्द इजलासमा सुनुवाइ (दफा २७) सम्बन्धी व्यवस्था, संगठित अपराध निवारण ऐन, २०७० ले पीडित र साक्षीको संरक्षणका लागि गरेको विभिन्न व्यवस्थाहरू पीडितको अधिकारसँग सम्बन्धित कानूनी व्यवस्थाहरू हुन्। त्यस्तै गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा २० र ५१ को क्षतिपूर्ति सम्बन्धी व्यवस्था, दफा ४३ को हर्जाना भराउने सम्बन्धी कानूनी व्यवस्था गरिएको छ।

अपराध पीडित संरक्षण ऐन, २०७५ मा "पीडित" भन्नाले प्राकृतिक व्यक्तिको रूपमा रहेको प्रथमस्तरको पीडित, द्वितीयस्तरको पीडित र पारिवारिक पीडित सम्झनुपर्छ भनी परिभाषा गरिएको छ। साथै सो ऐनमा "प्रथमस्तरको पीडित", "द्वितीयस्तरको पीडित" र "पारिवारिक पीडित" को परिभाषा गरिएको छ। सो ऐनमा पीडितका फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकारहरूलाई परिच्छेद दुईमा समावेश गरिएको छ। जस अन्तर्गत स्वच्छ व्यवहार पाउने अधिकार, भेदभाव विरुद्धको अधिकार, गोपनीयताको अधिकार, अनसुन्धान सम्बन्धी सूचनाको अधिकार,: अभियोजन सम्बन्धी सूचनाको अधिकार, न्यायिक कारबाही सम्बन्धी सूचनाको अधिकार, सुरक्षित हुन पाउने अधिकार, धारणा व्यक्त गर्ने अधिकार, कानून व्यवसायी राख्न पाउने अधिकार, सुनुवाइमा उपस्थित र सहभागिताको अधिकार, सम्पत्ति फिर्ता पाउने अधिकार, क्षतिपूर्ति तथा सामाजिक पुन:स्थापनाको अधिकार आदि उल्लेख गरिएको छ। साथै सो ऐनको दफा २१ मा पीडितका देहाय बमोजिम कर्तव्य हुने कानूनी व्यवस्था गरिएको छ।

- प्रचलित कानून बमोजिम समयमै अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कसूरका सम्बन्धमा जाहेरी वा सूचना दिने,
- कसूरको अनसुन्धान र अभियोजनका सिलसिलामा अनसुन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग गर्ने,
- कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनसुन्धान अधिकारी वा अदालत समक्ष उपस्थित नहुने वा उपस्थित भएर पनि सो उद्देश्यले बयान दिन, बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने कार्य नगर्ने,
- आफ्नो वास्तविक नाम, थर, वतन, टेलिफोन नम्बर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशीघ्र जानकारी गराउने।

## अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३

सरकार वादी फौजदारी मुद्दाका पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्न तथा साक्षीको सहायताका लागि आवश्यक नीतिगत मार्गदर्शन गर्न महान्यायाधिवक्ताबाट अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३ जारी गरिएको छ।

## सर्वोच्च अदालतको फैसला/आदेश

➢ अन्तिम अवस्थासम्म सरकारबाटै पीडितको तर्फवाट मुद्दामा प्रतिरक्षा लगायतको काम गरिन्छ। पीडितको हैसियत गवाहमा सीमित हुन्छ। हाम्रो प्रणालीमा पीडितले आफै मुद्दा चलाउन सक्तैन। पीडित राज्यवाट व्यवस्थित अपराध अनुसन्धान प्रहरी र सरकारी वकीलमा भर पर्नुपर्ने हुन्छ। पीडितले

सुन्तली धामी वि. प्रम. तथा मपका.समेत,

आफू पीडित भएको व्यहोराको आफूमा भएको प्रमाणसहित प्रहरीमा उजूर गर्दा प्रहरी र सरकारी वकीलले मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडित न्याय पाउने मौलिक हकबाट वञ्चित हुन पुग्ने ।

नेकाप २०६८ नि नं ८५४१

- अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पुऱ्याउनु वा पुनःस्थापना गर्न सक्नु पर्छ।तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्तिसम्बन्धी कानून बनाएर मात्रै हुँदैन, सो कानून आफैँमा उपयुक्त र प्रभावकारी हुनुको साथै सोको प्रभावकारी एवम् यथार्थपरक कार्यान्वयनसमेत हुनु अपरिहार्य हुने ।

लोकबहादुर सार्की समेत वि. नेपाल सरकार, नेकाप २०७२ नि नं ९३४६

- न्यायमा पहुँचलाई सहज बनाउनका लागि राज्यले यथोचित उपायहरू अवलम्बन गर्नुपर्दछ । प्रारम्भदेखि नै पीडितले राज्यको रेखदेख र संरक्षणको अनुभूति गर्ने वातावरणको सिर्जना हुनुपर्दछ बलत्कार र तथा मानव बेचबिखनका कारण मानसिक, शारीरिक मनोवैज्ञानिक तथा भावनात्मक चोट तथा पीडाबाट प्रमाणित रहन बाध्य पीडित महिलाहरू न्यायिक उपचारको लागी अग्रसर हुन रोक्ने अन्य सामाजिक तथा सांस्कृतिक कारणहरू भए सोलाई पनि रोक्नेतर्फ लाग्नुपर्ने हुन्छ ।

पुण्यशीला दवाडी घिमिरे समेत वि. प्रमं तथा मपका. समेत, नेकाप २०७४ नि नं ९७४१

- पीडितको पीडाको सम्बोधन पीडितमैत्री एवं पीडितको संरक्षण गर्ने खालको कानूनको निर्माण र त्यसको उचित कार्यान्वयनबाट मात्र हुन सक्ने ।

नेकाप २०७६ नि नं १०२१२

## १.६ यातना विरुद्धको हक

कसूर गरेको आरोपमा थुनामा लिनु भनेको सो व्यक्तिको कानून विपरित थप क्रियाकलापबाट समाजलाई र सम्बन्धित व्यक्तिलाई नै सुरक्षित गर्नु हो।यसरी थुनामा आउने व्यक्ति भविष्यमा असल भएर समाजमै फर्कनु पर्दछ र उसलाई फौजदारी न्यायले सुध्रिएको हालतमा समाजलाई जिम्मा दिनु पर्दछ भन्ने फौजदारी न्यायको उद्देश्य हो।यो उद्देश्य प्राप्तिका लागि थुनामा लिइएको व्यक्तिलाई सुरुबाट नै मानवीय तरिकाले व्यवहार गर्ने मान्यता हाम्रो संविधानले अवलम्बन गरेको पाइन्छ ।

यस मान्यताको अर्को पाटो अभियुक्तलाई शारीरिक एवं मानसिक यातना दिई वा अन्य प्रकारले बाध्य बनाई प्रमाण संकलन गर्ने परिपाटिको अन्त्य गर्ने उद्देश्य पनि हो । यो मान्यता व्यक्तिलाई आफ्नो विरुद्ध आफैँ साक्षी हुन कर गरिनु हुँदैन भन्ने सिद्धान्तसँग पनि सम्बन्धित छ।एकातिर थुनामा रहेका व्यक्तिलाई आफू विरुद्ध बयान दिन कर नलगाइने र यस्तो प्रमाणको कुनै प्रमाणिक मूल्य नहुने परिपाटि छ भने अर्कोतिर शारीरिक एवं मानसिक यातना दिन नपाइने स्पष्ट संवैधानिक प्रावधानलाई कानूनको प्रयोग गर्ने जिम्मेवारी बहन गर्ने सरकारी वकीलहरूले संवेदनशील भई परिपालना गर्नुपर्ने देखिन्छ ।

संविधानद्वारा प्रत्याभूत गरिएको यातना विरुद्धको हकको समुचित प्रयोगको लागि यदि अमानवीय रूपमा यातना दिएर वा अन्य किसिमले अभियुक्तसँग अपमानजनक व्यवहार गरियो भने कानूनले तोके बमोजिम क्षतिपूर्ति दिइने समेतको व्यवस्था गरिएको पाइन्छ । यस प्रावधानको विपरित गई कसैले यातना दिएमा त्यस्तो व्यक्तिले अपराध गरेको मानिने गरी यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को व्यवस्था रहेको पाइन्छ ।

## संवैधानिक तथा कानूनी व्यवस्था र अधिकार प्रत्यायोजन

संविधानले हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्नका लागि सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने गरी महान्यायाधिवक्तालाई अधिकार प्रदान गरेको छ । यसरी नै सरकारी वकील सम्बन्धी नियमावलीले कारागारमा रहेका कैदीको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकार र जिम्मेवारी महान्यायाधिवक्तालाई प्राप्त छ । यसका अतिरिक्त हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा सो विषयमा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा आवश्यक छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने र सो बमोजिम छानबिन गरी निर्देशन दिएको विषयमा महान्यायाधिवक्ता समक्ष त्रैमासिक रूपमा प्रतिवेदन पेश गर्ने गरी उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई पनि नियमावलीले जिम्मेवारी दिएको छ । महान्यायाधिवक्ता तथा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई प्राप्त उल्लिखित जिम्मेवारी निर्वाह गर्नका लागि सबै सरकारी वकीलको महत्वपूर्ण भूमिका र

सक्रियता आवश्यक हुन्छ । यस सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई अधिकार प्रत्यायोजन गरिएको छ ।

## संवैधानिक व्यवस्था

| | |
|---|---|
| • पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । | संविधानको धारा २२ (१) |
| • उपधारा (१) बमोजिमको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | **ऐजन उपधारा (२)** |
| • महान्यायाधिवक्ताले हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्व नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने । | संविधानको धारा १५८ (६) (ग) |
| • पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । | संविधानको धारा २२ (१) |
| • उपधारा (१) बमोजिमको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | ऐजन उपधारा (२) |

## कानूनी व्यवस्था

| | |
|---|---|
| • पक्राऊ भएका वा थुनामा रहेका व्यक्ति घायल र विरामी भएमा आवश्यक मद्दतलाई चाहिने कारबाही तुरुन्त गर्न र त्यस्तालाई पहरा दिँदा वा अन्त लाँदा निजको व्यवस्थाको उचित ख्याल राख्ने । | प्रहरी ऐन, २०१२ को दफा १५(१) (ज) |
| • पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिदा र बासको इन्तजाम गर्ने । | ऐजन दफा १५(१)(झ) |

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ११(छ) र १५(च) मा हिरासत अनुगमन सम्बन्धी अधिकार र कार्यका बारेमा उल्लेख गरिएको छ ।

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताले २०७८ साल वैशाख १३ गते यो अधिकार उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई प्रत्यायोजन गरेको अवस्था छ ।

## अधिकार प्रत्यायोजन

**हिरासतमा रहेको व्यक्तिको मानव अधिकारको अवस्थाबारे अनुगमन गर्ने सम्बन्धमा:**

| | |
|---|---|
| • हिरासतमा रहेको व्यक्तिलाई नेपालको संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने सम्बन्धमा नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) ले प्रदान गरेको अधिकार सम्बन्धित क्षेत्रभित्रका उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकीलले प्रयोग र पालना गर्ने, | नेपाल राजपत्र २०७८।०१।१३ गते, बुँदा नं ४ को खण्ड (क) |
| • खण्ड (क) बमोजिम अनुगमन गर्ने क्रममा हिरासतमा रहेको व्यक्तिको मानव अधिकार संरक्षण गर्न र हिरासत व्यवस्थालाई सुदृढ पार्नको लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित अधिकारीलाई निर्देशन दिनुपर्ने भए निर्देशन समेत दिने, | ऐजन खण्ड (ख)<br>ऐजन खण्ड (ग) |

- खण्ड (क) वा (ख) बमोजिम गरेको अनुगमन तथा दिएको निर्देशन सम्बन्धी कार्यको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने ।

## सर्वोच्च अदालतको फैसला/आदेश

- फौजदारी मुद्दाको कसूरमा पक्राउ परेको वा थुनामा परेको वा थुनामा रहेको व्यक्तिलाई समेत शारीरिक वा मानसिक यातना नदिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने प्रत्याभूति संविधानले गरेको अवस्थामा कुनै किसिमको फौजदारी कसूर नलागेको वा थुनामा नरहेको कुनै पनि व्यक्तिलाई कुनै किसिमको यातना वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने परिकल्पना गर्न नसकिने । — देवेन्द्र आले वि. मपस. समेत, नेकाप २०६१, नि.नं. ७४३३

- अपराध अनुसन्धानको सिलसिलामा वा थुनामा रहेको व्यक्तिलाई राज्यले उच्च मर्यादा र उच्च नैतिकता कायम गरी व्यवहार गर्नुपर्छ।अपराध अनुसन्धानको नाममा वा कार्यकारी अधिकार सम्पन्न हैसियतको अधिकारीको नाममा राज्यले संवैधानिक एवं कानूनी व्यवस्था र मानव अधिकारको न्यूनतम् मान्यता वा सीमा नाघी कसैलाई पनि कुनै प्रकारको यातना दिन नसक्ने।राज्यले सार्वजनिक हितका लागि मौलिक हकमा नियन्त्रण गर्न सक्छ भन्दैमा राज्यले स्वेच्छाचारी ढंगले यातना दिन सक्ने होइन । राज्यको यस्तो अधिकार उचित, निष्पक्ष र मनासिव हुनु पर्ने । — राजेन्द्र घिमिरे समेत बि. प्रम◌ं. तथा मपका.समेत, नेकाप २०६६ अकं ३ निर्णय नं ८१०१

- वैयक्तिक स्वतन्त्रताको अपहरण हुनु अति संवेदनशील विषय हो । यस्तो विषयमा अदालत गम्भीर हुन पर्दछ । कुनै पनि व्यक्तिलाई पक्राउ गरिसकेपश्चात् के कुन कसूरमा पक्राउ गरिएको हो भन्ने जानकारीसहितको थुनुवा पूर्जी दिनुपर्ने कानूनी राज्यको न्यूनतम् मापदण्ड मात्र नभई त्यसरी पक्राउ गरी थुनामा राख्नुको कारणसहितको सूचना पाउनु पर्ने हरेक व्यक्तिको मौलिक हक नै हो । नेपालको अन्तरिम संविधानको धारा २४ ले यसलाई व्यक्तिको मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ । केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को कसूरमा कसूरदारलाई विना बारेन्ट पक्राउ गर्न सकिने व्यवस्था उक्त ऐनको दफा (३) मा भए पनि त्यसरी थुनामा राख्नुको कारणसहितको थुनुवा पूर्जी दिन नपर्ने भन्ने व्यवस्था उक्त ऐनमा भएको नदेखिँदा कानूनबमोजिमको थुनुवा पूर्जी अनिवार्य रूपमा दिनुपर्ने ।कानूनद्वारा सात दिनभित्र मुद्दा दायर गर्नुपर्ने भनी अनिवार्य गरेकोमा सो अवधिमा मुद्दा दायर नगरेकोमा सोको ठोस एवं मनासिव कारण विना नै पुनः १० दिन म्याद थप गरी थुनामा राखेको कार्य कानून बमोजिम मान्न नमिल्ने । — लोप्साङ्ग शेर्पा समेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत नेकाप २०६८ अकं ८ निर्णय नं ८६७२

- फौजदारी न्याय प्रक्रियाको प्रत्येक चरणमा स्वच्छताको अपेक्षा रहने गर्दछ । जथाभावी जरूरी पक्राउ पूर्जी जारी गर्ने, थुनामा राख्दा अभियोग सम्बन्धमा प्रस्ट बेहोरा उल्लेख नगर्ने, हिरासतमा राख्ने अनुमति माग गर्दा तथा अनुमति प्रदान गर्दा कुनै उचित, तर्कसङ्गत वा वस्तुपरक कारण उल्लेख नगर्ने जस्ता काम कारबाहीको "रूप वा आवरणबाट" कानूनद्वारा निर्धारित प्रक्रिया पूरा गरेको जस्तो देखिए तापनि "सारमा वा अन्तर्यमा" हेर्दा यस प्रकारको काम कारबाहीबाट कानूनी सर्त पूरा भएको मान्न सकिने अवस्था देखिन नआउने । — तेजबहादुर मोक्तानसमेत वि: नेपाल सरकार, गृह मन्त्रालय समेत, नेकाप २०७६ अकं ६ नि.नं १०२८१

## हिरासत अनुगमन सम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा १५८ को उपधारा ६ को देहाय (ग) ले हिरासतमा रहेका व्यक्तिलाई यस संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने काम महान्यायाधिवक्तालाई प्रदान गरेको छ । प्रस्तुत संवैधानिक व्यवस्थाले मूलभूत रूपमा तीनवटा कार्यक्षेत्र तोकेको देखिन्छ ।

- हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधिनमा रही मानवोचित व्यवहार नगरेको वा
- त्यस्तो व्यक्तिलाई आफन्तसँग भेटघाट गर्न नदिएको वा
- कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको

संवैधानिक रूपमा हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नभएको वा आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने विषयमा कुनै उजुरी परेमा त्यस उपर महान्यायाधिवक्ता वा निजले अधिकार प्रत्यायोजन गरेका सरकारी वकीलले आवश्यक छानबिन गर्नुपर्ने हुन्छ । अथवा अन्य कुनै माध्यमद्वारा महान्यायाधिवक्तालाई उल्लेखित विषयबारे जानकारी हुन आएमा पनि छानबिन गरी उपयुक्त निर्देशन दिनुपर्ने हुन्छ । महान्यायाधिवक्तालाई प्रदान गरिएको यस काम महान्यायाधिवक्ताद्वारा मिति २०७८।१।१३ मा सबै उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई प्रदान गरिएको हुँदा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको कार्य गर्न तोकिएका अन्य सरकारी वकीलहरूले सो सम्बन्धमा उजुरी लिने, जानकारी लिने, नियमित रूपमा निरीक्षण वा अनुगमन गर्ने र उल्लंघन भएको देखिएमा सो कार्य रोक्न निर्देशन दिने लगायतका कार्य गर्नुपर्दछ ।

महान्यायाधिवक्तालाई संविधानत प्रदान गरेको यस कार्य व्यक्तिका महत्वपूर्ण मानव अधिकार र संविधान प्रदत्त मौलिक हकसँग सार्थक सम्बन्ध राख्ने भएकोले वैयक्तिक मौलिक हकको संरक्षणसँग संवेदनशिल यस कार्य जिम्मेवारीलाई सम्बन्धित पदाधिकारीहरूले गहन, सक्षम, निष्पक्ष, स्वतन्त्र र सकृय भएर सम्पादन गर्नुपर्दछ । केवल उजुरी परेमा मात्र छानबिन गर्ने संवैधानिक व्यवस्थाको मर्म नभै समय समयमा निरीक्षण तथा अनुगमन गरी सो विषयमा सम्बन्धित पदाधिकारीलाई उपयुक्त निर्देशन दिने र सो बारे भए गरेका गतिविधि तथा कार्यको प्रतिवेदन महान्यायाधिवक्ता समक्ष प्रस्तुत गर्नुपर्ने हुन्छ ।

उल्लिखित संवैधानिक व्यवस्था, कानूनी व्यवस्था, महान्यायाधिवक्ताको कार्यालयको निर्णय, समन्वय समितिको निर्णय, अधिकार प्रत्यायोजनका आधारमा महान्यायाधिवक्ताको कार्यालयबाट खटिने सरकारी वकीलले आवश्यकता अनुसार खटाइएको समयमा र उच्च सरकारी वकील कार्यालयका प्रत्येक सहन्यायाधिवक्ताले आ–आफ्नो क्षेत्रभित्रका सम्बन्धित निकायको हिरासत कक्षको आवश्यकता अनुसार समय समयमा अनुगमन गर्नुपर्दछ । यसरी गरिएको अनुगमन तथा निर्देशनको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नुपर्दछ । यसरी अनुगमन गर्ने सिलसिलामा निम्न कार्यविधिको अनुशरण गर्नुपर्दछ ।

## अवलोकन

हिरासत अनुगमन गर्दा सम्बन्धित सहन्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको कार्य गर्ने गरी तोकिएका अन्य सरकारी वकील आफै हिरासत कक्षमा गई अवलोकन गर्नुपर्दछ।अवलोकन गर्दा भरिशक्य हिरासत कक्ष रहेको कार्यालयको प्रमुख सहित भै अवलोकन गर्नुपर्दछ । तर हिरासतमा रहेको व्यक्तिलाई छुट्टै भेट्नुपर्ने औचित्य देखिएमा आवश्यकता अनुसार अन्य उपयुक्त व्यक्ति सहित वा एक्लै अवलोकन गर्नुपर्दछ । हिरासत अनुगमन गर्दा मानव स्वास्थ्यसँग न्यूनतम् सरोकार राख्ने र अत्यावश्यक निम्न कुराहरूमा विशेष ध्यान दिई अवलोकन गर्नुपर्दछ ।

## हिरासत कक्षको पूर्वाधार:

हिरासत कक्ष अवलोकन गर्दा अत्यावश्यक पूर्वाधारको अवस्था के कस्तो रहेको छ ध्यानपूर्वक अवलोकन गर्नुपर्छ।हिरासत कक्षको क्षमता, कक्षको आकार, घाम, प्रकाश, हावा प्रवेशको अवस्था, झ्यालहरू छन् छैनन्, कक्ष भवनको सुरक्षा, पानी चुहिने नचुहिने रंगरोगनको अवस्था, लगायतका कुरालाई ध्यान दिनु पर्दछ । पुरुष र महिलाका कक्ष छुट्टै छ छैन्, बालबालिका र वयस्क एउटै ठाउँमा छन छैन्न, बालबालिका पनि राखिएका छन छैन्न् हेर्नुपर्दछ । हिरासतमा राखिएका व्यक्तिको संख्या सो अनुपातमा पाइखाना, पिसाबखाना, नुहाउने, लुगा धुने स्थान, पुरुष र महिलाको लागि छुट्टै पाइखाना, पिसाबखाना, नुहाउने स्थान छ छैन्, धार्मिक नित्यकर्म गर्ने स्थान छ छैन्, त्यहाँको सरसफाइको अवस्था के कस्तो रहेको छ, भेटघाट कक्ष छुट्टै छ छैन लगायतका अत्यावश्यक पूर्वाधारहरूको अवलोकन गर्नु पर्दछ ।

## खाना र सिधा

मानव जीवनको लागि खाना न्यूनतम र अत्यावश्यक पूर्वाधार हो।हिरासतमा रहेको व्यक्तिलाई सिधा खर्च र खाना उपलब्ध गराइएको छ, छैन्, उपलब्ध गराएको भए दिनमा कति पटक के कस्तो खाना, पिउने पानी उपलब्ध गराइएको छ, उपलब्ध खाना र पानीको स्तर कस्तो छ, खाना खाने स्थान छुट्टै छ वा छैन्, स्वास्थ्यको दृष्टिले सो स्थान उपयुक्त छ छैन् जस्ता कुरा अवलोकन गर्नुपर्दछ ।

**स्वास्थ्य जाँच र औषधि उपचार:**

हिरासतमा रहेको व्यक्तिलाई समय समयमा स्वास्थ्य जाँच गराउने प्रवन्ध छ छैन्, त्यस्तो व्यक्ति बिरामी भएमा तत्कालै स्वास्थ्य जाँच र औषधि उपचार सेवा उपलब्ध गराउने स्थान छ छैन्, औषधिको सहज उपलव्धता, उपचार सेवा सहज उपलब्ध गराउने गरेको छ छैन्, भन्ने कुरा अवलोकन गर्नुपर्दछ ।

**अन्य सुविधा**

हिरासतमा रहेको व्यक्तिलाई नियमित रूपमा गर्नुपर्ने कसरतका लागि व्यायामशाला वा कोठाको व्यवस्था छ, छैन् पत्रपत्रिका टेलिफोन, रेडियो, टेलिभिजन जस्ता नियमित समाचार तथा संचार सेवा उपलब्ध गराउने गरेको छ, छैन्, अध्ययन गर्न चाहनेका लागि आफ्नै खर्चमा पुस्तकहरू लाने व्यवस्था छ छैन् अवलोकन गर्नुपर्दछ ।

**सुत्ने स्थान:**

हिरासतमा राखिएका व्यक्तिलाई नियमित राख्ने र सुत्ने शयन कक्ष छुट्टै छ वा एउटै छ, एउटै छ भने सुत्नको लागि पनि पर्याप्त आकारको छ, छैन्, सुत्नको लागि मौसम अनुकुलका लुगा, झुल, खाटहरूको प्रवन्ध छ छैन्, हेर्नुपर्दछ ।

**भेटघाटको प्रवन्ध:**

हिरासतमा राखिएका व्यक्तिले तोकिएको स्थान, समयमा आफ्नो परिवार, आफन्त वा कानून व्यवसायीसँग वा निज मार्फत भेटघाट गर्न पाउनु निजको नैसर्गिक अधिकार हो । भेटघाटका लागि छुट्टै कक्ष छ वा छैन्, नभएको भए भेटघाट गर्न दिने गरेको छ वा छैन्, के कति समयमा भेटघाट गर्न दिएको छ, भेटघाट कक्ष भएको भए सुरक्षित छ वा छैन्, भेटघाट गर्दा को को बस्ने प्रवन्ध मिलाईएको छ भेटघाटका लागि हेल्प डेस्क छ छैन् अवलोकन गरेर जानकारी लिनुपर्दछ ।

**हिरासतमा राखिएको व्यक्तिलाई हतकडी**

हिरासत अवलोकन गर्दा हिरासतमा राखिएको व्यक्तिलाई हिरासत कक्षमा हतकडी लगाउने गरेको छ छैन्, बाहिर जाँदा मात्र लगाउने गरेको छ वा भित्र पनि नियमित रूपमा लगाउने गरेको छ, कसैका हकमा भित्रै नियमित रूपमा लगाउने गरेको छ भने किन लगाउनु परेको रहेछ सो अवलोकन तथा जानकारी लिनुपर्दछ ।

**पक्राउ पुर्जी:**

नेपालको संविधानको धारा २० को उपधारा (१) मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन् भन्ने उल्लेख गरिएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ मा कसूरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्ने कार्यविधि उल्लेख छ । पक्राउ गर्दा उल्लेखित कार्यविधि पूरा गरिएको छ छैन । पक्राउ पूर्जी दिएको छ छैन।पक्राउ परेको अभियुक्तलाई अनुसूची ८ बमोजिम पक्राउ पूर्जी दिनुपर्नेछ भन्ने उल्लेख भएकोले हिरासतमा अवलोकन गर्दा पक्राउ पूर्जी दिएको छ, छैन् सो पूर्जी उल्लेखित अनुसूची ८ को ढाँचामा छ छैन् निरीक्षण गर्नुपर्दछ ।

**पक्राउ गरेपछि स्वास्थ्य जाँच**

कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्ने कुरा यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ को उपदफा (२) मा उल्लेख छ । उपदफा (३) मा यसरी गरिएको उल्लेखित शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धी प्रतिवेदनको एकप्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनुपर्ने उल्लेख छ।मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (५) मा थुनामा राख्ने अनुमतिको लागि उपस्थित गराइने व्यक्तिलाई अदालतमा

उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्ने समेत व्यवस्था छ।उल्लेखित कानूनी व्यवस्थाको सन्दर्भमा हिरासत अनुगमन गर्दा हिरासतमा रहेको व्यक्तिको हिरासतमा लिँदा निजको स्वास्थ्य जाँच भएको छ, छैन् त्यस्तो व्यक्तिले म्याद थप्न लैजाँदा शारीरिक जाँचको निवेदन दिएको र अदालतले आदेश दिएकोमा शारीरिक जाँच भएको छ छैन्, शारीरिक जाँच पश्चात् उपचार गराउनुपर्ने देखिएकोमा उपचार भएको छ छैन् सो बारे अवलोकन गरी जानकारी लिनुपर्दछ।

## हिरासतमा राखिएका कागजात

नेपालको संविधानको धारा २० को उपधारा (३) मा पक्राउ गरिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको आदेश भएमा बाहेक चौबीस घण्टा भन्दा बढी थुनामा राख्न नपाउने उल्लेख छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (६) मा अदालतले पटक पटक गरी वा एकै पटक गरी पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्ने व्यवस्था छ भने लागू औषध लगायतका विभिन्न विषयमा वनेका कानूनमा यो म्याद फरक समेत रहेको छ।हिरासत अवलोकनका क्रममा हिरासतमा राख्दा उपरोक्त कार्यविधिको पालना गरिएको छ छैन्, म्याद थप गराइएको वा नगराइएको सो समेतका सम्बन्धित कागजातहरू पनि हेर्नुपर्दछ।

## कानून व्यवसायीसँगको भेटघाट

- हिरासतमा रहेका व्यक्तिले कानून व्यवसायीसँग भेटघाट गर्न र परामर्श गर्न सक्ने समय निर्धारण गरेको छ छैन्,
- कानून व्यवसायीसँग भेटघाट गर्न चाहेमा त्यस्तो भेटघाटको अवसर उपलब्ध गराउने व्यवस्था छ छैन्,
- हिरासतमा रहेका व्यक्तिले भेटघाट वा परामर्श गरेको कानून व्यवसायीको नाम, ठेगाना र प्रमाणपत्र नम्बर उल्लेख गरी हिरासतमा राख्ने निकायले अभिलेख राख्ने व्यवस्था गरेको छ छैन्,
- हिरासतमा रहेको व्यक्ति तथा निजको कानून व्यवसायी बीचको भेटघाट वा परामर्श सम्बन्धित अधिकारीले देख्न सक्ने तर परामर्शको विषय सुन्न नसक्ने दुरी वा स्थानमा उपलब्ध गराउने व्यवस्था छ छैन्,
- स्थानीयस्तरमा निशुल्क कानूनी सहायता उपलब्ध गराउने संस्था वा कानून व्यवसायी भएमा सोको लगत सम्बन्धित अधिकारीले राख्ने र कुनै हिरासतमा रहेका व्यक्तिले कानून व्यवसायी नियुक्त गर्न नसक्ने भएमा त्यस्तो सेवा उपलब्ध गराउने संस्था वा कानून व्यवसायी मार्फत आवश्यक सहायता उपलब्ध गराइदिन अनुरोध गरिदिने व्यवस्था छ छैन्,
- पक्राउमा परेको व्यक्तिले कानून व्यवसायीसँग भेट गर्दा भाषा नबुझ्ने भई दोभाषेको माग गरेमा सम्भव भएसम्म उपलब्ध गराई दिने व्यवस्था छ छैन्,
- कानून व्यवसायीले हिरासतमा रहेको कुनै व्यक्तिलाई भेट्दा कानून व्यवसायीको व्यावसायिक आचार संहिताको पालना गर्नु पर्दछ भने कुराको जानकारी प्राप्त गर्ने व्यवस्था छ छैन् जानकारी लिनुपर्दछ।

## आफन्तसँग भेटघाट

- हिरासतमा रहेको व्यक्तिको नजिकको आफन्त/परिवारको नाम, थर, ठेगाना, सम्पर्क फोन नम्बर समेतको अभिलेख हिरासतमा राख्ने कार्यालयले राख्ने व्यवस्था गरेको छ छैन्,
- प्रत्येक हिरासत केन्द्रमा सहयोग कक्ष (Help Desk) को व्यवस्था गरी त्यस्तो सहयोग कक्षले हिरासतमा रहेका व्यक्तिको आफन्त तथा आगन्तुकलाई आवश्यक परामर्श प्रदान गर्ने व्यवस्था मिलाएको छ छैन्,
- हिरासतमा रहेका व्यक्तिले आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटको अवसर उपलब्ध गराइदिने व्यवस्था छ छैन्,
- कुनै विदेशी नागरिक हिरासतमा रहेको भए त्यस्ता नागरिकलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा सोको अवसर उपलब्ध गराउने व्यवस्था छ छैन्,
- भेटघाटको लागि छुट्टै कक्ष वा कोठाको व्यवस्था छ छैन्,
- भेटघाटको लागि निश्चित समय निर्धारण गरिएको छ छैन्,

- भेटघाट गरेको व्यक्ति, भेटघाट गरेको मिति र समयसहितको आवश्यक विवरण आगन्तुक पुस्तिकामा अभिलेख राख्ने व्यवस्था छ छैन्,
- हिरासतमा रहेका व्यक्तिले आफन्तसँग भेट गर्न चाहेको निजको नजिकको नातेदारलाई खबर गर्ने व्यवस्था छ छैन्,
- हिरासतमा रहेका व्यक्तिलाई सामान्यतया हप्ताको दुई पटकसम्म आफन्तसँग भेटघाट गर्न दिने व्यवस्था छ छैन्,
- हिरासतमा रहेका व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गरेको कुरा निजको आफन्तलाई जानकारी गराउने व्यवस्था छ छैन् अवलोकन गर्नुपर्दछ ।

**भेटघाट र अन्तर्वार्ता**

हिरासत अनुगमन गर्दा अवलोकनका अतिरिक्त हिरासतमा राखिएका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको आफन्त वा कानून व्यवसायी मार्फत भेटघाट गर्न दिइएको वा नदिइएको सम्बन्धमा निम्न व्यक्तिसँग भेटघाट र अन्तरवार्ता गर्नुपर्दछ ।

**हिरासतमा राखिएको व्यक्ति**

हिरासतमा राखिएको व्यक्तिसँग निज प्रति मानवोचित व्यवहार भए नभएको, न्यूनतम शिष्टता तथा मर्यादित व्यवहार भए नभएको, आफन्तसँग भेटघाट वा कानून व्यवसायी मार्फत भेटघाट गर्न पाए नपाएको, दोभाषे आवश्यक भएकोमा सो सुविधा पाए नपाएको, खाना, वस्ने ठाउँ, सुत्ने ठाउँ पर्याप्त भए नभएको, संचार, पत्र पत्रिका सुविधा भए नभएको, स्वास्थ्य जाँच भए नभएको, हतकडी लगाए नलगाएको लगायतका विषयमा भेटघाट गरी जानकारी लिनुपर्दछ ।

**सम्बन्धित पदाधिकारी**

हिरासत अवलोकन गर्दा देखिएका कुरा, हिरासतमा राखिएको व्यक्ति सँगको कुराकानी, सम्बन्धित पदाधिकारीसँगको छलफल वा कुराकानी पश्चात् सो विषयको जटीलता अनुसार हिरासतमा राख्ने कार्यालयका प्रमुख वा अन्य सरोकारवाला निकाय वा व्यक्तिहरू समेत राख्नु पर्ने देखिए आवश्यकता अनुसार सबै पक्षसँग वसी अन्तरक्रिया गर्नुपर्छ ।

**कार्यालय प्रमुखसँग अन्तरक्रिया**

हिरासत अवलोकन, हिरासतमा राखिएको व्यक्तिसँगको कुराकानी, सम्बन्धित पदाधिकारीसँगको छलफल वा कुराकानी पश्चात सो विषयको जटिलता अनुसार हिरासतमा राख्ने कार्यालयका प्रमुख वा अन्य सरोकारवाला निकाय वा व्यक्तिहरू समेत राख्नु पर्ने देखिए आवश्यकता अनुसार सबै पक्षसँग बसी अन्तरक्रिया गर्नुपर्दछ ।

**अनुगमन प्रतिवेदन**

अनुगमन गर्ने अधिकारीले अनुगमन समाप्त भएपछि आफ्नो कार्यालय र महान्यायाधिवक्ता समक्ष प्रतिवेदन प्रस्तुत गर्नु पर्छ ।

**समन्वय समितिबाट भएको मिति २०६४।५।२१ को निर्णय**

हिरासतमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा भेटघाट गर्न नदिएको सम्बन्धमा प्राप्त उजुरीको छानबिन सम्बन्धमा देहाय बमोजिमको कार्यविधि अनुसार गर्नु पर्ने गरी समन्वय समितिबाट मिति २०६४।५।२१ मा निर्णय समेत भएको छ ।

**हिरासतमा रहेका व्यक्तिलाई आफन्त वा कानून व्यवसायी मार्फत भेटघाट गर्न दिने सम्बन्धमा**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (३) को खण्ड (ग) मा "हिरासतमा रहेका व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने" भन्ने

व्यवस्था भएकोले सो संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नका लागि देहाय बमोजिम मानवोचित व्यवहारको न्युनतम मापदण्ड, आफन्त तथा कानून व्यवसायीसँग भेटघाट गर्ने प्रक्रिया र सोको अनुगमन गर्ने प्रक्रिया समेत तय गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (३) को खण्ड (ग) को प्रयोजनार्थ हिरासतमा रहेका व्यक्तिलाई उपलब्ध हुनुपर्ने सुविधा, आफन्त तथा कानून व्यवसायीसँग भेटघाट गर्न दिने प्रक्रिया तथा उजुरी दिने व्यवस्था सम्बन्धमा देहाय बमोजिम गर्नेः :–

- हिरासतमा राख्ने अधिकार प्राप्त निकाय तथा पदाधिकारीले कुनै व्यक्तिलाई हिरासतमा राख्दा देहाय बमोजिम सुविधाहरू उपलब्ध गराउनु पर्ने :–

**(१)** हिरासत कक्षमा :–

- हिरासतमा रहेका व्यक्तिको लागि सुत्ने ठाऊँ, कोठाको उपयुक्त व्यवस्था हुनु पर्ने ।
- सम्भव भएसम्म हिरासत स्थल वा कोठामा एक आपसमा मिलेर बस्न सक्ने व्यक्ति छनौट गरी मिलाई राख्ने व्यवस्था हुनु पर्ने ।
- पर्याप्त हावा तथा उज्यालोको व्यवस्था हुनु पर्ने ।
- हिरासतमा रहेका व्यक्तिलाई आवश्यक ओढ्ने तथा ओछ्याउने सामाग्री उपलब्ध गराइदिने व्यवस्था हुनु पर्ने।
- पिउने पानी उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।
- हिरासतमा बस्ने व्यक्तिको आवश्यकता अनुसार चर्पीको व्यवस्था हुनु पर्ने ।
- नुहाउने तथा लुगा धुने सुविधा हुनु पर्ने ।
- धार्मिक नित्यकर्म गर्ने सुविधा उपलब्ध हुनु पर्ने ।
- आफ्नै स्रोत वा माध्यमबाट पुस्तक वा पत्रपत्रिका प्राप्त गरी वा किनी पढ्न पाउने सुविधा हुनु पर्ने ।
- सम्भव भएसम्म आफन्त र कानून व्यवसायीसँग चिठ्ठी पत्र र टेलिफोन वार्ताको सुविधा उपलब्ध हुनु पर्ने ।

(२) स्वास्थ्य परीक्षणको सुविधा उपलब्ध हुनु पर्ने ।

(३) कानूनले तोकेको सिधा खर्च समयमा उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।

(४) हिरासतमा रहेका व्यक्तिप्रति शिष्ट र मर्यादित व्यवहार गरिनु पर्ने ।

**हिरासतमा रहेको व्यक्तिले आफन्तसँग भेटघाट गर्न पाउने व्यवस्था गर्न देहाय बमोजिम गर्नुपर्ने :–**

- हिरासतमा रहेको व्यक्तिको नजिकको आफन्त/परिवारको नाम, थर, ठेगाना, सम्पर्क फोन नम्बर समेतको अभिलेख हिरासतमा राख्ने कार्यालयले राख्ने व्यवस्था हुनु पर्ने ।
- सम्भव भए प्रत्येक हिरासत केन्द्रमा सहयोग कक्ष (Help Desk) को व्यवस्था मिलाउनु पर्ने । त्यस्तो सहयोग कक्षले हिरासतमा रहेका व्यक्तिको आफन्त तथा आगन्तुकलाई आवश्यक परामर्श प्रदान गर्ने व्यवस्था हुनु पर्ने ।
- हिरासतमा रहेका व्यक्तिले आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटको अवसर उपलब्ध गराइदिने व्यवस्था हुनु पर्ने ।
- कुनै विदेशी नागरिक हिरासतमा रहेको भए त्यस्ता नागरिकलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा सोको अवसर उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।
- भेटघाटको लागि उपलब्ध भएसम्म छुट्टै कक्ष वा कोठाको व्यवस्था हुनु पर्ने ।
- भेटघाटको लागि निश्चित समय निर्धारण गरी दिनु पर्ने ।
- भेटघाट गरेको व्यक्ति, भेटघाट गरेको मिति र समयसहितको आवश्यक वितरण आगन्तुक पुस्तिकामा अभिलेख राख्ने व्यवस्था हुनु पर्ने ।

- हिरासतमा रहेका व्यक्तिले आफन्तसँग भेट गर्न चाहेको निजको नजिकको नातेदारलाई खबर गर्ने व्यवस्था हुनु पर्ने ।
- हिरासतमा रहेका व्यक्तिलाई सामान्यतया हप्ताको २ पटकसम्म आफन्तसँग भेटघाट गर्न दिने व्यवस्था हुनु पर्ने ।
- हिरासतमा रहेका व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गरेको कुरा निजको आफन्तलाई जानकारी गराउने व्यवस्था हुनु पर्ने ।

**हिरासतमा रहेका व्यक्तिले कानून व्यवसायीसँग भेटघाट गर्न पाउने व्यवस्था गर्न देहाय बमोजिम गर्नुपर्ने:–**

- कानून व्यवसायीसँग भेटघाट गर्न र परामर्श गर्न सक्ने समय निर्धारण गरेको हुनु पर्ने ।
- कानून व्यवसायीसँग भेटघाट गर्न चाहेमा त्यस्तो भेटघाटको अवसर उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।
- हिरासतमा रहेका व्यक्तिले भेटघाट वा परामर्श गरेको कानून व्यवसायीको नाम, ठेगाना र प्रमाणपत्र नम्बर उल्लेख गरी हिरासतमा राख्ने निकायले अभिलेख राख्ने व्यवस्था हुनु पर्ने ।
- हिरासतमा रहेको व्यक्ति तथा निजको कानून व्यवसायी बीचको भेटघाट वा परामर्श सम्बन्धित अधिकारीले देख्न सक्ने तर परामर्शको विषय सुन्न नसक्ने दुरी वा स्थानमा उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।
- स्थानीयस्तरमा निशुल्क कानूनी सहायता उपलब्ध गराउने संस्था वा कानून व्यवसायी भएमा सोको लगत सम्बन्धित अधिकारीले राख्ने र कुनै हिरासतमा रहेका व्यक्तिले कानून व्यवसायी नियुक्त गर्न नसक्ने भएमा त्यस्तो सेवा उपलब्ध गराउने संस्था वा कानून व्यवसायी मार्फत आवश्यक सहायता उपलब्ध गराइदिन अनुरोध गरिदिने व्यवस्था हुनु पर्ने ।
- पक्राउमा परेको व्यक्तिले कानून व्यवसायीसँग भेट गर्दा भाषा नबुझ्ने भई दोभासेको माग गरेमा सम्भव भएसम्म उपलब्ध गराई दिने व्यवस्था हुनु पर्ने ।
- कानून व्यवसायीले हिरासतमा रहेको कुनै व्यक्तिलाई भेट्दा कानून व्यवसायीको व्यावसायिक आचार संहिताको पालना गर्नु पर्दछ भने कुराको जानकारी प्राप्त पर्ने व्यवस्था हुनु पर्ने ।

**हिरासतमा रहेका व्यक्तिहरूले उजुरी दिन पाउने व्यवस्था गर्न देहाय बमोजिम गर्नु पर्ने :–**

- हिरासत भित्र मानवोचित व्यवहार नभएको र आफन्तसँग तथा कानून व्यवसायीसँग भेटघाटको अवसर उपलब्ध नगराएको विषयमा हिरासतमा रहेका व्यक्तिले उजुरी दिन पाउने व्यवस्था हुनु पर्ने ।
- हिरासतमा रहेको व्यक्तिलाई उजुरी दिने स्थान र प्रक्रिया निर्धारण गरिएको जानकारी पुस्तिका (Meta Card) थुनुवा पूर्जीसँगै उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।
- हिरासत भित्र उजुरी दिन सकिने कुरा, उजुरी दिने प्रक्रिया आदि उल्लेख गरिएको सूचना प्रत्येक हिरासत केन्द्र भित्रै सार्वजनिक रूपमा राख्ने व्यवस्था हुनु पर्ने ।
  - ✓ उजुरी दिने व्यवस्थालाई कार्यरूप दिन हिरासतमा रहेका व्यक्तिलाई कमसेकम कागज तथा कलम/सिसाकलमको व्यवस्था हुनु पर्ने ।
  - ✓ हिरासतमा राख्न पाउने कार्यालयमा राखिएको उजुरी वा सिकायत पेटिकामा हिरासतमा रहेका व्यक्तिहरूको पहुँच हुन सक्ने व्यवस्था हुनु पर्ने ।
  - ✓ सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले उक्त उजुरी वा सिकायत पेटीका नियमित रूपमा खोल्ने तथा सम्बन्धित जिल्ला न्यायाधिवक्ताले सो उजुरी उपर छानबिन गर्ने कार्यमा हिरासतमा राख्ने निकायले पूर्ण रूपमा सहयोग गर्नुपर्ने ।
  - ✓ सम्बन्धित जिल्ला न्यायाधिवक्ताले प्राप्त उजुरीहरू उपर छानबिन गरी सम्बन्धित अधिकारीलाई दिएको निर्देशन त्यस्तो अधिकारीले पूर्ण रूपमा पालना गर्नुपर्ने ।

- ✓ सम्बन्धित जिल्ला न्यायाधिवक्ताले प्राप्त उजुरीहरू उपर आवश्यक छानबिन गर्दा कुनै कठिनाई आइपरेमा सो उजुरीमा छानबिन गर्न सम्बन्धित उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता समक्ष पठाउन सक्नेछ । त्यसरी प्राप्त हुन आएको उजुरी उपर छानबिन गरी सम्बन्धित अधिकारीलाई दिएको निर्देशन त्यस्तो अधिकारीले पूर्ण रूपमा पालना गर्नुपर्ने ।

**हिरासतमा रहेको व्यक्तिले दिएको उजुरी उपर छानबिन एवं कारबाही सम्बन्धमा देहाय बमोजिमको प्रक्रिया निर्धारण गरी देहाय बमोजिम अधिकार प्रत्यायोजन गर्ने :**

- हिरासतमा राख्न पाउने प्रत्येक कार्यालयमा थुनुवा वा बन्दीको पहुँच हुने स्थानमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले एउटा उजुरी वा सिकायत पेटीका राखी सम्बन्धित जिल्ला न्यायाधिवक्ताले त्यस्तो सिकायत पेटीका सामान्यतया हप्ताको दुई पटक खोली उजुरी संकलन गर्ने व्यवस्था मिलाउने ।
- त्यस्तो उजुरी उपर सम्बन्धित जिल्ला न्यायाधिवक्ताले छानबिन गर्दा हिरासतमा रहेका व्यक्तिलाई उपरोक्त दफा १ को खण्ड (क), खण्ड (ख), र खण्ड (ग) मा उल्लेखित सुविधा प्रदान गरिएको छ, छैन छानबिन गरी त्यस्तो सुविधा प्रदान गरेको नपाइएमा त्यस्तो सुविधा उपलब्ध गराउनु भनी सम्बन्धित अधिकारीलाई निर्देशन दिने र सोको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।
- प्राप्त उजुरी उपर छानबिन गर्न वा निर्देशन दिन सम्बन्धित जिल्ला न्यायाधिवक्तालाई कठिनाई परेमा सो उजुरी उपर छानबिन गरी आवश्यक कारबाही गर्नका लागि सम्बन्धित उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता समक्ष आफूले छानबिनका क्रममा गरेको कामको विवरण र सहन्यायाधिवक्ता समक्ष पठाउनु पर्नाका कारण समेत उल्लेख गरी त्यस्तो उजुरी पठाउने र सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई पनि दिने ।
- सहन्यायाधिवक्ताले त्यस्तो उजुरी उपर छानबिन गरी कुनै निर्देशन दिनुपर्ने देखिएमा सम्बन्धित अधिकारीलाई कार्यान्वयनको लागि निर्देशन दिने यसरी दिइएको निर्देशनको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा समेत पठाउने ।
- महान्यायाधिवक्ता समक्ष कुनै उजुरी प्राप्त भएमा निजले आफै वा मातहतका अधिकृतबाट आवश्यक छानबिन गरी गराई कुनै निर्देशन दिनुपर्ने देखिएमा सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

**कारागारमा मानव अधिकारको अवस्थाबारे अनुगमन सम्बन्धी व्यवस्था**

नेपाल सरकार वादी भै चलाइने फौजदारी मुद्दामा कसूर ठहर भै सजाय कार्यान्वयनका लागि कसूरदारलाई कैदीको रूपमा कारागारमा राखिन्छ । कसूर ठहर नभएका तर मुद्दा चल्दाकै अवस्थामा अदालत वा मुद्दा हेर्ने अधिकारीको आदेशले पूर्पक्षका लागि थुनुवाका रूपमा पनि कारागारमा राख्ने व्यवस्था रहेको छ । अर्थात् कुनै अदालतको फैसला अन्तर्गत सजाय पाई कैदीका रूपमा राखिने कैदी र कसूरको अनुसन्धान, जाँचबुझ वा पूर्पक्षको लागि थुनामा राखिने व्यक्तिहरूलाई थुनुवाका रूपमा कारागारमा राख्ने व्यवस्था कारागार ऐन, २०१९ ले गरेको छायसरी कैदी वा थुनुवाका रूपमा कारागारमा राखिएका वन्दी व्यक्तिहरूलाई न्यूनतम मानवोचित व्यवहारको प्रत्याभूति पनि राज्यले गर्नुपर्दछ । कैदी वा थुनुवा वन्दीहरू प्रति गरिनुपर्ने न्यूनतम मानवीय व्यवहारबारे विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका छन् । नेपालले अनुमोदन गरेका यस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरूको कार्यान्वयन सन्दर्भमा पनि यो विषय संवेदनशील रहेको छ ।

थुनुवा वा कैदी बन्दीहरूप्रति न्यूनतम मानवीय व्यवहार भए नभएको भन्ने विषयमा अनुगमन गर्ने जिम्मेवारी सरकारी वकील सम्बन्धी नियमावली २०७७ को नियम ११ को उपनियम (छ) ले महान्यायाधिवक्तालाई प्रदान गरेको छ । यसमा कारागारमा रहेका कैदीको मानव अधिकारको अवस्थाबारे अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने अधिकार समावेश गरिएको छ । सोही नियमावलीको नियम ४२ को उपनियम (३) मा प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ता र विभागको प्रमुखले आफ्नो अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार आफू मातहतको कर्मचारीले प्रयोग र पालन गर्न पाउने गरी प्रत्यायोजन गर्न

सक्ने प्रावधान रहेको छ। त्यसैले कारागारमा रहेका कैदी वा थुनुवाको मानव अधिकारको अवस्था बारे महान्यायाधिवक्ता वा नायब महान्यायाधिवक्ताले खटाएको सरकारी वकील, उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको रूपमा काम गर्ने सरकारी वकीलले कारागारमा रहेका कैदी वा थुनुवा बन्दीहरूको मानव अधिकारको अवस्था बारे अनुगमन गर्दा निम्न कुराहरूमा विशेष ध्यान दिनु पर्दछ। अनुगमन पश्चात सो बारेमा दिएको निर्देशन वा देखिएको प्रतिवेदन योजना, अनुसन्धान, अनुगमन र मानव अधिकार विभाग मार्फत महान्यायाधिवक्ता समक्ष पेश गर्नुपर्दछ। उच्च सरकारी वकील कार्यालयले आफूले अनुगमन गरेको कार्य प्रतिवेदन मासिक र वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्दछ।

## अवलोकन गर्नुपर्ने कुराहरू

कारागार अनुगमन गर्दा सम्बन्धित सहन्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको कार्य गर्ने गरी तोकिएका अन्य सरकारी वकील आफै कारागारको थुनुवा वा कैदी बन्दी कक्षमा गई अवलोकन गर्नुपर्दछ। अवलोकन गर्दा भरिसक्य थुनुवा वा कैदी बन्दी कक्ष रहेको कारागार कार्यालयको प्रमुख सहित भै अवलोकन गर्नुपर्दछ। तर कारागारमा रहेको थुनुवा वा कैदी बन्दीलाई छुट्टै भेट्नुपर्ने औचित्य देखिएमा आवश्यकता अनुसार अन्य उपयुक्त व्यक्ति सहित वा एक्लै अवलोकन गर्नुपर्दछ। कारागार अनुगमन गर्दा मानव स्वास्थ्यसँग न्यूनतम सरोकार राख्ने र अत्यावश्यक निम्न कुराहरूमा विशेष ध्यान दिई अवलोकन गर्नुपर्दछ।

## थुनुवा वा कैदी बन्दी कक्षको पूर्वाधार:

थुनुवा वा कैदी बन्दी कक्ष अवलोकन गर्दा अत्यावश्यक पूर्वाधारको अवस्था के कस्तो रहेको छ ध्यानपूर्वक अवलोकन गर्नुपर्छ। थुनुवा वा कैदी बन्दी कक्षको क्षमता, कक्षको आकार, घाम, प्रकाश, हावा प्रवेशको अवस्था, झ्यालहरू छन छैनन्, कक्ष भवनको सुरक्षा, पानी चुहिने नचुहिने रंगरोगनको अवस्था, लगायतका कुरालाई ध्यान दिनु पर्दछ। पुरुष र महिलाका कक्ष छुट्टै छ छैन्, बालबालिका र वयस्क एउटै ठाउँमा छन छैनन्, बालबालिका पनि राखिएका छन छैन्न् हेर्नुपर्दछ। कारागारमा राखिएका व्यक्तिको संख्या सो अनुपातमा पाइखाना, पिसाबखाना, नुहाउने, लुगा धुने स्थान, पुरुष र महिलाको लागि छुट्टै पाइखाना, पिसाबखाना, नुहाउने स्थान छ छैन्, धार्मिक नित्यकर्म स्थान छ छैन्, त्यहाँको सरसफाइको अवस्था के कस्तो रहेको छ, भेटघाट कक्ष छुट्टै छ छैन् लगायतका अत्यावश्यक पूर्वाधारका कुराहरू अवलोकन गर्नुपर्छ।

## खाना र सिधा

कारागारमा रहेको व्यक्तिलाई खाना वापत सिधा खर्च उपलब्ध गराइएको छ, छैन्, उपलब्ध गराएको भए तोकिए बमोजिमको खर्च उपलव्ध गराइएको छ छैन्, दिनमा कति पटक के कस्तो खाना, पिउने पानी उपलब्ध गराइएको छ, उपलब्ध खाना र पानीको स्तर कस्तो छ, खाना खाने स्थान छुट्टै छ वा छैन्, स्वास्थ्यको दृष्टिले सो स्थान उपयुक्त छ छैन् जस्ता कुरा अवलोकन गर्नुपर्दछ।

## स्वास्थ्य जाँच र औषधि उपचार:

कारागारमा रहेको व्यक्तिलाई समय समयमा स्वास्थ्य जाँच गराउने प्रवन्ध छ छैन्, त्यस्तो व्यक्ति बिरामी भएमा तत्कालै स्वास्थ्य जाँच र औषधि उपचार सेवा उपलब्ध गराउने स्थान छ छैन्, औषधिको सहज उपलव्धता, उपचार सेवा सहज उपलब्ध गराउने गरेको छ छैन्, भन्ने कुरा अवलोकन गर्नुपर्दछ।

## अन्य सुविधा

कारागारमा रहेको व्यक्तिलाई नियमित रूपमा गर्नुपर्ने कसरतका लागि व्यायामशाला वा कोठाको व्यवस्था छ, छैन् पत्रपत्रिका टेलिफोन, रेडियो, टेलिभिजन जस्ता नियमित समाचार तथा संचार सेवा उपलब्ध गराउने गरेको छ, छैन्, अध्ययन गर्न चाहनेका लागि आफ्नै खर्चमा पुस्तकहरू लाने व्यवस्था छ छैन् अवलोकन गर्नुपर्दछ।

**सुत्ने स्थान:**

कारागारमा राखिएका व्यक्तिलाई नियमित राख्ने र सुत्ने शयन कक्ष छुट्टै छ वा एउटै छ, एउटै छ भने सुत्नको लागि पनि पर्याप्त आकारको छ, छैन्, सुत्नको लागि मौसम अनुकुलका लुगा, झुल, खाटहरूको प्रवन्ध छ छैन्, हेर्नुपर्दछ।

**भेटघाटको प्रवन्ध:**

कारागारमा राखिएका व्यक्तिले तोकिएको स्थान, समयमा आफ्नो परिवार, आफन्त वा कानून व्यवसायीसँग वा निज मार्फत भेटघाट गर्न पाउनु निजको नैसर्गिक अधिकार हो। भेटघाटका लागि छुट्टै कक्ष छ वा छैन्, नभएको भए भेटघाट गर्न दिने गरेको छ वा छैन्, के कति समयमा भेटघाट गर्न दिएको छ, भेटघाट कक्ष भएको भए सुरक्षित छ वा छैन्, भेटघाट गर्दा को को बस्ने प्रवन्ध मिलाईएको छ भेटघाटका लागि हेल्प डेस्क छ छैन् अवलोकन गरी जानकारी लिनुपर्दछ।

**थुनुवा वा कैदीलाई हत्कडी लगाउने गरेको वा नगरेको**

कारागार अवलोकन गर्दा कारागारमा राखिएको व्यक्तिलाई थुनुवा वा कैद कक्षमा हतकडी लगाउने गरेको छ छैन्, बाहिर जाँदा मात्र लगाउने गरेको छ वा भित्र पनि नियमित रूपमा लगाउने गरेको छ, कसैका हकमा भित्रै नियमित रूपमा लगाउने गरेको छ भने किन लगाउनु परेको रहेछ सो अवलोकन तथा जानकारी लिनुपर्दछ।

**थुनुवा पूर्जी:**

नेपालको संविधानको धारा २० को उपधारा (१) मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन् भन्ने उल्लेख गरिएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३ मा पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको ठाउँ उल्लेख गरी हिरासतमा राख्नु पर्ने कारण सहितको अनुसूची १० बमोजिमको ढाँचामा थुनुवा पूर्जी दिनु पर्ने कानूनी व्यवस्था छ।कारागार ऐन, २०१९ को दफा ३ मा कुनै व्यक्तिलाई कुनै अपराधको तहकिकात जाँचबुझ वा पुर्पक्षका लागि थुनामा राख्नु पर्ने भएमा निजलाई प्रचलित नेपाल कानून बमोजिमको थुनुवा पूर्जी दिई अन्य अधिकारीको नियन्त्रणको कारागारमा राख्नु पर्ने भए सम्बन्धित कारागार कार्यालयलाई पनि सो बमोजिमको जनाउ दिनुपर्छ र कुनै अदालतको फैसला बमोजिम कुनै व्यक्तिलाई कैद गर्नुपर्दा निजले कुन कानून अन्तर्गत के अपराध गरे वापत के कति सजाय हुने फैसलामा कुन मितिदेखि कुन मितिसम्म कैद हुने भएकोछ सो सबै खोली कैद ठेकी मुद्दा फैसला भएको तीन दिन भित्र कैदी पूर्जी दिई सो कुराहरू र निजको वतन, वर्ष, वर्ण र हुलिया समेत खोली कारागार कार्यालयका नाउँमा पूर्जी लेखी कारागार पठाई दिनुपर्छ भन्ने उल्लेख भएकोले कारागार अवलोकन गर्दा थुनुवा पूर्जी दिएको छ, छैन् सो पूर्जी ढाँचामा छ छैन् निरीक्षण गर्नुपर्दछ।

**थुनुवा पठाएपछि स्वास्थ्य जाँच:**

कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरी गराई सोको अभिलेख खडा गरी राख्नुपर्ने कुरा यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३ को उपदफा (२) मा उल्लेख छ। उपदफा (३) मा यसरी गरिएको उल्लेखित शारीरिक वा मानसिक स्थितिको जाँच सम्बन्धी प्रतिवेदनको एकप्रति सम्बन्धित जिल्ला अदालतमा पठाउनुपर्ने उल्लेख छ। उल्लेखित कानूनी व्यवस्थाको सन्दर्भमा कारागार अनुगमन गर्दा कारागारमा रहेको व्यक्तिको कारागारमा ल्याउँदा निजको स्वास्थ्य जाँच भएको छ, छैन्, त्यस्तो व्यक्तिले कारागारमा लैजाँदा शारीरिक जाँचको निवेदन दिएको वा मुद्दा हेर्ने अदालतले आदेश दिएकोमा शारीरिक जाँच भएको छ छैन्, शारीरिक जाँच पश्चात् उपचार गराउनुपर्ने देखिएकोमा उपचार भएको छ छैन् सो बारे अवलोकन गरी जानकारी लिनुपर्दछ।

**कारागारमा राखिएका कागजात**

नेपालको संविधानको धारा २० को उपधारा (३) मा पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीको आदेश भएमा बाहेक थुनामा राख्न नपाउने उल्लेख छ। कारागार ऐन, २०१९ को दफा ३ मा कुनै व्यक्तिलाई कुनै अपराधको तहकिकात जाँचबुझ वा पुर्पक्षका लागि

थुनामा राख्नु पर्ने भएमा थुनुवा पूर्जी दिनुपर्छ र कुनै अदालतको फैसला बमोजिम कुनै व्यक्तिलाई कैद गर्नुपर्दा निजले कुन कानून अन्तर्गत के अपराध गरे वापत के कति सजाय हुने फैसलामा कुन मितिदेखि कुन मितिसम्म कैद हुने भएकोछ सो सबै खोली कैद ठेकी कैदी पूर्जी दिई कारागार पठाई दिनुपर्छ भन्ने उल्लेख भएकोले कारागार अवलोकनका क्रममा कारागारमा राख्दा उपरोक्त कार्यविधिको पालना गरिएको छ छैन् सो समेतका सम्बन्धित कागजातहरू पनि हेर्नुपर्दछ ।

## कानून व्यवसायीसँगको भेटघाट

- कारागारमा रहेका व्यक्तिले कानून व्यवसायीसँग भेटघाट गर्न र परामर्श गर्न सक्ने समय निर्धारण गरेको छ छैन्,
- कानून व्यवसायीसँग भेटघाट गर्न चाहेमा त्यस्तो भेटघाटको अवसर उपलब्ध गराउने व्यवस्था छ छैन्,
- कारागारमा रहेका व्यक्तिले भेटघाट वा परामर्श गरेको कानून व्यवसायीको नाम, ठेगाना र प्रमाणपत्र नम्बर उल्लेख गरी कारागारमा राख्ने निकायले अभिलेख राख्ने व्यवस्था गरेको छ छैन्,
- कारागारमा रहेको व्यक्ति तथा निजको कानून व्यवसायी बीचको भेटघाट वा परामर्श सम्बन्धित अधिकारीले देख्न सक्ने तर परामर्शको विषय सुन्न नसक्ने दुरी वा स्थानमा उपलब्ध गराउने व्यवस्था छ, छैन्,
- स्थानीयस्तरमा निशुल्क कानूनी सहायता उपलब्ध गराउने संस्था वा कानून व्यवसायी भएमा सोको लगत सम्बन्धित अधिकारीले राख्ने र कुनै कारागारमा रहेका व्यक्तिले कानून व्यवसायी नियुक्त गर्न नसक्ने भएमा त्यस्तो सेवा उपलब्ध गराउने संस्था वा कानून व्यवसायी मार्फत आवश्यक सहायता उपलब्ध गराई दिन अनुरोध गरिदिने व्यवस्था छ, छैन्,
- पक्राउमा परेको व्यक्तिले कानून व्यवसायीसँग भेट गर्दा भाषा नबुझ्ने भई दोभाषेको माग गरेमा सम्भव भएसम्म उपलब्ध गराई दिने व्यवस्था छ छैन्,
- कानून व्यवसायीले कारागारमा रहेको कुनै व्यक्तिलाई भेट्दा कानून व्यवसायीको व्यावसायिक आचार संहिताको पालना गर्नु पर्दछ भने कुराको जानकारी प्राप्त पर्ने व्यवस्था छ छैन् जानकारी लिनुपर्दछ ।

## आफन्तसँग भेटघाट

- कारागारमा रहेको व्यक्तिको नजिकको आफन्त/परिवारको नाम, थर, ठेगाना, सम्पर्क फोन नम्बर समेतको अभिलेख कारागारमा राख्ने कार्यालयले राख्ने व्यवस्था गरेको छ छैन्,
- प्रत्येक हिरासत केन्द्रमा सहयोग कक्ष (Help Desk) को व्यवस्था गरी त्यस्तो सहयोग कक्षले कारागरमा रहेका व्यक्तिको आफन्त तथा आगन्तुकलाई आवश्यक परामर्श प्रदान गर्ने व्यवस्था मिलाएको छ छैन्,
- कारागारमा रहेका व्यक्तिले आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटको अवसर उपलब्ध गराइदिने व्यवस्था छ छैन्,
- कुनै विदेशी नागरिक कारागारमा रहेको भए त्यस्ता नागरिकलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा सोको अवसर उपलव्ध गराउने व्यवस्था छ छैन्,
- भेटघाटको लागि छुट्टै कक्ष वा कोठाको व्यवस्था छ छैन्,
- भेटघाटको लागि निश्चित समय निर्धारण गरिएको छ छैन्,
- भेटघाट गरेको व्यक्ति, भेटघाट गरेको मिति र समयसहितको आवश्यक वितरण आगन्तुक पुस्तिकामा अभिलेख राख्ने व्यवस्था छ छैन्,
- कारागारमा रहेका व्यक्तिले आफन्तसँग भेट गर्न चाहेको निजको नजिकको नातेदारलाई खबर गर्ने व्यवस्था छ छैन्,
- कारागारमा रहेका व्यक्तिलाई सामान्यतया हप्ताको दुई पटकसम्म आफन्तसँग भेटघाट गर्न दिने व्यवस्था छ छैन्,

- कारागारमा रहेका व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गरेको कुरा निजको आफन्तलाई जानकारी गराउने व्यवस्था छ छैन् अवलोकन गर्नुपर्दछ।

**कारागारमा नाबालकको हेरचाह**

थुनिएकी वा कैद परेकी महिलाको कारागार भित्र छोरा छोरी जन्मेको छ छैन्, दुई वर्ष नपुगेको नाबालक छोरा छोरी भए निजको पालन पोषणको अवस्था आमाले गरेको छ वा वाहिर वारेस कहाँ छ, नाबालकको हेरविचार गर्ने कोही नभएमा त्यस्तो नाबालकको हेरबिचार शिक्षा दिक्षा र लालन पालनको व्यवस्था के कस्तो रहेको छ सो बारेमा अवलोकन गर्नुपर्दछ।

**गर्भवती भएमा**

थुनुवा वा कैदी महिला गर्भवती रहेछ भने निजलाई कारागार ऐन २०१९ को दफा १२ बमोजिम सुविधा दिई जमानिमा छाडिएको छ छैन हेर्नुपर्दछ।

**थुनुवा वा कैदीको मृत्यु भएमा**

थुनुवा वा कैदीको कारागारमा मृत्यु भएको छ छैन् मृत्यु भएकोमा सरकारी चिकित्सकलाई जँचाएको छ छैन् मुचुल्का खडा भएको छ छैन् थुनुवा वा कैदीमा पठाउने निकायलाई जानकारी दिइयो, दिइएन मृतकको सम्पत्ति हकवालालाई दिइयो वा आम्दानीमा बाधिएको वा के गरियो सो बारेमा जानकारी लिनु पर्दछ।

**म्याद भन्दा बढी थुनामा राख्न नहुने बारे**

म्याद तोकिई थुना वा कैद परेका थुनुवा वा कैदीलाई म्याद पुगेपछि र अधिकार प्राप्त अधिकारीबाट छोडने आदेश भएपछि छाडिएको छ वा छैन्, हेलचेक्रयाइँपूर्वक सो भन्दा बढी थुनिएकोमा कसैलाई विभागीय कारबाही भयो भएन, पुनरावेदन अदालतका मुख्य न्यायाधीश वा न्यायाधीशले निरीक्षण गरी निर्देशन दिएकोमा सोको पालना भयो भएन हेर्नुपर्दछ।

**गोलघरमा राखे नराखेको**

कुनै थुनुवा वा कैदीलाई गोलघरमा राखिएको छ, वा छैन, गोलघरमा राख्दा कारागार ऐन नियम विपरित राखिएको छ वा छैन सो बारेमा अवलोकन गर्नुपर्दछ।

**लुगा, सिधा, सुत्केरीलाई थप सिधा सम्बन्धी**

थुनुवा वा कैदीलाई कारागार नियमावली, २०२० को नियम २२ बमोजिम लुगा, नियम २३ बमोजिम तोकिएको सिधा र थुनिएका जनाना सुत्केरी भएमा नियम २४ बमोजिमको थप सिधा र सामान दिइएको छ वा छैन् हेर्नुपर्दछ।

**काजक्रिया**

थुनुवा वा कैदीलाई आफूले क्रिया बस्नुपर्नेमा जमानी लिई काज क्रिया गर्न दिइएको छ वा छैन्, कैदी वा थुनुवा मरेकोमा निजको धार्मिक चलन अनुसारको दाहसंस्कार काज क्रिया भयो भएन सो बारे जानकारी लिनुपर्दछ।

**भेटघाट र अन्तर्वार्ता**

कारागार अनुगमन गर्दा अवलोकनका अतिरिक्त कारागारमा राखिएका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको आफन्त वा कानून व्यवसायी मार्फत भेटघाट गर्न दिइएको वा नदिइएको सम्बन्धमा निम्न व्यक्तिसँग भेटघाट र अन्तरवार्ता लिनुपर्दछ।

### कारागारमा राखिएको व्यक्ति

कारागारमा राखिएको व्यक्तिसँग निज प्रति मानवोचित व्यवहार भए नभएको, न्यूनतम शिष्टता तथा मर्यादित व्यवहार भए नभएको, आफन्तसँग भेटघाट वा कानून व्यवसायी मार्फत भेटघाट गर्न पाए नपाएको, दोभाषे आवश्यक भएकोमा सो सुविधा पाए नपाएको, खाना, वस्ने ठाउँ, सुत्ने ठाउँ पर्याप्त भए नभएको, संचार, पत्रपत्रिका सुविधा भए नभएको, स्वास्थ्य जाँच भए नभएको, हतकडी लगाए नलगाएको लगायतका विषयमा भेटघाट गरी जानकारी लिनुपर्दछ।

### सम्बन्धित पदाधिकारी

कारागार अवलोकन गर्दा देखिएका कुरा, कारागारमा राखिएको व्यक्तिसँगको कुराकानी, सम्बन्धित पदाधिकारीसँगको छलफल वा कुराकानी पश्चात् सो विषयको जटिलता अनुसार कारागारमा राख्ने कार्यालयका प्रमुख वा अन्य सरोकारवाला निकाय वा व्यक्तिहरू समेत बुझ्नु पर्ने देखिए आवश्यकता अनुसार सबै पक्षसँग बसी अन्तरक्रिया गर्नुपर्छ।

### कार्यालय प्रमुखसँग अन्तर्किया

कारागार अवलोकन, कारागारमा राखिएको व्यक्तिसँगको कुराकानी, सम्बन्धित पदाधिकारी सँगको छलफल वा कुराकानी पश्चात सो विषयको जटीलता अनुसार कारागार  कार्यालयका प्रमुख वा अन्य सरोकारवाला निकाय वा व्यक्तिहरू समेत राख्नु पर्ने देखिए आवश्यकता अनुसार सबै पक्षसँग बसी अन्तरक्रिया गर्नुपर्दछ।

### अनुगमन प्रतिवेदन

अनुगमन गर्ने अधिकारीले अनुगमन समाप्त भए पनि आफ्नो कार्यालय र महान्यायाधिवक्ता समक्ष प्रतिवेदन गर्नुपर्छ।

## १.७ निवारक नजरबन्द विरुद्धको हक

कुनै पनि व्यक्तिलाई अधिकार प्राप्त अदालतमा मुद्दा नचलाई प्रशासकीय अधिकारीको आदेशले थुनामा राखिने कार्य निवारक नजरबन्द हो। हचुवाको भरमा व्यक्तिगत स्वेच्छाको पहलमा कसैको पनि स्वतन्त्रता हनन् गरिनु हुँदैन भन्ने मान्यताबाट यस्तो हकको सुनिश्चितता नेपाली कानूनी प्रणालीमा गरिएको हो। राज्य सञ्चालन गर्न जिम्मेवारी बहन गर्दा समाजमा औचित्यपूर्ण तवरले शान्ति स्थापना गर्नुपर्दा निवारक नजरबन्दको प्रक्रिया प्रयोगमा ल्याइने गरेता पनि यस्तो प्रक्रियाको दुरूपयोगबाट आम जनतालाई उन्मूक्ति दिन यो हकको सुनिश्चितता गरिएको हो। निवारक नजरबन्दमा भएको पीडितले क्षतिपूर्ति प्राप्त गर्ने सम्मको प्रत्याभूति संविधानले स्थापित गरेको पाइन्छ।

### संवैधानिक व्यवस्था

संविधानको धारा २३

- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन।
- उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानून बमोजिम तत्काल जानकारी दिनु पर्नेछ। तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन।
- निवारक नजरबन्दमा राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

### सर्वोच्च अदालतको फैसला/आदेश

कृष्णध्वज खड्का वि. कानून तथा

➢ संविधानको धारा १५(१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भन्ने

व्यवस्था भएको देखिदा तत्काल खलल पर्ने पर्याप्त आधार नभै भन्ने उक्त आधारमा परेको वाक्यांशलाई अदालतले छ छैन भन्ने सबन्धमा छानबिन गरी अदालतले निर्णय दिनुपर्ने अवस्था रहेको छ ।

न्याय मन्त्रालय, नेकाप २०५५, नि.नं. ६५३०

- निषिद्ध फौजदारी कार्य गरे वापत कानून बमोजिम कारबाही चलाउनु पर्ने कुराको सम्बन्धलाई लिएर सार्वजनिक सुरक्षा कानून अन्तर्गत थुनामा राख्नु जुन कानून जुन तात्पर्यको लागि बनेको हो सोही तात्पर्यको लागि प्रयुक्त हुनुपर्ने भन्ने सामान्य कानूनी सिद्धान्त अनुरूप भएको मान्न नमिल्ने ।

  सार्वजनिक सुरक्षा ऐन अन्तर्गतको थुना निरोधात्मक प्रक्रियाको हुन्छ । कुनै व्यक्तिलाई देशको शान्ति र व्यवस्थामा खलल पर्न सक्ने कार्यबाट तत्काल रोक्नको लागि केही अवधिसम्म थुनामा राख्ने उद्देश्य रहेको हुन्छ । त्यस्तो थुनामा राख्दा प्रतिवादीलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(६) द्वारा प्रदत्त पक्राउ भएको व्यक्तिलाई २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउने र २४ घण्टा भन्दा बढी मुद्दा हेर्ने अधिकारीको आदेश बेगर थुनामा रहनु नपर्ने र धारा १४ द्वारा प्रदत्त अन्य फौजदारी न्याय सम्बन्धी हक समेत उपलब्ध हुँदैन । त्यसैले यस कानूनको प्रयोग राष्ट्रको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति व्यवस्था सर्वसाधारण जनताको हित वा विभिन्न जाति वा सम्प्रदायहरू बीच सुसम्बन्ध कायम राख्ने उद्देश्यले गरिएको हुन्छ ।

बेनोज अधिकारी समेत वि. गृह मन्त्रालय समेत, नेकाप २०५५, नि.नं. ६४८७

- नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्नसक्ने काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्न पर्ने उचित र पर्याप्त आधार छ छैन नजरबन्दको आदेश दिने अधिकारीले नजरबन्दमा राख्नपुर्ने संविधान र कानूनद्वारा निर्धारित उल्लेखित पूर्वावस्था विद्यमान छ छैन वस्तुनिष्ठ आधारमा विचार गर्नुपर्छ । नजरबन्दको आदशे दिने अधिकारीले मनोगत रूपमा नजरबन्दमा राख्ने आधार निर्धारण गर्न मिल्दैन ।

  कुनै फौजदारी कसूरको सिलसिलामा तयार पारेको आधार प्रमाणलाई निवारक नजरबन्द तात्पर्यको लागि आधार बनाउन नमिल्ने ।

मीरा श्रेष्ठ वि. गृह मन्त्रालय समेत, नेकाप २०५५, नि.नं. ६४८९,

## १.८ छुवाछूत तथा भेदभाव विरूद्धको हक

मानिस जन्मसिद्ध रूपमा स्वतन्त्र हुने तथा अधिकार र सम्मानमा समान हुने मानव अधिकारको अन्तरवस्तु पनि हो । कुनै पनि व्यक्तिलाई जात, जाति, जन्म, वर्ण, उत्पत्ति, शारीरिक अवस्था, वैचारिक आस्था आदिका आधारमा भेदभाव गर्न पाइँदैन । धर्म, वर्ण, जात, जाती, सम्प्रदाय, पेशाका नाममा भेदभाव र छुवाछूत गर्ने कार्य अमर्यादित र अमानवीय कार्य हो।नेपालको प्रचलित कानूनले जात जाति, धर्म वर्ण समेतका आधारमा गरिने भेदभावलाई जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कसूर मानेको छ । कुनै व्यक्तिको वंश, समुदाय वा जातीय उत्पत्तिका आधारमा कुनै पनि किसिमको भेदभाव, प्रतिबन्ध, निषेध वा छुवाछूत गर्नु सामाजिक रूपले गम्भीर अपराध र नैतिक रूपले अनुचित कार्य हो । दलित समुदायप्रति जातीय र छुवाछूतका आधारमा गरिने भेदभाव, अवहेलना, असहिष्णु व्यवहार, प्रतिबन्ध, बहिष्कार र निषेध लगायतका असमान देखाउने उच्चता र निचताको व्यवहार वर्तमान एक्काइसौं शताब्दीमा पनि कायम रहनु वैज्ञानिक रूपले गलत, सामाजिक रूपबाट गम्भीर अपराध, नैतिकरूपले निन्दनीय र मानव सभ्यताको दृष्टिले अमानवीय कार्य हो । मानव अधिकार विरुद्धको गम्भीर उल्लंघन पनि हो ।

### संवैधानिक व्यवस्था

संविधानको धारा २४

- कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शरीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।
- कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्न बाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।
- उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय

उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

- जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।
- यस धाराको प्रतिकूल हुने गरी भएका सबैप्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

## कानूनी व्यवस्थाः

प्रत्येक व्यक्तिको अधिकार र मानवीय मर्यादामा समान हुने सिद्धान्तलाई आमत्साथ गर्दै कुनै पनि आधारमा छुवाछूत तथा भेदभाव नहुने अवस्था सिर्जना गरी यस्तो कार्यलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था गर्ने उद्धेश्यका साथ जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ जारी भएको छ । मूलत जातीय भेदभाव र छुवाछूतलाई अपराधिकरण गर्ने र पीडितलाई क्षतिपूर्ति प्रदान गरी समतामुलक समाजको सिर्जना गर्ने यो कानूनको उद्धेश्य रहेको छ । यस ऐनमा २०७२।११।१३ मा केही नेपाल ऐन संशोधन गर्ने ऐन मार्फत, मिति २०७५।६।२ मा भएको पहिलो संशोधन ऐन, २०७५ र मिति २०७५।११।१९ मा नेपालको संविधान अनुकूल बनाउन जारी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ ले केही संशोधन गरिएको छ ।

**जातीय भेदभाव तथा छुवाछूत ऐनको दफा २क.**

- प्रत्येक व्यक्तिलाई जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव विरुद्धको अधिकार हुनेछ ।
- उपदफा (१) बमोजिम प्रत्येक व्यक्तिलाई देहायको अधिकार प्राप्त हुनेछः -

✓ अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार,
✓ कुनै सरकारी निकायबाट उपलब्ध गराइने सेवा तथा सुविधामा समान संरक्षणको अधिकार,
✓ सार्वजनिक सेवामा समान पहुँचको अधिकार,
✓ नेपालभित्र र बाहिर आवत जावत र बसोवास गर्न पाउने अधिकार,
✓ सांस्कृतिक कृयाकलापमा समान सहभागिताको अधिकार,
✓ विवाह गर्ने तथा बरबधु छान्ने अधिकार,
✓ शान्तिपूर्वक भेला हुन तथा सङ्गठन गर्न पाउने अधिकार,
✓ रोजगारी छनौट गर्न तथा काम गर्न पाउने अधिकार,
✓ समान काम गरे बापत समान तलब पाउने अधिकार,
✓ सार्वजनिक स्थानमा समान पहुँचको अधिकार,
✓ छुवाछूत तथा भेदभाव विरुद्ध शीघ्र न्यायिक उपचार र उचित क्षतिपूर्ति पाउने अधिकार ।

**ऐजन ऐनको दफा ११**

- यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची – १ मा समावेश भएको मानिनेछ ।

## सर्वोच्च अदालतको फैसला/आदेश

**मनबहादुर विश्वकर्मा वि. कानून मन्त्रालय, समेत नेकाप २०४९, अंक १२, नि.नं. ४६७०**

➢ यदि यसरी कानूनले संविधानको व्यवस्थामा अपवाद गर्न सक्ने भन्ने हो भने संविधान र कानूनका बीचको मौलिक भिन्नता लोप हुन गई संवैधानिक सर्वोच्चतामा आँच आउन जाने स्थिति सृजना हुन पुग्छ, जसको परिणाम मौलिक हकको व्यवस्था गर्ने धाराहरूलाई अपरिवर्तनीय बनाउने संवैधानिक समायोजन परास्त हुन जान्छ, संविधानको संशोधन कानूनले गर्न पुग्छ । फलतः संवैधानिक शासनमा अन्योलता उत्पन्न हुन जान्छ ।

यसरी संविधानको धारा ११(४) को व्यवस्थाको अपवादको परिणाम निस्कने कार्य गरी संविधानको धारा ११(४) को व्यवस्थालाई साँगुच्याउने अपवादित गर्ने कार्य गरेको देखिँदा धारा ११(४) सँग सो हदसम्म अदल १०क. को उक्त स्पष्टीकरण बाझिएको देखिन आयो।यसर्थ उपरोक्त लेखिए अनुसार उक्त

१०क. को स्पष्टीकरण नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) अन्तर्गत यस अदालतमा निहित अधिकार प्रयोग गरी आजका मिति देखि अमान्य र बदर घोषित गरिएको छ ।

- जातीय भेदभावको कुरा All human beings are born free and equal in dignity and rights भन्ने मानवधिकारको विश्वव्यापी घोषणापत्रको पनि विपरीत हुन जान्छ।समाजमा रहेको यस्तो विभेदकारी व्यवहार र सँस्कारको अन्त्य गर्नुपर्छ । यस्ता जातीय छुवाछूत र विभेदको अन्त्य गर्ने अभिप्रायले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ मा छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हक प्रदान गरी भेदभावपूर्ण व्यवहारलाई दण्डनीय मानिने ।

नेपाल सरकार वि. टेकबहादुर विष्ट नेकाप २०६९, अंक ७, नि. नं. ८८६३

- वर्तमान समाज २१ औं शताब्दीमा प्रवेश गरिसकेको अवस्थामा दासयुगीन कुसंस्कार र कुरीति तथा समाजलाई विभाजित गरी मानव-मानवका बीच अनुचित भिन्नता ल्याउने सबै प्रकारका जातीय भेदभावलाई संविधानले नै निषेधित कार्यको रूपमा राखेको देखिन्छ।यसरी संविधानमा उल्लिखित व्यवस्था कार्यान्वयनको लागि तर्जुमा भएको जातीय विभेद र छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को सहज कार्यान्वयनको लागि आवश्यक नियमावलीको तर्जुमा लामो समयसम्म हुन नसक्दा उक्त ढिलाईका कारण संवैधानिक व्यवस्थाको कार्यान्वयनमा नै परोक्षरूपमा असर पर्ने जाने देखिन्छ।ऐनमा उल्लिखित व्यवस्थाको वास्तविक रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक नियमावली तर्जुमाको विषयलाई विभिन्न बहानामा ढिलाई गरिरहनु संवैधानिक तथा कानूनी आवश्यकताको रोहमा समेत उचित मान्न नसकिने ।

श्यामकुमार विश्वकर्मा समेत वि. प्रमं तथा म.प.का. समेत, नेकाप २०७३ अंक ७, नि. नं. ९६३६

## १.९ गोपनीयताको हक

कुनै पनि व्यक्तिको वैयक्तिक जीवन निजको आफ्नो सवाल हो । व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत वा सूचना वा त्यस्तै निजी कुरामा पूर्णतः आफ्नो हक निहित रहन्छ । तसर्थ यस्तो निजी जीवनका गोप्य कुरालाई राज्य समेतले हस्तक्षेप गर्न नसक्ने गरी गोपनीयताको हक सुनिश्चित गरिएको हो ।

### संवैधानिक व्यवस्था

- कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पति, लिखत, तथ्याङ्क, पत्राचार, र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।

संविधानको धारा २८

### कानूनी व्यवस्थाः

प्रत्येक व्यक्तिको जीउ, आवास, सम्पति, लिखत, तथ्याङ्क, पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनीयताको हकलाई सुनिश्चित गर्ने ,सार्वजनिक निकाय वा संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्यवस्था गर्ने तथा व्यक्तिको गोपनीयता अतिक्रमण हुन नदिने व्यवस्था गरी मर्यादित जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न नेपालमा पहिलो पटक छुट्टै विशेष ऐनको रूपमा तुरून्त प्रारम्भ हुने गरी वैयत्तिक गोपनीयता सम्बन्धी ऐन ,२०७५ ,२०७५।६।२ देखि कार्यान्वयनमा आएको छ । यो ऐनले आवास ,वैयत्तिक सूचना ,सम्पत्ति ,सार्वजनिक निकाय ,संगठित संस्था जस्ता महत्वपूर्ण शब्दावलीको परिभाषा गर्नुका साथै ब्यक्तिको जीउ तथा पारिवारिक गोपनीयता ,आवास सम्बन्धी गोपनीयता ,सम्पत्ति सम्बन्धी गोपनीयता ,लिखत सम्बन्धी गोपनीयता , पत्राचार सम्बन्धी गोपनीयता ,चरित्र सम्बन्धी गोपनीयताका अधिकारको संरक्षण सम्बन्धी व्यवस्था गर्नुका साथै विद्युतीय माध्यम र गोपनीयता ,वैयत्तिक सूचना संकलन तथा संरक्षण र अन्य विविध विषयमा कानूनी व्यवस्था गरेको छ । सो ऐनलाई कार्यान्वयन गर्न २०७७।५।८ मा वैयत्तिक गोपनीयता सम्बन्धी नियमावली ,२०७७ समेत जारी गरी लागू गरिएको छ । यो ऐनले गरेका गोपनीयता सम्बन्धी हक संक्षिप्तमा देहाय बमोजिम उल्लेख गरिएको छः

- व्यक्तिको जीउ तथा पारिवारिक गोपनीयताः
  - ✓ व्यक्तिको निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशिक पहिचान, लैङ्गिक पहिचान, यौनिकता, यौन सम्बन्ध, गर्भाधान वा गर्भपतन, कुमारीत्व, पुरुषत्व, शारीरिक रोग लगायतका विषयको गोपनीयता कायम हुने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् वैयत्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को परिच्छेद २ को दफा ३,४,५,६

- ✓ शरीर वा स्वास्थ्य परीक्षण, उपचार वा आपतकालीन उद्धार कार्य गर्दाको अवस्थामा बाहेक व्यक्तिको मञ्जुरी विना शारीरिक गोपनीयता अनतिक्रम्य हुने,
- ✓ पति पत्नीको गोपनीयतासँग सम्बन्धित विषय निजहरू बीच चलेको मुद्दाका सन्दर्भमा आवश्यक भएमा बाहेक अनतिक्रम्य हुने,
- ✓ सुरक्षा जाँच वा फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा कानून बमोजिम अधिकार प्राप्त अधिकारीले बाहेक कुनै पनि व्यक्तिको मञ्जुरी विना शरीरको तलासी लिन नहुने,
- ✓ महिलाको प्रजनन स्वास्थ्य र गर्भावस्था सम्बन्धी विषय अनतिक्रम्य हुने भन्ने व्यवस्था रहेको छ ।

विस्तृत जानकारीका लागि हेर्नुहोस् वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को परिच्छेद ३ को दफा ७ र ८

- आवास सम्बन्धी गोपनीयताः
  - ✓ विपद व्यवस्थापन तथा आपतकालीन उद्धार गर्ने प्रयोजनका लागि बाहेक कुनै व्यक्तिको निजी जीवनको गोपनीयता भङ्ग हुनेगरी आवासमा प्रवेश गर्न, गराउन वा खानतलासी लिन नहुने,
  - ✓ कानून बमोजिम पक्राउ गरिएको व्यक्तिको आवासको समेत खानतलासी लिनु पर्ने मनासिव कारण भएमा छुट्टै आदेश लिई आवासमा प्रवेश गर्नुपर्ने प्रयोजन खुलाई लिखित सूचना दिई खानतलासी लिन सकिने,
  - ✓ कुनै पनि व्यक्तिको मञ्जुरी विना आवासमा सूचना संकलन हुनेगरी सिसिटिभि जडान गर्न नहुने ।

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १०

- सम्पत्ति सम्बन्धी गोपनीयताः
  - ✓ सम्पत्ति सम्बन्धी गोपनीयता अन्तर्गत प्रत्येक व्यक्तिको सम्पति सम्बन्धी विवरण गोप्य हुने, सम्पति धनिको मञ्जुरी विना घर, जग्गा, सवारी साधन लगायतका सम्पतिमा अनधिकृत प्रवेश गर्न नहुने,
  - ✓ कुनै कसूरको अनुसन्धानको सिलसिलामा अधिकारप्राप्त अधिकारीको आदेश बमोजिम वा अदालतबाट माग भएको अवस्थामा बाहेक सम्पति सम्बन्धी विवरण राख्ने निकायले सम्बन्धित व्यक्तिको मञ्जुरी विना सम्पतिको अभिलेख उपलब्ध गराउन नहुने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा ११

- लिखत सम्बन्धी गोपनीयताः
  - ✓ व्यक्तिको सार्वजनिक निकायमा रहेका शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्र, स्वास्थ्य परीक्षण, चिकित्सकीय इतिहास, नागरिकताको प्रमाणपत्र, राहदानी लगायत परिचय खुल्ने कागजात, बैंक खाता र रकम, बैंकिङ कारोवार सम्बन्धित चेक वा विनिमेय अधिकारपत्र, वायोमेट्रिक डाटा, ब्लुबुक, जग्गाधनीप्रमाण पुर्जा लगायत सम्पतिको स्वामित्व सम्बन्धी कागजात, धितोपत्र, कर्मचारी सञ्चयकोषको परिचयपत्र लगायतका वैयक्तिक लिखत निश्चित अवस्तथामा वाहेक सार्वजनिक गर्न वा गराउन नहुने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १२

- तथ्याङ्क सम्बन्धी गोपनीयताः
  - ✓ कुनै पनि व्यक्तिको मञ्जुरी विना स्वास्थ्य परीक्षण, सम्पति तथा आय आर्जन, रोजगारी, पारिवारिक विषय, जैविक विवरण, हस्ताक्षर/विद्युतीय हस्ताक्षर, राजनीतिक सम्बद्धता, निर्वाचन, व्यवसाय वा कारोवार सम्बन्धी विवरण कसैलाई दिन, सार्वजनिक गर्न वा गराउन नहुने

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १३

- पत्राचारको गोपनीयताः
  - ✓ सम्बन्धित व्यक्तिको मञ्जुरीले वा फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा बाहेक कुनै पनि व्यक्तिको चिठीपत्र, पत्राचार, इमेल वा विद्युतीय माध्यमबाट प्रवाह हुने सम्वाद अरु कसैलाई उपलब्ध गराउन, प्रकाशन गर्न, प्रसारण गर्न वा अन्य किसिमले सार्वजनिक गर्न नहुने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १४

- चिट्ठीपत्र खोल्न नहुनेः

- ✓ अनधिकृत रूपमा कसैको चिठीपत्र खोल्न नहुने

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १५

- चरित्रको गोपनीयता
  - ✓ चरित्र, आचरण वा व्यवहारको सम्बन्धमा पश्न उठी कानून बमोजिम कारवाही गर्ने क्रममा बाहेक कसैको चरित्रको सम्बन्धमा टिप्पणी गर्न नहुने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १६

- तस्वीर खिच्न वा बिक्री गर्न नहुनेः
  - ✓ कुनै व्यक्तिको चरित्र वा सामाजिक प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मञ्जुरी विना तस्विर खिच्न वा बिक्री गर्न नहुने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १७

- अनुसन्धानको सिलसिलामा रहेको व्यक्तिलाई सार्वजनिक गर्न नहुनेः
  - ✓ अभियोग लागेको व्यक्तिको नाम र अभियोगको विवरण बाहेक सम्बन्धित निकायमा अभियोगपत्र दायर नभएसम्म अनुसन्धानको सिलसिलामा रहेको व्यक्तिलाई सार्वजनिक गर्न नहुने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १८

- गोप्य कुरा प्रकट गर्न नहुने
- विद्युतीय माध्यमको गोपनीयता
  - ✓ प्रत्येक व्यक्तिलाई विद्युतीय माध्यमवाट आफ्ना वैयक्तिक सूचना, लिखत, पत्राचार, संवाद, तथ्याङ्क वा चरित्र सम्बन्धी विषयको गोपपनीयता राख्न पाउने र यसमा अरू कसैको अनधिकृत पहूँच हुन नपाउने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा १९

- सार्वजनिक स्थलमा सिसिटिभि क्यामेरा जडान गर्न नहुने
  - ✓ सार्वजनिक सूचना नगरी शौचालय, स्नान गृह जास्ता गोप्य स्थान बाहेक सार्वजनिक स्थलमा सिसिटिभि क्यामेरा जडान गर्न नहुने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा २०

- निगरानी वा जासूसी गर्न नहुने
  - ✓ कुनै व्यक्तिको आवास वा कार्यालयमा निगरानी वा जासूसी गर्न वा गोप्य कुरा प्राप्त गर्ने उद्देश्यले कुनै माध्यम वा तरिका प्रयोग गर्न नपाईने,

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा २१

- ड्रोन प्रयोग गर्न नहुने
  - ✓ संरक्षित वा सुरक्षा संवेदनशिल क्षेत्र वा कसैको निजी आवासमा अनुमती विना कुनै किसिमको ड्रोन प्रयोग गर्न नहुने

विस्तृत जानकारीका लागि हेर्नुहोस् ऐजन ऐनको दफा २२

- नेपाल सरकार वादी हुने कसूरः
  - ✓ मञ्जुरी विना कुनै व्यक्तिको जिउ, निजको साथमा रहेको वा प्रयोग गर्ने वस्तुको तलासी लिन नहुने
  - ✓ कुनै व्यक्तिको चरित्र वा सामाजिक प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मञ्जुरी विना तस्विर खिच्न वा बिक्री गर्न नहुने
  - ✓ कुनै व्यक्तिको आवास वा कुनै कार्यालयको निगरानी वा जासुसी गर्न नहुने
  - ✓ मुलुकको सिमा क्षेत्र वा सार्वजनिक स्थानमा बाहेक ड्रोन वा त्यस्तै प्रकृतिको यन्त्र प्रयोग गर्न नहुने
  - ✓ पूर्ण जानकारी नदिई कुनै व्यक्तिको वैयक्तिक सूचना संकलन, भण्डारण, विश्लेषण, प्रशोधन वा प्रकाशन गर्न नहुने
  - ✓ निश्चित अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको सहमति विना वैयक्तिक सूचनाको उपयोग गर्न नहुने
  - ✓ संवेदनशील वैयक्तिक सूचनाको प्रशोधन गर्न नहुने ।

हेर्नुहोस् ऐजन ऐनको दफा २९(३)

**सर्वोच्च अदालतको फैसला/आदेश**

- धारा २२ को गोपनीयताको हकको व्यवस्थाबाट व्यक्तिको निजी जिउ अड्डको गोपनीयतामा अतिक्रमण गर्न नपाइने गरी गोपनीयताको हकको स्पष्ट व्यवस्था भएबाट आदालत कै आदेश भए पनि यदि शरीरको त्यस्तो गोप्य अङ्ग निजको मञ्जुरी बेगर जाँच गर्न लगाइन्छ भने त्यसबाट व्यक्तिको सो गोपनीयताको हकबाट निजलाई बन्चित गर्नु सरह नै हुने स्पष्ट देखिन आउँछ।

अन्नपूर्ण राणा वि. काठमाडौं जिल्ला अदालत नेकाप २०५५, नि.नं. ६५८८

- महामारीले गर्दा निश्चित व्यक्ति, परिवार र समुदायका बीचमा लाञ्छना, घृणा द्वेषभाव, बहिष्करण, घृणाजन्य अपराध (.....) जस्ता घटनाहरू घटिरहेका छन्। भेदभाव र लाञ्छनाबाट संरक्षण गर्न गोपनीयतासम्बन्धी अधिकारको सुनिश्चितता हुनुपर्ने जरूरी देखिन्छ। व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास उद्देश्य र कानूनी प्रयोजनको लागि बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा व्यक्ति वा नागरिकको शोषण विरूद्धको हक, हिंसा विरूद्धको हक, गोपनीयताको हक, आत्मसम्मानका साथ बाँच्न पाउने हक र स्वास्थ्यको आधारमा विभेद नगर्ने हकसम्बन्धी स्थापित विधिशास्त्र, अन्तर्राष्ट्रिय कानून, नेपालको संविधान, वैयक्तिक गोपनीयताको हकसम्बन्धी ऐन, २०७४ को उद्देश्य एवम् ऐ. ऐनको दफा ३ र दफा ७ को समेत उल्लङ्घन हुन जाने।

रोशनी पौड्याल समेत वि. प्रमं तथा म.प.स.समेत, नेकाप २०७७ अंक ६, नि. नं. १०५२६

## १.१० शोषण विरुद्धको हक

मानव अधिकारको प्रतिष्ठाको विपरित मानिसले मानिसलाई बेच्ने, दास तुल्याउने, बाँधा बनाउने जस्ता परम्परागत कुरीतिहरूबाट अहिले पनि समाज मुक्त हुन सकेको छैन। अज्ञानताको कारणले मानव बेचबिखन कार्य अत्याधिक रूपमा बढ्दो छ। कमैया प्रथा कानूनत उन्मूलन गरिए पनि यसको व्यापकतामा कमी नआउनु, जातिगत विभेद छुवाछूत जस्ता कुरीतिहरूमा कमी नआएको परिप्रेक्ष्यमा कसैले कसैलाई शोषण गर्न नपाइने भनी प्रत्याभूत गरिएको हकको नेपाली समाजमा अत्याधिक महत्व रहेको पाइन्छ।यस्तो हकलाई कार्यान्वयन गर्न विशेषत मानव बेचबिखन जस्ता कार्यलाई रोकथाम गर्न सरकारी वकीलले विशेष पहल गर्नुपर्ने हुन्छ।

**संवैधानिक व्यवस्था**

संविधानको धारा २९

- प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ।
- धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन।
- कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन।
- कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन।
  तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।
- उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

- संविधानले नागरिकलाई समानताको आधारमा सम्मानपूर्वक बाच्न पाउने हक प्रदान गरेको, रोजगारी र सामाजिक सुरक्षाको हक प्रदान गरेको र सामाजिक न्याय र शोषण विरुद्धको हकलाई मौलिक हकको रूपमा हक प्रदान गरेको अवस्थामा डान्स तथा क्याविन रेष्टुरेन्टहरू र डान्स वारमा काम गरेको भन्दैमा त्यस ठाउँमा काम गर्ने महिलाहरू शोषित हुन नहुने।

प्रकाशमणि शर्मासमेत वि. महिला मन्त्रालय समेत नेकाप २०६५, अंक ८, नि.नं. ६५८८

- उचित पारिश्रमिक, सुविधा वा योगदानमा आधारित सामाजिक सुरक्षा नदिनु वा श्रम कानूनले निर्धारण गरेभन्दा कम सुविधा दिनु वा समान हैसियतमा काम गर्ने सहकर्मीभन्दा कम पारिश्रमिक, सुविधा दिनुसमेत श्रम शोषण हुने।

भुवनेश्वर साहु तेली वि. सुन्दरकान्त मण्डल, नेकाप २०७७ अंक ५ निनं. १०४९८

## १.११ संवैधानिक उपचारको हक

संविधानले कुनै हकलाई मौलिक हक भनी संविधानको धाराहरूमा उल्लेख गर्नुले मात्रै कुनै हक मौलिक हुन सक्तैन । यस्तो हक मौलिक हकको रूपमा तब मात्र रूपान्तरण हुन सक्छ जब यसरी घोषित मौलिक हकको उल्लंघन भएको खण्डमा त्यसको उपचार स्वरूप प्रभावकारी प्रक्रिया अवलम्बन गर्न सकिन्छ । त्यसैले संविधानद्वारा मैलिक हककै रूपमा स्थापित गरिएको हकको प्रचलनको लागि उपचार पाउने कुरा पनि हककै रूपमा सुनिश्चित गरिएको हुन्छ।मौलिक हकको रूपमा प्राप्त अधिकारहरू कथंकदाचित उल्लंघन मै हालेको खण्डमा त्यस्तो हकलाई स्थापित गर्न कस्तो संरक्षण प्रदान गरिएको छ भनेर उपचारात्मक बाटोलाई संवेदनशील तबरले नियाल्नु पर्ने हुन्छ ।

### संवैधानिक व्यवस्था

- यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ ।

संविधानको धारा ४६

### सर्वोच्च अदालतको फैसला/आदेश

- संविधानको भाग ३ द्वारा प्रदत्त हक हनन भै प्रचलन गराई माग्न संविधानको धारा २३ अन्तर्गत आउने निवेदकको सर्वप्रथम कर्तव्य यो हुन आउँछ की कुन धाराद्वारा प्रदत्त मौलिक अधिकार विपक्षीहरूको कार्यबाट आघात हुन गयो वा प्रचलित कानूनले दिएको कुन कानूनी हक हनन् भएका छन् सो कुरा आफ्नो निवेदनमा स्पष्ट लेख्नु पर्दछ ।

  रामगोपाल वैश्य वि. नेपाल सद्भावना पार्टी, नेकाप २०५१, निनं. ४९३१

- न्यायिक उपचारको व्यवस्था नगरिने हो भने मौलिक हकको घोषणा गरिनुको केही सार्थकता रहदैन । त्यसैले धारा ११ देखि २२ सम्म विभिन्न मौलिक हकहरूको व्यवस्था भएको कारणले गर्दा नै धारा २३ को आवश्यकता भएको हो भन्न सकिन्छ ।

  डम्वरसिंह गडाल वि. इलाम न.पा.समेत, सअबु २०६१, पूर्णाङ्क ३०३, पृ. १

- मौलिक हकको प्रचलनका लागि संवैधानिक उपचारको हकसमेत संविधानको धारा ४६ ले प्रदान गरेको छ । उल्लिखित हकमध्ये संविधानको धारा १३३(१) बमोजिम उपचार प्रदान गर्नका लागि संवैधानिक इजलास कायम रहनु आवश्यक र अनिवार्य छ । न्यायिक उपचार प्रदान गर्ने संयन्त्रको अभावमा मौलिक हकको प्रचलन सम्भव हुँदैन । संवैधानिक इजलासको व्यवस्था नागरिकको मौलिक हक प्रचलनसँग अन्योन्याश्रित रूपमा जोडिएको विषय हो । यो स्वयंमा मौलिक हकको विषय पनि हुने ।

  माधवकुमार वस्नेत वि. न्याय परिषद सचिवालय नेकाप २०७५, अंक ४, नि.नं. ९९८५

## १. स्वच्छ सुनुवाइ, फौजदारी न्याय सम्बन्धी सिद्धान्त:

स्वच्छ सुनुवाइ सभ्य न्याय प्रणालीको आधार स्तम्भ हो । न्याय गरेर मात्र हुँदैन परेको अनुभूति पनि पक्षले गर्ने अवस्था बन्नुपर्छ भन्नुको तात्पर्य पनि यही हो।न्याय स्वच्छ भएन भने स्वेच्छाचारी देखिन्छ, जसले गर्दा समग्र न्याय प्रणाली प्रति जनआस्था र सम्मान घट्न जान्छ । स्वच्छ न्यायले अरू माथि थिचोमिचो गर्नेलाई कारबाहीको भागी हुनु पर्दछ भनी सचेत गराउनुको अलावा पीडितलाई संरक्षणको अनुभव गराउँछ ।

बिलम्ब विना सुनुवाइ, पक्षहरूलाई आफ्ना कुरा भन्ने अवसर, आफू विरुद्धको साक्षीलाई जिरह गर्ने, कानूनले तोकेभन्दा बढी सजाय बेहोर्नु नपर्ने, स्वतन्त्र र निष्पक्ष न्यायिक निकायबाट न्याय सम्पादन गरिने, मुद्दाका प्रक्रिया र चरणचरणमा त्यसको विकास थाहा पाउने अवस्थाको सुनिश्चितता जस्ता कुरा स्वच्छ सुनुवाइका आधारभूत अवधारणा मानिन्छन् । स्वच्छ सुनुवाइ फौजदारी र देवानी दुवै खालका मुद्दामा अत्यावश्यक हुन्छ । यसो भए पनि धेरैजसो फौजदारी मुद्दा मानिसको जीवन, स्वतन्त्रता र मर्यादाको अधिकारसँग बढी नजिक हुने र मुद्दाको एक पक्ष सरकार जस्तो सबल निकाय हुने हुनाले स्वच्छ सुनुवाइको महत्व यसमा बढी हुन पुग्छ ।

"दस जना अपराधी छुटुन् तर एक जना निर्दोषले सजाय नपाओस्" भन्ने कुरालाई फौजदारी न्याय सम्पादनको महत्वपूर्ण सिद्धान्त मानिएको छ । यसैले कुनै पनि व्यक्तिलाई लागेको अभियोग वा आरोपका सम्बन्धमा उसको दायित्व निश्चित गर्नु अगाडि स्वच्छ र स्वतन्त्र रूपमा अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइ साथ मुद्दाको पुर्पक्ष गरिनुपर्छ । स्वच्छ सुनुवाइमा एकातिर अभियुक्त वा शङ्कित व्यक्तिको मानवीय मर्यादाको प्रश्न हुन्छ भने अर्कातिर अपराध पीडितको न्यायको कुरा हुन्छ । स्वच्छ सुनुवाइले अपराध पीडित तथा अधिकारको दुरूपयोगका पीडित दुवैको न्यायको प्रत्याभूतिलाई रक्षा गर्न सक्नुपर्छ । यी कुरालाई नेपालको अन्तरिम संविधान तथा विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताले सुनिश्चित गरेका छन् । सुनुवाइ स्वच्छ के भए हुन्छ र के भए हुँदैन भन्ने कुराको निक्र्योल गर्ने आधारका लागि केही सिद्धान्तहरू विकास भएका छन् ।

## २.१ कार्यविधि कानूनसँग सम्बन्धित सिद्धान्त :

स्वच्छ सुनुवाइ सम्बन्धी फौजदारी कार्यविधिमा निम्न सिद्धान्तहरू प्रचलनमा रहेको पाइन्छ :

- जथाभावी गिरफ्तारी र थुनामा जानु नपर्ने,
- विना वारेन्ट (पक्राउ पूर्जी) गिरफ्तार हुनु नपर्ने,
- थुनामा रहँदा मानवोचित व्यवहार पाउनु पर्ने,
- आफू माथि लगाइएको अभियोगको सम्बन्धमा पूर्ण विवरण पाउनु पर्ने,
- आफू माथि लगाइएको अभियोगको प्रतिरक्षाको लागी पर्याप्त समय पाउनु पर्ने,
- आफू विरुद्ध भएका साक्षी प्रमाणहरूको परीक्षण गर्न पाउनु पर्ने,
- आफू माथि लगाइएको अभियोगको खुल्ला इजलासमा सुनुवाइ गर्न पाउनु पर्ने,
- आफू माथि लगाइएको अभियोगका सम्बन्धमा तत्काल स्वतन्त्र र निष्पक्ष एवं कानूनद्वारा स्थापित न्यायिक निकायबाट सुनुवाइ गरी पाउने,
- आफू माथि लगाइएको अभियोग उपर अविलम्ब सुनुवाइ गरिपाउने,
- आफूलाई थुनामा राख्ने आदेशका विरुद्धमा पुनरावलोकन गराई पाउने,
- आफू उपर लागाइएको अभियोग उपर स्वतन्त्र र निष्पक्ष न्यायिक निकायमा पुनरावेदन गरिपाउने,
- आफू उपर लागाइएको अभियोग आफ्नो उपस्थितिमा सुनुवाइ गरिपाउने ।

### सर्वोच्च अदालतको फैसला/आदेश

- सुनुवाइ निवेदकको सुविधा बमोजिम हुनुपर्छ भन्ने होइन, सुनुवाइको उचित मौका प्रदान गरिएको छ भन्ने प्राकृतिक न्यायको सिद्धान्तको परिकल्पनालाई यसले पूरा गरेको हुन्छ । — नेकाप २०४८, नि.नं. ४२७०
- आफैं वादीको रूप धारण गरी मागदावी नै संशोधन हुने किसिमसँग बढी सजाय गर्न कतै मिल्ने कुरा होइन । — नेकाप २०४८, नि.नं. ४३६४
- कुनै व्यक्तिको अभियोग प्रमाणित नभएसम्म निज बेकसूर मानिनेछ । A man is presumed to be innocent unitl proved gulity भन्ने फौजदारी न्यायको सिद्धान्तको मूलभूत मान्यता रही आएको सन्दर्भमा अभियोग लाग्ना साथ त्यो व्यक्तिलाई कसूरदार मानी अग्रसर हुनु न्यायोचित होइन । — रविन्द्र भट्टराई वि. म.प. सचिवलय, नेकाप २०५५, अंक ११, नि.नं. ६६२२
- कानूनी सहायता प्रत्येक नागरिकले पाउनु पर्छ भन्ने आधुनिक विधिशास्त्रको प्रमुख विचारधारा स्थापित भैसकेको छ र आर्थिक रूपले सक्षम सरकारहरूले आफ्नो प्रतिनिधित्व गर्न असमर्थ पक्षका तर्फबाट सहायता गर्ने व्यवस्था गरिएको पाइन्छ ।
  व्यक्तिको वैयक्तिक सुरक्षाको लागि फौजदारी न्यायका मान्य सिद्धान्तहरूलाई हाम्रो संविधानले नै सुरक्षित गरेको छ भन्ने कतिपय सिद्धान्तहरू यस अदालतका पूर्व फैसलाहरूबाट स्वीकार हुँदै आएको अवस्था छ । फौजदारी अभियोग प्रमाणित हुनको लागि सो कार्य गर्ने मनसाय तयारी तथा मनसाय वा — शिवपूजन महतोको जाहेरीले नेपाल सरकार वि. कैलाश महतो समेत, नेकाप २०५७, नि.नं. ६८८३

तयारीको परिणाम स्वरूप कृया भएको हुनुपर्छ । यस्तो कृया शंकारहित तवरले पुष्टि भएको हुनुपर्छ। ज्यान मार्ने कार्य भएको भन्ने आधारले मात्र कुनै व्यक्तिलाई आरोपित गर्नु पर्याप्त आधार हुन सक्दैन । विवादास्पद, अस्पष्ट, विरोधाभाषपूर्ण प्रमाणको आधारमा कसैलाई दोषी सिद्ध गर्ने हो भने परिणामतः न्याय परेको भन्न मिल्दैन ।

- शंकाको सुविधा अभियुक्तले पाउँछ भन्ने सर्वमान्य फौजदारी न्यायको सिद्धान्त हो । यस सिद्धान्त अनुसार शंकाविहिन तरिकाबाट कसूर प्रमाणित गर्ने भार वादीमा रहन्छ त्यस्तो प्रमाणको भार पुऱ्याउन नसके प्रतिवादीलाई कसूर र स्थितिको लाभ पुग्दछ भन्ने हो । — नेपाल सरकार प्र. मञ्जु श्रेष्ठ समेत, नेकाप २०५७, नि.नं. ६९३२
- फौजदारी मुद्दाका अभियुक्तले अदालतबाट भएको आदेशलाई स्वीकार गरी समर्पण गरेपछि मात्र निजको सुनुवाइ हुने First surrender then hear भन्ने सिद्धान्तलाई कानूनले अंगीकार गरेको देखिन आउँछ।थुनछेकको आदेशानुसार थुनामा बस्नुपर्ने आदेश भएको व्यक्तिले आफू थुनामा नबसी उक्त आदेश उपर निजको हकमा अरू कसैले अ.वं. १७ नं. को निवेदन दिन नपाउने।अ.वं. १७ नं. को निवेदन र बन्दी प्रत्यक्षीकरणको प्रकृति अलग अलग हुन्छ । — दिनवा भन्ने अहमुद्दीन खाँको वि. नेपाल सरकार, नेकाप २०५८, निं. नं. ७०१५
- सिर्फ शंकाको आधारमा कसूरदार ठहराउनु फौजदारी न्यायशास्त्रको विपरित हुने । — नेकाप २०५९, नि.नं. ७१५७
- मुलुकमा आर्थिक रूपले सम्पन्न र कानूनी प्रक्रियामा जानिफकार वर्ग मात्र अदालती प्रतिद्वन्द्वमा सरिक हुन सक्षम हुने तथा गरिव, असहाय र निमुखाहरू राज्यद्वारा स्थापित न्याय प्रशासनिक संयन्त्रको पहुँच बाहिर रहनु सक्षम न्याय प्रणालीको विशेषता नहुँदा न्याय प्रणालीमा सबैको लागि पहुँच दिलाउन एवं कानूनी प्रतिरक्षा र प्रतिनिधित्व विहिन स्थितिको अन्त्य गरी निष्पक्ष न्याय दिनु दिलाउनु राज्यको कर्तव्य हुने । — लिलामणि पौडेल वि. म.प.स, नेकाप २०६०, नि.नं. ७२१४
- पूर्ण समानता प्राप्त गर्न प्राय असम्भव छ । समानता निरपेक्ष पनि हुँदैन।निरपेक्ष समानता (Absolutely Equality) न त सम्भव छ न वान्छनीय छ । भेदभावपूर्ण कानून र भेदभावपूर्ण तरिकाले कानूनको प्रयोग भन्ने वाक्यांश एकै नभई बेग्ला बेग्लै अर्थलाई बोध गराउने । — बाबुराम पौडेल वि. म.प. सचिवालय, नेकाप २०५१, नि.नं. ४८७५
- फौजदारी अपराधमा सजाय हुनु अघि सबुद प्रमाण दिन, आफ्नो कुरा भन्ने आदि आधारभूत मानव अधिकार उपलब्ध हुनेछन् । यसमा खुला इजलाशमा न्यायिक अधिकारीद्वारा मुद्दाको सुनुवाइ र निर्णय हुन्छ । — वेनोज अधिकारी वि. गृह मन्त्रालय नेकाप २०५५, नि.नं. ६४८७
- नागरिकको जीवन, स्वतन्त्रता र हक अधिकार सम्बन्धी महत्वपूर्ण विषयमा निर्णय गर्ने क्षेत्राधिकार भएको यस्तो निकाय वा अधिकारीलाई अरुको हस्तक्षेप, दवाव वा प्रभावमा राख्दा न्यायिक कार्यमा विचलन आउन सक्दछ । त्यसैले न्यायिक निकाय वा अधिकारीको हित रक्षार्थ नभई नागरिकहरूको न्याय प्राप्त गर्ने हकको सम्मान र सुनिश्चितताको लागि न्यायिक स्वतन्त्रताको अपरिहार्यता रहने ।
  प्रमुख जिल्ला अधिकारी कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा काम गर्ने प्रशासनिक अधिकारी हो।कार्यपालिकीय संरचनाको महत्वपूर्ण अवयव वा पद्धतिभित्र रहेको जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीको सरकारभन्दा पृथक र स्वतन्त्र अस्तित्वको खोजी गर्न तथा सोभन्दा अलग भूमिकाको अपेक्षा गर्न सकिँदैन।व्यक्तिलाई असीमित कैद गर्ने न्यायिक क्षेत्राधिकार सरकारको प्रशासनिक अधिकारीलाई दिइएको स्थितिबाट अल्पमतमा रहेका नागरिकहरूको हक अधिकार राज्य संयन्त्रबाटै दुरूपयोग हुन सक्ने सम्भावनालाई उजागर गरिरहेको हुँदा यस्तो अभ्यासलाई स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यता अनुरूप मान्न नसकिने । — अम्बरबहादुर राउत वि. गृह मन्त्रालय समेत नेकाप २०६८ अंक ७, नि.नं. ८६४२

## २.२ सारवान कानूनसँग सम्बन्धित सिद्धान्तहरू

फौजदारी न्यायमा स्वच्छ सुनुवाइका सम्बन्धमा निम्न सिद्धान्तहरू प्रचलनमा रहेको पाइन्छ :

- कानून र अदालतको समान संरक्षण प्राप्त गर्ने अधिकार,
- विना यातना आफू विरुद्धको अभियोगमा सुनुवाइ गरी पाउने अधिकार,
- आफूमाथि लगाइएको अभियोगको प्रतिरक्षाको लागि कानून व्यवसायीको सहयोग र सहायता लिन पाउने र सो का लागि आफूसँग स्रोत–साधन वा अवसर नभएमा थुनामा राख्ने निकायबाट निशुल्क कानून व्यवसायीको सुविधा पाउने अधिकार,

- पूर्पक्षको दौरानमा जमानत वा धरौट राखी थुना मुक्त हुन पाउने अधिकार,
- आफूमाथि लगाइएको अभियोगका सम्बन्धमा सुनुवाइ हुँदा निर्दोषिताको अनुमान गरिपाउने अधिकार,
- आफू विरुद्धको अभियोगमा साक्षी बस्न कर नलाग्ने अधिकार,
- घट्ना घट्दाको समयमा अपराध घोषित नभएको कार्यलाई पछि बनेको कानूनले अपराध घोषणा गरेको भए त्यस्तो कार्यका लागी सजाय भोग्नु नपर्ने अधिकार (कानूनको पश्चातदर्शी प्रयोगका विरुद्धको अधिकार),
- एकै दोष पूर्ण कार्यका लागि दुई पटक पुर्पक्ष र सजाय भोग्नु नपर्ने अधिकार (प्राङ्गन्यायको अधिकार, दोहरो खतराको सिद्धान्त)
- आफू उपर लागाइएको अभियोगको सुनुवाइ वा पुर्पक्ष गरिँदा आफूले नवुझने भाषामा गरिने भएमा मुद्दाको सम्पूर्ण चरणमा दोभाषेको सुविधा पाउने अधिकार,
- अनुचित र गैर कानूनी रूपमा गिरफ्तारी र थुनामा राखिएको भएमा त्यसका विरुद्ध क्षतिपूर्ति पाउने अधिकार।

**सर्वोच्च अदालतको फैसला/आदेश**

| | |
|---|---|
| ➢ कार्यविधिको कुराले व्यक्तिका सारवान अधिकारलाई असर गराउन उचित नहुने। | नेकाप २०५६, नि.नं. ६६६४ |
| ➢ साधकको रोहबाट इन्साफ जाँच भैसकेको भन्ने आधारमा पुनरावेदन गर्न नपाउने अर्थ गर्दा पुनरावेदन गर्न पाउने व्यक्तिको सारवान अधिकारमा नै संकुचन लाग्न जाने सम्भावना रहन्छ जो सर्वथा न्यायिक स्वविवेक अनुकुल हुन सक्तैन। | हिमाकुमारी भट्टराई वि. नेपाल सरकार नेकाप २०५७, नि.नं. ६९४३ |
| ➢ सारवान् कानूनलाई कार्यविधि कानूनले डोऱ्याउने हो।कार्यविधि कानून र सारवान् कानून दुवैको प्रयोगमा पक्षले आफ्नो सहभागिताबाट चुक्नु हुँदैन।सारवान् कानून र कार्यविधि कानून एकको अभावमा अर्काको अस्तित्व नरहने हुँदा अदालतले कार्यविधि कानूनलाई कम मूल्याङ्कन गरी सारवान् कानूनलाई मात्र हेरी मुद्दाको कारबाही किनारा गर्न नमिल्ने। | रामेश्वर नायक वि. विशेश्वर नायक नेकाप २०७४, अंक १२, नि.नं. ९९१५ |
| ➢ अदालतले कार्यविधिको कानूनको प्रयोग गर्दा अधिकतम रूपमा सार्वजनिक साथसाथै व्यक्तिको हितमा सरलीकरण कसरी हुन्छ भन्ने कुराको सुनिश्चितता गर्नुपर्ने हुन्छ।मुद्दाको कारबाहीको क्रममा कार्यविधि कानूनलाई कम मूल्याङ्कन गरी सारवान् कानूनलाई मात्र हेरी मुद्दाको कारबाही किनारा गर्दा अपूर्ण एवं अपूरो हुन जाने। | सुमित्रादेवी साहसमेत वि: हिरालाल प्रसाद यादवसमेत नेकाप २०७५, अंक ९, निनं. १००९४ |

## २.३ मुलुकी अपराध संहितामा उल्लेख गरिएका फौजदारी न्यायका सामान्य सिद्धान्तः

फौजदारी न्यायका सम्बन्धमा थुप्रै सिद्धान्तहरू विकसित भएका छन्। अपराधको अनुसन्धानको दौरानमा पनि त्यस्ता सिद्धान्तलाई आत्मसात गर्नु पर्ने र त्यस्ता फौजदारी न्यायका सिद्धान्तलाई प्रयोग र अभ्यास गर्नु पर्छ। मुलुकी अपराध संहितामा व्यवस्था भएका फौजदारी कानूनका सामान्य सिद्धान्तहरू फौजदारी न्याय प्रशासनमा प्रयोग हुने सिद्धान्तहरू हुन्। यी सिद्धान्तहरू सामान्य कानूनको रूपमा समावेश भएको भए पनि जुनसुकै किसिमको फौजदारी न्याय प्रशासन संचालन गर्दा पालना गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ। यी सिद्धान्तहरू यसपूर्व लिखित रूपमा उल्लेख नगरिए पनि हामीले अवलम्बन गर्दै आएका सिद्धान्तहरू हुन्। मुलुकी अपराध संहिता, २०७४ मा थुप्रै यस्ता फौजदारी न्यायका सिद्धान्तलाई उल्लेख गरिएको ती सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्;

| | |
|---|---|
| दफा ६ | कानून बमोजिमको काम कसूर नहुने: कानून बमोजिम गर्नु पर्ने वा कानूनले क्षम्य मानेको कामलाई कसूर मानिने छैन। |
| दफा ७ | कानून बमोजिम बाहेक सजाय नहुने: कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय हुने छैन। |
| दफा ८ | तथ्यको भ्रममा परी गरेको काम कसूर नहुने : तथ्यको भ्रममा परी कानून बमोजिम गर्नु पर्ने वा क्षम्य मानिएको विश्वास गरी असल नियतले गरेको कुनै काम कसूर मानिने छैन।<br>तर कानूनको अनभिज्ञतामा गरेको काम क्षम्य हुने छैन। |

| | |
|---|---|
| दफा ९ | एउटै कसूरमा दोहोरो सजाय नहुने : कुनै व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटक भन्दा बढी मुद्दा चलाईने र सजाय गरिने छैन । |
| दफा १० | स्वच्छ सुनुवाइबाट वञ्चित नहुने : कुनै व्यक्ति सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारबाहीमा स्वच्छ सुनुवाइबाट वञ्चित हुने छैन । |
| दफा ११ | आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने : कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्ने छैन । |
| दफा १२ | कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने : कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई निजले सो कसूर गरेको प्रमाणित नभएसम्म कसूरदार मानिने छैन । |
| दफा १३ | नाबालकले गरेको काम कसूर नहुने : दश वर्ष उमेर नपुगेको नाबालकले गरेको कुनै काम कसूर मानिने छैन । |
| दफा १४ | होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिनेः कुनै काम गर्दाका वखत मानसिक अस्वस्थताको कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझन नसक्ने गरी होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर मानिने छैन । |
| दफा १५ | मञ्जुरी लिई गरेको काम कसूर नहुने : ज्यान लिने वा अंगभंग गर्ने नियतले वा ज्यान जान वा अंङ्गभङ्ग हुन सक्दछ भन्ने थाहा भई गरेकोमा बाहेक कसैले अठार वर्ष माथिको कुनै व्यक्तिको मञ्जुरी लिई गरेको कुनै कामबाट त्यस्तो मञ्जुरी दिने व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसूर मानिने छैन । |
| दफा १६ | भलाईका लागि मञ्जुरी लिई गरेको काम कसूर नहुने : कसैले कुनै व्यक्तिको भलाईका लागि निजको मञ्जुरी लिई असल नियतले होशियारी साथ गरेको कुनै कामबाट त्यस्तो मञ्जुरी दिने व्यक्तिलाई क्षति पुग्न गएमा सो काम कसूर मानिने छैन । |
| दफा १७ | भलाईका लागि संरक्षकको मञ्जुरी लिई गरेको काम कसूर नहुने : अठार वर्ष ननाघेको वा मानसिक अस्वस्थताको कारणले होस ठेगानमा नरहेको व्यक्तिको भलाईका लागि निजको संरक्षकले वा त्यस्तो संरक्षकको मञ्जुरी लिएर अरू कसैले असल नियतले होशियारी साथ गरेको कुनै कामबाट त्यस्तो व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसूर मानिने छैन ।<br>तर ज्यान जान वा अंगभंग हुनबाट रोक्ने उद्देश्यले गरेकोमा बाहेक ज्यान जान सक्छ वा अङ्गभङ्ग हुन सक्छ भन्ने जानी जानी त्यस्तो कुनै काम गर्ने व्यक्तिले आपराधिक दायित्वबाट छुट पाउने छैन । |
| दफा १८ | भलाईका लागि मञ्जुरी नलिई गरेको काम कसूर नहुने : कुनै व्यक्तिको भलाईका लागि तत्काल कुनै काम नगरी नहुने भएको, त्यस्तो व्यक्ति कुनै कारणले त्यस्तो काम गर्न दिनको लागि तत्काल आफै मञ्जुरी दिन नसक्ने अवस्थामा रहेको र निजको तर्फबाट मञ्जुरी दिन सक्ने संरक्षक पनि तत्काल उपलब्ध नभएको अवस्थामा निजको भलाईका लागि मञ्जुरी नलिएर पनि असल नियतले होसियारी साथ त्यस्तो काम गर्दा निजलाई कुनै क्षति वा हानि नोक्सानी पुग्न गएमा त्यस्तो काम कसूर मानिने छैन। देहाय बमोजिमको कार्यलाई भलाई मानिँदैनः<br>**(क)** आर्थिक रूपमा प्राप्त लाभलाई जनाउने छैन,<br>**(ख)** ज्यान लिने वा मनासिव कारण विना अंगभंग गर्ने नियतले गरेको काम भलाईका लागि गरेको मानिने छैन |
| दफा १९ | मञ्जुरी लिएर पनि कसूर गर्न नहुने : दफा १५, १६ वा १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि ती दफामा लेखिएको काम कानून बमोजिम अन्य कसूर मानिने भएमा त्यस्तो काम मञ्जुरी लिएर गरेको भए पनि कसूर मानिनेछ । |
| दफा २० | मञ्जुरी : मञ्जुरी मौखिक वा लिखित रूपमा वा इशारा वा आचरणद्वारा व्यक्त गर्न सकिनेछ ।<br>तर देहायका अवस्थामा दिइएको मञ्जुरीलाई मञ्जुरी मानिने छैनः<br>(क) तथ्यको भ्रममा परी वा कुनै किसिमको हानि नोक्सानी हुन सक्ने डर, त्रासमा परी कुनै व्यक्तिले मञ्जुरी दिएको र त्यस्तो मञ्जुरी अनुसार काम गर्ने व्यक्तिलाई सो मञ्जुरी त्यसरी दिइएको हो भन्ने कुरा थाहा भएमा वा निजले विश्वास गर्नु पर्ने कुनै मनासिव कारण भएमा,<br>(ख) मानसिक अस्वस्थताको कारणले आफूले दिएको मञ्जुरीको गुण, दोष र परिणाम बुझन नसक्ने गरी होस ठेगानमा नरहेका बखत कुनै व्यक्तिले मञ्जुरी दिएकोमा,<br>(ग) अठार वर्ष ननाघेको नाबालकले मञ्जुरी दिएकोमा । |

| | |
|---|---|
| दफा २१ | असल नियतले दिएको जानकारीबाट क्षति पुगेमा कसूर नहुने : कसैले कुनै व्यक्तिलाई निजको भलाईको लागि असल नियतले दिएको कुनै कुराको सूचना वा जानकारीबाट त्यस्तो व्यक्तिलाई कुनै क्षति पुग्न गएमा सो काम कसूर मानिने छैन । |
| दफा २२ | डर त्रासमा परी गरेको काम कसूर नहुने : (१) कसैले जोखिमी हातहतियार वा विषालु वा विष्फोटक पदार्थ लिई कुनै व्यक्तिलाई निजले तत्काल कुनै काम नगरे निज वा निजको नजिकको नातेदारको ज्यान लिने वा शारीरिक अङ्गभङ्ग गराउने डर त्रास देखाएको र तत्काल त्यस्तो काम नगरे आफ्नो वा आफ्नो नजिकको नातेदारको ज्यान जान वा शारीरिक अङ्गभङ्ग हुन सक्ने खतरा छ भनी विश्वास गर्नु पर्ने मनासिव कारण भई त्यस्तो व्यक्तिले त्यस्तो काम गरेमा सो काम कसूर मानिने छैन ।<br>तर देहायको अवस्थामा त्यस्तो काम कसूर मानिने छः<br>(क) ज्यान लिएको वा शारीरिक अङ्गभङ्ग गरेकोमा,<br>(ख) राज्य विरुद्धको कसूर गरेकोमा, वा<br>(ग) त्यस्तो काम गर्ने व्यक्ति आफैले गर्दा वा आफूले कुनै काम गरेको कारणबाट निज त्यस्तो डर त्रासको अवस्थामा पुगेकोमा ।<br>**(२)** उपदफा (१) बमोजिम कसूर गराउने व्यक्तिलाई निज आफैले सो कसूर गरे सरह कानून बमोजिम सजाय हुनेछ । |
| दफा २३ | अन्य हानि नोक्सानी वचाउन असल नियतले गरेको काम कसूर नहुने : कसैलाई कुनै हानी नोक्सानी हुने कुनै काम तत्काल नगरे आफ्नो वा अरू कसैको जीउ, ज्यान वा सम्पत्तिमा सो भन्दा ठूलो हानी नोक्सानी हुने निश्चित भई आपराधिक नियत विना र संभावित ठूलो हानि नोक्सानी रोक्ने वा टार्ने उद्देश्यले असल नियतले त्यस्तो हानि नोक्सानी हुने काम गरेमा हानी पुग्न सक्दछ भन्ने जानीजानी गरेको कारणले मात्र त्यस्तो काम कसूर मानिने छैन । |
| दफा २४ | निजी रक्षाको लागि गरेको काम कसूर नमानिने : (१) यस परिच्छेदको अधीनमा रही निजी रक्षाको अधिकार प्रयोग गर्दा भए गरेको कुनै काम कसूर मानिने छैन ।<br>(२) प्रत्येक व्यक्तिलाई आफ्नो वा अरू कसैको जीउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउने अधिकार हुनेछ ।<br>(३) यस दफा बमोजिम निजी रक्षाको अधिकार प्रयोग गर्दा तत्काल कुनै काम नगरेमा आफ्नो वा अरू कसैको जीउ, ज्यान वा सम्पत्तिलाई कुनै गैर कानूनी क्षतिवाट बचाउन सकिँदैन भन्ने मनासिव विश्वास भएमा वा विश्वास गर्नु पर्ने कारण भएमा मात्र प्रयोग गर्नु पर्नेछ । |
| दफा २५ | निजी रक्षाको अधिकारमा बन्देज : (१) दफा २४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वा कामका विरुद्ध निजी रक्षाको अधिकार प्राप्त हुन सक्ने छैन:<br>(क) कसैको जिउ वा सम्पत्तिमा गैरकानूनी क्षति पुऱ्याउने काम हुँदाका वखत सो क्षति बचाउन तत्काल सार्वजनिक अधिकारीको संरक्षण वा मद्दत उपलब्ध हुने वा हुन सक्ने अवस्था भएकोमा,<br>(ख) जसको जीउ वा सम्पत्तिमा क्षति पुगेको हो सो व्यक्तिले नै क्षति पुऱ्याउने व्यक्तिलाई उत्तेजित गरेको कारणबाट त्यसरी क्षति पुगेकोमा,<br>(ग) अदालतको फैसला वा आदेश अनुसार कुनै राष्ट्रसेवकले असल नियतले कुनै काम गरेकोमा,<br>(घ) कुनै राष्ट्रसेवकले आफ्नो पदीय अधिकारको प्रयोगमा असल नियतले कुनै काम गरेकोमा,<br>(ङ) कुनै राष्ट्रसेवकले आफ्नो पदीय अधिकारको प्रयोगमा असल नियतले दिएको निर्देशन अनुसार कसैले कुनै काम गरेकोमा ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै व्यक्ति निजी रक्षाको अधिकारबाट वन्चित हुने छैन:–<br>(क) उपदफा (१) को खण्ड (ग) मा उल्लिखित काम गर्ने व्यक्ति राष्ट्रसेवक हो र निज अदालतको फैसला वा आदेशानुसार काम गर्दैछ भन्ने कुरा जानकारी हुने वा विश्वास गर्ने कारण नभएमा वा नीजको परिचय वा सो काम गर्न पाएको अधिकारपत्र मांग गर्दा पनि निजले आफ्नो परिचय नदिएमा वा सो काम गर्न पाएको अधिकारपत्र नदेखाएमा, |

| | |
|---|---|
| | (ख) उपदफा (१) को खण्ड (घ) मा उल्लिखित काम गर्ने व्यक्ति राष्ट्रसेवक हो भन्ने कुरा जानकारी हुने वा विश्वास गर्नु पर्ने कारण नभएमा,<br>(ग) उपदफा (१) को खण्ड (ङ) मा उल्लिखित काम गर्ने व्यक्तिले त्यस्तो काम कुनै राष्ट्रसेवकको निर्देशनमा गरिरहेको हो भन्ने कुरा जानकारी हुने वा विश्वास गर्नु पर्ने कारण नभएमा वा त्यस्तो निर्देशन अनुसार सो काम गर्न लागेको हो भन्ने कुरा निजले जानकारी नदिएमा वा सो काम गर्न अधिकारपत्र भएकोमा माग गर्दा पनि सो अधिकार पत्र नदेखाएमा ।<br>(३) दफा २४ वा यस दफा अन्तर्गत निजी रक्षाको अधिकार प्रयोग गर्दा त्यस्तो रक्षा गर्नको लागि आवश्यक पर्ने बल भन्दा बढी बल प्रयोग गर्न सकिने छैन । |
| दफा २६ | ज्यान लिने अधिकार नहुने : (१) यस परिच्छेद बमोजिम निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैलाई कसैको ज्यान लिने अधिकार हुने छैन ।<br>(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भएता पनि दफा २५ को उपदफा (३) को अधीनमा रही देहायको अवस्थामा निजी रक्षाको अधिकार प्रयोग गर्दा कसैको ज्यान गएकोमा त्यस्तो काम कसूर मानिने छैनः<br>(क) आफू वा अरू कसै माथि भएको आक्रमण विरुद्ध तत्काल रक्षा नगर्दा आफ्नो वा अरू कसैको ज्यान जान वा आफू वा अरू कसैलाई गम्भीर चोट लाग्न वा शारीरिक अङ्गभङ्ग हुन सक्छ भन्ने मनासिव विश्वास भएमा,<br>(ख) जवर्जस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिव विश्वास भई वा जबरजस्ती करणी गर्दाका बखत वा गरिसके पछि पीडितबाट तत्काल कुनै काम भएकोमा,<br>(ग) ज्यान मार्ने, बन्धक वा अपहरण गराउन मुक्ति रकम लिने, जवर्जस्ती करणी गर्ने, अङ्गभङ्ग गर्ने नियतले शरीरबन्धक लिएकोमा वा अपहरण गरेकोमा,<br>(घ) मानिस बस्ने, पूजा वा प्रार्थना गर्ने, सम्पत्ति राख्ने कुनै घर, पाल वा सवारी साधनलाई घेराबन्दी गरी, जोखिमपूर्ण हातहतियार प्रयोग गरी, आगो लगाई वा विष्फोटक पदार्थ प्रयोग गरी क्षति पुऱ्याउन खोजेकोमा,<br>(ङ) डाँकाको कसूर विरुद्ध रक्षा गर्नु परेमा,<br>(च) कुनै व्यक्तिको वैयक्तिक सुरक्षा वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सँगठित संस्थाको सम्पत्ति वा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि अधिकार प्राप्त अधिकारीको आदेशबाट खटिएको सुरक्षाकर्मीले त्यस्तो व्यक्ति वा सम्पत्ति विरुद्ध भएको आक्रमण रोक्न तत्काल प्रतिकार गर्नु परेकोमा । |
| दफा २७ | मामुली हानि नोक्सानी भएकोमा कसूर नहुने : साधारण समझको व्यक्तिले उजुर गरिरहन नपर्ने मामुली किसिमको हानि नोक्सानीलाई कसूर मानिने छैन । |
| दफा २८ | नाबालकबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने : कसैले कुनै नाबालकलाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैले सो कसूर गरे सरह सजाय हुनेछ । |
| दफा २९ | निरपेक्ष दायित्व (स्ट्रीक्ट लायविलिटि) हुने कसूरमा आपराधिक मनसाय परीक्षण नहुने : यस संहिता वा कानून बमोजिम निरपेक्ष आपराधिक दायित्व हुने कसूरमा सो कसूर मनसायपूर्वक गरेको हो वा होइन भन्ने कुरा परीक्षण हुने छैन । |
| दफा ३० | सँगठित संस्थाबाट भएको कसूरमा काम गर्ने गराउनेको आपराधिक दायित्व हुने : कुनै फर्म, कम्पनी वा सँगठित संस्थाले यस संहिता वा कानून बमोजिम कसूर मानिने कुनै काम गरेको वा गराएकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरू र कम्पनी वा सँगठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने संचालक, प्रबन्ध संचालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्नेछ । |
| दफा ३१ | समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने : दुई वा दुई भन्दा बढी व्यक्तिको समूहबाट कुनै कसूर भएकोमा सो समूहका सबै सदस्यलाई सो कसूरको सजाय हुनेछ । |

## ३. मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेजहरू र त्यसको प्रयोग

राष्ट्रिय कानून मानव अधिकारको संरक्षणको औजारको रूपमा रूपान्तरण गरिनु हरेक प्रजातान्त्रिक राज्यको प्रमुख लक्ष्य हो । मानव अधिकारको सृजना अन्तर्राष्ट्रिय कानूनद्वारा गरिएता पनि त्यसको संरक्षण गर्ने संरचना राष्ट्रिय कानूनले तयार पारेको हुन्छ । मानव अधिकारको उल्लंघन राष्ट्रको सीमानाभित्र हुने हुनाले यस्ता उल्लंघनलाई रोकथाम गर्नमा राष्ट्रिय कानूनले नै प्राथमिक भूमिका निर्वाह गर्नुपर्दछ । त्यसै कारण सबै राष्ट्रहरूले आ–आफ्नो संविधान र विभिन्न ऐन कानूनहरूमा आफ्नो नागरिकहरूका लागि विभिन्न अधिकारहरूको व्यवस्था गरेका हुन्छन् । राजनीतिक अधिकार बाहेक आफ्ना नागरिकहरूलाई उपलब्ध गराइएका त्यस्ता अधिकारहरू गैर नागरिकहरूलाई पनि उपलब्ध गराइएका हुन्छन् । राष्ट्रिय कानूनद्वारा सृजना गरिएका त्यस्ता अधिकारहरूलाई नागरिक अधिकार, मौलिक अधिकार, संवैधानिक अधिकार इत्यादि नाममा उल्लेख गर्ने गरिन्छ ।

मानव अधिकारका अन्तर्राष्ट्रिय सन्धिहरू अनुमोदन वा स्वीकार नगर्ने राष्ट्रले पनि त्यस्ता अधिकारहरू चाहेमा आफ्ना नागरिकहरूलाई उपलब्ध गराउन सक्तछ । साधारणतया राष्ट्रिय कानूनद्वारा उपलब्ध गराइने नागरिक र अन्य अधिकारहरू पनि अन्तर्राष्ट्रिय कानूनद्वारा घोषणा गरिएका मानव अधिकारहरूसँग मेल खाने प्रकृतिका हुन्छन् । प्रत्येक राष्ट्रमा मानव अधिकारको स्थिति फरक फरक अवस्थामा हुनसक्छ तर पनि अन्तर्राष्ट्रिय कानूनद्वारा सृजना गरिएका मानव अधिकारहरू मध्ये कतिपय आधारभूत मानव अधिकारहरू भने प्रायशः सबै राष्ट्रले आफ्ना नागरिकहरूलाई उपलब्ध गराएको पाइन्छ ।

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिलाई अनुमोदन गर्ने राष्ट्र आफूद्वारा अनुमोदित सन्धिहरूमा उल्लेख भएका सबै अधिकारहरू आफ्नो संविधान वा राष्ट्रिय ऐनहरूमा समावेश गर्न सक्तछ । कतिपय राष्ट्रहरूले आफ्नो संविधानमा यस्तो प्रवाधान समावेश गर्ने गरेका पनि छन् । जस अनुसार ती राष्ट्रहरूद्वारा अनुमोदन गरिएका सन्धिहरूले तिनीहरूको राष्ट्रिय कानून सरह मान्यता प्राप्त गर्दछन् । यसको अलावा अन्य कतिपय राष्ट्रहरूले संविधानमा कुनै कुरा उल्लेख नगरी आफ्ना राष्ट्रले अनुमोदन गरेको सन्धि सम्झौताहरूका व्यवस्था राष्ट्रिय कानूनको दर्जामा राखी विशेष मान्यता दिने गरी ऐनहरूमा नै समाविष्ट गरेका हुन्छन् ।

### ३.१ मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपालका पक्ष रहेका दस्तावेजहरू

हालको विश्व परिस्थितिलाई हेर्दा अन्तर्राष्ट्रिय सन्धिहरूले प्रत्याभूत गरेका मानव अधिकारहरूको संरक्षण गर्न प्रत्येक राष्ट्रले राष्ट्रिय कानूनमा व्यवस्थित गर्नु अपरिहार्य छ । नेपालले हालसम्म निम्न अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई अनुमोदन/सम्मिलन गरेको छ ।

| सि. नं. | सन्धिको नाम | पारित भएको मिति | नेपालले अनुमोदन गरेको (अ) वा सन्धिमा सम्मिलित भएका (स) मिति |
|---|---|---|---|
| १. | दासत्व महासन्धि | २५ सेप्टेम्बर, १९२६ | ७ जनवरी, १९६३ (स) |
| २. | २५ सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल (पूरक महासन्धि) | २३ सेप्टेम्बर, १९५३ | ७ जनवरी, १९६३ (स) |
| ३. | दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि | ७ सेप्टेम्बर, १९५६ | ७ जनवरी, १९६३ (स) |
| ४. | नारीको राजनीतिक अधिकारसम्बन्धी महासन्धि | २० डिसेम्बर १९५२ | २० अप्रिल, १९६६ (स) |
| ५. | जाति हत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि | ९ डिसेम्बर १९४८ | १७ जनवरी, १९६९ (स) |
| ६. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | २१ डिसेम्बर १९६५ | ३० जनवरी, १९७१ (स) |

| | | | |
|---|---|---|---|
| ७. | रंगभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | ३० नोभेम्बर १९७३ | १२ जुलाई, १९७७ (स) |
| ८. | खेलकुदमा रंगभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि | १० डिसेम्बर १९८५ | १ मार्च, १९८९ (अ) |
| ९. | बालअधिकार सम्बन्धी महासन्धि | २० नोभेम्बर १९८९ | १४ सेप्टेम्बर, १९९० (अ) |
| १०. | महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि | १८ डिसेम्बर १९७९ | २२ अप्रिल, १९९१ (अ) |
| ११. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर १९६६ | १४ मे, १९९१ (स) |
| १२. | नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर १९६६ | १४ मे, १९९१ (स) |
| १३. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वैच्छिक प्रोटोकल | १६ डिसेम्बर १९६६ | १४ मे, १९९१ (स) |
| १४. | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि | १० डिसेम्बर १९८४ | १४ मे, १९९१ (स) |
| १५. | जीउ मास्ने–बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषणको दमनको लागि व्यवस्था भएको महासन्धि | २ डिसेम्बर १९४९ | २७ डिसेम्बर,१९९५ (स) |
| १६. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वैच्छिक प्रोटोकल | १५ डिसेम्बर, १९८९ | ४ जुन, १९९८ (स) |
| १७. | महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको स्वैच्छिक प्रोटोकल | ६ अक्टुबर १९९९ | १५ जुन २००७(अ) |
| १८. | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धमा व्यवस्था भएको बालअधिकार सम्बन्धी महासन्धिको स्वैच्छिक प्रोटोकल | २५ मे २००० | ३१ अक्टुबर २००५(अ) |
| १९. | बालबालिकाको बेचबिखन, बाल बेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकार सम्बन्धी महासन्धिको स्वैच्छिक प्रोटोकल | २५ मे २००५ | |
| २०. | अपाङ्गहरूको अधिकार सम्बन्धी महासन्धि | १३ डिसेम्बर, २००६ | २० जनवरी २००६(अ) |
| २१. | अपाङ्गहरूको अधिकार सम्बन्धी महासन्धिको स्वैच्छिक प्रोटोकल | १३ डिसेम्बर, २००६ | २०१०(अ) |
| २२. | दक्षिण एसियामा बाल कल्याण प्रवर्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी सार्क महासन्धि | ५ जनवरी २००२ | २०१०(अ) |
| २३. | बेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने–बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था गर्न भएको सार्क महासन्धि | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ देखि लागू भएको |

## ३.२ मानव अधिकार एवं फौजदारी न्यायसँग सम्बन्धित नेपाल पक्ष रहेका दस्तावेजहरूको प्रयोग

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रद्वारा संरक्षित कतिपय मानव अधिकारका आधारभूत मान्यताहरू नेपालको संविधानमा आत्मसात गरिएको छ। सन्धि ऐनको रूपमा निर्मित व्यवस्थापकीय कानूनद्वारा नेपालले अनुमोदन/सम्मिलन गरेका सन्धि महासन्धिहरूको हैसियत के कस्तो हुने भनी अलग व्यवस्था गरेको पाइन्छ। यसको अलावा देशको सर्वोच्च न्यायालयले यस्तो सन्धि महासन्धिलाई मानव अधिकारको संरक्षण गर्ने औजारको रूपमा अवलम्बन गर्दै थुप्रै सिद्धान्तहरू प्रतिपादन गरिसकेको पाइन्छ।

### कानूनी व्यवस्था

- संविधान सभाबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ।

नेपाल सन्धि ऐन, २०४७ दफा ९(१)

### सर्वोच्च अदालतको फैसला/आदेश

- नेपालले अनुमोदन गरिसकेको नेपाल पक्ष भएको कुनै सन्धिमा व्यवस्था भएको कुरा प्रचलित नेपाल कानूनसँग बाझिएमा सो बाझिएको हदसम्म प्रचलित नेपाल कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ भन्ने व्यवस्था प्रचलित नेपाल कानूनले गरेबाट नेपालले अनुमोदन गरेको सन्धि, सम्झौता, प्रतिज्ञापत्रको कुराहरूलाई हाम्रो जस्तो प्रजातान्त्रिक व्यवस्था अपनाएको देशले क्रमशः कार्यान्वयन गर्दै जानुपर्ने कुरालाई नकार्न नमिल्ने।

  सपना प्रधान मल्ल वि. म.प. सचिवालय, नेकाप २०६१, नि.नं. ७३५८

- नेपाल पक्ष भएको सन्धि सम्झौता राष्ट्रिय कानून सरह लागू हुने र त्यसता सन्धि सम्झौतासँग राष्ट्रिय कानून बाझिएमा राष्ट्रिय कानून नै अमान्य हुने समेतको परिप्रेक्ष्यमा सर्वसाधारणको जानकारी र महासन्धिको राष्ट्रिय स्तरमा कार्यान्वयनको लागि सन्धि ऐनको उल्लिखित दफा ९(२) समेतलाई विचार गर्दा जेनेभा महासन्धिको कार्यान्वयनको लागि त्यसको भावना अनुरूप राष्ट्रिय कानून बनाइनुपर्ने कुराको उपयुक्तता र आवश्यकता रहेको देखिने।

  राजाराम ढकाल वि. प्रधानमन्त्री कार्यालय, नेकाप २०६०, नि.नं. ७२७४,

- बाल अधिकार महासन्धिको धारा १५(१) ले बाल बालिकाको संगठन खोल्ने अधिकार र शान्तिपूर्वक भेला हुने अधिकार सुनिश्चित गरे अनुरूप उक्त अधिकारमा प्रतिबन्ध लगाउन मिल्दैन।

  तिलोत्तम पौडेल वि. गृह मन्त्रालय, नेकाप २०५८, नि.नं. ७०२०

- सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणा, सन् १९७९ को महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धिले कानूनको दृष्टिमा महिलालाई पुरुष सरहको समान व्यवहार गर्नुपर्ने कुरालाई स्वीकारेका, नेपाल सन्धि ऐन, २०४७ को दफा ९ ले यस्ता मानव अधिकार सम्बन्धी सन्धिलाई सामान्य कानून भन्दा माथिल्लो श्रेणीमा राखी तिनको कार्यान्वयनलाई सरल र छिटो छरितो बनाएको मान्न सकन्छि।

  रिना बज्राचार्य समेत वि. म.प. सचिवालय समेत, नेकाप २०५७, नि.नं. ६८९८

- यस संविधानमा प्रत्यक्ष र परोक्ष रूपले सार वा विषद रूपल महिला विरुद्धको सबै प्रकारको भेदभावको उन्मूलन गर्ने भावना अन्तरनिहित छ भन्ने कुरा धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांश, धारा २६(७) को व्यवस्था र धारा ११(५) ले सपुष्टि गर्दछ।

  मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा ५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को धारा ७, बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १९, २८(२) र ३७ र यातना र अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४ को धारा १ र ४ ले जुनसुकै प्रकारका यातना, अमानवीय र अपमानजनक व्यवहार र सजायलाई निषेध गरेको अवस्था छ। नेपाल पक्ष भएका उपरोक्त सन्धिका व्यवस्थाहरूले सबै प्रकारका यातना, अमानवीय र अपमानजनक व्यवहारलाई पूर्णत निषेध गरेको स्थितिमा ती सन्धिका व्यवस्था प्रतिकूल हुने गरी कानून बन्नु उपयुक्त हुँदैन। तसर्थ बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ७ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित प्रावधान मध्ये "... वा सामान्य पिटाई गरेको" अंश अमान्य र बदर घोषित गरिदिएको छ।

  देवेन्द्र आले समेत वि. प्र.म. तथा म.प. को कार्यालय स.अ.बु. २०६१, पूर्णांक ३००

- राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा ९(३) र तदनुकूल नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ३ मा वर्णित मौलिक हक मध्ये धारा १४(६) ले प्रत्याभूति गरेको संवैधानिक प्रावधानको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदकलाई विपक्षीहरूले कानून बमोजिम थुनामा राखेको नदेखिने । — विश्वकुमारी श्रेष्ठ वि. गृह मन्त्रालय, नेकाप २०४९, नि. नं. ७११३,
- यातना तथा क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८४ को धारा १४(१) बमोजिम उचित र पर्याप्त क्षतिपूर्ति दिइने व्यवस्था गरेकोमा कति क्षतिपूर्ति उचित र पर्याप्त हो भन्ने कुरा प्रत्येक मुद्दाको तथ्य र परिस्थिति बमोजिम फरक फरक हुन सक्ने, उक्त महासन्धिको व्यवस्थाले राष्ट्रिय कानूनमा बाध्यात्मक दायित्व सिर्जना गरेको भन्न नमिल्ने । — जयप्रसाद पौडेल वि. म.प. सचिवालय, नेकाप २०६०, नि.नं. ७२२२
- राज्य पक्ष भएको सन्धि सम्झौता सम्मेलनमा भएका प्रावधानलाई आफ्नो राज्यभित्र लागू गर्ने गराउने र सोही बमोजिम कानून निर्माण गर्ने दायित्व राज्यपक्षको सर्वमान्य सिद्धान्त हुने । — शर्मिला पराजुली वि. म.प.स., नेकाप २०६१ नि.नं. ७४४९
- नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा नेपाल पक्ष भएका सन्धि सम्झौता नेपाल कानून सरह लागू हुने व्यवस्था भएबाट पनि नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताले सिर्जना गर्ने दायित्व पालनाबाट राज्यले उन्मुक्ति पाउन नसक्ने । — नारायणबहादुर खड्का वि. गृह मन्त्रालय समेत, नेकाप २०६१ नि.नं. ७३९६
- अदलको १०क नं. संविधानको धारा ११(४) को उद्देश्य पूर्ति गर्न तथा नेपालले सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमानेदन गरी व्यक्त गरेको प्रतिबद्धता कार्यान्वयन गर्ने सन्दर्भमा समेत बनेको कानून मान्नु पर्दछ । — रत्नबहादुर बागचन्द समेत वि. प्रम. तथा मपका. सअबु २०६२, पूर्णांक ३०७
- संविधानको धारा ११ ले सामान्य कानूनको प्रयोगमा लिङ्ग समेतका कुनै कुराको आधारमा भेदभाव नगरिने कुराको प्रत्याभूति गरेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल कानून सरह लागू हुने नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्ध १९६६ को धारा १४(१) र महिला विरुद्धका सम्पूर्ण भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को धारा २ का प्रावधानहरूले कानूनको सबै व्यक्ति बीच समान प्रयोग हुनुपर्ने र विशेष गरी महिलालाई भेदभाव नगर्ने गरी कानून निर्माण गर्ने, भएका ऐन नियम प्रथा र प्रचलनलाई संशोधन गर्ने र महिलालाई भेदभाव गर्ने दण्डात्मक व्यवस्थाहरू समेत खारेज गर्ने दायित्व त्यसका पक्षराष्ट्रहरूलाई सुम्पिएको देखिन्छ । तदअनुरूप गर्नुपर्ने दायित्व राज्यको हो । — सपना प्रधान मल्ल वि. प्रम तथा म.प.का. स.अ.बु. २०६२, पूर्णांक ३०१
- नेपाल सन्धि ऐन, २०४७ को धारा ९ ले नेपालले अनुमोदन गरेका सन्धि समझौताको व्यवस्था नेपाल कानून सरह लागू हुने व्यवस्था गरेकोले नेपालले समेत स्वीकार गरिसकेका यी दस्ताबेजहरूले निर्धारण गरेको दायित्वबाट राज्यले उन्मुक्ति पाउन सक्ने अवस्था नरहने ।
  संविधानले यस अदालतलाई संविधानको संरक्षक र नागरिक स्वतन्त्रताको पहरेदारको रूपमा दायित्व सुम्पेको हुनाले संविधानले तोकेको दायित्व राज्यका अन्य संयन्त्रले पुरा गर्न नसकेको अवस्थामा त्यस्तो दायित्व पुरा गराउन यस अदालतले उचित र आवश्यक आदेश दिन सक्ने । — राजेन्द्र ढकाल बि. गृह मन्त्रालय समेत, नेकाप २०६४, नि. नं. ७८१७
- कैद भुक्तान गरी छुटेको व्यक्तिलाई अनुमति विना हिरासतमा राख्ने कार्य संविधान र नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी सन्धिहरूको प्रतिकूल हुने । — नेकाप २०७७ अंक ५ नि. नं. १०५०३

# भाग–दुई

## सरकार वादी हुने मुद्दाको अनुसन्धान, अभियोजन एवं अदालती प्रक्रिया

# परिच्छेद–एक

## सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षासँग सम्बन्धित मुख्य मुख्य कानून

## १. कानूनको सूचीः

फौजदारी मुद्दाहरू मध्ये सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान, तहकिकात, अभियोजन, निवेदन, पुनरावेदन तथा पीडितको तर्फबाट बहस पैरवी एवं प्रतिरक्षाको मुख्य जिम्मेवारी राज्यको भएको हुँदा ती मुद्दाहरूको सम्बन्धमा सम्बन्धित संहिता एवं ऐनकानूनद्वारा तोकिएको निकाय तथा पदाधिकारीहरूले आवश्यक कारबाही गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । सरकार वादी फौजदारी मुद्दाहरूको अनुसन्धानदेखि न्यायिक निर्णय एवं निर्णय कार्यान्वयन हुँदाको अवस्थासम्म कार्यविधिको रूपमा प्रयोग र पालना हुने कानून, निर्देशिका, कार्यविधिहरू यसप्रकार रहेका छन्:–

मुलुकी अपराध संहिता, २०७४
मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
न्याय प्रशासन ऐन, २०७३
सर्वोच्च अदालत ऐन, २०७४
प्रमाण ऐन, २०३१
अपराध पीडित संरक्षण ऐन, २०७५
संक्षिप्त कार्यविधि ऐन, २०२८
प्रहरी ऐन, २०१२
विशेष अदालत ऐन, २०५९
यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
लागू औषध (नियन्त्रण) ऐन, २०३३
मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
कालोबजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२
विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३
संगठित अपराध निवारण ऐन, २०७०
कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७०
बालबालिका सम्बन्धी ऐन, २०७५
सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४
वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५
आवासको अधिकार सम्बन्धी, ऐन, २०७५
सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५
वन ऐन, २०७६
नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सपुरिवेक्षण र समन्वय) ऐन, २०७६
तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९
मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५
फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी नियमावली, २०७५
बाल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६
बालबालिका सम्बन्धी नियमावली, २०७८
मुलुकी देवानी कार्यविधि नियमावली, २०७५
सरकारी वकील सम्बन्धी नियमावली, २०७७
सर्वोच्च अदालत नियमावली, २०७४
सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२
उच्च अदालत नियमावली, २०७३
जिल्ला अदालत नियमावली, २०७५
प्रहरी नियमावली, २०७१
विशेष प्रकृतिका मुद्दाको कारबाहीमा पक्षको गोपनीयता कायम राख्ने कार्यविधि निर्देशिका, २०६४
सरकार वादी मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी तथा प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७९,
महान्यायधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन तथा कार्य विवरण निर्देशिका, २०७८
अभियोजन नीति तथा मार्गदर्शन, २०७७
नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस, पैरवी, प्रतिरक्षा तथा कानूनी राय सम्बन्धी निर्देशिका, २०७५
अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३
सरकारी वकील तथा महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीको व्यावसायिक आचार संहिता, २०७५
महान्यायाधिवक्ताको कार्यालयबाट विभिन्न समयमा जारी परिपत्र,

# परिच्छेद-दुई

## मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को अनुसूची–१ भित्रका मुद्दाको अनुसन्धान र अभियोजन

## यस परिच्छेद भित्र

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्रका मुद्दासँग सम्बन्धित कसूर

२. कसूरको अनुसन्धानमा सरकारी वकीलको संलग्नता र निर्वाह गर्नु पर्ने भूमिका

२.१ जाहेरी दरखास्त, प्रारम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन

- जाहेरी दरखास्त वा कसूरको सूचना
- जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कारी उपरको उजुरी प्रक्रिया
- प्रारम्भिक अनुसन्धान प्रतिवेदन
- निर्देशन

२.२ जाहेरी तामेलीमा राख्न सकिने अवस्था र प्रक्रिया

२.३ कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ

२.४ म्याद थप

२.५ हिरासतमा राख्ने अवधि

२.६ धरौट, जमानत, तारेख वा हाजिर जमानी

२.७ अभियुक्तको बयान

- बयान गराउनु अघि सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा
- बयान गराउँदा सरकारी वकीलले विचार गर्नु पर्ने कुरा
- बयानको प्रामाणिक मूल्य
- महिला, बोल्न असमर्थ, फरक क्षमता भएका र नेपाली भाषा नबुझ्ने व्यक्तिको बयान लिँदा विचार गर्नुपर्ने थप कुरा

२.८ अनुसन्धान अधिकारीलाई राय सल्लाह दिने

२.९ अनुसन्धान प्रतिवेदन, मिसिल संलग्न प्रमाणको मूल्यांकन र थप निर्देशन

- अनुसन्धान प्रतिवेदन र अनुसन्धान प्रतिवेदन पेश गर्नु पर्ने अवधि
- अनुसन्धान प्रतिवेदनमा खुलाउनु पर्ने कुरा
- अनुसन्धान प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा

२.१० मिसिल संलग्न प्रमाणको मूल्यांकन

- साक्षी एवं मौखिक प्रमाणको मूल्यांकन
- लिखित प्रमाणको मूल्यांकन
- दशी प्रमाणको मूल्यांकन
- अन्य प्रमाणहरूको मूल्यांकन

२.११ थप निर्देशन

२.१२ पीडित प्रभाव प्रतिवेदन

३. मुद्दा चल्ने नचल्ने निर्णय प्रक्रियामा सरकारी वकीलको भूमिका

३.१ सम्बन्धित व्यक्तिले मुद्दा चलाउने

३.२ आंशिक रूपमा मुद्दा चलाउने निर्णय

३.३ प्रतिवादी नभएको वा नखुलेको वारदात

३.४ प्रतिवादी खुलेको तर पर्याप्त प्रमाण नभएको

३.५ सानातिना मुद्दा नचलाउने

४. अभियोगपत्रको तयारी र मुद्दाको दायरी

४.१ अभियोगपत्र तयार गर्दा विचार गर्नुपर्ने कुरा

४.२ सजायको मागदावीमा छुट

४.३ अभियोगपत्र दर्ता गर्ने

४.४ थप वा पुरक अभियोगपत्र दायर गर्ने

४.५ अभियोगपत्र संशोधन

४.६ सानातिना त्रुटि सच्याउन

## १. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची –१ भित्रका मुद्दाहरूसँग सम्बन्धित कसूर

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची –१ भित्र पर्ने कसूर, कुनै ऐनले मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची–१ अन्तर्गत पर्ने भनी तोकेका मुद्दाहरू र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची–१ मा समावेश गरेका फौजदारी मुद्दाहरूको विवरण तल तालिकामा उल्लेख गरिएको छ:

| क्र.सं. | कसूर र सम्बन्धित कानून | अनुसन्धान अधिकारी | अदालत | हदम्याद | कार्यविधि | पुनरावेदन म्याद |
|---|---|---|---|---|---|---|
| मुलुकी अपराध संहिता, २०७४ को भाग – २ अन्तर्गत | | | | | | |
| १ | परिच्छेद १: **राज्य विरूद्धको कसूर** अन्तर्गत | | | | | |
| १.१ | दफा ४९: सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकता उपर खलल गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १.२ | दफा ५०: राजद्रोह | प्रहरी निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १.३ | दफा ५१: राष्ट्रहित प्रतिकूल काम गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १.४ | दफा ५२: जाति हत्या गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १.५ | दफा ५३: नेपाल विरुद्ध युद्ध गर्न वा नेपालसँग युद्धमा संलग्न सेनालाई सहायता गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १.६ | दफा ५४: मित्र राष्ट्र विरुद्ध युद्ध वा विद्रोह गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले दुई वर्ष | सामान्य | ७० दिन |
| १.७ | दफा ५५: सैनिक वा प्रहरीलाई भड्काउन नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १.८ | दफा ५६: जासुसी गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १.९ | दफा ५७: राष्ट्रपति उपर आक्रमण गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १.१० | दफा ५८: राष्ट्रपति वा सांसदलाई धम्की दिन नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले दुई वर्ष | सामान्य | ७० दिन |
| २ | परिच्छेद-२ **सार्वजनिक शान्ति विरुद्धको कसूर** अन्तर्गत | | | | | |
| २.१ | दफा ६०: गैरकानूनी भेला गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| २.२ | दफा ६१: गैरकानूनी भेला रोक्ने वा भंग गर्ने आदेश उल्लंघन गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २.३ | दफा ६३: हुलदङ्गा गर्न नहुने<br>-जोखिमी हतियार लिई गरेको भए<br>-जोखिमी हतियार नलिई गरेको भए | प्र.ना.नि. | जिल्ला अदालत /प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २.४ | दफा ६४: हुलदङ्गा गर्न दुरुत्साहान दिन नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २.५ | दफा ६५: सार्वजनिक शान्ति खलल पार्न नहुने<br>-कुनै देवस्थल वा पूजा वा प्रार्थना गर्ने ठाउँ वा सार्वजनिक चाड वा समारोह भई रहेको ठाउँमा गरेको भए | प्र.ना.नि. | प्र.जि.अ. / जिल्ला अदालत | | सामान्य | ७० दिन |
| २.६ | दफा ६६: राष्ट्रसेवकलाई बाधा विरोध गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २.७ | दफा ६७: सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.८ | दफा ६८: सार्वजनिक सेवा अबरूद्ध गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| २.९ | दफा ६९: कर्फ्यू उल्लङ्घन गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २.१० | दफा ७०: झुट्टा अफबाह फैलाउन नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २.११ | दफा ७१: शान्ति भंग गर्न घर, जग्गा, सवारी साधन दिन नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २.१२ | दफा ७२: संवेदनशील सार्वजनिक क्षेत्रमा मशाल जुलुस गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २.१३ | दफा ७३: आवश्यक वस्तु तोडफोड वा हानी, निक्सानी गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ३. | परिच्छेद –४ को **सार्वजनिक न्याय विरुद्धको कसूर** अन्तर्गत | | | | | |
| ३.१ | दफा ९२: लिखत नष्ट गर्न नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ३.२ | दफा ९३: कसूरको प्रमाण दवाउन नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ३.३ | दफा ९४: सूचना दिन अवरोध पुऱ्याउन नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ३.४ | दफा १०२: पक्राउबाट उम्काउन वा थुनाबाट भगाउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४. | परिच्छेद – ५ को **सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर** अन्तर्गत | | | | | |
| ४.१ | दफा १०४: सङ्क्रामक रोग फैलाउन नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४.२ | दफा १०५: मानव रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी.) को रोग फैलाउन नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४.३ | दफा १०६: सरूवा रोग सम्बन्धी कानूनको उल्लङ्घन गर्न नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४.४ | दफा ११०: बिक्री गर्ने उपभोग्यवस्तु बिक्री नगरी जम्माखोरी गर्न नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४.५ | दफा ११४: विषालु वा विष्फोटक पदार्थ प्रयोग | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ४.६ | दफा ११८: अभद्र व्यवहार गर्न नहुने, | प्र.ना.नि. | प्र.जि.अ. | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ४.७ | दफा ११९: वेश्यागमनको प्रचार गर्न नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ४.८ | दफा १२०: वेश्यावृत्ति वा वेश्यागमनका लागि घर, जग्गा प्रयोग गर्न दिन नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ४.९ | दफा १२१: अश्लिल किताब, पर्चा, इत्यादि बनाउन वा बिक्री गर्न नहुने, | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ४.१० | दफा १२२: सार्वजनिक स्थानमा यौनाङ्ग देखाउन नहुने, | प्र.ना.नि. | प्र.जि.अ. | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.११ | दफा १२३: सार्वजनिक स्थानमा यौन क्रिया गर्न नहुने, | प्र.ना.नि. | प्र.जि.अ. | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४.१२ | दफा १२४: सार्वजनिक उपद्रयाई गर्न नहुने, | प्र.ना.नि. | प्र.जि.अ. | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४.१३ | दफा १२५: जुवा खेल्न वा सट्टाबाजी गर्नु नहुने, | प्र.ना.नि. | प्र.जि.अ. /जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४.१४ | दफा १२६: भिक्षा माग्न वा माग्न लगाउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४.१५ | दफा १२६क. कसूर पीडितको नाममा सहयोग लिन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ५ | परिच्छेद – ६ को **हातहतियार खरखजना सम्बन्धी कसूर** अन्तर्गत | | | | | |
| ५.१ | दफा १२९ इजाजतपत्र प्राप्त नगरी हातहतियार उत्पादन गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ५.२ | दफा १३० इजाजतपत्र प्राप्त नगरी हातहतियारको कारोबार गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ५.३ | दफा १३१ खास किसिमका हतहतियार प्राप्त गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ५.४ | दफा १३२ इजाजतपत्र प्राप्त नगरी हातहतियार राख्न वा लिई हिड्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ५.५ | दफा १३३ हातहतियार खरखजनाको अभिलेख राख्नु पर्ने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ५.६ | दफा १३४ आणविक, रसायनिक, जैवि क (जिवाणुयुक्त) वा विषालु हातहतियार उत्पादन वा कारोबार गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भए गरेको थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ६. | परिच्छेद– ७ को **विष्फोटक पदार्थ सम्बन्धी कसूर** अन्तर्गत | | | | | |
| ६.१ | दफा १३८ विष्फोटक पदार्थ उत्पादन गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ६.२ | दफा १३९ विष्फोटक पदार्थको कारोबार गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ६.३ | दफा १४० कृत्रिम विष्फोटक पदार्थ बनाउन र प्रयोग गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ६.४ | दफा १४१ बारुदी सुरुङ बनाउन र विष्फोटक पदार्थ ओच्छाउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ६.५ | १४२ उत्पादन वा कारोबारको अभिलेख राख्नु पर्ने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ६.६ | दफा १४३ विष्फोटक पदार्थ को ढुवानी वा ओसापसार गर्दा होसियारी अपनाउनु पर्ने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ७ | परिच्छेद– ८ को **राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धको कसूर** अन्तर्गत | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७.१ | दफा १५१ राष्ट्रिय गान, झण्डा वा निशान◌ा छापको अपमान वा क्षति गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर गरेको मितिले छ महिना | सामान्य | ७० दिन |
| ७.२ | दफा १५२ राष्ट्रिय विभूतिको अपमान गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर गरेको मितिले छ महिना | सामान्य | ७० दिन |
| ८ | परिच्छेद – ९ को **धर्म सम्बन्धी कसूर** अन्तर्गत | | | | | |
| ८.१ | दफा १५५ धार्मिकस्थल वा पवित्र मानिएको स्थानलाई क्षति पुऱ्याउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ८.२ | दफा १५६ धार्मिक भावनामा आघात पुऱ्याउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ८.३ | दफा १५७ को धार्मिक रीतिस्थितिमा बाधा पुऱ्याउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ८.४ | दफा १५८ को धर्म परिवर्तन गराउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ९. | परिच्छेद – १० को **भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर** अन्तर्गत | | | | | |
| ९.१ | दफा १६० को भेदभावपूर्ण व्यवहार गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ९.२ | दफा १६१ को भेदभाव गरी वस्तु वा सेवा खरिद वा बिक्री वा वितरण गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ९.३ | दफा १६२ को जबरजस्ती काममा लगाउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ९.४ | दफा १६३ को दास बनाउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ९.५ | दफा १६४ को बन्धक बनाउन वा बाँधा राख्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ९.६ | दफा १६५ को सामाजिक रीतिस्थितिमा खलल पार्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ९.७ | १६६ को जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ९.८ | दफा १६७ को यातना दिन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | मुक्त भएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ९.९ | दफा १६८ को अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १० | परिच्छेद – ११ को विवाह सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| १०.१ | दफा १७१ को मञ्जुरी विना विवाह गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| १०.२ | दफा १७२ को हाडनातामा विवाह गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| १०.३ | दफा १७३ को बाल विवाह गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको तीन महिना | सामान्य | ७० दिन |
| १०.४ | दफा १७४ विवाहमा लेनदेन गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०.५ | दफा १७५ को बहुविवाह गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ११ | परिच्छेद– १२ को ज्यान सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| ११.१ | दफा १७७ को ज्यान मार्ने नियतले कुनै काम गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | कसूरदार साबित भई पोलेकोमा जहिलेसुकै, कर्तव्यको उजुरी परेको तर कर्तव्यवाला पत्ता नलागेकोमा वीष वर्ष, कर्तव्यको उजुरी नपरेकोमा कसूर भएको मितिले दुई वर्ष | सामान्य | ७० दिन |
| ११.२ | दफा १७८ को ज्यान जान सक्ने काम गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ११.३ | दफा १७९ को गंभ ीर उत्तेजना वा रीसको आवेशबाट ज्यान लिन नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ११.४ | दफा १८० को मार्न चाहेको व्यक्ति नमरी अर्को व्यक्ति मरेमा सजाय हुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ११.५ | दफा १८१ को लापरबाहीपूर्ण काम गरी ज्यान मार्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ११.६ | दफा १८२ को हेलच ेक्रयाई गरी ज्यान मार्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ११.७ | दफा १८३ ज्यान मार्ने उद्योग गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ११.८ | दफा १८४ आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिलाई फाल्न वा परित्याग गर्न नहुने -मृत्यु भएकोमा | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना / जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.९ | दफा १८५ आत्महत्या गर्न दुरूत्साहन गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १२. | परिच्छेद – १३ को गर्भ संरक्षण विरूद्धको कसूर अन्तर्गत | | | | | |
| १२.१ | दफा १८८ गर्भपतन गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १३. | परिच्छेद – १४ को कुटपिट वा अंगभंग सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| १३.१ | दफा १९२ अङ्गभङ्ग गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| १३.२ | दफा १९२क. तेजाब प्रयोग गरी अङ्गभङ्ग गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| १३.३ | दफा १९३ तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी कूरूप पार्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| १३.४ | दफा १९४ गम्भीर उत्तेजना वा रीसको आवेशबाट कुटपिट वा अङ्गभङ्ग भएकोमा हुने सजाय | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| १३.५ | दफा १९५ लापरवाहीपूर्ण काम गरी वा हेलचेक्रयाइँ गरी कुटपिट गर्न वा अङ्गभङ्ग वा अन्य चोट पुऱ्याउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| १४. | परिच्छेद – १५ को गैरकानूनी थुना सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| १४.१ | दफा २०० बदनि यतपूर्वक थुनछेक गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४.२ | दफा २०१ मानवोचित न्यूनतम सुविधा नदिई थुनामा राख्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | मुक्त भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| १४.३ | दफा २०२ छाड्ने आदेश भएकोमा थुनी रख्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | मुक्त भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| १४.४ | दफा २०३ गोप्य तरिकाले थुनामा राख्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | मुक्त भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| १५. | परिच्छेद –१६ को व्यक्ति बेपत्ता पार्ने सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| १५.१ | दफा २०६ व्यक्ति बेपत्ता पार्ने काम गर्न गराउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको थाहा पाएको वा बेपत्ता व्यक्ति सार्वजनिक भएको वा गरिएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १६ | परिच्छेद – १७ को अपहरण वा शरीरबन्धक सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| १६.१ | दफा २११ अपहरण गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | ज्यान लिएकोमा जहिलेसुकै, कसूर भएको मितिले दुई वर्ष, दफा २११ र २१२ को कसूरमा मुक्त भएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १६.२ | दफा २१२ को शरीरबन्धक लिन नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १६.३ | दफा २१५ दुरुत्साहन दिने वा आदेश दिने वा उद्योग गर्ने वा षडयन्त्र गर्ने व्यक्ति वा मतियारलाई हुने सजाय | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १७. | परिच्छेद – १८ को करणी सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| १७.१ | दफा २१९ को जवरजस्ती करणी गर्न नहुने | जबरजस्ती करणी कसूरमा प्रहरी निरीक्षक अन्यमा प्र.ना.नि. | जिल्ला अदालत | बालबालिका विरूद्धको कसूरमा १८ वर्ष पूरा भएको मितिले तीन वर्ष, पूर्ण अशक्त, अपाङ्गता भएका, सुस्त मनस्थिति भएका वा बृद्ध व्यक्तिका विरुद्ध कसूर भएको मितिले तीन वर्ष, अन्यका हकमा दुई वर्ष, अन्य कसूरमा कसूर भएको र मुक्त भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| १७.२ | दफा २२१ को थुनामा रहेको व्यक्तिसँग करणी गर्न नहुने | | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १७.३ | दफा २२२ को आफ्नो संरक्षण वा सुरक्षामा रहेको व्यक्तिसँग करणी गर्न नहुने | | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १७.४ | दफा २२३ को कार्यालय वा पेशागत सेवा प्राप्त गर्ने व्यक्तिसँग करणी गर्न नहुने | | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १७.५ | दफा २२५ बालयौन दुरूपयोग गर्न नहुने | | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १७.६ | दफा २२६ को उपदफा (३) बालबालिका विरुद्ध अप्राकृतिक मैथुन गर्न नहुने | | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १७.७ | दफा २२७क. मिलापत्र गर्न वा गराउन नहुने | | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १८. | परिच्छेद – १९ को इलाज सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| १८.१ | दफा २३० इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | ज्यान मरेकोमा ज्यान सम्बन्धी | सामान्य | ७० दिन |
| १८.२ | दफा २३१ बदनियत चिताई इलाज गर्न नहुने | अनुसन्धान समिति | जिल्ला अदालत | | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८.३ | दफा २३२ लापरबाही वा हेलचेक्रयाई गरी इलाज गर्न नहुने | अनुसन्धान समिति | जिल्ला अदालत | कसूरको हदम्याद, दफा २३०(१) को कसूरमा थाहा पाएको मितिले एक वर्ष र अन्यमा कसूर भएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १८.४ | दफा २३३ अनुमति विना मानव शरीरमा परीक्षण गर्न नहुने | अनुसन्धान समिति | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १८.५ | दफा २३४ जोखिमपूर्ण औषधि बिक्री बितरण गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १८.६ | दफा २३५ औषधीमा मिसावट गर्न मिसावट गरेको औषधी बिक्री गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १८.७ | दफा २३६ म्याद नाघेको वा पूर्व सावधानी नलिई औषधी बिक्री, वितरण गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १८.८ | दफा २३७ एक औषधीलाई अर्को औषधी भनी बिक्री वितरण गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १८.९ | दफा २३८ झुट्टा प्रतिवेदन दिन नहुने | अनुसन्धान समिति | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| १९. | परिच्छेद – २० को चोरी तथा डाँका सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| १९.१ | दफा २४१ चोरी गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १९.२ | दफा २४३ नकबजनी चोरी गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १९.३ | दफा २४४ डाँका गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १९.४ | दफा २४५ चोरीमा प्रयोग हुने औजार लिई हिँड्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर गरेको मितिले तीन महिना | सामान्य | ७० दिन |
| १९.५ | दफा २४६ बगली मार्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर गरेको मितिले तीन महिना | सामान्य | ७० दिन |
| २०. | परिच्छेद – २१ को **ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर** अन्तर्गत | | | | | |
| २०.१ | दफा २४९ ठगी गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २०.२ | दफा २५० ठेक्का वा करारको काममा फरक पार्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २०.३ | दफा २५१ सम्पत्तिको आपराधिक उपयोग गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २०.४ | दफा २५२ आपराधिक विश्वासघात गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २०.५ | दफा २५३ आपराधिक लाभ (एक्सटर्सन) लिन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २१ | परिच्छेद–२२ को मुद्रा सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| २१.१ | दफा २५६ खोटा मुद्रा बनाउन नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २१.२ | दफा २५७ खोटा मुद्रा चलन गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१.३ | दफा २५८ खोटा मुद्रा बनाउने सामान बनाउन, राख्न वा मर्मत गर्न नहुने | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २१.४ | दफा २५९ मापदण्ड विपरित मुद्रा बनाउन | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २१.५ | दफा २६० मुद्रा बनाउने औजार बाहिर लैजान नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २१.६ | दफा २६१ मुद्राको तौल घटाउन वा रूप बदल्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २१.७ | दफा २६२ रोक लगाएको मुद्रा चलन चल्तीमा ल्याउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २१.८ | दफा २६३ बैंक नोट वा सिक्का जलाउन, गाल्न, च्यात्न वा बैंक नोटमा लेख्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २१.९ | दफा २६४ झुत्रो बैंक नोट दुरूपयोग गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २२ | परिच्छेद परिच्छेद-२३ को टिकट सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| २२.१ | दफा २६७ खोटा टिकट बनाउन वा चलन गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २२.२ | दफा २६८ खोटा टिकट बनाउने औजार खरिद, बिक्री, मर्मत इत्यादि गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २२.३ | दफा २६९ प्रयोग भएको टिकट पुन: प्रयोगमा ल्याउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २२.४ | दफा २७० सार्वजनिक लिखतमा प्रयोग भएको टिकट उप्काउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले एक वर्ष | सामान्य | ७० दिन |
| २३ | परिच्छेद – २५ को लिखत सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| २३.१ | दफा २७६ (३) (क) राष्ट्रपतिबाट प्रमाणीकरण भएको लिखत किर्ते गर्ने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले दुई वर्ष | सामान्य | ७० दिन |
| २३.२ | दफा २७६ (३) (क१) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको लिखत किर्ते गर्ने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले दुई वर्ष | सामान्य | ७० दिन |
| २३.३ | दफा २७६ (३) (ख) अदालतको फैसला वा आदेश सम्बन्धी लिखत किर्ते गर्ने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले दुई वर्ष | सामान्य | ७० दिन |
| २३.४ | दफा २७६ (३) (ग) अन्य सरकारी वा सार्वजनिक लिखत कीर्ते गर्ने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले दुई वर्ष | सामान्य | ७० दिन |
| २३.५ | दफा २७८ कीर्ते लिखत बनाउने औजार बनाउन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले दुई वर्ष | सामान्य | ७० दिन |
| २४. | परिच्छेद–२६ को आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी कसूर अन्तर्गत | | | | | |
| २४.१ | दफा २८५ आपरादिक उपद्रव गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले छ महिना | सामान्य | ७० दिन |
| २४.२ | दफा २८७ कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| २५. | परिच्छेद – २७ को पशुपक्षी सम्बन्धी कसूर अन्तर्गत | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५.१ | दफा २८९ गाई गोरु मार्न वा कुट्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| २५.२ | दफा २९० पशुपक्षी प्रति निर्दयी व्यवहार गर्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| २५.३ | दफा २९१ सार्वजनिक स्थलमा पशु वा पक्षी मार्न नहुने | प्र.ना.नि. | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| २६. | प्रकरण १ देखि २५ सम्म उल्लिखित कसूरको उद्योग, दुरुत्साहन, षडयन्त्र, मतियारको कसूर, | तत् तत् कसूरका अनुसन्धान अधिकारी | तत् तत् कसूरको मुद्दा हेर्ने अधिकारी | तत् तत् कसूर कै हदम्याद | सामान्य | ७० दिन |
| २७. | मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| | हुलाक ऐन, २०१९ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत / क्षेत्रीय निर्देशक | जहिलेसुकै | सामान्य | ७० दिन |
| २९. | नागरिकता सम्बन्धी कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३०. | प्राचीन स्मारक सम्बन्धी कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३१. | लागू औषध सम्बन्धी कसूर | ऐनको दफा २ को खण्ड (ञ२) बमोजिम तोकिएको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ७० दिन |
| ३२. | आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३३. | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ५५(१), (२), (३), (४) र (५) बमोजिम सजाय हुने कसूर | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ३४. | लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३५. | राहदानी सम्बन्धी कसूर | प्रहरी निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३६. | आवश्यक वस्तु संरक्षण सम्बन्धी कसूर | प्र.ना.नि. | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३७. | कारागार ऐन, २०१९ अन्तर्गतका कसूर | तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३८. | चन्दा ऐन, २०३० अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३९. | चिट्ठा ऐन, २०२५ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४०.१ | सवारी साधनले किची, ठक्कर वा धक्का दिई वा दुर्घटना गराई कसैको ज्यान मरेको कसूर | प्रहरी निरीक्षक | जिल्ला अदालत | मुलुकी अपराध संहिताको दफा १८७ | सामान्य | ७० दिन |
| ४०.२ | सवारी साधनले किची, ठक्कर वा धक्का दिई अङ्गभङ्ग वा घाइते भएको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | मुलुकी अपराध संहिताको दफा १९९ | सामान्य | ७० दिन |
| ४०.३ | सवारी साधनले किची, ठक्कर वा धक्का दिई वा दुर्घटना गराई कसैको ज्यान मरेको वा अङ्गभङ्ग वा घाइते भएको कसूरमा घा खर्च, | प्र.ना.नि. | प्र.जि.अ. | कसूर गरेको मितिले ३० दिन | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | किरिया खर्च र क्षतिपूर्ति विषय | | | | | |
| ४१. | गैरसैनिक हवाई उडान ऐन, २०१५ दफा ९क. अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४२ | छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १५ अन्तर्गतको प्रकाशनमा निषेध सम्बन्धी कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३ | फौजदारी कार्यविधि संहिताको अनुसूचीमा समावेश भएका कसूरको कारणबाट उठेको किर्ते वा जालसाज सम्बन्धी कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४ | **प्रचलित कानून बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची -१ मा समावेश हुने भनी तोकिएको देहायका कसूरः** | | | | | |
| ४४.१ | आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ अन्तर्गतका कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ७० दिन |
| ४४.२ | आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा २५ अन्तर्गतका कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.३ | केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.४ | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ५क अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले नब्बे दिन | संक्षिप्त | ७० दिन |
| ४४.५ | जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | संक्षिप्त | ७० दिन |
| ४४.६ | जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ८ र २६ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.७ | तथ्यांक ऐन, २०७९ अन्तर्गतको कसूर | प्र.ना.नि. | प्र.जि.अ. | जहिलेसुकै | संक्षिप्त | ३० दिन |
| ४४.८ | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा २८ को उपदफा (१) बाहेकका अन्य कसूर | प्र.ना.नि. | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ४४.९ | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा २३ को खण्ड (क) को निकासी वा पैठारी सम्बन्धी कसूर | राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी | भन्सार अधिकृत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ४४.१० | दूर सञ्चार ऐन, २०५३ को दफा ४७ को उपदफा (५) अनुसारको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.११ | नेपाल नोटरी पब्लिक परिषद् ऐन, २०६३ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.१२ | नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ९५ मा उल्लेखित कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.१३ | नेपाल रेल्वे ऐन, २०७९ को दफा ६३ को | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपदफा (१) अन्तर्गतको कसूर | | | महिना | | |
| ४४.१४ | प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २७ र २८ अन्तर्गतको मुद्दा | प्रहरी निरीक्षक | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | संक्षिप्त | ७० दिन |
| ४४.१५ | बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ अन्तर्गतका कसूर | प्र.ना.नि. | बाल अदालत | उमेर पुगेको मितिले एक वर्ष | सामान्य | ३५ दिन |
| ४४.१६ | बिमा ऐन, २०७९ को दफा १४० अन्तर्गतको कसूर | प्र.ना.नि. | तोकेको अदालत | छ महिनाभित्र उजुरी दिन सकिने र त्यसरी उजुरी परेको मितिले तीन महिना भित्र | संक्षिप्त | ७० दिन |
| ४४.१७ | बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले नब्बे दिन | सामान्य | ७० दिन |
| ४४.१८ | बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर | प्र.ना.नि. | उ.अ. वाणिज्य इजलास | थाहा पाएको मितिले एक वर्ष भित्र जाहेरी दिने र जाहेरी परेको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४४.१९ | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १०३ अन्तर्गतको कसूर | प्र.ना.नि. | उ.अ. वाणिज्य इजलास | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.२० | मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.२१ | राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३३ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ४४.२२ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ४१ (१) (छ), (ज), (झ), (ञ) बाहेकका कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | संक्षिप्त | ३५ दिन |
| ४४.२३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ दफा ४१ (१) (छ), (ज), (झ), (ञ) अन्तर्गतको कसूर | प्र.ना.नि. | प्र.जि.अ. | जहिलेसुकै | संक्षिप्त | ३५ दिन |
| ४४.२४ | रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.२५ | विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूर | प्र.ना.नि. | काठमाडौं जिल्ला अदालत/ सू.प्र. न्यायाधिकरण | थाहा पाएको मितिले पैतीस दिन | सामान्य | ७० दिन |
| ४४.२६ | विपद् जोखिम न्यूनीकरण तथा व्यिस्थापन ऐन, २०७४ को दफा दफा २४ को उपदफा (१), (२) र (३) बमोजिमको कसूर | तोकिएको अधिकारी | जिल्ला अदालत | कसूर भएको मितिले तीस दिन | सामान्य | ७० दिन |
| ४४.२७ | विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २५ को उपदफा (२) अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ४४.२८ | वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ अन्तर्गतको दफा २९ को उपदफा (१) को | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खण्ड (ग), (ङ), (त), (थ), (द), (ध) वा (न) बमोजिमको कसूर | | | | | |
| ४४.२९ | शिक्षा ऐन, २०२८ को दफा १७ को उपदफा (१क) बमोजिम सजाय हुने कसूर | प्रहरी निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.३० | सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा २२ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.३१ | सुरक्षित कारोबार ऐन, २०६३ अन्तर्गतको कसूर | प्रहरी निरीक्षक | उ.अ. वाणिज्य इजलास | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४४.३२ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २५ अन्तर्गतको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | थाहा भएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ४४.३३ | स्वास्थकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ३ को खण्ड (ख) बमोजिमको कसूर | प्र.ना.नि. | जिल्ला अदालत | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| ४४.३४ | संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतका कसूर | प्रहरी अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४५ | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फौजदारी कार्यविधि संहिताको अनुसूची -१ मा समावेश गरेको कसूर। | | | | | |

## २. कसूरको अनुसन्धानमा सरकारी वकीलको संलग्नता र निर्वाह गर्नु पर्ने भूमिका

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ भित्रका कसूरबारे थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयलाई सोको जानकारी दिनु पर्ने र प्रहरी कार्यालयले पनि तत्कालै अनुसन्धान अधिकारी तोकी सो वारदात तथा कसूर बारेमा अनुसन्धान प्रारम्भ गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। प्रचलित कानूनी व्यवस्था अनुसार अपराध अनुसन्धानको कार्य प्रहरी निकायले गर्ने र मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गरी मुद्दाको अभियोजन, बहस पैरवी तथा प्रतिरक्षाको कार्य सरकारी वकीलले गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ।

### २.१ जाहेरी दरखास्त, प्रारम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन

**जाहेरी दरखास्त वा कसूरको सूचनाः**

समाजमा घटित कुनै पनि कसूरजन्य कार्यका सम्बन्धमा जति सक्दो छिटो त्यस्ता कसूरको बारेमा जानकारी प्राप्त हुन सकेमा अनुसन्धान गरी कसूर गर्नेलाई कानूनी कारबाही गर्न सकिने भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले जाहेरी दरखास्त दिने र कसूरको अनुसन्धान गर्ने सम्बन्धमा विस्तृत व्यवस्था गरेको छ। जाहेरी दरखास्तको प्राप्ति र दर्ताका सम्बन्धमा फौजदारी कार्यविधि संहितामा खास गरेर कसूरको जाहेरी दरखास्त वा सूचना दिनु पर्ने, मौखिक सूचनालाई लेख बद्ध गरी सहिछाप गराउनु पर्ने, सूचना दिनेलाई भरपाई दिनु पर्ने, सूचना दिने व्यक्तिलाई झिकाई सनाखत गराउन सक्ने, कसूरको सूचना प्रहरीले अन्य कुनै स्रोत वा आफैले प्राप्त गरेमा प्रतिवेदन खडा गर्नुपर्ने, जाहेरी दरखास्त वा सूचना दर्ता किताबमा दर्ता गर्नुपर्ने सम्बन्धमा व्यवस्था गरिएको छ।

**कानूनी व्यवस्थाः**

- अनुसूची १ मा उल्लिखित कुनै कसूर भएको, भई रहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले त्यस्तो कसूरका सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जाने सम्मको सबुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना अनुसूची–५ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा यथाशिघ्र दिनु पर्नेछ।

फौजदारी कार्यविधि संहिताको दफा ४

- उपदफा (१) बमोजिम जाहेरी दरखास्त वा सूचना दिने व्यक्तिले त्यस्तो सूचना लिखित रूपमा नदिएमा वा निजले दिएको जाहेरी दरखास्त अनुसूची-५ बमोजिमको ढाँचा अनुरूप नभएमा निजले दिएको सूचनाका सबै कुराहरू सम्बन्धित प्रहरी कर्मचारीले अनुसूची–५ बमोजिमको ढाँचामा खुलाई निजलाई सो पढी बाची सुनाई निजको सहीछाप समेत गराई राख्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम जाहेरी दरखास्त वा सूचना कुनै व्यक्तिले सम्बन्धित प्रहरी कार्यालयमा आँफै उपस्थित भई दिएमा वा हुलाक वा कुनै व्यक्ति मार्फत पठाएमा वा विद्युतीय माध्यमबाट सूचना दिएमा त्यस्तो प्रहरी कार्यालयले त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गरी निजलाई अनुसूची–६ बमोजिमको ढाँचामा भरपाई दिनु पर्नेछ । कसैले विद्युतीय माध्यमबाट सूचना दिएकोमा सोही माध्यमबाट त्यस्तो सूचना पाएको जानकारी गराउनु पर्नेछ ।
- उपदफा (१) बमोजिम हुलाक वा विद्युतीय माध्यमबाट प्राप्त हुन आएको सूचनाको विश्वसनीयता यकिन गर्नुपर्ने भएमा त्यस्तो सूचना दिने व्यक्तिलाई झिकाई प्रहरी कार्यालयले सनाखत गराउन सक्नेछ ।
- उपदफा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–१ मा उल्लिखित कुनै कसूर भएको कुराको सूचना वा जानकारी प्रहरीले अन्य कुनै स्रोतबाट वा आफैँले प्राप्त गरेमा सो सम्बन्धमा अनुसूची–५ मा उल्लिखित विवरण सहितको प्रतिवेदन खडा गर्नु पर्नेछ ।
- यस दफा बमोजिमको जाहेरी दरखास्त, सूचना वा उपदफा (४) बमोजिमको प्रतिवेदनलाई प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारीले अनुसूची–७ बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम प्राप्त जाहेरी दरखास्त वा सूचनाको सम्बन्धमा कानूनद्वारा छुट्टै अनुसन्धान गर्ने अधिकारी तोकिएकोमा त्यस्तो अधिकारी समक्ष र छुट्टै अनुसन्धान गर्ने अधिकारी नभएकोमा सम्बन्धित जिल्ला प्रहरी कार्यालय समक्ष पठाउनु पर्नेछ ।

**सर्वोच्च अदालतको फैसला / आदेश**

➢ रिट निवेदकले आफ्नो छोराको मृत्यु सम्बन्धमा निवेदन दिएकोमा हालसम्म कारबाही नचलेको भन्ने दाबी अनुसारको प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान तहकिकात भएको भन्ने नदेखिँदा यस सम्बन्धमा महान्यायाधिवक्ताको ध्यानाकर्षण गराई निवेदिकाको जाहेरी अनुसारका काम कारबाही यथाशीघ्र गर्नु भनी परमादेश जारी हुने ।

सअबु २०५१, पूर्णाङ्क ७०, पृ १३

➢ घटनाको तत्कालै जाहेरी नपरेको भन्ने आधारमा मात्र कानूनले निर्धारण गरेको हदम्यादभित्र परेको जाहेरी दरखास्तलाई अन्यथा भन्न नमिल्ने ।

नेकाप. २०७६, अंक ८, निनं. १०३३२

**जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कारी उपरको उजुरी प्रक्रिया :**

कसूरका सम्बन्धमा अनुसन्धान गरी कानून बमोजिम कारबाही गरी पाउँ भनी कसैले आफूलाई थाहा भएसम्मका तथ्य र सबुत प्रमाण सहित कसूरका बारेमा दिएको सूचना वा जाहेरी दर्ता गर्न इन्कार गर्न नहुने र गरिएमा उजुर गर्न पाउने कानूनी व्यवस्था गरेको देखिन्छ । कानून बमोजिम अनुसन्धान गर्नुपर्ने निकाय वा अधिकारीले उजुरी दर्ता गर्न इन्कार गर्ने वा अनुसन्धान नै नगरी घटनाको अनुसन्धान हुन नपर्ने भनी भन्न नपाउने कानूनी प्रबन्ध गरेको देखिन्छ । जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्ने, यसरी प्राप्त भएको उजुरी सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा प्रहरी कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्ने र यसरी लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले दर्ता गरी कारबाही गर्नु पर्ने कानूनी व्यवस्था छ ।

**कानूनी व्यवस्थाः**

- जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्नेछ। (फौजदारी कार्यविधि संहिताको दफा ५)
- उपदफा (१) बमोजिमको उजुर प्राप्त भएमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले त्यसको अभिलेख राखी त्यस्तो जाहेरी दरखास्त वा सूचना आवश्यक कारबाहीको लागि सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।
- उपदफा (२) बमोजिम प्राप्त हुन आएको जाहेरी दरखास्त वा सूचनालाई सम्बन्धित प्रहरी कार्यालयले दफा ४ को उपदफा (३) बमोजिम दर्ता गरी कारबाही गर्नु पर्नेछ।

**सर्वोच्च अदालतको फैसला /आदेश**

- रिट निवेदिकाले दर्ता गर्न ल्याएको जाहेरी दरखास्त कानून बमोजिम दर्ता गरी ... अनुसन्धान गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने। (२०५५को रिट नं. ३३६९ मिति २०६२।७।२)
- कुनै अपराध सम्बन्धमा जाहेरी दर्खास्त परी अनुसन्धानको कारबाही अगाडि बढ ी थप अनुसन्धानको कारबाही हुन नसकेको अवस्थामा वारदातसँग सम्वद्ध सबुद प्रमाण नष्ट हुन सक्ने र त्यसले अनुसन्धान प्रकृया समेत अवरुद्ध हुन जाने। ... अनुसन्धान तहकिातको काम कारबाही नियमानुसार अगाडि बढाउन प्रहरी कर्मचारी समेतलाई सरकारी वकील कार्यालयले आवश्यक निर्देशन दिनुपर्ने कानूनी कर्तव्य भएकोमा सरकारी वकीलको कार्यालयबाट त्यस्तो कानूनी कर्तव्य प ूरा हुन नसकेको अवस्थामा उक्त कानूनमा व्यवस्था भएको कर्तव्य पालन गराउन सरकारी वकीलको कार्यालयलाई परमादेशको आदेश जारी हुन सक्ने। (नेकाप २०६३ अंक ७ निनं. ७७३१)

**प्रारम्भिक अनुसन्धान प्रतिवेदन**

कुनै घटना वा वारदातको अनुसन्धान गर्न अधिकार प्राप्त निकाय तथा पदाधिकारीले वारदात सम्बन्धमा तत्काल प्राप्त सूचना वा जाहेरीको आधारमा तत्कालै प्रारम्भिक अनुसन्धान गरी खुल्न आएका कुराहरू समेत खुलाई सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा प्रस्तुत गर्ने प्रतिवेदनलाई नै सामान्यतयाः प्रारम्भिक अनुसन्धान प्रतिवेदन भनिन्छ।

प्रारम्भिक अनुसन्धान प्रतिवेदनले अनुसन्धान अधिकारी र अभियोजन अधिकारीका बीच अपराधको प्रारम्भिक चरणदेखि नै कार्यगत सम्बन्ध र समन्वय कायम राख्न सघाउ पुऱ्याउँदछ। वारदात वा अपराध बारेको सूचना (जाहेरी दर्खास्त) दर्ता भएपछि तोकिएको अनुसन्धान अधिकारीले अनुसन्धान गरी बाँकी अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन आवश्यक पर्ने निर्देशन माग गरी सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउनुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

**कानूनी व्यवस्था**

- अनुसूची–१ मा उल्लिखित कुनै कसूर भएको वा भइरहेको वा हुन लागेको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी कार्यालयले यथाशिघ्र कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकी त्यसको जानकारी सम्बन्धित सरकारी वकील कार्यालय र आफू भन्दा माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्नेछ र त्यसरी तोकिएको अनुसन्धान अधिकारीले त्यस्तो कसूरको अनुसन्धान गर्नु पर्नेछ। (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८)
- तर देहायको कसूरको अनुसन्धान गर्न कम्तिमा प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोक्नु पर्नेछः –
- अपराध संहिताको भाग–२ को परिच्छेद–१, परिच्छेद–१२, परिच्छेद–१७, परिच्छेद–१८ को दफा २१९, परिच्छेद–१९ को दफा २३०, २३१, २३२, २३३, २३५, २३८, परिच्छेद–२० को दफा २४४, परिच्छेद–२२ को दफा २५६, २५७ र २५८ का कसूर, नेपाल सरकारले कसूरको गम्भीरता हेरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कसूर। (मुलुकी

फौजदारी कार्यविधि संहिता, २०७४ दफा १०

- अनुसूची–१ वा अनुसूची–२ मा उल्लिखित कुनै कसूरको जाहेरी दरखास्त वा सूचना दफा ४ बमोजिम दर्ता हुना साथ त्यस्तो कसूरको अनुसन्धान गर्न तोकिएका प्रहरी कर्मचारी वा अनुसन्धान अधिकारीले तुरुन्त प्रारम्भिक अनुसन्धान गर्नु पर्नेछ।
- प्रारम्भिक अनुसन्धान शुरु गरेपछि त्यस्तो प्रहरी कर्मचारी वा अनुसन्धान अधिकारीले सोको प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालयमा तीन दिनभित्र पठाउनु पर्नेछ।
- स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि "प्रारम्भिक अनुसन्धान" भन्नाले घटनास्थल विवरण, कसूर भएको स्थानको वस्तुस्थिति मुचुल्का, खानतलासी वा बरामदी मुचुल्का वा ज्यान मरेको कसूर भए लाश जाँच मुचुल्का तथा अन्य कसूर भए त्यस्तो कसूरको प्रकृति अनुसार तयार गर्नु पर्ने प्रतिवेदन, मुचुल्का वा अन्य आवश्यक विवरणलाई सम्झनु पर्छ।

**प्रारम्भिक अनुसन्धान प्रतिवेदनमा खुलाउनुपर्ने कुराः**

अपराधको अनुसन्धान गर्ने अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान गरी तत्काल संकलन भएका सबुद प्रमाणका कागजहरू समेत सामेल गरी थप अनुसन्धान गर्न खुलाउनु पर्ने कुराहरू खुलाई सरकारी वकील कार्यालयमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउनु पर्दछः–

- अपराधको सम्बन्धमा परेको जाहेरी दर्खास्तको संक्षिप्त विवरण,
- तत्कालै शंकित व्यक्ति पक्राउ परेको रहेछ भने तिनीहरूको विवरण,
- अपराध नियन्त्रण तथा सबुद प्रमाण संरक्षण सम्बन्धमा तत्कालै गरिएका कार्यहरू,
- तत्काल संकलन भएका सबुद प्रमाणहरू,
- उल्लेखित अपराध सम्बन्धमा आफूले के–के कुराको अनुसन्धान तहकिकात गर्ने हो सो कुराको विवरण,
- अनुसन्धानको कार्य सम्पादन गर्न कुनै निकाय, पदाधिकारी वा विशेषज्ञको सहयोग आवश्यक देखिएमा सो कुरा।

**प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले ध्यान पुऱ्याउनु पर्ने कुराः**

अनुसन्धान अधिकारीले सरकारी वकील कार्यालयमा प्रस्तुत गरेको प्रारम्भिक अनुसन्धान प्रतिवेदन उपर सरकारी वकीलले प्रारम्भिक रूपमा ध्यान दिनु पर्दछः–

- जुन निकाय तथा पदाधिकारीले प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाएको हो त्यो निकाय तथा पदाधिकारीको सो विषयमा अनुसन्धान वा तहकिकात गर्ने अधिकार छ वा छैन,
- अनुसन्धान तहकिकात प्रारम्भ गरिएको विषयमा सो कार्य गर्ने निकाय वा पदाधिकारीको भौगोलिक क्षेत्राधिकार छ वा छैन,
- जुन विषयमा अनुसन्धान प्रारम्भ गरिएको छ सो विषय मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ भित्र पर्ने विषय हो वा होइन भन्ने कुरा यकिन गर्ने,
- पक्राउ गर्नु पूर्व मुद्दा हेर्ने अधिकारीबाट पक्राउ गर्न अनुमति लिनु पर्नेमा अनुमति लिए नलिएको यकिन गर्ने,
- पक्राउ परेको शंकास्पद व्यक्तिलाई अनुसन्धान प्रयोजनको लागि २४ घण्टा भन्दा बढी अवधि हिरासतमा राख्नु पर्ने अवस्था भएमा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई अनुमति लिए नलिएको यकिन गर्ने,
- प्राप्त प्रारम्भिक अनुसन्धान प्रतिवेदनको आधारमा अनुसन्धानको दृष्टिकोणबाट वारदातको गम्भिरता पहिल्याउने र के कस्ता विषयमा निर्देशन दिनु आवश्यक छ सो कुरा,
- मुद्दा दायर गर्ने हदम्याद छ वा छैन,
- सार्वजनिक पदमा बहाल रहेको कुनै व्यक्तिलाई पक्राउ गर्नु पहिले नेपाल सरकारको कुनै निकाय वा पदाधिकारीलाई पूर्व जानकारी दिई पक्राउ गर्नु पर्ने वा प्रहरी हिरासतमा लिएको जानकारी दिनु पर्ने, वा अभियुक्त उपरको आरोपको सूचना

दिनु पर्ने वा अनुसन्धान हुँदै गरेको विषयमा जानकारी दिनु पर्ने भनी प्रचलित कानूनमा उल्लेख भएको भए सो बमोजिम सो कार्यविधि पूरा भएको छ वा छैन ।

**निर्देशनः**

अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउने र सरकारी वकीलले अनुसन्धान अधिकारीलाई निर्देशन तथा राय दिने व्यवस्था गर्नुको उद्देश्य दुवैको विशेषज्ञताको कदर गर्दै उनीहरू बीच अनुसन्धानको क्रममा निरन्तर सहयोग सल्लाह र परामर्श प्राप्त हुन सकोस भन्ने हो । प्रमाणको संकलन कसरी गर्ने भन्ने कुराको ज्ञान प्रहरीलाई हुने र अदालती दृष्टीकोण एवं प्रमाण ग्राह्यता कार्यविधि कानून र प्रमाणका नियमहरूको सम्बन्धमा सरकारी वकीललाई जानकारी हुने हुनाले सरकारी वकील र अनुसन्धान अधिकारी नियमित सम्पर्कमा रही अनुसन्धानलाई प्रभावकारी बनाउन रणनीति तय गर्न सकुन भन्ने यो प्रावधानको उद्देश्य हो। प्रहरीले सरकारी वकील कहाँ पठाउने प्रारम्भिक अनुसन्धान प्रतिवेदन अनुसन्धानको रणनीति हुन्छ भने सरकारी वकीलले दिने निर्देशन त्यो रणनीति माथिको पृष्ठपोषण हो । सरकारी वकीलले अनुसन्धान अधिकारीलाई दिने निर्देशनको पूर्व सूची तयार गर्न संभव नभए पनि साधरणतया यी विषय समावेश हुन्छन्:

- अनुसन्धान अधिकारीले तयार गरेको अनुसन्धानको रणनीति वा खाकामा सुधार गर्नुपर्ने विषयहरू
- प्रारम्भिक अनुसन्धानबाट संकलित तथ्यबाट देखिएका विषय र थप अनुसन्धान गर्नुपर्ने विषयहरू
- भौतिक प्रमाणको पहिचान, संरक्षण, संकलन र परीक्षणको विषय
- प्रमाणको ग्राह्यताको लागि पुऱ्याउनु पर्ने रीत र परीक्षण
- बुझ्नुपर्ने व्यक्तिहरूका खुलाउनु पर्ने कुराहरू
- शंकितको मानव अधिकारको संरक्षण
- शंकितको वैयक्तिक विवरण, आर्थिक हैसियत, सम्पत्ति विवरण, पटके अपराधी भए नभएको खुल्ने विवरण, ठेगाना टेलिफोन नम्बर, नागरिकता फोटो, इमेल आदिको विवरण प्राप्त गरी मिसिल सामेल राख्ने कुरा
- मानव बेचबिखन तथा ओसारपसरा र जबरजस्ती करणी जस्ता पीडित नै अपराधको प्रत्यक्ष प्रमाण हुने मुद्दामा अपराधको सूचना प्राप्त गर्ने विषयहरू जस्तो विदेश लैजाने बीचसम्म पुऱ्याउने व्यक्ति, टिकट अर्धकट्टी बोर्डिङ पास सहयोगी व्यक्ति समेतको हुलिया, सूचना नाम थर वतन, टेलिफोन नम्बर, इमेल आदिको विवरण खुलाउने कुरा
- पीडित र साक्षीको संरक्षण र गोपनीयता लगायतका अन्य आवश्यक कुरा ।

**सरकारी वकीलले निर्देशन दिँदा विचार पुऱ्याउनु पर्ने कुरा**

वारदातको प्रकृति, वारदात भएको स्थान, समय, पीडितहरूको स्थिति, शंकास्पद व्यक्तिहरू पक्राउ पर्न सक्ने सम्भावना, बरामद भएका दशी प्रमाण, बस्तुपरक, कानूनसँगत, व्यवहारिक र कार्यान्वयन हुन सक्ने जस्ता विविध कुराहरू समेत मनन गरी निर्देशन प्रदान गर्नुपर्छ । निर्देशन दिँदा देहायका कुराहरू समेत विचार गर्नु पर्दछः–

- अनुसन्धान अधिकारीले प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउनु भन्दा पहिले गरेको अनुसन्धान प्रक्रियाको उपयुक्तता बारे,
- बाँकी अनुसन्धान प्रक्रिया तथा पद्धतिबारे अनुसन्धान अधिकारीले उल्लेख गरेको कुराहरूको पर्याप्तता बारे,
- अपराधसँग सम्बन्धित दशी प्रमाणको प्रभावकारी ढंगले खोजी गर्ने बारे,
- अपराधसँग सम्बन्धित दशी प्रमाण संकलन गर्दा कानूनको रीत पुऱ्याई मात्र संकलन गर्ने तर्फ अनुसन्धान अधिकारी सजग हुनु पर्ने कुराहरू बारे,
- अपराध अनुसन्धानसँग सम्बन्धित भौतिक प्रमाण संकलन गर्दा विशेषज्ञको संलग्नता, सहयोग र परामर्श जुटाउनु पर्ने बारे,

- प्रारम्भिक अनुसन्धान प्रतिवेदनको अध्ययन गर्दा कुनै विशेष कुरा बुझ्न आवश्य देखिएको वा कुनै विशेष प्रमाण संकलन गर्न आवश्यक देखिएको भए त्यस्ता विषयहरू,
- अनुसन्धान गर्दा कुनै विशेष प्रक्रिया अनुसरण गर्नु पर्ने कुरा भए सो कुरा, जस्तै कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ अन्तर्गतको मुद्दामा पूर्व अनुमति लिनु पर्ने व्यवस्था रहेको छ।
- अनुसन्धान प्रक्रिया वा कानूनी व्यवस्था बारे अनुसन्धान अधिकारीलाई द्विविधा परेको कुनै विषय।

**सर्वोच्च अदालतका फैसला /आदेश**

➢ ... कुनै अपराधको तहकीकात शुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकीकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अपराध सम्बन्धी प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउनु पर्ने र ... त्यस्तो प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले तहकीकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिनसक्ने व्यवस्था भएबाट सरकारी वकीललाई अनुसन्धानको दायराबाट निरपेक्ष राखेको छैन। वारदातको प्रकृति अनुसार के कसरी अनुसन्धान गर्ने भन्ने तर्फ मार्गदर्शन गर्नु सरकारी वकीलको कर्तव्य हुन आउँछ।
सरकारी वकीलले अनुसन्धानलाई बलियो, भरपर्दो र विश्वासिलो बनाउन सम्बन्धित प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने अधिकार कानूनले दिएको कुरालाई विर्सन नहुने।

नेपाल सरकार वि.धौलादेवी विष्ट नेकाप २०६८, अंक ८ निर्णय नं. ८६६८, पृ. १३७६

**महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्र**

- सरकारी वकीलले निर्देशन दिँदा मुद्दासँग सम्बद्ध कुराहरूमा मात्र सीमित रही आवश्यक कुराको निर्देशन दिनु पर्दछ। अनावश्यक कुराहरूमा निर्देशन दिन उपयुक्त नहुने। जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ताले अपराध अनुसन्धानको प्रारम्भिक अनुसन्धान प्रतिवेदन उपर दिएको निर्देशन पालना भए नभएको सम्बन्धमा समय समयमा अनुगमन गरी पुनः निर्देशन दिन सक्ने।

मिति २०६०।११।२० च.नं. ३१३५

- नेपाल सरकार वादी भई चल्ने सर्वसाधारणको विगो समेतमा क्षति पुगेका मुद्दाको अनुसन्धानमा घटनामा व्यक्तिको क्षति पुगेको धनमाल के कति हो ? एकिन विगो कायम गरी क्षति तर्फको दाबी लिनका लागि सम्बन्धित अनुसन्धानकर्ताले क्षति विवरणको मुचुल्का गर्ने र सो भए नभएतर्फ मुद्दाको निर्णय अगावै सम्बन्धित सरकारी वकीलले ध्यान पुऱ्याउने गर्नु भनी निर्देशनपत्र लेखी पठाउने।

मिति २०६७।०९।१२ च.नं. ४६९०

- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६ (१) बमोजिम प्रहरीबाट प्रस्तुत हुने प्रारम्भिक प्रतिवेदन हाल केवल औपचारिकताको रूपमा मात्र सिमित रहेको तथ्यलाई मध्यनजर राख्दै तत्सम्बन्धमा तत्काल आवश्यक सुधार गर्न उक्त प्रतिवेदनमा घटनाको वस्तुनिष्ठ तथ्यगत विवरणका अतिरिक्त कस्ता प्रमाणहरू संकलन गरिनुपर्ने अवस्था रहेको छ, सरकारी वकीलबाट के कस्ता कुरामा निर्देशन दिनुपर्ने अवस्था छ जस्ता कुराहरू स्पष्ट खुलाई विवरण समावेश गरी अपराध अनुसन्धान गर्न सबै सम्बन्धित प्रहरी कार्यालयलाई निर्देशन दिने र प्रारम्भिक अनुसन्धान प्रतिवेदन पेश हुना साथ सम्बन्धित सरकारी वकीलले प्रहरी अनुसन्धानकर्तासँग आवश्यक परामर्श गरी अपराध अनुसन्धानको कानूनी कार्यविधि र संकलन गर्नुपर्ने प्रमाणको वैधताका सम्बन्धमा प्रहरी अनुसन्धानकर्तालाई तत्काल निर्देशन दिने परिपाटिलाई व्यवस्थित गर्ने। यसरी दिइएको निर्देशनहरूको टिपोट तयार गरी प्रारम्भिक अनुसन्धान प्रतिवेदन साथ संलग्न गरी फाइलमा राख्ने परिपाटिलाई संस्थागत गर्ने। सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयले प्रत्येक महिना आफू मातहतका सरकारी वकील कार्यालयले सम्पादन गर्नुपर्ने गरी जारी गरिएको उपर्युक्त निर्देशनको पालना भए नभएको र भएकोमा बस्तुगत ढंगबाट भए नभएको निरीक्षण गरी महान्यायाधिवक्ताको कार्यालयको अनुसन्धान महाशाखा मार्फत महान्यायाधिक्ता समक्ष पेश गर्ने।

महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकीलहरूलाई मिति २०६७।१२।२७ मा जारी गरिएको कार्यनिर्देशिका

**निर्देशन पालन नगरेमा वा नभएमा अपनाउनु पर्ने प्रक्रिया**

अनुसन्धान अधिकारीले सरकारी वकीलको निर्देशन अनिवार्य रूपमा पालन गर्नु पर्दछ । अनुसन्धानलाई निर्देशित गर्ने सरकारी वकीलको अधिकार र कर्तव्य दुबै हो । सरकारी वकीलको हरेक निर्देशनको पालना गर्नु अनुसन्धान अधिकारीको कर्तव्य हो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० को उपदफा (४) मा सरकारी वकीलले मुद्दाको अनुसन्धानका क्रममा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुने भन्ने स्पष्ट उल्लेख गरिएको छ । यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२ बमोजिम गठित अनुसन्धान विशेष टोलीलाई सरकारी वकीलले मुद्दाको अनुसन्धानका क्रममा दिएको निर्देशनको पालना गर्नु सम्बन्धित विशेष टोलीको कर्तव्य हुने कुरा प्रष्ट उल्लेख गरिएको छ ।

अतः अनुसन्धान कार्य पूरा भए पश्चात् सरकारी वकील कार्यालयमा प्रस्तुत भएको राय सहितको प्रतिवेदन अध्ययन गर्दा सरकारी वकीलले दिएको निर्देशन पालना भएको नदेखिएमा कानून बमोजिमको प्रक्रिया अपनाउनु पर्दछः–

सरकारी वकीलले दिएको निर्देशन पालना नहुने प्रचलनमा सुधार ल्याई भविष्यमा त्यस्तो त्रुटि दोहोरिन नदिन सरकारी वकील र अनुसन्धान सम्बन्धी कार्य गर्ने सबैस्तरका निकायहरू बीच यथासम्भव समन्वय कायम गर्ने उद्देश्यले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८९ मा अनुसन्धान समितिको व्यवस्था रहेको छ । फौजदारी कार्यविधि संहिता, २०७४ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपराध संहिताको दफा ९९ बमोजिमको वदनियतपूर्वक अनुसन्धान गरेको कसूरको सम्बन्धमा परेको उजुरीको अनुसन्धान फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८९ बमोजिमको समितिले अनुसन्धान गर्ने कानूनी व्यवस्था रहेको छ । उक्त समितिमा महान्यायाधिवक्ताले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको सहन्यायाधिवक्ता अध्यक्ष, नेपाल सरकारले तोकेको नेपाल सरकारको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत सदस्य र नेपाल सरकारले तोकेको नेपाल प्रहरीको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत सदस्य रहेको समितिले सरकारी वकीलले दिएको निर्देशन पालना भए नभएको विषयमा अनुसन्धान गरी पालना नभएको पाइएमा आवश्यक कारबाही अगाडि बढाउन सक्ने देखिन्छ ।

फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ मा समन्वय समितको व्यवस्था गरिएको देखिन्छ भने सरकारी वकीलले कुनै मुद्दाको अनुसन्धानका क्रममा दिएको निर्देशन अनुसार अनुसन्धानको कार्य नगर्ने अनुसन्धान अधिकृत वा अधिकारी उपर उल्लिखित संहिताको दफा १९५ मा त्यस्तो अनुसन्धान अधिकृत वा अधिकारी उपर विभागीय कारबाही हुने गरी व्यवस्था गरेको देखिन्छ । अपराध अनुसन्धानको सन्दर्भमा सरकारी वकीलले दिएको निर्देशन बराबर पालन नगरेको वा पालन गर्न नसकेको विषयलाई सम्बन्धित सरकारी वकीलले फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ मा व्यवस्था भएको केन्द्रीय समन्वय समितिमा जानकारी गराउने प्रयोजन तथा सम्बन्धित निकायमा विभागीय कारबाहीको लागि लेखी पठाउने प्रयोजनका लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउन सक्छ । अतः अनुसन्धान कार्य पूरा भए पश्चात् सरकारी वकील कार्यालयमा प्रस्तुत भएको राय सहितको प्रतिवेदन अध्ययन गर्दा सरकारी वकीलले दिएको निर्देशन पालना भएको नदेखिएमा अपनाउनु पर्ने प्रक्रिया:-

- सरकारी वकीलले दिएको निर्देशन पालना नहुने प्रचलनमा सुधार ल्याई भविश्यमा त्यस्तो त्रुटि दोहरिन नदिन सरकारी वकील र अनुसन्धान सम्बन्धी कार्य गर्ने सबै स्तरका निकायहरू बीच यथासम्भव समन्वय कायम गर्ने ।
- अपराध अनुसन्धानको सन्दर्भमा सरकारी वकीलले दिएको निर्देशन बराबर पालन नगरेको वा पालन गर्न नसकेको विषयलाई सम्बन्धित सरकारी वकीलले फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ मा व्यवस्था भएको केन्द्रीय समन्वय समितिमा जानकारी गराउने प्रयोजनको लागि महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउने ।
- फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९५ मा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले लापरबाही वा बदनियतपूर्वक अनुसन्धान गरी मुद्दालाई कमजोर बनाएको देखिएमा महान्यायाधिवक्ताले त्यस्तो अनुसन्धान अधिकारीलाई विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था रहेकाले सरकारी वकीलले दिएको निर्देशन पालना नगरी वा सो को विपरित काम गरेको कारण मुद्दा कमजोर हुन गएमा त्यस्तो अनुसन्धान अधिकारीलाई विभागीय कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने प्रयोजनका लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउने ।

**महान्यायाधिवक्ताले आवश्यक निर्देशन दिन सक्ने**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २७ ले संहिताको अनुसूची १ र २ अन्तर्गतका मुद्दामा भई रहेको वा भएको अनुसन्धानका विषयमा सम्बन्धित अनुसन्धान अधिकृत वा अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्ने अख्तियारी दिएको देखिन्छ। फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २७ को उपदफा (१) ले नेपाल सरकारबाट दायर हुने कुनै फौजदारी मुद्दामा भई रहेको अनुसन्धानको बारे महान्यायाधिवक्ताले आवश्यक जानकारी लिन सक्ने र सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम जानकारी लिँदा नेपाल सरकार वादी हुने कुनै कसूरको अनुसन्धान अपर्याप्त भएको वा त्यस्तो कसूरमा कुनै खास उपाय, तरिका वा विधि अपनाउनु पर्नेमा त्यस्तो उपाय, तरिका वा विधि नअपनाइएको वा थप अनुसन्धान गर्नु पर्ने भन्ने लागेमा महान्यायाधिवक्ताले अनुसन्धान सम्बन्धमा अनुसन्धान अधिकारी वा निजको विभागीय प्रमुखलाई जुनसुकै समयमा निर्देशन दिन सक्ने व्यवस्था गरेको देखिन्छ। यसैगरी उक्त दफाको उपदफा (३) मा उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुने कानूनी व्यवस्था रहेको देखिन्छ।

**कानूनी व्यवस्था:**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २७

- नेपाल सरकारबाट दायर हुने कुनै फौजदारी मुद्दामा भई रहेको अनुसन्धानको बारे महान्यायाधिवक्ताले आवश्यक जानकारी लिन सक्नेछ।
- जानकारी लिँदा नेपाल सरकार वादी हुने कुनै कसूरको अनुसन्धान अपर्याप्त भएको वा त्यस्तो कसूरमा कुनै खास उपाय, तरिका वा विधि अपनाउनु पर्नेमा त्यस्तो उपाय, तरिका वा विधि नअपनाइएको वा थप अनुसन्धान गर्नु पर्ने भन्ने लागेमा महान्यायाधिवक्ताले अनुसन्धान सम्बन्धमा अनुसन्धान अधिकारी वा निजको विभागीय प्रमुखलाई जुनसुकै समयमा निर्देशन दिन सक्नेछ।
- यसरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ।

## २.२ जाहेरी तामेलीमा राख्न सकिने अवस्था र प्रक्रिया

मुलुकी फौजदारी कार्यविधि संहिताले कसैले कुनै घटना सरकार वादी फौजदारी कसूर हो अनुसन्धान गरी पाऊँ भनी दिएको जाहेरी दरखास्त वा सूचना दिए पछि दर्ता गर्न इन्कार गर्न नपाइने र अनुसन्धान हुनुपर्ने उद्देश्य राखेको देखिन्छ। कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचनाका सम्बन्धमा सम्बन्धित व्यक्ति वा जाहेरवाला समेतलाई बुझ्दा त्यस्तो दरखास्त वा सूचना भ्रमपूर्ण, झुठ्ठा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा सम्बन्धित प्रहरी कार्यालयले सोही कुरा खुलाई सामान्यतया तीन दिनभित्र सम्बन्धित सरकारी वकील कार्यालयमा प्रतिवेदन पठाउनु पर्ने कानूनी व्यवस्था देखिन्छ।

यसैगरी माथि उल्लिखित आधारमा प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले त्यस्तो कसूरको सम्बन्धमा तत्काल अनुसन्धान गर्न मनासिव आधार नदेखिएमा त्यसको कारण खुलाई थप प्रमाण प्राप्त हुन आएका बखत अनुसन्धान गर्न सकिने गरी तत्काल तामेलीमा राख्ने वा वारदातको प्रकृति अध्ययन गर्दा तत्काल अनुसन्धान गर्न उपयुक्त हुने देखेमा कारण खुलाई थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने गरी सरकारी वकीललाई अनुसन्धान अगाडि बढाउने वा नबढाउने बारेमा निर्णय लिन सक्ने अधिकार प्रदान गरेको देखिन्छ।

सरकारी वकील कार्यालयले अनुसन्धान गर्न निर्देशन दिएमा सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो कसूरका सम्बन्धमा अनुसन्धान गर्नु पर्ने कर्तव्य पनि अनुसन्धान अधिकारीलाई सुम्पेको छ।

**कानूनी व्यवस्था:**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११

- कुनै कसूरको सम्बन्धमा प्राप्त जाहेरी दरखास्त वा सूचनाका सम्बन्धमा सम्बन्धित व्यक्ति वा जाहेरवाला समेतलाई बुझ्दा त्यस्तो दरखास्त वा सूचना भ्रमपूर्ण, झुठ्ठा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा सम्बन्धित प्रहरी कार्यालय वा सम्बन्धित अनुसन्धान अधिकारीले सोही कुरा खुलाई सामान्यतया तीन दिनभित्र सम्बन्धित सरकारी वकील कार्यालयमा प्रतिवेदन पठाउनु पर्नेछ।
- प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले त्यस्तो कसूरको सम्बन्धमा तत्काल अनुसन्धान गर्न मनासिव आधार नदेखिएमा त्यसको कारण खुलाई थप प्रमाण प्राप्त हुन आएका बखत

अनुसन्धान गर्न सकिने गरी तत्काल तामेलीमा राख्ने वा वारदातको प्रकृति अध्ययन गर्दा तत्काल अनुसन्धान गर्न उपयुक्त हुने देखेमा कारण खुलाई थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ।

- सरकारी वकील कार्यालयले अनुसन्धान गर्न निर्देशन दिएमा सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो कसूरका सम्बन्धमा अनुसन्धान गर्नु पर्नेछ।

## २.३ कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ

नेपालको संविधान, विषय विषयका विशेष ऐनहरू, मुलुकी फौजदारी कार्यविधि संहिता, प्रहरी ऐन, २०१२, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सपुरिवेक्षण र समन्वय) ऐन, २०७६, फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, मुलुकी फौजदारी कार्यविधि नियमावली समेतका कानूनमा कसूरसँग सम्बन्धित व्यक्तिलाई कसूर गर्दा गर्दै देख्ने व्यक्तिले पक्राउ गरी अनुसन्धान गर्ने निकायलाई जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था छ। यसैगरी नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश प्रहरी समेतले कसूरको प्रकृति, कसूर गर्दा गर्दै भेटिएको वा देखिएको वा कानूनले व्यवस्था गरेको अवस्थामा जरुरी पक्राउ पूर्जी दिई सोझै पक्राउ गर्न सकिने र अवस्था अनुसार मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी अनुमति लिएर मात्र पक्राउ गर्नुपर्ने व्यवस्था कानूनमा गरिएको छ।

व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हनन हुने पक्राउ सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सरकारी वकीलले अनुसन्धान अधिकारीलाई कानून सम्मत पक्राउ गर्न पूरा गर्नु पर्ने कार्यविधिका सन्दर्भमा राय सल्लाह तथा निर्देशन दिनु सरकारी वकीलको महत्वपूर्ण जिम्मेवारी हुन्छ। गंभ ीर तथा जघन्य कसूरसँग सम्बन्धित अभियुक्तको पक्राउमा सरकारी वकीलले समयमै कसूरको अनुसन्धान गर्ने अनुसन्धान अधिकारीलाई उचित राय सल्लाह तथा निर्देशन दिन आवश्यक हुन्छ।

### कानूनी व्यवस्था:

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९

- कसूरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसूर गर्द गर्दैको अवस्थामा रहेमा निजलाई प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्नेछ।
- कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको सिलसिलामा यस परिच्छेद बमोजिम तत्कालै पक्राउ गर्नु पर्ने भएमा त्यसको कारण खुलाई सम्भव भएसम्म पक्राउ गर्नु पर्ने व्यक्तिको पहिचान खुल्ने विवरण सहितपक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।
- उपदफा (२) बमोजिम निवेदन परेमा र पक्राउ गर्नु पर्ने कारण मनासिव देखिएमा मुद्दा हेर्ने अधिकारीले सोही निवेदनमा पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ।
- पक्राउ पूर्जीको ढाँचा अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ।
- उपदफा (३) बमोजिमको आदेश पक्राउ गर्नु पर्ने व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गरिने छैन।
- उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नभएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण, दसी वा सबुद नष्ट गर्ने मनासिव कारण भएमा त्यस्तो व्यक्तिलाई अनुसूची–९ बमोजिमको ढाँचामा तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।
- उपदफा (६) बमोजिम जरुरी पक्राउ पूर्जी जारी गरी कुनै व्यक्ति पक्राउ भएकोमा मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति प्राप्त नगरी त्यस्तो कसूरसँग सम्बन्धित अन्य अनुसन्धान सम्बन्धी कारबाही गर्न सकिने छैन।
- तर कसूरसँग सम्बन्धित सवूत प्रमाण नष्ट हुने, हराउने वा नासिने संभावना भएमा पक्राउ गरिएको व्यक्तिको शरीर, निजले प्रयोग गरेको चिजवस्तु, सवारी साधन निज रहेबसेको घर वा स्थानको तत्काल खानतलासी लिन सकिनेछ। त्यसरी खानतलासी लिएकोमा त्यसको विवरण, खानतलासी पूर्जी तथा बरामदी मुचुल्का समेत संलग्न राखी मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्नेछ।
- कुनै कसूर भएको बखत तत्काल प्रहरी उपलब्ध नभएमा कसूर गर्दाका बखत उपस्थित भएको वा कसूर भएको देख्ने व्यक्तिले त्यस्तो कसूर गर्ने व्यक्तिलाई भाग्न वा उम्कन नदिई निजलाई नजिकको प्रहरी

कार्यालयमा बुझाउन सक्नेछ ।

- उपदफा (१) वा (६) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नुअघि पक्राउ गर्नु पर्ने कारण खुलाई सम्झाई बुझाई आत्म समर्पण गर्ने आदेश दिनु पर्नेछ ।
- उपदफा (९) बमोजिम सम्झाउँदा, बुझाउँदा वा आदेश दिँदा पनि कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने वा उम्कने प्रयत्न गरेमा वा बल प्रयोग गरी वा नगरी कुनै किसिमले जोर जुलुम गरेमा वा गर्न प्रयत्न गरेमा निजलाई पक्राउ गर्न प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ ।
- यस दफा बमोजिम कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासम्भव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ ।
- तर पक्राउ गर्नु पर्ने अवस्थामा तत्काल महिला प्रहरी उपलब्ध नभएमा निजको इज्जत वा प्रतिष्ठामा आँच नआउने गरी महिलाको शारीरिक संवेदनशिलताको सम्मान गर्दै पुरुष प्रहरी कर्मचारीले पक्राउ गर्न बाधा पर्ने छैन ।
- यस दफा बमोजिम पक्रिएको व्यक्तिको खानतलासी वा शरीरत लासी लिन सकिनेछ ।
- यस दफा बमोजिम पक्राउ गर्नु पर्ने व्यक्ति कुनै घर वा ठाउँमा बसेको छ भन्ने शङ्का गर्नु पर्ने मनासिव कारण भएमा त्यस्तो घरवा ठाउँको खानतलासी लिई पक्राउ गर्न सकिनेछ ।
- उपदफा (१३) बमोजिम खानतलासी लिँदा कुनै व्यक्ति पक्राउ परेमा सो व्यक्तिको शरीरको तलासी पनि लिन सकिनेछ ।
- उपदफा (१२) वा (१३) बमोजिम तलासी लिँदा फेला परेका प्रमाण सम्बन्धी लिखत वा दसी प्रमाण वा अन्य कुनै वस्तु त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने व्यक्ति वा अनुसन्धान अधिकारीले आफ्नो कब्जामा लिई त्यसको भरपाई दिनु पर्नेछ ।
- उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कुनै कसूर कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारी वा अधिकारीको उपस्थितिमा वा कुनै सरकारी कार्यालयमा गरेमा त्यस्तो व्यक्तिलाई सम्बन्धित प्रहरी कर्मचारी, अधिकारी वा कार्यालय प्रमुखले भाग्न उम्कन नदिई निजलाई पक्राउ गरी सम्बन्धित प्रहरी कार्यालय वा अनुसन्धान अधिकारी समक्ष बुझाउनु पर्नेछ ।
- उपदफा (८) र (१६) बमोजिम पक्राउ गरी ल्याएको व्यक्तिलाई सम्बन्धित प्रहरी वा अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी दिई उपदफा (६) बमोजिम स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।
- यो ऐन र प्रचलित कानून बमोजिम नेपाल प्रहरीबाट अनुसन्धान हुने कुनै अपराधमा संलग्न भएको वा संदिग्ध व्यक्तिलाई नेपाल प्रहरीले कानून बमोजिम पक्राउ गर्नु पर्नेछ ।
- यो ऐन र प्रचलित कानून बमोजिम प्रदेश प्रहरीबाट अनुसन्धान हुने कुनै अपराधमा संलग्न भएको वा संदिग्ध व्यक्तिलाई प्रदेश प्रहरीले कानून बमोजिम पक्राउ गर्नु पर्नेछ ।

नेपाल प्रहरी र प्रदेश प्रहरी ऐनको दफा १९

- उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी वा अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराधमा संलग्न भएको वा संदिग्ध व्यक्तिलाई नेपाल प्रहरीले र नेपाल प्रहरी वा अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराधमा संलग्न भएको वा संदिग्ध व्यक्तिलाई प्रदेश प्रहरीले कानून बमोजिम पक्राउ गर्न सक्नेछ ।
- उपदफा (३) बमोजिम पक्राउ परेको व्यक्तिलाई यथासिघ्र त्यस्तो अपराधको अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई हस्तान्तरण गर्नु पर्नेछ ।
- कानून बमोजिम पक्रन पर्ने व्यक्तिहरूलाई र पक्रनु पर्ने पर्याप्त कारण भएका व्यक्तिलाई पक्रनु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

प्रहरी ऐन, २०१२ को दफा १५ (ङ)

- प्रहरी कर्मचारीले विना बारेण्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई गिरफ्तार गर्नहुन्छः
- कानूनले तीन वर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,

प्रहरी ऐन, २०१२ को दफा

१७

- फरार घोषित गरिएको पक्रनु पर्ने अपराधी,
- माथि उपदफा (१) मा लेखिए बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटाको मनासिव माफिकको म्याद बाहेक चौबीस घण्टाभित्र सकभर चाँडै अदालतमा पेश गर्नुपर्छ।

## २.४ म्याद थप

अपराध अनुसन्धानको सिलसिलामा पक्राउमा परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको अनुमति लिएको अवस्थामा बाहेक चौबीस घण्टा भन्दा बढी अवधि थुनामा राख्न पाइँदैन। कुनै वारदातमा संलग्न रहेको आशंकामा पक्राउमा परेको अभियुक्तको सम्बन्धमा निजलाई चौबीस घण्टाभन्दा बढी अवधि हिरासत राखेर अनुसन्धान कार्य पूरा गर्नु पर्ने भएमा म्याद थपको प्रक्रियामा जानु पर्दछ।

### कानूनी व्यवस्था:

संविधानको धारा २० (३)

- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १४

- कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागि यस परिच्छेद बमोजिम पक्राउ गरेपछि चौबीस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ।
- उपदफा (१) विपरीत हुने गरी कसैलाई हिरासतमा राख्न सकिने छैन।
- कुनै व्यक्तिलाई उपदफा (१) मा लेखिएको म्याद भन्दा बढी हिरासतमा राख्नु परेमा अनुसन्धान अधिकारीले त्यसको आधार र कारण खुलाई सरकारी वकील कार्यालय मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।
- स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि चौबीस घण्टाको अवधिभित्र पक्राउ परेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनको लागि पक्राउ गरिएको ठाउँबाट प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालयमा ल्याउन वा प्रहरी कार्यालय वा अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई गणना गरिने छैन।
- अनुसन्धान अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष उपदफा (३) बमोजिम निवेदन दिँदा हिरासतमा रहेको व्यक्ति उपर लागेको अभियोग, त्यसको आधार, निजलाई हिरासतमा राखी अनुसन्धान गर्नु पर्ने कारण रनिजको बयान भइसकेको भए बयान कागज अनुसारको व्यहोरा स्पष्टरूपमा उल्लेख गर्नु पर्नेछ।
- उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमतिको लागि उपस्थित गराइएको व्यक्तिले चाहेमा आफ्नो शारीरिक जाँच गरी पाउनका लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।
- अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचारगरी, आवश्यक देखिए सम्बन्धित कानून व्यवसायीको बहस समेत सुनी अनुसन्धानको लागि हिरासतमा राखी राख्न आवश्यक भएको देखिएमा एकैपटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ।
- उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–१ अन्तर्गतको कसूर मध्ये राष्ट्रपति उपरको आक्रमण, जासूसी, सैनिक भड्काउने, नेपाल राज्य विरुद्ध युद्ध गर्ने वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहयोग गर्ने वा विस्फोटक पदार्थ, अपहरण र शरीरबन्धक सम्बन्धी कसूरको अनुसन्धान उपदफा (६) बमोजिम दिएको समयावधि भित्र पूरा हुन नसक्ने भन्ने कारण सहितको प्रतिवेदन अनुसन्धान गर्ने अधिकारी तथा सरकारी वकील दुवैले संयुक्त रूपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न सक्ने छन्।

- उपदफा (७) बमोजिमको प्रतिवेदन पेश हुन आएमा अनुसन्धानको स्थिति हेरी मुद्दा हेर्ने अधिकारीले एकै पटक वा पटक पटक गरी बढीमा थप पन्ध्र दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ ।
- तर कुनै पनि अभियोग लागेको व्यक्तिलाई त्यस्तो अभियोग ठहर भएमा निजलाई हुन सक्ने कैदको अवधि भन्दा बढी हिरासतमा राख्न सकिने छैन ।
- उपदफा (६) वा (८) बमोजिम मुद्दा हेर्ने अधिकारीले हिरासतमा राख्ने आदेश दिँदा कारण सहितको पर्चा खडा गर्नु पर्नेछ ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सात महिना भन्दा बढी अवधिको गर्भवती महिला, बालबालिका र पचहत्तर वर्ष नाघेको व्यक्तिलाई कसूरको प्रकृति हेरी अनुसन्धान अधिकारीले थुनामा नराखी अनुसन्धान गर्न मनासिव देखेमा सोको कारण खुलाई पर्चा खडा गरी तारिखमा राखी अनुसन्धान गर्न सक्नेछ ।

**महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्र**

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (३) बमोजिम पक्राउ गरिएको शंकित व्यक्तिलाई चौबीस घण्टाभित्र सम्बन्धित न्यायिक अधिकारी समक्ष पेश गरेको पत्रको प्रतिलिपि सरकारी वकील कार्यालयमा अभिलेखबद्ध गर्न जिल्ला प्रहरी कार्यालयलाई लगाउने र त्यसरी सम्बन्धित न्यायिक अधिकारी समक्ष म्याद थपका लागि पेशगर्नु पूर्व सरकारी वकील समक्ष शंकित व्यक्तिलाई उपस्थित गराउने व्यवस्था मिलाउन सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिने । तत्पश्चात् प्रत्येक पटक म्याद थपका लागि न्यायिक अधिकारी समक्ष प्रस्तुत गर्नु पूर्व शंकित पक्राउ परेका व्यक्ति र त्यस बेलासम्म सम्पादन गरिएको अनुसन्धानको प्रगति र संकलन गरिएका प्रमाणहरूको जानकारी लिई त्यस्ता प्रमाणहरूको वैद्यताको सम्पुष्टि गर्ने प्रयोजनको लागि आवश्यक निर्देशन दिने र सोको प्रयोजनको लागि त्यस बेलासम्म संकलित प्रमाणहरूको संलग्न रहेको फाइल प्रस्तुत गर्न लगाई अनुसन्धानलाई सहयोग पुग्ने र अनुसन्धानकर्ताले संकलन गरेका प्रमाणहरूको सत्यता एवं वैद्यता स्थापित हुने गरी आवश्यक निर्देशन दिई सो निर्देशनको व्यहोराको अभिलेख गर्ने । सो प्रयोजनको लागि एक छुट्टै रजिष्टर तयार पार्ने ।

म.न्या.का.बाट मातहतका सरकारी वकीललाई मिति २०६७।१२।२७। १ जारी गरिएको कार्य निर्देशिकाको निर्देशन नं २

- तहकिकातको क्रममा हिरासतमा रहेको शंकितलाई म्याद थप गर्न अदालत/मुद्दा हेर्ने अधिकारी समक्ष लैजानु पूर्व संकलित मिसिल कागजातका कानूनी पक्षका सम्बन्धमा सरकारी वकील समक्ष सम्पर्क र समन्वय गर्न लगाउने ।

मितिः२०६७।१२ ।०७ च.नं. ६५६ को परिपत्र

- निवेदकले अर्काको नामबाट झुट्टा नागरिकता लिएको भन्ने तथ्य विपक्षी प्रहरी कार्यालयलाई ठगी मुद्दाको अनुसन्धानको सिलसिलामा मिति २०६५।१।११ मा थाहा भएकोमा ठगी मुद्दाको पूर्पक्षको सिलसिलामा आफ्नै हिरासतमा रहेका यी प्रतिवादीलाई सोही बखत झुट्टा नागरिकता कीर्ते मुद्दामा अनुसन्धान नगरी हाल आएर ठगी मुद्दाबाट सफाइ पाई छुटि जाने भएपश्चात् मात्र मिति २०६६।७।१७ बाट अनुसन्धानको लागि भनी यी निवेदकलाई विपक्षीहरूले प्रवृत्त भावना राखी थुनामा राखेको देखिएबाट सो कार्यलाई कदापि कानून र न्यायसँगत भन्न मिल्ने देखिँदैन भन्ने सर्वोच्च अदातलबाट मिति २०६६ साल मंसिर १३ गते (नेकाप २०६६ अंक ९ पृ. १४८३) आदेश भएको हुँदा मौकामानै अनुसन्धानको कार्य सम्पन्न गर्न गराउने व्यवस्थाका लागि सबै जिल्ला सरकारी वकील कार्यालयहरूमा परिपत्र गर्न एवं मातहतका प्रहरी कार्यालयहरूमा सो बमोजिम गर्न गराउनका लागि परिपत्र ।

मितिः २०६८/०३/३१ को परिपत्र

मुद्दाको गम्भिरता र कुनै मुद्दाका सन्दर्भमा अनुसन्धान अधिकारीले म्याद थपको लागि प्रस्तुत गरेको मिसिल संकलित सबुद प्रमाण, म्याद थप गर्नु पर्ने आधार र कारण सन्तोसजनक नदेखी कुनै मुद्दामा म्याद थप गर्नु पर्ने वा नपर्ने सम्बन्धमा अदालत विश्वस्त हुनको लागि सरकारी वकीलको प्रतिनिधित्व हुनु पर्ने देखेमा सरकारी वकील समेत झिकाई म्याद थपको प्रक्रियामा दुवै पक्षको बहस पैरवी गर्ने गराउने प्रचलन रहेकोले सरकारी वकील र अनुसन्धान अधिकारी बीच समन्वय हुनु जरुरी छ । यसका साथै कानूनले म्याद थप गर्नु अघि सरकारी वकील कहाँ पेश गर्नु पर्ने व्यवस्था नभएपनि अनुसन्धानको प्रभावकारिताका लागि

महान्यायाधिवक्ताको कार्यालयबाट माथि उल्लेख गरिएको म्याद थप अघि सरकारी वकील समक्ष अभियुक्त र फाइल पेश गर्न लगाउने सम्बन्धी निर्देशनलाई कार्यान्वयन गरिनु पर्छ।

## म्याद थपको सम्बन्धमा बहस पैरवी

म्याद थपको सन्दर्भमा अदालतले अभियुक्तलाई थुनामै राखी अनुसन्धान गर्न आवश्यक भए नभएको सम्बन्धमा कानून व्यवसायीको बहस सुन्न सक्ने भएकाले बहस पैरवीको लागि सरकारी वकील तयार रहनु पर्दछ। यसमा सरकारी वकीलले देहायका विषयमा विचार पुऱ्याउनु पर्दछः–

- प्रत्येक पटकको म्याद थपको प्रक्रियामा जानु पर्दा मुद्दाको तथ्यगत कुराहरू थाहा पाउनु पर्ने भएको हुँदा अनुसन्धान अधिकृत मार्फत संकित व्यक्ति र मुद्दामा त्यसबेलामा सम्म संकलित भएका कागजात मिसिल प्राप्त गरी अध्ययन गर्ने,
- थुनामा राख्ने गरी म्याद थप गर्नु परेको आधार र कारण सम्बन्धमा सपष्ट धारणा बनाउने,
- म्याद थपको बहस गर्दा अन्य कुराहरूका अतिरिक्त पक्राउ परेको व्यक्तिले गरेको कसूर, निज उपरको अभियोग, निजको बयान व्यहोरा, संकलित अन्य सबुद प्रमाण, अनुसन्धान तहकिकात गर्न बाँकी कुराहरू समेत सबै खुलाई निजलाई हुन सक्ने सजाय र थुनामै राखी तहकिकात गर्नु परेको कारण समेत खुलाउने,
- म्याद थपको सम्बन्धमा बहस गर्दा के कुन प्रयोजनको लागि के कति अवधिको म्याद थप गर्न चाहेको हो सो कुरा स्पष्ट पार्ने,
- संकलित त्यस्ता प्रमाणहरूको वैधता र ग्राह्यताका बारेमा अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिने,
- एकै अभियुक्तको एकभन्दा बढी कसूरको सम्बन्धमा अनुसन्धान गर्नु पर्ने भए हिरासतमा रहेको सोही अवधिमा एकै पटक अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिने।

## सर्वोच्च अदालतको फैसला/आदेश

- केवल अनुसन्धान गर्नको लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अबरूद्ध हुने जस्तो कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिँदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानूनी बाध्यता भएको स्थितिमा बन्दीलाई थुनामा नै राखी अनुसन्धान तहकिकात गर्नुपर्ने कुनै कारण खुलाएको नदेखिएकोले थुनामा राख्ने कुराका सम्बन्धमा भएको सो आदेश वेरितको देखिन गएको।

  तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउनु पर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएको समेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनु पर्ने।

  अनुसन्धानको लागि पक्राउ परेका व्यक्तिलाई थुनामा नराखी तहकिकात हुन नसक्ने वा बाधा पर्ने स्थिति वा तहकिकातको लागि थुनामै राख्नु पर्ने अवस्था स्पष्ट उल्लेख गरी प्रहरी कर्मचारीले अनुमति माग गर्नु पर्ने र त्यसरी दर्शाइएको अवस्थामा निजबाट भैराखेको अनुसन्धान तहकिकात सन्तोषजनक छ, छैन विचार गरेर मात्र थुनामा राखी तहकिकात गर्ने अनुमति दिनु पर्ने कानूनी व्यवस्था रहेको छ।

  मुक्तिनारायण प्रधानको हकमा उपेन्द्रकुमार प्रधान वि. गृह मन्त्रालय समेत, स.अ.बु. २०५४, पूर्णाङ्क १९९, पृ. १४

- केवल अनुसन्धान गर्नको लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरुद्ध हुने जस्तो कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिंदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानूनी बाध्यता देखिन आउने।

  माया पाठक विरुद्ध गृह मन्त्रालय समेत, नेकाप, २०५३, नि.नं. ६१८२

- लामो अवधिको बिदाको समयमा तहकिकात कार्य सामान्यत नहुने अवस्थामा तहकिकातका लागि थुनामा राखीराख्न मनासिव नहुने भनी हाजिर जमानीमा छाडी अदालत खुलेका दिन कारबाहीका लागि उपस्थित गराउनु।

  सअवु अंक ३२ पृ. ७

- ... म्याद थप गरिएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ भनी अदालतका सम्बन्धित कर्मचारीले

  राम कार्की विरुद्ध

न्यायाधीशको आदेशानुसार प्रमाणित गरी जानकारी दिएकोलाई म्याद थपको आदेश गैरकानूनी छ भन्न मिल्दैन ।

का.जि.अ. समेत, नेकाप २०५१, नि.नं. ४८८९

- अभियुक्तलाई जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानूनको यो नम्बर दफा अनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखीएको व्यक्तिलाई कारण खोली पूर्जी नदिई थुनामा राख्न हुँदैन । यसरी पूर्जी नदिई थुनामा राखी म्याद थपका लागि आएको अवस्थामा अनुमति प्रदान गर्न हुँदैन ।

नेकाप २०४८ नि.नं. ४२६०

- मुद्दाको अनुसन्धान समाप्त भई मुद्दा चल्ने नचल्ने निरूपित भइसकेको अवस्था नभई अनुसन्धानकै क्रमको अवस्था देखिएको हुँदा यो ऐनको यो दफा वा उपदफा अन्तर्गतको कसूर गरेको भन्ने कुरा यकिन हुन बाँकी नै रहेकाले मुद्दाको पुर्पक्षका क्रममा थुनामा राख्ने अवस्था सरह कानूनको दफा उपदफा खोली थुनुवा पूर्जी दिन सम्भव देखिँदैन ।

नेकाप २०४९ नि.नं. ४५११

- अनुसन्धान अधिकारीलाई निवेदकले दुई वटा वारदात घटाएको कुरा ठगी मुद्दाको अनुसन्धानको क्रममा थाहा भएको, सो दुवै वारदात घटनाको सम्बन्धमा उतिवेला नै अनुसन्धान भै मुद्दा दायर भएको भए सबैभन्दा ठूलो कलममा मात्र सजाय हुने दण्ड सजायको ४१ नं. कानूनी व्यवस्थाबाट देखिएको हुऊदा सोही वखत मुद्दा नचलाई हाल आएर पक्राउ गरी जिल्ला अदालतको अनुमतिबाट अनुसन्धानको क्रममा राखेको थुनालाई कानून बमोजिम थुनामा राखेको भन्न नमिल्ने । आफ्नै हिरासतमा रहेका प्रतिवादीलाई सोही बखत झुठ्ठा नागरिकता कीर्ते मुद्दामा अनुसन्धान नगरी हाल आएर ठगी मुद्दाबाट सफाइ पाई छुटिजाने भए पश्चात् मात्र अनुसन्धानको लागि भनी प्रवृत्त भावना राखी थुनामा राखेको कार्यलाई कानून र न्यायसँगत भन्न नमिल्ने ।

नानीबाबु खत्री वि मिहानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं समेत नेकाप २०६६ पुस अकं ९ निर्णय नं. ८२२१

- व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरणको विषयलाई न्यायिक परीक्षण बिना प्रयोगमा ल्याउन नहुने कुरालाई अन्यथा सोच्नु र अन्यथा व्याख्या गर्नु हाम्रो संवैधानिक व्यवस्था, गर्दै आएको अभ्यास, व्यक्त गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता, कानूनी राज्यको अवधारणा र त्यसको मूल्य मान्यता समेतको प्रतिकूल हुन जाने हुदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(४) को प्रावधान अन्तर्गत धरौटी वा जमानत दिन नसकेको वा नदिएको कारणबाट थुनामा राख्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ (३) ले तोकेको समयाबधि (बाटाको म्याद वाहेक चौविस घण्टा) भित्र सम्बन्धित मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र त्यस्तो अधिकारीको आदेश बमोजिम गर्नुपर्ने हुन्छ । यदि त्यसो नगर्ने हो भने त्यस्तो थुनाका सम्बन्धमा कहिल्यै पनि न्यायिक परीक्षण नहुने र अनन्तकालसम्म थुनामा नै रहनु पर्ने अवस्थाको सिर्जना हुन जान्छ, जुन विधिकर्ताको मनसाय हुनै सक्दैन र त्यस्तो स्वेच्छाचारितालाई संविधानले प्रश्रय दिएको पनि छैन ।

सविना श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, समेत नेकाप २०६५ अंक १ निर्णय नं. ७९१२

- व्यक्तिको मौलिक हकको रूपमा रहेको संविधानले प्रदान गरेको पक्राउ गरेको समयबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा नराखिने संवैधानिक प्रत्याभूतिलाई प्रत्येक व्यक्ति वा निकायले पालना गर्नुपर्ने ।

नेकाप २०६६ अंक, ७ नि.नं. ८१८४

- मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिने र मुद्दा हेर्ने अधिकारीले अनुसन्धानको लागि थुनामा राख्न अनुमति दिने कुरा केवल कानूनी औपचारिकता मात्र नभै यो उचित र पर्याप्त आधारको विद्यमानतामा भर पर्ने कुरा हो । यसरी मुद्दा हेर्ने अधिकार प्राप्त अधिकारीले तत्काल प्राप्त प्रमाणको आधारमा उचित र मनासिव देखिए अनुसन्धानको लागि थुनामा राख्न अनुमति दिन सकिने कानूनको उद्देश्य रहेको हुँदा अनुमति दिँदा नै अधिकार प्राप्त अधिकारीले न्यायिक विवेक प्रयोग गरेको हुनुपर्ने ।

ऋषि धमला समेत वि. गृह मन्त्रालय समेत, ने.का.प. २०६६ अंक १, निर्णय नं. ८०५०

## २.५ हिरासतमा राख्ने अवधि

अनुसन्धान अधिकारीले पक्राउ परेको शंकास्पद व्यक्तिलाई चौबीस घण्टा भन्दा बढी समय हिरासतमा राख्नु परेमा के कुन प्रयोजनको लागि के कति अवधिको लागि हिरासतमा राख्न आवश्यक परेको हो सो कुरा खुलाई मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ परेको व्यक्ति समेत पेश गर्नु पर्दछ। अदालतले म्याद थप गर्ने आधार भने कसूरदार उपरको आरोप, निजको बयान, अन्य संकलित सबुद प्रमाण र तहकिकात गर्न बाँकी कुराहरू समेतको मूल्यांकनको आधारमा तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको विचार गरी सन्तोषजनक रूपमा तहकिकात भइरहेको देखिएमा मात्र म्याद थप गरिदिने व्यवस्था रहेको पाइन्छ। हिरासतमा राख्ने म्याद कति दिनको हुने भन्ने सम्बन्धमा छुट्टाछुट्टै विषयमा बनेका विशेष ऐनहरूले छुट्टै व्यवस्था गरेकोमा सोही बमोजिम र त्यस्तो छुट्टै व्यवस्था नगरेको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिताले गरेको व्यवस्था अनुसार हुन्छ।

**कानूनी व्यवस्था:**

- कसूरजन्य कार्यको आरोप लागी एवं कानूनको विवादमा परी निगरानी कक्षमा राख्न पर्ने अवस्थाको बालबालिकाको हकमा बाल अदालत वा बाल इजलाससँग अनुमति माग्दा एक पटकमा पाँच दिनमा नबढ्ने गरी बढीमा एक्काइस दिन मात्र म्याद माग्न र राख्न सकिने। — बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ (७)
- लागू औषध (नियन्त्रण) ऐन २०३३ अन्तर्गतको कसूरमा सजाय हुने मुद्दामा बढीमा नब्बे दिनसम्म हिरासतमा राख्न सकिने व्यवस्था रहेको छ। — ऐनको दफा २२(ग)
- अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई संहिताको दफा १४ (३) बमोजिम हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचारगरी, आवश्यक देखिए सम्बन्धित कानून व्यवसायीको बहस समेत सुनी अनुसन्धानको लागि हिरासतमा राखी राख्न आवश्यक भएको देखिएमा एकैपटक वा पटकपटक गरी बढीमा पच्चीस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ।
  तर कुनै पनि अभियोग लागेको व्यक्तिलाई त्यस्तो अभियोग ठहर भएमा निजलाई हुन सक्ने कैदको अवधिभन्दा बढी हिरासतमा राख्न सकिने छैन। — मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (६)
- अनुसूची– १ अन्तर्गतको कसूरमध्ये राष्ट्रपति उपरको आक्रमण, जासूसी, सैनिक भड्काउने, नेपाल राज्य विरुद्ध युद्ध गर्ने वा नेपालसँग युद्धमा संलग्न राज्यका सेनालाई सहयोग गर्ने वा विस्फोटक पदार्थ, अपहरण र शरीरबन्धक सम्बन्धी कसूरको अनुसन्धान उपदफा (६) बमोजिम दिएको समयावधिभित्र पूरा हुन नसक्ने भन्ने कारण सहितको प्रतिवेदन अनुसन्धान गर्ने अधिकारी तथा सरकारी वकील दुवैले मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरेमा दफा १४ (७) बमोजिमको प्रतिवेदन पेश हुन आएमा अनुसन्धानको स्थिति हेरी मुद्दा हेर्ने अधिकारीले एकै पटक वा पटक पटक गरी बढीमा थप पन्ध्र दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ। — मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (७) र (८)
- बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान तथा तहकिकात सन्तोषजनक रूपमा भएको वा नभएको विचार गरी सन्तोषजनक रूपमा अनुसन्धान तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटक पटक गरी एकपटकमा दश दिनमा नबढ्ने गरी बढीमा पैतालीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्ने छ। — बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १९(४)
- संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसूरमा पटक पटक गरी साठी दिन सम्म पुर्पक्षका लागि थुनामा राख्न सकिन्छ। — संगठित अपराध निवारण ऐन, २०७० को दफा १४

## २.६ धरौट, जमानत, तारेख वा हाजिर जमानी

कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अन्य सबै हक अधिकार र स्वतन्त्रता भन्दा उच्च मानिन्छ। त्यसैले कुनै पनि व्यक्तिलाई चाहे त्यो अपराधी नै किन नहोस् कानून बमोजिम बाहेक एक मिनेट पनि नियन्त्रणमा राख्न हुँदैन भन्ने विश्वव्यापी मान्यता रही आएको छ। कुनै कसूर वा वारदातको सन्दर्भमा शंकाको भरमा कुनै व्यक्ति पक्राउमा परी प्रहरी हिरासतमा रहेको छ भने त्यस्तो व्यक्तिलाई चौबीस घण्टा भन्दा बढी थुनामा राख्नु पर्दा अनिवार्य रूपमा अदालतको अनुमति लिनु पर्ने व्यवस्था रहेको छ। त्यसरी अनुमति लिएर थुनिएका अभियुक्त वा शंकास्पद व्यक्तिहरूलाई अनुसन्धान गर्दै जादा प्रहरी हिरासतमा राखी रहनु

आवश्यक नदेखिएमा वा कुनै औचित्य नदेखिएमा अनुसन्धान अधिकारीले प्रचलित कानूनको रीत पुऱ्याई हिरासतबाट मुक्त गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

**कानूनी व्यवस्था:**

- यस संहिता बमोजिम अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकीलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारण सहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५)
- उपदफा (१) बमोजिम धरौट वा जमानीमा छाड्दा वा तारिखमा राख्दा त्यसरी छोडिएको वा तारिखमा राखिएको व्यक्ति उपर मुद्दा चलाउने भएमा त्यस्तो अवस्थामा निज उपस्थित हुने गरी निजको कागज गराउनु पर्नेछ ।
- उपदफा (१) बमोजिम हाजिर जमानी दिने व्यक्तिले हाजिर जमानीमा छोडिएको व्यक्तिलाई अनुसन्धान अधिकारी वा सरकारी वकील कार्यालयले तोकेको समयमा उपस्थित गराउनु पर्नेछ ।
- उपदफा (३) बमोजिम तोकेको समयमा त्यस्तो मानिस उपस्थित नगराएमा हाजिर जमानी दिने व्यक्तिलाई अनुसन्धान गर्ने अधिकारीले पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।
- उपदफा (१) बमोजिम तारिखमा राखी अनुसन्धान गरेकोमा अनुसन्धान अधिकारीले त्यसको जानकारी सरकारी वकील र माथिल्लो प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।
- संहिताको दफा १५ को उपदफा (१) बमोजिम अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक वा उपयुक्त नदेखिएमा वा निजको विरुद्धमा तत्काल वस्तुनिष्ठ सबुद प्रमाण नभएमा वा नदेखिएमा धरौट वा जमानत लिई वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाड्नु पर्ने भएमा सम्बन्धित अनुसन्धान अधिकारीले अनुसूची-९ बमोजिमको ढाँचामा आफ्नो राय वा निर्णय र कागजात मिसिल सहित सहमतिको लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ । (फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २०)
- उपनियम (१) बमोजिम प्राप्त मिसिल अध्ययन गर्दा त्यस्तो व्यक्तिलाई हिरासतमा राखी रहन आवश्यक नदेखेमा हिरासतमा रहेको त्यस्तो व्यक्तिलाई हिरासतबाट छोड्न सम्बन्धित सरकारी वकीलले सहमति दिनेछ ।
- उपनियम (१) बमोजिम प्राप्त भएको मिसिल अध्ययन गर्दा मुद्दाको गांभीर्यता तथा संकलित प्रमाणलाई विचार गरी त्यसरी छाड्न उपयुक्त नदेखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकीलले सहमति नदिन सक्नेछ ।
- उपनियम (१) बमोजिम सहमतिका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा तत्काल पठाउन नसकिने अवस्था भएमा अनुसन्धान अधिकारीले कारण सहितको पर्चा खडा गरी सरकारी वकीलको सहमति नलिइकन पनि त्यस्तो व्यक्तिलाई धरौट वा जमानत लिई वा कुनै माथवर व्यक्तिको जिम्मा जमानीमा छाड्न वा तारिखमा राख्न सक्नेछ ।
- उपनियम (४) बमोजिम सरकारी वकीलको सहमति नलिइकन धरौट वा जमानत वा जिम्मा जमानीमा छाड्ने र तारिखमा राख्ने गरी निर्णय भएकोमा सो निर्णयको जानकारी यथासिघ्र सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

**धरौट, जमानत, हाजिर जमानी वा तारिखमा छोड्दाको प्रक्रिया:**

फौजदारी कसूरको अनुसन्धान नियमावली, २०७५ को नियम २१ को उपनियम (१) देखि उपनियम (८) सम्म अनसुन्धानको सिलसिलामा हिरासतमा रहेको व्यक्तिलाई धरौट, जमानत, हाजिर जमानी वा तारेखमा छाडी अनुसन्धान गर्ने व्यवस्था गरेको छ ।

**कानूनी व्यवस्था:**

फौजदारी कसूरको अनुसन्धान नियमावली, २०७५ को नियम २१

- संहिताको दफा १५ को उपदफा (१) तथा यस नियमावलीको नियम २० बमोजिम अनसुन्धान अधिकारीले हिरासतमा रहेको व्यक्तिलाई धरौट वा जमानतमा छाड्दा सो सम्बन्धमा निर्णय गरी नगद वा बैंक ग्यारेन्टी लिनु पर्नेछ। नगद वा बैंक ग्यारेन्टी दिन नसक्ने भएमा सम्बन्धित मालपोत कार्यालयले मूल्यांकन गरे अनुसारको जेथा जमानत लिनु पर्नेछ । बैंक ग्यारेन्टी दिएकोमा त्यस्तो बैंक ग्यारेन्टी असिमित अवधिको हुनु पर्नेछ।
- संहिताको दफा १५ को उपदफा (१) बमोजिमको अवस्थामा अनसुन्धान अधिकारीले देहायको कुरा विचार गरी अनसुन्धानको क्रममा हिरासतमा रहेको व्यक्तिसाँग धरौट वा जमानत वा बैंक ग्यारेण्टीको रकम तोक्नुपर्छ:
  - कसूरको प्रकृति र गम्भीरता,
  - अभियुक्त तथा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,
  - अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,
  - निज पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,
  - निजले एकै वारदातमा विभिन्न कसूर गरेवा नगरेको,
  - निजलाई हुन सक्नेसजाय र निजले व्योहोर्नु पर्ने क्षतिपूर्ति,
  - कसूरबाट पीडितलाई पुगेको क्षति,
  - कसूरबाट सृजित परिणाम,
  - कसूरमा सावितो भए वा नभएको,
  - असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा स्तनपान गराउने शिशु भएकी महिला भए नभएको।
- यस नियम बमोजिम कुनै व्यक्तिबाट धरौट, जमानत वा बैंक ग्यारेण्टी लिँदा अनुसूची (१०) बमोजिमको ढाचाँमा कागज गराउनु पर्नेछ।
- उपनियम (१) बमोजिम प्रतिवादीले नगद रकम दाखिल गर्न ल्याएमा सो रकम सम्बन्धित कार्यालयले धरौटी खातामा जम्मा गरी त्यसको प्रमाण मिसिल सामेल राख्नु पर्नेछ । अदालतबाट थनुछेकको क्रममा अनसुन्धान अधिकारीले लिएको धरौटी नै कायम गरेमा त्यसरी कायम गरेको रकम बाहेक बाँकी धरौटी सम्बन्धित अनसुन्धान अधिकारीले सम्बन्धित व्यक्तिलाई तत्काल फिर्ता गरिदिनु पर्नेछ।
- उपमनयम (१) बमोजिम धरौट, जमानत वा बैंक ग्यारेन्टी लिई अनसुन्धानमा रहेको व्यक्ति अनसुन्धान अधिकारीले खोजेका बखत उपस्थित नभई फरार भएमा निजले राखेको त्यस्तो धरौट, जमानत वा बैंक ग्यारेन्टी बापतको रकम जफत हुनेछ।
- तर काबु बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेको भनी मद्दा दायर गर्ने हदम्याद भित्रै एकै पटक वा बढीमा दुई पटकसम्म कारण जनाई निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिव देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पन्ध्र दिनसम्म उपस्थित नभए पनि निजले राखेको त्यस्तो धरौट, जमानत वा बैंक ग्यारेन्टी वापतको रकम जफत हुने छैन।
- उपनियम (१) बमोजिम नगद, बैंक ग्यारेन्टी वा जमानत नदिने व्यक्तिलाई अनुसन्धान अधिकारीले थुनामा नै राख्नेछ।
- थुनामा राखिएको व्यक्तिलाई यस नियम बमोजिम नगद, बैंक ग्यारेन्टी वा जमानत लिई वा कसैको जिम्मा जमानीमा छाडी अनुसन्धान अनधकारीले तारिखमा राखी वा आवश्यकता भएको बखतमा उपस्थित हुने गरी अनुसन्धान गर्न सक्नेछ।
- संहिताको दफा १५ को उपदफा (४) बमोजिम अनुसन्धान अधिकारीले जमानी दिने व्यक्तिलाई जरिवाना गरी असूल गरेको रकम नेपाल सरकारको खातामा जम्मा गर्नु पर्नेछ।

उपरोक्त कानूनी व्यवस्था अनुसार प्रहरी हिरासतमा रहेको व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक नदेखिएमा अनुसन्धान अधिकारीले हिरासतबाट मुक्त गर्नसक्ने देखिन्छ । हिरासतबाट छोड्नु पर्दा अनुसन्धान अधिकारीले सरकारी वकीलको सहमति लिई वा अवस्था अनुसार नलिई पनि अभियुक्तलाई छोड्न सक्ने हुँदा हिरासतबाट मुक्त गर्दा कारण सहितको पर्चा खडा गरी हाजिर जमानीमा छोड्न सकिन्छ ।

अपराधको गंभिरता, प्रकृति, अभियुक्तको शारीरिक, मानसिक एवं पारिवारिक स्थिति समेतलाई मध्यनजर राखी भरसक अभियुक्तलाई हिरासतमै नराखी अनुसन्धान र तहकिकात गर्ने र अनुसन्धान तहकिकात पश्चात् निजको विरूद्ध यथेष्ट प्रमाण प्राप्त भए पछि मात्र हिरासतमा लिने र थुनामा राख्ने प्रक्रियालाई प्रोत्साहित गर्ने गराउने सन्दर्भमा अनुसन्धान र अभियोजन अधिकारीले विशेष ध्यान दिनु पर्दछ । हिरासतमा लिएको व्यक्तिलाई छाड्दा अनुसन्धान गर्न आवश्यक परेका बखत वा अदालतमा अभियोगपत्र पेश गर्दा उपस्थित हुने / गराउने, खोजेका बखत उपस्थित नभए राखेको धरौट जमानत जफत हुने समेतको शर्तको कागज गराउनका साथै हाजिर जमानीमा लिने र हाजिर जमानीमा जानेको फोटो सहितको परिचय खुल्ने आधिकारिक कागजको प्रमाणित प्रति मिसिल सामेल राख्नु पर्दछ ।

## २.७ अभियुक्तको बयानः

पक्षले स्वेच्छाले व्यक्त गरेको कुरा निजको विरूद्धमा प्रमाणमा लाग्ने भएकाले अपराध अनुसन्धानको सिलसिलामा अभियुक्तको बयान गराउने कानूनी व्यवस्था छ । कसूरको आरोप लागेको अभियुक्तसँगको बयान निज विरुद्धको आरोपमा आफ्ना जिकिर राख्ने र निर्दोषिताका आधार प्रस्तुत गर्न पाउने मौका पनि हो । अभियुक्तको बयान गराउनु स्वच्छ सुनुवाइको सिद्धान्तको अबलम्वनसँग पनि सम्बन्धित छ । अभियुक्तले गरेको बयान व्यहोरा मिसिल संलग्न अन्य प्रमाणद्वारा पुष्टि भएमा प्रमाणको रूपमा ग्रहण गर्न सकिने भएकाले फौजदारी मुद्दाहरूमा अभियुक्तको अधिकार प्राप्त अधिकारी समक्षको बयानको महत्वपूर्ण स्थान रहेको छ ।

अभियुक्तको बयान एकातिर अभियुक्तका विरुद्ध प्रमाण लाग्छ भने अर्कोतर्फ अनुसन्धान गर्न सबुत प्रमाण संकलन गर्न अन्य अभियुक्तको संलग्नता पत्ता लगाउन पनि उत्तिकै महत्वपूर्ण भूमिका खेल्दछ । अन्य प्रमाणबाट समर्थित अनुसन्धान अधिकारी वा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान अन्यथा प्रमाणित नभएसम्म अदालतले पनि भर पर्दो प्रमाणको रूपमा ग्रहण गर्दछ ।

पक्राउ परेका वा प्रहरी हिरासतमा रहेका व्यक्तिको बयान गराउँदा संबैधानिक तथा कानूनी व्यवस्था, सर्वोच्च अदालतद्वारा स्थापित सिद्धान्तहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरू र मानव अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले गरेको व्यवस्थाहरू पालन गर्नु पर्दछ । एउटै व्यक्तिलाई पटक पटक बयान लिनु उपयुक्त नहुने भएता पनि अनुसन्धानबाट खुलेका नयाँ तथ्यका बारेमा आवश्यकता अनुसार एक पटक बयान लिई सकेका अभियुक्तको थप बयान (ततिम्बा) लिन बाधा पर्दैन ।

विज्ञान र प्रविधिमा भएको विकास एवं सुरक्षा र सुविधाका दृष्टिले समय सापेक्ष रूपमा कानूनमा व्यवस्था भए अनुरूप कसूरको आरोप लागेको वा अनुसन्धानबाट संकलित सवूद प्रमाणबाट कसूरमा संलग्न भएको देखिने मनासिव आधार कारण भई बयान वा सोधपुछ गर्नु पर्ने कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सकिने व्यवस्था छ ।

संयुक्त राज्य अमेरिकाको सर्वोच्च न्यायलयले Mirinda Vs. Arizona US 436 (1966) को मुद्दामा सन १९६६ मा व्यक्तिको बैयक्तिक स्वतन्त्रताको व्याख्या गर्दै कुनै पनि व्यक्तिलाई राज्यले आफ्नो नियन्त्रणमा लिदा देहायका चार स्वतन्त्रतामा आघात नपुग्ने गरी कार्य गर्नु पर्ने गरी फैसला गरेको पाइन्छ । जसलाई अर्को शव्दमा Mirinda Warning को रूपमा चिन्ने गरिन्छ । उक्त चार स्वतन्त्रताका विषयहरू यसप्रकार छन्ः–

- तपाइँलाई चुप लाग्ने अधिकार छ ।
- तपाइँले व्यक्त गरेका कुराहरू तपाइको विरुद्ध अदालतमा पेश हुने छन ।
- तपाइँलाई कानून व्यवसायी राख्ने अधिकार छ ।
- तपाइँले कानून व्यवसायी राख्न सक्नुहुन्न भने बयान लिनु भन्दा अगाडि नै राज्यले तपाइका लागि कानून व्यवसायी उपलब्ध गराउनेछ ।

**कानूनी व्यवस्था:**

| | |
|---|---|
| • कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन बाध्य पारिने छैन। | संविधानको धारा २० (७) |
| • अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कसूरको सम्बन्धमा अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष अभियुक्तको बयान लिनेछ।<br>तर सम्बन्धित कानूनमा अलगै व्यवस्था भएकोमा सोही अनुसार बयान लिन सकिनेछ। | कार्यविधि संहिता, २०७४ को दफा १६ (१)<br>कार्यविधि संहिता, २०७४ को दफा ३ |
| • बयान लिँदा कसूरको सम्बन्धमा खुलाउनु पर्ने आवश्यक कुरा सोध्ने अधिकार सरकारी वकीललाई हुनेछ। | ऐजन (२) |
| • यस दफा बमोजिम बयान वा सोधपुछ गर्नु पर्ने कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ। | ऐजन दफा १६(६) |
| • यसरी बयान लिएको वा सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले सोको अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ। | ऐजन उपदफा (७) |
| • मुद्दाको कुनै पक्षसँग मुद्दाका विषयमा कुनै कुरा सोध्नु परेमा अदालतले जुनसुकै बखत सोधी निजको कागज गराउन सक्नेछ। एक पटक बकाई सकेको साक्षीलाई कुनै मनासिव कारणबाट फेरी नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउनु हुन्छ। | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२२ (७) |
| • श्रब्य दृष्य संवाद (भिडियो कन्फेरेन्स) मार्फत लिइएको अभियुक्तको बयान पछि सुन्न हेर्न वा पढ्न सक्ने र मिल्ने गरी पेनड्राइभ, सिडी जस्ता कुनै विद्युतीय माध्यम वा उपकरणमा रेकर्ड गरी राख्नु पर्छ। | कसूरको अनुसन्धान नियमावलीको नियम २२ |
| • ततिम्बा बयान गराउँदा पहिले भै सकेको बयानमा अपुग कुराहरू खुलाउने वा स्पष्ट हुन नसकेका कुराहरू प्रस्ट पार्ने प्रयोजनको लागि बयान गराउनु पर्दछ। | फौजदारी कार्यविधि नियमावलीको नियम ८९ |
| • एक पटक बकाई सकेको साक्षीलाई कुनै मनासिव कारणबाट फेरि नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउन हुन्छ। | प्रमाण ऐन, २०३१ को दफा ४९ (४) |

**अभियुक्तको बयान गराउनु अघि सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा**

शंकास्पद रूपमा पक्राउ परेका व्यक्तिहरूको बयानको लागि सरकारी वकील समक्ष उपस्थित गराएको अवस्थामा त्यस्तो व्यक्तिको बयान गराउनु भन्दा पहिले सरकारी वकीलले ध्यान दिनु पर्दछः–

- अनुसन्धान अधिकारीले शंकास्पद व्यक्ति पक्राउ गरी बयान गराउन ल्याउँदा सो अवस्थासम्म अनुसन्धानबाट संकलन भएका प्रमाण कागजातहरू समेतको मिसिल साथमै ल्याएको छ वा छैन,
- अभियुक्तको बयान गराउन सरकारी वकील समक्ष तोकिएको अनुसन्धान अधिकारी उपस्थित भएको छ वा छैन,
- बयान गराउन ल्याइएको व्यक्तिले आफू शारीरिक वा मानसिक रूपमा अस्वस्थ्य भएको कुरा व्यक्त गरेकोमा वा सो व्यक्त नगरेको भए पनि निजको पक्राउ गर्दाको अवस्थामा स्वास्थ्य परीक्षण गराई प्रतिवेदन मिसिल सामेल भए नभएको,
- बयान गराउनु पर्ने अभियुक्तले नेपाली भाषा बुझ्न नसक्ने भए दोभाषेको प्रबन्ध गर्नु भए नभएको,
- बयान गराउन ल्याइएको व्यक्तिलाई रीतपूर्वक पक्राउ गर्नु परेको कारण सहितको पक्राउ पूर्जी दिइएको छ वा छैन,
- बयान गराउन ल्याएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टा भित्रै मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराएको छ वा छैन,

- मुद्दा दायर गर्ने हदम्याद कायम छ वा छैन,
- जुन कसूरको आरोपमा पक्राउ गरी बयान गर्न ल्याइएको हो सो कसूर प्रचलित नेपाल कानून अनुसार दण्डनीय हो वा होइन,
- जुन कसूरको आरोपमा बयान गर्न ल्याइएको हो सो कसूर ठहर भएमा प्रतिवादीलाई कैदको सजाय हुने अवस्था छ वा छैन हेरी कैदको सजाय नहुने कसूर गर्ने कसूरदारको हकमा जतिः सक्दो चाडो अनुसन्धान कार्य पूरा गर्न प्रेरित गर्ने,
- हिरासतमा रहेको प्रतिवादीलाई मानवोचित व्यवहार गरिएको छ वा छैन भन्ने कुरा प्रतिवादीसँग सोधपुछ गरी नगरेको भए प्रहरीलाई मानवोचित व्यवहार गर्न निर्देशन दिनु पर्छ,
- बयान लिन उपस्थित गराइएको व्यक्तिले सरकारी वकील समक्ष बयान गर्नु भन्दा पहिले परिवारका सदस्यहरू वा आफ्नो कानून व्यवसायीसँग भेटघाट गर्ने इच्छा व्यक्त गरेकोमा कानूनसम्मत ढंगबाट भेटघाटको अवसर उपलब्ध गराई दिनु पर्दछ,
- तर त्यसरी भेटघाटको अवसर दिँदा निज अभियुक्तले गर्ने स्वेच्छाको बयानमा प्रतिकूल असर पर्ने गरी बयान गर्न सिकाउने वा उत्प्रेरित गर्ने कार्य भने गर्न दिनु हुँदैन,
- कानून व्यवसायी राख्न समर्थ रहे वा नरहेको सोधपुछ गरी नसक्ने अवस्थामा कानूनी सहायता गर्ने संस्थालाई खबर गरिदिनु पर्छ र निजले कानून व्यवसायी राख्न चाहेमा तत्सम्बन्धमा समन्वय गरिदिनु पर्छ ,
- विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी निर्देशिका, २०६४ बमोजिम गर्नु पर्छ।

## बयान गराउँदा सरकारी वकीलले विचार गर्नु पर्ने कुरा

फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्र पर्ने नेपाल सरकार वादी हुने फौजदारी मुद्दाका अभियुक्तहरूको अनुसन्धानको बयान सरकारी वकील समक्ष गर्नु पर्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा अभियुक्तको बयान गराउँदा सरकारी वकीलको संलग्नता मात्र होइन नेतृत्वदायी भूमिका रहनु पर्छ। अभियुक्तको बयान लिदा सरकारी वकीलले देहायका कानूनी तथा व्यवहारिक पक्षका कुराहरूमा विशेष ध्यान दिनु पर्दछः

- बयानको लागि उपस्थित गराइएको व्यक्तिलाई निजको इच्छा विरुद्ध बयान दिन कर नलाग्ने आरोपित कसूर स्वीकार गर्न निज बाध्य नहुने र निजले गरेको बयान निजका विरुद्ध प्रमाणमा लाग्छ भन्ने कुरा जानकारी गराउने,
- बयान गर्न ल्याइएको अभियुक्तलाई निजको बयान लिनु भन्दा पहिले निज उपर लागेको अभियोगको सबै कागज सुनाई मतलब सम्झाउने,
- बयान गराउँदा कुरा फोरी मुद्दा छुट्याई छोटकरी सबाल गर्ने र सोधिएको सबाल र सो को जवाफ लेखबद्ध गर्न लगाउने,
- बयान लिनु पर्ने अवस्थाको व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने वा सुरक्षाको कारणले त्यस्तो व्यक्ति उपस्थित गराउन उपयुक्त नदेखिएमा श्रब्य दृष्य संवाद (भिडियो कन्फेरेन्स) मार्फत बयान लिनु पर्ने र सोको अभिलेख लेखवद्ध गरी प्रमाणित गरी राख्ने,
- श्रब्य दृष्य संवाद (भिडियो कन्फेरेन्स) मार्फत लिईएको अभियुक्तको बयान पछि सुन्न हेर्न वा पढ्न सक्ने तर फेरबदल गर्न नमिल्ने गरी पेनड्राइभ, सिडी जस्ता कुनै विद्युतीय माध्यम वा उपकरणमा रेकर्ड गरी राख्ने,
- अभियुक्तको बयान आफ्नै समक्षमा गराउनु पर्दछ। प्रत्येक अभियुक्तको छुट्टाछुट्टै बयान गराउने,
- बयान गराउँदा प्रश्न राखी अभियुक्तले आफै जवाफ लेख्न चाहेमा निजलाई जवाफ लेख्न दिने,
- अनावश्यक सबाल गर्ने वा एकै सबाल पटक पटक गर्ने कार्य नगर्ने वा नगराउने,
- बयान लिने सन्दर्भमा उपस्थित गराइएको व्यक्तिलाई कुनै पनि शारीरिक वा मानसिक यातना दिन वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगर्ने, नगराउने,

- बयान लिँदा तथ्यगत कुराहरूको बारेमा पहिले खुलाउन लगाउने,
- वारदातबाट पीडित भएको व्यक्ति वा परिवारसँग निजको चिनाजानी, सम्बन्ध, झै-झगडा, रिसइवी, लेनदेन, कारोबार आदि के छ सो खुलाउने,
- वारदातमा संलग्न अन्य अभियुक्तहरूको नाम, थर, बतन, हुलिया र निजहरू फेला पर्न सक्ने सम्मको जानकारी खुलाउने,
- वारदात तथा अपराधमा संलग्न अन्य अभियुक्तहरूसँग निजको चिनाजानी, सम्बन्ध, रिसइवी, झै–झगडा, लेनदेन, कारोबार र आफू तथा अन्य अभियुक्तको भूमिका खुलाउने,
- बारदात घट्दाको अवस्था, वातावरण, समय, संलग्न व्यक्तिहरू, प्रयोग भएका साधनहरू, वारदातको अवधी, देख्ने व्यक्तिहरू खुलाउने,
- वारदात घटाउँदा प्रयोग भएका साधनहरूको विवरण तथा ती साधनहरू हाल कहाँ, कोसँग, के कस्तो अवस्थामा रहेको छ सो कुरा र बरामद गर्नु पर्ने भए तत्सम्बन्धी विवरण,
- बारदात घटाई सके पछि वारदातस्थलबाट उठाई लगेका नगद जिन्सी तथा अन्य सामग्रीहरू बारे,
- बयानमा उल्लेख भएका अन्य अभियुक्तहरूको नाम थर, वतन, सकेसम्म तीन पुस्ते र फोन नं. लगायत प्रष्ट रूपमा परिचयात्मक विवरण,
- अभियुक्तको पेशा, व्यवसाय, सम्पत्ति, पारिवारिक स्थिति, आयस्रोत र आर्थिक अवस्था बारे,
- वारदातको पृष्ठभूमि, कारण योजना बारेमा प्रश्न राख्ने,
- बयानमा अपराधको पृष्ठभूमि, कारण, अपराधमा निजको संलग्नता अपराधमा संलग्न अन्य व्यक्तिहरूको भूमिका अपराधसँग सम्बन्धित चिजबस्तु, लाश आदि राखेको वा लुकाएको स्थानका सम्बन्धमा प्रष्ट खुल्ने गरी पश्न राख्ने,
- प्रमाण लाग्ने वस्तु बरामद भएको भए सोको सनाखत गराउने,
- एकै व्यक्ति एक भन्दा बढी अपराधको कसूरमा पोलिएको अवस्थामा प्रत्येक मुद्दाको लागि छुट्टा छुट्टै बयान गराउने,
- बयान गराउँदा ठट्टा मस्करी वा अनावश्यक सबाल गरी अभियुक्तलाई हतोत्साही गराउन वा झिज्याउने सबाल नसोध्ने,
- मुद्दाको प्रकृति र त्यसले पीडित उपर पार्नसक्ने असरको आधारमा गोपनीयता कायम गर्नुपर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जीउ मास्ने, बेच्ने, हाडनाता करणी एवम् महिला विरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको रूपमा महिला भएका फौजदारी मुद्दाहरू, बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू र एच.आइ.भी./एड्सबाट प्रभावित वा संक्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरू परिचयात्मक विवरण गोप्य राख्ने सम्बन्धमा सर्वोच्च अदालतबाट जारी निर्देशिकाको पूर्ण रूपमा कार्यान्वयन गर्ने,
- अभियुक्तको बयान गराई सकेपछि पहिलो पानाको शीरमा बयान गराउने अनुसन्धान अधिकारी र सरकारी वकीलले प्रमाणित गरी पहिलो पानाको पुछार र हरेक पानाको शीर र पुछारमा बयान गर्ने अभियुक्त, अनुसन्धान अधिकारी र सरकारी वकीलले समेत सहिछाप गरी मिति समेत अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ र कार्यालयको छाप समेत लगाउनु पर्नेछ।
- बयान गराउँदा केरमेट र थप गर्नु हुँदैन। मानवीय लेखाइको त्रुटिको कारण केरमटे नगरी नहुने अवस्था भएमा कुन कुरा केरिएको हो प्रष्ट देखिने गरी र थप गर्नु परेकोमा कुन ठाउँमा थपिएको हो संकेत गरी व्यहोरा थपी यसरी केरमेट र थप गरिएको व्यहोराको अधि र पछि बयान गर्ने अभियुक्तको सहिछाप गराउनु पर्छ,
- बयान गराउँदा एक पटक लेखिसकेको व्यहोरा माथि पर्ने गरी सच्याउनु वा दोहोऱ्याउनु हुँदैन।
- अभुयुक्तले बयान गर्न इन्कार गरेमा वा कुनै सबालको जवाफ नदिएमा सोध्नु पर्ने सम्पूर्ण सबाल सोधी जवाफ नदिएको व्यहोरा उल्लेख गरी अनुसन्धान अधिकारी र सरकारी वकीलले प्रमाणित गर्नु पर्नेछ।

**बयानको प्रमाणिक मूल्यः**

- फौजदारी मुद्दामा कुनै अभियुक्तले निज उपर लगाइएको अभियोगको सन्दर्भमा अदालत बाहेक अन्यत्र व्यक्त गरेको कुरा अदालतले देहायको अवस्थामा मात्र प्रमाणको रूपमा लिन हुने व्यवस्था रहेको छः
  - सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो भन्ने पुष्टि भएमा,
  - निजलाई बाध्य गरी वा निज वा अरू कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन भन्ने पुष्टि भएमा,
  - निज उपर लागेको अभियोगको सम्बन्धमा कारबाही गर्ने अधिकारीले त्यस्तो कुनै धम्की वा आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा अन्यथा व्यक्त गर्ने सम्भावना थियो भन्ने पुष्टि भएमा
- दुई वा दुई भन्दा बढी व्यक्तिले कसूर गरेकोमा त्यस्ता व्यक्तिहरू मध्ये कुनै व्यक्तिले अदालतमा आफू सावित भई अन्य अभियुक्तलाई पोल गरेकोमा त्यस्तो पोल अन्य प्रमाणबाट पुष्टि भएमा प्रमाणमा लिन हुन्छ ।

प्रमाण ऐन, २०३१ को दफा ९

ऐजन दफा ९क.

**महिला, बोल्न असमर्थ, फरक क्षमता भएका र नेपाली भाषा नबुझ्ने व्यक्तिको बयान लिँदा विचार गर्नुपर्ने थप कुरा**

महिला, बालबालिका, बोल्न असमर्थ, फरक क्षमता भएका र नेपाली भाषा नबुझ्ने जस्ता व्यक्तिको बयान लिदा माथि उल्लेखित कुराहरूका अतिरिक्त निम्न कुराहरूमा पनि ध्यान दिनु पर्दछः

- महिलाको बयान लिदा विवाहित महिला भए निजको पतिको नाम वा बाबु/ससुराको नाम उल्लेख गर्ने,
- महिलाको बयान गराउँदा बेमनासिव ठट्टा मस्करीका हिसाबसँग सोधपुछ गर्नु हुँदैन । सभ्य, शिष्ट र सम्मानजनक भाषा प्रयोग गर्नु पर्ने,
- महिलाको बयान गराउँदा संभव भएसम्म महिला प्रहरी कर्मचारीबाट र महिला सरकारी वकील समक्ष बयान लिने,
- बयान गराउँदा महिलामैत्री वातावरण सृजना गरी महिलाको सम्मान, मर्यादा, र प्रतिष्ठामा आँच नपुग्ने अवस्था कायम गर्ने,
- आँखा नदेख्ने र बोल्न असमर्थ व्यक्तिको को बयान गराउँदा उनीहरूको संरक्षक वा हकवाला भए उनिहरूलाई नभए निजहरूले रोजेको मानिस राखी निजको इसारा बुझ्ने व्यक्तिले राम्रोसँग इसारा बुझी कागज गराई रोहवरमा त्यसको मतलव निजलाई बुझाउनु पर्दछ र बयान कार्य पूरा भए पछि सो व्यहोरा जनाई प्रमाणित गर्ने,
- बोल्न असमर्थ व्यक्तिको बयान लिनु पर्दा निज लेखपढ गर्न जान्ने रहेछ भने लेखेर वा इसारा बुझ्ने मानिसको रोहवरमा बयान लिने,
- नेपाली भाषा नबुझ्ने व्यक्तिको बयान लिँदा दोभाषेको व्यवस्था गरी दोभाषेको सहयोग लिने,
- बालबालिकाको सम्बन्धमा बालन्याय सम्बन्धी शीर्षक भाग दुई परिच्छेद तेह्रमा उल्लेख गरिएको छ ।

**सर्वोच्च अदालतको फैसला / आदेश**

- सामान्यतया अनुसन्धान अधिकारी समक्ष गरेको साबिती बयानको आधारमा मात्र कसूर ठहर गर्न पर्याप्त प्रमाण होइन । तर अनुसन्धान अधिकारी समक्षको बयान कुनै दबाब प्रभाव विना आफ्नो अन्तर हृदयबाट स्वस्फूर्त रूपमा आरोपित कसूरसँग स्वाभाविक सामाञ्जस्यता हुने गरी बयान गरी सो बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भइराखेको छ भने अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई प्रमाणमा ग्रहण नगर्ने हो भने सो बयान गर्न पर्ने कानूनी व्यवस्थाको कुनै अर्थ र प्रयोजन देखिन नआउने ।

कौशिलादेवी महतो वि. नेपाल सरकार ने.का.प. २०७५, अंक ७, नि.नं. १००५९

बालकृष्ण थारु समेत वि. नेपाल

- प्रतिवादीहरू अदालत समक्ष आरोपित कसूर गरेकोमा इन्कार रहे पनि निजहरूले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानमा आरोपित कसूर गरेकोमा सावितीी बयान दिएका छन्, जुन निजहरूको मन्जुरी विपरित डर, धाक, धम्कीका कारणबाट दिएको हो भनेर मान्न सो को प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार प्रतिवादीहरूले गुजार्न सक्नु पर्नेमा सो प्रमाण गुजार्न नसकेको अवस्थामा प्रतिवादीहरू अदालतमा कसूरमा इन्कार रहेको भए पनि निजहरूले अधिकार प्राप्त अधिकारी समक्ष आरोपि◌ित कसूरमा सावित रहेकोलाई अन्यथा भन्न नमिल्ने भएबाट सोलाई प्रतिवादिहरूको विरुद्ध प्रमाणमा लिन मिल्ने। सरकार, स. अ. बु., २०५४, पूर्णाङ्क १२४, पृ. १२
- सावितीी अधिकार प्राप्त अधिकारी समक्ष सावित हुनेहरूले अदालतमा बयान गर्दा इन्कार भएका छन् र निजहरूले बयानमा जिकिर लिए मुताविक घाउ चोट परेको देखिने भएबाट जिहरूको सो स्वेच्छाले भएको रहेछ भनी मान्न मिल्ने देखिन आएन। नेकाप २०५४, नि.नं. ६३६३,
- … सरकार वादी हुने फौजदारी मुद्दामा तहकिकातको लागि थुनामा राख्ने म्याद थपको लागि अदालतमा उपस्थित गराउ◌ँदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन गर्न सक्ने व्यवस्था गरिएको र यस व्यवस्थाले मुद्दाको अनुसन्धान तहकिकातको अवस्थामा प्रहरीबाट हुन सक्ने गैरकानूनी बल प्रयोगबाट अभियुक्तलाई सुरक्षाको प्रत्याभ◌ूति प्रदान गरिएको देखिनुका साथै उक्त कानूनी व्यवस्थाअनुसार निवेदन दिन सकिने व्यवस्थाको प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) को कानूनी व्यवस्थास◌ँग सार्थक सम्बन्ध रहेको मान्नुपर्ने। सचिन श्रेष्ठ वि. श्री ५ को सरकार नेकाप २०६३ अंक २ नि.नं. ७६४९
- विदेशी नागरिकलाई पक्राउ गर्दा, अभियोजन गर्दा तथा निज विरुद्ध भएका जुनसुकै न्यायिक कारबाहीमा निजलाई सोधपुछ, निजको बयान तथा निज उपरको न्यायिक दायित्व वहन गराउन समेतका लागि निजले बुझ्न सक्ने दोभाषे समेतको व्यवस्था गर्न अनुसन्धान निकाय, अभियोजन गर्ने निकाय एवम् यस अदालत र मातहतका सबै अदालत प्रतिवादीले बुझ्न वा बोल्न सक्ने भाषा जान्ने व्यक्तिको सूची तयार पारी आवश्यकता अनुसार सेवा लिने दोभाषेको सेवाल◌ाई नियमित बनाउन आवश्यक निर्देशिका सहितको व्यवस्था गर्न र तत्कालका लागि कम्तीमा अंग्रेजी विषयमा स्नातक उर्तीण गरेको दोभाषे समेतको नियुक्त गर्न आवश्यक प्रवन्ध गर्नु भनी प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय एवम् यस अदालतका रजिष्ट्रारको नाउँमा निर्देशन गरी हुने। ओमबुनमी माइकल ओजोर वि. नेपाल सरकार, लागू औषध, ने.का.प २०७२ अंक ५ नि.नं ९४००
- प्रहरीद्वारा पक्राउ गरी चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई थुनामा राख्ने कार्यलाई संविधान तथा कानूनसँगत भन्न नमिल्ने,

  गिरफतार गर्दाको अवस्थामा गैरकानूनी रूपले थुनिएको भएपनि रिट निवेदनको सुनुवाइ हुँदा कानून बमोजिम मुद्दा चलाई अदालतको आदेशानुसार थुनामा रहेको स्थितिमा पुर्व अबैधतालाई आधार बनाई निज उपर अदालतमा कानून बमोजिम चलिरहेको मुद्दामा अनुकूल वा प्रतिकूल असर पर्ने गरी रिट जारी गर्न नमिल्ने, अम्बरबहादुर गुरुङ वि. त्रि.वि.शुरक्षा प्रहरी गार्ड कार्यालय, नेकाप २०४९, नि.नं. ४४५०
- सोधपुछ गर्दा, बयान गर्दा गराउदा वा कुनै आदेश दिई Suspect/Accused बाट केही काम गराउदा संविधानको धारा १४(३) को हक र ICCPR को धारा १४.३(a) र (f) ले प्रदान गरेको सुविधा प्रदान गर्नु पर्दछ। तर नेपाल कानून मुलुकी ऐनको अ.वं. १७२ को कार्यविधि अपनाई खानतलासी गरी वा अन्य तर◌िकाले अपराध सँग सम्बन्धित चिज र वस्तु बरामद गर्दा उपरोक्त सुविधा प्राप्त नहुने। Testimonial हुने कार्यमा ICCPR को धारा १४(३) को a र f आकर्षित हुन्छ र यस्तो Suspect/Accused लाई Covenant ले दिएको धारा १४.३(a) र (f) को सुविधा अनिवार्य रूपले उपलब्ध गराउनु पर्ने। Florin Percul वि. नेपाल सरकार नेकाप २०६४ अंक २ नि.नं. ७८१८
- हाम्रो न्याय प्रणालीले मिसिल कागजातबाट खुल्न आएका तथ्य र व्यहोरालाई कुनै न कुनै रूपमा ग्रहण गर्ने वा स्वीकार गर्ने गरी आएको परिप्रेक्ष्यमा सहअभियुक्तको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने मान्यतालाई स्वीकार गरिएको पाइने। रामशरण महत वि. नेपाल सरकार, ने.का.प. २०६३ अंक ८, नि.नं. ७७४९

सहअभियुक्तको पोललाई प्रमाणमा लिने वा लगाउने सम्बन्धमा निम्न बमोजिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी विचार गर्नु उपयुक्त एवं वान्छनीय देखिन◌े◌ः

- ✓ एकै साथ सह अभियुक्तहरू मुद्दामा प◌ुर्पक्ष गरिएको अवस्था हुनुपर्ने, (A statement made by one of two co-accused should not be used against the other, whare later on their cases are trailed separately)

- ✓ सोही कसूरमा पोल गरेको हुनुपर्ने, (the expression as same offence means the identical offence and not offence of the same kind. It means offence falling within the same definition and arising out of the same transaction.)
- ✓ एउटा कसूरमा साबित हुनेले अर्का कसूरमा अरूलाई पोल गरेको नमिल्ने,
- ✓ आफू कसूरमा इन्कार भै एक अर्कालाई पोल गरेको हुन नहुने,
- ✓ पोल गर्ने सह अभियुक्तको मृत्यु भएकोमा पनि निजको भनाइलाई विचार गर्न सकिने।
- ✓ सह अभियुक्तको पोललाई आधारभूत एवं सारभूत (Substantive) प्रमाणको रूपमा लिन नमिल्ने,
- ✓ मुद्दाको जग (Foundation) अर्थात् यसकै आँडमा कसूर प्रमाणित भएको मान्न नमल्ने,
- ✓ अन्य आधारभुत स्वतन्त्र प्रमाणहरूबाट वारदात वा कसूर कायम हुन सक्ने स्थितिमा मात्रै सहअभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने।
- ✓ गैर न्यायिक सविती र न्यायिक निकाय समक्ष भएको साबितीको पोललाई सोही अनुपातमा प्रामाणिक मूलयलाई फरक राखी हेर्नुपर्ने।

➢ अपराध अनुसन्धानकर्ता समक्ष भएको साविती मात्रका आधारमा न्यायिक निष्कर्ष निकाल्न मिल्दैन। तर त्यो साविती अन्य प्रमाणबाट सत्य रहेको स्थापित हुन्छ भने त्यसलाई मुद्दाको अनुसन्धानकर्ता प्रहरी समक्ष भएको भन्ने मात्र आधारमा प्रमाण शून्य लिखतको रूपमा ग्रहण गर्न न्यायोचित हुँदैन। प्रहरी साबितीको पुष्टि गर्ने अन्य प्रमाण स्वतन्त्र हुन् वा होइनन् र ती के कसरी संकलित भए भन्ने प्रश्नमा भने अदालतले संवेदनशीलताका साथ शतर्क हुनु पर्ने। प्रहरी समक्ष भएको कागजले कुनै प्रमाणिक महत्व राख्दैन भन्न सकिन्न। प्रमाणको महत्व संख्यामा होइन आफ्नो गुणवत्तामा निर्भर रहन्छ। प्रमाण भन्ने कुरा प्रकृतिले होइन, आफ्नो विश्वसनीयताका आधारमा मूल्याङ्कित हुने।

शेष रइस आलम वि. नेपाल सरकार नेकाप २०६७ जेठ अकं २ नि.नं. ८३१८

➢ सहप्रतिवादीको पोल आफैले स्वतन्त्र प्रमाणको स्वरूप ग्रहण गर्न सक्दैन। त्यस्तो पोल अन्य स्वतन्त्र ठोस प्रमाणबाट समर्थित हुनुपर्ने।

नेकाप २०६४ अंक १० नि.नं. ६८९३

➢ अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भइरहेको र बल पूर्वक बयान गराएको भन्ने समेत पुष्टि हुन नसकेको अवस्थामा प्रमाणयोग्य हुने। मानिस बेच्ने जघन्य अपराध गरेको पुष्टि भएको र त्यस्तो अपराध रोक्न एवं अपराधीलाई सजाय गर्न बनेको विशेष ऐन कार्यान्वयनमा रहेकै अवस्थामा उक्त कानून नै आकर्षित हुने,

नेकाप २०६७, अंक ७, नि.नं. ८४२१

➢ साविती बयान आफैमा महत्वपूर्ण प्रमाण भए पनि साविती मात्र अभियोग पुष्टि गर्ने आधार बन्न सक्दैन। साबितीलाई अभियोग पुष्टि गर्ने एकमात्र आधार बनाइयो भने त्यसले फौजदारी न्याय प्रणालीमा थुप्रै जटिलताहरूलाई जन्म दिन्छ। त्यसले अनुसन्धान एवं अभियोजन पक्षबाट दावी प्रमाणित गर्नका लागि अन्य प्रमाणको संकलन र विश्लेषणमा भन्दा अभियुक्तलाई साविती बयान दिन बाध्य पारिने सम्भावनालाई बल प्रदान गर्ने हुँदा वास्तविक अपराधी उम्कने र अनुसन्धानका क्रममा अभियुक्तका रूपमा प्रस्तुत गरिएका दण्डीत हुनुपर्ने बिडम्बनापूर्ण अवस्था पनि आउन सक्ने भएकाले त्यस्ता सम्भावनालाई बल पुग्ने गरी न्यायिक व्याख्या गरिनु नहुने।

पृथ्वीबहादुर खड्का विरुद्ध नेपाल सरकार, नेकाप २०६७, अंक ८, नि.नं ८४३३

**महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्रः**

- अभियोगपत्र दायर गर्दा अभियुक्तको नाम, ठेगाना, वतन प्रष्ट हुने सम्भव भएसम्म नागरिकताको प्रमाणपत्र, चालक प्रमाणपत्र वा परिचय खुल्ने अन्य प्रमाणपत्र जस्ता आधिकारीक प्रमाणहरूको प्रतिलिपि, इमेल, टेलिफोन, मोबाइल नम्बरहरू र फेला परेका अभियुक्तको फोटो बयानको अन्तिममा टाँस गरी सो बयान गरिएको कागजमा ल्याप्चे वा सहिछाप गराउने। यो कार्य तत्काल सुरू गर्न गराउन प्रहरी अनुसन्धानकर्तालाई समेत निर्देशन दिने। कुनै शंकित व्यक्तिले बयानमा लेखाएको नाम, थर वतनलाई छानबिन गरी यकिन गर्ने गराउने। निजले लेखाएको गाउँपालिका/महा/उपमहा/नगरपालिका छ कि छैन, सम्बन्धित व्यक्ति सो गाउँपालिका र वडा नं. को हो होइन स्थानिय निकायको नाम उल्लेखित विवरण पुस्तिका वा टेलिफोन फ्याक्स जस्ता माध्यमबाट यकिन गर्ने गराउने।

मिति २०६७।१२।२७ मा जारी गरिएको निर्देशन

## २.८ अनुसन्धान अधिकारीलाई राय सल्लाह दिने

संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अधिकारीलाई कानूनी राय सल्लाह दिनु सरकारी वकीलको मुख्य जिम्मेवारी हो । मुलुकी फौजदारी कार्यविधि संहिताले सरकार वादी फौजदारी मुद्दाको अनुसन्धानका क्रममा अनुसन्धान अधिकारीलाई अनुसन्धानका विविध कानूनी सबालमा सरकारी वकीलले राय सल्लाह दिनुपर्ने जिम्मेवारी उल्लेख गरेको छ । सरकारी निकायका अधिकारीहरूको कानूनी सल्लाहकार सरकारी वकील हुने भएकोले सरकार वादी मुद्दाको अनुसन्धान अभियोजन र न्याय निरोपणका चरणमा सरोकारवाला निकाय वा अधिकारीलाई मुद्दाको आवश्यक कानूनी प्रक्रियाका विषयमा राय सल्लाह दिनु सरकारी वकीलको कानूनी कर्तव्य पनि हो ।

### कानूनी व्यवस्था:

- यस परिच्छेद बमोजिम अनुसन्धान गर्दा सम्बन्धित अनुसन्धान अधिकारीले कुनै विषयमा सरकारी वकीलको राय सल्लाह माग गर्न सक्नेछ ।
- उपदफा (१) बमोजिम राय सल्लाह माग भएकोमा सम्बन्धित सरकारी वकीलले आफ्नो राय वा सल्लाह दिनु पर्नेछ ।
- उपदफा (२) बमोजिम राय सल्लाह दिँदा अनुसन्धानको समयमा कुनै विषयमा थप अनुसन्धान गर्न वा थप प्रमाण संकलन गर्न वा कुनै दशी प्रमाण संकलन गर्न वा कुनै दशी प्रमाण बरामद गर्न वा कसैसँग केही कुरा बुझ्न आवश्यक छ भन्ने लागेमा सरकारी वकीलले त्यस बमोजिम गर्न वा गराउन सम्बन्धित अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ ।
- उपदफा (३) बमोजिम दिएको निर्देशन पालना गर्नु अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ ।
-

फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २६

### राय सल्लाह दिनु अघि सरकारी वकीलले विचार गर्नु कुरा

- राय सल्लाह माग गर्ने कार्यालय वा अधिकारी कसूरको अनुसन्धान गर्ने कार्यालय वा अधिकारी भए वा नभएको
- अनुसन्धान अधिकारीबाट राय सल्लाह माग भए वा नभएको,
- राय सल्लाह माग गरिएको विषय कसूरको अनुसन्धानसँग सम्बन्धित भए वा नभएको,
- राय सल्लाह माग गरिएको विषयसँग सम्बन्धित सम्पूर्ण विवरण मिसिल कागजात संलग्न गरी पठाए वा नपठाएको,
- राय सल्लाह माग गर्ने कार्यालय वा अधिकारीले राय सल्लाह माग गरिएको विषयमा आफ्नो दृष्टिकोण दिएको वा नदिएको,
- यस अघि यसै विषयमा राय सल्लाह दिएको वा नदिएको,

### सरकारी वकीलले देहायको अवस्थामा राय सल्लाह दिन इन्कार गर्न सक्नेछ:

- राय सल्लाह माग गर्ने कार्यालय वा अधिकारी कसूरको अनुसन्धान गर्ने अधिकारी नभएमा,
- राय सल्लाह माग भएको विषय कसूरको अनुसन्धानसँग सम्बन्धित नभएमा,
- राय सल्लाह माग गरिएको विषयसँग सम्बन्धित फाइल कागजात संलग्न नभएमा,
- सोही विषयमा सोही अधिकारीलाई पहिले राय सल्लाह दिएको भएमा,
- राय सल्लाह माग गरिएको विषयमा अनुसन्धान अधिकारी वा कार्यालयको दृष्टिकोण उल्लेख नभएमा,
- काल्पनिक वा नीतिगत विषयमा राय सल्लाह माग गरिएको भएमा

## २.९ अनुसन्धान प्रतिवेदन, मिसिल संलग्न प्रमाणको मूल्यांकन र थप निर्देशन

अनुसन्धान अधिकारीले अपराध अनुसन्धान/तहकिकातको कार्य पूरा गरिसके पछि पक्राउ परेका अभियुक्तहरूको बयान र संकलन गरिएका अन्य सबुद प्रमाणहरूको आधारमा अभियुक्तहरू उपर के कस्तो कसूरमा के कस्तो अभियोग लगाई के कति सजायको माग दाबी गर्ने भन्ने आफ्नो राय सहितको अनुसन्धान प्रतिवेदन तयार गरी अभियोजन सम्बन्धी कार्यको लागि संकलन गरेको दशी

प्रमाण साथ अनुसन्धान मिसिल सरकारी वकील समक्ष पेश गर्नु पर्दछ । सरकारी वकीलले आफू समक्ष पेश हुन आएको अनुसन्धान प्रतिवेदन अध्ययन गर्ने, मिसिलमा भएका प्रमाणहरूको मूल्यांकन गर्ने र आवश्यक देखिएमा अनुसन्धान अधिकारीलाई कुनै खास व्यक्ति बुझ्ने वा कुनै खास प्रमाण संकलन गर्न थप निर्देशन दिन सक्नेछ ।

**अनुसन्धान प्रतिवेदन र अनुसन्धान प्रतिवेदन पेश गर्नु पर्ने अवधि**

कुनै कसूरको सम्बन्धमा अनुसन्धानको कार्य पूरा भएपछि अनुसन्धान अधिकारीले अनुसन्धान गरिएका सबै वा कुनै अभियुक्त उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा निजलाई कुन कानून अन्तर्गत सजाय हुनु पर्ने हो सो कुरा खुलाई तथा कसूर नभएको देखिएको वा कसूर भएको भए पनि त्यस्तो कसूर गर्ने व्यक्ति यही हो भन्ने यकिन हुन नसकेको वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई अनुसन्धान प्रतिवेदन निर्धारित ढाँचामा तयार गरी मिसिल कागजको सक्कल तथा नक्कल प्रति पक्राउ परेका अभियुक्त र दशी प्रमाण समेत सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्ने कानूनी व्यवस्था रहेको छ । अनुसन्धान प्रतिवेदन पठाउँदा थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानूनको हदम्याद पुग्ने कम्तीमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चलाउने वा नचलाउने निणर्य गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मुद्दा दायर गर्ने दिनभन्दा सामान्यतया कम्तीमा तीन दिन अगाडि नै पठाउनु पर्दछ ।

**कानूनी व्यवस्था:**

- अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतको कुनै कसूरको सम्बन्धमा अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले कसूर गरेको शङ्का गरिएका सबै वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएमा निजलाई कुन कानून अन्तर्गत सजाय हुनु पर्ने हो सो कुरा खुलाई तथा कसूर नभएको देखिएको वा कसूर भएको भए पनि त्यस्तो कसूर गर्ने व्यक्ति यही हो भन्ने यकिन हुन नसकेको वा कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई मिसिल कागजको सक्कल तथा नक्कलप्रति र दसी प्रमाण सहितको अनुसन्धान प्रतिवेदन अनुसूची–१९ बमोजिमको ढाँचामा तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

  फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१

- उपदफा (१) बमोजिम प्रतिवेदन पठाउँदा थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानूनको हदम्याद पुग्ने कम्तीमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मुद्दा दायर गर्ने दिन भन्दा सामान्यतया कम्तीमा तीन दिन अगाडि नै पठाउनु पर्नेछ ।
- उपदफा (१) बमोजिम अनुसन्धान प्रतिवेदन सहितको मिसिलप्राप्त भएपछि सम्बन्धित सरकारी वकीलले मिसिल अध्ययन गरी अनुसन्धानको सिलसिलामा सङ्कलित सबुद प्रमाणको मूल्याङ्कन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा निर्णयको लागि महान्यायाधिवक्ता समक्ष मिसिल पठाउनु पर्नेछ ।
- तर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने आफ्नो अधिकार महान्यायाधिवक्ताबाट मातहत सरकारी वकीललाई सुम्पिएकोमा त्यस्तो मिसिल सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।
- स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "मातहतको अधिकृत" भन्नाले महान्यायाधिवक्ता अन्तर्गतका सरकारी वकील सम्झनु पर्छ र सो शब्दले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै मुद्दा चलाउन महान्यायाधिवक्ताले अख्तियारी दिएको नेपाल सरकारको कुनै अधिकृत वा कर्मचारीलाई समेत जनाउँछ ।
- उपदफा (३) बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सबुद प्रमाण सङ्कलन गर्न वा थप अनुसन्धान गर्न वा कुनै व्यक्तिसँग थप सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण सङ्कलन गरी वा थप अनुसन्धान गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपूछ गरी पठाउन अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

- सरकारी वकीलले कसूरको थप अनुसन्धान गर्न उपदफा (४) बमोजिम निर्देशन दिएमा अनुसन्धान अधिकारीले त्यस्तो निर्देशन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र थप अनुसन्धान पूरा गरिसक्नु पर्नेछ ।
- उपदफा (५) बमोजिमको थप अनुसन्धान सोही उपदफामा उल्लिखित अवधिभित्र पूरा हुन नसक्ने भन्ने अनुसन्धान अधिकारीलाई लागेमा र कुनै व्यक्ति हिरासतमा रहेको भएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई माथवर व्यक्तिको जमानी लिई वा नलिई तारिखमा राख्न सक्नेछ ।
- अनुसन्धान अधिकारीले यस दफा बमोजिम कुनै व्यक्ति उपर मुद्दा चलाउन नसकिने कारण सहितको प्रतिवेदन सरकारी वकील समक्ष पेश गरेकोमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति हिरासतमा रहेको भए अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने निर्णय नगरेसम्म हिरासतमा राखी राख्नु पर्नेछ ।
- यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–१ मा उल्लिखित कुनै कसूरमा प्रमाणको अभावमा मुद्दा नचलाउने गरी निर्णय भएपनि पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा त्यस्तो कसूरका सम्बन्धमा पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न सकिनेछ ।

**अनुसन्धान प्रतिवेदनमा खुलाउनु पर्ने कुरा:**

सरकारी वकील कार्यालयमा पेश गर्ने अनुसन्धान प्रतिवेदनमा निम्न कुरा खुलाउनु पर्दछः

- मुद्दा नं. र दायरी मिति,
- कसूरको सूचना प्राप्त भएको वा उजुरी परेको मिति र समय,
- सूचना दिने व्यक्तिको नाम र ठेगाना,
- वारदात सम्बन्धी जाहेरी व्यहोरा तथा अन्य तथ्यगत व्यहोरा,
- अभियुक्तको पूरा नाम, थर, वतनसहितको स्पष्ट पहिचान विवरण खुलेका कागजातहरू,
- पक्राउ परेको र फरार रहेका प्रत्येक अभियुक्तको सम्बन्धमा निजहरूले गरेको कसूरजन्य कार्य, सोसँग सम्बन्धित कानून र प्रत्येक अभियुक्तले गरेको कसूरको लागि पृथक–पृथक विवरण,
- अभियुक्तले अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानको छोटकरी विवरण,
- पक्षको गोपनीयता कायम राख्नुपर्ने मुद्दामा पीडितको नाम, थर सहितको विवरण खुलेका कागजातहरूको छुट्टै खामबन्दी,
- मुद्दा पेश वा दर्ता गर्नु पर्ने म्याद वा हदम्याद सम्बन्धी,
- अपराध अनुसन्धानको सिलसिलामा प्रचलित कानून बमोजिम बरामद गरी नियन्त्रणमा लिएको नगद, जिन्सी, चीज, वस्तु तथा साधनहरूको विवरण,
- अनुसन्धानको क्रममा संकलन गरेको भौतिक सबुद प्रमाणको विश्लेषण, प्रचलित कानून तथा सान्दर्भिक नजिरहरू समेतको उल्लेख भई सोही आधारमा सजायको मागदावी गर्नुपर्ने व्यहोरा,
- अपराध अनुसन्धानको क्रममा सरकारी वकीलसँग भएको सम्पर्क, समन्वय र निर्देशनको व्यहोरा,
- अभियुक्त उपरको कसूर प्रमाणित गर्ने आधार, कारण र सम्बद्ध सबुद प्रमाणहरू,
- मुद्दा नचलाउने गरी प्रस्ताव गरिएको भए वा केही व्यक्तिहरू उपर मुद्दा नचलाउने गरी प्रस्ताव गरिएकोमा त्यसको आधार कारण
- लगातार सुनुवाइको प्रक्रिया अवलम्बन गर्नुपर्ने अवस्था सम्बन्धी विवरण,
- फौजदारी कार्यविधि संहिताको अनुसूची -१९ बमोजिमका विषयहरू ।

अनुसन्धान प्रतिवेदन साथ सरकारी वकील कार्यालयमा पेश गरिएका अभियुक्त र सुरक्षाको दृष्टिकोणले सरकारी वकील कार्यालयमा राख्न उपयुक्त नहुने देखि सुरक्षित साथ राख्न फिर्ता पठाएका दशीका सामान समेत सम्बन्धित प्रहरी कार्यालयले अभियोगपत्र पेश गर्ने दिनसम्म सुरक्षित साथ राखी अभियुक्त र दशीका सामान सरकारी वकीलबाट प्राप्त जानकारी बमोजिम अभियोगपत्र दर्ता गर्ने समयमा अदालतमा पेश गर्न लैजानु पर्दछ ।

**अनुसन्धान प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा**

- जुन निकाय वा पदाधिकारीले अनुसन्धान गरी मिसिल प्रमाण पठाएको छ सो विषयमा अनुसन्धान गर्ने निजको कानूनी अधिकार छ वा छैन,
- अनुसन्धान तहकिकात पूरा गरी म्याद भित्रै अनुसन्धान प्रतिवेदन प्राप्त भएको छ वा छैन,
- प्रस्तावित रायका सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद छ छैन,
- अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकात गर्दा अनिवार्य रूपले पूरा गर्नु पर्ने कार्यविधि एवं प्रक्रियाहरू अनुशरण गरेको छ वा छैन,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ वा अन्य विशेष ऐन अनुसार जुन कसूरको सम्बन्धमा अनुसन्धान गरेको हो सो अभियोग सम्बन्धी कसूर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ र २ भित्र पर्ने हो वा होइन,
- जुन अपराध घटेको भनिएकोछ सो कार्य भए घटेको कुरा स्थापित भएको, छ छैन भनी यकिन गर्नु पर्छ । अन्यथा अनाहकमा निर्दोष व्यक्तिले मुद्दा झेल्नु पर्ने हुन्छ,
- शव फेला पर्न नसकेको अवस्थामा हत्याको अभियोग लागेको व्यक्तिले के कसरी कहिले हत्या गरेको हो भन्ने तथ्य अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्ने दायित्व वादी पक्षले वहन गर्नु पर्ने । कुनै व्यक्ति हटाएकै आधारमा निजको हत्या भएको निष्कर्ष निकाल्दा भोली त्यो व्यक्ति जीवितै समाजमा फर्केर आयो भने समस्त न्याय नै कलंकित हुन पुग्दछ । (नेपाल सरकार विरुद्ध मन कुमारी नेपाली मुद्दा कर्तव्य ज्यान, ने.का.प २०६८ अंक १२ नि.नं. ८७२५)
- अनुसन्धान अधिकारीद्वारा प्रस्तावित कसूरको सम्बन्धमा प्रचलित ऐन कानूनले दण्ड सजायको व्यवस्था गरेको छ वा छैन,
- प्रस्तावित कसूर सम्बन्धी मुद्दा कुन कुन निकायमा दायर हुने हो सो विषय,
- अनुसन्धान तहकिकातबाट संकलित सबुद प्रमाण एवं साक्षीहरू मुद्दा दायर गर्न पर्याप्त छ वा छैन,
- पर्याप्त सबुद प्रमाणको अभाव भएको वा संकलन गर्नु पर्ने सबुद प्रमाण संकलन गर्न बाँकी रहेको देखिएमा अनुसन्धान अधिकारीलाई थप सबुद प्रमाण बुझ्ने वा संकलन गर्ने सम्बन्धमा कुनै निर्देशन दिनु पर्ने नपर्ने,
- शंकास्पद व्यक्ति पक्राउ परेको र निजको हकमा थुनामा राख्न कानून बमोजिम म्याद थप गरे नगरेको,
- अनुसन्धान अधिकारीको राय प्रतिवेदनमा उल्लेखित सबुद प्रमाण तथा दशीका सामानहरू खोजेका बखत पेश गर्न सकिने गरी अनुसन्धान अधिकारीको नियन्त्रणमा रहे नरहेको,
- सरकारी वकीलले दिएको पूर्व निर्देशन पालना भए नभएको ।

## २.१० मिसिल संलग्न प्रमाणको मूल्यांकन

अनुसन्धान अधिकारीले अनुसन्धान/तहकिकातको कार्य सम्पन्न गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्न सरकारी वकील कार्यालयमा आफ्नो अनुसन्धान अनुसन्धान प्रतिवेदन साथ संकलित सबुद तथा दशी प्रमाणहरू, मुचुल्काहरू, भौतिक चीज बस्तुहरू, पक्राउमा परेका अभियुक्तहरू तथा पीडित साक्षीहरू समेत साथै प्रस्तुत गर्नु पर्दछ । अनुसन्धान अधिकारीद्वारा प्रस्तुत हुन आएको मिसिल कागजात अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने निर्णयमा पुग्नु भन्दा पहिले सरकारी वकीलले प्रस्तुत हुन आएको सम्पूर्ण सबुद प्रमाणको अध्ययन, विश्लेषण तथा उचित मूल्याङ्कन गरी निर्णयमा पुग्नु पर्दछ । प्रमाणको मूल्याङ्कन के कसरी गर्ने भन्ने विषयमा निश्चित कानूनी मार्गदर्शन निर्धारण भएको पाइँदैन ।

सरकारी वकीलले मिसिल संलग्न प्रमाणहरूको अध्ययन, विश्लेषण एवं मूल्याङ्कन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्नु पर्ने हुँदा देहाय अनुसारका प्रमाण कागजातहरूको बारेमा जानकारी राख्नु आवश्यक छः

**साक्षी एवं मौखिक प्रमाण**

जाहेरी दरखास्त जाहेरवालाको कागज अभियुक्तको बयान चश्मदीद गवाह
वारदातका साक्षी मृत्युकालीन घोषणा विशेषज्ञको राय

**लिखित प्रमाण**

लिखत प्रमाण अस्पतालको जाँच प्रमाण भरपाई निस्सा क्षेत्रगत कागजात प्रमाण

**भौतिक प्रमाण**

लाश प्रकृति मुचुल्का खानतलासी एंव वरामदी मुचुल्का घटनास्थल प्रकृति मुचुल्का

**वैज्ञानिक जाँच/परीक्षण**

शव परीक्षण घाउँ जाँच प्रतिवेदन

अभियुक्त वा पीडितको साथबाट वा वारदातमा प्रयोग भएका बस्तुहरूको जाँच सनाखत
वारदातस्थलबाट उठाइएका प्रमाण लाग्न सक्ने बस्तुहरूको जाँच लागू औषध जाँच
भिसेरा जाँच, DNA जाँच, Finger and Foot Print को जाँच शारीरिक परीक्षण प्रतिवेदन
रगत, विर्य, खकार जाँच
हातहतियार, खरखजना वा विस्फोटक पदार्थ जाँच विवादास्पद लिखत परीक्षण
हस्ताक्षर, ल्याप्चे परीक्षण उमेर जाँच

**दशी प्रमाण**

अपराधसँग सम्बन्धित दशी प्रयोग भएका हातहतियार

**अन्य प्रमाण**

विद्युतीय माध्यमबाट प्राप्त डिजिटल सबुद प्रमाण
श्रब्य दृष्य सामाग्री
फेसबुक/ह्वाट्सएप/म्यासेन्जर/भाइवर लगायतका यस्तै प्रकारका विविध एप्सहरूको माध्यमबाट देखिने सुनिने वा अनुभूति हुने जानकारी मूलक सूचना वा संवाद वा अभिलेखहरू
कम्प्युटर/ल्यापटप/मोवायल/ट्याव लगायतका विभिन्न- प्रकृतिका विद्युतीय साधन मार्फत कसूर सम्बन्धी घट्नाका बारेमा वा घट्नामा संलग्नताका बारेमा तथ्य वा जानकारी संकलन, अभिलेखन, संचय, आदनप्रदान सम्बन्धी सबुद प्रमाण।
सरकारी वकीलले मिसिल संलग्न रहेका पञ्जिका बमोजिमका प्रत्येक प्रमाण कागजको बारेमा निष्पक्ष एवं सुक्ष्म अध्ययन गर्नु जरुरी छ। सरकारी वकीलले अध्ययन, विश्लेषण एवं मूल्याङ्कन गरेको देखिने गरी प्रत्येक लिखत कागजातहरूको छुट्टै टिपोट बनाई आफूसँग रहने मिसिल साथ राख्नु पर्दछ जसले मुद्दाको बहस बुँदा तयार गर्दा र अदालतमा बहस पैरवी गर्दा पनि निकै सहयोग पुऱ्याउँदछ।

**प्रमाण मूल्याङ्कनको वैज्ञानिक विधिः**

फौजदारी मुद्दामा प्रमाणको मूल्याङ्कन गर्दा मिसिल संलग्न स्वतन्त्र एवं प्रत्यक्ष प्रमाणको पहिचान र विश्लेषण गर्नु मूल विषय हो। प्रमाणको वस्तुपरक सत्यता पहिल्याउन स्वतन्त्र प्रमाणलाई समर्थन गर्ने अन्य प्रमाणहरूको न्यायिक विवेक सम्मत विश्लेषण गर्नु एक कला हो। अभियोजनकर्ताले ती स्वतन्त्र प्रमाणले उजागर गरेका तथ्यहरू मिसिल संलग्न अन्य प्रमाणले गर्ने समर्थन वा खण्डनको सत्यता विश्लेषण गरी अभियुक्तको कसूर वस्तुपरक ढंगले मापन र विश्लेषण गर्दै जानु पर्दछ। स्वतन्त्र प्रमाणलाई समर्थन गर्ने मिसिल संलग्न अन्य प्रमाणहरूको विश्लेषणबाट निचोडमा पुग्नु पर्दछ।

## साक्षी एवं मौखिक प्रमाणको मूल्यांकन

फौजदारी मुद्दाहरूमा साक्षी प्रमाण तथा मौखिक प्रमाणको निकै महत्व छ । वारदातबाट पीडित भएको व्यक्ति, वारदात घटेको देख्ने वा थाहा पाउने व्यक्तिले व्यक्त गरेको कुराले फौजदारी मुद्दामा न्यायिक निरोपण गर्न निकै मद्दत पुऱ्याउँदछ । अनुसन्धान अधिकारीले यस्ता प्रमाणको संकलन गर्दा अत्यन्तै संवेदनशील भएर सतर्कता साथ संकलन गर्नु पर्दछ । यी यस्ता प्रमाण हुन् जसको संकलनमा कुनै कैफियत वा प्रक्रियागत त्रुटि भएमा त्यसको परिणाम प्रतिवादीको लागि सकारात्मक र वादीको लागि नकारात्मक हुन सक्दछन् । सरकारी वकीलले अभियोजन प्रयोजनको लागि अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने साक्षी एवं मौखिक प्रमाणहरू यसप्रकार छनः–

### (क) जाहेरी दरखास्तः

कुनै स्थानमा अपराध भएको छ वा हुँदैछ भन्ने कुरा नजीकको प्रहरी कार्यालयमा जानकारी गराउने निवेदनलाई अपराधको सूचना वा जाहेरी दर्खास्त भन्न सकिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४ ले गरेको व्यवस्था अनुसार जाहेरी लिखित वा मौखिक वा अन्य कुनै माध्यमद्वारा दिन सकिन्छ । केवल जाहेरी दिँदैमा वारदात भएको पुष्टि हुँदैन । नत कुनै व्यक्तिमाथि अभियोग लगाई मुद्दा चलाउन र सजाय गर्न नै सकिन्छ । जाहेरी आफैमा एउटा प्रमाण होइन तर अन्य प्रमाणबाट समर्थन वा पुष्टि भएमा सबैभन्दा भरपर्दो प्रमाण नै जाहेरी हो भन्ने कुरा सर्वोच्च अदातलको फैसलाहरूबाट पनि पुष्टि भैसकेको छ ।

### सर्वोच्च अदालतको फैसला/आदेश

- हुलाकबाट जाहेरी पठाउँदैमा दायित्व पूरा नहुने र त्यती आधारबाट मात्र मुद्दाको श्रृजना गरी मुद्दा दायर हुन नसक्ने । — स. अ. बु. २०५८, पूर्णाङ्क, पृष्ठ २१
- जाहेरी दर्खास्त यति समय भित्र दिनु पर्छ भनी सरकारी मुद्दा सम्बन्धी ऐनमा तोकेको नदेखिने । — नेकाप २०२६, निनं. ४८०
- बारदात घटेको एक महिना पछि परेको जाहेरी नै शंकास्पद देखिने । — नेकाप २०४१, निनं. १९१६
- पहिलो जाहेरीमा कसैको नाम उल्लेख नभएकोमा वारदातको करीब एक हप्तापछि गाउँघरमा सल्लाह गरी पत्ता लगाउँदा भनी नाम उल्लेख गरी दिएको जाहेरी शंकास्पद देखिने । — नेकाप २०४१, निनं. १९९४
- फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैमा प्रमाण होइन । अपराध अनुसन्धानको आधार मात्र हुन सक्छ ।... जाहेरी दरखास्त र प्रहरीमा भएको साविती बयानको आधारमा मात्र कसूरको ठहर गर्नु न्याय कानून समेतबाट नमिल्ने । — नेकाप २०५६ निनं. ६६५६
- जाहेरवाला प्रत्यक्षदर्शी नभए पनि निज अन्यत्रबाट घर आउँदा घर परिवारले बताए बमोजिम आफूले जाहेरी दिएको निजको किटानी जाहेरीलाई निज स्वयं अदालतमा उपस्थित भै बकपत्र गरी पुष्टि गरी दिएको देखिन्छ । चौध वर्षीय बालिका आफ्नै सामाजिक मान प्रतिष्ठानमा आँच आउने गरी यी प्रतिवादीलाई जवर्जस्ती करणीको आरोप लगाउनु पछाडि कुनै भरपर्दो कारण रहेको तथ्य समेत प्रतिवादीले खुलाउन सकेको अवस्था छैन । यसबाट जबरजस्ती करणीको उद्योगको वारदातमा यिनै प्रतिवादीको संलग्नता रहेको पुष्टि हुन आउने । — नेपाल सरकार वि. तपसी कुर्मी, नेकाप २०६३ अंक ९ नि.नं. ७७६२
- जाहेरी दरखास्त यती घण्टा, वा दिन भित्र दिई सक्नु पर्ने भनी यान्त्रिक तवरबाट गणना गरी कठोरतापूर्वक निर्धारण गरिने हदम्याद जस्तो विषय भने होइन । अपराधको प्रकृति, समाजको चेतनाको स्तर, भौगोलिक अवस्था, पीडितको पारिवारिक पृष्ठभूमि, कसूरको पिडा, पीडित भएर पनि पीडित उपर नै धार्मिक वा सामाजिक कुसंस्कारको परिमाणस्वरूप पीडितलाई नै दागी बनाउने (Stigmatisation) प्रवृत्तिको फलस्वरूप कसूरको जाहेर गर्ने वा नगर्ने भन्ने कुरामा नै द्धिविधा हुने मनोवैज्ञानिक दवाव (Psychological Stress) जस्ता तत्वहरूले यसमा प्रभाव पारिरहने । ... जाहेरवाला घटनाको पीडित हुनु पर्ने वा घटना प्रत्यक्ष देखेको व्यक्ति नै हुनु पर्ने कानूनी अनिवार्यता समेत नहुँदा अपराध बारेको सम्पूर्ण तथ्य जाहेरी दरखास्तमा नै उल्लेख भएको हुनु पर्दछ भनी मान्न मिल्ने अवस्था नहुने । — नेपाल सरकार वि. दिपक तुलसी वाख्यो, नेकाप २०६३ अंक १० नि.नं.७७७२

- सरकार वादी हुने फौजदारी मुद्दामा वारदात वा कसूरको विषयमा कसै उपर पोल गरी दरखास्त वा निवेदन मुद्दा हेर्ने अड्डा समक्ष पठाउन सकिने र त्यसमा सनाखत गराई थप प्रमाण समेत खुलाउन लगाई आरोपित व्यक्तिलाई पक्री कारबाही गर्न सकिने सम्मको व्यवस्था रहेको तर त्यस्तो निवेदनले एकपटक अभियोगपत्र दायर भैसकेको मुद्दाको आरोपित व्यक्तिले सफाई पाउन प्रमाणको स्थान ग्रहण गर्न नसक्ने। नेपाल सरकार वि. पारसनाथ पाठक, नेकाप २०६५ अंक ९ नि.नं.८०१४
- घटना र वारदातलाई स्वतन्त्र प्रमाणहरूले पुष्टि गरिरहेको छन् तथा सार्वजनिक निकायका अभिलेखले समर्थन गरिरहेका छन भने जाहेरीको ९ दिनको ढिलाई नै प्रतिवादिले सफाइ पाउने आधार बन्न नसक्ने। नेकाप २०६७, अंक ६, नि.नं. ८३८७
- जाहेरी दरखास्तलाई अदालतले अन्य संकलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (Corroborate) नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैमा स्वतन्त्र प्रमाण हुन सक्दैन। नेकाप २०६९ अंक २ नि.नं ८७६४
- कुनै अपराध भएको भन्ने सूचनाको आधारमा अनुसन्धान प्रक्रियाको थालनी भएपछि सोही कसूरमा मात्रै अभियोजन हुनुपर्दछ भन्ने मान्यता स्थापित हुने हो भने अनुसन्धान र अभियोजन कार्यको परिभाषा नै सीमित हुन पुग्ने। ने.का.प. २०७७, अंक २, नि.नं. १०४३६

**(ख) अभियुक्तको बयानः**

यस सम्बन्धी विस्तृत विवेचना यसै परिच्छेदको प्रकरण २.७ मा गरिएको छ।

**(ग) गवाहः**

फौजदारी मुद्दामा चश्मदिद् गवाह प्रत्यक्ष प्रमाण हो। कुनै वारदात घटेको देख्ने प्रत्यक्षदर्शी वा स्वयं पीडित घटनाको चश्मदिद् गवाह हुने भएको हुँदा निजहरूले अनुसन्धानको क्रममा खुलाएको कुरा महत्वपूर्ण प्रमाण मानिन्छ। सबै साक्षी वारदातका चश्मदिद् गवाह नहुन पनि सक्दछन्। साक्षी देखी जान्ने वा सुनी जान्ने दुवै हुन सक्दछन्। वारदात हुँदाको अवस्थामा चश्मदिद्को रूपमा देख्ने व्यक्ति नभए पनि वारदात हुनु भन्दा अगाडि वा वारदात भैसकेपछि घटना स्थलमा उपस्थित भै वारदात भएको पुष्टि गर्ने व्यक्ति वा वारदात घटेको वा घटाएको बारेमा यकिन साथ थाहा पाउने व्यक्ति वारदातका साक्षी हुन सक्दछन्। वारदातका साक्षीले वारदातको सम्बन्धमा देखेको वा सुनेको कुरा जस्ताको त्यस्तै व्यक्त गरेका हुन्छन भन्ने अनुमान गरिन्छ तथापि निजहरूको भनाइलाई अन्य सबुद प्रमाणसँग भिडाई हेर्नु वा अध्ययन गरिनु पर्दछ। वारदातका साक्षीले व्यक्त गरेको कुरा कहाँ, कहिले र कसको रोहवरमा व्यक्त गरेका हुन भन्ने कुरा अत्यन्तै महत्वपूर्ण हुने हुनाले यी कुराको मूल्याङ्कन गरिनु पर्दछ।

देख्ने व्यक्तिले व्यक्त गरेको कुरा निजले वारदात हुँदा आफू त्यही वारदातस्थलमा रहेर वा टाढा भएपनि निजले स्पष्ट रूपमा देखेको कुरा व्यक्त गरेको भन्ने मिसिलबाट देखिनु पर्दछ। गवाहसँग गराइएको कागजमा पुऱ्याउनु पर्ने प्रक्रिया जस्तै के कुन प्रयोजनको लागि तयार गरेको, के कुन मिति समयमा कुन स्थानमा गरे गराएको, निजको पहिचान खुल्ने विवरण कागज तथा सहिछाप गराएको वा नगराएको, कसैलाई रोहवरमा राख्नु पर्ने भए सो उल्लेख भए वा नभएको कुरामा विचार गर्नु पर्दछ।

**कानूनी व्यवस्थाः**

- कुनै काम घटना वा अवस्थाका सम्बन्धमा देहायका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छः प्रमाण ऐन, २०३१ को दफा १०
  - ✓ सो काम गर्ने वा सो काम, घटनाका वा अवस्था प्रत्यक्ष रूपमा देख्ने थाहा पाउने व्यक्ति, वा
  - ✓ सो काम, घटनाका वा अवस्थाबाट पीडित भएका व्यक्ति।
- कुनै व्यक्तिले निजको शारीरिक वा मानसिक अवस्था स्पष्ट रूपमा बोध हुने गरी त्यस्तो अवस्था कायम छँदै व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ।
- अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कुनै कसूरको सम्बन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास फौजदारी

गर्नु पर्ने मनासिव कारण भएको व्यक्तिसँग अनुसन्धान अधिकारीले आवश्यक सोधपुछ गर्न सक्नेछ। तर बालबालिका वा शारीरिक रूपमा असमर्थ भएको व्यक्तिसँग सोधपुछ गर्नु परेमा निज रहे बसेकै ठाउँमा नै गई सोधपुछ गर्न सकिनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "शारीरिक रूपमा असमर्थ" भन्नाले हिँडडुल गर्न नसक्ने, दृष्टिविहीन, वृद्ध अवस्था जस्ता शारीरिक रूपमा असमर्थ व्यक्तिलाई सम्झनु पर्छ।

कार्यविधि संहिता, २०७४ को दफा १६(३)

- उपदफा (३) बमोजिम सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले त्यसरी सोधपुछ गरेको कुरा अनुसूची–११ बमोजिमको ढाँचामा लेखबद्ध गरी सम्बन्धित मिसिलमा राख्नु पर्नेछ। — ऐजन दफा १६(४)
- यस दफा बमोजिम बालबालिका वा शारीरिक रूपमा असमर्थ व्यक्तिबाट कुनै कागज गराउनु पर्ने भएमा निजको संरक्षक वा उपलब्ध अन्य व्यक्तिको रोहवरमा गराउनु पर्नेछ। — ऐजन दफा १६(५)
- बयान वा सोधपुछ गर्नु पर्ने कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ। — ऐजन दफा १६(६)
- यसरी बयान लिएको वा सोधपुछ गरेकोमा अनुसन्धान अधिकारीले सोको अभिलेख राख्ने व्यवस्था गर्नु पर्नेछ। — ऐजन दफा १६(७)
- संहिताको दफा १६ को उपदफा (६) बमोजिम शारीरिक अस्वस्थताका कारणले वा सुरक्षाका कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने अवस्थाको व्यक्तिसँग श्रव्य– दृश्य संवाद (भिडियो कन्फरेन्स) को माध्यमबाट लिएको बयान वा गरिएको सोधपुछ वा संहिताको दफा १८४ बमोजिम लिइएको बयान, कागज वा कुनै लिखत पछि सुन्न, हेर्न वा पढ्न सक्ने गरी पेनड्राइभ, सि.डि. जस्ता कुनै विद्यतुीय वस्तु वा उपकरणमा रेकर्ड गरी राख्नु पर्नेछ। — कसूरको अनुसन्धान नियमावलीको नियम २२
- संहिताको दफा १६ को उपदफा (१) बमोजिम कुनै जघन्य वा गम्भीर प्रकृतिका कसूरका सम्बन्धमा अभियुक्तको बयान लिएकोमा सो को लेखबद्ध अभिलेखको अतिरिक्त श्रव्य-दृश्यको संवाद पनि सुरक्षित राख्न आवश्यक र मनासिव छ भन्ने अनसुन्धान अधिकारीलाई लागेमा सरकारी वकील समक्ष गरेको अभियुक्तको बयानलाई श्रव्य-दृश्यको साधनमा अभिलेखबद्ध गर्न, गराउन सक्नेछ।
- उपनियम (१) र (२) बमोजिम राखिएको रेकर्ड सम्बन्धित अधिकारीले प्रमाणित गरी कसैले तोडमोड वा फेरवदल (ट्याम्परिङ्ग) गर्न नसक्ने व्यवस्था मिलाई सुरक्षित साथ राख्नुपर्नेछ।
- अनुसन्धान अधिकारीले यस परिच्छेद बमोजिम कुनै कसूरको सम्बन्धमा अनुसन्धान गर्दा सोधेको प्रश्नको जानेसम्मको जवाफ दिई सम्बन्धित व्यक्तिले अनुसन्धानमा सहयोग गर्नु पर्नेछ।
  तर आफू उपर कुनै कसूरको अभियोग लाग्न सक्ने किसिमको जवाफ दिन कुनै व्यक्तिलाई कर लाग्ने छैन। — मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७
- यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा अनुसन्धान अधिकारीले कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा साक्षीको बयान, कागज वा कुनै लिखत सरकारी वकीलको रोहबरमा श्रब्य दृष्यका साधन मार्फत अभिलेख गर्न वा गराउन सक्नेछः- — मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १८४ (१)
- कसूरबाट पीडित व्यक्ति, जाहेरवाला, वा कुनै साक्षीलाई अभियुक्तले अनुचित प्रभावमा पारी वा निज उपर डर, त्रास, धम्की देखाई निजलाई अदालतमा उपस्थित हुन नदिने वा अदालतमा उपस्थित भएपनि निजले अनुसन्धान अधिकारी समक्ष गरेको बयान वा कागज भन्दा प्रतिकूल हुने गरी बयान वा बकपत्र गराउन बाध्य गराउनेछ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा,
- शारीरिक अशक्तता तथा नाबालक भएको कारणले त्यस्तो व्यक्ति, जाहेरवाला वा साक्षी प्रहरी कार्यालय

वा सरकारी वकील कार्यालयमा उपस्थित हुन नसक्ने भएमा,

- प्रमाणको रूपमा अदालतमा पेश गरिने वस्तु सो वस्तु रहेको ठाउँबाट उठाएर अदालतमा ल्याउन नसकिने भएमा।
- उपदफा (१) बमोजिम अभिलेख गरिएका श्रब्य दृष्य साधनलाई अदालतले प्रमाणको रूपमा स्वीकार गर्न सक्नेछ। ऐजन उपनियम (२)

**सर्वोच्च अदालतको फैसला/आदेश**

- ➢ चश्मदिद् व्यक्तिहरूको भनाइमा एकरूपता एवं विश्वास गर्ने दरिलो आधार नदेखिएँदा यस्ता चश्मदिद् व्यक्तिहरूको बकाईलाई भर गर्ने स्थिति नदेखिने। नेकाप २०४८, नि. नं. ४३१७
- ➢ जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति हुँदैन । पीडित नै घटनाको आधारभूत गवाह हो। निजले अनुसन्धान अधिकारी तथा अदालत समक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन २०३१ को दफा १०(ख) (क) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने हुन्छ। नेकाप २०६५ अंक १२, नि.नं. ७९२३
- ➢ मौखिक प्रमाण जहिले पनि प्रत्यक्ष हुनुपर्छ, अस्पष्ट र अनिश्चयात्मक कथनलाई कसूरदार ठहऱ्याउने आधार बनाउन मिल्दैन। साक्षीका शंकास्पद एवं विरोधाभाषयुक्त कथनलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन, त्यसो गर्नु कानून र न्यायका मान्य सिद्धान्त विपरीत हुन जान्छ। नेकाप २०६५ अंक ४, नि.नं. ७९५३
- ➢ साक्षीहरूले आफ्नै इन्द्रीयले अथवा आँखा कानले वा ईसाराले देखे सुने बुझेको कुरा मात्र भन्न पाउने। वारदात गरेको हो होइन भनी इन्साफको तवरबाट निर्णयमा प्रमाण पुग्ने कुराव्यक्त गर्न पाउने कर्तव्य नभएको। नेकाप २०३३, नि. नं. ९६७
- ➢ कलिलो उमेरको बालकको बकाईलाई प्रमाणमा लिँदा बढी शतर्कता साथ विचार गर्नु पर्ने। नेकाप २०५१, नि.नं. ४९३५,
- ➢ धेरै होशियारी साथ छानविन गरेर मात्र ज्यादै कम उमेरका कलिला केटाकेटीको बचनलाई प्रमाणमा लिन हुने। नेकाप २०२६, नि.नं. ४६९

**(घ) मृत्युकालीन घोषणाः**

कुनै व्यक्तिले आफू मर्नु भन्दा अगाडि व्यक्त गरेको कुरा मृत्यूकालीन घोषणा हो। मर्न लागेको व्यक्तिले झुट्टो कुरा बोल्दैन, जो मर्न लागेको छ त्यसले सत्य कुरा व्यक्त गर्दछ भन्ने मान्यताबाट निर्दिष्ट मृत्यूकालीन घोषणाको सिद्धान्तले हाम्रो प्रमाण कानूनमा पनि महत्वपूर्ण स्थान पाएको छ।

मृत्युकालीन घोषणा सम्बन्धमा निम्न चार अवस्था देखिनु पर्दछ। अर्थात् मृत्युकालीन घोषणाः–

- ✓ मर्नलागेको व्यक्तिले व्यक्त गरेको,
- ✓ आफू मर्दैछु भन्ने विश्वाससाथ व्यक्त गरेको,
- ✓ आफ्नो मृत्युको कारण व्यक्त गरेको,
- ✓ मर्नुभन्दा अगाडि होसछदै व्यक्त गरेको हुनु पर्दछ।

- मृत्युकालीन घोषणा लिखित, मौखिक वा इसाराद्वारा व्यक्त गर्न सक्दछ। मर्ने व्यक्तिले आँफै, आफ्नै हस्ताक्षरबाट लेखेको वा अरूले सुनेर लेखेको वा मर्ने व्यक्तिले भनेको कुरा सुनेको व्यक्तिले व्यक्त गरेको हुन सक्दछ।
- मर्न लागेको मानिसले व्यक्त गरेको कुरा सुन्ने व्यक्तिलाई अनुसन्धानको क्रममा बुझिएकोमा सो व्यक्ति स्वयं अदालतमा उपस्थित गराउन सकिने अवस्थाको भएमा मात्र निजको भनाईलाई बलियो प्रमाणको रूपमा लिन सकिने हुँदा निजलाई पछि अदालतमा उपस्थित गराउन सकिन्छ वा सकिदैन सो कुरा यकिन गर्ने,
- मर्न लागेको व्यक्तिले व्यक्त गरेको कुरा लेखबद्ध गरेको छ भने सो कहाँ लेखिएको हो, कुन समयमा के कस्तो अवस्थामा लेखिएको हो, कस्को हस्ताक्षरबाट लेखिएको हो, सो व्यहोरा लेखबद्ध गर्दा को कस्को उपस्थिति थियो, रोहवरमा को को बसेका छन आदि कुरा शुक्ष्म रूपले हेर्नु पर्दछ।

## कानूनी व्यवस्था

- कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्यूको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ । — प्रमाण ऐन, २०३१ को दफा ११

## सर्वोच्च अदालतको फैसला/आदेश

- मृतक मुर्न भन्दा अगाडि आफू समक्ष गरेको कागज सम्बन्धमा वलिराज गोलीको वेदनाले सरसर्ती भन्न नसके पनि रोकी रोकी होसमा निजले भने बमोजिम लेखिएको हो भनी यौटा प्रहरी कर्मचारीले अदालतमा आई गरेको बयानलाई असत्य मान्न नमिल्ने । घाइतेले मर्नु भन्दा अगाडि गरेको कागज निज होस भएको बेला लेखेको हो भनी स्पष्ट बयान बकपत्र गरेको देखिन आउँछ । सो बयान दफा १८ बमोजिम प्रमाणमा लिन मिल्ने । — पंखबहादुर शाही वि. नेपाल सरकार, नेकाप २०४४, नि. नं. ३२०९
- मृतकले आफ्नो मृत्युको कारणको सम्बन्धमा मृत्यु पूर्व होस हुँदै व्यक्त गरेको बयान लाश प्रकृति मुचुल्का समेतबाट मृतकको मृत्यू प्रतिवादीहरूले आगो लगाई दिएकोबाट नै भएको देखिन आएकोले दफा १३(३) बमोजिम सजाय गरेको इन्साफ मनासिव नै ठहर्ने । — नेपाल सरकार वि. उद्धव कु. पुडासैनी, सअबु २०४८, पूर्णांक १४, पृ. ३
- मृतकले जाहेरी दर्खास्त दिएको र सोही रात वीर अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भएको भएपछि जाहेरी दर्खास्तमा उल्लेखित कुरालाई मृत्युकालीन घोषणा हो भनी प्रमाण ऐन, २०३१ को दफा ११ ले मान्न मिल्ने । — नेकाप २०४४, निनं. ३०९८
- यस्तो व्यक्तिको रोहवरमा यस्तो अधिकारी समक्ष व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने भनेको अवस्था नभएपछि मरेको व्यक्तिले होस छदै व्यक्त गरेको हो, हैन ? सो तथ्य पर्याप्त प्रमाणबाट पुष्टि हुन्छ, हुँदैन ? सो कुरा महत्वपूर्ण हुन आउने ।
  मृतकले अस्पतालमा आफ्नो होस खुले पछि दिएको बयान (मृत्युकालिन घोषणा) को रोहवरमा बस्ने मृतकका दाजुले अदालतमा उपस्थित भै मृत्युकालीन घोषणाको तथ्यलाई समर्थित हुने गरी बकपत्र गरेको र निजको बकपत्रलाई शंका गरी रहनु पर्ने अवस्था बिद्यमान नहुँदा मृतकले आफ्नो होस छदै आफ्नो मृत्युको कारण सम्बन्धमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिन मिल्ने ।
  विद्धान अधिवक्ताले जिकिर लिनु भए बमोजिम मृत्युकालीन घोषणा (Dying Declaration) उपचार गर्ने, डाक्टर, नर्स वा यस्तै अस्पतालका जिम्मेवार पदाधिकारीको रोहवरामा भएमा यस्तो विवाद कम हुने, मृत्युकालीन घोषणामा उपचार गर्ने डाक्टर, नर्सलाई रोहवरमा राख्न कानूनले बाधा नगरेको सन्दर्भमा महान्यायाधिवक्ताले आफ्नो मातहतका कार्यालयलाई निर्देशन दिए मृत्युकालीन घोषणामा उपचार गर्ने डाक्टर, नर्स रोहवरमा राख्न सकिने अवस्थामा विद्यमान हुदा सो तर्फ महान्यायाधिवक्ताको ध्यान आकर्षित गराउने । — नेपाल सरकार वि. कलावती यादव, नेकाप २०६३ अंक ३ नि.नं. ७६६३
- मृतकले आफ्नो मृत्युको कारण अस्पतालको वेडमा घरधनीको रोहवरमा व्यक्त गरेको र सो व्यक्त गरेको कुरालाई त्यँहा उपस्थित प्रहरी कर्मचारीले टिपोट गरेको, टिपोट गर्ने प्रहरी कर्मचारी अदालतमा उपस्थित भै मृतकले भने अनुसारको कुरा मैले टिपोट गरी निज मृतकको ल्याप्चे सहीछाप गराएको हुँ भनी बकपत्र गरिदिएको अवस्थामा मृतकले आफ्नो मृत्युको सम्बन्ध व्यक्त गरेको कुरालाई प्रमाणमा लिन नमिल्ने भन्न नमिल्ने । मृतकले आफू मर्नुको कारण आफू समक्ष उपस्थित मानिस समक्ष व्यक्त गर्ने स्वभाविक प्रक्रिया हो । मृतकले आफ्नो मृत्यु सम्बन्धमा कुन समयमा के कुरा व्यक्त गर्दछ सो समयमा त्यहा जुन जुन व्यक्ति उपस्थित हुन्छन् ती व्यक्तिहरूले नै ती कुरा सुन्ने र टिप्ने हुदा कानूनले सो सम्बन्धमा स्पष्ट व्यवस्था नगरेको अवस्थामा उपस्थित व्यक्तिले सुनेको र टिपेको कुरालाई प्रमाण योग्य नमान्ने भन्न उपयुक्त नदेखिने ।मृत्युकालीन घोषणामा हुनु पर्ने मूख्य तत्व भनेको मृतकको मृत्यूको कारण, मृतक मर्नु भन्दा पहिले सो कुरा व्यक्त गरेको हुनु पर्ने, मृतकले व्यक्त गरेको कुरा निजको मृत्युसँग सम्बन्धित — नेपाल सरकार वि. अम्बर ब. आले मगर, नेकाप २०६४ अंक ११ नि.नं. ७८९८

हुनुपर्ने र कुनै व्यक्तिको उपस्थितिमा व्यक्त गरेको हुनुपर्ने ।

- मर्नुअघि होस छ ैमृतकले आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा र कुनै घटनाका सम्बन्धमा सो घटनाबाट पीडित मानिसले मौकामा व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा १० र ११ अनसार प्रमाणमा लिन मिल्ने । नेकाप २०६६ अंक ४ नि.नं. ८१३५
- मृत्युकालीन घोषणा प्रमाणमा गाह्य हुनको निम्ति निश्चित शर्तहरू पूरा भएको हुनुपर्ने :

क) मृत्युकालीन घोषणालाई प्रमाणको रूपमा पेस गर्दाको अवस्थासम्ममा सो घोषणा गर्ने व्यक्तिको मृत्यु भइसकेको हुनुपर्ने

ख) घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युपूर्व घोषणा गरेको हुनुपर्ने

ग) घोषणा आफ्नो मृत्युको कारण वा परिस्थितिसँग सम्बन्धित हुनुपर्ने

घ) घोषणा गर्ने व्यक्तिले आफू बाँच्न सक्छु कि भन्ने आशा त्यागिसकेको हुनुपर्ने

ङ) मर्ने व्यक्तिले आफ्नो वास्तविक ज्ञानको आधारमा स्वेच्छिक रूपमा गरिएको घोषणा हुनुपर्ने

च) मर्ने व्यक्तिले आफू होसमा हुँदा नै सो घोषणा गरेको हुनुपर्ने

छ) घोषणा गर्ने व्यक्ति मानसिक रूपले सबल रहेको हुनुपर्ने

ज) घोषणा गर्ने व्यक्तिले आफ्नो मृत्युको कारणको बारेमा एकभन्दा बढी फरक फरक घोषणा गरेको हुन नहुने

झ) मृत्युकालीन घोषणा सुन्ने व्यक्ति अदालतमा साक्षीको रूपमा उपस्थित हुनको निम्ति योग्य हुनुपर्ने र

ञ) मृत्युकालीन घोषणा मौकामा व्यक्त भई अदालतमा आएर पुष्टि गरिएको हुनुपर्ने ।

जितेन्द्र कार्की विरूद्ध नेपाल सरकार नेकाप २०७६ अंक ७ नि.नं. १०३१२

बकपत्रमा उल्लेख भएको मृत्युकालीन घोषणा मौकाको कागजातबाट पुष्टि हुन नसकेको अवस्था हुँदा सोलाई प्रमाणको रूपमा ग्रहण गर्न मनासिव नदेखिने ।

**महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्र**

- पुनरावेदक/प्रतिवादी कलावती यादव र प्रत्यर्थी/वादी नेपाल सरकार भएको सम्वत् २०६० सालको फौ.पु.नं. ३५९७ को कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतबाट मिति २०६३।०२।२४ मा उक्त मुद्दामा भएको फैसलाबाट प्रमाण ऐन, २०३१ को दफा ११ ले गरेको व्यवस्थालाई स्पष्ट गरी मृत्युकालीन घोषणा (Dying Declaration)को बारेमा उपचार गर्ने डाक्टर, नर्स वा यस्तै अस्पतालका जिम्मेवार पदाधिकारीको रोहबरमा भएमा यस्ता विवाद कम हुने, मृत्युकालीन घोषणामा उपचार गर्ने डाक्टर, नर्सलाई रोहबरमा राख्न कानूनले बाधा नगरेको सन्दर्भमा यस कार्यालयको ध्यान आकर्षित गरिएकोले आवश्यक कार्य गर्ने व्यवस्था मिलाउनका लागि उक्त फैसलाको प्रतिलिपि यसैसाथ राखी पठाइएको । मितिः २०६३।०९।१६ च.नं. २१२८ (सवै पु.स.व.का समेत )

**(ङ) विशेषज्ञको राय**

विशेषज्ञको राय फौजदारी मुद्दामा अत्यन्तै महत्वपूर्ण प्रमाण हो । फौजदारी मुद्दामा संकलन गरिएका भौतिक प्रमाणहरू जस्तैः– शव–परीक्षण, Vicera परीक्षण, DNA (Deoxyribonucleic Acid) परीक्षण, रगत, व ीर्य, थुक, खकार, बान्ता, रौ, हाड, छाला, मासु, दिसा, पिसाब, नसालु पदार्थ, लागू औषध, विष, औषधि, खाद्य वा अखाद्य पदार्थ, र ासायनिक वा चूर्ण पदार्थ, धातु वा झोल पदार्थ, औ ँठाछाप, गन्ध, हस्ताक्षर, विष्फोटक वा ज्वलनशील पदार्थ जस्ता थुप्रा विषय बस्तुको वैज्ञानिक वा प्राविधिक परीक्षण अनिवार्य रूपमा गरी सो को प्रतिवेदन मिसिल संलग्न गर्नु पर्दछ । अदालतमा प्रमाण परीक्षण (Evidence Examination) को सन्दर्भमा कुनै व्यक्तिको हस्ताक्षर वा ल्याप्चे, विदेशी कानून, र ीतिरिवाज, विज्ञान वा कला वा यस्तै अन्य विषयमा यकिन हुन आवश्यक देखेमा अदालतले विशेषज्ञलाई साक्षी सरह उपस्थित गराई बकपत्र गराउन सक्ने कानूनी व्यवस्था

रहेको छ । विशेषज्ञलाई अदालतमा साक्षी सरह उपस्थित गराई बकपत्र गराउने र मुद्दाका अर्को पक्षद्वारा जिरह गर्न दिनु पर्ने भएको हुँदा समेत विशेषज्ञले आफ्नो प्रतिवेदनमा व्यक्त गरेको कुराहरू बारे सरकारी वकीलले जानकारी राख्नु जरुरी छ ।

वैज्ञानिक वा प्राविधिक परीक्षणको प्रतिवेदनहरू समावेश भएको मुद्दामा विशेषज्ञको राय–प्रतिवेदनमा उल्लेखित कुराको यथार्थता, निश्पक्षता एवं प्रभावकारिता सम्बन्धमा सरकारी वकीलले अध्ययन विश्लेषण गर्नु पर्दछ । कहिले काही वैज्ञानिक परीक्षण प्रतिवेदनले अन्य सबुद प्रमाणहरूलाई समेत खण्डित हुने तथ्य खुलाउन सक्दछ । यस्तो अवस्थामा पनि त्यस्तो प्रतिवेदनलाई अभियोजनको क्रममा मिसिलबाट अलग गर्न सम्भब नभएको हुँदा सरकारी वकीलले त्यस्ता प्रतिवेदनको सूक्ष्म अध्ययन गर्ने र अन्य सबुद प्रमाणलाई बढी सान्दर्भिक गर्ने तर्फ प्रयासरत रहनु पर्दछ ।

**कानूनी व्यवस्था**

- अदालतले विदेशी कानून, विज्ञान, कला हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा यकिन गर्नु परेमा सो सम्बन्धी विशेषज्ञको राय प्रमाणमा लिन हुन्छ ।

प्रमाण ऐन, २०३१ को दफा २३

- स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "विशेषज्ञ" भन्नाले विशेष अध्ययन, तालिम वा अनुभवबाट कुनै विषयमा विशेष ज्ञान प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ ।
- अदालतले कुनै व्यक्तिको हस्ताक्षरका सम्बन्धमा यकिन गर्नु परेमा सो व्यक्तिको हस्ताक्षर बराबर देख्ने मौका पाई सो हस्ताक्षर चिन्न सक्ने स्थितिमा भएको व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।
- अदालतले कुनै धार्मिक, जातीय वा सार्वजनिक हक वा रीतिस्थितिका सम्बन्धमा कुनै कुरा यकिन गर्न परेमा त्यस्तो हक वा रीतिस्थितिको विशेष जानकारी हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।
- अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता सम्बन्ध छ वा छैन भन्ने कुरा यकिन गर्न परेमा त्यस्तो नाता वा सम्बन्धको विशेष जानकारी हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।
- अदालतले कुनै खास स्थानमा प्रयोग हुने खास शब्द वा शब्दहरूको अर्थ यकिन गर्नु परेमा त्यसको विशेष ज्ञान हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ ।
- यस दफा बमोजिम कुनै व्यक्तिको राय प्रमाणमा लिइएमा त्यस्तो रायलाई समर्थन वा खण्डन गर्ने कुराहरू र त्यस्तो रायको आधार पनि प्रमाणमा लिन हुन्छ ।
- कुनै व्यक्तिले व्यक्त गरेको कुनै राय सो व्यक्ति साक्षीको रूपमा आफै अदालतमा उपस्थित भएमा मात्र यस दफा बमोजिम प्रमाणमा लिन हुन्छ ।
- तर कुनै विषयको विशेषज्ञद्वारा कुनै पुस्तक वा लेखमा व्यक्त भएको राय वा सो रायको आधारलाई प्रमाणमा लिन सो पुस्तक वा लेखको लेखक आँफै अदालतमा उपस्थित हुन अनिवार्य हुने छैन ।
- अनुसन्धान अधिकारीले अनुसन्धानको सन्दर्भमा आवश्यक ठानेमा कुनै विशेषज्ञलाई साथमा लैजान वा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २३

- उपदफा (१) बमोजिमको राय माग भएमा त्यस्तो राय उपलब्ध गराउनु सम्बन्धित विशेषज्ञको कर्तव्य हुनेछ ।
- उपदफा (२) बमोजिम उपलब्ध भएको विशेषज्ञको राय मिसिल साथ रख्नु पर्नेछ ।
- यस दफा बमोजिमको विशेषज्ञ व्यक्ति गैरसरकारी व्यक्ति भए निजको सेवा लिँदा लाग्ने रकम नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुसन्धान अधिकरीले कुनै मुद्दाको

संवेदनशिलता वा जटिलताको कारणबाट त्यस्तो मुद्दामा मेडिकल बोर्ड वा अन्य कुनै विशेषज्ञहरूको बोर्डबाट राय लिनु उपयुक्त ठानी सिफारिस गरेमा नेपाल सरकारले त्यस्तो बोर्ड गठन गर्न सक्नेछ ।

- उपदफा (५) बमोजिम बोर्ड गठन भएकोमा त्यस्तो बोर्डले सो सम्बन्धमा राय दिनु पर्नेछ ।
- हस्ताक्षर, ल्याप्चे, विदेशी कानून, विज्ञान, रीतिरिवाज, कला, वैज्ञानिक वा प्राविधिक रुपमा परीक्षण हुनु पर्ने विषय वा यस्तै अन्य विषय सम्बन्धी कुरा यकिन गर्नुपर्ने हुन आएमा अदालतले त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन हुन्छ । सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षी सरह बकाएमा मुद्दाको पक्षहरूलाई यस ऐन बमोजिम जिरह गर्ने मौका दिनु पर्छ ।

प्रमाण ऐन, २०३१ को दफा ५२

**सर्वोच्च अदालतको फैसला/आदेश**

- एकजना डाक्टरले जाँच गरेकोमा चित्त नबुझे डाक्टरको बोर्डबाट जाँच गराउनु पर्छ नजचाई बेञ्चले टिका टिप्पणी गर्न नहुने । — नेकाप २०१८, नि. नं. १४८
- विशेषज्ञको रायलाई प्रमाणमा लिनको लागि राय दिने विशेषज्ञलाई साक्षी सरह बकपत्र गराई उक्त रायलाई समर्थन गराउन आवश्यक पर्ने । — नेकाप २०४३, नि. नं. २६८८
- लिखत जाँच गर्दा श ुक्ष्मदर्शक यन्त्र र अति जैविकीकरण (Ultra Violet) प्रयोग गर्ने विशेषज्ञको रायलाई प्रमाणमा लिन मिल्ने । — नेकाप २०४३, नि. नं. २८६७
- विशेषज्ञको राय निश्चित कारणमा आधारित हुनुपर्छ । अन्यथा त्यस्तो रायले कुनै महत्व राख्दैन । अन्दाज गरिएका कुरा प्रमाणित हुन सक्दैन । बुझिएका भनाई समेत अन्दाज, शंकामा आधारित भएकाले यिनीहरूको लेखाई बकाई प्रमाणित मान्न नसकिने । — नेकाप २०४८, नि.नं. ४२८७
- विशेषज्ञको रायलाई तर्कस ंगत रूपमा खण्डन नभएसम्म मान्नु पर्ने । — नेकाप २०४६, नि.नं. ४००१
- मानिसको मृत्युको सम्बन्धमा सो सम्बन्धी विषयगत विशेषज्ञता हासिल गरेका विशेषज्ञहरूद्वारा गरिएको परीक्षण र त्यसका आधारमा प्रस्तुत गरिएको रायको प्रामाणिक महत्व रहने । — नेकाप २०६५ अंक २, निनं. ७९२८
- प्रस्तुत मुद्दामा नमूना निकाल्दा प्रयोगशालामा वादीको अनुपस्थिति र अर्को मानिसको अनधिकृत प्रवेश भएका कारण कारणीबाट निकालिएको निर्विवादित स्थापित नभएको भन्ने आधारमा परीक्षण प्रतिवेदन प्रमाणमा ग्रहण नगरेको भएपनि Paternity सम्बन्धी विवाद, अपराध अनुसन्धान आदिमा डि.एन.ए. Test महत्वपूर्ण हुने भन्दै यस सम्बन्धमा यसको प्रयोग लगायतका विषयमा कानून बनाउन पनि निर्देशनात्मक आदेश जारी भएको। — नेकाप २०६८, अंक ३, नि.नं. ८५७८
- अपराध अनुसन्धान एक ज्यादै जटिल विधिविज्ञान अर्थात् Forensic Science द्वारा समर्थित सबुद प्रमाण संकलित हुनुपर्ने कार्य हो । Suspect ले दिएको बयानको भरमात्र नपरी सबुद प्रमाणको आधारमा अभियोग प्रमाणित गर्ने कानूनी कर्तव्य प्रहरीको हो । यसका लागि प्रत्येक प्रमाण Forensic Evidence बाट समर्थित हुनुपर्छ । आजको अभियोजन किटानी जाहेरी दरखास्त, प्रहरीस ँगको सावित ी बयान र सर्जमिनको अधिकांशभन्दा बढी व्यक्तिले व्यक्तिगत धारणामा अपराधी हो भनी बकेको बकाईको अभियोजन होइन । अन्य प्रत्यक्ष प्रमाण लगायत Forensic Evidence ले समर्थित प्रमाणको आधारमा गरिने अभियोजन हो । — नेकाप २०६७ अंक ११ नि.नं. ८५०७
- शवपरीक्षण गर्ने विशेषज्ञले मृत्युको कारणमा Asphyxia due to Hanging भन्ने राय दिएको अवस्थामा मृतक झुण्डी मरेको भन्ने परिस्थिति बाहेक अन्य स्थितिको कल्पना गरी कुनै प्रत्यक्ष र अकाट्य प्रमाणको अभावमा दोषी ठहर गर्न प्रमाण सम्बन्धी कानून र न्यायका मान्य सिद्धान्त प्रतिकूल हुन जाने । — नेकाप २०६४ अंक १२ नि.नं. ७९०८

- सामान्य अवस्थामा बाहिरबाट हेर्दा नदेखिने कतिपय घाउँ, चोट, दाग वा चिन्ह शव परीक्षणका क्रममा देखिनुलाई अन्यथा मान्न नसकिने, किनभने शव परीक्षण भनेको शवको बाहिरी तथा भित्री सम्पूर्ण अवस्थाका सम्बन्धमा विशेषज्ञद्वारा गरिने विशेष अध्ययन, अनुसन्धानयुक्त परीक्षण भएकाले त्यस्तो परीक्षणबाट शवमा रहेका मृत्युअघि (Ante-Mortem) र मृत्युपछि (Post-Mortem) का सबै लक्षणहरूको पहिचान गरिने हुदा त्यस्तो परीक्षणबाट देखिएको चिन्ह लाश प्रकृति मुचुल्कामा नदेखिएको अवस्थालाई ती दुई प्रमाणका बीचमा तादात्म्यता नरहेको भनी संज्ञा दिन नमिल्ने।

नेकाप २०६६ अङ्क २, निर्णय नं.८०६९

**लिखित प्रमाणको मूल्याङ्कनः**

अपराध अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीले खडा गरेका कागजातहरू बाहेक कुनै व्यक्तिले कुनै वारदात घटाउन पूर्व तयारी गरेको, वा कुनै वारदात घटे–घटाएको वा कुनै वारदात घटित भैसके पछि लुकाउन दबाउन प्रयास गरेको कुरा पुष्टि हुने लिखतहरू वा कुनै व्यक्ति कुनै कसूरमा संलग्न भएको वा षड्यन्त्र गरेको वा उद्योग गरेको कुरा पुष्टि हुने लिखतहरू चिठ्ठी पत्रहरू, रसिद भर्पाईहरूलाई प्रमाणको रूपमा अनुसन्धानको क्रममा संकलन गरिएको हुन्छ। त्यस्ता लिखत प्रमाणहरू आफैले स्वतन्त्र रूपमा विवादको विषय पुष्टि गर्ने वा नगर्ने हुन सक्दछ। त्यसैले अभियोजन गर्दा त्यस्ता लिखित प्रमाणहरूको बारेमा शुक्ष्म अध्ययन गरी मात्र त्यस्ता प्रमाणहरूको प्रभावकारिता बारे उल्लेख गर्नु पर्दछ।

कतिपय अवस्थामा त्यसरी संकलन गरेको प्रमाणले वादी पक्षलाई भन्दा मुद्दाका अन्य पक्षहरूलाई सकारात्मक असर पार्ने पनि हुन सक्दछ। त्यस्तो अवस्थामा सरकारी वकीलहरूले त्यस्ता प्रमाणहरू मिसिलमा समावेस गर्ने वा नगर्ने भन्ने विषयमा निर्क्यौलमा पुग्न सक्ने अवस्था नरहने भएता पनि अभियोजन गर्दा त्यस्ता प्रमाणहरूको प्रस्तुतिमा कसरी गर्ने भन्ने विषयमा भने अत्यन्तै संवेदनशील हुनु आवश्यक छ।

अपराध अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीले संकलन गर्ने लिखत प्रमाणहरू जस्तै अस्पतालमा भर्ना भएको वा चेक जांच गराएको कागज, सरकारी छाप दस्तखत कीर्ते मुद्दासँग सम्बन्धित लिखत, बैङ्क ठगी मुद्दासँग सम्बन्धित चेक, बैङ्क भाउचर वा अन्य लिखत, नक्कली राहदानी, नागरिकता तथा अन्य परिचयपत्र, शैक्षिक तथा अन्य प्रमाणपत्र, नक्कली प्रवेषाज्ञापत्र (Fake Visa), यात्रा गरेको प्रमाण (Travel Documents) वा वारदात हुँदाको अवस्थामा आँफूअन्यत्र भएको जिकिर (Plea of Alibi) पुष्टि गर्ने आधिकारिक लिखत, चिठ्ठी पत्र, रसिद, विल भर्पाई जस्ता कागजातहरू हुन सक्दछन्। सरकारी वकीलले त्यस्ता लिखतहरूको मूल्याङ्कन गर्दा छुट्टै टिपोट तयार गरी आफ्नो मिसिलमा राख्नु पर्दछ।

**घटनास्थल वा भौतिक प्रमाणको सम्बन्धमा उठाइएका मुचुल्काहरूको मूल्यांकन**

कुनै निश्चित स्थानमा वारदात घटेको थियो वा वारदातमा कुनै साधन, हात–हतियार, लाठा–ढुङ्गा प्रयोग भएको थियो वा वारदातको परिणाम स्वरूप मानिस, जीवजन्तु एवं धनमालको हानि नोक्सानी, तोडफोड, आगजनी, लुटपाट, चोरी, डकैती वा रूप परिवर्तन भएको थियो भन्ने कुरा पछिसम्म फरक नपर्ने गरी पुष्टि गर्ने आधार भनेकै ती घटना सम्बन्धमा तयार गरिएको मुचुल्का कागजहरू नै हुन्।

कुनै पनि मुचुल्का कागजहरूले वारदात स्थल, हानी नोक्सानी भएको जीउ धन एवं लुटिएका सम्पत्तिहरूको यथार्थ फेहरिस्त प्रस्तुत गर्दछ। वारदात कहिँ, कहिले घटेको थियो वारदातमा के कस्ता हातहतियार एवं लाठा, ढुङ्गा वा साधनहरू प्रयोग भएका थिए वा वारदात एक दुई जना व्यक्ति वा ठुलो समूहले गरेको भन्ने कुरा वा वारदातमा के कस्ता धनमाल हानी नोक्सानी भए वा वारदातमा कसैको मृत्यु भएको भए सो कुरा वा वारदात घटाउन के कस्तो तरिका अवलम्बन गरिएको थियो वा वारदातमा संलग्न अभियुक्तहरूले के कस्ता दशी प्रमाणहरू छोडी गएका छन् आदि जस्ता कुराहरू खुलाइन्छ।

मुचुल्काले फौजदारी मुद्दाको स्वरूप निर्धारण गर्दछ। मुचुल्कामा उल्लेखित तथ्यहरू अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएमा कसूर ठहर गर्न अदालतलाई ठूलो मद्दत पुऱ्याउँदछ। अनुसन्धान अधिकारीले अनुसन्धानको दौरानमा गर्ने कार्यहरू मध्ये यो कार्य अत्यन्तै कठिन र चुनौतिपूर्ण पनि छ। उल्लेखित मुचुल्का तयार गर्ने कार्य उचित ढंगबाट हुन सकेन वा उचित प्रक्रिया अनुशरण गर्न सकिएन वा वास्तविक कुराहरू मुचुल्कामा उल्लेख गर्न सकिएन भने मुद्दाको अभियोजन नै प्रभावकारी हुन सक्दैन।

सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्ने सन्दर्भमा आधार लिने मिसिल संलग्न कागज प्रमाणहरू मध्ये विभिन्न मुचुल्काहरू पनि महत्वपूर्ण आधार प्रमाणको रूपमा लिने गरिन्छ। तसर्थ सरकारी वकीलले यस्ता मुचुल्काहरूको बारेमा सामान्य जानकारी लिई राख्नु आवश्यक छ।

**लाश प्रकृति मुचुल्काः–**

लाश प्रकृति मुचुल्काले लाशको अवस्था के कस्तो छ भन्ने कुराको विवरण प्रस्तुत गर्दछ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २० ले लाश जॉच गर्दा पुऱ्याउनु पर्ने प्रक्रिया सम्बन्धमा उल्लेख गरेको हुँदा उल्लेखित प्रक्रिया पूरा गरे नगरेको सम्बन्धमा सरकारी वकीलले अध्ययन गर्नुपर्दछ।

**कानूनी व्यवस्थाः**

फौजदारी कार्यविधिको दफा २०

- लाश जाँच गर्नु पर्नेः (१) कुनै व्यक्ति कसैको कर्तव्यबाट वा कुनै दुर्घटना भई वा आत्महत्या गरी वा अस्वाभाविक रूपमा वा अन्य कुनै शङ्कास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा अनुसन्धान अधिकारीले तुरुन्त लाश रहेको ठाउँमा गई लाश जाँच गर्नु पर्नेछ।
- उपदफा (१) बमोजिम लाश जाँच गर्दा यथासम्भव निम्नलिखित कुराहरू समेत खुलाई अनुसूची–१४ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ र लाशको वास्तविक यथार्थ चित्रण हुने गरी लाश र सम्बन्धित ठाउँको तस्बिर समेत खिच्नु पर्नेछः–
  - लाशको परिचयात्मक विवरण,
  - लाश रहेको ठाउँ र लाशको अवस्था,
  - लाशमा कुनै घाउ, चोट, नील वा डाम देखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, त्यसको सङ्ख्या, लम्बाइ, चौडाइ, गहिराई सहितको प्रत्येक घाउ, चोट, नील वा डामको विवरण,
  - खण्ड (ग) मा उल्लेख भएको बाहेक मृत्युसँग सम्बन्धित साधन र लाशमा देखा परेको तत्सम्बन्धी विवरण,
  - मृत्युको कारण थाहा पाउन सहायता हुने लाशमा देखिएको अन्य कुनै लक्षण,
  - अन्य उल्लेखनीय कुनै कुरा भए सोको विवरण।
- उपदफा (१) बमोजिम लाश जाँच गरी सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो लाशलाई शव परीक्षणको निमित्त सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेका विशेषज्ञ वा इजाजत प्राप्त चिकित्सक समक्ष सरकारी खर्चमा पठाउनु पर्नेछ।
- उपदफा (३) बमोजिम शव परीक्षण गर्दा लाग्ने आवश्यक खर्च नेपाल सरकारले सम्बन्धित प्रहरी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।
- उपदफा (३) बमोजिम गरिएको शव परीक्षण प्रतिवेदन अनुसूची–१५ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।
- उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम लाश जाँच मुचुल्का भइसकेपछि त्यस्तो लाश जाँचबाट कुनै कसूरको परिणामस्वरूप वा शङ्कास्पद स्थितिमा मृत्यु भएको देखिन नआई त्यस्तो लाशको शव परीक्षण गराउन आवश्यक नपर्ने ठहऱ्याएमा अनुसन्धान अधिकारीले त्यसको कारण खुलाई स्थानीय भद्र भलादमीको रोहवरमा पर्चा खडा गरी मिसिल संलग्न राख्नु पर्नेछ।
- लाश सडी गली परीक्षण गर्न नसकिने अवस्थाको भएमा वा देखिएमा सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो कुरा खुलाई स्थानीय भद्र भलाद्मीको रोहवरमा मुचुल्का खडा गरी राख्नु पर्नेछ।

तर लाश सडे गले वा शव परीक्षण हुन नसक्ने भए तापनि लाश वा त्यसको कुनै अंशको अन्य परीक्षणबाट

मृत्युको कारण पत्ता लगाउन सकिने अवस्था भएमा अन्य वैज्ञानिक परीक्षण गराउन सकिनेछ।

- लाशको शव परीक्षण भइसकेपछि वा उपदफा (६) बमोजिम पर्चा खडा भएपछि सम्बन्धित प्रहरी कर्मचारीले सम्बन्धित मृतकको हकवालालाई भरपाइ गराई लाश बुझाउनु पर्नेछ।
- उपदफा (८) बमोजिम हकवालाले लाश बुझी नलिएमा वा कुनै हकवाला उपस्थित नभएमा वा हकवाला नै यकिन नभएमा सम्बन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा लाशको सदगत गराउनु पर्नेछ।
- शव परीक्षण वा लाश जाँच गर्दा वा अन्य कुनै सबुद प्रमाण सङ्कलन गर्दा अनुसन्धान अधिकारीले कसूरको गम्भीरता हेरी सम्बन्धित विशेषज्ञ साथमा लैजान उपयुक्त ठहऱ्याएमा त्यस्तो विशेषज्ञलाई साथमा लिई जान सक्नेछ।
- यस दफा बमोजिम शव परीक्षण गर्ने विशेषज्ञ वा चिकित्सकलाई कुनै व्यक्तिको मृत्युको वास्तविक कारण पत्ता लगाउन वा कसूरको अन्य कुनै कुरा अनुसन्धान गर्न एकभन्दा बढी विशेषज्ञहरूको टोलीबाट शव परीक्षण गराउन पर्ने भन्ने लागेमा वा अनुसन्धान अधिकारीलाई कुनै व्यक्तिको मृत्युको कारणका सम्बन्धमा विशेषज्ञहरूको टोलीबाट शव परीक्षण गराउन उपयुक्त हुन्छ भन्ने लागेमा त्यस्तो टोलीबाट शव परीक्षण गराउन सकिनेछ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

➢ लासजाँच गर्दा डाक्टरले लासजाँच गर्न ल्याएको समय लासजाँच भएको समय मृत्युको कारण लेख्नु पर्ने मृत्युको कारण पत्ता लगाउन गाह्रो परेको पेटमा पाइएका पदार्थहरू बचाएर राख्नुपर्ने प्रचलित कानून र मेडिकल जुरिसप्रुडेन्सले के कति कुरा खुलाउन पर्छ, त्यसको ख्याल राखी देखिएसम्मको विवरण खुलाउन जाँच गर्नुपर्ने।

रेशम लाल वि. प्यारे लाल, नेकाप २०१७, नि.नं. १००

**घटनास्थल प्रकृति मुचुल्का:–**

कुनै वारदात वा अपराध भएको स्थानको अवस्थाको चित्रण गर्ने लिखत नै घटनास्थल प्रकृति मुचुल्का हो। घटनास्थल प्रकृति मुचुल्काले वारदातस्थलको सम्पूर्ण विवरण सविस्तार बताउने हुनु पर्दछ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ को उपदफा (२) र दफा १९ ले उल्लेख गरेको कुराहरू खुलाई बस्तुस्थिति सहितको सम्पूर्ण तथ्य खुल्ने गरी घटनास्थल प्रकृति मुचुल्का तयार गरिएको हुनु पर्ने भएकोले सो प्रक्रिया पूरा गरे नगरेको हेर्नु पर्दछ।

**कानूनी व्यवस्था:**

- अनुसन्धान अधिकारीले यस दफा बमोजिम अनुसन्धान गर्दा कसूर तथा कसूर भएको ठाउँको यथार्थ चित्रण हुने गरी यथासम्भव निम्न लिखित कुराहरू खुलाई घटनास्थल मुचुल्का तयार गर्नु पर्नेछः–
  - ✓ कसूर भएको मिति र समय,
  - ✓ कसूर भएको ठाउँको ठेगाना, विवरण र रेखाचित्र,
  - ✓ त्यस्तो ठाउँको वस्तुस्थिति तथा कसूर वा कसूरदारसँग त्यसको सम्बन्ध,
  - ✓ कसूर भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको दसी प्रमाण र कसूरसँग सम्बन्धित अन्य कुनै उल्लेखनीय कुरा।

फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ (२)

- अनुसन्धान अधिकारीले उपदफा (२) बमोजिम घटनास्थल मुचुल्का तयार गर्दा त्यस्तो ठाउँलाई अरु मानिस प्रवेश गर्न नपाउने गरी घेरा हाली यथासम्भव त्यस्ता ठाउँको र त्यस्तो ठाउँमा देखिएको वा पाइएको हत्केला र औंला वा पाइलाको चिह्न, निशाना वा अन्य दसी वा कसूर ठहर गर्न मद्दत पुऱ्याउने

ऐजन उपदफा (३)

अन्य कुनै महत्वपूर्ण कुराको फोटो समेत लिन सक्नेछ ।

- उपदफा (२) बमोजिम घटनास्थल मुचुल्का तयार गर्दा कसूर गर्ने व्यक्ति वा आरोपित व्यक्ति उपस्थित भए निजको औंलाको छाप लगायत पहिचान खुल्ने विवरण समेत लिनु पर्नेछ । — ऐजन उपदफा (४)
- अनुसन्धान अधिकारीले कसूरसँग सम्बन्धित कुनै दसी प्रमाण, सामान वा वस्तु फेला पारेमा त्यसलाई आफ्नो कब्जामा लिनु पर्नेछ । — ऐजन उपदफा (५)
- उपदफा (५) बमोजिम दसी प्रमाण सामान वा वस्तु कब्जामा लिने अधिकारीले सोको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ । — ऐजन उपदफा (६)
- घटनास्थल मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिँदा वा ज्यान मरेको कसूर भएकोमा लाश जाँच गर्दा वा अन्य कुनै कसूर भएकोमा त्यस्तो कसूरको प्रकृति अनुसार आवश्यक मुचुल्का खडा गर्दा त्यस्तो ठाउँमा तत्काल उपलब्ध कम्तीमा दुई जना स्थानीय व्यक्ति र स्थानीय तहका एक जना सदस्य वा त्यस्तो सदस्य उपलब्ध नभए कुनै सरकारी कार्यालयको एक जना कर्मचारी भए निजलाई र फेला परेसम्मका अभियुक्त र कसूरको सूचना दिने व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्नेछ ।
  तर अभियुक्त वा कसूरको सूचना दिने व्यक्ति रोहवरमा नराखेको कारणले मात्र त्यस्तो घटनास्थल मुचुल्का वेरितको भएको मानिने छैन । — ऐजन संहिताको दफा १९(२)
- कुनै कसूरको अनसुन्धानको क्रममा घटनास्थल मुचुल्का खडा गर्दा लाश जाँच मुचुल्काको हकमा संहिताको अनुसूची-१४ र सो बाहेकका अन्य अवस्थाको हकमा यस नियमावलीको अनुसूची -७ बमोजिमको ढाँचामा घटनास्थल मुचुल्का खडा गर्नु पर्नेछ । — कसूरको अनुसन्धान नियमावलीको नियम १७

**खानतलासी तथा बरामदी मुचुल्का :**

खानतलासी तथा बरामदी मुचुल्का तयार गर्दा अनुसन्धान अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९,१८ र १९ बमोजिमको प्रक्रिया पूरा गरी गरेको हो भन्ने कुरा सो लिखतबाटै देखिनु पर्दछ । त्यस्तै गरी फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ कोनियम ११ ले गरेको प्रकृयागत कुराहरू पनि अनुसरण गरे नगरेको सम्बन्धमा विचार गर्नु पर्दछ । यसका अतिरिक्त कुनै विशेष ऐनले यस सम्बन्धमा गरेको विशेष व्यवस्था रहेछ भने सो व्यवस्था पनि बुझ्ी राख्नु आवश्यक छ । जस्तै लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ८ ले बरामदी मुचुल्काको सम्बन्धमा विशेष व्यवस्था गरेको छ ।

**कानूनी व्यवस्था:**

- अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतको कुनै कसूरको अनुसन्धान गर्दा त्यस्तो कसूरसँग सम्बन्धित कुनै लिखत, दसी प्रमाण, अभियुक्त वा अन्य कुनै व्यक्ति कुनै ठाउँमा छ भन्ने कुरा शङ्का गर्नुपर्ने मनासिव कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन र त्यस्तो लिखत वा दसी प्रमाण बरामद गर्न सक्नेछ । — मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८
- उपदफा (१) बमोजिम खानतलासी लिनुअघि खानतलासी गर्ने घरमा तत्काल बसोबास गरिरहेको व्यक्तिलाई खानतलासी लिनु पर्नाको कारण सहितको लिखित सूचना अनुसूची–१२ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।
- उपदफा (१) बमोजिम खानतलासी लिँदा अनुसूची–१३ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी खानतलासी लिनु पर्नेछ ।
- उपदफा (१) बमोजिम खानतलासी गर्न त्यस्तो ठाउँमा प्रवेश गर्नु अघि अनुसन्धान अधिकारीले सम्बन्धित घरधनी वा व्यक्तिलाई आफ्नो समेत तलासी दिनु पर्नेछ ।

- उपदफा (१) बमोजिम खानतलासी गर्दा महिला मात्र रहने वा बस्ने गरेको घर कोठाको खानतलासी लिनु परेमा सम्भव भएसम्म अन्य महिलालाई समेत साथमा लिई घरभित्र प्रवेश गरी खानतलासी लिनुपर्नेछ।
- तर कुनै महिलाको शरीरको तलासी लिनु पर्दा महिला प्रहरी वा त्यस्तो महिला प्रहरी तत्काल उपलब्ध नभएमा अन्य कुनै महिलाद्वारा तलासी लिन लगाउन सकिनेछ।
- खानतलासी लिँदा प्राप्त भएको कसूरसँग सम्बन्धित वस्तुको विवरण, त्यस्ता वस्तु पाइएको ठाउँ र अवस्था खुलाई खानतलासी लिने कर्मचारीले दुई प्रति मुचुल्का तयार गरी एक प्रति सम्बन्धित व्यक्तिलाई दिई एक प्रति मिसिलमा सामेल राख्नु पर्नेछ।
- खानतलासी लिनु पर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र पर्ने भएमा अनुसन्धान अधिकारीले त्यस्तो प्रहरी कार्यालय समक्ष त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्नेछ।
- उपदफा (७) बमोजिम अनुरोध भएकोमा त्यस्तो प्रहरी कार्यालयको कम्तीमा प्रहरी नायब निरीक्षकले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिई उपदफा (३) बमोजिमको मुचुल्का तयार गरी त्यसरी अनुरोध गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछ।
- उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तोप्रहरी कार्यालयमा लिखित अनुरोध गर्दा कुनै प्रमाण लोप वा नास हुने सम्भावना छ भन्ने लागेमा अनुसन्धान अधिकारी आँफै खानतलासी लिनुपर्ने व्यक्ति भएको ठाउँ वा स्थानमा गई यस दफा बमोजिम खानतलासी लिन सक्नेछ र त्यसको सूचना सम्बन्धित कार्यालय वा प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।
- यस दफा बमोजिम खानतलासी लिने अधिकारीले खानतलासीबाट प्राप्त कसूरसँग सम्बन्धित कुनै वस्तु आफ्नो साथमा लैजान चाहेमा सम्बन्धित व्यक्तिलाई त्यसको भरपाई दिएर मात्र लैजानुपर्नेछ।
- कुनै ठाउँको तत्काल खानतलासी नलिएमा कसूरसँग सम्बन्धित दसी प्रमाण लोप वा नास हुन सक्ने वा शङ्कास्पद व्यक्ति भाग्नवा उम्कन सक्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएकोमा बाहेक कसैको घरको तलासी लिनु परेमा सूर्योदयदेखि सूर्यास्त हुनु अघिसम्मको समयभित्र लिनु पर्नेछ।
- यस दफा बमोजिम खानतलासी लिने अधिकारी खानतलासी लिन कुनै घर वा कुनै ठाउँमा प्रवेश गर्दा सो घर वा ठाउँको स्वामित्व भएको वा त्यस्तो घर वा ठाउँको हेरविचार गर्ने जिम्मा लिएको वा तत्काल बसोबास गरिरहेको व्यक्तिले निजलाई त्यस्तो घर वा ठाउँमा प्रवेश गर्नदिनु पर्नेछ रत्यसरी प्रवेश गर्न नदिएमा खानतलासी लिने अधिकारीले सोघर वा ठाउँको झ्याल, ढोका, छाना, भित्ता इत्यादि मध्ये प्रवेश गर्न आवश्यक हुनेसम्म भत्काई वा फुटाई वा ताल्चा लगाएकोमा ताल्चा समेतफोडी सकेसम्म कम हानि, नोक्सानी हुने गरी भित्र प्रवेश गर्न सक्नेछ।
- कुनै घर वा ठाउँको यस दफा बमोजिम खानतलासी लिइसकेपछि खानतलासी लिन भित्र गएको व्यक्ति बाहिर निस्कन खोज्दा कुनै कारणवश साधारण रूपमा बाहिर निस्कन नसकेमा निजले त्यस्तो घर वा ठाउँको झ्याल, ढोका, छाना, भित्ता इत्यादि मध्ये बाहिर निस्कन आवश्यक पर्ने कुनै ठाउँ सकेसम्म कम हानि, नोक्सानी हुने गरी भत्काई वाफुटाई बाहिर निस्कन सक्नेछ।
- खानतलासी गर्ने अधिकारी र खानतलासीको काममा निजलाई मद्दत गर्न खटिएका अन्य कर्मचारी तथा दफा १६ को उपदफा (५) बमोजिम रोहवरमा रहेका व्यक्तिहरूले आफूले लगाएको लुगा र खानतलासीको काममा उपयोग गरिने वस्तु बाहेक अरु कुनै वस्तु साथमा राख्न पाइने छैन र सम्बन्धित व्यक्तिले चाहेमा खानतलासीको काम सुरु हुनु भन्दा पहिले नै त्यस्तो कुनै अधिकारी, कर्मचारी वा रोहबरमा रहने व्यक्तिको शरीरको तलासी लिन सक्नेछ।

- यस दफा बमोजिम कुनै व्यक्ति, घर वा ठाउँको खानतलासी लिन पाउने अधिकारीले खानतलासी लिनु अघि सम्बन्धित घर धनी, ठाउँधनी वा व्यक्तिलाई निज खानतलासी लिन पाउने अधिकार प्राप्त अधिकारी भएको परिचयपत्र देखाउनु पर्नेछ। — ऐजन संहिताको दफा १९ (३)
- कुनै व्यक्तिको स्वामित्व वा जिम्मामा रहेको कुनै ठाउँको खानतलासी लिँदा उपलब्ध भएसम्म त्यस्तो व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्नेछ। — ऐजन संहिताको दफा ९(१२)
- कसूरसँग सम्बन्धित पक्रिएको व्यक्तिको खानतलासी वा शरीर तलासी लिन सकिनेछ।
- पक्राउ गर्नु पर्ने व्यक्ति कुनै घर वा ठाउँमा बसेको छ भन्ने शङ्का गर्नु पर्ने मनासिव कारण भएमा त्यस्तो घरवा ठाउँको खानतलासी लिई पक्राउ गर्न सकिनेछ। — ऐजन उपदफा (१३)
- खानतलासी लिँदा कुनै व्यक्ति पक्राउ परेमा सो व्यक्तिको शरीरको तलासी पनि लिन सकिनेछ। — ऐजन उपदफा (१४)
- तलासी लिँदा फेला परेका प्रमाण सम्बन्धी लिखत वा दसी प्रमाण वा अन्य कुनै वस्तु त्यस्तो व्यक्तिलाई पक्राउ गर्ने व्यक्ति वा अनुसन्धान अधिकारीले आफ्नो कब्जामा लिई त्यसको भरपाई दिनु पर्नेछ। — ऐजन उपदफा (१५)
- यस ऐन अन्तर्गतको कुनै अपराध कुनै घर, जग्गा, सवारी वा ठाउँमा भईराखेको छ र तुरुन्तै केही कारबाही नगरेमा अपराध भागी जाने वा अपराधको प्रमाण गायब हुने सम्भावना देखेमा औषध नियन्त्रण अधिकारी वा कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको प्रहरी कर्मचारीले सो कुराको पर्चा खडा गरी जुनसुकै बखत देहायका कामहरू गर्न सक्नेछः— लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ८
  - त्यस्तो घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्नु,
  - त्यसरी प्रवेश गर्दा कुनै बाधा विरोध भएमा ढोका फोरी प्रवेश गर्न वा त्यस्तो बाधा विरोध हटाउन आवश्यक कारवाई गर्न,
  - अपराधसित सम्बन्धित लागू औषध र अन्य सामानहरू तथा प्रमाणको लागि काम लाग्ने जुनसुकै कागज–पत्र कब्जा गर्न,
  - अपराध गरेको भनी शंका लागेको जुनसुकै व्यक्तिलाई रोक्न, खानतलासी लिन र आवश्यक देखेमा निजलाई गिरफ्तार समेत गर्ने।
- उपदफा (१) बमोजिम कुनै घर, जग्गा, सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलासी गर्दा समयले भ्याएसम्म सम्बन्धित नगरपालिका वा गाउँपालिकाको वडा सदस्य वा त्यस ठाउँको भलाद्मी वा कुनै अर्को सरकारी कार्यालयका एकजना कर्मचारीलाई साक्षी राखी गर्नु पर्नेछ। — ऐजन उपदफा (२)
- "तर नगरपालिका वा गाउँपालिका वा वडा समितिका सदस्य वा त्यस ठाउँका भलाद्मी वा कुनै अर्को सरकारी कार्यालयका कर्मचारीको रोहवरमा मुचुल्का तयार गर्ने प्रयास गर्दा पनि त्यस्ता व्यक्तिहरू उपलब्ध नभएको उचित आधार भएमा कम्तीमा दुईजना औषध अनुसन्धान अधिकारी वा कम्तीमा दुईजना प्रहरी सहायक निरीक्षक दर्जासम्मको कर्मचारीको रोहवरमा मुचुल्का तयार गर्न सकिनेछ।" — फौजदारी कसूरको अनुसन्धान नियमावलको नियम ११
- संहिताको दफा ९ र दफा १८ को उपदफा (१) बमोजिम कुनै मुद्दाको सम्बन्धमा कुनै व्यक्तिको शरीरको खानतलासी लिनु पर्दा आवश्यकता अनसुार संहिताको दफा १८ को उपदफा (३) बमोजिम सोही संहिताको अनुसूची-१३ बमोजिमको मचुलुका खडा गर्नु पर्नेछ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

➢ ला.औ.नि. ऐन, २०३३ को दफा ८(२) मा कुनै घर जग्गा सवारी वा अन्य कुनै ठाउँमा प्रवेश गर्दा वा खानतलासी गर्दा समयले भ्याएसम्म सम्बन्धित न.पा./गा.वि.स. वा वडा समितिको एकजना सदस्य वा — नेपाल सरकार वि. भरत राई नेकाप

त्यस ठाउँका एकजना भलादमी वा कुनै अर्को सरकारी कार्यालयको एकजना कर्मचारी साक्षी राख्नु पर्छ भन्ने विशेष व्यवस्था भएको पाइन्छ । तर समयले नभ्याएको स्थितिमा उपर्युक्त व्यक्तिहरू साक्षी नराख्दैमा सो बरामदी मुचुल्का नै अमान्य हुने देखिंदैन । काठमाडौं स्थित विशाल नगर जस्तो ठाउँमा दिउँसो ४ बजे फेला परेका प्रतिवादी र निजले हाँकेको गाडीबाट बरामद भएको ला.औ. को बरामदी मुचुल्कालाई अ.बं १७२ नं. बमोजिम भएन भन्न नमिल्ने ।

२०५०, नि.नं. ४६९७

- अनधिकृत अधिकारीबाट भएको खानतलासी मुचुल्काले कानूनी मान्यता पाउँछ भन्न नमिल्ने । कानूनले जे जति मान्छेलाई साक्षी राख्न भनेको छ त्यो भन्दा कम साक्षी राख्न नमिल्ने । गैरकानूनी खानतलासी एवं बरामदी मुचुल्कालाई प्रमाणमा लिन नमिल्ने ।

नेकाप २०४७ नि.नं. ४१४२

**सनाखतः–**

मुद्दाको सन्दर्भमा कतिपय अवस्थामा वारदातमा संलग्न व्यक्ति पक्राउ परेको व्यक्ति हो होइन भन्ने यकिन गर्नु पर्ने हुन्छ । सनाखती लिखत तयार गर्दा अनुसन्धान अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा चौबीस को प्रक्रिया पूरा गरेर तयार गरेको हो होइन हेर्नु पर्दछ । फौजदारी कसूर अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २७ ले दशीको सामान सनाखत गर्ने गराउने सम्बन्धमा उल्लेख गरेको कानूनी प्रक्रिया समेत पूरा गरेको हुनु पर्दछ ।

**कानूनी व्यवस्था**

- कुनै मुद्दामा कुनै व्यक्तिको सनाखत गराउनुपर्ने भएमा कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले सनाखत गराउनु पर्नेछ ।
- तर सनाखत नगराएकै कारणबाट मात्र मुद्दाको काम कारबाहीमा कुनै तात्विक असर पर्ने छैन ।
- उपदफा (१) बमोजिम सनाखत गराउँदा सनाखत गर्नु पर्ने व्यक्तिलाई देख्न र हेर्न नपाउने ठाउँमा राख्नु पर्नेछ र त्यस्तो व्यक्तिसँग मिल्दा जुल्दो उमेर, वर्ण वा शारीरिक स्वरूप भएको कम्तीमा चार जना व्यक्तिलाई सम्भव भएसम्म एकै किसिमको पहिरन गराई निजहरूसँग सनाखत गर्नु पर्ने व्यक्तिलाई राखी सनाखत गर्ने प्रत्येक व्यक्तिलाई छुट्टाछुट्टै सनाखत गराउनु पर्नेछ ।
- सनाखतको ढाँचा अनुसूची–१७ मा उल्लेख भए बमोजिम हुनेछ ।
- उपदफा (२) बमोजिम सनाखत गराउँदा सनाखत गर्ने व्यक्तिले पहिचान गर्न सके वा नसकेको व्यहोरा लेखी मिसिल सामेल राख्नुपर्नेछ ।
- मुद्दासँग सम्बन्धित दसी वा चीज वस्तुलाई प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले सनाखत मुचुल्का खडा गरी सनाखत गराउन सक्नेछ ।
- संहिताको दफा २४ को उपदफा (५) बमोजिम कुनै मुद्दासँग सम्बन्धित दशी वा चीज वस्तु सनाखत गराउनु पर्दा सनाखत गराउनु पर्ने सम्बन्धित व्यक्तिलाई त्यस्तो दसीवा चीज वस्तुदेखाई अनुसूची–१८ बमोजिमको ढाँचामा सनाखत गराउनु पर्नेछ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २४

कसूरको अनुसन्धान नियमावलीको नियम २७

**सर्वोच्च अदालतको फैसला/आदेश**

- आफ्नो साबितिमा देखाए बमोजिम निजको घर खानतलासी गर्दा केही दशी नभेटिएको र निजका बाबु अभियुक्त मध्येको जशबहादुरले पनि आफूलाई छोराले सुन र रूपैयाँ दिएमा इन्कार रहे पनि घटनास्थलमा भेटिएको चप्पल र छाता मध्ये चप्पल आफ्नो हो भनी निज अभियुक्त ध्यान बहादुरले सनाखत गरेका भनी अधिकांश सरजमिनले लेखाई दिएको कुरालाई अदालतमा बकपत्र गर्दा समेत स्विकार गरी देखाई

नेकाप २०४४, नि.नं. ३२२०

दिएको देखिएबाट निज अभियुक्त ध्यान बहादुरको सो वारदातमा नगएको भनी भन्न सकिने अवस्था नरहेको हुँदा खाली रीतपूर्वक सनाखत नगराएकै आधार लिई सफाई पाउने भन्न नमिल्ने ।

➢ बकपत्र गराउँदा मानिस सनाखत गराउने कुरा ऐनले मिल्ने देखिँदैन । बकपत्रकै सिलसिलामा अदालतबाट मानिस देखाएकोले चिने भनेका कुरा अदालती बन्दोवस्तको १७३ नं. विपरित कानूनी प्रक्रिया वाहिरको हुँदा त्यसलाई मान्यता दिन नमिल्ने ।

नेकाप २०३९, नि.नं. १५५४

## वैज्ञानिक परीक्षण वा जाँचबाट प्राप्त प्रतिवेदन

वारदात वा अपराधसँग सम्बन्धित कतिपय चीज वस्तुहरू वा लिखत कागजातहरू वैज्ञानिक परीक्षण विना प्रमाण योग्य मानिँदैनन् । अपराध अनुसन्धानको क्रममा संकलन गरिएका त्यस्ता चीज वस्तुहरू अत्यन्तै महत्वपूर्ण प्रमाण हुन् । त्यस्ता चीज वस्तुहरूको संकलन, संरक्षण, प्याकिङ्क, र परीक्षणमा विशेष सतर्कता एवं संवेदनशीलता अपनाउन सकियो भने त्यसले वारदात घटेको वा वारदातमा कुनै निश्चित व्यक्तिको संलग्नता रहेको बारे वा कुनै शंकास्पद कुरा वा चीजवस्तु यथार्थमा के रहेछ भन्ने निश्चतता प्रदान गर्ने हुनाले फौजदारी मुद्दामा वैज्ञानिक परीक्षण र त्यसको प्रतिवेदनको अत्यन्तै महत्वपूर्ण स्थान रहेको छ ।

मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्ने सन्दर्भमा अभियोजन अधिकारी (सरकारी वकील) ले आधार लिने मिसिल संलग्न लिखत प्रमाणहरूमा वैज्ञानिक परीक्षण प्रतिवेदनहरू पनि मुख्य रूपमा रहेका हुन्छन । संकलित सबुद प्रमाणहरू मध्ये वैज्ञानिक परीक्षण प्रतिवेदन मात्र यस्ता प्रमाण हुन जसको प्रयोग विवाद नदेखिएसम्म पुनः परीक्षण नगरी यथास्थितिमा स्वीकार गर्ने गरिन्छ । यसैले सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्नु भन्दा पहिले वैज्ञानिक परीक्षणका प्रतिवेदनहरूलाई समेत आधार लिई उचित निर्णय गर्नु पर्दछ । वैज्ञानिक परीक्षण प्रतिवेदनहरू मध्ये सामान्यतया निम्न प्रतिवेदनहरूको सान्दर्भिकता फौजदारी मुद्दाहरूमा बढी हुने गर्दछ ।

- शव परीक्षण प्रतिवेदन (Postmortem Report or Autopsy Report),
- घाँजाँच प्रतिवेदन (Medical Report),
- भिषेरा परीक्षण प्रतिवेदन (Vicera Report),
- DNA (Deoxyribonucleic Acid) Report,
- रगत, विर्य, थुक, खकार, बान्ता, दिसा, पिसाब परीक्षण प्रतिवेदन,
- शरीरका भित्री अंगहरू जस्तै मुटु, फोक्सो, कलेजो, पेट, गिँदी आदिको परीक्षण प्रतिवेदन ,
- हातहतियार तथा विष्फोटक पदार्थ परीक्षण प्रतिवेदन (Ballistics and Weapons),
- लागू औषध (Narcotic Drugs) परीक्षण प्रतिवेदन,
- विवादास्पद लिखत परीक्षण प्रतिवेदन (Disputed Documents),
- हस्ताक्षर एवं ल्याप्चे परीक्षण प्रतिवेदन (Finger Prints)।

## कानूनी व्यवस्था

- कुनै व्यक्ति कसैको कर्तव्यबाट वा कुनै दुर्घटना भई वा आत्महत्या गरी वा अस्वाभाविक रूपमा वा अन्य कुनै शङ्कास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा अनुसन्धान अधिकारीले तुरुन्त लाश रहेको ठाउँमा गई लाश जाँच गर्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम लाश जाँच गर्दा यथासम्भव निम्नलिखित कुराहरू समेत खुलाई अनुसूची–१४ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ र लाशको वास्तविक यथार्थ चित्रण हुने गरी लाश र सम्बन्धित ठाउँको तस्बिर समेत खिच्नु पर्नेछ ।
- कुनै कसूरको प्रकृतिबाट सम्बन्धित व्यक्तिको रगत, वीर्य, रौँ वा शरीरको अन्य कुनै अङ्ग, हात हतियार वा चीजवस्तु वा डि.एन.ए. वा अन्य कुनै कुरा परीक्षण गर्दा कसूरदार पत्ता लगाउन कसूर सम्बन्धी प्रमाण

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २०(१) र (२)

मुलुकी फौजदारी

उपलब्ध हुन सक्दछ भन्ने लागेमा अनुसन्धान अधिकारीले सरकारी चिकित्सक वा मान्यता प्राप्त प्रयोगशालामा त्यस्तो रगत, वीर्य, रौँ वा शरीरको कुनै अङ्ग, तहतियार वा चीज वस्तु वा डि.एन.ए. वा विद्युतीय रूपमा रहेको सामग्री वा अन्य कुनै भौतिक प्रमाण परीक्षण गराउन सक्नेछ।

कार्यविधि संहिता, २०७४ को दफा २१

- तर कुनै महिलाको शारीरिक अङ्ग जाँच गर्नु परेमा पाएसम्म महिला चिकित्सकद्वारा र त्यस्तो चिकित्सक उपलब्ध नभएमा महिलाको रोहवरमा पुरुष चिकित्सकबाट गराउनु पर्नेछ।
- उपदफा (१) बमोजिम परीक्षण गर्न आवश्यक पर्ने रगत, वीर्य, रौं वा अङ्ग, हातहतियार वा वस्तुको नमूना (स्याम्पल) उपलब्ध गराउन अनुसन्धान अधिकारीलाई सम्बन्धित व्यक्तिले सहयोग गर्नु पर्नेछ।
- उपदफा (१) बमोजिम भएको परीक्षणको प्रतिवेदन सम्बन्धित चिकित्सक वा प्रयोगशालाले तयार गर्नु पर्नेछ।
- कुटपिटको कारणबाट कुनै वारदात भई घा, चोट, नील वा डाम, इत्यादि भएकोमा सो जाँची पाउँ भनी सम्बन्धित व्यक्तिले निवेदन दिएमा वा अनुसन्धान अधिकारीबाट लेखी आएमा सरकारी चिकित्सक वा स्वास्थ्य कर्मीले निजको घाउ, चोटपटक, नील वा डाम जाँची अनुसूची–१६ बमोजिमको ढाँचामा घा जाँच केश गरी दिनु पर्नेछ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २२

- उपदफा (१) मा लेखिए बाहेक अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएको व्यक्तिलाई कुटपिट गरिएको, यातना दिएको वा निजको विरुद्ध अरु कुनै कसूर भएको प्रमाण निजको शारीरिक जाँचबाट उपलब्ध हुन सक्ने मनासिव आधार देखाई निज वा निजको तर्फबाट अरु कसैले निवेदन दिएमा अदालतले सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मीबाट त्यस्तो व्यक्तिको शारीरिक जाँच गराउन आदेश दिन सक्नेछ।
- उपदफा (२) बमोजिम शारीरिक जाँच गर्दा समेत उपदफा (१) मा उल्लेखित घा जाँच गरी दिनु पर्नेछ।
- दफा २०, २१ र यस दफा बमोजिम भएको परीक्षण प्रतिवेदन त्यस्तो परीक्षण भएको मितिले बाटोको म्याद बाहेक बढीमा तीन दिनभित्र सम्बन्धित चिकित्सक, विशेषज्ञ वा प्रयोगशालाले सम्बन्धित कार्यालय वा अनुसन्धान अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ।
- उपदफा (२) बमोजिम हिरासतमा लिएको व्यक्तिलाई कुटपिट गरेको वा निजलाई यातना दिएको देखिएमा त्यसरी कुटपिट गरिएको वा यातना पाएको व्यक्तिको उपचार गराई निजलाई अन्तरिम राहत उपलब्ध गराउन र त्यसरी कुटपिट गर्ने वा यातना दिने व्यक्तिलाई कानून बमोजिम विभागीय कारबाही गर्न अदालतले सम्बन्धित प्रहरी कार्यालय वा अनुसन्धान गर्ने अधिकार प्राप्त कार्यालय वा अधिकारीलाई आदेश दिनु पर्नेछ।
- उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले घा जाँच गर्न सरकारी चिकित्सक वा स्वास्थकर्मीलाई लेखी नपठाएमा त्यसको व्यहोरा उल्लेख गरी सरोकारवाला व्यक्तिले अदालतमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा अदालतले घा जाँचको लागि सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीलाई आदेश दिन सक्नेछ।

भौतिक प्रमाणको आधारनै वैज्ञानिक परीक्षण वा जाँचबुझ प्रतिवेदन भएको हुँदा सरकारी वकीलले विभिन्न विषयका प्राविधिक, वैज्ञानिक वा प्रयोगशाला परीक्षण प्रतिवेदनबारे सामान्यतयाः देहायका विषयमा जानकारी राख्नु पर्दछः

- मुद्दासँग सम्बन्धित भौतिक बस्तुहरूको वैज्ञानिक वा प्राविधिक परीक्षण गरेको छ वा छैन,
- यदि त्यस्ता बस्तुहरूको परीक्षण गरेको छैन भने अभियोजन गर्नु भन्दा अगाडि नै त्यसको प्रतिवेदन सकभर प्राप्त हुन सक्ने गरी तत्कालै परीक्षणको लागि पठाउन लगाउने,

- यदि परीक्षण गर्न पठाएको छ र प्रतिवेदन प्राप्त भै सकेको छैन भने प्रतिवेदन प्राप्त गर्ने तर्फ तदारुकताका साथ प्रयास गर्ने गर्न लगाउने,
- प्राप्त प्रतिवेदनको आधिकारिकता एवं विश्वसनीयता सम्बन्धमा अध्ययन गर्ने,
- वैज्ञानिक परीक्षणको लागि पठाइएको बस्तु पर्याप्त छ वा छैन भन्ने विषयमा यकिन हुने,
- वैज्ञानिक परीक्षणको लागि पठाइएको निकाय कानूनसम्मत, मान्यताप्राप्त वा आधिकारीक Forensic वा Medical Department हो वा होइन भन्ने कुरा यकिन गर्ने,
- विशेषज्ञको प्रतिवेदन आधिकारिक हो वा होईन भन्ने कुरा यकिन गर्ने,
- स्पष्ट नभएका प्रतिवेदनमा प्रयुक्त भाषाहरू स्पष्ट गर्न लगाउने वा अंग्रेजीमा लेखिएका प्रतिवेदनहरू Capital Letter मा लेख्न वा नेपाली भाषामा लेख्न लगाउने ।

## दशी प्रमाणको मूल्यांकन

कुनै वारदात वा अपराधमा संलग्न व्यक्ति वा निजले पोलेको व्यक्तिको साथबाट बरामद भएको अपारधसँगै सम्बन्धित भएको नगद, गरगहना, भाडाकुडा, अन्नपात, बस्तुभाउ, लुगा–फाटा, सवारी साधन, हातहतियार, औजार, सक्कल लिखत कागजात जस्ता जुनसुकै चीजबस्तुहरू दशी प्रमाणको रूपमा लिने गरिन्छ ।

अनुसन्धान अधिकारीले दशी प्रमाण संकलन गर्दा त्यसको मुचुल्का समेत बनाई कहिले, कहाँ, कसरी, के कस्ता चिजबस्तुहरू, के कुन अवस्थामा बरामद गरेको थियो भन्ने कुरा खुलाएको हुन्छ सो मुचुल्का कानूनी रीत पुगे वा नपुगेको विषयमा सरकारी वकीलले मूल्याङ्कन गर्नु पर्दछ ।

## कानूनी व्यवस्था:

- अनुसन्धानको सिलसिलामा घटनास्थलमा भेटिएको निशान,छाप, चिन्ह, दाग वा पीडित वा अभियुक्तको पहिचान खुल्ने अन्य कुरा प्रमाणमा लिन हुन्छ ।

प्रमाण ऐन, २०३१ को दफा २२

## अन्य प्रमाणहरूको मूल्यांकन

अपराध गर्न गराउन वा अपराधको षडयन्त्र गर्न प्रयोग हुने अत्याधुनिक प्रविधि तथा साधनहरू जस्तै श्रब्य दृष्य विद्युतीय माध्यमहरू, कम्प्युटर, कम्प्युटर सफ्ट्वेयर, फोटोग्राफी, भिडियो क्यामेरा, मोवाईल फोन आदि जस्ता अत्याधुनिक साधन एवं प्रविधिहरू समेत अन्य प्रमाण अन्तर्गत पर्दछन्।अनुसन्धान अधिकारीले त्यस्ता प्रमाणको संकलन गर्दा कानूनको उचित प्रक्रिया पूरा गरेर संकलन गरे नगरेको र त्यस्ता प्रमाणहरू अदालतमा प्रमाणको रूपमा ग्राह्य हुन सक्ने नसक्ने विषयमा सरकारी वकीलले अभियोजन गर्नु भन्दा पहिले नै यकिन हुनु पर्दछ । डिजिटल प्रविधि, वैज्ञानिक प्रयोगशाला परीक्षण प्रतिवेदन र सञ्चार प्रविधि प्रयोगशाला परीक्षण प्रतिवेदन सबुद प्रमाणको मूल्याङ्कन गर्नु पूर्व विषय विज्ञ प्राविधिकहरूबाट विषयवस्तुको राय लिई ज्ञान अनुभव आदानप्रदान गरी निष्कर्षमा पुग्नु सरकारी वकीलका लागि महत्वपूर्ण हुन्छ।त्यसैगरी प्रत्यक्ष प्राप्त नभएको अवस्थामा परिस्थितिजन्य प्रमाणको मूल्याङ्कन गरी अप्रत्यक्ष प्रमाणको आधारमा समेत अभियोजन गर्ने अवस्था आउन सक्दछ ।

## सर्वोच्च अदालतको फैसला/आदेश

- परिस्थितिजन्य प्रमाण जहिले पनि प्रत्यक्ष हुनपर्छ, अनुमानबाट समर्थित हुने विषय होइन । के कस्तो परिस्थितिजन्य प्रमाण हो भन्ने कुरा स्पष्ट रूपमा खुलाउनु पर्छ, घटनासँग सम्बन्धित विभिन्न कडीहरू मालाकार रूपमा एक अर्कोसँग जोडिएको र त्यसबाट परिमाणको स्वाभाविक निष्कर्ष आउनु पर्ने ।

नेस वि. मालती देवी कलवार, नेकाप २०६४, अंक १२, नि.नं. ७९०८

- परिस्थिति जन्य प्रमाणमा रहने विभिन्न मालाकार कडीको निरन्तरताले त्यस्ता प्रमाणलाई ग्राह्य बनाउने ।

ने.का.प. २०६७ अंक ५, निं. नं. ८३७८

## २.११ थप निर्देशन

अनुसन्धान अधिकृतको राय सहितको अनुसन्धान प्रतिवेदन प्राप्त गरे पछि मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल प्रमाणहरूको अध्ययन गर्दा सरकारी वकीलले थप सबुद प्रमाण संकलन गर्न, कुनै व्यक्ति वा निकायसँग सोधपुछ गर्न वा अनुसन्धान/तहकिकात सम्बन्धमा थप केही कुराहरू बुझ्नु आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण संकलन गरी पठाउन, त्यस्तो व्यक्ति वा निकायसँग सोधपुछ गरी पठाउन वा सोधिएका कुराहरू खुलाउन अनुसन्धान/तहकिकात गर्ने प्रहरी कर्मचारीलाई थप निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित अनुसन्धान/तहकिकात गर्ने अधिकारीको कर्तव्य हुनेछ ।

### कानूनी व्यवस्था

- उपदफा (३) बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सबुद प्रमाण सङ्कलन गर्न वा थप अनुसन्धान गर्न वा कुनै व्यक्तिसँग थप सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबुद प्रमाण सङ्कलन गरी वा थप अनुसन्धान गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपूछ गरी पठाउन अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

  मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१(४)

- सरकारी वकीलले कसूरको थप अनुसन्धान गर्न उपदफा (४) बमोजिम निर्देशन दिएमा अनुसन्धान अधिकारीले त्यस्तो निर्देशन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र थप अनुसन्धान पूरा गरी सक्नु पर्नेछ ।

  ऐजन उपदफा (५)

### सर्वोच्च अदालतको फैसला/आदेश

➢ अनुसन्धानको सिलसिलामा कुनै एक कसूरमा तहकिकात आरम्भ भएको तर अनुसन्धान तहकिकात गर्दै जाँदा अर्को कसूर हो भन्ने देखिएको अवस्थामा सफाइको मौका दिई आवश्यकता अनुसार थप प्रमाण सङ्कलन गरी सुरूमा आरम्भ गरेको अनुसन्धान तहकिकात भन्दा फरक कसूरमा अभियोजन गर्न प्रचलित नेपाल कानूनले बन्देज लगाएको नदेखिएकोले चोरीको रोहबाट अनुसन्धान आरम्भ भई बैङ्किङ कसूरतर्फ थप अनुसन्धान गरी सोही विषयमा अभियोग लगाउने कार्यलाई अन्यथा भन्न नमिल्ने ।

नेपाल सरकार विरुद्ध गोविन्द उपाध्याय नेकाप २०७७ अंक ६ निर्णय नम्बर १०५१४

अनुसन्धान अधिकारीलाई दिने निर्देशनका सम्बन्धमा यसै परिच्छेदको प्रकरण २.१ मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

## २.१२ पीडित प्रभाव प्रतिवेदन

नेपालको संविधानद्वारा प्रदत्त फौजदारी न्यायिक प्रकृयाको अभिन्न अंगको रूपमा रहेको अपराध पीडितको न्यायको अधिकार सुनिश्चित गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने र कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था गर्न अपराध पीडित संरक्षण ऐन, २०७५ जारी भै लागू भैसकेको छ । अपराधबाट पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसूरको परिणाम स्वरूप व्यहोर्नु परेको क्षति वापत पीडितलाई क्षतिपूर्ति समेतको व्यवस्था गर्न आवश्यक भएको र संविधानले घोषणा गरेको लक्ष्य र उद्देश्यलाई कार्यान्वयन गरी पीडितको हक हितको संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न अपराध पीडित संरक्षण ऐन, २०७५ लागू भएको स्पष्ट देखिन्छ ।

अपराध पीडितको न्यायलाई निश्चित गर्ने सन्दर्भमा यसको सफल र प्रभावकारी कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरूको अहं जिम्मेवारी र कर्तव्य यस ऐनले तोकेको छ । साथै सरकारी वकीलहरूले अन्य विशेष ऐनले पीडितका हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने सबालमा गरेका कानूनी व्यवस्थाहरूलाई पनि उत्तिकै गंभीरतापूर्वक ख्याल गर्न आवश्यक छ । सरकारी वकीलले अपराध पीडितका न्यायका लागि अन्य विविध जिम्मेवारीको अलवा पीडित प्रभाव प्रतिवदनलाई अनुसन्धान तथा अभियोजनका चरणमा र न्याय निरोपणका अवस्थामा विशेष ख्याल गर्नुपर्ने हुन्छ ।

**कानूनी व्यवस्था:**

- पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्नेः पीडितले (आफैले नसक्नेका हकमा संरक्षकले) चाहेमा कसूरको कारणले पीडितलाई प्रत्यक्ष रूपमा परेको क्षति वा प्रभावको उल्लेख गरी कसूरको अभियोगपत्र अदालतमा दायर हुनु भन्दा अगावै अभियोजन गर्ने अधिकारी समक्ष तोकिएका विवरण खुलाई तोकिए बमोजिमको ढाँचामा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने तर काबु बाहिरको परिस्थिति परेमा अभियोग दायर भएको १ महिना भित्र अभियोजन अधिकारी समक्ष दिन सक्ने र तीन दिन भित्र अभियोजन अधिकारीले अदालतमा पेश गर्नु पर्ने, — अपराध अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५
- अभियुक्त वा कसूरदारले पीडित प्रभाव प्रतिवेदनको नक्कल माग गर्न सक्ने । तर फरारी अभियुक्त वा कसूरदार/ पीडितको गोपनीयता र सुरक्षाको कारण दिन इन्कार गर्न सकिने । — ऐजन दफा २६
- अदालतले कसूरदारलाई सजाय निर्धारण गर्दा पीडित प्रभाव प्रतिवेदनलाई समेत आधार लिन सक्ने । — ऐजन दफा २७
- पीडितले परिच्छेद ३ बमोजिम पीडित प्रभाव प्रतिवेदन पेश नगरेकै कारणबाट पीडितलाई कसूरबाट क्षति वा प्रभाव कम भएको अनुमान नगरिने, — ऐजन दफा २८

## ३. मुद्दा चल्ने नचल्ने निर्णय प्रक्रियामा सरकारी वकीलको भूमिका

नेपाल सरकार वादी हुने फौजदारी मुद्दा चल्ने वा नचल्ने विषयको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्ता तथा निजले अधिकार प्रत्यायोजन गरेका मातहतका सरकारी वकीलहरूलाई हुने संवैधानिक व्यवस्था छ । महान्यायाधिवक्ताले आफूमा निहित अधिकार तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गरेको छ ।

सरकारी वकीलले मुद्दा चल्ने नचल्ने निर्णय गर्दा प्रचलित कानून, सर्वोच्च अदालतका फैसला तथा नजिरहरू, राजपत्रका सूचना तथा आदेशहरू, कानून तथा न्यायका मान्य सिद्धान्तहरूको जानकारी राख्दै आफूलाई सदैब चुस्त दुरुस्त बनाउनु पर्दछ । मुद्दा चलाउने वा नचलाउने विषय सरकारी वकीलको महत्वपूर्ण कार्य भएको र यसले पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउने भएकाले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा कसूर गर्ने नउम्किउन् र निरपराधी नफसुन भन्ने न्यायको मान्यतालाई सदैव आत्मसात गर्नु पर्छ ।

मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सन्दर्भमा सरकारी वकीलले मुख्य रूपले निम्न चार किसिमको निर्णय गर्न सक्दछन्ः–

- उपलब्ध सबुद प्रमाणको मूल्यांकनको आधारमा मुद्दा चलाउने गरी निर्णय गर्ने,
- उपलब्ध सबुद प्रमाणको मूल्यांकनको आधारबाट केही प्रतिवादीका हकमा मुद्दा चलाउने र केहीको हकमा नचलाउने निर्णय गर्ने,
- पर्याप्त सबुद प्रमाण नभएको कारण मुद्दा नचलाउने निर्णय गर्ने,
- मुद्दा परिवर्तन गरी चलाउने, अर्को निकायमा पठाउने, पीडितलाई नै मुद्दा चलाउन जानकारी दिने ।

**संवैधानिक तथा कानूनी व्यवस्था**

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ । यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ । — नेपालको संविधानको धारा १५८ (२)
- महान्यायाधिवक्ताले यो धारा बमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्नेछ । — ऐजन, उपधारा (७)
- अनुसन्धान प्रतिवेदन सहितको मिसिल प्राप्त भएपछि सम्बन्धित सरकारी वकीलले मिसिल अध्ययन गरी अनुसन्धानको सिलसिलामा सङ्कलित सबुद प्रमाणको मूल्याङ्कन गरी मुद्दा चलाउने वा नचलाउने — मुलुकी

सम्बन्धमा निर्णयको लागि महान्यायाधिवक्ता समक्ष मिसिल पठाउनु पर्नेछ ।
तर मुद्दा चलाउने वा नचलाउने निर्णय गर्नेअधिकार महान्यायाधिवक्ताबाट मातहतको सरकारी वकीललाई सुम्पिएकोमा त्यस्तो मिसिल सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।

फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ (३)

- अनुसन्धान अधिकारीले यस दफा बमोजिम कुनै व्यक्ति उपर मुद्दा चलाउन नसकिने कारण सहितको प्रतिवेदन सरकारी वकील समक्ष पेश गरेकोमा अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति हिरासतमा रहेको भए अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने निर्णय नगरेसम्म हिरासतमा राखी राख्नु पर्नेछ ।

ऐजन दफा ३१(७)

- अनुसन्धान अधिकारीले अभियोजनका लागि अनुसन्धान प्रतिवेदन साथ मिसिल सरकारी वकील समक्ष पेश गर्दा कसूरसँग सम्बन्धित दसी, प्रमाण र अभियुक्तलाई आफ्नो नियन्त्रणमा राख्नुपर्नेछ र सम्बन्धित सरकारी वकीलले आदेश दिएमा सोही बखत सम्बन्धित अदालतमा पेश गर्नु पर्नेछ ।

ऐजन दफा ३८ (१)

- उपदफा (१) मा लेखिएदेखि बाहेक यस परिच्छेद बमोजिम अदालतमा दायर भएको मुद्दाका सम्बन्धमा मुद्दा दायर भएपछि थप कुनै सबुद, प्रमाण वा कुनै वस्तु, लिखत वा दसी फेला परेमा सम्बन्धित प्रहरी कार्यालयले सम्बन्धित सरकारी वकील कार्यालयमा दाखिल गर्नु पर्नेछ र त्यस्तो सरकारी वकील कार्यालयले आवश्यक जाँचबुझ गरी त्यस्ता लिखत, दसी, प्रमाण अदालतमा पेश गर्नु पर्नेछ ।

ऐजन उपदफा (२)

- सरकारी वकीलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायतका दसी, प्रमाणकावस्तु सम्बन्धित प्रहरी कार्यालयमा अविलम्ब फिर्ता पठाउनु पर्नेछ ।

ऐजन संहिताको दफा ३९

- उपदफा (१) बमोजिम प्राप्त मिसिल, दसी प्रमाण, वस्तु सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो कसूरको मुद्दा चलाउन सकिने हदम्यादको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।
- उपदफा (१) बमोजिमको दसी, प्रमाण वा वस्तु कसैको सम्पत्ति रहेछ भने त्यस्तो सम्पत्ति धनीलाई आवश्यक परेको बखत अनुसन्धान अधिकारी वा अदालतमा दाखिला गर्ने शर्त सहितको कागज गराई प्रहरीकार्यालयले त्यस्तो सम्पत्ति फिर्ता दिनु पर्नेछ ।
- सरकारी वकीलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने गरी निर्णय गरेकोमा त्यस्तो निर्णयको प्रतिलिपि र मुद्दा चल्ने निर्णय भएकोमा अभियोगपत्रको प्रतिलिपि सम्बन्धित अनुसन्धान अधिकारी र अभियुक्तलाई दिनु पर्नेछ ।

ऐजन दफा ४०

- अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कुनै मुद्दामा मुद्दा चलाउन पर्याप्त प्रमाण नभएको भनी सम्बन्धित सरकारी वकीलले निर्णय गरेमा निजले त्यस्तो निर्णयको जानकारी सम्बन्धित अनुसन्धान अधिकारी र त्यस्तो अनुसन्धान अधिकारी भन्दा माथिल्लो तहको अधिकारी वा कार्यालयलाई दिनु पर्नेछ ।
- कुनै कसूरको सम्बन्धमा दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचलाउने निर्णय भएमा अनुसन्धान अधिकारीले त्यसको कारण सहितको सूचना जाहेरवाला वा पीडितलाई यथाशिघ्र दिनु पर्नेछ ।

ऐजन दफा ४१

सरकारी वकीलद्वारा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा देहायका विषयमा विचार पुऱ्याउनु पर्दछः-

- के कति जना अभियुक्तहरू विरुद्ध अभियोग दायर गर्न सकिने ठोस आधारहरू छन् सो कुरा निश्चित गर्ने,
- अभियोगपत्र कुन निकाय समक्ष दायर गर्ने भन्ने कुरा,
- अभियोग दायर गरिसक्नु पर्ने हदम्याद बाँकी रहे वा नरहेको,
- अभियोग दायर गर्ने निर्णय भएको अवस्थामा के कुन कानून वा कानूनी व्यवस्था अनुसार अभियोग दायर गर्ने हो सो कुरा निश्चित गर्ने,

- अभियोग दायर गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने कार्यविधि,
- मुद्दा चलाउन वा नचलाउने सम्बन्धी सरकारी वकीलको निर्णय प्रमाणमा आधारित बस्तुनिष्ठ निर्णय भएको हुँदा सरकारी वकीलले कसैको भनसुन, मोलाहिजा, डर, धाक, धम्की एवं कुनै प्रलोभनमा नपरी निष्पक्ष स्वतन्त्र एवं निर्भिक भएर निर्णय गर्नुपर्ने,
- मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा प्रमाण कानून र सर्वोच्च अदालतबाट प्रदिपादन भएका सिद्धान्तहरूको विश्लेषण गर्नुपर्ने,
- एक पटक मुद्दा चलाउने निर्णय गरिसके पछि सो निर्णय सामान्यतया अन्तिम हुने हुँदा भरसक मुद्दाको परिणाममा पछिसम्म फरक नपर्ने गरी अत्यन्तै संवेदनशील भएर निर्णय गर्नुपर्ने,
- निर्णय पुस्तिकामा वारदात बारे संक्षिप्त विवेचना गरी वारदातमा संलग्न व्यक्तिहरू को को हुन् सबैको बाबु वा लोग्ने/ससुरा तथा निजको नाम, थर, स्पष्ट ठेगाना फेला पर्न सक्ने सम्मको विवरण खुलाउने,
- प्रत्येक अभियुक्तहरूलाई के कस्तो कसूरमा के कुन ऐन–कानून बमोजिम के कुन दफा उपदफा बमोजिम के कस्तो अभियोग लगाई के कस्तो सजायको मागदाबी गर्ने हो सो कुरा अभियुक्त पिच्छे छुट्टाछुट्टै खुलाउने,
- अभियुक्तहरू उपर लगाइएको अभियोग दाबी पुष्टि गर्ने भौतिक सबुद प्रमाण एवं साक्षीहरू के के छन् सो कुरा खुलाउने,
- अभियोग दाबी सम्बन्धमा सैद्धान्तिक आधारहरू केही भए सो समेत खुलाउने,
- मुद्दा चल्ने निर्णय गरेपछि सम्बन्धित सरकारी वकीलले तत्कालै अभियोग पत्रको मस्यौदाको कार्यलाई प्राथमिकता दिने,
- अभियोगपत्र दायर गर्ने समय बाँकी भई सरकारी वकीललाई अभियोग पत्र तयार गर्न केही समय लाग्ने रहेछ भने प्रहरी हिरासतमा रहेका व्यक्ति तथा भौतिक सबुद प्रमाणहरू सुरक्षित साथ राखी मुद्दाको अभियोजन गर्ने दिन उपस्थित गराउनु भनी अनुसन्धान अधिकारी मार्फत पत्र साथ फिर्ता पठाउने,
- अभियोगपत्रमा मुद्दाको प्रकृति अनुसार क्षतिपूर्ति वा विगो भराउनु पर्ने देखिएमा सो कुरा समेत उल्लेख गर्ने,
- एक भन्दा बढी सरकारी वकील कार्यरत रहेको जिल्ला सरकारी वकील कार्यालयमा जिल्ला न्यायाधिवक्ताले कुनै मुद्दा चल्ने वा नचल्ने गरी निर्णय गर्न आफू वा अन्य सहयोगी सरकारी वकीललाई जिम्मेवारी तोक्न सक्दछन्।

## सर्वोच्च अदालतको फैसला/आदेश

- फरक फरक कसूरमा फरक फरक अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने अवधिसमेत फरक फरक तोकिएको विषयमा एउटै अभियोगपत्रबाट एकै पटक अभियोजन हुनु पर्ने भन्ने तर्क उपयुक्त देखिन नआउने। — नेकाप २०७६ अंक ८ निनं. १०३२८
- कुनै अपराध भएको भन्ने सूचनाको आधारमा अनुसन्धान प्रक्रियाको थालनी भएपछि सोही कसूरमा मात्रै अभियोजन हुनुपर्दछ भन्ने मान्यता स्थापित हुने हो भने अनुसन्धान र अभियोजन कार्यको परिभाषा नै सीमित हुन पुग्ने । कानूनबमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी पाएको कुनै पदाधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन नहुने कुनै अपराध भएको भन्ने सूचनाको आधारमा अनुसन्धान प्रक्रियाको थालनी भएपछि सोही कसूरमा मात्रै अभियोजन हुनुपर्दछ भन्ने मान्यता स्थापित हुने हो भने अनुसन्धान र अभियोजन कार्यको परिभाषा नै सीमित हुन पुग्ने । कानून बमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी पाएको कुनै पदाधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन नहुने। — तेजिन्द्र न्यौपाने समेत प्रत्यर्थी झापा जिल्ला अदालत समेत नेकाप २०७७ अंक ६ नि. न. १०४३६
- कुनै अधिकृतले आफ्नो तजविजी अधिकार प्रयोग गरेकोमा बदनियत वा स्वेच्छाचारिता देखिएको छैन भने आयोगले यस ऐन अन्तर्गत कारबाही चलाउन मिल्दैन। महान्यायाधिवक्ताले सदाशयपूर्वक विवेक प्रयोग गरी गरेका त्यस्ता कार्य उपर प्रश्न गर्ने कसैको आफ्ना अधिकार रहँदैन । त्यस सम्बन्धमा निजलाई व्यवसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ। — बद्री ब. कार्की विरुद्ध अदुअआ समेत, सअबु. २०५८, पूर्णांक २१४, पृ २
- संविधान तथा प्रचलित कानूनद्वारा तोकिएको उल्लिखित काम कारबाही सम्पादन गर्दा सरकारी

वकीलले एउटा व्यवसायिक व्यक्तिले झैं मुद्दा चलाउने नचलाउने र चलाउँदा के कसरी कुन कानूनी आधार बुँदामा चलाउने भन्ने निर्णय गर्नु पर्ने स्थिति देखिन्छ । ...तसर्थ सरकारी वकीलको त्यस्ता व्यवसायिक कार्यहरूमा निजलाई अधिकार प्रत्यायोजन गर्न महान्यायाधिवक्ता र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ बमोजिमका विभागीय प्रमुखहरू बाहेक अरू कसैको नियन्त्रण र निर्देशन रहन सक्ने पनि देखिन आउँदैन । व्यवसायिक आचरणको परिधिभित्र रही असल नियतबाट गरिएको त्यस्ता कार्यहरूमा सरकारी वकीललाई व्यावसायिक उन्मुक्ति प्राप्त नहुने भन्ने अर्थ गर्न न्याय तथा कानूनसम्मत् हुने देखिँदैन । मधुसुदन भट्टराई विरुद्ध नरेन्द्र बहादुर चन्द, नेकाप २०५९, नि.नं. ७२१०,

- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लिखित अपराधको अनुसन्धान तहकिकात भैसकेपछि नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११० र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७ बमोजिम नेपाल सरकारका तर्फबाट मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्न अधिकार प्राप्त सरकारी वकीलबाट निर्णय भई मौकामा दायर भई विचाराधिन रहेको अवस्थामा सो मुद्दा त्रुटिपूर्ण वा अपर्याप्त भएको भनी यो यस्तो अपराधमा अमुक ऐन अन्तर्गत दाबा लिई यो यस्तो मुद्दा दायर गर्नु भन्न कानूनतः मिल्ने अवस्था नदेखिने । देव शाक्य वि. काजिअ. समेत, सअबु. २०५४, पूर्णांक १२१, पृ ३९
- शंकाको भरमा वा अपराध भएको सुनेको भन्ने Hear say evidence को भरमा वा अदालतलाई ग्राह्य नहुने प्रमाणको भरमा मात्र राज्यले कसै उपर अभियोग लगाई मुद्दा चलाउन नहुने । नेकाप २०६३ अंक ९ नि.नं. ७७६८
- ज्यान जस्तो गम्भीर प्रकृतिको मुद्दामा अभियोजन पक्षले अनुसन्धान गर्दा मुद्दामा निक्र्यौल गर्नु पर्ने सम्मको सम्पूर्ण प्रकृया पूरा गरी मात्र अभियोग दायर गर्नु पर्दछ । तर प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको फितलो अनुसन्धान भै त्यस्तो अनुसन्धानबाट वास्तविक अपराधी ठहर गर्न अदालतलाई निकै कठिनाई हुन जाने । चाकु मर्हजनको कुनै यकिन नै नगरी हचुवाको भरमा चाकु मर्हजन भनी अर्का व्यक्ति यी राजेन्द्र मर्हजनलाई अभियोग लगाई कसूरदार वनाएको पाइन्छ । यस्तो प्रतिवादीको सम्बन्धमा यकिन नगर्दा अर्कालाई मुद्दा चलाउने र सजाय हुन सक्ने अवस्था रहन्छ । नेकाप २०६३ अंक ११ नि.नं. ७७८८

  भविष्यमा वादी नेपाल सरकारको तर्फबाट दायर हुने अभियोगपत्रमा पक्राउ परेका प्रतिवादीको परिचयात्मक लिखित प्रमाण जस्तोः नागरिकता परिचय–पत्र र शैक्षिक प्रमाणपत्रमा रहेका विवरण खुलाउने, निजको शारीरिक बनौट, अनुहारको आकृति, परिचायात्मक हुने हुलिया, निजको फोटो र ल्याप्चे हस्ताक्षर लगायत अन्य पहिचान हुन सक्ने आधारहरू खुलाउन पर्ने । फरार प्रतिवादीको हकमा निजको वावु र वाजेको नाम थर र वतन तीन पुस्ते, स्थायी र अस्थायी वतन निजको नागरिकता नम्बर, मतदाता नामावलीको नम्बर र अन्य लिखत प्रमाण भए सो मा रहेका नाम उपनाम प्रष्टसंग उल्लेख हुनको लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयका नाउँमा निर्देशानात्मक आदेश जारी हुने ।
- लक्ष्यित व्यक्ति उपर कार्य गर्दा जुन अपराध हुन सक्थ्यो, उक्त कार्य अर्को अनिच्छित व्यक्ति उपर भएमा पनि सोही अपराध मानिन्छ । एउटा मानिसलाई मार्ने नियतले गरेको प्रहार अर्को अनिच्छित मानिसलाई लागेर मृत्यु हुन पुगेको अवस्थामा कर्ताको आपराधिक मनसाय समाप्त भएको मानिने नभै सरेको मनसाय (Transferred Malice) मानिने हुँदा मनसायप्रेरित हत्याको फौजदारी दायित्व सृजना हुने । नेकाप २०६४ अंक ५ नि.नं. ७८४४
- आत्मरक्षाको जिकिर लिनेले आफू माथि आक्रमणको निश्चितता, त्यो आक्रमणलाई विफल बनाउन कुनै उपाय नभएको र उपाय भएपनि आक्रमणको शक्तिका कारण रोक्न नसक्ने अवस्था परी तत्कालीन खतरा र जोखिमबाट बच्न शक्तिको प्रयोग भएको अवस्था प्रमाणित गर्न अनिवार्य हुने । नेकाप २०६४ अंक १० नि.नं. ७८८८
- अभियोगबाट सफाई पाउनु र सजाय नहुनु भन्ने फरक फरक कुरा हुन् । कानूनका विभिन्न उद्देश्यहरू मध्ये एउटा उद्देश्य भनेको अपराधीलाई सजाय गरी त्यस अपराधी स्वयंलाई पुनः अपराध गर्नबाट रोक्नुका साथै त्यो सजायको भय देखाएर अरू व्यक्तिलाई पनि अपराधमूलक कार्य गर्नबाट रोक्नु रहेको हुन्छ । सजाय प्रदान गरेर सजायको भयबाट अपराध रोक्ने काम अपराधी जीवित रहेको अवस्थामा मात्र संभव हुन्छ । अपराध गर्ने व्यक्तिको मृत्यु भएको अवस्थामा भने अपराधीलाई कारागारमा राखी सजाय कार्यान्वयन गर्न नसकिने भै फौजदारी कानूनको उद्देश्य पूर्ति नहुने भएकोले अपराधीलाई सजायबाट मुक्त गरिन्छ । नेपालको कानूनी प्रणालीले यस कुरालाई अपराधीसंगै अपराध पनि मर्छ भन्ने सिद्धान्तको रूपमा अवलम्बन गरेको पाइने । ने.का.प. २०६५ अंक २ नि.नं ७९३७
- हत्याको वारदात नेपालको भू–भाग भन्दा बाहिर भएमा नेपालको अदालतमा मुलुकी ऐन भाग १,

प्रारम्भिक कथनको २ नं समेतका प्रचलित कानून अनुसार कारबाही र निर्णय हुन सक्ने स्थिति नहुँदा अदालतले पनि यस्तो अवस्थामा क्षेत्राधिकार ग्रहण गर्न नमिल्ने। — नेकाप २०६५ अंक ६ नि.नं. ७९८०

- मानसिक रूपले विक्षिप्त भएको व्यक्तिले आफूले गरेको कामको परिणाम के हुनसक्छ भन्ने बुझ्न समर्थ नहुने र त्यस्तो व्यक्तिमा कामको परिणामको लेखाजोखा गर्न सक्ने क्षमताको अभाव रहने । आफूले के गर्दैछु र त्यसबाट कस्तो परिणाम निस्कन्छ भन्ने बुझ्न नसक्ने गरी मानसिक रूपमा रोगी भएको व्यक्तिले अपराध गरेमा त्यस्तो व्यक्तिलाई आपराधिक दायित्वबाट मुक्त गर्ने फौजदारी विधीशास्त्रीय मान्यता हो र फौजदारी कसूरमा मानसिक विक्षिप्ततालाई वैध प्रतिरक्षाको रूपमा लिइएकाले यसको लागि प्रतिवादी अपराध गर्दाको अवस्थामा मानसिक रूपले विक्षिप्त भएको थियो भन्ने कुरा निःसन्देहात्मक रूपमा प्रमाणित भएको हुनुपर्ने । — नेकाप २०६५ अंक ६ नि.नं. ७९८८

- मृतकको कार्यले प्रतिवादीले आत्मनियन्त्रण गुमाउने परिस्थितिको अवस्था थियो कि थिएन भन्ने कुरा गणितीय हिसावमा मापन गर्न नसकिए पनि यस्तो कुरा कुनै घटनाको प्रकृति र परिस्थितिद्वारा निर्धारण गरिने कुरा हो । यसमा स्वभाविक मानवीय भावना र संवेदनशिलता जस्ता कुराहरू पनि विचारणीय हुन्छन् । प्रतिवादीकै क्रियाकलापको कारण अथवा प्रतिवादीले नै पहिला मृतकलाई उत्तेजित पारी मृतकको प्रतिक्रियात्मक गतिविधिबाट आवेशको अवस्था उत्पन्न गराउने क्रिया सीर्जित भएमा त्यस अवस्थालाई तत्काल उठेको रिस अथवा तत्कालिन आवेशको संज्ञा दिन नमिल्ने । — नेकाप २०६६ अंक ११ नि.नं. ८२५८

- आत्मरक्षा आफूले मन लागेको बेलामा वा अनुकूल पर्ने गरी वा बचाउको अन्य आधारको समाप्ति (exaust at other grounds of defence) मा जिकीर लिन पाइने होइन । अपितु वास्तवमा नै ऐनले निर्दिष्ट गरेको अवस्थामा आफ्नो जीउ ज्यान जोगाउन अन्तिम बिकल्पको रूपमा हतियार उठाएको वा आफ्नो ज्यान जोखिममा पार्ने माथि प्रहार गरेको हुनु पर्‌योा।यो अवस्था कुनै संदेहविना प्रमाणित हुनुपर्ने । — नेकाप २०६६ अंक ११ नि.नं. ८२७०

- ज्यान मार्ने उद्योग गर्नु भनेको कसैको ज्यान मार्ने प्रयास गर्नु हो । टाढैबाट बम वा बन्दुकको गोली प्रहारबाट पनि कसैको ज्यान मार्ने प्रयास वा उद्योग गर्न सकिन्छ । त्यस्तो प्रहार संवेदनशील ठाउँमा र प्रहारकर्ताले ताकेको निशानामा लागेमा ज्यान मर्न सक्दछ । तर निशानामा वा मर्मस्थानमा नलागेमा ज्यान मर्दैन । यस्तोमा कुनै तेस्रो पक्षीय अवरोधको सिद्धान्त लागू नहुने । फायर गर्नु नै ज्यान मार्ने प्रयास गर्नु हो । यसमा Third party Intervention को सिद्धान्त ज्यान मार्ने उद्योगका अरू वारदात जस्तै गरी लागू हुन सक्दैन । अवरोधको पुष्टि नभएबाट ज्यान मार्ने उद्योगको वारदात घटित भएको होइन भनी भन्न मिल्ने । — नेकाप २०६६ अंक १२, निर्णय नं. ८२८५

- प्रतिवादीहरू समेतको मिलोमतोमा विभिन्न निकायका नक्कली छापहरू बनाई झुट्टा विवरणलाई साँचो व्यहोरा भनी उल्लेख गरी बैंकमा खाता खोली चोरीको अवैध ट्राभल्स चेकहरू रु १०,२८,८४८।५० बराबरको रकम खातामा जम्मा गरेकोले कृत्रिम लेटरप्याडमा नक्कली छाप दस्तखत बनाउने कार्य, स्वीकृति नै प्राप्त नगरी विदेशी विनिमयको कारोबार गर्ने कार्य र बैंकलाई झुक्यानमा पारी ठग्ने तीन पृथक कानूनद्वारा व्यवस्थित तीन स्वतन्त्र कसूर हुन् । कसूरका हकमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय नगरिने संविधानको धारा २४ (६) ले समाहित गरेको दोहःोरो खतराको सिद्धान्त विविध कसूर भएबाट एउटै कसूर हो भनी अर्थ गर्न मिल्दैन । — दुर्गा उप्रेती समेत विरुद्ध नेपाल सरकार, ने.का.प २०६७ अंक २ नि.नं ८३२१

- एउटै वारदात उपर यी निवेदक समेत विरुद्ध ज्यान सम्बन्धी महलको १ र १३(३) नं. बमोजिम अभियोगपत्र दायर गरी सजाय भई सो भुक्तान समेत भइसकेपछि कर्तव्य ज्यान मुद्दा दायर भएपछि ३ वर्षको अन्तरालमा पुनः सोही वारदातलाई आधार बनाई मानिस अपहरण र शरीरबन्धक तर्फ पुनः अनुसन्धान गरी यी रिट निवेदक उपर अभियोगपत्र दायर गर्न र मुद्दा चलाउन उक्त अ.वं. ७३ नं. ले मिल्दैन । अपहरण गरिएको भनिएको घटना कर्तव्य ज्यानको वारदातको एक भाग मात्र हो, समष्टिगत रूपमा उक्त घटनादेखि ज्यान मारिएको घटनासम्म एउटै वारदात हो भनी माथिको प्रकरणमा विवेचना गरी सकिएको छ । तर त्यसको एक भागलाई आधार बनाएर अभियोगपत्र दायर गर्नु नै परेछ भने पनि त्यो कर्तव्य ज्यान मुद्दाको अभियोगको साथसाथै अधिकार प्राप्त अदालतमा दायर गर्नुपर्ने हुन्छ । — गोविन्दबहादुर बटाला वि. प्रमण तथा मपका. ने.का.प २०६८ अंक ६, नि.नं. ८६३८

- कुनै वारदातमा एकजना भन्दा बढी व्यक्ति सामूहिक रूपमा संलग्न रहेको अवस्थामा हरेक व्यक्तिको आपराधिक कार्यको विश्लेषण गरी हरेकको आपराधिक दायित्व निर्क्योल गर्नुपर्ने हुन्छ । सबै व्यक्ति समान रूपले कसूरदार हुन भन्ने अबधारणा न्यायिक हुन नसक्ने ।

धेरैजना व्यक्ति संलग्न रहेको वारदातमा एकभन्दा बढी व्यक्ति मुख्य अभियुक्त (Principal Offender) — नेपाल सरकार विरुद्ध जस्मान लिम्बू समेत

हुनसक्ने र सहायक अभियुक्त (Accessory Offender) पनि धेरै जना हुन सक्ने कुरालाई फौजदारी विधिशास्त्रले आत्मसात गरेको पाइने।

कुनै कर्तव्य ज्यानको अपराधमा एकजना भन्दा बढी व्यक्तिको संलग्नता रहेको त्यस्तो आपराधिक कार्यमा कुन व्यक्तिले के कस्तो भूमिका खेलेको छ, निजले खेलेको भूमिकाको गाम्भीर्यता (Gravity) समेतलाई विचार गर्नुपर्ने।

अभियोजन पक्षले आफूले अभियोग लगाएको व्यक्तिको तथ्यपरक ढंगले पहिचान गरी अभियोग लगाउनु उसको कर्तव्य तथा दायित्वको सीमाभित्र पर्दछ। हरेक अभियुक्तको बाबुको नाम, स्पष्ट ठेगाना (वडा नं., टोल, घर नं. आदि), उमेर खुलाई अभियोग लगाउनु अभियोजन पक्षको मूलभूत कर्तव्य हुने। — नेकाप २०६९, निर्णय नं ८७५८

- अनुसन्धान गर्ने अधिकारीबाट तयार भएका कागजातहरूबाहेक कानूनी प्रक्रिया विपरीत तयार भएका कागजका आधारमा कसैका विरूद्ध अभियोजन गर्नु एक विश्लेषण र व्याख्याको विषय हुन सक्ला तर कानूनभन्दा बाहिर गएर गरिएको कार्यका विरूद्ध छुट्टै कानूनी प्रक्रिया अपनाउन आवश्यक हुन्छ। कुनै राजनीतिक दलसँग आबद्ध संगठन वा समूहले कुनै अपराधको अनुसन्धान गर्ने, कारबाही गर्ने, थुनामा राख्ने जस्ता कार्य गर्ने छुट नेपालको संविधान वा अन्य प्रचलित कानूनले नदिने।

  कार्यपालिका मातहतका अनुसन्धान र अभियोजन गर्ने निकाय वा पदाधिकारीले पनि यस्ता निश्चित राजनीतिक संगठन, समूह वा अमूक राजनीतिक दलसँगको आबद्धताको आडमा शक्ति प्रदर्शन गरी सामान्य जनताको संविधान प्रदत्त हकमा आघात पुऱ्याउने वा तिनीहरूको एकतर्फी भनाइमा लागेर कसैउपर अभियोग लगाउने कार्य गर्ने हो भने देशमा संविधान, कानून एवम् कानूनी राज्यको अवधारणाको उपहास हुन पुग्ने। — नेपाल सरकार वि. जीवनाथ देवकोटा समेत नेकाप २०७६ अंक ८ निर्णय नम्बर १०३४०
- कुनै मुद्दामा आफूलाई प्राप्त अधिकारको प्रयोग गरी कसै उपर मुद्दा चलाइएको वा नचलाइएको, कुनै कुराको दाबी लिएको नलिएको भन्ने मात्र आधारमा बदनियतको पुष्टि हुँदैन। सरकारी वकीललाई प्राप्त अधिकार स्वतन्त्र तथा विवेकपूर्ण रूपमा प्रयोग गर्नमा स्वतन्त्र छोडिदिनु पर्छ, अंकुश लगाउनु हुँदैन। हस्तक्षेप वा अंकुश लगाउँदा वास्तविक न्याय मर्न सक्दछ तर स्वतन्त्रताको अर्थ स्वच्छन्दता अवश्य होइन, कानूनको दायराभित्र रहेर प्रयोग हुने स्वतन्त्रता हो। मुद्दा चलाउनु वा नचलाउनुबाट मात्र बदनियतको मापदण्ड निर्धारण गर्न नमिल्ने। — डा टेकबहादुर घिमिरे वि. प्रमं तथा मपका. समेत नेकाप २०७७ अंक १०/११ निर्णय नम्बर १०५८४
- गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको र मुद्दाको अन्तिम निर्णय हुँदा सफाई पाएको विषयमा कानून र न्यायका जानकार, सम्बन्धित विषय विज्ञ, अन्तर्राष्ट्रियस्तरमा अन्य प्रजातान्त्रिक मुलुकहरूले यस सम्बन्धमा गरेका कानूनी व्यवस्थासमेत अध्ययन मनन गरी यस अदालतको पूर्वआदेशानुसार उपर्युक्त कानून निर्माण गरी न्यायोचित तथा मानवोचित रूपले क्षतिपूर्ति प्रदान गर्नेतर्फ आवश्यक कारबाही गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने। — रामकुमार कार्की वि. नेपाल सरकार नेकाप २०७७, अंक १०/११, नि.नं. १०५९३

## महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्र

- मुद्दा चलाउने नचलाउने सम्बन्धमा निर्णय गर्दाको अवस्थामा वा मुद्दाको अभियोग पत्रको समर्थनमा अदालत समक्ष उपस्थित भै बहस पैरवी गर्दा दण्ड सजायको १ नं. मा गरिएको प्रावधान अनुसार अभियुक्तले अपराधजन्य कार्य गर्दाको अवस्थामा आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा पाउने अवस्थामा थियो वा थिएन भन्ने कुरा नै मूल आधार बनाई त्यस अनुसार गर्नु गराउनु। — मिति २०५२।९।२४ च.नं. ६६९५
- अनुसन्धानबाट अभियुक्त हुन सक्ने व्यक्ति विदेशी नागरिक रहेछ भने निजको हकमा मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा प्रचलित नेपाल कानूनले कुनै विभेद नगरेको हुँदा प्रचलित कानून बमोजिम गर्ने। — मिति २०५२।४।३ च.नं. १७
- सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा उक्त निर्णयको छुट्टै निर्णय किताब राख्ने गर्नु पर्दछ। — २०४८।८।२९ च.नं. ७० देखी १५०
- मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा भएको निर्णयको जानकारी जाहेरवालाले लिन चाहेमा कार्यालयको अभिलेखबाट उपलब्ध हुन सक्नेसम्मको जानकारी कानून बमोजिम जाहेरवालालाई उपलब्ध गराई दिने व्यवस्था समेत मिलाउने। — मिति २०६०।११।२० च.नं. ३१३५

### ३. १ सम्बन्धित व्यक्तिले मुद्दा चलाउने:

कुनै कसूर अपराध वा नेपाल सरकारको हक हितको देवानी विषयमा अनुसन्धान तहकिकात गर्दै जाँदा प्राप्त सबुद प्रमाणबाट सो विषय मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची– १ वा २ अन्तर्गत वा मुलुकी देवानी संहिता, २०७४ को अनुसूची -२८ अन्तर्गतको मुद्दा नदेखिई प्रचलित कानून बमोजिम मर्का पर्ने व्यक्ति आफैले नालिस उजुर गर्नु पर्ने देखिएमा सोही कुरा उल्लेख गरी सरकारी वकीलले निर्णय गरी सम्बन्धित व्यक्तिलाई जानकारी दिन अनुसन्धान अधिकृतलाई लेखी पठाउनु पर्दछ । सरकारी वकीलले निर्णय गरी जानकारी उपलब्ध गराएको अवस्थामा त्यस्तो जनाउ पाएको मितिले सम्बन्धित व्यक्तिको हकमा प्रचलित कानून बमोजिमको हदम्याद गणना सुरु हुन्छ ।

### कानूनी व्यवस्था:

- कुनै कसूरका सम्बन्धमा कुनै व्यक्तिका विरुद्ध मुद्दा चलाउन तत्काल सङ्कलित सबुद प्रमाण पर्याप्त नभई सरकारी वकीलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने निर्णय गरेकोमा त्यस्तो कसूरमा कुनै व्यक्तिको निजी सम्पत्ति वा विगो हानि, नोक्सानी सम्बन्धी देवानी दायित्वका विषय समेत समावेश भएको रहेछ भने सरकारी वकीलले सोको सूचना जाहेरवाला वा त्यस्तो कसूरबाट पीडित व्यक्तिलाई सम्बन्धित अनुसन्धान अधिकारी मार्फत दिनु पर्नेछ । (फौजदारी कार्यविधि संहिताको दफा ३१)
- उपदफा (६) बमोजिमको सूचना प्राप्त भएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सूचना प्राप्त भएको मितिले साठी दिनभित्र सम्बन्धित व्यक्तिले मुद्दा दायर गर्न चाहेमा अनुसूची–४ अन्तर्गतको कसूर सरह मुद्दा दायर गर्न सक्नेछ ।
- दफा २५४ को उपदफा (५) बमोजिम मिसिल अध्ययन गर्दा त्यस्तो मुद्दा सरकार वादी भई चलाउनु पर्ने नदेखिई कानून बमोजिम मर्का पर्ने व्यक्तिद्वारा चलाउनु पर्ने देखेमा सरकारी वकीलले सोही बमोजिमको निर्णय गरी सो कुराको सूचना सम्बन्धित व्यक्तिलाई दिनु भनी मिसिल पठाउने अधिकारीलाई सूचना दिनु पर्नेछ । (मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५६)
- उपदफा (१) बमोजिम सूचना पाएको मितिले सम्बन्धित व्यक्तिको हकमा कानून बमोजिमको हदम्यादको गणना हुनेछ ।

### ३.२ आंशिक रूपमा मुद्दा चलाउने निर्णय:

अनुसन्धान अधिकारीले प्रस्तुत गरेको राय सहितको प्रतिवेदनमा उल्लिखित अनुसन्धान भएका प्रतिवादी मध्ये कुनै अभियुक्तको हकमा मुद्दा चलाउन पर्याप्त आधार प्रमाण नभएमा वा त्यस्ता व्यक्तिको कसूरमा संलग्नता नदेखिएमा सम्बन्धित सरकारी वकीलले मुद्दा नचलाउने गरी आंशिक निर्णय गर्न सक्दछन् ।

### कानूनी व्यवस्था:

- यस ऐन बमोजिम अनुसन्धान गर्दा एकभन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्तिमध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाइएको अवस्थामा वा नेपाल सरकार वादी हुने भई अनुसन्धान भएकोतर अनुसन्धानबाट त्यस्तो मुद्दा यस ऐन बमोजिम नेपाल सरकार वादी भई चल्न सक्ने अवस्था नभई अन्य कानून अन्तर्गत मुद्दा चल्न सक्ने निर्णय भएमा वा व्यक्तिवादी भई चल्न सक्ने भएमा सम्बन्धित सरकारी वकीलले त्यसको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ (८))
- उपदफा (८) बमोजिम जानकारी प्राप्त भएपछि उच्च सरकारी वकील कार्यालयको प्रमुखले त्यस्तो विषय अध्ययन गरी मुद्दा चलाउनु पर्ने वा नचलाउनु पर्ने निर्णय गर्नु पर्नेछ र मुद्दा चलाउनु पर्ने मनासिव कारण देखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने निर्देशन दिनेछ र (ऐजन दफा ३२(९))

त्यस्तो निर्देशन प्राप्त भएमा त्यस्तो सरकारी वकीलले अभियोगपत्र वा पूरक अभियोग पत्र दायर गरी मुद्दा नचलाइएका व्यक्ति उपर मुद्दा चलाउनु पर्नेछ।

- उपदफा (९) बमोजिम उच्च सरकारी वकील कार्यालयको प्रमुखले मुद्दा नचलाउने निर्णय गरेकोमा त्यसको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्नेछ। ऐजन दफा ३२ (१०)
- उपदफा (१०) बमोजिमको जानकारी प्राप्त भएपछि महान्यायाधिवक्ताको कार्यालयले सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ। ऐजन दफा ३२(११)
- प्रचलित कानून बमोजिम अनुसन्धान पूरा भई प्राप्त भएको मिसिलमा मुद्दा नचल्ने गरी निर्णय भएकोमा सो निर्णय भएको मितिले तीन दिनभित्र मिसिल कागजात सहित जिल्ला सरकारी वकील कार्यालयले उच्च सरकारी वकील कार्यालयमा र उच्च सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा निकासाको लागि पठाउनु पर्नेछ। यसरी पठाउँदा सम्बन्धित मुद्दाको हदम्याद समेतलाई विचार गरी छिटो साधन वा माध्यमद्वारा पठाउनु पर्नेछ। सरकारी वकील सम्बन्धी निमयावली, २०७७ को नियम ३६
- विशेष सरकारी वकील कार्यालयमा प्राप्त भएका मिसिलमा सो कार्यालयले मुद्दा नचल्ने निर्णय गरेकोमा सम्बन्धित मिसिल कागजात निकासाको लागि उपनियम (१) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ।
- आंशिक रुपमा मुद्दा नचल्ने निर्णय भएमा समेत उपनियम (१) वा (२) बमोजिम गर्नु पर्नेछ।

**आंशिक रूपमा मुद्दा चलाउने निर्णय भएकोमा पुऱ्याउनु पर्ने प्रक्रिया**

- आंशिक रूपमा मुद्दा चलाउने निर्णय भएको अवस्थामा सरकारी वकीलले के कुन आधारमा आंशिक निर्णय गरेको हो सो आधार र कारणहरू निर्णय पुस्तिकामा जनाउनु पर्दछ।
- आंशिक निर्णय गरी अभियोग पत्र दायर गरे पछि सो मुद्दामा अनुसन्धान अधिकारीको राय सहितको प्रतिवेदन, सरकारी वकीलको निर्णयको प्रतिलिपि तथा अभियोग पत्रको प्रतिलिपि सहितको छुट्टै मिसिल खडा गरी सो को लिखित जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा अनिवार्य रूपमा पठाउनु पर्दछ ।
- उच्च सरकारी वकील कार्यालयले पनि सो निर्णय हेरी जॉची, ठीक बेठीक छुटयाई जिल्ला सरकारी वकीलको निर्णयमा कुनै कैफियत देखिएकोमा के कुन कुराहरूमा कैफियत देखिएको हो खुलाई सो कुराको जानकारी लिखित रूपमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयलाई र महान्यायाधिवक्ताको कार्यालयमा समेत पठाउनु पर्दछ।
- महान्यायाधिवक्ताको कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयको आंशिक निर्णय अध्ययन वा जॉच गर्दा सो विषयको सम्पूर्ण मिसिल अध्ययन गर्नु पर्ने देखेमा मुद्दाको कारबाहीलाई प्रतिकूल असर नपर्ने गरी मुद्दाको सम्पूर्ण मिसिल झिकाई अध्ययन गर्न सक्दछ।
- महान्यायाधिवक्ताको कार्यालयले प्राप्त मिसिल कागजातहरू अध्ययन गरी जिल्ला सरकारी वकीलको आंशिक निर्णयमा कुनै कैफियत देखिएमा अवस्था अनुसार आवश्यक कारबाही गर्न र भविष्यमा त्यस्तो गल्ती नदोहोऱ्याउने तर्फसचेत गराउन सक्दछ।

### ३.३ प्रतिवादी नभएको वा नखुलेको वारदात:

कुनै वारदातमा झुण्डी मरेको, पानीमा डुबेर मरेको, करेन्ट लागी मरेको, पहिरोले पुरी मरेको, भिरबाट लडेर मरेको, जंगली जनावरको आक्रमणबाट मरेको आदि जस्ता घटनाहरूमा सामान्यतया मानिसको आपराधिक संलग्नता हुँदैन । तसर्थ यस्ता वारदातको अनुसन्धान प्रतिवेदन उपर सरकारी वकीलले तत्काल कोही कसै उपर मुद्दा नचलाउने गरी निर्णय गर्न सक्दछन्।

यस्तो निर्णय गर्दा पछि मुद्दा दायर गर्न सकिने अवस्थालाई समेत ध्यानमा राखी पछि प्रतिवादी खुल्न आएका बखत कानून बमोजिम हुने गरी तत्काल कसै विरुद्ध मुद्दा नचलाउने भन्ने व्यहोरा राखी मुद्दा नचलाउने निर्णय गर्नु पर्दछ । सो निर्णय पश्चात् सरकारी वकीलले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्दछः–

- मुद्दा नचलाउने गरी निर्णय गरेको अवस्थामा सरकारी वकीलले आफ्ना निर्णयको औचित्य एवं आधारहरू समेत उल्लेख गरी उक्त निर्णय आवश्यक निकासाको लागि उच्च सरकारी वकील कार्यालयमा मुद्दाको सक्कलै मिसिल साथ पठाउने,
- मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि उच्च सरकारी वकील कार्यालयमा पठाउदा मुद्दा चलाउन पर्दा हदम्याद जाने/नजाने कुरा यकिन गर्ने,
- जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि उच्च सरकारी वकील कार्यालयमा पठाएकोमा सो कार्यालयले मिसिल अध्ययन गरी थप अनुसन्धान गर्न पर्ने देखेमा आधार र कारणहरू समेत उल्लेख गरी थप अनुसन्धान गर्न जिल्ला सरकारी वकील कार्यालयमा पठाउने,
- जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय उच्च सरकारी वकील कार्यालयबाट पनि मुद्दा नचलाउने निर्णय भएकोमा आफ्नो समेत राय उल्लेख गरी जिल्ला सरकारी वकील कार्यालय मार्फत सो मुद्दाको मिसिल कागजात तथा पेस गरेका चीजबस्तुहरू सम्बन्धित अनुसन्धान गर्ने निकायमा फिर्ता पठाउने,
- मुद्दा नचलाउने निर्णय निकासा भै उच्च सरकारी वकील कार्यालयबाट अन्तिम भएको मुद्दाको मिसिल अनुसन्धान प्रतिवेदन कार्यालयमा अभिलेख राखी अन्य कागजात तथा चीजबस्तुहरू सुरक्षित राख्न अनुसन्धान अधिकारी समक्ष फिर्ता पठाउने ।

**महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्र**

- आत्महत्या, भवितव्य जस्ता प्रकृतिका प्रतिवादी नहुने मुद्दाहरू र वारदातबाट कर्तव्य देखिएका तर प्रतिवादी खुल्न नआएका मुद्दाहरूमा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले अन्तिम निकासा दिने । — २०७८।०१।१३ को नेपाल राजपत्रमा प्रकाशित सूचना
- अदालतमा दायर गर्नु नपर्ने प्रकृतिका मुद्दाहरूको लगत फौजदारी मुद्दाको कारबाही विवरण उल्लेख गरिने फाराममा नै उल्लेख गर्नुको सट्टा यस कार्यालयबाट यसैसाथ प्रेषित नमूना फाराममा समावेश गरी मासिक तथा वार्षिक प्रतिवेदन साथ अनिवार्य रूपमा पठाउने गर्नु गराउनु हुन । — मिति २०५२।२।१७ च.नं. ८४०२

## ३.४ प्रतिवादी खुलेको तर पर्याप्त प्रमाण नभएको

कुनै वारदातको सम्बन्धमा कुनै व्यक्ति विरुद्ध फौजदारी मुद्दा चलाउनु पर्दा पर्याप्त सबुद प्रमाणको आधारमा मात्र मुद्दा दायर गर्नु पर्दछ । बिना सबुद प्रमाण कसै विरुद्ध पनि मुद्दा चलाउन सकिदैन । प्रमाण मानिने सबुद प्रमाण, दशी प्रमाण तथा अन्य कागजातहरू जुटाए पनि जसको विरुद्ध मुद्दा चलाइने हो त्यसको विरुद्ध नलाग्ने प्रमाणहरूले अभियोजनलाई कमजोर बनाउँदछ । त्यसैले प्रमाण भएर मात्र हुँदैन सम्बद्ध, सान्दर्भिक, भरपर्दा एवं बलियो प्रमाण पनि चाहिन्छ अन्यथा कसै विरुद्ध पनि मुद्दा चलाउनु हुँदैन ।
प्रतिवादी खुलेको तर पर्याप्त प्रमाण नभएको अवस्थामा मुद्दा नचल्ने निर्णय गर्दा सरकारी वकीलले ध्यान दिनु पर्ने कुराहरूः–

- अनुसन्धान अधिकारीले प्रस्तुत गरेको राय सहितको प्रतिवेदन र संलग्न सबुद प्रमाणको मूल्यांकनको आधारमा पर्याप्त प्रमाण नभएको कारण कुनै वारदात सम्बन्धी मुद्दा नचल्ने निर्णय गर्नु पर्ने हुन्छ । यसरी निर्णय गर्दा सरकारी वकीलले मुद्दा चलाउन नसकिने आधार र कारणहरू उल्लेख गरी निर्णय पुस्तिकामा उल्लेख गर्ने,
- मुद्दा नचलाउने निर्णय भएकोमा प्रहरी हिरासतमा कुनै व्यक्ति रहेछ र निजलाई उपस्थित गराइएको रहेछ भने तत्कालै हिरासतबाट मुक्त गर्न लेखी पठाउने,
- मुद्दा नचलाउने गरी निर्णय गरेको अवस्थामा सरकारी वकीलले आफ्नो निर्णय जाँच हुन र सो निर्णय उपर निकासा माग गर्दै उच्च सरकारी वकील कार्यालयमा मुद्दाको सक्कलै मिसिल पठाउने,

- जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने गरी निर्णय गरी निकासाका लागि उच्च सरकारी वकील कार्यालयमा पठाएकोमा सो कार्यालयका सह–न्यायाधिवक्ताले मिसिल अध्ययन गरी मुद्दा चलाउनु पर्ने देखेमा मुद्दा चलाउने आधार र कारणहरू समेत उल्लेख गरी मिसिल जिल्ला सरकारी वकील कार्यालयमा पठाउने,
- जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय मनासिव देखेमा उच्च सरकारी वकील कार्यालयका सह–न्यायाधिवक्ताले आफ्नो समेत राय समाबेस गरी अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पठाउने,
- मुद्दा नचलाउने अन्तिम निकासा भै आएको मिसिल कागजात तथा अन्य चीज बस्तुहरू फिर्ता पठाउँदा अनुसन्धान प्रतिवेदन अभिलेख राख्ने,
- मुद्दा नचलाउने निर्णय भै मिसिल कागजात तथा अन्य चीज बस्तुहरू खोजी भएका बखत पेश गर्ने गरी सुरक्षित साथ राख्ने निर्देशन सहित अनुसन्धान अधिकारीलाई लेखी फिर्ता पठाउने ।

**महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्र**

- जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी भएको निर्णय बदर गरी पुनरावेदन तहको सरकारी वकील कार्यालयले मुद्दा चलाउनु पर्ने निर्णय सहितको मिसिल फिर्ता पठाएकोमा केही जिल्ला सरकारी वकील कार्यालयहरूले चित्त नबुझाई सुरु मुद्दा नचलाउने निर्णय समर्थनका लागि पुनरावेदन सरकारी वकील कार्यालयबाट भएको निर्णयलाई वेवास्ता गरी सोझै महान्यायाधिवक्ताको कार्यालयमा मिसिल पठाउने गर्दा मिति २०४८।७।२३ मा राजपत्रमा प्रकाशित सूचनाको विपरित हुनका साथै संस्थागत मर्यादा समेत कायम रहन नसक्ने हुनाले तालुक कार्यालयको निर्णयलाई मातहत कार्यालयले अनिवार्य रूपले पालना गर्न र पुनरावेदन तहका कार्यालयहरूले पनि मुद्दा चलाउनु नपर्ने निर्णय भै आएका मिसिलबाट मुद्दा चल्ने स्थिति देखिएमा मुद्दा चलाउनु पर्ने कारणहरू क्रमबद्ध रूपमा खोली आफू समक्ष पेश भएको मिसिल सम्बन्धित मातहत कार्यालयमा फिर्ता पठाउने व्यवस्था गर्नु ।

मिति २०५२।६।२३ च.नं. २८५५

## ३.५ सानातिना मुद्दा नचलाउने

नेपालको फौजदारी न्यायप्रशासनमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अनुसन्धान तथा अभियोजन अधिकारीले मुद्दाको लामो प्रक्रियागत झन्झट र मामुली विषयमा न्यायपालिकाको समय र साधन स्रोतलाई प्रयोगमा नल्याई विवादको टुङ्गो लगाउन सकिने प्रकृतिका कसूरको पहिचान गर्दै अभयोजन अधिकारीले नै अभियोजन नगरी अन्य कारबाहीबाट मुद्दा टुङ्ग्याउन सकिने कानूनी प्रवन्ध गरेको छ । पीडितलाई ठूलो क्षति नपुगेको, कसूरदारले सामान्य प्रकृतिको कसूर गरेको, आम समुदायलाई असर नपुऱ्याएको, विगो न्यून प्रकृतिको देखिएको, मुद्दा दायर भई कसूर ठहरे पनि सजाय समान्य प्रकृतिको हुने देखिएको यस प्रकृतिका कसूरमा पहिलो पटकको कसूरदारका हकमा यो कानूनी व्यवस्था कार्यान्वयन गर्न सकिने देखिन्छ ।

**कानूनी व्यवस्था**

- अनुसूची -१ वा अनुसूची -२ बमोजिमको कुनै खास किसिमको सनानतिना कसूरमा मुद्दा दायर गर्नु व्यवहारिक नभएको वा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएमा सरकारी वकीलले महान्यायाधिवक्ताको स्वीकृति लिई त्यस्तो व्यक्ति विरुद्ध मुद्दा दायर नगर्ने निर्णय गर्न सक्नेछ ।
- उपदफा (१) बमोजिम निर्णय गर्नुअघि सरकारी वकीलले त्यस्तो अभियुक्तलाई भविष्यमा त्यस्तो कसूर नगर्ने कबुलियत गराउनु पर्नेछ ।
- यस दफाको प्रयोजनको लागि "खास किसिमका सानातिना कसूर" भन्नाले देहायका कसूर सम्झनु पर्छः–

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४

- ✓ पहिलो पटक गरेको एक हजार रुपैयाँसम्म विगो भएको बगलीमारा सम्बन्धी कसूर,
- ✓ पहिलो पटक गरेको भिक्षा माग्ने कसूर,
- ✓ तीन हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुने पहिलो पटक गरेको अन्य कुनै कसूर।

- यस दफा बमोजिम मुद्दा नचलाउने निर्णय गर्नु अघि सरकारी वकीलले कसूरको बिगो जफत गर्नु पर्नेछ ।
- उपदफा (४) बमोजिम जफत गरिएको बिगो कसूरबाट पीडित व्यक्ति रहेछ भने निजलाई र नभएमा कानून बमोजिम स्थापित पीडित राहत कोषमा दाखिला गर्नु पर्नेछ।
- उपदफा (१) बमोजिम मुद्दा दायर नगरिएकोमा त्यस्तो व्यक्तिले त्यस्तो मितिबाट तीन वर्षभित्र यस संहिता अन्तर्गतको कुनै कसूर गरेमा निजलाई पहिले गरेको कसूरको सजाय समेत थप हुनेछ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरेकोमा त्यस्तो निर्णय उपर चित्त नबुझ्ने पीडित पक्षले आफ्नो तर्फबाट मुद्दा दायर गर्न सक्नेछ।
- उपदफा (७) बमोजिम मुद्दा नचलाउने निर्णय भएकोमा पीडितलाई तत्काल त्यसको सूचना दिनु पर्नेछ र त्यस प्रयोजनको लागि त्यस्तो निर्णय भएको सूचना प्राप्त भएको मितिबाट कानून बमोजिमको हदम्याद प्रारम्भ भएको मानिनेछ।
- उपदफा (७) बमोजिम मुद्दा दायर गर्ने व्यक्तिलाई सम्बन्धित सरकारी वकीलले यस परिच्छेद बमोजिम भएको अनुसन्धानको कागजातका प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

**नेपाल राजपत्र**

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ को उपदफा (१) को प्रयोजनको लागि खास किसिमका सानातिना कसूरमा सो दफाको प्रक्रिया पूरा गरी मुद्दा दायर नगर्ने निर्णय गर्न सम्बन्धित जिल्लाका सरकारी वकीललाई स्वीकृति प्रदान गर्ने।

२०७८।०१।१३ को बुँदा नं २

## ४. अभियोगपत्रको तयारी र मुद्दाको दायरी

अभियोगपत्र सरकार वादी फौजदारी मुद्दाको आधारभूत दस्ताबेज हो। जसरी देवानी मुद्दामा फिरादपत्रबाट मुद्दाको सुनुवाइको प्रक्रिया प्रारम्भ हुन्छ त्यसै गरी फौजदारी मुद्दामा अभियोगपत्रबाट प्रारम्भ हुन्छ। सरकार वादी फौजदारी मुद्दामा वादी पक्ष (सरकारी वकील) द्वारा लगाइएको आरोप, अभियुक्तहरू उपर गरिएको मागदाबी र सो पुष्टि गर्ने आधार प्रमाणहरू उल्लेख गरिएको प्रारम्भिक दस्ताबेज नै अभियोगपत्र हो।

**कानूनी व्यवस्था**

- दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न मिसिल अध्ययन गर्दा सङ्कलित सबुद प्रमाणबाट मुद्दा चल्ने पर्याप्त प्रमाण देखिएमा अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतको मुद्दा भए सम्बन्धित सरकारी वकीलले देहायका विवरणहरू उल्लेख गरी अनुसूची–२० बमोजिमको ढाँचामा अभियोगपत्र तयार गरी म्याद भित्रै सम्बन्धित अदालतमा पेश गर्नु पर्नेछः–
  - ✓ अभियुक्तको पूरा नाम, थर, ठेगाना, हुलिया, उमेर, पेशा वा व्यवसाय,
  - ✓ अभियुक्तको बाबु, आमा वा पति, पत्नीको नाम,
  - ✓ अभियुक्त बसोबास गरेको गाउँपालिका वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं.,

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को को दफा ३२

- ✓ अभियुक्तको वास्तविक पहिचान हुने विवरण, निजको फोटो, नागरिकता वा राहदानी, सवारी चालक इजाजतपत्र वा निजको वास्तविक परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि,
- ✓ अभियुक्तको भएसम्मको दुवै हातको चोरी औँलाहरूको छाप,
- ✓ अरुको घरमा डेरा गरी बसेको भए घरधनीको नाम, थर र ठेगाना सहितको विवरण,
- ✓ कसूरसँग सम्बन्धित सूचनाको व्यहोरा,
- ✓ कसूर सम्बन्धी विवरण,
- ✓ अभियुक्तले कसूर गरेको कुरा प्रमाणित गर्ने दसी,प्रमाणको विवरण,
- ✓ अभियुक्त उपर लगाइएको अभियोग र त्यसकोआधार र कारणहरू,
- ✓ कुनै अभियुक्त फरार रहेको भए निजको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोको विवरण,
- ✓ अभियोग लगाइएको कसूरबाट अभियुक्तको नैतिक पतन हुने भएमा सोको लागि मागदाबी,
- ✓ प्रयोग हुनु पर्ने सम्बन्धित कानून र त्यसको कारण,
- ✓ अभियुक्तलाई हुनु पर्ने सजायको माग दाबी र त्यसको कारण,
- ✓ कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराईदिनु पर्ने भए त्यस्तो क्षतिपूर्तिको रकम,
- ✓ कसूरको प्रकृतिसँग सम्बन्धित अन्य आवश्यक कुनै कुरा भए त्यसको विवरण।

- उपदफा (१) बमोजिम अभियोगपत्र पेश गर्दा कसूरका सम्बन्धमा सङ्कलित सबुद प्रमाण, दसी तथा वस्तु, जबरजस्ती करणी सम्बन्धी कसूर भएमा सम्भव भएसम्म पीडित व्यक्ति र अभियुक्त हिरासतमा रहेको भए निज सहित पेश गर्नु पर्नेछ।
- अभियोगपत्र पेश गर्दा उपदफा (२) बमोजिम पीडितलाई उपस्थित गराइएको रहेछ भने निजको तत्काल बकपत्र गराई दफा १०१ को उपदफा (७) बमोजिम प्रतिवादीलाई जिरह गर्ने अवसर दिनु पर्नेछ।
- उपदफा (१) बमोजिम पेश गरिने अभियोगपत्रमा अभियुक्त उपर अभियोग लगाउन प्रस्ताव गरिएको कसूरको कुनै खास नामाकरण कानूनमा गरिएको रहेछ भने त्यस्तो कसूरको सम्बन्धमा सोही नामको उल्लेख गर्नु पर्नेछ।
- उपदफा (३) बमोजिम प्रचलित कानूनमा कसूरको कुनै नामाकरण नगरिएको भए त्यस्तो कसूरको प्रकृति अनुसार अभियुक्त उपर लगाइएको अभियोग निजले स्पष्ट रूपमा बुझन सक्ने गरी कसूरका तत्वहरू समेत विचार गरी नामाकरण गर्नु पर्नेछ।
- अभियुक्तले पहिले कुनै कसूरमा सजाय पाइसकेको जानकारी हुन आएमा वा निज उपर अन्य कुनै मुद्दा चलाइएको रहेछ भने र त्यसको कारणले बढी सजाय हुनु पर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम तथा मुद्दा समेत उपदफा (१) बमोजिम दायर गरिएको अभियोगपत्रमा वा पछि खुल्न आएमा खुल्न आएको बखत उल्लेख गर्नु पर्नेछ।
- यस परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा बाहेक अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिबाट धरौट वा जमानत लिएको भए निज उपर मुद्दा चलाइएकोमा अदालतबाट अन्यथा आदेश भएकोमा बाहेक थुनछेक आदेश भएपछि र मुद्दा नचल्ने निर्णय भएमा त्यसरी राखेको धरौटी वा जमानत त्यस्तो व्यक्तिलाई फिर्ता गरिदिनु पर्नेछ।

ऐजन उपदफा (१३)

- मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३२ बमोजिम अदालतमा पेश गर्ने अभियोगपत्रमा ऐनको दफा ५८ को उपदफा (१५) बमोजिम पक्राउ गर्नु पर्ने व्यक्तिको हकको रोक्का राख्नु पर्ने सम्पत्ति

फौजदारी

वि.रण तथा ऐनको दफा ६५ को उपदफा (१) को प्रयोजनको लागि फरार व्यक्तिको हकमा आकर्षित हुने सोही दफामा उल्लिखित अवस्था समेत उल्लेख गर्नु पर्दछ।

कार्यविधि नियमावलीको नियम ११

- ऐनको दफा ३३ को उपदफा (२) बमोजिम कुनै अभियुक्तलाई हुने सजायमा छुट दिन प्रस्ताव गरी दायर भएको अभियोगपत्रमा निजलाई छुट दिन प्रस्ताव गरिएको सजायको प्रतिशत स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।
- अभियोगपत्रमा दसी प्रमाणको रूपमा पेश भएका वा जफतको माग दाबी लिइएका मालसामान तथा अन्य सम्पत्तिको देहाय बमोजिमको विवरण खुलाउनु पर्नेछः-
  - ✓ मालसामान तथा सम्पत्तिको भौतिक अवस्था, परिमाण र अन्य विवरण,
  - ✓ मालसामान तथा सम्पत्ति फिर्ता वा जफत वा नष्ट वा हस्तान्तरण गर्नु पर्ने विषय,
  - ✓ सवारी साधन लगायतका दर्ता स्रेस्ता हुने मालसामान तथा सम्पत्तिको दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपि,
  - ✓ बहुमूल्य चिजवस्तु भए सोको परिमाण र गुणस्तर,
  - ✓ मूल्य खुल्ने मालसामान तथा सम्पत्ति भए सोको प्रचलित मूल्य,
  - ✓ अन्य आवश्यक विवरण।
- अभियोगपत्रमा कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराउने दाबी लिइएकोमा क्षतिको स्पष्ट विवरण र प्रकृति उल्लेख गरी क्षतिपूर्ति भराउने प्रयोजनको लागि सम्बन्धित प्रतिवादीको हक पुग्ने सम्पत्तिको सम्भब भएसम्म देहाय बमोजिमको विवरण समेत खुलाउनु पर्नेछः-
  - ✓ अचल सम्पत्तिको हकमा सो सम्पत्ति भएको स्थान, धनीको नाम, कित्ता नम्बर, क्षेत्रफल र सो मध्येबाट प्रतिवादीको हक हिस्सा,
  - ✓ सवारी साधन लगायतका दर्ता स्रेस्ता हुने सम्पत्ति भए दर्तावालाको नाम, सम्पत्तिको विवरण र दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपि,
  - ✓ बैङ्क वा वित्तीय संस्थामा मौज्दातमा रहेको रकमको हकमा बैङ्क वा वित्तीय संस्थाको नाम, खातावालाको नाम, खाता नम्बर र मौज्दात रकम,
  - ✓ आवधिक आयस्ता भएमा सोको विवरण।
- उपनियम (४) बमोजिम क्षतिपूर्ति सम्बन्धी अभियोग दाबी पुग्ने अवस्था देखिएमा क्षतिपूर्ति भराउनका लागि आवश्यक पर्ने हदसम्मको सम्पत्ति अभियोगपत्र दर्ता हुनासाथ अदालतले रोक्का राख्न आदेश दिन सक्नेछ।
- उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितले सरकारी वकील कार्यालय मार्फत प्रतिवादीको कुनै सम्पत्ति देखाई रोक्का राख्न निवेदन दिएमा र दाबी पुग्ने अवस्था देखिएमा प्रतिवादीको हकको माग दाबीको हदसम्मको सम्पत्ति अदालतले रोक्का राख्ने आदेश दिन सक्नेछ।

## ४.१. अभियोगपत्र तयार गर्दा विचार गर्नुपर्ने कुराः

अभियोगपत्र तयारीको कार्य दक्ष मस्यौदाकारको कार्य हो। मुलुकी फौजदारी कार्यविधि संहिताले अभियोगपत्र तयारीको जिम्मा सरकारी वकीललाई सुम्पेको छ। तसर्थ सरकारी वकीलले अभियोगपत्र तयार गर्दा आफ्नो बुद्धि, ज्ञान, विवेक, व्यवसायिक दक्षता तथा कानूनद्वारा प्रदत्त अधिकार प्रयोग गरी मस्यौदा गर्नु पर्ने हुन्छ। अभियोगपत्र तयार गर्नु भन्दा अघि सरकारी वकीलले विचार पुऱ्याउनुपर्ने कुराहरूः-

- मुद्दा दायर गर्ने हदम्याद,
- मुद्दा दायर गर्ने निकाय,
- बालबालिका र वयष्कहरू एउटै कसूरमा एउटै मिसिलबाट अनुसन्धान भए नभएको

- बालबालिकाको हकमा मिसिल अलग पेश भए नभएको
- हिरासत वा निगरानी कक्षमा रहेका व्यक्तिका हकमा म्याद थप बाँकी भए नभएको,
- प्रयोग हुने सारवान र कार्यविधि कानून र ती कानूनमा भएको संशोधन वा परिवर्तनहरू,
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू,
- अभियोगपत्रसाथ पेश गर्ने सबुद प्रमाणहरू दुरुस्त रूपमा रहेको नरहेको,
- अनुसन्धान/तहकिकातको सन्दर्भमा संकलन गरेको भौतिक सबुद प्रमाण समेतको वैज्ञानिक एवं प्राविधिक परीक्षण गर्न पठाएको भए सो को प्रतिवेदन प्राप्त भए नभएको हेरी प्राप्त भै नसकेको भए अभियोग पत्र दायर गर्नु भन्दा अघिनै प्राप्त गर्न प्रयास गर्ने,
- हिरासतमा रहेको अभियुक्तका हकमा म्यादभित्र अनुसन्धान पूर्ण नभएको वा थप अनुसन्धान गरी प्रमाण संकलन गर्न निर्देशन दिनुपर्ने अवस्था रहे नरहेको,
- अभियोजन गर्दा मानव अधिकारको विषयलाई सदैव ध्यान दिनु पर्दछ । नेपालको संविधान तथा प्रचलित अन्य कानूनद्वारा प्रत्याभूत मौलिक हक एवं स्वतन्त्रताहरू हनन नहोउन भन्ने तर्फविशेष ध्यान दिनु पर्दछ ।
- निष्पक्ष एवं स्वच्छ न्यायका सर्वमान्य सिद्धान्तहरूको समेत अनुसरण गर्नु पर्दछ ।
- अभियोग तयार गर्दा महिला, बालबालिका, अशक्त रोगी, बृद्ध तथा अन्य पिछडिएका व्यक्तिहरूको सन्दर्भमा विशेष ध्यान दिनु पर्दछ ।
- अभियोजन गर्दा कुनै कानूनको विषयमा द्विविधा उत्पन्न भएमा माथिल्लो तहको सरकारी वकील वा महान्यायाधिवक्ताको कारयालयको अभियोजन सहजिकरण समितिसँग आवश्यक परामर्श गरी यकिन भएपछि मात्र अभियोगपत्र तयार गर्नु पर्दछ ।
- प्रत्येक मुद्दाको प्रकृति, अवस्था र तथ्य अलग हुने भए तापनि अभियोजनकर्ता (सरकारी वकील) को लागि सबै मुद्दा समान महत्वका हुन्छन् । त्यसैले सबै मुद्दामा अभियोजनका सामान्य सिद्धान्तहरू नै प्रयोग हुन्छन् भन्ने मान्यतालाई आत्मसात गर्नु पर्दछ ।

**अभियोगपत्र तयार गर्दा विचार गर्नुपर्ने अन्य विषय:**

**कसूर स्थापित भएको तथ्य र सबुद प्रमाणको संक्षेपमा विश्लेषण**

फौजदारी मुद्दामा घट्ना घटेको तथ्य (Corpus Delicti) अर्थात् घटनाबाट क्षति भएको देखिने वा पीडितको स्पष्ट पहिचान, घट्नाबाट शारीरिक एवं मानसिक तथा भित्री एवं बाहिरी चोट, पीडा, क्षतिवा कसूर भएको देखिने जाँच परीक्षण, पीडितको धन सम्पत्ति वा कानूनले सुरक्षित गरेको हक विरुद्धको कसूर वा समाज विरुद्धको फौजदारी निषेधित कार्यजन्य कसूर) स्थापित गर्नु वादी पक्षको पहिलो कर्तव्य हुन्छ । घट्ना घटेको देखिने तथ्य एवं सबुद प्रमाणको नामाकरण सहित संक्षेपमा उल्लेख गर्नुपर्छ। यसैगरी कसूरमा संलग्न अभियुक्तको कसरी संलग्न भएको देखिने हो भन्ने कुराको सबुद प्रमाणको संक्षेपमा विश्लेषण गर्नु अभियोजन पक्ष अर्थात् सरकारी वकीलको व्यावसायिक विज्ञता देखिनु पर्छ ।

**अभियुक्तलाई हुनुपर्ने सजाय दाबी**

प्रचलित कानूनको कुन दफाले निषेधित कसूर अभियुक्तले गरेको हो र त्यस कसूरमा कानून बमोजिम कुन कुन ऐनका कुन कुन दफाबाट सजाय हुने हो अभियोग पत्रमा स्पष्ट दाबी लिएको हुनु पर्छ ।

एक भन्दा बढी व्यक्तिहरू अभियुक्त भएमा प्रत्येक अभियुक्तको कसूरमा के कुन प्रकारको भूमिका थियो भन्ने कुरा स्पष्ट खुलाउनु पर्छ । सोही आधारमा सजायको मागदाबी लिएको देखिनुपर्छ । गोश्वरा सजायको मागदाबी लिदा कसूर गर्ने व्यक्ति पनि कसूरदार नठहरी उन्मुक्ति पाउन सक्ने खतरा हुन्छ । यसर्थ प्रति व्यक्ति सबुद प्रमाणको विशलेषण गरी एउटै अभियोगपत्र मागदाबीबाट दाबी लिन मिल्ने र लिनु पर्ने तत् तत् कसूरमा तत् तत् कानूनको आवश्यक दफाहरू बमोजिम सजाय मागदाबी लिनु पर्छ ।

### विगोको विषय

खासगरी साम्पात्तिक तथा आर्थिक अपराध, शारीरिक तथा मानसिक क्षतिका विषय, पीडितको हानि नोक्सानीको मात्रा र पुनः स्थापकीय क्षतिको स्थिति अवस्था के हो भन्ने कुरा अभियोगपत्र दाबीमा स्पष्ट खुलाई सबुद प्रमाणमा आधारित, कानून सम्मत एवं विवेकसम्मत मूल्य सहितको दाबी गर्नु सरकारी वकीलको जिम्मेवारी हो । पीडितबाट क्षतिपूर्ति मूल्याङ्कनको प्रस्तावित दाबी भए नभएको र पीडितले दिने नदिने केहो सो कुरा समेत विचार गरी विगो दाबीका विषयमा मागदाबी लिनु पर्छ ।

### जफतको दाबी

साथमा राख्न वा संचय गर्न वा ओसारपसार गर्न वा कारोबार गर्न कानूनले निषेध गरेका तर अभियुक्तको साथ वा निजको भोग वा कब्जा वा स्थानबाट बरामद भएको अवैध चिजवस्तु, कसूर गर्दा प्रयोग भएको अवैध वस्तु, कसूरमा प्रयोग भएको वा कसूरबाट प्राप्त भएको धनी पत्ता नलागेको वस्तु, धनीको सहमतिमा अन्य कसैले कसूरमा प्रयोग भएको चल अचल चिज बस्तु, अभियुक्तको हक स्वामित्वको नभएको तर अभियुक्तको साथबाट कसूर सम्बद्ध बरामद चिजवस्तु लगायतका चल अचल चिजवस्तु प्रचलित कानूनको सम्बद्ध दफा स्पष्ट उल्लेख गरी जफतको दाबी लिनु पर्छ ।

### अन्तरिम राहत तथा क्षतिपूर्ति

कसूरबाट पीडित बालबालिका, महिला, आर्थिक रूपले विपन्न, रोगले ग्रस्त पीडित, घाइते, बसोबासको ठेगान नभएको पीडित, संरक्षकत्व एवं अभिभावको अभाव भएको पीडित, अशक्तआदि प्रकृतिका पीडित विरुद्ध खासगरी यौन अपराध वा हिंसाजन्य शारीरक एवं मानसिक पीडाजन्य कसूरबाट पीडितका हकमा अन्तरिम राहतको दाबी लिनु पर्ने अवस्था छ छैन भन्ने कुरा सरकारी वकीलले सधै ख्याल गर्नुपर्छ । साथै प्रचलित कानून बमोजिम प्रतिवादी वा अवस्था अनुसार पीडित राहतकोषबाट क्षतिपूर्ति भराई पाउन सोझै दाबी लिनु पर्ने अवस्था भए नभएको समेत ख्याल गरी प्रचलित कानून बमोजिम पीडितको क्षतिपूर्तिको हकबाट पीडित पछिसम्म वञ्चित हुन नपर्ने गरी दाबी लिने कुरामा सरकारी वकील सधै सजग हुनु पर्छ ।

### नैतिक पतनको कसूर

प्रचलित बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६७(२), मानव बेचबिखन (नियन्त्रण) ऐन, २०६४ को दफा २२ मा नैतिक पतनको कसूरमा सजाय मागदाबी लिन मिल्ने र लिनुपर्ने प्रचलित नेपाल कानूनले निषेध गरेका कसूरमा अभियोग दाबी लिँदा सरकारी वकीलले अभियुक्त विरुद्ध नैतिक पतनको कसूरमा समेत सजाय मागदाबी लिनु पर्ने कुरा हेक्का राख्नु पर्छ ।

### पटके, थप, एकीकृत, लगायतका कसूरमा थप सजाय दाबी

विशेष ऐनले निषेध गरेको कसूरमा सोही ऐन बमोजिम सजाय दाबी लिँदा सोही ऐनमा पटके, एकीकृत, थप, लगायतका सजाय हुने कानूनी व्यवस्था भएकोमा संहिता बमोजिमको समेत दोहोरो दाबी लिनु हुँदैन । मुलुकी अपराध संहिता बमोजिमको कसूरमा पटके, एकीकृत, थप, लगायतका सजाय हुने कानूनी व्यवस्था भएकोमा संहिता बमोजिम नै दाबी लिनुपर्छ । कस्तो प्रकृतिको पटके कसूरदार हो, निजका हकमा पहिलेको कसूरमा मुद्दाको स्थिति के छ वा कस्तो प्रकृतिको कसूरमा एकिकृत कसूर दाबी हुने हो वा एक भन्दा बढी दफाहरूबाट थप सजाय हुने सबै दफाबाट थप दाबी लिन मिल्ने नमिल्ने वा हुने नहुने कुरा के हो भन्ने कुरा सरकारी वकीलले स्पष्ट भई अभियोग दाबी लिनुपर्छ ।

## ४.२ सजायको मागदाबीमा छुट

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ ले फौजदारी कसूरमा संलग्न अभियुक्तले अनुसन्धान, अभियोजन र न्याय निरोपण सम्मको प्रक्रियमा सहयोग गर्ने, प्रमाण संकलनमा सहयोग गर्ने, अन्य अभियुक्तहरूलाई कानूनी दायरामा ल्याउन सहयोग गर्ने र आफू र अन्य कसूरदारको कसूरमा रहेको संलग्नताका तथ्यहरूको सत्य तथ्य कुरा खुलाई सावित भएमा निजलाई हुने सजायमा सुविधा एवं सहुलियत (Rebate) स्वरूप प्रदान गरिने छुट हो । यस पद्दतिले अनुसन्धान अभियोजन र न्याय

निरोपणमा प्रभावकारिता ल्याउने, अभियुक्तले पनि राहत पाउने र अन्ततोगत्वा फौजदारी न्याय प्रशासन परिणाममुखी हुने उद्देश्यले विधायिकाले यो कानूनी व्यवस्था लागू गरेको बुझिन्छ। यद्यपी अभियुक्त उपर सजायमा छुट दाबी लिने र छुट माग दाबी बमोजिम छुट दिने यो व्यवस्था अनुसन्धान, अधियोजन वा न्यायनिरोपण गर्ने अधिकारीको स्वइच्छामा कदापी प्रयोग हुन सक्ने देखिँदैन।जुन अभियुक्तको हकमा छुट दाबी लिइन्छ वा दिइन्छ त्यस्तो दाबी गर्ने र दिनेले आधार कारण उल्लेख गर्दैमा मात्र हुने नभई बस्तुनिष्ठ तवरले मिसिल संलग्न प्रमाण समेतबाट देखिनु पर्छ। साथै दाबी नै नलिएको अवस्थामा अदालत एक्लैले यस्तो सुविधा दिन मिल्ने झनै देखिदैन। यसर्थ यो व्यवस्था अभियुक्तको अधिकारको रूपमा कदापि बुझ्न हुँदैन। साथै यसको दुरूपयोग हुन नदिन र यसको सही एवं न्यायोचित प्रयोग गर्ने तर्फ सरकारी वकील सधै सजग हुनु पर्छ।

## कानूनी व्यवस्था

फौजदारी कार्यविधि संहिताको दफा ३३

- कुनै कसूरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याएमा त्यस वापत त्यस्तो अभियुक्तलाई कानून बमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष सिफारिस गर्न सक्नेछ।
- उपदफा (१) बमोजिम सिफारिस भई आएमा वा अनुसन्धान प्रतिवेदन वा मिसिल संलग्न कागजातबाट अभियुक्तले अनुसन्धानमा सहयोग पुऱ्याएको देखिएमा सरकारी वकीलले त्यस्तो सिफारिस वा सहयोगलाई समेत विचार गरी त्यस्तो अभियुक्तलाई हुने सजायमा छुट दिन प्रस्ताव गरी शर्त सहितको माग दाबी लिई अभियोगपत्र दायर गर्न सक्नेछ।
- उपदफा (२) बमोजिम अभियोगपत्र दायर गर्दा सरकारी वकीलले देहाय बमोजिमको सजाय छुटको प्रस्ताव गरी अभियोगपत्र दायरगर्न सक्नेछः–
  - ✓ अभियुक्तले आफूले गरेको कसूर अनुसन्धान अधिकारी वा सरकारी वकील समक्ष पूर्ण रूपमा स्वीकार गरी साबिती भएमा निजलाई हुने सजायमा पच्चीस प्रतिशतसम्म छुट,
  - ✓ अभियुक्तले आफूसमेत संलग्न भएको कसूरमा साबित भई सो कसूरमा संलग्न अन्य कसूरदार वा गिरोह वा कसूर गराउन निर्देशन दिने मुख्य व्यक्ति वा कसूरको सम्बन्धमा विस्तृत तथ्य बताउन वा कसूरमा संलग्न व्यक्तिलाई पक्राउ गर्न वा कुनै सङ्गठित वा समूहगत रूपमा भएको कसूर भए सो कसूरमा संलग्न अन्य व्यक्तिहरू वात्यस्तो कसूरको आपराधिक षडयन्त्र हुने स्थान देखाउन, कसूर गर्न प्रयोग हुने सवारी साधन, यन्त्र, उपकरण वा अन्य वस्तु वा हातहतियार बरामद गर्न वा जफत गर्न सघाउ पुऱ्याएको भए निजलाई हुने सजायमा पचास प्रतिशतसम्म छुट।
- उपदफा (२) बमोजिम सजाय छुटको माग दाबी गर्नको लागि सम्बन्धित मुद्दाको मिसिल संलग्न कागजातबाट त्यस्तो अभियुक्तले त्यस्तो सहयोग गरेको कुरा स्पष्ट रूपमा देखिनु पर्नेछ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कसूरका सम्बन्धमा वा अवस्थामा सजायमा छुट हुने माग दाबीगर्न सकिने छैनः–
  - ✓ एकपटक यस दफा अन्तर्गतको सुविधा पाई सकेको,
  - ✓ कैद सजाय पाएकोमा त्यस्तो कैद भुक्तान गरेको अवधि तीन वर्ष पूरा नगरेको,
  - ✓ जुन कसूरमा अभियोग लगाइने हो त्यस्तै कसूरमा एक पटक सजाय पाई सकेको।
- उपदफा (२) बमोजिम सजायमा छुट पाउने गरी अभियोगपत्र दायर भइसकेपछि त्यस्तो अभियुक्तले अदालतमा अनुसन्धान अधिकारी वा सरकारी वकील समक्ष दिएको भन्दा फरक बयान दिएमा वा प्रतिकूल प्रमाण दिएमा वा आफ्नो कसूर इन्कार गरेमा वा न्यायिक कारबाहीमा सहयोग नपुऱ्याएमा निजले यस दफा बमोजिमको सुविधा पाउन सक्ने छैन।

- उपदफा (६) बमोजिमको अवस्थामा सरकारी वकीलले उपदफा (१) वा (२) बमोजिम प्रस्ताव गरिएको छुट सजाय रद्द गरी थप सजायको माग गरी अदालतमा निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदन सोही अभियोगपत्रको अभिन्न अङ्ग हुनेछ।

## ४.३ अभियोग पत्र दर्ता गर्ने:

अभियोगपत्र तयार गरेपछि सम्बन्धित सरकारी वकीलले अभियोगपत्रका साथ सम्बन्धित सक्कल मिसिल, हिरासतमा रहेका अभियुक्त र दशीका सामान समेत अदालतमा दर्ता गर्न पेश गर्नु पर्दछ। अभियोगपत्र रूजु गरे पछि अदालतले अभियोगपत्र दर्ता गरी दिएको दर्ताको निस्सा कार्यालयमा रहने नक्कल मिसिलमा संलग्न गर्नु पर्दछ। अभियोगपत्र दायर गर्दा नेपाल सरकारको वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानूनद्वारा तोकिएको कुनै अधिकृत वा निकायको पूर्व स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखित प्रति समेत प्राप्त गरी मिसिल संलग्न राख्नु पर्दछ।

अभियोगपत्रको तयारी र दर्ता समेतको काम सरकारी वकीलको व्यावसायिकताको कार्य भएकाले व्यावसायिक आचरणको नियम भित्र रही निष्पक्षतापूर्वक गर्नु पर्दछ। कार्य सम्पादनका सन्दर्भमा सरकारी वकीललाई व्यावसायिक उन्मुक्ति समेत प्राप्त छ।

### कानूनी व्यवस्था:

- यस संहिता बमोजिम दायर गर्नु पर्ने अनुसूची–१ र अनुसूची–२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा अभियोगपत्रका रूपमा सम्बन्धित सरकारी वकीलले सम्बन्धित अदालतमा दायर गर्न सक्नेछ। — फौजदारी कार्यविधि संहिताको दफा ४३ (१) (क)
- अनुसूची–१ र अनुसूची–२ अन्तर्गतका कसूरको सम्बन्धमा सरकारी वकीलबाट अभियोगपत्र पेश नगरी कुनै व्यक्ति उपर मुद्दा चल्ने छैन। — ऐजन दफा ५२(५)
- यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनिनेपाल सरकार वा सम्बन्धित विभागीय प्रमुखको लिखित स्वीकृति भएकोमा बाहेक नेपाल सरकारको कुनै कर्मचारी उपर निजले आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कुनै कामको सम्बन्धमा निज उपर कुनै कसूरको अभियोग लगाई मुद्दा चल्ने छैन।
  तर कुनै कर्मचारीले आफ्नो ओहदाको कर्तव्यभन्दा बाहिरको कुनैकाम गरी कुनै कसूर गरेमा निज उपर त्यस्तो कसूरको अभियोग लगाई मुद्दा चलाउन नेपाल सरकारको वा सम्बन्धित विभागीय प्रमुखको स्वीकृति लिनु पर्ने छैन। — ऐजन दफा ५२(४)
- यस संहिता बमोजिम सरकारी वकीलले कुनै मुद्दाको सन्दर्भमा असल नियतले गरेको निर्णय, अभियोजन, बहस पैरबी एवं प्रतिरक्षा सम्बन्धमा प्रश्न उठाइने र कुनै अदालतमा मुद्दा चलाइने छैन। — ऐजन दफा १८८

## ४.४ थप वा पुरक अभियोगपत्र दायर गर्ने:

एक पटक मुद्दा अदालतमा दर्ता भईसकेपछि सामान्यतया त्यस्ता मुद्दामा दाबी परिवर्तन गर्न सकिँदैन। तर नेपाल सरकार वादी हुने गंभीर प्रकृतिका फौजदारी मुद्दामा अभियोगपत्र दर्ता भइसकेपछि प्राप्त थप प्रमाणबाट थप अभियुक्त वा छूटेका अभियुक्त उपर थप अभियोजन गर्न सकिने कानूनी व्यवस्था छ। कसूरमा संलग्न भएको कोही पनि अभियुक्तले अभियोजन शुन्यताको स्थितिबाट लाभ लिन नसकोस र निर्दोष व्यक्तिले अनावश्यक तवरबाट मुद्दाको कारबाहीमा दुख झेल्न नपरोस भन्ने कानूनको मनसाय देखिन्छ।

### कानूनी व्यवस्था:

- कुनै मुद्दा अदालतमा दायर भैसकेपछि त्यस्तो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरूबाट मुद्दा दायर भैसकेका अभियुक्त बाहेक अन्य अभियुक्तहरू उपर समेत दाबी लिन पर्ने भएमा वा मुद्दा दायर भई — मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा

अभियुक्त कायम भई सकेका व्यक्ति उपर थप अभियोग लगाउनु पर्ने देखिएमा त्यसको कारण खुलाई थप अनुसन्धान गर्न लगाई अन्य थप अभियुक्तको हकमा समेत थप दाबी लिई सरकारी वकीलले मुद्दा दायर गर्न सक्नेछ। ३५

## ४.५ अभियोग संशोधन

कसूरको प्रकृति, कसूरजन्य कार्यबाट प्रत्यक्ष पीडित एवं वृहद् समाज विरुद्धको असर प्रभाव एवं गुरुत्व, कसूरमा संलग्न अधिक कसूरदारहरूको बह आयमिक भूमिका समेतका सन्दर्भबाट सीमित समयको अनुसन्धानले कतिपय घट्नामा पूर्ण अनुसन्धान संभव हुँदैन। स्वभावैले अनुसन्धानले पूर्णता प्राप्त गर्न नसक्ने, घट्ना र अभियुक्तहरूको संलग्नताका सबै विषय र सबुद प्रमाण उजागर र संकलन एवं परीक्षण हुन नसक्ने, घट्नामा प्रत्यक्षदर्शीको अभाव हुने, पीडितले कसूर र अभियुक्त सबैका विषय व्यक्त गर्न नसक्ने वा संभव नहुने आदि कारणले एउटै अभियोग दाबीबाट सबै कसूरदारका हकमा एकै पटक सही र उचित अभियोग दाबी हुन सक्दैन ।यसै तथ्यलाई विधायिकाबाट मनन गरी अभियोजनमा हुन सक्ने त्रुटि कमजोरी र अपूर्णतालाई पूर्ण बनाउन पछिबाट थप अनुसन्धान गर्न र थप अनुसन्धानबाट प्राप्त थप सबुद प्रमाणका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३६ ले अभियोग संशोधन गन सक्ने अधिकार महान्यायाधिवक्तालाई दिएको देखिन्छ।

### कानूनी व्यवस्था:

- अदालतमा एकपटक दायर भैसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको माग दाबी संशोधन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित सरकारी वकीलले अभियोगपत्रमा संशोधन गर्न सुरु तहको सम्बन्धित अदालतमा कारण खुलाई निवेदन दिन सक्नेछ।
- उपदफा (१) बमोजिम निवेदन पर्न आएमा र त्यसको व्यहोरा मनासिव देखिए निवेदन बमोजिम अभियोगपत्रमा माग दाबी संशोधन गर्ने आदेश सम्बन्धित अदालतले दिन सक्नेछ।
  तर त्यस्तो संशोधन गर्ने आदेश सुरु तहको सम्बन्धित अदालतले फैसला गर्नु अघि नै दिइसकेको हुनु पर्नेछ।

फौजदारी कार्यविधि संहिताको दफा ३६

## ४.६ सानातिना त्रुटि सच्याउने

कार्यसम्पादनका क्रममा अनजानमा मानवीय त्रुटिबाट हुने सानातिना ब्याकरण एवं हलन्त वा इकार उकार जस्ता त्रुटि सच्याउन सकिने र सुधार गर्नुपर्ने कानूनी प्रवन्ध विश्वव्यापी अभ्यास नै हो। तर यस प्रकृतिको कानूनको उद्देश्य. सो अनुरूपको कानूनी प्रवन्ध र अभ्यासमा भने एकरूपता देखिँदैन। अधिकार प्राप्त अधिकारीले एक पटक तयार पारी प्रमाणित गरेको, सम्बन्धित निकायमा पेश गरेको वा सार्वजनीकरण गरेको कागजात अध्ययन गर्दा भाषागत सामान्य व्याकरणीय त्रुटि देखिएको तर सच्याउँदा पहिलेको र हालको सन्दर्भ र विषयवस्तुमा कुनै खास परिवर्तन नहुने स्थितका मानवीय त्रुटि सच्याउने भन्ने कानूनी व्यवस्था बुझिन्छ।

सरकारी वकीलले आफ्ना पत्राचार, निर्णय, अभियोगपत्र, पुनरावेदन, निवेदन, समेतका विषयमा अर्थ नै अर्को लाग्न सक्ने वा दाबीनै परिवर्तन हुने, नयाँ मानिस उपर अभियोग लाग्ने, अभियोग दाबी संशोधन हुन जाने, जस्ता आदि इत्यादि त्रुटिका नाममा यो दफाको साहरा लिन मिल्दैन।

### कानूनी व्यवस्था

- अदालतमा दायर भएको मुद्दाको अभियोगपत्रमा सानातिना त्रुटि भई सच्याउन परेमा सम्बन्धित सरकारी वकीलले सम्बन्धित अदालत समक्ष त्यसको कारण खुलाई निवेदन दिन सक्नेछ।
- उपदफा (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा त्रुटि सच्याउन मनासिव देखिएमा अदालतले

फौजदारी कार्यविधि संहिताको दफा ३७

त्यस्तो त्रुटि सच्याउन आदेश दिन सक्नेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सानातिना त्रुटि" भन्नाले अभियुक्तको नाम, थर, उमेर वा ठेगानाको हिज्जे वा टाइपिङ्ग वा छपाइ सम्बन्धी त्रुटिलाई सम्झनु पर्छ।

**सर्वोच्च अदालतको फैसला / आदेश**

- हदम्यादको प्रश्न कानूनी प्रश्न भएकाले अदालतले यो विषयलाई जहिले पनि उठाउन सक्ने । कानूनले निर्धारित गरेको हदम्यादभित्र फिराद परे नपरेको हेरी हदम्यादभित्र परेको नदेखिएमा त्यस्तो हदम्याद नाघेको फिरादको आधारमा निर्णय दिन नसकिने भएमा सो फिराद खारेज गर्नुपर्ने । — नेकाप २०६६ नि.नं. ८१३२, अंक ४
- वादी पक्षले नै प्रतिवादी बनाउन नसकेको पदाधिकारी वा निकायलाई अदालत आफै वादी बनी कसूरदार ठहर गर्न नमिल्ने । ... वादी पक्षले जानी जानी प्रतिवादी नबनाएको पक्षलाई अदालत आफै सक्रिय भई अ.वं. १३९ नं. को प्रयोग गरी झिकाई रहने हो भने अभियोजन पक्षको काम अदालत आफैले लिए सरह हुन जान्छ जुन प्रतिद्वन्दात्मक (Adversial)कानूनी प्रणाली अवलम्बन गरिएको हाम्रो जस्तो न्यायिक परिपाटीको मूल्य र मान्यता समेतको विपरित हुन जाने । — नेकाप २०६३ अंक ६ नि.नं. ७७१२,
- सरकार वादी फौजदारी मुद्दामा मुद्दा हेर्ने सम्बन्धित अड्डाको आदेश विना अभियोग पत्र वा प्रतिवादीको बयानमा उल्लेख नभएका साक्षी वा प्रमाणहरू जुनसुकै अवस्थामा ग्राह्य हुने वा त्यसरी पेश भएका प्रमाणहरूले प्रामाणिक महत्व राख्न नसक्ने । अ.बं. ७७(१) तथा ९० नं. को प्रकृति एवं परिधिभित्र नपर्ने निवेदन तथा सोलाई सनाखत गरी दिएको भनिएको बयान प्रमाण लाग्न सक्ने कानूनी आधार प्रष्ट हुन नसकेको अवस्थामा त्यसैलाई अकाट्य प्रमाण मानी अभियोग दाबीबाट सफाई दिन नमिल्ने । — नेपाल सरकार वि. पारसनाथ पाठकसमेत नेकाप २०६५, नि नं . ८००४ अंक ९
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) ले यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई तोकिएको र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची (१) र (२) मा लेखिएदेखि बाहेकका मुद्दामा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३१ को पालना पनि गरेको नदेखिदा उचित कानूनी प्रक्रिया अवलम्बन र न्यायिक मनको समेत प्रयोग नगरी कानून विपरीत निर्णय नभएको अवस्थामा गैरकानूनी थुनाबाट मुक्त हुने । — हादी जावेर हबीव विरुद्ध नेपाल सरकार, नेकाप २०६६, नि.नं. ८०५५,अंक १,
- सारवान वा कार्यविधि कानूनको व्याख्या गर्दा परस्पर विरोधाभाषपूर्ण अर्थ आउने वा एक अर्का कानूनी व्यवस्था निष्प्रयोजित वा पराजित हुने गरी गर्नु विवेकसम्मत हुँदैन । दुबैको समन्वित र सन्तुलित व्याख्याबाट नै न्याय प्रशासनको अभिष्ट वा लक्ष्य हासिल हुन सक्ने तर्फ ध्यान पुऱ्याइनु वाञ्छनीय हुने । ठगी सम्बन्धमा भएको हदम्याद सम्बन्धी संशोधित व्यवस्थाले वारदात हुंदाका बखत कसूर नमानिने कुरालाई पछिबाट ठगीको अपराध घोषित गरेको, कम गम्भीर अपराधलाई बढी गम्भीर अपराध बनाएको वा कम सजाय हुने कसूरलाई बढी सजाय तोक्ने तथा प्रमाण सम्बन्धी कानूनमा परिवर्तन गरी कम प्रमाण भए पनि ठगीको कसूर प्रमाणित गर्ने गरी पछिबाट कानूनको निर्माण गरिएको समेतका कुनै अवस्था विद्यमान देखिन नआउंदा संशोधित व्यवस्था प्रयोग गर्न नसकिने र नमिल्ने अवस्था नदेखिने । साविक कानूनले व्यवस्था गरेको २ वर्षको हदम्याद व्यतित नहुंदै हदम्याद सम्बन्धी कानून संशोधन भई थाहा पाएको मितिले एक वर्षभित्र नालेस दिन सकिने भन्ने हदम्याद सम्बन्धी व्यवस्था गरिएको स्थितिमा नालेस दिंदाका बखत कायमै रहेको हदम्याद सम्बन्धी कार्यविधि कानून नै अलवम्बन हुनु न्यायसम्मत र कानूनसम्मत् देखिने । — नेपाल सरकार विरुद्ध रविकृष्ण जोशी समेत नेकाप २०६७ नि.नं.८४२८, अंक ८ (पू.ई)
- चाकु मर्हजनको कुनै यकिनै नगरी हचुवाको भरमा चाकु मर्हजन भनी अर्का व्यक्ति यी राजेन्द्र मर्हजनलाई अभियोग लगाई कसूरदार वनाएको पाइन्छ । यस्तो प्रतिवादीको सम्बन्धमा यकिन नगर्दा अर्कोलाई मुद्दा चलाउने र सजाय हुन सक्ने अवस्था रहन्छ। ... भविष्यमा वादी नेपाल सरकारको तर्फबाट दायर हुने अभियोगपत्रमा पक्राउ परेका प्रतिवादीको परिचयात्मक लिखित प्रमाण जस्तोः– नागरिकता परिचय पत्र र शैक्षिक प्रमाणपत्रमा रहेका विवरण खुलाउने, निजको शारीरिक बनौट, अनुहारको आकृति, परिचयात्मक हुने हुलिया, निजको फोटो र ल्याप्चे हस्ताक्षर लगायत अन्य पहिचान हुन सक्ने आधारहरू खुलाउन पर्ने । फरार प्रतिवादीको हकमा निजको वावु र वाजेको नाम थर — राजेन्द्र महर्जन वि नेपाल सरकार, नेकाप २०६३ नि.नं. ७७८८ अंक ११

र वतन, तिन पुस्ते, स्थायी र अस्थायी वतन निजको नागरिकता नम्बर, मतदाता नामावलीको नम्बर र अन्य लिखित प्रमाण भए सो मा रहेका नाम उपनाम प्रष्टसंग उल्लेख हुनको लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयका नाममा निर्देशानात्मक आदेश जारी हुने ।

- मुद्दा चलिसकेपछि खडा गर्न सकिने अप्रमाणित र परीक्षण गर्न समेत सम्भव नरहेको लिखतलाई प्रमाणमा लिन नमिल्नाले चिनालाई उमेर सम्बन्धी प्रश्नमा निर्णायक मान्न नसकिंदा त्यसलाई प्रमाणका रूपमा ग्रहण गर्न नसकिने । चिकित्सकले लेखिदिने उमेर सम्बन्धी प्रतिवेदनलाई विशेषज्ञको रायका रूपमा प्रमाणको वर्गमा राखिन्छ । अनुमानका आधारमा निकालिने निष्कर्षको वैज्ञानिक परीक्षणबाट पुष्टि हुन आवश्यक छ । प्रस्तुत परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट निजको निष्कर्षमा वैज्ञानिक परीक्षणका आधार देखिंदैनन् । अन्य प्रमाणले देखाइरहेको वस्तुस्थिति प्रतिकूल राय निश्चयात्मक प्रमाण हुन नसक्ने । विद्यालयमा भर्ना हुंदाका बखत बाबु, आमा वा अभिभावकले उल्लेख गरी दिएको विवरण अनुरूप राखिएको अभिलेख अनुसार नै विद्यालयले खुलाई पठाएको जन्ममितिलाई नै आधार लिनुपर्ने । भविष्यमा यसो पर्ला भनी कल्पना गर्न नसकिने अवस्थामा लेखाइएको जन्ममिति प्रमाणहरूको वर्गमा कसैको उमेर निर्धारण गर्ने सर्वोत्तम प्रमाण हो । कानूनले नै अन्यथा व्यवस्था गरेकोमा बाहेक विद्यालय भर्ना हुने क्रममा लेखाई दिइएको जन्ममितिमा अविश्वास गर्न नसकिने । — जीवन रिजाल विरुद्ध नेपाल सरकार,नेकाप २०६८, नि.नं.८६९१, अंक ९
- अभियोजन पक्षले आफूले अभियोग लगाएको व्यक्तिको तथ्यपरक ढंगले पहिचान गरी अभियोग लगाउनु उसको कर्तव्य तथा दायित्वको सीमाभित्र पर्दछ । हरेक अभियुक्तको बाबुको नाम, स्पष्ट ठेगाना (वडा नं., टोल, घर नं. आदि), उमेर खुलाई अभियोग लगाउनु अभियोजन पक्षको मूलभूत कर्तव्य हुने । अनुसन्धानको क्रममा वस्तुगत ढंगले कसूरदारको पहिचान नगरी अभियोग पेश गरेको, जाहेरी तथा अभियोग उल्लिखित ठेगाना तथा उमेर फरक भएको प्रमाणबाट पुष्टि भएको, व्यक्ति नै फरक भनी सप्रमाण जिकिर लिएकोमा अदालतबाट समेत पुर्पक्षको क्रममा सनाखत गराई पुष्टि नगरेको स्थितिमा केवल नाम मिलेको आधारमा मात्र कसूरदार ठहर्याउन नमिल्ने। — नेपाल सरकार वि. जसमान लिम्बू समेत नेकाप २०६९, नि.नं. ८७५८ अंक १, नेकाप २०६६, नि.नं. ८१८२, अंक ६
- १६ वर्ष नपुगेका नाबालक व्यक्तिले गरेको कागजको हकमा त्यस्तो व्यक्तिको संरक्षक वा हकवालालाई रोहवरमा राखी कागज गराएको भएमात्र त्यसले कानूनी मान्यता प्राप्त गर्न सक्छ ।
- संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । वृहत योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुन संगठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ । पृथक–पृथक व्यक्तिको फरक–फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ । तसर्थ, प्रत्येक प्रतिवादीको सम्पन्न अपराधमा संलग्नतालाई प्रमाणको आधारमा पुष्टि हुने वा नहुने कुरा निर्धारण गर्नुपर्ने । — दुर्गा उप्रेती विरुद्ध नेपाल सरकार नेकाप २०६७, अंक २, नि.नं. ८३२१
- अभियोगमा बिगोमा गोश्वारा रूपमा यो यसको यति भनी दाबी लिएबाट यो यो यति मूल्य बराबरको यस्तो सम्पत्ति भन्ने स्पष्ट खुल्न नसकेको यस्तो बिगो भराई पाउने सम्बन्धमा स्पष्ट रूपमा यकिन हुन नसकेको विषयमा अदालत आफैले किटान गरी दिन पनि नसक्ने हुंदा बिगो भराई पाउने भन्ने अवस्था पनि नरहने । — नेपाल सरकार वि. जनकलाल मण्डल समेत, नेकाप २०६८ नि नं ८६५५, अंक ७
- कुनै अपराधको वारदातको पटक कायम गर्नु पर्दा उक्त वारदातले कार्यरूप प्राप्त गरेको अवस्थालाई मात्र विचार गरेर हुंदैन । सो वारदातले कार्यरूप लिनुभन्दा अगाडि बनाइएको योजना र अपराधसंग सम्बन्धित अन्य तथ्यहरू समेतलाई विचार गर्नुपर्ने । चोरीको अपराधको पटक गणना गर्दा एकै चोटी योजना बनाई एउटै मितिमा एकै समयको अन्तरालमा एउटै अपराधीहरूको समूहबाट भएको वारदातलाई पटक–पटक अपराध गरेको भन्न सो कानूनको मनसाय हुन नसक्ने । — नेपाल सरकार विरुद्ध पुष्पराज राई समेत,नेकाप २०६७, नि.नं.८३१४
- कुनै फौजदारी अपराध नैतिक पतन देखिने फौजदारी कसूर हुनका लागि सो कसूर निज कसूरदारको नैतिक आचरणसंग सम्बन्धित कार्य वा कसूर हो भनी ठोस आधार र वस्तुगत कारण हुनुपर्दछ । साथै सो कसूर गर्दा कसूरदारको आपराधिक मनसाय वा उद्देश्य, कसूर गर्दाको परिस्थिति, अवस्था र परिणाम तथा त्यसबाट समाजमा पर्नसक्ने प्रभाव समेतलाई विचार गर्नुपर्ने । कुनै कार्य नैतिक आचरणसंग सम्बन्धित कार्य वा कसूर हो भन्ने कुरा व्यक्ति वा समाजको परिवेश, अवस्था, विचार र दृष्टिकोणमा पनि आधारित हुन्छ । फौजदारी अपराध र नैतिक पतन देखिने फौजदारी अपराध पर्यायवाची होइन । कानूनले दुबैलाई पर्यायवाची मानेको भए फौजदारी अपराधमा नैतिक पतन देखिने — वृषबहादुर राई विरुद्ध नेपाल सरकार, नेकाप २०६७, नि.नं. ८४८१, अंक १०

भन्ने विशेषण लगाउनु आवश्यक हुने थिएन । नैतिक पतन देखिने कसूरलाई कुनै कानूनद्वारा परिभाषित गरिएको नभए पनि सो कसूर सामान्य फौजदारी कसूरभन्दा पृथक र सामान्य समझ (Ordinary Prudence) भएका व्यक्तिको दृष्टिकोणमा नैतिकता, आचरण, तथा मानिसको चरित्रलाई गिराउने र धमिलो पार्ने, दाग लगाउने किसिमको कसूर हो भनी बुझ्नुपर्ने । दुई पक्षबीच झैझगडा भई मानिसको मृत्यु भएको कारणबाट फौजदारी मुद्दा चलेको र सो फौजदारी मुद्दामा सजाय पाएको परिस्थितिमा चलेको ज्यान मुद्दालाई नैतिक पतन देखिने कसूर हो भनी कुनै दृष्टिकोणले भन्न नमिल्ने।

- बालबालिका सम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबरजस्ती करणीको अपराधमा Rapist बालकको अधिकार मात्र हेर्ने हो भने Victim पीडित बालिकाको हकको संरक्षण हुन सक्ने अवस्था नदेखिंदा यस प्रकारको अपराधमा पीडितका विरुद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जवर्जस्ती करणीको अपराधले समाजमा विकृति र विसंगति ल्याउन सक्ने । बालबालिका सम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसूरदारलाई सजायमा केही छुट दिएकै आधारमा जवर्जस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छूट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिने । जवर्जस्ती करणीको अपराधमा सजायको वर्गीकरण पीडित बालिकाको उमेरको आधारमा गरिएको र यस्तो अपराधमा संलग्न Rapist बालक प्रमाणित भए बालबालिका सम्बन्धी ऐनको दफा ११ मा आपराधिक दायित्व व्यहोर्नु पर्ने कुरा उल्लेख भएको आधारमा पीडितले पाउने क्षतिपूर्ति समेत सोही सजायभित्र पर्ने भनी कानूनले स्पष्ट नगरेको कुरालाई स्वाभाविक रूपमा अर्थवोध नगरी वलपूर्वक व्याख्या गर्नु सान्दर्भिक नहुने । सजाय सम्बन्धी कुरा र आर्थिक क्षतिपूर्तिको विषय भिन्ना भिन्नै प्रकृति र अवस्था भएकाले यसलाई एउटै दृष्टिकोणले हेर्न नमिल्ने ।

नेपाल सरकार विरुद्ध पवनकुमार यादव समेत नेकाप २०६७ नि.नं. ८४९४, अंक ११ (बि.ई.)

- अनुसन्धानकर्ताले फौजदारी अभियोग लगाउंदा त्यस्तो व्यक्तिको वारदातमा संलग्नता लगायतका वास्तविकता पहिचान हुनेसम्मको विवरणहरू, फोटो, ल्याप्चे सहिछाप, नागरिकता नं., मतदाता नामावलीको नं., शारीरिक बनावट, विशेष पहिचान हुन सक्ने हुलिया, नाम, उपनाम, बाबु बाजेको नाम लगायतका विवरण अभियोगपत्रमा उल्लेख गर्ने । फरार अभियुक्तको हकमा समेत त्यस्तो प्रष्ट विवरण उल्लेख गर्ने ।

लेकमान महर्जन वि. नेपाल सरकार नेकाप ०६३ नि.नं. ७७८८

- फौजदारी अपराधमा व्यक्तिका विरुद्ध ठोस र शंकारहित प्रमाण संकलन हुनु पर्दछ । तब राज्यले अभियोग लगाउन, मुद्दा चलाउन सक्छ । यदि विना प्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र त्यसको फलस्वरूप अभियुक्तले सफाई पाउछ भने त्यस्तोमा महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न नहुने ।

नेपाल सरकार वि मगरे खां समेत नेकाप २०६६ नि.नं. ८२४३ अंक १०

- अदालत समक्ष इन्कार रहंदैमा सफाई पाउने भन्ने हुंदैन । अधिकारप्राप्त अधिकारी समक्षको बयानलाई समर्थन गर्ने अन्य तथ्यहरू छन् भने ती तथ्यहरूलाई घटनाको समग्रतासँग दाँजेर हेर्नु पर्ने । जसको पोलका आधारमा सन्दर्भ उठेको हो स्वयंले नै किटानी साथ नभै सुनेको भनी व्यक्त गरेको कथनका आधारमा कसैलाई ज्यान सम्बन्धी कसूरमा कसूरदार ठहऱ्याउन नमिल्ने । केवल अभियोग लगाउनु मात्र कसूर स्थापित गर्ने आधार हुन सक्दैन, अभियोग प्रमाणित पर्ने दायित्व पनि वादी पक्षले वहन गर्नु पर्छ । फौजदारी मुद्दामा शंकाको भरमा कसैलाई कसूरदार ठहर्याउन नमिल्ने ।

नेपाल सरकार विरुद्ध अजय राई समेत, नेकाप २०६६ नि.नं. ८११५ अंक ४

- एउटा व्यक्तिलाई निजको घरबाट लगेर अन्यत्र कतै कुटपीट र हत्या गरेको छ भने त्यो एउटै वारदातको निरन्तरमा गरिएको कार्य हुन्छ । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको कानूनी व्यवस्था हेर्दा अपहरण गरिएको वा बन्धक बनाइएको व्यक्तिको हत्या गरिएको छ भने त्यो हत्याको कसूरमा परिणत हुने र ज्यान सम्बन्धीको महल आकर्षित हुने देखिन्छ । यस्तोमा नियतका साथै कार्यको परिणाम र परिणामको अपेक्षा (Result of action and expectation of the result) अत्यन्त महत्वपूर्ण तत्वहरू हुन् । यस अनुसार एउटै परिणामको अपेक्षा गरिएको र एउटै परिणाम निष्कने गरी गरिएको कार्य वा कार्यहरू प्रारम्भदेखि अन्तसम्म एउटै वारदातको विभिन्न चरणमा गरिए तापनि तिनलाई अलग–अलग वारदातको रूपमा (Part-Part) नभई परिणाममूलक एउटै कार्यको समग्रतामा सम्पन्न गरिएको एउटै वारदात मान्नु पर्ने।

गोविन्दबहादुर बटाला वि. प्रमं तथा म.प.का. समेत नेकाप २०६८ नि.नं. ८६३८, अंक ६

क्रमबद्ध रूपमा भएका घटनाहरूको एउटै वारदात उपर ज्यान सम्बन्धीको १ र १३(३) नं. बमोजिम अभियोगपत्र दायर गरी सजाय भई सो भुक्तान समेत भइसकेपछि कर्तव्य ज्यान मुद्दा दायर भएपछि ३ वर्षको अन्तरालमा पुनः सोही वारदातलाई आधार बनाई मानिस अपहरण र बन्धकतर्फ पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न र मुद्दा चलाउन मुलुकी ऐन अ.बं. ७३ नं. ले नमिल्ने।

एउटा मुख्य वारदातलाई लिएर एक पटक अभियोग लगाइसकेपछि सोसंग सम्बन्धित सहायक घटनाहरूको आधारमा पटकपटक गरी दोस्रो वा तेस्रो मुद्दा चलाउन नमिल्ने । कर्तव्य ज्यान मुद्दामा लागेको कैद भुक्तान गरिसकेपछि कर्तव्य ज्यान मुद्दामा दिएकै जाहेरी दरखास्तमा अपहरण भन्ने शब्द परेको आधारमा पुनः शरीर अपहरणतर्फ मुद्दा दायर गर्नु र त्यसमा पुर्पक्षका लागि थुनामा राख्ने लगायतका कामकारबाहीहरू अदालती बन्दोबस्तको ७३ नं. र नेपालको अन्तरिम संविधान, २०६३ को धारा चौबीस(६) समेतको विपरित हुने ।

नेपाल सरकार विरुद्ध सुरेशकुमार मित्तल, नेकाप २०६८ नि.नं. ८६२६, अंक ५

- मुद्दा दर्ता गर्ने नगर्ने सम्बन्धमा स्वीकृति लिने कार्यविधि नतोकेको अवस्थामा त्यस्तो कार्यविधि जिल्ला सरकारी वकीलबाट नै निर्धारण र कार्यान्वयन हुने मान्नुपर्ने । मुद्दा दायर गर्न स्वीकृति दिने अधिकारी र मुद्दा चलाउन निर्णय गर्ने अधिकारी एकै व्यक्ति वा कार्यालयलाई तोकिएको अवस्थामा तथा दुबै कार्यको परिणाम एकै हुने देखिएकाले आफैले आफैंसंग स्वीकृति लिनुपर्छ भन्न नमिल्ने । मुद्दा चलाउने निर्णय गर्दाको निर्णयमा मुद्दा दायर गर्ने स्वीकृति अप्रत्यक्ष रूपमा निहीत (Indirectly Implied) रहेकाले मुद्दा दायर गर्न स्वीकृति दिने अधिकारी र मुद्दा चलाउन निर्णय गर्ने अधिकारी एकै व्यक्ति रहेको र मुद्दा चलाउन स्वीकृति दिने अधिकारीबाट नै मुद्दा दायर भएको अवस्थामा कालो बजार तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा १४(१) बमोजिम स्वीकृति नलिएको आधारमा मात्र अभियोग खारेज गर्न नमिल्ने ।

पुनरावेदन सरकारी वकील कार्यालय नेपालगंज वि. राजु थापा, मुद्दाः परमादेश नेकाप २०५७ अंक १० र ११ नि.नं. ६९५३

- सरकारी वकील कार्यालयले आफू समक्ष प्रहरी कार्यालयबाट पेश गरेका मिसिल कागजात मध्ये कुनै कागज मिसिलमा राख्नु नपर्ने देखिएमा सम्बन्धित मिसिलबाट त्यस्तो कागज निकाल्न वा मिसिल संलग्न नगर्न सक्ने गरी त्यस्तो कुनै तजविजी अधिकार, कर्तव्य र दायित्व सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को कुनै पनि कानूनी व्यवस्थाबाट सरकारी वकीललाई प्रदान गरेको देखिन आएन । यस्तो अवस्थामा जिल्ला प्रहरी कार्यालय बाँकेबाट अनुसन्धानको सिलसिलामा बुझिएको किरण कंडेलसमेतको कागज पुनरावेदन सरकारी वकील कार्यालयमा पठाइएकोमा सो कागज सम्बन्धित मिसिल संलग्न गर्ने गरी भएको आदेशमा कुनै त्रुटि रहे भएको देखिन आएन । तसर्थ पुनरावेदन अदालत नेपालगंजबाट जारी भएको परमादेशको आदेश मनासिव देखिने ।

भिम बहादुर तामाङ वि. सिन्धुपाल्चोक जिल्ला अदालत समेत नेकाप २०७७ अंक ७ नि.नं. १०५२८

- अभियोजन पक्षले आवश्यक प्रमाण सङ्कलन गरी सङ्कलित प्रमाणको आधारमा अभियुक्तको पहिचान स्पष्ट गरी मुद्दा दर्ता गर्नुपर्दछ । अवस्था र परिस्थिति अनुसार पछि पक्राउ परेको व्यक्ति नै आरोपित व्यक्ति हो भनेर खुल्ने ठोस सबुद प्रमाण पेस गर्नु अनुसन्धान एवम् अभियोजनकर्ताको कानूनी दायित्व हो । कसैलाई आरोप लगाउनु र पक्राउ गर्नु कुनै औपचारिकतासम्म पूरा गर्ने विषय होइन । अभियुक्तको बाबुको नाम र वतन नै फरक परिरहेको, व्यक्ति एउटै हो भन्ने आधिकारिक प्रमाण बेगर हचुवा ढङ्गबाट व्यक्ति एउटै हो भन्नु कानून सम्मत नहुने । व्यक्तिको पहिचान (Identity) नै स्पष्ट नगरी र सो सम्बन्धमा तथ्यपूर्ण अनुसन्धान नै नगरी एउटै व्यक्ति हो भनी निष्कर्ष निकाल्नु कानूनसम्मत नहुने ।

## महान्यायाधिवक्ताको कार्यालयबाट जारी निर्देशन/परिपत्र

मिति २०५५।१०।११ च.नं. ४४६७

- अभियोगपत्र दायर गर्दाको अवस्थासम्म पनि पक्राउ पर्न नसकेको अभियुक्तका हकमा "अदालतबाटै वारेन्ट, म्यादी पूर्जी अथवा समाहन म्याद जारी गरी पाउँ भन्ने व्यहोरा समेत किटान गरी उल्लेख गरिएको हुनु पर्दछ ।

च.नं. ४६९० मिति २०६७।९।१२

- नेपाल सरकार वादी भई चल्ने सर्वसाधारणको विगो समेतमा क्षति पुगेका मुद्दाको अनुसन्धानमा घटनामा व्यक्तिको क्षति पुगेको धनमाल के कति हो ? यकिन विगो कायम गरी क्षति तर्फको दाबी लिनका लागि सम्बन्धित अनुसन्धानकर्ताले क्षति विवरणको मुचुल्का गर्ने र सो भए नभए तर्फ मुद्दाको

निर्णय अगावै सम्बन्धित सरकारी वकीलले ध्यान पुऱ्याउने गर्नु।

- सरकारी वकीलले अभियोगपत्र दायर गर्दा फरार अभियुक्तहरूको सम्बन्धमा जिल्ला अदालतबाटै वारेन्ट जारी गर्न माग गरेकोमा जिल्ला अदालतले प्रतिवादीका विरुद्ध अभियोगपत्रमा तथ्यगत व्यहोरा उल्लेख नगरिएको केवल ऐनको दफा मात्र उल्लेख गरेको भन्ने आधार देखाई तत्काल वारेन्ट जारी नगरी सरकारी वकील कार्यालयबाट वारेन्ट जारी हुने आधार समेत खुलाउन माग भएको विषय पेश हुँदा फौजदारी मुद्दामा कसूर प्रमाणित गर्ने भार वादीमा रहन्छ। नेपाल सरकार वादी हुने मुद्दामा प्रहरीले अपराधको अनुसन्धान गरी सरकारी वकीलबाट अभियोग लगाइने कानूनी व्यवस्था छ। यस्तो अभियोग लगाउँदा सरकारी वकीलबाट अपराध भएको हो होइन अपराध भएको वा घटेको प्रमाण तथा को को अभियुक्त उपर के के आधार प्रमाणमा क–कसलाई कुन कुन अपराधमा सजाय गरिनु पर्ने हो स्पष्ट उल्लेख भएको हुनु पर्दछ। अभियुक्तको नाम र सजाय माग गरेको कानूनको दफा मात्र उल्लेख गर्नु उपयुक्त होइन तसर्थ अभियोग पत्रमाथि उल्लेख भएका कुरा स्पष्ट उल्लेख गरी अभियोगपत्र तयार गर्ने। — मिति २०५५।१०।११ च.नं. ४४६७
- सरकारी वकीलले अभियोगपत्र तयार गरी मुद्दाको अभियोजन गर्दा अभियोग सम्बन्धमा ऐन, कानून तथा सम्बन्धित दफाहरू बारे विस्तृत अध्ययन गरी यकिन भै मात्र गर्नु गराउनु। — २०५६।१।२४ च.नं. ६४२४
- विरुद्ध खण्डमा नाम उल्लेख गरिएका प्रतिवादीहरू मध्ये केही प्रतिवादीहरूको हकमा कुनै माग दाबी नलिइएको कारण मुद्दा असफल हुने गरेको हुँदा अभियोग मागदाबी लिँदा विरुद्ध खण्डका सबै प्रतिवादीहरूको हकमा मागदाबी लिए नलिएको यकिन गर्ने। — २०५७।३।२६ च.नं. ९०३०
- अनुसन्धानको सिलसीलामा पक्राउमा परेका विदेशी नागरिकहरूको कागज गराउँदा निजको स्थायी वतनको अतिरिक्त नेपाल सरहद भित्रको अस्थायी वतन समेत खोली कागज गराई सोही वतन अभियोग पत्रमा उल्लेख गरी मुद्दा दायर गर्नु पर्दछ। — २०५७।३।२० च.नं. ९८३७
- सरकारी वकीलले हस्ताक्षर गरी प्रस्तुत हुने कुनै पनि निवेदन, अभियोगपत्र, पुनरावेदनको मस्यौदा, प्रस्ताव, राय वा पत्रहरूमा आफ्नो नाम दर्जा स्पष्टसँग खुल्ने गरी लेखी सही गर्ने। — २०६१।७।३० च.नं. १५१६

# परिच्छेद-तीन

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–२ भित्रका सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा सरकारी वकीलको भूमिका

**यस परिच्छेद भित्र**

१. परिचय
२. अनुसूची २ मा समावेश भएका फौजदारी कसूर
३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची -२ मा समावेश भएका कसूरको अनुसन्धान सम्बन्धी व्यवस्था
   - कसूरको अनुसन्धानमा सरकारी वकीलको भूमिका
   - कसूरको जाहेरी वा सूचना
   - अनुसन्धान गर्ने अधिकारी
   - प्रमाण लोप वा नास हुन नदिन र कसूर गर्ने व्यक्ति उम्कन नपाउने व्यवस्था गर्ने
   - अनुसन्धान गरी सबुद प्रमाण संकलन गर्ने
   - कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्ने
४. मुद्दाको प्रारम्भिक प्रतिवेदन र निर्देशन
५. मुद्दा चल्ने वा नचल्ने निर्णय, अभियोजन र सरकारी वकीलको भूमिका
   - मुद्दा चल्ने नचल्ने निर्णय र मुद्दा दर्ता

## १. परिचयः

सरकारी वकील फौजदारी न्याय प्रशासनको महत्वपूर्ण स्तम्भ भएकोले फौजदारी मुद्दाको अनुसन्धान अभियोजनमा उनीहरूको अग्रणी भूमिका रहन्छ। यस्तो भूमिकाको निर्वाह मूलतः कानूनको उचित प्रक्रियाको उपयोग/प्रयोग, कानूनले निर्दिष्ट गरेको अधिकार र दायित्वको त्रिकोणात्मक संयोजनमा आधारित हुन्छ र हुनुपर्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा समावेश भएका मुद्दा सरकार वादी भई चल्ने हुँदा त्यस्ता मुद्दाको अनुसन्धान, अभियोजन र अदालती प्रक्रियामा सरकारी वकीलको प्रत्यक्ष्य भूमिका रहन्छ । सरकारी वकीलको भूमिका सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५, कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ र सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा कानूनी व्यवस्था गरिएको छ ।

## २. अनुसूची-२ मा समावेश भएका फौजदारी कसूरः

| क्र.सं. | कसूर र सम्बन्धित कानून | अनुसन्धान अधिकारी | अदालत | हदम्याद | कार्यविधि | पुनरावेदन म्याद |
|---|---|---|---|---|---|---|
| | **मुलुकी अपराध संहिता, २०७४ को भाग – २ अन्तर्गत** | | | | | |
| १. | परिच्छेद ५: **सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धका कसूर अन्तर्गत** | | | | | |
| १.१ | दफा १०७ - खाद्य पदार्थमा मिसावट गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १.२ | दफा १०८ - झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १.३ | दफा १०९ - झुक्यानमा पारी कुनै वस्तु बिक्री वितरण गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १.४ | दफा १११ - पानी दुषित पार्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १.५ | दफा ११२ - वातावरण प्रदुषित गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | थाहा पाएको मितिले छ महिना | सामान्य | ७० दिन |
| १.६ | दफा ११३ - सार्वजनिक बाटो, नदि वा स्थलमा खतरा वा बाधा पुऱ्याउन नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | थाहा पाएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| २. | परिच्छेद – ८: **राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरूद्दका कसूर** अन्तर्गत | | | | | |
| २.१ | दफा १४७- व्यक्ति विशेषले सार्वजनिक घर, जग्गा आफ्नो बनाउन नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| २.२ | दफा १४८- व्यक्ति विशेषले सार्वजनिक सम्पदा आफ्नो बनाउन नहुने, | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| २.३ | दफा १४९- प्राकृतिक सम्पदा माथि अतिक्रमण गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| २.३ | दफा १५०- सार्वजनिक भौतिक संरचनाको अनधिकृत कब्जा वा विनास गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | कसूर भएको मितिले छ महिना | सामान्य | ७० दिन |
| ३. | फौजदारी कार्यविधि संहिताको अनुसूची –१ मा उल्लेख भए बाहेक नेपाल सरकार वादी भै चलाइने फौजदारी मुद्दा वा नेपाल | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | कानूनमा तोकिए बमोजिम | कानूनमा तोकिए बमोजिम | कानूनमा तोकिए बमोजिम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सरकारको हक, हित वा सरोकार रहेको फौजदारी प्रकृतिको कसूर | | | | | |
| ४ | माथिका प्रकरण अन्तर्गतको कसूरको षडयन्त्र, उद्योग, दुरुत्साहन सम्बन्धी कसूर | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | मूल कसूरमा उल्लेख भए बमोजिम | सामान्य | ७० दिन |
| **प्रचलित कानून बमोजिम अनुसूची-२ मा समावेश भएका देहायका कसूर** | | | | | | |
| **५.** | **अध्यागमन ऐन, २०४९ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ५.१ | दफा ५: जाली राहदानी वा भिसा प्रयोग गर्न नहुने | अध्यागमन अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ५.२ | दफा ९ (२) : निष्काशन गरिएको विदेशी पुनः प्रवेश गर्न नपाउने | अध्यागमन अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ५.३ | दफा १० (३) : माथि उल्लिखित अपराधको मतियार | अध्यागमन अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ५.४ | दफा १० (४) : माथि उल्लिखित बाहेक यस ऐन वा नियम विपरित कुनै कार्य गर्न नहुने | अध्यागमन अधिकृत | महानिर्देशक | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ६. | **अभिलेख संरक्षण ऐन, २०४६ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ६.१ | दफा ९: निषेधित अभिलेख तोकिएको व्यक्ति बाहेक अरुलाई हेर्न, सार्न वा सो को प्रतिलिपि दिन नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ६.२ | दफा ११ (१) : अभिलेखालयमा रहेका अभिलेख केरमेट वा थपघट, च्यात्ने वा नष्ट गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ६.३ | दफा ११ (२) : अभिलेखालयका कर्मचारी बाहेक अरु कसैले अभिलेख केरमेट वा थपघट, च्यात्ने वा नष्ट गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ६.४ | दफा १२(४) : माथि उल्लिखित बाहेक ऐन वा नियम विपरीतको कुनै कार्य गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ७. | **आयकर ऐन, २०५८ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ७.१ | दफा १२३ : मनासिव माफिकको कारण विना समयमा कर दाखिला गर्न अवज्ञा गर्न नहुने | तोकिएको अधिकृत | जिल्ला अदालत | तहकिकात पूरा भएको मितिले ३५ दिन | सामान्य | ७० दिन |
| ७.२ | दफा १२४ : झुट्टा वा भ्रमपूर्ण विवरण दिन नहुने | तोकिएको अधिकृत | जिल्ला अदालत | तहकिकात पूरा भएको मितिले ३५ दिन | सामान्य | ७० दिन |
| ७.३ | दफा १२५ : कर प्रशासनमा बाधा विरोध गर्ने वा अनुचित प्रभाव पार्न नहुने | तोकिएको अधिकृत | जिल्ला अदालत | तहकिकात पूरा भएको मितिले ३५ दिन | सामान्य | ७० दिन |
| ७.४ | दफा १२६ : दफा ८४ मा निषेधित अख्तियार प्राप्त वा अख्तियार प्राप्त नभएको व्यक्तिले गोप्यता भंग गर्न र | तोकिएको अधिकृत | जिल्ला अदालत | तहकिकात पूरा भएको मितिले ३५ दिन | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कर भनी अन्य कुनै रकम उठाउन वा उठाउन प्रयत्न गर्न नहुने | | | | | |
| ७.५ | दफा १२७ : माथि उल्लिखित कसूरको मतियार बन्न नहुने | तोकिएको अधिकृत | जिल्ला अदालत | तहकिकात पूरा भएको मितिले ३५ दिन | सामान्य | ७० दिन |
| ७.६ | दफा १२८: यस ऐन वा ऐन अन्तर्गत बनेका नियमको अवज्ञा गर्न नहुने | तोकिएको अधिकृत | जिल्ला अदालत | तहकिकात पूरा भएको मितिले ३५ दिन | सामान्य | ७० दिन |
| ७.७ | **दफा १२९:** दफा १२६ मा उल्लिखित कसूर बाहेक अन्यमा अदालती प्रक्रिया सुरु हुनु भन्दा अगावै कसूरदारले लिखित रूपमा जरिवाना स्वीकार गरेमा त्यस्तो एक वा एकभन्दा बढी कसूर गरे वापत लाग्ने जरिवाना दाखिला गर्न विभागले आदेश दिन सक्ने छुट्टै व्यवस्था रहेको। | | | | | |
| **८.** | **आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री, वितरण नियन्त्रण) ऐन, २०४९ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ८.१ | दफा ८(४) : **स्वास्थ्य कार्यकर्ताले**; उत्पादक वा वितरकबाट आर्थिक वा भौतिक उपहार स्वीकार गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.२ | दफा ८(५) : कसैलाई उत्पादनको नमुना दिन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.३ | दफा ८(६) : उत्पादनको प्रवर्द्धन गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.४ | दफा ९(१) : **उत्पादक वा वितरकले**; यस दफा विपरीत विज्ञापन गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.५ | दफा ९(४) : कसैलाई उत्पादनको नमुना दिन वा वितरण गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.६ | दफा ९(५) : स्वास्थ्य हेरचाह गर्ने निकाय भित्र उत्पादनको प्रवर्द्धन गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.७ | दफा ९(७) : स्वास्थ्य हेरचाह गर्ने निकाय वा संस्था वा संगठनलाई खुद्रा मूल्यभन्दा कम मूल्यमा उपलब्ध गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.८ | दफा ९(८): व्यापार बढाउने उद्देश्यले स्वास्थ्य हेरचाह गर्ने निकायमा सम्पर्क राख्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.९ | दफा ९(९) : समितिको स्वीकृत नलिई स्वास्थ्य हेरचाह गर्ने निकायलाई कुनै वस्तु उपकरण दान दिन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.१० | दफा ९(१०) : स्वास्थ्य कार्यकर्तालाई कुनै उपहार दिन वा अन्य आर्थिक फाइदा गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.११ | दफा ९(११): स्वास्थ्य | निरीक्षक | जिल्ला | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यकर्तालाई छात्रवृत्ति वा अनसन्धान अनुदान दिन वा व्यावसायिक गोष्ठी सम्मेलन आयोजना गर्न वा सोको लागि चाहिने रकम दिन नहुने | | अदालत | | | |
| ८.१२ | दफा १० : उत्पादनको प्रमाणीकरण सम्बन्धी कसूर गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.१३ | दफा ११ : उत्पादनको लेवल स्वीकृत नगराई बिक्रि वितरण गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ८.१४ | दफा १६(४) : माथि उल्लिखित कसूर बाहेक यस ऐन वा यसको नियम उल्लंघन गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **९.** | **आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ९.१ | दफा ३ : आयोडिन नभएको नून पैठारी, खरिद तथा बिक्री गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ९.२ | दफा ४ : अनुमति नलिई आयोडिनयुक्त नुनको उत्पादन, पैठारी, आपूर्ति तथा बिक्री वितरण गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ९.३ | दफा १५ : समितिले निर्धारण गरेको गुणस्तर विपरितको वा गुणस्तर कायम रहने अन्तिम मिति पुगेको नुन बजारमा बिक्री वितरण गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ९.४ | दफा २२(घ) : माथि उल्लिखित कसूर बाहेक यस ऐन वा यसको नियम विपरित कार्य गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **१०.** | **उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १०.१ | दफा ३८ (क): उत्पादन गरेको वस्तुमा लेवल नगर्न वा झुट्टा कुरा उल्लेख गर्न नहुने | निरीक्षण अधिकृत | महानिर्देशक | जहिलेसुकै | संक्षिप्त | ३० दिन |
| १०.२ | दफा ३८(ख): कानून बमोजिमको आफ्नो दायित्व पूरा नगर्न वा दायित्वको उल्लंघन हुने काम गर्न नहुने | निरीक्षण अधिकृत | उपभोक्ता अदालत/ जिल्ला अदालत | जहिलेसुकै | संक्षिप्त | ३० दिन |
| १०.३ | दफा ३८ (ग): तोकेको अवधिभित्र सामान फिर्ता नलिने वा त्यस्तो मूल्य बराबरको सामान सट्टा नदिने कार्य गर्न नहुने | निरीक्षण अधिकृत | महानिर्देशक | जहिलेसुकै | संक्षिप्त | ३५ दिन |
| १०.४ | दफा ३८ (घ): बिल बिजक राख्नु पर्ने | निरीक्षण अधिकृत | उपभोक्ता अदालत/ जिल्ला अदालत | जहिलेसुकै | संक्षिप्त | ३० दिन |
| १०.५ | दफा ३८ (ङ) र (च): कसैले पनि अनुचित व्यापारिक क्रियाकलाप | निरीक्षण अधिकृत | उपभोक्ता अदालत/जिल्ला अदालत | जहिलेसुकै | संक्षिप्त | ३० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्न गराउन नहुने, | | | | | |
| १०.६ | दफा ३८ (छ) (ज): माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने क्रियाकलाप गर्न गराउन नहुने | निरीक्षण अधिकृत | उपभोक्ता अदालत/जिल्ला अदालत | जहिलेसुकै | संक्षिप्त | ३० दिन |
| १०.७ | दफा ३८ (झ): वस्तु वा सेवाका सम्बन्धमा गर्न नहुने काम गर्न गराउन नहुने | निरीक्षण अधिकृत | महानिर्देशक | जहिलेसुकै | संक्षिप्त | ३५ दिन |
| १०.८ | दफा ३८ (ञ): निर्धारित मूल्य भन्दा बढी हुने गरी बिक्री गर्न गराउन नहुने | निरीक्षण अधिकृत | महानिर्देशक | जहिलेसुकै | संक्षिप्त | ३५ दिन |
| १०.९ | दफा ३८ (ट): मूल्य सूची वा दर्ता प्रमाणपत्र नराखी काम गर्न नहुने | निरीक्षण अधिकृत | उपभोक्ता अदालत/जिल्ला अदालत | जहिलेसुकै | संक्षिप्त | ३० दिन |
| १०.१० | दफा ३८ (ठ) : निर्धारित मापदण्ड विपरीत वस्तु वा सेवाको बिक्री वितरण गर्न गराउन नहुने | निरीक्षण अधिकृत | महानिदेशक | जहिलेसुकै | संक्षिप्त | ३५ दिन |
| १०.११ | दफा ३८ (ड) : जाँचबुझ, निरीक्षण वा अनुगमनकोक्रममा असहयोग गर्न नहुने | निरीक्षण अधिकृत | उपभोक्ता अदालत/ जिल्ला अदालत | जहिलेसुकै | संक्षिप्त | ३० दिन |
| १०.१२ | दफा ४० (४) : माथि उल्लिखित कसूर बाहेक यस ऐन वा यसको नियम विपरित अन्य कुनै कार्य गर्न नहुने | निरीक्षण अधिकृत | उपभोक्ता अदालत/ जिल्ला अदालत | जहिलेसुकै | संक्षिप्त | ३० दिन |
| **११.** | **औषधि ऐन, २०३५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ११.१ | दफा ७: सिफारिस नलिई औषधिको उद्योग स्थापना गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.२ | दफा ८: औषधि उत्पादन अनुज्ञापत्र नलिई औषधि उत्पादन गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.३ | दफा ८क: उद्योगले औषधि दर्ता प्रमाणपत्र नलिई औषधि बिक्री वितरण वा पैठारी गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.४ | दफा ९: औषधिको निकासी पैठारी गर्ने सिफारिसपत्र नलिई त्यस्तो काम गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.५ | दफा १०: औषधिको बिक्री वितरण गर्न नाम दर्ता नगरी त्यस्तो काम गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.६ | दफा १०क: दर्ता नगरी औषधिको बिक्री वितरण गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.७ | दफा १८: औषधिको अनुचित प्रयोग वा दुरूपयोग गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.८ | दफा २९: औषधिमा मिसावट, मिसावट औषधी बिक्री वितरण गर्न | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | र अरु कुरालाई औषधि भनी बिक्री वितरण गर्न नहुने | | | | | |
| ११.९ | दफा ३०: म्याद नाघेको औषधि बिक्री वितरण गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.१० | दफा ३४ (४) : माथि उल्लिखित कसूर बाहेक यस ऐन वा यसको नियम विपरित अन्य कुनै कार्य गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **१२** | **खाद्य ऐन, २०२३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १२.१ | दफा ३: दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, नि◌ःकासी वा पैठारी गर्न नहुने | खाद्य निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | प्र.जि.अ. |
| १२.२ | दफा ४: झुक्यानमा पारी खाद्य पदार्थको बिक्री वितरण गर्न नहुने | खाद्य निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | प्र.जि.अ. |
| १२.३ | दफा ४ख: अनुज्ञापत्र नलिई तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, संचय वा प्रशोधन गर्न नहुने | खाद्य निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | प्र.जि.अ. |
| १२.४ | दफा ५ (२): माथि उल्लिखित कसूर बाहेक यस ऐन वा यसको नियम विपरित अन्य कुनै कार्य गर्न नहुने | खाद्य निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | प्र.जि.अ. |
| **१३** | **छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १३.१ | दफा २१(१): प्रमाणपत्र नलिई छापाखाना सञ्चालन गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.२ | दफा २१ (२): परिवर्तन भएको विवरण नसच्याई छापाखाना सञ्चालन गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.३ | दफा २२: झुट्टा विवरण दिन नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.४ | दफा २३ (२): प्रकाशन गरेको किताब स्थानीय अधिकारीलाई नबुझाएको | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.५ | दफा २४: किताब वा पत्रिकामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने कुरा उल्लेख नभएको | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.६ | दफा २६: अनधिकृत तवरले प्रकाशन प्रकाशित गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.७ | दफा २७: प्रतिबन्धित वा निषेधित प्रकाशन प्रकाशित गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.८ | दफा २८(१): निकासी वा बिक्री वितरण आदि गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.९ | दफा २८(२): जानीजानी छाप्न वा | प्रजिअ वा | स्थानीय | जहिलेसुकै | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बिक्री वितरण वा निकासी गर्न नहुने | तोकेको अधिकृत | अधिकारी | | | |
| १३.१० | दफा २९: निषेधित प्रकाशन अनुवाद तथा उद्धरण गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.११ | दफा ३०: विदेशी प्रकाशन पैठारी गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १३.१२ | दफा ३१: प्रेस प्रतिनिधिको प्रमाणपत्र नलिई काम गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | स्थानीय अधिकारी | जहिलेसुकै | सामान्य | ७० दिन |
| **१४.** | **छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १४.१ | दफा ५ (१): विदेशी नागरिकले नेपाली नागरिक हुँ भनी ढाँटी छात्रवृत्ति लिन नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १४.२ | दफा ५ (२): विदेशी नागरिकलाई नेपाली नागरिक हो भनी प्रमाणित गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १४.३ | दफा ५ (२क): छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न गएको व्यक्ति विज्ञान तथा प्रविधि मन्त्रालयमा सम्पर्क गर्न नआएको | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १४.४ | दफा ५ (३) (क): प्राप्त छात्रवृत्तिको शर्त उल्लंघन गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **१५.** | **जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १५.१ | दफा ३९(१): जग्गा प्राप्तिको प्रारम्भिक काम कारवाहीमा बाधा बिरोध गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १५.२ | दफा ३९(२): सूचना टाँस गर्दा बाधा बिरोध वा हुलहुज्जत गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १५.३ | दफा ३९(३): कानून बमोजिम स्थानीय अधिकारीले जग्गा कब्जा लिँदा बाधा बिरोध वा हुल हुज्जत गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| **१६.** | **जनस्वास्थ्य सेवा ऐन, २०७५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १६.१ | ५२(क): इजाजतपत्र नलिई; स्वास्थ्य सेवा संचालन र रक्त संचार सेवा संचालन गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.२ | ५२(ख): स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.३ | ५२(ग): मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिलाई बाँधेर राख्ने वा खोरमा थुनी उपचार गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.४ | ५२(घ): आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक उपचार प्रदान गर्न इन्कार गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.५ | ५२(ङ): सुसूचीत सहमति नलिई | तोकेको | जिल्ला | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उपचार सेवा प्रदान गर्न नहुने | अधिकारी | अदालत | | | |
| १६.६ | ५२(च): सेवाग्राहीलाई असमान व्यवहार गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.६ | ५२(छ): गोपनीयता भंग गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.७ | ५२(ज): कर्तव्य निर्वाह गर्न वाधा व्यवधान गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.८ | ५२(झ): सूचना वा जानकारी गराउनुपर्ने व्यक्तिले सूचना वा जानकारी गराउने कर्तव्यबाट विमुख हुन नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.९ | ५२(ञ): झुक्याउन अर्को व्यक्ति हो भनी वहाना गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.१० | ५२(ट): जानीजानी गलत सूचना उपलब्ध गराउन नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.११ | ५२(ठ): ऐन तथा ऐन अन्तर्गत नियम निर्देशिका मापदण्ड तथा कार्यविधि वा सूचना विपरित गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.१२ | ५२(ड): खाद्य पदार्थ, पानी तथा वायुको गुणस्तरको कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.१३ | ५२(ढ): कानून विपरित विज्ञापन गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.१४ | ५२(ण): स्वीकृति नलिई मानव जैविक नमुना संकलन तथा मुलुक बाहिर लैजान नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १६.१५ | ५२(त): ऐन नियम मापदण्ड निर्देशिका तथा कार्यविधि विपरितको कार्य गर्न नहुने | तोकेको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **१७.** | **जीवनासक विषादी व्यवस्थापन ऐन, २०७६ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १७.१ | दफा ३२ (क): पञ्जीकरण नगरिएका जीवनासक विषादी उत्पादन, सश्लेषण, आयात, निर्यात, व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार, प्याकिङ, पुन: प्याकिङ वा विसर्जन गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.२ | दफा ३२ (ख): इजाजत पत्र नलिई जीवनासक विषादी सम्बन्धी कारोबार गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.३ | दफा ३२ (ग): दफा ३२ (क) : अवशेष तोकिएको हदभन्दा बढी | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मात्रा हुने गरी उत्पादन तथा बिक्री वितरण गर्न वा मिसावट गरिएको विषादी बिक्री वितरण गर्न नहुने | | | | | |
| १७.४ | दफा ३२ (घ): विषादीको जथाभावी प्रयोग वा मिसावटयुक्त विषादीको प्रयोग गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.५ | दफा ३२ (ङ): प्रतिबन्धित जीवनासक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार, प्याकिङ, पुन: प्याकिङ वा विसर्जन सम्बन्धी प्रचलित मापदण्ड विपरीत कार्य गर्न गराउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.६ | दफा ३२ (च): म्याद नाघेका जीवनासक विषादी व्यवस्थापन नगरी बेचबिखन गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.७ | दफा ३२ (छ): पञ्जीकरण नगरिएका र प्रतिबन्धित विषादीको प्रचार प्रसार, विसर्जन र अन्य पनि अभिलेख नराखी प्रयोग वा कारोबार गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.८ | दफा ३२ (ज): मापदण्ड पूरा नभएको वा नक्कली जीवनासक विषादीको प्रयोग वा कारोबार गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.९ | दफा ३२ (झ): जीवनासक विषादी व्यवस्थापनमा अवरोध पुऱ्याउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.१० | दफा ३२ (ञ): वातावरणीय प्रदूषण हुने गरी जीवनासक विषादीको प्रयोग गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १७.११ | दफा ३२ (ट): यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड विपरीत हुने गरी अन्य कुनै काम गरे, गराएको | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| **१८** | **तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १८.१ | दफा २३(क): अनुमति/स्वीकृति नलिई तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्न नहुने | राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारी | भन्सार अधिकृत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| **१९.** | **धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| १९.१ | दफा ९१: धितोपत्रको भित्री कारोबार गर्न नहुने | बोर्डले तोकेको अधिकृत | जिल्ला अदालत | | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९.२ | दफा ९४: धितोपत्रको झुट्टा कारोबार गर्न नहुने | बोर्डले तोकेको अधिकृत | जिल्ला अदालत | ३५ दिन | सामान्य | ३५ दिन |
| १९.३ | दफा ९५: मूल्यमा उतार चढाव गराउन नहुने | बोर्डले तोकेको अधिकृत | जिल्ला अदालत | | सामान्य | ३५ दिन |
| १९.४ | दफा ९६: धितोपत्र बजारलाई प्रभावित पार्न नहुने | बोर्डले तोकेको अधिकृत | जिल्ला अदालत | | सामान्य | ३५ दिन |
| १९.५ | दफा ९७: झुक्याउने विवरणहरू दिन नहुने | बोर्डले तोकेको अधिकृत | जिल्ला अदालत | | सामान्य | ३५ दिन |
| १९.६ | दफा ९८: जालसाजीयुक्त कारोबार गर्न नहुने | बोर्डले तोकेको अधिकृत | जिल्ला अदालत | | सामान्य | ३५ दिन |
| १९.७ | दफा ९९: जालसाज गरी झुक्यानमा पारी धितोपत्र कारोबार गर्न नहुने | बोर्डले तोकेको अधिकृत | जिल्ला अदालत | | सामान्य | ३५ दिन |
| १९.८ | दफा १००: लिखत, विवरण वा अभिलेख नष्ट गर्न वा लुकाउन नहुने | बोर्डले तोकेको अधिकृत | जिल्ला अदालत | | सामान्य | ३५ दिन |
| **२०** | **दाना पदार्थ ऐन, २०३३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २०.१ | दफा ३: दुषित दाना पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी वा संचय गर्न नहुने | दाना निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २०.२ | दफा ४: ढाँटी झुक्याई कमसल दाना पदार्थ बिक्री वितरण गर्न नहुने | दाना निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २०.३ | दफा ८: यो ऐन वा यो ऐन अन्तर्गत बनेको वा जारी गरेको नियम वा आदेशको उल्लंघन गर्न नहुने | दाना निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| **२१.** | **निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २१.१ | दफा ४(१): निर्वाचनमा प्रयोग गरिने वा प्रयोग गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री खोस्न, लुट्न, कब्जामा लिन, खोल्न, नष्ट गर्न नहुने | आयोगले तोकेको अधिकारी | तोकिएको अदालत | कसूर भए गरेको मितिले ६० दिन भित्र | संक्षिप्त | ३० दिन |
| २१.२ | दफा ४(२): मतदान गर्न बञ्चित गर्ने उद्देश्यले मतदाता परिचयपत्र कब्जा गर्न, बिगार्न, खरिद गर्न नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.३ | दफा ५(५): मतपत्रको दुरूपयोग गर्न नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.४ | दफा ६(३): गैरकानूनी तबरले मतपत्र दिन र लिन नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.५ | दफा १२(२): मतदान भएको मतपत्र बिगार्न वा नष्ट गर्न नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.६ | दफा १४(२): गैरनेपाली नागरिकले मतदान गर्न नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.७ | दफा १६(१): मतगणना सम्बन्धी सामग्री बिगार्न वा नोक्सान गर्न | | | | संक्षिप्त | ३० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नहुने | | | | | |
| २१.८ | दफा १८(१): हातहतियार साथमा लिएर हिड्न वा प्रयोग गर्न नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.९ | दफा २०(१): निर्वाचनको सिलसिलामा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचनमा प्रभाव पार्न नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.१० | दफा २१(१): नगद वा जिन्सी दिन वा लिन नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.११ | दफा २२(१): नेपालको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, स्वाधिनता तथा संवैधानिक शासन व्यवस्था वा धर्म, जात जाति, भाषा सम्प्रदायबीच खलल पुऱ्याउने प्रचार प्रसार गर्न नहुने | | | | संक्षिप्त | ३० दिन |
| २१.१२ | दफा २३(१): चरित्र हनन गर्न नहुने | | | | संक्षिप्त | ३० दिन |
| **२२.** | **नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २२.१ | दफा ८: प्रमाण- चिन्हको अनुचित प्रयोग गर्न नहुने | निरीक्षक | प्र.जि.अ. | जहिलुकै | सामान्य | ७० दिन |
| २२.२ | दफा ९: परिषद् वा कार्यालयसँग मिल्दो जुल्दो नामको प्रयोग गर्न नहुने | निरीक्षक | प्र.जि.अ. | जहिलुकै | सामान्य | ७० दिन |
| २२.३ | दफा १०: तोकिएको पदार्थ वा प्रक्रियामा निर्धारित नभएको वा कसैले त्यस्तो पदार्थ वा प्रक्रियामा प्रमाण–चिन्ह नलगाई प्रयोगमा ल्याउन नहुने | निरीक्षक | प्र.जि.अ. | जहिलुकै | सामान्य | ७० दिन |
| २२.४ | दफा ११: तोकिएको गुणस्तर कायम नगरी निकासी वा पैठारी गर्न नहुने | निरीक्षक | प्र.जि.अ. | जहिलुकै | सामान्य | ७० दिन |
| २२.५ | दफा १३(५); यस ऐनको बर्खिलाप अन्य कार्य गर्न नहुने | निरीक्षक | प्र.जि.अ. | जहिलुकै | सामान्य | ७० दिन |
| **२३.** | **नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २३.१ | दफा २०: दर्तावाला स्वास्थ्य व्यवसायी बाहेक प्रत्यक्ष वा अप्रत्यक्ष रूपले स्वास्थ्य व्यवसाय गर्न नहुने | राजपत्रमा तोकिएको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| २३.२ | दफा २८ (२): यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप कार्य गर्न नहुने | राजपत्रमा तोकिएको अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **२४.** | **पशु बधशाला र मासु जाँच ऐन, २०५५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २४.१ | दफा ३: इजाजत पत्र नलिई पशु बधशाला स्थापना गर्न वा मासु | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बिक्री गर्न नहुने | | | | | |
| २४.२ | दफा ८: पशु जाँच समेतको कार्यविधि नपुऱ्याई पशु बध गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| २४.३ | दफा ९: तोकेको समयमा वधशाला वा मासु निरीक्षकले तोकेको स्थान बाहेक अन्यत्र पशु वध गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| २४.४ | दफा १०: मासु निरीक्षकबाट मासु जाँच नभएको वा बिक्री वितरणका लागि रोक लगाइएको मासु बिक्रि वितरण गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| २४.५ | दफा ११: दफा २ को खण्ड (क) मा उल्लेखित पशु बाहेक रोगी वा कालगतिले मरेको र छाला सहितको मासु बिक्री गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| २४.६ | दफा १२: अनुमति भएको मासुमा छाप चिन्ह नलगाई बिक्री गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| २४.७ | दफा १३: मिसावट गरी वा मासुको स्वाभाविक गुण वा स्वाद परिवर्तन गरी बिक्री गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| **२५.** | **पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २५.१ | दफा ९: पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो बाहेक अन्य मार्ग प्रयोग गर्न नहुने | रा.प. अनं. प्रथम श्रेणीको प्राविधिक सहायक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २५.२ | दफा १०: प्रतिबन्ध लगाएको सामग्री पैठारी गर्न नहुने | रा.प. अनं. प्रथम श्रेणीको प्राविधिक सहायक | कार्यालय प्रमुख | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २५.३ | दफा ११: प्रवेश गर्न रोक लगाएको आदेश विपरित पैठारी गर्न गराउन नहुने | रा.प. अनं. प्रथम श्रेणीको प्राविधिक सहायक | कार्यालय प्रमुख | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २५.४ | दफा १२: प्रवेश निषेध गरेको अस्वस्थ पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री फिर्ता गर्न दिएको आदेश विपरित कार्य गर्न नहुने | रा.प. अनं. प्रथम श्रेणीको प्राविधिक सहायक | कार्यालय प्रमुख | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २५.५ | दफा २० (४) : माथि उल्लिखित कसूर बाहेक यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही गर्न गराउन नहुने | रा.प. अनं. प्रथम श्रेणीको प्राविधिक सहायक | कार्यालय प्रमुख | जहिलेसुकै | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **२६.** | **प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २६.१ | दफा ३: कुनै व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने उद्देश्यले कुनै सम्झौता गर्न नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | अनुसन्धान समाप्त भएको वा वोर्डबाट मुद्दा दायर गर्न आदेश पाएको मितिले ३५ दिन भित्र | संक्षिप्त | ३० दिन |
| २६.२ | दफा ४: प्रभुत्वशाली हैसियतको दुरूपयोग गर्न नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| २६.३ | दफा ५: प्रतिस्पर्धालाई नियन्त्रण गर्ने उद्देश्यले प्रतिष्ठान गाभिन वा मिल्न नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| २६.४ | दफा ६: बोलपत्रदाताले बोलपत्रमा अनियमितता गर्न नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| २६.५ | दफा ७: वस्तु वा सेवा, उत्पादन वा वितरणमा एकलौटी कारोबार (एक्सक्लुसिभ डिलिङ्ग) गर्न नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| २६.६ | दफा ८: कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने बजार सीमित (मार्केट रेष्ट्रिक्सन) नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| २६.७ | दफा ९: बन्धनयुक्त बिक्री (टाइड सेलिङ्ग) कारोबार गर्न नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| २६.८ | दफा १०: प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने उद्देश्यले भ्रमयुक्त विज्ञापन गर्न नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| २६.९ | दफा १८ (१) (च): माथि उल्लिखित कसूर बाहेक यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही गर्न गराउन नहुने | बजार संरक्षण अधिकृत | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| **२७.** | **बिरुवा संरक्षण ऐन, २०६४ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २७.१ | दफा २२ (क): प्रवेश अनुमति नलिई विरुवा, विरुवाजन्य, उपज वायोलजिकल कन्ट्रोल एजेण्ट, लाभदायक किरा वा माटो पैठारी गर्न नहुने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २७.२ | दफा २२ (ख): स्वस्थता प्रमाणपत्र विना विरुवा, विरुवाजन्य, उपज वायोलजिकल कन्ट्रोल एजेण्ट, लाभदायक किरा वा माटो पैठारी | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्न नहुने | | | | | |
| २७.३ | दफा २२ (ग): ऐन र नियम बमोजिम दिएको आदेश वा शर्तको अवज्ञा गर्न नहुने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २७.४ | दफा २२ (घ): संक्रमित विरुवा पैठारी गर्न वा ल्याउन नहुने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २७.५ | दफा २२(ङ): जानीजानी वा लापरवाहीपूर्वक संक्रमित विरुवा उपज वा अन्य वस्तुको संसर्ग स्वस्थ विरुवा वा वस्तुसँग गर्न नहुने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २७.६ | दफा २२(च): संक्रमित विरुवा विरुवाजन्य उपज बिक्री वितरण गर्न नहुने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २७.६ | दफा २२(छ): पैठारीकर्ताले संक्रमित विरुवा वा विरुवाजन्य उपज वा अन्य वस्तु प्रकृया पुऱ्याई नगर्ने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २७.७ | दफा २२(ज): संक्रमित विरुवा वा विरुवाजन्य उपज वा अन्य वस्तु स्वीकृति विना क्वारेन्टाइनस्थलबाट हटाउने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २७.८ | दफा २२(झ): तोकिएको प्रवेश नाका बाहेक अन्यत्रबाट विरुवा विरुवाजन्य वस्तु पैठारी गर्न वा ल्याउन नहुने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| २७.९ | दफा २२(ञ): निरीक्षकलाई ऐन बमोजिमको अधिकार प्रयोग गर्नमा वाधा पुऱ्याउन नहुने | निरीक्षक | तोकिएको अधिकारी | जहिलेसुकै | सामान्य | ३५ दिन |
| **२८.** | **बीउ विजन ऐन, २०४५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २८.१ | दफा १९.१: अनुमतिपत्र नलिई बीउ बिजनको परीक्षण गर्न र प्रयोगशालाको स्थापना गर्न नहुने | बीउ बिजन नमुना सङ्कलक | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| २८.२ | दफा १९.२: अनुमति पत्र नलिई बीउ बिजन सम्बन्धी कारोबार गर्न र सूचीत वा पंजीकरण नभएका बीउ बिजन बिक्री वितरण गर्न नहुने | बीउ बिजन नमुना सङ्कलक | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८.३ | दफा १९:३: लेबल नराखी र निर्धारित क्षेत्रका लागि सूचीत भएको बिउविजन सो क्षेत्रबाहेक अन्यत्र बिक्री वितरण गर्न गराउन नहुने | बीउ बिजन नमुना सङ्कलक | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| २८.४ | दफा १९:४: दफा १३ मा अनुमति पत्र नलिई बाली निरीक्षण गर्न, बीउ बिजनको नमुना सङ्कलन गर्न तथा बीउ बिजन विश्लेषण गर्न नहुने | बीउ बिजन नमुना सङ्कलक | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| २८.५ | दफा १९:५ यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गर्न नहुने | बीउ बिजन नमुना सङ्कलक | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| **२९.** | **भू तथा जलाधार संरक्षण ऐन, २०३९ अन्तर्गतका देहायका कसूर** | | | | | |
| २९.१ | दफा ६ (२) : तोकिएको जग्गामा भू उपयोगिता प्रणाली विपरित खेती गर्न नहुने | जलाधार संरक्षण अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| २९.२ | दफा९(२): परीक्षणस्थलमा लगाएको बाली फलफूल विरुवारुख घास वा यस्तै अन्य वनस्पति नष्ट गर्न नहुने | जलाधार संरक्षण अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| २९.३ | दफा १०: प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा देहाय बमोजिम निषेधित कार्य गर्न नहुनेः<br>(क) कुनै खोला, नाला, खहरे, ताल वा जलाश्रयको वा भूमिगत पानी कुनै किसिमले थुन्ने वा जम्मा गर्ने वा थुनिएको वा जम्मा गरिएको पानी कूलो, सहायक कूलो, ढल द्वारा वा अन्य कुनै किसिमले अन्यत्र लैजाने वा फर्काउन नहुने<br>(ख) तोकिएको जग्गामा अनुमति नलिई व्यक्तिले आफूखुस गर्न पाउने रुख, विरुवा वा अन्य वन पैदावार काट्ने वा अन्य कुनै किसिमले नष्ट गर्न नहुने<br>(ग) भैरहेको वन जङ्गल, रुख, विरुवा, झारपात, घास वा अन्य प्राकृतिक वनस्पति काट्ने वा अन्य कुनै किसिमले नष्ट गर्न नहुने<br>(घ) ढुङ्गा, माटो, बालुवा, हिलो आदि थुप्रिन तथा जम्मा हुन जाने काम गर्न वा बगाई लैजान दिन नहुने<br>(ङ) ढुङ्गा, बालुवा वा अन्य प्रकारको माटो खन्ने, झिक्ने वा लैजान | जलाधार संरक्षण अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नहुने<br>(च) वातावरण बिगार्ने फोहर मैला फ्याँक्ने वा कसिंगर थुपार्ने वा राख्ने ठाउँको निर्माण गर्न नहुने,<br>(छ) उद्योग, व्यवसाय वा बसोबासको बस्ती स्थापना गर्न नहुने<br>(ज) गाई, भैंसी, भेडा, बाख्रा, कुखुरा र यस्तै अन्य घरपालुवा पशु तथा पंक्षीहरू लैजान, राख्न वा चराउन नहुने | | | | | |
| २९.४ | दफा १७: कसैले संरक्षित जलाधार क्षेत्रमा गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न नहुने | जलाधार संरक्षण अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३०. | **भन्सार ऐन, २०६४ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३०.१ | दफा ५७ (१ग): दश लाख रुपैयादेखि एक करोड रुपैयाँसम्मको विगो भएको मालवस्तु चोरी निकासी, सोको प्रयत्न गर्ने, तोकिएको बाटो बाहेक अन्यत्रबाट निकासी पैठारी गर्ने वा गर्ने प्रयत्न गर्न नहुने | महानिर्देशक वा सम्बन्धित भन्सारको कार्यालय प्रमुखले तोकेको अधिकृत कर्मचारी | भन्सार अधिकृत | सरकारी वकीलको निर्णय भएको मितिले ३० दिनभित्र | सामान्य | ७० दिन |
| ३०.१ | दफा ५७ (१घ): कसूरको विगो एक करोडभन्दा बढी भएको मालवस्तु चोरी निकासी, सोको प्रयत्न गर्ने, तोकिएको बाटोबाहेक अन्यत्रबाट निकासी पैठारी गर्ने वा गर्ने प्रयत्न गर्न नहुने | | जिल्ला अदालत | | सामान्य | ७० दिन |
| ३१. | **भुक्तानी तथा फछर्यौट ऐन, २०७५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३१.१ | दफा ३६(क): अनुमतिपत्र नलिई भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायकको रूपमा कार्य गर्न गराउन नहुने | सम्बन्धित अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३१.२ | दफा ३६(ख): अनुमति प्राप्त गर्न आवश्यक पर्ने कागजात, जानकारी, विवरण वा तथ्यांकमा गलत वा झुट्टा व्यहोरा उल्लेख गर्न नहुने, | सम्बन्धित अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३१.३ | दफा ३६(ग): अनुमति नलिई भुक्तानीका उपकरण थप गरी वा खारेज गरि सेवा संचालन गरेमा वा भुक्तानी प्रणालीमा परिवर्तन गर्न नहुने | सम्बन्धित अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३१.४ | दफा ३६(घ): गोपनीयता भंग गर्न नहुने | सम्बन्धित अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१.५ | दफा ३६(ङ): संस्थाको सम्पत्ति हानि नोक्सानी गर्न नहुने | सम्बन्धित अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **३२.** | **मतदाता नामावली सम्बन्धी ऐन, २०६३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३२. १ | दफा ३१ (क): कसैले आफ्नो नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी नाम दर्ता गराउन वा दर्ता गराउनको लागि दरखास्त दिन वा त्यसरी ढाँटी विरोधपत्र दिन नहुने | तोकिए बमोजिमको निर्वाचन अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३२. २ | दफा ३१ (ख): मतदाता नामावलीमा जानी बुझी कसैले कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन वा त्यस्तो मतदाता नामावली कुनै किसिमले बिगार्न, नोक्सान पार्न वा नष्ट गर्न नहुने | तोकिए बमोजिमको निर्वाचन अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३२. ३ | दफा ३१(ग) मतदाता नामावली तयार गर्ने कार्यमा खटिएका कर्मचारीलाई कुनै किसिमको डर, धम्की वा प्रलोभन दिई वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गर्न वा गराउनबाट विचलित गराउन नहुने | तोकिए बमोजिमको निर्वाचन अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३२. ४ | दफा ३१ (घ): गोप्य राख्नु पर्ने कागजात वा विवरणको गोप्यता भङ्ग गर्न नहुने | तोकिए बमोजिमको निर्वाचन अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३२. ५ | दफा ३१(ङ): आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, फोटो र अन्य विवरण अनधिकृत रूपमा प्रकाशन गर्न वा वितरण गर्न वा जानीजानी दुरूपयोग गर्न नहुने | तोकिए बमोजिमको निर्वाचन अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३२. ६ | दफा ३१(च):मतदाता नामावलीको प्रयोजनका लागि संकलन गरेको मतदाताको विवरण सो प्रयोजन विपरित प्रयोग गर्न नहुने | तोकिए बमोजिमको निर्वाचन अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३२. ७ | दफा ३२(२): यस ऐन बमोजिमको कसूर गर्न उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुने | तोकिए बमोजिमको निर्वाचन अधिकारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **३३.** | **योगदानमा आधारित सामजिक सुरक्षा ऐन, २०७४ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३३.१ | दफा ४७ (१): कोषमा जम्मा गर्नुपर्ने रकम अवधिभित्र जम्मा नगरी हिनामिना गरेमा वा गलत वा झुट्टा विवरण पेश गरी सुबिधा लिन वा पाउनुपर्ने सुविधाभन्दा बढी सुबिधा लिन वा सामाजिक सुरक्षा सम्बन्धी कुनै पनि कार्यक्रममा अनियमितता | अधिकृतस्तको कर्मचारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्न नहुने | | | | | |
| ३३.३ | दफा ४७ (३): उल्लेखित कार्यको मतियार हुन नहुने | अधिकृतस्तको कर्मचारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ३५ दिन |
| **३४.** | **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३४.१ | दफा ३: राजश्व चुहावट गर्न, गराउन वा गर्ने उद्योग गर्न वा त्यस्तो कार्य गर्न मद्दत गर्ने वा त्यस्तो कार्यमा मतियार हुन नहुने | तोकेको अधिकृत | उच्च अदालत | सरकारी वकीलले मुद्दा चल्ने निर्णय गरेमा ३० दिन भित्र दायर गर्नुपर्ने | विशेष | ३५ दिन |
| ३४.२ | दफा ४ (क): कम राजस्व तर्ने वा राजस्व नतर्ने उद्देश्यले गलत वा झुट्टा लेखा, वर्णन वा कागजात प्रस्तुत गर्न नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| ३४.३ | दफा ४ (ख): सम्बन्धित भन्सार कार्यालयमा प्रचलित कानून बमोजिम निकासी पैठारीमा तर्नु वा बुझाउनु पर्ने राजश्व नतिरी नबुझाई राजश्व छल्ने वा छल्ने प्रयत्न गर्न नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| ३४.४ | दफा ४ (ग): कुनै व्यक्तिले कुनै व्यक्तिको नामबाट निकासी वा पैठारी गर्न वा कुनै विदेशी कम्पनी वा संस्थाको एजेन्ट भएमा सो कुरा नदेखाई तर्नु वा बुझाउनु पर्ने राजश्व नतिरी वा नबुझाई राजश्व छल्न वा छल्ने प्रयास गर्न नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| ३४.५ | दफा ४ (घ): राजस्व तर्नु वा बुझाउनु पर्ने वा दाखिला गर्नुपर्ने कार्यालय वा सो कार्यालयको कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गर्न वा अनुचित प्रभावमा पारी कम रकम तिर्ने वा त्यस्तो प्रयत्न गर्न नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| ३४.६ | दफा ४ (ङ): कार्यालयको कर्मचारीसँग मिलेमतो गरी वा नगरी तर्नु बुझाउनु पर्ने रकममा हेरफेर वा परिवर्तन वा राजस्व बुझाएको देखिने झुट्टा वा नक्कली कागजात तयार पार्न नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| ३४.८ | दफा ४ (च): राजस्व बुझाउने प्रयोजनको लागि घोषणा गर्नु पर्ने वा देखाउनु पर्ने सम्पत्ति वा सामानको वास्तविक मूल्य भन्दा घटी वा बढी हुने गरी हिसाब वा कागजात तयार गरी पेश गर्न नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३४.९ | दफा ४ (छ): एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, गुणस्तर र मूल्य फरक पारी घोषणा गर्न नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| ३४.१० | दफा ४ (ज): कुनै व्यक्तिले आय लुकाई निजको आयभन्दा खर्च र सम्पत्ति बढी भएको देखाउन नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| ३४.११ | दफा ४ (झ): कानून बमोजिम तिर्नु वा बुझाउनु पर्ने राजश्व नतिर्ने वा कम तिर्ने नियतले अन्य कुनै काम गर्न गराउन नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| ३४.१२ | दफा ४ (ङ): माथि उल्लिखित कुनै काम कारबाही गर्न वा गराउन गलत वा झुट्टा परामर्श दिन नहुने | | उच्च अदालत | | विशेष | ३५ दिन |
| **३५.** | **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३५.१ | दफा २६ (१): गैरकानूनी तरिकाले संरक्षित वन्य जन्तुलाई मार्ने, आखेटोपहार राख्ने, खरिद, बिक्री वा ओसारपसार गर्न नहुने | रेञ्जर वा वन र वन्यजन्तु व्यवस्थापनसँग सम्बन्धित सुवेदार दर्जा सम्मका कर्मचारी वा कम्तीमा राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारी वा कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको कर्मचारी | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.२ | दफा २६ (१क): राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण, कब्जा, बिक्री गर्ने, सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुऱ्याउन नहुने | | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.३ | दफा २६ (२): उपदफा(१) मा लेखिएका वन्यजन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउन नहुने | | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.४ | दफा २६ (३): निकुञ्ज क्षेत्रभित्र अनुज्ञापत्र नलिई पंक्षी र माछा बाहेक अन्य वन्यजन्तु शिकार गरी मार्न वा घाइते बनाउन नहुने | | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.५ | दफा २६ (४): संरक्षित पंक्षी शिकार गरी मार्न वा घाइते बनाउन नहुने | | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.६ | दफा २६ (५): अनुज्ञापत्र नलिई | | तोकिएको | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संरक्षित पंक्षी बाहेक अन्य पंक्षी शिकार गर्न वा मार्न वा घाइते बनाउन नहुने | | अधिकारी | | | |
| ३५.६ | दफा २६ (५क): निकुञ्ज एरियामा जुनसुकै प्रकारको घर छाप्रो आश्रय बनाउन नहुने | | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.७ | दफा २६ (५ख): अन्तर्गत वन पैदावार वा खानीजन्य पदार्थ वा वन्यजन्तु वा पंक्षीमा हानिनोक्सानी पुऱ्याउने कार्य गर्न नहुने | | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.८ | दफा २६ (५ग): कसैले यस ऐन अन्तर्गत इजाजत प्राप्त नगरी वन्यजन्तु पाल ी वा प्रजनन गर्न गराउन वा चिडियाखाना संचालन गर्न नहुने | | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.९ | दफा २६ (५घ): कसैले यस ऐन अनुसार कसूर हुने कुनै अपराधको उद्योग गर्न नहुने | | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.१० | दफा २६ (६): माथि उल्लिखित कसूर बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कुनै कसूर गर्न नहुने | | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३५.११ | दफा २७: यो ऐन अन्तर्गतका कसूर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानी जानी मद्दत गर्न नहुने | | तोकिएको अधिकारी | जहिलेसुकै | विशेष | ३५ दिन |
| **३६.** | **वन ऐन, २०७६ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३६.१ | दफा ४९(क): राष्ट्रिय वन भित्रको जग्गा दर्ता गर्न गराउन नहुने | एक वर्ष भन्दा बढी कैद सजाय हुने कसूरको अनुसन्धानका लागि नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको नेपाल सरकारको कर्मचारी र एक वर्षसम्म कैद सजाय हुने कसूरको अनुसन्धानका लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा तोकेको | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.२ | दफा ४९(ख): निषेध गरिएको वन क्षेत्रमा प्रवेश गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.३ | दफा ४९ (ग): राष्ट्रिय वन फाँड्ने वा वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज कार्य उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण गर्ने काम गर्न वा गराउन नहुने | | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.४ | दफा ४९ (घ): राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गर्न नहुने | | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६.५ | दफा ४९ (ङ): निषेध गरिएको वन क्षेत्रभित्र चौपाया प्रवेश गराउन वा चराउन नहुने | प्रदेशको कर्मचारी | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.६ | दफा ४९ (च): राष्ट्रिय वनक्षेत्रबाट वन पैदावार हटाउने, ओसारपसार वा बिक्री वितरण गर्ने वा घाटगद्दीमा राखेको वन पैदावार हटाउने वा चोरी गर्ने काम गर्न नहुने | | विगो दुई लाख बढी भएमा र कैद एक वर्ष भन्दा | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.७ | दफा ४९ (छ): राष्ट्रिय वनक्षेत्रको रुख वा बिरुवा काट्ने, हाँगा बिंगा छिमल्ने, खोटो वा बोक्रा झिक्ने वा कुनै पनि प्रकारले नोक्सानी गर्न नहुने | | बढी भएमा जिल्ला अदालत र उल्लिखित भन्दा कम भएमा | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.८ | दफा ४९ (ज): इजाजत प्राप्त गरी राष्ट्रिय वनबाट रुख काट्दा, ढाल्दा, घिसार्दा वा वन क्षेत्रबाट बाहिर लैजाँदा लापरवाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.९ | दफा ४९ (झ): वनक्षेत्रबाट बग्ने नदीबाट ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्ने, गोल वा चुन पोल्ने वा यी वस्तुहरूबाट अरु तयारी माल बनाउने वा संकलन गर्ने र खनिज पदार्थ निकाल्ने वा संकलन गर्ने काम गर्न नहुने | | | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.१० | दफा ४९ (ञ): वन पैदावार लिन पाएको पूर्जीको शर्त उल्लंघन गरी वन पैदावार नोक्सानी गर्न नहुने | | | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.११ | दफा ४९ (ट): विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गर्न नहुने | | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.१२ | दफा ४९ (ठ): वन सिमाना चिन्ह उखल्ने, सार्ने, फेर्ने, मेट्ने वा बिगार्ने काम गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.१३ | दफा ४९ (ड): टाँचा वा निसाना कीर्ते गर्ने वा काठ वा खडा रुखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्ने, बिगार्न वा मेट्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.१४ | दफा ४९ (ढ): नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका बिरुवा काट्ने, भाँच्ने, उखेल्ने वा अरु कुनै प्रकारले नोक्सान गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.१५ | दफा ४९ (ण): नर्सरी वा वृक्षारोपण गरिएका क्षेत्रका खम्बा, तारका बार | | डिभिजनल वन | जहिलेसुकै | विशेष | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वा त्यस्ता अरु सम्पत्ति बिगार्न वा चोरी गर्न नहुने | | अधिकृत | | | |
| ३६.१६ | दफा ४९(त): शिकार खेल्ने, वन्य जन्तुको ओखेटोपहार राख्ने, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने काम गर्न नहुने | | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.१७ | दफा ४९ (थ): वन पैदावारमा आधारित उद्योगले प्रचलित कानून विपरीत वन पैदावार राख्न नहुने | | जिल्ला अदालत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.१८ | दफा ४९ (द): उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले समूहको हितको नाममा कोषको रकम हिनामिना गर्ने र त्यस्तो समूहको विधान तथा कार्ययोजना विपरीत कुनै कार्य गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.१९ | दफा ४९ (ध): यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.२० | दफा ५१: हैरानी गर्ने नियतले वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा सुरक्षाकर्मीले कसैलाई कब्जा वा पक्राउ गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.२१ | दफा ५२: राष्ट्रसेवकलाई कर्तव्य पालनामा बाधा अड्चन पुऱ्याउन नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.२२ | दफा ५३: कसूरदारलाई भाग्न सहयोग गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.२३ | दफा ५४: ऐन नियममा उल्लिखित कसूर गर्न गराउन दुरुत्साहन दिने वा मिलेमतो गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| ३६.२४ | दफा ५४: माथि उल्लिखित कसूरको उद्योग गर्न नहुने | | डिभिजनल वन अधिकृत | जहिलेसुकै | विशेष | ३५ दिन |
| **३७.** | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३७.१ | दफा २४ (४) (क): यस ऐन बमोजिम अख्तियार प्राप्त व्यक्तिलाई कर्तव्य पालनामा बाधा पुऱ्याउन नहुने | तोकिएको अधिकारी | प्र.जि.अ. | कसूर भएको मितिले ३० दिन | सामान्य | ३५ दिन |
| ३७.२ | दफा २४ (४) (ख): यस ऐन बमोजिम जारी भएको आदेश वा निर्देशनको अवज्ञा गर्न नहुने | तोकिएको अधिकारी | प्र.जि.अ. | कसूर भएको मितिले ३० दिन | सामान्य | ३५ दिन |
| ३७.३ | दफा २४ (४) (ग): राहत सामग्री वितरणमा अबरोध वा राहत सामग्रीको दुरूपयोग गर्न नहुने | तोकिएको अधिकारी | प्र.जि.अ. | कसूर भएको मितिले ३० दिन | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७.४ | दफा २४ (४) (घ) : यो ऐन वा यो ऐन अन्तर्गत बनेको वा जारी गरेको नियम वा आदेशको उल्लंघन गर्न नहुने | तोकिएको अधिकारी | प्र.जि.अ. | कसूर भएको मितिले ३० दिन | सामान्य | ३५ दिन |
| ३७.५ | दफा २४ (५): यस ऐन विपरीतको कार्य कुनै संगठित संस्थाले गर्न नहुने | तोकिएको अधिकारी | प्र.जि.अ. | कसूर भएको मितिले ३० दिन | सामान्य | ३५ दिन |
| **३८.** | **विद्युत चोरी नियन्त्रण ऐन, २०५८ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३८.१ | दफा ७ (१) (क): उर्जा मापकयन्त्र मार्फत बाहेक विद्युतको अन्य लाइनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विद्युतको लाइन तान्न वा जडान गर्न नहुने | वितरकले तोकेको अनुसन्धान अधिकृत | जिल्ला अदालत | हानि नोक्सानी वा क्षति पुऱ्याएको विगो दाखिल गर्न कसूरदारलाई दिएको ३५ दिनको म्याद गुजारेको मितिले ३० दिन भित्र | संक्षिप्त | ३० दिन |
| ३८.२ | दफा ७ (१) (ख) वितरकको स्वीकृति विना सडक बत्ती वा अन्य प्रयोजनको लागि विद्युतको लाइनबाट विद्युतको लाइन तान्न वा जडाज गर्न नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| ३८.३ | दफा ७ (१) (ग) उर्जा मापकयन्त्र मार्फत घर वा भवनमा विद्युतको आपूर्ति गर्न निर्धारित प्रविधि बाहेकको अन्य प्रविधि अपनाउन नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| ३८.४ | दफा ७ (१) (घ) एउटा उर्जा मापकयन्त्रमा पोलारिटी उल्टो पारी त्यसबाट फेज र अर्को उर्जा मापकयन्त्र वा अर्थबाट न्यूट्रल लाइन लिन नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| ३८.५ | दफा ७ (१) (ङ) उर्जा मापकयन्त्रमा कुनै पदार्थ घुसाउन वा अन्य कुनै तरिकाबाट उर्जा मापकयन्त्रको डिस्कको सामान्य परिचालनमा अवरोध खडा गर्न नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| ३८.६ | दफा ७ (१) (च) टर्मिनल लिङ्क खोल्न नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| ३८.७ | दफा ७ (१) (छ): वितरकको तर्फबाट उर्जा मापकयन्त्रमा लगाइएको ट्रमिनल वा टेष्ट सिल तोडन वा नास गर्न, बिगार्न वा नक्कली ट्रर्मिनल वा टेष्ट सिल प्रयोग गर्न नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| ३८.८ | दफा ७ (१) (ज): उर्जा मापकयन्त्र तोडी, नासी, बिगारी वा अन्य कुनै किसिमले नोक्सान | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुऱ्याउन वा सामान्य परिचालन हुन नसक्ने गरी असक्षम बनाउन नहुने | | | | | |
| ३८.९ | दफा ७ (१) (झ): उर्जा मापकयन्त्र राख्ने बाकसको सिल नभएको वा भएता पनि वितरकको छाप नलगाई वा वितरकको बाहेक अरु कसैको छाप लगाउन वा त्यस्तो सिल बिगार्न नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| ३८.१० | दफा ७ (१) (ञ): सी.टी. वा पी.टी. वा दुवैको सिल बिगार्न, पोलारिटी उल्टो वा फरक पार्न वा कनेक्सन छुट्याउन नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| ३८.११ | दफा ७ (१) (ट): उल्लिखित अवस्थामा बाहेक विद्युत शक्तिको चोरी गर्ने अन्य कुनै तरिका अपनाउन नहुने | ,, | जिल्ला अदालत | | संक्षिप्त | ३० दिन |
| **३९.** | **विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ३९.१ | दफा १७ (१): यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सो अन्तर्गत जारी भएको आदेश वा निर्देशन वा परिपत्र वा सूचना वा बैङ्कले तोकिदिएको कुनै प्रक्रिया विपरीत कुनै व्यक्तिले कुनै काम गर्न नहुने | तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३९.२ | दफा १७ (३): यस ऐन बमोजिमका काम कुराहरू गर्न, निरीक्षण गर्न, तथा अनुसन्धानका निमित्त खटिएका कर्मचारीहरूले बदनियतपूर्ण कार्य गरी ऐनको उल्लङ्घन हुने कुनै कार्य गर्न वा गोप्यता भङ्ग गर्न नहुने | तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३९.३ | दफा १७ (४): कसूरसँग सम्बन्धित कामको जिम्मा लिने सञ्चालक, पदाधिकारी, कर्मचारी वा एजेण्ट जिम्मेवार हुने | तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३९.४ | दफा १७ (४): पूरा गर्नु पर्ने काम कुराहरू नगरी वा पुऱ्याउनु पर्ने प्रक्रिया नपुऱ्याई वा अधिक बिजकीकरण गरी पैठारी गर्न वा निर्धारित अवधि भित्र मालसामान पैठारी नगरी वा | तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पैठारी मालसामान बाहेक अन्य समान पैठारी गर्न नहुने | | | | | |
| ३९.५ | दफा १७ (६): माल सामानको मूल्य भुक्तानी प्राप्त गर्ने सम्बन्धमा तोकिएको कार्यविधि तथा कानून विपरित भुक्तानी दिन वा प्राप्त गर्नमा प्रतिबन्ध लगाएका काम गर्न नहुने | तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३९.६ | दफा १७ (७): उल्लेखित लगायत यो ऐन अन्तर्गतको कसूरमा मतियार हुन नहुने | तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३९.७ | दफा १७ (९): विदेशी विनिमयसँग सम्बन्धित कसूरको विगो रकम एक करोड रूपैयाँ वा सोभन्दा बढी भएमा त्यस्तो व्यक्तिका हकमा अतिरिक्त कसूर मानिने | तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ३९.८ | दफा १७ (१०): पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिम कसूर हुने कुनै काम गरेमा कसूरको गंभीरता बढ्ने | नेपाल सरकारले तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **४०.** | **विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ४०.१ | दफा ३ (१): ऐनको प्रारम्भपछि कसैले विदेशमा लगानी गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४०.२ | दफा ३ (२): छुट दिइएको लगानीको किसिम, हद, अवधि र तत्सम्बन्धी अन्य आवश्यक शर्तहरू विपरीत गर्न गराउन नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४०.३ | दफा ४ (१): यो ऐनको वा यस ऐन अन्तर्गत जारी गरिएको सूचना, आदेश वा निर्देशनको उल्लङ्घन गर्न नहुने | प्रजिअ वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **४१.** | **वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ४१.१ | दफा ४३: इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय संचालन गर्न, वैदेशिक रोजगार सम्बन्धी झुट्ठो आश्वासन देखाई कुनै रकम लिन वा विदेश पठाउन नहुने | विभागले तोकेको राजपत्रांकित अधिकृत | वैदेशिक रोजगार न्यायाधिकरण | जहिलेसुकै | संक्षिप्त | ३५ दिन |
| ४१.२ | दफा ४४: इजाजतपत्रवालाले विभागको स्वीकृति नलिई वैदेशिक रोजगारमा कामदार पठाउन नहुने | विभागले तोकेको राजपत्रांकित अधिकृत | | | संक्षिप्त | ३५ दिन |
| ४१.३ | दफा ४५ :नाबालिगलाई वैदेशिक | | | | संक्षिप्त | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोजगारमा पठाउन नहुने | विभागले तोकेको राजपत्रांकित अधिकृत | | | | |
| ४१.४ | दफा ४६: सरकारले खुल्ला नगरेका मुलुकमा कामदार पठाउन नहुने | | | | संक्षिप्त | ३५ दिन |
| ४१.५ | दफा ४७; इजाजतपत्रवालाले जानी– जानी कुनै लिखत वा प्रतिवेदन लुकाउन, हेरफेर गर्न वा झुट्टा व्यहोरा पार्न नहुने | | | | संक्षिप्त | ३५ दिन |
| ४१.६ | दफा ४८: वैदेशिक रोजगार इजाजतपत्रवालाले अनुमति विना शाखा कार्यालय खोल्न नहुने | | वैदेशिक रोजगार विभाग | कसूर गरेको मितिले एक वर्ष वा स्वदेश आई पुगेको मितिले एक वर्ष | संक्षिप्त | ३५ दिन |
| ४१.७ | ४९: विभागको पूर्व स्वीकृति विना, खुलाउनु पर्ने विवरण नखुलाई वैदेशिक रोजगार सम्बन्धी विज्ञापन प्रकाशन गर्न नहुने | | | | संक्षिप्त | ३५ दिन |
| ४१.८ | ५०; कामदारको छनौट सूची र प्रकाशन नगरेमा कसूर हुने | | | | संक्षिप्त | ३५ दिन |
| ४१.९ | ५१: वैदेशिक रोजगारमा जाने तोकिएको समयभित्र पठाउन नसकेमा रकम फिर्ता गर्न वा क्षतिपूर्ति दिन इन्कार गर्न नहुने | | | | संक्षिप्त | ३५ दिन |
| ४१.१० | ५२: संस्थागत रूपमा नपठाई व्यक्तिगत रूपमा कामदार पठाउन नहुने | | वैदेशिक रोजगार न्यायाधिकरण | | संक्षिप्त | ३५ दिन |
| ४१.११ | दफा ५३: कुनै इजाजतपत्रवालाले प्रवेषाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिन नहुने | | वैदेशिक रोजगार विभाग | | संक्षिप्त | ३५ दिन |
| ४१.१२ | दफा ५४: विभागले दिएको आदेश वा निर्देशनको इजाजतपत्रवालाले अवज्ञा गर्न नहुने | | | | संक्षिप्त | ३५ दिन |
| ४१.१३ | दफा ५५: वैदेशिक रोजगारमा गएका कामदारलाई करार विपरीत काम गर्न गराउन नहुने | | | | संक्षिप्त | ३५ दिन |
| ४१.१४ | दफा ५६: यस ऐन बमोजिमको कसूरमा मतियार हुन र दुरुत्साहन दिन नहुने | | वैदेशिक रोजगार न्यायाधिकरण/विभाग | | संक्षिप्त | ३५ दिन |
| ४१.१५ | दफा ५७: कुनै फर्म, कम्पनी, संस्था वा इजाजतपत्रवालाले यस ऐन बमोजिम कसूर हुने कुनै काम गरेमा सो संस्था वा कम्पनीको प्रमुख भई काम गर्ने व्यक्ति दोषी मानिने | | | | संक्षिप्त | ३५ दिन |
| **४२.** | **शिक्षा ऐन, २०२८ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ४२.१ | दफा १७ (१): कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गर्न | प्रजिअ वा तोकेको अधिकृत | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नहुने | | | | | |
| **४३.** | **स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ४३.१ | दफा १९क: नाप्ने, तौलने वा गणुस्तर नि◌ार्धारण गर्ने कुनै साधन नक्कली बनाउन वा चलन गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३.२ | दफा १९ख: नाप्ने, तौलने वा गणुस्तर नि◌ार्धारण गर्ने साधनको कपटपूर्ण रूपमा प्रयोग गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३.३ | दफा २० (१): स्टाण्डर्ड नाप र तौल बाहेक अरु क◌िस◌िमको नाप वा तौल प्रचलनमा ल्याउन नह◌ुन◌े | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३.४ | दफा २१: खास कुरामा केवल नापमात्र वा तौलमात्र प्रयोग गर्न दिएको निर्देशन विपरितको कार्य गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३.५ | दफा २३: जाँचको टाँचा नलगाएको कुनै पन◌ि व्यापारिक नाप वा तौलको वा नाप्ने वा तौलने यन्त्रको ब◌िक्री, व◌ितरण वा व्यवहारमा ल्याउन नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३.६ | दफा २५: अनुमति नलिई नाप तौल वा नाप्ने तौलने यन्त्र प्रयोग गर्न नहुने | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३.७ | दफा २६: इजाजत प्राप्त नगरी व्यापारको स◌िलस◌िलामा व्यापारिक नाप वा तौल वा नाप्ने यन्त्र वा तौलने यन्त्र बनाउन, मर्मत गर्न ब◌िक्री गर्न वा तोक◌िएको नाप्ने वा तौलने सेवाको व्यवसाय गर्न नहुन◌े | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३.८ | दफा २७: मोहोर बन्द◌ी तथा लेवल नलगाइएको वस्त◌ुको प्याकेज मा नाप वा तौल अंकित नगरी त्यस्तो माल वस्तु बेच्न, बेच्न लगाउन वा बेच्ने उद्देश्यले राख्न नह◌ुन◌े | निरीक्षक | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४३.९ | दफा ३० (४): यो ऐन वा यस ऐन अन्तर्गत बनेको न◌ियमहरूको प्रत◌िकूल न◌िरीक्षकले जानाजानी नाप वा तौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाउन नहुने | तोकेको अध◌िकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| **४४.** | **सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ४४.१ | दफा ३: सम्पत्ति श◌ुद्धीकरण गर्न नहुन◌े | विभागको प्रमुख | विशेष | जहिलेसुकै | विशेष | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३ (१)(क): सम्पत्तिको गैरकानूनी स्रोत( इलिसिट अरिजन) लुकाउने वा छल्ने वा कसूरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास गर्ने आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति रुपान्तरण वा हस्तान्तरण गर्ने<br>(ख): थाहा पाउँदा पाउँदै सम्पत्तिको सही प्रकृति स्रोत स्थान निसर्ग(डिस्पोजिसन) कारोबार स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने छिपाउने<br>(ग):त्यस्तो सम्पत्ति प्राप्त गर्ने प्रयोग गर्ने वा धारण गर्ने<br>३ (२): उल्लखित कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन | वा निजले तोकेको सरकारी निकाय वा सार्वजनिक संस्थाको अधिकृत कर्मचारी | अदालत | | | |
| ४४.२ | दफा ४: आतंकवादी कृयाकलापमा वित्तीय लगानी गर्न नहुने<br>दफा ४(१): कुनै व्यक्तिले आतंककारी कार्यमा वा आतंककारी व्यक्ति वा आतंककारी संगठनले पूर्ण वा आंसिक रूपमा प्रयोग गर्ने वा गर्नसक्ने कुरा थाहा पाउँदापाउँदै गैरकानूनी मनसायले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्पत्ति वा कोष उपलब्ध गराउन वा संकलन गर्न<br>दफा ४(२): उल्लेखित कार्यको उद्योग गर्न<br>दफा ४(३): आतंककारी कार्य गर्नका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्पत्ति वा कोष उपलब्ध गराउन वा संकलन गर्न<br>दफा ४(४): उल्लिखित उपदफाहरूका कसूरका सम्बन्धमा मतियारको रूपमा काम गर्न, अन्य व्यक्तिलाई संगठित गर्ने वा निर्देशन दिने, त्यस्तो कार्य गर्ने सामूहिक उद्देश्य राख्ने व्यक्तिहरूको समूहलाई अपराधिक कार्यमा वढावा दिन वा त्यस्तो उद्देश्य हांसिल गर्न जानीजानी योगदान दिने<br>दफा ४(५): उल्लेखित कार्यका सम्बन्धमा आतंककारी नभएमा वा सोको उद्योग नभएमा, सम्पत्ति वा कोष सो कार्य वा उद्योगमा प्रयोग नभएमा, आतंककारी कार्य खोजिएको मुलुक | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वा अन्यत्र जहाँसुके भएमा वा हुने भएमा, त्यस्तो व्यक्ति वा संगठन निज रहेको मुलुक वा भुभागमा रहे वा नरहेमा वा अन्यत्र रहेमा, त्यस्तो सम्पत्ति वैधानिक वा अवैधानिक जुनसुकै स्रोतबाट वा माध्यमबाट संकलन गरिएकव वा उपलब्ध गराइएको रहेछ भने पनि आतंकवादी क्रियाकलापमा वित्तीय लगानी कसूर मानिने | | | | | |
| ४४.३ | विदेशमा रही यस ऐन बमोजिमको कसूर गर्न नहुने | | तोकिएको अदालत (विशेषअदालत) | जहिलेसुकै | विशेष | ३५ दिन |
| ४४.४ | दफा २८: सम्पत्तिको स्रोत प्रमाणित गर्न नसके कसूर मानिने | | | | | |
| **४५.** | **सामाजिक व्यवहार सुधार ऐन, २०३३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ४५.१ | दफा ३: विवाह हुँदा तिलक लिन दिन नहुने | तोकिएको नेपाल प्रहरीको कर्मचारी | प्र.जि.अ. | कसूर भएको मितिले ३५ दिन | विशेष | ३५ दिन |
| ४५.२ | दफा ४: दुलही पक्षले विवाह गर्दा नगद वा जिन्सी लिन नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| ४५.३ | ५ (१): यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्न नहुने काम गर्न नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| ४५.४ | ५ (२): जीउमा लगाएको एकसरो गहना बाहेक आफ्नो कुल परम्परा अनसुार राजीखुशीले दिनेले पनि बढीमा दश हजार भन्दा बढीको दाइजो दिन नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| ४५.५ | दफा ७: विवाहमा एकाउन्न जना भन्दा बढी जन्ति लैजान नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| ४५.६ | दफा ८: विवाह भोजमा एकाउन्न जना भन्दा बढीलाई निमन्त्रणा गर्न नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| ४५.७ | दफा ९: छैठी, न्वारान, जन्मदिवस, पास्नी, चुडाकर्म, ब्रतबन्ध, बढ्ो–पास्नी गर्दा सो कर्मकाण्डसँग सम्बन्धित नजिकको नातेदार बाहेक अरु छरछिमेकी इष्टमित्रहरू मध्येबाट पच्चीस जनाभन्दा बढीलाई निमन्त्रणा गर्न नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| ४५.८ | दफा १०: पितृ कार्यको भोजमा पच्चीस जनाभन्दा बढीलाई | | प्र.जि.अ. | | विशेष | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निमन्त्रणा गर्न नहुने | | | | | |
| ४५.९ | दफा ११: दाइजो आदि प्रदर्शन गर्न नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| ४५.१० | दफा १२: भड्कि◌ेलो रूपमा घर सजाउन नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| ४५.११ | दफा २०(२): सरकारी कर्मचारी वा नेपाल सरकारको स्वामि◌ित्व वा नि◌ियन्त्रण भएको संगठित संस्थाको कर्मचारीले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नि◌ियम उल्लंघन गर्न नह◌ुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| **४६.** | **संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ अन्तर्गतका देहायका कसूर** | | | | | |
| ४६.१ | दफा २० (क) : दफा ३ विपरित दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सो को नमुना खरिद बिक्री गर्ने, आफूसँग राख्ने, प्रयोग गर्ने, पालनपोषण गर्ने, रोप्ने, हुर्काउने, नियन्त्रित प्रजनन् गर्ने, ओसारपसार गर्ने, निकासी वा पैठारी गर्ने कार्य गरे वा गराएमा | राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको हकमा सम्बन्धित संरक्षक वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र अन्य क्षेत्रको हकमा जिल्ला वन कार्यालय रहेको जिल्लामा जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी तथा जिल्ला वन कार्यालय नरहेको जिल्लामा नेपाल सरकारले तोकेको अधिकृतस्तरको कर्मचारी | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४६.२ | दफा २० (ख) : दफा ८ विपरित संरक्षित वन्यजन्तु वा वनस्पति वा सो को नमुनाको खरिद बिक्री गर्ने, आफूसँग राख्ने, प्रयोग गर्ने, पालनपोषण गर्ने, रोप्ने, हुर्काउने, ओसारपसार गर्ने, निकासी वा पैठारी गर्ने कार्य गरे वा गराएमा, | | ,, | ,, | ,, | ,, |
| ४६.३ | दफा २० (ग) : दफा १३ वा १४ बमोजिम सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो को नमुना दर्ता नगरेमा, | | ,, | ,, | ,, | ,, |
| ४६.३ | दफा २० (घ) : दफा १५ बमोजिम अनुमति नलिई सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सो कोनमुना हक हस्तान्तरण वा नामसारी गराएमा, | | ,, | ,, | ,, | ,, |
| ४६.३ | दफा २० (ङ) : खण्ड (क), (ख), (ग) र (घ) मा लेखिए देखि बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरेमा। | | ,, | ,, | ,, | ,, |
| **४७.** | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस अनुसूची अन्तर्गत कारबाही र किनारा हुने भनी तोकेको कसूर | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम | तोकिए बमोजिम |

## ३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची -२ मा समावेश भएका कसूरको अनुसन्धान सम्बन्धी व्यवस्था:

कसूरको अनुसन्धान, अभियोजन, अदालती कारबाही तथा प्रतिरक्षाको विषय कार्यविधिगत विषय हो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ मा प्रकरण १ देखि ५ सम्मका विभिन्न कसूरहरू समावेश भएका छन् । यी कसूर

सम्बन्धित मुद्दाहरूको अनुसन्धान अभियोजनको कानूनी कारबाहीमा मुद्दाको प्रकृति अनुसार मुलुकी कार्यविधि संहिता, २०७४ को सामान्य र विषयगत ऐनले छुट्टै व्यवस्था गरेको विशेष अदालत ऐन, २०५९ को विशेष तथा संक्षिप्त कार्यविधि ऐन, २०२८ को संक्षिप्त कार्यविधि लागू हुन्छ। यस्तो प्रक्रियागत व्यवस्था मुलुकी फौजदारी कार्यविधि संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५, कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ र विषयगत ऐन तथा नियमावलीहरूमा रहेको छ। अनुसूची-२ का मुद्दामा सामान्यतया मुलुकी फौजादारी कार्यविधि संहिताको प्रकिया अवलम्बन गर्नु पर्दछ। तर सोही कार्यविधिको दफा ३ अनुसार विशेष कानूनले छुट्टै कानूनी व्यवस्था गरेको रहेछ भने सोही व्यवस्था अवलम्बन गर्नु पर्ने हुन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३ मा कुनै कसूरको अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने अधिकारक्षेत्र सुनुवाइ फैसला कार्यान्वयन वा अन्य कुनै कारबाहीका सम्बन्धमा छूट्टै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषयमा यस संहिताको व्यवस्थाले असर नपार्ने, छुट्टै ऐनमा व्यवस्था नभएको कार्यविधिको विषयमा संहिताको व्यवस्था लागू हुने व्यवस्था छ।

उपरोक्त कानूनी व्यवस्था अनुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-२ मा समावेश भएका मुद्दा मध्ये नेपाल सरकार वादी हुने मुद्दाहरूका सम्बन्धमा सो अनुसूचीको प्रकरण-१ र सो सँग सम्बन्धित कसूरको षडयन्त्र, उद्योग, दुरुत्साहन सम्बन्धी कसूरका हकमा संहिताको अनुसूची-१ मा उल्लिखित कसूरहरूमा गरिने अनुसन्धान/तहकिकात, सबुद प्रमाण संकलन, मुद्दा चल्ने वा नचल्ने निर्णय, अभियोगपत्र तयार गरी मुद्दा दायर र बहस पैरवी गर्ने प्रक्रिया नै अपनाउने र अनुसूची-२ को प्रकरण-२, ३ र ४ मा उल्लिखित कसूर र ती कसूरसँग सम्बन्धित षडयन्त्र, उद्योग, दुरुत्साहन सम्बन्धी कसूरका हकमा छुट्टै विशेष ऐनमा व्यवस्था गरिएकोमा सोही ऐन बमोजिम र त्यस्तो विशेष ऐनमा उल्लेख नगरिएकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्दछ।

**सर्वोच्च अदालतको फैसला/ आदेश**

| | |
|---|---|
| ➢ असान्दर्भिक र आकर्षित नै नहुने कानून विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) प्रयोग गरी निवेदक सुविन श्रेष्ठलाई राजश्व चुहावट मद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी आदेश गरिएको देखिन आयो। अतः निवेदकलाई मद्दामा पुर्पक्षका लागि थुनामा राख्ने गरी काठमाण्डौ जिल्ला अदालतबाट मिति २०७६/७/२२ मा भएको आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७६/९/२४ को आदेशमा प्रत्यक्षतः कानूनी त्रुटि (Apparent Legal Error) देखिन आएको हुँदा उल्लिखित आदेश निवेदक सुविन श्रेष्ठको हकमा भएको हदसम्म मात्र उत्प्रषेणको आदेशले बदर गरिएको छ। | 076-WH-0306 फैसला मिति २०७७।३।३० |
| ➢ मुद्दाको कारबाहीका क्रममा आधारभूत रूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना गर्नुपर्ने, नगरेको कारण कुनै निकायबाट गरिएको निर्णयबाट व्यक्तिउपर अन्याय भएको अवस्थामा रिट क्षेत्राधिकारबाट न्यायिक परीक्षण गर्न सकिने, अपराधको अनुसन्धान देखी फैसला कार्यान्वयन सम्मको चरणमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूको अनिवार्य पालना गर्नुपर्ने, अनाहकमा कैदमा बस्नु परेको दुर्भाग्यपूर्ण अवस्थामा निवेदकलाई राज्यले क्षतिपूर्ति दिनुपर्ने | नेकाप २०७६, अंक ४, निनं १०२५० |
| ➢ आधार र कानून विना कसैलाई पनि पक्राउ गर्ने र थुनामा राखी अनुसन्धान गर्न नपाइने, थुना अन्तिम विकल्पको रूपमा प्रयोग हुने | नेकाप २०७५ अंक ९, निनं. १०११४ |
| ➢ सैनिक ऐनको दफा ३८ देखि ६५ सम्मका कसूर मात्र सैनिक अदालतको क्षेत्राधिकारभित्र पर्ने देखिने र सो बाहेकका अन्य कसूरहरू पनि सैनिक अदालतको क्षेत्राधिकारभित्र पर्ने भनी भन्न नसकिने, सैनिक प्रकृति बाहेकका कसूरहरूको सम्बन्धमा सैनिक अदालतहरूलाई भन्दा सामान्य अदालतलाई नै क्षेत्राधिकार प्रदान गर्नु श्रेयस्कर हुने | नेकाप २०७७ अंक १२ निनं १०६०४ |
| ➢ हरेक फौजदारी मुद्दामा जो कोहीले पनि प्रतिनिधित्व गर्न सक्छ भन्ने हो भने यो वान्छित हदभित्र व्यवस्थापन गर्न नसकिने विषय बनेर जाने, जुनसुकै मुद्दाको हकमा असर पर्ने वा खास सरोकारवाला पक्षले नै प्रतिनिधित्व गर्नु पर्ने। | नेकाप २०६६, अंक ५, नि नं ८६२६ |

**कसूरको अनुसन्धानमा सरकारी वकीलको भूमिका:**

वारदातका सम्बन्धमा सूचना प्राप्ति देखि घटनास्थलको सुरक्षा, प्रमाण नास वा लोप हुन नदिने आवश्यक कार्य, अभियुक्तको बयान, कसूर सम्बद्ध प्रमाण संकलन लगायत भौतिक प्रमाणको परीक्षण तथा अनुसन्धान प्रतिवेदन सम्मका कार्य अनुसन्धानका चरणमा हुन्छ । विशेष ऐनले छुट्टै कानूनी व्यवस्था गरेकोमा सोही बमोजिम र अन्यमा कार्यविधि संहिताको व्यवस्था लागू हुन्छ । मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ कै व्यवस्था लागू हुने बाहेक सोही संहिताको अनुसूची-२ का मुद्दामा अवलम्बन हुने अनुसन्धान कारबाही तथा सरकारी वकीलको भूमिका सम्बन्धमा देहायका शीर्षकमा उल्लेख गरिएको छ ।

**कसूरको जाहेरी वा सूचना:**

वारदातका सम्बन्धमा जाहेरी (First Information Report) अनुसन्धानको प्रारम्भ बिन्दु हो । यो लिखित, मौखिक वा अनुसन्धान अधिकारीका प्रतिवेदनका माध्यमबाट अनुसन्धान गर्ने निकाय समक्ष पुगेको हुन्छ । यस सम्बन्धमा निम्न कानूनी व्यवस्था रहेको छः

**कानूनी व्यवस्था:**

| | |
|---|---|
| ▪ कुनै कसूर सम्बन्धी सूचना दिन चाहने व्यक्तिले अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारी समक्ष अनुसूची–५ बमोजिमको ढाँचामा सूचना दिनु पर्ने, | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४ (७) |
| ▪ प्राप्त सूचना सम्बन्धित कार्यालय वा अधिकारीले दर्ता गरी त्यस्तो सूचना दिने व्यक्तिलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–६ बमोजिमको ढाँचामा भरपाई दिनु पर्ने, | ऐजन उपदफा (८) |
| ▪ कसूर सम्बन्धी सूचना सम्बन्धित कार्यालय वा अधिकारी समक्ष दर्ता गर्न तत्काल सम्भव नभएमा त्यस्तो सूचना नजिकको प्रहरी कार्यालयमा पनि दिन सकिने, | ऐजन उपदफा (९) |
| ▪ त्यस्तो सूचना दर्ता गरी तीन दिनभित्र कारबाहीका लागि सम्बन्धित कार्यालय वा अधिकारी समक्ष पठाउनु पर्ने । | ऐजन उपदफा (१०) |
| ▪ अनुसूची-२ का मुद्दाको जाहेरी वा सूचना लिन इन्कार गरेको त्यस्तो सूचना दिने व्यक्तिले सोही व्यहोरा खुलाई कसूरको सूचनासहित सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी समक्ष उजूर दिन सक्ने, प्रमुख जिल्ला अधिकारी नै अनुसन्धान अधिकारी तोकिएको रहेछ र निजले त्यस्तो सूचना दर्ता गर्न इन्कार गरेको गृह मन्त्रालयमा उजुर दिन सकिने, | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५(४) |
| ▪ त्यसरी प्राप्त हुन आएको सूचना तीन दिनभित्र प्रमुख जिल्ला अधिकारी वा गृह मन्त्रालयले दर्ता गर्ने वा नगर्ने निर्णय गरी सम्बन्धित कार्यालयलाई सो बमोजिम गर्न निर्देशन गर्नेछ र सम्बन्धित कार्यालय वा अधिकारीले सो निर्देशन अनुसारको कारवाही गर्नुपर्ने । | ऐजन उपदफा (५) र (६) |
| ▪ संहिताको दफा ४ को उपदफा (१) वा (७) बमोजिम पर्न आएको जाहेरी दरखास्त ढाँचामा नभए पनि सम्बन्धित कार्यालय वा अधिकारीले बुझिलिनु पर्नेछ । | कसूरको अनुसन्धान नियमावली, २०७५ को नियम ३(१) |
| ▪ उपनियम (१) बमोजिम प्राप्त दरखास्तको सम्बन्धमा अन्य कुनै आवश्यक कुरा खुलाउनुपर्ने देखिएमा सम्बन्धित कार्यालयले जाहेरी दरखास्त वा सूचना दिने व्यक्ति समक्ष कर्मचारी पठाई वा निजलाई कार्यालयमा झिकाई आवश्यक कुराहरू खुलाउन सक्नेछ । | ऐजन उपनियम (२) |
| ▪ कुनै व्यक्ति मार्फत वा विद्युतीय माध्यम वा अन्य कुनै माध्यमबाट प्राप्त भएको जाहेरी दरखास्त वा सूचनाको विश्वसनीयतामा शंका भएमा त्यस्तो दरखास्त वा सूचना बाटोको म्याद बाहेक सात दिन भित्र सम्बन्धित व्यक्तिबाट सनाखत गराउनु पर्नेछ । | ऐजन नियम ४ |

**सर्वोच्च अदालतको फैसला/आदेश:**

| | |
|---|---|
| ➢ कुनै कसूरका सम्बन्धमा कसैको जाहेरी नपरेको रहेछ भने पनि प्रहरी कार्यालय आफैले वा अन्य कुनै स्रोतबाट त्यस्तो सूचना पाएमा पनि त्यस्तो सूचना वा जानकारीका आधारमा सम्बन्धित प्रहरी | असर्फि महतो केवट विरुद्ध जिल्ला प्रहरी कार्यालय, |

कार्यालयले कानून अनुसार अनुसन्धानको कारबाही अगाडि बढाउने कर्तव्य हुने,
हदम्यादभित्रको नभएको वा अन्य कानूनी सीमाभित्रको नदेखिएको अवस्थामा बाहेक कुनै पनि वहानामा अपराधका सम्बन्धमा प्राप्त हुन आएका सूचना वा जानकारीलाई वेवास्ता गर्न नमिल्ने।

पर्सा, नेकाप २०७५ अंक १ नि नं ९९३७

- जाहेरी दरखास्त आफैमा कुनै स्वतन्त्र प्रमाण नभएकोले अन्य प्रमाणहरूबाट पुष्टि नभएसम्म जाहेरी दरखास्तको कुनै प्रमाणिक मूल्य नहुने।

ने.का.प. २०७४, अंक ८, निर्णय नम्बर ९८५८

- जाहेरी घटनाका विषयमा दिइने सूचनाको माध्यम हो। यसले प्रमाण संकलनमा सहयोगीको भूमिका निर्वाह गर्न सक्छ, स्वयमले सार्थकता प्राप्त गर्दैन। यो आफैमा अकाट्य र स्वतन्त्र प्रमाण नहुने,

नन्दादेवी जोशी विरुद्ध नेपाल सरकार (नेकाप २०६९ अंक १ नि नं ८७६०)

- लामो अन्तराल पश्चात् दर्ता भएको जाहेरी घटनाको सत्यता वा वास्तविकतामा आधारित नभई कसैलाई फसाउने उद्देश्यबाट अभिप्रेरित भई दिएको भनी शंका गर्ने पर्याप्त ठाउँ देखिने।

ने.का.प. २०७५, अंक १, निर्णय नम्बर ९९३७

- कसैको जाहेरी नपरेको अवस्थामा प्रहरी कार्यालयले आफैले वा अन्य कुनै स्रोतबाट त्यस्तो सूचना पाएमा पनि त्यस्तो सूचना वा जानकारीका आधारमा सम्बन्धित प्रहरी कार्यालयले कानून अनुसार अनुसन्धानको कारबाही अगाडि बढाउनुपर्ने कानूनी कर्तव्य हुने,
कानून अनुसारको हदम्यादभित्रको नभएको वा अन्य कानूनी सीमाभित्रको नदेखिएको अवस्थामा बाहेक कुनै पनि वहानामा अपराधका सम्बन्धमा प्राप्त हुन आएका सूचना वा जानकारीलाई बेवास्ता गर्न नमिल्ने।

ने.का.प. २०६२, अंक ८, निर्णय नम्बर ७५८२

- अपराधको सूचना दिए अनुसार भएको हो होइन सो सम्बन्धमा विस्तृत छानविन गरे पश्चात् मुद्दा चलाउनु पर्ने कारण र अवस्था देखिन नआएमा सो सम्बन्धमा कानून बमोजिम मुद्दा नचल्ने निर्णय गर्न सक्ने अधिकार रहेकोमा कानून वयोजिम परेको उजुरीमा कारवाही नहोस भनी निवेदकले कागज गरी दिएकै आधारमा सो अपराधको सूचना सम्बन्धी निवेदनको कारवाही नटुङ्गिने।

**अनुसन्धान गर्ने अधिकारी:**

मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-२ मा समावेश भएका सरकार वादी हुने फौजदारी कसूरको अनुसन्धान विषेश ऐनमा अनुसन्धान अधिकारी तोकिएकोमा सोही अधिकारीबाट हुन्छ। विशेष ऐनमा अनुसन्धान अधिकारी नतोकिएको कसूरमा वा मुलुकी अपराध संहिताले अपराधीकरण गरेका अनुसूची-२ मा समावेश भएका कसूरमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृस्तरको कर्मचारीबाट अनुसन्धान हुने कानूनी व्यवस्था रहेको छ।

**कानूनी व्यवस्था:**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ (७), (८) (९)

- अनुसूची–२ मा उल्लिखित कसूरको अनुसन्धान गर्न कानूनमा कुनै अधिकारी तोकिएकोमा सोही अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट अनुसन्धान हुनेछ।
- तोकिएको अधिकारीले त्यस्तो कसूरको अनुसन्धान गर्दा उपदफा (२), (३), (४), (५) र (६) मा उल्लिखित कार्यविधि पूरा गर्नु पर्नेछ।
- एकै वारदातको अनुसन्धान गर्दा त्यस्तो वारदातबाट चल्न सक्ने सबै मुद्दाको एकै पटक अनुसन्धान गर्नु पर्नेछ।

**प्रमाण लोप वा नास हुन नदिन र कसूर गर्ने व्यक्ति उम्कन नपाउने व्यवस्था गर्ने:**

अनुसन्धान अधिकारीका लागि यो कार्य प्रारम्भिक तहकिकातको चरणको कार्य हो। यसमा घटनास्थलको सुरक्षा र प्रमाण नास वा लोप हुन नदिने परिस्थिति निर्माण, कसूर भएको स्थानको घटनास्थल सहित वस्तुस्थिति मुचुल्का, खानतलासी वा बरामदी मुचुल्का, त्यस्तो कसूरको प्रकृति अनुसार तयार गर्नुपर्ने प्रतिवेदन, मुचुल्का लगायत आवश्यक विवरण संकलनको कार्य हुन्छ। यस सम्बन्धमा देहायको कानूनी व्यवस्था रहेको छः

**कानूनी व्यवस्था:**

- अनुसूची-२ मा उल्लिखित कुनै कसूर भएको वा भई रहेको वा हुन लागेको जानकारी कसैको सूचना वा सम्बन्धित अधिकारीले आफैले कुनै स्रोतबाट पाएमा त्यस्तो अधिकारीले उपदफा (१) वा (२) बमोजिमको कारबाही गर्नु पर्नेछ।
- तर त्यस्तो कसूरको सूचना कुनै प्रहरी कर्मचारीले थाहा पाएको र सम्बन्धित अनुसन्धान अधिकारी तत्काल उपलब्ध नभएमा त्यस्तो प्रहरी कर्मचारीले उपदफा (१) मा उल्लिखित कारबाही गरी कुनै व्यक्ति पक्राउ परेको भए त्यस्तो व्यक्ति सहित कारबाहीको विवरण अनुसन्धान अधिकारी समक्ष पठाउनु पर्नेछ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६(४)

**अनुसन्धान गरी सबुद प्रमाण संकलन गर्ने:**

अनुसन्धान अधिकारीका लागि सबुद प्रमाण संकलनको कार्य प्रारम्भिक चरणको कार्य हो। अनुसूची-२ मा समावेश भएका कसूरको अनुसन्धान गर्दा तोकिएको अनुसन्धान अधिकारीले अनुसूची १ कै कसूरको अनुसन्धानमा जस्तै देहाय बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्दछः

**कानूनी व्यवस्था:**

- उपदफा (७) बमोजिम तोकिएको अधिकारीले त्यस्तो कसूरको अनुसन्धान गर्दा उपदफा (२), (३), (४), (५) र (६) मा उल्लिखित कार्यविधि पुरा गर्नु पर्नेछ।
- यस परिच्छेद बमोजिम एकै वारदातको अनुसन्धान गर्दा त्यस्तो वारदातबाट चल्न सक्ने सबै मुद्दाको एकै पटक अनुसन्धान गर्नु पर्नेछ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ (८)
ऐजन उपदफा (९)

**सर्वोच्च अदालतको फैसला/आदेश:**

- जाहेरवालीले रातको समयमा दिएको रुपैया तत्काल खानतलासी नलिई सुर्योदयको समयसम्म पर्खिदा अपराधसित सम्बन्धित सो रुपैया दशी नै प्राप्त हुन नसक्ने प्रवल सम्भावना भएकोले सो दशी गायव हुन नदिन तत्काल खानतलासी लिन बाहेक अरु विकल्प नै छैन। तसर्थ ऐनको मनसाय अनुरूप दशीलाई प्राथमिकता दिई वरामद गरिएकोले सो वरामदी मुचुल्का मान्यता नपाउने भन्न मिल्दैन। — ने.का.प. २०५५ अंक ५ निर्णय नम्बर ६५४९
- कानून अनुकूल नभएको बरामदी मुचुल्काको आधारबाट आरोपित कसूरमा दोषी ठहर गर्नु कानून संगत नहुने — ने.का.प. २०४९(क), अंक ३ नि.नं. ४४८९
- अनधिकृत अधिकारीबाट भएको खानतलासी मुचुल्काले कानूनी मान्यता पाउँछ भन्न नमिल्ने। कानूनले जे जति व्यक्तिलाई साक्षी राख्न भनेको छ त्यो भन्दा कम साक्षी राख्न नमिल्ने। खानतलासी बरामदी मुचुल्का बेरीत एवं गैरकानूनी देखिँदा प्रमाणमा लिन नमिल्ने। — ने.का.प. २०४७ अंक ५ नि.नं. ४१४२
- अनुसन्धान अधिकारीलाई निवेदकले दुई वटा वारदात घटाएको कुरा ठगी मुद्दाको अनुसन्धानको क्रममा थाहा भएको, सो दुवै वारदात घटनाको सम्बन्धमा उतिवेला नै अनुसन्धान भै मुद्दा दायर भएको भए सबैभन्दा ठूलो कलममा मात्र सजाय हुने दण्ड सजायको ४१ नं. कानूनी व्यवस्थाबाट देखिएको हुँदा सोही वखत मुद्दा नचलाई हाल आएर पक्राउ गरी जिल्ला अदालतको अनुमतिबाट अनुसन्धानको क्रममा राखेको थुनालाई कानूनबमोजिम थुनामा राखेको भन्न नमिल्ने — ने.का.प. २०६६, अंक ९, निर्णय नम्बर ८२२१
- निवेदक प्रतिवादीलाई पक्राउ गर्ने र हातहतियार तथा आखेटोपहार बरामद गर्ने कार्य सम्पन्न भएपछि पनि पटकपटक फरकफरक मुद्दाहरूमा एकबाट छुटी जाने देखेमा अर्को मुद्दामा अनुसन्धानको लागि भनी म्याद थप गर्दै थुनामा राखी राख्ने मानसिकता पाल्नु प्रचलित सारवान कानून, कार्यविधि कानून र त्यसका मान्य सिद्धान्तहरूको समेत प्रत्यक्ष उल्घंन भएको देखिन आउने — ने.का.प. २०७१ अंक १० निर्णय नम्बर ९२७२
- अख्तियारप्राप्त निकायबाट मुद्दाको अनुसन्धान गरी अभियोगपत्र नै दायर भइसकेको अवस्थामा त्यस निकायबाट भएको अनुसन्धान ठीक वा बेठीक भयो भनी पुन अनुसन्धान गर्न र अभियोजन नै बदर गरी माग्न यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत निवेदन ग्रहण गरी तल्लो अदालतमा विचाराधीन मुद्दामा हस्तक्षेप हुने वा असर गर्नेगरी निर्णय गर्न नमिल्ने। — एडभोकेसी फोरम वि. गृह मन्त्रालयसमेत (ने का प २०६६ अंक ११ नि नं ८२६६)

(यस सम्बन्धी विस्तृत व्यवस्था परिच्छेद २ को प्रकरण २ मा उल्लेख गरिएको छ।

**कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्ने:**

कसूरसँग सम्बन्धित प्रमाण नासमास हुन नदिन र कसूरदार भाग्न उम्कन नपाओस् भन्नका लागि सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई पक्राउ गरी अनुसन्धान कारबाही अगाडि बढाउन सक्ने देहायको कानूनी व्यवस्था रहेको छ।

- कसूरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसूर गर्दागर्दैको अवस्थामा रहेमा प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्ने,
- मुद्दा हेर्ने अधिकारीको अनुमतिबाट पक्राउ पूर्जी र अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी जारी गर्न सक्ने,
- कुनै कसूर भएका बखत तत्काल प्रहरी उपलब्ध नभएमा त्यँहा उपस्थित भएको वा कसूर भएको देख्ने व्यक्तिले नियन्त्रणमा लिई नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्ने,
- कुनै महिलालाई पक्राउ गर्नुपरेमा भरसक महिला प्रहरीद्वारा पक्राउ गर्नु पर्ने,
- पक्राउ परेको व्यक्तिको शरीर खानतलासी गर्न सकिने,
- पक्राउ सम्बन्धीको अनुसूची -१ मा समावेश भएका मुद्दामा अवलम्बन हुने कानूनी व्यवस्था अनुसूची-२ मा पनि लागू हुने,
- अनुसूची- १ वा अनुसूची-२ अन्तर्गतका कुनै कसूर कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारी वा अधिकारीको उपस्थितिमा वा कुनै सरकारी वकील कार्यालयमा गरेको त्यस्तो व्यक्तिलाई सम्बन्धित प्रहरी कर्मचारी वा कार्यालय प्रमुखले भाग्न उम्कन नदिई निजलाई पक्राउ गर्न सक्ने,
- त्यस्तो व्यक्तिलाई सम्बन्धित प्रहरी कार्यालय वा अनुसन्धान अधिकारी समक्ष बुझाउनु पर्ने र प्रहरी वा अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी जारी गरी स्वीकृतिका लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने,

**कानूनी व्यवस्था:**

- उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुसूची-१ वा अनुसूची – २ अन्तर्गतका कुनै कसूर कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारी वा अधिकारीको उपस्थितिमा वा कुनै सरकारी कार्यालयमा गरेमा त्यस्तो व्यक्तिलाई सम्बन्धित प्रहरी कर्मचारी, अधिकारी वा कार्यालय प्रमुखले भाग्न उम्नक नदिई निजलाई पक्राउ गरी सम्बन्धित प्रहरी कार्यालय वा अनुसन्धान अधिकारी समक्ष बुझाउनु पर्नेछ। (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ (१६))
- उपदफा (८) र (१६) बमोजिम पक्राउ गरी ल्याएको व्यक्तिलाई सम्बन्धित प्रहरी वा अनुसन्धान अधिकारीले जरूरी पक्राउ पूर्जी दिई उपदफा (६) बमोजिम स्वीकृतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ। (ऐजन उपदफा (१७)

नोटः यस सन्दर्भमा अनुसूची १ का मुद्दामा लागू हुने कार्यविधि समान रूपमा अनुसूची-२ का मुद्दामा पनि लागू हुने। साथै सम्बन्धित ऐनमा प पक्राउको कार्यविधिका सम्बन्धमा लेखिएकोमा सोही अनुसार हुनेछ।

## ४. मुद्दाको प्रारम्भिक प्रतिवेदन र निर्देशन

प्रारम्भिक अनुसन्धान प्रतिवेदन वारदात तथ्यका सम्बन्धमा प्रारम्भिक तहकिकातको कार्यको सरकारी वकील समक्ष पेश हुने प्रतिवेदन र अनुसन्धान अधिकृतको समग्र अनुसन्धान योजना हो। यसबाट वारदात तथ्य प्रारम्भिकरूपमा पुष्टि (Primefacie) हुन्छ भने थप र विस्तृत अनुसन्धानको आवश्यकता वोध हुन्छ। यसको प्राप्तिपछि सरकारी वकीलबाट आवश्यकता अनुसार अनुसन्धानका विभिन्न पक्षहरूमा अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकृतलाई निर्देशन दिनुपर्छ। अनुसूची-२ का मुद्दामा प्रारम्भिक प्रतिवेदन र निर्देशन सम्बन्धीको कानूनी व्यवस्था निम्न रहेको छ।

- अनुसूची-२ मा उल्लिखित कुनै कसूरको जाहेरी दरखास्त वा सूचना दर्ता हुना साथ त्यस्तो कसूरको अनुसन्धान गर्न तोकिएका अनुसन्धान अधिकारीले तुरुन्त प्रारम्भिक अनुसन्धान गर्नु पर्ने।

- प्रारम्भिक अनुसन्धान गरेपछि त्यस्तो अनुसन्धान अधिकारीले सोको प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालयमा तीन दिन भित्र पठाउनु पर्ने,
- प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले त्यसको अध्ययन गरी कसूरसँग सम्बन्धित कुनै विषयमा थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनुपर्ने देखिएमा त्यसको कारण खुलाई आवश्यक निर्देशन दिन सक्ने,

यस सम्बन्धी विस्तृतमा परिच्छेद २ , प्रकरण २.१ मा उल्लेख गरिएको छ ।

**सर्वोच्च अदालतको आदेश/फैसला**

- कुनै अपराधको तहकिकात सुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउनुपर्ने र त्यस्तो प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले तहकिकातको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिनसक्ने । — नेपाल सरकार वि. धौलादेवी विष्ट नेकाप २०६८ अंक ८ निनं. ८६६८
- अपराध अनुसन्धानमा सरकारी वकीलको निर्देशनबाट अनुसन्धानको क्रममा अनुसन्धान अधिकृत समक्ष आइपरेका कानूनी तथा प्रक्रियागत बाधा अड्चनलाई फुकाई अनुसन्धानलाई विधि र प्रक्रिया अनुसार सम्पन्न गराई अपराधीलाई कानून बमोजिम दण्ड र पीडितलाई न्याय दिलाउने र कानूनी शासनको सिद्धान्तलाई व्यवहारिक रूपमा कार्यान्वयमा ल्याउने नै विधायिकी मनसाय देखिने । — नेकाप २०७२ अंक ३ निनं. ९३६७
- अनुसन्धान तहकिकातको काम कारवाही नियमानुसार अगाडि वढाउन प्रहरी कर्मचारी समेतलाई सरकारी वकील कार्यालयले आवश्यक निर्देशन दिनुपर्ने कानूनी कर्तव्य भएकोमा सरकारी वकीलको कार्यालयबाट त्यस्तो कानूनी कर्तव्य पुरा हुन नसकेको अवस्थामा कानूनमा व्यवस्था भएको कर्तव्य पालन गराउन सरकारी वकीलको कार्यालयलाई परमादेशको आदेश जारी हुन सक्ने । — नेकाप २०६३ अंक ७ निनं. ७७३१

भ्रमपूर्ण, झुट्टा वा काल्पनिक सूचना तामेलीमा राख्ने, अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने, हिरासतमा राख्न सकिने, सोको अवधि र तत्सम्बन्धी कार्यविधि, हिरासतमा रहेका व्यक्तिलाई अनुसन्धान अधिकारीले छाड्न सक्ने, खानतलासी गर्न सकिने, अभियुक्तको बयान र यसमा सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा, अनुसन्धानको सम्बन्धमा राय सल्लाह र थप निर्देशन, अनुसन्धान प्रतिवेदनको प्राप्ति र सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा लगायतका विषयहरूमा अनुसूची १ का कसूरको अनुसन्धानमा अवलम्बन गरिने प्रक्रियागत व्यवस्था विषयगत ऐनहरूले छुट्टै व्यवस्था गरेकोमा बाहेक अनुसूची -२ का मुद्दामा समेत समान रूपमा लागू हुन्छ ।

**सर्वोच्च अदालतका फैसला/आदेश**

- कानूनी उचित प्रक्रिया अवलम्बन र न्यायिक मनको समेत प्रयोग नगरी कानून विपरीत निर्णय नभएको अवस्थामा गैरकानूनी थुनाबाट मुक्त हुने । — नेकाप २०६६ अंक १ निनं. ८०५५
- अपराधको अनुसन्धान र अभियोजनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताबाट कमी कमजोरी लापरवाही, गल्ती, बद्नियत आदि हुन नहुने । यदि हुन्छ भने सरकारले त्यसको जिम्मा लिनपर्ने । — नेकाप २०६७ अखम ११ निनं. ८५०७

  हाम्रो प्रणालीमा पीडितले आफै मुद्दा चलाउन सक्दैन । पीडित राज्यबाट व्यवस्थित अपराध अनुसन्धान प्रहरी र सरकारी वकीलमा भर पर्नुपर्ने हुन्छ । पीडितले आफू पीडित भएको व्यहोराको आफूमा भएको प्रमाणसहित प्रहरीमा उजूर गर्दा प्रहरी र सरकारी वकीलले मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडित न्याय पाउने मौलिक हकबाट वञ्चित हुने हुँदा संविधानले नै न्यायिक पुनरावलोकन गर्न पाउने अधिकारलाई Exclude वा Limit गर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्था, मान्य सिद्धान्त अनुसार Political question समावेश भएको विषय वा विधायिकाको आन्तरिक कार्य व्यवस्थापनको विषय र अन्तिम भएका विषयहरूमा Writ against Judiciary हुन नसक्ने मान्य सिद्धान्तको अवस्थामा बाहेक अन्य अवस्था र विषयमा मान्य सिद्धान्तमा रहेर कार्यपालिकातर्फका प्रत्येक

अधिकारीले गरेको निर्णयको न्यायिक पुनरावलोकन गर्न सक्ने।

- अभियोजन गर्ने सरकारी वकीलको अन्तिम जिम्मेवारी हुने भएपनि संविधान र कानून बमोजिम गर्नुपर्ने अभियोजन नगरेको, भेदभावपूर्ण व्यवहार गरी न्यायको स्वच्छताको उल्लंघन भएको वा दण्डहीनताको पक्षपोषण भएको, अभियोजन सम्बन्धी अधिकारको सदुपयोग नभएको र निर्णय गर्ने अधिकारीले गरेको निर्णय प्रवृत्त भावनाबाट गरेको हो, होइन भनी न्यायिक पुनरावलोकनको रोहमा अभियोजन सम्बन्धी निर्णय उपर नै प्रश्न उठेमा अदालतले त्यसको पुनरावलोकन हुनै नसक्ने भन्न संविधानले अङ्गिकार गरेको न्यायिक पुनरावलोकनको सिद्धान्तले नमिल्ने। नेकाप २०७५ अंक १० निनं. १०११४
- प्रचलित दुईवटा कानूनले अपराध घोषित गरी फरक फरक सजायको व्यवस्था गरेको अवस्थामा कुन कानून अन्तर्गत उपचार माग्ने भन्ने कुरा वादी पक्षको स्वविवेक र अभियोक्ताको व्यावसायिक स्वतन्त्रतासँग सम्बन्धित विषय बन्न जान्छ। त्यस्तो दुईवटा समानान्तर कानूनी बाटो रहेको अवस्थामा वादीलाई यो बाटो आउनु पर्थ्यो भन्न अदालतले नमिल्ने नेकाप २०७६ अंक ४ निनं. १०२४४

## ५. मुद्दा चल्ने वा नचल्ने निर्णय, अभियोजन र सरकारी वकीलको भूमिका:

### मुद्दा चल्ने नचल्ने निर्णय र मुद्दा दर्ता:

अनुसन्धानको कार्य सम्पन्न भई प्राप्त अभियोजनको निर्णयका लागि मिसिल सहित प्राप्त भएका अनुसूची-२ मा अन्तर्गतका कसूरमा अभियोजनको निर्णय प्रक्रिया अनुसूची- १ मा अन्तर्गतका कसूरमा जस्तै सरकारी वकीलले गर्दछ। अभियोजनको निर्णय हुँदा मुद्दा चलाउने गरी निर्णय भएकोमा विशेष ऐनमा अभियोगपत्र दायर गर्ने वा मुद्दा चलाउने अधिकारी अलगै तोकिएकोमा सोही अधिकारीबाट सम्बन्धित अदालत वा न्यायिक निकायमा अभियोगपत्र दायर गरिन्छ। यदि विशेष ऐनमा त्यस्तो अधिकारी नतोकिएकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३ को उपदफा (३) को खण्ड (ग) र (घ) बमोजिम सम्बन्धित कार्यालय प्रमुखले सम्बन्धित अदालत वा न्यायिक निकायमा अभियोगपत्र दायर गर्ने कानूनी व्यवस्था रहेको छ। यस सम्बन्धमा सरकारी वकीलले देहायका विषयमा विचार गर्नु पर्दछः

- कुनै कसूरमा मुद्दा चलाउने सम्बन्धमा छुट्टै ऐनमा कुनै अधिकारी तोकिएको भए त्यस्तो अधिकारीबाट र नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले अभियोगपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल पेश गर्नु पर्ने,
- सरकारी वकीलले मुद्दा चल्ने नचल्ने निर्णय गरी मुद्दा चल्ने निर्णय भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग सजाय र अभियोगपत्रमा लिनु पर्ने दाबीसमेत उल्लेख गरी मुद्दा दायर गर्ने म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्ने,
- मुद्दा चलाउने निर्णय प्राप्त भएपछि सोही अनुरूपको अभियोगपत्र तयार गरी थुनुवा भए थुनुवा समेत लगी म्यादभित्रै सम्बन्धित अदालत समक्ष मुद्दा दायर गरी मिसिलको एक प्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनु पर्ने,
- तोकिएको अधिकारी वा कार्यालय प्रमुखले अभियोगपत्र दायर गर्नुका अतिरिक्त देहायको काम गर्ने सक्ने;
  - ✓ अभियुक्तलाई सजाय कम गर्ने सम्बन्धी माग दाबी लिई अभियोगपत्र दायर गर्न र अन्यथा गरेको छुट सजाय रद्द गर्न मागदाबी लिई सम्बन्धित अदालतमा निवेदन दिने,
  - ✓ सरकारी वकीलको राय लिई थप दाबी सहित मुद्दा दायर गर्न,
  - ✓ सरकारी वकीलको राय लिई त्रुटि सच्याउनका लागि अदालतमा निवेदन दिन,
- सानातिना मुद्दामा सरकारी वकीलको निर्णय उपर चित्त नबुझ्ने पीडित पक्षले आफ्नो पक्षबाट मुद्दा दायर गर्न सक्ने,
- कुनै कसूरबाट पुग्न गएको क्षतिपूर्तिको दाबी भने पीडित पक्ष, हकवाला, सम्बन्धित ओहोदा वा हैसियतमा रहेको व्यक्ति, हकवाला वा संरक्षक, संचालक,सदस्य प्रशासक वा प्रमुख कार्यकारी अधिकृतले ६० दिनभित्र उजुरी दिन सक्ने,
- कार्यविधि संहिताको दफा ३२ बमोजिम खुलाउनु पर्ने विवरणहरु खुलाई अनुसूची–२० को ढाँचामा अभियोगपत्र दायर गर्ने,

**कानूनी व्यवस्था**

- कुनै कसूरमा मुद्दा चलाउने सम्बन्धमा छुट्टै ऐनमा कुनै अधिकारी तोकिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालय प्रमुखले सबुत प्रमाण साथ अभियोगपत्र दायर गर्न म्याद ननाघ्ने गरी आफ्नो रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल पेश गर्नु पर्ने, — फौजदारी कार्यविधि संहिताको दफा ३ को उफदफा (३) खण्ड (क)
- खण्ड (क) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने निर्णय भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दावी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्ने, — ऐजन (ख)
- खण्ड (ख) बमोजिम मुद्दा चलाउने निर्णय प्राप्त भएपछि सोही अनुरूपको अभियोगपत्र तयार गरी थुनुवा भए थुनुवा समेत लगी म्याद भित्रै सम्बन्धित अदालत समक्ष मुद्दा दायर गरी मिसिलको एक प्रति नक्कल सरकारी वकीलले उपलब्ध गराउनु पर्ने, — ऐजन (ग)

**सर्वोच्च अदालतको फैसला/आदेश**

➢ अभियोगपत्र कानूनले तोकिएको समयावधिभित्र वा त्यस्तो समय नतोकिएको अवस्थामा यथासम्भव चाँडो मुद्दा हेर्ने अधिकारी वा निकाय समक्ष प्रस्तुत गर्नु अभियोजन पक्षको प्रमुख दायित्व हुने। — नेकाप २०७५ अंक ७ नि नं. १००४८

थप जानकारीका लागि परिच्छेद दुईको प्रकरण ३ र ४ हेर्नुहोस्।

# परिच्छेद-चार

## सरकार वादी हुने फौजदारी मुद्दाको सुनुवाइ प्रक्रियामा सरकारी वकीलको भूमिका

## यस परिच्छेद भित्र

१. अनुसन्धानको लागि हिरासतमा राख्न गरिने सुनुवाइ
२. फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था
३. अभियुक्तको अदालतमा बयान गराउदा सरकारी वकीलको भूमिका
४. अभियुक्त अदालतमा सावित भएमा फैसला गर्ने
५. थुनछेक सम्बन्धी व्यवस्था
   - अभियुक्तलाई थुनामा राख्ने
   - अभियुक्तसँग धरौट वा जमानत वा बैंक जमानत लिने
   - तारेखमा राख्नु पर्ने
   - थप धरौट, जमानत वा वैंक जमानत माग्न सकिने
   - कारबाहीको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने
   - धरौट वा जमानतको रकम तोक्ने आधार
   - थुनछेक सम्बन्धी अन्य व्यवस्था
   - थुनछेक बहस गर्दा ध्यान दिनुपर्ने कुरा
६. थुनछेकको आदेश वा अन्तरकालीन आदेश उपर निवेदन दिनु पर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया
७. थुनछेक आदेश भई सकेपछि वादी प्रतिवादी बीच छलफल गराउने
८. पक्राउ पूर्जी, समाव्हान र तामेली सम्बन्धी व्यवस्था
   - पक्राउ परेका अभियुक्त अदालतमा उपस्थित गराउनु पर्ने
   - पक्राउ पूर्जी जारी गर्ने कार्यविधि
   - समाह्वान जारी गर्ने कार्यविधि
   - साक्षीको नाममा समाह्वान जारी गर्ने
   - पक्राउ पूर्जीको तामेली
   - विदेशमा रहे बसेका अभियुक्तका नाममा पक्राउ पूर्जी जारी गर्न वा समाव्हान तामेल गर्ने
९. अदालतमा पेश हुने लिखतमा पुऱ्याउनु पर्ने सामान्य रीत
१०. साक्षी तथा प्रमाण परीक्षण
   - प्रमाणको भार
   - साक्षी हुन सक्ने व्यक्ति
   - साक्षी उपस्थिति
   - सरकारी पक्षको साक्षी उपस्थित गराउने प्रक्रिया
   - साक्षी उपस्थित गराउँदा सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा
   - साक्षी प्रति सरकारी वकीलको व्यबहार
   - साक्षी परीक्षण
   - बकपत्र
   - साक्षी बकाउँदाको कार्यविधि (सोधपुछ र जिरह)
   - साक्षीको व्यवहार, मुखाकृति इत्यादि टिपोट गर्ने
   - बन्दसवाल
   - श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सकिने
   - एक पटक बुझिसकेको साक्षी फेरी बुझ्न नहुने
   - साक्षी उपस्थित नभएमा र नबुझी नहुने साक्षीका सम्बन्धमा अवलम्बन गर्नु पर्ने प्रक्रिया
११. साक्षीको संरक्षण तथा सुरक्षा
१२. साक्षीलाई प्रतिकूल हुनबाट रोक्न ध्यान दिनुपर्ने विषय
१३. सह-अभियुक्तको पोल
१४. विशेषज्ञको परीक्षण
१५. लिखत प्रमाणको परीक्षण
१६. दशी प्रमाणको परीक्षण
१७. अभियोगपत्र दायर भए पछि प्राप्त हुन आउने प्रमाणहरूको प्रस्तुति र परीक्षण
१८. अपराध पीडितको फौजदारी न्याय सम्बन्धी हक

## सरकार वादी हुने फौजदारी मुद्दाको सुनुवाइ प्रक्रियामा सरकारी वकीलको भूमिका:

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र अन्य प्रचलित कानूनले गरेको व्यवस्था अनुसार नेपाल सरकार वादी हुने वा नेपाल सरकारको सरोकार पर्ने वा सार्वजनिक हितसँग सम्बन्धित मुद्दाहरूको अभियोजन पश्चात् न्यायिक प्रक्रिया अन्तर्गत कुनै पनि अड्डा अदालतले अवलम्बन गर्ने कार्यविधिमा सरकारी वकील प्रत्यक्ष रूपमा संलग्न रहनु पर्ने कानूनी व्यवस्था रहेको छ। सरकार वादी हुने फौजदारी मुद्दाको सुनुवाइ प्रक्रियामा सरकारी वकीलको निम्न अनुसारको भूमिका रहेको छ।

### १. अनुसन्धानको लागि हिरासतमा राख्न गरिने सुनुवाइ

कुनै व्यक्तिको विरुद्ध जाहेरी परी अनुसन्धान कार्य सुरु भई शंकित व्यक्ति पक्राउ परेकोमा मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक चौबीस घण्टा भन्दा बढी थुनामा राख्न नमिल्ने र थुनामै राखी अनुसन्धान गर्नु पर्ने कारण नभएको भनी शंकितको तर्फबाट निवेदन परेकोमा सो सम्बन्धमा अदालतले सरकारी पक्ष र शंकित समेतको कानून व्यवसायीको बहस गराउन सक्नेछ। सो बहसमा सहभागी भई शंकितलाई थुनामा राख्न माग गर्नु सरकारी वकीलको एक महत्वपूर्ण काम हो।

#### कानूनी व्यवस्था

- कुनै व्यक्तिलाई कसूरको अनुसन्धानको लागि यस परिच्छेद बमोजिम पक्राउ गरेपछि चौबीस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ। — कार्यविधि संहिताको दफा १४ (१) (२)
- सो को विपरीत हुने गरी कसैलाई हिरासतमा राख्न सकिने छैन।
- अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई बमोजिम हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचार गरी सन्तोषजनक रूपमा भइरहेको देखिएमा र आवश्यक देखिए सम्बन्धित कानून व्यवसायीको बहस समेत सुनी एकै पटक वा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्नेछ। — ऐजन उपदफा (६)

#### १.१ अभियोगपत्र उपलब्ध गराउनु पर्ने

- सरकारी वकिलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने गरी निर्णय गरेकोमा त्यस्तो निर्णयको प्रतिलिपि र मुद्दा चल्ने निर्णय भएकोमा अभियोगपत्रको प्रतिलिपी सम्बन्धित अनुसन्धान अधिकारी र अभियुक्तलाई दिनु पर्नेछ। — कार्यविधि संहिताको दफा ४० (१)

#### १.२ अभियोगपत्र उपलब्ध गराउनु पर्ने

- कुनै अभियोगपत्र वा उजुरीको व्यहोराबाट त्यस्तो उजुरी सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने आफ्नो अधिकार क्षेत्र नभएको वा रीत नपुऱ्याई दर्ता गर्न ल्याएको देखिएमा अदालतले सोही कुरा उल्लेख गरी त्यस्तो अभियोगपत्र वा उजुरी दरपीठ गरी दिनु पर्नेछ। — कार्यविधि संहिताको दफा ५०
- अधिकार क्षेत्र नभएको कारणले उपदफा (१) बमोजिम दरपीठ भएको उजुरीको विषयमा मुद्दा गर्नु पर्ने अन्तिम हदम्याद दरपीठ भएको दिनसम्म रहेछ भने प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो उजुरी गर्ने व्यक्तिले सो दिनबाट बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र दर्ता गर्न ल्याएमा अधिकार क्षेत्र भएको अदालतले कानून बमोजिम दर्ता गरिदिनु पर्नेछ।

#### १.३ अधिकारक्षेत्र र हदम्याद सम्बन्धमा निर्णय गर्नु पर्ने

- यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दाका सम्बन्धमा अभियुक्तले बयान गर्दा वा प्रतिवादीले प्रतिउत्तर पत्र पेश गर्दा अदालतको अधिकार क्षेत्र नभएको, वादीलाई मुद्दा दायर गर्ने हकदैया नभएको वा हदम्याद नभएको भन्ने प्रश्न उठाएमा अदालतले पहिले त्यस्तो प्रश्नका सम्बन्धमा निर्णय गरेर मात्र त्यस्तो मुद्दाको अन्य कारबाही अगाडि बढाउनु पर्नेछ र आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने देखिएमा अधिकार क्षेत्र भएको अदालतमा पठाउन आदेश दिनु पर्नेछ। — कार्यविधि संहिताको दफा ५१

- उपदफा (१) बमोजिम भएको निर्णय उपर त्यस्तो निर्णय भएको मितिले तीस दिनभित्र पुनरावेदन सुन्ने अदालतमा उजुर गर्न सकिनेछ।
- (३) उपदफा (१) वा (२) बमोजिम निरुपण भएको प्रश्न पुनरावेदन सुन्ने अदालतमा पुनः उठाउन सकिने छैन।

**सर्वोच्च अदालतको फैसला / आदेश**

- केवल अनुसन्धान गर्नको लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरूद्ध हुने जस्तो कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिँदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानूनी बाध्यता भएको स्थितिमा बन्दीलाई थुनामा नै राखी अनुसन्धान तहकिकात गर्नुपर्ने कुनै कारण खुलाएको नदेखिएकोले थुनामा राख्ने कुराका सम्बन्धमा भएको सो आदेश वेरितको देखिन गएको। तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउनु पर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएको समेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनु पर्ने। अनुसन्धानको लागि पक्राउ परेका व्यक्तिलाई थुनामा नराखी तहकिकात हुन नसक्ने वा बाधा पर्ने स्थिति वा तहकिकातको लागि थुनामै राख्नु पर्ने अवस्था स्पष्ट उल्लेख गरी प्रहरी कर्मचारीले अनुमति माग गर्नु पर्ने र त्यसरी दर्शाइएको अवस्थामा निजबाट भैराखेको अनुसन्धान तहकिकात सन्तोषजनक छ, छैन विचार गरेर मात्र थुनामा राखी तहकिकात गर्ने अनुमति दिनु पर्ने।

मुक्तिनारायण प्रधानको हकमा उपेन्द्रकुमार प्रधान वि. गृह मन्त्रालय समेत, स.अ.बु. २०५४, पूर्णांक १९९, पृ. १४।

- तहकिकातको लागि थुनामा राख्न चाहने प्रहरी कर्मचारीले सोको कारण खुलाउन पर्ने र निजबाट गरिएको तहकिकात सन्तोषजनक भए नभएको समेत अनुमति दिने अधिकारीले हेरी थुनामा राखी तहकिकात गर्ने गरी अनुमति दिएमा आफ्नो पर्चामा पनि कारण खुलाउनु पर्ने देखिन आउँछ। ... केवल अनुसन्धान गर्नका लागि मात्र थुनामा राख्न पाउने नभई थुनामा नराख्ने हो भने अनुसन्धान नै अवरूद्ध हुने जस्ता कुनै कारण वा अवस्था आफ्नो पर्चामा वा अनुमति दिँदाको आदेशमा सम्बन्धित अधिकारीले खुलाउनु पर्ने कानूनी बाध्यता देखिन आउँछ।

केशव भन्ने शेर बहादुरको हकमा माया पाठक विरुद्ध गृह मन्त्रालय समेत, नेकाप, २०५३, नि.नं. ६१८२

**२. फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था**

- पक्राउ पूर्जी जारी भई फेला पर्न नसकी पक्राउ हुन नसकेको वा फरार रही अदालतमा उपस्थित नहुने व्यक्तिका हकमा पक्राउ पूर्जी जारी भएको पैंतीस दिनको भोलिपल्ट देखि निज अदालतमा उपस्थित नभएसम्म देहायका कुरामा देहाय बमोजिम हुनेछः।
- त्यस्तो व्यक्ति नेपाल सरकार, संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था, स्थानीय निकाय, शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भए निज आफनो पदबाट स्वतः निलम्बन भएको मानिनेछ,
  - ✓ त्यस्तो व्यक्तिको सम्पत्ति दफा ५८ को उपदफा (१५) बमोजिम रोक्का भएको रहेनछ भने निजको नाममा रहेको अचल सम्पत्ति सोही उपदफा बमोजिम रोक्का राखिनेछ,
  - ✓ त्यस्तो व्यक्तिको नाममा वा एकल स्वामित्वमा रहेको उद्योग, व्यापार वा व्यवसाय वा आयकर दर्ता सम्बन्धी फर्म, उद्योग, इजाजत पत्र इत्यादि नवीकरण गर्नु पर्ने भएमा नवीकरण गर्ने कार्य स्वतः मुलतवी रहनेछ रत्यस्तो व्यक्तिको नाममा रहेको धितोपत्रको कारोबार स्वतः रोक्का हुनेछ, ,
  - ✓ त्यस्तो व्यक्तिले कानून बमोजिम प्राप्त गर्न सक्ने तलव, भत्ता, उपदान, निवृत्तिभरण जस्ता सुविधाहरू

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६५

स्वतः रोक्का रहेको मानिनेछ,

- ✓ त्यस्तो व्यक्तिले प्रचलित कानून बमोजिम पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपी अधिकार जस्ता बौद्धिक सम्पत्तिबाट प्राप्त गर्ने रोयल्टी लाभ वा सुविधा स्वतः रोक्का रहेको मानिनेछ,
- ✓ त्यस्तो व्यक्तिको नाममा बैंक खाता रहेको जानकारी भए त्यस्तो खाताको संचालन रोक्का राख्न लेखि आएमा स्वतः रोक्का भएको मानिनेछ,
- ✓ त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गाधनी प्रमाणपूर्जा आदि प्राप्त गर्नबाट रोक लगाइएको मानिनेछ,
- ✓ त्यस्तो व्यक्ति नेपाल बाहिर रहे बसेको जानकारी प्राप्त हुन आएमा वा नेपाल सरकार पक्ष रहेको सन्धि वा प्रचलित कानून बमोजिम सपुर्दगी गर्न सकिने अवस्था रहेछ भने सो सम्बन्धी कारबाही र त्यस्तो अवस्था नभएमा कसूरको गंभीरता हेरी निजलाई पक्राउ गर्न कूटनैतिक माध्यम मार्फत सम्बन्धित मुलुक वा सम्वद्ध अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्न सकिनेछ।

- यो व्यवस्थालाई प्रभावकारी बनाउन अदालतले सम्बन्धित अधिकारी वा निकायलाई सोको सूचना दिनु पर्नेछ।

## ३. अभियुक्तको अदालतमा बयान गराउँदा सरकारी वकीलको भूमिका

सरकार वादी फौजदारी मुद्दा दायर गरे पछि उपस्थित गराइएका अभियुक्तको बयान तत्कालै न्यायकर्ताको रोहवरमा बयान गराउनु पर्ने कानूनी व्यवस्था रहेको हुँदा सो अवस्थामा सरकारी वकील उपस्थित हुनु पर्दछ। अदालत समक्षको अभियुक्तको बयान गराउने कार्य पूरा भए पछि निजले कसूर स्वीकार गरेमा तत्काललै फैसला गर्न सकिने तथा कसूरमा इन्कार रहेमा मुद्दाका दुवै पक्षहरूद्वारा थुनछेकको बहस गर्नु पर्ने हुनाले सो प्रयोजनका लागि सरकारी वकील उपस्थित हुँदा निजले आफूलाई मुद्दाको आगाडिको प्रक्रिया बारे स्पष्ट हुन र थुनछेकको बहसका लागि पूर्व तयारी हुन यसले मद्दत पुऱ्याउँदछ।

### कानूनी व्यवस्था

- यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरका सम्बन्धमा यस परिच्छेद बमोजिम अदालतमा मुद्दा दायर भएपछि अदालतले त्यस्तो मुद्दाको कारबाही प्रारम्भ गर्नु पर्नेछ। (कार्यविधि संहिताको दफा ५२ (१))

### अभियुक्तलाई अभियोग सुनाउने

- अभियुक्त अदालतमा उपस्थित भएपछि अदालतले अभियुक्त उपर लगाइएको अभियोग, तत्सम्बन्धी तथ्य सहितको विवरण र अभियोग प्रमाणित गर्न उजुरवालाले पेश गरेको प्रमाण तथा अभियोग प्रमाणित भएमा हुन सक्ने सजाय स्पष्ट रुपमा सम्झाई बुझाई अभियोगपत्रमा लिएको माग दावी पढेर सुनाउनु पर्नेछ। (कार्यविधि संहिताको दफा १२१)
- सो बमोजिम अभियोग तथा सो अभियोगमा हुन सक्ने सजायका सम्बन्धमा सम्झाउँदा र बुझाउँदा कुन आरोप कुनकुन सबुद, प्रमाण वा लिखतमा आधारित छ त्यस्तो अभियोगमा हुन सक्ने सजाय समेत खुलाई अभियुक्तले त्यस्ता सबुद, प्रमाण वा लिखत हेर्न वा त्यसको प्रतिलिपि लिन चाहेमा निजलाई त्यसको मौका दिनु पर्नेछ।

### अभियुक्तको बयान गराउनु पर्ने

- अभियुक्तलाई दफा १२१ बमोजिम अभियोग तथा त्यस्तो अभियोगमा हुन सक्ने सजाय सुनाई सकेपछि अदालतले त्यस्तो अभियोग उपर निजको के भनाई छ सोधी निजको बयान अभिलेख गर्नु पर्नेछ। (कार्यविधि संहिताको दफा १२२)
- अदालतमा उपस्थित भई सकेको अभियुक्तसँग बयान लिनु अगाडि नै निजले कुनै कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा निजलाई त्यसको मौका दिनु पर्नेछ।
- उपदफा (१) बमोजिम बयान अभिलेख गर्नु भन्दा अगाडि नै अदालतले अभियुक्तलाई निजले आफ्नो विरुद्ध बयान दिन कर नलाग्ने कुरा जानकारी गराई निजले दिएको बयान निजको विरुद्ध प्रमाण लाग्न सक्छ

भनी जानकारी गराउनु पर्नेछ।

- उपदफा (३) बमोजिमको व्यहोरा जानकारी गराउँदा सरकारी वकिलबाट निज विरुद्धको सजायमा छुट हुन प्रस्ताव गरिएको रहेछ भने त्यस्तो कुरा र त्यस सम्बन्धी प्रचलित कानूनको व्यवस्था समेत जानकारी गराउनु पर्नेछ।
- यस दफा बमोजिम अभियुक्तको बयान अभिलेख गर्दा प्रत्येक प्रश्न र त्यसको जवाफ दुवै लेखबद्ध गर्नु पर्नेछ र श्रव्य–दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत बयान लिएको भए त्यसको अभिलेख समेत राख्नु पर्नेछ।
- उपदफा (५) बमोजिमको बयान अभिलेख भै सकेपछि त्यस्तो अभिलेखमा अभियुक्तको सहीछाप गराई न्यायाधीशले पनि आफ्नो सहीछाप गर्नु पर्नेछ।
  तर श्रव्य–दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत बयान लिएकोमा न्यायाधीशले त्यस्तो कुरा प्रमाणित गरी राख्नु पर्नेछ।
- यस दफा बमोजिम बयान गराउँदा अभियुक्तसँग बुझनु पर्ने कुनै कुरा छुट हुन गएमा अदालतले त्यस्तो अभियुक्तलाई उपस्थित गराउन लगाई निजसँग छुट कुराको ततिम्बा बयान लिन सक्नेछ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची–४ अन्तर्गतको कसूर सम्बन्धी मुद्दामा प्रतिवादी रहेको व्यक्तिले अदालतबाट जारी भएको म्याद भित्र अनुसूची–४२ बमोजिमको ढाँचामा प्रतिउत्तर पत्र दाखिला गर्नु पर्नेछ।

मुद्दा हेर्ने निकाय समक्ष बयान गर्ने अभियुक्त वा प्रतिवादीको बयानको कार्य समाप्त भएपछि संभव भएसम्म निजले गरेको बयानको प्रतिलिपि सरकारी वकीलले तत्कालै प्राप्त गर्नु पर्दछ।

**४. अभियुक्त अदालतमा सावित भएमा फैसला गर्ने:**

- कुनै अभियुक्तले निज उपर लागेको कसूरको आरोप स्वीकार गरी अदालतमा सावितकी बयान गरेमा अदालतले सो बयानको सत्यता र विश्वसनीयतालाई समेत विचार गरी उसै बखत फैसला गर्न सक्नेछ।
  तर, –
  - ✓ अभियुक्तले त्यस्तो सावितकी बयान गरे तापनि मिसिल संलग्न प्रमाण, कसूर गर्दाको परिस्थिति वा अन्य कुनै कुराले निजको सावितकी साचो होइन भन्ने विश्वास हुने कुनै कारण भएमा अदालतले यस दफा बमोजिम मुद्दा फैसला नगरी कारण सहितको आदेश पर्चा खडा गरी मुद्दामा थप प्रमाण बुझन आदेश दिनु पर्नेछ,
  - ✓ आरोपित कसूरमा सावितकी भएको अभियुक्तले सजायमा छुट वा कमी हुनु पर्ने जिकीर लिएमा सो सम्बन्धी सबै कुरा खुलाई निजको बयान लिई तत् सम्बन्धी प्रमाण बुझ्नु पर्छ।

फौजदारी कार्यविधि संहिताको दफा १२३

**५. थुनछेक सम्बन्धी व्यवस्था:**

मुद्दा हेर्ने अधिकारी समक्ष अभियुक्तको बयान कार्य सम्पन्न भईसकेपछि तत्काल फैसला हुन नसकेका मुद्दका अभियुक्तलाई थुनामा राखी मुद्दाको सुनुवाइ गर्ने वा धरौट वा तारिखमा राखी मुद्दाको सुनुवाइ गर्ने भन्ने विषयमा दुवै पक्षको तर्फबाट बहस पैरवी भै मुद्दा हेर्ने अधिकारीले तत्काल प्राप्त प्रमाण एवं कानूनी आधारमा आदेश गर्ने गर्दछन।

सबै फौजदारी मुद्दाका प्रतिवादीहरूलाई थुनामै राखी कारवाही गर्नु पर्दछ भन्ने व्यवस्था छैन। प्रचलित कानूनले तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने मुद्दाका प्रतिवादीहरूलाई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा सामान्यतया थुनामा राखी कारबाही गर्नु पर्दछ भन्ने व्यवस्था रहेको छ।

**अभियुक्तलाई थुनामा राख्ने:**

- देहायको कुनै कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा

फौजदारी

कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्नेछः-

(क) जन्म कैदको सजाय हुन सक्ने कसूर,

(ख) तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची –१ वा अनुसूची–२ अन्तर्गतका कसूर,

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूर।

- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम कैदको सजाय हुन सक्ने अभियुक्तलाई देहायको अवस्थामा अदालतले पुर्पक्षको लागि थुनामा राख्न सक्नेछः–

(क) अभियुक्तले आफू उपर लगाइएको अभियोग अदालत समक्ष स्वीकार गरेकोमा,

(ख) एक वर्ष वा सो भन्दा बढी सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी वसोवास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने संभावना नरहेकोमा,

(ग) पक्राउ पूर्जी बमोजिम अभियुक्त पक्राउ भई आएको र निजले अदालतमा उपस्थित हुन नआएको कुनै सन्तोषजनक कारण देखाउन नसकेकोमा,

(घ) अभियोग लाग्नु भन्दा तीन वर्ष अघिको अवधि भित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएकोमा।

- उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दश वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक अभियुक्त नाबालक वा शारीरिक वा मानसिक रोग लागि अशक्त भएको वा सात महिना भन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्ष माथिको वृद भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौट वा जमानतमा छोड्न सक्नेछ।

कार्यविधि संहिताको दफा ६७

**अभियुक्तसँग धरौट वा जमानत वा बैंक जमानत लिने:**

- दफा ६७ बमोजिम अन्यथा हुनेमा बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिव आधार भएमा अदालतले निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ ।

  तर बैंक जमानत विना शर्तको र अदालतले तोके बमोजिमको अवधिसम्म अद्याबधिक हुन सक्ने हुनु पर्नेछ।

- उपदफा (१) बमोजिम धरौट, जमानत वा बैंक जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्नेछ।

फौजदारी कार्यविधि संहिताको दफा ६८

**तारेखमा राख्नु पर्ने:**

- दफा ६७ र ६८ को अवस्थामा बाहेक अन्य अवस्थामा अभियुक्त अदालतमा हाजिर भएपछि निजलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ।

ऐजन दफा ६९

**थप धरौट, जमानत वा वैंक जमानत माग्न सकिने:**

- कुनै अभियुक्तबाट लिएको धरौट, जमानत वा बैंक जमानतको रकम पछि अपर्याप्त भएको देखिन आएमा अदालतले निजसँग थप धरौट, जमानत वा बैंक जमानत माग्न सक्नेछ।
- उपदफा (१) बोजिमको थप धरौट, जमानत वा बैंक जमानत दिन नसकेमा त्यस्तो अभियुक्तलाई अदालतले थुनामा राख्न सक्नेछ।

ऐजन दफा ७०

**कारबाहीको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने:**

ऐजन दफा ७१

- मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्थानुसार दफा ६७ बमोजिम थुनामा राख्न वा दफा ६८ बमोजिम निजसँग धरौट जमानत वा बैंक जमानत माग्न सक्नेछ र शुरुमा अभियुक्तलाई थुनामा नराखेको वा निजसँग धरौट वा जमानत नलिएको कारणले मात्र पछि निजलाई थुनामा राख्न वा निजसँग धरौट, जमानत वा बैंक जमानत माग्न अदालतलाई बाधा परेको मानिने छैन।
- दफा ६७ वा दफा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसूदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिव आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि सो विषयमा सुनुवाइ गरी अदालतले निजलाई थुनाबाट छोड्ने आदेश दिन सक्नेछ।

**धरौट वा जमानतको रकम तोक्ने आधार:**

ऐजन दफा ७२

- यस परिच्छेद बमोजिम लिनु पर्ने धरौट वा जमानतको रकम तोक्दा देहायको कुरा विचार गरी मनासिव किसिमले तोक्नु पर्छः-
  (क) कसूरको प्रकृति र गंभीरता,
  (ख) अभियुक्त वा कसूदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,
  (ग) अभियुक्त वा कसूरदारको उमेर र शारिरीक स्थिति,
  (घ) निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,
  (ङ) निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,
  (च) निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,
  (छ) कसूरबाट सृजित परिणाम,
  (ज) कसूरमा सावितो भए वा नभएको,
  (झ) असहाय वा अशक्त वा गर्भवती वा दुधे नाबालक भएकी महिला वा अन्य अभियुक्त रहेको।
- यस संहिता अन्तर्गत कुनै व्यक्तिसँग मागिएको धरौट, जमानत वा बैंक जमानतको रकम घटी वा बढी भई मनासिव नभएको कारण देखाई मुद्दाको कुनै पक्षले निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले सो विषयमा सुनुवाइ गरी त्यस्तो धरौट, जमानत, बैंक जमानत रकम थप घट गर्ने वा परिवर्तन गर्ने आदेश दिन सक्नेछ।

**थुनछेक सम्बन्धी अन्य व्यवस्था:**

विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ)

- तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्ने।

वन ऐन, २०७६ दफा ६६(१)

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम पक्राउ गरिएको र व्यक्तिलाई एक वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दाको अभियोग लागेको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसूरदार देखिने मनासिव माफीकको आधार देखिएमा त्यस्तो व्यक्तिलाई पुर्पक्षको लागि थुनामा राखी कारवाही गर्नु पर्नेछ।
- उपदफा (१) मा लेखिए देखि बाहेकका अरू व्यक्तिको हकमा निजलाई हुन सक्ने कैद वा जरिवानाको उपल्लो हदसम्मको नगद धरौट वा जेथा जमानी दिए तारिखमा र दिन नसकेमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्दछ।

  तर पटके कसूर गरी छ महिना भन्दा बढी कैद हुने कसूरदारलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्नेछ।

- यस दफा बमोजिम अभियुक्तलाई पुर्पक्षको लागी थुनामा राखी कारवाही गर्दा निजलाई हुन सक्ने सजायको उपल्लो हदभन्दा बढी अवधि थुनामा राख्न पाइने छैन।
- कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसँग धरौटी वा जमानत मागिने छैन।

बालबालिका ऐनको दफा २४

- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा बाल अलादतले कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई कारण खुलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न सक्नेछः-

  (क) बालबालिकाको जीउज्यान जोखिममा पर्ने, निजद्वारा कसैलाई हानि नोक्सानी पुऱ्याउने, त्यस्तो बालबालिका भागी जाने वा अन्य कुनै कारणले अन्यत्र राख्न उपयुक्त नहुने पर्याप्त आधार भएमा,

  (ख) तीन वर्ष वा सो भन्दा बढी कैद सजाय गर्नु पर्ने कसूरजन्य कार्यको अभियोग लागेको बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विस्वास गर्ने मनासिव आधार भएमा।

- उपदफा (२) को अवस्थामा बाहेक कसूरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिनेछ।

  तर, उपदफा (२) बमोजिमको अवस्थाको बालबालिकाको शरीरिक तथा मानसिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधारगृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरू तोकी यस उपदफा बमोजिम निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन बाधा पर्ने छैन।

- उपदफा (३) बमोजिम बालबालिका जिम्मा लगाउँदा जिम्मा लिने व्यक्ति र बालबालिकालाई तोकिएको शर्तहरू र तिनको पालना नगरेमा निजले व्यहोर्नुपर्ने परिणामको वारेमा जानकारी गराउनु पर्नेछ।
- उपदफा (३) बमोजिम कसैको जिम्मा लगाइएका बालबालिकाले बाल अदालतद्वारा तोकिएका शर्तको पालना नगरेमा नुजलाई बाल सुधारगृहमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिनेछ।

## सर्वोच्च अदालतको आदेश/फैसला

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं. बमोजिम थुनामा राखी पुर्पक्ष गर्न नमिल्ने मुद्दामा पनि विशेष अदालत ऐन, २०३१ बमोजिमको अधिकार र कार्यविधि अपनाई हेरिने मुद्दामा प्रतिवादीलाई थुनामा राखी कारवाही गर्न मिल्छ भन्ने पूर्व व्याख्या रहेकोमा विशेष अदालत ऐन २०५९ को कानूनी व्यवस्थाका सन्द्रर्भमा फरक व्याख्या भएको छ। सर्वोच्च अदालतबाट विषेश अदालत ऐन, २०५९ को अधिकार र कार्यविधि अपनाई थुनछेक आदेश गर्दा थुनामै राख्नु पर्छ भन्ने सन्दर्भमा र बालबालिकालाई मुद्दा पुर्पक्षको लागि बालसुधार गृहमा राख्ने वा अभिभावकको जिम्मा लगाउने सम्बन्धमा प्रतिपादित सिद्धान्तका दृष्टान्त उल्लेख गरिएको छः

- लागू औषध मुद्दामा विशेष अदालत ऐन, २०५९ को कार्यविधि अपनाउन पर्नेछ" भन्ने व्यवस्था रहेको, र "अधिकार" शब्द उल्लेख नभएको हुँदा रविन्द्र श्रेष्ठको विवादमा यस अदालतबाट भएको व्याख्या र प्रतिपादित सिद्दान्त यस विवादका सन्दर्भमा पनि आकर्षित हुने देखिन्छ। यसरी हेर्दा जिल्ला अदालतमा चलेको राजश्व चुहावट सम्बन्धी मुद्दामा विशेष अदालत ऐन, २०५९ को दफा ७ बमोजिमको अधिकार प्रयोग गर्न मिल्ने देखिँदैन, केवल "कार्यविधि" प्रयोग गर्नु पर्ने हुन्छ। यस प्रकारका मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा रहेको थुनछेक सम्बन्धी प्रावधान नै आकर्षित हुने देखियो।

  मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लेख भएको थुनछक, धरौटी सम्बन्धी व्यवस्थातर्फ

सुविन श्रेष्ठ वि. उच्च अदालत पाटन समेत ०७६-WH-०३०६ आदेश मिति २०७७।३।३०

दृष्टि दिनु सान्दर्भिक हुन आएको छ । रिट निवेदक सुविन श्रेष्ठ उपर राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ बमोजिम सजायको मागदाबी लिई अभियोगपत्र दायर भएको तथ्यमा विवाद छैन । यसको तात्पर्य निवेदक उपर अधिकतम तीन वर्षसम्म कैदको सजाय हुने कसूरको अभियोगमा मुद्दा चलेको पाइयो । निज सुविन श्रेष्ठलाई पूर्पक्षका लागि - थुनामा राख्ने आदेश गर्दा जिल्ला अदालत तथा उच्च अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१)(ख) मा रहेको प्रावधान उल्लेख गरेको देखियो । उक्त दफामा तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची-१-वा अनुसूची-२ अन्तर्गतका कसूरको अभियोग लागेको अभियुक्त तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नेछ भनी उल्लेख भएको देखिन्छ । यो प्रावधान अनुसार पुर्पक्षका लागि थुनामा राख्नका लागि तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने अनसूची -१ वा अनुसूची -२ अन्तर्गतका - कसूरको अभियोग लागेको हुन पर्दछ । "तीन वर्षभन्दा बढी कैदको सजाय हुन सक्ने" भन्नुको तात्पर्य तीन वर्ष मात्र भनिएको अवश्य नै होइन, यसलाई "तीन वर्ष एक दिन वा सोभन्दा बढी अवधिसम्म कैद सजाय हुन सक्ने" अभियोग लागेको भन्ने अर्थमा बुझिनु पर्दछ । "तीन वर्षसम्म" भन्नु र "तीन वर्षभन्दा बढी भन्नु एउटै वा उस्तै कुरा होइनन्, यसको अर्थ वा तात्पर्य स्वाभाविक रूपमा नै फरक देखिन्छ । निवेदक सुविन श्रेष्ठ उपर "तीन वर्षसम्म कैद सजाय हुन सक्ने कसूरको अभियोग लगाइएको देखिन्छ। तसर्थ "तीन वर्षभन्दा बढी कैदको सजाय" हुन सक्ने कसूरको अभियोग लगाइएको अवस्थाका लागि आकर्षित हुने कानूनी प्रावधानका आधारमा पुर्पक्षका लागि थुनामा राख्न मिल्ने देखिएन। यसका अतिरिक्त मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (२) को देहाय (क), (ख), (ग) र (घ) बमोजिमको अवस्था विधमान रहेको भए निजलाई मुद्दामा पुर्पक्षका लागि थुनामा राख्न सकिने हुन्थ्यो । तर निज सुविन श्रेष्ठको हकमा सो दफा ६७(२) बमोजिमको कुनै पनि अवस्था छ भन्ने जिकिर प्रस्तुत हुन आएको देखिँदैन । उल्लिखित संहिताको दफा ६७ को उपदफा (१) वा उपदफा (२) बमोजिम हुनेमा बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिव आधार भएमा सोही संहिताको दफा ६८ बमोजिम अदालतले निजसँग धरौट, जमानत वा वैङ्क जमानत माग्न सक्ने हुन्छ । यसरी मागिएको धरौट, जमानत वा वैङ्क जमानत नदिने अभियुक्तलाई भने थुनामा राख्न सकिन्छ । सो बमोजिम आदेश गरिएको नदेखिएको हुँदा निज निवेदक सुविन श्रेष्ठलाई पूर्पक्षका लागि थुनामा राख्ने गरी काठमाण्डौं जिल्ला अदालतले मिति २०७६/७/२२ मा गरेको आदेश सदर गरेको उच्च अदालत पाटनको मिति २०७६/९/२४ को आदेश कानून प्रतिकूल देखिन आयो ।

धादिङ २४ (११७७) को हकमा अजयशंकर झा वि. धादिङ जि.अ.

➢ यसमा निवेदक परिवर्तित नाम धादिङ २४(११७७) लाई मुलुकी अपराध संहिता २०७४ को दफा २४१(१) को कसूरमा दफा २४२ (२) तथा बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ३६(२) बमोजिम हुन भनी अभियोगपत्र पेश भएको देखियो । उक्त अभियोगपत्रमा नै निजको जन्म मिति २०६५।८।१३ भन्ने उल्लेख भएबाट निज १२ वर्ष केही महिना उमेर पुगेको नाबालक देखियो । मुलुकी अपराध संहिता २०७४ को दफा २४२ (२) को व्यवस्था हेर्दा सो दफा बमोजिम हुन सक्ने अधिकतम कैद तीन वर्षसम्म मै सो हिसाबबाट यी निबेदक उपर लगाइएको कसूर अपराध संहिताको दफा ३(च) र (छ) मा पर्ने गम्भीर" र "जघन्य" देखि बाहेकको सामान्य कसूर रहेछ भन्ने देखियो । मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(५) र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(७) मा भएको व्यवस्था अनुसार "गम्भीर" र "जघन्य" कसूर वा पटके कसूरमा सम्म नाबालकलाई कैदमा राख्न मिल्ने अन्यथा नमिल्ने देखियो । मिसिल संलग्न अभियोगपत्र र धादिङ जिल्ला अदालतको लिखित जवाफ समेतबाट यी निवेदकले पटके कसूर गरेको भन्ने उल्लेख भएको नपाईदा निजको हकमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६ (२) नभै ३६ को उपदफा (७) आकर्षित हुने देखिँदा धादिङ जिल्ला अदालतबाट यी निवेदकलाई छ महिना सुधार गृहमा राख्ने गरी भएको फैसला प्रथम दृष्टिमा नै त्रुटिपूर्ण देखियो। यसरी निवेदकलाई विद्यमान कानूनको बर्खिलाप सुधार, गृहमा राखेको हुँदा फैसलाको सो खण्डसम्म गैरकानूनी देखिएकोले निवेदक हाल गैर कानूनी थुनामा रहेको भन्नु पर्ने भै सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३७ (क) र (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी दिएको छ । निज निवेदकलाई कानून बमोजिम गरी अभिभावकको जिम्मा लगाई दिनु भनी बाल सुधार गृह सानो ठिमीलाई लेखि पठाई दिनु र

आदेशको जानकारी धादिङ जिल्ला अदालतलाई दिनु ।

०७७ -WH- ३३१ आदेश मिति २०७८।०२।०२

- यी निवेदकलाई साधाराण चोरी मुद्दामा १ वर्ष कैद र ४१ हजार रुपैँया जरिवाना हुने ठहरी वाल सुधार गृहमा कैद भुक्तानको अवस्थामा रहेको हुदा गैरकाननी थुना भन्न नमिल्ने तर निजको अन्य अवस्था समेतलाई हेर्दा अभिभावकको जिम्मा दिनु ।

०७७ -WH- ३०४ आदेश मिति २०७८।०१।२१

- बालबालिका सम्बन्धी ऐन २०७५ जारी भएपछि बालबालिका संलग्न रहेको मुद्दा बाल इजलासबाट हेरिनु पर्नेमा अन्यथा भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

## थुनछेक बहस गर्दा ध्यान दिनुपर्ने कुरा:

फौजदारी मुद्दामा अदालतमा अभियुक्तको बयान लिने कार्य पूरा भए पछि निजलाई थुनामा राख्ने वा धरौटी वा जमानत वा तारिखमा राख्ने भन्ने सम्बन्धमा निर्णयमा पुग्नु अघि मुद्दा हेर्ने अधिकारीले दुवै पक्षको सुनुवाइ गर्नु पर्दछ । सरकारी वकीलले थुनछेकको बहस गर्दा मुख्यतया अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सहयोग पुग्ने तत्काल प्राप्त प्रमाणहरूको विषयमा आफ्नो बहस केन्द्रित गर्नु पर्दछ ।

- मिसिल संलग्न प्रमाणहरू जस्तै जाहेरी दरखास्त, विभिन्न मुचुल्काहरू, प्राविधिक तथा वैज्ञानिक परीक्षण प्रतिवेदनहरू, भौतिक चीज बस्तुहरू, विभिन्न व्यक्तिहरूको भनाई, अभियुक्तको बयान, साक्षीहरूको भनाई तत्काल प्राप्त प्रमाणको रूपमा मानिन्छ ।
- तत्काल प्राप्त प्रमाणहरू अदालतले न्यायिक कसीमा परीक्षण गरी ग्रहण योग्य भएको अवस्थामा मात्र प्रमाणमा लिने कानूनी व्यवस्था रहेको छ । तर थुनछेकको प्रक्रियामा मिसिल संलग्न सम्पूर्ण प्रमाणको परीक्षण तत्कालै सम्भब हुन नसक्ने भएकोले मिसिल संलग्न सबुद प्रमाणलाई विश्लेषण गरी थुनछेकको आदेश गर्ने व्यवस्था रहेको हुँदा सरकारी वकीलले पनि मिसिल संलग्न प्रमाणहरूको गहनता, सत्यता, प्रभावकारिता, यथार्थता एवं विश्वसनीयताको आधारहरू खुलाई बहस गर्नु पर्दछ ।
- सामान्यतया तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने फौजदारी मुद्दामा प्रतिवादीलाई थुनामा राख्न सकिने कानूनी व्यवस्था रहेको छ । तर कुनै विशेष कानूनले तीन वर्षभन्दा कम कैदको सजाय हुने अभियोग लागेका अभियुक्तलाई पनि पुर्पक्षका लागि थुनामा राख्न सकिने व्यवस्था गरेको अवस्थामा त्यस्ता कसूरहरू सम्बन्धमा भएका विशेष व्यवस्थाहरू बारे स्पष्ट पार्दै सरकारी वकीलले बहस गर्नु पर्दछ ।
- कतिपय विशेष ऐनले सो ऐन अन्तर्गतको कसूरमा अभियोग लागेको व्यक्तिलाई सामान्यतया थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्नु पर्दछ भनी गरेको व्यवस्थालाई त्यसै अनुरूप थुनामा राखी पुर्पक्ष हुने गरी आदेश हुन सरकारी वकीलले अदालत समक्ष बहस गर्नु पर्दछ ।

## कानूनी व्यवस्था

प्रमाण ऐन, २०३१ को दफा, १८ (ख)

- सम्बन्धित व्यक्ति अदालतमा उपस्थित भई बकपत्र गरिसकेको नभएता पनि थुनछेल प्रयोजनका लागि कानून बमोजिम अधिकार प्राप्र अदिकारीले संकलन गरेका कागजात, लिखत, मुचुल्का, दशी प्रमाण, कुनै विषयको परीक्षण प्रतिवेदन, विशेषज्ञको राय वा प्रतिवेदन, विद्युतीय प्रमाण वा बयान आदि तत्काल प्राप्त प्रमाणको रूपमा प्रमाणलमा लिन हुन्छ ।

## सर्वोच्च अदालतको फैसला/आदेश:

भेषराज खत्री वि. उ.अ पाटन ०७७-WF- ००१४ मिति २०७८।६।१४

- तल्लो अदालतबाट प्रतिवादीहरूलाई धरोट वा तारेखमा राख्ने गरी भएको थुनछेक आदेश उपर वादी नेपाल सरकारको तर्फबाट माथिल्लो अदालमा परेका मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरू उपर सुनुवाइ हुँदा प्रतिवादीहरूलाई अनिवार्य सुनुवाइको जानकारी गराउनु पर्ने ।

नेकाप २०४९, नि.नं. ४५९२

- थुनछेकको आदेश गर्दा प्रत्येक अभियुक्तले यो यस्तो अपराधजन्य कार्य गरेको भन्ने कुराको प्रतिव्यक्ति प्रमाण हुनु र खुलाउनु पर्छ, केवल गोश्वारा रूपमा कसूरदार हो भन्ने मनासिव प्रमाण भएको भनी आदेश गर्नु पर्याप्त हुँदैन ।

नेकाप २०५४,

- वारदातको समान, तथ्य र परिस्थिति भएको तथा संलग्नताको स्थिति समेत समान रहेको अवस्थामा

सबै प्रतिवादीका हकमा समान प्रकारको थुनछेकको आदेश गर्नु पर्दछ । नि.नं. ६४०४

- तर उही मुद्दाका अभियुक्त नभई अन्य मुद्दाका अभियुक्त सम्बन्धमा भएको आदेशको तुलना गरी समान असमान भनी दाँज्नु र आदेश गर्नु तर्कसंगत हुन सक्दैन । उही मुद्दामा समान स्थिति भएका व्यक्तिहरू बीच तुलना गर्नु सान्दर्भिक हुन्छ । नेकाप २०५४, नि.नं. ६४१४
- मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं. बमोजिम थुनामा राखी पुर्पक्ष गर्न नमिल्ने मुद्दामा पनि विशेष अदालत ऐन, २०३१ बमोजिमको अधिकार र कार्यविधि अपनाई हेरिने मुद्दामा प्रतिवादीलाई थुनामा राखी कारवाही गर्न मिल्छ । नेकाप २०४४, नि.नं. ३२७३
- राहदानी ऐन, २०२४ को दफा ५ को कसूरमा केवल सहअभियुक्तको पोलको आधारले मात्र अ.वं.११८ नं. को देहाय ५ र १० ले धरौट लिने, सो दिन नसके थुनामा राख्ने भनी गरेको आदेश वेरितको हुन्छ । २०५४ सालको रिट नं. ३१५३ मिति २०५४।९।१४
- अ.वं. १२१ नं. बमोजिमको थुनुवा पूर्जीले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६२(६) को प्रतिबन्धात्मक वाक्यांश अनुसारको जानकारी एवं सूचनाको स्थान लिन सक्दैन । संसदको सदन चालु रहेको अवस्थामा सांसदलाई कुनै मुद्दाको सिलसिलामा हिरासतमा राख्दा संविधानको धारा ६२(६) बमोजिमको सूचना सभामुखलाई दिनुपर्छ । सो को अभावमा राखिएको हिरासत गैरकानूनी हुन्छ । स.अ.बु. २०५४, पूर्णाङ्क १२८, पृ. १५
- अ.वं.११८(३) नं. मा "नेपाल अधिराज्यमा स्थायी बसोवास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट छ महिना वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा अड्डाले निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्छ भन्ने समेत उल्लेख भएको, निवेदकले लिएको नेपाली नागरिकता बदर भई सकेको अवस्था नभई निजले झुट्टा विवरण दिई नेपाली नागरिकता लिएको भन्ने मुद्दा मनाङ जि.अ.मा विचाराधिन रहेको र निज नेपाली केटीसँग विवाह गरी निजहरूबाट छोरी समेत जन्मिई परिवार समेत बसोवास गरी राखेको देखिएको समेतबाट यस्तो अवस्थामा अ.बं. ११८(३) नं. बमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरेको काठमाडौं जि.अ.को आदेश सदर गरेको पुनरावेदन अदालत पाटनको आदेश मिलेको देखिन नआउने । स्याउली वि. जि.प्र.का. मनाङ, नेकाप २०५३, नि.नं. ६२१२ ठाकुर गैरे वि. नेपाल सरकार ने.का.प. २०६३ अंक ३ नि.नं. ७६७२
- अ.वं. ११८ को देहाय (५) मा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा भन्ने उल्लेखित वाक्य संरचनाबाट नै धरौट वा जमानत लिन सक्ने अधिकार निःशर्त र निरपेक्ष रहेको नभई सशर्त र सापेक्षिक रहेको मान्नु पर्ने । यस्तो विश्वास गर्न सक्ने आधार आदेश गर्ने अधिकारीको आत्मसन्तुष्टिको विषय मात्र नभई आदेशबाट असर पर्ने पक्षले आदेश अध्ययन गर्दा समेत बुझ्ने र सन्तुष्टि हुन सक्ने गरी वोलिएको आदेश (Speaker order) को रूपमा रहनु आवश्यक हुने । आधार र कारण सहितको आदेश एवं निर्णय नै निष्पक्ष स्वतन्त्र एवं अपेक्षित न्यायको सिद्धान्तको प्रमुख शर्त हो भन्नेमा दुईमत नरहने । कानूनी एवं तथ्यगत आधार र कारण नखुलेको आदेशलाई कानून अनुरूपको आदेशको संज्ञा दिन नमिल्ने । सुमित्रादेवी वि. सुकई कुर्मि, ने.का.प. २०६३ अंक ४ नि.नं. ७६८८
- पुनरावेदन सुन्ने अड्डा भनी नामाकरण गरिदैमा सबै प्रकारको उजुरी सुन्ने अधिकार स्वतः निसृत हुन्छ भन्ने होइन । अधिकारक्षेत्र कानूनले निश्चित गरिदिएको हुन्छ र त्यसको सीमाभित्र रहेर सबै निकाय वा अधिकारीले तोकिए बमोजिमको कार्य गर्नुपर्ने । आफू समक्ष पुनरावेदन लाग्ने मुद्दामा पुनरावेदन अदालतको अधिकारक्षेत्र आकर्षित हुन्छ । सोही परिप्रेक्ष्यमा अ.वं. १७ नं. मा उल्लेख भएको "आफ्ना मातहतका अड्डामा परेको मुद्दाको कामकारवाही भन्ने कुराको अर्थवोध गर्नुपर्ने । न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) मा भएको " मुद्दा मामिलामा गरेको शुरु फैसला वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने" भन्ने व्यवस्था र अ.वं. १७ नं. मा भएको "आफ्नो मातहतका अड्डामा परेको मुद्दाको कामकारवाहीमा म्याद नाघेको वा वेरीत भएको" विषयमा पुनरावेदन सुन्ने अड्डाको अधिकारक्षेत्र हुने व्यवस्थाले आफू कहाँ पुनरावेदन लाग्ने मुद्दाको काम कारबाहीमा वेरित भएमा मात्र पुनरावेदन अदालतले हस्तक्षेप गर्न सक्ने । मातहत अड्डा हुनु मात्र पर्याप्त हुँदैन, सो अड्डाले छिनेको मुद्दामा आफू कहां पुनरावेदन लाग्ने र सुन्ने अधिकारक्षेत्र कानूनले प्रदान गरेको अवस्थामा मात्र अ.वं. १७ नं. को निवेदन लिई हेरी कानून बमोजिम निकासा दिन सक्ने अधिकार पुनरावेदन अदालतलाई हुने देखिन्छ

। अन्यथा अधिकार क्षेत्रात्मक त्रुटी हुन जाने । भुमि सुधार कार्यालयको मोहि जग्गा बाँडफाँट सम्बन्धी मुद्दा मुलतवीमा राख्ने गरी गरेको आदेश उपर अ.वं. १७ नं. निवेदन सुनी बदर गर्ने गरेको पुनरावेदन अदालतको आदेश आफू कहाँ पुनरावेदन नलाग्ने मुद्दाको कामकारबाहीको विषयमा अधिकार क्षेत्रात्मक त्रुटि गरी गरेको देखिन आएबाट सो आदेश गरेको हदसम्मको कामकारबाही त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

राजीव बास्तोला समेत विरुद्ध जिल्ला वन अधिकृत काठमाडौ समेत, नेकाप २०६६, नि.नं. ८२०२, अंक ८ (वि.ई.)

- कुनै अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नको लागि तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएको वा कसूरदार हो भन्ने विश्वास गर्न सक्ने मनासिव आधार भएको हुनुपर्ने भन्ने थुनछेक सम्बन्धी आदेशको पूर्वशर्तका रूपमा रहेको कानूनी व्यवस्थाबाटै वस्तुनिष्ठ र प्रमाणित आधार बेगर कसैलाई पनि आरोप लाग्नासाथ थुनामा राख्नुपर्ने वा मिल्ने अवस्था नदेखिने । कसूरको प्रकृति र तत्काल प्राप्त प्रमाणको प्रार्चुयता जस्ता आधारबाट धरौट वा जमानत लिने, तारेखमा राख्ने अन्य विकल्प प्रयोग भैसकेपछि अन्तिम उपायका रूपमा थुनामा समेत राख्न सकिने गरी भए गरिएको कानूनी व्यवस्थाहरूलाई अन्यथा भन्न नमिल्ने । पुर्पक्षको लागि थुनामा राख्ने विषयले कसैलाई पनि पूर्ण वा अन्तिम रूपमा कसूरदारको रूपमा चित्रण गरेको हुंदैन । त्यो एउटा पूर्वावस्थासम्म हो । यस्तो तर्क गदै जाने हो भने अनुसन्धानको क्रममा प्रहरी हिरासतमा रहने अवधिलाई पनि गैरकानूनी भन्नुपर्ने । थुनछेकलाई निषेध गर्ने हो भने कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान प्रक्रिया नै सञ्चालन गर्न सकिंदैन । त्यसरी नै शंकित आरोपित समाजमा खुल्ला रूपमा हिड्न सक्ने भै समाजले नै असुरक्षित महसूस गर्नुपर्ने तथा प्रमाण नष्ट गर्न सक्ने उच्च सम्भावना रहन जानुका साथै कतिपय अवस्थामा त्यस्ता अभियुक्तहरूको जीउ ज्यान नै खतरामा पर्न सक्ने । समाज र राष्ट्रलाई गम्भीर असर पार्ने फौजदारी कसूर गरेको आरोप लागि अदालत समक्ष पेश गरिएका र तत्काल प्राप्त प्रमाणबाट सो अवस्था पुष्टि भएका अभियुक्तहरू लाई निर्दोषिताको अनुमानको आडमा छाड्दै जाने हो भने फौजदारी न्याय प्रशासनले कार्य गर्न नसक्ने ।

नेकाप २०६७, नि.नं. ८४२१, अंक ७

- अधिकार प्राप्त अधिकारी समक्ष भएको बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भइरहेको र बलपूर्वक बयान गराएको भन्ने समेत पुष्टि हुन नसकेको अवस्थामा प्रमाणयोग्य हुने ।

कमल वजगाईं वि. प्रमं. तथा मपका. समेत नेकाप २०६७ नि.नं. ८४९३ अंक ८४९३ (बि.ई.)

- तत्काल प्राप्त प्रमाणका आधारमा आरोपित कसूर गरेको देखिन आएको अवस्थामा मात्र थुनामा राखी मुद्दाको कारबाही गर्नुपर्ने भएबाट हातहतियार खरखजाना मुद्दाको अभियोग लाग्ने बित्तिकै अभियुक्तलाई थुनामै राखी कारवाही गर्ने भन्ने अर्थ लाग्न नसक्ने । मुद्दा हेर्ने अधिकारीले थुनछेकको क्रममा न्यायिक मन वा विवेक प्रयोग गरी थुनामा राख्न वा थुनामुक्त समेत गर्न सक्ने । आरोप लाग्ने बित्तिकै थुनामा राख्नै पर्ने व्यवस्था हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २४क ले गरेको नभई तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राख्ने वा नराख्ने निर्णयकर्ताले न्यायिक मन प्रयोग गरी निर्क्यौल हुनसक्ने।

रामदेव यादव विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, नेकाप २०६८ नि.नं. ८६६५, अंक ८, पू.ई

- साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार पनि होइनन् र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादर गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउने समेत असाधारण क्षेत्राधिकारको मकसद हुन नसक्ने । क्षेत्राधिकार सम्पन्न अदालतबाट सामान्य कानूनी व्यवस्था अन्तर्गत निवेदकसँग माग भएको धरौटीको रकम कानूनसम्मत् रहेको भनी पुनरावेदन अदालतबाट समेत सदर भई धरौटीको अंक सम्बन्धी विवाद निरोपण भइसकेको देखिएको अवस्थामा यस अदालतले विवादको तथ्यभित्र प्रवेश गरी धरौटीको अंक पुनरावलोकन गर्न नमिल्ने।

नरेन्द्र मल्ल आले विरुद्ध श्याम पराजुली समेत नेकाप २०६९, नि.नं. ८७९२, अं ३

- मुद्दामा कुनै पक्षलाई तारिख तोकिनुको उद्देश्य सम्बन्धित पक्षलाई सुनुवाइको मौका दिनु र मुद्दाको कारवाही बारे अवगत गराउनु रहेको हुन्छ।मुद्दामा भैरहेको कारबाही बारे निजलाई तारिख तोकिएको दिन जानकारी हुने हुंदा सोभन्दा अगाडि नै असर पर्ने गरी मुद्दामा कारवाही गर्नु न्यायसंगत नहुनुका साथै कार्यविधिगत त्रुटि समेत हुन जाने । मुद्दाको एउटा पक्षलाई तारिख तोकिएको अवस्थामा सोभन्दा अगाडि नै अर्को पक्षको निवेदन माथि सुनुवाइ गरी आदेश गर्नु कानूनसम्मत् नहुने ।

## ६. थुनछेकको आदेश वा अन्तरकालीन आदेश उपर निवेदन दिनु पर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया:

मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको पालना सबैले गर्नु पर्नेछ । फौजदारी कसूरको अभियोग लागि मुद्दा हेर्ने अड्डा अदालतबाट कानून बमोजिम थुनामा राख्ने गरी भएको आदेशको पालना सबै पक्षबाट हुनु जरुरी छ । मुद्दा हेर्ने अड्डा अदालतबाट मुद्दाको सुनुवाइको लागि अभियुक्तलाई थुनामै राखी कारबाही गर्ने भनी भएको आदेश बमोजिम थुनामा नबसी सो आदेश विरुद्ध माथिल्लो अदालतमा सुनुवाइ हुन सक्दैन ।

अभियुक्तलाई थुनामा राख्दा वा थुनाबाट छाड्दा वा धरौट वा जमानत लिदा मुद्दा हेर्ने अधिकारीले आधार र कारण खुलाई पर्चा खडा गर्नु पर्ने प्रक्रिया अनुसरण नगरेको वा अनुसरण गरे पनि उचित प्रक्रिया पुरा नगरेको अवस्थामा त्यस्तो पर्चामा चित्त नबुझ्ने पक्षले पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्ने र पुनरावेदन सुन्ने निकायले पनि त्यस्तो पर्चा खडा गर्दा पुऱ्याउनु पर्ने कानूनी प्रक्रियामा कुनै त्रुटि देखिएमा कानून बमोजिम गर्न लगाउन सक्ने कानूनी व्यवस्था हो ।

थुनामा राखी पुर्पक्ष गर्नुपर्ने मुद्दामा अदालतले धरौट वा जमानतमा छाडेमा सरकारी वकीलले त्यस्तो आदेश प्राप्त गरी सो आदेश उपर माथिल्लो अदालतमा निवेदन गर्नु पर्ने नपर्ने निक्र्योल गरी गर्नु पर्ने भए निवेदनको मस्यौदा समेत तयार गरी उच्च सरकारी वकील कार्यालयमा पठाउने र उच्च सरकारी वकील कार्यालयले पनि सोही अनुरूप निवेदन गर्नु पर्दछ । यो व्यवस्था मुद्दा सुनुवाइको क्रममा तल्लो अदालतले गरेको काम कारवाहीमा केवल म्याद नाघेको वा वेरित भएको छ भन्ने आधारमा मात्र झगडियाको निवेदनबाट वा अरू किसिमसँग पुनरावेदन सुन्ने निकायले थाहा पाएमा आवश्यकता अनुसार मुद्दाको मिसिल समेत झिकी बुझ्दा म्याद नघाएको वा वेरित भएको देखिएमा कानून बमोजिम गर्न आदेश जारी गर्न सक्ने कानूनी व्यवस्था हो । यो व्यवस्था केवल थुनछेकको आदेशको विरुद्धमा मात्र प्रयोग नभई मुद्दाको सुनुवाइको क्रममा जुनसुकै अवस्थामा मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा वेरित भएको अवस्थामा प्रयोग र पालना हुन सक्दछ ।

सुरु अदालतले मुद्दाको पुर्पक्षको सिलसिलामा प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी दिएको आदेश वा मुद्दाको कारबाहीको सिलसिलामा दिएको अन्य कुनै अन्तरकालिन आदेश उपर एक तह पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्ने कानूनी व्यवस्था छ । यो कानूनी व्यवस्था अनुसार के कस्तो अवस्थामा सुरु अदालत वा निकायले दिएको आदेश उपर निवेदन दिन सकिन्छ भन्ने आधार उल्लेख नभएता पनि सुरु अदालतले दिएको आदेशमा चित्त नबुझ्ने पक्षले के कति कारण सो आदेश चित्त नबुझेको हो सो कुरा खुलाई निवेदन दिन सकिने फराकिलो व्यवस्थाको रूपमा हेर्न सकिन्छ ।

एक तह पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने भएता पनि दश वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा भने पुर्पक्षको लागि तारिख, जमानत वा थुनामा राख्ने गरी दिएको आदेशमा कानूनी त्रुटि वा कार्यविधि सम्बन्धी अनियमितताको प्रश्न देखिएमा सर्वोच्च अदालतसम्म पनि निवेदन दिन सकिने व्यवस्था रहेको पाईन्छ। तर आजकल दश वर्ष भन्दा कम सजाय भएका मुद्दामा दोस्रोतह निवेदन दिन नसकीने आधार देखाए दुवै तह अदालतबाट भएका आदेश उपर बन्दीप्रत्यक्षीकरणको निवेदन दिने सो उपरको सुनवाइ मार्फत आदेश जारी भई थुनाबाट छुटेका उदाहरण पनि रहेका छन् ।

उल्लेखित कानूनी व्यवस्था अनुसार सुरु अदालत वा पुनरावेदन सुन्ने अदालतले गरेको विभिन्न आदेश चित्त नबुझ्ने पक्षले सो आदेश उपर कानूनी आधारहरूमा निवेदन दिन सक्ने भएको हुँदा सरकारी वकीलले पनि उल्लेखित कानूनी व्यवस्था अनुरूप आवश्यक निवेदन गर्ने र सो उपर बहस पैरवी गर्नु पर्दछ ।

### कानूनी व्यवस्था:

- सुरु अदालतबाट भएको थुनछेक वा तोकिएको धरौट वा जमानतमा चित्त नवुझने व्यक्तिले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।
  तर जन्मकैद वा दश वर्ष वा सो भन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा भएको थुनछेकको आदेश वेरीत भएको प्रश्नमा एक तह भन्दा माथिको पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिनेछ ।

  फौजदारी कार्यविधि संहिताको दफा ७३

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अदालत, निकाय वा अधिकारीबाट मुद्दाको पुर्पक्षको लागि प्रतिवादीलाई तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश वा मुद्दाको कारवाहीको सिलसिलामा भएको अन्य कुनै अन्तरकालीन आदेश उपर चित्त नबुझ्ने पक्षले एक तह

  न्याय प्रशासन ऐन, २०७३ को दफा १५(१)

माथिको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।

- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए ता पनि दश वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षको लागि तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश उपर कानूनी त्रुटि वा कार्यविधि सम्बन्धी अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिनलाई यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

ऐजन दफा १५(२)

**सर्वोच्च अदालतको फैसला / आदेश**

- फौजदारी कारबाहीका प्रक्रियामा अदालतबाट भएका आदेशलाई सबैले मान्नु पर्ने । अदालतबाट भएको आदेश मध्ये आफूलाई अनुकूल हुने आदेश तुरुन्त मान्ने र आफ्नो प्रतिकूल आदेशलाई स्वीकार नगरी सोको उपचार माथिल्लो अदालतबाट खोज्ने प्रवृत्तिमा सुधार ल्याउने सन्दर्भमा First Surrender then Hear को सिद्धान्तले त्यस्तो आदेश माने पछि मात्र बदर तर्फ जानु पर्ने ।

नेकाप २०५८ अंक ७ नि.नं. ७०१५

- अ.वं. १७ नं. अन्तर्गतको सुनुवाइ गर्दा तल्लो निकाय वा अदालतबाट भएको आदेश वा निर्णयलाई सच्याउने र तथ्य एवं प्रमाणको जांच गर्नसक्ने पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गरी इन्साफ गर्ने जस्तो गरी बोल्न नमिल्ने ।

नेकाप २०६७ नि.नं. ८४८६, अंक १०

**७. थुनछेक आदेश भई सकेपछि वादी प्रतिवादी बीच छलफल गराउने:**

कुनै मुद्दा अदालतमा दायर भए पछि अभियुक्तको बयान लिने कार्य गरिन्छ । अभियुक्तको बयान लिँदा कसूरमा सावित भएमा उसै बखत फैसला गर्न सकिन्छ । त्यसरी बयान लिँदा अभियक्त कसूरमा सावित नभएमा मुद्दाको थप कारबाही प्रारम्भ हुन्छ । थप कारबाहीको पहिलो चरणको रूपमा मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्ने प्रयोजनका लागि वादी प्रतिवादी बीच छलफल गराइन्छ । प्रमाण बुझ्ने प्रयोजनका लागि छुट्टै तारिख तोकिने व्यवस्था गरी मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न छुट्टै कार्यविधिको व्यवस्था गरिएको छ ।

कसूर स्वीकार गरेको अवस्थामा उसै बखत फैसला हुने हुँदा मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न कुन कुन प्रमाण बुझ्नु पर्ने हो भनी छलफल गरिनाले त्यस पछिका सम्पूर्ण कारबाहीहरू कुन दिशामा केन्द्रित हुनु पर्ने हो सो कुराको पनि स्पष्ट मार्गदर्शन हुन पुग्दछ र मुद्दाको कारबाही अनावश्यक रूपमा लम्बिनबाट पनि बचाउन सकिन्छ ।

नेपाल सरकार वादी हुने मुद्दामा यस्तो छलफलमा सरकारी वकीलले प्रतिनिधित्व गर्ने हुँदा अभियुक्तले पनि आफ्नो कानून व्यवसायी उपस्थित गराउन पाउने व्यवस्था गरेर यसले समान प्रतिरक्षाको अधिकार (Equality of Arms) को सिद्धान्तलाई आत्मसात गरेको पाइन्छ ।

यस्तो छलफलमा वादीले आफ्नो दावी र प्रतिवादीले आफ्नो प्रतिवाद प्रस्तुत गर्न सक्दछन् । यसैगरी छलफलमा वादी प्रतिवादी दुवैले आ-आफ्ना सम्बन्धित प्रमाणहरू पनि प्रस्तुत गर्न सक्दछन् । यिनै दावी, प्रतिवाद र प्रमाणहरूको आधारमा अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्न सक्ने व्यवस्था गरिएको छ । यी सम्पूर्ण काम कारवाहीहरू न्यायाधीशको उपस्थितिमा हुने हुनाले कुन विषय ठहर गर्नु पर्ने र सोको लागि कुन कुन प्रमाण बुझ्नु पर्ने हो यकिन हुने हुन्छ । न्यायाधीशले सोही बमोजिम प्रमाण बुझ्ने आदेश दिई मुद्दाको कार्यविधिलाई पारदर्शी र पूर्वानुमानयोग्य बनाउन सक्ने हुन्छ ।

**कानूनी व्यवस्था:**

- अभियुक्तले दफा १२३ बमोजिम कसूर इन्कार रहेको वा इन्कारी प्रतिउत्तर दिएको अवस्थामा अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्नको लागि प्रतिवादी बीच छलफल गराउने आदेश दिन सक्नेछ ।
- छलफल गराउन आदेश त्यसरी छलफल गर्ने भनी निर्धारण गरिएको दिन वादी, प्रतिवादी र नेपाल सरकार वादी हुने मुद्दाको हकमा अभियुक्त समेत अदालतमा जानु पर्नेछ र त्यस्तो अभियुक्तले चाहेमा निजको कानून व्यवसायी समेत उपस्थित हुन सक्नेछ ।

फौजदारी कार्यविधि संहिताको दफा १२४

- छलफलमा वादीले दाबी र प्रतिवादीले प्रतिवाद र तत्सम्बन्धी प्रमाण प्रस्तुत गर्न सक्नेछन् ।
- वादी प्रतिवादीले पेश गरेको दाबी प्रतिवाद तथा प्रमाणबाट अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन सक्नेछ ।

**८. पक्राउ पूर्जी, समाव्हान र तामेली सम्बन्धी व्यवस्थाः**

फौजदारी कसूर गरी कोही पनि उम्कन नसकोस् र न्यायको पहुँच सर्वत्र पुग्न सकोस् भन्ने अभिप्रायले अपराध गरी फरार रहेका वा पक्राउ पर्न नसकेको व्यक्तिलाई उपस्थित गराउने वा पक्राउ गरी ल्याउने प्रयोजनको लागि वारेन्ट वा म्यादी पूर्जी वा समाव्हान जारी गर्ने कानूनी व्यवस्था रहेको छ । फौजदारी मुद्दाको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ पर्न नसकेका अभियुक्तहरूलाई अदालत आफैले उपस्थित हुन आउने वा पक्राउ गरी ल्याउने गरी जारी गरेको लिखित सूचना, आदेश वा अधिकारपत्रलाई पक्राउ पूर्जी वा समाब्हान भनिन्छ ।

**पक्राउ परेका अभियुक्त अदालतमा उपस्थित गराउनु पर्नेः**

सुनुवाइको मौका प्रदान गर्ने विषय न्याय सम्पादनको एक अनिवार्य र अभिन्न कार्य हो । यो प्राकृतिक न्यायका सिद्धान्तको एक महत्वपूर्ण पक्ष हो । अभियुक्तलाई पक्राउ वा समाव्हान जारी गर्ने विषय पनि प्राकृतिक न्यायको सिद्धान्त साकार पार्ने र मुद्दाका कारबाहीको अनिवार्य कार्यविधि हो । यसैले अदालतमा दायर मुद्दासँग अनुपस्थित अर्को पक्षलाई मुद्दामा आफ्ना कुरा भन्न र मुद्दाको कारबाही प्रकृयामा संलग्न गराउनका लागि झिकाउनु पर्ने हुन्छ।नेपाल कानून प्रणालीमा साविक देखि नै आरोपित व्यक्तिलाई अभियोगपत्र साथ उपस्थित नगराइएको भए मुद्दाको प्रकृति अनुसार पक्राउ पूर्जी वा समाव्हन जारी गर्ने कानूनी व्यवस्था गरिएको छ ।

अर्को पक्षलाई जानकारी दिई सुनुवाइको मौका दिनु पर्ने प्राकृतिक न्यायको सिद्धानतलाई मूर्तरूप दिन संहिताको अनुसूची–१ र अनुसूची–२ मा उल्लिखित कसूर सम्बन्धमा दायर अभियोगपत्र साथमा उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन अदालतले पक्राउ पूर्जी वा समाव्हान जारी गर्ने व्यवस्था गरिएको छ । अभियुक्तलाई उपस्थित गराउने बिधिका हिसावले यसरी मुद्दालाई पक्राउ पूर्जी जारी गर्ने र समाव्हान जारी गर्ने गरी दुई वर्गमा वर्गीकरण गरिएको छ । एकरूपता र सहजताका लागि यस्तो सूचनाका लागि ढाँचा समेत निर्दिष्ट गरिएको छ । यस्तो समाव्हान वा पक्राउ पूर्जी जारी गर्दा उजुरीको व्यहोरा समेत उल्लेख गर्नु पर्ने व्यवस्था गरी पारदर्शीता तथा पक्राउ गरिने व्यक्तिले निजका विरुद्धको आरोप वा पक्राउको कारण थाहा पाउने अधिकारलाई पनि प्रत्याभूत गरेको छ । वास्तवमा पक्राउको कारण थाहा पाउने अधिकारको रूपमा बेलायतको कानून प्रणालीबाट विकास भएको विषय फौजदारी न्यायको आधारभूत तथा स्वच्छ सुनुवाइको मान्यताको रूपमा समकालीन विश्वमा स्थापित भएको छ ।

पक्राउ पूर्जी वा समाव्हान कसरी जारी गर्ने भन्ने विषयमा संहितामा स्पस्ट व्यवस्था गरिएको छ । जघन्य र गंभीर किसिमका अपराधमा पक्राउ पूर्जी जारी गर्ने र सामान्य प्रकृतिका मुद्दामा समाव्हान जारी गर्ने संहिताले आवश्यक व्यवस्था गरेको छ । जघन्य कसूर वा गंभीर कसूरमा सजाय हुने व्यक्ति, तीन वर्ष भन्दा बढी कैदको सजाय हुन सक्ने अनुसूची–१ वा अनुसूची– २ अन्तर्गतका कुनै कसूर, वा यस्ता कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएको कसूर वा त्यस्ता कसूरको अभियुक्तलाई लुकाएको वा भगाएको कसूरमा प्रतिवादीलाई पक्राउ पूर्जी जारी गरिन्छ । यस्ता जघन्य अपराधमा अभियुक्तलाई सुनुवाइको मौका दिनका अतिरिक्त फैसला ठहर हुँदा कसूर ठहर भएमा सजाय कार्यान्वयन होस् भन्ने अभिप्राय समेतबाट यस्ता मुद्दामा पक्राउ पूर्जी जारी गर्ने व्यवस्था गरिएको हो । भारतको फौजदारी कार्यविधि संहितामा पनि वारेन्ट केशको रूपमा मृत्यु दण्ड वा जन्मकैद वा दुई वर्षभन्दा बढी कैद हुने मुद्दालाई मानिएको छ । त्यहाँ पनि समाव्हान र पक्राउपूर्जि जारी हुने मुद्दाको विभाजन हुने सजायका आधारमा गरिएको पाइन्छ ।

गंभीर प्रकृतिका फौजदारी मुद्दामा पक्राउपूर्जि जारी गर्ने व्यवस्थाका अतिरिक्त आवश्यकतानुसार समाव्हान जारी गरिने मुद्दामा पनि पक्राउ पूर्जी जारी गर्न सकिने व्यवस्था छ । मुद्दाको कारबाही र किनाराका लागि आवश्यक पर्ने दशी प्रमाणहरू लोप हुन वा नास गर्न नपाओस भन्नका लागि समाव्हान जारी गर्दा अभियुक्तले प्रमाण नास गर्ने वा लुकाउने संभावना रहेको कुरामा अदालतले विश्वास गर्ने भरपर्दो कारण भएमा पनि समाव्हान जारी गर्ने मुद्दाका अभियुक्त वा त्यसरी समाव्हानको म्यादभित्र प्रमाण पेश नगर्ने व्यक्तिलाई पनि पक्राउ पूर्जि जारी गर्न सकिने व्यवस्था छ ।

**कानूनी व्यवस्था:**

फौजदारी कार्यविधि संहिताको दफा ५७

- यस संहिता बमोजिम उजुरी परेपछि अनुसूची–१ र अनुसूची–२ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा उजुरी साथ उपस्थित नभएका अभियुक्तलाई उपस्थित गराउन अदालतले यस परिच्छेदको अधीनमा रही आवश्यकता अनुसार पक्राउ पूर्जी वा समाव्हान जारी गर्नेछ ।
- देहायको कुनै कसूरको अभियोग लागेको मुद्दामा अभियुक्तलाई उपस्थित गराउन अदालतले पक्राउ पूर्जी जारी गर्नेछः–

  (क) जघन्य कसूर वा गंभीर कसूरमा सजाय हुने व्यक्ति,

  (ख) खण्ड (क) मा उल्लिखित कुनै कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएको कसूर वा त्यस्ता कसूरको अभियुक्तलाई लुकाएको वा भगाएको कसूर ।
- उपदफा (२) मा उल्लिखित कसूर बाहेक अन्य कसूरको अभियुक्तलाई अदालतमा उपस्थित गराउन अदालतले आवश्यकता अनुसार समाव्हान जारी गर्नेछ ।

  तर अभियुक्त भागी पक्राउ हुन नसक्ने संभावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा वा समाव्हानमा तोकिएको म्यादमा अभियुक्त अदालतमा उपस्थित नभएमा त्यस्तो अभियुक्तका हकमा अदालतले उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गर्न सक्ने छ ।
- अदालतमा दाखिल गर्नु पर्ने लिखत वा अन्य कुनै दशी प्रमाण लुकाउने वा नास गर्ने संभावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएमा वा समाव्हानमा तोकिएको म्याद भित्र समाव्हान बमोजिम कुनै लिखत वा दशी प्रमाण अदालतमा दाखिल नगरेमा अदालतले सो लिखत वा दशी प्रमाण दाखिल गर्नु पर्ने कर्तव्य भएको व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।
- उपदफा (४) बमोजिम पक्राउ पूर्जी जारी भएकोमा अदालतले सो दफामा उल्लिखित लिखत वा दशी प्रमाण रहेको ठाउँको तलासी लिई अदालतमा दाखिल गर्न कुनै कर्मचारी वा कुनै प्रहरी अधिकृतलाई आदेश दिन सक्नेछ ।
- उपदफा (५) बमोजिमको कर्मचारी वा प्रहरी अधिकृतले कुनै ठाउँको खान तलासी गर्दा दफा १८ बमोजिम गर्नु पर्नेछ ।
- अदालतले यस दफा बमोजिम कुनै अभियुक्तलाई उपस्थित गराउन पक्राउ पूर्जी वा समाव्हान जारी गर्दा उजुरीको व्यहोरा समेत खुल्ने गरी अनुसूची–२२ को ढाँचामा सूचना पठाउनु पर्नेछ ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

ने.का.प. २०६७ अंक १ नि.नं. ८२९४

➢ सुनुवाइको मौका भनेको प्राकृतिक न्यायको आधारभूत विधिशास्त्रीय सिद्धान्तको रूपमा रहेको छ । जुन व्यक्तिको हक वा हितको प्रतिकुल कारबाही वा निर्णय गर्न लागिएको हो सो व्यक्तिको कुरा सुन्नु तथा निजलाई आफ्नो प्रतिरक्षा गर्न मनासिव अबसर दिइनु पर्छ भन्ने प्राकुतिक न्यायको आधारभूत सिद्धान्त हो । यस्तो व्यक्तिलाई प्रशासकीय वा न्यायिक कारबाही र निर्णयको प्रतिकूल प्रभावबाट कार्यविधिगत सुरक्षा प्रदान गर्नु सुनुवाइको सिद्धान्तको मूलभूत उद्देश्य रहने ।

**पक्राउ पूर्जी जारी गर्ने कार्यविधि:**

अदालतबाट पक्राउ पूर्जी जारी भएको घर ठेगानामा सूचना टाँस भएपछि निजको सम्पति रोक्काको आदेश दिन सक्ने, त्यसरी सम्पति रोक्का भएको जानकारी कार्यान्वयनका लागि मालपोल कार्यालय वा संसस्थामा पठाई सबैको जानकारीका लागि सूचना पाटिमा सूचना टास्न पर्ने, रोक्का राख्न लेखी आएमा बाध्यात्मक रूपमा तत्कालै मालपोत कार्यालय वा संस्थाले रोक्का राखी अदालतलाई जानकारी दिनु पर्ने र पक्राउ पर्नु पर्ने व्यक्ति अदालतमा उपस्थित भएमा रोक्का भएको सम्पति फुकुवा गर्नु पर्ने समेतका व्यवस्था छ । अभियुक्तको अदालतमा उपस्थितिलाई सुनिश्चित गराई निजलाई न्यायको रोहमा ल्याउनका लागि नै सम्पति

रोक्काको यो व्यवस्था गरिएको हो । यसैले जब निज उपस्थित हुन्छ तब निजको निजी सम्पति फुकुवा गर्ने व्यवस्था गरिएको हो । यस अनुसार न्याय सम्पादनमा सहयोग नगर्ने र अवरोध गर्ने व्यक्तिलाई राज्यका तर्फबाट कडा व्यवहार अख्तियार हुने देखिन्छ ।

**कानूनी व्यवस्था:**

फौजदारी कार्यविधि संहिताको दफा ५८

- यस परिच्छेद बमोजिम पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नु पर्ने व्यक्तिको पूरा नाम र ठेगाना तथा पक्राउ गर्नु पर्ने कारण स्पष्ट रूपमा उल्लेख गरी अभियुक्तको सम्बन्धमा भए अनुसूची–२३ मा तोकिएको ढाँचामा र साक्षी तथा अन्य व्यक्तिको सम्बन्धमा भए अनुसूची–२४ मा तोकिएको ढाँचामा पक्राउ पूर्जी जारी गर्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम जारी भएको पक्राउ पूर्जीमा सम्बन्धित अधिकारीले सहिछाप गरी अदालतको छाप लगाउनु पर्नेछ ।
- उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नु पर्ने व्यक्ति रहे बसेको वा रहन बस्न सक्ने इलाकाको प्रहरी कार्यालयको नाउंमा जारी गर्नु पर्नेछ ।
  तर अदालतले आवश्यक सम्झेमा अदालतकै कर्मचारीबाट पनि पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।
- यस दफा बमोजिम जारी भएको पक्राउ पूर्जी सो तामेल नभएसम्म वा अदालतबाट बदर नभएसम्म कायम रहनेछ ।
- पक्राउ पूर्जी जारी भएको व्यक्तिलाई सो पूर्जी बमोजिम पक्राउ गर्न सकिनेछ र सो बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्दा निजलाई पक्राउ पूर्जी देखाई दफा ५७ को उपदफा (७) बमोजिम पठाएको आदेशको सूचना समेत निजलाई दिनु पर्नेछ ।
- पक्राउ पूर्जी बमोजिम पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौवीस घण्टामा नबढाई यथासम्भव चांडो सम्बन्धित अदालतमा उपस्थित गराउनु पर्नेछ ।
- पक्राउ पूर्जी प्रहरीले प्राप्त गरेको मितिले सात दिन भित्र पक्राउ गर्नु पर्ने व्यक्ति सात दिनसम्म फेला परेन भने सम्बन्धित प्रहरी कार्यालयले निजको खोजी गर्दै रही त्यसपछि त्यस्तो व्यक्ति रहे बसेको घर ठेगानामा गई निजको नाउँमा जारी भएको अनुसूची–२५ बमोजिमको पैंतीस दिने पक्राउ पूर्जी निजको एकाघरका उमेर पुगेका व्यक्तिलाई बुझाई सोको भरपाइ मिसिल सामेल राख्नु पर्नेछ ।
- उपदफा (७) बमोजिमका व्यक्तिले त्यस्तो पूर्जी बुझी नलिए वा फेला नपरे स्थानीय निकायका सदस्य उपलव्ध भए निज र निज पनि उपलव्ध नभए कम्तीमा दुई जना स्थानीय व्यक्ति राखी निजको घर दैलोमा टाँसी एक प्रति पूर्जी अदालतमा ल्याई बुझाउनु पर्नेछ ।
- उपदफा (८) बमोजिम सम्बन्धित व्यक्ति रहे बसेको घरमा सूचना टाँस गरेको पूर्जीको एक प्रति सम्बन्धित स्थानीय निकायमा समेत वुझाई सोको भरपाइ मिसिल सामेल राख्नु पर्नेछ ।
- उपदफा (९) बमोजिम पूर्जी बुझाएकोमा सम्बन्धित स्थानीय निकायले पनि त्यस्तो सूचना प्राप्त भएपछि सम्बन्धित व्यक्तिलाई सोको जानकारी गराई आफ्नो सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पक्राउ पूर्जी जारी गरिएको व्यक्ति पक्राउ पर्नु भन्दा अगावै आफै अदालतमा उपस्थित भएमा अदालतको आदेश बमोजिम बाहेक निजलाई पक्राउ गर्न वा थुनामा राख्न हुँदैन र निजको नाममा पहिले जारी गरिएको पक्राउ पूर्जी बदर गरी सम्बन्धित अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ ।
- पक्राउ पूर्जी जारी भएको व्यक्ति निजको ठेगाना बाहेक अन्य कुनै जिल्लामा गई वसेको छ भन्ने पक्षको निवेदन वा अन्य कुनै माध्यमबाट अदालतलाई जानकारी भएमा अदालतले निज रहे बसेको जिल्लामा पनि पक्राउ पूर्जी पठाउन सक्नेछ ।
- यस परिच्छेद बमोजिम जारी भएको पक्राउ पूर्जीको म्याद भित्र अभियुक्त हाजिर नभई फरार रहेमा वा अभियुक्तको यकिन वतन खुल्न नसकेमा वा अभियुक्त रहे बसेको ठाउँ पत्ता नलागेमा अदालतले त्यस्तो अभियुक्तको हुलिया दिई कुनै राष्ट्रिय दैनिक समाचारपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित अदालतको सूचना पाटीमा टाँस्न सक्नेछ ।

- उपदफा (१३) बमोजिम सूचना प्रकाशित भएपछि अभियुक्तले रीतपूर्वक सूचना पाएको मानिनेछ र निजलाई जुनसुकै प्रहरी कार्यालय वा कर्मचारीले जुनसुकै बखत पक्राउ गरी दाखेल गर्न सक्नेछ।
- उपदफा (८) बमोजिम सूचना टाँसिए पछि वा उपदफा (१३) बमोजिम सूचना प्रकाशन भएपछि जुनसुकै बखत अदालतले पक्राउ पूर्जी बमोजिम पक्राउ गर्नु पर्ने व्यक्तिको हकको सम्पत्ति रोक्का गर्न आदेश दिन सक्नेछ।
- उपदफा (१५) बमोजिम सम्पत्ति रोक्का गर्ने आदेश भएकोमा सोको जानकारी सम्बन्धित मालपोत कार्यालय वा संस्थालाई दिई त्यस्को सूचना अदालतको सूचना पाटीमा टाँस्नु पर्नेछ।
- उपदफा (१६) बमोजिम सम्पत्ति रोक्का राख्न अदालतबाट लेखी आएकोमा सम्बन्धित मालपोत कार्यालय वा संस्थाले सो सम्पत्ति तुरुन्त रोक्का राखी सोको जानकारी रोक्का राख्ने अदालतलाई दिनु पर्नेछ ।
- अदालतबाट उपदफा (१५) बमोजिम सम्पत्ति रोक्का राख्ने आदेश भएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सो सम्पत्ति त्यस्तो आदेश भएको मितिबाट नै रोक्का भएको मानिने छ।
- यस परिच्छेद बमोजिम पक्राउ गर्नु पर्ने व्यक्ति अदालतमा उपस्थित भएपछि मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले सम्बन्धित मालपोत कार्यालय वा संस्थालाई यस दफा बमोजिम रोक्का राखेको त्यस्तो व्यक्तिको सम्पत्ति तुरुन्त फुकुवा गर्ने आदेश दिनु पर्नेछ।

**समाह्वान जारी गर्ने कार्यविधि:**

फौजदारी कार्यविधि संहिताको दफा ५९

- अदालतले यस संहिता बमोजिम अभियुक्तको नाउँमा समाव्हान जारी गर्दा अदालतमा उपस्थित हुने मिति तोकी जारी गर्नु पर्नेछ।
- उपदफा (१) बमोजिम अभियुक्त वा प्रतिवादीको नाउँमा समाह्वान जारी गर्दा अनुसूची–४ मा उल्लिखित कसूर बाहेकको मुद्दामा अनुसूची–२६ को ढाँचामा र अनुसूची–४ को मुद्दा भए पन्ध्र दिनको म्याद दिई अनुसूची–२७ को ढाँचामा जारी गर्नु पर्नेछ।
- उपदफा (१) बमोजिमको म्यादभित्र उपस्थित हुन नसकेको कारण देखाई समाह्वानको म्याद थामी पाउन निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिव देखिएमा अदालतले एक पटकको लागि बढिमा पन्ध्र दिनको समाह्वानको म्याद तामि दिने आदेश दिन सक्नेछ।
- यस दफा बमोजिम तामेल भएको समाह्वानमा तोकिएको म्याद भित्र उपस्थित नहुने अभियुक्त वा प्रतिवादीको हकमा निजलाई पक्राउ गरी उपस्थित गराउनु पर्ने भन्ने अदालतलाई लागेमा दफा ५७ को उपदफा (३) को प्रतिबन्धात्मक बाक्यांश बमोजिम पक्राउ पूर्जी जारी गर्न सक्नेछ।

  तर काबू बाहिरको परिस्थिति परी तोकिएको म्याद भित्र उपस्थित हुन नसकेको कारण देखाई अभियुक्तले निवेदन दिएमा र अदालतले निवेदनको व्यहोरा मनासिव ठहऱ्याएमा काबू बाहिरको परिस्थिति कायम रहेको अवधि व्यतित भएको मितिले बाटोको म्याद बाहेक बढीमा पन्ध्र दिनको म्याद थामी दिने आदेश दिन सक्नेछ।

  स्पष्टीकरणः यस संहिताको प्रयोजनका लागि "कावू बाहिरको परिस्थिति कायम रहेको अवधि" भन्नाले देहायको अवधिलाई जनाउनेछः-

  (क) अदालतमा उपस्थित हुनुपर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफै किरिया वा किरिया सरहको शोकवरण गरी बस्नु परेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्र दिन पुगेको मितिले बाटोको म्याद बाहेक सात दिन,

  (ख) अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक साठी दिन,

(ग) अदालतमा उपस्थित हुनु पर्ने म्यादभित्र खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यू घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(घ) अदालतमा उपस्थित हुनुपर्ने म्याद भित्र भूकम्प वा ज्वालामुखी जस्ता विपद् परेको भए त्यस्तो भएको मितिले बाटोको म्याद बाहेक दश दिन,

(ङ) अदालतमा उपस्थित हुनु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएको भए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(च) अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत वा हिँडडुल गर्न नसक्ने भई वा अशक्त विरामी भएको कारण हिँडडुल गर्न नसक्ने भई नेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमा अनुसूची – ४ बमोजिमको मुद्दाको पक्षको हकमा पन्ध्र दिन र अन्य मुद्दाको पक्षको हकमा तीन महिना भन्दा बढी नहुने गरी अस्पतालबाट डिस्चार्ज नभएसम्मको अवधि,

- उपदफा (५) को खण्ड (क) र (ङ) को अवस्थामा संभव भएसम्म सम्बन्धित व्यक्तिले अदालतलाई सोको सूचना तुरुन्त दिनु पर्नेछ ।
- उपदफा (५) बमोजिम दिइने निवेदन साथ काबू बाहिरको परिस्थिति उत्पन्न भएको व्यहोरा पुष्टि गर्न आवश्यक पर्ने प्रमाण संलग्न गर्नु पर्नेछ ।

**साक्षीको नाममा समाह्वान जारी गर्ने:**

साक्षीलाई समाह्वान जारी गर्दा अनुसूचीमा निर्दिष्ट गरिएको ढाँचामा जारी गर्नु पर्ने व्यवस्था छ । फौजदारी मुद्दामा साक्षीको बयान महत्वपूर्ण प्रमाण हुन्छ । मुद्दाका पक्षले आफ्ना साक्षी आफै अदालत समक्ष उपस्थित गराउनु पर्दछ । तथापि पक्षबाट उपस्थित गराउन नसकेको र नबुझी नहुने साक्षीका हकमा अदालतबाट समाह्वान जारी गरी उपस्थित गराई बकाउनु पर्ने अवस्था आउन सक्छ । साक्षीलाई कुन मुद्दामा कुन दिन कुन समय र किन उपस्थित हुनु पर्ने हो खुलाई उपस्थित हुने जनाउ दिन यो कानूनी व्यवस्था गरिएको हो ।

**कानूनी व्यवस्था:**

फौजदारी कार्यविधि संहिताको दफा ६०

ऐजन दफा ६१

- यस संहिता बमोजिम अदालतले साक्षीका नाममा समाव्हान जारी गर्दा आवश्यक विवरण उल्लेख गरी अनुसूची–२८ को ढाँचामा जारी गर्नु पर्नेछ ।
- समाव्हान तामेल गर्न पठाउँदा तीन प्रति समाव्हान पूर्जी दिई कुनै प्रहरी कर्मचारी, अदालतको कुनै कर्मचारी वा अदालतले तोकेको अन्य कुनै सरकारी वा गैरसरकारी संस्थाद्वारा तामेल गराउन पठाउनु पर्नेछ ।
- यस संहिता बमोजिम जारी भएको समाव्हान जुन व्यक्तिको नाउँमा जारी भएको हो यथासम्भव सोही व्यक्तिलाई बुझाउनु पर्नेछ ।
- उपदफा (२) बमोजिम समाव्हान बुझाउन जाँदा सम्बन्धित व्यक्ति फेला नपरेमा वा फेला परे पनि निजले बुझी नलिएमा निजको एकाघरको कम्तिमा अठार वर्ष उमेर पुगी सकेको कुनै व्यक्तिलाई बुझाउन सकिनेछ ।
- उपदफा (३) बमोजिम सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्ति पनि फेला परेन वा फेला परेमा पनि निज वा निजको एकाघरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय निकायको सदस्य एक जना र कम्तिमा एकजना स्थानीय व्यक्ति समेत राखी आफ्नो तथा निजहरूको समेत सहिछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रति म्याद सम्बन्धित स्थानीय तहको सम्वन्दित वडा कार्यालयमा बुझाई एक प्रति तामेली समाव्हान अदालतमा दाखेल गर्नु पर्नेछ ।
- उपदफा (४) बमोजिम प्राप्त भएको समाव्हान बमोजिमको सूचना सम्बन्धित वडा कार्यालयले आफनो

सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

- उपदफा (५) बमोजिम समाव्हान जारी गरिएको व्यक्तिको समाव्हानमा उल्लिखित ठेगानामा वसोबास नभएको भन्ने कुरा सो ठाउँमा बसोवास गर्ने कम्तिमा दुईजना व्यक्तिहरू र स्थानीय निकायको कम्तीमा एक जना सदस्यले प्रमाणित गरेमा निजको वसोबास भएको वतन खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही व्यहोरा जनाई समाव्हान अदालतमा फिर्ता बुझाई दिनु पर्नेछ ।
- उपदफा (६) बमोजिम समाव्हान फिर्ता भएकोमा अदालतले निज बसोवास गरेको ठाउँमा वा ठाउँ नखुलेमा वादी पक्षलाई समेत बुझ्ी आवश्यकता अनुसार ठेगाना खुलाई अर्को समाह्वान जारी गर्नेछ ।
- नेपाल सरकार वा कुनै सङ्गठित संस्थाको पदाधिकारी वा कर्मचारीका नाममा समाव्हान तामेल गर्नु परेमा त्यस्तो पदाधिकारी वा कर्मचारी वहाल रहेको कार्यालयमा समाव्हान तामेल गर्न सकिनेछ ।
- उपदफा (८) बमोजिम कुनै समाव्हन तामेल गर्न पठाएकोमा त्यस्तो कार्यालय वा संस्थाको तत्काल उपलब्ध भएको प्रमुखले एक प्रति समाव्हान सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई बुझाई अर्को प्रतिमा तामेलीको व्यहोरा र मिति जनाई संभव भएमा सम्बन्धित पदाधिकारी वा कर्मचारीको सहिछाप गराई अदालतमा फिर्ता पठाउनु पर्नेछ ।
- उपदफा (९) बमोजिम समाह्वान तामेल हुन नसकेमा सम्बन्धित कार्यालय वा संस्थाको सूचना पाटीमा त्यस्तो समाह्वान टाँसी दिनु पर्नेछ । यसरी सूचना पाटीमा टांसिएको प्रतिवेदन सम्बन्धित अदालतमा दिनु पर्नेछ ।
- उपदफा (८) बमोजिम समाव्हान तामेल गर्दा त्यस्तो पदाधिकारी वा कर्मचारी बिदामा रहेकोमा सम्बन्धित कार्यालय वा संस्थाले यथाशीघ्र त्यसरी समाव्हान तामेल भएको व्यहोराको सूचना दिनु पर्नेछ ।
- कुनै संगठित संस्थाको नाममा समाह्वान तामेल गर्नु परेमा त्यस्तो समाह्वानको एक प्रति सो संस्थाको प्रधान वा स्थानीय कार्यालयमा बुझाई सोको भरपाइ अदालतमा बुझाउनु पर्नेछ ।
- उपदफा (१२) बमोजिम स्थानीय कार्यालयमा समाह्वान तामेल भएकोमा सो समाह्वान सो संस्थाको प्रधान कार्यालयमा तामेल भएको मानिनेछ ।
- यस दफा बमोजिम समाह्वान तामेल गर्दा तामेल भएको मिति र व्यहोरा उल्लेख गरी तामेल गर्ने कर्मचारीले अदालतमा प्रतिवेदन दिनु पर्नेछ ।
- कुनै अदालतले आफ्नो क्षेत्र भन्दा बाहिरको अन्य कुनै क्षेत्रमा वसोवास गरी रहेको कुनै व्यक्तिलाई समाव्हान तामेल गर्नु पर्ने भएमा सो क्षेत्रको अदालतमा समाव्हान पठाई सो अदालत मार्फत तामेल गराउनु पर्नेछ र त्यस्तो अदालतले पनि यस परिच्छेद बमोजिम समाव्हान तामेल गराई त्यसको एक प्रति समाव्हान जारी गर्ने अदालतमा फिर्ता पठाई दिनु पर्नेछ ।
- यस दफा बमोजिम समाव्हान तामेली गर्दा अभियुक्तलाई दफा ५७ को उपदफा (७) बमोजिम पठाईएको सूचना पनि समाव्हान साथै बुझाउन वा अवस्था अनुसार घर दैलोमा टाँस्न पर्नेछ । ऐजन दफा ६२
- कुनै समाह्वान दफा ६१ बमोजिम तामेल गर्न नसकिएकोमा अदालतले सो समाह्वानको व्यहोरा राष्ट्रिय स्तरको कुनै दैनिक समाचारपत्रमा प्रकाशन गरी वा विद्युतीय सञ्चार माध्यमबाट प्रसारण गरी तामेली गर्न सक्नेछ ।
- उपदफा (१) बमोजिम समाह्वान प्रकाशन वा प्रसारण भएकोमा सो समाह्वान रीतपूर्वक तामेल भएको मानिनेछ ।

**पक्राउ पूर्जीको तामेली:**

फौजदारी कार्यविधि संहिताको दफा ६३

- पक्राउ पूर्जी तामेल गर्न पठाउँदा तीन प्रति पक्राउ पूर्जी पठाई जुन व्यक्तिका नाममा जारी भएको हो भरसक निजलाई नै बुझाउनु पर्नेछ।
- जारी गरिएको पक्राउ पूर्जी जसको नाममा जारी गरिएको हो सो व्यक्तिले बुझिलिनु पर्नेछ।
- पक्राउ पूर्जी बुझाउन सम्बन्धित व्यक्ति फेला नपरेमा निजको एकाघरको कम्तिमा अठार उमेर पुगी सकेको कुनै व्यक्तिलाई बुझाउन सकिनेछ।
- त्यस्तो एकाघरका व्यक्ति फेला परेन वा फेला परेमा पनि निजले बुझी नलिएमा स्थानीय निकायको सदस्य एक जना र कम्तिमा एकजना स्थानीय व्यक्ति समेत राखी आफ्नो तथा निजहरूको समेत सहिछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रति पक्राउ पूर्जी सम्बन्धित स्थानीय निकायमा बुझाई एक प्रति तामेली पक्राउ पूर्जी अदालतमा दाखिला गर्नुपर्नेछ।
- प्राप्त भएको पक्राउ पूर्जी बमोजिमको सूचना स्थानीय निकायले आफनो सूचना पाटीमा टाँस गर्नु पर्नेछ।
- यस परिच्छेद बमोजिम जारी भएको पक्राउ पूर्जी बमोजिम पक्राउ गर्नु पर्ने व्यक्तिको उल्लिखित ठेगानामा बसोवास नभएको कुरा सो ठाउँमा वसोवास गर्ने कम्तिमा दुईजना व्यक्तिहरू र स्थानीय निकायको कम्तिमा एक जना सदस्यले प्रमाणित गरेमा निजको बसोवास भएको ठाउँ खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही व्यहोरा जनाई पक्राउ पूर्जी अदालतमा फिर्ता बुझाई दिनु पर्नेछ।
- पक्राउ पूर्जी फिर्ता भएकोमा अदालतले निज बसोवास गरेको ठेगानामा वा सो ठेगाना नखुले वादी पक्षलाई खुलाउन मौका दिई आवश्यकता अनुसार अर्को पक्राउ पूर्जी जारी गर्नु पर्नेछ।
- पक्राउ पूर्जी तामेल गर्दा तामेल भएको मिति र व्यहोरा उल्लेख गरी तामेल गर्ने कर्मचारीले अदालतमा प्रतिवेदन दिनु पर्नेछ।
- कुनै अदालतले आफ्नो क्षेत्र भन्दा बाहिरको अन्य कुनै क्षेत्रमा बसोवास गरी रहेको कुनै व्यक्तिलाई पक्राउ पूर्जी तामेल गर्नु पर्ने भएमा सो क्षेत्रको अदालतमा पक्राउ पूर्जी पठाई सो अदालत मार्फत तामेल गराउनु पर्नेछ र त्यस्तो अदालतले पनि यस परिच्छेद बमोजिम पक्राउ पूर्जी तामेल गराई त्यस्को एक प्रति पक्राउ पूर्जी जारी गर्ने अदालतमा फिर्ता पठाई दिनु पर्नेछ।
- प्रतिवेदन दिने कर्मचारीले यस दफा बमोजिमको कार्यविधि अपनाउँदा पक्राउ पूर्जी तामेल हुन नसकेको कारण खुलाई प्रतिवेदन दिएमा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्तिको नाममा जारी भएको पक्राउ पूर्जी राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गरी तामेल गर्न सकिनेछ र त्यसरी तामेल भएको पक्राउ पूर्जी रीतपूर्वक तामेल् भएको मानिनेछ।
- पक्राउ पूर्जी तामेली गर्दा अभियुक्तलाई दफा ५७ को उपदफा (७) बमोजिम पठाईएको सूचना पनि पक्राउ पूर्जी साथै बुझाउन वा अवस्था अनुसार नीजको घर दैलोमा टाँस्न पर्नेछ।

**विदेशमा रहे बसेका अभियुक्तका नाममा पक्राउ पूर्जी जारी गर्न वा समाव्हान तामेल गर्ने:**

फौजदारी कार्यविधि संहिताको दफा ६४

- कुनै अदालतमा विचाराधीन रहेको कुनै कसूरको अभियुक्त विदेशमा रहे बसेको भए त्यस्ता व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्नु पर्दा वा समाव्हान तामेल गर्नु पर्दा त्यस्तो पक्राउ पूर्जी जारी गर्न वा समाव्हान तामेल गर्न सकिने गरी त्यस्तो मुलुकसँग कुनै सन्धि भएको रहेछ भने सोही सन्धि बमोजिम त्यस्तो व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्न वा समाव्हान तामेल गर्न सकिनेछ।
- यस दफाको प्रयोजनको लागि "सन्धि" भन्नाले परस्परमा पक्राउ पूर्जी जारी गर्ने वा समाव्हान तामेल गर्ने सम्बन्धमा भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि सम्झनु पर्नेछ।

- विदेशमा रहे बसेको व्यक्तिको नाममा पक्राउ पूर्जी जारी गर्नु पर्दा वा समाव्हान तामेल गर्नु पर्दा नेपाल सरकारले त्यस्तो व्यक्ति रहे वसेको मुलुकलाई पक्राउ पूर्जी जारी वा समाव्हान तामेल गरिदिन कूटनैतिक माध्यम मार्फत अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएकोमा सम्बन्धित मुलुकको कानून बमोजिम पक्राउ पूर्जी जारी भएको वा समाव्हान तामेल भएको सूचना नेपाल सरकारलाई प्राप्त भएमा सोको जानकारी सम्बन्धित अदालतलाई दिनु पर्नेछ।
- पक्राउ पूर्जी वा समाह्वान तामेल हुन नसकेमा त्यस्तो पक्राउ पूर्जी वा समाह्वान राष्ट्रिय दैनिक समाचारपत्रमा प्रकाशन गरी वा विद्युतीय सञ्चार माध्यममा प्रसारण गरी तामेल गर्न सकिनेछ।
- पक्राउ पूर्जी जारी भएकोमा वा समाव्हान तामेल भएकोमा यसै संहिता बमोजिम जारी भएको वा तामेल भएको मानिनेछ।
- पक्राउ पूर्जी जारी भई सम्बन्धित मुलुकको प्रहरीले अभियुक्तलाई पक्राउ गरी कुनै प्रहरी कार्यालयलाई हस्तान्तरण गरेमा निजलाई वाटोको म्याद बाहेक बढीमा चौवीस घण्टा भित्र यथाशिघ्र सम्बन्धित अदालतमा उपस्थित गराउनु पर्नेछ।
- विदेशमा रहे वसेको व्यक्तिको नाममा पक्राउ पूर्जी जारी हुन वा समाव्हान तामेल हुन नसकेकोमा सोही कारणले मात्र मुद्दाको कारबाही र किनारा गर्न बाधा पुगेको मानिनेछ।

## ९. अदालतमा पेश हुने लिखतमा पुऱ्याउनु पर्ने सामान्य रीत:

- लिखत दर्ता गर्न ल्याउने व्यक्तिले लिखतमा आफ्नो र थाहा भएसम्म प्रत्यर्थीको देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछः

  (क) नाम र घर,

  (ख) पति पत्नी बुबा, आमा र बाजे बज्यैको नाम,

  (ग) उपलब्ध भएसम्म फ्याक्स, इमेल, टेलिफोन नम्बर, मोवाइल नम्बर र अन्य परिचयात्मक विवरण,

  (घ) कुनै कार्यालय वा सस्थामा कार्यरत रहेकोमा निजको पद, कार्यालय वा संस्थाको नाम, ठेगाना र उपलब्ध भएसम्म फ्याक्स, इमेल, टेलिफोन नम्बर,

  (ङ) स्थायी र हाल बसोबास गरेको ठेगाना जिल्ला, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, वडा नम्बर, टोल, मार्ग र भएसम्म घरको ब्लक नं..

  (च) सङ्गठित संस्था भए सोको नाम, ठेगाना, प्रधान कार्यालय रहेको स्थान

  सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३

- लिखत तयार गर्दा जुन विषयको लिखत तयार गरिने हो सो विषय स्पष्ट रूपमा खुलाई त्यसमा कुनै अशुद्धि र केरमेट नहुने गरी छापी, टाइप गरी वा हातले लेखी तयार गर्नु पर्नेछ र त्यस्तो लिखतसंग सम्बन्धित कारणीले सहीछाप गर्नु पर्नेछ।

  देवानी कार्यविधि संहिताको दफा २८ हर्नुहोस्

## सर्वोच्च अदालतको फैसला/आदेश

- म्याद तामेल गर्दा रोहबरमा रहेका स्थानीय प्रतिनिधि र अरू स्थानीय भलाद्मी दुईजना र तामेल गर्ने कर्मचारीले ऐन बमोजिम अड्डामा बुझाउन ल्याउने प्रति म्याद सूचनामा सहिछाप गर्नु गराउनुपर्छ। म्याद तामेली गर्नेले सही नगरेको म्याद बेरितको हुन्छ।

  नेकाप २०४२, नि.नं. २५२४

- आफैंले म्याद बुझे पनि स्थानीय निकायको सदस्य साक्षी नराखे म्याद बेरितको हुन्छ।

  नेकाप २०४४, नि.नं. ३०१०

- म्याद तामेल गर्दा कम्तिमा एक जना स्थानीय निकायको सदस्यलाई साक्षी राख्नै पर्छ।

  नेकाप २०३५, नि.नं. ११५५

  नेकाप

- नागरिकता प्रमाणपत्रको बतन, जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ वा स्थानीय स्वायत्त शासन ऐन, २०५५ वा नागरिकता ऐन लगायतका यस्तै अन्य ऐन नियम बमोजिमको प्रमाणित लिखित र कारवाहीबाट परिवर्तन नभए सम्म गा.वि.स को एक तर्फी सिफारिसको कुनै अर्थ नहुने । अदालतले सिफारिश होइन, कानून बमोजिमको लिखत प्रमाणको अभिलेख खोज्दछ । बालुवा गा.वि.स ६ मा रहेको निवेदकको घर यथावतै रहेको अवस्थामा सो बाहेक कदाचित निवेदकको अन्य पनि वतन रहेको देखिदैन । पुख्यौंली थलोको वतन अमान्य हुने भन्न नमिल्ने । (२०७२ अंक १२ नि.नं. ९५१७)
- अ.व.२०८ एक बाध्यात्मक व्यवस्था हो । घरद्वार पत्ता नलागेको अवस्थामा वडा कार्यालयमा म्याद टाँस भएको कानून बमोजिम हुने । (ने.का.प. २०७२ अंक ७ निर्णय नं. ९४४४)

## १०. साक्षी तथा प्रमाण परीक्षणः

मुद्दाका कुनै पक्षले आफूले लिएको जिकिर पुष्टि गर्न पेश गरेका प्रमाणलाई अदालतले परीक्षण गर्दछ । फौजदारी मुद्दामा सरकारी वकीलले अभियोगपत्र साथ पेश गरेको प्रमाणहरू र अभियुक्तले आफू निर्दोष भएको जिकिर लिँदै पेश गरेका प्रमाणहरूको अदालतले न्यायिक कसीमा परीक्षण गर्ने गर्दछ । अदालत वा न्यायिक अधिकारीद्वारा प्रमाणको परीक्षण गर्दा सरकारी वकीलले आफूले प्रस्तुत गरेका प्रमाणहरूको प्रमाणिक मुल्य के कस्तो छ सो को निम्न आधारमा विश्लेषण गर्नु पर्दछः-

- प्रस्तुत भएका प्रमाणहरू के कस्ता प्रमाण हुन्,
- संकलित प्रमाण कहिले, कहाँ, कसले, कसरी संकलन गरेको हो,
- प्रमाणहरू स्वतन्त्र रूपमा पुष्टि हुने खालका छन् वा छैनन्,
- प्रमाणहरू एक अर्कासँग बाझिने छन् वा छैनन्,
- प्रमाणहरू परीक्षण योग्य छन् वा छैनन्,
- प्रस्तुत भएका प्रमाणहरू अभियोगसँग सम्बन्धित छन वा छैनन्,
- प्रमाण पर्याप्त र बलियो छ वा छैन्,
- प्रमाण ग्रहण योग्य छ वा छैन्,
- प्रमाण संकलन गर्दा महिला बालबालिका भएको मुद्दामा गोपनीयता सम्बन्धी निर्देशिकाको पालना गरिएको छ छैन्,

(हेर्नुहोस विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४)

**सर्वोच्च अदालतको फैसला/आदेश**

- उमेर नपुगेका बालबालिकाको पूर्ण रूपमा शारीरिक एवं मानसिक विकास भइसकेको नहुने र उनीहरूमा वयष्क मानिस सरह आपराधिक मस्तिष्क (Mens Rea) को विकास समेत नहुने हुँदा उनीहरूलाई वयष्क मानिस सरह सजाय नगरी उनीहरूको शारीरिक र मानसिक अपरिपक्वता उपर विचार गरी उनीहरूको सर्वोत्तम हित (Best Interest) का लागि आवश्यकता अनुसार उन्मुक्ति, छुट वा सुविधा प्रदान गरी तुलनात्मक रूपमा कम सजाय गरिनुपर्ने । (ख कुमारी वि. नेपाल सरकार नेकाप २०६६ नि.नं. ८१३५, अंक ४)
- अपराध अनुसन्धानकर्ता समक्ष भएको सावितीमात्रका आधारमा न्यायिक निष्कर्ष निकाल्न मिल्दैन । तर त्यो सावितीअन्य प्रमाणबाट सत्य रहेको स्थापित हुन्छ भने त्यसलाई मुद्दाको अनुसन्धानकर्ता प्रहरी समक्ष भएको भन्ने मात्र आधारमा प्रमाण शुन्य लिखतको रूपमा ग्रहण गर्न न्यायोचित हुँदैन । प्रहरी सावितीको पुष्टि गर्ने अन्य प्रमाण स्वतन्त्र हुन् वा होइनन् र ती के कसरी संकलित भए भन्ने प्रश्नमा भने अदालतले संवेदनशीलताका साथ शर्तक हुनु पर्ने । प्रहरी समक्ष भएको कागजले कुनै प्रमाणिक महत्व राख्दैन भन्न सकिन्न । प्रमाणको महत्व संख्यामा होइन आफ्नो गुणवेत्तामा निर्भर रहन्छ । प्रमाण भन्ने कुरा प्रकृतिले होइन, आफ्नो विश्वसनीयताका आधारमा मूल्याङ्कित हुने । (शेष रईस आलम विरुद्ध नेपाल सरकार, नेकाप २०६७ नि.नं. ८३१८, अंक २)

**प्रमाणको भार:**

न्यायकर्तालाई कुनै तथ्य वा प्रमाण बारे विश्वास दिलाउने अभिभारा कसमाथि रहेको छ भन्ने विषय नै प्रमाणको भार हो । जसले जुन कुराको दाबी गर्दछ त्यसले सो कुरा पुष्टि गर्नु पर्दछ भन्ने न्यायको मान्य सिद्धान्त रहेको छ । फौजदारी मुद्दामा अभियोजन पक्षले लिएको अभियोग दावी र अभियुक्तले आफू निर्दोष भएको सन्दर्भमा प्रस्तुत गरेको प्रमाण सत्य तथ्यमा आधारित छ भनी पुष्टि गर्ने दायित्व (केही अपवाद बाहेक) सम्बन्धित पक्षको हुने कानूनी व्यवस्था रहेको छ ।

सामान्यतया कुनै तथ्य पुष्टी गर्न चाहने व्यक्तिमा प्रमाणको भार रहने भएता पनि अपवादको रूपमा केही कसूरको सम्बन्धमा आरोप लागेको व्यक्तिले नै आफू विरुद्ध लागेको अभियोग सत्य नभएको कुराको प्रमाण पुऱ्याउनु पर्ने दायित्व स्थापित गरेको पाइन्छ । कसूरको गम्भीरता तथा सोले व्यक्ति, समाज तथा राष्ट्रमा पार्ने प्रतिकूल असर जस्ता कुराहरूलाई मध्यनजर राखी विधायिकाले कुनै कसूरको सम्बन्धमा प्रमाणको भार सम्बन्धित पक्षबाट सारेर अर्को पक्षमा रहने (Shifting the Burden of Proof) व्यवस्था गर्न सक्दछ जुन न्याय सम्मत मानिन्छ । लागू औषध, भ्रष्टाचार तथा मानव बेचबिखन तथा ओसारपसारको कसूर सम्बन्धमा यस सम्बन्धी कानूनी व्यवस्था रहेको पाईन्छ। कुनै तथ्य वा जिकिरको विषयमा अदालतलाई विश्वास दिलाउने र सो तथ्य वा जिकिर प्रमाणित गर्ने अभिभारा कुन पक्ष उपर हुन्छ भन्ने निर्धारण गर्ने कुरालाई प्रमाणको भार भनिन्छ । अदालतमा प्रमाण पेश गर्ने वा पेश भएको प्रमाणद्वारा कुनै तथ्य, दावी वा जिकिर पुष्टि गराउने अभिभारा प्रमाणको भार हो । जसले जे कुरा दावी गर्दछ निजले नै सो कुरा पुष्टि गर्नु पर्ने प्रमाण कानूनको सिद्धान्त छ । यो सकारात्मक र नकारात्मक दुवै अर्थमा प्रयुक्त हुन्छ । प्रमाणको भारको सिद्धान्तमा potio est conditio damdamdts अर्थात् आफ्नो रक्षा आफै गर्न नसक्ने कमजोर व्यक्तिलाई कानूनले सहयोग गर्न सक्दैन ।

**कानूनी व्यवस्था:**

- फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ । — प्रमाण ऐनको दफा २५
- प्रचलित नेपाल कानून बमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकीर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ ।
  प्रचलित नेपाल कानून बमोजिम वादीलाई दिनु वा बुझाउनु पर्ने कुरा सो कानून बमोजिम दिए वा बुझाएको छ भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुनेछ । — ऐजन दफा २७
- कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुनेछ भनी कुनै नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्ति माथि नै हुनेछ । — ऐजन दफा २८
- अदालतले यस ऐन बमोजिम अनुमान गरेको कुनै कुरा कुनै पक्षले खण्डन गर्न चाहेमा त्यसको प्रमाण पुऱ्याउने भार सोही पक्षको हुनेछ । — ऐजन दफा २९
- कुनै पक्षको विशेष जानकारीमा रहेको कुनै कुरा सो पक्षले नै प्रमाणित गर्नुपर्छ । — ऐजन दफा ३०
- कुनै कुरा प्रमाणमा लिनलाई पहिले कुनै अर्को कुरा प्रमाणित गर्नु पर्ने रहेछ भने सो अर्को कुरा प्रमाणित गर्ने भार सो पहिलो कुरा प्रमाणमा दिन चाहने पक्ष उपर हुनेछ । — ऐजन दफा ३१
- कुनै व्यक्ति जीवित छ वा निजको मृत्यु भैसकेको छ भन्ने प्रश्न उठेमा सो व्यक्तिको सम्बन्धमा स्वाभाविक रूपमा जानकारी पाउने व्यक्तिले निजका सम्बन्धमा कानून बमोजिम मृत्यु भएको अनुमान गर्न सकिने अवधि व्यतित भैसकेपछि पनि कुनै जानकारी पाएको छैन भन्ने प्रमाणित भएमा, निज जीवित छ भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नु पर्छ । — ऐजन दफा ३२
- कुनै व्यक्तिको कब्जा, भोग वा चलनमा रहेको सम्पत्ति उपर सो व्यक्तिको स्वामित्व छ वा छैन भन्ने प्रश्न उठेमा सो सम्पत्ति उपर सो व्यक्तिको स्वामित्व छैन भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नु पर्छ । — ऐजन दफा ३३
- कुनै व्यक्तिका साथमा कुनै लागू औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफीम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागू औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागू औषध — लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२

उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेश बमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेश गर्नु पर्नेछ । त्यस्तो प्रमाण पेश गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐन अन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ ।

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐनको दफा ९

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०

- प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आएमा वा निजले मनासिव कारण विना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको निजले प्रमाणित गर्नु पर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको मानिनेछ ।

लागू औषध (नियन्त्रण) ऐन, २०३३ तथा मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ र भ्रष्टाचार निवारण ऐन २०५९ ले गरेको व्यवस्था जस्तै गरी अन्य कुनै विशेष ऐनले प्रमाणको भार अर्को पक्षमा राखेको अवस्थामा पनि सोही कानूनी व्यवस्था अनुसार प्रमाण पुऱ्याउने वा प्रस्तुत प्रमाण खण्डन गर्ने जिम्मा सोही पक्षको हुनेछ भन्ने कुराहरू पनि सरकारी वकीलहरूले जानकारी राख्नु आवश्यक छ ।

## सर्वोच्च अदालतबाट भएको फैसला/आदेश

सुदर्शन अर्याल वि. नेपाल सरकार ने.का.प. २०६५ निर्णय नं.८०२९ अंक १०

- सजायबाट कमी, छुट वा पूर्ण उन्मुक्तिका लागि लिइएको जिकिर निश्चित र आधारभूत प्रमाणबाट स्थापित गर्नुपर्ने । काम गर्दाको समयमा मानसिक रूपमा असन्तुलित भई गरेको र कामको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा थियो भन्ने कुरा प्रमाणित गर्ने भार सो कुराको जिकिर गर्ने पक्षमा नै रहने । सजायबाट उन्मुक्ति पाउनको लागि घटना हुनुभन्दा अघिको अभियुक्तको मानसिक अवस्था, पूर्व आचरण र व्यवहार, असामान्य क्रियाकलाप, रोगबारे निदान र उपचार गराएको भए सोको तथ्यपूर्ण आधार र प्रमाण तथा घटना पश्चात् निजको व्यवहार र आचरण, तत्सम्बन्धमा मानसिक रोग विशेषज्ञले निजको मानसिक अवस्थावारे पर्याप्त जाँच र अनुसन्धान गरी दिएका तथ्यपूर्ण एवं वैज्ञानिक कारणसहितको प्रतिवेदन समेतलाई विचार गर्नुपर्ने । वारदातको निकैपछि भएको जाँच प्रतिवेदनबाट वारदात हुँदाको समयमा पनि निज मानसिक असन्तुलनको अवस्थामा थिए भनी भन्न नमिल्ने र त्यस्तो कुरा प्रमाणित गर्न सो प्रतिवेदनलाई आधार लिन नमिल्ने ।

लक्ष्मण बराल विरुद्ध नेपाल सरकार नेकाप २०६६ नि.नं. ८२६९, अंक ११

- बयानका क्रममा राजीखुशी विना शारीरिक यातना दिइएको अवस्थामा प्रहरी समक्ष गरिएको पूर्ण वा आंशिक सावितीं बयान स्वतन्त्र प्रमाणबाट समर्थित नभएसम्म त्यस्ता बयानलाई विवादरहित प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने । एउटै बरामदी मुचुल्कामा सहिछाप गर्ने कुनै व्यक्तिलाई मुद्दा नै नचलाइनु र कसैलाई चलाइने पर्याप्त आधार के हो सो अभियोगमा केही उल्लेख नै छैन । लागू औषध चेरेससम्बन्धी अपराधमा प्रमाण पुऱ्याउने भार अभियुक्तमा छ भन्दैमा हर अवस्थामा हरेक मुद्दामा वादी पक्षले प्रमाण जुटाउन पर्दैन भन्ने ऐनको मनसाय होइन । सबै प्रमाणबाट प्रतिवादीहरू निर्दोष देखिने स्थिति छ भने सोको विरुद्ध आफूले लगाएको अभियोग प्रमाणित गर्न प्रमाण पुऱ्याउनु पर्ने भार र कानूनी दायित्व वादी पक्षको पनि हो । सो कुरालाई इन्कार गर्न मिल्दैन । यस्तो फितलो, मनोगत र अनुमानका आधारमा लिएको दाबीबाट मात्र यी प्रतिवादीहरूले कसूर गरेको ठहर गर्न कानून र न्यायसंगत नहुने ।

चाल्स गुरुमुख शोभराज

- मृतकको हत्या कुनै व्यक्तिको कर्तव्यबाट भएकोले कसूरजन्य कार्य गर्ने अपराधीलाई प्रचलित कानून बमोजिम सजाय गर्नुपर्ने हुंदा अप्रत्यक्ष प्रमाणको आधारमा पनि कसूरदार देखिएको व्यक्तिलाई सजाय गर्नु

अदालतको कर्तव्य हुने । अपराध र अपराधीको शिकार भएका पीडित व्यक्तिप्रति न्याय परोस् भन्ने कुरा पनि न्यायाधीशले त्यति नै सुनिश्चित गर्नु पर्दछ । अभियुक्त र अपराधबाट पीडित व्यक्ति दुवैलाई सन्तुलित रूपमा न्याय प्रदान गर्नु नै न्याय प्रणालीको आधारभूत लक्ष्य हुन्छ । कुनै एकप्रति मात्र लक्षित गरी गरिएको निर्णयले न्यायको आकार ग्रहण गर्न नसक्ने । अपराध गर्दा अपनाइएको तरीका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र संगठित रूपमा आफ्नो कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नु पर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नुपर्ने ।

विरुद्ध नेपाल सरकार,नेकाप २०६७ नि.नं. ८३७८, अंक ५

संगठित अपराध लगायत अन्तर्राष्ट्रियस्तरका अपराधीहरूको सूचना आदान–प्रदान गरी सदस्य राष्ट्रहरू बीच सहयोग आदान प्रदान गर्नको लागि स्थापना भएको इन्टरपोल प्रहरीहरूको अन्तर्राष्ट्रिय संगठन भै संयुक्त राष्ट्रसंघको महासभाद्वारा यसलाई मान्यता दिइएको हुँदा अपराध अनुसन्धानका सम्बन्धमा यस निकायले दिएको तथ्यांकहरूलाई सहजै अन्यथा भन्न सकिने अवस्था नरहने । कुनै अभियोग लागेको अभियुक्तले कसूर सम्बन्धी कुरामा साविती भएको वा इन्कार गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्दैन बरु सो साविती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक एवं निश्चयात्मक प्रमाणबाट समर्थित गराउन पर्ने । कुनै अभियुक्तले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्यस्थलको जिकीर लिन्छ भने सो जिकीरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्त उपर नै रहन्छ । यस्तो अन्य स्थल ब्ष्दिष् को जिकीर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट समर्थित हुन सके मात्र सो जिकीर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने हुन्छ र सो जिकीर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकीर लिने व्यक्तिका विरुद्ध नै प्रमाण लाग्न जाने ।

- कुनै काम, घटना वा अपराधका सम्बन्धमा अभियुक्तको काम वा व्यवहारका विभिन्न अवस्था र क्रियाकलापबाट तथ्यहरूको कडी एक आपसमा श्रृखंलाबद्ध रूपमा जोडिदा आपराधिक कार्य सम्पादन भएको स्वाभाविक निष्कर्ष निस्कने भएमा र सो कार्य र व्यवहारबाट अभियुक्तले अपराध गरेको स्थापित भएको देखिएमा यस्तो तथ्यहरूको मालाकार कडीलाई परिस्थितिजन्य प्रमाणको रूपमा परिभाषित गरिन्छ । यसको लागि तथ्यका प्रत्येक कडी एक आपसमा आवद्ध र अन्योन्याश्रित भएको हुनुपर्ने र तथ्यको कुनै एक कडीको पनि अनुपस्थिति भएमा सो प्रमाण खण्डित भएको मान्नुपर्ने ।

  नीलम पौडेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेकाप २०६७ नि.नं. ८४७३, अंक १० (बि.ई.)

  कानूनले प्रतिबन्धित चीज वा वस्तु कसैको साथबाट वा वासस्थान आदिबाट वरामद हुन्छ भने त्यस्तो आपराधिक वस्तु कसरी रहन आयो त्यसको सन्तोषजनक र मनासिव माफिकको जवाफ वा प्रमाण दिने भार त्यस्तो वस्तु वरामद गरिएको व्यक्तिमा रहन्छ । यस कार्यलाई प्रमाणको भार कजषत गरिएको वा यस्तो व्यवस्थाले आफ्नो विरुद्ध आफैं साक्षी हुने अधिकार हनन् गरेको भन्न नमिल्ने । संविधानप्रदत्त न्याय सम्बन्धी हक र त्यसमा समेटिएका स्वच्छ सुनुवाइको हक, आफ्नो विरुद्ध आफैं साक्षी हुन कर नलाग्ने हक, निर्दोषिताको अनुमान गरी पाउने हक लगायतका कुनै पनि हकहरू कुण्ठित गरिनु हुँदैन । तर, प्रतिवादीले प्रमाणको भार बहन गर्दैमा राज्यद्वारा निजलाई दोषी ठानेर व्यवहार गरिएको छ भन्ने अर्थ गर्न नमिल्ने ।

**साक्षी हुनसक्ने व्यक्तिः**

- कलिलो उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्ति बाहेक मतियार वा सहअभियुक्त लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ ।

  प्रमाण ऐन, २०३१ को दफा ३८

**साक्षी उपस्थिति:**

मुद्दाका कुनै पनि पक्षले आफ्नो दाबी, प्रतिवाद, अभियोगपत्र, प्रतिउत्तरपत्र वा बयानमा उल्लेखित साक्षीहरूलाई अदालतले तोकेको तारिखको दिन मुद्दाका सम्बन्धित पक्षहरू आफैंले अदालतमा उपस्थित गराउनु पर्दछ ।

आफूले दावी र जिकिर गरेको कुराहरू पुष्टि गराउने र प्रमाणित गर्ने दायित्व सम्बन्धित पक्षको हो । यसैले पक्षहरूले आफ्ना कुराहरू पुष्टि र प्रमाणित गराउन साक्षीहरूको विवरण फिरादपत्र, अभियोगपत्र वा प्रतिउत्तरपत्र वा बयानमा उल्लेख गरेका हुन्छन् । यस्ता साक्षी उल्लेख गरेर मात्र हुँदैन । निजहरूलाई अदालतले खोजेका बखत अदालतमा उपस्थित गराउनु पर्ने दायित्व पनि निजको नै रहेको हुन्छ ।

यस अनुसार जसले कुनै तथ्य यस्तो हो भनी दाबी वा जिकिर लिन्छ सो दाबीमा जिकिर निजले नै पुष्टि गर्नु पर्ने भएकाले आफ्ना साक्षीहरू अदालतमा उपस्थित गराउने दायित्व पनि सोही पक्षको हुने मान्यता अनुसार अदालतमा दायर भएका मुद्दाका साक्षी अदालतले तोकेको दिन सम्बन्धित पक्षले नै उपस्थित गराउनु पर्ने स्पस्ट व्यवस्था गरिएको छ ।

**कानूनी व्यवस्था:**

फौजदारी कार्यविधि संहिताको दफा १०१

- अदालतमा दायर भएका मुद्दाका साक्षी अदालतले तोकेको दिन सम्बन्धित पक्षले उपस्थित गराउनु पर्नेछ ।
- कुनैखास मुद्दामा त्यस्तो मुद्दा दायर गर्दाकै वखत प्रतिवादीहरू उपस्थित भएमा वादी /प्रतिवादी वा दुवै पक्षले मुद्दा दायर गर्दाकै वखत आ-आफ्नो साक्षी प्रमाणहरू अदालतमा पेश गर्न सक्नेछन् ।
- अनुसूची १ र अनुसूची २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाका सरकारी साक्षीलाई सम्बन्धित अनुसन्धान अधिकारी वा निजको कार्यालयले सरकारी वकील कार्यालय मार्फत उपस्थित गराउनु पर्नेछ ।
- साक्षी बुझ्न तोकेको तारीखका दिन उपस्थित नहुने साक्षीलाई वातेल गरीदिनु पर्छ ।

तर काबू बाहिरको परिस्थिति परी उपस्थित हुन नसकेकोमा पक्षले सोही व्यहोरा खुलाई निवेदन दिएमा अदालतले त्यस्तो साक्षी बुझ्ने अर्को तारेख तोक्न सक्नेछ ।

- यस संहिताको अनुसूची -१ वा अनुसूची -२ मा उल्लिखित कुनै मुद्दामा सबै प्रतिवादीहरू मुद्दामा उपस्थित नभएको कारण साक्षी परीक्षणको प्रकृया सुरु नभएकोमा कुनै पक्षले आफूले दिएको साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने कारण देखाई त्यस्ता साक्षीहरू तत्कालै उपस्थित गराई बकपत्र गराउन अनुरोध गर्न सक्नेछ ।
- यसरी अनुरोध भएकोमा र त्यस्तो कारण मनासिव भएमा अदालतले सोको कारण खुलाई त्यस्तो साक्षीको बकपत्र गराउन सक्नेछ ।

**सरकारी पक्षको साक्षी उपस्थित गराउने प्रक्रिया:**

- सरकारी पक्षको साक्षी गवाहलाई उपस्थित गराउने दिनको सूचना अदालतले सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्छ,
- निर्धारित मिति र समयमा सरकारी वकील मार्फत त्यस्ता साक्षी, गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुन्छ,
- अदालतले प्रमाण बुझ्न मुकरर गरेको मितिसम्ममा विदेश गैसक्ने वा अन्य कुनै कारणले उपस्थित हुन नसक्ने तर नबुझी नहुने साक्षी, गवाहलाई अदालत समक्ष प्रस्तुत गरिएमा अदालतले तत्कालै बुझ्न सक्छ,
- सरकारी पक्षको साक्षी, गवाहलाई अदालतले तोकिएको दिनमा उपस्थित गराउन नसकेको अवस्थामा उपस्थित गराउन नसक्नाको मुनासिब माफिकको कारण खोली तोकिएको ढाँचामा मुचुल्का खडा गरी प्रहरीले सम्बन्धित सरकारी वकील कार्यालयमा पेश गर्नु पर्छ,
- सरकारी वकीलले उक्त मुचुल्का समेत संलग्न राखी पुनः साक्षी गवाह उपस्थित गराउनका लागि समय माग गरी अनुरोध गरेमा अदालतले त्यसरी माग गरिएको समयमा पुनः साक्षी गवाह उपस्थित गराउने आदेश दिन सक्छ,
- साक्षी गवाहलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनुपर्छ,

- सरकारी कर्मचारीलाई साक्षी, गवाहको रूपमा उपस्थित हुनुपर्ने भएमा प्रचलित आर्थिक ऐन नियम बमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिनुपर्छ।

**साक्षी उपस्थित गराउँदा सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा:**

- फौजदारी मुद्दाका साक्षीलाई अदालतले खोजेको दिन र समयमा उपस्थित गराउने दायीत्व अनुसन्धान अधिकारी (प्रहरी) को भएको हुँदा सरकारी वकीलले अनुसन्धान अधिकारीको सहयोगबाट साक्षी उपस्थित गराई अदालत समक्ष प्रस्तुत गर्नु पर्दछ।
- कुनै साक्षी अदालतले निर्धारण गरेको समयमा उपस्थित गराउन नसकेमा सो नसक्नाको कारण सहित अनुसन्धान अधिकारीद्वारा निर्धारीत ढाँचामा तयार भएको मुचुल्का प्राप्त गरी सो विवरण अदालत समक्ष प्रस्तुत गर्नु पर्दछ र पुनः साक्षी उपस्थित गराउन समय माग गर्नु पर्दछ।
- पछि उपस्थित गराउन नसकिने तर नबुझी नहुने साक्षीलाई अभियोग पत्रसाथ तत्कालै बकपत्रको लागि अदालतमा उपस्थित गराउनु पर्दछ।
- बकपत्र गराउन उपस्थित गराईएको व्यक्ति मुद्दामा साक्षीको रूपमा उल्लेख भएको व्यक्ति हो वा होइन यकिन गर्नु पर्दछ।
- अदालतबाट साक्षी बुझ्ने आदेश भए पछि सोको जानकारी लिई हेलो साक्षी अन्तर्गत सम्बन्धित साक्षीलाई जानकारी गराई अभिलेख राख्ने,
- साक्षीहरू उपस्थित गराउने वारेमा अनुसन्धान अधिकारी एवं सम्बन्धित कार्यालयसँग समन्वय गर्ने।
- साक्षीहरू कुनै सामाजिक संघ संस्थाको संरक्षणमा रहेको जानकारीमा भए त्यस्ता संस्थालाई समेत सोको जानकारी गराउने।
- साक्षीको उपस्थितिको कारण मुद्दामा पर्ने प्रभाव वारे अनुसन्धान अधिकारीलाई अवगत गराउने।
- साक्षी पेश गर्न तोकिएको दिन भन्दा अघिल्लै दिन साक्षी उपस्थिती वारेमा प्रहरीसँग सम्पर्क राख्ने मुद्दा पेस गर्दाकै बखत साक्षीसँग कुनै टेलिफोन सम्पर्क लिएको भए त्यसमा निजलाई जानकारी दिने गर्नु पर्दछ।
- साक्षी अदालतमा उपस्थित गराउनु भन्दा अघि निजलाई बकपत्र गराउदाको प्रकृया र बकपत्रको को महत्वका साथै मौकामा गरेको कागजको सम्बन्धमा जानकारी गराई अदालतमा उपस्थित गराउने।

**साक्षी प्रति सरकारी वकीलको व्यवहार:**

साक्षी मुद्दाका प्रत्यक्ष प्रमाण हुन्। स्वयं पीडित, देखि जान्ने वा सुनि जान्ने व्यक्तिहरूनै साक्षीको रूपमा प्रस्तुत गरिन्छ। आफ्नो साक्षीलाई बकपत्र गराउने र सोधपुछ गर्ने कार्य सरकारी वकील आफैले गर्नु पर्दछ साथै अर्को पक्षको साक्षीलाई जिरह गर्ने कार्य समेत गर्नु पर्ने हुनाले सरकारी वकीलको साक्षी प्रति के कस्तो व्यवहार हुनु पर्दछ भन्ने विषय महत्वपूर्ण छ। सरकारी वकीलको साक्षी प्रतिको व्यवहार निम्न अनुसार हुनु पर्दछ

- साक्षी प्रति मर्यादित,
- साक्षीलाई आफ्नो सहयोगीको रूपमा लिनु,
- साक्षीले अदालत समक्ष व्यक्त गरेको कुरालाई लिएर साक्षी प्रति पूर्वाग्राही नहुनु,
- साक्षीसँग शिष्ट र नम्र भाषामा सवाल जवाफ गर्नु,
- साक्षीलाई अदालतमा बकपत्र गराउँदा आफ्नो पूर्व भनाई वा लेखाईको सत्यतामा आधारित भएर बकपत्र गर्न प्रेरित गर्ने,
- महिला, बालबालिका तथा जेष्ठ नागरिक फरक क्षमता भएका व्यक्ति समेतलाई साक्षीको रूपमा उपस्थित गराई बकपत्र गराउदा विशेष रूपमा संवेदनशील भै उनीहरूको आवश्यकता समेत बुझी बकपत्र गराउनु पर्ने।
- साक्षीलाई महत्वपूर्ण प्रमाणका रूपमा लिनु।

**साक्षी परीक्षण:**

अभियोजनकर्ताले मुद्दाको अभियोजन गर्दा अदालत समक्ष प्रस्तुत गरेको प्रमाणहरू मध्ये साक्षी पनि महत्वपूर्ण प्रमाण हो। वादी पक्षको अभियोग पुष्ट्याई गर्ने विभिन्न आधारहरू मध्ये साक्षी प्रमाण बलियो आधार भएको हुनाले फौजदारी मुद्दामा साक्षीको महत्वपूर्ण स्थान रहेको छ। तर अभियोजन पक्षले प्रस्तुत गरेको साक्षी वा प्रतिवादीले आफ्नो बचाउको लागि प्रस्तुत गरेको

साक्षीको भनाई अदालतले परीक्षण गरेपछि मात्र प्रमाणको रूपमा ग्रहण गर्ने भएको हुँदा वादी वा प्रतिवादी दुवै पक्षको साक्षी अनिवार्य रूपमा अदालतमा उपस्थित भएर बकपत्र गर्नु आवश्यक छ अन्यथा अनुसन्धानमा व्यक्त गर्ने व्यक्तिको भनाईको कुनै प्रमाणिक मूल्य रहदैन ।

प्रमाण ऐन, २०३१ को दफा ३ मा अदालतले मुद्दामा ठहर गर्नु पर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ भनिएको हुँदा सोही ऐनको दफा ८ ले दफा ३ बमोजिम मुद्दामा प्रमाण बुझ्दा यस परिच्छेद बमोजिम प्रमाणमा लिन हुने कुराहरू र साक्षीले अदालतका समक्ष बकेका अन्य कुराहरू मात्र प्रमाणमा लिन हुन्छ भनी उल्लेख गरेको छ ।

साक्षीको बकपत्र गराउँदा सम्बन्धित पक्षको साक्षीलाई सम्बन्धित पक्षले नै न्यायकर्ताको रोहवरमा बकपत्र गराउनु पर्ने कानूनी व्यवस्था रहेको हुँदा अदालतको भूमिका महत्वपूर्ण रहेको पाईन्छ ।

**बकपत्रः**

- साक्षीको बकपत्र गराउँदा न्यायाधीशको इजलासमा गर्नु पर्नेछ ।
- तर शारिरीक असमर्थताले गर्दा अदालतमा उपस्थित हुन नसक्ने साक्षीको बकपत्र लिनु पर्दा त्यस्तो साक्षी रहे बसेको ठाउँमा न्यायाधीश आफै गई वा आफ्नो मातहतको अधिकृत कर्मचारी खटाई बकपत्र गराउन लगाउन सकिनेछ ।
- बकपत्र गराउँदा मुद्दाका सम्बन्धित पक्षहरूलाई सो कुराको सूचना दिई दफा १०७ को उपदफा (५) बमोजिम परीक्षण गर्ने मौका समेत दिनु पर्नेछ ।

फौजदारी कार्यविधि संहिताको दफा १०८

**साक्षी बकाउँदाको कार्यविधिः**

- साक्षी बकाउँदा आफूले देखे, जाने वा सुनेको कुरा ईमान धर्म सम्झी साँचो बयान गरुला भन्ने व्यहोराको शपथ लिन लगाई बकाउनु पर्छ ।
- साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहवरमा बकाउनु पर्छ ।
  तर, अदालतद्वारा साक्षी बकाउन तोकिएको तारिख र समयमा कुनै पक्ष अदालतमा उपस्थित नभए भएसम्मका पक्षको रोहबरमा साक्षी बकाउन हुन्छ ।
- साक्षी वकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनु पर्दछ ।
- साक्षीले गरेको बकपत्रमा उपस्थित भएसम्मका मुद्दाका पक्ष विपक्षलाई जिरह गर्न दिनु पर्नेछ र त्यस्तो अवस्था रहेनछ भने सो बकपत्रको व्यहोराको हकमासम्म पछि उपस्थित पक्षले खण्डन गर्न सक्नेछ ।
- अदालतले साक्षी बुझ्न तोकिएको तारिखको दिन उपस्थित भएसम्मको सबै साक्षीहरूको बकपत्र गराउनु पर्नेछ र सो दिन उपस्थित सबै साक्षीहरूको बकपत्र गराउन समय अभावको कारणले नभ्याएमा मात्र त्यसपछि अदालत खुल्ने अर्को दिन बकपत्र गराउन पर्नेछ ।
- बकपत्र गर्न उपस्थित भएको साक्षीले बकपत्र गर्नु अघि निजले सत्य कुरा मात्र व्यक्त गर्ने उद्घोषण गरी अनुसूची –३७ बमोजिमको ढाँचामा अरुले सुन्ने गरी शपथ लिनु पर्नेछ र त्यस्तो शपथ सम्बन्धित मिसिलमा संलग्न गर्नु पर्नेछ ।
- साक्षीले गरेको बकपत्र अनुसूची –३८ को ढाँचामा अभिलेख गर्नु पर्नेछ ।

प्रमाण ऐन, २०३१ को दफा ४९

फौजदारी कार्यविधि संहिताको दफा १०६

**सोधपुछ र जिरहः**

- कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सोही पक्षले निजसँग सोधपुछ गर्न सक्नेछ । त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ ।
- अर्को पक्षले जिरह गरी सकेपछि जुन पक्षको साक्षी हो सोही पक्षले सो साक्षीसँग पुनः सोधपुछ गर्न सक्नेछ ।
  तर सो बमोजिम कुनै पक्षले आफ्नो साक्षीसग पुनः सोधपुछ गर्दा आफ्नो विपक्षले गरेको जिरहसँग सम्बन्धित कुरामा मात्र सोधपुछ गर्न सक्नेछ ।

प्रमाण ऐन, २०३१ को दफा ५०

- माथि प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले अनुमति दिएमा कुनै पक्षले आफ्नो साक्षीसँग पुनः सोधपुछ गर्दा कुनै नँया कुराका सम्बन्धमा प्रश्न सोध्न सक्नेछ ।
  तर सो बमोजिम कुनै नँया कुराका सम्बन्धमा प्रश्न सोधिएकोमा सो पक्षको विपक्षीले त्यस सम्बन्धमा सो साक्षीसँगग फेरी जिरह गर्न सक्नेछ ।
- कुनै पक्षले आफ्नो साक्षीसग सोधपूछ वा पुनः सोधपुछ गर्दा आफूले इच्छा गरेको जवाफ सुझाउने सूचक प्रश्न विपक्षीले आपत्ति गरेमा सोध्न पाउने छैन तर अदालतले अनुमति दिएमा त्यस्तो प्रश्न सोध्न हुन्छ ।
- माथि प्रतिबन्धात्मक वाक्यांश बमोजिम अदालतले कुनै पक्षलाई आफ्नो साक्षीसँग कुनै सूचक प्रश्न सोध्ने अनुमति दिँदा अदालतको विचारमा सो प्रश्न परिचायक, विवादरहित वा सो प्रश्नसग सम्बन्धित कुरा पूर्ण रूपमा प्रमाणित भैसकेको छ भन्ने लागेमा मात्र अनुमति दिनेछ ।
- कुनै अभियुक्तको बयान गर्ने क्रममा कुनै अर्को अभियुक्तलाई पोल गरेमा त्यसरी पोल गरेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तलाई जिरह गर्ने अवसर दिन सकिनेछ ।
- सो बमोजिम पोल गर्ने सहअभियुक्त साधारण तारिख, धरौट वा पुर्पक्षका लागि थुनामा रहेको भए मुद्दाको फैसला हुनु भन्दा अघि निजलाई उपस्थित हुने गरी तारिख तोकी सोही तारिखका दिन त्यसरी पोल गरिएको अभियुक्तलाई जिरह गर्ने अवसर दिनु पर्नेछ ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साक्षी बकाउँदा सोही पक्षले जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ नगरी अदालतबाट सोधपुछ गरियोस् भनी लिखित दरखास्त दिएमा अदालतले नै सो साक्षीसँग सोध्नुपर्ने प्रश्न सोधी जवाफ लिनेछ र त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ ।
  तर, यस उपदफा बमोजिम अदालतले कुनै साक्षीसँग सोधपूछ गरेकोमा जुन पक्षको साक्षी हो सो पक्षले सोधपूछ वा पुनः सोधपुछ गर्न पाउने छैन ।
- कुनै पक्षले आफ्नो साक्षीहरू मध्ये कुनैसँग खण्ड (क) बमोजिम आफैंले सोधपुछ गर्न र कुनैसँग यस खण्ड अनुसार अदालतबाटै सोधपुछ गरियोस् भनी दरखास्त दिन पाउने छैन ।

## सोधपूछ

सोधपुछलाई मुख्य सोधपुछ पनि भन्ने गरिन्छ । अर्थात् मुद्दामा अभियोग लगाइएको वा दावी गरिएको कुनै कुरा पुष्टि गर्न सो कुरा देखेको वा थाहा पाएको व्यक्तिलाई साक्षीको रूपमा प्रस्तुत गरी निजको भनाईबाट त्यस्तो कुरा सिद्ध गर्ने प्रक्रिया साक्षी परीक्षण हो। साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले नै सोधपुछ गर्ने गर्नु पर्दछ भन्ने कानूनी व्यवस्था रहेको छ ।

तर यदी मुद्दाका कुनै पक्षले आफ्नो साक्षीलाई आपैmले सोधपुछ गर्न नचाहेर अदालतबाटै सोधपुछ गरियोस भनी निवेदन दिएमा अदालतले त्यस्ता साक्षीसँग सोधपुछ गर्न सक्ने कानूनी व्यवस्था रहेको छ । त्यसरी अदालतबाटै सोधपुछ गराउन चाहने पक्षले साक्षीहरूमध्ये केही वा अमुक साक्षीका हकमा आफैले सोधपुछ गर्ने र केही वा अमुक साक्षीका हकमा अदालतबाटै सोधपुछको प्रक्रिया अवलम्बन गर्न भने प्रमाण ऐनले निषेध गरेको छ ।

## जिरह

मुख्य सोधपूछको प्रक्रिया पूरा भए पछि लगत्तै मुद्दाको अर्को पक्षले सो साक्षीको जिरह गर्न पाउने कानूनी व्यवस्था रहेको छ । साक्षीको जिरह अनिवार्य प्रक्रिया होइन । मुद्दाका पक्षले आवश्यकता अनुसार अर्को पक्षको साक्षीको जिरह गर्ने गर्दछन् । साक्षीलाई जिरह नगरेको कारणबाट मात्र साक्षीको बकपत्र अपुरो भने हुँदैन ।

जिरहको प्रक्रियाले विवादको सत्य तथ्य कुरालाई पुष्ट्याउने प्रयास गर्दछ । जिरह अत्यन्तै सीपमूलक प्रक्रिया मानिन्छ । किनकि जिरह प्रभावकारी हुन सकेन भने आफ्नै विरुद्ध प्रतिउत्पादक हुन सक्ने प्रबल सम्भावना रहन्छ । त्यसैले सरकारी वकीलले जिरहको प्रक्रिया अवलम्बन गर्दा अत्यन्तै संवेदनशील भएर गर्नु पर्दछ ।

**पुनः सोधपुछ**

जिरहको प्रक्रिया पछि पहिले सोधपुछ गर्ने पक्षलेनै आफ्नो साक्षीलाई पुनः सोधपुछ गर्नु पर्ने प्रक्रिया रहेको छ । यो प्रक्रियामा जिरहमा सोधेका र उठेका कुराहरूमा सीमित रहेर आफ्नो साक्षीलाई पुनः सोधपुछ गर्न सकिने कानूनी व्यवस्था रहेको छ ।

वास्तवमा जिरहको प्रक्रियाबाट उठेका नकारात्मक कुराहरूको सत्य तथ्यबारे जानकारी प्राप्त गर्ने प्रक्रिया पुनः सोधपुछ हो । पुनः सोधपुछको प्रक्रिया जिरहका क्रममा उठेका कुराहरू स्पष्ट पार्ने उद्धेश्यले गरिने भएता पनि कुनै नयां प्रश्नहरू सोध्न आवश्यक देखी अदालतको अनुमति प्राप्त भएमा नयाँ प्रश्नहरू सोध्न पाइने तर त्यस्ता नयां प्रश्नका सन्दर्भमा विपक्षीले जिरह गर्न पाउने व्यवस्था समेत रहेको पाइन्छ ।

**सूचक प्रश्नः**

आफ्नो साक्षीलाई सोधपुछ गर्दा वा पूनः सोधपुछ गर्दा आफूले सोचेको वा आशा गरेको जस्तो जवाफ आओस् भन्ने मनसायले गरिने प्रश्न नै सूचक प्रश्न हो । साक्षीको बकपत्र गर्दा त्यस्तो सूचक प्रश्न गर्न निरुत्साहित गरिएको छ । कस्ता प्रश्न सूचक हुन भन्ने विवादको निक्र्यौल तत्कालै न्यायकर्ताले गर्ने गर्दछन् । तर आवश्यकता अनुसार अदालतले अनुमति दिएमा सूचक प्रश्न पनि सोध्न पाइने कानूनी व्यवस्था रहेको छ ।

**साक्षीको व्यवहार, मुखाकृति इत्यादि टिपोट गर्नेः**

- न्यायाधीशले कुनै साक्षीलाई बकपत्र गराउँदा निजको व्यवहार र मुखाकृति कस्तो थियो, निजसँग सोधिएको प्रश्नहरूको जवाफ दिंदा निज उत्तेजित भएको, हडवडाएको वा डराएको थियो वा थिएन, निजको मुखाकृतिबाट निजले दिएको जवाफ साँचो वा झुठ्ठो के कस्तो झल्कन्थ्यो जस्ता कुरा र अन्य आवश्यक कुराको सम्बन्धमा आफूलाई लागेको कुराहरूको टिपोट बनाउन सक्नेछ ।
- बनाइएको टिपोटमा न्यायाधीशले सहिछाप गरी मिसिल संलग्न राख्नु पर्नेछ ।
- साक्षीको बकपत्रलाई प्रमाणको रूपमा मूल्यांकन गर्दा उपदफा (१) बमोजिमको टिपोटलाई आधार लिन सक्नेछ ।

फौजदारी कार्यविधि संहिताको दफा ११०

**बन्दसवालः**

- मुद्दा दायर रहेको अदालतको क्षेत्राधिकार भएको इलाका भन्दा बाहिर रहे बसेको वा कुनै कारणले अदालतमा उपस्थित हुन नसक्ने तर नबुझी नहुने साक्षीलाई मुद्दाको गंभिरता हेरी बन्दसवालद्वारा वुझ्नु पर्ने भएमा अदालतले त्यसको सूचना मुद्दाका पक्षहरूलाई दिनु पर्नेछ ।
- बन्दसवालमा आफूले साक्षीसँग सोध्न चाहेको प्रश्नहरू समावेश गरियोस भनी कारण खुलाई अदालतमा निवेदन गर्न सक्नेछ ।
- कुनै निवेदन परेमा र अदालतले त्यस्तो प्रश्न त्यस्तो बन्दसवालमा समावेश हुनु मनासिव ठानेमा सो प्रश्न समेत त्यस्तो बन्दसवालमा समावेश गर्न आदेश दिनेछ र सोही बमोजिम बन्दसवालको प्रश्नहरू तयार गरिनेछ ।
- बन्दसवालको ढाँचा अनुसूची–३९ बमोजिम हुनेछ ।
- बन्दसवालद्वारा साक्षी बुझ्दा मुद्दाको कुनै पक्षले चाहेमा बन्दसवाल पठाइएको अदालतमा उपस्थित भै प्रमाण सम्बन्धी प्रचलित कानून बमोजिम साक्षी परीक्षण, जिरह वा पुनः सोधपुछ गर्न सक्नेछ ।

फौजदारी कार्यविधि संहिताको दफा १०७

**बन्द सवालद्वारा साक्षी बुझ्ने प्रक्रियाः**

राज्य विरूद्धको अपराध र ज्यान सम्बन्धी मुद्दामा देख्ने बाहेक सुन्ने साक्षी र अन्य मुद्दाका जुनसुकै साक्षीलाई अदालतमा झिकाई बकाउनु नपर्ने, टाढाका भएमा नजिकको अर्को अदालत मार्फत बन्द सवालद्वारा बुझ्न सकिन्छ । तर राज्य विरूद्धको अपराध वा ज्यान सम्बन्धी मुद्दामा वारदात भएको देख्ने साक्षीलाई भने मुद्दा परेको अदालतमै झिकाई बकाउनु पर्दछ, बन्द सवाल मार्फत बुझ्न हुँदैन ।

कुनै मुद्दामा नबुझी नहुने तर अदालतमा उपस्थित हुन नसक्ने बुढाबुढी र होस भएको अशक्त विमारीलाई साक्षी बुझ्नु पर्ने भएमा त्यस्तो साक्षीकै घरमा अदालतको कर्मचारी गई साक्षीको बकपत्र गराई ल्याउन सकिने व्यवस्था भएको पाइन्छ ।

**श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सकिने:**

फौजदारी कार्यविधि संहिताको दफा १०९ को विभिन्न उपदफा

- बुझनु पर्ने साक्षी शारीरिक रूपमा अशक्त भएको वा नाबालक भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा सम्बन्धित पक्षले सोही व्यहोरा खोली श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत त्यस्तो साक्षी बुझ्नको लागि अदालतमा निवेदन दिन सक्नेछ ।
- कुनै खास प्रकृतिको साक्षीको परीक्षण श्रव्य-दृश्य सम्वाद (भिडीयो कन्फरेन्स) मार्फत गराउन अदालतले आदेश गरेमा सोही बमोजिम साक्षी परीक्षण गर्नु पर्नेछ ।
- निवेदन परेमा र निवेदनमा उल्लिखत कारण मनासिव देखिएमा वा उपदफा (२) बमोजिम अदालतले आदेश दिएमा यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अदालतले त्यस्तो साक्षी श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बुझन सक्नेछ ।
- श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) गर्दा अदालतको अनुमति लिई मुद्दाको सम्बन्धित पक्ष त्यस्तो सम्वाद स्थलमा उपस्थित भई सोधपुछ जिरह वा पुनः सोधपुछ गर्न सक्नेछ ।
- साक्षी बुझदा त्यस्तो साक्षीले व्यक्त गरेको कुरा अभिलेख हुने व्यवस्था गर्नु पर्नेछ र अदालतले श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) को अभिलेख राख्नुपर्नेछ ।
- श्रव्य-दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझेको अभिलेख अनुसूची-३९ को ढाँचामा राख्नु पर्नेछ ।

**एक पटक बुझिसकेको साक्षी फेरी बुझ्न नहुने:**

ऐजन दफा १११

विशेष अदालत ऐनको दफा ७ (ख)

फौजदारी कार्यविधि नि. नियम ५३(४)

- एक पटक बकपत्र गरिसकेको साक्षीबाट पुनः कुनै कुरा बुझ्न सकिने छैन ।
  तर त्यस्तो साक्षीबाट नबुझी नहुने कुनै कुरा छूट्न गई न्यायाधीशले कारण खुलाई आदेश गरेमा पुनः समाव्हान जारी गरी निजलाई बुझ्न सकिनेछ ।
- म्यादमा हाजिर नहुने प्रतिवादी वा साक्षीलाई वारेण्ट जारी गरी पक्री बयान वा बकपत्र गराउने ।
- काबू बाहिरको परिस्थिति परी काक्षी उपस्थित गराउन नसकेकोले साक्षी बुझने अर्को तारिख तोकी पाउन निवेदन दिँदा सो को पुष्टि हुने प्रमाण समेत पेश गर्नु पर्नेछ ।

**साक्षी उपस्थित नभएमा र नबुझी नहुने साक्षीका सम्बन्धमा अवलम्बन गर्नु पर्ने प्रक्रिया**

- प्रमाण बुझ्न तोकिएको तारिखमा हाजिर नभएका साक्षीलाई वातिल अर्थात् बदर, खारेज वा प्रमाण नलाग्ने गर्नु पर्दछ ।
- कतिपय मुद्दामा नबुझी नहुने साक्षीका हकमा भने समाब्हान जारी गरी बुझ्नु पर्दछ ।
- समाव्हान जारी गर्दा पनि उपस्थित नहुने साक्षीका हकमा भने पचास रूपैयाँ जरिवाना गरी पक्राउ गरी ल्याई बकाउनु पर्दछ ।
- पक्रन पठाउदा पनि फेला परेन भने बाटाका म्याद बाहेक पुनः सात दिनको समाव्हान जारी गर्नु पर्दछ ।
- समाव्हान बमोजिम तोकिएको तारिख मा पनि हाजिर हुन आएन भने पक्राउ गर्न पठाई ल्याईबकाई पन्ध्र दिनदेखि पैतालीस दिनसम्म कैद गर्न सकिन्छ ।
- त्यती गर्दा पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गर्ने गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

**अदालतको फैसला /आदेश**

- अदालतमा साक्षी उपस्थित गराउन अदालतले आदेश दिएपछि जुन प्रयोजनको लागि साक्षी झिकाइएको हो, सो प्रयोजन पूरा नहुन्जेलसम्म सम्बन्धित पक्षले अदालतले तोकेको दिनमा साक्षी उपस्थित गराउनु पर्ने हुन्छ । अदालतले पुनः पत्राचार गरिरहनु नपर्ने । एकपटक साक्षी अदालतमा दाखिला गराउंदैमा साक्षीको बकपत्र नभएसम्म साक्षी उपस्थित गराउने दायित्व समाप्त भएको सम्झन नमिल्ने ।

नेपाल सरकार वि. धौलीदेवी विष्ट नेकाप २०६८ नि.नं. ८६६८, अंक ८

- प्रमाण बुझ्न छुटेको वा प्रमाणको अपर्याप्तता भएको विषयमा अदालतमा मुद्दा छलफल गर्दा निरोपण गर्न सकिनेमा शुरु तहको न्यायिक कारवाहीमा भाग नै नलिई यस अदालतमा असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचारको खोजी गर्न नमिल्ने ।

ने.का.प. २०६५ नि.नं. ८०४८, अंक १२

**महान्यायाधिवक्ताको कार्यालयको निर्देशन/परिपत्र**

- साक्षी गवाहलाई अदालतमा उपस्थित गराउने कर्तव्य प्रहरीको हुने कानूनी व्यवस्था गरेको हुँदा सो बमोजिमको कर्तव्य बहन गरी साक्षी उपस्थितिको सुनिश्चितता गर्न सबै जिल्ला प्रहरी कार्यालयमा र खास गरी काठमाडौंका प्रहरी कार्यालयमा विशेष रूपमा लेखी निरन्तर अनुगमनको समेत व्यवस्था गर्न सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम १० को उपनियम (६) बमोजिम प्रहरी महानिरीक्षकलाई लेखी पठाउने ।

च.नं. ४७०२, मिति २०६७।९।१२ को परिपत्र

- साक्षी गवाहलाई तोकिएको दिन उपस्थित गराउन नसकेको अवस्थामा मनासिव माफिकको कारण खोली सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका पदाधिकारी वा भद्र भलादमीहरूको रोहवरमा अनुसूची १४ बमोजिमको ढाँचामा मुचुल्का खडा गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पेश गर्ने गर्नु भन्ने समेत लेखी पठाउने ।

  मुद्दामा साक्षी उपस्थिति भए नभएको सम्बन्धमा मिसिलहरू समय समयमा हेरी अनुसन्धान गर्ने प्रहरी कार्यालयलाई प्रकरण १ र २ बमोजिमको व्यवस्था गर्न पत्र लेखी पठाउने गर्नु भनी सबै सरकारी वकील कार्यालयहरूमा लेखी पठाउने ।

  शंकित व्यक्तिको बयान अनुसन्धान अधिकृतले सरकारी वकील कार्यालयका सरकारी वकील समक्ष अनिवार्य रूपमा गराउने र अदालत समक्ष हुने बयान बकपत्रमा अनिवार्य रूपमा सरकारी वकील उपस्थित भै सोधपुछ, जिरह र पुनः सोधपुछ गर्ने,

  तककिकातको समयमा साक्षीहरू राख्दा अदालतमा उपस्थित भै स्वेच्छाले बकपत्र गर्ने व्यक्तिहरूलाई प्राथमिकता दिन लगाउने,

  प्रहरी कर्मचारीको प्रतिवेदनले अनुसन्धान प्रारम्भ भएका वा प्रहरी कर्मचारीहरू साक्षी बसेका मुद्दाहरूमा अनिवार्य रूपमा प्रहरी कर्मचारीहरूलाई बकपत्र गर्न अदालतमा उपस्थित गर्न लगाउने,

  पछि उपस्थित गराउन सम्भव नहुने साक्षीहरूलाई मुद्दा पेश गर्दाकै अवस्थामा बकपत्र गराउनको लागि पहल गर्ने ।

च.नं. ६५६, मिति २०६७।१२।७ को परिपत्र

**११. साक्षीको संरक्षण तथा सुरक्षाः**

कुनै पनि फौजदारी कानूनको उल्लंघनबाट शारीरिक, मानसिक, भौतिक हानी नोक्सानी पुगेको व्यक्तिलाई अपराध पीडितको रूपमा लिइन्छ । निज जिउदो रहेको अवस्थामा निजले उक्त वारदातको प्रत्यक्ष देखेको भोगेको हुन्छ । त्यसैले सो अपराधको पीडित, सो घटना देख्ने, घटनाको बारेमा जानकारी पाउने व्यक्तिलाई साक्षीको रूपमा लिइन्छ । नेपालमा साक्षीको संरक्षण सम्बन्धी छुट्टै कानून छैन । यद्यपि अपराध पीडित तथा साक्षीको सहायता र संरक्षण सम्बन्धमा कानूनमा केही व्यवस्थाहरू छरिएर रहेका तथा पछिल्लो समयमा बनेको विशिष्टीकृत विषयगत कानूनमा केही व्यवस्थाहरू गरेको पाइन्छ । कानूनले सरकारी साक्षीलाई अदालतमा बकपत्रका लागि उपस्थित हुँदा दैनिक तथा भ्रमण भत्ता दिने कानूनी व्यवस्था गरेको पाइन्छ । अपराध पीडित तथा

साक्षीको सत्यता, सुरक्षा र संरक्षणमा अधिकार वादी दृष्टिकोणबाट विशेष ध्यान दिनु पर्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक आवाजहरू उठ्न थालेको पाइन्छ। त्यसैले यी विषयमा समेत सरकारी वकीलहरू जानकार हुन अनिवार्य छ।

अपराध पीडित/साक्षी संरक्षणको लागि एकीकृत कानून नभएको तथा भएका कानूनहरू पनि छरिएर रहेका हुँदा वर्तमान कानूनले साक्षीको सुरक्षा संरक्षण सम्बन्धमा विश्वस्त बनाउन सकिएको छैन । तर पनि सरकारी वकीलले आफ्नो पक्षको साक्षीलाई प्रशासनिक व्यवस्थापनका माध्यमबाट भए पनि अत्यावश्यक आवश्यकता र सुरक्षा प्रदान गर्ने गराउने तर्फ ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। जस अनुसार साक्षीको संरक्षण र सुरक्षाका बारेमा त्यस्तो साक्षीबाट कुनै जानकारी प्राप्त भएमा त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध मिलाउन सम्बन्धित प्रहरी कार्यालय वा सम्बन्धित अन्य कार्यालयलाई अनुरोध गर्नु पर्दछ । साथै सेवा प्रदायक निकायहरूबीच समन्वय गर्नु पर्दछ।

अदालतमा साक्षीलाई बकपत्रको लागि उपस्थित गराउनु पर्दा कानूनले तोकेको दैनिक भ्रमण भत्ता अनिवार्य रूपमा उपलव्ध गराउने तर्फ विशेष ध्यान दिनु पर्दछ।

सामान्यतया साक्षीको सुरक्षा र संरक्षण अन्तर्गत निम्न कुराहरू समेत पर्दछन जसमा सरकारी वकीलले विशेष ध्यान दिनु पर्दछः

- विशेष प्रकृतिको मुद्दामा तथा संगठित अपराध मुद्दाको अपराध अनुसन्धान तथा मुद्दाको सुनुवाइको अवधि भर र सो अवधि पछि पनि साक्षीको नाम, थर, वतन गोप्य राख्ने,
- साक्षीको आफन्त र परिवारजनको परिचय गोप्य राख्ने,
- साक्षीलाई दैनिक तथा भ्रमण भत्ता उपलव्ध गराउनु पर्ने,
- बन्द इजलासबाट सुनुवाइ हुने मुद्दामा साक्षीको बकपत्र गर्दा तोकिएका व्यक्ति मात्र इजालसमा उपस्थित हुन सक्ने व्यवस्था रहेको हुँदा सो तर्फ सजक हुने।
- साक्षीलाई कुनै पनि किसिमको डर, धम्की, यातना, आक्रमण वा हानी नोक्सानीबाट सुरक्षित राख्ने र सोको लागि संम्बन्धित निकायसंग समन्वय गर्ने।
- तोकिएको मुद्दाका पीडित साक्षीलाई सेवा केन्द्र वा पुर ; स्थापना केन्द्रमा राख्न समन्वय गर्ने।
- अन्तरिम संरक्षणात्मक आदेश जारी भएमा सोको पालना भए नभए तर्फ सजक रहने।
- बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाहरूमा बन्द इजलास कायम भए नभए तर्फ सजक रहने।
- निरन्तर सुनुवाइ गर्ने भनी तोकिएका मुद्दाहरूमा निरन्तर सुनुवाइ गर्न सम्बन्धित पक्षहरूसंग आवश्यक समन्वय गर्ने।
- आवश्यकता अनुसार दोभाषेको व्यवस्था गर्ने।
- पीडित/जाहेरवालालाई मुद्दाको अनुसन्धान, कारवाहीको बारेमा जानकारी दिने।
- अनुसन्धान, अभियोजन तथा मुद्दा निर्णय गर्ने निकायहरूमा पीडित मैत्री वातावरण श्रृजना गर्ने गराउने तर्फ सजक रहने।
- मुद्दामा सहयोगीको रूपमा रहेको साक्षीलाई निजको मान मर्यादा वा ईज्जत प्रतिष्ठामा प्रतिकूल असर पर्ने गरी वा बेइज्जत गर्ने गरी वा झिझ्याउने गरी अनावश्यक प्रश्न सोध्न नपाईने गरी अदालतले रोक लगाउन सक्ने कानूनी व्यवस्था रहेको हुँदा वादी पक्षको साक्षी उपर त्यस्तो व्यवहार हुन नदिने तर्फ विशेष ध्यान दिनु पर्दछ।

**कानूनी व्यवस्था**

- कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा बकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले सोको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालत समक्ष निवेदन दिन सक्नेछ।
- अनुरोध भएमा अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ।
- अदालतले आदेश दिएमा त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तव्य त्यस्तो निकायको हुनेछ।
- साक्षी संरक्षण गर्न अदालतले गरेको आदेश बमोजिम अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन।

फौजदारी कार्यविधि संहिताको दफा ११४

- कुनै खास कसूरबाट पीडित वा कुनै मुद्दाको साझीको रूपमा रहेको व्यक्तिले साझीको रूपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा आफ्नो जीउ ज्यानको सुरक्षामा प्रतिकुल असर पर्न सक्ने सूचना प्रहरीलाई दिएमा प्रहरीले त्यस्तो साक्षी वा पीडितको संरक्षण गरिदिनु पर्नेछ ।
- कुनै साक्षीलाई अनावश्यक रूपमा बेइज्जत गर्ने वा झिझ्याउने किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्नेछ ।

प्रमाण ऐन, २०३१ को दफा ५१

**१२. साक्षीलाई प्रतिकूल हुनबाट रोक्न ध्यान दिनुपर्ने विषयः**

मुद्दाका पक्षले आफ्नो तर्फबाट पेश गरेको साक्षीले निजकै विपरित बकपत्र गरेमा वा साक्षी प्रतिकूल भए मुद्दा निर्णयमा समेत प्रतिकूल प्रभाव पर्न गै मुद्दा असफल हुने अवस्था आउन सक्दछ । विपरित भएको साक्षीलाई प्रतिकूल साक्षी भनिन्छ ।

- कतिपय अवस्थामा साक्षीले मुद्दाका पक्षले किटानसाथ उल्लेख नगरेको कुरा व्यक्त गरी मुद्दामा प्रतिकूल प्रभाव पार्न सक्ने हुँदा त्यस्तो झुट्ठा बक्ने वा प्रतिकूल बकपत्र गरेको कारण मुद्दामा सफलता प्राप्त गर्न कठिनाई पर्ने हुनाले मुद्दाका पक्षहरूले आ–आफ्नो साक्षीलाई झुट्ठा वा विपरित हुनबाट बचाउनु पर्दछ ।
- साक्षीलाई निजले गर्ने बकपत्रबाट मुद्दामा पीडकलाई सजाय गराउन र सही निर्णय गर्न महत्वपूर्ण हुन्छ भन्ने कुरा सम्झाउने ।
- साक्षीले झुट्ठा वा विपरित बकपत्र नगरोस भनी सरकारी वकीलले आफ्नो साक्षीलाई निजले अनुसन्धानको क्रममा व्यक्त गरेको कुरा वा उल्लेख गरेको व्यहोरा निजलाई सुनाई दिनु पर्दछ ।
- साक्षी वा पीडीतले ले झुट्ठा वा विपरित बकपत्र नगरोस भनि सचेत रहने र अपराध पीडित संरक्षण ऐन २०७५ को दफा ३४ (ट) अनुसार मुद्दामा झुट्ठा वा विपरित बकपत्र गरेमा क्षतीपूर्ती नभराइने र प्रचलित कानून बमोजिम सजाय हुन्छ भन्ने कुराको जानकारी निजलाई गराउनु पर्दछ ।
- बकपत्र गर्न उपस्थित भएको साक्षीलाई निज कुनै पनि किसिमको दवाव वा असुरक्षाबाट मुक्त रहेको विश्वास दिलाउनु पर्दछ ।
- कुनै साक्षीले झुट्ठा बके वा विपरित बकपत्र गरेमा कानून बमोजिम सजाय गराउन मुद्दा हेर्ने अधिकारीलाई जानकारी गराउनु पर्दछ ।
- कुनै राष्ट्रसेवक कर्मचारी साक्षी भएको मुद्दामा निज साक्षीले जानीजानी वा वदनियतपूर्वक झुट्ठा बकेमा वा विपरित बकपत्र गरेमा वा बकपत्र नगरेमा वा वीचैमा छाडी हिडेमा वा असहयोग गरेमा कानून बमोजिम विभागीय कारबाही गराउन सम्बन्धित कार्यालयलाई लेखि सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई गराउनु पर्दछ ।

**सर्वोच्च अदालतको फैसला / आदेश**

➢ फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको भन्ने तथ्यगत सबुदहरूको आधारमा निर्णय गर्ने कुरा हो । अपराधीलाई बचाईदिने नियतले स्वयं पीडितले प्रतिकूल बकपत्र दिंदैमा ऐनको व्यवस्था निष्कृय हुने गरी १० नं. आकर्षित नहुने गरी निर्णय गर्नु न्यायसंगत नहुने ।

नेकाप २०६१, नि.नं. ७४११

➢ अदालतले Hostlie साक्षीको बकपत्रलाई गम्भीरतापूर्वक विचार गर्नुपर्ने हुन्छ । घटना भएको समय व्यतित हुँदै जाँदा प्रतिवादी उपरको आक्रोस विस्तारै मत्थर हुंदै जाने, प्रतिवादी र साक्षीहरू समेत एउटै गाउँ टोलमा सँगसँगै बस्नु पर्ने अवस्था र प्रतिवादी एवं साक्षीहरू बीचको आर्थिक सामाजिक सम्बन्ध लगायतका कतिपय कारणहरूले कतिपय सरकारी मुद्दामा साक्षीहरू Hostlie हुन सक्ने अवस्था रहन्छ । यस अवस्थामा Hostlie साक्षीको बकपत्र मुद्दाको स्वाभाविक प्रकृति र अन्य तथ्यसँग मेलखाएमा मात्र त्यस्तो बकपत्रको प्रामाणिक मूल्य रहन्छ । लाश प्रकृति मुचुल्का, लाश जाँच प्रतिवेदन र विशेषज्ञको प्रतिवेदन समेतका प्रत्यक्ष प्रमाणहरूबाट प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्षको बयान समर्थित हुन आएबाट प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरूको प्रतिवादीलाई सफाई दिने गरी भएको बकपत्रकै आधारमा मात्र प्रतिवादीलाई सफाइ दिन नमिल्ने ।

उपेन्द्र सिंह राजपुत वि. नेपाल सरकार, २०५९ सालको स. फौं पु. नं. २९३६, मुद्दाः कर्तव्य ज्यान नि.मि. २०६१।१२।५

➢ मौकामा जिल्ला न्यायाधीश समक्ष प्रमाणित बयानमा उल्लेख गरेको कुरालाई मिसिलबाट देखिएको परिस्थिति र प्रमाणबाट समर्थित भएको खण्डमा महत्वहीन र निष्प्रभावी रूपमा लिन नमिल्ने। अदालतमा पीडितको भनाई प्रमाणित भएपछि निजले अदालतमा बकपत्र गर्दा अन्यथा भन्नुले खास असर पार्ने हुंदैन। मौकामा प्रमाणित भएको त्यस्तो भनाईलाई मिसिलबाट देखिएका परिस्थिति र अन्य प्रमाणबाट समर्थित भएको खण्डमा प्रमाणमा लिनुपर्ने। मिसिल संलग्न प्रमाण एवम् मिसिल संलग्न तथ्यले देखाएको परिस्थितिले प्रतिवादी उपरको अभियोग पुष्टि हुने अवस्था निःसन्देहात्मक रूपमा देखा पर्दछ भने अदालतमा प्रमाणको रूपमा पेश गरिएको व्यक्तिले प्रतिकूल भनाई राखे पनि फौजदारी न्यायको उद्देश्यलाई अनदेखा गरी निर्णय गरिन नहुने।

नेपाल सरकार विरुद्ध खेमराज पाण्डे समेत नेकाप २०६६ नि.नं. ८१६६, अंक ६

## १३. सह-अभियुक्तको पोल:

कुनै आपराधिक कार्यमा संलग्न फौजदारी अभियोग लागेका व्यक्तिहरू एकभन्दा बढी भएको अवस्थामा प्रत्येक व्यक्ति सहअभियुक्त हुन्। त्यस्ता व्यक्तिले सो अपराधका सम्बन्धमा व्यक्त गरेको कुरा महत्वपूर्ण हुन्छ। सहअभियुक्तले आफू अपराधमा संलग्न भएको कुरा स्वीकार गरी वा इन्कार गरी अन्य सहअभियुक्तका सम्बन्धमा प्रमाण पुग्ने गरी बयान गर्न सक्दछ। सो कुरा अर्को सहअभियुक्तको बयानबाट प्रष्ट हुन सक्ने हुनाले यस सम्बन्धमा सरकारी वकीलले विशेष ध्यान दिनु पर्ने हुन्छ। अभियुक्तले अदालतमा बयान गर्दा समानस्तरका अन्य अभियुक्तहरूको उपस्थिति तथा वारदातमा ती अभियुक्तहरूको भूमिका बारे खुलाउन सक्दछन्। त्यस्तो अवस्थामा सहअभियुक्तको संलग्नता तथा अभियोग पुष्टि हुने आधारहरू बारे यकिन हुन अदालतलाई सहयोग पुग्दछ। मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्दछन् भन्ने प्रमाण ऐनको व्यवस्था अनुसार पनि वारदातका सहअभियुक्तको पोल मुद्दाका साक्षीको बकपत्र समान हुन सक्ने अवस्था रहेको छ।

### कानूनी व्यवस्था

- प्रमाण परीक्षण गर्दा कुनै अभियुक्तले कुनै सहअभियुक्तलाई पोल गरेमा त्यसरी पोलेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरह गर्न सक्नेछ। — फौजदारी कार्यविधि संहिताको दफा १०३
- कलिलो उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्ति बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ। — प्रमाण ऐन, २०३१ को दफा ३८
- कुनै अभियुक्तले बयान गर्ने क्रममा कुनै अर्को अभियुक्तलाई पोल गरेमा त्यसरी पोल गरेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तलाई जिरह गने अवसर दिन सकिनेछ। — प्रमाण ऐनको दफा ५०(५क)
- उपदफा (५क) बमोजिमको पोल गर्ने सहअभियुक्त साधारण तारेख, धरौटी वा पुर्पक्षका लागि थुनामा रहेको भए मुद्दाको फैसला हनुभुन्दा अघि निजलाई उपस्थित हुने गरी तारिख तोकी सोही तारेखका दिन त्यसरी पोल गरिएको अभियुक्तलाई जिरह गर्ने अवसर दिनुपर्नेछ। — प्रमाण ऐनको दफा ५०(५ख)
-

### अभियुक्तले पोल गरेको जानकारी दिनु पर्ने र जिरह गर्न पाउने:

- ऐनको दफा १२२ बमोजिम अदालतमा कुनै अभियुक्तको बयान गराउँदा निजको बयान हुनु अगावै कुनै सहअभियुक्तले निजलाई पोल गरेको भए त्यसरी पोल गरेको बयान बेहोरा निजलाई बयान गर्नु अगावै पढिबाची सुनाउनु पर्नेछ। — मुलुकी फौजदारी कार्यविधि नियमावलीको नियम ५५
- कुनै अभियुक्तले अर्को सहअभियुक्तलाई पोल गरी बयान गर्दा त्यस्तो सहअभियुक्त अदालतमा उपस्थित रहेको भए यथासम्भव सोही दिन निजलाई सो बयान पढिबाची सुनाउनु पर्नेछ।
- पछि बयान गर्ने अभियुक्तले अघि बयान गर्ने कुनै सहअभियुक्तलाई पोल गरेमा र त्यसरी पोलमा पर्ने सहअभियुक्त तारिखमा वा थुनामा रहेको भएमा अदालतले सोको जानकारी त्यस्तो सहअभियुक्तलाई दिनु पर्नेछ।

- यसरी जानकारी दिँदा पोलमा पर्ने सहअभियुक्त मुद्दामा तारिखमा रहेको भए तारिखको दिनमा सो बयानको बेहोरा पढिबाँची सुनाउनु पर्नेछ र थुनामा रहेको भए त्यस्तो बयानको प्रतिलिपि समेत सामेल गरी कारागार कार्यालय मार्फत निजलाई जानकारी दिनु पर्नेछ ।
- यसरी जानकारी दिँदा इजलासको आदेश बमोजिम दिनु पर्नेछ ।
- ऐनको दफा १०३ बमोजिम आफुलाई पोल गर्ने सहअभियुक्तको जिरह गर्न चाहने अभियुक्तले अदालत समक्ष जिरहको लागि निवेदन दिन सक्नेछ । मुलुकी फौजदारी कार्यविधि नियमावलीको नियम ५६
- (२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पोल गर्ने सहअभियुक्तको जिरह गर्न पाउँ भनी अभियुक्तले बयान गर्दा जिकिर लिएमा निजले छुट्टै निवेदन दिनुपर्ने छैन ।
- (३) उपनियम (१) बमोजिम निवेदन परेमा वा उपनियम (२) बमोजिम अभियुक्तले बयानमा जिरहको जिकिर लिएको भएमा अदालतले त्यस्तो पोल गर्ने सहअभियुक्तको बयान बेहोरा समेतलाई विचार गरी जिरह गर्ने मौका दिने नदिने सम्बन्धमा आदेश गर्नेछ ।
  तर मुद्दा फैसला भइसकेपछि पोलमा पर्ने अभियुक्त अदालतमा उपस्थित भएको अवस्थामा निजले पोल गर्ने सहअभियुक्तलाई जिरह गर्न पाउने छैन ।
- उपनियम (३) बमोजिम आदेश हुँदा जिरह गर्ने मौका दिने आदेश भएमा अदालतले त्यस्तो सहअभियुक्तको जिरह गर्ने प्रयोजनका लागि बकपत्र हुने दिन तोकी त्यस्तो सहअभियुक्त तारिखमा रहेको भए तारिखको दिनमा र थुना वा कैदमा रहेको भए कारागार मार्फत बकपत्रको प्रयोजनका लागि अदालतमा उपस्थित हुन जानकारी दिनु पर्नेछ र त्यस्तो सहअभियुक्तले तारिख गुजारी बसेको भए निजका नाममा समाह्वावान जारी गर्नु पर्नेछ ।
- पोलमा पर्ने अभियुक्तले पोल गर्ने सहअभियुक्तको जिरह गर्दा पोल गरेको विषयमा मात्र सीमित रही गर्नु पर्नेछ ।
- पोल गर्ने सहअभियुक्तलाई जिरह गर्ने प्रयोजनार्थ तोकिएको तारिखमा त्यस्तो पोल गर्ने सहअभियुक्त अनुपस्थित रहेको कारणले मात्र मुद्दामा अन्य साक्षी प्रमाण बुझ्न वा मिसिल संलग्न अन्य प्रमाणका आधारमा मुद्दाको कारबाही र किनारा गर्न बाधा पर्ने छैन ।
- अदालतले यस नियम बमोजिम जिरह हुने तारिखको जानकारी सरकारी वकिल कार्यालयलाई दिनु पर्नेछ ।
- सहअभियुक्तको जिरह अनुसूची–१९ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

**सर्वोच्च अदालतको फैसला / आदेश**

- सहअभियुक्तको भनाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनु पर्दछ तब मात्र त्यसलाई प्रमाणको रूपमा लिनु पर्दछ । नेकाप २०४०, नि.नं. १७३७
- वारदातमा आफू सावित भै पोल गर्ने सहअभियुक्तहरूको बयानमा विश्वास गर्नु नपर्ने कुनै कारण देखिँदैन । नेकाप २०४२, नि.नं. २२६६
- सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि हुनु गराउन सक्नु ज्यादै राम्रो कुरा हो । तर त्यो छैन भन्दैमा सहअभियुक्तको पोललाई विचारै नगर्ने भन्ने हुन सक्दैन । प्रमाणबाट समर्थन गराउनु वा समर्थन भएको छ छैन भनी केलाउनु एक कुरा हो तर यसैलाई अनिवार्य तत्व हो भनी सम्झनु हुन्न । तर वाञ्छनीय तत्व भनी सम्झन मिल्ने । नेकाप २०४४, नि.नं. ३०६०
- छुट्टै साक्षीको रूपमा आएको नभै अभियोग लागी आएको र ती अभियोग लागी आएका सहअभियुक्तहरू स्वयं आफूले गरेको कसूरलाई समेत स्वीकारी पोल गरेको स्थितिमा निजहरूको पोललाई आधार लिन मिल्ने । नेकाप २०४८, नि.नं. ४२६९
- अदालतमा कसूर गरेमा सावित हुने छविलाल विश्वकर्माले अन्य तीन जवान प्रतिवादीले पनि कसूर गरेको भनी पोल गरी बयान गरेको देखिन आउँछ । सहअभियुक्तको पोललाई एकातिर राखी अन्य प्रमाणबाट कसूर गरेको देखिन आएमा त्यस्तो अन्य प्रमाणलाई अतिरिक्त समर्थन गर्ने प्रमाणको रूपमा सहअभियुक्तको स. अ. बु. २०५४, पूर्णाङ्क

पोललाई हेर्नुपर्ने हुन्छ । सहअभियुक्तको पोल स्वयं कसूर कायम गर्ने आधारभूत प्रमाणको रूपमा लिन मिल्दैन । अन्य प्रमाणबाट कसूर प्रमाणित भएको देखिन नआएको अवस्थामा सहअभियुक्तको पोललाई आधारभूत प्रमाण मान्न नमिल्ने ।

१२६, पृ. १०

- मतियार साक्षीको रूपमा लिन सह अभियुक्तलाई सजायबाट छुट दिई वा अभियोग नलगाई सरकारी पक्षको गवाह (approvear) को रूपमा प्रस्तुत गरिएको हुनु पर्ने देखिन्छ । अन्यथा एकसाथ अभियोग लगाईएको सहअभियुक्तलाई सक्षम साक्षीको रूपमा राख्न र प्रमाणमा लिन नसकिने ।

रामशरण महत वि. नेपाल सरकार ने.का.प. २०६३ अंक ८ नि.नं. ७७४९

- सहअभियुक्तको पोल आफैमा सारभूत प्रमाण होइन, यो त केवल न्याय निक्र्यौल गर्न वा कुनै प्रमाणित तथ्यलाई पुनः पुष्टि गर्ने वा अझ बल प्रदान गर्ने एउटा थप आधार मात्र हुने ।
- सहअभियुक्तको परीक्षण नगर्दैमा न्याय निष्पादनमा सारभूतरूपमा फरक नपर्ने हुनाले पनि प्रमाण कानून सम्बन्धी सिद्धान्त र व्यवहारमा यसले अन्योल सिर्जना गर्ने भन्ने देखिन आउदैन र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र सिद्धान्तको प्रतिकूल मान्न पनि नमिल्ने ।
- सहअभियुक्तको पोललाई प्रमाणमा लिने सम्बन्धमा किटानी कानूनी व्यवस्थाको अभाव रहे पनि हाम्रो न्याय प्रणालीले मिसिल कागजातबाट खुल्न आएका तथ्य र व्यहोरालाई कुनै न कुनै रूपमा ग्रहण गर्ने वा स्वीकार गर्ने गरी आएको परिप्रेक्ष्यमा सहअभियुक्तको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न सकिने मान्यतालाई स्वीकार गरिएको पाइने ।
- सहअभियुक्तको पोललाई प्रमाण लिने वा लगाउने सम्बन्धमा निम्न बमोजिमको अवस्था र परिस्थितिको मूल्याङ्घन गरी विचार गर्नु उपयुक्त एवं वान्छनीय देखिने ।
- एकै साथ सहअभियुक्तहरू मुद्दामा पूर्पक्ष गरिएको अवस्था हुनुपर्ने,
- सोही कसूरमा पोल गरेको हुनुपर्ने,
- एउटा कसूरमा सावित हुनेले अर्को कसूरमा अरूलाई पोल गरेको नमिल्ने,
- आफू कसूरमा इन्कार भै एक अर्कालाई पोल गरेको हुन नहुने,
- पोल गर्ने सहअभियुक्तको मृत्यु भएकोमा पनि निजको भनाईलाई विचार गर्न सकिने
- सहअभियुक्तको पोललाई आधारभूत एवं सारभूत (Substantive) प्रमाणको रूपमा लिन नमिल्ने, मुद्दाको जग (Foundation) अर्थात् यसकै आडमा कसूर प्रमाणित भएको मान्न नमिल्ने,
- अन्य आधारभूत स्वतन्त्र प्रमाणहरूबाट वारदात वा कसूर कायम हुन सक्ने स्थितिमा मात्रै सहअभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने हुन्छ ।
- एउटा सहअभियुक्तको पोलले अर्को सहअभियुक्तको पोललाई समर्थन (Corroborate) गरेको मान्न नमिल्ने,
- कसूर वा वारदात कायम गर्दा सहअभियुक्तको पोललाई अन्य प्रमाणले समर्थन गरेको भन्ने आधारमा हैन कि अन्य निश्चयात्मक प्रमाणको आधारमा वारदात वा कसूर कायम हुन सक्ने अवस्था भएमात्र सहअभियुक्तको पोललाई विचार गरिने ।
- सहअभियुक्तको पोललाई समर्थनको (Supportive) रूपमा मात्र लिनुपर्ने,
- अर्कालाई पोल गर्ने सहअभियुक्तको गैर न्यायिक (प्रहरीमा भएको) सावितीलाई निजका विरुद्ध प्रमाणमा लिए नलिएको आधारमा मात्रै निजको पोललाई विचार गर्नु पर्ने ।
- गैर न्यायिक सावितीर न्यायिक निकाय समक्ष भएको सावितीको पोललाई सोही अनुपातमा प्रामाणिक मूल्यलाई फरक राखी हेर्नुपर्ने ।

## १४. विशेषज्ञको परीक्षण

हस्ताक्षर, ल्याप्चे, विदेशी कानून, विज्ञान, रीतिरिवाज, कला वा यस्तै अन्य विषय सम्बन्धी कुरा निश्चित गर्नु पर्ने देखिएमा अदालतबाट त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन सकिन्छ । यसरी अदालतले कुनै विशेषज्ञ वा व्यक्तिलाई साक्षी सरह बकाएकोमा मुद्दाका पक्षहरूलाई जिरह गर्ने मौका प्राप्त हुन्छ ।

### कानूनी व्यवस्था:

- नेपाल सरकार वादी भएको जघन्य वा गंभीर कसूर सम्बन्धी कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यु भएमा वा निज लामो अवधि विदेशमा बसी नेपाल आउन नसक्ने भएमा वा अन्य कारणले निजलाई बुझ्न असम्भव भएमा त्यस्तो विशेषज्ञ साक्षी सरह वा सो भन्दा माथिको समान विषयको विशेषज्ञबाट विशेषज्ञ राय लिन सकिनेछ ।

  स्पष्टीकरणः- यस दफाको प्रयोजनको लागि "जघन्य कसूर" भन्नाले जन्मकैद वा दश वर्ष भन्दा बढी कैद हुने कसूर र "गंभीर कसूर" भन्नाले तीन वर्ष देखि दश वर्षसम्म कैद हुने कसूर सम्झनु पर्छ ।

  फौजदारी कार्यविधि सहिताको दफा १०२

- हस्ताक्षर, ल्याप्चे, विदेशी कानून, विज्ञान, रितिरिवाज, कला, वैज्ञानिक वा प्राविधिक रुपमा परीक्षण हुनु पर्ने विषय वा यस्तै अन्य विषय सम्बन्धी कुरा यकिन गर्नु पर्ने हुन आएमा अदालतले त्यस सम्बन्धमा विशेष दक्षता, अनुभव वा तालिम प्राप्त व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बकाउन हुन्छ । सो बमोजिम अदालतले कुनै विशेषज्ञलाई साक्षी सरह बकाएमा मुद्दाको पक्षहरूलाई यस ऐन बमोजिम जिरह गर्ने मौका दिनुपर्छ ।

  प्रमाण ऐन, २०३१, दफा ५२

- यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि विशेषज्ञ साक्षीको बकपत्रको लागि तोकिएको दिन बकपत्र गर्न उपस्थित हुन नसक्ने भई सोही व्यहोराको लिखित जानकारी प्राप्त भएमा अदालतले त्यस्तो विशेषज्ञलाई उपयुक्त समयमा बकपत्रको लागि उपस्थित हुन आदेश दिन सक्नेछ ।

  प्रमाण ऐन, २०३१, दफा ५२क

- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यु भएमा वा अन्य कुनै कारणले निजलाई बुझ्न सक्ने अवस्था नभएमा र विशेषज्ञलाई नबुझी नहुने भएमा सोही विषयको अर्को विशेषज्ञबाट विशेषज्ञ राय बुझ्न सकिनेछ ।

### सर्वोच्च अदालतको फैसला / आदेश

- विशेषज्ञ भनिएको व्यक्तिलाई साक्षी सरह उपस्थित गराई बुझिएको वा निजसँग जिरह गर्ने प्रतिवादीलाई मौका नदिएको अवस्थामा उक्त रायलाई प्रमाणमा लिनु प्रमाण ऐन, २०३१ को दफा २३(७) को प्रतिकूल हुने । कानून बमोजिम ग्रहण गर्न नहुने प्रमाण ग्रहण गरी सो प्रमाणलाई आफ्नो ठहरको आधार बनाई फैसला गरेको प्रमाण ऐनको दफा ५४ को प्रतिबन्धात्मक वाक्यांशले सो फैसला बदर हुने ।

  केशव प्रसाद घिमिरे वि. नेपाल सरकार, नेकाप २०३६, नि.नं. १२५५

- विशेषज्ञको रायलाई प्रमाणमा लिनको लागि राय दिने विशेषज्ञलाई साक्षी सरह बकपत्र गराई उक्त रायलाई समर्थन गराउन आवश्यक पर्ने ।

  नेकाप २०४३, नि.नं. २६८८

- विशेषज्ञले प्रष्ट रूपमा दिएको राय र त्यसलाई अदालतमा उपस्थित भै बकपत्र गरी प्रमाणित समेत गरी दिएकोलाई शंका उठाई बोर्ड गठन गरी पुनः जाँच गरी पाउँ भन्ने जिकीर पुग्न सक्दैन ।

  नेकाप २०४०, नि. नं. २२८३

- विशेषज्ञको राय निश्चित एवं कारणमा आधारित हुनुपर्दछ । अन्यथा त्यस्तो रायले कुनै महत्व राख्दैन । अन्दाज गरिएका कुरा प्रमाणित हुन सक्दैन । बुझिएका भनाई समेत अन्दाज शंकामा आधारित भएकाले यिनीहरूको लेखाई बकाई प्रमाणित मान्न नसक्ने ।

  नेकाप २०४२, नि.नं. ४२८७

- विशेषज्ञको रायलाई तर्कसंगत रूपमा खण्डन नभएसम्म मान्नु पर्ने ।

  नेकाप २०४६, नि.नं. ४००१

- प्रमाण कानूनमा Eye Witness अर्थात् चश्मदिद गवाहको महत्वपूर्ण भूमिका हुन्छ । चश्मदिद गवाहहरूले घटना देखेको भन्ने भनाइलाई अभियोग लागेको अभियुक्तले अदालत समक्ष जाँच्नु पाउनु पर्ने । अदालत समक्ष यस्ता गवाहलाई पेश गरी अभियुक्तलाई गवाहको भनाई, बकाई साँचो हो होइन जिरह मार्फत परीक्षण

  नेपाल सरकार वि. बैद्यनाथ पण्डित, ने.का.प.

गर्ने मौका प्रदान गर्नु पर्छ र त्यसरी त्यस्ता चश्मदिद गवाहलाई जाँच्न दिई साक्षी परीक्षणबाट गवाहको शंकारहित तवरबाट परीक्षण भएपछि मात्र त्यस्ता गवाहहरूको Direct र Original Evidence मानिन्छ र त्यस्ता गवाहको आधारमा अभियोग प्रमाणित भएको मानिने । जिरहबाट समेत प्रत्यक्षदर्शी गवाह भन्ने देखिएको हुँदा यी साक्षीहरू प्रमाण ऐन २०३१ बमोजिम साक्षी हुन सक्ने व्यक्ति भई दफा ५० बमोजिम जिरह समेत भएको हुँदा उक्त साक्षीको बकाई Legally Admissible Evidence मान्नु पर्ने ।

२०६४ नि.नं. ७८०९ अंक १

- मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्छ, अर्थात् देख्न, सुन्न वा कुनै इन्द्रियको सहायताले थाहा पाउन सकिने कुनै कुरालाई प्रमाणमा दिन खोजिएको भए, सो कुरा प्रत्यक्ष देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले त्यस सम्बन्धमा मौखिक प्रमाण दिएको हुनुपर्छ भन्ने प्रमाण ऐन, २०३१ को दफा ३७(२) को प्राबधानका आधारमा पनि त्यस्ता अस्पष्ट र अनिश्चयात्मक कथनलाई कसूरदार ठहऱ्याउने आधार बनाउन नमिल्ने । परिस्थितिजन्य प्रमाण जहिले पनि प्रत्यक्ष हुनपर्छ, अनुमानबाट समर्थित हुने विषय होइन । के कस्तो परिस्थितिजन्य प्रमाण हो भन्ने कुरा स्पष्ट रूपमा खुलाउनु पर्छ, घटनासँग सम्बन्धित विभिन्न कडीहरू मालाकार रूपमा एक अर्कोसँग जोडिएको र त्यसबाट परिणाम स्वाभाविक निष्कर्ष आउनु पर्ने । शवपरीक्षण गर्ने विशेषज्ञले मृत्युको कारणमा Asphyxia due to hanging भन्ने राय दिएको अवस्थामा मृतक झुण्डी मरेको भन्ने परिस्थिति बाहेक अन्य स्थितिको कल्पना गरी कुनै प्रत्यक्ष र अकाट्य प्रमाणको अभावमा दोषी ठहर गर्न प्रमाण सम्बन्धी कानून र न्यायका मान्य सिद्धान्त प्रतिकूल हुन जाने ।

नेपाल सरकार विरुद्ध मालती देवी कलवार, नेकाप २०६४ नि.नं. ७९०८, अंक १२

- प्रमाण भन्ने कुरा कहिल्यै पनि विरोधाभाषयुक्त हुन सक्दैन, द्विविधाजनक हुन सक्दैन । सर्वोत्तम प्रमाण पेश गर्नु पर्छ भन्ने मान्यता स्थापित हुनुको दार्शनिक आधार पनि यही नै हो । विरोधाभाषको अन्त गर्नु, द्विविधाको अन्त गर्नु नै प्रमाणको एक मात्र उद्देश्य हुने । मौखिक प्रमाण जहिले पनि प्रत्यक्ष हुनुपर्छ, अस्पष्ट र अनिश्चयात्मक कथनलाई कसूरदार ठहऱ्याउने आधार बनाउन नमिल्ने ।

ने.का.प. २०६५ निर्णय नं.७९५३, अंक ४

- विशेषज्ञको राय प्रतिवेदन यो यति कारणबाट शंकास्पद वा विरोधाभाषयुक्त छ भनी इजलास समक्ष प्रष्टयाउनु पर्ने सम्बन्धित पक्षको दायित्व हुने हुँदा यस्तो दायित्वलाई शंकारहित तवरबाट पुष्टि गर्नुपर्ने । विशेषज्ञले दिएको प्रतिवेदन शंकास्पद, द्विविधायुक्त वा अस्पष्ट नभई फटिक झै स्वच्छ (Crystal Clear) र अन्य स्वतन्त्र प्रमाणले समर्थित गर्दछ भने त्यस अवस्थामा अदालत स्वयंले तर्क वितर्क गरी शंका उपशंका उठाउनु समेत न्यायोचित नहुने । बिनाआधार विशेषज्ञले दिएको प्रतिवेदनलाई अन्यथा गर्दा वास्तविक न्याय प्रदान गर्ने उद्देश्यबाट दिशाभ्रमित हुने अवस्था उत्पन्न हुन जाने अवस्थाप्रति अदालत सजग हुनुपर्छ । अपराधलाई प्रमाणित गर्ने कडीको रूपमा रहने अनुसन्धानको क्रममा संकलित प्रमाणका रूपमा अभिन्न अङ्ग मानिने प्रतिवेदनलाई अस्वीकार गर्न अदालतलाई त्यति नै स्पष्ट आधार र कारणको आवश्यकता पर्दछ । यसमा वस्तुनिष्ठ व्याख्या गरी अस्वीकार गर्नुपर्ने वैज्ञानिक आधार समेतको स्पष्ट उल्लेखन गरी विमति राखी खण्डन गर्न सक्नु पर्दछ र यो खण्डन चिकित्सा विधिशास्त्र (Medical Jurisprudence) का सर्वमान्य सिद्धान्तमा आधारित हुनुपर्ने । मृतकको लाश र त्यसमा विशेषज्ञले गर्ने अध्ययनले मृत्युको कारणका बारेमा धारणा बनाउन अदालतलाई सहयोग गर्दछ । यस अर्थमा विशेषज्ञको रायले पनि बलियो प्रमाणको स्थान ग्रहण गर्न सक्दछ भन्ने सन्दर्भ नै चिकित्सकीय प्रमाण (Medico- Evidence) को मूल मर्म हुने । वास्तविक मृत्युको कारण पत्ता लगाउने ज्ञाता विशेषज्ञ हुँदा सो रायमाथिको निर्भरता नै न्यायको लक्ष्यप्राप्तिको लागि सबैभन्दा बढी सहायक हुन्छ भन्नेमा विमति राख्न नहुने ।

नेपाल सरकार विरुद्ध विनय मानन्धर नेकाप २०६७ नि.नं. ८३११, अंक २, पृष्ठ २०० (पू.ई.)

- जैविक माता पिता नभएको भनी डी.एन.ए. परीक्षण प्रतिवेदन प्राप्त भएको अवस्थामा तथा सो परीक्षण गर्ने विशेषज्ञले आफ्नो परीक्षण र प्रतिवेदनको आधिकारिकता एवं यथार्थता (Accuracy) को सम्बन्धमा अदालतमा साक्षी सरह बकपत्र गरी दिएको अवस्थामा सो बकपत्र जिरहको माध्यमद्वारा अन्यथा देखिन नआए अदालतले त्यस्तो वैज्ञानिक परीक्षण प्रतिवेदनलाई अमान्य गर्ने कानूनी आधार नदेखिने । जिरह समेतबाट अन्यथा देखिन नआएको विशेषज्ञको रायलाई प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम अदालतले प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । यस्तो हालसम्मको सर्वमान्य DNA जस्तो वैज्ञानिक परीक्षणको आधारमा विशेषज्ञले दिएको रायलाई त्यस्तै वैज्ञानिक परीक्षण गर्ने विशेषज्ञको अन्यथा राय भएमा मात्र खण्डन गर्न सकिने ।

मखमली मिश्र समेत विरुद्ध लक्ष्मीकुमारी मिश्र, नेकाप २०६७ नि.नं.८४८३, अंक १०

- विशेषज्ञले दिएको रायको आधारभन्दा फरक स्वरूपमा निर्णय निष्कर्षमा पुग्दा त्यसको परीक्षणको विश्वसनीयता र परीक्षणको आधार समेतलाई स्पष्ट रूपमा खण्डित गर्नुपर्ने हुन्छ । वैज्ञानिक आधारमा परीक्षण

मृगेन्द्रसिंह श्रेष्ठ विरुद्ध दानबहादुर श्रेष्ठ,नेकाप

भै प्राप्त भएको रायलाई अन्यथा हो भन्न त्यसको विश्वसनीयता उपर चुनौती दिन स्पष्ट रूपमा विवादरहित आधार स्थापित हुनुपर्ने । लिखतमा विश्वसनीयता कायम नरहोस् भन्ने नियतले लिखत तयारीकै क्रममा विभिन्न किसिमका प्राविधिक त्रुटि राखी लिखत तयार गरेकाले यस अदालतका लेखा तथा रेखा विषेशज्ञले दिएको रायमा विभिन्न अवस्थाको चित्रण गरी लिखतको सहिछाप अन्य हस्ताक्षरसँग मेल खाने भनी राय प्रदान गरेको अवस्थामा लेखकको लिखत लेखनमा दुषित मनसाय रहेको तथ्ययुक्त आधार पुष्टि हुने । एकै विषयमा विज्ञहरूद्वारा नै फरक–फरक राय पेश भएको अवस्थामा कुन रायलाई आधार लिने भनी हेर्दा जुन रायको परीक्षणका आधार सवल र भरपर्दा छन् त्यसैलाई निष्कर्षको आधार बनाइनु पर्ने । लिखतको प्रकृतिलाई नाङ्गो आँखाले हेर्दा समेत साक्षी, कारणी लिखतको साईज लेखाई आदि स्वाभाविक भै सद्दे जस्तो नै देखिएको र सो पुष्टि हुने गरी विशेषज्ञको राय समेत प्राप्त भएको अवस्थामा लिखतको विश्वसनीयता माथि प्रश्न उठाउने ठाउँ नभएकाले स्वाभाविक र सद्दे रूपमा रहेको पुष्टि भएको लिखतलाई कीर्ते जालसाजी भन्न नमिल्ने ।

२०६७ नि.नं. ८४८९, अंक १०

- विशेषज्ञको राय वा प्रतिवेदन कुनै कुरा, तथ्य वा घटना प्रमाणित गर्न एक्लो निर्णायक प्रमाण नभए पनि त्यो एउटा महत्वपूर्ण प्रमाण हो र अन्य प्रमाणसँग मिलेमा, साक्षी बकपत्र वा पक्षको भनाईसँग मिल्न भिड्न आएमा विशेषज्ञको प्रतिवेदनले ठोस र निर्णायक प्रमाणको रूप ग्रहण गर्ने । विशेषज्ञको विशेषज्ञता र दक्षता विवादरहित हुनुका अतिरिक्त निजले ठीक, निश्चित, असन्दिग्ध वा द्विविधाविहीन ढंगले अदालतमा आई बकपत्र पनि गरेको हुनुपर्ने । विशेषज्ञको राय, प्रतिवेदन निश्चित, ठोस् र वैज्ञानिक तर्कहरू र रासायनिक परीक्षणबाट निकालिएको निष्कर्षहरूमा आधारित रहनुका अतिरिक्त विशेषज्ञले अदालतमा आई परीक्षण प्रक्रिया र निष्कर्ष एवं प्रतिवेदनलाई पुष्ट्याई हुने गरी स्पष्ट एवं द्विविधारहित ढंगले बकपत्र गरी दिएको अवस्था भएमा यस्तो प्रतिवेदनलाई प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

सीतादेवी ठाकुर समेत बुधनी ठाकुर नेकाप २०६७ नि.नं. ८५०१, अंक ११

## १५. लिखत प्रमाणको परीक्षण :

सरकारी वकीलले अभियोगपत्र साथ मुद्दा हेर्ने निकाय समक्ष प्रस्तुत गरेको लिखत प्रमाणहरू मुद्दा हेर्ने निकायले न्यायिक कसीमा परीक्षण गरेर मात्र प्रमाणको रूपमा ग्रहण योग्य प्रमाणहरू स्विकार गर्दछ । मिसिल संलग्न लिखत प्रमाणहरू अन्यथा प्रमाणित नभएसम्म अभियुक्तको विरुद्ध प्रयोग हुने भरपर्दा प्रमाण हुन । कुनै लिखत प्रमाणको वैधानिकता एवं मुद्दासँग सान्दर्भिकताको प्रश्न उठेमा मुद्दा हेर्ने निकायले त्यस्तो प्रमाण परीक्षण गर्ने र त्यसको वैधानिकता पुष्टि गर्न मुद्दाका पक्षलाई आदेश दिन सक्दछ । अभियोगपत्र साथ पेश गरेको कुनै सबुद प्रमाणको वैधानिकताको प्रश्न उठेमा सरकारी वकीलले त्यसको पुष्ट्याई गर्नु पर्दछ ।

## १६. दशी प्रमाणको परीक्षण

सरकारी वकीलले अभियोगपत्र साथ मुद्दा हेर्ने निकाय समक्ष प्रस्तुत गरेको दशी प्रमाणहरू मुद्दा हेर्ने निकायले न्यायिक कसीमा परीक्षण गरेर मात्र प्रमाणको रूपमा ग्रहण गर्दछन् । मुद्दा हेर्ने निकाय समक्ष प्रस्तुत दशी प्रमाणहरू सम्बन्धमा विवाद उठेमा मुद्दा हेर्ने निकायले त्यस्तो प्रमाणको परीक्षण गर्ने गर्दछन् । दशी प्रमाणको परीक्षणको सन्दर्भमा मुद्दा हेर्ने निकायले आवश्यक सम्झेमा कुनै निकाय, विशेषज्ञ वा प्राविधिकसँग समेत राय माग गर्न सक्दछ ।

## सर्वोच्च अदालतबाट भएको फैसला/आदेश

- अभियुक्त प्र. उमेश सिंह मुराउ प्रहरी र अदालतमा समेत आफूले वारदात गरेकोमा सावित भएको र निजबाट वरामद हुन आएको सामानहरूबाट समेत सो तथ्य समर्थित भैसकेकोले निज निर्दोष रहेछ भन्न सकिने अवस्था देखिन आउँदैन ।

नेकाप २०४३, नि.नं. २६०८

- कानून बमोजिम अधिकार प्राप्त अधिकारीले दशी वरामद नगरेको वा अन्य मुचुल्का समेत नभएको अवस्थामा जाहेरवालाले भनेको मात्र आधारमा जाहेरी साथ पेश भएको उक्त काँसको दुई थान डवकालाई दशीको रूपमा ग्रहण गर्न मिल्ने देखिंदैन ।

नेकाप २०४३, नि.नं. २६७५

- अदालतमा बयान गर्दा प्रतिवादी गोविन्द प्रसाद इन्कार रहेता पनि निजको अधिकार प्राप्त अधिकारी समक्ष भएको सावितिलाई दशी वरामद भै दाखिल भएको र मारवाडी सेवा संघका विहारीलालले सनाखत गरी दिएबाट समेत समर्थित भएको छ । दशी समेत प्रतिवादीबाट वरामद भएपछि अदालतमा कसूरमा इन्कार

नेकाप २०४५, नि.नं. ३३७२

रहेकै भरमा मात्र कसूरदार होइन भनी मान्न नमिल्ने ।

➢ आफूलाई लागेको अभियोगबाट सफाई पाउने जिकिर लिएता पनि निजबाट कुनै ठोस सवूद प्रमाण पेश भएको नपाइने, दशीसाथ पक्राउ गरिएको भन्ने वरामदी मुचुल्का भएको र निजबाट नोटहरू समेत वरामद भएकोले वादी दावी अनुसारको कसूर गरेको ठहऱ्याई सजाय गरेको इन्साफ मुनासिव हुंदा सदर हुने ।

मालिका प्रसाद श्रेष्ठ वि. नेपाल सरकार, नेकाप २०४५, नि.नं. ३४७१

## १७. अभियोगपत्र दायर भए पछि प्राप्त हुन आउने प्रमाणहरूको प्रस्तुति र परीक्षण:

सामान्यतया मुद्दा हेर्ने निकाय समक्ष मुद्दा दायर गर्दा सो मुद्दासँग सम्बन्धित सम्पूर्ण सबुद प्रमाणहरू एकै साथ पेश गर्नु पर्दछ । एकपटक अभियोग पत्र दायर भएपछि पटक पटक सबुद प्रमाणहरू पेश गर्न सकिँदैन ।

तर कहिलेकाहि वारदातको जटिलता एवं गम्भीरताको कारण वारदातसँग सम्बन्धित महत्वपूर्ण सबुद प्रमाणहरू मुद्दा दायर भै सकेपछि मुद्दा अनुसन्धान अभियोजन गर्न निकाय समक्ष प्राप्त हुने हुँदा त्यस्ता सबुद प्रमाणलाई मुद्दा हेर्ने निकाय समक्ष प्रस्तुत गर्न सकिन्छ ।

## १८. अपराध पीडितको फौजदारी न्याय सम्बन्धी हक

- अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।

  अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

संविधानको धारा २१

### स्वच्छ व्यवहार पाउने अधिकार

- पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार हुनेछ ।

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४

### अनुसन्धान सम्बन्धी सूचनाको अधिकार

- पीडितले माग गरेमा सम्बन्धित अनुसन्धान अधिकारी वा निकायले निजलाई देहायको विषयमा यथाशीघ्र सूचना दिनु पर्नेछ :

  (क) यस ऐन वा प्रचलित कानून बमोजिम पीडितले प्राप्त गर्ने चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकित्सकीय, सामाजिक, कानूनी वा अन्य कुनै सेवा वा परामर्श,

  (ख) अभियोजन गर्ने निकायको नाम र पूरा ठेगाना,

  (ग) अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर,

  (घ) अनुसन्धान तथा तहकिकातको प्रगति विवरण,

  (ङ) शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया,

  (च) शंकास्पद व्यक्ति पक्राउ भएमा सो को व्यहोरा,

  (छ) शंकास्पद वा अन्य कुनै व्यक्तिले कसूरका सम्बन्धमा अनुसन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा,

  (ज) अनुसन्धान अधिकारीको हिरासतबाट शंकास्पद व्यक्ति फरार भएमा वा पुनः पक्राउ भएमा सो को व्यहोरा,

  (झ) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको वा पक्राउ भएको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राख्न आवश्यक नदेखी प्रचलित कानून बमोजिम हिरासतबाट छाडेमा सो को व्यहोरा,

  (ञ) कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम हुने अनुसन्धान तथा तहकिकातका प्रक्रिया सम्बन्धी सामान्य जानकारी ।

ऐजन दफा ७

- उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई त्यस्तो सूचना दिएमा सो कसूरको अनुसन्धानमा प्रतिकूल असर पर्ने संभावना भएमा वा शंकास्पद वा निजसम्बद्ध व्यक्तिको जीउ, ज्यान वा सम्पत्तिमाथि खतरा हुन सक्ने भएमा अनुसन्धान निकायले त्यस्तो सूचना पीडितलाई दिन बाध्य हुने छैन र त्यसरी सूचना दिन नमिल्ने व्यहोराको कारण सहितको जानकारी पीडितलाई दिनु पर्नेछ

## अभियोजन सम्बन्धी सूचनाको अधिकार

ऐजन दफा ८

- अभियोजन गर्ने निकाय वा अधिकारीले कसूरको सम्बन्धमा पीडितलाई निजले माग गरेमा देहायको सूचना यथाशीघ्र दिनु पर्नेछः

(क) मुद्दा नचलाउने निर्णय गरेको भएमा मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण,

(ख) कुनै व्यक्ति विरुद्ध मुद्दा चलाउने निर्णय गरिएको र कुनै व्यक्तिको हकमा मुद्दा नचलाउने निर्णय गरिएमा मुद्दा नचलाउने निर्णय गरिएको व्यक्तिको नाम, थर, वतन र मुद्दा नचलाउने निर्णय गर्नुको आधार र कारण,

(ग) मुद्दा चलाउने निर्णय गरेकोमा अभियोगपत्रको एक प्रति प्रमाणित प्रतिलिपि,

(घ) प्रचलित कानून बमोजिम हुने अदालती कारबाहीको प्रक्रिया सम्बन्धी सामान्य जानकारी,

(ङ) मुद्दा चलाइएका र तत्काल मुद्दा नचलाइएका व्यक्तिका सम्बन्धमा प्रचलित कानून बमोजिम थप माग दाबी लिएकोमा सोको व्यहोरा र सो सम्बन्धमा मुद्दा हेर्ने अधिकारीले गरेको आदेश,

(च) पीडित व्यक्ति कसूरको साक्षी समेत भएकोमा निजले साक्षीको रूपमा निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धी जानकारी,

(छ) अभयागपत्र दायर हुँदा फरार रहेको अभियुक्त मुद्दा हेर्ने अधिकारीको आदेश बमोजिम पक्राउ भई वा आफैं हाजिर हुन आएमा सोको व्यहोरा,

(ज) कसूरका सम्बन्धमा अदालतमा दायर भएको मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेकोमा सोको व्यहोरा,

## न्यायिक कारबाही सम्बन्धी सूचनाको अधिकारः

ऐजन दफा ९

- अभियोजन गर्ने निकाय, अधिकारी वा अदालत वा सम्बन्धित निकायले पीडितले माग गरेमा निजलाई देहायको सूचना यथाशीघ्र दिनु पर्नेछः

(झ) अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु पर्ने भएमा सोको व्यहोरा,

(ञ) अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु नपर्ने भएमा वा थुनामा रहेको अभियुक्त थुनाबाट मुक्त भएमा सोको व्यहोरा,

(ट) अदालतमा हुने सुनुवाइको मिति, स्थान र समय,

(ठ) अभियुक्तले प्रचलित कानून बमोजिम जमानत वा तारेखमा छोडी पाउँ भनी निवेदन दिएकोमा सो सम्बन्धी जानकारी र सो निवेदनमा भएको आदेशको व्यहोरा,

(ड) अभियुक्तलाई मुद्दा हेर्ने अधिकारीले धरौटी, जमानत वा तारेखमा छोड्दा वा पीडित वा पीडितको नजिकको नातेदारको सुरक्षाको लागि राखेको शर्त सम्बन्धी व्यहोरा,

(ढ) अभियुक्तले धरौटी, जमानत वा तारेखमा छुटी पाउँ भनी प्रचलित कानून बमोजिम शुरु अदालतको आदेश विरुद्ध पुनरावेदन तहमा निवेदन दिएकोमा निवेदनको सूचना तथा त्यस्तो निवेदनमा भएको आदेशको व्यहोरा,

(ण) पुर्पक्षको लागि थुनामा रहेको अभियुक्त थुनाबाट भागेमा र त्यसरी भागेकोमा पुनः पकाउ भई वा आफै उपस्थित हुन आएमा सो को व्यहोरा,

(त) अभियुक्त वा कसूरदारलाई सुपरिवेक्षणको शर्तमा थुना वा कारागारबाट मुक्त गरिएकोमा सुपरिवेक्षण शर्तहरू र त्यस्ता शर्तहरू हेरफेर भएमा हेरफेर गरिएका शर्त सम्बन्धी व्यहोरा र त्यस्तो हेरफेर लागू हुने मिति,

(थ) सुपरिवेक्षणमा थुनाबाट मुक्त भएको अभियुक्त वा कसूरदारले सुपरिवेक्षणका शर्तहरू पालना गरे नगरेको,

(द) अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारागार स्थानान्तरण गरिएमा सो सम्बन्धी व्यहोरा,

(ध) कसूरदारलाई भएको सजाय र कैद भएकोमा कैद भुक्तान हुने समय,

(न) कसूरदार कैद सजाय भुक्तान गर्नु अगावै फरार भएमा वा पुनःपक्राउ भई आएमा सो को व्यहोरा,

(ऩ) कैद सजाय भुक्तान हुनु अगावै कसूरदारलाई भएको सजाय माफी, मुलतवी, परिवर्तन बा कम भएकोमा वा कुनै कानूनी व्यवस्था अन्तर्गत कसूरदारले सजायबाट छुट पाएमा वा मुक्त भएमा सो को व्यहोरा,

(प) प्रचलित कानून बमोजिम सुपरिवेक्षणमा रहनु पर्ने शर्तमा मुद्दा नचलाइएको वा कारागार नपठाइएको वा कैदबाट मुक्त गरिएको पीडकले सुपरिवेक्षणको शर्त उल्लंघन गरेमा पीडितले सो उपर उजुर गर्न सक्ने

निकाय र उजुरी गर्ने तरिका,

(फ) कसूरदारले सजाय भोगिरहेको कारागारको नाम र ठेगाना,

(ब) कसूरदारले प्रोवेशन, प्यारोल वा सामुदायिक सेवा वा खुला कारागार वा यस्तै किसिमको अन्य कुनै सुविधा पाएमा सो सम्बन्धी व्यहोरा,

(भ) कसूरका सम्बन्धमा भएको फैसलाको विरुद्ध नेपाल सरकारले पुनरावेदन गरे नगरेको,

(म) फैसला विरुद्ध प्रतिवादीको पुनरावेदन परेकोमा प्रत्यर्थी झिकाउने आदेश भएकोमा सो को व्यहोरा,

(य) फैसला विरुद्ध परेको पुनरावेदनमा पुनरावेदन तहको निर्णय र सोको परिणाम,

(र) कसूरदारलाई सुपरिवेक्षणमा राखिएकोमा सुपरिवेक्षणको शर्त परिवर्तन गर्न वा सुपरिवेक्षणको आदेश खारेज गर्न कसूरदार वा अन्य कसैले प्रचलित कानून बमोजिम निवेदन दिएकोमा सो निवेदनमा भएको निर्णय,

(ऱ) थुना वा कैदमा रहदा अभियुक्त वा कसूरदारको मृत्यु भएमा सोको व्यहोरा,

(ल) विदेशी अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम नेपाल सरकारले नेपालको राज्य क्षेत्रभन्दा बाहिर फिर्ता पठाएमा वा विदेशी राज्य वा सरकारलाई हस्तान्तरण (डिपोर्ट) गरेमा सो को व्यहोरा,

ऐजन दफा १०

**सुरक्षित हुन पाउने अधिकार**

- पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसूरदार वा निज सम्बद्ध व्यक्ति वा अभियुक्तका साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार र पीडितमा आश्रित व्यक्ति विरुद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकार हुनेछ।

ऐजन दफा ११

**धारणा व्यक्त गर्ने अधिकार**

- पीडितले देहायको विषयमा सम्बन्धित अधिकारी समक्ष आफ्नो धारणा व्यक्त गर्न पाउनेछः

(क) सम्बन्धित कसूरमा शंकास्पद व्यक्तिका सम्बन्धमा अभियोग लगाउँदा,

(ख) शंकास्पद व्यक्तिका सम्बन्धमा मुद्दा नचलाउने निर्णय गर्नु परेमा,

(ग) अभियुक्तसँग प्रचलित कानून बमोजिम अभियोगको सौदाबाजी मार्फत सम्झौता गर्नु परेमा,

(घ) प्रचलित कानून बमोजिम हुने सजायमा छुट माग दावीको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्नु परेमा,

(ङ) मुद्दा हेर्ने अधिकारी समक्ष दायर भएको अभियोगपत्रमा प्रचलित कानून बमोजिम थप माग दाबी गर्नु पर्ने भएमा,

(च) कसूरदारलाई सजाय तोक्नु अगावै प्रचलित कानून बमोजिम सजाय पूर्वको प्रतिवेदन तयार गर्नु परेमा,

(छ) कसूरदारलाई प्रचलित कानून बमोजिम सजाय तोक्दा,

(ज) अभियुक्तमा कसूर गर्न सक्ने मानसिक वा शारीरिक क्षमता भए नभएको सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नु पर्ने भएमा,

(झ) प्रचलित कानून बमोजिम अभियुक्त वा कसूरदारका हकमा दिशान्तर (डाइभर्सन) कार्यक्रमको सेवामा लैजाने निर्णय गर्नु पर्ने भएमा,

(ञ) कसूरदारलाई प्रचलित कानून बमोजिम प्रोवेशन, प्यारोल, निलम्बित सजाय, खुला कारागार, सामुदायिक सेवा वा यस्तै प्रकृतिको अन्य कुनै सुविधा दिने निर्णय गर्नु पर्ने भएमा,

(ट) प्रचलित कानून बमोजिम अदालतमा विचाराधिन कसूर सम्बन्धी मुद्दा फिर्ता गर्न मञ्जुरी दिने नदिने सम्बन्धमा सुनुवाइ गर्दा।

- उपदफा (१) बमोजिम धारणा व्यक्त गर्नका लागि सम्बन्धित अधिकारीले पीडितलाई मनासिव समय प्रदान गर्नु पर्नेछ।

ऐजन दफा १२

**कानून व्यवसायी राख्न पाउने अधिकारः**

- पीडितले चाहेमा फौजदारी न्यायिक प्रक्रियामा छुट्टै कानून व्यवसायी राख्न पाउनेछ।

**सुनुवाइमा उपस्थिति र सहभागिताको अधिकार:** ऐजन दफा १३

- पीडितलाई अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरका सम्बन्धमा हुने अदालतको सुनुवाइ सम्बन्धी कारबाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाई राख्न पाउने अधिकार हुनेछ।
- तर पीडित व्यक्ति मुद्दाको साक्षी समेत भएकोमा साक्षीको रूपमा निजले बकपत्र नगरेसम्म निजलाई अदालतले खास कारबाहीमा उपस्थित हुन रोक लगाउन सक्नेछ।
- पीडितले व्यक्त गरेको भनाईलाई समेत विचार गरी अदालतले आदेश वा निर्णय गर्नु पर्नेछ।

**सुनुवाइको सिलसिलामा छुट्टै कक्षमा रहन पाउने अधिकार:** ऐजन दफा १४

- अदालतले कसूरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुट्टै कक्ष उपलब्ध गराउन सक्नेछ।
- छुट्टै कक्ष उपलब्ध गराउन सम्भव र व्यवहारिक नभएमा सुनुवाइ हुँदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

**सम्पत्ति फिर्ता पाउने अधिकार:** ऐजन दफा १५

- अनुसन्धानको सिलसिलामा वा प्रमाणको लागि नियन्त्रणमा लिएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि यथाशीघ्र सम्बन्धित अनुसन्धान अधिकारीले पीडितलाई फिर्ता गर्नु पर्नेछ।
- नियन्त्रणमा लिएको सम्पत्तिलाई प्रमाणको लागि अदालत समक्ष पेश गर्नु पर्ने भएमा वा सम्पत्तिको स्वामित्व वा भोगको विषयमा विवाद भएमा विवाद टुङ्गो लाग्नु माथि जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले आवश्यक ठानेमा त्यस्तो सम्पत्ति विवाद टुङ्गो लाग्नु अगावै फिर्ता गर्ने गरी आदेश गर्न सक्नेछ।

**कसूर सम्बन्धी मद्दाका सम्बन्धमा छलफल गर्न सक्ने:** ऐजन दफा १६

- पीडित र अभियुक्त दुवैका सहमतिमा कसूरसँग सम्बन्धित कुनै विषयमा अदालतले देहायको अवस्थामा पीडित र अभियुक्त बीच छलफल गराउन सक्नेछ :
  (क) छलफल गर्दा विवाद समाधानमा सघाउ पुग्ने कुरामा अदालत विश्वस्त भएमा,
  (ख) छलफल अदालतको सुपरिवेक्षणमा हुने भएमा,
  (ग) छलफल गर्दा सार्वजनिक हित र न्यायमा प्रतिकूल असर नपर्ने भएमा।

**लिखित निवेदन दिन सक्ने अधिकार:** ऐजन दफा १७

- अदालतको आदेश वा निर्णयमा चित्त नबुझेकोमा त्यस्तो आदेश वा निर्णय विरुद्ध नेपाल सरकारलाई प्रचलित कानून बमोजिम निवेदन वा पुनरावेदन दिने अधिकार भएमा पीडितले सो आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन दिन अनुरोध गरी सम्बन्धित निकाय वा अधिकारी समक्ष लिखित निवेदन दिन सक्नेछ।
- निवेदन त्यस्तो आदेश वा निर्णयको जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र गर्नु पर्नेछ।
- निर्णय आदेश वा निर्णय विरुद्ध निवेदन वा पुनरावेदन दिने अधिकार पाएको सम्बन्धित निकाय वा अधिकारीले त्यस्तो निवेदन उपर विचार गरी निर्णय गर्नु पर्नेछ र निर्णयको जानकारी पीडितलाई दिनु पर्नेछ।

**क्षतिपूर्ति सम्बन्धमा जानकारी पाउने अधिकार:** दफा १८

- पीडितले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम क्षतिपूर्ति पाउने भएमा र सो सम्बन्धमा पीडितले जानकारी मागेमा क्षतिपूर्ति प्राप्त गर्न गर्नु पर्ने कारबाहीका सम्बन्धमा अभियोजन गर्ने अधिकारीले पीडितलाई जानकारी दिनु पर्नेछ।
- प्रचलित कानून बमोजिम पीडितको तर्फबाट क्षतिपूर्ति सम्बन्धी कारबाही चलाउने अधिकार अभियोजन अधिकारीमा भएकोमा अभियोजन अधिकारीले पीडितको अनुरोधमा पीडितको तर्फबाट गर्नु पर्ने आवश्यक

कारबाही गर्नु पर्नेछ।

**क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको अधिकार:** दफा १९

- पीडितलाई पुगेको क्षति बापत यस ऐन बमोजिम क्षतिपूर्ति पाउने अधिकार हुनेछ।

पीडितको समाजिक पुनःस्थापनाको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक पाना तथा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

**निवेदन दिन वा पुनरावेदन गर्न सक्ने:** दफा २०

- कुनै कसूरमा अदालतबाट भएको आदेश वा निर्णय सम्बन्धित पीडितलाई चित्त नबुझेमा सोको आधार र कारण खुलाई त्यस्तो आदेश वा निर्णय विरुद्ध प्रचलित कानून बमोजिम निवेदन दिन वा पुनरावेदन गर्न सकिने रहेछ भने पीडितले त्यस्तो निवेदन दिन वा पुनरावेदन गर्न सक्नेछ।
- निवेदन दिने वा पुनरावेदन गर्ने सम्बन्धमा सम्बन्धित कानूनमा कुनै अवधि नतोकिएकोमा त्यस्तो निवेदन वा पुनरावेदन आदेश वा निर्णयको जानकारी पाएको मितिले पन्ध्र दिनभित्र दिइसक्नु पर्नेछ।
- निवेदनमा उल्लेख गरिएको आधार र कारण विचार गरी सम्बन्धित अधिकारीले निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको जानकारी निवेदकलाई समेत दिनु पर्नेछ।

**पीडितको कर्तव्य:** दफा २१

- यस ऐनको प्रयोजनको लागि पीडितको कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) प्रचलित कानून बमोजिम समयमै अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कसूरका सम्बन्धमा जाहेरी वा सूचना दिने,

(ख) कसूरको अनुसन्धान र अभियोजनका सिलसिलामा अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग गर्ने,

(ग) कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी वा अदालत समक्ष उपस्थित नहुने वा उपस्थित भएर पनि सो उद्देश्यले बयान दिने, बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने कार्य नगर्ने,

(घ) आफ्नो वास्तविक नाम, थर, वतन, टेलिफोन नम्बर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशीघ्र जानकारी गराउने।

**अधिकारको सम्मान गर्नु पर्ने:**

- कसूरको अनुसन्धान, अभियोजन, तहकिकात तथा न्याय निरूपणको प्रक्रियामा संलग्न हुने अधिकारीले यस ऐन तथा प्रचलित नेपाल कानून बमोजिम प्रदत्त पीडितका अधिकारको सम्मान गर्दै कार्यान्वयनको लागि उचित ध्यान दिनु पर्नेछ। दफा २२

**अधिकार प्रचलनको लागि निवेदन दिन सकिने:**

- यस परिच्छेदद्वारा प्रदत्त अधिकारको प्रचलनको लागि पीडितले सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ। दफा २३
- पर्न आएको निवेदनबाट पीडितका अधिकारको अतिक्रमण वा हनन भएको देखिएमा त्यस्ता अधिकारको प्रचलनको लागि उच्च अदालतले उपयुक्त आदेश जारी गर्न सक्नेछ।
- आदेश जारी गर्दा उच्च अदालतले पीडितका अधिकारको जानी जानी अतिक्रमण गर्ने, हनन गर्ने वा कटौती गर्ने अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी प्रचलित नेपाल कानून बमोजिम विभागीय कारवाही गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ।
- लेखी आएमा सम्बन्धित अधिकारीले त्यस्तो अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्नु पर्नेछ।

# परिच्छेद-पाँच

## सरकार वादी हुने मुद्दाको बहस पैरवी र प्रतिरक्षामा सरकारी वकीलको भूमिका

## यस परिच्छेद भित्र

१. सरकार वादी हुने मुद्दाको बहस पैरवी र प्रतिरक्षा सम्बन्धी व्यवस्था

२. बहसको तयारीमा सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा

३. बहस व्यवस्थापन

- मिसिल व्यवस्थापन
-लिखत कागजातहरूको क्रमबद्धता
- सम्बन्धित कानूनको ज्ञान
- कार्यविधि कानूनको ज्ञान
-प्रमाण सम्बन्धी कानूनको ज्ञान
-कानून तथा न्यायका मान्य सिद्धान्तहरूको ज्ञान
-नजिरहरूको जानकारी
-राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित भएको नविनतम अवधारणाहरूको जानकारी
-तथ्यहरूको विश्लेषण

४. बहसकला

५. बहस गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा

६. बहस नोट तयारी र पेश गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा

## १. सरकार वादी हुने मुद्दाको बहस पैरवी र प्रतिरक्षा सम्बन्धी व्यवस्था:

सरकारी वकीलले नेपालको संविधान, मुलुकी फौजदारी कार्यविधि संहिता तथा सरकारी वकील सम्बन्धी नियमावलीमा व्यवस्था भए बमोजिम नेपालका अड्डा अदालतमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्दै नेपाल सरकार वादी हुने मुद्दा, नेपाल सरकारको हक हित र सरोकार निहित भएको मुद्दा, नेपाल सरकारलाई विपक्षी बनाई दायर भएका संबैधानिक तथा कानूनी प्रश्न समाबेश भएका मुद्दामा बहस एवं प्रतिरक्षा गर्नु पर्ने संवैधानिक तथा कानूनी व्यबस्था गरिएको छ।

### संवैधानिक / कानूनी व्यवस्था:

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ। ... — संविधानको धारा १५८ (२)
- अनुसूची –१ र अनुसूची –२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले बहस पैरबी तथा प्रतिरक्षा गर्नेछ। — फौजदारी कार्यविधि संहिताको दफा १८०
- अनुसूची–३ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा सम्बन्धित अधिकरीबाट मुद्दाको दायरी वा पुनरावेदन हुनेछ र प्रतिरक्षाको लागि सम्बन्धित सरकारी वकीललाई लेखी पठाएमा सरकारी वकीलले प्रतिरक्षा गरिदिनु पर्नेछ ।
- सरकारी वकीलले मुद्दाहरूमा बहस पैरबी गर्दा व्यावसायिक आचरण सम्बन्धी प्रचलित मान्यता अनुसार बहस पैरबी गर्नु पर्नेछ ।
- उपदफा (१) बमोजिमको मुद्दामा अदालतबाट ठहर भएको फैसला वा आदेश उपर चित्त नबुझेमा पुनरावेदन गर्ने, पुनरावलोकन गराउने, मुद्दा दोहोऱ्याउने निवेदन गर्ने अधिकार प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सरकारी वकीललाई हुनेछ।
- अभियुक्तलाई हिरासतमा राख्ने अनुमतिको लागि पेश भएकोमा ऐनको दफा १४ को उपदफा (६) बमोजिम कानून व्यवसायीको बहस सुन्न आवश्यक देखिएमा अभियुक्तले नियुक्त गरेको कानून व्यवसायी वा वैतनिक कानून व्यवसायी र सरकारी वकीलबाट बहस गराउन सकिनेछ। — फौजदारी कार्यविधि नियमावलीको नियम ७ (६)

### बहस पैरबीका सम्बन्धमा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा भएको व्यबस्था:

**महान्यायाधिवक्ता**

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको अधिकारीको तर्फबाट अदालत वा मुद्दा हेर्ने निकाय वा अधिकारी समक्ष उपस्थित भई बहस पैरवी गर्ने, — सरकारी वकील सम्बन्धी नियमावलीको नियम ११(१) (ख)
- सर्वोच्च अदालतमा संविधानको व्याख्या सम्बन्धी वा अन्य कुनै जटिल कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्वको प्रश्न निहित रहेको मुद्दामा उपस्थित भई बहस पैरवी गर्ने — ऐ. नियम ११(१) (ग)
- सर्वोच्च अदालतमा विचाराधीन रहेको कुनै गम्भीर वा सार्वजनिक महत्त्वको वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा महान्यायाधिवक्ता वा विभागीय प्रमुखले थप सरकारी वकील खटाउन सक्नेछ। — ऐ. नियम ११ (२)

**नायब महान्यायाधिवक्ता:**

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको अधिकारी वा कर्मचारीको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, — ऐजन नियमावलीको नियम १२(ग)
- अदालतमा विचाराधीन रहेको कुनै गम्भीर वा सार्वजनिक महत्त्वको वा नेपाल सरकारको हक, हित वा सरोकार निहीत रहेको कुनै मुद्दामा तोकिएको सरकारी वकीलको अतिरिक्त अन्य सरकारी वकील खटाई मुद्दाको अभियोजन एवं बहस पैरवी गर्न आवश्यक छ भन्ने लागेमा थप सरकारी वकील खटाउने, — ऐजन नियम १२ (ङ)

**महान्यायाधिवक्ताको कार्यालयका अन्य सरकारी वकील:** ऐजन नियम १३ (ख)

- सर्वोच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट बहस पैरवी गर्ने,

**अन्य कर्मचारी:**

- महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकील बाहेकका अन्य कर्मचारीले दैनिक प्रशासनिक काम कारबाहीका अतिरिक्त मुद्दा मामिलाको बहस पैरवी, प्रतिरक्षा लगायतका काममा विभागीय प्रमुखले तोके बमोजिम सम्बन्धित सरकारी वकीललाई सहयोग गर्नु पर्नेछ। ऐ. नियम १४

**उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ता:**

- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेको उच्च अदालत वा अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको तर्फबाट अभियोगपत्र, पुनरावेदनपत्र, निवेदनपत्र दायर गर्ने वा गराउने तथा बहस पैरवी गर्ने, ऐजन नियम १५ (१) (क)
- आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र रहेको उच्च अदालत र अन्य कुनै अड्डा अदालतमा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट पुनरावेदनपत्र, निवेदनपत्र दायर गर्ने वा गराउने र बहस पैरवी गर्ने, ऐजन नियम १५ (१) (ग)
- महान्यायाधिवक्ताको कार्यालयले खटाएमा आफ्नो प्रादेशिक अधिकारक्षेत्र बाहिरका कुनै अड्डा अदालतमा उपस्थित भई बहस, पैरवी लगायतका काम कारबाही गर्ने, ऐजन नियम १५ (१) (घ)

**उच्च सरकारी वकील कार्यालयका अन्य सरकारी वकील:**

- नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सहन्यायाधिवक्ताले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, ऐजन नियम १६ (१) (घ)

**विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता:**

- उच्च अदालत, पाटनको वाणिज्य इजलास, विशेष अदालत, प्रशासकीय अदालत, वैदेशिक रोजगार न्यायाधिकरण, राजस्व न्यायाधिकरण, काठमाडौं र अन्य कुनै अड्डा अदालतमा सुनुवाइ हुने नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट बहस पैरवी गर्ने, ऐजन नियमावलीको नियम १७ (१) (ख)

**विशेष सरकारी वकील कार्यालयका अन्य सरकारी वकील**

- नेपाल सरकार वादी भई दायर भएका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सहन्यायाधिवक्ताले खटाए बमोजिम अड्डा अदालतमा बहस पैरवी गर्ने, ऐजन नियम १८ (ग)

**जिल्ला सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ता:**

- नेपाल सरकार वादी भई दायर भएका मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकार वा नेपाल सरकारको कर्मचारीको तर्फबाट अड्डा अदालतमा बहस पैरवी र प्रतिरक्षा गर्ने, ऐ. नियम १९ (१) (ख)

**जिल्ला सरकारी वकील कार्यालयका अन्य सरकारी वकील:**

- नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताले खटाए बमोजिम नेपाल सरकारको तर्फबाट अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, ऐ. नियम २० (घ)

**बहस पैरवी गर्न विशेष जिम्मेवारी दिई खटाउन सक्ने:** ऐ. नियम २१ (४)

- महान्यायाधिवक्ताको कार्यालयले विशेष अवस्थामा कुनै पनि तहको सरकारी वकीललाई विशेष

जिम्मेवारी दिई नेपाल सरकारको तर्फबाट मुद्दा दायर गर्न वा बहस पैरवी गर्न कुनै सरकारी वकील कार्यालयमा खटाउन सक्नेछ।

**बहसका लागि अन्य निकायले सरकारी वकीललाई कागजात उपलब्ध गराउनु पर्ने** — ऐ. नियम ३१

- सरकारी वकीलबाट दायर हुने बाहेकका नेपाल सरकार वा सरकारी कर्मचारीको तर्फबाट अदालतमा दायर भएको र अन्य कसैले नेपाल सरकार वा सरकारी कर्मचारी उपर दायर गरेको मुद्दामा पुनरावेदन गर्दा वा पुनरावलोकन वा दोहोऱ्याई हेरी पाउन निवेदन दिँदा सम्बन्धित निकायले आवश्यक परेमा सम्बन्धित सरकारी वकीलसँग समन्वय गरी आवश्यक लिखत कागजात वा निवेदन तयार गरी अदालतमा दर्ता गराई सकेपछि फाइल बहस पैरवीको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ।

**सरकारी वकीलका अतिरिक्त अन्य कानून व्यवसायीबाट बहस पैरबी गर्ने:** — फौजदारी कार्यविधि संहिताको दफा १८० (५)

- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी हुने कुनै खास मुद्दामा सरकारी वकीलका अतिरिक्त अन्य कुनै कानून व्यावसायीबाट समेत बहस पैरबी गराउनु पर्ने भएमा त्यसको कारण खुलाई सम्बन्धित निकायले महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको अनुमति लिनु पर्नेछ। — ऐ. उपदफा (६)
- माथि उल्लेख भए अनुसार अनुमति प्राप्त भएपछि त्यस्तो निकायले अन्य कानून व्यवसायी मुकरर गर्न सक्नेछ। — ऐ. उपदफा (७)
- यसरी मुकरर भएको कानून ब्यवसायीले महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको सामान्य निर्देशनमा रही बहस पैरबी गर्नु पर्नेछ।

**विभागीय कारबाही गर्न लेखी पठाउन सक्ने:** — सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३५ (१)

- सरकारी वकीलले देहायको अवस्थामा देहायका कर्मचारी वा अधिकारी उपर विभागीय कारबाहीका लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउन सक्नेछः–
  - ✓ मुद्दाको सन्दर्भमा सम्बन्धित निकायलाई दिएको निर्देशन पालना नगरेको वा यस नियमावली बमोजिम माग गरेको सहयोग प्रदान नगरेको कारण मुद्दाको अभियोजन, निर्णय वा बहस पैरवीमा प्रतिकूल असर परेमा त्यस्तो निर्देशन पालना नगर्ने वा सहयोग नगर्ने अधिकारी वा कर्मचारी,
  - ✓ कुनै निर्णय, मिसिल, फाइल वा कागजात माग गर्दा समयमा नपठाएको कारणबाट मुद्दामा असर पर्न गएमा त्यसरी निर्णय, मिसिल, फाइल वा कागजात नपठाउने सम्बन्धित अधिकारी वा कर्मचारी,
  - ✓ मुद्दाको सिलसिलामा वा कानूनी रायका लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै अधिकारी वा कर्मचारीले कानून उल्लङ्घन गरेको वा हेलचेक्र्याई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा दुःख वा हैरानी दिने नियतले काम गरेको देखिएमा त्यस्तो अधिकारी वा कर्मचारी,
  - ✓ नेपाल सरकार वादी हुने मुद्दामा सरकारी वकीलको निर्णयभन्दा फरक दाबी लिई अभियोग पत्र वा फिराद पत्र दायर गरेमा त्यस्तो कर्मचारी,
  - ✓ नेपाल सरकार वादी हुने मुद्दामा सरकारी कर्मचारीले अनुसन्धानको क्रममा पेश गरेको प्रतिवेदन वा गरेको कागजलाई खण्डन हुने गरी झुठ्ठा बकपत्र गरेमा त्यस्तो कर्मचारी।
- उपनियम (१) बमोजिम सम्बन्धित सरकारी वकीलबाट लेखी आएको व्यहोरा मनासिव देखिएमा वा सरकारी वकीलबाट त्यसरी लेखी नआए पनि महान्यायाधिवक्ताले विभागीय कारबाहीको लागि लेखी पठाउनु पर्ने आधार देखेमा सम्बन्धित कर्मचारी वा अधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ। — ऐजन उपनियम (२)
- उपनियम (२) बमोजिम लेखी आएमा अख्तियारवालाले त्यस्तो कर्मचारी वा अधिकारीलाई प्रचलित कानून बमोजिम आवश्यक प्रकृया पूरा गरी विभागीय कारबाही गरी सोको जानकारी महान्यायाधिवक्तालाई गराउनु पर्नेछ। — ऐजन उपनियम (३)

## २. बहसको तयारीमा सरकारी वकीलले ध्यान दिनु पर्ने कुराः

अदालतबाट मुद्दाको सुनुवाइ हुने दिनको पूर्व सूचना प्राप्त भए पछि सरकारी वकीलले बहस पैरवीको लागि तयारी गर्नु पर्दछ। बहस पैरवीको तयारीको क्रममा सरकारी वकीलले निम्न कुराहरू ध्यान दिनु पर्दछः–

- मुद्दाको सुनुवाइ वा कारबाहीको लागि तारिख तोकिएको सूचना प्राप्त हुना साथ बहसको तयारी गर्न प्रारंभ गर्नसके बहस प्रभावकारी हुन पुग्ने हुनाले सो तर्फ ध्यान पुऱ्याउनु पर्दछ।
- कुनै पनि फौजदारी मुद्दामा कसूर ठहर हुने वा नहुने भन्ने विषय अन्य कुराका अतिरिक्त बस्तुगत अभियोजन (Objective Prosecution) र प्रभावकारी बहस–पैरवी (Effective Pleading) नै भएको हुँदा बहस पैरबीमा राम्रो तयारी गर्नु पर्दछ।
- सरकारी वकीलले निष्पक्ष न्यायको उच्चतम् आदर्शलाई आत्मसात गरी आफ्नो व्यावसायिक आचरणको पालन गर्दै मुद्दामा बहस पैरवी गर्नु पर्दछ । कुनै पनि दवाव, प्रलोभन, लालचको पछाडि नलागि निष्पक्ष, निडर, आत्मविश्वास, प्रभावशाली एवं दक्षताका साथ बहस पैरवी गर्नु नै सरकारी वकीलको व्यावसायिक कर्तव्य भएकोले सोही बमोजिम तयारी गर्नु पर्दछ।
- सरकारी वकीलले सबै प्रकारका मुद्दालाई उत्तिकै महत्व दिई बहसको तयारी गर्नु पर्दछ । तथापि, कतिपय अवस्थामा अझ संवेदनशिल हुनु पर्दछ। जस्तैः महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक, विपन्न वर्गका व्यक्तिहरू पीडित भएका मुद्दाहरूमा अझ बढी ध्यान दिई पूर्ण तयारीका साथ इजलासमा उपस्थित हुनु पर्दछ। त्यस्तैगरी महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक जस्ता कमजोर (Vulnerable) वर्ग अभियुक्त भएका मुद्दाहरूमा त्यस्ता व्यक्तिहरूको अधिकारलाई पनि विशेष ध्यान दिनु पर्दछ।
- बहस पैरवीको तयारीको सन्दर्भमा कानूनको शासन, मानव अधिकारको संरक्षण र न्यायको पक्षमा वकालत गर्ने प्रतिवद्धता साथ बहसको तयारी गर्नु पर्दछ। प्रतिरक्षी कानून व्यबसायीभन्दा सरकारी वकीलको दृष्टिकोण फरक हुनु आवश्यक छ। प्रतिरक्षी कानून व्यबसायीहरूमा आफूले बहस गरेको मुद्दा जित्नै पाए हुन्थ्यो भन्ने हुनसक्छ। तर, सरकारी वकीलहरू मुद्दा जित्नु वा हार्नुसँग सम्बन्ध नराखी न्यायको पक्षमा काम गर्नु पर्छ भन्ने सोँचबाट बहसको तयारी गर्नु पर्दछ।
- सरकारी वकील व्यावसायिक पद भएकोले उनिहरूमा बिशिष्ट ज्ञान (Specialised knowledge), कुशलता (competencies), परिणाममाथि जोड (Focus on outcomes), कार्यसंग सम्बन्धित नैतिक मानकहरू (work related ethical norms), आत्म नियन्त्रण (Self regulation), जनताको बिश्वास (Public trust), कार्य स्वतन्त्रता (Autonomy in their Activities) जस्ता गुण आवश्यक पर्ने भएकोले आफूमा यस्ता गुणहरूको बिकास गर्नु पर्दछ।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८ एवं ९ अनुसार कसूर ठहर भएपछि सजाय निर्धारण गर्नु पर्ने र दुबै अवस्थामा छुट्टै सुनुवाइ गर्नु पर्ने व्यबस्था गरेको हुँदा यी दुबै अवस्थामा सरकारी वकीलले बहस गर्नु पर्ने भएकाले कसूर ठहर (Conviction)को बहस गर्ने हो वा सजाय निर्धारण (Sentencing) को यकिन भै तयारी गर्नु पर्दछ।
- कसूर ठहरको बहसमा यति सजाय हुनु आवश्यक भन्ने कुरा उठाउनु हुँदैन भने सजाय निर्धारणको बहसमा कसूर ठहर हुनु पर्ने कुरा उठाउनु हुँदैन। मागदाबी बमोजिमको कसूर ठहर भनै मागदाबीभन्दा कम (मागदाबी भन्दा अर्कै दफा अनुसार) कसूर ठहर भएको अवस्थामा सजाय निर्धारणको बहस गर्दा मागदाबी बमोजिम कसूर ठहर हुनु पर्ने भनी पुनरावेदन गर्ने हक समाप्त नहुने भएकोले यस्तो अवस्थामा कसूर ठहर भएकै कसूरमा कति सजाय हुनु उपयुक्त हुने हो सोही बमोजिम तयारी गर्नु पर्दछ।
- बहस पैरवीमा मागदाबी बमोजिम नै अधिकतम् सजाय हुनु पर्छ भनी यान्त्रिक तरिकाबाट (Mechanical way) बहस गर्नु व्यावसायिक नहुने भएकोले सोही बमोजिम तयारी गर्नु पर्दछ।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा व्यवस्था भएबमोजिम सजाय पुर्वको प्रतिवेदन (दफा १२), सजायको उद्देश्य (दफा १३), सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरू (दफा १४), सजाय निर्धारण

गर्ने आधार (दफा १५), बालबालिकालाई सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरू (दफा १६), जरिवानाको सजाय निर्धारण गर्ने आधार (दफा १८), क्षतिपूर्तिलाई असर नपर्ने गरी जरिबाना निर्धारण गर्नु पर्ने (दफा १९) एवम् अन्य सुधारात्मक उपायहरू आकर्शित हुन सक्ने वा नसक्ने अवस्था छ वा छैन भन्ने विषयमा तयारी गर्नु पर्दछ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ मा उल्लेखित कसूरको गम्भीरता बढाउने (Aggravating factor) वा दफा ३९ मा उल्लेखित कसूरको गम्भीरता घटाउने अवस्था (Mitigating factors) के छ, सोही अनुसार तयारी गर्नु पर्दछ।

### कानूनी व्यवस्था

- नेपाल सरकार वादी वा प्रतिवादी भएको मुद्दामा अदालतले मुद्दाको सुनुवाइ वा कारबाहीको लागि तारिख तोकिएको सूचना सम्बन्धित सरकारी वकीलको कार्यालयलाई दिनु पर्नेछ। — फौजदारी कार्यविधि संहिताको दफा ८१(३)
- नेपाल सरकार वादी भएको मुद्दामा नेपाल सरकार तारिखमा बस्नु पर्ने छैन । — ऐ. दफा ८२ (४)
- सरकारी बिगो वा क्षतिपूर्तिको हकमा सरकारी पक्ष तारिखमा बस्नु पर्ने छैन। — ऐ. दफा १६८ (१)

## ३. बहस व्यवस्थापन

अड्डा अदालतमा बहस पैरवीको लागि उपस्थित हुनु पूर्व सरकारी वकीलले निम्न कुराहरूमा ध्यान दिनु पर्दछः–

### ३.१ मिसिल व्यवस्थापन

- मिसिल संलग्न कागजातहरू दुरुस्त छन वा छैनन रुजु गर्ने,
- मिसिलमा संलग्न हुनु पर्ने लिखत कागजातहरू नभए तत्कालै सम्बन्धित निकायबाट प्राप्त गर्ने,
- अनुसन्धान अधिकारी वा सम्बन्धित निकायलाई अनुरोध गर्दा पनि आवश्यक प्रमाण कागजातहरू उपलब्ध हुन सकेन भने अदालतको मिसिलबाट आवश्यक कागजातहरूको नक्कल ल्याई मिसिलमा सामेल गर्ने,
- मिसिल संलग्न कागजातका अक्षरहरू स्पष्ट नभएको, च्यातिएको, मेटीएको, कोरिएको वा खुईलिएको अवस्थामा पुनः नक्कल प्राप्त गर्ने,
- कुनै वारदातको प्रकृति अनुसार मुद्दाको मिसिल ठूलो भएमा अनुसन्धानमा तयार भएको कागजातको मिसिल, प्रमाण कागजातको मिसिल तथा अभियोजनसँग सम्बन्धित र सो पश्चात् खडा भएका कागजातहरूको मिसिल अलग अलग गरी पञ्जिका बनाई छुट्याउने,
- कुनै मुद्दाको मुख्य मिसिलका अतिरिक्त कुनै अड्डा अदालतमा रहेको सो मुद्दासँग सम्बन्ध रहने अन्य मुद्दासँग सम्बन्धित मिसिल वा कागजात प्राप्त हुन आएमा वा प्राप्त गरिएमा त्यस्तो मिसिल वा कागजातको छुट्टै मिसिल खडा गर्ने,
- कुनै मुद्दाको मिसिल एक भन्दा बढी भएको अवस्थामा मिसिलको पहिचान खुल्ने नाम तथा नम्बर उल्लेख गरी राख्ने।

### ३.२ लिखत कागजातहरूको क्रमवद्धता

- लिखतहरूलाई क्रमबद्ध रूपले मिति अनुसार फाइलिङ्ग गर्ने,
- मिसिलमा रहेका लिखत कागजातहरू मध्ये आफूले बहसमा प्रस्तुत गर्ने लिखतहरूको छुट्टै पञ्जिका बनाउने,
- विपक्षीले पेश गरेका प्रमाण कागजातहरू छुट्टै खण्डमा क्रमबद्ध रूपले राख्ने र त्यस्तो प्रमाणको खण्डनको लागि सान्दर्भिक प्रमाणहरू पनि छुट्याई छुट्टै पञ्जिका बनाई मिसिल सामेल गर्ने,
- बहसको क्रममा आवश्यक लिखत कागजातहरू तत्काल फेला पर्न सक्ने गरी छुट्टै पहिचान चिन्ह राख्ने।

### ३.३ सम्बन्धित कानूनको ज्ञान

- सम्बन्धित ऐन, कानून, नियम, आदेश, सूचना आदि संकलन गर्ने,
- सम्बन्धित ऐन, कानून, नियम आदेश सूचना आदिको जानकारी राख्ने,
- समय समयमा भएका संशोधन, खारेजी एवं परिमार्जनहरू दुरुस्त बनाई राख्ने ।

### ३.४ कार्यविधि कानूनको ज्ञान

- सान्दर्भिक कार्यविधि बारे जानकारी राख्नु आवश्यक छ । त्यसको लागि प्रचलित कार्यविधि सम्बन्धी कानूनको अध्ययन गर्ने ।

### ३. ५ प्रमाण सम्बन्धी कानूनको ज्ञान

- बहस–पैरवीको लागि सरकारी वकीललाई प्रमाण कानूनको सैद्धान्तिक ज्ञानको अतिरिक्त प्रचलित प्रमाण कानूनको जानकारी पनि राख्नु आवश्यक छ ।

### ३.६ कानून तथा न्यायका मान्य सिद्धान्तहरूको ज्ञान

- सरकारी वकीलले कानून तथा न्यायका मान्य सिद्धान्तहरूको पर्याप्त जानकारी राख्नु आवश्यक छ । बहसको क्रममा कतिपय सिद्धान्तहरूले मुद्दाका सबुद प्रमाणहरूलाई पुष्ट्याई गर्न मद्दत गर्दछ ।

### ३.७ नजिरहरूको जानकारी

- सरकारी वकीलहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय न्यायालयहरूबाट प्रतिपादित सिद्धान्तहरू संकलन गर्ने, अध्ययन गर्ने र सम्भव भए बेञ्च समक्ष पेश गर्नु पर्दछ ।

### ३.८ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित भएको नविनतम् अवधारणाहरूको जानकारी

- बहस–पैरवीको क्रममा सरकारी वकीलले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित भएको कानून तथा न्यायसँग सम्बन्धित नविनतम् अवधारणाहरूको जानकारी हुनु पर्दछ । सान्दर्भिक विषयलाई बहसको क्रममा उल्लेख गर्नु पर्दछ ।

### ३. ९ तथ्यहरूको विश्लेषण

- मुद्दाको तथ्य पहिल्याउने,
- मुद्दामा मुख मिलेको र मुख नमिलेको कुरा छुट्याउने,
- प्रमाणको भार कसमाथि छ यकिन गर्ने,
- न्यायकर्ताले ठहर गर्नु पर्ने कुरालाई प्रमाणित गर्ने वा खण्डन गर्ने प्रमाणहरू पहिल्याउने ।

### ४. बहसकला

बहस पैरवी बौद्धिक दक्षतायुक्त कला हो। कानूनको सुक्ष्म अध्ययन तथा बहस पैरवीको व्यवहारिक ज्ञान विना यो सम्भब छैन । सरकारी वकीलले स्वः प्रयत्न, विभिन्न तालिम, गोष्ठी एवं कार्यशालाको माध्यमबाट उपलब्ध ज्ञान, अनुभव समेतको आधारमा बहस पैरवीको लागि आफूलाई प्रतिस्पर्धी बनाउनु पर्दछ । बहस पैरवीको लागि अड्डा अदालतमा उपस्थित हुने सरकारी वकीलमा निम्न गुण अपेक्षित हुन्छः–

- सच्चरित्रता र आत्मविश्वास,
- ईमान्दारिता र सहनशीलता,
- प्रभावशाली व्यक्तित्वका साथ प्रस्तुती,
- शुद्ध र शिष्ट भाषामा अभिव्यक्त गर्न सक्ने क्षमता,

- मृदुभाषी र अनुशासित ढंगबाट प्रस्तुती,
- स्पष्टोक्ती र वाक्पटुतामा प्रखर,
- अध्ययनशीलता,
- अदालतको मर्यादामा ध्यान,
- बहसका विषय बस्तुलाई स्पष्ट र सिलसिलेवार प्रस्तुती ।

**५. बहस गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराः**

- बहस प्रारम्भ गर्नु भन्दा पहिले ईजलासलाई आफ्नो परिचय दिने,
- कुन मुद्दामा कुन पक्षको तर्फबाट बहस पैरवीको लागि उपस्थित भएको हो सो कुरा बेञ्चलाई जानकारी गराई बहस प्रारम्भ गर्ने,
- मुख्य विषयमा प्रवेश गर्नु अगाडि बहस प्रस्तुती योजना (Plan for Pleading) अर्थात् के के प्रश्नमा बहस गर्ने, कती समयमा गर्ने, के कस्ता विषयमा सन्दर्भ सामग्री तथा सिद्धान्तहरू प्रस्तुत गर्ने आदि कुराहरूको संक्षिप्त व्यहोरा बेञ्चलाई जानकारी गराउने,
- बहसमा एक भन्दा बढी बकील उपस्थित भएकोमा पहिले कसले बहस गर्ने भन्ने कुरा निर्क्यौल गर्ने र कसले के विषयमा बहस गर्ने भन्ने कुरा बेञ्चलाई मौखिक जानकारी गराउने,
- बहसको क्रममा बाचन गरिने कुनै फैसलाको प्रति वा सन्दर्भ सामग्री आफूले बाचन गरिसकेपछि संभव भएसम्म बेञ्चलाई छुट्टै प्रति वा फोटोकपी उपलब्ध गराउने,
- बहस पैरवी गर्दा मुद्दाको तथ्यगत विषयलाई स्पष्टसँग प्रस्तुत गर्नु पर्दछ । तर, तथ्यको पुनरावृत्ति गर्नु हुँदैन,
- मुद्दासँग असम्बन्धित विषय नउठाई विवादको निरूपण गर्न सम्बद्ध हुने तथ्य र कानूनलाई मात्र बहसमा जोड दिने,
- बहस गर्दा कानून र प्रमाणको बीच तार्किक तादम्यता कायम गर्दै सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्ने,
- बहस गर्दा आवेग वा भावनामा बहकिएर बहस गर्न हुँदैन । त्यसैले कानून, तथ्य र प्रमाणमा नभएका भावनात्मक कुराहरू उठाउनु व्यावसायीकता नभएकोले यसतर्फ ध्यान दिनु पर्छ,
- सरल र शिष्ट भाषामा बहस गर्नु पर्दछ,
- बहस गर्दा जसलाई सम्बोधन गरिएको हो उसँग निरन्तर आँखाको सम्पर्कमा रहेर बहस गर्नु पर्दछ,
- कुनै कागजमा लेखेर त्यसलाई हुबहु बाचन गर्नु हुँदैन,
- आफ्नो शरीरको चाललाई पनि ध्यान दिनु पर्दछ । अनावश्यक रूपमा शरीरको सांकेतिक भाषालाई बहसको अभिन्न अंग बनाउनु हुँदैन । उभिँदा स्थिर भएर उभिने, हात खुट्टा धेरै नचलाउने, टाउको तथा आँखा पनि धेरै नहल्लाउने जस्ता कुरामा विशेष शतर्कता अपनाउनु पर्दछ । यसोभन्दा कत्ति पनि हलचलै नगरी बहस गर्नु पनि राम्रो हुँदैन,
- बहस पैरवीको क्रममा बोल्दा हात कम हल्लाउने, ज्यादा हात हल्लाउने बानी परेको छ र तत्काल नियन्त्रण गर्न सकिँदैन भने हातको गतिलाई छातीभन्दा तल सीमित राख्नु पर्दछ,
- मुद्दाको तथ्य, घटनाक्रम, अभियुक्तहरूको भनाई, साक्षीको भनाई, प्रमाण कागजहरू तथा प्रतिवेदनहरूको व्यहोरा, विपक्षीको कानून व्यवसायीले उठाएका कुराहरू, ऐन, कानून, सिद्धान्तका कुरा तथा मुद्दासँग सम्बद्ध कुराहरूलाई बिवेकसम्मत तरिकाबाट व्यक्त गर्नु पर्दछ । कथा, कविता बाचन गर्नु हुँदैन,
- क्रमैसँग, विस्तारै, सिलसिलेवार रूपले बोल्नु पर्दछ । न्यायाधीशले बहसको कुनै कुरा टिपी राखेको छ भने सो टिप्न भ्याउने गरी बोल्नु पर्दछ,

- आफूले बहस गरेको मुद्दामा हारजित हुने कुरासँग भन्दा पनि न्यायको कुरालाई मनन गरी सत्य कुरा मात्र व्यक्त गर्नु पर्दछ। अनुमानको भरमा वा नभएको कुनै कुरा व्यक्त गर्नु हुँदैन,
- कुनै ऐन कानूनका दफाहरूमा लेखिएको कुरा व्यक्त गर्दा आफू जतिसुकै विश्वस्त भए पनि सो ऐनका पुस्तक पल्टाई सम्बन्धित दफा हेरेरै मात्र व्यक्त गर्नु पर्दछ,
- जस्तोसुकै सानो वा कम महत्वको मुद्दा नै किन नहोस् सबै मुद्दालाई समान प्राथमिकता दिनु पर्दछ,
- कुनै मुद्दामा महान्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने सो कुरालाई समेत विचार गरी व्यावसायिक आचरणको पालना गरी आफ्नो तजविज अनुसार बहस गर्नु पर्दछ,
- बेञ्चले आफ्नो बहसलाई ध्यानपूर्वक सुनेको छ वा मतलव गरेको छैन भन्ने सम्बन्धमा विचार गरी बेञ्चको ध्यान आकृष्ट हुने तरिका र विषयबस्तुमा केन्द्रित हुनु पर्दछ,
- बहसको लागि बेञ्चले समय निर्धारण गरिदिएको छ भने तोकिएको समयभित्रै बहस समाप्त गर्नु पर्दछ,
- सरकारी वकीलको आचार संहितामा उल्लेखित कुराहरूमा समेत ध्यान पुऱ्याउनु पर्दछ।

**कानूनी व्यवस्था**

- यस ऐन बमोजिम सरकारी वकीलले कुनै मुद्दाको सन्दर्भमा असल नियतले गरेको निणर्य, अभियोजन, बहस पैरबी एवम् प्रतिरक्षा सम्बन्धमा प्रश्न उठाइने र कुनै अदालतमा मुद्दा चलाइने छैन। फौजदारी कार्यविधि संहिताको दफा १८८ (१)
- सरकारी वकीलले बहस पैरवी गर्दा व्यावसायिक आचरणको पालना गरी आफ्नो तजविज अनुसार गर्नेछ।
- उपनियम (१) बमोजिम सरकारी वकीलले बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज उपर कुनै कारबाही गरिने वा मुद्दा चलाइने छैन। सरकारी वकील सम्बन्धी नियमावलीको नियम ४० (१) र (२)

**६. बहस नोट तयारी र पेश गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा:**

- बेञ्चबाट बहस नोट प्रस्तुत गर्न आदेश भएको अवस्थामा सरकारी वकीलले बहसमा उठाएका कुराहरूलाई नै आधार बनाई अदालत समक्ष बहस नोट पेश गर्ने,
- बहस पैरवीको तयारीको क्रममा तयार गरेको बहस टिपोटलाई नै बहस नोटको रूपमा विकास गर्ने,
- बहसनोट कुन अदालतको कुन इजलासमा प्रस्तुत गरिएको हो भन्ने कुरा खुलाउने,
- कसले र कसका तर्फबाट प्रस्तुत गरिएको हो नाम सहित उल्लेख गर्ने,
- सुनुवाइकै दिन बहस नोट पेश गरेको भए सोही व्यहोरा उल्लेख गर्ने,
- मुद्दा वा रिटको नाम तथा पक्ष, विपक्षको नाम समेत उल्लेख गर्ने,
- मुद्दाको तथ्यगत संक्षिप्त टिपोट प्रस्तुतिमा समावेश गर्ने,
- अदालतले मुद्दामा निर्क्योल गर्नु पर्ने प्रश्नहरू के के हुन भनि पहिले पहिचान गरी सोही आधारमा पहिचान गरिएका प्रश्नहरूको समाधान कसरी हुन सक्छ भन्ने कुरालाई मुद्दाको तथ्य, सबुद प्रमाणको विश्लेषण, अभियुक्त, साक्षी, बुझिएका व्यक्ति वा विशेषज्ञको भनाई, ऐन कानूनका व्यवस्थाहरू, सान्दर्भिक नजिर तथा प्रचलित सिद्धान्तको आधारमा सिलसिलेवार रूपमा समाधान प्रस्तुत गर्ने,
- विपक्षीबाट आएका जिकिर एवं तर्कलाई तथ्य, कानून र प्रमाणका आधारमा खण्डन गर्ने,
- आफ्नो दावी एवं अदालतले ठहर गर्नु पर्ने विषय के हो भन्ने सम्बन्धमा प्रष्ट उल्लेख गर्ने,
- मूल स्रोतबाट उद्धृत अंशलाई सम्बन्धित अनुच्छेदमा वा फुटनोटमा सन्दर्भ उल्लेख गर्ने,
- कुनै पुस्तक, सिद्धान्त, नजिर वा अन्य सन्दर्भ भए बहसनोट साथ सान्दर्भिक अंश पेश गर्ने,
- सन्दर्भ सामग्री उल्लेख गर्दा अनुसन्धनात्मक पद्धतिका नियम अनुशरण गरी प्रस्तुत गर्ने,
- बहसनोट पेश गर्ने सरकारी वकील एकभन्दा बढी भए दर्जा मिलान गरी उल्लेख गर्ने,

- बहस नोट तयार भएपछि हस्ताक्षरले प्रमाणित गर्ने,
- निर्धारित समयमा नै बहसनोट अदालतमा पेश गर्ने।

**कानूनी व्यवस्था**

जिल्ला अदालत नियमावली २०७५ को नियम ६३

- इजलासले सुनुवाइको लागि पेसी तोकिएको मुद्दामा मुद्दाका पक्ष वा निजको कानून व्यवसायीलाई पेसीको दिन अगावै वा निश्चित समय तोकी बहस नोट पेस गर्न आदेश दिन सक्नेछ।
- उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुद्दाको पक्ष वा निजको कानून व्यवसायी आफैंले बहस नोट पेश गर्न चाहेमा मुद्दाको सुनुवाइ भन्दा अगावै बहस नोट पेस गर्न सक्नेछ।
- इजलासले अन्यथा आदेश दिएमा बाहेक सामान्यतयाः बहस सम्पन्न भई सकेपछि बहसनोट पेश गर्न सकिने छैन।
- यस नियम बमोजिम बहसनोट पेस गर्दा निर्णय गर्नुपर्ने प्रश्न स्पष्ट खुलाई सो प्रश्नमा सीमित रही बहस नोट पेस गर्नुपर्नेछ।

उच्च अदालत नियमावली २०७५ को नियम ८७ को उपनियम (३)

- सुनुवाइका लागि पेशी तोकिएको मुद्दामा पक्षले वा निजको कानून व्यवसायीले बहस नोट पेश गर्न चाहेमा मुद्दाको सुनुवाइ प्रारम्भ हुनु अगाडि नै पेस गर्नुपर्नेछ। मुद्दाको प्रकृति र विवादित विषयको सन्दर्भमा इजलासले आदेश दिएमा बाहेक बहस सम्पन्न भई सकेपछि बहसनोट लिइने छैन।

सर्वोच्च अदालत नियमावली २०७४ को नियम ८७ को उपनियम (३)

- इजलासले सुनुवाइको लागि पेसी तोकिएको मुद्दामा मुद्दाका पक्ष वा निजको कानून व्यवसायीलाई पेसीको दिन अगावै वा निश्चित समय तोकी बहस नोट पेस गर्न आदेश दिन सक्नेछ।
- उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुद्दाको पक्ष वा निजको कानून व्यवसायी आफैंले बहस नोट पेश गर्न चाहेमा मुद्दाको सुनुवाई भन्दा अगावै बहस नोट पेस गर्न सक्नेछ।
- इजलासले अन्यथा आदेश दिएमा बाहेक सामान्यतयाः बहस सम्पन्न भइसकेपछि बहसनोट पेश गर्न सकिने छैन।
- यस नियम बमोजिम बहसनोट पेस गर्दा निर्णय गर्नुपर्ने प्रश्न स्पष्ट खुलाई सो प्रश्नमा सीमित रही बहस नोट पेस गर्नुपर्नेछ।

# परिच्छेद-छ

## सरकार वादी मुद्दामा फैसला पश्चात् सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिका

**यस परिच्छेद भित्र**

१. फैसलाको जानकारी
२. सरकारी वकीलले पुनरावेदन गर्ने
३. पुनरावेदनको म्याद
४. पुनरावेदन गर्ने / नगर्ने सम्बन्धमा विचार गर्नु पर्ने कुरा
५. पुनरावेदन गर्ने सम्बन्धी व्यवस्था
– पुनरावेदन गर्ने प्रक्रिया र पुनरावेदनपत्रको मस्यौदा गर्दा ध्यान दिनु पर्ने कुरा
– पुनरावेदन दिँदा पुर्‌याउनु पर्ने रीत
६. पुनरावेदन सम्बन्धी कारबाही गर्नु नपर्ने
७. पुनरावेदन नगर्ने सम्बन्धी व्यवस्था

### १. फैसलाको जानकारी:

सरकार वादी मुद्दामा अदालतबाट भएका फैसलाको समयमै पक्षलाई जानकारी दिने अदालतको र त्यस्तो जानकारी लिने सरकारी वकीलको कर्तव्य पनि हो । प्राप्त फैसला उपर पुनरावेदनको कारबाही अगाडि बढाउने तथा मुद्दाको अन्तिम फैसला पछि क्षतिपूर्ति भरिभराउ समेतका लागि पीडित तथा जाहेरवालालाई जानकारी दिने दायित्व सरकारी वकीलको हो । अदालतबाट मुद्दा फैसला भएपछि उपस्थित रहेका पक्षलाई सो फैसलाको व्यहोरा र पुनरावेदन लाग्नेमा पुनरावेदन सुन्ने अदालतको नाम र पुनरावेदन गर्नु पर्ने म्याद समेत सुनाई निजबाट सुनी पाएको व्यहोराको कागज मुद्दा फैसला गर्ने निकायले गराई लिनु पर्दछ । तर नेपाल सरकार वादी हुने मुद्दामा सरकारी वकीललाई सहिछाप गराउनु पर्दैन । नेपाल सरकार वादी वा प्रतिवादी भै चलेको मुद्दामा नेपाल सरकारको तर्फबाट अदालतमा उपस्थित हुने सरकारी कर्मचारी, प्रहरी वा सरकारी वकीलले तारेखमा बस्नु नपर्ने कानूनी व्यवस्था रहेको हुदा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा अदालतले फैसलाको औपचारिक जानकारी सरकारी वकील कार्यालयलाई दिने व्यवस्था रहेको छ ।

**कानूनी व्यवस्था:**

- अनुसूची १, अनुसूची २ र अनुसूची ३ बमोजिका मुद्दामा भएको फैसलाको जानकारी सम्बन्धित सरकारी वकीलको कार्यालयलाई समेत दिनु पर्नेछ । — फौजदारी कार्यविधि संहिताको दफा १३२ (४)

### २. सरकारी वकीलले पुनरावेदन गर्ने:

सरकारी वकीलले नेपाल सरकार वादी वा प्रतिवादी भएको वा नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा अड्डा अदालतबाट भएको फैसला वा आदेश सोही अड्डा वा अदालतबाट रीतपूर्वक प्राप्त गरी त्यसको अध्ययन गर्ने र सो फैसला उपर पुनरावेदन गर्ने वा नगर्ने सम्बन्धी निर्णय गरी आवश्यक कारवाही अगाडि बढाउनु पर्दछ ।

**कानूनी व्यवस्था:**

- अनुसूची १ वा २ अन्तर्गतका मुद्दामा अदालतबाट ठहर भएको फैसला वा आदेश उपर चित्त नबुझेमा पुनरावेदन गर्ने, पुनरावलोकन गराउने, मुद्दा दोहोऱ्याउने निवेदन गर्ने अधिकार प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सरकारी वकीलको हुनेछ । — फौजदारी कार्यविधि संहिताको दफा १८०(४)

### ३. पुनरावेदनको म्याद:

**कानूनी व्यवस्था**

- अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले फैसला भएको थाहा पाएको मितिले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको हकमा सत्तरी दिन र अन्य मुद्दामा तीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।
  तर त्यस्तो अवधिभित्र पुनरावेदन गर्न नसकेको कारण देखाई पुनरावेदन गर्न चाहने पक्षले निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव ठहराएमा पुनरावेदन सुन्ने अदालतले बढीमा तीस दिनको म्याद थामिदिन सक्नेछ । — फौजदारी कार्यविधि सहिताको दफा १३४
- उपदफा (१) बमोजिम पुनरावेदन गर्न चाहाने व्यक्तिले फैसला गर्ने अदालतको पुनरावेदन सुन्ने अदालतलमा पुनरावेदन दर्ता गराउनु पर्नेछ ।
- संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अदालतबाट सुनवाइ हुँदाका बखत मुद्दाको पक्ष वा निजको वारिस उपस्थित भएको वा निजको कानून व्यावसायी उपस्थित भई बहस पैरवी गरेको रहेछ र सोही दिन फैसला भएको रहेछ भने मुद्दाको पक्षले त्यस्तो फैसला भएको थाह पाएको मानिनेछ ।
  तर सरकार वादी भएको मुद्दाको हकमा दफा १३२ को उपदफा (४) बमोजिम फैसलाको जानकारी प्राप्त भएको मितिबाट पुनरावेदन गर्ने म्याद सुरु हुनेछ ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिनेछ ।
- विशेष अदालतको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश — विशेष अदालत ऐन, २०५९ को

भएको मितिले पैंतिस दिन भित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ । दफा १७

- विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न काबु बाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो व्यहोरा मनासिव ठहरिएमा एक पटक बढिमा पन्ध्र दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ । ऐजन दफा ११
- अदालतबाट भएको फैसला उपर चित्त नबुझ्ने व्यक्तिले थाहा पाएको मितिले तीस दिन भित्र प्रचलित कानूनको अधीनमा रही पुनरावेदन गर्न सक्नेछ । संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११क
- प्रचलित कानूनमा जुनसकै कुरा लेखिएको भए तापनि बाल अदालतबाट बालबालिकाले सफाई पाउने गरी भएको फैसला उपर कानूनको व्याख्या सम्बन्धी त्रुटि भएको, नजिरको गलत प्रयोग भएको वा बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको कारणबाट इन्साफमा फरक परेको अवस्थामा बाहेक अन्य अवस्थामा पुनरावेदन लाग्ने छैन । बालबालिका सम्बन्धी ऐनको दफा ८१ को उपदफा (२)

## महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको परिपत्र

- कतिपय मुद्दाहरूमा फैसला वा आदेश भएको धेरै समयको अन्तरालमा पुनरावेदन सम्बन्धी म्याद प्राप्त हुने गरेको कारण कारबाही अगाडि बढाउँदा मुद्दाको औचित्य समाप्त भैसक्ने अवस्था हुँदा सरकारी वकीलले आफ्नै सकृयतामा आफूले बहस पैरवी गरेका मुद्दाहरूको फैसलाका नक्कल प्राप्त गरी आवश्यक कारबाही गर्ने । मिति २०६१।८।९ च.नं. १७५२ को परिपत्र र व्यवस्थापन समितिको मिति २०७९/०४/१९ को निर्णय र परिपत्र

## सर्वोच्च अदालतको फैसला/आदेश

- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३४(४) ले फैसला भएको मितिले एक वर्षपछि पक्षले फैसला भएको स्वत: थाहा पाएको मानिने हुँदा यस कानूनी व्यवस्था बमोजिम पक्षले वर्ष दिनभित्र नक्कल सारेको वा निजको वारेश वा कानून व्यवसायीले नक्कल उतारेको कार्यलाई पक्षले स्वीकारेको अवस्थामा बाहेक एक वर्षभित्र पक्षले रितपूर्वक थाहा जानकारी नपाएमा सो एक वर्ष अवधि व्यतित भएका दिनदेखि सोही संहिताको दफा १३४ (१) मा उल्लेखित व्यवस्था बमोजिम स्वतः थाहा पाएको मानिने भन्ने आधारमा म्याद गणना गरी पुनरावेदन गर्ने म्याद कायम गर्नुपर्ने देखिन आउने । गाण्डिव काफ्ले वि. उ.अ. पाटन समेत, ०७८-CR- ०१७६, मितिः २०७९।१।८
- सुरु अदालतमा आफैंले मुद्दा दायर गरेको अवस्थामा सबै तथ्यहरूका बारेमा वादीमा अनभिज्ञताको स्थिति नै रहँदैन र मुद्दामा फैसला हुँदा मात्र आफू बेरुजू भएको भन्दैमा फैसलाको नक्कल लिन आफैंले निवेदन दिएपछि पनि फैसलाको जानकारी नभएको भनी पूरै अनभिज्ञताको जिकिर लिन नमिल्ने। हदम्याद र म्यादका पनि निश्चित सीमा हुन्छन्, यसमा अदालतले एकपक्षलाई सुविधा पुग्ने गरी व्याख्या गर्दा अर्को पक्ष अन्यायको शिकार हुन जाने संभावनातर्फ पनि अदालत सचेत रहनु पर्ने। फैसलाको जानकारी कुनै पनि तरिकाबाट (फैसला सुनेर वा फैसलाको नक्कल लिएर वा अदालतबाट म्याद जारी भएर) भएपछि सोही मितिबाट पुनरावेदनको म्याद प्रारम्भ हुन्छ भन्ने कुरामा विवाद उठाइन नहुने । सीयाराम महतो वि. पवित्र नारायण महतो, नेकाप २०६६ नि.नं. ८२७३ अंक १२ (पू.ई.)
- अदालतबाट भएका फैसला कार्यान्वयन नहुने गरेकोले कार्यान्वयन गरिपाऊ भन्ने आदेश गरिपाऊ भनी परेको हुँदा देशको सबैभन्दा माथिल्लो तहको अदालतको आदेश र फैसला कार्यान्वयन नहुने विषय संविधानको धारा ११६ सँग सम्बन्धित सार्वजनिक सरोकारको विषय पनि हो। यस्तोमा संवैधानिक र कानूनी दुबै प्रश्न समावेश हुने हुँदा सो विषयलाई यस अदालतले जोसुकैको निवेदनबाट पनि लिई सुनुवाइ गरी उचित आदेश दिन सक्ने। अदालतबाट जारी भएका आदेश वा फैसलाको सबैले पालना गर्नु र मान्नुपर्छ भन्ने व्यवस्था भएकाले अदालतको आदेश वा फैसला कार्यान्वयन नहुने कार्य अपहेलनाजनक कार्य समेत हुन सक्ने । तोकिएको म्यादभित्र फैसला कार्यान्वयन हुन नसके वा नसक्ने भएमा आधार र कारण खोली फैसला कार्यान्वयन गर्नुपर्ने सम्बन्धित निकायले मनासिव अवधि बढाउन समय माग गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत् यस अदालत समक्ष पूरक निवेदन गर्न सक्ने । मीरा ढुंगाना वि. प्रधानमन्त्री तथा मपका समेत, नेकाप २०६७ नि.नं. ८३९१, अंक ६
- सरकारी वकील तारेखमा नबस्ने राय किताबमा सही नगर्ने भएकाले उनीहरूलाई निर्णय मिति लागू हुन सक्दैन । (विशेष अदालत ऐन बमोजिमको कार्यविधि अपनाएको मुद्दा हुँदा) निर्णयको जानकारी पाएको मितिले ३५ दिनको म्याद कायम हुने । नेकाप २०४५, अंक १, नि.नं. ३३२२

- ७० दिनको पुनरावेदन म्याद दिएकोले ७० दिनभित्र पुनरावेदन लाग्ने होकी भन्नेतर्फ हेर्दा कानूनद्धारा तोकिएको म्याद भन्दा घटी बढी हुने गरी पुनरावेदन गर्ने म्याद दिँदैमा त्यसरी दिएको म्याद भित्र पुनरावेदन लाग्ने नभै कानूनद्धारा निर्दिष्ट गरिएको म्याद भित्रै पुनरावेदन गर्नुपर्ने हुन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ को दफा ३१(३) द्धारा निर्दिष्ट ३५ दिन भित्र पुनरावेदन नगरी अ.वं. ५९ बमोजिम थमाउन पाउने म्याद समेत गुजारेको हुँदा पुनरावेदन खारेज हुने। — नेपाल सरकार वि पन्द घले समेत, नि.नं. ६९९९,
- कुनै विषयमा पुनरावेदन लाग्ने अधिकार कुनै विशेष ऐनले सीमित गरेको छ वा छुट्टै विशेष व्यवस्था गरेको छ भने सोही विशेष व्यवस्था लागू हुन्छ। जुन सामान्य व्यवस्थाको सट्टा पहिला लागू हुनुपर्ने। पुनरावेदन अदालतको फैसला उपर पहिला–पहिला सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने गरेको भन्ने परिपाटिको आधारमा अथवा पुनरावेदन अदालतले आफूले गरेको फैसला उपर पुनरावेदनको म्याद दिएकै आधारमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न नसक्ने । पुनरावेदन अदालतले गरेको फैसला नै अन्तिम हुने व्यवस्था भए बमोजिम फैसला अन्तिम हुनुको तात्पर्य र आसय त्यस उपर सामान्य प्रक्रिया बमोजिम पुनरावेदन नलाग्नु हो। नलाग्ने पुनरावेदन दर्ता भए पनि त्यसबाट तथ्य र औचित्यभित्र प्रवेश गरी सर्वोच्च अदालतले ठहर इन्साफ गर्न नमिल्ने। — सन्तोष कार्की समेत वि. नवीनकुमार सुनवार समेत, नेकाप २०६७, नि.नं. ८४४६, अंक ८
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको मुद्दामा पाइने म्याद र अनुसूची १ भित्र नपरेको मुद्दामा पाइने म्याद छुट्टाछुट्टै रहेको छ। अब सरकारी मुद्दा सम्बन्धी ऐन, ०४९ को अनुसूची १ को ३६ मा सो ऐन बमोजिम नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै फौजदारी अपराध सम्बन्धी मुद्दा भन्ने उल्लेख भएको छ तर वन ऐन अन्तर्गतको मुद्दालाई अनुसूचीभित्र पार्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित भएको देखिदैन। यसप्रकार प्रचलित नेपाल कानून अनुसार वन ऐन अन्तर्गतको मुद्दामा ३५ दिनको म्याद पाउने किटानी व्यवस्था हुँदाहुँदै कुनै अदालतले आफ्नो फैसलाको तपसिल खण्डमा ७० दिनको म्याद दिए पनि कानून अनुसार सो कार्य नै कानूनी मान्यता विहीन हुँदा त्यसैले मान्यता पाउँछ भन्न नमिल्ने। — गुणाकर खरेल वि.नेपाल सरकार, नेकाप २०५४, नि.नं. ६३६५
- विशेष अदालत ऐन, २०५९ को दफा ११ मा विशेष अदालतले हेर्ने वा हेरेको मुद्दामा म्याद तारेख थाम्ने सम्बन्धमा छुट्टै व्यवस्था गरिएको र त्यसमा विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न कावु बाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो व्यहोरा मनासिव ठहरिएमा एक पटक बढीमा १५ दिनसम्मको म्याद तारेख थाम्न सकिनेछ भन्ने व्यवस्था गरेको देखिई ऐ. ऐनको दफा १२ मा मुद्दाको कारबाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो बाहेकका अन्य कुरामा विशेष अदालतले प्रचलित कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्ने व्यवस्था पाईंदा विशेष अदालत ऐन, २०५९ मा व्यवस्था नगरिएको विषयमा मात्र अन्य प्रचलित कानूनमा भएको व्यवस्था लागू हुन सक्ने।

  विधायिकाले विशेष अदालतले हेरे छिनेका मुद्दामा पुनरावेदनको म्याद र सो म्याद गुज्रेमा थमाउने समेतको छुट्टै व्यवस्था गर्न खोजेको मनसाय प्रष्ट भै विशेष अदालत ऐन, २०५९ को प्रस्तावनामा खास किसिमका मुद्दाहरूको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढंगले गराउन सो कानूनी व्यवस्था गरिएको भन्ने उल्लेख भएबाट पनि ऐनको उद्देश्य र भावना अनुरूप कानूनको प्रयोग र व्याख्या हुनु आवश्यक हुने।

  विशेष अदालत ऐन, २०५९ मा पुनरावेदनको म्याद दिने र सो गुज्रेमा थमाउने छुट्टै व्यवस्था गरिएको, प्रस्तुत विशेष अदालत ऐन, २०५९ सालमा बनी लागू भएको र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ सालमा बनी लागू भएको अवस्थाबाट पनि पछि बनेको ऐनको भिन्न व्यवस्थाले अघिको ऐनको व्यवस्थालाई प्रतिस्थापन गरेको मान्नु पर्ने हुन्छ। यस स्थितिबाट विचार गर्दा पनि सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २६(२) प्रस्तुत विषयमा आकर्षित हुने अवस्था नदेखिने।

  मुलुकी ऐनको प्रारम्भिक कथनको ४ नं. ले छुट्टाछुट्टै बनेका कानूनमा लेखिए जतिमा सोही कानून बमोजिम हुने भन्ने सिद्धान्तलाई अंगीकार गरेको समेतबाट पुनरावेदनको म्याद थमाउने प्रसंगमा विशेष अदालत ऐन, २०५९ ले यस ऐन बमोजिम र अरू प्रचलित कानून बमोजिमको सुविधा समेत पाउन सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको देखिन नआएको स्थितिमा विशेष अदालतले हेरे छिनेका मुद्दाहरूमा खास — नेकाप २०६० नि.नं. ७२२० (पू..ई.)

मुद्दाहरूको काम कारवाही छिटो छरितो किसिमले टुङ्गयाउने प्रयोजन र उद्देश्यबाट बनेको विशेष अदालत ऐन, २०५९ को दफा ११ को व्यवस्था बाहेक अरू प्रचलित ऐन कानूनको कार्यविधि समेत आकर्षित हुने भन्न नमिल्ने।

- अदालतको फैसलामा आधार र कारण खुलेन र सान्दर्भिक कानूनको विवेचना भएन भने त्यस्तो फैसलामा न्यायिक मन, प्रमाण र कानूनको मूल्यांकनको अभाव हुन गई स्वविवेकी र आत्मनिष्ठ हुन जाने। अदालतको फैसला तथ्य प्रमाण र कानूनको विवेचनाबाट निकालिएको निष्कर्षबाट नै न्यायको अभिष्ट पूरा हुन सक्छ र त्यसैबाट वास्तविक न्यायको अनुभूति हुन सक्छ। यस्तो अवस्थामा तथ्य र कानूनी व्यवस्थाको विवेचना नै नगरी मालपोत कार्यालयको निर्णय उपर मालपोत ऐन २०३४ को दफा ३१ बमोजिम पुनरावेदन नगरेको भनी हुँदै नभएको कानूनी व्यवस्था अवलम्बन नगरेको भन्नु वास्तविक ऐनको व्यवस्था प्रतिकूल व्याख्या भएको मान्नुपर्ने।

प्रल्हाद चमार विरुद्ध बिल्लर चमार, नेकाप २०६६ नि.नं. ८१४९, अंक ५

- कानूनमा प्रष्ट कानूनी व्यवस्था भैरहेको स्थितिमा घटी वा बढी म्यादको समय उल्लेख गरी पक्षको नाममा पठाएको म्याद वा फैसलाले कानूनले प्रष्ट व्यवस्था गरेको म्यादलाई घटाउन वा बढाउन सक्ने अवस्था हुँदैन। कानूनमा स्पष्ट भैरहेको व्यवस्थालाई सुरु अदालतको फैसलामा उल्लेख भै अदालतले पठाएको म्यादले संशोधन गरी घटाउन वा बढाउन पनि सक्दैन र सो म्यादको आडमा मुद्दाका कुनै पनि पक्षले आफूले गरेको गल्तीबाट उन्मुक्ति पाउने अवस्था समेत नरहने। कार्यविधिका हकमा जुन कानूनको अवलम्बन हुनु पर्छ भनी विधिकर्ताले तोकेको हुन्छ त्यसलाई अन्यथा रूपान्तरण गर्न कानूनसंगत नहुने। कुनै अदालतले पुनरावेदनको म्याद दियो वा कुनै क्षेत्राधिकार तोकिदियो भन्दैमा त्यो कानूनसम्मत छैन् भने त्यसको कुनै अर्थ नहुने।

नेपाल सरकार विरुद्ध यादव दवाडी, नेकाप २०६६ नि.नं.८१७८, अंक ६

### ४. पुनरावेदन गर्ने / नगर्ने सम्बन्धमा विचार गर्नु पर्ने कुराः

कुनै अड्डा अदालतले गरेको फैसला वा निर्णय चित्त नबुझ्ने पक्षले सो फैसलामा आफूलाई चित्त नबुझेको कुराहरू के के हुन् सो सबै कुराहरू उल्लेख गरी आफ्नो भनाई पुष्टि हुने कानूनी आधारहरू समेत खुलाई सो अड्डा वा अदालत भन्दा माथिल्लो अड्डा अदालतमा कानून बमोजिम पुन हेरी पाउँ भनी दिने निवेदन नै पुनरावेदन हो।

सरकारी वकीलले अड्डा अदालतबाट भएको फैसला अध्ययन गरी सो फैसलाको परिणाम समेत विचार गरी सो फैसला उपर पुनरावेदन गर्ने वा नगर्ने कुराको निर्क्यौल गर्नु पर्दछ। पुनरावेदन गर्ने वा नगर्ने सम्बन्धी निर्णयमा पुग्नु पर्दा सरकारी वकीलले निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछः

- प्राप्त फैसलाको अध्ययन पश्चात् सुरु अभियोग मागदावी अनुसार अभियुक्तलाई कैद, जरिवाना वा पीडितलाई विगो भराउने, अंश दिलाउने वा क्षतिपूर्ति भराउने सम्बन्धमा के कस्तो फैसला वा आदेश भएको छ,
- अभियुक्तहरू मध्ये केहीलाई सफाई, केही प्रतिवादीलाई मागदावी भन्दा घटी सजाय र केही प्रतिवादीलाई अभियोग दावी अनुसार सजाय गर्ने फैसला भएकोमा अभियोग मागदावी अनुसार भए नभएको के कति कुरामा फरक निर्णय भएको छ,
- कैद वा जरिवाना दामासाही सम्बन्धमा कानून बमोजिम भएको छ छैन,
- मागदावी अनुसार कसूर ठहर भएको वा सफाई पाएको वा आंशिक ठहर भएको अवस्थाहरू विचार गरी सुरु अभियोग मागदावी अनुसार नभएको अवस्थामा सो फैसला उपर के कस्तो प्रक्रिया अवलम्बन गर्न सकिन्छ,
- अभियोग मागदावी अनुसार फैसला भएको नपाइएमा वा मुद्दा हेर्ने अधिकारीले फैसला गर्दा लिएका आधारहरू जस्तैः सान्दर्भिक कानूनको प्रयोग सम्बन्धी, प्रमाणको मूल्याङ्कन वा परीक्षण सम्बन्धी वा नजिरको प्रयोग र पालना सम्बन्धी त्रुटि छ वा छैन सो कुरा,
- फैसलाका आधार र अवस्थाको मूल्याङ्कन, विश्लेषण पछि सो फैसला उपर चित्त नबुझेको आधार र कानूनहरू खुलाई पुनरावेदन सुन्ने माथिल्लो अदालतमा पुनरावेदन गर्ने प्रक्रिया,
- प्राप्त फैसला उपर पुनरावेदन गर्ने पर्याप्त आधार र अवस्था विद्यमान नदेखिएमा पुनरावेदन नगर्ने कारण र आफ्नो राय उल्लेख गरी सो निर्णयलाई अन्तिम निकासा दिने प्रक्रिया,

- अदालतबाट भएको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा ७, दफा ८ तथा दफा ९ ले निर्धारण गरेको अवस्था विद्यमान रहेमा निर्धारित प्रक्रिया अनुसरण गरी पुनरावेदनको मस्यौदा तयारी र दायरीको प्रक्रिया अवलम्बन गर्नु पर्दछ।

**कानूनी व्यवस्था:**

- प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र संघीय कानून बमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानून बमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुनेछ। — न्याय प्रशासन ऐन, २०७३ को दफा ७(४)
- उच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुनी निर्णय गर्ने अधिकार हुनेछः — न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३)
  - ✓ आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्रको जिल्ला अदालतले दफा ७ को उपदफा (१) बमोजिम सुरु कारबाही र किनारा गरेको मुद्दा,
  - ✓ न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीले गरेको सुरु निर्णय वा अन्तिम आदेश उपर जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरी निर्णय गरेको मुद्दा,
  - ✓ जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गरेको सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको, कैद सजाय भएको वा एक लाख रूपैयाँभन्दा बढी जरिवाना वा पाँच लाख रूपैयाँभन्दा बढी विगो समावेश भएको मुद्दा,
  - ✓ संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्रको कुनै न्यायिक निकायले सुरु कारबाही र किनारा गरेको मुद्दा। — ऐजन उपदफा (४)
- उच्च अदालतलाई संघीय कानून बमोजिम साधक जाँच्ने अधिकार हुनेछ। — ऐजन ऐनको दफा ९
- सर्वोच्च अदालतलाई देहायका मुद्दामा पुनरावेदन सुन्ने अधिकार हुनेछः
  - ✓ दफा ८ को उपदफा (२) बमोजिम उच्च अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा,
  - ✓ उच्च अदालतबाट दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा,
  - ✓ तीन वर्षभन्दा बढी कैदको सजाय वा पाँच लाख रुपैयाँभन्दा बढी जरिवाना वा पच्चीस लाख रुपैयाँभन्दा बढी विगो भएको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा, र
  - ✓ संघीय कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा।
- सर्वोच्च अदालतमा साधक पेश भएको मुद्दामा समेत सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने अधिकार हुनेछ। — ऐजन ऐनको दफा १०
- संघीय कानून बमोजिम साधक जाँच गराउनु पर्ने मुद्दामा पुनरावेदन सुन्ने अदालतमा साधक पेश गर्नु पर्नेछ।
- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उच्च अदालतले जन्मकैदको सजाय हुने ठहर्याएको मुद्दामा मात्र सर्वोच्च अदालतमा साधक पेश गर्नु पर्नेछ।
- उपदफा (१) वा (२) बमोजिम साधक पेश भएको मुद्दामा पुनरावेदन परेमा पुनरावेदनको रोहबाट र एउटै मुद्दामा कसैको पुनरावेदन परेमा र कसैको नपरेमा पुनरावेदन नगर्नेको हकमा समेत साधकको रोहबाट इन्साफ जाँची मुद्दाको किनारा गर्नु पर्नेछ।
- साधकको रोहबाट हेरिने मुद्दामा पुनरावेदन नगर्ने कुनै पक्ष वा अन्य कुनै सम्बन्धित व्यक्तिले पुनरावेदन सरहको जिकिर लिई निवेदन दिएमा पुनरावेदन सुन्ने अदालतले त्यसलाई समेत विचार गरी मुद्दा किनारा गर्नु पर्नेछ।

## ५. पुनरावेदन गर्ने सम्बन्धी व्यवस्थाः

### कानूनी व्यवस्था

- नेपाल सरकार वादी हुने मुद्दामा कुनै अदालत वा न्यायिक निकायबाट भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने मिसिल संलग्न प्रमाणबाट देखिएमा त्यस्तो मुद्दा अभियोजन वा बहस पैरवी वा त्यस्तो फैसला उपर पुनरावेदन दायर गर्न तोकिएको सरकारी वकीलले पुनरावेदन मसौदा तयार गरी पुनरावेदन दायर गर्ने जिम्मेवारी भएको सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद सुरु भएको दश दिन भित्र पठाई सक्नु पर्नेछ।

  तर जिल्ला अदालतमा पुनरावेदन लाग्ने मुद्दामा जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकीलले पुनरावेदन वा निवेदन गर्नेछ।

  सरकारी वकील सम्बन्धी नियमावलीको नियम २२

- उपनियम (१) बमोजिम सरकारी वकीलबाट पुनरावेदन मस्यौदा प्राप्त भएपछि सम्बन्धित कार्यालयका सरकारी वकीलले प्राप्त मस्यौदा जाँचबुझ गरी पुनरावेदन गर्नु पर्ने देखिएमा नेपाल सरकारका तर्फबाट सम्बन्धित अदालतमा पुनरावेदन गर्नु पर्नेछ।

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा अदालत वा मुद्दा हेर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताले सो बमोजिम गर्नका लागि सम्बन्धित अधिकारीलाई लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अधिकारीले सोही बमोजिम गर्नु गराउनु पर्नेछ।

  ऐजन नियमावलीको नियम २६

### सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

- शंकाको भरमा वा अपराध भएको सुनेको भन्ने Hear say evidence को भरमा वा अदालतलाई ग्राह्य नहुने प्रमाणको भरमा मात्र राज्यले कसै उपर अभियोग लगाई मुद्दा चलाउन नहुने। वारदात प्रतिवादीहरूको संलग्नतामा भएको भन्ने प्रत्यक्ष प्रमाण वा परिस्थितिजन्य वा कुनै अन्य प्रमाण पनि नभएको अवस्थामा मुद्दानै चल्न नसक्ने अवस्थाको प्रतिवादीहरूलाई मुद्दा चलाई पुनरावेदन सुन्ने अदालतबाट समेत सफाई दिए उपर वादी नेपाल सरकारले चित्त बुझाई बस्नुपर्नेमा अझ संजाय हुनुपर्छ भनी वादीले गरेको पुनरावेदन जिकिर उपर सहमत हुन नसकिने। फौजदारी मुद्दामा वादी राज्य पक्ष हुने हुनाले राज्यले पुनरावेदन गर्ने अधिकारका सम्बन्धमा हाम्रो कानूनले वादी र प्रतिवादीलाई समान पुनरावेदन गर्ने अधिकार दिएको छ। पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको छ भन्दैमा प्रमाण शुन्य मुद्दामा समेत पुनरावेदन गर्ने वर्तमान परीपाटि राज्यले अन्त्य गर्ने तर्फ ध्यान दिनुपर्ने।

  नेपाल सरकार वि. कलावती सुवेदी समेत, ने.का.प. २०६३ अंक ९ नि.नं. ७७६८

- पुनरावेदन सुन्ने अड्डा भनी नामाकरण गरिँदैमा सबै प्रकारको उजुरी सुन्ने अधिकार स्वतः निसृत हुन्छ भन्ने होईन। अधिकारक्षेत्र कानूनले निश्चित गरिदिएको हुन्छ र त्यसको सीमाभित्र रहेर सबै निकाय वा अधिकारीले तोकिए बमोजिमको कार्य गर्नुपर्ने। आफू समक्ष पुनरावेदन लाग्ने मुद्दामा पुनरावेदन अदालतको अधिकारक्षेत्र आकर्षित हुन्छ। भूमि सुधार कार्यालयको मोही जग्गा बाँडफाँट सम्बन्धी मुद्दा मुलतवीमा राख्ने गरी गरेको आदेश उपर अ.वं. १७ नं.को निवेदन सुनी बदर गर्ने गरेको पुनरावेदन अदालतको आदेश आफू कहाँ पुनरावेदन नलाग्ने मुद्दाको कामकारवाहीको विषयमा अधिकारक्षेत्रात्मक त्रुटि गरी गरेको देखिन आएबाट सो आदेश गरेको हदसम्मको काम कारवाही त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

  सुमित्रादेवी वि सुकई कुर्मी समेत, ने.का.प. २०६३ अंक ४ नि.नं.७६८८

- कानूनले दिएको पुनरावेदन गर्ने हक अड्डाको गल्तीबाट अपहरण हुन सक्दैन र अदालतले पनि पुनरावेदन गर्ने हक हनन गर्न नसक्ने। फैसला जहिले भएपनि म्याद तामेल भएको मितिले पुनरावेदन गर्ने म्याद सुरु हुने। सक्षम अदालतबाट सबुद प्रमाण वुझी आफ्नो अधिकारक्षेत्र अन्तर्गत रही गरेको निर्णयलाई त्यसको तथ्य भित्र प्रवेश गरी असाधारण अधिकार क्षेत्रबाट वदर गर्दै जाने हो भने असाधारण क्षेत्राधिकारमा विकृति पैदा हुन जाने। तह तह हुँदै अदालतबाट सबुद प्रमाण वुझी मुद्दा अन्तिम भएकोमा पुनः मौलिक हक हनन् भएको भन्ने नयां वहानामा असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट निवेदन लाग्न नसक्ने।

  नैनकुमारी पाण्डे वि. पुनरावेदन अदालत पाटन समेत ने.का.प. २०६५ निर्णय नं.७९९४ अंक ७

- फौजदारी कानून र न्यायको एउटा महत्वपूर्ण उद्देश्य भनेको कसूरदारलाई सजाय गर्नुको साथै अपराधको रोकथाम र नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्नु पनि हो। कसूरदारलाई सजाय तोक्दा दण्ड गरे जस्तो मात्र देखिनु हुँदैन। कसूरको मात्रा र गाम्भीर्यता अनुसार दण्ड पाएको अनुभूति गरी पश्चातापको

  बैजनाथ साह

वातावरण पनि सिर्जना हुने किसिमले दण्ड गर्नुपर्ने । ऐन कानूनले कैदको सजाय कसूरदारहरू बीच दामासाही हुने भनी स्पष्ट नभनेको अवस्थामा दामासाही गर्नु तर्क एवं न्यायपूर्ण देखिदैन। यदि एक व्यक्तिले गर्ने कसूर अपराधमा निजलाई हुने दण्ड सजाय नै सामूहिक रूपमा अपराध गर्ने व्यक्तिलाई तोकी दण्ड सजाय कसूरदारहरूका बीच दामासाही गरी तोक्ने हो भने एक्लैले गरेको भए हुने सजाय भन्दा औसतमा कम सजाय हुन गई सजायको प्रभाव न्यून हुन जाने । एक व्यक्तिले गर्ने अपराधभन्दा एकभन्दा बढी व्यक्तिहरू मिली सामूहिक तबरले गरिने अपराधमा कसूरको मात्रा र गुरुत्व बढी हुने हुंदा कसूरदारलाई दिइने कैदको सजायमा ऐनले कसूरदारहरूका बीच दामासाही हुने भनी स्पष्ट व्यवस्था गरेको अवस्थामा बाहेक कसूरदारहरूलाई कैदको सजाय गर्दा दामासाही नगरी जनही गर्नु न्यायोचित हुने ।

तेली समेत नेपाल सरकार नेकाप २०६८ नि.नं. ८६३७ अंक ६

- कानूनले पुनरावेदन लाग्ने भनी व्यवस्था नगरेको अवस्थामा पुनरावेदन गर्ने अधिकार रहन्छ भनी अरू कुरामा पुनरावेदकीय अधिकार भएको अदालत वा निकायले अनुमान गर्न नमिल्ने । कानूनमा पुनरावेदन लाग्छ भनी उल्लेख भएको विषयमा पुनरावेदन सुन्ने निकाय कुन हुने भन्ने पनि सोही कानूनमा तोकिएको हुन्छ । सोही आधारमा साधिकार निकायमा पुनरावेदन गर्ने अधिकार सम्बन्धित पक्षमा रहन्छ । विधिकर्ताले नै पुनरावेदनको आवश्यकता नदेखेको विषयमा न्यायिक व्याख्याद्वारा पुनरावेदन लाग्ने भनी अधिकार क्षेत्र विस्तारित गर्न नमिल्ने । कानूनले प्रदान गरेको अधिकार अन्तर्गत पक्षको पुनरावेदन परेको अवस्थामा पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गरेमा मात्र त्यस्तो निर्णयले आफ्नो क्षेत्राधिकारको वैधता प्राप्त गर्न सक्दछ । अन्यथा अधिकारक्षेत्रात्मक त्रुटि भई भएको निर्णय कायम रहन नसक्ने भई बदर हुने ।

धनकुमारी ढुंगेल समेत विरुद्ध उमादेवी ढुंगेल, नेकाप २०६८ नि.नं. ८६७८ अंक ९

- फौजदारी अपराधमा व्यक्तिका विरुद्ध ठोस र शंकारहीत प्रमाण संकलन हुनुपर्छ तव मात्र राज्यले अभियोग लगाउन, मुद्दा चलाउन सक्छ यदि बिना प्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र त्यसको फलस्वरूप अभियुक्तले सफाइ पाउँछ भने त्यस्तोमा महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न नहुने ।

- सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकारलाई क्रमशः हलुका गर्दै लैजाने विधायिकाको मनसाय रहेको तथ्य विधायिकी इतिहासबाट स्पष्टै देखिएको अवस्थामा विधायिकाको उक्त मनसाय विपरीत हुने गरी न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्थाको प्रयोग गर्न नमिल्ने । न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्था अनुसार सुरु अदालत, निकाय वा अधिकारीबाट तीन वर्षभन्दा कम सजाय गरेको र पुनरावेदन अदालतले सो सजाय उल्टी वा केही उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसला उपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने । पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरू मध्ये ज–जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटि फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने न्याय प्रशासन ऐन २०४८ को दफा ९ को मनसाय भएकाले भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमुक प्रकारको निष्कर्ष निकाल्न नमिल्ने ।

नेपाल सरकार विरुद्ध मगरे खां समेत नेकाप २०६६, नि.नं. ८२४३,अंक १०

नेपाल सरकार विरुद्ध बस्ने ज्योति राई, नेकाप २०६९, नि.नं. ८८५८, अंक ७

**पुनरावेदन गर्ने प्रकृया र पुनरावेदनपत्रको मस्यौदा गर्दा ध्यान दिनु पर्ने कुराः**

सुरु वा उच्च अदालतले गरेको फैसला तथा अन्तिम आदेशमा चित्त नबुझ्ने पक्षले त्यस्तो फैसला वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अदालतमा प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सकिने कानूनी व्यवस्था रहेको छ । सरकार वादी मुद्दामा अभियोग मागदावी पूरा नभएको वा नेपाल सरकारको हित विपरित फैसला भएकोमा त्यस्तो फैसला उपर कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक मिसिल संलग्न प्रमाणबाट पुनरावेदन गर्नु पर्ने देखिएमा सम्बन्धित सरकारी वकील कार्यालयका तोकिएको सरकारी वकीलले पुनरावेदन सम्बन्धी कारबाही गर्नु पर्दछ ।

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १, अनुसूची २ मा उल्लिखित मुद्दा र कुनै ऐनमा नेपाल सरकार वादी हुने भनी लेखिएका मुद्दाका साथै नेपाल सरकार पक्ष वा विपक्ष भएको मुद्दामा सम्बन्धित कार्यालय प्रमुख वा अधिकृतले पुनरावेदन सम्बन्धी कारबाहीका लागि लेखी पठाएकोमा देहायका अदालतमा पुनरावेदन लाग्ने भएकाले तोकिएका सरकारी वकीलले पुनरावेदनको प्रक्रिया अगाडि बढाउनु पर्दछः

- ✓ जिल्ला अदालत वा कुनै न्यायिक निकायले सुरु कारबाही र किनारा गरेको उच्च अदालतमा पुनरावेदन लाग्ने मुद्दा,
- ✓ विशेष अदालतले सुरु कारबाही र किनारा गरेको सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने सम्पत्ति शुद्धीकरण मुद्दा,
- ✓ उच्च अदालतले सुरु कारबाही र किनारा गरेको सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने मुद्दा,
- ✓ उच्च अदालतबाट दस वर्ष वा सो भन्दा बढी कैद सजाय हुने गरी फैसला गरेको सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने मुद्दा,
- ✓ तीन वर्ष भन्दा बढी कैदको सजाय वा पाँच लाख रुपैँया भन्दा बढी जरिवाना वा पच्चीस लाख रुपैँया भन्दा बढी विगो भएको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने मुद्दा,
- ✓ संघीय कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा।

- ▪ न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (४) बमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्ने अर्धन्यायिक निकाय वा अधिकारी वा स्थानीयस्तरको न्यायिक निकायबाट भएको निर्णय वा अन्तिम आदेश उपर भने जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकील आफैले पुनरावेदनपत्र तयार गरी कानूनका म्याद भित्रै पुनरावेदन गर्नु पर्दछ।
- ▪ जिल्ला अदालतमा दायर भएको पुनरावेदनमा फैसला हुँदा देहायको अवस्था विद्यमान भएमा सम्बन्धित उच्च अदालतमा दोस्रो तहको पुनरावेदन लाग्ने हुँदा जिल्ला अदालतको यस्तो पुनरावेदन फैसला उपर पुनरावेदन गर्न आवश्यक देखिएकोमा पुनरावेदनको मस्यौदा पठाउनु पर्दछः

- ✓ न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीले गरेको सुरु निर्णय वा अन्तिम आदेश उपर जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पुरै बदर गरी निर्णय गरेको मुद्दा,
- ✓ जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गरेको सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको, कैद सजाय भएको वा एक लाख रुपैँयाभन्दा बढी जरिवाना वा पाँच लाख रुपैँया भन्दा बढी बिगो समावेश भएको मुद्दा,

- ▪ कुनै सरकार वादी मुद्दामा एक भन्दा बढी प्रतिवादी भै कुनै प्रतिवादी उपर कसूर कायम भएको र कुनै उपर अभियोग मागदावी भन्दा फरक कसूर ठहर भई कम सजाय भएको र कुनै प्रतिवादीको हकमा अभियोगबाट सफाई भएको अवस्थामा कसूर कायम भएका प्रतिवादीले पुनरावेदन दिन सक्ने र सो पुनरावेदनको सन्दर्भमा सफाई पाएका र कम सजाय ठहर भएका प्रतिवादी उपर पुनरावेदन नगर्दा सुरु अदालतले गरेको निर्णयमा वादी पक्षले चित्त बुझाई बसेको र पुनरावेदन नगरेको विषय अदालतमा विचारणीय हुन सक्ने हुँदा त्यस्ता मुद्दामा पनि सफाई पाएका वा कम सजाय भएका अभियुक्तको हकमा पनि पुनरावेदन गर्ने वा नगर्ने तर्फ ध्यान दिनु पर्दछ।
- ▪ पुनरावेदन गर्ने मस्यौदा वा नगर्ने प्रस्ताव पठाउँदा सो गर्नु पर्ने वा गर्नु नपर्ने आधार स्पष्ट रूपमा खुलाई अदालतको फैसला वा अन्तिम आदेश एवं मिसिल कागजात समेत राखी पठाउनु पर्छ।

## पुनरावेदन दिँदा पुऱ्याउनु पर्ने रीतः

**कानूनी व्यवस्थाः**

फौजदारी कार्यविधि संहिताको दफा १३६ (१) (२)

- पुनरावेदन दिँदा अनुसूची – ४५ बमोजिमको ढाँचामा दिनु पर्नेछ।
- उपदफा (१) बमोजिम दिने पुनरावेदनमा अन्य कुराको अतिरिक्त पुनरावेदक र प्रत्यर्थीको पूरा नाम र ठेगाना, मुद्दाको संक्षिप्त विवरण, तल्लो अदालतको निर्णयमा चित्त नबुझेको कुरा र त्यसको आधार, पुनरावेदन सुन्ने अदालतबाट निर्णय हुनु पर्ने कुराहरू र सम्बन्धित कानून स्पष्ट रूपमा उल्लेख गरी पुनरावेदकले सहिछाप गर्नु पर्नेछ।
- उपदफा (१) बमोजिम पुनरावेदन दिँदा देहायका लिखतहरू पुनरावेदन साथ संलग्न गर्नु पर्नेछः-
  - ✓ जुन फैसला उपर पुनरावेदन दिन खोजेको हो त्यस्तो फैसलाको प्रतिलिपि

ऐजन उपदफा

(३)

- ✓ फैसलाबाट पुनरावेदकलाई कुनै सजाय भएको रहेछ भने निजले त्यस्तो सजाय भोगेको वा बुझाएको वा त्यस बापत कैदमा रहेको वा जमानत दिएको वा धरौट राखेको निस्सा।

- कानूनमा अन्यत्र उल्लिखित विषयका अतिरिक्त पुनरावेदनपत्रमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछः-

फौजदारी कार्यविधि नियमावलीको नियम ७१

- ✓ फैसला वा अन्तिम आदेश गर्ने अदालतको नाम,
- ✓ पुनरावेदक वादी वा प्रतिवादी भएको व्यहोरा,
- ✓ मुद्दाको नाम,
- ✓ फैसला वा अन्तिम आदेश भएको मिति, थाहा पाएको मिति र पुनरावेदनको म्याद सम्बन्धी विषय
- ✓ मुद्दामा भएको सजाय र कायम भएको बिगो,
- ✓ फैसला वा अन्तिम आदेशमा चित्त नबुझेको विषय, त्यसको आधार र कारण
- ✓ पुनरावेदन जिकिर र सो को कानूनी आधार,
- ✓ अन्य पक्ष वा प्रत्यर्थीको पुनरावेदन परे वा नपरेको जानकारी भए सो बेहोरा,
- ✓ पुनरावेदक कैद वा थुनामा परेको भए कहिले देखि कैद वा थुनामा परेको हो सो कुरा,
- ✓ दण्ड, जरिवाना, बिगो बुझाएको भए कहिले, कहाँ बुझाएको हो त्यसको प्रमाण,
- ✓ पुनरावेदन दस्तुर बुझाएको प्रमाण,
- ✓ पुनरावेदनको म्याद सम्बन्धी विषय,
- ✓ अधिकारक्षेत्र सम्बन्धी विषय

- सरकारी वकीलले पुनरावेदनको मस्यौदा तयार गर्दा र मातहत कार्यालयबाट प्राप्त हुन आएको पुनरावेदनको मस्यौदा बमोजिम पुनरावेदनपत्र तयार गर्दा वा पुनरावेदन नगर्ने प्रस्ताव अध्ययन गर्दा मिसिल संलग्न प्रमाण कागजका आधारमा पुनरावेदन गर्नु पर्ने देखिई पुनरावेदन गर्ने निर्णय भएकोमा पुनरावेदनपत्र तयार गर्दा मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची – ४५ को ढाँचामा अन्य कुराका अतिरिक्त निम्न कुराहरू खुलाउनु पर्दछः
  - ✓ पुनरावेदक र प्रत्यर्थीको पहिचान खुल्ने गरी पुरा नाम थर र ठेगाना,
  - ✓ मुद्दाको संक्षिप्त विवरण,
  - ✓ सुरु अभियोग दावीको संक्षिप्त व्यहोरा र सजाय मागदावीको कानूनी आधार,
  - ✓ अदालतबाट भएको फैसला र निर्णयाधारका मुख्य बुँदा,
  - ✓ फैसलामा चित्त नबुझेको कुरा,
  - ✓ सुरु अदालतले लिएका आधार गलत, त्रुटिपूर्ण, कानून तथा न्यायका सिद्धान्त विपरीत वा प्रचलित कानूनको विपरित के हो सो कुरा,
  - ✓ सुरु अदालतले लिएका आधारहरू खण्डन गर्ने तर्क, कानूनी आधार, मिसिल संलग्न प्रमाण कागजात,
  - ✓ पुनरावेदन जिकिर र जिकिर पुष्टि गर्ने आधार र कारण
  - ✓ पुनरावेदन जिकिरसँग सम्बद्ध कानून र प्रतिपादित सिद्धान्त,
- पुनरावेदन गर्दा सुरु अभियोग मागदावीमा उल्लेख नगरेका वा दावी नलिएका विषयमा दावी लिनु हुँदैन।

## महान्यायाधिवक्ताको कार्यालयबाट जारी परिपत्र / निर्देशन

मिति २०५३।७।२९ च.नं. २५८–२६० को परिपत्र

- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा नपरेका तर नेपाल सरकार वादी हुने भनी कुनै ऐनमा लेखिएका मुद्दाहरूको पुनरावेदन, पुनरावलोकन एवं तत्सम्बन्धी कुनै निवेदन सरकारी वकीलबाट दिनुपर्ने कुरामा द्विविधा हुने स्थिति देखिँदैन। यस्ता मुद्दाहरूमा अदालतबाट फैसला भएपछि पुनरावेदनको म्याद दिने विषयमा सम्बन्धित अदालतमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (वादी नेपाल सरकार प्रतिवादी दिलबहादुर लामा भएको भ्रष्टाचार मुद्दामा प्रतिपादित सिद्धान्त) मौखिक रूपमा दर्शाई पुनरावेदनको म्याद एवं फैसला भएको जनाउ आफ्नो कार्यालयमा प्राप्त गर्ने गराउने र यसरी म्याद एवं फैसला भएको जनाउ आफ्नो कार्यालयमा प्राप्त भएपछि सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा

२४(१) अनुसार गर्ने गराउने ।

- सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याउने निवेदन गर्ने नगर्ने, १७ नं. को निवेदन गर्ने नगर्ने प्रयोजन वा आवश्यकता अनुसार अन्य प्रयोजनका लागि यस कार्यालयमा प्राप्त भएका विभिन्न मिसिलहरूमा अदालतबाट उठेका बयान, बकपत्र, आदेश, फैसला लगायतका कागजातहरू दुरुस्त नभएको कारणले निर्णयमा पुग्न अनावश्यक विलम्ब हुने र म्याद नै समाप्त हुने समस्या देखिएको हुँदा मुद्दामा उठेका सम्पूर्ण कागजातहरू मिसिल सामेल राखी पञ्जिका तयार गरी पठाउने व्यवस्था गर्ने । (मिति २०५८।५।५ च.नं. ५१० को परिपत्र)
- जिल्ला सरकारी वकील कार्यालयहरूबाट पुनरावेदन गर्ने नगर्ने निर्णय गरी पुनरावेदन सरकारी वकील कार्यालयहरूमा पठाएका र सो कार्यालयबाट पुनरावेदन गर्ने, नगर्ने वा मुद्दा दोहोऱ्याई हेर्ने निवेदन गर्ने वा नगर्ने निर्णय गरी अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा प्रस्ताव पठाउँदा समयमै मिसिल पठाउने गर्नु भनी यस कार्यालयबाट समय समयमा परिपत्र गरिएको भए तापनि केही कार्यालयहरूबाट त्यस्तो निर्देशन एवं परिपत्रलाई वेवास्ता गरी निर्णय मिसिलहरू ढिलो तथा म्याद नघाएर पठाउने गरेको पाइएको हुँदा अब आयन्दा अन्तिम निर्णयको लागि मिसिल प्रस्ताव पठाउनु पर्ने अवस्था देखिए उक्त अवस्थाहरूलाई विचार गरी पठाउने गर्नु गराउनु हुन । (मिति २०६१।७।३० च.नं. १५१६ को परिपत्र)
- सरकारी वकील कार्यालयहरूले कुनै मुद्दाको सन्दर्भमा सुरु तहको कारबाही टुङ्गी माथिल्लो तहमा पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव साथ मिसिल कागजात पठाउँदा र पुनरावेदन तहबाट मुद्दा टुङ्गी सर्वोच्च अदालतमा पुनरावेदन गर्ने वा नगर्ने तथा मुद्दा दोहोऱ्याने निवेदन गर्ने वा नगर्ने रायसाथ मिसिल माथिल्लो निकायमा पठाउँदा सम्बन्धित मिसिलमा संलग्न रहनुपर्ने लिखित कागजातहरू दुरुस्त भए नभएको यकिन गरी रुजु गरी कुनै कागजात नरहेको वा नभएको पाइएमा अदालतमा रहेको मिसिलबाट पंजिका बमोजिम नपुग लिखत कागजातहरूको प्रतिलिपि अनिवार्य रूपमा सारी ल्याई मिसिल संलग्न गरी गराई मात्र माथिल्लो निकायमा पठाउने गर्नु । (मिति २०६१।७।३० च.नं. १५१६ कै परिपत्र)

**सर्वोच्च अदालतको फैसला/आदेश**

- ➢ अभियोग पत्रमा दावी नभएको आरोपमा पुनरावेदन तथा बहस जिकिरमा उठाईएका कुराबाट अभियोग कायम गर्न नमिल्ने । (नेकाप २०५०, निनं. ४७६७)
- ➢ पुनरावेदकीय अधिकार कानूनद्धारा सिर्जना हुने अधिकार भएकोले त्यस्तो अधिकारमा कानूनले पुनरावेदन लाग्ने अवस्था तोक्न राख्न सक्ने नै हुन्छ र त्यस्तो अवस्था तोक्नुमा खास प्रयोजन र उद्देश्य रहेको हुने । ऐनको उद्देश्यमा प्रभावकारिता ल्याउनु धरौटीको मूल उद्देश्य रहेको तथ्य ऐनको बनौटबाट स्पष्ट देखाएको छ । पुनरावेदन गर्दा धरौटी राख्नुपर्ने प्रावधानले पुनरावेदकीय अधिकारलाई निष्कृय तुल्याएको भन्ने अर्थ गर्न नमिल्ने । पुनरावेदन गर्दा ऋणीले सुरु निकायबाट तिर्नुपर्ने ठहरेको रकमको ३० प्रतिशत नगद धरौटी राखी पुनरावेदन गर्न सक्ने गरी गरेको व्यवस्थाले पुनरावेदकीय अधिकार नै निष्कृय तुल्याएको भनी मान्न नहुने । केवल धरौटी राख्नु पर्ने वा थप शुल्क बुझाउनु पर्ने कारणले मात्र पुनरावेदन गर्न पाउने कानूनी उपचारलाई अपर्याप्त वा प्रभावहिन संझने कुनै तर्कसंगत आधार नदेखिने । (ओमप्रकाश अर्याल वि. प्रमं तथा मपका समेत,ने.का.प. २०६४ अंक ३ नि.नं.७८१९ (बि.ई.))
- ➢ पुनरावेदन गर्न पाउने विषय कानूनी हक भएकाले यसलाई सारवान हककै रूपमा लिइनु पर्ने । मातहत अदालतले जन्मकैदको सजाय ठहर गरेका मुद्दाहरूमा यस अदालतले आफ्नो सुपरीवेक्षकीय अधिकार अन्तर्गत साधकको रोहबाट हेर्ने कुरा र पुनरावेदकीय अधिकारक्षेत्र अन्तर्गत पुनरावेदन सुन्ने विषय पृथक पृथक हुँदा जन्मकैद सजायको अन्तिम अनुमोदन यस अदालतबाट हुने पर्ने बाध्यात्मक कानूनी व्यवस्थाका कारण त्यस्तो सजाय भएका मुद्दाहरूमा पक्षको पुनरावेदन नपरे पनि सम्बन्धित अदालतले साधक जाहेर गर्नुपर्ने । (रामबहादुर बस्नेत विरुद्ध नेपाल सरकार निर्णय नं.७९८५ ने.का.प. २०६५ अंक ७ (पू.ई).

## ६. पुनरावेदन सम्बन्धी कारबाही गर्नु नपर्ने:

अदालतबाट भएको फैसला उपर देहायको अवस्थामा पुनरावेदन सम्बन्धी कारबाही नगरी सम्बन्धित फैसलाको पीठमा पुनरावेदन गर्नु नपर्ने आधार र कारण जनाई कार्यालय प्रमुखले प्रमाणित गरी राख्नु पर्दछः

- अभियोगपत्र वा फिराद मागदावी बमोजिम फैसला भएको मुद्दा,
- स्वविवेकीय अधिकार अन्तर्गत सजाय भएको मुद्दामा अधिकतम हदको सजाय नभई न्यूनतम वा सो भन्दा बढी सजाय भएको रहेछ भने कसूरको गम्भिर्यता बढाउने आधार र कारण विद्यमान नदेखिई भएको सजाय समानुपातिक रूपमा मिलेको देखिएका मुद्दा,
- न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला उपरको पुनरावेदन उपर सम्बन्धित जिल्ला अदालतबाट फैसला हुँदा सदर भएको मुद्दा,
  तर सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको, कैद सजाय भएको वा एक लाख रुपैँयाभन्दा बढी जरिवाना वा पाँच लाख रुपैँया भन्दा बढी बिगो समावेश भएको मुद्दामा पुनरावेदन अदालतमा दोस्रो तहको पुनरावेदन गर्न सकिन्छ।

## ७. पुनरावेदन नगर्ने सम्बन्धी व्यवस्था:

अदालत वा न्यायिक निकाय वा अर्धन्यायिक निकाय वा अधिकारीबाट फैसला वा अन्तिम आदेश भएको मुद्दामा मागदावी बमोजिम भएको वा कानून बमोजिम पुनरावेदन लाग्ने व्यवस्था नभई पुनरावेदन नगरिएको अबस्थामा बाहेक सम्बन्धित सरकारी वकीलबाट फैसला सहितको मिसिल अध्ययन गर्दा त्यस्तो फैसला मानसिव भई पुनरावेदन गर्नुपर्ने आधार कारण वा अवस्था नदेखिएकोमा पुनरावेदनको म्याद सुरु भएको दश दिन भित्र पुनरावेदन गर्नु नपर्ने आधार र कारण खुलाई जिल्ला सरकारी वकील कार्यालयले भए सम्बन्धित उच्च सरकारी वकील कार्यालय र उच्च सरकारी वकील कार्यालय वा विशेष सरकारी वकील कार्यालयले भए महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदन नगर्ने प्रस्ताव सहितको मिसिल पठाउनु पर्दछ।

## कानूनी व्यवस्था

- नेपाल सरकार वादी हुने मुद्दामा कुनै अदालत वा मुद्दा हेर्ने अधिकारी वा निकायबाट भएको फैसला उपर पुनरावेदन गर्नु पर्ने नदेखिएमा पुनरावेदन गर्नु नपर्ने कारण सहितको राय सम्बन्धित सरकारी वकील कार्यालयले माथिल्लो सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद सुरु भएको दश दिन भित्र पठाउनु पर्नेछ। — सरकारी वकील सम्बन्धी नियमावलीको नियम २३
- उपनियम (१) बमोजिम पुनरावेदन नगर्ने प्रस्ताव प्राप्त भएपछि माथिल्लो सरकारी वकील कार्यालयले पनि पुनरावेदन गर्नु नपर्ने वा पुनरावेदन गर्न उपयुक्त नहुने देखेमा पुनरावेदन नगर्ने आधार र कारण सहित निकासाको लागि मिसिल प्राप्त भएको दश दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्नु गराउनु पर्नेछ।
- उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको फैसला उपर न्याय प्रशासन ऐन २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ग) बमोजिम उच्च अदालतमा पुनरावेदन नगर्ने अन्तिम निर्णय सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले गर्न सक्नेछ। यसरी निर्णय भएकोमा सोको अभिलेख राखी निर्धारित ढाँचामा महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८१ ले बाल अदालतबाट बालबालिकाले सफाई पाउने गरी भएको फैसला उपर कानूनको व्याख्या सम्बन्धी त्रुटि, नजिरको गलत प्रयोग वा बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको कारणबाट इन्साफमा फरक परेको अवस्थामा मात्र पुनरावेदन लाग्ने व्यवस्था गरेको हुँदा सो बाहेक अन्य अवस्थामा सामान्यतया पुनरावेदन नगर्ने प्रस्ताव पठाउनु पर्दछ। — बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८१(२)
- जिल्ला सरकारी वकील कार्यालयबाट प्राप्त हुन आएको पुनरावेदनपत्रको मस्यौदा सहितको मिसिल अध्ययन गर्दा पुनरावेदन गर्नुपर्ने पर्याप्त आधार वा कारण नदेखिएमा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले पुनरावेदन नगर्ने प्रस्ताव तयार गरी निकाशाका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्दछ।

- मातहत सरकारी वकील कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको पुनरावेदन नगर्ने प्रस्ताव वा पुनरावेदन मस्यौदा सहितको मिसिल अध्ययन गर्दा पुनरावेदन गर्नु पर्ने आधार र कारण नदेखिएमा तोकिएका सरकारी वकीलले सम्बन्धित अधिकारी समक्ष पुनरावेदन नगर्ने राय पेश गरी महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएका नायब महान्यायाधिवक्ताबाट पुनरावेदन नगर्ने गरी अन्तिम निर्णय निकासा दिइनेछ।
- तर जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको फैसला उपर उच्च अदालतमा पुनरावेदन नगर्ने अन्तिम निर्णय सम्बन्धित उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले गर्न सक्नेछ।
- सम्बन्धित तहको सरकारी वकील कार्यालयबाट पुनरावेदन नगर्ने गरी अन्तिम निर्णय भएकोमा निर्णयको जानकारी सहितको मिसिल सुरु तहको सम्बन्धित सरकारी वकील कार्यालयमा फिर्ता पठाउनु पर्नेछ।

# परिच्छेद-सात

## मुद्दा दोहोर्‌याउन निवेदन दिने सम्बन्धी व्यवस्था

**यस परिच्छेद भित्र**

१. मुद्दा दोहोर्‌याउने वा नदोहोर्‌याउने निवेदन गर्ने निर्णय गर्दा विचार गर्नु पर्ने कुराहरू
२. मुद्दा दोहोर्‌याउने निवेदन नगर्ने निर्णय पछि अवलम्बन गर्नु पर्ने प्रक्रियाहरू
३. मुद्दा दोहोर्‌याउने निवेदन गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रियाहरू

## १. मुद्दा दोहोऱ्याउने वा नदोहोऱ्याउने निवेदन गर्ने निर्णय गर्दा विचार गर्नु पर्ने कुराहरू

उच्च अदालत वा उच्च अदालतका इलसालबाट सुनुवाइ गरी सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा सीमित अवस्थामा मुद्दा दोहोऱ्याई पुनः सुनुवाइ गर्ने अधिकारक्षेत्र मुद्दा दोहोऱ्याई हेर्ने क्षेत्राधिकार हो । यो क्षेत्राधिकार सर्वोच्च अदालतमा मात्र छ । दोहोऱ्याउने निवेदनमा पुनरावेदनको निस्सा पाउनका लागि कानूनमा तोकिए अनुसारका स्पष्ट आधार र कारण आवश्यक पर्दछ । उच्च अदालत वा उच्च अदालतका इलसालबाट मुद्दा फैसला भएको थाहा पाएको मितिले पैंतालीस दिनभित्र मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन दिनु पर्दछ । सो निवेदन उपर सर्वोच्च अदालतको संयुक्त इजलासबाट सुनुवाइ गरिन्छ । सुनुवाइ गर्दा सो निवेदनमा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को खण्ड (क) देखि (घ) सम्मको अवस्था विद्यमान रहे वा नरहेको विषयमा हेर्दछ । ती खण्डको कुनै एकको अवस्था देखिएमा पुनः सुनुवाइ गर्ने गरी अनुमति दिन्छ । यसरी अनुमति प्रदान गरेको अवस्थामा त्यो मुद्दा पुनरावेदन सरह दर्ता हुन्छ र सोही बमोजिम सुनुवाइ हुन्छ । उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर पुनरावेदन नलाग्ने देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउने निवेदन दिन सकिने कानूनी व्यवस्था रहेको छ ।

### कानूनी व्यवस्था

न्याय प्रशासन ऐन, २०७३ को दफा १२

(१) यो ऐन वा प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश सर्वोच्च अदालतले देहायका अवस्थामा दोहोऱ्याई हेर्न सक्नेछः–

(क) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटि भएको छ,

(ख) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

(ग) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(घ) बालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर गरेको ।

तर देहायका अवस्थामा मुद्दा दोहोऱ्याई हेरिँदैनः–

(क) सर्वोच्च अदालतबाट एक पटक दोहोऱ्याई हेरिसकेको,

(ख) दफा ८ को उपदफा (३) को खण्ड (ख) बमोजिम उच्च अदालतबाट पुनरावेदन सुनी निर्णय भएको ।

### मुद्दा दोहोऱ्याउने वा नदोहोऱ्याउने निवेदन गर्ने सम्बन्धी निर्णय गर्दा देहायका कुरामा विचार गर्नु पर्दछः

- उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले उच्च अदालतबाट भएका फैसला प्राप्त गरी सो फैसला अध्ययन गर्ने,
- उच्च अदालतबाट भएको फैसलामा उच्च सरकारी वकील कार्यलयले पुनरावेदन गर्दा उठाएका कुराहरू वा शुरु अभियोग माग दावी अनुसार कसूर ठहर हुनु पर्नेमा सो भए नभएको अध्ययन गर्ने,
- उच्च अदालतको फैसला वा अन्तिम आदेश उपर मुद्दा दोहोऱ्याउने निवेदन गर्नु पर्ने भएमा दोहोऱ्याउन सकिने कानूनी आधार र अवस्था विद्यमान छ वा छैन सो कुरा निक्यौल गर्ने,
- फैसलामा गम्भीर कानूनी त्रुटि भएको हो छ वा छैन ? सर्वोच्च अदालतबाट प्रतिपादित नजिर वा सिद्धान्तको विपरित फैसला भएको छ वा छैन ? न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को अवस्था छ वा छैन ? अध्ययन गर्ने,
- उच्च अदालतको फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को अवस्था देखिएमा निवेदन गर्ने निर्णय गर्ने ।

### सर्वोच्च अदालतबाट भएको फैसला/आदेश

किशोरी महतो सुडी वि.रामसरोवर

➢ दुई तहको एउटै राय भएमा इन्साफ पर्छ र मुद्दा लम्बिन हुँदैन बरू चाँडो अन्त्य हुनुपर्छ भन्ने अवधारणा र मान्यताले सुरु र पुनरावेदन तहको राय मिलेमा न्याय प्रशासन ऐनको दफा १२ को अवस्था बिद्यमान भएमा मात्र Supervisory Jurisdiction अन्तर्गत यस अदालतले दोहोऱ्याई हेर्न सक्ने ।

पुनरावेदन सुन्ने व्यवस्था Extension of original jurisdiction भएको कारण सुरु अदालतले सरह पुनरावेदन सुन्ने अदालतले पनि आवश्यकता अनुसार सबुद प्रमाण बुझ्ने लगायतका सम्पूर्ण कार्यविधि पूरा गरी निर्णय गर्न सक्दछ तर Supervisory jurisdictionअन्तर्गत दोहोऱ्याई हेर्दा वा पुनरावलोकन गर्दा ऐनमा तोकिएको सीमित आधारमा मात्र हेर्नुपर्ने।

पुनरावेदकीय क्षेत्राधिकारमा प्रारम्भिक क्षेत्राधिकारको विस्तार (Extension of Original Jurisdiction) हुने भएको कारण सुरू अदालत सरह माथिल्लो तहको अदालतले पनि आवश्यकता अनुसार सबुत प्रमाण बुझ्ने लगायतका कार्यविधि पूरा गरी निर्णय गर्न सक्ने र दोहोर्यायाई हेर्ने निवेदनमा माथिल्लो अदालतले सुपरिवेक्षकीय क्षेत्राधिकार (Supervisory Jurisdiction) अन्तर्गत ऐनमा तोकिएको सीमित आधारमा हेरिनु पर्ने।

देवी समेत (पूर्ण इजलास) ने.का.प. २०६४, अंक ५, नि.नं. ७८४३

- एउटै मुद्दामा कुनै प्रतिवादीलाई पुनरावेदन वा उच्च अदालतबाट दस वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा दस वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले दफा ९ (१) (ख) बमोजिम पुनरावेदन गर्न पाउने नै हुन्छ,

  पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने कुरा पुनरावेदन अदालत वा उच्च अदालतको फैसलाले तोकेको सजायको आधारमा निर्धारण हुने,

  दस वर्ष भन्दा बढी कैद सजाय हुने ठहरिएका प्रतिवादीले पुनरावेदन गरे वा नगरेको आधारमा मात्र अन्य प्रतिवादीको पुनरावेदन गर्ने कुरा निर्धारण गर्नु उचित नदेखिने,

  एउटा मुद्दामा कुनै प्रतिवादीलाई दस वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा सोही मुद्दामा दस वर्ष भन्दा कम कैद सजाय भएका वा सफाई पाएका अन्य प्रतिवादीहरूको हकमा समेत न्याय प्रशासन ऐन, २०७३ को दफा ९ (१) (ख) बमोजिम पुनरावेदन लाग्ने,

नेपाल सरकार वि. रत्नबहादुर के.सी. समेत, बृहत् पूर्ण इजलास, नेकाप २०७६ अंक ८ नि नं १०३२०

- संविधानको धारा १४४ (१) र (२) मा व्यवस्थित उच्च अदालतको अधिकारक्षेत्रलाई न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (१) मा पुनरावृत्ति गरेको र सोलाई बाहेक गरी ऐ. दफा ८ (२) बमोजिम उच्च अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०७३ को दफा ९ (१) (क) मा भएको देखिन्छ। यसबाट संविधानको धारा १४४ (१) र (२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (१) बमोजिम उच्च अदालतले जारी गरेको आदेश उपर सर्वोच्च अदालतमा सोझै पुनरावेदन लाग्ने कानूनी व्यवस्था गरेको देखिएन। यसरी संविधानको धारा १४४ (१) र (२) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (१) बमोजिम गरेको आदेशमा सोझै पुनरावेदन नलागी न्याय प्रशासन ऐन, २०७३ को दफा १२ मा उल्लिखित व्यवस्था बमोजिम मुद्दा दोहोऱ्याई हेर्न सक्ने अधिकार मात्र सर्वोच्च अदालतलाई रहेको देखिन आयो।

निवेदक सुन्दर कार्की वि. रामेश्वर मानन्धर, पूर्ण इजलास, २०७३-FN-०३४६, -०७३-CI-०९४६_ आदेश मिति २०७३।११।५

## २. मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय पछि अवलम्बन गर्नु पर्ने प्रक्रियाहरू

- उच्च सरकारी वकील कार्यालयले उच्च अदालत वा उच्च अदालतका इलसालबाट भएको फैसला प्राप्त गरे पछि सो फैसला अध्ययन गरी अभियोग माग दावी अनुसार भए नभएको निश्चित गर्नु पर्दछ।
- मिसिल अध्ययन गर्दा मुद्दा दोहोऱ्याउने निवेदन गर्नु पर्ने नदेखिएमा आधार कारण खोली सहन्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकीलले निवेदन नगर्ने निर्णय गर्नु पर्दछ।
- सो अनुसार मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गरेमा सोको जानकारी तोकिएको समयावधि भित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्दछ।
- उच्च सरकारी वकील कार्यालयबाट निवेदन गर्ने मस्यौदा सहित मिसिल प्राप्त भएकोमा महान्यायाधिवक्ताको कार्यालयबाट उच्च अदालतको फैसला, कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका आधारमा निवेदन नगर्ने निर्णय भएमा मिसिल सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाउनु पर्दछ।

## कानूनी व्यवस्था

- न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम कुनै मुद्दामा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छ भन्ने लागेमा त्यस्तो मुद्दामा तोकिएको सरकारी वकीलले उच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले पाँच दिनभित्र मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनको मस्यौदा तयार गरी

सरकारी वकील सम्बन्धी नियमावली,

महान्यायाधिवक्ताको कार्यालय समक्ष पठाउनु पर्नेछ ।

२०७७ को नियम २४ (१)

- कुनै मुद्दामा उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छैन भन्ने लागेमा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आधार र कारण उल्लेख गरी मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्न सक्नेछ । यसरी निर्णय भएकोमा सो को अभिलेख राखी निर्धारित ढाँचामा सोको विवरण महान्यायाधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ ।

ऐजन उपनियम (२)

## ३. मुद्दा दोहोऱ्याउने निवेदन गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रियाहरू

- उच्च सरकारी वकील कार्यालयले उच्च अदालत वा उच्च अदालतका इलसालबाट भएको फैसला प्राप्त गरे पछि मिसिल समेत अध्ययन गर्दा फैसलामा मुद्दा दोहोऱ्याउने आधार र अवस्था विद्यमान देखिएमा सोही अनुसार मुद्दा दोहोऱ्याउने निवेदन गर्ने निर्णय गरी निर्धारित म्याद भित्रै निवेदनको मस्यौदा सहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्दछ ।
- महान्यायाधिवक्ताको कार्यालयबाट पनि त्यस्तो मस्यौदा प्राप्त भए पछि सो मुद्दाको मिसिल समेत अध्ययन गरी उच्च अदालत वा उच्च अदालतका इलसालको फैसलामा मुद्दा दोहोऱ्याउने कानूनी आधार र अवस्था विद्यमान रहे नरहेको विचार गरी मुद्दा दोहोऱ्याउने निवेदन गर्ने नगर्ने निर्णय गर्नु पर्दछ ।
- महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा दोहोऱ्याउने निर्णय भएमा कानूनी आधार र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्त समेत मस्यौदामा उल्लेख गरी उच्च सरकारी वकील कार्यालयबाट प्राप्त निवेदनको मस्यौदा समेत आवश्यकता अनुसार परिमार्जन गरी सर्वोच्च अदालतमा दोहोऱ्याउने निवेदन दायर गर्नु पर्दछ ।
- मुद्दा दोहोऱ्याउने निवेदनको लागि निवेदन दिँदा उच्च अदालत वा उच्च अदालतका इजलासले गरेको फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणित गरेको मितिले पैतालीस दिन भित्र दिनु पर्नेछ ।
- दोहोऱ्याई पाउँको निवेदनमा म्याद थाम्न नसिकने हुँदा सोतर्फ संवेदनशील हुनु पर्दछ ।
- मुद्दा दोहोऱ्याउने निवेदनको मस्यौदा पुनरावेदन मस्यौदा समान भएको हुँदा त्यस्तो निवेदनमा खुलाउनु पर्ने कुराहरू सम्बन्धमा पुनरावेदन सम्बन्धी शीर्षकमा उल्लेख गरिएको छ ।

# परिच्छेद-आठ

## पुनरावलोकन सम्बन्धी व्यवस्था

यस परिच्छेद भित्र

१. पुनरावलोकन गर्ने निर्णय गर्दा विचार गर्नु पर्ने कुराहरू
२. पुनरावलोकन गर्ने निर्णय गर्दा पुर्‌याउनु पर्ने रीत र प्रक्रिया

## १. पुनरावलोकन गर्ने निर्णय गर्दा विचार गर्नु पर्ने कुराहरू

पुनरावलोकन आफूले गरेको कार्य पुनः हेरी गल्ति सुधार गर्ने वा परिमार्जन गर्ने कार्य हो । हालको कानूनी व्यवस्था अनुसार पुनरावलोकन मार्फत पुनः मुद्दा वा रिट निवेदनको सुनुवाइ गर्ने अधिकारक्षेत्र सर्वोच्च अदालतलाई मात्र रहेको छ । पुनरावलोकन सर्वोच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएका मुद्दा वा रिट निवेदन उपर सुनुवाइ गर्ने अधिकारक्षेत्र हो । पुनरावलोकन भनेको सम्भावित मानवीय गल्ती भएको छ कि भनी आफ्नो फैसला एक पटक Limited Ground मा आफैले हेर्ने व्यवस्था हो । Miscarriage of Justice नहोस् भन्ने उद्देश्यका लागि आफैले गरेको फैसला वा अन्तिम आदेश उपर पुनरावलोकन गरिन्छ । पुनरावलोकनको निवेदन मुद्दा सर्वोच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर कानूनले तोकेको शर्तको अधीनमा रही सर्वोच्च अदालतमा नै दायर गर्न सकिन्छ । प्रचलित कानूनी व्यवस्था अनुसार सर्वोच्च अदालतले इन्साफको रोहमा एक पटक हेरी फैसला गरिसकेको विषयमा कानूनद्वारा तोकिएको अवस्था र शर्तमा मात्र आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने व्यवस्था रहेको छ ।

### संवैधानिक व्यवस्था:

- यस संविधानको अधीनमा रही सर्वोच्च अदालतलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम मुद्दाको शुरु कारबाही र किनारा गर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने, निवेदन सुन्ने वा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुनेछ । त्यसरी पुनरावलोकन गर्दा पहिला फैसला गर्ने न्यायाधीश बाहेक अन्य न्यायाधीशले गर्ने छन् ।

संविधानको धारा १३३(४)

### कानूनी व्यवस्था:

- सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश देहायको अवस्थामा पुनरवालोकन गर्न सक्नेछ ।
  (क) मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा, वा
  (ख) सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा ।

न्याय प्रशासन ऐन, २०७३ को दफा ११

- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने छैनः–
  (क) एक पटक सो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिसकेको,
  (ख) बृहत पूर्ण ईजलासबाट फैसला वा अन्तिम आदेश भएको,
  (ग) सवैधानिक इजलासबाट निर्णय भएको,
  (घ) यो ऐन प्रारम्भ हुन अघि प्रचलित कानून बमोजिम मुद्दा दोहोऱ्याई फैसला नभएको, वा
  (ङ) दफा १२ बमोजिम दोहोऱ्याई हेरिएको मुद्दामा उच्च अदालतको इन्साफ सदर भएको वा दोहोऱ्याई हेर्ने निस्सा नभएको ।

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा अदालत वा मुद्दा हेर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ताले सो बमोजिम गर्नका लागि सम्बन्धित अधिकारीलाई लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अधिकारीले सोही बमोजिम गर्नु गराउनु पर्नेछ ।

सरकारी वकील सम्बन्धी नियमावलीको नियम २६

- सरकारी वकीलबाट दायर हुने बाहेकका नेपाल सरकार वा सरकारी कर्मचारीको तर्फबाट अदालतमा दायर भएको र अन्य कसैले नेपाल सरकार वा सरकारी कर्मचारी उपर दायर गरेको मुद्दामा पुनरावेदन गर्न, पुनरावलोकन वा दोहोऱ्याई हेरी पाउन निवेदन गर्ने निर्णय गर्नु अघि सम्बन्धित अधिकृतले चाहेमा महान्यायाधिवक्ताको कार्यालयमा सो विषयमा परामर्श गर्न सक्नेछ ।

- उपनियम (१) बमोजिम पुनरावेदन गर्दा वा पुनरावलोकन वा दोहोऱ्याई हेरी पाउन निवेदन दिँदा सम्बन्धित निकायले आवश्यक परेमा सम्बन्धित सरकारी वकीलसँग समन्वय गरी आवश्यक लिखत कागजात वा निवेदन तयार गरी अदालतमा दर्ता गराई सकेपछि फाइल बहस पैरवीको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।

सरकारी वकील सम्बन्धी नियमावली को नियम ३१

पुनरावलोकन सम्बन्धी प्रचलित कानूनी व्यवस्था अनुसार जुनसुकै मुद्दामा पनि पुनरावलोकन हुन सक्दैन । ऐन कानूनले निर्धारण गरेको अवस्था र शर्तमा सीमित रहेर मात्र पुनरावलोकनको प्रक्रियामा जान सकिन्छ । पुनरावलोकन सम्बन्धी कानूनी व्यवस्था अनुसार सीमित अवस्थामा मात्र पुनरावलोकन हुन सक्ने हुँदा पुनरावलोकनको प्रक्रिया अवलम्बन गर्नु पूर्व सो अवस्था विद्यमान छ वा छैन भन्ने कुरामा सरकारी वकील संवेदनशील हुनु जरुरी छ ।

## २. पुनरावलोकन गर्ने निर्णय गर्दा पुऱ्याउनु पर्ने रीत र प्रक्रिया

- पुनरावलोकनको निवेदन कानूनी रीत र प्रक्रिया पूरा गरी सर्वोच्च अदालतमा दिनु पर्दछ ।
- जुनसुकै मुद्दामा पनि पुनरावलोकन हुन नसक्ने भएको हुँदा के कस्ता मुद्दाहरूमा पुनरावलोकन गर्ने हो सो कुराको कानूनी निक्यौंल गरेर मात्र पुनरावलोकनको प्रक्रिया अगाडि बढाउनु पर्दछ ।
- पुनरावलोकनको लागि निवेदन दिँदा सर्वोच्च अदालतका न्यायाधीशले फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणित गरेको मितिले साठ्ठी दिन भित्र दिनु पर्नेछ ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा उल्लेख भएका मुद्दाहरू र कुनै ऐनले नेपाल सरकार वादी हुने भनी लेखिएका मुद्दाहरूमा पुनरावलोकनको निवेदन दिनु पर्दा सरकारी वकीलले दिनु पर्दछ ।
- पुनरावलोकनको लागि दिने निवेदनमा खुलाउने मुख्य कुराहरू सम्बन्धमा पुनरावलोकनको विषय र प्रकृति अनुसार खुलाउने विशेष कुराहरू र पुनरावलोकनकै आधार र अवस्था खुलाउनु पर्ने कुराहरूको अतिरिक्त अन्य ढाँचागत कुराहरू भने पुनरावेदनको मस्यौदा समान हुन्छ ।

### सर्वोच्च अदालतबाट भएको फैसला/आदेश

➢ प्रतिवादी गोर्डन विलियम रविन्सनलाई अभियोग दावीबाट सफाई दिने ठहर गरेको यस अदालत संयुक्त इजलासको मिति २०६१।१।११ को फैसलामा २०५३ सालको फौ. पु. नं. १४६४, १६१३ पुनरावेदक प्रतिवादी सन्तोष भन्ने डिकबहादुर कार्की समेत विरुद्ध प्र. ना. उ. धिरेन्द्रकुमार देवान समेतको जाहेरीले वादी नेपाल सरकार भएको लागू औषध मुद्दामा २०५६।१२।७।२ मा भएको फैसला, २०४६ सालको फौ. पु. नं. ३६८ पुनरावेदक प्रतिवादी हेमराज पि.के. विरुद्ध नेपाल सरकार वादी भएको लागू औषध मुद्दामा २०४९।१।३१ मा भएको फैसला, नेकाप २०५०, नि.नं. ४६९८, पृष्ठ ९७ र नेकाप २०५०, नि.नं. ६८५२, पृ. ९७ र नेकाप २०५७, नि.नं. ६८५२, पृष्ठ ९२ मा प्रकाशित फैसलामा स्थापित नजिर कानूनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिन आएबाट समेत मिति २०६१।१।११ को संयुक्त इजलासको फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) अनुसार पुनरावलोकन गरी हेर्नुपर्ने अवस्था विद्यमान देखिंदा सोही बमोजिम पुनरावलोकनको निस्सा प्रदान गरिएको छ । नियम बमोजिम गरी पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालत पूर्ण इजलासको मिति २०६१।३।११ को आदेश ।

नेपाल सरकार वि. गोर्डन विलियम्स रविन्सन, नेकाप २०६१, नि.नं. ७४२१

➢ एक पटक अदालतले न्याय प्रशासन ऐनको दफा १२ को अवस्था बिद्यमान नभएको ठहर गरी Statutory Finality Clause अन्तर्गत अन्तिम भैसकेको मुद्दालाई न्याय प्रशासन ऐन, २०४८ को अर्को दफा अन्तर्गत मुद्दा Re –open हुन सक्दैन । एउटै मुद्दामा दफा १२ अन्तर्गत निवेदनमा यस अदालतले मुद्दा दोहोऱ्याई हेर्न पर्ने अवस्था नदेखेर टुङ्गो लागि सकेपछि पुनरावलोकनलाई हतियार बनाएर मुद्दा Re – open हुन सक्दैन ।

किशोरी महतो सुडी वि. रामसरोवर देवी समेत, नेकाप २०६४, अंक ५, नि.नं. ७८४३

➢ भैरहेको कानूनी व्यवस्थाबाट मुद्दा पुनरावलोकन गर्दा वा दोहोऱ्याई हेर्दा जुन आधारमा पुनरावलोकन गर्ने वा दोहोऱ्याई हेर्ने आदेश गरेको हो सोही आधार र सम्बद्ध विषयमा सीमित रही मुद्दा किनारा गर्नुपर्ने।पुनरावलोकन गर्ने निस्सा प्रदान गर्दाको आदेश नै गलत छ भने त्यस्तो गलत आदेशको आधारमा पुनरावलोकन हुन सक्ने आधार प्रमाण नहुने ।वस्तुतः सर्वोच्च अदालतले एक पटक आफैले सम्पूर्ण तथ्य र कानूनको निरूपण गरी ठहर फैसला गरेको अवस्थामा सो फैसला पुनरावलोकन गरी हेर्ने व्यवस्था अत्यन्त बिशिष्ट र विशेष प्रकारको हो।त्यसै भएर पुनरावलोकन गरी आधार, अवस्था र प्रक्रिया पनि सोही अनुरूप निर्दिष्ट गरिएको हुन्छ।अन्य मुद्दा मामिलाको जस्तो सामान्य प्रक्रियाबाट पुनरावलोकन गरी हेर्ने आधार राख्ने हो भने उपल्लो तहको यस अदालतले समेत पटक पटक एउटै मुद्दामा अलमलाई रहनु पर्ने अवस्था उत्पन्न भई मुद्दा मामिलाको कहिल्यै पनि अन्तिम निर्णय नहुने स्थिति श्रृजना हुन्छ र त्यसबाट

मचाभाई महर्जन वि दानबहादुर महर्जन, ने.का.प. २०६४ अंक ९ नि.नं. ७८७७

निर्णयको अन्तिमताको (Finality of the decision) सिद्धान्त समेतको उल्लघंन हुन जाने।
पुनरावलोकनको निस्सा भएको मुद्दामा निस्सा दिंदाको आधार नै निराधार अंसगत एवं असंवद्ध छ वा वेरितको छ कि छैन पछि मुद्दा सुनुवाइ गर्ने इजलासले सो हेरिकन मात्र निष्कर्षमा पुग्नुपर्ने । यदि पुनरावलोकनको निस्सा दिंदाको आधार नै कानून विपरीत छ वा गलत छ भने मुद्दाको सुनुवाइ अगाडि बढ्न सक्दैन, मुद्दाको अन्य विषयवस्तु उपर प्रवेश गरी मुद्दामा निरूपण हुन नसक्ने।निस्सा प्रदान गर्दा कुन न्यायिक तथ्य वा नजिरको आधारमा मुद्दामा छलफल खुला गर्नु परेको हो भन्ने कुरामा बढी सचेत हुनु जरुरी हुन्छ।वस्तुतः पुनरावलोकन गरी हेर्ने भनी दिइएको निस्सा प्रदानको आदेश नै यथार्थमा मुद्दा पुनरावलोकन गरी हेर्ने कार्यदेश (Term of reference) हो । त्यसैले पुनरावलोकन गरी हेर्ने निस्सा दिने इजलासले विशेष जवाफदेहिताका साथ निस्सा दिनु पर्ने। निस्सा दिंदाको आदेश कानूनसम्मत छ भने मात्र निस्सा दिंदाको आदेश र सम्बन्धित प्रश्नमा न्याय निरूपण गर्न सोसँग सरोकार राख्ने सम्बद्ध विषयमा प्रवेश गरी निर्णय गर्न सकिने अवस्था रहन्छ । पुनरावलोकनको निस्सामा उल्लेख गरिएको मुल आधार नै मुद्दामा तात्विक महत्व राख्ने वा सान्दर्भिक देखिन नआएमा अरू सम्बद्ध तथ्यहरू के थिए हेरिरहनुको कुनै औचित्य रहन नसक्ने।

# परिच्छेद-नौं

## सरकार वादी हुने फौजदारी मुद्दाको अन्य मुद्दामा परिणत र त्यसको परिणाम

**यस परिच्छेद भित्र**

१. सरकार वादी हुने फौजदारी मुद्दाको अन्य दुनियाँ वादी हुने फौजदारी मुद्दामा परिणत र त्यसको परिणाम

२. सरकार वादी फौजदारी मुद्दाबाट व्यक्ति वादी फौजदारी मुद्दामा परिणत र त्यसको परिणाम

## १. सरकार वादी हुने फौजदारी मुद्दाको अन्य दुनियाँ वादी हुने फौजदारी मुद्दामा परिणत र त्यसको परिणाम

अनुसन्धान अधिकारीले कसूरको अनुसन्धान गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ र २ भित्र पर्ने भनी अनुसन्धान गरी सबुद प्रमाण संकलन गरेको र अभियोजन अधिकारीले पनि प्राप्त प्रमाणको मूल्याङ्कन गरी सोही अनुसार अभियोजन गरेको मुद्दामा अदालतले अनुसूची भित्र पर्ने नदेखिई कुनै व्यक्तिले वादी भै चलाउन सक्ने प्रकृतिको मुद्दा देखेमा निजलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मिसिलबाट मुद्दा किनारा गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

### कानूनी व्यवस्थाः

- यस ऐन बमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा कारबाही हुँदा अनुसूची–१ वा अनुसूची–२ भित्र नपर्ने देखिएको तर कानून बमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोही आदेश गरी सरोकारवाला व्यक्तिलाई त्यसको सूचना दिनु पर्नेछ । — फौजदारी कार्यविधि संहिताको दफा ४२
- सरोकारवालाले उपदफा (१) बमोजिम सूचना पाएको मितिले दुई महिनाभित्र त्यस मुद्दा सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कानून बमोजिम कारबाही र किनारा गर्नु पर्नेछ ।
- नेपाल सरकार वादी भई अदालतमा दायर भएको कुनै मुद्दा फैसला हुँदा संहिताको दफा ४२ बमोजिम त्यस्तो मुद्दा संहिताको अनुसूची -१ वा अनुसूची -२ भित्र नपर्ने तर कानून बमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिई सरोकारवालाले सकार गरेमा निजलाई वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट कारबाही र किनारा गर्न आदेश भएमा त्यस्तो फैसला अन्तिम भएपछि अनुसूची - ९बमोजिमको ढाँचामा सरोकारवालालाई सूचना दिनु पर्नेछ । — मुलुकी फौजदारी कार्यविधि नियमावलीको नियम २३

उल्लेखित कानूनी व्यवस्था अनुसार अदालतले सरकार वादी भई दायर भएको मुद्दामा सुनुवाइ गर्दा गर्दा सो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्र नपर्ने तर कानून बमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखेमा सरोकारलाले सकार गरेमा निजको तर्फबाट निजलाई वादी बनाई सुनुवाइ गर्न सक्दछ ।

## २. सरकार वादी फौजदारी मुद्दाबाट व्यक्ति वादी फौजदारी मुद्दामा परिणत र त्यसको परिणाम

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्र पर्ने भनी सरकारी वकीलले अभियोजन गरेको मुद्दा अदालतले अनुसूची भित्र नपर्ने देखी सरोकारवाला व्यक्तिलाई सूचना पक्ष कायम गर्ने गरी गरेको आदेशबाट वादी पक्षको अभियोजन निष्कृय हुन पुग्दछ । नेपाल सरकारको अभियोजन निस्कृय भएको अवस्थामा सरकारी वकीलले निम्न प्रक्रिया अवलम्बन गर्नु पर्दछः

- उक्त मुद्दामा भएको आदेश अदालतबाट सारी ल्याई अध्ययन गर्ने,
- अदालतको आदेश मनासिव देखेमा सोही अनुसार निकासा हुन माथिल्लो निकायमा राय सहित मिसिल पठाई माथिल्लो निकायबाट अन्तिम निकासा भए बमोजिम गर्ने,
- अदालतले गरेको आदेश त्रुटिपूर्ण वा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको वा सान्दर्भिक ऐन कानूनको गलत अर्थ लगाई आदेश भएको भन्ने देखिएमा पुनरावेदन हेर्ने माथिल्लो निकायमा तत्कालै सो आदेश वा फैसला विरुद्ध उपयुक्त निवेदन दिने प्रक्रिया अवलम्बन गर्ने,
- पुनरावेदन सम्बन्धी कारवाही गर्ने सरकारी वकील कार्यालयले पनि तल्लो निकायले पठाएको राय प्रस्ताव, मिसिल तथा निवेदन अध्ययन गरी तल्लो अदालतको आदेश वा फैसला मनासिव भए नभएको हेरी मनासिव देखिएमा अन्तिम निकासाको लागि महान्यायाधिवक्ताको कार्यालयमा राय सहित मिसिल पठाउने,
- अदालतको आदेश मनासिव नदेखिएमा माथिल्लो अदालतमा निवेदन गर्नु पर्ने देखेमा सोही अनुसार प्राप्त मस्यौदामा आवश्यक परिमार्जन गरी वा आफैले मस्यौदा गरी पुनरावेदन सुन्ने अदालतमा सो निवेदन दायर गर्ने,
- पुनरावेदन सुन्ने निकायमा प्रस्तुत भएको निवेदनमा मुद्दाको संक्षिप्त तथ्य, सो तथ्य पुष्टि हुने आधार प्रमाणहरू, अभियुक्तहरूको कसूरमा संलग्नता र भूमिका, निजहरू उपरको अभियोग र सो अभियोग पुष्टि हुने आधार प्रमाणहरू, प्रचलित कानून र कानूनी व्यवस्था, मुद्दा अनुसूची भित्रै पर्ने आधारहरूका साथै सो मुद्दा अनुसूचीबाट बाहेक हुन नसक्ने आधारहरू समेत खुलाई उल्लेख गर्ने,
- प्रस्तुत निवेदनमा पुनरावेदन सुन्ने निकायबाट भएको आदेश बमोजिम सरकारी वकीलले आवश्यक कारवाही गर्नु पर्दछ ।

- सरकार वादी फौजदारी मुद्दाबाट अन्य फौजदारी मुद्दामा परिणत भएमा पीडित र जाहेरवालालाई सो कुराको औपचारिक जानकारी सरकारी वकीलले अनुसन्धान अधिकारी मार्फत गराउने,
- सरकारी वकीलले सरकार वादी फौजदारी मुद्दाबाट अन्य फौजदारी मुद्दामा परिणत भएका मुद्दाहरूको लगत विवरण राख्नु पर्ने।

## सर्वोच्च अदालतबाट भएको फैसला/आदेश

➢ राईफल पड्काई आफूसमेत मर्न सक्ने आशंकामा राईफल तानातान गर्दा खोस्न नसकेकोले खुकुरीको प्रहार गरी राईफल खोसी भागी गएको क्रियाले ज्यान मार्ने नियतको पुष्टी भएको नदेखिँदा ज्यान मार्ने उद्योग नठहराई कुटपिटमा परिणत गर्ने गरेको पुनरावेदन अदालत ईलामको फैसला मिलेकै देखिंदा सदर हुने।

नेस. वि. प्रेमजङ्ग केरुङ्ग सअबु. २०५४, पूर्णाङ्क १२५

➢ एउटै वारदातलाई केही प्रतिवादीको हकमा व्यक्तिवादी मुद्दामा परिणत गर्ने र केही प्रतिवादीको हकमा सरकार वादी मुद्दा कायम गर्न नसकिने।

नेकाप २०६६ नि.नं. ८१५०

➢ कुनै एउटा कानूनी व्यवस्था अन्तर्गत दायर भएको एक प्रकृतिको मुद्दामा अर्को प्रकृतिको कसूर नै कायम नगरी केवल अनुसूचीभित्र परेको आधारमा मात्र अर्को प्रकृतिको कानूनी व्यवस्था लागू गर्न नमिल्ने।

कुनै एउटा अमुक अभियोग लगाई दायर भएको मुद्दामा दावी कायम हुन नसक्ने भएपछि बिना कुनै स्पष्ट आधार र कारण बिना उक्त मुद्दालाई अनुसूची अन्तर्गत पर्ने अर्को अमुक मुद्दामा परिणत गरी स्वतन्त्र रूपमा त्यससम्बन्धी कसूर तथा अभियोग नै कायम नगरी सोको स्वतन्त्र प्रमाणको मूल्याङ्कनसमेत नगरी अर्को प्रकृतिको कसूर कायम गरी सजाय गर्दै जाने हो भने फरक–फरक अभियोग र कसूरमा सजाय गर्न पृथक–पृथक कानूनी व्यवस्था गर्नुको कुनै औचित्य र सार्थकता नरहने।

ज्यान मार्ने उद्योग र कुटपिट अङ्गभङ्गका वारदात अपराधहरू नितान्त फरक–फरक प्रकृतिका हुन्। यस्तो अवस्थामा उल्लिखित दुवै मुद्दाहरू एउटै अनुसूचीभित्र परेको भएता पनि ती दुवै स्वतन्त्र रूपमा अलग–अलग अपराध भएकोले ती अपराधहरूमा कसूर वा सजाय गर्नुपर्दा अलग–अलग र स्वतन्त्र रूपमा नै कसूर वारदात कायम गरी सजाय गर्नुपर्ने।

फरक–फरक अपराध हुने अवस्थामा अभियोग लगाउनु पर्दा वा एउटा अभियोगबाट अर्को अभियोग कायम गर्नुपर्दा कानूनी व्यवस्थाअनुसार त्यस्तो अपराधको स्वतन्त्र रूपमा प्रमाणको मूल्याङ्कन गरी अलग कसूर कायम गरी मुद्दाको निष्कर्षमा पुगी न्याय निरूपण गर्नुपर्ने।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २७ को गलत व्याख्या र अर्थ गरी ज्यानसम्बन्धी महलको एउटा कानूनी व्यवस्था अन्तर्गत दायर भएको ज्यान मार्ने उद्योगको मुद्दालाई कुटपिट अङ्गभङ्गमा परिणत गरी कुटपिटको महलको अर्को कानूनी व्यवस्थाअन्तर्गत कसूर नै स्थापित नगरी सजाय गर्ने गरेको फैसलालाई कानून र न्यायसम्मत् मान्न नमिल्ने।

राजाराम खत्री वि. कारागार कार्यालय चौतारासमेत ने.का.प. २०७०, अंक ४, नि.नं. ८९९३

# परिच्छेद-दश

## मुलतवी सम्बन्धी व्यवस्था

यस परिच्छेद भित्र

१. मुलतवीको परिचय
२. मुद्दा मुलतवी रहने अवस्थाहरू
३. मुलतवी राख्ने प्रक्रिया
४. मुद्दा मुलतवीबाट जगाउने अवस्था

## १. मुलतवीको परिचय

एउटा मुद्दाको परिणामबाट अर्को मुद्दा प्रभावित हुने देखिएमा प्रभाव पार्ने मुद्दाको फैसला नभएसम्म प्रभावित हुने मुद्दा स्थगित गर्ने कार्य (कानूनी शब्दकोषः टोपबहादुर सिंह) । फरार रहेका वा पक्राउ नपरेका अभियुक्तका हकमा पछि कारवाही गर्न रोकी राखिएको, दुई वा दुई भन्दा बढी अड्डा अदालतमा मुद्दा परी ती मुद्दा मध्ये एकमा पनि वारेस राख्न नपाउने वा एकमा मुद्दासित सम्बन्धित भै एक मुद्दा नछिनी अर्को मुद्दा छिन्न मात्र वारेस राख्न पाउने रहेछ वा एक मुद्दा अर्को मुद्दासित सम्बन्धित भै एक मुद्दा नछिनी अर्को मुद्दा छिन्न नहुने त्यसो गरेमा अर्को मुद्दामा असर पर्ने रहेछ भने मुख्य छिनिनु पर्नेलाई कार्यवाहीमा राखी अर्कोलाई कार्यवाही रोकी स्थगित गर्ने काम (नेपाली कानूनी शब्दकोषः शंकर कुमार श्रेष्ठ)।

फौजदारी मुद्दामा गम्भीर र जघन्य प्रकृतिका कसूरका प्रतिवादी वा पक्राउ पूर्जी जारी हुने कसूरका अभियुक्तको हकमा मात्र मुद्दा मुलतवी राखिन्छ।अदालतबाट जारी भएको पक्राउ पूर्जी बमोजिम पक्राउ नपरेका वा अदालतमा हाजिर नभएको त्यस्ता अभियुक्तका हकमा निजको तीन वर्षसम्म मुद्दा मुलतवी राखिन्छ । यसरी पक्राउ नपरेका वा अदालतमा हाजिर नभएका गम्भीर र जघन्य प्रकृतिका कसूरका अभियुक्तलाई निज उपर सुनुवाइको मौका दिन, अभियोग खण्डन गर्न अदालतले प्रतिक्षा गरेको अवस्था हो।निश्चित समयसम्म निजलाई आफू उपरको अभियोग खण्डन गर्न र आफ्नो निर्दोषिता सावित गर्न केही समयका अवसर दिनका लागि मुलतवी राखिने हो । पक्राउ पूर्जी बमोजिम अदालतमा हाजिर नभएका अभियुक्ततीन वर्षसम्म उपस्थित नभएमा मुलतवी जगाई ठहरे बमोजिम अदालतले फैसला गर्दछ ।

## २. मुद्दा मुलतवी रहने अवस्था

मुद्दा मुलतवी राख्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा देहाय बमोजिम कानूनी व्यवस्था रहेको छः–

- एउटा मुद्दाको निर्णयबाट अर्को मुद्दामा तात्विक असर पर्ने मुद्दा कुनै अर्को अदालतमा पनि परेकोमा,
- अभियोग लागेको व्यक्ति निश्चित समयसम्म अदालतमा उपस्थित नभएमा वा पक्राउ नपरेमा,
- अभियुक्तको होस ठेगानामा नरहेमा ।

### कानूनी व्यवस्थाः

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९७

- भिन्न भिन्न अदालतमा दायर रहेका भिन्न भिन्न मुद्दाहरू मध्ये एउटाको किनारा नभई अर्कोको किनारा हुन नसक्ने वा गर्न नहुने वा एउटा मुद्दाको निर्णयबाट अर्को मुद्दाको निर्णयमा तात्विक असर पर्ने कुनै मनासिव कारण देखाई त्यस्ता मुद्दाको कुनै पक्षले सम्बन्धित अदालतमा निवेदन दिएमा वा मुद्दाको कारबाहीको सिलसिलामा अदालतले स्वयं त्यस्तो कुरा महसुस गरेमा अदालतले कारण खुलाई त्यस्तो मुद्दा मुलतवी राख्ने आदेश दिन सक्नेछ ।
- कुनै अदालतले त्यस्तो अदालतमा दायर रहेको कुनै मुद्दा उपदफा (१) बमोजिम मुलतवी राख्ने आदेश दिएकोमा त्यस्तो कुरा पक्षहरूलाई लिखित रूपमा सूचीत गरी मुद्दाको सबै कारबाही स्थगित गर्नु पर्नेछ र अर्को मुद्दा दायर रहेको सम्बन्धित अदालतलाई समेत त्यस्तो कुराको सूचना दिनु पर्नेछ ।
- उपदफा (२) बमोजिमको सूचना प्राप्त भएपछि सम्बन्धित अदालतले त्यस्तो अदालतमा दायर रहेको सम्बन्धित मुद्दाको किनारा गरेपछि तीस दिनभित्र फैसलाको एक प्रति नक्कल संलग्न गरी मुद्दा मुलतवी रहेको अदालतलाई त्यस्तो कुरा सूचीत गर्नु पर्नेछ र सूचना पाएपछि मुद्दा मुलतवी रहेको अदालतले तारिख तोकी मुद्दाको पक्षहरूलाई लिखित सूचना दिई मुलतवी जगाई कारबाही र किनारा गर्नु पर्नेछ ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अर्को अदालतमा विचाराधीन रहेको मुद्दाको निर्णय भएको जानकारी प्राप्त भएमा वा मुद्दा मुलतवी राखी राख्नु पर्ने कुनै कारण नदेखिएमा अदालतले मुलतवी रहेको मुद्दा तुरुन्त जगाई कारवाही गर्नु पर्नेछ ।
- उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता पक्षहरू उपदफा (३) बमोजिमको मुद्दाको पनि पक्ष भए निजहरूलाई मुलतवी रहेको मुद्दा भएको अदालतमा पन्ध्र दिनभित्र हाजिर हुन जानु भनी मुद्दामा निर्णय गर्ने अदालतले आदेश दिनु पर्नेछ ।
- दुई भिन्नभिन्न अदालतमा दायर रहेका मुद्दाहरू मध्ये कुन मुद्दा मुलतवी राख्ने भन्ने कुरामा दुई अदालतको राय फरक भएमा दुवै अदालतले पुनरावेदन सुन्ने अदालतमा आफ्नो प्रतिवेदन पठाउनु पर्नेछ ।

- उपदफा (५) बमोजिमको अवस्थामा मुद्दाका पक्षले पनि सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ ।
- उपदफा (५) बमोजिम प्रतिवेदन पठाएकोमा वा उपदफा (६) बमोजिम पक्षको निवेदन परेकोमा त्यस्तो मुद्दाका सम्बन्धमा पुनरावेदन सुन्ने अदालतले एक महिनाभित्र उपयुक्त आदेश गर्नेछ र त्यस्तो आदेश बमोजिम सम्बन्धित अदालतले मुद्दाको कारवाही गर्नेछ ।
- उपदफा (५) बमोजिम भिन्न राय भएका दुई अदालतको पुनरावेदन सुन्ने अदालत एउटै नभई भिन्नभिन्न भएमा त्यस्तो विषय सर्वोच्च अदालतमा पेश गरी सर्वोच्च अदालतको आदेश बमोजिम गर्नु पर्नेछ ।
- यस दफा बमोजिम मुद्दा मुलतवी राख्ने वा राख्न लगाउने आदेश दिनुभन्दा अघि अदालतले मनासिव सम्झेमा सम्बन्धित पक्षलाई सूचना दिई सुनुवाइ गराउन सक्नेछ ।
- दफा ५७ बमोजिम पक्राउ पूर्जी जारी भएको अभियुक्त पक्राउ पूर्जी जारी भएको मितिले पैँतीस दिनभित्र पनि अदालतमा उपस्थित नभएमा वा निजलाई उपस्थित गराउन नसकिएमा अदालतले निजको हकमा मुद्दा मुलतवी राखी त्यस्तो मुद्दामा संलग्न अन्य अभियुक्तहरूको हकमा प्रमाण बुझी मुद्दाको किनारा गर्नु पर्नेछ ।

  फौजदारी कार्यविधि संहिताको दफा ९८

  तर,

  (क) अदालतमा बयान वा प्रतिउत्तर दिइसकेपछि अनुपस्थित रहेको अभियुक्त वा प्रतिवादीको हकमा मुद्दा मुलतवी राखिने छैन र वादी प्रतिवादीले पेश गरेको सबुद प्रमाण र अदालतले मनासिव सम्झेको अन्य प्रमाण बुझी मुद्दाको किनारा गर्नु पर्नेछ,

  (ख) तीन वर्ष वा तीन वर्षभन्दा घटी कैदको सजाय हुने मुद्दामा अदालतमा हाजिर नभएको अभियुक्त वा प्रतिवादीहरूको हकमा समेत ठहरे बमोजिम फैसला गर्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम कुनै मुद्दा मुलतवी रहने भएमा अदालतले मुद्दा मुलतवी रहेका प्रतिवादीहरूको हकमा मुद्दाको कारबाही स्थगन गर्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम मुद्दा मुलतवी रहेकोमा मुद्दाको किनारा गर्नुभन्दा अगाडि अभियुक्त अदालतमा उपस्थित भएमा वा गराइएमा अदालतले मुलतवी जगाई उजुरवालालाई त्यस्तो कुराको सूचना दिई मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।
- उपदफा (१) बमोजिम मुद्दा मुलतवी रहेको मितिले तीन वर्षको अवधिभित्र अभियुक्त अदालतमा उपस्थित भएन वा गराइएन भने अदालतले त्यस्तो अभियुक्तको सम्बन्धमा मुलतवी रहेको मुद्दा जगाई कारवाही र किनारा गर्नु पर्नेछ ।
- उपदफा (४) बमोजिम मुद्दा मुलतवी रहन सक्ने अवधिसम्म पनि अभियुक्त अदालतमा उपस्थित नभएमा दफा ५८ को उपदफा (१५) बमोजिम रोक्का भएको निजको हकको सम्पत्ति मुद्दा फैसला हुँदा निज कसूरदार ठहरेमा कानून बमोजिम लिलाम विक्री गरी प्राप्त भएको रकम मध्ये निजलाई फैसला बमोजिम लागेको दण्ड, जरिवाना, विगो वा क्षतिपूर्ति वापतको रकम असुल उपर गरिनेछ र बाँकी रकम निजले फिर्ता माग गर्न आएको बखत फिर्ता दिनु पर्नेछ ।
- मुद्दाको किनारा हुनुभन्दा पहिले नै अभियुक्त अदालतमा उपस्थित भएको वा गराइएको र निजले आफ्नो विरुद्ध मुद्दा चलेको कुरा थाहै नपाएकोले उपस्थित हुन नसकेको भनी अदालतलाई विश्वास हुने कुनै प्रमाण पेश गरेमा अदालतले देहाय बमोजिमको खर्चहरू कटाई वा असुल गरी रोक्का रहेको सम्पत्ति निजलाई फुकुवा गर्ने आदेश दिनु पर्नेछः–

  (क) सम्पत्ति बिक्री भई नसकेकोमा त्यस्तो सम्पत्ति रोक्का राख्दा लागेको खर्च,

  (ख) अदालतमा उपस्थित हुन निजका नाममा वा मुद्दाको कारबाही सम्बन्धी कुनै विषयमा निजको हकमा सार्वजनिक सूचना प्रकाशन गर्दा लागेको खर्च ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटा अदालतमा दायर भएको मुद्दा मुलतवी रहेकोमा सोही अदालत वा अन्य कुनै अदालतमा दायर भएको अर्को कुनै मुद्दामा अभियुक्त वादी वा प्रतिवादीको हैसियतमा उपस्थित भएको भन्ने प्रतिवेदन वा जानकारी प्राप्त भएमा त्यस्तो मुद्दा मुलतवी

रहेको मानिने छैन र अदालतले त्यस्तो मुद्दाको कारबाही अगाडि बढाउनको लागि त्यस्तो अभियुक्तलाई अदालतमा उपस्थित हुने आदेश दिन सक्नेछ ।

- उपदफा (७) बमोजिमको आदेश बमोजिम अभियुक्त उपस्थित नभए तापनि त्यस्तो मुद्दा जगाई कारबाही र किनारा गर्न सकिनेछ ।
- कुनै अभियुक्त होस ठेगानामा नरहेको कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिव कारण भएमा अदालतले इजाजतप्राप्त चिकित्सकद्वारा निजको जाँच गराई उपचार गराउन समेत आदेश गर्न सक्नेछ । फौजदारी कार्यविधि संहिताको दफा १२८ (१)
- उपदफा (१) बमोजिम जाँच गराउँदा अभियुक्त मानसिक अस्वस्थताको कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ देखिएमा त्यसको आदेश पर्चा खडा गरी निजको हकमा मुद्दा मुलतवी राख्नु पर्नेछ । ऐजन उपदफा (२)
- होस ठेगानामा नरहेको अभियुक्तको मुद्दा उपदफा (२) बमोजिम मुलतवी रहेकोमा त्यस्तो अभियुक्त स्वस्थ भएपछि अदालतले मुलतवी जगाई निजलाई अदालतमा उपस्थित गराई मुद्दाको पुर्पक्ष शुरु गर्नु पर्नेछ । ऐजन उपदफा (७)

  तर त्यसरी मुलतवी जगाउनुभन्दा पहिले अदालतले त्यस्तो अभियुक्तलाई पुनः इजाजत प्राप्त चिकित्सकद्वारा जाँच्न लगाई त्यस्तो चिकित्सकले अभियुक्त स्वस्थ भै सकेको छ भन्ने व्यहोरा प्रमाणित गरेको हुनु पर्नेछ । ऐजन उपदफा (९)
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि होस ठेगानामा नरहेको व्यक्तिसँग अरु व्यक्तिहरू पनि प्रतिवादी रहेछन भने त्यस्ता प्रतिवादीको हकमा मुद्दाको सुनुवाइ गर्न बाधा पुगेको मानिने छैन । फौजदारी कार्यविधि नियमावलीको नियम ३९
- मुद्दा मुलतबी राख्ने वा जगाउने सम्बन्धी कारबाही इजलासको आदेश बमोजिम हुनेछ ।
- उपनियम (१) बमोजिम मुलतवी राख्ने आदेश भएकोमा अदालतमा तारिखमा रहेको पक्षलाई सोही दिन मुलतबी राख्ने आदेश सुनाई सोको निस्सा मिसिल सामेल राख्नु पर्नेछ ।
- अदालतको अनुमति लिई मुद्दाको पक्ष तारिखमा नरहेको अवस्थामा त्यस्तो मुद्दा मुलतबी राख्ने आदेश भएमा आदेश भएको मितिले तीन दिनभित्र त्यस्तो पक्षलाई सोको लिखित सूचना पठाउनु पर्नेछ ।
- ऐनको परिच्छेद-१० बमोजिम मुलतवी रहेको मुद्दा देहायको अवस्थामा मुलतबीबाट जगाई कारबाही र किनारा गर्नु पर्नेछः-

(क) भिन्न भिन्न अदालतमा दायर भएको भिन्नभिन्न मुद्दामध्ये एउटाको निणर्य नभई अर्कोको निणर्य हुन नसक्ने भई ऐनको दफा ९७ को उपदफा (१) बमोजिम मुलतबी रहेकोमा अर्को अदालतमा परेको मुद्दाको निणर्य भएको भनी मुद्दाको कुनै पक्षले निवेदन गरेमा वा अर्को अदालतले जानकारी दिएमा वा अर्को अदालतले मुद्दाका पक्षहरूलाई तारिख तोकी पठाएको अवस्थामा सो अनुसार मुलतवी जगाउनु पर्ने देखिएमा,

(ख) पक्राउ पूर्जी जारी भएको अभियुक्त म्यादभित्र अदालतमा उपस्थित नभएको कारणले ऐनको दफा ९८ बमोजिम मुद्दा मुलतबी रहेकोमा तीन वर्षको अवधिभित्र अभियुक्त अदालतमा उपस्थित नभएमा वा नगराइएमा सो अवधि भुक्तान भएपछि,

(ग) ऐनको दफा ९८ बमोजिम मुद्दा मुलतबी रहेकोमा मुद्दा मुलतवी रहेको अदालत वा अन्य कुनै अदालतमा दायर भएको अर्को कुनै मुद्दामा त्यस्तो पक्राउ पूर्जी जारी भएको व्यक्ति वादी वा प्रतिवादीको हैसियतमा उपस्थित भएको भन्ने प्रतिवेदन वा जानकारी प्राप्त भएमा ।

- ऐनको दफा १२८ को उपदफा (२) बमोजिम मुद्दा मुलतबी रहेकोमा त्यस्तो अभियुक्त स्वस्थ भएको भन्ने चिकित्सकको प्रतिवेदन प्राप्त भएमा त्यस्तो व्यक्तिको मुद्दा मुलतबीबाट जगाई निजलाई अदालतमा उपस्थित हुन आउन सात दिने सूचना पठाई कारबाही र किनारा गर्नु पर्नेछ ।
- मुलतवी रहेको मुद्दा मुलतबीबाट जगाउने अवस्था भएमा तत्कालै इजलास समक्ष पेश गर्नु पर्नेछ ।
- ऐनको दफा ९७ बमोजिम मुलतबी रहेको मुद्दा मुलतबीबाट जगाउने आदेश भएमा मुलतबी रहेका बखत तारिखमा रहेका पक्षहरूलाई हाजिर हुन सात दिने सूचना दिनु पर्नेछ ।
- यस नियम बमोजिम दिएको सूचनाको म्यादमा कुनै पक्ष अदालतमा उपस्थित नभएको कारणले मात्र

मुद्दाको कारबाही र किनारा गर्न बाधा पर्ने छैन।

- अर्को अदालतलाई मुलतबी राखेको जानकारी दिँदा वा पक्षलाई मुलतबीबाट जागेको सूचना पठाउँदा आदेश भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ।
- अदालतमा मुलतवी रहेका मुद्दाको अभिलेख अनुसूची-१४ बमोजिमको ढाँचामा राखी त्यस्तो विवरण अद्यावधिक गर्नु पर्नेछ।

## ३. मुलतवी राख्ने प्रक्रिया

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९७ बमोजिम कुनै एक अदालतमा विचाराधीन रहेको मुद्दा अर्को अदालतमा विचाराधीन रहेको मुद्दाको निर्णयबाट असर पर्ने भएमा, सोही संहिताको दफा ९८ बमोजिम अभियुक्त पक्राउ नपरेमा वा दफा १२८ बमोजिम अभियुक्तको होस ठेगान नभएमा मुलतवी राखिन्छ। मुद्दा मुलतवी राखेपछि मुद्दाका पक्षलाई अदालतले लिखित सूचना दिन्छ। मुलतवी राखेको अदालतले मुद्दाको सुनुवाइ स्थगित गरी अर्को मुद्दा दायर भएको अदालतमा सोको सूचना दिनुपर्छ। मुलतवी राख्ने प्रक्रिया देहाय बमोजिम छन् :

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९७ बमोजिमको अवस्था रहेको हुँदा मुलतवी राख्न पक्षको निवेदन परेमा वा अदालतले त्यस्तो अवस्था परेको महसुस गरेमा मुलतवी राख्ने कारबाही गर्ने,
- मुद्दा मुलतवी राखेको अवस्थामा मुद्दा पक्षलाई लिखित सूचना दिने,
- मुलतवी रहेको मुद्दाको सुनुवाइ प्रक्रिया स्थगन गर्ने,
- मुलतवी राख्ने अदालतले तात्विक असर पर्ने मुद्दा रहेको अर्को अदालतमा सोको सूचना दिने,
- तात्विक असर पार्ने मुद्दा फैसला भएको तीस दिनभित्र मुलतवी राख्ने अदालतलाई फैसलाको प्रतिलिपि सहित सूचना दिने,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ बमोजिम मुद्दा मुलतवी राख्न अदालतमा अभियोगपत्रमा अभियुक्त कायम गरी विपक्षी बनाइएका मध्ये पक्राउ नपरेका वा हाजिर नभएका अभियुक्तका हकमा अदालतबाट पक्राउ पूर्जी जारी भएकोमा मुद्दा मुलतवी राखिने,
- यसरी पक्राउ पूर्जी जारी भएको पैतीस दिनभित्र अभियुक्त उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा मुद्दा मुलतवी राखिने,
- मुलतवी राखिएकोमा तीन वर्षसम्म अभियुक्त पक्राउ नपरेमा वा हाजिर नभएमा मुलतवी जगाई मुद्दाको कारवाही गरिने,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२८ बमोजिम अभियुक्तको होस ठेगानमा नभएमा कारणले आफ्नो प्रतिरक्षा गर्न असमर्थ देखिएमा आदेश गरी गरी निजको हकमा मुद्दा मुलतवी राख्ने,
- अदालतबाट मुद्दा मुलतवी राखेकोमा जिल्ला सरकारी वकील कार्यालयका लागि निर्धारित मुलतवी दायरी रजिष्टरमा विवरण प्रविष्ट गर्ने।

## ४. मुद्दा मुलतवीबाट जगाउने अवस्था

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९७ बमोजिम एउटा अदालतको मुद्दा किनारा नभई अर्को अदालतको मुद्दा किनारा गर्न नमिल्ने भई मुलतवी रहेकोमा अघिल्लो मुद्दा फैसला भएको जानकारी मुलतवी राख्ने अदालतलाई आएपछि पक्षलाई तारेख तोकी मुद्दा मुलतवी जगाई कारवाही गर्नुपर्छ।
- मुद्दा मुलतवी राखिएकोमा यसरी मुलतवी राखी रहनु पर्ने कारण नदेखिएमा अदालतले मुद्दा मुलतवीबाट जगाई कारवाही गर्नु पर्दछ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ बमोजिम मुद्दा मुलतवी राखिएकोमा तीनवर्षसम्म अभियुक्त अदालतमा हाजिर नभएमा वा पक्राउ नपरेमा मुद्दा मुलतवी जगाई कारवाही गर्नु पर्दछ।
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२८ मुलतवी रहेकोमा त्यस्तो अभियुक्त स्वस्थ भएपछि अदालतले मुलतवी जगाई कारवाही गर्नु पर्दछ।

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९७, दफा ९८ र १२८ बमोजिम मुलतवी जाग्ने अवस्था भएमा मुद्दा मुलतवीबाट जगाउन अदालतमा निवेदन दिनु पर्नेछ।
- मुलतवी जागेको विवरण जिल्ला सरकारी वकील कार्यालयका लागि लागि निर्धारित मुलतवी दायरी रजिष्टरमा विवरण प्रविष्ट गर्ने।

**सर्वोच्च अदालतबाट भएको फैसला/आदेश**

➢ दुई वा बढी अदालतमा परेका मुद्दाहरूमा कुन मुद्दाको कारवाही तथा निर्णय पहिले हुनपर्ने हो र सो मुद्दाको निर्णय नहुदा सम्म कुन मुद्दाको कारवाही तत्कालका लागि यथास्थितिमा राखिनु पर्ने हो भन्ने कुराको निक्यौल अ.व.१२ नं. को परिप्रेक्ष्यमा हुनुपर्ने हुन्छ। यस कानूनको अध्ययन गर्दा,दुई वा बढी मुद्दाहरूका विषयले एक अर्कालाई प्रत्यक्ष प्रभाव पार्ने अवस्थामा मात्र मुलतवीको प्रकृया आरम्भ हुन्छ। ती मुद्दामा अन्तरनिहित विषय बस्तुले नै कुन मुद्दाको निर्णय पहिले हुनपर्ने हो भन्ने कुराको निर्धारण गर्ने।

गुमानसिंह कार्की वि.पुनरावेदन अदालत पाटन समेत, ने.का.प.२०७० अङ्क ८ नि नं ९०४९

# परिच्छेद-एघार

## मुद्दा फिर्ता र मिलापत्र

**यस परिच्छेद भित्र**

१. सरकार वादी हुने फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी व्यवस्था
२. मुद्दा फिर्ता लिने प्रकृया
- परामर्श माग गर्नुपर्ने
- निर्णय कार्यान्वयनको लागि लेखी पठाउने
- अदालतमा निवेदन दिनुपर्ने
- विवरण उपलब्ध गराउनुपर्ने
३. नेपाल सरकार वादी भई चलाइएका मुद्दा मिलापत्र सम्बन्धी व्यवस्था
४. मुद्दा मिलापत्र गर्ने प्रक्रिया
- मिलापत्र गर्दाको कार्यविधि
- विचाराधीन मुद्दा मिलापत्र गर्ने
५. मुद्दा फिर्ता वा मिलापत्र भए पछिको परिणाम

## १. सरकार वादी हुने फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी व्यवस्थाः

राज्य सञ्चालनका क्रममा अनेक परिस्थिति, अवस्था, परिवेश सिर्जना हुन सक्ने र त्यसलाई सहजीकरण गर्नका लागि सार्वजनिक हितमा सरकारले आफ्नो अभियोजन फिर्ता लिनपर्ने अवस्था आउन सक्छ। यसरी मुद्दा फिर्ता लिँदा समान स्थितिका मुद्दाहरूमा वा एकै मुद्दामा पनि समान अवस्थाका प्रतिवादीहरू बीच समान व्यहवारको अपेक्षा, अभियोजनकर्ताको अधिकारको मर्यादा र राय, पीडितको हक र क्षतिपूर्ति, जसको हकमा मुद्दा फिर्ता लिने हो सो व्यक्तिले अदालत समक्ष समर्पण गरेको स्थिति, अदालतले मुद्दा फिर्ता लिने मागको सम्बन्धमा विचार गर्दा पीडित वा जाहेरवालाले सरोकार व्यक्त गर्ने मौका आदि महत्वपूर्ण हुने देखिन्छ। राज्यले मुद्दा फिर्ता लिँदा अपवादात्मक रूपमा राज्य र समाजका लागि गरेको हो भन्ने देखिनु पर्दछ । हाल प्रचलित कानून बमोजिम कानूनले नकारात्मक सूचीमा राखेको बाहेकको नेपाल सरकार वादी भएका फौजदारी मुद्दाहरू फिर्ता लिन सकिन्छ। नेपाल सरकार वादी भएका केही निश्चित मुद्दाहरूमा पीडित र प्रतिवादी दुवैको सहमति भएमा मिलापत्र गर्न सकिने कानूनी व्यवस्था रहेको छ ।

### संवैधानिक व्यवस्थाः

- नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनु पर्दछ । — संविधानको धारा १५८ (३)

### कानूनी व्यवस्थाः

- अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कसूरमा अदालतमा एक पटक दायर भई सकेको मुद्दा फिर्ता लिन सकिने छैन । — फौजदारी कार्यविधि संहिताको दफा ११६(१) (२)
- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको मुद्दा बाहेक अन्य मुद्दा फिर्ता लिन सकिनेछः
  - (क) झुट्टा राहदानी वा नागरिकता, अध्यागमन, भ्रष्टाचार, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध ओसारपसार वा कारोबार, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, सार्वजनिक उपभोगका वस्तुमा विष मिसाएको, विष प्रयोग गरी वा क्रुर, अमानवीय तवरले वा नियन्त्रणमा लिई ज्यान मारेको, सम्पत्ति शुद्धीकरण, प्राचीन स्मारक संरक्षण सम्बन्धी मुद्दा,
  - (ख) अपराध संहिताको भाग-२ को परिच्छेद-२ को दफा ५२ (जातिय हत्या गर्न नहुने) र दफा ५६ (जासूसी गर्न नहुने), परिच्छेद-६ को दफा १२९ (इजाजतपत्र प्राप्त नगरी हातहातियार उत्पादन गर्न नहुने), दफा १३० (इजाजतपत्र प्राप्त नगरी हातहातियारको कारोबार गर्न नहुने), दफा १३१ (खास किसिमका हातहतियार प्राप्त गर्न नहुने) र दफा १३४ (आणविक, रासायनिक, जैविक वा विषालु हातहितयार उत्पादन वा कारोबार गर्न नहुने), परिच्छेद-७ को दफा १३८ (विष्फोटक पदार्थ उत्पादन गर्न नहुने), दफा १३९ (विष्फोटक पदार्थको कारोबार गर्न नहुने) र दफा १४१ (बारुदी सुरुङ्ग बनाउन वा विष्फोटक पदार्थ ओछ्याउन नहुने), परिच्छेद-८ (राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धका कसूर), परिच्छेद-१० को दफा १६७ (यातना दिन नहुने), परिच्छेद-१६ को दफा २०६ (व्यक्ति बेपत्ता पार्ने काम गर्न गराउन नहुने), परिच्छेद-१७ (अपहरण तथा शरीर बन्धक सम्बन्धी कसूर), परिच्छेद-१८ को दफा २१९ (जवर्जस्ती करणी गर्न नहुने) को उपदफा (१), (२) र (३), परिच्छेद-१९ को दफा २३० (इजाजत प्राप्त नगरको व्यक्तिले इलाज गर्न नहुने) र दफा २३१ (बदनियत चिताई इलाज गर्न नहुने) तथा परिच्छेद-२२ को दफा २५६ (खोटा मुद्रा बनाउन नहुने) अन्तर्गतको कसूर सम्बन्धी मुद्दा,
  - (ग) मुद्दा फिर्ता लिँदा कुनै व्यक्तिको सम्पत्ति सम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने भएमा त्यस हदसम्मको कुरामा त्यस्तो व्यक्तिको स्वीकृति नभएको मुद्दा ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन, साधक जाँच वा पुनरावलोकनको रोहमा वा मुद्दा दोहोऱ्याउने अवस्थामा विचाराधीन रहेको मुद्दा फिर्ता लिन सकिने छैन । — ऐजन उपदफा (८)

## २. मुद्दा फिर्ता लिने प्रकृया:

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट महान्यायाधिवक्तासँग परामर्श गरी मुद्दा फिर्ता लिने निर्णय गर्न सकिन्छ। त्यसरी मुद्दा फिर्ता लिने निकाय भएमा सो को कार्यान्वयनका लागि कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय मार्फत महान्यायाधिवक्ताको कार्यालयमा आँउदछ। महान्यायाधिवक्ताको कार्यालयले मुद्दाको विवरण सहित मुद्दा फिर्ता लिन अख्तियारी दिई सम्बन्धित अदालत मुद्दा हेर्ने निकायमा निवेदन गर्नका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा मन्त्रिपरिषद्को निर्णय सहित पठाउन वा आँफैले निवेदन दिन पनि सक्दछ। मुद्दा फिर्ता लिने सम्बन्धमा भएको नेपाल सरकारको निर्णयलाई अदालत समक्ष प्रस्तुत गरी कार्य रूपमा ल्याउने जिम्मेवारी सरकारी वकीलको हो। यसरी सम्बन्धित सरकारी वकीलले अदालतमा मुद्दा फिर्ताका लागि निवेदन दिने र अदालतले सुनुवाइ गरी फिर्ता दिने गरी आदेश भएमा मात्र मुद्दा फिर्ता हुन्छ।

### कानूनी व्यवस्था:

- नेपाल सरकाले उपदफा (२) बमोजिम फिर्ता लिने मुद्दाका सम्बन्धमा आवश्यक मापदण्ड सहितको निर्देशिका बनाउनु पर्नेछ। — ऐजन दफा ११६ को उपदफा (३)
- उपदफा (२) बमोजिम मुद्दा फिर्ता गर्नु पर्ने भएमा नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी उपदफा (३) बमोजिम बनाएको निर्देशिका बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ। — ऐजन उपदफा (४)
- उपदफा (४) बमोजिम नेपाल सरकारले कुनै मुद्दा फिर्ता लिने निर्णय गरेमा महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकील मार्फत सम्बन्धित अदालतमा मुद्दा फिर्ता लिनु पर्ने कारण सहितको निवेदन दिनु पर्नेछ। — ऐजन उपदफा (५)
- उपदफा (५) बमोजिम निवेदन पर्न आएमा अदालतले मुद्दा फिर्ता लिने आदेश दिनुअघि सुनुवाइ गराउनु पर्नेछ। — ऐजन उपदफा (६)
- उपदफा (६) बमोजिम सुनुवाइ भएपछि मुद्दा फिर्ता लिने आदेश गर्न मनासिव हुने देखिएमा कारण खुलाई सम्बन्धित अदालतले मुद्दा फिर्ता लिन सक्ने आदेश गर्न सक्नेछ। — ऐजन उपदफा (७)

### परामर्श माग गर्नुपर्ने:

- दफा ६ बमोजिम मुद्दा फिर्ताको लागि फाइल प्राप्त हुन आएकोमा त्यस्तो मुद्दा फिर्ता गर्नु पर्ने आधार र कारण मनासिव देखेमा गृह मन्त्रालयले मुद्दा फिर्ता गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय र मुद्दाको विषयसँग अन्य कुनै मन्त्रालय सम्बन्धित भए सो मन्त्रालयको समेत परामर्श माग गर्नु पर्ने छ। उपदफा (१) बमोजिम मुद्दा फिर्ता लिँदा अभियुक्तको उमेर, निजको आचरण, वारदात हुँदाको परिस्थिति, निजले सो भन्दा अगाडी कुनै फौजदारी कसूर गरे वा नगरेको र त्यस्तो व्यक्तिको निजी प्रतिष्ठा समेतको विचार गर्नु पर्नेछ । — नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७ को दफा ७

### निर्णय कार्यान्वयनको लागि लेखि पठाउने:

- दफा ९ बमोजिम कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयबाट पेश भएको प्रस्ताव बमोजिम मन्त्रिपरिषद्बाट मुद्दा फिर्ता लिने निर्णय भएमा कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालयले सो निर्णय कार्यान्वयनका लागि निर्णयको प्रतिलिपि र मुद्दाको विवरण समेत संलग्न राखी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउनु पर्नेछ र सो को जानकारी गृह मन्त्रालयलाई समेत दिनु पर्नेछ। — ऐजन निर्देशिकाको दफा १०

**अदालतमा निवेदन दिनुपर्ने:**

- दफा १० बमोजिम मुद्दा फिर्ताको लागि लेखी आएमा महान्यायाधिवक्ताको कार्यालय आफै वा सो अन्तर्गतको कार्यालयले मन्त्रिपरिषद्बाट मुद्दा फिर्ता लिने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि, मुद्दाको विवरण सहित मुद्दा विचाराधीन रहेको अदालतमा मुद्दा फिर्ताको लागि अनुमति माग गर्न निवेदन पेश गर्नुपर्नेछ।

ऐजन निर्देशिकाको दफा ११

**विवरण उपलब्ध गराउनुपर्ने:**

- महान्यायाधिवक्ताको कार्यालयले यस कार्याविधि बमोजिम फिर्ता भएको मुद्दाको विवरण तथा मुद्दा फिर्ताको लागि अदालतबाट अनुमति प्राप्त हुन नसकेको भए सो मुद्दाको नाम र सो सम्बन्धी विवरण कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई पठाउनु पर्नेछ।

ऐजन निर्देशिकाको दफा १२ (१)

**सर्वोच्च अदालतको फैसला/आदेश**

- मुद्दा फिर्ताको लागि पटक पटक माग भै आएकोमा मुद्दा फिर्ता दिन नमिल्ने भनी पटक पटक सुरु र पुनरावेदन अदालतबाट आदेश भएको देखियो । तर मुद्दा फिर्ता लिन अदालतको मंजुरी नभएको उल्लेखित स्थितिमा उक्त कर्तव्य ज्यान मुद्दाको मुख्य सरोकारवाला पक्ष नेपाल सरकारको तर्फबाट संविधानको धारा २३ र ८८ (२) अन्तर्गत रिट निवेदन पर्न नआई मुद्दा फिर्ता पाउँ भनी यि निवेदकको मात्र प्रस्तुत रिट निवेदन पर्न आएको छ। जबकी यी रिट निवेदकलाई सबुद प्रमाणको अभाव भएकोले मुद्दा नचलाउने भनी वादी पक्षबाट नै अभियोगपत्रमा उल्लेख गरेकाले निज उपर मुद्दा चलाएको देखिँदैन । ... अदालतको मंजुरीले मुद्दा फिर्ता नभएको हुदा अदालतबाट भए गरेको आदेश बदर गराई फिर्ता दिनु भन्ने आदेश जारी गराई माग्न निजको हकदैया कसरी स्थापित हुन पुग्यो सो कतैबाट देखिन आउँदैन। न त निवेदक तर्फबाट नै उक्त कुराको पुष्ट्याई हुन सकेको पाईन्छ। अतः निवेदकलाई मुद्दा फिर्ता गराई माग्ने हकदैया नै स्थापित हुन नआएको अवस्थामा निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्दछ।

लक्ष्मी नारायण पटेल वि. मपका समेत, ने.का.प. २०५९, अंक ९, नि.नं. ७१४५

- नेपाल सरकारले आधार र कारण नखोली सरकार वादी मुद्दा फिर्ता लिने निर्णय गर्दैमा अदालतले पनि कारण र आधार नखोली मुद्दा फिर्ता लिने आदेश दिने हो भने कानूनको उद्धेश्य विपरीत हुन जान्छ। अदालतले मुद्दा फिर्ताको मञ्जुरी दिँदा नेपाल सरकारले खोलेको कारण रआधारबाट सन्तुष्ट भएमा मात्र मुद्दा फिर्ता लिन आदेश दिन सक्ने कुरा हो र अदालतको मञ्जुरी नेपाल सरकार वादी हुने मुद्दा फिर्ता लिन पाउने अधिकारको दुरूपयोगलाई नियन्त्रण गर्ने कडी हो भनी सिद्धान्त प्रतिपादन भैरहेको पाइन्छ। ....मुद्दामा संलग्न व्यक्तिहरू बीच निजी राजनैतिक आस्था फरक भएकै कारणले मात्र राजनैतिक मुद्दा भनी भन्न र मान्न मिल्ने हुँदैन। प्रस्तुत मुद्दाको वारदातको कारण र मुद्दा फिर्ताको कारण बीच कुनै तादात्म्यता पनि देखिन आएको पाइदैन। त्यस्तै सर्लाही जिल्ला अदालतले मुद्दा फिर्ता गर्ने मञ्जुरी दिँदा पनि म.प.स.ले मुद्दा फिर्ता गर्दा उल्लेख गरेको कारणहरू मिसिल संलग्न कागजातहरूबाट पुष्टि समर्थन हुने आधार भएमा मात्र मुद्दा वापसका लागि मञ्जुरी दिनु पर्नेमा सो अनुसार मञ्जुरी दिएको देखिन आउँदैन। यसरी एकातिर नेपाल सरकारले पृथक पृथक मुद्दाको विवेचनात्मक अध्ययन गरी यो मुद्दा यो कारणले मुद्दा फिर्ता गर्ने भन्ने निर्णय गर्न सकेको पाईन्न भने अर्कोतर्फ अदालतले पनि आफूसँग भएको मिसिल संलग्न आधार र प्रमाणका रूपमा यो यस किसिमले मुद्दा वापस गर्न मनासिव हुने भनी निर्णयमा उल्लेख गरी मञ्जुरी दिएको नदेखिंदा उपरोक्त विवेचित तथ्य र यस अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार प्रस्तुत मुद्दामा सम्म नेपाल सरकारले २०५४।१०।९ मा गरेको निर्णय र सो निर्णयको आधारमा सर्लाही जिल्ला अदालतले मिति ०५४।१०।२३ मा मुद्दा फिर्ता गर्ने गरेको निर्णय कानूनी त्रुटिपूर्ण देखिंदा प्रस्तुत मुद्दामा भएको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्दछ। अब उल्लेखित कर्तव्य

जवाहर राय यादव वि. मन्त्रिपरिषद् सचिवालय, संवत २०५४ सालको रिट नं. २९६४, फैसला मिति २०५८।८।१९

ज्यान मुद्दा समेतमा सम्बन्धित पक्षहरूलाई झिकाई कानून बमोजिम निर्णय गर्नु भनी सर्लाही जिल्ला अदालतका नाउँमा परमादेशको आदेश समेत जारी हुने ठहर्दछ ।

काजी शेर्पा वि. सोलुखुम्बु जि.अ.समेत २०५५ सालको रिट नं. ३१८३ निर्णय मिति २०५५।११।२५

➢ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ को उपदफा (१) को खण्ड (ख) मा मुद्दा फिर्ता लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ भन्ने उल्लेख भएको हुँदा मुद्दा फिर्ता लिएपछि अभियोग वा सरकारी दावी समाप्त हुने व्यवस्था कानूनले गरेको पाइन्छ । तसर्थ मुद्दा फिर्ता लिने निर्णय भएपछि त्यस्तो मुद्दा अदालतको दायरीमा नै नरहने हुँदा त्यसै मिसिलबाट कुटपिटको कारवाही हुनसक्ने अवस्थै रहदैन । साथै कुन कानून अन्तर्गत कुटपिटमा परिणत गरिएको हो भन्नेजिल्ला अदालतको आदेशमा उल्लेख भएको नहुँदा समेत सोलुखुम्बु जिल्ला अदालतको मिति २०५४।११।२७ को आदेशको "तथापि पीडित पक्षले भोग्नु परेको पिडालाई ध्यानमा राख्दै जाहेरवालालाई ७ दिने म्याद दिई झिकाई निजले मुद्दा सकार गरेमा वादी पक्ष कायम गरीयसै मिसिलबाट कुटपिटको महल अन्तर्गत कारवाही गरी दिने" भन्ने अंश त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ ।

बिरी पण्डित कुम्हार विरुद्ध रौतहट जि.अ.समेत २०५५ सालको रि.पु.इ.नं. ७७, आ. मिति २०५६।८।१

➢ आधार र कारण नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्दा र अदालतले मुद्दा फिर्ता दिने आदेश दिंदा दुबै अवस्थामा खोलिनु पर्दछ । नेपाल सरकारले आधार र कारण नखोली सरकार वादी मुद्दा फिर्ता लिने निर्णय गर्दैमा त्यसतर्फ अदालतले आधार र कारण नखोली मुद्दा फिर्ता लिने आदेश दिने हो भने कानूनको उद्देश्य विपरीत हुन जान्छ । सरकार वादी मुद्दामा नेपाल सरकारले मुद्दा फिर्ता लिंदा अदालतको मञ्जुरी लिनुपर्ने व्यवस्थाको पछाडि नै सरकार वादी मुद्दा फिर्ता लिने अधिकारको दुरूपयोग नहोस् भन्ने हो, अदालतले मुद्दा फिर्ता लिंदा आधार र कारण खोली विवेचना गरी मुद्दा फिर्ता लिंदा नेपाल सरकारले खोलेको आधार र कारणबाट अदालत सन्तुष्ट भएमा मात्र मुद्दा फिर्ता लिन आदेश दिन सक्ने कुरा हो ।

शंकरप्रसाद ढकाल विरुद्ध नेपाल सरकार म.प. समेत, ने.का.प २०५४, अंक २, नि.नं. ६३१९,

➢ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ ले नेपाल सरकार वादी भई हेरिने वा नेपाल सरकार तर्फबाट चलाइएको मुद्दामा नेपाल सरकार वादी भएको फौजदारी मुद्दा सम्बन्धमा सुरु जिल्ला अदालतबाट फिर्ता लिन पाउने अधिकार नेपाल सरकारलाई प्रदान गरेको देखिन्छ । सुरु जिल्ला अदालतले मुद्दा फिर्ता गर्दाकै अवस्थामा मुद्दाको औचित्यमाप्रवेश गरी फिर्ता दिने मञ्जुरी दिने नदिने भनी सोही अवस्थामा विचार गर्ने कुरा हो । प्रस्तुत विषयमा नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गरे अनुसार मुद्दा फिर्ता दिई सरकार वादी फौजदारीको लगत कट्टा गरी पीडित पक्षलाई दुनियाँ वादी फौजदारीमा कारवाही गराउन पाउने उपचार समेत प्रदान गरी सोही बमोजिम प्रतिवादीहरू उपर कुटपिटतर्फ कारवाही भैरहेको अवस्थामा रिट जारी गर्नुपर्ने अवस्था र औचित्य नभएकोले रिट निवेदन खारेज हुने ।

नेपाल सरकार विरुद्ध दिलबहादुर लामा समेत, नेकाप २०५१, नि.नं. ४९४०

➢ मुद्दा वापस लिनलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ अनुसार अदालतको मञ्जुरी आवश्यक हुन्छ । नेपाल सरकारले त्यस्तो कुनै मुद्दा फिर्ता लिन खोजे पनि अदालतले मञ्जुरी नदिएसम्म वापस हुँदैन । .... अदालतको मञ्जुरी केवल प्रक्रियागत कानूनी औपचारिकता होइन, त्यो एउटा सारभूत कानूनी व्यवस्था हो । त्यो अधिकारको प्रयोग उचित कारणको लागि सद्दिनयतले गर्न खोजिएको हो वा होइन भन्ने जाँचबुझ गरेर मात्र अदालतले मुद्दा वापस गर्न मञ्जुरी दिने वा नदिने कुराको निर्णय गर्नु पर्दछ । यदि कारण उचित देखिन्न वा कुनै किसिमको दुराशयले त्यो अधिकारको प्रयोग गर्न खोजिएको देखिन्छ भने अदालतले मञ्जुरी दिनु नहुने । नेपाल सरकारबाट मुद्दा वापस लिनुपर्ने कारण वा आधार र त्यसको औचित्य इत्यादि कुनै कुरा नहेरी केवल नेपाल सरकारका तर्फबाट परेको दर्खास्तकै आधारमा मुद्दा वापस लिने मञ्जुरी दिने गरेको पाईन्छ ।वस्तुतः यस्तो व्यवहार र कार्य प्रणालीलाई कानून अनुरूप भन्न मिल्दैन । त्यस्तो मञ्जुरी दिनुभन्दा अघि अदालतले तत्सम्बन्धी कारण हेरी बुझी उचित देखिएमा मात्र मञ्जुरी दिनु पर्ने ।... सुरु तहको मुद्दा मात्र फिर्ता दिन मिल्छ, पुनरावेदन

तहको मुद्दा भने फिर्ता लिन दिन मिल्दैन ।

- कानून र संविधानको मनसाय जुनसुकै मुद्दा फिर्ता लिन हुन्छ भन्ने होइन र सरकारको उद्देश्य दण्डहीनतालाई प्रोत्साहन दिनु पनि होइन । गम्भीर प्रकृतिका मानवीय कानून उल्लंघन भएका मुद्दाहरूमा समेत विषयवस्तुको गंभीरता नहेरी सरकारले फिर्ता गर्दै जाने र अदालतले पनि औचित्य तर्फ नहेर्ने हो भने जनताको जीउ धनको संरक्षण गर्ने सरकारको उत्तरदायित्व तथा जवाफदेहीपनको अभाव हुन गई कानूनी राज्यको अस्तित्वमै प्रश्न उठ्ने । राजनैतिक व्यवस्था वा सरकार परिवर्तन हुँदैमा जनताको बाँच्न पाउने स्थापित मौलिक हक अधिकारको उपभोगलाई अन्यथा रूपमा प्रभावित गर्न दिन मिल्ने अवस्था आए संविधान र कानून बमोजिम अदालतले जनताको हक अधिकारको संरक्षण गर्ने कुरामा पछि हट्न नहुने ।अदालतले संविधान र कानूनमा रहेको व्यवस्थालाई कानून र न्यायको मान्य सिद्धान्तको आधारमा विवेचना गरी निक्यौंल पुग्नुपर्ने । कानून र न्यायको मापदण्डको अधिनमा रहेर मुद्दा फिर्ता दिनुपर्ने, अत्यन्त गम्भीर कारणले मुद्दा फिर्ता लिनुपर्ने भएको तर न्यायमा असरनपर्ने उपयुक्त अवस्थामा फिर्ताको माग भएमा अनधिकृत हस्तक्षेप गर्ने नीति अदालतको नहुने । मुद्दा फिर्ता माग गर्ने अधिकार भनेर जस्तोसुकै मुद्दामा पनि माग गर्ने र जहिले पनि वा जस्तोमा पनि मुद्दा फिर्ता दिने कुरा अदालतलाई सुम्पिएको न्यायिक अधिकार सुहाउँदो नहुने,अदालतले यथार्थमा न्यायको संरक्षक बन्नु पर्ने । आफ्नो बचाउ गर्न नसकी अपराधबाट पीडित भएको व्यक्तिको अधिकारको संरक्षणबाट नै समाजमा न्यायको प्रत्याभूति दिने हुनाले यस्तो प्रश्नलाई संवेदनशील भएर हेर्नुपर्ने । अभियोगपत्र दायर भएदेखि फैसला र त्यसको परिणामलाई अनदेखा गरी फिर्ता माग गरिएको मुद्दा फिर्ता माग गर्ने अधिकार अन्तर्गत भएकोफैसला दण्ड जरिवानालाई शुन्य बनाउन सक्ने अधिकार समावेश भएको भन्न नमिल्ने । — नेपाल सरकार विरुद्ध गगन राय यादव समेत ने.का.प. २०६५, अंक ९, निर्णय नं.९००३,
- आफैले गरेको पुनरावेदनबाट न्याय प्राप्त गर्नु अघि नै पुनरावेदनको नतिजालाई निरर्थक वा प्रभावित गर्ने हिसाबले सरकारको अर्को अंगले कैद मिन्हा गर्दा सरकारले गरेको आफ्नै पुनरावेदनको औचित्यमा प्रश्न खडा हुने । कैद मिन्हा नै दिने लक्ष हो भने भएको सजायमा पुनरावेदन गर्नुको प्रयोजन नदेखिंदा सरकारको तर्फबाट एउटा निकायले पुनरावेदन गरेको अवस्थामा सरकार मातहतको अर्को निकायले सो पुनरावेदन विचाराधीन रहेकै अवस्थामा थुनुवालाई मुक्त गरिदिने कार्यले अदालतबाट भएको फैसला र यसको कार्यान्वयनमा समेत प्रत्यक्ष असर पर्ने । — नेपाल सरकार विरुद्ध कृष्णबहादुर लामा ने.का.प. २०६५, अंक १०, निनं. ८०२२
- केही व्यक्तिको हकमा न्यायिक प्रक्रिया अन्तिम चरणमा पुगेको मात्र नभई अन्तिम तहको अदालतबाट फैसला नै भइसकेको अवस्थामा अदालतको फैसला निष्क्रिय वा निष्प्रभावी गर्ने गरी मुलतवी रहेकाहरूको हकमा समेत सो मुद्दा फिर्ता लिन मिल्ने देखिँदैन । आंशिक मुद्दा फिर्ता लिने कार्यबाट नेपालको अन्तरिम संविधानले प्रदान गरेको समानताको हकको प्रत्यक्ष उल्लंघन हुने । एउटै मुद्दा र एउटै वारदातसँग सम्बन्धित अभियुक्तहरू मध्ये केहीको हकमा फैसला हुनु र केहीको हकमा मुद्दा वा अभियोग दावी नै फिर्ता हुनु फौजदारी न्यायको मान्य सिद्धान्त, सरकार वादी मुद्दा सम्बन्धी ऐनको दफा २९ र नेपालको अन्तरिम संविधान,२०६३ को धारा १३ र २४ समेतको विपरीत हुन जान्छ । यस्तो अवस्थाको मुद्दा फिर्ता लिन नेपाल सरकारले आदेश गर्न र जिल्ला अदालतले पनि त्यसको मञ्जुरी दिन नमिल्ने । — बलराम पौडेल वि. प्रमं तथा मपका. नेकाप २०६९, अंक १, नि.नं. ८७५६
- फौजदारी मुद्दामा अभियोजन लगाउने वा नलगाउने अन्तिम अधिकार वर्तमान अन्तरिम संविधानले महान्यायाधिवक्तालाई सुम्पेको भए पनि सरकारले मुद्दा फिर्ता लिने निर्णय गरेमा सो अभियोजनले सार्थकता गुमाउने र कार्यपालिकाको निर्णयले प्रधानता प्राप्त गर्नसक्ने स्थिति आउने । अभियोक्ताको संवैधानिक अधिकारलाई नै संकुचन वा परास्त हुने गरी फिर्ता लिने निर्णयलाई प्रधानता दिन नमिल्ने हुनाले मुद्दा फिर्ता लिने निर्णय प्रक्रियामा महान्यायाधिवक्ताको रायलाई समुचित स्थान दिनुपर्ने हुन्छ त्यो नै संवैधानिक हुने । — गोपीबहादुर भण्डारी वि. प्रमं तथा मपका समेत, नेकाप २०६९, अङ्क ३, निनं. ८७८९
- विशुद्ध आपराधिक प्रकृतिको प्रस्तुत रिट निवेदनसँग सम्बन्धित ज्यान मार्ने उद्योग मुद्दा सरकारबाट कुनै उचित आधार र कारणबेगर नै फिर्ता लिने निर्णय गरिएको देखिँदा प्रतिपादित नजिर सिद्धान्तको विपक्षी — शालिकराम जम्मकट्टेल विरुद्द

नेपाल सरकारबाट स्पष्ट उल्लङ्घन हुन गएको अवस्था देखिने । आफैँले चलाएको मुद्दामा प्रतिवादी फरार भई न्यायिक प्रक्रियामा असंलग्न रहने वा त्यसबाट भाग्न उम्कन कोसिस गरिरहेकै बेला एवम् सरकार वादी फौजदारी मुद्दा दायर गर्ने वादीको भूमिकामा रहेको सरकारले मुद्दा फिर्ता लिने निर्णय लिन्छ भने त्यस अवस्थामा मुद्दा चलाउने सरकारी निर्णय उपर नै प्रश्न उठाउने अवस्था आउन सक्छ । यस्तो दोहोरो मापदण्ड अपनाउन सरकारको निमित्त सुहाउने कुरा हुँदैन।सरकारले मुद्दा चलाउँदा वा फिर्ता लिँदाको अवस्थामा समेत हमेशा स्वच्छता (Fairness) को प्रत्याभूति दिई रहनुपर्ने । बाध्यकारी प्रभाव वा आकर्षण वा आन्तरिक स्वार्थ संयोजनको कारणले कानून बमोजिम मुद्दा चलाई विचाराधीन रहेकै अवस्थामा त्यसको स्वभाविक न्यायिक परिणाममा पुग्न नदिई हस्तक्षेपकारी सोचका साथ स्वयम् जिम्मेवार कार्यकारी निकायले अदालतले मुद्दा फिर्ता सम्बन्धमा अपनाउनु पर्ने गरी विकास गरेको सामान्य सिद्धान्त एवम् मार्गदर्शनको विपरीत अपवादात्मक शैली अपनाउँछ भने सरकारले मुद्दा चलाएका अन्य प्रतिवादीहरूले सरकारी अभियोजनको वाञ्छनीयता र स्वीकार्यता जोखिममा पर्न जाने । मुद्दा फिर्ता लिने सम्बन्धी प्रचलित कानून एवम् यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्त समेतको प्रतिकूल रहेको निर्णय कायम रहन नसक्ने भई उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत ने.का.प. २०७१, अङ्क ७, नि.नं. ९२०४

- मानिसको जीवनको अधिकार अन्य अधिकार भन्दा उपल्लो कोटी मानवअधिकार हो । जस्तै संकट वा विपद् आइपरेको अवस्थमा समेत नागरिकको जीवनको अधिकार अपहरित वा कुण्ठित हुन सक्दैन । मुद्दा फिर्ता लिने प्रक्रिया न्यायिक मार्गको विचलन वा विमुखकारी हुनु हुँदैन ।यो न्यापूर्ण स्वभाविक, स्वच्छ र दबाबरहित हुनुका साथै मुद्दा फिर्तामा पारदर्शिता र स्विकार्यता रहनुपर्छ । यो समानता र न्यायको अधिकारमा आधारित हुनु पर्दछ । राज्यले निश्चित र उचित आधारमा आफ्नो गलत अनुसन्धान वा अभियोजनको परिणाम रोक्न समेत हरहालतमा मुद्दा फिर्ता लिन नपाउने भन्ने कुरा होइन । त्यस्तो कुराले न्यायको पृष्ठपोषण नहुन सक्छ ।तथापि सरकारले कुने अपराधपूर्ण घटनाका सम्बन्धमा गहिराइमा पुगी आवश्यक अनुसन्धान गरी दोषी उपर मुद्दा दायर गर्नु पर्ने ।

प्रकाशमणि शर्मासमेत वि. प्रमं तथा मपका समेत, नेकाप संवैधानिक इजलास खण्ड २०७५ नि.नं ०००३

- फौजदारी न्यायलाई परास्त गर्ने गरी विशुद्ध आपराधिक घटानासँग सम्बन्धित मुद्दा फिर्ता लिन सकिँदैन । मुद्दा फिर्ता अपवादमा हुनुपर्ने हो, अपराधी मुक्त गर्ने प्रयासको अंश वा त्यसको परिणामको रूपमा देखिनु नहुने ।

नेकाप संवैधानिक इजलास खण्ड २०७५, नि.नं. ०००४

- मुद्दा फिर्ता लिने प्रक्रियामा पीडितको परामर्श, सुनुवाइमा सहभागिता र न्यायिक प्रक्रियामा प्रतिवादीले गर्नुपर्ने समर्पण जरुरी छ । यस अदालतबाट माथि विभिन्न प्रकरणमा उल्लेख भएको निर्णय एवं सिद्धान्तहरूबाट सुस्थापित कानूनी मूल्य, मान्यता र परम्पराहरू जुन हाम्रो संवैधानिक कानूनका पनि अभिन्न अंग भइसकेका छन्, जसलाई उपेक्षा गरेर मुद्दा फिर्ता सम्बन्धमा जेसुकै निर्णय गर्न मिल्दछ भन्ने होइन । न्याय दिने दिलाउने राज्यको कार्यलाई Public Trust को रूपमा लिनुपर्छ । जथाभावी मुद्दा फिर्ता लिने दिने गर्दा पीडित पक्षको न्याय प्राप्तिको हक कुण्ठित हुन जाने ।

रुपीया देवी वि. प्रमं तथा मपका समेत, नेकाप संवैधानिक इजलास खण्ड २०७५, नि.नं. ०००५

### ३. नेपाल सरकार वादी भई चलाइएका मुद्दा मिलापत्र सम्बन्धी व्यवस्थाः

सानातिना फौजदारी मुद्दामा मिलापत्र गराउन सकिने गरी प्रचलित कानूनमा व्यवस्था गरिएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन मनासिव लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने व्यवस्था रहेकोमा महान्यायाधिवक्ताबाट यो अधिकार नायब महान्यायाधिवक्तालाई प्रत्यायोजन भएको छ । सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले मिलापत्रको प्रक्रियाका बारेमा व्यवास्था गरेको छ ।

**कानूनी व्यवस्था:**

- सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारबाही हुँदा त्यस्तो व्यहोरा मनासिव लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ।

फौजदारी कार्यविधि संहिताको दफा ११७ (२)

**४. मुद्दा मिलापत्र गर्ने प्रक्रिया:**

- दफा ११७ बमोजिम मुद्दामा मिलापत्र गर्न चाहेमा पक्षहरूले वादी दावीभित्र सिमित रही मिल्न खोजेको व्यहोरा खुलाई दुवै पक्षले सहीछाप गरी अदालतमा संयुक्त निवेदन पेश गर्नु पर्नेछ।

ऐजन संहिताको दफा ११८ (१)

- उपदफा (१) बमोजिम मिलापत्र गर्ने व्यहोराको निवेदन अदालतमा पर्न आएमा अदालतले त्यस्तो निवेदन पढेर सुनाई त्यस बमोजिम राजिखुशीले मिलापत्र गर्न चाहेको हो वा होइन भनी त्यस्तो निवेदन पेश गर्ने पक्षहरूलाई सोध्नु पर्नेछ।

ऐजन उपदफा (२)

- उपदफा (२) बमोजिम सोध्दा राजिखुशीले मिलापत्र गर्न चाहेको हो भन्ने जवाफ पक्षहरूले दिएमा संयुक्त निवेदन पत्रमा उल्लेख भए बमोजिमका शर्तहरूको अधीनमा रही मिलापत्रको लिखत तयार गरी पक्षहरूको सहीछाप गराई मुद्दा हेर्ने न्यायाधीशले आफ्नो समेत सहीछाप गर्नु पर्नेछ।

ऐजन उपदफा (३)

- यस परिच्छेद बमोजिम मिलापत्र गर्दा वारिसनामा दिई मिलापत्र गर्ने अधिकार दिएकोमा सोही बमोजिम र वारिसनामामा वारिसलाई त्यस्तो अधिकार नदिएकोमा वारिस मार्फत् मिलापत्र गर्दा त्यस्तो व्यहोरा उल्लेख भएको पक्षको मञ्जुरीनामा पेश गर्नु पर्नेछ।

ऐजन उपदफा (४)

**विचाराधीन मुद्दा मिलापत्र गर्ने:**

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम नेपाल सरकार वादी भएको मुद्दा मिलापत्र गर्नका लागि प्रतिवादी र पीडित सहमत भएमा दुवै पक्षले सम्बन्धित सरकारी वकील कार्यालय समक्ष निवेदन दिन सक्नेछन्।

सरकारी वकील सम्बन्धी नियमावलीको नियम ३३

- उपनियम (१) बमोजिम निवेदन परेमा सम्बन्धित सरकारी वकीलले प्रतिवादी र पीडितको पहिचान गरी मिलापत्र गर्न मनासिव देखिएमा दुबै पक्षलाई निवेदन सनाखत गराई आफ्नो राय सहित सम्बन्धित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ।
- उपनियम (२) बमोजिम मिलापत्रका लागि जिल्ला सरकारी वकील कार्यालयले पठाएको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालयलाई समेत दिनु पर्नेछ।
- उपनियम (२) बमोजिम प्राप्त भएको निवेदन सहितको मिसिल अध्ययन गर्दा निवेदन माग बमोजिम गर्न उपयुक्त देखिएमा महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताले अधिकार प्रत्यायोजन गरेको नायब महान्यायाधिवक्ताले मिलापत्र गर्ने आदेश गरी सो आदेश कार्यान्वयनका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा मिसिल सहित पठाउनु पर्नेछ।
- उपनियम (४) बमोजिमको आदेश प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा हेर्ने अधिकारी समक्ष मिलापत्रको लागि सम्पूर्ण कागजात सहित निवेदन दिनु पर्नेछ।
- उपनियम (१) बमोजिमको निवेदन महान्यायाधिवक्ताको कार्यालय वा उच्च सरकारी वकील कार्यालयमा पर्न आएमा त्यस्तो निवेदन आवश्यक कारबाहीका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।
- उपनियम (६) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले यस नियममा उल्लिखित प्रक्रिया बमोजिम कारबाही अगाडि बढाउनु पर्नेछ।
- यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम संरक्षकलाई रोहवरमा राख्नु पर्ने प्रकृतिको मुद्दामा मिलापत्र गर्नु परेमा संरक्षकलाई रोहवरमा राख्नु पर्नेछ।

## महान्यायाधिवक्ताको कार्यालयबाट भएको निर्देशन/ परिपत्र

मिति २०७७।१२।०६ को व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम च.नं. १७६३ मिति २०७८।०१।०२ को पत्रबाट जारी

- निर्देशन नं. ३; मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका सरकार वादी फौजदारी मुद्दामा प्रतिवादीको पुनरावेदन/निवेदन परेको तर प्रत्यार्थी झिकाउने आदेश वा निस्सा नभइ सकेको अवस्थामा मिलापत्रको कारवाही अगाडि बढाउने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२)अनुसार मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका फौजदारी मुद्दामा कसूर कायम भई प्रतिवादीको पुनरावेदन/दोहोऱ्याई पाउने/पुनरावलोकन निवेदन परेको तर प्रत्यार्थी झिकाउने आदेश वा निस्सा नभईसकेका मुद्दाहरूमा पनि मिलापत्र सम्बन्धी प्रक्रिया अगाडि बढाउने।
- निर्देशन नं.४; मुद्दासँग सरोकार नराखे पीडित उपस्थित नभए पनि मिलापत्र हुने सम्बन्धमाः- प्रचलित कानून बमोजिम मिलापत्र हुने प्रकृतिका मुद्दामा धेरै पीडितहरू रहेका तर केही पीडितले मात्र जाहेरी दिएको वा मुद्दामा सरोकार देखाएको अवस्थामा अदालत वा सरकारी वकील कार्यालयबाट खोजी गर्दा उपस्थित नहुने वा मुद्दासँग सरोकार नराख्ने पीडितहरूले मिलापत्रको लागि निवेदन नदिएको भए पनि मुद्दामा सरोकार राखे पीडित आफैले वा सम्पर्कमा आएका वा नआएका पीडितका तर्फबाट पीडितका एकासँगोलका परिवारका सदस्य वा कानूनबमोजिमका संरक्षकले आ-आफ्नो हकमा मिलापत्र गर्न निवेदन दिएमा सम्बन्धित सरकारी वकील कार्यालयले मिलापत्रको प्रक्रिया अगाडि बढाउने। सम्पर्कमा नरहेका वा सम्पर्कमा आउने अवस्था नदेखिएका पीडितका हकमा त्यस्ता पीडितहरूको नोक्सानी भए अनुसारको रकम, सोमा कानून बमोजिम लाग्नेहर्जाना र अन्य खर्च समेत प्रतिवादीले सुरक्षित राखेको (धरौटी वा अन्य उपायबाट र त्यस्ता पीडितहरू पछि सम्पर्कमा आएका बखत त्यस्तो रकम प्राप्त गर्न सक्ने देखिएमा उपस्थित भएका पीडित र प्रतिवादीको निवेदन परेमा समेत मिलापत्रको लागि कारवाही अगाडि बढाउने।
- निर्देशन नं. ५; चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा मिलापत्र गराउन आदेश दिने सम्बन्धमाः- सर्वोच्च अदालतबाट पुरुषोत्तम दंगाल विरुद्ध महान्यायाधिवक्ताको कार्यालय समेत भएको परमादेश मुद्दामा (०७७-WO-००१५) मिति २०७७।१०।०८ मा भएको आदेश समेतलाई विचार गरी बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ कोखण्ड (ग) अनुसारका सर्वसाधारण पीडित भएको बैंकिङ्ग कसूर मुद्दामा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र सम्बन्धी कारबाही अगाडि बढाउने।

## ५. मुद्दा फिर्ता वा मिलापत्र भए पछिको परिणामः

फौजदारी कार्यविधि संहिताको दफा ११९

- दफा ११६ बमोजिम नेपाल सरकारले कुनै मुद्दा फिर्ता लिएमा त्यस्तो मुद्दाको अभियुक्त उपर सोही कसूरमा पुनः मुद्दा चल्ने छैन।
- दफा ११७ बमोजिम मिलापत्र भएकोमा सोही विषयमा सोही पक्षहरूका बीचमा पछि कुनै कारबाही वा मुद्दा चल्ने छैन।

  तर मिलापत्रमा उल्लेख भएको शर्त बमोजिम कुनै पक्षले कुनै काम नगरेमा त्यस्तो कुराको उजुरी दिन यस उपदफाले वाधा पुऱ्याउने छैन।

# परिच्छेद-बाह्य

## फैसला कार्यान्वयनमा सरकारी

## यस परिच्छेद भित्र

१. सरकार वादी फौजदारी मुद्दाको फैसला कार्यान्वयनमा सरकारी वकीलको भूमिका

- फैसला कार्यान्वयन गर्ने निकाय

२. फैसला कार्यान्वयनमा सरकारी वकीलको भूमिका

- फैसला विधिवत प्राप्त गर्ने
- फैसला बमोजिम अध्याबधिक लगत राख्ने
- फैसला कार्यान्वयनको लागि नेपाल सरकार वा सम्बन्धित कार्यालयमा लेखी पठाउनेः
- कसूर पीडितलाई फैसलाका बारेमा जनाकारी गराई बिगो/क्षतिपूर्ति प्राप्त गर्न सहजीकरण गर्नेः

## १. सरकार वादी फौजदारी मुद्दाको फैसला कार्यान्वयनमा सरकारी वकीलको भूमिका

अड्डा अदालतबाट कुनै मुद्दा मामिलामा कानून बमोजिम आदेश वा निर्णय भए पश्चात् सो आदेश वा निर्णयको पालना सबैले गर्नु पर्दछ । अदालतको फैसला कार्यान्वयन गर्ने गराउने कार्य सम्बन्धित जिल्ला अदालतको तहसिल शाखाले गर्ने गर्दछ भन्ने अर्धन्यायिक निकायको फैसला कार्यान्वयन तत् निकायले आफै गर्ने गर्दछ । नेपाल सरकार वादी भएका र नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको फैसला कार्यान्वयनम सरकारी वकीलको पनि सरोकार रहने हुँदा त्यस्ता मुद्दाको फैसला कार्यान्वयनमा सरकारी वकीलले पनि उचित भूमिका निर्वाह गरी सहयोग गर्नुपर्दछ ।

### संवैधानिक व्यवस्था:

- मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनीसिद्धान्त सबैले पालन गर्नु पर्नेछ । — संविधानको धारा १२८(४)
- मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने (महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार मध्येको एक) — ऐजन संविधानको धारा १५८(६) (ख)

### कानूनी व्यवस्था:

- मुद्दाको फैसला जुनसुकै तहको अदालतबाट भएको भए पनि त्यस्तो मुद्दामा भएको फैसलाको कार्यान्वयन अभियोगपत्र वा उजुरी दायर भएको जिल्ला अदालतले गर्नेछ । — फौजदारी कार्यविधि संहिताको दफा १५२(१)
- पुनरावेदन सुन्ने अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दाको फैसला कार्यान्वयन समेत सम्बन्धित जिल्ला अदालतले गर्नेछ । — ऐजन उपदफा (२)
- यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिवादीको सङ्ख्या निजहरूको बसोबास वा निजको सम्पत्तिको अवस्थितिको कारण फैसला कार्यान्वयन गर्ने जिल्ला अदालत यकिन हुन नसकेमा पुनरावेदन सुन्ने अदालतले तोकेको जिल्ला अदालतले मुद्दाको फैसला कार्यान्वयन गर्ने, — ऐजन उपदफा (३)
- नियमित अदालत बाहेक अन्य न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयन सम्बन्धित निकायले गर्ने, — ऐजन उपदफा (४)
- उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला कार्यान्वयन गर्ने सम्बन्धमा कानूनमा अन्यथा व्यवस्था नभएकोमा सम्बन्धित जिल्ला अदालतले यसै संहिता बमोजिम फैसला कार्यान्वयन गर्नेछ । — ऐजन उपदफा (५)

## २. फैसला कार्यान्वयनमा सरकारी वकीलको भूमिका:

### फैसला विधिवत प्राप्त गर्ने:

- सरकार वादी फौजदारी मुद्दामा अन्तिम फैसला भए पछि सम्बन्धित जिल्ला अदालतले फैसला बमोजिमको कैद वा जरिवाना गर्ने, विगो, अंश वा क्षतिपूर्ति भराउने लगायतका कार्यान्वयनको प्रक्रिया प्रारम्भ गर्ने कानूनी व्यवस्था रहेको छ ।
- फैसला कार्यान्वयनको प्रक्रियामा सरकारी वकीलले पनि अदालतलाई आवश्यक पर्ने सहयोग पुऱ्याउनु पर्दछ ।
- सरकार वादी हुने मुद्दामा सरकारी वकील तारेखमा बस्नु नपर्ने कारण अदालतबाट भएको फैसला तत्कालै जानकारी हुने अवस्था नरहेको हुँदा सम्बन्धित अदालतले सरकारी वकीललाई औपचारिक रूपमा फैसलाको जानकारी गराउनु पर्ने कानूनी व्यवस्था रहेको छ ।
- सरकारी वकीलले पनि आफूले बहस पैरवी गरेको मुद्दामा भएको आदेश वा फैसला उचित समयमा प्राप्त गर्न सकृय रहनु पर्दछ ।
- फैसला विधिवत रूपमा प्राप्त भए पछि सोको कार्यान्वयनतर्फ अदालतलाई आवश्यक पर्ने सहयोग सरकारी वकीलले पुऱ्याउनु पर्दछ ।

**फैसला बमोजिम अध्याबधिक लगत राख्ने:**

- सरकारी वकीलले अड्डा अदालतबाट भएको फैसला कानून बमोजिम प्राप्त गरी अभियोग माग दावी गरिएका के कुन अभियुक्तहरू उपर के कस्तो र कति दण्ड सजाय वा जरिवाना भएको छ सो सम्बन्धी अध्याबधिक अभिलेख तयार गरी राख्ने।
- अदालतबाट भएको फैसला अन्तिम भएको हो वा होइन अध्ययन गर्नु पर्दछ।
- फैसला अन्तिम हुन बाँकी रहेको अवस्थामा सो फैसला उपर अवलम्बन गर्नु पर्ने पुनरावेदन वा दोहोऱ्याउने निवेदन वा विपक्षीको पुनरावेदन उपर अदालतमा बहस पैरवी गर्ने जस्ता आवश्यक प्रक्रियाहरू अवलम्बन गर्नु पर्दछ।
- अदालतबाट भएको फैसला अन्तिम भएको अवस्थामा कार्यान्वयनको प्रक्रियामा सरकारी वकीलले अदालतलाई आवश्यकपर्ने सहयोग पुऱ्याउनु पर्दछ।

**फैसला कार्यान्वयनको लागि नेपाल सरकार वा सम्बन्धित कार्यालयमा लेखी पठाउने:**

- सरकारी वकीलले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कार्यान्वयनको सिलसिलामा अदालतले माग गरेकोआवश्यक सहयोग पुऱ्याउनु पर्दछ।
- सरकारी वकीलले फैसला कार्यान्वयनका लागि अदालतबाट माग भएको सहयोग नेपाल सरकार वा नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरूबाट उपलव्ध गराउनु पर्ने देखिएको अवस्थामा पनि त्यस्तो सहयोग उपलव्ध गराउन नेपाल सरकार वा सम्बन्धित निकाय वा पदाधिकारीलाई पत्राचार गरी अनुरोध गर्नु पर्दछ।

**कसूर पीडितलाई फैसलाका बारेमा जनाकारी गराई बिगो/क्षतिपूर्ति प्राप्त गर्न सहजीकरण गर्ने:**

- फैसला अन्तिम भएपछि कसूर पीडितलाई जानकारी गराउने,
- फैसला बमोजिम कसूर पीडितलाई भरी भराउ हुने गरी ठहरेको बिगो/क्षतिपूर्ति प्राप्त गर्न अदालतसँग समन्वय गरी सहजीकरण गरिदिने।

**सर्वोच्च अदालतबाट भएको फैसला/आदेश:**

- अदालतमा वादी प्रतिवादी भएर लामो समय मुद्दा लड्नुको उद्देश्य नै दावी पुग्ने ठहर भएको फैसला कार्यान्वयन गर्नको लागि हो। सिद्धान्तको लागि मात्र देवानी मुद्दा लड्न र अदालतबाट दावी पुग्ने ठहर्छ भनाउन मात्र कसैले मुद्दा नगर्ने हुँदा फैसलाको छिटो, सरल र प्रभावकारी कार्यान्वयन नै न्यायपालिका र न्याय प्रदान गर्ने अदालतको उद्देश्य (Motto) हुनुपर्ने,
  अदालतले हार्ने पक्षलाई कागज गराई निजको जेथा कहाँ कहाँ छ, कति छ, उसैले नै Under Oath खुलाउन पर्ने,
  न्याय छिटो, छरितो र शुलभ भनेको अदालतले फैसला गर्ने मात्र नभै आफैले गरेको फैसलाको छिटो, छरितो र शुलभ तरिकाले कार्यान्वयन हुनुपर्ने,
  कल्याणकारी राज्य (Welfare State) मा राज्यले नागरिकलाई सेवा (Service) पनि प्रदान गर्दछ। फैसला कार्यान्वयन सेवा (Service) हो। सेवा अर्थात् Service प्रदान गर्ने कार्यबाट राज्य पन्छिन नसक्ने।
  नेपाली नागरिकहरूको न्याय सम्बन्धी अधिकारको गुठियार अर्थात् Trustee of the Right to Justice of the People अदालत भएको कारणले गर्दा आफ्नै सक्रियता (Initiative) मा ठोस कदम चाली पीडित जनतालाई फैसला कार्यान्वयनमा राहत दिने व्यवस्था गरिदिनुपर्ने।

  पार्वतीदेवी पन्त वि. सेती महाकाली धान चामल कम्पनी सम्पर्क कार्यालय, कैलाली, समेत, ने.का.प. २०६५, अंक ३, नि.नं. ७९४६

- कानूनले नै जरिवाना वापत कारणीलाई चार वर्षभन्दा बढी कैद तोक्नु हुँदैन भनी कैदको अधिकतम हद तोकिएको देखिँदा कानूनमा भएको अस्पष्टतालाई व्याख्याको साहारा लिई विधायिकी कानूनले स्पष्ट रूपमा गरेको व्यवस्था विपरीत दुई मुद्दामा भएको जरिवानालाई अलग अलग गरी जरिवाना नतिरे वापत भनी एउटा मुद्दामा चार वर्ष त्यसपछि अर्को मुद्दामा फेरी चार वर्ष जरिवाना वापत कैद गर्दा कारणीलाई जरिवाना नतिरेवापत जम्मा ८ (आठ) कैद हुन जाने भई सो कुरा तत्काल प्रचलनमा रहेको दण्ड सजायको ३८ नं. को मनसाय र भावना अनुकूल नहुने।

  नेकाप २०७७, अंक ३, नि.नं. १०४६५

  नेकाप २०७६,

- कैद लागेको व्यक्ति र सो कैद असुल उपर गर्न पक्राउ परेको व्यक्ति एउटै व्यक्ति रहे भएको नदेखिएको अवस्थामा उनाउ व्यक्तिबाट भएको कसूरको सम्बन्धमा अन्य व्यक्तिलाई पक्राउ गर्दा निजको संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक र स्वतन्त्रताको हकको हकमा गम्भीर आघात पुग्न जाने।

अंक ८, नि.नं. १०३३१

- सजाय बाँकी रहेका निवेदक अन्य मुद्दाको रोहमा अदालत प्रवेश गरेको अवस्थामा निजको नामको पूर्व मुद्दाको कैदी पूर्जी दिनु अदालतको कर्तव्य हो। अदालतले सो कैदी पूर्जी नबुझाए वापत अदालतकै आदेशानुसार थुनामा रहेका निवेदकले पछिल्लो मुद्दामा सफाइ पाएको अवस्थामा सो सफाइ पाएको मुद्दामा थुनामा रहेको अवधि निरर्थक हुने गरी थप अवधि कैद गर्नु मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को मनसाय हो भन्न नसकिने।

नेकाप २०७६, अंक ९, नि.नं. १०३५९

- अदालतबाट कुनै कानून अन्तर्गत ठहर भएको सजाय सोही कानून बमोजिम कार्यान्वयन गरिने तर त्यस्तो कुनै कानून अन्तर्गत भएका सजाय संहितामा व्यवस्था गरिएको सजायभन्दा बढी भएको अवस्थामा संहितामा उल्लेख भएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने। साविकको मुलुकी ऐनको चोरीको महलमा भएको चोरीको कसूरलाई मुलुकी अपराध संहिताको परिच्छेद २० ले पनि कसूर मानेको तर संहितामा जरिवाना वापत कैदमा नै बस्नु पर्ने व्यवस्था नभएको सन्दर्भमा विधायिकाले जरिवाना तिरेको खण्डमा कैदमा बस्न नपर्ने गरी प्रतिवादीलाई कैदमा बस्न पर्ने अवधि घटाएको भन्ने देखिने। मुलुकी अपराध संहिताले चोरीको कसूरमा जरिवाना वापत समेत कैदमा बस्नु पर्ने व्यवस्था नगरेको सन्दर्भमा निजले केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) (ग) बमोजिमको सुविधा र लाभ पाउने भई जरिवाना वापत कैदमा बस्नु पर्ने अवस्था नभएको र फैसलाले ठहर भएको जरिवानाको रकम निवेदकले नगदै धरौट राखिसकेको देखिएको अवस्थामा निवेदकलाई जरिवाना वापत समेत कैदम्याद ठेकी पठाएको पत्र, कैदी पूर्जीसमेत कानून बमोजिम नभएकोले निवेदकको थुना गैरकानूनी देखिँदा बन्दीप्रत्यक्षीकरण जारी हुने।

लालकाजी तामाङ विरूद्ध काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत, नेकाप २०७६, अंक १२, नि.नं. १०४०१

# परिच्छेद-तेह्र

## बाल न्यायमा सरकारी वकीलको भूमिका

## यस परिच्छेद भित्र

१. बाल न्यायको अवधारणा
२. बाल न्यायका आधारभूत सिद्धान्त
३. बाल न्याय सम्बन्धी अन्तर्राष्ट्रिय कानूनले गरेको व्यवस्था
४. नेपालमा बाल न्याय सम्बन्धी कानूनी व्यवस्था
५. बाल न्याय सम्पादनः
   - बाल न्याय सम्पादन गर्दा विचार गर्नुपर्ने कुरा
   - बालबालिकालाई नियन्त्रणमा लिने व्यवस्था
   - निगरानी कक्षको स्थापना सम्बन्धी व्यवस्था
   - अनुसन्धान तथा अभियोजन सम्बन्धी विशेष व्यवस्था
   - पुर्पक्ष सम्बन्धी व्यवस्था
   - बाल न्याय सम्पादन कार्यविधि सम्बन्धी व्यवस्था
   - बालबालिकालाई हुने सजाय
   - बालबालिकालाई सजाय गर्दा विचार गर्नुपर्ने कुरा
६. कसूर पीडित बालबालिकाको अधिकार
७. दिशान्तर सम्बन्धी व्यवस्था
   - दिशान्तर गर्दा विचार गर्नु पर्ने कुरा
   - दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया
८. बाल अदालत सम्बन्धी व्यवस्था
९. बालबालिका विरूद्धको कसूर
१०. बाल अदालतबाट भएको फैसला उपर पुनरावेदन सम्बन्धी व्यवस्था
११. बालबलिकाको उमेर कायम गर्ने आधार सम्बन्धी व्यवस्था
१२. बाल न्याय सम्पादनमा सरकारी वकीलको भूमिका

## १. बाल न्यायको अवधारणा

बालबालिका अबोध हुन्छन् । उनीहरूले जानेर गल्ती गरेको हुँदैनन् । अपराधजन्य कार्य गरे पनि उनीहरूको त्यसमा मनसाय हुँदैन । उनीहरूलाई सुधार गर्न सकिन्छ । तर वयस्क सरहको प्रकृया अपनाइयो भने उनीहरूलाई सुधार गर्न नसकिने हुनसक्छ । यसै पृष्ठभूमिमा उनीहरूले कानून प्रतिकूल कार्य गरेमा त्यसलाई सम्बोधन गर्नका लागि वयस्क सरहको प्रकृयाको अवलम्बन नगरी पृथक प्रकृयाको अवलम्बन गर्ने, अलग तरिकाले यस्ता समस्याको समाधान गर्ने प्रणाली बाल न्याय प्रणाली हो । बालबालिकाले गरेको कसूर वा कानून विपरीतको कार्यका लागि बालबालिकालाई भरिसक्य औपचारिक भन्दा अनौपचारिक पद्तिको अवलम्बन र बालबालिकाहरूप्रति नरम व्यवहार गरी बालबालिकालाई पृथक किसिमको न्याय प्रणाली लागू गर्ने मान्यता अहिले सर्वव्यापक बनेको छ । बाल न्याय प्रणाली फौजदारी न्याय प्रणालीकै संरचना हो जसले बालबालिकाले गरेको कसूरका बारेमा कारबाही प्रकृयामा संलग्न रहन्छ । कानूनको विवादमा परेको बालबालिकाको अवस्था जोखिममा पर्ने मूल कारणमा आफू प्रहरी नियन्त्रणमा किन परेको हो, नियन्त्रणमा रहँदा बस्नुपर्ने स्थान के-कस्तो हुने, बालिका वा बालक भएकाले जस्तो ठाउँमा पनि राख्न पाइने हो वा होइन, कानून कार्यान्वयन गर्ने अधिकारीले जेजस्तो व्यवहार गरे पनि हुने हो वा होइन, उनीहरूलाई वयस्क व्यक्तिलाई झै चुप लाग्न पाउने अधिकार रहने वा नरहने, आफ्नो कानून व्यवसायीसँग कानूनी सल्लाह लिन पाउने वा नपाउने, कानूनी कारबाहीको जानकारी प्राप्त हुने वा नहुने, कानूनी कारबाहीको दौरानमा कुनै भाषिक समस्या परेमा दोभाषेको सुविधा प्राप्त हुने हो वा होइन, आफू उपर भएको कानूनी कारबाहीको दौरानमा बालबालिकाको पहिचान सार्वजनिक हुने वा नहुने एवं कसूरजन्य कार्यको आरोप लागेका बालबालिका बिज्याईकर्ता ठहरेमा त्यस्तो बालबालिकाले निर्णयकर्ताबाट कस्तो प्रतिक्रिया प्राप्त गर्ने भन्ने जस्ता जानकारीको अभावका कारणले सिर्जना हुने द्विविधा रहन्छन् । तसर्थ, कानूनको विवादमा परेका बालबालिकालाई विद्यमान जोखिमबाट जोगाई सुरक्षा प्रदान गर्न निर्दोषिता अनुमानको सिद्धान्त, मर्यादा र गरिमाको सिद्धान्त, स्वच्छ सुनुवाइको सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त लगायत फौजदारी न्यायका आधारभूत सिद्धान्तहरूलाई अवलम्बन गरिँदै आइएको पाइन्छ ।

बालबालिकासँग सम्बन्धित कुनै पनि निर्णय लिनु पर्दा त्यस्तो निर्णय नै बालबालिकाको सर्वोत्तम हित र व्यक्तित्व विकासको सर्वोत्तम उपाय हो भन्ने निक्यौंल गरेर अर्थात् बालबालिका प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको वा उनीहरूलाई प्रभाव पार्ने कुनै पनि विवाद बा मुद्दामा के गर्दा बालबालिकाको सर्वोत्तम हित हुन्छ भन्ने कुरालाई केन्द्रबिन्दुमा राखी निर्णयमा पुग्नुपर्ने हुन्छ । यसको अर्थ, बाल न्याय प्रणाली अन्तर्गत नीति निर्माता, कानून निर्माणकर्ता, अनुसन्धानकर्ता, अभियोजनकर्ता, निर्णयकर्ता तथा सुधार गृहसँग सम्बद्ध अधिकारीहरूले बालबालिकाको हकमा निर्णय गर्दा आफ्नो निर्णयले सम्बन्धित बालिका वा बालकलाई के असर पार्न सक्छ वा उक्त निर्णयले सम्बन्धित बालकको हित गर्दछ कि गर्दैन भनी सोचविचार गरेर मात्र निर्णयमा पुग्नु पर्दछ । बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३(१) ले स्पष्टरूपमा बालबालिकाको सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूको सर्वोत्तम हितलाई ध्यानमा राख्नु पर्दछ भन्ने व्यवस्था गरेको पाइन्छ । यो सिद्धान्त अनुसार बालबालिकाका हकमा लिइने जुनसुकै निर्णयको असरको मूल्याङ्कन हुनु पर्दछ ।

बालबालिकाहरू वयस्कहरूको तुलनामा कम परिपक्व भएका कारण उनीहरूले ठिक बेठिक निर्णय गर्न सक्दैनन्, उनीहरूको मानसिकता वयस्क सरह विकास भएको हुँदैन र वयस्कको तुलनामा बालबालिकालाई सजिलै पुनःस्थापना गर्न सकिन्छ भन्ने मान्यताका आधारमा बाल न्याय प्रणाली औचित्यपूर्ण मानिन्छ । सन् १७६० मा मर्टनले अपराधका लागि जिम्मेवार बनाउनका लागि अपराध गर्ने मनसाय र कानून विपरीतको कार्य गरेको हुनुपर्छ भन्दै यिनीहरूको अभावमा अपराध गरेका मान्न नमिल्ने र बालबालिकाले अपराध गर्न नसक्ने मानेका थिए । उन्नाइसौं शताब्दिमा अमेरिकामा बालबालिका प्रति गरिने व्यवहार परिवर्तन गर्ने क्रम आरम्भ भइसकेको थियो । न्यूयोर्कमा बाल बिज्याई नियन्त्रण सोसाइटिले बालबिजाइकर्तालाई राख्नका लागि सन् १८२५ मा छुट्टै गृहको स्थापना गरेको थियो । सन् १९५५ मा सिकागो सुधार स्कुल खोलियो। यसको उद्देश्य बाल कसूरदारलाई वयस्क कसूरदारबाट अलग गर्नु थियो । उनीहरूले पुनःस्थापनामा पनि जोड दिएका थिए। सन् १८९९ मा पहिलो बाल अदालत कोक कन्ट्रिमा स्थापना गरियो र यसको पच्चीस वर्षमा अधिकांश राज्यमा विस्तार भयो। यसरी बाल न्याय प्रणालीको विकास भएको पाइन्छ ।

परम्परागत अवधारणामा बालबालिकाले कानून विपरीत गरेको कामको सूचना प्राप्त भएपछि मात्र बाल न्याय प्रणाली अवलम्बन गरिन्थ्यो । बालबालिकालाई पक्रने थुन्ने, कैद तोक्ने र यसलाई कार्यान्वयन गर्ने जस्ता विषय बाल न्याय प्रणालीका विषयवस्तु

मानिन्थ्यो । तर अहिले बाल न्याय प्रणालीले यी विषयबस्तु भन्दा फराकिलो क्षेत्र ओगट्ने मान्यताको विकास भएको छ । बालबालिकाको परिवारको स्थिति र हुर्काई बाल न्यायप्रणालीले हेर्नु पर्ने, बालबालिका गलत कार्यतर्फ उन्मुख भए भने बालबालिकाको कारणले मात्र त्यसको दोषभागी नभै समाज वा परिवारको पनि दोष रहने भएकाले समाज वा परिवारलाई पनि सहयोग गर्नु पर्ने अवधारणासम्म बाल न्याय प्रणाली विस्तार भइरहेको छ । यसैले बाल न्यायको उद्देश्यमा बालबालिकाले अपराध गर्न सक्ने परिस्थितिको सृजना नै हुन नदिने र बाल बालिकाका विवाद सकेसम्म परिवार, विद्यालय र सामुदायिक स्तरमा संबोधन हुनुपर्ने अहिले आधुनिक मान्यता रहेको छ । बाल न्याय प्रणाली केवल कानूनसँग द्वन्द्वमा परेका बालबालिका प्रतिको व्यवहार मात्र नभई अपराध हुन सक्ने मुल कारणहरू पहिचान गरी अपराध हुनबाट रोक्नु पनि हो । यसैले बाल न्याय प्रणालीका संरक्षण र रोकथाम दुईवटा मुख्य विषयहरू रहेका छन् ।

## २. बाल न्यायका आधारभूत सिद्धान्त

बाल न्यायका सम्बन्धमा विभिन्न सिद्धान्तहरू विकास भएका छन् । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानून र विभिन्न मुलुकले अवलम्बन र अभ्यास गरेका वा स्वीकार गरेका मान्यता नै बाल न्यायको आधारभूत सिद्धान्तको रूपमा विकास भएका छन् । बाल अधिकार सम्बन्धी महासन्धि, १९९० मा मूलतः बाल न्यायका चार आधारभूत सिद्धान्तको व्यवस्था गरिएको छः

- समानता र अविभेदको सिद्धान्त
- बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त
- दीर्घ जीवन र विकासको सिद्धान्त
- बालबालिकाको विचार र भावनाको सम्मानको सिद्धान्त

**बाल न्याय सम्बन्धी अन्य सिद्धान्तहरूः**

- बालबालिका कमजोर हुन्छन् र संरक्षणको बढी खाँचो हुन्छ
- आपराधिक मनसायविहिन अज्ञान रहेको अनुमान
- बालबालिकाप्रति गरिने व्यवहार उमेर सुहाउँदो हुनुपर्छ
- बालबालिकाले गल्ती गर्छन्, अपराध गर्दैनन्
- कार्यको प्रकृति र परिणाम थाहा नपाउनेलाई सजायको भागीदार बनाउन हुँदैन
- बालबालिकालाई स्वतन्त्रताबाट वञ्चित गर्ने वा सुरक्षामा राख्ने कार्य अन्तिम उपायका रूपमा र छोटो अवधिका लागि मात्र गरिनुपर्छ
- सुनुवाइको अधिकारको सिद्धान्त
- पारिवारिक दायित्वको सिद्धान्त
- सुरक्षाको सिद्धान्त
- सकारात्मक उपायहरूको सिद्धान्त
- अधिकार छाड्न नपाउने सिद्धान्त
- गोयनीयताको सिद्धान्त

## ३. बाल न्याय सम्बन्धी अन्तर्राष्ट्रिय कानूनले गरेको व्यवस्था

बालबालिकाका सन्दर्भमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू छन्। ती दस्तावेजहरूमा बालबालिकाले बहन गर्नु पर्ने आपराधिक दायित्वका बारेमा पनि व्यवस्थाहरू रहेको पाइन्छ । बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले कुनै पनि बालबालिकालाई यातना वा अन्य कुनै क्रुरता, अमानवीय वा होच्याउने खालको व्यवहार वा सजाय दिइने छैन, १८ वर्ष भन्दा कम उमेरका व्यक्तिद्वारा गरिएका अपराधहरूका लागि मृत्युदण्डको सजाँय वा रिहाई पाउन नसकिने गरी आजीवन कारावासको सजाँय दिइने छैन र कुनै पनि बालबालिकालाई गैरकानूनी वा अनुचित तवरले तिनको स्वतन्त्रताबाट वंचित नगरिने तथा बालबालिकाको

गिरफ्तारी, थुना वा कारावास कानून अनुकूल तवरबाट हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयको लागि र अन्तिम उपायको रूपमा मात्र अपनाइने छ भन्ने व्यवस्था गरेको छ । यसरी नै राज्यपक्षहरूले फौजदारी कानून उल्लंघन गरेको भनि दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लंघन गरेको मानिएका बालबालिकाहरूका लागि उपयुक्त हुने खालका कानून, कार्यविधि, अधिकारीहरू र निकायहरूको स्थापनालाई प्रर्वद्धन गर्ने कार्य गर्नुपर्ने र न्यूनतम उमेरको हद तोक्ने, यस भन्दा मुनिका बालबालिकाहरू फौजदारी कानून उल्लंघन गर्न सक्ने क्षमता नभएका भनी अनुमान गरिने, उचित र मनासिव भएको खण्डमा यस्ता बालबालिकाहरूका सम्बन्धमा न्यायिक कारवाही नगरी अन्य उपायहरू अवलम्बन गरिने तर ती उपायहरू मानवअधिकार र कानूनी संरक्षणको अनुकुल हुनु पर्ने आदि व्यवस्था रहेको पाइन्छ। बालबालिकाका लागि आपराधिक उत्तरदायित्वको उमेरको धारणालाई मान्यता दिइएका ती कानूनी व्यवस्थामा त्यस उमेरको सुरूवात उद्वेगात्मक, मानसिक र बौद्धिक परिपक्वताका तथ्यहरूलाई विचार गरी उमेरको हद निकै कम निर्धारण नगरिने गरि बेइजिङ नियमावलीले व्यवस्था गरेको छ ।

उपयुक्त भएसम्म, औपचारिक पुर्पक्ष गर्ने प्रक्रियातर्फ नलागी अल्पवयस्क कसूरदारहरूको सामना गर्ने कुरा विचार गरिने, अल्पवयस्कका मुद्दा हेरि रहेका प्रहरी, मुद्दा चलाउने वा अन्य संस्थाहरूलाई त्यस उद्देश्यका लागि सम्बन्धित कानूनी व्यवस्थामा स्थापित आधारहरू र यी नियमहरूमा रहेका सिद्धान्त अनुरूप औपचारिक पुर्पक्षको अवलम्बन बिना आफ्नो विवेकले यस्ता मामिला समाधान गर्न अधिकार हुने, निवेदन दिई मुद्दालाई उल्लेख गर्न यस्तो निर्णयको कार्यान्वयन उपर सक्षम अधिकारीबाट पुनरावलोकन हुने गरी उचित समुदायगत वा अन्य सेवाहरूतर्फ लाने कुनै पनि अन्य उपायलाई अल्पवयस्क वा उनको अथवा उसको आमाबाबु वा संरक्षकको सम्मति चाहिने, अल्पवयस्कहरूको मामिला स्वविवेकले समाधान गर्न सघाउ पुऱ्याउनका लागि अस्थायी निरीक्षण तथा मार्गदर्शन, पुनरूद्धार तथा पीडितलाई क्षतिपूर्ति दिने जस्ता सामुदायिक कार्यक्रमहरूको व्यवस्था गर्न प्रयासहरू गरिने पनि बेइजिङ नियमावलीले व्यवस्था गरेको छ । पुर्पक्ष पूर्वको थुनालाई अन्तिम उपायका रूपमा र एकदमै छोटो अवधिका लागि मात्र प्रयोग गरिने र सम्भव भएका बेला पुर्पक्ष पूर्वको थुनछेकको सट्टा निकट निरीक्षण, विस्तृत हेरचाह वापरिवार वा शैक्षिक परिवेश वा घरमा राख्ने जस्ता वैकल्पिक उपायहरू अवलम्बन गरिने व्यवस्था बेइजिङ नियमावलीले गरेको छ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले बालबालिकाका फौजदारी न्यायिक प्रकृयामा देहाय बमोजिमका अधिकारहरू सुनिश्चित गरेका छन्:

- भेदभाव विरुद्धको अधिकार (ICCPR Art. 2.1, 14.1, CRC Art. JDL Rule (1)
- स्वतन्त्रता उल्लंघ नभएमा प्रभावकारी उपचार पाउने (ICCPR Art. 2.3(a)
- जीवनको अधिकार (ICCPR Art. 6.1)
- मत्युदण्ड विरुद्धको अधिकार (ICCPR Art.6.1, CRC Art. 37.a, Beijing Rules 17.3)
- यातना, कर र अमानवीय एवं अपमानजनक व्यवहार र सजाय विरुद्धको अधिकार (ICCPR Art. 7, CRC Art.37.a)
- कानूननद्वारा निर्धारित आधार र कार्यविधि बमोजिम बाहेक वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने अधिकार (ICCPR Art. 9.1, CRC Art.37.b,JDL Rule 1)
- पक्राउमा परेकोमा सो को कारणको सूचना पाउने अधिकार (ICCPR Art. 9.2, Beijing Rules 10.1)
- मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई पाउने अधिकार (ICCPR Art. 9.3)
- न्यायोचित समय अवधि समक्ष सुनुवाइ गरी पाउने अधिकार (ICCPR Art. 9.3, 10.2 (b), 14.3 (c), CRC Art. 37d, 40.2 (b) Beijing Rules 20)
- बाल अभियुक्तहरूलाई वयष्कबाट अलग राखिने र सजाय पाएकाबाट पनि अलग रहन पाउने अधिकार (ICCPR Art. 10.2 (a) (b) Art. 10.3, CRC Art. 37c, JDL Rules 17,29, Beijing Rules 13.4)
- निर्दोषिताको अनुमानको अधिकार ( ICCPR Art. 14.2,CRC Art. 40.2 (b), JDL Rules 17, Beijing Rules7.1)

- आफू विरुद्धको अभियोगको प्रकृति र कारण थाहा पाउने अधिकार (ICCPR Art. 14.3 (a), CRC Art. 40.2 (b)Beijing Rules 7.1)
- प्रतिरक्षाको अधिकार (ICCPR Art. 14.3 (b) (d), CRC Art. 12)
- कानून व्यवसायीको सहयोगको अधिकार (ICCPR Art. 14.3 (b) (d), CRC Art. 37.d, 40.2 (b), JDL Rule18, Beijing Rules 7.1, 15.1)
- आफ्नो साक्षी उपस्थित गराउने र आफू विरुद्धको साक्षी परीक्षण गरी पाउने अधिकार (ICCPR Art. 14.3 (e), CRC Art. 40.2 (b), Beijing Rules 7.1)
- स्वेच्छा विरुद्ध बयान दिन कर नलाग्ने (ICCPR Art.14.7 (g), CRC Art. 40.2 (b), Beijing Rules 7.1)
- दोभाषेको अधिकार (ICCPR Art. 14.3 (1), CRC Art. 40.2 (b), JDL Rule 1)
- पुनरावेदनको अधिकार (ICCPR Art.14.5, CRC Art. 14.2 (b) Beijing Rules 7.1, Tokyo Rules 6.3)
- दोहोरो मुद्दा नचलाइने (ICCPR Art. 14.7)
- प्रचलित कानूनले हुने भन्दा बढी सजाय नगरिने (ICCPR Art. 15.1, CRC Art. 14.2 (a))
- गोपनीयताको अधिकार (CRC Art. 16, 14.2 (b) JDL Rule 18, Beijing Rules 8, 21)
- गिरफतारी एवं थुनालाई अन्तिम उपायका रूपमा र यथाशक्य छोटो अवधिका लागि गरिने (as a measure of last resort and for the shortest appropriate period of time)CRC Art. 37.b, JDL Rule 1, 17, Beijing Rules 13.1, Tokyo Rules 6.1)
- परिवारसँग सम्पर्क राख्ने अधिकार (CRC Art. 37.c)
- अभिभावकको उपस्थितको अधिकार (Beijing Rules 7.1, 15.1)

## ४. नेपालमा बाल न्याय सम्बन्धी कानूनी व्यवस्था

नेपालले बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को अनुमोदन गरी नेपालको संविधान तथा बालबालिका सम्बन्धी ऐन, २०७५ मा उक्त महासन्धिका व्यवस्थाहरूलाई आन्तरिकीकरण गरी बाल अधिकार र बाल न्यायप्रति सम्मान, संरक्षण र प्रवर्द्धनमा प्रतिबद्धता जनाएको छ । नेपालको संविधानले बालबालिकालाई सबै प्रकारका शारीरिक, मानसिक वा अन्य शोषण विरुद्धको संरक्षण प्रदान गरेको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५, बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा समेत बाल न्याय सम्बन्धमा विभिन्न व्यवस्थाहरू रहेका छन्:

### संवैधानिक व्यवस्था:

संविधानको धारा ३९

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
- कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा

अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

- कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।
- असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।
- उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**कानूनी व्यवस्था**

- दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर नमानिने। — मुलुकी अपराध संहिताको दफा १३
- कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैले त्यस्तो कसूर गरेसरह सजाय हुने। — ऐजन दफा २८
- बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रकिया अपनाउनु पर्नेछ। — बालबालिका सम्बन्धी ऐनको दफा १६
- कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष रहेको मानिनेछ र त्यस्तो बालबालिकालाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन। — ऐजन दफा ३६
- बालबालिकाले गरेको कसूरजन्य कार्यको सुरु कारबाही, सुनुवाइ र किनारा बाल अदालतबाट गर्नुपर्ने।
- बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसूरजन्य कार्यको कारबाही, सुनुवाइ र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिने,
- बाल इजलासमा जिल्ला न्यायाधीश, समाजसेवी र बालमनोविज्ञ वा बालविशेषज्ञ सदस्य रहने,
- मुद्दाको कारबाहीको कममा बालबालिकाको उमेर अठार वर्ष पूरा भए पनि त्यस्तो मुद्दा बाल अदालतबाटै कारबाही, सुनुवाइ र किनारा गर्नुपर्ने, — ऐजन दफा ३२
- बालबालिकाको उमेर र निजको परिपक्वता समेतलाई विचार गरी बालमैत्री वातावरणमा मुद्दाको सुनुवाइ गर्नुपर्ने। — ऐजन दफा ३४
- बाल अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरजन्य कार्यको आरोप लागेको बालबालिका उपरको मुद्दाको सुनुवाइ तथा कारबाही बन्द इजलासमा गर्नुपर्ने। — ऐजन दफा ३५
- बालबालिकाको विरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नियुक्त नभएसम्म बाल अदालतले त्यस्तो मुद्दाको कारबाही र किनारा नगर्ने र कानून व्यवसायी नियुक्त नभएको अवस्थामा सम्बन्धित बाल अदालतले वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने। — ऐजन दफा ८०

## ५. बाल न्याय सम्पादनः

बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद चारले बाल न्याय सम्पादन सम्बन्धी विशेष व्यवस्था गरेको छ जुन निम्नानुसार रहेका छन्:

### बाल न्याय सम्पादन गर्दा विचार गर्नुपर्ने कुराः

**कानूनी व्यवस्थाः**

- बाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले न्याय सम्पादनको

सिलसिलामा यस ऐनमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरू विचार गर्नु पर्नेछ: बालबालिका सम्बन्धी ऐनको दफा २०

(क) बालबालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,

(ख) बालबालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,

(ग) बालबालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र सांस्कृतिक मूल्य मान्यता अनुरूपको बोली, बचन र व्यवहार गर्ने,

(घ) बालबालिकासँग संवाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने।

**बालबालिकालाई नियन्त्रणमा लिने व्यवस्था:**

- कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले यथाशीघ्र सो कसूरको सम्बन्धमा अनुसन्धान प्रारम्भ गर्नु पर्नेछ । त्यसरी अनुसन्धान गर्दा कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखेमा अनुसन्धान अधिकारीले त्यस्तो बालबालिकालाई नियन्त्रणमा लिन सक्नेछ। ऐजन ऐनको दफा २१
- उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएका बालबालिकालाई नियन्त्रणमा लिई रहन आवश्यक नदेखिएमा निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउनु पर्नेछ।
- उपदफा (१) बमोजिम बालबालिकालाई नियन्त्रणमा लिएमा अनुसन्धान अधिकारीले सो कुराको जानकारी निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई दिनु पर्नेछ,
- उपदफा (१) बमोजिम अनुसन्धान अधिकारीले बालबालिकालाई नियन्त्रणमा लिंदा बल प्रयोग गर्न पाउने छैन।
- तर बालबालिकालाई नियन्त्रणमा लिन आवश्यक पर्ने न्यूनतम बल प्रयोग गर्न बाधा पर्ने छैन।
- उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई सम्भव भएमा बाल मनोविज्ञ वा बाल हित सम्बन्धी काम गर्ने व्यक्तिसँग सम्पर्क गराई आवश्यक परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ।
- उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई दफा २७ बमोजिम आफैंले दिशान्तर गर्न सक्ने भएमा अनुसन्धान अधिकारीले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो बालबालिकासँग आफैंले बयान लिन सक्नेछ।
- उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा पाँच दिनमा नबढ्ने गरी एक्काइस दिनसम्म निगरानी कक्षमा राख्न सकिनेछ।
- उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूरजन्य कार्य गर्दाको परिस्थिति वा निगरानी कक्षको अवस्थालाई ध्यानमा राख्दा निजलाई निगरानी कक्षमा राख्न उपयुक्त छैन भन्ने बाल अदालतलाई लागेमा बाल अदालतले खोजेको बखत उपस्थित गराउने शर्तमा त्यस्तो बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने कार्यमा संलग्न सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको अनुसन्धान गर्ने आदेश दिन सक्नेछ।
- अनुसन्धान अधिकारीले नियन्त्रणमा लिएका बालबालिकालाई सोधपुछ गर्दा निजको बाबु आमा वा संरक्षक वा बालकल्याण अधिकारी वा कानून व्यवसायीको उपस्थितिमा बालमैत्री वातावरणमा गर्नु पर्नेछ

**निगरानी कक्षको स्थापना सम्बन्धी व्यवस्था:**

- कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धान अवधिभर राख्ने प्रयोजनको लागि नेपाल सरकारले निगरानी कक्ष स्थापना गर्न सक्नेछ।
- उपदफा (१) बमोजिम निगरानी कक्ष स्थापना नभएसम्मको लागि प्रत्येक जिल्ला प्रहरी कार्यालयमा ऐजन ऐनको

अलग्गै कक्षको व्यवस्था गरिनेछ । दफा २२

- अनुसन्धानका लागि नियन्त्रणमा लिइएका बालबालिकालाई आवश्यकता अनुसार बालमनोविज्ञको परामर्श तथा मनोसामाजिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।
- निगरानी कक्षमा राखिने बालबालिकाको सहयोगका लागि त्यस्तो बालबालिकाको परिवारका कुनै सदस्य सँगै बस्न चाहेमा अनुसन्धान अधिकारीले आवश्यकता अनुसार समय र शर्त तोकी सँगै बस्न अनुमति दिन सक्नेछ ।
- निगरानी कक्षको स्थापना, सञ्चालन, व्यवस्थापन तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**अनुसन्धान तथा अभियोजन सम्बन्धी विशेष व्यवस्था:**

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले बालबालिका उपर आरोप लागेको कसूरजन्य कार्यको अनुसन्धान गर्न छुट्टै एकाइ गठन गर्नेछ ।
- उपदफा (१) बमोजिम छुट्टै एकाई गठन नभएसम्म नेपाल सरकारले जिल्ला प्रहरी कार्यालयमा कार्यरत बाल न्याय सम्बन्धी तालिम प्राप्त कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्नेछ । ऐजन ऐनको दफा २३

**पुर्पक्ष सम्बन्धी व्यवस्था:**

- कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र निजसँग धरौटी वा जमानत मागिने छैन ।
- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बाल अदालतले कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई कारण खुलाई पुर्पक्षको लागि बाल सुधार गृहमा राख्न सक्नेछः ऐजन ऐनको दफा २४
  - (क) बालबालिकाको जीउ ज्यान जोखिममा पर्ने, निजद्वारा कसैलाई हानि नोक्सानी पुऱ्याउने, त्यस्तो बालबालिका भागी जाने वा अन्य कुनै कारणले अन्यत्र राख्न उपयुक्त नहुने पर्याप्त आधार भएमा,
  - (ख) तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नु पर्ने कसूरजन्य कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा ।
- उपदफा (२) को अवस्थामा बाहेक कसूरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिनेछ ।
- तर उपदफा (२) बमोजिमको अवस्थाको बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बाल सुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरू तोकी यस उपदफा बमोजिम निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन बाधा पर्ने छैन ।
- उपदफा (३) बमोजिम बालबालिका जिम्मा लगाउँदा जिम्मा लिने व्यक्ति र बालबालिकालाई तोकिएको शर्तहरू र तिनको पालना नगरेमा निजले व्यहोर्नु पर्ने परिणामको बारेमा जानकारी गराउनु पर्नेछ ।
- उपदफा (३) बमोजिम कसैको जिम्मा लगाइएका बालबालिकाले बाल अदालतद्वारा तोकिएका शर्तको पालना नगरेमा निजलाई बाल सुधारगृहमा राखी मुद्दाको पुर्पक्ष गर्न सकिनेछ ।

**बाल न्याय सम्पादन कार्यविधि सम्बन्धी व्यवस्थाः**

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले बालबालिका सम्बन्धी ऐन, २०७५ ले गरको बाल न्याय सम्बन्धी व्यवस्थाको सन्दर्भमा विभिन्न प्रकृयागत व्यवस्था गरको छ। यसमा मुख्यतः निम्न व्यवस्था रहेका छन्:

- कसूरजन्य कार्यको उजुरी, अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्थाः
- समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता, नियुक्ति तथा सेवाको शर्तः — ऐजन नियमावलीको परिच्छेद -२
- बाल अदालतको अधिकार क्षेत्रको प्रयोग, मुद्दाको सुनुवाइ तथा पुनर्स्थापकीय न्याय सम्बन्धी व्यवस्थाः — ऐजन परिच्छेद-३
- केन्द्रिय बाल न्याय समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः — ऐजन परिच्छेद-४
- जिल्ला बाल न्याय समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः — ऐजन परिच्छेद-५
- विविध व्यवस्थाः — ऐजन परिच्छेद-६
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ बमोजिमका आधारमा बालबालिकाको उमेर कायम गर्दा फरक फरक उमेर भई द्विविधा उत्पन्न भएमा विशेषज्ञ चिकित्सकबाट उमेर परीक्षण गराई यकिन गर्नु पर्दछ। — ऐजन परिच्छेद-७

**बालबालिकालाई हुने सजायः** — ऐजन नियमावलीको नियम ३७

- कानून बमोजिम कसूर ठहरिने कुनै काम गर्ने व्यक्तिको उमेर त्यस्तो काम गर्दाका बखत दश वर्ष पुगेको रहेनछ भने निजलाई कुनै सजाय हुने छैन।
- दश वर्ष वा दश वर्ष भन्दा माथि र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानून बमोजिम जरिबाना हुने कुनै कसूर गरेकोमा जरिवाना नगरी निजलाई सम्झाई बुझाई गर्नु पर्नेछ र कैद हुने कसूर गरेकोमा कसूर हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ। — अपराध संहिताको दफा ४५
- चौध वर्ष वा चौध वर्षभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको आधा सजाय हुनेछ।
- सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ।
- उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन।

**बालबालिकालाई सजाय गर्दा विचार गर्नुपर्ने कुराः**

- बालबालिकालाई सजाय गर्दा देहायका कुराहरूलाई समेत विचार गर्नु पर्नेछः
  (क) निजको सर्वोत्तम हित,
  (ख) कसूरको गम्भीरता र दोषको मात्रा,
  (ग) निजको व्यक्तिगत परिस्थिति,
  (घ) स्पष्टिकरणः यस खण्डको प्रयोजनका लागि "व्यक्तिगत परिस्थिति" भन्नाले बालबालिकाको उमेर, शिक्षा, पारिवारिक स्थिति, सामाजिक अवस्था, कसूरको किसिम, कसूरबाट पुग्न गएको हानि नोक्सानी र कसूर गर्नुको उद्देश्य समेतका कुरा सम्झनु पर्छ। — फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६
  (ङ) पीडितलाई दिन प्रस्ताव गरिएको क्षतिपूर्ति,
  (च) अपराधप्रतिको पश्चाताप,

(छ) असल र उपयोगी जीवन जिउने चाहना ।

- सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्द जघन्य कसूर, गम्भीर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन ।

## ६. कसूर पीडित बालबालिकाको अधिकारः

बालबालिका सम्बन्धी ऐन, २०७५ ले कसूरबाट पीडित बालबालिकालाई अनुसन्धान, अभियोजन र न्यायिक प्रक्रियाको हरेक चरणमा देहाय बमोजिमका बाल अनुकूल न्यायको अधिकार हुने व्यवस्था गरेको छः

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २५

(क) आफूले बुझ्ने भाषामा जानकारी पाउने,

(ख) सहभागी वा संलग्न हुने,

(ग) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने,

(घ) पीडकबाट मनासिव माफिकको क्षतिपूर्ति भराई पाउने,

तर यस खण्डले पीडितले राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवसरलाई सीमित पारेको मानिने छैन।

(ङ) निःशुल्क कानूनी सहायता तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा पाउने र चाहेमा अलग्गै कानून व्यवसायी राख्न पाउने,

(च) अनुसन्धान गर्ने निकाय वा बाल अदालतले प्रयोग गर्ने भाषा पीडितले नबुझ्ने भएमा निःशुल्क दोभाषे, साङ्केतिक भाषा विज्ञ वा अनुवादको सुविधा पाउने,

(छ) अनुसन्धान गर्ने निकाय वा बालअदालतले गरेका निर्णय तथा आदेश लगायतका कागजातहरूको प्रतिलिपि निःशुल्क पाउने,

(ज) पीडक वा निजको पक्षबाट हुन सक्ने हानिबाट सुरक्षित हुन प्रहरी संरक्षण पाउने,

(झ) बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने,

(ञ) कारबाहीका बखत आवश्यकतानुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने ।

### मुद्दा सुनुवाइको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकारः

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २६

- बालबालिकालाई कसूरजन्य कार्यको अनुसन्धान तथा मुद्दाको सुनुवाइको सिलसिलामा प्रचलित कानून तथा यस ऐनमा अन्यत्र उल्लिखित अधिकारका अतिरिक्त देहायको अधिकार प्राप्त हुनेछ :

(क) आफू विरूद्ध लागेको आरोप, सो उपरको कारबाही, त्यसमा भएको आदेश वा निर्णयको जानकारी सिधै वा परिवार वा संरक्षक मार्फत् प्राप्त गर्ने,

(ख) आफू विरूद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने,

(ग) सक्षम न्यायिक निकायबाट मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने,

(घ) बाल न्याय सम्पादनको सबै प्रक्रियामा आवश्यकतानुसार परिवार वा संरक्षकको उपस्थिति माग गर्ने,

(ङ) बाल अदालतबाट छिटो र स्वच्छ न्याय प्राप्त गर्ने,

(च) बाल न्याय सम्पादनको प्रक्रियामा गोपनीयता प्राप्त गर्ने,

(छ) संवैधानिक वा कानूनी हकको बारेमा जानकारी प्राप्त गर्ने,

(ज) बालमैत्री वातावरणमा अनुसन्धान, अभियोजन तथा सुनुवाइ हुने,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "बालमैत्री वातावरण" भन्नाले बालबालिकाको उमेर, परिपक्वता र मनोविज्ञान सुहाउँदो व्यवहार सम्झनु पर्दछ । जस अन्तर्गत बालबालिकाले बुझ्ने भाषाको प्रयोग, त्रासरहित वातावरणको सिर्जना, आमा, बाबु वा परिवारको अन्य सदस्य वा संरक्षकको उपस्थिति, बालबालिकाको वैयक्तिक आवश्यकताको सम्बोधन र आवश्यकता अनुसार सहजकर्ताको उपलब्धता

लगायतको अवस्था सम्झनु पर्छ।

(झ) न्यायिक प्रक्रियाका हरेक चरणमा सहभागी हुने र आफ्नो भनाई स्वतन्त्र रूपमा व्यक्त गर्ने अवसर प्राप्त गर्ने,

(ञ) मुद्दाको सुनुवाइमा बालबालिकाले चाहेमा आफूसँगै निजका बाबु आमा, संरक्षकलाई सहभागी गराउने,

(ट) पीडित बालबालिकाको बाबु, आमा, अभिभावक वा संरक्षक नै पीडक भएमा बालबालिकाले चाहेमा पीडकबाट अलग रहन पाउने।

- कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई बाल अदालतबाट अन्यथा निर्णय नहुँदासम्म निर्दोष रहेको मानिनेछ र त्यस्तो बालबालिकालाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन।

**७. दिशान्तर सम्बन्धी व्यवस्था:**

कानूनको विवादमा परेका बालबालिका प्रति फरक दृष्टिकोणले हेरी कानून उल्लङ्घन वापत फरक किसिमले दायित्व बोध गराउने औपचारिक न्यायिक कारबाही भन्दा अलग बाटोको अवलम्बन दिशान्तरको अवधारणा हो। दिशान्तर भन्ने शब्दबाटै यसको अर्थ कुनै पनि कार्यलाई साविक बमोजिम नगरी फरक बाटोबाट गर्ने भन्ने हुन्छ। फौजदारी न्याय प्रणाली अन्तर्गत रहेको बाल न्याय प्रणालीमा दिशान्तर गर्नु भनेको कानूनको उल्लङ्घन गरेका वा कानूनको विवादमा परेका बालबालिकालाई कानूनी कारबाहीबाट सजाय नगरी भविष्यमा कानूनको उल्लङ्घन हुन नपाउने अवस्थाका (Preventive) लागि अन्य बैकल्पिक बाटो अपनाउने भन्ने हो।

**कानूनी व्यवस्था:**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितको लागि दिशान्तर गर्न मनासिव देखिएमा देहायको अवस्थामा देहायका अधिकारीले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्नेछ:

(क) पाँच हजार रूपैयाँसम्म बिगो भएको वा दुई हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,

(ख) दश हजार रूपैयाँसम्म बिगो भएको वा पाँच हजार रूपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकीलले,

(ग) जतिसुकै बिगो भएको वा जतिसुकै जरिबाना वा कैद हुन सक्नेमा बाल अदालतले।

- उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्ष वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सकिने छैन।
- दिशान्तरको आदेशमा चित्त नबुझेमा बालबालिका वा संरक्षकले उपदफा (१) को खण्ड (क) र (ख) को हकमा बाल अदालतमा र खण्ड (ग) को हकमा उच्च अदालतमा निवेदन दिन सक्नेछ।

**दिशान्तर गर्दा विचार गर्नु पर्ने कुरा:**

ऐजन ऐनको दफा २८

(क) बालबालिकाले कसूरजन्य कार्य गरेको स्वीकार गरेको,

(ख) सम्बन्धित बालबालिका, निजको बाबु, आमा र बाबु आमा नभए परिवारका अन्य सदस्य वा संरक्षकको सहमति,

(ग) पीडित पक्षको यथासम्भव पुनर्स्थापना हुने गरी निजको सहमति प्राप्त भएको,

(घ) कसूरजन्य कार्यको प्रकृति र सो कार्य गर्दाको परिस्थिति, घटनाको गाम्भीर्यता, बालबालिकाको उमेर, परिपक्वता र बौद्धिक स्तर, पारिवारिक वातावरण तथा पीडितलाई पुगेको क्षति र निजको पुनर्स्थापनालाई आधार लिनु पर्ने।

**दिशान्तर गर्दा अवलम्बन गरिने प्रक्रिया:**

ऐजन दफा २९

- दिशान्तर गर्दा बालबालिकाको इच्छा समेतलाई विचार गरी देहाय बमोजिमको एक वा एकभन्दा बढी उपयुक्त प्रक्रिया अवलम्बन गरिनेछ :
  (क) बालबालिकालाई पीडितसँग मेलमिलाप वा समझदारी कायम गराउने,
  (ख) बालबालिकालाई गल्ती महसुस गर्न लगाउने,
  (ग) बालबालिका र निजको परिवारलाई आवश्यक परामर्श दिने,
  (घ) बालबालिकालाई कुनै सामुदायिक सेवामा पठाउने,
  (ङ) बालबालिकाको हेरचाह र संरक्षण गर्न कुनै संस्थामा पठाउने,
  (च) बाल कल्याण अधिकारीको सुपरिवेक्षण र निर्देशनमा रहने गरी बालबालिकालाई छाड्ने,
  (छ) बालबालिकालाई बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षकको जिम्मा लगाउने,
  (ज) बालबालिकालाई कुनै तालीम वा शैक्षिक कार्यक्रममा सहभागी गराउने ।
- उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको कुनै प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा अवधि समेत तोकिनेछ ।
- उपदफा (१) को खण्ड (घ), (ङ) र (च) बमोजिमको प्रक्रिया अवलम्बन गरी दिशान्तर गर्दा कसूरजन्य कार्य गरे वापत बालबालिकालाई हुन सक्ने अधिकतम सजायभन्दा बढी अवधि हुने गरी दिशान्तर गरिने छैन ।
- अनुसन्धान अधिकारी वा सरकारी वकीलले बालबालिकालाई दिशान्तर गर्नु अघि बाल मनोविज्ञ र बाल विशेषज्ञबाट बालबालिकाको शारीरिक तथा मानसिक अवस्था र समाजसेवीबाट बालबालिकाको आर्थिक, सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्न लगाई प्रतिवेदन लिनु पर्नेछ ।
- उपदफा (१) बमोजिम अनुसन्धान अधिकारी, सरकारी वकील वा बाल अदालतले बालबालिकालाई दिशान्तर गरेको जानकारी आफ्नो माथिल्लो निकाय र बाल अदालतलाई दिनु पर्नेछ ।
- कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई दिशान्तर गरिएमा त्यस्तो विवादको अन्त्य हुनेछ र सोको औपचारिक न्यायिक प्रक्रिया समाप्त भएको मानिनेछ ।
- दिशान्तर गर्ने अनुसन्धान अधिकारी, सरकारी वकील वा बाल अदालतले दिशान्तर गरिएको बालबालिका दिशान्तर प्रक्रियामा निरन्तर रूपमा सहभागी भए नभएको कुराको अनुगमन प्रोवेशन अधिकारी मार्फत् गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- बालबालिकालाई दिशान्तर गर्दा पीडितलाई भएको हानि नोक्सानी वापत देहाय बमोजिम गर्न सकिनेछः
  (क) पीडितलाई क्षतिपूर्ति दिने वा वास्तविक हानि नोक्सानी भराई दिने,
  (ख) कसूरजन्य कार्यबाट प्राप्त सम्पत्ति, मुनाफा वा सामग्री सम्बन्धित धनीलाई फिर्ता गर्न लगाउने ।
- दिशान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. बाल अदालत सम्बन्धी व्यवस्था:**

बालबालिका सम्बन्धी ऐनको दफा ३०

- बालबालिकाले गरेको कसूरजन्य कार्यको शुरू कारबाही, सुनुवाइ र किनारा गर्न नेपाल सरकारले न्याय परिषद्को सिफारिसमा आवश्यक संख्यामा बाल अदालत गठन गर्न सक्नेछ ।
- उपदफा (१) बमोजिम बाल अदालत गठन गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ र त्यस्तो अदालतको प्रादेशिक क्षेत्राधिकार तथा मुकाम सोही सूचनामा तोके बमोजिम हुनेछ ।
- उपदफा (१) बमोजिम बाल अदालत गठन नभएसम्मको लागि बाल अदालतबाट हेरिने कसूरजन्य कार्यको कारबाही, सुनुवाइ र किनारा गर्न प्रत्येक जिल्ला अदालतमा बाल इजलास गठन गरिनेछ ।
- उपदफा (३) बमोजिमको बाल इजलासमा देहायका सदस्यहरू रहनेछन् :
  (क) जिल्ला न्यायाधीश,
  (ख) समाज सेवी,

(ग) बालमनोविज्ञ वा बाल विशेषज्ञ ।

- उपदफा (४) को खण्ड (ख) र (ग) बमोजिमका समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको योग्यता, नियुक्ति, पारिश्रमिक र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

बालबालिका र साबालक भएको मुद्दामा अदालतको क्षेत्राधिकार र सुनुवाइ

- कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ र उमेर पुगेका व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानून बमोजिम मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ ।

## ९. बालबालिका विरूद्धको कसूरः

बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ८ ले बालबालिका विरुद्धको कसूरका बारेमा व्यवस्था गरेको छ । यो व्यवस्था अनुसार निम्न दुई प्रकारका कसूरका बारेमा व्यवस्था गरिएको छः

१. बालबालिका विरुद्धको हिंसा - दफा ६६(२)
२. बालयौन दुर्व्यवहार - दफा ६६(३)

उक्त कसूरहरू वापतको सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था क्रमशः दफा ७२ र ७३ ले गरेको छ । यी मुद्दाको सुरु कारबाही र किनारा गर्ने क्षेत्राधिकार बाल अदालतको हुने व्यवस्था दफा ७५ ले गरेको छ । दफा ७५ ले यी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश हुने व्यवस्था गरेकोले सरकारी वकीलले यी मुद्दाको अभियोजन तथा बहस पैरवी समेतका कार्य गर्नु पर्दछ । यी मुद्दाको मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा दफा ७४ ले निम्नानुसारको विशेष व्यवस्था गरेको छः

१. प्रचलित कानूनमा कुनै हदम्याद तोकीएकोमा त्यस्तो हदम्याद भित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए गरको मितिले एक वर्ष भित्र ।
२. खण्ड १ बमोजिमको हदम्याद भित्र मुद्दा दायर नगरिएको अवस्थामा कसूर पीडित बालबालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म ।

### कानूनी व्यवस्थाः

बालबालिका सम्बन्धी ऐनको दफा ६६ को उपदफा (२)

- कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालबालिका विरूद्ध हिंसा गरेको मानिनेछः
  - (क) धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,
  - (ख) बालिगहरूका लागि खोलिएको डान्स बार, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,
  - (ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रब्य दृष्य जस्ता सामग्री देखाउने,
  - (घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीररक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,
  - (ङ) शारीररक चोट पटक वा असर पुऱ्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्लाउने वा मानसिक पीडा दिने,
  - (च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,
  - (छ) राजनीतिक प्रयोजनका लागि संगठीत गर्ने वा हडताल, वन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,
  - (ज) गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,
  - (झ) क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने,
  - (ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न जलाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने,
  - (ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,
  - (ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्पारा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिस्कार गर्ने वा उपहासको पात्र बनाउने,
  - (ड) जादु वा सर्कसमा लगाउने,
  - (ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालिम दिने वा त्यस्तो कार्यमा लगाउने,

(ण) बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,
(त) प्रचलित कानून विपरित बालबालिकाको अङ्ग झिक्ने,
(थ) औषधी वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,
(द) कानून बमोजिम बाहेक बाल गृहमा राख्ने,

- कसैले बालबालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बालयौन दुर्व्यवहार गरेको मानिनेछः

ऐजन उपदफा (३)

(क) अश्लिल चित्र, श्रव्यदृष्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा गराउने,
(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लिल चित्र वा श्रब्यदृष्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,
(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दवाव दिने वा धम्काउने,
(घ) अश्लिल कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,
(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अंग प्रदर्शन गर्ने वा गर्न लगाउने,
(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,
(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,
(ज) बाल यौन शोषण गर्ने वा गराउने,
(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,
(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकालाई प्रयिग गर्ने वा गराउने,
(ट) वेस्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने।

## १०. बाल अदालतबाट भएको फैसला उपर पुनरावेदन सम्बन्धी व्यवस्थाः

सामान्यतया बाल अदालतबाट बालबालिकाले सफाई पाउने गरी भएको फैसला उपर पुनरावेदन लाग्दैन। तर, बाल अदालत वा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७२ को उपदफा (८) बमोजिम मन्त्रालयले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय भएको पैंतिस दिन भित्र देहायको अवस्थाको विद्यमानतामा सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सकिने व्यवस्था ऐनको दफा ८१ मा गरिएको छ।

- कानूनको व्याख्या सम्बन्धी त्रूटि भएको,
- नजिरको गलत प्रयोग भएको कारण इन्साफमा फरक परेको,
- बुझ्नुपर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको कारण इन्साफमा फरक परेको,

## ११. बालबलिकाको उमेर कायम गर्ने आधार सम्बन्धी व्यवस्थाः

बालबालिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मानिनेछः

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३

(क) अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्ममिति,
(ख) खण्ड (क) बमोजिमको जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति,
(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममिति,
(घ) खण्ड (ग) बमोजिमको प्रमाणपत्र वा जन्ममिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्बन्धी प्रमाणपत्रमा उल्लिखित मिति,
(ङ) खण्ड (घ) बमोजिमको प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, बालबालिकाको बाबु आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण।

## १२. बाल न्याय सम्पादनमा सरकारी वकीलको भूमिका:

बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मा भएको व्यवस्था अनुसार बाल न्याय सम्पादनमा सरकारी वकीलले देहाय बमोजिम भूमिका निर्वाह गर्नु पर्दछः

- बालबालिका पक्ष वा पीडित भएको मुद्दामा अनुसन्धान अधिकारीबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि अपराधको तहकिकातको सम्बन्धमा तहकिकात गर्ने कर्मचारीलाई सरकारी वकीलले बढी संवेदनशिल भई आवश्यक निर्देशन दिनु पर्छ।
- निर्देशन दिदा अनुसन्धान अधिकारीको क्षेत्राधिकार, बालबालिका लगायतका प्रतिवादीलाई पक्राउ गर्दा पुऱ्याउनु पर्ने कानूनी रीत पुराएको वा नपुराएको, अदालतबाट हिरासतमा राख्ने अनुमति लिए नलिएको, हदम्याद जस्ता कुराहरूमा सरकारी वकीलले सुक्ष्मतम् अध्ययन गरी आवश्यक निर्देशन दिनु पर्छ।
- अनुसन्धान उपयुक्त किसिमले भएको वा नभएको तथा बालबालिकाको उद्धार,उपचार वा संरक्षण सही किसिमले भए नभएको वा भावी अनुसन्धान योजनाको उपयुक्तता र पर्याप्तता हेरी आवश्यक निर्देशन दिनु पर्छ।
- बालबालिकालाई हिरासतमा राखिएको स्थानको उपयुक्तता र व्यवहारबारे जानिफकार भई आवश्यक निर्देशन दिनुपर्छ।
- बालबालिका समावेश भएको ज्ञात भएपछि प्रचलित कानून र निदेशिकाको अनुशरण गर्दै अधिकतम रूपमा बालमैत्री वातावरण कायम गर्नेतर्फ सचेष्टता अपनाउन निर्देशन दिने।
- प्रमाणको संकलन र संरक्षण तथा पीडित बालबालिकाको संरक्षणको सुनिश्चितता मिलाउन निर्देशन दिने।
- जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत जिल्ला न्यायाधिवक्ताले अपराध अनुसन्धानको प्रारम्भिक प्रतिवेदन उपर दिएको निर्देशन पालना भए नभएको सम्बन्धमा समय समयमा अनुगमन गरी पुनः निर्देशन दिन सक्ने।
- कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई बालबालिका सम्बन्धी ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिम दिशान्तर गर्दा सरकारी वकीलले देहाय बमोजिम गर्नु पर्दछः

  ✓ कसूरजन्य कार्यको अभियोगमा अनुसन्धान वा अभियोजनको क्रममा बालबालिकाको सर्वोत्तम हितको लागि कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिम दिशान्तर गर्न सकिने अवस्था भएमा अनुसन्धान अधिकारी वा सरकारी वकीलले ऐनको दफा २९ को उपदफा (४) बमोजिम बालबालिकाको आर्थिक, सांस्कृतिक अवस्था तथा परिवेशको अध्ययन र विश्लेषण गर्न लगाइ प्रतिवेदन लिनु पर्नेछ, — बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ९ (१)

  ✓ उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदन तथा ऐनको दफा २८ मा उल्लिखित अवस्था विचार गरी दफा २७ को उपदफा (१) को खण्ड (ख) बमोजिम दिशान्तर गर्ने अवस्था भए सम्बन्धित सरकारी वकीलले आधार र कारण खुलाइ त्यस्तो बालबालिकालाई दिशान्तर गर्ने निर्णय गर्न सक्नेछ। — ऐजन नियमावलीको नियम ९ (४)

  ✓ उपनियम (४) बमोजिम सरकारी वकीलले गरेको दिशान्तरको निर्णयको प्रतिलिपि राखी समिति र बाल अदालतलाई त्यसको जानकारी दिनु पर्नेछ। — ऐजन उपनियम (५)

  ✓ उपनियम (२) वा (४) बमोजिम दिशान्तर गर्ने निर्णय गर्दा ऐनको दफा २९ को उपदफा (१) अन्तर्गतको कुन प्रक्रिया अवलम्बन गरिएको हो सो कुरा प्रस्ट रूपमा खुलाई अनुसूची-६ बमोजिमको ढाँचामा निर्णय गर्नु पर्नेछ। — ऐजन उपनियम (६)

- कसूरजन्य कार्यको आरोप लागेका बालबालिका उपर अभियोजन गर्नुपर्ने भएमा सरकारी वकीलले देहाय बमोजिम गर्नु पर्दछः

✓ कसूरजन्य कार्यको आरोपको अनुसन्धानबाट त्यस्तो आरोप लागेको बालबालिका उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउनु पर्ने देखिएमा अनुसन्धान अधिकारीले सम्बन्धित अभियोजनकर्ता — बाल न्याय सम्पादन नियमावलीको

समक्ष प्रचलित कानून बमोजिमको ढाँचामा प्रतिवेदन सहित मिसिल पेश गर्नु पर्नेछ । नियम १०(१)

- ✓ उपनियम (१) बमोजिम पेश हुन आएको अनुसन्धान प्रतिवेदन सहितको मिसिलबाट मुद्दा चलाउनु पर्ने देखिएमा सम्बन्धित अभियोजनकर्ताले प्रचलित कानून बमोजिमको ढाँचामा सम्बन्धित बाल अदालतमा अभियोगपत्र दर्ता गर्नु पर्नेछ । ऐजन नियम १०(२)
- ✓ उपनियम (२) बमोजिम अभियोगपत्र दर्ता गर्दा सामाजिक अध्ययन प्रतिवेदनसमेत साथै पेश गर्नु पर्नेछ । ऐजन उपनियम (३)
- ✓ कनै कसूरजन्य कार्यको आरोप लागि अनुसन्धान भई रहेका बालबालिकाको साथमा उक्त कसूरमा उमेर पुगेका व्यक्ति समेत प्रतिवादी भएमा अभियोजनकर्ताले बालबालिकाको हकमा बाल अदालतमा छुट्टै अभियोगपत्र दर्ता गरी उमेर पुगेका व्यक्तिको हकमा प्रचलित कानून बमोजिम त्यस्तो मुद्दाको कारबाही, सुनुवाइ र किनारा गर्ने अधिकारक्षेत्र रहेको अदालतमा अभियोगपत्र दर्ता गर्नु पर्नेछ । ऐजन नियमावलीको नियम ११(१)

- प्रहरी, सरकारी वकील वा बाल अदालतले बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाको वास्तविक नाम र पहिचान नखुल्ने गरी अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- अनुसन्धान अधिकारी, सरकारी वकील तथा बाल अदालतले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको पहिचान गोप्य राख्नु पर्नेछ । त्यस्तो आरोपसँग सम्बन्धित कागजातको प्रतिलिपि सम्बन्धित प्रहरी तथा सरकारी वकील कार्यालय, बाल अदालत, सम्बन्धित बालबालिका, निजका परिवारका सदस्य, संरक्षक, सम्बन्धित कानून व्यवसायी र केन्द्रीय तथा जिल्ला बाल न्याय समिति बाहेक अरूलाई उपलब्ध गराउनु हुँदैन ।

## सर्वोच्च अदालतको फैसला / आदेश

- ➢ बालबालिका सम्बन्धी ऐनको परिभाषाभित्र पर्ने दुवै पक्ष बालक भएको अवस्थामा घटित जबरजस्ती करणीको अपराधमा Juvenile बालकको अधिकार मात्र हेर्ने हो भने पीडित बालिकाको हकको संरक्षण हुनसक्ने अवस्था नदेखिँदा यस प्रकारको अपराधमा पीडितका विरूद्ध तर्क गर्दै जाने हो भने बालकहरूका हकमा जबरजस्ती करणीको अपराधले समाजमा विकृति र विसंगति ल्याउन सक्ने ।
  जबरजस्ती करणीको अपराधमा पीडक कसूरदारबाट पीडित जुनसुकै वयष्क महिलाले पाउने कानून बमोजिमको क्षतिपूर्ति वच्चा महिला अर्थात् बालिकाले पाउँदैन भनी तर्क गरी व्याख्या गर्दै जाने हो भने समाजमा दण्डहीनतालाई प्रोत्साहन मिल्न जाने ।
  बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक कसूरदारलाई सजायमा केही छुट दिएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिव क्षतिपूर्तिको हकमा समेत छुट पाउने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउने अवस्था देखिने ।
  जबरजस्ती करणीको अपराधमा सजायको वर्गीकरण पीडित बालिकाको उमेरको आधारमा गरिएको र यस्तो अपराधमा संलग्न Juvenile बालक प्रमाणित भए बालबालिका सम्बन्धी ऐनको दफा ११ मा अपराधीक दायित्व व्यहोर्नु पर्ने कुरा उल्लेख भएको आधारमा पीडितले पाउने क्षतिपूर्तिसमेत सोही सजाय भित्र पर्ने भनी कानूनले स्पष्ट नगरेको कुरालाई स्वाभाविक रूपमा अर्थवोध नगरी बलपूर्वक व्याख्या गर्नु सान्दर्भिक नहुने । सजाय सम्बन्धी कुरा र आर्थिक क्षतिपूर्तिको विषय भिन्नाभिन्नै प्रकृति र अवस्था भएकाले यसलाई एउटै दृष्टिकोणले हेर्न नमिल्ने । नेपाल सरकार वि. पवनकुमार यादवसमेत (ने.का.प. २०६७, अंक ११, नि.नं. ८४९४)
- ➢ निवेदकले धरौट राख्न नसकेको भनी हाजिर जमानी, अभिभावकको जिम्मा लगाउने लगायतका अन्य विकल्प हुँदाहुँदै अन्तिम विकल्पको रूपमा निजलाई थुनामा नैराखिएको देखिँदा उपर्युक्त कार्य बाल अधिकार महासन्धिको मर्म अनुरूपको भएको देखिन आएन । विकास राई दनुवार वि. काजिअ समेत, ०७१-WH-००४९, मिति २०७१-११-२०
- ➢ धरौट माग गर्नु र धरौट दिन नसक्दा थुनामा पठाउनु निरोधात्मक दण्डको अवधारणालाई आत्मसात् गर्नु र सुधारात्मक अवधारणालाई इन्कार गर्नु हो।धरौट माग्नु पनि मुद्दा सुनुवाइको क्रममा ठहरे बमोजिम हुने रामेश्वर चौधरी वि. काठमाडौं

आर्थिक दण्डको रूपमा लिइने पूर्वशर्तको एउटा रूप हो। बालकको हकमा यस्तो शर्तद्वारा बाध्यकारी नियमनभित्र पारी दण्डद्वारा अभिप्रेरित भई धरौट माग्ने कार्य बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ४०(१) समेतको अनुकूल नहुने।

बालबालिकाले गर्न पुगेको कुनै पनि कसूरजन्य कार्यमा निजको उमेरले नै दोषी मनोभावनाको कुनै भूमिका नरहने हुँदा त्यस्तो बालविज्याइ प्रति तिनीहरूलाई सजायमुखीकरण गर्नु भन्दा सामाजिकीकरणमुखी गर्नु नै राज्यको प्रमुख दायित्व हुने।

तोकिएको सजायसमेत स्थगन हुने वा भोग्न नपर्ने गरी निर्णयाधिकारीले निर्णय गर्न सक्ने अवस्थामा बालकलाई पूर्वशर्तको रूपमा धरौटी मागी धरौटी दिन नसकेबाट धरौटीको विकल्पको रूपमा थुनालाई लिएको कार्य नेपाल पक्ष भएको बालबालिका सम्बन्धी महासन्धि १९८९ को धारा ३(१), ३७(ख) र ४०(१) र बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ र ५० समेत विपरीत देखिने।

जिल्ला अदालतसमेत (ने.का.प. २०७०, अंक ११, नि.नं. ९०७४)

- बालबालिकालाई थुनामा वा कैदमा राख्ने कुरालाई अन्तिम विकल्प (Only as a measure of last resort) र न्यूनतम अवधि (For the shortest appropriate period of time) का लागि मात्र प्रयोगमा ल्याउनुपर्ने।

बालबालिकाको सर्वोत्तम हितका दृष्टिले हेर्दा जरिवाना तिर्न नसकेको कारणबाट कैदमा राख्नु उपयुक्त नदेखिने।

पारिवारिक संरक्षण, सहयोग पाउने अवस्थाका राम्रो आर्थिक हैसियतसमेत भएका बालबालिकाले जरिवाना वापत कैद बस्नु पर्ने स्थिति रहँदैन। तर त्यसप्रकारको अवसर नपाउने अवस्थाका असहाय, कमजोर र विपन्न अवस्थाका बालबालिकाको लागि जरिवाना सजाय पनि अन्ततः कैद सजायमा नै रूपान्तरित हुने अवस्था रहन्छ। सामाजिक र समन्यायिक दृष्टिले यस प्रकारको अवस्था कायम राख्नु उचित हुँदैन। यसबाट अनुचित विभेदको स्थितिसमेत पैदा हुने सम्भावना रहन्छ। यसैले जरिवाना वापत बालबालिकालाई कैदमा राख्ने व्यवस्थामा गम्भीरतापूर्वक पुनरावलोकन गर्नु वाञ्छनीय देखिने।

बालबालिकाको सर्वोत्तम हितको संरक्षण होस् भन्ने अभिप्रायले कानूनसँगको द्वन्द्वमा आएका बालबालिकाको पहिचान सार्वजनिक गर्न नहुने, गोपनीयता कायम राख्नु पर्ने व्यवस्था बाल अधिकारभित्र पर्ने।

बाल अधिकार र बाल न्यायका सम्बन्धमा जारी भएका महासन्धि, संविधानले गरेको व्यवस्था, कानूनमा रहेका प्रावधानहरू र यस अदालतबाट समय-समयमा भएका व्याख्या तथा प्रतिपादित सिद्धान्त प्रतिकूल हुने गरी कानूनसँगको द्वन्द्वमा आएका बालबालिकाको पहिचानको गोपनीयता कायम नराख्ने, सजाय निर्धारण गर्दा, कैद ठेक्दा तथा अन्य विविध सन्दर्भमा बालबालिकाको सर्वोत्तम हिततर्फ वाञ्छित संवेदनशीलता नअपनाउने प्रवृत्तिहरूमा सुधार गरिनुपर्ने।

उदयशंकर मण्डल वि. सुर्खेत जिल्ला अदालत (ने.का.प.२०७५, अंक १, नि.नं.९९३०)

- बाल न्याय प्रणालीमा परम्परागत फौजदारी न्याय प्रणालीभन्दा फरक र विशिष्ट प्रकारका सिद्धान्तहरू छन्। बाल न्यायका आधारभूत मान्यताहरूलाई नजरअन्दाज गरेर फौजदारी न्यायका सामान्य मान्यताहरूकै मापदण्ड अनुसार हेर्ने गरियो भने बाल न्यायका उद्देश्य, मान्यता र हासिल गर्न खोजिएका अभिष्ट पूरा हुन सक्दैनन्। सजाय स्थगनको सन्दर्भमा समेत यो कुरा विचारणीय बन्ने।

बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) को प्रावधानलाई दफा १२ को सापेक्षतामा हेर्दा सजाय स्थगित गरिएकोमा सोही बालकले एक वर्ष नाघेपछि अन्य कुनै कसूर गरे वापत दोषी ठहरी कैदको सजाय पाएमा पनि पहिले ठहर भएको कैद सजाय (स्थगित भई एक वर्षको अवधि नागेपछि कसूर गरेको अवस्थामा) कार्यान्वयन गर्नु पर्दैन, पटके पनि कायम हुँदैन, त्यस प्रकारको कैदको लगत सदाका लागि कट्टागर्नु पर्ने देखिने।

नेपाल सरकार वि कुमारप्रसाद (ने.का.प.२०७५, अंक ११, नि.नं.१०१२७)

- तीन वर्ष वा सो भन्दा बढी कैद वापतको बालसुधार गृहको नियन्त्रण हुन सक्दैन। त्यस्तो मुद्दामा बालबालिका सम्बन्धी ऐन को दफा २४ (२) (ख) अनुसार पुर्पक्षको लागि बालसुधार गृहमा पनि राख्न मिल्दैन "भन्ने आदेश भएको छ अर्थात् बालसुधार गृहमा राखि मुद्दा पुर्पक्ष गर्ने आदेश हुनका लागि त्यस्तो बालबालिकालाई कम्तीमा तीन वर्षको कैद गर्नै पर्ने प्रकृतिको हुनु पर्दछ।

अजय शंकर झा वि. रोल्पा जि.अ., ०७७-WH-०४२३, २०७८/०४/०८

- बालकहरूमा आएको सुधारबारे सजाय स्थगन वा स्वरूप परिवर्तन गर्ने विषयमा बालसुधार गृहको समेत राय लिई पुनःकानून बमोजिम आदेश गर्नु भनी विपक्षी उदयपुर जिल्ला अदालतको नाममा परमादेशको

०७६-WH-०४१०,

आदेश जारी हुने ठहर्छ ।

२०७७।०४।०५

- निवेदकको आमाको जिम्मामा रहेको अवधिसमेत जोड्दा फैसलाले ठहर गरेको बालसुधार गृहमा बस्न पर्ने अवधि भुक्तान भइसकको देखिंदा हाल बालसुधार गृहमा बस्न पर्ने अवधि भनी जारी भएको कैदी पूर्जी गैर कानूनी देखिई उक्त कैदी पूर्जी उत्प्रेषणको आदेशले बदर भएकोले निज निवेदक परिवर्तित नाम भक्तपुर २७-A12 लाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट आजै थुनामुक्त गरिदिनु भनी यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरीदिएको छ ।

भक्तपुर २७-A12 वि. भक्तपुर जि.अ.०७७-WH-०२७४ मिति २०७७।१२।०९

- अब उप्रान्त कसूरजन्य कार्यको आरोप लगाई नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धानका लागि निगरानी कक्षमा राख्न अदालतको अनुमति माग गर्दा अनिवार्य रूपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१७ बमोजिम एक पटकमा पाँच दिनमा नबढ्ने गरी बढीमा एक्काइस दिनसम्मको मात्र म्याद थपको माग गर्न ।

  निजहरूको तत्काल बयान गराउन र सोही कसूरमा अन्य उमेर पुगेका व्यक्ति भए निजहरूको छुट्टै मिसिल खडा गर्न आवश्यक व्यवस्था मिलाउन भनी सबै जिल्ला सरकारी वकील कार्यालय र प्रहरी कार्यालयहरूलाई सूचीत गर्न महान्यायाधिवक्ताको कार्यालयलाई तथा म्याद थप गर्दा सोही कानूनी व्यवस्था अनुरूपको समयावधि विचार गरी अपरिहार्यताको स्थितिमा मात्र म्याद थप गर्नु भनी सबै जिल्ला अदालतहरूलाई समेत जानकारी दिनु ।

  कसूरजन्य कार्यको सिलसिलामा बालबिालकालाई नियन्त्रणमा लिँदा निजहरूको सुरक्षा लगायत सर्वोत्तम हितलाई विचार गरी निजका परिवारका सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउन उपयुक्त नभएको अपरिहार्य स्थितिमा मात्र त्यस्ता बालबालिकालाइ बालबालिका सम्बन्धी ऐन, २०७५ ले कल्पना गरे अनुरूपको सुविधा रहेको निगरानी कक्षमा राख्ने व्यवस्था मिलाउनु भनी नेपाल सरकार, गृह मन्त्रालयलाई लेखी पठाउनु ।

  बाल अदालतको गठन नभएसम्म बालबालिकाको सर्वोत्तम हितले प्राथमिकता पाउन नसक्ने हुँदा यथासक्य चाँडो बाल अदालतको गठन एवम् त्यसका लागि आवश्यक पूर्वाधारहरू र सुविधाहरू समेतको व्यवस्था मिलाउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाउनु ।

परिवर्तित नाम रुकुम पश्चिम ३६ को हकमा अधिवक्ता लक्ष्मी नानि थापा रिट नं. ०७६-WH०३८० आदेश मिति २०७७।३।२१

- बालबालिका सम्बन्धी ऐन, २०४८ विशेष ऐन भई बालबालिकाले गरेको कसूरमा अन्य वयस्क उमेरका व्यक्तिले गरेको भन्दा सजायमा केही छुट प्रदान गरेको कुरालाई ऐनले क्षतिपूर्तिको दायित्वसमेत बेहोर्नु नपर्ने गरी छुट प्रदान गरेको भनी Absurd Interpretation गर्न मनासिव नहुने ।

  क्षतिपूर्तिलाई कैद र जरिवाना सरहकै सजायको रूपमा राखी प्रतिवादीले अतिपूर्ति नतिरे सो वापत निजले कैदसमेत बस्नु पर्ने हुन्छ भन्ने व्याख्या गरी पीडित हुन पुगेका बालकलाई निजको कानून बमोजिमको क्षतिपूर्ति पाउने अधिकारबाट वञ्चित गर्न मनासिव नहुने ।

  प्रतिवादीहरूका नाउँमा कुनै सम्पत्ति नभए निजहरूका आमा वुवाका नाउँमा रहेको निजहरूको अंश भागमा पर्न आउने सम्पत्तिबाट पीडितले क्षतिपूर्ति भराइ पाउने र सो अवस्था नभए कानूनबमोजिम खडा भएको पीडित राहत कोषबाट अतिपूर्ति पाउने ।

नेपाल सरकार वि गुलाब मियाँ ने.का.प.२०७६, अंक ९, नि.नं. १०३६१

- बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५(१) मा उल्लेख भए अनुसार बाल अदालत स्थापना गर्नुपर्ने दायित्व श्री ५ को सरकारको नै देखिएकोले सो कानूनी व्यवस्था बमोजिम बाल अदालत स्थापना गर्ने कार्य शीघ्र अगाडि वढाई त्यसको कारबाहीको जानकारी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखालाई गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउमा तथा बाल अदालत स्थापना सम्बन्धी कारवाहीको प्रभावकारी अनुगमन गर्ने भनी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखाको नाँउमा निर्देशनात्मक आदेश जारी ।

सन्तोष कुमार महतो वि. प्रमं तथा मपका समेत, २०६१ सालको रिट नं. ६०, आदेश मिति २०६२।८।९,

- बालगृह नभएको कारण गृह मन्त्रालयबाट लेखिएको पत्र समेतको आधारमा कारागार शाखाको छुट्टै कोठामा बालगृहको रूपमा निवेदकलाई राखिएको कार्यलाई गैरकानूनी थुना भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

आशिष अधिकारी वि. जिप्रका ललितपुरसमेत मिति २०५८।४।२९

- बालबालिका संलग्न भएका मुद्दाहरूमा बालबालिका सम्बन्धी ऐन, २०७५ ले निर्दिष्ट गरेको कार्यविधि

बमोजिम बालबालिकाको वैयक्तिक परिचयको गोपनीयता कायम राख्नु पर्ने, बालबालिका र वयस्क प्रतिवादी भएको मुद्दाको अलग अलग अभियोजन तथा कारबाही हुनु पर्ने, बालबालिकाको मुद्दा बाल इजलासबाट नै हेरिनु पर्ने बाध्यात्मक कानूनी व्यवस्था छँदाछँदै अन्यथा तवरबाट मुद्दामा कारवाही र किनारा गरिनु उचित होइन । यसप्रकारको कार्यबाट बाल न्यायप्रति वाञ्छित संवेदनशिलता नअपनाएको देखिन जान्छ र अनुसन्धानकर्ता, अभियोजनकर्ता तथा न्यायकर्ता समेतको कार्यक्षमतामा नै प्रश्न उठ्ने अवस्था रहन्छ ।

खड्कबहादुर गुरुङ्ग वि. जिप्रका नवलपरासीसमेत मुद्दा नं ०७८–WH–०१९१ आदेश मिति २०५९।३।१६

## महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका निर्देशन / परिपत्र

महान्यायाधिवक्ता को कार्यालयको व्यवस्थापन समितिको मिति २०७५।०२।१४ को निर्णय

- महिला तथा बालबालिका संलग्न हुने सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी समेतमा प्रभाकारिता ल्याउन महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको निर्णयबाट देहाय बमोजिम कार्यादेश दिई महिला तथा बालबालिका सम्बन्धी केन्द्रिय एकाइको स्थापना गरिएको छः

१. महिला तथा बालबालिका संलग्न हुने मुद्दामा अनुसन्धान, अभियोजन तथा बहस पैरवी समेतका कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्ने गराउने सम्बन्धमा केन्द्रीय एकाइको रूपमा आवश्यक सहयोग, समन्वय गर्ने ।

२. अनुसन्धान, अभियोजन तथा मुद्दाको कारवाहीको क्रममा मुद्दामा संलग्न हुन आउने महिला तथा बालबालिकाको मानव अधिकारको संरक्षण, स्वच्छ सुनुवाइ, अपराध पीडितको संरक्षण समेतका सम्बन्धमा भएका कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन भए, नभएको अनुगमन गर्ने तथा सो सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने प्रबन्ध गर्ने र देखिएका कमी कमजोरी सुधार गर्न सुझाव दिने ।

३. महिला तथा बालबालिका पीडित भएका मुद्दामा असफलताका कारणहरूको अध्ययन अनुसन्धान गरी देखिएका कमी कमजोरीमा सुधार ल्याउन तथा गर्नु पर्ने सुधारका कदमका विषयमा सुझाव पेश गर्ने एवं सो सम्बन्धमा गर्न पर्ने सुधारका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

४. अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३ को प्रभावकारी कार्यान्वयन गराउने तथा सोको कार्यान्वयनको अवस्थाको सम्बन्धमा अनुगमन गर्ने, विशेष प्रकृतिका मुद्दामा पक्षहरूको गोपनियता कायम गर्ने सम्बन्धी निर्देशिकाको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गर्ने ।

५. अपराध पीडित महिला तथा बालबालिकाको अधिकार संरक्षणको विषयमा विद्यमान कानूनमा भएका विशेष व्यवस्था, राज्यबाट उपलब्ध हुन सक्ने सेवा स्विधाको विषयमा जनचेतना प्रवाह गर्ने कार्यक्रम संचालन गर्ने ।

६. महिला तथा बालबालिकाको न्यायमा पँहुच बढाउनका लागि आवश्यक कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याउने ।

७. महिला तथा बालबालिकाको न्यायमा पहुच बढाउनका लागि अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यता, सन्धि, महासन्धिको व्यवस्था, विभिन्न देशमा भएका असल अभ्यास समेतको अध्ययन गरी तत् सम्बन्धमा नेपालको कानून प्रणालीमा गर्नु पर्ने सुधार संशोधन तथा नयाँ कानून निर्माणको विषयमा अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्ने ।

८. महिला तथा बालबालिका सम्बन्धी मुद्दामा आवश्यक पर्ने विशिष्टीकृत सरकारी वकीलको संख्या आँकलन गरी निजहरूको दक्षता विकास, सीप विकास गरी निजहरूबाट प्रवाह गरिने सेवाको गुणस्तरमा वृद्धि गर्न आवश्यक पर्ने क्षमता विकास कार्यक्रम, समेतका विषयमा आवश्यक समन्वय गर्ने ।

९. महिला तथा बालबालिका संलग्न हुने मुद्दाको अनुसन्धान अभियोजन, सुनुवाइ सम्बन्धी कारबाहीमा तथा अपराध पीडितलाई फैसला कार्यान्वयनमा प्रभावकारी प्रतिनिधित्व गर्न सहजीकरण गर्ने ।

१०. सरकार वादी फौजदारी मुद्दामा संलग्न भएका महिला तथा बालबालिकाको अधिकार हकहित संरक्षणको सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने । यस्ता मुद्दाको तथ्यांक एकीकृत गरी राख्ने ।

११. महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशील संघ संस्थाहरूसँग निर्दिष्ट लक्ष्यहरू प्राप्तिका लागि नेपाल प्रहरीको महिला तथा बालबालिका सेल लगायतका सरोकारवाला निकायसँग समन्वय गरी सहकार्यका लागि पहल गर्ने।

१२. सरकारी वकील कार्यालयहरूमा रहेका बालमैत्री एवम् पीडितमैत्री कक्षको प्रयोग तथा तिनको व्यवस्थापनको अवस्थाका सम्बन्धमा अनुगमन गर्ने गराउने।

१३. महिला तथा बालबालिका सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसला एवम् आदेशहरू संकलन गरी सम्बद्ध सरोकारवालाहरू समक्ष प्रवाह गर्ने।

१४. सरकारी वकील कार्यालयमा रहेका पीडित सहायता अधिकतको विवरण अध्याबधिक गरी आवश्यक सूचना, जानकारीहरू प्रवाह गर्ने।

१५. अन्य सरकारी वकील कार्यालयहरूमा रहेका महिला तथा बालबालिका सेलसँग समन्वय गर्ने।

१६. महान्यायाधिवक्ताको कार्यालयबाट तोकिएको अन्य कार्यहरू गर्ने।

महान्यायाधिवक्ता को कार्यालयको च.नं. १०५३६ मिति २०७६।१।८ को परिपत्र

- उपर्युक्त सम्बन्धमा वर्ष १७ का राजबहादुर भन्ने राजमान थामी उपर मुलुकी ऐन जबरजस्ती करणी को ३(३) नं. बमोजिम सजायको मागदाबी रहेकोमा दाबी बमोजिम कसूर ठहर भै ६ वर्ष कैदको सजाय हुनेमा प्रतिवादी १८ वर्ष मुनिको नाबालक देखिँदा बाललबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) बमोजिम उमेर पुगेको कसूरदारलाई हुने सजायको (दुई तिहाई) अर्थात् ४ वर्ष कैद सजाय हुने गरी सुरु दोलखा जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका बखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ" भन्ने व्यवस्था गरेकोले प्रस्तुत मुद्दाको फैसला कानून बमोजिम नै देखिँदा पुनरावेदन गर्नु पर्ने देखिएन।
- अतः यसै प्रकृतिका मुद्दामा यही कानूनी व्यवस्था बमोजिम अभियोग दावी लिँदाका बखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका बखत कायम रहेको कानूनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदाबी भन्दा कम सजाय भए उपर पुनरावेदन नगर्ने। प्रस्ताव पठाई निकाशा लिई रहन औचित्य पूर्ण नदेखिंदा त्यस्ता मुद्दाहरूमा कसूर कायम जनाई मुद्दाको लगत कट्टा गर्न मातहतका सरकारी वकील कार्यालयहरूमा समेत परिपत्र गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

### ➢ निर्देशन नं. ९. वस्यक महिलाले नाबालकलाई यौन दुरूपयोग गरे गराएमा मुद्दा दायर गर्ने:

व्यवस्थापन समितिको मिति २०७७।१२।२६ गते बसेको बैठकबाट जारी भएको निर्देशन

- मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (२) एवम् बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (३) को खण्ड (ग), (ङ), (च), (छ), (ज), (झ) र (ट) मा उल्लेख भएको कसूर बालिकाका विरुद्ध मात्र नहुने भै बालकका विरुद्ध पनि हुने भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (२) र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) र (३) मा उल्लेखित जुनसुकै कसूर कुनै वयस्क महिलाले बालक वा बालिका जोसुकै उपर गरेको भए पनि त्यस विरुद्ध उजूरी पर्न आएमा त्यस्ता महिला उपर उक्त कानूनी व्यवस्था अनुसारको कसूरमा अनुसन्धान तथा अभियोजन सम्बन्धी कारवाही गर्ने।

### ➢ निर्देशन नं. १३ बालबालिका हुँदा गरेको कसूरजन्य कार्य गर्ने व्यक्ति वयस्क भएपछि पक्राउ परेमा अनुसन्धान तथा अभियोजन गर्दा बाल न्यायसम्बन्धी कार्यविधि नै लागू गर्ने सम्बन्धमा:

व्यवस्थापन समितिको मिति २०७८।०३।२५ गते बसेको बैठकबाट जारी भएको निर्देशन

- बालाबलिका सम्बन्धी ऐन, २०७५ को दफा (२) को खण्ड (ञ) अनुसार बालबालिका मानिने कुनै व्यक्तिले कसूरजन्य कार्य गरी फरार रहेकोमा निज १८ वर्ष उमेर पूरा भएपछि पक्राउ परेमा कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी कारबाही गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पदान (कार्यविधि) नियामवली, २०७६ को कानूनी व्यवस्थाले निर्धारित प्रक्रिया अनुसार गर्ने गराउने।

# भाग–तीन

## सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ, दायरी र प्रतिरक्षामा सरकारी वकीलको भूमिका

# परिच्छेद–एक

## मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची २८ मा समावेश भएका नेपाल सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ, दायरी र प्रतिरक्षामा सरकारी वकीलको भूमिका

## यस परिच्छेद भित्र

१. सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ, दायरी र प्रतिरक्षासँग सम्बन्धित कानून
२. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनूसुची २८ मा समावेस भएका सरकार वादी हुने देवानी मुद्दाहरू
३. सरकार वादी हुने देवानी मुद्दा सम्बन्धी व्यवस्थाः
   - नेपाल सरकार वा त्यसको कुनै कार्यालय, अदालत, संवैधानिक निकायको हक हित वा सरोकार भएको मुद्दा
   - सरकारी जग्गा दपोट सम्बन्धी मुद्दा
   - तिरो दपोट सम्बन्धी मुद्दा
   - विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न नपाईने र विदेशीलाई अंश अपुताली प्राप्त भएमा हस्तान्तरण गर्नु पर्ने विषय समावेश भएको मुद्दा
   - सरकारी रकम कलम दवाएको वा सरकारी हकदैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा
   - नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू देवानी मुद्दा
४. सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ सम्बन्धी व्यवस्था
५. जाँचबुझ गर्ने अधिकृतले राय पेश गर्नु पर्ने र रायमा खुलाउनुल पर्ने कुरा
   - जाँचबुझको राय सहित मिसिल पेश भएपछि सरकारी वकीलले ध्यान दिनु पर्ने कुराः
६. सरकारी वकीलले निर्देशन दिने
   - सरकारी वकीलले मुद्दा चलाउने निर्णय गर्दा विचार पुऱ्याउनु पर्ने मूलभूत कुरा
७. सरकारी वकीलले मुद्दा चल्ने नचल्ने निर्णय गर्ने
   - हदम्याद सम्बन्धी व्यवस्था
   - सरकारी वकीलवाट मुद्दा नचलाउने निर्णय गरेमा अवलम्वन गर्नु पर्ने प्रकृया
८. सरकार वादी हुने देवानी मुद्दाको दायरी
   - फिरादपत्र तयार गर्नु अघि ध्यान पुऱ्याउनुपर्ने कुरा
   - फिरादपत्रको ढाँचा र फिरादपत्रमा खुलाउनु पर्ने कुरा
   - फिरादपत्र तयारी गर्दा ध्यान पुऱ्याउनुपर्ने कुरा
   - फिरादपत्रको दायरी
   - पुनरावेदन गर्दा ध्यान दिनुपर्ने कुरा
   - पुनरावेदनपत्रमा खुलाउनुपर्ने कुरा
   - पुनरावेदन गर्दा पुऱ्याउनु पर्ने रीत र पक्रिया
   - पुनरावेदन गर्दा सरकारी वकीलले विचार गर्नुपर्ने कुरा
   - पुनरावेदन नगर्ने निर्णय गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया
१८. सरकार वादी हुने देवानी मुद्दाको पुनरावलोकन गर्ने निर्णय प्रक्रियामा सरकारी वकीलको भूमिका
   - पुनरावलोकनको लागी निवेदन दिँदा विचार गर्नुपर्ने कुराहरू
   - पुनरावेदन नगर्ने निर्णय गर्दा विचार गर्नु पर्ने कुरा
९. अन्तर्कालिन आदेश जारी गर्न निवेदन दिने सम्बन्धी व्यवस्था
१०. सरकार वादी हुने देवानी मुद्दामा इतलायनामा र म्याद तामेली सम्बन्धी व्यवस्था
   - इतलायनामा तामेल गर्दा विचार गर्नुपर्ने कुराहरू
११. सरकारलाई प्रतिवादी बनाईदिएको देवानी मुद्दामा प्रतिउत्तर पत्रः
   - प्रतिउत्तरपत्र तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा
   - प्रतिउत्तरपत्रको ढाँचा र खुलाउनुपर्ने कुरा
१२. सरकार वादी हुने देवानी मुद्दामा वारिस सम्बन्धी व्यवस्था
   - विभागीय प्रमुखले विचार गर्नु पर्ने कुरा
   - चलन चलाउने / नामसारी दाखिल खारेज गर्ने
   - फैसला कार्यान्वयनमा सरकारी वकीलको संलग्नता र निजले निर्वाह गर्नुपर्ने भूमिका
   - प्रमाण परीक्षण गर्दा सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा
   - प्रमाणहरूको परीक्षणमा सरकारी वकीलको भूमिका
   - साक्षी बकाउने वा प्रमाण पेश गर्ने सम्बन्धी व्यवस्था
१३. सरकार वादी हुने देवानी मुद्दामा साक्षी एवं प्रमाण परीक्षणमा सरकारी वकीलको संलग्नता र भूमिका
   - देवानी मुद्दामा प्रमाणको भारको सम्बन्धमा रहेका मूलभुत कानूनी व्यवस्था
   - साक्षी परीक्षण
   - देवानी मुद्दामा साक्षीको महत्व
   - प्रमाणहरूको परीक्षणमा सरकारी वकीलको भूमिका
   - प्रमाण परीक्षण गर्दा सरकारी वकीलले ध्यान दिनु पर्ने कुराः
१४. सरकार वादी हुने देवानी मुद्दामा बहस पैरवी र प्रतिरक्षा
१५. सरकार वादी हुने देवानी मुद्दामा फैसला पश्चात सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिका
१६. फैसला उपर पुनरावेदन गर्नु पर्ने नपर्ने सम्बन्धमा
१७. सरकार वादी हुने देवानी मुद्दाको दोहोऱ्याउने निवेदन दिने नदिने निर्णय सम्बन्धी प्रक्रियामा सरकारी वकीलको भूमिका
   - मुद्दा दोहोऱ्याउने सम्बन्धी कार्यविधि
   - मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त नभएमा
२०. विविध

१९. सरकार वादी हुने देवानी मुद्दा फैसला कार्यान्वयनको प्रक्रियाको क्रममा सरकारी वकीलको संलग्नता र निर्वाह गर्नुपर्ने भूमिका

- फैसला कार्यान्वयनको परिचय
- फैसला विधिवत प्राप्ति गर्ने
- फैसला बमोजिम अद्यावधिक लगत राख्ने
- मुलतवी
- मुद्दा फिर्ता लिने वा मिलापत्र गर्नेः
- अन्य देवानी मुद्दा चलाउने सम्बन्धी व्यवस्था
- नेपाल सरकार उपर नालिस दिने कार्यविधि
- अन्य विषयमा संहिता र कानून बमोजिम हुनेः
- छुट्टै कानूनमा लेखिएको कुरामा असर नपर्नेः
- सरकार वादी देवानी मुद्दामा सरकारी वकील

## १. सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ, दायरी र प्रतिरक्षासँग सम्बन्धित कानुन:

मुलुकी देवानी कार्यविधि संहिता २०७४ को अनुसुची २८ मा लेखिएको मुद्दा प्रचलित कानूनमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वादी हुने भनिएको देवानी मुद्दा दफा २५४ बमोजिम दायर भएका मुद्दा बाहेक अन्य देवानी मुद्दा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा २५८ र नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले समय–समयमा राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अरू देवानी मुद्दाको जाँचबुझ दायरी साक्षी बकपत्र वा प्रमाण पेश गर्न बहस पैरवी र प्रतिरक्षा गर्ने एवं त्यस्ता मुद्दाको पुनरावेदन गर्ने वा मुद्दा दोहोऱ्याउने र पुनरावलोकन गर्ने सम्बन्धमा निम्नलिखित कानूनहरूमा उल्लेख गरिएका कार्यविधि अनुसार कारवाही गर्नु पर्दछ।

| ऐनहरू | नियमावलीहरू |
|---|---|
| (क) मुलुकी देवानी संहिता, २०७४<br>(ख) मुलुकी देवानी कार्यविधि संहिता,२०७४<br>(ग) न्याय प्रशासन ऐन, २०७३,<br>(घ) राजस्व न्यायाधिकरण ऐन, २०३१,<br>(ङ) प्रमाण ऐन, २०३१,<br>(च) संक्षिप्त कार्यविधि ऐन, २०२८,<br>(छ) जग्गा (नापजाँच) ऐन, २०१९ को सम्बन्धित दफाहरू,<br>(झ) नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू देवानी मुद्दाको हकमा त्यस्ता तोकिएको मुद्दासँग सम्बन्धित कानूनहरू<br>(ञ) भूमि सम्बन्धी ऐन २०२१<br>(ट) मालपोत ऐन २०३४<br>(ठ) वन ऐन, २०७६ | (क) सरकारी वकील सम्बन्धी नियमावली, २०७७<br>(ख) जिल्ला अदालत नियमावली, २०७५<br>(ग) पुनरावेदन अदालत नियमावली, २०७३<br>(घ) सर्वोच्च अदालत नियमावली, २०७४<br>(ङ) जग्गा (नापजाँच) नियमावली, २०५८<br>(च) मालपोत नियमावली, २०३६<br>(छ) विर्ता उन्मूलन नियमावली, २०१७<br>(ज) भूमि सम्बन्धी नियमहरू २०२१<br>(ठ) वन नियमावली, २०७९ |

## २. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनूसुची २८ मा समावेस भएका सरकार वादी हुने देवानी मुद्दाहरू

| क्र. सं. | विवाद (मुद्दा)सँग सम्बन्धित विषय र कानून | जाँचबुझ गर्ने अधिकारी | मुद्दा हेर्ने अधिकारी | हदम्याद | पुनरावेदन म्याद | कार्यविधि |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार वा त्यसको कुनै कार्यालय, अदालत, संवैधानिक निकायको हक हित वा सरोकार भएको मुद्दा | अन्यथा तोकिएकोमा बाहेक मालपोत अधिकृत | छुट्टै तोकिएकोमा बाहेक सम्बन्धित जिल्ला अदालत | अन्यथा तोकिएकोमा बाहेक थाहा पाएको मितिले दुई वर्ष | ७० दिन | सामान्य |
| २ | मुलुकी देवानी संहिता, २०७४ को दफा ३०६-सरकारी जग्गा दपोट सम्बन्धी मुद्दा | ऐजन | ऐजन | जहिले सुकै | ऐजन | सामान्य |
| ३ | तिरो दपोट सम्बन्धी मुद्दा | ऐजन | ऐजन | थाहा पाएको मितिले दुई वर्ष | ऐजन | सामान्य |
| ४ | मुलुकी देवानी संहिता, २०७४ को दफा ४३२-विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न नपाइने सम्बन्धी विवाद समावेश भएको मुद्दा | ऐजन | ऐजन | जहिले सुकै | ऐजन | सामान्य |
| ५ | मुलुकी देवानी संहिता, २०७४ को दफा ४३३-विदेशीलाई अंश वा अपुताली प्राप्त भएमा हस्तान्तरण गर्नु पर्ने सम्बन्धी विवाद समावेश भएको मुद्दा | ऐजन | ऐजन | थाहा पाएको छ महिना | ऐजन | सामान्य |
| ६ | सरकारी रकम कलम दवाएको वा सरकारी हकदैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा | ऐजन | ऐजन | थाहा पाएको दुई वर्ष | ऐजन | सामान्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अरू देवानी मुद्दा | ऐजन | ऐजन | ऐजन | ऐजन | सामान्य |

## ३. सरकार वादी हुने देवानी मुद्दा सम्बन्धी व्यवस्थाः

(क) नेपाल सरकार वा त्यसको कुनै कार्यालय, अदालत, संवैधानिक निकायको हक हित वा सरोकार भएको मुद्दा (अभ्यासको आधारमा तय हुने, हालसम्म यस्तो विवाद नपरेको ।)

(ख) सरकारी जग्गा दपोट सम्बन्धी मुद्दाः

अंग्रेजी भाषामा Hiding the Land in Measurement/ Report भनिने जग्गा दपोट शब्दलाई नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले वि.सं. २०७७ मा प्रकाशन गरेको शब्दकोषमा "हुँदाहुँदैको जग्गा लुकाई छिपाई भोगचलन गरे वापत लाग्ने अभियोग, जग्गा दबाएको मुद्दा" भनी परिभाषित गरेको छ ।

### कानूनी व्यवस्थाः

सरकारी, सार्वजनिक तथा सामुदायिक जग्गा कब्जा वा आवाद गर्न नहुनेः

देवानी संहिताको दफा ३०६

- कसैले पनि सरकारी, सार्वजनिक तथा सामुदायिक जग्गा च्यापी, मिची, घुसाई वा अन्य कुनै तवरले आफ्नो कब्जामा राख्न हुँदैन ।
- कसैले पनि नेपाल सरकार सम्बन्धित सार्वजनिक संस्था वा समुदायको स्वीकृति नलिई सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा आवाद गर्न वा गराउन हुँदैन ।
- उपदफा (१) वा (२) विपरित कसैले सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा आफ्नो कब्जामा राखेमा वा आवाद गरेमा सरकारी वा सार्वजनिक जग्गा भए सम्बन्धित मालपोत कार्यालयले र सामुदायिक जग्गा भए सम्बन्धित स्थानीय तहले जग्गा छुट्याई र त्यस्तो जग्गाबाट उब्जेको बालि निजबाट लिई जग्गा खाली गराई दिनु पर्नेछ ।
- यस दफा विपरित सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा कब्जा वा आवाद गर्ने व्यक्तिलाई मालपोत कार्यालयले दश हजार रूपैयाँसम्म जरिवाना गर्नेछ ।

### महान्यायाधिवक्ताको कार्यालयको निर्देशन/परिपत्र

- सरकारी एवं सार्वजनिक जग्गा वा सम्पत्तिहरू हिनामिना हुने गरेको, व्यक्तिहरूले दुरूपयोग गर्ने गरेको, आफ्नो नाममा दर्ता गर्ने गराउने गरेको जस्ता कामहरू भई पछि मुद्दाको रूप लिई त्यस्ता मुद्दाहरूमा सरकारी वकीलहरूले बहस पैरवी प्रतिरक्षा गर्नु परिरहेको स्थिति छ । समयमै त्यस्ता सरकारी सार्वजनिक जग्गा वा सम्पत्तिहरूको संरक्षण वा सम्बर्द्धन हुन सके मुद्दामा जानुपर्ने अवस्था नरहने हुन्छ । अतः यस्ता सरकारी एवं सार्वजनिक सम्पत्तिहरू हिनामिना हुन लागेको वा भईरहेको जानकारी सरकारी वकीललाई भएमा त्यस्तो सम्पत्तिको संरक्षण सम्वर्दन गर्ने विषयमा के गर्न सकिन्छ ? सम्बन्धित पदाधिकारी वा प्रमुख जिल्ला अधिकारीसँग छलफल परामर्श गरी त्यस्तो दुरूपयोग रोक्न वा त्यस्ता दुरूपयोगलाई कानूनी दायरामा ल्याई के कसरी कारवाही र सजाय गराउन सकिन्छ यसका लागि पहल गर्ने ।

महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकीलहरूलाई जारी गरिएको कार्य निर्देशिका २०६७, बुदा नं. ३०

### सर्वोच्च अदालतबाट भएको फैसला / आदेश

➢ **Doctrine of Parens Patriae** अन्तर्गत राज्यले प्राकृतिक स्रोत साधनहरूको संरक्षकत्वको जिम्मेवारी लिनु पर्दछ । राज्य केबल संरक्षककर्ता मात्र मानिन्छ । राज्यले चाहेर पनि यस्ता सम्पत्तिहरूको स्वामित्व कसैमा हस्तान्तरण गर्न सक्दैन । उसले यस्ता सम्पत्तिहरूको सार्वजनिक प्रयोजनको लागि मात्र सवैको समान पहुँच र उपभोगको प्रत्याभूत गराउनु पर्दछ भन्ने मान्यता अनुरूप निवेदन दावीमा उल्लिखित सार्वजनिक पर्ति जग्गाको संरक्षण सम्वर्धन गर्नु राज्यको दायित्व मानिने ।
सरकारी जग्गा रहे भएको स्पष्ट भएको अवस्थामा सरकारी जग्गामा भोग बसोवास गरेकै आधारमा मात्र सो

नरोत्तम राना वि. प्रमं तथा मपका समेत नेकाप २०६६, अंक १२ नि.नं. ८२८०

जग्गा निजी हुन नसक्ने ।

- सार्वजनिक रूपमा भोग चलनमा छाडिएको पोखरीमा व्यक्ति विशेषको हक स्वामित्व कायम नरही सामाजिक भोग चलन र उत्तरदायित्वमा रहने हुंदा त्यस्तो सामाजिक भोग चलनको पोखरी जग्गा व्यक्ति विशेषले खिचोला गर्न आएमा अदालतको अनुमति लिई त्यस्तो सार्वजनिक सम्पतीको रक्षा गर्न उजुर गर्न पाउने हक जो सुकै नेपाली नागरिकलाई हुने गरी अ.वं.१० नं. मा सुरक्षित गरिएको छ । वादीहरूले समेत सोही हक अन्तर्गत प्रस्तुत उजुर गरेको देखिन्छ । दावीको पोखरी समेत पोत मिन्हा भै नापी भएको देखिएकोले विवादित पोखरी निजी भोगचलनमा रहेको भन्ने देखिन आएन । तसर्थ विवादीत पोखरीमा प्रतिवादीले खिचोला गरेको ठहरी पोखरी सार्वजनिक कायम भएको । — वौवालाल साहु वि. विश्वनाथ साह रौनियार, नेकाप २०६६, अंक ५,पृ. ७६४, निर्णय नं.८१४५
- एक पटक जंगल भनी वन सिमाना भित्र परेको जग्गा अनुचित तरिका अवलम्बन गरी आफ्नो नाउमा दर्ता गराउँदैमा सो दर्ताले सधैका लागि परिपक्वता प्राप्त गर्न सक्छ भन्न मिल्ने पनि देखिएन । — २०६३ –WO– ०५४८, मिति २०६७।७।७
- सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २२ अनुसार मुद्दा दायर हुने एउटा प्रकृया हो । तर सो बाहेक अन्य प्रकृयाबाट मुद्दा दायर नै हुन नसक्ने देखिदैन र त्यसरी फिराद गर्नलाई कुनै कानूनले रोक लगाएको वा वर्जित गरेको अवस्था नहुँदा सरकारले व्यक्ति सरह नालेस गर्न नपाउने पनि भन्न नमिल्ने । — नेकाप २०६५ अंक १, नि. नं. ७९१९,
- सरकारी मुद्दा सम्बन्धी ऐनको प्रकृयाबाट मुद्दाको उठान पनि भएको छैन र सरकार वन सार्वजनिक जग्गाको संरक्षण गर्ने जिम्मवारी र दायित्व भएको विभागीय मन्त्रालयबाट सिधै फिराद दायर भएको अवस्थामा सार्वजनिक रूपमा प्रयोग भएको गौचर जग्गाको संरक्षण गर्ने विषयलाई लिएर सरकारकै तर्फबाट परेको फिरादलाई अन्यथा भन्न नमिल्ने ।
  मालपोत ऐन २०३४ को दफा २४ ले सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउमा दर्ता वा आवाद गराउन नहुने र त्यसो गरेमा स्वतः बदर हुने व्यवस्था गरेको अवस्थामा त्यसरी व्यक्ति विशेषका नाममा भएको दर्ता स्वतः बदर हुने विषयका सन्दर्भमा हदम्याद लाग्न सक्ने अवस्था नहुने ।
  सार्वजनिक प्रकृतिको जग्गालाई व्यक्ति विशेषका नाममा दर्ता गर्ने प्रकृया समेतलाई बदर गर्नका लागि प्रस्तुत फिराद परेको हुँदा मालपोत ऐनको दफा २४ यस मुद्दामा आकर्षित हुने । — नेकाप २०६६, अंक १२, निर्णय नं. ८२७८
- विवादित पोखरी नापीको बेलामा मौकामा प्रमाण देखाई आफ्नो नाममा दर्ता गर्न नसकी उक्त समयमा दर्ता गराउन छुट भएको भए छुटमा दर्ता गरिपाऊँ भनी हालसम्म निवेदन समेत नगरेको र दर्ता गर्न हक पुग्ने प्रमाण नभएको अवस्था लगायतका तथ्यबाट मिन्ही लगतमा दर्ताको लागि छोडेको सार्वजनिक प्रकृतिको कायम हुने ।
  छुट दर्ताका लागि सरकारद्वारा तोकिने म्याद सार्वजनिक स्वरूप लिई सकेका सम्पत्ति व्यक्ति विशेषका नाममा दर्ता गरिदिने उद्देश्यले गरिने नभई व्यक्ति विशेषको भोगचलन हक स्वामित्वको संरक्षणका लागि हो । दशकौँ दशक पछिसम्म छूट दर्ताको प्रक्रिया चालू राख्ने विधिकर्ताको मनसाय होइन । विधिकर्ताको यो सतर्कताले दर्ता छुट्नुको भरपर्दो औचित्यपूर्ण आधार दावीकर्ताले प्रस्तुत गरेपछि मात्र निजको सो जग्गामा भोगचलन स्थापित रहे नरहेको हेर्नुपर्ने । — दिगम्बर चौधरी समेत विरुद्ध बैद्यनाथ झा समेत, नेकाप २०६७, अंक ७ निर्णय नं.८४१७
- नेपाल सरकारका नाममा दर्ता स्रेस्ता कायम रहेको सरकारी वा सार्वजनिक जग्गामा कुनै व्यक्तिले लामो समयसम्म भोगचलन गरेकै आधारमा व्यक्ति विशेषको नाममा नामसारी गर्न मिल्ने नदेखिने । — नेकाप २०७६ अंक १ नि.नं. १०१६९
- आधारभूत रूपमा हेर्दा पनि छुट दर्ता माग गर्ने विषय हो, सो अधिकार होइन, छुट दर्ताको निवेदन पर्दैमा सोबमोजिम गरिहाल्नु पर्छ भन्ने नहुने ।
  विवादित सम्पत्तिमा विभिन्न पक्षहरू मिली एकआपसमा तेरो मेरोको स्थिति देखाई निवेदन दिए भन्दैमा सम्बन्धित कार्यालयले अनिवार्य रूपमा तेरो मेरोमा सुनाउनु पर्छ भन्न मिल्दैन । दाबीको औचित्य र प्रमाण हेरी कसैको पनि दाबी अस्वीकार गर्न सकिने ।
  जग्गाको दर्ता शंकास्पद छ, भोग द्विविधाजनक छ र नापी भएको चार दशकपछि जग्गा दर्ता माग गर्नु पर्ने चित्त बुझ्दो कारण नदिइएको अवस्थामा मालपोत कार्यालयको निर्णय बदर गर्न रिटको क्षेत्राधिकार प्रयोग गर्नुपर्ने औचित्य र वाञ्छनीयता दुवै नदेखिने । — श्याममान श्रेष्ठ वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, नेकाप २०७६ अंक २ नि.नं. १०२०६
- छुट जग्गा दर्ताको दाबी लिएर आउने पक्षले आफ्नो हकको स्रोतलाई निर्विवाद रूपमा पुष्टि गराउन सक्नु पर्ने । कानूनले निर्दिष्ट गरेको प्रक्रिया बमोजिम ७ नं. फाँटवारीसमेत भरेको नदेखिएको र कसैको पनि हकभोग, तिरो, दर्ताको रूपमा नरहेको जग्गा नापी हुँदा जग्गाधनी र जोताहा महल खाली राखी पर्ती जनिई फिल्डबुक तयार — नेकाप २०७६ अंक ५ नि.नं. १०२५८

भई नेपाल सरकारको नाममा दर्ता भएको जग्गामा वादीको हक कायम हुन नसक्ने ।

- कुनै सम्पत्ति व्यक्तिगत कायम हुन सो सम्पत्तिको साबिक स्रोत स्पष्टसँग खुल्नुपर्छ । सो सम्पत्ति क्रेताले कानून बमोजिम प्राप्त गरेको हुनुपर्छ । प्राप्त गरेको सो सम्पत्तिमा धनीको निरन्तर रूपमा भोग रहेको हुनुपर्छ । तर यदि उक्त सम्पत्तिको स्रोत नै स्पष्ट छैन, सो सम्पत्तिमा धनीको कुनै किसिमको भोग पनि छैन र लामो समयदेखि सो सम्पत्ति सार्वजनिक उपभोगमा कायम रहिरहेको स्थिति छ भने सो सम्पत्ति व्यक्तिगत सम्पत्ति नभई सार्वजनिक प्रकृतिको सरकारी सम्पत्ति नै भएको मान्नुपर्ने । — नेकाप २०७६ अंक ५ नि.नं. १०२७५
- सरकारी गौचरण, वन जङ्गलका जग्गा कसैले निजी बनाई दर्ता गर्छ भने सो कार्य अनुचित हुँदा सो विषय सार्वजनिक हित र सरोकारको विषय बन्छ । यस्तोमा जोसुकैले उजुरी गर्न पाउने मात्र होइन, एउटा संवैधानिक निकायको रूपमा त्यस्ता अनुचित कार्य रोकी सार्वजनिक हितको रक्षा गर्नु आयोगको क्षेत्राधिकारभित्रको विषय बन्ने, — ने.का.प. २०७६ अंक ९ नि.नं. १०३५८

**(ग) तिरो दपोट सम्बन्धी मुद्दा:**

अंग्रेजी भाषामा Concealment of revenue भनिने तिरो दपोटलाई नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणा मन्त्रालयबाट वि.सं. २०७७ मा प्रकाशित भूमि शब्दकोश अनुसार तिरो दपोट भन्नाले "खोला पहिरो लागि जग्गा खेती गर्न अयोग्य भनी स्रेस्ताको लगत काटिएकोमा पछि जग्गा खेतीयोग्य भएपछि साविक बमोजिम दर्ता गरी तिरी खानुपर्नेमा सो नगरी जग्गा भोग गर्ने कार्य " भनी उल्लेख गरिएको छ ।(प्रचलित कानूनमा यस सम्बन्धी थप व्यवस्था र मुद्दाको अभ्यास देखिएको छैन)

**(घ) विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न नपाईने र विदेशीलाई अंश अपुताली प्राप्त भएमा हस्तान्तरण गर्नु पर्ने विषय समावेश भएको मुद्दा:**

**कानूनी व्यवस्था:**

- कसैले पनि नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गर्न पाउने छैन ।
  तर गैर आवसीत नेपाली नगरिकता प्राप्त गरेको व्यक्तिको हकमा प्रचलित कानून बमोजिम हुनेछ । — देवानी संहिताको दफा ४३२
- उपदफा (१) विपरित कसैले विदेशीलाई कुनै असल सम्पत्ति हस्तान्तरण गरेमा सो सम्बन्धी लिखत स्वतः बदर भई त्यस्तो सम्पत्ति नेपाल सरकारको हुनेछ ।
- उपदफा (१) बमोजिम अचल सम्पत्ति प्राप्त गर्दा परेको साहुको थैली कपली सरह हुनेछ ।
- कुनै विदेशीलाई नेपालभित्रको कुनै अचल सम्पत्ति अंश वा अपुताली प्राप्त भएमा नेपाल सरकारको स्वीकृति भएकोमा बाहेक सो सम्पत्ति निजको नाममा नामसारी, दर्ता हुन वा सो सम्पत्तिको आम्दानी निजले उपभोग गर्न पाउने छैन ।
  तर गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा यो व्यवस्था लागू हुने छैन । — देवानी संहिताको दफा ४३३
- उपदफा (१) बमोजिम विदेशीलाई कुनै अंश वा अपुताली प्राप्त भएमा त्यस्तो विदेशीले त्यस्तो सम्पत्ति कुनै प्रकारले नेपाली नागरिकलाई हस्तान्तरण गर्नु पर्नेछ र त्यस्तो प्रयोजनका लागि सम्बन्धित कार्यालयले हक हस्तान्तरण गर्ने दिनको लागि मान्य हुने गरी अस्थायी जग्गा धनी प्रमाण पूर्जा जारी गर्नेछ ।
- उपदफा (१) बमोजिम विदेशीको नाममा प्राप्त भएको अंश वा अपुतालीको सम्पत्तिमध्ये अंशको हकमा जहिलेसुकै पनि र अपुतालीको हकमा त्यस्तो प्राप्त भएको तीन वर्षभित्र उपदफ (२) बमोजिम नेपाली नागरिकलाई हस्तान्तरण नगरेमा सो म्याद नाघेपछि त्यस्तो सम्पत्ति उपर नेपाल सरकारको हक हुनेछ ।

**सर्वोच्च अदालतको फैसला / आदेश**

- विदेशी नागरिकलाई कुनै प्रकारले हक छाडी दिन नहुने बन्देज मुलुकी ऐन अदलको २ नं. मा रहेको हुनाले त्यस्ता विदेशी नागरिकले आफ्नो नाउँमा रैकरमा दर्ता गराउन हुँदैन र विर्ता उन्मूलन भै रैकरको लगतमा — अचला राज्य लक्ष्मी देवी वि.शान्त शमशेर

दर्ता हुने जग्गावाला कायम गर्ने हकमा आफ्नो नाउँमा दर्ता हुने सबूत साथ निवेदकले दरखास्त गरेमा भूमि प्रशासन कार्यालयबाट दर्ता हुन सक्ने अवस्था देखिन्छ ।

नेकाप २०२८, नि.नं. ६००

- हक प्राप्तिको अधिकार दिने कानूनको वा सरकारी स्विकृतिको अभावमा राजिनामा वा जग्गा खरिद विक्रीको लिखतले स्वमित्वको सिर्जना हुन सक्ने होइन । शरणार्थीहरू सामूहिक रूपमा बसोवास गरेको र सार्वजनिक प्रकृतिका संस्थाहरू संचालित रहेको सार्वजनिक प्रकृतिको जग्गा लाई कसैको नाउमा निजी रूपमा दर्ता गराउन खोज्नु र सो कार्यमा त्यहा बसोवास गर्नेले कसैको विरोध नजनाएकै आधारमा व्यक्ति विशेषको नाउमा भएको त्यस्तो जग्गाको दर्ताले कानूनी मान्यता प्राप्त गर्त नसक्ने ।
  २०२८ सालमा लिखत गराईलिएको भन्ने देखिए पनि त्यो काम कारबाही र दर्ता तत्काल प्रचलित मुलुकी ऐन अदलको महलको २नं. विपरीत रहेकोले त्यसबाट हक स्वामित्व सिर्जना हुन नसक्ने ।

वाङगे लामा समेत वि. अदुअआ समेत, नेकाप २०६८ नि.नं. ८६३९

- अचल सम्पत्ति विदेशीले अंश पाए नेपालीलाई हक छाड्नु पर्छ ।

फुदे ३६२ मिति २०२२।४।२६

- बाबु मरी अपुताली पर्न आएपछि प्रतिवादीले केही जग्गा बिक्री गरिसकेको कुरा मिसिलबाट देखिन्छ । प्रतिवादीले नेपाली नागरिकता प्राप्त गर्न नसकेको अवस्थामा आफूले सम्पत्ति राख्न नपाउने तर अरू कुनै नेपाली नागरिकलाई बिक्री गरी वा अरू कुनै व्यहोराले हक छाडि दिन पाउने भन्ने अदलको ३ नं.को कानूनी व्यवस्था अनुसार पाएको अधिकार प्रतिवादीले प्रयोग गर्न पाउने हुनाले सो अवसर प्रतिवादीलाई दिनु पर्नेमा अवसर नदिई सोझै विवादित जग्गा नेपाल सरकारको हुने भनी गरेको शुरू बाँके जिल्ला अदालतको फैसला केहि उल्टी गरी वादी दावीको जग्गा प्रतिवादीले बिक्री गरी वा अन्य कुनै व्यहोराले नेपाली नागरिकलाई हक छाडि दिन पाउने, तयसरी हक छाडि नदिएमा मात्र प्रतिवादीको नाममा दर्ता को जग्गामा कानून बमोजिम नेपाल सरकारको हक ठहर्ने भनी पुनरावेदन अदालत नेपालगंजले गरेको फैसला मिलेको देखिदा सदर हुने ठहर्छ ।

श्री ५ को सरकार वि. गयाप्रसाद बानियाँ सअबु बर्ष १४ अंक १ पृष्ट १७

- मुलुकी ऐन अदलको ३ नं. अनुसार नेपालमै बसेको भनी उल्लेख गरे पनि नेपाली नागरिकता प्राप्त गरी नसकेको, नेपाली नागरिक भएको पुष्टी हुने कुनै काजगात पेश गर्न सकेको नदेखिदा नेपाली नागरिक भन्न नमिल्ने । पति अंश हकको सम्पत्ति अपुताली पाउने भएता पनि नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नगरेको अवस्थामा अपुताली परेको जग्गा कुनै नेपाली नागरिकलाई बिक्री गरी वा अरू कुनै व्यहोराले हक छाडि दिने बाहेक निजको नाममा दर्ता हुने वा सो को आयस्ता खान पाउने भन्ने नदेखिने ।

कौलवासी नाउनी वि. रामवृक्ष नाउ देवानी कानून (परिवार) भाग ५, २०६६ पृष्ट १५४

**(ङ) सरकारी रकम कलम दवाएको वा सरकारी हकदैया लाग्ने कुरा कायम गर्ने विषयको मुद्दा:**

व्यवहारमा यस्ता मुद्दाको अभ्यास पाइएको छैन । यस प्रकृतिको मुद्दा परेमा जाँचबुझ गर्ने अधिकारी तोकी जाँचबुझ भई आए पश्चात् मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र मुद्दा चलाउने निर्णय, निर्णय बमोजिम सरकारी वकीलले मुद्दाको दायर, बहस, पैरवी र पुनरावेदन सम्बन्धी कार्य गर्नुपर्ने हुन्छ ।

**(च) नेपाल सरकार वादी हुने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू देवानी मुद्दा:**

यस्ता प्रकृतिका मुद्दा भनी हालसम्म नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरेको देखिँदैन । यस प्रकृतिको मुद्दा परेमा जाँचबुझ गर्ने अधिकारी तोकी जाँचबुझ भई आए पश्चात् मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र मुद्दा चलाउने निर्णय गरेमा निर्णयबमोजिम सरकारी वकीलले मुद्दाको दायरी बहस पैरवी र पुनरावेदन सम्बन्धी कार्य गर्नुपर्ने हुन्छ ।

## ४. सरकार वादी हुने देवानी मुद्दाको जाँचबुझ सम्बन्धी व्यवस्था:

### लिखित दरखास्त वा मौखिक सूचना:

### कानूनी व्यवस्था:

- अनुसूची¬२८ मा लेखिएको मुद्दा र प्रचलित कानूनमा नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तह वादी हुने भनिएको देवानी मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाको विषयमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको प्रमाण खुलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारी वा त्यसरी अधिकारी नतोकिएकोमा सम्बन्धित जिल्लाको मालपोत अधिकृत समक्ष लिखित दरखास्त वा

देवानी कार्यविधि संहिताको दफा २५४

मौखिक सूचना दिनु पर्नेछ ।

- उपदफा (१) बमोजिम मौखिक सूचना दिएकोमा सम्बन्धित अधिकारीले त्यस्तो व्यक्तिको कुरा दरखास्तको रूपमा लेखी निजको सहिछाप गराउनु पर्नेछ ।

**लिखित दरखास्तमा खुलाउनु पर्ने कुरा:**

मुलुकी देवानी कार्यविधि संहिता २०७४ मा सो संहिताको अनुसूची –२८ मा लेखिएको मुद्दा र प्रचलित कानूनमा सरकार वादी भनिएको देवानी मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो दरखास्त कुन ढाँचामा दिनुपर्छ भन्ने उल्लेख भएको देखिँदैन । यो दरखास्तले मुद्दामा मूल उजूरीको स्थान लिने र यसै दरखास्तको आधारमा मुद्दामा जाँचबुझ गर्ने अधिकृतले जाँचबुझ गर्ने हुँदा सो दरखास्तमा मुद्दाको प्रकृति अनुसार खुलाउन पर्ने कुराहरू खुलाउनु पर्दछ । साधारणतः त्यस्तो दरखास्तमा निम्न लिखित कुराहरू खुलाइएको हुनुपर्छः

(क) निवेदकको नाम, थर ठेगाना, उमेर,

(ख) विपक्ष वा प्रतिवादी बनाइने सम्भावना भएको व्यक्तिको नाम, थर, ठेगाना, उमेर,

(ग) उजुर गर्नु पर्ने विषयको यथार्थ व्यहोरा र वस्तुस्थिति,

(घ) कुन ऐन अन्तर्गतको दरखास्त हो सो कुरा,

(ङ) जाँचबुझ गर्ने अधिकृतलाई कुन कानूनले अधिकार दिएको छ सो कुरा,

(च) अचल सम्पत्ति सम्बन्धी कुरामा जाँचबुझ गर्नु पर्ने भए कुन जिल्ला, कुन वडाको कुन कित्ता वा चौहद्धि भित्रको सम्पत्ति जाँचबुझ गर्नुपर्ने हो सो कुरा,

(छ) सरकारी जग्गा दपोट सम्बन्धी कुरा भए मुलुकी देवानी संहिता २०७४ को दफा ३०६ मा उल्लेख भए बमोजिम जाँचबुझ गर्न सकिने कुराहरू,

**मुद्दाको जाँचबुझ**

**कानूनी व्यवस्था:**

- उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा सम्बन्धित अधिकारीले आवश्यकता अनुसार मुद्दासँग सम्बन्धित घर वा जग्गाको नाप नक्सा गरी वा अन्य आवश्यक विषयमा जाँचबुझ गरी ... पठाउनु पर्नेछ । — देवानी कार्यविधि संहिताको दफा २५४(३)

- उपदफा (१) बमोजिम कसैको दरखास्त नपरेको भए तापनि सम्बन्धित अधिकारी आफैंले उपदफा (१) बमोजिमको मुद्दा चलाउनु पर्ने कारण देखेमा आवश्यक प्रमाण संकलन गरी उपदफा (३) बमोजिमको कार्यविधि पूरा गरी सम्बन्धित जिल्लाको सरकारी वकील समक्ष मिसिल सहितको कागजात पठाउनु पर्नेछ । — ऐजन उपदफा (४)

**मुद्दाको जाँचबुझ गर्ने तरिका र खुलाउनु पर्ने कुरा:**

नेपाल सरकार वादी भएको देवानी मुद्दामा जाँचबुझ गर्ने, प्रमाण संकलन गर्ने तरिका सरजमिन मुचुल्का मात्र तयार गर्ने वा नाप नक्सा गर्नेमात्र नभै विषय वस्तुको प्रकृति हेरी विभिन्न किसिमको हुन्छ। जस्तैः
सरकारी जग्गा दपोट मुद्दामा देहायका कुरा यकिन हुने गरी जाँचबुझ गर्नुपर्दछः

- सरकारी सार्वजनिक वा सामुदायिक जग्गा च्यापी, मिच, घुसाई वा अन्य कुनै तवरले आफ्नो कब्जामा राखेको हो वा होइन ?
- मिन्हे घडेरीको प्रमाण छैन भन्ने आधार के–के छ सो कुरा,
- जग्गा च्यापी खाएको भए कुन जग्गाको आधारमा कति च्यापी खाएको हो सो प्रमाण,

- यस्तो च्यापी खाएको भन्ने कुरा अमिनद्वारा जग्गा नापी गराउदा के–कति क्षेत्रफल देखिन्छ, नापी नक्साबाट देखिने आधार प्रमाण,
- साविक देखिको मिन्है घडेरी बाहेक कुनै सरकारी वा सार्वजनिक जग्गा दर्ता नगराई खाएको भए के–कति क्षेत्रफल दर्ता नगराई खाएको देखिन्छ । अमीनबाट गराइएको नाप नक्सा र सर्भेबाट भएको नाप नक्सा भिडाउदा देखिने प्रामाणिक आधार,
- जग्गा दर्ता नगराइकन दपोट गरिएको भनिएका स्थितिमा सो जग्गासँग साधमा दपोट गर्ने भनिएको व्यक्तिको जग्गा जोडिएका छ छैन ? भए के कति छ सो खुलाइएको प्रमाण ,
- साविक देखिको मिन्है घडेरी कुन सालको लगत स्रेस्तामा मिन्हा नम्बरी खडा गरी मोठ नम्बरीमा मिन्हा गरिएको थियो सो कुरा
- एउटा जग्गाको दर्ताको नाताले बेदर्ताको साधको वा बेगल रहेको जग्गा खाएको भए विवादित जग्गाको नाप नक्सा गरी क्षेत्रफल खुलाई देखिन आएको प्रमाण
- जाँचबुझको सिलसिलामा सम्बन्धित प्रतिवादीलाई कानून बमोजिम सूचना दिई माथि उल्लेख भए बमोजिमको आवश्यकता अनुसार कुरा खुलाई बयान वा कागज गराउने ,
- विषयवस्तुको प्रकृति अनुसार अमीनद्वारा नाप वा नक्सा गराउने र अमिनको प्रतिवेदन लिनुपर्नेमा लिने,
- आवश्यकता अनुसार सरजमिन गराउनु पर्ने देखिए माथि उल्लेख भए बमोजिमको कुरा खुलाई साध संधियारको सरजमिन मुचुल्का गराउने ।

**मिन्है घडेरीको सम्बन्धमा जाँचबुझ गर्दा:**

"मिन्है घडेरी भन्नाले स्रेस्तामा मिन्है घडेरी वापत तत्कालीन सवाल सनद तोक सदर बमोजिम मिन्है घडेरी भनी जनाई जग्गाको दर्ता स्रेस्तामा मिन्है घडेरी जनाई लगत कट्टा गरेको जनाउछ । मिन्है घडेरीको जिकिर लिएमा सो भन्नेले नै प्रमाणित गर्नुपर्छ ।

मिन्ही दर्ता हुनु भनेको उक्त जग्गाको पोत तिर्नबाट र स्वामित्वबाट वञ्चित भई जग्गाधनीको हैसियत र दायित्वबाट छुटकारा पाउनु हो । त्यसरी पोत नतिर्ने जग्गालाई निजी वा व्यक्ति विशेषको जग्गा हो भन्न नमिल्ने ।

देवशरण पण्डित वि. बौएलाल साह बैश्य समेत, ने.का.प. २०६६, अंक १२, नि.नं. ८२७८

**सरकारी वा सार्वजनिक वा सामुदायिक जग्गा**

"सरकारी वा सार्वजनिक जग्गाको परिभाषा प्रचलित नेपाल कानूनमा गरिएको छ । सोही कानूनहरूमा परिभाषा गरिए बमोजिमको जग्गालाई "सरकारी वा सार्वजनिक जग्गा मान्नुपर्छ ।"

**कानूनी व्यवस्था:**

- सरकारी जग्गा भन्नाले नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सरकारी घर, भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान, नदी, खोलानाला, ताल पोखरी तथा त्यसको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैँचा, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको जग्गा बाकेकको अन्य जग्गा सम्झनु पर्दछ ।

जग्गा (नापजाँच) ऐन, २०१९ को दफा २ को खण्ड (ङ)

- नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको देहायको सम्पत्तिसरकारी सम्पत्ति मानिनेछः

मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख२)

- सरकारी घर, भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान, नदी, खोलानाला, ताल पोखरी तथा त्यसको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैँचा, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको सम्पत्ति बाकेकको अन्य सम्पत्ति ।

मुलुकी देवानी संहिता, २०७४ को दफा २९९

## सर्वोच्च अदालतको फैसला / आदेश

- नेपाल सरकारका नाममा दर्ता स्रेस्ता कायम रहेको सरकारी वा सार्वजनिक जग्गामा कुनै व्यक्तिले लामो समयसम्म भोगचलन गरेकै आधारमा व्यक्ति विशेषको नाममा नामसारी गर्न मिल्ने नदेखिने । — नेकाप २०७६, अंक १, नि.नं १०१६९
- सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेको अवस्थामा त्यस्तो दर्ता स्वत:बदर हुन्छ । सार्वजनिक बाटो जग्गामा केही समय भोग एवं त्यस्तो जग्गामा घर टहरा बनाएर बस्दैमा उसको निर्विवाद हक स्वामित्वको जग्गा हुन नसक्ने । — ने.का.प. २०७६, अंक ५, नि.नं. १०२७०
- सरकारी जग्गा व्यक्तिलाई दिने अधिकार कसैलाई पनि हुँदैन। कानून विपरित कुनै निर्णयबाट जग्गा दर्ता गर्ने निर्णय गरियो भने पनि कानून वर्खिलापको सो निर्णय कायम रहन सक्दैन। नापी भई नयाँ स्रेस्ता बमोजिम सरकारको नाममा दर्ता भै सकेको र टोल, समाज, सम्बन्धित स्थानीय निकाय वडा समेतले सर्वजनिक जग्गा हो भनी बुझी सोही रूपमा उपभोग गरिरहेको जग्गा सर्भे नापीले नै स्वीकार नगरेका परा पूर्वका स्रेस्ताको आधारमा जग्गा दर्ता गर्दै जाने हो भने सार्वजनिक र नदी किनारका जग्गा सकिँदै जाने र खुला क्षेत्र समाप्त हुने स्थिति आइपर्ने । — २०७७, अंक ९, नि.नं. १०५७१
- सार्वजनिक बाटोको जग्गा दर्तामा घुसाएको भनी प्रश्न उठिसकेपछि सो जग्गाको नापजाँच सर्जमिन गरी यथार्थ के हो यकिन गर्नुपर्ने । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय बदर हुनासाथ मालपोत कार्यालयको निर्णय स्वत: बदर भ ैहाल्छ भन्न नमिल्ने । — ने.का.प. २०७७, अंक ११, नि.नं. १०६१२

## सार्वजनिक जग्गा:

- "सार्वजनिक जग्गा" भन्नाले सार्वजनिक प्रयोजनको लागि रहेका परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जिद, इदगाह, कब्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी जग्गा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको अन्य जग्गा सम्झनु पर्छ। — जग्गा (नापजा ँच) ऐन, २०१९ को दफा २ को खण्ड (च), र मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख३)
- सार्वजनिक प्रयोजनको लागि रहेको देहायको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछः
  परापूर्वकालदेखि रहेको घर, जग्गा, ढलवा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टिस्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जिद, इदगाह, कब्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी सम्पत्ति वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक सम्पत्ति भनी तोकिदिएको अन्य सम्पत्ति । — देवानी संहिताको दफा ३००

## सामुदायिक जग्गा:

- "सामुदायिक जग्गा" भन्नाले कुनै समुदायले आफ्नो प्रयोजनको लागि राखेको जग्गा वा त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्वमारहेको अन्य जग्गा सम्झनु पर्छ । — जग्गा (नापजा ँच) ऐनको दफा २ (च१), र मालपोत ऐनको दफा २ (ख४)
- सामुदायिक सम्पत्ति" - कुनै समुदायले आफ्नो प्रयोजनको लागि राखेको जग्गा वा त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्वमा रहेको अन्य सम्पत्ति सामुदायिक सम्पत्ति मानिनेछ । — मुलुकी देवानी संहिताको दफा ३०१

## तिरो दपोट मुद्दामा जाँचबुझ गर्दा खुलाउनु पर्ने कुरा:

- साविक दर्ताको भीर, पाखो, खरबारी वा मिन्है घडेरीलाई खेत दर्ता नगराई कुलो लगाई खेत आवाद गरी खाएको प्रमाण के छ ?
- कुन खोलाको वा कस्तो कुलो लगाई खेत आवाद गरेको हो ?
- कुलो लगाई खेत आवाद गरेको वा सिंचाई गरेको प्रमाण के छ ?

- सर्वेबाट भएको नक्सा वा हाल जाँचबुझको सिलसिलामा भएको नक्साबाट कुलो वा सिंचाई गरेको प्रमाण कसरी पुष्टि हुन्छ ?
- कुन साविक दर्ताको भीर, पाखो, खर बारी वा मिन्है घडेरी हो सोको प्रमाण के छ ?
- जग्गा बेसाबुद भई साविक तिरो घटाई बन्दोबस्त भएकोमा जग्गा साबुद भएपछि पनि सबुद तिरो नगरी खाएको भए जग्गा साबुद भएको प्रमाण नाप नक्साबाट के–कस्तो देखिन्छ ?
- जग्गामा खोलो, पैह्रो लागी जाचले वा सरकारी आदेशले तिरो घटाई बन्दोबस्त गरेको भए कहिले कसरी तिरो घटाई बन्दोबस्त गरेको थियो सोको प्रमाण ,
- खोलो पैह्रो बेकायम भई लगत काटिएको भए कहिले लगत काटिएको थियो, कहिले जग्गा साबुद कायम भएको थियो, कहिलेदेखि दर्ता तिरो नगरी खाएको थियो सोको प्रमाण ,
- जाँचबुझको सिलसिलामा सम्बन्धित प्रतिवादीलाई कानून बमोजिम सूचना दिई आवश्यकता अनुसार कुरा खुलाई बयान वा कागज गराउने । सो कागजमा मुलुकी ऐन, कागज जाचको महल अनुसार प्रक्रिया पूरा गराउने,
- विषय वस्तुको प्रकृति अनुसार अमीनद्वारा नाप वा नक्सा गराउने र अमीनको प्रतिवेदन लिनुपर्नेमा लिने ,
- आवश्यकता अनुसार सरजमिन गराउनु पर्ने देखिए माथि उल्लेख भए बमोजिमको कुरा खुलाई साघ सधियार समेत राखी सरजमिन मुचुल्का गराउने ।

**विदेशीलाई नेपाल सरकारको पूर्व स्वीकृति बेगर अचल सम्पत्ति हस्तान्तरण गरी दिए लिएको मुद्दामा जाँचबुझ गर्दा खुलाउनु पर्ने कुराः**

- नेपालको कुनै अचल सम्पत्ति विदेशी नागरिक, विदेशी संगठित संस्था वा विदेशी राष्ट्रलाई नेपाल सरकारको पूर्व स्वीकृति बेगर बिक्री वा दान बकस गरी वा अरू कुनै प्रकारले हक छाडी वा बन्धक दिएको भए सर्वप्रथम त्यस्तो लिखत सम्बन्धित कार्यालयबाट जाँचबुझ अधिकृतले आवश्यकता अनुसार सक्कलै वा प्रतिलिपि झिकाउने ,
- सम्बन्धित प्रतिवादीको (त्यस्तो बिक्री वा दान बकस गरिदिने वा अरू कुनै प्रकारले हक छाडी वा बन्धक दिने लिने दुवै थरको) बयान वा कागज गराउने ,
- त्यस्तो अचल सम्पत्ति यथास्थितिमा राख्न वा हस्तान्तरण रोक्का गर्न सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउने ,
- आवश्यकता अनुसार कुनै व्यक्ति वा सरजमिन गराउनु पर्नेमा गर्ने र बुझनु पर्नेमा बुझने ।

**विदेशीले अचल सम्पत्ति आफ्नो नमामा नामसारी दर्ता गरेको वा आम्दानी उपभोग गरेको मुद्दामा जाँचबुझ गर्दा खुलाउनु पर्ने कुराः**

- नेपाल भित्रको कसको अचल सम्पत्ति कुन विदेशीलाई अपुताली पऱ्यो,
- नेपाल भित्रको कहाँको कस्तो अचल सम्पत्ति कुन विदेशी नागरिकलाई कसरी अंश प्राप्त भयो ? ,
- अपुताली वा अंशबाट सम्पत्ति प्राप्त गर्ने विदेशीले नेपालको नागरिकता प्राप्त गरेको छ छैन ? ,
- त्यसरी नेपालको नागरिकता प्राप्त नगरी सो सम्पत्ति सो विदेशीले निजको नाममा दर्ता गरेको भए कहिले कसरी दर्ता गरेको रहेछ ? ,
- सो अचल सम्पत्तिको आयस्ता खाएको भए कहिलेदेखि कसरी कति आयस्ता खाएको रहेछ ? ,
- जाँचबुझ अधिकृतले कानून बमोजिम सूचना दिई सम्बन्धित प्रतिवादीबाट माथि उल्लेख भए बमोजिमको कुराहरू खुलाई कागज वा बयान गराउने ,
- सो सम्पत्ति यथास्थितिमा राख्न वा हस्तान्तरण रोक्का गर्न सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेमा लेखी पठाउने,
- आवश्यकता अनुसार अचल सम्पत्ति रहेको स्थान वा संधियार समेत राखी सरजमिन मुचुल्का गराउनु पर्नेमा गराउने,
- दर्ता स्रेस्ताको अभिलेख सम्बन्धित मालपोत कार्यालय वा अन्य कार्यालयबाट झिकाउन बुझ्न पर्नेमा झिकाउने बुझ्ने ।

**५. जाँचबुझ गर्ने अधिकृतले राय पेश गर्नु पर्ने र रायमा खुलाउनुल पर्ने कुराः**

- उजुरी /दरखास्त/सूचना परेको विषयमा जाँचबुझ गर्दा के–कस्तो तथ्य वा प्रमाण प्राप्त भयो सो कुरा,

- जाँचबुझबाट फिराद गर्नुपर्ने देखिन आएको अवस्थामा के–कस्तो आधारमा फिरादपत्र तयार गर्नुपर्ने देखियो, तथ्यगत र प्रमाण सम्बन्धी कुराहरू ,
- फिरादपत्र दायर गर्दा कुन कानून अन्तर्गत के-कस्तो दावी लिनुपर्ने हो सो कुरा ,
- जाँचबुझ गर्दा यस सम्बन्धमा प्रतिवादीले कुनै आपत्ति उठाएको छ वा कारण देखाएको छ भने सो कुरा ,
- फिराद दावीका सम्बन्धमा पेश गर्नुपर्ने लिखतको प्रमाण वा साक्षी सम्बन्धमा के–के पेश गर्नुपर्ने हो सो कुरा ,
- फिराद दायर गरेपछि प्रतिवादीले आफ्नो पक्षमा पेश गर्न सक्ने सम्भावित सबुद प्रमाण सम्बन्धमा कुनै कुरा थाहा पाएको भए सो कुरा,
- प्रतिवादीको विरुद्ध निर्णय भएमा कुनै रकम असुल उपर हुन सक्ने प्रतिवादीको अवस्था छ–छैन सो कुरा,
- प्रतिवादीका विरुद्ध फिरादपत्र दायर गर्न अर्थात् मुद्दा चलाउदा वादी दावी पुग्न नसक्ने अवस्था भए त्यस्ता अवस्था र प्रमाण के–के रहेछन् सो कुरा,
- मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि आफ्नो राय पठाउदा मुद्दा दायर गर्नुपर्ने कानूनको हदम्याद पुग्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै कागजको सक्कल र त्यसको नक्कल प्रतिसमेत पठाउनुपर्ने ,
- त्यसरी राय पठाउ"दा सम्बन्धित जिल्लाको सरकारी वकील समक्ष पठाउनु पर्ने,
- माथि उल्लेख भए बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि सरकारी वकील समक्ष मिसिल पठाउदा सरकारी वकीललाई मुद्दा चल्ने नचल्ने निर्णय गर्न लाग्ने समय र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा फिरादपत्र तयार गरी मुद्दा दायर गर्न लाग्ने समयलाई पमेत ध्यानमा राखी समयमै पठाउनुपर्ने।

**जाँचबुझको राय सहित मिसिल पेश भएपछि सरकारी वकीलले ध्यान दिनु पर्ने कुराः**

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५४ को उपदफा (३) र दफा २५८ को उपदफा (१) बमोजिम जाँचबुझ अधिकृतले जाँचबुझ गरी आफ्नो राय सहित मिसिल कागज, सबुद प्रमाण पेश गरेपछि सम्बन्धित सरकारी वकीलले निम्न कुरामा ध्यान दिनु पर्दछः

- जाँचबुझ गरेको विषय मुलुकी देवानी संहिता को अनुसूची – २८ भित्र पर्छ पर्दैन ?
- अनुसूची भित्र पर्ने भए जाँचबुझ गर्ने अधिकृतले सम्बन्धित विषय वा तथ्यका सम्बन्धमा गरेको जाँचबुझ पर्याप्त छ छैन ? पर्याप्त नभए कुन कुन कुराका सम्बन्धमा पुनः जाँचबुझ गर्नु पर्ने देखिन्छ ?
- फिराद दायर गर्न आवश्यक पर्ने सबुत प्रमाण, लिखत कागज वा अन्य कुरा पराप्त हुन आएको छ छैन ?
- मिसिल अध्ययन गर्दा त्यस्तो मुद्दा सरकार वादी भई चलाउनु पर्ने नदेखिई कानून बमोजिम मर्का पर्ने व्यक्तिद्वारा चलाउनु पर्ने देखिन्छ/देखिँदैन।

**मिसिल संलग्न प्रमाणको मूल्याङ्कनः**

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची–२८ र दफा २५८ अन्तर्गतको मुद्दाहरूमा जाँचबुझ अधिकृतले जाँचबुझ गरेपछि सो जाँचबुझद्वारा संकलन गरिएको प्रमाणहरूको आधारमा अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष सो मुद्दा चलाउन सबूत प्रमाण पुग्छ पुग्दैन ? सबूत प्रमाणको अभाव भए के–कस्तो अभाव छ र मुद्दा चलाउन सबुद पुग्ने भए वादी पक्षको वादी दावी पुष्टि गर्ने लिखत वा मौखिक प्रमाणहरू के–कस्ता छन्। मुद्दा चलाउने अवस्था भएमा कुन कानून अनुसार कुन विषयमा कस कसलाई मुद्दा चलाइनु पर्ने होरुसो कुराहरू सरकारी वकीलले एक–एक विश्लेषण गरी प्रमाणको मूल्यांकन गर्नु पर्दछ । जाँचबुझको सिलसिलामा संकलन भएका प्रमाणहरूको सरकारी वकीलले एक–एक गरी निम्नानुसार परीक्षण गर्नु पर्दछ।

**(क) दरखास्तवालाको दरखास्त**

दरखास्तमा देवानी मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाको विषयमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई दरखास्त दिएको हुन्छ र सो दरखास्तमा दरखास्तवालासँग भएको लिखत प्रमाण वा निजले थाहा पाएसम्मको सबुद उल्लेख गरेको हुन्छ । यस्तो दरखास्तको आधारमा मुद्दाको जा"चबुझ शुरु हुन्छ । दरखास्त नै मूल प्रमाण होइन, केवल जाँचबुझको आधार मात्र हुन सक्छ । सो दरखास्त अन्य स्वतन्त्र आधार प्रमाणहरूबाट पुष्टि हुनुपर्छ । दरखास्तमा विषयवस्तुको तथ्य र त्यसलाई पुष्टि गर्ने आधार अध्ययन गर्नुपर्छ।

### (ख) दरखास्तवालाको कागज

दरखास्तवालाले दिएको दरखास्तमा कुनै कुरा खुलेको छैन भने पनि जाँचबुझ गर्ने अधिकृतले जाँचबुझको सिलसिलामा छुट्टै कागज गराएर खुलाउन सक्दछ र दरखास्तमा नखुलेको कुरालाई पूर्णता दिन सक्दछ, थप सबुद प्रमाण संकलन गर्ने आधार बनाउन सक्दछ। दरखास्तवालाले अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित भै साक्षीको रूपमा बकपत्र समेत गर्नु पर्ने हुँदा साधारणतः दरखास्तवालाको दरखास्त र कागज विश्वसनीय एवं तथ्य र कानूनको आधारमा प्रमाणलायक हुनुपर्दछ। तसर्थ जाँचबुझ अधिकृतले सरकारी वकील समक्ष मिसिल प्रस्तुत गरेपछि दरखास्तवालाको कागजलाई समेत मध्यनजर राखी प्रमाणहरू मूल्यांकन गर्नुपर्छ।

### (ग) जाँचबुझको क्रममा भएको नापी, नक्सा मुचुल्का

मुद्दाको विषय वस्तु एवं प्रकृतिलाई दृष्टिगत गरी सर्भे नापीबाट भएको नक्सा वा हाल जाँचबुझको सिलसिलामा भएको नाप, नक्सा वा मुचुल्का समेतको अध्ययन गर्नुपर्ने हुन्छ। जस्तो रैकर वा अरू सरकारी वा सार्वजनिक जग्गालाई राजगुठी वा अरूजग्गा वा साविक देखिको मिन्है घडेरी भनी दवाई वा ती जग्गाबाट रैकर वा अरू सरकारी वा सार्वजनिक जग्गालाई चापी घुसाई खाएको भन्ने विषयमा सर्भेबाट भएको नाप–नक्सा मात्र होइन, त्यसलाई भिडाउन हाल जाँचबुझको सिलसिलामा तयार भएको नापी नक्सा समेत आवश्यक पर्दछ। क्षेत्रफल कायम गर्न नक्साको ट्रेस समेत अध्ययन गर्नु पर्दछ।

त्यस्तै एउटा जग्गाको दर्ताको नाताले बेदर्ताको साँधको वा वेगल रहेको जग्गा खाएको भन्ने प्रश्नमा सर्भे नापीको वा सर्भे नभएकोमा छुट्टाछुट्टै नक्सा गरी भिडाउनु पर्ने हुन्छ।

साविक दर्ताको भीर, पाखो खरबारी वा मिन्है घडेरीलाई खेत दर्ता नगराई कुलो लगाई आवाद गरी खायो भन्ने प्रश्नमा साविक दर्ता स्रेस्ता अध्ययन गर्नुको साथै खेत बनाएकोमा कुलोको अस्तित्व छ–छैन नक्सा अध्ययन गर्नुपर्ने हुन्छ।

यसरी विषय वस्तुको प्रकृति अनुसार जाँच बुझको क्रममा भएको नापी, नक्सा र मुचुल्का समेत अध्ययन गर्नुपर्ने हुन्छ।

### (घ) विवादसँग सम्बद्ध लिखत प्रमाणहरू

सरकारी श्रेस्ता, सरकारी निर्णयहरू, नाप, नक्सा र ट्रेस

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची –२८ र दफा २५८ मा उल्लेख भएको देवानी मुद्दामा जाँचबुझ अधिकृतले प्रस्तुत गरेको जाँचबुझ सम्बन्धी मिसिल अध्ययन गर्दा मुद्दाको विषयवस्तुको प्रकृति अनुसार सरकारी स्रेस्ता सरकारी निर्णयहरू, नाप, नक्सा र नक्सा ट्रेस समेतको अध्ययन गर्नुपर्ने हुन्छ जस्तैः–

- साविक दर्ताको भीर, पाखो, खरबारी वा मिन्है घडेरी खेत दर्ता नगराई कुलो लगाई खेत आवाद गरी खायो भन्ने विवादमा साविक सरकारी दर्ता बन्दोबस्त भएकोमा जग्गा सबुद भएपछि पनि सबुद तिरो नगरी खाएको भन्ने विवादमा सरकारी निर्णयहरू अध्ययन गरी प्रमाणको मूल्यांकन गर्नुपर्ने हुन्छ।
- त्यस्तै नेपाल सरकारबाट कमोद नगर्नु बझ्याउनु भनी बझ्याएको जग्गा जानी–जानी आवाद गऱ्यो भन्ने विषयमा नेपाल सरकारबाट त्यसरी कमोद नगर्नु बझ्याउनु भनी गरेको सरकारी निर्णयको आवश्यकता पर्दछ र सोको मूल्यांकन गर्नुपर्दछ।
- जग्गा चापी घुसाई खायो भन्ने विषयमा सर्भेबाट भएको नाप नक्सा र हाल जाँचबुझबाट तयार गरिएको नाप नक्सा समेत भिडाई अवस्था अनुसार नक्सा ट्रेस समेत गरी क्षेत्रफल निकाली मूल्यांकन गर्नुपर्छ।

### (ङ) विवादसँग सरोकार व्यक्तिहरू बुझिएका मुचुल्का

मुद्दाको विषयवस्तुको आधारमा विवादसँग सरोकार भएका व्यक्तिहरू बुझिएको सर्जमिन मुचुल्का पनि प्रमाणको दृष्टिले महत्वपूर्ण हुन्छ, जस्तैः– कुनै कमोद नगर्नु भनी बझ्याएको जग्गा कसैले जानी जानी आवाद गरेको हो होइन ? कुनै गृहस्थी नेपाल सरहदभित्र मऱ्यो र निजको हकदार कोही नभएकोमा को हो भनी निश्चित गर्ने कुरा, मुलुकी देवानी संहिता, २०७४ को दफा २३३ मा उल्लेख भए बमोजिम विदेशी नागरिकले नेपालको अचल सम्पत्ति आयस्ता खाएको हो होइन भनी निश्चित गर्ने कुरामा छिमेकी सँधियार आदिको भनाई सर्जमिन मुचुल्काको प्रमाणिक मूल्य र मान्यता हुन्छ। यसलाई पनि सरकारी वकीलले प्रमाणको मूल्यांकन गर्दा विचार गर्नुपर्दछ।

### (च) बुझिएको सरोकारवाला व्यक्तिको कागज

मुद्दाको विषयवस्तु अनुसार दरखास्तवाला वा प्रतिवादीहरू बाहेक जाँचबुझ अधिकृतले सरोकार देखेको अन्य व्यक्तिको कागज गराएको हुनसक्छ। त्यस्तो व्यक्ति बुझिएकोमा निजहरूले व्यक्त गरेका कुरा सम्बन्धित विषयसँग कति सम्बन्धित छ,

कति प्रमाण लायक छ ? निजहरूको भनाई मुद्दा दायर गर्दा उल्लेख गर्नु पर्ने हो होइन सरकारी वकीलले अध्ययन गरी प्रमाण योग्य छ–छैन भनी मूल्यांकन गर्नुपर्दछ ।

## ६. सरकारी वकीलले निर्देशन दिने:

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची –२८ अन्तर्गतको देवानी मुद्दामा जाँचबुझ अधिकृतले सो दरखास्त बारे वा दरखास्त नपरे पनि आफैले आवश्यकता अनुसार नापी नक्सा वा अरू जाँचबुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि संकलन गरिएको सबुद प्रमाण र निजको राय समेत उल्लेख गरी मिसिल कागज जिल्ला सरकारी वकील समक्ष पठाइएकोमा त्यसरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा निम्न लिखित कुराहरू देखेमा थप सबुद प्रमाण संकलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन सम्बन्धित जाँचबुझ अधिकृतलाई जिल्ला सरकारी वकीलले निर्देशन दिन सक्छ। त्यस्तो निर्देशन दिएकोमा सो निर्देशनको पालन गरी सो जाँचबुझ अधिकृतले जाँचबुझको कार्य पूरा गरी सरकारी वकील समक्ष पठाउनुपर्छ ।

- थप सबुद प्रमाण संकलन गर्नुपर्नेमा यो–यो सबुद प्रमाण संकलन गर्नु भनी सरकारी वकीलले इंगित गरेकोमा सो कुरा,
- कुनै व्यक्तिसँग यो यो कुरा सोधपुछ गर्नु भनी उल्लेख गरेकोमा सो व्यक्तिसँग सोधपुछ गर्ने कुरा,
- अन्य कुनै सबुद संकलन गर्नु भनेकोमा सो कुरा ।

### सरकारी वकीलले मुद्दा चलाउने निर्णय गर्दा विचार पुऱ्याउनु पर्ने मूलभूत कुरा:

- जुन मुद्दाको फिराद दायर गर्नुपर्ने हो सो मुद्दा कुन ऐन अन्तर्गत कुन अदालत वा अधिकारीको क्षेत्रभित्र पर्दछ भन्ने कुरा,
- सो मुद्दा कुन ऐन अन्तर्गत कस्तो दावी लिई फिराद गर्ने पर्ने हो, सो कुरा,
- सो मुद्दामा फिराद दायर गर्न हदम्याद छ–छैन भन्ने कुरा,
- सो मुद्दा प्रतिवादीको विरुद्ध के–कस्तो दावी दिई फिराद गर्नुपर्ने हो सो कुरा,
- फिरादपत्रमा के–कस्तो दावी लिने, दावी प्रमाणित गर्न पेश गरिने साक्षी वा लिखतको प्रमाण कुन–कुन उल्लेख गरी प्रस्तुत गर्ने ?,
- विगो रकम वा मालपोत तिरो दावी गर्नुपर्ने अवस्थामा के–कति रकम कुन हिसाबले दावी गर्ने,
- प्रतिपादित सिद्धान्तहरू भए कुन–कुन नजीर सिद्धान्त उल्लेख गर्ने,
- फिराद दायर गर्ने मुद्दा कुन–कार्यविधि कानून अन्तर्गत पर्ने हो सो कुरा ।

### सर्वोच्च अदालतबाट भएको फैसला / आदेश

➢ दुई पक्षबीच हकबेहकको विवाद जुन समयमा उत्पन्न हुन्छ मुद्दा गर्नुपर्ने कारण सोही समयमा सृजना भएको मान्नु पर्ने हुन्छ । यसरी मुद्दा गर्नुपर्ने कारण सृजना हुना साथ उपचार खोज्ने हदम्याद पनि सुरू हुने ।
हदम्याद सम्बन्धी कानूनलाई विश्रामको कानून, शान्तिको कानून पनि भनिन्छ । यसको उद्देश्य कानूनद्वारा निर्धारित समय व्यतित भएपछि मुद्दा चल्न सक्दैन भनी सुनिश्चित गराउनु हो । ढिलो दाबीलाई अन्त्य गर्नु नै यसको मुख्य उद्देश्य रहने हुन्छ । कुनै पनि व्यक्तिका कानून प्रदत्त हक अधिकार हनन भएमा त्यसको प्रचलनको लागि निर्धारित हदम्याद भित्रै अदालत समक्ष उपस्थित हुनुपर्ने अनिवार्य सर्त हो । पक्षको अनुकूलता हेरी हदम्याद विस्तार वा संकुचन हुन नसक्ने ।
मिसिल प्रमाणबाट पुष्टि भएको वास्तविक तथ्यलाई अमान्य गरी हदम्याद कायम गराउने उद्देश्यले खिचोला भएको भनी वादी आफैंले देखाएको काल्पनिक घटनाक्रमलाई हदम्याद कायम हुने मिति कायम गरी अदालत समक्ष आउन पाउने हो भने हदम्याद सधैँ असीमित हुने हुन्छ । जसबाट हदम्याद सम्बन्धी विधायिकी कानूनको परिपालना नहुने भई न्यायिक प्रक्रिया नै अनिश्चित हुन जाने ।

प्रकाश जंग राणा विरूद्ध गीतारानी हमाल ने.का.प. २०७५, अंक १, नि.नं. ९९२३

➢ एउटै जग:ाका सम्बन्धमा तहतह बिक्री भई नालिस परेको अवस्थामा मूल लिखत बदर नगरी पछिल्लो लिखत बदर गर्न कानूनत मिल्ने समेत नदेखिँदा हदम्यादको गणना गर्दा लिखत पारित भएको पहिलो मितिलाई नै आधार मान्नु पर्ने ।
कानूनले निर्धारण गरेको हद म्याद नाघेपछि मात्र नक्कल सारी थाहा पाएको भन्ने आधारमा

रामरतीदेवी यादवसमेत विरूद्ध रेणु कुमारी यादव

जहिलेसुकै लिखत बदर गराउनका लागि फिराद दायर गर्ने हक दिने हो भने कानूनमा हदम्यादको प्रावधान राख्नुको कुनै औचित्य नै नरहने।

कानूनमै थाहापाई सक्नुपर्ने समयावधि किटानगरी हदम्याद सम्बन्धमा व्यवस्था भएकाले तथ्ययुक्त भरपर्दो आधार र कारणको अभावमा भएको कानूनी व्यवस्थालाई नजरअन्दाज गर्न मिल्ने पनि नदेखिने।

समेत , ने.का.प. २०७७, अंक २, नि.नं. १०४४

## ७. सरकारी वकीलले मुद्दा चल्ने नचल्ने निर्णय गर्ने:

### कानूनी व्यवस्था:

- उपदफा (३) वा (४) बमोजिम मिसिल प्राप्त भएमा सरकारी वकीलले अध्ययन गरी सो मिसिलमा मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गर्नेछ।
- उपदफा (५) बमोजिम मुद्दा चल्ने निर्णय गरेमा सरकारी वकीलले फिरादपत्र तयार गरी प्रमाण सहित सम्बन्धित अदालतमा मुद्दा दायर गर्नु पर्नेछ।
- उपदफा (५) बमोजिम मुद्दा नचल्ने निर्णय गरेमा सरकारी वकीलले प्राप्त मिसिल अनुसन्धान अधिकारी समक्ष फिर्ता पठाउनु पर्नेछ।
- दफा २५४ बमोजिम दायर भएको मुद्दा सरकार वादी भई चल्नेछ। तर दफा ९१ बमोजिम फिराद गर्नु पर्ने विषयमा सोही बमोजिम हुनेछ।
- व्यक्तिले मुद्दा चलाउनु पर्ने देखिएमा सूचना गर्नु पर्नेः (१) २५४ को उपदफा (५) बमोजिम मिसिल अध्ययन गर्दा त्यस्तो मुद्दा सरकार वादी भई चलाउनु पर्ने नदेखिई कानून बमोजिम मर्का पर्ने व्यक्तिद्वारा चलाउनु पर्ने देखेमा सरकारी वकीलले सोही बमोजिमको निर्णय गरी सो कुराको सूचना सम्बन्धित व्यक्तिलाई दिनु भनी मिसिल पठाउने अधिकारीलाई सूचना दिनु पर्नेछ।
- उपदफा (१) बमोजिम सूचना पाएको मितिले सम्बन्धित व्यक्तिको हकमा कानून बमोजिमको हदम्यादको गणना हुनेछ।

देवानी कार्यविधि संहिताको दफा २५४(५)

ऐजन उपदफा (६)

ऐजन उपदफा (७)

ऐजन संहिताको दफा २५५

ऐजन दफा २५६

### हदम्याद सम्बन्धी व्यवस्था:

- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको तर्फबाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिस गर्नु पर्ने भएमा यस संहिता र अन्य कानूनमा सो विषयमा नालिस गर्न हदम्याद तोकिएको भए सोही हदम्यादभित्र र त्यस्तो हदम्याद नतोकिएकोमा त्यसरी नालिस गर्नु पर्ने कारण सृजना भएको कुरा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई थाहा भएको मितिले दुई वर्षभित्र नालिस गर्नु पर्नेछ।

  तर यस संहिता र अन्य कानूनमा नालिस गर्नलाई हदम्याद नलाग्ने, हदम्याद नभएको वा जहिलेसुकै पनि नालिस गर्न सकिने उल्लेख भएकोमा जहिलेसुकै पनि नालिस लाग्न सक्नेछ।
- उपदफा (१)को प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालयको सम्बन्धित अधिकारीले थाहा पाएकोलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले थाहा पाएको मानिनेछ।

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५९

### सरकारी वकीलवाट मुद्दा नचलाउने निर्णय गरेमा अवलम्वन गर्नु पर्ने प्रकृया:

- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची – २८ र दफा २५८ बमोजिमको मुद्दामा सम्बन्धित जाँचबुझ अधिकृतले प्रस्त गरको जाँचबुझ सम्बन्धी मिसिल संलग्न दरखास्त, प्रतिवादीको बयान कागज, नापी नक्सा, मुचुल्का, नक्सा ट्रेस, सरकारी अभिलेखहरू जस्तै दर्ता स्रेस्ता सम्बद्ध व्यक्तिहरूको कागज, सर्जमिन मुचुल्का समेतको अध्ययन र प्रमाणको मूल्याङ्कन गर्दा जाँचबुझ गरेको विषयमा प्रतिवादीका विरूद्ध मुद्दा चलाउँदा वादी दावी नपुग्ने भई यो यस्तो तथ्य तथा प्रमाणको आधारमा वादी दावी नपुग्ने भनी कारण समेत देखाई निर्णय गरी आफ्नो राय सहित मुद्दा चल्ने नचल्ने अन्तिम निर्णय निकासाका लागि मिसिल उच्च सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ। उच्च सरकारी वकील कार्यालयले मिसिल अध्ययन गर्दा मुद्दा दायर गर्नुपर्ने देखेमा आधार र कारण सहित मिसिल जिल्ला सरकारी

वकील कार्यालयमा फिर्ता पठाउनु पर्नेछ । मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहित उच्च सरकारी वकील कार्यालयले मिसिल महान्यायाधिवक्ता समक्ष पेश गर्नु पर्नेछ ।

- त्यसरी मुद्दा नचलाउने मिसिल प्राप्त भए पछि तोकिएका सरकारी वकीलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णयका लागि महान्यायाधिवक्ता समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ ।
- मुद्दा नचलाउने गरी अन्तिक निकासा भएपछि सरकारी वकीलले प्राप्त मिसिल प्रमाण सम्बन्धित अधिकारी समक्ष फिर्ता पठाउनु पर्नेछ ।

## ८. सरकार वादी हुने देवानी मुद्दाको दायरी:

**फिरादपत्र तयार गर्नु अघि ध्यान पुऱ्याउनुपर्ने कुरा:**

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची – २८ अन्तरगतको देवानी मुद्दाको फिरादपत्र तयार गर्नु अघि सम्बन्धित सरकारी वकीलले निम्न कुरामा ध्यान पुऱ्याउनु पर्दछः

- फिरादपत्र दायर गर्न लागिएको मुद्दामा जाँचबुझ गर्ने अधिकारीले जाँचबुझको कार्य पूरा गरे नगरेको,
- जाँचबुझ पुरा गरेको भए कुन अदालत वा अदिकारी समक्ष मुद्दा दायर गर्ने हो ?
- यो मुद्दा कुन ऐन अन्तरगत दाबी गर्ने?
- फिराद दायर गर्ने हदम्याद छ छैन ?
- प्रतिवादीको नाम, थर, ठेगाना, उमेर लगायत पहिचान स्पष्ट खुलेको छ छैन ?
- फिरादपत्रमा कस्तो दावी लिने ?
- दावी प्रमाणित गर्न लिखित एवं मौखिक प्रमाण पर्याप्त छ, छैन ?
- लिखित प्रमाणबाट प्रमाणित गर्नु पर्नेमा सो प्रमाणको सक्कल वा प्रतिलिपि सिसिल संलग्न छ, छैन ?
- मौखिक प्रमाण भएकोमा साक्षीको पहिचान खुल्ने विवरण जाँचबुझबाट खुलेको छ, छैन ?
- प्रमाण प्रस्तुती सम्बन्धी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६१ र प्रमाण ऐन, २०३१ को दफा ३५ र ३७ सम्बन्धी कुराहरू ।
- उपर्युक्त कुरा सबै ठिक र पर्याप्त छ भन्ने देखिन आएमा कानून बमोजिमको ढाँचामा फिरादपत्र तयार गर्नु पर्दछ ।

**फिरादपत्रको ढाँचा र फिरादपत्रमा खुलाउनु पर्ने कुरा:**

जिल्ला अदालत, अन्य निकाय वा अधिकारीका समक्ष दायर गर्ने फिरादपत्र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची – १ को ढाँचामा मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ६ को उपनियम (३) मा उल्लेख भए बमोजिम देहायका कुरा खुलाउनु पर्दछः

- वादीको नाम (कसको दरखास्त/सूचनाबाट सो मुद्दाको जाँचबुझ भएको हो सो लेख्ने प्रचलन रहेको) थर वतन र निजको बाबुको नाम,
- प्रतिवादीको थाहा भएसम्मको देहायको विवरणः
  - ✓ नाम, थर र उमेर
  - ✓ पति, पत्नी, बुबा, आमा, बाजे र बज्यैको नाम,
  - ✓ उपलब्ध भएसम्म फ्याक्स, इमेल, टेलिफोन नम्बर, मोबाइल नम्बर र अन्य परिचयात्मक विवरण,
  - ✓ कुनै कार्यालय वा संस्थामा कार्यरत रहेकोमा निजको पद, कार्यालय, संस्थाको नाम, ठेगाना र उपलब्ध भएसम्मफ्याक्स, इमेल र टेलिफोन नम्बर,
  - ✓ स्थायी ठेगाना र हाल बसोबास गरेको ठेगाना (जिल्ला,सम्भव भएसम्म साविकको र हालको महानगरपालिका÷ उपमहानगरपालिका÷ नगरपालिका÷ गाउँपलिका, वडा नम्बर, टोल, मार्ग र भएसम्म घरको ब्लक नं.),

- ✓ सङ्गठित संस्था भए सो संस्थाको नाम, ठेगाना, सम्पर्क टेलिफोन नम्बर, ईमेल ठेगाना, रजिष्ट्रर्ड कार्यालय, प्रधानकार्यालय वा कारोबार रहेको मुख्य कार्यालय,
- ✓ सरकारी कार्यालय, अदालत, संवैधानिक निकाय भए सोकोनाम, ठेगाना, सम्पर्क टेलिफोन नम्बर, ईमेल ठेगाना आदि ।

- दायर गर्ने अदालतको नाम
- फिराद गर्नुपर्को व्यहोरा, वस्तुस्थिति,
- अदालतको क्षेत्राधिकार सृजना गर्ने कानून,
- अदालती शुल्क नलाग्ने व्यवस्था गरेको कानून,
- विगो खुलाउनु पर्नेमा दावी गरेको विगो र सो को आधार,
- तिरो वा मालपोत शुल्क खुलाउनु पर्नेमा सो र आधार,
- वादी दावी र सोसँग सम्बन्धित कानून,
- हदम्याद सम्बन्धी कुरा
- सम्बन्धित कागज प्रमाण क्रमैसँग उल्लेख गर्ने,
- कारबाही गर्ने कार्यविधि कानून
- घरजग्गा सम्बन्धी मुद्दामा आंशिक रूपमा मात्र दावी गरी फिराद गरेको भए त्यस्तो दावी गरिएको जग्गाको चारकिल्ला, तर्फ र अन्य आवश्यक विवरण ।

**सर्वोच्च अदालतको फैसला / आदेश:**

- ➢ माथिल्लो तहको अदालतले दिएको निर्देशन अनुसार तल्लो तहको अदालतबाट निर्णय भएको भन्ने कारणले मात्र कानून विरूद्धको कारबाही र निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने, मुनीलाल वि. धनचन्द्र, नेकाप २०३० नि.नं. ७७७
- ➢ अधिकारक्षेत्र शुन्यताको स्थितिमा रहँदैन । अन्यथा व्यवस्था नभएकोमा शुरू मुद्दा हेर्ने अधिकार जिल्ला अदालतले ग्रहण गर्दछ । ग्वारा मुनिकार वि. रमादेवी नेकाप २०४५ निनं ३३५६
- ➢ न्यायिक कारबाही साधारणतः अदालतको अधिकार क्षेत्रभित्र पर्दछ । नेकाप ०२०, नि. नं. २२३
- ➢ कुन ऐन अन्तर्गत दावी गरेको हो, फिरादपत्रमा खुलाउन नसकेको वादी दावी पुग्न सक्तैन । अंगुरवावा वि. नरोत्तमदास नेकाप, ०२६, पृ. निनं. ५१९

**फिरादपत्र तयारी गर्दा ध्यान पुऱ्याउनु पर्ने कुरा:**

फिरादपत्र मुद्दाको जग भएकाले फिरादपत्र तयारी गर्दा सरकारी वकीलले कानूनी सतर्कतापूर्वक तयार गर्नुपर्ने हुन्छ । यो कमजोर भएमा अर्थात तथ्य र कानूनी प्रश्नमा कुनै कुरा उल्लेख गर्न छुटाएमा वा प्रमाण पेश गर्न छुटाएमा फिरादपत्र खारेज हुन सक्छ वा मुद्दा असफल हुन सक्छ । तसर्थ सरकारी वकीलले फिरादपत्र तयार गर्दा निम्न लिखित कुराहरूमा ध्यान दिनु पर्छः

- फिरादपत्र तयार गर्दा फिरादपत्र कानूनी त्रुटि वा दावीको अस्पष्टताको आधारमा अदालतले खारेज गर्न नसक्ने हुनुपर्छ।
- फिरादपत्र दिँदा एकै पटक एउटै फिरादपत्र दिए हुने कुरामा पहिले दिएको फिरादपत्रको विचार गरी आंशिक दावी लिन पाइँदैन ।
- अड्डामा फिराद परी फैसला भएपछि सो फैसाला उपर ऐन बमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडीयाका नाउको फिरादपत्र लिई सुन्नु हुदैन भन्ने मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९४ को कानूनी व्यवस्था हुंदा एकै व्यक्तिलाई दुई चोटी मुद्दा नचल्ने कुरा विचार गर्नुपर्छ ।
- मुद्दामा प्रतिवादी बनाउन आवश्यक व्यक्तिहरूलाई एकैपटक प्रतिवादी बनाउनु पर्छ ।
- मुद्दाको तथ्यगत वा विषयगत प्रश्न नछुटाई उल्लेख गर्नुपर्छ ।
- सो तथ्यगत प्रश्नमा कानूनी व्यवस्था के छ स्पष्ट उल्लेख गर्नुपर्छ ।
- अदालतले वादी दावीमा सीमित रही निर्णय गर्ने हुँदा वादी दावी स्पष्ट र कानूनसंगत हुनुपर्छ ।
- कुनै विगो, रकम वा तिरो दावी गर्नुपर्नेमा सो स्पष्ट खुलाई दावी गर्नुपर्छ ।

- फिराद दावी प्रमाणित गर्ने लिखित-कागज फिरादपत्र साथ पेश गर्नु पर्ने वा फिरादपत्रमा उल्लेख गर्नुपर्छ।
- मौखिक प्रमाण चाहिनेमा साक्षीहरू फिरादपत्रमा नै उल्लेख गर्नुपर्छ।
- फिरादपत्र कानूनले तोकेको ढाँचामा कानूनको रीत पुऱ्याई तयार गर्नुपर्छ।
- फिरादपत्र दायर गर्दा कानून बमोजिम तोकिएको हदम्याद भित्र दायर गरिसक्नुपर्छ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

- फिराद गर्न निश्चित दावी हुनुपर्छ। वादीले जेजति कुरामा दावी लिएको छ, त्यति कुराको कानून बमोजिम अदालतले ठहर गर्नुपर्छ। — मेहरसिंह वि. श्रीलाल, नेकाप २०२९ निनं. ६८९
- मुद्दा परे पछि मूल दावी संशोधन गर्न पाउने कानूनमा व्यवस्था गरेको नदेखिंदा संशोधित दावीको आधारमा निर्णय गरेको त्रुटिपूर्ण भई बदर हुन्छ। — सुभाकलाल वि. भुसुका, सिराहा, नेकाप ०३९, निनं. १६०८
- दावी नै नलिएको कुरामा अदालतबाट इन्साफ गर्न मिल्दैन। — नेकाप २०४४ निनं. ३१२१
- उजुरीमा दावी नै नभएको कुरामा पछि उठाएको वादविवादलाई लिएर अदालतले इन्साफ गर्न मिल्दैन। — गोपीसा वि. भूपालसिं, नेकाप विशेषांक २०४०, निनं. १

**फिरादपत्रको दायरी**

फिरादपत्र तयार गरी सकेपछि सम्बन्धित सरकारी वकीलले मुद्दा हेर्ने अदालत वा अधिकारी समक्ष फिरादपत्र प्रस्तुत गर्नुपर्छः

**अदालती शुल्कः**

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वादी हुने मुद्दा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको निकायबाट कारबाही हुने मुद्दाको हकमा फिरादपत्र दायर गर्दा अदालती शुल्क लाग्दैन। — देवानी कार्यविधि संहिताको दफा ६३(३)

**तारेखः**

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह, संवैधानिक निकाय वा अदालत वादी वा प्रतिवादी भएको मुद्दामा सरकारको तर्फबाट अदालतमा उपस्थित भई तारेखमा बस्नुपर्ने छैन। तर प्रमाण परीक्षण गर्दा सुनुवाई गर्दा वा अदालतले उपस्थित हुन भनि आदेश दिएको दिन कानून बमोजिम तोकिएको वा खटिएको वकील उपस्थित हुनु पर्नेछ। — देवानी कार्यविधि संहिताको दफा १४२

**पेशीको सूचनाः**

फिरादपत्र दायर भएपछि अदालत वा मुद्दा हेर्ने अधिकारीले पेशीको दिन गरिने कारबाहीको सूचना दिएमा सरकारी वकील उपस्थित हुनुपर्छ।

## ९. अन्तर्कालिन आदेश जारी गर्न निवेदन दिने सम्बन्धी व्यवस्था

**कानूनी व्यवस्था**

- मुद्दाको कारबाहीको सिलसिलामा कुनै काम कारबाही तत्काल नरोकेमा, कुनै कार्य तत्काल नगरेमा वा मुद्दाको माग दाबीका सम्बन्धमा कुनै विषय यथास्थितिमा नराखेमा फिरादपत्र वा पुनरावेदनपत्रको माग दाबी निरर्थक हुने भएमा वादी वा पुनरावेदकले सोही व्यहोरा उल्लेख गरी त्यस्तो विषयमा अन्तर्कालीन आदेश जारी गर्ने माग राखी सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।सो निवेदन उपर सुनुवाई गर्दा त्यस्तो आदेश जारी हुन उपयुक्त देखिएमा अदालतले त्यसको कारण खुलाई त्यस्तो विषयमा अन्तर्कालीन आदेश जारी गर्न सक्नेछ ।यसरी आदेश भएकोमा मुद्दाको कुनै एकपक्षको निवेदनको सुनुवाईको आधारमा गरिएको भए अर्कापक्षले त्यस्तो आदेश बदर गर्न सोही अदालतमा निवेदन दिन सक्नेछ ।निवेदन परेकोमा सम्बन्धित अदालतले दुवै पक्षको सुनुवाई गरी त्यस्तो आदेश बदर गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्नेछ र त्यस उपर चित्त नबुझ्ने पक्षले बदर गराउन त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सक्नेछ। — मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५६ (१)

## १०. सरकार वादी हुने देवानी मुद्दामा इतलायनामा र म्याद तामेली सम्बन्धी व्यवस्था

### सामान्य मुद्दामा

- सरकार वादी हुने देवानी मुद्दामा प्रतिवादीका नाउँमा जारी हुने इतलायनामा र म्याद तथा म्याद तामेली सम्बन्धी छुट्टै कानूनी व्यवस्था भएको देखिंदैन । तसर्थ सामान्य देवानी मुद्दामा सरहको कानूनी व्यवस्था लागू हुन्छ । सामान्य देवानी मुद्दामा प्रतिवादीका नाउँमा इतलायनामाको ढाँचा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनूसुची ६ मा दिइएको छ । मुद्दा हेर्ने अदालत वा अधिकारीले प्रतिवादीका नाउँमा म्याद जारी गर्दा सोही ढाँचामा बाटाको म्याद बाहेक २१ दिन भित्र हाजिर हुनु भनी इतलायनामा जारी गर्नुपर्छ ।

देवानी कार्यविधि संहिताको दफा १०१

### संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दामा

- सरकार वादी हुने देवानी मुद्दा जुन संक्षिप्त कार्यविधि ऐन, २०२८ को अनुसूची-१ भित्र पर्दछ, सो मुद्दामा इतलायनामा जारी गर्दा बाटाको म्याद बाहेक ७ दिनभित्र हाजिर हुन आउनु भनी ७ दिने इतलायनामा जारी गर्ने कानूनी व्यवस्था गरिएको छ ।

संक्षिप्त कार्य विधि ऐन, २०२८ को दफा ७

### म्याद तामेल सम्बन्धी कानूनी व्यवस्था

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची २८ र दफा २५८ अन्तर्गतको देवानी मुद्दा वा प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने देवानी मुद्दामा म्याद तामेल गर्ने सम्बन्धमा छुट्टै कानूनी व्यवस्था गरिएको देखिंदैन । अन्य देवानी मुद्दामा जस्तै इतलायनामा तामेल गर्ने कानूनी व्यवस्था मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ लागू हुन्छ । सरकार वादी हुने देवानी मुद्दामा पनि सोही दफा बमोजिम इतलायनामा तामेल गर्नु गराउनु पर्छ ।

### इतलायनामा तामेल गर्दा विचार गर्नुपर्ने कुराहरू

- अदालतले म्याद तामेल गर्नको लागि तामेल गर्नु पर्ने म्यादको तीन प्रति तयार गरी तामेलदा रलाई बुझाउनु पर्नेछ ।
- तामेलदारले म्याद बुझिसके पछि निजले सम्बन्धित व्यक्ति चिनेको भए सो कुरा उल्लेख गरी निजलाई जहाँसुकै फेला पारे पनि म्याद बुझाउन सक्नेछ ।
- सम्बन्धित व्यक्ति फेला नपरेमा तामेलदारले निजको बसोबासको ठेगानामा गई घर वा डेरा पत्ता लगाई सम्बन्धित व्यक्तिको पहिचान गरी स्थानीय तहको सम्बन्धित वडा अध्यक्ष, वडा सदस्य, सचिव वा कुनै सरकारी कर्मचारी र कम्तीमा दुई जना स्थानीय व्यक्ति रोहवरमा राखी म्याद तामेल गरेको मिति लेखी सम्बन्धित व्यक्तिलाई सो म्याद बुझाई भरपाई गरी लिनु पर्नेछ । म्याद जारी भएको व्यक्ति फेला नपरेको अवस्थामा समेत अदालतले सोही बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो व्यक्तिको एकाघरको उमेर पुगेको अन्य कसैलाई म्याद बुझाउनु पर्नेछ ।
- सम्बन्धित व्यक्ति वा निजको एकाघरको उमेर पुगेको कुनै व्यक्ति पनि फेला नपरेमा वा फेला परे पनि म्याद बुझी नलिएमा तामेलदारले उपदफा (३) मा लेखिएका व्यक्तिको रोहवरमा त्यस्तो व्यक्तिले बसोबास गरेको घरको दैलोमा सबैले देख्ने ठाउँमा टाँसी सोही व्यहोरा म्यादमा उल्लेख गरी तामेल गर्नु पर्नेछ ।
- माथिल्लो प्रकरणहरूमा उल्लिखित कार्यविधि अवलम्बन गरी म्याद तामेल गर्दा अदालतमा दाखिल गर्ने म्यादको पीठमा कुन व्यक्तिलाई के कस्तो कार्यविधि पूरा गरी म्याद बुझाई वा म्याद टाँस गरी तामेल भएको हो सो मिति र समय उल्लेख गरी बुझाएको वा टाँसिएका बखत उपदफा (३) मा उल्लेखित व्यक्तिहरू समेतको प्रष्ट बुझिने गरी सहीछाप गराउनु पर्नेछ ।
- तामेल गरिएको म्यादको प्रतिमा तामेलदारले आफ्नो सहीछाप गरी त्यसको प्रतिवेदन सहितको म्यादको प्रति अदालतमा बुझाउनु पर्नेछ ।

देवानी कार्यविधि संहिताको दफा १०५

- घर दैलामा टाँसी म्याद तामेल गरिएको भए तामेलदारले त्यस्तो म्याद सूचनाको तेस्रो प्रतिमा सोको तामेली मिति र समय जनाई सम्बन्धित स्थानीय तहमा बुझाई सोको छुट्टै भरपाई गराई लिई वा तामेली प्रतिको पीठमा सो कुरा जनाई स्थानीय तहको सम्बन्धित वडा अध्यक्ष, सदस्य, सचिव वा कुनै सरकारी कर्मचारीको सहीछाप गराउनु पर्नेछ । यसरी तामेलदारले म्याद बुझाएकोमा सम्बन्धित स्थानीय तहले तुरुन्त त्यस्तो म्याद आफ्नो सूचना पाटीमा टाँस्नु पर्नेछ ।
- घर दैलोमा टाँस गरिएको म्यादको प्रति सम्बन्धित स्थानीय तहलाई नबुझाएको वा स्थानीय तहले आफूले पाएको म्याद आफ्नो सूचना पाटीमा नटाँसेको भए तापनि उपदफा (५) बमोजिम सम्बन्धित व्यक्तिको घर दैलोमा म्याद रीतपूर्वक टाँसिएको भए कानूनसम्मत ढङ्गबाट म्याद तामेल गरिएको मानिनेछ ।
- कुनै सङ्गठित संस्थालाई कुनै मुद्दाका सम्बन्धमा म्याद तामेल गर्नु पर्दा त्यस्तो संस्थाको रजिष्टर्ड कार्यालय, प्रधान कार्यालय वा कारोबारको मुख्य कार्यालयमा त्यस बखत मुख्य भई काम गर्ने व्यक्तिलाई तामेल गर्नु पर्नेछ ।

  तर त्यस्तो व्यक्ति उपलब्ध नभएमा त्यस्तो संस्थाको त्यस्तो कार्यालयमा कार्यरत कुनै पदाधिकारी वा कर्मचारीलाई म्याद बुझाई तामेल गर्न सकिनेछ ।
- सरकारी कार्यालय, संवैधानिक निकाय वा अदालतको नाममा म्याद तामेल गर्दा त्यस्तो कार्यालयको प्रमुख, प्रशासकीय प्रमुख वा त्यस्तो जिम्मेवारी पाएको कुनै पदाधिकारी वा निजको निमित्त भई काम गर्ने पदाधिकारी र त्यस्तो कुनै पदाधिकारी उपलब्ध हुन नसकेमा सोही कुरा उल्लेख गरी त्यस्तो कार्यालय, निकाय वा अदालतमा म्याद बुझाई तामेल गर्नु पर्नेछ ।
- कुनै सरकारी कार्यालय, संवैधानिक निकाय, अदालत, कुनै सङ्गठित संस्था वा त्यसका पदाधिकारी वा कर्मचारीको नाममा सो हैसियतमा म्याद तामेल गर्नु पर्दा त्यस्तो कार्यालय, निकाय, अदालत वा संस्था वा त्यसका पदाधिकारी, कर्मचारीलाई बुझाई तामेल गर्नु पर्नेछ ।
- माथि उल्लेख गरिए बमोजिम सरकारी कार्यालय, संवैधानिक निकाय, अदालत वा सङ्गठित संस्थामा म्याद तामेल हुन नसकेमा सोको कारण सहित तामेलदारले सम्बन्धित अदालतमा तीन दिनभित्र प्रतिवेदन दिनु पर्नेछ । यसरी प्रतिवेदन पेश हुन आएमा अदालतले त्यस्तो कार्यालय, निकाय, अदालत वा सङ्गठित संस्था वा त्यसका पदाधिकारी वा कर्मचारीको नाममा सो हैसियतमा हुलाक मार्फत म्याद तामेल गर्ने आदेश दिन सक्नेछ । आदेश भएकोमा त्यस्तो कार्यालय, निकाय, अदालत वा सङ्गठित संस्था वा त्यसका पदाधिकारी वा कर्मचारीको सो हैसियतमा म्याद पठाउँदा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित अदालतबाट रजिष्ट्री पत्र पठाई तामेल गर्न सकिनेछ । हुलाकद्वारा पठाएको म्यादको फिर्ती रसिद अदालतमा दाखिल भएपछि सो म्याद अन्यथा प्रमाणित भएकोमा बाहेक रीतपूर्वक तामेल भएको मानिनेछ ।
- कुनै स्थानीय तहको क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिको घर धुरी वा ब्लक नम्बर कायम भई क्रमबद्ध रूपमा अङ्कित गरी अभिलेख कायम गरिएको भएमा सो ठाउँमा वा त्यस्ता व्यक्तिले आफ्नो कारोबार, व्यवसाय वा कुनै विषयमा हुलाकद्वारा म्याद तामेल गर्न सक्ने गरी अदालतले मञ्जुरी दिएको रहेछ भने यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले सो व्यवस्थाको अधीनमा रही म्याद तामेल गर्न सक्नेछ ।
- कुनै सरकारी कार्यालय, संवैधानिक निकाय, अदालत वा सङ्गठित संस्थाको पदाधिकारी वा कर्मचारीको रूपमा रहेको कुनै व्यक्तिका नाममा जारी भएको म्याद तामेल गर्न नसकिएको भन्ने सम्बन्धित तामेलदारको प्रतिवेदन प्राप्त भएमा अदालतले त्यस्तो व्यक्तिलाई उपदफा (१३) वा (१५) बमोजिम म्याद तामेल गर्न आदेश दिन सक्नेछ । सो बमोजिम आदेश भएमा अदालतले त्यस्तो आदेश बमोजिम सम्बन्धित व्यक्तिको नामको म्याद सूचना तामेल गर्नेछ ।

- मुद्दाका पक्ष विपक्षले कुनै लिखत, सम्बन्धित विषय वा कारोबारको विषयमा एकअर्कालाई सूचना गर्न वा विवादको सम्बन्धमा म्याद पठाउन इमेल, फ्याक्स जस्ता विद्युतीय सूचना आदान प्रदान गर्ने ठेगानाको व्यवस्था गरेको भए अदालतले त्यस्तो ठेगानामा विद्युतीय सूचना मार्फत म्याद तामेल गर्न सक्नेछ।
- माथि उल्लिखित कार्यविधि अवलम्बन गर्दा पनि सम्बन्धित व्यक्तिको नाममा म्याद तामेल हुन नसकेको व्यहोराको प्रतिवेदन तामेलदारबाट प्राप्त भएमा र प्रतिवेदनको व्यहोरा मनासिब देखिएमा अदालतले त्यस्तो व्यक्तिको नामको म्याद राष्ट्रियस्तरका दैनिक पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्न आदेश दिनेछ। आदेश भएकोमा सोही आदेश बमोजिम म्याद तामेल गरिनेछ।
- राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्दा लागेको खर्च सम्बन्धित पक्षले व्यहोर्नु पर्नेछ।
- इतलायनामा तामेल गर्दा सहयोग नगर्ने व्यक्तिलाई रु. ५०००।- सम्म जरिवाना हुन्छ।

ऐजन दफा १०९

संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दामा समेत जारी भएको समाह्वान वा इतलायनामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०५ बमोजिमको रीत पुऱ्याई तामेल गर्नुपर्छ।

## अदालतमा नै म्याद तामेल गर्न सक्ने:

- दफा १०५ वा १०७ मा जुनसुकै कुरा लेखिएको भए तापनि तामेलदारले देहायका व्यक्तिका नाममा जारी भएको म्याद त्यस्तो व्यक्तिलाई अदालतमा नै बुझाई तामेल गर्न सक्नेछः–
  - ✓ सम्बन्धित अदालतका कर्मचारी वा पदाधिकारी भए निज अदालतमा हाजिर हुँदा,
  - ✓ सम्बन्धित अदालतमा अर्को कुनै मुद्दामा तारिखमा रहेको पक्ष भए त्यस्तो पक्ष अदालतमा उपस्थित हुँदा,
  - ✓ सम्बन्धित अदालतमा रहेको कुनै मुद्दामा कुनै पक्षको प्रतिनिधित्व गर्ने वारिस भए त्यसरी प्रतिनिधित्व गरी अदालतमा उपस्थित हुँदा,
  - ✓ सम्बन्धित अदालतमा कानून व्यवसायको सिलसिलामा उपस्थित हुने कानून व्यवसायी भए त्यस्तो व्यवसायको सिलसिलामा अदालतमा उपस्थित हुँदा,
  - ✓ साक्षीको रूपमा उपस्थित भएको व्यक्ति भए सो हैसियतमा अदालतमा उपस्थित हुँदा।
- उपदफा (१) बमोजिमका व्यक्तिलाई तामेलदारले निज सम्बन्धित अदालतमा उपस्थित हुँदाका बखत म्याद बुझाउन ल्याएमा निजले बुझिलिनु पर्नेछ।
- उपदफा (२) बमोजिम बुझाउन ल्याएको म्याद कुनै व्यक्तिले बुझिलिन नसकिने जनाउ दिएमा तामेलदारले सो कुराको प्रतिवेदन अदालतलाई तुरुन्त दिनु पर्नेछ।
- उपदफा (३) बमोजिम प्राप्त भएको प्रतिवेदनको व्यहोरा मनासिब देखिएमा अदालतले त्यस्तो व्यक्तिको हकमा अदालतबाट जारी भएको त्यस्तो म्याद निजले नबुझेसम्म सो अदालतमा निजले वारेसको हैसियतमा प्रतिनिधित्व गर्न, तारिख लिन, कानून व्यवसाय गर्न वा साक्षीको हैसियतमा बकपत्र गर्न नपाउने गरी रोक लगाउने आदेश गर्नेछ।

देवानी कार्यविधि संहिताको दफा १०६

## सर्वोच्च अदालतको फैसला / आदेश

- ➢ गलत वतनमा सूचना म्याद तामेल भएको आधारमा मुद्दा किनारा गरेको इन्साफ बदर हुन्छ।

नेकाप ०४४ निनं. ३०२२

- ➢ ठेगाना खुलेको अवस्थामा सो ठेगानामा म्याद तामेल हुन नसकेको अवस्थामा सार्वजनिक सूचना टाँस गर्नुपर्दछ।

नेकाप ०४४, निनं. ३१२९

नेकाप ०५८ निनं.

- सम्बन्धित वडाको भलाद्मी साक्षी नराखी तामेल गरेको म्याद वेरितको मानिएको देखिन्छ । ७००९

- नगरपालिका वा वडामा म्याद तामेल गर्ने प्रक्रिया अन्तिम प्रक्रिया हो । अन्य कुनै पनि स्रोतबाट सम्बन्धित मानिस फेला नपरेमा मात्र यो प्रक्रियाअनुसार म्याद तामेल गर्नु पर्ने हुन्छ । म्याद तामेलको उद्देश्य नै व्यक्तिलाई सुनुवाइको मौका दिनु हो, आफ्नो कुरा राख्न वा आफ्नो बचाउ गर्न दिनु हो तर यो अवसर प्रदान नगरी केवल प्रक्रिया मात्र पूरा गर्ने गरी तामेल गरिएको म्यादले मान्यता पाउन सक्दैन । त्यसरी भएको तामेली म्यादलाई रीतपूर्वक तामेल भएको म्याद भनी मान्न नमिल्ने हुँदा त्यसबाट सम्बन्धित व्यक्तिले सुनुवाइको अवसर प्राप्त गरेको मान्न नसकिने ।
  कुनै व्यक्तिको बसोबासको ठेगाना निर्धारण गर्नु पर्दा निजले त्यस प्रयोजनको लागि कुनै ठेगाना दिएको रहेछ भने सोही ठेगाना र त्यसरी ठेगाना दिएको रहेनछ भने नेपालभित्र निजले स्थायी रूपमा बसोबास गरेको ठाउँलाई निजको बसोबासको ठेगाना मान्नुपर्दछ र सोही वतनमा म्याद जारी गरी तामेल गराउनु पर्ने । चित्रप्रसाद पौडेल विरूद्ध उ.अ.पाटन, समेत, नेकाप २०७६ अंक १, निनं १०१७५

- रीत पूर्वक तामेल भएका म्यादलाई सुनुवाइको मौका दिने नाउँमा बदर गर्दै जाने हो भने अदालतका काम कारबाहीहरू अन्तहीन रूपमा रहिरहने, दण्डहीनता बढ्ने, न्यायिक प्रक्रिया अवरूद्ध भई समाजमा अशान्ति बढ्न जाने समेत देखिएकोले यस्ता रीतपूर्वक भएका काम कारबाहीहरूलाई समर्थन गर्दै न्यायिक मार्ग अवरूद्ध हुनबाट जोगाउने दायित्व समेत अदालतको हुने । प्रमोदकुमार खड्का वि. नेस. नेकाप २०७७, अंक ६, नि.नं. १०५१९

## ११. सरकारलाई प्रतिवादी बनाई दिएको देवानी मुद्दामा प्रतिउत्तरपत्रः

वादीले फिरादपत्र दिंदा कानूनले गर्न नहुने कानून विरुद्ध यस्तो यस्तो काम गऱ्यो तसर्थ यस्तो गरी पाउँ भनी सक्षम अदालत समक्ष फिराद गरेकोमा वादीले दावी लिएको कुरा हो वा होइन भनी प्रतिवादीले लिखित रूपमा व्यक्त गरेको जवाफलाई प्रतिउत्तरपत्र भनिन्छ ।

### कानूनी व्यवस्था

- प्रतिवादीलाई म्याद तामेल भएको मितिले बाटोको म्याद बाहेक एक्काईस दिनभित्र प्रतिवादीले सम्बन्धित अदालतमा प्रतिउत्तरपत्र पेश गर्नु पर्नेछ । यस अवधिभन्दा पछि पेश गर्न ल्याएको प्रतिउत्तरपत्र दर्ता हुने छैन र दर्ता भएको भए पनि त्यस्तो प्रतिउत्तरपत्रलाई अदालतले स्वीकार गर्ने छैन । देवानी कार्यविधि संहिताको दफा ११९
- प्रतिउत्तरपत्र पेश गर्दा प्रतिवादीले वादी विरुद्ध कुनै दाबी लिन चाहेमा त्यस्तो दाबी लिन सक्नेछ र निजले त्यस्तो दाबी लिएमा प्रतिदाबी लिएको मानिनेछ । ऐजन संहिताको दफा १२१
- उपदफा (१) बमोजिमको प्रतिदाबी फिराद दाबीको विषयमा सीमित रहेको र त्यस्तो प्रतिदाबी प्रतिउत्तरपत्रमा नै उल्लेख भएको हुनु पर्नेछ ।
- उपदफा (१) बमोजिम प्रतिदाबी लिइएकोमा एक जनासम्म वादी भए दुई प्रति र त्यसपछिका प्रत्येक वादीका लागि एक प्रतिका दरले प्रतिउत्तरपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
  तर एकाघरका वादी जतिसुकै सङ्ख्यामा रहेको भएपनि त्यस्ता वादीको लागि एक प्रति मात्र प्रतिउत्तरपत्रको प्रतिलिपि पेश गर्न सकिनेछ ।
- उपदफा (४) बमोजिम प्राप्त भएका दुईप्रति प्रतिउत्तरपत्रमध्ये एकप्रति प्रतिउत्तरपत्र अदालतले प्रतिउत्तरपत्र पेश भए लगतै पछि अदालतबाट निर्धारित तारिखका दिन उपस्थित हुने वादी वा निजको वारिसलाई बुझाउनु पर्नेछ ।
- उपदफा (४) बमोजिम प्रतिउत्तरपत्र बुझाएको पन्ध्र दिनभित्र वादीले प्रतिदाबी स्वीकार गरेको वा इन्कार गरेको व्यहोराको लिखित प्रतिवाद अदालतमा पेश गर्नु पर्नेछ ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिवादीले प्रतिउत्तर सरहको बयान अदालत समक्ष

दिँदा निजले प्रतिदाबी समेत लिएको भए अदालतले त्यस्तो बयानको अभिलेखको एक प्रति वादीलाई उपदफा (४) बमोजिम उपलब्ध गराउनु पर्नेछ।

- प्रतिवादीले यस दफा बमोजिम प्रतिदाबी लिएकोमा अदालतले प्रतिदाबी लिने पक्षलाई सात दिनभित्र परिच्छेद– ६ बमोजिमको अदालती शुल्क दाखिला गर्न आदेश दिनेछ र त्यसरी दिएको आदेश बमोजिम प्रतिवादीले अदालती शुल्क बुझाएकोमा मात्र निजको प्रतिदाबी कायम हुनेछ।

**प्रतिउत्तरपत्र तयार गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराः**

- सर्वप्रथम सो मुद्दा दायरगर्ने वादीलाई हकदैया छ वा छैन, फिरादपत्र हदम्यादभित्र दायर भएको छ वा छैन, जुन अदालतमा फिरादपत्र दर्ता भएको छ सोही अदालतबाट फिराद दावीका सम्बन्धमा कारवाही, सुनुवाइ र किनारा गर्ने अधिकारभित्र पर्छ पर्दैन हेर्नुपर्छ । हकदैया, हदम्याद र क्षेत्राधिकारको विषयमा जिकिर लिनुपर्ने भएमा सो कुरा प्रतिउत्तरमा उल्लेख गर्नुपर्छ।
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८९(१) बमोजिम फिरादपत्र दिएको छ छैन ? छुट्टाछुट्टै फिराद दिनुपर्नेमा एउटै फिराद दिएको छ कि त्यसमा त्यसरी नै खण्डन गर्नुपर्ने छ कि ?
- एकै पटक फिरादपत्र दिए हुनेमा अघि दिएको फिराद रूप विचार गरी पछि फिराद दिने गरी खण्डे दावी गरेको छ कि? भए मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ८७ बमोजिम कानूनी प्रश्नमा प्रश्न उठाई उल्लेख गर्ने,
- फिराद दावी गर्दा जुन ऐनको जुन दफा अन्तर्गतको दावी गरिएको छ सो ऐन प्रस्तुत मुद्दामा लाग्ने हो होइन ? नलाग्ने भए सोही बमोजिम खण्डन गर्ने,
- फिरादमा दावी लिएको ऐन नियम सूचना आदेश हालसम्म बहाल छ छैन नभए सोही कुरा उल्लेख गर्ने,
- फिरादपत्रमा जुन जुन व्यक्तिलाई विपक्षी बनाउनु पर्ने हो बनाइएको छ छैन ? नबनाइएको भए सोही कारणले मुद्दाको इन्साफमा असर पर्ने भए सो कुरा प्रतिउत्तर पत्रमा उल्लेख गर्ने,
- प्राङ्गन्याय (Res judicata) को प्रश्न उपस्थित उठाउनु पर्ने देखिएमा सो उल्लेख गरी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ९४ को प्रश्न उठाई फिरादपत्र खारेजीको जिकिर गर्ने,
- प्रतिवादीको विरुद्ध पेश गरिने लिखत कानूनले प्रमाण नलाग्ने भए सोही कुरा प्रतिउत्तरमा जिकिर लिने,
- वादीले फिरादपत्रमा मुख्य दावी के लिएको छ सो कुरामा र मुद्दाको तथ्य सम्बन्धमा खण्डन गर्नुपर्ने कुरामा स्पष्टसँग प्रमाण सहित खण्डन गर्ने। वादी दावीको कुरामा प्रतिवादीले खण्डन नगरे वादी दावी स्वीकारेको मानिने हुँदा खण्डन गर्नु पर्नेमा खण्डन गर्न वेवास्ता नगर्ने,
- फिरादपत्रमा वादीले दावी लिएको कुरामा प्रचलित कानून बमोजिम सजाय वा विगोमा छुट हुने भए सो कुरा स्पष्ट उल्लेख गर्ने,
- अचल सम्पत्ति सम्बन्धी कुरामा नाप नक्साबाट मुद्दाको निष्कर्षमा पुग्न सकिने अवस्थामा नाप नक्साको जिकिर लिनुपर्नेमा लिने,
- प्रतिउत्तर तयार गर्दा प्रतिवादी जिकिरलाई पुष्टि गर्ने दर्ता श्रेस्ता, जग्गा धनी प्रमाण पुर्जा, हक हस्तान्तरणको लिखत प्रस्तुत गर्नु पर्नेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १६१ र प्रमाण ऐन, २०३१ को दफा ३५ बमोजिम प्रस्तुत गर्ने,
- मौखिक प्रमाणद्वारा प्रमाणित हुनेमा प्रमाण ऐन, २०३१ को दफा ३७ बमोजिमको मौखिक साक्षी उल्लेख गर्ने,
- मुद्दामा आफ्नो प्रतिउत्तर जिकिरलाई पुष्टि गर्ने तथ्य सम्बन्धी र कानून सम्बन्धी कुराहरू आफूलाई प्रतिकूल असर नपर्ने गरी होसियारीपूर्वक लेखबद्ध गर्ने,
- मुद्दाको प्रकृति, अनुसार सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार सो नजिर सिद्धान्त प्रस्तुत मुद्दामा उपयुक्त हुने देखिए सो नजिर पनि यथास्थानमा उल्लेख गर्ने,
- मुद्दाको प्रकृति अनुसार अन्य आवश्यक कुराहरू उल्लेख गर्ने वा जिकिर लिने।

**प्रतिउत्तरपत्रको ढाँचा र खुलाउनुपर्ने कुराः**

अदालत र अन्य मुद्दा हेर्ने निकाय वा अधिकारी समक्ष दिने प्रतिउत्तरको ढाँचा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची ९ बमोजिमको ढाँचामा आफ्नो तथ्यगत र कानून सम्बन्धी बुँदा उल्लेख गर्नु पर्नेमा यथास्थानमा सो कुरा उल्लेख गरी साक्षी र कागज प्रमाण समेत उल्लेख गर्नुपर्छ।

**प्रतिउत्तरपत्रको दर्ता**

सरकारी वकीलले प्रतिउत्तरपत्र तयार गरिसकेपछि मुद्दा हेर्ने अदालत वा अधिकारी समक्ष प्रतिउत्तरपत्र प्रस्तुत गर्नुपर्छ।

- दस्तुरः प्रतिउत्तरत्र दायर गर्दा सो गरे वापत कुनै दस्तुर लाग्दैन। फौजदारी कार्यविधि संहिताको दफा १९३ क

**प्रभावित पक्षलाई बुझ्न सकिने**

**कानूनी व्यवस्था**

- प्रभावित पक्षलाई बुझ्नु पर्नेः मिसिल संलग्न कागजातको अध्ययनबाट मुद्दामा कुनै कुरा ठहर गर्दा मुद्दाका पक्ष बाहेक तेस्रो व्यक्तिको हक समेत प्रभावित हुने देखिएमा वा त्यस्तो व्यक्ति समेत मुद्दामा सम्बन्धित देखिन आएमा अदालतले त्यस्तो व्यक्तिलाई समेत बुझी निजलाई आफ्नो कुरा भन्ने मनासिब समय र मौका दिई निजले पेश गरेको प्रमाणको आधारमा निजलाई कारणी सरह तारिखमा राखी मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ। देवानी कार्यविधि संहिताको दफा १७६

**सर्वोच्च अदालतको फैसला/आदेश**

- अ.वं. १३९ नं. बमोजिम बुझिएको व्यक्ति प्रतिवादी हुनसक्छ। यो व्यवस्था वादी कायम हुनु पर्ने अवस्थाको हकमा लागू हुँदैन। नेकाप २०२६, निनं. ५०२
- पेटबोलीबाट बुझिएको व्यक्ति सबुद वा प्रतिवादी हुन सक्छ वादी हुन सक्दैन। हक बेहकको ठहर नालिस गर्न आउनेको हकमा मात्र गर्न मिल्छ। नेकाप २०४९ नि. नं. ४४९५
- प्रमाण सरह अ.बं. १३९ नं बमोजिम बुझ्न पठाईएको व्यक्ति तबसम्म प्रतिवादी हुँदैन जबसम्म बयान गराई कारणी सरह देखिँदैन। त्यस्ता व्यक्तिले अदालतमा उपस्थित हुने म्याद गुजारी बसेमा थमाउन मिल्ने अवस्था देखिँदैन। २०५४ नि.नं. ६४७८

**१२. सरकार वादी हुने देवानी मुद्दामा वारिस सम्बन्धी व्यवस्था**

**कानूनी व्यवस्था**

- मुद्दाको कुनै पक्षले आफ्नो तर्फबाट अदालतमा मुद्दासँग सम्बन्धित कुनै काम गर्न वा यस परिच्छेदमा उल्लिखित खास कामका लागि कुनै व्यक्तिले अर्को कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधि नियुक्त गर्न सक्नेछ। प्रतिनिधि नियुक्ति भएकोमा वारिस नियुक्त गरिएको मानिनेछ। वारिस नियुक्त गर्दा लिखत गर्नु पर्नेछ। देवानी कार्यविधि संहिताको दफा १४४

**वारिस हुने व्यक्तिको योग्यताः**

- देहायको योग्यता पुगेको व्यक्ति वारिस हुन सक्नेछः
  - ✓ कानून बमोजिम करार गर्न योग्य,
  - ✓ फैसला बमोजिम सरकारी बिगो, फैसला कार्यान्वयन गरे बापत अदालतलाई तिर्नु पर्ने कुनै दस्तुर, अदालती शुल्क वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको,
  - ✓ कीर्ते, जालसाजी वा भ्रष्टाचार वा नैतिक पतन देखिने कसूरमा सजाय नपाएको।

  तर यस खण्डमा लेखिएको कुनै कुराले एकासगोलको व्यक्तिलाई वारिस नियुक्ति गर्न बाधा पुऱ्याउने छैन। ऐजन संहिताको दफा १४७ र दफा १४९
- एउटै व्यक्ति एकै पटक एकभन्दा बढी मुद्दाको वारिस हुन वा एउटै मुद्दामा एकभन्दा बढी व्यक्तिहरूबाट निज वारिस नियुक्त हुन सक्नेछ। तर कुनै मुद्दामा एकै पटक एउटै व्यक्ति पक्ष र विपक्ष दुवैको वारिस नियुक्त हुन सक्ने छैन।

- कुनै एक अदालतमा विचाराधीन रहेको मुद्दामा वारिस नियुक्त भएको व्यक्ति अर्को अदालतमा विचाराधीन रहेको अर्को मुद्दामा वारिस नियुक्त हुन सक्नेछ ।

## १३. सरकार वादी हुने देवानी मुद्दामा साक्षी एवं प्रमाण परीक्षणमा सरकारी वकीलको संलग्नता र भूमिका

**देवानी मुद्दामा प्रमाणको भारको सम्बन्धमा रहेका मूलभूत कानूनी व्यवस्था:**

### कानूनी व्यवस्था

प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार देवानी मुद्दामा आफ्नो दावी प्रमाणित गर्ने भार वादीको हुने व्यवस्था गरेको छ ।

### सर्वोच्च अदालतको फैसला / आदेश

- प्रतिवादीले स्पष्टसँग स्वीकार गरेको बाहेक अन्य सम्पूर्ण दावी प्रमाणित गराउने भार प्रमाण ऐन, २०३१ को दफा २६ ले वादी उपर नै पर्दछ । सो भारबाट वादीले मुक्ति पाउने अवस्था रहँदैन । नेकाप २०४२ नि.नं. २५५४
- विवादित जग्गामा मालपोतसम्म उठाई खाएको हो भन्ने प्रमाणित गराउने भार प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम वादीमा रहन्छ । नेकाप २०४५ निनं ३४४६

### प्रतिवादीले प्रमाण पुऱ्याउनु पर्ने भार

- प्रमाण ऐन, २०३१ को दफा २७ को उपदफा (२) अनुसार केही अवस्थामा प्रमाणको भार प्रतिवादीमा राखिएको देखिन्छ । कानून बमोजिम वादीलाई दिनु वा बुझाउनु पर्ने कुरा वादीलाई दिए वा बुझाएको छ भनी प्रतिवादीले जिकिर लिएको छ भने सो कुरा प्रतिवादीले प्रमाणित गर्नुपर्छ। जिकिरमात्र लिएर पुग्दैन ।
- प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम कुनै खास कुरा प्रमाणित गर्ने भार विश्वास दिलाउन चाहनेको हुन्छ । कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुनेछ भनी कुनै नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्व अदालतलाई विश्वास दिलाउन चाहने व्यक्ति माथि नै रहन्छ ।

### सर्वोच्च अदालतको फैसला/आदेश

- वादीले लिएको दावीलाई खण्डन गरी प्रतिवादीले वादी हकवाला होइन भन्ने कुराको प्रमाण पुऱ्याउनु पर्ने बाध्यात्मक व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २८ ले गरेको पाइन्छ । प्रतिवादीले सो अनुसार प्रमाण पुऱ्याउन सकेको पाइँदैन। अधिकार प्राप्त अधिकारीले नाता प्रमाणित गरिदिएको कुरामा प्रतिवादीले विवाद नउठाए पछि वादीलाई नजिकको हकवाला मान्नु पर्छ । नेकाप २०५२ निनं. ५०३९

### कब्जा वा भोग चलनमा रहेको सम्पत्तिको स्वामित्व प्रमाणित गर्ने भार

- प्रमाण ऐन, २०३१ को दफा ३३ ले कुनै व्यक्तिको कब्जा, भोग वा चलनमा रहेको सम्पत्ति उपर सो व्यक्तिको स्वामित्व छ वा छैन भन्ने प्रश्न उठेमा सो सम्पत्ति उपर सो व्यक्तिको स्वामित्व छैन भने पक्षले नै सो कुरा प्रमाणित गर्नुपर्ने व्यवस्था गरेको छ ।
- यस दफा अनुसार कुनै व्यक्तिको कब्जा, भोग वा चलनमा रहेको सम्पत्ति उपर सो व्यक्तिको स्वामित्व छ वा छैन भन्ने प्रश्न उठेमा त्यसको प्रमाण पुऱ्याउने भार भोगवालामा नरही भोगवालामा सो सम्पत्ति उपर स्वामित्व छैन भन्ने पक्षले नै सो कुराको सबूद पुऱ्याई प्रमाणित गराउनु पर्छ ।
- सामान्य सिद्धान्त छ – कुनै व्यक्तिको कुनै सम्पत्ति उपर कब्जा, भोग वा चलन पूर्ण हकको पहिलो दृष्टिको प्रमाण हुन्छ । Possession is prima facie evidence या complete title अर्थात कानूनले कब्जा, भोग वा चलन गर्नेलाई वास्तविक स्वामी ठान्दछ । यदि त्यस्तो कब्जा वा भोगवालालाई कसैले स्वामी होइन भने सो कुरा स्थापित गर्ने अधिकार वा दायित्व निजैमा रहन्छ, न कि भोगवाला वा कब्जावालामा।
- बेलायती कानूनमा साठी वर्षसम्मको निर्विवाद कब्जाले भोगको अधिकार प्राप्त हुन्छ।(Peaceable possession for sixty years gives a right) भोगाधिकारमा सम्पत्ति हुने व्यक्तिले सो सम्पत्तिको कब्जा आफैमा छ भनी प्रमाणित

गराइरहनु पर्दैन । (A person in possession is not bound to prove that the possessions blelong to him.)

**सर्वोच्च अदालतको फैसला / आदेश**

- अर्काको जग्गामा घर बनाई भोगी आएको कारणले मात्र प्रतिकूल भोग (Adverse Possession) को अवधारणाको आधारमा स्वामित्व समेत पाउने कानूनी व्यवस्था नहुँदा ... स्वामित्व कायम हुनुपर्छ भन्ने मिल्दैन । — नेकाप २०५७ निनं ६८४४
- भोगाधिकार (Possessory Rights) बाट मात्र हक हस्तान्तरण हुँदैन । जग्गाको स्वामित्व (Ownership) पनि हस्तान्तरण हुनुपर्छ । — नेकाप २०५६ निनं. ६८०३
- भोग कब्जाबाटै स्वतः सम्पत्तिको स्वामित्व नै प्राप्त हुन्छ भन्न मिल्दैन । हक स्वामित्व र भोग दुई अन्योन्याश्रित अवस्था हो । — नेकाप २०५५ निनं. ६५८९
- प्रतिकूल भोगाधिकार हुनको लागि सम्पत्तिको स्वामी बाहेक अन्य व्यक्तिले लामो समयसम्म आफ्नो सम्पत्तिसरह बिना रोकावट भोग गरी बसेको अवस्थालाई प्रतिकूल भोगाधिकारको रूपमा लिनुपर्ने । स्वामित्ववालाको जानकारी विना गोप्य रूपमा चोरी, बलपूर्वक र जबरजस्ती रूपमा कुनै सम्पत्ति भोग गरेको अवस्थामा प्रतिकूल भोगाधिकार भएको मान्न नमिल्ने । — नेकाप २०७७ अंक २ निनं. १०४३८

**साक्षी परीक्षण:**

(यस सम्बन्धी व्यवस्थामा यसै दिग्दर्शनको भाग दुई परिच्छेद चार को प्रकरण १० मा उल्लेख गरिएको छ ।)

**देवानी मुद्दामा साक्षीको महत्व**

फौजदारी मुद्दामा वादी दावी प्रमाणित गर्न प्रायः मौखिक प्रमाणको महत्व हुन्छ । तर देवानी मुद्दामा लिखत प्रमाणको महत्व हुन्छ र लिखत प्रमाणको आधारमा निर्णय निष्कर्षमा पुगेको हुन्छ । देवानी मुद्दामा भोगाधिका, भोग–चलन, उज्जा–उब्जनी, कुनै व्यक्तिको कुनै व्यक्तिसँगको सम्बन्ध कायम गर्ने सम्बन्धमा साक्षीको महत्व हुन आउछ ।

**प्रमाणहरूको परीक्षणमा सरकारी वकीलको भूमिका**

प्रमाणहरूको परीक्षण गर्दा सरकारी वकीलले ज्यादै सतर्क र होशियारीको निर्वाह गर्नुपर्छ । कतिपय मुद्दामा प्रमाण परीक्षण गर्दा सरकारी वकीलले सोध्नु पर्ने कुरा नसोधेको र सोध्नु नपर्ने कुरा सोधेको कारणले मुद्दामा सरकारी पक्षले असफलता प्राप्त गरेको देखिन्छ । देवानी मुद्दामा पनि कहिलेकाहीँ प्रतिवादीले प्रस्तुत गरेको लिखत प्रमाणको सम्बन्धमा लिखत जाच गर्ने विशेषज्ञलाई पनि परीक्षण गर्नुपर्ने हुन्छ । यस स्थितिमा निजले विशेषज्ञको हैसियत राख्नु पर्ने हुन्छ । सरकारी वकीलको अध्ययय, चिन्तनशीलत, विचारमा परिपक्वता, सम्बद्ध कानूनको ज्ञान, विशेष क्षेत्रमा विशेषज्ञता, नजिरको ज्ञान, धेरै समय देखिको अनुभ, तथ्य बुझ्न सक्ने क्षमता, भाषाको परिष्कृतता, शब्दको चयन, वाक्य प्रस्तुतीकरणको ढंग र अन्य यस्तै विविध विशेषताहरूको पूर्णताले प्रमाण परीक्षण सहयोग गर्न सक्छ ।

**प्रमाण परीक्षण गर्दा सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा:**

- प्रमाण परीक्षण गर्न लागेको मुद्दाको तथ्य वा विषयवस्तुको यथार्थ ज्ञान हुनुपर्छ,
- मुद्दासँग सम्बन्धित कानूनसंग परिचित हुनुपर्छ,
- तत्काल उठेको प्रश्नको तत्कालै समाधान गरी विद्वतापूर्ण ढंगले साक्षीसंग आफूले चाहेको वा खोजेको जवाफ लिन सक्ने क्षमता हुनुपर्छ,
- पुरक सोधपुछ वा जिरहमा मुद्दासग सम्बद्ध, तर आफूलाई मुद्दामा प्रमाणित गर्न चाहिने प्रश्न मात्र सोध्नुपर्छ,
- सोधिएको प्रश्न असम्बन्धित र मुद्दाको निर्णयमा आफूलाई प्रतिकूल असर पर्ने हो, होइन ध्यान दिनु पर्छ,
- प्रश्न सोध्दा लामो प्रश्न नसोधी छोटो, सम्भव भए एक दुई वाक्यको मात्र सोध्नु पर्छ जसको उत्तर हो वा होइन भन्ने आउन सकोस् ।

**साक्षी बकाउने वा प्रमाण पेश गर्ने सम्बन्धी व्यवस्था:**

- दफा २५४ बमोजिम दायर भएका मुद्दा र नेपाल सरकार वा प्रदेश सरकार प्रतिवादी भएको अन्य देवानी मुद्दाको साक्षी वा प्रमाण अदालतले खोजेको दिन सरकारी वकील मार्फत उपस्थित वा उपलब्ध गराउने कार्य सम्बन्धित अधिकारीको हुनेछ। (देवानी कार्यविधि संहिताको दफा २६०(२))
- दफा २५४ बमोजिम दायर भएका मुद्दा र नेपाल सरकार वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै देवानी मुद्दामा साक्षी बकाउने वा प्रमाण पेश गर्ने काम सरकारी वकीलले गर्नेछ। (ऐजन उपदफा (३))
- दफा २५४ बमोजिम दायर भएका मुद्दामा कुनै साक्षीलाई नबुझी नहुने भएमा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीलाई झिकाए सरह झिकाई बुझ्न सकिनेछ। (ऐजन उपदफा (४))
- मुद्दाका पक्षले प्रमाणको रूपमा उल्लेख गरेका साक्षीलाई साक्षी परीक्षणका लागि अदालतद्वारा तोकिएको तारिखका दिन आफैँले उपस्थित गराउनु पर्नेछ। (देवानी कार्यविधि संहिताको दफा १७९)
- तोकिएको तारिखका दिन उपस्थित नभएका साक्षीको परीक्षण हुन सक्ने छैन।
- अदालतमा साक्षी उपस्थित गराउन नसकेकोले अर्को तारिख तोकी पाउन दफा २२५ को खण्ड (ग) वा (ङ) को अवस्था परेमा त्यस्तो अवस्था परेको कुरा सम्बन्धित स्थानीय तह वा कुनै सरकारी निकायको सिफारिस समेत संलग्न गरी बाटो खुलेको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र निवेदन दिएमा निवेदन दिएको सात दिनभित्र अदालतले साक्षी परीक्षण गराउने गरी अर्को तारिख तोक्नेछ।
- अदालतबाट साक्षी झिकाई परीक्षण गर्न सकिनेः दफा १७९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको वा सार्वजनिक हक, हित वा सरोकार संलग्न रहेको मुद्दामा नबुझी नहुने साक्षीलाई अदालतले आदेश गरी पन्ध्र दिनभित्र अदालतमा उपस्थित हुन म्याद जारी गर्नु पर्नेछ। (ऐजन दफा १८०)
- उपदफा (१) बमोजिम म्याद जारी भएमा त्यस्तो साक्षी अदालतले तोकेको अवधिभित्र अदालतमा उपस्थित हुनु पर्नेछ।
- यस परिच्छेद बमोजिम साक्षीका नाममा म्याद जारी गर्दा अनुसूची-१४ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ।

**तोकिएको तारिखमा साक्षी उपस्थित नगरिएमा देहायको अवस्थामा बुझ्न सकिने:**

- प्रमाण परीक्षणको लागि अदालतले तोकेको दिन उपस्थित नभएको तर मुद्दाको गम्भीरता हेरी नबुझी नहुने साक्षीलाई उपस्थित गराउन वा कुनै लिखत वा दसी प्रमाण दाखिला गराउन समाह्वान जारी होस् भनी कारण खुलाई मुद्दाको पक्षले निवेदन दिन सक्नेछ। (फौजदारी कार्यविधि संहिताको दफा ११२)
- उपदफा (१) बमोजिमको निवेदन परेमा र त्यस्तो निवेदनको व्यहोरा मनासिब भई त्यस्तो साक्षी बुझ्न पर्ने देखेमा अदालतले त्यस्तो साक्षीलाई बढीमा पन्ध्र दिनको म्याद दिई समाह्वान जारी गरी बुझ्न सक्नेछ।
- उपदफा (२) बमोजिम समाह्वान जारी भएकोमा मनासिब कारण भएकोमा बाहेक त्यस्तो साक्षी तोकिएको म्यादभित्र उपस्थित हुनु पर्नेछ।
- उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र उपस्थित नहुने साक्षीलाई अदालतले दुई हजार रुपैयाँसम्म जरिबाना गरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी वकपत्र गराउन सक्नेछ।
- उपदफा (४) बमोजिम जुन साक्षीका बिरुद्ध पक्राउ पुर्जी जारी भएको हो त्यस्तो साक्षी फेला परेन वा पक्राउ हुन सकेन भने त्यस्तो साक्षी पक्राउ परेका वा फेला परेका बखत सजाय कार्यान्वयन गर्ने गरी पैतालीस दिनसम्म कैद सजाय गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गर्नु पर्नेछ।

## १४. सरकार वादी हुने देवानी मुद्दामा बहस पैरवी र प्रतिरक्षा:

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६१ मा व्यवस्था भए अनुसार सोही संहिताको दफा २५४ बमोजिम दायर भएका मुद्दाको सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ।

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई विपक्षी बनाएको वा नेपाल सरकारले वादी भई चलाएको देवानी मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा नेपाल सरकारको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तहको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले बहस पैरवी र प्रतिरक्षा गरी दिन सक्नेछ।
(बहस, पैरवी र प्रतिरक्षा सम्वन्धमा भाग दुई परिच्छेद पाँच मा उल्लेख गरिएको छ।)

## १५. सरकार वादी हुने देवानी मुद्दामा फैसला पश्चात सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिका

**फैसलाको प्राप्ति र अध्ययन:**

- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६३ भएको व्यवस्था अनुसार सोही संहिताको दफा २५४ बमोजिम दायर भएका देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने पुनरावलोकन गर्ने वा सो विषयका लागि निवेदन दिने सम्बन्धी कार्य सम्बन्धित नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले गर्नुपर्छ।
- सो बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह पक्ष वा विपक्ष भएको देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने पुनरावलोकन गर्ने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी काम सम्बन्धित अधिकारी वा कार्यालय प्रमुख आफैँले गर्न सक्छ।

  तर सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखबाट त्यस्ता कामका लागि सरकारी वकील समक्ष लेखी पठाएमा नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले त्यस्तो मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी काम गर्न सक्छ।
- त्यस्तो मुद्दामा सम्बन्धित सरकारी वकीललको कार्यालयमा फैसला प्राप्त भएपछि सो मुद्दामा क–कस्तो आधारमा नेपाल सरकारलाई हराइएको रहेछ, तथ्यगत वा कानूनी प्रश्न कुनमा सो फैसला आधारित रहेछ, फैसला उपर कुन–कुन बुँदामा पुनरावेदन गर्नुपर्ने रहेछ अथवा पुनरावेदन गर्दा पुनरावेदन तहबाट सो मुद्दा सफल वा असफल के हुन सक्छ, प्रत्येक बुँदाको टिपोट गरी निष्कर्षमा पुग्नु पर्दछ।

## १६. फैसला उपर पुनरावेदन गर्नु पर्ने नपर्ने सम्बन्धमा

- फैसला अध्ययन गर्दा सो फैसलाको अध्ययनबाट पुनरावेदन गर्नुपर्ने देखिए कानून बमोजिमको रीतपूर्वकको पुनरावेदनपत्र तयार गरी आफूले दायर गर्नु पर्नेमा गरी र आफूभन्दा माथिल्लो तहको सरकारी वकीलको कार्यालयमा प्रस्तुत गर्नुपर्नेमा पनुरावेदनको मस्यौदा तयार गरी पठाउनु पर्दछ।
- पुनरावेदन गर्न नपर्नेमा के–कति कारणले पुनरावेदन गर्नु नपर्ने हो कारण सहितको राय पुनरावेदन दायर गर्ने माथिल्लो सरकारी वकीलको कार्यालयमा पठाउनु पर्छ।

## पुनरावेदन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- सरकार वादी देवानी मुद्दामा पुनरावेदन गर्दा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६२ बमोजिम ७० दिनभित्र दिनुपर्छ।
- सो म्याद गुज्रेमा मनासिव माफिकको कारण देखाई निवेदन गरेमा बढीमा ३० दिनसम्म थप गर्न सकिन्छ। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२३ बमोजिम गुज्रेको म्याद १५ दिनभित्र थाम्न पाउँछ। यसरी पुनरावेदनको म्याद ७० दिन र थाम्न पाउने म्याद १५ दिन तथा थप पाउने म्याद ३० समेत जम्मा ११५ दिन भित्र पुनरावेदन गर्न सकिने देखियो।
- सरकारी वकील कार्यालयले जनाउ पाएको मितिले पुनरावेदनको म्याद कायम हुन्छ।

- पुनरावेदन, निवेदन दिने अधिकारीले दफा २५४ बमोजिम दायर भएका देवानी मुद्दामा पुनरावेदन गर्ने विषयका लागि निवेदन दिने सम्बन्धी कार्य सम्बन्धित नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले गर्नेछ।
- सो बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह पक्ष वा विपक्ष भएको देवानी मुद्दामा पुनरावेदनगर्ने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी काम सम्बन्धित अधिकारी वा कार्यालय प्रमुख आफैँले गर्न सक्नेछ।
- सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखबाट त्यस्ता कामका लागि सरकारी वकील समक्ष लेखी पठाएमा नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले त्यस्तो मुद्दामा पुनरावेदन गर्ने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी काम गर्न सक्नेछ। **(मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६३)**

## पुनरावेदन पत्रमा खुलाउनु पर्ने कुराहरुः

- जुन फैसलामा चित्त बुझेको छैन सो फैसला गर्ने अदालतको नाम,
- सुरु मुद्दामा वादी वा प्रतिवादी भएको कुरा,
- मुद्दाको नाम,
- फैसला भएको मिति,
- शुरु मुद्दामा दावी गरेको विगो वा कायम भएको विगो,
- फैसलामा चित्त नबुझेका कुराहरू, त्यसको कारण र पुनरावेदन पत्रमा माग गरेको कुरा,
- पुनरावेदन गरेको मुद्दामा खुल्न सकेसम्मको मोल विगो,
- पुनरावेदन गरेको मुद्दा अदालतमा अघि पनि पुनरावेदन परेर आएको भए थाहा भएसम्मको कुरा,
- अन्य पक्ष वा प्रत्यर्थीको पुनरावेदन परे वा नपरेको कुरा थाहा भए सो कुरा,
- पुनरावेदन कुन कानून अन्तर्गत हो भन्ने कुरा म्याद सम्बन्धी कुरा,
- पुनरावेदनपत्र कुन अदालतको अधिकार क्षेत्र भित्रको हो भन्ने कुरा ।

## पुनरावेदन गर्दा पुऱ्याउनु पर्ने रीत र प्रक्रिया

### पुनरावेदन गर्ने सम्बन्धी कार्यविधिः

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम २२ मा पुनरावेदन गर्ने कार्यविधिको बारेमा उल्लेख छ। जस अनुसार नेपाल सरकार वादी हुने मुद्दामा कुनै अदालत वा न्यायिक निकायबाट भएको फैसला उपर मिसिल संलग्न प्रमाणबाट पुनरावेदन गर्नुपर्ने देखिएमा त्यस्तो मुद्दा अभियोजन वा बहस पैरवी गर्न वा फिराद दायर गर्न वा त्यस्तो फैसला उपर पुनरावेदन दायर गर्न तोकिएको सरकारी वकीलले पुनरावेदन मस्यौदा तयार गरी पुनरावेदन दायर गर्ने जिम्मेवारी भएको सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद शुरु भएको दश दिनभित्र पठाई सक्नु पर्नेछ। तर जिल्ला अदालतमा पुनरावेदन लाग्ने मुद्दामा जिल्ला सरकारी वकील कार्यालयको सम्बन्धित सरकारी वकीलले पुनरावेदन वा निवेदन गर्नेछ।

यसरी सरकारी वकीलबाट पुनरावेदन मस्यौदा प्राप्त भएपछि सम्बन्धित कार्यालयका सरकारी वकीलले प्राप्त मस्यौदा जाँचबुझ गरी पुनरावेदन गर्नुपर्ने देखिएमा नेपाल सरकारको तर्फबाट अदालतमा पुनरावेदन दायर गर्नु पर्नेछ।

## पुनरावेदन गर्दा सरकारी वकीलले विचार गर्नुपर्ने कुराहरू

- सम्बन्धित फैसलाको अध्ययन गर्दा सो फैसला उपर पुनरावेदन गर्दा सफलता प्राप्त हुने वा कुनै कानूनी प्रश्नमा पुनरावेदन गरी व्याख्याद्वारा कानूनी प्रश्नको समाधान गर्नुपर्ने देखिएमा वा सम्बन्धित फैसला उपर पुनरावेदन गर्नु न्यायोचित हुन्छ भन्ने लागेमा सम्बन्धित सरकारी वकीलले पुनरावेदन मस्यौदा तयार गरी फाइल साथ राखी पुनरावेदन दायर गर्ने सरकारी वकील कार्यालयमा पठाउनु पर्छ,
- यसरी पठाउदा पुनरावेदन म्याद शुरु भएको १० दिन भित्र पठाई सक्नु पर्छ।

- आफ्नै कार्यालयबाट पुनरावेदन दायर गर्नुपर्ने भए कार्यालयको मुख्य सरकारी वकील समक्ष पुनरावेदनपत्रको मस्यौदा सहितको राय प्रस्तुत गर्नुपर्छ। निजभन्दा माथि कोही नभएमा भने आफैले पुनरावेदन गर्ने कारवाही गर्नुपर्छ।
- माथि उल्लेख भए बमोजिम पुनरावेदनको मस्यौदा प्राप्त भएपछि सम्बन्धित कार्यालयमा मुख्य भै काम गर्ने सरकारी वकीलले पुनरावेदन गर्नुपर्ने देखेमा पुनरावेदनपत्र तयार गरी गराई नेपाल सरकारका तर्फबाट पुनरावेदन दायर गर्नुपर्छ।

**पुनरावेदन नगर्ने निर्णय गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया:**

पुनरावेदन नगर्दाको कार्यविधि सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम २३ मा व्यवस्थित छ। जस अनुसार नेपाल सरकार वादी हुने मुद्दामा कुनै अड्डा अदालत वा मुद्दा हेर्ने अधिकारी वा निकायबाट भएको फैसला उपर सम्बन्धित मिसिल संलग्न कागजातबाट पुनरावेदन गर्नुपर्ने आवश्यक नदेखिएमा पुनरावेदन गर्नु नपर्ने कारण सहितको राय पुनरावेदन दायर गर्ने माथिल्लो सरकारी वकील कार्यालयमा पुनरावेदन म्याद सुरु भएको दश दिनभित्र पठाउनु पर्नेछ।

यसरी पुनरावेदन नगर्ने प्रस्ताव प्राप्त भएपछि माथिल्लो सरकारी वकील कार्यालयले पुनरावेदन गर्नु नपर्ने वा पुनरावेदन गर्न उपयुक्त नहुने देखेमा पुनरावेदन नगर्ने आधार र कारण सहित निकासाका लागी मिसिल प्राप्त भएको दश दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने वा गराउनु पर्नेछ।

**पुनरावेदन नगर्ने निर्णय गर्दा विचार गर्नुपर्ने कुराहरू**

- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ अनुसूची-२८ अन्तर्गतको देवानी मुद्दामा अदालतबाट भएको फैसला उपर सम्बन्धित मिसिल अध्ययन गर्दा सो मिसिलमा संलग्न कागज प्रमाणबाट पुनरावेदन गर्नु पर्ने आवश्यक नदेखिएमा पुनरावेदन गर्नु नपर्ने कारण सहितको राय पुनरावेदन दायर गर्ने माथिल्लो सरकारी वकील कार्यालयमा पठाउनु पर्छ।
- यसरी पठाउदा पुनरावेदनको म्याद शुरु भएको १० दिन भित्र पठाउनुपर्छ।
- यसरी पुनरावेदन नगर्ने प्रस्ताव प्राप्त भएपछि माथिल्लो सरकारी वकील कार्यालयले पनि पुनरावेदन गर्न नपर्ने वा उपयुक्त नहुने देखेमा निकासाको लागि महान्यायाधिवक्ता छेउ पेश गर्नुपर्छ। यसरी पेश हुन आएकोमा पुनरावेदन गर्ने वा नगर्ने सम्बन्धमा महान्यायाधिवक्ताबाट जे निकासा हुन्छ सोही बमोजिम गर्नुपर्छ।
- पुनरावेदन नगर्ने राय प्रस्तुत गर्दा के-कति कारणले पुनरावेदन गर्नु नपर्ने हो राय पेश गर्नेले कारण खुलाउनु अनिवार्य हुन्छ। त्यसरी कारण खुलाउँदा यो-यो कारणले पुनरावेदन गर्न नपर्ने भनी उल्लेख गर्नुपर्छ।
- (पुनरावेदन सम्बन्धी व्यवस्था भाग दुई परिच्छेद छ मा समेत उल्लेख गरिएको छ।)

## १७. सरकार वादी हुने देवानी मुद्दाको दोहोऱ्याउने निवेदन दिने नदिने निर्णय सम्बन्धी प्रक्रियामा सरकारी वकीलको भूमिका

- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५४ बमोजिम दायर भएका देवानी मुद्दामा मुद्दा दोहोऱ्याउने वा सो विषयका लागि निवेदन दिने सम्बन्धी कार्य सम्बन्धित नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले गर्नेछ। सोबाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह पक्ष वा विपक्ष भएको देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने पुनरावलोकन गर्ने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी काम सम्बन्धित अधिकारी वा कार्यालय प्रमुख आफैँले गर्न सक्नेछ ।तर सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखबाट त्यस्ता कामका लागि सरकारी वकील समक्ष लेखी पठाएमा नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले त्यस्तो मुद्दामा मुद्दा दोहोऱ्याउने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी काम गर्न सक्नेछ।

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६३

### मुद्दा दोहोऱ्याउने सम्बन्धी कार्यविधि

न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम कुनै मुद्दामा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त छ भन्ने लागेमा त्यस्तो मुद्दामा सम्बन्धित सरकारी वकीलले उच्च अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले पाँच दिन भित्र मुद्दा दोहोऱ्याउने सम्बन्धी निवेदनको मस्यौदा तयार गरी महान्यायधिवक्ताको कार्यालयम समक्ष पठाउनु पर्ने व्यवस्था सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम २४ को उपनियम (१) मा छ।

### मुद्दा दोहोऱ्याउने निवेदन गर्न उपयुक्त नभएमा

सरकारी वकील सम्बन्धी नियमावली ,२०७७ को नियम २४(२) मा भएको व्यवस्था अनुसार कुनै मुद्दा उच्च अदालतबाट भएको फैसला वा अन्तिम आदेश उपर मुद्दा **दोहोऱ्याउने** निवेदन गर्न उपयुक्त छैन भन्ने लागेमा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले आधार र कारण उल्लरख गरी मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णय गर्न सक्नेछ। यसरी निर्णय भएकोमा सो को अभिलेख राखी निर्धारित ढाँचामा सोको विवरण महान्यायधिवक्ताको कार्यालयमा निर्णय भएको मितिले तीन दिनभित्र पठाउनु पर्नेछ।

## १८. सरकार वादी हुने देवानी मुद्दाको पुनरावलोकन गर्ने निर्णय प्रक्रियामा सरकारी वकीलको भूमिका

- मुलुकी देवानी संहिता, २०७४ को दफा २५४ बमोजिम दायर भएका देवानी मुद्दामा पुनरावलोकन गर्ने वा सो विषयका लागि निवेदन दिने सम्बन्धी कार्य सम्बन्धित नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले गर्नेछ। सो बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह पक्ष वा विपक्ष भएको देवानी मुद्दामा पुनरावलोकन गर्ने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी काम सम्बन्धित अधिकारी वा कार्यालय प्रमुख आफैँले गर्न सक्नेछ ।तर सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखबाट त्यस्ता कामका लागि सरकारी वकील समक्ष लेखी पठाएमा नेपाल सरकार वादी हुने मुद्दाको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तह वादी हुने मुद्दाको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले त्यस्तो मुद्दामा पुनरावलोकन गर्ने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी काम गर्न सक्नेछ।

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६३

### पुनरावलोकनको लागी निवेदन दिँदा विचार गर्नुपर्ने कुराहरू

- सर्वोच्च अदालतबाट फैसला भएको इन्साफमा तात्विक असर पर्ने कुनै प्रमाण रहेको तथ्य सर्वोच्च अदालतबाट मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको हुनुपर्छ।
- सर्वोच्च अदालतबाट भएको फैसला सोही अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएको हुनुपर्छ र यो-यो नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल भयो भने नजिर वा सिद्धान्त समेत उल्लेख गरी निवेदन दिएको हुनुपर्छ।
- पुनरावलोकन गरी पाउँ भन्ने निवेदन सर्वोच्च अदालतका न्यायाधीशले फैसला वा अन्तिम आदेशमा हस्ताक्षर गरी प्रमाणित गरेको मितिले साठी दिन भित्रनिवेदन दिएको हुनुपर्छ।
- सरकारी वकीलले फैसलाको नक्कल लिएको वा जनाउ पाएको मितिबाट निवेदन गर्ने समेतको म्याद कायम हुन्छ र सो म्याद भित्र निवेदन दिनुपर्छ।
- पुनरावेदन गर्न, पुनरावलोकन गर्न वा मुद्दा दोहोऱ्याउने निवेदन दिन आदेश दिन सक्नेः नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा अदालत वा मुद्दा हेर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन गर्नु पर्ने देखिएमा महान्यायधिवक्ताले सो बमोजिम गर्नका लागि सम्बन्धित अधिकारीलाई लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित अधिकारीले सोही बमोजिम गर्नु गराउनु पर्नेछ। (सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम २६)

- नेपाल को सरकार वादी भएको उपरोक्त देवानी मुद्दामा सर्वोच्च अदालतको फैसला वा अन्तिम आदेशउपर पुनरावलोकन गराउन निवेदन गर्ने वा नगर्ने अधिकार महान्यायाधिवक्तालाई दिइएको छ। पुनरावलोकनको लागि निवेदन दिने वा नदिने स्वविवेकीय अधिकार महान्यायाधिवक्ताले प्रयोग गर्दछन्। तत्सम्बन्धमा निवेदन दिनैपर्छ भन्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिँदैन।

## १९. सरकार वादी हुने देवानी मुद्दा फैसला कार्यान्वयनको प्रक्रियाको क्रममा सरकारी वकीलको संलग्नता र निर्वाह गर्नुपर्ने भूमिका:

### फैसला कार्यान्वयनको परिचय

मुद्दामा अदालतले फैसला वा निर्णय गर्दा वादी दावी वा अभियोगको आधारमा फैसला गर्दा वादी दावी वा अभियोग प्रमाणित हुने भएमा प्रतिवादीलाई दण्ड, जरिवाना, कैद सजाय गर्दछ वा देवानी मुद्दामा विगो भराउने, चलन चलाउने, चल वा अचल सम्पत्ति निखन्ने, अंशबण्डा छुट्याई दिने, लिखत पास गराउने, दाखिल खारेज गर्ने गराउने, दर्ता स्रेस्ता बदर गर्ने गराउने समेतका विविध विषयहरूमा निर्णय गर्दछ। यस्तो फैसला प्रभावकारी तुल्याउन अर्थात् लागू गराउने कार्यलाई फैसला कार्यान्वयन भनिन्छ। फैसला कार्यान्वयन गर्नका लागि जिल्ला अदालतमा तहसिल शाखा छुट्टै हुन्छ। सोही शाखाले सम्बन्धित जिल्ला न्यायाधीशको रेखदेखमा रही फैसला कार्यान्वयन गर्ने कार्य गर्दछ।

फैसला कार्यान्वयन गर्नको लागि सम्बन्धित पक्ष जसले विगो भरी पाउने चलन चलाई पाउने जस्ता कुराहरू ठहर भएको छ। निजले अदालतमा फैसला कार्यान्वयनको लागि निवेदन दिनुपर्छ। निजको निवेदन नपरी देवानी मुद्दामा फैसला कार्यान्वयन हुँदैन।

### फैसला विधिवत प्राप्ति गर्ने

नेपाल सरकारको विरुद्ध वा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गरिएका वा सरकारी कर्मचारीको विरुद्ध कुनै अदालतले फैसला वा आदेश अन्तिम भएपछिसो फैसला वा आदेशको प्रतिलिपि र जानकारी सम्बन्धित सरकारी वकील मार्फत नेपाल सरकारको सम्बन्धित निकायलाई उपलब्ध गराउनुपर्छ। सो फैसलाको प्रतिलिपि विधिवत् प्राप्त भएपछि फैसला वा आदेश बमोजिम गर्न गराउन सम्बन्धित निकाय वा अधिकारी समक्ष फैसला वा आदेशको प्रतिलिपि पठाउनुपर्छ। यसरी विधिवत् फैसला वा आदेश प्राप्त गरेपछि सोको जानकारी नेपाल सरकार वा सम्बन्धित अधिकारीले प्राप्त गरेको मानिन्छ र फैसला कार्यान्ययन गर्ने कर्तव्य र दायित्व सिर्जना हुन्छ।

### फैसला बमोजिम अद्यावधिक लगत राख्ने

नेपाल सरकारको विरुद्ध वा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गरिएको वा सरकारी कर्मचारीको विरुद्ध कुनै अदालतले फैसला वा आज्ञप्ति गरेकोमा त्यसको लगत राख्ने कर्तव्य सम्बन्धित जिल्ला अदालतको तहसिल फॉटको हुन्छ। लगत राख्ने कर्तव्य सरकारी वकीलको हुँदैन। फैसला कार्यान्वयन गर्न सरकारी वकील मार्फत फैसलाको प्रतिलिपि सम्बन्धित तहसिल फाँटले पठाएमा सोको जानकारी सरकारी वकीलले सम्बन्धित सरकारी निकायमा पठाइदिने कर्तव्य सरकारी वकीलको हुन्छ। अन्तिम उत्तर दायित्व प्रतिवादीको रूपमा रहेको नेपाल सरकार वा सम्बन्धित निकायको हुन्छ।

### फैसला कार्यान्वयनको लागि नेपाल सरकारको सम्बन्धित कार्यालयमा लेखी पठाउने:

सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३२ अनुसार नेपाल सरकार वा सरकारी कर्मचारीको विरुद्ध परेको वा नेपाल सरकारका तर्फबाट प्रतिरक्षा गरिएको मुद्दामा अदालतले गरेको फैसला वा आदेश अन्तिम भएपछि प्रचलित कानूनको म्यादभित्र सो बमोजिम भरी भराउको लागी लेखी आएमा सम्बन्धित अधिकारीले भरी भराउको कारबाही गरी दिनु पर्नेछ।

नेपाल सरकार विरुद्ध वा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गरिएको वा सरकारी कर्मचारी विरुद्ध कुनै अदालतले गरेको फैसला वा आदेश बमोजिम भरी भराउको लागि दरखास्त परेमा सम्बन्धित अधिकारीले निम्न लिखित कुराहरू विचार गर्नुपर्छः

- फैसला वा आदेश अन्तिम भएको हो होइन ?
- फैसला कार्यान्वयन गर्ने सम्बन्धित अधिकारीले भरी भराउको लागि लेखी पठाउनु पर्ने भए के कति रकम उपलब्ध गराउनु पर्ने हो सो कुरा लेखी पठाउने,
- सो फैसला वा आदेश बमोजिम कति अवधिभित्र भरीभराउ गर्नु पर्ने हो सो कुरा समेत स्पष्ट उल्लेख गरी लेखी पठाउने।

**विभागीय प्रमुखले विचार गर्नु पर्ने कुरा:**

- फैसला वा आदेश बमोजिम कानूनको म्याद भित्र भरी भराउको लागि दरखास्त परी फैसला कार्यान्वयनको लागि लेखी पठाएमा विभागीय प्रमुखले निम्न लिखित कारवाही गर्नुपर्छः
- फैसला वा आदेश कार्यान्वयनको लागि सक्रिय रही तत्परता देखाउने,
- भरीभराउको लागि कारवाही गर्ने,
- सो भरीभराउ गर्ने रकम आफ्नै कार्यालयको बजेटबाट दिन मिल्नेमा बजेट व्यवस्थाको अधीनमा रही यथाशीघ्र उपलब्ध गराउने, निकासा गराउनु पर्नेमा निकासा गराई उपलब्ध गराउने।

**चलन चलाउने / नामसारी दाखिल खारेज गर्ने**

अदालतको फैसला वा आदेश बमोजिम चलन चलाई दिनुपर्ने भएमा सो सम्बन्धमा सम्बन्धित अधिकारीले लेखी पठाएमा के-कस्तो चल अचल सम्पत्ति चलन चलाउने हो मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३८ र दफा २३९ समेतको अधीनमा रही चलन चलाउने कर्तव्य नेपाल सरकार वा सम्बन्धित निकायका विभागीय प्रमुखको समेत कर्तव्य हुन्छ।

**फैसला कार्यान्वयनमा सरकारी वकीलको संलग्नता र निजले निर्वाह गर्नुपर्ने भूमिका:**

नेपाल सरकारको विरुद्ध वा नेपाल सरकारका तर्फबाट प्रतिरक्षा गरिएको वा सरकारी कर्मचारीको विरुद्ध कुनै अदालतले गरेको फैसला वा आदेशबमोजिम भरी भराउ वा चलन चलाउनको निमित्त दरखास्त परी सम्बन्धित विभागीय प्रमुख वा पदाधिकारीले परामर्श मागेमा सो फैसला कायम गर्न कानून बमोजिम उचित परामर्श दिनु सरकारी वकीलको कर्तव्य हुन्छ। सरकारी वकीलले परेको मुद्दामा बहस पैरवी र प्रतिरक्षा गर्ने हुँदा मुद्दासँग सम्बन्धित कानून बमोजिम परामर्श दिनु निजको सर्वोपरी कर्तव्य हुन्छ।

## २०. विविध

**मुलतवी:**

नेपाल सरकार वादी हुने अनुसूची-२८ अन्तर्गतको देवानी मुद्दामा मुलतवी राख्नु पर्दा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०१ बमोजिम मुलतवी राखी दफा २०२ बमोजिम मुलतवी जगाउनु पर्छ।

**मिलापत्र गर्ने:**

- नेपाल सरकार वादी भई चलेको सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति सम्बन्धी मुद्दा पक्षहरू बीच मिलापत्र हुन वा मेलमिलापको माध्यमबाट समाधान हुन सक्ने छैन।

तर सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र गर्न बाधा पर्ने छैन।

देवानी कार्यविधि संहिताको दफा १९५,

**अन्य देवानी मुद्दा चलाउने सम्बन्धी व्यवस्था**

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २५८ मा अन्य देवानी मुद्दा चलाउने सम्बन्धी व्यवस्था छ। जस अनुसार दफा २५४ बमोजिम दायर भएका मुद्दा बाहेक अन्य देवानी मुद्दा चलाउने वा प्रमाण सङ्कलन गर्ने सम्बन्धमा सम्बन्धित कानूनमा कुनै अधिकारी तोकिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित कार्यालयको प्रमुखले प्रमाण सङ्कलन गरी फिरादपत्र दायर गर्न हदम्याद ननाघ्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष मिसिल सहितको प्रमाण पठाउनु पर्नेछ।

यसरी मिसिल प्राप्त भएमा सरकारी वकीलले सो मिसिल अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गरी मुद्दा चल्ने भएमा कुन कानून अनुसार कुन विषयमा कस कसलाई मुद्दा चलाउने हो सो समेत उल्लेख गरी मुद्दा दायर गर्न हदम्याद ननाघ्ने गरी प्राप्त मिसिल सम्बन्धित अधिकारी समक्ष फिर्ता पठाउनु पर्नेछ।

सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित अधिकारीले फिरादपत्र तयार गरी त्यस्तो फिरादपत्रमा आफ्नो सहीछाप गरी हदम्याद भित्रै सम्बन्धित अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

मुद्दा दायर गरेपछि सम्बन्धित अधिकारीले त्यस्तो मुद्दासँग सम्बन्धित मिसिलको एक प्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनु पर्नेछ।

## नेपाल सरकार उपर नालिस दिने कार्यविधि

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६४ ले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह उपर देवानी मुद्दामा नालिस गर्नु पर्ने भएमा सरोकारवाला व्यक्तिले जसको विरुद्धमा नालिस गर्नु पर्ने हो त्यस्तो कार्यालय वा त्यस्तो कार्यालयका प्रमुखलाई त्यसको सूचना दिनु पर्ने व्यवस्था गरेको छ।

यसरी सूचना प्राप्त भएमा सम्बन्धित कार्यालय वा सो कार्यालयका प्रमुखले अर्को कुनै कार्यालय वा निकायको परामर्श वा निकासा लिनु पर्ने भएमा त्यस्तो परामर्श वा निकासा लिनु पर्नेछ।

उपरोक्तानुसार प्राप्त भएको सूचना सम्बन्धी विषय आवश्यक जाँचबुझ गर्दा नालिस दिनु नपर्ने कुनै कारण भएमा सम्बन्धित कार्यालय वा सो कार्यालयका प्रमुखले सोको स्पष्ट कारण सहितको जानकारी त्यसरी सूचना प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।सो अवधिभित्र सम्बन्धित कार्यालय वा सो कार्यालयका प्रमुखले सो विषयमा कुनै जानकारी नदिएमा वा मुद्दा गर्नु नपर्ने गरी जानकारी दिए पनि त्यसको कारण मनासिब नलागेमा सम्बन्धित व्यक्तिले सो अवधि नाघेको वा त्यसरी जानकारी प्राप्त भएको मितिले पैँतीस दिनभित्र नालिस दिन सक्नेछ।

## अन्य विषयमा संहिता र कानून बमोजिम हुने:

- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वादी वा पक्ष हुने देवानी मुद्दाको सम्बन्धमा यस परिच्छेदमा लेखिएको विषयमा यस परिच्छेद बमोजिम र यस परिच्छेदमा नलेखिएको अन्य विषयमा यस ऐनका अन्य परिच्छेद र कानून बमोजिम हुनेछ।

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६५

## छुट्टै कानूनमा लेखिएको कुरामा असर नपर्ने:

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३ अनुसार विषय विषयमा छुट्टा छुट्टै बनेका कानूनमा लेखिएका कार्यविधिका सम्बन्धमा सोही कानून बमोजिम हुनेछ र त्यस्तो विषयमा यस ऐनको व्यवस्थाले कुनै असर पार्ने छैन। विशेष कानूनमा नलेखिएको कार्यविधिको विषयमा यस ऐनमा लेखिए बमोजिम हुनेछ।

## सरकार वादी देवानी मुद्दामा सरकारी वकील

- मुलुकी देवानी संहिता, २०७४ को अनुसुची - २८ मा लेखिएको मुद्दा, प्रचलित कानूनमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वादी हुने भनिएको देवानी मुद्दा, दफा २५८ बमोजिम सम्बन्धित अधिकारीले फिरादपत्र दायर गर्ने मुद्दामा प्राप्त मिसिल संलग्न प्रमाणको अध्ययन गरी मुद्दा चल्ने नचल्ने निर्णय गर्ने,
- दफा २५४ बमोजिम मुद्दामा फिरादपत्र तयार गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने,
- दफा २५८ बमोजिमको मुद्दा सम्बन्धित अधिकारीले फिरादपत्र तयार गरी सम्बन्धित अदालतमा दायर गर्ने हुँदा सो सम्बन्धमा सम्बन्धित अधिकारीको माग बमोजिम आवस्यक कानूनी परामर्श दिने,
- दफा २५४ बमोजिमका मुद्दामा मुद्दा नचलाउने निर्णय गरेमा प्राप्त मिसिल र प्रमाण सम्बन्धित अधिकारी समक्ष फिर्ता पठाउने,
- दफा २५४ को उपदफा ५ बमोजिम मिसिल अध्ययन गर्दा त्यस्तो मुद्दा सरकार वादी भई चलाउनु पर्ने नदेखिई मर्का पर्ने व्यक्ति द्वारा चलाउनु पर्ने देखेमा सोही बमोजिम निर्णय गरी सो को सूचना सम्बन्धित व्यक्तिलाई दिनु भनी मिसिल पठाउने अधिकारीलाई सूचना दिने,
- दफा २५४ बमोजिम दायर भएको मुद्दा र नेपाल सरकार वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै देवानी मुद्दामा साक्षी वकाउने वा प्रमाण पेश गर्ने,
- दफा २५४ बमोजिम दायर भएका मुद्दामा बहस पैरवी र प्रतिरक्षा गर्ने,
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई विपक्षी बनाएको वा नेपाल सरकारले वादी भई चलाएको देवानी मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा नेपाल सरकारको हकमा बहस पैरवी र प्रतिरक्षा गर्ने। प्रदेश सरकार र स्थानीय तहको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले बहस पैरवी र प्रतिरक्षा गर्ने हुँदा यस्तोमा सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्नुपर्ने छैन,

- दफा २५४ बमोजिम दायर भएका नेपाल सरकार वादी हुने देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा सो विषयका लागि निवेदन दिने,
- दफा २५४ बमोजिम दायर भएका प्रदेश सरकार वा स्थानीय तह वादी हुने मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन गर्ने वा सो विषयका लागि निवेदन दिने सम्बन्धी कार्य प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले गर्ने हुँदा सरकारी वकीलले गर्न नपर्ने,
- दफा २५४ बमोजिम हुने बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह पक्ष वा विपक्ष भएको देवानी मुद्दामा पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउने, मुद्दा पुनरावलोकन गर्ने वा त्यस्तो विषयका लागि निवेदन दिने सम्बन्धी कार्यका लागि लेखि आएमा नेपाल सरकार वादी हुने मुद्दाका हकमा सम्म सरकारी वकीलले गर्ने। प्रदेश सरकार वा स्थानीय तह वादी हुने मुद्दाको हकमा कानून बमोजिम तोकिएको वा खटिएको वकीलले गर्ने,
- कुनै निकाय वा अधिकारीले सरकारी वा सार्वजनिक सम्पत्तिमा प्रतिकूल असर पर्ने गरी गरिएको निर्णय उपर कानून बमोजिम मुद्दा गर्ने, निवेदन वा पुनरावेदन गर्ने।

# भाग-चार

## रिट निवेदन सम्बन्धी प्रक्रियामा सरकारी वकीलको संलग्नता र प्रतिरक्षा

# परिच्छेद–एक

## रिटको सामान्य परिचय, वर्गीकरण र अदालतको क्षेत्राधिकार

## यस परिच्छेद भित्र

१. रिटको परिचय
२. नेपालमा रिट सम्बन्धी अवधारणाको विकास
३. असाधारण अधिकारक्षेत्रको प्रयोग सम्बन्धमा सर्वोच्च अदालतको व्याख्या
४. न्यायिक पुनरावलोकनको अधिकारको प्रयोगका सम्बन्धमा सर्वोच्च अदालतको व्याख्या
५. रिटको वर्गीकरण र न्यायिक प्रयोग
   - बन्दीप्रत्यक्षीकरण Habeas Corpus
     बन्दीप्रत्यक्षीकरण जारी हुने / नहुने अवस्था
   - उत्प्रेषण Certiorari
     उत्प्रेषण जारी हुने / नहुने अवस्था
   - परमादेश Mandamus
     परमादेश जारी हुने / नहुने अवस्था
   - प्रतिषेध Prohibition
     प्रतिषेध जारी हुने / नहुने अवस्था
   - अधिकारपृच्छा Quo Warranto
     अधिकारपृच्छा जारी हुने / नहुने अवस्था
   - निषेधाज्ञा Injunction
     निषेधाज्ञा जारी हुने / नहुने अवस्था
६. अदालतको रिट क्षेत्राधिकार
   - जिल्ला अदालतको रिट सम्बन्धी क्षेत्राधिकार
   - उच्च अदालतको रिट सम्बन्धी क्षेत्राधिकार
   - सर्वोच्च अदालतको रिट सम्बन्धी क्षेत्राधिकार

   **(क)** न्यायिक पुनरावलोकन
   **(ख)** अन्य रिट क्षेत्राधिकार
   **(ग)** सार्वजनिक सरोकारको विवाद हेर्ने क्षेत्राधिकार
७. नेपाल सरकारको तर्फबाट रिट निवेदन गर्ने व्यवस्था र प्रक्रिया
८. संवैधानिक इजलासबाट सुनुवाइ हुने रिट सम्बन्धी व्यवस्था

## १. रिटको परिचय

सामान्य अर्थमा रिट भन्नाले कुनै काम गर्न वा नगर्न जारी गरिने विशेषाधिकारयुक्त आदेश भन्ने बुझिन्छ । यसलाई विशेषाधिकारयुक्त यस अर्थमा भनिन्छ कि शुरुमा यस किसिमको आदेश जारी गर्ने अधिकार राजालाई मात्र थियो । त्यतिबेला सार्वजनिक पदाधिकारीहरूले कानून बमोजिम आफूलाई तोकिएको कर्तव्य उचित ढङ्गले निर्वाह गरेका छन् वा छैनन् तथा मातहत न्यायाधिकरणहरूले पनि आफूलाई प्राप्त अधिकारक्षेत्र भित्र रहेर काम गरेका छन् वा छैनन् भनेर सुनिश्चित हुने आधारका रूपमा राजाले रिटलाई प्रयोग गर्ने गरेको पाइन्छ । जस अनुसार सबै अदालत, आयोग र पदाधिकारीहरूको काम कारबाहीमा प्रभावकारिता ल्याउने र सुव्यवस्थित ढङ्गबाट सम्पादन गराउने उपायको रूपमा रिट सम्बन्धी उपचारहरू प्रचलनमा थिए ।

सोह्रौं शताब्दीको अन्त्यतिर यी उपचारहरू सामान्य नागरिकहरूलाई पनि प्राप्त हुन थाले र कसैको अनुमति विना नै नागरिकहरूले राजाको नामबाट यस सम्बन्धी निवेदन गर्न पाइने प्रचलनको विकास भयो । वर्तमान समयमा रिटको उपचार राज्यको सर्वोच्च वा उच्च अदालतबाट प्राप्त हुन्छ । तथापि कार्यविधि भने अरू सामान्य प्रकारका मुद्दाहरूमा भन्दा विशेष प्रकारको अपनाउनु पर्ने हुन्छ । रिटको जननी मुलुक बेलायतमा सन् १९३८ पछि बन्दीप्रत्यक्षीकरण बाहेकका अरू रिटहरूलाई विशेषाधिकारयुक्त (Prerogative orders) र स्वविवेकीय (Discretionary) मानिएको छ । बेलायतमा सर्वोच्च अदालत ऐन, १९८१ मा गरिएको २००४ को संशोधन अनुसार बन्दीप्रत्यक्षीकरण बाहेकका रिटको नाम परिवर्तन गरी Certiorari को सट्टा Quashing Order, Prohibition को सट्टा Prohibitory Order र Mandamus को सट्टा Mandatory Order राखिएको छ । अधिकारपृच्छाको काम उत्प्रेषणले नै गर्ने भएकोले सो रिट हटाइएको छ । नेपाल र भारतमा संविधानमा नै अधिकारपृच्छा लगायत पाँचवटै रिटको व्यवस्था रहेको छ ।

- नागरिकको संवैधानिक र कानूनी अधिकारको संरक्षण र कार्यान्वयनका लागि राज्यको सर्वोच्च वा उच्च तहको न्यायिक निकायबाट जारी गरिने विशिष्ट अधिकारयुक्त आदेश रिटलाई मानिन्छ । यो उपचारात्मक प्रकृतिको हुन्छ भने यो असाधारण अधिकारक्षेत्र अन्तर्गत पर्दछ । रिट सरकार र यसका निकाय विरुद्ध जारी हुने सैद्धान्तिक मान्यता रहेको छ । तथापि बन्दीप्रत्यक्षीकरणको रिट कुनै व्यक्तिले बन्दी बनाएकोमा वा अन्य संस्थाले बन्दी बनाएकोमा पनि जारी हुन सक्दछ ।

ने.का.प.२०७०, अंक १ नि.न. ८९४५, ने.का.प. २०७० अ.क ३ नि.न. ८९७७

## २. नेपालमा रिट सम्बन्धी अवधारणाको विकास

नेपालमा बन्दीप्रत्यक्षीकरणको रिटसँग मिल्दोजुल्दो व्यवस्था सर्वप्रथम तत्कालीन व्यक्तिगत स्वतन्त्रता ऐन, २००६ को दफा ४ मा गरिएको हुँदा रिटको शुरुवात यसै समय देखि भएको मानिन्छ । तथापि बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा र उत्प्रेषण लगायत पाँचै प्रकारका रिटको व्यवस्था तत्कालीन प्रधान न्यायालय ऐन, २००८ को दफा ३० मा गरिएको थियो । नेपालको अन्तरिम शासन विधान, २००७ मा मौलिक हकहरूको व्यवस्था भए पनि उपचारको प्रबन्ध गरिएको थिएन । तर तत्कालीन प्रधान न्यायालय ऐन, २००८ को दफा ३० ले उक्त विधानद्वारा प्रदत्त मौलिक हकको हनन भएको अवस्थामा त्यसको उपचारको निमित्त उक्त रिटहरू जारी गर्ने अधिकार प्रधान न्यायालयलाई प्रदान गरेको थियो । तत्कालीन नागरिक अधिकार ऐन, २०१२ को दफा १६, सर्वोच्च अदालत ऐन, २०१३ को दफा ११, नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ९, नेपालको संविधान, २०१९ को धारा ७१, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ मा रिट सम्बन्धी व्यवस्था गरिएको थियो । मूलत: नागरिकका मौलिक तथा कानूनी हकको संरक्षण, प्रचलन र उल्लघंन भएकोमा उपचारका लागि रिटको प्रयोग गर्ने र जारी हुने अभ्यास विकास हुँदै आएको पाइन्छ । नेपालमा तीनै तह अर्थात् सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई रिट निवेदनमा सुनुवाइ गर्ने अधिकारक्षेत्र छ ।

नेपालको संविधानको धारा १३३ मा सर्वोच्च अदालतलाई संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएकोमा निवेदन सुनी सो कानूनलाई प्रारम्भदेखि वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई रहने व्यवस्था छ । यसैगरी संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा

प्रभावहिन देखिएकोमा र अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि पाँचै प्रकारका रिट वा अन्य उपयुक्त आदेश जारी गर्नसक्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था छ।

नेपालको संविधानको धारा १४४ मा उच्च अदालतलाई संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहिन देखिएकोमा, अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कानूनी प्रश्नको निरूपणका लागि सबै प्रकारका रिटहरू लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था छ। विगतमा पुनरावेदन अदालतलाई कानूनी हकको सन्दर्भमा मात्र न्यायप्रशासन ऐन बमोजिम रिट क्षेत्राधिकार प्रदान गरिएकोमा उच्च अदालतलाई संविधानले नै पाँचै प्रकारका रिट हेर्ने अधिकारक्षेत्र प्रदान गरेको छ।

नेपालको संविधानको धारा १५१ ले जिल्ला अदालतलाई संघीय कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो अधिकारक्षेत्र भित्र बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्न सक्ने गरी रिट क्षेत्राधिकार प्रदान गरेको छ। न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (२) मा जिल्ला अदालतलाई आफ्नो जिल्ला भित्र कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा त्यस्तो व्यक्तिको हकको प्रचलनका लगि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अधिकारको उल्लेख गरेको छ भने सोही ऐनको दफा ७ (३) ले आफ्नो जिल्ला भित्र कुनै व्यक्ति निकायले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा वा आघात पुऱ्याउने आशंका भएमा त्यस्तो हकको प्रचलनको लागि निषेधज्ञाको आदेश जारी गर्ने अधिकार हुने कानूनी व्यवस्था गरेको छ।

## ३. असाधारण अधिकारक्षेत्रको प्रयोग सम्बन्धमा सर्वोच्च अदालतको व्याख्या

- मौलिक हक प्रचलनको सम्बन्धमा सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्र ग्रहण गर्दा कुनै न कुनै वस्तु तथ्यका आधार लिनु पर्ने नै हुन्छ। विना कुनै तथ्य अनुमानित र कपोल कल्पित प्रश्नहरूको निराकरण गर्न र उपचार दिन नसकिने।

  विद्यमान तथ्यहरूमा असाधारण अधिकारक्षेत्र अन्तर्गत आदेश जारी गर्ने सम्मका आधारहरू विद्यमान छन् वा छैनन् हेर्नु अदालतका लागि सधै सान्दर्भिक हुन्छन्।

  कुनै माग दावी वा जिकिरलाई इन्कार गर्दैमा इन्कार गरेको हरेक कुरालाई तथ्यको प्रश्न भन्ने हो भने अर्थपूर्णरूपमा मौलिक हकको उपचार प्रदान गर्न आदेशहरू (रिटहरू) जारी गर्न असम्भव र अव्यवहारिक परिस्थितिहरू सिर्जना हुन जान्छ। त्यसैले पक्ष विपक्ष बीच मतान्तर रहेको विषयलाई विवादास्पद तथ्यको विषय हो वा होइन भन्ने प्रश्नको निराकरण गर्नको लागि तार्किक र वान्छित हदभित्र राखेर विचार गर्न पर्दछ।

  कृष्णप्रसाद आचार्य समेत वि. कृषि विकास बैंक केन्द्रीय कार्यालय समेत, नेकाप २०६४, नि. नं. ७८३५

- सर्वोच्च अदालतले देहायका अवस्थामा आफूलाई प्राप्त असाधारण अधिकार अन्तर्गतको आदेश जारी गर्न सक्नेः

  क. Breach of the principles of Natural Justice

  ख. Excess of powers or substantive ultra vires

  ग. Errors of procedures or procedural ultra vires

  घ. Error of law

  ङ. Failure of perform a duty

  च. Bad faith or abuse of power in the sense of using a power in a meaning other than that contemplated in the enabling statue

  (द्रष्टव्यः यस रिटमा भएको आदेशको प्रकरण नं. ६२, ६३, ६४ र ६५ मा अन्तरिम आदेश जारी गर्दा ध्यान दिनु पर्ने विषयमा पनि बोलिएको छ।)

  दि फूलबारी लि. वि. नेपाल राष्ट्र बैंक संचालक समिति समेत, नेकाप २०६४, नि. नं. ७८७२

- सर्वोच्च अदालतबाट असाधारण अधिकारक्षेत्र ग्रहण गर्न निम्न शर्त पूरा भएको देखिनु पर्छः

  उपभोक्ता हित

क. विवादको विषय वस्तु राज्य वा त्यस्को कुनै अंग निकाय वा अधिकारीको कृयाकलापबाट उठान भएको वा त्यस्तो अधिकारीको सो कृयाकलापमा संलग्नता भएको देखिनु पर्छ ।

ख. विवाद राज्य वा त्यस्को कुनै अंग निकाय वा अधिकारीलाई मुख्य विपक्षी बनाई निज विरुद्ध दायर भएको हुनुपर्छ ।

ग. विवादको विषय सार्वजनिक हित वा सरोकारको हुनुपर्छ ।

घ. विवादमा संवैधानिक वा कानूनी प्रश्न विद्यमान भए रहेको हुनुपर्छ ।

ङ. विवादको निरोपण केवल प्राज्ञिक प्रश्न सम्ममा मात्र सिमित नरहेर वास्तविक रूपमा हक हितको छिनोफानो गर्ने हुनुपर्छ ।

संरक्षण मंच नेपाल समेत वि. हाटेल संघ नेपाल समेत, नेकाप २०६४, न. नं. ७९०३

➢ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व बारे नेपालको संविधानको भाग ४ मा उल्लेख भएका उक्त सिद्धान्त र नीतिहरूलाई लागु गर्न प्रतिबद्ध रहेको र आफ्नो साधन र श्रोतले भ्याएसम्म सो सम्बन्धमा काम कारबाही अगाडि बढाई रहेको अवस्थामा राज्यको उक्त कृयाकलापलाई नै असर पार्ने गरी अदालतबाट हस्तक्षेप गर्नु वान्छनीय नहुने ।

राज्यले लिएको उद्देश्य र नीतिहरू अन्यथा गलत उद्देश्यले प्रेरित नभएसम्म वा राज्यआफ्नो दायित्वबाट विमूख भई कुनै वर्ग, जात, जातीको हक हितको सम्बन्धमा लिन पर्ने नीति प्रति उदासिन रहेको स्थिति प्रमाणित नभएसम्म राज्यको निर्देशक सिद्धान्त, नीति र उद्देश्यहरूमा नै प्रतिकूल असर पर्ने गरी यस अदालतबाट आदेश जारी गर्दा राज्यको काम कारबाही प्रभावित हुने ।

विश्वकर्मा लोहार सेवा जिल्ला कार्य समिति वारा वि. प्र.म. तथा म.प.का., नेकाप २०६५, नि.नं. ७९६५

➢ सर्वोच्च अदालतलाई पूर्ण रूपले न्याय गर्न उपयुक्त आदेश जारी गर्ने असाधारण अधिकारक्षेत्रको व्यवस्था (संविधानले) गरेकोले न्याय माग्न आएका पक्षको न्यायमा पहुँच प्रभावकारी दिलाउन आवश्यक आदेश जारी गर्नु यस अदालतको अन्तरनिहित असाधारण अधिकार हुने ।

जनहित संरक्षण मंच समेत वि. महिला मन्त्रालयसमेत, नेकाप २०६५, नि.नं. ८००५

➢ संविधानले निश्चित गरेको आधार विना नियमित प्रक्रिया अन्तर्गतबाट साधिकार निकायले निरूपण गरिसकेको विषयलाई असाधारण अधिकारक्षेत्रको विषयवस्तु बनाउन नमिल्ने ।

रेखा श्रेष्ठ वि. अर्थ मन्त्रालय समेत, नेकाप २०६६, नि. नं.८०९१

➢ सर्वोच्च अदालतलाई प्रदान गरिएको असाधारण अधिकारक्षेत्र भनेको साधारण अधिकार क्षेत्रको विरुद्धमा हो भन्ने मान्यता राख्न नहुने । संविधानले निश्चित गरेको साधारण र असाधारण अधिकारक्षेत्रका बीचको तालमेललाई खल्बल्याउने वा साधारण अधिकारक्षेत्रलाई असाधारण अधिकारक्षेत्रको अधीनको विषयका रूपमा परिभाषित गर्ने प्रयत्न कहि कतैबाट गरिन नहुने । साधारण अधिकारक्षेत्र अन्तर्गत अधि बढ्दा वहन गर्नुपर्ने दायित्वलाई छल्ने उद्देश्यले एकैचोटी असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्नुलाई कुनै पनि दृष्टिकोणबाट जायज ठहऱ्याउन नसकिने ।

अनिलकुमार सिन्हा वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६६, नि. नं. ८०९२

➢ १६ वर्ष नपुगेको नाबालक मात्र प्रतिवादी भएको मुद्दा पनि प्रमुख जिल्ला अधिकारीले हेर्ने व्यवस्था CRC को धारा ४०(२) तथा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५ विपरीत हुने हुँदा केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ५ को प्रमुख जिल्ला अधिकारीले मुद्दा हेर्ने अधिकारमध्ये १६ वर्ष नपुगेको नाबालकमात्र प्रतिवादी भएको मुद्दा हेर्ने अधिकार फैसला भएको मितिबाट अमान्य Prospective Overruling हुने ।

कुनै कानूनी हकको प्रभावकारी उपचारको व्यवस्था नभएमा संविधानले व्यवस्था गरेका मौलिक हकको हनन् भएमा वा नेपालले प्रतिबद्धता जनाएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिले व्यवस्था गरेका न्यूनतम मानव अधिकारको हनन् भएको अवस्थामा सोको उपचारको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को असाधारण अधिकारक्षेत्रको प्रयोग हुने ।

सरोज राई वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत, नेकाप, २०६६, नि. नं. ८२४२

➢ अख्तियार प्राप्त निकायबाट मुद्दाको अनुसन्धान गरी अभियोगपत्र नै दायर भइसकेको अवस्थामा त्यस निकायबाट भएको अनुसन्धान ठीक वा वेठीक भयो भनी पुनः अनुसन्धान गर्न र अभियोजन नै बदर गरी माग्न यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत निवेदन ग्रहण गरी तल्लो अदालतमा विचाराधीन मुद्दामा हस्तक्षेप हुने वा असर गर्ने गरी निर्णय गर्न कानूनतः नमिल्ने ।

सीताशरण मण्डल वि. गृह मन्त्रालय समेत, नेकाप २०६६, नि.नं. ८२६६

➢ असाधारण अधिकारबाट निवेदकलाई परेको Impact अथवा प्रभाव वा मर्का नहेरी निर्णयकर्ताले निर्णय

दीपकचन्द्र देवकोटा

गर्दाको प्रक्रियामात्र हेरिने भएकाले कारबाहीमा प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गत कारबाही गर्न लागिएको व्यक्तिलाई Show Cause गरी आरोपको सफाईको मौका दिइएको छ छैन, कारबाही गर्न अधिकार पाएको निर्णयकर्ताले कारबाही गरेको व्यक्तिका विरुद्ध कुनै प्रकारको Malafide Intention, Bad Faith थियो थिएन, कारबाही गर्ने अधिकार थियो थिएन र निर्णय गर्दा न्यायिक मन प्रयोग गरेको थियो थिएनसम्म मात्र हेरी पुनरावेदक हेरेको जस्तो विवादको विषयको तथ्य र तथ्यका सम्बन्धमा प्रमाण आदि नहेरिने। — वि. कृषि विकास बैंक, मुख्य कार्यालय काठमाडौं समेत, नेकाप २०६७, नि.नं. ८४३८

- आफ्नो योग्यता र क्षमता अनुसारको पेशा व्यवसाय गर्ने कुरामा कुनै कानूनले रोक लगाएको अवस्थामा मात्र संवैधानिक उपचारको Invoke गराउन मिल्ने हुन्छ। सम्भावित कुरालाई हकको रूपमा दावी गरी संविधानको धारा १०७ को उपधारा (१) र (२) Invoke गराउन मिल्दैन। — पशुपति कार्की वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६७, नि. नं. ८४५५
- राज्यको लोककल्याणकारी उद्देश्य र कार्यक्रमलाई नकारात्मक रूपमा प्रभावित पार्ने माग गरी आफ्नो निजी स्वार्थ वा हित कायम गराउने आत्मपरक र व्यक्तिवादी सोच र प्रवृत्तिलाई यस अदालतले टेवा पुऱ्याई बृहत्त सार्वजनिक हित विरुद्ध रिट जारी गर्नु संविधानसम्मत नहुने। — सुरेन्द्रप्रसाद कानु समेत वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६७, नि. नं. ८४७४
- संविधानमा व्यवस्था भएका राज्यका निर्देशक सिद्धान्त अन्तर्गतका व्यवस्थाहरू राज्यले पूरा गर्नुपर्ने र नगरेको अवस्थामा अदालतबाट प्रचलन गराई माग्न पाउने प्रकृतिका व्यवस्था होइनन्। यस्ता हक प्रचलन गराउन अदालत बाध्य हुँदैन। यी व्यवस्थाहरू राज्यको स्रोत साधन र क्षमतासम्म क्रमशः लागू गर्दै लैजाने सरकारका लागि सामान्य मार्गदर्शन वा सकारात्मक प्रकृतिका (*Positive Right*) मात्र हुन्। त्यसकारण यस्ता हकहरू प्रचलन गराउन अदालतले बाध्य पार्न उपयुक्त र न्यायसंगत नहुने। — कलेशु डगौरा समेत वि. शहरी विकास तथा भवन निर्माण विभाग समेत, नेकाप २०६८, नि. नं. ८५६०
- कानूनद्वारा स्थापित सर्वमान्य सिद्धान्त प्रतिकूल कुनै निकाय वा अधिकारीद्वारा कुनै निर्णय गरी कसैको संरक्षित अधिकार कुण्ठित गरिन्छ भने त्यस अवस्थामा असाधारण अधिकारक्षेत्रको शरणमा जानुपर्ने विवशता सिर्जना हुन्छ र यस्तो अवस्थामा असाधारण अधिकार मुकदर्शक भएर बस्न पनि सक्दैन। असाधारण परिस्थितिमा क्रियाशिल हुने यो यस्तो अस्त्र हो जसले कुण्ठित अधिकार प्रचलन गर्न प्राण सञ्चय गर्न सन्जिवनी प्रदान गर्दछ। तसर्थ असाधारण अधिकार क्षेत्रलाई साघुरो लक्ष्मण रेखाभित्र सिमित राखी व्याख्यान गर्दा यसको औचित्य नै हस हुने प्रवल सम्भावना सिर्जना हुन्छ। — गिरिधारी महतो वि. भुमिसुधार कार्यालय, पर्सा समेत नेकाप २०६७ अंक १२, नि.न. ८२८७
- अदालतमा प्रवेश गर्दाको समयमा स्थापित भैसकेको कानूनी हकको प्रचलनका लागि अन्य उपाय नभए वा अन्य प्रभावकारी उपाय नभएमा मात्र यस अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गरी आदेश जारी गर्नुपर्ने हो। अनिश्चित, सम्भावित, विवादित वा अस्पष्ट हकहितको सम्बन्धमा असाधारण अधिकार प्रयोग गरी आदेश जारी गर्न नमिल्ने। — पुष्पा रावल रायमाझी वि. ने.बैं.लि. केन्द्रीय कार्यालय समेत, नेकाप २०६९, नि. नं. ८८६१
- असाधारण अधिकारक्षेत्र अन्तर्गत नेपाल सरकारलाई पनि अन्य उपचारको व्यवस्था नभएकोमा संझौताको एक पक्षको हैसियतले रिट निवेदन दिन पाउने अधिकार रहन्छ। असाधारण अधिकार क्षेत्रको प्रयोग, व्यक्ति, नागरिक वा समुदायलाई मात्र हुने तर्क स्वभाविक भए पनि वैकल्पिक उपचारको अभावमा सरकार र यसका निकायले रिट निवेदन दिन नसक्ने भन्न नमिल्ने। — भानुप्रसाद आचार्य वि. पु.वे.अ. पाटन समेत ने.का.प. २०६७ अंक ५ नि.न. ८३६९
- असाधारण अधिकारक्षेत्र साधारण साधारण अधिकार क्षेत्रको विकल्प होइन। साथै पुनरावेदकीय क्षेत्राधिकार पनि होइन। साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार पनि होइनन र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादार गर्ने, सीमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउने समेत असाधारण क्षेत्राधिकारको मकसद हुन नसक्ने। — रामदेव यादव वि. प्रमं. तथा मपका. समेत नेकाप २०६८, अंक ८ नि.न. ८६६५
- मौलिक हक हनन भएको भनी विदेशी नागरिकले असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचार माग गर्दा नेपाली नागरिकलाई प्राप्त हुने मौलिक हकको सम्बन्धमा दावी गर्न नपाउने। विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको हक नेपाली नागरिकलाई मात्र प्राप्त हुनेमा विदेशी नागरिकले सो हक प्रचलन गराई पाउन माग गर्न नसक्ने। — खर्ट यन पेपर वि. अध्यागमन विभाग नेकाप २०७५ अंक ९ नि.न. १००९१

## ४. न्यायिक पुनरावलोकनको अधिकारको प्रयोगका सम्बन्धमा सर्वोच्च अदालतको व्याख्याः

➢ प्रतिनिधिसभाको घोषणा, २०६३ राजनैतिक घोषणाको प्रकृया राजनीतिक भए पनि त्यसले ग्रहण गरेको विषय कानूनी भएपछि त्यसलाई राजनीतिक विषयको संज्ञा दिई सर्वोच्च अदालतमा निहित रहेको न्यायिक पुनरावलोकनको अधिकारको परिधिबाटै बाहिर पार्नु न्यायका दृष्टिले र असाधारण अधिकार क्षेत्र सम्बन्धी मूल्य, मान्यता र अवधारणा समेतले उचित नहुँदा प्रतिनिधिसभाको घोषणा, २०६३ लाई राजनीतिक घोषणा मानी त्यसको न्यायिक पुनरावलोकन नै गर्न नमिल्ने भन्ने जिकीरसँग सहमत हुने अवस्था नदेखिने।

श्रीप्रसाद उपाध्याय समेत वि. प्रमं तथा मपका. समेत, नेकाप २०६५, नि.नं.७९२५

वर्तमान अन्तरिम संविधान वमोजिम राज्य र न्यायपालिका समेत सञ्चालन भई रहेको स्थितिमा संवैधानिक व्यवस्थाको प्रतिकूल अदालतले बोल्न मिल्ने नहुँदा संविधानलाई निरस्त हुने गरी यस अदालतले आदेश जारी गर्न नसक्ने।

न्यायिक पुनरावलोकनको अधिकारको स्रोत भनेको स्वयं संविधान नै हुने हुँदा त्यस अधिकार अन्तर्गत संविधानको न्यायिक परीक्षण हुने नभई कानूनको संवैधानिकता परीक्षण गरिने हुन्छ। संविधानको अंग बनिसकेका प्राबधानहरूलाई निष्कृय भैसकेको प्रतिनिधिसभाको घोषणा, २०६३ को विषयवस्तु मानी त्यसको न्यायिक पुनरावलोकन गर्न न्यायिक पुनरावलोकन सम्बन्धी मान्य सिद्धान्तले पनि अनुमति नदिने।

➢ कानूनको संवैधानिकता परीक्षण हुँदा विवादित कानून वा आदेश वहाल रहेको हुनुपर्दछ। निवेदकले संविधानसँग बाझिएको भनेको कानून निष्कृय भै सकेको हुँदा त्यस्तो कानूनको संवैधानिकताको परीक्षण गर्न नपर्ने।

मुरारी भट्टराई वि. नेपाल सरकार नेकाप २०६३ अंक ४ नि.न. ७६७६

➢ निवेदनमा उठाईएका विषयवस्तुको प्रयोजन समाप्त भएको, अन्तरिम संविधान प्रतिस्थापन भै नेपालको संविधान जारी भएको र सो संविधानको व्यवस्था कार्यान्वयन भै गठन भएको संवैधानिक इजलासले कालातित भैसकेको बाधा अड्काउ फुकाउने आदेश र सो अन्तर्गत भै सकेका कार्य बदर गर्नुको सान्दर्भिकता नहुने।

ओम प्रकाश अर्याल समेत वि. अध्यक्ष मन्त्रिपरिषद समेत नेकाप संवैधानिक इजलास खण्ड २०७५, अंक १, नि.न. ०००७

➢ सर्वोच्च अदालतले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत नेपाल सरकार, सरकारी अंग र नेपाल कानून बमोजिम गठित राज्यका Instrumentalitiesद्वारा नेपाल कानून प्रयोग गरी गरिएको निर्णयको मात्र न्यायिक पुनरावलोकन गर्दछ। नेपाल कानून बाहेकका Document, विधान वा Charter को आधारमा गरिएको निर्णयको न्यायीक पुनवरालोकन गर्दैन अर्थात् यस अदालतले धारा ८८(२) अन्तर्गत ICIMOD को service law सरहको Human Resources Policy को ब्याख्या र पुनरावलोकन गर्न नसक्ने।

ICIMOD डाइरेक्टर जनरल जे.ग्रावेल काम्वेल वि. श्रम अदालत, काठमाडौं समेत, नेकाप २०६५, नि. नं. ७९३४

➢ कानून बनाउने वा संशोधन गर्ने राज्य लगायत निजी क्षेत्रको जुनसुकै रोजगार प्रदायक (employer) को नीतिगत विषयको कुरामा समान बर्ग वा Similarly Situated सबै कर्मचारीलाई भेदभाव नगरी समानरूपले लागू हुने गरी बनेको कानूनको न्यायिक पुनरावलोकन हुन नसक्ने।

वासुदेव थपलिया समेत वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६५, नि. नं. ७९६०

➢ न्यायिक पुनरावलोकनको अधिकार मुख्य रूपमा देहायको प्रयोजनका लागि अपरिहार्य मानिन्छः

- नागरिकको हक अधिकार तथा स्वतन्त्रताको रक्षा एवं त्यसको उपभोगको सुनिश्चितताका लागि,
- कानूनी राज्य वा विधिको शासनको अवधारणालाई व्यवहारिक रूपमा सार्थक तुल्याउनका लागि,
- सीमित सरकारको अवधारणालाई क्रियान्वित गर्नका लागि,
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको प्रभावकारी प्रयोग र पालनाका लागि,
- सरकारको काम कारबाहीहरू तथा निर्णयहरूलाई वैधानिक दायराभित्र सीमित गर्नका लागि,
- न्यायिक स्वतन्त्रता र सक्षमता सुनिश्चित गर्नका लागि,
- राज्यको कार्यकारी निकायको स्वेच्छाचारी एवं निरंकुश कार्यमा नियन्त्रण गर्नका लागि,
- संवैधानिक सर्वोच्चता कायम गरी संविधानको संरक्षण गर्नका लागि।

गणेश पंजियार वि. न्याय परिषद समेत, नेकाप २०६७, नि.नं. ८३२९

न्यायिक पुनरावलोकन हुन नसक्ने भनी संविधानले निर्धारण गरेका सीमा रेखाहरू संविधानले अंगीकार

गरेका आधारभूत सिद्धान्त, मूल्य तथा मान्यताहरूसँग मेल नखाने भएमा वा संविधानद्वारा प्रदत्त मौलिक हक हनन् गर्ने खालका काम कारबाही वा निर्णयहरू समेत न्यायिक पुनरावलोकनको दायरा बाहिर राख्ने संवैधानिक व्यवस्था आफैंमा पनि सर्वोच्च अदालतको न्यायिक पुनरावलोकनको विषय हुनसक्छ।

कुनै व्यक्तिको पेशा, रोजगारी तथा मौलिक हकको रूपमा संवैधानिक संरक्षण प्राप्त अन्य हक अधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषयमा भएका निर्णयहरूलाई न्यायिक आत्मसंयमको सिद्धान्तको नाममा न्यायिक पुनरावलोकनको दायराबाट हटाउन नमिल्ने।

कुनै पनि संवैधानिक निकायमा नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरूको बहुमत वा अल्पमत संलग्नता भएको भन्ने आधारमा यस्ता संवैधानिक निकायहरूले गरेका निर्णय तथा काम कारबाहीको न्यायिक पुनरावलोकनबाट उन्मुक्ति पाउन नसक्ने।

- के कुन कानूनी व्यवस्था अमान्य र बदर हुनुपर्ने हो भन्ने युक्तियुक्त आधार उल्लेख गरी स्पष्ट दावी लिन नसकी घुमाउरो भाषाको प्रयोग गरी आफ्नो संविधानप्रदत्त हकमा आघात पुगेको भनी सम्भावना तथा अनुमानको भरमा नितान्त निजी धारणा बनाई लिएको निवेदन दावीको आधारमा अदालत स्वयंले निवेदकको दावी खोजबीन गरी औचित्यको आधारमा नेपाल अन्तरिम संविधान २०६३ को धारा १०७ को उपधारा (१)को असाधारण अधिकारक्षेत्र अन्तर्गत न्यायिक पुनरावलोकन गर्न नमिल्ने। — उमाशंकर शर्मा वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६७, नि. नं. ८३६६

- संविधानमा नै स्पष्ट रूपमा कानूनबमोजिम हुने गरी गरिएको व्यवस्थालाई निरपेक्ष हकको रूपमा व्याख्या गर्दै जाने हो भने त्यसले संविधान संशोधनको प्रभाव दिन्छ, त्यसो गर्न कानून व्याख्याको सिद्धान्तले अनुमति दिदैन र न्यायपालिकाले आफ्नो अधिकारलाई त्यस हदसम्म विस्तारित गर्न नहुने। न्यायपालिकाको अधिकारको मूल स्रोत संविधान नै भएकाले संविधानको स्वरूप, त्यसको भावना र त्यसले अंगीकार गरेका विशेषताहरूलाई विश्रृंखलित तुल्याउने अधिकार न्यायपालिकालाई नहुने। — प्रकाशमणि शर्मा समेत वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६७, नि. नं. ८३८६

- कुनै कानूनमा भएको व्यवस्था खारेज गर्न माग गर्दा निवेदकले सो व्यवस्था खारेजी भएबाट उत्पन्न हुने रिक्तताको परिणाम के हुन्छ भन्ने पनि विचार गर्नुपर्ने। भै रहेको कानून खारेज गरी रिक्तता सिर्जना गर्ने अनि त्यसको पूर्ति गर्न नसक्ने स्थिति खडा भएबाट दण्डहीनताको स्थिति सिर्जना हुने भएमा त्यसको जवाफदेही अदालतले लिनुपर्ने हुन्छ जुन सम्भव नभएकाले प्रचलित कानूनको प्रावधान खारेज गर्नु अघि त्यसको रिक्तताको असर र असर व्यवस्थापनका विशेष कुराहरू विचार गरेर मात्रै अदालतले आफ्नो सक्रियता देखाउनु पर्ने।

  कुनै अमुक ऐनको व्यवस्था हेरी सो व्यवस्थालाई संविधानको प्रावधानसँग जोडी बाझिएको अनुमान गरी सार्वजनिक विषयको रूपमा उठाई न्यायिक पुनरावलोकनको विशेष व्यवस्थालाई हलुका तवरले लिन नहुने। के कुन कानूनी व्यवस्था के कुन प्रयोजन वा उद्देश्य पूर्ति गर्न खातिर विधायिकाद्वारा पारीत गरिएको हो र सो कानूनको व्यवस्थाले प्रत्यक्ष रूपमा प्रभाव पारे वा नपारेको स्थिति मूल्याङ्कन नगरी तथा प्रभाव पार्ने व्यक्ति वा समुदायको हितको साक्षात्कार नगरीकन निवेदन दायर गर्न नमिल्ने। — अच्युतप्रसाद खरेल वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६७, नि. नं. ८४९९

- संवैधानिक व्यवस्था अन्तर्गत पूर्ण न्यायको निमित्त यस अदालतले कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयलाई Judicial Review गर्न सक्ने। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ को हक नागरिकलाई प्राप्त भएपछि संविधानले नै यस अदालतको धारा १०७(२) को न्यायिक पुनरावलोकन गर्न पाउने अधिकारलाई Exclude वा Limit गर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्थामा वा मान्य सिद्धान्त अनुसार Political Question समावेश भएको बिषय वा विधायिकाको आन्तरिक कार्य व्यवस्थापनको विषय र यस अदालतबाट धारा १०७ (३) अन्तर्गत अन्तिम भएका बिषयहरूमा Writ against judiciary हुन नसक्ने मान्य सिद्धान्तको अवस्थामा वाहेक अन्य अवस्था र बिषयमा मान्य सिद्धान्तमा रहेर कार्यपालिका तर्फका प्रत्येक अधिकारीले गरेको निर्णयको न्यायिक पुनरावलोकन गर्न सक्ने। — सुन्तली धामी वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६८, नि. नं. ८५४१

- भैरहेको कानूनी व्यवस्थाले मौलिक हकउपर अनुचित वन्देज लगाएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएको अवस्था भए असाधारण अधिकारक्षेत्र ग्रहण गरी यस अदालतले अमान्य र बदर घोषित गर्ने। कानून प्रणाली एवं सामाजिक संरचना परिवर्तन गर्ने वा भैरहेको कानूनमा — श्यामकृष्ण मास्के वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६८, नि. नं.

थप व्यवस्था गरी कानून संशोधनको विषयमा आदेश जारी गर्ने कार्य सामान्यतः अदालतको होइन । साथै कानूनमा यस किसिमको व्यवस्था थप गर्नु भनी सामाजिक अभियन्ता (Social engineering) को रूपमा अदालतले व्यवस्थापिकाको काम गर्न नमिल्ने ।

कानून प्रणाली एवं सामाजिक संरचना परिवर्तन गर्ने वा भैरहेको कानूनमा थप व्यवस्था गरी कानून संशोधनको विषयमा आदेश जारी गर्ने कार्य सामान्यतः अदालतको होइन । के कस्तो कानून प्रणालीको विकास गर्ने भन्ने विषय राज्यको नीतिगत विषय हो । यस्तो राज्यको छुट्टै अङ्गको अधिकारउपर न्यायपालिकाद्वारा प्रत्यक्ष हस्तक्षेप हुने गरी आदेश जारी गर्न नमिल्ने ।फौजदारी प्रकृतिको कसूरको परिभाषा विधायिकी नीति (Policy) को विषय भएकोले मौजुदा परिभाषा र व्यवस्थाहरूमा नीतिगत रूपमा अदालतले कुनै आदेश वा निर्देश गर्न नमिल्ने ।

८५८९

- खास समस्या समाधान गर्न वा उद्धेश्य हासिल गर्न विधायिकाले विशेष कानूनी व्यवस्थागर्न सक्दछ । सो कानून कसैको हकमा लागू हुने र कसैका हकमा लागू नहुने भनी न्यायोचित बर्गीकरण गर्दा असमान हुँदैन र त्यस्तो कानून समानताको प्रतिकुल पनि हुँदैन ।

रामवावु भण्डारी वि. स्वास्थ्य मन्त्रालय समेत नेकाप २०६९, नि.न. ८७८२

- असैनिक नागरिकलाई सैनिक ऐन लागू हुने भन्ने विवादिन कानूनी व्यवस्था अनुचित, भेदभावपूर्ण र असंवैधानिक हुने । विषयबस्तुको प्रकृतिबाट अत्यावश्यक देखिएमा बाहेक अदालतले अर्को न्यायिक विकल्प भएसम्म त्यस्तो कुनै कानूनलाई प्रारम्भ देखि बदर घोषित गर्न मनासिव नहुने ।

इमानसिहं गुरुङ वि. मपस.समेत नेकाप २०४९, नि.न. ४५९७

- कुनै कानूनको कुनै प्रावधान संविधानसँग बाझिएको वा संविधानद्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज पर्न जाने अवस्थामा संविधानको धारा १३३(१) बमोजिम न्यायिक पुनरावलोकनको अधिकार क्षेत्र ग्रहण गरी बदर गर्न सकिने भएपनि भई रहेको कानून प्रतिस्थापन गरी नयाँ कानून निर्माण गर्ने कुरामा अदालतको अधिकार नहुने । कुनै कानूनी व्यवस्था बदर गरी शुन्य अवस्था सिर्जना गर्न नमिल्ने ।

गणेशराज राई वि. प्रमं. तथा मपका. समेत ने.का.प. संवैधानिक इजलास खण्ड अंक १ नि.न. ०००१

- राज्यद्वारा आफ्नो नीतिगत व्यवस्था अन्तर्गत बनाइएको कानूनले समाजको परम्परा, रीतिरिवाज, संस्कृति र व्यवहारलाई पनि ध्यान राख्ने हुँदा राज्यले समाजका कस्ता प्रकारका परम्परा, रीतिरिवाज,संस्कृति र व्यवहारलाई कानूनी व्यवस्था मार्फत मान्यता दिने र कस्तोलाई नदिने भन्ने कुरा राज्यको नीतिगत विषयभित्र पर्ने कुरा हो । कानूनमा निहित त्यस्ता प्रकारका नीतिगत प्रश्नको औचित्यमा अदालतले आफ्नो असाधारण अधिकार क्षेत्र प्रयोग गरी न्यायिक पुनरावलोकनको रोहबाट हस्तक्षेप गर्न नमिल्ने ।

विकल्प राज भण्डारी वि. प्रमं. तथा मपका.समेत नेकाप २०७२ अंक १ नि.न. ९३११

## ५. रिटको वर्गीकरण र न्यायिक प्रयोग

रिटको वर्गीकरण देहाय अनुसार गर्न सकिन्छः

(क) बन्दीप्रत्यक्षीकरण,

(ख) उत्प्रेषण,

(ग) परमादेश,

(घ) प्रतिषेध, र

(ङ) अधिकारपृच्छा ।

### ५.१ बन्दीप्रत्यक्षीकरण Habeas Corpus

बन्दीप्रत्यक्षीकरणको शाब्दिक अर्थ थुना वा नियन्त्रणमा रहेको बन्दीलाई सशरीर अदालत समक्ष उपस्थित गराउ भन्ने हुन्छ । यस अन्तर्गत कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा राखिएको प्रश्न उठेमा निजलाई अदालत समक्ष उपस्थित गराई निजको थुनाको वैधताको परीक्षण गर्ने गरिन्छ । यसरी परीक्षण गर्दा निजको थुना गैरकानूनी देखिएमा निजलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरेर अदालतले थुनाबाट मुक्त गर्ने आदेश दिन सक्दछ । कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण नगरिने संवैधानिक प्रत्याभूति अनुरूप चाहे राज्य वा व्यक्तिको तर्फबाट किन नहोस् कुनै व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गरिन्छ भने निजलाई गैरकानूनी थुनाबाट मुक्त गरी अपहरित स्वतन्त्रताको पुन:स्थापन गर्नु यो रिटको मुख्य उद्देश्य हो । यो रिट

राज्यका अलावा अन्य कुनै व्यक्ति वा संस्थाले राखेको थुना वा नियन्त्रणका विरुद्ध पनि जारी हुन सक्दछ। यो उपचारात्मक रिट हो दण्डात्मक होइन। यो रिट संकटकालीन अवस्थामा समेत निलम्बित हुँदैन। कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपमा थुनामा राखिएको छ भनी जिकिर लिएमा त्यस्तो थुनाको कानूनी आधार देखाउने जिम्मा थुनामा राख्ने निकाय वा अधिकारीको हुन्छ। यो रिटमा बन्दीको अपराध र निरपराध निश्चय गरिँदैन, केवल थुनुवालाई कानून बमोजिम थुनामा राखिएको छ वा छैन भन्ने कुराको मात्र निर्क्यौल गरिन्छ।

## बन्दीप्रत्यक्षीकरणको निवेदन कसले दिन सक्छ ?

बन्दीप्रत्यक्षीकरणको निवेदन थुनामा रहेको व्यक्ति स्वयं वा निजले दिन नसक्ने अवस्थामा निजका तर्फबाट निजको नातेदार, साथी वा अरू कुनै पनि व्यक्ति वा सरोकारवाला संस्थाले पनि दायर गर्न पाउँछ। साथै गैरकानूनी थुनामा रहेको जानकारी प्राप्त हुन आएमा अदालत आफैले रिट निवेदन सरह मानी कारबाही उठाई आदेश जारी गर्न सक्दछ।

- ठूलो संख्यामा विना मन्जुरी खानपिनको यथोचित व्यवस्था समेत नगरी जवरजस्ती थुनाको स्थितिमा राखी श्रमिकहरूलाई ईटा भट्टा कारखानामा काम गराएको र तत्सम्बन्धी गुनासोको सम्बोधन समेत सम्बन्धित निकायले नगरेको भन्दै बन्दीप्रत्यक्षीकरणको आदेश माग प्रधान न्यायाधीशलाई सम्बोधन गरी हुलाकबाट दिएको निवेदनमा सर्वोच्च अदालतबाट सम्बन्धित जिल्ला अदालतको श्रेस्तेदारलाई जाँचबुझ अधिकृतको रूपमा काम गर्न तोकी निजको प्रतिवेदन समेतको आधारमा सर्वोच्च अदालत नियमावली बमोजिम बन्धक अवस्थाबाट मुक्त गरी आफ्नो देश प्रस्थान गर्न मित्र राष्ट्र भारतको सीमावर्ती प्रशासनसँग समेत आवश्यक समन्वय गरी निजहरूलाई सुरक्षासाथ नेपाल सीमा पार गर्न दिई सो कार्य सम्पन्न भएपछि सोको प्रतिवेदन यस अदालतमा पठाउनु भनी जिल्ला अदालतका स्रेस्तेदारलाई र उक्त कार्यमा आवश्यक पर्ने प्रशासनिक तथा अन्य व्यवस्थापकीय सरसहयोग सक्रियरूपमा उपलब्ध गराउनु भनी क्षेत्रीय प्रशासक तथा प्रमुख जिल्ला अधिकारीलाई समेत लेखी पठाउने गरी आदेश जारी भएको छ।

सेवक राम वि. प्रमुख जिल्ला अधिकारी सिराहा समेत, नेकाप २०७० अंक ३ नि.न.८९७६

## बन्दीप्रत्यक्षीकरणको आदेश कसका विरुद्धमा जारी हुनसक्छ ?

बन्दीप्रत्यक्षीकरणको आदेश कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा राखिएकोमा त्यसरी थुनामा राख्ने जुनसुकै व्यक्ति, संस्था, निकाय वा पदाधिकारीका विरुद्धमा जारी हुन सक्दछ।

## संवैधानिक एवं कानूनी व्यवस्था

- कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन। — नेपालको संविधान, धारा १७
- प्रचलित नेपाल कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन। — देवानी संहिताको दफा २०(१)

## सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त

- कानून बमोजिम बाहेक भन्नाले कानूनको उचित कारबाही (Due process of Law) लाई बुझिन्छ र कानूनको उचित कारबाही भित्र सारवान र कार्यविधिगत दुबै कारबाही पर्ने हुँदा वैयक्तिक स्वतन्त्रतामा असर पर्ने गरी कारबाही गर्दा यी दुबै पक्षलाई अनिवार्य रूपमा पालन गर्नु पर्दछ। — नेकाप. २०६१, नि.नं. ७३३२
- थुनाको कारण पत्ता लगाउँदा कानूनसंगत कारण नदेखिए थुनाबाट मुक्त गर्ने आदेश जारी गर्नु नै बन्दीप्रत्यक्षीकरणको उपचारको उद्देश्य हो। — नेकाप. २०४९, नि.नं. ४४५०
- बन्दीलाई थुनामा राख्नुको कानूनसंगत आधार र अवस्था नदेखिएकोमा बन्दीलाई थुनाबाट मुक्त गर्ने आदेश जारी गर्नु बन्दीप्रत्यक्षीकरणको उपचारको उद्देश्य हो। — नेकाप २०५३, नि.नं. ६२१८
- बन्दीप्रत्यक्षीकरणको निवेदनमा यस अदालतले फैसला सच्याउने वा कानून बमोजिम तोकिएको अधिकारीले कानूनले दिएको तजविजी अधिकार प्रयोग गरी गरेको ठहर फैसलामा हस्तक्षेप गर्न नमिल्ने तथा सजाय घटाउने बढाउने आदेश गर्न पनि नमिल्ने। — नेकाप २०५४, नि.नं. ६३८९

➢ असाधारण उपचार छनौट वा सुविधाको कुरा नभई मौलिक तथा कानूनी हकको गम्भीर उल्लंघन भएको अवस्थाको कुरा हो। असाधारण उपचार अवलम्बन गर्न विशेष अवस्था र परिस्थिति उत्पन्न भएको हुनुपर्दछ । कानूनको ठाडो उल्लंघन, मौलिक अधिकारको प्रत्यक्ष अपहरण र मानव अधिकारको उपहास भएको देखिएमा साधारण अधिकारक्षेत्र उपभोग गरिसकेको अवस्थामा पनि कुनै पनि बन्दी असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्न सक्दछ। यस्तो अवस्थामा अदालतले आफ्नो न्यायिक भूमिका निभाउनु पर्ने।

नेकाप २०६५, नि. नं. ८०२७

➢ कुनै पनि व्यक्तिलाई अधिकार क्षेत्रात्मक त्रुटि गरी कानूनले अधिकार नै नदिइएको व्यक्ति वा निकायले थुनामा राखेको अवस्था, कानूनद्वारा निर्धारित प्रक्रिया प्रतिकूल थुनामा राखिएको अवस्था र प्राकृतिक न्याय सिद्धान्त, प्राङ्गन्याय एवं दोहोरो खतराको सिद्धान्त जस्ता न्यायका आधारभूत मान्यता प्रतिकूल थुनामा राखिएको अवस्थामा अदालतले न्यायिक हिरासतमा रहेको अवस्थामा समेत बन्दीप्रत्यक्षीकरण जारी गर्न सक्ने। तर, तत्काल प्राप्त प्रमाणको मूल्याङ्कन गरी अधिकार प्राप्त अधिकारीले राखेको न्यायिक हिरासतका हकमा बन्दीप्रत्यक्षीकरण जारी गर्दा मुद्दाको निर्णय हुन बाँकी नै रहेबाट न्यायिक हस्तक्षेप त हुन पुग्दैन भन्ने कुरामा सतकर्ता अपनाउनु पर्ने।

वासुदेव साह तुराहाका हकमा अधिवक्ता रामविलास राउत वि. पुनरावेदन अदालत हेटौडा, नेकाप २०६८, नि. नं.८६५०

**बन्दीप्रत्यक्षीकरणको निवेदनमा मुख्यतः निम्न प्रश्नहरू विचारणीय हुन्छन्:**

- थुना वा पक्राउको कारण कानूनसंगत छ/छैन।
- थुनामा राख्ने कानूनी अख्तियारी छ/छैन।
- अख्तियारवालाको आदेशले थुनामा राखिएको हो/होइन।
- थुनामा राख्दा अवलम्बन गर्नुपर्ने सबै कानूनी प्रकृया र कार्यविधिको अबलम्बन र पालना गरिएको छ/छैन।
- जुन कानूनको अख्तियारी प्रयोग गरी थुनामा राखिएको हो सो कानून स्वयं संवैधानिक छ/छैन।
- थुनामा राख्ने आदेश गर्दा आधार र कारण उल्लेख गरेको छ/छैन।
- बदनियत वा प्रवृत्त भावना लिई थुनामा राखेको छ/छैन।

**कानूनी व्यवस्था**

- सर्वोच्च अदालत नियमावली, २०७४, (स.अ.नि.) उच्च अदालत नियमावली, २०७३ (उ.अ.नि.) र जिल्ला अदालत नियमावली, २०७५ (जि.अ.नि.) अनुसार अदालतले निम्नलिखित अवस्थामा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्छः

उ.अ.नि. नियम ३२(क) र जि.अ.नि. नियम २९

  - ✓ सूचनामा तोकिएको दिन वा पेसीको दिन प्रत्यर्थीले कुनै कारण नदेखाएमा,
  - ✓ कारण देखाएपनि सो कारण मनासिव नदेखिएमा,
  - ✓ बदनियत, प्रवृत्त भावना लिई, कानून विपरित वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा,

स.अ.नि.नियम ३७क,

  - ✓ प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिव कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिव नदेखिएमा, वा

जि.अ.नि. नियम २९

  - ✓ कुनै बन्दीलाई एकठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गरेमा,
  - ✓ अदालतको आदेशलाई छल्ने वा प्रभावहीन गराउने बदनियतले बन्दीको सम्बन्धमा झुठो जवाफ दिएमा,
  - ✓ अदालतले मागेको जवाफ प्रष्ट रूपमा नदिई आलटाल गरेमा,

उ.अ.नि. नियम. ३२ (ख) र स.अ.नि.नियम ३७ (क), ३९

**बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था**

➢ कानून बमोजिमको अख्तियारी विना थुनामा राखेमाः

- खिल बहादुर गिरी वि. जिल्ला प्रहरी कार्यालय, काठमाडौं, नेकाप, २०४९, नि. नं. ४५२९
- दल बहादुर मल्ल वि. म्याग्दी जि. अ., नेकाप २०५२, नि. नं. ५०३३

➢ थुनामा राखेको कारबाहीमा अधिकार क्षेत्रात्मक त्रुटि रहेको देखिएमा,

- अलि अकबरी वि. सदरखोर शाखा, डिल्ली बजार, नेकाप २०४९, पृ. १०५, नि. नं. ४४६३,
- खिमलाल देवकोटा वि. गृह मन्त्रालय समेत, नेकाप २०५९, पृ. ४८३, नि. नं. ७११५,

➢ थुनामा राख्नुपर्ने कानून बमोजिमको कारण नदेखिएमा,

- अम्बरबहादुर गुरुङ वि. त्रि. व. सुरक्षा प्रहरी गार्ड, नेकाप २०४९, पृ. ३१, नि.नं. ४४५०

➢ बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कानून बमोजिमको कार्यविधि पालन नगरेमा,

- कृष्णध्वज खड्का वि. कानून तथा न्याय मन्त्रालय समेत, नेकाप २०५५ पृ. १९५, नि. नं. ६५३०
- खिमलाल देवकाटा वि.गृह मन्त्रालय समेत, नेकाप २०५६, पृ. ६३८, नि. नं. ६७७५

➢ बदनियतसाथ वा प्रवृत्त भावनाले ग्रसित भई थुनामा राखेमा,

- विक्रम मल्ल वि. जि. प्र. का. काठमाडौं, नेकाप २०५१, पृ. ८४७, नि. नं. ५०००
- तिलु घले वि. जि. प्र का. काठमाडौं, नेकाप २०५१, पृ. ८९०, नि. नं. ५००७

➢ थुना मै राख्नुपर्ने कारण नखुलाई थुनामा राखेमा,

- माया पाठक वि. गृह मन्त्रालय, नेकाप २०५३, पृ. ३३४, नि. नं. ६१८२

➢ बन्दीप्रत्यक्षीकरणमा पुनः निवेदन दिन बाधा नपर्ने,

- शर्मिला त्रिपाठी वि. म. पं. सचिवालय समेत, नेकाप २०६०, पृ. ६१८, नि. नं. ७२५२
- मीनाकुमारी वाइवा वि. गृहमन्त्रालय समेत, नेकाप २०६१ पृ. ४७९, नि. नं. ७३७१

➢ थुनाको निरन्तरता रहेकोमा निर्णय हुँदाको अवस्थासम्म पनि कानून विपरीतको थुना जारी रहेमा,

- सीताराम अग्रवाल वि. जि. प्र. का. काठमाडौं, नेकाप २०५२, पृ. ५९७, नि. नं. ६०३८

➢ जुन कानून अन्तर्गत थुनामा राखिएको हो सो कानून नै असंवैधानिक भएमा,

- राजिव पराजुलीको हकमा संजिव पराजुली वि. भ्र. नि. शाही आयोग समेत नेकाप २०६२ अंक ११ नि.न.७६१८

➢ Substantive due process वा procedural due process दुबै मध्ये कुनै एकको पनि अभावमा कारबाही गरेको देखिन आएमा,

- प्रेम चौलागाईको हकमा कृष्ण कुमारी श्रेष्ठ वि. गृह मन्त्रालय समेत, नेकाप, २०६१, पृ. १९०, नि. नं. ७३३२

➢ संवैधानिक व्यवस्था परिपालना र अन्तर्राष्ट्रिय महासन्धिको मार्गदर्शनलाई राज्यका निकायहरूले अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने । पुर्पक्ष निमित्त माग गरेको धरौट दिन नसकेको वालकलाई थुनछेकको प्रयोजनको निमित्त थुनाको विकल्पको रूपमा बाल सुधारगृहमा बन्दीको रूपमा पठाउन सक्ने व्यवस्था नभएकोमा निवेदकलाई बाल सुधारगृहमा थुनामा राखेको कार्य गैरकानूनी हुने,

- प्रदीप थापाको हकमा रामेश्वर न्यौपाने वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत, नेकाप, २०६५, पृ. ११३२, नि. नं. ८०१५

➢ कानूनी व्यवस्थाको पालना नगरेको, उचित कानूनी प्रक्रिया अवलम्बन नगरेको र न्यायिक मनको समेत प्रयोग नगरी कानून विपरीत निर्णय भएको अवस्थामा गैरकानूनी थुनाबाट मुक्त हुने,

- हादी जावेर हबीव वि. गृह मन्त्रालय समेत, नेकाप, २०६५, नि. नं. ८०१५

➢ आफ्नै हिरासतमा रहेका प्रतिवादीलाई सोही बखत झुठ्ठा नागरिकता कीर्ते मुद्दामा अनुसन्धान नगरी हाल आएर ठगी मुद्दाबाट सफाइ पाई छुटी जाने भए पश्चात् मात्र अनुसन्धानको लागि भनी प्रवृत्त भावना राखी थुनामा राखेको कार्यलाई कानून र न्यायसंगत भन्न नमिल्ने,

- मणिकुमार राईको हकमा एड्भोकेसी फोरम तर्फबाट अधिवक्ता नानीबाबु खत्री वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं समेत, नेकाप, २०६६, पृ. १४८३, नि. नं. ८२२१

➢ कानूनले तोकेको हदभन्दा बढी कैदमा बस्नु पर्ने गरी फैसला भएकोमा,

- गगन सिं ठकुरी वि. कारागार कार्यालय, जगन्नाथ देवल, समेत, नेकाप, २०६७, पृ. २४२, नि. नं. ८३१३

➢ अधिकार क्षेत्रको दुरूपयोग गरी, कानूनी व्यवस्थाको प्रक्रिया पालना नगरी र कानून विपरित थुनामा राखिएकोमा,

- लक्ष्मण लामिछाने समेत वि. जि.प्र.का. मकवानपुर समेत, नेकाप, २०६७, पृ. १७२२, नि. नं. ८४८२

➢ एउटै कसूरमा पटक पटक मुद्दा चलाउने र सक्षम अदालतबाट फैसला भै अन्तिम भैसकेकोमा पूवै फैसला निरर्थक हुने गरी उसै विषयमा कारबाही चलाई थुनमा राख्ने कार्य भएकोमा,

- बालकृष्ण के.सी. वि. जि.प्र.का. दैलेख समेत ने.का.प.२०६७ अंक ९ नि.न ८४५९

➢ एउटा मुख्य वारदातलाई लिएर एक पटक अभियोग लगाई सकेपछि सो सँग सम्बन्धित सहायक घटनाहरूको आधारमा पटकपटक गरी दोस्रो वा तेस्रो मुद्दा चलाउन नमिल्ने,
कर्तव्य ज्यान मुद्दामा लागेको कैद भुक्तान गरिसकेपछि कर्तव्य ज्यान मुद्दामा दिएकै जाहेरी दरखास्तमा अपहरण भन्ने शब्द परेको आधारमा पुनः शरीर अपहरणतर्फ मुद्दा दायर गर्नु र त्यसमा पुर्पक्षका लागि थुनामा राख्ने लगायतका कामकारबाहीहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) समेतको विपरीत हुने,

- गोविन्दबहादुर बटाला वि. प्र. मं. तथा म. प. का. समेत, नेकाप २०६८, पृ.१०५४, नि. नं.८६३८

➢ विवादको तथ्य भित्र प्रवेश गरी थुनाको औचित्य खोजी गर्ने कार्य बन्दी प्रत्यक्षीकरणको रिटबाट गरिदैन। बन्दीलाई थुनामा राखिएको कार्यको वैद्यतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा यस्तो थुनाबाट मुक्त गर्न बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने,

- रामदेव यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, नेकाप २०६८ अंक ८ नि.नं. ८६६५

➢ थुनामा राखी अनुसन्धान गर्नुपर्ने सन्तोषजनक आधार नभएको,थुनामा राखी अनुसन्धान गर्नुपर्ने आधार र कारण भएको प्रथम दृष्टिमा नदेखिएकोमा थुनामा राख्न माग गरी अदालतले पर्याप्त आधार विना थुनामा राख्न माग गरेकोले मात्र आधार र कारण नखुलाई थुनामा राख्न अनुमति दिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने,

- कनकमणि दिक्षित वि. अ.दु.अ.आ.समेत नेकाप २०७४ अंक १ नि.न. ९७४४

➢ मनासिब आधार विना थुनामा राखी अनुसन्धान गर्नुपर्ने अवस्था नहुने, थुनामा राखी अनुसन्धान नगर्दा प्रमाण लोप हुने वा अनुसन्धानमा प्रतिकूल असर पर्ने वस्तुनिष्ठ आधार र कारण भए मात्र थुनामा राख्न सकिने,

- मंगल सिहं लिम्बु वि. त्रि.वि.भन्सार कार्यालय समेत नेकाप २०७४ अंक ९ नि.न १०१०४

➢ थुनामा रहेको तर थुनामा राख्नुपर्ने कानूनसम्मत आधार र अवस्था नदेखिएकोमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने,

- निमेश लाखे वि. ललितपूर जिल्ला अदालत नेकाप २०७४ अंक २ नि.न.९७६८

➢ कानून अनुसार अदालतबाट भएको फैसला अनुरूप जरिवानाको रकम तिर्न नसके वापत कैदमा बस्नुपर्ने अवधि भुक्तान भैसके पश्चात् थुनामा रहेकोमा,

- ल्यामु तामाङ्ग वि. उच्च अदालत, पाटन नेकाप २०७४ अंक ८ नि.न. ९८६४

➢ कानून विपरित थुनामा राखिएकोमा, प्रवृत्त धारणा बनाई वा बदनियत पा कपटपूर्ण तवरले थुनामा राखिएको भएमा कार्यविधिको स्पष्ट उल्लघंन गरी अनधिकृत तवरबाट थुनामा राखिएकोमा, स्वच्छ सुनुवाइ वेगर वा अभियोग नलगाई थसनामा राखेकोमा वा यस्तै प्रकारबाट कानून प्रतिकूल थुनामा राखेको अवस्थामा,

- विजयराज तुलाधर वि. काठमाडौं जिल्ला अदालत समेत नेकाप २०७५ अंक १० नि.न. १०१०८

➢ कानूनी प्रक्रिया बेगर प्रवृत्त धारणा राखी उचित कारण र आधार बेगर थुनामा राखेकोमा

➢ धरौटी माग भएकोमा धरौटी दाखिल गरे पश्चात् पनि निरन्तर थुनामा राखेकोमा,

- खिम बहादुर खड्का वि. जि.प्र.का. गुल्मी समेत नेकाप २०७६ अंक ६ नि.न. १०२५३

➢ अधिकारक्षेत्र विहिन अधिकारीले थुनामा राख्ने कार्य गरेकोमा वा म्याद थप वा पक्राउ गर्ने अनुमति दिएको कार्य वैध नहुने,

- बादल मिरिङसिङ वि. म. प्रहरी वृत्त गौशाला समेत ने.का.प.२०७७ अंक ७ नि.न. १०५३९

**बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने अवस्था**

➢ थुनुवा थुनाबाट मुक्त भैसकेको अवस्थामा

- प्रेम प्र. ढंगालका हकमा टिकाराम अधिकारी वि. वि. गृह मन्त्रालय समेत, ने.का.प. २०४८, पृ. १९४, नि. नं. ४२८८
- जमुना श्रेष्ठ वि. जि. प्र. का. काठमाडौं, ने.का.प. २०४९ पृ. ८२८, नि. नं. ४६१३

➢ मुद्दा हेर्ने अधिकारीबाट म्याद थप भई कानूनी कारबाहीको सिलसिलामा थुनामा रहेकोमा

- सतिश कृपलानी वि. जि. प्र. का. काठमाडौं, नेकाप २०४८ पृ. ११, नि.नं. ४२४४

➢ निर्णयको औचित्यभित्र प्रवेश गरी तथ्यको निरोपण गर्नुपर्ने स्थिति रहेमा

- रूपलाल राई वि. जि. प्र. का. भक्तपुर, नेकाप २०४८, पृ. १५८, नि. नं. ४२८१
- युक्त बहादुर गुरुङ त्रि. वि. राजश्व न्यायाधिकरण, काठमाडौं, नेकाप २०४८, पृ. ७३१, नि. नं. ४४१०

➢ पुर्पक्षको निमित्त थुनामा रहेकोमा

- अली अकबरी वि. सदरखोर शाखा, डिल्लीबजार, नेकाप २०४९, पृ. १०५, नि. नं. ४४६३
- अम्बर व. गुरुङ वि. त्रि.वि. सुरक्षा प्रहरी गार्ड, नेकाप २०४९, पृ. ३१, नि. नं. ४४५०
- चन्द्रबहादुर सार्की वि. काठमाडौं जिल्ला अदालत, नेकाप २०४८, पृ. २४, नि. नं. ४२४८
- नेबाङ लामा वि. काठमाडौं जिल्ला अदालत, नेकाप २०४९, पृ. १७४, नि. नं. ४४७७
- तासी वि. अध्यागमन विभाग नेकाप २०५०, पृ. २६०
- मनबहादुर चौहान वि. अर्थ मन्त्रालय समेत, नेकाप २०५४, पृ. ४०८, नि. नं. ६४१४

➢ कानूनद्वारा व्यवस्थित अन्य न्यायिक प्रक्रिया निरर्थक हुने भएमा,

- अली अकबरी वि सदरखोर शाखा, डिल्लाबजार, नेकाप २०४९ पृ. १०५, नि. नं. ४४६३

➢ थुनाको स्थिति परिवर्तन भएकोमा पूर्व थुना अवैध भए पनि परिवर्तित थुना गैरकानूनी नभएमा,

- अम्बर व. गुरुङ वि. वि. त्रि.वि. सुरक्षा प्रहरी गार्ड, नेकाप २०४९, पृ. ३१, नि. नं. ४४५०,
- हरिवन्द सिंह वि. अध्यागमन विभाग, नेकाप २०५१, पृ. १, नि. नं. ४८४१
- शम्भुबहादुर स्याङतान वि. जिल्ला प्रहरी कार्यालय, ललितपुर, नेकाप २०४९, पृ. ५७१, नि.नं. ४५६२
- नन्द बहादुर अधिकारी वि. का. जि. अ., नेकाप २०५७, पृ. ७६, नि. नं. ६८४९

➢ कानून बमोजिम अधिकार प्राप्त निकायबाट कारबाहीको सिलसिलामा थुनामा परेकोमा,

- चेतनारायण खरेल, वि. ३ नं. क्षेत्र कर कार्यालय, नेकाप २०५०, पृ. ६२४, नि.नं. ४८१२

- ऐनको दफा नखुलेको कारणबाट मात्र थुनुवा पुर्जी अं वं. १२१ नं.को विपरीत नहुने
  - कमलप्रसाद बास्तोला वि. विशेष प्रहरी विभाग, नेकाप २०४९, पृ. ३४९, नि. नं. ४५११

- पूरा आदेश भै नसक्दै अपरिपक्क (immature) निवेदन परेकोमा,

- अदालतको फैसला कार्यान्वयनको सिलसिलामा परेको थुनालाई Lawfull Detention मानिन्छ। Lawfull Detention बाट व्यक्तिगत स्वतन्त्रता अपहरण नहुने
  - शिवराज पोडेल वि. काठमाडौं जिल्ला अदालत समेत, नेकाप २०६४, नि. नं. ७८५२

- नेपाल कानून उल्लंघन गरी overstay गरे वापत कानून अनुसार लागेको शुल्क जरिवाना नतिरे वापत भएको थुनालाई गैरकानूनी थुना भन्न नमिल्ने
  - मेहमुद रसिद वि. गृह मन्त्रालय समेत, नेकाप २०६४, नि. नं. ७८६०

- कुनै कार्यलाई अर्को कुनै कानूनले समेत कसूर मानी सो सम्बन्धमा छुट्टै कारबाही चलाउन सकिने व्यवस्था गरेकोमा अर्को कानून अन्तर्गतको कसूरमा अनुसन्धान गरेको र कारबाही चलाएको अवस्थामा
  - हर्कराज पन्तको हकमा कृष्णबहादुर पन्त वि. प्र.मं.तथा म.प.का.समेत, नेकाप २०६९, पृ.३९७, नि. नं.८७८३

- अधिकार प्राप्त निकायले पक्राउ गरी कसूरको अनुसन्धानको सिलसिलामा अदालतको आदेशद्वारा पटक पटक म्याद थप लिई थुनामा रहेको अवस्थामा सो हिरासतलाई न्यायिक हिरासत मान्नुपर्ने र त्यस्तो थुना गैरकानूनी नभै वैध थुना रहेको हुँदा बन्दी प्रत्यक्षीकरण जारी नहुने
  - सूर्यकान्त राउत वि. विशेष अदालत समेत, नेकाप २०७२, अंक ८ नि.नं. ९२२९

- तोकिएको धरौटी दिन नसकी कानून बमोजिम पुर्पक्षका लागि थुनामा रहेकोमा गैरकानूनी थुनामा रहेको भन्न नमिल्ने
  - महम्मद मजुरल वि. गृह मन्त्रालय समेत नेकाप २०७० अंक १२ नि.न. ९०९७

- जिल्ला अदालतबाट पक्राउ गर्न अनुमति दिई पक्राउ गरी म्याद थप लिई अनुसन्धानका लागि थुनामा राखिएको कार्यका लागि बन्दी प्रत्यक्षीकरणको आदेश जारी नहुने
  - टंकबहादुर राना वि. का.जि.अ. समेत ने.का.प. २०७७ अंक ८ नि.न. १०५६०

- साधारण अधिकारक्षेत्र अन्तर्गत हेरेको विषयमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने। बन्दीप्रत्यक्षीकरणको आदेश साधारण अधिकारक्षेत्रको विकल्प वा पुनरावेदकीय अधिकार अधिकारको रूपमा लिन नमिल्ने
  - गणेश भट्टराई वि.जिल्ला प्रशासन कार्यालय काभ्रे समेत ने.का.प. २०७७, अंक ७ नि.न. १०५४२

- खास अवधिभित्र फैसला नभएमा थुनाबाट छोड्न सकिने कानूनी व्यवस्था अन्तर्गत बन्दी प्रत्यक्षीकरणको निवेदन परेकोमा फौजदारी कसूरको अभियोगमा तहतह हुँदै थुनछेक आदेश भै पुर्पक्षका लागि अदालतको आदेश बमोजिम थुनामा राखेको कार्य गैरकानूनी मान्न नमिल्ने,
  - कृष्णप्रसाद ज्ञवाली वि. उच्च अदालत, नेपालगंज इजलास ने.का.प. २०७७ अंक १२ नि.न १०६२२

## ५.२ उत्प्रेषण -Certiorari)

उत्प्रेषण -Certiorari) को शाब्दिक अर्थ प्रमाणित गर्नु (to certify) अथवा पूर्णरूपमा सूचित हुनु (To be fully informed of ) हो। उत्प्रेषणको मुख्य उद्देश्य कुनै पनि निकायलाई आफ्नो अधिकारक्षेत्र बाहिर जान नदिनु अर्थात् सबैलाई आ–आफ्नो क्षेत्राधिकार भित्र राख्नु हो। यसमा निहित सिद्धान्त के छ भने हरेक मातहत अदालत र निकायले असीमित क्षेत्राधिकार प्राप्त गरेका हुँदैनन्। त्यसैले यदि तिनका क्षेत्राधिकार र अधिकारहरू असीमित हुँदैनन् भने तिनीहरू कानूनी सीमाभित्र रहनुपर्छ। यस अन्तर्गत

मातहत अदालत, सरकारी एवं सार्वजनिक अधिकारी र निकायका विवादित निर्णय तथा आदेशहरूलाई न्यायिक पुनरावलोकनका निम्ति सर्वोच्च अदालत समक्ष ल्याइन्छ र पुनरावलोकन गर्दा अधिकार क्षेत्रात्मक त्रुटि रहेको पाइन्छ भने ती निर्णय एवं आदेशहरूलाई बदर गरिन्छ।

उत्प्रेषण असाधारण प्रकृतिको उपचार हो तर यो उपचार अधिकारको रूपमा प्राप्त हुँदैन। यो धेरै हदसम्म अदालतको स्वविवेकमा निर्भर गर्दछ। मातहत अदालत र निकायका गैरकानूनी काम कारबाहीलाई नियन्त्रण गर्ने सशक्त माध्यम हो।

**उत्प्रेषणको निवेदन कसले दिन सक्छ ?**

उत्प्रेषणको निवेदन जुन विषयमा जसको हक पुग्छ उसैले मात्र दिन सक्छ। आफ्नो हक नपुग्ने विषयमा उत्प्रेषणको निवेदन दिन पाइँदैन।

**उत्प्रेषणको आदेश कसका विरुद्धमा जारी हुन सक्छ ?**

उत्प्रेषणको आदेश अधिकारक्षेत्रात्मक त्रुटि गरी निर्णय गर्ने कुनै अदालत, न्यायाधिकरण, सरकारी एवं सार्वजनिक अधिकारी र निकायका विरुद्धमा जारी हुन सक्दछ। तर कुनै व्यक्ति वा निजी प्रकृतिको संस्थाको विरुद्धमा यो रिट जारी हुँदैन।

- कुनै सार्वजनिक जिम्मेवारी पाएको पदाधिकारीले वा सरकार वा कुनै सरकारी निकायले अधिकार क्षेत्रात्मक त्रुटि वा क्षेत्राधिकारसम्बन्धी त्रुटि गरी कुनै निर्णय गरेको वा कानूनी त्रुटिपूर्ण निर्णय गरेको छ र त्यसबाट कुनै व्यक्तिको कानूनी हकहितमा असर परेको छ भने सो त्रुटिलाई सच्याउन र कानूनी हकको प्रचलन गराउन अन्य कानूनी उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएमा त्यस्तो निर्णय बदर गरी व्यक्तिको हकहित प्रचलन गराउन र प्रचलित कानून लागू गराउन अदालतले असाधारण अधिकारक्षेत्र अन्तर्गत उत्प्रेषणको आदेश जारी गर्न सक्ने, — श्रीकृष्ण सुवेदी समेत वि. प्रमं. तथा मपका समेत, नेकाप २०६९, नि. नं. ८८४९
- नेपाल कानून बाहेकका लिखत, विधान वा वडापत्र बमोजिम स्थापित निकायहरूले गरेको निर्णय असाधारण अधिकारक्षेत्र अन्तर्गत उत्प्रेषणको आदेशले बदर हुन नसक्ने, — नेकाप २०६५ अंक ३ नि.न. ७९४७
- व्यक्तिको हकमा प्रत्यक्ष असर पर्ने स्थिति भएमा मात्र उत्प्रेषणको रिट जारी हुन्छ। तर वैकल्पिक उपचारको बाटो भएकोमा सामान्यतया उत्प्रेषण जारी नहुने, — नेकाप २०७८ अंक नि.न १०६६१
- मातहतका अदालतले साधारण अधिकार क्षेत्र अन्तर्गत मुद्दाको नियमित प्रकृयाका सन्दर्भमा गरेको निर्णय वा आदेशमा प्रमाणको मूल्याकंनमा कमी कमजोरी भै त्रुटि भयो भन्ने जस्ता विषयलाई लिएर उत्प्रेषण लगायतको रिट क्षेत्रमा प्रवेश गर्न र आदेश जारी गर्न नमिल्ने, — सुबास बोगटी वि.मार्था पुकुटी समेत नेकाप २०७८, नि.न १०६३७

**उत्प्रेषणको आदेश जारी हुने अवस्थाः**

- अधिकारक्षेत्रात्मक त्रुटि गरी निर्णय गरेकोमा

  मातहत अदालत र निकायको काम कारबाही तथा निर्णयमा अधिकार क्षेत्रात्मक त्रुटि भएकोमा, क्षेत्राधिकारको अभाव (Absence of jurisdiction) को स्थिति वा क्षेत्राधिकार भएपनि सो भन्दा बढी क्षेत्राधिकार ग्रहण गरेको (Excess of jurisdiction) स्थिति र आफ्नो क्षेत्राधिकार हुँदाहुँदै पनि इन्कार (Refusal of jurisdiction) गरेको स्थिति सबै पर्दछ।

  - आफूलाई नभएको अधिकारक्षेत्र ग्रहण गरेकोमा,
    - रामसेवक प्रसाद गुप्ता वि. अंचलाधीश कार्यालय, नेकाप २०४९, पृ. १००६, नि. नं. ४६६९
    - रोविन मार्सटन वि. श्रम कार्यालय, नेकाप २०५८, पृ. ३२३, निं नं. ७००८,
    - सरमाने साउद वि. जि. प्र. का., अछाम, नेकाप २०५१, पृ. ८१४, नि.नं. ४९९५
    - विष्णुप्रसाद घिमिरे वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत, ०७४-WC-००२०, आदेश मिति २०७८।१।८ (संवैधानिक इजलास)
  - आफ्नो अधिकारक्षेत्र भन्दा बाहिर गई निर्णय गरेमा,
    - उषा सिंह राजपुत वि. जिल्ला कार्यालय, काठमाडौं, नेकाप २०४९, पृ. ३३२, नि. नं. ४५०८

- मुकुन्दकृष्ण श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, नेकाप २०५७, पृ. ६७०, नि. नं. ४५०८
- शेरबहादुर देउवासमेत वि. राष्ट्रपतिको कार्यालय समेत, ०७७-WC-००७१, आदेश मिति २०७८।३।२८ (संवैधानिक इजलास)

➢ अधिकारक्षेत्र पन्छाई कारबाही गरेकोमा,

- इश्वरराज पुरी वि. नेपाल दूरसञ्चार संस्थान, नेकाप २०५७, पृ. २९, नि. नं. ६८४०

➢ अधिकारको प्रयोग कानूनसँगत ढंगमा नगरेमा

यस अन्तर्गत कानूनले तोकेको कार्यविधि अवलम्बन नगर्नु, कानूनको व्याख्या एवं प्रयोगमा देखादेखि त्रुटि (Apparent error of law on the face of the record) गर्नु, तथा सम्बन्धित विषयवस्तु (Relevant matters) लाई वास्ता नगरी असम्बन्धित विषयवस्तु (Extraneous materials) लाई आधार लिई देखावटी निर्णय (Purported decision) गर्नु जस्ता अवस्थाहरू पर्दछन् ।

➢ तोकिएको कार्यविधि अवलम्बन नगरेमा,

- गजेन्द्र व. अधिकारी वि. पङ्गु कार्कीनी, नेकाप २०५०, पृ. ६७१, नि. नं. ४८२६
- गिलबहादुर बस्नेत वि. भू.सु.का., ललितपुर, नेकाप २०५८, पृ. ४५२, नि. नं. ७०२४
- टान होङ चु, वि. म. प. सचिवालय, नेकाप २०५९ पृ. ७९७, नि. नं. ७१६०,

➢ कानूनको प्रयोग एवं व्याख्यामा देखादेखी त्रुटि गरेमा,

- लोकबहादुर खत्री वि. मध्यमाञ्चल क्षेत्रीय अदालत, नेकाप २०४८, पृ. ६७५, नि. नं. ४४००
- भिमबहादुर श्रेष्ठ वि. म.क्षे प्रहरी विशेष अदालत, नेकाप २०५३, पृ. ६५९, नि. नं. ६२५०

➢ प्राकृतिक न्यायको सिद्धान्तको विपरीत निर्णय गरेकोमा,

➢ निर्णयमा मनासिव र पर्याप्त कारण नखुलाइएकोमा,

- जीवन थापा वि. त्रि. वि. परीक्षा नियन्त्रण कार्यालय, नेकाप २०४९, पृ. ७५२, नि. नं. ४६०२
- प्रेमबहादुर बस्नेत वि. ने.बै. लि., नेकाप, २०५०, पृ. ३५९, नि.नं. ४७६६
- मणिन्द्ररन्जन वि. स्वास्थ्य मन्त्रालय, नेकाप २०५०, पृ. ४१४, नि.नं. ६००५
- विरे भन्ने यान्चा तामागं वि. नुवाकोट जिल्ला अदालत समेत ने.का.प. २०७४ अंक २ नि.न. ९७६०,

➢ प्रवृत्त भावना राखी बदनियत साथ अधिकारको प्रयोग गरेकोमा,

- अच्यूतकृष्ण खरेल वि. म. प. सचिवालय नेकाप २०५५, पृ. ६२४, नि. नं. ६६२४
- सावित्री शर्मा वि. शाही नेपाल वायुसेवा निगम, नेकाप २०६०, पृ. ७७३, नि. नं. ७२७३

➢ स्वेच्छाचारी रूपमा निर्णय गरेकोमा,

- यादवप्रसाद रेग्मी वि. गृह मन्त्रालय समेत, ने.का.प. २०७७ अंक १२ नि.न.१०६०९

➢ अधिकारको प्रयोग स्वेच्छाचारी र भेदभावजनक भई न्यायसंगत र विवेकपूर्ण नभएमा,

- बाबुराम पौडेल वि. म.प. सचिवालय, नेकाप २०५१, पृ. १४३, नि.नं. ४८७५
- बद्रिकुमार बस्नेत वि. म.प. सचिवालय, नेकाप २०५१, पृ. ७४४, नि.नं. ४९८५
- विश्वनाथ उप्रेती वि. म.प. सचिवालय, नेकाप २०५२, पृ. १०, नि.नं. ५०२९
- रामचन्द्र गौतम वि. सूचना तथा संचार मन्त्रालय, नेकाप, २०५२, पृ ६५५, नि.नं. ६०४७
- हरिप्रसाद शर्मा वि. म.प. सचिवालय, नेकाप, २०५२, पृ ६६५, नि.नं. ६०४८

- न्यायिक मनको प्रयोग नगरी अर्काले उठाएको टिप्पणी सदर गरी निर्णय गरेकोमा,
  - कृष्णराज पुडासैनी वि. भू.सु.का काठमाडौं, नेकाप २०४८, पृ. ३११, नि.नं. ४३१४
  - काशीकान्त मिश्र वि. अञ्चलाधीश कार्यालय जनकपुर, नेकाप २०४९, पृ. ६८२, नि.नं. ४५८९,
  - पासाङ्ड शेर्पा वि सगरमाथा अ.प्र.का., नेकाप २०५०, पृ. १३३, नि.नं. ४७०८,
  - प्रतापलाल श्रेष्ठ वि. जिल्ला प्रशासन का. जुम्ला, नेकाप २०५३, पृ. ६३७, नि.नं. ६२४३
- एकपटक निर्णय गरिसकेकोमा पुनः उजूर लिई पहिलेको निर्णय बदर गरेकोमा,
  - लक्ष्मीमान मानन्धर वि. काठमाण्डौं नगरपंचायत, नेकाप २०४८, पृ. ९४, नि.नं. ४२६७
  - राम प्रकाश चौधरी वि. मालपोत विभाग, नेकाप २०५३, पृ. २९१, नि.नं. ६१७२
- विना गणपूरक संख्या (उपस्थित हुनुपर्ने सबै उपस्थिति नभई) निर्णय गरेकोमा,
  - दिलराम बुढाथोकी वि. दाङ जिल्ला वनक्षेत्र सुदृढीकरण आयोग, नेकाप २०४९, पृ. ४६५, नि.नं. ४५३८
  - भोला प्रसाद शर्मा वि. का.न.पं., नेकाप २०३१, पृ. ३२७, नि.नं. ८६१
- स्पष्ट कानूनी व्यवस्था छदाँछँदै सो को विपरीत विभागीय निर्णय वा परिपत्रको आधारमा निर्णय गरेकोमा
  - मोहनराज उपाध्याय वि. मं.प. सचिवालय, नेकाप २०४९, पृ. ५७४, नि.नं. ४५६३,
  - भैरवप्रसाद उपाध्याय वि. भूमि सुधार तथा व्यवस्था मन्त्रालय, नेकाप २०५२, पृ. ५२३, नि.नं. ६०२८,
- सजाय गर्ने अधिकार जसलाई तोकिएको छ उसले स्पष्टीकरण नमागी अधिकार नभएको व्यक्तिले मागेको स्पष्टिकरणको आधारमा कारबाही गरेकोमा,
  - श्यामराजा श्रेष्ठ वि. नेपाल बैंक लि., नेकाप २०५०, पृ. ३४३, नि.नं. ४७६२
  - रामहरि दाहाल वि. आवास तथा भौतिक योजना मन्त्रालय, नेकाप २०५१, पृ. ७०७, नि.नं. ४९७७
- पञ्चातदर्शी असर पर्ने गरी निर्णय गरेमा,
  - नन्दगोपाल राजभण्डारी वि. खाद्य तथा कृषि मन्त्रालय, नेकाप २०३१, पृ. ३६५, नि.नं. ८६८
  - दिनेशराज शर्मा वि. ने.प्र.प्र. प्रतिष्ठान, नेकाप २०६१, पृ. ७१२, नि.नं. ७३९२
  - नरेन्द्र तुलाधर वि. रघुपति जूट मिल्स, नेकाप २०५०, पृ. ४६६, नि.नं. ४७६९
  - ज्ञानबहादुर बम वि. जलपा मा.वि. बझाङ, नेकाप २०५९, पृ. ४६५, नि.नं. ७११२
- तजविजी अधिकार भए पनि यसको प्रयोग कानूनसम्मत, न्यायोचित र सद्विवेकमा आधारित नभएमा,
  - लाक्पा लामा वि. स्थानीय विकास मन्त्रालय, नेकाप २०५९, पृ. १, नि.नं. ७०५२
- जुन उद्देश्यका लागि अधिकारको प्रयोग गरिएको हो सो उद्देश्य र निर्णयमा लिइएका आधारहरूबीच मनासिव सम्बन्ध नभएमा (आधार लिइएका तथ्यहरूले विवादित निर्णयलाई समर्थन गरेको हुनुपर्छ ।
- प्राप्त गर्न खोजिएको नतिजा र कारबाही बीच सन्तुलन नरहेमा (Disproportionate action–breach of doctrine of proportionality)
- शुरु अदालतले गरेको आदेश उपर परेको अ.बं. १७ नं. को निवेदनमा पुनरावेदन सुन्ने अड्डाले मुद्दाको तथ्यभित्र प्रवेश गरी अन्तिम नभएको मुद्दाको परिणाम नै फरक पर्ने गरी पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गरी सुनुवाइ गरे जस्तो निष्कर्ष निस्कने गरी आदेश भएको अवस्थामा,
  - महमद सुलेमान अन्सारी (मिया) वि. पुनरावेदन अदालत बिराटनगर समेत, नेकाप २०६१, पृ. ४७, नि. नं. ७३११

- वैधानिक अपेक्षाको सिद्धान्त (Doctrine of Legitimate Expectation) विपरित कानूनको एक पटक एउटा व्याख्या र अर्को पटक अर्को व्याख्या गरी दोहोरो मापदण्डमा रही राज्यले कार्य गरेको अवस्थामा,
  - टाइम फर्मास्युटिकल्स प्रा.लि.चितवन वि. आ.रा.का.चितवन, नेकाप २०६५, पृ.३२०, नि. नं. ७९४३
- विना आधार र कारण विना सरकारले आफ्नो पहिलो निर्णय बदर गरेकोमा,
  - बेञ्चमार्क नेपाल (प्रा.) लि. वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, समेत, नेकाप २०६५, पृ.४६८, नि. नं. ७९५७
- कानूनले आधिकारिकता नै प्राप्त गर्न नसक्ने अधिकार प्रत्यायोजनको आधारमा काम भएकोमा,
  - राजदेव साह वि. स्वास्थ्य तथा जनसंख्या मंत्रालय समेत, नेकाप २०६५, पृ.९८५, नि. नं. ८००३
- पुनरावेदन गर्न पाउने हक कानूनी हक भएकाले कानूनले नै प्रदान गरेको यस हकलाई निरर्थक र निष्प्रभावी बनाउने गरी कुनै काम कारबाही गरेकोमा,
  - दिवाकर थापा वि. प्र.म. तथा मं.प.का. समेत, नेकाप २०६५, पृ.१०३५, नि. नं. ८००६
- काम लगाइएको अवधिको पारिश्रमिक र आर्थिक सुविधाबाट वञ्चित गर्ने गरी निर्णय गरिएकोमा,
  - केशवप्रसाद भण्डारी वि. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय समेत, नेकाप २०६५, पृ.१३२४, नि. नं. ८०३३
- राज्य वा राज्यका निकायले नागरिकको सम्पत्ति अनिश्चितकालसम्म विना आधार र कारण रोक्का राखी नागरिकका मौलिक हक हनन् भएको देखिएमा नागरिकको मौलिक हक संरक्षणको लागि,
  - विनित सराफ वि. मन्त्रिपरिषद सचिवालय समेत, नेकाप २०६७, पृ.९४, नि. नं. ८२९८
- कानूनको अख्तियारी नभएको अवस्थामा र कानूनी अख्तियारीमा आधारित नभई स्वेच्छाचारी, गैरकानूनी तथा विभेदकारी तरिकाले निर्णय भएको देखिएमा,
  - अधिवक्ता रामचन्द्र पौडेल वि. व्यवस्थापिका संसदको सचिवालय समेत, नेकाप २०६८, पृ.१४२०, नि. नं.८६७५
- कानूनले तोकेको प्रकृया र विधिको पालना नगरी निर्णय भएकोमा,
  - पुष्पकमल दाहाल वि. संवैधानिक परिषद समेत ने.का.प. २०६८ नि.न. ८४०६
- कानूनी प्रकृया अबलम्बन नगरी सुनुवाइको उचित अवसर तथा मौका नदिई निर्णय गरेकोमा,
  - शत्रुघन नेपाल वि. जि. प्र.का.समेत नेकाप २०७३ अंक ५ नि.न. ९६०६

**उत्प्रेषणको आदेश जारी नहुने अवस्था**

- जुन कुराको माग गरेको हो सो पूरा भैसकेको अवस्थामा,
  - रामप्रसाद आचार्य वि. ४ नं. नापीटोली, नेकाप २०४८, पृ. ४९६, नि.नं. ४३५८
  - तेजबहादुर कार्की वि. म.प. सचिवालय, नेकाप २०४९, पृ. ६६२, नि.नं. ४५८३
- निवेदकले दावी गरेको विषय अनुपयुक्त भएको भनी सरकारले नै फिर्ता लिईसकेको अवस्था भएमा,
  - पुष्पराज पाण्डेय वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत नेकाप २०७४, अंक २ नि.न. ९७५७
- मातहत अदालत वा निकायमा विचाराधीन रहेको विषयमा,
  - तारादेवी पौडेल वि. म.प. सचिवालय, नेकाप २०५८, पृ. ३७५, नि.नं. ७०१६
  - लक्ष्मीमान प्रधान वि. काठमाडौं नगर पंचायत, नेकाप २०४८, पृ. ९४, नि.नं. ४२६७

- टेक बहादुर खड्का वि. राष्ट्रिय वाणिज्य बैंक, नेकाप २०४८, पृ. ३७५, नि.नं. ४३२९

➢ प्रमाण बुझ्ने प्रकृयाका सम्बन्धमा मातहत अदालतले आदेश गरेकोमा,

- केशव भट्टराई वि. पुनरावेदन अदालत,हेटौडा समेत नेकाप २०७३ अंक ७ नि.न. ९६४१

➢ निर्विवाद हक कायम नभएको विषयमा,

- नारायण सिवाकोटी वि. झापा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय अयोग, नेकाप २०४८, नि.नं. ४२८३
- कृष्ण प्रसाद उप्रेती वि. निर्माण तथा यातायात मन्त्रालय, नेकाप २०४९, पृ. ६२८, नि.नं. ४५७४
- पुरुषोत्तम सिक्रीकार वि. शिक्षा तथा संस्कृति मन्त्रालय, नेकाप २०५०, पृ. २७४, नि.नं. ४७४४
- केशर ब. राजभण्डारी वि. भू.सु.का. काठमाडौं, नेकाप २०५०, पृ. ६६१, नि.नं. नि.नं. ४८२३,
- शर्मा नन्द अधिकारी वि. वन तथा भू–संरक्षण मन्त्रालय, नेकाप २०५१, पृ. ७३९, नि.नं. ४९८४,

➢ तह तह अदालतबाट फैसला भएकोमा,

- केशरी तुलसी वि. म. क्षे. अ., नेकाप २०४८ नि.न. ४३२४, पृ. ३५६,
- नैनकुमारी पाण्डे वि. पुनरावेदन अदालत पाटन समेत, नेकाप २०६५, पृ. ८८७, नि.नं. ७९९४,

➢ औचित्य भित्र प्रवेश गरी तथ्यको निरोपण गर्नुपर्ने विषयमा,

- मुगालाल यादव वि. पूर्वाञ्चल क्षेत्रीय अदालत, नेकाप २०४८, पृ. ६६८, नि.नं. ४३९८,
- पुनमचन्द्र अग्रवाल वि. वीरगञ्ज भन्सार कार्यालय नेकाप २०४९, पृ. ६४, नि.नं. ४४५३
- प्रेमकुमारी वि. गुठी लगत तथा तहसिल कार्यालय, नेकाप २०५०, पृ. ५०, नि.नं. ४६८७
- प्रेम ब. श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, नेकाप २०५३, पृ. ६९२, नि.नं. ६२६०
- जगतप्रसाद आचार्य वि. नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्था समेत, नेकाप २०६१, पृ. १६६, नि. नं. ७३२८
- कृष्णप्रसाद आचार्य समेत वि. कृषि विकास बैंक केन्द्रीय कार्यालय समेत, नेकाप २०६४, नि. नं. ७८३५

➢ वैकल्पिक उपचारको व्यवस्था भएकोमा,

- मदललाल केडिया वि. अन्तशुल्क कार्यालय, नेकाप २०५२, पृ. ४६९, नि.नं. ६०१४
- आशबहादुर हरिवंश प्रजापति वि. मालपोत कार्यालय भक्तपुर,नेकाप २०५३, पृ. ६४१, नि.नं. ६२४४
- रामकृष्ण निराला वि. अ.दु.अ.आ., नेकाप २०६१, पृ. ८२२, नि.नं. ७४०४
- शंकरलाल अग्रवाल वि. नेपाल लिभर लि., नेकाप २०५७, पृ. ४२७, नि.नं. ६९०२
- मिनबहादुर रानाभाट वि. गंगाप्रसाद अर्याल समेत, नेकाप २०६५, पृ. ८७१, नि.नं. ७९९२

➢ विपक्षी बनाउनु पर्नेलाई विपक्षी नबनाएकोमा,

- सन्त कुमार श्रेष्ठ वि. म.प. सचिवालय, निकाप २०४९, पृ. ४६०, नि.नं. ४५३६
- रवि प्रताप राणा वि.प्र.म.तथा म.प.का. समेत ने.का.प. २०७०,अंक ७ नि.न ९०७२

➢ बदर गराउन माग गरिएको विषय अपरिपक्व (Immature) भएमा,

- निरञ्जन कुमार सराफ वि. राजस्व अनुसन्धान महाशाखा, नेकाप २०५०, पृ. ३३७, नि.नं. ४७६०
- टेकचन्द्र पोखरेल वि. कर विभाग, काठमाडौं, नेकाप २०५३, पृ. ३१०, नि.नं. ६१७६
- अम्बिका देवी उपाध्याय वि. म.प. सचिवलाय, नेकाप २०५७, पृ. ३९८, नि.नं. ६८९९
- राजाराम पोखरेल वि. अ.दु.अ.आ., नेकाप २०६०, पृ. ९४५,नि.नं. ७२९९
- गिरीजा प्र. कोइराला वि. अ.दु.अ.आ., नेकाप २०६१, पृ. ८४७, नि.नं. ७४०७

- अवस्था, स्वरूप र गुण विचार गरी रिट क्षेत्रमा प्रवेश गरेको अवस्था भएमा,
  - प्रेमसिंह जोशी वि. नारायण सिंचाई आयोजना समेत २०५५ को रि. नं. ३४५१, आ. मि. ०५९।३।४
  - गुणेश्वर झा वि. गृह मन्त्रालय समेत २०५५ को रि. नं. ३२२० आ. मि. ०५९।३।११

- कानूनको संवैधानिकताको परीक्षणको निवेदन कानूनी व्यक्तिले दिएको अवस्था भएमा,
  - निर्माण व्यवसायी संघका तर्फबाट दलबहादुर कार्की वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, स.अ. बुलेटिन २०५९, पूर्णांक २४४ आ.मि. ०५९।५।२७, पृ. १

- रिट जारी गर्दा निरर्थक हुनजाने भएमा,
  - दामोदर प्र. रेग्मी वि. एस.वि.आइ.बैंक, नेकाप २०५२, पृ. १५५, नि.नं. ५०५६
  - आशनारायण महर्जन वि. काठमाडौं जिल्ला अदालत, नेकाप २०५३, पृ. १, नि.नं. ६१२३
  - तेजनाथ धमला वि. प्रतिनिधिसभा सांसद पद्म सुन्दर लावती, नेकाप २०५४, पृ. ६१५, नि.नं. ६४६१,

- तेस्रो पक्षको अधिकार स्थापित भैसकेकोमा,
  - महमद मुस्तफा कवडिय वि. बाल कुमारी क्षेत्री, नेकाप २०४९, पृ. ८१, नि.नं. ४४५६
  - सुरेश कुमार चिमरिया समेत वि. लोक सेवा अयोग, नेकाप २०५३, पृ. ६३२, नि.नं. ६२४२

- करारबाट उत्पन्न हक प्रचलन गराउन माग भएकोमा,
  - भूमेन्द्र प्र. गिरी वि. एस.ओ.एस.बालग्राम सुर्खेत, नेकाप २०५३, पृ. ७८, नि.नं. ६१३४,
  - शेर ब. के.सी. वि. म.प. सचिवालय, नेकाप २०५३, पृ. ४२६, नि.नं. ६१९९,
  - राजकुमार पाण्डे वि. सार्क सचिवालय, काठमाडौं, नेकाप २०५३, पृ. ४८५, नि.नं. ६२१०
  - स्वंयम बाबु श्रेष्ठ वि. कृषि सामग्री संस्थान, नेकाप २०५०, पृ. ४०, नि.नं. ४६८५
  - अधिवक्ता चेतबहादुर आले वि. धरान नगरपालिका सुनसरी समेत, ने.का.प. २०६५, पृ. ५४, नि. नं. ७९१६

- प्रकट रूपमा कानूनी त्रुटि (Apparent error of law) रहेको नदेखिएमा,
  - गणेश शाक्य वि. भू..सु.का. ललितपुर, नेकाप २०६०, पृ. २४५, नि.नं. ७१९६

- आफ्नो वा आफू भन्दा माथिल्लो वा आफू सरह कै अधिकारक्षेत्र भएका अदालत वा न्यायिक अधिकारीको न्यायिक निर्णय बदर गर्न माग गरेकोमा,
  - लक्ष्मी नारायण महर्जन वि. म.प. सचिवालय, नेकाप २०५८, पृ. ८२, नि.नं. ६९७९,

- नीतिगत विषयमा,
  - दिनेश कुमार अच्छामी वि. म. प. सचिवलाय, नेकाप २०५९, पृ. ३६२, नि. नं. ७०९७

- जुन विधान अन्तर्गतको हकको उपचारको लागि निवेदन परेको हो सो विधानलाई नेपाल कानूनको संज्ञा दिन नमिल्ने भएमा
  - शुकदेव गौतम वि. विष्णुकुशल भूजेल, नेकाप २०६०, पृ. ५१२, नि.नं. ७२३६,
  - सोमप्रसाद पुडासैनी वि. नेपाल परिवार नियोलन संघ, नेकाप २०५२, पृ. २७७, नि. नं. ५०७८

- संविधानको कुन चाहिं धारा वा नेपाल कानूनद्वारा प्रदत्त कुन चाहिं हक हनन् भएको छ सो खुलाउन नसकेमा,
  - शारदा रिजाल वि. गृह मन्त्रालय समेत, नेकाप २०५०, पृ. ३१७, नि.नं. ४७५४
  - प्रकाशचन्द्र ठकुरी वि.पुनरावेदन अदालत पाटन समेत, नेकाप २०६१, पृ. ८७, नि. नं. २९९२

- प्रमाणको पर्याप्तता र अपर्याप्तता तथा सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नु पर्ने हुन आएमा,
  - आसानन्द पण्डित वि. प्यूठान जि.अ., नेकाप २०५२, पृ. ४८८, नि.नं. ६०१९
  - मेघराज शाही वि. पाठकला शाही समेत, नेकाप २०५०, पृ. १५८, नि.नं. ४७१३
- सफाहात लिएर नआएमा,
  - द्रोण प्र. पौड्याल वि. ९ नं. नापी गोश्वरा, नेकाप २०४९, पृ. ४९७, नि.नं. ४५४४
  - ध्रुव ब. के.सी. वि. मोहनमाया महर्जन, नेकाप २०५०, पृ. २८१, नि.नं. ४७४६
  - कुन्जविहारी वि. कर का.. हेटौडा, नेकाप २०५१, पृ. ७७२, नि.नं. ४९८७
  - वेदनाथ सापकोटा वि. ने.बैं.लि., नेकाप २०५७, नि.नं. ६९५५, पृ. ७८६
- हकदैयाको अभाव भएमा,
- अनुचित विलम्ब गरी निवेदन परेकोमा,
- आफ्नो प्राप्तांक (Seen number) थाहा पाई त्यसलाई स्वीकारी बढुवा प्रक्रियामा सामेल भई त्यसको अन्तिम नतिजा निस्के पश्चात् मात्र सोही प्रश्नलाई विवादको रूपमा उठाई अदालतमा आएको अवस्थामा,
  - केशवप्रसाद दहाल वि. मध्यमाञ्चल ग्रामिण विकास बैंक लि. समेत, नेकाप २०६४, नि. नं. ७८३८, पृ. ४८३,
- निर्णय अन्तिमताको सिद्धान्त विपरित भएमा,
  - रमोला देवी मुल (प्रधान) वि. स्वास्थ्य मन्त्रालय समेत, नेकाप २०६५, नि.नं.७९४१, पृ.२९२,
- करारीय सम्झौता दुई देशबीचको वा वहुराष्ट्रिय प्रकृतिको प्राकृतिक स्रोत साधनको बाडफँडसम्बन्धी सम्झौता नभएको र उक्त व्यापारिक सम्झौताबाट कम्पनीलाई जल विद्युत उत्पादन गर्ने र विक्री गर्ने गरी निश्चित शर्तहरू सहित खास अवधिको लागि अनुमतिसम्म दिइएको अवस्थामा,
  - रामचन्द्र चटौत समेत वि. प्र.मं. तथा म.प. का. समेत, नेकाप २०६६, नि.नं. ८०५९, पृ.८५,
  - अशोककुमार वि. जलस्रोत मंत्रालय समेत, नेकाप २०६३, नि.नं. ८३३४ पृ.४५१,
- ऋणीको सम्पत्ति कब्जा नै गर्ने वा साम्पत्तिको हक गैरकानूनी रूपले अपहरण नै गर्ने मात्र नियत ऋण प्रदायकले राखेको छैन भने ऋण असूलीको कारबाही न्यायिक परीक्षणको विषय बन्न नसक्ने । ऋण प्रदायकले कानूनी कार्यविधिको परिपालना नगरी ऋणीको साम्पत्तिक हकमा आघात पऱ्याउने उद्देश्य नै राखी काम कारबाही गरिएको देखिएको अवस्थामा वाहेक लिलामी प्रक्रिया न्यायिक परीक्षणको विषय बन्न नसक्ने,
  - नरेशमान शाक्य समेत वि. ओम शिवा बहुमुखी सहकारी संस्था समेत, नेकाप २०६७, नि.नं. ८३७०, पृ.७६५
- विवादित विषय औचित्यहिन र प्रयोजनहिन भै सकेको अवस्था भएमा,
  - श्रीकृष्ण सुवेदी वि. राष्ट्रपतिको कार्यालय समेत नेकाप २०६९ अंक १२ नि.न ८९२६
- आधार र कारण सहित सबुद प्रमाणका आधारमा अधिकार प्राप्त अधिकारीबाट निर्णय भएकोमा,
  - धनकुमारी बस्नेत वि. महान्यायाधिवक्ताको कार्यालय समेत ने.का.प. २०७५ अंक १० नि.न. १०११४

## ५.३ परमादेश (Mandamus)

परमादेशको शाब्दिक अर्थ आदेश (Command) हुन्छ । परमादेश कुनै अधिकारीले कानूनद्वारा तोकिएको सार्वजनिक कर्तव्य पूरा गर्न इन्कार गरेमा त्यस्तो कर्तव्य पूरा गराउन अदालतबाट जारी गरिने एक प्रकारको आदेश हो । यो विस्तृत उपचारको स्वभाव

भएको उच्चस्तरीय विशेष अधिकार सम्पन्न रिट हो । कानूनले कर्तव्य तोकेका अधिकारीले कर्तव्य पालनामा आनाकानी गरेकोमा कर्तव्य पालना गराउन यो रिटले सहयोग गर्दछ । कानूनी दायित्व पूरा नगरेकोमा सम्बन्धित निकाय, अधिकारी वा संस्था विरुद्ध यो रिट जारी हुन्छ ।

सामान्यतया परमादेशको रिट जारी हुन निम्नानुसारको पूर्वावस्था विद्यमान हुनु आवश्यक ठानिन्छः

- कानूनी कर्तव्यको विद्यमानता,
- कर्तव्य सार्वजनिक प्रकृतिको हुनुपर्छ,
- त्यस्तो कर्तव्य पूरा गराइपाउने निवेदकको कानूनी अधिकार (Legal rights) हुनुपर्छ,
- निवेदकले त्यस्तो कर्तव्य पालन गराई पाउन अख्तियारवाला समक्ष माग गरेको हुनुपर्छ, र
- अख्तियारवालाले कर्तव्य पूरा गर्न इन्कार गरेको अवस्था हुनुपर्छ ।

➢ कुनै पनि संवैधानिक वा कानूनी निकाय अथवा अधिकारी संविधान वा कानूनद्वारा तोकिएको आफ्नो कर्तव्य पूरा गर्न बाध्य छ । त्यस्तो निकाय वा अधिकारीले आफ्नो कर्तव्य पालन नगरेको कारणले कुनै व्यक्तिको हक वा सार्वजनिक हकको प्रचलनमा बाधा अवरोध खडा हुन्छ भने त्यस्तो हक प्रचलन गराउन आज्ञा वा आदेश जारी गर्ने असाधारण अधिकार धारा ८८(२) ले अदालतलाई प्रदान गरेको छ ।

पुरेन्द्र अर्याल वि. निर्वाचन अयोग, नेकाप २०५०, नि.नं. ४६९०

➢ कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानून बमोजिम आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पूरा नगरेमा कारणबाट कसैको कानून प्रदत्त हक अधिकारमा आघात पुगेको अवस्थामा त्यस्तो निकाय वा पदाधिकारीलाई कानून बमोजमको दायित्व पूरा गर्न लगाई कानून प्रदत्त अधिकार प्चलन गराई पाउन परमादेश जारी हुन्छ ।

राजेशकुमार साह वि. पु.वे.अ.,जनकपूर, नेकाप २०६८ अंक १२ नि.न ८७२७

➢ कानूनले अधिकारै नभएको निकायको नाममा परमादेश जारी हुन नसक्ने ।

नेकाप २०६८, नि. नं.८५३७

➢ परमादेशको आदेश जारी हुनको लागि कानूनी हक र कानूनी दायित्व विद्यमानता हुनु पर्दछ । अर्थात् परमादेशको आदेश कानूनी कर्तव्य पालना गर्न लगाउने सशक्त उपचार हो । त्यसैले कानून विपरीत कार्य गर्न लगाउन यो आदेश जारी गर्न नमिल्ने ।
कानूनले कर्तव्य तोकेका अधिकारीले आफ्नो कर्तव्य पालना नगरेकोमा यो रिट जारी हुन्छ ।

नेकाप २०७६ अंक ४ नि.न. १०२३७

### परमादेशको निवेदन कसले दिन सक्छ ?

परमादेशको कुनै कानूनी कर्तव्य पूरा गर्न इन्कार गरेको अवस्थामा जारी हुने आदेश भएकोले त्यस्तो कानूनी कर्तव्य पूरा गराई पाउने अधिकार जसलाई हुन्छ उसैले मात्र परमादेशको निवेदन दिन सक्छ ।

### परमादेशको आदेश कसका विरुद्धमा जारी हुन्छ ?

परमादेशको आदेश सार्वजनिक प्रकृतिका कर्तव्य भएका न्यायिक, अर्धन्यायिक र प्रशासकीय कुनै पनि निकाय र अधिकारीका विरुद्धमा जारी हुन सक्दछ । त्यसैले यो वैयक्तिक प्रकृतिको निकाय र कर्तव्यका सन्दर्भमा जारी हुँदैन र सार्वजनिक भन्दैमा आर्थिक, प्राविधिक एवं व्यवस्थापन जस्ता प्रश्न निहित ज्यादै सामान्य (Too general) प्रकृतिको विषयमा पनि जारी हुँदैन ।

### परमादेशको आदेश जारी हुने अवस्था

➢ अनिश्चित कालसम्म निर्णय नगरेकोमा,

- रिन्जी लामा वि. विशेष प्रहरी विभाग, नेकाप २०४९, नि.नं. ४४७५, पृ. १६७
- इन्द्रमाया गुरुङ वि. विशेष प्रहरी विभाग, नेकाप २०५०, नि.नं. ४८१७, पृ. ६४३

➢ कानून बमोजिम पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेकोमा,

- रुद्रलाल वि. भू. सु. तथा व्य. मन्त्रालय, नेकाप २०५०, नि. नं. ४७३२, पृ. २२८
- ज्ञानु चापागाई वि. भैरहवा भंसार कार्यालय, नेकाप २०५२, नि.नं. ५०६०, पृ. १६८

➢ कानून बमोजिमको कारबाही चाँडो नटुङ्गयाएकोमा,

- भागिरथ उपाध्याय वि. मालपोत कार्यालय नवलपरासी, नेकाप २०५१, नि.नं. ४९६६, पृ. ६५४

➢ प्राकृतिक न्यायको सिद्धान्त बमोजिम प्रतिवादको मौका दिन,

- पद्यमकुमारी राणा वि. दण्ड कुमारी चालिसे, नेकाप २०३०, नि.नं. ७८६, पृ. ३४९

➢ लिङ्ग वा वैवाहिक स्थितिको आधारमा भेदभाव गरी नागरिकताको प्रमाणपत्र लिनबाट वञ्चित हुने गरी काम गरिएको अवस्थामा,

- नक्कली महर्जन समेत वि. प्र.मं. तथा म.प.का. समेत, नेकाप २०६५, पृ. १३४०, नि.नं. ८०३५

➢ कानूनी व्यवस्थाको विकल्पमा प्रशासनिक निर्णयलाई प्रभावी बनाउने गरी कार्य गरिएको अवस्थामा,

- कृष्णप्रसाद सापकोटा समेत वि. प्र.मं. तथा म.प.का. समेत, नेकाप २०६६, पृ. १७९९, नि.नं. ८२५९

➢ अधिकारक्षेत्र भन्दा बाहिर गई कुनै सार्वजनिक निकायले काम गरेकोमा कानून बमोजिम र क्षेत्राधिकार अन्तर्गत रही काम गराउन,

- उद्धवकुमार के.सी. वि. अ.दु.अ.आ.नेकाप २०७३, अंक ६ नि.न. ९६११

➢ सार्वजनिक दायित्व वहन गर्ने अधिकारीले कानून बमोजिम गर्नुपर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेको अवस्थामा,

- दीपेन्द्र नाथ शर्मा वि. मोरङ व्यापार संघ संचालक समेत ने.का.प. २०७३ अंक ९, नि.न. ९६६५

**परमादेशको आदेश जारी नहुने अवस्था**

➢ करारीय (Contractual) हक र दायित्व पालना गराउन माग गरेकोमा,

- स्वयम बाबु श्रेष्ठ वि. कृषि सामग्री संस्थान, नेकाप २०५०, पृ. ४०, नि.नं. ४६८५
- श्री डायमन कन्स्ट्रक्सन प्रा.लि. वि. नेपाल खाद्य संस्थान प्रधान कार्यालय समेत, नेकाप २०६५, पृ. ३९०, नि. नं. ७९५०

➢ कुनै काम गर्ने अधिकार नै नभएको निकायका विरुद्ध रिट परेकोमा,

- पुरेन्द्र अर्याल वि. निर्वाचन आयोग, नेकाप २०५०, पृ. ५९, नि.नं. ४६९०

➢ कानून बमोजिमको कर्तव्य पालना गराउन समय मै माग गरेको प्रमाणित नभएकोमा,

- माइतलाल गुरुङ वि. रक्षा मन्त्रालय, नेकाप २०५१, पृ. ९१६,नि.नं. ५०१०

➢ नीतिगत विषयमा,

- हरि प्र. न्यौपाने वि. म.प. सचिवालय, नेकाप २०६०, पृ. १६०, नि.नं. ७१८४
- विकल्प भण्डारी वि. स्वास्थ्य मन्त्रालय नेकाप २०७२ अंक १ नि.न. ९३१९

➢ कर्तव्य पालना गर्नुपर्ने प्रष्ट कानूनी व्यवस्था नभएकोमा,

- गणेशदत्त लेखक वि. शिक्षा तथा संस्कृति मन्त्रालय, नेकाप २०५१, पृ. ६५२, नि.नं. ४९६५

➢ निर्विवाद हकको विषय नभएमा,

- नारायणदास मानन्धर वि. रोजाई चुरीहार, नेकाप २०५६, पृ. १६०, नि.नं. ६६७७

➢ कानून बमोजिम अख्तियारी प्राप्त निकायले कानूनी अख्तियारी प्रयोग गरी गरेको काम कारबाहीमा,

- दीपेन्द्रनाथ शर्मा वि. मोरङ व्यापार संघ नेकाप २०७३, अंक ९ नि.नं. ९६६५

## ५.४ प्रतिषेध (Prohibition)

प्रतिषेधको शाब्दिक अर्थ रोक्नु हो । यसको मुख्य उद्देश्य मातहत अदालत र न्यायाधिकरणलाई आफ्नो क्षेत्राधिकार भित्र सीमित राख्नु हो । उत्प्रेषण र प्रतिषेधका बीच केही भिन्नता भए पनि यिनीहरूलाई एक अर्काका परिपूरक उपचारका रूपमा लिइन्छ र यी उपचारहरूको प्रयोगको सैद्धान्तिक आधार पनि समान छन् । उत्प्रेषणको उपचार अधिकारक्षेत्र भन्दा बाहिर गएर भएका निर्णयहरू बदर गर्न प्रयोग गरिन्छ भने प्रतिषेधले अधिकारक्षेत्र भन्दा बाहिर गएर निर्णय लिनबाट रोक्दछ । त्यसैले उत्प्रेषणले विगत (Past) लाई हेर्दछ र प्रतिषेधले भविष्यलाई हेर्दछ । यी दुई बीचको भिन्नता कुन उपचार कारबाहीको कुन अवस्थामा प्रयोग हुने भन्नेमा रहेको छ ।

### प्रतिषेधको आदेश कसका विरुद्ध जारी हुन सक्छ ?

उत्प्रेषण जस्तै प्रतिषेधको निवेदन पनि जसको जुनकुरामा हक पुग्छ उसैले मात्र निवेदन दिन पाउँछ । आफ्नो हक नपुग्ने विषयमा निवेदन दिन पाउँदैन ।

### प्रतिषेधको आदेश कसका विरुद्ध जारी हुन सक्छ ?

प्रतिषेधको आदेश मातहत अदालत र न्यायाधीकरणका सरकारी वा सार्वजनिक निकाय वा पदाधिकारी विरुद्धमा आफूलाई प्राप्त क्षेत्राधिकार भन्दा बाहिर गएर काम गर्नबाट रोक्न जारी हुन्छ । यो मुद्दाको रोहमा भएको कारबाहीको सन्दर्भमा मात्र जारी हुन्छ ।

- प्रतिषेधको आदेश कुनै न्यायिक वा अर्धन्यायिक निकायले अधिकारक्षेत्रविहीन कार्य गरेको, प्राकृतिक न्यायको सिद्धान्तको अनुशरण नगरेको, व्यक्तिका स्पष्ट कानूनी एवं मौलिक हकको प्रतिकूल गई कार्य गरेको जस्ता कार्यलाई रोक्नका लागि जारी गरिने ।

भिमकुमार वान्तव वि. रक्षा मंत्रालय समेत, नेकाप २०६५, नि. नं. ८०२०

### प्रतिषेधको आदेश जारी हुने अवस्था

- अनधिकृत कारबाही भएकोमा त्यस्तो कारबाहीलाई रोक्नु परेमा,
  - केदारसिं ठकुरी वि. बागमती अंचलाधीश कार्यालय, नेकाप २०३४, नि.नं. १०६४, पृ. १८०
  - कृष्ण ब. राई वि. सीताराम राई, नेकाप २०५०, नि.नं. ४७४०, पृ. २६३
- अधिकार विहिन वा तोकिएको अधिकार भन्दा बाहिर गएर कुनै काम कारबाही गर्न खोजिएकोमा,
- प्राकृतिक न्यायको सिद्धान्त विपरित काम कारबाही र निर्णय हुन लागेमा,
- मौलिक अधिकारलाई कुन्ठीत गर्न लागेमा,
- प्रचलित कानूनले अधिकार नदिएको विषयमा कारबाही गर्न लागेमा,
- कानून नै असंवैधानिक भएमा,
- एकपटक सक्षम अदालतबाट फैसला भै अन्तिम भएको फैसलाउपर उजूर परी बदर नभएको स्थितिमा निर्णय अन्तिमताको सिद्धान्त (Finality of the Judgement) अनुसार पूर्व फैसला परिर्वतन वा निरर्थक हुने गरी उसै विषयमा अर्को कारबाही चलाएको अवस्थामा,
  - बालकृष्ण के.सी. समेत वि. जिल्ला प्रहरी कार्यालय, दैलेख समेत, नेकाप २०६७, नि.नं. ८४५९, पृ. १५१४

### प्रतिषेधको आदेश जारी नहुने अवस्था

- वैकल्पिक उपचारको व्यवस्था भएकोमा,
  - किरणविक्रम राणा वि. काठमाडौं जिल्ला अदालत, नेकाप २०५०, नि.नं. ४७३४, पृ. २३३

- प्रशासनिक काम कारबाहीको विषयमा,
- नीतिगत विषयमा,
- निवेदकको हकमा कुनै तात्विक असर परेको देखिन नआएकोमा,
- कानूनी प्रकृया चलिरहेको अवस्थामा सो प्रकृया रोक्नुपर्ने भएमा,
  - हरिभक्त पराजुली वि. प्र.प.का. समेत नेकाप २०७८ अंक ६ नि.न. १०६७७

## ५.५ अधिकारपृच्छा *(Quo Warranto)*

अधिकारपृच्छाको शाब्दिक अर्थ कुन अधिकारद्वारा (By what authority) भन्ने बुझिन्छ । यो रिट सार्वजनिक पदमा भएको नियुक्तिको विषयसँग सम्बन्धित छ । यस रिट अन्तर्गत कुनै सार्वजनिक पदमा बहाल रहेको व्यक्ति उक्त पदमा बहाल रहन अयोग्य रहेको प्रश्न उठेमा अदालतले त्यस्तो पदमा बहाल रहेको व्यक्तिसँग तिमी कुन अधिकार अन्तर्गत विवादित पद धारण गरेका छौ भनेर सोध्दछ । यदी कुनै व्यक्तिले विवादित पद धारण गर्ने अधिकार राख्दैन भने अदालतले निजलाई उक्त पदमा रही काम गर्न बाट निषेध गर्दछ र उक्त पद रिक्त भएको घोषणा पनि गर्दछ । यो रिट सम्बन्धित कानून अन्तर्गत सार्वजनिक पदमा गरिने नियुक्तिको सम्बन्धमा कार्यपालिकीय कारबाहीलाई नियन्त्रण गर्ने उपायको रूपमा प्रचलित छ । यसको मुख्य उद्देश्य सार्वजनिक पद धारण गर्न पाउने कुनै पनि नागरिकको अधिकार संरक्षण गर्नु र विना अधिकार सार्वजनिक पद धारण गरेका अधिकारीको अनधिकृत काम कारबाहीबाट नागरिक हकको संरक्षण गर्नु रहेको छ ।

### अधिकारपृच्छाको निवेदन कसले दिन सक्छ ?

अधिकारपृच्छाको रिटको प्रकृतिबाटै यो कुनै निजी प्रकृतिको पदमा भएको नियुक्तिका सम्बन्धमा लागू नभई सार्वजनिक पदमा भएको नियुक्तिसँग सम्बन्धित हुने भएकोले यस्तो रिट निवेदन कुनै पनि नेपाली नागरिकले दायर गर्न पाउँछ ।

### अधिकारपृच्छाको आदेश कसका विरुद्धमा जारी हुन सक्छ ?

अधिकारपृच्छाको आदेश गैरकानूनी रूपमा नियुक्ति पाउने र नियुक्ति दिने अधिकारीको विरुद्धमा जारी हुन्छ ।

### सार्वजनिक पद

- सार्वजनिक सरोकारका कामहरू गर्नुपर्ने सबै सरकारी पदहरू अधिकारपृच्छाको प्रयोजनका लागि सार्वजनिक पद हुँदैनन् । सार्वजनिक पद हो वा होइन भनी छुट्टयाउनः
  (१) यस्तो पद संविधान वा कानूनले सृजना गरेको र नियुक्ति, निर्वाचन वा मनोनयन कुनै तरहले पूर्ति हुने हुनुपर्छ,
  (२) त्यस्तो पदमा पदाधिकारीहरूलाई संविधान वा अन्य प्रचलित कानूनद्वारा जनसाधारण प्रति कुनै कर्तव्य निर्वाह गर्ने अभिभारा सुम्पिएको हुनुपर्छ,
  (३) त्यस्तो कर्तव्य निर्वाह गर्दा त्यो पदाधिकारीले राज्यको सार्वभौम कार्यकारिणी, विधायिकी वा न्यायिक अधिकार मध्ये कुनै अधिकार वा त्यसको अंश प्रयोग गर्न पाउने हुनुपर्छ,
  (४) त्यो अधिकारको प्रयोग उसले अरू कुनै माथिल्लो पदाधिकारीको आदेश वा निर्देशन बमोजिम गर्नुपर्ने नभै संविधान वा कानून बमोजिम स्वतन्त्र रूपमा गर्ने हुनुपर्छ ।

  केशव प्र. भट्टराई वि. म.प. सचिवालय, नेकाप २०५२, नि.नं. ५०८४
- अधिकारपृच्छाको रिट हकको रिट होइन ।

  नेकाप २०५१, नि.नं. ४९३३
- कुनै सार्वजनिक पद छ र त्यस पदमा भएको नियुक्ति अवैध छ भने सो को विरोध गरी त्यसलाई बदर गराउन कुनै पनि नागरिकले अधिकारपृच्छा माग गर्न सक्ने । अधिकारपृच्छा माग गर्न आफ्नो हक, हित वा स्वार्थमा आघात परेको देखाउनु आवश्यक छैन, विवादास्पद पद सार्वजनिक हो र सो पदमा नियुक्ति हुन अयोग्य छ भनेर देखाउनु पर्याप्त हुन्छ ।

  केशव प्र. भट्टराई वि. म.प. सचिवालय, नेकाप २०५२, नि.नं. ५०८४,

**अधिकारपृच्छाको आदेश जारी हुने अवस्था**

- कानून बमोजिम तोकिएको कार्यविधि र प्रक्रिया पूरा नगरी नियुक्त, निर्वाचित वा मनोनयन भएकोमा,
- संविधान तथा कानून बमोजिम तोकिएको योग्यता पूरा नभई नियुक्त भएकोमा,
  - ओम प्रकाश अर्याल वि. लोकमान सिंह कार्की समेत ने.का.प. २०७३, अंक ११, नि.न ९७१०.
- कानून बमोजिम निर्वाचन भई नआएकोमा,

**अधिकारपृच्छाको आदेश जारी नहुने अवस्था**

- संविधान वा विधायिकाद्वारा वा निर्वाचनद्वारा स्थापित हुने पद नभई श्री ५ को सरकारको निर्णयानुसार सिर्जना हुने पद भएमा,
  - केशव प्र. भट्टराई वि. म.प. सचिवालय, नेकाप २०५२, पृ. ३०६, नि.नं. ५०८४
- अधिकार र कर्तव्य कानूनद्वारा नतोकिई प्रत्यायोजन गरिएको अधिकार प्रयोग गर्ने पद भएमा,
- आफ्नै स्वतन्त्र विवेकको प्रयोग नगरी सरकारको नीति निर्देशनको अधीनमा रही काम गर्नुपर्ने पद भएमा,
- सार्वजनिक जवाफदेहीको पद नभई अराएको काम गर्ने पद भएमा,
  - अमृत प्र. खां वि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्, नेकाप २०५१, पृ. ४६३, नि.नं. ४९३३
- संविधान तथा कानूनले तोकेको योग्यता र प्रकृया पुरा गरी नियुक्त भएकोमा,
  - दक्षबहादुर के.सी वि.अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत २०७२ सालको रिट न. ०७३-WO- ०४०३ आदेश मिति २०७५।४।२१
  - डा. सुवोध कुमार कर्ण वि. टंक मणि शर्मा समेत नेकाप २०७५ अंक ११ नि.न.१०१२८

## ५.६ निषेधाज्ञा (Injunction)

निषेधाज्ञाको शाब्दिक अर्थ निषेध गर्नु हो । सामान्यतया कुनै कार्य गर्नबाट निषेध गर्न निषेधाज्ञा जारी गरिन्छ । तर मुद्दाको स्वभाव अनुसार यसको रूप निषेधात्मक वा निर्देशनात्मक दुबै हुन्छ । कुनै कार्य गर्नबाट निषेध गर्न वा कुनै कार्य गर्न दिनुपर्ने अदालतको आदेशबाट कुनै व्यक्तिको कानूनी अधिकारको विषयमा अन्तिम निर्णय नहुँदासम्म यथास्थितिमा कायम राख्न निषेधाज्ञा जारी हुन्छ । निषेधाज्ञाको व्यवस्था समन्यायको सिद्धान्तबाट प्रादुर्भाव भएको हो । यो मुद्दाको प्रकृति हेरेर व्यक्ति र सार्वजनिक पदाधिकारी दुबैका विरुद्धमा जारी हुन्छ । अरू रिटहरू जस्तै निषेधाज्ञाको कारबाही पनि निवेदनबाट हुन्छ तापनि यो स्वयंमा रिट भने होइन । निषेधाज्ञाको आदेशले न त कसैको हक अधिकारको सिर्जना गर्दछ न कसैको हक अधिकारको समाप्ति नै गर्दछ । यो मुद्दाको कारबाही नटुङ्गिएसम्म विवादित विषय वस्तुलाई यथास्थितिमा राख्ने रोकथाममुखी उपचारको बाटो हो । यसले मुद्दाको फैसलालाई निष्प्रयोजन हुनबाट बचाउँछ ।

**निषेधाज्ञाको कारबाही सम्बन्धमा सर्वोच्च अदालतबाट जारी आदेश**

निषेधाज्ञाको कारबाहीमा एकरूपता कायम हुन सकोस् भन्ने उद्देश्यले सर्वोच्च अदालतको पूर्ण बैठकबाट निम्नानुसारको आदेश जारी भएको पाइन्छः

(सर्वोच्च अदालत फूलकोर्ट निर्णय, ने.का.प. २०१६, पेज ८)

१. निषेधाज्ञा कुनै मुद्दा मामिलामा जारी गर्ने नगर्ने विषयमा अवस्था हेरी अपील सुन्ने अदालतले तजविज गर्नु पर्छ । यो विषय उक्त अदालतको तजविजको हो, सो जारी गरी माग्ने कुनै व्यक्ति वा पक्षको हक होइन ।

२. निषेधाज्ञा कुनै कार्य गर्न निषेध वा मनाही गर्ने (Prohibitory) मात्र नभई सो जारी भएका निषेधाज्ञा कार्यान्वित गर्न यसो गर्नु भनी कर लगाउन पनि हुन सक्छ।

३. जुन मुद्दा मामिलामा अपील अदालतका चित्तमा क्षतिपूर्ति वा मुआब्जा दिए न्याय पर्छ भन्ने लाग्दछ त्यस्तो कलममा निषेधाज्ञा जारी गर्न मिल्ने छैन।

४. कसैको अन्तरकालीन निषेधाज्ञा जारी गरी पाँउ भन्ने उजूरी नालिश पर्नासाथ अपील अदातलले उजूरीमा लेखेको विषयमा उजूरवालाको देखादेखी (Prima facie) हक दाबी लाग्ने नलाग्ने के हो ? विचार गरी हकदाबी पुग्ने देखेमा मात्र निषेधाज्ञा जारी गर्नु हुन्छ। त्यस्तो गर्नलाई अपील अदालतले हक दाबी प्रष्ट गर्ने सबूत प्रमाण दाखिल गर्न उजूरवालालाई कर लगाउन हुन्छ।

५. यस्तो निषेधाज्ञा जारी भएको विपक्षी वा अन्य कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्ता व्यक्तिले प्रचलित कानूनको रीत पऱ्याई निषेधाज्ञा जारी गराई माग्ने पक्ष उपर नालिश गर्न हुन्छ र त्यस्तो नालिश उजूर पर्न आएमा शुरु नालिश हेर्ने अदालतले पनि लिई प्रचलित कानून बमोजिम गर्नुपर्छ।

६. उक्त निषेधाज्ञा जारी हुँदा वा सोभन्दा अगावै प्रस्तुत मुद्दा मामिलामा अवस्था हेरी विपक्षलाई बुझ्न न्यायोचित लागेमा अधिकृत अदालतले विपक्षीलाई म्याद समन तामेल गरी बुझ्न हुन्छ। सो नभई अवस्था विचार गर्दा तुरुन्तै अन्तरकालीन निषेधाज्ञा जारी गर्न आवश्यक ठहर्न आएमा एकतर्फ (Ex-parte) सुनुवाइ गरी जारी गर्न पनि हुन्छ।

७. निषेधाज्ञा जारी गरी पाउँ भनी निवेदनपत्र दिने निवेदकले अर्काको हक दाबीमा आघात गर्न खोज्दा चित्त बुझाई रहेको वा अकारण ढिलासुस्ती गरी निवेदन वा उजूर गरेको वा हकदाबीको विषयमा आफ्नो तर्फबाट कानूनले गर्नुपर्ने वा नहुने गरी सकेको देखिए मात्र निजको उजूरमा अदालतले विचार गर्नुपर्छ।

८. यस्तो निषेधाज्ञा एक पटक जारी भएपछि मुद्दा मामिलाको अन्तिम टुङ्गो नलागेसम्म वा अदालतले तोकेको मितिसम्म वा अर्को आदेश जारी नगरेसम्म लागू रहनेछ।

९. निषेधाज्ञा जारी भएको विषयमा सो आज्ञा नमानी उल्लंघन गर्ने पक्ष वा व्यक्तिलाई अदालतको अवहेलना वा बेइज्जती गरे वापत प्रचलित कानूनले तोकेको सजाय हुनेछ।

१०. निषेधाज्ञा जारी गर्दा अदालतले मनासिब माफिकको शर्त बन्देज (Conditions) लगाई जारी गर्न पनि हुन्छ।

११. एक पटक जारी गरेको निषेधाज्ञालाई अदालतले केही समयका लागि त्यस्तो गर्न उचित लागेमा स्थगित गर्न पनि हुन्छ।

१२. निषेधाज्ञा जारी गर्न वा परिरहेको मुद्दै छिनी दिन जुन चाँडो हुन्छ सो गरिदिनु पर्छ।

## निषेधाज्ञाको आदेश जारी हुने अवस्थाहरू

➢ हकमा आघात पार्ने आशंका भएमा,

- लक्ष्मी रोजनी एण्ड टरपेन्टाइन इण्ड.प्रा.लि. वि. नेपालगञ्ज नगरपंचायत, नेकाप २०४८, पृ. २०६, नि.नं. ४२९२

➢ आकृति अनुहार परिवर्तन गर्ने आशंकाको स्थिति विद्यमान भएमा,

- कृष्ण ब. श्रेष्ठ वि. तुल्सी भक्त श्रेष्ठ, नेकाप २०४८, पृ. १३१, नि.नं. ४२७४

➢ फैसला कार्यान्वयनमा बाधा अड्चन हुने कार्य गर्न रोक्नु पर्ने र यथास्थितिमा कायम राखी कानूनी बाटो अनुशरण गराउनु पर्ने भएमा,

- चन्द्रमान महर्जन, वि. नारायण महर्जन, नेकाप २०५२, पृ. ६६, नि.नं. ५०३८

➢ अपूरणीय क्षति व्यहोर्नु पर्ने स्थितिको विद्यमानता भएमा,

- अंगदकुमार खनाल वि. खनाल ट्रेडिङ कम्पनी, नेकाप २०५६, पृ. ७५७, नि.नं. ६७९८

- मुद्दा चलिरहेको अवस्थामा विवादित विषयवस्तुलाई यथास्थितिमा राख्नु पर्ने भएमा,
- कानून प्रदत्त अधिकारमा आघात पुग्ने प्रवल आशंकाको विद्यमानता रहेको अवस्थामा त्यसलाई रोकी अधिकार उपर आघात पुग्न नदिन,

- राजेश कुमार साह वि. पुनरावेदन अदालत जनकपुर समेत नेकाप २०६८ अंक१२ नि.न. ८७२७

**निषेधाज्ञाको आदेश जारी नहुने अवस्था**

- कार्य नै सम्पन्न भैसकेकोमा,

- कर्म छिरिङ वि. विष्णु प्र. वाटाजु, नेकाप २०५१, पृ. ९८०,नि.नं. ५०२४
- गोविन्द प्र. अर्याल वि. विष्णु ब. कार्की, नेकाप २०५१, पृ. ३८३, नि.नं. ४९१४
- राम प्र. भण्डारी वि. पोखरा फरेष्ट डि.भि. कार्यालय, नेकाप २०३०, पृ. ३३५, नि.नं. ७८२

- हकबेहक छुट्याउन र हकको सिर्जना गर्नुपर्ने भएमा,

- चन्द्रमान महर्जन वि. नारायण महर्जन, नेकाप २०५२, पृ. ६६, नि.नं. ५०३८

- विचारधीन मुद्दामा असर पर्ने भएमा,

- मनोहर शाह वि. रुद्र प्र. भुर्तेल, नेकाप २०५२, पृ. ९६९,नि.नं. ६१०७

- अनुसन्धानको कार्य अवरुद्ध हुने भएमा,

- दिवाकर शर्मा वि. छवि नेपाल नेकाप २०५९, पृ. ७०७, नि.नं. ७१४६

- आशंका विद्यमान नभएमा,

- विजयकुमार शाह वि. अन्तशुल्क विभाग, नेकाप २०४९, पृ. ४३५, नि.नं. ४५३१
- सूर्यभक्त सांगाछे वि. विजयबहादुर राजभण्डारी, नेकाप २०५५, पृ. २१६ , नि.नं. ६५३४
- गोविन्दप्रसाद अर्याल वि. विष्णुबहादुर कार्की, नेकाप २०५१, पृ. ३८३, नि.नं. ४९१४

- हक कायम भै नसकेको विषयमा निवेदन दिएकोमा,

- खिमानन्द थारु वि. रूपन्देही जि. अ., नेकाप २०५२, पृ. ८९२, नि.नं. ६०८९
- सूर्यभक्त सांगाछे वि. विजयबहादुर राजभण्डारी, नेकाप २०५५, पृ. २१६, नि.नं. ६५३४

- साधारण कानूनी प्रक्रियाबाट नै उपचार पाउने व्यवस्था भएमा,

- प्रेमचन्द्र कसौधन वि. चन्द्रावती देवी, नेकाप २०५३, पृ. १९२, नि.नं. ६५१७

- फौजदारी मुद्दाको तहकिकात गर्न र कानूनी कारबाही गर्न,

- नेकाप २०७७ अंक १२ नि.न. १०६१५

- निषेधाज्ञा जारी हुन नागरिक अधिकार अन्तर्गत सम्पत्ति सम्बन्धी हकमा आघात पर्ने देखिएको सम्पत्तिमा निवेदकको पूर्ण - हक अर्थात् विवादरहित हक रहेको छ भनी अदालतलाई आश्वस्त पार्नुपर्ने,

  - अरुण शर्मा वि. मंगलनारायण मण्डल ने.का.प. २०७७ अंक ५ नि.न.१०४९९

## ६. अदालतको रिट क्षेत्राधिकार

नेपालमा रिट सम्बन्धी क्षेत्राधिकार नेपालको संविधान बमोजिम जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतलाई प्राप्त छ । नेपालको संविधान जारी हुनु पूर्व उच्च तथा जिल्ला अदालतलाई न्याय प्रशासन ऐन, २०४८ अनुसार कानूनी हकको उपचारका लागि मात्र रिट क्षेत्राधिकार प्राप्त थियो । विद्यमान संविधानले मौलिक हक तथा कानूनी हकको उपचारका लागि तीनै तहका अदालतलाई रिट अधिकार दिएको छ । यी अदालतहरूलाई प्राप्त रिट सम्बन्धी क्षेत्राधिकार निम्नानुसार रहेको छः

(क) सर्वोच्च अदालतलाई नेपालभर रिट क्षेत्राधिकार प्राप्त छ भने उच्च अदालत र जिल्ला अदालतलाई आ–आफ्नो प्रादेशिक अधिकारक्षेत्र भित्र मात्र यो क्षेत्राधिकार प्राप्त छ ।

(ख) विषयवस्तुका हिसाबले सर्वोच्च अदालतलाई मौलिक हक र कानूनी हक दुबै प्रकारका हकका सम्बन्धमा उपचार प्रदान गर्ने क्षेत्राधिकार प्राप्त छ भने उच्च अदालतलाई मौलिक हक र कानूनी हकका सम्बन्धमा र जिल्ला अदालतलाई बन्दीप्रत्यक्षीकरण तथा निषेधाज्ञा लगायत कानून बमोजिमका रिट निवेदन हेर्ने क्षेत्राधिकार प्राप्त छ ।

### ६.१ जिल्ला अदालतको रिट सम्बन्धी क्षेत्राधिकार

प्रचलित रिटहरूमध्ये जिल्ला अदालतलाई बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको आदेश जारी गर्ने क्षेत्राधिकार प्राप्त छ । बन्दीप्रत्यक्षीकरणको रिट र निषेधाज्ञाको निवेदन लिई आदेश जारी गर्ने अधिकार अन्तर्गत जिल्ला अदालतलाई आफ्नो जिल्ला भित्र मात्र यो अधिकार प्राप्त हुने देखिन्छ ।

#### संवैधानिक तथा कानूनी व्यवस्था

- जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्र बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदन हेर्ने अधिकार हुनेछ । — संविधानको धारा १५१
- जिल्ला अदालतलाई आफ्नो क्षेत्रभित्र कसैले कुनै व्यक्तिलाई गैरकानूनी रूपले थुनामा राखेमा त्यस्तो व्यक्तिको हकको प्रचलनको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अधिकार हुन्छ । — न्याय प्रशासन ऐन, २०७३ को दफा ७ (२)
- गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैले वा निजको तर्फबाट जोसुकैले बन्दीप्रत्यक्षीकरणको आदेशको लागि सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालतमा उजूरी दिन सक्नेछ । — देवानी संहिताको दफा २६(१) र (२)
- कसैले मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ३ विपरित कुनै काम कारबाही गरेमा वा गर्न लागेको आशङ्का भएमा त्यस्तो काम कारबाहीबाट मर्का पर्न जाने व्यक्तिले आफ्नो अधिकारको प्रचलनको लागि जिल्ला अदालतमा उजूर गर्न सक्नेछ । सो उजूरीमा अदालतले जाँचबूझ गर्दा प्रत्यर्थीले निजको अधिकारमा क्षति पुराएको वा क्षति पुराउन लागेको देखिएमा अदालतले क्षति पुग्ने कार्य नगर्न, नगराउन आदेश जारी गर्न सक्छ । — देवानी संहिताको दफा १७(५)

### ६.२ उच्च अदालतको रिट सम्बन्धी क्षेत्राधिकार

संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएकोमा वा सो उपचार प्रवकारी नभएकोमा कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकार कुनै विवादमा समावेश कानूनी प्रश्नको निरूपणका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्ने क्षेत्राधिकार उच्च

अदालतलाई प्राप्त छ । यसप्रकार कुनै व्यक्तिको मौलिक हक वा कानूनी हकको प्रचलनका लागि उच्च अदालतले रिट अधिकार क्षेत्र अन्तर्गत आदेश जारी गर्न सक्छ ।

### संवैधानिक तथा कानूनी व्यवस्था

- संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ । सो प्रयोजनका लागि उच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ । — संविधानको धारा १४४
- उच्च अदालतलाई नेपालको संविधानको धारा १४४ को उपधारा (१) बमोजिम परेको निवेदनमा सुनुवाइ गरी आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार हुनेछ । — न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१)
- मुलुकी देवानी संहिताद्वारा प्रदत्त कुनै अधिकारमा कसैले आघात गर्ने शंका लागेमा सम्बन्धित उच्च अदालतमा उजूर दिन सकिन्छ र सो उजूरीमा अदालतले जाँचबुझ गरी प्रत्यर्थीलाई सो नगर्नु भनी आदेश दिन सक्छ । — देवानी संहिताको दफा १७(३)
- गिरफ्तार भएको वा थुनिएको व्यक्ति आफैले वा निजको तर्फबाट जोसुकैले बन्दीप्रत्यक्षीकरणको आदेशको निमित्त सम्बन्धित उच्च अदालतमा उजूरी दिन सक्छ । — देवानी संहिताको दफा १७ (१)

## ६.३ सर्वोच्च अदालतको रिट सम्बन्धी क्षेत्राधिकार

सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र अन्तर्गत विभिन्न प्रकारका रिटहरू जारी गर्ने अधिकार प्राप्त छ । असाधारण अधिकारक्षेत्र अन्तर्गत प्राप्त यी अधिकारहरूलाई देहाय अनुसार वर्गीकरण गर्न सकिन्छः

### (क) न्यायिक पुनरावलोकन **(Judicial Review)** को क्षेत्राधिकार

न्यायिक पुनरावलोकन भन्नाले सबै सरकारी कामकारबाहीका सम्बन्धमा अदालतबाट गरिने वैधताको परीक्षण भन्ने बुझिए पनि संवैधानिक कानूनका सन्दर्भमा यसको विशिष्ट अर्थ छ । लिखित संविधान भएका देशहरूमा सीमित सरकारको अवधारणालाई सार्थक तुल्याउने उद्देश्यले संविधानलाई मूल कानून मानिने हुँदा संविधानको मौलिकतालाई बचाउन संविधानसँग बाझिने गरी कानून बनाइएमा संविधानसँग बाझिएको हदसम्म त्यस्ता कानूनहरू अमान्य हुने र सर्वोच्च अदालतले बदर गर्नसक्ने व्यवस्था गरिएको हुन्छ । यसलाई संविधानसँग बाझिएको कुनै पनि कानून बदर गर्ने (Doctrine of Judicial Review of Legislation) सिद्धान्त भनिन्छ । यस क्षेत्राधिकार अन्तर्गत प्रशासकीय काम कारबाही गर्ने निकायले गरेका कानूनी निर्णयहरूको पनि पुनरावलोकन हुन्छ । जसलाई प्रशासकीय काम कारबाही उपरको पुनरावलोकन (Judicial Review of Administrative action) भनिन्छ । कानून तथा प्रशासकीय निकायका निर्णयको संवैधानिकताको परीक्षण गर्ने क्षेत्राधिकारलाई न्यायिक पुनरावलोकनको क्षेत्राधिकार भनिन्छ ।

### संवैधानिक व्यवस्था

- यो संविधान नेपालको मूल कानून हो । यस संविधानसग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ । — संविधानको धारा १ (१)
- यस संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै — संविधानको धारा १३३ (१)

कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाँऊ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।

संविधानको धारा १३७

- यस्ता कानूनको संवैधानिकता परीक्षण गर्ने अधिकार सर्वोच्च अदालतको संवैधानिक इजलासलाई रहेको छ । संवैधानिक इजलासमा प्रधान न्यायाधीश सहित न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चार जना सर्वोच्च अदालतका न्यायाधीश रहने व्यवस्था छ।

### (ख) अन्य रिट क्षेत्राधिकार

कुनै विषयमा उच्च न्यायिक निकायबाट कुनै काम गर्न वा नगर्न जारी गरिने आदेशलाई रिट भनिन्छ। कुनै पनि व्यक्तिको मौलिक तथा कानूनी हक अधिकारमा आघात पुग्न गएमा सोको उपचारको लागि सिधै उच्च न्यायिक निकायमा प्रवेश गर्न पाउने र उच्च न्यायिक निकायले पनि आफै जाँचबुझ गरी आवश्यक आदेश जारी गर्न पाउने अधिकारक्षेत्रलाई रिट क्षेत्राधिकार भनिन्छ । सामान्यतया संविधान प्रदत्त मौलिक हकको हनन भएको स्थितिमा जसको हक हनन भएको हो ऊ सिँधै रिट निवेदन लिएर सर्वोच्च अदालतमा प्रवेश गर्न पाउँछ  र अन्य उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएको अवस्थामा कानूनी हकको उपचारको लागि पनि सिधै सर्वोच्च अदालतमा प्रवेश गर्न पाउँछ। यो क्षेत्राधिकार उपचार विनाको कुनै अधिकारको महत्व हुँदैन भन्ने मान्यतामा आधारित छ।

मूलत: मौलिक हकको प्रचलनका लागि सर्वोच्च अदालतको रिट क्षेत्राधिकार महत्वपूर्ण आधार हो।

### संवैधानिक व्यवस्था

- यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ।

संविधानको धारा १३३ को उपधारा (२)

### (ग) सार्वजनिक सरोकारको विवाद हेर्ने क्षेत्राधिकार

सामान्य अर्थमा सार्वजनिक हित र सरोकार निहित विषयसँग सम्बन्धित विवादलाई सार्वजनिक सरोकारको विवाद भन्न सकिन्छ। हकदैया सम्बन्धी परम्परागत अवधारणा अनुसार जसको जुन कुरामा हक पुग्छ अथवा जसको हक अधिकारमा आघात पुगेको हुन्छ सो को उपचारको लागि उसैले अदालतमा उपचार माग्न जानु पर्छ। तर कुनै कुनै विषय कुनै खास व्यक्तिको व्यक्तिगत हक हित वा सरोकारसँग मात्र सम्बन्धित नभएर कुनै समुदाय वा जनसाधारणको सामूहिक हक हित वा सरोकारसँग सम्बन्धित रहेको हुन्छ। यस्तो स्थितिमा खास पीडित व्यक्ति आउन नसकेकै कारणले मात्र यी विषयहरू उपचार विहीन रहन नपाओस् भन्ने उद्देश्यले यस्तो विषयमा जोसुकैले पनि अदालतमा विवाद लैजान पाउने व्यवस्था गरिएको हुन्छ । कहिलेकाहीँ पीडित पक्ष आफ्नो हक अधिकार प्रति नै सचेत नभएको वा सचेत भए पनि आर्थिक अभावको कारणले मुद्दा गर्न नसकेको अथवा अरू नै विभिन्न कठिनाइको कारण न्यायसम्मको तिनीहरूको पहुँच असम्भव भएको हुन सक्दछ। त्यसैले गरिबी र अभावबाट गुज्री रहेकाहरूलाई पनि न्यायको दायराभित्र ल्याउन एवं सर्वसाधारण जनताको वृहत्तर हित र स्वार्थको रक्षा गर्न न्यायिक क्षेत्रमा सार्वजनिक सरोकारको विवाद हेर्ने नवीनतम् क्षेत्राधिकारको विकास भएको छ। नेपालको सर्वोच्च अदालतलाई पनि यस सम्बन्धी क्षेत्राधिकार प्राप्त छ। यस अन्तर्गत सर्वोच्च अदालतले थुप्रै महत्वपूर्ण विषयमा आदेश जारी गरी सार्वजनिक सरोकारका विषयमा महत्वपूर्ण निर्देश गरेको छ।

## संवैधानिक व्यवस्था

- संविधानको धारा १३३(२) बमोजिमको सार्वजनिक हक वा सरोकार निहित रहेको कुनै प्रश्नको निरूपणका लागि वा मौलिक वा कानूनी हकको प्रचलनका लागि असाधारण अधिकार क्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ। — संविधानको धारा १३३ को उपधारा (३)
- सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संबेधानिक वा कानूनी प्रश्नको निरूपणका लागि दिईने निवेदन त्यस्तो विषयसँग सार्थक सम्बन्ध र तात्विक सरोकार भएको व्यक्तिले निवेदन दिनु पर्दछ। — सर्वोच्च अदालत नियमावलीको नियम ३२
- यसरी पेश हुन आएको निवेदनमा इजलासले निवेदनको विषयमा सर्वसाधारण वा कुनै समुदायको वास्तविक सरोकार रहे नरहेको, निवेदकको सार्थक सम्बन्ध वा तात्विक सरोकार भए नभएको, संबेधानिक वा कानूनी प्रश्न निरूपण गर्नुपर्ने अवस्था रहे नरहेको निरूपण गरी कारण देखाउ आदेश जारी गर्नु पर्दछ। — ऐजन नियम ४५ (२)

## प्रतिपादित सिद्धान्त

- सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यको सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवादको बोध हुन्छ। निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार सार्वजनिक सरोकारको विवादमा देखिनु पर्दछ। — राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद सचिवालय समेत ने.का.प. २०४८ अंक १२, नि.न.४४३०
- निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार नभएपनि मुद्दा गर्न छुट दिने हो भने हकदैया सम्बन्धी सिद्धान्त र कानूनी व्यवस्थाको प्रयोग अन्त्य हुन जान्छ। — ने.का.प. २०६७ अंक १० नि.न. ८४८४

## ७. नेपाल सरकारको तर्फबाट रिट निवेदन गर्ने व्यवस्था र प्रक्रिया

- सामान्यतया कुनै व्यक्तिको मौलिक एवं कानूनी हक अधिकारमा आघात पुगेमा यस्ता हक अधिकारको उपचारको लागि सम्बन्धित व्यक्तिले सर्वोच्च तथा रिट क्षेत्राधिकार प्राप्त न्यायिक निकायमा सिधै निवेदन गर्न पाउनु रिट निवेदनको सामान्य सिद्धान्त हो। हक अधिकारमा आघात पार्ने पक्ष व्यक्ति र सरकार दुबै हुन सक्तछ तर हक अधिकारमा आघात पुग्ने पक्ष व्यक्ति मात्र हुन सक्दछ, सरकार कहिल्यै हुन सक्दैन। किनभने व्यक्तिलाई कुनै विषयमा हक अधिकार प्राप्त छ भन्नुको मतलव त्यस विषयमा सरकारले जथाभावी नियन्त्रण गर्न नपाउने संरक्षण प्राप्त भएको भन्ने बुझिन्छ तर कहिल्यै पनि सरकारले व्यक्तिका विरुद्धमा हक अधिकार प्राप्त गर्न सक्दैन। सरकार प्रति व्यक्तिको निश्चित दायित्व र कर्तव्य तोकिएको हुन सक्ला तथापि त्यतिकै आधारमा सरकारलाई व्यक्तिका विरुद्ध हक अधिकार सिर्जना भएको मान्न मिल्दैन। त्यसैले नेपाल सरकार वा कुनै सरकारी निकायका विरुद्ध आफ्नो हक अधिकारको उपचारको लागि व्यक्तिले रिट निवेदन दिए जस्तो गरी नेपाल सरकारको तर्फबाट व्यक्तिलाई विपक्षी बनाएर रिट निवेदन दायर गर्न मिल्ने देखिँदैन। तथापि असाधारण अधिकार क्षेत्र अन्तर्गत नेपाल सरकारलाई पनि अन्य उपचारको व्यवस्था नभएकोमा संझौताको एक पक्षको हैसियतले रिट निवेदन दिन पाउने अधिकार रहन्छ। असाधारण अधिकार क्षेत्रको प्रयोग, व्यक्ति, नागरिक वा समुदायलाई मात्र हुने तर्क स्वभाविक भएपनि वैकल्पिक उपचारको अभावमा सरकार र यसका निकायले रिट निवेदन दिन नसक्ने भन्न नमिल्ने भन्ने व्याख्या सर्वोच्च अदालतले गरेको छ। — नेपाल सरकार, अर्थ मन्त्रालयका सचिव भानु प्रसाद आचार्य वि. पुनरावेदन अदालत, पाटनसमेत नेकाप २०६७ अंक ५ नि.न. ८३६९
- यसैगरी संवैधानिक निकायहरू बीच अधिकार क्षेत्रको संवैधानिक सिमाका विषयमा विवाद उठ्न सक्तछ अथवा नेपाल सरकार वादी हुने मुद्दाका सम्बन्धमा वा अन्य सरोकारका मुद्दाका सम्बन्धमा कुनै अदालत वा अन्य निकायबाट भएको आदेश, फैसला वा अन्य कामकारबाहीमा गम्भीर कानूनी त्रुटि भएको वा स्पष्टतः क्षेत्राधिकारको अभाव देखिएको तर सो को उपचारका लागि वैकल्पिक मार्गहरू नरहेको स्थिति हुन सक्दछ। यस्तो स्थितिमा संविधान र कानूनको अन्तिम व्याख्याता सर्वोच्च अदालत नै हुने भएकोले — बद्रीबहादुर कार्की वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको रिट निवेदन (ने.का.प २०५८ पृ. २३९, तथा नेकाप

नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतमा रिट निवेदन दायर हुन सक्ने देखिन्छ ।

२०५९

- पाँच वर्ष भन्दा घटी कैदको सजाय हुने मुद्दामा प्रतिवादीलाई भएको पुर्पक्षको आदेशमा अन्य अन्तरकालीन आदेश उपर एकतह निवेदन दिएकोमा पुनरावेदन सुन्ने अदालतबाट पनि सोही आदेश सदर भएको तर त्यस्तो आदेशमा गम्भीर कानूनी त्रुटि भएमा त्यस्तो आदेश बदर गरी पाउन पनि नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतमा रिट निवेदन गरेको अभ्यास रहेको छ ।

म.न्या.का. वि. पुनरावेदन अदालत मुकाम धुन्चे, २०५३ को रिट न. ३२६० मिति २०५६।७।१४

- सरकारको सरोकार रहने वा सरकार पक्ष रहेको मध्यस्थको निर्णयलाई उच्च अदालतबाट सदर गरिएको अवस्थामा मुद्दाको एकपक्षका रूपमा सरकारका निकायबाट सर्वोच्च अदालतमा रिट निवेदन दिने गरेको पाईन्छ । संघीय तहहरू वीच अधिकार क्षेत्रको विषयमा उत्पन्न विवादका सम्बन्धमा पनि तहगत सरकारले सर्वोच्च अदालतको संवैधानिक इजलासमा रिट निवेदन दिन सक्ने अवस्था हुन्छ । यसैगरी संवैधानिक तथा कानून बमोजिम गठित निकायले गरेका निर्णय वा आदेश विरुद्ध सरकारका तर्फबाट त्यस्ता निकायका निर्णय वा आदेश विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दिने अभ्यास रहेको छ भने रिट जारी भएको समेत पाइन्छ ।

टंकमणि शर्मा वि. राष्ट्रिय सूचना आयोग २०६९ WO- ०८४५ आदेश मिति २०७३।११।८

**सरकारका तर्फबाट सर्वोच्च अदालतमा रिट निवेदन दिंदा अपनाउनु पर्ने प्रक्रिया:**

- कुन तह वा निकायसँग अधिकारक्षेत्रको संवैधानिक सीमाका बारेमा विवाद उठेको हो वा त्यस्तो विवाद सिर्जना भएको हो सो निकायलाई विपक्षी बनाउने,
- मुद्दाका सम्बन्धमा कुनै अदालत वा निकायले गरेको आदेश उपर रिट निवेदन दिनु पर्ने भए मुद्दाका पक्षलाई विपक्षी नबनाई आदेश गर्ने निकायलाई विपक्षी बनाउने,
- सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३ मा उल्लिखित लिखतमा पुऱ्याउनुपर्ने सामान्य रित सम्बन्धी कुराहरू र नियम ४० मा उल्लिखित कुराको पालन गर्ने,
- सार्वजनिक सरोकारको विषयमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० मा (२) मा उल्लिखित कुराहरू खुलाई निबेदन दिने,
- कुन संवैधानिक वा कानूनी प्रश्न निरूपण गर्नुपर्ने हो सो कुरा उल्लेख गर्ने,
- अधिकारक्षेत्र सम्बन्धी कुरा,
- मागिएको उपचार सम्बन्धी कुरा,
- उपचारको आधार,

सर्वोच्च अदालत नियमावलीको नियम ४०, नियम ४३, र नियम ४८

- नेपालको संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत दिइने रिट निवेदनहरूका साथ विवादको संक्षिप्त व्यहोरा, संवैधानिक तथा कानूनी प्रश्न, माग गरिएको उपचारका कुराहरूको सारसंक्षेप । समानान्तर उपचार माग नगरेको कुरा खुलाई आवश्यकता अनुसार बढीमा दुई पृष्ठमा नबढाई मजबुन तयार गरी पेश गर्ने,
- सम्बन्धित अड्डाको प्रमुख बाहेक अरूले अख्तियारी लिई निवेदन गरेकोमा रितपूर्वक अख्तियारनामा पेश गर्ने ।

**८. संवैधानिक इजलासबाट सुनुवाइ हुने रिट सम्बन्धी व्यवस्था:**

नेपालको संविधानको धारा १३३ को उपधारा (१) अन्तर्गत कुनै कानूनलाई असंवैधानिक र बदर घोषित गराउनको लागि जुनसुकै नेपाली नागरिकले र धारा १३३ को उपधारा (२) अन्तर्गत मौलिक हकको प्रचलनका लागि सम्बन्धित व्यक्ति वा सरोकारवाला संस्था वा निकाय वा व्यक्तिले तथा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि सो विवादको विषयवस्तुसँग कुनै सम्बन्ध वा सरोकार भएको व्यक्तिले निवेदन दिन सक्छ । यस अन्तर्गत दिइने निवेदनपत्रहरूमध्ये धारा १३३ को उपधारा (१) बाहेक अन्य निवेदनमा पाँच सय रूपैयाँ दस्तूर लाग्छ । तर बन्दीप्रत्यक्षीकरणको

निवेदनमा कुनै दस्तुर लाग्दैन । धारा १३३ को उपधारा (१) अन्तर्गतको निवेदनमा भने पाँच हजार रुपैया धरौटी राख्नुपर्ने हुन्छ । यो रकम निवेदन खारेज भएमा सदरस्याहा हुन्छ भने निवेदन अनुसार आदेश जारी भएमा निवेदकले सो रकम फिर्ता पाउछ । धारा १३३ अन्तर्गतको निवेदन दिने सम्बन्धमा निम्न व्यवस्था रहेको छः

(१) संघ, प्रदेश वा स्थानीय तहको कुनै कानून संविधान विपरित रहेको भनी वा प्रदेश कानून संघीय कानूनसँग र स्थानीय कानून संघीय र प्रदेश कानूसँग बाझिएकोमा असंवैधानिक र बदर घोषित गराउनको लागि जुनसुकै नेपाली नागरिकले निवेदन दिन सक्ने,

(२) कुनै संवैधानिक वा कानूनी हकमा असर परेको व्यक्तिले सो हकको प्रचलनको लागि संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत निवेदन दिन सक्ने,

(३) यसरी निवेदनपत्र दिँदा एउटै निर्णय वा विषय भए पनि भिन्नभिन्न मानिसले भिन्नाभिन्नै तथ्य र आधार देखाई भिन्ना/भिन्नै कानूनी प्रश्न उठाएको भएमा छुट्टाछुट्टै निवेदनपत्र दिनुपर्ने,

(४) यस अन्तर्गत दिइने निवेदनपत्रमा आवश्यकतानुसार देहायका कुराहरू खुलाउनु पर्नेछः

(क) निवेदक र प्रत्यर्थीको पूरा नाम, थर, वतन,

(ख) अधिकारक्षेत्र सम्बन्धी कुरा,

(ग) कुनै व्यक्तिगत हकमा आघात परेको छ भन्ने आधारमा निवेदनपत्र परेकोमा निवेदकको के कस्तो संवैधानिक वा कानूनी हक कसरी हनन् हुन गएको छ सो कुरा,

(घ) संविधानको धारा १३३ को उपधारा (१) अन्तर्गत निवेदनपत्र परेकोमा कुन कानून वा कुन कानूनको कुन व्यवस्था संविधानको कुन धारा वा व्यवस्थासँग कसरी बाझिएको छ वा कुन कानूनले मौलिक हकमा कस्तो अनुचित नियन्त्रण लगाएको छ भन्ने कुरा,

(ङ) सार्वजनिक हक वा सरोकारको विवादको निरूपणको लागि निवेदनपत्र परेकोमा सो विवाद किन वा कसरी सार्वजनिक हक वा सरोकारको हो, त्यसमा के कस्तो संवैधानिक वा कानूनी प्रश्न उपस्थित भएको छ र सो विवादको समाधान कुन रूपमा वा कसरी हुन सक्दछ र त्यो विवादको विषयवस्तुसँग निवेदकको सम्बन्ध वा सरोकार के छ भन्ने कुरा,

(च) निवेदकले मागेको उपचार र

(छ) उपचारका आधारहरू ।

(५) निवेदनपत्रको प्रारम्भिक सुनुवाइ गर्दा अदालतको विचारमा निवेदकको जिकीर उचित र कानूनसँगत जस्तो देखिएमा निवेदनपत्रमा माग गरिए बमोजिमको आदेश जारी नहुनु पर्ने कुनै कारण भए तोकिएको तारिखको दिन सो कारण देखाउन लिखित जवाफ लिई आफै वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी तारिख तोकी प्रत्यर्थीको नाउँमा आदेश जारी गर्नुपर्छ ।

(६) लिखित जवाफ पेश गर्दा सरकारी कार्यालयबाट पेश हुने लिखित जवाफमा कुनै दस्तूर लाग्दैन ।

- नेपालको संविधानको धारा १३३ (१) अन्तर्गतको निवेदन सामान्यतया दश पृष्ठको हुनु पर्दछ भने यस्तो निवेदनको सुनुवाइ सर्वोच्च अदालतको संवैधानिक इजलासमा हुन्छ । संवैधानिक इजलासको अधिकार क्षेत्रको प्रयोग प्रधान न्यायाधीश सहित अन्य चार जना न्यायाधीशबाट सामूहिक रूपमा गरिन्छ । — सर्वोच्च अदालत (संवैधानिक इजलास) नियमावली २०७२ को नियम ४(१)
- संवैधानिक इजलासले मुद्दा मामिलाको रोहमा गरेको निर्णय वा आदेश अन्तिम हुन्छ र सो उपर पुनरावलोकन वा दोहोऱ्याई पाउने निवेदन लाग्दैन । — ऐ. नियम ५
- संवैधानिक इजलासमा सुनुवाइ हुने मुद्दामा पेसीको जानकारी प्राप्त भएपछि सरकारी वकीलले निम्न कुरा खुलाई आफूले गर्ने बहसको लिखित प्रारूप सूचना प्रविधिको माध्यमबाट अदालतलाई दिनु पर्दछः — ऐ. नियम २१

क) मुद्दामा अन्तरनिहित संवैधानिक, कानूनी र तथ्यगत प्रश्नहरू,
ख) सो सम्बन्धमा पहिले कायम भएका नजिर र सो को प्रतिलिपि,
ग) सन्दर्भ सामाग्री र सो को प्रतिलिपि,
घ) मुख्य बहस बुँदाहरू,

- इजलासमा बहस गर्न प्रत्येक पक्षका कानून व्यवसायीलाई आधा घण्टा समय निर्धारण हुने व्यवस्था नियमावलीको नियम २१(८) मा रहेको छ । यस बाहेक मुद्दाको विषयबस्तुको आधारमा इजलासले थप समय दिनसक्ने व्यवस्था रहेको छ र तथापि सरकारी वकीलले निर्धारण गरिएको समयभित्र बहस व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसैगरी इजलासमा दायर मुद्दामा इजलासले अन्यथा आदेश दिएकोमा बाहेक पेशी स्थगित गर्न पाइँदैन ।

ऐ. नियम २३ को उपनियम (४)

# परिच्छेद-दुई

## रिट निवेदन सम्बन्धी प्रक्रियामा सरकारी वकीलको संलग्नता र भूमिका

## यस परिच्छेद भित्र

१. रिट निवेदन तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरू
   १.१ रिट निवेदन सम्बन्धी लिखत तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरू
   १.२ रिट निवेदन तयार गर्दा विचार पुऱ्याउनु पर्ने अन्य कुराहरू
   १.३ बन्दीप्रत्यक्षीकरणको निवेदनपत्र तयार गर्दा विचार पुऱ्याउनु पर्ने थप कुराहरू
   १.४ रिट निवेदनको प्रारम्भिक सुनुवाइ
   १.५ कारण देखाउ आदेश
   १.६ बन्दीप्रत्यक्षीकरणको निवेदन सम्बन्धी विशेष व्यवस्था
   १.७ विशेष अवस्थामा बन्दीलाई उपस्थित नगराए पनि हुने
२. अन्तरिम आदेश
   २.१ अन्तरिम आदेश माग गर्न सकिने अवस्था
   २.२ अन्तरिम आदेश जारी हुने आधार
   २.३ अन्तरिम आदेश उपर माथिल्लो अदालतमा निवेदन वा रिट नलाग्ने
   २.४ विशेष आदेश
   २.५ अन्तरिम आदेशको सूचना
   २.६ अन्तरिम आदेश जारी गर्ने वा नगर्ने वा जारी अन्तरिम आदेश निरन्तर हुने नहुने विषयमा छलफल
   २.७ अन्तरिम आदेश बदरका लागि गर्नुपर्ने कारवाही सम्बन्धी प्रक्रिया
३. लिखित जवाफ
   ३.१ लिखित जवाफ प्रस्तुत गर्ने
   ३.२ लिखित जवाफ तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरू
   ३.३ लिखित जवाफ तयार गर्दा विचार पुऱ्याउनु पर्ने अन्य कुराहरू
   ३.४ बन्दीप्रत्यक्षीकरणको लिखित जवाफ तयार गर्दा खुलाउनु पर्ने थप कुराहरू
   ३.५ लिखित जवाफ दर्ता
   ३.६ रीत नपुगी प्राप्त लिखित जवाफका सम्बन्धमा गर्ने
४. रिट निवेदन उपरको प्रतिरक्षा
   ४.१ रिट निवेदनसग सम्बन्धित निर्णय र मिसिल कागजातको प्राप्ति
   ४.२ बहस पैरवी सम्बन्धी कानूनी व्यवस्था
   ४.३ सरकारी वकीललाई मिसिल पठाउनुपर्ने कानूनी व्यवस्था
   ४.४ बहस पैरवी गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरू
५. रिट निवेदनमा जारी भएको आदेश उपर मुद्दा दोहोऱ्याउन निवेदन गर्न सकिने
   ५.१ जिल्ला अदालत र उच्च अदालतबाट रिट निवेदनमा जारी भएको आदेश उपर निवेदन दिने
   ५.२ रिट निवेदनमा जारी भएको आदेश उपर कारवाही प्रक्रिया
   ५.३ निवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू
६. रिट निवेदन सम्बन्धी आदेशको प्राप्ति र कार्यान्वयनको प्रक्रिया
७. सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतमा रहेको रिट जारी गर्ने अधिकारमा समानता र अन्तर

## १. रिट निवेदन तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरू

बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनपत्र सम्बन्धित जिल्ला अदालतमा दायर गर्न सकिन्छ । यसैगरी बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा र निषेधाज्ञाको निवेदनपत्र सम्बन्धित उच्च अदालतमा लाग्ने व्यवस्था छ । सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरण, उत्प्रेषण, परमादेश, प्रतिषेध र अधिकारपृच्छा लगायतका रिटहरू लाग्ने व्यवस्था छ । रिट निवेदन सर्वोच्च अदालत वा उच्च अदालत वा जिल्ला अदालतमा दायर गर्दा कुन अदालतमा रिट दायर गर्ने देखि लिएर विषय वस्तु र मागदावीमा समेत विचार गरी तयार गर्नुपर्ने हुन्छ । यसका अलावा सम्बन्धित नियमावलीले गरेको प्राविधिक विषयहरू, निवेदनमा उल्लेख गर्नुपर्ने कुराहरूमा समेत ध्यान दिनुपर्दछ ।

### १.१ रिट निवेदन सम्बन्धी लिखत तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरू

रिट निवेदन तयार गर्दा देहाय बमोजिम हुनु पर्दछः

- फूलस्केप साइजको नेपाली सादा कागजमा एकापट्टि मात्र कम्प्युटर टाइप वा मुद्रण गरिएको, युनिकोड नेपाली फन्टमा बाह्र प्वाईन्ट तथा लाईन स्पेसिङ बढीमा एक दशमलव पाँचमा टाइप वा मुद्रण गरिएको,
- पहिलो पृष्ठमा हकमा शिरतर्फ तीन इन्च ठाउँ छोडिएको,
- प्रत्येक पृष्ठको शिर र पुछारमा एक इन्च, बाया तर्फ डेड इन्च र दाया तर्फ आधा इन्च ठाउँ छोडेको,
- निवेदकको नाम थर, उमेर, ठेगाना, (थाहा भएसम्म इ–मेल, फ्याक्स, मोवाईल नं, विद्युतीय माध्यमको ठेगाना समेत) र घर नम्बर,
- नेपाल सरकारको तर्फबाट दिइने निवेदनपत्र भए निवेदन प्रस्तुत गर्ने पदाधिकारीको नाम, थर, दर्जा तथा आफू कार्यरत कार्यालयको नाम, ई–मेल र फ्याक्स समेतको ठेगाना,
- आफ्नो तथा प्रत्यर्थीको नाम, थर, स्थायी अस्थायी ठेगाना (थाहा भएसम्म इमेल, मोवाइल न. फ्याक्स लगायतका विद्युतीय माध्यमको ठेगाना समेत) र घर तथा व्लक नम्बर र अन्य परिचयात्मक विवरण,
- निवेदक र प्रत्यर्थीको पति, पत्नी बुवा, आमा, बाजे बज्यैको नाम,
- प्रत्यर्थी कुनै कार्यालय वा संस्थामा कार्यरत भएमा त्यस्तो कार्यालय वा संस्थाको नाम, ठेगाना, निजको पद तथा उमेर र बाबुको नाम,
- निवेदन प्रस्तुत गर्ने व्यक्तिले प्रत्येक पृष्ठमा पूरा वा छोटकरी दस्तखत गरी अन्त्यमा बुझिने गरी पूरा दस्तखत,
- निवेदन गर्ने व्यक्ति लेख्न नजान्ने भए दस्तखतको सट्टा ल्याप्चे सहिछाप,
- निवेदक एक जना भन्दा बढी भएमा त्यस्तो प्रत्येक व्यक्तिले दस्तखत वा ल्याप्चे सहिछाप,
- कुनै कानून व्यवसायीले लिखतको मस्यौदा गरेको भए त्यसको बायाँपट्टि किनारामा निजले मस्यौदा गरेको भनी र कानून व्यवसायी वा लिखत दर्ता गर्न ल्याउने व्यक्ति बाहेक अरूले मस्यौदा गरेकोमा "यो लिखतको मस्यौदा मैले गरेको हुं, मैले घुस, किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको छैन" भन्ने ब्यहोरा र आफ्नो पूरा नाम, थर र ठेगाना लिखतको पहिलो पृष्ठको बायाँ किनारामा स्पष्ट रूपमा जनाई सो ठाउँमा र अन्य प्रत्येक पृष्ठमा सही गरेको,

सर्वोच्च अदालत नियमावलीको नियम १३, उच्च अदालत नियमावली, २०७३ को नियम २३

- लिखतको आखिरी प्रकरणमा "यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भन्ने वाक्य रहेको,
- माथि उल्लिखित वाक्य मुनी दायाँ किनारमा निवेदन प्रस्तुत गर्ने व्यक्ति वा पदाधिकारीले दस्तखत गर्नु पर्दछ र त्यसको मुनी निवेदन दर्ता गर्न ल्याएको साल, महिना, गते र बार उल्लेखन,

- निवेदनका विषयहरू सिल्सिलेवार रूपमा प्रकरण छुट्टयाई उचित र संयमपूर्ण भाषामा लेखिएको,
- निवेदनको पेटबोलीमा परेका प्रत्येक व्यक्तिको नाम, थर, ठेगाना र अन्य आवश्यक परिचयात्मक विवरण स्पष्ट उल्लेख भएको,
- निवेदनमा उल्लिखित प्रत्येक ठाउँको पूरा विवरण,

- जिल्ला अदालतमा निषेधाज्ञा वापत रु.५००।- उच्च अदालतमा परमादेश उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा र निषेधाज्ञाको निवेदन दायर गर्दा रु. ५००।-दस्तुर लाग्छ । सर्वोच्च अदालतमा रिट निवेदन (बन्दीप्रत्यक्षीकरण बाहेक) दायर गर्दा रु. ५००।- दस्तुर लाग्ने,
- बन्दीप्रत्यक्षीकरणको निवेदन दायर गर्दा कुनै दस्तुर नलाग्ने,
- उच्च अदालतमा दिइने निवेदनपत्र उच्च अदालत नियमावलीको अनुसूची १ को ढाँचामा र लिखित जबाफ अनुसूची २ को ढाँचामा तयार गरिएको हुनुपर्छ भने जिल्ला अदालतमा दिइने बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनपत्र जिल्ला अदालत नियमावलीको अनुसूची २ मा उल्लिखित ढाँचामा र लिखित जवाफ अनुसूची २ को ढाँचामा,
  - सर्वोच्च अदालतमा निवेदन दिँदा प्रत्यर्थी विदेश गएको भए सो स्थानको ठेगाना समेत खुलाउने,

उ.अ.नि. नियम ३५(२) तथा स.अ.नि.नियम ३२(२) र अनुसूची ३, जि.अ.नि. नियम ४२

## १.२ रिट निवेदन तयार गर्दा विचार पुऱ्याउनु पर्ने अन्य कुराहरू

रिट निवेदन तयार गर्दा विचार गर्नुपर्ने अन्यकुराहरू देहाय अनुसार छन् ।

- अदालतको अधिकारक्षेत्र सम्बन्धी कुरा,
- निवेदनपत्रमा कुन हक हनन भएको हो सो कुरा,
- निवेदकले माग गरेको उपचार र सो उपचार पाउन सक्ने आधारहरू,
- रिट जारी किन हुनुपर्ने हो सो सम्बन्धी कुरा,
- सम्बद्ध कानून,
- कुनै व्यहोरा अरू कसैसँग बुझेर उल्लेख गरेको रहेछ भने कसबाट बुझिएको हो निजको पूरा विवरण,
- कुनै लिखतको आधारमा उल्लेख गरिएको भए सो लिखत पाएको ठाउँ वा तरिका र सो कुराको सत्यतामा आफ्नो विश्वासको आधार,
- कुनै अड्डा अदालतमा रहेको मिसिल वा लिखत झिकाउनु पर्ने भएः
  - ✓ मिसिल वा लिखत रहेको कार्यालयको नाम,
  - ✓ लिखत सामेल रहेको मुद्दाको नम्बर र नाम,
  - ✓ लिखतको मिति,
  - ✓ लिखत लेखिएको भाषा र विषय,
  - ✓ मिसिल वा लिखत कुन तथ्यको पुष्ट्याई वा खण्डनको लागि आवश्यक परेको हो सो कुरा,
  - ✓ मिसिल वा लिखतको अन्य परिचयात्मक विवरण,

- लिखत साथ पेश हुनुपर्ने प्रत्येक लिखत प्रमाणको सक्कल र नक्कल साथै पेश गर्ने,
- कुनै विषयमा पहिले निवेदनपत्र दिएकोमा पछि फेरि सोही व्यहोराको वा समान उद्देश्य लिएर निवेदनपत्र दिनुपरेमा पहिलेको निवेदनको व्यहोरा र सो मा भएको आदेश उल्लेख गर्ने,

जि.अ.नि.नियम ३३, उ.अ.नि. नियम ३१(१) तथा स.अ.नि. नियम ४३

- समानान्तर अधिकार क्षेत्र अन्तर्गतको विषयमा निवेदन दिदा सो विषयमा कुनै अदालतमा निवेदन दिएको वा कारवाही चलाएको छ छैन भन्ने कुरा प्रष्ट खुलाउनु पर्ने
- अदालतको अधिकारक्षेत्र सम्बन्धी कुरा,
- नेपालको संविधानको धारा १३३ अन्तर्गत निवेदनपत्र परेकोमा कुन कानून वा कुन कानूनको कुन व्यवस्था संविधानसँग कसरी बाझिएको छ वा कुन कानूनले मौलिक हकमा कस्तो अनुचित नियन्त्रण लगाएको छ भन्ने कुरा, — स.अ.नि. नियम ४० (३)(घ)
- सार्वजनिक हक वा सरोकारको विवादको निरूपणका लागि सर्वोच्च.अदालतमा निवेदन गर्नुपर्दा,
  - ✓ सो विवादले कुनै वर्ग वा समुदायलाई परेको वा पर्नसक्ने असर,
  - ✓ सो विवादमासंवैधानिक वा कानूनी प्रश्न सन्निहित रहेको पुष्टी हुने तथ्य,,
  - ✓ सो विवादको विषय यस अघि अदातलबाट निरूपण नभएको र विचाराधिन नरहेको कुरा,
  - ✓ सो काम कारवाही गर्नुपर्ने निकाय वा पदाधिकारी समक्ष आवश्यक उपचारका लागि निवेदन दिएको कुरा,
  - ✓ अदालतमा निवेदन गर्न लागेको भए सो को जानकारी सम्बन्धित निकाय वा पदाधिकारीलाई गराएको कुरा,
- विवादको विषयवस्तुसँग निवेदनको सम्बन्ध वा सरोकार के छ भन्ने कुरा र निवेदन सम्बन्धित जनसमुदाय वा सर्वसाधारणको सरोकारलाई प्रतिनिधित्व गर्न सक्षम रहेको विश्वास हुने आधार, — स.अ.नि. नियम ४०
- यस्ता विवादमा निवेदकले अदालतलाई विवाद निरूपण गर्न हरसंभव सहयोग गर्नुपर्ने, — ऐ. नियम ४२
- निवेदकको कुन हक हनन हुन गएको छ सो कुरा, — उ.अ.नि. नियम ४१ (१) (ख) तथा स. अ. नि. नियम ४० (३)(ग)
- परमादेश, उत्प्रेषण, प्रतिषेध वा अधिकारपृच्छा जारी किन हुनुपर्ने हो सो सम्बन्धी कुरा, — उ.अ.नि. नियम ४१(१)(ग)
- नागरिक हकमा आघात हुने आशंकाभएमा देवानी संहिता ऐनको कुन दफाद्वारा प्राप्त हकमा कसरी आघात हुने संभावना छ सो कुरा, — जि.अ.नि.नियम ३१(१)(ख), उ.अ.नि. नियम ४१ (१)(घ)
- निवेदकले मागेको उपचार र सो उपचार पाउने सक्ने आधारहरू — जि. अ .नि. नियम ३१ (१) (घ) (ङ), उ. अ. नि. नियम ४१ (१) (ङ) (च) तथा स.अ. नि. नियम ४० (३) (च) (छ)
- निवेदनपत्रको साथमा प्रत्यर्थीको लागि चाहिने जति निवेदनपत्रको नक्कल र संलग्न लिखतको दुई प्रति नक्कल दाखिल गर्नुपर्ने,
- दुई पृष्ठ भन्दा बढीको निवेदनपत्र भए विवादको संक्षिप्त व्यहोरा, संवैधानिक तथा कानूनी प्रश्न, माग गरिएको उपचारका कुराको सारसंक्षेप खुलाई दुई पृष्ठमा नबढाई मजबुन पेश गर्नुपर्ने, — जि.अ.नि.नियम ३५, उ.अ.नि. नियम ४४
- विद्युतीय प्रति पेश गर्नुपर्ने, — उ.अ.नि. नियम ४५(१) तथा स.अ.नि. नियम ४०क(१)
- कम्प्युटर टाइप गरी तयार गरिएको निवेदन, लिखित जवाफ, पुनरावेदन पत्र आदी दायर गर्ने पक्षबाट र रजिष्ट्रारले लिखितको विधुतीय प्रति पेश गर्न लागाउन सक्ने, सो बमोजिम विधुतीय प्रति पेश गर्न सम्बन्धित पक्षको कर्तव्य हुने, — उ.अ.नि. नियम ४६ तथा स.अ.नि.नियम १३ को उपनियम (१५)

### १.३ बन्दीप्रत्यक्षीकरणको निवेदनपत्र तयार गर्दा विचार पुऱ्याउनु पर्ने थप कुराहरु:

बन्दी प्रत्यक्षीकरणको निवेदन दायर गर्दा देहाय अनुसारका थप कुराहरू पनि खुलाउनु पर्छ।

- बन्दीलाई कसल, कहिले देखि, कुन परिवन्दबाट बन्दी बनाएको छ ?
- बन्दी कुन स्थानमा थुनामा रहेको छ?
- थुनाको सम्बन्धमा पहिले वा अन्य कुनै अदालतमा निवेदन दिएको छ, छैन ? र दिएको भए त्यसको परिणाम के भएको छ ?

- बन्दीलाई अन्न पानी बन्द गरी थुनामा राखिएको छ वा कुनै प्रकारको मानसिक वा शारिरिक यातना दिएको छ वा छैन ?
- बन्दी बाहेक अरूले निवेदन दिनेमा बन्दीले सहिछाप गर्न नसक्नुको कारण
- बन्दी गराइएको बारेको कुनै प्रमाण भए सो को प्रमाण

उ.अ.नि. नियम ३६ तथा स.अ.नि.नियम ३३(२)

## १.४ रिट निवेदनको प्रारम्भिक सुनुवाइ:

अदालतमा कुनै पनि रिट निवेदन दर्ता भएपछि सम्बन्धित अदालतले तोकेको व्यवस्थाको अधीनमा रही उक्त रिट निवेदन दर्ता भएकै दिन वा सो को भोलिपल्ट प्रारम्भिक सुनुवाइको लागि इजलास समक्ष पेश गरिन्छ । यस्तो प्रारम्भिक सुनुवाइ सामान्यतया भोलिपल्ट गर्ने प्रचलन रहेको छ ।

- बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञा, परमादेश, उत्प्रेषण, प्रतिषेध र अधिकारपृच्छा सम्बन्धी निवेदन साप्ताहिक वा दैनिक मुद्दा पेशी सूचीमा नचढेको भए पनि दर्ता भएकै दिन पनि आवश्यकता अनुसार इजलास तोकी पेशीमा चढाइ कारवाही गर्न सकिनेछ ।

उ.अ.नि. नियम ८५(३)

- बन्दीप्रत्यक्षीकरणको निवेदनपत्र साप्ताहिक पेशी सूचीमा नचढेको भए पनि प्रधान न्यायाधीशले पेश गराउन सक्नेछ ।

स.अ.नि. नियम ६३(५) को प्रतिवन्धात्मक वाक्यांश

## १.५ कारण देखाउ आदेश जारी

रिट निवेदनपत्र दर्ता भई इजलासमा प्रारम्भिक सुनुवाइ हुँदा रिट निवेदनमा लिइएका जिकिरहरू उचित र कानूनसंगत देखिएन भने प्रारम्भिक सुनुवाइबाट नै रिट निवेदन खारेज हुन्छ र लिखित जवाफ मगाई रहने तथा दिनुपर्ने अवस्था पर्दैन ।

- रिट निवेदनको प्रारम्भिक सुनुवाइ हुँदा निवेदनमा लिइएका जिकिरहरू उचित र कानूनसंगत जस्तो देखियो अथवा प्रत्यर्थीले गरे विराए जस्तो देखियो भने अदालतले निवेदनमा विपक्षी बनाइएका प्रत्यर्थीहरूका नाउँमा कारण देखाउ आदेश जारी गर्दछ ।

जि.अ.नि.नियम ३१(२), उ.अ.नि. नियम ४१ (२) तथा स.अ.नि. नियम ४६(१)

## १.६ बन्दीप्रत्यक्षीकरणको निवेदन सम्बन्धी विशेष व्यवस्था

बन्दीप्रत्यक्षीकरणको निवेदनमा कारण देखाउ आदेश जारी गर्ने वा लिखित जवाफ प्रस्तुत गर्ने प्रक्रिया अन्य रिट निवेदनहरूको भन्दा केही फरक हुन्छ । बन्दीप्रत्यक्षीकरणको निवेदनबाट बन्दीलाई थुनामा राख्नुको वैधताको परीक्षण हुने र थुना गैरकानूनी देखिए निजलाई थुनाबाट मुक्त गरिने हुँदा यसमा जारी हुने कारण देखाउ आदेश र प्रस्तुत गरिने लिखित जवाफ पनि सोही विषयमा केन्द्रित हुने गर्दछ ।

### कानूनी व्यवस्था

- बन्दीप्रत्यक्षीकरणको निवेदनपत्रबाट बन्दीलाई कानून विपरीत थुनामा राखेको जस्तो देखिन आएमा निवेदनपत्रको सुनुवाइ हुने मिति तोकी बन्दीलाई थुनाबाट किन छाड्नु नपर्ने हो सो कुरा स्पष्ट गरी लिखित जवाफ र साथमा बन्दीलाई समेत लिई उपस्थित हुनु भनी अदालतले प्रत्यर्थीका नाममा आवश्यक आदेश दिन सक्नेछ ।

जि.अ.नियमावली को नियम २५, उच्च अदालत नियमावलीको नियम ३७(१),

- बन्दीप्रत्यक्षीकरणको निवेदनपत्रबाट बन्दीलाई कानून विपरीत वा प्रवृत्त भावनाले वा वदनियत साथ थुनामा राखेको देखिन आएमा निवेदनपत्रको सुनुवाइ हुने मिति तोकी बन्दीलाई थुनाबाट किन छाड्नु नपर्ने हो सो कुरा स्पष्ट गरी लिखित जवाफ र साथमा बन्दीलाई समेत लिई वाटाको म्याद बाहेक तीन दिन भित्र उपस्थित हुनु भनी अदालतले प्रत्यर्थीको नाममा आदेश दिनेछ ।

स.अ.नियमावली को नियम ३४(१)

## १.७ विशेष अवस्थामा बन्दीलाई उपस्थित नगराए पनि हुने

अदालतबाट कारण देखाउ आदेश जारी हुँदा लिखित जवाफ साथ बन्दीसमेत उपस्थित गराउने आदेश भएकोमा जसको हकमा बन्दीप्रत्यक्षीकरणको निवेदन परेको हो निजलाई थुनामा राखिएको भए अनिवार्य रूपमा बन्दीसमेत उपस्थित गराउनु पर्ने हुन्छ ।

लिखित जवाफमा थुनामा राखिएको स्वीकार्ने तर बन्दी उपस्थित नगराउन मिल्दैन । अदालतमा लिखित जवाफ सरकारी वकील मार्फत प्रस्तुत हुने हुँदा सरकारी वकील कार्यालयले पनि लिखित जवाफ अदालतमा प्रस्तुत गर्नु अघि अदालतको आदेश बमोजिम बन्दी ल्याए नल्याएको जाँचबुझ गरी लिखित जवाफ साथ बन्दी पनि उपस्थित गराउनु पर्छ ।
तर अदालतले उपयुक्त सम्झेको केही अवस्थामा बन्दीलाई उपस्थिति गराउन आदेश नदिन पनि सक्छ । यस्तो अवस्थामा लिखित जवाफ मात्र प्रस्तुत गरी बन्दीलाई उपस्थित नगराए हुन्छ ।

### कानूनी व्यवस्था

- देहायको अवस्थामा अदालतले बन्दीलाई उपस्थित गराउने आदेश दिने छैनः
  (क) बन्दी शारीरिक वा मानसिक रूपले अस्वस्थ देखिएमा
  (ख) बन्दी भौगोलिक दृष्टिले टाढा भएमा वा
  (ग) अन्य कुनै कारणबाट अदलतले बन्दीलाई उपस्थित गराउन आवश्यक वा उपयुक्त नसम्झेमा

जि.अ.नियमावली, २०७५ को नियम २५(२), उच्च अदालत नियमावली २०७३ को नियम ३७(२)

- देहायको अवस्थामा अदालतले उपयुक्त सम्झेमा बन्दीलाई उपस्थित गराउने आदेश नदिई लिखित जवाफ मात्र मगाउने आदेश दिन सक्नेछः
  (क) बन्दी शारीरिक वा मानसिक रूपमा अस्वस्थ देखिएमा,
  (ख) भौगोलिक दूरीको दृष्टिले बन्दीलाई उपस्थित गराउन उपयुक्त नदेखिएमा र
  (ग) बन्दीको सुरक्षा वा सार्वजनिक शान्ति एवम् व्यवस्थाको दृष्टिकोणबाट वा त्यस्तै अन्य कुनै मनासिव कारणबाट बन्दीलाई उपस्थित गराउन उपयुक्त नदेखिएमा ।

सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३४(२)

## २. अन्तरिम आदेश

अदालतमा रिट निवेदन दायर भएपछि निवेदकले माग गरेकोमा सो रिटको अन्तिम टुङ्गो नलागेसम्म रिट निवेदनसँग सम्बन्धित निर्णय वा काम कारवाही वा विषयवस्तुका सम्बन्धमा प्रत्यर्थी बनाइएका निकायलाई कुनै काम गर्न वा नगर्न अदालतबाट जारी गरिने आदेशलाई अन्तरिम आदेश भनिन्छ । कतिपय अवस्थामा अन्तरिम आदेश जारी नहुने हो भने विवादित विषयवस्तुको स्वरूप परिवर्तन हुने, एकाबाट अर्कोमा स्वामित्व हस्तान्तरण हुने, तेस्रो पक्षको अधिकार सिर्जना हुने, गैरकानूनी कार्यले निरन्तरता पाइरहने र हक अधिकारमा पुगेको क्षति निरन्तर बढी रहने, निवेदक वा सरोकारवाला पक्षलाई अपुरणीय क्षति हुनसक्ने स्थिति हुन सक्दछ जसले गर्दा अन्तिम निर्णय हुँदा रिट निवेदकको पक्षमा आदेश जारी भए पनि या त त्यो निर्णय कार्यान्वयन नै हुन असंभव बन्न सक्छ या त कार्यान्वयन जटिल हुन सक्छ । त्यसैले अन्तरिम आदेशको माध्यमबाट रिट निवेदनमा विवादित विषय वस्तुलाई रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि अथवा आदेशमा तोकिएको अवधिसम्मका लागि सो सम्बनधी कारवाही वा निर्णय यथास्थितिमा राख्ने काम गरिन्छ ।

अन्तरिम आदेश जारी गर्ने नगर्ने सम्बन्धमा कुनै खास निश्चित नियम छैन । निवेदनमा समाविष्ट विवादको प्रकृति र परिस्थितिलाई विचार गरेर अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने कुरा अदालतको न्यायिक विवेकमा भरपर्ने कुरा हो । तथापि अन्तरिम आदेश जारी गर्ने सम्बन्धमा केही सामान्य सिद्धान्तहरू अदालतले विकसित गरेको पाइन्छ । ती सिद्धान्तहरू देहाय अनुसार छन्ः

- प्रत्यर्थीले गरेको कार्यमा कानूनको स्पष्ट त्रुटि देखिएकोमा (Apperent error of law)
- प्रत्यर्थीले गरे विराए जस्तो देखिनु पर्ने (Prima facie)
- अन्तरिम आदेश जारी नगर्दा निवेदकलाई अपूरणीय क्षति पुग्नसक्ने अवस्था (Irreparable damage),
- सुविधाको सन्तुलन निवेदकको पक्षमा रहेको हुनुपर्ने, (Balance of Convience)
- रिट निवेदन विचारधीन रहेको अदालतबाट मात्र अन्तरिम आदेश जारी हुने,

- रिट निवेदनको मूल मागदाबी भन्दा बाहिर अन्तरिम आदेश जारी नहुने (No interim order beyond the scope of main relief),
- अन्तिम निर्णय नै भएसरह हुने गरी अन्तरिम आदेश जारी नहुने (No final relief at interlocutory stage),
- अन्तरिम आदेश रिट निवेदनको अन्तिम निर्णय नभएसम्मको लागि वा कुनै खास अवधि तोकेर सो अवधिसम्मका लागि मात्र पनि जारी हुन सक्छ।
- कुनै खास अवधि तोकेर अन्तरिम आदेश जारी भएकोमा पुनः अर्को निवेदन दिएर अन्तरिम आदेशको अवधि बढाउन सकिन्छ।

## २.१ अन्तरिम आदेश माग गर्न सकिने अवस्था

- रिट निवेदन दायर गर्दा सोही निवेदनमा नै अन्तरिम आदेश माग गर्न सकिन्छ।
- रिट निवेदन दायर भैसकेपछि सो को अन्तिम निर्णय नहुँदै कारवाहीको जुनसुकै अवस्थामा भए पनि छुट्टै निवेदनबाट पनि माग गर्न सकिन्छ।
- एकपटक अन्तरिम आदेश इन्कार गरिएकोमा पहिले इन्कार गरिंदाको परिस्थितिमा परिवर्तन भएको पुष्टि गर्न सकिएमा पुनः अन्तरिम आदेशको लागि अनुरोध गर्न र जारी हुन सक्दछ।

## कानूनी व्यवस्था

- रिट निवेदकले निवेदनमा सो रिटको अन्तिम टुङ्गो नलागेसम्म अन्तरिम आदेश जारी गरी पाउन माग गरेकोमा सर्वोच्च अदालतले पक्षलाई अपुरणीय क्षति हुने अवस्था देखेमा वा मौलिक हक वा कानूनी व्यवस्थाको गम्भीर उल्लङ्गन भएको देखिएमा वा सुबिधा सन्तुलनको दृष्टिले उचित र आवश्यक देखिएमा अदालतले कुनै खास अवधिसम्म वा निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि वा छलफलको टुङ्गो नलागेसम्मका अन्तरिम आदेश जारी गर्न सक्छ। — सर्वोच्च अदालत नियमावलीको नियम ४९(२)
- कुनै खास अवधिसम्मको लागि जारी भएको अन्तरिम आदेश सो आदेशमा तोकिएको अवधि समाप्त भएपछि स्वतः रद्द भएको मानिन्छ।
- अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफल गराउन अर्को पक्ष झिकाउने गरी आदेश भएकोमा निवेदकको कारणबाट सो दिन छलफल हुन नसकेका तत्पश्चात सो अन्तरिम आदेश स्वतः निष्क्रिय हुन्छ। — ऐजन नियम ४९(५),(६) (७) र (९)
- अन्तरिम आदेश जारी भएकोमा कुनै पक्षको निवेदन परी वा अदालतल आफैलाई सो अन्तरिम आदेशलाई निरन्तरता दिन आवश्यक छैन भन्ने लागेकोमा अदालतले जुनसुकै बखत उक्त अन्तरिम आदेशलाई खारेज गर्न सक्छ।
- अदालतले अन्तरिम आदेश जारी गर्दा वा जारी गर्न इन्कार गर्दा आधार र कारण उल्लेख गर्नुपर्ने हुन्छ।
- कुनै निवेदनपत्रका सम्बन्धमा उच्च अदालतले उचित र आवश्यक देखेमा निवेदनपत्रको टुंगो नलागेसम्मको अवधिको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्नेछ। यसमा खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न वा सो अन्तरिम आदेश लाई निरन्तरता दिनुपर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउन सक्छ। — उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)
- अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएका कारणले रिट निवेदनको अन्तिम निर्णय पश्चात् अर्को पक्षलाई क्षति हुने अवस्था देखिएमा प्रचलित कानूनबमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिबद्धता व्यक्त गरेमा अदालतले शर्तसहितको अन्तरिम आदेश जारी गर्न सक्छ। — उच्च अदालत नियमावली २०७३ को नियम ४२(१)(ख) तथा स.अ.नियमावलीको नियम ४९ (२) (ङ)
- कुनै निवेदन अन्तरिम आदेशको लागि पेश गरेको भए तापनि सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने

इजलासलाई लागेमा इजलासले निर्णय गर्न सक्नेछ र अन्तरिम आदेशको लागि पेश गरिएको कारणले मात्र त्यस विषयमा निर्णय गर्न बाधा पर्ने छैन।

- जिल्ला अदालतले निषेधाज्ञाको निवेदनपत्रका सम्बन्धमा उचित र आवश्यक देखेमा निवेदनपत्रको टुंगो नलागेसम्मको अवधिको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्छ। यस अन्तर्गत खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न वा सो अन्तरिम आदेश लाई निरन्तरता दिनुपर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउन सक्छ।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ३४

## २.२ अन्तरिम आदेश जारी हुने आधार

- स्वेच्छाचारी रूपमा कार्य गरेकोमा,
- प्राकृतिक न्यायको सिद्धान्त विपरित प्रतिवादको अवसर नदिई कारवाहीको निर्णय गरेको,
- अपूरणीय क्षति हुने अवस्था देखिएको,
- बैधानिक अपेक्षाको सिद्धान्त प्रतिकूल निर्णय भएको,
- Balance of Convenience
- माग गर्नेको हकको प्रकृति र जारी नगर्दा माग गर्ने पक्षलाई पर्ने अपूरणीय क्षति,
- जारी गर्दा अर्को पक्षलाई हुने असर,
- Apparent error of law
- Irreparable loss and injury
- निर्विवाद हक स्थापित भएको अवस्था,
- हक स्थापित नभएको अवस्थामा एक पक्षीय कुरा सुनेर अन्तरिम आदेश जारी गर्दा सार्वजनिक हितमा असर पर्ने,

सुरेश कुमार यादव वि प्रमं तथा म.पका.समेत स.अ. बुलेटिन, २०६८, अंक २४, बृहत पूर्ण, मितिः २०६८।१२।१७

नेकाप २०६४ अंक ८ नि.न.७८७२ पियुष बहादुर अमात्य वि. ने.रा. बैकं समेत

## २.३ अन्तरिम आदेश उपर माथिल्लो अदालतमा निवेदन वा रिट नलाग्ने

- न्यायमा विचलन आएको अबस्था भै हस्तक्षेप गर्नु अत्यावश्यक भएकोमा बाहेक उच्च अदालतमा दर्ता भएको रिट निवेदनमा जारी भएको अन्तरिम आदेश वा अन्तरिम आदेश जारी गर्न इन्कार गरिएको विषय वा कुनै अन्तरकालिन आदेशउपर सर्वोच्च अदालतमा रिट लाग्दैन।

रमेशराज अर्याल वि. उच्च अदालत, पाटन समेत, नेकाप २०७६ अंक ६ नि.न. १०२९४

## २.४ विशेष आदेश

बन्दीप्रत्यक्षीकरणको रिटमा उक्त रिट निवेदनपत्र विचारधीन रहेको अवस्थामा निवेदनपत्रको अन्तिम किनारा नलागे सम्मको लागि अदालतले विशेष आदेश दिन सक्ने व्यवस्था छ। यस्तो विशेष आदेश देहाय बमोजिमको हुन सक्दछः

(क) बन्दीलाई हाजिर जमानी वा धन जमानीमा छाडि दिनु भन्ने
(ख) बन्दीलाई प्रत्यर्थीको हिरासतबाट हटाई अदालतको हिरासतमा राख्नु भन्ने
(ग) विपक्षी बनाएको व्यक्ति, निकाय वा अधिकारीलाई अदालतले तोकेको शर्तमा बन्दीलाई छाडी दिनु भन्ने,

स.अ.नि. नियम ३५, उ. अ. नि. नियम ३८ जि. अ. नि. नियम २६

## २.५ अन्तरिम आदेशको सूचना

अन्तरिम आदेश जारी गर्दा अदालतलाई उचित र उपयुक्त लागेमा एकपक्षीय सुनुवाइको आधारमा पनि अन्तरिम आदेश जारी हुन सक्दछ र दुबै पक्षलाई राखी सुनुवाइ गरेर पनि अन्तरिम आदेश जारी हुनसक्दछ। एकपक्षीय सुनुवाइको आधारमा अन्तरिम आदेश जारी हुँदा निवेदक पक्षको मात्र सुनुवाइ हुने हुँदा यस्तोमा अन्तरिम आदेशको छलफलका लागि प्रत्यर्थी निकाय र सो निकायको

तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने सरकारी वकील कार्यालयलाई सूचना दिएको हुँदैन । एक पक्षीय सुनुवाइ गरी कारण देखाउ आदेशका साथै अन्तरिम आदेश समेत जारी भएको व्यहोराको सूचना सम्बन्धित प्रत्यर्थी कार्यालयमा पठाइन्छ ।

कुनै रिट निवेदनमा त्यसमा निहित विवादको प्रकृति र स्वरूप एवं परिस्थितिलाई विचार गरेर अदालतले उपयुक्त ठानेमा अन्तरिम आदेश जारी गर्नु भन्दा अगाडि अर्को पक्षलाई झिकाई अन्तरिम आदेश जारी गर्ने वा नगर्ने विषयमा छलफल गर्नका लागि सूचना जारी गर्न सक्छ । यसरी छलफलको सूचना दिने आदेश भएकोमा सो अनुसार सरकारी वकीलले सम्बन्धित प्रत्यर्थी बनाईको नेपाल सरकारका निकायका तर्फबाट अदालतमा उपस्थित भै बहस पैरवी गर्नुपर्ने हुन्छ ।

अन्तरिम आदेशको छलफललाई सूचना दिँदा इजलासबाट भएको आदेशानुसार सम्बन्धित सरकारी वकील कार्यालय वा रिट निवेदनमा विपक्षी बनाइएका कार्यालय मध्ये कुनैलाई पनि सूचना दिन सकिन्छ ।

## २.६ अन्तरिम आदेश जारी गर्ने वा नगर्ने वा जारी अन्तरिम आदेश निरन्तर हुने नहुने विषयमा छलफल

अन्तरिम आदेशको छलफलका लागि सूचना प्राप्त भएमा सूचनामा तोकिएको दिन र समयमा अन्तरिम आदेशको छलफलका लागि उपस्थित हुनु सम्बन्धित कार्यालयका कार्यालय प्रमुख वा सम्बन्धित सरकारी वकीलको कर्तव्य हुन्छ । छलफलका लागि सूचना सरकारी वकील कार्यालयमा प्राप्त भएको भए रिट निवेदनसँग सम्बन्धित मिसिल कागजातहरू सम्बन्धित कार्यालयबाट झिकाई अध्ययन गरी बहसका लाग आवश्यक तयारी गर्नुपर्ने हुन्छ । छलफलको सूचना सरकारी वकील कार्यालयमा प्राप्त नभई रिट निवेदनमा विपक्षी बनाइएको सम्बन्धित कार्यालयमा प्राप्त भएकोमा उक्त छलफलमा आफै उपस्थित हुने भए तोकिएको दिन र समयमा छलफलका लागि कार्यालय प्रमुख आफै अदालतमा उपस्थित हुनुपर्छ । सरकारी वकीलबाट बहस गराउने हो भने सो आफ्नो कार्यालयको तर्फबाट बहस वा प्रतिरक्षा गरिपाउन सरकारी वकील कार्यालयलाई अनुरोध गर्नुपर्ने हुन्छ ।

सरकारी वकील मार्फत बहस पैरवी वा प्रतिरक्षा गरि पाउन अनुरोध गर्दा बहसका लागि अध्ययन र तयारी गर्न समय पुग्ने गरी सम्बन्धित कागजात र मिसिल समेत सम्बन्धित सरकारी वकीललाई उपलब्ध गराई सम्बन्धित कार्यालयले सहयोग गर्नुपर्छ । साथै आवश्यकता अनुसार अन्य जानकारी उपलब्ध गराउन सम्बन्धित सरकारी वकीलसँग समन्वय गर्नुपर्छ ।

सम्बन्धित सरकारी वकीलले पनि मिसिल कागजातको अध्ययन गरेर र स्पष्ट हुनुपर्ने अन्य विषय भए सम्बन्धित कार्यालयसँग छलफल गरेर बहसका लागि तयारी गरी तोकिएको मिति र समयम अदालतमा उपस्थित हुनुपर्दछ ।

अन्तरिम आदेशको लागि हुने छलफलका क्रममा बहस गर्दा माथि परिच्छेद २.२ मा उल्लिखित सैद्धान्तिक मान्यताका आधारमा अन्तरिम आदेश जारी नगर्नेतर्फ इजलासलाई विश्वास दिलाउने प्रयास गर्नुपर्छ ।

### कानूनी व्यवस्था

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा मातहत सरकारी वकीलबट नेपाल सरकारको प्रतिनिधित्व हुनेछ । संविधानको धारा १५८(२)

## २.७ अन्तरिम आदेश बदरका लागि गर्नुपर्ने कारवाही सम्बन्धी प्रक्रिया

एकपक्षीय सुनुवाइ गरी अन्तरिम आदेश जारी भएको वा आफ्नो कुरा प्रस्तुत गर्ने मौका नपाएको कारण खुलाई कुनै प्रत्यर्थीले अदालतबाट जारी भएको अन्तरिम आदेश रद्द गर्न माग गरी निवेदन गर्न सक्छ । यसरी अन्तरिम आदेश रद्द गरी पाउन निवेदन परेमा अदालतले अर्को पक्षलाई झिकाई त्यस उपर सुनुवाइ गर्न सक्छ । यसरी सुनुवाइ गर्दा अदालतले उपयुक्त र आवश्यक देखेमा अघि जारी भएको अन्तरिम आदेश रद्द गर्न वा त्यसका सर्त संशोधन वा परिवर्तन गर्न सक्छ ।

अन्तरिम आदेश बदर गराउन निवेदन दिने सम्बन्धी प्रक्रिया देहाय अनुसार रहेको छः

- अन्तरिम आदेश जुन अदालतबाट जारी भएको हो सो बदर गराउन पनि सोही अदालतमा निवेदन दायर गर्ने,
- अन्तरिम आदेश बदर गराउने निवेदनसाथ पहिले जारी भएको अन्तरिम आदेशको प्रतिलिपि पेश गर्ने,
- अन्तरिम आदेश बदर गराउन दिइने निवेदनको ढाँचा लगायत अन्य कुराहरू रिट निवेदन सरह लागू हुने,

- अन्तरिम आदेश बदर गराउने निवेदन दिने कुनै निश्चित म्याद तोकिएको छैन तापनि यथाशक्य चाँडो दिने,
- अन्तरिम आदेश बदर गराउने निवेदन दिँदा सम्बन्धित कार्यालय प्रमुखले सिधै वा सरकारी वकील कार्यालय मार्फत दिने,
- अन्तरिम आदेश बदर गराउन सरकारी पक्षलाई निवेदन दिँदा कुनै दस्तुर नलाग्ने,
- लिखित जवाफ माग्ने आदेश भएकोमा लिखित जवाफ प्रस्तुत नगरी अन्तरिम आदेश बदर गराउने निवेदन मात्र दिन नपाईने,
- अन्तरिम आदेश बदर गराउने निवेदन दिँदा परिच्छेद २.२ मा उल्लेख भए बमोजिमका अन्तरिम आदेश कायम रहन नसक्ने आधारहरू प्रति अदालतलाई विश्वास लाग्ने कारणहरू उल्लेख गर्नुपर्ने।

### कानूनी व्यवस्था

- एकपक्षीय सुनुवाइ गरी अन्तरिम आदेश जारी भएको वा आफ्नो कुरा प्रस्तुत गर्ने मौका नपाएको कारण खुलाई कुनै प्रत्यर्थीले अदालतबाट जारी भएको अन्तरिम आदेश रद्द गर्न माग गरी निवेदन गर्न सक्छ।
- यसरी अन्तरिम आदेश रद्द गरी पाउन निवेदन परेमा अदालतले अर्को पक्षलाई झिकाई त्यस उपर सुनुवाइ गर्न सक्छ।
- यसरी सुनुवाइ गर्दा अदालतले उपयुक्त र आवश्यक देखेमा अघि जारी भएको अन्तरिम आदेश रद्द गर्न वा त्यसका शर्त संशोधन वा परिवर्तन गर्न सक्छ।

स.अ.नि. नियम ५०, उ.अ.नि. ४२(१)(ग), जि.अ.नि.नियम ३४(१)(३)

## ३. लिखित जवाफ

### ३.१ लिखित जवाफ प्रस्तुत गर्ने

निवेदकले दिएको रिट निवेदनमा अदालतबाट कारण देखाउ आदेश जारी भएमा अदालतले तोकेको म्याद तथा कानूनले थप गर्न पाउने भए सो म्याद भित्र निवेदनपत्रमा माग गरिए बमोजिमको आदेश जारी हुनु नपर्ने कारणा र आधार उल्लेख गरी सम्बन्धित निकाय वा अधिकारीले लिखित जवाफ तयार गरी सम्बन्धित सरकारी वकील कार्यालय मार्फत आदेश जारी गर्ने अदालत समक्ष लिखित जवाफ प्रस्तुत गर्नुपर्छ।

- रिट निवेदनपत्रको व्यहोराबाट अदालतको विचारमा जिकिर उचित वा कानूनसंगत देखिएमा माग गरिए बमोजिमको आदेश जारी हुनुनपर्ने कारण भए कुनै निश्चित समयभित्र लिखित जवाफ लिई आउन कारण देखाउ आदेश जारी गर्न सक्छ।
- यसरी आदेश गर्दा कुनै प्रत्यर्थीको निवेदकले उठाएको विषयसग कुनै सम्बन्ध देखिन नआएमा वा विपक्षी कायम गर्न उपयुक्त र व्यावहारिक नदेखिएमा त्यस्तो प्रत्यर्थीको नाममा कारण देखाउ आदेश जारी नगर्न सक्छ।
- निवेदनपत्रको व्यहोराबाट प्रत्यर्थीले गरे विराए जस्तो देखिन आएमा तोकिएको तारेखको दिन निवेदनपत्रमा माग गरिए बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए सो कारण भए सो कारण देखाउन लिखित जवाफ लिई आफै वा आफ्नो प्रतिनिधि वा कानून व्यवसायीद्वारा उपस्थित हुनु भनी प्रत्यर्थीको नाममा कारण देआउ आदेश जारी गर्नु पर्छ।

सर्वोच्च अदालत नियमावलीको नियम ४६

उ.अ.नि. नियम ४१ (२), जि.अ.नि. नियम ३१(२)

### ३.२ लिखित जवाफ तयार गर्दा विचार पुऱ्याउनु पर्ने सामान्य कुराहरू

लिखित जवाफ तयार गर्दा विचार पुऱ्याउने पर्ने सामान्य कुराहरू रिट निवेदन तयार गर्दा सरह समान छन्। जस्तो सादा नेपाली कागजमा लेख्नुपर्ने, बायाँ किनारा छोड्ने, कालो मसी प्रयोग गर्ने जस्ता जिल्ला अदालत नियमावली, २०७५ को नियम १४, उच्च अदालत नियमावली, २०७३ को नियम २३ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २५ मा उल्लेख भएका कुराहरू लिखित जवाफका सन्दर्भमा पनि लागू हुन्छन् जुन माथि परिच्छेद २.१ मा उल्लेख गरिएको छ।

## ३.३ लिखित जवाफ तयार गर्दा विचार पुऱ्याउनु पर्ने अन्य कुराहरू

- जिल्ला अदालतमा प्रस्तुत गरिने लिखित जवाफ जिल्ला अदालत नियमावली, २०७५ को अनुसूची–३ को ढाँचामा, उच्च अदालतमा प्रस्तुत गरिने लिखित जवाफ उच्च अदालत नियमावली, २०७३ को अनुसूची –२ को ढाँचामा तथा सर्वोच्च अदालतमा प्रस्तुत गरिने लिखित जवाफको छुट्टै ढाँचा नतोकिएकाले उच्च अदालत नियमावलिकै ढाँचामा लिखित जवाफ प्रस्तुत गर्न सकिन्छ। (जि.अ.नि. नियम ३७, उ.अ.नि. नियम ४८)
- जिल्ला, उच्च तथा सर्वोच्च अदालतमा लिखित जवाफ प्रस्तुत गर्दा सरकारी कार्यालयलाई कुनै दस्तुर लाग्दैन। अन्य व्यक्ति तथा कार्यालयलाई पचास रुपैयाँ दस्तुर लाग्छ। (स.अ.नि. नियम ४०(५), उ.अ.नि. नियम ४३, जि.अ.नि. नियम ४० (३) को प्रतिबन्धात्मक बाक्यांश)
- सरकारी कार्यालयका तर्फबाट लिखित जवाफ प्रस्तुत गर्दा अदालतबाट आदेश भए बमोजिम सम्बन्धित सरकारी वकील कार्यालय मार्फत प्रस्तुत गर्नुपर्छ।
- लिखित जवाफ अदालतले कारण देखाउ आदेशमा तोकेको म्याद भित्र प्रस्तुत गर्नुपर्छ।
- लिखित जवाफ प्रस्तुत गर्ने म्यादको गणना गर्दा आफू कहाँ प्राप्त भएको दिनलाई १ दिन मानेर गणना गर्नुपर्छ। लिखित जवाफ प्रस्तुत गर्ने म्याद घण्टामा उल्लेख गरिएको रहेछ भने आफू कहाँ प्राप्त भएको समयका हिसाबले गणना गर्नुपर्छ।
- लिखित जवाफ प्रस्तुत गर्नका लागि यति दिन वा घण्टा उल्लेख नभई कुनै मिति भित्र आइपुग्ने गरी तोकिएकोमा सोही मिति सम्ममा प्रस्तुत गर्नुपर्दछ।
- लिखित जवाफ तोकिएको अवधि भित्र सरकारी वकील कार्यालयमा पुऱ्याएर मात्र हुँदैन, अदालतमै पुऱ्याउनु पर्छ।
- सरकारी कार्यालयहरूले लिखित जवाफ सरकारी वकील कार्यालयमा पठाउँदा यथाशक्य सरकारी वकील कार्यालयबाट जाँचबुझ गर्दा रित नपुगेको देखिएमा सो बमोजिम रित पुऱ्याउन भ्याउने समय बाँकी राखी पठाउन राम्रो हुन्छ।
- लिखित जवाफ साथ कुनै मिसिल कागजात समेत दाखिल गराउने आदेश भएको रहेछ भने सो समेत लिखित जवाफसाथ प्रस्तुत गर्नुपर्दछ।
- म्याद नाघेको भए थाम्न पाउने म्यादभित्र थामी पाउने निवेदन सहित प्रस्तुत गर्नुपर्छ। (जि.अ.नि. नियम ३८, उ.अ.नि. नियम ४९ तथा स.अ.नि. नियम ५५)
- बन्दीप्रत्यक्षीकरणको निवेदनमा एकपटकमा बढीमा सात दिनसम्मको र अन्य रिट निवेदनमा भए एकपटकमा बढीमा पन्ध्र दिनसम्मको म्याद थपिन सक्छ।
- रिट नं. र साल एवम् रिटको नाम उल्लेख गर्नुपर्छ।
- निवेदनसँग आफ्नो सरोकार नरहेको भए सो व्यहोरा खुलाउनु पर्छ।
- एक भन्दा बढी सरकारी कार्यालयहरूलाई विपक्षी बनाएकोमा सबै कार्यालयहरूको लिखित जवाफ एकै मिलानको हुनु राम्रो हुन्छ। यसका लागि सरकारी वकील कार्यालय सग समन्वय गर्नु राम्रो हुन्छ।
- रिट जारी हुनु नपर्ने आधार र सम्वद्ध कानून स्पष्टसँग उल्लेख गर्नुपर्छ।
- यसै विषयमा उच्च अदालत वा सर्वोच्च अदालतमा पनि निवेदन परिरहेको भए सो व्यहोरा खुलाउनु पर्छ। (उ.अ.नि.नियम (४५)(२) तथा स.अ.नि. नियम ४८)
- दुई पृष्ठ भन्दा लामो लिखित जवाफ भए दुई पृष्ठमा नबढ्ने गरी लिखित जवाफको बेग्लै सारसंक्षेप पनि प्रस्तुत गर्नुपर्दछ।
- लिखित जवाफमा उल्लेख गर्नुपर्ने विषयहरू सिससिलेवार रूपमा प्रकरण छुट्याई उल्लेख गर्नुपर्छ।
- लिखित जवाफ उचित र संयमपूर्ण हुनुपर्छ।
- निवेदनमा जिकिर लिईएका कुरामा सीमित रहेर जवाफ तयार गर्नु पर्छ।
- लिखित जवाफको विद्युतीय प्रति पनि पेश गर्नुपर्छ।

## ३.४ बन्दीप्रत्यक्षीकरणको लिखित जवाफ तयार गर्दा खुलाउनु पर्ने थप कुराहरू

- लिखित जवाफ साथ बन्दी समेत उपस्थित गराउने आदेश भएकोमा बन्दी पनि साथै ल्याउनुपर्ने र सो व्यहोरा लिखित जवाफमा उल्लेख गर्नुपर्छ। । — स.अ.नि. नियम ३८,
- आफू कहाँ बन्दी नरहेको वा अन्य कार्यालयमा रहेको कारणले आफूले उपस्थित गराउन नसक्ने भएमा सोही व्यहोरा लिखित जवाफमा खुलाउनु पर्छ। — उ.अ.नि. नियम ४०, जि.अ.नि. नियम ३०
- सूचना तामेल भएपछि बन्दीलाई स्थानान्तर गर्नु हुँदैन।
- सूचना तामेल भएपछि बन्दीलाई अदालतको अनुमतिले बाहेक एक स्थानबाट अर्को स्थानमा स्थानान्तर गर्न हुँदैन।
- बन्दीप्रत्यक्षीकरणको निवेदनमा उल्लिखित व्यक्तिलाई थुनामा राखिएको हो वा होइन सो खुलाउनु पर्छ।
- थुनामा राखिएको हो भने निम्न कुारहरू देखाउन सक्नुपर्छः
  (क) कानूनद्वारा प्राप्त अख्तियारी अन्तर्गत नै थुनामा राखिएको हो,
  (ख) कानून बमोजिमको कारण परी थुनामा राखिएको हो,
  (ग) थुनामा राख्दा पालन गर्नुपर्ने सम्पूर्ण कार्यविधिको पालना गरिएको छ जस्तोः
    - पक्राउ गर्दा गर्नुपर्नाको कारण सहितको पक्राउ पूर्जी दिइएको,
    - पक्राउ गरेको २४ घण्टा व्यतित भैसकेकोमा थुनामा राख्न मुद्दा हेर्ने अधिकारीबाट अनुमति प्राप्त भएको कुरा,
    - निजलाई थुनामै राख्नु परेको बाध्यात्मक कारण र अवस्था,
    - कानून बमोजिम थुनुवा पूर्जी दिइएको कुरा,
    - थुनामा राख्दा कानून बमोजिम पाउनु पर्ने सिधा वा अन्य सुविधा पाएको कुरा,
- थुनाको सम्बन्धमा पहिले वा अन्य कुनै अदालतमा निवेदन दिएको छ छैन ? भए यसको परिणम के भएको छ ? — उ.अ.नि. नियम ३६(घ)
- निवेदनमा बन्दीबाहेक अरूको सहीछाप परेकोमा बन्दीको सहीछाप गराउन नसकिएको कारण उल्लेख भए नभएको कुरा।
- कुनै मुद्दाको सम्बन्धमा पक्राउ गरेको भए सो मुद्दा र उक्त मुद्दा विचाराधीन रहेको अड्डाको नाम।
- अन्य कसैको आदेशले थुनामा राखेको भए आदेश दिने पदाधिकारी र आदेशको व्यहोरा।
- बन्दीप्रत्यक्षीकरणको निवेदनमा बन्दीको सहीछाप परेको हुनुपर्छ तर बन्दीले सहीछाप गर्न नसक्ने कारण भएमा अन्य कुनै व्यक्तिले निजको हकमा निवेदन दिन सक्नेछ। — उ.अ.नि. नियम ३६(२)

## ३.५ लिखित जवाफ दर्ता

रिट निवेदनमा प्रत्यर्थी बनाइएका र अदालतको आदेश अनुसार लिखित जवाफ प्रस्तुत गर्नुपर्ने नेपाल सरकारका निकायहरूले लिखित जवाफ दर्ताको लागि अदालतमा पठाउनु पर्दा सम्बन्धित सरकारी वकील कार्यालय मार्फत पठाउनु पर्छ। यसरी पठाउँदा सरकारी वकील कार्यालयलाई सम्बोधन गरी पत्रसाथ लिखित जवाफ, दुई पृष्ठ भन्दा लामो लिखित जवाफ भएकोमा दुई पृष्ठमा नबढाई लिखित जवाफको सारसंक्षेप र म्याद नाघेको भए कानूनले थाम्न पाउने म्याद भित्र म्याद थामी पाउने निवेदन सहित पठाउनु पर्दछ। सरकारी वकील कार्यालयले पनि आफू कहाँ प्राप्त हुना साथ अदालतको आदेशानुसार संलग्न हुनुपर्ने कागजात छ छैन, म्याद भित्र छ छैन ? र रित पुगे नपुगेको के छ जाँची रितपूर्वक भए प्राप्त लिखित जवाफ दर्ताका लागि अदालतमा पत्र साथ पठाई सोको बोधार्थ सम्बन्धित कार्यालयलाई दिनुपर्छ। लिखित जवाफसाथ प्राप्त मिसिल कागजात अध्ययनका लागि आफू कहाँ राखिएकोमा सोही व्यहोराको जानकारी लिखित जवाफ साथ अदालतमा पठाउनु पर्छ।

### ३.६ रीत नपुगी प्राप्त लिखित जवाफका सम्बन्धमा गर्ने:

- लिखित जवाफ रीत नपुगी प्राप्त भएको भए प्राप्त हुनासाथ सम्बन्धित अधिकृत कँहा पेश गर्ने,
- सम्बन्धित अधिकृतले बाँकी म्यादको अन्जाम गरी पुनः रित पुऱ्याउन भ्याउने समय भए यो रीत पुऱ्याई ल्याउनु भनी लिखित जवाफ फिर्ता पठाउने,
- लिखित जवाफ अन्तिम म्यादमा मात्र प्राप्त भई पुनः रीत पुऱ्याउन नभ्याउने भए प्राप्त लिखित जवाफलाई अदालतमा पठाउने,
- अदालतबाट दरपीठ भएमा वा अन्यथा जवाफ आएमा सो को जानकारी अविलम्ब सम्बन्धित अधिकृत र कार्यालयलाई गराउने।

## ४. रिट निवेदन उपरको प्रतिरक्षा

### ४.१ रिट निवेदनसग सम्बन्धित निर्णय र मिसिल कागजातको प्राप्ति

सामान्यतया जुन निर्णय उपर रिट निवेदन परेको हो सो रिट निवेदनमा कारण देखाउ आदेश जारी हुँदा नै सम्बन्धित निर्णय र मिसिल कागजात पनि लिखित जवाफ साथ पठाउन अदालतबाट आदेश हुन्छ। यस्तो आदेश भएकोमा सम्बन्धित कागजात र निर्णय लिखित जवाफसाथ पठाउनु सम्बन्धित कार्यालयको कर्तव्य हुन्छ। लिखित जवाफ आफू कहाँ प्राप्त हुँदा सरकारी वकील कार्यालयले सम्बन्धित निर्णय र मिसिल कागजात प्राप्त भए नभएको जाँचि प्राप्त भएकोमा लिखित जवाफ साथ उक्त निर्णय र कागजात पनि अदालतमा पठाउने वा अध्ययनका लागि आफू कहाँ राखी सोही व्यहोराको जानकारी अदालतलाई गराउनु पर्छ। निर्णय र मिसिल कागजात लिखित जवाफ साथ प्राप्त नभएकोमा सरकारी वकील कार्यालयले लिखित जवाफ अदालतमा पठाई सम्बन्धित निर्णय र मिसिल कागजात पठाउन सम्बन्धित कार्यालयमा पत्राचार गर्नुपर्छ।

### ४.२ बहस पैरवी सम्बन्धी कानूनी व्यवस्था

#### कानूनी व्यवस्था

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ। — संविधानको धारा १५८(२)
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र अनुसूची २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले बहस पैरवी तथा प्रतिरक्षा गर्नेछ। अनुसूची ३ मा उल्लिखित मुद्दामा सम्बन्धित अधिकारीबाट प्रतिरक्षाका लागि लेखी पठाएमा सरकारी वकीलले प्रतिरक्षा गरिदिनु पर्नेछ। — मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८० (१) र (२)
- सो बाहेक नेपाल सरकारलाई विपक्षी बनाएको वा नेपाल सरकारले वादी भै चलाएको मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भै आएमा सरकारी वकीलले बहस पैरवी वा प्रतिरक्षा गरिदिन सक्नेछ।
- नेपाल सरकार उपर परेको वा नेपाल सरकारको तर्फबाट दायर भएका मुद्दामा सम्बन्धित विभागिय प्रमुख वा कार्यालय प्रमुखले आवश्यक कागजात सहित प्रतिरक्षाका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ। — सरकारी वकील सम्बन्धी नियमावलीको नियम २७(२)
- सरकारी काम कारवाहीको सम्बन्धमा कुनै सरकारी कर्मचारी उपर नालेस वा उजूर परेकोमा नियम २५ बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कर्मचारीको तर्फबाट प्रतिरक्षा होस भनी विभागीय प्रमुखले अनुरोध गरी पठाएमा सम्बन्धित सरकारी वकील कार्यालयबाट त्यस्तो कर्मचारीको तर्फबाट प्रतिरक्षा गरिदिनु पर्नेछ। — सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम २७ (३)

- सरकारी वकील कार्यालयबाट कुनै निर्णय तथा मिसिल कागजात पठाउन अनुरोध भई आएमा माग भएको निर्णय र मिसिल कागजात पठाउनु सम्बन्धित कार्यालयको कर्तव्य हो।
- इजलासले बहस गर्नुपूर्व बहसका छलफलका बुदाँ निर्धारण गर्नेछ। बहस गर्दा सर्वप्रथम निवेदक, वादी वा पुनरावेदकका तर्फबाट कानून व्यवसायीले र त्यसपछि प्रत्यर्थीको कानून व्यवसायीले बहस गर्नेछ। कानून व्यवसायीले बहस गर्दा मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नमा केन्द्रीत रही बहस गर्नुपर्छ। कानून व्यवसायी इजलासमा प्रवेश गर्दा, इजलास कक्षमा रहँदा, बहस पैरवी गर्दा र इजलासबाट बाहिर निस्कदा इजलासको मर्यादा राख्नु पर्दछ। — सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ८४
- मुद्दाका पक्ष वा कानून वयवसायीले इजलासले निर्धारण गरेको समयभित्र आफ्नो भनाई वा शकस समाप्त गर्नुपर्दछ। इजलासबाट निर्धारित समय अपुग हुने भै अतिरिक्त समय आवश्यक पर्ने भएमा कानून व्यवसायीले अतिरिक्त समय माग गरी बहस गर्नु पूर्व इजलास समक्ष अनुरोध गर्नुपर्दछ। — सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ८५

## ४.३ सरकारी वकीललाई मिसिल पठाउनुपर्ने कानूनी व्यवस्था

- नेपाल सरकारको हक,हित वा सरोकार निहित रहेको मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात सम्बन्धित सरकारी वकील कार्यालयबाट माग भएमा सम्बन्धित निकायले यथाशीघ्र त्यस्तो कार्यालयमा पठाउनु पर्नेछ। — सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३४(२)
- सरकारी वकीलद्वारा माग भएको मिसिल कागजा प्राप्त नभएमा त्यस्तो मुद्दामा सरकारी वकीलले प्रतिरक्षा गर्न ईन्कार गर्न सक्नेछ।
- सरकारी काम कारवाहीका सम्बन्धमा कुनै सरकारी कर्मचारी उपर मुद्दा परेमा त्यस्तो कर्मचारीको तर्फबाट प्रतिरक्षा होस् भनी विभागिय प्रमुखले अनुरोध गरी पठाएमा सरकारी, सार्वजनिक हितलाई ध्यानमा राखी न्याय र कानूनको रक्षा हुने गरी सम्बन्धित सरकारी वकील कार्यालयबाट प्रतिरक्षा गर्नु पर्नेछ। — ऐजन नियम २९(३)

## ४.४ बहस पैरवी गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरू

- बहस पैरवी गर्दा नेपाल सरकारको हक हित संरक्षण हुने किसिमबाट गर्नु पर्छ।
- बहस गर्दा निवेदनमा लिइएका जिकिरहरू खण्डन गरी दिइएको लिखित जवाफका बुदाँहरूलाई पुष्टि हुने गरी गर्नु पर्दछ।
- लिखित जवाफमा उल्लेख गर्न छुटेको भए पनि कानूनी प्रश्नसँग सबन्धित बुँदाहरू बहसमा पनि उठाउन सकिन्छ।
- बहस गर्दा सामान्यतया सरकारी वकीलले आफ्नो तजविज अनुसार गर्न सक्दछ। तर कुनै मुद्दामा महान्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने त्यसको अधीनमा रही गर्नु पर्दछ।
- सरकारी वकीलले बहस पैरवी गर्दा आफ्नो व्यावसायिक आचरण सम्बन्धी प्रचलित मान्यता र अनुसार गर्नु पर्दछ।
- कुनै मुद्दा मामिलाको सम्बन्धमा अदालतसँग म्याद माग्नुपर्ने भएमा समय मै लिखित अनुरोध गरी पठाउनु पर्दछ।
- इजलासमा यथासमयमा उपस्थित हुनुपर्दछ र इजलासमा रहँदा, बहस पैरवी गर्दा र बहस पश्चात् निस्कदा इजलासको मर्यादा राख्नु पर्दछ।
- काबु बाहिरको परिस्थिति परी तोकिएको पेशीका दिन बहस गर्न उपस्थित हुन नसक्ने अवस्था परेमा इजलास बस्नु भन्दा अगाडि नै पुग्ने गरी मुद्दा स्थगित गरी पाउन निवेदन वा पत्र पठाउनु पर्दछ।
- सामान्यतया दुई पटक भन्दा बढी पेशी स्थगित गराउन नपाइने र कतिपय अवस्थामा पेसी स्थगित नहुने हुँदा सो कुरामा उचित ध्यान दिनु पर्दछ।

- इजलासले बहसको लागि समय तोकेकोमा तोकिएको समय भित्र सीमित भई निर्णय गर्नुपर्ने प्रश्नमा आधारित रही आफ्नो बहस प्रस्तुत गर्नु पर्दछ ।
- बहसनोट पेश गर्न चाहेमा मुद्दाको सुनुवाइ प्रारम्भ हुनु अगाडि नै पेश गर्नु पर्दछ ।
- मुद्दा टुङ्ग्याउने प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले अदालतलाई असहयोग गर्न हुँदैन ।
- बहस गर्दा इजलास तथा अर्को पक्षको कानून व्यवसायी प्रति सम्मानजनक व्यवहार गर्नु पर्छ ।
- आफ्नो पालोमा उचित ढङ्गले शिष्टतापूर्वक भनाई वा बहस प्रस्तुत गर्नुपर्दछ । एक अर्का प्रति लाञ्छना लगाउनु हुँदैन ।
- मिसिलमा नभएको तथ्य जानीजानी बहसमा प्रस्तुत गर्न हुँदैन ।
- व्यावसायिक आचरणको पालना गरी तजविज अनुसार बहस पैरवी गर्नु पर्दछ ।

**कानूनी व्यवस्था**

- दैनिक पेसी सूचीमा चढेको मुद्दा कुनै कारणले सूचीबाट हटाउन सकिँदैन तर मुद्दाको सुनुवाइ प्रारम्भ हुनुभन्दा पहिले आफ्नो काबुभन्दा बाहिरको परिस्थितिले गर्दा अदालतमा उपस्थित हुन नसक्ने कुराको अदालतलाई विश्वास हुने कुनै मनासिव कारण देखाई मुद्दाको पक्ष वा कानून व्यवसायीले निवेदनपत्र दिएमा अदालतले बढीमा दुई पटकसम्म मुद्दाको सुनुवाइ स्थगित गर्न सक्नेछ ।
  तर, इजलासबाट प्राथमिकता दिई हेर्ने आदेश भएका मुद्दा, कसूर ठहर भै सजाय निर्धारणका लागि पेश भएका मुद्दा, हेर्दाहेर्दैका मुद्दा, अन्तरिम आदेश जारी भएका मुद्दा, एक भन्दा बढी कानून व्यवसायी भएका मुद्दा, दुई पटक पेसी स्थगीत भएका मुद्दा स्थगित हुँदैन ।

  जि.अ.नि. नियम ६५(२) र (३), उ.अ.नि. नियम ८६(२), (३) तथा स.अ.नि. नियम ७७
- मुद्दाको प्रकृति र विषयवस्तु हेरी इजलासले बहसको समय तोक्न सक्नेछ । यसरी समय निर्धारण गरिएकोमा निर्धारण गरिएको समय भित्र आफ्नो भनाई वा बहस समाप्त गर्नु पर्नेछ

  जि.अ.नि. ६१ र ६२, उ.अ.नि. नियम ८७ तथा स.अ.नि. नियम ८५
- सुनुवाइको लागि पेशी तोकिएको मुद्दामा पक्षले वा पक्षको कानून व्यवसायीले बहसनोट पेश गर्न चाहेमा मुद्दाको सुनुवाइ प्रारम्भ हुनु अगाडि नै पेश गर्नुपर्ने छ । मुद्दाको प्रकृति र विवादित विषयको सन्दर्भमा इजलासले आदेश दिएमा बाहेक बहस सम्पन्न भैसकेपछि बहसनोट लिइने छैन ।

  उ.अ.नि. नियम ८७(३) तथा स.अ.नि. नियम ८६, जि.अ.नि. नियम ६३

## ५. रिट निवेदनमा जारी भएको आदेश उपर मुद्दा दोहोऱ्याउन निवेदन गर्न सकिने

### ५.१ जिल्ला अदालत र उच्च अदालतबाट रिट निवेदनमा जारी भएको आदेश उपर निवेदन लाग्ने

नेपालमा पुनरावेदन गर्न पाउने विषयलाई अधिकारको रूपमा मान्यता प्रदान गरिएको छ । निषेधाज्ञाको निवेदन उपर शुरु कारबाही र किनारा जिल्ला अदालतबाट हुने भएकोले उक्त रिट निवेदनमा आदेश जारी भएमा त्यस्तो आदेश उपर नेपाल सरकारको तर्फबाट उच्च अदालतमा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(२) बमोजिम पुनरावेदन लाग्न सक्छ । नेपालको संविधानको धारा १४४ अनुसार मौलिक हक प्रचलनका लागि, अन्य उपचार नभएकोमा वा भए पनि प्रभाकारी नभएकोमा वा सार्वजनिक सरोकार वा हकको विवाद समावेश भएको मुद्दामा उच्च अदालतले रिट क्षेत्राधिकार अन्तर्गत बन्दी प्रत्यक्षीकरण, उत्प्रेषण, परमादेश, प्रतिषेध र अधिकारपृच्छा लगायत आवश्यक आदेश जारी गर्न सक्ने व्यवस्था रहेको छ । यसरी रिट अधिकारक्षेत्र अन्तर्गत उच्च अदालतले गरेको आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०७३ ले गरेको छैन । केवल उच्च अदालतले सुरु कारवाही र किनारा गरेको मुद्दा, दश वर्ष भन्दा बढी कैद सजाय भएको मुद्दामा पुनरावेदन लाग्ने व्यवस्था रहेको छ । यस अघि कानूनी अधिकारको प्रचलनका लागि मात्र न्याय प्रशासन ऐन, २०४८ ले तत्कालीन पुनरावेदन अदालतलाई रिट अधिकार क्षेत्र प्रदान गरेको आधारमा न्याय प्रशासन ऐन, २०४८ ले पुनरावेदन अदालतले रिट क्षेत्राधिकार अन्तर्गत गरेको आदेश वा फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको थियो ।

## कानूनी व्यवस्था

- उच्च अदालतलाई आफ्नो मातहतको जिल्ला अदालतले गरेको सुरु फैसला वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुनेछ। (न्याय प्रशासन ऐन २०७३ को दफा ८ (१))
- उच्च अदालतले शुरु कारवाई र किनारा गरेको मुद्दामा भएको अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ। (न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) (क))
- प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश सर्वोच्च अदालतले देहायका अवस्थामा दोहोऱ्याई हेर्न सक्नेछः (न्याय प्रशासन ऐन, २०७३ को दफा १२)
  - (क) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटि भएको छ
  - (ख) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,
  - (ग) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा
  - (घ) बालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुननसकी इन्साफमा तात्विक असर गरेको।

माथि जुनसुकै कुरा लेखिएको भए तापनि बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा जिल्ला अदालतबाट रिट जारी हुने गरी आदेश भएको भए पनि सो आदेश उपर उच्च अदालतमा र उच्च अदालतबाट रिट जारी हुने गरी आदेश भएको भए पनि सो आदेश उपर भने सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्तैन। यसको मुख्य कारण बन्दी प्रत्यक्षीकरणको मुख्य उद्देश्य गैरकानूनी थुनामा राखिएको बन्दीलाई मुक्त गर्नु हो। रिट जारी भई बन्दी थुनाबाट मुक्त भैसकेकोमा सो उपर पुनरावेदन गरी पुनः थुनामा राख्ने अवस्था रहँदैन।

## सर्वोच्च अदालतको फैसला/आदेश

- बन्दीलाई थुनामा राख्नुको कानूनसंगत आधार र अवस्था नदेखिएको अवस्थामा बन्दीलाई थुनाबाट मुक्तगर्ने आदेश जारी गर्नु बन्दीप्रत्यक्षीकरणको उपचारको उदेश्य हो। बन्दी प्रत्यक्षीकरणको निर्णय र कार्यान्वयन साथसाथै हुन्छ। तसर्थ बन्दीप्रत्यक्षीकरणको मुद्दा जसमा बन्दीलाई निजको थुना गैरकानूनी देखिई रिहाई गरिदिने निर्णय गरेको हुन्छ त्यस्तो क्रिया सम्पन्न भैसकेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने गरी गरेको निर्णय उपर परेको पुनरावेदनको कुनै प्रयोजन रहदैन किनकि बन्दीप्रत्यक्षीकरण मुद्दामा पुनरावेदन तहबाट सुनुवाइ गरी बन्दीलाई पुनः थुनामा राख्नु भनी भन्न मिल्ने अवस्था पर्दैन। बन्दीप्रत्यक्षीकरणको उद्देश्य थुनाबाट छुटेकोलाई थुनामा राख्नु नभई गैरकानूनी थुनामा रहेकोलाई मुक्त गर्नु हो। (नेपाल सरकार वि. बल्लु अग्रवाल, नेकाप २०५३, नि.नं. ६२१८; जि.प्र. का. बाँके वि. दिग्विजय सिंधल, नेकाप २०५४, नि.नं. ६३८९)

## ५.२ रिट निवेदनमा जारी भएको आदेश उपर कारवाही प्रक्रिया

- जिल्ला तथा उच्च अदालतबाट रिट जारी भएकोमा विपक्षी बनाइएको व्यक्ति वा कार्यालयलाई पुनरावेदनको म्याद दिइँदैन। आदेश वा फैसलाको प्रतिलिपि सहितको जानकारी दिइन्छ।
- उच्च अदालतबाट जारी आदेश वा फैसलामा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को अवस्था भएमा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेर्न निवेदन गर्न सकिन्छ।
- नेपाल सरकार पक्ष वा विपक्ष भई चलेको मुद्दामा सम्बन्धित कार्यालय, निकाय वा पदाधिकारीले जनाउ पाएको मितिबाट म्याद कायम गर्नुपर्छ।
- जुन आदेशउपर मुद्दा दोहोऱ्याइ हेर्न निवेदन गर्ने हो सो आदेशको नक्कल निवेदनपत्र साथ अदालतमा बुझाउनु पर्दछ।
- निवेदन गर्दा निवेदनको लागि पाएको म्यादको प्रतिलिपि पनि पेश गर्नुपर्दछ

(सुन्दर कार्की वि. रामेश्वर मानन्धर २०७३- CI-०९४६, पूर्ण इजलास, आदेश मितिः २०७३।११।५)

## ५.३ निवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरू

निवेदन तयार गर्दा विचार पुऱ्याउनुपर्ने सामान्य कुराहरू सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १३ मा उल्लेख भए बमोजिम र नियम ६४(१) अनुसार हुन्छन्। सोका अतिरिक्त निवेदनमा उल्लेख हुनुपर्ने अन्य कुराहरू देहाय बमोजिम छन्:–

- जुन आदेशमा चित्त नबुझेको हो सो आदेश गर्ने उच्च अदालतको नाम,
- शुरु मुद्दामा पक्ष वा विपक्ष भएको कुरा,
- मुद्दाको नाम,
- फैसला वा आदेश भएको मिति र आदेसको प्रमाणित नक्कल,
- सर्वोच्च अदालत नियमावली, २०७४ को अनुसूची ७ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने,
- मुद्दा दोहोऱ्याउने स्पष्ट आधार उल्लेख गर्ने,
- न्याय प्रशासन ऐन, २०७३ को दफा १२ का आधार र अवस्था उल्लेख गर्ने,

स.अ. नियमावली २०७४ को नियम ६४

## ६. रिट निवेदन सम्बन्धी आदेशको प्राप्ति र कार्यान्वयनको प्रक्रिया

- रिट निवेदनमा अन्तिम आदेश भएपछि आदेशमा उल्लेख भए बमोजिम सो को जनाउ प्रत्यर्थीलाई दिने गरी अदालतले सम्बन्धित सरकारी वकील कार्यालयलाई पठाउछ। आदेशको जनाउ प्राप्त भएपछि आदेश कार्यान्वयनको लागि सम्बन्धित सरकारी वकील कार्यालयले सम्बन्धित प्रत्यथी कार्यालयमा कार्यान्वयनका लागि पठाइदिनु पर्छ।
- आदेशको जनाउसाथ कहिलेकांही आदेशको प्रतिलिपि प्राप्त नभएको पनि हुनसक्छ। अदालतबाट आदेशको प्रतिलिपि प्राप्त नभएकोमा जनाउ प्राप्त हुनासाथ सरकारी वकील कार्यालयले कर्मचारी पठाई प्रतिलिपि ल्याई सम्बन्धित मिसिलसाथ राख्नुपर्छ।
- यसरी सारी ल्याउँदा नक्कल दस्तुर लाग्दैन।

## कानूनी व्यवस्था

- मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने गराउने अधिकार महान्यायाधिवक्तालाई हुने। — संविधानको धारा १५८(६)(ख)
- अदालतबाट भएका आदेश वा फैसलाको कार्यान्वयनका लागि सम्बन्धित संवैधानिक निकाय, मन्त्रालय, सचिवालय, विभाग वा अन्य सरकारी कार्यालयलाई लेखी पठाउने कार्य महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार मध्येमा पर्दछ। — सरकारी वकील सबन्धी नियमावली, २०७७ को नियम ११(घ)
- नेपाल सरकार वा सरकारी कर्मचारीको विरुद्ध परेको वा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गरिएको मुद्दामा अदालतले गरेको फैसला वा आदेश अन्तिम भएपछि प्रचलित कानूनको म्याद भित्र सो बमोजिम भरी भराउको लागि लेखी आएमा सम्बन्धित अधिकारीले भरी भराउको कारबाही गरी दिनु पर्नेछ। — सरकारी वकील सबन्धी नियमावली, २०७७ को नियम ३२

## ८. सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतमा रहेको रिट जारी गर्ने अधिकारमा समानता र अन्तर

| विषय | सर्वोच्च अदालतको रिट जारी गर्ने अधिकार | उच्च अदालतको रिट जारी गर्ने अधिकार | जिल्ला अदालतको रिट जारी गर्ने अधिकार |
|---|---|---|---|
| क. अधिकार दिने कानून | नेपालको संविधान | नेपालको संविधान | नेपालको संविधान |
| ख. अधिकारको प्रकृति | असाधारण | असाधारण | असाधारण |
| ग. आदेश जारी गर्ने क्षेत्र | देश भरी | आफ्नो प्रादेशिक अधिकार | जिल्लाको अधिकार क्षेत्रभित्र |

| | | क्षेत्रभित्र मात्र | मात्र |
|---|---|---|---|
| घ. आदेशको प्रकृति | सबै प्रकारका रिट लगायत अन्य जुनसुकै आदेश | सबै प्रकारका रिट | बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञा मात्र |
| ङ. आदेशले संरक्षण गर्ने हक | मौलिक हक, कानूनी हक | मौलिक तथा कानूनी हक | मौलिक तथा कानूनी हक |
| च. रिटले समेट्ने विषय | सार्वजनिक हक हित वा सरोकारको विषय समेत | सार्वजनिक हक हित वा सरोकारको विषयलाई समेट्न नसक्ने | सार्वजनिक हक हित वा सरोकारको विषयलाई समेट्न नसक्ने |
| छ. कानून बदर गर्न सक्ने अधिकार | बदर गर्न सक्ने | बदर गर्न नसक्ने | बदर गर्न नसक्ने |

सर्वोच्च अदालत तथा उच्च अदालतबाट जारी हुने रिटहरूको नाम एउटै छ (यहाँ निषेधाज्ञाको आदेशलाई बाहेक गरिएको छ)। ती रिटहरूले दिने उपचारको प्रकृति पनि फरक छैन। तर यी दुई तहका अदालतलाई प्राप्त रिट जारी गर्ने अधिकारका बीचमा माथि उल्लेख गरे लगायतका विषयमा निकै ठूलो अन्तर छ। त्यसकारण सर्वोच्च अदालतबाट स्थापित र प्रतिपादित रिट जारी गर्ने सम्बन्धी आदेशहरू जस्ताको तस्तै उच्च अदालतबाट प्रयोग हुन सक्दैनन्। यसकारण रिटसम्बन्धी विषयको प्रतिरक्षा गर्दा अवस्थामा यी अन्तरलाई हेक्का राखियो भने त्यसले कामलाई सहज बनाउन सक्छ।

# परिच्छेद-तीन

## रिटमा प्रयोग हुने महत्वपूर्ण सिद्धान्त

**यस परिच्छेद भित्र**

१. शक्ति बाह्यको सिद्धान्त (Doctrine of Ultravires)

२. अनुचित विलम्बको सिद्धान्त (Doctrine of Laches)

३. सार्वजनिक सरोकारको सिद्धान्त (Doctrine of Public Interest)

४. हकदैयाको सिद्धान्त (Doctrine of Locus Standi)

५. कानूनी शासनको सिद्धान्त (Doctrine of Rule of Law)

६. सार्थक सम्बन्ध र तात्विक सरोकारको सिद्धान्त (Doctrine of Meaningful Relation and Substantial Interest)

७. वैकल्पिक उपचारको सिद्धान्त (Doctrine of Alternative Remedy)

८. सुविधा वा अधिकार प्रयोग गरिसकेपछि विवादको उठान गर्ने सिद्धान्त (Doctrine of Approbate and Reprobate)

९. प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice)

१०. समर्पणको सिद्धान्त (Doctrine of Submission)

११. विबन्धनको सिद्धान्त (Doctrine of Estoppel)

१२. स्वच्छ र सफाहातको सिद्धान्त (Doctrine of Clean Hands)

१३. सम्पत्ति सम्बन्धी राज्यशक्तिको सिद्धान्त (Principle of Eminent Domain)

१४. आवश्यकताको सिद्धान्त (Doctrine of Necessity)

१५. न्यायिक निरूपणको मापदण्डको सिद्धान्त (Doctrine of Judicially Manageable Standard)

१६ राजनैतिक प्रश्न सम्बन्धी सिद्धान्त (Political Question Doctrine)

१७. सुविधा सन्तुलन र अपुरणीय क्षतिको सिद्धान्त (Balance of Convenence and Irraperable loss)

१८. स्वेच्छाको सिद्धान्त (Doctrine of Pleasure)

१९. शक्ति पृथकीकरणको सिद्धान्त (Doctrine of Separation of Power)

२०. वैध अपेक्षाको सिद्धान्त (Principle of Legitimate Expectation )

२१. भईसकेको काम वैध हुने सिद्धान्त (Doctrine of Factum Valet)

२२. मुद्दाको अन्तिमताको सिद्धान्त (Principle of Finality of Judgement)

२३. विधायिकी बुद्धिमत्ताको सिद्धान्त (Principle of legislative Wisdom)

२४. न्यायिक आत्मसंयमको सिद्धान्त (Principle of Self restrain)

२५. हदम्यादको व्यवस्था निलम्बन हुने सिद्धान्त (Doctrine of tolling)

२६. कपटपूर्ण विधायन (Colourable Legislation) को सिद्धान्त

२७. कार्यकारिणी अधिकारको सिद्धान्त (Principle of Executive Power)

## रिटमा प्रयोग हुने महत्वपूर्ण सिद्धान्तहरू

नेपालको न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग हुन्छ । अदालतमा दायर हुने रिट निवेदन, लिखित जवाफ तथा सुनुवाइका क्रममा न्यायका मान्य सिद्धान्तको प्रयोग तथा पालना गरिन्छ भने अदालतले रिट निवेदनमा उठाइएका विषयमा न्यायिक निरूपण गर्दा रिटसँग सम्बन्धित सिद्धान्तहरूलाई प्रयोग गर्दछ । त्यस्ता केही महत्वपूर्ण सिद्धान्तहरूको यहाँ चर्चा गरिएको छ ।

### १. शक्तिबाह्यको सिद्धान्त (Doctrine of Ultravires)

संविधानसँग बाझिएको कानून बदर घोषित गर्ने सिद्धान्तलाई संवैधानिक कानूनमा न्यायिक पुनरावलोकनको सिद्धान्त भनिन्छ । लिखित संविधान भएको मुलुकमा संविधानलाई मौलिक कानून मानिनुको अतिरिक्त सीमित सरकारको अवधारणालाई स्वीकार गरिएको हुन्छ । यसैगरी संविधानको मूलभूत व्यवस्थाको संरक्षणको लागि स्वतन्त्र र सक्षम न्यायपालिकाको व्यवस्था गरिएको हुन्छ । त्यसैले कुनै कानून संविधानसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कानूनलाई बदर घोषित गर्ने अधिकार न्यायपालिकालाई प्रदान गरिएको हुन्छ । नेपालमा सर्वोच्च अदालतको संवैधानिक इजलासलाई यो अधिकार प्रदान गरिएको छ ।

**संवैधानिक तथा कानूनी व्यवस्था:**

- यो संविधान नेपालको मूल कानून हो । यो संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ । — संविधानको धारा १
- यस संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग वा प्रदेश सभाले बनाएको कुनै कानून संघीय संसदले बनाएको कुनै कानूनसँग बाझिएको वा नगर सभा वा गाउँ सभाले बनाएको कुनै कानून संघीय संसद वा प्रदेश सभाले बनाएको कुनै कानूनसँग बाझिएको हुँदा त्यस्तो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानून बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । — संविधानको धारा १३३(१)
- सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहनेछ । त्यस्तो इजलासमा प्रधान न्यायाधीश र न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने छन्। । संवैधानिक इजलासले धारा १३३ को उपधारा (१) बमोजिम परेका निवेदनको शुरू कारबाही र किनारा गर्नेछ । — संविधानको, २०७२ को धारा १३७(१) र (२)
- नेपाल कानून भन्नाले नेपाल ऐन वा नेपालको कुनै भागमा कानून सरह लागू हुने ऐन, सवाल, नियम, आदेश, विनियम वा ऐन अन्तर्गत बनेका निर्देशिका वा कार्यविधि सम्झनुपर्छ । — नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २(ड)

### १.१ शक्ति बाह्यको सिद्धान्त (Doctrine of Ultravires)

संविधानसँग बाझिएको कानून बदर घोषित गर्ने मान्यता शक्ति बाह्यको सिद्धान्त (Doctrine of Ultravires) मा आधारित छ । शक्ति बाह्यको सिद्धान्तको मुख्य सार कुनै पनि निकाय वा पदाधिकारीले त्यति अधिकार मात्र प्रयोग गर्न पाउँछ जति संविधान र कानूनले प्रदान गरेको छ भन्ने हो । कुनै पनि अधिकार असीमित र अनियन्त्रित हुँदैन । यदि तोकिएको सीमाभन्दा बाहिर गएर अधिकार प्रयोग गर्दछ भने त्यस्तो अधिकारको प्रयोगलाई अदालतले बदर गर्दछ भने त्यस्तो अधिकारको प्रयोगलाई अदालतले बदर गर्दछ र सम्बन्धित निकाय तथा पदाधिकारीलाई आफ्नो सीमा भित्र रहन बाध्य तुल्याउँछ । संविधानले तोकेको सीमाभन्दा बाहिर गएर अधिकारको प्रयोग गरिन्छ वा संविधानसँगै बाझिने गरी कुनै कानून बनाइन्छ भने शक्तिबाह्यको सिद्धान्तको आधारमा सर्वोच्च अदालतले त्यस्तो अधिकार वा कानूनलाई बदर गर्दछ ।

## १.२ शक्ति बाह्यको प्रकार (Kinds of Ultravires)

शक्ति बाह्यको सिद्धान्त दुई प्रकारका छन्:–

- कार्यविधिगत (Procedural) र
- सारवान (Substantive)

### १.२.१ कार्यविधिगत शक्तिबाह्य (Procedural Ultravires)

कार्यविधिगत शक्ति बाह्यको सिद्धान्त खास गरेर प्रत्यायोजित विधायन अन्तर्गत निर्माण गरिएको नियमहरूका सन्दर्भमा लागू हुन्छ । यसमा नियम बनाउने अधिकारको अभाव त हुँदैन तर नियम बनाउँदा अबलम्बन गरिनुपर्ने बाध्यात्मक कार्यविधिहरूको पालनामा त्रुटि गरिएको हुन्छ । बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कार्यविधि अबलम्बन नगरी बनाइएको नियमले वैद्यता प्राप्त गर्न सक्दैन । तर कुनै कार्यविधि बाध्यात्मक नभई निर्देशात्मक मात्र रहेछ भने त्यस्तो कार्यविधिगत त्रुटि अवैधताको आधार हुँदैन ।

### १.२.२. सारवान शक्तिबाह्य (Substantive Ultravires)

सारवान शक्ति बाह्यले सरसर्ती हेर्दा नै आफूलाई आख्तियारी नभएको विषयमा कानून बनाएको स्थितिलाई दर्शाउछ । जुन अधिकार अन्तर्गत कानून बनाइएको हो सो अधिकार नै नभएमा वा अधिकार भएकोमा पनि भएको भन्दा बढी अधिकार प्रयोग गरी संविधान वा मूल ऐनसँग बाझिने गरी बनाइएमा बाझिएको हदसम्म त्यस्तो कानून बदर हुन्छ ।

### सर्वोच्च अदालतको आदेश / फैसला

- कुनै विषय संविधानसँग बाझिएको छ–छैन भनी अदालतबाट निर्णय दिन त्यस्तो प्रश्न काल्पनिक तथ्यमा आधारित नभएर यथार्थतामा आधारित हुनुपर्ने । यथार्थता र वास्तविक तथ्य बाहेक काल्पनिक समस्याको निरोपण गर्ने कर्तव्य अदालतको नहुने, — नेकाप २०५०, नि.नं. ४६९०
- कुन हकमा अनुचित बन्देज लगाएको हो सो नखुलेको र यो धारासँग बाझिएको भनी स्पष्टसँग लेख्न पनि नसकेको हुँदा धारा ८८(१) ले तोकेको पूर्वशर्तको विद्यमानताको अभावमा रिट खारेज हुने, — नेकाप २०५०, नि.नं. ४८०२
- संविधान अन्तर्गतको ऐन नबनेसम्मको अवधिमा सरकारले साविक देखिको नियमावलीको अनुसरण गर्छ भने त्यसलाई अनुचित वा असंवैधानिक भन्न नमिल्ने, — नेकाप २०५१, नि.नं. ४९४४
- स्पष्टतः संवैधानिक प्रावधान विपरीत कुनै ऐन बनेको नदेखिएसम्म त्यस्तो ऐनको संवैधानिकतामा अदालतले शंका नउठाउने, — नेकाप २०५१ नि.नं. ४९६८
- कानून वा नियममा भएको व्यवस्था अमान्य हुनको लागि केवल संविधानसँग बाझिएको छ भन्नु पर्याप्त हुँदैन, संविधानसँग बाझिएको आधार र कारणसमेत प्रष्ट रूपमा उल्लेख गर्नुपर्ने, — नेकाप २०५१, नि.नं. ४९८५
- स्वशासित संस्थाले आफ्नो अधिकार प्रयोग गरी बनाएको नियमलाई कानूनको संज्ञा दिन मिल्ने नदेखिँदा यस्तो नियमावलीबाट प्राप्त हक अधिकारको विषयलाई लिएर रिट दिन नपाउने, — नेकाप २०५२, नि.नं. ५०७८
- कुनै कानूनको सम्बन्धमा संवैधानिकताको प्रश्न उठाउँदैमा जहिलेसुकै पनि अदालतमा प्रवेशगर्न पाउने भन्न नमिल्ने, अनुचित विलम्ब गरी आए खारेज हुने, — नेकाप २०५२, नि.नं. ६०१५
- एकवर्षपछि स्वतः अमान्य हुने व्यवस्थालाई बदर गर्न नमिल्ने, — नेकाप २०५३, निनं ६२३९, नेकाप २०५४, निनं. ६३८७
- कानूनको रूप लिई नसकेको ऐनको मस्यौदामा मात्र सीमित रहेको विधेयकको प्रावधान संविधानसँग बाझिएको छ भनी न्यायिक पुनरावलोकन हुनसक्ने विषयवस्तुको रूपमा ग्रहण गरी विवादको निरूपण गरिरहन नपर्ने, — नेकाप २०५९, नि.नं. ७१३२
- निष्कृय भैसकेको अध्यादेशको संवैधानिकताको विषयमा विवेचना गरिरहन नपर्ने, — नेकाप २०६१, अंक ३, नि.नं. ७३४२
- बदरका लागि चुनौति दिएको अध्यादेशको व्यवस्था अस्तित्वमा नरहेको र उक्त व्यवस्था ऐनमा रुपान्तरण — २०६९ -ws-००७७, २०६९-ws-००७२,

भएकोमा चुनौति नगरिएकोले संवैधानिकताको प्रश्नमा विचार गर्नु नपर्ने, आदेश मितिः २०७२।१०।०७

- केवल वाञ्छनियता वा उपयुक्तताको आधारमा त्यसलाई संवैधानिक वा असंवैधानिक भन्न नमिल्ने, नेकाप २०६०, नि.नं. ७२२२
- कुनै पनि विधायिकी विवेक प्रयोग भै तर्जुमा भएका कानूनी व्यवस्थाको सर्वोच्च अदालत आफैंले कारणहरू खोजीगरी संवैधानिकता जाँचगर्ने नभई पर्न आएको निवेदनमा निवेदकले उल्लेख गरेका आधार र कारणको कसीमा संवैधानिकता जाँच र परीक्षण हुने, त्यस्तो आधार र कारण बाहिर गई विवादको निरूपण गर्नु संविधान सम्मत नहुने, रामहरि पाण्डे वि. भौ.यो.तथा नि.मन्त्रालय, नेकाप २०५९, नि.नं. ७०९०
- विधायिकाले यस्तो कानून बनाउन ठीक थियो थिएन भनी औचित्यमा अदालतले विचार गर्ने अवस्था नहुने, चन्द्रप्रकाश मास्के वि. त्रि.वि.का.प. नेकाप २०५१, नि.नं. ४९८२
- विधायिका निर्मित कानून संविधान अनुकुल नै छ भनेर सम्झिने गरिन्छ । जबसम्म प्रत्यक्ष रूपबाट कानून संविधान प्रतिकूल रहेको देखिंदैन तबसम्म अवैध भन्न मिल्दैन र शंकास्पद तथा अप्रष्ट अवस्थामा मात्र अवैध नमानिने, नेकाप २०५०, नि.नं. ४७६८
- विषयवस्तुको प्रकृतिबाट अत्यावश्यक देखिएमा बाहेक अदालतले न्यायोचित विकल्प भएसम्म त्यस्तो कुनै कानूनलाई प्रारम्भदेखि नै अमान्य बदर घोषित गर्न युक्तिसंगत नहुने, नेकाप २०४९, नि.नं. ४५९७
- कानूनको वैधताको प्रश्नमा दुई विपरीत किसिमको व्याख्याको गुञ्जाइस छ भने कानूनको वैधतालाई कायम राख्ने व्याख्यालाई मान्यता दिइने, बालकृष्ण न्यौपाने वि. संसद सचिवालय, नेकाप २०५०, नि.नं. ४७६८
- समानताको हकको प्रतिकूल भएमा त्यस्तो कानून असंवैधानिक र अमान्य हुने । वर्गीकरणको आधारमा कुनै कानून कसैलाई लागू हुने नहुने व्यवस्था हुँदैमा त्यो कानून असंवैधानिक र अमान्य हुँदैन तर यदि साधारण ज्ञान र विवेक भएका मानिसहरूले तर्कसंगत रूपमा वर्गीकरणको औचित्य बुझ्न र स्वीकार गर्न सक्ने स्थिति छैन अथवा कानूनद्वारा प्राप्तगर्न खोजिएको उद्देश्यसँग त्यसको कुनै विवेकपरक सम्बन्ध देखिन्न भने सो वर्गीकरण जथाभावी गरिएको मान्नुपर्ने । नेकाप २०४९, नि.नं. ४५९७ नेकाप २०५१, नि.नं. ४८५८ नेकाप २०६१, नि.नं. ७३५७
- मौलिक हकको प्रतिकूल अनुचित बन्देज लगाएकोमा धारा ८८(१) बमोजिम अमान्य भई बदर हुने, नेकाप २०५०, नि.नं. ४७५१
- सारवान व्यवस्था नियममा व्यवस्थित गरिएकोलाई संविधान वा ऐनले दिएको अधिकारको सीमा भित्र रही गरिएको मान्न नमिल्ने, आधारभुत र सारवान कुरा ऐनमा नै छैन भने नियममा राख्न उचित र वैध हुन नसक्ने, नेकाप २०५१, नि.नं. ४९५५
- संविधानद्वारा परिलक्षित अवधारणालाई संकुचित अर्थ हुनेगरी परिभाषित गरेको ऐनको व्यवस्था संविधानसँग वाझिने, बालकृष्ण न्यौपाने वि. संसद सचिवालय, नेकाप २०५३, नि. नं. ६२०५
- ऐनले प्रत्यायोजित गरे भन्दा बढी अधिकार ग्रहण गरी नियमावलीले ऐनको उद्देश्य र भावना विपरीत व्यवस्था गरेको देखिए धारा ८८ (१) अनुसार अमान्य र बदर हुने, नेकाप २०६०, नि.नं. ७२१४
- ऐनको उद्देश्य पूर्ति गर्न नियम बनाउन सकिन्छ तर ऐनको उद्देश्य पूरा गर्न बनेको नियमले थप आधारहरू नियममा तोक्दछ भने त्यस्ता आधारहरू ऐन विपरीत हुन्छ र मान्य रहन नसक्ने, ने.का.प. २०५१, नि.नं. ४९७०
- कुनै कानूनले मौलिक हकमा वन्देज लगाएको, संवैधानिक प्रावधानको विपरीत व्यवस्था गरेको, संविधानले तोकेको सीमा नाघेको, संवैधानिक सीमालाई साघु¥याउने काम गरेमा त्यस्तो कानून संविधानसँग बाझिएको हुनजाने, नेकाप २०५२, नि.नं. ५०२९
- संसदले बनाएको ऐन हतपति र हल्कासँग अवैध घोषित गरिदैन । समाजमा के कस्तो ऐन किन चाहिन्छ भन्ने कुराको ज्ञाता अदालत होइन, संसद अर्थात विधायिका हो भन्ने मान्य सिद्धान्त स्थापित छ । ऐन अवैध घोषित गर्ने नगर्ने संवन्धमा अदालत सकभर self-restrain मा रहनु पर्ने, धनञ्जय खनाल वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६३, नि.नं. ७७२७
- यस अदालतले संविधानसँग नेपाल कानून बाझिएकोमा मात्र न्यायिक पुनरावलोकन गर्न सक्ने तर सन्धि र नेपाल कानून एकआपसमा बाझिएमा धारा ८८(१) आकर्षित हुन नसक्ने, अरूणकुमार चौधरी वि. म.प.का. समेत, नेकाप २०६४, नि.नं. ७८०३
- नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिद्वारा राज्य उपर सिर्जित दायित्व राज्यले पूरा गर्दै जाने कुरा हो।अन्तर्राष्ट्रिय सन्धिको ब्यवस्था राष्ट्रिय कानून सरह हुने र राष्ट्रिय कानून बाझेमा अन्तर्राष्ट्रिय सन्धिको जनहित संरक्षण मञ्च समेत वि. म.प.का.समेत,

व्यवस्था नै मान्य हुने व्यवस्था भएपनि अन्तर्राष्ट्रिय सन्धिमा उल्लेखित प्रावधानको विपरीत राष्ट्रिय कानून रहे नरहेको भनी तत्कालीन संविधानको धारा ८८(१) र अन्तरिम संविधानको धारा १०७(१) अनुसार न्यायिक पुनरावलोकन गर्न नमिल्ने, नेकाप २०६५, नि.नं. ७९५१

- फौजदारी अपराधमा benefit of doubt goes to the accused भनेको जस्तो कानूनलाई असंवैधानिक घोषणा गर्ने सम्बन्धमा benefit of doubt goes to the parliament मानिन्छ । जस्ले कानून संविधानसँग बाझेको भन्ने दावी गर्छ सो कुरा उसैले प्रमाणित गर्न सक्नु पर्ने, गजबहादुर बम वि. प्रम. तथा मपका. समेत, नेकाप २०६४, नि.नं. ७८५५
- असाधारण अधिकारको प्रयोग सम्बन्धमा अदालतले सावधानी र होसियारी वर्तनु पर्ने हुन्छ । कानूनको न्यायिक पुनरावलोकन गरी त्यसलाई बदर घोषित गर्दा उत्पन्न हुनसक्ने परिणामहरूलाई अदालतले गम्भीरताका साथ लेखाजोखा गर्नुपर्ने, कमलेश द्विवेदी वि. प्रम. तथा मपका. समेत, नेकाप २०६६, नि.नं. ८१३९
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) ले संविधानप्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएको देखिएको अवस्थामा मात्र त्यस्तो कानूनलाई अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार यस अदालतलाई प्रदान गरेकाले संविधानले प्रदान गरेको उक्त अधिकारअन्तर्गत कानूनको संवैधानिकता परीक्षण गरिन्छ, तर संविधानसँग बाझिएको अवस्था नभै कुनै कानूनमा यस्तो प्राबधान राखिनु पर्ने वा यसरी सुधार गरिनु पर्ने वा राज्यलेअवलम्बन गर्ने सकारात्मक विभेदको प्रक्रिया र पद्धति यस्तो हुनुपर्ने भनी अनुमान र कल्पनाका भरमा आदेश जारी नहुने, अच्युतप्रसाद खरेल वि. प्रम. तथा मपका.समेत, नेकाप २०६६,नि.नं. ८१८६
- अदालतले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) को असाधारण अधिकारक्षेत्र अन्तर्गत कुनै प्रचलित कानूनी व्यवस्था कुनै संवैधानिक प्रावधान वा कुनै नियम आफ्नो मातृ ऐनसँग बाझिएको अवस्थामा मात्र त्यस्तो बाझिएको कानूनलाई अमान्य र बदर घोषित गर्ने हो । तर कुनै नियममा केही कुरा नभएको भन्ने अवस्थामा सो उल्लेख नभएको कारणले उक्त कानून संविधान वा मातृ ऐनसग बाझिएको भनी बदर वा अमान्य गर्नुपर्ने अवस्था नआउने, श्यामकुमार ओझा वि.बढुवा समितिको सचिवालय समेत, नेकाप २०६९,अंक ६ नि.नं. ८८३८
- कानूनको न्यायिक परीक्षण गर्दा विवादित कानून बहाल रहेको हुनुपर्ने र क्रियाशिल अवस्थामा नभएको कानून न्यायिक परीक्षणको विषय नहुने, २०७१-WS-००४१ मितिः २०७५।३।१३
- प्रदेश कानूनमा स्थानीय तहका पदाधिकारीलाई सुविधा दिने सम्बन्धी गरिएको व्यवस्था पारिश्रमिक स्वरूपको तलव प्रकृतिको देखिएकोले अप्रत्यक्ष तवरले पारिश्रमिक लिने कार्यले संविधान प्रतिको जालसाजी (Fraud on Constitution) हुने हुँदा पारिश्रमिक दिने ऐनको व्यवस्था संविधान विपरित हुने, नेकाप संवैधानिक इजलास खण्ड भाग २, नि.नं.००१७
- दुबै हात वा खुट्टा नभएको वा दुबै आँखाले देख्न नसक्ने व्यक्तिलाई पर्वतारोहण अनुमति नदिईने भन्ने पर्वतारोहण नियमावलीको कानूनी व्यवस्था समानताको हकको प्रतिकूल र विभेदकारी रहेकोले असंवैधानिक हुने, नेकाप संवैधानिक इजलास खण्ड भाग २, नि.नं.००२३
- असल नियत वा मनसायले राष्ट्रसेवकले कार्य गरेको अवस्थामा गरिएको बचाउ सम्बन्धी सुबिधा प्राप्त गर्ने गरी संरक्षण गरेको कानून संविधान विपरित नहुने, नेकाप संवैधानिक इजलास खण्ड भाग २, नि.नं. ००१९

## २. अनुचित विलम्बको सिद्धान्त (Doctrine of Laches)

विलम्बको सिद्धान्त समन्यायको सिद्धान्त हो । यसको शाब्दिक अर्थ ढिलाई हो । आफ्नो अधिकार प्रति सजग नरही निद्रामग्न भएर सुतेर बस्नेलाई अदालतले मद्दत गर्दैन भन्ने उक्तिमा यो सिद्धान्त आधारित छ । भनिन्छ– विलम्बले समन्यायलाई पराजित गर्दछ । आफ्नो हक अधिकारको खोजिमा अनुचित विलम्ब गर्ने तथा गलत निर्णय वा काम कारवाहीबाट असर पर्ने व्यक्तिले समयमा नै न्यायिक उपचारको माग नगरी आफ्नो अधिकारको बेवास्ता गर्नेलाई अदालतले मद्दत गर्दैन भन्ने मान्यतामा विलम्बको सिद्धान्त आधारित छ ।

## विलम्बका सम्बन्धमा विचारणीय कुराहरू:–

- आफ्नो लापरवाहीको दुष्परिणाम आफैले भोग्नु पर्छ भन्ने न्यायिक मान्यतामा यो आधारित छ।
- विलम्बको सिद्धान्त हदम्याद जस्तो दिनगन्ती गरी प्रयोग हुने स्थिर सिद्धान्त होइन न त यो कानूनद्वारा तोकिएको हदम्याद जस्तो निश्चित र अनिवार्य कानूनी व्यवस्था नै हो।
- विलम्ब एक सापेक्षित अभिव्यक्ति हो। यो प्रत्येक मुद्दाको प्रकृति र अवस्थामा निर्भर गर्दछ।
- विलम्बमा समय तत्वको यान्त्रिक गणना भन्दा पनि उपचार खोज्न जानी जानी गरेको लापरबाही र अकर्मण्यता महत्वपूर्ण हुन्छ।
- उचित र मनासिव कारण परी ढिला भएकोमा विलम्ब आकर्षित हुँदैन।
- उपचारको खोजिमा इमान्दारितापूर्वक लाग्दा लाग्दै ढिलाई भएकोमा पनि विलम्बको सिद्धान्त क्षम्य हुन्छ।
- सामान्यतया तेस्रो पक्षको अधिकार सिर्जना भैसकेको अवस्थामा विलम्ब आकर्षित हुन्छ।

## सर्वोच्च अदालतको फैसला/आदेश

- विलम्बको प्रश्न निरपेक्ष होइन। प्रत्येक मुद्दाको अवस्थाको परिप्रेक्ष्यमा हेरिनुपर्ने सापेक्षिक प्रश्न हो। रिटसम्बन्धी प्रारभिक प्रश्नको तालमेल, रिट उपचारको उद्देश्य र रिटद्वारा बदर गरी पाउँ भन्ने निर्णय आदिमा विद्यमान त्रुटिको गाम्भिर्यता आदिलाई पनि मध्य नजर राख्नु पर्ने, — विजयराज गौतम वि. भु.सु.तथा व्य.मं. नेकाप २०५१, नि.नं. ४९३७
- मुनासिव र उचित समयमा उपचार माग्न नआएको हुँदा विलम्बको आधारमा रिट निवेदन खारेज हुने, — नेकाप २०५३, निनं. ६१२९, नेकाप २०६१, निनं. ७४३१
- आफ्नो हक प्रचलनको लागि समय मै चनाखो भई उपचारको खोजिमा नलागेमा विलम्बको सिद्धान्त आकर्षित हुने, — नेकाप २०४९, निनं. ४५८२ नेकाप २०६५, निनं. ८००२
- विलम्ब गरी आउनु पर्ने मुनासिव कारण देखाउन नसकेकोले विलम्बको सिद्धान्तको आधारमा खारेज हुने, — नेकाप २०६४, नि.नं. ७८१३
- आफ्नो हक प्रचलनको लागि कानूनी प्रक्रिया नअपनाई कानूनी प्रक्रिया बाहेकको काम कारवाहीमा लागेको समयलाई न्यायिक रूपले क्रियाशील समय भन्न नमिल्ने, — नेकाप २०५२, निनं. ६०५२ नेकाप २०६०, निनं. ७२०९
- मौकामा भएको आदेश थाहा पाउन मनासिव प्रयास गरेको सजग रहेको नदेखिदा तेस्रो पक्षको हक सिर्जना नभएको भए पनि विलम्ब लाग्ने, — नेकाप २०५०, नि.नं. ४७६३
- विलम्बको सिद्धान्त कानूनद्वारा तोकिएको हदम्याद जस्तो कुनै निश्चित वा अनिवार्य कानूनी व्यवस्था मान्न नमिल्ने, — नेकाप २०५०, नि.नं. ४९२२
- विलम्बको सिद्धान्तको प्रयोग हदम्याद जस्तो दिनगन्ती गरी प्रयोग हुने स्थिर सिद्धान्त होइन। समयतत्वलाई मात्र ध्यान दिई यान्त्रिक रूपमा मात्र विलम्बको सिद्धान्त प्रयोग गर्नु उचित नहुने, — नेकाप २०४९, नि.नं. ४६०२
- गलत निकायमा गई समय व्यतित गरी लामो समय पश्चात् रिट पर्न आएकोमा विलम्बको सिद्धान्त आकर्षित हुने, — नेकाप २०६०, नि.नं. ७२०९
- उपचार माग गरिएको विषयको जानकारी भएपछिको लामो समयसम्म त्यस विषयमा सार्थक सरोकार वा चासो नदेखाइनुका साथै त्यस किसिमको अनावश्यक विलम्बको वस्तुनिष्ठ आधार समेत प्रस्तुत गर्न नसकेको अवस्थामा उपचारको मार्गअवलम्बन गर्न अनुचित विलम्ब गरेको भन्ने देखिन आउने। अनुचित विलम्ब गरी उपचारको मार्गअवलम्बन गरेको देखिँदा निवेदनमा उठाएका विषयभित्र प्रवेश गरिरहनु नपर्ने। — जावलाखेल डिष्टिलरी प्रा. लि. वि. ने.रा.बैंकसमेत, नेकाप २०६५, नि.नं. ८०३४
- हक अधिकारको खोजिमा लापरवाही गरेको देखिँदैन, हक अधिकार आधात पार्ने निर्णयमा देखादेखी कानूनी त्रुटि छ वा निर्णय क्षेत्राधिकार विहिन र अनाधिकार छ वा तेस्रो पक्षको अधिकार सिर्जना भएको पनि छैन भने विलम्बको सिद्धान्त आकर्षित हुँदैन। — झमक ब. निरौला वि. मपस. नेकाप २०५५, नि.नं. ६४९१
- कानूनको अवैधताको प्रश्न नेपाली नागरिकको सर्वोच्च अदालतको ध्यानाकर्षण गराउने कार्य एवं — त्रिरत्न मानन्धर समेत वि. प्रमं. तथा मपका.

जिम्मेवारी हो । यसलाई कुनै समय सीमामा बाध्नु हुँदैन । अवैध कानन जहिले पनि अवैध नै हुन्छ । समय सीमाको कारणले अवैध कानून वैध कानूनका रूपमा रूपान्तरण हुन नसक्ने, — नेकाप २०६६, नि.नं. ८०५२

- २०२१ सालमा जारी भएको भूमिसम्बन्धी ऐनले ४६ वर्षको कालखण्डमा कतिपय व्यवहारहरूलाई मौलिक रूपबाट र कतिपय व्यवहारहरूलाई संशोधित रूपबाट नियमित गरिआएको परिप्रेक्ष्यमा ती व्यवहारहरूको वैधतालाई समेत प्रभावित तुल्याउने गरी हाल आएर उक्त ऐनको हदबन्दी सम्बन्धी मौलिक व्यवस्थालाई नै असंवैधानिक घोषित गरिपाऊँ भन्ने दावी न्याय र औचित्यको दृष्टिकोणबाट समेत पुग्न नसक्ने, — सरस्वती राणा वि. प्रमं. तथा मपका. समेत, नेकाप २०६८, नि. नं.८५६९

- संवैधानिकता वा Ultra Vires को प्रश्नमा अनुचित विलम्बको सिद्धान्त (Principle of Laches) लागू नहुने, — नेकाप २०६९, नि.नं.८८०२

- विलम्बको सिद्धान्तको प्रमुख तत्त्व समयको अन्तराल हो।यसले समन्यायलाई पराजित गर्दछ । विलम्बको सिद्धान्त र हदम्यादको सिद्धान्त एकै होइनन्।हदम्यादको सिद्धान्त समयसीमामा आधारित छ ।यसको लागि समयतत्त्व नै महत्त्वपूर्ण हुन्छ।हदम्यादको सिद्धान्तमा भएको कानूनी व्यवस्था जस्तो प्राविधिकरूपमा समयको गणना गरेर विलम्बको सिद्धान्तलाई प्रयोग नगरिने।विलम्बको सिद्धान्त लाग्न सक्ने अवस्था छ छैन भन्ने निष्कर्षमा पुग्न मुद्दा वा सोमा भएको कामकारबाहीको प्रकृति, सम्बन्धित पक्षले मुद्दाको सन्दर्भमा देखाएको आचरण, निजले न्यायका लागि न्यायिक निकायमा आउन लगाएको समय, निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हकहितमा पर्ने वा पर्न सक्ने असर र न्यायको उद्देश्य पूरा हुने वा नहुनेसमेतका कुराहरूलाई समष्टिगत रूपमा हेरिनु पर्ने । — सुनिलकुमार अधिकारी विरूद्ध भूसुका काठमाडौंसमेत नेकाप २०७६ अंक ४ नि नं १०२५४

- एघार वर्षपछि कुनै उचित आधार र कारण नखोली पुनः रिट निवेदन दिएको विषयमा विलम्बको सिद्धान्त आकर्षित हुने, — स्वराज शाक्य वि. नेबैलि. समेत नेकाप २०७७, नि.नं. १०४८१

## ३. सार्वजनिक सरोकारको सिद्धान्त (Doctrine of Public Interest)

कुनै व्यक्तिको संविधान र कानूनद्वारा प्रदत्त हक अधिकारमा आघात पुग्न गएमा सो को उपचारका लागि सम्बन्धित व्यक्ति स्वयं अदालतमा प्रवेश गर्नुपर्ने मान्यता मुद्दाको कारवाहीमा अपनाइने सामान्य नियम हो । तर यो नियमलाई कठोरतापूर्वक पालन गर्दा सार्वजनिक हित र स्वार्थको संरक्षणको विषय ओझेलमा पर्न सक्ने संभावनालाई दृष्टिगत गरी कतिपय मुलुकमा न्यायिक सक्रियताको माध्यमबाट र कतिपय मुलुकमा संविधान एवं कानूनमै व्यवस्था गरी सार्वजनिक हित र सरोकारको विषयमा उपचारको लागि जोसुकैले पनि अदालतमा प्रवेश गर्न पाउने अभ्यासलाई मान्यता दिने प्रचलनको विकास भएको छ । यही अभ्यासलाई नै सार्वजनिक सरोकारको सिद्धान्त भनिन्छ र यसरी अदालतमा ल्याइने विवादलाई सार्वजनिक सरोकारको विवाद भनिन्छ । सार्वजानिक सरोकारको विवादलाई सामाजिक सरोकारको विवाद अर्थात् Social Action Litigation को नामबाट पनि सम्बोधन गरिने प्रचलन रहेको छ । भारतमा PIL (Public Interst Litigation) लाई SAL (Social Action Litigation) को नामबाट पनि सम्बोधन गरिन्छ । नेपालको संविधान (२०७२) ले सार्वजनिक सरोकारको विवाद निरूपण गर्न सक्ने अधिकार उच्च अदालतलाई समेत प्रदान गरेको छ । सार्वजनिक सरोकारको विवाद हुन निम्न आवश्यक मानिन्छन्–

१. विवाद सार्वजनिक प्रकृतिको (Pro Bono Publico) हुनुपर्ने

२. वास्तविक प्रतिनिधित्व (Bonafide Representation) हुनु पर्ने

३. विवाद र निवेदकका बीच सार्थक सम्बन्ध (Substantial interest) हुनु पर्ने

४.अर्थपूर्ण प्रतिनिधित्व (Meaningful relation र Represention) हुनु पर्ने

५. विवादमा सबैधानिक वा कानूनी प्रश्न (Constututiona or Legal Question) समावेश भएको हुनु पर्ने,

६. विवाद न्यायिक निरूपणयोग्य हुनु पर्ने,

७. विवाद राजनीतिक प्रकृतिको हुन नहुने (Not in Polotical Nature),

## संवैधानिक तथा कानूनी व्यवस्था

- सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकारक्षेत्र सर्वोच्च अदालतलाई हुने।असाधारण अधिकार क्षेत्र अन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लागयतका अन्य उपयुक्त आदेश जारी गर्न सक्ने, — संविधान, २०७२ को धारा १३३ (२) र (३)
- सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ । सो प्रयोजनको लागि उच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, अधिकारपृच्छा लागयतका जनुसुकै उपयुक्त आदेश जारी गर्न सक्ने, — संविधानको धारा १४४ (१) र (२)
- संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि सो विवादको विषयसँग सार्थक सम्बन्ध र तात्विक सरोकार भएको व्यक्तिले निवेदन दिन सक्नेछ । — सर्वोच्च अदालत नियमावलीको नियम ३२(१)(ख)
- सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि दिने निवेदनको साथमा नियम ४० को उपनियम (२) (च) बमोजिमको निस्सा, अध्ययन प्रतिवेदन, प्रमाण कागज संलग्न सो विवादको विषयसँग सार्थक सम्बन्ध र तात्विक सरोकार भएको व्यक्तिले निवेदन दिन सक्नेछ । — सर्वोच्च अदालत नियमावलीको नियम ४१
- काबु बाहिरको परिस्थिति परेकोमा बाहेक सार्वजनिक हक वा सरोकारको विवादको सुनुवाइको प्रत्येक चरणमा निवेदक उपस्थित भई अदालतको आदेश बमोजिम बहस पैरवी लगायतका कार्य गर्नु गराउनु पर्ने, निवेदकले दर्ता गराएको सार्वजनिक हक वा सरोकारको कुनै विवादको विषयमा निरन्तर अध्ययन अनुसन्धान गरी विवाद निरूपण गर्न अदालतलाई हरसम्भव सहयोग पुराउनुपर्ने । — सर्वोच्च अदालत नियमावलीको नियम ४२

## सर्वोच्च अदालतको फैसला / आदेश:

- सार्वजनिक हक वा सरोकारको विवाद भन्नाले कुनै खास व्यक्ति वा व्यक्तिहरूको व्यक्तिगत हक वा सरोकारमा मात्र सीमित भएको विवाद नभएर नेपाल अधिराज्यको सर्वसाधारण जनता वा कुनै जनसमुदायको सामुहिक हक वा सरोकारसँग सम्बन्धित भएको विवादको वोध हुन्छ । कुनै विवाद सार्वजनिक हक वा सरोकारको हो वा होइन भन्ने कुराको निर्णय त्यो विवाद सर्वसाधारण जनताको वा कुनै जनसमुदायको सामुहिक हक वा सरोकारसँग सम्बन्धित छ वा छैन भन्ने आधारमा गर्नुपर्ने। यदि नेपाल सरकार वा अन्य कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानून वा संविधान बमोजिम गर्नुपर्ने कुनै काम गरेन वा गर्न नहुने कुनै काम गऱ्यो र त्यसको परिणाम स्वरूप कुनै व्यक्ति वा व्यक्तिहरूलाई कानूनको दृष्टिमा कुनै क्षति पुगेको छैन तर जनसाधारणको सामान्य हित वा स्वार्थमा प्रतिकूल प्रभाव परेको छ भने त्यो सार्वजनिक हक वा सरोकारको कुरा हुने, — राधेश्याम अधिकारी वि. मपस, नेकाप २०४८, नि.नं. ४४३०
चुडानाथ भट्टराई वि. लोसेआ, नेकाप २०५४, नि.नं. ६४०२
- हकदैया सम्बन्धी साघुरो विधिशास्त्रीय मान्यतालाई सार्वजनिक हक वा सरोकार निहित (Public Interest Litigation) विवादको विषयवस्तुका सम्बन्धमा अदालत प्रवेशका सम्बन्धमा सार्वजनिक हक र सरोकारका कारण अदालत उदार रहन्छ । यसको लागि पीडित वा प्रभावित जनसमुदायको प्रतिनिधित्व गरी जो सुकै सचेत नागरिक अदालतको ढोका घच्घच्याउन आउन सक्ने हुन्छ । तर त्यसको लागि अदालत समक्ष ल्याइएको विवादको विषयवस्तुसँग निवेदकको व्यक्तिगत स्वार्थ निहित रहेको देखिनु हुँदैन । विवादको विषयवस्तु आम जनता वा सर्वसाधारणहरूसँग सम्बन्धित देखिनु पर्ने — बालकृष्ण न्यौपाने वि. मपस नेकाप २०६५, नि.नं. ८०१६
- सामाजिक न्यायको दृष्टिकोणबाट सरकारले गरेको निर्णयले कुनै सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक दृष्टिकोणले पिछडिएको बर्ग, समुदाय वा क्षेत्रका प्रति न्याय हुन सकेको छैन वा राष्ट्रिय स्रोत र साधनको वितरणमा त्यस्ता वर्गको पहुँच सुनिश्चित हुन सकेको छैन भने त्यसरी पिछडिएका वर्ग समुदाय वा क्षेत्रका — मुरलीप्रसाद शर्मा वि. उद्योग मंत्रालय समेत, नेकाप २०६८, नि.

व्यक्तिको अदालत वा राज्यका संयन्त्रहरूमा पिछडिएको वा चेतनास्तर कम भएको कारण सहज पहुँच छैन भने सोही कारणले मात्र सामाजिक न्यायबाट वञ्चित हुन नपरोस भन्ने उद्देश्यले त्यस्ता व्यक्तिहरूको तर्फबाट अन्य व्यक्तिहरूले समेत न्यायिक उपचार माग गर्न सक्ने व्यवस्था सार्वजनिक सरोकारको विषय हुने । सार्वजनिक सरोकारको विषयको पहिचान गर्दा कुनै विवाद खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारसँग सम्बन्धित छ वा सर्वसाधारण नागरिक वा जनसमुदायको सामुहिक हक वा सरोकारसँग छ भन्ने कुरा हेर्नुपर्ने ।

नं.८६८०

- सार्वजनिक सरोकारको विवादको विषयमा यस अदालतमा निवेदन दिनु पूर्व सो विषयको कामकारवाही गर्नुपर्ने वा गर्नु नपर्ने कर्तव्य भएको निकाय वा पदाधिकारी समक्ष आवश्यक उपचारको लागि निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन दिएकोमा सो प्रक्रियामा अनुचित विलम्ब भई वा सो प्रक्रिया निस्प्रभावी भई यस अदालत समक्ष उपचार माग गर्नु परेको भए सोको व्यहोरा समेत निवेदनमा खुलाउनु पर्ने,
  सार्वजनिक सरोकारको विवादको विषयमा निवेदन दिन कुनै समुदायको व्यक्तिहरू स्वयम अदालतमा आउन नसक्ने अवस्था रहेको र गरिब, असाहय, अशिक्षित, वृद्धवृद्धा, बालक, मजदुर, अशक्त महिला वा आर्थिक वा समाजिक कारणले पिछाडिएको वर्ग वा निवेदक स्वयम त्यस्तो समुदाय वा वर्गको व्यक्ति भई निवेदन दिनु परेको भए सो कुराको विश्वास हुने आधारहरू समेत निवेदनमा खुलाउनु पर्ने। निवेदनमा पूर्ण सुनुवाइ हुँदा निवेदकले सार्वजनिक सरोकारलाई भन्दा अन्य निहित स्वार्थ वा सरोकारलाई उठाएको, व्यक्तिगत लाभ पाउने वा कसैप्रति आवश्यक हैरानी दिने उद्देश्यले वा राजनीतिक वा आर्थिक स्वार्थबाट प्रेरित भई निवेदन दिएको वा बास्तविक सरोकारवालालाई प्रतिकूल असर पार्ने वा धोकाजन्य क्षति पुऱ्याउने उद्देश्य लिएको भन्ने सम्बन्धित ईजलासलाई लागेमा त्यस्तो रिट निवेदन खारेज गरी निवेदकलाई कुनै निश्चित अवधिसम्म कालो सुचीमा राखि सार्वजनिक सरोकारको विवादमा निवेदन दिन नपाउने गरी र सो निवेदन दर्ता भएको कारणले त्यस्तो कार्य सम्पन्न गर्न नपाउँदा प्रतिरक्षा पक्षलाई पुग्न गएको क्षति वा थप आर्थिक व्ययभार वा त्यस्तो कार्यको लागतमा वृद्धि हुने अवस्था समेतलाई विचार गरी सो निवेदकबाट खास समयावधि भित्र मनासिव रकम भरी पाउने तर्फ छुट्टै कारवाही गर्न आदेश दिन सक्ने । उक्त आदेश भई चलेको कारवाहीबाट भराई पाउने ठहरिएको मनासिव रकम निवेदकले नबुझाएमा त्यस्तो रकम निजबाट जरिवाना सरह असुल उपर हुने,

भिमसेन पोखरेल समेत वि.व्यवस्थापिका संसद सचिवालय समेत ने.का.प २०७०, अंक १, नि.न.८९४०

- सार्वजनिक सरोकारको विवाद ल्याउने व्यक्ति सार्वजनिक हक वा सरोकारको गुणात्मक प्रतिनिधित्व गर्न सक्ने हुनुपर्ने,

नेकाप २०५४, नि.नं. ६३९६

- सार्वजनिक सरोकारको विवादमा सार्वजनिक हक वा सरोकारको विषय मात्र समाबेश हुनु पर्याप्त हुँदैन, संवैधानिक वा कानूनी प्रश्न पनि विद्यमान हुनुपर्ने,

नेकाप २०५९, नि.नं. ७०८८

- कुनै विवाद सार्वजनिक विवादको रूपमा अदालतमा ल्याउन त्यस्तो विवाद कानून वा संविधानमा आधारित हुनु पर्ने, केवल सामान्य अभिरुची वा चासो मात्र पर्याप्त नहुने,

नेकाप २०४८, नि.नं. ४४३०

- आफ्नो हक हित वा सरोकारको विषयमा प्रत्यक्ष वा निजी स्वार्थ देखाई आएकोमा सार्वजनिक विषयलाई लिएर आएको मान्न नमिल्ने,

नेकाप २०४९, नि.नं. ४५६५

- निरूपण हुनुपर्ने विवादमा सार्वजनिक सरोकारको विषय समावेश हुंदैमा धारा ८८ (२) अन्तर्गत स्वीकार्य हुने नभई त्यस्तो विवाद कानून र संविधानमा आधारित हुनुपर्दछ र अदालतबाट निरूपण हुनुपर्ने प्रकृतिको हुनुपर्ने,

नेकाप २०५१, नि.नं. ४८९५,

- कम्पनीको मामलामा शेयरधनीको Locus standi को बारेमा फराकिलो दृष्टिकोणले हेर्नुपर्ने । देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको बैङ्कहरू सञ्चालन हुन नसकेको कारणले देशको central Bank ले नियन्त्रणमा लिई सञ्चालन गर्नुपर्ने बिषयलाई महत्वपूर्ण कानूनी प्रश्न समावेश भएको सार्वजनिक सरोकारको बिषय होइन भन्न सकिदैन र यस्तो विवादलाई Public Interest Litigation भन्नुपर्ने,

राजेन्द्र कुमार खेतान वि. नेपाल राष्ट्र बैंक समेत, नेकाप २०६५, नि. नं. ७९४९

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को सन्दर्भमा देहायको बिवाद सार्वजनिक हक वा सरोकारको विवाद समावेश भएको संवैधानिक वा कानूनी प्रश्न निरूपण गर्नुपर्ने बिवादको रूपमा अर्थात Public Interest Litigation को विवाद मान्न सकिने,

सुनिलबाबु पन्त वि. मपका, नेकाप २०६५, नि.नं. ७९५८

- राज्यको ढिलाई वा Inaction को कारण विभिन्न वर्ग, जातजाति, लिङ्ग, समूह, भाषा भाषी आदि नागरिकको विभिन्न समूह संविधानको भाग ३ ले प्रदान गरेको मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- राज्यले क्रमशः लागू गर्ने निर्देशक सिद्धान्तलाई वेवास्ता गरेको कारण मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- राज्यको तर्फबाट वर्तमान संविधानको प्रस्तावना खासगरी प्रस्तावनाको चौथो प्रकरणको व्यवस्था र भावना विपरीत हुने कार्य भएको अवस्थामा,
- न्यायपालिकाको स्वतन्त्रता र संविधान बमोजिम स्वतन्त्र भएर काम गर्नुपर्ने अन्य संवैधानिक निकायको स्वतन्त्रतामा हस्तक्षेप सम्बन्धी विषय,
- वातावरण प्रदुषण सम्बन्धी विषय,
- संविधानको धारा १३(३)को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएका विशेष व्यवस्था गरी संरक्षण र सशक्तीकरण गर्न सकिने जातजाति वा व्यक्ति वा वर्गको हकहित सम्बन्धी विषय,
- संविधानको भाग ३ र ४ मा उल्लिखित अन्य व्यक्ति वा समूह वा वर्गको हकहित सम्बन्धी विषय,
- नेपालको प्राकृतिक श्रोत सम्पदा जस्तैः सार्वजनिक जग्गा, नदीनाला, वनजंगल आदि Public Trust Doctrine अन्तर्गत पर्ने विषय,
- नेपालको सांस्कृतिक सम्पदा सम्बन्धी ऐतिहासिक र पुरातात्विक विषयहरू,
- कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना नगरेको कारणबाट नागरिकहरूको कुनै वर्ग वा समूह वा जातजाति पीडित हुन परेको विषय,

➢ कुन विषयमा अनुसन्धान गर्ने, कुनमा नगर्ने तथा कुनमा अभियोजन गर्ने तथा कुनमा नगर्ने भन्ने जस्ता प्रश्नहरूका सम्बन्धमा संविधानले स्थापित गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगकै क्षेत्राधिकारभित्रका कुरा हुन। यस्तो संवैधानिक आयोगको क्षेत्राधिकार उल्लंघन हुने गरी आदेश माग गर्न र जिम्मेवार निकायका पदाधिकारीहरू उपर बिना कुनै आधार भ्रष्टाचार जस्तो गम्भीर अपराधमा कारवाहीको लागि आदेश माग गरी सार्वजनिक सरोकारको विषय भनी यस अदालतको अधिकारक्षेत्रभित्र प्रवेश गर्ने कार्यले सार्वजनिक सरोकारको विवादको क्षेत्राधिकारको स्पष्ट दुरूपयोग भएको अवस्था देखिने। जस्तोसुकै प्रकृतिको विवादलाई पनि सार्वजनिक सरोकारको विवादको आवरण ओढाएर अदालत प्रवेश गर्ने कार्यले अदालत, पक्षहरूको महत्वपूर्ण स्रोत, साधन, सीप एवं समयको वर्वादीमात्रै नभएर त्यस प्रकारको विवादले अर्थपूर्ण परिणाम समेत निकाल्न नसक्ने । अधिकारप्राप्त अधिकारीले कानूनसम्मत् गरेको कामलाई सार्वजनिक सरोकारको विवाद वा विषय भनी यस अदालतसमक्ष विवाद खडा गर्न दिइरहने र सो क्रियालाई समयमै नरोक्ने हो भने त्यस्तो विवादले सार्वजनिक सरोकारको विवाद सम्बन्धी अवधारणा एवं सिद्धान्तमा नै प्रतिकूल असर नपार्ला भन्न नसकिने,

गणेशप्रसाद सिग्देल वि. अर्थ मंत्रालय समेत, नेकाप २०६७, नि.नं. ८४४३

➢ आधारहिन, निहित स्वार्थ वा बौद्धिक सन्तुष्टिको लागि सार्वजनिक सरोकार भनी आफ्नो कुनै सम्बन्ध वा अर्थपूर्ण सरोकार नरहेको विषयमा रिट दिन नमिल्ने,

गणेश रेग्मी वि. सर्वोच्च अदालतसमेत २०७८-WC-००३५, आदेश मितिः २०७८।१२।०९

## ४. हकदैयाको सिद्धान्त (Doctrine of Locus Standi)

रिट निवेदनका सन्दर्भमा हकदैयाको सिद्धान्तले अदालतमा रिट निवेदन दायर गर्न पाउने अधिकार भन्ने बुझिन्छ। साधारणतया जुन व्यक्तिको हकमा आघात परेको हुन्छ, उपचारको लागि त्यहिँ व्यक्तिले मात्र अदालतमा प्रवेश गर्न पाउँछ भन्ने हकदैयाको सामान्य सिद्धान्त हो। हकदैयाको सम्बन्धमा निम्न कुराहरू विचारणीय हुन्छन्:–

- कुनै संवैधानिक एवं कानूनी हकको विद्यमानता,
- त्यस्तो हकको उल्लंघन भएको अवस्था,

- सम्बन्धित पीडित व्यक्ति aggrieved person ले नै उपचारको लागि रिट निवेदन दिनुपर्ने,
- विवादित विषय बस्तुसँग पर्याप्त सरोकार (sufficient interest) भएको व्यक्ति सम्बन्धित मानिने,
- सरोकारको पर्याप्तता मुद्दाको प्रकृति र अवस्थाको आधारमा अदालतबाट निर्धारण हुने,
- हकदैयाको प्रश्न प्रारम्भमै निरूपण हुनु पर्ने,

रिट दायर गर्ने हकदैया छैन भने रिट निवेदनमा उठाइएको विवादको विषयमा प्रवेश गर्नु पर्ने जरुरी हुँदैन । पीडित व्यक्तिले नै उपचारको माग गर्ने विषय अधिकार र उपचार एक अर्काका परिपुरक हुन् भन्ने सिद्धान्तमा आधारित रहेको छ । त्यसैले जसको अधिकारमा आघात पुगेको छ उसैलाई मात्र उपचार माग्ने अधिकार रहन्छ (The principle is based on the theory that remedies and rights are correlative and, therefore, only a person whose own right is in jeopardy is entitled to seek a remedy)। तर बन्दीप्रत्यक्षीकरण, अधिकारपृच्छा र सार्वजनिक सरोकारको विवादमा पीडित व्यक्ति बाहेक पीडितको तर्फबाट उल्लंघन भएको अधिकारको उपचारको लागि अन्य व्यक्ति समेत अदालत जान सक्ने भएकोले यो सिद्धान्त कठोरतापूर्वक लागू हुँदैन।

**सर्वोच्च अदालतको फैसला/आदेश**

- हकदैया नपुगेको रिट निवेदन खारेज हुने,
  - नेकाप २०५०,नि.नं. ४७७९
  - नेकाप २०५७,नि.नं. ६९१३
  - नेकाप २०५९ नि.नं. ७१४५

- उजुर गर्न पाउने हकदैया देखाउन नसके रिट जारी नहुने,
  - नेकाप २०५२,नि.नं. ६०५५
- संस्थाको कुनै कर्मचारी वा पदाधिकारी भएकै नाताले मात्र अख्तियारनामाको अभावमा सो संस्थाको प्रतिनिधित्व गर्ने अधिकार सिर्जना नहुने,
  - श्याम पोखरेल वि. मपस, नेकाप २०५१, नि.नं. ४८५९

- संस्था दर्ता हुँदा स्वीकृत उद्देश्य बाहिरको काम कुराको हकमा नालिस उजुर गर्ने हकदैया सो संस्थालाई नहुने,
  - सीताशरण मण्डल वि. गृह मन्त्रालय समेत, नेकाप २०५९, नि.नं. ७१५४

- हकदैयाको सिद्धान्त अदालतमा जथाभावी जोसुकै पनि विवाद लिएर आउन नसकोस्, खास आफ्नो हक अधिकारमा आघात भै मार्का पर्ने व्यक्ति मात्र न्याय प्राप्तिका लागि आउन सकोस् भन्ने दृष्टिबाट प्रतिपादित व्यवहारिक सिद्धान्त हो। जो सुकै पनि आफ्नो सरोकार देखाएर अदालत समक्ष आउने व्यवस्था हुने हो भने अदालतहरू मुद्दाको बोझबाट दविने भै न्याय इन्साफ कार्य दुष्कर हुन जान्छ भन्ने अवधारणामा पारम्परिक हकदैयाको सिद्धान्त रहेको,
  - चन्द्रकान्त ज्ञवाली समेत वि प्रमं तथा मपका समेत नेकाप २०६३ नि नं ७६४३

- बढुवा विशुद्ध सेवा सम्बन्धी कानूनको प्रशासनिक विषय भएकोले सोको सम्बन्धमा सेवा सम्बन्धी कानून बमोजिम आफ्नो स्वार्थ वा सरोकार रहेको व्यक्ति बाहेक अरुले प्रश्न उठाउन हकदैया नपुग्ने।
  - सुनिलरंजन सिहं वि प्रमं तथा मपकासमेत नेकाप २०६९,नि नं ८९३३

## ५. कानूनी शासनको सिद्धान्त (Doctrine of Rule of Law)

रिट क्षेत्राधिकार अन्तर्गत न्यायिक पुनरावलोकनका लागि अदालतले लिने एउटा आधार कानूनको शासनको सिद्धान्त (Rule of Law) हो । कानूनको शासनको सिद्धान्त भन्नाले सामान्य अर्थमा कानूनका अगाडि सबै समान छन् र सबैलाई कानूनले समान रूपमा संरक्षण गर्नुपर्छ भन्ने हो । कुनै पनि व्यक्तिले स्वविवेकीय अधिकार प्रयोग गर्दा कानूनले तोकिदिएको सीमा भित्र रहेर उचित र मनासिव आधारमा मात्र त्यस्तो अधिकारको प्रयोग गर्नु पर्दछ । कुनै पनि कारवाही गर्दा कानूनको उचित प्रक्रिया (Due process of Law) को अनुसरण गरेर मात्र त्यस्ता काम कारवाहीहरू गरिनु पर्दछ । कानूनी शासनमा व्यक्तिको स्वेच्छाचारिताको गुन्जायइस हुनुहुँदैन । कानून अनुसार मात्र त्यस्तो कुनै पनि पदाधिकारीले निर्णय गर्नु पर्दछ । व्यक्तिको शासनको विपरीत कानूनको शासन अर्थात् कानून बमोजिम शासन गर्ने कार्यलाई जनाउँछ । कानूनको शासनको सिद्धान्तका सम्बन्धमा निम्न कुराहरू विचारणीय हुन्छन्:

- कानूनको विद्यमानता – कानून विहिनताको स्थितिमा कुनै कार्य गर्नु कानूनको शासनको सिद्धान्त विपरीत मानिन्छ । त्यस्तो कानून वैध हुनु पर्दछ ।
- कानूनको सर्वोच्चतालाई स्वीकारिएको हुनु पर्छ ।
- स्वविवेकीय अधिकारको स्वेच्छाचारी प्रयोग माथि नियन्त्रणको स्थिति हुनु पर्दछ ।
- कानूनको अगाडि समानता हुनुपर्दछ ।
- स्वतन्त्र र सक्षम न्यायपालिकाको प्रबन्ध रहनु पर्दछ ।

### सर्वोच्च अदालतको फैसला/आदेश

- अधिकारको दुरूपयोग गर्ने प्रवृत्तिले स्वेच्छाचारी स्वरूप धारण गरी भएको कार्यले कानूनी राज्यको अवधारणामा आघात पर्ने, — नेकाप २०४८, नि.नं. ४४३०
- कानूनी राज्य भनेको नै कानूनद्वारा कोरिएको निर्दिष्ट घेराको मर्यादा कायम राख्नु हो । — नेकाप २०५०नि.नं. ४७०३
- तजविजी अधिकार अनियन्त्रित अधिकार होइन, अपरिमित र असीमित अधिकार पनि होइन । तजविजी अधिकारको प्रयोगमा स्वेच्छाचारिताको पुट आउन हुँदैन वास्तवमा निरंकुश स्वेच्छाचारिता कानूनी राज्यको अवधारणाको प्रतिकूल हुने । — बाबुराम पौडेल वि. मपस, नेकाप २०५१ नि.नं. ४८७५
- तजविजी अधिकारको प्रयोग स्वेच्छाचारी ढंगबाट गर्दछ भने संविधानले अड्डिकार गरेको कानूनी राज्यको अवधारणाको उपहास हुन पुग्दछ । — नेकाप २०५१, नि.नं. ४९८५
- निर्णय आधार, कारण र औचित्यविहिन मात्र नभै वदनियतपूर्ण भएकोले कानूनी राज्यको अवधारणा प्रतिकूल रहेको देखिंदा रितपूर्वक भन्न नमिल्ने । — नेकाप २०५५, नि.नं. ६६२४
- कानूनको उचित प्रकृया अवलम्बन गरिएको हुनु पर्ने । प्रजातन्त्रको विश्वव्यापी मापदण्डको रूपमा रहेको अन्तरिम संविधानले अवलम्बन गरेको विधिको शासनलाई संविधानले आधारभुत संरचना नभने पनि स्वभाविक रूपमा यो विषय अन्तरिम संविधानको अन्तरनिहित आधारभुत संरचना हुँदा असंशोधनीय हुने । — सुबोधमान नापित वि. प्रमं. तथा मपका. नेकाप २०६७, नि.नं. ८३८५
- राज्यका प्रत्येक निकाय र पदाधिकारीले कानूनबमोजिम आफ्नो काम गर्नुपर्ने हुन्छ । शासन विधिको हुनुपर्दछ व्यक्तिको होइन भन्ने विधिको शासनको मूलभूत सिद्धान्त हो। कानून बमोजिम नभएको वा कानूनको उचित प्रक्रिया पूरा नगरी गरिएको कार्य वा निर्णय कानूनको सिद्धान्तको प्रतिकूल हुने । — हरिगोविन्द लुइटेल वि प्रमं तथा मपका नेकाप २०७२ निनं ९४१३

## ६. सार्थक सम्बन्ध र तात्विक सरोकारको सिद्धान्त (Doctrine of Meaningful Relation and Substantial Interest)

सार्थक सम्बन्ध र तात्विक सरोकारको सिद्धान्त सार्वजनिक हक वा सरोकारको विवाद लिएर अदालतमा आउने हकदैयाको प्रश्नसँग सम्बन्धित छ । साधारणतया जुन व्यक्तिको संवैधानिक वा कानूनी हकमा आघात परेको हुन्छ त्यही व्यक्तिले मात्र सो को उपचारको लागि अदालतमा प्रवेश गर्न पाउँछ । तर सार्वजनिक हक वा सरोकारको विवादमा कुनै व्यक्तिको व्यक्तिगत हक वा सरोकारको मात्र प्रश्न नभई सर्वसाधारण जनता वा कुनै जन समुदायको सामूहिक हक वा सरोकारको प्रश्न समावेश हुने भएकोले यस सम्बन्धमा कारवाही चलाउने हकदैया जोसुकैलाई पनि प्राप्त भएको मानिन्छ । सार्वजनिक हक वा सरोकारको विवादमा जोसुकैले पनि कारवाही चलाउन पाउने हकदैयाका सम्बन्धमा एउटै मात्र शर्त के छ भने यस्तो विवाद अदालतमा जसले ल्याएको हो त्यो विवादको विषय वस्तुसँग निजको सार्थक सम्बन्ध वा तात्विक सरोकार रहेको हुनुपर्छ ।

### सर्वोच्च अदालतको फैसला/आदेश

- सार्वजनिक हक वा सरोकारको विवाद भनेर अदालतमा जसले निवेदनपत्र दिएको छ, त्यो विवादको विषय वस्तुसँग निजको सार्थक सम्बन्ध वा तात्विक सरोकार हुनैपर्छ । — नेकाप २०४८, नि.नं. ४४३०
- विमा व्यवसायसँग सम्बन्ध नभएका व्यक्तिलाई कुनै कम्पनिले विमकको रूपमा दर्ता गर्ने सिल्सिलामा पेश गरेको कागजातको नक्कल माग्ने र पाउने हकदैया नहुने, सो विषयसँग निजको तात्विक सरोकार र सार्थक सम्बन्ध रहेको पनि नपाइएको । — नेकाप २०५८, नि.नं. ७००४
- निवेदकले उठाएको विषय निजसँग सार्थक सम्बन्ध भएको नदेखिएको स्थितिमा सार्वजनिक सरोकारको विषय भनी रिट दिने हकदैया नहुने । — नेकाप २०५८ नि.नं. ७०३१ नेकाप २०६७ नि.नं. ८४८४
- जुन निर्णय बदर गरी पाउँ भनी निवेदन परेको हो सो निर्णयसँग निवेदकको सार्थक कानूनी सम्बन्ध रहेको नदेखिँदा निवेदन लिएर आउन पाउने हकदैया नहुने । — नेकाप २०६० नि.नं. ७२३२
- सार्वजनिक सरोकारको विवाद र त्यसमा संवैधानिक र कानूनी प्रश्न समावेश भएको जिकिर लिई उपचार खोज्न आउने व्यक्तिले निस्वार्थरूपमा सफा हात लिई आउनु पर्ने । — नेकाप २०६६ नि.नं. ८१३०
- सार्वजनिक सरोकारको विषयमा निवेदन दिने निवेदकले विवादको विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार रहेको कुरा देखाउन सक्नु पर्दछ । अन्यथा निवेदन गर्ने हकदैया स्थापित हुन सक्दैन । सार्वजनिक सरोकारका विवादहरूमा हकदैयाको सिमालाई बढाइएको हुन्छ भन्दैमा सबैलाई सबै विषयमा स्वतः निवेदन गर्ने हकदैया हुन्छ भनी अर्थ गर्न नमिल्ने । — कृष्णप्रसाद ढकाल समेत बि प्रमं तथा मपका, समेत नेकाप २०७३ नि.नं ९५६०

## ७. वैकल्पिक उपचारको सिद्धान्त (Doctrine of Alternative Remedy)

वैकल्पिक उपचारको सिद्धान्त रिट क्षेत्राधिकारका सम्बन्धमा लागू हुने सिद्धान्त हो । यसको सामान्य अर्थ कुनै हक अधिकारको हनन भएको स्थितिमा सो को उपचारको लागि कानूनमा वैकल्पिक व्यवस्था भएसम्म सो अवलम्बन नगरी रिट क्षेत्राधिकार आकर्षित हुँदैन भन्ने हो । कानूनले कुनै हक अधिकारको सिर्जना गर्दा त्यस्ता हक अधिकार माथि आघात पुग्न गएमा उपयुक्त उपचारको व्यवस्था पनि गरेको हुन्छ । भनिन्छ – जहाँ अधिकार छ त्यहाँ उपचार पनि *(Ibi Jus ubi remedium)* हुन्छ । त्यसैले यदि कुनै हक अधिकारमा आघात पुग्दछ भने सोही कानूनमा व्यवस्थित उपचार अवलम्बन गर्नुपर्छ भन्ने मान्यतामा यो सिद्धान्त आधारित छ । तर वैकल्पिक उपचारको सिद्धान्त रिट क्षेत्राधिकारको प्रयोगका सम्बन्धमा अदालतद्वारा विकसित गरिएका आत्मनियन्त्रित सीमा मात्र हो । यो कानूनद्वारा व्यवस्थित नियम भन्दा पनि नीति र सुविधामा आधारित अदालतको स्वविवेकीय सिद्धान्त हो । हाम्रो कानूनी प्रणालीकले अदालतबाट विकसित आत्मनियन्त्रणको सीमाको रूपमा रहेको यो सिद्धान्तलाई संवैधानिक व्यवस्थाको रूपमा स्वीकार गरिसकेको छ ।

### वैकल्पिक उपचारको सिद्धान्तका सम्बन्धमा विचारणीय कुराहरू

- सामान्य न्यायिक प्रक्रियाबाट उपचार पाउने अवस्था हुँदाहुँदै असामान्य उपाय अवलम्बन गर्नु हुँदैन।
- सामान्य न्यायिक प्रक्रियालाई आफ्नो गतिमा स्वच्छ ढङ्गले अगाडि बढ्न दिनुपर्छ।

- सामान्य न्यायिक प्रक्रियाबाट विवादित विषय वस्तुको तथ्य भित्र प्रवेश गरेर छानविन गरिने हुँदा यो बढी प्रभावकारी हुन्छ।
- रिट क्षेत्राधिकारको उद्देश्य मातहत अदालत र निकायको अधिकार क्षेत्रको ठाउँ लिने र प्रतिस्थापन गर्ने होइन।
- सामान्य प्रक्रियाबाट उपचार पाउन सक्ने विषयमा पनि रिट क्षेत्राधिकारबाट उपचार प्रदान गर्ने हो भने विभिन्न उपचार क्षेत्रहरू बीच असन्तुलन पैदा भई न्यायिक सुव्यवस्था नै खलबलिन्छ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

➢ रिट उपचार असाधारण उपचार हो। कानूनले अन्य नियमित उपचारको व्यवस्था गरेको छ भने रिट क्षेत्रबाट उपचार खोज्नु उपयुक्त मानिदैन। रिट जारी वा खारेजीका आधारहरू संविधान वा कानूनमा विस्तृत रूपले परिमाषित वा व्यवस्थित गरिएको हुँदैन। रिट हेर्ने अधिकार पाएको अदालतहरूले रिटको उद्देश्यलाई दृष्टिगत गरी मुख्य मुख्य सिद्धान्त निश्चित गरेको हुन्छ। त्यस्ता सर्वमान्य सिद्धान्तहरू मध्ये अन्य प्रभावकारी उपचारको विद्यमानतालाई रिट खारेज हुने एउटा आधारको रूपमा स्वीकार गरिन्छ। नियमित उपचारको अभावमा वा नियमित उपचार रित्याई सकेपछि मात्र असाधारण उपचारको बाटो खुला हुने। सामान्य नियमित उपचार अवलम्बन गर्नुपर्ने कुरामा असामान्य असाधारण उपचार अवलम्बन गर्न उपयुक्त नहुने,

अर्थ मन्त्रालय वि. गोयल इन्डष्ट्रिज, नेकाप २०४९, नि.नं. ४५९८,

➢ जुन कानून अन्तर्गतको विवाद हो सोही कानून अन्तर्गतको उपचारको मार्ग अवलम्बन गर्नु पर्ने,
- नेकाप २०३१ नि.नं. ८७७

➢ पुनरावेदन गर्न पाउने वैकल्पिक उपचार हुँदाहुँदै रिट क्षेत्रमा प्रवेश गर्न नपाइने,
- नेकाप २०५२ नि.नं. ६०३२
- नेकाप २०४० नि.नं. १७०८
- नेकाप २०५८ नि.नं. ६९८४

➢ पुनरावेदन सुन्ने निकायले मुद्दाका विवादास्पद तथ्यहरू र साक्षि प्रमाणहरूको समेत छानविन विश्लेषण गरी निवेदकलाई आपराधिक दायित्वबाट पूर्ण मुक्त गरी सफाइ दिन सक्ने हुनाले पुनरावेदनको उपचार यस अर्थमा असाधारण उपचार भन्दा शक्तिशाली, बढी प्रभावकारी र सार्थक हुने। प्रचलित कानूनद्वारा व्यवस्थित सामान्य न्यायिक प्रक्रियालाई विलकुल बेवास्ता गरी कानून बमोजिम न्यायिक वा अर्धन्यायिक अधिकारीको कारबाही वा निर्णयमा यस अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रको उद्देश्य वा प्रयोजन मातहतका अदालत वा अर्धन्यायिक निकायहरूको अधिकार क्षेत्रको ठाउँ लिने वा प्रक्रिया नै निरर्थक तुल्याउने गरी सर्वोच्च अदालतले हस्तक्षेप गर्नु उचित र तर्कसंगत नहुने,

उत्तम कु. श्रेष्ठ वि. त्रि.वि. भन्सार कार्यालय, नेकाप २०४८, नि.नं. ४२८०

➢ त्रुटिपूर्ण निर्णयलाई सच्याउन सम्बन्धित पक्षले पहिले कानूनी बाटो नै अनुशरण गर्नुपर्छ। अन्यथा त्यस्तो निर्णयबाट प्रतिकूल असर पर्ने आफ्नो सम्पत्ति वा ज्युज्यान सम्बन्धी मौलिक हकमा आघात परेको छ भनी सोझै रिट क्षेत्रबाट उपचार खोज्न आउने हो भने संविधान वा कानूनले विवादको निरूपण गर्ने न्यायिक अर्ध न्यायिक अधिकारको प्रयोग गर्नु र त्यस्तो निर्णय उपर निवेदन वा पुनरावेदन लाग्ने व्यवस्था गर्नुको कुनै अर्थ वा प्रयोजन हुँदैन,

नेकाप २०५२, नि.नं. ६०३२ नेकाप २०५२, नि.नं. ६०१४

➢ अन्य उपचारको व्यवस्था भएकोमा रिट क्षेत्रबाट हेर्न नमिल्ने ।
- नेकाप २०५३ नि.नं. ६२४४

➢ पुनरावेदनको अनुमतिको व्यवस्थालाई निश्चित कानूनी उपचारको व्यवस्था संझनुपर्ने।
- नेकाप २०५० नि.नं. ४७७६

➢ नियमित उपचारको अभावमा वा नियमित उपचार रित्याई सकेपछि मात्र असाधारण उपचारको बाटो खुल्न आउने। पुनरावेदन सुन्ने अधिकारीलाई कानूनले प्रदान गरेको क्षेत्रको प्रयोग प्रभावकारी हुँदैन भनी अनुमान गर्न नसकिने,
- नेकाप २०४९ नि.नं. ४५८६

- नेकाप २०५० नि.नं. ४७७६

➢ करारमा विवादको निरोपण मध्यस्थताबाट गर्ने उल्लेख भएकोमा सो नगरी रिटमा प्रवेश गर्न नमिल्ने,

- नेकाप २०५२ नि.नं. ५०८८

➢ वैकल्पिक उपचार विद्यमान रहेको देखिदा प्रारम्भिक रूपमा नै रिट लाग्न सक्ने नदेखिएको,

- नेकाप २०६१ नि.नं. ७४०४

➢ कुनै पनि न्यायिक वा अर्धन्यायिक निकायको फैसला उपर पुनरावेदन गर्न पाउने अधिकार मौलिक वा संवैधानिक अधिकार नभई कानूनद्वारा सिर्जित अधिकारको रूपमा रहेको हुन्छ । पुनरावेदकीय अधिकार प्रदान गर्ने दफाले संविधान प्रदत्त मौलिक हक उपर के कस्तो बन्देज लगाएको वा के कसरी संविधानसँग बाझिन गयो वा संविधान प्रदत्त के कुन मौलिक हकमा के कसरी आघात पुऱ्याएको हो निवेदनमा उल्लेख गरेको नदेखिने । पुनरावेदकीय अधिकार कानूनद्वारा सिर्जना हुने अधिकार भएकोले त्यस्तो अधिकारमा कानूनले पुनरावेदन लाग्ने अवस्था तोक्न राख्न सक्ने ।

ओमप्रकाश तपडिया वि. प्रधानमन्त्री तथा म.प.स समेत, नेकाप २०६४ नि. नं. ७८१९

➢ साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार समानान्तर क्षेत्राधिकार पनि होइन र असाधारण क्षेत्राधिकारले साधारण क्षेत्राधिकारलाई अनादार गर्ने, सिमित तुल्याउने, नियन्त्रण गर्ने, प्रतिस्थापन गर्ने वा कुनै किसिमबाट निस्तेज तुल्याउने समेत असाधरण क्षेत्राधिकारको मकसद हुन नसक्ने । नियमित वा सामान्य क्षेत्राधिकारको विकल्प असाधारण क्षेत्राधिकार होइन । असाधारण क्षेत्राधिकार सामान्य क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकार पनि होइन । यसरी असाधारण क्षेत्राधिकारलाई साधारण क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकारको रूपमा लिने हो भने साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकार बीचको अन्तरनै मेटिन पुग्छ र साधारण क्षेत्राधिकारको औचित्यनै समाप्त हुन जाने ।

रामदेव यादव विरुद्ध प्रमं. तथा मपका ने.का.प. २०६८ नि.नं. ८६६५

## अपवाद

वैकल्पिक उपचारको विद्यमानतामा रिट क्षेत्र आकर्षित नहुने सामान्य सिद्धान्त रहे पनि केही खास अवस्थामा यो सिद्धान्त लागू हुँदैन । ती अवस्थाहरू निम्नानुसार छन्–

- मौलिक हकको हनन् भएकोमा,
- अधिकार क्षेत्रको अभावको प्रश्नमा,
- प्राकृतिक न्यायका सिद्धान्तको उल्लंघन गरी निर्णय भएकोमा,
- विशुद्ध कानूनी प्रश्न निहित मुद्दाको विषयमा,
- जुन कानून अन्तर्गत कारवाही वा निर्णय गरिएको हो सो कानून नै अमान्य र बदर हुने अवस्था रहेमा ।

## सर्वोच्च अदालतको फैसला/आदेश

➢ मौलिक हकको सम्बन्धमा अन्य उपाय भए पनि रिट क्षेत्र प्रयोग गर्न सकिन्छ ।

- नेकाप २०४७ नि.नं. ४२३५

➢ कानूनको दृष्टिमा शुन्य सरह हुने निर्णयका सम्बन्धमा पुनरावेदन वा अन्य कानूनी उपचारको अर्थ नरहने ।

- नेकाप २०५२ नि.नं. ६०३२

➢ निर्णय वा आदेश अधिकार विहिन छ वा निजले प्रयोग गरेको कानून नै संविधान सम्मत छैन वा अधिकारै नभएको निकायले अधिकार क्षेत्र ग्रहण गरेको छ अथवा प्राकृतिक न्यायको सिद्धान्त वा कानून विपरित मर्का पर्ने पक्षलाई प्रतिवाद गर्ने मौका नै नदिई निर्णय भएको छ भने त्यस्तो अवस्थामा अदालतले मद्दत गर्नु पर्दछ । तत्सम्बन्धमा पुनरावेदन वा अन्य कानूनी उपचारको कुनै अर्थ रहँदैन ।

प्रदिप कुमार अग्रवाल वि. कर कार्यालय, मोरङ, नेकाप २०५२, नि.नं. ६०३२

➢ वैकल्पिक उपचार भए पनि सो को अवलम्बन गर्न नसकिने विश्वासनीय आधार भए रिट आकर्षित हुन सक्ने,

- राजुमान सिंह मल्ल वि. अनुपकु.आचार्य, नेकाप २०६१, नि.नं. ७३६७

- सारवान तथा कार्यविधि कानून र सर्वमान्य न्यायिक सिद्धान्त एवं परम्परा समेतको विपरीत भै गम्भीर प्रकृतिको त्रुटि भई प्रष्टरूपमा कानून र न्यायको उल्लंघन भएको देखिएमा तह तहबाट फैसला भए पनि रिट उपचार इन्कार गर्न नहुने,
  - मोहनमाया कुस्ले वि. सिद्धी बहादुर दर्शनधारी, नेकाप २०५१, नि.नं. ४८४८
- विना आधार र कारण कर सम्बन्धी विवादहरूमा सोझै असाधारण क्षेत्रमार्फत आउन पाउने बाटो खुलाइदिने हो भने करसम्बन्धी कानूनी व्यवस्थाहरू र राजस्व न्यायाधिकरण ऐन, २०३१ समेत अर्थहिन भई निष्प्रयोजन हुन जाने । नियमित उपचारको मार्ग प्रशस्त हुँदाहुँदै पनि नियमित कानूनी उपचारको बाटो अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको र वैकल्पिक उपचारको बाटो विद्यमान रहेको हुँदा निवेदन खारेज हुने,

सुरेन्द्र सिलवाल वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, समेत नेकाप २०७७ नि नं १०४२३

## ८. सुविधा वा अधिकार प्रयोग गरिसकेपछि विवादको उठान गर्ने सिद्धान्त (Doctrine of Approbate and Reprobate)

यो सिद्धान्त करारका दुई पक्षका बीचमा भएको कारोबारका सन्दर्भमा प्रयोग हुने सिद्धान्त हो । यस अनुसार यदि कुनै लिखतको केही भाग स्वीकारिन्छ भने सम्पूर्ण लिखतलाई स्वीकार्नु पर्छ । एउटै लिखतको स्वीकार गर्ने वा अस्वीकार गर्ने मध्ये आफूलाई फाइदा हुने भाग स्वीकार्ने र बेफाइदा हुने भाग इन्कार गर्न पाइँदैन । यो सिद्धान्त quod approbo non reprobo (that which I approve, I can not disapprove भन्ने उक्तिमा आधारित छ । कुनै लिखतलाई स्वीकार्ने या अस्वीकार्ने एउटा छनोट गर्नुपर्ने भएकोले यसलाई equitable doctrine of election पनि भनिन्छ ।

एउटा सामान्य सिद्धान्त के छ भने जसले एउटा करारको फाइदालाई जानी बुझी स्वीकार्छ ऊ त्यस प्रति विबन्धित हुन्छ र त्यसको वैधता वा बाध्यात्मक प्रमाणलाई इन्कार गर्न सक्दैन । (As a general principle, one who knowingly accepts the benefits of a contract or conveyance is estopped to deny the validity or binding effect on him of such contract or conveyance.)

सोही कारोबारलाई एक पटक वैध मान्ने र त्यसबाट फाइदा पनि लिने अनि साथ साथै फेरि अर्को फाइदाका लागि उक्त कारोबारलाई अवैध मान्न पाइँदैन । यही नै Approbate / Reprobate को सिद्धान्त हो । (A person can not say at one time that a transaction is valid and thereby obtain some advantage, to which he could only be entitled on the footing that it is valid and then turn round and say it is void for the purpose of securing some other advantage. That is to approbate and reprobate the transaction.) तर मौलिक हकको उल्लघंन सम्बन्धी विवादमा यो सिद्धान्त स्वीकार गरिँदैन ।

### सर्वोच्च अदालतको फैसला/आदेश

- यो सिद्धान्त करारका दुई पक्षका बीचमा भएको कारोबारका सन्दर्भमा प्रयोग हुने सिद्धान्त हो । कुनै कारोबार वा लिखतका सम्बन्धमा प्रयोग हुने यो सिद्धान्त मौलिक अधिकारको सन्दर्भमा उठेको प्रश्नको सन्दर्भमा लागू हुन नसक्ने ।

बद्रीकुमार बस्नेत वि. मपस नेकाप २०५१, नि. नं. ४९८५

- लिखतमा भएको समग्र व्यहोरालाई मनन् गरी अर्थ र प्रयोग गर्नुपर्नेमा आफ्नो सुविधा र असुविधाको आधारमा केही स्वीकार; केही अस्वीकार गर्न लिखतबाट हुने फाइदा लिई वेफाइदा हुने अवस्थामा अस्वीकार गर्न Principle of Reprobate and Approbate को सिद्धान्तले नमिल्ने ।

सुनिति राणा वि रुक्म शमसेर जवरा नेकाप २०६८ अंक ५ नि नं ८६२४

## ९. प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice)

न्याय साध्य हो भने प्राकृतिक न्यायका सिद्धान्तहरू उचित न्याय प्राप्त गर्ने साधनहरू हुन् । प्राकृतिक न्यायको सिद्धान्त मुद्दाको कारवाहीमा स्वच्छताको नियमसँग सम्बन्धित छ । के भनिन्छ भने कुनै अधिकारीलाई जतिसुकै व्यापक अधिकारहरू प्रदान गरिएको किन नहोस् अथवा जतिसुकै मात्रामा स्वविवेक प्रदान गरिएको किन नहोस् तिनको प्रयोग कार्यविधिगत दृष्टिले स्वच्छ

ढङ्गमा गरिएको हुनुपर्दछ । कार्यविधिगत स्वच्छताको तत्वले अधिकारको प्रयोगलाई सही र विवेकसंगत तुल्याउँछ र न्यायलाई व्यक्तिपरक नभएर वस्तुपरक बनाउन मद्दत गर्दछ । कार्यविधिगत स्वच्छताको न्युनतम मापदण्डको रूपमा प्राकृतिक न्यायका सिद्धान्तहरूको परिपालना रहेका हुन्छन् । यो सिद्धान्त न्याय गरेर मात्र हुँदैन गरेको जस्तो देखिनु पनि पर्दछ भन्ने मान्यतामा आधारित छ । मूलभूत रूपमा प्राकृतिक न्यायका सिद्धान्तहरू दुई वटा रहेका छन्

- पूर्वाग्रह विरुद्धको सिद्धान्त (Rule against bias) र
- सुनुवाइको सिद्धान्त (Principle of hearing)

### ९.१ पूर्वाग्रह विरुद्धको सिद्धान्तः

प्राकृतिक न्यायको यो सिद्धान्तले निर्णय गर्ने अधिकारी हरेक प्रकारको पूर्वाग्रहबाट मुक्त हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ । निर्णय गर्ने अधिकारी तटस्थ हुनुपर्दछ, निष्पक्ष हुनु पर्दछ र ऊ यस्तो अवस्थामा हुनुपर्छ कि आफ्नो मनको प्रयोग वस्तुगत आधारमा गर्न सक्ने होस् भन्ने मान्यतामा यो आधारित छ । हुन पनि यदि निर्णय गर्ने अधिकारी पूर्वाग्रही छ भने उसले विवादमा संलग्न एउटा पक्षको मूल्यमा अर्को पक्षलाई समर्थन गर्ने स्थिति बन्दछ जसबाट उसको निर्णयको निष्पक्षतामा प्रश्न चिन्ह खडा हुन्छ । त्यसैले भनिन्छ – आफ्नो मुद्दामा आफै न्यायाधीश हुनु हुँदैन । पूर्वाग्रह विभिन्न कारणबाट सिर्जना हुन सक्दछ । जस्तो :

- निर्णयाधिन विषय वस्तुमा आफ्नो आर्थिक स्वार्थ गाँसिएको कारणले,
- मित्रता, शत्रुता, पारिवारिक र व्यावसायिक सम्बन्ध जस्ता व्यक्तिगत नाताका कारणले,
- विवादित विषय वस्तुमा आफ्नो विभागीय संलग्नताका कारणले,
- विवादित विषय वस्तु प्रति पहिल्यै देखि आफूमा रहेको निजी धारणाका कारणले,
- आफ्नो न्यायिक मनको स्वतन्त्र रूपमा प्रयोग गर्न नपाई अर्काको निर्देशनमा निर्णय गर्नु पर्ने वाध्यात्मक अवस्थाका कारणले ।

### ९.२ सुनुवाइको सिद्धान्त

स्वच्छ सुनुवाइको सिद्धान्तले मुद्दाका दुबैपक्षलाई सुनुवाइको मौका दिइनु पर्ने कुरामा जोड दिन्छ । यो सिद्धान्त सुनुवाइको मौका विना कसैलाई पनि दोषी ठहराइने छैन भन्ने मान्यतामा आधारित छ । वास्तवमा सभ्य विधिशास्त्रको एउटा महत्वपूर्ण सिद्धान्त के रहेको छ भने यदि कुनै व्यक्तिका विरुद्धमा कुनै कारवाही गरिन्छ वा निजको हक अधिकार र स्वार्थमा प्रतिकूल प्रभाव पारिन्छ भने निजलाई निज विरुद्ध गर्न लागिएको कारवाहीको वारेमा जानकारी पाउने र सो को प्रतिरक्षा गर्ने अधिकार हुन्छ । सुनुवाइको उचित मौका नदिई कारवाही गरिन्छ भने प्राकृतिक न्यायको सिद्धान्त विपरीत कारवाही भएको मानी बदर घोषित गरिन्छ ।

### सुनुवाइका तत्वहरू

स्वच्छ सुनुवाइका तत्वहरू यी यी हुन् भन्ने किसिमको कुनै सुनिश्चित मापदण्डहरू निर्धारण गरिएको छैन तापनि हालसम्म विकसित न्यायिक अभ्यासलाई आधार मान्दा यस भित्र निम्न पक्षहरू समावेश हुन आउने देखिन्छः–

#### ➢ सूचनाको अधिकार

कुनै व्यक्तिका विरुद्ध कारवाही शुरु गर्नु भन्दा अगाडि उसका विरुद्धमा लगाइएको अभियोगको बारेमा जानकारी दिइनु पर्दछ जसबाट कि निजले पर्याप्त प्रतिरक्षा गर्न सकोस् । यस अन्तर्गतः

- सूचना तोकिएको ढाँचामा हुनुपर्ने,
- अभियोगको पर्याप्त व्यहोरा उल्लेख हुनुपर्ने,
- अभियोग कुन कारण र आधारमा आधारित छ सो को पूरा तथ्य खोलिएको हुनु पर्ने,
- सूचना रितपूर्वक तामेल भएको हुनुपर्ने,

- प्रतिरक्षाको लागि मनासिव समय पाएको हुनुपर्ने ।

➢ **सुनुवाइको अधिकार**

आफू विरुद्ध लागेको अभियोगको बारेमा जानकारी पाउनु मात्र पर्याप्त हुँदैन, सोका बारेमा आफ्नो प्रतिरक्षा गर्न पाउनु पनि महत्वपूर्ण हुन्छ। यस अन्तर्गतः–

- मौखिक र लिखित दुबै प्रकारको प्रतिनिधित्व पर्दछ,
- निर्णयकर्ता जो हो उसैले सुनेको हुनु पर्दछ,
- पक्षले चाहेको सबै सम्बन्धित तथ्य प्रमाणहरू प्रस्तुत गर्न पाउनु पर्दछ,
- आफ्नो विरुद्धको प्रमाण खण्डन गर्न पाउनु पर्दछ,

➢ **कानूनी परामर्शको अधिकार**

पक्षले विवादित विषय वस्तुका बारेमा कानून व्यवसायीसँग सल्लाह लिने र निजद्वारा प्रतिनिधित्व गराउने विषय यस अन्तर्गत पर्दछ। (यज्ञमूर्ति बन्जाडे वि. बागमती विशेष अदालत, नेकाप २०२७, नि.नं. ५४७, पृ. १५७)

➢ **कारणयुक्त निर्णयको अधिकार**

कुनै व्यक्तिका विरुद्धमा कुनै निर्णय लिइन्छ भने त्यस्तो निर्णयमा पुग्नाको कारण र आधार थाहा पाउने अधिकार निजलाई हुन्छ। यसले अधिकारको स्वेच्छाचारी प्रयोगका विरुद्धमा संरक्षण प्रदान गर्ने विश्वास लिइन्छ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

➢ प्राकृतिक न्यायको सिद्धान्त एक कोरा औपचारिकता वा यान्त्रिकतामा आधारित सिद्धान्त नभई सारवान न्याय प्रदान गर्ने सार्थक नियम हो। तसर्थ न्यायको वस्तु तत्वको प्राप्तिमा ठोस सघाउ पुऱ्याउनु यस नियमको उद्देश्य हो।

- विश्वम्भरनाथ पाण्डे वि. अञ्चलाधीश कार्यालय, नेकाप २०४९, नि.नं. ४५७२

➢ सुनुवाइको मौका नदिएको प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने,

- नेकाप २०५१ नि.नं. ४९९८

➢ कुनै कर्मचारीलाई सजाय गर्नु पर्दा निजलाई लागेको आरोपको सम्बन्धमा आफनो भनाई पेश गरी सफाई लिने मौका नदिएको प्राकृतिक न्यायको सिद्धान्तको विपरित हुने,

- नेकाप २०५७ नि.नं. ६९२९

➢ आफ्नो भनाई पेश गर्ने मौकाबाट वञ्चित गरी सजाय गरेको प्राकृतिक न्यायको सिद्धान्त विपरीत देखिने,

- नेकाप २०५५ नि.नं. ६५६६

➢ सफाइको मौका दिएर मात्र हुँदैन त्यो मनासिव पनि हुनुपर्दछ। मनासिव मौका भित्र आफ्नो प्रतिकार गर्न सक्ने यथेष्ट समय, आफूले प्रतिकार गर्नुपर्ने विषयको स्पष्टता, आफ्नो कुरा भन्न वा देखाउन सक्ने अनुकुल परिस्थिति समेत पर्न आउँछ।

- ललितरत्न शाक्य वि. वन तथा भू–संरक्षण मन्त्रालय., नेकाप २०५०, नि.नं. ४७०३

➢ रित पूर्वकको सूचना दिएको नदेखिएकोमा सुनुवाइको मौका दिएको भन्न नमिल्ने,

- नेकाप २०४९ नि.नं. ४५५७

➢ म्याद नै कानून बमोजिम नभएकोमा प्रतिवाद गर्न आएन भन्न नमिल्ने,

- नेकाप २०५१ नि.नं. ४८६६

- आफू विरुद्धको उजुरीको व्यहोरा थाहा पाउने र प्रमाणको खण्डन गर्न पाउने अवसरबाट वञ्चित गरिएमा प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने,
  - नेकाप २०४९ नि.नं. ४६०५
- निर्णयमा मनासिव र पर्याप्त कारण नखुलाइएमा प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने,
  - नेकाप २०४९ नि.नं. ४६०२
  - नेकाप २०५० नि.नं. ४७६६
  - नेकाप २०५२ नि.नं. ६००५
- ठूलो सजाय गर्न स्पष्टिकरण मागिएकोमा घटी सजायँ गरेको ठहर भएकै सजायँको अभिन्न अंग हुने,
  - नेकाप २०४९ नि.नं. ४५७२
- प्राकृतिक न्यायको सिद्धान्तको प्रयोग कानूनमा प्रष्ट रूपमा किटानी व्यवस्थाका सम्बन्धमा लागू हुने नभई कानूनले प्रष्ट व्यवस्था नगरेको कुरामा लागू हुने सैद्धान्तिक विषय मानिने,
  - नेकाप २०५६ नि.नं. ६६९८
- निष्कर्ष वस्तुगत तथ्य र कारणमा आधारित नभएमा,
  - नेकाप २०५२ नि.नं. ६०२०
- प्रवृत्त भावना राखी निर्णय गरेमा
  - नेकाप २०५५ नि.नं. ६६२४
- मन्त्रिपरिषदको निर्णय एवं विभागीय परिपत्रले कानूनले रूप धारण गर्न नसक्ने र स्पष्ट कानूनी व्यवस्था विद्यमान रहेको अवस्थामा त्यस्तो परिपत्र एवं निर्णाय अनुसार नमिल्ने।
  - नेकाप २०४९ नि.नं. ४५६३
  - नेकाप २०५२ नि.नं. ६०२८
- सजाय गर्ने अधिकार जसलाई तोकिएको छ उसले स्पष्टीकरण नमागी अधिकार नभएको व्यक्तिले मागेको स्पष्टिकरणको आधारमा कारवाही गरेमा अमान्य हुने।
  - नेकाप २०५० नि.नं. ४७६२
  - नेकाप २०५१ नि.नं. ४९७७
- अख्तियारवाला जो हो उसैले स्पष्टीकरण लिनुपर्ने, माथिल्लो अधिकारीले लिएकै आधारमा सदर नहुने।
  - नेकाप २०५२ नि.नं. ६०३०
- कानूनले सफाईको मौका प्रदान गर्न मनासिव नभएमा सफाइको मौका नदिए पनि हुने भनी गरेको व्यवस्थाले सफाईको मौकाको महत्व प्रतिस्थापित गरेको नभै खास र उचित अवस्थाहरूमा त्यस्तो मौकाको अनिवार्यताको अपवादात्मक व्यवस्थासम्म गरेको देखिन्छ । अर्थात् कसैले पनि आफ्नो विरुद्धको कारवाहीमा सफाई पेश गर्ने मौका पाउनु पर्छ भन्ने आधारभूत न्यायको सिद्धान्त हो जुन प्राकृतिक न्यायको सिद्धान्तको रूपमा परिभाषित छ । कानूनले नै अपवादात्मक अवस्थाको व्यवस्था गरेकोमा बाहेक यो सिद्धान्तको सामान्य रूपमा पालना गर्न जरुरी हुने

  गोविन्दप्रसाद थपलिया वि. प्रमं. तथा मप.का समेत, नेकाप २०६५, नि. नं. ७९६४
- सुनुवाइको मौका प्रदान गर्नुपर्ने वा नपर्ने सम्बन्धमा कुनै कानून मौन रहन्छ भने पनि यदि गर्न लागेको कारवाहीबाट कसैको हक अधिकार वा सुविधामा प्रतिकूल असर पर्ने रहेछ भने कारणीलाई खोजतलास

  मानसिं लामा वि. पुनरावेदन अदालत पाटन

गरी सुनुवाइको मौका प्रदान गर्नुपर्ने । प्राकृतिक न्यायको सिद्धान्त र सुनुवाइको मौका समानताको हककै एक हिस्सा मानिने हुनाले अदालतमा न्याय प्राप्तिको लागि आउने एक पक्षको दावीका सम्बन्धमा निर्णय गर्दा प्रत्यक्ष रूपले प्रभावित हुने अर्को पक्षलाई कानूनले पर्याप्त आधार र कारण खोली सुनुवाइको मौका दिनु पर्दैन भनी वाहेक गरेको अवस्थामा बाहेक सुनुवाइको मौका नदिनु समानताको सिद्धान्त विपरीत हुन जाने ।

समेत, नेकाप २०६५, नि. नं. ७९७०

- प्राकृतिक न्यायको आत्मा भनेको अधिकार प्राप्त अधिकारीको काम कारवाहीमा स्वच्छता कायम गर्नु, न्यायका निम्ति अन्याय हुनुबाट रोक्नु हो । कानूनको उचित प्रक्रिया र प्राकृतिक न्यायको सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगतरूपमा भएको मानिने । कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारवाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ भन्ने मान्यता प्राकृतिक न्यायको सिद्धान्त हो । प्राकृतिक न्यायको सिद्धान्त निष्पक्षता र स्वच्छता कायम गर्ने प्रयोजनका लागि जसका विरूद्ध अभियोग वा दाबी पेस गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी र भनाइ राख्ने र प्रमाण पेश गर्ने मौका प्रदान गरिनुपर्दछ भन्ने कुरासँग सम्बन्धित छ । यसले निर्णय प्रक्रियालाई स्वच्छ न्यायिक र निष्पक्ष बनाउन मद्दत गर्ने ।

तुलसीप्रसाद न्यौपाने वि ऊर्जा मन्त्रालय, सिंहदरबार,समेत नेकाप २०७४ नि नं ९८०६

- सुनुवाइको हक अहरणीय हक हो । यो हकको प्रचलन अनिवार्य रूपमा हुनै पर्छ परन्तु यो असीमित हक होइन । सुनुवाइको सिद्धान्तको प्रयोगको पनि निश्चित सीमा हुन्छ । यो सिद्धान्तको पालना पनि कानून बमोजिम नै हुने । एक पटक कानूनको रीत पुऱ्याई म्याद तामेल गरी तदनुरूप मुद्दाको काम कारबाही अघि बढी निर्णयसमेत भइसकेको अवस्थामा यो अथवा त्यो नाउँमा त्यस्तो रीतपूर्वक तामेल भएको म्याद बदर गरी मुद्दाको काम कारबाहीलाई अन्यथा गरिने हो भने सम्पूर्ण न्यायिक काम कारबाही अन्योलपूर्ण र अनिश्चित हुन जाने ।

भोलाराम थारू वि उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास समेत नेकाप २०७६ नि नं १०२९३

**प्राकृतिक न्यायको सिद्धान्त आकर्षित नहुने अवस्था**

- कानूनमा नै पदपूर्ति समितिको अध्यक्षमा संस्था प्रमुख हुने र सो को उजुरी सुन्नेमा पनि सोही प्रमुख समेतको सञ्चालक समिति हुने व्यवस्था भएकोले निवेदकको भनाइ अनुसार कानूनले अधिकार दिई गरेको कार्यलाई प्राकृतिक न्याय सिद्धान्त विपरित भयो भन्न नमिल्ने।

सुधिरप्रसाद लोहनी वि.नेपाल वायुसेवा निगम समेत, नेकाप २०६१, नि. नं. ७३३५

## १०. समर्पणको सिद्धान्त (Doctrine of Submission)

समर्पणको सामान्य अर्थ कसैप्रति आफूलाई सुम्पिनु भन्ने बुझिन्छ । रिट क्षेत्राधिकारका सम्बन्धमा समर्पणको सिद्धान्तले कुनै निकाय वा अधिकारीबाट भएको निर्णय र त्यसबाट प्राप्त हुने लाभलाई स्वीकारी सकेपछि पुनः सोही निर्णयका विरुद्धमा रिट दिन पाइदैन भन्ने बुझिन्छ । यस अर्थमा समर्पणको सिद्धान्त केही हदसम्म विबन्धनको सिद्धान्तसँग र केही हदसम्म परित्याग (Waiver) को सिद्धान्तसँग मिल्दोजुल्दो छ । यदि कुनै निर्णय अनुसार प्राप्त हुने लाभलाई स्वीकार्दछ भने त्यो निर्णय गैरकानूनी नै किन नहोस् त्यसप्रति सम्बन्धित व्यक्तिले आफूलाई समर्पण गरेको ठानिन्छ । यो सिद्धान्त समन्यायमा आधारित छ । तर मौलिक हकको विषय तथा संविधान र कानून प्रतिकूलको निर्णयको विषयमा यो सिद्धान्त लागू हुँदैन ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

- संविधान एवं कानूनको प्रतिकूल भए गरेको निर्णयलाई समर्पणको सिद्धान्तले संवैधानिक र कानूनी गराउन सक्दैन ।

नेकाप २०५१ नि.नं. ४८७५

- समर्पणको सिद्धान्त मुद्दाको तथ्य, अवस्था र परिस्थितिमा निर्भर गर्दछ । समर्पणको सिद्धान्त समन्यायमा

हरि प्रसाद शर्मा वि. मपस. नेकाप २०५२,

आधारित हुन्छ र समन्याय न्यायको परिपोषक हुन्छ । उचित न्याय सदैव प्रदान गरिनु पर्दछ ।

नि.नं. ६०४८

- एकपटक ट्रिव्युनलको गठन प्रक्रियामा सहमति जनाएर आफ्नै सहमतिमा गठित ट्रिव्युनल समक्ष आफ्ना भनाइहरू प्रस्तुत समेत गरी ट्रिव्युनलको अधिकारक्षेत्र स्वीकार गरिसकेपछि त्यसको निर्णय आफ्नो अनुकुल नभएको कारणबाट पछि आएर आफैले विवाद उठाई त्यसको गठन प्रक्रिया नै कानून अनुरूप छैन भन्न निवेदकलाई अधिकारक्षेत्र प्रतिको समर्पणको सिद्धान्त समेतले नदिने ।

अशेष दत्त वि. श्रम मन्त्रालय समेत, नेकाप २०५९, नि.नं. ४५६६

- निर्णय अनधिकृत छ भने समर्पणको सिद्धान्त प्रयोग हुन सक्तैन ।

नेकाप २०५२ स्वर्ण जन्मोत्सव विशेषाक

## ११. विबन्धनको सिद्धान्त (Doctrine of Estoppel)

विबन्धन भन्नाले कसैले एकपटक कुनै कुरा व्यक्त गरेकोमा पछि सो कुरा होइन भनी आफैले खण्डन गर्न पाउँदैन भन्ने बुझिन्छ । विबन्धन मुख्यतया कसैलाई पनि परस्पर विरोधी कुरा गर्ने अधिकार छैन र जसले त्यस्तो परस्पर विरोधी कुरा गर्दछ उसको कुरा सुनिदैन भन्ने मूलभूत धारणामा आधारित छ । आफूले एकपटक बोलेको कुराप्रति बचनबद्ध रहनुपर्छ भन्ने यसको मान्यता हो । वास्तवमा आफूलाई फाइदा हुँदा एउटा र वेफाइदा हुँदा अर्को कुरा गर्ने छुट पाउने हो भने आपसी व्यवहारमा अनिश्चितता पैदा हुनुका साथै वेइमानी र गफलतपूर्ण क्रियाकलापले प्रश्रय पाउने हुन्छ । त्यसैले इमान्दारिता र सद्नियतलाई प्रवर्धन गरी न्यायको संरक्षण गर्नु र जालसाज पूर्ण व्यवहारलाई नियन्त्रण गर्नु विबन्धनको उद्देश्य हो । यो सिद्धान्त *allegans contraria non est audiendus* (a person adducing to the contrary is not to be heard) भन्ने उक्तिमा आधारित छ । सामान्यतया विबन्धनलाई प्रमाणको नियम मानिन्छ तर कहिलेकाही विबन्धनको आधारमा विबन्धित व्यक्तिको विरुद्धमा अधिकारको दावी गर्न र प्रचलन गराउन सकिने हुँदा अधिकारको नियमको रूपमा पनि लिने गरिन्छ ।

### कानूनी व्यवस्था

- कुनै व्यक्तिले लेखेर, बचनले वा आचरणद्वारा कुनै व्यक्तिलाई कुनै कुरा यस्तो हो भन्ने विश्वासमा पारी वा त्यस्तो विश्वासमा पर्न दिई सो व्यक्तिबाट कुनै काम गराएमा वा हुन दिएमा निज र सो व्यक्तिको बीचमा चलेको कुनै मुद्दामा सो कुरा त्यस्तो होइन वा थिएन भनी निजले खण्डन गर्न पाउने छैन । तर कानूनी बुँदामा यो दफा लागू हुने छैन ।

प्रमाण ऐन, २०३१ को दफा ३४

- उपदफा (१) मा उल्लेख भएका कुराहरू सो उपदफामा उल्लेख भएका व्यक्तिहरूबाट मुद्दा सम्बन्धी विषय वस्तुमा कुनै प्रकारको हक प्राप्त गर्ने व्यक्तिलाई समेत लागू हुनेछ ।

### विबन्धनका सम्बन्धमा विचारणीय कुराहरू:–

- कुनै तथ्यका सम्बन्धमा कसैलाई केही कुरा व्यक्त गरिएको हुनुपर्छ ।
- व्यक्त गर्दा लेखेर, बचनले वा आचरणद्वारा गर्न सकिन्छ ।
- व्यक्त गरिएको कुरालाई दोस्रो व्यक्तिले विश्वास गरेको हुनुपर्दछ ।
- सो विश्वासमा परी कुनै काम गरेको हुनुपर्दछ ।
- सो अनुसार गर्दा उसको अवस्था सारतः परिवर्तन भएको हुनुपर्छ ।

### अपवाद:

- संविधान विरुद्ध विबन्धन लागू हुँदैन । त्यसैले संविधान बमोजिम कर्तव्य निर्वाह गर्नबाट राज्यलाई विबन्धनले विवन्धित गर्दैन ।
- कानूनी प्रश्नमा विबन्धन लाग्दैन ।
- स्पष्ट क्षेत्राधिकारको अभावको स्थितिमा पनि विबन्धन लाग्दैन। किनभने सम्झौताले क्षेत्राधिकार सिर्जना गर्न सक्दैन । फौजदारी कारवाहीमा विबन्धन लागू हुँदैन ।

- सार्वजनिक हितको विरुद्धमा विबन्धन लाग्दैन ।
- सरकारले नीति निर्माण गर्ने कुरामा विबन्धन लागू हुँदैन ।
- सामान्यतः राज्य वा सरकार उपर विबन्धन लागू हुँदैन । तर आजकल प्रतिज्ञात्मक विबन्धन सरकार उपर पनि लागू हुने मान्यता विकास भैरहेको छ ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

- एकपटक आफूले स्वीकार गरीसकेको कुरालाई इन्कार गर्नु समन्याय र सदविचार समेतको विरुद्ध मानिन जान्छ र यस्तो काम गर्नेलाई विबन्धनको सिद्धान्त समेतले रोक्ने । — नेकाप २०४९ नि.नं. ४५१८
- एकपटक स्वीकार गरेको तथ्यलाई अर्को पटक अस्वीकार गर्न पाइँदैन । भिन्न भएको भनी उल्लेख गरेपछि भिन्न भएको छैन भन्न विबन्धनको सिद्धान्तले मिल्दैन । — नेकाप २०४३ नि.नं. २६६४
- उसै कुरामा एउटा मुद्दामा एउटा व्यहोरा र अर्को मुद्दामा अर्को व्यहोरा भन्न विबन्धनले रोक्दछ । — नेकाप २०४४ नि.नं. ३२५५
- कानूनी प्रश्नमा विबन्धनको सिद्धान्त लागू हुँदैन । — नेकाप २०४१ नि.नं. १८८६
- एकपटक लागू भई प्रचलनमा आएको कानून सधै कायम रहने भई सार्वजनिक हित कायम गर्न नसकिनुका साथै गतिशील समाजको परिवर्तनशील चाहना समेत परिपूर्ति गर्न नसकिने हुन जान्छ । राज्यले सार्वजनिक हित र कल्याणको लागि सामाजिक आवश्यकताअनुसार ऐन, नियम एवं निर्देशिका निर्माण, संशोधन एवं खारेज गर्नसक्ने हुँदा यस्तो सार्वजनिक हितको लागि भए गरेको नीतिगत निर्णयको विषयमा Promissory Estoppel को सिद्धान्त आर्कषित हुन नसक्ने । — नेकाप २०६९, नि.नं. ८८३४
- अदालतमा प्रवेश गरी अदालतबाट भएको आदेश बमोजिमको सुविधा समेत लिई सकेपछि उक्त आदेशमा चित्त नबुझेको वा फैसला अपुरो रहेको भनी रिट निवेदन दिने कार्यमा विबन्धन सम्बन्धी प्रमाण ऐनको दफा ३४ विपरित हुने । — स्वराज शाक्य वि. नेपाल बैक लि. समेत नेकाप २०७७ नि.नं. १०४८१

## १२. स्वच्छ र सफाहातको सिद्धान्त (Doctrine of Clean Hands)

स्वच्छ र सफाहातको सिद्धान्त अदालतमा उपचार माग्न आउने व्यक्तिले आफ्नो भएको व्यहोरा सही र उपयुक्त ढङ्गबाट प्रस्तुत गर्नु पर्छ भन्ने विषयसँग सम्बन्धित छ । वास्तवमा मुद्दाको बारेमा अदालतले जानकारी पाउने आधार रिट निवदेकको निवेदन व्यहोरा नै हो । यदि रिट निवेदनमै भएको तथ्यलाई कपटपूर्ण तवरले उल्लेख गर्दछ भने त्यो कपटपूर्ण व्यवहारले निजलाई उपचार प्राप्त गर्नबाट अयोग्य बनाउँछ भन्ने यो सिद्धान्तको मान्यता रहेको छ । त्यसैले यसलाई रिट क्षेत्राधिकारका सन्दर्भमा विश्वसनियताको शर्त पनि भनिन्छ । तर कानूनी प्रश्नमा भने यो सिद्धान्त लागू हुँदैन ।

**सर्वोच्च अदालतको फैसला/आदेश**

- आफ्नो हक प्रचलनको लागि अदालतको शरणमा आई असाधारण अधिकार क्षेत्रको गुहार माग्न व्यक्ति आफूलाई मर्का परेको आधारभूत तथ्यको वृतान्त निश्चल एवं सोझो तरिकाले सफा र सही रूपले दिनुपर्दछ । कानूनी जिकिरको सम्बन्धमा कस्तो कानून छ र छैन भन्ने कुरा अदालतलाई स्वयं जानकारी हुने भएकोले कानूनी प्रश्नमा झुठा जिकिर लिए पनि केहीहदसम्म क्षम्य हुनसक्छ । तर तथ्य सम्बन्धी आधारभूत कुराको लागि अदालतले पाउने जानकारीको प्रारम्भिक आधार रिट निवेदन कै व्यहोरा हुने भएकोले त्यस्तो रिट निवेदनमा कपट पूर्ण लेखाई वा आधाभूत तथ्यलाई झुठो र अपुरो रूपले व्यक्त गर्नाले अदालत समेत झुक्यानमा पर्न सक्दछ । यस्तो कुरालाई अदालतले सहजताका साथ लिन सक्दैन। तसर्थ अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रको सही र उपयुक्त अवस्थामा प्रयोगका लागि पूर्वाधार सुरक्षित राख्नु जरुरी हुन्छ । त्यही पूर्वाधार स्वरूप विश्वसनियताको शर्त रिट सम्बन्धी क्षेत्राधिकारको प्रयोगको लागि राखिएकोले अदालतको विश्वास जगाउने पक्षले आफ्नै कारणले रिट निवेदनको औचित्य सम्बन्धमा न्याय पाउनबाट आफूलाई अयोग्य र बन्चित तुल्याउँछ । न्यायको लागि — ध्रुव ब. के.सी. वि. मोहनमाया महर्जन, नेकाप २०५० नि.नं. ४७४६

आउने पक्षले खुलाहात आउनु पर्छ भन्ने सुत्र रिट सम्बन्धी अदालतको सद्विवेक पूर्ण तजविज खोजी गरी असाधारण अधिकार क्षेत्र अन्तर्गत आउने पक्षका लागि पनि समान रूपले लागू हुने।

- अदालतको असाधारण अधिकार क्षेत्रको सुरक्षणको माग गर्न आउँदा पक्षहरूले सफाहात लिएर आउनु पर्ने। — नेकाप २०४९ नि.नं. ४५४४
- तथ्य लुकाई रिट दिएको सफा हात नदेखिने। — नेकाप २०५२ नि.नं. ५०८७
- मिसिलमा रहेको तथ्यलाई लुकाई लिखित जवाफ प्रस्तुत गरेबाट अदालतलाई गुमराहमा पार्ने काम गरेबाट रिट जारी हुने। — नेकाप २०४९ नि.नं. ४६०८
- परीक्षामा आफू सम्मिलित हुने र पछि उक्त परीक्षा नै गैर संवैधानिक छ भनी आएको निवेदकलाई स्वच्छ विचारले आएको भन्न मिल्ने देखिएन। तसर्थ आफूले दिएको परीक्षालाई आफै गैर संवैधानिक भनी रिट क्षेत्रमा प्रवेश गर्ने अधिकार नहुने। — दिगविजय चौधरी वि. मपस, नेकाप २०५० नि.नं. ४७२३
- आफूले नक्कल लिएको कुरा लुकाई पछि मात्र निर्णय भएको थाहा पाएको भन्ने झुठा व्यहोरा उल्लेख गरी रिट दिएको देखिनाले सफा र शुद्ध मनले उपचारको खोजीमा आएको भन्न नमिल्ने। — नेकाप २०५१, नि.नं. ४९८७
- हक छाडि सकेको कुरा लुकाई निवेदन दिएको सफा हात लिई अदालत प्रवेश गरेको मान्न सकिने अवस्था नभएबाट रिट जारी गर्न नमिल्ने। — नेकाप २०५२ नि.नं. ५०७१
- कवुलियत गरेको व्यहोरा लुकाई अदालतमा प्रवेशगर्दा सफा हात लिई प्रवेश गरेको देखिएन। — नेकाप २०५६ नि.नं. ६७०१
- तथ्य लुकाएको आधार नै निवेदन खारेज गर्ने महत्वपूर्ण आधार हुने, — नेकाप २०६१ नि.नं. ७३८०
- सफा हात एवं शुद्ध हृदय लिएर नआए रिट खारेज हुने, — नेकाप २०६१ नि.नं. ७४२३
- समन्यायिक सिद्धान्तमा आश्रित यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गर्दा अदालतले अपनाउने आत्मसंयम, विवेकशीलता र सक्रियताका लागि पक्षको सदाशयताको पनि त्यत्तिकै आवश्यकता पर्दछ। आफ्नो मौलिक तथा कानूनी हक आघातीत भएको भनी दावी लिनेकर्ताले अदालतलाई झुक्याउने, ढाट्ने र छलछाम गरी आफ्नो पक्षमा निर्णय लिने अभिप्राय राख्न नहुने। सम्पत्ति विषयक आफ्ना पूर्वनिर्णय, सहमति, समर्पण र स्वीकृतिलाई निवेदनमा उल्लेखसम्म नगरी आफ्नो निर्विवाद भोगचलनको सम्पत्तिको प्रचलनमा आघात परेको भनी दायर रिट निवेदनलाई सफा र शुद्ध हात नलिई अदालतलाई झुक्याउने अभिप्रायले आएको समूहमा नै राख्नुपर्ने। — विश्वप्रसाद श्रेष्ठ वि. प्रमं तथा मपका.समेत, नेकाप २०६७ नि. नं. ८४४०
- कुनै वस्तुनिष्ठ प्रमाणबाट रीत नपुऱ्याई म्याद तामेल वा जारी भएकै भए प्रचलित कानून बमोजिमको प्रक्रिया अपनाई कारबाही गराउनु सक्नु पर्नेमा सोसमेत नगरी परिचय खुल्ने सूचना पनि थाहा नपाएको जस्तो गरी बस्ने निवेदक सफाहात लिई अदालत प्रवेश गरेको अनुभूति हुँदैन। यस्तो प्रकृतिको निवेदकलाई अदालतले सहयोग गर्न सक्दैन। — पुण्यप्रसाद गौतम विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत नेकाप २०७६ नि.नं १०२१५

## १३. सम्पत्ति सम्बन्धी राज्यशक्तिको सिद्धान्त (Principle of Eminent Domain)

जग्गा प्राप्तिको सिद्धान्त (Principle of Eminent Domain) भन्नाले राष्ट्रिय सम्पत्तिमा राज्यको पहिलो हक हुन्छ भन्ने सिद्धान्त हो। सम्पत्तिको अधिकारलाई अनतिक्रम्य मान्ने वेलायत र अमेरिकामा पनि राज्यमा निहित अधिकार अन्तर्गत सार्वजनिक हितका निम्ति सम्पत्तिको अधिकारलाई अतिक्रम्य बनाउने परम्परा विकसित भएको सन्दर्भमा नेपालमा पनि सम्पत्तिको निरपेक्ष हकको अवधारणाको सट्टा सार्वजनिक हितको प्रयोजनका लागि राज्यले व्यक्तिगत सम्पत्तिको अधिकारमा नियन्त्रण गर्न सक्ने सिद्धान्त अवलम्बन गरिएको छ।

### संवैधानिक तथा कानूनी व्यवस्था

- प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ। — संविधानको धारा २५(१)
- सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने प्राप्त गर्ने वा त्यस्तो — संविधानको धारा २५(२)

सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।

- नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐन बमोजिमको मुआवजा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ । जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३
- सार्वजनिक काम भन्नाले सर्वसाधारण जनताको हित, लाभ वा उपयोगको लागि हुने काम वा नेपाल सरकारको तर्फबाट हुने काम सम्झनुपर्छ र सो शब्दले देहायको कामलाई समेत सम्झनुपर्छः– (१) नेपाल सरकारले स्वीकृत गरेको परियोजना, (२) विभिन्न तहका स्थानीय निकायद्वारा सञ्चालन गरिने परियोजना । जग्गा प्राप्ति ऐन, २०३४ को दफा २ (ख)
- सम्पत्ति प्राप्ति, अधिग्रहण, लिलाम वा जफत नगरिनेः (१) कानून बमोजिम सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले अधिकारको सिर्जना गर्ने छैन ।

  तर गैर कानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो व्यवस्था लागू हुने छैन । मुलुकी देवानी संहिताको दफा २५
- कानून बमोजिम बाहेक कसैको सम्पत्ति लिलाम वा जफत गरिने छैन ।

## सर्वोच्च अदालतको फैसला/आदेश

➢ सार्वजनिक हितको लागि व्यक्तिको सम्पत्ति प्राप्त गर्न सक्ने अधिकार संविधानले राज्यलाई प्रदान गरेको देखिन आउने ।

- नेकाप २०५१ नि.नं. ५००१,
- नेकाप २०६१ नि.नं. ७४१३

➢ जग्गा प्राप्ति ऐन संविधानसँग बाझिएको देखिन नआउने,

- नेकाप २०५१ नि.नं. ५००१

➢ क्षतिपूर्ति नदिई कसैको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्न सकिने अवस्था नदेखिने

- नेकाप २०५८ नि.नं. ७०४०
- नेकाप २०५८ नि.नं. ६९७०

➢ सार्वजनिक हितका लागि नागरिकको जग्गा प्राप्त गर्दा राज्यले क्षतिपूर्ति सुनिश्चित गरिनुपर्ने,

- नेकाप २०७५ नि.नं. १०१०२

➢ सम्पत्तिको भोग गर्ने हकबाट स्वामित्वको सृष्टि हुने नभएर सम्पत्ति उपरको स्वामित्वले त्यसलाई भोग गर्ने हक प्रदान गर्दछ । सो अनुसार सम्पत्ति उपर धारा १५ बमोजिमको स्वामित्व कायम रहेसम्म मात्र धारा ११(२) को खण्ड (ङ) अन्तर्गतको भोग गर्न पाउने हक सुरक्षित रहन्छ। धारा ११(२) (ङ) अन्तर्गत प्राप्त सम्पत्ति भोग गर्ने हकमा धारा १५ बमोजिम प्राप्त सम्पत्तिबाट बञ्चित हुनु नपर्ने हक पनि निहित छ भनी व्याख्या गर्न नमिल्ने भएबाट जग्गा प्राप्ति ऐनको सन्दर्भमा धारा ११(२) (ङ) आकर्षित हुने नदेखिने । नन्दा कुमारी रावल वि. उद्योग मन्त्रालय, नेकाप २०५०, नि.नं. ४७२१

➢ सार्वजनिक हितका लागि राष्ट्रिय सम्पत्ति उपर पहिलो हक (Eminent Domain) राज्यमा अन्तरनिहित रहने र सम्पत्ति प्राप्त गर्ने सन्दर्भमा राज्यलाई उक्त सिद्धान्त अन्तर्गत व्यक्तिको सम्पत्ति बृहत्तर राष्ट्रिय हितका लागि राज्यले नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने, सार्वजनिक हितका लागि नागरिकको सम्पत्ति आवश्यक परी अधिग्रहण गर्नुपर्ने भएमा कानूनले निर्धारण गरेको प्रकृया पूराएर मात्रै अधिग्रहण गर्न सक्ने, सानु श्रेष्ठ समेत वि.नेपाल सरकार, नेकाप २०७५ नि.नं.९९८६

➢ बृहत्तर सार्वजनिक हितको लागि राज्यले व्यक्तिको सम्पत्ति माथि नियन्त्रण गर्नसक्ने मान्यतालाई अपवादका रूपमा स्वीकारिएको पाईन्छ । खासगरी Eminent Domain र Police power को भाईकाजि तिवारी वि. चर्तुभूज भट्ट समेत नेकाप २०७२

सिद्धान्त अनुसार राज्यले व्यक्तिको निजी सम्पत्ति माथि नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने मान्यता रहेको, सार्वजनिक हितका लागि नागरिकको सम्पत्ति माथि हस्तक्षेप गर्दा कानूनले निर्दिष्ट गरिएको हुनुपर्ने।

नि.नं.९५०८

- Eminent Domain को अवधारणा र हाम्रो विद्यमान कानूनी व्यवस्थाको आधारमा सार्वजनिक हितको लागि व्यक्तिको निजी सम्पत्ति उपयुक्त क्षतिपूर्ति दिएर राज्यले प्राप्त गर्नसक्ने देखिएपनि राज्यको अधिकारलाई प्रयोग गरी कुनै निजी कम्पनी वा व्यक्तिको हितका लागि सार्वजनिक सम्पत्तिको प्रयोग गरिएकोमा यसलाई शक्तिको कपटपूर्ण प्रयोग मानिने,

भगवती पहारी वि. प्रमं.तथा मपकासमेत नेकाप २०७५ नि.नं १००८७

## १४. आवश्यकताको सिद्धान्त (Doctrine of Necessity)

सामान्यतया सामान्य अवस्थालाई ध्यानमा राखेर अधिकार र दायित्व सम्बन्धी व्यवस्थाहरू गरिएको हुन्छ तर कहिलेकाहीँ यस्तो असामान्य र अप्रत्याशित अवस्था आई पर्छ कि कानूनमा व्यवस्थित सामान्य प्रक्रियाको अवलम्बन गर्न नसकिने परिस्थिति सिर्जना हुन आउँछ र त्यस्तो असामान्य अवस्थाको सामननाको लागि विशेषव्यवस्थाहरू गरिनु पर्ने अनिवार्यता सिर्जना हुन्छ। यो अनिवार्यताको सिद्धान्तमा गरिएको मनासिव कार्यलाई वैधता प्रदान गरिनुपर्दछ भन्ने मान्यता नै आवश्यकताको सिद्धान्त हो। भनिन्छ – कानूनले असंभव कुराहरू पूरा गर्न बाध्य गर्दैन (The law does not compel a man to do that which he cannot possibly perform.) आफ्नो सामर्थ्य बाहिरको परिस्थितिबाट उत्पन्न असमर्थता क्षम्य हुन्छ। आवश्यकता भनेकै यस्तो कुरा हो जसलाई अन्यथा गर्न सकिंदैन। (That is necessity which cannot be otherwise.) अनिवार्यताले जति बाध्य पार्दछ त्यति नै सो वाध्यतालाई ठीक छ भनेर सो को प्रतिरक्षा पनि गर्दछ (Necessity defends or justifies what it compels.) सामान्य अवस्थामा जुन कुरा कानूनी हुँदैनथ्यो सो कुरालाई अनिवार्यताले कानूनी बनाई दिन्छ (Necessity makes that lawful which otherwise is not lawful.) भनिन्छ – अनिवार्यताले कानून जान्दैन (Necessity knows no law.) अनिवार्यताले भइरहेको कानूनलाई पराजित गर्छ। आवश्यकताको सिद्धान्त व्यक्तिलाई मात्र नभएर राज्य र सरकारका लागि पनि प्रतिरक्षाको आधार बन्न सक्दछ।

### सर्वोच्च अदालतको फैसला/आदेश

- सरकारबाट सम्पादन गरिएका कार्यहरू संविधानले सामान्य अवस्थाका लागि निर्धारण गरेका प्रावधान अनुकुल नभए तापनि यदि संवैधानिक प्रावधान विपरीत हुँदैन भने आवश्यकताको सिद्धान्त अनुसार त्यस्ता काम कारवाहीले औचित्यता प्राप्त गर्दछ। असामान्य अवस्थामा जहां कुनै विकल्प नै छैन त्यस्तो अवस्थामा संविधानको कुनै प्रष्ट प्रावधानको उलंघन गरेको अवस्थामा वाहेक संविधानद्वारा अविलम्बित आधारभुत संरचना वा मूलभूत अवधारणा प्रतिकूल न्युनतम रूपमा राज्य व्यवस्था संचालनको सिलसिलामा राज्यबाट सम्पादन गरिने कार्यलाई अपरिहार्य आवश्यकताको आधारमा सम्पन्न गरिएको मान्नु न्यायिक उपयुक्तताको दृष्टिकोणबाट समेत मनासिव हुने।

विनोद कार्की समेत वि. मा अर्थ मन्त्री समेत, नेकाप २०६२ अंक २ नि नं. ७४९२

- आवश्यकताको सिद्धान्तले भइरहेको संवैधानिक संरचनालाई तहस नहस पार्ने कार्य गर्ने होइन। तत्काल समाधान हुनुपर्ने, समाधानको विकल्प नै नभएको अवस्थामा स्पष्ट संवैधानिक व्यवस्था विपरीत नहुने गरी त्यस्तो अवस्थाको निरूपण सम्म गर्ने हो।

राजिव पराजुली वि. भ्रष्टाचार नियन्त्रण शाही आयोग समेत नेकाप २०६२ नि.नं. ७६१८

- सामान्य अवस्थामा राज्यका हरेक अङ्गको काम कारवाही संविधानको अक्षर र भावना अनुकुल गरिनु पर्दछ र सोअनुरूप नगरिएमा त्यस्तो काम कारवाहीलाई वैधानिकता दिन मिल्दैन। तर राष्ट्रको जीवनमा पनि असाधारण र असहज परिस्थिति आउन सक्ने सम्भावना हुन्छ। यस्तो असहज परिस्थितिबाट राष्ट्रलाई जोगाउन तत्कालीन परिस्थितिमा निश्चित काम कारवाहीहरू सञ्चालन गर्नुपर्ने हुन्छ। यस्तो स्थितिमा सरकारबाट भएका काम कारवाहीहरू संविधानले सामान्य अवस्थाका लागि निर्धारण गरेका प्रावधान अनुकुल नदेखिए पनि आवश्यकताको सिद्धान्त अनुसार औचित्यपूर्ण हुन सक्ने। आवश्यकताको सिद्धान्त लागू हुन उत्पन्न भएको अनिवार्यता कानूनले सम्मान गर्ने खालको हुनु

बालकृष्ण न्यौपाने वि. राष्ट्रपतिको कार्यालय समेत, नेकाप २०६८, नि.नं. ८५८८

आवश्यक हुन्छ। अनिवार्यताको कुरा उठाउने पक्षले त्यस्तो घटना वा परिस्थितिबाट बच्नको लागि गर्न सकिने सबै उपाय गरेको भन्ने देखिनुपर्छ। जुन अनिवार्यताको कारणले काम हुन नसकेको हो सो कुराको औचित्य साबित हुनुपर्ने।

- जटिल, असहज एवं असाधारण अवस्था र संविधानको सामान्य व्यवस्था क्रियाशील हुन नसकेको अवस्थामा मात्र आवश्यकताको सिद्धान्त अन्तर्गत कदम चाल्न सकिने तर आवश्यकताको सिद्धान्तलाई आधार बनाएर गरिएका कार्यको संवैधानिकता परीक्षण गर्नुनपर्ने भन्न नमिल्ने। — श्रीकृष्ण सुवेदी वि. राष्ट्रपतिको कार्यालय समेत नेकाप २०६९ नि.न. ८९२६
- न्यायिक नेतृत्वले कार्यपालिकाको प्रमुखको दायित्व लिने कुरा शक्ति पृथकीकरण र नियन्त्रण, विधिको शासन तथा संविधानवादको विपरित हुने, आवश्यकताको सिद्धान्तको अन्धाधुन्ध प्रयोग गरी यसको आडमा यस्तो अभ्यासलाई बैध मान्न नसकिने। — चन्द्रकान्त ज्ञवाली वि. राष्ट्रपतिको कार्यालय समेत नेकाप संवैधानिक इजलास खण्ड अंक १ नि.न ०००७

## १५. न्यायिक निरूपणको मापदण्डको सिद्धान्त (Doctrine of Judicially Manageable Standard)

सबै विवादहरू अदालतबाट निरोपण योग्य हुँदैनन्। खास गरेर शक्तिपृथकीकरणको सिद्धान्त अवलम्बन गरी राज्यका विभिन्न कार्यहरू न्यायपालिका, कार्यपालिका र विधायिकामा विभाजन गरिएकोमा एकले विशुद्ध रूपमा अर्को अङ्गको कार्य क्षेत्रमा पर्ने विषयमा हस्तक्षेप गर्नु हुँदैन भन्ने मान्यता रहेको छ। यसै मान्यता अनुरूप अदालतले पनि अरू अङ्गको कार्यक्षेत्रको विषयमा प्रवेश नगर्ने परम्परा विकसित भएको छ। कतिपय विषयको प्रकृतिगत कारणले अदालतबाट हेर्न उपयुक्त र व्यावहारिक नमानिने हुन्छ भने कतिपय विषयमा संविधान स्वयंले अदालतको अधिकार माथि नियन्त्रण लगाएको कारणले पनि न्यायिक निरूपणको कार्यमा संयमित रहेको हुन्छ। संविधानले स्पष्ट बन्देज लगाएकोमा बाहेक कुन कुरामा न्यायिक निरोपण हुने र कुनमा नहुने भन्ने विषय मुद्दाको प्रकृतिको आधारमा अदालत स्वयंबाट निर्धारण हुने विषय हो यसको कुनै सुनिश्चित मापदण्ड छैन। तथापि राजनीतिक र नीगित प्रश्नमा न्यायिक निरोपण नहुने मान्यता विकसित भएको पाइन्छ।

### संवैधानिक तथा कानूनी व्यवस्था:

- भारतमा भारतीय संविधानको धारा ३५६ (१) अन्तर्गत राष्ट्रपति शासन लागू गर्ने सन्दर्भमा राष्ट्रपतिको सन्तुष्टीको विषयमा न्यायिक निरूपण हुन नसक्ने सिद्धान्त प्रतिपादन भएको छ। — S.R.Bommai v. Union of India, AIR 1994 SC 1918
- सामान्यतया शाही विशेष अधिकारको प्रयोग, उच्चनीतिगत प्रश्न, राष्ट्रिय सुरक्षा र राजनीतिक विषयका विवादहरू न्यायिक निरूपणको मापदण्ड भित्र नपर्ने मानिन्छ। संवैधानिक व्यवस्था राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन। — संविधानको धारा ५५
- नेपाल सरकारबाट स्वीकृत नेपाल सरकारको कार्यसञ्चालन नियमावलीको पालना भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन। — संविधानको धारा ८२(२)
- यस संविधानको अधीनमा रही संघीय संसदको प्रत्येक सदनलाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहनेछ र सदनको कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुनेछ। यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन। — संविधानको धारा १०३(२)
- प्रदेश सरकारबाट स्वीकृत नियमावली बमोजिम प्रदेश सरकारको कार्य विभाजन र कार्य सम्पादन हुनेछ। उक्त नियमावलीको पालन भयो वा भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन सकिने छैन। — संविधानको धारा १७४ (१) (२)
- यस संविधानको अधीनमा रही प्रदेश सभालाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहनेछ र प्रदेश सभाको कुनै काम कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार प्रदेश सभालाई मात्र हुनेछ। यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन। — संविधानको धारा १८७ (२)
- निर्वाचन क्षेत्र निर्धारण आयोगद्वारा निर्वाचन क्षेत्र निर्धारण गरिएको र पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा कुनै प्रश्न उठाउन पाइने छैन। — संविधानको धारा २८६ (७)

## सर्वोच्च अदालतको फैसला/आदेश

- राज्यशक्ति संवैधानिक व्यवस्था विपरीत प्रयोग भएको भनी संवैधानिक विवाद उठाई सर्वोच्च अदालत प्रवेश गरेकोमा सर्वोच्च अदालतबाट संवैधानिक प्रश्नको निरूपण नहुने हो भने नेपाली जनताको शान्ति र उन्नतिको संवैधानिक आधारमा विघ्न आउन सक्ने। — राजिव पराजुली वि. भ्र.नि शाही आयोग समेत नेकाप २०६२ नि.नं. ७६१८
- कुनै संवैधानिक विवादमा राजनैतिक प्रश्नहरूका अतिरिक्त संवैधानिक वा कानूनी प्रश्नहरू पनि मुछिएका छन् र विवादको निरूपणका लागि ती संवैधानिक वा कानूनी प्रश्न सम्बन्धी अवधारणालाई अघि सारेर सर्वोच्च अदालते संवैधानिक र कानूनी प्रश्नको निर्णय गर्ने आफ्नो संवैधानिक अभिभारालाई पन्छाउन नमिल्ने। — रविराज भण्डारी समेत वि. मनमोहन अधिकारी समेत, नेकाप स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क २०५२
- विवादको विषय राजनीतिक हो वा होइन भनी छुट्टयाउन त्यस्तो विवादको प्रकृति वा चरित्र बुझ्न आवश्यक हुन्छ। संवैधानिक, कानूनी वा न्यायिक निरोपणको मापदण्ड भित्र नपर्ने राज्य र शासन व्यवस्थाका नीतिगत कुराहरू एवं न्यायपालिकाले भन्दा कार्यपालिका, व्यवस्थापिका वा अन्य निकायबाट प्रभावकारी किसिमले निरूपण हुन सक्ने राजनीतिक विवादलाई नै राजनीतिक प्रश्नको रूपमा लिनुपर्ने। — राजिव पराजुली वि. भ्र.नि. शाही आयोग समेत नेकाप २०६२ नि.नं. ७६१८
- राजनैतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम मूल्यांकन गर्न मिल्ने नदेखिने। — हरिप्रसाद नेपाल समेत वि. गिरिजाप्र. कोइराला समेत, नेकाप स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क २०५२
- समानुपातिक निर्वाचनको प्रयोजनका लागि संविधान र कानूनले व्यवस्था गरेअनुरूप प्रत्येक समूहको जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व गराउने गरी उम्मेदवारको सूची तयार गर्ने अधिकार कानूनले राजनीतिक दललाई नै प्रदान गरेको अवस्थामा राजनीतिक दलले तयार गर्ने सूचीमा प्रत्येक समूहबाट के–कस्तो पृष्ठभूमिका व्यक्तिहरूलाई समावेश गर्ने भन्ने स्वतन्त्रता विशुद्ध राजनीतिक दलको विवेकभित्रको विषय भएको हुँदा त्यस्तो विषय न्याय निरूपणको मापदण्ड (Judicially Manageable Standard) भित्र पर्न सक्ने नदेखिने, — रूपनारायण बैठा वि. निर्वाचन आयोग, ०७४– WC – ००१५ आदेश मितिः २०७६।१।२५
- न्यायिक निरूपण हुन नसक्ने विवादमा अदालतले हस्तक्षेप गर्न नमिल्ने।
  - नेकाप २०४८ नि.नं. ४४३०,
  - नेकाप, २०६७ नि.नं. ८४८४,
  - नेकाप २०५१ नि.नं. ४८९५
- निवेदकले गरेको मागको प्रकृति न्यायिक निरूपण सम्बन्धी नभई सरसर्ती हेर्दा पनि अर्थशास्त्र र राजनीतिक क्षेत्रसँग सम्बन्धित भएकोले यस्तोमा धारा ८८ (२) आकर्षित नहुने।
  - नेकाप २०५१ नि.नं. ४८९५
- न्यायिक निरोपण गर्नुपर्ने विषय नदेखिएकोले तथ्यगत कुरा तर्फ विचार गरी रहन नपर्ने,
  - नेकाप २०५९ नि.नं. ७०८८
- राज्यको नीतिगत अधीनको विषयमा न्यायपालिकाले हस्तक्षेप गर्न नमिल्ने,
  - नेकाप २०६४ नि.नं. ७८७५,
  - नेकाप २०६६ नि.नं. ८०४९,
  - नेकाप २०६७ नि.नं. ८३२४

## १६. राजनैतिक प्रश्न सम्बन्धी सिद्धान्त (Political Question Doctrine)

संविधान कानूनी एंव राजनीतिक दस्तावेज भएको हुँदा अदालत समक्ष आउने सबै किसिमका संवैधानिक विवादहरूमा संवैधानिक वा कानूनी प्रश्न मात्र समावेश हुन्छ भन्न सकिँदैन। कहिले काही अदालत समक्ष आएको विवाद नितान्त राजनैतिक पनि हुन सक्दछ। ती विवाद, जो राजनीतिक प्रकृतिको देखिन्छ, अदालतले त्यस्ता विवादको न्यायिक निरोपण गर्न सक्दैन र गर्नु हुँदैन पनि।

राजनीतिक प्रकृतिको विवादबाट टाढै रही न्यायिक निरोपण नगर्ने प्रचलनको विकास अदालत स्वयंमले आत्मसंयमको रूपमा लिएको छ । कस्ता विषय राजनीतिक प्रकृतिको हुने र कस्ता विषय सम्बैधानिक वा कानूनी प्रकृतिको हो भन्ने छुट्याउन त्यति सजिलो छैन । विवादमा उठाइएका विषय र तथ्यगत प्रकृति यसको निक्यौल गर्नुपर्ने हुन्छ । हालसम्म विकसित न्यायिक अभ्यासबाट देहायको विषयलाई Political question को रूपमा लिइएको पाइन्छ ।

Backer v. carr 369 US 186 (1962)

- A textually demonstratable constitutional commitment of the issue to a coordinate political department, or
- A lack of judicially discoverable and manageable standards for resolving it, or
- The impossibility of deciding without an initial policy determination of a kind clearly for non judicial discretion, or
- The impossibility of a court's undertaking independent resolution without expressing lack of respect due coordinate branches of government. or
- An un-usual need for unquestioning adherence to a political decision already made, or
- The potentiality of embarrassment from multifarious pronouncements by various department on one question

मूलतः विवादको विषयको तथ्यगत व्यहोराबाटै (merit of the case) न्यायिक निरोपण मापदण्डको अभाव देखिएमा, त्यस्तो विवादमा न्यायिक हस्तक्षेप गर्दा सरकारका अंगहरूप्रति अनादर हुने देखिएमा वा त्यस्तो न्यायिक निर्णयको कारणबाट अदालत स्वंयमको मर्यादामा आँच आउने भएमा अदालतले राजनीतिक प्रश्न सम्बन्धि सिद्धान्तलाई अनुसरण गरी विवादको निरोपण गर्दैन ।

**सर्वोच्च अदालतको फैसला/ आदेश**

- राजनीतिक कारणको औचित्य वा पर्याप्तताको क्षेत्रभित्र अदालतले प्रवेश गरी शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम मूल्याङ्कन गर्न मिल्ने देखिन्न ।

हरिप्र. नेपाल वि. गिरिजाप्र. कोइराला, स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क,

- कार्यपालिका वा व्यवस्थापिकाको संविधान प्रदत्त अधिकारसँग सम्बन्धित भएको कारणले मात्र तत्सम्बन्धी सबै प्रश्नहरू राजनैतिक प्रश्न हुँदैनन् । विवादमा उपस्थित संवैधानिक वा कानूनी प्रश्नसँग राजनैतिक प्रश्न पनि गाँसिएको अथवा संवैधानिक विवादलाई राजनैतिक रंगमा रंगाइएको कारणले पनि संवैधानिक वा कानूनी वैधताको प्रश्न राजनैतिक प्रश्नमा रुपान्तरित हुने पनि होइन । त्यसैले कुनै पनि संवैधानिक वा कानूनी प्रश्नहरू पनि मुछिएका छन् र विवाद निरूपणको लागि ती संवैधानिक वा कानूनी प्रश्नहरूको निरूपण हुनु आवश्यक देखिन्छ भने राजनैतिक प्रश्न सम्बन्धी अवधारणालाई अघि सारेर यस अदालतले संवैधानिक र कानूनी प्रश्नको निर्णय गर्ने आफ्नो संवैधानिक अभिभारालाई पन्छाउन पनि मिल्दैन । राजनैतिक प्रश्नको अवधारणा वस्तुतः अदालतको अधिकारलाई सीमित वा कुण्ठित गर्नका लागि संविधान वा कानूनले नै परिभाषित गरेको कुनै अवधारणा नभएर न्यायपालिकाले स्वयंम प्रतिपादीत गरेको एउटा सैद्धान्तिक अवाधारणा हो । यसको एउटै प्रयोजन संवैधानिक अंगहरूका बीच अनावश्यक द्वन्द टकरावको स्थितिको सृजना हुन नदिई ती सबै अंगहरूले आफु आफ्नो कार्यक्षेत्र र अधिकारको सीमा भित्र रहेर आ–आफ्नो अधिकारको प्रयोग स्वतन्त्रतापूर्वक गर्न सकुन भन्ने हो । त्यसको अर्थ अदालत समक्ष विचाराधिन विवादहरू कार्यपालिका वा व्यवस्थापिकाले गरेको निर्णयसँग सम्बन्धित छन् भन्दैमा अदालतले त्यसबाट पन्छाउने दृष्टिकोण लिनु पर्छ भन्ने होइन ।
  संवैधानिक वा कानूनी प्रश्न समावेश नभएको, न्यायिक निरोपणका लागि योग्य नभएको राजनीतिक प्रश्नमा निश्चय नै अदालत प्रवेश गर्नु हुँदैन ।

रविराज भण्डारी वि. मनमोहन अधिकारी, स्वर्णशुभजन्मोत्सव विशेषाङ्क, २०५२

- स्थानीय तह वा निकायको निर्वाचन गर्ने, यस सम्बन्धी कानून निर्माण, निर्वाचन सम्बन्धी वातावरण

चन्द्रकान्त ज्ञवाली वि. प्रमं. तथा मपका.समेत

सिर्जना गर्ने जस्ता प्रश्न राजनीतिक प्रकृतिका देखिने र यस्ता विविध अवस्थाहरूको राजनीतिक तहबाट समुचित मूल्याकंन गरी निर्वाचन गर्ने मिति तोकिनु उपयुक्त हुने भएकोले राजनीतिक दल तथा निर्वाचन आयोगबाट निरूपण हुने राजनीतिक विषयमा अदालतले आदेश जारी गर्न मुनासिव नहुने ।

नेकाप २०७४ नि.नं. ९७७०

- राजनीतिक विषयलाई राजनीतिक तवरबाट समाधान गर्नुपर्ने, न्यायिक वा प्राविधिक रूपले समाधान गर्न खोज्नु औचित्पूर्ण नहुने, प्रतिनिधि सभाको सदस्यको रूपमा सपथ नलिई प्रधानमन्त्री नियुक्त गरिएको र प्रधानमन्त्रीको सपथ लिएको विषय राजनीतिक प्रश्न समावेश भएको विषय मानिने ।

यज्ञमणि न्यौपाने वि. राष्ट्रपतिको कार्यालय समेत २०७४--WO-०६१७ मितिः २०७४।११।२९

## १७. सुविधा सन्तुलन र अपुरणीय क्षतिको सिद्धान्त -Balance of Convenence and Irraperable loss)

सुविधा सन्तुलन र अपुरणीय क्षतिको सिद्धान्त न्यायालयले अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने सम्बन्धमा विकास गरेको सिद्धान्त हो । अदालतले अन्तरिम आदेश जारी गर्दा वा नगर्दा तुलनात्मक रूपमा मुद्दाका पक्षहरूलाई पर्ने तत्कालको असरलाई मूल्यांकन गरी यो सिद्धान्तको प्रयोग गर्दछ । अन्तरिम आदेश जारी नगर्दाको अवस्थामा निवेदकलाई के कति हदसम्मको क्षति पुग्दछ र सो क्षति परिपूर्ति गर्न सकिने छ, छैन भन्ने हेरिन्छ भने अन्तरिम आदेश जारी हुँदा मुद्दाको अर्को पक्षले कस्तो क्षति व्यहोर्नु पर्दछ भन्ने पनि हेरिन्छ। यी दुबै पक्षले व्यहोर्नु पर्ने क्षति मध्ये कस्को क्षति गहन र अपुरणीय छ सोको विश्लेषण गरी सुविधा सन्तुलनको आधारमा अन्तरिम जारी गर्ने वा नगर्ने कार्य यस सिद्धान्तको उद्धेश्य हो ।

### कानूनी व्यवस्था

- निवेदकले कुनै निवेदनको अन्तिम टुंगो नलागेसम्म निजले मागदाबी लिएको विषय यथास्थितिमा नराखेमा निवेदन माग दाबी निरर्थक हुने बेहोरा खुलाई अन्तरिम आदेश जारी गर्न माग गर्न सक्छ । यसरी अन्तरिम आदेश माग गरेकोमा पक्षलाई अपूरणीय क्षति हुने अबस्था देखेमा वा सुविधा सन्तुलनको दृष्टिले उचित र आवश्यक देखेमा अदालतले अन्तरिम आदेश जारी गर्न सक्नेछ ।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९

### सर्वोच्च अदालतको आदेश वा फैसला

- अपूरणीय क्षति हुने अवस्था देखिएको, सुविधा सन्तुलनको आधारमा, माग गर्नेको हकको प्रकृति र जारी नगर्दा माग गर्ने पक्षलाई पर्ने अपूरणीय क्षति, जारी गर्दा अर्को पक्षलाई हुने असर समेतका आधारमा अन्तरिम आदेश जारी हुने वा नहुने,
  - सुरेश कुमार यादव वि प्रमं.तथा मपका.समेत सअ.बुलेटिन, २०६८ अंक २४ आदेश मितिः २०६८।१२।१७.
  - नेकाप २०६४ नि.न. ७८७२

## १८. स्वेच्छाको सिद्धान्त (Doctrine of Pleasure)

स्वेच्छाको सिद्धान्त सरकारी सेवामा रहेका कर्मचारीहरूले राजा/रानीको संतुष्टि वा इच्छा रहेसम्म मात्र आफ्नो सेवामा बहाल रहन पाउने तथा नियुक्ति र वर्खास्ती सम्बन्धमा सामान्य कानूनको रूपमा वेलायतमा विकास भएको सिद्धान्त हो । बेलायतमा यो राजा/रानीको Special prerogative को रूपमा रहेको छ । यो सिद्धान्त अवलम्बन गर्नुको पछाडि कुनै सरकारी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई उक्त सेवामा निरन्तरता दिन सरकार बाध्य छैन भन्ने सार्वजनिक नीतिमा आधारित रहेको छ । बेलायती मान्यता अनुसार सार्वजनिक हित विपरित कुनै सरकारी कर्मचारी आफ्नो सेवामा वहाल रहिरहन सक्दैन भन्ने रहेको छ । बेलायतको सामान्य कानूनको सिद्धान्तको रूपमा विकसित स्वेच्छाको सिद्धान्तलाई भारतीय संविधानको धारा ३१० ले समेत केही हद सम्म आत्मसाथ गरेको छ । उक्त धाराले संविधानमा अन्यथा व्यवस्था भएमा बाहेक, कुनै पनि व्यक्ति रक्षा मन्त्रालय अन्तर्गतको सेवामा वा संघ वा भारतीय सरकारी सेवामा रहेको वा संघ अन्तर्गतको रक्षा वा सरकारी सेवासँग सम्बद्ध रहेको व्यक्तिले राष्ट्रपतिको इच्छा रहेसम्म आफ्नो सेवामा वहाल रहन पाउँछ र राज्यको सरकारी सेवामा वहाल व्यक्ति राज्यपालको इच्छा रहेसम्म वहाल रहन पाउने गरी स्वेच्छाको सिद्धान्तलाई संविधानमा नै व्यवस्थित गरिएको छ । भारतीय संविधानमा व्यवस्थित यो सिद्धान्तका केही सिमा वा अपवाद पनि संविधानमा नै उल्लेख गरिएको छ । भारतीय संविधानले देहायका पदहरूमा Doctrine of Pleasure को सिद्धान्त लागू नहुने गरी सिमा निर्धारण गरेको छ ।

क. सर्वोच्च अदालतका न्यायाधीशहरू,

ख. महालेखा परीक्षक,

ग. उच्च अदालतका न्यायाधीशहरू,

घ. लोक सेवा आयोगका सदस्यहरू

ङ. प्रमुख निर्वाचान आयुक्त,

यसैगरी, भारतीय संविधानको धारा ३११ ले स्वेच्छाको सिद्धान्त विरुद्ध सरकारी कर्मचारीहरूलाई कार्यविधिगत सुरक्षण ( Precedural Safeguard) प्रदान गरेको हुँदा भारतीय संविधानमा वेलायतमा जस्तो स्वेच्छाको सिद्धान्तलाई निरपेक्ष सिद्धान्तको रूपमा लिइदैन। भारतीय सर्वोच्च अदातलले S.L. Agrawel (Dr) Vs. General manager, Histan Steel limited भएको मुद्दामा संविधानको धारा ३११ बाट प्राप्त Procedural Safeguard देहायको व्यक्तिहरूले मात्र पाउने सिद्धान्त विकास गरेको छ।

क. संघको सबै निजामती कार्मचारी,

ख. भारतीय सेवाका व्यक्ति,

ग. राज्यका निजामती कर्मचारी

यसैगरी, Parshottam Lal Dhingra Vs. Union of India को मुद्दामा भारतीय सर्वोच्च अदालतले स्थाई वा अस्थाई दुबै सरकारी सेवारत व्यक्तिहरूको हकमा समेत धारा ३११ को कार्यविधिगत सुरक्षा पाउने सिद्धान्त प्रतिपादन गरेको छ। भारतीय संविधानले विभागीय कारवाही वा फौजदारी कारवाहीको क्रममा गरिने वर्खास्तिको सम्बन्धमा धारा ३११ को कार्यविधिगत सुरक्षा प्राप्त नहुने संवैधानिक व्यवस्था राखेको छ। नेपालको सन्दर्भमा, तत्कालीन निजामती सेवा ऐन, २०१३ को दफा ५ मा हरेक निजामती कर्मचारीको सेवा अवधि श्री ५ को सरकारको इच्छा अनुसार हुनेछ भन्ने व्यवस्था रहेको थियो तर हाल उक्त व्यवस्था छैन।

## सर्वोच्च अदालतको फैसला/आदेश

- पुरानो नोकरशाही अर्थात् सरकारी कर्मचारीको सेवा व्यक्तिगत घरमा काम गर्ने नोकरको जस्तो हो भन्ने पुरानो धारणा मानसिकताको अवशेषको रूपमा रहेको अवस्थामा प्रतिपादन भएका सिद्धान्तलाई वर्तमान संवैधानिक परिप्रेक्षमा लागू हुने भन्न उपयुक्त हुँदैन। किनकी संवैधानिक व्यवस्थामा मूलभूत परिवर्तन आएपछि सोही अनुरूप प्रतिपादित नजिर व्याख्यामा पनि परिवर्तन आएको सम्झनु पर्ने। २० वर्ष पछि हरेक कर्मचारीको सेवा श्री ५ को सरकारको निगाहमा हुन्छ, अर्थात सेवा सुरक्षाको अवधि समाप्त हुन्छ। Doctrine of pleasure अनुसार श्री ५ को सरकारले २० वर्ष पुगेको जोसुकैलाई मनोगत आधारमा पनि अवकास दिन सक्दछ भन्न समुचित नहुने।

  इन्द्रमान कर्माचार्य वि. मपससमेत नेकाप २०५२ अङ्क १ नि.नं. ५०४४

- निजामति कर्मचारी र श्री ५ को सरकारको सम्बन्धलाई नोकर र मालिकसँग तुलना गर्न मिल्दैन। मालिकले नोकरलाई निकाले जस्तै श्री ५ को सरकाले निजामती कर्मचारीलाई निकाल्न मिल्दैन। यी दुबैको सम्बन्ध निजामति सेवा ऐन, २०१९ र निजामति सेवा नियमावली २०२१ बाट निर्देशित छ। श्री ५ को सरकारले निजामति सेवा ऐन र निजामति सेवा नियमावलीमा तोकिएको विधि र प्रक्रिया अनुसार नियुक्ती, सरुवा, बढुवा, अवकास, वर्खास्त गुर्न पर्ने हुन्छ। स्वेच्छाको सिद्धान्त नलाग्ने स्वेच्छाचारी रूपमा निरक्भि तरिकाबाट निजामति कर्मचारी लाई अवकास दिने आवश्यक पनि होइन।

  कृष्ण प्रसाद लम्साल विरुद्ध मपस समेत नेकाप स्वर्ण शुभजन्मोत्सव विशेषांक २०५२

- कुनै न्यायाधीश उपर कारवाही गर्दा मापदण्डको बेवास्ता गर्न र संवैधानिक प्रक्रियाको अवलम्बन नगरी आफूखुशी अर्थात Doctrine of Pleasure को आधारमा कारवाही गर्न वा पदमुक्त गर्न नमिल्ने।

  चित्रदेव जोशी वि न्याय परिषद समेत नेकाप २०६९ नि नं ८८५७

- सार्वजनिक पदाधिकारीलाई नियुक्तिकर्ताको इच्छाअनुकूलको अवधिसम्म बहाल राख्ने र इच्छा अनुकूल नै हटाउन हुन्छ भन्न मिल्दैन।सार्वजनिक पदाधिकारीको नियुक्ति र बर्खासी नियुक्ति गर्ने पदाधिकारीको इच्छाबाट निर्देशित गर्न मिल्दैन र यो कुरा Doctrine of Pleasure को सिद्धान्त अनुकूल नहुने।

  हरिगोविन्द लुइटेल वि प्रम तथा मपका समेत नेकाप २०७२ नि नं ९४१३

## १९. शक्ति पृथकीकरणको सिद्धान्त (Doctrine of Separation of Power)

राज्यका अङ्गहरूले कसैले पनि कसैको क्षेत्राधिकारमा हस्तक्षेप गर्नु हुँदैन।आफ्नो अधिकार र शक्ति प्रयोग गर्दा स्वतन्त्र रूपमा काम गर्न पाउनुपर्छ भन्ने यसको उद्देश्य हो। राज्यका अन्य निकायहरूले आफ्नो अधिकारक्षेत्र प्रयोग गरी गरेको कार्यमा सविधान र कानूनको आधारमा मात्र अदालतले न्यायिक पूनरावलोकन गर्नुपर्दछ। राजनितिक प्रश्न नितिगत कार्य विशुद्ध कार्यकारी निर्णय तथा कानून निर्माण गर्ने लगायतका कार्य कार्यपालिका र व्यवस्थापिकाले गर्ने कार्य हुन्। यस्ता विषयमा अदालतले सामान्यतया पुनरावलोकन गर्नु हुँदैन भन्ने मान्यता यस सिद्धान्तले राख्दछ।

### सर्वोच्च अदालतको फैसला /आदेश

- एक अङ्गको काम अर्को अङ्गले गर्न नहुने र आफ्नो काम स्वतन्त्र रूपमा गर्ने व्यवस्था यस सिद्धान्तले स्वीकार गर्ने।शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राजनीतिक कारणबाट कार्यपालिकाले गरेको कामको पर्याप्ततामा अदालतले प्रवेश गरी मूल्याकंन नगर्ने, — हरिप्र. नेपाल वि. गिरिजाप्र.कोइराला, स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क,
- कार्यपालिकाले विधायिका वा न्यायपालिका तथा व्यवस्थापिकाले कार्यपालिकाको मूलभूत कार्य प्रकृतिलाई नै प्रतिस्थापन गर्ने कार्य शक्ति पृथकीकरणको सिद्धान्त अनुरूप हुन नसक्ने ।
  राज्यका अन्य निकायको अधिकारमा हस्तक्षेप वा कटौती गर्ने कार्यले शक्ति पृथकीकरण होइन केन्द्रीकरण र निरंकुशतालाई प्रोत्साहन गर्ने। — कमलेश द्विवेदी वि. प्रमं तथा मपका. समेत नेकाप २०६७ नि.नं. ८४५२
- अपराधको परिभाषा भित्र के पर्ने भन्ने विषय वा सजाय बढाई यति सजाय गर्ने भन्ने विषय विधायिकी स्वविवेकीय कुरा भएकोले शक्ति पृथकीकरणको सिद्धान्त अनुसार विधायकी नीतिमा अदालतले हस्तक्षेप नगर्ने। — नेकाप २०६६ नि नं ८२८२
- नेपालको संविधान शक्ति विभाजनको सिद्धान्तलाई आधारित मानेर बनेको। व्यवस्थापिका कार्यपालिका र न्यायपालिका संवैधानिक परिधिभित्र रहेर आ आफ्नो संवैधानिक र कानूनी दायित्व स्वतन्त्रता निर्वाह गर्न सकुन भन्ने नै संविधानको मनसाय रहेको। — किशोर पौडेल वि पर्यटन मन्त्री समेत २०७८–WO-१४९२, आदेश मितिः २०७९।३।१२

## २०. वैद्यानिक अपेक्षाको सिद्धान्त (Principle of Legitimate Expectation)

वैध अपेक्षाको सिद्धान्त सरकारको स्वेच्छाचारितालाई नियन्त्रण गर्ने र नागरिकप्रति स्वच्छ व्यवहार गर्ने कार्यसँग सम्बन्धित रहेको हुन्छ। वैध अपेक्षाको सिद्धान्त विरूद्ध गई भएका कार्यमा रिट क्षेत्राधिकारबाट त्यस्ता काम कारवाहीको परीक्षण गरी अदालतबाट उपयुक्त आदेश जारी गर्न सकिन्छ । Legitimate Expectation means that a person may have a reasonable expectation of being treated in a certain way by administrative authorities owing to some consistent practice in the past or an express promise made by the concerned authority.

### सर्वोच्च अदालतको फैसला/आदेश

- जनताले गरेका जायज अपेक्षाहरूलाई सम्वोधन गर्दै संविधानसभाले संविधान निर्माणको कार्यतालिका समेत सार्वजनिक गरेको अवस्थामा जनता संविधान निर्माणप्रति पूर्णरुपेण आश्वस्त बन्नु उनीहरूको वैध अपेक्षा (Legitimate Expectation) नै हो। जनताको त्यस्तो वैध अपेक्षालाई संविधान निर्माणको ऐतिहासिक जिम्मेवारी पाएको निकायले सम्मान गर्नु पर्दछ र तदनुरूपको जवाफदेहीता वहन गर्नु पनि पर्ने । — भरतमणि जंगम वि. राष्ट्रपति कार्यालय समेत नेकाप २०६८, अंक ८, नि.नं.८६६२
- वैध अपेक्षाको सिद्धान्तलाई सरकारको स्वेच्छाचारितालाई नियन्त्रण गर्ने र निवेदकको पक्षमा आदेश जारी गर्न सकिने एउटा आधारको रूपमा रिट क्षेत्रमा स्वीकार गरिँदै आएको, सिद्धान्ततः सरकार वा सो अन्तर्गतको कुनै निकायले विगतमा स्पष्टरूपमा कुनै आश्वासन दिएको वा विगतमा लामो समयसम्म निश्चित किसिमको व्यवहार गरेको कारणबाट वैध अपेक्षा उत्पन्न भएको स्थितिमा त्यस्तो अपेक्षाको सम्मान गरिनु पर्ने। — कुमार पाण्डे वि. उर्जा मन्त्रालय समेत नेकाप २०७४ नि.नं.९७५३
- कुनै पनि व्यक्तिको सम्पत्ति माथि त्यस्तो व्यक्तिको मौलिक हक हुने र त्यस्तो सम्पत्तिलाई राज्यले प्राप्त — श्यामप्रसाद श्रेष्ठ वि. जिल्ला प्रशासन

गर्ने अवस्थामा राज्यले कानूनको प्रक्रिया अपनाई उचित मुआब्जा दिनुपर्ने विषयमा विवाद हुन नसक्ने।सरकारी कार्यालयको लागि जग्गा सरकारले आफ्नो प्रयोगमा लिई सट्टाभर्ना गर्ने कारवाहीको उठान भएको अवस्थामा जग्गा नै वा मुआब्जा प्राप्त हुन्छ भन्ने विश्वासमा कुनै नागरिक रहन्छ भने त्यो वैध अपेक्षा मान्नुपर्ने।

कार्यालय स्याङ्कजा समेत नेकाप २०७५ नि.नं. ९९७३

- सरकारका निकायले लामो समयदेखि काम कारवाहीलाई अगाडि बढाइरहेको र उक्त काम कारवाहीबाट सकारात्मक परिणाम आउने कुरामा निवेदक विश्वस्त रहिरहेको अवस्थामा काम कारवाही माग गर्ने पक्षलाई उक्त काम कारवाहीप्रति वैध अपेक्षा उत्पन्न हुने गर्दछ । वैध अपेक्षाको सिद्धान्तले सरकारी निकायका काम कारवाहीप्रति जनताको विश्वसनीयता सिर्जना हुने र जनताको सरकारप्रति भरोसासमेत रहने गर्दछ । सरकारी निकायमा कार्यरत सार्वजनिक पदाधिकारीहरूले विकाससँग सम्बन्धित विषय र विकास कानूनका सन्दर्भमा निर्णय गर्दा त झन् वैध अपेक्षाको सिद्धान्तलाई संवेदनशीलरूपमा ग्रहण गर्नुपर्ने हुन्छ । यसले सरकारको काम कारवाहीमा भरयोग्यता र विश्वसनीयता अभिवृद्धि गर्न मद्दत पुऱ्याउने।

तुलसी प्रसाद न्यौपाने वि उर्जा मन्त्रालय समेत नेकाप २०७४ नि नं ९८०५

## २१. भई सकेको काम बैध हुने सिद्धान्त (Doctrine of Factum Valet)

कुनै पनि कार्य सम्पन्न भईसकेको वा गरी सकिएको भएमा बैध मानिने कुरालाई यस सिद्धान्तले स्वीकार गर्दछ।

### सर्वोच्च अदालतको फैसला/आदेश

- जुन कार्य नहुनु पर्ने हो तर भई सकेपछि मान्यता पाउँछ । (What should not to be done, yet beiong done, shall be valid)

२०७४-WO-०६६५ आ.मितिः २०७५।१।४

- कुनै पदमा नियुक्त पदाधिकारी कुनै कारणले अयोग्य ठहरी पदमुक्त भएमा पदमा बहाल रहेको अवधिमा निजले गरेका कार्य सामान्यतः बदर नगरी मान्यता दिइने न्यायिक अभ्यास रहेको।

नेकाप २०७३ नि.नं. ९७१०

## २२. मुद्दाको अन्तिमताको सिद्धान्त (Principle of Finality of Judgement)

सक्षम अदालतबाट कानूनी प्रकृया अवलम्बन गरी भएको आदेश वा फैसला अन्तिम हुने र कार्यान्वयन योग्य हुने भन्ने यस सिद्धान्तको मूल उद्देश्य हो।एकपटक कानून बमोजिम साधिकार निकायबाट निर्णय भै टुङ्गो लागेको विषयमा पुनः मुद्दा वा रिट निवेदन गर्न यस सिद्धान्तले रोक्दछ।

### सर्वोच्च अदालतको फैसला वा आदेश

- मुद्दाको रूपबाट अन्तिम भई सकेको विषय कानूनमा नयाँ संशोधन थप भएको आधारले अघि मुद्दाको फैसला कार्यान्वयन सम्पन्न भई सकेको कार्यलाई अप्रत्यक्ष रूपमा सोही विषय निवेदनको रूपमा पुनः अदालतमा प्रवेश गर्न मिल्ने हुँदैन । प्रत्यक्षरूपमा कानूनले निमिल्ने कार्य अप्रत्यक्ष बाटोबाट सोही विषयमा पटकपटक अदालतमा प्रवेश गर्न मुद्दाको अन्तिमताको सिद्धान्तले पनि मिल्ने नहुने।

डिल्लीरमण न्यौपाने वि.रूपन्देही जिअ.समेत नेकाप २०७५ अंक १० नि.नं. १०१२३

- अदालतबाट भएका फैसला अनुसार तोकिएको सजायलाई रिट निवेदनको माध्यमबाट सामान्य अवस्थामै बदर गर्दै जाने वा निष्क्रिय बनाउँदै जाने हो भने सो कार्य फैसला अन्तिमताको सिद्धान्त विपरीत हुने र अदालत बारम्बार एकै मुद्दामा अल्झिरहने प्रवल सम्भावना रहने।

बसन्ता आचार्य वि वैदेशिक रोजगार न्यायाधिकरण, नेकाप २०७७ निनं. १०४८६

- कुनै मुद्दामा अधिकार प्राप्त निकायबाट अन्तिम फैसला भइसकेपछि पक्षहरूको सो फैसलाबाट सिर्जित हक अधिकार प्रचलन गराई दिने दायित्व फैसला अन्तिमताको सिद्धान्त अनुसार अदालतको नै हुने।

श्रीमाया लम्बु वि. नेत्रबहादुर लिम्बु नेकाप २०७६ निनं. १०३४८

- रिट निवेदक उपरको विभागीय कारवाही प्रशासकीय अदालतबाट बदर भएको देखिँदा अदालतको फैसला अन्तिमताको सिद्धान्त अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेतबाट यी रिट

रामआधार साह वि अदुअआ समेत

निवेदक उपर पटकपटक एकै मितिको एकै घटनाको विषय वस्तुउपर कारवाही गर्न नपाउने ।

नेकाप २०७२ नि नं ९४९७

- पटकपटक न्यायिक निकायबाट व्यक्तिको पहिचान कायम भै अदालतबाट मान्यता दिई निर्णय भएको विषय र फैसला अन्तिमताको सिद्धान्त (Finality of Justice Theory) लाई प्रभावित पार्नु न्याय र कानूनको सिद्धान्त विपरीत हुने ।

हिरामान गिरी वि जिल्ला प्रशासन कार्यालय बाँके नेकाप २०७१ नि नं ९२३६

- एक पटक सक्षम अदालतबाट निरोपण भैसकेको विषयमा पुनः कारवाही प्रारम्भ गर्न सरकारी पक्षले विशेष सुविधा पाउँछ भन्न कुनै कानून र सिद्धान्तले मिल्ने नदेखिने।एकपटक सक्षम अदालतबाट फैसला भै अन्तिम भएको फैसला उपर उजूर परी बदर नभएको स्थितिमा निर्णय अन्तिमताको सिद्धान्त (Finality of the Judgement) अनुसार पूर्व फैसला परिर्वतन वा निरर्थक हुने गरी उसै विषयमा अर्को कारवाही चलाई निर्णय गर्न नमिल्ने ।

बालकृष्ण के.सी. वि. जिल्ला प्रहरी कार्यालय दैलेख नेकाप २०६७ निनं ८४५९

## २३. विधायिकी वुद्धिमत्ताको सिद्धान्त (Principle of legislative Wisdom)

विधायिकाले कानून निर्माण गर्दा के कस्तो कुरा राख्ने वा कस्तो कानूनी प्रबन्ध गर्ने भन्ने कुरामा उसको विवेक प्रयोग गरेर गर्न पाउने मान्यता यसमा पर्दछ । विधायिकी विवेकमा अदालतले हस्तक्षेप गर्नु हुँदैन भन्ने यसको उद्देश्य हो ।

### सर्वोच्च अदालतको फैसला वा आदेश

- अपराधको घोषणा गर्ने तथा हदम्याद कसरी र कति निर्धारण गर्ने भन्ने सम्बन्धमा अपराधको गाम्भीर्यता समसामयिक परिवेश देशको सामाजिक तथा भौगोलिक अवस्था र अभ्यास समेतलाई विचार गरी गरिने विधायिकी विवेक (legislative Wisdom) को विषय भएकाले यति नै हदम्याद निर्धारण गर्नु उपयुक्त हुन्छ भनी अदालतले किटान गरिदिन नमिल्ने ।

राजुप्रसाद चापागाई समेत वि. प्रमं तथा मपका समेत नेकाप २०७३ नि नं ९५४७

- कुन अपराधमा कस्तो किसिमको कानूनी व्यवस्था गर्नुपर्ने हो भन्ने कुरा नितान्त रूपमा विधायिकाको अधिकारक्षेत्र भित्रको विषय हुनाले विधायिकी विवेक (Legislative Wisdom) का सम्बन्धमा यस अदालतले प्रश्न गर्नु उचित नहुने ।

प्रकाशमणि शर्मा समेत वि. संसद सचिवालय, समेत नेकाप २०५९ निनं ७१४०

- अपराधको परिभाषाभित्र पार्ने भन्ने विषय वा सजाय बढाई यति नै सजाय गर्ने भन्ने विषय बिधायिकी नीतिगत स्वविवेकीय कुरा भएकोले Legislative Policy मा असाधारण अधिकार अन्तर्गत अदालतले हस्तक्षेप गर्न उचित नहुने ।

ज्योति पौडेल वि प्रमं तथा मपका.समेत नेकाप २०६६ नि नं ८२८२

- संविधानले विधायिकालाई प्रदान गरेको संवैधानिक अख्तियारीभित्र रही विधायिकाले एउटा निश्चित् विधायिकी नीति वा सिद्धान्त बनाई त्यसलाई कार्यान्वयन गर्न कानून निर्माण गर्ने कार्य विधायिकाको क्षेत्राधिकारभित्रको विषय हो । कुन उद्देश्य प्राप्तिका लागि के कस्तो कानून बनाउने वा नबनाउने भन्ने विषय विधायिकाको एकलौटी क्षेत्राधिकार अन्तर्गत पर्ने कुरा हो । शक्तिपृथकीकरणको सिद्धान्तले विधायिकी दायरा (Legislative Domain) को कानून निर्माणको विषयमा सामान्यतया न्यायपालिकाले हस्तक्षेप गर्न नमिल्ने ।

तुलसी सिंखडा वि. संविधान सभा सचिवालय समेत नेकाप २०७० नि.नं.८९४३

## २४. हदम्यादको लचकता वृद्धि हुने सिद्धान्त (Doctrine of tolling)

कानूनले तोकेको हदम्याद निश्चित अवस्था र शर्तका आधारमा वृद्धि हुने सिद्धान्तको रूपमा यसलाई लिइन्छ । नाबालक वा अशक्त वा सुस्त मनस्थिति वा बृद्धको अवस्थामा रहेको व्यक्तिलाई निश्चित अवधिसम्म हदम्याद लचक हुने यस सिद्धान्तले स्वीकार गर्दछ ।

### सर्वोच्च अदालतको आदेश वा फैसला

- हदम्यादको व्यवस्था निलम्बन हुने सिद्धान्त (Doctrine of tolling) मा आधारित देखिन्छ। Doctrine

राजुप्रसाद चापागाई समेत वि. प्रमं तथा

of tolling भइरहेको हदम्यादलाई कुनै निश्चित अवधिसम्म निश्चित सर्तमा स्थगित गरिनु हो। जसलाई कानूनी भाषामा हदम्याद स्थगनको सिद्धान्त (Doctrine of Equitable tolling) भनिएको छ । यो विषय अपराध भन्दा दुष्कृति (Equity) सँग सम्बन्धित विषय हो ।

मपका समेत नेकाप २०७३ नि नं ९५४७

- निश्चित अवस्थासम्म हदम्यादको लचकता वृद्धि हुने सिद्धान्त (Doctrine of Tolling) लाई साविक मुलुकी ऐन, अदालती बन्दोबस्तको ४० नं. ले अङ्गीकार गरेको देखिने ।

डा. मीना झासमेत वि. सुब्बा पुलामीमगर नेकाप २०७५ नि नं ९९२

## २५. न्यायिक आत्मसंयमको सिद्धान्त (Principle of self restrain)

न्यायिक आत्मसंयमको सिद्धान्तले न्यायाधीशलाई आफ्नो न्यायिक अधिकारको प्रयोगमा सीमित गर्न प्रोत्साहित गर्दछ । न्यायालयले स्पष्ट रूपमा असंवैधानिक वा गैरकानूनी नभइकन कुनै कानून वा प्रशासकीय निर्णय उपरको विवादमा संयमतापूर्वक हेर्नुपर्छ भन्ने कुरामा यसले जोड दिन्छ । यसलाई न्यायिक सक्रियताबादको विपरीतको रूपमा पनि मानिन्छ । खासगरी राजनितिक वा न्यायिक रूपमा समाधान गर्न नसकिने विषयमा वा अन्य निकाय वा अदादतको साधारण क्षेत्राधिकारमा अदालतले हस्तक्षेप गर्न हुँदैन भन्ने मान्यता यसले राख्दछ ।अदालत आफैले विकसित गरेको सिद्धान्त हो ।

### सर्वोच्च अदालतको आदेश वा फैसला

- सामान्यतया विधायिकी कानूनहरू संविधानसम्मत, स्वच्छ र विवेकपरक नै हुन्छन भनी अदालतले आफू समक्ष आएका विवाद निरूपण गर्दा प्रारम्भिक रूपमा अनुमान गर्दछ । अदालतले आफूलाई सदैव संयमित र आत्म नियन्त्रण (self restrain) मा राखेको हुन्छ । अदालत विधायिकी कानून निर्माणको सिद्धान्त वा नीति भित्र प्रवेश गरी आफ्नो मान्यता लागू गर्न चाहँदैन र सो गर्न सक्तैन पनि । संविधानले इंगित गरेको खास क्षेत्रहरूमा विधायिकी बुद्धिमत्ताको अधीनमा रही कानून बनाई आफ्नो दायित्व निर्वाह गर्न निर्देशन गरिएका अवस्थाहरू फरक कुराहरू हुन् । कुनै विधायिकी कानून संविधानको प्रावधानसँग प्रत्यक्ष मेल नखाने देखिएको र जनताको मौलिक हकमा प्रतिकूल असर परेको देखिएको अवस्थामा त्यसलाई अमान्य वा बदर घोषित गर्नु अघि यस अदालतले यथाशक्य विधायिकी असल नियतको पक्षमा नै आफ्नो खोजी जारी राख्ने ।

कमलेश द्विवेदी वि प्रमं तथा मपका.समेत नेकाप २०६४ नि नं ७८६६

- तल्लो अदालतमा विचाराधीन विषयमा सर्वोच्च अदालतले न्यायिक आत्मसंयमको दृष्टिकोण अङ्गीकार गर्नु नै वाञ्छनीय हुन्छ।न्यायमा विचलन आएको अवस्था भई हस्तक्षेप गर्नु अत्यावश्यक भएको अवस्थामा बाहेक उच्च अदालतले गरेका अन्तरिम वा अन्तरकालीन प्रकृतिका आदेशमा प्रभाव पर्ने गरी हस्तक्षेप गर्न विवेकपूर्ण नहुने ।

रमेशराज अर्याल वि. उ.अ पाटन समेत नेकाप २०७६ नि नं १०२९४

- सबै प्रकारका नीतिगत निर्णयमा अदालतले हस्तक्षेप गर्ने हो भने ती निकायको कार्यप्रणालीमा एकातर्फ अदालतको अनावश्यक हस्तक्षेप हुन पुग्दछ भने अर्कोतर्फ अदालतको आदेश सधै र सबै अवस्थामा कार्यान्वयनयोग्य हुन नसकी यस्तो विषय न्यायिक व्यवस्थापकीय मापदण्ड (Judicially Manageable Standard) भन्दा बाहिर समेत पर्न आउने हुँदा नेपाल सरकार लगायत अन्य स्वायत्त निकायहरूले लिने र लिनुपर्ने नीतिगत निर्णयका विषयमा अदालतले हस्तक्षेप नगरी स्वेच्छिक रूपमा न्यायिक आत्मसंयम (Judicial Self-Restraint) अपनाउनु नै वान्छनीय देखिन आउने ।

रामकृष्ण काफ्ले वि प्रमं तथा मपका नेकाप २०६७ नि नं ८३९०

## २६. कपटपूर्ण वा छदम विधायन (Colourable Legislation) को सिद्धान्त

लिखित संविधान भएको देशमा विधायिकी कार्य संविधानले तोकिदिएको सीमाभित्र रहेर गरिनुपर्छ । छदम वा कपटपूर्ण विधायनको सिद्धान्तले जुन कुरा प्रत्यक्ष रूपमा गर्न सँकिदैन त्यो कुरा अप्रत्यक्ष ढंगले पनि गर्न सकिदैन भन्ने मान्यता राख्दछ । देशको मूल कानूनले कुनै निकायलाई कुनै कार्य गर्नका लागि अधिकार प्रदान नगरेको अवस्थामा विधायिका वा अन्य कानून निर्माण गर्न अख्तियारी प्राप्त निकायले संविधानले अधिकार नदिएको विषयमा कानून निर्माण गर्नु नै छदम विधायन हो ।

**सर्वोच्च अदालतको आदेश वा फैसला**

- सामान्यतया निर्माण गर्न नमिल्ने, अधिकारक्षेत्र नभएको बिषयमा बनाइएको विधायनलाई कपटपूर्ण विधायन (Colourable Legislation) भनिन्छ। विधायिकाको क्षेत्राधिकार माथि प्रश्न उठाउने यो सिद्धान्त खास गरी संघिय संवैधानिक र कानूनी संरचना भएका कानूनी प्रणालीहरूमा बढी प्रयोग र चर्चामा आउने भएतापनि विधायिकालाई अधिकार प्रदान गर्ने संविधानको व्यवस्था भन्दा बाहिर गएको वा विवादित कानूनकै पनि अन्य प्रावधान वा क्रमको संरचना भन्दा अस्वभाविक रूपमा पृथक व्यवस्था गर्ने कानूनी प्रावधानका सन्दर्भमा आकृष्ट हुने। — कमलेश द्विवेदी वि प्रमं तथा मपका. समेत नेकाप २०६४ नि नं ७८६६
- संविधान वा मातृ ऐनमा रहेका प्राबधान प्रतिकूल हुने गरी नियम निर्माण भएमा त्यो कपटपूर्ण विधायन बन्न पुग्ने। — विष्णुप्रसाद घिमिरे वि अदुअआ समेत २०७४-WC ००२० आ.मितिः २०७८।१।८

**२७. कार्यकारिणीको अधिकारको सिद्धान्त (Principle of Executive Power)**

सरकारलाई संविधान र कानूनले दिएको अधिकारलाई कार्यकारी अधिकार भनिन्छ । नेपालको संविधानले संघीय सरकारमा देशको कार्यकारी अधिकार निहित रहने व्यवस्था गरेको छ भने प्रदेशको कार्यकारीणी अधिकार प्रदेश मन्त्रिपरिषदमा निहित रहने व्यवस्था गरेको छ । यस्तो अधिकारको प्रयोगमा सामान्यतया अदालतले हस्तक्षेप गर्दैन तर कार्यकारी अधिकारको प्रयोग विवेकसम्मत न्यायोचित नभएकोमा वा स्वेच्छाचारी रूपमा भएको भनी विवाद आएमा अदालतले न्यायिक पुनरावलोकनको आधारमा परीक्षण गर्दछ।

**सर्वोच्च अदालतको आदेश वा फैसला**

- मन्त्रिपरिषद्को विशुद्ध कार्यक्षेत्रभित्र पुनरावलोकनको अवधारणामा अदालत प्रवेश गर्नु मनासिव नहुने। — नेकाप २०६८ नि.नं. ८६६६
- मन्त्रिपरिषद्ले स्वतन्त्ररूपमा गर्नु पर्ने कार्यमा यस अदालतबाट हस्तक्षेप हुँदा मन्त्रिपरिषद्को अधिकारमा अनाहकमा हस्तक्षेप हुने जस्तो देखिनुका साथै सो कुरा शक्ति पृथकीकरण (Separation of power) जस्तो लोकतान्त्रिक मूल्य मान्यता एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको विपरीत हुने। — लीलामणि पौडेल वि. विश्वेन्द्र पासवान, ०७०–NF– ००२६, आ. मितिः २०७२।२।७
- राजदूत नियुक्ति र जुनसुकै बेला फिर्ता बोलाउन सक्ने कार्यपालिकाको निहित अधिकार भएकाले सोही अधिकार प्रयोग गरि भएको निर्णय कार्यकारी अधिकार अन्तर्गत भएको मानिने। — नेकाप २०७२ नि नं ९४७९
- कार्यकारी अधिकारको प्रयोग स्वेच्छाचारी रूपमा गरेकोमा भने त्यस्तो कार्यको न्यायिक पुनरावलोकन अदालतबाट गरिने। — नेकाप २०७७ नि नं १०६०९

# भाग-पाँच

## कानूनी राय तथा प्रतिरक्षा

# परिच्छेद-एक

## कानूनी राय सम्बन्धी व्यवस्था

**यस परिच्छेद भित्र**

१. कानूनी रायको परिचय
२. संवैधानिक तथा कानूनी विकासक्रम
३. कानूनी राय सम्बन्धमा भएका संवैधानिक र कानूनी व्यवस्था
४. कानूनी राय प्रदान गरिने निकाय
४.१ महान्यायाधिवक्ताको कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था
- कानूनी रायको ढाँचा
४.२ उच्च सरकारी वकील कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था
४.३ जिल्ला सरकारी वकील कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था
५. कानूनी राय प्रदान गर्दा सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा
६. प्रदेश सरकारलाई कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था
७. राय सम्बन्धी अन्य व्यवस्था

## १. कानूनी रायको परिचय

कानूनी प्रश्नमा कानूनको विशेषज्ञले दिने राय नै कानूनी राय हो । यस्तो राय कुनै खास विवाद परेको अवस्थामा वा कानूनी जटिलता पर्न लागेको अवस्थामा माग गर्ने र दिने गरिन्छ । विशेषतः कानून कार्यान्वयनको क्रममा जटिल प्रश्न उब्जेको अवस्थामा कानूनी राय माग गर्ने गरिन्छ । सरकारी वकीलसँग काल्पनिक विषयमा कानूनी राय माग्नु हुँदैन र कानूनी प्रश्न बाहेक अरू विषयमा सरकारी वकीलले राय दिनु पनि हुँदैन । कानून निर्माणको क्रममा सम्बन्धित कानून र संविधान तथा अन्य कानूनको बीचमा के कस्तो सम्बन्ध रहन्छ भन्ने बारेमा पनि कानूनी राय माग गर्न सकिन्छ ।

कानूनी राय माग गर्नुको निश्चित उद्देश्य हुन्छ । मूलतः कामको दौरानमा देखापर्ने कानूनी जटिलतालाई सरल बनाई निर्णय गर्न सजिलो बनाउनु र त्यस्तो निर्णय कानूनसम्मत बनाउनु नै यसको उद्देश्य हो । तथापि राय माग गर्ने निकायले प्राप्त कानूनी रायलाई बाध्यतात्मक रूपमा अवलम्बन गर्नु पर्दछ भन्ने छैन । उपयुक्त र प्रभावकारी कानूनी राय प्राप्त गरेर सो अनुसार काम गरेमा काम कारवाहीमा कानूनी त्रुटि हुने संभावना कम रहन्छ । कानूनी राय लिने वा नलिने भन्ने विषय निर्णय गर्ने अधिकारीको आन्तरिक विषय हो। आफ्नो काम कारवाहीबाट अन्य पक्षको हक अधिकारको हनन् भएको भन्ने विवाद उठेमा कानूनी राय लिएको भन्ने आधारबाट बचाउ हुने वा नहुने भन्ने प्रश्न उठ्दैन । त्यसको अन्तिम टुङ्गो भने अदालतमा नै गएर लाग्दछ । तर प्रभावकारी र उपयुक्त कानूनी रायलाई वेवास्ता गरेर कानून विपरीतको निर्णय गरेमा स्वाभाविक रूपमा नै निर्णयकर्ताको क्षमता र आचरणमा प्रश्न उठ्छ ।

कानूनद्वारा राय दिनुपर्ने कर्तव्य तोकिएका अधिकारी (सरकारी वकील)ले कानूनले निश्चित गरेको निकायलाई मात्र कानूनी राय दिनु पर्दछ । आफ्नो राय अनुसार काम हुन्छ भन्ने आधारमा तथ्यको वस्तुनिष्ठ मूल्यांकन गरेर राय प्रदान गर्नु पर्दछ । आफ्नो रायबाट राय माग गर्ने निकायले विश्वस्त भएर सोही अनुसार निर्णय गर्न सकोस् भन्ने कुरामा सरकारी वकीलले सदैव ध्यान पुऱ्याउनु पर्दछ । नेपाल सरकार र नेपाल सरकारका निकायलाई कानूनी राय दिने जिम्मेवारी सरकारी वकीलको भए तापनि प्रदेश वा प्रदेश सरकारका निकायलाई कानूनी राय दिने जिम्मेवारी मुख्य न्यायाधिवक्ताको हो ।

नेपालको संविधानले नेपाललाई संघीय प्रणालीमा रुपान्तरण गरेसँगै हरेक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने व्यवस्था गरेको छ । मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने भएकोले प्रदेश सरकारलाई संवैधानिक एवम् कानूनी विषयमा राय सल्लाह दिने संवैधानिक जिम्मेवारी निजमा नै रहेको छ । यसका अतिरिक्त स्थानीय निकाय वा सरकारका स्वायत्त संस्थाहरूलाई पनि सरकारी वकीलले कानूनी राय प्रदान गर्दैनन् ।

## २. संवैधानिक तथा कानूनी विकासक्रम

नेपाल सरकार वैधानिक कानून, २००४ को दफा १२ को खण्ड (क) मा कानूनी विषयमा समय–समयमा सरकारलाई आवश्यक परेको राय सल्लाह पेश गर्न एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ महाराजबाट नियुक्ति हुने व्यवस्था गरिएको थियो । सोही दफाको खण्ड (ख) मा प्रधान कानूनी सल्लाहकारले हरेक अड्डा–अदालतमा गई सरकारकातर्फबाट छलफल गर्ने अधिकार रहने व्यवस्था पनि गरेको देखिन्छ । अन्तरिम शासन विधान, २००७ मा महान्यायाधिवक्ता सम्बन्धी कुनै व्यवस्था नगरिएको भए तापनि प्रधान न्यायालय ऐन, २००८ को पहिलो संशोधन २००९ ले पहिलो पटक एटर्नी जनरल (महान्यायाधिवक्ता)को व्यवस्था गऱ्यो । सो ऐनले मुद्दा मामिलाको सम्बन्धमा नेपाल सरकारले मागेको कानूनी राय दिनु र कानूनी कारवाही गर्नु एटर्नी जनरलको मुख्य कर्तव्य हुने व्यवस्था गरेको थियो ।

तत्कालीन नेपाल अधिराज्यको संविधान, २०१५ मा महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था थिएन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को अनुसूची १ ले सरकारी वकील कार्यालयको स्थापना गरी सरकारी वकीलको काम, कर्तव्य र अधिकार निर्धारण गरियो, जसमा सरकारलाई कानूनी राय प्रदान गर्ने, मुद्दाको बहस पैरवी, प्रतिरक्षा सम्बन्धमा बिस्तृत व्यवस्था गरिएको थियो । तत्पश्चात जारी भएका नेपालको संविधान, २०१९ को धारा ८०, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११०, नेपालको

अन्तरिम संविधान, २०६३ को धारा १३५, तथा सरकारी वकील सम्बन्धी नियमावली, २०५५को नियम ११(ख), नियम १४(ङ), नियम १६(ङ), नियम २८, नियम ३४ तथा नियम ३४(क) ले यस व्यवस्थालाई निरन्तरता प्रदान गऱ्यो। हाल प्रचलनमा रहेको नेपालको संविधान (२०७२) एवं सरकारी वकील सम्बन्धी नियमावली, २०७७ समेतले महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारको रूपमा कानूनी राय प्रदान गर्ने कार्यलाई एक महत्वपूर्ण कार्यका रूपमा व्यवस्था गरेको छ।

## ३. कानूनी राय सम्बन्धमा भएका संवैधानिक र कानूनी व्यवस्थाः

नेपालको संविधानले महान्यायाधिवक्तालाई सरकारको मुख्य कानूनी सल्लाहकार हुने व्यवस्था गरेको छ। संवैधानिक र कानूनी विषयमा नेपाल सरकार र सरकार मातहतका निकाय वा पदाधिकारीहरूलाई महान्यायाधिवक्ताको कार्यालय र आ–आफ्ना क्षेत्रमा उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूले कानूनी राय, सल्लाह वा परामर्श प्रदान गर्दै आएका छन्।

### संवैधानिक व्यवस्थाः

- महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ। संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुनेछ।

नेपालको संविधानको धारा १५८ को उपधारा (१)

वर्तमान संवैधानिक व्यवस्था अनुसार संवैधानिक र कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने जिम्म्वारी महान्यायाधिवक्तालाई रहेको छ। अन्य सरकारी वकीलहरूले कानूनी राय प्रदान गर्ने अधिकारको प्रयोग संविधानको धारा १५८ को उपधारा (७) बमोजिम प्रत्यायोजित अधिकार बमोजिम नभई सरकारी वकील सम्बन्धी नियमावलीमा उल्लेख भए बमोजिम कानूनी राय दिने अभ्यास रहँदै आएको छ। सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले कानूनी राय प्रदान गर्ने अधिकारी एवं तरिकाको सम्बन्धमा व्यवस्था गरेको छ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को देहाय (ख) मा कानूनी रायको विषयमा महान्यायधिवक्ताले निर्देशिका बनाउन सक्ने व्यवस्था गरेको छ। सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ मा निर्णय गर्ने अधिकारीले मनासिव ठानेमा कानूनी राय लिन सक्ने व्यवस्था गरिएको छ। यस बाहेक अन्य कुनै विशेष ऐन तथा नियमावलीमा सरकारी वकीलले राय सल्लाह दिनुपर्ने भन्ने व्यवस्था उल्लेख भएको रहेछ भने सोही ऐन, नियम बमोजिम पनि सरकारी वकीलले कानूनी राय प्रदान गर्नु पर्दछ।

### कानूनी व्यवस्थाः

- यस संहिता बमोजिम सम्पादन हुने कामकारबाहीलाई सरल, स्पष्ट र सुव्यवस्थित गर्न देहायको विषयमा देहायको अधिकारीले आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सक्नेछः–

फौजदारी कार्यविधि संहिताको दफा १९७ (१)

- अनुसूची–१ वा अनुसूची–२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको बहस पैरबी प्रतिरक्षा, कानूनी राय सम्बन्धमा महान्यायाधिवक्ताले,

ऐजन उपदफा (१) (ख)

- कुनै निर्णय गर्दा कानूनी वा प्राविधिक प्रश्नको पनि निरूपण गर्नु पर्ने रहेछ र त्यस्तो विषयमा कुनै कानूनविज्ञ वा प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्नेछ।

सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ को दफा १६ (५)

- उपदफा (५) बमोजिम राय लिएकोमा त्यस्तो रायलाई समेत आधार मानी निर्णय गर्न सकिनेछ र त्यस्तो रायलाई मान्नु नपर्ने देखेमा सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

ऐजन उपदफा (६)

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ को ५ मा रहेको कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालयको काम, कर्तव्य अन्तर्गतको बुँदा नं. ६ मा "कानूनी राय तथा परामर्श" उल्लेख भएको व्यवस्था संविधानको धारा १५८ को उपधारा (१) सँग स्पष्ट प्रतिकूल रहेको हुँदा कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालयले प्रदान गरेको कानूनी रायको सम्बन्धमा भने अदालतमा प्रश्न उठ्न सक्ने देखिन्छ।

## ४. कानूनी राय प्रदान गरिने निकायः

नेपाल सरकार र नेपाल सरकारका निकायहरूलाई विभिन्न तहका सरकारी वकील कार्यालयहरूबाट कानूनी राय प्रदान गरिने भएकोले राय माग गर्नु अगाडि र राय प्रदान गर्नु अगाडि राय माग गर्ने वा दिने निकाय वा अधिकारीको कानूनी हैसियत बुझ्नु पर्दछ। किनकी सरकारी प्रकृतिका सबै निकाय वा पदाधिकारीलाई सरकारी वकीलले कानूनी राय दिने कानूनी व्यवस्था छैन। तसर्थ, जुनसुकै सरकारी वकीलले जोसुकैलाई कानूनी राय प्रदान गर्दैनन्। राय प्रदान गर्न अधिकार नभएको पदाधिकारीले वा राय दिनु नपर्ने निकायलाई राय दिइयो भने त्यस्तो कानूनी राय अनधिकृत हुन जान्छ। तसर्थ कानूनी व्यवस्था विपरित राय माग्नु र राय दिनु हुँदैन।

## ४.१ महान्यायाधिवक्ताको कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था

नेपालको संविधानको धारा १५८ को उपधारा (१) मा महान्यायाधिवक्तालाई कानूनी राय दिने कर्तव्य तोकिएको र सोही धाराको उपधारा (७) मा महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। संवैधानिक व्यवस्था बाहेक प्रचलित कानूनले महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिने कानूनी राय महान्यायाधिवक्ता र नायब महान्यायाधिवक्ताले मात्र प्रदान गर्नसक्ने गरी व्यवस्था गरिएको छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कामलाई सुव्यवस्थित रूपले सञ्चालन गर्नको लागि महान्यायाधिवक्ताको कार्यालयमा चारवटा विभागहरू गठन गरिएका छन्। तीमध्ये कानूनी राय परामर्श तथा सुशासन विभागले कानूनी राय प्रदान गर्ने गरी व्यवस्था मिलाइएको छ। संवैधानिक वा कानूनी विषयमा नेपाल सरकारको कुनै मन्त्रालय, सचिवालय वा संवैधानिक निकायलाई राय सल्लाह दिने जिम्मेवारी नायब महान्यायाधिवक्ताको हुने गरी सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले व्यवस्था गरेको छ। महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत अन्य सरकारी वकीलले महान्यायाधिवक्ता वा नायब महान्यायाधिवक्ताले तोकिदिएको अवस्थामा मात्रै कानूनी राय प्रदान गर्न सक्ने देखिन्छ।

### कानूनी व्यवस्था

- नेपालको संविधानको धारा १५८ तथा अन्य प्रचलित कानूनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–
- संवैधानिक एवं कानूनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकेको पदाधिकारीलाई कानूनी राय सल्लाह प्रदान गर्ने,
- यस नियमावलीको अधीनमा रही नायब महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–
- कुनै संवैधानिक वा कानूनी विषयमा नेपाल सरकार, नेपाल सरकारको कुनै मन्त्रालय, सचिवालय वा संवैधानिक निकायलाई कानूनी राय सल्लाह दिने,

सरकारी वकील सम्बन्धी नियमावलीको नियम ११ (क)

ऐजन नियमावलीको नियम १२ (ख)

**कानूनी रायको ढाँचा**

महान्यायाधिवक्ताको कार्यालयवाट प्रदान गरिने रायको ढाँचा यसप्रकार रहेको छः

मितिः

विषयः राय सम्बन्धमा ।

श्री .....

तहाँको च.नं. ... ....मिति ..... को पत्रबाट माग गरिएको विषयमा निम्न व्यहोराको कानूनी राय सहित सक्कल मिसिल यसै पत्रसाथ फिर्ता पठाइएको व्यहोरा अनुरोध छ ।

**राय माग गरिएको विषयः**

**संक्षिप्त तथ्य विवरणः**

**विभागीय रायः**

**कानूनी व्यवस्थाः**

**प्रदान गरिएको कानूनी रायः**

नायब महान्यायाधिवक्ता

## ४.२. उच्च सरकारी वकील कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था

उच्च सरकारी वकील कार्यालयबाट कानूनी राय प्रदान गर्न सो कार्यालयका सहन्यायाधिवक्तालाई जिम्मेवारी प्रदान गरिएको छ । उच्च सरकारी वकील कार्यालयको प्रादेशिक अधिकार क्षेत्रभित्रका नेपाल सरकारका निकायहरूलाई कानूनी राय प्रदान गर्ने कर्तव्य निजको हुन्छ । सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम १५ (ङ) ले उच्च सरकारी वकील कार्यालयको प्रादेशिक अधिकारक्षेत्रभित्र रहेका प्रदेश प्रमुख तथा नेपाल सरकारका कार्यालयको प्रमुखले उच्च सरकारी वकील कार्यालयसँग कानूनी राय माग्न सक्छन् । यसरी कानूनी राय मागेमा सहन्यायाधिवक्ताले कानूनी राय दिनु पर्दछ । उक्त कार्यालयमा कार्यरत अन्य सरकारी वकीलले सहन्यायाधिवक्ताको कार्य सम्पादनमा सहायता पुऱ्याउनु पर्ने भए तापनि कानूनी राय प्रदान गर्ने उत्तरदायित्व भने सहन्यायाधिवक्ताको नै हुन्छ । तर सहन्यायाधिवक्ता कार्यालयमा उपस्थित नभएको अवस्थामा भने निमित्त सहन्यायाधिवक्ता भई काम गर्ने सरकारी वकीलले कानूनी राय दिन सक्छन् ।

### कानूनी व्यवस्था

उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

- आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र रहेका प्रदेश प्रमुख तथा नेपाल सरकारका कार्यालयको प्रमुखले मागेको कानूनी प्रश्नमा राय सल्लाह दिने,

सरकारी वकील सम्बन्धी नियमावलीको नियम १५ (१) (ङ)

## ४.३. जिल्ला सरकारी वकील कार्यालयबाट कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था

जिल्ला स्थित नेपाल सरकारका कार्यालय वा त्यस्ता कार्यालयको प्रमुखले कानूनी राय माग गरेमा जिल्ला न्यायाधिवक्ताले कानूनी राय दिनु पर्दछ । कार्यालयमा जिल्ला न्यायाधिवक्ता उपस्थित नभएको अवस्थामा निमित्त जिल्ला न्यायाधिवक्ता भई काम गर्ने सहायक जिल्ला न्यायाधिवक्ताले पनि राय दिनु पर्दछ । सरकारी वकील सम्बन्धी नियमावलीले सो जिल्लामा रहेका नेपाल सरकारका कार्यालयका प्रमुखले मागेको कानूनी प्रश्नमा राय दिनु पर्ने गरी व्यवस्था गरिएको छ ।

**कानूनी व्यवस्था**

जिल्ला सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः

सरकारी वकील सम्बन्धी नियमावलीको नियम १९(ग)

- सम्बन्धित जिल्लामा रहेका नेपाल सरकारकाकार्यालयका प्रमुखले मागेको कुनै कानूनी प्रश्नमा राय सल्लाह दिने,

**५. कानूनी प्रदान गर्दा सरकारी वकीलले ध्यान दिनु पर्ने कुराः**

कानूनी राय माग गर्ने निकायले कानूनले तोकेको रीत पूरा गरेर राय माग गरेको छ छैन भन्ने तर्फ सरकारी वकीलले विचार पुऱ्याउनु पर्दछ। रीत नपुऱ्याई राय माग गरिएको रहेछ भने आवश्यक रीत पुऱ्याई पठाउनका निमित्त राय माग गरिएको सक्कल फाइल सहित सम्बन्धित निकायमा फिर्ता पठाउनु पर्दछ। जुन कारणबाट फाइल फिर्ता पठाइएको हो सो रीत पऱ्याई फाइल पुनः प्राप्त भएको अवस्थामा कानूनी राय दिनु पर्दछ। रीत नपुगेको भनी फाइल फिर्ता पठाउनु परेमा के के कुराको रीत नपुगेको हो सो सबै कुरा एकैसाथ उल्लेख गरी पठाउनु पर्दछ। पटक–पटक फिर्ता पठाउनु पर्ने अवस्था आउँन दिनु हुँदैन। के के कुराको रीत पूरा गरी कानूनी राय माग्ने हो भन्ने सम्बन्धमा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३४ मा उल्लेख गरिएको छ। सरकारी वकीलसँग राय माग गरिएको विषय र सरकारी वकीलले राय दिएको विषय गोप्य हुन्छ।

**कानूनी व्यवस्थाः**

- कुनै संवैधानिक वा कानूनी प्रश्नमा सरकारी वकीलसँग राय माग गर्दा देहाय बमोजिम गरी माग गर्नु पर्नेछः–

  सरकारी वकील सम्बन्धी नियमावलीको नियम ३८

  - ✓ जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्ने,
  - ✓ जुन विषयमा राय माग गरिएको हो सोसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनु पर्ने,
  - ✓ राय मागिएको विषयमा स्पष्टतः कानूनी प्रश्न उल्लेख गरिएको हुनु पर्ने,
  - ✓ जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय मागी सकेपछि तथा त्यस्तो प्रक्रिया पूरा गरिसकेपछि मात्र सरकारी वकीलसँग राय मागिएको हुनु पर्ने,
  - ✓ जुन विषयमा राय माग गरिएको हो सो सम्बन्धमा विभागीय राय वा सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्ने

- नियम ३८ बमोजिम सरकारी वकीलसँग राय माग गरिएको विषय र सरकारी वकीलले राय दिएको विषय गोप्य हुनेछ।

  ऐजन नियमावलीको नियम ३९

**सरकारी वकीलले कानूनी राय प्रदान गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछः**

- कानूनी राय माग भै आएको विषयलाई फरक–फरक कोणबाट अध्ययन एवम् मूल्यांकन गरेर मात्रै कानूनी राय दिनु पर्ने हुँनाले तथ्यका सम्बन्धमा फाइल संलग्न कागजात पर्याप्त नभएमा थप कागजपत्र वा जानकारी माग गरी स्पष्ट भएपछि मात्रै राय दिनु पर्दछ,
- कानूनी राय प्रदान गर्न आफ्नो अधिकार भए नभएको निर्क्यौल गरेर मात्र कानूनी राय दिनु पर्दछ,
- कानूनी राय माग गर्ने निकाय वा कार्यालय वा अधिकारी कानूनी राय प्रदान गर्नुपर्ने निकाय वा कार्यालय वा पदाधिकारी भए वा नभएको यकीन गरी यदि कानूनी राय प्रदान गर्नु पर्ने निकाय वा अधिकारी भएमा मात्र कानूनी राय प्रदान गर्ने,

- अख्तियारवालाले मात्र राय माग गर्न सक्ने भएकोले राय माग गर्ने अधिकारी अख्तियारवाला हो, होइन भन्ने यकीन गर्ने,
- राय दिनु पूर्व सम्बन्धित संवैधानिक एवं कानूनी व्यवस्था, सो विषयमा सर्वोच्च अदालतवाट प्रतिपादित नजीर, अन्य देशको कानूनी व्यवस्था एवं अन्तर्राष्ट्रिय सन्धि संझौताका व्यवस्थाहरूलाई अध्ययन गर्नु पर्छ,
- कानूनी राय माग गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया पूरा भए वा नभएको हेरी प्रक्रिया पूरा नभएको अवस्थामा प्रक्रिया पूरा गरि पठाउन अनुरोध गर्ने,
- राय माग गर्दा विभागीय दृष्टिकोण समेत उल्लेख गर्नु पर्ने भएकोले विभागिय दृष्टिकोण उल्लेख भै आएको छैन भने विभागीय राय समेत माग गर्ने,
- जुन विषयमा राय माग गरिएको हो, सो विषयमा अन्य निकायमा पनि कानूनी राय माग गरिएको रहेछ भने राय दिनु आवश्यक हुँदैन,
- कानूनी राय संवैधानिक वा कानूनी बिषयमा मात्र दिइने भएकोले अन्य बिषयहरू जस्तैः प्रशासनिक वा प्राविधिक विषयमा राय प्रदान गर्नु हुँदैन,
- तथ्यगत विषयमा राय प्रदान गर्नु हुँदैन, कानूनी बिषयमा मात्र दिनु पर्छ,
- काल्पनिक वा संभावनाको विषयमा राय दिनु हुँदैन,
- अदालतमा विचारधिन रहेको विषयमा राय दिनु हुँदैन,
- दिइएको रायमा सोधिएको विषयको तथ्य, कानूनी प्रश्न र आफूले दिएको रायलाई छुट्टाछुट्टै शीर्षक दिई प्रकरण खुलाई स्पष्ट रूपमा दिनु पर्दछ,
- कानूनी रायको बारेमा निश्चित ढाँचाको व्यवस्था गरिएको छैन तर राय दिँदा सोधिएको विषयमा स्पष्ट जवाफ पाउने गरी माथि उल्लेख गरिएको ढाँचामा दिनु उपयुक्त हुन्छ,
- एकै किसिमको विषयमा पटक–पटक एकै वा भिन्न निकायहरूलाई राय दिइएको छ भने एकरूपता कायम गर्नु पर्दछ। तर एक प्रकृतिको राय माग गरिएको अवस्थामा पहिले दिएको रायभन्दा फरक राय दिनु परेको अवस्थामा रेकर्डमा आफ्नो पहिलेको रायबाट फरक राय दिनाको कारण भने जनाई राख्नु पर्दछ,
- कानूनी राय आधार र कारणमा आधारित भएर दिनु पर्दछ,
- प्रत्येक सरकारी वकील कार्यालयमा कानूनी राय सम्बन्धी छुट्टै राय किताब खडा गरी सो कानूनी राय माग भएको मिति कानूनी राय दिएको मिति, कानूनी राय माग गर्ने निकाय, माग भएको कानूनी प्रश्न र दिएको कानूनी राय लगायत अन्य आवश्यक कुरा खुल्ने गरी अभिलेख राख्नु पर्दछ,
- जिल्ला वा उच्च सरकारी वकील कार्यालयबाट कानूनी राय दिंदा राय दिनु पर्ने विषयमा स्पष्ट हुन नसकेमा सो को कारण खोली आफू भन्दा माथिल्लो निकायमा सो विषयमा राय माग गरी स्पष्ट भएपछि मात्र राय दिनु पर्दछ।

## ६. प्रदेश सरकारलाई कानूनी राय प्रदान गर्ने सम्बन्धी व्यवस्था

नेपालको संविधान र प्रचलित कानून अनुसार नेपाल सरकार, नेपाल सरकारका निकायहरू एवं नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई सरकारी वकीलले कानूनी राय प्रदान गर्दछन्। यसको अर्थ प्रदेश सरकार र स्थानीय तह एवं त्यस्ता निकायका अधिकारीलाई सरकारी वकील कार्यालयले कानूनी राय प्रदान गर्दैनन्। प्रदेश सरकार वा प्रदेश सरकारका निकायहरूलाई कानूनी राय सल्लाह दिने अधिकार र कर्तव्य मुख्य न्यायाधिवक्ताको रहेको छ। त्यस्तैगरी स्थानीय तहलाई कानूनी राय प्रदान गर्ने सम्बन्धमा संविधान तथा संघीय कानूनमा कुनै व्यवस्था नभएको हुँदा त्यस्ता निकायहरूले कानूनी रायको आवश्यकता परेको अवस्थामा कानून व्यवसायीको सहयोग लिन सक्छन्।

**संवैधानिक व्यवस्था:**

- मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ। — संविधानको धारा १६० (५)

**७. राय सम्बन्धी अन्य व्यवस्था:**

नेपालको संविधान तथा कानूनमा सरकारी वकीलसँग राय लिने सम्बन्धमा माथि उल्लेख गरिएको भन्दा केही भिन्न व्यवस्थाहरू पनि रहेका छन्। कुनै निर्णय गर्दा कानूनी द्विबिधा उत्पन्न भएको अवस्थामा लिने कानूनी राय र अन्य अवस्थाहरूमा दिने वा लिने रायमा भिन्नता छ। कहिलेकाँही यी दुबै रायहरू एउटै प्रकारको होकी भन्नेमा द्विविधा उत्पन्त भएको देखिएको छ। तर, दोस्रो प्रकारको रायलाई कानूनी रायको दर्जामा राखिँदैन। त्यस्ता रायहरूका समम्बन्धमा संविधान र कानूनमा भएका केही व्यवस्थाहरू निम्नअनुसार रहेका छन:-

**संवैधानिक / कानूनी व्यवस्था**

- नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्ताको राय लिनु पर्नेछ। — संविधानको धारा १५८ (३)
- सभामुखले कुनै कानूनी प्रश्नको सम्बन्धमा महान्यायाधिवक्ताको राय लिन आवश्यक ठानेमा संविधानको धारा १५८ को उपधारा (४) बमोजिम महान्यायाधिवक्तालाई सदनमा उपस्थित भई राय व्यक्त गर्न अनुमति दिनेछ। — प्रतिनिधि सभा नियमावलीको नियम २३५
- उपनियम (१) बमोजिम व्यक्त गरिएको रायमाथि छलफल हुने छैन।
- उपनियम (१) बमोजिमको राय व्यक्त गर्ने प्रक्रिया सभामुखले निर्धारण गरे बमोजिम हुनेछ।
- अध्यक्षले कुनै कानूनी प्रश्नको सम्बन्धमा नेपालको संविधानको धारा १५८ को उपधारा ९४० बमोजिम महान्यायाधिवक्ताको राय लिन आवश्यक ठानेमा महान्यायाधिवक्तालाई सदनमा उपस्थित भई राय व्यक्त गर्न अनुमति दिनेछ। — राष्ट्रिय सभा नियमावलीको नियम २१७
- उपनियम (१) बमोजिम व्यक्त गरिएको राय माथि छलफल हुने छैन।
- उपनियम (१) बमोजिमको राय व्यक्त गर्ने प्रक्रिया अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

माथि उल्लेख गरिएका व्यवस्थाका अतिरिक्त मुद्दाको अनुसन्धानको क्रममा सरकारी वकीलसँग राय लिने व्यवस्था पनि देखिन्छ। यस्तो "राय" वा "सल्लाह" र "कानूनी राय" उस्तै लागे पनि एउटै नभएको कुरामा सरकारी वकीलहरूमा द्विविधा हुनु हुँदैन। उदाहरणको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३ को उपदफा (३) को खण्ड (क), दफा २६; खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा ४१ को उपदफा (३) आदि। यस्तो राय प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ को उपदफा (१) को खण्ड (ख) बमोजिम २०७५ चैत्र ३ गते महान्यायाधिवक्ता कार्यालयबाट "नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी, प्रतिरक्षा तथा कानूनी राय सम्बन्धी निर्देशिका, २०७५" जारी भएको छ। यस निर्देशिकामा नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको बहस पैरवी र प्रतिरक्षा सम्बन्धी व्यवस्थाका अतिरिक्त नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले सरकारी वकीलसँग राय माग्ने र सरकारी वकीलले राय दिने सम्बन्धी व्यवस्था गरिएको छ। यस्तो प्रकारको रायको सम्बन्धमा भाग दुई परिच्छेद दुईको प्रकरण २.८ मा चर्चा गरिएको छ।

# परिच्छेद-दुई

## प्रतिरक्षा सम्बन्धी व्यवस्था

**यस परिच्छेद भित्र**

१. प्रतिरक्षा
२. नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा
३. सरकारी वकीलले मुद्दामा प्रतिरक्षा गर्न इन्कार गर्ने अवस्था
४. सरकारी वकीलले प्रतिरक्षा गर्न कानून व्यवसायीमा दर्ता हुन नपर्ने
५. सरकारी वकीलको कार्य सम्पादनमा सहयोग गर्नु पर्ने
६. विभागीय कारबाहीका लागि लेखी पठाउने
७. मुख्य न्यायाधिवक्ताको कार्यालयमा खटिएका सरकारी वकीलको प्रतिरक्षा सम्बन्धी दायित्व

## १. प्रतिरक्षाः

कुनै पनि न्यायिक निकाय समक्ष दायर भएको नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा मामिला, निवेदन, पुनरावेदन वा रिट निवेदनमा सरकार वा सरकारी निकाय वा सरकारी अधिकारीको तर्फबाट अदालत/मुद्दा हेर्ने निकायमा उपस्थित भई प्रतिनिधित्व गर्ने एवं बहस पैरवी गर्ने कार्य प्रतिरक्षा हो । नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिन्छ । यस्ता कुनै खास मुद्दामा सरकारी वकीलका अतिरिक्त अन्य कानून व्यावसायीबाट समेत बहस, पैरवी, प्रतिरक्षा गराउनुपर्ने भएमा त्यसको कारण खुलाई सम्बन्धित निकायले महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको अनुमति लिएर मुकरर भएको कानून व्यावसायीले समेत निजलाई अख्तियारी दिने सरकारी वकीलको सामान्य निर्देशनमा रही बहस, पैरवी, प्रतिरक्षा गर्न सक्दछ ।

सरकारी वकीलले आफैले गरेको निर्णयका आधारमा अभियोगपत्र/फिरादपत्र दायर भएका नेपाल सरकार वादी हुने मुद्दामा हुने बहस, पैरवी, प्रतिरक्षालाई भन्दा सो बाहेकका नेपाल सरकारका निकाय/पदाधिकारी उपर परेका रिट निवेदन लगायतका अन्य मुद्दा र नेपाल सरकारका निकाय/पदाधिकारीले दायर गरेका मुद्दाहरूको प्रतिरक्षाका सन्दर्भमा सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा जानकारी गराउनका लागि तत् सम्बन्धमा सरोकार राख्ने संवैधानिक तथा कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट भएका व्याख्या तथा महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका निर्देशन/परिपत्रहरूका बारेमा यहाँ उल्लेख गरिएको छ ।

### संवैधानिक व्यवस्थाः

- नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने छ । — संविधानको धारा १५८ (२)

### कानूनी व्यवस्थाः

- अनुसूची–१ र अनुसूची–२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दामा नेपाल सरकारको तर्फबाट सरकारी वकीलले बहस पैरवी तथा प्रतिरक्षा गर्नेछ । — फौजदारी कार्यविधि संहिताको दफा १८०
- अनुसूची–३ मा उल्लिखित कसूर सम्बन्धी मुद्दामा सम्बन्धित अधिकारीबाट मुद्दाको दायरी वा पुनरावेदन हुनेछ र प्रतिरक्षाको लागि सम्बन्धित सरकारी वकीललाई लेखी पठाएमा सरकारी वकीलले प्रतिरक्षा गरिदिनु पर्नेछ ।
- सरकारी वकीलले मुद्दाहरूमा बहस पैरवी गर्दा व्यावसायिक आचरण सम्बन्धी प्रचलित मान्यता अनुसार गर्नु पर्नेछ ।
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी हुने कुनै खास मुद्दामा सरकारी वकीलका अतिरिक्त अन्य कुनै कानून व्यावसायीबाट समेत बहस पैरवी गराउनु पर्ने भएमा त्यसको कारण खुलाई सम्बन्धित निकायले महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको अनुमति लिनु पर्नेछ ।
- उपदफा (५) बमोजिम अनुमति प्राप्त भएपछि त्यस्तो निकायले अन्य कानून व्यवसायी मुकरर गर्न सक्नेछ ।
- उपदफा (६) बमोजिम मुकरर भएको कानून व्यवसायीले महान्यायाधिवक्ता वा निजले अख्तियारी दिएको सरकारी वकीलको सामान्य निर्देशनमा रही बहस पैरवी गर्नु पर्नेछ ।
- दफा २५४ बमोजिम दायर भएका मुद्दाको सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ । — देवानी

- उपदफा (१) मा लेखिए बाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई विपक्षी बनाएको वा नेपाल सरकारले वादी भई चलाएको देवानी मुद्दामा सम्बन्धित निकायबाट अनुरोध भई आएमा नेपाल सरकारको हकमा सरकारी वकीलले र प्रदेश सरकार र स्थानीय तहको हकमा प्रचलित कानून बमोजिम तोकिएको वा खटिएको वकीलले बहस पैरवी र प्रतिरक्षा गरी दिन सक्नेछ।

कार्यविधि संहिताको दफा २६१

- सरकारी काम कारबाहीको सिलसिलामा कुनै सरकारी कर्मचारी उपर परेको मुद्दामा अदालतबाट इतलायनामा वा सूचना सम्बन्धित कर्मचारीले पाएपछि निजले सो मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा होस् भन्ने चाहेमा निजको विभागीय प्रमुख समक्ष देहायका कुराहरू खुलाई तुरुन्त निवेदन गर्नुपर्नेछः

सरकारी वकील सम्बन्धी नियमावलीको नियम २९

  - ✓ मुद्दाको नाम र संख्या,
  - ✓ कुन मितिमा कुन अदालतमा दायर गरिएको हो सो कुरा,
  - ✓ सबै पक्षहरूको नाम नामेसी,
  - ✓ दाबीको मोल बिगो,
  - ✓ अदालतमा प्रतिउत्तर वा प्रतिवाद गर्नुपर्ने म्याद र सो म्याद थमाउनु पर्ने भए सो कुरा,
  - ✓ प्रचलित कानून बमोजिम मुद्दा गरिने सूचना प्राप्त भएको वा नभएको, प्राप्त भएको भए प्राप्त भएको मिति,
  - ✓ मुद्दामा वादीले पेश गरेको र प्रतिवादीबाट पेश हुने प्रमाणका लिखत कागजात,
  - ✓ सम्बन्धित सरकारी वकीलको राय, र
  - ✓ मुद्दा सम्बन्धी भए गरेका कारबाहीका कागजात।

- उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा त्यस्तो कर्मचारीको विभागीय प्रमुखले सम्बन्धित कागजात सहित सरकारी वकील कार्यालयमा लेखी पठाउन सक्नेछ।

- सरकारी काम कारबाहीको सिलसिलामा कुनै सरकारी कर्मचारी उपर मुद्दा परेमा उपनियम (१) र (२) बमोजिमको कार्यविधि पुरा गरी त्यस्तो कर्मचारीको तर्फबाट प्रतिरक्षा होस् भनि त्यस्तो कर्मचारीको विभागीय प्रमुखले अनुरोध गरी पठाएमा सरकारी, सार्वजनिक हितलाई ध्यानमा राखी न्याय र कानूनको रक्षा हुने गरी सम्बन्धित सरकारी वकील कार्यालयबाट प्रतिरक्षा गरिदिनु पर्नेछ।

- नेपाल सरकार उपर परेको वा नेपाल सरकारको तर्फबाट दायर हुनु पर्ने मुद्दामा सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद वा पुनरावेदन पेश गर्नु अघि सम्बन्धित सरकारी वकीलसँग आवश्यक कानूनी सल्लाह लिई त्यस्तो फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद वा पुनरावेदन र सो मुद्दासँग सम्बन्धित कागजात एवम् प्रमाण संकलन गरी गराई आफूले पेश गर्नु पर्नेमा सम्बन्धित अदालत वा निकायमा पेश गर्नु पर्नेछ र सरकारी वकीलबाट पेश गर्नुपर्नेमा सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ । यसरी सरकारी वकीलबाट पेश गर्नु पर्ने भई प्राप्त भएको फिरादपत्र, प्रतिउत्तरपत्र, लिखित प्रतिवाद वा पुनरावेदन सम्बन्धित सरकारी वकीलले सम्बन्धित अदालत वा निकायमा पेश गर्नु पर्नेछ।

सरकारी वकील सम्बन्धी नियमावलीको नियम ३०

- उपनियम (१) बमोजिमको मुद्दामा प्रतिरक्षाको लागि सम्बन्धित निकायले सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।
- उपनियम (२) बमोजिम प्रतिरक्षा गर्न लेखी पठाउँदा सम्बन्धित मिसिल कागजात समेत दुरुस्त राखी पठाउनु पर्नेछ। सम्बन्धित अधिकृत वा पदाधिकारीले आवश्यक कागजात नपठाएको कारणले मुद्दामा असर पर्न गएमा सोको जानकारी सम्बन्धित सरकारी वकीलले विभागीय प्रमुखलाई गराउनु पर्नेछ।
- सरकारी वकीलबाट दायर हुने बाहेकका नेपाल सरकार वा सरकारी कर्मचारीको तर्फबाट अदालतमा दायर भएको र अन्य कसैले नेपाल सरकार वा सरकारी कर्मचारी उपर दायर गरेको मुद्दामा पुनरावेदन गर्न, पुनरावलोकन वा दोहोऱ्याई हेरिपाउन निवेदन गर्ने निर्णय गर्नु अघि सम्बन्धित अधिकृतले चाहेमा महान्यायाधिवक्ताको कार्यालयमा सो विषयमा परामर्श गर्न सक्नेछ।

सरकारी वकील सम्बन्धी नियमावलीको नियम ३१

- उपनियम (१) बमोजिम पुनरावेदन गर्दा वा पुनरावलोकन वा दोहोऱ्याई हेरिपाउन निवेदन दिँदा सम्बन्धित निकायले आवश्यक परेमा सम्बन्धित सरकारी वकीलसँग समन्वय गरी आवश्यक लिखत कागजात वा निवेदन तयार गरी अदालतमा दर्ता गराई सकेपछि फाइल बहस पैरवीको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ।

## २. नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाः

हाल प्रचलित कानूनले नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको परिभाषा गरेको देखिँदैन। तथापि निम्न मुद्दाहरूलाई नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाका रूपमा लिन सकिन्छः

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा उल्लिखित फौजदारी मुद्दाहरू,
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची २८ मा उल्लिखित देवानी मुद्दाहरू,
- नेपाल सरकार पक्ष वा विपक्ष भएको मुद्दा,
- नेपाल सरकारलाई सरोकार पर्ने भनी नेपाल सरकारले तोकिदिएको अन्य मुद्दा।

उल्लिखित मुद्दाहरूमा सम्बन्धित सरकारी वकीलबाट प्रतिरक्षा गरिन्छ। नेपाल सरकार वा संघीय सरकारी निकाय पक्ष वा विपक्ष भएको नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा अन्तर्गत निम्न मुद्दाहरूमा सरकारी वकीलबाट प्रतिरक्षा गरिन्छः

- सर्वोच्च अदालत, उच्च अदालत एवम् जिल्ला अदालतमा नेपाल सरकार वा सरकारी निकाय वा सरकारी कामको सिलसिलामा सरकारी अधिकारीलाई विपक्षी बनाई दायर गरिएका विभिन्न प्रकृतिका रिट निवेदनहरू,
- नेपाल सरकार वा संघीय सरकारी निकाय, अधिकारी वा समितिबाट प्रचलित कानून बमोजिम गरिएका निर्णयहरूका विरुद्ध सम्बन्धित पक्षबाट कानून बमोजिमको पुनरावेदन गरिएमा त्यस्ता मुद्दाहरूमा सम्बन्धित पुनरावेदन सुन्ने निकाय/अधिकारी/अदालतबाट प्रतिरक्षा गर्न लेखी आएका मुद्दाहरू।
- माथि उल्लिखित मुद्दाहरू बाहेक प्रचलित ऐन कानूनले नै सरकारी वकीलले बहस पैरवी प्रतिरक्षा गर्ने भनी तोकिएका मुद्दाहरू।

## ३. सरकारी वकीलले मुद्दामा प्रतिरक्षा गर्न इन्कार गर्ने अवस्थाः

सरकारी पक्षको प्रतिरक्षा गर्दा सरकारी वकीलले व्यावसायिक आचरण पालना गर्दै सरकारी/सार्वजनिक हितलाई ध्यानमा राखी न्याय र कानूनको रक्षा हुने गरी आफ्नो तजवीज प्रयोग गर्न सक्ने तथा केही विशेष अवस्थामा प्रतिरक्षा गर्न इन्कार गर्न सक्ने हुन्छ।

मुद्दामा प्रतिरक्षा गर्दा सरकारी वकीलले सरकारी तथा सार्वजनिक हितलाई ध्यानमा राखी न्याय र कानूनको रक्षा हुने गरी गर्नु पर्दछ । दुई वा सो भन्दा बढी संघीय सरकारी निकाय/ पदाधिकारीहरू बीचको विवादित विषयका सम्बन्धमा परेको मुद्दामा त्यस्ता सबै सरकारी निकाय/पदाधिकारीबाट प्रतिरक्षाको लागि लेखी आएमा ती मध्ये जुन निकाय/पदाधिकारीको तर्फबाट प्रतिरक्षा गर्दा सरकारी/सार्वजनिक हित तथा न्याय र कानूनको रक्षा हुन्छ भन्ने सरकारी वकीलको विवेकले देख्दछ सोही निकाय/पदाधिकारीको तर्फबाट प्रतिरक्षा गर्ने तजविज/स्वविवेक सरकारी वकीलले प्रयोग गर्न सक्दछ । यस सम्बन्धमा महान्यायाधिवक्ताको निर्देशन आवश्यक ठानेमा सम्बन्धित सरकारी वकीलले महान्यायाधिवक्तासँग निर्देशन माग गरी प्राप्त निर्देशन अनुसार प्रतिरक्षा गर्नु पर्दछ । मुद्दा हेर्ने निकाय/अदालतमा जवाफ नै पेश नगरेको, प्रतिरक्षाको लागि आवश्यक पर्ने सूचना, जानकारी, विवरण तथा कागजात समयमै उपलब्ध नगराएको एवम् देखादेखी कानूनको उल्लंघन गरी निर्णय गरेको जस्ता विशेष अवस्थामा सरकारी निकाय/पदाधिकारीको तर्फबाट प्रतिरक्षा गर्न सरकारी वकीलले इन्कार गरी सोही व्यहोराको जानकारी मुद्दा हेर्ने निकाय/अदालतलाई गराउन सक्नेछ ।

**कानूनी व्यवस्था:**

- सरकारी वकीलले मुद्दाहरूमा बहस पैरवी गर्दा व्यावसायिक आचरण सम्बन्धी प्रचलित मान्यता अनुसार गर्नु पर्नेछ । — फौजदारी कार्यविधि संहिताको दफा १८० (३)
- सरकारी काम कारबाहीको सिलसिलामा कुनै सरकारी कर्मचारी उपर मुद्दा परेमा उपनियम (१) र (२) बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कर्मचारीको तर्फबाट प्रतिरक्षा होस् भनी त्यस्तो कर्मचारीको विभागीय प्रमुखले अनुरोध गरी पठाएमा सरकारी, सार्वजनिक हितलाई ध्यानमा राखी न्याय र कानूनको रक्षा हुने गरी सम्बन्धित सरकारी वकील कार्यालयबाट प्रतिरक्षा गरिदिनु पर्नेछ । — सरकारी वकील सम्बन्धी नियमावलीको नियम २९ (३)
- सरकारी वकीलले बहस पैरवी गर्दा व्यावसायिक आचरणको पालना गरी आफ्नो तजविज अनुसार गर्नेछ । — ऐजन नियमावलीको नियम ४०
- उपनियम (१) बमोजिम सरकारी वकीलले बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज उपर कुनै कारबाही गरिने वा मुद्दा चलाइने छैन ।

सरकारी वकीलको व्यावसायिक आचरणका सम्बन्धमा सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७५ मा व्यवस्था गरिएको छ । सो आचरणलाई सरकारी वकीलले प्रतिरक्षा गर्दा सदैव ध्यानमा राख्नु पर्दछ ।

## ४. सरकारी वकीलले प्रतिरक्षा गर्न कानून व्यवसायीमा दर्ता हुन नपर्ने:

नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० को दफा २५ को उपदफा (३) मा सरकारी वकीलले मुद्दाको कुनै पक्षको तर्फबाट अड्डा अदालतमा उपस्थित हुन, पैरवी गर्न तथा बहस गर्न कानून व्यावसायीमा दरिन नपर्ने व्यवस्था गरेको छ ।

**सर्वोच्च अदालतका फैसला / आदेश:**

- नेपाल सरकारको प्रतिनिधित्व गर्ने वा प्रतिरक्षाको अधिकार प्रयोग गर्दा महान्यायाधिवक्तालाई एउटा व्यावसायिक व्यक्ति वा निकायले प्राप्त गर्ने अधिकार, सुविधा वा उन्मुक्ति प्राप्त हुन्छन् । — नेकाप २०५८ अंक ५ निनं. ७००१
- महान्यायाधिवक्तालाई अभियोजन र प्रतिरक्षा सम्बन्धी कार्य सम्पादन गर्दा प्राप्त हुने सबै अधिकार र व्यावसायिक उन्मुक्तिहरू महान्यायाधिवक्ताबाट संबिधान र कानून बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्ने सबै सरकारी वकीललाई समेत महान्यायाधिवक्ता सरह प्राप्त हुन्छ । — नेकाप २०५९ अंक ३ निनं. ७०८२

## ५. सरकारी वकीलको कार्य सम्पादनमा सहयोग गर्नु पर्ने:

- नेपाल सरकार वादी भएको मुद्दा वा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दा कुनै अड्डा — सरकारी वकील

अदालतमा चलिरहेको अवस्थामा वा त्यस्तो मुद्दा दायर गर्नुपर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका अन्य काममा सरकारी वकीलले सहयोग माग गरेमा सम्बन्धित अधिकारीले मुद्दाको मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाइदिनु पर्नेछ।

सम्बन्धी नियमावली, २०७७ को नियम ३४

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात सम्बन्धित सरकारी वकील कार्यालयबाट माग भएमा सम्बन्धित निकायले यथाशिघ्र त्यस्तो कार्यालयमा पठाउनु पर्नेछ।
- उपनियम (२) बमोजिम मिसिल कागजात प्राप्त नभएमा त्यस्तो मुद्दामा सरकारी वकीलले प्रतिरक्षा गर्न इन्कार गर्न सक्नेछ।

## ६. विभागीय कारबाहीका लागि लेखी पठाउने

ऐजन नियमावलीको नियम ३५

- सरकारी वकीलले देहायको अवस्थामा देहायका कर्मचारी वा अधिकारी उपर विभागीय कारबाहीका लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउन सक्नेछः
  - ✓ मुद्दाको सन्दर्भमा सम्बन्धित निकायलाई दिएको निर्देशन पालना नगरेको वा यस नियमावली बमोजिम माग गरेको सहयोग प्रदान नगरेको कारण मुद्दाको अभियोजन, निर्णय वा बहस पैरवीमा प्रतिकूल असर परेमा त्यस्तो निर्देशन पालना नगर्ने वा सहयोग नगर्ने अधिकारी वा कर्मचारी,
  - ✓ कुनै निर्णय, मिसिल, फाइल वा कागजात माग गर्दा समयमा नपठाएको कारणबाट मुद्दामा असर पर्न गएमा त्यसरी निर्णय, मिसिल, फाइल वा कागजात नपठाउने सम्बन्धित अधिकारी वा कर्मचारी,
  - ✓ मुद्दाको सिलसिलामा वा कानूनी रायका लागि प्राप्त भएका कागजात अध्ययन गर्दा कुनै अधिकारी वा कर्मचारीले कानून उलंघन गरेको वा हेलचेक्र्याई वा बदनियतसाथ काम गरेको कारणबाट नेपाल सरकारलाई हानि नोक्सानी पुगेको वा सार्वजनिक हितमा असर परेको वा सर्वसाधारणमा क्षति पुऱ्याउने वा दुःख हैरानी दिने नियतले काम गरेको देखिएमा त्यस्तो अधिकारी वा कर्मचारी,
  - ✓ नेपाल सरकार वादी हुने मुद्दामा सरकारी वकीलको निर्णय भन्दा फरक दाबी लिई अभियोपत्र वा फिरादपत्र दायर गरेमा त्यस्तो कर्मचारी,
- नेपाल सरकार वादी हुने मुद्दामा सरकारी कर्मचारीले अनुसन्धानको क्रममा पेश गरेको प्रतिवेदन वा गरेको कागजलाई खण्डन हुने गरी झुठ्ठा बकपत्र गरेमा त्यस्तो कर्मचारी। उपनियम (१) बमोजिम सम्बन्धित सरकारी वकीलबाट लेखी आएको व्यहोरा मनासिव देखिएमा वा सरकारी वकीलबाट त्यसरी लेखी नआए पनि महान्यायाधिवक्ताले विभागीय कारबाहीको लागि लेखी पठाउनुपर्ने आधार देखेमा सम्बन्धित कर्मचारी वा अधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ।
- उपनियम (२) बमोजिम लेखी आएमा अख्तियारवालाले त्यस्तो कर्मचारी वा अधिकारीलाई प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पूरा गरी विभागीय कारबाही गरी सोको जानकारी महान्यायाधिवक्तालाई गराउनु पर्नेछ।

## महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका निर्देशन/ परिपत्र

➢ श्री ५ को सरकार वादी प्रतिवादी भै नेपाल अधिराज्यका विभिन्न अदालतमा दायर रहेका र दायर हुने मालपोत ऐन, २०३४ तथा नियमावली,२०३४ अन्तर्गतको जग्गा सम्बन्धी मुद्दामा सम्बन्धित अदालतमा

प.सं. ०४७।०४८ च.नं. ७९२२

सम्बन्धित जिल्ला, अंचल, क्षेत्रीय वा महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकीलद्वारा वहस पैरवी गरि प्रतिरक्षा गराउने श्री ५ को सरकारको निर्णय भएको व्यहोरा जानकारीको लागि निर्देशानुसार अनुरोध गरिन्छ भनि कानून तथा न्याय मन्त्रालयको प.सं. १८(१५) च. नं. ३४ मिति ०४७।२।११ को पत्रद्वारा लेखि आएको हुँदा उल्लिखित निर्णय बमोजिम आ–आफ्नो मातहत कार्यालयहरू समेतबाट गर्न गराउन सबै सरकारी वकील कार्यालयहरूलाई परिपत्र भएको।

मिति २०४७।१२।२६

- मालपोत विभाग एवं मालपोत कार्यालयलाई विपक्षी बनाइएका मुद्दाहरूमा सरकारी वकील कार्यालयहरूबाट प्रतिउत्त पत्र दर्ता गराई वहस पैरवी तथा प्रतिरक्षा गर्ा दिन सबै सरकारी वकील कार्यालयहरूलाई परिपत्र गरि दिन भनी मालपोत विभागबाट महान्यायाधिवक्ताको कार्यालयलाई अनुरोध भई आएकोले श्री ५ को सरकारको हक हित र सरोकार निहित रहेका मुद्दाहरूमा सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को दफा ३३ बमोजिम सरकारी वकील कार्यालयहरूबाट प्रतिउत्तरपत्र दर्ता गराई बहस पैरवी तथा प्रतिरक्षा समेत गर्न गराउन सबै सरकारी वकील कार्यालयहरूलाई परिपत्र भएको।

प.सं. ०५३/५४-४५८-४७४ च.नं. १०६-३६३-१०३७८ मिति २०५४।०३।२२

- सरकारी वकील कार्यालयहरू संघीय कानून बमोजिम स्थापना भएका र नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा उल्लिखित व्यावस्था अनुसार सरकारी वकीलहरूले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दा, संघीय कानून बमोजिम स्थापित नेपाल सरकारका कार्यालयहरूको तर्फबाट बहस, पैरवी तथा प्रतिरक्षाको कार्य सम्पादन गरी आइरहेको सन्दर्भमा स्थानीय तहको तर्फबाट मुद्दा प्रतिरक्षा गर्न, लिखित जवाफ तयार गर्न, कानूनी परामर्श दिन, कुनै कानूनी लिखत तयार गर्न तथा त्यस्तो लिखत दायर गर्ने कार्य नगर्न नगराउन सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८क. बमोजिमको व्यवस्थापन समितिको मिति २०७५।०५।२७ को निर्णयानुसार सबै उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरू र विशेष सरकारी वकील कार्यालयलाई परिपत्र भएको।

प.सं. ०७५/७६ च.नं. ४७१ मिति २०७५।०५।२९

- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा उल्लिखित व्यावस्था अनुसार सरकारी वकीलहरूले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दा, संघीय कानून बमोजिम स्थापित कार्यालयहरू तथा त्यस्ता कार्यालयहरूमा कार्यरत रहँदाका बखत आफ्नो कार्यसम्पादनको सिलसिलामा संघीय निजामती कर्मचारीले गरेको कुनै पनि कामको सम्बन्धमा त्यस्ता कर्मचारी उपर परेको मुद्दामा त्यस्ता कार्यालय तथा कर्मचारीको तर्फबाट लिखित जवाफ पेश गर्ने, प्रतिनिधित्व गर्ने वा बहस पैरवी गर्ने गराउने व्यवस्था हुन सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८क. बमोजिमको व्यवस्थापन समितिको मिति २०७५।०५।२७ को निर्णयानुसार सबै उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरू र विशेष सरकारी वकील कार्यालयलाई परिपत्र भएको।

**सरकारी वकीलको राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र:**

- स्वच्छ सुनुवाइ, कानूनको शासन, कानून र न्यायका मान्य सिद्धान्तहरूको अवलम्बन, मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रबर्द्धन, सार्वजनिक हितको संरक्षण, पीडित मैत्री र न्यायमा

सरकारी वकीलहरूको प्रथम राष्ट्रिय

सहज पहुँच, व्यावसायीक स्वायत्तता र उन्मुक्ति, उत्तरदायित्व र जवाफदेहिता, निरन्तर सुधार र सिकाई, नैतिकता र सदाचार, लैङ्गिक मैत्री र समावेशीतालाई महान्यायाधिवक्ताको कार्यालयले आफ्नो मुल्यको रूपमा अङ्गिकार गरेको छ । यी मुल्यहरूसँग मेल नखाने गरी सरकारी निकायबाट देखादेखी कानूनको उल्लघंन गरी भएका निर्णयको प्रतिरक्षा सरकारी वकीलले गर्न नसक्ने र गर्नु नहुने विषयमा हाम्रो एक मत रहेको छ ।

सम्मेलन, २०७३ ले पारित गरेको घोषणापत्र को बुँदा नं.६

- न्याय सम्पादनको क्रममा सरकरी पक्षको प्रतिनिधित्व गर्नु सरकारी वकीलको जिम्मेवारी हो तर प्रतिनिधित्व गरिनुपर्ने त्यस्ता निकायबाट आवश्यक सूचना, जानकारी, विवरण तथा कागजातहरू समयमा उपलब्ध नगराइँदा अदालतमा प्रतिनिधित्व गर्न सरकारी वकीलहरूलाई कठिनाई परेको छ । खास गरी अन्तरिम आदेशको छलफल तथा रिटमा सरकारी पक्षको प्रतिनिधित्व गर्ने सम्बन्धमा यस्ता समस्याहरू देखिएका छन् । सरकारी वकीलहरू फितलो, कमजोर वा उपस्थितिका लागि मात्र इजलासमा उपस्थित हुने गर्दैनौं । प्रतिष्पर्धी रूपमा प्रस्तुत हुनका लागि आवश्यक सूचना, जानकारी, विवरण र कागजात नै सरकारी वकीलका सहयोगी हुन्छन । त्यस्तो सहयोग प्राप्त हुन नसकेमा सरकारी पक्षको प्रतिनिधित्वलाई सरकारी वकीलले इन्कार गर्नु सरकारी वकीलको बाध्यता हुने कुरा सबै सम्बद्ध निकायलाई स्मरण गराउन चाहान्छौं ।

ऐजन बुँदा नं. ७

## ७. मुख्य न्यायाधिवक्ताको कार्यालयमा खटिएका सरकारी वकीलको प्रतिरक्षा सम्बन्धी दायित्वः

मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत महान्यायाधिवक्ताको कार्यालयले खटाएका सरकारी वकीलहरू मुख्य न्यायाधिवक्ताको कार्यसम्पादनमा सहयोग गर्नका लागि खटाइएका हुन् । सो कार्यालयमा कार्यरत रहँदाका अवस्थामा त्यस्ता सरकारी वकीलहरूले कुनै मुद्दा हेर्ने निकाय/अदालत समक्ष प्रदेश सरकारको तर्फबाट बहस पैरवी प्रतिरक्षा गर्दा संघीय सरकार/पदाधिकारीको विरुद्धमा नै बहस पैरवी प्रतिरक्षा गर्नुपर्ने अवस्था भएमा सो अनुसार बहस पैरवी प्रतिरक्षा गर्न सक्दछन् । मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत रहुन्जेलसम्म यसो गर्नु उनीहरूको पदीय कर्तव्य नै हुने भएकोले सो अनुसारको व्यावसायिक कर्तव्य पालना गर्न उनिहरू स्वतन्त्र हुन्छन् ।

# खण्ड (ख)

## परिशिष्टहरू

# परिशिष्ट - एक

## महान्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित राजपत्र /परिपत्र/ निर्देशन

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०७४।०९।१३ मा वाणिज्य इजलास गठन गर्ने र सोको क्षेत्राधिकार तोक्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :-

(क) संवत् २०७४ साल माघ १ गते देखि लागु हुने गरी कम्पनी ऐन, २०६३, सुरक्षित कारोवार ऐन, २०६३, दामासाही सम्बन्धी ऐन, २०६३ तथा प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण ऐन, २०६३ बमोजिमका मुद्दाहरुको कारवाही र किनारा गर्न देहाय बमोजिमको प्रादेशिक क्षेत्राधिकार रहने गरी उच्च अदालत नियमावली, २०७३ को नियम ६६ बमोजिम देहायका उच्च अदालत, इजलास वा अस्थायी इजलासमा वाणिज्य इजलास गठन गर्ने :-

(१) **उच्च अदालत विराटनगर** : उच्च अदालत विराटनगर, उच्च अदालत विराटनगर, इलाम इजलास, उच्च अदालत विराटनगर, धनकुटा इजलास तथा उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(२) **उच्च अदालत जनकपुर** : उच्च अदालत जनकपुर तथा उच्च अदालत जनकपुर, राजविराज इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(३) **उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगञ्ज** : उच्च अदालत जनकपुर, अस्थायी इजलास विरगञ्जको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(४) **उच्च अदालत पाटन, हेटौडा इजलास** : उच्च अदालत पाटन, हेटौडा इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(५) **उच्च अदालत पाटन** : उच्च अदालत पाटनको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Scanned with CamScanner

(६) **उच्च अदालत पोखरा** : उच्च अदालत पोखरा तथा उच्च अदालत पोखरा बाग्लुङ्ग इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(७) **उच्च अदालत तुल्सिपुर, बुटवल इजलास** : उच्च अदालत तुल्सिपुर, बुटवल इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(८) **उच्च अदालत तुल्सिपुर, नेपालगञ्ज इजलास** : उच्च अदालत तुल्सिपुर तथा उच्च अदालत तुल्सिपुर, नेपालगञ्ज इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(९) **उच्च अदालत सुर्खेत** : उच्च अदालत सुर्खेत तथा उच्च अदालत सुर्खेत, जुम्ला इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(१०) **उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास** : उच्च अदालत दिपायल तथा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको प्रादेशिक क्षेत्राधिकार रहने गरी ।

(ख) वाणिज्य इजलास गठन सम्बन्धी खण्ड ५८ मिति २०६५।०९।१४ को नेपाल राजपत्र भाग ५ र खण्ड ५९ मिति २०६६।१२।९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयका सूचनाहरु खारेज गर्ने ।

**आज्ञाले,**
**कमलशाली धिमिरे**
**नेपाल सरकारको सचिव**

११

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Scanned with CamScanner

# भाग ५

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचना

## सूचना १

नेपाल सरकारले फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १६९ ले दिएको अधिकार प्रयोग गरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ अन्तर्गतका देहाय बमोजिमका मुद्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले हेर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) दफा ७३ बमोजिम आवश्यक वस्तु तोडफोड वा हानि नोक्सानी गरे बापत थप सजाय हुने अवस्थामा बाहेक दफा ६०, ६१, ६४, ६५ को उपदफा (१) र (२), ६६, ६९, ७०, ७१ र ७२ बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(२) दफा ८४, ८५, ८६, ८७, ११३, ११६, ११७, ११८, १२२, १२३, १२४, १२५ (उपदफा (४) बाहेक), १६५, २९० र २९१ बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(३) प्रकरण (१) र (२) मा उल्लिखित मुद्दासँग सम्बन्धित दफा ७५, ७६, ७७, ७८, ७९, ८०, ८२, ८३, ९८ र १०० बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(४) प्रकरण (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित जिल्ला अदालतले हेर्ने मुद्दासँगै सो प्रकरणमा उल्लिखित मुद्दा समेत हेर्नु पर्ने भएमा त्यस्तो मुद्दा सम्बन्धित जिल्ला अदालतले नै हेर्ने ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, असोज १ गते, २०७५ साल (संख्या २६


## भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था रहेको सन्दर्भमा माननीय महान्यायाधिवक्ताले मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३४ को उपदफा (१) को प्रयोजनका लागि खास

किसिमका सानातिना कसूरमा सो दफाको प्रक्रिया पुरा गरी मुद्दा दायर नगर्ने गरी निर्णय गर्न सबै जिल्लाका सरकारी वकीलहरुलाई सम्वत् २०७५ साल भाद्र १ गते स्वीकृति प्रदान गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
खगराज पौडेल
नायब महान्यायाधिवक्ता

# भाग ५

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

## सूचना १

नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९ ले दिएको अधिकार प्रयोग गरी मुलुकी अपराध संहिता, २०७४ को दफा १२६क. बमोजिमको कसूर सम्बन्धी मुद्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले हेर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

नेपाल सरकारले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा १७ को खण्ड (छ) र दफा २४ संवत् २०७७ साल असोज २६ गतेदेखि प्रारम्भ हुने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**ऋषि राजभण्डारी**
**नेपाल सरकारको सचिव ।**

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, वैशाख १३ गते, २०७८ साल (संख्या २


## भाग ४

### महान्यायाधिवक्ताको कार्यालयको

### सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार देहायको शर्तको अधीनमा रही सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी प्रत्यायोजन गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

१. मुद्दा चलाउने वा नचलाउने सम्बन्धमाः

(क) कुनै अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट दायर हुने मुद्दामा सम्बन्धित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि अनुसन्धान प्रतिवेदन सहित जिल्ला सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल कागज अध्ययन गर्दा सम्बन्धित सरकारी वकीलले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोही बमोजिम निर्णय गरी आवश्यक कानूनी प्रक्रिया पूरा गरी गराई आफूले मुद्दा दायर गर्नुपर्ने भए प्रचलित कानून बमोजिम सम्बन्धित अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्ने र अन्य निकायले मुद्दा दायर गर्नु पर्ने भए निर्णयको प्रतिलिपि सहित सम्बन्धित अनुसन्धान अधिकारी समक्ष पठाउने,

(ख) खण्ड (क) बमोजिम प्राप्त मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सोको प्रतिलिपिसहित मिसिल सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ग) प्रचलित कानूनबमोजिम जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने काम, कर्तव्य र अधिकार जिल्ला सरकारी वकील कार्यालयमा सहन्यायाधिवक्ता खटिएको अवस्थामा सहन्यायाधिवक्ता वा निजले तोकेको जिल्ला न्यायाधिवक्ताले प्रयोग गर्ने,

(घ) खण्ड (ख) बमोजिम सम्बन्धित सरकारी वकीलबाट प्राप्त मिसिल अध्ययन गर्दा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारण सहित निर्णय गरी निर्णयको प्रतिलिपि सहित मिसिल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ङ) खण्ड (ख) बमोजिम प्राप्त मिसिलमध्ये आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका मुद्दा र प्रतिवादी खुलेको भएपनि निजको मृत्यु भई सकेको मुद्दामा उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्ताले अन्तिम निकासा दिने,

(च) सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिल अध्ययन गर्दा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) वैदेशिक रोजगार ऐन, २०६४ र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको कसूर सम्बन्धी मुद्दामा अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि अनुसन्धान प्रतिवेदनसहित विशेष सरकारी वकील कार्यालयमा पेश हुन आएको मिसिल सो कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सोको आधार र कारण खुलाई निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(ज) राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० बमोजिम सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान पूरा भई अनुसन्धान प्रतिवेदनसहित पेश हुन आएका मुद्दामा सो मुद्दा दायर हुने उच्च अदालतको भौगोलिक क्षेत्राधिकारभित्र पर्ने उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजले तोकेको उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ताले मिसिल अध्ययन गर्दा सबुद प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकारीसमक्ष पठाउने र मुद्दा चलाउनु नपर्ने

४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपिसहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने,

(झ) खण्ड (घ),(च),(छ) र (ज) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा सम्बन्धित नायब महान्यायाधिवक्ताले थप अनुसन्धान गर्नु गराउनु पर्ने वा मुद्दा चलाउनु पर्ने देखेमा आधार र कारणसहित निर्णय गरी निर्णयको प्रतिलिपि साथै राखी मिसिल सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउने र मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारणसहित महान्यायाधिवक्तासमक्ष पेश गरी निर्णय भएबमोजिम गर्ने,

(ञ) माथि विभिन्न खण्डमा उल्लेख भए बमोजिम सहन्यायाधिवक्तालाई प्रत्यायोजन गरिएको अधिकार निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा कामकाज गर्ने सरकारी वकीलले प्रयोग गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ को उपदफा (१) को प्रयोजनको लागि खास किसिमका सानातिना कसूरमा सो दफाको प्रक्रिया पूरा गरी मुद्दा दायर नगर्ने निर्णय गर्न सम्बन्धित जिल्लाका सरकारी वकीललाई स्वीकृति प्रदान गर्ने।

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (८) बमोजिम मुद्दा नचलाईएको प्रतिवादीको हकमा सोही दफाको उपदफा (११) को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएका मिसिल अध्ययन गरी सम्बन्धित नायब महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिने।

५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. हिरासतमा रहेको व्यक्तिको मानव अधिकारको अवस्थाबारे अनुगमन गर्ने सम्बन्धमाः

(क) हिरासतमा रहेको व्यक्तिलाई नेपालको संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने सम्बन्धमा नेपालको संविधानको धारा १५८ को उपधारा (६) को खण्ड (ग) ले प्रदान गरेको अधिकार सम्बन्धित क्षेत्रभित्रका उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकीलले प्रयोग र पालना गर्ने,

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्ने क्रममा हिरासतमा रहेको व्यक्तिको मानव अधिकार संरक्षण गर्न र हिरासत व्यवस्थालाई सुदृढ पार्नको लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित अधिकारीलाई निर्देशन दिनुपर्ने भए निर्देशन समेत दिने,

(ग) खण्ड (क) वा (ख) बमोजिम गरेको अनुगमन तथा दिएको निर्देशन सम्बन्धी कार्यको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने।

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिम अधिकार प्रत्यायोजन गरेको कारण महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताको कार्यालयबाट हिरासतको अनुगमन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने र सम्बन्धित अधिकारीलाई निर्देशन दिनसक्ने विषयमा कुनै असर नपर्ने ।

५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र गराउन आदेश दिन सक्ने अधिकार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३३ मा उल्लिखित शर्तको अधीनमा रही सम्बन्धित नायब महान्यायाधिवक्ताले प्रयोग गर्ने।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ को खण्ड (त) बमोजिम महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय तथा विशेष सरकारी वकील कार्यालयका सहायक न्यायाधिवक्ताले महान्यायाधिवक्ता कार्यालयबाट अन्यथा आदेश भएकोमा बाहेक नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारको हक, हित वा सरोकार निहीत रहेका मुद्दामा आफ्नो कार्यक्षेत्र भित्रका अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष बहस, पैरवी तथा प्रतिरक्षा गर्ने।

<u>द्रष्टव्य:</u> नेपाल राजपत्रमा प्रकाशन भएका देहाय बमोजिमका सूचनाहरु खारेज गरिएका छन्:-

१. खण्ड ६५, अतिरिक्ताङ्क १५ क, मिति २०७२।६।३ को नेपाल राजपत्र भाग ४ तथा भाग ५ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु,

२. खण्ड ६६, सङ्ख्या ४६, मिति २०७३।०९।१८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. खण्ड ६८, सङ्ख्या २६, मिति २०७५।६।१ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना,

४. खण्ड ६८, सङ्ख्या ३८, मिति २०७५।७।१३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना,

५. खण्ड ६९, सङ्ख्या ४७, मिति २०७६।११।१९ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयका सूचनाहरु।

आज्ञाले,
पद्मप्रसाद पाण्डेय
नायब महान्यायाधिवक्ता ।

मुद्रण विभाग, सिंहदरबार

८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, वैशाख १९ गते, २०७८ साल (अतिरिक्ताङ्क ७(क)


## भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

### सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी माननीय महान्यायाधिवक्ताले आफूमा निहित अधिकार मध्ये मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने प्रकृतिका नेपाल सरकार वादी हुने मुद्दामा अनुसन्धानको क्रममा प्रतिवादीले पीडितलाई बुझाउनु पर्ने बिगो, हर्जाना तथा अन्य रकम बुझाई वा अन्य कुनै शर्तमा मुद्दाको कारबाही अगाडि नबढाउन पीडित

र प्रतिवादी दुवै पक्ष सहमत भै दिएको निवेदन बमोजिम मातहत सरकारी वकील कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त भएका मिसिलमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निकासा दिने अधिकार नायब महान्यायाधिवक्ताले प्रयोग र पालना गर्ने गरी प्रत्यायोजन गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
पद्म प्रसाद पाण्डेय
नायब महान्यायाधिवक्ता ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
गो.हु.द.नं. १६।२०६४।६३

# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको

## सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) बमोजिम माननीय महान्यायाधिवक्ताले आफूमा निहीत अधिकार सरकारी वकीललाई प्रत्यायोजन गरी खण्ड ७१) संख्या २, मिति २०७८।०१।१३ को नेपाल राजपत्र भाग ४ मा सूचना प्रकाशन भएकोमा माननीय महान्यायाधिवक्ताले सो सूचनाको प्रकरण १ अन्तर्गत प्रत्यायोजित अधिकारको खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) रहने गरी हेरफेर गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छः-

"(झ) खण्ड (घ), (च), (छ) र (ज) बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा सम्बन्धित नायब महान्यायाधिवक्ताले थप अनुसन्धान गर्नु गराउनु पर्ने वा मुद्दा चलाउनु पर्ने वा मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहित महान्यायाधिवक्ता समक्ष पेश गरी निर्णय भए बमोजिम गर्ने,"

आज्ञाले,

कृष्णजीवी घिमिरे

नायब महान्यायाधिवक्ता ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... प्रशासन ..... शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ८२

रामशाहपथ, काठमाडौं

मिति :- २०७५।०४।२१

विषयः परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त विषयमा अर्ध न्यायिक निकाय जस्तैः जिल्ला वन अधिकृत, प्रमुख अधिकारी लगायतका कानुनले तोकेको अर्ध न्यायिक निकाय वा अधिकारीले गरेको फैसला उपर जिल्ला अदालतमा कानुन बमोजिक पुनरावेदन परी सो अदालतबाट समेत शुरु सदर भएको र न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ख) र (ग) को अवस्था विद्यमान नभएका विभिन्न मुद्दाहरु उच्च सरकारी वकील कार्यालयहरुबाट पुनरावेदन कारवाहीको रोहमा महान्यायाधिवक्ताको कार्यालयमा निकासार्थ प्रस्तुत हुन आएको अवस्था छ । यस प्रकृतिका मुद्दाहरुमा उच्च अदालतमा पुनरावेदन वा दोहोऱ्याई पाउँ भन्ने निवेदन लाग्न सक्ने व्यवस्था नेपालको संविधान तथा न्याय प्रशासन ऐन, २०७३ ले समेत गरेको देखिँदैन । यस विषयमा कानुन मौन रहेको अवस्था हुँदा यस किसिमका मुद्दामा पुनरावेदन सम्बन्धी कारवाही सम्बन्धमा उच्च सरकारी वकील कार्यालयहरुबाट नै कानुन बमोजिम अन्तिम टुंगो लगाउन लेखी पठाउने भनी मिति २०७५।०४।१० मा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको व्यवस्थापन समितिको बैठकबाट निर्णय भएको हुँदा यस सम्बन्धि छुट्टै अभिलेख राखी सोही अनुसार गर्न गराउन हुन निर्णयानुसार अनुरोध छ ।

(गजराज घिमिरे)
शाखा अधिकृत

बोधार्थ:
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाईट: www.attorneygeneral.gov.np

मितिः २०७५।०८।२१

विषयः साक्षी उपस्थित गराउने सम्बन्धमा ।

श्री जिल्ला सरकारी वकील कार्यालय, सवै ।

उपर्युक्त विषयमा काठमाडौं जिल्ला अदालतले मिति २०७५।०८।१८ च.नं. १००४२ (मुद्दा नं. ०७५–CR– ०००४) को पत्रसाथ प्रेक्षित आदेशका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको ध्यानाकर्क्षण भएको छ । सो सम्बन्धमा वादी नेपाल सरकार भई दायर भएका मुद्दाहरूमा अदालतमा बकपत्रका लागि साक्षी उपस्थिति गराउने दायित्व सम्बन्धित सरकारी वकील कार्यलय र प्रहरी कार्यालयको भएको कुरामा विवाद छैन । अदालतबाट साक्षी उपस्थित गराउन पटक-पटक आदेश हुँदा समेत साक्षी उपस्थित नगराउने वा निश्क्रिय रहने परिपाटीलाई कदापी राम्रो मान्न सकिने हुँदैन । अतः अदालतबाट आदेश भई तोकिएको मितिमा अनिवार्य रूपमा साक्षी उपस्थित गराउनु हुन अनुरोध छ ।

बोधार्थ

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं:- मातहतका निकायहरूलाई अदालतबाट साक्षी उपस्थित गराउन आदेश भएका मुद्दामा अनिवार्य रूपले साक्षी उपस्थित गराउनु भनी निर्देशन दिनु हुन ।

श्री उच्च सरकारी वकील कार्यालय, सवैः- जानकारीको लागि ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं:-जानकारीको लागि ।

श्री काठमाडौं जिल्ला अदालतः-उल्लिखित पत्रको सम्बन्धमा ।

.....

(गीताप्रसाद तिम्सिना)

सहन्यायाधिवक्ता

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

सचिवालय

(..... शाखा)

पत्र संख्या :- ०७५/०७६
सचिवालय/६८

चलानी नं. :-

रामशाहपथ, काठमाडौं
२०७५।०९।१९

मिति :-.....

विषयः परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय सबै ।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।

प्रस्तुत विषयमा सरकारी वकीलहरुको कार्यसम्पादनमा प्रभावकारिता ल्याई सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न र सरकारवादी हुने फौजदारी मुद्दामा सरकारी वकीलको सहभागिता र जिम्मेवारी बढाई जनविश्वासमा वृद्धि गर्न देहाय बमोजिमका कार्यहरु अनिवार्य रुपमा गर्नु गराउनु हुन र मातहत कार्यालयहरुलाई समेत परिपत्र/निर्देशन गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

देहाय

१. सरकारवादी हुने फौजदारी मुद्दामा अदालतमा साक्षीको बकपत्र गराउँदा अनिवार्य रुपले सरकारी वकील स्वयं उपस्थित भई बकपत्र गराउने, अन्य कर्मचारी नखटाउने,
२. सानातिना प्रकृतिका मुद्दाहरुलाई शिघ्रातिशिघ्र अनुसन्धान सम्पन्न गराई त्यस्ता मुद्दाहरुको अनुसन्धान अनावश्यक रुपमा नलम्ब्याई छिटो छरितो रुपमा मुद्दा चल्ने/नचल्ने निर्णय गर्ने, गराउने,
३. अदालतबाट बहस नोट पेश गर्न आदेश भएको अवस्थामा तोकिएको मिति अगावै बहस नोट पेश गर्ने, गर्न लगाउने,
४. अति जरुरी पर्ने अवस्थामा बाहेक मुद्दामा सामान्यतया पेशी स्थगित नगर्ने,
५. मुद्दा पेशीको दिन अदालतमा समयमै उपस्थित भई बहस पैरवी गर्ने,
६. अभियुक्तको बयान विशेष/जिल्ला सरकारी वकील कार्यालयमा अनिवार्य रुपले सरकारी वकील समक्ष गर्ने, गराउने,
७. मुद्दाको अनुसन्धानको क्रममा तयार हुने खानतलासी मुचुल्का, बरामदी मुचुल्का लगायत अनुसन्धानको क्रममा तयार भएका मिसिल संलग्न कागजात कानूनी रुपमा दुरुस्त छन्, छैनन्? सुरु म्याद थपका बखत देखि नै विशेष ध्यान दिई समयमै सुधार गर्न लगाउने,
८. "हेलो साक्षी" कार्यक्रम मार्फत साक्षी/जाहेरवालालाई समयमै बकपत्र हुने दिन र समयका विषयमा र साक्षीले पाउने सुविधाका विषयमा समयमै जानकारी दिने र जानकारी दिएको अभिलेख राख्ने,
९. मुद्दा नचलाउने निर्णय गरी आवश्यक निकासाका लागि मिसिल पठाउँदा मुद्दाको हदम्यादलाई विशेष रुपमा ख्याल गरी निर्णय हुँदै मिसिल यस कार्यालयमा आई पुगी महान्यायाधिवक्ताबाट अन्तिम निर्णय भई मिसिल सम्बन्धित जिल्लामा पुगी अभियोजन गर्न भ्याउने समयलाई मध्यनजर गरी मिसिल पठाउने, पठाउन लगाउने ।

.....

(ज्ञानप्रसाद भुसाल)
उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्यावस :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.....सचिवालय शाखा)

पत्र संख्या :- ०७५/०७६
चलानी नं. :- सचिवालय/७१

रामशाहपथ, काठमाडौं

मिति :- २०७५।०९।२२

विषयः परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

प्रस्तुत विषयमा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८क बमोजिमको व्यवस्थापन समितिको बैठकमा जिल्ला सरकारी वकील कार्यालयहरुबाट साविकको मुलुकी ऐनको कानूनी व्यवस्था बमोजिम सर्वश्व सहित जन्म कैदको मागदावी लिई दायर भएका मुद्दामा सम्बन्धित जिल्ला अदालतहरुबाट सर्वश्व सहित जन्म कैदको सजाय ठहर गरी सर्वश्वको सजाय कार्यान्वयन गर्नु नपर्ने वा जन्म कैदको मात्र सजाय हुने गरी फैसला भएका मुद्दाहरुको सम्बन्धमा पुनरावेदन गर्ने/नगर्ने भन्ने विषयमा छलफल हुँदा "यस प्रकृतिका विषयमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० ले सजायको प्रकारबाट "सर्वश्व" लाई हटाएको अवस्था छ । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा "कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरको मुद्दामा सजाय गर्नु पर्दा सोही कानून बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ" भन्ने व्यवस्था रहेको छ । उल्लिखित कानूनी व्यवस्थाका आधारमा दावी लिँदा सर्वश्व सहित जन्म कैदको दावी लिएको तर अदालतबाट मिति २०७५।५।१ गतेपछि फैसला हुँदा सर्वश्व नगरी "जन्म कैद" मात्र गर्ने गरी फैसला भएको अवस्थामा सोही व्यहोरा जनाई मिसिल व्यवस्थापन गर्नु हुन र पुनरावेदन नगर्ने निर्णयको निकाशाका लागि फाइल नपठाउनु भनी सबै जिल्ला तथा उच्च सरकारी वकील कार्यालयहरुमा परिपत्र गर्ने" भन्ने निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन मिति २०७५/०९/१७ को निर्णयानुसार अनुरोध छ ।

२०७५।९।२२

(ज्ञानप्रसाद भुसाल)
उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... पुनरावेदन ..... शाखा)

पत्र संख्या :-

चलानी नं. :- ४०८२

रामशाहपथ, काठमाडौं

मिति :- २०७५।११।२३

श्री सबै उच्च सरकारी वकील कार्यालय

विषय: परिपत्र सम्बन्धमा ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा ***"कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका वखतभन्दा सजाय निर्धारण गर्दाका वखत कानून बमोजिम घटी साजय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नु पर्नेछ ।"*** भन्ने व्यवस्था गरिएको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख) ले ***"कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानुन बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ ।"*** भनी कसुर गर्दाको वखत र सजाय निर्धारण गर्दाको वखत जुन सजाय घटी हुन्छ सोही सजाय हुने व्यवस्थाको सिद्धान्तलाई अंगिकार गरेको हुदा अभियोग दावी लिँदाको वखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका वखत कायम रहेको कानुनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदावी भन्दा कम सजाय भए उपर पुनरावेदन गर्न नपर्ने हुँदा सोही बमोजिम गर्नु गराउनु हुन र मातहात सरकारी वकिल कार्यालयहरुमा समेत परिपत्र गर्नु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

.....

वासुदेव लम्साल

उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेवसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :- ०७५/०७६

चलानी नं :- ६७१८

रामशाहपथ, काठमाडौं

मिति २०७५।१२।१२

**विषयः परिपत्र ।**

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।

प्रस्तुत विषयमा अभियोग दावी भित्र रही अदालतले न्यायिक स्वविवेक प्रयोग गरी सजाय निर्धारण गरेको फैसला उपर पुनरावेदन गर्ने/नगर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु/ गराउनु हुन साथै मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुमा समेत परिपत्र गर्नुहुन यस कार्यालयको मिति २०७५/१२/११ को निर्णयानुसार अनुरोध छ ।

क) अभियोग दावीको कसूर ठहर गरी अदालतले न्यायिक स्वविवेक प्रयोग गरी सजाय निर्धारण भएको फैसलामा कसूरको मात्रा र सजायको अनुपात मिलेको देखिएमा सम्बन्धित सरकारी वकीलले आधार र कारण उल्लेख गरी मुद्दाको लगत कट्टा गर्ने,

ख) अदालतले अभियोग दावी भित्र रही न्यायिक स्वविवेक प्रयोग गरी सजाय गर्दा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ३८ बमोजिम कसूरको गम्भीरता बढाउने अवस्था विद्यमान देखिई कसूरको मात्रा र सजायको अनुपात मिलेको नदेखिएका फैसला उपर प्रतिवादीलाई बढी सजाय हुनुपर्ने आधारहरु उल्लेख गरी, पुनरावेदनको म्यादलाई ख्याल गरी, पुनरावेदनको मन्यौदा तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने,

ग) खण्ड (ख) बमोजिम प्राप्त भएको मिसिल तालुक कार्यालयले अध्ययन गर्दा पुनरावेदन गर्नु पर्ने अवस्था देखिएमा पुनरावेदन सुन्ने अदालतमा म्याद भित्रै पुनरावेदन-पत्र दर्ता गर्ने र पुनरावेदन गर्नु नपर्ने अवस्था भएमा आधार र कारण सहित निर्णय गरी मिसिल फिर्ता पठाउने र सो निर्णयको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा पठाउने।

.....

(बासुदेव लम्साल)

उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(.....प्रशासन..... शाखा)

पत्र संख्या :-०७५।७६

चलानी नं. :-४४९१

रामशाहपथ, काठमाडौं

मिति :- २०७५।१२।२७

विषयः परिपत्र ।

श्री बिशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त विषयमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३६ ले अभियोगपत्र संशोधन गर्न सकिने नयाँ व्यवस्था गरेको सन्दर्भमा यसका व्यवस्था र प्रक्रियाका विषयमा स्पष्ट हुनु पर्ने देखिन आएकाले उक्त दफाले गरेको व्यवस्था र प्रक्रियाका सम्बन्धमा देहाय बमोजिम गर्न गराउनको लागि सबै सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने भनी मिति २०७५।१२।२५ मा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको व्यवस्थापन समितिको बैठकबाट निर्णय भएको हुँदा सोही अनुसार गर्न गराउन हुन निर्णयानुसार अनुरोध छ ।

देहाय

१) अदालतमा एक पटक दायर भईसकेको मुद्दामा थप प्रमाण फेला परी अभियोग मागदावीमा सारभूत परिवर्तन गर्नु पर्ने देखिन आएमा शुरु अदालतबाट फैसला हुनु अगावै अभियोग मागदावी संशोधन गर्न गराउन पर्नेछ,

२) अभियोग मागदावी संशोधन गर्नु पर्ने देखिएमा मूल अभियोग मागदावी संशोधन गर्नु पर्ने आधार र कारण सहित यसैसाथ संलग्न पत्रको ढाँचामा स्वीकृतिका लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ,

३) महान्यायाधिवक्ताबाट अभियोग मागदावी संशोधन गर्ने स्वीकृति प्रदान भएमा सरकारी वकीलले मूल अभियोग पत्र संशोधन गर्न सम्बन्धित अदालतमा आधार र कारण खुलाई निवेदन दिनु पर्नेछ,

४) अदालतबाट अभियोगपत्रमा मागदावी संशोधन गर्ने आदेश भएमा सो आदेशको प्रतिलिपि लिई सम्बन्धित मिसिलमा संलग्न गर्नु गराउनु पर्नेछ,

२०७५।१२।२७

(गजराज घिमिरे)
शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..... प्रशासन ..... शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३४९१

संलग्नः

रामशाहपथ, काठमाडौं

२०७५।१२।२७

मिति :-.....

मितिः

माननीय महान्यायाधिवक्ताज्यू,
महान्यायाधिवक्ताको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

विषयः अभियोग मागदावीमा संशोधन गर्ने स्वीकृति पाउँ ।

उपर्युक्त विषयमा.....को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी..... भएको .....मुद्दामा देहायका आधार र कारणले अभियोग मागदावीमा संशोधन गर्नु पर्ने भएको हुँदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३६(१) बमोजिम स्वीकृतिका लागि प्रस्तुत मुद्दाको मूल अभियोग मागदावी र थप प्रमाण कागजातहरु यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

१) मुद्दाको संक्षिप्त तथ्यः
२) मूल अभियोग मागदावीको व्यहोराः
३) मुद्दाको हालको अवस्थाः
४) थप प्रमाण कागजातको व्यहोरा र अभियोग मागदावीमा संशोधन गर्नु पर्नाको आधार र कारणः
५) अभियोग मागदावीमा संशोधन गर्नका लागि दिईने निवेदनमा राख्नु पर्ने संशोधनको व्यहोराः

"....."

.....

(.....)
सहन्यायाधिवक्ता/उपन्यायाधिवक्ता
/जिल्ला न्यायाधिवक्ता

बोधार्थः
श्री उच्च सरकारी वकील कार्यालय, .....।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेवसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.....पुनरावेदन.... शाखा)

पत्र संख्या :- ०७५/७६

चलानी नं. :- १०५२६

रामशाहपथ, काठमाडौं

मिति :२०७६/०१/०८

विषयः- परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा वर्ष १७ का राजवहादुर भन्ने राजमान थामी उपर मुलुकी ऐन जवरजस्ती करणी को ३(३) नं. बमोजिम सजायको मागदावी रहेकोमा दावी बमोजिम कसूर ठहर भै ६ वर्ष कैदको सजाय हुनेमा प्रतिवादी १८ वर्ष मुनिको नावालक देखिँदा बाललबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) बमोजिम उमेर पुगेको कसूरदारलाई हुने सजायको (दुई तिहाई) अर्थात ४ वर्ष कैद सजाय हुने गरी शुरु दोलखा जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका बखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ" भन्ने व्यवस्था गरेकोले प्रस्तुत मुद्दाको फैसला कानून बमोजिम नै देखिँदा पुनरावेदन गर्नु पर्ने देखिएन।

अतः यसै प्रकृतिका मुद्दामा यही कानूनी व्यवस्था बमोजिम अभियोग दावी लिँदाका बखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका बखत कायम रहेको कानूनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदावी भन्दा कम सजाय भए उपर पुनरावेदन नगर्ने प्रस्ताव पठाई निकाशा लिईरहन औचित्य पूर्ण नदेखिँदा त्यस्ता मुद्दाहरुमा कसूर कायम जनाई मुद्दाको लगत कट्टा गर्न मातहतका सरकारी वकील कार्यालयहरुमा समेत परिपत्र गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

.....

(बासुदेव लम्साल)

उपन्यायाधिवक्ता



☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... प्रशासन ..... शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३८६१

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०२/२८

विषयः परिपत्र ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त विषयमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ११७ ले मिलापत्र गर्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा सो कानूनी व्यवस्थाका अधिनमा रही मिलापत्रको कार्यविधिलाई एक रुपता ल्याउन देहाय बमोजिम मिलापत्रको प्रकृयालाई व्यवस्थित गर्न सम्पूर्ण सरकारी वकील कार्यालयहरुलाई परिपत्र गर्ने भनि मिति २०७६/०२/२१ गते बसेको व्यवस्थापन समितिको बैठकबाट निर्णय भएको हुँदा सोहि अनुसार गर्न गराउन हुन अनुरोध छ ।

देहाय

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका कसूरका अतिरिक्त सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सकिने कानूनी व्यवस्था रहेको छ ।
२. प्रकरण नं. १ मा उल्लिखित मुद्दामा मिलापत्र गर्नका लागि प्रतिवादी र पीडित सहमत भएमा दुवै पक्षले सम्बन्धित सरकारी वकील कार्यालय समक्ष निवेदन दिन सक्नेछन् ।
३. प्रकरण नं. २ बमोजिम निवेदन परेमा सम्बन्धित सरकारी वकीलले प्रतिवादी र पीडितको पहिचान एकीन गरी मिलापत्र गर्न मनासिब देखिएमा उक्त निवेदन तथा प्रतिवादी र पीडित दुवैको सनाखत समेत गराई आफ्नो राय सहित सम्बन्धित मिसिल महान्यायाधिवक्ता समक्ष पठाउनु पर्नेछ ।
४. सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयले मिलापत्रका लागि मिसिल सहित महान्यायाधिवक्ता समक्ष पठाउँदा सो को जानकारी उच्च सरकारी वकील कार्यलयलाई समेत दिनु पर्नेछ ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.....प्रशासन..... शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ३६६१

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०२/२८

५. प्रकरण नं., ३ बमोजिम प्राप्त भएको मिलापत्र सम्बन्धी निवेदनमा महान्यायाधिवक्तबाट मिलापत्र गराउने आदेश भएमा सो आदेश कार्यान्वयनका लागि सम्बन्धित सरकारी वकील कार्यालयले मुद्दा हेर्ने अधिकारी समक्ष मिलापत्रका लागि सम्पूर्ण कागजात सहित निवेदन दिनु पर्नेछ ।

६. मिलापत्रका लागि सम्बन्धित उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालय समक्ष निवेदन पर्न आएमा उक्त निवेदन आवश्यक कारवाहीका लागि सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

७. प्रकरण नं. ६ बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित सरकारी वकील कार्यालयले माथि उल्लिखित प्रक्रिया अनुसार कारवाही अगाडि बढाउनु पर्नेछ ।

८. प्रचलित कानून बमोजिम संरक्षकको रोहवर राख्नु पर्ने प्रकृतिका मुद्दाका संरक्षक राखी पेश गरेको निवेदन उपर मात्र कारवाही अगाडि बढाउनु पर्नेछ।

९. एक भन्दा बढी प्रतिवादी तथा पीडित भएका मुद्दामा मिलापत्र प्रयोजनका लागि सम्पूर्ण प्रतिवादी तथा पीडित उपस्थित भएमा मात्र मिलापत्रको प्रकृया अगाडि बढाउनु पर्नेछ।

२०७६।२।२८

(गजराज घिमिरे)
शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(प्रशासन ..... शाखा)

२०७६/७७

पत्र संख्या :-

चलानी नं. :-५६

रामशाहपथ, काठमाडौं

२०७६/०४/१०

मिति :-.....

विषय:- परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त विषयमा माननीय महान्यायाधिवक्ताको अध्यक्षतामा मिति २०७६/०४/०३ मा बसेको व्यवस्थापन समितिको निर्णयानुसार देहाय बमोजिमको निर्देशन दिइएको छ। सो निर्देशन बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

तपसिल:

१. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (३) ले कसूरदारलाई कैद र जरिबाना दुवै सजाय भएकोमा कैद वा जरिबाना मध्येबाट उपदफा (१) वा (२) बमोजिम हिसाब गर्दा जुन रकम बढी हुन्छ त्यति रकम क्षतिपूर्ति शुल्क बुझाउनु पर्ने भन्ने व्यवस्था गरेको छ । यस किसिमको क्षतिपूर्ति क्षतिपूर्ति शुल्क कोषमा जम्मा गर्ने सम्बन्धमा सरकारी वकीलले दावी नलिएका कारण सो कानूनी व्यवस्थाको प्रचलन र अभ्यासमा प्रभावकारिता आउन नसकेको हुँदा त्यस किसिमको क्षतिपूर्ति शुल्कको मागदावी लिई अभियोजन गर्ने गराउने।

२. नेपालको संविधानको धारा १५२ को उपधारा २ ले एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको क्षेत्राधिकार भित्र नपर्ने भन्ने व्यवस्था छ । एक वर्षभन्दा कम कैद सजाय हुने विभिन्न सरकारवादी मुद्दाहरु अर्ध न्यायिक निकायले समेत हेर्ने गरी तोकिएको हुँदा अर्ध न्यायिक निकायले हेर्ने यस प्रकृतिका मुद्दाहरुमा संलग्न अभियुक्त उपर मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम थप सजायको मागदावी लिई मुद्दा दायर गर्दा १ वर्ष भन्दा बढी सजाय हुन सक्ने मुद्दा कुन निकायमा दायर गर्ने भन्ने विषयमा कानूनमा स्पष्ट व्यवस्था रहेको देखिँदैन । तसर्थ उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाका आधारमा थप दावी लिँदा एक वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने देखिएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न उपयुक्त हुने देखिएको हुँदा सोही बमोजिम गर्ने गराउने ।

३. भवन निर्माण भईरहेका सरकारी वकील कार्यालयहरुले निर्माणाधीन भवनको नियमित रेखदेख गरी तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नियमित ताकेता, अनुगमन गर्ने र भवनको लागि आवश्यक पर्ने आर्थिक, प्रशासनिक तथा अन्य विषयमा आवश्यक निर्देशन दिई भवनहरुको निर्माण कार्य यथाशिघ्र सम्पन्न गर्ने गराउने।

E:\आ.व. २०७६।७७\विविध\पत्रहरु.rtf

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(प्रशासन शाखा)

२०७६/७७

पत्र संख्या :-

चलानी नं. :-४६

रामशाहपथ, काठमाडौं
२०७६/०४/१०

मिति :-.....

४. कार्यालय भवनको सरसफाई, कार्यालयमा भएका फर्निचर, मेशिनरी औजार, विद्युतीय उपकरण समेतका सामाग्रीहरु चालू अवस्थामा राख्ने तथा सोको अभिलेख व्यवस्थित गर्ने, सवारी साधनहरुको समयमा सर्भिसिङ र मर्मत गरी नवीकरण, बीमा समेत तोकिएको समय भित्रै गर्ने गराउने।

५. कार्यालय परिसरको सरसफाई गरी रुख बिरुवा, फूलहरु रोप्ने र त्यसको उचित संरक्षण गरी कार्यालय र कार्यालय परिसर आकर्षक बनाई राख्ने।

६. कार्यालय प्रमुख लगायत सबै कर्मचारीले अनिवार्य रुपमा तोकिएको पोशाक लगाई समयमै कार्यालयमा उपस्थित हुने।

७. मुद्दाको विवरण राख्नको लागि तोकिए बमोजिमका रजिष्ट्रमा अनिवार्य रुपमा रेकर्ड व्यवस्थित गरी तोकिएको समय भित्र मासिक तथा वार्षिक प्रतिवेदन अनिवार्य रुपमा तयार गरी पठाउने।

८. मिसिलमा राखुपर्ने सबै कागजातका नक्कल अनिवार्य रुपमा समावेश गर्ने गराउने।

९. प्रहरीबाट प्रारम्भिक प्रतिवेदन समयमा प्राप्त हुने आवश्यक व्यवस्था मिलाई आवश्यकता अनुसार अनुसन्धान अधिकृतलाई निर्देशन दिने, जिल्ला तथा उच्च तहमा स्थापना भएका समन्वय समितिलाई क्रियाशील बनाई अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने।

१०. तोकिएको ढाँचामा अभियोग पत्र तयार गर्ने, अभियोग पत्रमा खुलाउनुपर्ने कुराहरु अनिवार्य रुपमा खुलाउने।

११. न्यायिक निकायमा सरकारको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने कार्यमा सबै सरकारी वकील पूर्ण तयारीका साथ समयमै अदालतमा उपस्थित हुने र बहस पैरवी गर्नु पर्ने मुद्दाको पेशी अपवादजनक अवस्थामा मात्र हटाउने र हटाउनु पर्ने अवस्था भएमा कार्यालय प्रमुखसँग परामर्श गरी कारण खोलेर मात्र हटाउने, सामान्यतया एउटा मुद्दामा २ पटक भन्दा बढी पटक पेशी स्थगीत नगर्ने।

१२. माथिल्लो निकायबाट मिसिलहरु माग गरिएको अवस्थामा वा कानून बमोजिम पठाउनु पर्ने अवस्थामा मिसिल संलग्न हुनुपर्ने कागजातहरु एक एक गरी रुजु गरिसकेपछि मात्र पठाउने। माग गरिएका मिसिलहरु सम्भव भएसम्म पत्र प्राप्त भएकै दिन पठाउने।

१३. कार्यालय प्रमुख जुनसुकै प्रकारको बिदामा रहनुपर्दा माथिल्लो निकायबाट अनिवार्य रुपमा बिदा स्वीकृत गराएर तथा अन्य कर्मचारीहरुले कार्यालय प्रमुखबाट बिदा स्वीकृत गराएर मात्र बिदामा बस्ने।

२०७६।०४।१०

हरिहर तिमिल्सिना
शाखा अधिकृत

E:\आ.व. २०७६।७७\विविध\पत्रहरु.rtf

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..... प्रशासन ..... शाखा)

०७६/०७७

पत्र संख्या :-

चलानी नं. :- ४०९

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०५/२३

विषय : परिपत्र।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त विषयमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७६।०५।१८ मा बसेको व्यवस्थापन समितिको निर्णयानुसार देहाय बमोजिमको निर्देशन दिइएको छ । सो निर्देशन बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिलः

१. मिलापत्र गर्दा गराउँदाको प्रक्रिया सम्बन्धमाः- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ ले मिलापत्र गर्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा सो कानूनी व्यवस्थाको अधिनमा रही मिलापत्रको कारवाहीमा एकरुपता ल्याउन यस कार्यालयबाट मिति २०७६।०२।२१ को व्यवस्थापन समितिको निर्णय अनुसार सम्पुर्ण सरकारी वकील कार्यालयहरुलाई परिपत्र गरिएकोमा साविकको निर्णयको प्रकरण नं. १ देखि ८ सम्म यथावतै कायम गर्ने, प्रकरण नं. ९ मा उल्लिखित "एक भन्दा बढी प्रतिवादी तथा पीडित भएका मुद्दामा मिलापत्र प्रयोजनका लागि सम्पुर्ण प्रतिवादी तथा पीडित उपस्थित भएमा मात्र मिलापत्रको प्रकृया अगाडी बढाउनु पर्नेछ" भन्ने उल्लेख भएकोमा सो को सट्टा देहाय बमोजिमको प्रकरण नं. ९ कायम गरी, सो पछि क्रमशः प्रकरण नं. १० र ११ थप गरिएको छ।

९. एक भन्दा बढी संख्यामा प्रतिवादी भएका मुद्दाका हकमा मिलापत्र प्रयोजनका लागि सम्पूर्ण प्रतिवादी उपस्थित नभए पनि मिलापत्र गर्न सहमत हुने प्रतिवादीले अन्य प्रतिवदीको तर्फबाट समेत पीडितलाई चित्त बुझाई निज पीडित र प्रतिवादीको निवेदन परेमा मिलापत्रको प्रकृया अगाडी बढाउनु पर्ने छ।

१०. एकभन्दा बढी संख्यामा पीडित भएका मुद्दाका हकमा पीडित स्वयं वा निजको मृत्यु भएको वा बेपत्ता भएको प्रमाण सहित निजको कानून बमोजिमको हकवाला र अन्य कुनै कारणले पीडित उपस्थित हुन नसक्ने भएमा मिलापत्र गर्न सहमत भएको व्यहोरा खुलेको प्रमाणित अख्तियारनामा सहित पीडितको नजिकको हकवाला उपस्थित हुन आएमा मिलापत्र प्रकृया अगाडी बढाउनु पर्ने छ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..... प्रशासन ..... शाखा)

०७६/०७७

पत्र संख्या :-

चलानी नं. :- ४०९

रामशाहपथ, काठमाडौं

मिति :- २०७६/०५/२३

११. प्रकरण नं.१ मा उलिखित मुद्दामा मुद्दा दोहोऱ्याई हेरी पाउन वा पुनरावलोकनको अनुमतिका लागि निवेदन परेको अवस्थामा अदालतबाट निस्सा वा अनुमती प्राप्त भएमा मात्र मिलापत्रको प्रकृयालाई अगाडि बढाउनु पर्ने छ।

२६३।५।२३

.....

(गजराज घिमिरे)

शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

योजना, अनुसन्धान तथा अनुगमन विभाग(खा)

पत्र संख्या ०७६।०७७

चलानी नं. :- ८८८८

रामशाहपथ काठमाडौं

मिति २०७६।११।०५

विषय : कार्य सम्पादनमा सुधार सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।

श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

महान्यायाधिवक्ताको कार्यालयबाट यस वर्ष गरिएको सरकारी वकील कार्यालयहरुको कार्यालय निरीक्षण तथा अभियोजन परीक्षणबाट प्राप्त प्रतिवेदन समेतका विवरणको आधारमा कार्य सम्पादनमा सुधारका लागि देहायबमोजिम गर्नु गराउनु हुन सादर अनुरोध छ :

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८ मा निश्चित प्रकृतिका कसूरमा कम्तीमा प्रहरी निरीक्षक दर्जाका प्रहरी कर्मचारीले अपराधको अनुसन्धान गर्नु पर्ने व्यवस्था भएकोमा कतिपय स्थानमा सोभन्दा मुनिका प्रहरी कर्मचारीलाई समेत अनुसन्धान अधिकृत तोकिएको देखिएको हुँदा यो विषयमा कानूनले निर्धारण गरेको व्यवस्थाको पालना गर्न यथासमयमा निर्देशन दिन र आवश्यक समन्वय गर्न विशेष ध्यान दिनु होला ।

२. कतिपय सरकारी वकील कार्यालयमा प्रारम्भिक प्रतिवेदनको अभिलेख व्यवस्थित भएको देखिएन । सो विषयलाई अध्यावधिक गर्नु होला । प्रारम्भिक प्रतिवेदन पठाउँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० एंव फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम १५ अनुसार उल्लेख गर्नु पर्ने विषयको पालना भएको देखिएन । केवल जाहेरी दर्खास्तको प्रतिलिपि राखी पठाउने अभ्यासले निरन्तरता पाएको देखियो । अनुसन्धान गर्ने निकायसँग समन्वय गरी कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी प्रारम्भिक प्रतिवेदन प्राप्त गर्ने र सो प्रतिवेदनका आधारमा अपराध दर्ता किताब खडा गरी अद्यावधिक गर्ने व्यवस्था गर्नु होला । प्रारम्भिक प्रतिवेदन प्राप्त नगरी म्याद थपको प्रक्रिया अगाडि नबढाउनु होला ।

३. अपराध अनुसन्धानलाई मार्गदर्शन गर्नु पर्ने जिम्मेवारी सरकारी वकीलमा भएकोले सरकारी वकीलले दिएको निर्देशनको विवरण देखिने गरी अभिलेखीकरण गर्ने व्यवस्था गर्नु होला ।

४. अनुगमन गरिएका मिसिलबाट अपराधको अनुसन्धानमा जरुरी पक्राउ पूर्जीको अभ्यास अधिक रुपमा गरेको देखियो । अपवादजनक अवस्थामा मात्र जरुरी पक्राउ पूर्जी जारी गर्नु पर्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को मर्म अनुसार कार्यान्वयनमा ल्याउनका लागि अनुसन्धान गर्ने निकायहरुसँग समन्वय गर्नु होला ।

५. धेरै कार्यालयमा अनुसन्धानको सिलसिलामा हिरासतमा राख्न म्याद थप माग गर्दा आधार र कारण खुलाउने गरेको देखिएन । सरकारी वकीलले समेत सो विषयमा विचार पुर्‍याएको देखिएन । यो विषयलाई गम्भीरतापूर्वक लिई प्रत्येक मिसिलको फरक तथ्य र आधार हुने कुरालाई विचार गरी आधार र औचित्य सहित कार्यविधिले निधारण गरे बमोजिम म्याद थप माग गर्ने गर्नु होला ।

६. अपराध अनुसन्धानको क्रममा शंकित व्यक्तिलाई मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम २०, २१ र २५ अनुसार थुनामा नराखी धरौटीमा माग गरी वा तारेखमा राखी अनुसन्धान गर्न सकिने व्यवस्थाको कार्यान्वयन भएको देखिएन । नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता



☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१८, ४-२१२७०४७, फ्याक्स :- ४-२६२१८२, ४-२१८०२१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९; ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
योजना, अनुसन्धान तथा अनुगमन विभाग(खा)


पत्र संख्या ०७६।०७७ रामशाहपथ काठमाडौं

चलानी नं. :- मिति २०७६।११।०५

सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनले पारित गरेको प्रस्ताव समेतलाई विचार गरी उक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्ने गराउने तर्फ क्रियाशील हुनु होला ।

७. विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम गर्ने विषयमा पटक पटक छलफल भए पनि कार्य सम्पादनको क्रममा पक्षको गोपनीयता कायम राख्ने कार्यविधिको समुचित पालना भएको देखिएन । अनुसन्धानको चरणदेखि नै सरकारी वकीलहरुले यो विषयमा विशेष संवेदनशीलतापूर्वक कार्य गर्नु होला ।

८. बालबालिका संलग्न भएका मुद्दाको अनुसन्धानमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१(७) अनुसार एक पटकमा ५ दिनमा नबढाई म्याद थप गरी बढीमा २१ दिन सम्ममात्र निगरानी कक्षमा राख्नु पर्ने कार्यविधिको कतिपय कार्यालयमा पालना भएको देखिएन । बालबालिकालाई नियन्त्रण लिँदा पालना गर्नु पर्ने अनिवार्य कार्यविधिको पालना भएको पनि मिसिलबाट देखिएन । बालबालिकालाई निगरानी कक्षमा राख्नु पर्ने व्यवस्थाको पालना भएको पनि धेरै जसो मिसिलबाट देखिएन । बालबालिकाको उमेर एकीन हुने प्रमाण समावेश गर्नका लागि बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७५ को व्यवस्थाको पालना भएको धेरै मिसिलमा देखिएन । सो नियमावलीले व्यवस्था गरेबमोजिम बालबालिकाको उमेर यकीन हुने विवरण अनिवार्य रुपमा समावेश गर्नु होला । तसर्थ यो विषयलाई गम्भीरतापूर्वक लिई बालबालिका संलग्न भएका मुद्दाको अनुसन्धान र अभियोजन समेतका प्रक्रियामा सुधार ल्याउनु होला । बालबालिका संलग्न मुद्दाको छुट्टै अभिलेख राख्न र बाल न्याय कार्यविधिले निर्धारण गरे बमोजिम छुट्टै मिसिल खडा गर्ने विषयमा समेत विशेष ध्यान दिनुहोला ।

९. कतिपय मुद्दामा प्रमाण परीक्षण प्रतिवेदन समयमा प्राप्त हुन नसक्दा लामो अवधिसम्म अभियुक्तलाई हिरासतमा राख्नु परेको अवस्था समेत देखियो । परीक्षण गर्ने प्रयोशालासँग समन्वय गरी परीक्षण प्रतिवेदन शीघ्र प्राप्त गर्ने प्रयास गर्नु होला ।

१०. सरकारी वकील कार्यालयमा रहने अभियोजन सम्बन्धी निर्णय किताबमा खुलाउनु पर्ने आवश्यक विवरण खुलेको देखिएको छैन । अभियोगपत्रमा उल्लेख हुनु पर्ने वारदातको विवरण, प्रतिवादीको विवरण, मूलभूत प्रमाणहरु, सम्बद्ध कानून र मागदावीको विवरण खुलाई निर्णय किताबमा उल्लेख गरेपछि मात्र अभियोग पत्र पठाउने व्यवस्था गर्नु होला ।

११. कतिपय सरकारी वकील कार्यालयहरुमा सबै मुद्दाको निर्णय किताब एउटै राखेको देखिदा फौजदारी कार्यविधि संहिताको अनुसूची १ र २ का मुद्दाको निर्णय किताब अलग अलग राख्नु होला ।

१२. नेपाल सरकारले २०७६।३।१६ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अभियोग पत्रको ढाँचा परिवर्तन गरेकोमा कतिपय कार्यालयले पुरानै ढाँचामा अभियोगपत्र पेश गरेको पाइएको हुँदा यो विषयमा गम्भीर भई परिवर्तित ढाँचा अनुसारको अभियोग पत्र पेश गर्नु होला ।

१३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ ले गरेको व्यवस्था अनुसार अपराध अनुसन्धान तथा अभियोजनसमेतका प्रक्रियामा सहयोग पुर्याउने अभियुक्तलाई सजायमा छुट दिन सकिने व्यवस्थाको कार्यान्वयन अत्यन्त न्यून देखिएको छ । औचित्य र आधार खुलाई छुटसम्बन्धी दावी लिने विषयमा अनुसन्धानकर्ताहरुसँग समेत समन्वय गरी कार्यान्वयनमा ल्याउनु होला ।

१४. अनुगमनको क्रममा अभियोगपत्रका प्रशस्त त्रुटीहरु देखिएका छन् । भाषिक शुद्धताको विषयमा समेत ख्याल गर्नु होला । सारभूत प्रभाव पर्ने विषयमा अभियोगपत्र संशोधन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ अनुसार महान्यायाधिवक्ताबाट निकाशा लिनु पर्ने कानूनी व्यवस्थाप्रति विशेष सचेत रहनुहोला । विरुद्द खण्डमा प्रतिवादी बनाएको




☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

पत्र संख्या :- ०७६।०७७ रामशाहपथ, काठमाडौं

चलानी नं. :- मिति :- २०७६।११।०५

तर अभियोग खण्डमा कुनै दावी नलिएको अवस्था समेत देखिएको हुँदा विषयको गम्भीरतालाई अभियोगपत्र प्रस्तुत गर्दा विचार गर्नुहोला ।

१५. कतिपय अभियोग पत्रमा क्षतिपूर्तिको दावी लिएको देखिएन । अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसारको क्षतिपूर्ति शुल्कको समेत दावी लिएको कतिपय मिसिलबाट देखिएन । अनुसन्धानबाट खुल्ने सम्मको विवरणबाट क्षतिपूर्तिको विषयलाई आधार खुलाई क्षतिपूर्ति र क्षतिपूर्ति शुल्क सहितको मागदावी लिई अभियोजन गर्नु होला ।

१६. मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ बमोजिमको एकीकृत कसूरको सम्बन्धमा धेरैजसो कार्यालयले लगाएको अभियोगपत्रमा दावी गरिएको देखिएन । एकीकृत कसूर सम्बन्धी व्यवस्थाको अवधारणागत पक्षमा स्पष्ट भई कुनै व्यक्तिले एउटै बारदातमा एकभन्दा बढी कसूर गरेको अवस्थामा उक्त दफा बमोजिमको कसूर र सजायको मागदावी लिने गर्नु होला ।

१७. कतिपय नैतिक पतन देखिने मुद्दामा अभियोजन गर्दा नैतिक पतन सम्बन्धी दावी लिएको देखिएन । मुद्दाको गम्भीरता विचार गरी कानूनी व्यवस्थाको उल्लेखन गरी दावी लिने गर्नु होला ।

१८. निरन्तर सुनुवाइ गर्नु पर्ने प्रकृतिका मुद्दामा धेरै जसो मिसिलमा निरन्तर सुनुवाइका लागि अभियोगपत्रमा मागदावी लिएको देखिएन । महान्यायाधिवक्ताको कार्यालयबाट यसअघि जारी गरिएको परिपत्रलाई समेत मध्यनजर गरी सो दावी लिने व्यवस्था गर्नु होला ।

१९. आफूले प्रतिनिधित्व र प्रतिरक्षा गरेको मुद्दामा भएको थुनछेकको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन गर्नु पर्ने नपर्ने सम्बन्धमा सम्बन्धित कार्यालयले निर्णय गरी अभिलेख राख्ने प्रबन्ध गर्नु होला ।

२०. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७ को खण्ड (क) र (ख) ले क्रमशः अनुसन्धान अधिकारी र सरकारी वकीलले कसूरजन्य कार्यको अभियोग लागेका बालबालिकालाई दिशान्तर गर्न सक्ने व्यवस्था गरेको छ । बालबालिका संलग्न भएका केही मुद्दामा कुनै कुनै जिल्लामा दिशान्तर (डाइभर्सन) को अभ्यास भएको देखियो । उक्त ऐनको दफा २८ र २९ को व्यवस्था समेतलाई विचार गरी बालबालिकाको उमेर, कसूर गर्दाको अवस्था र दिशान्तर (डाइभर्सन) मा लान उपयुक्त हुने वस्तुगत आधार भएका मुद्दामा यस्तो अभ्यास विस्तार गर्नु होला ।

२१. मौलिक हकको रुपमा रहेको अपराध पीडितको हक कार्यान्वयन गर्नका लागि सबै पक्षको सकारात्मक अग्रसरता आवश्यक देखियो । अनुगमनको क्रममा पीडितलाई मुद्दाको अनुसन्धान, अभियोजन र कारवाही प्रक्रियाको जानकारी दिने अभ्यास न्यून देखियो । अपराध पीडित संरक्षण ऐन, २०७५ ले गरेका व्यवस्था बमोजिम अपराध पीडितलाई मुद्दाको कारवाहीका बारेमा जानकारी दिने र आवश्यक सहयोग गरी सोको अभिलेख व्यवस्थित राख्ने तर्फ प्राथमिकतापूर्वक कार्य गर्नु होला ।

२२. धेरैजसो सरकारी वकील कार्यालयहरुले हेलो साक्षी कार्यक्रम अन्तर्गत साक्षीलाई जानकारी दिएको विवरण अध्यावधिक गरेको पाइएन । यो विषयलाई गम्भीरतापूर्वक लिई साक्षीलाई जानकारी गराई सोको अभिलेख व्यवस्थित गर्नु होला ।

२३. सरकारी पक्षका साक्षीहरु उपस्थित गराउन नसकेको अवस्थामा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ३० अनुसार साक्षी उपस्थित गराउन नसकेको कारण सहितको मुचुल्का सहितको जानकारी अदालतलाई गराउनु पर्नेमा प्रायः सबै जसो कार्यालयका मिसिलबाट त्यस्तो गरेको अवस्था देखिएन । साक्षी उपस्थितिका लागि पुनः




☎: ४२००८००, ४२००८०१, ४२००८१६; ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
योजना, अनुसन्धान तथा अनुगमन विभाग)

पत्र संख्या :- ०७६।०७७

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :- २०७६।११।०५

उपस्थित गराउन माग गर्न त्यस्तो आधार आवश्यक पर्ने हुँदा प्रहरी तथा अपराध अनुसन्धान गर्ने अन्य कार्यालयसँग समन्वय गरी उक्त कानूनी व्यवस्थाको कार्यान्वयन गर्नु होला ।

२४. संघीय सरकारी निकायको तर्फबाट मात्र सरकारी वकीलले प्रतिनिधित्व र प्रतिरक्षा गर्ने हुँदा सरकारी वकील कार्यालयहरुले यो विषयमा स्पष्ट दृष्टिकोण बनाई प्रतिनिधित्व गर्नु नपर्ने निकायको बारेमा जानकारी आएमा सम्बन्धित निकायलाई जानकारी गराइदिनु होला ।

२५. धेरै जसो सरकारी वकील कार्यालयले मुद्दा व्यवस्थापन प्रणालीमा डाटा इन्ट्री नगरेका र गरेका कार्यालयहरुले पनि पूरा विवरण इन्ट्री नगरेको देखिएको हुँदा सबै तहका जनशक्तिले जिम्मेवारी लिई डाटा इन्ट्री गर्ने कार्य अध्यावधिक गर्ने र कार्य सम्पादनमा सो विवरण प्रयोग गरी मुद्दाको कारवाही प्रक्रिया छिटो र प्रभावकारी बनाउन सहयोग गर्नुहोला ।

२०७६।११।५

(श्यामकुमार भट्टराई)
सहन्यायाधिवक्ता

बोधार्थ:

श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं:- *उल्लिखित विवरण कार्यान्वयनका लागि आवश्यक सहयोग हुन अनुरोध छ ।*

-

-



☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

## अधिकार प्रत्यायोजन सम्बन्धी निर्णय

नेपालको संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार देहायको शर्तको अधिनमा रही मिति २०७६/११/०६ देखि प्रयोग र पालना गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ।

१. राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७६ को दफा ११ ले राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० मा संशोधन गरी कायम गरेको दफा २० को प्रयोजनार्थ सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान तथा तहकिकात भई देहाय बमोजिमका राजश्व अनुसन्धान कार्यालयबाट पेश हुन आएका मुद्दामा देहाय बमोजिमका उच्च सरकारी वकील कार्यालयबाट कारवाही गर्ने:-

(क) राजश्व अनुसन्धान विभागबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, पाटन

(ख) राजश्व अनुसन्धान कार्यालय, इटहरीबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, विराटनगर,

(ग) राजश्व अनुसन्धान कार्यालय, पथलैयाबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, वीरगञ्ज,

(घ) राजश्व अनुसन्धान कार्यालय, बुटवलबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, बुटवल,

(ङ) राजश्व अनुसन्धान कार्यालय, कोहलपुरबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज।

२. प्रकरण १ बमोजिम प्राप्त मिसिल कागज सहन्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकीलले तोकेको सो कार्यालयका अन्य सरकारी वकीलले अध्ययन गर्दा सबूद प्रमाणको उचित मूल्याङ्कनबाट मुद्दा चल्ने वा चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहित सोही ऐनको दफा २० को उपदफा (२) अनुसार निर्णय गरी आवश्यक कानूनी कार्यविधि पुरा गरी मुद्दा दायर गर्न गराउन सम्बन्धित अनुसन्धान अधिकृत समक्ष पठाउने।

३. प्रकरण १ बमोजिम प्राप्त मिसिल कागज अध्ययन गर्दा सबूत प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय सोही कार्यालयका सहन्यायाधिवक्ता समक्ष पेश गर्नुपर्ने र सहन्यायाधिवक्ताले मुद्दा चलाउनुपर्ने देखेमा सो बमोजिम गर्न आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पुरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकृत समक्ष पठाउने।

४ प्रकरण ३ बमोजिम प्राप्त मिसिल कागज अध्ययन गर्दा सहन्यायाधिवक्ताले मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने।

५. प्रकरण १ मा उल्लिखित उच्च सरकारी वकील कार्यालयमा सहन्यायाधिवक्ता नभएको अवस्थामा प्रकरण ३ र ४ बमोजिम सहन्यायाधिवक्ताले गर्नुपर्ने कारवाहीको प्रयोजनार्थ मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र तत् सम्बन्धी कारवाही महान्यायाधिवक्ताबाट तोकिएको सहन्यायाधिवक्ताले गर्ने।

प्रस्तुत निर्णयको जानकारी सम्बन्धीत उच्च सरकारी वकील कार्यालय तथा राजश्व अनुसन्धान विभागलाई गराउनु।

२०७६।११।०६

अग्नि प्रसाद खरेल
महान्यायाधिवक्ता

# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
(..... शाखा)
प्रशासन

visit nepal 2020

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७७/०७८

चलानी नं :- १८८

मिति :- २०७७/०४/२५

विषय :- परिपत्र।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४ बमोजिम माननीय महान्यायाधिवक्तान्यूको अध्यक्षतामा मिति २०७७।०४।१८ मा बसेको समन्वय समितिको बैठकबाट देहाय बमोजिमको निर्देशन दिने भन्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनहुन निर्णयानुसार अनुरोध छ।

देहाय

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) ले सर्वसाधारणको ठगी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाउँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिएको निवेदन उपर कारवाही हुँदा त्यस्तो व्यहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्नेछ भन्ने व्यवस्था गरेको छ। सो व्यवस्था बमोजिम यस प्रकृतिका मुद्दाका प्रतिवादी र पीडित दुवै पक्षले मुद्दाको अनुसन्धानको क्रममा आफुहरु मिलेको भनी मुद्दा मिलापत्रका लागि अनुसन्धान अधिकृत समक्ष वा सरकारी वकील समक्ष दरखास्त गरेमा सो दरखास्तको व्यहोरा यकीन गरी मजबुत सम्झाई व्यहोरा सनाखत समेत गरेको अवस्थामा त्यस प्रकृतिका मुद्दा चलाउन मुद्दाको कारवाही प्रकृया, स्रोत साधनको लगानी तथा औचित्यताका आधारमा उपयुक्त देखिँदैन। उल्लिखित अवस्था विद्यमान भएका मुद्दामा अनुसन्धान अधिकृतबाट मुद्दा चलाउने राय सहित सरकारी वकील समक्ष पेश गर्ने गरेको देखिँदा उल्लिखित कानूनी व्यवस्थाको प्रयोजन तथा औचित्यताका आधारमा सर्वसाधारणको ठगी सम्बन्धी मुद्दा नचलाउने गरी राय पेश गर्न उपयुक्त हुने हुँदा सो बमोजिम गर्न गराउन ।

२. प्र.ना.नि. इन्द्रदेव यादव समेतको प्रतिवेदनले जादी नेपाल सरकार प्रतिवादी पुरुषोत्तम चौधरी समेत जना ३ भएको लागू औषध मुद्दामा जिल्ला प्रहरी कार्यालय उदयपुरमा मिति २०७६।०५।१८ गते प्रतिवेदन पेश हुँदा प्रतिवादी पुरुषोत्तम चौधरी, हरि अधिकारी र विवेक खईताई गाडीबाट उतारी प्रतिवादी मध्ये पुरुषोत्तम चौधरीको शरीर खानतलासी गर्दा निजको साथबाट डाइजेलाम/फेनारगन/सुप्रिजेसिक क्रमशः ३/३/३ एम्पुल बरामद भई तिनै जनालाई कारवाहीका लागि प्रतिवेदन सहित पेश भएकोमा सो मुद्दामा अनुसन्धान भई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (छ) बमोजिमको कसूरमा सोही ऐनको दफा १४ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय हुन मागदाबी लिई अभियोग पत्र पेश भएको देखिन्छ। प्रतिवेदक मध्ये प्रहरी नायब निरीक्षक इन्द्रदेव यादवले बा. ३ ख. ८४६९ नं. को हावस गाडी चेक जाँच गर्ने क्रममा सहचालक पुरुषोत्तम चौधरीको साथबाट सुप्रिजेसिक/फेनारगन/लेबुलरेट क्रमशः ३/३/३ गरी जम्मा ९ वटा थान एम्पुल फेला पारी निजलाई नियन्त्रणमा लिई निज समेतलाई आइकमा राखी मोतिगडामा

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

Scanned with CamScanner

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :- ०७७/०७८

चलानी नं. :- ९८८

रामशाहपथ, काठमाडौं

मिति :-.....

रहेका सो लागू औषध खरिद गर्न रकम दिने अन्य प्रतिवादीहरु विवेक चाम्लिङ राई र हरिकुमार अधिकारी समेतलाई नियन्त्रणमा लिई आवश्यक कारवाही अगाडी बढाएको भन्ने बकपत्रमा उल्लेख भएको देखिन्छ। सो आधारमा प्रतिवादी पुरुषोत्तम चौधरीलाई कसूर ठहर भई एक महिना कैद हुने र अन्य प्रतिवादीले सफाई पाउने गरी उदयपुर जिल्ला अदालतबाट मिति २०७६।०९।२० गते फैसला भएको देखिन्छ। अनुसन्धानको समयमा संकलित हुन आएका प्रमाण कागजातको व्यहोरा अदालतमा बकपत्रद्वारा सनाखत नभएसम्म प्रमाणयोग्य हुदैन। अनुसन्धानमा संकलित कागज व्यहोराको प्रतिकूल हुने गरी वा फरक पारी बकपत्र गरेमा सो कागज व्यहोरा समेत प्रमाणयोग्य मानिदैन। फैसला हुँदा बकपत्र व्यहोरालाई नै प्रमाणको रुपमा ग्रहण गरिने हुँदा वादी नेपाल सरकारको अनुसन्धान र अभियोजनमा समेत सफलता मिल्ने अवस्था न्यून हुन्छ । तसर्थ प्रस्तुत मुद्दामा प्रतिवेदन व्यहोरा फरक पारी बकपत्र गर्ने सम्बन्धित प्रहरी कर्मचारीलाई ध्यानाकर्षण गराउने र अब उप्रान्त प्रहरी प्रतिवेदनबाट उठान भएका तथा प्रहरीको अनुसन्धान प्रतिवेदन समावेश भएका मुद्दाहरुमा अदालत तथा सम्बन्धित निकायमा बकपत्र गर्दा पूर्व प्रतिवेदनको व्यहोरासँग नबाझिने गरी बकपत्र गर्न गराउन ।

(गजराज घिमिरे)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
(..... शाखा)
प्रशासन

पत्र संख्या :- ०७७/०७८

चलानी नं. :- ३२०

रामशाहपथ, काठमाडौं

मिति :- २०७७/०६/१२

विषय :-परिपत्र।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा डिल्लीबहादुर कटुवाल समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी लोकबहादुर भट्ट समेत भएको ठगी मुद्दामा जाहेरवालाहरु बकपत्र गर्न अदालतमा उपस्थित नभएको कारण विगो ठहर नभएको भन्ने उदयपुर जिल्ला अदालतबाट फैसला भएकोले यस प्रकारको तथ्यगत अवस्था भएका मुद्दाहरुमा अनुसन्धान प्रक्रिया र साक्षी बकपत्रका क्रममा देहायमा उल्लिखित सावधानी अपनाई सतर्कता पूर्वक काम गर्नु गराउनु पर्ने सरकारी वकीलको जिम्मेवारी भएकोले उक्त जिम्मेवारी पूरा गर्नुहुन मिति २०७७।०६।११ को निर्णयानुसार जानकारी गराइन्छ ।

देहाय

१. विगो समावेश भएको बारदातमा अनुसन्धानको सिलसिलामा पीडितको एकिन पहिचान वा सनाखत गराउनु पर्ने अवस्था रहेमा यस्तो सबालमा सरकारी वकीलले अनुसन्धान अधिकारीलाई निर्देशन दिने ।
२. बकपत्रको लागि पीडित वा जाहेरवालालाई नबुझी नहुने अवस्था परेमा सम्बन्धितको स्थायी ठेगाना सम्म सम्बन्धितले अदालतमा बकपत्र गर्न जानुपर्ने म्याद सूचनाको बारेमा जानकारी पाएको कुराको एकिन गर्ने। म्याद सूचना तामेल हुन नसकेको वा घरद्वार फेला नपरेको अवस्था वा काबू भन्दा बाहिरको परिस्थिति परेको भए सो व्यहोरा खुलेको कानूनका रीतसँगको सूचना मुचुल्का मिसिल संलग्न रहने व्यवस्था अनिवार्य रुपमा गर्ने ।

२०७७।०६।१२
(हरिहर तिमिल्सिना)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल सचिवालय

(..... शाखा)

पत्र संख्या :- ०७७/०७८

चलानी नं. :- सचिवालय/४५

रामशाहपथ, काठमाडौं

२०७७/०६/२२

मिति :-.....

विषयः अभियोजन सुधार सम्बन्धमा निर्देशन।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

महान्यायाधिवक्ताको कार्यालयले चालु आ.व. २०७७/०७८ लाई अभियोजन सुधार वर्षको रुपमा घोषणा गरी कार्यान्वयनमा ल्याउन विभिन्न सूचकहरु सार्वजनिक गरिसकेको व्यहोरा अवगतै छ । सोही सन्दर्भमा अभियोजन सम्बन्धी कामकारबाहीलाई थप प्रभावकारी बनाउनका लागि देहाय बमोजिम गर्न/गराउन सबै सरकारी वकील कार्यालयहरुलाई निर्देशन दिने भनी व्यवस्थापन समितिबाट मिति २०७७।६।२२ मा निर्णय भएकोले सो अनुसार गर्न गराउनु हुन अनुरोध गरिन्छः

(क) अनुसन्धानमा निर्देशन गर्ने सम्बन्धमा

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० बमोजिम अनुसूची १ र २ मा उल्लिखित कुनै कसूरको सम्बन्धमा अनुसन्धान अधिकारीबाट प्रारम्भिक अनुसन्धान प्रतिवेदन सरकारी वकील कार्यालयमा प्राप्त भएपछि सरकारी वकीलले त्यसको अध्ययन गरी कसूरसँग सम्बन्धित कुनै थप विषयमा अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनु पर्ने देखिएमा त्यसको कारण खुलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको हुँदा उक्त कानूनी व्यवस्थाको उद्देश्य अनुरुप प्रारम्भिक अनुसन्धान प्रतिवेदन समयमा नै प्राप्त गर्ने र त्यसको अध्ययन गरी कसूरको अनुसन्धानमा आवश्यक देखिएका कागज प्रमाण संकलन लगायतका विषयमा अनुसन्धानकर्तालाई निर्देशन दिने गरी सो कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने।
२. अनुसन्धानकर्ताबाट कसूरको अनुसन्धान पूरा भएपछि अनुसन्धान प्रतिवेदन सहितको मिसिल सरकारी वकील समक्ष प्राप्त भएपश्चात मिसिल अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा थप प्रमाण संकलन गर्न वा थप अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१ को उपदफा (४) मा रहेको कानूनी व्यवस्थाको आधारमा कसूरसँग सम्बन्धित र आवश्यक देखिएका विषयमा थप अनुसन्धान गर्न वा थप प्रमाण संकलन गर्न अनुसन्धान अधिकारीलाई निर्देशन गरी सो कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेवसाइटः www.attorneygeneral.gov.np

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

३. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ को कानूनी व्यवस्था अनुसार अपराध पीडितले चाहेमा कसूरको कारणले आफूलाई प्रत्यक्षरुपमा परेको क्षति वा प्रभावको उल्लेख गरी कसूरको अभियोगपत्र दायर हुनुभन्दा अगावै अभियोजन गर्ने अधिकारी समक्ष वा पीडितको काबु बाहिरको परिस्थिति परी अभियोगपत्र दायर हुनु अगावै त्यस्तो प्रतिवेदन अभियोजन गर्ने अधिकारी समक्ष पेश गर्न नसकेमा अभियोगपत्र दायर भएको मितिले एक महिना भित्र अभियोजन गर्ने अधिकारी समक्ष त्यस्तो प्रतिवेदन पेश गर्न सकिने व्यहोरा अपराध पीडितलाई मुद्दाको अनुसन्धानकै क्रममा अनुसन्धान अधिकारी मार्फत जानकारी गराई सोको निस्सा मिसिल संलग्न गर्न लगाउने।

(ख) अभियुक्तसँग बयान लिने सम्बन्धमा

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ मा अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष सम्बन्धित अभियुक्तको बयान लिने व्यवस्था गरेको छ। अभियुक्तको बयान लिने सम्बन्धमा सरकारी वकीलले फाईल अध्ययन गरी अभियुक्तका अधिकारको सम्मान र संरक्षणमा ध्यान दिई कसूरको सत्यता पत्ता लगाउन कसूरसँग सम्बन्धित विषयमा खुलाउनुपर्ने सबै कुरा खुल्ने गरी सरकारी वकीलले अनिवार्य आफ्नो उपस्थितिमा बयान लिने र यसका लागि अनुसन्धान अधिकारीसँग समन्वय गर्ने।

(ग) पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख म्याद थप लिने सम्बन्धमा

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ बमोजिम कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ परेको कसूरदारलाई २४ घण्टा भन्दा बढी हिरासतमा राखी अनुसन्धान गर्न आवश्यक र मनासिब देखिएमा हिरासतमा राख्नुपर्ने आधार र कारण प्रष्ट रुपमा उल्लेख गरी फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को अनुसूची- ८ को ढाँचामा म्याद थपका लागि अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष फाईल पेश गर्नुपर्ने र सरकारी वकीलले अभियुक्तलाई हिरासतमा राख्नुपर्ने आधार र कारण, निज उपरको अभियोग, अनुसन्धानको प्रगति लगायतका विषय उल्लेख गरी प्रहरी हिरासतमा राख अनुमतिका लागि अदालत समक्ष निवेदन पेश गर्नुपर्ने व्यवस्था अनुसार अनुसन्धान अधिकारी तथा सरकारी वकीलले हिरासतमा राख्नुपर्ने आधार र कारण अनिवार्य रुपमा उल्लेख गरी मुद्दा हेर्ने अधिकारी समक्ष हिरासतमा राख्ने म्याद थपका लागि निवेदन गर्ने

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेवसाइट: www.attorneygeneral.gov.np

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

व्यवस्थाको कार्यान्वयन गर्ने। यसका लागि सम्वन्धित सरकारी वकीलले अनुसन्धान अधिकारीसँग आवश्यक समन्वय र निर्देशन गर्ने।

(घ) अभियोजन सम्बन्धी निर्णय

१. अनुसन्धान प्रतिवेदन सहितको मिसिल प्राप्त भएपछि संकलित सवुद प्रमाणको मूल्याकंनबाट कसूर भएको देखिएको र मुद्दा चल्ने पर्याप्त आधार देखिएमा मुद्दा चलाउने निर्णय गर्ने र सवुद प्रमाणको अभाव देखिएमा मुद्दा नचलाउने निर्णय गर्ने अधिकार सरकारी वकीलमा रहेको विदितै छ। अभियोजनमा निष्पक्षता कायम गर्ने, प्रमाणमा आधारित भएर मात्र अभियोजन गर्ने तथा स्वच्छ र वस्तुनिष्ठ अभियोजन गर्ने कुरामा विशेष ध्यान दिई मुद्दा चल्ने नचल्ने निर्णयमा लिने आधार र प्रमाण तथा तिनको सही र निष्पक्ष विश्लेषण गरी भएको निर्णयबाट मात्र अभियोजनमा सुधार गर्न सकिने हुँदा ती कुरामा विशेष ध्यान दिने।

२. अभियोजनको निर्णयमा एकरुपता कायम गर्न निर्णय पुस्तिकामा निम्न ढाँचा अवलम्वन गर्नः-,

श्री.....कार्यालयका.....ले गरेको

निर्णय

निर्णय नं.-

निर्णय मितिः-

मुद्दाः-

वारदात मितिः-

जाहेरवालाः-

जाहेरी दर्ता मितिः-

प्रतिवादीः-

मिसिल प्राप्त मितिः-

मिसिल पेश गर्ने कार्यालय र अनुसन्धान अधिकारीः-

निर्णयको व्यहोराः

.....

३. अभियोजन सम्वन्धी निर्णय गर्दा कानूनले एक भन्दा वढी निर्णय गर्नुपर्ने व्यवस्था गरेकोमा वाहेक पटक पटक निर्णय नगरी एकै पटक निर्णय गर्ने। (जस्तैः कुनै कसूरमा वयस्क र वालवालिका संलग्न भएको मुद्दा चलाउने/नचलाउने वा केही प्रतिवादीको हकमा मुद्दा चलाउने र केही प्रतिवादीको हकमा मुद्दा नचलाउने (आंशिक) निर्णय गर्दा पटक पटक निर्णय नगरी एकैपटक निर्णय गर्ने।)

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेवसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

(ङ) अभियोगपत्र तयारी सम्बन्धमा:-

अभियोगपत्र तयार गर्दा अन्य कुराका अतिरिक्त निम्न विषयमा ध्यान दिने:-

१. मुद्दा हेर्ने क्षेत्राधिकारका आधारमा अभियोगपत्र पेश गरिने निकाय यकिन गरी सो निकायको नाम उल्लेख गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२, सोही संहिताको अनुसूची- २० तथा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ ले निर्दिष्ट गरेका कानूनी व्यवस्था अनुसार अभियोगपत्र तयार गर्ने साथै अभियुक्तको उमेर, नाम, थर, वतन लगायतका परिचयात्मक विवरण खुल्ने कागज अनिवार्य रुपमा समावेश गर्ने।

३. अभियोगपत्रको तथ्य व्यहोरा खण्डलाई संक्षिप्त रुपमा उल्लेख गर्ने। सो खण्डमा संक्षेपमा मुद्दाका तथ्यहरुलाई घटनाक्रमका आधारमा क्रमशः उल्लेख गर्ने। अभियोगलाई समर्थन गर्ने तथ्यहरु लेख्न नछुटाउने। अभियोगलाई समर्थन नगर्ने विवरण उल्लेख नगर्ने। अनुसन्धान अधिकृतवाट प्राप्त भएको रायमा उल्लिखित तथ्यलाई जस्ताको तस्तै कपि पेष्ट नगरी आवश्यकता अनुसार सम्बन्धित मिसिल कागजातका आधारमा परिमार्जन गरी उल्लेख गर्ने ।

४. फरार रहेका अभियुक्तलाई अभियोजन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५८ को उपदफा (१५) तथा दफा ६५ को उपदफा (१) को प्रयोजनार्थ सोही संहिताको दफा ३२ को उपदफा (१) को खण्ड (ञ१) एवम् मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (१) को कानूनी व्यवस्थाले निर्देश गरे बमोजिम अनिवार्य रुपमा अभियुक्तको सम्पत्ति तथा अन्य विवरण र निज कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति भए सोको विवरण समेत उल्लेख गर्ने।

५. सहअभियुक्त वा अपराध पीडितवाट अभियुक्तको पहिचान खुल्ने खालका कुनै विवरण वा फोटो आदि प्राप्त भएमा सनाखत गराई पछिसम्म पहिचान फरक नपर्ने गरी मात्र अभियोजन गर्ने।

६. मुद्दाको संक्षिप्त तथ्य खण्डमा उल्लेख गरिएका विषयलाई कपि पेष्ट गरी अभियोग खण्डमा पुनः दोहोरिने गरी नराख्ने। आवश्यक तथ्यको संक्षिप्त विश्लेषण गरी प्रष्टसँग कसूरसँगको सम्बन्ध स्थापित गर्ने।

७. अभियोग खण्डमा अभियुक्तले गरेको कसूर, सम्बन्धित कानून, अभियुक्तलाई हुने सजाय र लागू हुने कानूनको दफा तथा सो कसूर पुष्टि गर्ने प्रमाण उल्लेख गर्ने।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेवसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

८. अपराध पीडित वा निजका आश्रित व्यक्तिलाई तत्काल उपचार गराउनुपर्ने वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनुपर्ने अवस्था विद्यमान रहेको भए त्यस्ता व्यक्तिलाई अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९, मुलुकी अपराध संहिता, २०७४ को दफा ४८ ( बालबलिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ अनुसारका बालबालिका विरुद्धको कसूर कायम गरी सोही ऐनको दफा ७२ अनुसार सजाँय हुन तथा दफा ७३ अनुसार क्षतिपूर्ति भराइदिन अभियोग दावी लिइएका मुद्दामा सोही ऐनको दफा ७३ को उपदफा (४) समेत) तथा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम १० को कानूनी व्यवस्थाले निर्देश गरे बमोजिम औषधि उपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन आधार र कारण खुलाई मुद्दा हेर्ने निकाय समक्ष मागदावी गर्ने।

९. अपराध पीडितलाई क्षतिपूर्तिको दावी लिनु पर्ने अवस्थामा क्षतिपूर्ति भराई दिनुपर्ने कसूरसँग सम्बन्धित कानूनी व्यवस्थाका अतिरिक्त मुलुकी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४८, फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम १७ एवम् मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (४) समेतका कानूनी आधार र खुलाउन सकेसम्मका अन्य आधार एवम् औचित्य सहित क्षतिको स्पष्ट विवरण र प्रकृति समेत उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को खण्ड (ड) ले निर्देश गरे बमोजिम दावी गर्ने। क्षतिपूर्ति भराउने प्रयोजनका लागि मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (४) को खण्ड (क) देखि (च) सम्मका कानूनी व्यवस्थाले निर्देश गरे बमोजिम सम्बन्धित प्रतिवादीको हक पुग्ने सम्पत्तिको सम्भव भएसम्मको विवरण प्रमाण सहित खुलाई सोही नियमको उपनियम (५) बमोजिम त्यस्तो सम्पत्ति रोक्का राख्न समेत माग गर्ने। अभियोगपत्र दायर भइसकेपछि सरकारी वकील कार्यालय मार्फत अपराध पीडितले प्रतिवादीको कुनै सम्पत्ति देखाई रोक्का राख्न निवेदन दिएमा सोही नियमको उपनियम (६) बमोजिमको प्रकृयाका लागि कारबाही गर्ने। बिगो भराउन मागदावी लिनुपर्ने अवस्थाका मुद्दामा भराउनुपर्ने बिगो यकिन गरी सोको कानूनी आधारसहित मागदावी लिने।

१०. विशेष प्रकृतिको मुद्दामा पक्षको गोपनियता कायम गर्नु पर्ने तथा बन्द इजलासबाट सुनुवाइ गर्नु पर्ने अवस्थामा कानूनी आधार सहित अभियोगपत्रमा सो सम्बन्धी विवरण उल्लेख गर्ने । पक्षको गोपनियता राख्दा निर्धारित प्रकृया बमोजिम राख्ने ।

११. बालबालिका संलग्न भएका मुद्दामा अभियोजन गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई दृष्टिगत गरी संवेदनशील भएर अभियोजन गर्ने। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ तथा बाल

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३७ ले निर्धारण गरे बमोजिमको आधार अनुसार उमेर यकिन गरी सोको प्रमाण समेत पेश गर्ने।

१२. एकै मुद्दामा एक भन्दा बढी अभियुक्त भएमा आधार र प्रमाण सहित प्रतिव्यक्ति कसूर र सजायको दावी लिने ।

१३. अनुसन्धानको क्रममा प्रतिवादीको सम्पत्ति वा कुनै विवरण रोक्का गरिएको भए सोको विवरण र मूल्यांकन खुले सो समेत अभियोगपत्रमा उल्लेख गर्ने ।

१४. सबुद प्रमाण खण्डमा साक्षीको नाम, थर र वतन स्पष्ट उल्लेख गर्ने । सम्भव भएसम्म सम्पर्क नम्बर र वतन खुल्ने कागज समेत राख्ने । अभियोग दावीलाई समर्थन नगर्ने वा असम्बद्ध मानिस तथा कागजलाई साक्षी प्रमाणको रुपमा प्रस्तुत नगर्ने। गोश्वारा रुपमा बुझिएका मानिस/कागज गर्ने मानिसहरु जस्ता भाषा उल्लेख नगर्ने।

१५. अभियोगपत्रमा दसी प्रमाणका रुपमा पेश भएका वा जफतको मागदावी लिइएका मालसामान तथा अन्य सम्पत्तिको हकमा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (३) को खण्ड (क) देखि (च) सम्मका कानूनी व्यवस्थाले निर्देश गरे बमोजिमको विवरण खुलाई प्रष्ट रुपमा नै उल्लेख गर्ने। असम्बद्ध वा असान्दर्भिक वस्तुलाई दशीको रुपमा प्रस्तुत नगर्ने। दसी प्रमाण खण्डमा मुद्दासँग असम्बन्धित गोश्वारा रुपमा बरामदी मुचुल्कामा उल्लेख भएका चीजवस्तु नलेख्ने।

१६. विशेषज्ञ समक्ष परीक्षण गर्न पठाइएका प्रमाणको परीक्षण प्रतिवेदन समयमा प्राप्त गर्न समन्वय गर्ने। सम्भव भएसम्म परीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र अभियोजन गर्ने। परीक्षण प्रतिवेदनमा उल्लिखित विशेषज्ञको रायलाई अभियोगपत्रमा समावेश गर्दा भाषिक शुद्धता कायम गर्न विशेष सतर्कता अपनाउने।

१७. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को अनुसूची ३० मा उल्लिखित मुद्दामा सोही नियमावलीको नियम ९६ अनुसार निरन्तर सुनुवाइका लागि मागदावी लिने र निरन्तर सुनुवाइ प्रक्रियामा तदारुकता देखाउने।

१८. मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ अनुसार एकीकृत कसूर बापत सोही संहिताको दफा ४४ अनुसार पटके बापत तथा अन्य संबद्ध कानूनले निर्धारण गरेको विशेष अवस्थामा थप सजाय हुने अवस्था छ/छैन भन्ने बारेमा विशेष ध्यान दिई कानूनले निर्दिष्ट गरेको मकसद् बमोजिम थप दावी लिने।

१९. मुद्दाको प्रकृति अनुसार कानूनी व्यवस्थाका आधारमा नैतिक पतनमा दावी लिनु पर्ने अवस्था देखिएमा सोको दावी लिने।

(च) विविधः-

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेवसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

१. अभियोजनका बारेमा कुनै जटिलता आइपरेमा महान्यायाधिवक्ताको कार्यालयमा रहेको सहजीकरण समितिवाट निकासा लिने ।

२. उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले आफ्नो कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा कार्यरत प्रत्येक सरकारी वकीलले अभियोजन गरेका अभियोगपत्रबाट तथा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले आफ्नो कार्यालयका प्रत्येक सरकारी वकीलले अभियोजन गरेका अभियोगपत्रबाट कम्तीमा पाँचवटा उत्कृष्ट अभियोगपत्र छनौट गरी २०७७ कार्तिक महिनाभित्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने।

३. मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ तथा अन्य विषयगत विशेष ऐनको कानूनी व्यवस्था अनुसार कुनै अभियुक्तका हकमा सजाँय छुट दिन सकिने अर्थात सजाय कम गर्ने मागदावी लिई अभियोगपत्र दायर गर्न सकिने अवस्था भएमा सोको आधार कारण खुलाई मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ को उपनियम (२) को कानूनी व्यवस्थाले निर्देश गरे बमोजिम छुट दिन प्रस्ताव गरिएको सजायको प्रतिशत स्पष्ट रुपमा उल्लेख गरी सजाय कम गर्ने मागदावी लिई अभियोजन गर्ने। यस्तो मागदावी भएका अभियुक्तले मुद्दा हेर्ने निकायमा अनुसन्धान अधिकारी वा सरकारी वकील समक्ष दिएको भन्दा प्रतिकूल वयान वा प्रमाण दिएमा वा आफ्नो कसूर इन्कार गरेमा वा न्यायिक कारवाहीमा सहयोग नपुऱ्याएमा (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ को उपदफा (६) को अवस्था भएमा) सोही संहिताको दफा ३३ को उपदफा (७) एवम् मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम १८ र २० ले निर्दिष्ट गरेको कानूनी व्यवस्था अनुसार त्यस्तो अभियुक्तलाई प्रस्ताव गरिएको छुट सजाँय रद्द गरी थप सजाँयको मागदाबी गरी तत्काल मुद्दा हेर्ने निकायमा निवेदन दिने।

४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ अनुसार थप दावी लिई मुद्दा दायर गर्दा त्यस्तो अभियोगपत्रमा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २१ को उपनियम (१) को कानूनी व्यवस्थाले निर्देश गरे बमोजिमका विवरण अनिवार्य रुपमा उल्लेख गर्ने।

५. अभियोगपत्र संशोधन विषय नियम (Rule) नभएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ ले निर्दिष्ट गरेको अवस्था स्पष्ट देखिए मात्र सोको कारवाही प्रारम्भ गर्ने।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३७ को उपदफा (२) को स्पष्टीकरण खण्डमा उल्लेख भए अनुसार अभियोगपत्रमा "सानातिना त्रुटी" सच्याउन पर्ने अवस्था भएमा शुरू तहवाट मुद्दाको फैसला हुनु अगावै त्यस्तो त्रुटी भएको थाहा भएपछि तत्काल सोही संहिताको दफा ३७ को उपदफा (१) अनुसार मुद्दा हेर्ने निकाय समक्ष निवेदनपत्रको ढाँचामा पेश गर्ने र त्यसरी निवेदन

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेवसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(.....शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

दिएको व्यहोरा अभियोगपत्रमा जनाई त्यस्तो निवेदन दिने सरकारी वकीलले दस्तखत गरी प्रमाणित गर्ने।

७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ को उपदफा (३) मा उल्लेख भए अनुसारका खास किसिमका सानातिना कसूरमा सोही दफाको उपदफा (१) को प्रयोजनार्थ नेपाल राजपत्र, खण्ड ६८, २०७५ असोज १, संख्या २६, भाग-४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचनामा उल्लेख भए अनुसार माननीय महान्यायाधिवक्ताज्यूबाट सबै जिल्लाका सरकारी वकीलहरुलाई अधिकार प्रत्यायोजन भए बमोजिम कानूनले निर्देश गरेका प्रकृया पूरा गरी मुद्दा दायर नगर्ने निर्णय गर्ने।

८. अभियोगपत्रमा उल्लेख गरेको कुनै साक्षी तत्काल उपस्थित नगराएमा पछि उपस्थित गराउन नसकिने अवस्था भएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ को उपदफा (५) ले निर्देश गरेको कानूनी व्यवस्था बमोजिम प्रमाण सहित त्यस्तो कारण देखाई त्यस्ता साक्षीलाई तत्काल उपस्थित गराई वकपत्र गराउन अभियोगपत्रमा नै अनुरोध गर्ने।

२०७६।६।२२

लोकराज पराजुली
सहन्यायाधिवक्ता

.....

बोधार्थ

प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयः यस परिपत्रमा उल्लेख भएका कुराहरु बारेमा अपराध अनुसन्धान गर्दाका बखत तथा अनुसन्धान प्रतिवेदन तयार गर्ने सन्दर्भमा ध्यान दिन अपराध अनुसन्धान गर्ने सबै प्रहरी एकाइहरुमा परिपत्र गरिदिनुहुन।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेवसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

प्रशासन

पत्र संख्या :- ०७७/०७८

चलानी नं :- १४६२

रामशाहपथ, काठमाडौं

मिति :- २०७७।१२।०२

विषयः- कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रणमा लिँदा अपनाउनुपर्ने प्रक्रिया सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रणमा लिँदा अपनाउनुपर्ने प्रक्रियाका सम्बन्धमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ ले गरेको कानुनी व्यवस्था बारे त्यस कार्यालयलाई अवगत नै छ ।

यसै सम्बन्धमा लक्ष्मी (नानी) थापा विरुद्ध रुकुम जिल्ला अदालत, रुकुम पश्चिम समेत भएको बन्दीप्रत्यक्षीकरण समेत (रिट नं. ०७६-WH-०३८०) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०३।२१ मा "कम उप्रान्त कसुरजन्य कार्यको आरोप लगाई नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धानको लागि नियन्त्रणी कक्षमा राख अदालतको अनुमति माग गर्दा अनिवार्य रूपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१(७) बमोजिम एक पटकमा पाँच दिनमा नबढ्ने गरी जहीमा एकाईस दिन सम्मको मा म्याद थपको माग गर्ने, निजहरुको ताकात बयान गराउन र सोही कसुरमा अन्य उमेर पुगेका व्यक्ति भए निजहरुसँगै छुट्टै मिसिल खडा गर्न आवश्यक व्यवस्था मिलाउन भनी सबै जिल्ला सरकारी वकील कार्यालय तथा प्रहरी कार्यालयहरुलाई सूचित गर्न महान्यायाधिवक्ताको कार्यालयलाई ... जानकारी दिनु" भन्ने निर्देशनात्मक आदेश भएको छ ।

अतः यहाँ कार्यालय अन्तर्गतको समन्वय समितिमा छलफल समेत गरी सम्मानित सर्वोच्च अदालतबाट भएको उक्त निर्देशनात्मक आदेशको कार्यान्वयन गर्न गराउनका लागि अनुरोध छ ।

पुनश्चः सम्मानित सर्वोच्च अदालतबाट भएको उक्त आदेशको पूर्ण पाठ यस कार्यालयको वेभसाइट www.ag.gov.np मा अपलोड गरिएको व्यहोरा समेत अनुरोध छ ।

बोधार्थ तथा कार्यार्थः
श्री प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं: सम्मानित सर्वोच्च अदालतबाट भएको उक्त आदेशको पूर्ण पाठ प्रतिलिपि यसैसाथ संलग्न छ । साथि उल्लिखित निर्देशनात्मक आदेशको कार्यान्वयन गर्न गराउनका लागि सम्बन्धित प्रहरी कार्यालयहरुलाई निर्देशन जारी गरिदिनका लागि अनुरोध छ ।

बोधार्थः
श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय,
खबरमहल काठमाडौं: जानकारीका लागि ।

लोकराज पराजुली
महान्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सटेन्सन :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..... शाखा)

प्रशासन

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :- १६८०

रामशाहपथ, काठमाडौं

मिति :- २०७८।०१।०२

विषय :- निर्देशन सम्बन्धमा

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री बिशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपरोक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७७।१२।२६ मा बसेको व्यवस्थापन समितिको बैठकबाट सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) बमोजिम नेपाल सरकार वादी हुने मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन देहायबमोजिमका निर्देशनहरु जारी गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनहुन निर्णयानुसार अनुरोध गरिन्छ।

देहाय

निर्देशन नं. १. मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ अनुसार एकीकृत कसूर वापत थप सजायको दाबी लिने सम्बन्धमा:-

यस दफाको उपदफा (२) मा जन्म कैदको सजाय हुने कसूरदारमा बाहेक एकीकृत कसूर गर्ने कसूरदारलाई थप सजाय हुने व्यवस्था छ। सोही दफाको उपदफा (१) मा कुनै व्यक्तिले एउटै वारदातमा एक भन्दा बढी कसूर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिनेछ भनी एकीकृत कसूरको परिभाषा गरिएको छ। एउटा वारदातमा कुनै एक कसूर गर्दा सो कसूरसँग अन्योन्याश्रित रुपमा सँगै जोडिएर आउने कार्यलाई प्रचलित कानूनले कसूर मानेको रहेछ भने त्यसरी जोडिएर आएको कार्यलाई यस उपदफाको परिभाषा अनुसार एकीकृत कसूर मानिँदैन। एकीकृत कसूर हुन एकै वारदातमा दुईवटा फरक फरक (Independent) कसूर भएको हुनु पर्दछ। महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदन/निवेदन सम्बन्धी कारवाहीका लागि प्राप्त हुने मिसिल हेर्दा कतिपय मुद्दामा हाडनातामा जबरजस्ती करणी गरेको कसूर, सामूहिक रुपमा गरेको जबरजस्ती करणीको कसूर आदिमा पनि यस दफा बमोजिम एकीकृत कसूर वापत थप सजाय हुन मागदाबी लिएको तर अदालतबाट सो दाबी कायम नभएको देखिएको छ। तसर्थ एउटा कार्य गर्दा छुट्याउन नसकिने किसिमको अर्को कार्य (Inextricable act) भएको अवस्थामा एकीकृत कसूर वापत थप सजायको दाबी नलिने तर कुनै एउटा कसूर गर्ने सिलसिलामा कानूनद्वारा निषेधित कसूर गर्ने अर्को छुट्टै (Separate) कार्य भएको अवस्था जस्तैः जबरजस्ती करणीको कसूर गर्ने सिलसिलामा पीडितको धनमाल चोरेको, घरमा आगो लगाएको, पीडितको हार गुहार सुनी पीडितलाई उद्दार गर्न आउने व्यक्तिहरु उपर कुनै कसूर गरेको आदि जस्ता अवस्थामा मात्र त्यसरी भएका प्रत्येक कसूरबापत दाबी लिई दफा ४३ बमोजिम एकीकृत कसूर बापत थप सजायको मागदाबी लिने।

निर्देशन नं. २. मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ अनुसार थप सजायको दाबी सम्बन्धमा:-

यस दफाको उपदफा (१) मा जन्म कैदको सजाय पाएको कसूरदारको हकमा बाहेक जघन्य वा गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा निजले पछिल्लो पटक गरेको कसूरमा हुने सजायको दोब्बरसम्म सजाय हुने तथा सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिमको कसूर बाहेक अन्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेमा निजलाई

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

पत्र संख्या :- ०७७/०७८(निर्देशन) मितिः रामशाहपथ, काठमाडौं

चलानी नं. :-

पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुने व्यवस्था छ। यो कानूनी व्यवस्था अनुसार थप सजाय हुनका लागि जघन्य वा गम्भीर कसूरमा अदालतबाट सजाय पाईसकेको (तर सजाय भुक्तान गरेको हुनु पर्ने) र सो बाहेकका अन्य कसूरमा सजाय पाएर सो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेको हुनुपर्ने पूर्वशर्त रहेको छ। महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदन/निवेदन सम्बन्धी कारबाहीका लागि प्राप्त भएका कतिपय मिसिलबाट सो पूर्वशर्त नरहेको अवस्था जस्तैः अघिल्लो कसूरसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहिरहेको वा एकैपटक वा एकभन्दा बढी कसूर गरेको तर अदालतबाट सजाय पाइ नसकेको अवस्थामा पनि थप सजायको मागदाबी लिएको भएपनि अदालतबाट फैसला हुँदा सो दाबी नपुगने गरी फैसला भएको देखिएको छ। तसर्थ कानूनले प्रष्ट शब्दमा निर्धारण गरेका माथि उल्लेखित पूर्व शर्तहरु नरहेको अवस्थामा दफा ४४ बमोजिम थप सजायको मागदाबी नलिने। यस्तो थप मागदाबी मुलुकी अपराध संहिता, २०७४ लागू भएपछि अर्थात् २०७५।०५।०१ वा सो भन्दा पछि कसूर गरी सजाय पाएको वा सजाय भुक्तान गरेको प्रतिवादीको हकमा मात्र लिने।

**निर्देशन नं. ३. मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको पुनरावेदन/निवेदन परेको तर प्रत्यार्थी झिकाउने आदेश वा निस्सा नभइसकेको अवस्थामा मिलापत्रको कारवाही अगाडि बढाउने सम्बन्धमाः-**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र गराउन आदेश दिन सकिने प्रकृतिका फौजदारी मुद्दामा कसूर कायम भई प्रतिवादीको पुनरावेदन/दोहोऱ्याई पाउने/पुनरावलोकन निवेदन परेको तर प्रत्यर्थी झिकाउने आदेश वा निस्सा नभइसकेका मुद्दाहरुमा पनि मिलापत्र सम्बन्धी प्रक्रिया अगाडि बढाउने।

**निर्देशन नं. ४. मुद्दासँग सरोकार नराख्ने पीडित उपस्थित नभए पनि मिलापत्र हुने सम्बन्धमाः-**

प्रचलित कानून बमोजिम मिलापत्र हुने प्रकृतिका मुद्दामा धेरै पीडितहरु रहेका तर केही पीडितले मात्र जाहेरी दिएको वा मुद्दामा सरोकार देखाएको अवस्थामा अदालत वा सरकारी वकील कार्यालयबाट खोजी गर्दा उपस्थित नहुने वा मुद्दासँग सरोकार नराख्ने पीडितहरुले मिलापत्रको लागि निवेदन नदिएको भए पनि मुद्दामा सरोकार राख्ने पीडित आफैले वा सम्पर्कमा आएका वा नआएका पीडितका तर्फबाट पीडितका एकासगोलका परिवारका सदस्य वा कानूनबमोजिमका संरक्षकले आ-आफ्नो हकमा मिलापत्र गर्न निवेदन दिएमा सम्बन्धित सरकारी वकील कार्यालयले मिलापत्रको प्रक्रिया अगाडि बढाउने। सम्पर्कमा नरहेका वा सम्पर्कमा आउने अवस्था नदेखिएका पीडितका हकमा त्यस्ता पीडितहरुको नोक्सानी भए अनुसारको रकम, सोमा कानून बमोजिम लाग्ने हर्जाना रे अन्य खर्च समेत प्रतिवादीले सुरक्षित राखेको (धरौटी वा अन्य उपायबाट) र त्यस्ता पीडितहरु पछि सम्पर्कमा आएका बखत त्यस्तो रकम प्राप्त गर्न सक्ने देखिएमा उपस्थित भएका पीडित र प्रतिवादीको निवेदन परेमा समेत मिलापत्रको लागि कारवाही अगाडि बढाउने।

**निर्देशन नं. ५. चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा मिलापत्र गराउन आदेश दिने सम्बन्धमाः-**

सर्वोच्च अदालतबाट पुरुषोत्तम दंगाल विरुद्ध महान्यायाधिवक्ताको कार्यालय समेत भएको परमादेश मुद्दामा (०७७-WO-००१५) मिति २०७७।१०।०८ मा भएको आदेश समेतलाई विचार गरी बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) अनुसारका सर्वसाधारण पीडित भएको बैंकिङ्ग कसूर मुद्दामा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्र सम्बन्धी कारवाही अगाडि बढाउने।


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

निर्देशन नं. ६. चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर मुद्दामा प्रतिवादीले पीडितलाई बिगो बुझाईसकेको अवस्थामा मुद्दा नचलाउने र पुनरावेदन नगर्ने सम्बन्धमाः

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) अनुसारका कसूर अन्तर्गतको ललिता कुमारी सिंहको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रेश्मा शाह भएको बैंकिङ्ग कसूर (चेक अनादर) मुद्दा (०७५-RB-०१४१) मा"जाहेरवालाले प्रतिवादीबाट बिगो रकम प्राप्त गरिसकेको छु भनी अदालतमा गरेको बकपत्र साथै रकम प्राप्त भएको भरपाई समेत पेश गरेको देखिएकोले बिगो बाँकी नहुँदा प्रतिवादीलाई बिगो बमोजिम जरीवाना र बिगो भराईदिनु नपर्ने ठहर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला सदर हुने" भनी सर्वोच्च अदालतबाट मिति २०७६।०३।०२ मा भएको फैसला उपर प्रतिवादीलाई बिगो बमोजिम जरीवाना नभएको हकमा सर्वोच्च अदालतमा पुनरावलोकनका लागि निवेदन गरिएकोमा (०७६-RV-०२२४) पुनरावलोकनको अनुमति नहुने गरी मिति २०७७।०१।०८ मा आदेश भएको छ। यस प्रकृतिका कसूरमा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लिखित "सर्वसाधारणको हानि, नोक्सानी" को कसूर अन्तर्गत मिलापत्र सम्बन्धी कारवाही अगाडि बढाउने भनी आजै व्यवस्थापन समितिबाट निर्णय भएको छ। कानून बमोजिम मिलापत्र हुन सक्ने र मिलापत्र गर्न उपयुक्त हुने प्रकृतिका सरकारवादी फौजदारी मुद्दामा अनुसन्धानकै क्रममा वा अभियोजन गर्नु अगाडि पीडित र प्रतिवादी मिलापत्र गर्न सहमत भएका मुद्दामा सामान्यतया अभियोजन गरिने छैन भन्ने महान्यायाधिवक्ताको कार्यालयको नीति रहेको (महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ को परिच्छेद २ को २.२(२.२.२६)) छ। अतः यस प्रकृतिका मुद्दामा अभियोजन पूर्व प्रतिवादीबाट पीडितले रकम प्राप्त गरिसकेको भए मुद्दा नचलाउने निर्णय गर्ने र अदालतमा मुद्दा दायर भएपछि पीडितले त्यस्तो रकम प्राप्त गरिसकेको अवस्थामा त्यस्तो फैसला उपर पुनरावेदन नगर्ने।

निर्देशन नं. ७. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० अनुसार पीडितले गरेको पुनरावेदन/निवेदनमा बहस पैरवी प्रतिरक्षा नगर्ने सम्बन्धमाः-

नेपाल सरकार वादी हुने मुद्दामा अदालतबाट भएका आदेश/फैसला उपर नेपाल सरकारको तर्फबाट निवेदन/पुनरावेदन नगर्ने निर्णय भइसकेको अवस्थामा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २० अनुसार पीडितको निवेदन/पुनरावेदन परेको र सरकारी वकील कार्यालयमा सो मुद्दाको पेशीको सूचना प्राप्त हुन आएमा नेपाल सरकारको तर्फबाट निवेदन/पुनरावेदन नगर्ने निर्णय भएको व्यहोराको जानकारीसहित त्यस्ता निवेदन/पुनरावेदनमा नेपाल सरकारका तर्फबाट बहस पैरवी प्रतिरक्षा नगरिने व्यहोरा अदालतलाई लेखी पठाउने।

निर्देशन नं. ८. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसारको क्षतिपूर्ति शुल्क (कम्पेनसेसनलेभी) सम्बन्धी दाबी नपुगेको अवस्थामा पुनरावेदन नगर्नेः-

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसार क्षतिपूर्ति शुल्क (कम्पेनसेसन लेभी) पीडित राहत कोषमा बुझाउन समेतको मागदाबी अभियोग पत्रमा लिइएको रहेछ र त्यस्तो मुद्दामा अन्य दाबी पुगेको वा गिसिल संलग्न प्रमाण बमोजिम फैसला मिलेको देखिएको तर क्षतिपूर्ति शुल्कको मात्र दाबी नपुगेको वा तत् सम्बन्धमा केही नबोलिएको अवस्थामा सो सम्बन्धमा मात्र पुनरावेदन नगर्ने ।

निर्देशन नं. ९. वयस्क महिलाले नाबालकलाई यौन दुरुपयोग गरे गराएमा मुद्दा दायर गर्नेः-

मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (२) एवम् बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (३) को खण्ड (ग), (ङ), (च), (छ), (ज), (झ) र (ट) मा उल्लेख भएको


☎: ४२००८००, ४२००८०१, ४२००८३६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

कसूर बालिकाका विरुद्ध मात्र नहुने भै बालकका विरुद्ध पनि हुने भएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ को उपदफा (२) र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) र (३) मा उल्लेखित जुनसुकै कसूर कुनै वयस्क महिलाले बालक वा बालिका जोसुकै उपर गरेको भए पनि त्यस विरुद्ध उजूरी पर्न आएमा त्यस्ता महिला उपर उक्त कानूनी व्यवस्था अनुसारको कसूरमा अनुसन्धान तथा अभियोजन सम्बन्धी कारवाही गर्ने।

निर्देशन नं. १०: सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकातबाट संकलित कागजात मध्ये अभियोग लगाइएको दाबीलाई समर्थन नगर्ने प्रमाण कागज मिसिलमा नराखे गरी छनौट गर्न नसकिने सम्बन्धमाः-

पुनरावेदन सरकारी वकील कार्यालय नेपालगञ्ज विरुद्ध राजु थापा भएको परमादेश मुद्दा (ने.का.प. २०५७, अंक १०/११, नि नं. ६९५३) मा सर्वोच्च अदालतबाट "सरकारी वकील कार्यालयले आफू समक्ष प्रहरी कार्यालयबाट पेश गरेका मिसिल कागजातमध्ये कुनै कागज मिसिलमा राख्नु नपर्ने देखिएमा सम्बन्धित मिसिलबाट त्यस्तो कागज निकाल्न वा मिसिल संलग्न नगर्न सक्ने गरी त्यस्तो कुनै तजबिजी अधिकार, कर्तव्य र दायित्व सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को कुनै पनि कानूनी व्यवस्थाबाट सरकारी वकीललाई प्रदान नगरेको" भनी मिति २०५६।१२।०७ मा सर्वोच्च अदालतबाट फैसला भएको छ। यो आदेश मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले गरेको कानूनी व्यवस्थाका सम्बन्धमा पनि उत्तिकै सान्दर्भिक छ। अनुसन्धानकर्ता एवम् अभियोजनकर्ताले राज्यको तर्फबाट निष्पक्ष रुपमा काम गर्नुपर्ने हुन्छ। तसर्थ, जे जस्ता प्रमाणहरु संकलन हुन आएका छन् कसूर ठहरको पक्षमा नहुने भए पनि मिसिलबाट अलग नगरी मिसिल सामेल राखी त्यस्तो प्रमाणलाई अभियोग दाबी पुष्टि गर्न सहयोग पुग्ने प्रमाणको आधारमा खण्डन गर्ने। तर कसूर ठहरको पक्षमा नहुने त्यस्ता प्रमाण कागजलाई अभियोग पत्रको प्रमाण खण्डमा भने उल्लेख नगर्ने।

निर्देशन नं. ११: प्रचलित कानूनमा जनही जरिवाना हुने भनी उल्लेख भएकोमा बाहेक जरिवाना दामासाहीले हुने गरी भएका फैसला उपर पुनरावेदन नगर्नेः-

ने.का.प. २०६३, अंक ९, निर्णय नं. ७७६७, पृष्ठ १२३५ (नेपाल सरकार विरुद्ध इन्द्रप्रसाद नेपाल समेत, मुद्दा ठगी), ने.का.प. २०६१, अंक ३, नि.नं. ७३४८, पृष्ठ ३१० (समीन अन्सारी विरुद्ध नेपाल सरकार, मुद्दा डाँका), ने.का.प. २०७२, अंक १, नि.नं. ९३२९, पृष्ठ ९९ (दयाप्रसाद घिमिरे विरुद्ध नेपाल सरकार, मुद्दा : ठगी), ने.का.प. २०६५, अंक १०, नि.नं. ८०२८, पृष्ठ १२७१ (नेपाल सरकार विरुद्ध बाजे राना समेत, मुद्दाः वनपैदावार हटाई पाऊँ) मा सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजीरहरुबाट दुई वा सो भन्दा बढी कसूरदार भएको मुद्दामा प्रचलित कानूनमा जनही जरिवाना हुने भनी उल्लेख भएकोमा बाहेक जरिवाना दामासाहीले हुने सिद्दान्त स्थापित भएको छ। तसर्थ सोही कुरालाई विचार गरी जनही जरिवाना हुने भनी प्रचलित कानूनमा उल्लेख भए बाहेकका मुद्दाहरुमा दामासाहीले जरिवाना गर्ने गरी भएका फैसला उपर पुनरावेदन नगर्ने।


☎: ४२००८००, ४२००८०१, ४२००८४६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... शाखा)

प्रशासन

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति

**निर्देशन नं. १२.** कसूरको अनुसन्धान, अभियोजन तथा अन्य काम कारवाही गर्दा नयाँ शब्दावलीको प्रयोग गर्ने:-

मुलुकी संहिताहरु समेतका नयाँ कानूनहरुले गरेको कानूनी व्यवस्था तथा यस क्षेत्रमा विश्वमा आएको परिवर्तित अवधारणा समेतलाई मध्यनजर गरी अनुसन्धान, अभियोजन तथा अन्य काम कारवाहीमा प्रयोग गरिदै आएको शब्दावलीहरुको सट्टा निम्नानुसारका शब्दावली प्रयोग गर्ने:-

| प्रयोग गरिदै आएको शब्दावली | अब प्रयोग गर्ने शब्दावली |
|---|---|
| अपराध | कसूर |
| अपराधी | कसूरदार |
| प्रारम्भिक प्रतिवेदन | प्रारम्भिक अनुसन्धान प्रतिवेदन |
| राय प्रतिवेदन | अनुसन्धान प्रतिवेदन |
| सफल | कसूर ठहर |
| असफल | कसूर ठहर नभएको/सफाई |
| बालबालिकाको हकमा | |
| प्रतिवादी | कानूनको विवादमा परेका बालक/बालिका |
| अपराध | कसूरजन्य कार्य |
| हिरासत | निगरानी कक्ष |
| पक्राउ | नियन्त्रणमा लिने |
| बयान | सोधपुछ |

लोकराज पराजुली
सहन्यायाधिवक्ता

अवगतार्थः

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय, महान्यायाधिवक्ताको कार्यालय,
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय ।

बोधार्थः

श्री प्रवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय,
श्री मुद्दा व्यवस्थापन महाशाखा, महान्यायाधिवक्ताको कार्यालय ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेवसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(..... शाखा)

प्रशासन

पत्र संख्या :- ०७७/०७८(निर्देशन)

चलानी नं. :- १९६४

रामशाहपथ, काठमाडौं

मिति :- २०७८।०३।२९

बिषय :- निर्देशन सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री बिशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

उपरोक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा मिति २०७८।०३।२५ मा बसेको व्यवस्थापन समितिको बैठकबाट देहायबमोजिमका निर्देशनहरु जारी गर्ने निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनहुन निर्णयानुसार अनुरोध गरिन्छ।

देहाय

निर्देशन नं. १३. बालबालिका हुँदा गरेको कसूरजन्य कार्य गर्ने व्यक्ति बयस्क भएपछि पक्राउ परेमा अनुसन्धान तथा अभियोजन गर्दा बाल न्यायसम्बन्धी कार्यविधि नै लागू गर्ने सम्बन्धमाः-

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा (२) को खण्ड (ञ) अनुसार बालबालिका मानिने कुनै व्यक्तिले कसूरजन्य कार्य गरी फरार रहेकोमा निज १८ वर्ष उमेर पूरा भएपछि पक्राउ परेमा कसूरको अनुसन्धान तथा अभियोजन सम्बन्धी कारबाही गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को कानूनी व्यवस्थाले निर्धारित गरेको प्रक्रिया अनुसार गर्ने गराउने ।

निर्देशन नं. १४. संगठित अपराध निवारण ऐन, २०७० अनुसार थप सजायको दावी लिएको मुद्दामा अन्य कानून अनुसार थप सजाय हुन मागदावी नलिने सम्बन्धमाः-

संगठित अपराध निवारण ऐन, २०७० अनुसारको थप सजायको मागदावी लिईएको मुद्दामा अन्य कानून अनुसार थप सजायको मागदावी नलिने ।

निर्देशन नं. १५. आंशिक निर्णय गर्दा मुद्दा चलाउने र नचलाउने निर्णय छुट्टाछुट्टै नगरी एउटै निर्णय गर्ने सम्बन्धमाः-

कसूरको अनुसन्धानको दायरामा परेका शंकित व्यक्तिमध्येका केही व्यक्तिका हकमा मुद्दा चलाउने र केही व्यक्तिका हकमा मुद्दा नचलाउने निर्णय गर्दा छुट्टाछुट्टै निर्णय नगरी एउटै निर्णय गर्ने ।

निर्देशन नं. १६. कसूरसँग सम्बन्धित चिजवस्तु जफतको दावी नलिने, दशीका रुपमा अदालतमा पेश नगर्ने र प्रतिवेदक/सुराकी लाई पुरस्कार दिलाउन अभियोग दावी नलिने सम्बन्धमाः-

कतिपय मुद्दाहरुमा कसूरसँग असम्बन्धित मोबाइल, घडी, नगद रुपैया, सवारी साधन आदि चिजवस्तु कसूरदार पक्राउ पर्दा निजको साथबाट बरामद भएको आधारमा जफत हुन मागदावी लिई अदालतमा दशीको रुपमा पेश गर्ने गरेको देखिएको छ। यसका साथै केही मुद्दाहरुमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ मा समावेश नभएको प्रतिवेदक/सुराकीलाई पुरस्कार

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

दिलाइदिने विषय (जस्तैः लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ ख. भन्सार ऐन,२०६४ को दफा ७१, राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा २९ आदिमा) समेत अभियोग दावी लिने गरिएको तर अदालतमा सो मागदाबी ठहर नहुने गरेको र उक्त विषयका लागि मात्र पुनरावेदन सम्बन्धी कारवाही गर्ने गरिएको प्रचलनमा सुधार गर्न आवश्यक देखिएको छ । त्यसर्थ कसूरसँग सम्बन्धित नदेखिएका घडी, मोबाइल, नगद रुपैया, सवारी साधन आदि चिजवस्तु जफत हुन मागदावी नलिने, त्यस्ता चिजवस्तु दशीका रुपमा अदालतमा पेश नगरी सम्बन्धित धनीलाई फिर्ता दिने र प्रतिवेदक/सुराकीलाई पुरस्कार दिलाउने विषयमा अभियोग दावी नलिने ।

<u>निर्देशन नं. १७.</u> अदालतमा दायर भएका मुद्दाहरुको अभियोगपत्र सम्बन्धित कार्यालयले वेभसाईटमा अपलोड गर्ने सम्बन्धमाः-

सरकारी वकील कार्यालयबाट मुद्दा हेर्ने निकायसमक्ष दायर हुने अभियोगपत्रहरुमा सम्बन्धित पीडित, अभियुक्त र कानून व्यवसायी लगायत सम्बद्ध सबैको पहुँचलाई सहज बनाउनु पर्ने आवश्यकता रहेको छ । यसबाट कार्यालयको कामको सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्तिलाई जानकारी प्राप्त गर्न सहज हुन्छ । त्यसर्थ सबै सरकारी वकील कार्यालयहरुले अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष अभियोग पत्र दर्ता भएपश्चात् अभियोगपत्रको विद्युतीय प्रति कार्यालयको वेभसाईटमा रहेको "अभियोग" खण्डमा नियमित रुपमा अपलोड गर्ने व्यवस्था गर्ने । सो कार्यको अनुगमन मुद्दा व्यवस्थापन महाशाखाले गर्ने । अनुसूची - २ का मुद्दामा सम्बन्धित अनुसन्धानकर्ताबाट मुद्दा दायर भएपश्चात् अभियोगपत्रको विद्युतीय प्रति प्राप्त गरी सो अनुसार अपलोड गर्ने ।

<u>निर्देशन नं. १८.</u> मुद्दा चलाउने, नचलाउने सम्बन्धी अभियोजनको निर्णय गर्ने सम्बन्धमाः-

अभियोजन नीति तथा मार्गदर्शन, २०७७ ले मुद्दा चलाउने, नचलाउने सम्बन्धी आधारहरु उल्लेख गरेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ मा समेत प्रमाणका आधारमा मुद्दा चल्ने भन्ने उल्लेख भएको छ । यस सम्बन्धमा विगतमा पनि निर्देशन जारी भएको विदैतै छ । (२०६७,२०६८,२०७३ असार, २०७६ मा समेत निर्देशन जारी भएका छन्।) अभियोजन गर्दा कसूरमा संलग्न भएको आधार, प्रमाण र संलग्नताको भूमिकालाई विचार गर्नुपर्ने हुन्छ । यसको अर्थ निर्दोष वा कसूरमा असंलग्न व्यक्तिलाई अभियोजनको विषय बनाइनु हुँदैन भन्ने नै हो । जाहेरी/सूचनामा नाम उल्लेख भएको वा शंका रहेको भन्ने आधारमा मात्र पक्राउ गर्ने, हिरासतमा राख्ने अनुमति माग्ने, मुद्दा चलाउने समेतका कार्यहरु हुनु उपयुक्त हुँदैन । यसका लागि अनुसन्धानकर्तासँग समन्वय गरी प्रमाणलाई नै अभियोजन गर्ने आधारको रुपमा ग्रहण गर्नुपर्ने अभियोजन नीति तथा मार्गदर्शनको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने । कुनै संगठित संस्थाका पदाधिकारी तथा कर्मचारीमध्ये कुनै व्यक्ति कसूरमा संलग्न रहेको अवस्थामा त्यस्तो


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

व्यक्तिउपर मुद्दा चलाउने र कसूरमा संलग्न नभएका त्यस्तो संस्थाका अन्य व्यक्तिउपर मुद्दा चलाउन नहुने कुरामा विशेष ध्यान पुऱ्याउने।

<u>निर्देशन नं. १९.</u> अनुसन्धान गर्ने निकायको निरीक्षण गरी हदम्याद भित्र अनुसन्धान र अभियोजन गर्ने व्यवस्था मिलाउनेः- मुलुकी अपराध संहिता, २०७४ तथा प्रचलित कानूनमा उल्लेख भएअनुसारको हदम्याद भित्रै मुद्दा दायर गर्नु पर्ने अनिवार्यता हुन्छ। कतिपय कसूरका अभियुक्त तत्काल फेला नपरेको कारण प्रहरी कार्यालयमा दर्ता भएको उजूरी/जाहेरी उपर वर्षौंसम्म अनुसन्धानको कार्य पुरा नभएको र हदम्याद सकिने अन्तिम अवस्थामा मात्र मुद्दा चलाउने वा नचलाउने गरी अनुसन्धान प्रतिवेदन पेश भएको पाईएको छ। यसबाट कसूरमा संलग्न व्यक्ति समयमा नै पहिचान हुन नसक्ने र कानूनको दायरामा ल्याउन नसकिने हुन्छ । त्यसैले यस सम्बन्धमा अनुसन्धानलाई पूर्णता दिन सम्बन्धित निकायसँगको समन्वयमा अनुसन्धानमा संलग्न निकायको अनुगमन र निरीक्षण गरी देहाय बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनेः-

क. सबै सरकारी वकील कार्यालयहरुले प्रत्येक वर्ष श्रावण महिनामा अनुसन्धान गर्ने निकायको निरिक्षण गरी, मुद्दाको संख्यात्मक विवरण, फरार प्रतिवादीको नाम/ हुलिया, मुद्दा दायर गर्न बाँकी रहेको हदम्याद आदि विषयका विवरण महान्यायाधिवक्ताको कार्यालय, मुद्दा व्यवस्थापन महाशाखामा पठाउने,

ख. मुद्दाको प्रकृतिबाट अनुसन्धान गर्नु पर्ने देखिए तत्काल अनुसन्धान गर्न गराउन आवश्यक निर्देशन दिने र प्रतिवादी फरार रहेकोमा खोजतलास गर्न सम्बन्धित निकायसँग समन्वय र ताकेता गर्ने गराउने ।

<u>निर्देशन नं. २०.</u> सामाजिक सञ्जाल प्रयोग गर्ने सम्बन्धमाः

निजामती सेवा तथा सरकारी सेवामा रहेका कुनै पनि कर्मचारीलाई आफ्नो पेशागत हक हितको लागि संगठित हुन बाहेक राजनैतिक गतिविधिमा संलग्न हुने अनुमति प्रचलित कानूनले दिएको छैन। महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील तथा कर्मचारीहरुले कुनै राजनैतिक दल वा कुनै दलको पक्ष वा विपक्षमा कुनै कुरा लेख, बोल्न तथा संकेत गर्न नपाउने व्यवस्था निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा उल्लेख रहेको जानकारी नै छ । सरकारी वकील तथा कर्मचारीले सामाजिक सञ्जाल मार्फत् कुनै राजनैतिक दल तथा नेताको पक्ष/विपक्षमा अभिमत दिने, अनुचित तथा पदीय मर्यादा विपरीतका स्टाटस राख्ने तथा शेयर गर्ने प्रवृत्ति देखिनु कर्मचारीको आचारसंहिता समेतको प्रतिकूल कार्य हो। यस्तो क्रियाकलाप पदीय मर्यादाको समेत विपरीत भई जवाफदेहिता सृजना गर्ने कार्य हो। त्यसर्थ कुनै पनि राजनैतिक दल वा राजनैतिक दलको नेताको पक्ष वा विपक्ष वा कुनै व्यक्तिको सम्बन्धमा पदीय मर्यादा विपरितका कुरा

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... प्रशासन शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ, काठमाडौं

मिति :-.....

सामाजिक सञ्जालमा पोष्ट गर्ने, शेयर गर्ने र कमेन्ट गर्ने कार्य नगर्न र सरकारी वकील तथा कर्मचारीको आचारसंहिताको पूर्ण पालना गर्ने गराउने। कार्यालय प्रमुखले यस्तो कार्य भएमा तत्काल महान्यायाधिवक्ताको कार्यालयको प्रशासन शाखामा जानकारी गराउने। यस्तो गरेको पाइएमा प्रचलित कानून अनुसार कारवाही हुने।

(पुनश्चः यस कार्यालयको च.नं. १७६०, मिति २०७८।०१।०२ को पत्रबाट १२ बुँदाको निर्देशन यसअगावै सम्प्रेषण गरिएको व्यहोरा अनुरोध छ ।)

.....२०७८।१०।२८

लोकराज पराजुली
सहन्यायाधिवक्ता

अवगतार्थः
माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय, महान्यायाधिवक्ताको कार्यालय,
श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु, महान्यायाधिवक्ताको कार्यालय ।

बोधार्थः
श्री प्रवक्ताज्यू, महान्यायाधिवक्ताको कार्यालय,
श्री मुद्रा व्यवस्थापन महाशाखा, महान्यायाधिवक्ताको कार्यालय ।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
(.....कर्मचारी प्रशासन... शाखा)

पत्र संख्या :-०६८/०६९
चलानी नं. :- १२२४

रामशाहपथ, काठमाडौं
मिति :- २०७८।११।१२

विषयः परिपत्र ।

श्री उच्च सरकारी वकील कार्यालय सबै,
श्री जिल्ला सरकारी वकील कार्यालय सबै ।

उपरोक्त सम्बन्धमा साविक मुलुकी ऐन प्रचलनमा रहँदाको कर्तव्य ज्यान सम्बन्धी बारदात वा मुलुकी अपराध संहिता अनुसारको ज्यान सम्बन्धी कसूरमा कसूरदार आफै साबित भै पोलेको कसूरमा हदम्याद जहिलेसुकै पनि रहने प्रष्ट देखिन्छ । ज्यान सम्बन्धी कसूरमा कर्तव्यको उजुरी परेकोमा अनुसन्धानबाट कर्तव्यबाला यही हो भन्ने पत्ता नलागेमा मात्र बीस वर्षको हदम्याद हुने देखिन्छ । जाहेरी वा उजूरीबाट कर्तव्यको उजूरी परेकोमा अनुसन्धान गर्दा कर्तव्यबाला यही हो भन्ने पत्ता लागेकोमा निज उपर कानून अनुसार मुद्दा चलाउन हदम्यादको सीमा रहेको देखिँदैन । यसका लागि कर्तव्यको उजूरी परेको हुनु पर्ने र अनुसन्धानबाट कर्तव्यबाला पत्ता लगाउन सकिने आधार देखिनु पर्दछ। यसमा पनि कसूरदार आफै साबित हुन सक्ने अवस्था रहेकोमा जहिले सुकै पनि हदम्याद रहन्छ। तसर्थ साविक मुलुकी ऐन प्रचलनमा रहँदाको अवस्थामा घटेको ज्यान सम्बन्धी कुनै पनि बारदातमा उल्लिखित अवस्था रहेकोमा अर्थात सम्बन्धित प्रहरी कार्यालयमा उजूरबालाबाट कर्तव्यबाला पत्ता लाग्न सक्ने अवस्था हुने हुँदा त्यस्ता मिसिलमा साविक मुलुकी ऐन तथा हाल प्रचलित मुलुकी अपराध संहिता अनुसार हदम्याद जहिले सुकै रहने भएकोले सोही अनुसार गर्न गराउन भनी सबै सरकारी वकील कार्यालयहरुमा परिपत्र गर्ने र प्रहरी प्रधान कार्यालय मार्फत अनुसन्धान निकायहरुमा परिपत्र गर्न भनी लेखी पठाउने भन्ने मिति २०७८।१०।१० गतेको समन्वय समितिको बैठकबाट निर्णय भएकोले सोही बमोजिम गर्न गराउनु हुन अनुरोध छ ।

२०७८।११।१२
(मन्मथ कुमार उपाध्याय)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(.....प्रशासन..... शाखा)

पत्र संख्या :- ०७८/७९

चलानी नं. :- 9665

रामशाहपथ, काठमाडौं

मिति :- २०७९/०२/२४

०/८

विषय: परिपत्र

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०७९/०२/२० मा देहाय बमोजिमको निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ।

देहाय

१. सवारी अंगभंग मुद्दा दायर भई विचाराधिन रहँदाकै अवस्थामा घाईतेको मृत्यु भई सवारी ज्यानमा मुद्दा दायर भएका कारण सवारी अंगभंगको लगत कट्टा गर्ने वा अभियोग पत्र खारेज गर्ने गरी भएको आदेश वा फैसला उपर पुनरावेदन गर्नु पर्ने अवस्था नहुने हुँदा अब देखि व्यस्ता मुद्दामा पुनरावेदन नगर्ने प्रस्ताव नपठाई सोही व्यहोरा जनाई लगत कट्टा गर्न उपयुक्त हुने हुँदा सो बमोजिम गर्न गराउनु।

२०७९।२।२४

(मन्मथ कुमार उपाध्याय)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

(नेपाल प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७८।०७९

चलानी नं. :- ९८९९

मिति :- २०७९।०३।२०

विषय: परिपत्र

श्री उच्च सरकारी वकील कार्यालय, सबै

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै

उपर्युक्त सम्बन्धमा मुलुकी फौजदारी कार्य विधि संहिता, २०७४ को दफा १९४ यमोजिमको समन्वय समितिको मिति २०७९।०२।०९ गतेको बैठकबाट देहाय यमोजिम निर्णय भएको हुँदा सो यमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहाय

१. जाहेरवाला दुर्गानन्द शाह र प्रतिवादी उदयनाथ मण्डल समेत भएको आपराधिक विश्वासघात तथा आपराधिक लाभ मुद्दामा अनुसन्धान कार्य भई अनुसन्धान प्रतिवेदन साथ पेश भएको प्रस्तुत मुद्दामा जिल्ला सरकारी वकील कार्यालय, बसरी र उच्च सरकारी वकील कार्यालय, राजविराजबाट मुद्दा नचलाउने निर्णय हुँदा अनुसन्धानमा संकलित तथ्य प्रमाणहरुको समग्र विश्लेषण विवेचना नगरी नेपाल सरकारको २०७७।११।२० को ३ बुँदे सहमतिको आधार मात्र उल्लेख गरी मुद्दा नचलाउने निर्णय निकाशार्थ प्राप्त भएको अवस्था छ ।

यसमा राजनैतिक गतिविधिसंग सम्बन्धित स्वभाविक क्रियाकलाप बाहेकका कसूरजन्य क्रियाकलापका मुद्दाका सम्बन्धमा भएको अनुसन्धानमा संकलित तथ्य प्रमाणहरुको समुचित विश्लेषण विवेचना नगरी नेपाल सरकारको निर्णयलाई मात्र आधार बनाई मुद्दा नचलाउने गरि निर्णय नगर्ने कुरामा ध्यान दिन सबै कार्यालयहरुमा परिपत्र गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

२०७९।३।२०

(मन्मथ कुमार उपाध्याय)

सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

Scanned with CamScanner

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..... कर्मचारी प्रशासन ..... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०७९/०८०

चलानी नं :- ३०३

मिति :- २०७९/०४/२२

विषय: परिपत्र

०१८

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०७९/०४/११ मा देहाय बमोजिमको निर्णय भएको हुँदा सो बमोजिम गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ।

देहाय:

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (४) मा यस दफामा उल्लेख भएकोमा बाहेक यस संहिता बमोजिम भएको मिलिसे एक वर्षको अवधि नाघेपछि पछाडि फैसला भएको स्थान वाला पाएको मानिने छ" भन्ने कानूनी व्यवस्था रहेको छ। यस सम्बन्धमा याचिकाकर्ता विरुद्ध उच्च अदालत पाटन समेत भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा (०७८-WH-०१८६ सर्वोच्च अदालतबाट मिति २०७८।१।८ मा भएको आदेशमा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (४)ले फैसला भएको मितिले एक वर्षपछि पछाडि फैसला भएको स्थान वाला पाएको मानिने हुँदा यस कानूनी व्यवस्था बमोजिम पछाडि थप दिनसिन नक्षल मानेको वा निजको तर्फबाट कानून व्यवसायीले नक्षल उपस्थित कार्यालाई पछाडि स्वीकारेको अवस्थामा अदेक एक वर्षभित्र पछाडि लिखितपूर्वक भाका जानकारी गराएमा सो एक वर्ष अवधि गणित भएको दिनदेखि सोही संहिताको दफा १३४(१)। मा उल्लेखित व्यवस्था बमोजिम स्वत: "भाका पाएको" मानिने भन्ने आधारमा म्याद गणना गरी पुनरावेदन गर्ने म्याद कायम गर्नु पर्ने र पुनरावेदन म्यादका लागि फैसलाको पूर्ण लेख तयार भै प्रमाणीकरण भएको दिनलाई फैसला भएको मिति मानिने भन्ने व्याख्या भएको छ। तसर्थ मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३४(४) को व्यवस्था र उल्लेखित सर्वोच्च अदालतको व्याख्याबाट नेपाल सरकार बादी हुने फौजदारी मुद्दामा अदालतबाट फैसला भै फैसलाको पूर्ण लेख तयार भै प्रमाणीकरण भएको मितिलाई फैसला भएको मिति मानि सो मितिबाट एक वर्ष व्यतित भएपछि ऐ.को दफा १३४(१)। अनुसारको पुनरावेदन गर्ने म्याद कायम गरी पुनरावेदन सम्बन्धी कारवाही गर्ने गराउनु।

(विश्वास तिमिल्सिना)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

# परिशिष्ट - दुई

## आचारसंहिता, अभियोजन नीति तथा मार्गदर्शन, कार्य सञ्चालन कार्यविधि र निर्देशिका

**यस भित्र**

**१. सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७५**

**२. महान्यायाधिवक्ताको कार्यालयको  अभियोजन नीति तथा मार्गदर्शन, २०७७**

**३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८**

**४. नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७**

## सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७५

प्रस्तावनाः

सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूको पदीय वा पेशागत आचरण र व्यवहार सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यता तथा सिद्धान्त एवं विद्यमान राष्ट्रिय कानून, प्रचलन, व्यवहार र न्यायिक संस्कृतिका विभिन्न पक्षलाई समेत समेटि सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीको सेवालाई छिटोछरितो, स्वच्छ, निष्पक्ष, पारदर्शी एवं वस्तुनिष्ठ रुपमा सम्पादन गर्दै सेवालाई अझ बढी व्यावसायिक, मर्यादित, अनुशासित र विश्वासिलो बनाउन वाञ्छनीय भएकाले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ङ) बमोजिम महान्यायाधिवक्ताबाट यो आचारसंहिता बनाई जारी गरिएको छ।

### परिच्छेद – एक

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१. यो संहिताको नाम "सरकारी वकील तथा सरकारी वकील कार्यालयका कर्मचारीहरुको आचारसंहिता, २०७५" रहेको छ।

१.२. यो आचारसंहिता २०७५ पौष ३ गते देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसँग ले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

२.१. "आचारसंहिता" भन्नाले सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०७५ लाई जनाउँछ।

२.२ "सरकारी वकील" भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्तालाई सम्झनु पर्दछ र सो शब्दले महान्यायाधिवक्ताले सरकारी वकील भई काम गर्न तोकेको अधिकृतलाई समेत जनाउँछ।

२.३ "सरकारी वकील कार्यालय" भन्नाले महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयलाई जनाउँछ।

२.४ "कर्मचारी" भन्नाले सरकारी वकील कार्यालयमा कार्यरत सबै कर्मचारीलाई सम्झनु पर्दछ र सो शब्दले सरकारी वकीलको कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीलाई समेत जनाउँछ।

२.५ "परिवारको सदस्य" भन्नाले सरकारी वकील तथा सरकारी वकीलको कार्यालयमा कार्यरत कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ। सो शब्दले निजको बाजे, बज्यै, सासू, ससुरा तथा एउटै निवासमा सँगै बस्ने अन्य नातेदार, घरमा बसेको सहयोगी समेतलाई जनाउँछ।

२.६ "आचरण" भन्नाले सरकारी वकीलबाट पालन गर्नुपर्ने व्यवहार, बानी व्यहोरा, चालचलन वा चरित्र समेत सम्झनु पर्दछ।

३. **आचारसंहिता पालना गर्नु पर्ने:**

३.१ यस आचारसंहिताको पालना गर्नु प्रत्येक सरकारी वकील तथा कर्मचारीको कर्तव्य हुनेछ।

३.२ कुनै सरकारी वकील वा कर्मचारी सरकारी वकील कार्यालयमा बहाली हुना साथ सम्बन्धित कार्यालयले यो आचारसंहिता उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद – दुई

## सरकारी वकील तथा कर्मचारीले पालना गर्नु पर्ने आचारसंहिता

४. **पदीय पेशागत आचरण:** संविधान तथा प्रचलित कानूनको अधीनमा रही सरकारी वकील तथा कर्मचारीले देहाय बमोजिम पदीय र पेशागत आचरण पालन गर्नुपर्नेछः

४.१ नेपालको संविधान, प्रचलित नेपाल कानून, नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिमा भएका प्रावधानहरू र त्यसमा अन्तर्निहित मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनका सिद्धान्त तथा मूल्य मान्यताप्रति प्रतिबद्ध रही मानवीय मर्यादाको सम्मान र संरक्षण गर्दै आफ्नो कार्यसम्पादन गर्नुपर्दछ।

४.२ संवैधानिक सर्वोच्चता, कानूनी राज्यको अवधारणा र न्यायका मान्य सिद्धान्तको पालना गर्दै आफ्नो ज्ञान, सीप र विवेकको प्रयोग गरी कार्यसम्पादन गर्नुपर्दछ।

४.३ सार्वजनिक हित एवं स्वार्थ र सरकारी वकील कार्यालयको मर्यादालाई सर्वोपरि राखी आफूलाई सुम्पिएको जिम्मेवारी स्वतन्त्र, निष्पक्ष, इमान्दार र उत्तरदायी भई पूरा गर्नुपर्दछ।

४.४ तोकिएको समयमा कार्यालयमा उपस्थित हुनु पर्दछ। कार्यालय समयमा आफ्नो नितान्त व्यक्तिगत कार्य गर्नु हुँदैन।

तर, कार्यालयको काममा बाधा नपर्ने गरी कार्यालय प्रमुख / विभागिय प्रमुखको स्वीकृति लिई सार्वजनिक क्षेत्रका तालिम, प्रशिक्षण दिने वा आफ्नो पेशा वा कार्यसँग सम्बन्धित विषयमा कुनै शैक्षिक वा प्राज्ञिक संस्थामा प्रशिक्षण दिन वा सहजीकरण गर्न बाधा पर्ने छैन।

४.५ आफूले सम्पादन गर्नुपर्ने काम तदारूकताका साथ सम्पन्न गर्नु पर्दछ। आफूले गर्नुपर्ने काम अरुलाई पञ्छाउनु हुँदैन।

४.६ आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै प्रभाव पार्न हुँदैन र पदीय मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन।

४.७ आफ्नो पद र पदीय मर्यादा कायम राखी सदैव अनुशासनमा बस्नुपर्नेछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहार गर्नुपर्दछ।

४.८ आफ्नो पेशा प्रति सदैव मर्यादा एवं सम्मान प्रकट गर्नुपर्दछ।

४.९ पेशागत नैतिकता एवं मुलुकको कानून बमोजिम सदैव पेशागत आचरण पालना गर्नु पर्दछ।

४.१० पूर्व स्वीकृति नलिई विदामा बस्न हुँदैन।

४.११ अपराध पीडित तथा साक्षी संरक्षण, अभियुक्त र अन्य नागरिकको व्यक्तिगत स्वतन्त्रताको सुरक्षा र सम्मान गर्नुपर्दछ।

४.१२ सरकारी वकीलले नेपाल सरकार वादी हुने मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा समुचित आधार र कारण खुलाउनु
पर्दछ।

४.१३ आफूले सम्पादन गर्ने कार्य पीडितमैत्री एवं जनविश्वास प्राप्त बनाउनु पर्दछ। उच्च व्यावसायिक र विशेषज्ञतासहित स्वच्छ, तर्कसँग त, सद्विवेक र न्यायोचित आधारमा कार्यसम्पादन गर्नु पर्दछ।

४.१४ सरकारी वकीलले इजलास समक्ष अदालतको मर्यादा कायम हुने गरी शिष्टतापूर्वक प्रस्तुत हुनु पर्दछ। अदालतमा उपस्थित हुँदा कानून व्यवसायी, अदालतका कर्मचारी, पीडित र अभियुक्तसँग उचित र सम्मानजनक व्यवहार गर्नु पर्दछ।

४.१५ सरकारी वकीलले नेपाल सरकारको हकहित प्रतिकूल हुने गरी मुद्दामा बहस पैरबी लगायत कुनै पनि कार्य गर्नु हुँदैन। सदैव कानून र न्यायको पक्षमा बहस, पैरबी र प्रतिरक्षा गर्नु पर्दछ।

४.१६ विवादका दुवै पक्ष सरकारी निकाय रहेछन् भने जसमा राज्यको बढी सरोकार र सार्वजनिक हित निहित रहेको छ सोही पक्षको तर्फबाट बहस र प्रतिरक्षा गर्नु पर्दछ।

४.१७ विपक्षी बनाइएका दुई वा सो भन्दा बढी सरकारी निकायका लिखित जवाफहरूको व्यहोरा फरक फरक रहेछ भने जुन कुरामा राज्यको हित हुन्छ वा जुन कुरा न्यायोचित छ सोही पक्षमा बहस पैरबी गर्नु पर्दछ।

४.१८ आफूले सम्पादन गर्नुपर्ने कुनै कार्यका सम्बन्धमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो विषयमा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएमा सरकारी वकीलले सो कुराको जानकारी आफू भन्दा माथिल्लो तहको सरकारी वकीललाई गराई निर्णय वा प्रतिरक्षामा भाग लिनु हुँदैन । यस्तो जानकारी गराउँदा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले मुद्दा व्यवस्थापन विभागको नायब महान्यायाधिवक्तालाई र नायब महान्यायाधिवक्ताले महान्यायाधिवक्तालाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफू अलग रहनुपर्दछ।

४.१९ हरेक काम कारबाहीमा सार्वजनिक उद्देश्यलाई महत्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थका बीच द्वन्द्व उत्पन्न हुने स्थिति भएमा सार्वजनिक स्वार्थका पक्षमा उभिनुपर्दछ।

४.२० कसैलाई पनि जानी जानी गैरकानूनी कार्यका लागि प्रोत्साहन गर्न गराउन हुँदैन।

४.२१ कार्यसम्पादनको क्रममा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको यातना दिन र त्यस्तो यातनाजन्य कार्यलाई प्रोत्साहन दिनुहुँदैन।

४.२२ विशेष प्रकृतिका मुद्दामा कानून बमोजिम पक्षको परिचयात्मक विवरण गोप्य राख्न लगाउनुका साथै कानूनी अख्तियारी बेगर आफूलाई जानकारी हुन आएको पक्षको वास्तविक परिचयात्मक विवरण कुनै पनि बहानामा प्रकाशमा ल्याउनुहुँदैन।

४.२३ तोकिएको स्थानमा बाहेक कार्यालय परिसरभित्र चुरोट वा सुर्तिजन्य पदार्थको सेवन गर्नु हुँदैन।

५. **<u>स्वतन्त्रता सम्बन्धी आचरण:</u>** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम स्वतन्त्रता सम्बन्धी आचरण पालन गर्नु पर्नेछः

५.१ अभियोजनात्मक कार्य तथा अन्य कार्य गर्दा तथ्यको निरूपण र कानूनको प्रयोग सही र स्वतन्त्र रूपमा गर्नु पर्दछ। कर्तव्यको पालना गर्दा कसैप्रति झुकाव, मोलाहिजा वा बद्रियत नराखी, आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष

प्रभाव, दवाब, भनसुन, डर, धम्की वा आग्रहबाट प्रेरित वा प्रभावित नभई अविचलित रूपमा उचित समयमा स्वतन्त्रतापूर्वक गर्नुपर्दछ ।

५.२ सामाजिक सम्बन्ध कायम गर्दा आफ्नो कार्यसम्पादनमा प्रभाव नपरोस् भन्ने कुरामा ध्यान दिनु पर्दछ । सामाजिक सम्बन्धको कारणले सरकारी वकीलको कार्यसम्पादनमा पर्न सक्ने प्रभाव र विशेष गरेर आफूले गर्नुपर्ने कार्यसँग सम्बन्धित व्यक्तिहरूबाट पर्न सक्ने प्रभावबाट स्वतन्त्र रहनु पर्दछ ।

५.३ सरकारी वकील कार्यालयको लागि आवश्यक भै पूर्व अख्तियारी वा विभागीय सहमति प्राप्त भएको अवस्था बाहेक राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको कुनै पनि प्रकारको सहयोग आदानप्रदान गर्न, सहकार्य वा निमन्त्रणा स्वीकार गर्नु हुँदैन ।

५.४ कार्यसम्पादनको सिलसिलामा प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने विषय तथा आवश्यक हदसम्म अभियोजनात्मक र व्यावसायिक गोपनीयता कायम राख्नुपर्दछ ।

५.५ सरकारी वकीलको व्यावसायिक, संस्थागत एवं कार्यगत स्वतन्त्रता कायम राख्न र अभिवृद्धि गर्न हरसम्भव प्रयास गर्नु पर्दछ । प्राप्त भएको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको दुरूपयोग गर्नु हुँदैन ।

५.६ व्यावसायिक स्वतन्त्रताको लागि जनआस्था तथा जनविश्वासको अभिवृद्धि गर्न सरकारी वकीलले उच्चस्तरको न्यायिक आचरण प्रदर्शन र प्रबर्द्धन गर्नुपर्दछ ।

५.७ मुद्दाका पक्ष वा विपक्ष वा अन्य कसैलाई डर त्रासमा पार्ने, धाक धम्की दिने वा लोभ लालचमा पार्ने कार्य गर्नु हुँदैन ।

५.८ कार्यसम्पादनको सिलसिलामा कुनै कार्य गर्न वा नगर्न अन्य सरकारी वकील वा कर्मचारीलाई हस्तक्षेप गर्न, अनुचित प्रभाव वा दवाव दिन हुँदैन ।

तर, कानून बमोजिम अख्तियारवालाले आवश्यक निर्देशन र सुझाव दिन बाधा पर्ने छैन ।

**६. समानता र निष्पक्षता सम्बन्धी आचरणः सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम निष्पक्षता सम्बन्धी आचरण पालन गर्नु पर्नेछः**

६.१ पदीय कर्तव्यको पालना गर्दा कसै प्रति धर्म, वर्ण, लिङ्ग, जात, जाती, उत्पत्ति, भाषा, वैचारिक आस्था वा अन्य यस्तै कुनै पनि कुराका आधारमा भेदभाव गर्नु हुँदैन ।

६.२ कर्तव्य पालना गर्दा आफूलाई न्याय र कानूनको पहरेदारको रुपमा स्थापित गरी कुनै पनि लोभ लालच, मोलाहिजा, पक्षपात वा प्रलोभनबाट मुक्त रही निष्पक्षताका साथ कार्यसम्पादन गर्नु पर्दछ ।

६.३ सदैव राजनैतिक रूपमा तटस्थ भई आफ्नो भूमिका निर्वाह गर्नु पर्दछ । कुनै पनि राजनीतिक दलको सदस्यता प्राप्त गर्न वा राजनैतिक दलको पक्ष वा विपक्षमा अभिमत प्रकट गर्न हुँदैन ।

६.४ व्यक्तिगत वा क्षेत्रगतस्वार्थ वा सार्वजनिक वा प्रेस जगतको दवाबबाट प्रभावित हुनु हुँदैन ।

६.५ बदि्नयतपूर्वक तथ्य वा प्रमाणलाई बङ्ग्याउन, लुकाउन, अदालतमा प्रस्तुत गर्न, कायम नरहेको नजिर पेश गर्न वा मुद्दामा लागू नहुने, खारेज वा संशोधन भएको कानूनको जिकिर लिन हुँदैन ।

६.६ गैरकानूनी रूपमा काम गर्नेउपर उचित कारबाही गराउन सदैव क्रियाशील हुनुपर्दछ ।

६.७ समाज, पीडित एवं अभियुक्तलाई निष्पक्ष रूपमा न्याय प्राप्त होस् भन्ने ध्येय राखी कार्यसम्पादन गर्नु पर्दछ र सदैव सत्यको खोजी गर्ने एवं सत्यता प्राप्त गराउने कार्यमा अदालतलाई मद्दत गर्नु पर्दछ । स्वच्छ सुनुवाइको प्रत्याभूतिका लागि प्रयत्नशील हुनु पर्दछ ।

६.८ आफूले गर्ने कार्यमा असर पर्ने गरी वा स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी गर्न वा स्वच्छ सुनुवाइमा असर पर्ने गरी सार्वजनिक वा अन्य रूपमा कुनै अभिव्यक्ति दिनु हुँदैन।

६.९ कुनै पनि व्यक्ति उपर जातजाति, वर्ण, लिङ्ग, धर्म, फरक क्षमता, उमेर, वैवाहिक स्थिति, राष्ट्रियता, सामाजिक तथा आर्थिक अवस्था वा अन्य त्यस्तै कुनै आधारमा असमान व्यवहार नगरी निष्पक्षता कायम गर्नु पर्दछ। महिला, बालबालिका, पीडित एवं निजका परिवारसँग सम्बन्धित विषयमा गम्भीर, सजग र संवेदनशील भई कार्य गर्नु पर्दछ।

६.१० आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै कार्य वा व्यवहार गर्दा सम्बद्ध सबै पक्ष वा व्यक्तिप्रति यथोचित विचार पुऱ्याउनु पर्दछ।

६.११ कुनै पनि व्यक्ति वा समूह, मुद्दाका पक्ष, साक्षी, कानून व्यवसायी, अदालतका कर्मचारी तथा न्यायाधीशप्रति कर्तव्यपालनसँग सरोकार नरहेका कुनै अप्रासंगिक कुरा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट कुनै प्रकारको पक्षपात वा पूर्वाग्रह वा भेदभावपूर्ण व्यवहार गर्नु हुँदैन।

६.१२ विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा सामाजिक सद्भाव खलबलिने वा उनीहरूको आत्मसम्मानमा चोट पुऱ्याउने कुनै काम गर्नु हुँदैन।

६.१३ आफूले सम्पादन गर्ने कार्यमा असर पर्ने गरी वा अनुसन्धान, अभियोजन वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा आँच आउने गरी कुनै पनि विषयमा सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन।

६.१४ आफू वा आफू निकट व्यक्तिसँग सम्बन्धित कुनै काम गराउन वा नगराउन अन्य कुनै निकायका पदाधिकारी वा कर्मचारीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा दवाव दिन वा अनुचित प्रभाव पार्न वा प्रभाव पार्न लगाउनु हुँदैन।

६.१५ सेवाबाट अवकास भएको एक वर्षसम्म आफू सेवामा रहँदा सम्बन्ध/सरोकार रहेका व्यक्ति कम्पनी, संस्था वा कुनै फर्मका मुद्दामा कानून व्यवसाय सम्बन्धी कार्य गर्नु हुँदैन।

७. **<u>सहयोगात्मक आचरण:</u>** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम सहयोगात्मक आचरण पालन गर्नु पर्नेछः

७.१ आफ्नो पदीय कर्तव्य निर्वाहको क्रममा निष्पक्षता र प्रभावकारिताका लागि प्रहरी, अदालत, कानून व्यवसायी तथा सरकारी एवं सार्वजनिक संस्थालाई सहयोग गर्नु पर्दछ।

७.२ आफ्नो व्यवहार सदैव लैंङ्गिगमैत्री एवम् पीडितमैत्री हुनु पर्दछ र कमजोर वर्गप्रति विशेष संवदेनशील रहनु पर्दछ। अपराध पीडितलाई आवश्यक सहयोग गर्न क्रियाशील हुनु पर्दछ।

७.३ कार्यसम्पादनका क्रममा सरोकारवालाहरूसँग उचित समन्वय गर्नु पर्दछ।

८. **<u>अनुशासन र सदाचार सम्बन्धी आचरण:</u>** सरकारी वकील तथा कर्मचारीले देहाय बमोजिम सदाचार सम्बन्धी आचरण पालन गर्नु पर्नेछः

८.१ सरकारी वकील तथा कर्मचारीका हरेक क्रियाकलाप ईमान्दारिता, सदाचारिता र सद्चरित्रपूर्ण हुनु पर्दछ। सदाचार विपरीतका कार्य गर्नबाट अलग रहनु पर्दछ।

८.२ आफ्नो कार्यसम्पादनका क्रममा बहस पैरबी गर्ने कानून व्यवसायीहरू र अन्य सरोकारवाला व्यक्तिसँगको व्यक्तिगत सम्बन्ध र सम्पर्कको कारणबाट पक्षपात वा मोलाहिजा गरिएको आशंका हुने स्थितिबाट अलग रहनु पर्दछ।

८.३ आफ्नो परिवारका कुनै सदस्यले कानून व्यवसायीको रूपमा प्रतिनिधित्व गरेको वा अन्य कुनै किसिमले संलग्न रहेको मुद्दा तथा मुद्दा सम्बन्धी कुनै काममा सहभागी हुनु हुँदैन।

८.४ आफूले प्रयोग गरी आएको आवासमा कसैलाई कानून व्यवसाय सञ्चालन गर्न वा विवादका पक्षहरूसँग भेटघाट गर्न दिनु हुँदैन।

८.५ सरकारी वकील वा कर्मचारीले पदीय मर्यादा अनुकूल हुने गरी बिचार तथा अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न सक्नेछ । प्रचलित कानूनको अधिनमा रही व्यावसायिकता प्रदान गर्ने कुनै संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन्।

८.६ आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूबाट आफूले सम्पादन गर्ने कार्य वा निर्णयमा अनुचित प्रभाव पर्न दिनु हुँदैन।

८.७ आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्न वा गर्न दिनु हुँदैन।

८.८ होटल, रेष्टुराँ तथा अन्य सार्वजनिक स्थलहरुमा अमर्यादित व्यवहार गर्नु हुँदैन।

८.९ विवाह, ब्रतबन्ध, पूजाआजा जस्ता सामाजिक कार्यहरु गर्दा भड्किलो तरिकाले खर्च गर्नु हुँदैन।

८.१० कानून बमोजिम सार्वजनिक निकाय वा संस्थालाई आफू वा आफ्नो परिवारले फछ्यौंट गर्नुपर्ने वा बुझाउनुपर्ने रकम वा महसुल समयमै बुझाउनु पर्दछ।

८.११ सदैव पेशागत निष्ठाका साथ कार्यसम्पादन गर्नु पर्दछ।

८.१२ मुद्दाका पक्षहरूले आयोजना गरेको निजी भोज भतेरमा जानु हुँदैन।

८.१३ इजलासमा उपस्थित हुँदा तथा कार्यालयमा रहँदा निर्धारित पोशाक, प्रतिक चिन्ह(लोगो) र कार्यालयबाट उपलब्ध गराइएको परिचयपत्र अनिवार्य रुपमा लगाउनु पर्दछ।

८.१४ कार्यालयमा सवारी साधन वा अन्य यन्त्र, उपकरणहरु विवेकपूर्ण र मितव्ययी रुपमा उपयोग गर्नु पर्दछ।

९. **<u>क्षमता विकास सम्बन्धी आचरणः</u>** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम क्षमता विकास सम्बन्धी आचरण पालन गर्नु पर्नेछः

९.१ सदैव अध्ययनशील रही आफ्नो व्यावसायिक व्यक्तित्व विकास गर्न प्रयत्नशील रहनु पर्दछ।

९.२ संविधान, कानून र न्यायका मान्य सिद्धान्त अनुरूप न्याय र कानूनका क्षेत्रमा विकसित नवीनतम् अवधारणासँग सदैव परिचित र अद्यावधिक रही त्यसको परिपालना गर्न प्रयत्नशील रहनु पर्दछ।

**१०. <u>सूचनाको गोपनीयता र सूचना प्रविधि सम्बन्धी आचरणः</u>** सरकारी वकील तथा कर्मचारीहरुले देहाय बमोजिम सूचनाको गोपनीयता र सूचना प्रविधिको प्रयोग सम्बन्धी आचरणको पालना गर्नु पर्दछः

१०.१ कानून बमोजिम गोप्य राख्नुपर्ने विषय प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट प्रकाश वा प्रकट गर्न वा आफू वा अरू कसैको फाइदाको लागि प्रयोग गर्नु/गराउनु हुँदैन।

तर, कार्यालयको काममा बाधा नपुग्ने गरी सूचनाको हक सम्बन्धी प्रचलित कानून बमोजिम माग भएको सूचना सरोकारवालालाई उपलब्ध गराउन बाधा पर्ने छैन।

१०.२ अख्तियार प्राप्त अधिकारी बाहेक अन्य कसैले कार्यालयको काम कारबाही वा सोसँग सम्बन्धित कुनै पनि सूचना सञ्चार माध्यमबाट सम्प्रेषण गर्नु हुँदैन।

१०.३ अख्तियार प्राप्त अधिकारी (प्रवक्ता वा सूचना अधिकारी) ले पनि प्रकरण १०.२ बमोजिम सूचना संप्रेषण गर्दा संस्थागत आधारमा गर्नुपर्दछ।

१०.४ आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारीमा आएको कुनै सूचनाको प्रयोग जुन प्रयोजनको लागि सृजना वा प्राप्त भएको हो, सो बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्नु हुँदैन।

१०.५ कार्यालयले गरेको निर्णय वा काम कारवाहीका सम्बन्धमा कार्यालयको मर्यादा वा प्रतिष्ठामा आँच आउने वा अरू कसैको व्यक्तिगत चरित्र वा प्रतिष्ठामा आघात पुग्ने गरी कुनै कुरा/चित्र सञ्चार माध्यम वा सामाजिक सञ्जालमा राख्न, दिन, छपाउन, टिप्पणी वा व्यक्त गर्नु हुँदैन।

तर, कार्यालय वा व्यवसायको मर्यादा वढाउने गरी कार्यालयबाट सार्वजनिक भैसकेको कुनै सूचना वा सन्देश सञ्चार माध्यम वा सामाजिक सञ्चालनबाट सम्प्रेषण गर्न बाधा पर्ने छैन।

१०.६ कार्यालयबाट निर्माण गरी प्रचलनमा ल्याइएका सूचना प्रविधिसँग सम्बन्धित सफ्टवेयरको प्रभावकारी प्रयोग/उपयोगको लागि अग्रसर भई आफू सूचना प्रविधिमैत्री बनी अरूलाई समेत यसका लागि उत्प्रेरित गर्नु पर्दछ।

## परिच्छेद – तीन

## विविध

**११. आचारसंहिताको व्याख्या:**

११.१ यस आचारसंहिताको कार्यन्वयन गर्दा कुनै द्विबिधा वा विवाद उत्पन्न भएमा महान्यायाधिवक्ताले गरेको त्यस्तो व्याख्या अन्तिम हुनेछ।

११.२ यस आचारसंहितालाई महान्यायाधिवक्ताबाट आवश्यकता अनुसार संशोधन र परिमार्जन हुन सक्नेछ।

११.३ यस आचारसंहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ, तर यस आचारसंहिताको व्यवस्था प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानूनकै व्यवस्था लागू हुनेछ।

**१२. अनुगमन र कारवाही सम्बन्धी व्यवस्था:**

१२.१ यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा सरकारी वकीलको प्रचलित कानून बमोजिमको सुपरिवेक्षकले नियमित अनुगमन गर्नु पर्नेछ।

१२.२ सुपरिवेक्षकबाट भएको अनुगमन सम्बन्धी प्रतिवेदन महान्यायाधिवक्ता समक्ष पेश गर्नु पर्नेछ।

१२.३ आचारसंहिताको उल्लघंन गरेकोले कारबाही गरी पाउँ भनी सरकारी वकील तथा कर्मचारी उपर महान्यायाधिवक्ता समक्ष उजुरी गर्न सकिने छ। त्यस्तो उजुरी परेमा सात दिन भित्र छानविन प्रारम्भ गरी यथाशिघ्र टुङ्गो लगाइनेछ।

१२.४ प्रकरण १२.२ बमोजिम प्रतिवेदन प्राप्त भएमा वा १२.३ बमोजिम छानबिनबाट आचारसंहिता पालना नभएको देखिएमा पालना नगर्ने सरकारी वकील वा कर्मचारीलाई उल्लंघनको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको अभिलेख राखिनेछ।

**१३. खारेजी र बचाउ:** सरकारी वकीलहरूको आचारसंहिता, २०७३ खारेज गरिएको छ। सो आचारसंहिता बमोजिम भए गरेका काम कारवाही यसै आचारसंहिता बमोजिम भए गरेको मानिनेछ।

## १. महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७

### परिच्छेद एक

### प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १५८ को उपधारा (२) ले यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायधिवक्तालाई हुनेछ भन्ने व्यवस्था गरेको छ । सोही धाराको उपधारा (७) ले महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरेको छ । संविधानको यही व्यवस्था अनुसार महान्यायाधिवक्ताबाट कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने अधिकार मातहतका सरकारी वकीललाई प्रत्यायोजन भएको छ । सोही संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले सरकार वादी फौजदारी मुद्दाको अभियोजन गर्ने अधिकार सरकारी वकीलले के कसरी प्रयोग गर्ने भन्ने बारेमा आवश्यक कानूनी प्रबन्ध गरेका छन् । उक्त संवैधानिक एवं कानूनी व्यवस्था अनुसार सरकारी वकीलले नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा अभियोजन गर्दै आएका छन् । विगतमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११० को उपधारा (२) र (५) तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) र (६) को संवैधानिक व्यवस्थाका आधारमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा भएको कानूनी प्रवन्ध अनुसार सरकारी वकीलहरुबाट उक्त अधिकारको प्रयोग हुँदै आएको थियो । अभियोजन नीतिको अभावका कारण अभियोजन सम्बन्धी निर्णयमा एकरुपता कायम हुन नसकेको, अभियोजन वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित हुन नसकेको, अभियोजन गर्दा अपराध पीडित तथा साक्षीको सहायता र संरक्षणको विषय नसमेटिएको जस्ता समस्याहरु देखिए पछि त्यस्ता समस्याहरुलाई सम्बोधन गरी वस्तुगत एवं प्रभावकारी रुपमा अभियोजन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयबाट २०७४ साल साउन महिनामा अभियोजन नीति तथा मार्गदर्शन, २०७४ जारी गरिएको थियो । यो अभियोजन नीति तथा मार्गदर्शन जारी भए पश्चात् कार्यान्वयनमा आएका केही नयां कानूनहरु खासगरी २०७५ भाद्र १ देखि कार्यान्वयनमा आएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ र फौजदारी कसूरको अनुसन्धान सम्वन्धि नियमावली, २०७५, मिति २०७५।६।२ देखि कार्यान्वयनमा आएको, अपराध पीडित संरक्षण ऐन, २०७५ तथा बालबालिका सम्बन्धी ऐन, २०७५, मिति २०७६।२।२० देखि कार्यान्वयनमा आएको बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६, मिति २०७७।२।२६ देखि कार्यान्वयनमा आएको, मिति २०७७।२।१९ देखि कार्यान्वयनमा आएको फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ र सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले गरेका नयाँ कानूनी व्यवस्थाहरुलाई सरकारी वकीलहरुले अभियोजन सम्बन्धी काम कारवाही गर्दा आत्मसात् गर्नु पर्दछ । यही परिप्रेक्ष्यमा २०७४ साल साउनमा जारी भएको अभियोजन नीति तथा मार्गदर्शनलाई अद्यावधिक गरी परिमार्जित रुपमा अभियोजन नीति तथा मार्गदर्शन, २०७७ जारी गरिएको छ ।

### १.२ अभियोजन नीति तथा मार्गदर्शनले समेटेका विषयहरु

यस नीति तथा मार्गदर्शनमा सरकारी वकीलले नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र मुद्दा दायरी गर्दा निर्वाह गर्नुपर्ने भूमिका र वहन गर्नु पर्ने जिम्मेवारीका बारेमा उल्लेख गरिएको छ । खासगरी अभियोजन नीति, सो नीतिको कार्यान्वयनका लागि कार्यनीति, अभियोजनका लागि सामान्य मार्गदर्शन, विशेष प्रकृतिका मुद्दा (महिला सम्लग्न मुद्दा,

बालबालिका सम्लग्न मुद्दा, लागू औषध सम्बन्धी मुद्दा, मानव वेचविखन तथा ओसार पसार मुद्दा र संगठित अपराध सम्बन्धी मुद्दा) अभियोजनका लागि विशेष मार्गदर्शन र अपराध पीडितका अधिकारको संरक्षण गर्ने सन्दर्भमा मार्गदर्शन सम्बन्धी कुराहरु समेटिएका छन् ।

### १.३ अभियोजन नीति तथा मार्गदर्शनको आधिकारिकता

यो नीति तथा मार्गदर्शनमा भएका विषयहरु सरकारी वकीलको अभियोजन सम्बन्धी कार्यसम्पादनलाई सरल पार्ने, प्रभावकारी बनाउने र मार्गदर्शन गर्ने उद्देश्यले समावेश गरिएका हुन । यसमा उल्लखे गरिएका कुराहरु विद्यमान कानूनी ब्यवस्थासँग बाझिएमा पन्र लित कानूनमा भएका व्यवस्थाहरु नै मान्य हुने छन् ।

## परिच्छेद दुई

## अभियोजन नीति

### २.१ अभियोजन नीतिका मुख्य आधार

सरकारी वकीलहरुले सरकार वादी फौजदारी मुद्दा चल्ने नचल्ने निर्णय गर्ने सन्दर्भमा एकरुपता कायम गरी अभियोजनमा प्रभावकारिता ल्याउने उद्देश्यले जारी गरिएको यो अभियोजन नीतिका मुख्य आधारहरु देहाय बमोजिम रहेका छन्:

**२.१.१** प्रयाप्त प्रमाणको आधारमा अभियोजन गरिनु पर्दछ भन्ने कुरा सरकारी वकीलहरुको मुख्य सिद्धान्तका रुपमा रहनेछ । अभियोजनको मूख्य उद्देश्य न्याय प्राप्ति गर्नु हुनेछ । अभियोजन गर्दा स्वच्छता, भेदभावरहित र विना आग्रह गरिनेछ । यस क्रममा अभियोजनका आधारभूत मान्यता र सिद्धान्तको पालना गरिनेछ ।

**२.१.२** मुद्दा चल्ने नचल्ने निर्णय गर्दा अपराध पीडित, शंकित तथा सम्पूर्ण समुदायको हितलाई ख्याल गरी उपयुक्त निर्णय गर्ने कुरामा ध्यान दिइनेछ । यसका लागि सरकारी वकीलहरुले उपयुक्त मुद्दामा "अभियुक्त उपर उपयुक्त अभियोजन" भन्ने आधारमा अभियोजन गर्ने छन् ।

**२.१.३** सरकारी वकीलहरुले अभियोजन सम्बन्धी निर्णय र काम कारवाही गर्दा स्वच्छता र एकरुपता कायम गर्ने छन् । अभियोजन सम्बन्धी निर्णय गर्दा अभियोजनका मान्य सिद्धान्त अनुरुप गरिनेछ । सरकारी वकीलहरुले अभियोजन गर्ने क्रममा आफूलाई प्राप्त स्वविवेकीय अधिकारको प्रयोग गर्दा निश्चित सिद्धान्त, कानून र मापदण्डका आधारमा मात्र गर्ने छन् ।

**२.१.४** विद्यमान फौजदारी कानूनले अपराध भनी परिभाषित नगरेको कार्य र प्रमाण ग्राह्य हुने भरपर्दो एवं प्रयाप्त प्रमाणको अभावमा अभियोजन गरिने छैन ।

**२.१.५** अभियोजन गर्ने प्रयोजनका लागि प्रथम दृष्टिमा अपराध गरेको देखिने अवस्था भएपछि मात्र संकलित प्रमाणहरु मुद्दा हेर्ने निकायबाट कसूर स्थापित हुन पर्याप्त छन् वा छैनन् भन्ने कुरालाई विचार गरिनेछ । यदि कसूर ठहर हुने पर्याप्त र भरपर्दो प्रमाण छैन भने अभियोजन गरिने छैन ।

**२.१.६** मुद्दामा कसूर पुष्टि हुने सम्बन्धमा विचार गर्दा साक्षीको उपलब्धता, सक्षमता र विश्वसनीयता, प्रतिवादीको सावितीको प्रमाण ग्राह्यता जस्ता कुराहरु विचार गरिनेछ । यसको साथै विपक्षबाट कस्तो प्रकारको जिकिर आउने छ र त्यसले कसूर ठहर हुने संभावनालाई पार्ने प्रभाव समेत विचार गरिनेछ ।

**२.१.७** अभियोजन सम्बन्धी निर्णयका लागि प्रमाणको मूल्यांकन गर्दा सरकारी वकीलले प्रमाण सम्बन्धी कानून तथा स्थापित सिद्धान्त बमोजिम कुनै प्रमाण मुद्दा हेर्ने निकायमा अग्राह्य हुन्छ हुँदैन ? कसूर स्थापित हुने कुरा अभियुक्तको

सावितीमा आधारित हुने भए निजको अवस्था कस्तो छ ? साक्षी कत्तिको भरपर्दा छन् ? साक्षीले सत्य कुरा वोलिरहेको छ, छैन ? साक्षीको सत्यतामा चुनौती दिन सक्ने अवस्था छ, छैन ? विपक्षबाट हुने जिरहका क्रममा साक्षीको विश्वसनीयतामा कमी आउने अवस्था छ, छैन ? साक्षीको भनाईको ग्राह्यतामा प्रतिकूल असर पार्ने खालको मानसिक कमजोरी छ, छैन ? प्रत्यक्षदर्शी साक्षीहरुको भनाईमा एकरुपताको अभाव छ, छैन जसले प्रत्यक्षदर्शी साक्षीको विश्वसनीयतामा प्रतिकूल असर पारोस् ? अभियोग सिद्ध गर्ने आवश्यक सबै साक्षीलाई उपस्थित गराउन सकिन्छ, सकिदैन ? बालबालिका साक्षी भएमा सोधिएको प्रश्न बुभ्mने र त्यसको युक्तियुक्त जवाफ दिन सक्ने अवस्थाका छन्, छैनन् ? प्रमाण संकलनको कार्यविधि र पक्रृया बमोजिम कानून सम्मत तरिकाबाट गरिएको छ, छैन ? भन्ने जस्ता कुराहरुलाइ विचार गर्ने छन् ।

**२.१.८** सरकारी वकील राज्यको तर्फबाट पीडितको पक्षमा काम गर्ने अधिकारी भएको कारण पीडितलाई न्याय पा्रप्त हुने कुरामा सदैव संवेदनशील हुनेछन् । राज्यको तर्फबाट गरिने काम कारवाही निश्पक्ष हुनुपर्ने कुरालाई हृदयंगम गरी सरकारी वकीलले पीडितको अधिकारको साथै शंकितको अधिकारको सम्मान गर्दै वास्तविक कसूरदारले सजाय पाउने र निर्दोषले दुःख नपाउने कुरामा सचेत रही कार्य गर्नेछन् ।

## २.२ अभियोजन नीति

माथि उल्लेखित मुख्य आधारका जगमा महान्यायाधिवक्ताको कार्यालयको अभियोजन सम्बन्धी नीति देहाय बमोजिम हुने छन्ः

**२.२.१** अपराधको सूचना वा जाहेरी दरखास्त भ्रमपूर्ण, झुठा वा काल्पनिक देखिएमा अपराध अनुसन्धान प्रकृया अगाडि नबढाई त्यस्तो जाहेरी दर्खास्त वा अपराधको सूचनालाई तामेलीमा राखिने छ ।

**२.२.२** प्रचलित फौजदारी कानूनले अपराधीकरण गरेका कार्य गर्ने व्यक्तिहरु उपर मात्र कानून बमोजिम गरिएको अनुसन्धानका आधारमा अभियोजन गरिनेछ ।

२.२.३ अभियोजन सम्बन्धी निर्णय र सोसँग सम्बन्धित कार्य गर्दा स्वच्छता र न्यायका मान्य सिद्धान्त अनुरुप गरिनेछ ।

**२.२.४** अनुसन्धान र अभियोजन गर्दा शंकित वा अभियुक्तलाई स्वच्छ र उपयुक्त व्यवहार उपलब्ध गराइने कुराको सुनिश्चितता गरिनेछ ।

**२.२.५** कानूनको उचित प्रक्रियाको अबलम्वन गरी गरिएको अनुसन्धानबाट प्राप्त प्रमाणको आधारमा उचित देखिएको अभियोजन गरिनेछ ।

**२.२.६** अभियोग लगाउने निर्णय गर्दा निश्चित र सार्वजनिक रुपमा ज्ञात भएका सिद्धान्त अनुरुप गरिनेछ ।

**२.२.७** अभियोजनमा प्रभावकारिता ल्याउन अनुसन्धान कार्यको कानूनी पक्षमा अभियोजनकर्ताले नेतृत्वदायी भूमिका निर्वाह गरी अनुसन्धानकर्तालाई निर्देशित गर्ने छन् ।

**२.२.८** अभियोजन सम्बन्धी निर्णय र सोसँग सम्बन्धित कार्य गर्दा उचित आधार र कारण खुलाई वस्तुगत र प्रयाप्त प्रमाणमा आधारित भई गरिनेछ ।

**२.२.९** अनुसन्धानबाट संकलित प्रमाणको आधारमा देखिएको अभियुक्तको भूमिका र संलग्नता अनुसार उपयुक्त व्यक्ति उपर उपयुक्त अभियोजन गरिनेछ ।

**२.२.१०** अभियोजन सम्बन्धी निर्णय र सोसँग सम्बन्धित कार्य गर्दा कसैउपर प्रतिशोध साध्ने भावना नराखी कसैको उक्साहट, दवाव, प्रलोभन, डर, त्रास र प्रभावमा नपरी स्वच्छ, निष्पक्ष र स्वतन्त्रतापूर्वक गरिनेछ ।

२.२.११ अभियोजन गर्दा सदैव सार्वजनिक हित एवं स्वार्थलाई केन्द्रमा राखी गरिनेछ ।

२.२.१२ अभियोजन सम्बन्धी निर्णय र सोसँग सम्बन्धित कार्य गर्दा अभियुक्त र अपराध पीडितका सम्बन्धमा संविधान, कानून, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धि र घोषणापत्रले प्रत्याभूत गरेका अधिकारप्रति प्रतिबद्ध र संवेदनशील रही गरिनेछ।

२.२.१३ अभियोजनकर्ताले अनुसन्धान कार्य सम्पन्न भई आफू समक्ष प्राप्त भएको मुद्दाको मिसिल उपर मुद्दा चल्ने नचल्ने लगायत आवश्यकता अनुसार अन्य निर्णय अनुचित विलम्ब विना गर्ने छन्।

२.२.१४ अनुसन्धानबाट संकलित भएको प्रमाण कागज अभियोजनको पक्ष वा विपक्षमा भए पनि मिसिलमा समावेश गरिनेछ।

२.२.१५ अभियोजनकर्ताले वैयक्तिक गोपनियताका विषय एवं कानून बमोजिम गोप्य राख्नु पर्ने विषय बाहेक आफ्नो काम कारवाही सम्बन्धी सूचनाहरु लुकाउने छैनन्। यस प्रयोजनार्थ अपराध पीडित, शंकित र सरोकारवाला व्यक्तिले माग गरेको मुद्दाको कारवाही सम्बन्धी सूचना, जानकारी र कागजपत्र उपलब्ध गराउने छन्।

२.२.१६ अभियोजन सम्बन्धी निर्णय र सोसँग सम्बन्धित कार्य गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक र न्यायमा सहज पहुँच नभएका वर्गहरु प्रति विशेष संवेदनशील भई व्यवहार गरिनेछ।

२.२.१७ थप अनुसन्धानको आवश्यकता भएको अवस्थामा बाहेक एउटै घटनाबाट घटित अपराधको सम्बन्धमा अभियोजन सम्बन्धी सम्पूर्ण निर्णय एकैपटक गरिनेछ।

२.२.१८ अभियोजन गर्दा प्रत्येक व्यक्तिको संलग्नता र सहभागिताको आधार र कारण खुलाई छुट्टा–छुट्टै एवं स्पष्ट रुपमा गरिनेछ। गोश्वारा अभियोजन गरिने छैन।

२.२.१९ अभियोजन गर्दा कसूर, विगो, भोग्नु व्यहोर्नुपर्ने दण्ड, सजाय, जरिवाना र भराइनु पर्ने क्षतिपूर्तिको कानूनी आधार सहित स्पष्ट दाबी लिईनेछ।

२.२.२० अनुसन्धानका क्रममा वरामद भएका अदालतमा पेश गरिने दशी प्रमाण के गर्ने भन्ने सम्बन्धमा कानूनी आधार सहित अभियोगपत्रमा स्पष्ट उल्लेख गरिनेछ। अदालतमा पेश नगरिने वरामद चिजवस्तु सम्बन्धित व्यक्तिलाई फिर्ता दिने वा अनुसन्धान अधिकृतले सुरक्षित साथ राख्ने भन्ने सम्बन्धमा पनि कानूनी आधार सहित अभियोजन सम्बन्धी निर्णयमा उल्लेख गरी सो निर्णय अनुसार गरिनेछ।

२.२.२१ नाम, थर, वतन यकिन नभई स्पष्ट पहिचान नखुलेका व्यक्ति उपर निजको नाम, थर वतन सहितको पहिचान खुलेका बखत कानून बमोजिम अभियोजन गर्ने नगर्ने निर्णय गरिनेछ।

२.२.२२ अभियोजन सम्बन्धी निणर्य र अन्य काम कारवाही गर्दा मुद्दा हेर्ने निकाय, शंकित व्यक्ति र अपराध पीडित उपर सम्मानजनक भाषाको प्रयोग गरिनेछ।

२.२.२३ सरकारी वकीलबाट कुनै मुद्दामा पूर्ण रुपमा मुद्दा नचलाउने गरी निर्णय भएमा वा अनुसन्धान अधिकारीले मुद्दा चलाउने राय व्यक्त गरेका मध्ये केही व्यक्ति उपर मुद्दा नचलाउने निर्णय भएमा त्यसका बारेमा अविलम्ब माथिल्लो कार्यालय समक्ष निकासाका लागि पठाइने छ।

२.२.२४ खास किसिमका सानातिना कसूर भनी कानूनले परिभाषित गरेका मुद्दामा सामान्यतयाः मुद्दा दायर गरिने छैन।

२.२.२५ कुनै कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन कार्यमा सघाउ पुऱ्याउने अभियुक्तलाई कानून बमोजिम सजाय कम गर्ने माग दाबी लिई अभियोजन गरिने कुरालाई प्राथमिकता दिइनेछ।

२.२.२६ कानून बमोजिम मिलापत्र हुन सक्ने र मिलापत्र गर्न उपयुक्त हुने प्रकृतिका सरकार वादी फाजै दारी मुद्दामा अपराध अनुसन्धानकै क्रममा वा अभियोजन गर्नु अगाडि अपराध पीडित र अभियुक्त मिलापत्र गर्न सहमत भएका मुद्दामा सामान्यतया अभियोजन गरिने छैन।

२.२.२७ कुनै पनि प्रकारले आफ्नो व्यक्तिगत वा पारिवारिक हक, हित वा स्वार्थ गासिएको विषयमा सरकारी वकीलले अभियोजन सम्बन्धी निर्णय वा अन्य कार्य गर्ने छैनन्।

२.२.२८ कुनै काम दुई वा दुई भन्दा वढी ऐन बमोजिम कसूर मानिने रहेछ भने कसूरदारलाई जुन ऐन बमोजिम वढी सजाय हुन्छ सोही एन बमोजिम सजाय हुन अभियोग मागदाबी लिइने छ।

२.२.२९ अभियोजन सम्बन्धी कार्य गर्दा अपराध पीडितको हित र सुरक्षालाई विशेष ध्यान दिइने छ।

### २.३ अभियोजन नीतिको प्रभावकारी कार्यन्वयनका लागि कार्यनीति

अभियोजन नीतिलाई व्यवहारमा प्रभावकारी रुपमा कार्यान्वन गर्न महान्यायाधिवक्ताको कार्यालयले देहाय बमोजिमको कार्यनीति अवलम्बन गर्ने छः

२.३.१ अभियोजन सम्बन्धी कार्यसम्पादन गर्न सक्षम अभियोजनकर्ताको विकासका लागि क्षमता अभिवृद्धि सम्बन्धी स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

२.३.२ अभियोजनकर्ताहरुको क्षमता अभिवृद्धिको लागि लामो र छोटो अवधिको तालिम तथा निरन्तर सिकाईका माध्यम अवलम्बन गरिने छ।

२.३.३ अभियोजन सम्बन्धी निकायलाई जनशक्ति, पुस्तक लगायतका भौतिक स्रोत साधनबाट सक्षम र साधन, स्रोत सम्पन्न बनाइनेछ। प्रमाणको वैज्ञानिक परीक्षण गर्ने निकायको संस्थागत सुधार एवं जनशक्तिको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गर्न समन्वय गरिनेछ।

२.३.४ अभियोजन सम्बन्धी कार्यको प्रभावकारी अनुगमन गरी अभियाजे न नीति विपरित कार्य गर्नेलाई कारवाहीको दायरामा ल्याइन छ। अभियोजन नीति अनुरुप प्रभावकारी रुपमा कार्यसम्पादन गर्नेलाई पुरस्कृत गर्ने परिपाटी अवलम्बन गरिनेछ।

२.३.५ अभियोजन नीतिको कार्यान्वयनलाई सरकारी वकीलको कार्यसम्पादन मूल्यांकनको एक आधार मानिने छ। वद्रियतपूर्वक कार्य गरेको प्रमाणित भएको अवस्थामा बाहेक सरकारी वकीललाई व्यावसायिक स्वतन्त्रता अन्तर्गत रही कार्यसम्पादन गरे वापत कारवाही गरिने छैन।

२.३.६ अभियोजन सम्बन्धी कार्यसम्पादनका लागि लिखित रुपमा जारी गरिने नीतिगत निर्देशन वा परिपत्र बाहेक अमुक मुद्दामा अमुक किसिमको निर्णय गर्न निर्देशन गरिने छैन।

## परिच्छेद तीन

## अभियोजन सम्बन्धी सामान्य मार्गदर्शन

### ३.१ सरकारी वकीलले अपराध अनुसन्धानको क्रममा निर्वाह गर्नुपर्ने भूमिकाका लागि सामान्य मार्गदर्शन

#### ३.१.१ प्रारम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन

कानूनद्वारा निर्दिष्ट विधि र प्रकृया अनुरुप गरिने अनुसन्धानबाट प्राप्त हुने सबूद प्रमाण अभियोजनका लागि महत्वपूर्ण हुने भएकाले अनुसन्धानको कानूनी पक्षमा सरकारी वकीलको नेतृत्वदायी भूमिका हुन्छ । अनुसन्धान अधिकारीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १० अनुसार अनुसन्धानमा दिशा निर्देश गर्ने कार्य सरकारी वकीलले गर्नु पर्छ । अनुसन्धान अधिकारीसँग समन्वय गरी प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउँदा अनुसन्धानको रणनीति र कार्यनीति तयार गरी सो रणनीति र कार्यनीतिको खाका सहितको प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउन प्रेरित गर्नु पर्छ । प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनलाई कार्यालयको कसूर दर्ता किताबमा दर्ता गर्नु पर्दछ । धेरै जना सरकारी वकील भएको अवस्थामा कार्यालयको प्रमुख सरकारी वकीलले उक्त प्रारम्भिक अनुसन्धान प्रतिवेदन आफै वा निजले आदेश गरी तोकेको सरकारी वकीलले उक्त प्रतिवेदनमा संलग्न विवरणलाई गंभीरतापूर्वक अध्ययन गरी अनुसन्धान अधिकारीलाई आवश्यकता अनुसार निम्न विषयमा निर्देशन दिनुपर्छ र त्यसको अभिलेख राख्नुपर्छः

**३.१.१.१** अनुसन्धानको क्रममा गरिने सम्पूर्ण काम कारवाहीमा कानूनी प्रक्रियाको अवलम्बन गर्ने कुरा,

**३.१.१.२** वरामदी मुचुल्कामा वारदात स्थलमा फेला परेका प्रमाण लाग्न सक्ने चिजहरु तथा तथ्यहरुको जानकारी लिएका स्रोतहरुको विवरणको उल्लेख गर्ने कुरा,

**३.१.१.३** कुनै चिज वस्तु वरामद गर्दा, घटनास्थलको मुचुल्का गर्दा वा कुनै चिज वस्तुको नमुना लिंदा पुऱ्याउनु पर्ने प्रक्रियाका कुरा,

**३.१.१.४** संकलन भएका प्रमाणहरुमा विरोधाभाष भए नभएको यकिन गरी त्यस सम्बन्धमा थप अनुसन्धान गरी प्रष्ट पार्ने विषय,

**३.१.१.५** अपराध पीडित र शंकितको उमेर यकिन गर्ने कागजातहरुको संकलन गर्ने कुरा,

**३.१.१.६** कुनै मुचुल्का गर्दा राख्नु पर्ने साक्षी समेतका कानूनी रीत पुऱ्याउने अन्य कुरा,

**३.१.१.७** मुद्दाको प्रकृति अनुसार पक्षको गोपनीयता, अपराध पीडितको संरक्षण, राहत वा स्थानान्तरणको विषय,

**३.१.१.८** अपराध पीडित र पीडकको समयमै शारीरिक परीक्षण गर्ने कुरा, विशेष प्रकृतिका मुद्दामा पक्षको परिचयात्मक विवरण गोप्य राख्ने कुरा,

**३.१.१.९** भौतिक प्रमाणको संरक्षण, नमुना संकलन र परीक्षण गर्ने कुरा,

**३.१.१.१०** म्याद थपका लागि अदालतमा प्रस्तुत गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (४) र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६ को उपनियम (३) अनुसार खुलाउनु पर्ने तथा संलग्न हुनुपर्ने कुरा,

**३.१.१.११** कसूर, कसूरदार र अपराध पीडितको सम्बन्ध स्थापित गर्ने चिज वस्तुको संरक्षण र परीक्षण गर्ने कुरा,

**३.१.१.१२** घटनाको प्रकृति अनुसार प्रमाण प्राप्त हुने स्थान र प्रमाण संकलनमा ध्यान दिनुपर्ने कुरा,

**३.१.१.१३** जसका विरुद्ध जाहेरी परेको छ सो बाहेक अन्य व्यक्तिको संलग्नता पनि हुनसक्ने अवस्था तर्फ सचेत रही अनुसन्धान गर्ने कुरा,

**३.१.१.१४** जटिल प्रकृतिका मुद्दाहरुमा अनुसन्धानको रणनीतिमा गर्नुपर्ने सुधारका सम्बन्धमा निरन्तर छलफल गरी अगाडि बढ्ने कुरा,

**३.१.१.१५** वारदातको सम्बन्धमा सूचना प्राप्त हुन सक्ने स्रोत र बुझ्न पर्ने व्यक्तिहरुलाई बुझ्ने कुरा,

**३.१.१.१६** शंकित वा अधियुक्तलाई आफन्त, परिवारजन एवं कानून व्यवसायीसँग भेटघाट गर्न चाहेमा भेटघाट गर्ने व्यवस्था गर्ने कुरा,

**३.१.१.१७** पीडितलाई प्रतिवादीबाट मनासिव क्षतिपूर्ति भराउनको लागि प्रतिवादीको सम्पत्ति सम्बन्धी विवरण सम्लग्न गर्ने कुरा,

**३.१.१.१८** वरामद भएको चिजवस्तु, धनमाल जाहेरवाला वा सम्बन्धित धनीबाट सनाखत गराउने कुरा,

**३.१.२ सरकारी वकीलले अपराध अनुसन्धानसँग सम्बन्धित डायरी व्यवस्थापन गर्ने:**

३.१.२.१ आफ्नो काम कारवाहीलाई व्यवस्थित र योजनाबद्ध बनाउन सरकारी वकीलले मुद्दाको काम कारबाही सम्बन्धी डायरी राख्ने,

३.१.२.२ उक्त डायरीमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि प्राप्त कागजातहरुको गंभीरतापूर्वक अध्ययन गरी जाहेरवालाको नाम, वारदात मिति, शंकितको नाम, घटनाको संक्षिप्त विवरण, निर्देशन दिनुपर्ने विषय, परीक्षण हुनुपर्ने विषयको चेकलिष्ट, संकलन हुनुपर्ने प्रमाणको सूची, बयानमा खुलाउनु पर्ने कुराहरुको चेकलिष्ट, अनुसन्धान गर्नुपर्ने विषयहरुको सूची टिपोट गरी राख्ने,

३.१.२.३ प्रत्येक दिन गरिएको प्रत्येक कार्यको विवरण डायरीमा लिपिबद्ध गर्ने।

**३.१.३ संकलित प्रमाणको परीक्षण गराउनका लागि सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा:**

**३.१.३.१** अनुसन्धानको क्रममा वरामद भएका दशीका सामानहरुको प्रमाणिकताका लागि त्यस्ता चीज वस्तुहरुको संकलन, संरक्षण, प्याकिङ्ग, र परीक्षणमा विशेष सतर्कता एवं संवेदनशीलता अपनाउन अनुसन्धान अधिकृतलाई मार्गदर्शन गर्नु पर्दछ।

**३.१.३.२** वरामद भएका रगत, विर्य र स्वाव लागेका वा कसूदारको यकिन वा पहिचान हुने अन्य चिजवस्तु नष्ट नहुने गरी सुरक्षित साथ विधि विज्ञान प्रयागे शालामा पठाउनु पर्छ।

**३.१.३.३** अनुसन्धान अधिकारीले अनुसन्धानको क्रममा परीक्षण गराउनु पर्ने चिज वस्तु परीक्षण गराए नगराएको विचार गरी नगराएको भए गराउन लगाउनु पर्दछ।

**३.१.३.४** अनुसन्धानको कम्र मा संकलित वैज्ञानिक प्रमाण योग्य व्यक्तिबाट परीक्षण भए नभएको, रीत प्रकृया पूरा गरी तोकिएको ढाँचामा परीक्षण प्रतिवेदन तयार भए नभएको यकिन गर्नुपर्छ।

**३.१.३.५** कसूरको प्रकृति समेतका आधारमा आवश्यकता अनुसार विधि विज्ञान प्रयोगशालामा सामान्यतया निम्नलिखित कुराहरु परीक्षणको लागि पठाउन निर्देशन दिनु पर्दछ:

(क) भिषेरा,

(ख) DNA (Deoxyribonucleic acid),

(ग) रगत, विर्य, थुक, खकार, बान्ता, दिसा, पिसाब,

(घ) हातहतियार तथा विष्फोटक पदार्थ (Ballistics and Weapons),

(ङ) लागू औषध (Narcotics Drugs),

(च) सुसाईड नोट वा यस्तै विवादास्पद लिखत (Disputed Documents),

(छ) हस्ताक्षर एवं ल्याप्चे (Finger Prints, Foot Prints)।

**३.१.४ अभियुक्तको बयान गराउदा सरकारी वकीलले ध्यान दिनु पर्ने कुरा:**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ अनुसार उक्त ऐनको अनुसूची १ र अन्य विशेष कानूनले छुट्टै व्यवस्था गरे बाहेकका अनुसूची २ अन्तर्गतका मुद्दामा अनुसन्धान अधिकृतले सरकारी वकील समक्ष अभियुक्तको बयान गराउनु पर्छ। त्यसरी बयान गराउदा सरकारी वकीलले मुख्यतः निम्न कुरामा ध्यान दिनुपर्दछः

**३.१.४.१** अभियुक्तको बयान शुरु गर्नुभन्दा पहिले मिसिल कागज अध्ययन गरी अनुसन्धान अधिकृतसँग छलफल गरी वयान लिने विषय र प्रश्नहरुको सूची तयार गर्ने,

**३.१.४.२** बयान गर्न ल्याईएको अभियुक्तलाई निजको बयान लिनु भन्दा पहिले आफ्नो परिचय दिई निजसँग वयान लिनुपर्ने कारणका बारेमा जानकारी गराउने,

**३.१.४.३** अभियुक्त उपर लागेको अभियागे का सम्बन्धमा संकलित सबै कागज सुनाई मतलब सम्झाउने,

**३.१.४.४** बयान गराउन ल्याइएको अभियुक्तलाई निम्न कुरा जानकारी गराउनेः

(क) तपाईलाई चुप लाग्ने अधिकार छ,

(ख) तपाईले व्यक्त गरेका कुराहरु तपाईको विरुद्ध अदालतमा प्रमाणका रुपमा पेश हुने छन्,

(ग) तपाईलाई कानून व्यवसायी राख्ने अधिकार छ,

(घ) यदि तपाई कुनै कानून व्यवसायी राख्न सक्नु हुन्न भने राज्यले तपाईको लागि कानून व्यवसायी राखी दिन सक्छ।

**३.१.४.५ अभियुक्तको बयान लिने प्रक्रियाः**

अभियुक्तको बयान गराउन निम्न प्रक्रिया अवलम्बन गर्नु पर्दछः

(क) बयान लिँदा सवाल जवाफको ढाँचामा लिनु पर्दछ र यसो गर्दा कुरा फोरी विषय छुट्याई छोटकरी सवाल गर्ने र सोधिएको सवाल र सो को जवाफ लेखबद्ध गर्न लगाउनु पर्दछ,

(ख) बयान गराउदा प्रश्न राखी अभियुक्तले आफै जवाफ लेख्न चाहेमा निजलाई जवाफ लेख्न दिनुपर्छ,

(ग) प्रत्येक अभियुक्तको छुट्टाछुट्टै बयान गराउनु पर्दछ,

(घ) बयान लिने सन्दर्भमा उपस्थित गराईएको व्यक्तिलाई कुनै पनि शारीरिक वा मानसिक यातना दिन वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न गराउनु हुँदैन,

(ङ) बयान लिंदा तथ्यगत कुराहरुको बारेमा पहिले खुलाउन लगाउनु पर्दछ,

(च) एकै व्यक्ति एक भन्दा बढी कसूरमा पोलिएको अवस्थामा प्रत्येक मुद्दाको लागि छुट्टाछुट्टै बयान गराउन लगाउनु पर्दछ,

(छ) महिलाको बयान गराउँदा ठट्टा मस्करी वा अनावश्यक सवाल गरी अभियुक्तलाई हतोत्साही गराउनु हुँदैन,

(ज) अनावश्यक सवाल गर्ने वा एकै सवाल पटक पटक गर्ने कार्य गर्न वा गराउनु हुँदैन,

(झ) बयानको लागि उपस्थित गराईएका अभियुक्तहरु धेरै भएको अवस्थामा निजहरुको बयान क्रमैसँग लिनु पर्दछ। एकैदिन बयान लिन नभ्याएमा आवश्यकता अनुसार अदालतबाट म्याद थप गराई बयान क्रमैसँग लिनु पर्दछ,

(ञ) १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको बयान गराउँदा सम्भव भएसम्म निजको बाबु आमा वा अन्य संरक्षकको रोहवरमा राखी मात्र बयान गराउनु पर्दछ । बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले निर्धारण गरेको प्रकृया पूरा गर्नु तथा गर्न लगाउनु पर्दछ,

(ट) दृष्टिविहिन र बोल्न नसक्ने व्यक्तिहरुको बयान गराउँदा उनीहरुको संरक्षक वा हकवाला भए उनीहरुलाई र नभए निजहरुले रोजेको मानिस राखी निजको ईसारा बुझ्mने व्यक्तिले राम्रोसँग ईसारा बुझी कागज गराई रोहवरमा त्यसको मतलव निजलाई बुझाउनु पर्दछ र बयान कार्य पूरा भएपछि सो व्यहोरा जनाई प्रमाणित गरिदिनु पर्दछ,

(ठ) बोल्न असमर्थ व्यक्तिको बयान लिनु पर्दा निज लेखपढ गर्न जान्ने रहेछ भने लेखेर वा ईसाराद्वारा पनि बयान दिन सक्ने व्यवस्था रहेको हुँदा सोही अनुसार गर्नु पर्दछ,

(ड) नेपाली भाषा नबुझ्ने व्यक्तिको बयान लिँदा दोभाषेको सहयोगबाट अभियुक्तले भनेको कुरा लेखबद्ध गर्नु पर्दछ र बयान कार्य पूरा भएपछि सो व्यहोरा जनाई प्रमाणित गरिदिनु पर्दछ,

(ढ) कुनै अभियुक्तले अनुसन्धानको क्रममा बयान गर्न ईन्कार गरेमा सोही कुरा बयान गर्न खडा गरिएको कागजमा जनाई अनुसन्धान गर्ने कर्मचारीको सही गराई आफूले पनि सोही व्यहोरामा प्रमाणित गरिदिनु पर्छ,

(ण) शंकित व्यक्ति जेष्ठ नागरिक भएमा उनीहरुलाई सहज हुने किसिमको वातावरणमा बयान गराउनु पर्छ ।

**३.१.४.६ अभियुक्तको बयानमा नखुलाई नहुने कुराहरुः**

(क) शंकितको नाम थर, उपनाम, बाबु एवं आमाको नाम, थर, उमेर, पेशा, हुलिया, स्पष्ट ठेगाना तथा निजको परिचयात्मक विवरण जस्तै नागरिकता, पासपोर्ट, ई–मेल फ्याक्स, टेलिफोन नम्बर, मोवाइल नम्बर र भाइवर नम्बर,

(ख) ठेगाना उल्लेख गर्दा स्पष्ट रुपमा गाऊ, नगर, टोल, गल्ली, मार्ग एवं पहिचान हुने नजिकको अन्य ख्याति प्राप्त ठाउँ समेत खुलाउनु पर्दछ ।

(ग) शंकितको उमेर र निजको उमेरका सम्बन्धमा उमेरे खुल्ने कागजातहरु जस्तैः नागरिकता, विद्यालय वा शैक्षिक संस्थामा भर्ना हुँदा लेखाएको उमेर, जन्म दर्ता, अस्पतालको अभिलेख आदि संलग्न गर्नु पर्छ । बालबालिकाको हकमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली २०७६ को नियम ३७ ले निर्धारण गरेको उमेर निर्धारणको प्राथमिकता बमोजिम गर्नु पर्दछ ।

(घ) अपराध पीडित, जाहेरवाला वा निजको परिवारसँग शंकितको नाता सम्बन्ध, चिनजान, लेनदेन रिसइवी भए नभएको कुरा,

(ङ) शंकितका शब्दमा कसूरको पृष्ठभूमि, कसूरको घटनाक्रम, निजको संलग्नता एवं भूमिका र कसूरको उद्देश्य,

(च) कसूरमा संलग्न समूह वा गिरोह भए सो समूहका अन्य व्यक्तिको नाम थर, उपनाम, बाबुको नाम, थर, पीडित साक्षीको नाम, थर, उमेर, पेशा, हुलिया, स्पष्ट ठेगाना तथा निज फेला पर्न सक्ने कुनै विशेष स्थान वा कार्यालय वा परिचयात्मक विवरण,

(छ) कसूरमा संलग्न अन्य व्यक्तिहरुसँग को निजको चिनजान, सम्बन्ध, रिसइवी, झैझगडा, लेनदेन कारोवार आदि,

(ज) कसरमा संलग्न सवै व्यक्तिहरुको भूमिका एवं कसूर पश्चात् कसूर लुकाउन छिपाउन संलग्न व्यक्तिको विवरण,

(झ) कसूर भएको मिति, समय र अवधि, वातावरण, कसूर भएको देख्ने वा रोक्न प्रयास भएको भए सो गर्ने व्यक्तिहरु,

(ञ) कसूर गर्न प्रयोग भएका साधनहरुको विवरण र ती साधनहरुको अवस्था तथा वरामद हुन सक्ने स्थान,

(ट) कसूर पश्चात घटनास्थल वा अपराध पीडितबाट लगेका नगदी, जिन्सी सामानहरुको विवरण तथा हाल ती सामानहरु रहेको स्थान,

(ठ) प्रतिवादीको शैक्षिक योग्यता, आर्थिक अवस्था, पेशा, व्यवसाय, चल अचल सम्पत्तिको विवरण तथा पारिवारिक अवस्था,

(ड) वरामद भएको चिज वस्तु प्रतिवादीको बयानबाट सनाखत गराउने ।

**३.१.४.७ अभियुक्तको बयानमा सहिछाप गरी प्रमाणित गर्नु भन्दा अगाडि सरकारी वकीलले ध्यान दिनुपर्ने कुरा:**

(क) अनुसन्धान अधिकारीले शंकितलाई गरेका प्रश्नहरु र शंकितले दिएको जवाफ पढी आफूले तयार गरेको चेकलिष्ट अनुरुप आवश्यक प्रश्नहरु सोधिए नसोधिएको तथा मुद्दामा खुलाउनु पर्ने कुराहरु खुले नखुलेको विचार गरी सोध्न खुलाउन पर्ने बाँकी कुराहरु भए आवश्यक प्रश्न सोध्न लगाई खुलाउने,

(ख) बयान सम्पन्न भई सकेपछि अनुसन्धान अधिकारी एवं बयान गर्ने अभियुक्तको सहिछाप गराई आफूले समेत सहिछाप गरेर बयान प्रमाणित गरिदिने ।

**३.२ अभियोजन सम्बन्धी निर्णयका लागि सामान्य मार्गदर्शन:**

सरकार वादी फौजदारी मुद्दामा अनुसन्धान अधिकारीले अनुसन्धानको कार्य सम्पन्न गरी अनुसन्धान प्रतिवेदन सहित मिसिल र प्रमाण कागज सरकारी वकील समक्ष पेश गरेपछि मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा सरकारी वकीलले निम्न कार्य गर्नु पर्दछ ।

**३.२.१ मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दा सरकारी वकीलले विचार पुऱ्याउनु पर्ने कुराहरु:**

**३.२.१.१** राय सहितको अनुसन्धान प्रतिवेदन र मिसिल प्रमाणहरूको प्रारम्भिक अध्ययन, मूल्यांकन गरी मुद्दा चलाउने वा नचलाउने विषयमा निर्णय गर्नु पर्ने यकिन भए पछि सो राय प्रतिवेदन सहितको प्रमाण मिसिललाई कार्यालयको दायरी पुस्तकमा दर्ता गर्ने,

**३.२.१.२** के कति जना अभियुक्तहरू विरुद्ध अभियोग दायर गर्न सकिने प्रयाप्त प्रमाणहरू छन् सो कुरा निश्चित गर्ने,

**३.२.१.३** अनुसन्धान अधिकारीले के कुन कसूर सम्बन्धमा अनुसन्धान/तहकिकात प्रारम्भ गरेको र हाल के कुन कसूर र अभियोग सम्बन्धमा आफ्नो राय प्रतिवेदन पठाएको रहेछ सो हेरी दुवै अवस्थाहरू बीच तादात्म्यता रहेको वा नरहेको हेर्ने,

**३.२.१.४** एउटै वारदातमा एक भन्दा वढी कसूर भए नभएको सम्वन्धमा यकिन गरी एक भन्दा वढी कसूर भएको अवस्थामा अभियोजनको निर्णय गर्दा एकीकृत कसूरको दाबी लिनु पर्ने, यसरी दाबी लिँदा सवै भन्दा वढी सजाय हुने कसूर वापतको सजाय र त्यसपछिको अधिकतम सजाय हुने अर्को कसूरको सजायको आधा सजाय हुने गरी थप सजायको दाबी लिने,

**३.२.१.५** अदालतबाट कसूरदार ठहरी सजाय पाएको व्यक्तिले पूनः अर्को कसूर गरेमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४४ बमोजिम पटक कायम गरी थप सजायको दाबी लिने, त्यसरी दाबी लिँदा कसूरदारलाई यस अघि अदालतबाट सजाय भएको फैसलाको प्रतिलिपी समेत राखी दाबी लिने, जघन्य र गम्भीर कसूरमा सजाय पाएको बाहेकका कसूरदारका हकमा त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्ष भित्र कसूर गरे नगरेको यकिन गरी पाँच वर्ष भित्रको भए पटकेमा दाबी लिने,

**३.२.१.६** अभियोगपत्र कुन निकाय समक्ष दायर गर्ने भन्ने कुरा यकिन गर्ने,

**३.२.१.७** अभियोगपत्र दायर गरिसक्नु पर्ने हदम्याद बाँकी रहे वा नरहेको यकिन गर्ने,

**३.२.१.८** अभियोजनको लागि पेश भएको अनुसन्धान प्रतिवेदन सहितको मिसिल अध्ययन गर्दा थप अनुसन्धान गर्नु पर्ने देखिएमा अनुसन्धान गर्नु पर्ने विषय स्पष्ट उल्लेख गरी अनुसन्धान अधिकृतलाई निर्देशन दिने,

**३.२.१.९** अभियोगपत्र दायर गर्ने निर्णय भएको अवस्थामा के कुन कानून वा कानूनी व्यवस्था अनुसार अभियोग दायर गर्ने हो सो कुरा निश्चित गर्ने,

**३.२.१.१०** अभियोगपत्र दायर गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने कार्यविधि यकिन गर्ने,

**३.२.१.११** मुद्दा चलाउने वा नचलाउने सम्बन्धी सरकारी वकीलको निर्णय प्रयाप्त प्रमाणमा आधारित वस्तुनिष्ठ हुनु पर्ने भएको हुँदा सरकारी वकीलले कसैको भनसुन, मोलाहिजा, डर, धाक, धम्की एवं कुनै प्रलोभनमा नपरी निष्पक्ष स्वतन्त्र एवं निर्भिक भएर निर्णय गर्ने,

**३.२.१.१२** मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा आवश्यकता अनुसार प्रमाण, कानून र सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्तहरूलाई आधार मानी गर्ने,

**३.२.१.१३** एक भन्दा बढी सरकारी वकील कार्यरत रहेको सरकारी वकील कार्यालयको प्रमुखले कुनै मुद्दा चल्ने वा नचल्ने गरी निर्णय गर्न आफू वा अन्य सरकारी वकीललाई जिम्मेवारी तोक्न सक्ने, त्यसरी तोकिएकोमा तोकिएको सरकारी वकीलले सो मुद्दामा आवश्यक निर्णय गर्ने।

**३.२.२ मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सन्दर्भमा सरकारी वकीलले गर्न सक्ने निर्णय**

३.२.२.१ उपलब्ध प्रयाप्त प्रमाणको मूल्यांकनको आधारमा मुद्दा चलाउने गरी निर्णय गर्ने,

३.२.२.२ उपलब्ध प्रमाणको मूल्यांकनको आधारबाट केही प्रतिवादीका हकमा मुद्दा चलाउने र केहीको हकमा नचलाउने निर्णय गर्ने,

३.२.२.३ पर्याप्त सबुद प्रमाण नभएको वा सार्वजनिक हितका दृष्टिकोणबाट मुद्दा चलाउनु पर्ने नदेखिएकामा मुद्दा नचलाउने निर्णय गर्ने,

३.२.२.४ मुद्दा परिवर्तन गरी चलाउने, अर्को निकायमा पठाउने वा पीडितलाई नै मुद्दा चलाउन जानकारी दिने,

३.२.२.५ खास किसिमका सानातिना कसूर भनी कानूनले परिभाषित गरेका मुद्दामा सामान्यतयाः मुद्दा नचलाउने,

३.२.२.६ एक भन्दा वढी कसूरका सम्वन्धमा अनुसन्धान भएकोमा प्रमाणबाट उपयुक्त देखिएको कसूरमा मात्र मुद्दा चलाउने।

**३.२.३ अनुसन्धानबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने फौजदारी कसूर नदेखिएमा गर्ने कारवाहीः**

**३.२.३.१** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ र २ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने फौजदारी कसूर अन्तर्गत पर्ने भनी अनुसन्धान गरिएको मुद्दा अनुसन्धान गर्दै जादा नेपाल सरकार वादी हुने फौजदारी कसूर अन्तर्गत पर्ने नदेखिएमा सो विषय हेर्ने सम्बन्धित निकायमा पठाउने गरी निर्णय गर्ने,

३.२.३.२ अनुसन्धान अधिकारीद्वारा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ र २ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने फौजदारी कसूर अन्तर्गत नपर्ने भनी सरकारी वकील समक्ष आवश्यक निर्णयको लागि प्रस्तुत गरेको मिसिल अध्ययन गरी सरकारी वकील पनि सोही निष्कर्षमा पुगेमा सो निर्णय अन्तिम भएपछि सम्बन्धित व्यक्तिलाई सो अनुसार जानकारी गराउने र मर्का पर्ने व्यक्ति प्रचलित कानून बमोजिम आफै नालिस गर्न जान सक्ने भएमा सो कुरा पनि जानकारी गराउने।

**३.२.४ प्रतिवादी नभएको वा नखुलेको मुद्दामा वारदातको पक्कृतिबाट तत्काल मुद्दा चल्न नसक्ने देखिएका मुद्दाहरूको निर्णय प्रक्रिया**

**३.२.४.१** मुद्दा नचलाउने गरी राय व्यक्त गरेको अवस्थामा उक्त राय सहित मिसिल आवश्यक निकासाको लागि माथिल्लो सरकारी वकील कार्यालयमा मुद्दाको सक्कलै मिसिल साथ पठाउने,

**३.२.४.२** मुद्दा नचलाउने राय सहित निकासाको लागि माथिल्लो सरकारी वकील कार्यालयमा पठाउँदा मुद्दा चलाउनु पर्ने भयो भने पनि हदम्याद जाने/नजाने कुरा पहिले नै यकिन गर्ने,

**३.२.४.३** जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने राय सहित निकासाको लागि उच्च सरकारी वकील कार्यालयमा पठाएकोमा सो कार्यालयले मिसिल अध्ययन गरी थप अनुसन्धान गर्न पर्ने देखेमा आधार र कारणहरू समेत उल्लेख गरी थप अनुसन्धान गर्न सम्बन्धित कार्यालयमा पठाउने गरी मिसिल जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाउने,

**३.२.४.४** जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने गरी व्यक्त गरेको राय अनुसार उच्च सरकारी वकील कार्यालयबाट पनि मुद्दा नचलाउने गरी अन्तिम निर्णय भएकोमा जिल्ला सरकारी वकील कार्यालय मार्फत सो मुद्दाको मिसिल कागजात तथा पेश गरका चीजबस्तुहरू सम्बन्धित अनुसन्धान गर्ने निकायमा फिर्ता पठाउने,

**३.२.४.५** मुद्दा नचलाउने निर्णय निकासा भै उच्च सरकारी वकील कार्यालयबाट अन्तिम भएको मुद्दाको मिसिल कागजात तथा अन्य चीजवस्तुहरू अनुसन्धान अधिकारी समक्ष फिर्ता पठाउँदा सरकारी वकीलले अनुसन्धान अधिकारीको राय प्रतिवेदनको एक प्रति आफूसँग सुरक्षित साथ राख्ने,

**३.२.४.६** मुद्दा नचलाउने निर्णय भई मिसिल कागजात तथा अन्य चीजवस्तुहरू फिर्ता पठाउंदा पछि खोजी भएका बखत पेश गर्ने गरी सुरक्षित साथ राख्ने निर्देशन सहित अनुसन्धान अधिकारीलाई लेखी फिर्ता पठाउने।

**३.२.५ प्रतिवादी खुलेको तर प्रमाणको अपर्याप्तता वा सार्वजनिक हितका दृष्टिले मुद्दा चलाउन उपयुक्त नभएको अवस्थामा मुद्दा नचल्ने निर्णय गर्दा पुऱ्याउनु पर्ने प्रक्रिया**

**स्पष्टीकरणः**

(क) प्रमाणको अपर्याप्ताको अवस्थाः फौजदारी मुद्दा प्रयाप्त प्रमाणको आधारमा चलाइनु पर्दछ। प्रमाण संकलनमा त्रुटि भई वा अन्य कारणले कुनै कसूरमा अदालत वा अन्य न्यायिक निकाय वा मुद्दा हेर्ने अधिकारीले सजाय गर्न प्रमाणको कमी भएको भन्ने स्पष्ट देखिएमा त्यस्तो अवस्था प्रमाणको अपर्याप्तताको अवस्था मानिने छ।

(ख) सार्वजनिक हितको अवस्थाः कतिपय घटनामा कसैले कसूर गरेको भन्ने पुष्टि हुदाँहुदै पनि मुद्दा चलाउँदा भन्दा नचलाउँदा पीडित देश र समाजको वृहत्तर हित (Serve of the larger interest of the state or society or victim) हुन्छ भने त्यस्तो अवस्थालाई सार्वजनिक हितको अवस्था मानिनेछ। यस्तो अवस्थामा स्थितिको सही समीक्षा गरी व्यक्तिगत पक्षपात, मोलाहिजा वा स्वार्थबाट प्रेरित नभई आधार र कारण खुलाएर मुद्दा चलाइने छैन। यो अवस्थालाई सार्वजनिक हित परीक्षणको अवस्था (Public Interest Test) भनिने छ। मुद्दा चलाउँदा भन्दा नचलाउँदा पीडितले न्यायको अनुभूति गर्ने अवस्था भएमा, सामाजिक, धार्मिक वा साम्प्रदायिक तनावबाट उत्पन्न कुनै असाधारण स्थितिमा तत्कालिन आवेश वा उन्मादको फलस्वरुप भएको अपराध सम्बन्धी मुद्दा चलाउँदा सामाजिक, धार्मिक वा साम्प्रदायिक सहिष्णुता वा सद्भाव खलबलिई अशान्ति उत्पन्न हुने सम्भावना छ र मुद्दा नचलाउँदा त्यसो नहुने सम्भावना भएमा मुद्दा चलाउँदा अन्य कुनै मित्र राष्ट्रसँगको कुटनैतिक सम्बन्ध वा सद्भावमा खलल उत्पन्न हुने सम्भावना छ र मुद्दा नचलाउँदा त्यसो नहुने सम्भावना भएमा मुद्दा चलाउँदा शिक्षण संस्थाहरु,

उद्योग प्रतिष्ठान, यातायात लगायतका आम जनसमुदायका दैनिक जीवनका आधारभूत सेवाहरु ठप्प हुने लगायत समाजमा अशान्ति उत्पन्न हुने भएमा र मुद्दा नचलाउँदा त्यसो नहुने सम्भावना भएमा वा मुद्दा चलाउँदा भन्दा नचलाउँदा देश र समाजको हित हुने यस्तै अरु अवस्था भएमा फौजदारी मुद्दा चलाउने नचलाउने सम्बन्धी निर्णय गर्ने सम्बन्धमा त्यसलाई सार्वजनिक हितको परीक्षणको अवस्था मानिनेछ ।

**३.२.५.१** अनुसन्धान अधिकारीले प्रस्तुत गरेको राय सहितको प्रतिवेदन र संलग्न प्रमाणको मूल्यांकनको आधारमा पर्याप्त प्रमाण नभएको वा सार्वजनिक हितका दृष्टिबाट मुद्दा चलाउन उपयुक्त नभएको कारण कुनै वारदात सम्बन्धी मुद्दा नचल्ने निर्णय गर्नु पर्ने हुन्छ । यसरी निर्णय गर्दा सरकारी वकीलले मुद्दा चलाउन नसकिने आधार र कारणहरू उल्लेख गरी छुट्टै निर्णय पुस्तिकामा निर्णय गर्ने,

**३.२.५.२** मुद्दा नचलाउने निर्णय भएकोमा प्रहरी हिरासतमा कुनै व्यक्ति रहेछ र निजलाई उपस्थित गराइएको रहेछ भने तत्कालै हिरासतबाट मुक्त गर्न लेखी पठाउने,

**३.२.५.३** मुद्दा नचलाउने गरी निर्णय गरेको अवस्थामा सरकारी वकीलले सो निर्णय निकासाका लागि माग गर्दै माथिल्लो कार्यालयमा मुद्दाको सक्कलै मिसिल पठाउने,

**३.२.५.४** जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरी निकासाका लागि उच्च सरकारी वकील कार्यालयमा पठाएकोमा सो कार्यालयका सह–न्यायाधिवक्ताले मिसिल अध्ययन गरी मुद्दा चलाउनु पर्ने देखेमा मुद्दा चलाउने आधार र कारणहरू समेत उल्लेख गरी मिसिल जिल्ला सरकारी वकील कार्यालयमा पठाउने,

**३.२.५.५** जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय मनासिव देखेमा उच्च सरकारी वकील कार्यालयका सह–न्यायाधिवक्ताले आफ्नो राय समेत समाबेस गरी अन्तिम निकासाको लागि महान्यायाधिवक्ता कार्यालयमा पठाउने,

**३.२.५.६** मुद्दा नचलाउने अन्तिम निकासा भै आएमा मिसिल कागजात तथा अन्य चीज वस्तुहरू सम्बन्धित अनुसन्धान अधिकृत कहाँ फिर्ता पठाउने, यसरी फिर्ता पठाउँदा अनुसन्धान अधिकारीको राय प्रतिवेदनको एक प्रति आफूसँग सुरक्षित साथ राख्ने,

**३.२.५.७** मुद्दा नचलाउने निर्णय भई मिसिल कागजात तथा अन्य चीज वस्तुहरू फिर्ता पठाउँदा पछि खोजी भएका बखत पेश गर्ने गरी सुरक्षितसाथ राख्ने निर्देशन सहित अनुसन्धान अधिकारीलाई लेखी फिर्ता पठाउने ।

### ३.२.६ आंशिक रूपमा मुद्दा चलाउने निणर्य भएकोमा पुऱ्याउनु पर्ने प्रक्रिया

**३.२.६.१** दुई वा दुई भन्दा बढी प्रतिवादी भएको मुद्दामा केही प्रतिवादीलाई मुद्दा चलाउने र केही प्रतिवादीलाई मुद्दा नचलाउने गरी आंशिक रुपमा मुद्दा चलाउने निर्णय भएको अवस्थामा सरकारी वकीलले के कुन आधारमा आंशिक निर्णय गरेको हो सो आधार र कारणहरु निर्णय पुस्तिकामा जनाउने,

**३.२.६.२** आंशिक निर्णय गरी अभियोगपत्र दायर गरेपछि सो मुद्दामा छुट्टै मिसिल खडा गरी निकासाका लागि माथिल्लो कार्यालयमा पठाउने,

**३.२.६.३** उच्च सरकारी वकील कार्यालयले सो निर्णय हेरी मुद्दा चलाउनु पर्ने देखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउन निर्देशन दिने, मुद्दा चलाउन नपर्ने देखिएमा आफ्नो राय सहित मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउने,

**३.२.६.४** महान्यायाधिवक्ताको कार्यालयले प्राप्त मिसिल कागजातहरु अध्ययन गरी मातहतका कार्यालयबाट भएको आंशिक निर्णय जाँच गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा सम्बन्धित सरकारी वकीललाई आवश्यक निर्देशन दिने ।

**३.२.७ खास किसिममा सानातिना कसूरमा मुद्दा दायर नगर्ने निर्णय भएको अवस्थामा पुऱ्याउनु पर्ने प्रकृयाः**

**यस्तो निर्णय भएको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४ अनुसारका प्रकृया पूरा गर्ने ।**

**३.२.८ मुद्दा नचल्ने निर्णय गर्दा जानकारी दिनु पर्ने**

सरकारी वकीलले सरकार वादी फौजदारी मुद्दा चल्ने वा नचल्ने गरी गरेको निर्णयको जानकारी पाउने अधिकार सरोकारवाला वा अपराध पीडित वा सम्बन्धित निकायलाई रहने हुँदा सरकारी वकीलले यस्तो निर्णयको जानकारी सम्बन्धित सरोकारवाला व्यक्ति वा निकायलाई गराउने ।

**३.२.९ अनुसन्धान अधिकृतको अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि अभियोजन सम्बन्धी निर्णय गर्ने सम्बन्धमा सरकारी वकीलले विचार गर्नुपर्ने अन्य कुराहरु**

३.२.९.१ प्रथमतः जुन निकाय वा पदाधिकारीले अनुसन्धान गरी मिसिल प्रमाण पठाएको छ सो विषयमा अनुसन्धान गर्ने निजको कानूनी अधिकार छ वा छैन ?

३.२.९.२ अनुसन्धान तहकिकात पूरा गरी म्याद भित्रै राय सहितको प्रतिवेदन पठाएको छ वा छैन ?

३.२.९.३ अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकात गर्दा अनिवार्य रुपले पूरा गर्नु पर्ने कानूनी कार्यविधि एवं प्रक्रियाहरु अनुसरण गरेको छ वा छैन ?

३.२.९.४ जुन कसूरको सम्बन्धमा अनुसन्धान गरेको हो सो अभियोग सम्बन्धी कसूर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ र २ वा अन्य कानून अनुसार नेपाल सरकार वादी हुने मुद्दा हो वा होइन ?

३.२.९.५ अनुसन्धान अधिकारीद्वारा प्रस्तावित कसूरको सम्बन्धमा प्रचलित ऐन कानूनले दण्ड सजायको व्यवस्था गरेको छ वा छैन ?

३.२.९.६ क्षतिपूर्ति भराउनु पर्ने अवस्थामा पिडकको चल अचल सम्पत्तिको विवरण संकलन गरिएको छ, छैन ? क्षतिपूर्ति वा उपचार खर्च के कति भराई पाउने हो सो स्पष्ट छ वा छैन ?

३.२.९.७ अपराध पीडितको शारीरिक जाँच वा अन्य विशेषज्ञको जाँच प्रतिवेदन झिकाई मिसिल सामेल राखिएको छ वा छैन ? सो बुझिने गरी लेखिएको छ वा छैन ?

३.२.९.८ अपराध पीडितको कुनै धनमाल, नगद वा दशी समान अनुसन्धान क्रममा लिएको भए सो सामान र प्रमाणको रुपमा बरामद गरिएका अन्य दशीका सामानहरु सुरक्षित र सावुत हालतमा छन् वा छैनन् ?

३.२.९.९ अपराध पीडित लगायत साक्षीको नाम, थर, वतन र भएसम्म सम्पर्क फोन, इमेल आदि प्रष्टसँग खुलाएको छ वा छैन ?

३.२.९.१० अपराध पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्ने प्रकृतिको भए राखे नराखेको यकिन गरी गोप्य राख्ने व्यवस्था मिलाउने,

३.२.९.११ अपराध पीडित बालबालिका भए निजको उमेर यकिन गर्ने प्रमाण मिसिलमा छ वा छैन ? उमेर यकिन गर्ने क्रममा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३७ को क्रमलाई ध्यान दिइएको छ छैन ?

३.२.९.१२ सरकार वादी फौजदारी मुद्दा चल्न नसक्ने अवस्थाको देखिएमा अपराध पीडितले न्याय प्राप्त गर्न सक्ने के कस्तो उपचारको बाटो हुन सक्छ सो बारेको कानूनी प्रकृया सहित अपराध पीडितलाई जानकारी दिने,

३.२.९.१३ मुद्दा हेर्ने निकायमा मुद्दा दायर गरेपछि अपराध पीडितलाई सुरक्षा वा संरक्षण सम्बन्धी कुनै कार्य गर्नु पर्ने भएमा सो को उल्लेख गर्ने र सुरक्षा निकाय वा मुद्दा हेर्ने निकायसँग आवश्यक समन्वय गर्ने।

## ३.३ अभियोगपत्रको तयारी र मुद्दाको दायरीका लागि सामान्य मार्गदर्शन

### ३.३.१ अभियोगपत्र तयार गर्दा विचार गर्नुपर्ने आवश्यक मूलभूत पक्षहरु

**(क) शीर्ष वा परिचय खण्डः**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (१), सोही संहिताको अनुसूची २० र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ११ ले निर्दिष्ट गरेका कानूनी व्यवस्थालाई आत्मसात गरी अभियोगपत्र तयार गर्दा निम्न मूलभूत पक्षलाई विशेष ध्यान दिनु पर्छः

१. अभियोगपत्र कुन कानून अनुसार पेश गरेको र कुन निकायमा प्रस्तुत गरिने हो सो कुरा,
२. जाहेरवाला वा अपराध पीडितको गोप्यता कायम गर्नुपर्ने अवस्था देखि बाहेक जाहेरवाला वा प्रतिवेदकको नाम, थर, बतन (खोजेका बेला फेला पर्न सक्नेसम्मको विवरण) उल्लेख गर्ने। यदि गोप्यता कायम गर्नुपर्ने अवस्था छ भने अनुसन्धानका क्रममा राखिएको सांकेतिक नाम र वतन,
३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (१) को खण्ड (क) देखि (च) सम्म उल्लेख भए अनुसारको अभियुक्तको पहिचान (Identity),
४. विदेशी नागरिकको हकमा स्थायी वतन र नेपालभित्रको अस्थायी वतनको उल्लेख गर्ने,
५. मुद्दाको नाम अर्थात् अभियुक्तले बुझ्ने गरी अभियोग लगाउन खोजेको अपराधको नामाकरण।

**(ख) तथ्यगत खण्डः** यस खण्डमा मुख्यतः अनुसन्धानबाट प्राप्त मुद्दाको निम्नानुसारको तथ्य, मितिको आधारमा क्रमैसँग नदोहोऱ्याइ प्रमाण लायक प्रत्येक कागजातको मजवुन उल्लेख गर्नेः

६. अपराध सम्बन्धी सूचना (जाहेरी दर्खास्त) को छोटकरी व्यहोरा र वारदात बारे संक्षिप्त विवरण,
७. अभियुक्तहरुले वारदात तथा अभियोग सम्बन्धमा व्यक्त गरेको बयानको छोटकरी व्यहोरा,
८. साक्षीको रुपमा प्रस्तुत गरिने व्यक्तिहरुले वारदात सम्बन्धमा व्यक्त गरेको कुरा,
९. संकलित अन्य कागज प्रमाण, भौतिक चिजवस्तुको परीक्षणबाट देखिएको अवस्था बारेको विवरण।

**(ग) अभियुक्त उपर लगाइएको अभियोग खण्ड**

यस खण्डमा मुख्यतः निम्न कुरा उल्लेख गर्नेः

१०. अभियोग खण्डमा पनि पहिलो भागमा आपराधिक कार्य (वारदात) स्थापित गरिन्छ,
११. परीक्षण भएका भौतिक प्रमाण, परीक्षण प्रतिवेदन, विशेषज्ञको राय, अन्य प्रमाणसँगको सम्बद्धतालाई सिलसिलेवार र विश्लेषणयुक्त तरिकाले देखाउन सकेमा लगाइएको अभियोग पुष्टि गर्न मद्दत पुग्दछ,
१२. प्रतिवादीबाट भएको कुन कार्यले कुन ऐनको कुन दफा बमोजिमको कसूर भएको भन्ने कुरा स्थापित गर्नुपर्छ,
१३. दोस्रो भागमा कसूरको कार्यशैली, कसूरको योजनाकार, मुख्य कसूरदार, दुरुत्साहनकर्ता, मतियार, षडयन्त्रकारी, सहयोगीको कसूरमा भएको भूमिकासहित सिंगो आपराधिक कार्यको विवेचना गर्नुपर्छ,
१४. तेस्रो भागमा प्रत्येक अभियुक्तको भूमिका र कार्य, सो पुष्टि गर्ने सबुद प्रमाणको विवेचना, सान्दर्भिक ऐन कानूनको आधारमा अभियुक्त पिच्छे छुट्टाछुट्टै अभियोग उल्लेख गर्नु पर्दछ,

१५. अभियुक्तको पटकको आधारमा कसूरमा संलग्न समूह वा कसूरदारको अवस्था, कसूरको प्रकृति, अपराध पीडितको उमेर वा शारीरिक वा मानसिक अवस्थाको आधारमा कुनै कानून बमोजिम कुनै कसूरको सन्दर्भमा थप सजाय गर्ने व्यवस्था गरेको भए सो थप सजायको माग स्पष्ट रुपमा गर्ने,

१६. अभियोगपत्र तयार गर्दा संकलित सबुद प्रमाणबाट कुनै व्यक्तिले एक वा एकभन्दा बढी कसूर गरेको देखिएमा सम्बन्धित सबै कसूर वापत माग दाबी लिनु पर्दछ,

१७. बिगो भराउनु पर्ने मुद्दा भए अभियुक्तहरु मध्ये कुन कुन अभियुक्तबाट के कति क–कसलाई भराई दिनु पर्ने हो सो कुराको विवरण स्पष्ट रुपमा खुलाउनु पर्दछ,

१८. अभियोग पत्रसाथ पेश गरिने साक्षी प्रमाण, दशी प्रमाण, भौतिक प्रमाण तथा लिखत प्रमाणहरु कानून बमोजिम संकलन गरिएका मुद्दा हेर्ने निकायबाट प्रमाणको रुपमा ग्रहण गर्न सकिने हुनु पर्दछ,

१९. अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने वा क्षति नपुगेको भए पनि कानून बमोजिम कुनै रकम अपराध पीडितलाई दिलाई भराई दिनु पर्ने भए सो कुराको माग दाबी पनि स्पष्ट रुपमा खुलाउनु पर्दछ,

२०. अभियो पत्र दायर गर्दाको अवस्थासम्म पनि पक्राउ पर्न नसकेको अभियुक्तका हकमा मुद्दा हेर्ने निकायबाटै पक्राउ पूर्जी, म्यादी पूर्जी अथवा समाह्वान म्याद जारी गरी पाउँ भन्ने व्यहोरा समेत किटान गरी उल्लेख गरिएको हुनु पर्दछ,

२१. अनुसन्धान तहकिकात भएको मुद्दाको मिसिल कागजातको अध्ययनबाट प्रतिवादीहरु मध्ये केही पक्राउ परी वा आफै उपस्थित भएको, केहीको नाम, थर, बतन खुल्न सके पनि तत्काल पक्राउ पर्न नसकी फरार रहेको अवस्था बाहेक तत्काल फरार रही नाम थर बतन खुल्न नसकेका व्यक्तिहरुका हकमा पछि आवश्यक विवरण पत्ता लागे वा पक्राउ परेमा छुट्टै अभियोगपत्र प्रस्तुत गरिने कुरा उल्लेख गर्नु पर्दछ,

२२. अभियोगपत्रको अन्तिममा अभियोगपत्र प्रस्तुत गर्ने सरकारी वकीलको नाम, दर्जा स्पष्ट बुझिने अक्षरमा लेखी (टाईप गरी) सहिछाप गरी मिति समेत जनाउनु पर्दछ । अभियोगपत्र कुन मितिमा प्रस्तुत गरेको हो भन्ने कुरा सबैभन्दा पुच्छारमा उल्लेख गर्नुपर्छ,

२३. मुद्दाको तथ्य र प्रमाणबाट स्थापित तथ्य र आरोपित कसूर बीच तादात्म्यता हुनुपर्छ,

२४. एउटै वारदातमा फरक फरक अभियुक्त उपर फरक प्रकृतिको कसूर कायम हुन सक्दैन, जस्तैः कर्तव्य ज्यान र आवेश प्रेरित हत्या,

२५. एकभन्दा बढी कसूर कायम भएमा प्रत्येक कसूरको प्रष्ट उल्लेखन र मागदाबी हुनुपर्छ,

२६. अभियोगपत्रको भाषा सरल र स्पष्ट हुनुपर्छ, अभियोगलाई खम्बिर बनाउने भाषाको प्रयोग गर्नुपर्छ,

२७. अभियोगपत्रमा अभियोग स्थापित गर्ने विषय देखि बाहेक अन्य अनावश्यक कुरा लेख्नु हुँदैन ।

**(घ) सवुद प्रमाणको प्रस्तुति खण्ड**

२८. प्रत्येक प्रमाणको स्पष्ट पहिचान हुने गरी विवरण दिनुपर्छ,

२९. वरामद दसी प्रमाणको सिलसिलेबार उल्लेख गर्नु पर्छ,

३०. भौतिक प्रमाणको परीक्षण प्रतिवेदन प्राप्त नभएको भए प्राप्त भएपछि पेश गर्ने कुरा उल्लेख गर्नुपर्छ,

३१. जुन साक्षीको भनाइ प्रमाणको रुपमा ग्राह्य हुन्छ सो साक्षीको पहिचान गरी त्यस्ता साक्षीको पहिचान खुल्ने स्पष्ट विवरण लेख्नु पर्छ,

३२. साक्षीको विवरणमा सवै साक्षीको नाम, थर, उपनाम भए उपनाम समेत र खोजेको समयमा फेला पर्ने गरी वतन, फोन नं. भए सो समेत स्पष्ट लेख्नु पर्छ,

३३. संकलित कागजातहरुको मिति सहित विषय र पाना संख्या उल्लेख गरी सिलसिलेबार विवरण राख्नु पर्छ,

३४. अभियोगपत्रको अन्त्यमा मुद्दा हेर्ने निकय र मुद्दा हेर्ने अधिकारीसँग कारवाही शुरु गर्न माग गरी सरकारी वकीलको दस्तखत, स्पष्ट नाम, दर्जा, कार्यालय र मिति उल्लेख गर्नुपर्छ ।

### ३.३.२ अभियोगपत्र दर्ता गर्दा विचार पुऱ्याउनु पर्ने कुरा

**(क) अभियोगपत्र दायर गर्न विशेष अनुमति वा स्विकृति लिनु पर्ने भएमा सो लिने प्रक्रिया:**

अभियोगपत्र दायर गर्दा नेपाल सरकारको वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानूनद्वारा तोकिएको कुनै अधिकृत वा निकायको पूर्व स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखित प्रति समेत प्राप्त गरी मिसिल संलग्न राख्नु पर्दछ। जस्तैः कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२, लागू औषध (नियन्त्रण) ऐन,२०३३

**(ख) अभियोगपत्र दर्ता गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरू**

१. अभियोगपत्र दायर गर्दा अनुसन्धान अधिकारीले संकलन गरेका सबै सबुद प्रमाणहरू संलग्न राख्नु पर्दछ,
२. अभियोगपत्र दायर गर्दा थुनुवा भए थुनुवा सहित पेश गर्नु पर्दछ।

### ३.३.३ थप अभियोगपत्र दायर गर्ने सम्बन्धी प्रकृया

मुलुकी  फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ मा कुनै मुद्दा अदालतमा दायर भइसकेपछि त्यस्तो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरुबाट मुद्दा दायर भइसकेका अभियुक्त बाहके अन्य अभियुक्तहरु उपर समेत दाबी लिन पर्ने भएमा वा मुद्दा दायर भई अभियुक्त कायम भइसकेका व्यक्ति उपर थप अभियोग लगाउनु पर्ने देखिएमा त्यसको कारण खुलाई थप अनुसन्धान गर्न लगाई अन्य थप अभियुक्तको हकमा समेत थप दाबी लिई सरकारी वकीलले मुद्दा दायर गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ।

उक्त कानूनी व्यवस्था अनुसार थप दाबी लिनु पर्ने अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (१) र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम २१ को उपनियम (१) ले निर्दिष्ट गरेका कुराहरु खुलाई थप दाबी लिई मुद्दा हेर्ने निकायमा अभियोगपत्र दायर गर्नुपर्दछ।

### ३.३.४ अभियोगपत्र संशोधन गर्न सकिने प्रकृया:

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा अदालतमा एक पटक दायर भइसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको मागदाबी संशोधन गर्नु पर्ने देखिएमा सुरु तहको सम्बन्धित अदालतले फैसला गर्नु अघि नै महान्यायाधिवक्ताको स्विकृति लिई सम्बन्धित सरकारी वकीलले अभियोगपत्रमा संशोधन गर्न सुरु तहको सम्बन्धित अदालतमा कारण खुलाई निवेदन दिन सक्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा अभियोगपत्र संशोधन गर्ने कुरालाई अपवादको रुपमा मात्र प्रयोग गर्ने र संशोधन गर्नु नै पर्ने अवस्था भएमा उक्त कानूनी व्यवस्थाले निर्धारण गरेको प्रकृयालाई आत्मसात गर्ने।

### ३.३.५ अभियोगपत्रमा सानातिना त्रुटि सच्याउने प्रकृया:

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३७ मा अदालतमा दायर भएको मुद्दाको अभियोगपत्रमा अभियुक्तको नाम, थर, उमेर वा ठेगानाको हिज्जे वा टाइपिङ्ग वा छपाई सम्बन्धी त्रुटि जस्ता सानातिना त्रुटि भई सच्याउन परेमा सम्बन्धित सरकारी वकीलले सम्बन्धित अदालत समक्ष त्यसको कारण खुलाई निवेदन दिन सक्ने कानूनी व्यवस्था बमोजिम निवेदन दिने।

## परिच्छेद चार

## विशेष प्रकृतिका मुद्दामा सरकारी वकीलहरुका लागि मार्गदर्शन

### ४.१ महिला संलग्न मुद्दामा सरकारी वकीलका लागि मार्गदर्शन

सरकारी वकीलले महिला संलग्न मुद्दामा परिच्छेद तीनमा उल्लेखित सामान्य मार्गदर्शनका अलावा निम्न विषयमा थप ध्यान दिनु पर्दछः

### ४.१.१ मुद्दाको अनुसन्धानमा सरकारी वकीलको भूमिका

४.१.१.१ महिलामैत्री अनुसन्धान वातावरण बनाउन लगाउने,

४.१.१.२ अनुसन्धान कार्यमा उपलब्ध भए सम्म महिला अनुसन्धान अधिकृत खटाउन पहल गर्ने ,

४.१.१.३ महिला संलग्न मुद्दामा महिलाको मनोबल खस्कन नदिन परिवार वा आफन्तसँग भेटघाट गर्नको लागि अनुकूल वातावरण मिलाउन लगाउने,

४.१.१.४ अपराध पीडितको समयमै शारीरिक परीक्षण गर्ने साथै भौतिक प्रमाणहरुको संकलन गरी परीक्षणको लागि पठाउन लगाउने,

४.१.१.५ शारीरिक परीक्षणबाट स्थापित गराउनु पर्ने कुराको परीक्षण गर्न लगाउने (जस्तैः जबरजस्ती करणी मुद्दामा गर्भवती भएको भन्ने अपराध पीडितको भनाइ भएमा गर्भवती भए नभएको परीक्षण गराउनु पर्ने),

४.१.१.६ मानव बेचविखन मुद्दाका अपराध पीडितबाट खुलाउनु पर्ने सूचनाहरु, जस्तो प्रतिवादीको अपराध पीडितसँगको भेट, झुक्याएको, करकाप गरेको वा फकाएको पृष्ठभूमि, लैजान परिपञ्च मिलाउने मानिस, विदेश लगेको भए विदेश लगेको रुट, बास बसेको होटल, बस वा रेलको टिकट लगायत घटनाको प्रकृतिको आधारमा पाउन सकिने सम्बद्ध प्रमाण खुलाउन लगाउने, साथै उक्त घटनासँग सम्बद्ध त्यस्ता प्रमाणहरु संकलन गराउने,

४.१.१.७ अपराध पीडितको कागज गराउँदा मुद्दासँग आवश्यक कुराहरु मात्र सोध्ने, आत्मसम्मानको ख्याल गर्दै अपमानजनक शब्द वा भाषाको प्रयोग नगर्ने, सहज वातावरण, दोभाषेको सुविधा जस्ता कुराहरुमा अनुसन्धान अधिकारीलाई निर्देशन दिनुपर्ने ।

### ४.१.२ अपराध पीडित महिलाको संरक्षणमा सरकारी वकीलको भूमिका

सरकारी वकीलले अपराध पीडित महिलाको संरक्षणमा देहायको कुरामा विशेष ध्यान दिनुपर्छः

**४.१.२.१** अपराध पीडितको उद्धार, सुरक्षा एवं संरक्षण गर्नुपर्ने अवस्था भए अविलम्ब आवश्यक समन्वय गरी गर्न लगाउने,

**४.१.२.२** अपराध पीडितको उपचार गर्नु पर्ने भएमा समयमै उपचार गराउने,

**४.१.२.३** अपराध पीडितलाई मनोसामाजिक परामर्श दिनु पर्ने भए सो गर्न लगाउने,

**४.१.२.४** संविधान तथा कानूनले प्रत्याभूत गरेको अपराध पीडितको अधिकारको संरक्षण गर्ने विषयमा सुरु देखि नै सतर्कता अपनाउने,

**४.१.२.५** जीवन र स्वतन्त्रताको संरक्षणको लागि आवश्यक उपाय अपनाउन, प्रतिवादीको तर्फबाट हुन सक्ने डर, धाक धम्कीबाट सुरक्षा दिन आवश्यक समन्वय गर्ने,

**४.१.२.६** अपराध पीडितको कागज गराउँदा सत्य तथ्य खोल्न संभव हुने गरी उपयुक्त वातावरण मिलाउने र समयमा कागज गराउने,

**४.१.२.७** अपराध पीडित सहजताको लागि निजले रोजेको साथी वा निकटको मानिसको रोहवरमा सोधपुछ गर्न उपयुक्त भएमा गर्ने,

**४.१.२.८** नाबालक अपराध पीडितको कागज गराउँदा संरक्षकका रोहवरमा गराउन लगाउने,

**४.१.२.९** कसूरदारलाई कानून बमोजिम सजाय दिलाउन पीडितले अनुसन्धानकर्ताहरुलाई गर्नुपर्ने सहयोगको बारेमा अपराध पीडित पक्षसँग समन्वय गरी आवश्यक छलफल गर्ने,

**४.१.२.१०** अपराध पीडितहरुलाई प्राप्त हुने राहत एवं क्षतिपूर्ति उपलब्ध गराउन सकृय पहल गर्ने,

**४.१.२.११** अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३ बमोजिमका कार्य गर्ने।

### ४.१.३ शंकित महिलाको मानव अधिकार संरक्षणमा सरकारी वकीलको भूमिका

**४.१.३.१** सरकारी वकील समक्ष बयानका लागि उपस्थित गराइएको शंकित महिलाका फौजदारी न्याय सम्बन्धी अधिकारहरुको संरक्षण भए नभएको सम्बन्धमा ध्यान दिनुपर्ने,

**४.१.३.२** शंकितका अधिकारको रक्षाका लागि अनुसन्धान अधिकारीलाई सजग र उत्प्रेरित गर्ने,

**४.१.३.३** शंकितका मानव अधिकारको सम्मान गरी संकलन भएका प्रमाणहरुको ग्राह्यताका सम्बन्धमा छलफल गरी संकलित प्रमाणको वैधानिकता यकिन गराउने,

**४.१.३.४** शंकित महिला हिरासतमा रहँदा निजले शारीरिक तथा मानसिक क्षति बेहोर्न नपर्ने वातावरण तयार गर्ने गराउने,

**४.१.३.५** मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दा सरकारी वकीलले शंकित महिलाको मानव अधिकारलाई ख्याल गरि न्यायमा विचलन आउने अवस्था सृजना हुन नदिने।

### ४.१.४ अपराध पीडित महिलाको अधिकारको संरक्षणमा सरकारी वकीलको भूमिका

अपराध पीडितको अधिकारको संरक्षणका लागि सरकारी वकीलले निर्वाह गर्नुपर्ने मुख्य भूमिका निम्न अनुसार उल्लेख गर्न सकिन्छः

**४.१.४.१** अपराध पीडितको न्याय प्राप्तिको अधिकारको संरक्षण हुने गरी क्षतिपूर्ति र उपचार खर्च भराई पाउने मुद्दामा पीडकको सम्पत्तिको विवरण संकलन गर्न लगाई अपराध पीडितले पाउने क्षतिपूर्तिको यकिन गरी प्रष्ट रुपमा उल्लेख गर्ने,

**४.१.४.२** विशेषज्ञको परीक्षण प्रतिवेदन, अपराध पीडित वा प्रतिवादीको शारीरिक जाँच प्रतिवेदन प्रष्ट छ, छैन तथा मुद्दाको संकलित प्रमाणसँग तादात्म्य छ, छैन हेरी अस्पष्ट भए प्रष्ट गर्न लगाउने,

**४.१.४.३** अपराध पीडितको धनमाल, नगद वा अन्य सामान वरामद भएको वा अनुसन्धानको क्रममा लिएको भए त्यसको प्रष्ट उल्लेखन गर्ने र त्यसलाई सावुद हालतमा सुरक्षित रुपमा राख्न लगाउने,

**४.१.४.४** अपराध पीडित र साक्षीको नाम उपनाम, बाबुको नाम, थर, पीडित साक्षीको नाम, थर, उमेर, पेशा, हुलिया, वतन अर्थात् ठेगाना तथा निज फेला पर्न सक्ने कुनै विशेष स्थान वा कार्यालय वा परिचयात्मक विवरण जस्तैः नागरिकता, पासपोर्ट, ई–मेल फ्याक्स, टेलिफोन नम्बर भए सो समेत खुलाउन लगाउने। ठेगाना उल्लेख गर्दा उपलब्ध भएसम्म गाऊ', नगर, टोल, गल्ली, मार्ग तथा उक्त स्थानको कुनै विशेष पहिचान भएमा सो समेत खुलाउने,

**४.१.४.५** अनुसन्धानबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्र नभएको वा सरकार वादी भई चल्न नसक्ने मुद्दा भएमा अपराध पीडितले न्याय प्राप्तिका लागि अपनाउनु पर्ने उपाय तथा जानुपर्ने निकाय एवं सोको हदम्यादका सम्बन्धमा अपराध पीडितलाई प्रष्ट रुपमा जानकारी गराउने।

### ४.१.५ अभियोगपत्र तयार गर्दाका अवस्थामा निर्वाह गर्नु पर्ने भूमिका

महिला संलग्न भएका मुद्दामा सरकारी वकीलले अभियोजन गर्दा सामान्य मार्गदर्शनका अतिरिक्त निम्न कुराहरुमा ध्यान दिनु पर्दछः

४.१.५.१ अपराध पीडितले कानून बमोजिम प्राप्त गर्नुपर्ने क्षतिपूर्ति, हर्जाना वा सुविधाको स्पष्ट उल्लेख हुनुपर्छ, यसको लागि पीडकको सम्पत्ति रोक्का राख्नुपर्ने भएमा त्यसको स्पष्ट मागदाबी गरिनु पर्दछ,

४.१.५.२ कसूर वा आरोप, माग गरिएको दण्ड, सजाय र व्यहोर्नु पर्ने क्षतिपूर्तिको स्पष्ट उल्लेख हुनु पर्छ,

४.१.५.३ अपराध पीडित वा प्रतिवादीको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भएमा, बाल इजलास वा बन्द इजलासबाट हेरिने वा निरन्तर सुनुवाइ हुनुपर्ने मुद्दा भएमा सो सम्बन्धमा उल्लेख गर्नु पर्छ,

४.१.५.४ अपराध पीडित वा साक्षीको स्पष्ट वतन, सम्पर्क फोन, इमेल, नागरिकता नं समेत उल्लेख गर्नु पर्छ,

४.१.५.५ अनुसन्धानको क्रममा लिएको वा वरामद भएको अपराध पीडितको सामान वा सम्पत्ति फिर्ता गर्नुपर्ने भएमा फिर्ता दिलाउने कुरा उल्लेख गर्नु पर्छ।

४.१.५.६ अभियोजन सम्बन्धी निर्णयको जानकारी तथा मुद्दाको सबै कारवाहीको जानकारी अपराध पीडितलाई समयमै उपलब्ध गराउनु पर्दछ।

## ४.२ बालबालिका संलग्न मुद्दाको कारवाहीमा सरकारी वकीलका लागि मार्गदर्शन

### ४.२.१ सरकारी वकीलको अभिभावकीय भूमिका

४.२.१.१ न्यायिक कारवाहीमा सरकारी वकीलले बालबालिकासँग राज्यका तर्फबाट अभिभावकीय भूमिका निर्वाह गरेर संरक्षण प्रदान गर्नु पर्दछ,

४.२.१.२ बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी फौजदारी न्याय प्रशासनमा भूमिका खेल्नु पर्दछ,

४.२.१.३ बालबालिकाको स्वाभाविक विकासक्रमलाई भौतिक, मानसिक वा भावनात्मक हिसाबले प्रतिकूलता पैदा गर्न सक्ने जुनसुकै प्रभावबाट जोगाउन उपयुक्त वातावरण निर्माण गर्नु पर्दछ,

४.२.१.४ कानूनको विवादमा परेका एवं अपराध पीडित बालबालिकाको उमेर बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३७ को कानूनी व्यवस्थामा उल्लेख भए अनुसारका कागज प्रमाणका आधारमा अनुसन्धानको क्रममा नै यकीन गरी सो को आधिकारिक कागज मिसिल संलग्न राख्नु पर्दछ,

४.२.१.५ बालबालिका प्रति उमेर सुहाउँदो व्यवहार गरिनु पर्दछ,

४.२.१.६ बालबालिकाले गर्ने कसूरजन्य कार्य वापत उनीहरुलाई उत्तरदायी बनाउँदा निजको भावी जीवनमा हुने विकासको संभावनालाई प्रतिकूल असर नपुग्ने वातावरण बनाउनु पर्दछ,

४.२.१.७ बालबालिकाले गरेको कसूरलाई बाल विज्याईको रुपमा लिई निजहरुलाई सजाय दिने भन्दा निजहरुको गल्ती सुधार गर्ने तर्फ नेतृत्वदायी भूमिका खेल्ने, जसका लागि बालबालिका सम्वन्धि ऐन, २०७५ को दफा २७, २८ र २९ एवं बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ९ अनुसार दिशान्तर गर्न सकिने अवस्था भएमा त्यस तर्फ सक्रिय भूमिका निर्वाह गर्ने,

४.२.१.८ बालबालिकाले गरेको गल्ती सुधार गर्ने उपाय अवलम्बन गर्दा निजहरुको शारीरिक, मानसिक वा सामाजिक विकास वा भलाइलाई प्रतिकूल असर नगर्ने खालको व्यवहारको सुनिश्चितता गरिनुपर्ने,

४.२.१.९ बालबालिकाले कसूरजन्य कुनै कार्य गरेमा मानिसले गर्न नहुने काम भयो भन्ने शिक्षा लिने र फेरि त्यो किसिमको गल्ती नगर्ने वा नदोहोऱ्याउने बनाउन प्रयत्न गरिनु पर्दछ,

४.२.१.१० बालबालिकाले कुनै कसूर गरेमा वयस्कलाई जस्तो सजाय गर्ने होइन, सुधार गर्ने र सच्याउने काम गर्नु पर्ने,

४.२.१.११ बालबालिकाको स्वास्थ्य विकासका लागि आवश्यक पर्ने मनोसामाजिक परामर्श उपलब्ध गराउन भूमिका खेल्ने,

४.२.१.१२ बालबालिकाको लागि आवश्यक पर्ने शारीरिक उपचारको सुनिश्चितता गर्न प्रभावकारी समन्वय गर्ने,

४.२.१.१३ बालबालिका संलग्न मुद्दाको कारवाही गर्दा निजहरुको पारिवारिक अवस्थालाई सदैव ध्यान पुऱ्याउनु पर्ने,

४.२.१.१४ बालबालिकालाई स्वतन्त्रताबाट वञ्चित गर्ने वा नियन्त्रणमा राख्ने कार्य अन्तिम उपायका रूपमा छोटो अवधिका लागि मात्र हुनुपर्छ,

४.२.१.१५ अनुसन्धान, अभियोजन र सुनुवाइका लागि बालबालिकालाई नियन्त्रणमा लिएर सुधार र पुनःस्थापनाका उपायहरु अपनाउन प्रभावकारी भूमिका खेल्नु पर्दछ,

४.२.१.१६ बालबालिकालाई पक्राउ गरेको नभनेर नियन्त्रणमा लिएको प्रतिवादी नभनेर कानूनको विवादमा परेको बालक बालिका, केरकार वा बयान लिएको नभनेर सोधपुछ गरेको, थुनामा राखेको नभनेर सुधारगृहमा राखेर स्याहार गरिएको अनुभूत गराउने गरी संस्थागत स्याहारलाई व्यवस्थित गर्नुपर्ने,

४.२.१.१७ बालबालिकालाई नियन्त्रणमा लिँदा पारिवारिक वातावरण नबिथोलिने गरी छोटो समय मात्र नियन्त्रणमा लिनु पर्छ ।

**४.२.२ बालमैत्री व्यवहार र वातावरण निर्माणमा सरकारी वकीलको भूमिका**

४.२.२.१ बालबालिका संलग्न मुद्दाको न्यायीक प्रकृयामा बालमैत्री वातावरण सृजना गर्ने,

४.२.२.२ कानूनी कारबाही वा न्यायिक प्रक्रियाका सिलसिलामा बालबालिकालाई सुरक्षित स्थानमा राख्ने प्रवन्ध मिलाउनु पर्दछ,

४.२.२.३ बालबालिकालाई नियन्त्रणमा लिँदा वा उनीहरूबाट सूचना बटुल्दा वा उनीहरूसँग सोधपुछ गर्दा उनीहरूले आफू सुरक्षित रहेको अनुभव गर्ने वातावरण हुनु पर्छ,

४.२.२.४ बालबालिकासँग व्यवहार गर्नुपर्ने वा सम्पर्कमा रहनुपर्ने अनुसन्धान अधिकृतहरु साधा पोसाकमा रहने व्यवस्था गराउने,

४.२.२.५ कानूनी कारबाहीको प्रक्रियाको कुनै पनि अवस्थामा बालबालिकालाई वयस्कहरुसँग राख्न नहुने प्रबन्ध मिलाउने,

४.२.२.६ अनुसन्धानका क्रममा नियन्त्रण वा सूचना लिनका लागि सम्पर्कमा लिइएका बालबालिकालाई उनीहरूको बसाइ सहज हुने किसिमले व्यवस्था गर्नु पर्दछ,

४.२.२.७ बालबालिकाहरुसँग सूचना वा जानकारी लिन खोज्दा बोलिने बोलीचाली र हाउभाउ उनीहरुकै लवजमा हुने वातावरण तयार गर्ने,

४.२.२.८ बालबालिकाहरूसँग सोधिने प्रश्न सकेसम्म सरल र खुला किसिमको हुनु पर्दछ,

४.२.२.९ बालबालिकालाई प्रश्न गर्दा उनीहरुले गरेको कुरा सहज बनाउदै त्यसपछि के भयो ? कसले के गरेको थियो ? जस्ता छोटा र सरल प्रश्न सोध्नुपर्छ,

४.२.२.१० जुनसुकै कारणले कानूनको विवादमा परेका भए पनि बालबालिकाले सम्बन्धित विषयमा आफ्नै खालको सोचाइ बनाएको हुन सक्ने हुदा उनीहरूप्रति मैत्रीपूर्ण भाव राखिएको छ भन्ने कुराको अनुभूतिका लागि उनीहरूले भन्न वा सुनाउन खोजेको जुनसुकै कुरा धैर्यपूर्वक सुन्ने वातावरण सुनिश्चत गराउने,

४.२.२.११ बालबालिकाहरुको मनोसामाजिक परामर्श, स्वास्थ्योपचार, पोषण र सरसफाइका सुविधाको बन्दोबस्त गरिनुपर्ने,

४.२.२.१२ बालबालिकाको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय व्यवस्थाको पूर्णतः परिपालना गराउने ।

**४.२.३ बालबालिकासँग सोधपुछ गर्दा सरकारी वकीलले ख्याल गर्नुपर्ने कुराहरु**

सरकारी वकीलले बालबालिकाहरुसँग सोधपुछ गर्दा देहायका कुरामा विशेष ध्यान दिनु पर्दछः

४.२.३.१ बालबालिकासँग सार्थक सञ्चार/कुराकानी गर्न बाल विकासका विविध पक्षहरुका बारेमा जानकारी हुनु पर्दछ,

४.२.३.२ के मेरो भाषा वा अभिव्यक्तिको शैली म कुरा गरिरहेको बालक/बालिका अनुरूप हुने गरी प्रयोग गरेको छु ?

४.२.३.३ के म कुराकानीमा मेरा दृष्टिकोणसहितका विचार (Judgmental view) नदिने कुरामा सजग/सतर्क छु ?

४.२.३.४ के म आफूले ठीकसँग बुझेको छु वा छैन भन्ने कुरालाई मैले समय–समयमा परीक्षण गरिरहेको छु ?

४.२.३.५ के म आफूले ध्यानपूर्वक सुनिरहेको छु भन्ने कुराको महसुस मैले कुराकानी गरिरहेको बालक वा बालिकालाई दिइरहेको छु ?

४.२.३.६ बालबालिकासँगका सञ्चारमा के मेरा विगतका अनुभवहरू पर्याप्त छन् ? के मैले विगतका सिकाइहरूलाई उचित रूपमा उपयोग गरिरहेको छु ?

४.२.३.७ के मैले गरेको सञ्चारको सन्दर्भ बालक वा बालिकाको उमेर, परिपक्वता वा विकासको स्तर अनुरूप छ ?

४.२.३.८ के मैले बालबालिकासँग सञ्चार सुरु गर्नु अगाडि उनीहरुमा भय हटाउन आवश्यक सजगता अपनाएको छु ?

४.२.३.९ बालमैत्री बातावरणमा बालबालिकाको भावनाको सम्मान गरेर उनीहरुसँग कुराकानी गरिनु आवश्यक हुन्छ,

४.२.३.१० वयस्क पक्षले बालबालिकासगं गरेको सञ्चारको सार्थकता रहने गरी भाषा, हाउभाउ, शैलीका साथै उपयुक्त हुने खालको आवाजको गति, शरीरको हाउभाउ वा प्रस्तुति तथा उपयुक्त मात्रामा आँखाको सम्पर्क गरेको हुनुपर्छ,

४.२.३.११ बालबालिकासँग कुराकानी गर्दा उनीहरुको भावनाको सम्मान गर्ने, बोलिरहेको बेलामा रोकाबट नगर्ने वा त्यसमा बिघ्नबाधा खडा नगर्ने सुनिश्चितता गरिनु पर्दछ,

४.२.३.१२ शंकित बालबालिकालाई उनीहरुको मर्यादा र महत्वको भावनालाई संवर्द्धन गर्ने किसिमबाट, उनीहरूको मनमा अरूहरूको मानव अधिकार र मौलिक स्वतन्त्रताप्रतिको आदर जागृत हुने एवं पुनःस्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको संम्बर्द्धन हुने गरी निजहरुसँग व्यवहार गर्नु पर्ने,

४.२.३.१३ सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक संस्थाबाट कानून बमोजिम यथेष्ठ सुनुवाइ पश्चात् सो कुराको निष्कर्ष हुने तथा यस्तो सुनुवाइ बाबु आमा वा बैधानिक अभिभावकको उपस्थितिमा हुनुपर्ने ।

**४.२.४ बालबालिका संलग्न मुद्दाको अनुसन्धानमा सरकारी वकीलको भूमिका**

४.२.४.१ सरकारी वकीलले बालबालिका संलग्न हुने मुद्दाको अनुसन्धानमा बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रबिन्दुमा राखी अनुसन्धान हुने अवस्था सृजना गर्नु पर्छ,

४.२.४.२ बालबालिका संलग्न मुद्दामा कानूनको उचित प्रक्रिया पूरा गर्ने मात्र होइन, अपराध पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गरी मानसिक रुपमा प्रतिकूल प्रभाव पर्न नदिन आवश्यक उपाय अपनाउनु पर्दछ,

४.२.४.३ अपराधबाट पीडित बालबालिकाको उपचारमा ध्यान दिने, शारीरिक परीक्षण गराउने, सरु क्षित र अनुकूल स्थानमा राख्ने बातावरण मिलाउने, अपराध पीडित बालबालिकालाई तत्काल अन्तरिम राहत क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने अवस्था भएमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७३ को उपदफा ४), मुलुकी अपराध संहिता, २०७४ को दफा ४८, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ तथा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम १२ बमोजिम अन्तरिम राहत क्षतिपूर्ति दिलाउन समन्वय तथा सहजीकरण गर्ने,

४.२.४.४ बालबालिकालाई नियन्त्रणमा लिदाँ उनीहरुसँग कुराकानी गर्दा, शारीरिक परीक्षण लगायतका प्रमाण संकलन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा अनुसन्धान अधिकृतलाई आवश्यक निर्देशन दिनु पर्छ,

४.२.४.५ बालबालिकालाई सोधपुछ गराउँदा मुद्दाको प्रकृति अनुसार मुद्दामा सान्दर्भिक हुन सक्ने घटना, तथ्य र उपलब्ध हुन सक्ने भौतिक प्रमाणहरु खुलाउन लगाउने,

४.२.४.६ सोधपुछका लागि उपस्थित गराइएको कानूनको विवादमा परेका बालबालिकाका फौजदारी न्याय सम्बन्धी हक तथा मानव अधिकारहरुको संरक्षण भए नभएको सम्बन्धमा ध्यान दिने, ती अधिकारको रक्षाका लागि अनसु न्धान अधिकारीलाई सजग र उत्प्रेरित गर्ने तथा संकलन भएका प्रमाणहरुको ग्राह्यताका सम्बन्धमा छलफल गरी त्यसका लागि अपनाउनु पर्ने पद्धति र प्रक्रियाका सम्बन्धमा जानकारी गराउने,

४.२.४.७ बालबालिकाको सर्वोत्तम हितबाट निर्देशित हुनु पर्दछ भन्ने कुरालाई हृदयंगम गरी उनीहरुको शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी कुराकानी गर्ने,

४.२.४.८ बालबालिकालाई सजाय दिलाउनु नभएर उनीहरुलाई सुधार गरी समाजोपयोगी नागरिकको रुपमा रुपान्तरण गर्ने कुराको सुनिश्चितता गर्न लगाउने,

४.२.४.९ बालबालिकासँग अनौपचारिक कुराकानीबाट कुरा शुरु गर्नु पर्दछ । होच्याउने, भेदभावजनक शब्द वा भाषा प्रयोग नगर्ने, सम्मान गर्ने र अरुको सम्मान गर्न सिकाउने अवस्था जागृत गराउने,

४.२.४.१० बालबालिकाहरुलाई उमेर सुहाउँदो प्रश्न सोध्ने उनीहरुको मनोविज्ञान बुझी त्यसै अनुसारको भाषा, शैली र व्यवहार अवलम्बन गरी सोधपुछ गर्ने तर्फ अनुसन्धान अधिकारीलाई प्रेरित गर्ने ।

### ४.२.५ मुद्दा चल्ने नचल्ने निर्णय गर्दा निर्वाह गर्नुपर्ने भूमिका

४.२.५.१ बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गरी उनीहरुले वास्तविक न्याय पाउने गरी अधिकारको संरक्षण गर्ने,

४.२.५.२ कानूनको विवादमा परेका बालबालिकाका हकमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७ र २८ एवं बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ९ को कानूनी व्यवस्था अनुसार दिशान्तरणको सम्भावना भए, नभएको विचार गरी उपयुक्त निर्णय गर्नुपर्छ,

४.२.५.३ मुद्दा चल्ने नचल्ने निर्णय गर्दा अपराध पीडितको न्याय प्राप्तिको अधिकारको संरक्षण हुने गरी क्षतिपूर्ति र उपचार खर्च भराई पाउने मुद्दामा पीडकको सम्पत्तिको विवरण संकलन भए नभएको र अपराध पीडितले पाउने क्षतिपूर्तिको यकिन गरी प्रष्ट रुपमा उल्लेख गर्नु पर्छ,

४.२.५.४ अनुसन्धानबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ भित्र नभएको वा अन्य कानून अनुसार सरकार वादी भई चल्न नसक्ने मुद्दा भएमा अपराध पीडितले न्याय प्राप्तिका लागि अपनाउनु पर्ने उपाय तथा निकाय एवं सोको हदम्यादका सम्बन्धमा अपराध पीडितका अभिभावक/संरक्षकलाई प्रष्ट रुपमा जानकारी गराउनु पर्छ ।

### ४.२.६ अभियोगपत्र तयार गर्दाका अवस्थामा सरकारी वकीलले निर्वाह गर्ने भूमिका

बालबालिका सम्लग्न मुद्दामा सरकारी वकीलले अभियोगपत्र तयार गर्दा निम्न कुराहरुमा विशेष विचार गर्नुपर्ने हुन्छः

४.२.६.१ मुद्दा चलाइने बालकबालिकालाई प्रतिवादी भन्ने शव्द उल्लेख नगरी कानूनको विवादमा परेको बालकबालिका भन्ने शव्दहरुबाट सम्बःोधन गर्ने,

४.२.६.२ अपराध पीडितले कानून बमोजिम प्राप्त गर्नुपर्ने क्षतिपूर्ति, हर्जाना वा सुविधाको स्पष्ट उल्लेख हुनुपर्छ, यसको लागि पीडकको सम्पत्ति रोक्का राख्नुपर्ने भएमा त्यसको स्पष्ट मागदाबी गरिनु पर्दछ,

४.२.६.३ अभियोगलाई पुष्टि गर्ने साक्षी प्रमाणको स्पष्ट प्रस्तुति र कसूर वा आरोप माग गरिएको दण्ड सजाय र व्यहोर्नु पर्ने क्षतिपूर्तिको स्पष्ट उल्लेख हुनु पर्छ,

४.२.६.४ अपराध पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको परिचयात्मक विवरण गोप्य राख्ने र बन्द इजलासबाट हेरिने वा निरन्तर सुनुवाइ हुनुपर्ने मुद्दा भएमा सो सम्बन्धमा उल्लेख गर्नु पर्छ,

४.२.६.५ अपराध पीडित वा साक्षीको स्पष्ट वतन, सम्पर्क फोन, इमेल, नागरिकता नं. समेत उल्लेख गर्ने,

४.२.६.६ अनुसन्धानको क्रममा लिएको वा वरामद भएको अपराध पीडितको सामान वा सम्पत्ति फिर्ता गर्नुपर्ने भएमा फिर्ता दिलाउने कुरा उल्लेख गर्नुपर्ने,

४.२.६.७ समग्रमा अभियोगपत्रमा तथ्य, प्रमाण, दाबी, उपचार, क्षतिपूर्ति, कानूनमा छुट कानूनी विश्लेषण, लगातार सुनुवाइ हुनुपर्ने कुरा, बन्द इजलास, बाल इजलासबाट हेरिनु पर्ने वा नपर्ने, गोपनीयताका कुरा स्पष्ट उल्लेख गर्नु पर्ने ।

## ४.३ लागू औषध सम्बन्धी मुद्दामा सरकारी वकीलहरूका लागि मार्गदर्शन

### ४.३.१ लागू औषध मुद्दाको अनुसन्धान तहकिकात र अभियोजनमा सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिका

सरकारी वकीलले लागू औषध सम्बन्धी मुद्दाको अनुसन्धान, तहकिकात र अभियोजन गर्दा सामान्य मार्गदर्शनका अतिरिक्त निम्न कुरामा विशेष ध्यान दिनु पर्दछः

**४.३.१.१** लागू औषध सम्बन्धी अपराधमा ऐनको बर्हिक्षेत्रीय अधिकार क्षेत्रको प्रयोग गर्न सकिने भएकोले लागू औषध सम्बन्धी कारोबार नेपालभित्र वा बाहिर बसी कुनै नेपाली नागरिक वा विदेशी नागरिकले निकासी पैठारी वा सो सम्बन्धी काम गरेको भन्ने देखिने अवस्था छ, छैन त्यसको बारेमा अनुसन्धानकर्ताले अनुसन्धानको क्रममा र त्यस्तो अवस्था तथ्यगत हिसाबले पुष्टि भएको छ, छैन अभियोजनकर्ताले अभियोजनको क्रममा विचार गर्नु पर्दछ,

**४.३.१.२** लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले लागू औषधलाई निम्न तीन प्रकारमा विभाजन गरेको छः

(क) गाँजा र यसबाट बन्ने लागू औषध,

(ख) अफिम, कोका र त्यसबाट बन्ने लागू औषध,

(ग) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका लागू औषध तथा मनोद्विपक पदार्थ र तिनका लवणहरु ।

अतः के कस्ता चिज वा वस्तुहरु लागु औषधको परिभाषा अन्तर्गत पर्दछन् भन्ने कुरामा अनुसन्धानकर्ता र अभियोजनकर्ता सधै जानकार हुनु पदर्छ ,

**४.३.१.३** लागू औषध सम्बन्धी ऐनले अपराधको अनुसन्धान गर्न तोकिने अनुसन्धान अधिकारी र अन्य मुद्दामा तोकिने अनुसन्धान अधिकृत फरक भएकोले ऐनले निदृष्ट गरेको अधिकारीबाट अनुसन्धान आरम्भ गरे नगरेको के छ सो कुरामा विचार गर्नु पर्दछ । साथै, सो अनुसार गर्न गराउन अनुसन्धान निकायलाई सल्लाह दिनु पर्दछ,

४.३.१.४ वरामद लागू औषधसँग सम्बन्धित व्यक्ति वा ठाउँको खानतलासी वा व्यक्ति पक्राउ गर्दा पक्राउ पूर्जी जारी गर्ने अधिकारीको आदेशानुसार गरिएको छ, छैन विचार गर्नु आवश्यक छ,

४.३.१.५ खानतलासी र बरामदीको क्रममा रोहवरमा राख्नु पर्ने व्यक्तिका सम्बन्धमा ऐनले गरेको व्यवस्था अनुसार व्यक्तिहरु रोहवरमा राखिएका छन, छैनन सो कुरामा ख्याल गर्नु पर्दछ । स्थानीय प्रतिनिधि राख्ने विषय समयले भ्याएसम्म अनिवार्य राख्नु पर्ने र समयले नभ्याउने भएमा त्यसलाई अनुसरण नगरेको कारण वरामदीले मान्यता नपाउने भन्न नसकिने सर्वोच्च अदालतले विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन गरेको हुँदा सो कुरामा सरकारी वकील जानकार हुनु आवश्यक छ,

४.३.१.६ समयले नभ्याएको कुरा मचुल्कामा नै उल्लेख गर्नु पर्दछ, वरामदी मुचुल्कामा वरामद गर्दाको अवस्थाको समयलाई उल्लेख गर्न सकिन्छ,

४.३.१.७ अभियोजन गर्दा लागू औषधको सेवन गरेको भन्ने कुराको जिकिर लिने प्रतिवादीको रगत परीक्षण गरेर मात्र सो कुराको पुष्ट्याई भए नभएको कुराको यकिन गर्नु पर्दछ,

४.३.१.८ बरामदी परिमाणले समर्थन गरेदेखि बाहेक सामान्यतः सेवन र कारोबारको दुवै कुराको जिकिर लिने प्रतिवादीका हकमा कारोवारमा मात्र दाबी लिई अभियोजन गर्नु पर्दछ,

४.३.१.९ फौजदारी कसूरमा जसले कसूर गरेको हो उसलाई मात्र फौजदारी दायित्व बहन गराइने भएता पनि लागू औषध सम्बन्धी कारोवारमा कहिलेकाँही लागू औषधका कारोवारीहरुले एउटै व्यक्तिबाट फरक–फरक प्रकृतिको लागू औषध साथमा लिई हिड्ने अवस्थामा संगै पक्राउ परेका सवै प्रतिवादीहरुले बोकेको लागू औषधको परिमाणलाई जोडी दाबी लिई अभियोजन गरिनु पर्ने अवस्थामा बाहेक सामान्यतयाः जो जसबाट जे जति परिमाणको लागू औषध फेला परेको हुन्छ सोही परिमाणमा आधारित भई सजायको मागदाबी लिनु पर्दछ,

४.३.१.१० लागू औषधको कारोवारमा संलग्न रहेको वा लागू औषधको कारोवारीसँग सँगै पक्राउ पर्ने व्यक्तिलाई निजबाट लागू औषध वरामद नभए पनी संग्लनताको आधार र अवस्था खुल्ने अवस्था भए त्यस्तो व्यक्तिहरु उपर समेत अभियोजन गर्नु पर्दछ,

४.३.१.११ बरामदी लागू औषधको प्रकृति छुट्टाई परीक्षणबाट यकिन भए पछि मात्र अभियोजन गर्नु पर्दछ,

४.३.१.१२ लागू औषधको कारोवारसँग सम्बन्धित घर जग्गा सवारी वा अन्य साधन वरामद भई जफतको मागदाबी लिँदा ती चिज बस्तुको स्वामित्ववाला व्यक्ति समेत बुझि उक्त कारोवारमा स्वमित्ववालाको मञ्जुरी, सहमति वा आर्जन भए, नभएको यकिन गरी त्यसको आधारमा मात्र जफतको मागदाबी लिनु पर्दछ,

४.३.१.१३ कुनै एक व्यक्तिका साथबाट एक भन्दा बढी प्रकृतिका लागू औषध वरामद भएकोमा लागू औषधको प्रकृति अनुसार छुट्टाछुट्टै अभियोग मागदाबी लिई अभियोजन गर्नु पर्दछ,

४.३.१.१४ लागू औषधको कारोवारमा संग्लन उपर पटकमा सजाय गर्ने मागदाबी लिदा एक पटक उक्त ऐन अन्तर्गतको अपराधमा सजाय पाइसकेको भन्ने अवस्था भए मात्र पटकेमा सजायको माग दाबी गर्नु पर्ने, अन्यथा पटकेमा सजाय गर्न नसकिने हुँदा सो कुरामा अनुसन्धान र अभियोजनकर्ताले ध्यान दिनु पर्दछ,

४.३.१.१५ कुनै व्यक्तिका साथबाट लागू औषध वरामद भएको छ भने सो वस्तु निजसँग रहनु पर्ने कानून बमोजिमको खास कारण वा त्यस्तो वस्तु आफूसँग रहनु पर्ने कारण प्रतिवादीले नै पुऱ्याउनु पर्ने कानूनी व्यबस्था रहेकोले सो विषयमा अभियोजनकर्ताले विशेष ख्याल गर्नु पर्दछ,

४.३.१.१६ लागू औषध कारोवारमा स्वयम संलग्न रहेको गिरोह वा अन्य कुनै गिरोहका बारेमा जानकारी र सुराक दिई सो सम्बन्धमा मुख्य कसूरदार पत्ता लगाई दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई निज कसूरमा संलग्न भए पनि लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत हुने सजायमा पूर्ण वा आशिक रुपमा छुट हुने गरी मागदाबी लिन सकिने,

उक्त ऐनको दफा १८ग को कानूनी व्यवस्थाका बारेमा समेत ख्याल गरी सो अवस्था भएमा सोही अनुसार प्रष्ट विवरण आधार र  कारण खुलाई अभियोग दाबी लिनु पर्दछ ।

## ४.४ मानब वेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दामा सरकारी वकीलका लागि मार्गदर्शन

### ४.४.१ मानब वेचबिखन मुद्दाको अनुसन्धान तथा अभियोजनमा सरकारी वकीलको भूमिका

सरकारी वकीलले यस सम्बन्धी कसूरको अनुसन्धान तथा अभियोजनमा सामान्य मार्गदर्शनका अलावा निम्न कुराहरुमा विशेष ध्यान दिनु आवश्यक छः

४.४.१.१ यो अपराध संगठित रुपमा हुने, विभिन्न बहाना र प्रलोभनका आधारमा विभिन्न माध्यमबाट व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँ हुँदै देशभित्र र बाहिर लगी बेचबिखन गर्ने भएकोले यस सम्बन्धी कसूरमा अभियोजन गर्दा क्षेत्राधिकारको प्रश्नमा सरकारी वकील सदैव सतर्क र सजक  हुन आवश्यक हुन्छ,

४.४.१.२ बारदात कहाँ भएको हो, पीडितलाई लगेको ठाउँको इलाकाको अदालत, उद्दार गरिएको ठाउँको इलाकाको अदालत वा पक्राउ परेको ठाउँ वा ईलाकाको अदालतमध्ये कुन ठाउँमा अभियोजन गरिने हो भन्ने विषयमा अभियोजनकर्ता प्रष्ट हुनु पर्दछ र यस विषयमा अनुसन्धानकर्ता समेतलाई सरकारी वकीलले निर्देशित गर्नु पर्दछ,

४.४.१.३ मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा उल्लेख भएका मध्ये कुन कसूर भएको हो, अभियोजनकर्ताले निर्णय एवं आरोपपत्रमा स्पष्ट खुलाई अभियोजन गर्नु पर्दछ । जस्तो मानव बेचबिखन (किन्ने वा बेच्ने) कसूर, मानव शोषणको कसूर, ओसार पसारको कसूर, अङ्ग झिक्ने, बेश्यागमन गरेको वा वेश्यावृत्तिमा लगाएको वा यी कार्यको षडयन्त्र मतियार, सहयोग, दुरुत्साहन के, कस्तो कसूर हो स्पष्ट उल्लेख गरेको हुनु पर्दछ,

४.४.१.४ कानूनले उल्लेख गरेका उल्लेखित कसूर कहाँ, कहिले, कसरी र को को भई गरेका हुन् भन्ने प्रश्नको जवाफ अभियोजनमा खुलेको हुन पर्दछ । अभियोजनकर्ताले यो कुरालाई  अभियोजन गर्दा विशेष ख्याल गर्नु आवश्यक छ,

४.४.१.५ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले उल्लेख गरेका कसूर पिच्छे थप सजाय हुने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा एउटै अभियुक्तले एक भन्दा बढी कसूर गरेको भनी उजुरी परेको छ वा छैन वा अनुसन्धानबाट त्यस्तो देखिन्छ देखिँदैन त्यसलाई विचार गर्नु पर्दछ,

४.४.१.६ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले उल्लेख गरेका कसूर कसरी भएका छन्, जस्तोः प्रलोभनमा पारेर, झुक्काएर, डर, धाक, धम्की वा प्रलोभन वा आश्वासन दिएर, अपहरण वा शरीर बन्धक लिएर, पद वा शक्तिको दुरुपयोग वा अन्य कुन माध्यमबाट भएको छ सो कुरा पनि अभियोजनमा खुलाउनु आवश्यक हुन्छ, कसूरको गाम्भीर्यता बढाउने  तत्वहरु विद्यमान छन् भने त्यस्ता तत्वहरुको पनि विश्लेषण गर्नु पर्दछ ।

४.४.१.७ कसूर गर्ने व्यक्ति सार्वजनिक पद धारणा गरेको हो होइन वा अभियुक्तले आफ्नो संरक्षकत्वमा वा अभिभावकत्वमा रहेका पीडित उपर कसूर गरेको हो वा होइन, यदि  कसूर गर्ने व्यक्ति उल्लेखित अवस्थाका व्यक्ति रहेको खण्डमा थप सजाय हुने कानूनी व्यवस्था रहेकोले यस कुरामा अभियोजनकर्ता विशेष सजग हुनु पर्दछ,

४.४.१.८ जबरजस्ती करणी र मानव बेचबिखन मुद्दाको अभियोजनका सन्दर्भमा एउटै अभियोगमा मागदाबी लिँदा वारदात र हदम्यादका विषयमा विशेष ध्यान दिनु पर्दछ,

४.४.१.९ अभियोगपत्रमा प्रतिवादीहरुको स्पष्ट वतन नभएको अवस्थामा अभियुक्तको पहिचान, पक्राउ र कसूर ठहर हुने कुरामा प्रभाव पर्ने हुनाले अभियोगपत्रमा सबै प्रतिवादीहरुको नाम, थर वतनहरु स्पष्ट खुलाउनु पर्दछ,

४.४.१.१० शोषणको सन्दर्भ रहेको विषयमा पीडितको उमेर र शारीरिक परीक्षणको व्यहोरा स्पष्ट उल्लेख गरी सो को पुष्ट्याई हुने प्रमाण मिसिलमा सामेल गरी अभियाजे न गर्नु पर्दछ,

४.४.१.११ अभियोग दाबी लिइएको अभियुक्तले कसूर गरेको भन्ने कुरा प्रारम्भिक रुपमा पुष्टि गर्ने जिम्मेवारी वादी पक्षमा रहने हुँदा वारदातमा संलग्न अभियुक्तमध्ये कुन अभियुक्तले वारदातमा के कस्तो भूमिका निर्वाह गरेको हो, स्पष्ट खुलाई प्रति व्यक्ति कसूर र प्रमाणको यथोचित मूल्यांकन र विश्लेषण गर्नु पर्दछ,

४.४.१.१२ कानूनले कर्ताको मानसिक अवस्था (Guilty State of Mind) र कार्यका आधारमा मुख्य अभियुक्त, सहयोगी वा मतियारका रुपमा सजायको व्यवस्था गरेको हुँदा अभियोजनकर्ताले दाबी लिँदा कर्ताको मानसिक दोष र कार्यको स्पष्ट उल्लेखन गरी सजायको मागदाबी लिनु पर्दछ । गोलमटोल अभियोगका आधारमा दोषी करार गर्न नसकिने भनी फैसलामा अभियुक्तलाई सफाई दिएका उदाहरणका सन्दर्भमा प्रस्तुत विषय अभियोजनकर्ताले मनन गर्नु आवश्यक छ,

४.४.१.१३ मानव बेचबिखन कसूरको उद्यागे र ओसारपसारको कसूरका बीचमा रहेको भिन्नतामा प्रष्ट नहुँदा र ओसारपसार र बेचबिखन कुन उद्देश्यले गरेको हो त्यसमा प्रयाप्त विश्लेषण र मूल्यांकन नहुँदा धेरैजसो कसूरमा ओसारपसारको सानो सजाय गरिएको देखिएको हुँदा अभियोजनका सन्दर्भमा प्राप्त तथ्यका आधारमा सरकारी वकीलले राम्रोसँग अध्ययन गरी अभियोजन गर्नु पर्दछ,

४.४.१.१४ अपराध पीडितको अधिकारप्रति संवेदनशील हुँदै अपराध पीडितलाई क्षतिपूर्तिको मागदाबी लिनु पर्ने,

४.४.१.१५ कसूरमा संलग्न अभियुक्तले कमाएको वा कसूरसँग सम्बन्धित सामाग्री जफत गर्नु पर्ने अवस्थामा त्यसतर्फ मागदाबी लिनु पर्ने,

४.४.१.१६ पीडित वा जाहेरवालाको विवरण गोप्य राख्नु पर्ने अवस्था भए गोपनीयता कायम गर्नु पर्ने निर्देशिका बमोजिमको प्रकृया अनुशरण गर्नु पर्दछ,

४.४.१.१७ अपराध अनुसन्धान र अभियोजनलाई सहयोग पुऱ्याएको कारण कुनै अभियुक्तलाई सजाय छुटको मागदाबी लिनु पर्ने अवस्था भए सो कुराको स्पष्ट आधार र अवस्था दर्शाई सो को मागदाबी सहित अभियोजन गर्नु पर्दछ,

४.४.१.१८ अपराध अनुसन्धानको क्रममा अनुसन्धानलाई सहायक हुने हिसावले कुनै सुराकी प्राप्त भएमा र सो सुराकीको विवरण गोप्य राख्नु पर्ने भए सो कुराको यकिन गरी त्यस्तो विवरण गोप्य राख्न ध्यान दिनु पर्दछ,

४.४.१.१९ यो अपराध मानवता विरुद्धको अपराधका साथै घृणित र नैतिकता विरुद भएको र कानूनले नैतिक पतन देखिने अपराधको रुपमा मागदाबी लिन सकिने व्यवस्था गरेकोले कसूरको अवस्था अनुसार अभियोगपत्रमा मागदाबी लिनु पर्दछ,

४.४.१.२० यो कसूरको कारवाही र किनारा बन्द इजलासमा गरिने कानूनी व्यबस्था रहेकोले अभियोगपत्रमानै प्रस्तुत मुद्दाको कारवाही र किनारा बन्द इजलासबाट गरी पाउन मागदाबी लिन सकिने हुँदा सो कुरालाई अभियोजन गर्दा विचार गरिनु पर्दछ,

४.४.१.२१ अपराध पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनका लागि अनुसन्धानको अवस्थामा प्रतिवादीको सम्पतिको विवरण लिई अन्तिम फैसला नभएसम्म रोक्का गरी पाउन अभियोगपत्रमा माग गर्नुपर्छ ।

## ४.५ सङ्गठित अपराध सम्बन्धी मुद्दाको अभियोजनमा सरकारी वकीलका लागि मार्गदर्शन

### ४.५.१ अनुसन्धानको क्रममा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरु

४.५.१.१ प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि घटनाको प्रकृति हेरी अनुसन्धान गर्न लागिएको अपराध संगठित अपराधको परिभाषा भित्र पर्छ, पर्दैन यकिन गरी संगठित अपराध अन्तर्गतको देखिएमा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कार्यविधि अवलम्बन गर्न निर्देशन दिने,

४.५.१.२ अपराधको अनुसन्धान गर्न विशेष अनुसन्धान टोली गठन हुनुपर्ने अवस्था भएमा टोली गठनका लागि तुरुन्त महान्यायाधिवक्ता समक्ष जानकारी गराउने,

४.५.१.३ अपराधबाट आर्जित सम्पत्ति जफत हुने हुँदा त्यस्तो सम्पत्तिको खोजी गर्न, रोक्का राख्न आवश्यक प्रक्रियाको लागि निर्देशन दिने,

४.५.१.४ अपराध पीडित, जाहेरवाला र अपराधको बारेमा जानकारी राख्ने साक्षीको गोपनीयता र सुरक्षाको लागि आवश्यक प्रक्रिया अपनाउन निर्देशन दिने र स्थानीय प्रशासनसँग यसका लागि आवश्यक समन्वय गर्ने,

४.५.१.५ अपराधमा सम्बद्ध र ग्राह्य हुन सक्ने प्रमाणको प्रकृतिका सम्बन्धमा विचार गरी भौतिक र विद्युतीय प्रमाण भेटिन सक्ने संभाव्य स्थानका सम्बन्धमा अनुसन्धान अधिकृतसँग छलफल गरी दिशानिर्देश गर्ने,

४.५.१.६ अनुसन्धानमा भएको प्रगतिका बारेमा जानकारी लिई अनुसन्धानलाई प्रभावकारी बनाउन आवश्यक रणनीति तयार गर्ने,

४.५.१.७ अपराधसँग सम्बन्धित घर, जग्गा, सवारी साधन र अन्य चिजवस्तु रोक्का राख्ने र त्यसको स्वामित्व भएको व्यक्तिलाई बुझ्न लगाउने,

४.५.१.८ अपराधमा संलग्न भएको शंका भएको व्यक्तिको राहदानी रोक्का, बैंक कारोवार रोक्का तथा सञ्चार अभिलेख गर्न लगाउने,

४.५.१.९ अभियुक्तको बयान गराउँदा अपराधको सम्पूर्ण पक्षको जानकारी प्राप्त हुने र संलग्न अपराधिक गिरोहको पहिचान हुने गरी तथ्यहरु खुलाउन आवश्यक प्रश्न राख्न लगाउने,

४.५.१.१० संगठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पुऱ्याएमा (पहिलो पटक भएमा) निजलाई हुने सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी माग दाबी लिन सकिने व्यवस्था संगठित अपराध निवारण ऐन, २०७० मा भएकोले वयानको क्रममा अभियुक्तलाई सो प्रावधानका सम्बन्धमा जानकारी गराई सो अनुरुप गर्न अभियुक्त तयार भएमा सो अनुसार अपराधका सम्बन्धमा विस्तृत विवरण खुलाउन लगाई बयान गराउने,

४.५.१.११ अभियुक्तले अनुसन्धानमा सहयोग गरेको कारण निजको जीउ ज्यानमा आपराधिक गिरोहबाट खतरा हुनसक्ने भएकोले निजलाई खतराबाट वचाउन आवश्यक प्रवन्ध गर्न लगाउने ।

### ४.५.२ अभियोजन गर्दा सरकारी वकीलले ध्यान दिनुपर्ने कुराहरु

४.५.२.१ भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतंककारी कृयाकलापमा वित्तीय लगानी देखि बाहेकका अन्य संगठित अपराध सम्बन्धी मुद्दाको कारवाही सम्बन्धित जिल्ला अदालतले गर्ने हुनाले उल्लेखित अपराध बाहेक अन्य संगठित अपराधको अभियोगपत्र सम्बन्धित जिल्ला अदालतमा दायर गर्नुपर्छ,

४.५.२.२ अभियोजन सम्बन्धी निर्णय गर्दा मुद्दा संगठित अपराध (Organized Crime) हो वा समूहगत अपराध (Gang Crime) हो भन्ने यकिन गर्ने, संगठित अपराध देखिएमा संगठित आपराधिक समूहले आर्थिक वा अन्य कुनै भौतिक फाइदा (Material Benefit) का लागि सो अपराध गरेको हो भन्ने कुरा सर्वप्रथम स्थापित गर्ने,

४.५.२.३ संगठित अपराध निवारण ऐन, २०७० ले केही संगठित अपराधहरु अन्य मूल अपराधसँग जोडिएर आई सँग ठितरुपमा उक्त अपराध गरे बापत थप सजाय हुने गरी गरेको व्यवस्था र केही अपराधहरु आफै स्वतन्त्ररुपमा संगठित अपराध हुने गरी गरेको व्यवस्थालाई ख्याल गरी कुन प्रकृतिको संगठित अपराध हो, सोही अनुसार मागदाबी लिई अभियोजन गर्ने,

४.५.२.४ अभियुक्तहरुको सहभागिता र भूमिका यकिन हुने गरी तथ्य र प्रमाणको विवेचना गरी अपराधिक दायित्वको तह निर्धारण गरी अभियोग मागदाबी लिने,

४.५.२.५ अपराधबाट भएको क्षति यकिन गरी अपराध पीडितको सम्पत्ति फिर्ता गर्ने वा भराउनु पर्ने क्षतिपूर्ति यकिन गरी सो क्षतिपूर्ति कसबाट भराउनु पर्ने हो यकिन मागदाबी लिने,

४.५.२.६ अपराधसँग सम्बन्धित चिज वस्तु, सवारी साधन र घर जग्गा जफतको मागदाबी लिँदा सो को स्वामीको संलग्नता वा सहमति स्थापित हुने तथ्यको विश्लेषण गरी निजको संलग्नताको स्तर यकिन गरी मागदाबी लिने,

४.५.२.७ अभियुक्तले सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न सघाउ पुऱ्याएमा र निज पहिलो पटके अपराधी भएमा अभियुक्तको भूमिका, निजको मानसिक अवस्था, सहयोगको स्तर समेतलाई विचार गरी सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी मागदाबी लिन सकिने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा सजायमा छुट दिन प्रस्ताव गरिएको प्रतिशत यकिन उल्लेख गरी मागदाबी लिने, तर देहायको अवस्थामा सजायमा छुट दिन मागदाबी नलिनेः

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) कुनै सङ्गठित अपराधमा कैद सजाय पाएकोमा कैद भुक्तान भएको तीन वर्ष पूरा नभएसम्म,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको भएमा ।

४.५.२.८ साक्षी र पीडितको गोपनीयता कायम गर्नु पर्ने भएमा वास्तविक रुपमा गोपनीयता कायम हुन सक्ने गरी अभियोगपत्र लगायत अदालतमा पेश गरिने सबै कागजमा सांकेतिक नाम उल्लेख गर्ने,

४.५.२.९ प्रमाण र साक्षीको सुरक्षाको दृष्टिले अदालतमा उपस्थित नगराई श्रव्यदृष्य संवाद वा डोर मार्फत बुझ्नु पर्ने भएमा सोही व्यहोराको अनुरोध अभियोगपत्रमा गर्ने ।

## ४.६ अपराध पीडितका अधिकारको संरक्षण गर्ने सन्दर्भमा सरकारी वकीलका लागि मार्गदर्शन

### ४.६.१ मुद्दाको अनुसन्धानको क्रममा सरकारी वकीलको भूमिका

४.६.१.१ अपराध पीडित बाहेक अन्यले जाहेरी दिएको भए अपराध पीडितको कागज गराउन निर्देशन दिने,

४.६.१.२ अपराध पीडितले नै जाहेरी दिएको भए जाहेरीमा कुनै महत्वपूर्ण कुरा खुल्न बाँकी देखिएमा सो खुलाउन बेग्लै कागज गराउन निर्देशन दिने,

४.६.१.३ अपराध पीडित महिला वा बालबालिका रहेको र गोपनीयता कायम गर्नु पर्ने प्रकृतिको मुद्दा भए मुद्दाको शुरुवात देखि नै प्रभावकारी रुपमा गोपनीयता कायम गर्न निर्देशन दिने,

४.६.१.४ अपराध पीडितको शारीरिक परीक्षण गर्नु पर्ने अवस्थाको मुद्दा भए तुरुन्त परीक्षण गराउन निर्देशन दिने,

४.६.१.५ अपराध पीडितलाई तत्कालै कानूनी वा मानवीय संरक्षण आवश्यक छ, छैन ? बुझी आवश्यक भए सो सुविधा उपलब्ध गराउन पहल गर्न प्रहरीलाई निर्देशन दिने, तत् सम्बन्धमा अन्य संस्थाहरुसँग समेत समन्वय गर्ने, यस क्रममा मुलुकी अपराध संहिता, २०७४ को दफा ४८, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ तथा फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम १२ बमोजिम अपराध पीडितलाई अन्तरिम राहत क्षतिपूर्ति दिलाउन समन्वय तथा सहजीकरण गर्ने,

४.६.१.६ अपराध पीडित नाबालक, दृष्टिविहीन वा बोल्न नसक्ने भए जाहेरी दरखास्त वा कागज गर्दा अभिभावकलाई रोहवरमा राख्न निर्देशन दिने,

४.६.१.७ अपराध पीडितलाई क्षतिपूर्ति दिलाउने प्रकृतिको मुद्दा भए प्रतिवादीको सम्पत्तिको लगत लिने र रोक्का राख्ने कार्य गर्ने निर्देशन दिने,

४.६.१.८ विशेष जानकारीद्वारा अपराध पीडितको अधिकारको उपभोगमा कुनै किसिमको अवरोध वा व्यवधान पैदा भएको वा हुन लागेको थाहा हुन आएमा सो बारेमा बुझ्न लगाई आवश्यक उपचारको लागि निर्देशन दिने,

४.६.१.९ अपराध पीडितले अपराध पीडित सरंक्षण ऐन, २०७५ को दफा २५ अनुसार पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने बारेमा मुद्दाको अनुसन्धानकै क्रममा अपराध पीडितलाई जानकारी दिने ।

**४.६.२ मुद्दाको अभियोजनको क्रममा सरकारी वकीलको भूमिका:**

४.६.२.१ प्रथमतः मुद्दाको अनुसन्धान प्रभावकारी रुपमा भएको छ छैन ? र आफूले पहिले दिएका निर्देशनहरुको पालना भएको छ छैन ? हेर्नु पर्ने, यसरी हेर्दा खासगरी निम्नलिखित कुरातर्फ विशेष ध्यान दिनेः

(क) अपराध पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ अभियुक्तको चल अचल सम्पत्तिको विवरण संकलन गरिएको छ छैन ? र क्षतिपूर्ति वा उपचार खर्च के कति भराई पाउने हो सो स्पष्ट छ छैन ?,

(ख) अपराध पीडितको शारीरिक जाँच वा अन्य विशेषज्ञको जाँच प्रतिवेदन झिकाई मिसिल सामेल राखिएको छ छैन ? सो प्रतिवेदन बुझिने गरी लेखिएको छ छैन ?

(ग) कुनै धनमाल, नगद वा दशी समान अनुसन्धानको क्रममा लिएको भए सो सामान र प्रमाणको रुपमा वरामद गरिएका अन्य दशीका सामानहरु सुरक्षित र सावुत हालतमा छ छैन ? यकिन गर्ने,

(घ) अपराध पीडित तथा साक्षीको स्पष्ट नाम, थर, वतन, र भएसम्म सम्पर्क फोन इमेल आदि प्रष्ट सँग खुलाएको छ छैन ? यकिन गर्ने,

(ङ) अपराध पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने प्रकृतिको मुद्दा भए सो विवरण गोप्य राखे नराखेको ?,

(च) अपराध पीडित बालबालिका भए निजको उमेर यकिन गर्ने प्रमाण मिसिलमा छ छैन?उमेर यकिन गर्ने क्रममा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८३ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३७ को क्रमलाई ध्यान दिइएको छ, छैन ?

४.६.२.२ अनुसन्धान सम्पन्न भई मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने क्रममा सरकार वादी भई मुद्दा चल्न नसक्ने अवस्थाको देखिएमा अपराध पीडितले न्याय प्राप्त गर्न सक्ने के कस्तो उपचारको बाटो हुन सक्छ सो बारेको कानूनी प्रकृया सहित अपराध पीडितलाई जानकारी दिने,

४.६.२.३ मुद्दा चलाउने निर्णय गर्दा प्रतिवादीले गरेको कसूर कुन कानूनको उल्लंघन हो र प्रतिवादीलाई कुन कानून अनुसार सजाय हुनु पर्ने हो भन्ने कुराका अतिरिक्त अपराध पीडितलाई के कस्तो क्षतिपूर्ति वा विगो भराई दिनु पर्ने हो सो बारेमा आधार र कारण सहित स्पष्ट रुपमा अभियोग पत्रमा उल्लेख गर्ने,

४.६.२.४ अदालतमा मुद्दा दायर गरेपछि अपराध पीडितलाई कुनै सुरक्षा वा संरक्षण सम्बन्धी कुनै कार्य गर्नु पर्ने भए सो उल्लेख गरी माग दाबी लिने,

४.६.२.५ बाल वा बन्द इजलाशबाट हेनुपर्ने मुद्दा भए सो उल्लेख गर्ने,

४.६.२.६ अपराध पीडितको सामान वा नगद फिर्ता दिनु पर्ने भए सो कुरा अभियोग पत्रमा उल्लेख गर्ने,

४.६.२.७ अपराध पीडितले पीडित प्रभाव प्रतिवेदन पेश गरेको भए अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ अनुसार सो प्रतिवेदन मुद्दा हेर्ने निकायमा पेश गर्ने।

**४.६.३ मुद्दाको सुनवाइको क्रममा सरकारी वकीलको भूमिका:**

४.६.३.१ अपराध पीडितलाई न्यायिक प्रकृयाका बारेमा आवश्यक जानकारी दिने, पेशीको जानकारी दिने, मुद्दामा भैरहेको काम कारवाहीको प्रगति बारेमा जानकारी गराउने, अभियोगपत्रको प्रतिलिपि उपलब्ध गराउने,

४.६.३.२ लामो समय टाढा जाने अवस्था भएमा वा अन्य कुनै कारणले पीडित, विशेषज्ञ वा साक्षीको तत्काल बकपत्र गराउनु पर्ने भएमा सो व्यहोरा उल्लेख गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०१ को उपदफा (५) अनुसार गराई पाउन मुद्दा हेर्ने निकायमा अनुरोध गर्ने,

४.६.३.३ पीडित मैत्री वातावरणमा बकपत्र गराउने तथा अपराध पीडितको सुरक्षा र संरक्षणलाई ध्यानमा राखी कारवाही गर्ने,

४.६.३.४ दशीको रुपमा पेश गरिएका अपराध पीडितको हक लाग्ने नगदी जिन्सी धनमाल फिर्ता दिन मुद्दा हेर्ने निकायमा पत्राचार गरी सो प्रकृयामा सहयोग गर्ने,

४.६.३.५ मुद्दा सुनवाइको क्रममा अपराध पीडितले सहभागी हुन चाहेमा आवश्यक सहयोग गर्ने, .

४.६.३.६ अपराध पीडित र अन्य साक्षीको बकपत्र समाप्त भए पछि धन्यवाद सहित दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउन प्रहरी कार्यालयमा पत्र लेखी अनुरोध गर्ने,

४.६.३.७ अपराध पीडित र अन्य साक्षीको बकपत्र गराउदा अनावश्यक जिरह गर्ने, साक्षी दुरुत्साहित हुने, अपराध पीडितको संवेदनशिलता माथी प्रहार हुने प्रश्नहरु विपक्षीका कानून व्यावसायीबाट सोधिएमा सो रोकी पाउन मुद्दा हेर्ने अधिकारी समक्ष अनुरोध गर्ने,

४.६.३.८ अपराध पीडित र अन्य साक्षीहरुलाई बकपत्रका लागि मुद्दा हेर्ने निकायमा उपस्थित गराउनु भन्दा पहिले बकपत्र गर्दा सोधपुछको क्रममा निजहरुले खुलाउनु पर्ने कुराहरु तथा प्रतिपक्षका कानून व्यवसायीले गर्न सक्ने जिरहका बारेमा जानकारी दिने। यसरी जानकारी दिने क्रममा कसूर ठहर हुने वा नहुने उद्देश्यले झुठा वकपत्र गर्न प्रोत्साहित नगरी देखे जानेको सत्य कुरा बोल्न प्रोत्साहित गर्ने,

४.६.३.९ मुद्दा दायर हुँदा मिसिल साथ पेश गर्न नसकिएका प्रमाणहरु सम्बन्धित निकायबाट झिकाई मुद्दा हेर्ने निकायमा पेश गर्ने,

४.६.३.१० मुद्दा दायर भए पछि प्राप्त महत्वपूर्ण प्रमाणहरु मुद्दा हेर्ने निकायमा पेश गर्ने,

४.६.३.११ तोकिएको मितिमा अपराध पीडित बकपत्र गर्न उपस्थित नभएमा उपस्थित हुन नसक्नुको कारण बुझी ती कारणहरुलाई हटाउनेतर्फ पहल गर्ने, अपराध पीडितलाई निजको सुरक्षाको विश्वास दिलाउने,

४.६.३.१२ मुद्दामा प्रभावकारी बहस पैरवी गर्ने, र सकेसम्म गम्भीर प्रकृतिका मुद्दाहरुमा बहस नोट पेश गर्ने,

४.६.३.१३ अपराध पीडितलाई मुद्दाको फैसला तथा त्यसको परिणाम बारेमा जानकारी दिने,

४.६.३.१४ पुनरावेदन गर्नु पर्ने आधार देखिएमा तल्लो अदालतको फैसला उपर पुनरावेदन गर्ने। पुनरावेदन गर्ने वा नगर्ने बारेमा भएको कारवाहीको जानकारी अपराध पीडितलाई दिने।

**४.६.४ फैसला कार्यान्वयनको क्रममा सरकारी वकीलको भूमिका**

४.६.४.१ अपराध पीडितले क्षतिपूर्ति एवं विगो भरी भराई पाउने गरी फैसला भएकोमा प्रतिवादीको नामको वा निजको हक लाग्ने चल अचल सम्पत्ति मुद्दामा खुलाई नसकेको भए सम्बन्धित निकायमा पत्राचार गरी खुलाउन सहयोग गर्ने,

४.६.४.२ फैसला बमोजिम अपराध पीडितले भरी भराई पाउने क्षतिपूर्ति पाउन र दशी नगद जिन्सी फिर्ता पाउन अपनाउनु पर्ने प्रकृया, कानूनी व्यवस्था र अपराध पीडितले गर्नुपर्ने पहलका सन्दर्भमा अपराध पीडितलाई जानकारी दिई सहयोग गर्ने,

४.६.४.३ फरार प्रतिवादीहरुको अभिलेख राख्ने व्यवस्था मिलाउने,

४.६.४.४ कैद सजाय पाएको प्रतिवादी फरार रहेकोमा अपराध पीडितसँग समन्वय गरी पक्राउ गर्न सम्बन्धित प्रहरी कार्यालयलाई निर्देशन दिने।

**४.६.५ अभियुक्त पत्ता नलागेको वा अन्य कुनै कारणबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर हुन नसकेको कसूरबाट पीडितलाई राहत उपलब्ध गराउन सरकारी वकीलको भूमिका:**

४.६.५.१ यस्तो अवस्थाका अपराध पीडितलाई राहत उपलब्ध गराउन फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ को नियम ११ अनुसार राहत उपलब्ध गराउने प्रकृयाका लागि आवश्यक निर्णय, सहजीकरण र समन्वय गर्ने।

## ३. महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य सञ्चालन कार्यविधि, २०७८

महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयमा विभाग, महाशाखा, केन्द्र, शाखा र फाँटको स्थापना गरी कार्य सञ्चालन व्यवस्थित गर्न तथा सरकारी वकील तथा अन्य कर्मचारीहरूको कार्य विवरण निश्चित गर्न वाञ्छनीय भएकाले, सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम (६) बमोजिम महान्यायाधिवक्ताबाट देहाय बमोजिमको कार्यविधि स्वीकृत भई जारी गरिएको छ।

### परिच्छेद – एक

### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यस कार्यविधिको नाम "महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकीकृत कार्य संचालन कार्यविधि, २०७८" रहेको छ।

१.२ यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

**२ परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ "कार्यालय" भन्नाले महान्ययाधिवक्ताको कार्यालय र सो मातहतका उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयलाई जनाउँछ।

२.२ "नियम" भन्नाले सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम सम्झनु पर्छ।

२.३ "प्रकरण" भन्नाले यस कार्यविधिको प्रकरण नम्बर सम्झनु पर्छ।

२.४ "योजना" भन्नाले महान्यायाधिवक्ताको कार्यालयको चालु रणनीतिक योजना सम्झनु पर्छ।

२.५ "वार्षिक कार्य योजना" भन्नाले चालु पञ्चवर्षीय रणनीतिक योजनाको वार्षिक कार्य योजना सम्झनु पर्छ।

२.६ "विभाग" भन्नाले सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४ को उपनियम (३) बमोजिमका प्रकरण ३.१ मा उल्लिखित विभागलाई जनाउँछ।

२.७ "विषयगत मुद्दा महाशाखा" भन्नाले प्रकरण ३.३ मा उल्लिखित मुद्दा महाशाखा सम्झनु पर्छ।

२.८ "व्यवस्थापन समिति" भन्नाले सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४३ बमोजिमको व्यवस्थापन समिति सम्झनु पर्छ।

## परिच्छेद– दुई

## विभाग, महाशाखा, केन्द्र, सचिवालय, शाखा तथा फाँटको स्थापना

**३. महान्यायाधिवक्ताको कार्यालयमा विभाग, महाशाखा, केन्द्र, सचिवालय, शाखा तथा फाटको स्थापनाः**

३.१ विभागः महान्यायाधिवक्ताको कार्यालयको कामलाई सुव्यवस्थित रूपले सञ्चालन गर्नका लागि नियम ४ को उपनियम (३) बमोजिम देहायका विभाग रहने छन्:

(क) मुद्दा व्यवस्थापन विभाग

(ख) योजना, अनुसन्धान तथा अनुगमन विभाग

(ग) कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग

(घ) मानव अधि कार संरक्षण तथा कानूनी राय विभाग

३.१.१ कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागको प्रमुख वरिष्ठतम् नायब महान्यायाधिवक्ता हुनेछ।

३.१.२ विभागको प्रमुख र विषयगत मुद्दा महाशाखाको रूपमा काम गर्न महान्यायाधिवक्ताले कार्यादेश सहित नायब महान्यायाधिवक्तालाई जिम्मेवारी तोक्नेछ।

३.१.३ कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागका नायब महान्यायाधिवक्ताले विभाग र विषयगत मुद्दा महाशाखा अन्तर्गत रहने अन्य सरकारी वकील तथा कर्मचारीको जिम्मेवारी हेरफेर गर्न सक्नेछ।

**३.२ महान्यायाधिवक्ताको कार्यालयमा विभाग अन्तर्गत रहने महाशाखा, केन्द्र तथा शाखाको गठनः** विभागबाट सम्पादन हुने कार्यका लागि नियम ४ को उपनियम (५) बमोजिम विभाग अन्तर्गत रहने महाशाखा, केन्द्र र शाखा देहाय बमोजिम हुनेछन्;

३.२.१ मुद्दा व्यवस्थापन विभाग अन्तर्गत रहने महाशाखा तथा शाखाः

(क) अभियोजन अनुगमन तथा मूल्याङ्कन महाशाखा

(ख) मुद्दा तथा बहस व्यवस्थापन महाशाखा

(ग) पुनरावेदन शाखा

(घ) मुद्दा तथा रिट शाखा

(ङ) अभिलेख शाखा

(च) अभियोजन अनुगमन शाखा

३.२.२ योजना, अनुसन्धान तथा अनुगमन विभाग अन्तर्गत रहने महाशाखा तथा शाखाः

(क) योजना, अनुसन्धान तथा अनुगमन महाशाखा (छोटकरीमा योजना महाशाखा)

(ख) योजना कार्यान्वयन तथा अनुगमन शाखा (छोटकरीमा योजना शाखा)

(ग) अनुसन्धान तथा प्रतिवेदन शाखा

(घ) साइवर सुरक्षा र सूचना, संचार, प्रविधि महाशाखा (Cyber Security and ICT Division)

(ङ) साइवर सुरक्षा शाखा

(च) सूचना प्रविधि शाखा

३.२.३ कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग अन्तर्गत रहने महाशाखा, केन्द्र तथा शाखाः

(क) मानव संसाधन महाशाखा

(ख) अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा

(ग) अभियोजन प्रशिक्षण केन्द्र

(घ) कर्मचारी प्रशासन शाखा

(ङ) आर्थिक प्रशासन शाखा

(च) पुस्तकालय तथा संग्राहलय व्यवस्थापन शाखा

(छ) जिन्सी शाखा

(ज) दर्ता चलानी तथा सोधपुछ फाँट

३.२.४ मानव अधिकार संरक्षण तथा कानूनी राय विभाग अन्तर्गत रहने महाशाखा, केन्द्र तथा शाखा

(क) मानव अधिकार संरक्षण तथा न्यायिक सिद्धान्त अनुगमन महाशाखा

(ख) कसूर पीडित तथा साक्षी संरक्षण शाखा

(ग) कानूनी राय महाशाखा

(घ) अपराधशास्त्रीय अनुसन्धान केन्द्र ३.२.५ महाशाखा र केन्द्रको प्रमुखमा सहन्यायाधिवक्ता र शाखाको प्रमुखमा उपन्यायाधिवक्ता, प्रमुख लेखा नियन्त्रक, सहायक न्यायाधिवक्ता र अन्य अधिकृत तथा सहायकस्तरका कर्मचारी रहनेछन्।

३.२.५ विभाग अन्तर्गत रहने महाशाखा, केन्द्र तथा शाखामा कार्यरत रहने सरकारी वकील तथा कर्मचारी सम्बन्धित विभागको प्रमुखसँग समन्वय गरी कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागको प्रमुखले हेरफेर गर्न सक्नेछ।

**३.३ महान्यायाधिवक्ताको कार्यालयमा विषयगत मुद्दा महाशाखाको गठनः** कार्यालयबाट प्राप्त हुने मुद्दामा महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम निर्णय/निकासा दिन र महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी, प्रतिरक्षा तथा प्रतिनिधित्व गरिने मुद्दा तथा रिटमा विषयगत विशिष्टीकरण अनुरूप कार्य गर्न व्यवस्थापन समितिको परामर्शममा महान्यायाधिवक्ताले तोकेको नायब महान्यायाधिवक्ताको नेतृत्वमा देहाय बमोजिम विषयगत मुद्दा महाशाखाहरू रहनेछन्;

(क) संवैधानिक मुद्दा महाशाखा

(ख) राजश्व तथा भ्रष्टाचार मुद्दा महाशाखा

(ग) भूमि सम्बन्धी तथा विविध मुद्दा महाशाखा

(घ) कर्मचारी मुद्दा महाशाखा

३.३.१ प्रकरण ३.३ बमोजिमका मुद्दा महाशाखामा रहने सरकारी वकील तथा कर्मचारी सम्बन्धित नायब महान्यायाधिवक्तासँग समन्वय गरी कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागको प्रमुखले तोके बमोजिम हुनेछन्।

३.३.२ प्रकरण ३.३.१ बमोजिम मुद्दा महाशाखामा तोकिएका सरकारी वकील तथा कर्मचारीलाई सम्बन्धित नायब महान्यायाधिवक्तासँग समन्वय गरी कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागको प्रमुखले हेरफेर गर्न सक्नेछन्।

**३.४ महान्यायाधिवक्ताको सचिवालयः** महान्यायाधिवक्तासँग परामर्श गरी कार्यालय तथा जनशक्ति विभागले तोके बमोजिमको सरकारी वकील र सहयोगी कर्मचारी रहने गरी महान्यायाधिवक्ताको सचिवालय रहनेछ।

**३.५ योजना कार्यान्वयन तथा अनुगमन समितिको गठनः**

३.५.१ महान्यायाधिवक्ताको कार्यालयमा वरिष्ठतम् नायब महान्यायाधिवकताको संयोजकत्वमा प्रत्येक विभाग अन्तर्गतका एक/एक जना सहन्यायाधिवक्ता सदस्य, आर्थिक प्रशासन शाखाका प्रमुख सदस्य र योजना शाखाका उपन्यायाधिवक्ता सदस्य सचिव रहेको योजना कार्यान्वयन तथा अनुगमन समिति रहनेछ,

३.५.२ प्रत्येक उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयमा कार्यालय प्रमुखको संयोजकत्वमा एक योजना कार्यान्वयन तथा अनुगमन समिति रहनेछ,

३.५.३ योजना कार्यान्वयन तथा अनुगमन समितिको गठन, काम कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था महान्यायाधिवक्ताले स्वीकृत गरेको योजना कार्यान्वयन तथा अनुगमन सम्बन्धी कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ,

३.५.४ प्रकरण ३.५.३ बमोजिमको कार्यविधिको मस्यौदाको तर्जुमा र सोको परिमार्जन प्रकरण ३.५.1. बमोजिमको समितिले गठन गरेको कार्य समूहले गर्नेछ,

३.५.५ यस प्रकरण बमोजिमको समितिले प्रकरण ३.५.३. बमोजिमको कार्यविधिमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी आफ्नो कार्यसम्पादन आफै व्यवस्थित गर्न सक्नेछ।

**३.६ अभियोजन सहजीकरण समितिको गठनः**

३.६.१ सरकारी वकीललाई अभियोजन सम्बन्धी निर्णय गर्न कुनै द्विविधा, अस्पष्टता वा समस्या आई परेमा सो सम्बन्धमा उपयुक्त अभियोजन सम्बन्धी सुझाव तथा सल्लाह दिन महान्यायाधिवक्ताको कार्यालयमा एक अभियोजन सहजीकरण समिति (यस प्रकरणमा यस पछि समिति भनिएको) रहनेछ,

३.६.२ समितिमा महान्यायाधिवक्ताले तोकेको नायब महान्यायाधिवक्ता संयोजक र कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागका नायब महान्यायाधिवक्ताले तोकेका अभियोजन सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्षको अनुभव भएका अन्य चार जना सरकारी वकील सदस्य तथा आवश्यक संख्यामा अन्य कर्मचारी रहने छन्,

३.६.३ समितिको संयोजकलाई महान्यायाधिवक्ताले र अन्य सदस्य तथा कर्मचारीलाई आवश्यकता अनुसार कार्यालय तथा जनशक्ति विभागको प्रमुखले हेरफेर गर्न सक्नेछ,

३.६.४ समितिले लिखित वा मौखिक रूपमा सोधनी भएका समस्यामूलक विषयका सम्बन्धमा समितिमा छलफल गरी निकासका लागि सुझाव दिई सोको अभिलेख राख्नु पर्नेछ,

३.६.५ समितिले विषयवस्तुको गम्भीरताका आधारमा व्यवस्थापन समिति समक्ष समस्यामूलक विषयवस्तु राखी निर्देशन लिन सक्नेछ,

३.६.६ समिति समक्ष समस्यामूलक विषयवस्तुको प्राप्तिको तरिका, त्यसको अभिलेख, समस्याका सम्बन्धमा छलफल गर्ने र सुझाव दिने समय र प्रक्रिया सम्बन्धमा समितिले आफै व्यवस्थित गर्नेछ,

३.६.७ समितिले आफू समक्ष प्राप्त भएको समस्यामूलक विषयमा यथाशीघ्र सुझाव दिनेछ।

४. **उच्च सरकारी वकील कार्यालयमा शाखा तथा फाँटको स्थापनाः** उच्च सरकारी वकील कार्यालयबाट सम्पादन गरिने कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन देहाय बमोजिम शाखा तथा फाँट रहनेछन्;

(क) मुद्दा तथा रिट शाखा

(ख) बहस पैरवी व्यवस्थापन शाखा

(ग) प्रशासन, योजना तथा कानूनी राय शाखा

(घ) कसूर पीडित तथा साक्षी संरक्षण र हिरासत अनुगमन शाखा

(ङ) साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा (Cyber Security and ICT Section)

(च) पुस्तकालय शाखा

(छ) आर्थिक प्रशासन फाँट

(ज) दर्ता चलानी तथा सोधपुछ फाँट

४.१ उच्च सरकारी वकील कार्यालयका प्रमुखले कार्य क्षमता र जेष्ठता समेतलाई विचार गरी प्रकरण ४ बमोजिमका शाखाको प्रमुखमा उपन्यायाधिवक्ता वा सहायक न्यायाधिवक्तालाई तथा शाखाको सहयोगीमा सहायक न्यायाधिवक्ता/ सहायक कर्मचारी र फाँटमा सहायक कर्मचारीलाई कार्यादेश सहित जिम्मेवारी दिनेछ,

४.२ उच्च सरकारी वकील कार्यालयमा सरकारी वकीलको पद रिक्त वा अपर्याप्त रहेको अवस्थामा कार्यालय प्रमुख स्वयंले शाखा प्रमुखको जिम्मेवारी निर्वाह गर्न वा कुनै सरकारी वकीललाई एक भन्दा बढी शाखाको प्रमुखको जिम्मेवारी तोक्न सक्नेछ,

४.३ उच्च सरकारी वकील कार्यालयका प्रमुखले समय समयमा आवश्यकता अनुसार शाखा/फाँट प्रमुख तथा सहयोगीको जिम्मेवारी हेरफेर गर्न सक्नेछ,

४.४ उच्च सरकारी वकील कार्यालयले यस दफा बमोजिम शाखा तथा फाँटको जिम्मेवारी प्रदान गरेको विवरण महान्यायाधिवक्ताको कार्यालय, मानव संसाधन महाशाखामा उपलब्ध गराउनु पर्नेछ ।

५. **विशेष सरकारी वकील कार्यालयमा शाखा तथा फाँटको स्थापना:** विशेष सरकारी वकील कार्यालयबाट सम्पादन गरिने कार्यलाई प्रभावकारी र व्यवस्थित गराउन देहाय बमोजिम शाखा र फाँट रहनेछन्;

(क) भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण मुद्दा शाखा

(ख) वाणिज्य मुद्दा शाखा

(ग) वैदेशिक रोजगार, राजस्व तथा विविध मुद्दा शाखा

(घ) प्रशासन तथा योजना शाखा

(ङ) कसूर पीडित तथा साक्षी संरक्षण शाखा

(च) अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखा

(छ) साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा (Cyber Security and ICT Section)

(ज) पुस्तकालय शाखा

(झ) आर्थिक प्रशासन फाँट

(ञ) दर्ता चलानी तथा सोधपुछ फाँट

५.१ विशेष सरकारी वकील कार्यालयका प्रमुखले प्रकरण ५ बमोजिमको शाखाको प्रमुखमा कार्य क्षमता र जेष्ठता समेतलाई विचार गरी उपन्यायाधिवक्तालाई तथा शाखाको सहयोगीमा सहायक न्यायाधिवक्ता/सहायक कर्मचारी र फाँटमा सहायक कर्मचारीलाई कार्यादेश सहित जिम्मेवारी दिनेछ।

५.२ विशेष सरकारी वकील कार्यालयका प्रमुखले शाखा प्रमुख तथा सहयोगीको जिम्मेवारी हेरफेर गर्न सक्नेछ।

५.३ विशेष सरकारी वकील कार्यालयले यस दफा बमोजिम शाखा तथा फाँटको जिम्मेवारी प्रदान गरेको विवरण महान्यायाधिवक्ताको कार्यालय, मानव संसाधन महाशाखामा उपलब्ध गराउनु पर्नेछ।

६. **जिल्ला सरकारी वकील कार्यालयमा शाखा तथा फाँटको स्थापना**: जिल्ला सरकारी वकील कार्यालयको काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन देहाय बमोजिम शाखा तथा फाँट रहनेछन् ;

(क) मुद्दा तथा अभिलेख व्यवस्थापन शाखा

(ख) प्रशासन, योजना तथा कानूनी राय शाखा

(ग) कसूर पीडित तथा साक्षी संरक्षण शाखा

(घ) साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा (Cyber Security and ICT Section)

(ङ) पुस्तकालय शाखा

(च) दर्ता चलानी तथा सोधपुछ फाँट

६.१ जिल्ला सरकारी वकील कार्यालयका प्रमुखले शाखाको प्रमुखमा कार्य क्षमता र जेष्ठता समेतलाई विचार गरी सरकारी वकील तथा शाखाको सहयोगीमा अन्य सरकारी वकील/सहायक कर्मचारी र फाँटमा सहायक कर्मचारीलाई कार्यादेश सहित जिम्मेवारी दिनेछ,

६.२ कार्यालय प्रमुख बाहेक अन्य सरकारी वकीलको पद रिक्त वा अपर्याप्त रहेको अवस्थामा शाखा प्रमुखको जिम्मेवारी कार्यालय प्रमुखले नै निर्वाह गर्ने वा कुनै सरकारी वकीललाई एक भन्दा बढी शाखा प्रमुखको जिम्मेवारी तोक्न सक्नेछ,

६.३ जिल्ला सरकारी वकील कार्यालयका प्रमुखले आवश्यकता अनुसार शाखा प्रमुख तथा सहयोगीको जिम्मेवारी हेरफेर गर्न सक्नेछ,

६.४ जिल्ला सरकारी वकील कार्यालयले यस प्रकरण बमोजिम शाखा तथा फाँटको जिम्मेवारी प्रदान गरेको विवरण सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद– तीन

## महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादन हुने कार्य विवरण

**७. महान्यायाधिवक्ताको कार्यालयका विभाग, महाशाखा, केन्द्र, सचिवालय, शाखा तथा फाँटबाट सम्पादन हुने कार्य विवरण**:

**७.1 मुद्दा व्यवस्थापन विभाग**: यस विभागबाट देहाय बमोजिमका कार्यसम्पादन एवं व्यवस्थापन हुनेछन्:–

७.१.१ कार्यालयबाट प्राप्त मुद्दा चलाउने/नचलाउने, मुद्दा दोहोर्याउन निवेदन गर्ने, अन्तरकालीन आदेश उपर निवेदन गर्ने, पुनरावेदन गर्ने/नगर्ने, आंशिक निर्णय समर्थन गर्ने/नगर्ने तथा मिलापत्र गर्न आदेश दिने/नदिने सम्बन्धमा प्राप्त मिसिल तोकिएका सरकारी वकील समक्ष पेश गर्न लगाई भएको निकासा निर्णय बमोजिम कार्यान्वयन गर्ने/ गराउने,

७.१.२ कार्यालयबाट प्राप्त भएका प्रकरण ७.१.१ मा उल्लिखित विषयमा महान्यायाधिवक्ताको कार्यालयबाट दिइने निकासा, आदेश वा निर्णयमा एकरूपता कायम गर्ने सम्बन्धमा सरकारी वकील बीच आवश्यक नीतिगत छलफल र समन्वय गरी व्यवस्थापन समिति समक्ष पेश गरी निर्णय कार्यन्वयन गर्ने/गराउने,

७.१.३ महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा दर्ता गरिने पुनरावेदन तथा निवेदनपत्रमा गुणस्तरीयता र एकरुपता कायम गर्न अन्तर्क्रिया, छलफल र समन्वय गर्ने,

७.१.४ मुद्दा तथा रिट निवेदनमा प्रभावकारी रूपमा प्रतिरक्षा/बहस पैरवी गर्न चाल्नुपर्ने कदम तथा आइपर्ने समस्याको व्यवस्थापन सम्बन्धमा नीतिगत र व्यावहारिक उपायको तर्जुमा गरी व्यवस्थापन समिति समक्ष पेश गरी निर्णय कार्यान्वयन गर्ने/गराउने,

७.१.५ सर्वोच्च अदालतमा बहस गर्न खटिएका सम्बन्धित सरकारी वकीललाई बहस पैरवीका लागि समयमै उपस्थित हुने गरी सूचना दिने व्यवस्था मिलाउने,

७.१.६ मुद्दा व्यवस्थापन विभाग र सो अन्तर्गतका महाशाखा, शाखाबाट सम्पादन गर्ने गरी योजनाले निर्धारित गरेको जिम्मेवारी र सोको अनुगमन सम्बन्धी वार्षिक कार्ययोजना अनुसारका कार्य प्रभावकारी रूपमा सम्पादन गर्ने/गराउने,

७.१.७ सरकार वादी मुद्दाको अभियोजनमा सुधार र अभियोजन अनुगमनका सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था र सोको कार्यान्वयन गर्ने/गराउने,

७.१.८ सर्वोच्च अदालतबाट भएका फैसला वा अन्तिम आदेश उपर पुनरावलोकन गर्नुपर्नेमा आवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वय गरी पुनरावलोकन गर्ने/गराउने कार्यको व्यवस्थापन गर्ने,

७.१.९ सर्वोच्च अदालतमा साक्षी परीक्षण हुने अवस्थामा सोसम्बन्धी कार्य र अन्य व्यवस्थापन गर्ने,

७.१.१० विभिन्न सरकारी निकायहरूबाट महान्यायाधिवक्ताको कार्यालय मार्फत सर्वोच्च अदालतमा पेश गरिने लिखित जवाफ रितपूर्वक भए नभएको, लिखित जवाफ साथ आवश्यक कागजात रहे नरहेको हेरी लिखित जवाफ दर्ताका लागि अदालतमा पठाउने तथा त्यस्ता निकायबाट लिखित जवाफ तयार गर्नु अघि जवाफ लेख्न तथा लिखित जवाफ साथ संलग्न गर्नुपर्ने कागजातका लागि सल्लाह लिने परिपाटिको विकास गर्न आवश्यक समन्वय/अन्तरक्रिया गर्ने लगायत लिखित जवाफसँग सम्बन्धित अन्य व्यवस्थापन गर्ने,

७.१.११ सर्वोच्च अदालतमा पेश गर्नुपर्ने बहसनोट तयार गर्न बहस गरेको वा गर्ने सरकारी वकीललाई सूचना दिने र सरकारी वकीलले पेश गरेको बहसनोटलाई अभिलेख गरी संस्थागत गर्ने तथा बहसनोट सम्बन्धमा अन्य व्यवस्थापन गर्ने,

७.१.१२ सर्वोच्च अदालतबाट प्राप्त पेशीको सूचना समयमै सम्बन्धित मुद्दा महाशाखामा संप्रेषित गर्ने लगायत पेशी व्यवस्थापनसँग सम्बन्धित अन्य कार्य गर्ने,

७.१.१३ पुनरावेदन गर्ने/नगर्ने, दोहोऱ्याइ पाउने तथा अन्य निवेदन सम्बन्धी कारवाहीका लागि कार्यालयबाट प्राप्त मिसिलमा नक्कल कागजात दुरुस्त रहे नरहेको हेरी दुरुस्त गर्न लगाउने लगायत मिसिल व्यवस्थापन गर्ने,

७.१.१४ सर्वोच्च अदालतमा दर्ता भएका नेपाल सरकार वादी भएका मुद्दा वा नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको रिटको विषयगत र निकायगत रूपमा वर्गीकरण गरी दर्ता, फैसला, फैसला प्राप्त मिति, फैसलाको संक्षिप्त व्यहोरा, फैसलाको संप्रेषण लगायत अन्य आवश्यक कुराको निश्चित ढाँचामा अभिलेखीकरण गर्ने,

७.१.१५ सर्वोच्च अदालतबाट भएका आदेश र फैसला प्राप्त भएपछि सम्बन्धित निकाय/कार्यालयमा फैसला आदेश सहितको मिसिल पठाउने,

७.१.१६ मातहत कार्यालयबाट प्राप्त भएका मुद्दा र रिट निवेदन सम्बन्धी मिसिल कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागका प्रमुखबाट तोके विषयगत मुद्दा महाशाखामा पठाउने,

७.१.१७ मुद्दा र बहस व्यवस्थापन सम्बन्धमा अन्तर मुद्दा महाशाखा समन्वय र सम्पर्क कायम गर्ने,

७.१.१८ विभाग मातहतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेको संख्यात्मक कार्य विवरण र त्यसको गुणस्तर देखिने निश्चित ढाँचाको फाराम तयार गरी प्रत्येक तीन महिनामा कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागमा सिफारिस साथ पठाउने,

**७.२ अभियोजन अनुगमन तथा मूल्याकंन महाशाखा:** मुद्दा व्यवस्थापन विभाग मातहतमा रहने यस महाशाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्:–

७.२.१ मातहत कार्यालयबाट अभियोगपत्र/फिरादपत्रको प्राप्ति, त्यसको अभिलेखीकरण, निश्चित मापदण्डका आधारमा परीक्षण र अभियोजन सुधार सम्बन्धी कार्य गर्ने,

७.२.२ मुद्दा चल्ने नचल्ने कार्यालयबाट अभियोगपत्र/फिरादपत्रको प्राप्ति, त्यसको अभिलेखीकरण, निश्चित मापदण्डका आधारमा परीक्षण र अभियोजन सुधार सम्बन्धी कार्य निर्णय र सोको कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

७.२.३ अभियोजन सम्बन्धी कार्यको परीक्षण गर्ने सम्बन्धमा वार्षिक कार्य तालिका बनाई निश्चित ढाँचामा अभियोजन परीक्षण, सोको मूल्याङ्कन र निर्देशन तथा सुधार सम्बन्धी कार्य गर्ने,

७.२.४ अभियोजन बमोजिम कसूर कायम र सफाइको सम्बन्धमा अध्ययन अनुसन्धान गरी कसूर कायम नहुनुका कारण तथ्यमूलक आधारमा पहिचान गर्ने र सुधारका उपायहरू प्रक्षेपण गर्ने,

७.२.५ अभियोजन सम्बन्धमा अध्ययन अनुसन्धानका आधारमा सुधार सम्बन्धी कार्य गर्ने,

७.२.६ योजना तथा वार्षिक कार्य योजनामा यस महाशाखाले सम्पादन गर्ने भनी निर्धारित रणनीतिक क्रियाकलापको प्रभावकारी रूपमा कार्यान्वयन गरी सोको अभिलेख राख्ने,

७.२.७ विभागको प्रमुखले तोकेका तथा महाशाखासँग सम्बन्धित अन्य कार्य गर्ने।

**७.३ मुद्दा तथा बहस व्यवस्थापन महाशाखा:** मुद्दा व्यवस्थापन विभागको मातहतमा रहने यस महाशाखाबाट देहायका कार्यसम्पादन हुनेछन्

७.३.१ मुद्दा व्यवस्थापन विभागबाट सम्पादन गर्नुपर्ने कार्यको प्रभावकारी कार्यसम्पादन गर्न कार्यक्रम तयार गरी/गराई विभागीय प्रमुख समक्ष निर्णयार्थ पेश गरी निर्णय कार्यान्वयन गराउने,

७.३.२ वार्षिक कार्य योजनामा मुद्दा व्यवस्थापन महाशाखाका लागि निर्धारित रणनीतिक क्रियाकलाप कार्यान्वयन गर्ने/गराउने,

७.३.३ आफू मातहतका शाखाबाट गरिने कार्य प्रभावकारी रूपमा सम्पादन भए नभएको नियमित अनुगमन गरी विभागको प्रमुखलाई जानकारी गराई आवश्यक निर्देशन दिने,

७.३.४ सम्बन्धित नायब महान्यायाधिवक्ताले तोकेका तथा महाशाखासँग सम्बन्धित अन्य कार्य गर्ने।

**७.४ पुनरावेदन शाखा**: मुद्दा तथा बहस व्यवस्थापन महाशाखा अन्तर्गत रहेको यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्:–

७.४.१ मातहतका कार्यालयबाट प्राप्त प्रस्ताव मध्ये पुनरावेदन गर्ने गरी निकासा भएका मुद्दामा सम्बन्धित सरकारी वकीलको सहकार्यमा पुनरावेदनपत्र तयार गरी सर्वोच्च अदालतमा दायर गर्ने, साथै पुनरावेदन नगर्ने गरी निकासा भएका मुद्दामा निर्णयको प्रतिलिपि साथै राखी प्राप्त मिसिल सम्बन्धित कार्यालयमा पठाई सोको अभिलेख राख्ने,

७.४.२ न्याय प्रशासन ऐन, २०७३ को दफा १५, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ एवं अन्य कानूनी व्यवस्था बमोजिम सर्वोच्च अदालतमा निवेदन गर्न प्राप्त भएका मस्यौदा उपर निवेदन गर्ने गरी निर्णय भएका मुद्दामा सम्बन्धित सरकारी वकीलसँगको सहकार्यमा निवेदनपत्र तयार गरी सर्वोच्च अदालतमा दायर गर्ने, साथै निवेदन गर्नु नपर्ने गरी निर्णय भएका मुद्दाको हकमा निर्णयको प्रतिलिपि साथै राखी मिसिल सम्बन्धित सरकारी वकिल कार्यालयमा फिर्ता पठाई सोको अभिलेख राख्ने,

७.४.३ मातहत कार्यालयबाट प्राप्त प्रस्ताव मध्ये मुद्दा दोहोऱ्याउने गरी निकासा भएका मुद्दामा टिप्पणी पेश गर्ने सम्बन्धित सरकारी वकीलको सहकार्यमा मुद्दा दोहोऱ्याउने निवेदन तयार गरी सम्बन्धित नायब महान्यायाधिवक्ताको नामबाट सर्वोच्च अदालतमा दायर गर्ने, साथै मुद्दा दोहोऱ्याउन निवेदन नगर्ने गरी निकासा भएका मुद्दामा निर्णयको प्रतिलिपि साथै राखी प्राप्त मिसिल सम्बन्धित कार्यालयमा पठाई सोको अभिलेख राख्ने,

७.४.४ पुनरावलोकन गर्ने गरी निर्णय भएका सरकार वादी मुद्दामा बहस गर्ने सरकारी वकीलको सहकार्यमा पुनरावलोकनका लागि निवेदनपत्र तयार गरी सर्वोच्च अदालतमा दर्ता गर्ने,

७.४.५ यस प्रकरण बमोजिम सर्वोच्च अदालतमा दर्ता भएका पुनरावेदनपत्र, अन्तरकालीन आदेश उपरको निवेदन, मुद्दा दोहोऱ्याइ हेरी पाउने निवेदन र पुनरावलोकनको निवेदन सर्वोच्च अदालतमा दर्ता गरेपछि अभिलेख राखी यथाशीघ्र मिसिल मुद्दा तथा रिट शाखामा बुझाउने,

७.४.६ मुद्दामा निर्णय निकासाका क्रममा कुनै सरकारी वकील वा कर्मचारीका उपर कारबाही गर्ने वा सरकारी वकील कार्यालयमा परिपत्र गर्ने गरी निर्णय भएकोमा सो हदसम्म निर्णय कार्यान्वयनका लागि निर्णयको प्रतिलिपि यथाशीघ्र मानव संसाधन महाशाखामा पठाउने,

७.४.७ पुनरावेदन, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन तथा अन्य निवेदन सम्बन्धी निर्णयका प्रति विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखामा पठाई निर्णयको सक्कल प्रति अभिलेख राख्न अभिलेख शाखामा बुझाउने,

७.४.८ वार्षिक कार्य योजना कार्यान्वयनमा सम्बन्धित महाशाखा प्रमुखलाई सहयोग गर्ने,

७.४.९ विभागको प्रमुख र महाशाखा प्रमुखबाट तोकिएको अन्य कार्य गर्ने ।

**७.५ मुद्दा तथा रिट शाखा**: मुद्दा तथा बहस व्यवस्थापन महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहायका कार्यसम्पादन हुनेछन्;

७.५.१ पुनरावेदन, मुद्दा दोहोऱ्याउने निवेदन, पुनरावलोकन, तथा अन्तरकालीन आदेश उपरको निवेदन अदलतमा दर्ता भएपछि सोको मिसिल पुनरावेदन शाखाबाट प्राप्त गरी दर्ता किताबमा दर्ता गरी सम्बन्धित विषयगत मुद्दा महाशाखामा बुझाउने,

७.५.२ सर्वोच्च अदालतमा दायर भएका कार्यालयबाट प्रतिरक्षा गर्नुपर्ने रिट निवेदनको प्रति अदालतबाट प्राप्त गरी मिसिल खडा गरी मिसिलमा रिट निवेदनको मुख्य मागदाबी छोटकरीमा उल्लेख गरी कार्यालय तथा जनशक्ति विभागका प्रमुखबाट प्रतिरक्षा गर्ने गरी तोक आदेश भए बमोजिम सम्बन्धित विषयगत मुद्दा महाशाखागत दायरीमा दर्ता गरी मिसिल सम्बन्धित विषयगत मुद्दा महाशाखामा बुझाउने,

७.५.३ कुनै विषयगत मुद्दा महाशाखामा पठाएको मिसिल अर्को विषयगत मुद्दा महाशाखामा पठाएको जानकारी प्राप्त भएकोमा सम्बन्धित मुद्दा महाशाखासँग समन्वय गरी एकीकृत दायरी अद्यावधिक गर्ने,

७.५.४ कार्यालय मार्फत सर्वोच्च अदालतमा दर्ता गर्नुपर्ने लिखित जवाफ रितपूर्वक छ छैन हेरी रित पुऱ्याउन लगाई दर्ताका लागि पठाई निस्सा सहित लिखित जवाफ विषयगत मुद्दा महाशाखामा बुझाउने।रित नपुगेको वा म्याद नाघेको कारण सर्वोच्च अदालतबाट फिर्ता भएका लिखित जवाफ सम्बन्धित कार्यालयमा फिर्ता पठाउने,

७.५.५ रिट निवेदनमा सर्वोच्च अदालतबाट भएको अन्तरिम आदेशको प्रति तत्काल प्राप्त गरी सम्बन्धित मुद्दा महाशाखा र सरकारी निकायमा पठाउने।साथै सर्वोच्च अदालतबाट भएको अन्तरिम आदेश बदरका लागि सरकारी निकायबाट पेश हुन आएको निवेदनको अभिलेख राखी पत्र साथ दर्ताका लागि पठाई निवेदन दर्ता भएपछि एक प्रति निवेदनको नक्कल मिसिल संलग्न गर्न सम्बन्धित मुद्दा महाशाखामा बुझाउने,

७.५.६ पेशीका सूचना पेशी किताबमा चढाई सर्वोच्च अदालतबाट माग भएको मिसिल वा जवाफ पठाउने सम्बन्धी पत्र समेत बुझी सम्बन्धित मुद्दा महाशाखामा बुझाउने,

७.५.७ सर्वोच्च अदालतबाट साप्ताहिक तथा दैनिक पेशी सूची प्राप्त गरी प्रत्येक दिन इजलासमा पेश हुने न्यायाधीशहरूको नाम र क्रम संख्या समेत खुल्ने मुद्दाको दैनिक पेशी सूची तयार गरी अभिलेख राखी आवश्यकता अनुसार सरकारी वकीलहरूलाई वितरण गर्ने,

७.५.८ सरकारी वकीलबाट अभियोजन सम्बन्धी निर्णय गरे बाहेकका सरकार वादी मुद्दामा भएका फैसला वा सरकारी वकीलबाट प्रतिरक्षा गरिएका रिट निवेदनमा भएका अन्तिम आदेश सर्वोच्च अदालतबाट प्राप्त भएपछि दायरी लगत कट्टा गरी सम्बन्धित मुद्दा महाशाखाबाट मिसिल प्राप्त गरी फैसला वा अन्तिम आदेशको प्रतिलिपि साथै राखी मिसिल सम्बन्धित निकायमा फिर्ता पठाउने र फैसला वा अन्तिम आदेशको प्रतिलिपि विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना सञ्चार प्रविधि शाखा र अभिलेख शाखामा बुझाउने,

७.५.९ कार्यालयबाट मुद्दा नचलाउने गरी प्राप्त सक्कल मिसिल दर्ता गरी तोकिएको सरकारी वकील समक्ष पेश गर्ने र त्यस्ता मुद्दामा निर्णय निकासा भई मिसिल प्राप्त भएपछि हदम्याद नगुज्रने व्यवस्था मिलाई यथाशीघ्र निर्णयको प्रतिलिपि साथै राखी मिसिल सम्बन्धित कार्यालयमा पठाई सोको अभिलेख राख्ने,

७.५.१० मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्र हुन सक्ने सरकार वादी मुद्दामा प्राप्त मिसिल/निवेदन दर्ता गरी तोकिएको सरकारी वकील समक्ष पेश गर्ने र त्यस्ता मुद्दामा निकासा भए अनुसार निर्णय कार्यन्वयनका लागि लेखी पठाई सोको अभिलेख राख्ने,

७.५.११ सरकार वादी मुद्दामा सर्वोच्च अदालतबाट प्राप्त फैसला/अन्तिम आदेश बुझी दायरी लगत कट्टा गरी फैसलाको प्रतिलिपि विद्युतीय माध्यमबाट अभिलेखीकरण गर्न साइवर सुरक्षा र सूचना, सञ्चार, प्रविधि शाखा र पुनरावलोकन गर्ने नगर्ने निकासाका लागि सम्बन्धित मुद्दा महाशाखामा बुझाउने।

७.५.१२ अदालतबाट अन्तिम निर्णय भएका सरकार वादी मुद्दाको मिसिल विषयगत मुद्दा महाशाखासँगको समन्वयमा अभिलेख राखी सम्बन्धित कार्यालयमा फिर्ता पठाउने,

७.५.१३ कारागार कार्यालय, बाल सुधार गृहसमेतबाट सर्वोच्च अदालतमा पुनरावेदन वा पुनरावलोकन परे नपरेको वा मुद्दा अन्तिम भए नभएको भनी प्राप्त भएका पत्रमा माग भए बमोजिम जवाफ पठाउने

७.५.१४ मुद्दा सम्बन्धी काम कारबाहीको निर्धारित ढाँचामा मासिक/वार्षिक प्रतिवेदन तयार गरी समयमै वार्षिक प्रतिवेदन तथा प्रकाशन शाखामा पठाउने,

७.५.१५ वार्षिक कार्य योजना कार्यान्वयनमा सम्बन्धित महाशाखा प्रमुखलाई सहयोग गर्नुका साथै विभागको प्रमुख र महाशाखा प्रमुखबाट तोकिएका अन्य कार्य गर्ने।

**७.६ अभिलेख शाखाः** मुद्दा तथा बहस व्यवस्थापन महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्:–

७.६.१ महान्यायाधिवक्ताको कार्यालयबाट भएका मुद्दा चल्ने नचल्ने निर्णयका सक्कल प्रति मासिक रूपमा छुट्टाछुट्टै बाइण्डङ गरी व्यवस्थित रूपमा अभिलेख राख्ने,

७.६.२ कार्यालयबाट सर्वोच्च अदालतमा दर्ता गर्ने गरी भएका पुनरावेदन, मुद्दा दोहोऱ्याउने, पुनरावलोकन सम्बन्धी सक्कल निर्णय र कार्यालयबाट भएका मिलापत्र गर्न आदेश दिने/नदिने, आंशिक निर्णय सदर गर्ने/नगर्ने सम्बन्धी सक्कल निर्णय मुद्दा/पुनरावेदन शाखाबाट प्राप्त गरी विषय र महिना स्पष्ट छुट्टिने गरी छुट्टाछुट्टै फाइलिङ्ग गरी वर्ष वर्षको वाइण्डिङ्ग गरी व्यवस्थित अभिलेख राख्ने,

७.६.३ सर्वोच्च अदालतबाट भएका सरकार वादी मुद्दा तथा सरकारी निकाय पक्ष/विपक्ष भएका रिट निवेदनमा भएका अन्तिम आदेशका प्रति मुद्दा तथा रिट शाखाबाट प्राप्त गरी रिट र मुद्दाको छुट्टाछुट्टै महिना महिनाको अलग अलग मिसिलमा राखी फैसला वा आदेश अवधि छुट्टिने गरी वाइण्डिङ्ग गरी व्यवस्थित रूपमा अभिलेख राख्ने,

७.६.४ अभिलेख शाखाबाट सम्पादन गर्ने गरी विभागको प्रमुख तथा महाशाखा प्रमुखबाट तोकिएका अन्य कार्य गर्ने।

७.७ अभियोजन अनुगमन शाखाः अभियोजन अनुगमन तथा मूल्याङ्कन महाशाखाको मातहतमा रहने यस शाखाबाट देहायका कार्यसम्पादन हुनेछन्;

७.७.१ कार्यालयबाट अड्डा अदालतमा दायर भएका अभियोगपत्र/फिरादपत्र विद्युतीय माध्यमबाट प्राप्त गरी कार्यालयगत छुट्टाछुट्टै अभिलेख बनाई वर्ष वर्षको विषयगत रूपमा छुट्टिने गरी अभियोगपत्र संकलन गर्ने,

७.७.२ संकलित अभियोगपत्र कानूनी र तथ्यगत आधारमा परीक्षण गर्न मापदण्ड बनाई स्वीकृत गरी आवधिक रूपमा छनौट गरिएका अभियोगपत्र परीक्षणका लागि पेश गरी परीक्षण प्रतिवेदनका आधारमा नीतिगत सुधार र निर्देशनका लागि पेश गर्ने,

७.७.३ महाशाखाबाट सम्पादन गरिने वार्षिक कार्ययोजना कार्यान्वयनका लागि कार्यक्रम स्वीकृत गर्न पेश गरी कार्यान्वयन र अभिलेख राख्ने,

७.७.४ महाशाखाबाट सम्पादित हुने कार्यमा विभागको प्रमुख तथा महाशाखा प्रमुखको कार्यसम्पादनमा सहयोग गर्ने।

**७.८ योजना, अनुसन्धान तथा अनुगमन विभाग**: यस विभागबाट देहाय बमोजिम कार्यसम्पादन गरिनेछः

७.८.१ कार्यालयका लागि आवधिक रणनीतिक योजनाको तर्जुमा, सोको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य गर्ने/ गराउने,

७.८.२ सरोकारवाला निकायका रणनीतिक योजना कार्यान्वयन गर्ने सम्बन्धमा समन्वय र सहकार्य गर्ने,

७.८.३ सरकार वादी मुद्दाको अनुसन्धान र अभियोजनको कार्यलाई प्रभावकारी बनाउन आवश्यक कार्यविधि, निर्देशिकाको पहिचान, तर्जुमा र सम्प्रेषण सम्बन्धी कार्य गर्ने,

७.८.४ कार्यालयको संस्थागत विकास र सरकारी वकीलको व्यावसायिक दक्षता विकासका लागि अध्ययन, अनुसन्धान गरी प्रतिवेदन प्रकाशित गर्ने,

७.८.५ कार्यालयको लागि आवश्यक पर्ने जग्गा, भवन निर्माण, मर्मत सम्बन्धी आवश्यक कार्य गर्ने,

७.८.६ कार्यालयबाट सम्पादन हुने कार्यलाई विद्युतीय माध्यमबाट अभिलेखीकरण र व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाउन ई एटर्नीको अवधारणा अनुरूपको कार्य गर्ने / गराउने,

७.८.७ सरकारी वकील र सरकारी वकील कार्यालयको संस्थागत र व्यावसायिक दक्षता विकासका लागि संयुक्त राष्ट्रसंघीय दातृ निकायसँग सम्पर्क, छलफल र तत्सम्बन्धमा कार्यक्रम तथा प्रस्ताव तयार गरी सहयोग प्राप्त गर्ने विषयमा कार्य गर्ने,

७.८.८ मातहत सरकारी वकील कार्यालयबाट मासिक तथा वार्षिक रूपमा प्राप्त हुने प्रतिवेदनहरू विद्युतीय माध्यमबाट समयमै प्राप्त गर्ने व्यवस्था गरी त्यसको जाँच, अभिलेख र विश्लेषण गरी आवश्यकता अनुसार सुधार गर्ने कार्य गर्ने/गराउने,

७.८.९ महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन तयार गरी समयमै कानूनले तोकेको समय भित्र राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था मिलाउने,

७.८.१० नियमित रूपमा अभियोजन जर्नल (नेपाली र अंग्रेजी भाषामा) र महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन प्रकाशन गरी सूचना प्रवाह गर्ने,

७.८.११ सामयिक विषयहरूमा सरोकारवालाहरूसँग अन्तरक्रिया, छलफल श्रृङ्खला कार्यक्रम सञ्चालन गर्ने,

७.८.१२ फौजदारी कानूनको सचेतना बढाउने, समुदायमा सरकारी वकील कार्यक्रम तथा फौजदारी न्याय प्रशासनका सरोकारवाला तथा सेवाग्राही सन्तुष्टि सर्वेक्षण र अन्तरक्रिया सम्बन्धी कार्य गर्ने,

७.८.१३ विभाग मातहतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेको संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने निश्चित ढाँचाको फाराम तयार गरी प्रत्येक तीन तीन महिनामा कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागमा सिफारिस साथ पठाउने,

७.८.१४ योजनाले यस विभाग र सो अन्तर्गतका महाशाखा, शाखाबाट सम्पादन गर्ने गरी निर्धारित जिम्मेवारी र सोको अनुगमन सम्बन्धी वार्षिक कार्ययोजना अनुसारका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्ने/गराउने,

**७.९ योजना, अनुसन्धान तथा अनुगमन महाशाखा**: योजना, अनुसन्धान तथा अनुगमन विभागको मातहतमा रहने यस महाशाखाबाट देहायका कार्यसम्पादन हुनेछन्;

७.८.१ प्रकरण ७.८ मा उल्लिखित कार्यहरु मध्ये साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि महाशाखासँग सम्बन्धित कार्य बाहेक अन्य कार्यका सम्बन्धमा कार्यक्रम तर्जुमा गरी निर्णय कार्यान्वयन गर्ने/गराउने,

७.९.२ वार्षिक कार्य योजनामा योजना महाशाखाका लागि निर्धारित रणनीतिक क्रियाकलाप कार्यान्वयन गर्ने/ गराउने,

७.९.३ कार्यालयको लागि आवश्यक पर्ने जग्गा खरिद, भवन निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम तर्जुमा गरी निर्णय कार्यान्वयन गर्ने / गराउने,

७.९.४ मातहतका शाखाको कार्यको सुपरिवेक्षण तथा निर्देशन दिने सम्बन्धी कार्य गर्ने,

७.९.५ सम्बन्धित नायब महान्यायाधिवक्ताले तोकेका तथा महाशाखासँग सम्बन्धित अन्य कार्य गर्ने ।

**७.१० योजना कार्यान्वयन तथा अनुगमन शाखा**: योजना महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहायका कार्यसम्पादन हुनेछन्;

७.१०.१ वार्षिक कार्य यो जनाको अभिलेखीकरण, समीक्षा तथा योजना कार्यान्वयनमा देखा परेका समस्याको समाधान सम्बन्धी कार्य गर्ने,

७.१०.२ सालवसाली वार्षिक कार्य योजना तर्जुमा, कार्यान्वयन र परिमार्जनका सम्बन्धमा योजना महाशाखाको कार्यसम्पादनमा सहयोग गर्ने,

७.१०.३ कार्यालयका घर जग्गाको अभिलेख व्यवस्थित गर्ने, जग्गा नभएका सरकारी वकील कार्यालयका नाममा जग्गा उपलब्ध हुन/गराउन सम्बन्धित कार्यालयसँग समन्वय गरी आवश्यक निर्णयका लागि पेश गर्ने,

७.१०.४ नयाँ बनिरहेका कार्यालय भवनको प्रगति अवस्थाको अद्यावधिक जानकारी लिई आवश्यकता अनुसार निरीक्षण गरी/गराई समयमै निर्माण सम्पन्न गर्ने गराउने सम्बन्धमा आवश्यक निर्णयका लागि पेश गर्ने,

७.१०.५ कार्यालयका नयाँ भवन निर्माण, विस्तार, मर्मत संभार सम्बन्धमा महाशाखाको कार्य सम्पादनमा सहयोग गर्ने,

७.१०.६ कार्यालयमा रहेका सरकारी भौतिक सम्पत्ति जस्तै; भवन, जग्गा, सवारी साधन, मेसिनरी औजार, विद्युतीय उपकरण, फर्निचर आदिको विवरण अद्याबधिक गरी कार्यालयगत एकीकृत भौतिक प्रोफाइल तयार गर्ने,

७.१०.७ कार्यालयबाट सञ्चालित समुदायमा सरकारी वकील सम्बन्धी कार्यक्रमको एकीकृत अभिलेख तयार गरी यसमा थप प्रभावकारिता ल्याउन आवश्यक नीतिगत र व्यवस्थापकीय सुधारका लागि पेश गरी निर्णय कार्यान्वयन गर्ने / गराउने,

७.१०.८ फौजदारी कानूनको सचेतना, कानूनी साक्षरता सम्बन्धी कार्यक्रमको तर्जुमा र निर्णय कार्यान्वयन गर्ने/गराउने,

७.१०.९ विभागको प्रमुख र महाशाखा प्रमुखबाट तोकिएको अन्य कार्य गर्ने ।

**७.11 अनुसन्धान तथा प्रतिवेदन शाखा:** योजना महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्:–

७.११.१ सरकारी वकीलको कार्यसम्पादनसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने सम्बन्धी कार्यको तर्जुमा गरी निर्णय कार्यान्वयन गर्ने/गराउने,

७.११.२ कार्यालयबाट भएका विभिन्न अनुसन्धानमूलक अध्ययन प्रतिवेदन/सामग्रीको प्राप्ति र व्यवस्थित अभिलेख राखी अनुसन्धान प्रतिवेदनहरूले औल्याएका सुझावहरू कार्यान्वयनका लागि पेश गर्ने,

७.११.३ कार्यालयबाट अनुसन्धानमूलक अध्ययन भएका सामग्रीको प्रकाशन सम्बन्धी कार्य गर्ने,

७.११.४ कार्यालयबाट सम्पादन भएका महत्वपूर्ण कार्य र गतिविधिको सम्बन्धमा सामाग्री संलग्न गरी आवधिक रूपमा बुलेटिन प्रकाशन गर्ने,

७.११.५ फौजदारी न्याय तथा कानून सम्बद्ध विषयमा अभियोजन जर्नल (नेपाली र अंग्रेजी भाषामा समेत) तयारी र प्रकाशन सम्बन्धी कार्य गर्ने,

७.११.६ सरकारी वकील कार्यालयबाट मासिक तथा वार्षिक रूपमा तयार गर्नुपर्ने प्रतिवेदनको ढाँचा आवश्यकता अनुसार परिमार्जन गरी निर्धारित ढाँचामा मासिक तथा वार्षिक प्रतिवेदन विद्युतीय माध्यमबाट समयमै प्राप्त गरी अवधि र कार्यालय छुट्टिने गरी अभिलेख राखी त्यसको विश्लेषण गर्ने,

७.११.७ महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने आवश्यक सूचना तथा तथ्याङ्क समयमै प्राप्त गरी वार्षिक प्रतिवेदन तयारी र प्रकाशन सम्बन्धी कार्य गर्ने/गराउने,

७.११.८ कार्यालयबाट प्रकाशन भएका वार्षिक प्रतिवेदन, बुलेटिन, अभियोजन जर्नल एवं अन्य प्रकाशन सरकारी वकील एवं अन्य सरोकारवाला तथा सम्बद्ध निकायमा विरतण गर्ने व्यवस्था मिलाउने,

७.११.९ विभागको प्रमुख एवं महाशाखा प्रमुखबाट तोकेका अन्य कार्य गर्ने।

**७.१२ साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि महाशाखा (Cyber Security and ICT Division)**

योजना अनुसन्धान तथा अनुगमन विभाग मातहतमा रहने यस महाशाखाबाट साइवर अपराध तथा साइवर सुरक्षा एवं ई-एटर्नीको आवधारणा अनुरूप देहायका बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.१२.१ कार्यालयबाट सम्पादन हुने काम कारबाही विद्युतीय माध्यमबाट सम्पादन गर्न आवश्यक विद्युतीय उपकरण, विधिको विकास सम्बन्धी कार्य गर्ने/गराउने,

७.१२.२ कार्यालयमा रहने विद्युतीय तथ्याङ्क अभिलेखको सुरक्षा (Data protection) र साइवर आक्रमण (Cyber Attack) बाट हुन सक्ने क्षतिबाट बच्न आवश्यक कार्य गर्ने /गराउने,

७.१२.३ कार्यालयको आवश्यकता अनुसार हार्डवेयर र सफ्टवेयर (Hardware and Software) को निर्माण, खरिद तथा प्राप्ति सम्बन्धी कार्य गर्ने/गराउने,

७.१२.४ साइवर अपराध तथा साइवर सुरक्षा एवं ई-एटर्नीसँग सम्बन्धित सरोकारवाला निकाय बीच समन्वय र सहकार्य गर्ने/गराउने,

७.१२.५ साइवर अपराध तथा साइवर सुरक्षा एवं ई-एटर्नीको आवधारणा कार्यान्वयनका लागि आवश्यक अनुसन्धान तथा विकास (Research and Development) गर्न आवश्यक कार्य गर्ने,

७.१२.६ कार्यालयको कार्यसम्पादनका सम्बन्धमा तयार भएका विभिन्न सफ्टवेयरको सञ्चालन, अनुगमनका साथै परिमार्जन, एकीकरण सम्बन्धी कार्य गर्ने/गराउने,

७.१२.७ वार्षिक कार्ययोजना बमोजिम महाशाखाबाट सम्पादन गर्ने गरी निर्धारण गरेका क्रियाकलाप कार्यान्वयन गर्ने गराउने,

७.१२.८ कार्यालयबाट भएका निकासा निर्णय सम्बन्धी कार्यको कार्यालय र विषय समेत छुट्टिने गरी विद्युतीय माध्यममा अभिलेख राख्ने,

७.१२.१० कार्यालयको वेभसाइट अद्यावधिक बनाई आवश्यक सूचना, सामग्री सहितको वेभसाइट व्यवस्थापन गर्ने/गराउने र सोको अनुगमन गरी सुधारका लागि विभाग प्रमुख समक्ष पेश गर्ने,

७.१२.११ कार्यालयको कार्यसम्पादनमा सहायक हुने र माग भएका जानकारी/सूचना, तथ्याङ्क उपलब्ध गराई सोको अभिलेख राख्ने,

७.१२.१२ कार्यालय बीच विद्युतीय माध्यमबाट सम्पर्क स्थापित गर्ने प्रविधि, सामग्रीको व्यवस्थापन, जडान तथा सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

७.१२.१३ कार्यालयमा साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा/ फाँटको स्थापना र सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन र क्षमता विकास सम्बन्धी कार्य गर्ने,

७.१२.१३ कार्यालयहरूको कार्यसम्पादन विद्युतीय माध्यमबाट अनुगमन गर्नका लागि आवश्यक पूर्वाधार विकास गर्ने,

७.१२.१४ साइवर अपराधको अनुसन्धान अभियोजनमा प्रभावकारिता ल्याउन सरोकारवाला निकायसँग समन्वय, विषय विशेषज्ञको राय सुझाव तथा साइवरमा विशिष्टीकृत सरकारी वकीलहरूसँगको सहकार्य तथा परामर्श गरी साइवर सुरक्षा सम्बन्धी नीतिगत र व्यवस्थापकीय कार्य गर्ने,

७.१२.१५ अभियोजन प्रशिक्षण केन्द्रसँग सहकार्य गरी सूचना प्रविधि सम्बन्धी सञ्जाल र कार्यालयमा कार्यरत जनशक्तिका लागि सूचना प्रविधि सम्बन्धी पाठ्यक्रम निर्धारण गरी तालिम सञ्चालन गर्न अवधारणा सहित कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने,

७.१२.१६ कार्यालयमा सि.सि.टि.भि./इन्ट्रानेट जडान तथा सोको प्रभावकारी प्रयोग भए नभएको अनुगमन गरी/गराई सुधार तथा कारबाहीका लागि विभाग प्रमुख समक्ष पेश गर्ने,

७.१२.१७ ई-एटर्नी (e-Attorney) कार्यान्वयनका लागि आवश्यक अन्य कार्य गर्ने/गराउने,

७.१२.१८ सरकारी वकील कार्यालयमा रहेका कम्प्युटर लगायत सूचना प्रविधि सम्बद्ध सामग्रीको अद्यावधिक अभिलेखीकरण, थप सामग्रीको आवश्यकता पहिचान, खरिद र वितरणका सम्बन्धमा मानव संसाधन महाशाखासँग सहकार्य गर्ने,

७.१२.१९ विभागको प्रमुखबाट तोके बमोजिम साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि सम्बन्धी अन्य कार्य गर्ने।

**७.१३ साइवर सुरक्षा शाखाः** साइवर सुरक्षा र सूचना, संचार, प्रविधि महाशाखा अन्तर्गत रहने यस शाखाले महाशाखाको कार्यसम्पादनमा सहयोग पुऱ्याउन देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.१३.१ साइवर सम्बन्धी कसूरमा अदालतमा दर्ता भएका २०७५ साल देखि हालसम्म र त्यस पछि नियमित रूपमा अभियोगपत्र, सुरू, उच्च र सर्वोच्च अदालतबाट भएका फैसलाको प्रतिलिपि प्राप्त गरी निर्धारित ढाँचा अनुरूपको फाराममा विवरण प्रविष्ट गर्ने,

७.१३.२ निश्चित समयावधिको (कम्तीमा दुई वर्षको) प्रकरण ७.१३.१. बमोजिमको फाराममा प्रविष्ट विवरणका आधारमा अनुसन्धान, अभियोजन र फैसलाको विश्लेषण गरी सुधारका लागि आवश्यक कार्य गर्ने,

७.१३.३ साइवर अपराध नियन्त्रणका लागि सम्बद्ध निकाय र विज्ञसँग समन्वय र सहकार्य गर्ने,

७.१३.४ साइवर अपराध नियन्त्रणका लागि अन्तर्राष्ट्रिय निकायसँग समन्वय गरी सूचना, जानकारी, तालिम तथा प्रविधिको आदानप्रदान गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखासँग समन्वय गरी कार्यसम्पादन गर्ने,

७.१३.५ Digital Forensic Lab को प्रभावकारी व्यवस्थापनका लागि नेपाल सरकार लगायत सम्बद्ध संघ संस्थाको समन्वयमा आवश्यक कार्य गर्ने,

७.१३.६ साइवर सुरक्षा/अपराधको विषयवस्तुमा सूचना तथा तथ्याङ्क संकलन तथा विश्लेषण गरी नेपाल सरकारलाई राय तथा सल्लाह सुझाव दिन सोसँग सम्बन्धित Critical Infrastructure Hold गर्ने निजी तथा सार्वजनिक निकायहरूसँग समन्वय सहकार्य गर्ने,

७.१३.७ शाखाबाट सम्पादन गरेका कार्यको व्यवस्थित अभिलेख राख्ने,

७.१३.८ विभाग/महाशाखाबाट तोकिएका अन्य कार्य गर्ने।

**७.१४ सूचना, सञ्चार प्रविधि शाखाः** साइवर सुरक्षा र सूचना, संचार, प्रविधि महाशाखा अन्तर्गत रहने यस शाखाबाट महाशाखाको कार्यसम्पादनमा सहयोग पुऱ्याउन देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.१४.१ मातहत कार्यालयका सूचना, संचार, प्रविधि शाखाबाट सम्पादित कार्यको अनुगमन तथा निर्देशन दिने सम्बन्धमा आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने/गराउने,

७.१४.२ कार्यालयका लागि आवश्यक पर्ने सफ्टवेयर निर्माण, परिमार्जन र एकीकरण गरी संचालन सम्बन्धी कार्य गर्ने,

७.१४.३ कार्यालयमा रहेको कम्प्युटर, सि.सि.टि.भि. तथा विद्युतीय सामाग्रीको अवस्था अद्यावधिक गरी चालु अवस्थामा राख्न आवश्यक कार्य गर्ने,

७.१४.४ कार्यालय तथा कर्मचारीसँगको Email को काम कारवाही @ag.gov.np मार्फत मात्र गर्ने/गराउने व्यवस्था मिलाउने,

७.१४.५ कार्यालयबाट भएका मुद्दा चल्ने नचल्ने निर्णय, पुनरावेदन सम्बन्धी निर्णय, मुद्दा दोहोऱ्याउन निवेदन गर्ने/नगर्ने निर्णय, मिलापत्रका निर्णय, पुनरावलोकन गर्ने निर्णय आदि मुद्दा तथा पुनरावेदन शाखाबाट प्राप्त गरी अवधि, कार्यालय र विषय समेत छुट्टिने गरी विद्युतीय माध्यमको अभिलेख राख्ने,

७.१४.६ नेपाल सरकार वादी भएको मुद्दा र रिट निवेदनमा सर्वोच्च अदालतबाट भएका फैसला वा अन्तिम आदेश प्राप्त गरी विषयगत रूपमा अभिलेख राखी सरकारी वकीलको कार्यसम्पादनमा सहयोगी हुने नजिर तथा प्रतिपादित सिद्धान्त छनौट गरी नियमित रूपमा महान्यायाधिवक्ताको कार्यालयको वेभसाइटमा अपलोड गर्ने,

७.१४.७ कार्यालयको महत्वपूर्ण सूचना, तथ्यांकको प्राप्ति उपयुक्तताको छनौट गरी समय र विषयगत रूपमा अद्यावधिक गरी अभिलेखीकृत गर्ने,

७.१४.८ महाशाखाबाट सम्पादन गरिने कार्यको कार्यक्रम निर्णयका लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने र निर्णय कार्यान्वयन गरी अभिलेख राख्ने,

७.१४.९ कार्यालयमा रहेका विद्युतीय सामग्रीको अभिलेख, थप सामग्रीको आवश्यकताको पहिचान र उपलब्धताको स्रोत व्यवस्थापन आंकलन गरी निर्णयार्थ पेश गरी निर्णयको कार्यान्वयन गर्ने,

७.१४.१० विभागको प्रमुख तथा महाशाखा प्रमुखबाट तोकेका साइवर सुरक्षा र सूचना संचार प्रविधि सम्बन्धी अन्य कार्य गर्ने।

**७.१५ कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग:** यस विभागबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.१५.१ कार्यालयको काम कारबाहीलाई व्यवस्थित बनाउन कार्यबोझ, आवश्यकता र उपयुक्तता समेत विचार गरी तत्कालीन र दीर्घकालीन मानव संशाधन योजना निर्माण गर्ने,

७.१५.२ मानव संसाधन योजना बमोजिम सरकारी वकील कार्यालयको संगठन तथा व्यवस्थापन लगायत सबै सरकारी वकील तथा कर्मचारीलाई कार्यादेश/कार्य विवरण सहितको जिम्मेवारी दिने,

७.१५.३ कार्यालयको कार्य सञ्चालन एवं आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

७.१५.४ कार्यालयको आर्थिक तथा भौतिक सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

७.१५.५ कार्यालयमा ई-लाइब्रेरीको अवधारणा समेतको विकास हुने गरी पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

७.१५.६ सरकारी वकील तथा कर्मचारीको सरुवा, बढुवा, पदस्थापन लगायत न्याय सेवा आयोगसँग सम्बन्धित कार्य गर्ने । यसका लागि आवश्यक कागजात तथा प्रस्ताव प्रमाणित गरी न्याय सेवा आयोगमा पठाउने,

७.१५.७ सरकारी वकील तथा कर्मचारीका लागि आवश्यक तालिमको पहिचान, पाठ्यक्रम निर्माण/पुनरावलोकन, स्वदेश तथा विदेशमा सञ्चालन हुने अध्ययन, भ्रमण, तालिम, गोष्ठी, सेमिनार आदिमा निश्चित पद्धतिका आधारमा मनोनयन/सहभागी गराई क्षमता/वृत्ति विकासको अवसर दिलाउने,

७.१५.८ सरकारी वकील तथा कर्मचारीको सरूवा तथा काज सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने,

७.१५.९ सरकारी वकील तथा कर्मचारीको अभिलेख व्यवस्थापन, प्रशासकीय रेखदेख, नियन्त्रण, उत्प्रेरणा तथा विभागीय कारबाही, कार्यालय अनुगमन तथा आन्तरिक निरीक्षण/ नियन्त्रण सम्बन्धी कार्य गर्ने / गराउने,

७.१५.१० कार्यालयमा प्रवक्ता, सूचना अधिकारी, नोडल अधिकृत (गुनासो सुन्ने अधिकारी) को व्यवस्थापन सम्बन्धी कार्यका साथै उजुरी र गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

७.१५.११ नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा अन्तर्राष्ट्रियस्तरमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने, नेपाल सरकारका विरुद्ध अन्तर्राष्ट्रिय निकाय मुद्दा मामिलाको प्रतिरक्षा गर्ने वा गराउने प्रणालीको विकास गर्ने तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार सम्बन्धी कार्य गर्ने,

७.१५.१२ विभाग मातहतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेको संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने गरी प्रत्येक तीन/तीन महिनाको निश्चित ढाँचाको फाराम तयार गरी, अन्य विभागबाट प्राप्त यस्ता विवरण फाराम एकीकृत गरी व्यवस्थापन समिति समक्ष पेश गरी निर्णय भए बमोजिम आवश्यक कारबाही गर्ने,

७.१५.१३ योजनाले यस विभाग र सो अन्तर्गतका महाशाखा, शाखाबाट सम्पादन गर्ने गरी निर्धारित जिम्मेवारी र सोको अनुगमन सम्बन्धी वार्षिक कार्ययोजना अनुसारका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्ने/गराउने,

७.१५.१४ सरकारी वकीलको तथा सरकारी वकील र अनुसन्धानकर्ता प्रहरीको संयुक्त आवधिक सम्मेलनको आयोजना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

७.१५.१५ महान्यायाधिवकताको कार्यालयको व्यवस्थापन समिति तथा केन्द्रिय समन्वय समिति सम्बन्धी कार्य गर्ने,

७.१५.१६ कार्यालय तथा मानव संशाधन व्यवस्थापन लगायतका अन्य विविध विषय र भैपरी आउने कार्य गर्ने ।

**७.१६ मानव संसाधन महाशाखा:** यस महाशाखाबाट विभाग प्रमुखको कार्यसम्पादनमा सहयोग पुऱ्याउन देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्:–

७.१६.१ कार्यालयको तत्कालीन र दीर्घकालीन मानव संशाधन योजना तयार गरी निर्णय भए बमोजिम कार्यान्वयन गर्ने,

७.१६.२ कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्य गर्ने,

७.१६.३ यस कार्यविधिको अधीनमा रही सबै सरकारी वकील तथा कर्मचारीको कार्य विवरण तयार गरी कार्यादेश सहितको जिम्मेवारी दिने/दिलाउने,

७.१६.४ कार्यालयमा कर्मचारीको विस्तृत विवरण सहितको व्यक्तिगत प्रोफाइल तयार गरी विद्युतीय माध्यममा समेत व्यवस्थित रूपमा अभिलेख राख्ने,

७.१६.५ सरकारी वकील तथा कर्मचारीको सरूवा तथा काज सम्बन्धी कार्य गर्ने/गराउने,

७.१६.६ सरकारी वकील तथा कर्मचारीलाई स्वदेश तथा विदेशमा सञ्चालन हुने अध्ययन, भ्रमण, तालिम, गोष्ठी, सेमिनार आदिमा मनोनयन/सहभागी सम्बन्धी कार्य गर्ने,

७.१६.७ कार्यालयको कर्मचारीको अभिलेख व्यवस्थापन, प्रशासकीय रेखदेख, नियन्त्रण, उत्प्रेरणा तथा विभागीय कारबाही, कार्यालय अनुगमन तथा आन्तरिक निरीक्षण/ नियन्त्रण सम्बन्धी कार्य गर्ने,

७.१६.८ महान्यायाधिवक्ताको कार्यालयमा अधिकृतस्तरको महिनामा एक पटक र सबै कर्मचारीको तीन महिनामा एक पटक नियमित रूपमा बैठकको व्यवस्थापन र अभिलेख राख्ने,

७.१६.९ महाशाखा अन्तर्गतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेको संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने गरी प्रत्येक तीन महिनामा निश्चित ढाँचाको फाराम तयार गरी विभाग प्रमुख समक्ष पेश गर्ने साथै अन्य विभागबाट प्राप्त यस्ता विवरण फाराम एकीकृत गरी आवश्यकता अनुसार व्यवस्थापन समिति समक्ष पेश गर्ने प्रस्ताव तयार गर्ने,

७.१६.१० योजनाले यस महाशाखाबाट सम्पादन गर्ने गरी निर्धारित जिम्मेवारी र सोको अनुगमन सम्बन्धी वार्षिक कार्ययोजना अनुसारका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्ने/गराउने।

७.१६.११ व्यवस्थापन समिति तथा समन्वय समितिमा पेश गर्ने प्रस्ताव तयार गर्ने,

७.१६.१२ योजना महाशाखासँग सहकार्य गरी सरकारी वकील कार्यालयहरूको लागि वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा, आर्थिक अनुसाशन, मितव्ययिता कायम गर्न नीति तर्जुमा सम्बन्धी प्रस्ताव तयार गरी निर्णयार्थ पेश गरी निर्णय कार्यान्वयन गर्ने/ गराउने,

७.१६.१३ विभागको प्रमुखबाट अधिकार प्रत्यायोजन भए बमोजिम आर्थिक प्रशासन सम्बन्धी कार्य गर्नुका साथै सरकारी वकील कार्यालयहरूको भौतिक सम्पत्तिको संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

७.१६.१४ कार्यालयको सुरक्षा व्यवस्था सम्बन्धमा आवश्यक प्रस्ताव तयार गरी निर्णयार्थ पेश गरी निर्णय कार्यान्वयन गर्ने/ गराउने,

७.१६.१५ सरकारी वकीलको तथा सरकारी वकील र अनुसन्धानकर्ता प्रहरीको संयुक्त आवधिक सम्मेलनको आयोजना र व्यवस्थापन सम्बन्धी प्रस्ताव तयार गरी निर्णय कार्यान्वयन गर्ने/गराउने,

७.१६.१६ कार्यालय, जनशक्ति तथा मानव संशाधन व्यवस्थापन लगायतका अन्य विविध विषय र भैपरी आउने कार्य गर्ने।

**७.१७ अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा**: कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग अन्तर्गत रहने यस महाशाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.१७.१ नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका वा नेपाल सरकार विरूद्ध अन्तर्राष्ट्रिय निकायमा परेका मुद्दामा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व एवं प्रतिरक्षा गर्न नेपाल सरकार समक्ष गर्नुपर्ने समन्वय/पहलका लागि आवश्यक कार्य गर्ने,

७.१७.२ अन्तर्राष्ट्रियस्तरमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व/प्रतिरक्षा गर्न सक्षम हुने गरी सरकारी वकीलको लागि आवश्यक दक्षता अभिवृद्धि गर्न उच्च अध्ययन, प्रशिक्षण/तालिम उपलब्ध गराउन आवश्यक कार्य गर्ने,

७.१७.३ नेपाल सरकारका विभिन्न मन्त्रालयहरूमा स्थापना भएका अन्तर्राष्ट्रिय सम्बन्ध तथा वैदेशिक सहयोग महाशाखाहरूसँग निरन्तर सम्पर्क तथा समन्वय विकास गरी अन्तर्राष्ट्रियस्तरमा महान्यायाधिवक्ताको कार्यालयको सम्बन्ध विकास तथा विस्तार गर्ने,

७.१७.४ नेपालको संविधान तथा प्रचलित कानून बमोजिम महान्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्नु पर्ने जिम्मेवारीसँग मेल खाने विदेशी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग द्विपक्षीय तथा बहुपक्षीय सम्झौता, सहयोग, सम्बन्ध तथा सम्पर्क विकास गर्न आवश्यक कार्य गर्ने,

७.१७.५ महाशाखा अन्तर्गतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेको संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने गरी प्रत्येक तीन/तीन महिनाको निश्चित ढाँचाको फाराम तयार गरी विभाग प्रमुखबाट प्रमाणित गराई मानव संसाधन महाशाखामा पठाउने,

७.१७.६ अभियोजकर्ताको अन्तर्राष्ट्रिय संस्था (International Association of Prosecutors -IAP) को क्रियाकलापमा सहभागिता र यस सम्बन्धी आवश्यक कार्य गर्ने,

७.१७.७ योजनाले यस महाशाखाबाट सम्पादन गर्ने गरी निर्धारित जिम्मेवारी र सोको अनुगमन सम्बन्धी वार्षिक कार्ययोजना अनुसारका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्ने/गराउने,

७.१७.८ विभागको प्रमुखले तोकेका तथा महाशाखासँग सम्बन्धित अन्य कार्य गर्ने।

**७.१८ अभियोजन प्रशिक्षण केन्द्र:** कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग अन्तर्गत रहने यस केन्द्रबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.१८.१ अभियोजन प्रशिक्षण केन्द्र सञ्चालन सम्बन्धी कार्यविधिको तर्जुमा र स्वीकृति गरी व्यवस्थित रूपमा सञ्चालन गर्ने तर्फ आवश्यक कार्य गर्ने,

७.१८.२ सरकारी वकीलको दक्षता अभिवृद्धि, सेवा विशिष्टीकरण र पुनर्ताजगी प्रशिक्षण लगायतका कार्यक्रमको आवश्यकता पहिचान गरी प्रशिक्षण कार्यक्रम संचालन गर्ने,

७.१८.३ सरकारी वकील तथा कर्मचारीका लागि आवश्यक प्रशिक्षण/तालिमको पाठ्यक्रम तर्जुमा र पुनरावलोकन गर्न विभागको प्रमुख समक्ष पेश गरी निर्णय भए बमोजिम कार्यान्वयन गर्ने/गराउने,

७.१८.४ नेपाल सरकार वादी भएका मुद्दामा अनुसन्धान गर्ने अनुसन्धानकर्ता, अर्धन्यायिक निकायका पदाधिकारीलाई प्रशिक्षण दिने प्रयोजनका लागि गृह मन्त्रालय, राष्ट्रिय निकुञ्ज, प्रहरी प्रधान कार्यालय लगायतका सम्बद्ध निकायसँगको समन्वय र सहकार्यमा पाठ्यक्रम तर्जुमा र प्रशिक्षण सञ्चालन गर्ने/गराउने,

७.१८.५ योजना महाशाखासँग समन्वय गरी सरकारी वकील तथा कर्मचारी एवं अनुसन्धान अधिकारीलाई प्रदान गर्ने प्रशिक्षण/तालिमको वार्षिक कार्य तालिका बनाई कार्यक्रम सञ्चालन गर्ने/गराउने,

७.१८.६ सरकारी वकील तथा कर्मचारीको तालिम सम्बन्धी विस्तृत प्रोफाइल तयार गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्ने,

७.१८.७ सरकारी वकीललाई प्रशिक्षक प्रशिक्षण प्रदान गर्ने कार्यक्रम तर्जुमा गरी प्रशिक्षक प्रशिक्षण आयोजना गर्ने,

७.१८.८ कार्यक्रम प्रशिक्षण/तालिममा सहजीकरण गर्न विषयगत विज्ञ सरकारी वकीलका साथै बाह्य प्रशिक्षकहरूको समेत सूची र सम्पर्क विवरण तयार गरी विभागको प्रमुखबाट स्वीकृत गराई प्रशिक्षकको सेवा लिने,

७.१८.९ अभियोजन अनुगमन महाशाखा समेतसँगको सहकार्यमा तालिम पूर्वको कार्यसम्पादनस्तर मूल्याङ्कन र तालिम पश्चातको कार्यसम्पादनस्तरका आधारमा पाठ्यक्रम पुनरावलोकन गर्न आवश्यक कार्य गर्ने,

७.१८.१० प्रशिक्षण प्रदायक निकायसँग समन्वय र सहकार्य गर्ने,

७.१८.११ लक्षित समूहभित्र तालिमको प्रभाव मूल्याङ्कन गरी आवश्यक सुधार गर्ने,

७.१८.१२ प्रशिक्षण केन्द्रका लागि आवश्यक भौतिक पूर्वाधार, सामग्री, स्रोत लगायतका कार्य गर्न सरकार, दातृ निकायहरूको सहयोग प्राप्त गर्न योजना महाशाखासँग सहकार्य गर्ने,

७.१८.१३ केन्द्र अन्तर्गतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेको संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने गरी प्रत्येक तीन/तीन महिनाको निश्चित ढाँचाको फाराम तयार गरी विभाग प्रमुखबाट प्रमाणित गराई मानव संसाधन महाशाखामा पठाउने,

७.१८.१४ योजनाले केन्द्रबाट सम्पादन गर्ने गरी निर्धारित जिम्मेवारी र सोको अनुगमन सम्बन्धी वार्षिक कार्ययोजना अनुसारका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्ने/गराउने,

७.१८.१५ विभागको प्रमुखले तोकेका तथा केन्द्रसँग सम्बन्धित अन्य कार्य गर्ने।

**७.१९ कर्मचारी प्रशासन शाखा**: मानव संसाधन महाशाखा अन्तर्गत रहने यस शाखाबाट महाशाखाको कार्यसम्पादनमा सहयोग गर्ने गरी देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.१९.१ कार्यालयमा कार्यबोझका आधारमा सरकारी वकील तथा कर्मचारीको सरूवा वा काज गर्न नामावली र औचित्य तयार गरी महाशाखा समक्ष पेश गर्ने,

७.१९.२ कार्यालयको प्रशासन र व्यवस्थापकीय सुधार सम्बन्धी कार्यक्रम तर्जुमा र निर्णय कार्यान्वयन गर्ने,

७.१९.३ सरकारी वकील तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन र सम्पत्ति विवरण सम्बन्धी कार्य गरी सोको व्यवस्थित अभिलेख राख्ने,

७.१९.४ कार्यसम्पादन मूल्याङ्कनका आधारमा सरकारी वकील तथा कर्मचारीलाई पुरस्कार र दण्ड सम्बन्धी कार्यका लागि महाशाखा समक्ष पेश गर्ने,

७.१९.५ सरकारी वकील तथा कर्मचारीको सरूवा तथा काज गर्ने सम्बन्धी समय र कार्यतालिका सहितको सरूवा मापदण्ड र नीतिको मस्यौदा तयार गरी पेश गर्ने,

७.१९.६ सरकारी वकील तथा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, शैक्षिक योग्यता, दण्ड, पुरस्कार, विभागीय कारबाही, ध्यानाकर्षण लगायतका विवरण देखिने व्यक्तिगत विवरण अद्यावधिक गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्ने,

७.१९.७ सरकारी वकील तथा कर्मचारीको उपस्थितिलाई नियमित गर्न विद्युतीय हाजिरी (e-Attendance) समेतको व्यवस्थापन, आकश्मिक छड्के, निरीक्षणका साथै बिदा, काज, औषधी उपचार खर्च, पेश्की सम्बन्धी कार्यमा आधार र औचित्य खुलाई निर्णयार्थ पेश गरी यिनको विवरण समेतको अभिलेख अद्याबधिक गर्ने,

७.१९.८ सम्बन्धित महाशाखा/ निकायसँग समन्वय गरी महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकील तथा कर्मचारीको स्वदेशी एवं वैदेशिक अध्ययन, गोष्ठी, तालिम, अवलोकन, निरीक्षण भ्रमणको एकीकृत अभिलेख अद्यावधिक गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्ने,

७.१९.१० सरकारी वकील तथा कर्मचारी दरबन्दी तालिका बनाई प्रत्येकको व्यक्तिगत अभिलेख मिसिल अद्याबधिक बनाई राख्ने।

७.१९.१० कार्यालयको लागि चाहिने सामान खरिद गर्न खरिद समिति गठन गरी नियमानुसार खरिद गर्नका लागि पेश गर्ने,

७.१९.११ कार्यालयको सुरक्षा व्यवस्था, पालो पहरा, बगैंचा व्यवस्थापन, कार्यालय र परिसर सरसफाई गर्ने/गर्न लगाउने,

७.१९.१२ कार्यालयको भौतिक सामानहरू (सवारी साधन, विद्युतीय उपकरण, फर्निचर आदि) को रेखदेख, मर्मत सम्भार, लिलाम, मिनाहा सम्बन्धी कार्यका लागि आधार र औचित्य खुलाई निर्णयार्थ पेश गरी निर्णयानुसार गर्ने। भौतिक सामान समुचित सदुपयोग, ठिक दुरूस्त अवस्थामा राख्ने/राख्न लगाउने,

७.१९.१३ सरकारी वकील तथा कर्मचारिको नियमित बैठकका लागि एजेण्डा तयार गरी बैठकको आयोजना र अभिलेख राख्ने,

७.१९.१४ कार्यालयमा नागरिक बडापत्र, उजुरी पेटिकाको व्यवस्था, उजुरीको छानबिन तथा कारवाही सम्बन्धी प्रस्ताव तयार गरी निर्णयार्थ पेश गर्ने,

७.१९.१५ विभागको प्रमुखबाट अधिकार प्रत्यायोजन भए बमोजिम आर्थिक प्रशासन, खरिद एकाइ, जिन्सी निरीक्षण सम्बन्धी कार्यका लागि आधार र औचित्य खुलाई पेश गर्ने,

७.१९.१६ सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेको संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने गरी प्रत्येक तीन/तीन महिनाको निश्चित ढाँचाको फाराम तयार गरी महाशाखामा प्रमुख समक्ष पेश गर्ने,

७.१९.१७ शाखा अन्तर्गतका फाँटबाट सम्पादित कामको अनुगमन तथा निर्देशन दिनुका साथै महाशाखा प्रमुखबाट तोकिएका अन्य कार्य गर्ने।

**७.२० आर्थिक प्रशासन शाखा:** मानव संसाधन महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.२०.१ मानव संसाधन महाशाखा तथा योजना महाशाखासँग समन्वय गरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी विभाग प्रमुख समक्ष पेश गरी निर्णय बमोजिम अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगमा पठाउने,

७.२०.२ कार्यालयका लागि स्वीकृत बजेट निर्धारित सफ्टवेयरमा समयमै प्रविष्टि (LMBIS Entry) गरी स्वीकृत वार्षिक बजेट सम्बन्धित सरकारी वकील कार्यालयहरूमा पठाउने व्यवस्था मिलाउने,

७.२०.३ आर्थिक प्रशासनसँग सम्बन्धित विषयमा लेखा उत्तरदायी अधिकारीको निर्णय बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय लगायतका निकायसँग समन्वय कायम गरी बजेट सम्बन्धी आवश्यक निर्देशन, पत्राचार र बजेट निकासा लिने,

७.२०.४ विनियोजित बजेट रकम अन्तर्गत रही सम्बन्धित बजेट शीर्षकमा नियमानुसार आवश्यकता, औचित्यता र मितव्ययिताका हिसाबले बेरूजु नहुने गरी खर्च लेख्ने,

७.२०.५ खर्च लेख्दा नियमानुसार कटाउनु पर्ने पारिश्रमिक कर, संचय कोष र नागरिक लगानी कोष, विमा आदि कट्टा गरी सम्बन्धित कोषमा यथासमयमा दाखिल गर्ने,

७.२०.६ लेखा सम्बन्धी बिल भरपाई, बजेट, खाता, स्रेस्ता ठिक दुरूस्त राखी निर्धारित ढाँचामा प्रतिवेदन तयार गरी स्वीकृत गराई राख्ने,

७.२०.७ कार्यालयको लागि आवश्यक थप वजेट निकासा, रकमान्तर, कार्यक्रम परिवर्तन समेतका लागि आवश्यकता र औचित्यता खुलाई निर्णयार्थ लेखा उत्तरदायि अधिकारी समक्ष पेश गरी अर्थ मन्त्रालयबाट थप बजेट निकासा, रकमान्तर, कार्यक्रम परिवर्तनका लागि स्वीकृति लिई खर्च गर्ने व्यवस्था गर्ने गराउने,

७.२०.८ पेश्की खर्च लेखी अभिलेख अद्यावधिक गरी निर्धारित समय भित्रै पेश्की फर्छ्यौट गर्ने / गराउने,

७.२०.९ स्वीकृत वार्षिक कार्यक्रमका लागि निर्धारित बजेट रकम निर्धारित समयमा कार्यक्रम सम्पन्न गरी खर्च गर्ने गराउने सम्बन्धमा क्रियाशील रही बजेट फ्रिज हुन नपाउने व्यवस्था गर्ने,

७.२०.१० खर्च भएको रकमको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने,

७.२०.११ कार्यालयको साविक देखि हालसम्मको बेरुजु सम्बन्धमा महालेखा परीक्षकको विभागसँग सम्पर्क राखी अद्यावधिक लगत राखी वेरुजु फर्छ्यौट गराउन अग्रसर हुने,

७.२०.१२ महालेखा परीक्षकको विभाग र महालेखा नियन्त्रक कार्यालयबाट उठाइएको बेरुजु, सम्परीक्षण/ फर्छ्यौट गराउन सम्बन्धित व्यक्ति वा निकायमा पत्राचार गरी सरकारी वकील कार्यालयलाई बेरूजु शुन्य निकाय बनाउने,

७.२०.१३ कार्यालयमा कार्यरत लेखामा काम गर्ने कर्मचारीहरूलाई आवश्यक लेखा सम्बन्धी प्रशिक्षण, तालिम, अनुशिक्षण प्रदान गर्न अभियोजन प्रशिक्षण केन्द्रसँग समन्वय गरी पाठ्यक्रम तर्जुमा/पुनरावलोकन गरी कार्यक्रम सञ्चालन गर्ने/गराउने कार्यमा सहकार्य गर्ने,

७.२०.१४ मातहत सरकारी वकील कार्यालयको आर्थिक प्रशासन सम्बन्धी कार्यको अनुगमन, निरीक्षण गरी निर्देशन दिई आर्थिक अनुशासन कायम गर्ने/ गराउने,

७.२०.१५ विभाग प्रमुख / लेखा उत्तरदायी अधिकारीबाट तोकिए बमोजिम आर्थिक प्रशासन सम्बन्धी अन्य कार्य गर्ने ।

**७.२२ पुस्तकालय तथा संग्रहालय व्यवस्थापन शाखा**: मानव संसाधन महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

**पुस्तकालय तर्फ:**

७.२१.१ कार्यालयको पुस्तकालयलाई व्यवस्थित गर्न साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखासँग सहकार्य गरी पुस्तकाय सम्बन्धी सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याउने,

७.२१.२ महान्यायाधिवक्ताको कार्यालयमा रहेका पुस्तक एवं अन्य अध्ययन सामग्रीको रजिष्ट्रमा र विद्युतीय माध्यमबाट समेत सूचीकरण तथा वर्गीकरण गरी व्यवस्थित किसिमले प्रत्येक पुस्तक/ अध्ययन सामग्रीमा संकेत नम्बर (बार कोड) राख्ने,

७.२१.३ पुस्तकालय भित्र अनुशासन र मर्यादा कायम हुने गरी सरकारी वकील, कर्मचारी, कानून व्यवसायी एवं कानूनका विद्यार्थीले समेत अध्ययन गर्न सक्ने व्यवस्था मिलाउने,

७.२१.४ विभिन्न प्रकाशक तथा बिक्रेतासँगको सम्पर्कबाट बजारमा उपलब्ध पुस्तक पत्रिका आदिको सूची तयार गरी विनियोजित बजेटको परिधि भित्र रही कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित पुस्तक/ अध्ययन सामग्रीको खरिद प्रक्रिया अगाडि बढाउन महाशाखा प्रमुख समक्ष पेश गरी निर्णयानुसार गर्ने,

७.२१.५ सरकारी वकील तथा कर्मचारीलाई आवश्यक पर्ने ऐन नियम लगायतका पुस्तक, राजपत्र, तथा पत्रपत्रिका भरपाई गरी उपलब्ध गराउने र सोको व्यवस्थित अभिलेख राख्ने,

७.२१.६ पुस्तकालयमा रहेका कार्यसम्पादनको लागि उपयोगी पुस्तक तथा अन्य पाठ्यसामग्री सिमित समयका लागि सरकारी वकील तथा कर्मचारीलाई मात्र आवासमा लैजाने र समयमै फिर्ता गर्ने व्यवस्था मिलाउने । यसरी लगिएका पुस्तक वा अन्य सामग्री कुनै व्यहोराले मिनाहा नगर्ने र हराएको अवस्थामा बजारमा उपलब्ध हुने त्यस्ता पुस्तक नै दाखिला गराउने व्यवस्था मिलाउने,

७.२१.७ कर्मचारी सरुवा वा अवकाश हुँदा रमाना गर्नु वा कार्यालयबाट सिफारिसपत्र दिनु अघि निजको जिम्मामा रहेका पुस्तक फिर्ता लिई चुक्ता सिफारिस गर्नुपर्ने पद्धतिको विकास गर्ने,

७.२१.८ राष्ट्रिय तथा अन्य देशका पुस्तकालयसँग समन्वय गरी त्यस्ता पुस्तकालयमा रहेका पुस्तक अध्ययन सामग्री अध्ययन गर्न पाठ्यसामग्री विद्युतीय माध्यमबाट आदानप्रदान गर्न अवलम्बन गर्नुपर्ने कार्यका सम्बन्धमा प्रस्ताव तयार गरी महाशाखा प्रमुख समक्ष पेश गरी निर्णयानुसार विद्युतीय पुस्तकालयको विकास गर्ने,

७.२१.९ पुस्तकालयलाई व्यवस्थित र थप प्रभावकारी बनाउन पुस्तकालय विकास सम्बन्धी नीति तथा योजना तयार गरी महाशाखा प्रमुख समक्ष पेश गरी निर्णयानुसार कार्यान्वयन गर्ने,

७.२१.१० कार्यालयको कार्यसम्पादनका लागि आवश्यक ऐन, नियम, कानून पत्रिका लगायत अन्य सैद्धान्तिक विषयका पुस्तकको विद्युतीय प्रति डाउनलोड गरी विषयगत रूपमा वर्गीकरण गरी व्यवस्थित रूपमा अभिलेख राखी सहज पहुँचको व्यवस्था मिलाउने,

७.२१.11 विभिन्न प्रकाशक एवं लेखकका वेभसाइट सब्सक्राइव गरी सरकारी वकीलको कार्यसम्पादनका लागि आवश्यक पुस्तक, पत्रिकाका विद्युतीय प्रतिको प्राप्ति, अभिलेख र पहुँचको व्यवस्था गर्ने,

७.२१.12 महाशाखा प्रमुखबाट तोके बमोजिम पुस्तकालय व्यवस्थापन र प्रभावकारी सञ्चालन सम्बन्धी अन्य कार्य गर्ने ।

**संग्रहालय तर्फ**

७.२१.१३ महान्यायाधिवक्ताको कार्यालयमा स्थापित संग्रहालयमा रहेका सम्पूर्ण सामग्रीको विद्युतीय माध्यमबाट अभिलेख राखी उचित संरक्षणको व्यवस्था गर्ने,

७.२१.१४ सरकारी वकीलको ऐतिहासिकता झल्कने खालका परम्परागत वस्तु, लिखत अवकाश प्राप्त अधिकारीसँग सम्पर्क गरी प्राप्त गरी संग्रहालयमा राख्ने,

७.२१.१५ अवकाश भएका व्यक्तित्व वा निजका परिवारका सदस्यबाट सरकारी वकील कार्यालय र कार्यसम्पादनको अनुभव, संस्थागत अवस्था र संस्था सम्बन्धी लेख, आत्मकथा प्राप्त गरी वा अन्तर्वार्ता लिई लिपिबद्ध गर्न प्रस्ताव तयार गरी निर्णयानुसार कार्यान्वयन गर्ने,

७.२१.१६ प्रकरण ७.२१.१५ बमोजिम प्राप्त गरेका सामग्री संग्रहालयमा राख्ने व्यवस्था गर्ने,

७.२१.१७ कार्यालय स्थापनादेखि हालसम्म कार्यरत महान्यायाधिवक्ता/नायब महान्यायाधिवक्ताको फोटो सहितको कार्यकाल देखिने विवरण अद्यावधिक गरी राख्ने व्यवस्था गर्ने,

७.२१.१८ कार्यालयको स्थापना हुँदा देखिको कानून (ऐन, नियम), महान्यायाधिवक्ता नियुक्ति, अधिकार प्रत्यायोजन सम्बन्धी राजपत्र, नेपाल कानून आयोग, सरकारी निकाय, अन्य पुस्तकालय, संस्थाबाट प्राप्त गरी संग्रहालयमा राख्ने व्यवस्था गर्ने,

७.२१.१९ संग्रहालयमा रहेका सामग्रीको बाह्य अवलोकन वा संग्रहालयमै अध्ययन गर्न सकिने आवश्यक व्यवस्था मिलाउने,

७.२१.२० पुस्तकालय तथा संग्रहालयको संचालन, व्यवस्थापन र विकासका लागि विभागको प्रमुख तथा महाशाखा प्रमुखबाट तोके बमोजिम अन्य कार्य गर्ने।

**७.२२ जिन्सी शाखा**: मानव संसाधन महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.२२.१ महान्यायाधिवक्ताको कार्यालयमा रहेको सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत, संरक्षण र बरबुझारथ सम्बन्धी काम गर्ने गराउने साथै खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी एवं मेसिनरी सामानको स्रेस्ता अद्यावधिक गर्ने,

७.२२.२ खरिद एकाइबाट भएको निर्णय बमोजिम खरिद गरिएका कार्यालयको लागि चाहिने कागज, कलम, मसी, फर्निचर आदि भौतिक चिजवस्तुहरू रूजु गरी बुझी आम्दानी बाँध्ने, मौज्दात राख्ने, संरक्षण गर्ने,

७.२२.३ स्वीकृत माग फारमका आधारमा मौजदातबाट सामान उपलव्ध गराई यसरी उपलब्ध गराइएका सामग्री कर्मचारीगत रूपमा अभिलेख राख्ने,

७.२२.४ खर्च भएर नजाने के कति जिन्सी सामानहरू कुन कुन कोठामा छन् तिनको कस्तो स्थिति छ, व्यवस्थित अभिलेख राखी त्यस्ता सामानको सूची सम्बन्धित कोठामा सबैले देख्ने स्थानमा राख्ने,

७.२२.५ समय समयमा खरिद आदेश र माग फाराम एवं मौज्दातको हिसाब मिलेको छ/ छैन हेरी जिन्सी निरीक्षण निर्देशनको पालना गर्ने,

७.२२.६ आन्तरिक लेखा परीक्षण एवं अन्तिम लेखा परीक्षण डोरलाई जिन्सी सामानको लेखा परीक्षण गर्ने कार्यमा सघाउने,

७.२२.७ कार्यालयमा रहेका सवारी तथा अन्य विद्युतीय साधन लगायत भौतिक सामग्री मर्मत संभार गर्नुपर्ने आवश्यकता पहिचान गरी मर्मत नगरी नहुने साधनको लागत अनुमान तयार गरी/ गराई महाशाखा प्रमुखबाट स्वीकृत गराई गुणस्तरीय, टिकाउ र मितव्ययी हुने गरी मर्मत गर्ने,

७.२२.८ विभाग प्रमुख एवं महाशाखा प्रमुखबाट तोकेका जिन्सी शाखा सम्बन्धी अन्य कार्य गर्ने।

**७.२३ दर्ता चलानी तथा सोधपुछ फाँटः** मानव संसाधन महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.२३.१ कार्यालयमा प्राप्त भएका चिठीपत्र / कागजात बुझी बुझ्नेको नाम, पद र मिति स्पष्ट खुलाई भरपाई दिने र यसरी प्राप्त भएका प्रत्येक कागजपत्र निर्धारित ढाँचाको दर्ता किताबमा र विद्युतीय माध्यममा (कम्प्युटरमा) तुरून्त दर्ता गरी दर्ता नम्बर र मिति प्रविष्ट गर्ने,

७.२३.२ महान्यायाधिवक्तालाई सम्बोधन गरिएका खामबन्दी चिठीहरू नखोली खामको बाहिर दर्ता नम्बर उल्लेख गरी तुरून्त महान्यायाधिवक्ताको सचिवालयमा पठाउने ।कार्यालयको नाममा प्राप्त भएका गोप्य पत्र नखोली विभाग प्रमुख समक्ष पेश गरी तोक आदेश बमोजिम सम्बन्धित महाशाखा/शाखामा बुझाई बुझाएको अभिलेख राख्ने,

७.२३.३ प्रकरण ७.२३.२ बाहेकका अन्य कागजपत्र खाम खोली दर्ता गरी महाशाखा प्रमुख समक्ष पेश गरी तोक आदेश बमोजिम तत्काल सम्बन्धित शाखा/फाँटमा बुझाई दर्ता किताबमा अभिलेख राख्ने,

७.२३.४ प्रकरण ७.२३.३ मा जुनसुकै कुरा उल्लेख भएता पनि सम्बन्धित महाशाखा / शाखा खुल्ने गरी प्राप्त भएका वा कुनै महाशाखा/शाखासँग सम्बन्धित पत्रहरु प्राप्त भएमा सो पत्रसँग सम्बन्धित विषयको चलानी किताब हेरी यकिन गरी सम्बन्धित महाशाखा/शाखा पत्ता लगाई दर्ता गरी पत्र प्राप्त भएकै दिन सम्बन्धित महाशाखा / शाखाको प्रमुख समक्ष पेश गरी दर्ता किताबमा अभिलेख राख्ने,

७.२३.५ कार्यालयबाट अन्यत्र पठाउने पत्र, कागजात पत्रको मिति, पत्रको विषय, पठाइने कार्यालय वा अदालतको नाम, सम्बन्धित शाखा उल्लेख गरी निर्धारित ढाँचाको चलानी रजिष्ट्रर र विद्युतीय माध्यममा समेत चलानी गर्ने,

७.२३.६ अन्य कार्यालयमा पठाइने चिठीपत्रहरू चलानी गरे कै दिन भरपाई किताबमा चढाई वा कार्यालय प्रतिमा नै बुझ्नेको नाम दर्जा र मिति खुल्ने व्यहोराको भरपाई गराई बुझाउने / हुलाक दाखिला गर्ने,

७.२३.७ दर्ता चलानी सम्बन्धी कार्य गर्दा कुनै बाधा अड्चन परे कर्मचारी प्रशासन शाखाको प्रमुखबाट निकासा लिई कार्य गर्ने।

७.२३.८ कार्यालयबाट सम्पादन हुने कार्यसँग समबन्धित विषयमा सेवाग्राहीलाई आवश्यक जानकारी प्रदान गर्ने ।

७.२३.९ कार्यालयबाट सम्पादन हुने कार्यहरु मध्ये सेवाग्राहीको सरोकार रहेको कार्यसम्पादन हुने विभाग, महाशाखा र शाखाको जानकारी प्रदान गर्ने ।

**७.२४ मानव अधिकार संरक्षण तथा कानूनी राय विभागः** यस विभागबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.२४.१ नेपाल सरकार र नेपाल सरकारले तोकेको पदाधिकारीलाई संवैधानिक एवम् कानूनी विषयमा प्रदान गरिने राय परामर्श सम्बन्धी कार्य गर्ने,

७.२४.२ नेपाल सरकारका विभिन्न निकायबाट कानूनी राय माग्नुपर्ने विषयमा कार्यविधि सम्बन्धी जानकारी गराउने कानूनी राय सम्बन्धी दिग्दर्शन तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन र परिमार्जन सम्बन्धी कार्य गर्ने,

७.२४.३ कानूनी रायका विषयमा नेपाल सरकारका निकाय वा पदाधिकारीहरूसँग छलफल, अन्तर्क्रिया र गोष्ठी आदि कार्यक्रम व्यवस्थापन र सञ्चालन गर्ने,

७.२४.४ कानूनी रायका सम्बन्धमा मातहतका सरकारी वकील कार्यालयलाई आवश्यक निर्देशन दिने तथा कानूनी रायमा एकरूपता ल्याउन आवश्यक कदम चाल्ने,

७.२४.५ कार्यालयले दिएको कानूनी रायको अभिलेख व्यवस्थित गर्ने,

७.२४.६ हिरासत र कारागारमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको विषयमा अनुगमन र आवश्यक निर्देशन सम्बन्धी गर्ने/गराउने,

७.२४.७ सर्वोच्च अदालतबाट भएका कानूनको व्याख्या वा प्रतिपादित कानूनी सिद्धान्त कार्यान्वयन भए, नभएको सम्बन्धमा अनुगमन गर्ने/गराउने,

७.२४.८ विभाग मातहतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेका संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने निश्चित ढाँचाको फाराम तयार गरी प्रत्येक तीन तीन महिनामा कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागमा सिफारिस साथ पठाउने,

७.२४.९ संविधान तथा प्रचलित कानून बमोजिम यस विभागसँग सम्बन्धित अन्य कार्य गर्ने।

**७.२५ मानव अधिकार संरक्षण तथा न्यायिक सिद्धान्त अनुगमन महाशाखा**: मानव अधिकार संरक्षण, कानूनी राय विभाग अन्तर्गत रहने यस महाशाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.२५.१ हिरासत तथा कारागारमा रहेका व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने गराउने सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

७.२५.२ हिरासत तथा कारागारको एकीकृत अनुगमन प्रतिवेदन तयार गरी प्रतिवेदनमा औल्याइएका तथ्यगत विवरण, यसमा गर्नुपर्ने सुधार र अन्य समसामयिक सुझावका विषयमा सरोकारवालासँग छलफल/अन्तर्क्रिया सम्बन्धी कार्यक्रम तर्जुमा गरी निर्णय कार्यान्वयन गर्ने,

७.२५.३ हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन/निर्णय गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य गर्ने,

७.२५.४ संविधान तथा प्रचलित कानून बमोजिम अपराध पीडितको संरक्षण र तिनका हक अधिकारको प्रत्याभूतिका लागि सरकारी वकीलबाट अवलम्बन गर्नुपर्ने नीति तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य गर्ने,

७.२५.५ कसूर पीडित सहायता र साक्षी संरक्षण सम्बन्धी केन्द्रीय एकाइको रूपमा काम गर्ने,

७.२५.६ मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने, गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

७.२५.७ आफू मातहतका शाखाबाट गरिने कार्य प्रभावकारी रूपमा सम्पादन भए नभएको नियमित अनुगमन गरी विभागको प्रमुखलाई जानकारी गराई आवश्यक निर्देशन दिने,

७.२५.८ सर्वोच्च अदालतबाट रिट निवेदनमा भएको अन्तिम आदेश सम्बन्धित निकायमा जानकारी दिने,

७.२५.९ सर्वोच्च अदालतबाट भएको कानूनको व्याख्या वा प्रतिपादित सिद्दान्तको कार्यान्वयनका सम्बन्धमा भए गरेका काम कारवाहीको अभिलेख राख्ने,

७.२५.१० महाशाखा मातहतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेका संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने निश्चित ढाँचाको फाराम तयार गरी प्रत्येक तीन तीन महिनामा विभाग प्रमुख समक्ष पेश गर्ने,

७.२५.११ सम्बन्धित नायब महान्यायाधिवक्ताले तोकेका तथा महाशाखासँग सम्बन्धित अन्य कार्य गर्ने ।

**७.२६ कसूर पीडित तथा साक्षी संरक्षण शाखा:** मानव अधिकार संरक्षण तथा न्यायिक सिद्धान्त अनुगमन महाशाखा अन्तर्गत रहने यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.२६.१ संविधान तथा प्रचलित कानून बमोजिम अपराध पीडितको संरक्षण र तिनका हक अधिकारको प्रत्याभूतिका लागि सरकारी वकीलबाट सम्पादन गर्ने कार्य सम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने,

७.२६.२ अपराध पीडित सहायताका लागि सरकारी वकील कार्यालयमा फोकल पर्शन तोक्ने, पीडित मैत्री कक्षको व्यवस्थापन र सदुपयोग सम्बन्धी कार्य गर्ने,

७.२६.३ कसूर पीडित तथा साक्षी संरक्षण सम्बन्धी कानूनी व्यवस्था र नजिर अद्यावधिक गरी सरकारी वकीलहरूलाई जानकारी गराउने,

७.२६.४ कसूर पीडित तथा साक्षी संरक्षण सम्बन्धी अभिलेख व्यवस्थित गर्ने,

७.२६.५ कसूर पीडित र साक्षी संरक्षण सम्बन्धमा नेपाल प्रहरी तथा अनुसन्धान गर्ने अन्य निकायसँग समन्वय र सहकार्य गर्ने,

७.२६.६ कसूर पीडित तथा साक्षी संरक्षणको अवस्थाका बारेमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने,

७.२६.७ कसूर पीडित तथा साक्षीका गुनासाहरू सुनुवाइ गर्ने र आवश्यक सुझाव दिने,

७.२६.८ कसूर पीडित तथा साक्षी संरक्षण सम्बन्धी अन्य कार्यहरू गर्ने,

७.२६.८ विभागको प्रमुख तथा महाशाखा प्रमुखबाट तोकिए बमोजिमका अन्य कामहरू गर्ने।

**७.२७ कानूनी राय महाशाखा:** मानव अधिकार संरक्षण, कानूनी राय विभाग अन्तर्गत रहने यस महाशाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

७.२७.१ नेपाल सरकार र नेपाल सरकारले तोकेको पदाधिकारीलाई संवैधानिक एवम् कानूनी विषयमा राय परामर्श प्रदान गर्ने,

७.२७.२ कानूनी राय माग्नुपर्ने विषयमा कार्यविधि सम्बन्धी जानकारी गराउने तथा कानूनी राय सम्बन्धी दिग्दर्शन तर्जुमा, कार्यान्वयन र परिमार्जन सम्बन्धी कार्य गर्ने,

७.२७.३ कानूनी रायका विषयमा नेपाल सरकारका निकाय वा पदाधिकारीहरूसँग छलफल, अन्तर्क्रिया र गोष्ठी सञ्चालन गर्ने,

७.२७.४ कार्यालयले दिएको कानूनी राय अभिलेखीकरण गरी व्यवस्थित गर्ने,

७.२७.५ महाशाखा मातहतका सरकारी वकील तथा कर्मचारीले सम्पादन गरेका संख्यात्मक कार्य विवरण, त्यसको गुणस्तर देखिने निश्चित ढाँचाको फराम तयार गरी प्रत्येक तीन तीन महिनामा विभाग प्रमुख समक्ष पेश गर्ने,

७.२७.६ सम्बन्धित नायब महान्यायाधिवक्ताले तोकेका तथा महाशाखासँग सम्बन्धित अन्य कार्य गर्ने।

**७.२८ अपराधशास्त्रीय अनुसन्धान केन्द्रः** मानव अधिकार संरक्षण, कानूनी राय विभाग अन्तर्गत रहने यस केन्द्रबाट देहाय बमोजिमका कार्यहरू सम्पादन हुनेछन्;

७.२८.१ अपराधको कारण, प्रवृत्ति, रोकथामका उपाय समेतका अपराधका आयामहरु तथा अपराध र फौजदारी न्याय प्रशासन सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने।

७.२८.२ अपराधको सूचना संकलन र तथ्यांक व्यवस्थापनका सम्बन्धमा अपराध अनुसन्धान, अभियोजन गर्ने निकायसँग समन्वय गर्ने।

७.२८.३ नेपाल सरकारबाट मस्यौदा भएका फौजदारी कानूनसँग सम्बन्धित विधेयकहरुमा राय प्रतिक्रिया प्रदान गर्ने

७.२८.४ दण्ड नीति, यसको कार्यान्वयन र प्रभावकारिता समेतको अध्ययन अनुसन्धान गरी सम्बद्ध निकायमा सुझाव पेश गर्ने,

७.२८.५ फौजदारी कानून कार्यान्वयनको प्रभावकारिताका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्ने।

७.२८.६ नयाँ किसिमका अपराधको पहिचान र सजाय गर्न आवश्यक पर्ने कानून निर्माणका लागि सुझाव पेश गर्ने,

७.२८.७ फौजदारी न्याय प्रशासनसँग सम्बन्धित प्रचलित कानून कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा कुनै विषयमा कानून बनाउनु पर्ने वा भई रहेको कानून संशोधन गर्न वा बनी रहेको कानून लागू गर्नुपर्ने देखिएमा नेपाल सरकार समक्ष प्रस्तुत गर्ने सुझाव तयार गर्ने,

७.२८.८ योजनाले केन्द्रबाट सम्पादन हुने गरी निर्धारित क्रियाकलाप सम्पादन गर्नुका साथै विभागको प्रमुखबाट तोकिएका अन्य कार्य गर्ने।

**७.२९ विषयगत मुद्दा महाशाखाः** प्रकरण ३.३ मा उल्लिखित विषयगत मुद्दा महाशाखाबाट देहाय बमोजिम कार्यसम्पादन हुनेछन्;

७.२९.१ विषयगत मुद्दा महाशाखाले बहस पैरवी गर्ने गरी मुद्दा तथा रिट शाखाबाट प्राप्त भएका मिसिलको मुद्दा तथा रिटको छुट्टाछुट्टै विषयगत विवरण सहितको दायरी अभिलेख तयार गरी मिसिल कागजात अद्यावधिक गरी राख्ने,

७.२९.२ अन्तरकालीन आदेश उपर निवेदन, पुनरावेदन, मुद्दा दोहोऱ्याउन निवेदन, पुनरावलोकनको निवेदन गर्न कार्यालयबाट सर्वोच्च अदालतमा दर्ता भएका र प्रतिवादीबाट दर्ता भई कार्यालयबाट प्रतिरक्षा गर्नुपर्ने सरकार वादी मुद्दा, रिट एवं अन्तरिम आदेश बदर गरी पाउन दिएका निवेदनमा कार्य विभाजन भए अनुसार सम्बन्धित विषयगत मुद्दा महाशाखाबाट त्यस्तो मुद्दा/रिटमा बहस पैरवी तथा प्रतिरक्षा गर्ने,

७.२९.३ आफूलाई तोकिएको मुद्दामा साक्षी परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित सरकारी वकील अदालतमा उपस्थित भई बकपत्रमा सामेल हुने वा कानून बमोजिम श्रव्य दृष्यका संवाद (Video Conferencing) मार्फत बकपत्र हुनेमा सम्बद्ध अधिकारीसँग समन्वय र सहकार्य गर्ने,

७.२९.४ विषयगत मुद्दा महाशाखामा खटिएका सरकारी वकीलबाट आ-आफूलाई तोकिए बमोजिम मातहत कार्यालयबाट प्राप्त मुद्दा चल्ने/ नचल्ने, अन्तरकालीन आदेश उपर निवेदन गर्ने/नगर्ने, आंशिक निर्णय सदर गर्ने/नगर्ने, मुद्दामा मिलापत्र गर्न आदेश दिने/नदिने, पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याउने निवेदन गर्ने मिसिलमा आधार र कारण खुलाई निर्णयार्थ टिप्पणी पेश गर्ने,

७.२९.५ प्रकरण ७.२९.३ बमोजिम पेश भएका मुद्दामा सम्बन्धित नायब महान्यायाधिवक्ताले महान्ययाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम अन्तिम निकासा दिने र महान्यायाधिवक्ताबाट निर्णय हुनुपर्ने मुद्दामा राय सहित पेश गर्ने,

७.२९.६ विषयगत मुद्दा महाशाखामा खटिएका सम्बन्धित सरकारी वकीलले आफूबाट टिप्पणी पेश भएका मुद्दामा अन्तरकालीन आदेश उपर निवेदन गर्ने, पुनरावेदन गर्ने, मुद्दा दोहोऱ्याउन निवेदन गर्ने, पुनरावलोकनको निवेदन गर्ने गरी निर्णय भएकोमा पुनरावेदन शाखाबाट भई आएको पुनरावेदन/निवेदन जाँची परिमार्जन गरी सम्बन्धित नायब महान्यायाधिवक्ता समक्ष पेश गर्ने,

७.२९.७ आफूले बहस पैरवी गरेको वा विषयगत मुद्दा महाशाखाको प्रमुखले तोकेका नेपाल सरकार वादी भएका मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसला उपर पुनरावलोकनको निवेदन गर्ने नगर्ने सम्बन्धमा निर्णयार्थ विषयगत मुद्दा महाशाखा प्रमुख समक्ष राय पेश गर्ने,

७.२९.८ पुनरावलोकनका लागि निवेदन गर्ने निर्णय भएका मुद्दामा प्रकरण ७.२९.५ मा उल्लेख भए बमोजिम गर्ने र पुनरावलोकन नगर्ने गरी निर्णय भएका मुद्दाको मिसिल सम्बन्धित कार्यालयमा पठाउने प्रयोजनका लागि मुद्दा तथा रिट शाखामा फिर्ता पठाई सोको अभिलेख राख्ने,

७.२९.९ कुनै विषयगत मुद्दा महाशाखाबाट हेर्ने गरी तोकिएको मुद्दा वा रिट अर्को मुद्दा महाशाखाबाट हेर्ने विषयवस्तुको रहेको अवस्थामा आधार र कारण खुलाई नायब महान्यायाधिवक्ताले तोक आदेश गरी पठाएको मुद्दामा बहस पैरवी तथा प्रतिरक्षा गर्ने,

७.२९.१० प्रकरण ७.२९.८ बमोजिम मुद्दा वा रिट अर्को मुद्दा महाशाखामा पठाएकोमा मुद्दा पठाउने महाशाखाको दायरी लगत कट्टा गरी सोको जानकारी मुद्दा तथा रिट शाखामा तुरून्त दिने,

७.२९.११ कुनै मुद्दा वा रिट कुन महाशाखाबाट हेर्ने भन्ने सम्बन्धमा द्विविधा भएमा कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागका प्रमुखले तोके बमोजिम हुने,

७.२९.१२ विषयवस्तुको गम्भीरता वा आवश्यकताका आधारमा कुनै विषयगत मुद्दा महाशाखामा दर्ता रहेका मुद्दा तथा रिटमा विषयगत मुद्दा महाशाखा प्रमुख बीच समन्वय/सल्लाह गरी अन्य मुद्दा महाशाखाका प्रमुख वा सरकारी वकीलले समेत बहस पैरवी तथा प्रतिरक्षा गर्ने,

७.२९.१३ विषयगत मुद्दा महाशाखामा दर्ता भएका मुद्दा तथा रिट निवेदनमा फैसला वा अन्तिम आदेश भएपछि त्यस्ता मुद्दाको महाशाखा दर्तामा फैसला/अन्तिम आदेशको व्यहोरा जनाई लगत कट्टा गरी सम्बन्धित मिसिल कागजात मुद्दा तथा रिट शाखामा फिर्ता पठाउने ।

**७.३० महान्यायाधिवक्ताको सचिवालय:** प्रकरण ३.४ बमोजमको सचिवालयबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्:–

७.३०.१ महान्यायाधिवक्ता समक्ष निर्णय निकासाका लागि पेश हुने मिसिलहरू अध्ययन गरी महान्यायाधिवक्तालाई जानकारी गराउने,

७.३०.२ महान्यायाधिवक्ताबाट निकासा भए बमोजिम निर्णय तयार गरी निर्णयको प्रति सहितको मिसिल मुद्दा चलाउने/नचलाउने निर्णयको हकमा मुद्दा तथा रिट शाखामा र पुनरावेदन तथा पुनरावलोकनका हकमा पुनरावेदन शाखामा बुझाउने,

७.३०.३ संविधान तथा प्रचलित कानून बमोजिम महान्यायधिक्ताको अध्यक्षता वा महान्यायाधिवक्ता सदस्य हुने विभिन्न बोर्ड, समिति लगायतको कार्य सम्बन्धी कार्यक्रम तयार गरी पेश गर्ने,

७.३०.४ महान्यायधिवक्ताको कार्यसम्पादनमा सहयोग गर्नुका साथै बोर्ड, समितिबाट भए गरेका निर्णय, कार्यको व्यवस्थित रूपमा अभिलेख राखी कार्यान्वयनका लागि पठाउने,

७.३०.५ विभिन्न व्यक्तित्व वा पदाधिकारीसँग महान्यायाधिवक्ताको भेटघाट, परामर्श, बैठक आदिको कार्यक्रम बनाई आतिथ्यता र कार्यक्रमलाई व्यवस्थित बनाउने,

७.३०.६ महान्यायाधिवक्ताको कार्यकक्ष र सचिवालयको लागि आवश्यक पर्ने सरसामान र पुस्तकहरूको जिम्मा, व्यवस्थापन गर्ने,

७.३०.७ महान्यायाधिवक्ता समक्ष टेलिफोन र विद्युतीय माध्यमबाट प्राप्त उजुरी/गुनासोको टिपोट बनाई, पेश गरी निर्णय बमोजिम कार्यान्वयन गर्ने,

७.३०.८ महान्यायाधिवक्ताबाट दिइएका आदेश र निर्णयहरूको कार्यान्वयनको लागि सम्बद्ध कार्यालय, विभाग वा महाशाखामा संप्रेषित गरी कार्यान्वयनको अवस्थाबारे जानकारी लिई महान्यायाधिवक्ता समक्ष पेश गर्ने,

७.३०.९ महान्यायाधिवक्ताबाट सम्पादन भएका काम कारबाहीको विद्युतीय माध्यमबाट समेत अभिलेख राख्ने,

७.३०.१० महान्यायाधिवक्ता वा कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागको प्रमुखबाट तोकेका मुद्दा/रिटमा बहस पैरवी तथा प्रतिरक्षा गर्ने,

७.३०.११ महान्यायाधिवक्ताको सचिवालयलाई व्यवस्थित गर्न महान्यायाधिवक्ताबाट निर्देशन भए बमोजिका अन्य काम गर्ने।

७.३०.१२ महान्यायाधिवक्ताबाट भएका निर्णयहरु व्यवस्थित रुपमा अभिलेख तया र गर्ने ।

## परिच्छेद-चार

## मातहतका कार्यालयबाट सम्पादन हुने कार्य विवरण

**८. उच्च सरकारी वकील कार्यालय:** यस कार्यालयमा रहेका देहायका शाखा/ फाँटबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

**८.१ मुद्दा तथा रिट शाखा:** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

८.१.१ मातहत कार्यालयबाट प्राप्त मुद्दाका मिसिलमा निर्णय निकासाको टिप्पणी पेश गर्न सरकारी वकील वीच समानुपातिक र उपयुक्तताका आधारमा जिल्ला विभाजन गरी जिम्मेवारी तोक्ने प्रस्ताव तयार गरी कार्यालय प्रमुख समक्ष निर्णयार्थ पेश गर्ने,

८.१.२ मातहत जिल्ला सरकारी वकील कार्यालयबाट प्राप्त मुद्दा चलाउने/नचलाउने, अन्तरकालीन आदेश उपर निवेदन गर्ने/नगर्ने, पुनरावेदन गर्ने/नगर्ने, आंशिक निर्णय समर्थन गर्ने/नगर्ने सम्बन्धमा प्राप्त मिसिल तथा मिलापत्रका निवेदनमा कार्यालय प्रमुखबाट तोकिएका जिल्लाको तोकिएका सरकारी वकील समक्ष यथाशीघ्र पेश गरी अभिलेख राख्ने,

८.१.३ मातहत जिल्ला सरकारी वकील कार्यालयबाट प्राप्त भएका प्रकरण ८.१.२. मा उल्लिखित विषयमा कार्यालयबाट दिइने निकासा, आदेश वा निर्णयमा एकरूपता कायम गर्ने सम्बन्धमा सरकारी वकील बीच आवश्यक छलफल र समन्वय गरी एकरूपता कायम गर्ने,

८.१.४ निकासा निर्णय भए पछि सम्बन्धित सरकारी वकील कार्यालयमा निर्णय कार्यान्वयनका लागि मिसिल फिर्ता पठाउनु पर्नेमा निर्णयको प्रतिलिपि साथै राखी हदम्याद नगुज्रने गरी तुरून्त पठाउने, आफ्नै कार्यालयबाट पुनरावेदन वा निवेदन दर्ता गर्नु पर्नेमा टिप्पणी पेश गर्ने सरकारी वकीलको समन्वयमा पुनरावेदनपत्र वा निवेदनपत्र तयार गरी सम्बन्धित अदालतमा दायर गर्ने, निकासाका लागि मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउनुपर्नेमा निर्णयको प्रतिलिपि साथै राखी म्याद/हदम्यादलाई ख्याल गरी म्याद ननाघ्ने गरी यथासंभव छिटो पठाउने,

८.१.५ महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम कार्यालयबाट मुद्दा नचलाउने गरी अन्तिम निकासा भएका मुद्दाको निर्णय सहित छुट्टै अभिलेख राख्ने,

८.१.६ विभिन्न सरकारी निकायहरूबाट कार्यालय मार्फत उच्च अदालतमा पेश गरिने लिखित जवाफ रितपूर्वक भए नभएको, आवश्यक कागजात रहे नरहेको विचार गरी दर्ताका लागि अदालतमा पठाउने, रित नपुगेको वा म्याद नाघेको कारण अदालतबाट फिर्ता भएका लिखित जवाफ सम्बन्धित कार्यालयमा फिर्ता पठाउने।

८.१.७ सरकारी निकायबाट कार्यालय मार्फत लिखित जवाफ तयार गर्नु अघि जवाफ लेख्न, लिखित जवाफ साथ संलग्न गर्नुपर्ने कागजातका लागि सल्लाह लिने परिपाटिको विकास गर्न आवश्यक समन्वय/अन्तरक्रिया गर्ने लगायत लिखित जवाफसँग सम्बन्धित अन्य व्यवस्थापन गर्ने।

८.१.८ उच्च अदालतमा दर्ता भएका सरकार वादी मुद्दा, अन्तरकालीन आदेश उपरको निवेदन, पुनरावेदन, सरकार वादी मुद्दामा प्रतिवादीको तर्फबाट परेका पुनरावेदन, निवेदन र प्रतिरक्षाका लागि प्राप्त भएका मुद्दा तथा रिट निवेदनको निर्धारित ढाँचाको अभिलेख किताबमा विवरण प्रविष्ट गरी मिसिल कागजात मगाई अद्यावधिक गरी बहस पैरवी व्यवस्थापन शाखामा बुझाउने,

८.१.९ कार्यालयबाट बहस पैरवी तथा प्रतिरक्षा गरेका मुद्दा तथा रिटमा उच्च अदालतबाट फैसला वा अन्तिम आदेश भए पछि अदालतको अभिलेख मिल्ने गरी दायरी रजिष्ट्रमा लगत कट्टा गरी विवरण जनाउने,

८.१.१० मुद्दा सम्बन्धी काम कारवाहीको निर्धारित ढाँचाको मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी समयमै महान्यायाधिवक्ताको कार्यालयमा पठाउने, यसरी प्रतिवेदन तयार गर्दा फैसला/आदेशको परिणाम खुलाउन फैसलाको जानकारी प्राप्त नभएकोमा पेशी किताब र बहस गर्ने सम्बन्धित सरकारी वकीलले मिसिलमा खुलाएको व्यहोराको आधार समेत लिने,

८.१.११ कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका सरकार वादी मुद्दामा उच्च अदालतबाट फैसलाको जानकारी प्राप्त भएपछि फैसलाको प्रतिलिपि सहित बहस गर्ने सरकारी वकील कार्यालयमा उपस्थित भए निज र अन्यत्र सरूवा भई वा अन्य कारणले अनुपस्थित भए कार्यालय प्रमुखबाट तोकिएका सरकारी वकील समक्ष पेश गर्ने,

८.१.१२ प्रकरण ८.१.११ बमोजिम मिसिल प्राप्त भए पछि सम्बन्धित सरकारी वकीलले फैसला / अन्तिम आदेश अध्ययन गरी पुनरावेदन / मुद्दा दोहोऱ्याउन निवेदन गर्नु नपर्नेमा आधार कारण खुलाई कार्यालय प्रमुखबाट प्रमाणित/ निर्णय गराउने, पुनरावेदन/मुद्दा दोहोऱ्याउने निवेदन गर्नु पर्नेमा मस्यौदा तयार गरी/ गराई विभागीय परिपत्रबाट भएको निर्देशन बमोजिम आफै वा कार्यालय प्रमुख समक्ष पेश गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउने व्यवस्था मिलाउने,

८.१.१३ कार्यालयबाट प्रतिरक्षा गरिएका रिट निवेदनमा अन्तिम आदेश भए पछि त्यस्तो आदेशको प्रतिलिपि साथै राखी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा मिसिल फिर्ता पठाई सोको अभिलेख राख्ने,

८.१.१४ उच्च अदालतबाट फैसला भएका सरकार वादी मुद्दामा पुनरावेदन सम्बन्धी कारवाही गर्नु नपर्ने गरी कार्यालय प्रमुखबाट निर्णय/प्रमाणित भएका मिसिल प्रतिवादीबाट पुनरावेदन परी प्रत्यर्थी झिकाउने आदेश बमोजिम महान्यायाधिवक्ताको कार्यालयबाट मिसिल माग हुन सक्ने अवस्था र अवधि विचार गरी त्यस्ता अन्तिम किनारा लागेका मुद्दाको मिसिल सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाई त्यसको स्पष्ट अभिलेख राख्ने,

८.१.१५ कार्यालयबाट भएका मुद्दा चलाउने / नचलाउने निर्णय, मुद्दा दोहोऱ्याउने निवेदन नगर्ने निर्णयका सक्कल प्रति मासिक रूपमा छुट्टिने गरी सिलसिलेबार निर्णय नम्बर अनुरूप फाइलिङ्ग गरी वर्ष वर्षको छुट्टाछुट्टै वाइण्डिङ्ग गरी व्यवस्थित रूपमा अभिलेख राख्ने,

८.१.१६ कार्यालयबाट बहस पैरवी तथा प्रतिरक्षा गरिएका मुद्दा तथा रिटमा उच्च अदालतबाट भएका फैसला वा अन्तिम आदेशको प्रति विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखामा उपलब्ध गराई फैसला वा अन्तिम आदेश विषयगत र सालवसाली रूपमा छुट्टाछुट्टै फाइलिङ्ग गरी फैसलाको परिमाण अनुसार वर्ष वर्षको वाइण्डिङ्ग गरी व्यवस्थित रूपमा अभिलेख राख्ने,

८.१.१७ कार्यालय प्रमुखबाट तोकिएका अन्य कार्य गर्ने।

**८.२ बहस पैरवी व्यवस्थापन शाखा:** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

८.२.१ कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गर्नु पर्ने रिट तथा मुद्दामा प्रभावकारिता ल्याउन विषयगत विशिष्टीकरण र कार्य समानुपातिकता हुने गरी सरकारी वकील वर्गीकरण गर्ने प्रस्ताव तयार गरी निर्णयार्थ कार्यालय प्रमुख समक्ष पेश गर्ने,

८.२.२ कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गर्नुपर्ने मुद्दामा अदालतबाट पेशीको जानकारी पत्र प्राप्त हुना साथ निर्धारित ढाँचाको पेशी किताबमा चढाई पेशी भन्दा सामान्यतया सात दिन अगावै सम्बन्धित सरकारी वकील समक्ष वा सरकारी वकील नतोकिएकोमा कार्यालय प्रमुखबाट सरकारी वकील तोकाई मिसिल पेश गर्ने,

८.२.३ आफूलाई तोकिएको मुद्दामा साक्षी परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित सरकारी वकील अदालतमा उपस्थित भई बकपत्रमा सामेल हुने वा कानून बमोजिम श्रब्य दृष्यका संवाद (Video Conferencing) मार्फत बकपत्र हुनेमा सम्बद्ध अधिकारीसँग समन्वय र सहकार्य गर्ने,

८.२.४ पेशीको दिन अदालतबाट भएको नतिजा सम्बन्धित सरकारी वकीलले प्रष्ट बुझिने गरी सम्बन्धित मिसिलमा र तोकिएका कर्मचारीले पेशी किताबमा जनाउने। पेशीको दिन फैसला/अन्तिम आदेश भएका मिसिल मुद्दा, पुनरावेदन तथा रिट शाखामा बुझाई अभिलेख राख्ने,

८.२.५ मुद्दा तथा रिट निवेदनमा उठाइएका वा रहेका विषयबस्तुको गम्भीरताका आधारमा समूहगत रूपमा सरकारी वकीलको प्रतिनिधित्व गर्नुपर्ने देखेमा कार्यालय प्रमुख समक्ष पेश गरी बहस गर्ने विषय विभाजन गरी समूहगत रूपमा अदालतमा प्रस्तुत हुने,

८.२.६ अदालतबाट बहसको पालो आएको सम्बन्धित सरकारी वकीललाई खबर गर्ने व्यवस्थालाई चुस्त बनाउने र सामयिक रूपमा सुधारका उपाय अवलम्बन गर्दै जाने,

८.२.७ उच्च अदालतबाट साप्ताहिक तथा दैनिक पेशी सूची प्राप्त गरी प्रत्येक दिन इजलासमा पेश हुने न्यायाधीशहरूको नाम र क्रम संख्या समेत खुल्ने मुद्दाको दैनिक पेशी सूची तयार गरी अभिलेख राखी आवश्यकता अनुसार सरकारी वकीलहरूलाई वितरण गर्ने,

८.२.८ अदालतमा पेश गर्नुपर्ने बहसनोट बारे बहस गर्ने सरकारी वकीललाई सूचना दिने र सरकारी वकीलले पेश गरेको बहसनोटलाई अभिलेख गरी संस्थागत गर्ने तथा बहसनोट सम्बन्धमा अन्य व्यवस्थापन गर्ने,

८.२.९ बहस पैरवी व्यवस्थापन सम्बन्धमा कार्यालय प्रमुखबाट तोकिएका अन्य आवश्यक कार्य गर्ने।

**८.३ प्रशासन, योजना तथा कानूनी राय शाखा:** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

**प्रशासन तर्फ:**

८.३.१ यस कार्यविधिको अधीनमा रही कार्यालयमा नियुक्त वा पदस्थापन हुने प्रत्येक सरकारी वकील तथा कर्मचारीलाई कार्यालयमा कार्यादेश सहितको जिम्मेवारी दिने,

८.३.२ सरकारी वकील तथा कर्मचारीको अलग अलग व्यक्तिगत फाइल खडा गरी सरूवा, काज, बिदा, योग्यता, तालिम, कारवाही, पुरस्कार आदि सम्बन्धी विवरण खुल्ने एकीकृत अभिलेखका साथै व्यक्तिगत फाइल अद्यावधिक गर्ने,

८.३.३ सरकारी वकील तथा कर्मचारीको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउन विद्युतीय हाजिरी (e-Attendance) सहितको हाजिरी तथा बिदाको व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

८.३.४ सरकारी वकील तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन तथा सम्पत्ति विवरण फाराम प्राप्त गरी समयमै अग्रिम कारवाहीका लागि सम्बन्धित अधिकारी/निकायमा पेश गर्ने,

८.३.५ सबै शाखामा सरकारी वकील तथा कर्मचारीको कार्यक्षमता र कामको विचार गरी अनुपात मिलाई कर्मचारी खटाउने हेरफेर गर्ने सम्बन्धमा कार्यालय प्रमुख समक्ष पेश गर्ने,

८.३.६ नियमित रूपमा कर्मचारी बैठकको बन्दोबस्त मिलाई छलफलको विवरणको अभिलेख राख्ने एवम् कार्यान्वयन गराउने,

८.३.७ कार्यालयको भौतिक सामानको शाखागत अद्याबधिक लगत, संरक्षण, मर्मत संभार, लिलाम, मिनाहा गरी समुचित उपयोगको व्यवस्था मिलाउने,

८.३.८ गुनासो सुन्ने अधिकारी एवं सूचना अधिकारी तोक्न कार्यालय प्रमुख समक्ष पेश गरी नागरिक बडापत्र, उजुरी पेटिकाको व्यवस्थापन लगायत सेवाग्राही सन्तुष्टि सम्बन्धी कार्य गर्ने,

८.३.९ अन्तरशाखा समन्वय र सहकार्य गर्ने,

८.३.१० कार्यालय भवन परिसरको सरसफाई, बगैंचा एवं कार्यालयको सुरक्षाका लागि पालो पहरा लगायतको कार्य गर्ने,

८.३.११ कार्यालयका लागि चाहिने कागज, कलम, मसी, फर्निचर आदि भौतिक चिजवस्तुहरू प्रचलित सार्वजनिक खरिद ऐन, नियम अनुरूपको प्रक्रिया अपनाई खरिद गर्ने, मौज्दात राख्ने, संरक्षण गर्ने र स्वीकृत मागफारामका आधरमा खर्च गर्ने,

८.३.१२ कानून बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन व्यवस्थित गर्ने,

८.३.१३ मातहत जिल्ला सरकारी वकील कार्यालयको काम कारबाहीको आवधिक/आकस्मिक निरीक्षण/अनुगमन गरी निर्देशन दिई निर्धारित ढाँचामा प्रतिवेदन तयार गरी एकीकृत अभिलेख राख्नुका साथै निरीक्षण सम्बन्धी व्यहोरा र विवरण विद्युतीय माध्यमबाट महान्यायाधिवक्ताको कार्यालय मानव संसाधन महाशाखा र योजना, अनुसन्धान तथा अनुगमन महाशाखामा पठाउने,

८.३.१४ कार्यालय र मातहत जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकील लगायत कर्मचारीको काम कारबाहीको गुणस्तरीयता, अग्रसरता र उपयुक्तताका आधारमा मूल्याङ्कन गर्ने पद्दतिको विकास गरी पुरस्कार तथा विभागीय कारबाही गर्न कार्यालय प्रमुख समक्ष पेश गरी निर्णय कार्यान्वयन गर्ने।

८.३.१५ कार्यालयबाट सम्पादन गर्नुपर्ने अन्य शाखा वा फाँटलाई नतोकिएका र कार्यालय प्रमुखबाट तोकिएका कर्मचारी प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

**योजना तर्फः**

८.३.१६ वार्षिक कार्य योजना बमोजिम कार्यालयबाट सम्पादन गर्नुपर्ने रणनीतिक क्रियाकलाप कार्यान्वयन, समीक्षा र प्रतिवेदन गर्ने कार्यमा योजना कार्यान्वयन समितिसँग सहकार्य गरी योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने,

८.३.१७ मुद्दा, रिट तथा पुनरावेदन शाखाबाट प्राप्त भएको छलफलका विषयवस्तुलाई विचार गरी विभिन्न अनुसन्धान निकाय एवं कार्यालयबाट प्रतिरक्षा गरिने सरकारी निकायका अधिकारीसँग अन्तर्क्रिया, छलफल तथा समन्वय बैठक गर्ने कार्यक्रम बनाई निर्णयार्थ कार्यालय प्रमुख समक्ष पेश गरी निर्णयको कार्यान्वयन गर्ने,

८.३.१८ महान्यायाधिवक्ताको कार्यालय, अभियोजन प्रशिक्षण केन्द्रसँग समन्वय गरी आफ्नो कार्यालय र मातहत जिल्ला सरकारी वकील कार्यालयमा कार्यरत सहायकस्तरका कर्मचारीहरूलाई कार्यसम्पादनसँग सम्बन्धित प्रशिक्षण पाठ्यक्रम तर्जुमा गरी प्रशिक्षण सञ्चालन गर्ने,

८.३.१९ कार्यालय प्रमुखबाट तोकिएका योजना सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

**कानूनी राय तर्फः**

८.३.२० कानूनी रायका लागि प्राप्त फाइल कागजातहरू दर्ता गरी अभिलेख राख्ने,

८.३.२१ माग भएको कानूनी राय प्रदान गर्न निर्धारित ढाँचा अनुरूप र संलग्न गर्नुपर्ने कागजातहरू भए नभएको अध्ययन गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने,

८.३.२२ कार्यालय प्रमुखबाट भएको निर्णयको कार्यान्वयन गरी प्रदान गरिएका कानूनी राय सम्बन्धी विवरण निर्धारित ढाँचामा (विद्युतीय माध्यममा समेत) अभिलेख राख्ने,

८.३.२३ कानूनी रायका विषयमा नेपाल सरकारका सम्बद्ध निकाय वा पदाधिकारीहरूसँग छलफल, अन्तर्क्रिया र गोष्ठी आदि कार्यक्रम निर्माण गरी निर्णयका लागि पेश गरी कार्यक्रम सञ्चालन गर्ने।

**८.४ कसूर पीडित तथा साक्षी संरक्षण र हिरासत अनुगमन शाखाः** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

८.४.१ मुद्दाको काम कारवाहीमा पक्षको गोपनीयता कायम गर्ने लगायत कसूर पीडित तथा साक्षी मैत्री व्यवहारका लागि आवश्यक प्रबन्ध गर्ने गराउने,

८.४.२ कसूर पीडित तथा साक्षीसँग बकपत्र गर्नु अघि सम्बन्धित सरकारी वकीलबाट परामर्शका साथै बकपत्र पश्चात दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सहजीकरण गर्ने,

८.४.३ मुद्दाको सुनुवाइमा कसूर पीडितको सहभागिताका लागि सहजीकरण गर्नुका साथै पीडितले कानून बमोजिम प्राप्त गर्ने क्षतिपूर्ति र निजको पुनर्स्थापना गर्ने कार्यमा सहयोग र सहजीकरण गर्ने,

८.४.४ कसूर पीडित तथा साक्षीका गुनासाहरू सुनुवाइ गरी आवश्यक सुझाव दिने,

८.४.५ कसूर पीडित तथा साक्षीको विवरण र तिनको संरक्षण सम्बन्धी अभिलेख व्यवस्थित गर्ने,

८.४.६ कसूर पीडित र साक्षी संरक्षण सम्बन्धमा नेपाल प्रहरी तथा अनुसन्धान गर्ने र अन्य सम्बद्ध निकायसँग समन्वय र सहकार्य गर्ने,

८.४.७ प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने हिरासत अनुगमन गर्ने कार्यतालिका तयार गरी महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम भएको हिरासत अनुगमन एवं निर्देशनको एकीकृत प्रतिवेदन तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाई अभिलेख अद्यावधिक गरी राख्ने,

८.४.८ हिरासत अनुगमन सम्बन्धी कार्यको सम्पर्क शाखाको रूपमा कार्य गर्ने

८.४.९ हिरासत अनुगमनबाट देखिएका समस्या समाधानका लागि सम्बन्धित निकायका प्रतिनिधिहरूसँग बैठक, छलफलको व्यवस्था गर्न कार्यक्रम तर्जुमा गरी पेश गर्ने,

८.४.१० कार्यालय प्रमुखबाट तोकिए बमोजिमका अन्य कामहरू गर्ने।

**८.५ साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा**: यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

८.५.१ सरकारी वकील कार्यालयको कार्यसम्पादनमा सम्बन्धमा तयार भएका विभिन्न सफ्टवेयरको परिमार्जन, एकीकरण गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कर्यालयसँग समन्वय गरी आवश्यक कार्य गर्ने/गराउने,

८.५.२ कार्यालयबाट सम्पादन हुने काम कारबाही संभव भएसम्म विद्युतीय माध्यमबाट सम्पादन गर्न आवश्यक विद्युतीय उपकरण, प्रविधि आदिको विकास गर्न कार्यक्रम तयार गरी निर्णय कार्यान्वयन गर्ने/गराउने,

८.५.३ कार्यालयबाट भएका मुद्दा चलाउने/नचलाउने निर्णयका प्रति मुद्दा, पुनरावेदन तथा रिट शाखाबाट प्राप्त गरी कार्यालय र समयावधि छुट्टिने गरी विद्युतीय माध्यमबाट अभिलेख राख्ने,

८.५.४ कार्यालयबाट दायर भएका अभियोगपत्र, पुनरावेदन नियमित रूपमा वेभसाइटमा अपलोड गर्ने,

८.५.५ कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दाको फैसलाका प्रति मुद्दा, पुनरावेदन तथा रिट शाखाबाट प्राप्त गरी विषय र अवधि खुल्ने गरी विद्युतीय माध्यमबाट अभिलेख राखी सरकारी वकीलको कार्यसम्पादनमा सहयोगी हुने फैसलाहरू कार्यालयको वेभसाइटमा अपलोड गर्ने,

८.५.६ कार्यालयको महत्वपूर्ण सूचना, तथ्यांक प्राप्ति र उपयुक्तताको छनौट गरी समय र विषयगत रूपमा अद्यावधिक गरी अभिलेखीकृत गर्ने,

८.५.७ कार्यालयको वेभसाइट अद्याबधिक बनाई आवश्यक सूचना, सामग्री सहितको वेभसाइट व्यवस्थापन गर्ने,

८.५.८ महान्यायाधिवक्ताको कार्यालयसँग विद्युतीय माध्यमबाट सम्पर्क स्थापित गर्ने प्रविधि, सामग्रीको व्यवस्थापन, जडान तथा सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

८.५.९ कार्यालयमा सूचना प्रविधि तथा विद्युतीय अभिलेख शाखाको प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन र क्षमता विकास सम्बन्धी कार्य गर्ने,

८.५.१० Assest Management System (AMS) सम्बन्धित सम्पूर्ण भौतिक सामग्रीको विवरणहरू सफ्टवेयरमा अपलोड गर्ने,

८.५.११ Case Management System (CMS) मा विवरण प्रविष्ट गर्ने,

८.५.१२ कार्यालयमा रहेको कम्प्युटर, विद्युतीय सामाग्रीको तथा सि.सि.टि.भि. समेतको सामाग्री चालु अवस्थामा राख्न आवश्यक कार्य गर्ने,

८.५.१३ साइवर अपराधसँग सम्बन्धित कुनै समस्या वा अल्झन आए महान्यायाधिवक्ताको कार्यालयको साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि महाशाखा अन्तर्गतको साइवर युनिटसँग समन्वय गर्ने,

८.५.१४ कार्यालय तथा कर्मचारीको Email को काम कारवाही @ag.gov.np मार्फत मात्र गर्ने/गराउने व्यवस्था मिलाउने,

८.५.१५ कार्यालयमा कम्प्युटर/सहायक कम्प्युटर अपरेटर नियुक्ति गर्दा Technical Support (IT) Staff हुने गरी नियुक्ति गर्ने व्यवस्था गर्ने,

८.५.१६ कार्यालय प्रमुखबाट तोके बमोजिम साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि सम्बन्धी अन्य कार्य गर्ने ।

**८.६ पुस्तकालय शाखा**: यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

८.६.१ कार्यालयमा रहेका पुस्तक एवं अन्य अध्ययन सामग्रीको रजिष्ट्रमा र विद्युतीय माध्यमबाट समेत सूचीकरण तथा वर्गीकरण गरी व्यवस्थित किसिमले प्रत्येक पुस्तक/ अध्ययन सामग्रीमा संकेत नम्बर (बार कोड) राख्ने,

८.६.२ पुस्तकालय भित्र अनुशासन र मर्यादा कायम हुने गरी सरकारी वकील, कर्मचारी, कानून व्यवसायी एवं कानूनका विद्यार्थीले समेत अध्ययन गर्न सक्ने व्यवस्था मिलाउने,

८.६.३ विभिन्न प्रकाशक तथा बिक्रेतासँगको सम्पर्कबाट बजारमा उपलब्ध पुस्तक पत्रिका आदिको सूची तयार गरी विनियोजित बजेटको परिधि भित्र रही कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित पुस्तक/ अध्ययन सामग्रीको खरिद प्रक्रिया अगाडि बढाउन महाशाखा प्रमुख समक्ष पेश गरी निर्णयानुसार गर्ने,

८.६.४ सरकारी वकीललाई आवश्यक पर्ने ऐन नियम लगायतका पुस्तकहरू, राजपत्र तथा पत्रपत्रिकाहरू भरपाई गरी उपलव्ध गराउने,

८.६.५ पुस्तकालयमा रहेका कार्यसम्पादनमा उपयोगी पुस्तक तथा अन्य पाठ्यसामग्री सरकारी वकील तथा कर्मचारीलाई मात्र अभिलेख राखी सिमित समयका लागि आवासमा लैजाने र समयमै फिर्ता गर्ने व्यवस्था गर्ने । यसरी लगिएका पुस्तक वा अन्य सामग्री कुनै व्यहोराले मिनाहा नगर्ने बजारमा उपलब्ध त्यस्ता पुस्तक नै दाखिला गर्नुपर्ने व्यवस्था मिलाउने,

८.६.६ कर्मचारीहरू सरुवा वा अवकाश हुँदा रमाना गर्नु वा कार्यालयबाट सिफारिसपत्र दिनु अघि निजहरू जिम्मामा रहेका पुस्तक फिर्ता लिई चुक्ता सिफारिस गर्नुपर्ने पद्धतिको विकास गर्ने,

८.६.७ महान्यायाधिवक्ताको कार्यालयसँग परामर्श गरी विद्युतीय पुस्तकालयको विकास गर्नुका साथै अन्य पुस्तकालय बीच सम्पर्क, समन्वय र सहकार्य गर्ने,

८.६.८ पुस्तकालयलाई व्यवस्थित र थप प्रभावकारी बनाउन पुस्तकालय विकास सम्बन्धी नीति तथा योजना तयार गरी कार्यालय प्रमुख समक्ष पेश गरी कार्यान्वयन गर्ने ।

**८.७ आर्थिक प्रशासन फाँट**: प्रशासन, योजना तथा कानूनी राय शाखा अन्तर्गत रहने यस फाँटबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

८.७.१ प्रशासन तथा योजना शाखासँगको समन्वयबाट कार्यालयको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी महान्यायाधिवक्ताको कार्यालय आर्थिक प्रशासन शाखामा पठाउने,

८.७.२ कोष तथा लेखा नियन्त्रक कार्यालय समेतसँग समन्वय गरी बजेट सम्बन्धी आवश्यक निर्देशन र बजेट निकासा लिने

८.७.३ कार्यालयका लागि विनियोजित बजेट रकम अन्तर्गत रही सम्बन्धित बजेट शीर्षकमा नियमानुसार विधि र प्रक्रिया पूरा गरी, आवश्यक बिल भरपाई तथा कागजात संलग्न गरी समानुपातिकता, मितव्ययिता र गुणस्तरीयता र पारदर्शिता कायम हुने गरी खर्च लेख्ने,

८.७.४ खर्चको भुक्तानी गर्दा बैंक मार्फत भुक्तानी गर्नुका साथै यसरी भुक्तानी गर्दा नियमानुसार कटाउनुपर्ने पारिश्रमिक कर, संचय कोष र नागरिक लगानी कोष, बिमा आदि कट्टा गरी सम्बन्धित निकायमा यथासमयमा पठाउने,

८.७.५ कुनै कार्यक्रम वा दायित्वका लागि बजेट थप गर्नुपर्ने वा रकमान्तर गर्नुपर्नेमा भरसक एकै पटक स्पष्ट आधार कारण र औचित्य खुलाई थप बजेट निकासा वा रकमान्तरका लागि महान्यायाधिवक्ताको कार्यालय, आर्थिक प्रशासन शाखामा पठाउने,

८.७.६ आवश्यकता अनुरूप दिएको पेश्की समयमै फछ्यौंट गर्ने गराउने,

८.७.७ कार्यालयको आर्थिक प्रशासन सम्बन्धी लेखा, स्रेस्ताको अभिलेख चुस्त दुरूस्त राखी समयमै मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी पठाउने,

८.७.८ आर्थिक कारोवार एवं खर्च भएका रकमको लेखाको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,

८.७.९ महालेखा परीक्षकको कार्यालय तथा महान्यायधिवक्ताको कार्यालयसँग सम्पर्क राखी बेरुजु लगत अद्यावधिक गरी कायम भएका बेरूजु फछ्यौंट गराई कार्यालयलाई बेरूजु शुन्य बनाउने,

८.७.१० कार्यालय प्रमुखले तोकेका आर्थिक प्रशासनसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने ।

**८.८ दर्ता चलानी तथा सोधपुछ फाँट:** प्रशासन, योजना तथा कानूनी राय शाखा अन्तर्गत रहने यस फाँटबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

८.८.१ कार्यालयमा प्राप्त भएका चिठीपत्र/कागजात बुझी बुझ्नेको नाम, पद र मिति स्पष्ट खुलाई भरपाई दिने र यसरी प्राप्त भएका प्रत्येक कागज पत्र निर्धारित ढाँचाको दर्ता किताबमा र विद्युतीय माध्यममा (कम्प्युटरमा) तुरून्त दर्ता गरी दर्ता नम्बर र मिति प्रविष्ट गर्ने,

८.८.२ गोप्य र कार्यालय प्रमुखलाई सम्बोधन गरिएका खामबन्दी चिठीहरू नखोली खामको बाहिर दर्ता नम्बर उल्लेख गरी तुरून्त कार्यालय प्रमुख समक्ष पेश गरी भएको तोक आदेश बमोजिम सम्बन्धित शाखामा बुझाउने,

८.८.३ प्रकरण 8.८.2 बाहेकका अन्य कागजपत्र प्रशासन, योजना तथा कानूनी राय शाखाका प्रमुख समक्ष पेश गरी भएको तोक आदेश बमोजिम तत्काल सम्बन्धित शाखा/फाँटमा बुझाई दर्ता किताबमा अभिलेख राख्ने,

८.८.४ प्रकरण 8.८.३ मा जे सुकै उल्लेख भएता पनि मुद्दा तथा रिटसँग सम्बन्धित मिसिल कागजात भए दर्ता गरी पत्र प्राप्त भएकै दिन मुद्दा, पुनरावेदन तथा रिट शाखाको प्रमुख समक्ष पेश गरी दर्ता किताबमा अभिलेख राख्ने,

८.८.५ कार्यालयबाट अन्यत्र पठाउने पत्र, कागजात, पत्रको मिति, पत्रको विषय, पठाइने कार्यालय वा अदालतको नाम, सम्बन्धित शाखा उल्लेख गरी निर्धारित ढाँचाको चलानी रजिष्ट्रर र विद्युतीय माध्यममा समेत चलानी गर्ने,

८.८.६ अन्य कार्यालयमा पठाइने चिठीपत्रहरू यथाशीघ्र भरपाई किताबमा चढाई वा कार्यालय प्रतिमा नै बुझ्नेको नाम दर्जा र मिति खुल्ने व्यहोराको भरपाई गराई बुझाउने / हुलाक दाखिला गर्ने,

८.८.७ दर्ता चलानी सम्बन्धी कार्य गर्दा कुनै बाधा अड्चन परे प्रशासन, योजना तथा कानूनी राय शाखाको प्रमुखबाट निकासा लिने,

८.८.८ कार्यालयबाट सम्पादन हुने कार्यसँग समबन्धित विषयमा सेवाग्राहीलाई आवश्यक जानकारी प्रदान गर्ने ।

८.८.९ कार्यालयबाट सम्पादन हुने कार्यहरु मध्ये सेवाग्राहीको सरोकार रहेको कार्यसम्पादन हुने शाखा र फाँटको जानकारी प्रदान गर्ने।

**९. विशेष सरकारी वकील कार्यालय**: यस कार्यालयमा देहायका शाखा/फाँटबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.१ भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरण मुद्दा शाखाः यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.१.१ सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा मुद्दा चल्ने नचल्ने निर्णयका लागि प्राप्त मिसिलको सरकारी वकील तोक्न कार्यालय प्रमुख समक्ष पेश गरी मुद्दा चल्ने/नचल्ने सम्बन्धी निर्णय/निकासा लिने र अभियोगपत्र दर्ता गर्न मिसिल अनुसन्धान अधिकारी समक्ष पठाउने,

९.१.२ सम्पत्ति शुद्धीकरण मुद्दामा सरकारी वकीलबाट भएको मुद्दा चल्ने वा नचल्ने निर्णयको प्रति विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखामा र अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखामा पठाउने,

९.१.३ भ्रष्टाचार मुद्दा र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा प्रतिरक्षाका लागि प्राप्त मिसिल शाखा दर्ता किताबमा दर्ता गरी अभियोगपत्रको एक प्रति एकीकृत दर्ताका लागि अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखामा बुझाउने,

९.१.४ शाखामा दर्ता भएको मुद्दामा साक्षी परीक्षण, बहस पैरवी र प्रतिरक्षा गर्ने सरकारी वकील तोक्न मिसिल कार्यालय प्रमुख समक्ष पेश गर्ने,

९.१.५ आफूलाई तोकिएको मुद्दामा साक्षी परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित सरकारी वकील अदालतमा उपस्थित भई बकपत्रमा सामेल हुने वा कानून बमोजिम श्रब्य दृष्यका संवाद (Video Conferencing) मार्फत बकपत्र हुनेमा सम्बद्ध अधिकारीसँग समन्वय र सहकार्य गर्ने,

९.१.६ पेशीका दिन तोकिएका वकील अनुपस्थित रहेकोमा अर्को सरकारी वकील तोक्न तुरून्त कार्यालय प्रमुख समक्ष पेश गर्ने,

९.१.७ प्रतिरक्षा गर्ने सरकारी वकीलसँग समन्वय गरी मुद्दाको मिसिलमा रहनुपर्ने प्रतिरक्षाका लागि आवश्यक पर्ने मिसिल कागजात रूजु गरी, आवश्यक कागजात सम्बन्धित निकायबाट माग गरी र मुद्दा सुनुवाइको क्रममा अदालतमा खडा भएका कागज प्रमाणको प्रतिलिपि यथाशीघ्र ल्याई मिसिल अद्यावधिक गरी राख्ने,

९.१.८ अदालतबाट प्राप्त पेशीको सूचना सम्बन्धित मिसिलमा समावेश गरी शाखाको पेशी रजिष्ट्रमा पेशी सम्बन्धी व्यहोरा प्रविष्ट गरी पेशीको मिति भन्दा सामान्यतया सात दिन अगावै सम्बन्धित सरकारी वकील समक्ष पेश गर्ने,

९.१.९ शाखाबाट प्रतिरक्षा गर्नुपर्ने मुद्दामा मुद्दाको गम्भीरताका आधारमा कार्यालय प्रमुख समेतको उपस्थितिमा प्रतिरक्षामा उठाउनुपर्ने तथ्य, तर्क, कानून र नजिरका सम्बन्धमा पेशीको मिति अगावै छलफल गरी आवश्यकता अनुसार सामूहिक प्रतिनिधित्व गर्ने लगयत बहस व्यवस्थापन र तयारी सम्बन्धी कार्य गर्ने,

९.१.१० अदालतमा पेश गर्नुपर्ने बहसनोट बारे बहस गर्ने सरकारी वकीललाई सूचना दिने र सरकारी वकीलले पेश गरेको बहसनोटलाई अभिलेख गरी संस्थागत गर्ने तथा बहसनोट सम्बन्धमा अन्य व्यवस्थापन गर्ने,

९.१.११ मुद्दाको सुनुवाइका क्रममा भएका अन्तरकालीन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ वा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम निवेदन गर्नुपर्नेमा आदेशको प्रतिलिपि यथाशीघ्र ल्याई

भ्रष्टाचार मुद्दाको हकमा आवश्यक कारबाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउने र सम्पत्ति शुद्धीकरण मुद्दाको हकमा अन्तरकालीन आदेश उपर निवेदन गर्न बहस गर्ने सरकारी वकीलले कार्यालय प्रमुखसँग परामर्श गरी मस्यौदा तयार गरी मिसिल यथाशीघ्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने साथै सम्पत्ति शुद्धीकरण मुद्दामा अन्तरकालीन आदेश उपर निवेदन गर्नु नपर्ने भए कार्यालय प्रमुखबाट व्यहोरा प्रमाणित गराई राख्ने,

९.१.१२ मुद्दामा बहस गर्ने सरकारी वकीलसँग समन्वय गरी पेशी परिणाम पेशी सम्बन्धी अभिलेख रजिष्ट्रमा नियमित रूपमा विवरण प्रविष्ट गर्ने,

९.१.१३ अदालतबाट मुद्दामा फैसला भएको जानकारी प्राप्त भए पछि शाखा दायरी रजिष्ट्रमा लगत कट्टा गरी फैसलाको प्रतिलिपि तुरून्त प्राप्त गरी फैसलाको नक्कल विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखामा र अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखामा पठाउने,

९.१.१४ फैसलाको प्रतिलिपि मिसिल समावेश गरी पुनरावेदन सम्बन्धी कारबाहीका लागि फैसला यथाशीघ्र भ्रष्टाचार मुद्दाको हकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा र सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाको हकमा बहस पैरवी गर्ने सरकारी वकील समक्ष पठाई/पेश गरी अभिलेख राख्ने,

९.१.१५ प्रकरण 9.1.1४ बमोजिम मिसिल प्राप्त भए पछि बहस गर्ने सरकारी वकीलले कार्यालय प्रमुखसँग आवश्यक परामर्श गरी आधार र कारण खुलाई फैसलाको परिणामका आधारमा पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव तयार गरी यथाशीघ्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने व्यवस्था मिलाउने,

९.१.१६ अभियोग मागदाबी बमोजिम फैसला भएको कारण पुनरावेदन गर्नु नपर्ने सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दामा पुनरावेदन गर्नु नपर्ने व्यहोरा कार्यालय प्रमुखबाट प्रमाणित गराई राखी प्रतिवादीबाट पुनरावेदन गर्ने अवस्था व्यतित भए पछि मिसिल सुरक्षित राख्न सम्बन्धित अनुसन्धान निकायमा फिर्ता पठाई सोको व्यवस्थित अभिलेख राख्ने,

९.१.१७ शाखाबाट प्रतिरक्षा गरिने मुद्दाको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षा सम्बन्धी कार्य प्रभावकारिताका लागि अनुसन्धान कर्ता र अभियोजनकर्ता बीच अन्तरक्रिया/छलफल/बैठक गर्न कार्यक्रममा उठाउनुपर्ने अवधारणापत्र सहितको विषयवस्तु तयार गरी प्रशासन तथा योजना शाखामा पठाउने,

९.१.१८ आफ्नो शाखा अन्तर्गतका मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट माग भएका मिसिल कागजात तुरून्त पठाउन सकिने गरी अद्यावधिक गरी राख्ने,

९.१.१९ शाखाबाट सम्पादन गरिने कार्य विभाजन गर्नुका साथै अनुसन्धान अधिकारीलाई निर्देशन दिने, मुद्दा चल्ने/नचल्ने निर्णय गर्ने, मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने कार्यको स्तरीयता, व्यवस्थापन र प्रभावकारिताका सम्बन्धमा सरकारी वकील तथा कर्मचारी बीच निरन्तर छलफल र सुधार गर्ने साथै भए गरेका हरेक काम कारबाहीको नियमित अभिलेख व्यवस्थापन गर्ने।

९.१.२० कार्यालय प्रमुखबाट तोकिएका अन्य कार्य गर्ने,

**९.२ वाणिज्य मुद्दा शाखा**: यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.२.१ सुरक्षित कारोवार ऐन, २०६३, बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ तथा उच्च अदालतको वाणिज्य इजलासमा दायर हुने र कार्यालयबाट अभियोजन सम्बन्धी कार्य गर्नुपर्ने कसूर सम्बन्धी मुद्दामा प्रारम्भिक अनुसन्धान प्रतिवेदन

प्राप्त भए पछि अपराध दर्ता किताबमा दर्ता गरी छुट्टै मिसिल खडा गरी सरकारी वकील तोक्नका लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने,

९.२.२ तोकिएका सरकारी वकीलबाट आवश्यकता अनुसार अनुसन्धान अधिकारीलाई निर्देशन दिने, शंकितको बयान गराउने लगायत मुद्दा चल्ने नचल्ने निर्णय सम्बन्धी कार्य समेत यथासंभव पहिले तोकिएकै सरकारी वकीलबाट सम्पन्न गर्ने व्यवस्था मिलाउने,

९.२.३ शंकितको बयान गराउँदा कानून बमोजिम सम्पादन गर्न नमिल्ने गरी श्रब्यदृष्यका साधनबाट समेत बयान अभिलेखीकरण गर्ने वा आवश्यकता अनुसार श्रब्यदृष्य संवाद (Video Conferencing) का माध्यमबाट बयान गर्ने/गराउने व्यवस्थाका लागि अनुसन्धान अधिकारीसँग समन्वय र सहकार्य गर्ने,

९.२.४ प्रकरण ९.२.१ बमोजिमका मुद्दामा अनुसन्धान सम्पन्न गरी मुद्दा चल्ने/नचल्ने निर्णयका लागि प्राप्त मिसिलको अपराध दर्ता किताबमा विवरण जनाई तोकिएका सरकारी वकीलबाट आवश्यकता अनुसार कार्यालय प्रमुख एवं अनुसन्धान अधिकारीसँग समन्वय गरी थप अनुसन्धानका लागि निर्देशन, आधार र कारण खोली मुद्दा चल्ने/नचल्ने सम्बन्धी निर्णय/निकासा लिने र अभियोगपत्र तयार गरी दर्ता गर्ने व्यवस्था मिलाउने,

९.२.५ सरकारी वकीलबाट भएको मुद्दा चल्ने वा नचल्ने निर्णय तयार गरी निर्णयको प्रति र अदालतमा दर्ता भएको अभियोगपत्रको प्रति विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा र एकीकृत दर्ता एवं अभिलेखका लागि अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखामा पठाउने,

९.२.६ शाखामा दर्ता भएको मुद्दामा साक्षी परीक्षण, बहस पैरवी र प्रतिरक्षा गर्ने कार्य तोकिएका सरकारी वकीलबाट गर्ने, तोकिएका सरकारी वकील तोक्न मिसिल कार्यालय प्रमुख समक्ष पेश गर्ने, यसरी मुद्दा तोक्दा अभियोजनको निर्णय गर्ने सरकारी वकील भए निजलाई नै तोक्ने,

९.१.७ आफूलाई तोकिएको मुद्दामा साक्षी परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित सरकारी वकील अदालतमा उपस्थित भई बकपत्रमा सामेल हुने वा कानून बमोजिम श्रब्यदृष्यका संवाद (Video Conferencing) मार्फत बकपत्र हुनेमा सम्बद्ध अधिकारीसँग समन्वय र सहकार्य गर्ने,

९.१.८ पेशीका दिन तोकिएका वकील अनुपस्थित रहेकोमा अर्को सरकारी वकील तोक्न तुरून्त कार्यालय प्रमुख समक्ष पेश गर्ने,

९.२.९ मुद्दा सुनुवाइको क्रममा अदालतमा तयार भएका कागज प्रमाणको प्रतिलिपि यथाशीघ्र ल्याई मिसिल अद्यावधिक गरी राख्ने,

९.२.१० अदालतबाट प्राप्त पेशीको सूचना सम्बन्धित मिसिलमा समावेश गरी शाखाको एकीकृत पेशी रजिष्ट्रमा पेशी सम्बन्धी व्यहोरा प्रविष्ट गरी पेशीको मिति भन्दा सामान्यतया सात दिन अगावै सम्बन्धित सरकारी वकील समक्ष पेश गर्ने,

९.२.११ शाखाबाट बहस पैरवी र प्रतिरक्षा गर्नुपर्ने मुद्दामा मुद्दाको गंभीरताका आधारमा कार्यालय प्रमुख समेतको उपस्थितिमा बहसमा उठाउनुपर्ने तथ्य, तर्क, कानून र नजिरका सम्बन्धमा पेशीको मिति अगावै छलफल गरी आवश्यकता अनुसार सामूहिक प्रतिनिधित्व गर्ने लगयत बहस व्यवस्थापन र तयारी सम्बन्धी कार्य गर्ने,

९.२.१२ अदालतमा पेश गर्नुपर्ने बहसनोट बारे बहस गर्ने सरकारी वकीललाई सूचना दिने र सरकारी वकीलले पेश गरेको बहसनोटलाई अभिलेख गरी संस्थागत गर्ने तथा बहसनोट सम्बन्धमा अन्य व्यवस्थापन गर्ने,

९.२.१३ मुद्दाको सुनुवाइका क्रममा भएका अन्तरकालीन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ वा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम निवेदन गर्नुपर्ने अवस्थामा आदेशको प्रतिलिपि ल्याउन लगाई बहस गर्ने सरकारी वकीलले कार्यालय प्रमुखसँग परामर्श गरी निवेदनको मस्यौदा तयार गरी मिसिल यथाशीघ्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने साथै अन्तरकालीन आदेश उपर निवेदन गर्नु नपर्ने भए कार्यालय प्रमुखबाट व्यहोरा प्रमाणित गराई राख्ने।

९.२.१४ मुद्दामा बहस गर्ने सरकारी वकीलसँग समन्वय गरी पेशी परिणाम पेशी सम्बन्धी अभिलेख रजिष्ट्रमा नियमित रूपमा विवरण प्रविष्ट गर्ने,

९.२.१५ चेक बाउन्स सम्बन्धी बैकिङ्ग कसूर मुद्दामा पीडित जाहेरवाला र प्रतिवादीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्रको आदेशका लागि निवेदन गरेमा सो मुद्दामा बहस पैरवी गर्न खटिएका सरकारी वकीलले प्रचलित कानून बमोजिम मिलापत्र सम्बन्धी कारबाही अगाडि बढाउने,

९.२.१६ फैसला भएको जानकारी प्राप्त भए पछि शाखा दायरी रजिष्ट्रमा लगत कट्टा गरी फैसलाको प्रतिलिपि तुरून्त प्राप्त गरी फैसलाको नक्कल विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखामा र अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखामा पठाउने,

९.२.१७ फैसलाको प्रतिलिपि मिसिलमा समेत समावेश गरी पुनरावेदन सम्बन्धी कारबाहीका लागि फैसला ल्याएकै दिन बहस पैरवी गर्ने सरकारी वकील समक्ष पठाई/पेश गरी अभिलेख राख्ने,

९.२.१८ प्रकरण ९.२.१७ बमोजिम मिसिल प्राप्त भए पछि बहस गर्ने सरकारी वकीलले कार्यालय प्रमुखसँग आवश्यक परामर्श गरी आधार र कारण खुलाई फैसलाको परिणामका आधारमा पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव तयार गरी यथाशीघ्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने व्यवस्था मिलाउने,

९.२.१९ अभियोग मागदाबी बमोजिम फैसला भएको कारण पुनरावेदन गर्नु नपर्ने मुद्दामा पुनरावेदन गर्नु नपर्ने व्यहोरा कार्यालय प्रमुखबाट प्रमाणित गराई राखी प्रतिवादीबाट पुनरावेदन गर्ने अवस्था व्यतित भए पछि मिसिल सुरक्षित राख्न सम्बन्धित अनुसन्धान निकायमा फिर्ता पठाई सोको व्यवस्थित अभिलेख राख्ने,

९.२.२० मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धी कार्य प्रभावकारिताका लागि अनुसन्धान कर्ता र अभियोजनकर्ता बीच अन्तरक्रिया/छलफल/बैठक गर्न कार्यक्रममा उठाउनुपर्ने विषयवस्तु तयार गरी प्रशासन तथा योजना शाखामा पठाउने,

९.२.२१ आफ्नो शाखा अन्तर्गतका मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट माग भएका मिसिल कागजात तुरून्त पठाउन सकिने गरी अद्यावधिक गरी राख्ने,

९.२.२२ शाखाबाट सम्पादन गरिने कार्य गर्न सरकारी वकील तथा अन्य सहायक/ सहयोगीस्तरका कर्मचारी बीच कार्य विभाजन गर्नुका साथै अनुसन्धान अधिकारीलाई निर्देशन दिने, मुद्दा चल्ने/नचल्ने निर्णय गर्ने, मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने कार्यको स्तरीयता, व्यवस्थापन र प्रभावकारिताका सम्बन्धमा सरकारी वकील तथा कर्मचारी बीच निरन्तर छलफल र सुधार गर्ने, साथै भए गरेका हरेक काम कारबाहीको नियमित अभिलेख व्यवस्थापन गर्ने।

९.२.२३ कार्यालय प्रमुखबाट तोके बमोजिमका अन्य कार्य गर्ने ।

**९.३ वैदेशिक** रोजगार, राजस्व तथा विविध मुद्दा शाखाः यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.३.१ वैदेशिक रोजगार विभागबाट अनुसन्धान तहकिकात भई मुद्दा चल्ने नचल्ने निर्णयका लागि प्राप्त भएका मिसिल दर्ता गरी सरकारी वकील तोक्न कार्यालय प्रमुख समक्ष पेश गर्ने,

९.३.२ तोकिएका सरकारी वकीलबाट सम्बन्धित अनुसन्धान अधिकारीसँग समन्वय र सम्पर्क गरी कार्यालय प्रमुखसँगको परामर्शमा थप अनुसन्धानका लागि निर्देशन दिने, मुद्दा चल्ने/नचल्ने निर्णय गरी मुद्दा चलाउने निर्णय भएकोमा अभियोगपत्र तयार गरी दर्ता गर्न सम्बन्धित अनुसन्धान अधिकारीलाई निर्णयको प्रतिलिपि सहित सक्कल मिसिल बुझाउने व्यवस्था मिलाउने र मुद्दा नचलाउने निर्णय भएकोमा निकासाका लागि महान्यायाधिवक्ताको कार्यालयमा मिसिल पठाई निकासा भए बमोजिम कारबाही गर्ने/ गराउने,

९.३.३ वैदेशिक रोजगार कसूरमा सरकारी वकीलबाट भएको मुद्दा चल्ने वा नचल्ने निर्णयको प्रति विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा र अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखामा बुझाउने,

९.३.४ वैदेशिक रोजगार कसूरमा वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोगपत्र दर्ता गरी प्रतिरक्षाका लागि प्राप्त मिसिल, राजश्व न्यायाधिकरण काठमाडौंमा दर्ता भएका प्रतिरक्षाका लागि प्राप्त भएका जानकारी तथा मिसिल, प्रशासकीय अदालत काठमाडौंमा दर्ता भएका प्रतिरक्षाका लागि प्राप्त भएका जानकारी तथा मिसिल शाखा दर्ता किताबमा दर्ता गरी अभियोगपत्र वा उजुरीको एक प्रति एकीकृत दर्ताका लागि अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखामा बुझाउने,

९.३.५ शाखामा दर्ता भएको मुद्दामा प्रतिरक्षा गर्ने सरकारी वकील तोक्न मिसिल कार्यालय प्रमुख समक्ष पेश गर्ने,

९.३.६ तोकिएका सरकारी वकीलसँग समन्वय गरी मुद्दाको मिसिलमा रहनुपर्ने प्रतिरक्षाका लागि आवश्यक पर्ने मिसिल कागजात रूजु गरी, आवश्यक कागजात सम्बन्धित निकायबाट माग गरी र मुद्दा सुनुवाइको क्रममा अदालत/न्यायाधिकरणमा खडा भएका कागज प्रमाणको प्रतिलिपि यथाशीघ्र ल्याई मिसिल अद्यावधिक गरी राख्ने,

९.३.७ अदालत/न्यायाधिकरणबाट प्राप्त पेशीको सूचना सम्बन्धित मिसिलमा समावेश गरी शाखाको पेशी रजिष्ट्रमा पेशी सम्बन्धी व्यहोरा प्रविष्ट गरी पेशीको मिति भन्दा सामान्यतया सात दिन अगावै सम्बन्धित सरकारी वकील समक्ष पेश गर्ने,

९.३.८ शाखाबाट प्रतिरक्षा गर्नुपर्ने मुद्दामा मुद्दाको गंभीरताका आधारमा कार्यालय प्रमुख समेतको उपस्थितिमा प्रतिरक्षामा उठाउनु पर्ने तथ्य, तर्क, कानून र नजिरका सम्बन्धमा पेशीको मिति अगावै छलफल गरी आवश्यकता अनुसार सामूहिक प्रतिनिधित्व गर्ने लगयत बहस व्यवस्थापन र तयारी सम्बन्धी कार्य गर्ने,

९.३.९ मुद्दाको सुनुवाइका क्रममा भएका अन्तरकालीन आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ वा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम निवेदन गर्नुपर्ने अवस्थामा आदेशको प्रतिलिपि ल्याउन लगाई बहस गर्ने सरकारी वकील समक्ष पेश गरी तोकिएको सरकारी वकीलले कार्यालय प्रमुखसँग परामर्श गरी निवेदनको मस्यौदा तयार गरी मिसिल यथाशीघ्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने साथै यस्ता मुद्दामा अन्तरकालीन आदेश उपर निवेदन गर्नु नपर्ने भए कार्यालय प्रमुखबाट व्यहोरा प्रमाणित गराई राख्ने,

९.३.१० मुद्दामा बहस गर्ने सरकारी वकीलसँग समन्वय गरी पेशी परिणाम पेशी सम्बन्धी अभिलेख रजिष्ट्रमा नियमित रूपमा विवरण प्रविष्ट गर्ने,

९.३.११ वैदेशिक रोजगार मुद्दामा पीडित जाहेरवाला र प्रतिवादीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) बमोजिम मिलापत्रको आदेशका लागि निवेदन गरेमा सो मुद्दामा बहस पैरवी गर्न खटिएका सरकारी वकीलले प्रचलित कानून बमोजिम मिलापत्र सम्बन्धी कारबाही अगाडि बढाउने,

९.३.१२ अदालत/न्यायाधिकरणबाट मुद्दामा फैसला/अन्तिम आदेश भएको जानकारी प्राप्त भए पछि शाखा दायरी रजिष्ट्रमा लगत कट्टा गरी फैसलाको प्रतिलिपि तुरून्त प्राप्त गरी फैसलाको नक्कल विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखामा र अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखामा पठाउने,

९.३.१३ फैसलाको प्रतिलिपि मिसिलमा समेत समावेश गरी पुनरावेदन सम्बन्धी कारबाहीका लागि बहस पैरवी गर्ने सरकारी वकील समक्ष पठाई/पेश गरी अभिलेख राख्ने,

९.३.१४ प्रकरण 9.३.१४ बमोजिम मिसिल प्राप्त भए पछि बहस गर्ने सरकारी वकीलले कार्यालय प्रमुखसँग आवश्यक परामर्श गरी आधार र कारण खुलाई फैसलाको परिणामका आधारमा पुनरावेदन गर्ने वा नगर्ने प्रस्ताव तयार गरी यथाशीघ्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने व्यवस्था मिलाउने,

९.३.१५ अभियोग मागदाबी वा नेपाल सरकारको जिकिर बमोजिम फैसला/अन्तिम आदेश भएको कारण पुनरावेदन गर्नु नपर्नेमा पुनरावेदन गर्नु नपर्ने व्यहोरा कार्यालय प्रमुखबाट प्रमाणित गराई राखी प्रतिवादीबाट पुनरावेदन गर्ने अवस्था व्यतित भए पछि मिसिल सुरक्षित राख्न सम्बन्धित अनुसन्धान निकायमा फिर्ता पठाई सोको व्यवस्थित अभिलेख राख्ने,

९.३.१६ शाखाबाट बहस पैरवी र प्रतिरक्षा गर्ने मुद्दामा अनुसन्धान, अभियोजन, प्रतिरक्षा सम्बन्धी कार्य प्रभावकारिताका लागि अनुसन्धान कर्ता र अभियोजनकर्ता बीच अन्तरक्रिया/छलफल/बैठक गर्न कार्यक्रममा उठाउनुपर्ने विषयवस्तु तयार गरी प्रशासन तथा योजना शाखामा पठाउने,

९.३.१७ अदालतमा पेश गर्नुपर्ने बहसनोट बारे बहस गर्ने सरकारी वकीललाई सूचना दिने र सरकारी वकीलले पेश गरेको बहसनोटलाई अभिलेख गरी संस्थागत गर्ने तथा बहसनोट सम्बन्धमा अन्य व्यवस्थापन गर्ने,

९.३.१८ आफ्नो शाखा अन्तर्गतका मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट माग भएका मिसिल कागजात तुरून्त पठाउन सकिने गरी अद्यावधिक गरी राख्ने,

९.३.१९ शाखाबाट सम्पादन गरिने यस प्रकरण बमोजिमको कार्यसम्पादन गर्न सरकारी वकील तथा अन्य सहायक/सहयोगीस्तरका कर्मचारी बीच कार्य विभाजन गर्नुका साथै अनुसन्धान अधिकारीलाई निर्देशन दिने, मुद्दा चल्ने/नचल्ने निर्णय गर्ने, मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने कार्यको स्तरीयता, व्यवस्थापन र प्रभावकारिताका सम्बन्धमा सरकारी वकील तथा कर्मचारी बीच निरन्तर छलफल र सुधार गर्ने, साथै भए गरेका हरेक काम कारबाहीको नियमित अभिलेख व्यवस्थापन गर्ने,

९.३.२० कार्यालय प्रमुखबाट तोके बमोजिमका अन्य कार्य गर्ने।

**९.४ प्रशासन तथा योजना शाखा**: यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.४.१ यस कार्यविधिको अधीनमा रही कार्यालयमा नियुक्त वा पदस्थापन हुने सरकारी वकील तथा कर्मचारीलाई कार्यालयमा बहाल हुना साथ कार्यादेश सहितको जिम्मेवारी दिने,

९.४.२ सरकारी वकील तथा कर्मचारीको अलग अलग व्यक्तिगत फाइल खडा गरी सरूवा, काज, बिदा, योग्यता, तालिम, कारवाही, पुरस्कार आदि सम्बन्धी पत्रहरू व्यक्तिगत फाइलमा अद्याबधिक गर्ने,

९.४.३ सरकारी वकील तथा कर्मचारीको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउन ई हाजिरी (e–Attendance) लगायत हाजिरी तथा बिदाको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

९.४.४ सरकारी वकील तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन तथा सम्पत्ति विवरण फाराम प्राप्त गरी समयमै अग्रिम कारवाहीका लागि सम्बन्धित अधिकारी / निकायमा पेश गर्ने,

९.४.५ दरबन्दी तालिका अनुसार सरकारी वकील तथा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, शैक्षिक योग्यता, दण्ड, पुरस्कार, विभागीय कारबाही लगायतका विवरण देखिने व्यक्तिगत विवरण अद्याबधिक गर्ने,

९.४.६ सबै शाखामा सरकारी वकील तथा कर्मचारीको कार्यक्षमता र कार्य चापको विचार गरी अनुपात मिलाई कर्मचारी खटाउने हेरफेर गर्ने सम्बन्धमा कार्यालय प्रमुख समक्ष पेश गर्ने,

९.४.७ नियमित रूपमा कर्मचारी बैठकको बन्दोबस्त मिलाई छलफलको विवरणको अभिलेख राख्ने एवम् कार्यान्वयन गराउने,

९.४.८ कार्यालयको भौतिक सामानको शाखागत अद्याबधिक लगत, संरक्षण, मर्मत संभार, लिलाम गरी यथोचित उपयोगको व्यवस्था मिलाउने,

९.४.९ गुनासो सुन्ने अधिकारी एवं सूचना अधिकारी तोक्न कार्यालय प्रमुख समक्ष पेश गरी नागरिक बडापत्र, उजुरी पेटिकाको व्यवस्थापन लगायत सेवाग्राही सन्तुष्टि सम्बन्धी कार्य गर्ने,

९.४.१० अन्तरशाखा समन्वय र सहकार्य गर्ने,

९.४.११ कार्यालय भवन परिसरको सरसफाई, बगैंचा एवं कार्यालयको सुरक्षाका लागि पालो पहरा लगायतको कार्य गर्ने,

९.४.१२ कार्यालयका लागि चाहिने कागज, कलम, मसी, फर्निचर आदि भौतिक चिजवस्तुहरू प्रचलित सार्वजनिक खरिद ऐन, नियम अनुरूपको प्रक्रिया अपनाई खरिद गर्ने, मौज्दात राख्ने, संरक्षण गर्ने र स्वीकृत मागफारामका आधारमा खर्च गर्ने,

९.४.१३ कानून बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन व्यवस्थित गर्ने,

९.४.१४ वार्षिक कार्य योजना बमोजिम कार्यालयबाट सम्पादन गर्नुपर्ने रणनीतिक क्रियाकलाप कार्यान्वयन, समीक्षा र प्रतिवेदन गर्ने कार्यमा योजना कार्यान्वयन समितिसँग सहकार्य गरी योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने,

९.४.१५ मुद्दा शाखाहरूबाट प्राप्त भएको छलफलका विषयवस्तुलाई विचार गरी विभिन्न अनुसन्धान निकाय एवं कार्यालयबाट प्रतिरक्षा गरिने सरकारी निकायका अधिकारीसँग अन्तर्क्रिया, छलफल तथा समन्वय बैठक गर्ने कार्यक्रम बनाई निर्णयार्थ कार्यालय प्रमुख समक्ष पेश गरी निर्णयको कार्यान्वयन गर्ने,

९.४.१६ कार्यालयबाट सम्पादन गर्नुपर्ने अन्य शाखाको जिम्मेवारी भित्र नपरेका कार्यका साथै कार्यालय प्रमुखबाट यस शाखाबाट सम्पादन गर्ने गरी तोकिएका कार्य गर्ने।

**९.५ कसूर पीडित तथा साक्षी संरक्षण शाखा:** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.५.१ मुद्दाको काम कारवाहीमा पक्षको गोपनीयता कायम गर्ने, पीडितमैत्री कक्षको व्यवस्थापन गर्ने लगायत कसूर पीडित तथा साक्षीमैत्री व्यवहारका लागि आवश्यक प्रबन्ध गर्ने गराउने,

९.५.२ पीडितलाई मनोसामाजिक परामर्श दिनुपर्ने, स्वास्थ्य उपचार गर्नु पर्नेमा सम्बन्धित निकायहरूसँग समन्वय गरी सो सेवा उपलव्ध गराउन सहजीकरण गर्ने,

९.५.३ कसूर पीडित तथा साक्षीसँग बकपत्र गर्नु अघि सम्बन्धित सरकारी वकीलबाट परामर्शका साथै बकपत्र पश्चात दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सहजीकरण गर्ने,

९.५.४ मुद्दाको सुनुवाइमा कसूर पीडितको सहभागिताका लागि सहजीकरण गर्नुका साथै फैसला कार्यान्वयनमा सहयोग गर्ने,

९.५.५ कसूर पीडित तथा साक्षीका गुनासाहरू सुनुवाइ गरी आवश्यक सुझाव दिने,

९.५.६ कसूर पीडित तथा साक्षीको विवरण र तिनको संरक्षण सम्बन्धी अभिलेख व्यवस्थित गर्ने,

९.५.७ कसूर पीडित र साक्षी संरक्षण सम्बन्धमा नेपाल प्रहरी तथा अनुसन्धान गर्ने र अन्य सम्बद्ध निकायसँग समन्वय र सहकार्य गर्ने,

९.५.८ कार्यालय प्रमुखबाट तोके बमोजिमका अन्य कार्य गर्ने ।

**९.६ अभिलेख व्यवस्थापन तथा प्रतिवेदन तयारी शाखा:** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.६.१ कार्यालय स्थित विषयगत मुद्दा शाखाबाट भएका मुद्दा चल्ने नचल्ने निर्णयका सक्कल प्रति मासिक रूपमा छुट्टिने गरी सिलसिलेवार निर्णय नम्बर अनुरूप विषयगत रूपमा फाइलिङ्ग गरी वर्ष वर्षको छुट्टाछुट्टै बाइण्डिङ गरी व्यवस्थित रूपमा अभिलेख राख्ने,

९.६.२ कार्यालयबाट अदालतमा दर्ता भएका अभियोगपत्र र अन्य निकाय/व्यक्तिबाट अदालतमा दर्ता भई सरकारी पक्षको प्रतिरक्षाका लागि कार्यालयमा प्राप्त हुन आएका अभियोगपत्र/ उजुरी सम्बन्धित मुद्दा शाखाबाट नियमित रूपमा प्राप्त गरी एकीकृत दर्ता किताबमा विवरण प्रविष्ट गर्ने,

९.६.३ कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दामा अदालतबाट भएका फैसला सम्बन्धित मुद्दा शाखाबाट नियमित रूपमा प्राप्त गरी एकीकृत दर्ता किताबमा विवरण जनाई दायरी लगत कट्टा गर्ने,

९.६.४ प्रकरण ९.६.३ बमोजिम प्राप्त भएका फैसला विषयगत र सालवसाली रूपमा छुट्टाछुट्टै फाइलिङ्ग गरी फैसलाको परिमाण अनुसार वर्ष वर्षको वाइण्डिङ्ग गरी व्यवस्थित रूपमा अभिलेख राख्ने,

९.६.५ मुद्दा सम्बन्धी कारबाहीको निर्धारित मासिक/वार्षिक प्रतिवेदन तयार गर्न आवश्यक पर्ने तथ्याङ्क, विवरण वा जानकारी सम्बन्धित मुद्दा शाखाबाट प्राप्त गरी समयमै मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी पठाउने,

९.६.६ अभिलेख तथा प्रतिवेदन तयारी शाखाबाट सम्पादन गर्ने गरी कार्यालय प्रमुखबाट तोकिएका अन्य कार्य गर्ने ।

**९.७ साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा**: यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.७.१ कार्यालयको कार्यसम्पादनमा सम्बन्धमा तयार भएका विभिन्न सफ्टवेयरको परिमार्जन, एकीकरण गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कर्यालयसँग समन्वय गरी आवश्यक कार्य गर्ने/गराउने,

९.७.२ कार्यालयबाट सम्पादन हुने काम कारबाही संभव भएसम्म विद्युतीय माध्यमबाट सम्पादन गर्न आवश्यक विद्युतीय उपकरण, विधिको विकास गर्न अवधारणापत्र सहित कार्यक्रम तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाई निर्णय कार्यान्वयन गर्ने/गराउने,

९.७.३ कार्यालयबाट भएका मुद्दा चलाउने/नचलाउने निर्णयका प्रति सम्बन्धित मुद्दा शाखाबाट निरन्तर प्राप्त गरी विषय र समयावधि छुट्टिने गरी विद्युतीय माध्यमबाट अभिलेख राख्ने,

९.७.४ कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दाको फैसलाका प्रति सम्बन्धित मुद्दा शाखाबाट निरन्तर प्राप्त गरी विषय र अवधि खुल्ने गरी विद्युतीय माध्यमबाट अभिलेख राखी सरकारी वकीलको कार्यसम्पादनमा सहयोगी हुने फैसलाहरू कार्यालयको वेभसाइटमा अपलोड गर्ने र मुद्दा सम्बन्धी विवरण मुद्दा व्यवस्थापन प्रणाली (CMS) सम्बन्धी सफ्टवेयरमा प्रविष्ट गर्ने,

९.७.५ कार्यालयको महत्वपूर्ण सूचना, तथ्यांक प्राप्ति र उपयुक्तताको छनौट गरी समय र विषयगत रूपमा अद्यावधिक गरी अभिलेखीकृत गर्ने,

९.७.६ कार्यालयको वेभसाइट अद्यावधिक बनाई आवश्यक सूचना, सामग्री सहितको वेभसाइट व्यवस्थापन गर्ने,

९.७.७ महान्यायाधिवक्ताको कार्यालयसँग विद्युतीय माध्यमबाट सम्पर्क स्थापित गर्ने प्रविधि, सामग्रीको व्यवस्थापन, जडान तथा सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

९.७.८ कार्यालयमा सूचना प्रविधि तथा विद्युतीय अभिलेख शाखाको प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन र क्षमता विकास सम्बन्धी कार्य गर्ने,

९.७.९ Assest Management System (AMS) सम्बन्धित सम्पूर्ण भौतिक सामग्रीको विवरणहरू सफ्टवेयरमा अपलोड गर्ने,

९.७.१० कार्यालयमा रहेको कम्प्युटर तथा विद्युतीय सामाग्रीको अवस्था अद्याबधिक गरी चालु अवस्थामा राख्न आवश्यक कार्य गर्ने,

९.७.११ कार्यालयमा राखिएको सि.सि.टि.भि. समेतको सामाग्री चालु अवस्थामा राख्न आवश्यक कार्य गर्ने कार्यालयमा राखिएको सि.सि.टि.भि. समेतको सामाग्री चालु अवस्थामा राख्न आवश्यक कार्य गर्ने,

९.७.१२ साइवर अपराधसँग सम्बन्धित कुनै समस्या वा अल्झन आए महान्यायाधिवक्ताको कार्यालयको साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि महाशाखा अन्तर्गतको साइवर युनिटसँग समन्वय गर्ने,

९.७.१३ कार्यालय तथा कर्मचारीको Email को काम कारवाही @ag.gov.np मार्फत मात्र गर्ने/गराउने व्यवस्था मिलाउने,

९.७.१४ कार्यालयमा कम्प्युटर/ सहायक कम्प्युटर अपरेटर नियुक्ति गर्दा Technical Support (IT) Staff को व्यवस्था गर्ने,

९.७.१५ कार्यालय प्रमुखबाट तोके बमोजिम साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि सम्बन्धी अन्य कार्य गर्ने।

**९.८ पुस्तकालय शाखा**: यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.८.१ कार्यालयमा रहेका पुस्तक एवं अन्य अध्ययन सामग्रीको रजिष्ट्रमा र विद्युतीय माध्यमबाट समेत सूचीकरण तथा वर्गीकरण गरी व्यवस्थित किसिमले प्रत्येक पुस्तक/ अध्ययन सामग्रीमा शंकेत नम्बर (कोड बार) राख्ने,

९.८.२ पुस्तकालय भित्र अनुशासन र मर्यादा कायम हुने गरी सरकारी वकील, कर्मचारी, कानून व्यवसायी एवं कानूनका विद्यार्थीले समेत अध्ययन गर्न सक्ने व्यवस्था मिलाउने,

९.८.३ विभिन्न प्रकाशक तथा बिक्रेतासँगको सम्पर्कबाट बजारमा उपलब्ध पुस्तक पत्रिका आदिको सूची तयार गरी विनियोजित बजेटको परिधि भित्र रही कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित पुस्तक/ अध्ययन सामग्रीको खरिद प्रक्रिया अगाडि बढाउन महाशाखा प्रमुख समक्ष पेश गरी निर्णयानुसार गर्ने,

९.८.४ सरकारी वकीललाई आवश्यक पर्ने ऐन नियम लगायतका पुस्तकहरू, राजपत्र, तथा पत्रपत्रिकाहरू भरपाई गरी उपलव्ध गराउने,

९.८.५ पुस्तकालयमा रहेका कार्यसम्पादनमा उपयोगी पुस्तक तथा अन्य पाठ्यसामग्री सरकारी वकील तथा कर्मचारीलाई मात्र अभिलेख राखी सिमित समयका लागि आवासमा लैजाने र समयमै फिर्ता गर्ने व्यवस्था गर्नेायसरी लगिएका पुस्तक वा अन्य सामग्री कुनै व्यहोराले मिनाहा नगर्ने बजारमा उपलब्ध त्यस्ता पुस्तक नै दाखिला गर्नुपर्ने व्यवस्था मिलाउने,

९.८.६ कर्मचारीहरू सरुवा वा अवकाश हुँदा रमाना गर्नु वा कार्यालयबाट सिफारिसपत्र दिनु अघि निजहरू जिम्मामा रहेका पुस्तक फिर्ता लिई चुक्ता सिफारिस गर्नुपर्ने पद्धतिको विकास गर्ने,

९.८.७ महान्यायाधिवक्ताको कार्यालयसँग परामर्श गरी विद्युतीय पुस्तकालयको विकास गर्नुका साथै अन्य पुस्तकालय बीच सम्पर्क, समन्वय र सहकार्य गर्ने,

९.८.८ पुस्तकालयमा साविक देखि हालसम्मका कार्यालय प्रमुखको फोटो सहितको विवरण राख्ने,

९.८.९ पुस्तकालयलाई व्यवस्थित र थप प्रभावकारी बनाउन पुस्तकालय विकास सम्बन्धी नीति तथा योजना तयार गरी कार्यालय प्रमुख समक्ष पेश गरी कार्यान्वयन गर्ने।

**९.९ आर्थिक प्रशासन फाँट:** यस फाँटबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.९.१ प्रशासन तथा योजना शाखासँगको समन्वयबाट कार्यालयको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी महान्यायाधिवक्ताको कार्यालय आर्थिक प्रशासन शाखामा पठाउने,

९.९.२ कोष तथा लेखा नियन्त्रक कार्यालय समेतसँग समन्वय कायम गरी बजेट सम्बन्धी आवश्यक निर्देशन र बजेट निकासा लिने,

९.९.३ कार्यालयका लागि विनियोजित बजेट रकम अन्तर्गत रही सम्बन्धित बजेट शीर्षकमा नियमानुसार विधि र प्रक्रिया पूरा गरी, आवश्यक बिल भरपाई तथा कागजात संलग्न गरी समानुपातिकता, मितव्ययिता र गुणस्तरीयता र पारदर्शिता कायम हुने गरी खर्च लेख्ने,

९.९.४ खर्चको भुक्तानी गर्दा बैंक मार्फत भुक्तानी गर्नुका साथै यसरी भुक्तानी गर्दा नियमानुसार कटाउनुपर्ने पारिश्रमिक कर, संचय कोष र नागरिक लगानी कोष, बिमा आदि कट्टा गरी सम्बन्धित निकायमा यथासमयमा पठाउने,

९.९.५ कुनै कार्यक्रम वा दायित्वका लागि बजेट थप गर्नुपर्ने वा रकमान्तर गर्नुपर्नेमा भरसक एकै पटक स्पष्ट आधार कारण र औचित्य खुलाई थप बजेट निकासा वा रकमान्तरका लागि महान्यायाधिवक्ताको कार्यालय, आर्थिक प्रशासन शाखामा पठाउने,

९.९.६ अनिवार्य आवश्यकता अनुरूप दिएको पेश्की समयमै फछर्यौट गर्ने गराउने,

९.९.७ कार्यालयको आर्थिक प्रशासन सम्बन्धी लेखा, स्रेस्ताको अभिलेख चुस्त दुरूस्त राखी समयमै मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी पठाउने,

९.९.८ आर्थिक कारोवार एवं खर्च भएका रकमको लेखाको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,

९.९.९ महालेखा परीक्षक तथा महान्यायाधिवक्ताको कार्यालयसँग सम्पर्क राखी बेरूजु लगत अद्यावधिक गरी कायम भएका बेरूजु फछ्र्यौट गराई कार्यालयलाई बेरूजु शुन्य बनाउने,

९.९.१० कार्यालय प्रमुखले तोकेका आर्थिक प्रशासनसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने ।

**९.१० दर्ता चलानी फाँट:** यस फाँटबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

९.१०.१ कार्यालयमा प्राप्त भएका चिठीपत्र / कागजात बुझी बुझ्नेको नाम, पद र मिति स्पष्ट खुलाई भरपाई दिने र यसरी प्राप्त भएका प्रत्येक कागज पत्र निर्धारित ढाँचाको दर्ता किताबमा र विद्युतीय माध्यममा (कम्प्युटरमा) तुरून्त दर्ता गरी दर्ता नम्बर र मिति प्रविष्ट गर्ने,

९.१०.२ गोप्य र कार्यालय प्रमुखलाई सम्बोधन गरिएका खामबन्दी चिठीहरू नखोली खामको बाहिर दर्ता नम्बर उल्लेख गरी तुरून्त कार्यालय प्रमुख समक्ष पेश गरी भएको तोक आदेश बमोजिम सम्बन्धित शाखामा बुझाउने,

९.१०.३ प्रकरण ९.१०.२ बाहेकका अन्य कागजपत्र प्रशासन तथा योजना शाखाका प्रमुख समक्ष पेश गरी भएको तोक आदेश बमोजिम तत्काल सम्बन्धित शाखा/फाँटमा बुझाई दर्ता किताबमा अभिलेख राख्ने,

९.१०.४ प्रकरण ९.१०.३ मा जे सुकै उल्लेख भएता पनि मुद्दा शाखा खुल्ने गरी प्राप्त भएका वा चलानी किताब हेरी यकिन गरी मुद्दा शाखा पत्ता लगाई मुद्दासँग सम्बन्धित मिसिल कागजात दर्ता गरी पत्र प्राप्त भएकै दिन सम्बन्धित मुद्दा शाखाको प्रमुख समक्ष पेश गरी दर्ता किताबमा अभिलेख राख्ने,

९.१०.५ कार्यालयबाट अन्यत्र पठाउने पत्र, कागजातपत्रको मिति, पत्रको विषय, पठाइने कार्यालय वा अदालतको नाम, सम्बन्धित शाखा उल्लेख गरी निर्धारित ढाँचाको चलानी रजिष्ट्रर र विद्युतीय माध्यममा समेत चलानी गर्ने,

९.१०.६ अन्य कार्यालयमा पठाइने चिठीपत्रहरू भरपाई किताबमा चढाई वा कार्यालय प्रतिमा नै बुझ्नेको नाम दर्जा र मिति खुल्ने व्यहोराको भरपाई गराई बुझाउने / हुलाक दाखिला गर्ने,

९.१०.७ दर्ता चलानी सम्बन्धी कार्य गर्दा कुनै बाधा अड्चन परे प्रशासन तथा योजना शाखाको प्रमुखबाट निकासा लिने।

९.१०.८ कार्यालयबाट सम्पादन हुने कार्यसँग समबन्धित विषयमा सेवाग्राहीलाई आवश्यक जानकारी प्रदान गर्ने।

९.१०.९ कार्यालयबाट सम्पादन हुने कार्यहरु मध्ये सेवाग्राहीको सरोकार रहेको कार्यसम्पादन हुने शाखा र फाँटको जानकारी प्रदान गर्ने।

**१०. जिल्ला सरकारी वकील कार्यालयः यस कार्यालयका देहायका शाखा/फाँटबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;**

**१०.१ मुद्दा तथा अभिलेख व्यवस्थापन शाखाः** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

१०.१.१ जाहेरी दरखास्त वा सूचना दर्ता नगरेको भन्ने उजुरीको छुट्टै लगत राखी कार्यालय प्रमुख समक्ष पेश गरी निर्णय बमोजिम गर्ने,

१०.१.२ अनुसन्धान गर्ने निकायहरूबाट प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भए पछि तोकिएको अपराध दर्ता किताबमा विवरण प्रविष्ट गरी छुट्टाछुट्टै मिसिल खडा गरी सरकारी वकील तोक्न कार्यालय प्रमुख समक्ष पेश गर्ने,

१०.१.३ भ्रमपूर्ण, झुट्टा वा काल्पनिक जाहेरी दरखास्त तामेलीमा राख्न प्राप्त भएका प्रतिवेदनको छुट्टै अभिलेख राखी कार्यालय प्रमुख समक्ष पेश गरी निर्णय कार्यान्वयन गर्ने,

१०.१.४ प्रकरण १०.१.२ बमोजिम तोकिएका सरकारी वकीलले आवश्यकता अनुसार कार्यालय प्रमुखसँग परामर्श गरी निर्देशन, म्याद थप, शंकितको बयान, अनुसन्धान सम्बन्धमा राय सल्लाह तथा मुद्दा चलाउने/नचलाउने सम्बन्धी कार्य गर्ने,

१०.१.५ म्याद थपको निवेदन अदालतमा प्रस्तुत गर्दा शंकितलाई हिरासतमै राख्नुपर्ने स्पष्ट आधार र कारण खुलाउने, निर्देशन दिँदा अनुसन्धानलाई सहयोग पुग्ने गरी वस्तुनिष्ट प्रमाण संकलन हुने गरी दिने,

१०.१.६ शंकितको बयान गराउँदा कानून बमोजिम सम्पादन गर्न नमिल्ने गरी श्रब्यदृष्यका साधनबाट समेत बयान अभिलेखीकरण गर्ने वा आवश्यकता अनुसार श्रब्यदृष्य संवाद (Video Conferencing) का माध्यमबाट बयान गर्ने/गराउने व्यवस्थाका लागि अनुसन्धान अधिकारीसँग समन्वय र सहकार्य गर्ने,

१०.१.७ अनुसन्धान प्रतिवेदन प्राप्त भए पछि निर्धारित अपराध दर्ता किताबमा विवरण प्रविष्ट गरी तोकिएका सरकारी वकील वा निज कार्यालयमा नभएमा कार्यालय प्रमुखबाट तोकेको सरकारी वकीलले महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय गरी निर्णयको प्रति साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि फाँटमा विद्युतीय अभिलेखका लागि पठाई कार्यालयबाट भएका यस्ता निर्णयको एकीकृत रूपको सिलसिलेवार निर्णय नम्बर प्रविष्ट गरी अवधि खुल्ने गरी बाइन्डिङ्ग गरी राख्ने,

१०.१.८ सरकारी वकीलबाट मुद्दा नचलाउने गरी वा आंशिक रूपमा मुद्दा नचलाउने गरी भएको निर्णयको प्रतिलिपि निकासाका लागि उच्च सरकारी वकील कार्यालयमा पठाउने,

१०.१.९ प्रतिवादी नभएका वा प्रतिवादी नखुलेको कारण कोही कसै उपर मुद्दा नचलाउने गरी भएका निर्णयको सिलसिलेवार निर्णय नम्बर सहित छुट्टै एकीकृत निर्णय किताब तयार गरी कानून बमोजिम निकासाका लागि उच्च सरकारी वकील

कार्यालयमा पठाउने, यस्ता मुद्दामा अन्तिम निकासा भई आए पछि सक्कल मिसिल समेत अभिलेख जनाई सुरक्षित राख्न सम्बन्धित अनुसन्धान निकायमा फिर्ता पठाउने,

१०.१.१० कार्यालयबाट भएको मुद्दा चलाउने निर्णय बमोजिम अदालतमा दायर भएको अभियोगपत्र तथा कार्यालयबाट प्रतिरक्षा गर्नु पर्ने रिट/निवेदन सम्बन्धी विवरण निर्धारित दर्ता किताबमा प्रविष्ट गरी विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि फाँटमा पठाउने,

१०.१.११ कार्यालयमा दर्ता भएका मुद्दा तथा रिट/निवेदनमा अदालतमा बहस पैरवी तथा प्रतिरक्षा गर्न सरकारी वकील तोक्न कार्यालय प्रमुख समक्ष पेश गरी, मिसिल कागजात अद्यावधिक वनाई त्यस्ता मिसिल पेशी भन्दा सामान्यतया सात दिन अगावै सम्बन्धित सरकारी वकीललाई उपलब्ध गराउने,

१०.१.१२ अदालतबाट भएको थुनछेक तथा अन्य अन्तरकालीन आदेश उपर कानून बमोजिम निवेदन गर्नु पर्नेमा आवश्यकता अनुसार कार्यालय प्रमुखसँग परामर्श गरी तोकिएका सरकारी वकीलले निवेदनको मस्यौदा तयार गरी मिसिल कागजात दुरूस्त पारी यथाशीघ्र उच्च सरकारी वकील कार्यालयमा पठाउने, यस्ता अन्तरकालीन आदेश पर निबेदन गर्नु नपर्नेमा आधार र कारण खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी राख्ने,

१०.१.१३ आफूलाई तोकिएको मुद्दामा साक्षी परीक्षण सम्बन्धी कार्यको लागि सम्बन्धित सरकारी वकील अदालतमा उपस्थित भई बकपत्रमा सामेल हुने वा कानून बमोजिम श्रब्यदृष्यका संवाद (Video Conferencing) मार्फत बकपत्र हुनेमा सम्बद्ध अधिकारीसँग समन्वय र सहकार्य गर्ने,

१०.१.१४ मुद्दा तथा रिट निवेदनहरूमा प्रभावकारी रूपमा प्रतिरक्षा/बहस पैरवी गर्न चाल्नुपर्ने समसामयिक कदम, आई पर्ने समस्याको व्यवस्थापन सम्बन्धमा आवश्यकतानुसार नीतिगत व्यवस्था र व्यावहारिक उपायको तर्जुमा गरी निर्णयका लागि कार्यालय प्रमुख समक्ष पेश गरी निर्णय कार्यान्वयन गर्ने,

१०.१.१५ मुद्दा तथा रिट निवेदनमा उठाइएका वा रहेका विषयबस्तुको गंभीरताका आधारमा समूहगत रूपमा सरकारी वकीलको प्रतिनिधित्व गर्नुपर्ने देखेमा कार्यालय प्रमुख समक्ष पेश गरी बहस गर्ने विषय विभाजन गरी समूहगत रूपमा अदालतमा प्रस्तुत हुने,

१०.१.१६ अदालतबाट बहसको पालो आएको सम्बन्धित सरकारी वकीललाई खबर गर्ने व्यवस्थालाई चुस्त बनाउने र सामयिक रूपमा सुधारका उपाय अवलम्बन गर्दै जाने,

१०.१.१७ अदालतबाट साप्ताहिक तथा दैनिक पेशी सूची प्राप्त गरी प्रत्येक दिन इजलासमा पेश हुने न्यायाधीशहरूको नाम र क्रम संख्या समेत खुल्ने मुद्दाको दैनिक पेशी सूची तयार गरी अभिलेख राखी आवश्यकता अनुसार सरकारी वकीलहरूलाई वितरण गर्ने,

१०.१.१८ उपयुक्त र तर्कसंगत कारण नपरी सरकारी वकीलबाट मुद्दाको पेशी स्थगित नगर्ने,

१०.१.१९ अदालतमा पेश गर्नुपर्ने बहसनोट बारे बहस गर्ने सरकारी वकीललाई सूचना दिने र सरकारी वकीलले पेश गरेको बहसनोटलाई अभिलेख गरी संस्थागत गर्ने तथा बहसनोट सम्बन्धमा अन्य व्यवस्थापन गर्ने,

१०.१.२० पेशीको दिन अदालतबाट भएको नतिजा सम्बन्धित सरकारी वकीलले प्रष्ट बुझिने गरी सम्बन्धित मिसिलमा र तोकिएका कर्मचारीले पेशी किताबमा जनाउने,

१०.१.२१ कसूर निर्धारण सम्बन्धी आदेश भएपछि तोकिएको सरकारी वकीलले सम्बद्ध निकाय वा अधिकारीसँग समन्वय गरी सजाय पूर्वको प्रतिवेदन तयार गरी पेश गर्ने,

१०.१.२२ पेशीको दिन फैसला/अन्तिम आदेश भएका मुद्दाको अदालतको अभिलेख मिलान हुने गरी दायरी लगत कट्टा गर्ने,

१०.१.२३ अदालतबाट फैसलाको जानकारी प्राप्त भएपछि निर्धारित समयमै बहस पैरवी गर्न तोकिएका सरकारी वकील वा निज नभए कार्यालय प्रमुखबाट तोकिएका सरकारी वकीलले अभियोग मागदाबी बमोजिम फैसला नभएका मुद्दाका हकमा आवश्यकता अनुसार कार्यालय प्रमुखसँग परामर्श गरी पुनरावेदन गर्ने/नगर्ने प्रस्ताव तयार गरी उच्च सरकारी वकील कार्यालयमा पठाउने,

१०.१.२४ अभियोग मागदाबी बमोजिम कसूर कायम एवं सजाय भएका पुनरावेदन सम्बन्धी कारबाही गर्नु नपर्ने मुद्दामा कार्यालय प्रमुखबाट प्रमाणित गराई पुनरावेदनको अवधिसम्म मिसिल सुरक्षित राखी तालुक कार्यालयबाट मिसिल माग भएमा बाहेक अभिलेखमा विवरण जनाई सम्बन्धित अनुसन्धान निकायमा मिसिल सुरक्षित राख्न फिर्ता पठाउने।

१०.१.२५ सरकार वादी मुद्दामा पुनरावेदन सम्बन्धी कारबाहीको अन्तिम किनारा भई कार्यालयमा प्राप्त हुन आएका मिसिल अभिलेखमा विवरण जनाई सम्बन्धित अनुसन्धान निकायमा मिसिल सुरक्षित राख्न फिर्ता पठाउने।

१०.१.२६ कानून बमोजिम मिलापत्र गर्ने आदेशका लागि प्राप्त भएका निवेदनको अभिलेख राखी अभियोजन सम्बन्धी निर्णय गर्ने सरकारी वकील वा निज नभएमा कार्यालय प्रमुखबाट तोकिएका सरकारी वकीलले त्यस्ता निवेदनमा सनाखत गराई राय साथ महान्यायधिवक्ताको कार्यालयमा पठाई निर्णय कार्यान्वयन गर्ने गराउने,

१०.१.२७ कार्यालय मार्फत अदालतमा पेश गर्न प्राप्त लिखित जवाफ रीतपूर्वक भए नभएको, लिखित जवाफ साथ आवश्यक कागजात रहे नरहेको विचार गरी लिखित जवाफ दर्ताका लागि अदालतमा पठाउने तथा त्यस्ता कार्यालयबाट लिखित जवाफ तयार गर्नु अघि जवाफ लेख्न, लिखित जवाफ साथ संलग्न गर्नुपर्ने कागजातका लागि सल्लाह लिने परिपाटि विकास गर्न आवश्यक समन्वय गर्ने लगायत लिखित जवाफसँग सम्बन्धित अन्य व्यवस्थापन गर्ने,

१०.१.२८ कार्यालयबाट प्रतिरक्षा भएका रिट निवेदनमा अन्तिम आदेशको जानकारी प्राप्त भए पछि अभिलेखमा व्यहोरा जनाई आदेश सहितको मिसिल सम्बन्धित निकायमा फिर्ता पठाउने,

१०.१.२९ मुद्दा तथा रिट निवेदनमा भएका फैसला/अन्तिम आदेशको प्रति विद्युतीय अभिलेखका लागि साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि फाँटलाई उपलब्ध गराउने,

१०.१.३० मुद्दा सम्बन्धी मासिक तथा वार्षिक प्रतिवेदन तथा रणनीतिक योजना अनुसारका विवरणहरू तयार गरी सम्बन्धित उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ता कार्यालयमा आवधिक रूपमा समयमै पठाउने,

१०.१.३१ शाखाबाट सम्पादन गरिने यस प्रकरण बमोजिमको कार्यसम्पादन गर्न सरकारी वकील तथा अन्य सहायक/सहयोगीस्तरका कर्मचारी बीच कार्य विभाजन गर्नुका साथै अनुसन्धान अधिकारीलाई निर्देशन दिने, मुद्दा चल्ने/नचल्ने निर्णय गर्ने, मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने कार्यको स्तरीयता, व्यवस्थापन र प्रभावकारिताका सम्बन्धमा सरकारी वकील तथा कर्मचारी बीच निरन्तर छलफल र सुधार गर्ने, साथै भए गरेका हरेक काम कारबाहीको नियमित अभिलेख व्यवस्थापन गर्ने,

१०.१.३२ मुद्दा, रिट निवेदन तथा बहस पैरवी सम्बन्धमा कार्यालय प्रमुखबाट तोके बमोजिम अन्य कार्य गर्ने,

**१०.२ प्रशासन, योजना तथा कानूनी राय शाखा:** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

१०.२.१ यस कार्यविधिको अधीनमा रही कार्यालयमा नियुक्त वा पदस्थापन हुने सरकारी वकील तथा कर्मचारीलाई कार्यालयमा बहाल हुना साथ कार्यादेश सहितको जिम्मेवारी दिने,

१०.२.२ सरकारी वकील तथा कर्मचारीको अलग अलग व्यक्तिगत फाइल खडा गरी सरूवा, काज, बिदा, योग्यता, तालिम, कारवाही, पुरस्कार आदि सम्बन्धी पत्रहरू व्यक्तिगत फाइलमा अद्याबधिक गर्ने,

१०.२.३ सरकारी वकील तथा कर्मचारीको कार्यालयमा उपस्थितिलाई नियमित र व्यवस्थित बनाउन ई हाजिरी (e–Attendance) लगायत हाजिरी तथा बिदाको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

१०.२.४ सरकारी वकील तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन तथा सम्पत्ति विवरण फाराम प्राप्त गरी समयमै अग्रिम कारवाहीका लागि सम्बन्धित अधिकारी/ निकायमा पेश गर्ने,

१०.२.५ दरबन्दी तालिका अनुसार सरकारी वकील तथा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, शैक्षिक योग्यता, दण्ड, पुरस्कार, विभागीय कारबाही लगायतका विवरण देखिने व्यक्तिगत विवरण अद्यावधिक गर्ने,

१०.२.६ सबै शाखामा सरकारी वकील तथा कर्मचारीको कार्यक्षमता र कार्य चापको विचार गरी अनुपात मिलाई कर्मचारी खटाउने हेरफेर गर्ने सम्बन्धमा कार्यालय प्रमुख समक्ष पेश गर्ने,

१०.२.७ नियमित रूपमा कर्मचारी बैठकको बन्दोबस्त मिलाई छलफलको विवरणको अभिलेख राख्ने एवम् कार्यान्वयन गराउने,

१०.२.८ कार्यालयको भौतिक सामानको शाखागत अद्याबधिक लगत, संरक्षण, मर्मत संभार, लिलाम गरी यथोचित उपयोगको व्यवस्था मिलाउने,

१०.२.९ गुनासो सुन्ने अधिकारी एवं सूचना अधिकारी तोक्न कार्यालय प्रमुख समक्ष पेश गरी नागरिक बडापत्र, उजुरी पेटिकाको व्यवस्थापन लगायत सेवाग्राही सन्तुष्टि सम्बन्धी कार्य गर्ने,

१०.२.१० अन्तरशाखा समन्वय र सहकार्य गर्ने,

१०.२.११ कार्यालय भवन परिसरको सरसफाई, बगैंचा एवं कार्यालयको सुरक्षाका लागि पालो पहरा लगायतको कार्य गर्ने,

१०.२.१२ कार्यालयका लागि चाहिने कागज, कलम, मसी, फर्निचर आदि भौतिक चिजवस्तुहरू प्रचलित सार्वजनिक खरिद ऐन, नियम अनुरूपको प्रक्रिया अपनाई खरिद गर्ने, मौज्दात राख्ने, संरक्षण गर्ने र स्वीकृत मागफारामका आधरमा खर्च गर्ने,

१०.२.१३ कानून बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन व्यवस्थित गर्ने,

१०.२.१४ वार्षिक कार्य योजना बमोजिम कार्यालयबाट सम्पादन गर्नुपर्ने रणनीतिक क्रियाकलाप कार्यान्वयन, समीक्षा र प्रतिवेदन गर्ने कार्यमा योजना कार्यान्वयन समितिसँग सहकार्य गरी योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने,

१०.२.१५ मुद्दा शाखाहरूबाट प्राप्त भएको छलफलका विषयवस्तुलाई विचार गरी विभिन्न अनुसन्धान निकाय एवं कार्यालयबाट प्रतिरक्षा गरिने सरकारी निकायका अधिकारीसँग अन्तर्क्रिया, छलफल तथा समन्वय बैठक गर्ने कार्यक्रम बनाई निर्णयार्थ कार्यालय प्रमुख समक्ष पेश गरी निर्णयको कार्यान्वयन गर्ने,

१०.२.१६ कार्यालयको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यालय प्रमुखबाट स्वीकृत गरी महान्यायाधिवक्ताको कार्यालय आर्थिक प्रशासन शाखामा पठाउने,

१०.२.१७ कोष तथा लेखा नियन्त्रक कार्यालय समेतसँग समन्वय कायम गरी बजेट सम्बन्धी आवश्यक निर्देशन र बजेट निकासा लिने,

१०.२.१८ कार्यालयका लागि विनियोजित बजेट रकम अन्तर्गत रही सम्बन्धित बजेट शीर्षकमा नियमानुसार विधि र प्रक्रिया पूरा गरी, आवश्यक बिल भरपाई तथा कागजात संलग्न गरी समानुपातिकता, मितव्ययिता र गुणस्तरीयता र पारदर्शिता कायम हुने गरी खर्च लेख्ने,

१०.२.१९ खर्चको भुक्तानी गर्दा बैंक मार्फत भुक्तानी गर्नुका साथै यसरी भुक्तानी गर्दा नियमानुसार कटाउनुपर्ने पारिश्रमिक कर, संचय कोष र नागरिक लगानी कोष, बिमा आदि कट्टा गरी सम्बन्धित निकायमा यथासमयमा पठाउने,

१०.२.२० कुनै कार्यक्रम वा दायित्वका लागि बजेट थप गर्नुपर्ने वा रकमान्तर गर्नुपर्नेमा भरसक एकै पटक स्पष्ट आधार कारण र औचित्य खुलाई थप बजेट निकासा वा रकमान्तरका लागि महान्यायाधिवक्ताको कार्यालय, आर्थिक प्रशासन शाखामा पठाउने,

१०.२.२१ अनिवार्य आवश्यकता अनुरूप दिएको पेश्की समयमै फछ्यौंट गर्ने गराउने,

१०.२.२२ कार्यालयको आर्थिक प्रशासन सम्बन्धी लेखा, स्रेस्ताको अभिलेख चुस्त दुरूस्त राखी समयमै मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी पठाउने,

१०.२.२३ आर्थिक कारोवार एवं खर्च भएका रकमको लेखाको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,

१०.२.२४ महालेखा परीक्षक तथा महान्यायाधिवक्ताको कार्यालयसँग सम्पर्क राखी वेरुजु लगत अद्यावधिक गरी कायम भएका बेरूजु फछ्यौंट गराई कार्यालयलाई बेरूजु शुन्य बनाउने,

**कानूनी राय तर्फः**

१०.२.२५ कानूनी रायका लागि प्राप्त फाइल कागजातहरू दर्ता गरी अभिलेख राख्ने,

१०.२.२६ माग भएको कानूनी राय प्रदान गर्न निर्धारित ढाँचा अनुरूप र संलग्न गर्नुपर्ने कागजातहरू भए नभएको अध्ययन गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने,

१०.२.२७ कार्यालय प्रमुखबाट भएको निर्णयको कार्यान्वयन गरी प्रदान गरिएका कानूनी राय सम्बन्धी विवरण निर्धारित ढाँचामा (विद्युतीय माध्यममा समेत) अभिलेख राख्ने ,

१०.२.२८ कानूनी रायका विषयमा नेपाल सरकारका सम्बद्ध निकाय वा पदाधिकारीहरूसँग छलफल, अन्तर्क्रिया र गोष्ठी आदि कार्यक्रम निर्माण गरी निर्णयका लागि पेश गरी कार्यक्रम सञ्चालन गर्ने।

१०.२.२९ कार्यालयबाट सम्पादन गर्नुपर्ने अन्य शाखाको जिम्मेवारी भित्र नपरेका कार्यका साथै कार्यालय प्रमुखबाट यस शाखाबाट सम्पादन गर्ने गरी तोकिएका कार्य गर्ने।

**१०.३ कसूर पीडित तथा साक्षी संरक्षण शाखा**: यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

१०.३.१ मुद्दाको काम कारवाहीमा पक्षको गोपनीयता कायम गर्ने, पीडित मैत्रीकक्षको व्यवस्थापन गर्ने लगायत कसूर पीडित तथा साक्षी मैत्री व्यवहारका लागि आवश्यक प्रबन्ध गर्ने गराउने,

१०.३.२ पीडितलाई मनोसामाजिक परामर्श दिनुपर्ने, स्वास्थ्य उपचार गर्नु पर्नेमा सम्बन्धित निकायहरूसँग समन्वय गरी सो सेवा उपलव्ध गराउन सहजीकरण गर्ने,

१०.३.३ कसूर पीडित तथा साक्षीसँग बकपत्र गर्नु अघि सम्बन्धित सरकारी वकीलबाट परामर्शका साथै बकपत्र पश्चात दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सहजीकरण गर्ने,

१०.३.४ मुद्दाको सुनुवाइमा कसूर पीडितको सहभागिताका लागि सहजीकरण गर्नुका साथै फैसला कार्यान्वयनमा सहयोग गर्ने,

१०.३.५ कसूर पीडित तथा साक्षीका गुनासाहरू सुनुवाइ गरी आवश्यक सुझाव दिने,

१०.३.६ कसूर पीडित तथा साक्षीको विवरण र तिनको संरक्षण सम्बन्धी अभिलेख व्यवस्थित गर्ने,

१०.३.७ कसूर पीडित र साक्षी संरक्षण सम्बन्धमा नेपाल प्रहरी तथा अनुसन्धान गर्ने र अन्य सम्बद्ध निकायसँग समन्वय र सहकार्य गर्ने,

१०.३.८ कार्यालय प्रमुखबाट तोके बमोजिमका अन्य कार्य गर्ने।

**१०.४ साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि शाखा**: यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

१०.४.१ कार्यालयको कार्यसम्पादनमा सम्बन्धमा तयार भएका विभिन्न सफ्टवेयरको परिमार्जन, एकीकरण गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कर्यालयसँग समन्वय गरी आवश्यक कार्य गर्ने/गराउने,

१०.४.२ कार्यालयबाट सम्पादन हुने काम कारबाही संभव भएसम्म विद्युतीय माध्यमबाट सम्पादन गर्न आवश्यक विद्युतीय उपकरण, विधिको विकास गर्न अवधारणापत्र सहित कार्यक्रम तयार गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाई निर्णय कार्यान्वयन गर्ने/गराउने,

१०.४.३ कार्यालयबाट भएका मुद्दा चलाउने/नचलाउने निर्णयका प्रति सम्बन्धित मुद्दा शाखाबाट निरन्तर प्राप्त गरी विषय र समयावधि छुट्टिने गरी विद्युतीय माध्यमबाट अभिलेख राख्ने,

१०.४.४ कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा भएका मुद्दाको फैसलाका प्रति सम्बन्धित मुद्दा शाखाबाट निरन्तर प्राप्त गरी विषय र अवधि खुल्ने गरी विद्युतीय माध्यमबाट अभिलेख राखी सरकारी वकीलको कार्यसम्पादनमा सहयोगी हुने फैसलाहरू कार्यालयको वेभसाइटमा अपलोड गर्ने र मुद्दा सम्बन्धी विवरण मुद्दा व्यवस्थापन प्रणाली (CMS) सम्बन्धी सफ्टवेयरमा प्रविष्ट गर्ने,

१०.४.५ कार्यालयको महत्वपूर्ण सूचना, तथ्यांक प्राप्ति र उपयुक्तताको छनौट गरी समय र विषयगत रूपमा अद्यावधिक गरी अभिलेखीकृत गर्ने,

१०.४.६ कार्यालयको वेभसाइट अद्याबधिक बनाई आवश्यक सूचना, सामग्री सहितको वेभसाइट व्यवस्थापन गर्ने,

१०.४.७ महान्यायाधिवक्ताको कार्यालयसँग विद्युतीय माध्यमबाट सम्पर्क स्थापित गर्ने प्रविधि, सामग्रीको व्यवस्थापन, जडान तथा सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

१०.४.८ कार्यालयमा सूचना प्रविधि तथा विद्युतीय अभिलेख शाखाको प्रभावकारी रूपमा सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन र क्षमता विकास सम्बन्धी कार्य गर्ने,

१०.४.९ Assest Management System (AMS) सम्बन्धित सम्पूर्ण भौतिक सामग्रीको विवरणहरू सफ्टवेयरमा अपलोड गर्ने,

१०.४.१० कार्यालयमा रहेको कम्प्युटर तथा विद्युतीय सामाग्रीको अवस्था अद्याबधिक गरी चालु अवस्थामा राख्न आवश्यक कार्य गर्ने,

१०.४.११ कार्यालयमा राखिएको सि.सि.टि.भि. समेतको सामाग्री चालु अवस्थामा राख्न आवश्यक कार्य गर्ने कार्यालयमा राखिएको सि.सि.टि.भि. समेतको सामग्री चालु अवस्थामा राख्न आवश्यक कार्य गर्ने,

१०.४.१२ साइवर अपराध सँगसम्बन्धित कुनै समस्या वा अल्झन आए महान्यायाधिवक्ताको कार्यालयको साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि महाशाखा अन्तर्गतको साइवर युनिटसँग समन्वय गर्ने ,

१०.४.१३ कार्यालय तथा कर्मचारीको Email को काम कारवाही @ag.gov.np मार्फत मात्र गर्ने/गराउने व्यवस्था मिलाउने,

१०.४.१४ कार्यालयमा कम्प्युटर/ सहायक कम्प्युटर अपरेटर नियुक्ति गर्दा Technical Support (IT) Staff को व्यवस्था गर्ने,

१०.४.१५ कार्यालय प्रमुखबाट तोके बमोजिम साइवर सुरक्षा र सूचना, सञ्चार प्रविधि सम्बन्धी अन्य कार्य गर्ने।

**१०.५ पुस्तकालय शाखा:** यस शाखाबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

१०.५.१ कार्यालयमा रहेका पुस्तक एवं अन्य अध्ययन सामग्रीको रजिष्ट्रमा र विद्युतीय माध्यमबाट समेत सूचीकरण तथा वर्गीकरण गरी व्यवस्थित किसिमले प्रत्येक पुस्तक/ अध्ययन सामग्रीमा शंकेत नम्बर (कोड बार) राख्ने,

१०.५.२ पुस्तकालय भित्र अनुशासन र मर्यादा कायम हुने गरी सरकारी वकील, कर्मचारी, कानून व्यवसायी एवं कानूनका विद्यार्थीले समेत अध्ययन गर्न सक्ने व्यवस्था मिलाउने,

१०.५.३ विभिन्न प्रकाशक तथा बिक्रेतासँगको सम्पर्कबाट बजारमा उपलब्ध पुस्तक पत्रिका आदिको सूची तयार गरी विनियोजित बजेटको परिधि भित्र रही कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित पुस्तक/ अध्ययन सामग्रीको खरिद प्रक्रिया अगाडि बढाउन महाशाखा प्रमुख समक्ष पेश गरी निर्णयानुसार गर्ने,

१०.५.४ सरकारी वकीललाई आवश्यक पर्ने ऐन नियम लगायतका पुस्तकहरू, राजपत्र, तथा पत्रपत्रिकाहरू भरपाई गरी उपलब्ध गराउने,

१०.५.५ पुस्तकालयमा रहेका कार्यसम्पादनमा उपयोगी पुस्तक तथा अन्य पाठ्यसामग्री सरकारी वकील तथा कर्मचारीलाई मात्र अभिलेख राखी सिमित समयका लागि आवासमा लैजाने र समयमै फिर्ता गर्ने व्यवस्था गर्ने। यसरी लगिएका

पुस्तक वा अन्य सामग्री कुनै व्यहोराले मिनाहा नगर्ने बजारमा उपलब्ध त्यस्ता पुस्तक नै दाखिला गर्नुपर्ने व्यवस्था मिलाउने,

१०.५.६ कर्मचारीहरू सरुवा वा अवकाश हुँदा रमाना गर्नु वा कार्यालयबाट सिफारिस पत्र दिनु अघि निजहरू जिम्मामा रहेका पुस्तक फिर्ता लिई चुक्ता सिफारिस गर्नुपर्ने पद्धतिको विकास गर्ने,

१०.५.७ महान्यायाधिवक्ताको कार्यालयसँग परामर्श गरी विद्युतीय पुस्तकालयको विकास गर्नुका साथै अन्य पुस्तकालय बीच सम्पर्क, समन्वय र सहकार्य गर्ने,

१०.५.८ पुस्तकालयमा साविक देखि हालसम्मका कार्यालय प्रमुखको फोटो सहितको विवरण राख्ने,

१०.५.९ पुस्तकालयलाई व्यवस्थित र थप प्रभावकारी बनाउन पुस्तकालय विकास सम्बन्धी नीति तथा योजना तयार गरी कार्यालय प्रमुख समक्ष पेश गरी कार्यान्वयन गर्ने ।

**१०.६ दर्ता चलानी तथा सोधपुछ फाँट:** यस फाँटबाट देहाय बमोजिमका कार्यसम्पादन हुनेछन्;

१०.६.१ कार्यालयमा प्राप्त भएका चिठीपत्र / कागजात बुझी बुझ्नेको नाम, पद र मिति स्पष्ट खुलाई भरपाई दिने र यसरी प्राप्त भएका प्रत्येक कागजपत्र निर्धारित ढाँचाको दर्ता किताबमा र विद्युतीय माध्यममा (कम्प्युटरमा) तुरून्त दर्ता गरी दर्ता नम्बर र मिति प्रविष्ट गर्ने,

१०.६.२ गोप्य र कार्यालय प्रमुखलाई सम्बोधन गरिएका खामबन्दी चिठीहरू नखोली खामको बाहिर दर्ता नम्बर उल्लेख गरी तुरून्त कार्यालय प्रमुख समक्ष पेश गरी भएको तोक आदेश बमोजिम सम्बन्धित शाखामा बुझाउने,

१०.६.३ प्रकरण १०.६.२ बाहेकका अन्य कागजपत्र प्रशासन तथा योजना शाखाका प्रमुख समक्ष पेश गरी भएको तोक आदेश बमोजिम तत्काल सम्बन्धित शाखा/फाँटमा बुझाई दर्ता किताबमा अभिलेख राख्ने,

१०.६.४ प्रकरण १०.६.३ मा जे सुकै उल्लेख भएता पनि मुद्दा शाखा खुल्ने गरी प्राप्त भएका वा चलानी किताब हेरी यकिन गरी मुद्दा शाखा पत्ता लगाई मुद्दासँग सम्बन्धित मिसिल कागजात दर्ता गरी पत्र प्राप्त भएकै दिन सम्बन्धित मुद्दा शाखाको प्रमुख समक्ष पेश गरी दर्ता किताबमा अभिलेख राख्ने,

१०.६.५ कार्यालयबाट अन्यत्र पठाउने पत्र, कागजात पत्रको मिति, पत्रको विषय, पठाइने कार्यालय वा अदालतको नाम, सम्बन्धित शाखा उल्लेख गरी निर्धारित ढाँचाको चलानी रजिष्ट्रर र विद्युतीय माध्यममा समेत चलानी गर्ने,

१०.६.६ अन्य कार्यालयमा पठाइने चिठीपत्रहरू भरपाई किताबमा चढाई वा कार्यालय प्रतिमा नै बुझ्नेको नाम दर्जा र मिति खुल्ने व्यहोराको भरपाई गराई बुझाउने / हुलाक दाखिला गर्ने,

१०.६.७ दर्ता चलानी सम्बन्धी कार्य गर्दा कुनै बाधा अड्चन परे प्रशासन तथा योजना शाखाको प्रमुखबाट निकासा लिने,

१०.६.८ कार्यालयबाट सम्पादन हुने कार्यसँग समबन्धित विषयमा सेवाग्राहीलाई आवश्यक जानकारी प्रदान गर्ने,

१०.६.९ कार्यालयबाट सम्पादन हुने कार्यहरु मध्ये सेवाग्राहीको सरोकार रहेको कार्यसम्पादन हुने शाखा फाँटको जानकारी प्रदान गर्ने ।

## परिच्छेद–पाँच

## विविध

**११. व्यवस्थापन समितिः** नियम ४३ बमोजिम गठन भएको व्यवस्थापन समितिले सोही नियमको उपनियमहरूमा भएको व्यवस्थाको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कार्यसम्पादन गर्नेछ;

११.१ कानूनी राय बाहेकका अन्य विषयमा राय परामर्श दिने सम्बन्धमा महान्यायाधिवक्तालाई राय दिने,

११.२ फौजदारी कानूनमा सुधार, संशोधन वा नयाँ कानून निर्माण गर्ने सम्बन्धमा सुझाव दिने,

११.३ महान्यायाधिवक्ताको कार्यालयबाट तर्जुमा गरिने विभिन्न निर्देशिका, कार्यविधि, नीति, मार्गदर्शन, योजना, कार्यान्वयन योजनालाई परिमार्जन गर्ने र पारित गर्ने,

११.४ महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुदृढीकरण, सरकारी वकीलको कार्यसम्पादन एवं व्यावसायिकता विकास आदिका विषयमा नीतिगत निर्णय गर्ने,

११.५ सरकारी वकीलको कार्यसम्पादनमा देखा परेका समस्याको समाधान गर्ने,

११.६ वर्ष सरकारी वकील तथा उत्कृष्ट कार्यसम्पादन गर्ने सरकारी वकील एवं कर्मचारीलाई पुरस्कार प्रदान गर्ने,

११.७ पञ्चवर्षीय रणनीतिक योजना तथा सोको वार्षिक कार्ययोजनाको तर्जुमा सम्बन्धमा सुझाव दिने,

११.८ सम्बन्धित विभागीय प्रमुखले पेश गरी निर्णय गर्नु पर्ने विषय बाहेक अन्य विषयमा महान्यायाधिवक्ता वा महान्यायाधिवक्ताको कार्यालयबाट हुने निर्णय गर्नको लागि सिफारिस वा परामर्श पेश गर्ने।

**१२. नीति व्यवस्थापन समूहः** नियम ४५ बमोजिमको यस समूहले सोही नियमको विभिन्न उपनियममा भएको व्यवस्थाको प्रतिकूल नहुने गरी देहायका कार्यहरू गर्नेछ;

१२.१ सरकारी वकीलको कार्यसम्पादनमा सुधार, व्यावसायिकता विकास र संस्थागत सुदृढीकरण सम्बन्धी नीतिगत, समूहमा छलफल गर्नुपर्ने विषयवस्तु यकिन गरी नियमित रूपमा बैठक छलफल गरी व्यवस्थापन समितिलाई सुझाव/ सल्लाह दिई सोको अभिलेख राख्ने,

१२.२ व्यवस्थापन समितिले तोकेका विषयमा छलफल गरी यकिन राय सल्लाह दिने,

१२.३ महान्यायाधिवक्ताले तोकेका नीतिगत निर्णय गर्नुपर्ने अन्य विषयमा सुझाव दिने,

१२.४ समूहको कार्यलाई व्यवस्थित र संस्थागत गर्न कार्य विभाजन वा जिम्मेवारी बाँडफाँड गर्ने,

१२.५ समूहले आफ्नो कार्यसम्पादन आफै व्यवस्थित गर्ने।

**१३. कार्य विवरण तथा कार्यादेशको समीक्षा र अनुगमनः**

१३.१ आफूलाई प्राप्त कार्य विवरण अनुसारको कार्यसम्पादनको अवस्थाको बारेमा मासिक रूपमा नायब महान्यायायधिवक्ताले महान्यायाधिवक्ता समक्ष, महाशाखा प्रमुख एवं शाखा प्रमुखले सम्बन्धित नायब महान्यायाधिवक्ता समक्ष र अन्य कर्मचारीहरूले सम्बन्धित शाखा प्रमुख समक्ष प्रतिवेदन गर्नु पर्नेछ,

१३.२ उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले सम्बन्धित क्षेत्र हेर्ने नायब महान्यायाधिवक्ता समक्ष, अन्य सरकारी वकील र अधिकृतहरूले सम्बन्धित सहन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ता समक्ष र अन्य कर्मचारीहरूले सम्बन्धित सुपरिवेक्षक समक्ष कार्य विवरण अनुसारको कार्यसम्पादनको अवस्थाको बारेमा मासिक रूपमा प्रतिवेदन पेश गर्नु पर्नेछ,

१३.३ निर्धारित कार्य विवरण अनुसार कार्यसम्पादन भए नभएको सम्बन्धमा माथिल्लो अधिकारीबाट आवधिक वा आकस्मिक रूपमा निरीक्षण गरी निर्देशन दिनु पर्नेछ,

१३.४ सुपरिवेक्षकबाट दिइएको निर्देशनको पालना नगर्ने वा कार्यसम्पादन सन्तोषजनक नहुने सरकारी वकील तथा कर्मचारीलाई सेवा, शर्त सम्बन्धी कानून बमोजिम कारवाही हुनेछ,

१३.५ हाल कार्यरत रहेका सबै तहका सरकारी वकील तथा कर्मचारीहरूलाई यो कार्यविधि जारी भएको एक महिना भित्रै र नयाँ नियुक्त भएको सरकारी वकील तथा कर्मचारीलाई पदस्थापनासँगै संविधान, प्रचलित कानून तथा यस कार्यविधि बमोजिम कार्य विवरण दिनु पर्नेछ,

**१४. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधि बमोजिम विभाग, महाशाखा, केन्द्र, सचिवालय, शाखा वा फाँटबाट कार्यसम्पादन गर्दा सम्पादन गर्ने कामका सम्बन्धमा प्रचलित कानूनले व्यवस्था गरेको कार्यविधिको अनुशरण गरी प्रचलित कानून बमोजिम आफूलाई निर्णय गर्ने अधिकार भएमा आफूले वा आफूलाई नभएमा अधिकार भएको अधिकारी समक्ष पेश गर्नु पर्नेछ। विभागहरू बीच समन्वय गर्नु पर्ने वा राय सल्लाह लिनु पर्नेमा सो बमोजिम गर्नु पर्नेछ।

**१६. कर्मचारी बैठक:** विभाग अन्तर्गतका र मातहत प्रत्येक सरकारी वकील कार्यालयका सरकारी वकील तथा कर्मचारीहरूको महिनाको एकपटक विभागस्तरमा र कार्यालयसतरमा बैठक बसी मासिक कार्यसमीक्षा, कार्यसम्पादनमा आई परेका समस्याहरू र तिनको समाधानमा चाल्नु पर्ने कदमहरू सम्बन्धमा छलफल गर्नु पर्नेछ। तत्सम्बन्धमा कुनै असुविधा वा द्विविधा भएमा विभागको हकमा व्यवस्थापन समितिमा र कार्यालयको हकमा मानव संसाधन महाशाखा समक्ष पेश गर्नु पर्नेछ।

**१७. बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयन वा कार्यालयबाट सम्पादन हुनु पर्ने कुनै कामका सम्बन्धमा कुन विभाग, महाशाखा वा शाखाबाट गर्ने भन्ने द्विविधा उत्पन्न भएमा वा कार्यक्षेत्र बाझिन गएमा व्यवस्थापन समितिको सिफारिसमा महान्यायाधिवक्ताले निर्णय गरी बाधा अड्काउ फुकाउनेछ । विभाग अन्तर्गतका महाशाखा र शाखाको कार्यका सम्बन्धमा विभागको प्रमुखले निर्णय गरी बाधा अड्काउ फुकाउनेछ।

**१८ खारेजी र बचाउ:**

१८.१ महान्यायाधिवक्ताको कार्यालयको कार्य सञ्चालन तथा कार्य विवरण निर्देशिका, २०७३ खारेज गरिएको छ,

१८.२ प्रकरण १८.१ बमोजिमको निर्देशिका अनुसार भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

महान्यायाधिवक्ताबाट स्वीकृत मितिः २०७८।८।२२

## नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७

**प्रस्तावना :** नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी प्रक्रियालाई सरल, स्पष्ट, व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउन आवश्यक भएकोले, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९७ ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताको परामर्शमा नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यविधि संहिता" भन्नाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनु पर्छ।

३. मुद्दा फिर्ता लिन सकिने: (१) नेपाल सरकारले कार्यविधि संहिताको दफा ११६ को उपदफा (२) को अधीनमा रही प्रचलित कानून बमोजिम दायर भएको कुनै सरकार वादी फौजदारी मुद्दा देहायको कुनै अवस्थामा फिर्ता लिन सक्नेछः-

(क) सार्वजनिक हित, शान्ति एवं व्यवस्थामा गम्भिर असर पर्न नदिन फिर्ता लिन उपयुक्त देखिएमा,

(ख) सार्वजनिक सदाचार एवं नैतिकतामा प्रतिकूल प्रभाव पर्न नदिन फिर्ता लिन उपयुक्त देखिएमा,

(ग) सामाजिक, धार्मिक वा साम्प्रदायिक तनाव फैलन सक्ने अवस्था आउन सक्ने देखिएमा त्यस्तो अवस्थाको अन्त्य गर्नु पर्ने देखिएमा,

(घ) राजनीतिक, सामाजिक, धार्मिक एवं साम्प्रदायिक सद्भाव कायम गर्न मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

(ङ) मुलुकमा शान्ति र अमन चयन कायम गर्न तथा राजनीतिक म◌ूल प्रवाहमा ल्याउन नेपाल सरकारको तर्फबाट कुनै समूह वा राजनीतिक दलसँग गरिएको सम्झौता बमोजिम मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

(च) विदेशीसँगको कुटनीतिक सम्बन्ध र सद्भाव कायम राख्न पारस्पारिकताको आधारमा मुद्दा फिर्ता लिन उपयुक्त देखिएमा,

(छ) कुनै सरकारी प्रतिवेदनको आधारमा नेपाल सरकारबाट चलाइएको मुद्दामा पर्याप्त अध्ययन अनुसन्धानको कमी हुन गई वा अन्य कुनै कारणबाट भएको त्रुटिबाट नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दामा कुनै व्यक्ति निर्दोष रहेको पुष्टि भएकोमा।

(२) उपदफा (१) को प्रयोजनको लागि कार्यविधि संहिताको दफा ११६ को उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै व्यक्तिको सम्पत्तिमा क्षति पुगेकोमा त्यसरी भएको क्षतिको नेपाल सरकारबाट क्षतिपूर्ति उपलब्ध गराएर मात्र मुद्दा फिर्ता लिइनेछ। पीडितले प्रचलित कानून बमोजिम अन्य क्षतिको क्षतिपूर्ति वा राहत रकम पाउने रहेछ भने त्यस्तो क्षतिपूर्ति वा राहत रकम समेत उपलब्ध गराइनेछ।

४. मुद्दा फिर्ताको लागि निवेदन दिन सक्नेः कार्यविधि संहिता तथा यस निर्देशिका बमोजिम मुद्दा फिर्ता लिनको लागि देहाय बमोजिमका विवरणहरू खुलाई आवश्यक कागजात संलग्न गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा मुद्दाको सम्बद्ध पक्षले अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछः-

(क) मुद्दा दायर भएको अदालत वा निकाय,

(ख) जाहेरी दरखास्तको प्रतिलिपि,

(ग) अभियोगपत्र, अभियुक्तको अनुसन्धानको क्रममा र अदालतमा भएको बयान तथा थुनछेक सम्बन्धमा अदालतबाट भएको आदेशको प्रतिलिपिहरु, र

(घ) मुद्दा फिर्ताको लागि कुनै निकाय वा राजनीतिक दलबाट सिफारिस गरिएको रहेछ भने सो सम्बन्धी कागजात ।

५. विवरण तयार गर्न पर्ने : (१) दफा ४ बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दासँग सम्बन्धित तथ्य संकलन गरी देहायको विवरण तयार गर्नु पर्नेछ :-

(क) मुद्दा फिर्ताको लागि निवेदन दिने व्यक्तिको नाम, थर र वतन,

(ख) मुद्दाको जाहेरवाला, वादी, प्रतिवादीको नाम, थर र वतन,

(ग) मुद्दा विचाराधीन रहेको अदालत,

(घ) मुद्दा पुर्पक्षको अवस्था,

(ङ) कुनै निकाय वा राजनीतिक दलले मुद्दा फिर्ताको लागि सिफारिस वा अनुरोध गरेको रहेछ भने सो सँग सम्बन्धित कागजात,

(च) कार्यविधि संहिताको दफा ११६ को उपदफा (८) को अवस्था विद्यमान रहे नरहेको,

(छ) मुद्दा फिर्ता लिँदा त्यसले पार्ने प्रभाव ।

(२) उपदफा (१) बमोजिम विवरण तयार गर्दा आवश्यकता अनुसार पीडितको भनाई समेत विवरणमा समावेश गर्न सकिनेछ ।

६. कारबाही अघि बढाउन पर्नेः दफा ५ बमोजिमको विवरणका आधारमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रत्येक मुद्दाको छुट्टाछुट्टै पृष्ठभूमि, मुद्दा दायर हुनुको कारण, मुद्दा फिर्ता गर्नु पर्ने कारण, औचित्य त्यसबाट उत्पन्न हुन सक्ने परिणाम र उपादेयता समेतका विवरण उल्लेख गरी आफ्नो राय सहितको फाइल गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. सिफारिस माग गर्न सक्ने : (१) दफा ६ बमोजिम मुद्दा फिर्ता गर्ने कारबाही अघि बढाउनको लागि गृह मन्त्रालयले मुद्दाको सम्बद्ध पक्षबाट मुद्दा फिर्ता लिनु पर्नाको कारण पुष्टि गर्ने आधार सहितको सिफारिस माग गर्न सक्नेछ ।

(२) गृह मन्त्रालयले फिर्ता लिन खोजिएको कुनै मुद्दाको सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत आवश्यकता अनुसार स्थानीय राजनीतिक दलका प्रतिनिधिको राय वा राजनीतिक दलको केन्द्रीय कार्यालय मार्फत सिफारिस माग गर्न सक्नेछ ।

(३) सम्बन्धित राजनीतिक दलले मुद्दा फिर्ताको लागि गर्ने सिफारिसको ढाँचा अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ ।

८. छानबिन समिति गठन गरी सोको आधारमा कारबाही अघि बढाउन सकिने: दफा ४ बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धमा निवेदन नपरेको भए तापनि दफा ३ बमोजिमको कुनै अवस्था रहेको देखिएमा सो सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गृह मन्त्रालयले छानबिन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिको कार्यादेश, प्रतिवेदनमा खुलाउनु पर्ने विवरण तथा कार्यावधि सो समिति गठन हुँदाका बखत निर्धारण गरे बमोजिम हुनेछ ।

(३) दफा ४, ५ र ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम छानबिन समिति गठन गरिएकोमा सो समितिको प्रतिवेदन समेतको आधारमा गृह मन्त्रालयले दफा ५ र ६ बमोजिमको विवरण तयार गरी कार्यविधि संहिता तथा यस निर्देशिका बमोजिम मुद्दा फिर्ताको लागि कारबाही अघि बढाउन सक्नेछ ।

९. राय माग गर्नु पर्नेः (१) दफा ६ बमोजिम मुद्दा फिर्ताको लागि फाइल प्राप्त हुन आएपछि वा दफा ८ को उपदफा (१) बमोजिम समिति गठन गरिएकोमा सो समितिको प्रतिवेदनको आधारमा सोही दफाको उपदफा (३) बमोजिम विवरण तयार गरेपछि त्यस्तो मुद्दा फिर्ता गर्नु पर्ने आधार र कारण मनासिव देखिएमा गृह मन्त्रालयले मुद्दा फिर्ता लिने सम्बन्धमा कार्यविधि संहिताको दफा ११६ को उपदफा (४) बमोजिम महान्यायाधिवक्ताको राय माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम महान्यायाधिवक्ताको राय लिनु अघि मुद्दा फिर्ता माग गरिएको विषयवस्तु अन्य कुनै मन्त्रालयसँग सम्बन्धित भए सो मन्त्रालयको समेत परामर्श माग गर्नु पर्नेछ ।

(३) यस निर्देशिकामा लेखिए बमोजिमको कार्यविधि पूरा भएको देखिएमा महान्यायाधिवक्ताले आवश्यकता र औचित्यको आधारमा मुद्दा फिर्ता लिने परामर्श दिन सक्नेछ ।

१०. मन्त्रालयमा फाईल पठाउनु पर्नेः (१) दफा ६, ७, ८ र ९ बमोजिमको प्रक्रिया पूरा भएमा गृह मन्त्रालयले मन्त्रि्स्तरीय निर्णय गरी मुद्दा फिर्ता लिने प्रक्रिया अघि बढाई दिन सो सम्बन्धी सक्कलै फाइल मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फाइल पठाउँदा गृह मन्त्रालयले मुद्दा फिर्ता लिनु पर्नाको कारण र आधार तथा पीडित पक्षलाई क्षति पुग्न गएको रहेछ भने त्यसरी पुग्न गएको क्षतिको विवरण समेत खुलाई पठाउनु पर्नेछ ।

११. प्रस्ताव पेश गर्न सक्नेः (१) दफा १० बमोजिम गृह मन्त्रालयबाट मुद्दा फिर्ताको लागि फाइल प्राप्त भएमा मन्त्रालयले मुद्दा फिर्ता लिने सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा पीडित पक्षलाई क्षति पुग्न गएको रहेछ भने त्यसरी पुग्न गएको क्षतिको विवरण समेत खुलाउनु पर्नेछ ।

१२. निर्णय कार्यान्वयन गर्न लेखी पठाउनेः दफा ११ बमोजिम मन्त्रालयबाट पेश भएको प्रस्ताव बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्बाट मुद्दा फिर्ता लिने निर्णय भएमा मन्त्रालयले त्यस्तो निर्णय कार्यान्वयनका लागि निर्णयको प्रतिलिपि र मुद्दाको विवरण समेत संलग्न गरी महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

१३.अदालतमा निवेदन दिनु पर्नेः दफा १२ बमोजिम मुद्दा फिर्ताको लागि लेखी आएमा महान्यायाधिवक्ताको कार्यालय वा सम्बन्धित सरकारी वकील कार्यालयले नेपाल सरकार, मन्त्रिपरिषद्बाट मुद्दा फिर्ता लिने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र मुद्दाको विवरण सहित कार्यविधि संहिताको दफा ११६ को उपदफा (५) बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धमा सम्बन्धित अदालतमा निवेदन दिनु पर्नेछ ।

१४. आदेश दिन सक्नेः मुद्दा फिर्ता लिन आदेश गर्न मिल्ने भएमा अदालतले कार्यविधि संहिताको दफा ११६ को उपदफा (७) बमोजिम मुद्दा फिर्ता लिने आदेश दिन सक्नेछ ।

१५. विवरण पठाउनु पर्नेः महान्यायाधिवक्ताको कार्यालयले कार्यविधि संहिता तथा यस निर्देशिका बमोजिम फिर्ता लिएको मुद्दाको विवरण तथा मुद्दा फिर्ता हुन नसकेको भए सो सम्बन्धी विवरण गृह मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१६. मुद्दा फिर्ता सम्बन्धी कारबाही अघि बढाउन नसकिनेः यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा दफा ३ बमोजिम मुद्दा फिर्ता लिने सम्बन्धी कारबाही अघि बढाउन सकिने छैन:-

(क) कार्यविधि संहिताको दफा ११६ बमोजिम फिर्ता लिन नमिल्ने मुद्दा, पुनरावेदन, साधक जाँच वा पुनरावलोकनको रोहमा वा मुद्दा दोहोर्‌याउने अवस्थामा विचाराधीन रहेको मुद्दा,

(ख) मुद्दामा एक भन्दा बढी व्यक्ति प्रतिवादी रहेका भए आंशिक रुपमा कुनै एक अभियुक्तको मात्र मुद्दा फिर्ता लिने गरी निवेदन परेको मुद्दा |

१७. खारेजी र बचाउ : (१) नेपाल सरकारबाट मिति २०७१।०७।२० मा स्वीकृत नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका काम कारबाहीहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

अनुसूची- १

(दफा ४ सँग सम्बन्धित)

मुद्दा फिर्ताको लागि दिइने निवेदनको ढाँचा

श्री जिल्ला प्रशासन कार्यालय

विषयः मुद्दा फिर्ता गरी पाउँ।

१. निवेदकको नाम, थर र वतन :

२. मुद्दाको वादी र प्रतिवादीहरूको नाम, थर र वतनः

३. मुद्दाको नाम :

४. मुद्दाको संक्षिप्त विवरणः

५. मुद्दा विचाराधीन रहेको निकाय वा अदालतको व्यहोरा :

६. मुद्दा फिर्ता लिनु पर्नाको लिनु पर्नाको बस्तुनिष्ठ आधार, प्रमाण र औचित्य पुष्टि हुने विवरण सहितको कथन :

७. उल्लिखित व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**<u>मुद्दा फिर्ताको लागि निवेदन दिनेको-</u>**

दस्तखतः

नाम, थरः

मितिः

अनुसुची - २

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित )

मुद्दा फिर्ताको लागि दिइने सिफारिसको ढाँचा

श्री गृह मन्त्रालय / जिल्ला प्रशासन कार्यालय

विषयः मुद्दा फिर्ताको लागि सिफारिस गरिएको ।

१. मुद्दाको वादी र प्रतिवादीको नाम, थर र वतन :

२. मुद्दाको नामः

३. मुद्दाको संक्षिप्त विवरणः

४. मुद्दा फिर्ताको लागि किन सिफारिस गर्नु परेको हो ? उक्त मुद्दा फिर्ता लिँदा त्यसबाट सार्वजनिक शान्तिमा के कस्तो प्रभाव पर्ने हो सो को वस्तुनिष्ठ आधार, कारण र औचित्य समेत पुष्टि हुने विवरण सहितको सिफारिसको व्यहोरा :

५. उल्लिखित व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

**<u>सिफारिस गर्ने व्यक्ति / प्रमुख राजनीतिक दलको</u>**

नाम :

दस्तखत गर्ने व्यक्ति/पदाधिकारीको,-

दस्तखत :

नाम, थर :

पद :

राजनीतिक दलको छाप :

मिति :

**मुद्दा फिर्ता लिनको लागि देहाय बमोजिमका विवरणहरु खुलाई आवश्यक कागजात संलग्न गर्नु पर्ने ।**

१. मुद्दा दायर भएको अदालत वा निकाय

२. जाहेरी दरखास्तको प्रतिलिपि

३. अभियोगपत्र, अभियुक्तको अनुसन्धानको क्रममा र अदालतमा भएको बयान तथा थुनछेक सम्बन्धमा अदालतबाट भएको आदेशको प्रतिलिपिहरु

४. मुद्दा फिर्ताको लागि कुनै निकाय वा राजनीतिक दलबाट सिफारिस गरिएको रहेछ भने सो सम्बन्धी कागजात

**जिल्ला प्रशासन कार्यालयले जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दासँग सम्बन्धित तथ्य संकलन गरी देहायको विवरण तयार गर्नु पर्नेछ :**

१. मुद्दा फिर्ताको लागि निवेदन दिने व्यक्तिको नाम, थर र वतन

२. मुद्दाको जाहेरवाला, वादी, प्रतिवादीको नाम, थर र वतन

३. मुद्दाको विचाराधीन रहेको अदालत

४. मुद्दा पुर्पक्षको अवस्था

५. कुनै निकाय वा राजनीतिक दलले मुद्दा फिर्ताको लागि सिफारिस वा अनुरोध गरेको रहेछ भने सोसँग सम्बन्धित कागजात

६. कार्यविधि संहिताको दफा ११६ को उपदफा (८) को अवस्था विद्यमान रहे/नरहेको खुलाई पठाउनु पर्नेछ ।

७. मुद्दा फिर्ता लिँदा त्यसले पार्ने प्रभाव समेत खुलाई पठाउनु पर्नेछ ।

८. सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रत्येक मुद्दाको छुट्टाछुट्टै पृष्ठभूमि, मुद्दा दायर हुनुको कारण, मुद्दा फिर्ता गर्नु पर्ने कारण, औचित्य त्यसबाट उत्पन्न हुन सक्ने परिणाम र उपादेयता समेतका विवरण उल्लेख गरी आफ्नो राय सहितको फाइल गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

**फिर्ताको लागि विवरण उपलब्ध गराउने ढाँचा**

| सि | निवेदन दिने व्यक्ति | | जाहेरवाला | | प्रतिवादी | | मुद्दा विचाराधिन रहेको अदालत | मुद्दा पुर्पक्षको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम, थर | वतन | नाम, थर | वतन | नाम, थर | वतन | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

नोट:

१. कुनै निकाय वा राजनीतिक दलले मुद्दा फिर्ताको लागि सिफारिस वा अनुरोध गरेको रहेछ भने सो सँग सम्बन्धित कागजात संलग्न गर्नु पर्ने ।

२. कार्यविधि संहिताको दफा ११६ को उपदफा (८) को अवस्था विद्यमान रहे/नरहेको खुलाई पठाउनु पर्नेछ ।

३. मुद्दा फिर्ता लिँदा त्यसले पार्ने प्रभाव समेत खुलाई पठाउनु पर्नेछ ।

# परिशिष्ट - तीन

## सरकारी वकीलको कार्यसम्पादनसँग सम्बन्धित महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेजहरू

**नोटः यहाँ उल्लेख गरिएका दस्तावेजलाई कार्यसम्पादनमा सहजताका लागि अनौपचारिक रूपमा नेपालीमा अनुवाद (Unofficial Translation) गरिएको हो। आधिकारिकताका लागि औपचारिक लिखत नै हेर्नु पर्दछ।**

## यस परिशिष्ट भित्र

१. म्याग्ना कार्टा, १२१५

२. दासत्व महासन्धि, १९२६

३. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

४. जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९

५. दासत्व, दास व्यापार र दासत्व समान संस्था तथा अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि,

६. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५

७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध,(प्रतिज्ञापत्र) १९६६

८. आर्थिक सामाजिक सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

९. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल, १९६६

१०. महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९

११. कानून कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता, १९७९
(Code of Conduct for Law Enforcement Officials)

१२. यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, १९८४

१३. अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणा, १९८६
(Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power)

१४. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

१५. कानून व्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९०
(Basic Principles of the Role of Lawyer)

१६. अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९०
(Guidelines on the Role of Prosecutors)

१७. संगठित अपराध विरूद्धको अन्तरदेशीय महासन्धि, २०००
(United Nations Convention against Transnational Organized Crime)

१८. बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचविखन, खास गरी महिला र बालबालिकाको बेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख , २०००
(Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime (TIP Convention)

१९. भ्रष्टाचार विरूद्धको संयुक्तराष्ट्र संघीय महासन्धि, २००३

## १. म्याग्नाकार्टा (Magna Carta, 1215)

इङ्गल्याण्डका राजा, आयरल्यान्डका लर्ड र एक्विटिनका ड्यूकको कृपाले

हेनरी इङ्गल्याण्डका राजा, आयरल्यान्डका प्रभु, नर्मन्डीको ड्यूक र एक्विटेन तथा एन्जुको काउन्टको कृपाले उहाँका आर्कविशपहरू, विशपहरू, मठाधीशहरू, प्रायर्स, अर्लहरू, ब्यारन्स, शेरिफहरू, रीभहरू, मन्त्रीहरू, बेलिफहरू र विश्वासयोग्य पुरुषहरूहरूलाई राजा एडवर्डको अभिवादन,

इङ्गल्याण्डको स्वतन्त्रताको लागि लर्ड हेनरीको महान चार्टर, स्वर्गीय इङ्गल्याण्डका राजा, पिताको योगदानको निरीक्षण गर्दै,

परमेश्वरको प्रलोभनमा आत्माको स्वास्थ्यको लागि, पुर्खाहरू तथा उत्तराधिकारीहरूको आत्माको लागि, पवित्र चर्चको महिमा र राज्यको सुधारको लागि आर्चविशपहरू, विशपहरू, मठाधीशहरू, पूर्वजहरू, अर्लहरू, ब्यारनहरूलाई स्वतन्त्र रूपमा असल इच्छा प्रदान गरिएको छ । सबै साम्राज्यहरु स्वतन्त्रताको लागि इङ्गल्याण्डको साम्राज्यको दायरामा राख्नको लागि लेखिएका छन् ।

(१) पहिलो स्थान परमेश्वरलाई प्रदान गर्दै सुनिश्चित गर्दछौ कि आफैं र उत्तराधिकारीहरूको लागि वर्तमान बडापत्र पुष्टि गर्दछ कि अंग्रेजी चर्च स्वतन्त्र हुनेछ । सबै अधिकारहरु स्वतन्त्रपूर्ण रूपमा उपभोग गर्न पाउनेछ । यस बाहेक, राज्यको तर्फबाट उत्तराधिकारीहरू, सबै स्वतन्त्र व्यक्ति तथा उनीहरूका उत्तराधिकारीहरूलाई सधैको लागि तल लेखिएको स्वतन्त्रताहरू प्रदान गरिनेछ ।

(२) यदि कुनै अर्ल, ब्यारोन, वा अन्य व्यक्ति जसले सैन्य सेवाको लागि सिधै क्राउनको जग्गा राख्छ र निजको मृत्यु हुन्छ भने निजको उत्तराधिकारी पूर्ण उमेरको भएमा प्राचिन स्केल बमोजिम 'राहत' भुक्तानी पाउनेछ । एक नाइटको उत्तराधिकारी वा उत्तराधिकारीहरुलाई सम्पूर्ण नाइटको शुल्कको लागि १०० सिलिङ हुने र प्राचिन करको नियम अनुसार जोसँग कम हुन्छ, उसले कम तिर्न सक्नेछ ।

(३) तर त्यस्तो व्यक्तिको उत्तराधिकारीको उमेर नपुगेको र वार्ड (child) भएमा उमेर पुगेपछि निजले विना राहत वा जरिवाना सम्पति पाउनेछ ।

(४) उमेर नपुगेको उत्तराधिकारीको जग्गाको संरक्षकले उसको वा सम्पत्तिको विनाश वा नोक्सान नगरी त्यसबाट उचित राजस्व, चलनचल्ती र सामन्ती सेवा शुल्क मात्र लिनु पर्नेछ । यदि सम्पतिको संरक्षकत्व कुनै शेरिफ वा राजस्वको लागि जवाफदेही व्यक्तिलाई दिइयो भने निजले कुनै नोक्सान गरेमा क्षतिपूर्ति तिर्नुपर्नेछ र तोकिएको उही शुल्क तिर्ने जिम्मेवारी सहित दुई योग्य र विवेकी व्यक्तिहरूलाई सम्पति सुम्पिनेछ ।

(५) त्यस्तो जग्गाको संरक्षकले संरक्षकत्व राखेसम्म जग्गाको राजस्वबाटै घर, पार्क, माछा संरक्षण, पोखरी, मिल र यससँग सम्बन्धित सबै कुराको रेखदेख गर्नु पर्नेछ । उत्तराधिकारीको उमेर पुगेपछि सम्पतिबाट प्राप्त राजस्वले धान्न सक्ने हलोको टोली र सिजनअनुसार खेतीका औजारहरू सहित पूरै जग्गा उसलाई फिर्ता दिनु पर्नेछ ।

(६) उत्तराधिकारीहरूले विना अपमान नजिकको नातेदारलाई जानकारी दिई विवाह गर्नु पर्नेछ ।

(७) विधवा महिलाले आफ्नो पतिको मृत्युपछि कुनै समस्या विना आफ्नो विवाहको अंश र सम्पति एकैपटक पाउने छन । निजले आफ्नो दाइजो, विवाहको अंश, वा पतिको मृत्युको दिनमा निजले र निजको पतिले संयुक्त रूपमा राखेको कुनै पनि सम्पतिको लागि केही पनि तिर्नु पर्ने छैन । निज आफ्नो पतिको मृत्यु पछि चालीस दिनसम्म पतिको घरमा बस्नु पर्नेछ र सो अवधिमा निजको दाइजो निजलाई दिइनेछ ।

(८) कुनै विधवालाई पति विना बस्न मन लागेसम्म विवाह गर्न बाध्य गरिने छैन । तर निजले साही सम्पति वा अन्य सम्पति धारण गरेको अवस्थामा शाही सहमति विना विवाह गर्न पाइने छैन ।

(९) लन्डनमा आफ्नै किसिमका सबै पुरातन स्वतन्त्रता र चलनहरू रहे जस्तै अन्य शहर, बरो, भिल तथा सिन्क पोर्ट र सबै बन्दरगाहहरूमा समेत भन्सार नलाग्ने किसिमका सबै स्वतन्त्रता उपलब्ध हुने छन्।

(१०) नाइटको शुल्क वा अन्य कुनै नि:शुल्क टेनिमेन्टको लागि तिर्नु पर्ने भन्दा बढी सेवा गर्न कोही पनि विचलित हुने छैनन्।

(११) साझा कानूनी कारवाही (pleas) अदालतमा नल्याइ कुनै निश्चित स्थानमा राख्नु पर्नेछ।

(१२) मुख्य न्यायाधीश, न्यायाधीशहरू प्रत्येक काउन्टीमा वर्षमा एक पटक पठाइनेछ जसले गर्दा काउन्टीका नाइटहरूसँग मिलेर काउन्टीमा माथिको सहयोग लिन सकिनेछ। यदि काउन्टीको भ्रमणमा समाधान गर्न नसकिने किसिमका समस्याको लागि निजहरुले नियुक्त गरेका न्यायाधीशहरूले समाधान गर्नुपर्नेछ। कानूनको कठिनाइको कारणले समाधान हुन नसकेमा माथिकै इजलासका न्यायाधीशहरूलाई पठाइनेछ।

(१३) ड्यारेन (अन्तिम प्रस्तुती) सधैं माथिकै न्यायाधीश समक्ष लिइनेछ।

(१४) एक स्वतन्त्र व्यक्तिलाई सानो कसूरमा कसूर गर्ने तरिकाको आधारमा बाहेक जरिवाना लगाइने छैन। मुख्य कसूरमा पर्याप्तताको (salvocontenemento suo) आधारमा जरिवाना हुनेछ....।

(१५) कुनै पनि सहर वा स्वतन्त्र मानिस पुल वा बैंकको काम बाहेक अन्य पुरानो र सही रूपले काम गर्न विचलित हुन नहुने।

(१६) राजा हेनरी द्वितीयको समयमा रहेको प्रचलन अनुसार निश्चित स्थान र शर्तहरुमा मात्र बैंक सम्बन्धी काम कारवाही गर्नु पर्नेछ।

(१७) कुनै सेरिफ, कन्सटेवल, कोरोनरहरू वा बेलिफहरूले क्राउनको कानूनी कारवाही(pleas) स्वीकार गर्ने छैनन्।

(१८) यदि ऋण लिएको कोही व्यक्तिको मृत्यु भएमा निजले तिरेको ऋणको लागि समन सहितको पत्र सहित सबै सामानहरू र च्याटेलहरू संलग्न र दर्ता गर्न शेरिफ वा बेलिफलाई अनुमति दिइनेछ। बाँकी ऋण तिर्नेगरी कार्यान्वयन हुनेछ भने मृत्यु भएको व्यक्तिबाट ऋण तिर्न बाँकी नभएमा मृतकको पत्नी र छोराछोरीलाई उचित भाग बचत गर्दै सबै कुराहरू मृत व्यक्तिको प्रयोगमा हस्तान्तरण गर्नुपर्नेछ।

(१९) कुनै कन्स्टेवल वा अन्य बेलिफले बिक्रेताको स्वीकृतिमा स्थगन गर्न सक्ने अवस्थामा बाहेक कुनै पनि व्यक्तिबाट तत्काल पैसा नतिरी वा टेन्डर नगरी मकै वा अन्य च्याटेल लिन हुँदैन। जसको मकै वा चाटेल लिइएको हो, त्यस्तो बिल भएमा निजहरुले चालीस दिनभित्र खरिद मूल्य बुझाउनु पर्नेछ।

(२०) यदि नाइट व्यक्तिगत रूपमा वा अन्य कुनै इमान्दार व्यक्तिको प्रोक्सीद्वारा त्यस्तो गार्ड गर्न इच्छुक भएमा निजलाई पैसा दिन कुनै कन्स्टेवलले बाधा पुऱ्याउने छैन र यदि त्यस्तो नाइटलाई सैनिक सेवामा लगेमा सो अवधिको शुल्क प्राप्त गर्न गार्डको भूमिका छोड्नु पर्नेछ।

(२१) कुनै स्वतन्त्र व्यक्तिको इच्छा विपरीत कुनै पनि सेरिफ वा बेलिफले निजको घोडा वा गाडा ढुवानी शुल्कको लागि लैजान हुने छैन। प्रचलन अनुसारको शुल्क दुई-घोडा कार्टको लागि दस पेन्स, र तीन-घोडा कार्टको लागि चौध पेन्स प्रति दिन तिरी स्वतन्त्र व्यक्तिको अनुमतिमा लैजान सकिनेछ। कुनै पनि चर्चम्यान वा नाइट वा अन्य कुनै महिला (sic) को कुनै पनि चिजवस्तु बेलिफहरूले लिने छैनन्। नत व्यवसाय वा महल निर्माणको लागि काठ समेत लिन सकिनेछ।

(२२) अपराधमा सजाय पाएका व्यक्तिको जग्गा एक वर्ष र एक दिन बाहेक कब्जा गरिने छैन, जग्गा शुल्क लिने मालिकहरूलाई फिर्ता दिइनेछ।

(२३) समुन्द्रको किनारमा बाहेक सबै माछाका टुक्राहरू (किडेली) टेम्स, मेडवे र सम्पूर्ण इङ्गल्याण्डबाट पूर्ण रूपमा हटाइनेछ।

(२४) 'प्रेसिपी' भनिने रिट कुनै पनि स्वतन्त्र व्यक्तिले अदालतमा हार्ने गरी कुनै पनि स्वतन्त्र टेनिमेन्टको सम्बन्धमा कसैलाई जारी गरिने छैन।

(२५) सम्पूर्ण साम्राज्यभरी मदिराको लागि एउटै नाप हुनु पर्नेछ। एलेको लागि एउटै नाप र मकैको लागि एक नाप जसलाई लन्डन क्वार्टर भनिन्छ। जुनसुकै कपडा रंगिएको वा रसेटको चौडाइको नाप समान हुनु पर्नेछ।

(२६) जीवन वा सदस्यको writ of inquest (judicial Inquiry on the cause of death) मा केही गर्न/दिन नपरेपनि त्यस्तो रिट स्वतन्त्र रूपमा दिनुपर्नेछ र अस्वीकार गर्न हुने छैन।

(२७) यदि कुनै व्यक्तिले फी फार्ममा वा सोसेज वा बर्गेजमा जग्गा राख्छ र नाइट सेवाद्वारा अर्काको जग्गा होल्ड गर्छ भने, त्यस्तो शुल्क फार्म वा सोकेज वा बर्गेजको आधारमा उत्तराधिकारी वा उनीहरूको जग्गाको जिम्मा लिइने छैन। नाइट सेवाद्वारा अर्काबाट कब्जा गरिएको कुनै उत्तराधिकारी वा भूमिको नियन्त्रण लिइने छैन।

(२८) कुनै पनि बेलिफले आफ्नै असमर्थित उजुरीमा ल्याइएका विश्वसनीय साक्षीहरू विना कसैलाई पनि आफ्नो "कानून" मा राख्ने छैन।

(२९) कुनै पनि स्वतन्त्र व्यक्तिलाई उसको स्वतन्त्र निवास वा उसको स्वतन्त्रता वा स्वतन्त्र चलनबाट छुटकारा, वा गैरकानूनी वा निर्वासन वा कुनै पनि तरिकाले कैद गर्न हुने छैन। ढिलाइको अधिकार वा न्याय कसैलाई बेच्ने वा अस्वीकार गरिने छैन।

(३०) सबै व्यापारीहरूलाई इङ्गल्याण्डबाट सुरक्षित बाहिर निस्कन र इङ्गल्याण्डमा प्रवेश गर्न, त्यहाँ बस्न र जमिन तथा पानीको माध्यमबाट हिँड्डुल गर्ने अधिकार हुनेछ। साथै प्राचीन र सही चलनहरूद्वारा खरिद-बिक्री गर्ने, सबै खराब शुल्क त्याग्ने अधिकार हुनेछ। युद्धको समयमा व्यापारीहरुको शरीर वा मालसामानलाई कुनै चोट नपुग्ने आवश्यक सूचना प्राप्त नहउञ्जेल नियन्त्रण गरिने, युद्धको समयमा आफ्नो भूमिका व्यापारीहरू अन्य मुलुकमा सुरक्षित भएमा अन्य मुलुकका व्यापारीहरु पनि आफ्नो भूमिमा सुरक्षित हुनेछन्।

(३१) यदि वालिङ्गफोर्ड, बोलोन, नॉटिङ्घम, ल्यान्कास्टर वा अन्यबाट कुनै पनि एस्केटहरू (Escheat is a government's right to take ownership of unclaimed property) लिएर कोही मर्छ भने, उसको उत्तराधिकारीले अरू कुनै राहत वा सेवा दिने छैन।

(३२) कुनै पनि स्वतन्त्र व्यक्तिको बाँकी जग्गाबाट शुल्क/दस्तुर तिर्न पर्याप्त नहुने भएमा निजले आफ्नो जग्गा कसैलाई दिन वा बेच्न पाउने छैन।

(३३) इङ्गल्याण्डका राजाहरूको बडापत्र भएका एबीका सबै संरक्षकहरूले त्यस्ता एबीहरू आफ्नो नियन्त्रणमा राख्नु पर्नेछ, नियन्त्रणमुक्त गर्दा घोषणा गरिए अनुसार हुनु पर्नेछ।

(३४) पतिको मृत्यु बाहेक कसैको मृत्युको लागि महिलाको पुनरावेदनमा कसैलाई पनि कैद गरिने छैन।

(३५) महिनाको एक पटक बाहेक कुनै काउन्टी अदालत चल्ने छैनन्। कुनै शेरिफ वा उसको बेलिफले वर्षमा दुई पटक मात्र सय बचत गरेर आफ्नो भ्रमण गर्नुपर्नेछ। राजा हेन्रीको समयमा भए जस्तै प्रत्येक व्यक्ति स्वतन्त्र हुनेछ।

(३६) कसैलाई पनि आफ्नो जग्गा धार्मिक घरलाई दिई त्यस्तो घरबाट फिर्ता गरी राख्ने अनुमति हुने छैन। कुनै धार्मिक घरमा कुनै व्यक्तिबाट प्राप्त जग्गा निजलाईनै पुनर्स्थापित गर्नेगरी स्वीकार गर्ने अनुमति पनि हुने छैन। कसैले आफ्नो जग्गा कुनै धार्मिक घरलाई यसरी दिएमा र त्यसमा दोषी ठहरिएमा पूर्ण रूपमा खारेज गरी त्यस्तो जग्गा सो दस्तुरको मालिकलाई फिर्ता गर्नु पर्नेछ।

(३७) आर्चविशप, विशप, मठाधीश, पूर्व, टेम्प्लर, हस्पिटलर्स, अर्ल, ब्यारन र सबैलाई सबै स्वतन्त्रता र नि: शुल्क प्रथाहरू प्राप्त हुनेछन्।

यी सबै उपरोक्त चलन र स्वतन्त्रताहरू जुन सबै क्षेत्रका पादरी र समाज दुवैले आ- आफ्नै सन्दर्भमा पालना गर्नु पर्नेछ । यस उपहार र अनुदानको लागि यी स्वतन्त्रताहरू र हाम्रो बडापत्रमा वनको स्वतन्त्रताहरू, आर्कविशपहरू, विशपहरू, मठाधीशहरू, प्राइर्स, अर्लहरू, ब्यारनहरू,नाइटहरू, शुल्क धारकहरू र हाम्रो सबै क्षेत्रले हामीलाई तिनीहरूका सबै चल वस्तुहरूको पन्ध्रौं भाग दिएका छन् । यस बाहेक उत्तराधिकारीहरूबाट यस बडापत्रमा निहित स्वतन्त्रताहरू उल्लङ्घन वा क्षति हुने छैन । यी साक्षीहरूसँग: क्यान्टरबरीका लर्ड एस (टेफेन) आर्चविशप, लन्डनको ई (उस्टेस) विशप, जे (ओसेलिन) विशपबाथको, विन्चेस्टरको पी (एटर) विशप, लिंकनको एच (उग) विशप.....

उल्लिखित उपहार र अनुदानलाई सही र स्वागतयोग्य ठान्दै, स्वीकार गर्नु पर्नेछ । आफ्नो र उत्तराधिकारीहरूको लागि पुष्टि गरिने छ । वर्तमान (पत्रहरू) को सर्तहरूद्वारा नवीकरण गरिने छ । उत्तराधिकारीहरूलाई माथि उल्लेखित बडापत्रको कार्यान्वयनको लागि इच्छा र अनुदान समेत दिइने छ । एउटै बडापत्रमा समावेश भएका कुनै पनि लेखहरू सहित सदाका लागि सबै र यसका प्रत्येक लेखहरूमा दृढतापूर्वक र अपरिहार्य रूपमा अवलोकन गर्नुहुनेछ जुन संयोगले आजसम्म गरिएको छैन.....

## २. दासत्व महासन्धि, १९२६

२५ सेप्टेम्बर १९२६मा जेनेभामा हस्ताक्षरित र प्रोटोकलद्वारा संशोधित

यस महासन्धिको मुख्य उद्देश्य दासहरूको ओसारपसारको अन्त्य गर्नु, दासत्वका सबै स्वरूपहरू र जमिन वा सामुद्रिक मार्गबाट गरिने दास व्यापारलाई पूर्ण रूपमा उन्मूलन गर्नु र दासत्वको बराबरको अवस्था विकास गर्न मद्दत पुऱ्याउने अनिवार्य वा बलयुक्त श्रममा प्रतिबन्ध लगाउनु रहेको छ। पक्ष राष्ट्रहरुले प्रस्तुत महासन्धिलाई कार्यान्वयन गर्ने कानूनको उल्लंघन गर्ने गराउनेलाई कडा सजाय गर्ने सम्बन्धमा आवश्यक उपायहरु अवलम्बन गर्नु पर्दछ।

२५ सेप्टेम्बर १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको र ७ डिसेम्बर १९५३ मा संयुक्त राष्ट्र संघको प्रधान कार्यालय न्यूयोर्कमा हस्ताक्षर वा स्वीकृतिको लागि खुला गरिएको प्रोटोकलबाट संशोधित

लागू भएको मिति: ७ डिसेम्बर १९५३ कोो प्रोटोकलको धारा ३ अनुसार ७ जुलाई १९५४ देखि संशोधित महासभा लागू भएको।

**धारा १**

प्रस्तुत महासन्धिको प्रयोजनका लागि निम्नानुसारका परिभाषाहरु स्वीकार गरिएका छन्;

१. दासत्व भनेको कुनै व्यक्ति, जो उपर स्वामित्वको अधिकारसँग गासिएका कुनै वा सबै शक्ति प्रयोग गरिन्छ रिसियतः वा अवस्था हो।

२. दास व्यापारले दासत्वको अवस्थामा पुयाउने मनसायले कुनै व्यक्तिको कब्जा, प्राप्ति वा बिक्रीसँग सम्बन्धित सम्पूर्ण कार्यहरु, दासलाई बिक्री गर्ने वा विनिमय गर्ने उद्देश्यले सो दासको प्राप्ति सम्बन्धी सम्पूर्ण कार्यहरु, दासहरुको व्यापार वा ओसारपसारको सामान्यतः प्रत्येक कार्य तथा बिक्री गर्ने वा विनिमय गर्ने उद्देश्यले प्राप्त गरिएको दासको बिक्री वा विनिमयका सम्पूर्ण कार्यहरु समेतलाई जनाउनेछ।

**धारा २**

आफ्नो सार्वभौमिकता, क्षेत्राधिकार, सुरक्षा, आधिपत्य वा संरक्षण अन्तर्गत पर्ने इलाकाहरुका सम्बन्धमा आफू आवश्यक कदम चालिनसकेको अवस्थामा, उच्च सविदाकारी पक्षहरुले देहायका कार्यहरु गर्ने प्रतिज्ञा गर्दछन्:

**क)** दास व्यापारको रोकथाम तथा दमन गर्ने,

**ख)** सकेसम्म छिटो तथा प्रगतिशील रुपमा सबै प्रकारको दासत्वको पूर्ण उन्मूलन गर्ने।

**धारा ३**

आफ्ना प्रादेशिक जनमा तथा आआफ्ना झण्डा फहराउने सबै जहाजहरुमा दासहरुलाई चढाउने र त्यसबाट ओराल्ने तथा ओसारपसार गर्ने कार्यमा रोक लगाउन र त्यस्ता कार्य दमन गर्न सबै समूचित उपायहरु अवलम्बन गर्न उच्च संविदाकारी पक्षहरु प्रतिज्ञा गर्छन् ।

उच्च संविदाकारी पक्षहरु १७ जुन १९२५ की हातहतियारहरुको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (धारा १२ २०, २१, २२, २३, २४ र अनुसूची २ को भाग २ को प्रकरण ३, ४ र ५) मा व्यवस्था भए जस्तै प्रकृतिका अधिकार र कर्तव्यहरु आवश्यक हेरफेर सहित उनीहरु माथि लागू गर्ने दास व्यापार सम्बन्धी साधारण महासन्धि यथाशिघ्र ग्रहण गर्न बार्ताको लागि प्रतिज्ञा गर्छन् । यस्तो महासन्धिले कुनै पनि संविदाकारी पक्षको जहाज (थोरै बजन बोक्ने जहाज समेत) लाई अर्को उच्च संविदाकारी पक्षको जहाजको अवस्था भन्दा फरक स्थितिमा नराख्ने कुरा बोध गरिएको छ ।

यी पनि बोध गरिएको छ कि साधारण महासन्धि लागू हुनुभन्दा अघि वा पछि अघिल्लो प्रकरणमा रहेका सिद्धान्तहरु न्यूनीकरण नगरी उच्च संविदाकारी पक्षहरु विशेष परिस्थितिको कारणले दास व्यापारलाई यथाशिघ्र छिटो पूर्णतः लोप गराउन उपयुक्त हुन सक्ने विशेष सम्झौताहरु एक आपसमा सम्पन्न गर्न पूर्णतः स्वतन्त्र छन् ।

**धारा ४**

दासत्व र दास व्यापार उन्मूलनको लक्ष्य प्राप्त गर्ने उद्देश्यले उच्च संविदाकारी पक्षहरुले एक अर्कालाई हरेक प्रकारको सहयोग गर्ने छन् ।

**धारा ५**

अनिवार्य वा बलयुक्त श्रमको अनुसरणबाट गम्भ ीर परिणाम उत्पन्न हुनसक्ने कुरालाई उच्च संविदाकारी पक्षहरुले मान्यता दिन्छन् र आफ्नो सार्वभौमिकता, क्षेत्राधिकार, सुरक्षा, अधिपत्य वा संरक्षण अन्तर्गत पर्ने इलाकाहरुको सन्दर्भमा दासत्व समान हुने अवस्थाहरुको विकासबाट अनिवार्य वा बलयुक्त श्रमलाई रोक लगाउने सम्पूर्ण आवश्यक उपायहरु अवलम्बन गर्ने प्रतिज्ञा गर्छन् ।

देहायको कुरा स्वीकार गरिएको छ;

१. देहायको प्रकरण २ मा उल्लिखित संक्रमणकालीन व्यवस्थाहरुको अधीनमा रही अनिवार्य वा बलयुक्त श्रम सार्वजनिक उद्देश्यहरुका लागि मात्र गराउन सकिनेछ ।

२. सार्वजनिक उद्देश्यका लागि बाहेक अन्य उद्देश्यको लागि अझैसम्म पनि अनिवार्य वा बलयुक्त श्रम प्रचलनमा रहेका इलाकाहरुमा उच्च संविदाकारी पक्षहरुले त्यस्तो व्यवहारको सकेसम्म चाँडो अन्त्य गर्न प्रगतिशील रूपमा प्रयास गर्नेछन् । जबसम्म त्यस्तो बलयुक्त वा अनिवार्य श्रम रहन्छ, यो श्रम स्वायी रूपले अपवादजनक चरित्रको हुनेछ, यसले सधै पर्याप्त पारिश्रमिक पाउनेछ र यसमा श्रमिकहरुको साविक बसाईको ठाउँबाट तिनीहरुलाई हटाउने कार्य संलग्न हुने छैन ।

३. सबै अवस्थाहरूमा, अनिवार्य वा बलयुक्त श्रम गराएकोमा सम्बन्धित इलाकाका सक्षम केन्द्रीय अधिकारी सोका लागि उत्तरदायी हुने छन् ।

**धारा ६**

प्रस्तुत महासन्धिका उद्देश्यहरुलाई लागू गर्ने दृष्टिले बनाइएका कानून तथा नियमहरूको उल्लंघनका लागि तत्काल सजायको पर्याप्त व्यवस्था नगर्ने कानून भएका उच्च संविदाकारी पक्षहरूले त्यस्तो उल्लंघनका सन्दर्भमा कठोर सजाय दिन सक्ने गरी आवश्यक उपायहरु ग्रहण गर्ने प्रतिज्ञा गर्दछन् ।

**धारा ७**

संविदाकारी पक्षहरुले प्रस्तुत महासन्धिका व्यवस्थाहरूको कार्यान्वयन गर्ने उद्देश्यले आफूले बनाउन सक्ने कुनै पनि कानून तथा नियमहरुको जानकारी एक अर्कालाई र संयुक्त राष्ट्र संघका महासचिवलाई दिन प्रतिज्ञा गर्छन् ।

**धारा ८**

प्रस्तुत महासन्धिको प्रयोग वा व्याख्याको सम्बन्धमा उच्च संविदाकारी पक्षहरु बीच उत्पन्न विवादहरुको समाधान प्रत्यक्ष वार्ताद्वारा हुन नसकेमा त्यस्ता विवादहरू निरोपणको लागि अन्तर्राष्ट्रिय न्यायालयमा पठाउने कुरामा उच्च संविदाकारी पक्ष मञ्जुर गर्दछन् । त्यस्ता विवादका लागि एक वा दुवै पक्ष राष्ट्र अन्तर्राष्ट्रिय न्यायालयको विधानको पक्ष नभएको अवस्थामा पक्षहरुको छनौट तथा प्रत्येक राष्ट्रको संवैधानिक कार्यविधि बमोजिम सो विवादलाई अन्तर्राष्ट्रिय न्यायलयमा वा १८ अक्टोबर १९०७ को महासन्धि अनुसार अन्तर्राष्ट्रिय विवादहरुको शान्तिपूर्ण समाधानको लागि गठित मध्यस्थ अदालतमा वा अन्य कुनै मध्यस्थ अदालतमा समाधानको लागि पठाइनेछ ।

**धारा ९**

हस्ताक्षर वा अनुमोदन वा सम्मिलन गर्दाका बखत कुनै पनि उच्च संविदाकारी पक्षले महासन्धिका सम्पूर्ण वा कुनै व्यवस्थाहरुको सम्बन्धमा आफ्नो सार्वभौमिकता, क्षेत्राधिकार सुरक्षा, आधिपत्य वा संरक्षण अन्तर्गत पर्ने कुनै वा सबै ईलाकाहरुमा प्रस्तुत महासन्धिको आफ्नो स्वीकृति बन्धनकारी नहुने भनी घोषणा गर्न सक्नेछन् । ती मध्ये कुनै एकको हकमा वा ती मध्ये कुनै पक्ष नभएको कुनै पनि व्यवस्थाका सम्बन्धमा यसले पछि सम्मिलन गर्न सक्नेछ ।

**धारा १०**

कुनै उच्च संविदाकारी पक्षले यस महासन्धिलाई परित्याग गर्न चाहेको अवस्थामा, संयुक्त राष्ट्र संघका महासचिवलाई परित्यागको लिखित सूचना दिइनेछ र निजले तुरुन्त अन्य सम्पूर्ण उच्च संविदाकारी पक्षहरुलाई त्यस्तो सूचना प्राप्त भएको मितिको जानकारी सहित सो सूचनाको प्रमाणित मूल प्रति पठाउने छन् ।

सूचना गरिएको राष्ट्रको हकमा मात्र संयुक्त राष्ट्र संघका महासचिव समक्ष सूचना पुगेको एक वर्ष पछि परित्याग प्रभावकारी हुनेछ ।

आफ्नो सार्वभौमिकता, क्षेत्राधिकार, सुरक्षा, अधिपत्य वा संरक्षण अन्तर्गत पर्ने कुनै पनि ईलाकाका सन्दर्भमा छुट्टाछुट्टै पनि परित्याग गर्न सकिनेछ ।

**धारा ११**

फ्रान्सेली एवं अंग्रेजी दुवै मूल प्रतिहरु प्रामाणिक भएको आजको मिति रहने प्रस्तुत महासन्धि राष्ट्र संघका सदस्य राष्ट्रहरूको हस्ताक्षरका लागि १ अप्रिल १९२७ सम्म खुला रहनेछ । संयुक्त राष्ट्र संघका महासचिवले प्रस्तुत महासन्धिलाई संयुक्त राष्ट्र

संघका गैर सदस्य राष्ट्रहरु लगायत यसमा हस्ताक्षर नगरेका राष्ट्रहरूको जानकारीमा ल्याउने र यसमा सम्मिलन हुन आमन्त्रण गर्नेछन् ।

संयुक्त राष्ट्र संघका महासचिव समक्ष औपचारिक लिखत दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ । महासचिवले प्रस्तुत महासन्धिका पक्ष राष्ट्रहरु र यस धारामा उल्लिखित अन्य सबै राष्ट्रहरुलाई सम्मिलनको लिखत दाखिला भएको मितिको जानकारी सहितको सूचना पठाउने छन् ।

**धारा १२**

प्रस्तुत महासन्धिलाई अनुमोदन गर्नुपर्ने र अनुमोदनको लिखत संयुक्त राष्ट्र संघको महासचिवको कार्यालयमा दाखिला गरिनेछ । महासचिवले सबै उच्च संविदाकारी पक्षहरुलाई त्यस्तो दाखिलाको सूचना दिनेछन् ।

प्रत्येक राष्ट्रको हकमा सो राष्ट्र महासन्धिको अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिदेखि यो महासन्धि लागू हुनेछ ।

## ३. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

महासभाबाट १० डिसेम्बर १९४८ को प्रस्ताव २१७ क (३) द्वारा जारी एवं घोषित

**प्रस्तावना**

मानव परिवारका सबै सदस्यमा अन्तर्निहित मर्यादा र समान तथा अहरणीय अधिकारको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

मानव अधिकारप्रतिको अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर काम भई मानवजातिको आस्थामा चोट पुऱ्याइएको हुनाले र मानवजातिले वाक तथा निष्ठाको स्वतन्त्रताको उपभोग गर्न पाउने एंव भय र अभावबाट मुक्त हुने संसारको उदय नै सर्वसाधारणको सर्वोच्च आकाङ्क्षा घोषित भएकाले,

निरङ्कुशता र दमनका विरुद्ध अन्तिम उपायका रूपमा विद्रोह गर्न मानिस बाध्य नबन्नुपर्ने हो भने कानूनको शासनद्वारा मानव अधिकारको संरक्षण हुनु अति आवश्यक भएकाले,

राष्ट्रहरू बीच मैत्री सम्बन्धको विकासको प्रबर्धन गर्न आवश्यक भएकाले, संयुक्त राष्ट्रसंघका जनताले बडापत्रमा आधारभूत मानव अधिकार, मर्यादा, मानव व्यक्तिको मूल्य, र नरनारीको समान अधिकारप्रति निष्ठा पुनर्निश्चित गरी बृहत्तर स्वतन्त्रतामा सामाजिक उन्नति र उत्तम जीवनस्तरको प्रबर्धन गर्ने अठोट गरेकाले,

सदस्यराष्ट्रहरूले संयुक्त राष्ट्रसंघको सरसहयोगमा मानव अधिकार र मौलिक स्वतन्त्रताको विश्वव्यापी सम्मान तथा पालनाको प्रवर्धन गर्ने प्रतिज्ञा गरेकोले,

यो प्रतिज्ञा पूर्णतः साकार पार्नका लागि यी अधिकार र स्वतन्त्रताहरूको साझा सुझबुझ उच्चतम महत्त्वको कुरा भएकाले,

अहिले, यो महासभा,

हरेक व्यक्ति र समाजका अङ्गले घोषणापत्रलाई मनमा निरन्तर लिई यी अधिकार र स्वतन्त्रताको सम्मान बढाउनका लागि शिक्षण र शिक्षाको माध्यमबाट प्रयत्न गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रगतिशील माध्यमबाट सदस्य राज्य र तिनीहरूको प्रादेशिक क्षेत्रका जनता बीच ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी मान्यता र पालना सुरक्षित पार्न मानव अधिकारको यो विश्वव्यापी घोषणापत्रलाई सबै मानिस र राष्ट्रको उपलब्धिको साझा मापदण्डका रूपमा उद्घोष गर्दछ।

**धारा १**

सबै मानिस जन्मजात स्वतन्त्र र मर्यादा एवं अधिकारमा समान छन्। उनीहरमा चेतना, विवेक र सद्विचार भएकोले एकआपसमा भ्रातृत्वभावले व्यवहार गर्नुपर्छ।

**धारा २**

जाति, वर्ण, लिङ्ग, भाषा, धर्म राजनीतिक वा अरू विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति वा अरू कुनै हैसियतको भेदभाव नराखी प्रत्येक व्यक्ति यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताका हकदार छन्।

यस अतिरिक्त, व्यक्तिको मुलुक वा भूभाग स्वतन्त्र वा संरक्षित, स्वशासनरहित वा अन्य स्वरूपको सीमित सार्वभौमिकता भएको भए पनि उसको मुलुकको राजनीतिक, क्षेत्रगत वा अन्तर्राष्ट्रिय हैसियतका आधारमा कुनै भेदभाव गरिनेछैन।

**धारा ३**

हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ ।

**धारा ४**

बाँधा वा दास बनाई कसैलाई पनि राखिने छैन । दासत्व र दासदासीको व्यापारका सबै स्वरूपलाई निषेध गरिनेछ ।

**धारा ५**

कसैलाई पनि यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय"को भागीदार बनाइनेछैन ।

**धारा ६**

प्रत्येक मानिसलाई सर्वत्र कानून समक्ष व्यक्तिको रूपमा मान्यता पाउने अधिकार छ ।

**धारा ७**

कानूनको दृष्टिमा सबै समान र विना भेदभाव कानूनको समान संरक्षणका हकदार छन् । यस घोषणापत्रको उल्लङ्घन हुने गरी वा त्यसको उक्साहटमा गरिएको जुनसुकै भेदभाव विरुद्धको संरक्षणमा सबैको समान हक छ ।

**धारा ८**

प्रत्येक मानिसलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लङ्घन गर्ने कार्यका विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार पाउने अधिकार छ ।

**धारा ९**

कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देश निकालाको भागीदार बनाइनेछैन ।

**धारा १०**

प्रत्येक मानिसलाई उसका अधिकार र कर्तव्य तथा उसविरुद्ध कुनै फौजदारी अभियोगको निर्धारणका लागि स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पूर्ण समानतामा स्वच्छ र खुला सुनवाइ हुने हक छ ।

**धारा ११**

(१) दण्डनीय कसूरको आरोप लागेको प्रत्येक मानिसलाई उसको प्रतिरक्षाको आवश्यक सबै प्रत्याभूति सहितको कानून अनुसारको खुला पुर्पक्ष बाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार छ ।

(२) कसैलाई पनि निजले कुनै कार्य गरेको वा नगरेको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनले सो कार्य वा अकार्यलाई दण्डनीय अपराध कायम नगरेको अवस्थामा दण्डनीय कसूरको दोषी बनाइने छैन । कसूर गर्दाको समयमा कायम रहेको भन्दा बढी सजायको भागीदार पनि बनाइने छैन ।

**धारा १२**

कसैको पनि गोप्यता, परिवार, घर वा पत्राचार जथाभावी हस्तक्षेप गरिने छैन र उसको सम्मान र ख्यातिमा पनि अतिक्रमण गरिने छैन। हरेक मानिसलाई यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनी संरक्षण पाउने अधिकार छ।

धारा १३

(१) प्रत्येक मानिसलाई आफ्नो राज्यको सिमाना भित्र स्वतन्त्रतापूर्वक आवतजावत गर्ने र बसोबास गर्ने स्वतन्त्रताको अधिकार छ।

(२) प्रत्येक मानिसलाई आफ्नो लगायत जुनसुकै मुलुक छाड्ने र आफ्नो मुलुकमा फर्कंी आउने अधिकार छ।

धारा १४

(१) प्रत्येक मानिसलाई उत्पीडनको बचाउका लागि अर्को मुलुकमा शरण खोज्ने र लिन पाउने अधिकार छ।

(२) संयुक्त राष्ट्रसंघका उद्देश्य र सिद्धान्तको प्रतिकूल हुने कार्यहरू वा गैरराजनीतिक अपराधबाट उत्पन्न हुने निष्कासनका मामिलामा यो अधिकार याचना हुन सक्ने छैन।

धारा १५

(१) हरेक मानिसलाई राष्ट्रियताको अधिकार छ।

(२) कसैलाई पनि राष्ट्रियताबाट जथाभावी वञ्चित गरिने छैन र निजको राष्ट्रियता परिवर्तन गर्ने अधिकारलाई इन्कार गरिने छैन।

धारा १६

(१) जाति, राष्ट्रियता वा धर्मको सीमाबन्दी नराखीकन वयस्क नरनारीलाई आपसमा विवाह गर्ने र परिवार स्थापना गर्ने अधिकार छ। विवाहका लागि, वैवाहिक जीवन र त्यसको विच्छेदनमा समेत उनीहरू समान हकदार छन्।

(२) दम्पति बन्ने चाहमा रहेका नरनारी दुबैको स्वतन्त्र र पूर्ण सहमतिबाट मात्र विवाह हुनेछ।

(३) परिवार समाजको स्वाभाविक र आधारभूत सामूहिक एकाइ हो र समाज एवं राज्यबाट संरक्षित रहन पाउने यसको हक छ।

धारा १७

(१) प्रत्येक मानिसलाई एक्लै वा अरूसँग मिलेर सम्पत्तिको स्वामित्व लिने अधिकार छ।

(२) कसैलाई पनि उसको सम्पत्तिबाट जथाभावी वञ्चित गरिने छैन।

धारा १८

प्रत्येक मानिसलाई विचार, आस्थ र धर्मको स्वतन्त्रताको अधिकार छ, यस अधिकारले धर्म वा विश्वास बदल्ने स्वतन्त्रता र सार्वजनिक वा व्यक्तिगत रूपम एक्लै वा समूहमा आफ्नो धर्म वा विश्वासलाई शिक्षा, आचरण, पूजा र पालनद्वारा प्रकट गर्ने स्वातन्त्रता समेत समेट्छ।

धारा १९

प्रत्येक मानिसलाई विचार तथा अभिव्यक्तिस्वतन्त्रताको अधिकार छ, यस अधिकारले सिमानाको हद नराखीकन जुनसुकै संचार माध्यमबाट विना हस्तक्षेप विचार वा राय ग्रहण गर्ने, तिनको खोजी गर्ने, प्राप्त गर्ने र जानकारी र विचारभावको प्रसार गर्ने विना कुनै हस्तक्षेप मत ग्रहण गर्न र विना रोकटोक कुनै माध्यमद्वारा मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार निजलाई हुनेछ।

धारा २०

(१) प्रत्येक मानिसलाई शान्तिपूर्ण सभा र सङ्गठन गर्ने अधिकार छ।

(२) कुनै सङ्गठनमा आबद्ध हुन कसैलाई बाध्य गर्न सकिनेछैन।

धारा २१

(१) प्रत्येक मानिसलाई आफ्नो मुलुकको शासनमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत सहभागी हुने अधिकार छ।

(२) प्रत्येक मानिसलाई उसको मुलुकको सार्वजनिक सेवामा समान पहुँच वा सुलभताको अधिकार छ।

(३) शासनको आधिकारारिकताको आधार जनताको इच्छा हुनेछ, यस्तो इच्छा वालिग र समान मताधिकारद्वारा आवधिक तथा प्रत्यक्ष निर्वाचन मार्फत व्यक्त हुनेछ र गोप्य मतदान तथा सममूल्य स्वतन्त्र मतदान विधिद्वारा प्रकट गरिनेछ।

धारा २२

समाजको सदस्यको हैसियतले प्रत्येक मानिसलाई सामाजिक सुरक्षाको अधिकार छ र राष्ट्रिय प्रयास, अन्तर्राष्ट्रिय सरसहयोग र हरेक राज्यका सङ्गठन र स्रोतसाधनका माध्यमबाट उसको मर्यादा र स्वतन्त्र व्यक्तित्व विकासका निमित्त अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू साकार गराउने हक छ।

धारा २३

(१) प्रत्येक मानिसलाई काम गर्ने, इच्छा अनुसार रोजगारी खोज्ने कामको न्यायोचित र अनुकूल अवस्था र बेरोजगारी विरुद्धको संरक्षणको अधिकार छ।

(२) प्रत्येक मानिसलाई विना भेदभाव समान कार्यको समान तलब पाउने अधिकार छ।

(३) काम गर्ने प्रत्येक मानिसलाई ऊ र उसको परिवारका लागि मानवमर्यादा अनुकूल जिविका निश्चित गर्ने गरीको पारिश्रमिक र आवश्यकता अनुसारको अन्य परिपूरक सामाजिक संरक्षणको अधिकार छ।

(४) प्रत्येक मानिसलाई आफ्नो हितको संरक्षणका निमित्त ट्रेड युनियन बनाउने र ट्रेड युनियनमा सम्मिलित हुने अधिकार छ।

धारा २४

प्रत्येक मानिसलाई कार्यघण्टाको मुनासिव सीमा र वैतनिक आवधिक बिदा लगायत विश्राम र फुर्सदको अधिकार छ।

धारा २५

प्रत्येक मानिसलाई ऊ र उसका परिवारको खानपिन, लत्ताकपडा, आवास, स्वास्थ्योपचार, र आवश्यक सामाजिक सेवा लगायतको स्वास्थ्य र कल्याणको पर्याप्त जीवनस्तर र उसको नियन्त्रण बाहिरका बेरोजगारी, विरामी, अक्षमता, वैधव्य, बृद्धावस्था वा जिविकाका अन्य अभावका अवस्थामा सुरक्षाको अधिकार छ।

धारा २६

(१) प्रत्येक मानिसलाई शिक्षाको अधिकार छ। प्रारम्भिक र आधारभूत तहमा शिक्षा निःशुल्क हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधिक र व्यावसायिक शिक्षा सामान्यतया सुलभ हुनेछ र उच्च शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ।

(२) शिक्षा मानव व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सम्मानको सुदृढीकरणका लागि निर्दिष्ट हुनेछ। यसले सबै राष्ट्र, जातीय तथा धार्मिक समूहमा सुझबुझ, सहिष्णुता र मैत्रीको प्रवर्धन गर्नेछ र शान्ति कायम गर्नमा संयुक्त राष्ट्रसंघका क्रियाकलापलाई विस्तार गर्नेछ।

(३) आफ्ना बालबलिकालाई दिइने शिक्षा रोज्ने पहिलो अधिकार आमाबाबुलाई छ।

धारा २७

(१) प्रत्येक मानिसलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्रतापूर्वक भाग लिने, कलाको आनन्द लिने तथा वैज्ञानिक प्रगति र यसका लाभहरू उपभोग गर्ने अधिकार छ।

(२) प्रत्येक मानिसलाई आफू रचनाकार रहेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएका नैतिक तथा भौतिक हितको संरक्षणको अधिकार छ।

धारा २८

यस घोषणापत्रमा उल्लेख भएका अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्नका लागि प्रत्येक मानिसलाई सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ।

धारा २९

(१) प्रत्येक मानिसका त्यसैअन्तर्गत बसेर मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास हुने समुदायप्रति कर्तव्यहरू छन्।

(२) आफ्नो अधिकार र स्वतन्त्रताको अभ्यास गर्दा प्रत्येक मासिनलाई अरूको अधिकार र स्वतन्त्रताहरूप्रति पनि आदर र मान्यता दिने र लोकतान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवशयकता पूरा गर्ने उद्देश्यले कानूनद्वारा कायम गरिएको सीमा लागू हुनेछ।

(३) संयुक्त राष्ट्रसंघको सिद्धान्त र उद्देश्यको विपरीत हुने गरी कुनै हालतमा पनि यी अधिकार र स्वतन्त्रताहरूको अभ्यास गर्न सकिने छैन।

**धारा ३०**

कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणापत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई विनास गर्न कुनै क्रियाकलाप वा कार्यमा संलग्न हुने अधिकारका लागि यस घोषणापत्रको व्याख्या गर्न हुँदैन।

## ४. जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९

महासभाको २ डिसेम्बर १९४९ को प्रस्ताव नं. ३१७ (IV) बाट स्वीकृत

लागू भएको मितिः धारा – २४ अनुसार, २५ जुलाई १९५१

**प्रस्तावना**

वेश्यावृत्ति तथा वेश्यावृत्तिको उद्देश्यको लागि जीउ मास्ने, वेच्ने कार्यमा सन्निहित खराबी मानव व्यक्तिको प्रतिष्ठा तथा मूल्यसँग मेल नखाने भएको र त्यसले व्यक्ति, परिवार तथा समुदायको कल्याणलाई खतरामा पार्ने भएकोले,

नारी तथा बालबालिकाको जीउ मास्ने बेच्ने कार्यको दमन गर्ने सम्बन्धमा देहायका अन्तर्राष्ट्रिय दस्तावेजहरू लागू रहेकाले,

(१) संयुक्त राष्ट्रसंघको महासभाद्वारा ३ डिसेम्वर १९४८ मा स्वीकृत प्रोटोकलबाट संशोधन गरिए बमोजिम दासको जीउ मास्ने बेच्ने कार्यको दमनका लागि व्यवस्था भएको १८ मई १९०४ को अन्तर्राष्ट्रिय सम्झौता,

(२) उल्लिखित प्रोटोकलबाट संशोधन गरिए बमोजिमको स्वेत दासको जीउ मास्ने बेच्ने कार्यको दमनका लागि व्यवस्था भएको ४ मई १९१० को अन्तर्राष्ट्रिय महासन्धि,

(३) संयुक्त राष्ट्रसंघको महासभाद्वारा २० अक्टोबर १९४७ मा स्वीकृत प्रोटोकलबाट संशोधन गरिए बमोजिमको नारी र बालबालिकाको जीउ मास्ने बच्चे कार्यको दमनको लागि व्यवस्था भएको ३० सेप्टेम्बर १९२१ को अन्तर्राष्ट्रिय महासन्धि,

(४) उपयुक्त प्रोटोकलबाट संशोधन गरिए बमोनिजको पूरा उमेर पुगेका नारीको जीउ मास्ने बेच्ने कार्यको दमनको लागि व्यवस्था भएको ११ अक्टोबर १९३३ को अन्तर्राष्ट्रिय महासन्धि,

राष्ट्रसंघको सन् १९३७ मा उल्लिखित दस्तावेजहरूको क्षेत्र विस्तार गर्ने महासन्धिको मस्यौदा तयार पारेकोले,

सन् १९३७ देखिका विकासहरूले उपयुक्त दस्तावेजहरूलाई सुदृढ पार्ने तथा सन् १९३७ को मस्यौदा महासन्धिको मूल सार एवं त्यसमा हुने वाच्छित परिवर्तनहरू समेत समेट्ने एउटा महासन्धि सम्पन्न गर्न संभव बनाएको हुँदा,

संविदाकारी पक्षहरू, त्यसैले देहाय बमोजिम सहमत भएका छन्ः–

**धारा १**

यस महासन्धिका पक्षहरू अरूको कामवासनाको तृप्तिको लागि देहायको कार्य गर्ने कुनै पनि व्यक्तिलाई सजाय" गर्न मञ्जुर गर्छन्ः

१. वेश्यावृत्तिको उद्देश्यका लागि अर्को व्यक्तिलाई निजको सहमति लिएपै भए पनि, कुटुनीको कार्य गर्ने वा फकाउने वा अगुवाई गर्ने,

२. अर्को व्यक्तिको निजको सहमति लिएपै भएपनि, वेश्यावृत्तिको शोषण गर्छ।

**धारा २**

यस महासन्धिका पक्षहरू कुनै व्यक्तिलाई सजाय" गर्न अगाडि मञ्जुर हुन्छन्, जो

१. वेश्यालय राख्छ, संचालन गर्छ वा जानी जानी लगानी गर्छ वा लगानीमा सहभागी हुन्छ,

२. अरूको वेश्यावृत्तिको उद्देश्यको लागि वा अन्य स्थान वा सोको कुनै भाग भाडामा दिन्छ वा लिन्छ।

**धारा ३**

घरेलु कानूनले छुट दिएको हदसम्म, धारा – १ र २ मा उल्लिखित कुनै पनि कसूर गर्ने उद्योग तथा सो कसूर गर्ने तैयारी कार्यहरू समेत दण्डनीय हुनेछन्।

**धारा ४**

घरेलु कानूनले छुट दिएको हदसम्म, माथि धारा – १ र २ मा उल्लिखित कुनै पनि कार्यमा मनसायपूर्वक हुने सहभागिता पनि दण्डनीय हुनेछ।

घरेलु कानूनले छुट दिएको हदसम्म, सहभागिताका कार्यहरू दण्डमुक्ति रौक्नको लागि आवश्यक भएको अवस्थामा छुट्टै कसूरहरूका रूपमा लिइनेछ।

**धारा ५**

यस महासन्धिमा उल्लेखित कसूरहरू मध्ये कुनै कसूरका सम्बन्धमा पीडित व्यक्तिहरू घरेलु कानून अन्तर्गत कारबाहीको पक्ष हुन पाउने भएको अवस्थामा विदेशीहरू पनि नागरिकहरू सरहनै समान शर्तहरूमा सोको अधिकार पाउनेछन्।

**धारा ६**

यस महासधिका प्रत्येक पक्षले कुनै पनि विद्यामान कानून, नियम वा प्रशासनिक व्यवस्था, जस अन्तर्गत वेश्यावृत्तिमा लाग्ने वा लागेका आशंका गरिएका व्यक्तिहरूले यति विशेष दर्ता गराउनु पर्ने वा विशेष लिखित राख्नु पर्ने वा सुपरिवेक्षण वा सूचनाका लागि अपवादजनक शर्तहरू पालना गर्नुपर्ने हुन्छ, लाई खारेज वा उन्मूलन गर्न मञ्जुर गर्दछन्।

**धारा ७**

यस महासन्धिमा उल्लिखित कसूरहरूका लागि विदेशी राष्ट्रहरूमा घोषित अघिल्ला सजायहरूलाई घरेलु कानूनले छुट दिएको हदसम्म देहायको प्रयोजनको लागि दृष्टिगत गरिनेछः–

(१) पटके अपराधी प्रवृति स्थापित गर्ने,

(२) कसूरदारलाई नागरिक अधिकारहरू प्रयोग गर्नबाट आयोग्य बनाउने।

**धारा ८**

यस महासन्धिको धारा – १ र २ मा उल्लिखित कसूरहरू यस महासन्धिका कुनै पक्षहरूबीच सम्पन्न भएको वा यस पछि सम्पन्न हुन सक्ने कुनै सपुर्दगी सन्धिमा सपुर्दगी योग्य कसूरका रूपमा लिइनेछ। सपुर्दगीलाई कुनै सन्धिको विद्यमानतामा सशर्त नबनाउने यस महासन्धिका पक्षहरूले अब देखि यस महासन्धिका धारा – १ र २ मा उल्लिखित कसूरहरूलाई तिनीहरू बीच सपुर्दगी हुने मुद्दाको रूपमा मान्यता दिनेछन्।

**धारा ९**

नागरिकहरूको सपुर्दगीलाई कानूनले अनुमति नदिएको राष्ट्रहरूमा यस महान्धिका धारा–१ र २ मा उल्लिखित कसूरहरू मध्ये कुनै कसूर विदेशमा गरी आफ्नो देशमा फर्केर आएका नागरिकहरूलाई तिनीहरूको आफ्नो राष्ट्रका आदलतहरूमा मुद्दा चलाइनेछ र निजहरूलाई अदालतहरूबाटै दण्ड दिइनेछ।

यस महासन्धिका पक्षहरू बीच उस्तै मुद्दामा विदेशीको सपुर्दगी गर्न नसकिने भएमा यो व्यवस्था लागू हुने छैन।

**धारा १०**

कसूरको अभियोग लागेको व्यक्तिलाई कुनै विदेशी राष्ट्रमा मुद्दा चलाइएको र निज दोषी ठहरिएमा निजले सो विदेशी राष्ट्रको कानून बमोजिम सजाय भुक्तान गरेको वा सजाय मुक्त वा कम गरिएको अवस्थामा धारा–९ का व्यवस्थाहरू लागू हुने छैनन्।

**धारा ११**

अन्तर्राष्ट्रिय कानून अन्तर्गत फौजदारी क्षेत्राधिकार सीमाका सामान्य प्रश्नहरू उपर कुनै पक्षको धारणा निर्धारण गर्ने गरी यस महासन्धिका कुनै पनि कुराको व्याख्या गरिने छैन।

**धारा १२**

यस महासन्धि बमोजिमका कसूरहरू प्रत्येक राष्ट्रमा सो राष्ट्रको राष्ट्रिय कानून बमोजिम परिभाषा गरिने, मुद्दा चलाइने तथा दण्ड गरिनेछ भन्ने सिद्धान्तलाई यस महासन्धिले प्रभाव पार्दैन।

**धारा १३**

यस महासन्धिका पक्षहरूले आफ्ना घरेलु कानून तथा व्यवहार अनुसार यस महासन्धिमा उल्लेखित कसूरहरू सम्बन्धी अनुरोधपत्रहरू कार्यान्वयन गर्नु पर्नेछ।

अनुरोध पत्रहरू देहायको माध्यमबाट प्रेषण गरिनेछन्ः–

१. न्यायिक निकायहरूबीचको प्रत्यक्ष संचारबाट, वा

२. दुई राष्ट्रहरूका न्याय मन्त्रीहरू बीचको प्रत्येक संचारबाट वा अनुरोध गर्ने राष्ट्रको सक्षम निकायबाट अनुरोध गरिएको राष्ट्रको न्याय मन्त्रीलाई पठाइएको प्रत्येक्ष संचारबाट, वा

३. अनुरोध गर्ने राष्ट्रको अनुरोध गरिएको राष्ट्रमा रहेको कुटनीतिक प्रतिनिधि, वाणिज्यदूत मार्फत अनुरोधपत्रहरू सिधै सक्षम न्यायिक निकाय वा अनुरोध गरिएको राष्ट्रबाट तोकिएको निकायमा पठाउनेछ र अनुरोध पत्रहरूको कार्यान्वयन गर्ने कागजपत्रहरू त्यस्ता निकायबाट सिधै प्राप्त गर्नेछ।

प्रकरण १ र ३ को हकमा, आवदेन गरिएको राष्ट्रको उच्च अधिकारीलाई अनुरोधपत्रको एक प्रति पठाइनेछ।

अन्यथा सहमत भएकोमा बाहेक, अनुरोधपत्रहरू अनुरोध गर्ने निकायको भाषामा लेखिनेछ, तर अनुरोध गरिएको राष्ट्रले आफ्नै भाषामा अनुरोध गर्ने निकायबाट सत्य हो भनी प्रमाणित गरेको अनुवाद माग्न सक्नेछ।

यस महासन्धिका प्रत्येक पक्षले महासन्धिका अन्य प्रत्येक पक्षलाई पछिल्लो राष्ट्रको अनुरोध पत्रहरूको लागि आफूले मान्यता दिने माथि उल्लिखित प्रेषण तरिका वा तरिकाहरूको सूचना दिनेछन्।

कुनै राष्ट्रबाट त्यस्तो सूचना नदिइएसम्म, अनुराधपत्रका सम्वन्धमा सो राष्ट्रको विद्यमान कार्यविधिनै लागू हुनेछ।

अनुरोधपत्रहरूको कार्यान्वयनले विशेषज्ञको खर्च बाहेक अन्य कुनै किसिमको शुल्क वा खर्चको सोधभर्नाको लागि पनि कुनै किसिमको दावी उठाउने छैन ।

यस धारामा उल्लिखित कुनै पनि कुरालाई आफ्ना घरेलु कानून विपरित फौजदारी कुराहरूमा प्रमाणको कुनै रूप वा तरिकालाई ग्रहण गर्ने यस महासन्धिका पक्षहरूको प्रतिज्ञाको रूपमा व्याख्या गरिने छैन।

**धारा १४**

यस महासन्धिका प्रत्येक पक्षले यस महासन्धिमा उल्लिखित कसूरहरूको अनुसंधानको परिणामको समन्वय वा केन्द्रीकरणको कार्य गर्ने सेवा स्थापना गर्ने वा कायम राख्ने छन्।

त्यस्ता सेवाहरूले यस महासन्धिमा उल्लिखित कसूरहरूको रोकथाम वा दण्डलाई सुगम बनाउने हिसावका सबै जानकारी सँग्रह गर्नु पर्नेछ र अन्य राष्ट्रहरूमा रहेका त्यस्तै सेवाहरूसँग निकट सम्पर्कमा रहनु पर्नेछ।

**धारा १५**

घरेलु कानूनले छुट दिएको हदसम्म तथा धारा – १४ बमोजिमको सेवाहरूका लागि जिम्मेवार निकायहरूले वान्छनीय ठानेको हदसम्म तिनीहरूले अन्य राष्ट्रहरूमा रहेका सोही सेवाको लागि उत्तरदायी निकायहरूलाई देहायको जानकारी उपलब्ध गराउनेछन्:–

(१) यस महासन्धिमा उल्लिखित कुनै कसूरको वा त्यस्तो कसूर गर्ने कुनै उद्योगको विवरण,

(२) यस महासन्धिमा उल्लिखित कसूरहरू मध्ये कुनै कसूरका दोषी व्यक्तिहरू विवाद्को अभियोजन, निजहरूको पक्राउ, सजाय, प्रवेशको इन्कारी वा निष्काशन, त्यस्ता व्यक्तिहरूको गतिविधि र तिनीहरूसम्बन्धि अन्य कुनै उपयोगी जानकारीका खोजीको विवरण।

त्यसरी उपलब्ध गराइएका जानकारीमा कसूरदारको विवरणहरू, सहीछाप तस्वीर, संचालनका तरिका, प्रहरी अभिलेख तथा सजाय पाएको अधिलेखहरू समेत समावेश हुनेछन्।

**धारा १६**

यस महासन्धिका पक्षहरूले वेश्यावृत्तिको रोकथाम वेश्यावृति तथा यस महासन्धिमा उल्लिखित कसूरहरूबाट पिडितहरूको पुन:स्थापना तथा सामाजिक समायोजनका लागि उपायहरू अपनाउने वा आफ्ना सार्वजनिक तथा नि◌ीजी शैक्षिक, स्वास्थ्य, सामाजिक, आर्थिक तथा अन्य सम्बन्धित सेवाहहरू मार्फत  उपायहरू अपनाउन प्रोत्साहन दिने कुराहरू स्वीकार गर्दछन् ।

खासगरी तिन◌ीरूले देहायका कुरा गर्ने प्रतिज्ञा गर्छन् ।

(१) आप्रवासी वा प्रवासीहरू तथा खास गरी महिला तथा बालबालिकाको दुवै आगमन तथा प्रस्थान स्थलमा बाटोमा हुँदाका अवस्थामा संरक्षणको लागि आवश्यक नियमहरू बनाउने,

(२) उल्लिखित बेच विखानको खतरा बारे जनसाधारलाई चेतावनी दि◌ँदै उचित प्रचार–प्रसारको व्यवस्था गर्ने,

(३) वेश्यावृत्तिको प्रयोजनको लागि व्यक्तिहरूको अन्तर्राष्ट्रिय बेचबिखानमा मार्ग र सार्वजनिक स्थलहरूको सुपरि◌ेक्षण सुनिश्चित गर्न समुचित उपायहरू अपनाउने,

(४) प्रथम दृष्टिमै त्यस्तो बेचविखनको मूल कसूरदार वा मतियार वा पीडित व्यक्ति भएको देखिने व्यक्तिहरूको आगमन बारे उपयुक्त निकायहरूले जानकारी पाउने गरी समुचित उपायहरू अबलम्बन गर्ने ।

**धारा १७**

यस महासन्धिका पक्षहरूले घरेलु कानूनमा व्यवस्था गरिएका अवस्थाहरूअनुसार विदेशी वेश्याहरूको पहिचान, नागरिक हैसियत स्थापना गर्ने तथा कसले तिनीहरूलाई आफ्नो राष्ट्र छाड्ने गराएको हो भन्ने कुरा पत्ता लगाउनका लागि तिनीहरूबाट घोषणाहरू लिने प्रतिज्ञा गर्छन् । प्राप्त गरिएको जानकारी त्यस्ता व्यक्तिहरूको पछि हुने वापसीको उद्देश्यको लागि निजहरूको उत्पत्तिको राष्ट्रका निकायहरूलाई प्रेषण गरिनेछ ।

**धारा १८**

यस महासन्धिका पक्षहरूले घरेलु कानूनमा व्यवस्था गरिएका अवस्थाहरू अनुसार तथा त्यस अन्तर्गत उल्लंघनका लागि मुद्दा चलाउने वा अन्य कारवाही गर्ने कुरामा प्रतिकूल असर नपारी तथा सम्भव भएसम्म:–

(१) वेश्यावृत्तिको उद्देश्यका लागि व्यक्तिको अन्तर्राष्ट्रिय बेचविखानबाट निराश्रय, पीडित व्यक्तिहरूको स्वदेश वापसीको लागि व्यवस्थाहरू पूर्ण नभएसम्म, तिनीहरूको अस्थायी हेरचाह तथा जीवन यापनका लागि उपयुक्त व्यवस्थाहरू गर्ने,

(२) धारा – १८ बमोजिमका व्यक्तिहरू, जो स्वदेश फिर्ता हुन चाहन्छन् वा जो निजहरू उपर अख्तियारी प्रयोग गर्ने व्यक्तिहरूबाट दावी गरिएको छ वा कानून बमोजिम जसको निष्काशनको आदेश गरिएको छ, लाई फिर्ता गर्ने प्रतिज्ञा गर्छन । गन्तव्य राष्ट्रसँग पहिचान तथा राष्ट्रिय एवं सीमानामा पहुँचको स्थान तथा मितिको बारेमा सम्झौता भैसकेपछि मात्र स्वदेश फिर्ता गरिनेछ । यस महासन्धिका प्रत्येक पक्षले आफ्नो इलाकाबाट त्यस्ता व्यक्तिहरूको यात्रालाई सुगम बनाउनेछन् ।

माथिका प्रकरण बमोजिमका व्यक्तिहरू स्वयम्ले स्वदेश फिर्ताको खर्च भूक्तान गर्न नसकेमा र निजको खर्च तिरीदिने पति, पत्नी, नातेदार वा संरक्षक कोही नभएमा, उत्पत्तिको राष्ट्रको दिशातर्फको सबभन्दा नजिकको सीमाना वा प्रस्थान गर्ने बन्दरगाह वा विमानस्थल देखिको वापसीको खर्च तिनीहरू बसेको राष्ट्रले व्यहोर्नेछ र यात्राको बाँकी खर्च उत्पत्तिको राष्ट्रहरूद्वारा व्यहोरिनेछ ।

**धारा १९**

यस महासन्धिका पक्षहरूले, यसो नगरी सकेका भए, रोजगार खेजीरहेका व्यक्तिहरू खास गरी महिला तथा बालबालिकालाई वेश्यावृत्तिको खतरा तर्फ उन्मूख हुनबाट रोक्नका लागि रोजगारदाता संस्थाहरूको सुपरिवेक्षणको लागि आवश्यक उपायहरू अपनाउने छन् ।

**धारा २०**

यस महासन्धिका पक्षहरूले आफ्ना देशमा लागू भैसकेका कनून तथा नियमहहरूको जानकारी तथा त्यसपछि प्रत्येक वर्ष यस महासन्धिका विषयहरूसँग सम्बन्धित लागू हुने त्यस्ता कानून तथा नियमहरूको जानकारी एवं यस महासन्धिको कार्यान्वयनसँग सम्बन्धित आफूले अपनाएका उपायहरूको जानकारी संयुक्त राष्ट्रसंघका महासचिवलाई दिनेछन् । प्राप्त गरिएको जानकारी संयुक्त राष्ट्रसंघका महासचिवबाट आवधिक रूपमा प्रकाशन गरिनेछ र संयुक्त राष्ट्रसंघका सबै सदस्यहरू तथा धारा – २३ अनुसार यो महासन्धि आधिकारिक रूपमा प्रेषण गरिएका गैर–सदस्य राष्ट्रहरूलाई पठाइनेछ ।

**धारा २१**

यस महासन्धिका पक्षहरूबी च यसको व्याख्या वा प्रयोगका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा र त्यस्तो विवाद अन्य उपायहरूद्वारा समाधान हुन नसकेमा त्यस्तो विवादका पक्षहरू मध्ये कुनै एक पक्षको अनुरोधमा अन्तर्राष्ट्रिय न्यायालयमा पठाइनेछ ।

**धारा २२**

यो महासन्धि संयुक्त राष्ट्रसङघको कुनै सदस्य तथा आर्थिक तथा सामाजिक परिषद्बाट संवोधन गरी आमन्त्रण पठाइएको अन्य कुनै राष्ट्रको तर्फबाट हस्ताक्षेर हुनको लागि खुला हुनेछ ।

यो महासन्धि अनुमोदन हुनेछ र अनुमोदनका लिखितहरू संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरिनेछ ।

यो महासन्धिमा हस्ताक्षेर नगरेका पहिलो प्रकरणमा उल्लिखित राष्ट्रहरू यसमा सम्मिलित हुन सक्नेछन् ।

सम्मिलनको लिखित संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरी सम्मिलन लागू हुनेछ ।

यस महासन्धिको प्रयोजनका लागि "राष्ट्र" भन्नाले यस महासन्धिमा हस्ताक्षरकारी राष्ट्र वा यसमा सम्मिलित हुने राष्ट्रका सबै उपनिवेशहरू तथा न्यास इलाकाहरू तथा त्यस्तो राष्ट्र अन्तर्राष्ट्रिय रूपमा उत्तरदायी हुने सबै इलाकाहरू समेत सम्झनुपर्छ ।

**धारा २३**

यो महासन्धि अनुमोदन वा सम्मिलन दोस्रो लिखत दाखिला भएको मितिले नब्बेऔं दिनमा लागू हुनेछ ।

अनुमोदन वा सम्मिलनको दोस्रो लिखित दाखिला भएपछि यो महासन्धि अनुमोदन गर्ने वा महासन्धिमा सम्मिलित हुने प्रत्येक राष्ट्रको हकमा त्यस्तो राष्ट्रको अनुमोदन वा सम्मिलनको लिखत दाखिला भएको मितिले नब्बेऔं दिनमा महासन्धि लागू हुनेछ।

**धारा २४**

यो महासन्धि लागू भएको मितिले पाँच वर्ष भुक्तान भएपछि यो महासन्धिका कुनै पक्ष राष्ट्रले संयुक्त राष्ट्रसंघका महासचिवलाई सम्बोधन गरी लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्नेछ।

संयुक्त राष्ट्रसङ्घका महासचिवले परित्यागको सूचना प्राप्त गरेको मितिले एकवर्ष पछि परित्याग गर्ने पक्षको हकमा त्यस्तो परित्याग लागू हुनेछ।

**धारा २५**

संयुक्त राष्ट्रसंघका महासचिवले संयुक्त राष्ट्रसङका सबै सदस्यहरू तथा धारा – २३ बमोजिमका गैर-सदस्य राष्ट्रलाई देहायका कुराहरूको जानकारी दिनेछन्:–

(क) धारा –२३ अनुसार प्राप्त हस्ताक्षर, अनुमोदन तथा सम्मिलनहरू,

(ख) धारा–२४ अनुसार यो महासन्धि लागू हुने मिति,

(ग) धारा–२५ अनुसार प्राप्त परित्यागहरू।

**धारा २६**

यस महान्धिका प्रत्येक पक्षले आफ्नो संविधान अनुसार यो महासन्धिको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक व्यवस्थापकीय वा अन्य उपायहरू ग्रहण गर्ने प्रतिज्ञा गर्नेछन्।

**धारा २७**

यस महान्धिका व्यवस्थाहरूले प्रस्तावनाको दोस्रो प्रकरणका उप-प्रकरणहरू, १, २, ३ र ४ बमोजिमका अन्तर्राष्ट्रिय दस्तावेजहरूका प्रावधानहरूलाई, ती दस्तावेजहरूका पक्षहरूबीचको सम्बन्धमा, विस्थापित गर्नेछन्। ती दस्तावेजहरूका सबै पक्षहरू यस महासन्धिका पक्षहरू भैसकेपछि तिनका प्रत्येक प्रावधान खारेज भएको मानिनेछ।

**अन्तिम प्रोटोकल**

यस महासन्धिको कुनै पनि कुराले मानिसको बेचविखनको तथा वेश्यावृत्तिको उद्देश्यको लागि अरूको शोषणको दमन गर्ने व्यवस्थाहरूको कार्यान्वयनका लागि यस महासन्धिमा व्यवस्था गरिएकाभन्दा कठोर अवस्थाहरू सुनिश्चित गर्ने कुनै विधायनलाई प्रतिकूल असर पार्ने छैन।

धारा – २३ देखि २६ सम्मका महासन्धि अन्तर्गतका व्यवस्थाहरू प्रस्तुत प्रोटोकलका हकमा लागू हुनेछन्।

## ५. दासत्व, दास व्यापार र दासत्व समान संस्था तथा अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि, १९५६

यस अधि दासत्व महासन्धि, १९२६ लगायतका धेरै सन्धि सम्झौताहरु सम्पन्न भए तापनि दास व्यापार, दासत्व समार संस्था र अभ्यासहरु विश्वका विभिन्न भागबाट असम्म उन्मूलन हुन नसकेकोले दासत्व महासन्धिलाई अझ व सुदृढीकरण गरी दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरुलाई उन्मूलन गर्ने उद्देश्यले यस पूर महासन्धि बनेको हो।

आर्थिक तथा सामाजिक परिषद्को ३० अप्रिल १९५६ को पारित प्रस्ताव ६०८ (२१) बमोजिम आव्हान गरिएको सर्वाधिकार सम्पन्न प्रतिनिधिहरुको सम्मेलनद्वारा ग्रहण गरिएको र ७ सेप्टेम्बर १९५६ मा जेनेभामा सम्पन्न भएको।

लागू भएको मितिः धारा १३ अनुसार ३० अप्रिल १९५७ तदनुसार १८ वैशाख २०१४

**प्रस्तावना**

प्रस्तुत महासन्धिका पक्ष राष्ट्रहरु,

स्वतन्त्रता प्रत्येक मानिसको जन्मसिद्ध अधिकार हो भन्ने कुरा विचार गर्दै,

संयुक्त राष्ट्र संघका जनताहरुले बडापत्रमा मानव मात्रको प्रतिष्ठा र मूल्य प्रतिको आफ्नो विश्वास पुनर्पुष्टि गरेको कुरामा विचारशील हुँदै,

सम्पूर्ण जनताहरू र राष्ट्रहरुका लागि उपलब्धिको एउटा साझा मापदण्डको रुपमा संयुक्त राष्ट्र संघको महासभाद्वारा घोषणा गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रले कसैलाई बाँधा वा दास बनाई नराखिने र सबै प्रकारका दासत्व तथा दास व्यापारलाई निषेध गरिने भनेको कुरालाई विचार गर्दै,

दासत्व र दास व्यापारको उन्मूलन प्राप्तिको लागि बनेको जेनेभामा २५ सेप्टेम्बर १९२६ मा हस्ताक्षर गरिएको दासत्व महासन्धि सम्पन्न भएपछि यस लक्ष्य तर्फ अरु प्रगति भएको कुरालाई स्वीकार गर्दै,

१९३० को बलयुक्त श्रम सम्बन्धी महासन्धि र बलयुक्त वा अनिवार्य श्रम सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठनबाट गरिएका पछिल्ला कार्यलाई ध्यान दिदै,

तथापि, दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरु विश्वका सबै भागहरुमा अझै उन्मूलन हुन नसकेको कुरा प्रति सचेत हुँदै,

तसर्थ, दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलन तर्फ उन्मुख राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रयासहरुलाई तीव्र बनाउने पूरक महासन्धि सम्पन्न गरी लागू रहेको १९२६ को महासन्धिलाई अब अझ बढी अभिवृद्धि गर्नुपर्ने कुराको निर्णयमा पुगी,

देहाय बमोजिम गर्न सहमत भएका छन्;

**खण्ड १: दासत्व समान संस्था र अभ्यासहरु**

**धारा १**

यस महासन्धिका प्रत्येक पक्ष राष्ट्रले देहायका संस्था र अभ्यासहरु अझै विद्यमान भएका स्थानमा र २५ सेप्टेम्बर १९२६ मा जेनेभामा हस्ताक्षरित दासत्व महासन्धिको धारा १ मा गरिएको दासत्वको परिभाषाले तिनलाई समेटे वा

नसमेटेको जे भएपनि ती संस्था र अभ्यासहरुलाई प्रगतिशील रुपमा तथा यथाशक्य चाँडो पूर्ण उन्मूलन वा समाप्त गर्नका लागि सबै व्यवहारिक र आवश्यक कानूनी तथा अन्य उपायहरु अपनाउनेछ ।

(क) ऋण दासत्व भन्नुको अर्थ ऋणको सुरक्षण वापत ऋणीले आफ्नो वा निजको नियन्त्रणमा रहेको व्यक्तिको व्यक्तिगत सेवाहरु प्रदान गर्ने गरी गरेको कबःुल अनुसारका त्यस्ता सेवाहरुको मुनासिव रुपमा मूल्यांकन गरिएका मूल्य सो ऋण चुक्ता गर्न उपयोग नगरिएको र त्यस्ता सेवाहरुको समयावधि र प्रकृति क्रमशः सीमित र परिभाषित नगरिएका अवस्थामा त्यस्तो कवुलबाट उत्पन्न स्थिति अवस्था वा अवस्था हो,

(ख) बाँधा (दासवृत्ति) भन्नुको अर्थ अन्य व्यक्तिको स्वामित्वमा रहेको जग्गामा कानून, प्रथा वा सहमतिद्वारा बस्न र श्रम गर्न तथा यस्ता अन्य व्यक्तिका लागि पारितोषिक लिई वा नलिई केही निश्चित सेवा प्रदान गर्न बाध्य र आफ्नो स्थिति परिवर्तन गर्न स्वतन्त्र नभएको कृषकको अवस्था वा स्थिति हो,

(ग) कुनै पनि संस्था वा अभ्यास जसबाट,

अ) इन्कार गर्ने अधिकार विना कुनै महिलालाई निजको मातापिता, अभिभावक, परिवार वा कुनै पनि व्यक्ति वा  समूहलाई धन वा वस्तुका रुपमा प्रतिफल मुक्तानी गरे बापत विवाह लागि बन्धित गरिन्छ वा निजको विवाह गरिन्छ, वा

आ) कुनै मूल्य वा अन्य कुरा ग्रहण गरे वापत कनै महिलाका पति उसको परिवार वा उसका बंशजले सो महिलालाई अर्को व्यक्ति कहाँ हस्तान्तरण गर्ने अधिकार राख्दछ, वा

इ) आफ्नो पतिको मृत्यु हुँदा अर्को व्यक्तिले महिलालाई पुख्यौंली सम्पत्ति सरह प्राप्त गर्छ ।

घ) कुनै संस्था वा अभ्यास जसद्वारा १८ वर्ष भन्दा मुनिका बालबालिका वा युवायुवतीका मातापिता मध्य कुनै एक वा दुबैले वा अभिभावकले पारितोषिक लिई वा नलिई त्यस्ता बालबालिका वा युवायुवतीको वा निजको श्रमको शोषण गर्ने उद्देश्यले त्यस्ता बालबालिका वा युवायुवतीलाई अर्को व्यक्तिलाई हस्तान्तरण गर्छन् ।

धारा २

यस महासन्धिको धारा १ (ग) मा उल्लिखित संस्था र अभ्यासहरुलाई समाप्त गर्ने उद्देश्यले पक्ष राष्ट्रहरूले उपयुक्त भएको अवस्थामा विवाहको लागि उपयुक्त न्यूनतम उमेर तोक्ने, सक्षम नागरिक वा धार्मिक अधिकारीको उपस्थितिमा विवाहका दुवै पक्षहरुको सहमति स्वतन्त्र रुपमा अभिव्यक्त हुन सक्ने गरी सुविधाहरुको उपभोग गर्न प्रोत्साहन गर्ने। विवाह दर्तालाई प्रोत्साहन गर्ने प्रतिज्ञा गर्दछन् ।

**खण्ड २: दास व्यापार**

**धारा ३**

१. दासहरुलाई यातायातका जुनसुकै साधनद्वारा एक देशबाट अर्को देशमा ओसारपसार गर्ने कार्य वा सो कार्य गर्ने उद्योग वा सो कार्यमा मतियार हुने कार्य यस महासन्धिका पक्ष राष्ट्रहरुको कानून अन्तर्गत फौजदारी अपराध हुने र त्यस्तो अपराध गरेकी प्रमाणित भएको व्यक्ति कठोर दण्ड सजायको भागी हुनेछ।

२. (क) पक्ष राष्ट्रहरुले आफ्नो झण्डा फहराउने अख्तियार पाएका पानीजहाज र वायुयानलाई दासहरुको ओसार पसार गर्ने कार्यमा लाग्न रोक लगाउन र यस्ता कार्यहरु गरेका वा त्यस उद्देश्यका लागि राष्ट्रिय झण्दा प्रयोग गरेका दोषी व्यक्तिहरुलाई सजाय दिन सबै प्रभावकारी उपायहरु अपनाउनेछन्।

(ख) पक्ष राष्ट्रहरुले दासहरुको ओसारपसारका लागि आफ्ना बन्दरगाह, हवाई मैदान र किनारा प्रयोग गर्न नदिने कुरा सुनिश्चित गर्न सबै प्रभावकारी उपायहरु अपनाउनेछन्।

३. दास व्यापारसँग जुध्न तिनीहरुबाट अपनाईएका उपायहरुको व्यवहारिक समन्वयलाई सुनिश्चित गर्न यस महासन्धिका पक्ष राष्ट्रहरुले सूचना आदान प्रदान गर्ने र आफ्नो जानकारीमा आएका दास व्यापारको हरेक मुद्दा तथा सो फौजदारी कसूर गर्ने हरेक उद्योगको बारेमा एक आपसमा सूचनाको आदान प्रदान गर्नेछन्।

**धारा ४**

यस महासन्धिको पक्ष राष्ट्रको कुनै पनि जहाजमा शरण लिएको कुनै पनि दास स्वतः स्वतन्त्र हुनेछ।

**खण्ड ३: दासत्व तथा दासत्व समान संस्था र अभ्यासहरु**

**धारा ५**

दासत्व वा यस महासन्धिको धारा १ मा उल्लिखित संस्था वा अभ्यासहरूको उन्मूलन वा समाप्ति अझै पूरा भईनसकेको देशमा कुनै दास वा सेवकको स्थितिमा भएको व्यक्तिलाई उसको स्थिति देखाउन वा सजायका रुपमा वा अन्य कुनै उस कारणका लागि अंग विकृत पार्ने, छाप लगाउने वा अन्य चिनो लगाउने कार्य वा त्यस्ता काममा मतियार हुने कार्य यस महासन्धिको पक्ष राष्ट्रका कानून अन्तर्गत फौज्दारी अपराध हुनेछ र त्यसका दोषी व्यक्तिहरु सजायका भागी हुने छन्।

**धारा ६**

१. अर्को व्यक्तिलाई दास बनाउने वा अर्को व्यक्तिलाई वा निजमाथि निर्भर अन्य व्यक्तिलाई दासत्व स्वीकार गर्न दुरुत्साहन गर्ने कार्य वा यस्ता कार्यहरु गर्ने उद्योग वा यस्ता कार्यहरुमा मतियार हुने कार्य वा यस्ता कुनै कार्य गर्ने षडयन्त्रमा पक्ष हुने कार्य यस महासन्धिका पक्ष राष्ट्रहरुका कानून अन्तर्गत फौजदारी अपराध हुने र त्यसका दोषी व्यक्तिहरु सजायका भागी हुने छन्।

२. यस महासन्धिको धारा १ को प्रारम्भिक प्रकरणका व्यवस्थाहरुको अधीनमा रही, यस धाराको प्रकरण १ का व्यवस्थाहरु अन्य कुनै व्यक्ति स्वयंलाई वा निजमाथि आश्रित व्यक्तिलाई धारा १ मा उल्लिखित कुनै पनि संस्था वा अभ्यासवाट उत्पन्न सेवकको स्थितिमा रहन दुरुत्साहन गर्ने कार्य वा यस्ता कार्यहरु गर्ने उद्योग वा यस्ता कार्यहरुमा मतियार हुने कार्य वा यस्ता कुनै कार्य गर्ने षडयन्त्रमा पदा हुने कार्यहरुका हकमा समेत लागू हुने छन्।

**खण्ड ४: परिभाषा**

**धारा ७**

यस महासन्धिको प्रयोजनको लागि

(क) "दासत्व भन्नाले सन् १९२६ को दासत्व महासन्धिमा परिभाषा गरिए अनुरुप कुनै व्यक्ति, जो उपर स्वामित्वको अधिकारसँग गाँसिएका कुनै वा सबै शक्ति प्रयोग गरिन्छ, को हैसियत वा अवस्था सम्झनु पर्छ र "दास" भन्नाले यस्तो हैसियत वा अवस्थामा भएको व्यक्ति सम्झनु पर्छ।

(ख) "सेवक स्थितिको व्यक्ति" भन्नाले यस महासन्धिको धारा १ मा उल्लिखित कुनै पनि संस्था वा अभ्यासहरुको परिणामबाट उत्पन्न अवस्था र स्थितिमा भएको व्यक्ति सम्झनु पर्छ।

(ग) "दास व्यापार" भन्नाले दासत्वको अवस्थामा मुल्याउने मनसायले कुनै व्यक्तिको कब्जा, प्राप्ति वा बोक्रीसँग सम्बन्धित सम्पूर्ण कार्यहरु, दासलाई बिक्री गर्ने वा विनिमय गर्ने उद्देश्यले सो दासको प्राप्ति सम्बन्धी कार्यहरु वा बिक्री गर्ने वा विनिमय गर्ने उद्देश्यले प्राप्त गरिएको दासको बिक्री वा विनिमयका सम्पूर्ण कार्यहरु, तथा जुनसुकै सवारी साधनको माध्यमबाट दासहरुको व्यापार वा ओसारपसारको सामान्यतः प्रत्येक कार्य समेतलाई जनाउने छ।

**खण्ड ५ पक्ष राष्ट्रहरु बीच सहयोग र सूचनाको आदान प्रदान**

**धारा ८**

१. यस महासन्धिका पक्ष राष्ट्रहरू उल्लिखित व्यवस्थाहरु लागू गर्न एक आपसमा र संयुक्त राष्ट्र सहयोग गर्न प्रतिज्ञा गर्छन्।
२. पक्ष राष्ट्रहरू यस महासन्धिका व्यवस्थाहरुलाई कार्यान्वयन गर्न बनाईएका वा लागू गरिएका कानून, नियम र प्रशासनिक उपायहरूका प्रतिलिपिहरु संयुक्त राष्ट्र संघका महासचिवलाई पठाउने प्रतिज्ञा गर्छन्।
३. महासचिवले यस धाराको प्रकरण २ अन्तर्गत प्राप्त सूचना अन्य पक्षहरु र आर्थिक तथा सामाजिक परिषद दासत्व, दास व्यापार वा यस महासन्धिका विषयका रुपमा रहेका संस्थाहरु र अभ्यासहरूको उन्मूलन सम्बनधमा सिफारिस गर्ने उद्देश्यले परिषद्ले गर्न सक्ने कुनै छलफलको दस्तावेजको भागको रुपमा पठाउने छन्।

**खण्ड ६: अन्तिम व्यवस्थाहरु**

**धारा ९**

यस महासन्धिमा कुनै पनि आरक्षण राख्न पाइने छैन।

**धारा १०**

यस महासन्धिको व्याख्या वा प्रयोगको सम्बन्धमा यस महासन्धिका पक्ष राष्ट्रहरु बीचको कुनै विवादको सम वार्ताबाट हुन नसकेमा र विवादका पक्षहरु विवाद समाधानका अन्य उपायमा सहमत नभएमा उनीहरुमध्ये कुनै पक्षको अनुरोधमा सो विवादलाई निर्णयार्थ अन्तर्राष्ट्रिय न्यायालय समक्ष पेश गरिनेछ।

**धारा ११**

१. यो महासन्धि संयुक्त राष्ट्र संघको वा विशिष्टीकृत संस्थाको कुनै पनि सदस्य राष्ट्रद्वारा हस्ताक्षरका १ जुलाई १९५० देखि खुला रहनेछ। हस्ताक्षर गर्ने राष्ट्रहरुले यसलाई अनुमोदन गर्नुपर्ने छ र अनुमोदनका लिखतहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ। महासचिवले हस्ताक्षर गर्ने र सम्मिलन हुने प्रत्येक राष्ट्रलाई सोको जानकारी दिने छन्।

२. १ जुलाई १९५७ पछि यो महासन्धि संयुक्त राष्ट्र संघको वा यसका विशिष्टीकृत संस्थाहरुको कुनै सदस्य राष्ट्रद्वारा वा संयुक्त राष्ट्र संघको महासभाद्वारा सम्मिलन हुनको लागि आमन्त्रण गरिएका अन्य कुनै राष्ट्रा सम्मिलनको लागि खुला रहनेछ। संयुक्त राष्ट्र संघका महासचिव समक्ष सम्मिलनको औपचारिक लिखत दाखिला भएपछि त्यस्तो सम्मिलन लागू हुनेछ। महासचिवले हस्ताक्षर गर्ने वा सम्मिलन हुने प्रत्येक राष्ट्र सोको जानकारी दिनेछन्।

**धारा १२**

१. यो महासन्धि सम्पूर्ण गैर स्वशासित न्यास, औपनिवेशिक र अन्य गैर महानगरीय इलाकाहरु, जसको अन्तर्राष्ट्रिय सम्बन्धको लागि कुनै पक्ष राष्ट्र जिम्मेवार छ मा लागू हुने छ। यस धाराको प्रकरण २ का व्यवस्थाहरुको अधीनमा रही सम्बन्धित पक्षले हस्ताक्षर, अनुमोदन वा सम्मिलनको समयमा यस्तो हस्ताक्षर, अनुमोदन वा सम्मिलनको परिणामस्वरूप स्वतः यो महासन्धि लागू हुने गैर महानगरीय इलाकामा इलाकाहरूको घोषणा गर्नेछ।

२. पक्षको वा गैर महानगरीय इलाकाको संवैधानिक कानून वा व्यवहार बमोजिम गैर महानगरीय इलाकाको पूर्व सहमति आवश्यक हुने भएमा सम्बन्धित पक्षले महानगरीय राष्ट्रले महासन्धिमा हस्ताक्षर गरेको मितिले बाह्र महिनाको अवधिभित्र गैर महानगरीय इलाकाको आवश्यक सहमति प्राप्त गर्न प्रयत्न गर्नेछ र यस्तो सहमति प्राप्त भएपछि सो पक्षले महासचिवलाई सूचना गर्नेछ यस्तो सूचनामा नामांकित इलाका वा इलाकाहरुमा महासचिवले सूचना पाएको मितिदेखि यो महासन्धि लागू हुनेछ।

३. अघिल्लो प्रकरणमा उल्लिखित बाह्र महिनाको अवधि समाप्त भए पछि सम्बन्धित पक्ष राष्ट्रहरुले अन्तर्राष्ट्रिय सम्बन्धका लागि आफू उत्तरदायी भएको तथा यस महासन्धिको कार्यान्वयनका लागि तिनको स्वीकृतिः स्थगित गरिएको गैर-महानगरीय इलाकासँगको परामर्शको परिणामबारे महासचिवलाई सूचना गर्ने छन्।

**धारा १३**

१. दुई राष्ट्रहरु पक्ष भएको मितिदेखि यो महासन्धि लागू हुनेछ।

२. त्यसपछि यो महासन्धि प्रत्येक राष्ट्रले अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको वा त्यस इलाकामा लागू हुने कुराको सूचना गरेको मितिदेखि सो राष्ट्र वा इलाकाको हकमा लागू हुनेछ।

**धारा १४**

१. यस महासन्धिको कार्यान्वयन तीन वर्षको चरणवद्ध अवधिमा विभाजित हुनेछ, जसमध्ये धारा १२ को प्रकरण १ अनुरूप महासन्धि लागू भएको मितिदेखि पहिलो चरण आरम्भ हुनेछ।

२. कुनै पनि पक्ष राष्ट्रले चालू तीन वर्षको अवधि समाप्त हुनु भन्दा कम्तिमा छ महिना अगावै महासचिवलाई सम्बोधन गरिएको सूचना दिएर यस महासन्धिलाई परित्याग गर्न सक्नेछ। महासचिवले अन्य पक्षहरुलाई यस्तो प्रत्येक सूचना तथा सो प्राप्त गरेको मितिको जानकारी दिने छन्।

३. चालु तीन वर्षको अवधि समाप्त भएपछि परित्याग लागू हुनेछ।

४. धारा १२ का व्यवस्थाहरु अनुसार कुनै पक्षको गैर महानगरीय इलाकामा यो महासन्धि लागू भएको अवस्थामा सो पक्षले त्यसपछि कुनै पनि समयमा सम्बन्धित इलाकाको सहमतिले त्यस इलाकाको सम्बन्धमा यस महासन्धिलाई छुट्टै परित्याग गरी संयुक्त राष्ट्र संघका महासचिवलाई सूचना दिन सक्नेछ। महासचिवले यस्तो सूचना पाएको मितिले एक वर्ष पछि परित्याग लागू हुनेछ। महासचिवले अन्य सबै पक्षहरुलाई यस्तो सूचना र सो प्राप्त गरेको मितिको जानकारी दिने छन्।

**धारा १५**

चिनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरु समान रुपले प्रामाणिक भएको यो महासन्धि राष्ट्र संघको सचिवालयको अभिलेखालयमा दाखिला गरिने छ। महासन्धिका पक्ष राष्ट्रहरु एवं संयुक्त राष्ट्र संघका के सम्पूर्ण सदस्य राष्ट्रहरू र विशिष्टीकृत निकायहरुलाई पठाउनका लागि महासचिवले महासन्धिका प्रमाणित प्रतिः तयार पार्नेछन्।

यस कुराको प्रमाणस्वरुप आ-आफ्ना सम्बन्धित सरकारहरुद्वारा विधिवत अधिकार पाएका देहायका हस्ताक्षरकारीहरू आ-आफ्नो हस्ताक्षर अगाडि उल्लिखित मितिमा यस महासन्धिमा हस्ताक्षर गरेका छन्।

उन्नाइस सय छपन्नको सेप्टेम्बर महिनाको सातौ दिनमा जेनेभा स्थित संयुक्त राष्ट्र संघको यूरोपेली कार्यालय सम्पन्न भएको।

## ६. सबै किसिमका जातीत भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५

महासभाको २१ डिसेम्बर १९६५ को प्रस्ताव नम्बर २१०६ ए (२०) बाट ग्रहण गरिएको र हस्ताक्षर तथा अनुमोदनको लागि खुला गरिएको लागू भएको मितिः धारा–१९ अनुसार, ४ जनावरी १९६९

यस महासन्धिका पक्ष राष्ट्रहरू,

संयुक्त राष्ट्र संघको बडापत्र सबै मानव जातिमा अन्तरनिहित प्रतिष्ठा तथा समानताको सिद्धान्तमा आधारित भएको र संयुक्त राष्ट्र संघका उद्देश्यहरू मध्ये जात, लिङ्ग, भाषा वा धर्मको आधारमा कुनै भेदभाव नगरी सबैको लागि मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी आदर तथा पालनाको पवर्द्धन गर्ने तथा प्रोत्साहन दिने एक उद्देश्यको प्राप्तिको लागि सबै सदस्य राष्ट्रहरू स्वयंले संघको सहयोगमा संयुक्त वा छुट्टा छुट्टै कामकारबाही गर्ने प्रतिज्ञा गरेको कुरा विचार गर्दै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सबै मानव जाति स्वतन्त्र रूपले जन्मन्छन् र प्रतिष्ठा एवं अधिकारमा समान छन् तथा प्रत्येक व्यक्ति कुनै किसिमको खास गरी जाति, वर्ण वा उत्पत्तिको भेदभाव विना सो घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरूको हकदार छन् भन्ने घोषणा गरेको कुरा विचार गर्दै,

सबै मानव जाति कानूनको अगाडि समान छन् तथा कुनै भेदभाव तथा भेदभावका प्रोत्साहन विरुद्ध कानूनका समान संरक्षणका हकदार छन् भन्ने कुरा विचार गर्दै,

संयुक्त राष्ट्रसंघले जुनसुकै रूपमा र जहाँसुकै भए पनि उपनिवेशवाद तथा विखण्डन तथा सोसँग सम्बन्धित भेदभावका सम्पूर्ण व्यवहारको निन्दा गरेको तथा १४ डिसेम्वर १९६० को औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वाधिनता प्रदान गर्ने सम्बन्धी घोषणा (महासभाको प्रस्ताव १५१४ (१५) ले तिनिहरूलाई शीघ्र तथा निःशर्त लक्ष्यमा पुऱ्याउन आवश्यक भएको निश्चित गरेको कुरा गम्भिरतापूर्वक घोषणा गरेको कुरा विचार गर्दै,

संयुक्त राष्ट्र संघको २० नोभेम्बर १९६३ को सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने (प्रस्ताव १९०४ (XVIII) घोषणाले विश्व भरी नै जातीय भेदभावका सम्पूर्ण तथा प्रकट रूपलाई तीव्र गतिमा उन्मूलन गर्न तथा मानव जातिको मर्यादाको बोध एवं सो प्रतिको आदर सुरक्षित गर्न आवश्यक भएको गम्भिरतापूर्वक प्रतिरक्षा गरेको कुरा विचार गर्दै,

जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त वैज्ञानिक रूपले गलत, नैतिक रूपले निन्दनीय, सामाजिक रूपले अन्यायपूर्ण तथा खतरनाक भएको तथा सिद्धान्त वा व्यवहारका कुनै पनि स्थानमा जातीय भेदभावको कुनै उचित कारण नभएको कुरामा सहमत हुँदै,

जात, वर्ण, वा जातीय उत्पत्तिको आधारमा मानव जातिबीच गरिने भेदभाव राष्ट्रहरूबीचको मैत्रीपूर्ण तथा शान्तिपूर्ण सम्बन्धको एक वाधक भएको तथा राष्ट्रहरूबीचको मैत्रीपूर्ण तथा शान्तिपूर्ण सम्बन्धको एक बाधक भएको तथा राष्ट्रहरूबीचको मैत्रीपूर्ण तथा शान्तिपूर्ण सम्बन्धको एक बाधक भएको तथा राष्ट्रहरूबीचको शान्ति तथा सुरक्षा तथा एउटै राष्ट्रभित्र एक साथ बस्ने व्यक्तिहरूको सामन्जस्यतामा समेत खलल पुऱ्याउन समर्थ भएको कुरा पुनः निश्चित गर्दै,

जातिय तगारोको विद्यमानता कुनै पनि मानव समाजको आदर्श विपरित भएको कुरामा विश्वस्त भएर विश्वका केही स्थानहरूमा जातिय विभेद अझै पनि प्रमाणको रूपमा देखिई रहेको तथा जातीय सर्वोच्चता वा घृणामा आधारित सरकारी नीतिहरू जस्तै रंगभेद, विखण्डन वा विभाजनवादी नीतिहरूबाट भयभीत भएर,

जातीय भेदभाव र यसका सम्पूर्ण तथा प्रकट रूपलाई शीघ्र रूपमा उन्मूलन गर्न तथा जातिहरूबीच समझदारी प्रवर्धन गर्ने तथा सबै किसिमका जातीय विखण्डनवाद तथा जातीय भेदभावबाट मुक्त एक अन्तर्राष्ट्रिय समुदाय निर्माण गर्नको लागि जातीय सिद्धान्त तथा व्यवहार रोकथाम गर्न त्यस्ता सिद्धान्त तथा व्यवहार विरुद्ध लडाई गर्न सबै आवश्यक उपायहरू अवलम्बन गर्न दृढ भएर,

अन्तर्राष्ट्रिय श्रम संगठनबाट सन् १९५८ मा ग्रहण गरिएको रोजगार तथा पेशा व्यवसायक सम्बन्धमा भेदभाव सम्बन्धी महासन्धि तथा संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनबाट सन् १९६० मा ग्रहण गरिएको शिक्षामा भेदभाव विरुद्धको महासन्धिलाई मनन गर्दै,

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रमा अन्तर्राष्ट्रिय सिद्धान्तहरूको कार्यान्वयन गर्ने तथा सो लक्ष्य प्राप्तिको लागि व्यावहारिक उपायहरूको शीघ्र ग्रहण सुनिश्चित गर्न इच्छुक हुँदै, देहाय बमोजिम गर्न सहमत भएका छन्:

**भाग १**

**धारा १**

१. यस महासन्धिमा "जातीय भेदभाव" भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, वहिष्कार प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्छ।

२. यस महासन्धिको कुनै पक्ष राष्ट्रले नागरिक तथा गैर नागरिकहरूबीच गरेको विभेद, निषेध प्रतिवन्ध वा प्राथमिकताहरूको हकमा यस महासन्धि लागू हुनेछैन।

३. पक्ष राष्ट्रहरूको राष्ट्रियता, नागरिकता वा अंगिकारमा सम्बन्धी कानूनी व्यवस्थाहरूमा कुनै पनि किसिमले असर पार्ने गरी यस महासन्धिमा उल्लिखित कुनै पनि कुराको व्याख्या गरिने छैन तर त्यस्ता व्यवस्थाहरूले कुने खास राष्ट्रियता उपर भेदभाव गरेको हुनु हुँदैन।

४. आवश्यक संरक्षणको आवश्यकता भएका कुनै निश्चित जातीय वा सामाजिक समूह वा व्यक्तिहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको समान उपभोग वा प्रयोग सुनिश्चित गर्न त्यस्ता जातीय, सामाजिक समूह वा व्यक्तिहरूको पर्याप्त उन्नति सुनिश्चत गर्ने एकमात्र उद्देश्यले अपनाइएका विशेष उपायहरूलाई जातीय भेदभाव मानिने छैन, तर त्यस्ता उपायहरू परिणामतः विभिन्न जातीय समूहहरूको लागि छुट्टाछुट्टै अधिकार कायम राख्ने किसिमको हुनु हुदैन र जुन उद्देश्यहरूको लागि त्यस्ता उपायहरू अपनाइएको हो, त्यस्ता उद्देश्यहरू हासिल भैसकेपछि त्यस्ता छुट्टै उपायहरूलाई निरन्तरता दिइने छैन।

**धारा २**

१. पक्ष राष्ट्रहरूले जातीय विभेदको निन्दा गर्दछन् र कुनै पनि रूपल. जातीय विभेद उन्मूलन गर्ने तथा सबै जातिहरूबीच समझदारीअभिबृद्धि गर्ने नीति अपनाउन सम्पूर्ण समूचित उपायहरू अविलम्व अपनाउने कुराको प्रतिज्ञा गर्दछन् र यस उद्देश्यको लागि–

(क) प्रत्येक पक्षराष्टले व्यक्तिहरू, व्यक्तिको समूहहरू वा संस्थाहरू विरुद्ध जातीय विभेदको कुनै काम वा व्यवहारमा संलग्न नहुने तथा राष्ट्रिय एवं सबै स्थानीय सार्वजनिक निकायहरू तथा सार्वजनिक संस्थाहरूले यस दायित्व अनुरूप काम गर्ने कुरा सुनिश्चित गर्ने कुराको प्रतिज्ञा गर्दछन्,

(ख) प्रत्येक पक्षराष्टले कुनै व्यक्तिहरू वा संगठनहरूबाट भएको जातीय विभेदको प्रायोजन, प्रतिरक्षा तथा समर्थन नगर्ने कुराको प्रतिज्ञा गर्दछन् ,

(ग) प्रत्येक पक्ष राष्ट्रले सरकारी, राष्ट्रिय तथा स्थानीय नीतिहरू गर्न तथा जुनसुकै स्थानमा विद्यमान भएको भए पनि जातीय विभेद सिर्जना गर्ने वा अविच्छिन्न गराउने प्रभाव भएको कुनै कानून वा नियमहरू संशोधन गर्न खारेज वा गैरकानूनी घोषित गर्न प्रभावकारी उपायहरू अपनाउनेछन् ,

(घ) प्रत्येक पक्ष राष्ट्रले सबै उपयुक्त माध्यमबाट, परिस्थिति अनुरूप आवश्यक भएमा विधायनबाट समेत, कुनै व्यक्तिहरू, समूह वा संगठनबाट गरिने जातीय विभेद निषेध तथा उन्मूलन गर्नेछन्,

(ङ) प्रत्येक पक्ष राष्ट्रले उपयुक्त भएको अवस्थामा एकीकरणवादी बहुजातीय संगठन तथा आन्दोलनहरू तथा जातिहरूबीच रहेको अवरोधहरू उन्मूलन गर्ने अन्य उपायहरूलाई प्रोत्साहन दिन तथा जातीय विभाजनलाई बलियो बनाउने किसिमको कुनै पनि कुरालाई निरुत्साहित गर्न प्रतिज्ञा गर्दछन् ।

२. पक्ष राष्ट्रहरूले परिस्थिति अनुसार आवश्यक भएको अवस्थामा आफ्नो क्षेत्रमा रहेका खास जातीय समूहहरू वा व्यक्तिलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण तथा समान उपभोगको प्रत्याभूत गर्ने प्रयोजनको लागि त्यस्ता समूह वा व्यक्तिहरूको पर्याप्त विकास तथा संरक्षण सुनिश्चित गर्न सामाजिक, आर्थिक, सांस्कृतिक तथा अन्य क्षेत्रहरूमा खास तथा ठोस उपायहरू अपनाउने छन् । जुन उद्देश्यको लागि ती उपायहरू उपनाइएको थियो त्यो उद्देश्य प्राप्त भइपछि त्यस्ता उपायहरूले कुनै पनि अवस्थामा विभिन्न जातीय समूहहरूको लागि असमान वा भिन्न अधिकारहरू कायम गरी राख्ने परिमाण कूनै पनि अवस्थामा विभिन्न जातीय समूहहरुको लागि असमानत वा भिन्न अधिकारहरू कुनै पनि अवस्थामा ल्याउने छैनन् ।

**धारा ३**

पक्ष राष्ट्रहरूले खास गरी जातीय विखण्डन तथा रंगभेदको निन्दा गर्दछन् र आफ्ना क्षेत्राधिकार अन्तर्गतका इलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यवहारहरूको रोकथाम, निषेध तथा उन्मूलन गर्ने प्रतिज्ञा गर्दछन् ।

**धारा ४**

पक्ष राष्ट्रहरू कुनै एक जाति वा एउटा वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहको उच्चताको विचार वा सिद्धान्तहरूमा आधारित सम्पूर्ण प्रचार तथा संगठनहरूको निन्दा गर्दछन् र त्यस्तो विभेदलाई प्रोत्साहन दिने वा त्यस्तो विभेदका कार्यहरू उन्मूलन गर्ने उद्देश्यका तात्कालिक तथा सकारात्मक उपायहरू ग्रहण गर्न प्रतिज्ञा गर्दछन् तथा यस उद्देश्यका लागि मानव अधिकारको विश्वव्यापी घोषणामा निहित सिद्धान्तहरू तथा यस महासन्धिको धारा – ५ मा स्पष्ट रूपले उल्लेख गरिएको अधिकारहरू प्रति उचित सम्मान राख्दै अन्य कुराका अतिरिक्त,

(क) जातीय सर्वोच्चता वा घृणामा आधारित विचारहरूको प्रचार प्रसार जातीय विभेदलाई प्रोत्साहन दिनुका अतिरिक्त कुनै जाति वा अर्का वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहहरू विरुद्धको हिंसाको कार्य वा त्यस्ता कार्यलाई प्रोत्साहनदिने कार्य तथा जातीय कृयाकलापलाई दिइने कुनै सहायता, त्यस्तो कृयाकलापलाई आर्थिक सहयोग दिने कार्य समेतलाई कानूनद्वारा दण्डनीय कसूरको रूपमा घोषणा गर्नेछन्,

(ख) जातीय विभेदलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने संगठनहरू, तथा संगठित तथा अन्य सम्पूर्ण प्रचार प्रसारका कृयाकलापहरूलाई गैरकानूनी घोषित गर्ने तथा निषेध गर्नेछन्, र त्यस्ता संगठन वा कृयाकलापहरूमा हुने सहभागितालाई कानूनद्वारा दण्डनीय कसूरको रूपमा स्वीकार गर्नेछन्।

(ग) राष्ट्रिय वा स्थानीय सार्वजनिक निकायहरू वा सार्वजनिक संस्थाहरूलाई जातीय विभेदलाई प्रोत्साहन वा प्रवर्धन गर्न अनुमति दिने छैनन्।

**धारा ५**

यस महासन्धिको धारा–२ मा व्यवस्था गरिएका आधारभूत दायित्वहरू अनुरूप, पक्ष राष्ट्रहरूले कुनै पनि रूपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न तथा जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्बन्धी कुनै कुराको भेदमा विना खास गरी देहायको अधिकारहरूको उपभोगमा कानूनको अगाडि प्रत्येक व्यक्तिको समानताको अधिकारको प्रत्याभूति गर्ने प्रतिज्ञा गर्दछन्।

(क) न्यायाधिकरण (ट्राइबुनल) तथा न्याय प्रदान गर्ने अन्य सबै अंगहरूका अगाडि समान व्यवहार पाउने अधिकार,

(ख) व्यक्तिको सुरक्षा तथा कुनै सरकारी अधिकारीहरूबाट वा कुनै वैयक्तिक समूह वा संस्थाहरूबाट हुने कुनै हिंसा वा शारीरिक क्षति विरुद्ध राज्यबाट संरक्षण पाउने अधिकार,

(ग) राजनीतिक अधिकारहरू खास गरी सर्वव्यापी तथा समान मत्ताधिकारको आधारमा निर्वाचनहरूमा भाग लिने, निर्वाचनमा मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको संचालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) अन्य नागरिक अधिकारहरू, खास गरीः–

१. राष्ट्रको सीमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार,

२. आफ्नो देश लगायत कुनै देशबाट वाहिर निस्कने र आफ्नो देशमा फर्किने अधिकार,

३. राष्ट्रियताको अधिकार,

४. विवाह गर्ने तथा वरवधु छान्ने अधिकार,

५. एक्लै वा अरूसँग मिलेर सम्पत्ति राख्ने अधिकार,

६. पुख्यौंली सम्पत्ति प्राप्त गर्ने अधिकार,

७. विचार, सदविवेक र धर्मको स्वतन्त्रताको अधिकार,

८. विचर र अख्तियार–दुरूपयोग र अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धी अधिकार,

९. शान्तिपूर्ण भेला हुने तथा संगठन गर्ने स्वतन्त्रताको अधिकार।

(ङ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकाहरू, खास गरीः–

१. काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, वेरोजगारी विरुद्ध संरक्षण पाउने, समान कामको लागि समान तलव पाउने, उचित तथा अनुकूल पारिश्रमिक पाउने अधिकार,

२. ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार,

३. आवासको अधिकार,

४. सार्वजनिक स्वास्थ्य, औषधोपचार सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार,

५. शिक्षा तथा तालिम (प्रशिक्षण) को अधिकार,

६. सांस्कृतिक कृयाकलापहरूमा समान सहभागिताको अधिकार,

(च) यातायात, होटल, रेष्टुरेष्ट, क्याफे, नाचघर, तथा उद्यान जस्ता सर्वसाधारणको प्रयोगको लागि रहेका कुनै स्थान वा सेवामा पहुँच अधिकार।

**धारा ६**

पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिललाई आफ्नो क्षेत्राधिकारभित्र सक्षम राष्ट्रिय न्यायाधिकरण र अन्य राष्ट्रिय संस्थाहरू मार्फत जातीय भेदभाव विरुद्धको कुनै कार्यले यस महासन्धिको विपरित उसको मानव अधिकार र आधारभूत स्वतन्त्रताको हनन्को विरुद्ध प्रभावकारी सुरक्षा र उपचारको साथै त्यस्तो भेदभावको कारणले भएको कुनै पनि क्षतिका लागि त्यस्ता न्यायाधिकरणबाट उपयुक्त र उचित क्षतिपूर्ति वा सन्तुष्टी पाउने अधिकारको विश्वास दिलाउनेछन्।

**धारा ७**

जातीय भेदभाव तर्फ धकेल्ने दुराग्रहहरू विरुद्ध लडाई गर्ने तथा राष्टहरू तथा जातीय वा सामाजिक समूहहरूबीच समझदारी, सहिष्णुता तथा मित्रता प्रवर्धन गर्ने एवं संयुक्त राष्ट्र संघको बडापत्रका उद्देश्य तथा सिद्धान्तहरू, मानव अधिकारहरूको विश्वव्यापी घोषणपत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र तथा यस महासन्धिको प्रचार प्रसार गर्न पक्ष राष्ट्रहरूले खास गरी शिक्षण, शिक्षा, संस्कृति तथा सूचनाको क्षेत्रमा, तात्कालिक तथा प्रभावकारी उपायहरू, ग्रहण गर्ने प्रतिज्ञा गर्दछन्।

**भाग २**

**धारा ८**

१. पक्ष राष्ट्रहरूद्वारा आफ्ना नागरिकहरू मध्येबाट निर्वाचित उच्च नैतिक अडान तथा निष्पक्ष स्वीकार गरिएका आफ्नो व्यक्तिगत क्षमतामा कार्या गर्ने समन्यायिक भौगोलिक विभाजन र विभिन्न सभ्यताको साथै मुख्य–मुख्य कानूनी प्रणलीको प्रतिनिधित्वलाई ध्यानमा राखी अठार (१८) जना विशेषज्ञहरू रहेको जातीय भेदभाव उन्मूलन सम्बन्धी समिति (यसपछि "समिति" भनिएको) स्थापना गरिनेछ।

२. पक्ष राष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन्। प्रत्येक पक्ष राष्ट्रले आफ्ना नागरिकहरू मध्येबाट एक व्यक्ति मनोनित गर्न सक्नेछ।

३. यो महासन्धि लागू भएको मितिले ६ महिना पछि प्रारम्भिक निवार्चन गरिनेछ। प्रत्येक निवार्चनको मिति भन्दा कम्तिमा तीन महिना अगावै संयुक्त राष्ट्र संघका महासचिवले पक्ष राष्ट्रहरूलाई दुई महिनाभित्र मनोनयनहरू पेस गर्न आमन्त्रण गर्दै पत्र पठाउनेछन्। महासचिवले यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रममा त्यस्ता व्यक्तिहरूको मनोनयन गर्ने, पक्ष राष्ट्रहरू उल्लेख गरिएको एउटा सूची तयार गरी सो सूची पक्ष राष्ट्रहरू समक्ष पेस गर्नेछन्।

४. महासचिवद्वारा संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा बोलाइएको पक्ष राष्ट्रहरूको बैठकमा समितिका सदस्यहरूको निवार्चन गरिनेछ। पक्ष राष्ट्रहरूको दुई तिहाई संख्या गणपूरक संख्या मानिनेछ, सो बैठकमा सबभन्दा बढी मत तथा बैठकमा उपस्थित भै मतदान गर्ने पक्ष राष्ट्रका प्रतिनिधिहरूको मतको पूर्ण बहुमत प्राप्त गर्ने मनोनित व्यक्तिहरू समितिमा निर्वाचित व्यक्तिहरू हुनेछन्।

५ क समितिका सदस्यहरू चारवर्षको अवधिको लागि निर्वाचित हुनेछन् । तर पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरू मध्ये नौ जना सदस्यहरूको पदावधि दुई वर्षको अन्त्य पछि समाप्त हुनेछ । प्रथम निर्वाचनको लगतै पछि यस्ता नौ जना सदस्यहरूको नाम गोला प्रथाद्वारा समितिको अध्यक्षबाट छनौट गरिनेछ ।

ख आकस्मिक रूपमा रिक्त पदहरू पूर्ति गर्नको लागि, त्यो पक्ष राष्ट्र जसको विशेषज्ञले समितिको सदस्यको रूपमा कार्य गर्न छाडेको हो, ले समितिको अनुमोदनको अधीनमा रहने गरी आफ्ना नागरिकहरू मध्येबाट अर्को विशेष नियुक्त गर्नेछ ।

६. समितिको कर्तव्य पालना गर्दाको अवस्थामा समितिका सदस्यहरूको खर्चको लागि पक्ष राष्ट्रहरू जिम्मेवार हुनेछन् ।

**धारा ९**

१. पक्ष राष्ट्रहरूले आफूले ग्रहण गरेका तथा यस महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्ने व्यवस्थापकीय, न्यायिक, प्रशासनिक वा अन्य उपायहरू सम्बन्धी प्रतिवेदन समितिबाट विचार हुनको लागि संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेस गर्ने प्रतिज्ञा गर्दछन्ः (क) सम्बन्धित राष्ट्रको हकमा सहासन्धि लागू भएको एक वर्षभित्र, तथा (ख) त्यसपछि प्रत्येक दुई दुई वर्षमा तथा समितिले अनुरोध गरेको बखत समितिले पक्ष राष्ट्रहरूसँग थप जानकारी माग गर्न सक्नेछ ।

२. समितिले सहासचिव मार्फत आफ्नो क्रियाकलाप सम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्र संघको महासभा समक्ष वार्षिक रूपमा पेस गर्नेछ तथा पक्ष राष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा जानकारी परीक्षणमा आधारित सुझावहरू दिन तथा साधारण सिफारिसहरू गर्न सक्नेछ । त्यस्ता सुझावहरू तथा साधारण सिफारिसहरू एवं पक्ष राष्ट्रहरूबाट कुनै प्रतिक्रिया प्राप्त भएको भए त्यस्तो प्रतिक्रिया समेत महासभामा पेस गरिनेछ ।

**धारा १०**

१. समितिले आफ्नो कार्याविधिका नियमहरू आफै निर्धारण गर्नेछ ।

२. समितिले आफ्ना अधिकारीहरू दुईवर्षको कार्यकालको लागि निर्वाचित गर्नेछ ।

३. समितिको सचिवालय संयुक्र राष्ट्र संघका महासचिवको लागि उपलब्ध गराउनेछन् ।

४. समितिका बैठकहरू सामान्यतया संयुक्र राष्ट्रसंघको प्रधान कार्यालयमा सम्पन्न गरिनेछन् ।

**धारा ११**

१. कुनै पक्ष राष्ट्रलाई अर्को पक्ष राष्ट्रले यस महासन्धिका व्यवस्थलाई कार्यान्वयन गरिरहेको छैन भन्ने लागेमा त्यस्तो पक्ष राष्ट्रले सो कुरा समितिको ध्यानमा ल्याउन सक्नेछ । त्यसपछि समितिले सो कुराको संचार सम्बन्धित पक्ष राष्ट्रलाई पठाउनेछ । संचार प्राप्त गर्ने राष्ट्रले तीन महिनाभित्र विषय वस्तु तथा सो राष्ट्रले कुनै उपचार ग्रहण गरेको भए सो समेत स्पष्ट हुने गरी स्पष्टिकरण वा बयान लिखित रूपमा समिति समक्ष पेस गर्नेछ ।

२. द्विपक्षीय वार्ता वा दुवै पक्षहरूलाई खुला रहेका अन्य कुनै कार्यविधिको माध्यमबाट सो कुरा दुवै पक्षको चित्त बुझने गरी समाधान हुन नसकेमा प्रारम्भिक संचार प्राप्त गर्ने राष्ट्रले सो संचार प्राप्त गरेको मितिले ६ महिनाभित्र समिति तथा अन्य राष्ट्रलाई समेत सूचना दिएर समिति समक्ष सो कुरा पुनः पेस गर्ने अधिकार दुवै पक्षलाई हुनेछ ।

३. सो मुद्दामा अन्तर्राष्ट्रिय कानूनको सामान्यतः स्वीकृत सिद्धान्तहरू अनुरूप उपलब्ध सबै घरेलु उपचारहरूको माग गरिएको र त्यस्ता उपचारहरू समाप्त भैसकेको कुरा आफूले एकीन गरिसकेपछि समितिले आफू समक्ष यस धाराको

प्रकरण २ अनुसार पेस गरिएको कुनै कुरा हेर्नेछ । उपचारहरू लागू गर्न अनुचित ढिलाई हुने अवस्थामा यो व्यवस्थाको नियम लागू हुने छैन ।

४. आफू समक्ष पेस गरिएका कुनै कुरामा समितिले सम्बन्धित पक्ष राष्ट्रहरूलाई कुनै अन्य सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

५. यस धाराबाट उत्पन्न कुनै कुरा समितिबाट विचार भैरहेको अवस्थामा सम्बन्धित पक्ष राष्ट्रहरूले सो कुरा समितिको कारबाहीमा विचाराधिन भैरहेको समयमा मतदान गर्ने अधिकार विना भाग लिन प्रतिनिधि पठाउन पाउनेछन् ।

**धारा १२**

१. (क) समितिले आफूले आवश्यक ठानेका सम्पूर्ण जानकारी प्राप्त गरी सुक्ष्म परीक्षण गरिसकेपछि अध्यक्षले समितिका सदस्य रहेका वा नरहेका पाँच जना व्यक्तिहरू रहेको एक अस्थायी मेलमिलाप आयोग (यसपछि "आयोग" भनिएको) गठन गर्नेछ । आयोगका सदस्यहरू विवाद्का पक्षहरूको सर्वसम्मत सहमतिबाट नियुक्त गरिनेछन् र आयोगको सद्भावपूर्ण सेवा (गुड अफिसेस) यस महासन्धि प्रतिको आदरको आधारमा विवाद्को शान्तिपूर्ण समाधानको उद्देश्यले सम्बन्धित राष्ट्रहरूलाई उपलब्ध गराउनेछ ।

(ख) विवाद्का पक्ष राष्ट्रहरू आयोगको गठनका सम्बन्धमा पूर्ण वा आंशिक रूपमा तीन महिनाभित्र सहमत हुन नसकेमा विवाद्का पक्ष राष्ट्रहरूले स्वीकृत नगरिएका आयोगका सदस्यहरू आफ्नै सदस्यहरू मध्येबाट समितिको दुई तिहाई बहुमतबाट समितिका गोप्य मतदानद्वारा निर्वाचित गरिनेछन् ।

२. आयोगका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् । विवाद्का पक्ष राष्ट्रहरू यस महासन्धिको पक्ष नभएको कुनै राज्यका नागरिकहरू आयोगका सदस्यहरू हुने छैनन् ।

३. आयोग आफ्नो अध्यक्ष चयन गर्नेछ र आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ ।

४. आयोगका बैठकहरू सामान्यतया संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय वा आयोगबाट निर्धारण गरिएको कुनै अन्य सुविधायुक्त स्थानमा गरिनेछन् ।

५. पक्ष राष्ट्रहरूबीच कुनै विवाद् उत्पन्न भै आयोग क्रियाशील भएको वखतमा यस महासन्धिको धारा– १० को प्रकरण ३ अनुसार उपलब्ध सचिवालयले आयोगलाई सेवा पुऱ्याउनेछ ।

६. विवाद्का पक्ष राष्ट्रहरूले संयुक्त राष्ट्र संघका महासचिवबाट उपलब्ध गराइएको अनुमान अनुसार आयोगका सदस्यहरूको सम्पूर्ण खर्च समान रूपमा व्यहोर्नेछन् ।

७. आयोगका सदस्यहरूको खर्च यस धाराको प्रकरण ६ बमोजिम विवाद्का पक्ष राष्ट्रहरूबाट प्राप्त हुनु अगाडि आवश्यक भएमा भुक्तानी गरिदिने अधिकार महासचिवलाई दिइनेछ ।

८. समितिद्वारा प्राप्त तथा विस्तारपूर्वक संपरीक्षण गरिएका जानकारी आयोगलाई उपलब्ध गराइनेछ र आयोगले सम्बन्धित राष्ट्रहरूलाई अन्य कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

**धारा १३**

१. आयोगले पूर्ण रूपमा विषयवस्तु उपर विचार गरिसकेपछि आयोगले पक्षहरूबीचको विवाद्सँग सम्बन्धित सम्पूर्ण तथ्यगत् प्रश्नहरूमा आफ्नो ठहर समावेश भएको तथा विवादको शान्तिपूर्ण समाधानको लागि आफूले उपयक्त ठानेका सुझावहरू समेत संलग्न प्रतिवेदन तयार गरी समितिको अध्यक्ष समक्ष पेस गर्नेछ ।

२. समितिको अध्यक्षले आयोगको प्रतिवेदन विवादका प्रत्येक पक्ष राष्ट्रलाई संप्रेषण गर्नेछ । यी राष्ट्रहरूले तीन महिनाभित्र समितिको अध्यक्षलाई आयोगको प्रतिवेदनमा निहित सुझावहरू स्वीकार गरेको वा नगरेको कुरा सूचीत गर्नेछन् ।

३. यस धराको प्रकरण २ बमोजिमको समयावधि भुक्तान भएपछि समितिको अध्यक्षले आयोगको प्रतिवेदन तथा सम्बन्धित पक्ष राष्ट्रहरूको घोषणाहरू महासन्धिका अन्य पक्ष राष्ट्रहरूलाई संप्रेषण गर्नेछ ।

**धारा १४**

१. कुनै पक्ष राष्ट्रले आफ्नो क्षेत्राधिकारभित्रका व्यक्तिहरू वा व्यक्तिहरूको समूहहरूबाट यस महासन्धिमा उल्लिखित कुनै अधिकार सो पक्ष राष्ट्रबाट उल्लंघन भै पीडित भएको दावी गरिएका सूचना प्राप्त गर्ने र सो उपर विचार गर्न सक्ने समितिको सक्षमता आफूले स्वीकार गरेको कुरा कुनै पनि समयमा घोषण गर्न सक्नेछ । कुनै सूचना यस्तो घोषण नगरेको कुनै पक्ष राष्ट्रसँग सम्बन्धित भएमा समितिबाट त्यस्तो सूचना ग्रहण गरिने छैन ।

२. यस धाराको प्रकरण १ बमोजिमको घोषणा गर्ने कुनै पक्ष राष्ट्रले आफ्नो राष्ट्रिय कानूनी संरचनाभित्र कुनै निकाय स्थापना गर्न वा तोक्न सक्नेछ, त्यस्तो निकाय आफ्नो क्षेत्राधिकारभित्र यस महासन्धिमा उल्लिखित अधिकारहरू मध्ये कुनै अधिकारको उल्लंघनबाट पीडित भएको दावी गर्ने र अन्य उपलब्ध स्थानयि उपचारहरू समाप्त गरिसकेका व्यक्तिहरू तथा व्यक्तिहरूको समूहहरूबाट निवेदनहरू ग्रहण गरी विचार गर्न सक्षम हुनेछ ।

३. यस धाराको प्रकरण १ अनुसार गरिएको घोषणा तथा यसै धाराको प्रकरण २ अनुसार स्थापना गरिएको वा तोकिएको कुनै नाम सम्बन्धित पक्ष राष्ट्रबाट राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ, र सो का प्रतिहरू अन्य राष्ट्रहरूलाई संप्रेषण गरिनेछन् । महासचिवलाई सूचना दिएर कुनै समयमा पनि घोषण फिर्ता लिन सकिनेछ तर त्यस्तो फिर्ता लिने कार्यले समिति समक्ष विचाराधिन संचारहरूलाई कुनै प्रभाव पर्ने छैन ।

४. यस धाराको प्रकरण २ बमोजिम स्थापित वा तोकिएको निकायले निवेदनहरूको दर्ता किताव खडा गरी राख्नेछ र दर्ता कितावका प्रमाणित प्रतिहरू उपयुक्त माध्यमहरूबाट सो किताबमा रहेका कुराहरू सार्वजनिक रूपमा प्रकाश नगरिने सझदारीमा महासचिव समक्ष वार्षिक रूपमा दर्ता गरिनेछ ।

५. यस धाराको प्रकरण २ बमोजिम स्थापित वा तोकिएको निकायबाट सन्तुष्टि प्राप्त गर्न नसकेको अवस्थामा निवेदकलाई ६ महिनाभित्र समिति समक्ष सो कुरा सम्प्रेषण गर्न पाउने अधिकार हुनेछ ।

६. (क) समितिले आफू समक्ष पेस गरिएका सम्प्रेषण गोप्य रूपमा यस महासन्धिका व्यवस्थाहरू उल्लङ्घन गरेको आरोप लागेको पक्ष राष्ट्रको ध्यानमा ल्याउनेछ तर सम्बन्धित व्यक्ति वा व्यक्तिहरूको समूहहरूको व्यक्त सहमति विना निजहरूको परिचय (पहिचान) प्रकट गरिने छैन । समितिले बेनामी सञ्चारहरू ग्रहण गर्ने छैन ।

(ख) संचार प्राप्त गर्ने राष्ट्रले विषयवस्तु तथा सो राष्ट्रबाट कुनै उपचार लिइएको भए सो समेत स्पष्ट पार्ने लिखित व्याख्या वा बयानहरू तीन महिनाभित्र समिति समक्ष पेस गर्नेछ ।

७. (क) सम्बन्धित पक्ष राष्ट्र तथा निवेदकबाट समितिलाई उपलब्ध गराइएका सबै जानकारीको आधारमा समितिले सूचनाहरू उपर विचार गर्नेछ । निवेदकले उपलब्ध सबै घरेलु उपचार समाप्त गरिसकेको छ भन्ने कुरा एकिन नगरेसम्म समितिले त्यस्तो निवेदकबाट प्राप्त गरेको कुनै सूचना उपर विचार गर्ने छैन । तथापि उपचारहरू लागू गर्न अनुचित ढिलाई हुने अवस्थामा यो व्यवस्था नियम हुनेछैन ।

(ख) समितिले आफ्नो सुझावहरू तथा कुनै सिफारिस भए सो समेत सम्बन्धित पक्ष राष्ट्र तथा निवेदकलाई पठाउनेछ ।

८. समितिले आफ्नो वार्षिक प्रतिवेदनमा त्यस्ता सूचनाको सारांश तथा उपयुक्त भएको अवस्थामा सम्बन्धित पक्ष राष्ट्रहरूको व्यवस्था तथा विवरणहरूको तथा आफ्नो सुझाव तथा सिफारिसहरूको सारांश संलग्न गर्नेछ।

९. यस महासन्धिका कम्तीमा दश पक्ष राष्ट्रहरू यस धाराको प्रकरण १ बमोजिम घोषणाहरूमा सम्मिलित भए पछि मात्र समिति यस धारामा उल्लिखित कार्यहरू गर्न सक्षम हुनेछ।

**धारा १५**

१. महासभाको १४ डिसेम्वर १९६० को प्रस्ताव १५१४ (१५) मा रहेका औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वतन्त्रता दिने सम्बन्धी घोषणापत्रका उदेश्यहरू हासिल नभएसम्म, यस महासन्धिका व्यवस्थाहरूले अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूबाट वा संयुक्त संघ तथा यसका विशिष्टकृत निकायहरूबाट यी जनताहरूलाई प्रदान गरिएको निवेदन गर्ने अधिकारलाई कुनै पनि रूपमा सीमित गर्ने छैनन्।

२. (क) यस महासन्धिको धारा – ८ को प्रकरण १ अन्तगत स्थापित समितिले संयुक्त राष्ट्र संघ निकायहरू, जसले यस महासन्धिका सिद्धान्त र उद्देश्यहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषयहरूसँग र न्याय एवं गैर स्वशासित क्षेत्रहरू, जसमाथि महासभाको प्रस्ताव १५१४ (XV) लागू हुन्छ, का वासिन्दाहरूबाट निवेदनका प्रतिहरू ग्रहण गर्नेछ र त्यस्ता निवेदनहरूमा आफ्नो विचार र सिफारिसका अभिव्यक्तिहरू त्यस्ता निकाय समक्ष पेस गर्नेछ।

(ख) समितिले संयक्त संघका सक्षम निकायहरूबाट यस प्रकारको उप–प्रकरण (क) मा उल्लिखित इलाकाहरूभित्र प्रशासन गर्ने अधिकारीहरूबाट लागू गरिएका यस महासन्धिका सिद्धान्त तथा उद्देश्यहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित व्यवस्थापकीय, न्यायिक, प्रशासनिक वा अन्य उपायहरू सम्बन्धी प्रतिवदनका प्रतिहरू प्राप्त गर्नेछ र ती निकायहरूलाई राय तथा सिफारिस प्रदान गर्नेछ।

३. समितिले महासभामा पेस गर्ने आफ्नो प्रतिवेदनमा संयुक्त राष्ट्र संघका निकायहरूबाट आफूले प्राप्त गरेको निवेदन तथा प्रतिवेदनहरूको सारांश तथा ती निवेदन तथा प्रतिवेदनहरूसँग सम्बन्धित समितिको राय तथा सिफारिसहरू समेत समावेश गर्नेछ।

४. यस महासन्धिका उद्देश्यहरूसँग सम्बन्धित तथा यस धाराको प्रकरण २(क) मा उल्लिखित इलाकाहरू सम्बन्धी संयुक्त राष्ट्र संघका महासचिवसँग उपलब्ध सबै जानकारीका लागि समितिले निजलाई अनुरोध गर्नेछ।

**धारा १६**

यस महासन्धिका विवाद् र उजुरीहरूको समाधान सम्बन्धी व्यवस्थाहरू संयुक्त राष्ट्र संघ तथा यसका विशिष्टीकृत निकायहरूको दस्तावेजहरू वा सोबाट ग्रहण गरिएका महासन्धिहरूमा व्यवस्थित भेदभावसँग सम्बन्धित विवाद् वा उजुरीहरूको समाधान गर्न व्यवस्था गरिएका अन्य कार्यविधिहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी लागू गरिनेछ र यी व्यवस्थाहरूले पक्ष राष्ट्रहरूलाई आफूहरूबीच लागू रहेका सामान्य वा विशेष अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार विवाद्को समाधान गर्ने विषयमा अन्य कार्यविधिहरू अवलम्बन गर्न रोक लगाउने छैनन्।

**भाग ३**

**धारा १७**

१. संयुक्त राष्ट्र संघको कुनै सदस्य राष्ट्र वा यसको कुनै विशिष्टीकृत निकायहरू मध्ये कुनै निकायको सदस्यबाट, अन्तर्राष्टिय न्यायालयको विधानको कुनै पक्ष राष्ट्रबाट तथा संगुक्त राष्ट्र संघको महासभाबाट यस महासन्धिको पक्ष हुन आमन्त्रण गरिएको अन्य कुनै राष्ट्रबाट हस्ताक्षरको लागि यस महासन्धि खुला छ।

२. यो महासन्धि अनुमोदन गरिनु पर्नेछ। अनुमोदनको लिखित संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ।

**धारा १८**

१. यस महासन्धि यसै महासन्धिको धारा –१७, प्रकरण १ मा उल्लिखित कुनै राष्ट्रबाट सम्मिलनको लागि खुला हुनेछ।

२. सम्मिलनको लिखित संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरी सम्मिलन लागू गरिनेछ।

**धारा १९**

१. संयुक्त राष्ट्र संघको महासचिव समक्ष अनुमोदनको वा सम्मिलनको सत्ताइसौं लिखित दाखिला भएको मिति पछिको तीसौं दिनमा यस महासन्धि लागू हुनेछ।

२. अनुमोदन वा सम्मिलनको सत्ताइसौं लिसखत दाखिला भएपछि यस महासन्धि अनुमोदन गर्ने वा महासन्धिमा सम्मिलित हुने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रको अनुमोदन वा सम्मिलनको लिखत दाखिला भएको मिति पछिको तीसौं दिनमा यस महासन्धि लागू हुनेछ।

**धारा २०**

१. संयुक्त राष्ट्र संघको महासचिवले महासन्धि अनुमोदन वा सम्मिलन गर्दाको वखत राष्ट्रहरूबाट राखिएको आरक्षणहरू प्राप्त गरी यस महासन्धिका पक्ष भएका वा पक्ष हुन सक्ने सबै राष्ट्रहरूलाई वितरण गर्नेछ। आरक्षणमा विरोध गर्ने कुनै राष्ट्रले महासचिवलाई सो सूचना प्राप्तिको मितिबाट नब्बे दिनको अवधिभित्र आफूले सो आरक्षण स्वीकार नगर्ने कुरा जानकारी दिनेछ।

२. यस महासन्धिको उद्देश्य तथा प्रयोजन विपरितका आरक्षणहरू स्वीकार गरिने छैन। न त यस महासन्धिबाट स्थापित निकायहरू मध्ये कुनै निकायको संचालन अवरुद्ध गर्न सक्ने किसिमको आरक्षणलाई नै अनुमति दिइनेछ। यस महासन्धिका पक्ष राष्ट्रहरूका कम्तीमा दुई तिहाई पक्ष राष्ट्रहरूले कुनै आरक्षणको विरोध गरेमा त्यस्तो आरक्षणलाई असंगतपूर्ण वा अवरुद्धकारी मानिनेछ।

३. आरक्षणहरू महासचिवलाई सम्बोधन गरी दिइएको सो सम्बन्धी सूचनाद्वारा कुनै पनि समयमा फिर्ता लिन सकिनेछ। त्यस्तो सूचना प्राप्त भएको मितिदेखि लागू हुनेछ।

**धारा २१**

कुनै पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्नेछ। त्यस्तो परित्याग महासचिवले सूचना प्राप्त गरेको मितिबाट एकवर्ष पछि लागू हुनेछ।

**धारा २२**

यस महासिन्धको व्याख्या वा कार्यान्वयनका सम्बन्धमा दुई वा सो भन्दा बढी पक्ष राष्ट्रहरू बीचको कुनै विवाद् वार्ता वा यस महासन्धिमा स्पष्ट रूपमा व्यवस्था गरिएको कार्यविधिबाट समाधान हुन नसकेमा, झगडियाहरू समाधानको अर्को तरिकामा सहमत नभएमा विवाद्का पक्षहरू मध्ये कुनै एक पक्षको अनुरोधमा त्यस्तो विवादे निर्णयको लागि अन्तर्राष्ट्रिय न्यायालयमा पेस गरिनेछ।

**धारा २३**

१. यस महासन्धिको पुनरावलोकनको लागि कुनै पक्ष राष्ट्रले, कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरिएको लिखित सूचनाको माध्यमबाट अनुरोध गर्न सक्नेछ।

२. संयुक्त राष्ट्र संघको महासभाले त्यस्तो अनुरोधका सम्बन्धमा कुनै पाइलाहरू चाल्नु पर्ने भए सो सम्बन्धमा निर्णय लिनेछ।

**धारा २४**

संयुक्त राष्ट्र संघका सहासचिवले यस महासन्धिको धारा – १७ प्रकरण १ बमोजिमका सबै राष्ट्रहरूलाई देहायका कुराहरूको जानकारी दिनेछन्ः–

(क) धारा – १७ तथा १८ अन्तर्गतका हस्ताक्षर, अनुमोदन तथा सम्मिलनहरू,

(ख) धारा – १९क बमोजिम यस महासन्धि लागू भएको मिति,

(ग) धारा – १४, २० र २३ अन्तर्गत प्राप्त गरिएका सूचना तथा घोषणापत्रहरू,

(घ) धारा – २१ बमोजिम परित्यागहरू।

**धारा २५**

१. यो महासन्धि, जसका अरवी, चिनीया, अंग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनी प्रतिहरू समान रूपले प्रमाणिक छन्, संयुक्त राष्ट्र संघको अभिलेखालयमा दर्ता गरिनेछ।

२. संयुक्त राष्ट्र संघका महासचिवले महासन्धिको धारा – १७ को प्रकरण १ बमोजिमका वर्गहरू मध्ये कुनै वर्गका सबै राष्ट्रहरूलाई यस महासन्धिका प्रमाणित प्रतिहरू सम्प्रेषण गर्नेछन्।

## ७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (प्रतिज्ञापत्र), १९६६

यस प्रतिज्ञापत्रको मुख्य उद्देश्य यस प्रतिज्ञापत्रमा व्यवस्था गरिएका व्यक्ति तथा समूहका नागरिक तथा राजनीतिक अधिकारहरु विना भेदभाव समान रूपमा उपभोग गर्न पाउने अवस्था सृजना गर्नु रहेको छ। यो प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई संयुक्त रुपमा मानव अधिकार सम्बन्धी मुख्य अन्तर्राष्ट्रिय दस्तावेज (International Bill of Human Rights) पनि भनिन्छ।

महासभाको १६ डिसेम्बर १९६६ को पारित प्रस्ताव नम्बर २२०० ए (२१) वाट ग्रहण गरी उस्ता सम्मिलनको लागि खुला गरिएको। लागू भएको मितिः धारा ४९ अनुसार, २३ मार्च १९७६ तदनुसार १० चैत्र २०३२

**प्रस्तावना**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु,

संयुक्त राष्ट्र संघको बडापत्रमा उद्घोषण गरिएका सिद्धान्तहरु अनुरुप मानव परिवारका सम्पूर्ण सदस्यहरुमा अन्तरनिर्हित प्रतिष्ठा तथा समान र अविच्छिन्न अधिकारहरुको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको आधारशील भएको तथ्यलाई विचार गर्दै मानव व्यक्तिमा अन्तर्निहित प्रतिष्ठाबाट नै यी अधिकारहरु निःसृत हुने कुरालाई मान्यता दिँदै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुरुप भय तथा अभावबाट मुक्त भई नागरिक तथा राजनीतिक स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानव जातिको आदर्श प्रत्येक व्यक्तिले आफ्ना नागरिक तथा राजनीतिक अधिकारहरुका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सृजना गरेमा मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिँदै,

संयुक्त राष्ट्र संघको बडापत्र अन्तर्गत मानव अधिकार तथा स्वतन्त्रताहरुको विश्वव्यापी सम्मान र पालनालाई प्रवद्धन गर्ने राष्ट्रहरुको दायित्वलाई विचार गर्दै,

अन्य व्यक्तिहरु तथा आफ्नो समुदाय प्रति कर्तव्य भएको व्यक्तिको यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारको प्रवर्द्धन र पालनाको लागि प्रयत्न गर्ने उत्तरदायित्व भएको कुरा महसुस गर्दै,

देहायका धाराहरुमा सहमत भएका छन्:

**भाग १**

**धारा १**

१. सम्पूर्ण जनताहरुलाई आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारको कारणबाट नै उनीहरु स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्दछन्।

२. सम्पूर्ण जनताहरुले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्टिय काननमा आधारित अन्तराष्ट्रिय सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृति सम्पति र स्रोतहरु स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्ने छन्। कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन।

३. गैर स्वशासित तथा न्यास इलाकाहरुको प्रशासन गर्ने उत्तरदायित्व भएका पक्ष राष्ट्रहरु लगायत प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले आत्म निर्णयको अधिकारको प्राप्ति प्रवर्धन गर्ने र संयुक्त राष्ट्र संघको बडापत्रका व्यवस्थाहरु अनुरुप सो अधिकारको सम्मान गर्नेछन् ।

**भाग २**

**धारा २**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु आफ्ना रहेका सबै व्यक्तिहरुलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति सम्पति जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभावविना प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरुको सम्मान र सुनिश्चितता प्रदान गर्ने प्रतिज्ञा गर्दछन् ।

२. विद्यमान कानूनी वा अन्य उपायहरुबाट व्यवस्था भई नसकेको अवस्थामा प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्र आफ्नो संवैधानिक प्रक्रिया र प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरु अनुरूप प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारहरुलाई प्रभावकारी बनाउन आवश्यक कानूनी वा अन्य उपायहरु ग्रहण गर्न आवश्यक कदमहरु चाल्ने प्रतिज्ञा गर्दछ ।

३. प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्रले निम्न कुराको प्रतिज्ञा गर्दछन्;
   (क) सरकारी हैसियतमा काम गर्ने व्यक्तिहरुबाटै उल्लंघन भएको भए तापनि प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका आफ्ना अधिकार तथा स्वतन्त्रताहरु उल्लंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने,
   (ख) सक्षम न्यायिक, प्रशासनिक वा व्यवस्थापकीय अधिकारीहरु वा सो राष्ट्रको कानून प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा त्यस्तो उपचार दावी गर्ने कुनै पनि व्यक्तिको अधिकार निर्धारण गरी पाउने कुरा सुनिश्चित गर्ने र न्यायिक उपचारका सभावनाहरुको विकास गर्ने,
   (ग) त्यस्ता उपचारहरु प्रदान गरिएमा सक्षम अधिकारीहरुले ती उपचारहरू लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

**धारा ३**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित सम्पूर्ण नागरिक तथा राजनीतिक अधिकारहरुको उपभोग गर्न पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछन् ।

**धारा ४**

१. राष्ट्रको अस्तित्व खलल पार्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारिक रुपमा घोषणा गरिएको समयमा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म मात्र प्रस्तुत प्रतिज्ञापत्र अन्तर्गतका आफ्ना दायित्वहरु न्यून गर्ने उपायहरु अवलम्बन गर्न सक्नेछन् । तर त्यस्ता उपायहरु अन्तर्राष्ट्रिय कानून अन्तर्गत त्यस्ता राष्ट्रहरुका अन्य दायित्वहरुको प्रतिकूल हुनु हुँदैन र जाति, वर्ण, लिंग, भाषा, धर्म वा सामाजिक उत्पत्तिका आधारमा मात्रै भेदभाव गर्ने कुरा त्यस्ता उपायहरुमा समावेश भएको हुनु हुँदैन ।

२. यो व्यवस्था अन्तर्गत धारा ६, ७, ८ (प्रकरण १ र २, ११, १५, १६ तथा १८ लाई न्यून गर्न सकिने छैन ।

३. न्यून गर्ने अधिकारको उपयोग गर्ने प्रस्तुत प्रतिको कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिव राष्ट्रमार्फत आफूले न्यून गरेका व्यवस्थाहरु र त्यसरी न्यून कारणहरुको जानकारी तुरुन्त प्रतिज्ञापत्रका अन्य पक्ष राष्ट्रहरुलाई दिने छ । त्यस्तो

पक्ष राष्ट्र आफूले यस्तो न्यूनता अन्त्य गरेको मिति सम्बन्धी अर्को सूचना पनि संयुक्त राष्ट्र संघका महासचिव मार्फत दिनेछ।

**धारा ५**

१. कुनै पनि राष्ट्र, समूह वा व्यक्तिलाई प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका कुनै पनि अधिकार तथा स्वतन्त्रता नष्ट गर्ने वा ती अधिकारलाई प्रस्तुत प्रतिज्ञापत्रमा व्यवस्था भए भन्दा बढी मात्रामा सीमित गर्ने उद्देश्य भएको कुनै पनि कृयाकलापमा संलग्न हुने वा काम गर्न पाउने अर्थ आउने गरी प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित कुनैपनि कुराको व्याख्या गर्न सकिने छैन।

२. प्रस्तुत प्रतिज्ञापत्रले स्वीकार नगरेका वा कम मात्रामा स्वीकार गरेका भन्ने बहानामा कानून, महासन्धिहरु, नियमहरु वा परम्पराका आधारमा प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि पक्ष राष्ट्रमा स्वीकार गरिएका वा विद्यमान रहेका कुनै पनि मौलिक मानव अधिकार उपरको कुनै पनि नियन्त्रण वा सोको कुनै पनि न्यूनतालाई गरिनेछैन।

**भाग ३**

**धारा ६**

१. प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार छ। कानूनद्वारा यस अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारी रुपले कसैको पनि जीवन हरण गरिने छैन।

२. मृत्युदण्डको उन्मूलन नगरेका देशहरुमा, अपराध गर्दाको समयमा लागू रहेको कानून अनुसार र प्रतिज्ञापत्रका व्यवस्थाहरु तथा जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धिका व्यवस्थाहरू विपरित नहुने गरी ज्यादै गम्भिर अपराधहरुमा मात्रै मृत्युदण्ड दिन सकिनेछ। सक्षम अदालतले गरेको अन्तिमनिर्णय अनुसार मात्रै यस्तो दण्ड कार्यान्वयन गर्न सकिनेछ।

३. जीवनहरण जाति हत्याको अपराध मानिने अवस्थामा, यस धारामा उल्लिखित कुनै पनि कुराले प्रस्तु प्रतिज्ञापत्रको कुनै पनि पक्ष राष्ट्रलाई जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि अन्तर्गत ग्रहण गरिएको कुनै पनि दायित्वलाई कुनै पनि किसिमले न्यून गर्ने अधिकार प्रदान गर्ने छैन भन्ने कुरा बुझिन्छ।

४. मृत्युदण्डको सजाय पाएको कुनै पनि व्यक्तिलाई सजायबाट माफी वा दण्ड कटौतिको माग गर्ने अधिकार हुनेछ। सबै मुद्दाहरुमा माफी दिन, क्षमादान दिन वा मृत्युदण्डको सजायलाई कम गर्न सकिनेछ।

५. अठार वर्ष मुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिइने छैन तथा गर्भवती महिलाहरु उपर यस्तो दण्ड कार्यान्वयन गरिने छैन।

६. प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि पक्ष राष्ट्रले मृत्युदण्ड उन्मूलनमा बिलम्व गर्न वा त्यस्तो उन्मूलनमा रोक लगाउन यस धाराको कुनै पनि कुराको आधार लिन पाउने छैन।

**धारा ७**

कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। खासगरी कसैलाई स्वतमजुरी विना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।

**धारा ८**

१. कसैलाई पनि दासत्वमा राखिने छैन, सबै किसिमका दासत्व तथा दास व्यापारलाई निषेध गरिनेछ ।

२. कसैलाई पनि चाकरीमा राखिने छैन ।

३. (क) कसैलाई पनि मनपूर्वक वा अनिवार्य श्रम गर्न लगाइने छैन,

(ख) कुनै अपराधको दण्ड सजायका रुपमा कठोर श्रम सहितको कैद लागू गर्न सकिने देशहरुमा सक्षम अदालतले निर्णय गरेको दण्ड कार्यान्वयन गर्ने क्रममा कठोर श्रम गराउन प्रकरण ३ (क) ले रोक लगाएको मानिने छैन,

(ग) यस प्रकरणको उद्देश्यको लागि 'बलपूर्वक वा अनिवार्य श्रम" भन्ने शब्दले निम्न कुरा जनाउने छैन;

(१) अदालतको कानूनी आदेशले थुनामा रहेको कुनै पनि व्यक्तिले गर्नुपर्ने वा यस्तो थुनाबाट सशर्त छुटेको अवधिभर कुनै व्यक्तिले साधारणतया गर्नुपर्ने उपप्रकरण (ख) मा उल्लेख नगरिएको कुनै काम वा सेवा,

(२) सैनिक चरित्रको कुनै सेवा वा चेतनागत विरोध स्वीकार गरिएका देशहरुमा, चेतनागत विरोधकर्ताहरुले कानून बमोजिम गर्नुपर्ने कुनै राष्ट्रिय सेवा,

(३) समुदायको जीवन वा कल्याणलाई खतरा पुऱ्याउने संकटकालिन अवस्था वा दैवी प्रकोपका समयमा बलपूर्वक लिइएको कुनैपनि सेवा,

(४) सामान्य नागरिक दायित्वको अंगको रुपमा रहेको कुनै काम वा सेवा ।

**धारा ९**

१. प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ । कसैलाई पनि स्वेच्छाचारी रुपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन । कानून बमोजिम निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन ।

२. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारण सहितको सूचना दिइने र निज विरुद्ध लगाइएको आरोपको जानकारी छिटो भन्दा छिटो दिइनेछ ।

३. कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधिश वा कानूनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकार प्राप्त अधिकारी समक्ष छिटो भन्दा छिटो उपस्थित गराइनेछ र त्यस्तो व्यक्तिलाई मुनासिव समयभित्र सुनुवाइ गरी पाउने वा छुट्कारा पाउने अधिकार हुनेछ । सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुने छैन तर निजको रिहाई भने न्यायिक कारवाहीको अन्य कुनै पनि चरणको सुनुवाइमा उपस्थित हुने जमानत र अवस्था उत्पन्न भएमा फैसला कार्यन्वयन गर्नका लागि जमानत धरौटीको अधीनमा रहन सक्नेछ ।

४. पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालत समक्ष कारवाही थालनी गर्न पाउनेछ ताकि सो अदालतले बिलम्ब नगरी निजको थुनाको वैधताको सम्बन्धमा निर्णय गर्न र थुना कानूनी नभएमा निजलाई रिहाई गर्न आदेश दिन सकोस् ।

५. गैरकानूनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई कार्यान्वयन गर्न सकिने क्षतिपूर्तिको अधिकार हुनेछ ।

**धारा १०**

१. स्वतन्त्रताको अपहरण गरिएका सबै व्यक्तिहरुलाई मानवीय रुपले तथा मानिसको अन्तरनिहित प्रतिष्ठा प्रति सम्मान गर्ने किसिमले व्यवहार गरिनेछ ।

२. (क) अपवादजनक परिस्थितिहरुमा बाहेक अभियुक्तहरुलाई अपराधीहरु (सजाय पाएका व्यक्तिहरु)बाट अलग राखिने र सजाय नपाएका व्यक्तिहरुको हैसियतले तिनीहरुको अवस्था सुहाउँदो पृथक व्यवहार गरिने छ ।

(ख) बाल अभियुक्तहरुलाई वयस्कहरुबाट अलग राखिने र जतिसक्दो चाँडो तिनीहरुको मुद्दा छिन्न लगाइने छ ।

३. बन्दी सुधार प्रणालीमा कैदीहरुको सुधार तथा सामाजिक पुनर्स्थापना प्रमुख उद्देश्य भएको उनीहरु प्रतिको व्यवहार समावेश हुनेछ । बाल अपराधीहरुलाई वयस्कहरुबाट अलग राखिने र उनीहरुको उमेर तथा कानूनी अवस्था सुहाउँदो व्यबहार गरिनेछ ।

**धारा ११**

कुनै करारीय दायित्व पूरा गर्न नसकेको आधारमा मात्रै कसैलाई पनि थुनामा राखिने छैन ।

**धारा १२**

१. कुनै राष्ट्रको ईलाकाभित्र कानूनी रुपमा रहेको प्रत्येक व्यक्तिलाई सो ईलाकाभित्र आवतजावत गर्ने स्वतन्त्रता तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुनेछ ।

२. प्रत्येक व्यक्ति आफ्नो देश लगायत कुनै पनि देश छोड्न स्वतन्त्र हुनेछ ।

३. माथि उल्लिखित अधिकारहरुमा कानून बमोजिम लगाइएका, राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनि स्वास्थ्य वा नैतिकता वा अरुको अधिकार तथा स्वतन्त्रताहरुको संरक्षण गर्न आवश्यक तथा प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकार गरिएका अन्य अधिकारहरु अनुकुल हुने प्रतिबन्धहरु बाहेक कुनै पनि प्रतिबन्धहरु लगाइने छैन ।

४. कुनै पनि व्यक्तिलाई आफ्नो देशभित्र प्रवेश गर्न पाउने अधिकारबाट स्वेच्छाचारी रुपमा वञ्चित गरिने छैन ।

**धारा १३**

प्रस्तुत प्रतिज्ञापत्रको कुनै पक्ष राष्ट्रको ईलाकामा कानूनी रुपमा रहेको कुनै पनि विदेशीलाई कानून बमोजिम गरिएको निर्णय अनुरुप मात्रै त्यहाँबाट निष्काशन गर्न सकिनेछ र राष्ट्रिय सुरक्षाको वाध्यात्मक कारणबाट अन्यथा गर्नुपर्ने भएमा बाहेक निजले आफ्नो निष्काशन विरुद्ध कारणहरु पेश गर्न, आफ्नो मुद्दा सक्षम अधिकारीबाट वा सक्षम अधिकारीबाट विशेष रुपमा तोकिएको कुनै व्यक्ति वा व्यक्तिहरुबाट पुनरावलोकन गराउन तथा सो प्रयोजनको लागि त्यस्तो अधिकारी वा व्यक्ति वा व्यक्तिहरु समक्ष आफ्नो प्रतिनिधित्व गराउन पाउनेछ ।

**धारा १४**

१. सबै व्यक्तिहरु अदालत तथा न्यायाधिकरणको अगाडि समान हुनेछन् । कुनै व्यक्ति विरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै मुद्दामा निजको अधिकार तथा दायित्वहरुको निर्धारण गर्दा निजलाई कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाइ गराई पाउने अधिकार हुनेछ । लोकतान्त्रिक

समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरुको व्यक्तिगत जीवनको हितमा त्यसो गर्नु पर्ने भएमा वा विशेष परिस्थितिमा सार्वजनिक गर्दा न्यायको हितमा प्रतिकूल प्रभाव पर्न सक्छ भन्ने कुरा अदालतलाई लागेमा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाइ वा त्यसको कुनै अंशमा प्रेस तथा सर्वसाधारण जनताको प्रवेशमा रोक लगाउन सकिनेछ । तर बालकालिकाहरुको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारवाहीहरु वैवाहिक विवाद वा बालवालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै पनि फौजदारी मुद्दामा वा कानूनी मुद्दामा गरिएका फैसलाहरु भने सार्वजनिक गरिनेछ ।

२. फौजदारी कसूरको आरोप लागेका प्रत्येक व्यक्तिलाई कानून बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुनेछ ।

३. प्रत्येक व्यक्ति विरुद्धको कनै पनि फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहाय बमोजिमका न्यूनतम प्रत्याभूतिहरु पाउने अधिकार हुनेछ;

(क) आफू बिरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझने भाषामा छिटो भन्दा छिटो र विस्तृत रूपमा जानकारी पाउने,

(ख) आफ्नो प्रतिरक्षाको तयारी गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह गर्न पाउने,

(ग) अनुचित विलम्व विना सुनुवाइ गरी पाउने ।

(घ) आफ्नो उपस्थितिमा सुनुवाइ हुने, तथा आफू स्वयंले वा आफूले रोजेको कानूनी सहायता मार्फत प्रतिरक्षा गर्ने, कानूनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानूनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोको लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानूनी सहायता पाउने,

(ङ) आफू विरुद्धका साक्षीहरु परीक्षण गर्ने वा परीक्षण गरी पाउने, र आफू विरुद्धका साक्षीहरुकै जस्तो समान अवस्थाहरुमा आफ्नो तर्फका साक्षीहरुको उपस्थिति र परीक्षण गरी पाउने,

(च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने,

(छ) आफ्नो विरुद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाउने,

४. बालकालिकाहरुको हकमा निजहरुको उमेर तथा पुनर्स्थापना प्रवर्द्धन गर्ने वाञ्छनीयतालाई मध्यनजर राख्ने किसिमका कार्यविधिहरुको व्यवस्था हुनेछन् ।

५. अपराधमा सजाय पाएका प्रत्येक व्यक्तिलाई कानून बमोजिम कुनै उच्च न्यायाधिकरणबाट आफ्नो सजाय तथा दण्ड पुनरावलोकन गराई पाउने अधिकार हुनेछ ।

६. अन्तिम निर्णयबाट कुनै व्यक्तिले फौजदारी कसूरमा सजाय पाएको र पछि गएर नयाँ वा हालै पत्ता लागेको तथ्यबाट बेइन्साफ भएको कुरा निर्विवाद रुपमा पुष्टि भएको भन्ने आधारमा निजको सजाय उल्टाईएको वा निजलाई माफी दिएको अवस्थामा पूर्ण व आंशिक रुपमा निजको कारणबाट अज्ञात तथ्यहरु समयमै पत्ता लाग्न नसकेको कुरा प्रमाणित भएकोमा बाहेक त्यस्तो सजायको परिणाम स्वरूप दण्ड सजाय भोगेको त्सतो व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ ।

७. कुनै पनि व्यक्तिलाई कुनै कसूरमा प्रत्येक देशको कानून र दण्ड कार्यविधि अनुसार अन्तिम सजाय दिइसकेपछि वा सोबाट निजले छुट्कारा पाइसकेपछि सोही कसूरमा निज विरुद्ध पुनःमुद्दा चलाउन वा निजलाई दण्ड दिन पाइने छैन ।

**धारा १५**

१. कुनै कार्य वा त्रुटि गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानून अन्तर्गत त्यस्तो कार्य वा त्रुटि फौजदारी कसूर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यसतो कार्य वा त्रुटिका लागि कुनै पनि फौजदारी कसूरको दोषी बनाइने छैन न त फौजदारी कसूर गर्दाका बखत प्रचलित सजाय भन्दा बढी नै सजाय गरिनेछ। कसूर गरेको समय पछि कानूनद्वारा कम सजायको व्यवस्था गरिएकोमा कसूरवारलाई सोको फाइदा प्राप्त हुनेछ।

२. राष्ट्रहरूको समुदायबाट स्वीकृत कानूनका सामान्य सिद्धान्त अनुसार कुनै कार्य वा त्रुटि गर्दा अपराध मानिने त्रुटि वा कार्यका लागि कुनै व्यक्तिको सुनुवाइ वा सजायलाई यस धारामा उल्लिखित कुनै पनि कुराले प्रतिकूल प्रभाव पार्ने छैन।

**धारा १६**

प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानूनको अगाडि व्यक्तिको रुपमा मान्यता पाउने अधिकार हुनेछ।

**धारा १७**

१. कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैरकानूनी आक्रमण नै गरिने छ।

२. प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनको संरक्षण पाउने अधिकार हुनेछ।

**धारा १८**

१. प्रत्येक व्यक्तिलाई विचार, विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा आफुले धर्म वा आस्था अवलम्बन वा ग्रहण गर्ने स्वतन्त्रता र व्यक्तिगत रुपमा वा अरुसँग मिलेर तथा सार्वजनिक वा निजी रुपमा पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रता समेत समावेश हुनेछ।

२. कुनै पनि व्यक्तिलाई आफूले रोजेको धर्म वा आस्था अवलम्बन वा ग्रहण गर्ने निजको स्वतन्त्रतामा आघात पुऱ्याउन सक्ने कुनै पनि करकापमा पारिने छैन।

३. आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रतामा कानूनद्वारा तोकिएका र सार्वजनिक सुरक्षा, स्वास्थ्य वा नैतिकता वा अरुको मौलिक अधिकार र स्वतन्त्रताहरुको संरक्षण गर्न आवश्यक प्रतिबन्धहरु मात्र लगाउन सकिनेछ।

४. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले आफ्नो आस्था अनुकूल हुने गरी आफ्ना बालबालिकाको धार्मिक तथा नैतिक शिक्षा सुनिश्चित गर्ने मातापिताको तथा लागू हुने अवस्थामा कानूनी संरक्षकहरुको स्वतन्त्रतालाई सम्मान गर्ने प्रतिज्ञा गर्दछन्।

**धारा १९**

१. प्रत्येक व्यक्तिलाई विना हस्तक्षेप आफ्ना विचारहरु राख्न पाउने अधिकार हुनेछ।

२. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ । सीमाको बन्देज विना, मौखिक, लिखित वा मुद्रित रुपमा वा कलात्मक रुपमा वा निजको आफ्नो छनौटको अन्य कुनै माध्यम मार्फत सबै किसिमका सूचना र विचारहरु प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेत यस अधिकारमा समावेश हुनेछन् ।

३. यस धाराको प्रकरण २ मा व्यवस्था गरिएका अधिकारहरुको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरु समेत निहित हुन्छन् । तसर्थ यो अधिकार केही निश्चित प्रतिबन्धहरुको अधीनमा हुन सक्नेछ । तर यस्ता प्रतिबन्धहरु कानूनद्वारा व्यवस्था गरिएको र देहायका कुराको लागि आवश्यक भएको हुनुपर्छ;

(क) अरुको अधिकार वा प्रतिष्ठाको सम्मान,

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण

**धारा २०**

१. युद्धको लागि कुनै पनि प्रचार कानूनबाट निषेधित गरिनेछ ।

२. भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालतलाई कानूनबाट निषेधित गरिनेछ ।

**धारा २१**

शान्तिपूर्वक भेला हुने अधिकारलाई स्वीकार गरिनेछ । यस अधिकारको प्रयोगमा कानून बमोजिम लगाइएका र लोकतान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताहरुको संरक्षणको लागि आवश्यक प्रतिबन्धहरु बाहेक अन्य कुनै पनि प्रतिबन्धहरु लगाउन पाइने छैन ।

**धारा २२**

१. प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणको लागि ट्रेड युनियनहरु खोल्ने र त्यसमा सम्मिलित हुने अधिकार लगायत अरु व्यक्तिहरुसँग संगठनको स्वतन्त्रताको अधिकार हुनेछ ।

२. यस अधिकारको प्रयोगमा कानून बमोजिम लगाइएका र लोकतान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताहरुको संरक्षणको लागि आवश्यक प्रतिबन्धहरु बाहेक अन्य कुनै पनि प्रतिबन्धहरु लगाउन पाइने छैन । सैनिक बलका सदस्यहरु तथा प्रहरीका सदस्यहरुबाट यस अधिकारको प्रयोग गर्दा निजहरु उपर कानूनी प्रतिबन्धहरु लगाउन यस धाराले रोक लगाउने छैन ।

३. यस धाराको कुनै पनि कुराले संघको स्वतन्त्रता तथा संगठन गर्ने अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको सन् १९४८ को महासन्धिका पक्ष राष्ट्रहरुलाई सो महासन्धिमा व्यवस्था गरिएका प्रत्याभूतिहरुलाई प्रतिकूल प्रभाव पार्ने कानूनी उपायहरु अपनाउन वा त्यस्तो प्रभाव पार्ने गरी कानून लागू गर्न अख्तियारी दिने छैन ।

**धारा २३**

१. परिवार समाजको प्राकृतिक तथा मौलिक समूह एकाइ हो र परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउनेछ ।

२. विवाह योग्य उमेरका पुरुष तथा महिलाको विवाह गर्ने र परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिनेछ ।

३. इच्छुक वरवधुको स्वतन्त्र तथा पूर्ण मञ्जुरी विना विवाह सम्पन्न गरिने छैन ।

४. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले विवाह सम्बन्धमा, विवाह अवधिभर वा विवाहको विच्छेदको समयमा वर वधुहरुको अधिकार र उत्तरदायित्वहरुको समानता सुनिश्चित गर्न समुचित कदमहरु चाल्ने छन् । सम्बन्ध विच्छेद भएको खण्डमा बालबालिकाको आवश्यक संरक्षणको लागि व्यवस्था गरिनेछ ।

**धारा २४**

१. प्रत्येक बालबालिकालाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति आधारमा गरिने कुनै पनि भेदभाव विना निज नाबालक भएको हैसियतबाट आवश्यक संरक्षणका अधिकार परिवार, समाज तथा राष्ट्रबाट प्राप्त हुनेछ ।

२. प्रत्येक बालबालिकालाई जन्मेपछि तत्कालै दतां गरिने र निजको नाम राखिनेछ ।

३. प्रत्येक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ ।

**धारा २५**

प्रत्येक नागरिकलाई धारा २ मा उल्लेख गरिएका कुनै पनि भेदभाव विना तथा अनुचित प्रतिबन्धहरु देहायको कुराको अधिकार तथा अवसर प्राप्त हुनेछ;

(क) प्रत्यक्ष रुपमा वा स्वतन्त्र रुपमा छानिएका प्रतिनिधिहरु मार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने,

(ख) सर्वव्यापी तथा समान मताधिकारबाट र गोप्य मतदानबाट मतदाताहरुको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने वास्तविक आवधिक निर्वाचनहरुमा मतदान गर्ने र निर्वाचित हुने,

(ग) आफ्नो देशमा समानताका सामान्य शर्तहरुमा सार्वजनिक सेवामा पहुंच प्राप्त गर्ने ।

**धारा २६**

सबै व्यक्तिहरु कानूनको दृष्टिमा समान छन् र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणका हकदार छन् । सम्बन्धमा कानूनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरुलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनी वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेद विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिनेछ ।

**धारा २७**

सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकहरु विद्यमान रहेका राष्ट्रहरुमा त्यस्ता अल्पसंख्यकका आफ्ना समूहका अन्य व्यक्तिहरुलाई सदस्यहरुसँग मिली आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको प्रचार तथा अभ्यास गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट बञ्चित गरिने छैन ।

**भाग ४**

**धारा २८**

१. मानव अधिकार समिति (प्रस्तुत प्रतिज्ञापत्रमा यसपछि 'समिति' भनिएको) को स्थापना गरिने छ । यस समितिमा अठार सदस्यहरू रहने र यसले यसपछि व्यवस्था गरिएका कामहरु गर्नेछ ।

२. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुका उच्च नैतिक चरित्र भएका र मानव अधिकारको क्षेत्रमा सक्षमता स्वीकार गरिएका नागरिकहरुबाट समिति गठन हुनेछ । यसरी गठन गर्दा कानूनी अनुभव भएका केही व्यक्तिहरुको भागिताको उपयोगितालाई समेत ध्यान दिइनेछ ।

३. समितिका सदस्यहरु निर्वाचित हुने र निजहरुले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् ।

**धारा २९**

१. धारा २८ मा तोकिएको योग्यता भएका र सो प्रयोजनको लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले मनोनित गरेका व्यक्तिहरुको सूचिबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरु निर्वाचित हुनेछन् ।

२. प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्रले बढीमा दुई जना व्यक्तिहरु मनोनयन गर्न सक्नेछ । यी व्यक्तिहरु मनोनयन गर्ने राष्ट्रका नागरिकहरु हुनेछन् ।

३. कुनै पनि व्यक्ति पुनः मनोनित हुन योग्य हुनेछ ।

**धारा ३०**

१. प्रस्तुत प्रतिज्ञापत्र लागू भएको मितिले ६ महिना भित्रै प्रारम्भिक निर्वाचन गरिनेछ ।

२. धारा ३४ अनुसार घोषित रिक्त पद पूर्ति गर्ने निर्वाचन बाहेक समितिको प्रत्येक निर्वाचनको मिति भन्दा कम्तिमा चार महिना अगावै संयुक्त राष्ट्र संघका महासचिवले प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुलाई तीन महिनाभित्र समितिको सदस्यताको लागि आ-आफ्ना मनोनयनहरु पेश गर्न आमन्त्रण गर्दै पत्र पठाउने छन् ।

३. संयुक्त राष्ट्र संघका महासचिवले यसरी मनोनित सबै व्यक्तिहरुको वर्णानुक्रम अनुसारको र निजहरुलाई मनोनयन गर्ने पक्ष राष्ट्रहरुको नाम समेत जनिएको सूची तयार पारी सो सूची प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुलाई प्रत्येक निर्वाचनको मिति भन्दा एक महिना अगाडि पठाउने छन् ।

४. संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा संयुक्त राष्ट्र संघका महासचिवले आयोजना गरेको प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुको बैठकमा समितिका सदस्यहरुको निर्वाचन हुनेछ । यस बैठकमा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुमध्ये दुई तिहाईको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ । बैठकमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरुका प्रतिनिधिहरुको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने मनोनित व्यक्तिहरु समितिको सदस्यमा निर्वाचित भएको मानिने छ ।

**धारा ३१**

१. समितिमा एउटै राष्ट्रको एकजना भन्दा बढी नागरिक समावेश हुनसक्ने छैन।

२. समितिको निर्वाचनमा सदस्यताको समन्यायिक भौगोलिक वितरण तथा सभ्यताका विभिन्न रुपहरुको र प्रमुख कानूनी प्रणालीहरूको प्रतिनिधिलाई ध्यान दिइनेछ।

**धारा ३२**

१. समितिका सदस्यहरु चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन्। पुनः मनोनयन भएमा उनीहरु पुनः निर्वावनको लागि योग्य हुनेछन्। तर पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरुमध्ये नौ जना पदावधि दुई वर्षमा समाप्त हुनेछ। पहिलो निर्वाचन भएको लगते पछि धारा ३० को प्रकरण ४ बमोजिमको बैठकको अध्यक्षले यी नौ जना सदस्यहरुको नाम गोला प्रथा द्वारा छनोट गर्नेछन्।

२. पदावधि समाप्त भएपछि प्रस्तुत प्रतिज्ञापत्रको यस भागका अधिल्ला धाराहरु अनुसार निर्वाचन गरिने छ।

**धारा ३३**

१. अस्थायी प्रकृतिको अनुपस्थिति बाहेक अन्य कुनै पनि कारणबाट समितिको कुनै सदस्यले कार्य गर्न कुरामा अन्य सदस्यहरुको सर्वसम्मति भएमा समितिका अध्यक्षले संयुक्त राष्ट्र संघका महासचिवलाई सोको सूचना दिनेछन् र महासचिवले त्यसपछि सो सदस्यको स्थान रिक्त भएको घोषणा गर्नेछन्।

२. समितिको कुनै सदस्यको मृत्यु भएमा वा कुनै सदस्यले राजीनामा दिएमा अध्यक्षले तुरुन्त राष्ट्र संघको महासचिवलाई सो कुराको सूचना दिनेछन् र महासचिवले मृत्यु भएको मिति वा राजिनामा मितिदेखि सो स्थान रिक्त भएको घोषणा गर्नेछन्।

**धारा ३४**

१. धारा ३३ अनुसार रिक्त स्थान घोषणा भएमा र रिक्त स्थानको घोषणा भएको छ महिनाभित्र गरिने सदस्यको पदावधि समाप्त हुँदैन भने संयुक्त राष्ट्र संघका महासचिवले प्रस्तुत प्रति प्रत्येक पक्ष राष्ट्रलाई सोको सूचना दिनेछन्। रिक्त स्थान पूर्ति गर्ने प्रयोजनका लागि धारा २९ राष्ट्रहरुले दुई महिनाभित्र मनोनयनहरु पेश गर्न सक्नेछन्।

२. संयुक्त राष्ट्र संघका महासचिवले यसरी मनोनित व्यक्तिहरुको वर्णानुक्रम अनुसारको सूची तयार पारी प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुलाई पठाउने छन्। त्यसपछि प्रस्तुत प्रतिज्ञापत्रको यस भागका सम्बद्ध व्यवस्था अनुसार रिक्त स्थान पूर्ति गर्न निर्वाचन गरिनेछ।

३. धारा ३२ अनुसार घोषणा गरिएको रिक्त स्थान पूर्ति गर्न निर्वाचित भएको समितिको सदस्यले सो धाराको अन्तर्गत समितिको स्थान रिक्त गराउने सदस्यको बाँकी पदावधिको लागि पदभार ग्रहण गर्नेछ।

**धारा ३५**

संयुक्त राष्ट्र संघको महासभाको स्वीकृतिले समितिका सदस्यहरुले समितिको उत्तरदायित्वको महत्व विचार गरी महासभाले निर्धारण गरेको शर्त तथा अवस्थाहरुमा संयुक्त राष्ट्र संघको स्रोतबाट पारिश्रमिक पाउने छन् ।

**धारा ३६**

संयुक्त राष्ट्र संघका महासचिवले प्रस्तुत प्रतिज्ञापत्र अन्तर्गत समितिले गर्नुपर्ने काम प्रभावकारी रुपले सम्पादन गर्नको लागि आवश्यक कर्मचारी र सुविधाहरु उपलब्ध गराउने छन् ।

**धारा ३७**

१. संयुक्त राष्ट्र संघका महासचिवले समितिको प्रारम्भिक बैठक संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा आयोजना गर्नेछन् ।

२. प्रारम्भिक बैठक पछि समितिको कार्यविधि सम्बन्धी नियममा व्यवस्था गरे बमोजिमको समयहरुमा समितिको बैठक बस्नेछ ।

३. सामान्यतया समितिको बैठक संयुक्त राष्ट्र संघको प्रधान कार्यालय वा जेनेभास्थित संयुक्त राष्ट्र संघको कार्यालयमा बस्नेछ ।

**धारा ३८**

समितिको प्रत्येक सदस्यले आफ्नो पदभार ग्रहण गर्नु पूर्व आफ्नो कार्य निष्पक्ष रुपमा र विवेकपूर्वक सम्पादन गर्नेछु भनि खुला समितिमा पवित्र घोषणा गर्नेछन् ।

**धारा ३९**

१. समितिले दुई वर्षको पदावधिको लागि आफ्ना पदाधिकारीहरु निर्वाचित गर्नेछ । उनीहरु पुनः निर्वाचित हुन सक्नेछन् ।

२. समितिले आफ्नो कार्यविधि सम्बन्धी नियमहरु आफै निर्धारण गर्नेछ । तर यी नियमहरुले अन्य कुराका अतिरिक्त देहायका कुराहरुको व्यवस्था गर्नेछन्:

(क) बाह्र जना सदस्यहरुले गणपूरक संख्या पुग्ने,

(ख) समितिका निर्णयहरु उपस्थित सदस्यहरुको बहुमतबाट गरिने ।

**धारा ४०**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले यस प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरुलाई प्रभावकारी बनाउन आफूले ग्रहण गरेका उपायहरु तथा ती अधिकारहरुको उपभोगमा गरिएका प्रगति सम्बन्धी प्रतिवेदन पेश गर्ने प्रतिज्ञा गर्दछन्:

**(क)** सम्बन्धित पक्ष राष्ट्रहरुको हकमा प्रस्तुत प्रतिज्ञापत्र लागू भएको एक वर्षभित्र,

**(ख)** त्यसपछि, समितिले सोको लागि अनुरोध गरेको बखत ।

२. सबै प्रतिवेदनहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष पेश गरिने र निजले त्यस्ता प्रतिवेदनहरु विचारका लागि समितिमा पठाउनेछन् । प्रस्तुत प्रतिज्ञापत्रको कार्यान्वयनमा असर पार्ने कुनै तत्व वा कठिनाइहरु भए सो समेत प्रतिवेदनहरुमा उल्लेख गरिनेछ ।

३. समितिसँग परामर्श गरी संयुक्त राष्ट्र संघका महासचिवले विशिष्टीकृत निकायहरुका कार्यक्षेत्रभित्र पर्ने प्रतिवेदनका अंशहरुका सम्बन्धित प्रतिहरु सम्बन्धित विशिष्टीकृत निकायहरुलाई पठाउन सक्नेछन् ।

४. समितिले प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु पेश गरिएका प्रतिवेदनहरूको अध्ययन गर्नेछ ।यसले आफ्ना प्रतिवेदनहरु तथा आफूले उचित ठानेका सामान्य टिप्पणीहरु पक्ष राष्ट्रहरुलाई पठाउने छ । समितिले प्रस्तुत प्रतिज्ञापत्रका राष्ट्रहरुबाट प्राप्त गरेको प्रतिवेदनका प्रतिहरु संगै यी टिप्पणीहरु आर्थिक तथा सामाजिक परिषद्लाई पनि पठाउन सक्नेछ ।

५. प्रस्तुत प्रतिपक्ष राष्ट्रहरुले यो धाराको प्रकरण ४ बमोजिम गर्न सकिने कुनै पनि टिप्पणी उपर आफ्नो धारणा समिति समक्ष पेश गर्न सक्नेछन् ।

**धारा ४१**

१. प्रस्तुत प्रतिज्ञापत्रको कुनै पक्ष राष्ट्रले अर्को पक्ष राष्ट्रले प्रस्तुत प्रतिज्ञापत्र अन्तर्गतको आफ्नो दायित्व पूरा गरिरहेको छैन भनी दावी गरेको सूचना प्राप्त गरी सो उपर विचार गर्नसक्ने समितिको गरेको कुराको घोषणा यस धारा अन्तर्गत कुनै पनि समयमा गर्न सक्नेछ । समितिको सक्षमता स्वीकार गरी घोषणा गरेको पक्ष राष्ट्रबाट पेश गरिएका सूचना मात्र यस धारामा उल्लिखित कार्यविधि अनुरुप उपर विचार गर्न सकिनेछ । यस्तो घोषणा नगरेको पक्ष राष्ट्रसंग सम्बन्धित कुनै पनि सूचना उपर कारवाही गर्नेछैन । यस धारा अन्तर्गत प्राप्त गरिएका सूचनाहरुको सम्बन्धमा देहायको कार्यविधि अवलम्बन गरिनेछ;

(क) प्रस्तुत प्रतिज्ञापत्रको कुनै पक्ष राष्ट्रलाई प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरुलाई अर्को कार्यान्वयन गरिरहेको छैन भन्ने लागेमा सो पक्ष राष्ट्रले लिखित सूचना दिई सो कुरा त्यस्त राष्ट्रको ध्यानमा ल्याउन सक्नेछ । सूचना प्राप्त गरेको तीन महिनाभित्र सूचना प्राप्त गर्ने र पठाउने राष्ट्रलाई विषयवस्तु स्पष्ट गर्ने व्याख्या वा अन्य कुनै कथन लिखित रुपमा उपलब्ध राष्ट्र र त्यस्तो व्याख्या वा कथनमा सभव र सान्दर्भिक भएसम्म, सो विषयमा लिइएका, विचाराधिन वा उपलब्ध घरेलु कार्यविधि तथा उपचारहरुको सन्दर्भ समेत समावेश गर्नुपर्नेछ,

(ख) सूचना प्राप्त गर्ने राष्ट्रले प्रारम्भिक सूचना प्राप्त गरेको छ महिनाभित्र सम्बन्धित दुबै पक्ष चित्त बुझ्ने गरी सो कुराको समाधान हुन नसकेमा, समितिलाई तथा अर्को राष्ट्रलाई सूचना कुरा समिति समक्ष पेश गर्ने अधिकार ती दुई मध्ये कुनै एक राष्ट्रलाई हुनेछ,

(ग) सो विषयमा अन्तर्राष्ट्रिय कानूनका मान्य सिद्धान्तहरु अनुरुप उपलब्ध सबै घरेलु उपचारहरुको गरी त्यस्ता उपचारहरु समाप्त भईसकेको कुरा समितिले एकिन गरिसकेपछि मात्र समिति समक्ष पेश गरिएको कुनै पनि विषय उपर यस धारा अन्तर्गत कारवाही गर्नेछ उपचारहरु सार अनुचित रुपमा ढिलाई हुने अवस्थामा यो व्यवस्था लागू हुने छैन,

(घ) यस धारा अन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठकहरु गर्नेछ,

(ङ) उप-प्रकरण (ग) का व्यवस्थाहरुको अधीनमा रही प्रस्तुत प्रतिज्ञापत्रमा व्यवस्था गरिएका म अधिकार तथा मौलिक स्वतन्त्रताहरुको सम्मानका आधारमा सो विषयको मैत्रिपूर्ण समाधान उद्देश्यले सम्बन्धित पक्ष राष्ट्रहरुलाई समितिले आफ्नो सद्भावपूर्ण सेवा (गुड अफिसेस) गराउनेछ,

(च) आफू समक्ष पेश गरिएको कुनै पनि विषयमा समितिले उप-प्रकरण (ख) बमोजिमका सम्बन्धित राष्ट्रहरुलाई सम्बन्धित कुनै पनि जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ,

(छ) उप-प्रकरण (ख) मा उल्लिखित सम्बन्धित पक्ष राष्ट्रलाई सो विषय उपर समितिमा विचार भइरहेको बेलामा आफ्नो प्रतिनिधित्व गर्न पाउने तथा मौखिक रखा लिखित रुपमा जिकीर पेश गर्ने अधिकार हुनेछ,

(ज) उप-प्रकरण (ख) अन्तर्गत सूचना प्राप्त गरेको मितिले बाह्र महिनाभित्र समितिले प्रतिवेदन पेश गर्नेछ;

१) उप-प्रकरण (ङ) का अवस्थाभित्र समाधान हासिल भएको अवस्थामा, समितिले प्रतिवेदनलाई तथ्यहरुको तथा त्यस्तो समाधानको संक्षिप्त व्यहोरामा सीमित गर्नेछ,

२) उप-प्रकरण (ङ) का अवस्थाभित्र समाधान हासिल नभएको अवस्थामा, समितिले प्रतिवेदनलाई तथ्यहरुको संक्षिप्त व्यहोरामा सीमित गर्नछ र सम्बन्धित पक्ष राष्ट्रहरुबाट पेश गरिएका लिखित जिकीरहरु तथा मौखिक जिकीरहरुको अभिलेखलाई प्रतिवेदन साथ संलग्न गरिनेछ । प्रत्येक विषयका सम्बन्धमा, सो प्रतिवेदन सम्बन्धित पक्ष राष्ट्रहरुलाई पठाइनेछ ।

२. प्रस्तुत प्रतिज्ञापत्रका दशवटा पक्ष राष्ट्रहरुले यस धाराको प्रकरण १ अन्तर्गत घोषणाहरु गरिसकेपछि यम धाराका व्यवस्थाहरू लागू हुनेछन् । पक्ष राष्ट्रहरुले त्यस्ता घोषणा संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला छन् । महासचिवले सोका प्रतिहरु अन्य पक्ष राष्ट्रहरुलाई पठाउने छन् महासचिवलाई सूचना दिएर कनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ । यस धारा अन्तर्गत पठाई सकिएको सूचनाको विषय भएको कुनै पनि कुरा उपर विचार गर्ने कार्यमा त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पार्ने छैन । सम्बन्धित पक्ष राष्ट्रने नयाँ घोषणा नगरेसम्म महासचिवले घोषणा फिर्ताको सूचना प्राप्त गरेपछि त्यस्तो पक्ष राष्ट्रबाट यस धारा अन्तर्गत कुनै पनि थप सूचना प्राप्त गरिने छैन ।

**धारा ४२**

१. (क) धारा ४१ अनुसार समिति समक्ष पेश गरिएको कुनै कुरा सम्बन्धित पक्ष राष्ट्रहरुको चित्त बुझ्ने गरी समाधान नभएमा समितिले सम्बन्धित पक्ष राष्ट्रहरुको पूर्व स्वीकृति लिई एउटा तदर्थ मेलमिलाप आयोग (यसपछि "आयोग" भनिएको) गठन गर्न सक्नेछ प्रस्तुत प्रतिज्ञापत्रको सम्मानको आधारमा सो कुराको शान्तिपूर्ण समाधान गर्ने उद्देश्यले सम्बन्धित पक्ष राष्ट्रहरुलाई आयोगको सद्भावपूर्ण सेवा (गुड ऑफिसेस) उपलब्ध गराइनेछ,

(ख) आयोगमा सम्बन्धित पक्ष राष्ट्रहरुलाई स्वीकार्य हुने पाँच जना व्यक्तिहरु रहने छन् । तीन महिनाभित्र सम्बन्धित पक्ष राष्ट्रहरु पूर्ण वा आंशिक रुपमा आयोगको गठनको सम्बन्धमा सहमत हुन नसकेको अवस्थामा, सहमति हुन नसकेका आयोगका सदस्यहरु समितिका सदस्यहरु मध्येबाट समितिको दुई तिहाई बहुमतबाट गोप्य मतदानद्वारा निर्वाचित हुनेछन् ।

२. आयोगका सदस्यहरुले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन् । सम्बन्धित पक्ष राष्ट्रहरुका वा प्रस्तुत प्रतिज्ञापत्रको पक्ष नभएको कुनै पनि राष्ट्रका वा धारा ४२ अन्तर्गत घोषणा नगरेको पक्ष राष्ट्रका नागरिकहरू आयोगका सदस्य हुने छैनन् ।

३. आयोगले आफ्नो अध्यक्ष आफै निर्वाचित गर्ने र आफ्नो कार्यविधि सम्बन्धी नियमहरु आफै निर्धारण गर्नेछ ।

४. आयोगका बैठक सामान्यतया संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा जेनेभास्थित संयुक्त राष्ट्र संघको कार्यालयमा गरिनेछ । तथापि संयुक्त राष्ट्र संघका महासचिव तथा सम्बन्धित पक्ष राष्ट्रहरूसँग परामर्श गरी आयोगले निर्धारण गरेको अन्य कुनै सुविधायुक्त स्थानमा पनि आयोगको बैठक गर्न सकिनेछ ।

५. धारा २६ अनुसार उपलब्ध गराइएको सचिवालयले यस धारा अन्तर्गत तोकिएका आयोगहरुलाई समिति प्राप्त गरी सूक्ष्म परीक्षण गरेका जानकारी आयोगलाई उपलब्ध गराइने र आयोगले

६. राष्ट्रहरुलाई अन्य कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

७. आयोगले पूर्ण रूपमा विषयवस्तु उपर विचार गरिसके पछि, तर कुनै पनि अवस्थामा वस्तु महिनाभित्रै आयोगले सम्बन्धित पक्ष राष्ट्रहरुलाई संप्रेषण गर्नका लागि अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्नेछ;

(क) आयोगले बाह महिनाभित्र विषयवस्तु उपर आफूले विचार गर्ने कार्य टुंग्याउन नसकेमा प्रतिवेदन पेश गर्ने विचार गर्ने कार्य कुन स्थितिमा छ सोको संक्षिप्त विवरणमा सीमित गर्नेछ,

(ख) यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका मानव अधिकारहरुको सम्मानका आधारमा विषयको शान्तिपूर्ण समाधान हासिल भएमा, आयोगले आफ्नो प्रतिवेदन तथ्यहरुको र हासिल भएको समाधानको संक्षिप्त व्यहोरामा प्रतिवेदन सीमित गर्नेछ,

(ग) उपप्रकरण (ख) का अवस्थाभित्र समाधान हासिल नभएमा आयोगको प्रतिवेदनमा सम् राष्ट्रहरु बीचको विवादसँग सम्बन्धित सबै तथ्यगत प्रश्नहरुमा यसको ठहर र विषयवस्तुक समाधानका संभावनाहरु सम्बन्धी यसका विचारहरु समेत समावेश हुनेछन् । प्रतिवेदन पक्ष राष्ट्रहरुबाट पेश गरिएका लिखित जिकिरहरु तथा मौखिक जिकिरहरुको अभिलेख समेत उल्लेख गरिनेछ,

(घ) उपप्रकरण (ग) अन्तर्गत आयोगले प्रतिवेदन पेश गरेमा, सम्बन्धित पक्ष राष्ट्रहरुले प्रतिवेदन गरेको मितिले तीन महिनाभित्र समितिको अध्यक्षलाई आफूले आयोगको प्रतिवेदनको व्यहोरा गर्ने वा नगर्ने कुराको सूचना दिनु पर्नेछ ।

८. यस धाराका प्रावधानहरुले धारा ४१ अन्तर्गत समितिको उत्तरदायित्वलाई प्रतिकूल प्रभाव पार्दनन् ।

९. सम्बन्धित पक्ष राष्ट्रहरुले संयुक्त राष्ट्र संघका महासचिवबाट उपलब्ध गराईएको अनुमान अनुसार आयोगका सदस्यहरुको सम्पूर्ण खर्च समान रुपमा व्यहोर्ने छन् ।

१०. आयोगका सदस्यहरुको खर्च यस धाराको प्रकरण ९ अनुसार सम्बन्धित पक्ष राष्ट्रहरुबाट सोधभर्ना हुनु । आवश्यक भएमा भुक्तानी गरिदिने अधिकार संयुक्त राष्ट्र संघका महासचिवलाई दिइनेछ ।

**धारा ४३**

समितिका सदस्यहरु र धारा ४२ बमोजिम गठन हुनसक्ने तदर्थ मेलमिलाप आयोगका सदस्यहरुले संयुक्त राष्ट्र विशेषाधिकार तथा उन्मुक्तिहरु सम्बन्धी महासन्धिका सम्बन्धित प्रकरणहरुमा व्यवस्था भए बमोजिमका संयुक्त संघका लागि कार्यरत विशेषज्ञहरुले पाउने सुविधा, विशेषाधिकार तथा उन्मुक्तिहरु पाउनेछन् ।

**धारा ४४**

प्रस्तुत प्रतिज्ञापत्रको कार्यान्वयनका लागि गरिने व्यवस्थाहरु संयुक्त राष्ट्र संघ र त्यसका विशिष्टीकृत निकाल विधानहरु तथा महासन्धिहरुद्वारा वा सो अन्तर्गत मानव अधिकारको क्षेत्रमा तोकिएका कार्याविधिहरुमा प्रतिकूल प्रभाव नपर्ने गरी लागू गरिने छन् । यी व्यवस्थाहरुले प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु बीच लागू रहेका सामान्य वा विशेष राष्ट्रिय सम्झौताहरु अनुसार विवादको समाधान गर्न अन्य कार्यविधिहरु अवलम्बन गर्न पक्ष राष्ट्रहरुलाई रोक लगाउने छैन ।

**धारा ४५**

आफ्नो काम कारवाही सम्बन्धी वार्षिक प्रतिवेदन आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुक्त राष्ट्र संघको पेश गर्नेछ ।

**भाग ५**

**धारा ४६**

संयुक्त राष्ट्र संघको बडापत्र व्यवस्थाहरु तथा प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित कुराहरुका सम्बन्धमा संयुक्त राष्ट्र संघका विभिन्न अंगहरु र विशिष्टीकृत निकायहरुका आफ्ना उत्तरदायित्वहरु परिभाषित गर्न विशिष्टीकृत निकायका विधानका व्यवस्थाहरु तथा संयुक्त राष्ट्र संघको व्यवस्थाहरुलाई कमजोर पार्ने गरी प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

**धारा ४७**

आफ्ना प्राकृतिक सम्पत्ति तथा स्रोतहरुको पूर्ण र स्वतन्त्रतापूर्वक उपभोग तथा प्रयोग गर्ने सबै जनताहरुको अन्तर्निहित अधिकारलाई आघात पार्ने गरी प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

**भाग ६**

**धारा ४८**

१. प्रस्तुत प्रतिज्ञापत्र संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र तथा यसका कुनै विशिष्टीकृत निकायको सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको विधानको पक्ष राष्ट्र तथा संयुक्त राष्ट्र संघको महासभाले प्रस्तुत प्रतिज्ञापत्रको पक्ष हुन आमन्त्रण गरेको अन्य कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ ।

२. प्रस्तुत प्रतिज्ञापत्रलाई अनुमोदन गर्नु पर्नेछ । अनुमोदनका लिखतहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

३. प्रस्तुत प्रतिज्ञापत्र यस धाराको प्रकरण १ बमोजिमको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनका लागि खुला रहनेछ ।

४. सम्मिलनको लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ ।

५. संयुक्त राष्ट्र संघका महासचिवले प्रस्तुत प्रतिज्ञापत्रमा हस्ताक्षर गरेका वा यसमा सम्मिलित भएका सबै राष्ट्रहरुलाई अनुमोदन वा सम्मिलनको प्रत्येक लिखत दाखिला भएको कुराको जानकारी दिनेछन् ।

**धारा ४९**

१. अनुमोदन वा सम्मिलनको पैतीसौं लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएको मितिले तीन महिनादेखि प्रस्तुत प्रतिज्ञापत्र लागू हुनेछ।

२. अनुमोदन वा सम्मिलनको पैतीसौ लिखत दाखिला भएपछि प्रस्तुत प्रतिज्ञापत्रको अनुमोदन वा सम्मिलनको लिखित दाखिला गरेको मितिले तीन महिना देखि प्रस्तुत प्रतिज्ञापत्र लागू हुनेछ।

**धारा ५०**

प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरू संघीय राष्ट्रका सबै भागहरुमा कुनै सीमा वा अपवाद विना विस्तार हुनेछन्।

**धारा ५१**

१. प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि पक्ष राष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्र समक्ष दर्ता गर्न सक्नेछ। महासचिवले सो प्रस्ताव उपर विचार एवं मतदान गर्ने उद्देश्य सम्मेलन गर्ने पक्षमा उनीहरु भए नभएको कुराको सूचना निजलाई दिने अनुरोध ह पक्ष राष्ट्रहरुलाई पठाउने छन्। कम्तिमा एक तिहाई पक्ष राष्ट्रहरु त्यस्तो सम्मेलनको पक्षमा भएमा संयुक्त राष्ट्र संघको तत्वावधानमा सो सम्मेलनको आव्हान गर्नेछन् सो सम्मेलनमा उपस्ि गर्ने पक्ष राष्ट्रहरुको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि संयुक्त महासभा समक्ष पेश गरिनेछ।

२. संयुक्त राष्ट्र संघको महासभाबाट स्वीकृत भएपछि र प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुको आ-आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकृत भए पछि संशोधनहरु लागू हुनेछन्।

३. संशोधनहरु लागू भएपछि ती संशोधनहरु स्वीकार गर्ने पक्ष राष्ट्रहरुका हकमा बाध्यात्मक हुनेछन् भने पक्ष राष्ट्रहरुका हकमा प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरु तथा उनीहरुले स्वीकार गरेका कुनै पनि संशोधनहरु बाध्यात्मक हुनेछन्।

**धारा ५२**

धारा ४८ को प्रकरण ५ अन्तर्गत सूचना दिईएको भए तापनि संयुक्त राष्ट्र संघका महासचिवले सोही धाराको १ मा उल्लिखित सबै राष्ट्रहरुलाई देहायका विवरणहरुको जानकारी दिनेछन्:

**(क)** धारा ४८ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरु,

**(ख)** धारा ४९ अन्तर्गत प्रस्तुत प्रतिज्ञापत्र लागू हुने मिति र धारा ५१ अन्तर्गत संशोधनहरु हुने मिति।

**धारा ५३**

१. अरवी, चीनीया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरु समान रुपले प्रामाणीकरण हुने प्रस्तुत प्रति संयुक्त राष्ट्र संघको अभिलेखालयमा दाखिला गरिनेछ।

२. संयुक्त राष्ट्र संघका महासचिवले धारा ४८ मा उल्लिखित सबै राष्ट्रहरुलाई प्रस्तुत प्रतिज्ञापत्रका प्रमाणित प्रतिहरु पठाउने छन्।

## ८. आर्थिक सामाजिक सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

यस प्रतिज्ञापत्रको प्रमुख उद्देश्य प्रत्येक व्यक्तिले संयुक्त राष्ट्र संघको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्य लिखतहरुमा व्यवस्था भएका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु र नागरिक तथा राजनीतिक अधिकारहरुको उपभोग गर्न सक्ने अवस्थाको सृजना गर्न रहेको छ। यो प्रतिज्ञापत्र सहित नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई संयक्त रुपमा मानव अधिकार सम्बन्धी मख्य अन्तर्राष्ट्रिय दस्तावेज (International Bill of Human Rights) पनि भनिन्छ।

महासभाको १६ डिसेम्बर १९६६ को पारित प्रस्ताव नम्बर २२०० ए (२१) बाट ग्रहणगरी हस्ताक्षर, अनुमोदन र सम्मिलनको लागि खुला गरिएको। लागू भएको मितिः धारा २७ अनुसार, ३ जनवरी १९७६ तदनुसार १९ पौष २०३२

**प्रस्तावना**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु,

संयुक्त राष्ट्र संघको बडापत्रमा उद्घघोषण गरिएका सिद्धान्तहरु अनुरुप मानव परिवारका सम्पूर्ण सदस्यहरुमा अन्तर्निहित प्रतिष्ठा तथा समान र अविच्छिन्न अधिकारहरुको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको अधारशित भएको तथ्यलाई विचार गर्दै,

मानव व्यक्तिमा अन्तर्निहित प्रतिष्ठाबाट नै यी अधिकारहरु निःसृत हुने कुरालाई मान्यता दिदै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानव जातिको आदर्श प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुका साथै नागरिक तथा राजनीतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सृजना गरेमा मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिदै,

संयुक्त राष्ट्र संघको बडापत्र अन्तर्गत मानव अधिकार तथा स्वतन्त्रताहरुको विश्वव्यापी सम्मान र पालनालाई प्रवर्द्धन गर्ने राष्ट्रहरुको दायित्वलाई विचार गर्दै,

अन्य व्यक्तिहरु तथा आफ्नो समुदाय प्रति कर्तव्य भएको व्यक्तिको यस प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारको प्रवर्द्धन र पालनाको लागि प्रयत्न गर्ने उत्तरदायित्व भएको कुरा महसुस गर्दै,

देहायका धाराहरुमा सहमत भएका छन्:

**भाग १**

**धारा १**

१.सम्पूर्ण जनताहरुलाई आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारको कारणबाट नै उनीहरु स्वतन्त्रतापूर्वक आफ्ना राजनीतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कतिक विकासमा लाग्दछन्।

२.सम्पूर्ण जनताहरुले आपसी फाईदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानूनमा आधारित अन्तराष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पति र स्रोतहरु स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन। कनै अवस्थामा पनि कनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन।

३.गैर स्वशासित तथा न्यास इलाकाहरुको प्रशासन गर्ने उत्तरदायित्व भएका पक्ष राष्ट्रहरु लगायत प्रस्तुत प्रातिज्ञपत्रका पक्ष राष्टहरुले आत्मनिर्णयको अधिकारको प्राप्ति प्रवर्द्धन गर्ने र संयक्त राष्ट्र संघको बडापत्रका व्यवस्थाहरु अनुरुप सो अधिकारको सम्मान गर्नेछन्।

**भाग २**

**धारा २**

१. प्रस्तुत प्रतिज्ञापत्रका प्रत्येक पक्ष राष्ट्रले व्यक्तिगत रुपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोग मार्फत आफ्ना उपलब्ध स्रातहरुको अधिकतम मात्रामा उपयोग गरी मुलत कानूनी उपायहरुको अबलम्वन समेत सम्पूर्ण समुचित उपायहरुबाट प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरु प्रगतिशील रुपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरु चाल्ने प्रतिज्ञा गर्दछ।

२. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरु जाति, वर्ण, लिंग भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कनै पनि प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन्।

३. विकासशील देशहरुले मानव अधिकार तथा आफ्ना राष्ट्रिय अर्थ व्यवस्थालाई उचित ध्यान दिँदै प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत आर्थिक अधिकार गैर नागरिकहरुलाई कुन हदसम्म प्रत्याभूत गर्ने हो सो कुरा निर्धारण गर्नेछन्।

**धारा ३**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित सम्पूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको उपभोग गर्न पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछन्।

**धारा ४**

प्रस्तुत प्रतिज्ञापत्र अनुकूल हुनेगरी राष्ट्रले व्यवस्था गरेका अधिकारहरुको उपभोगमा यस्ता अधिकारहरुको प्रकृतिसँग मिल्ने गरी तथा लोकतान्त्रिक समाजमा जनकल्याण प्रवर्द्धन गर्ने एक मात्र उद्देश्यका लागि कानूनद्वारा निर्धारित सीमाहरु अन्तर्गत मात्र सो राष्ट्रले त्यस्ता अधिकारहरु सीमित गर्नसक्ने कुरा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु स्वीकार गर्दछन्।

**धारा ५**

१. कुन पनि राष्ट्र, समूह वा व्यक्तिलाई प्रस्तत प्रतिज्ञापत्रमा स्वीकार गरिएका कुनै पनि अधिकार वा स्वतन्त्रता नष्ट गर्ने वा ती अधिकारलाई प्रस्तत प्रतिज्ञापत्रमा व्यवस्था भए भन्दा बढी मात्रामा सीमित गर्ने उद्देश्य भएको कुनै पनि कृयाकलापमा संलग्न हुने वा काम गर्न पाउने अर्थ आउने गरी प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित कुनै पनि कुराको व्याख्या गर्न सकिने छैन।

२. प्रस्तुत प्रतिज्ञापत्रले यस्ता अधिकारहरु स्वीकार गर्दैन वा तिनलाई कम मात्रामा स्वीकार गर्दछ भन्ने वहानामा कानून, महासन्धिहरु, नियमहरु वा परम्पराका आधारमा कनै पनि देशमा स्वीकार गरिएका वा विद्यमान रहेका कुनै पनि मौलिक मानव अधिकार उपरको कनै पनि नियन्त्रण वा सोको कुनै पनि न्यूनतालाई स्वीकार गरिनेछैन।

**भाग ३**

**धारा ६**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले काम गर्ने अधिकार स्वीकार गर्छन, जसमा प्रत्येक व्यक्तिको आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार समेत समावेश हुनेछ । प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले यस अधिकारलाई सरक्षा गर्न समचित कदम चाल्नेछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुबाट चालिने कदमहरुमा प्रविधिक र व्यवसायीक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, स्थिर आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास प्राप्त गर्ने नीति र प्रविधिहरु एवं व्यक्तिका मौलिक राजनीतिक तथा आर्थिक स्वतन्त्रताहरु सुरक्षा गर्ने अवस्थाहरु अन्तर्गत पूर्ण र उत्पादनमूलक रोजगारी समेत समावेश हुनेछन् ।

**धारा ७**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले खासगरी देहायका कुराहरु सुनिश्चित गर्ने कामका उचित र सुहाउँदा अवस्थाहरु उपभोग गर्ने प्रत्येक व्यक्तिको अधिकारलाई स्वीकार गर्दछन्:

(क) सबै कामदारहरुलाई न्यूनतम रुपमा देहायका कुरा उपलब्ध गराउने पारिश्रमिकः

(अ) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा सम्मान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीका नभएको कामको अवस्था र समान कार्यका लागि समान तलवको प्रत्याभूति,

(आ) प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्था अनुरुप उनीहरु र उनीहरुका परिवारहरुलाई राम्रो जीवनस्तर,

(ख) सुरक्षित र स्वस्थ्य कामका अवस्थाहरु,

(ग) ज्येष्ठता तथा सक्षमताका आधारमा बाहेक अन्य कुनै पनि कुराका अधीनमा नरहने गरी प्रत्येक व्यक्तिलाई उपयुक्त उच्चतम तहमा पदोन्नती हुन पाउने अवसर,

(घ) विश्राम, फुर्सद तथा कार्य घण्टाको उचित सीमांकन तथा तलबी आवधिक विदा लगायत सार्वजनिक विदा वापतको पारिश्रमिक ।

**धारा ८**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु निम्न कुरा सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछन्;

(क) आफ्नो आर्थिक तथा सामाजिक हित प्रवर्द्धन र संरक्षण गर्न त्यस्ता सम्बन्धित संगठनका नियमहरुको अधीनमा मात्र रहने गरी आफूले छानेका ट्रेड युनियन खोल्ने र त्यसमा सम्मिलित हुने प्रत्येक व्यक्तिको अधिकार । यस अधिकारको प्रयोगमा कानूनले तोकेको तथा राष्ट्रिय वा सार्वजनिक व्यवस्था वा अरुको अधिकार र स्वतन्त्रताहरुको संरक्षण गर्न लोकतान्त्रिक समाजमा आवश्यक प्रतिवन्ध बाहेक अन्य कुनै पनि प्रतिबन्ध लगाउन पाइने छैन ।

(ख) राष्ट्रिय महासंघ वा परिसंघ स्थापना गर्ने ट्रेड युनियनहरुको अधिकार तथा यस्ता महासंघ वा

परिसंघहरुको अन्तर्राष्ट्रिय ट्रेड युनियन संगठनहरु खोल्ने वा त्यसमा सम्मिलित हुने अधिकार,

(ग) कानूनद्वारा तोकिएका तथा राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाको हितमा वा अरुको अधिकार तथा स्वतन्त्रताहरुको संरक्षणको लागि लोकतान्त्रिक समाजमा आवश्यक प्रतिवन्ध बाहेक अन्य कुनै पानि प्रतिबन्धहरुको अधीनमा नरहने गरी स्वतन्त्र रुपमा काम गर्न पाउने ट्रेड युनियनहरुको अधिकार,

(घ) कुनै खास देशको कानून अनुरुप प्रयोग हुने गरी हड्ताल गर्ने अधिकार।

२. सैनिक बल वा प्रहरी वा राज्य प्रशासनका सदस्यद्वारा यी अधिकारहरुको प्रयोगमा कानूनी प्रतिबन्ध लगाउन यस धाराले रोक लगाउने छैन।

३. यस धाराको कुनै पनि कुराले संघको स्वतन्त्रता तथा संगठन गर्ने अधिकारको संरक्षण सम्बन्धी अन्तराष्ट्रिय श्रम संगठनको सन् १९४८ को महासन्धिका पक्ष राष्ट्रहरुलाई सो महासन्धिमा व्यवस्था गरिएका प्रत्याभूतिहरुलाई प्रतिकूल प्रभाव पार्ने कानूनी उपायहरु अपनाउन वा त्यसरी प्रतिकूल प्रभाव पार्ने गरी कानून लागू गर्न अख्तियारी दिने छैन।

**धारा ९**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको सामाजिक बीमा लगायतका सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन्।

**धारा १०**

प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु देहायका कुराहरु स्वीकार गर्दछन्;

१. परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत एकाइ भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ। इच्छुक बर बधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरुलाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ। यस्ता अवधि र काम गर्ने आमाहरुलाई तलबी विदा र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको विदा दिनु पर्दछ।

३. पितृत्व वा अन्य अवस्थाहरुका आधारमा कुनै पनि भेदभाव नगरी सम्पूर्ण बालबालिका तथा किशोरहरुको पक्षमा संरक्षण र सहायताका विशेष उपायहरु अपनाउनु पर्दछ । आर्थिक र सामाजिक शोषणबाट बालबालिका तथा किशोरहरुको संरक्षण गर्नुपर्दछ। उनीहरुको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक र जीवनको लागि खतरापूर्ण हुने वा उनीहरुको सामान्य विकासमा अवरोध गर्ने खालका काममा उनीहरुलाई लगाउने कार्यलाई कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ । राष्ट्रहरुले उमेरको हद पनि तोक्नु पर्दछ, जुन उमेर भन्दा मुनिका बालश्रमको तलबी रोजगारलाई कानूनद्वारा निषेधित र दण्डनीय बनाउनु पर्दछ।

**धारा ११**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्ष राष्ट्रहरुले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरु चाल्नेछन्।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले व्यक्तिगत रुपमा तथा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरु अवलम्बन गर्नेछन्:

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरुको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरुको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरीकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरु दुबैका समस्याहरुलाई ध्यान दिदै आवश्यकता अनुरुप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने।

**धारा १२**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्त स्तर उपभोग गर्ने अधिकार स्वीकार गर्दछन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले चाल्ने कदमहरुमा निम्न कुराका लागि आवश्यक कदमहरु समेत समावेश हुनेछन्;

(क) शिशु मृत्यु दर तथा शिशु मृत्यु घटाउने र बालबालिकाको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाईका सबै पक्षहरुको सधार,

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगहरुको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाहरुको सिर्जना।

**धारा १३**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्दछन्। मानवीय व्यक्तित तथा यसको प्रतिष्ठागत चेतनाको विकास तर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरु प्रतिको सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरु सहमत छन्। स्वतन्त्र समाजमा प्रभावकारी सहभागिता, सम्पूर्ण राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरु बीच समझदारी, सहनशीलता र मित्रता प्रवर्द्धन गर्न तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्र संघका क्रियाकलापहरुलाई अघि बढाउन शिक्षाले सबै व्यक्तिहरुलाई सबल बनाउनेछ भन्ने कुरामा समेत उनीहरु सहमत छन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्ने उद्देश्यले प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले देहायका कुराहरु स्वीकार गर्छन्

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निःशुल्क उपलब्ध हुनेछ,

(ख) प्राविधिक तथा व्यवसायीक माध्यमिक शिक्षा लगायत विभिन्न रुपमा माध्यमिक शिक्षा प्रत्येक समूचित उपायद्वारा र खासगरी निःशुल्क शिक्षाको प्रगतिशील अवलम्बनबाट सबैका लागि सामान्यत प्राप्य र पहुँचयोग्य बनाइनेछ,

(ग) सवैका लागि क्षमताका आधारमा हरेक उचित उपाय र खासगरी निःशुल्क शिक्षाको प्रगतिशील

अवलम्बनवाट उच्च शिक्षा समान रुपमा पहँचयोग्य बनाइनेछ,

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका वा प्राथमिक शिक्षाको पूर्ण अवधि पुरा नगरेका व्यक्तिहरुको लागि यथासंभव मूलभूत शिक्षालाई प्रोत्साहित गरिने र तीव्र पारिनेछ,

(ङ) सबै तहहरुमा विद्यालय प्रणालीको विकासलाई क्रियाशील रुपमा अवलम्बन गरिने, छात्रवृत्तिको पर्याप्त व्यवस्था गरिने तथा शिक्षण कर्मचारीको भौतिक अवस्थामा निरन्तर सुधार गरिनेछ ।

३. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु आफ्ना बालबालिकाको सार्वजनिक अधिकारीले स्थापना गरेका विद्यालयहरु बाहेक पक्ष राष्ट्रहरुले व्यवस्था गरेका वा स्वीकृति दिएका न्यूनतम शैक्षिक मापदण्ड अनरुप चल्ने विद्यालयहरु छान्ने र आफ्नो आस्था अनुसार आफ्ना बालबालिकाको धार्मिक र नैतिक शिक्षा सुनिश्चित गर्ने मातापिताको र लागू हुने अवस्थामा कानूनी संरक्षकको स्वतन्त्रतालाई सम्मान गर्ने प्रतिज्ञा गर्दछन् ।

४. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरुको पालनाको तथा यस्ता संस्थाहरुमा दिइने शिक्षा पक्ष राष्ट्रहरुले निर्धारण गरेका न्यूनतम मापदण्डहरु अनुरुप हुनु पर्ने आवश्यकताको सदैव अधीनमा रहने गरी शैक्षिक संस्थाहरु स्थापित र निर्देशित गर्ने व्यक्ति तथा निकायहरुको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

**धारा १४**

प्रस्तुत प्रतिज्ञापत्रको पक्ष हुँदाका बखत आफ्नो महानगरीय ईलाका वा आफ्नो क्षेत्राधिकारभित्रका अन्य ईलाकाहरुमा सबैका लागि निःशल्क अनिवार्य प्राथमिक शिक्षा सनिश्चित गर्न नसकेको प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्रले विस्तृत योजनामा तोकिने वर्षहरुको उचित अवधिभित्रमा सबैका लागि निःशल्क अनिवार्य शिक्षाको सिद्धान्तको प्रगतिशील कार्यान्वयन गर्न, दुई वर्षभित्र विस्तृत कार्य योजना तयार पारी ग्रहण गर्ने प्रतिज्ञा गर्दछ ।

**धारा १५**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छनः

(क) सांस्कृतिक जीवनमा सहभागी हुने,

(ख) वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने,

(ग) आफु लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरुको संरक्षणवाट फाइदा पाउने ।

२. यस अधिकारको पूर्ण प्राप्तिका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले चाल्ने कदमहरुमा विज्ञान र संस्कृतिको सञ्चय, विकास तथा प्रसारका लागि आवश्यक कदमहरु समेत समावेश हुनेछन् ।

३. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु वैज्ञानिक अनुसन्धान तथा सृजनात्मक कृयाकलापका लागि अपरिहार्य स्वतन्त्रताको सम्मान गर्ने प्रतिज्ञा गर्दछन् ।

४. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु वैज्ञानिक तथा सांस्कृतिक क्षेत्रमा अन्तर्राष्ट्रिय सम्पर्क तथा सहयोगको प्रोत्साहन र विकासबाट हासिल गरिने फाईदा स्वीकार गर्दछन् ।

**भाग ४**

**धारा १६**

१. प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्टहरुले प्रतिज्ञापत्रमा स्वीकार गरिएका अधिकारहरुको पालना गर्न आफले ग्रहण गरेका उपाय तथा तत्सम्बन्धमा हासिल गरिएको प्रगति सम्बन्धी प्रतिवेदनहरु प्रतिज्ञापत्रको यस भाग अनरुप पेश गर्ने प्रतिज्ञा गर्दछन् ।

२. (क) सबै प्रतिवेदनहरु संयुक्त राष्ट संघका महासचिव समक्ष पेश गरिनेछन् । निजले प्रतिवेदनका प्रतिहरु प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्था अनरुप आर्थिक तथा सामाजिक परिषद्मा विचारका लागि पठाउनेछन् ।

(ख) संयुक्त राष्ट संघका महासचिवले विशिष्टीकृत निकायहरु सदस्य रहेका प्रस्तुत प्रतिज्ञापत्रका पक्ष भएका सदस्य राष्टहरुबाट प्राप्त प्रतिवेदनहरु तथा त्यसका अशहरु त्यस्ता निकायका विधानहरु अनुरुपका उत्तरदायित्वहरु भित्र पर्ने कनै पनि विषयसँग सम्बन्धित भएमा ती प्रतिवेदन र तिनका सान्दर्भिक अंशहरु त्यस्ता निकायहरुमा पठाउनेछन् ।

**धारा १७**

१. पक्ष राष्ट्रहरु तथा सम्बन्धित विशिष्टीकत निकायहरुसँग छलफल गरी प्रस्तुत प्रतिज्ञापत्र लागू भएको एक वर्षभित्र आर्थिक तथा सामाजिक परिषदबाट निर्धारण गरिने कार्यक्रम अनुरुप प्रस्तुत प्रतिज्ञापत्रका पत्र राष्ट्रहरुले विभिन्न चरणमा आफ्ना प्रतिवेदनहरु पेश गर्नेछन् ।

२. प्रतिवेदनहरुमा प्रस्तुत प्रतिज्ञापत्र अन्तर्गतका दायित्वहरुको परिपूर्तिको मात्रालाई प्रभाव पार्ने कारण कठिनाईहरु उल्लेख गर्न सकिनेछ ।

३. संयुक्त राष्ट्र संघ वा कुनै विशिष्टीकृत निकायलाई प्रस्तुत प्रतिज्ञापत्रको कुनै पक्ष राष्ट्रले सान्दर्भिक जानकारी अगाडि नै दिई सकेको भए त्यस्तो जानकारी पुनः पेश गर्न आवश्यक हुने छैन । तर त्यसरी दिईएको जानकारीको संक्षिप्त यथार्थ सन्दर्भ पर्याप्त हुनेछ ।

**धारा १८**

मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरुको क्षेत्रमा संयुक्त राष्ट्र संघको बडापत्र अन्तर्गतका आफ्ना उत्तरदायित्वहरु वमोजिम आर्थिक तथा सामाजिक परिषद्ले विशिष्टीकृत निकायहरुसँग उनीहरुका आफ्ना कृयाकलापका क्षेत्रभित्र पर्ने प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरुको पालनाको सम्बन्धमा भएका प्रगतिबारे आफू समक्ष प्रतिवेदन दिने व्यवस्था गर्न सक्नेछ । यस्ता प्रतिवेदनमा त्यस्ता निकायहरुका सक्षम अंगहरुबाट यस्तो कार्यान्वयनका सम्बन्धमा ग्रहण गरिएका निर्णय तथा सिफारिसका विवरणहरु समेत समावेश गर्न सकिनेछ ।

**धारा १९**

आर्थिक तथा सामाजिक परिषद्ले धारा १६ र १७ अनुरुप पक्ष राष्ट्रहरुले पेश गरेका मानव अधिकार सम्बन्धी प्रतिवेदनहरु तथा धारा १८ अनुरुप विशिष्टीकृत निकायहरुले पेश गरेका मानव अधिकार सम्बन्धी प्रतिवेदनहरु अध्ययन र सामान्य सिफारिस तथा उपयुक्तानुसार जानकारीका लागि मानव अधिकार सम्बन्धी आयोगलाई पठाउन सक्नेछ ।

**धारा २०**

धारा १९ अन्तर्गत गरिएको कुनै सामान्य सिफारिस वा मानव अधिकार सम्बन्धी आयोगको कुनै प्रतिवेदनमा भएका यस्तो सामान्य सिफारिसको विषयमा वा त्यसमा उल्लिखित कुनै कागजातको कुनै सन्दर्भका सम्वन्धमा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु र सम्बन्धित विशिष्टीकृत निकायहरुले आर्थिक तथा सामाजिक परिषद् समक्ष प्रतिकृयाहरु पेश गर्न सक्नेछन् ।

**धारा २१**

प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरुको सामान्य पालनाका लागि लिइएका उपायहरु तथा तत्सम्बन्धमा हासिल गरिएका प्रगतिहरु बारे प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु र विशिष्टीकृत निकायहरुबाट प्राप्त जानकारीको साराश तथा सामान्य प्रकृतिका सिफारिस समावेश भएका प्रतिवेदनहरु आर्थिक तथा सामाजिक परिषदले समय समयमा महासभा समक्ष पेश गर्न सक्नेछ ।

**धारा २२**

आर्थिक तथा सामाजिक परिषद्ले प्राविधिक सहायता उपलब्ध गराउने कार्यसँग सम्बन्धित संयुक्त राष्ट्र संघव अङ्गहरु, तिनीहरुका सहायक अङ्गहरु तथा विशिष्टीकृत निकायहरुले आफ्नो सक्षमताभित्र रही प्रस्तुत प्रतिज्ञापत्रको प्रभावकारी प्रगतिशील कार्यान्वयनमा योगदान दिनसक्ने खालका अन्तर्राष्टिय उपायहरुको ग्रहणयोग्यताको बारेमा निर्णय गर्न सघाउ पुऱ्याउन सक्ने प्रस्तुत प्रतिज्ञापत्रको यस भागमा उल्लिखित प्रतिवेदनहरुबाट उत्पन्न कुनै पनि करालाई त्यस्ता निकायहरुको ध्यानमा ल्याउन सक्नेछ ।

**धारा २३**

पस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरुको प्राप्तिको लागि गरिने अन्तर्राष्ट्रिय कृयकलापमा महासन्धि सम्पन्न गर्ने, सिफारिस ग्रहण गर्ने, प्राविधिक सहायता उपलब्ध गराउने तथा सल्लाह र अध्ययनको उद्देश्यको लागि सम्बन्धित सरकारहरुसँग मिलेर आयोजना गरिएका क्षेत्रीय तथा प्राविधिक वैठकहरु गर्ने जस्ता तरीकाहरु समावेश हुन्छन् भनी त्यसरी प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु मञ्जुर गर्दछन् ।

**धारा २४**

प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित कुराहरुका सम्वन्धमा संयुक्त राष्ट्र संघका विभिन्न अंगहरु र विशिष्टीकृत निकायहरुका उत्तर आ-आफ्ना उत्तरदायित्वहरु परिभाषित गर्ने विशिष्टीकृत निकायका विधानका व्यवस्थाहरु तथा संयुक्त राष्ट्र संघको पका क्षेत्र बडापत्रका व्यवस्थाहरुलाई कमजोर पार्ने गरी प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि कराको व्याख्या गरिने छैन ।

**धारा २५**

आफ्ना प्राकृतिक सम्पत्ति तथा स्रोतहरुको पूर्ण र स्वतन्त्रतापूर्वक उपभोग तथा प्रयोग गर्ने सबै जनताहरुको अन्तर्निहित अधिकारलाई आघात पार्ने गरी प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

**भाग ५**

**धारा २६**

१. प्रस्तुत प्रतिज्ञापत्र संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र तथा यसका कुनै विशिष्टीकृत निकायको सदस्य, अन्तर्राष्टिय न्यायालयको विधानको पक्ष राष्ट्र तथा संयुक्त राष्ट्र संघको महासभाले प्रस्तुत प्रतिज्ञापत्रको पक्ष हन आमन्त्रण गरेको अन्य कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ।

२. प्रस्तुत प्रतिज्ञापत्रलाई अनमोदन गर्न पर्नेछ । अनुमोदनका लिखतहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ।

३. प्रस्तुत प्रतिज्ञापत्र यस धाराको प्रकरण १ बमोजिमको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनका लागि खुला रहनेछ।

४. सम्मिलनको लिखत संयक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

५. संयुक्त राष्ट संघका महासचिवले प्रस्तत प्रतिज्ञापत्रमा हस्ताक्षर गरेका वा यसमा सम्मिलित भएका सबै राष्ट्रहरुलाई अनुमोदन वा सम्मिलनको प्रत्येक लिखत दाखिला भएको कुराको जानकारी दिनेछन।

**धारा २७**

१. अनुमोदन वा सम्मिलनको पैतीसौं लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएको मितिले तीन महिनादेखि प्रस्तुत प्रतिज्ञापत्र लागू हुनेछ।

२. अनुमोदन वा सम्मिलनको पैतीसौं लिखत दाखिला भएपछि प्रस्तुत प्रतिज्ञापत्रको अनुमोदन वा सम्मिलन प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले की महिनादेखि प्रस्तुत प्रतिज्ञापत्र लागू हुनेछ।

**धारा २८**

प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरु संघीय राष्ट्रका सबै भागहरुमा कुनै सीमा वा अपवाद विना विस्तार हुनेछन्।

**धारा २९**

१. प्रस्तुत प्रतिज्ञापत्रको कुनै पनि पक्ष राष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्र संघका महासचिव समक्ष दर्ता गर्न सक्नेछ। महासचिवले सो प्रस्ताव उपर विचार एवं मतदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरुको सम्मेलन गर्ने पक्षमा उनीहरु भए नभएको कुराको सूचना निजलाई दिने अनुरोध सहित प्रस्तावित संशोधन पक्ष राष्ट्रहरुलाई पठाउने छन्। कम्तीमा एक तिहाई पक्ष राष्ट्रहरु त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा सो सम्मेलनको आव्हान गर्नेछन्। सो सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरुको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि संयुक्त राष्ट्र संघको महासभा समक्ष पेश गरिनेछ।

२. संयुक्त राष्ट्र संघको महासभाबाट स्वीकृत भएपछि र प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुको दुई तिहाई बहुमतबाट आ-आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकृत भए पछि संशोधनहरु लागू हुनेछन्।

३. संशोधनहरु लागू भएपछि ती संशोधनहरु स्वीकार गर्ने पक्ष राष्ट्रहरुका हकमा वाध्यात्मक हुनेछन् भने अन्य पक्ष राष्ट्रहरुका हकमा प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाहरु तथा उनीहरुले स्वीकार गरेका कुनै पनि अघिल्ला संशोधनहरु बाध्यात्मक हुनेछन्।

**धारा ३०**

धारा २६ को प्रकरण ५ अन्तर्गत सूचना दिईएको भए तापनि संयुक्त राष्ट्र संघका महासचिवले सोही धाराको प्रकरण १ मा उल्लिखित सवै राष्ट्रहरुलाई देहायका विवरणहरुको जानकारी दिनेछन्;

(क) धारा २६ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरु,

(ख) धारा २७ अन्तर्गत प्रस्तुत प्रतिज्ञापत्र लागू हुने मिति र धारा २९ अन्तर्गतका संशोधनहरु लागू हुने मिति।

**धारा ३१**

१. चिनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरु समान रुपले प्रामाणिक हुने प्रस्तुत प्रातमा संयुक्त राष्ट्र संघको अभिलेखालयमा दाखिला गरिनेछ।

२. संयुक्त राष्ट्र संघका महासचिवले धारा २६ मा उल्लिखित सबै राष्ट्रहरुलाई प्रस्तुत प्रतिज्ञापत्रका प्रमाण प्रतिहरु पठाउने छन्।

## ९. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल, १९६६

यस स्वेच्छिक प्रोटोकलको प्रमुख उद्देश्य नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्टिय प्रतिज्ञापत्रको भाग ४ वमोजिम गठित मानव अधिकार समितिलाई उक्त प्रतिज्ञापत्रमा व्यवस्था गरिएका अधिकारहरुको पक्ष राष्ट्र उल्लंघन गरिएको अवस्थामा पीडित व्यक्तिवाट सूचना प्राप्त गर्न र त्यसमा विचार गर्न र सक्षम बनाउने रहेको छ।

महासभाको १६ डिसेम्वर १९६६ को पारित प्रस्ताव नम्वर २२०० ए (२१) बाट ग्रहण गरी हस्ताक्षर, अनुमोदन र सम्मिलनकाको लागि खुला गरिएको। लागू भएको मितिः धारा ९ को मितिः धारा ९ अनुसार, २३ मार्च १९७६ तदनुसार १० चैत्र २०३२

प्रस्तुत प्रोटोकलका पक्ष राष्ट्रहरु,

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (यसपछि "प्रतिज्ञापत्र" भनिएको) का उद्देश्यहरु अझ बढि हासिल गर्ने तथा यसका व्यवस्थाहरुलाई कार्यान्वयन गर्ने उद्देश्यले सो प्रतिज्ञापत्रको भाग ४ अन्तर्गत गठित मानव अधिकार समिति (यसपछि "समिति"भनिएको) लाई प्रस्तुत प्रोटोकलमा व्यवस्था गरिए बमोजिम सो प्रतिज्ञापत्रमा

उल्लिखित कुनै पनि अधिकारको उल्लंघनबाट पीडित भएको दावी गर्ने व्यक्तिहरुबाट दावीको सूचना प्राप्त गरी सो उपर विचार गर्न सक्षम बनाउन उपयुक्त हुने कुरा विचार गर्दै,

देहाय बमोजिम गर्न सहमत भएका छन्ः

**धारा १**

प्रस्तुत प्रोटोकलको पक्ष हुने प्रतिज्ञापत्रको कुनै पक्ष राष्ट्रले प्रतिज्ञापत्रमा उल्लिखित कुनै पनि अधिकारको सो पक्ष राष्ट्रबाट उल्लंघन भएर आफू पीडित भएको दावी गर्ने आफ्ना क्षेत्राधिकार भित्रका व्यक्तिबाट सूचना प्राप्त गरी सो उपर विचार गर्न सक्ने समितिको सक्षमता स्वीकार गर्दछ। प्रतिज्ञापत्रको पक्ष भएको तर प्रस्तुत प्रोटोकलको पक्ष नभएको राष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना समितिले प्राप्त गर्ने छैन।

**धारा २**

धारा १ को व्यवस्थाको अधीनमा रही. प्रतिज्ञापत्रमा सूचिकृत गरिएका आफ्ना कनै पनि अधिकार उल्लंघन भएको दावी गने व्यक्तिहरुले उपलब्ध सम्पूर्ण घरेलू उपचारहरु उपयोग गरिसकेपछि समितिको विचारका लागि समिति समक्ष लिखित सूचना पेश गर्न सक्नेछन्।

**धारा ३**

समितिले कुनै पनि सूचना, जन वेनामी छ वा समितिको विचारमा त्यस्तो सचना पेश गर्न पाउने अधिकारको दुरुपयोग हो वा प्रतिज्ञापत्रका व्यवस्थाहरु अनुकूल छैन, लाई यस धारा अन्तर्गत अग्राह्य मान्नेछ।

**धारा ४**

१. धारा ३ का व्यवस्थाहरुको अधीनमा रही, समितिले प्रस्तुत प्रोटोकल अन्तर्गत आफू समक्ष पेश गरिएका कुनै पनि सूचनालाई प्रतिज्ञापत्रको कुनै व्यवस्था उल्लंघन गरेको आरोप लागेको प्रस्तुत प्रोटोकलको पक्ष राष्ट्रको ध्यानमा ल्याउनेछ।

**धारा ५**

१. सम्बन्धित पक्ष राष्ट्रबाट तथा व्यक्तिबाट समितिलाई उपलब्ध गराईएका सबै लिखित जानकारीका आधारमा समितिले प्रस्तुत प्रोटोकल अन्तर्गत प्राप्त गरिएका सूचनाहरु उपर विचार गर्नेछ।

२. समितिले देहायका कुराहरु एकिन नगरेसम्म कुनै पनि व्यक्तिबाट प्राप्त सूचना उपर विचार गर्नेछैनः

(क) अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको अर्को कार्यविधि अन्तर्गत सोही कुरा छानविन भई नरहेको,

(ख) सो व्यक्तिले उपलब्ध सबै घरेलु उपचारहरु उपयोग गरिसकेको। उपचारहरु लागू गर्न अनुचित रुपमा ढिलाई भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

३. प्रस्तुत प्रोटोकल अन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठकहरु गर्नेछ।

४. समितिले सम्वन्धित पक्ष राष्ट्र तथा व्यक्तिलाई आफ्ना विचारहरु पठाउनेछ।

**धारा ६**

समितिले प्रस्तुत प्रोटोकल अन्तर्गत गरिएका काम कारवाहीको सारांश प्रतिज्ञापत्रको धारा ४५ अन्तर्गतको आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ।

**धारा ७**

महासभाको १४ डिसेम्वर १९६० को पारित प्रस्ताव १५१४ (१५) मा रहेका औपनिवेशिक देशहरु तथा जनताहरुलाई स्वाधिनता प्रदानगर्ने सम्बन्धी घोषणापत्रका उद्देश्यहरु हासिल नभएसम्म, प्रस्तुत प्रोटोकलका व्यवस्थाहरुले संयुक्त राष्ट्र संघको बडापत्र र अन्य अन्तर्राष्ट्रिय महासन्धि तथा लिखतहरुबाट यी जनताहरुलाई प्रदान गरिएको निवेदन गर्ने अधिकारलाई कुनै पनि रुपमा सीमित गर्ने छैनन्।

**धारा ८**

१. प्रतिज्ञापत्रमा हस्ताक्षर गरेको कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि प्रस्तुत प्रोटोकल खुला रहनेछ।

२. प्रतिज्ञापत्र अनुमोदन गरेका वा त्यसमा सम्मिलन भएका कुनै पनि राष्ट्रबाट प्रस्तुत प्रोटोकल अनुमोदन हुनु पर्नेछ। अनुमोदनका लिखतहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ।

३. प्रस्तुत प्रोटोकल प्रतिज्ञापत्र अनुमोदन गरेको वा त्यसमा सम्मिलन भएको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनको लागि खुला रहनेछ।

४. सम्मिलनको लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

५. संयक्त राष्ट्र संघका महासचिवले प्रस्तुत प्रोटोकलमा हस्ताक्षर गरेका वा यसमा सम्मिलित राष्ट्रहरुलाई अनुमोदन वा सम्मिलनको प्रत्येक लिखत दाखिला भएको कराको जानकारी दिनेछन्।

**धारा ९**

१. प्रतिज्ञापत्र लागू हुने कुराको अधीनमा रही, अनुमोदन वा सम्मिलनको दशौं लिखत संयक्त राष्ट संघका महासचिव समक्ष दाखिला भएको मितिले तीन महिनादेखि प्रस्तुत प्रोटोकल लागू हुनेछ।

२. अनुमोदन वा सम्मिलनको दशौं लिखत दाखिला भएपछि प्रस्तुत प्रोटोकल अनुमोदन गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राष्टको हकमा त्यस्तो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीन महिनादेखि प्रस्तुत प्रोटोकल लागू हुनेछ।

**धारा १०**

प्रस्तुत प्रोटोकलका व्यवस्थाहरु संघीय राष्ट्रका सबै भागहरुमा कुनै सीमा वा अपवाद विना विस्तार हुनेछन्।

**धारा ११**

१. प्रस्तुत प्रोटोकलको कुनै पनि पक्ष राष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्र संघका महासचिव समक्ष दर्ता गर्न सक्नेछ। महासचिवले सो प्रस्ताव उपर विचार एवं मतदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरुको सम्मेलन गर्ने पक्षमा उनीहरु भएनभएको कुराको सूचना निजलाई दिने अनुरोध सहित प्रस्तावित संशोधन पक्ष राष्ट्रहरुलाई पठाउने छन्। कम्तिमा एक तिहाई पक्ष राष्ट्रहरु त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा सो सम्मेलनको आव्हान गर्नेछन्। महासचिवले सो सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरुको वहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि संयुक्त राष्ट्र संघको महासभा समक्ष पेश गर्नेछन्।

सयुक्त राष्ट्र संघको महासभाबाट स्वीकृत भएपछि र प्रस्तुत प्रोटोकलका पक्ष राष्ट्रहरुको दुई तिहाई बहुमतबाट आ-आफनो सवैधानिक प्रक्रिया अनुसार स्वीकृत भए पछि संशोधनहरु लागू हुनेछन्।

संशोधनहरु लागू भएपछि ती संशोधनहरु स्वीकार गर्ने पक्ष राष्ट्रहरुका हकमा वाध्यात्मक हुनेछन् भने अन्य पक्ष राष्ट्रहरुका हकमा प्रस्तुत प्रोटोकलका व्यवस्थाहरु त्था उनीहरुले स्वीकार गरेका कुनै पनि अधिल्ला संशोधनहरु बाध्यात्मक हुनेछन्।

**धारा १२**

१. कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिई कुनै पनि समयमा प्रस्तुत प्रोटोकल परित्याग गर्न सक्नेछ। महासचिवबाट त्यस्तो सूचना प्राप्त गरेको मितिले तीन महिनादेखि परित्याग लागू हुनेछ।

२. परित्याग लागू हुने मितिभन्दा अगाडि धारा २ अन्तर्गत पेश गरिएको कुनै सूचनाका हकमा प्रस्तुत व्यवस्थाहरुको निरन्तर प्रयोगलाई परित्यागले प्रतिकूल प्रभाव पार्ने छैन।

**धारा १३**

प्रस्तुत प्रोटोकलको धारा ८ को प्रकरण ५ अन्तर्गत सचना दिईएको भएतापनि संयुक्त राष्ट्र संघका महासचिवले प्रतिज्ञापत्रको धारा ४८ को प्रकरण १ मा उल्लिखित सबै राष्ट्रहरुलाई देहायका विवरणहरुको जानकारी दिनेछनः

(क) धारा ८ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरु,

(ख) धारा ९ अन्तर्गत प्रस्तुत प्रोटोकल लागू हुने मिति र धारा ११ अन्तर्गत संशोधनहरु लागत (ग) धारा १२ अन्तर्गतका परित्यागहरु।

**धारा १४**

१. अरवी, चीनीया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरु समान रुपले प्रामाणिक प्रोटोकल संयुक्त राष्ट्र संघको अभिलेखालयमा दाखिला गरिनेछ।

२. संयुक्त राष्ट्र संघका महासचिवले प्रतिज्ञापत्रको धारा ४८ मा उल्लिखित सबै राष्ट्रहरुलाई प्रस्तत पोटो प्रमाणित प्रतिहरु पठाउने छन्।

## १०. महिला विरूद्धका हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९

महासभाद्वारा १८ डिसेम्वर १९७९ मा नं. ३४/१८० को प्रस्ताव पारित भई हस्ताक्षर, अनुमोदन तथा सम्मिलनको लागि खुला गरिएको लागू भएको मिति– धारा– ९२७(१) अनुसार, ३ सेप्टेम्वर १९८१

यस महासन्धिका पक्ष राष्ट्रहरू,

संयुक्त राष्ट्र संघको बडापत्रले आधारभूत मानव अधिकारहरूमा, मानवीय मूल्य तथा मर्यादामा र पुरुष एवं महिलाको समान अधिकारमा आफ्नो आस्था पुनः पुष्टि गरेको कुरालाई ध्यानमा राख्दै,

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणाले भेदभाव सम्बन्धी अमान्यताको सिद्धान्तलाई पुष्टि गरेको तथा सम्पूर्ण मानव स्वतन्त्र रूपमा एवं समान हक र मर्यादामा जन्मेका हुन्छन् तथा प्रत्येकलाई त्यसमा उल्लेखित हकहरू तथा स्वतन्त्रताहरू लिंगको आधारमा हुने भेदभाव लगायत कुनैपनि प्रकारको भेदभाव विना उपभोग गर्न पाउनुपर्छ भन्ने कुराहरूलाई ध्यानमा राख्दै,

मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका पक्ष राष्ट्रहरूमा सबै पुरुष र महिलालाई सबै आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक एवं राजनीतिक अधिकारहरू समान रूपले उपभोग गर्न पाउने अधिकार उपलब्ध गराउने दायित्व छ भन्ने कुरालाई ध्यानमा राख्दै,

संयुक्त राष्ट्र संघ तथा विशिष्टीकृत संस्थाहरूको तत्वावधानमा पुरुष तथा महिलाबीच समान अधिकारको प्रवर्धन गर्न बनेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूलाई विचार गर्दै,

संयुक्त राष्ट्र संघ तथा विशिष्टीकृत संस्थाहरूले पुरुष तथा महिलाबीच समान अधिकारको सम्बन्धमा पारित गरेका प्रस्तावहरू, घोषणापत्रहरू तथा सिफारिसहरूलाई समेत अवगत गर्दै,

यस्ता विभिन्न लिखतहरूको बावजूद पनि महिला, विरुद्ध व्यापक भेदभाव अझै विद्यामान रहेको कुरालाई ध्यान दि“दै,

महिला विरुद्ध हुने भेदभावले अधिकारको समानता सम्बन्धी सिद्धान्तमा एवं मानव मर्यादाप्रतिको आदरभावमा खलल पार्दछ । महिलाले पुरुषसँग समानताको आधारमा आफ्नो मुलुकको राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनमा सहभागी हुने स्थितिमा व्यवधान उत्पन्न गर्दछ, समाज तथा परिवारको समुन्नति तथा विकासमा अवरोध अवरोध ल्याउँछ, एवं आफ्नो मुलुकको तथा मानवताको सेवाको लागि महिलाको क्षमताको पुर्ण विकासलाई अवरुद्ध पार्दछ भन्ने कुराहरूलाई पुनः स्मरण गर्दै,

गरीबी अवस्थाले महिलालाई भोजन, स्वास्थ्य, शिक्षा, तालिम र रोजगारीका अन्य अवसरहरू प्राप्त गर्न तथा अन्य आवश्यकताहरू पूरा गर्नमा न्यून पहुँच हुन्छ भन्ने कुरामा ध्यान केन्द्रित गर्दै,

समानता तथा न्यायमा आधारित अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको स्थापनाबाट पुरुष तथा महिलाबीच समानताको अभिबृद्धिमा महत्त्वपूर्ण योगदान पुग्दछ भन्ने कुरामा निश्चित हुँदै,

रंगभेद, सबै प्रकारका वर्णभेदहरू, वर्णका आधारमा हुने भेदभावहरू, उपनिवेशवाद, नव उपनिवेशवाद, अतिक्रमण, वैदेशिक कब्जा तथा आधिपत्य र राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप समेत सबै कुराको उन्मूलन गर्न पुरुष तथा महिलाको अधिकार उपभोगको लागि आवश्यक छ भन्ने कुरामा जोड दिँदै,

अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षाको सुदृढिकरण, अन्तर्राष्ट्रिय तनावमा सिथिलता, सामाजिक तथा आर्थिक प्रणाली जस्तै भएपनि राष्ट्रहरूको बीच आपसी सहयोग, सबै प्रकारका तथा सम्पूर्ण निशस्त्रीकरण, खास गरेर कडा एवं प्रभावकारी अन्तर्राष्ट्रिय नियन्त्रणअन्तर्गत आणविक निशस्त्रीकरण, राष्ट्रहरूकोबीचको सम्बन्ध न्यायपूर्ण, समानता तथा आपसी हितको आधारमा हुनु पर्ने सिद्धान्तको समर्थन, वैदेशिक वा औपनिवेशिक आधिपत्यमा रहेका वा विदेशी कब्जामा रहेका जनताहरूको आत्म–निर्णय तथा

स्वतन्त्रताको अधिकार प्राप्तिका साथ–साथै राष्ट्रिय सार्वभौमिकताको एवं क्षेत्रीय अखण्डता समेतबाट सामाजिक उन्नति तथा विकासको सम्बद्र्धन हुन्छ र त्यसको परिमाणले पुरुष तथा महिलाबीच पूर्ण समानता प्राप्तिमा योगदान गर्दछ भन्ने कुरालाई जोड दिँदै,

मुलुकको पूर्ण तथा सर्वाङ्गीण विकासमा, विश्वको हित एवं शान्ति प्राप्तिमा महिलाको पुरुषसँग प्रत्येक क्षेत्रमा बराबरको आधारमा अधिकतम सहभागिता आवश्यक छ भन्ने कुरामा निश्चित हुँदै,

परिवारको हित तथा समाजको उत्थानमा महिलाबाट हुने ठूलो योगदानलाई अहिलेसम्म पूर्ण मान्यता प्राप्त भै नसकको भए तापनि मातृत्वको सामाजिक महत्त्व तथा परिवारको सन्दर्भमा बालबालिकाको पालन पोषणमा आमाबाबु दुबैको भूमिकालाईम बुझी, महिलाको सन्तान उत्पादन गर्ने विशेषतालाई भेदभावको आधार बनाइनु हुँदैन भन्ने कुरालाई हृदयगम् गरी बालबालिकाको पालन पोषणको जिम्मेवारीमा पुरुष र महिला लगायत सम्पूर्ण समाज पनि भागिदार बन्नु पर्दछ भन्ने कुरालाई महशुश गर्दै,

पुरुष तथा महिलाकोबीचमा पूर्ण समानता प्राप्तिको लागि समाजमा तथा परिवारमा पुरुषको भूमिका तथा महिलाको भूमिका सम्बन्धी परम्परागत सोचाईमा परिवर्तन गर्नु पर्ने आवश्यकतालाई महशूस गर्दै,

महिला विरुद्धको भेदभाव उन्मूलन सम्बन्धी घोषणामा उल्लेखित सिद्धान्तहरूको कार्यान्वयन गर्न तथा त्यस प्रयोजनको लागि सबै प्रकार र प्रकृतिको यस्तो भेदभावलाई निर्मूल गर्न आवश्यक पर्ने उपायहरू अपनाउन संकल्प गर्दै,

निम्नलिखित कुरामा सहमत हुन्छन् –

**भाग १**

**धारा १**

यस महासन्धिको प्रयोजनको लागि "महिला विरुद्ध भेदभाव" भन्नाले महिलाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरू कुनै विषय सम्बन्धी मावन अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भएता पनि, पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाइ नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको, लिंगको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनु पर्दछ ।

**धारा २**

पक्ष राष्ट्रहरू महिला विरुद्ध गरिने सबै भेदभावको भत्र्सना गर्दछन् । महिला विरुद्ध गरिने सबै भेदभावलाई उन्मूलन पार्ने नीति उपयुक्त तरिकाबाट अविलम्व अपनाउन मञ्जुर गर्दछन् तथा यसको लागि देहायका काम गर्न कबूल गर्दछन् ।

(क) महिला र पुरुषमा समानताको सिद्धान्तलाई आफ्नो देशको संविधान वा अन्य उपयुक्त कानूनमा पहिले नै समावेश गरी नसकिएको भए त्यसलाई समावेश गर्ने तथा यस सिद्धान्तलाई कानून वा अन्य माध्यमबाट व्यवहारिक रूपमा साकार पार्ने,

(ख) महिला विरुद्धका सम्पूर्ण भेदभावलाई प्रतिबन्ध लगाउन व्यवस्थापकीय तथा अन्य उपायहरू अपनाउने तथा आवश्यक भएमा दण्ड सजाय"को समेत व्यवस्था गर्ने,

(ग) पुरुषहरू सरह समान आधारमा महिला अधिकारहरूको कानूनी संरक्षणको व्यवस्था तथा महिला विरुद्ध कुनै पक्ष न्यायाधिकरण र अन्य सार्वजनिक निकायहरू मार्फत प्रभावकारी रूपमा संरक्षण सुनिश्चित गर्ने,

(घ) महिला विरुद्ध भेदभाव हुने कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने र सार्वजनिक अधिकारीहरू तथा संस्थाहरूले यी दायित्व अनुरूप काम गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने,

(ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट महिला विरुद्ध हुने भेदभावलाई उन्मूलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अबलम्वन गर्ने,

(च) महिला विरुद्ध भेदभाव गराउने प्रचलित कुनै पनि नियम कानून, परम्परा तथा प्रचलनहरूलाई सुधार गर्ने वा हटाउने गरी कानून बनाउने लगायत आवश्यक पर्ने सम्पूर्ण उपायहरू अवलम्बन गर्ने,

(छ) महिला विरुद्ध भेदभाव गराउने सम्पूर्ण राष्ट्रिय दण्ड व्यवस्थाहरू खारेज गर्ने।

**धारा ३**

पक्ष राष्ट्रहरूले महिलाको पूर्णविकास तथा प्रवर्धन सुनिश्चित गरी पुरुष सरह समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोगलाई प्रत्याभूति दिलाउनको लागि सबै सम्बद्ध क्षेत्र खास गरेर राजनीतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक क्षेत्रमा कानूनी व्यवस्था लगायतका सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन्।

**धारा ४**

१. पक्ष राष्ट्रहरूले पुरुष तथा महिलाबीच वास्तविक समानता दुरुत्तर गतिमा कायम गराउन कुनै अस्थायी विशेष उपायहरू अपनाएका रहेछन् भने त्यस्ता उपायहरूलाई यस महासन्धिमा परिभाषित गरिए बमोजिमको भेदभाव पूर्ण व्यवहार भएको मानिने छैन, तर त्यसको परिणाम स्वरूप यस्ता उपायहरू कुनै पनि हालतमा असमान वा भिन्न स्तरालाई कायमै राख्न दिने प्रकारले हुन सक्ने छैन। अवसर र व्यवहारमा समानताको उद्देश्य प्राप्त भए पछि यी उपायहरूलाई अन्त्य गरिनु पर्नेछ।

२. पक्ष राष्ट्रहरूबाट मातृत्व संरक्षणको लागि यस महासन्धिमा व्यवस्था गरिएका उपायहरू लगायत अन्य विशेष उपायहरू अपनाइएको कुरालाई भेदभावपूर्ण कार्य भएको मानिने छैन।

**धारा ५**

पक्ष राष्ट्रहरूले देहायको प्रयोजनको लागि चाहिने सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन्:

(क) पुरुष तथा महिला सम्बन्धी पुरातन भूमिकामा आधारित वा कुनै खास लिङ्गको महत्ताभाष वा लघुताभाषमा आधारित दूराग्रहको तथा परम्परागत एवं अन्य प्रकारका प्रचलनहरूलाई उन्मूलन गर्ने उद्देश्य प्राप्तिका लागि पुरुष तथा महिलामा रहेको स्वाभाविक प्रकृतिका सामाजिक तथा सांस्कृतिक आचरण पद्धतिलाई बदल्ने,

(ख) बालबालिकाको हितलाई जुनसुकै हालतमा पनि सर्वोपरी ध्यान दिइनेछ भन्ने कुरालाई मध्य नजर राख्दै मातृत्व भनेको एक सामाजिक कार्य हो भन्ने कुरालाई राम्रोसँग बुझाउने तथा आफ्ना बालबालिकाको पालन पोषण एवं विकासमा पुरुष तथा महिलाको समान जिम्मेवारी रहेको हुन्छ भन्ने कुरा पारिवारिक शिक्षामा पर्दछ भन्ने कुरालाई सुनिश्चित गर्ने।

**धारा ६**

पक्ष राष्ट्रहरूले महिलाको किनवेच तथा महिलाको वेश्यावृत्तिको शोषण  लगायत सबै प्रकारका कार्यलाई दमन गर्ने कानून बनाउन सबै आवश्यक कदमहरू चाल्नेछन्।

**भाग २**

**धारा ७**

पक्ष राष्ट्रहरूले मुलुकको राजनीतिक तथा सार्वजनिक जीवनमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न तथा खास गरी बराबरीको आधारमा पुरुष सरह महिलालाई देहायका अधिकारहरू उपलब्ध गरउन आवश्यक कदमहरू चाल्नेछन्:–

(क) सबै निर्वाचनहरू तथा जनमत सँग्रहहरूमा मत दिने अधिकार तथा सार्वजनिक रूपमा निर्वाचित हुने संस्थाहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार,

(ख) सरकारी नीति निर्माणमा तथा त्यसको कार्यान्वयनमा सरिक हुने तथा सार्वजनिक पद धारण गर्न सबै सरकारी तहहरूमा हुने सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार,

(ग) मुलुकको सार्वजनिक तथा राजनीतिक जीनसँग सम्बन्धित गैर सरकारी संस्था तथा सङ्गठनहरूमा भाग लिन पाउने अधिकार।

**धारा ८**

पक्ष राष्ट्रहरूले महिलालाई पुरुष सरह समान आधारमा तथा विना कुनै भेदभाव अन्तर्राष्ट्रिय तहमा सरकारको प्रतिनिधित्व गर्न पाउने अवसर तथा अन्तर्राष्ट्रिय सङगठनहरूको कार्यमा भाग लिन पाउने अवसर सुनिश्चित गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन्।

**धारा ९**

१. पक्ष राष्ट्रहरूले महिलालाई पुरुष सरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार प्रदान गर्नेछन्। तिनीहरूले खास गरेर विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहित अवस्थामा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः वरिवर्तन नहुने, निजलाई राज्यविहिन नतुल्याइने वा पतिको राष्ट्रियता ग्रहण गर्न वाध्य हुनु नपर्ने व्यवस्था सुनिश्चित गर्नेछन्।

२. पक्ष राष्ट्रहरूले बालबालिकाको राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरुष सरहको समान अधिकार प्रदान गर्नेछन्।

**भाग ३**

**धारा १०**

पक्ष राष्ट्रहरूले महिलालाई शिक्षाको क्षेत्रमा पुरुष सरह समान अधिकार प्राप्तिको व्यवस्था सुनिश्चित गर्नको लागि महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदमहरू चाल्नेछन् र महिला र पुरुषको समानताको आधारमा खास गरेर देहायका कुराहरू सम्बन्धी व्यवस्था सुनिश्चित गर्नेछन्:–

(क) ग्रामीण तथा शहरी क्षेत्रमा अवस्थित सबै प्रकारका शिक्षण संस्थामा अध्ययन गर्न र उपाधि हासिल गर्न पाउनको लागि जिविकाको तथा व्यवसायको जानकारी पाउने समान अवसरको व्यवस्था, यस प्रकारको समानता पूर्व विद्यालय शिक्षा, साधारण शिक्षा, प्राविधिक शिक्षा, पेशागत शिक्षा तथा उच्च प्राविधिक शिक्षा एवं सबै प्रकारका व्यावसायिक प्रशिक्षणको सम्बन्धमा उपलब्ध हुने कुरा सुनिश्चित गरिनेछ,

(ख) एउटै पाठ्यक्रम, एउटै परीक्षा, एकै स्तरको योग्यता प्राप्त शिक्षक तथा उस्तै प्रकारको विद्यालय भवन तथा उपकरणमा शिक्षा पाउने अवसरको व्यवास्था,

(ग) सबै प्रकारका तथा तहको शिक्षामा देखा पर्ने गरेको पुरुष तथा महिलाको भूमिका नै फरक छ भनी पुरातनवादी धारणालाई उन्मूलन गर्न तथा यस लक्ष्य प्राप्तिको लागि सहायक हुने सह–शिक्षा तथा अन्य प्रकारका शिक्षण विधिलाई प्रोत्साहित दिने, र खास गरेर पाठ्यपुस्तकहरू तथा विद्यालय कार्यक्रमहरूमा परिवर्तन गर्ने एवं सोही बमोजिमको शिक्षण विधि अपनाउने,

(घ) छात्रवृत्ति तथा अन्य प्रकारका अध्ययन अनुदान सम्बन्धी फाइदा प्राप्त गर्नको लागि समान अवसर उपलब्ध गराउने,

(ङ) प्रौढ शिक्षा तथा कार्यगत साक्षरता कार्यक्रम लगायतका स्थायी शिक्षण कार्यक्रमहरूमा, खास गरेर पुरुष तथा महिलाकाबीचमा रहेको शैक्षिक अन्तरलाई जति सक्दो चाँडो कम गर्ने लक्ष्य रहेका कार्यक्रम सरिक हुन समान अवसर दिलाउने,

(च) पढाई छाड्ने छात्राहरूको संख्यालाई घटाउने तथा अपरिपक्वतावश विद्यालय छाडेका बालिलकाहरू तथा महिलाहरूको निमित्त शैक्षिक कार्यक्रमहरूको आयोजना गर्ने,

(छ) खेलकूद तथा शारीरिक शिक्षामा सक्रिय रूपमा भाग लिन पाउने समान अवसर प्रदान गर्ने,

(ज) परिवार नियोजन सम्बन्धी सूचना एवं सल्लाह लगायतका परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी दिलाउने।

**धारा ११**

१. पक्ष राष्ट्रहरूले रोजगारीको क्षेत्रमा महिलालाई पुरुष सरह समानताको आधारमा समान हक सुनिश्चित गारउनको लागि महिला विरुद्धको सबै प्रकारको भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदम चाल्नेछन् र खास गरेर देहायका अधिकारहरूको प्राप्ति सुनिश्चित गर्नेछन्ः–

(क) समस्त मावन जातीयको अविच्छेद्य अधिकारको रूपमा काम गर्ने अधिकार दिलाउने,

(ख) राजगारीमा नियुक्तिको लागि छनौट गरिदा समान प्रक्रिया प्रयोग गरिने लगायत रोजगारीको समान अवसरको अधिकार,

(ग) स्वतन्त्र रूपमा पेशा तथा रोजगारी चयन गर्न पाउने अधिकार, वढुवा हुन पाउने, सेवाको सुरक्षा पाउने तथा सेवाका तमाम शर्तहरू एवं फाईदाहरू उपभोग गर्न पाउने अधिकार र सिक्ने सुविधा लगायत व्यावसायिक तालिम तथा पुनः तालिम पाउने, उच्च व्यवसायिक तालिम तथा समय–समयमा तालिम पाउने अधिकार,

(घ) समान सुविधा सहितको समान पारिश्रमिक पाउने अधिकार समान मूल्यको कामको लागि समान व्यवहार पाउने अधिकार तथा कामको गुणात्मक मूल्यांकन हुँदा समान व्यवहार पाउने अधिकार,

(ङ) सामाजिक सुरक्षाको अधिकार, खास गरेर निवृत्त भएकोमा, बेरोजगारीमा, विरामी परेकामा, अशक्त भएकोमा तथा वृद्धावस्थामा र काम गर्न अन्य तवरबाट अशक्त भएको अवस्थामा समेत सामाजिक सुरक्षा पाउने अधिकार एवं पूरा तलबसहित विदा लिन पाउने अधिकार,

(च) प्रजनन् पद्धतिको बचाउ हुने गरी स्वास्थ्यको संरक्षण पाउने अधिकार एवं कार्यगत अवस्थामा सुरक्षाको अधिकार

२. विवाह वा मातृत्वको आधारमा महिला विरुद्ध हुने भेदभाव रोक्न तथा तिनीहरूको काम गर्ने अधिकारलाई सक्षमताका साथ उपलब्ध गराउन पक्ष राष्ट्रहरूले देहायका कुरामा उपयुक्त कदम चाल्नेछन्ः–

(क) लगाइएका नियन्त्रण व्यवस्थाको अधीनमा रही गर्भवती वा प्रसूति विदाको आधारमा पदच्यूत गर्न नपाउने तथा अन्य अवस्थामा पदच्यःुत गर्दा पनि वैवाहिक स्थितिको आधारमा भेदभाव गर्न नपाउने गरी प्रतिबन्ध लगाउने,

(ख) नोकरीबाट वा वरिष्टताक्रमबाट वा सामाजिक भत्ताबाट बन्चित हुनु नपर्ने गरी पूरा तलव सहितको प्रसूती विदा वा सोही सरहको सामाजिक फाइदाहरू पाउने व्यवस्था प्रारम्भ गर्ने,

(ग) बाबु आमाहरूलाई आफ्नो कार्यगत जिम्मेवारी साथ–साथै पारिवारिक दायित्व पनि निर्वाह गर्न सक्ने तथा सार्वजनिक जावनमा सरिक हुन सक्ने तुल्याउन, खास गरेर बाल स्याहार सुविधा प्रणालीको स्थापना गरेर एवं विकास कार्यलाई प्रवर्धन गरेर, आवश्यक सहायक सामाजिक सेवाहरूको व्यवस्थालाई प्रोत्साहन दिने,

(घ) गर्भवती महिलालाई हानिकारक हुने भनी प्रमाणित भएका काममा लगाउन नपाउने गरी विशेष संरक्षण प्रदान गर्ने।

३. यस धारमा वर्णन गरिएका कुराहरूसँग सम्बन्धित संरक्षणात्मक कानूनी व्यवस्थाहरूलाई तत्काल प्रचलित वैज्ञानिक तथा प्राविधिक ज्ञानका आधारमा समय–सयमा पुनरावलोकन गरिनेछ र आवश्यकताअनुसार परिवर्तन खारेज वा विस्तृत गरिनेछ।

**धारा १२**

१. पक्ष राष्ट्रहरूले महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य स्याहार सेवा सम्बन्धी कुरा पुरष सरह समानताको आधारमा उपलल्ब्ध गराउन स्वास्थ्य क्षेत्रमा महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्नको लागि सबै उपयुक्त कदमहरू चाल्नेछन्।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्ष राष्ट्रहरूले महिलालाई गर्भ धारणको समयमा, प्रसःुतिको समयमा तथा सुत्केरी भै सकेपछिको अवधिका सम्बन्धमा चाहि“दो सेवाहरू, एवं गर्भवति समय तथा स्तनपानको समयमा पर्याप्त पोषण उपलब्ध गराउन साथै आवश्यकतानुसार निःशुल्क सेवा समेतको आवश्यक व्यवस्था गर्नेछन्।

**धारा १३**

पक्ष राष्ट्रहरूले महिलालाई पुरुष सरह समानताको आधारमा समान प्रकारका अधिकारहरू, खास गरेर देहायका अधिकारहरू उपलब्ध गराउनको लागि आर्थिक तथा सामाजिक जीवनका अन्य क्षेत्रहरूमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनको लागि सबै उपयुक्त कदमहरू चाल्नेछन्ः–

(क) पारिवारिक लाभ भोग्न पाउने अधिकार,

(ख) बैक कर्जा पाउने, बन्धकी राख्ने तथा अन्य प्रकारका आर्थिक ऋण प्राप्त गर्न पाउने अधिकार,

(ग) खेलकुदमा, मनोरन्जनका गतिविधिमा तथा सांस्कृतिक जीवनका समस्त पक्षहरूमा सहभागी हुन पाउने अधिकार।

**धारा १४**

१. पक्ष राष्ट्रहरूले गाउँले महिलाले भोगी रहेका खास समस्याहरू तथा ती गाउँले महिलाले परिवारको आर्थिक उन्नतिमा तथा विना मूल्यमा गरिएका आर्थिक योगदान लगायत आर्थिक व्यवस्थामा तिनीहरूले खेलेको महत्त्वपूर्ण भूमिकाप्रति ध्यान दिनेछन् र यस महासन्धिको व्यवस्थाहरू ती ग्रामीण क्षेत्रका महिलामा लागू गराउन सबै उपयुक्त कदमहहरू चाल्ने छन्।

२. पक्ष राष्ट्रहरूले ग्रामीण क्षेत्रका महिलाले परुष सरह समानताको आधारमा ग्रामीण विकासमा सहभागी हुन पाउन् र त्यसबाट पाउने फाईदा भोग्न पाउन् भन्ने कुरा एकीन गर्नको लागि ग्रामीण क्षेत्रका महिला विरुद्ध हुने भेदभावलाई उन्मूलन गर्न सबै प्रकारका कदमहरू चाल्नेछन् र खास गरेर त्यस्ता महिलालाई देहायका अधिकार उपलब्ध गराउनेछन्:–

(क) विकास योजनाको विस्तृतःीकरण तथा कार्यान्वयनका सबै तहमा भाग लिन पाउने,

(ख) परिवार नियोजनका सूचना, सल्लाह र सेवा लगायत पर्याप्त स्वास्थ्य स्याहार सुविधा पाउने,

(ग) सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने,

(घ) कार्यगत साक्षरता लगायत सबै प्रकारका औपचारीक तथा अनौपचारीक तालिम र शिक्षा प्राप्त गर्ने एवं अन्य कुराका अतिरिक्त उनीहरूको प्राविधिक क्षमता वृद्धि गराउनको लागि सबै सामुदायिक तथा बिस्तार सेवाहरूबाट फाईदा प्राप्त गर्ने,

(ङ) रोजगारी तथा आत्म–रोजगारीद्वारा आर्थिक अवसरहरूमा समान पहुँचको लागि स्वावलम्वन समूहहरू तथा साझा संस्थाहरू गठन गर्न पाउने।

(च) समस्त सामुदायिक कृयाकलापहरूमा भाग लिने,

(छ) कृषि कर्जा तथा ऋृण, बजार सुविधा, उपयुक्त प्रविधि प्राप्त गर्न सक्ने तथा भूमि सम्बन्धी र कृषि सुधार एवं जग्गा जमिन पुनर्व्यवस्था योजना सम्बन्धमा समान प्रकारको व्यवहार पाउने,

(ज) जीवन यापनका उपयुक्त अवस्थाहरू खास गरेर आवास, सरसफाई विद्युत तथा खानेपानीको व्यवस्था, यातायात तथा संचार सम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने।

**भाग ४**

**धारा १५**

१. पक्ष राष्ट्रहरूले कानूनको दृष्टिमा महिलालाई पुरुष सरहको समानता प्रदान गर्नेछन् ।

२. पक्ष राष्ट्रहरूले महिलालाई देवानी मामिलामा पुरुष सरहको कानूनी क्षमता प्रदान गर्नेछन् र त्यस्तो क्षमता उपभोग गर्न पाउने समान अवसर प्रदान गर्नेछन् । खास गरेर तिनीहरूले महिलालाई करार सम्पन्न गर्न पाउने तथा सम्पत्ति संचालन गर्न पाउने समान अधिकार प्रदान गरी अदालत तथा न्यायाधिकरण समक्ष हुने कार्यविधिका सबै अवस्थामा समान व्यवहार गर्नेछन् ।

३. महिलाको कानूनी क्षमतालाई निनयन्त्रण गर्ने किसिमका कानूनी मान्यता प्राप्त कुनै पनि किसिमका करार तथा तमाम नीजि लिखितहहरू वदर हुनेछन् तथा गैरकानूनी मानिनेछन् भन्ने कुरा पक्ष राष्ट्रहरू मञ्जुर गर्दछन् ।

४. व्यक्तिको घुमफिर गर्न पाउने अधिकार तथा आफ्नो वासस्थान एवं निवास छान्न पाउने स्वतन्त्रता सम्बन्धी कानूनमा पुरष तथा महिलालाई समान अधिकार प्रदान गर्न पक्ष राष्ट्रहरू मञ्जुर गर्दछन ।

**धारा १६**

१. पक्ष राष्ट्रले विवाह तथा पारिवारिक सम्बन्ध बारेको कुराहरूमा महिला विरुद्धको भेदभाव उन्मूलन गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन् तथा खास गरेर देहायका व्यवस्था पुरुष तथा महिलामा समानताको आधारमा लागू गराउनेछन्–

(क) विवाह गर्ने समान अधिकार हुने,

(ख) आफ्नो जीवन साथी स्वतन्त्र रूपले छान्न पाउने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह हुने गरी समान अधिकार दिलाउने,

(ग) विवाह पर्यन्त तथा सम्बन्ध विच्छेद पश्चातको अवस्थामा समान अधिकार तथा दायित्व दिलाउने,

(घ) विवाहको स्थिति जे जस्तो रहे तापनि बालबच्चासम्बन्धीम कुराहरूमा बाबुआमा दुवैलाई समान अधिकार तथा दायित्व दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

(ङ) आफ्नो बालबच्चाको सङ्ख्या तथा तिनीहरूको जमान्तरको सम्बन्धमा स्वतन्त्र एवं जिम्मेवारीपूर्वक निर्णय गर्न पाउने समान अधिकार हुने/दिलाउने तथा ती अधिकारहरू प्रभावकारी ढङ्गबाट गर्न सक्ने तुल्याउन जो चाहिने जानकारी शिक्षा तथा साधन उपलब्ध गराउने,

(च) बालबालिकाको संरक्षकत्व, संरक्षण, गुठीयारको हैसियत तथा दत्तक ग्रहण गर्ने सम्बन्धमा अथवा कुनै मुलुकको राष्ट्रिय कानूनी व्यवस्थामा यो कुरा लागू रहेछ भने त्यस्ता संस्थाको सम्बन्धमा, महिलालाई पनि समान अधिकार तथा जिम्मेवारी दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

(छ) कुनै पनि पारिवारिक नाम, पेशा तथा वृत्ति चयन गर्न पाउने अधिकार लगायत पति वा पत्नीको रूपमा दुबैमा समान वैयक्तिक अधिकार दिलाउने,

(ज) सम्पत्तिको सम्बन्धमा निःशुल्क वा सशुल्क रूपमा स्वामित्व, प्राप्ति, वन्दोवस्त, प्रशासन उपयोग तथा वेचविखन गर्न पाउने गरी पति पत्नी दुवैलाई समान अधिकार दिलाउने ।

२. बालकको वैवाहिक वाक्दान र बाल–विवाहको कुनै पनि कानूनी मान्यता हुनेछैन । विवाह गर्ने न्यूनतम उमेर निर्धारण गर्ने कानूनी लगायत सबै आवश्यक व्यवस्था गरिनेछ र औपचारिक विवाह दर्ता किताबमा विवाह दर्ता गर्न अनिवार्य गरिनेछ ।

**भाग ५**

**धारा १७**

१. यस महासन्धिको कार्यान्वयन सम्बन्धी प्रगतिको लेखाजोखा गर्नको लागि यो महासन्धिले व्यवस्था गरेका कुराहरूका सम्बन्धमा उच्च नैतिक मर्यादा तथा क्षमता भएका विशेषज्ञहरू मध्येबाट यो महासन्धि प्रारम्भ हुने वित्तिकै अठाह्र जना र यो महासन्धिलाई पैतीसौं पक्ष राष्ट्रले अनुमोदन वा सम्मिलन गरेपछि तेईस जना विशेषज्ञहरू भएको एउटा "महिला विरुद्ध भेदभाव उन्मूलन समिति" (यसपछि "समिति" भनिएको) गठन गरिनेछ । यी विशेषज्ञाहरू समानुपातिक भौगोलिक वितरण पद्धति अनुसार तथा भिन्न–भिन्न सभ्यताको एवं प्रमुख कानूनी प्रणालीको प्रतिनिधित्व हुने गरी पक्ष राष्ट्रहरूले आ-आफ्नो नागरिकहरूबाट निर्वाचित गर्नेछन् र तिनीहरूले व्यक्तिगत हैसियतमा काम गर्नेछन् ।

२. पक्ष राष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचिबाट गोप्य मतपत्रको तरिकाबाट समितिका सदस्यहरू निर्वाचित हुनेछन् । प्रत्येक पक्ष राष्ट्रले आफ्ना नागरिकहरू मध्ये एक जना व्यक्ति मात्र मनोनित गर्न पाउनेछन् ।

३. यो महासन्धि प्रारम्भ भएका मितिले छ महिनापछि प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचन हुने मिति भन्दा कम्तीमा तीन महिना अगावै संयुक्त राष्ट्रसंघको महासचिवले पक्ष राष्ट्रहरूलाई आ-आफ्नो मनोनयन पत्रहरू दुई महिना भित्र दाखिला गर्न आव्हान गर्दै पत्र पठाइने छन् । महासचिवले प्राप्त मनोनयनहरूको आधारमा मनोनयन गर्ने पक्ष राष्ट्रहरूको नाम समेत जनाई वर्णानुक्रम अनुसारको एउटा सूची बनाउनेछन् र सो सूची पक्ष राष्ट्रहरूलाई पठाउनेछन् ।

४. समितिका सदस्यहरूको निर्वाचन संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महासचिवले आयोजना गरेको पक्ष राष्ट्रहरूको बैठकमा हुनेछ । यस बैठकको लागि दुई तिहाई पक्ष राष्ट्रहरूको उपस्थितिलाई गणपूरक सङ्ख्या पुगेको मानिनेछ । बैठकमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूका प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने त्यस्ता मनोनित व्यक्तिहरू नै समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ ।

५. समितिका सदस्यहरू चारवर्षको अवधिका लागि निर्वाचित हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरू मध्ये नौ जनाको पदावधि दुईवर्षमा समाप्त हुनेछ । पहिलो निर्वाचन भएको लगत्तैपछि समितिका अध्यक्षले त्यस्ता नौ जना सदस्यहरूको नाम गोला प्रथाद्वारा छुट्टयाउने छन् ।

६. समितिको पाँच जना अतिरिक्त सदस्यहरूको निर्वाचन पैतिसौं अनुमोदन वा सम्मिलन प्राप्त भएपछि यसै धाराको प्रकरण २, ३, र ४ मा भएका व्यवस्थाहरू अनुसार गरिनेछ । यस पटक निर्वाचित अतिरिक्त सदस्यहरूमध्ये दुई जना सदस्यहरूको पदावधि दुई वर्ष पूरा भएपछि समाप्त हुनेछ । त्यस्ता दुई जना सदस्यहरूको नाम समितिका अध्यक्षले गोला प्रथाद्वारा छाने बमोजिम हुनेछ ।

७. बीचमा पर्न आउने रिक्त पदको पूर्ति गर्दा जुन पक्ष राष्ट्रको विशेषज्ञले सो समितिको सदस्यताको रिक्तता सिर्जना गरेको हो सोही पक्ष राष्ट्रले समितिको स्वीकृति प्राप्त गरी आफ्ना नागरिकहरू मध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्नेछ ।

८. समितिका सदस्यहरूले समितिको कामको महत्त्वलाई ध्यनमा राखी महासभाले निर्धारण गरिदिए बमोजिमको शर्त तथा व्यवस्थाअनुसार महासभाबाट स्वीकृत भए बमोजिम संयुक्त राष्ट्र संघको श्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

९. यस महासन्धिअनुसार समितिले गर्नुपर्ने कामको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्रसंघको महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन्।

**धारा १८**

१. पक्ष राष्ट्रहरूले यो महासन्धिका व्यवास्थाहरूको कार्यान्वयनको लागि अपनाइएका व्यवस्थापकीय, न्यायिक, प्रशासकीय तथा अन्य कदमहरू सम्बन्धी तथा यस सम्बन्धमा भएका प्रगति बारेको प्रतिवेदन समितिको विचारार्थ अवधिमा संयुक्त राष्ट्रसंघको महासचिव समक्ष पेस गर्ने कबूल गर्दछन्:–

(क) सम्बन्धित राष्ट्रको हकमा प्रारम्भ भएको मितिले एकवर्षभित्र,

(ख) तत्पश्चात कम्तीमा प्रत्येक चारवर्षमा तथा समितिले अनुरोध गरेको समयमा।

२. प्रतिवेदनमा यो महासन्धिका दायित्वहरू पूरा गर्नमा व्यवधान पार्ने तत्वहरू तथा अवरोधहरू समेत उल्लेख गर्न सकिनेछ।

**धारा १९**

१. समितिले आफ्नो कार्यविधि सम्बन्धी नियमहरू आफैं निधारण गर्नेछ।

२. समितिले दुईवर्षको पदावधिको लागि आफ्ना पदाधिकारीहरू आफैं छान्नेछ।

**धारा २०**

१. यस महासन्धिको धारा–१८ अनुसार पेस गरिएका प्रतिवेदनहरूमाथि विचार विमर्श गर्नको लागि समितिको बैठक प्रत्येक वर्ष सामान्यतः बढीमा दुई हप्ताको अवधिको लागि बस्नेछ।

२. समितिको बैठक सामान्यतः संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयमा वा समितिले निर्धारण गरेको अन्य कुनै उपयुक्त ठाउँमा बस्नेछ।

**धारा २१**

१. समितिले आफूले गरेको कामको सम्बन्धमा प्रत्येक वर्ष आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुक्त राष्ट्रसंघको महासभामा प्रतिवेदन पेस गर्नेछ र पक्ष राष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा जानकारीहरूका सम्बन्धमा गरिएको जाँचबुझको आधारमा समितिले आफ्नो सुझाव तथा साधारण सिफारिसहरू गर्न सक्नेछ यस्ता सुझावहरू तथा साधारण सिफारिस र त्यसका सम्बन्धमा पक्ष राष्ट्रहरूबाट कुनै टीका–टिप्पणी प्राप्त भएको भए सो समेत समितिको प्रतिवेदनमा संलग्न गरिनेछ।

२. संयुक्त राष्ट्र संघका महासचिवले समितिको प्रतिवेदन जानकारीको लागि "महिलाको स्थिति सम्बन्धी आयोग" समक्ष पठाउनेछन्।

**धारा २२**

विशिष्टीकृत संस्थाहरूको कार्यक्षेत्रभित्र पर्न आउने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनको सम्बन्धमा विचार विमर्श गरिंदा तिनीहरूको पनि प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । समितिले ती विशिष्टीकृत संस्थाहरूको कार्यक्षेत्रभित्र पर्न आउने कुराहरूका सम्बन्धमा महासन्धिको कार्यान्वयन बारेमा प्रतिवेदन पेस गर्न तिनीहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

**भाग ६**

**धारा २३**

यस महासन्धिमा उल्लेखित कुनै कुराले पनि पुरुष तथा महिलाकोबीचमा समानता कायम गर्नको लागि बढी सहायक हुने देहायका लिखतमा परेका कुनै पनि व्यवस्थामा असर पार्ने छैन ।

(क) कुनै पक्ष राष्ट्रको कानूनमा रहेको, वा

(ख) सो राष्ट्रका सम्बन्धमा लागू रहेका अन्य कुनै अन्तर्राष्ट्रिय महासन्धि, सन्धि वा सम्भौतामा रहेका ।

**धारा २४**

यस महासन्धिद्वारा मान्यता प्रदान गरिएका अधिकारहरूको पूर्ण प्राप्तिको लागि लक्षित समस्त आवश्यक कार्यहरू राष्ट्रिय तहमा कार्यान्वयन गर्न पक्ष राष्ट्रहरू कवुल गर्दछन् ।

**धारा २५**

१. यो महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ ।

२. यो महासन्धिको निक्षेपकको रूपमा संयुक्त राष्ट्र सङ्घका महासचिवलाई तोकिएको छ ।

३. महासन्धिलाई अनुमोदन गर्नु पर्नेछ । अनुमोदनका लिखितहरू संयुक्त राष्ट्रसङ्घका महासचिव समक्ष दाखिला गर्नु पर्नेछ ।

४. यो महासन्धि कुनै पनि राष्ट्रद्वारा सम्मिलनको लागि खुला रहनेछ । सम्मिलन सम्बन्धी लिखित संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरिएपछि सो राष्ट्र सम्मिलित भएको मानिनेछ ।

**धारा २६**

१. यस महासन्धिमा संशोधन गर्नको लागि कुनै पनि पक्ष राष्ट्रले कुनै पनि समयमा संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरी लिखित सूचना दिएर अनुरोध गर्न सक्नेछ ।

२. यस प्रकाले अनुरोध भएकोमा के कस्तो कारबाही गर्ने भन्ने कुरो संयुक्त राष्ट्रसङ्घको महासभाले निर्णय गरे बमोजिम हुनेछ ।

**धारा २७**

१. यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्न बीसौं लिखत संयुक्त राष्ट्र«संघको महासचिव कहा“ दाखिला भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ।

२. यस महासन्धि अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखित दाखिला भै सकेपछि यसको अनुमोदन वा सम्मिलन गर्ने अन्य प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि प्रारम्भ हुनेछ।

**धारा २८**

१. अनुमोदन वा सम्मिलन गर्दाको अवस्थामा कुनै राष्ट्रले यस महासन्धिको सम्बन्धमा आफ्नो आरक्षण राख्ने भएमा त्यस्तो आरक्षण सम्बन्धी लिखित संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिल गर्नेछन् र त्यस्तो लिखितको व्यहोरा निजले सबै राष्ट्रहरूलाई उपलब्ध गराउने छन्।

२. यस महासन्धिको उद्देश्य तथा प्रयोजनसँग मेल नखाने आरक्षणलाई अनुमति दिइने छैन।

३. आरक्षणलाई फिर्ता लिइने भएमा संयुक्त राष्ट्रसंघका महासचिवलाई तत् सम्बन्धी सूचना दिई आरक्षण फिर्ता लिन सकिनेछ। निजले उक्त कुराको सूचना सबै राष्ट्रहरूलाई दिनेछन्। यस प्रकारको सूचना महासचिवलाई प्राप्त भएको मितिदेखि कृयाशील हुनेछ।

**धारा २९**

१. यस महासन्धिको व्याख्या वा प्रयोगको सम्बन्धमा कुनै दुई वा बढी पक्ष राष्ट्रहरूकाबीच उठेको कुनै विवाद् आपसी वार्तालापबाट समाधान हुन नसकेमा तिनीहरू मध्ये कसैको अनुरोध भएमा मध्यस्थताको लागि पेस गरिनेछ। मध्यस्थताको लागि अनुरोध भएको मितिले छ महिनाभित्रसम्म पनि मध्यस्थताको सङ्गठन बारेमा पक्षहरू मञ्जुर हुन नसकेमा त्यस्ता पक्षहरू मध्ये कुनै एक पक्षले सो विवाद् अन्तर्राष्ट्रिय न्यायालयमा सो न्यायालयको कानूनअनुसार दरखास्त दिई पेस गर्न सक्नेछ।

२. यो महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्दाको वा सम्मिलन गर्दाको अवस्थामा प्रत्येक पक्ष राष्ट्रले यो धाराको प्रकरण १ बाट आफू आवद्ध छैन भन्ने कुराको घोषणा गर्न सक्नेछ। यस प्रकारको आरक्षण राख्ने पक्ष राष्ट्रसँग सो प्रकरणमा लेखिएका कुराको सम्बन्धमा अरू पक्ष राष्ट्रहरू आवद्ध हुने छैनन।

३. यस धाराको प्रकरण २ अनुसार आरक्षण राख्ने कुनै पक्ष राष्ट्रले त्यस्तो आरक्षण संयुक्त राष्ट्र संघको महासचिवलाई सूचना दिई कुनै पनि बखतमा फिर्ता लिन सक्नेछ।

**धारा ३०**

यो महासन्धिको अरवी, चिनीया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका मूल प्रतिहरू समान रूपमा आधिकारिक मानिनेछन् र ती प्रतिहरू संयुक्त राष्ट्रसंघका महासचिवको जिम्मामा राखिनेछन्। यस कुराको साक्षीको रूपमा अधिकार प्राप्त तलका हस्ताक्षरकारीहरूले यस महासन्धिमा हस्ताक्षर गरेका छन्।

## ११. कानून कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता, १९७९

## Code of Conduct for Law Enforcement Officials

महासभाको १७ डिसेम्बर १९७९ को प्रस्ताव ३४/१६९ द्वारा जारी

**धारा १**

कानून कार्यान्वयन गर्ने अधिकारीले सबै समयमा पेसालाई आवश्यक पर्ने उत्तरदायित्वको उच्च तहसँग अनुकूल हुने गरी समुदायको सेवा गर्दै र कानूनी क्रियाकलापबाट सबै व्यक्तिलाई जोगाउँदै आफुलाई कानूनले सुम्पेको कर्तव्य पूरा गर्नेछन् ।

**टिप्पणी**

१. कानून कार्यान्वयन गर्ने अधिकारी" भन्ने पदावलीले नियुक्त वा निर्वाचित जेसुकै गरिएका भए पनि विशेषतः पक्राउ र थुनछेकको अधिकार भएका कानून अनुसारका सबै अधिकारीलाई समेट्छ ।

२. बर्दीधारी भए वा नभए पनि सैनिक अधिकारी वा राज्यसुरक्षा बलले प्रहारीको अख्तियारी प्रयोग गरेका मुलुकहरूमा कानून कार्यान्वयन गर्ने अधिकारीको परिभाषाले यस्ता सेवामा रहेका अधिकारीलाई समेत समेट्छ ।

३. व्यक्तिगत, आर्थिक, सामाजिक वा अन्य आपत्तिका कारणले तत्कालै सहायताको खाँचो परेका समुदायका सदस्यलाई सहयोगको सेवा दिने कुरालाई समेत समेट्नु समुदायका लागि सेवा परिलक्ष्यित छ । यो व्यवस्था सबै हिंसात्मक, आक्रामक र हानिकारक कार्यमा मात्र सीमित नरही दण्ड विधान अन्तर्गतका निषेधको पूरापूरा श्रृङ्खलासम्मै विस्तार हुन्छ । यो कुरा फौजदारी दायित्व निर्वाह गर्नमा समर्थ नरहेका व्यक्तिसम्म विस्तार हुन्छ ।

**धारा २**

कानून कार्यान्वयन गर्ने अधिकारीले तिनको कर्तव्य पालनमा मानवमर्यादाको आदर र बचाउ गर्नेछन् साथैसबै व्यक्तिको मानव अधिकार कायम राख्ने र पालना गर्नेछन् ।

**टिप्पणी**

१. मानव अधिकारको सवाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा निर्धारित र संरक्षित हुन्छ । सान्दर्भिक अन्तर्राष्ट्रिय अध्यालेखहरूमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, यातना तथा अन्य त्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सबै व्यक्तिको संरक्षण सम्बन्धी घोषणापत्र, जातीय भेदभावका सबै स्वरूपको उन्मूलन गर्ने राष्ट्र संघीय घोषणापत्र, रङ्गभेदको अपराधलाई दबाउने तथा सजाय गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय समहासन्धि, आमहत्या, (नरसंहार) को अपराध रोकथाम तथा सजाय सम्बन्धी महासन्धि, बन्दी प्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली र कुटनीतिक सम्बन्ध बारेको भियाना महासन्धिहरू पर्छन् ।

२. यस प्रावधानका राष्ट्रिय टिप्पणीहरूले यी अधिकारहरूको निर्धारण र संरक्षण गर्ने क्षेत्रीय तथा राष्ट्रिय प्रावधानहरू निर्दिष्ट गर्नुपर्छ ।

**धारा ३**

कानून कार्यान्वयन गर्ने अधिकारीले हदै जरुरी हुँदा र तिनको कर्तव्य पालन गर्नलाई चाहिँदोसम्म मात्र बलको प्रयोग गर्न सक्नेछन्।

**टिप्पणी**

१. कानून कार्यान्वयन गर्ने अधिकारीद्वारा हुने बल प्रयोग अपवादस्वरूप मात्र हुनुपर्छ भन्ने कुरालाई यस व्यवस्थाले जोड दिन्छ, अपराधको रोकथाम वा अपराधी वा आशङ्कित अपराधीलाई कानूनसम्मत रूपमा पक्रनुपर्ने परिस्थितिमा जायज तरहले आवश्यक बल प्रयोग गर्न कानून कार्यान्वयन गर्ने अधिकारीलाई अख्तियारी रहने कुरा यसबाट निर्दिष्ट भएकाले यसभन्दा बाहिर गएर कुनै बल प्रयोग हुन हुँदैन।

२. समानुपातिकताको सिद्धान्तअनुसार राष्ट्रिय कानूनले कानून कार्यान्वयन गर्ने अधिकारीबाट हुने बलको प्रयोगलाई सामान्यता सीमाबन्दी गर्छ। यस प्रावधानको व्याख्यामा समानुपातिकताका यस्ता राष्ट्रिय सिद्धान्तहरूको सम्मान गर्नुपर्छ भन्ने कुरा बुझिन आवश्यक छ। हासिल गर्नुपर्ने वैध उद्देश्यसँग विसमानुपाती हुने बल प्रयोगलाई अख्तियारी दिन कुनै पनि हालतमा यस प्रावधानको व्याख्या गरिनु हुँदैन।

३. (बन्दुक–पिस्तोल) को प्रयोगलाई चरम उपाय मानिएको छ। विशेष गरी बालबालिका विरुद्धको प्रयोगलाई बाहिऱ्याउन हर प्रयास गरिनुपर्छ। सामान्यतः शङ्कित अपराधीले सशस्त्र प्रतिरोध गर्न वा अन्यथा अरूको ज्यान खतरामा पार्न सक्ने अवस्था र उसलाई नियन्त्रणको प्रयोग गर्न वा समात्न अन्य नरम उपायहरू प्रयाप्त नभएको अवस्थामा बाहेक गोलीको प्रयोग गरिनु हुँदैन। गोली चलाइएको हरघटनाबारे सक्षम अधिकारीलाई तुरुन्त प्रतिवेदन गर्नुपर्छ।

**धारा ४**

कर्तव्य पालन वा न्यायको खाँचोले कडाइसाथ अन्यथा भएमा बाहेक कानून कार्यान्वयन गर्ने अधिकारीका अधीनमा रहने गोप्य प्रकृतिका कुराहरू गोप्यै राखिनेछन्।

**टिप्पणी**

कानून कार्यान्वयन गर्ने अधिकारीले तिनका कर्तव्यको स्वभावैले निजी जीवन वा विशेषतः अरूको स्वार्थ खास गरी ख्यातिउपर हानि पुऱ्याउन सक्ने खालका सूचना प्राप्त गर्छन्। यस्ता सूचनाको प्रयोग र बचाउमा ठूलो होस पुऱ्याउनुपर्छ र कर्तव्यपालना वा न्यायको खाँचोको परिपूर्तिका लागि मात्र यस्ता सूचना खुलाउनुपर्छ। सुरक्षा र प्रयोगका लागि धेरै होस गर्नुपर्छ जुन सूचना कर्तव्यको पालना वा न्यायको आवश्यकताका लागिमात्र उल्लेख गरिनुपर्छ। अन्य प्रयोजनमा यस्तो सूचनाको जुनसुकै खुलासा पूर्णतः अनुचित हुन्छ।

**धारा ५**

कानून कार्यान्वयन गर्ने कुनै पनि अधिकारी यातना वा अन्य त्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायरूपी कुनै कार्यमा संलग्न हुन, सुऱ्याउन वा सहन सक्ने छैनन् न त कानून कार्यान्वय गर्ने कुनै अधिकारीले यातना वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको प्रष्टयाई स्वरूप तालुकवालाको आदेश, युद्ध वा युद्धको त्रासको अवस्था, राष्ट्रिय सुरक्षामा खतरा, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक सङ्कट जस्ता अपवादजनक परिस्थितिको दाबी लिन सक्नेछन्।

**टिप्पणी**

(क) यो निषेध महासभाबाट जारी भएको यातना तथा अन्य त्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सबै व्यक्तिको सुरक्षा घोषणापत्रबाट व्युत्पन्न हुन्छ, जसअनुसारः

"यस्तो कार्य मानव मर्यादा विरुद्धको अपराध हो र यसलाई राष्ट्र संघको बडापत्रका प्रयोजनको इन्कारी र मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा (र मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय अध्यालेखहरू) मा घोषित मानव अधिकार र आधारभूत स्वतन्त्रताको उल्लंघन मानी निन्दा गरिन्छ।"

(ख) सो घोषणापत्रले यातनालाई निम्नानुसार परिभाषा गर्छः

".....यातना भन्नाले कुनै व्यक्तिलाई ऊ वा अरू कसैबाट जानकारी वा साबिती लिन या ऊ वा अरू कसैले गरेको वा गरेको शङ्का गरिएको कुनै कार्यमा सजाय गर्न या ऊ वा अन्य व्यक्तिहरूलाई डरत्रास देखाउन, सकसमा पार्न जानाजान वा सरकारी पदाधिकारीका उक्साहटमा शारीरिक वा मानसिक जुनसुकै रूपमा गरिएको कठोर पीडा वा कष्ट दिने कार्य जनाउँछ। बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डका नियमावलीसँग अनुकूल हुने कानूनसंगत दण्डभारमा अन्तर्निहित वा सोबाट स्वाभाविक हुन जाने पीडा वा कष्ट यसभित्र पर्दैन।"

**(ग)** "क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय" भन्ने पदावलीको महासभाबाट परिभाषा गरिएको छैन तर शारीरिक वा मानसिक जे भएपनि ज्यादतीविरुद्ध यथासम्भव फराकिलो संरक्षण हुने हदमा यसलाई व्यख्या गरिनुपर्छ।

**धारा ६**

कानून कार्यान्वयन गर्ने अधिकारीले तिनका हिरासतमा रहेका व्यक्तिहरूको स्वास्थ्यको पूर्ण सुरक्षालाई सुनिश्चित पार्नेछन् र खास गरी, चाहिएको बेला चिकित्सात्मक सतर्कता अपनाउन तुरुन्तै कारवाही चलाउनेछन्।

**टिप्पणी**

(क) "चिकित्सात्मक सतर्कता" भन्ने कुराले इजाजत प्राप्त चिकित्साकर्मी र प्राविधिक स्वास्थ्य सहायक (प्यारामेडिक्स) लगायतका कुनै पनि चिकित्सासेवाका कर्मचारीले दिने सेवा चाहिए वा अनुरोध गरिएका बेला उपलब्ध हुनुपर्ने कुरा दर्शाउँछ।

(ख) कानून कार्यान्वयन गर्ने कार्यमा चिकित्सा कर्मचारी नै संलग्न भएका बेलामा कानून कार्यान्वयन गर्ने अधिकारीले हिरासतमा भएको व्यक्तिलाई कानून कार्यान्वयनको कार्य भन्दा बाहिरको चिकित्सा कर्मचारी मार्फत वा तिनको सल्लाहमा उचित उपचार गराउने यस्ता कर्मचारीले सिफारिस गरेमा तिनको निर्णयउपर उचित ध्यान पुऱ्याउनै पर्छ।

(ग) कानून कार्यान्वयन गर्ने अधिकारीले कानूनको उल्लंघनका वा कानून उल्लंघनको दुर्घटनाको पीडितहरूको पनि चिकित्सात्मक शतर्कता उपलब्ध गराउनुपर्ने बुझिन्छ।

**धारा ७**

कानून कार्यान्वयन गर्ने अधिकारीले भ्रष्टाचारको कुनै कार्य गर्ने छैनन्। तिनले यस्ता कार्यविरुद्ध सचेष्टतापूर्वक विरोध गर्ने र हाँक दिनेछन्।

**टिप्पणी**

(क) अख्तियारका अन्य दुरूपयोगजस्तै भ्रष्टाचार पनि समान रूपले कानून कार्यान्वयन गर्ने अधिकारीको पेसा प्रतिकूल कुरा हो। भ्रष्टाचारको कसूर गर्ने कानून कार्यान्वयन गर्ने जुनसुकै अधिकारीलाई कानून लागू हुनै पर्छ, होइन भने आफ्नै प्रतिनिधि वा आफ्नै निकाय भित्रकालाई कानून लगाउन नसक्ने सरकारले नागरिकहरूमा कानून लगाउने कुराको अपेक्षा गर्न सक्दैन।

(ख) भ्रष्टाचारको परिभाषा राष्ट्रिय कानूनले नै गर्नुपर्छ र यस कर्तव्यपालनको सिलसिलाका मागिएका वा ग्रहण गरिएका कोसेली, पारितोषक वा उत्प्रेरणाका प्रत्युत्तरमा भएका कार्यका कसूरका कार्य र अकार्य (कमिसन एन्ड ओमिसन) दुवै पक्ष वा सो कार्य गरिएको वा नगरिएवापत गलत रूपले प्राप्त त्यस्ता कुरा समेटिने गरी लिइनुपर्छ ।

(ग) माथि प्रयुक्त "भ्रष्टाचारको कार्य" भन्ने अभिव्यक्तिलाई भ्रष्टाचारको उद्योगलाई समेट्ने गरी लिइनुपर्छ ।

**धारा ८**

कानून कार्यान्वयन गर्ने अधिकारीले कानून र यस संहिताको सम्मान गर्नु पर्नेछ । उनीहरूले क्षमताले भ्याएसम्म तिनको उल्लङ्घनको रोकथाम र सचेष्टतापूर्वक विरोध गर्नुपर्छ ।

यो संहिताको उल्लङ्घन भएको विश्वास गर्नुपर्ने कारण देख्ने कानून कार्यान्वयन गर्ने अधिकारीले सो कुरा आफ्ना तालुकका अधिकारी समक्ष, र आवश्यक भएका ठाउँमा, पुनरावलोकनको अधिकार भएका उपयुक्त अधिकारी वा अङ्गसमक्ष, प्रतिवेदन गर्नुपर्छ ।

**टिप्पणी**

(क) राष्ट्रिय विधान वा अभ्यासमा समेटिएपछि यस संहिताको अनुसरण/पालना हुनुपर्नेछ । विधान वा अभ्यासमा यो संहिताका भन्दा कठोर प्रावधान छन् भने त्यस्ता बढी कठोर प्रावधानको अनुसरण/पालना हुनुपर्नेछ ।

(ख) यो धारा एकातिर सार्वजनिक सुरक्षा (निर्भयता) निर्भर रहने निकायको आन्तरिक अनुशासनको आवश्यकता र अर्कातिर आधारभूत मानव अधिकारको उल्लङ्घनलाई समूलने कुराको आवश्यकताबीच सन्तुलन कायम गर्न खोज्दछ । कानून कार्यान्वयन गर्ने अधिकारीले उल्लंघनहरूको समादेशी साङ्लो (चेन अफ कमान्ड) भित्रै प्रतिवेदन गर्नुपर्ने र कुनै उपाय उपलब्ध नभए वा प्रभावकारी नभएमा मात्रै समादेशी साङ्लाबाहिर कानूनी कारवाही चलाउनुपर्छ । संहिताको उल्लङ्घन भएको वा हुन लागेको कुरा प्रतिवेदन गरेको कारणले कानून कार्यान्वयन गर्ने अधिकारीलाई कुनै प्रशासनिक वा अन्य सजायबाट सताइन नहुने कुरा स्पष्टै छ ।

(ग) "पुनरवलोकनको अधिकार भएका उपयुक्त अधिकारी वा अङ्ग" पदावलीले यस संहिताको दायराभित्र पर्ने उल्लङ्घनहरूमाथिका गुनासा र उजुरीको पुनरावलोकन गर्न राष्ट्रिय कानूनअन्तर्गत विधायिकाजन्य, प्रथाप्रचलित वा अन्य अधिकारले युक्त कानून कार्यान्वयन गर्ने निकायभित्रै वा सोबाट स्वतन्त्र कुनै पनि अधिकारी वा अङ्गलाई दर्शाउँछ ।

(घ) केही मुलुकहरूमा माथि उप–अनुच्छेद (ग) मा वर्णन गरिएका कार्यसँग मिल्दाजुल्दा उजुरको पुनरावलोकन कार्य सम्पादनकारीका रूपमा आमसञ्चार माध्यमलाई मानिन सक्छ । त्यसैले, अन्तिम उपायको रूपमा साथै आफ्ना मुलुकको कानून र प्रचलन एवं यस संहितको धारा ४ को प्रावधानअनुसार उल्लङ्घनहरूलाई कानून कार्यन्वयन गर्ने अधिकारीले आमसञ्चारमार्फत सार्वजनिक विचारका ध्यानमा ल्याए भने उनीहरूको सो कार्य उचित मानिन सक्छ ।

(ङ) यस संहिताका प्रावधानअनुरूप चल्ने कानून कार्यान्वयन गर्ने अधिकारीले उनीहरूले सेवा गर्ने समुदाय र कानून कार्यान्वयन गर्ने निकाय साथसाथै कानून कार्यान्वयनको पेशाबाट सम्मान र पुरापुरा सरहयोग तथा आड भरोसा पाउँछन् ।

## १२. यातना तथा **अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि, १९८४**

महासभाको १० डिसेम्बर १९८४ को प्रस्ताव ३९/४६ द्वारा जारी भई हस्ताक्षर, अनुमोदन र सम्मिलनका लागि खुला धारा २६ (१) बमोजिम मिति २६ जुन १९८७ देखि प्रारम्भ (लागू ) भएको यस महासन्धिका राज्य पक्षहरू,

संयुक्त राष्ट्रसंघको बडापत्रमा घोषित सिद्धान्तअनुसार मानवपरिवारका सबै सदस्यको समान र अहरणीय अधिकारको मान्यतालाई नै विश्वको स्वतन्त्रता, शान्ति र न्यायको आधारशिला ठान्दै,

ती अधिकारहरू मानवव्यक्तिमा अन्तर्निहित मर्यादाबाटै उत्पत्ति भएका हुन भन्ने कुरालाई मान्यता दिँदै,

मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूको विश्वव्यापी कदर र पालना बडापत्रको विशेषतः धारा ५५ अनुसार हरेक राष्ट्रको दायित्व रहेको कुरालाई विचार गर्दै,

कसैलाई पनि यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार या सजाय नगरिने उल्लेख भएका मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ५ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ७ दुवैप्रति पूर्ण निष्ठा राख्दै,

महासभाबाट ९ डिसेम्बर १९७५ मा जारी भएको सबै मानिसलाई यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार या सजायबाट संरक्षण गर्ने घोषणापत्रलाई पनि आदर गर्दै, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार या सजायविरुद्ध विश्वभर अरू बढी प्रभावकारी लडाइ" संचालन गर्न सकियोस् भन्ने सदिच्छासाथ, निम्नबमोजिम सहमत छन् ।

**भाग एक**

**धारा १**

१. यस महासन्धिको प्रयोजनका लागि "यातना" भन्नाले सार्वजनिक अधिकारीले वा सार्वजनिक आधिकारी वा सार्वजनिक क्षमतामा काम गर्ने अन्य व्यक्तिका उक्साहत, सम्मति वा स्वीकृतिमा कुनै व्यक्तिलाई उ वा अरू कसैको जानकारी वा साविति लिन या ऊ वा अरू कसैले गरेको भनी आशंका गरिएको कुनै अपराधमा सजाय दिन वा भेदभावमा आधारित अन्य कुनै कारणले डरत्रास देखाउन वा जवर्जस्ती गर्न जानाजान उसलाई कठोर शारीरिक वा मानसिक पीडा वा सकस पार्न गरिने क्रियाकलापलाई जनाउँछ । सो शब्दले कानूनसंगतको दण्डभारमा अन्तर्निहित वा सोबाट अकस्मात् उत्पन्न पीडा वा सकसलाई समेट्दैन ।

२. कुनै अन्तार्रष्ट्रिय अध्यालेख वा राष्ट्रिय कानूनमा रहेका वा रहन सक्ने अझ व्यापक प्रचलनका प्रावधानप्रति यस धाराको कुनै पूर्वाग्रह छैन ।

**धारा २**

१. महासन्धिलाई अनुमोदन गरेका हरेक राष्ट्रले आफ्ना क्षेत्राधिकारभित्रका भूभावमा यातना कार्यलाई रोक्न प्रभावकारी कानूनी, प्रशासकीय, न्यायिक वा अन्य उपायहरू अपनाउनेछन्।

२. युद्धको अवस्था वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकट जेसुकै भए पनि कुनै पनि अपवादजनक परिस्थितिलाई यातनाको पुस्ट्याईका रूपमा याचना गर्न सकिनेछैन।

३. माथिल्लो तहको अधिकारी वा सार्वजनिक अधिकारीको आदेशलाई यातनाको पुस्ट्याइँका लागि याचना गर्न सकिने छैन।

**धारा ३**

१. अर्को देशमा यातनाको सिकार हुन सक्ने खतरामा पर्न सक्छ भन्ने विश्वास गर्नुपर्ने पर्याप्त आधार भएमा राज्य पक्षले कुनै व्यक्तिलाई त्यस्तो देशमा निकाला गर्ने, फिर्ता गर्ने वा प्रत्यार्पण गर्नेछैन।

२. यस्तो आधार भए–नभएको निर्धारण गर्ने प्रयोजनका लागि समक्ष अधिकारीले, उपयुक्त हुने ठाउँमा, सम्बन्धित देशको मानव अधिकारको संघन, खुला र आमउल्लंघनको स्थिर स्वरूपहरूको विद्यमानतालगायतका सान्दर्भिक सबै कुरा विचार गर्न ध्यान पऱ्याउने छन्।

**धारा ४**

१. हरेक राज्य पक्षले यातनाका सबै कार्यलाई आफ्नो फौजदारी कानून अन्तर्गत कसूर सुनिश्चित गर्नेछन्। यातना दिन उद्योग गरेको वा यातना दिनमा मतियार वा सहभागी भएको व्यक्तिका हकमा पनि सोही कुरा लागू हुनेछ।

२. हरेक राज्य पक्षले यी कसूरहरूलाई तिनको गम्भीर प्रकृतिलाई समेत ध्यानमा राखी उपयुक्त दण्ड सजायद्वारा दण्डनीय बनाउनेछन्।

**धारा ५**

१. हरेक राज्य पक्षले धारा ४ अनुसारको कसूरमा देहायका मामिलामा आफ्ना क्षेत्राधिकार स्थापना लागि आवश्यक हुन सक्ने उपाय अपनाउनेछन्:

(क) आफ्नो अधिकारक्षेत्रअन्तर्गतको कुनै पनि भूभाग वा राज्यमा दर्ता भएको हवाईजहाज वा पानीजहाजमा कसूर भएमा,

(ख) आरोपित कसूरदार त्यस राज्यको नागरिक भएमाः

(ग) सो राज्यले उपयुक्त ठानेका खण्डमा, पीडित सो राज्यको नागरिक भएमा।

२. यसै गरी हरेक राज्य पक्षले यातना दिने व्यक्ति आफ्नो क्षेत्राधिकारको भूभागमा हरेको र धारा ८ बमोजिम यस धाराको अनुच्छेद १ मा उल्लेख गरिएका राज्यहरूमा सपुर्द नगर्ने अवस्थामा आफ्ना क्षेत्राधिकार स्थापनाका लागि आवश्यक हुन सक्ने उपाय अपनाउनेछन्।

३. आन्तरिक कानूनबमोजिम प्रयोग गरिने फौजदारी क्षेत्राधिकारलाई यस महासन्धिले अलग्याउनेछैन।

**धारा ६**

१. आफूलाई प्राप्त सूचनाको जाँचबुझपछि विश्वस्त भई अवस्थाले मागेअनुसार जुनसुकै राज्य पक्षले धारा ४ अनुसारको कसूर गरेको अभियोगबाट आरोपित कसूरदार आफ्ना भूभागमा रहे–भएका अवस्थामा निजको उपस्थिति सुनिश्चित पार्न निजलाई हिरासतमा लिने वा अन्य कानूनी उपाय अपनाउनेछन् । हिरासत वा अन्य कानूनी उपाय कानूनमा व्यवस्था गरिएअनुसार हुनेछ र फौजदारी वा सपुदर्गीको कारबाई स्थापित गर्न सक्षम पार्न आवश्यक पर्नेसम्मको समयका लागि मात्र तिनलाई निरन्तर राख्न सकिनेछ ।

२. यस्तो राज्यले तथ्यउपर अविलम्ब प्रारम्भिक छानबिन गर्नेछ ।

३. यस धाराको अनुच्छेद १ बमोजिम हिरासतमा रहेको जुनसुकै व्यक्तिलाई ऊ नागरिक रहेको मुलुकको र राज्यविहीन व्यक्तिका हकमा उसले सामान्य बसोवास गरेको मुलुकको उपयुक्त निकटतम प्रतिनिधिसँग अविलम्ब संचारसम्पर्क गर्न मद्दत गरिनेछ ।

४. यस धाराअनुसार कुनै राज्यले कुनै व्यक्तिलाई हिरासतमा लिएमा सो राज्यले यस्तो व्यक्तिलाई हिरासतमा लिइएको तथ्य र उसलाई थुनामा राख्नुपरेको परिस्थितिसमेतका बारेमा धारा ५ को अनुच्छेद १ अनुसार राज्यहरूलाई अविलम्ब जनाउ दिनेछ । यस धाराको अनुच्छेद २ मा प्रतिविम्बित प्रारम्भिक छानबिन गर्ने राज्यले आफ्नो छानबिनको नतिजा उल्लिखित राज्यहरूलाई अविलम्ब पठाउने । आपूmले क्षेत्राधिकारको प्रयोग गर्ने भए सो कुरा जनाउनेछ ।

**धारा ७**

१. धारा ४ मा उल्लिखित कसूर गरेको अभियोग लागेको आफ्नो क्षेत्राधिकार भित्रको भूभागमा फेला परेमा राज्यले धारा ५ मा प्रतिविम्बित भएका मामिलामा सम्बन्धित मुलुकमा सपुर्दगी नगर्ने भएमा अभियोजनका प्रयोजनका लागि त्यस्तो व्यक्तिलाई सक्षम अधिकारीसमक्ष दाखिल गर्नेछ ।

२. यस्ता अधिकारीले त्यस राज्यको कानूनअन्तर्गतका गम्भीर प्रकृतिका सामान्य कसूरमा जस्तै समान तरिकाले निर्णय गर्नेछन् । धारा ५ को अनुच्छेद २ मा निर्दिष्ट भएका मामिलामा अभियोजन र कसूर स्थापित गर्न चाहिने सबुतप्रमाणको मापदण्ड धारा ५ को अनुच्छेद १ मा निर्दिष्ट मामिलामा लागू हुनेभन्दा कुनै हालतमा कम कठोर हुनेछैन ।

३. धारा ४ मा निर्दिष्ट कुनै पनि कसूरका सम्बन्धमा कुनै व्यक्तिविरुद्ध अगि बढाइएको कारबाईमा कारबाईका सबै चारणमा यस्तो व्यक्तिलाई स्वच्छ व्यवहार प्रत्याभूत गरिनेछ ।

**धारा ८**

४. धारा ४ मा निर्दिष्ट कसूरहरू राज्य पक्षहरूबीच विद्यमान कुनै पनि सपुर्दगी सन्धिमा सपुर्दगी गर्न सकिने कोटीको कसूरमा समावेशयोग्य ठानिनेछन् । राज्य पक्षहरूले तिनीहरूका बीचमा सम्पन्न हुने हरेक सपुर्दगी सन्धिमा यस्ता कसूरलाई सपुर्दगीयोग्य बनाउनेछन् ।

२. सपुर्दगीका लागि अर्कोबाट अनुरोध प्राप्त गर्ने सन्धि विद्यमान भएका राज्य पक्षले सपुर्दगीलाई ससर्त बनाउन चाहेमा, सपुर्दगी सन्धि नभएको राज्य पक्षले यस्ता कसूरहरूका सन्दर्भमा यस महासन्धिलाई कानूनी आधार मान्न सक्नेछ । सपुर्दगी अनुरोध गरिएको राज्यको कानूनले व्यवस्था गरेका अन्य सर्तहरूको अधीनमा रही हुनेछ ।

३. राज्य पक्षहरूबीचका सपुर्दगीका प्रयोजनका लागि यस्ता कसूरहरूलाई तिनीहरू भएका ठाउँमा मात्र नभई धारा ५ को अनुच्छेद १ बमोजिम तिनको क्षेत्राधिकार स्थापना गर्नुपर्ने राज्यहरूका भूभागमा समेत भएको ठानी यस्ता कसूरहरूप्रति व्यवहार गरिनेछ।

**धारा ९**

१. धारा ४ मा निर्दिष्ट कुनै पनि कसूरसम्बन्धमा चलाइएका फौजदारी कारबाईमा कारबाईका लागि आवश्यक आफूसँग भएका सबै सबुतप्रमाणको आपूर्ति लगायत पारस्पारिक सहायताका अधिकतम उपाय प्रदान गर्नेछन्।

२. यस धाराको अनुच्छेद १ अन्तर्गतको दायित्व राज्य पक्षहरूले पारस्पारिक न्यायिक सहायताको उनीहरूबीच विद्यमान हुन सक्ने कुनै पनि सन्धिसँग अनुकूल हुन गरी निर्वाह गर्नेछन्।

**धारा १०**

१. जुनसुकै स्वरूपको पक्राउ, थुनेछक वा कैदसजायमा रहेको कुनै पनि व्यक्तिको सुरक्षा, सोधपुछ वा व्यवहारमा संलग्न हुन सक्ने निजामती वा जङ्गी कानून कार्यान्वयन अधिकारी, चिकित्साकर्मचारी, सार्वजनिक अधिकारी तथा अन्य व्यक्तिहरूलाई दिइने तालिममा यातनाको निषिद्धता सम्बन्धी शिक्षा र जानकारी पूर्णतः समावेश गर्ने कुरा हरेक राज्य पक्षले सुनिश्चित गर्नेछन्।

२. हरेक राज्य पक्षले यस्ता कुनै पनि व्यक्तिका कामकर्तव्यसम्बन्धमा जारी गरिने नियम वा निर्देशनहरूमा यो निषिद्धता समावेश गर्नेछन्।

**धारा ११**

यातनाका कुनै पनि घटनाको रोकथाम गर्ने ध्येयले हरेक राज्य पक्षले आफ्ना क्षेत्राधिकारको जुनसुकै भूभागमा जुनसुकै स्वरूपका पक्राउ, थुनछेक वा कैदमा रहेका व्यक्तिहरूको सुरक्षा तथा उनीहरूप्रतिका व्यवहार लगायत सोधपुछ सम्बन्धी नियम, निर्देशन, पद्धति तथा अभ्यासहरूलाई नियमित पुनरवलोकन गर्नेछन्।

**धारा १२**

हरेक राज्य पक्षले आफ्नो भूभागभित्र कतै यातना दिएको विश्वास गर्नुपर्ने उचित आधार देखिएमा आफ्ना सक्षम अधिकारीद्वारा छिटोछरितो, निष्पक्ष अनुसन्धान अगाडि बढाउने कुरा सुनिश्चित पार्नेछन्।

**धारा १३**

हरेक राज्य पक्षले आफ्नो क्षेत्राधिकारभित्रको भूभागमा आपूmलाई यातनाको सिकार बनाइएको आरोप लगाउने व्यक्तिलाई उजुर गर्ने अधिकार हुने र निजको मुद्दाको शीघ्रता तथा निष्पक्षतापूर्वक सक्षम अधिकारीबाट जा“चबुझ गराउने कुरा निश्चित पार्नेछन्। उजुर गरेको वा सबुतप्रमाण दिएको परिणामस्वरूप हुन सक्ने डरत्रास र दुव्र्यवहारविरुद्ध उजुरकर्ता तथा साक्षीहरको संरक्षण सुनिश्चित गर्न पाइला चालिनेछन्।

**धारा १४**

१. हरेक राज्य पक्षले आफ्ना कानूनी प्रणालीभित्रै यातनापीडितले पुनरुद्धार प्राप्त गर्ने तथा निजलाई यथासम्भव पूर्ण पुनः स्थापनाको माध्यमसहित जायज र पर्याप्त क्षतिपूर्तिको प्रभावकारी हकाधिकार रहने कुरा सुनिश्चित पार्नेछन् । यातनाको नतिजास्वरूप पीडितको मृत्यु भएका खण्डमा निजका आश्रित क्षतिपूर्तिको हकदार हुनेछन् ।

२. यस धाराको कुनै कुराले राष्ट्रिय कानूनअन्तर्गत विद्यमान पीडित वा अन्य व्यक्तिको क्षतिपूर्ति सम्बन्धी अधिकारलाई असर पार्नेछैन ।

**धारा १५**

यातनाको नतिजास्वरूप तयार गरिएको भन्ने स्थापित भएको बयानलाई यातना दिने व्यक्तिको विरुद्धबाहेक कुनै कारबाईप्रक्रियामा प्रमाणस्वरूप गर्न नपाइने कुरा हरेक राज्यले सुनिश्चित गर्नेछन् ।

**धारा १६**

१. हरेक राज्य पक्षले आफ्नो क्षेत्राधिकारभित्रको कुनै पनि भू–भागभित्र, सार्वजनिक अधिकृत वा आधिकारिक हैसियतमा काम गर्ने व्यक्तिबाट हुने धारा १ ले परिभाषित गरे अनुसार यातना हुने बाहेकका अन्य क्रुर, अपमानजनक र अमानवीय व्यवहार वा सजायको रोकथाम गर्न कबोल गर्नेछन् । खास गरी धारा १०, ११, १२, १३ मा यातनाका सम्बन्धमा उल्लिखित कुरा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका सन्दर्भमा पनि लागू हुनेछन् ।

२. क्रुर, अमानवीय तथा अपमानजनका व्यवहार वा सजायलाई निषेध गर्ने वा सपुर्दगी वा देशनिकाला सम्बन्धी अन्य राष्ट्रिय कानून वा अन्तर्राष्ट्रिय अध्यालेखका कुनै पनि प्रावधानउपर यस महासन्धिका प्रावधानहरूले असर पार्नेछैनन्।

**भाग दुई**

**धारा १७**

१. यातनाविरुछको समिति (यसपछि समिति भनिएकों) स्थापित हुनेछ, जसले यसपछि व्यवस्था गरिएका कार्यहरू सम्पादन गर्नेछ । समितिमा उच्च नैतिक प्रतिष्ठा भएका र मानव अधिकारको क्षेत्रमा सक्षमताको मान्यता पाएका १० जना विशेषज्ञ रहनेछन्, जसले व्यक्तिगत क्षमतामा सेवा प्रदान गर्नेछन् । समानुपातिक भौगोलिक वितरण तथा कानूनी क्षेत्रमा अनुभव हासिल गरेका केही व्यक्तिको सहभागिताको उपयोगितासमेतलाई विचार गरी राज्य पक्षहरूले विशेषज्ञहरूको निर्वाचन गर्नेछन् ।

२. राज्य पक्षहरूबाट मनोनयन भएका व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन् । हरेक राज्य पक्षले आफ्ना नागरिक मध्येबाट एक व्यक्तिको मनोनयन गर्न सक्नेछ । राज्य पक्षहरूले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्गत स्थापित मानव अधिकारको समितिका सदस्य पनि रहेका र यातनाविरुद्धको समितिमा सेवा गर्न इच्छा भएका व्यक्तिहरूको मनोनयनको उपयोगितालाई ख्यालमा राख्नेछन् ।

३. संयुक्त राष्ट्रसंघका महासचिवद्वारा आयोजित राज्य पक्षहरूको द्विवार्षिक बैठकमा समितिका सदस्यहरूको निर्वाचन सम्पन्न हुनेछ । राज्य पक्षहरूको दुई तिहाइको गणपूरक संख्या रहने बैठकमा सर्वाधिक मत प्राप्त गर्ने र उपस्थित रही मतदान गर्ने राज्य पक्षहरूका प्रतिनिधिहरूको पूर्ण बहुमत प्राप्त गर्ने व्यक्तिहरू समितिमा निर्वाचित हुनेछन् ।

४. यो महासन्धि लागू भएको मितिले छ महिनाभित्र प्रारम्भिक निर्वाचन सम्पन्न हुनेछ । हरेक निर्वाचनमितिको कम्तीमा चार महिनाअगावै संयुक्त राष्ट्रसंघका महासचिवले तीन महिनाभित्र आफ्नो मनोनयन प्रस्तुत गर्न राज्य पक्षहरूलाई पत्र सम्बोधन गरी पठाउनेछन् । यसरी मनोनयन भएका सबै व्यक्तिको तिनलाई कुन राज्यले मनोनयन गरेको भन्ने कुरा खुल्ने गरी बर्णानुक्रमिक सूची महासचिवले तयार पर्नेछन्, र राज्य पक्षहरूलाई प्रस्तुत गर्नेछन् ।

५. समितिका सदस्य चार वर्षका लागि निर्वाचित हुनेछन् । पुनर्मनोनयन भएमा तिनीहरू पुननिर्वाचितका लागि योग्य मानिनेछन् । तर, पहिलो निर्वाचनमा चुनिएका पा“च सदस्यहरूको पदावधि दुई वर्षको अन्त्यमा समाप्त हुनेछ, पहिलो निर्वाचनको लगत्तै पछि यी पा“च सदस्यको नाम यस धाराको अनुच्छेद ३ मा उल्लिखित बैठकका अध्यक्षले गोलाप्रथाबाट छान्नेछन् ।

६. समितिका सदस्यको मृत्यु वा राजिनमा भएमा वा अन्य कुनै कारणबाट निजले समितिको आफ्नो कार्य सम्पादन गर्न नसकेमा निजलाई मनोनयन गरेका राज्य पक्षले निजको बा“की पदावधिका लागि बहुमत राज्य पक्षहरूको समर्थनको विषय हुने गरी आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्नेछ । यस्तो नियुक्तिका बारेमा संयुक्त राष्ट्रसंघका महासचिवले दिएको सूचना पाएको छ हप्ताभित्र आधा वा सोभन्दा बढी राज्य पक्षले नकारात्मक उत्तर नदिएमा समर्थित भएको मानिनेछ ।

७. समितिको कार्यसम्पादन गर्दा समितिका सदस्यहरूबाट भएको खर्चप्रति राज्य पक्षहरू उत्तरादायी हुनेछन् ।

**भाग तीन**

**धारा १८**

१. समितिले आफ्ना पदाधिकारीहरू दुई वर्षको पदावधिका लागि निर्वाचित गर्नेछ । तिनीहरू पुननिर्वाचित हुन सक्नेछन् ।

२. समितिले आफ्नो कार्यविधि नियमावली आपैm स्थापित गर्नेछ, तर सो नियमावलीले अन्य कुराका साथ साथै निम्न व्यवस्था मिलाउनेछ,

(क) छ जना सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ,

(ख) उपस्थित सदस्यहरूको बहुमतबाट समितिका निर्णय गरिनेछन् ।

३. समितिका यस महासन्धिअन्तर्गत कार्यहरूको प्रभावकारी सम्पादनका लागि संयुक्त राष्ट्रसंघका महासचिवले आवश्यक कर्मचारी तथा सरसुविधाको व्यवस्था मिलाउनेछन् ।

४. समितिको प्रारम्भिक बैठक संयुक्त राष्ट्रसंघका महासचिवले संयोजन गर्नेछन् । प्रारम्भिक बैठकपछि कार्यविधि सम्बन्धी नियमावलीमा व्यवस्था भएका समयमा समितिको बैठक बस्नेछ ।

५. यस धाराको अनुच्छेद ३ बमोजिम कर्मचारी र सरसुविधाका लागि भएका खर्चजस्ता संयुक्त राष्ट्रसंघबाट कुनै पनि खर्चको सोधभर्नासहित राज्य पक्षहरू तथा समितिको बैठक संचालनका क्रममा भएका खर्चका लागि राज्य पक्षहरू जिम्मेवार रहनेछन् ।

**धारा १९**

१. सम्बन्धित राज्य पक्षका हकमा महासन्धि लागू भएको एक वर्षभित्र यस महासन्धि अन्तर्गतका प्रतिज्ञा कार्यान्वयनलाई प्रभावकारी पार्न आपूmले अपनाएका उपायका सम्बन्धमा राज्य पक्षहरूले संयुक्त राष्ट्रसंघका महासचिवमार्फत समितिसमक्ष प्रतिवेदन पेस गर्नेछन्। तत्पश्चात् राज्य पक्षहरूले अवलम्बन गरिएका नयाँ उपायहरूको प्रत्येक चार वर्षमा पूरक प्रतिवेदन र समितिले अनुरोध गर्न सक्ने अन्य प्रतिवेदनहरू प्रस्तुत गर्नेछन्।

२. संयुक्त राष्ट्रसंघका महासचिवले प्रतिवेदनहरू सबै राज्य पक्षहरूलाई पठाउनेछन्।

३. हरेक प्रतिवेदनलाई समितिले विचार गर्नेछ र प्रतिवेदनउपर आफूलाई उचित लागेको सामान्य टिप्पणी गरी सम्बन्धित राज्य पक्षलाई प्रेषित गर्नेछ। सो राज्य पक्षले टिप्पणीउपर आफ्नो निरूपणकथनसाथ समितिलाई उत्तर दिन सक्नेछ।

४. यस धाराको अनुच्छेद ३ अनुरूप सम्बन्धित राज्य पक्षबाट प्राप्त निरूपण कथनसहित आफूले गरेको कुनै पनि टिप्पणीलाई धारा २४ अनुसारको वार्षिक प्रतिवेदनमा समावेश गर्ने गरी समितिले आफ्नै तजबिजले निर्णय गर्न सक्नेछ। सम्बन्धित राज्य पक्षले अनुरोध गरेमा समितिले यस धाराको अनुच्छेद १ अन्तर्गत पेस भएको प्रतिवेदनको प्रति पनि समावेश गर्न सक्नेछ।

**धारा २०**

१. राज्य पक्षको भू–भागभित्र यातना नियोजित तवरले भइरहेको छ भन्ने दरिलो गरी इङ्गित गर्ने विश्वसनीय सूचना समितिले प्राप्त गरेमा, सूचनाको जाँचबूझको लागि र यस उद्देश्यको परिपूर्तिका लागि उक्त सूचनाका सम्बन्धमा आफ्नो निरूपणकथन पेस गर्न समेत समितिले राज्य पक्षलाई आमन्त्रण गर्न सक्नेछ।

२. सम्बन्धित राज्य पक्षले पेस गरेको निरूपणकथन साथसाथै आफूलाई उपलब्ध अन्य सान्दर्भिक सूचनाहरूलाई ध्यानमा राखी आवश्यकता बोध गरी निर्णय गरेमा, समितिले गोप्य रूपले छानबिन गरी समितिसमक्ष प्रतिवेदन गर्न समितिका एक वा बढी सदस्यलाई खटाउन सक्नेछ।

३. यस धारारको अनुच्छेद २ बमोजिम छानबिन भएमा समितिले सम्बन्धित राज्य पक्षको सहयोग खोज्नेछ। राज्य पक्षसँगको सम्झौतामा यस्तो छानबिनमा सो राज्य पक्षको भू–भागमा भ्रमण गर्ने कुरा समावेश हुन सक्नेछ।

४. यस धाराको अनुच्छेद २ अनुसार सदस्य वा सदस्यहरूले पेस गरेका प्राप्त तथ्यका जाँचबुझ गरेपछि आयोग (समिति) ले अवस्थाका बारेमा उपयुक्त देखिने कुनै पनि टिप्पणी वा सुझाउसहित ती प्राप्त तथ्यहरू सम्बन्धित राज्य पक्षलाई पठाउनेछ।

५. यस धाराका १ देखि ४ सम्मका अनुच्छेदहरूमा उल्लिखित समितिका सबै कारबाई गोप्य हुनेछन् र तिनको प्रत्येक चरणमा राज्य पक्षको सहयोग मागिनेछ। समितिले अनुच्छेद २ बमोजिम गरिएका छानबिनका सम्बन्धमा कारबाई पूरा भएपछिसम्बन्धित राज्य पक्षसँग परामर्श गरी कारबाईको नतिजाको सारसङ्क्षेप विवरण धारा २४ अनुसार आफ्नो वार्षिक प्रतिवेदनमा समोवश गर्ने निर्णय लिन सक्नेछ।

**धारा २१**

१. यस महासन्धिको कुनै पनि राज्य पक्षले यस धारा अन्तर्गत कुनै बेला अर्को राज्य पक्षले यस महासन्धिअन्तर्गतका दायित्वहरू पूरा गरिरहेको छैन भन्ने बारेमा कुनै राज्य पक्षबाट समितिले संचार लिने र विचार गर्ने समितिको

सक्षमतालाई मान्यता प्रदान गर्ने घोषणा गर्न सक्नेछ । आफ्ना सम्बन्धमा समितिको सक्षमतालाई मान्यता दिएको घोषणा गर्ने राज्य पक्षबाट प्राप्त हुन आएमा मात्र यस धारामा स्थापित कार्यविधिअनुसार यस्ता संचार प्राप्त गरी विचार गरिनेछ । यस्तो घोषणा नगरेको राज्य पक्ष सम्बन्धी कुनै पनि संचारलाई समितिले यस धाराअन्तर्गत कारबाईमा लिनेछैन । यस धाराअन्तर्गत प्राप्त संचारउपर निम्नानुसारको प्रक्रिया चलाइनेछः

(क) अर्को राज्य पक्षले यस महासन्धिका व्यवस्थालाई लागू गरेको छैन भन्ने ठानेमा कुनै पनि राज्य पक्षले लिखित संचारद्वारा सो कुराको ध्यानाकर्षण सम्बन्धित राज्य पक्षलाई गराउन सक्नेछ । यस्तो संचार पाउने राज्य पक्षले संचार पाएको तीन महिनाभित्र संचार पठाउने राज्य पक्षलाई सोबारेमा हदसम्भव र अत्यावश्यक भएसम्म उपलब्ध वा बाँकी राष्ट्रिय कार्यविधि र उपचारहरूको सन्दर्भ लगायत विषयवस्तु प्रस्ट्याउने विवरण वा स्पष्टीकरण उपलब्ध गराउनेछ ।

(ख) प्रारम्भिक संचार प्राप्त गर्ने राज्यले संचार पाएको छ महिनाभित्रसम्बन्धित दुवै राज्य पक्षहरूका लागि सन्तोषजनक हुन नसकेमा समिति र अर्को राज्य पक्षलाई सूचना दिई सो विषयलाई समितिमा पठाउने अधिकार दुवै राज्य पक्षलाई रहनेछ ।

(ग) यस दफाअन्तर्गत आफूसमक्ष साधिएका मामिलाका सम्बन्धमा समितिले सो विषयमा अन्तर्राष्ट्रिय कानूनका मान्य सिद्धान्तसँग सङ्गति रहने गरी सम्पूर्ण राष्ट्रिय उपचारको दाबी लिइएको र उपयोग भइसकेको कुरा निश्चित गरिएपछि मात्र कारबाई गर्नेछ । बेमनासिव तरिकाले उपचारको कार्यान्वयन लम्बिएको वा यस महासन्धिको उल्लङ्घनको पीडित व्यक्तिलाई प्रभावकारी उद्धार दिन अपत्यारिलो देखिएको अवस्थामा यो नियम लागू हुनेछैन ।

(घ) यस धाराअन्तर्गतका संचारहरूको जा“चबुझ गर्दा समितिले गोप्य बैठक गर्नेछ ।

(ङ) उपअनुच्छेद (ग) का प्रावधानहरूका अधीनमा रही समितिले यस महासन्धिमा व्यवस्था गरिएका दायित्वको सम्मानका आधारमा विषयको मैत्रीपूर्ण समाधान निकाल्ने ध्येयले आफ्नो सद्भाव–सेवा (गुड अफिसेस) उपलब्ध गराउनेछ । यस प्रयोजनका लागि समितिले, उपयुक्त भएसम्म, तदर्थ मेलमिलाप आयोग गठन गर्न सक्नेछ ।

(च) यस धाराअन्तर्गत समितिलाई साधिएको जुनसुकै विषयमा उप–अनुच्छेद (ख) मा उल्लिखित सम्बन्धित राज्य पक्षहरूलाई सान्दर्भिक जुनसुकै सूचना आपूर्ति गराउन समितिले आ≈वान गर्न सक्छ ।

(छ) समितिले मामिलाउपर विचार गरेको समयमा उपस्थित हुने र लिखित वा मौखिक रूपमा आफ्नो कुरा प्रस्तुत गर्ने अधिकार उप–अनुच्छेद (ख) मा उल्लिखित सम्बन्धित राज्य पक्षहरूलाई रहनेछ ।

(ज) उप–अनुच्छेद (ख) अन्तर्गत सूचना पाएको मितिले १२ महिनाभित्र समितिले प्रतिवेदन प्रस्तुत गर्नेछः

१) उप–अनुच्छेद (ङ) का सर्तअनुरूप समाधानमा पुगिएमा समितिले प्रतिवेदनलाई तथ्यको छोटकारी विवरण

२) उप–अनुच्छेद (ङ) का शर्तअनुरूप समाधानमा नपुगिएमा समितिले प्रतिवेदनलाई तथ्यको छोटकरी विवरणमा मात्र सीमित गर्नेछ, सम्बन्धित राज्य पक्षहरूले गरेका लिखित प्रस्तुति र मौखिक प्रस्तुतिको अभिलेख प्रतिवेदनमा संलग्न हुनेछ । हरेक विषयमा सम्बन्धित राज्य पक्षहरूलाई प्रतिवेदन संचार गरिनेछ ।

२. यस महासन्धिका पा“च राज्य पक्षहरूले यस धाराको अनुच्छेद १ अन्तर्गत घोषणा गरेपछि यस धाराका व्यवस्थाहरू लागू हुनेछन् । यस्ता घोषणाहरू राज्य पक्षहरूले संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिला गर्नेछन् र महासचिवले तिनका प्रतिहरू अन्य राज्य पक्षहरूलाई पठाउनेछन् । महासचिवलाई सूचना दिई जुसुकै समयमा घोषणा फिर्ता गर्न सकिनेछ । यस धाराअन्तर्गत पहिले नै पठाइएको संचारलाई विचार गर्ने कार्यलाई घोषणा फिर्तागराइले कुनै असर पुऱ्याउने छैन, घोषणा फिर्ता लिएको जनाउ महासचिवले प्राप्त गरेपछि, सम्बन्धित राज्य पक्षले नया“ घोषणा नगरेसम्म, कुनै पनि राज्य पक्षले पठाएका थप संचारलाई यस धारा अन्तर्गत ग्रहण गरिनेछैन ।

**धारा २२**

१. राज्य पक्षद्वारा यसको क्षेत्राधिकारभित्र महासन्धिका व्यवस्थाहरूका उल्लङ्घनबाट पीडित भएको दावी गर्ने व्यक्तिहरू वा तिनको तर्फबाट गरिएका संचारहरू प्राप्त गरी विचार गर्न समितिलाई सक्षम मानी मान्यता दिने घोषणा यस महासन्धिको राज्य पक्षले जुनसुकै बेला यस धाराअन्तर्गत गर्न सक्नेछ । यस्तो घोषणा नगरेको राज्य पक्षसँग सम्बन्धित भएमा त्यस्तो संचार समितिले ग्रहण गर्नेछैन ।

२. बेनामी वा संचार प्रस्तुत गर्ने अधिकारको दुरूपयोग भएको वा यस महासन्धिसित असङ्गत रहेको भन्ने समितिले ठानेको कुनै पनि संचारलाई समितिले यस धाराअन्तर्गत अग्रा≈य मान्नेछ

३. अनुच्छेद २ का व्यवस्थाका अधीनमा रही यस धाराअन्तर्गत आफू समक्ष प्रस्तुत कुनै पनि संचारलाई समितिले अनुच्छेद १ अन्तर्गत घोषणा गरेको र महासन्धिको कुनै पनि व्यवस्था उल्लङ्घन गरेको आरेप लागेको राज्य पक्षको ध्यानमा ल्याउनेछ । यस्तो ध्यानमा ल्याइएको राज्य पक्षले विषयवस्तु र सो राज्यले कुनै उपचार लिएको भए स्पष्ट लिखित विवरण वा स्पष्टीकरण समितिसमक्ष छ महिनाभित्र प्रस्तुत गर्नेछ ।

४. यस धाराअन्तर्गत प्राप्त संचारहरूको समितिले व्यक्ति वा निजका पक्षबाट र सम्बन्धित राज्य पक्षद्वारा उपलब्ध गराइएका सबै सूचनाका आधारमा विचार गर्नेछ ।

५. यस धाराअन्तर्गत निम्न कुरा पक्कापक्की नगरीकन व्यक्तिबाट प्राप्त कुनै पनि संचारलाई समितिले विचार गर्नेछैनः

(क) सोही विषयवस्तुमा अर्को अन्तर्राष्ट्रिय अनुसन्धान वा समाधानको कार्यविधिअन्तर्गत जा“चबुझ भएको वा भइरहेको छैन भन्ने कुरा,

(ख) उपलब्ध सबै राष्ट्रिय, उपचारको सो व्यक्तिले उपयोग गरिसकेको छ, उपचारहरूको कार्यान्वयन अनुचित रूपले लम्बाइएको वा यस महासन्धिको उलंघनबाट पीडित व्यक्तिलाई प्रभावकारी राहत दिलाउन सकिने सम्भावना कम भएका अवस्थामा यो कुरा लागू हुनेछैन ।

६. यस धाराअन्तर्गत सञ्चाहरूको जाँच गर्दा समितिले गोप्य बैठक गर्नेछ ।

७. सम्बन्धित राज्य पक्ष र व्यक्तिलाई समितिले आफ्नो राय पठाउने छ ।

८. यस महासन्धिका पाँच राज्य पक्षहरूले यस धाराको अनुच्छेद १ अन्तर्गतको घोषणा गरिसकेपछि यस धाराका व्यवस्थाहरू लागू हुनेछन् । यस्ता घोषणाहरू संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिल हुनेछन् र महासचिवले अन्य राज्य पक्षहरूलाई तिनका प्रतिहरू पठाइदिनेछन् । महासचिवलाई जनाउ दिई घोषणा जुनसुकै बेला फिर्ता लिन सकिनेछ । यस्तो घोषणाले यस धाराअन्तर्गत पहिले नै पठाइएको संचारका बारेमा समितिले विचार गर्ने कुरालाई असर पार्ने छैन, राज्य पक्षले नयाँ घोषणा नगरेमा घोषणा फिर्तीको जनाउ महसचिवले पाइसकेपछि समितिले व्यक्ति वा व्यक्तिका हकमा कसैबाट संचार ग्रहण गर्नेछैन ।

**धारा २३**

समितिका सदस्यहरू र धारा २१ अनुच्छेद १ (ङ) अन्तर्गत नियुक्त हुन सक्ने मेलमिलाप आयोगका सदस्यहरू संयुक्त राष्ट्रसंघीय विशेषाधिकार तथा उन्मुक्ति सम्बन्धी महासन्धिका सान्दर्भिक दफाहरूमा उल्लिखित संयुक्त राष्ट्रसंघको नियोगका विशेषज्ञको सरसुविधा, विशेषाधिकार तथा उन्मुक्तिका हकदार हुनेछन् ।

**धारा २४**

समितिले यस महासन्धिअन्तर्गतका आफ्ना क्रियाकलापका बारेमा राज्य पक्षहरू र संयुक्त राष्ट्रसंघको महासभासमक्ष वार्षिक प्रतिवेदन पेस गर्नेछ।

**भाग ३**

**धारा २५**

१. हस्ताक्षरका लागि यो महासन्धि सबै राज्यहरूलाई खुला छ।

२. यो महासन्धि अनुमोदन गर्नुपर्ने विषय रहेको छ। अनुमोदन गरिएको अध्यालेखहरू संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिला गरिनेछन्।

**धारा २६**

यो महासन्धि सम्मिलनका लागि सबै राज्यलाई खुला छ। संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष सम्मिलनको अध्यालेख दाखिल भएपछि सम्मिलन प्रभावमा आउनेछ।

**धारा २७**

१. अनुमोदन वा सम्मिलनको बीसौं अध्यालेख संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दाखिल भएको मितिले तीसौं दिनबाट यो महासन्धि लागू हुनेछ।

२. अनुमोदन वा सम्मिलनको बीसौं अध्यालेख दाखिल भएपछि यस महासन्धिलाई अनुमोदन वा सम्मिलन गर्ने हरेक राज्यका हकमा तिनले आफ्नो अनुमोदन वा सम्मिलनको अध्यालेख दाखिल गरेको मितिले तीसौं दिनबाट यो महासन्धि लागू हुनेछ।

**धारा २८**

१. यो महासन्धि हस्ताक्षर वा अनुमोदन गर्ने समयमा वा त्यसपछि सम्मिलन गर्ने समयमा हरेक राज्यले धारा २० द्वारा व्यवस्थित समितिको सक्षमतालाई मान्यता नदिने घोषणा गर्न सक्नेछ।

२. यस धाराको अनुच्छेद १ अनुसार अपवादसर्त राख्ने कुनै पनि राज्य पक्षले संयुक्त राष्ट्रसंघका महासचिवलाई जनाउ दिएर जुनसुकै बेला यस्तो सर्त फिर्ता लिन सक्नेछ।

**धारा २९**

१. यस महासन्धिको कुनै पनि राज्य पक्षले संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्रसंघका महासचिवसमक्ष दर्ता गर्न सक्नेछ। महासचिवले तत्पश्चात् उक्त प्रस्तावउपर विचार गरी मतदान गर्न सम्मलेनका पक्षमा रहेनरहेको निजलाई जनाउ गर्ने अनुरोधसहित संशोधनप्रस्ताव राज्य पक्षहरूलाई संचार गर्नेछन्। यस्तो संचार गरिएको मितिले चार महिनाभित्र कम्तीमा एक तिहाइ राज्य पक्षहरूले सो सम्मेलन बोलाउनुपर्ने मत जाहेर गरेमा महासचिवले संयुक्त राष्ट्रसंघको

सहयोगमा यस्तो सम्मेलनको आयोजना गर्नेछन् । सम्मेलनमा उपस्थित र मतदान गर्ने राज्य पक्षहरूको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन मञ्जुरीका लागि महासचिवले सबै राज्य पक्ष समक्ष पेस गर्नेछन् ।

२. यस धाराको अनुच्छेद १ अनुसार ग्रहण गरिएको कुनै पनि संशोधन यस महासन्धिका दुई तिहाइ राज्य पक्षहरूले आफ्ना संवैधानिक प्रक्रियाअनुसार सकार गरिएको कुरा संयुक्त राष्ट्रसंघका महासचिवलाई जनाउ दिएपछि लागू हुनेछ ।

३. संशोधन लागू भएपछि सो सकार गर्ने राज्य पक्षका हकमा बन्धनकारी हुनेछ, यस महासन्धिका व्यवस्था र तिनले सकार गरेका अगिल्ला संशोधन अन्य राज्य पक्षहरूका हकमा पनि बन्धनकारी हुनेछन् ।

**धारा ३०**

१. छलफलबाट टुङ्गिन नसकेमा यस महासन्धिका व्यवाख्या वा कार्यान्वयन सम्बन्धी दुई वा बढी राज्य पक्षहरूबीचको वार्ताप्रक्रियाबाट, समाधान हुन नसक्ने कुनै पनि विवाद तिनीहरूमध्ये कुनै एकको अनुरोधमा मध्यस्थनिर्णयन (आर्बिटेसन) का लागि प्रस्तुत गरिनेछ । मध्यस्थनिर्णयन (आर्बिटेसन) का लागि अनुरोध भएको मितिले छ महिनाभित्र मध्यस्थनिर्णयन निकाय गठन गर्नमा पक्षहरू सहमत हुन असमर्थ भएमा अदालतको विधान सःंगत हुने गरी कुनै एक पक्षले विवादलाई अन्तर्राष्ट्रिय अदालतमा समक्ष पठाउन सक्नेछ ।

२. हरेक राज्य पक्षले यस महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्ने वा त्यसमा सम्मिलन गर्ने समयमा यस धाराको अनुच्छेद १ आफ्ना हकमा बन्धनकारी नहुने कुराको घोषणा गर्न सक्नेछन् । यस्तो अपवादसर्त राख्ने जुनसुकै राज्य पक्षको हकमा यस धाराको अनुच्छेद १ अन्य राज्य पक्षहरूका लागि पनि बन्धनकारी हुनेछैन ।

३. यस धाराको अनुच्छेद २ बमोजिम अपवादसर्त राख्ने कुनै पनि राज्य पक्षले संयुक्त राष्ट्रसंघका महासचिवलाई जनाउ दिएर जुनसुकै समयमा अपवादसर्त फिर्ता लिन सक्नेछन् ।

**धारा ३१**

१. संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित जनाउ दिएर राज्य पक्षले यो महासन्धि परित्याग गर्न सक्नेछ । महासचिवले जनाउ पाएको मितिले एक वर्षपछि यस्तो परित्याग प्रभावकारी हुनेछ ।

२. परित्याग प्रभावकारी हुने मितिभन्दा अगावै उत्पन्न हुने कुनै पनि कार्य वा अकार्यका सम्बन्धमा यस महासन्धि अन्तर्गत आफ्ना दायित्वहरूबाट राज्य पक्षलाई छुट दिन दिलाउन सक्नेछैन र परित्याग प्रभावकारी हुने मिति भन्दा अगाडि समितिले विचार गर्न थालिसकेको कुनै पनि विषयको अटुट विचार गर्ने कार्यको निरन्तरतालाई पनि यस्तो परित्यागले कुनै असर पार्ने छैन ।

३. राज्य पक्षको परित्याग प्रभावकारी हुने मिति पश्चात् समितिले त्यस राज्यका सम्बन्धमा विचार गर्ने कार्यको थालनी गर्ने छैन ।

**धारा ३२**

संयुक्त राष्ट्रसंघका महासचिवले संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरू र यस महासन्धिमा हस्ताक्षर गरेका वा यसलाई सम्मिलन गरेका सम्पूर्ण राज्यलाई निम्न कुराको जानकारी दिने छन्ः

(क) धारा २५ र २६ अन्तर्गतको हस्ताक्षर, अनुमोदन र सम्मिलनहरू

(ख) धारा २७ अन्तर्गत यो महासन्धि लागू हुने मिति र धारा २९ अन्तर्गतको जुनसुकै संशोधन लागू हुने मितिः

(ग) धारा ३१ अन्तर्गत परित्याग।

**धारा ३३**

१. यस महासन्धिका अरबी, चिनियाँ, अंग्रेजी, फ्रेन्च, रसियन र स्पेनिस भाषाका पाठ समान रूपमा आधिकारिक छन् र राष्ट्रसंघीय महासचिव कहाँ दाखिल रहनेछन्।

२. महासचिवले यस महासन्धिका प्रमाणित प्रतिहरू सबै राज्यहरूलाई पठाउनेछन्।

## १३. अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणा, १९८५

**(Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power)**

महासभाको २९ नोभेम्बर, १९८५ को प्रस्ताव ४०/३४ द्वारा जारी

(क) अपराध पीडितः

१. 'पीडित' भन्नाले सदस्य–राज्यहरूमा लागू रहेका अख्तियारको आपराधिक दुरूपयोग तोक्ने गायतका फौजदारी कानूनको उल्लङ्घन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामूहिक वा व्यक्तिगत रूपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानव अधिकारको सारवान क्षति लगायतको हानि बेहोराइएको व्यक्ति जनाउँछ।

२. प्रपीडक पहिचान गरिएको, पक्राउ परेको, मुद्दा चलाइएको वा दोषी ठहराइएको भए वा नभए तापनि र पीडित र प्रपीडकबीच जस्तोसुकै पारिवारिक सम्बन्ध रहेभएको भएतापनि कुनै पनि व्यक्ति यस घोषणापत्रअन्तर्गत 'पीडित' मानिन सक्नेछ। 'पीडित' भन्ने शब्दले उपयुक्त भएसम्म प्रत्यक्ष रूपमा पीडित भएका व्यक्तिको परिवार र आश्रितहरू एवं दुखद अवस्थामा पीडितलाई सहायता पुऱ्याउने र पीडितकरणको रोकथाममा संलग्न हुँदा क्षति व्यहोरेका व्यक्तिहरूलाई समेत जनाउँदछ।

३. यस घोषणापत्रमा उल्लेख गरिएका प्रावधानहरू जाति, वर्ण, लिङ्ग, उमेर, भाषा, धर्म, राष्ट्रियता, राजनीतिक वा अन्य विचार, सांस्कृतिक विश्वास वा अभ्यास, सम्पत्ति, जन्म वा पारिवारिक हैसियत, जातिय वा सामाजिक उत्पत्ति र असबलताजस्ता कुनै किसिमका भेदभावविना सबैका लागि लागू हुने छैन।

**न्यायमा पहुँच र स्वच्छ व्यवहार**

४. पीडितसँग सहानुभूतिपूर्वक उनीहरूको मर्यादाप्रति आदरभाव राखेर व्यवहार गर्नुपर्दछ। आफूले भोग्नुपरेको क्षतिका निमित्त राष्ट्रिय कानूनले व्यवस्था गरे अनुसार उनीहरूलाई न्यायको संयन्त्र र तदारुक पुनरुद्धारको पहुँच पाउने हक छ।

५. पीडितलाई छिटोछरितो, स्वच्छ कम खर्चिलो र सुलभ औपचारिक तथा अनौपचारिक प्रक्रियाको माध्यमबाट पुनरुद्धार प्राप्त गर्न सक्षम तुल्याउन आवश्यकता अनुसार न्यायिक तथा प्रशासनिक संयन्त्रहरू स्थापना र सुदृढ गरिनु पर्छ। यस्ता संयन्त्रहरूको माध्यमबाट उपचार प्राप्त गर्न पाउने उनीहरूको अधिकारबारे पीडितलाई सूचित गरिनु पर्छ।

६. पीडितका आवश्यकता प्रति न्यायिक र प्रशासनिक प्रक्रियाको उत्तरदायित्वलाई देहायका तरिकाबाट सहज पारिनु पर्छः

(क) खासगरी गम्भीर प्रकृतिको अपराध समावेश रहेका र सूचनाका लागि उनीहरूलाई अनुरोध गरिएका अवस्थामा उनीहरूको भूमिका र क्षेत्र, कारवाहीको समय र प्रगति तथा मुद्दाको स्वरूप वा प्रकृतिका बारेमा जानकारी गराउने,

(ख) सम्बद्ध फौजदारी न्याय प्रणाली अनुरूप र अभियुक्तप्रति पूर्वाग्रह नराखी कारवाहीको उपयुक्त अवस्थामा उनीहरूको व्यक्तिगत हितमा असर परेको कुरामा तिनका सरोकार र दृष्टिकोण प्रस्तुत र विचार गर्न दिने,

(ग) कानूनी प्रक्रियाको अवधिभर पीडितहरूलाई उचित सहायता उपलब्ध गराउने,

(घ) पीडितलाई हुने असुविधा कमगर्न तथा आवश्यकता अनुसार तिनीहरूको गोपनीयताको संरक्षण गर्ने, बचाउ निश्चित गर्ने, साथसाथै धाकधम्की र प्रतिशोधबाट तिनीहरूका तर्पmबाट तिनका परिवार साक्षीहरूको सुरक्षा प्रत्याभूत गर्ने,

(ङ) मुद्दाको फछर्यौंट प्रक्रिया र पीडितका हकमा भएका आज्ञाप्ति र आदेशहरूको कार्यान्वयनमा अनावश्यक ढिलाइ हुन नदिने।

७. उपयुक्त अवस्थामा मेलमिलाप र पीडितको पुनरुद्धारलाई सहज पार्न मध्यस्ता (मेडिएसन), विवाचन (आर्बिटेसन) र परम्परागत न्याय वा रैथाने प्रचलन लगायतका विवाद समाधानका अनौपचारिक संयन्त्रको न्याय वा स्वदेशी अभ्यासहरू समेतका विवाद समाधानका अनौपचारिक संयन्त्रहरूलाई सदुपयोग गर्नुपर्छ।

**प्रतिपूरण**

८. उपयुक्त भएसम्म अपराधी वा तिनको कार्य व्यवहारका लागि जिम्मेवार तेस्रा पक्षले पीडित, तिनका परिवार वा आश्रितहरूलाई स्वच्छ रूपमा प्रतिपूरण वा हर्जाना प्रदान गर्नुपर्छ । यस्तो प्रतिपूरणले सम्पत्ति फिर्ता वा हानि वा व्यहोरेको क्षतिको मूल्य भुक्तानी, पीडितीकरणको परिणाम स्वरूप भएका खर्चहरूको सोधभर्ना, सेवाहरूको प्रावधान र अधिकारको पुनर्बहालीलाई समेट्नुपर्छ।

९. अन्य फौजदारी दण्डभारका अतिरिक्त फौजदारी मुद्दामा सजायको उपलब्ध विकल्पका रूपमा प्रतिपूरणलाई विचार गर्न सरकारले अफ्ना अभ्यास, नियम र कानूनहरूको पुनरावलोकन गर्नुपर्छ।

१०. वातावरणलाई ठूलो क्षति पुगेको मामिलामा प्रतिपूरणको आदेश भएमा सम्भव भएसम्म वातावरणको पुनःस्थापना, पूर्वाधाराको पुननिर्माण, सामुदायिक सुविधाहरूको सट्टाभर्ना र विस्थापन हुँदा लागेको खर्चको सोधभर्ना समावेश हुनुपर्छ।

११. अख्तियारप्राप्त वा अर्ध–अख्तियार प्राप्त हैसियतमा काम गर्ने कुनै सार्वजनिक कार्याधिकारी वा प्रतिनिधिले राष्ट्रिय फौजदारी कानूनको उल्लङ्घन गरेको अवस्थमा क्षति पुऱ्याउनमा जिम्मेवार भएका अधिकारी वा प्रतिनिधिको राज्यबाट पीडितले प्रतिपूरण पाउनुपर्छ। यसरी पीडित बनाउने कार्य वा अकार्य गर्ने अख्तियारी भएको सरकार अस्तित्वमा नरहेको अवस्थामा सोका सट्टामा उत्तराधिकार लिइआएको राज्य वा सरकारले त्यस्तो पीडितलाई प्रतिपूरण प्रदान गर्नुपर्छ।

**क्षतिपूर्ति**

१२. अपराधी वा अन्य स्रोतबाट पूरा क्षतिपूर्ति प्राप्त नहुने भएमा राज्यहरूले देहायमा उल्लेख भएकालाई आर्थिक क्षतिपूर्ति दिन प्रयास गर्नुपर्छः

(क) गम्भीर अपराधको परिणामस्वरूप ठूलो शारीरिक चोटपटक वा शारीरिक वा मानसिक स्वास्थ्यमा क्षति व्यहोर्नुपरेका पीडित,

(ख) खासगरी पीडितीकरणको नतिजास्वरूप मरेका वा शारीरिक वा मानसिक रूपले अक्षम बनेका व्यक्तिका परिवार।

१३. पीडितका लागि क्षतिपूर्तिका निमित्त राष्ट्रिय कोषको स्थापना, सुदृढीकरण र विस्तारलाई प्रोत्साहित गर्नुपर्छ । यस प्रयोजनका लागि, उपयुक्त भएसम्म, पीडित नागरिक रहेको राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवस्था नभएको स्थिति समेतलाई समेट्ने गरी अन्य कोषको स्थापना हुन सक्नेछ।

**सहायता**

१४. पीडितले सरकारी, स्वयंसेवी, सामुदायिक एवं रैथाने माध्यमहरूबाट आवश्यक भौतिक, औषधोपचार सम्बन्धी, मनोवैज्ञानिक एवं सामाजिक सहायता प्राप्त गर्नु पर्दछ।

१५. पीडितलाई स्वास्थ्य र सामाजिक सेवा एवं अन्य सहयोगहरूको उपलब्धताबारे सूचित गरिनु पर्दछ र यस्ता सेवा तथा सहयोग उनीहरूलाई सुलभ बनाइनु पर्दछ।

१६. प्रहरी, न्याय, स्वास्थ्य, सामाजिक सेवा तथा सम्बन्धित क्षेत्रमा अन्य कर्मचारीहरूलाई पीडितका आवश्यकता प्रति संवेदनशील तुल्याउन तथा उचित र शीघ्र सहायतालाई सुनिश्चित गर्न प्रशिक्षण र मार्गनिर्देका उपलब्ध गराउनु पर्दछ।

१७. पीडितहरूलाई सेवा र सहयोग उपलब्ध गराइँदा तिनले व्यहोरेको क्षतिको प्रकृति वा माथि अनुच्छेद ३ मा उल्लिखित कारकतत्वका कारण भएका विशेष खालका खाँचोहरूलाई ध्यान दिनुपर्दछ।

**(ख) अख्तियार–दुरूपयोगका पीडितः**

१८. 'पीडित' भन्नाले राष्ट्रिय फौजदारी कानूनको उल्लङ्घन नभए पनि मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मापदण्डको उल्लङ्घन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामुहिक वा व्यक्तिगत रूपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानव अधिकारको सारवान क्षति लगायतको हानि व्यहोराइएको व्यक्ति जनाउँछ।

१९. राज्यहरूले अख्तियार–दुरूपयोग निर्धारण गर्ने मापदण्ड र यस्ता दुरूपयोग पीडितले प्राप्त गर्ने उपचार सम्बन्धी व्यवस्थालाई राष्ट्रिय कानूनमा समावेश गर्न ध्यान दिनुपर्दछ। खास गरेर यस्ता उपचारमा प्रतिपूरण /वा क्षतिपूर्ति एवं आवश्यक सामग्री, औषधोपचार, मनोवैज्ञानिक र सामाजिक सरसहायता तथा टेवा समेटिनुपर्छ।

२०. राज्यहरूले अनुच्छेद १८ मा परिभाषा गरिए अनुसारका पीडित सम्बन्धी बहुपक्षीय अन्तर्राष्ट्रिय सन्धिहरूमा सम्झौता गर्ने कुरा ध्यान दिनुपर्छ।

२१. राज्यहरूले बदलिँदो परिस्थिति प्रतिको जवाफदेही सुनिश्चित गर्न विद्यमान कानून र अभ्यास वा प्रचलनबारे आवधिक रूपमा पुनरावलोकन गर्नुपर्छ। आवश्यक भए, राजनीतिक र आर्थिक अख्तियारीको गम्भिरि दुरूपयोग मानिने कार्यहरू किटान गर्ने साथसाथै यस्ता कार्यहरूको रोकथाम वा निवारणका लागि नीति र संयन्त्रहरू प्रवर्द्धन गर्ने कानून जारी एवं कार्यान्वयन गर्नुपर्छ र यस्ता कार्यका पीडितहरूको मनासिव अधिकार र उपचारको विकास गरी तम्तयारी साथ सहजै उपलब्ध गराउनुपर्छ।

## १४. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

संयुक्त राष्ट्र संघको महासभाको २० नोभेम्बर १९८९ को प्रस्ताव नं. ४४/२५ बाट ग्रहण गरिएको र हस्ताक्षर, अनुमोदन तथा सम्मिलनका लागि खुला गरिएको। लागू भएको मितिः– धारा ४९ अनुसार, २ सेप्टेम्वर १९९०

**प्रस्तावना**

यस महासन्धिका पक्ष राष्ट्रहरूले,

संयुक्त राष्ट्र संघको घोषणापत्रमा उद्घोषण गरिएका सिद्धान्तहरू अनुरूप नैसर्गिक मर्यादा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरूको समच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथाा शान्तिको आधारशिला हो भन्ने तथ्यलाई विचार गर्दै ,

संयक्त राष्ट्र संघका जनाताहरूले बडापत्रमा आधारभूत मानव अधिकारहरू मानवीय मूल्य तथा मर्यादामा आफ्नो आस्था पुष्टि गरेको व्यापकत्तर स्वतन्त्रताको परिवेशमा सामाजिक प्रगति र जीवनको राम्रा स्तरहरूको प्रवर्धन गर्न दृढ भएको कुरालाई विचार गर्दै,

संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मनव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरूमा प्रत्येक व्यक्तिले तिनमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रता जाति, रंग, लिंग, भाषा धर्म, राजनीति वा अन्य विचार वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत जस्ता आधारमा कुनै पनि किसिमको भेदभाव विना उपलब्ध हुने कुराको घोषण तथा मञ्जुरी गरेको कुरालाई स्वीकार गर्दै,

संयुक्त राष्ट्र संघले मानव अधिकारको विश्वव्यापी घोषणपत्रमा बाल्यावस्थामा विशेष स्याहार तथा सहयोग प्रदान गरिनु पर्ने घोषणा गरेको कुरा संस्मरण गर्दै,

समाजको मूलभूत समूहको तथा यसका सबै सदस्यहरू तथा खासगरी बालबालिकाको विकास तथा कत्याणको लागि प्राकृतिक वातावरणको रूपमा रहेको परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गरिनु पर्छ ताकि यसले समुदायभित्र आफ्नो जिम्मेवारी पूर्ण रूपले बहन गर्न सकोस्, भन्ने कुरामा विश्वस्त भएर,

आफ्नो व्यक्तित्वको पूर्ण तथा सामन्जस्यपूर्ण विकासका लागि बालबालिका एउटा पारिवारिक वातावरण, प्रसन्नता, ममता तथा समझदारीको परिवेशमा हुर्कनु पर्छ भन्ने कुरालाई स्वीकार गर्दै ,

समाजमा व्यक्तिगत जीवन निर्वाह गर्न बालबालिका पूर्ण रूपले तयार हुनुपर्छ तथा तिनीहरूलाई संयुक्त राष्ट्र संघको बडापत्रमा घोषित आदर्शहरूको भावनामा तथा खासगरी शान्ति, सम्मान, सहनशीलता, स्वतन्त्रता, समानता र सहबद्धताको भावनामा पालनपोषण गरिनुपर्छ भन्ने कुरा विचार गर्दै,

बालबालिकालाई विशेष स्याहार पुऱ्याईनु पर्ने आवश्यकता बाल अधिकारहरूको सन् १९२४ को जेनेभा घोषणापत्र तथा संयुक्त राष्ट्र संघले २० नोभेम्बर १९५९ मा ग्रहण गरेको बाल अधिकाहरूको घोषणापत्रमा उल्लेख गरिएको छ र मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा, नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय (विशेष गरी धारा – २३ र २४ मा) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (विशेष गरी धारा – १० मा) र बालबालिकाको कल्याणसँग विशिष्टकृत संख्या तथा अन्तर्राष्ट्रिय संस्थाका विधानहरू तथा सम्वद्ध दस्तावेजहरूमा स्वीकार गरिएको कुरालाई हृदयंगम गर्दै,

बाल अधिकारको घोषणापत्रमा उल्लेख गरिए बमोजिम बालकलाई निजको शारिरिक तथा मानसिक अपरिपक्वताको कारणले जन्मनु अधि तथा जन्मेपछि समूचित कानूनी संरक्षण लगायत विशेष संरक्षण र स्याहारको आवश्यकता पर्ने कुरालाई हृदयंगम गर्दै,

बालबालिकाको संरक्षण तथा कल्याणसँग सम्बन्धित सामाजिक तथा कानूनी सिद्धान्तहरू, खासगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा बालबालिकाको हेरचाह स्थापना तथा धर्मपुत्र सम्बन्धी घोषणापत्रका किशोर न्याय प्रशासनको लागि संयुक्त राष्ट्र संघीय स्तरीय न्यूनतम नियमहरू (“वेइजिंग नियमहरू”) का तथा संकटकालिन एवं सशस्त्र युद्धमा नारी तथा बालबालिकाको संरक्षण सम्बन्धी घोषणापत्रका व्यवस्थाहरूलाई स संस्मरण गर्दै,

विश्वका सबै देशहरूमा बालबालिका अपवादजनक रूपमा कठिन अवस्थाहरूमा रहेका र त्यस्तै बालबालिकालाई विशेष ध्यान दिनु पर्ने आवश्यकता भएको कुरालाई स्वीकार गर्दै,

बालबालिकाको संरक्षण तथा सामन्जस्यपूर्ण विकासका लागि प्रत्येक जनताको परम्परा तथा सांस्कृतिक मूल्यहरूको महत्त्वप्रति उचित ध्यान दिँदै,

प्रत्येक देशमा खासगरी विकासशील देशहरूमा बालबालिकाको जीवन अवस्था सुधारका लागी अन्तर्राष्ट्रिय सहयोगको आवश्यकतालाई स्वीकार गछौं,

देहाय बमोजिम सहमत भएका छन्:–

**भाग १**

**धारा १**

यस महासन्धिको प्रयोजनका लागि, बालबालिका भन्नाले बालबालिका सम्बन्धी कानूनले पहिलेनै साबालक हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्ष भन्दा कम उमेरका प्रत्येक मानव जाति सम्झनु पर्छ।

**धारा २**

१. पक्ष राष्ट्रहरूले आफ्नो क्षेत्राधिकारभित्रका प्रत्येक बालबालिकको वा निजका बाबु आमाको वा कानूनी संरक्षकको जाति, वर्ण लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता

जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी यस महासन्धिमा उल्लिखित अधिकारहरूलाई सम्मान तथा सुनिश्चित गर्नेछन् ।

२. बालबालिकाका बाबु आमाहरू कानूनी संरक्षक वा परिवारका सदस्यहरूको हैसियत, क्रियाकलाप अभिव्यक्त धारणाहरू वा आस्थाहरूको आधारमा गरिनेसबै किसिमका भेदभाव वा दण्ड सजायबाट बालबालिकाको संरक्षण सुनिश्चित गर्न यस महासन्धिका पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अवलम्बन गर्नेछन् ।

**धारा ३**

१. सार्वजनिक वा निजी सामाजिक कल्याणकारी संस्थाहरू, अदालतहरू, प्रशासनिक अधिकारीहरू वा विधायिकी निकायहरू जो सुकैबाट गरिने बालबालिकासँग सम्बन्धित सबै कार्यहरूमा बालबलिकाको सर्वोत्तम हितनै प्राथमिक विचारको कुरा हुनेछ ।

२. पक्ष राष्ट्रहरूले बालबालिकाका आमाबाबु, कानूनी संरक्षक वा कानूनी रूपमा तिनीहरूको जिम्मेवारी लिने अन्य व्यक्तिहरूको अधिकार र कर्तव्यहरूलाई ध्यानमा राख्दै बालकको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्ने प्रतिज्ञा गर्दछन् र यस उद्देश्यको लागि सबै समुचित व्यवस्थापकीय र प्रशासनिक उपायहरू अवलम्बन गर्नेछन् ।

३. पक्ष राष्ट्रहरूले बालबालिकाको स्याहार वा संरक्षणका लागि जिम्मेवार संस्थाहरू तथा सेवा र सुविधाहरू सक्षम अधिकारीहरूले निर्धारण गरेका मापदण्ड, खासगरी सुरक्षा, स्वास्थ, तिनका कर्मचारीहरूको संख्या र योग्यताका साथै दक्ष सुपरिवेक्षणको क्षेत्रमा, अनुरूप भएको कुरा सुनिश्चित गर्नेछन् ।

**धारा ४**

पक्ष राष्ट्रहरूले यस महासन्धिमा स्वीकार गरिएका अधिकाहरूको कार्यान्वयनका लागि सबै समुचित व्यवस्थापकीय, प्रशासनिक र अन्य उपायहरू अपनाउनेछन् । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको सम्बन्धमा पक्ष राष्ट्रहरूले आ–आफ्ना स्रोतहरूले भ्याएसम्म र आवश्यक भएको अवस्थामा अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र, बढीभन्दा बढी मात्रामा यस्ता उपायहरू अपनाउने छन् ।

**धारा ५**

पक्ष राष्ट्रहरूले बालबालिकाले यस महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको प्रयोग गर्दा तिनीहरू क्रमिक विकासशील क्षमतासँग मेल खाने किसिमले समुचित निर्देशन र मार्गदर्शन दिनको लागि बालबालिकाका बाबु आमा वा, लागू हुने अवस्थामा, विस्तारित परिवारका वा स्थानीय प्रथाबाट व्यवस्था भए अनुसार समुदायका सदस्यहरू, कानूनी संरक्षक वा बालबालिकाका लागि कानूनी रूपमा जिम्मेवार अन्य व्यक्तिहरूको उत्तरदायित्व, अधिकार र कर्तव्यहरूको सम्मान गर्नेछन् ।

**धारा ६**

१. बाँच्न पाउने प्रत्येक बालकको जन्मसिद्ध अधिकार हो भनी पक्ष राष्ट्रहरू स्वीकार गर्छन् ।

२. पक्ष राष्ट्रहरूले संभव अधिकतम हदसम्म बालकको अतिजीवन र विकास सुनिश्चित गर्नेछन् ।

**धारा ७**

१. जन्मनासाथ बालबालिकालाई दर्ता गरिनेछ र बालकले जन्मेपछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र संभव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउनेछन्।

२. पक्ष राष्ट्रहरूले आ–आफ्ना राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय लिखतहरू अन्तर्गतको दायित्व अनुसार विशेष गरी बालबालिका राष्ट्रबिहीन हुने भएमा माथि उल्लेखित अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्नेछन्।

**धारा ८**

१. पक्ष राष्ट्रहरूले कानूनले मान्यता दिए अनुसार बालबालिकाले आफ्नो राष्ट्रियता, नाम र पारिवारिका सम्बन्ध लगायत आफ्नो परिचय संरक्षण गर्न पाउने अधिकारलाई गैरकानूनी हस्तक्षेप विना सम्मान गर्ने प्रतिज्ञा गर्छन् ।

२. कुनै बालबालिका निजको आफ्नो परिचय सम्बन्धी कुनै वा सबै तत्वहरूबाट गैरकानूनी ढंगको बञ्चित हुन गएमा पक्ष राष्ट्रहरूले निजको परिचयको छोटो भन्दा छिटो पुनर्स्थापना गर्ने उदेश्यले समुचित सहयोग र संरक्षण प्रदान गर्नेछन्।

**धारा ९**

१. बालबालिकाको सर्वोत्तम हितका लागि निजलाई बाबु आमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानून र कार्यविधि अनुसार सक्षम अधिकारीहरूले न्यायिक पुनरावलोकन हुने गरी निर्धारण गरेमा बाहेक कुनै पनि बालबालिकालाई निजको बाबु आमाको इच्छा विरुद्ध अलग नगरिने कुरा पक्ष राष्ट्रहरूले सुनिश्चित गर्नेछन्। यस्तो निर्धारण कुनै खास अवस्था, जस्तै कुनै बालबालिका आफ्ना बाबु आमाबाट उपेक्षित र दुर्व्यवहारको शिकार भएमा वा बाबु आमा अलगै बसोबास गरिरहेको र बालबालिकाको बासस्थानको सम्बन्धमा निर्णय गर्नु पर्ने भएमा आवश्यक हुन सक्नेछ।

२. यस धाराको प्रकरण १ मा उल्लेखित कुनै पनि कारबाहीमा, सम्पूर्ण इच्छुक पक्षहरूलाई कारबाहीमा सहभागी हुने र आफ्नो विचार प्रकट गर्ने अवसर प्रदान गरिनेछ।

३. पक्ष राष्ट्रहरूले बालबालिकाको सर्वोत्तम हितमा प्रतिकूल असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबु वा आमा वा दुवैबाट अलग गरिएका बालबालिकाले बाबु आमासँग नियमित रूपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने उनीहरूको अधिकारलाई मान्यता दिनेछन्।

४. कुनै पक्ष राष्ट्रद्वारा थालनी गरिएको कुनै कारबाही जस्तै बालबालिकाको वा आमा बाबु मध्ये एक वा दुवैको थुनाउ, कैद, निर्वाशन देश निकाला वा मृत्यु (सो व्यक्ति राष्ट्रको हिराशतमा रहेको बखत कुनै कारणबँट हुन गएको मृत्यु समेत) को कारणबाट त्यस्तो विछोड भएमा त्यस्तो विछोड भएमा त्यस्तो पक्ष राष्ट्रले अनुरोध गरिएमा बाबु आमा, बालबालिका वा उपयुक्त देखिएमा परिवारको अनुपस्थित सदस्यहरूको अवस्थिति सम्बन्धी आवश्यक जानकारी दिनेछ । पक्ष राष्ट्रहरूले यस प्रकार गरिएको अनुरोधले आफैमा सम्बन्धित व्यक्तिलाई कुनै प्रतिकूल असर नपर्ने कुरा अझ सुनिश्चित गर्नेछन्।

**धारा १०**

१. धारा–९ को प्रकरण १ अन्तर्गत पक्ष राष्ट्रहरूको दायिŒव अनुरूप, पारिवारिक पुनर्मिलनको उद्देश्यको लागि कुनै बालबालिका वा तिनका बाबु आमाले कुनै राष्ट्रमा प्रवेश गर्न वा कुनै राष्ट्र छाडनको लागि दिएका निवेदनहरू उपर पक्ष

राष्ट्रहरूले सकारात्मक, मानवीय र शीध्र किसिमले कारबाही गर्नेछन् । पक्ष राष्ट्रहरूले त्यसरी गरिएको अनुरोधले आफैंमा निवेदकहरू र उनीहरूका परिवारका सदस्यहरूलाई कुनै प्रतिकूल असर नपार्ने कुरा अझ सुनिश्चित गर्नेछन् ।

२. कुनै बालबालिका जसका बाबु आमा छुट्टा–छुट्टै राष्ट्रहरूमा बसेका छन्, लाई अति अपवादजनक परिस्थितिहरूमा बाहेक बाबु आमा दुवैसँग नियमित रूपमा व्यक्तिगत सम्बन्ध राख्न र प्रत्यक्ष भेटघाट गर्न पाउने अधिकार हुनेछ । यस उदेश्यको लागि र धारा – ९ को प्रकरण १ अन्तर्गत पक्ष राष्ट्रहरूको दायित्व अनुसार कुनै पनि पक्ष राष्ट्रहरूले आफ्नो देश लगायत कुनै पनि देश छाड्न पाउने तथा आफ्नो देशमा प्रवेश गर्न पाउने बालबालिका तथा निजका बाबु आमाको अधिकारलाई सम्मान गर्नेछन् । कुनै पनि देश छोड्न पाउने अधिकार कानून बमोजिम तोकिएका तथा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक एवं यस महासन्धिमा स्वीकार गरिएका अन्य अधिकारहरूसँग नबाझिने प्रतिबन्धहरूको मात्र अधीनमा रहनेछ ।

**धारा ११**

१. पक्ष राष्ट्रहरूले बालबालिकाको विदेशमा अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने कुरा विरुद्ध लड्न पाइला चाल्नेछन् ।

२. यस उद्देश्यका लागि पक्ष राष्ट्रहरूले द्विपक्षीय वा बहुपक्षीय सन्धिहरू गर्ने वा विद्यमान सन्धिहरूमा सम्मिलन हुने कुराको प्रवर्धन गर्नेछन् ।

**धारा १२**

१. आफ्नो धारणा बनाउन सक्षम बालबालिबालाई आफूसँग सम्वद्ध सबै विषयहरूमा आफ्नो विचार स्वतन्त्र रूपले व्यक्त गर्न पाउने अधिकार भएको कुराको आश्वासन पक्ष राष्ट्रहरूले दिनेछन्, बालबालिकाको उमेर र परिपक्वता अनुसार बालबालिकाको विचारलाई उचित महत्त्व दिइनेछ ।

२. यस प्रयोजनका लागि, बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक कारबाहीमा सम्बन्धित राष्ट्रिय कानूनको कार्यविधि बमोजिम प्रत्यक्ष रूपमा वा प्रतिनिधिद्वारा वा कुनै उचित निकायद्वारा सुनुवाइ हुने विशेष अवसर प्रदान गरिनेछ ।

**धारा १३**

१. बालबालिकालाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, सीमाको बन्देज विना मौखिक, लिखित वा मुद्रित रूपमा वा कलाको रूपमा वा बालबालिकाको आफ्नो छनौटको कुनै अन्य माध्यम मार्फत सबै किसिमका सूचना तथा विचारहरू खोज्ने, प्राप्त गर्ने, प्रदान गर्ने स्वतन्त्रता यस अधिकारमा समावेश हुनेछन् ।

२. यो अधिकारको प्रयोग निश्चित प्रतिवन्धहरूको अधीनमा हुन सक्नेछ, तर ती प्रतिबन्धहरू त्यस्ता मात्र हुन सक्नेछन् जुन कानूनद्वारा व्यवस्थित गरिएका र देहायका कुराको लागि आवश्यक छन्:–

(क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, वा

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्य वा नैतिकताको संरक्षण ।

**धारा १४**

१. बालबालिकाको विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई पक्ष राष्ट्रहरूले सम्मान गर्नेछन् ।

२. बालबालिकाको विकसित हुँदै गरेका क्षमताहरूसँग मेल खाने किसिमले निजको अधिकारको प्रयोगमा बाबु आमा र लागू हुने अवस्थामा कानूनी संरक्षकको बालबालिकालाई निर्देशन दिने अधिकार र कर्तव्यहरूलाई पक्ष राष्ट्रहरूले मान्यता दिनेछन् ।

३. आफ्नो धर्म र आस्था प्रकट गर्न पाउने स्वतन्त्रतामा कानूनद्वारा तोकिएका र सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य वा नैतिकता, वा अरूको मौलिक अधिकार र स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक प्रतिवन्धहरू मात्र लगाउन सकिनेछ ।।

**धारा १५**

१. पक्ष राष्ट्रहरूले बालबालिकाको सङ्गठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारहरूको सम्मान गर्नेछन् ।

२. यी अधिकारहरूको प्रयोगमा कानून बमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा वा सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिवन्धहरू बाहेक अन्य कुनै पनि प्रतिबन्धहरू लगाउन पाइने छैन ।

**धारा १६**

१. कुनै पनि बालबालिकाको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप भोग्न लगाइने छैन, न त उनीहरूको प्रतिष्ठा तथा ख्यातीमा गैरकानूनी रूपमा आक्रमण नै भोग्न लगाइनेछ ।

२. बालबालिकालाई यस्तो हस्तक्षेप वा आक्रमणको विरुद्ध कानूनी संरक्षण पाउने अधिकार हुनेछ ।

**धारा १७**

पक्ष राष्ट्रहरू आम संचार माध्यमले खेलेका महत्वपूर्ण कार्यलाई मान्यता दिन्छन् र विशेषतः बालबालिकाको सामाजिक, आध्यात्मिक र नैतिक कल्याण तथा शारीरिक एवं मानसिक स्वास्थ्य प्रवर्धन गर्ने खालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूको विविधताबाट पाउने जानकारी र सामाग्रीमा बालबालिकाको पहुँच सुनिश्चित गर्नेछन् । यस प्रयोजनका लागि पक्ष राष्ट्रहरूलेः–

(क) आम संचार माध्यमलाई धारा – २९ को भावना अनुरूप तथा बालबालिकाको सामाजिक सांस्कृतिक हित हुने खालका सूचना र सामाग्री प्रचार–प्रसार गर्न प्रोत्सान दिनेछन् ।

(ख) सांस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूको विविधताबाट त्यस्ता जानकारी र सामग्रीको उत्पादन, आदान–प्रदान र प्रचार–प्रसारमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन दिनेछन् ।

(ग) बालपुस्तकहरूको उत्पादन र प्रचार–प्रसारलाई प्रोत्साहन दिनेछन् ।

(घ) आम संचार माध्यमहरूलाई अल्पसङ्ख्यक समूहका बालबालिका वा आदिबासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन प्रोत्साहन दिनेछन् ।

(ङ) धारा – १३ र १८ का प्रावधानहरूलाई ध्यानमा राख्दै बालबालिकाको हितलाई आधात पुऱ्याउने खालका जानाकारी तथा सामाग्रीबाट निजहरूको संरक्षण गर्नका लागि उपयुक्त मार्गदर्शनहरूको विकासलाई प्रोत्साहन दिनेछन् ।

**धारा १८**

१. बालबालिकाको पालनपोषण र विकासका लागि बाबु आमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तको मान्यता सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सर्वोत्तम प्रयत्न गर्नेछन् । बालबालिकाको पालनपोषण र विकासका लागि बाबु आमा वा अवस्थाअनुसार कानूनी संरक्षकको प्राथमिक उत्तरदायित्व हुन्छ । बालबालिकाको सर्वोपरी हित नै उनीहरूको आधारभूत चासोको विषय हुनेछ ।

२. यस महासन्धिमा व्यवस्था भएका अधिकारहरूको प्रत्याभूती तथा प्रवर्द्धन गर्ने प्रयोजनका लागि पक्ष राष्ट्रहरूले बालबालिकाको पालनपोषणको उत्तरदायित्व पूरा गर्ने कार्यमा बाबु आमा वा कानूनी संरक्षकहरूलाई समूचित सहयोग पुऱ्याउने छन् र बालबालिकाको हेरचाहको लागि संस्था, सुविधा र सेवाको विकास सुनिश्चित गर्नेछन् ।

३. पक्ष राष्ट्रहरूले काममा लागेका बाबु आमाका बालबालिकाले पाउने बाल स्याहार सेवा र सुविधाहरूबाट फाइदा लिन पाउने निजहरूको अधिकार सुनिश्चित गर्न आवश्यक सबै समुचित उपायहरू अपनाउनेछन् ।

**धारा १९**

१. बाबु, आमा, कानूनी संरक्षक वा अन्य बालाबालिकाको हेरचाह गर्ने व्यक्तिको हेचरचाहमा रहेको अवस्थामा बालबालिकालाई सबै किसिमको कुनै शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा वा उपेक्षित व्यवहार, दुव्र्यवहार वा शोषण, यौन दुर्व्यवहार समेतबाट बालबालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रहरूले सबै समूचित कानूनी, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनेछन् ।

२. यस्ता संरक्षणात्मक उपायहरूमा, उचित भए अनुसार बालबालिकालाई तथा बालबालिकाहरूको हेरचाह गर्ने व्यक्तिहरूलाई आवश्यक सहायता उपलब्ध गराउनको लागि सामाजिक तथा माथि उल्लिखित दुर्व्यवहारका घटनाहरूको रोकथाम, पहिचान, जाहेरी, प्रेषण, अनुसन्धान, व्यवहार वा अनुगमनका लागि समेत र उपयुक्त भएको अवस्थामा न्यायिक संलग्नताका लागि प्रभावकारी कार्यविधिहरू समेत समावेश हुनेछन् ।

**धारा २०**

१. आफ्नो परिवारिक वातावरणबाट स्थायी वा अस्थायी रूपमा वंचित भएको कुनै पनि बालबालिकाका वा सो वातावरणमा रहँदा आफ्नो सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई राष्ट्रद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ ।

२. पक्ष राष्ट्रहरूले आफ्ना राष्ट्रिय कानून अनुसार त्यस्ता बालबालिकाको लागि वैकल्पिक हेरचाह सुनिश्चित गर्नेछन् ।

३. यस्तो हेरचाहमा अन्य कुराका अतिरिक्त बालबालिकाको पालन पद्धति, इस्लामिक कानून अन्तर्गतको कफाला, धर्मपुत्र वा आवश्यक भएमा बालबालिकाको हेचचाहको लागि उपयुक्त संस्थाहरूमा भर्ना जस्ता कार्यहरू समावेश हुनेछन् । यस्ता समाधानहरूको विचार गर्दा बालबालिकाको पालनपोषणमा निरन्तरताको वान्छनीयता जातीय, धार्मिक, सांस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई उचित ध्यान दिइनेछ ।

**धारा २१**

धर्मपुत्रको व्यवस्थालाई मान्यता दिने र वा स्वीकृति दिने पक्ष राष्ट्रहरूले बालबालिकाको सर्वोत्तम हित नै सर्वोच्च विचार भएको कुरा सुनिश्चित गर्नेछन् र तिनीहरूले,

(क) बालबालिकाको धर्मपुत्रमा लागू हुने कानून र कार्यविधिअनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा बाबु, आमा, नातेदार र कानूनी संरक्षकहरूसम्बन्धी बालबालिकको हैसियत दृष्टिगत गरी धर्मपुत्र ग्राह्य भएको र आवश्यक भएमा आवश्यक हुने सरसल्लाहका आधारमा धर्मपुत्रका लागि सम्बन्धित व्यक्तिले जानिकन सहमति दिएको कुरा निर्धारण गर्ने सक्षम अधिकारीहरूबाट मात्र अधिकृत गरिएको कुरा सुनिश्चित गर्नेछन्।

(ख) कुनै बालबालिकालाई पालनपोषण गर्ने वा धर्मपुत्र लिने परिवारमा राख्न नसकिने भएमा वा निजको उत्पत्तिको देशमा निजलाई उपयुक्त तवरमा हेरचाह गर्न नसकिने भएमा अन्तरदेशीय धर्मपुत्र व्यवस्थालाई बालबालिकाको हेरचाहको एउटा बैकल्पिक उपायको रूपमा लिन सकिने कुरालाई मान्यता दिनेछन्।

(ग) अन्तरदेशीय धर्मपुत्रसँग सम्बन्धित बालबालिकालाई स्वदेशी धर्मपुत्रको हकमा विद्यमान सुरक्षा तथा स्तरहरू सरहका सुरक्षा तथा स्तरहरू प्राप्त भएको कुरा सुनिश्चित गर्नेछन्।

(घ) अन्तरदेशीय धर्मपुत्रमा पदस्थापनाबाट यस्तो धर्मपुत्रमा संलग्न व्यक्तिहरूलाई अनुचित आर्थिक फाईदा नहुने कुरा सुनिश्चित गर्नका लागि सबै समुचित उपायहरू अपनाउने छन्।

(ङ) द्विपक्षीय वा बहुपक्षीय व्यवस्था वा सम्झौताहरू गरी यस धारामा उल्लिखित उद्देश्यहरू समुचित भएको अवस्थामा प्रवर्धन गर्छन् र यस संरचनाभित्र सक्षम अधिकारी वा निकायहरूबाट अन्य देशमा गरिएको बालबालिकाको पदस्थापना कार्य गरिने कुरा सुनिश्चित गर्न प्रयत्न गर्नेछन्।

**धारा २२**

१. पक्ष राष्ट्रहरूले सम्बन्धित अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानून र कार्यविधिहरू अनुसार शरणार्थीको हैसियत खोजिरहेको वा शरणार्थी मानिने बालबालिकाले आफ्नो बाबु आमा वा अन्य कसैसँग बसे पनि वा नबसे पनि महासन्धिमा ती राष्ट्रहरू पक्ष भएका अन्य अन्तर्राष्ट्रिय मानव अधिकार र मानवतावादी दस्तावेजहरूमा उल्लिखित सम्बन्धित अधिकारहरूको प्रयोग गर्दा समुचित संरक्षण र मानवतावादी सहयोग प्राप्त गर्ने हुँदा सुनिश्चित गर्न समुचित उपायहरू अपनाउनेछन्।

२. यस उद्देश्यको निम्ति पक्ष राष्ट्रहरूले बालबालिकाको परिवारसँग पुनर्मिलन गराउनको लागि आवश्यक जानकारी प्राप्त गर्न यस्ता बालबालिकालाई संरक्षण तथा सहयोग गर्न तथा कुनै शरणार्थी बालबालिकाको आमा बाबु वा निजको परिवारका अन्य सदस्यहरू पत्ता लगाउने कार्यमा संयुक्त राष्ट्रसंघ तथा संयुक्त राष्ट्रसंघलाई सहयोग गर्ने अन्य सक्षम अन्तरसरकारी सङ्गठनहरू वा गैर सरकारी सङ्गठनहरूबाट गरिएको कुनै पनि प्रयत्नहरूमा पक्ष राष्ट्रहरूले उपयुक्त ठाने अनुसारको सहयोग प्रदान गर्नेछन्। बाबु आमा वा परिवारका अन्य सदस्यहरू पत्ता नलागेको अवस्थामा यस महासन्धिमा व्यवस्था भए अनुरूपको कुनै कारणबाट स्थायी वा अस्थायी रूपमा आफ्ना परिवारिक वातावरणबाट वञ्चित कुनै अन्य बालबालिकाले पाए सरहको समान संरक्षण सो बालबालिकालाई दिइनेछ।

**धारा २३**

१. पक्ष राष्ट्रहरूले मानसिक वा शारीरिक रूपले अशक्त बालबालिकाले निजको मर्यादा सुनिश्चित गर्ने, स्वावलम्वन अभिवृद्धि गर्ने र आफ्नो समुदायमा निजको सक्रिय सहभागीता सुगम बनाउने अवस्थाहरूमा पूर्ण तथा सुसम्पन्न जीवनयापन गर्नुपर्छ भन्ने कुरा स्वीकार गर्छन्।

२. पक्ष राष्ट्रहरू अशक्त बालबालिकाको विशेष हेरचाहको अधिकारलाई स्वीकार गर्छन र उपलब्ध स्रोतहरूका अधीनमा रही योग्य बालबालिकालाई र निजहरू हेरचाहको लागि जिम्मेवार व्यक्तिहरूलाई आवेदन गरिएको र ती

बालबालिकाको अवस्था र निजहरूको बाबु आमा वा हेरचाह गर्ने अन्य व्यक्तिहरूको परिस्थिति अनुकुल सहायता विस्तार गर्ने कार्यलाई प्रोत्साहान दिई सुनिश्चित गर्नेछन् ।

३. अशक्त बालबालिकाका विशेष आवश्यकतालाई स्वीकार गर्दै बालबालिकाको स्याहार गर्ने बाबु आमा वा अन्य व्यक्तिहरूको आर्थिक स्रोतलाई ध्यानमा राखी सम्भव भएसम्म यस धाराको प्रकरण २ बमोजिम विस्तार गरिएको सहायता निःशुल्क उपलब्ध गराइनेछ र त्यस्तो सहायता अशक्त बालबालिको सांस्कृतिक तथा आध्यात्मिक विकास लगायत निज सम्भव पूर्णरूपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट शिक्षा, प्रशिक्षण, स्वास्थ्य, स्याहार सेवाहरू पुनस्थापना सेवाहरू, रोजगारीको तैयारी र मनोरञ्जनका अवसरहरू निजको प्रभावकारी पहुँचमा हुने र निजले प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने किसिमले व्यवस्था गरिनेछन् ।

४. पक्ष राष्ट्रहरूले पुनर्स्थापन, शिक्षा र व्यवसायीक सेवाहरूका तरिका सम्बन्धी सूचनाहरूको प्रसार गर्ने र प्राप्त गर्ने लगायत अशक्त बालबालिकाको निवारक स्वास्थ स्याहार, औषधि उपचार, मनोवैज्ञानिक र कार्यमूलक उपपचारको क्षेत्रमा उपयुक्त जानकारीको आदान प्रदान गर्ने कुरालाई पक्ष राष्ट्रहरूलाई आफ्नो क्षमता र सीपमा सुधार गर्न र विकास अनुभवलाई विस्तार गर्न सक्षम बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोगको भावनामा अभिवृद्धि गर्नेछन् । यस विषयमा, विकासशील देशहरूको आवश्यकतालाई विशेष रूपमा विचार गरिनेछ ।

**धारा २४**

१. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थको उच्चतम प्राप्य स्तरको उपभोग तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुनर्लाभ गर्न पाउने सुविधाको अधिकारलाई स्वीकार गर्छन् । कुनै पनि बालबालिका यस्तो स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच पाउने अधिकारबाट वञ्चित नभएको कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले प्रयत्न गर्नेछन् ।

२. पक्ष राष्ट्रहरूले यस अधिकारको पूर्ण कार्यान्वयन अबलम्वन गर्नेछन् र विशेषतः निम्न कुराका लागि समुचित उपायहरू ग्रहण गर्नेछन्ः–

(क) शिशु तथा बाल मृत्युदर घटाउने,

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई आवश्यक औषधोपचार सहयोग र स्वास्थ्य स्याहार उपलब्धता सुनिश्चित गर्ने,

(ग) वातावरणीय प्रदूषणबाट हुने खतरा र जोखिमहरूलाई ध्यानमा राख्दै, प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र समेत रही अन्य कुराको अतिरिक्त सहज रूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषणाको विरुद्ध लड्ने,

(घ) आमाहरूको निम्ति पूर्व प्रसूति तथा प्रसूति पश्चातका उचित सेवाहरू सुनिश्चित गर्ने,

(ङ) समाजका सबै क्षेत्रहरू, खासगरी बाबु आमा र बालबालिकाहरू बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाई र वातावरणीय स्वच्छताका फाइदाहरू र दुर्घटनाहरूको रोकथामबारे जानकारी दिइएको छ, सो सम्बन्धी शिक्षामा निजहरूको पहुँच भएको वा यस कार्यमा सहयोग पुऱ्याइएको कुरा सुनिश्चित गर्ने,

(च) बाबु आमाको लागि निरोधक स्वाथ्य स्याहार, सरसल्लाह, र परिवार नियोजन शिक्षा र सेवाहरूको विकास गर्ने ।

३. पक्ष राष्ट्रहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारहरूको उन्मूलन गर्ने उद्देश्यले सम्पूर्ण प्रभावकारी र समुचित उपायहरू अपनाउनेछन्।

४. पक्ष राष्ट्रहरू यस धारामा मान्यता दिइएको अधिकारको पूर्ण प्राप्ति गर्न र प्रगतिशील रूपमा हासिल गर्न अन्तर्राष्ट्रिय सहयोग प्रवर्धन र प्रोत्सान गर्ने प्रतिज्ञा गर्छन्। यस विषयमा विकासशील देशहरूको आवश्यकतालाई विशेष रूपमा विचार गरिनेछ।

**धारा २५**

कुनै बालबालिका, जसलाई निजको हेरचाह, संरक्षण वा शारीरिक वा मानसिक उपचारको उद्देश्यले सक्षम अधिकारीहरूले राखेकाछन्, कोनिजलाई उपलब्ध गराइएको उपचार तथा निजको स्थापनासँग सम्बन्धित अन्य सबै परिस्थितिहरूको आवधिक पुनरावलोकन गराउन पाउने अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन्।

**धारा २६**

१. पक्ष राष्ट्रहरूले सामाजिक बीमा लगायत सामाजिक सुरक्षाबाट फाइदा लिन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई स्वीकार गर्नेछन् र आ-आफ्ना राष्ट्रिय कानून बमोजिम यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न आवश्यक उपायहरू अपनाउनेछन्।

२. यस्ता सुविधाहरू, उपयुक्त भएको अवस्थामा, बालबालिकाको र तिनको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरूको स्रोत र परिस्थितिहरूका साथै सुविधाको लागि बालबालिका वा तिनका तर्फबाट गरिएको निवेदनसँग सम्बन्धित अन्य कुनै कुरालाई समेत ध्यानमा राखेर प्रदान गरिनु पर्नेछ।

**धारा २७**

१. प्रत्येक बालबालिकाको शरीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्दछन्।

२. आफ्नो क्षमता र आर्थिक सक्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि आवश्यक जीवनस्तरको व्यवस्था गर्नु बाबु आमा वा बालबालिकाको लागि उत्तरदायी अन्य व्यक्तिहरूको प्रमथमिक दायित्व हुन्छ।

३. पक्ष राष्ट्रहरूले राष्ट्रिय अवस्थाहरू अनुसार तथा आफ्नो साधनको परिधिभित्र रही यो अधिकारको कार्यान्वयन गर्न बाबु आमा तथा बालबालिकाको लागि जिम्मेवार अन्य व्यक्तिहरूलाई सहयोग गर्न समुचित उपायहरू अपनाउनेछन् र आवश्यक भएको अवस्थामा खास गरी पोषण, लुगाफाटो तथा आवासका सम्बन्धमा भौतिक सहयोग उपलब्ध गराउनेछन् र तत्सम्बन्धी कार्यक्रमहरूमा सहयोग गर्नेछन्।

४. पक्ष राष्ट्रहरूले स्वदेश तथा विदेशमा रहेका बाबु आमाहरू वा बालबालिकाको लागि आर्थिक दायित्व भएका अन्य व्यक्तिहरूबाट बालबालिकाको लागि पालन पोषण (माना चामल) को असूली सुनिश्चित गर्न सबै समुचित उपायहरू अपनाउनेछन्। विशेषतः बालबालिकाको लागि आर्थिक दायित्व भएको व्यक्ति बालबालिका बस्ने राष्ट्रमा नभै अन्य कुनै राष्ट्रमा बसेको अवस्थामा पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय सम्झौताहरूको सम्मिलन वा त्यस्ता सम्झौताहरू गर्ने कार्य एवं अन्य समुचित प्रबन्धहरू गर्ने कार्यलाई प्रवर्द्धन गर्नेछन्।

**धारा २८**

१. बालबालिकाको शिक्षाको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन् र प्रगतिशील रूपमा तथा समान अवसरको आधारमा यस अधिकारको प्राप्ति गर्ने र उद्देश्यले विशेष गरी देहायका कार्य गर्नेछन्।

(क) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई निःशुल्क उपलब्ध गराउने,

(ख) साधारण तथा व्यावसायिक शिक्षा लगायत विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने, तथा निःशुल्क शिक्षाको प्रयोग गर्ने र आवश्यक भएमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता समुचित उपायहरू अपनाउने,

(ग) उच्च शिक्षालाई प्रत्येक समुचित माध्यमहरूद्वारा क्षमताको आधारमा सबैको निम्ति पहुँच योग्य बनाउने,

(घ) शैक्षिक र व्यावसायिक जानकारी र मार्गदर्शन सम्पूर्ण बालबालिकाहरूलाई उपलब्ध गराउने, र पहुँच योग्य बनाउने,

(ङ) विद्या लयहरूमा नियमित हाजिरलाई प्रोत्साहित गर्न तथा पढाई छाड्नेहरूको सङ्ख्या घटाउने उपायहरू अपनाउने।

२. बालबालिकाको मानवीय मर्यादा अनुकूल हुने गरी र यस महासन्धि अनुरूप विद्यालय अनुशासन कायम गरिएको कुरा सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सबै समुचित उपायहरू अपनाउनेछन्।

३. पक्ष राष्ट्रहरूले शिक्षासम्बन्धी कुरामा, खासगरी विश्वबाटै अज्ञानता र निरक्षरता उन्मूलन गर्ने उद्देश्यले र वैज्ञानिक तथा प्रविधिक ज्ञान र आधुनिक शिक्षण तरिकाहरूमा पहुँच सुगम बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन तथा प्रोत्साहन गर्नेछन्। यस सम्बन्धमा विकासशील देशहरूको आवश्यकतालाई विशेष ध्यान दिइनेछ।

**धारा २९**

१. पक्ष राष्ट्रहरू बालबालिकाको शिक्षा निम्न कुरातर्फ निर्देशन हुनुपर्ने कुरा स्वीकार गर्छन्।

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक सक्षमताहरूको उच्चतम सम्भाव्य हदसम्मको विकास,

(ख) मानव अधिकार र मौलिक स्वतन्त्रताहरू तथा संयुक्त राष्ट्र संघको बडापत्रमा उल्लेखित सिद्धान्तहरू प्रतिको आदर भावको विकास,

(ग) बालबालिकाको बाबु आमाप्रति, उसको आफ्नो सांस्कृतिक पहिचान, भाषा र मूल्यहरूप्रति, बालबालिका बसेको देशको राष्ट्रिय मूल्यहरूप्रति, निज उत्पत्ति भएको देशप्रति र निजको भन्दा भिन्न सभ्याताहरू प्रतिको आदर भावको विकास,

(घ) स्वतन्त्र समाजमा, सबै जनाताहरू, जाति, राष्ट्रिय र धार्मिक समुदायहरू र आदिवासी मूलका मानिहरूबीच समझदारी, शान्ति, सहिष्णुता, लैङ्गिक समानता र मित्रताको भावनामा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकाको तैयारी,

(ङ) प्राकृतिक वातावरणप्रति सम्मान गर्ने भावनाको विकास।

२. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तको पालनाको तथा यस्ता संस्थाहरूमा दिइने शिक्षा पक्ष राष्ट्रहरूले निर्धारण गरेको न्यूनतम मापदण्डहरू अनुरूप हुनु पर्ने आवश्यकताको सदैव अधीनमा रहने गरी शैक्षिक संस्थाहरूको

स्थापना तथा निर्देशित गर्ने व्यक्ति वा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको तथा धारा – २८ को कुनै पनि अंशको व्याख्या गरिनेछैन।

**धारा ३०**

सामाजिक, धार्मिक वा भाषिक अल्पसङ्ख्याकहरू विद्यामान रहेका राष्ट्रहरूमा त्यस्तो अल्पसङख्यकहरूका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने, वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गरिने छैन।

**धारा ३१**

१. आराम गर्ने, फुर्सद लिन पाउने, आफ्नो उमेर सुहाउँदो खेल र मनोरञ्जनपूर्ण क्रियाकलापहरूमा संलग्न हुन पाउने र सांस्कृतिक जीवन तथा कलामा स्वतन्त्ररूपले सहभागी हुन पाउने बालबालिकाको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन।

२. पक्ष राष्ट्रहरूले सांस्कृतिक र कलात्मक जीवनमा पूर्णरूपले भाग लिन पाउने बालबाललिकाको अधिकारलाई सम्मान र प्रवर्धन गर्नेछन् र सांस्कृतिक, कलात्मक, मनोरञ्जनात्मक र फुसद सम्बन्धी क्रियाकलापहरूको लागि समुचित र समान अवसरहरू प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन्।

**धारा ३२**

१. आर्थिक शोषणबाट र जोखिमपूर्ण हुने वा आफ्नो शिक्षामा दखल पुऱ्याउने वा आफ्नो स्वास्थ वा शारीरिक मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानिकारक हुन सक्ने कुनै कार्यबाट संरक्षण पाउने बालबालिकाको अधिकारलाई पक्ष राष्ट्रहरू स्वीकार गर्छन्।

२. पक्ष राष्ट्रहरूले यस धाराको कार्यान्वयनलाई सुनिश्चित गर्न व्यवस्थापकीय, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनेछन्। यस प्रयोजनको लागि, तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूका सम्बन्धित प्रावधानहरूलाई ध्यानमा राख्दै पक्ष राष्ट्रहरूले खास गरी देहायका कार्यहरू गर्नेछन्:–

(क) रोजगारीमा प्रवेश गर्न न्यूनतम उमेर वा न्यूनतम उमेरहरूको हद तोक्ने व्यवस्था गर्ने,

(ख) रोजगारीको समय र अवस्थाहरूको समूचित नियमहरूको व्यवस्था गर्ने,

(ग) यस धाराको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न उपयुक्त दण्ड वा अन्य बन्देजहरूको व्यवस्था गर्ने,

**धारा ३३**

पक्ष राष्ट्रहरू सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूमा परिभाषा गरिए, बमोजिम लागू औषधी तथा मनोद्धीपक पदार्थहरूको गैर–कानूनी प्रयोगबाट बालबालिकालाई संरक्षण गर्न तथा त्यस्ता पदार्थहरूको गैर–कानूनी उत्पादन र ओसार पसारमा बालबालिकाको प्रयोगमा रोक लगाउनको लागि व्यवस्थापकीय प्रशासनिक, सामाजिक तथा शैक्षिक उपायहरू लगायत सम्पूर्ण समूचित उपायहरू अपानाउनेछन्।

**धारा ३४**

पक्ष राष्ट्रहरूले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्ने प्रतिज्ञा गर्छन् । यी प्रयोजनहरूका लागि, पक्ष राष्ट्रहरूले खास गरी निम्न कुराहरूमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन्:–

(क) कुनै गैरकानूनी यौन कृयाकलापमा लाग्न बालबालिकालाई उक्साउने वा दवाव दिने,

(ख) बेश्यावृत्ति र अन्य गैरकानूनी यौन व्यवहारहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग,

(ग) अश्लील चित्रणको कार्यमा वा सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग ।

**धारा ३५**

पक्ष राष्ट्रहरूले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचविखन वा ओसार पसारमा रोक लगाउन समुचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन् ।

**धारा ३६**

पक्ष राष्ट्रहरूले बालबालिकाको हितका कुनै पक्षलाई दुराग्रह पार्ने सबै प्रकारका शोषणबाट बालबालिकालाई संरक्षण गर्नेछन् ।

**धारा ३७**

पक्ष राष्ट्रहरू सुनिश्चित गर्दछन् कि,–

(क) कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय" गरिनेछैन । नत अठार वर्षभन्दा कम उमेरका व्यक्तिहरूद्वारा गरिएका कसूरहरूका लागि मृत्युदण्डको सजाय वा रिहाई पाउने संभावना विनाको आजीवन कारावासको सजाय नै दिइनेछ,

(ख) गैरकानूनी वा स्वेच्छाचारी तवरले कुनै पनि बालबालिकाको स्वतन्त्रता अपहरण गरिनेछैन । बालबालिकाको गिरफ्तारी, थुना वा कैद कानून अनुरूप हुनेछ र अन्तिम उपायको रूपमा र सबभन्दा कम समुचित समयावधिको लागि मात्र प्रयोग गरिनेछ,

(ग) स्वतन्त्रताको अपहरण गरिएको प्रत्येक बालबालिकालाई मानवीयता र मानव व्यक्तिको अन्तर्निहित मर्यादाको आदर गरी तथा निजका उमेरका व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राख्ने तवरले व्यवहार गरिनेछ । खास गरी, स्वतन्त्रताको अपहरण गरिएका प्रत्येक बालबालिकालाई निजको सर्वोपरी हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरूबाट अलग्गै राखिनेछ र अपवादजनक परिस्थितिहरूमा बाहेक निजलाई पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार हुनेछ,

(घ) स्वतन्त्रताको अपहरण गरिएका प्रत्येक बालबालिकालाई कुनै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय समक्ष आफ्नो स्वतन्त्रता अपहरणको बैधताको बारेमा उजुरी दिने र त्यस्तो उजुरीमा शीघ्र निर्णय पाउने अधिकार लगायत कानूनी वा अन्य समुचित सहायतामा शीघ्र पहुँच पाउने अधिकार हुनेछ ।

**धारा ३८**

१. पक्ष राष्ट्रहरू सशस्त्र संघर्षका सम्बन्धमा आफूहरू उपर लागू हुने बालबालिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवीय कानूनका नियमहरूको आदर गर्ने र आदर सुनिश्चित गर्ने प्रतिज्ञा गर्छन।

२. पक्ष राष्ट्रहरूले पन्ध्र वर्षको उमेर नपुगेका व्यक्तिहरूले युद्धमा प्रत्यक्ष भाग नलिने कुरा सुनिश्चित गर्न सबै संभव उपायहरू अपनाउनेछन्।

३. पक्ष राष्ट्रहरूले पन्ध्र वर्षको उमेर नपुगेका कुनै पनि व्यक्तिलाई आफ्ना सशस्त्र सेनामा भर्ना गर्ने छैनन्। पन्ध्र वर्ष उमेर पुगेका तर अठारवर्षको उमेर नपुगेका व्यक्तिहरूमध्येबाट भर्ना गर्दा पक्ष राष्ट्रहरूले बढी उमेरका व्यक्तिहरूलाई प्राथमिकता दिन प्रयत्न गर्नेछन्।

४. सशस्त्र संघर्षहरूमा गैर-सैनिक व्यक्तिहरूलाई रक्षा गर्ने अन्तर्राष्ट्रिय मानवीय कानून अन्तर्गतको आफ्नो दायित्व अनुसार, पक्ष राष्ट्रहरूले सशस्व संघर्षबाट प्रभावित बालबालिकाको संरक्षण र हेरचाह सुनिश्चित गर्न सबै संभव उपायहरू अपनाउनेछन्।

**धारा ३९**

पक्ष राष्ट्रहरूले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा अन्य कुनै पनि प्रकारको क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय", वासशस्त्र संघर्षबाट पीडित कुनै बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनस्थापना प्रवर्धन गर्न सबै समुचित उपायहरू अपनाउनेछन्। यस्तो पुनर्लाभ र पुनस्थापना त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादा सम्वद्र्धन गर्ने वातावरणामा हुनेछ।

**धारा ४०**

१. पक्ष राष्ट्रहरूले फौजदारी कानूनको उल्लंघन गरेको आरोप लागेको वा सोको अभियुक्त वा सो कार्य गरेको भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्त्वको भावनालाई सम्वर्द्धन गर्ने किसिमबाट तिनीहरूको मनमा अरूको मानव अधिकार र मौलिक स्वतन्त्रताहरूप्रतिको आदर पुनर्जागरण हुने एवं पुनस्थापन तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको सम्वर्द्धन हुने वाञ्छनीयतालाई ध्यानमा राखी व्यवहार गर्नु पर्नेछ।

२. यस उद्देश्यको लागि तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूका सम्बन्धित व्यवस्थाहरूलाई ध्यानमा राख्दै पक्ष राष्ट्रहरूले खास गरी देहायका कुरा सुनिश्चित गर्नेछन्:–

(क) कुनै कार्य गरेको समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा निषेध नगरिएका त्यस्ता कार्य गरेको वा नगरेको कारणबाट मात्र कुनै पनि बालबालिकालाई फौजजदारी कानून उल्लंघन गरेको आरोप लगाइने वा अभियुक्त बनाइने वा निजले उल्लंघन गरेको आरोप लगाइने वा अभियुक्त बनाइने वा निजले उल्लंघन गरेको मानिनेछैन।

(ख) फौजदारी कानूनको उल्लंघन गरेको आरोप लागेको वा सोको लागि अभियुक्त बनाइएको कुनै पनि बालबालिकालाई कम्तिमा पनि देहायका प्रत्याभूतिहरू दिइनेछः–

(१) कानून बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने,

(२) आफू विरुद्ध लगाइएको अभियोगको तुरुन्त र प्रत्यक्ष रूपमा र उपयुक्त भएमा आफ्नो बाबु आमा वा कानूनी संरक्षक मार्फत जानकारी पाउने तथा आफ्नो प्रतिरक्षाको तैयारी र प्रस्तुतिमा कानूनी वा अन्य समुचित सहयोग पाउने,

(३) कानूनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा र निजको उमेर वा अवस्थाको विचार गर्दा बालबालिकाको अधिकतम हितको विपरीत नहुने ठानिएमा खास गरी निजका बाबु आमा वा कानूनी संरक्षकको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक निकायबाट कुनै विलम्ब विना कानून बमोजिम स्वच्छ सुनुवाइ गरी सो कुराको निर्धारण गरिपाउने,

(४) प्रमाण दिन वा अपराध स्वीकार गर्न कर नलगाइने, आफू विरुद्धका साक्षीहरू परीक्षण गर्ने वा गर्न लगाउने र आफ्नो पक्षका साक्षीहरूलाई समान अवस्था अन्तर्गत उपस्थित गराई परीक्षण गराई पाउने।

(५) फौजदारी कानूनको उल्लंघन गरिएको ठहरिएमा सो फैसला र त्यसको परिणाम स्वरूप लगाइएका कुनै पनि कार्यका सक्षम, स्वतन्त्र र निष्पक्ष उपल्लो निकाय वा न्यायिक संस्थाबाट कानून बमोजिम पुनरावलोकन गराई पाउने,

(६) प्रयोग गरिएको भाषा बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने दोभाषेको निःशुल्क सहयोग पाउने,

(७) कारबाहीका सबै तहहरूमा आफ्नो गोपनीयताको पूर्ण सम्मान पाउने,

३. पक्ष राष्ट्रहरूले फौजदारी कानून उल्लंघन गरेको भनी दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लंघन गरेको मानिएका बालबालिकाहरूका लागि विशेष रूपमा लागू हुने खालका कानूनहरू, कार्याविधिहरू, निकायहरू र संस्थाहरूको स्थापना प्रवर्धन गर्ने प्रयास गर्नेछन् र विशेषतः निम्न कुराहरूको प्रयत्न गर्नेछन्।

(क) न्यूनतम उमेरको हदको स्थापना, जुन उमेरभन्दा कम उमेरका बालबालिकाको फौजदारी कानून उल्लंघन गर्न सक्ने क्षमता हुँदैन भनी अनुमान गरिनेछ,

(ख) समुचित र वाञ्छनीय भएको कुनै पनि अवस्थामा यस्ता बालबालिकाका सम्बन्धमा न्यायिक कारबाही नगरी अन्य कार्य गर्ने उपायहरू, तर मानव अधिकार र कानूनी सुरक्षाहरूलाई पूर्ण रूपमा सम्मान गर्नु पर्नेछ।

४. बालबालिकाको हितको अनुकुल हुने गरी तथा निजहरूको परिस्थिति र कसूर दुवैमा समुचित हुने गरी निजहरूसँग व्यवहार गर्ने कुरा सुनिश्चत गर्न विभिन्न प्रकारका कुराहरू जस्तैः हेरचाह, मार्गदर्शन र निरीक्षण सम्बन्धी आदेशहरू, सरसल्लाह, परीक्षण, स्याहार सम्वद्र्धन, शिक्षा तथा व्यवसायीक तलिम कार्यक्रमहरू तथा संस्थागत हेरचाहका अन्य विकल्पहरू उपलब्ध हुनेछन्।

**धारा ४१**

बालअधिकारलाई साकार तुल्याउन बढी उपयोगी हुने कुनै पनि व्यवस्थाहरूलाई यस महासन्धिको कुनै पनि कुराले असर पर्नेछैन र त्यस्ता व्यवस्थाहरू देहायका कुरामा निहित हुन सक्नेछन्:–

(क) कुनै पक्ष राष्ट्रहरूको कानून, वा

(ख) त्यस राष्ट्रको निम्ति लागू हुने अन्तर्राष्ट्रिय कानून।

**खण्ड २**

**धारा ४२**

पक्ष राष्ट्रहरूले महासन्धिका सिद्धान्तहरू र व्यवस्थाहरूलाई विस्तृत रूपले वयस्कहरू तथा बालबालिकाको जानकारीमा उचित र सक्रिय माध्यमद्वारा समान रूपले ल्याउने प्रतिज्ञा गर्छन् ।

**धारा ४३**

१. यस महासन्धिमा कबूल गरिएका दायित्वहरूको प्राप्तिमा पक्ष राष्ट्रहरूले हासिल गरेको प्रगतिको जा“च परीक्षण गर्ने उद्देश्यको लागि बालअधिकारसम्बन्धी समितिको स्थापना गरिनेछ, जसले यस पनि व्यवस्था गरिएका कार्यहरू गर्नेछ ।

२. समितिमा उच्च नैतिक मर्यादा भएका र यस माहासन्धिमा समेटिएका क्षेत्रमा दक्षता स्वीकार गरिएका दश जना विशेषज्ञहरू रहनेछन् । समितिका सदस्यहरू समानुपातिक भौगोलिक वितरण एवं प्रमुख कानूनी प्रणालीको प्रतिनिधित्व हुने गरी पक्ष राष्ट्रहरूले आ-आफ्ना नागरिकहरू मध्येबाट निर्वाचित गर्नेछन् र सदस्यहरूले आ-आफ्नो व्यक्तिगत हैसियतमा कार्य गर्नेछन् ।

३. पक्ष राष्ट्रद्वारा मनोनित व्यक्तिहरूको सूत्रबाट गोप्य मतदानको तरिकाबाट समितिका सदस्यहरू निर्वाचित हुनेछन् । प्रत्येक पक्ष राष्ट्रले आफ्ना नागरिकहरू मध्येबाट एक जना व्यक्ति मनोनित गर्न सक्नेछ ।

४. यो महासन्धि लागू भएको मितिले छ महिनाभित्रै र त्यसपछि हरेक दोस्रोवर्षमा समितिको प्रारम्भिक निर्वाचन हुनेछ । प्रत्येक निर्वाचन हुने मितिभन्दा कम्तिमा चार महिना अगावै संयुक्त राष्ट्र संघका महासचिवले पक्ष राष्ट्रलाई दुई महिनाभित्रमा आ–आफ्नो मनोनयनपत्रहरू दाखिला गर्न आब्हान गर्दै पत्र पठाउनेछन् । तत्पश्चात् महासचिवले मनोनित गर्ने पक्ष राष्ट्रहरूले नाम उल्लेख गरी सम्पूर्ण मनोनित सदस्यहरूको वर्णानुक्रम अनुसारको नामावली तयार पार्नेछन् र उक्त नामावली यस महासन्धिका पक्ष राष्ट्रहरू समक्ष पेस गर्नेछन् ।

५. संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा महासचिवद्वारा आयोजित पक्ष राष्ट्रहरूका बैठकमा निर्वाचन हुनेछ । यस्तो बैठकको लागि दुई तिहाई पक्ष राष्ट्रहरूको उपस्थितिलाई गणपूरक सङ्ख्या पुगेको मानिनेछ । बैठकमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूको प्रतिनिधिहहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत पाउने व्यक्तिहरू नै समितिको सदस्यमा निर्वाचित भएको मानिनेछन् ।

६. समितिका सदस्यहरू चारवर्षको अवधिका लागि निर्वाचित हुनेछन् । पुनः मनोनित भएको खण्डमा उनीहरू पुनः निर्वाचनको लागि योग्य हुनेछन् । पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरू मध्ये पा“च जना सदस्यको पदावधि दुईवर्षमा समाप्त हुनेछ । पहिलो निर्वाचन भएको लगत्तै पछि ती पाँच जना सदस्यहरूको नाम बैठकको अध्यक्षले गोला प्रथाद्वारा छुट्टयाउने छन् ।

७. समितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले राजिनामा दिएमा वा अन्य कुनै कारणले गर्दा निजले समितिको कार्य गर्न नसक्ने भनी घोषणा गरेमा निजको मनोनयन गर्ने पक्ष राष्ट्रले आफ्ना नागरिकहरू मध्येबाट अर्को एकजना विशेषज्ञलाई बाँकी पदावधि भर सेवा गर्नको निमित्त समितिको स्वीकृतिको अधीनमा रहने गरी मनोनित गर्नेछ ।

८. समितिले आफ्नो कार्यवधिसम्बन्धी नियमहरू आफै निर्धारण गर्नेछ ।

९. समितिले दुईवर्षका अवधिको लागि आफ्ना अधिकृतहरू निर्वाचित गर्नेछ ।

१०. समितिका बैठकहरू सामान्यतः संयुक्त राष्ट्र संघको प्रधान कार्यालयमा वा समितिले नै निर्धारण गरे बमोजिमको अन्य कुनै सुविधाजनक स्थानमा बस्नेछन् । समितिको बैठक सामान्यतः वार्षिक रूपमा बस्नेछ । समितिका बैठकहरूको

अवधि महासभाको स्वीकृतिको अधीनमा रहने गरी यी महासन्धिका पक्ष राष्ट्रहरूको बैठकबाट निर्धारण गरिने र आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।

११. यस महासन्धि अन्तर्गतको समितिका कार्यहरूको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्र संघका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन् ।

१२. महासभाको स्वीकृतिबाट, यस महासन्धिअन्तर्गत गठित समितिका सदस्यहरूले महासभाद्वारा निर्णय गरिएका शर्त र अवस्थाहरूअनुसार संयुक्त राष्ट्र संघको स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन् ।

**धारा ४४**

१. पक्ष राष्ट्रहरूले महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको कार्यान्वयन गर्नका लागि आफूले अपनाएको उपायहरू तथा ती अधिकारहरूका उपभोगमा हासिल गरिएको प्रगतिसम्बन्धी प्रतिवेदनहरू देहायको अवधिमा संयुक्त राष्ट्र संघका महासचिव मार्फत समितिमा पेस गर्ने कबूल गर्दछन्ः–

(क) सम्बन्धित पक्ष राष्ट्रहरूले हकमा महासन्धि लागू भएको मितिले दुई वर्षभित्र,

(ख) त्यसपछि प्रत्येक पाँच वर्षमा ।

२. यस महासन्धि अन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रालाई प्रभाव पार्ने कुनै कारक र कठिनाईहरू भए त्यस्ता कारक र कठिनाईहरू यस धारा–अन्तर्गत गरिने प्रतिवेदनहरूमा इंगित गरिनेछ । प्रतिवेदनहरूमा समितिलाई सम्बन्धित देशमा महासन्धिको कार्यान्वयन सम्बन्धी विस्तृत ज्ञान प्रदान गर्ने पर्याप्त जानकारी समेत समावेश गरिएको हुनु पर्नेछ ।

३. समितिलाई विस्तृत प्रारम्भिक प्रतिवेदन पेस गरेको पक्ष राष्ट्रले पहिलेनै उपलब्ध गराई सकेको आधारभूत जानकारी प्रकरण–१(ख) अनुसार पेस गरने पछिका प्रतिवेदनहरूमा दोहोऱ्याई राख्न आवश्यक छैन ।

४. समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित थप जानकारीको लागि पक्ष राष्ट्रहरूलाई अनुरोध गर्न सक्नेछ ।

५. समितिले आफ्ना क्रियाकलापहरूसम्बन्धी प्रतिवेदनहरू प्रत्येक दुई वर्षमा आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुक्त राष्ट्र संघको महासभामा पेस गर्नेछ ।

६. पक्ष राष्ट्रहरूले आफ्ना प्रतिवेदनहरू आफ्ना देशमा सर्वसाधारण जनतालाई व्यापक रूपमा उपलब्ध गराउनेछन् ।

**धारा ४५**

महासन्धिको प्रभावकारी कार्यान्वयनलाई सम्बर्द्धन गर्न तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गर्नः–

(क) विशिष्टीकृत संस्थाहरू संयुक्त राष्ट्र संघीय बाल कोष र संयुक्त राष्ट्र संघका अन्य अंगहरूलाई आ–आफ्नो कार्य क्षेत्रभित्र पर्न आउने यस महासन्धिका व्यवास्थाहरूको कार्यान्वयनका सम्बन्धमा विचार विमर्श गरिंदा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । समितिले उपयुक्त ठानेमा विशिष्टीकृत संस्थाहरू, संयुक्त राष्ट्र संघीय बालकोष तथा अन्य सक्षम निकायहरूलाई तिनीहरूको आ–आफ्नो कार्य क्षेत्रभित्र पर्ने विषयहरूमा यो महासन्धिको कार्यान्वयनमा विशेषज्ञ सल्लाह प्रदान गर्न आमन्त्रण गर्न सक्नेछ । समितिले विशिष्टीकृत संस्थाहरू, संयुक्त राष्ट्र संघीय बालकोष तथा अन्य संयुक्त राष्ट्र संघीय अंगहरूलाई तिनीहरूको कार्य क्षेत्रभित्र पर्ने विषयहरूमा यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा प्रतिवेदनहरू पेस गर्न आमन्त्रण गर्न सक्नेछ,

(ख) समितिले आफूलाई उपयुक्त लागेको खण्डमा पक्ष राष्ट्रहरूबाट प्राप्त कुनै प्रतिवेदनहरू जसमा प्राविधिक सहयोग वा सल्लाहको लागि अनुरोध गरिएको छ वा सो कुराको आवश्यकता दर्शाइएको छ तथा यस्ता अनुरोध तथा संकेतहरूको सम्बन्धमा आफ्नो कुनै विचार र सुझाहरू भएमा सो सहित विशिष्टीकृत संस्थाहरू, संयुक्त राष्ट्र संघीय बालकोष र अन्य सक्षम निकायहरूलाई पठाउनेछ,

(ग) समितिले बालअधिकारसँग सम्बन्धित खास विषयहरूका सम्बन्धमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवलाई अनुरोध गर्न महासभालाई सिफारिस गर्न सक्नेछ,

(घ) महासन्धिका धारा –४४ र ४५ अनुरूप प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझवहरू र सामान्य सिफा रिशहरू प्रस्तुत गर्न सक्नेछ । यस्ता सुझावहरू र सामान्य सिफारिसहरूसम्बन्धित पक्ष राष्ट्रहरूलाई पठाइनेछ र पक्ष राष्ट्रहरूबाट कुनै टिप्पणी आएको भए सो समेत संलग्न गरी महासभामा प्रस्तुत गरिनेछ ।

**खण्ड ३**

**धारा ४६**

यो महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ ।

**धारा ४७**

यस महासन्धिलाई अनुमोदन गर्नु पर्नेछ । अनुमोदनका लिखितहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

**धारा ४८**

यो महासन्धि कुनै पनि राष्ट्रबाट सम्मिलनको लागि खुला रहनेछ । सम्मिलनका लिखितहरू संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

**धारा ४९**

१. यो महासन्धि अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत संयुक्त राष्ट्र संघका महासचिव कहा“ दाखिला भएको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ ।

२. यो महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने बीसौं लिखत दाखिला भै सकेपछि यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि यो महासन्धि लागू हुनेछ ।

**धारा ५०**

१. कुनै पनि पक्ष राष्ट्रले संशोधनको प्रस्ताव गर्न र त्यसलाई संयुक्त राष्ट्र संघको महासचिव समक्ष दर्ता गर्न सक्नेछ । त्यसपछि महासचिवले पक्ष राष्ट्रहरूलाई ती प्रस्तावहरू उपर विचार गर्न र मतदान गर्न उनीहरू पक्ष राष्ट्रहरूको सम्मेलनको पक्षमा भएको नभएका कुरा उनलाई संकेत गर्ने अनुरोध सहित प्रस्तावित संशोधनहरू पक्ष राष्ट्रहरूलाई पठाउने छन् । यसप्रकारले जानकारी गराइएको मितिले चार महिनाभित्र कम्तिमा एक तिहाई पक्ष राष्ट्रहरू यस्तो सम्मेलनको पक्षमा भएको खण्डमा महासचिवले संयुक्त राष्ट्र संघको तत्वावधानमा सम्मिलनको आयोजना गर्नेछन् ।

सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूले बहुमतबाट ग्रहणगरिएको कुनै संशोधनलाई अनुमोदनको लागि संयुक्त राष्ट्र संघको साधारण सभामा पेस गरिनेछ ।

२. यस धाराको प्रकरण १ बमोजिम ग्रहण गरिएको संशोधन संयुक्त संघको साधारण सभाबाट अनुमोदन भई पक्ष राष्ट्रहरूको दुई तिहाई बहुमतबाट स्वीकृत भएपछि लागू हुनेछ ।

३. कुनै संशोधन लागू भएपछि, संशोधन स्वीकार गर्ने पक्ष राष्ट्रहरू उपर र यस महासन्धिका व्यवस्था र तिनले स्वीकार गरी कुनै अधिल्लो संशोधनबाट वा“धिन लागेका अन्य पक्ष राष्ट्रहरू उपर बन्धनकारी हुनेछ ।

**धारा ५१**

१. संयुक्त राष्ट्र संघका महासचिवले अनुमोदन वा सम्मिलनको समयमा राष्ट्रहरूद्वारा राखिएका आरक्षणहरूकोप्रति प्राप्त गरी सबै राष्ट्रहरूलाई पठाउनेछन् ।

२. यस महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने त्यस्ता कुनै पनि आरक्षणलाई स्वीकार गरिने छैन ।

३. संयुक्त राष्ट्र संघका महासचिवलाई सम्बोधन गरिएको सो प्रयोजनको सूचना दिई आरक्षणहरू कुनै पनि समयमा फिर्ता लिन सकिनेछ, महासचिवले सबै राष्ट्रहरूलाई सोको जानकारी दिनेछन् । यस्तो सूचना महासचिवले प्राप्त गरेको मितिदेखि लागू हुनेछ ।

**धारा ५२**

कुनै पनि पक्ष राष्ट्रले संयुक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धिलाई परित्याग गर्न सक्नेछ । महासचिवले सूचना प्राप्त गरेको मितिले एकवर्ष पछि परित्याग प्रभावकारी हुनेछ ।

**धारा ५३**

संयुक्त राष्ट्र संघका महासचिवलाई यस छैन रूपमा तोकिएको छ ।

**धारा ५४**

यस महासन्धि, जसका अरवी, चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, र रसियाली र स्पेनी प्रतिहरू समान रूपमा प्रमाणिक छन्, को मूलप्रति संयुक्त राष्ट्र संघका महासचिव समक्ष दाखिला गरिनेछ ।

यस कुराको साक्षीको रूपमा सम्बन्धित सरकारबाट विधिवत रूपमा अख्तियार पाएका देहायको हस्ताक्षरकारी सर्वाधिकार सम्पन्न प्रतिनिधिहरूले यस महासन्धिमा हस्ताक्षर गरेका छन् ।

## १५. कानून व्यवसायीको भूमिका सम्बन्धी आधारभूत सिद्धान्त, १९९०
## (Basic Principles of the Role of Lawyer)

क्युवाको हवानामा १९९० अगस्ट २७ देखि सेप्टेम्बर ७ सम्म सम्पन्न अपराधको रोकथाम तथा कसूरदार उपरको व्यवहारसम्बन्धी आठौं राष्ट्र संघीय काङ्ग्रेसद्वारा जारी

संयुक्त राष्ट्र संघको बडापत्रमा संसारका मानिसहरूले अन्य कुराका अतिरिक्त न्याय कायम हुने अवस्था सिर्जना गर्न दृढ सङ्कल्प गरी जात, लिङ्ग, भाषा वा धर्मजस्ता कुराको भेदभावविना मानव अधिकार र मुलभूत स्वतन्त्रताको सम्मानको प्रवर्द्धन र प्रोत्साहनलाई अन्तर्राष्ट्रिय सहयोगको उपलब्धिको एक प्रमुख परिलक्ष्य घोषित गरेकाले,

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले कानूनका अगाडि समानता, निर्दोषिताको अनुमान, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणद्वारा स्वच्छ ताथ खुला सुनुवाइको अधिकार र दण्डनीय कसूरको अभियोगलागेका हरेकलाई प्रतिरक्षाका लागि आवश्यक सबै प्रत्याभूतिका सिद्धान्तहरूको संरक्षण गरेकाले,

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले, यस अतिरिक्त, अनुचित ढिलाइविना पुर्पक्ष गरिने अधिकार र कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणद्वारा स्वच्छ र खुला सुनुवाइको अधिकार उद्घोषित गरेकाले,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले मानव अधिकार र स्वतन्त्रताको विश्वव्यापी आदर र परिपालनाको प्रवर्धन गर्नु राज्यहरूको बडावपत्रअन्तर्गतको दायित्व भएको कुरा पुनःसंस्मरण गराएकाले,

जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायअन्तर्गतका सबै व्यक्तिको संरक्षण सम्बन्धी सिद्धान्त सङ्ग्रहले थुनामा रहेको व्यक्तिको कानूनी परामर्शदाताबाट सहायता लिने, उससँग कुराकानी गर्ने र परामर्श गर्ने हक स्थापित गरेकाले,

बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावलीले विशेषतः पुर्पच्छे भई नसकेका बन्दीका लागि कानूनी सहायता र परामर्शदातासँग गोपनीयता पूर्वक कुराकानी सुनिश्चत गर्नुपर्ने कुरा बुझाएकाले,

मृत्युदण्डको सामना गर्नेहरूको संरक्षणको प्रत्याभूति गर्ने सुरक्षणले ज्यानकै सजाय हुन सक्ने अपराधका हरेक शङ्कित वा अभियुक्तलाई कारवाहीका सबै चरणमा, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ अनुसार, पर्याप्त कानूनी सहायताको अधिकार रहने कुरा पुनर्निश्चित गरेकाले,

अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अपराधपीडित उपरको स्वच्छ व्यवहार, प्रतिपुरण, क्षतिपूर्तिर सरसहायता तथा न्यायको पहुँचमा सुधार ल्याउन सिफारिस गरेकाले,

सबै व्यक्तिको हकाधिकार रहेका आर्थिक, सामाजिक र सांस्कृतिक, वा नागरिक तथा राजनीतिक किसिमका मानव अधिकार र आधारभूत स्वतन्त्रताको पर्याप्त संरक्षणका लागि स्वतन्त्र कानून व्यवसाय द्वारा उपलब्ध हुने कानूनी सेवाहरूमा सबै व्यक्तिको प्रभावकारी पहुँच आवश्यक हुने भएकाले,

व्यवसायीक गुणस्तर तथा आचरण कायम गर्न, सदस्यहरूलाई हैरानी, अनुचित रोकटोक तथा हननबाट जोगाउनु, सेवाको खाँचो परेका सबैलाई कानूनी सेवा उपलब्ध गराउन र जनचासो र न्यायको साध्यलाई बढाउँदै लैजानका लागि सरकारी तथा अन्य संस्था–निकायहरूसँग सहयोग आदानप्रदान गर्न कानून व्यवसायीहरूको पेसागत सङ्गठनले खेल्नुपर्ने भूमिका महत्वपूर्ण भएकाले,

कानून व्यवसायीको उचित भूमिकाको सुनिश्चित तथा प्रवर्धन गर्ने कार्यमा सदस्यराष्ट्रहरूलाई मद्दत गर्नका लागि तर्जुमा गरिएको यसपछि प्रस्तुत कानून व्यवसायीको भूमिकासम्बन्धी आधारभूत सिद्धान्तलाई सरकारहरूले आफ्ना राष्ट्रिय कानून तथा प्रचलनको ढाँचाभित्र सम्मान र ख्याल गर्नुपदर्छ र कानूनव्यवसायीहरू साथसाथै न्यायाधीश, अभियोजनकर्ता (सरकारी वकिल),

कार्यपालिका तथा विधायिकाका सदस्यहरू र सर्वसाधारण जस्ता अन्य व्यक्तिहरूका ध्यानमा पनि ल्याइनु पर्दछ। यी सिद्धान्तहरू, उपयुक्त भएसम्म, कानून व्यवसायीको औपचारिक हैसियत नभए पनि कानून व्यवसायीले गर्ने काम गर्ने व्यक्तिहरूका हकमा पनि लागू हुनेछन्।

**कानून व्यवसायी र कानूनी सेवाको सुलभता**

१. सबै व्यक्तिलाई आफ्ना अधिकारको संरक्षण तथा स्थापना र फौजदारी कारवाहीका हरेक चरणमा प्रतिरक्षाका लागि आफूले रोजेको कानून व्यवसायीको सहयोग माग्ने हक छ।

२. सरकारहरूले आफ्ना भू–भाग तथा क्षेत्राधिकारका विषयमा जाति, वर्ण, जातिय उत्पत्ति, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, आर्थिक वा अन्य हैसियतमा आधारित भेदभावजस्ता कुनै कुराको भिन्नताविना सबै व्यक्तिका लागि कानून व्यवसायीको प्रभावकारी र समान सर्वसुलभता उपलब्ध गराउन सुव्यवस्थित कार्यविधि तथा उत्तरदायी संयन्त्रहरू सुनिश्चित पार्नेछन्।

३. सरकारहरूले निर्धन तथा आवश्यक भएअनुसार अन्य लाभवञ्चित व्यक्तिहरूलाई कानूनी सेवा उपलब्ध गराउन पर्याप्त आर्थिक सहायता तथा अन्य स्रोतसाधनको प्रबन्ध सुनिश्चित गर्नेछन्। कानून व्यवसायीका पेशागत सङ्गठनहरूले सेवा, सरसुविधा तथा स्रोतसाधनको प्रबन्धमा सरसहयोग गर्नेछन्।

४. सरकार तथा कानून व्यवसायीका पेशागत सङ्गठनहरूले सर्वसाधारणलाई कानूनअन्तर्गतका तिनका अधिकार तथा कर्तव्य र तिनका मौलिक स्वतन्त्रताको संरक्षणका लागि कानून व्यवसायीको महत्वपूर्ण भूमिकाका बारेमा सुसूचित गर्ने कार्यक्रमहरू प्रवर्द्धन गर्नेछन्। निर्धन तथा अन्य लाभवञ्चित व्यक्तिहरूलाई उनीहरूका अधिकारमा अडान लिन र आवश्यक हुँदा कानून व्यवसायीको मद्दत माग्न सबल बनाउनका लागि गरिने सहयोगका लागि विशेष ध्यान दिइनुपर्छ।

**फौजदारी न्याय सम्बन्धी कुरामा विशेष सुरक्षा**

५. पक्राउ वा थुनछेक वा फौजदारी कसूरको आरोपित हुँदा आफूले रोजेको कानून व्यवसायीबाट सहयोग लिने अधिकारका बारेमा सबै व्यक्तिलाई सक्षम अधिकारीद्वारा तुरुन्तै सुसूचित गरिने कुरा सरकारहरूले सुनिश्चित गर्नेछन्।

६. आफ्नो कानून व्यवसायी नभएका व्यक्तिहरूलाई, न्यायको हितमा आवश्यक भएका सबै मामिलामा, प्रभावकारी कानूनी सेवा उपलब्ध गराउनका लागि, उनीहरूसित त्यस्ता सेवाको सेवाशुल्क तिर्ने पर्याप्त माध्यमको कमी भए निशुल्क रूपमै, कसूरको प्रकृतिसित तालमेल हुने गरी सक्षमता र अनुभव भएको कानून व्यवसायी राख्न पाउने हक हुनेछ।

७. फौजदारी आरोपसाथ वा रहित जे भए पनि पक्राउ परेका र थुनिएका सबै व्यक्तिलाई, जुनसुकै मामिलामा पक्राउ गरिएको वा थुनिएको समयबाट ४८ घण्टाभित्रै शीघ्रतासाथ कानून व्यवसायीसँगको पहुँच पाउने कुरा सरकारहरूले थप सुनिश्चित गर्नेछन्।

८. पक्राउ गरिएका, थुनिएका वा कैद गरिएका सबै व्यक्तिलाई, ढिलाइ, हस्तक्षेप वा सेन्सरसिप नगरीकन र पूर्ण गोपनीयतासाथ कानून व्यवसायीसँग भेटघाट, कुराकानी र सरसल्लाह गर्न पर्याप्त अवसर, समय र सरसुविध उपलब्ध गराइनेछ।

**योग्यता र तालिम**

९. सरकार, कानून व्यवसायीहरूको पेशागत सङ्गठन र शैक्षिक संस्थाहरूले कानून व्यवसायीहरूलाई उचित शिक्षाप्राप्त र कानून व्यवसायीको नैतिक मर्यादा तथा आचारगत कर्तव्य र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा मान्यताप्राप्त मानव अधिकार तथा आधारभूत स्वतन्त्रताका बारेमा सचेत पारिएको कुरा सुनिश्चित पार्नेछन्।

१०. सरकार, कानून व्यवसायीहरूको पेशागत सङ्गठन र शैक्षिक संस्थानहरूले कानून व्यसायमा प्रवेश गर्ने र अभ्यास निरन्तर राख्ने कुरामा कानून व्यवसायी सम्बन्धित देशकै नागरिक हुनुपर्ने कुरा भेदभावकारी नहुने अपवाद बाहेक जाति, वर्ण, लिङ्ग, जातिय उत्पत्ति, धर्म, राजनीतिक वा अन्य अभिमत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, आर्थिक वा अन्य हैसियतका आधारमा कुनै व्यक्तिलाई पनि भेदभाव नगरिने कुरा सुनिश्चय गर्नेछन्।

११. कानूनी सेवाको आवश्यकता परिपूर्तिहुन नसकेका खास गरी भिन्न संस्कृति, परम्परा वा भाषाहरू वा विगतको भेदभावको सिकार भएका समूह, समुदाय वा क्षेत्रहरू रहेभएका मुलुकमा सरकार, कानून व्यवसायीहरूको पेशागत सङ्गठन र शैक्षिक संस्थानहरूले यस्ता समूहहरूबाट कानून व्यवसायमा प्रवेश गर्न उम्मेदवारहरूलाई अवसर दिन विशेष उपायहरू अपनाउनुपर्छ र उनीहरूका समूहहरूको खाँचोलाई उचित हुने गरी उनीहरूले तालिम पाउने कुराको सुनिश्चित पार्नुपर्छ।

**कर्तव्य र जिम्मेवारी**

१२. कानून व्यवसायीहरूले न्याय प्रशासनको अत्यावश्यक प्रतिनिधिका रूपमा सबै समयमा आफ्नो पेशाको सम्मान र मर्यादा कायम राख्नेछन्।

१३. कानून व्यवसायीहरूको सेवाग्राहक (पक्ष) प्रतिको कर्तव्यमा निम्न कुरा समेटिनेछन्:

(क) सेवाग्राहकका कानूनी अधिकार दायित्वका बारेमा उनीहरूलाई सल्लाह दिने र सेवाग्राहकको अधिकार दायित्वको सन्दर्भ सापेक्ष कानूनी प्रणालीमा काम गर्ने,

(ख) सेवाग्राहकलाई हर उचित तरिकाले मद्दत गर्ने र उनीहरूको हितको संरक्षणका लागि कानूनी कारवाही अगाडि बढाउने,

(ग) उचित भएसम्म सेवाग्राहकलाई अदालत, न्यायाधिकरण वा प्रशासनिक अधिकरणहरूमा मद्दत गर्ने,

१४. सेवाग्राहकको हितको रक्षा गर्दा र न्यायको हेतु प्रवर्धन गर्दा कानून व्यवसायीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले मान्यता दिएका मानव अधिकार तथा आधारभूत स्वतन्त्रता कायम गर्ने प्रयत्न गर्नेछन् र सबै समयमा कानून अनुरूप र कानूनी पेशाको सर्वमान्य स्तर तथा आचारणको अनुकूल स्वतन्त्रता तथा परिश्रमपूर्वक काम गर्नेछन्।

१५. कानून व्यवसायीहरू सदा उनीहरूका सेवाग्राहकको हितको सम्मानप्रति बफादार रहनेछन्।

**कानून व्यवसायीका काममा प्रत्याभूति**

१६. कानून व्यवसायीहरू (क) कुनै डरत्रास, बाधाव्यवधान, हैरानी वा अनुचित हस्तक्षेपविना व्यवसायीक कार्य गर्नमा योग्य हुने, (ख) स्वतन्त्रतापूर्वक मुलुकभित्र र बाहिर यात्रा गर्न र तिनका सेवाग्राहकलाई परामर्श दिन योग्य हुने, र (ग) सर्वमान्य पेशागत कर्तव्य, स्तर र आचरण अनुसार गरिएको कुनै कामकुरामा अभियोजन, प्रशासनिक, आर्थिक वा अन्य दण्डभारबाट सताइने वा त्रस्त पारिने छैनन् भन्ने कुरा सरकारहरूले निश्चित पार्नेछन्।

१७. आफ्नो कार्यसम्पादन गरेको नतिजास्वरूप कानून व्यवसायीहरूको सुरक्षामाथि त्रास सिर्जना भएमा अधिकारीहरूबाट उनीहरूको पर्याप्त संरक्षण गरिनेछ।

१८. आफ्नो कार्यसम्पादन गरेको नतिजास्वरूप कानूनव्यवासायीहरूलाई उनीहरूका सेवाग्राहक वा सेवाग्राहकका कार्यसँग गाँसेर पहिचान गरिने छैन।

१९. प्रतिनिधित्वको अधिकारको मान्यताप्रदत्त अदालत वा प्रशासनिक अधिकरणले यी सिद्धान्तहरूसँग मेल खाने गरी राष्ट्रिय कानून र प्रचलन अनुसार अयोग्य घोषित गरिएको व्यक्तिबाहेक कुनै पनि कानून व्यवसायीलाई तिनका पक्ष (सेवाग्राहक) का तर्फबाट उपस्थित हुन इन्कार गर्ने छैनन्।

२०. कानून व्यवसायीहरूले असल नियतले लिखित वा मौखिक रूपमा गरेको पैरवीका सान्दर्भिक कथनहरू वा अदालत, न्यायाधिकरण वा अन्य कानूनी वा प्रशासनिक अधिकरणसमक्ष भएको तिनको व्यवसायीक उपस्थितिका लागि देवानी तथा दण्डसजायसम्बन्धी उन्मुक्तिको उपभोग गर्नेछन्।

२१. आफूसँग आफ्नो नियन्त्रणमा रहेका उपयुक्त सूचना, फाइल र लिखत अभिलेखहरू, सेवाग्राहकलाई प्रभावकारी कानूनी सहायता उपलब्ध गराउन सबल हुने गरी पर्याप्त समयसाथ, कानून व्यवसायीलाई सुलभ पार्ने कुरा सक्षम अधिकारीहरूको कर्तव्य हुनेछ। यस्तो पहुँच छिटोभन्दा छिटो उपयुक्त समयमा उपलब्ध गराउनुपर्छ।

२२. कानून व्यवसायी र तिनका सेवाग्राहकका बीच व्यावसायिक सम्बन्धमा हुने सबै सञ्चार–कुराकानी र परामर्श गोपनीयतापूर्ण हुने कुरालाई सरकारहरूले मान्यता दिने र सम्मान गर्नेछन्।

**अभिव्यक्ति र सङ्गठनको स्वतन्त्रता**

२३. अन्य नागरिकसरह कानून व्यवसायीहरूलाई अभिव्यक्ति, आस्था, सङ्गठन र सभाको हक हुनेछ। विशेष गरी उनीहरूलाई कानून, न्यायप्रशासन र मानव अधिकारको संरक्षण, तथा प्रवर्धनसँग सम्बन्धित सवालहरूमा खुला छलफलमा भाग लिने र कानूनसम्मत सङ्गठनको सदस्यता लिएको वा कानूनसङ्गत कार्य गरेको कारणले कुनै व्यवसायीक रोकटोकका व्यवधानविना स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्गठनहरू गठन गर्ने वा तिनमा सहभागी हुने तिनका बैठकहरूमा भाग लिने अधिकार

उनीहरूलाई हुनेछ। यस्ता अधिकारको प्रयोग गर्दा कानून व्यवसायीहरूले कानून र कानून व्यवसायका सर्वमान्य स्तर र आचारण अनुसार आफुलाई सञ्चालित गर्नेछन्

**कानून व्यवसायीका पेशागत सङ्गठन**

२४. कानून व्यवसायीहरूलाई आफ्ना हकहितको प्रतिनिधित्व, शिक्षा र तालिमको निरन्तरता र पेशागत निष्ठाको संरक्षणका लागि स्वायत्त पेशागत सङ्गठनको गठन गर्ने र त्यसमा सहभागी हुने छ। यस्ता पेशागत सङ्गठनको कार्यकारी अङ्ग सङ्गठनका सदस्यहरूबाट निर्वाचित हुनेछ र यसले बाह्य हस्तक्षेपविना आफ्ना कामकारवाही सम्पादन गर्नेछ।

२५. हरेक व्यक्तिलाई कानूनी सेवाको प्रभावकारी तथा समान पहुँच र कानून तथा सर्वमान्य पेशागत मापदण्ड र आचरण अनुरूप सेवाग्राहकलाई अनुचित हस्तक्षेपविना सरसल्लाह र सहयोगमा कानून व्यवसायीलाई योग्य बनाउने कुरा निश्चित पार्न कानून व्यवसायीका सङ्गठनहरूले सरकारहरूलाई सरसहयोग गर्नेछन्।

**अनुशासनात्मक कारवाही**

२६. राष्ट्रिय कानून तथा प्रचलन एवं सर्वमान्य अन्तर्राष्ट्रिय स्तर र मान्यता अनुसार कानून व्यवसायको उपयुक्त निकाय वा विधायनद्वारा कानून व्यवसायीहरूका लागि आचारसंहिता जारी हुनेछ।

२७. पेशागत क्षमताको विषयमा कानून व्यवसायी विरुद्ध गरिएका उजुर वा दोषारोपणहरूमा उचित कार्यविधिद्वारा तदारुकता साथ एवं स्वच्छतापूर्वक कारवाही हुनेछ। कानून व्यवसायीलाई आफूले रोजेको कानून व्यवसायीबाट सहयोग लिन पाउने लगायत स्वच्छ सुनुवाइको अधिकार रहनेछ।

२८. कानून व्यवसायी विरुद्धको अनुशासनात्मक कारवाही कानून व्यवसायद्वारा स्थापित निष्पक्ष अनुशासन समिति समक्ष, स्वतन्त्र विधायिकी कानूनद्वारा निर्मित अधिकरणसमक्ष, वा अदालत समक्ष चलाइनेछ र स्वतन्त्र न्यायिक पुनरावलोकनको विषय हुनेछ।

२९. सबै अनुशासनात्मक कारवाही पेशागत आचारसंहिता र कानून व्यवसायका अन्य सर्वमान्य मापदण्ड र आचरण अनुसार एवं यी सिद्धान्तहरूका आलोकमा निर्धारण गरिनेछ।

## १६. अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९०

**(Guidelines on the Role of Prosecutors)**

क्युवाको हवानामा १९९० अगस्ट २७ देखि सेप्टेम्बर ७ सम्म सम्पन्न अपराधको रोकथाम तथा कसूरदार उपरको व्यवहार सम्बन्धी आठौं राष्ट्र संघीय काङ्ग्रेसद्वारा जारी

संयुक्त राष्ट्र संघको बडापत्रमा संसारका मानिसहरूको अन्य कुराका अतिरिक्त न्याय कायम गर्ने अवस्था सिर्जना गर्न दृढसङ्कल्प गरि जात, लिङ्ग, भाषा वा धर्मजस्ता कुराको भेदभाव विना मानव अधिकार र मुलभूत स्वतन्त्रताको सम्मानको प्रबर्द्धन र प्रोत्साहनलाई अन्तर्राष्ट्रिय सहयोगको उपलब्धीको एक प्रमुख परिलक्ष्य घोषित गरेकाले,

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले कानूनका अगाडि समानता, निर्दोषितको अनुमान, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणद्वारा स्वच्छ तथा खुला सुनुवाइको अधिकारका सिद्धान्तहरू संरक्षण गरेकाले,

ती सिद्धान्तहरूमा अन्तर्निहित दृष्टिभाव र यथार्थ अवस्थाबीच अझै बारम्बार अन्तराल विद्यमान रहेकाले,

हरेक मुलुकको न्यायको प्रशासन र सङ्गठन ती सिद्धान्तहरूबाट उत्प्रेरित हुनुपर्ने र तिनले नै ती सिद्धान्तहरूलाई पूर्णरूपेण वास्तविकतामा अनुदित गर्न प्रयत्न गर्नुपर्ने भएकाले,

न्याय प्रशासनमा अभियोजनकर्ताहरूले महत्वपूर्ण भूमिका खेल्ने भएकाले, र उनीहरूको महत्वपूर्ण जिम्मेवारी बहन गर्ने विषयका नियमहरूले स्वच्छ र समतामूलक फौजदारी न्याय र अपराधविरुद्ध नागरिकहरूको प्रभावकारी संरक्षणलाई योगदान गर्ने गरि माथि उल्लिखित सिद्धान्तहरूप्रति उनीहरूले सम्मान गर्नुपर्ने र सङ्गति राख्नुपर्ने भएकाले,

सुधारिएको नियुक्तिविधि र कानूनी तथा व्यवसायिक तालिम एवं आपराधिकताको मुकाविला गर्ने, खास गरि नयाँ स्वरूप र आयामका, उनीहरूको भूमिकाको सही क्रियान्वयनका लागि आवश्यक सबै स्रोतसाधनको प्रबन्धद्वारा अभियोजनकर्तामा आफ्ना कामकर्तव्य पूरा गर्न आवश्यक पर्ने पेशागत योग्यता रहने कुरालाई सुनिश्चित गर्नु अत्यावश्यक भएकाले,

अपराधको रोकथाम तथा कसूरदार उपरको व्यवहारसम्बन्धी पाचौं राष्ट्र संघीय काङ्ग्रेसका सिफारिसमा महासभूले १७ डिसेम्बर १९७९ को प्रस्ताव ३४/१६९ द्वारा कानून कार्यान्वयन गर्ने अधिकारीहरूको आचारसंहिता जारी गरेकाले,

अपराधको रोकथाम तथा कसूरदार उपरको व्यवहार सम्बन्धी छैटौं राष्ट्र संघीय काङ्ग्रेसको प्रस्ताव १६ मा अपराधको रोकथाम तथा नियन्त्रणसम्बन्धी समितिलाई यसका प्राथमिकतामा न्यायाधीशको स्वतन्त्रता तथा न्यायाधीश र अभियोजनकर्ताहरूको छनोट, व्यावसायिक तालिम र हैसियतसम्बन्धी मार्गदर्शनको विस्तारलाई समेट्न आव्हान गरिएकाले,

अपराधको रोकथाम तथा कसूरदारउपरको व्यवहारसम्बन्धी सातौं राष्ट्र संघीय काङ्ग्रेसले न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्त जारी भई क्रमैसित महासभाका २९ नोभेम्बर १९८५ को प्रस्ताव ४०/३२ र १३ डिसेम्बर १९८५ को प्रस्ताव ४०/१४६ द्वारा अनुमोदन भएकाले,

अपराध र अख्तियारको दुरूपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्रले न्यायको पहुँचमा सुधार र अपराधपीडितलाई स्वच्छ व्यवहार, प्रतिपूरण, क्षतिपूर्ति र सहायताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा उपाय अपनाउने सिफारिस गरेकाले,

सातौं काङ्ग्रेसको पारित प्रस्ताव ७ मा अन्य कुराका अतिरिक्त अभियोजनकर्ताहरूको छनोट, व्यावसायिक तालिम र हैसियत, उनीहरूका अपेक्षित कार्य र आचारण, फौजदारी न्यायप्रणालीको चुस्त संचालनमा उनीहरूको योगदानलाई बढाउने माध्यम र

उनीहरूको प्रहरीसँगको सरसहयोग, उनीहरूको तजविजी अधिकारको क्षेत्र, र फौजदारी कारवाहीका प्रक्रियामा उनीहरूको भूमिका सम्बन्धी मार्गदर्शनको आवश्यकताबारे विचार गर्न र तत्सम्बन्धमा राष्ट्र संघका भावी काङ्ग्रेसमा प्रतिवेदन गर्न

समितिलाई गरिएकाले,

फौजदारी प्रक्रियामा अयियोजनकर्ताको प्रभावकारिता, निष्पक्षता र स्वच्छताको सुनिश्चिय तथा प्रवर्धन गर्ने कार्यमा सदस्यराष्ट्रहरूलाई मद्दत गर्नका लागि तर्जुमा गरिएका यसपछि प्रस्तुत मार्गदर्शनलाई सरकारहरूले आफ्ना आफ्ना राष्ट्रिय कानून तथा प्रचलनको ढाँचाभित्र सम्मान र ख्याल गर्नुपर्दछ र अयियोजनकर्ताहरू साथसाथै न्यायाधीश, कानून व्यवसायी, कार्यपालिका तथा विधायिकाका सदस्यहरू र सर्वसाधारणजस्ता अन्य व्यक्तिहरूका ध्यानमा पनि ल्याइनु पर्दछ । यी मार्गदर्शन सिद्धान्ततः सार्वजनिक अभियोजनकर्ता (सरकारी वकिल)हरूका लागि भन्ने सोचले तर्जुमा गरिएका भए पनि, उपयुक्त भएसम्म, तदर्थ आधारमा नियुक्त अभियोजनकर्ताका हकमा पनि लागू हुनेछन् ।

**योग्यता, छनोट र तालिम**

१. अभियोजनकर्ताका रूपमा छनोट हुने व्यक्तिहरू उचित तालिम र योग्यतासाथ निष्ठा र क्षमतायुक्त मानिस हुनेछन् ।

२. राज्यहरूले निम्न कुरा सुनिश्चित गर्नेछन् :

(क) अभियोजनकर्ताको छनोटको शर्तमा अभियोजन गर्ने पदभारको उम्मेदवार हुन सम्बन्धित देशकै नागरिक हुनुपर्ने कुरा भेदभावकारी नहुने अपवादबाहेक जाति, वर्ण, लिङ्ग, जातिय उत्पत्ति, धर्म, राजनीतिक वा अन्य अभिमत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, आर्थिक वा अन्य हैसियतका आधारमा कुनै व्यक्तिलाई पनि भेदभावलाई बाहेक गर्ने गरी पक्षपात वा पूर्वाग्रहमा आधारित नियुक्तिविरुद्धको संरक्षण समेटिने कुराः र

(ख) अभियोजनकर्तामा उचित शिक्षा र तालिम तथा उनीहरूको पदीय सेवाका आदर्श र आचारणगत कर्तव्य, अभियुक्त र पीडितका अधिकारको संवैधानिक तथा कानूनी संरक्षण र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा मान्यताप्राप्त मानव अधिकार तथा मौलिक स्वतन्त्रताका बारेमा उनीहरूलाई सचेत पारिने कुरा ।

**सेवाको हैसियत र शर्त**

३. न्यायप्रशासनको अत्यावश्यक प्रतिनिधिस्वरूप अभियोजनकर्ताले आफ्नो पेशाको प्रतिष्ठा र मर्यादा कायम राख्नुपर्नेछ ।

४. राज्यहरूले अभियोजनकर्ताले कुनै डरत्रास, बाधा व्यवधान, हैरानी, अनुचित हस्तक्षेप वा देवानी, दण्डपूर्ण वा अन्य दायित्वको अनुपयुक्त भोगाइ विना व्यावसायिक कार्यगर्नमा योग्य हुने कुरा सुनिश्चित पार्नेछन् ।

५. अयियोजनसम्बन्धी कार्यसम्पादनको नतिजास्वरूप व्यक्तिगत सुरक्षामा खतरा उत्पन्न भएको अवस्थामा अधिकारीहरूद्वारा अभियोजनकर्ता र तिनका परिवारको भौतिक संरक्षण गरिनेछ ।

६. अभियोजनकर्ताको मुनासिव सेवाशर्त, पर्याप्त पारिश्रमिक र प्रयोजन भएसम्म, पदावधि, निवृत्तिभरण र सेवानिवृत्त हुने उमेर कानून वा प्रकाशित नियम–नियमावलीद्वारा कायम गरिनेछ ।

७. पदोन्नतिको प्रणाली रहेका ठाउँमा पदोन्नति विशेषतः व्यावसायिक योग्यता, क्षमता, निष्ठा र अनुभवजस्ता वस्तुगत तत्वमा आधारित र स्वच्छ एवं निष्पक्ष विधिअनुसार निर्णित हुनेछ ।

**अभिव्यक्ति र सङ्ठनको स्वतन्त्रता**

८. अन्य नागरिकजस्तै अभियोजनकर्तालाई अभिव्यक्ति, आस्था, सभा तथा सङ्गठन गर्ने स्वतन्त्रताको हक छ । खास गरी कानून, न्यायप्रशासन र मानव अधिकारको संरक्षण तथा प्रवर्धनसँग सम्बन्धित विषयमा खुला छलफलमा भाग लिने र कानूनसङ्गत क्रियाकलाप गरेको वा कानूनसङ्गत सङ्गठनको सदस्य भएको कारणले पेशागत हनि व्यहोर्नु नपर्ने गरी स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्गठनहरू गठन गर्ने वा तिनमा सहभागी हुने र तिनका बैठकहरूमा उपस्थित हुने उनीहरूलाई अधिकार रहनेछ । यी अधिकारहरूको प्रचलन गर्दा अभियोजनकर्ताहरूले सदासर्वदा कानून बमोजिम र उनीहरूको पेशाका मान्य स्तर (मापदण्ड) र आचारणअनुकूल आचार व्यवहार गर्नु पर्नेछ ।

९. आफ्ना हितका प्रतिनिधित पेशागत तालिमको प्रवर्धन र हैसियतको संरक्षण गर्न गराउनका लागि अभियोजनकर्ताहरू पेशागत तथा अन्य सङ्गठनहरूको गठन गर्न र तिनमा संलग्न हुन स्वतन्त्र हुनेछन् ।

**फौजदारी कारवाही–प्रक्रियमा भूमिका**

१०. अयियोजनकर्ताको कार्यालय न्यायिक कार्यभन्दा विल्कुलै अलग्ग हुनेछ ।

११. अयियोजनकर्ताले अयियोजनको स्थापन र कानूनले अख्तियार गरे वा स्थानीय प्रचलनसँग सङ्गति रहेसम्म अपराध अनुसन्धान, ती अनुसन्धानको कानूनसंगतताको सुपरीवेक्षण, अदालतका फैसलाको कार्यान्वयनको सुपरिवेक्षण र सार्वजनिक सरोकारको प्रतिनिधिका रूपमा गर्नुपर्ने अन्य कार्यलगायतका कार्य गरी फौजदारी प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नेछन् ।

१२. अभियोजनकर्ता फौजदारी न्यायप्रणालीको सुचारु संचालन र उचित प्रक्रियालाई सुनिश्चय गर्नमा टेवा पुग्ने गरी कानूनबमोजिम आफ्नो कर्तव्यको स्वच्छता, स्थिरता र तत्परतासाथ पालना र मानवमर्यादाको सम्मान तथा संरक्षण र मानव अधिकारको परिपालना गर्नुपर्नेछ ।

१३. कर्तव्य पालन गर्दा अभियोजनकर्ताले:

(क) आफ्ना कार्य निष्पक्षतापूर्वक सम्पादन गर्नुपर्नेछ र सबै राजनीतिक, सामाजिक, धार्मिक, जातीय, सांस्कृतिक, लैङ्गिक वा अन्य कुनै किसिमको भेदभावलाई बर्जित गर्नुपर्नेछ,

(ख) सार्वजनिक हितको रक्षा गर्नुपर्नेछ, वस्तुगत कार्यपद्धति अवलम्बन गर्नुपर्नेछ, आशङ्कित र पीडितको स्थितिको ख्याल राख्नपर्नेछ र आशंकितका निम्ति अनुकूल वा प्रतिकूल जेसुकै हुने भएतापनि सान्दर्भिक सबै परिस्थितिप्रति ध्यान दिनु पर्नेछ,

(ग) आफ्नो साथमा वा अधीनमा रहेका सवालहरू, कर्तव्यपालन वा न्यायको आवश्यकताले अन्यथा चाहेमा बाहेक, गोपनीय राख्नु पर्नेछ,

(घ) पीडितका व्यक्तिगत हितमा असर पर्ने कुनै कुरा भएमा त्यसमा उनीहरूको दृष्टिकोण र सरोकारउपर विचार पुऱ्याउनुपर्नेछ र उनीहरूका अपराध तथा अख्तियारको दुरूपयोगपीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र अनुसारका अधिकारबारे पीडितहरू समुचित रहेको कुरा निश्चित पार्नु पर्नेछ ।

१४. निष्पक्ष अनुसन्धानले अभियोग निराधार देखाएका अवस्थामा अभियोजनकर्ताले अभियोजनको पहल गर्ने वा अभियोजनलाई निरन्तरता दिइराख्ने गर्नु हुँदैन र कारवाही स्थगित गर्न हरप्रयास गर्नु पर्नेछ ।

१५. सार्वजनिक अधिकारीहरूले गरेका खासगरी भ्रष्टाचार, अख्तियारको दुरूपयोग, मानव अधिकारको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय कानूनले पहिचान गरेका अन्य अपराधहरू उपरको अयियोजनमा र कानून वा स्थानीय प्रचलनले अख्तियारी सुम्पेका ठाउँमा तिनको अनुसन्धानमा पूरा ध्यान दिनुपर्नेछ।

१६. आफूसमक्ष आएका शङ्कितविरुद्धका प्रमाण शङ्कितको मानव अधिकारको खासगरी यातना वा त्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय वा मानव अधिकारका अन्य ज्यादतीजस्ता मानव अधिकारको गम्भीर उल्लङ्घनकारी गैरकानूनी तरिका वा उपायबाट प्राप्त भएको कुरा थाहा हुन आए वा विश्वास गर्नुपर्ने मनासिव आधार देखिएमा अभियोजनकर्ताले त्यस्तो प्रमाण त्यस्तो तरिका वा उपाय गर्नेका विरुद्ध वा त्यसै अनुसार अदालतलाई जानकारी गराउने कुरामा बाहेक अरू कसै विरुद्ध लगाउन इन्कार गर्नुपर्नेछ र यस्तो तरिका अपनाउनमा जिम्मेवारीलाई न्यायका सामुन्ने ल्याउने कुरा निश्चित पार्नका लागि आवश्यक सबै कदम चाल्नुपर्नेछ।

**तजविजी कार्यकलाप**

१७. तजविजी कार्य गर्न पाउने गरी अभियोजनकर्तालाई अधिकार दिइएका मुलुकहरूमा कानून र प्रकाशित नियम–नियमावलीद्वारा अभियोजनको स्थापना तथा छुटलगायत अभियेजन प्रक्रियामा निर्णय लिने कुरामा स्वच्छ र स्थिर पद्धति प्रवर्द्धन गर्ने मार्गदर्शन उपलब्ध गराउनुपर्नेछ।

**अभियोजनका विकल्प**

१८. राष्ट्रिय कानून बमोजिम अभियोजनकर्ताले शङ्कित तथा पीडितका अधिकारहरूको पूरापुर सम्मानसाथ अभियोजनमा छुट दिने, शर्त वा निशर्त कारवाही रोक्ने वा विच्छेद गर्ने वा मुद्दालाई औपचारिक न्यायप्रणालीबाटै पथान्तर (दिशान्तर) गर्ने कुरामा उचित विचार पुऱ्याउनेछन् । यस प्रयोजनका लागि, राज्यहरूले अदालतको अत्यधिक कार्यबोझको निवारणका निमित्त मात्र होइन पूर्पक्षपूर्वको थुना, अभियोग र दोषनिरूपणका कलङ्क साथसाथै कारावासको सम्भावित प्रतिकूल असरलाई छल्न समेतका लागि पथान्तरण (दिशान्तरण) पद्धतिको बन्दोबस्त लागू गर्ने सम्भाव्यताको पूरापुँर खोजबिन गर्नुपर्छ।

१९. अभियोजनकर्ताहरूलाई अल्पवयस्कलाई अभियोजन गर्ने कि नगर्ने भन्ने कुरामा तजविजी कार्य गर्ने अख्तियारी रहेका मुलुकहरूमा कसूरको प्रकृति र घनत्व, समाजको संरक्षण तथा अल्पवयस्कको व्यक्तित्व र पृष्ठभूमिउपर विशेष विचार गर्नुपर्नेछ । यस्तोमा निर्णय गर्दा, अभियोजनकर्ताले अल्पवयस्क (बाल) न्याय सम्बन्धी कानून र कार्यविधि अन्तर्गत उपलब्ध अभियोजनका विकल्पहरूतर्फ विशेष रूपले विचार गर्नुपर्नेछ। अभियोजनकर्ताले हदै जरुरी भएमा मात्रै आफ्नो सर्वोत्तम प्रयत्न अल्पवयस्कविरुद्ध अभियोजनकारी कारवाही गर्ने कुरामा लगाउनुपर्छ।

**अन्य सरकारी निकाय वा संस्थाहरूसँगको सम्बन्ध**

२०. अभियोजनको स्वच्छता र प्रभावकारिता निश्चय गर्नका लागि अभियोजनकर्ताले प्रहरी, अदालत, कानून व्यवसाय, सार्वजनिक प्रतिरक्षक र अन्य सरकारी निकाय वा संस्थाहरूसँग सरसहयोग आदानप्रदान गर्ने प्रयास गर्नुपर्नेछ।

**अनुशासन सम्बन्धी कारवाही प्रक्रिया**

२१. अभियोजनकर्ताको अनुशासन सम्बन्धी कसूर कानून वा कानूनसम्मत नियमावलीमा आधारित हुनेछ । अभियोजनकर्ताले स्पष्ट रूपमा पेशागत मापदण्डको दायरा नाघी काम गरेको भन्ने आरोपको उनीहरूविरुद्धको उजुरलाई उपयुक्त कार्यविधि अन्तर्गत तदारुकता र स्वच्छतापूर्वक कारवाही चलाइनेछ । अभियोजनकर्तालाई स्वच्छ सुनुवाइको हक हुनेछ। निर्णय स्वतन्त्र पुनवरालोकनको विषय हुनेछ।

२२. अभियोजनकर्ता विरुद्धको अनुशासन सम्बन्धी कारवाही प्रक्रियाले वस्तुनिष्ठ मूल्याङ्कन र निर्णयको प्रत्याभूति गर्नेछ। कानून, पेशागत आचारण र अन्य स्थापित मापदण्ड एवं आचार बमोजिम यी मार्गदर्शनका आलोकमा तिनको निर्धारण गरिनेछ।

**मार्गदर्शनको अनुसरण**

२३. अभियोजनकर्ताले यी मार्गदर्शनको पालन गर्नु पर्नेछ । साथै, उनीहरूका क्षमताले भ्याएसम्म यिनको जुनसुकै उल्लङ्घनको रोकथाम र सक्रियातापूर्वक प्रतिकार गर्नु पर्नेछ।

२४. यी मार्गदर्शनको उल्लङ्घन भएको वा हुन लागेको विश्वास गर्नुपर्ने कारण भएका अभियोजनकर्ताले आफ्ना तालुक निकायमा र आवश्यकता अनुसार पुनवरालोकन वा उपचार प्रदान गर्ने अख्तियार रहेका अन्य उपयुक्त अधिकारी वा अङ्गहरूमा प्रतिवेदन गर्नु पर्दछ।

## 17. United Nations Convention against Transnational Organized Crime

(General Assembly resolution 55/25 of 15 November 2000)

The General Assembly,

Recalling its resolution 53/111 of 9 December 1998, in which it decided to establish an open-ended intergovernmental ad hoc committee for the purpose of elaborating a comprehensive international convention against transnational organized crime and of discussing the elaboration, as appropriate, of international instruments addressing trafficking in women and children, combating the illicit manufacturing of and trafficking in firearms, their parts and components and ammunition, and illegal trafficking in and transporting of migrants, including by sea,

Recalling also its resolution 54/126 of 17 December 1999, in which it requested the Ad Hoc Committee on the Elaboration of a Convention against Transnational Organized Crime to continue its work, in accordance with resolutions 53/111 and 53/114 of 9 December 1998, and to intensify that work in order to complete it in 2000,

Recalling further its resolution 54/129 of 17 December 1999, in which it accepted with appreciation the offer of the Government of Italy to host a highlevel political signing conference in Palermo for the purpose of signing the United Nations Convention against Transnational Organized Crime (Palermo Convention) and the protocols thereto, and requested the Secretary-General to schedule the conference for a period of up to one week before the end of the Millennium Assembly in 2000,

Expressing its appreciation to the Government of Poland for submitting to it at its fifty-first session a first draft United Nations convention against transnational organized crime[1] and for hosting the meeting of the inter-sessional open-ended intergovernmental group of experts, established pursuant to resolution 52/85 of 12 December 1997, on the elaboration of a preliminary draft of a possible comprehensive international convention against transnational organized crime, held in Warsaw from 2 to 6 February 1998,

Expressing its appreciation to the Government of Argentina for hosting the informal preparatory meeting of the Ad Hoc Committee, held in Buenos Aires from 31 August to 4 September 1998,

Expressing its appreciation to the Government of Thailand for hosting the Asia-Pacific Ministerial Seminar on Building Capacities for Fighting Transnational Organized Crime, held in Bangkok on 20 and 21 March 2000,

Deeply concerned by the negative economic and social implications related to organized criminal activities, and convinced of the urgent need to strengthen cooperation to prevent and combat such activities more effectively at the national, regional and international levels,

[1] A/C.3/51/7, annex

Noting with deep concern the growing links between transnational organized crime and terrorist crimes, taking into account the Charter of the United Nations and the relevant resolutions of the General Assembly,

Determined to deny safe havens to those who engage in transnational organized crime by prosecuting their crimes wherever they occur and by cooperating at the international level,

Strongly convinced that the United Nations Convention against Transnational Organized Crime will constitute an effective tool and the necessary legal framework for international cooperation in combating, inter alia, such criminal activities as money-laundering, corruption, illicit trafficking in endangered species of wild flora and fauna, offences against cultural heritage and the growing links between transnational organized crime and terrorist crimes,

1. Takes note of the report of the Ad Hoc Committee on the Elaboration of a Convention against Transnational Organized Crime[2], which carried out its work at the headquarters of the United Nations Office for Drug Control and Crime Prevention in Vienna, and commends the Ad Hoc Committee for its work;

2. Adopts the United Nations Convention against Transnational Organized Crime and the Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime, and the Protocol against the Smuggling of Migrants by Land, Sea and Air, supplementing the United Nations Convention against Transnational Organized Crime annexed to the present resolution, and opens them for signature at the High-level Political Signing Conference to be held in Palermo, Italy, from 12 to 15 December 2000 in accordance with resolution 54/129;

3. Requests the Secretary-General to prepare a comprehensive report on the High-level Political Signing Conference to be held in Palermo in accordance with resolution 54/129;

4. Notes that the Ad Hoc Committee has not yet completed its work on the draft Protocol against the Illicit Manufacturing of and Trafficking in Firearms, Their Parts and Components and Ammunition, supplementing the United Nations Convention against Transnational Organized Crime;

5. Requests the Ad Hoc Committee to continue its work in relation to this draft Protocol, in accordance with resolutions 53/111, 53/114 and 54/126, and to finalize such work as soon as possible;

6. Calls upon all States to recognize the links between transnational organized criminal activities and acts of terrorism, taking into account the relevant General Assembly resolutions, and to apply the United Nations Convention against Transnational Organized Crime in combating all forms of criminal activity, as provided therein;

[2] A/AC.254/34.

7. Recommends that the Ad Hoc Committee established by the General Assembly in its resolution 51/210 of 17 December 1996, which is beginning its deliberations with a view to developing a comprehensive convention on international terrorism, pursuant to resolution 54/110 of 9 December 1999, should take into consideration the provisions of the United Nations Convention against Transnational Organized Crime;

8. Urges all States and regional economic organizations to sign and ratify the United Nations Convention against Transnational Organized Crime and the protocols thereto as soon as possible in order to ensure the speedy entry into force of the Convention and the protocols thereto;

9. Decides that, until the Conference of the Parties to the Convention established pursuant to the United Nations Convention against Transnational Organized Crime decides otherwise, the account referred to in article 30 of the Convention will be operated within the United Nations Crime Prevention and Criminal Justice Fund, and encourages Member States to begin making adequate voluntary contributions to the above-mentioned account for the 4 provision to developing countries and countries with economies in transition of the technical assistance that they might require for implementation of the Convention and the protocols thereto, including for the preparatory measures needed for that implementation;

10. Decides also that the Ad Hoc Committee on the Elaboration of a Convention against Transnational Organized Crime will complete its tasks arising from the elaboration of the United Nations Convention against Transnational Organized Crime by holding a meeting well before the convening of the first session of the Conference of the Parties to the Convention, in order to prepare the draft text of the rules of procedure for the Conference of the Parties and other rules and mechanisms described in article 32 of the Convention, which will be communicated to the Conference of the Parties at its first session for consideration and action;

11. Requests the Secretary-General to designate the Centre for International Crime Prevention of the United Nations Office for Drug Control and Crime Prevention to serve as the secretariat for the Conference of the Parties to the Convention in accordance with article 33 of the Convention;

12. Also requests the Secretary-General to provide the Centre for International Crime Prevention with the resources necessary to enable it to promote in an effective manner the expeditious entry into force of the United Nations Convention against Transnational Organized Crime and to discharge the functions of secretariat of the Conference of the Parties to the Convention, and to support the Ad Hoc Committee in its work pursuant to paragraph 10 above.

## Annex I

## United Nations Convention against Transnational Organized Crime

### Article 1. Statement of purpose

The purpose of this Convention is to promote cooperation to prevent and combat transnational organized crime more effectively.

### Article 2. Use of terms

For the purposes of this Convention:

(a) "Organized criminal group" shall mean a structured group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes or offences established in accordance with this Convention, in order to obtain, directly or indirectly, a financial or other material benefit;

(b) "Serious crime" shall mean conduct constituting an offence punishable by a maximum deprivation of liberty of at least four years or a more serious penalty;

(c) "Structured group" shall mean a group that is not randomly formed for the immediate commission of an offence and that does not need to have formally defined roles for its members, continuity of its membership or a developed structure;

(d) "Property" shall mean assets of every kind, whether corporeal or incorporeal, movable or immovable, tangible or intangible, and legal documents or instruments evidencing title to, or interest in, such assets;

(e) "Proceeds of crime" shall mean any property derived from or obtained, directly or indirectly, through the commission of an offence;

(f) "Freezing" or "seizure" shall mean temporarily prohibiting the transfer, conversion, disposition or movement of property or temporarily assuming custody or control of property on the basis of an order issued by a court or other competent authority;

(g) "Confiscation", which includes forfeiture where applicable, shall mean the permanent deprivation of property by order of a court or other competent authority;

(h) "Predicate offence" shall mean any offence as a result of which proceeds have been generated that may become the subject of an offence as defined in article 6 of this Convention;

(i) "Controlled delivery" shall mean the technique of allowing illicit or suspect consignments to pass out of, through or into the territory of one or more States, with the knowledge and under

the supervision of their competent authorities, with a view to the investigation of an offence and the identification of persons involved in the commission of the offence;

(j) "Regional economic integration organization" shall mean an organization constituted by sovereign States of a given region, to which its member States have transferred competence in respect of matters governed by this Convention and which has been duly authorized, in accordance with its internal procedures, to sign, ratify, accept, approve or accede to it; references to "States Parties" under this Convention shall apply to such organizations within the limits of their competence.

**Article 3. Scope of application**

1. This Convention shall apply, except as otherwise stated herein, to the prevention, investigation and prosecution of:

   (a) The offences established in accordance with articles 5, 6, 8 and 23 of this Convention; and

   (b) Serious crime as defined in article 2 of this Convention;

   where the offence is transnational in nature and involves an organized criminal group.

2. For the purpose of paragraph 1 of this article, an offence is transnational in nature if:

   (a) It is committed in more than one State;

   (b) It is committed in one State but a substantial part of its preparation, planning, direction or control takes place in another State;

   (c) It is committed in one State but involves an organized criminal group that engages in criminal activities in more than one State; or

   (d) It is committed in one State but has substantial effects in another State.

**Article 4. Protection of sovereignty**

1. States Parties shall carry out their obligations under this Convention in a manner consistent with the principles of sovereign equality and territorial integrity of States and that of non-intervention in the domestic affairs of other States.

2. Nothing in this Convention entitles a State Party to undertake in the territory of another State the exercise of jurisdiction and performance of functions that are reserved exclusively for the authorities of that other State by its domestic law.

**Article 5. Criminalization of participation in an organized criminal group**

1. Each State Party shall adopt such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally:

   (a) Either or both of the following as criminal offences distinct from those involving the attempt or completion of the criminal activity:

      (i) Agreeing with one or more other persons to commit a serious crime for a purpose relating directly or indirectly to the obtaining of a financial or other material benefit and, where required by domestic law, involving an act undertaken by one of the participants in furtherance of the agreement or involving an organized criminal group;

      (ii) Conduct by a person who, with knowledge of either the aim and general criminal activity of an organized criminal group or its intention to commit the crimes in question, takes an active part in: a. Criminal activities of the organized criminal group; b. Other activities of the organized criminal group in the knowledge that his or her participation will contribute to the achievement of the above-described criminal aim;

   (b) Organizing, directing, aiding, abetting, facilitating or counselling the commission of serious crime involving an organized criminal group.

2. The knowledge, intent, aim, purpose or agreement referred to in paragraph 1 of this article may be inferred from objective factual circumstances.

3. States Parties whose domestic law requires involvement of an organized criminal group for purposes of the offences established in accordance with 8 paragraph 1 (a) (i) of this article shall ensure that their domestic law covers all serious crimes involving organized criminal groups. Such States Parties, as well as States Parties whose domestic law requires an act in furtherance of the agreement for purposes of the offences established in accordance with paragraph 1 (a) (i) of this article, shall so inform the Secretary-General of the United Nations at the time of their signature or of deposit of their instrument of ratification, acceptance or approval of or accession to this Convention.

**Article 6. Criminalization of the laundering of proceeds of crime**

1. Each State Party shall adopt, in accordance with fundamental principles of its domestic law, such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally:

   (a) (i) The conversion or transfer of property, knowing that such property is the proceeds of crime, for the purpose of concealing or disguising the illicit origin of the property or of helping any person who is involved in the commission of the predicate offence to evade the legal consequences of his or her action;

(ii) The concealment or disguise of the true nature, source, location, disposition, movement or ownership of or rights with respect to property, knowing that such property is the proceeds of crime;

(b) Subject to the basic concepts of its legal system:

(i) The acquisition, possession or use of property, knowing, at the time of receipt, that such property is the proceeds of crime;

(ii) Participation in, association with or conspiracy to commit, attempts to commit and aiding, abetting, facilitating and counselling the commission of any of the offences established in accordance with this article.

2. For purposes of implementing or applying paragraph 1 of this article:

(a) Each State Party shall seek to apply paragraph 1 of this article to the widest range of predicate offences;

(b) Each State Party shall include as predicate offences all serious crime as defined in article 2 of this Convention and the offences established in accordance with articles 5, 8 and 23 of this Convention. In the case of States Parties whose legislation sets out a list of specific predicate offences, they shall, at a minimum, include in such list a comprehensive range of offences associated with organized criminal groups;

(c) For the purposes of subparagraph (b), predicate offences shall include offences committed both within and outside the jurisdiction of the State Party 9 in question. However, offences committed outside the jurisdiction of a State Party shall constitute predicate offences only when the relevant conduct is a criminal offence under the domestic law of the State where it is committed and would be a criminal offence under the domestic law of the State Party implementing or applying this article had it been committed there;

(d) Each State Party shall furnish copies of its laws that give effect to this article and of any subsequent changes to such laws or a description thereof to the Secretary-General of the United Nations;

(e) If required by fundamental principles of the domestic law of a State Party, it may be provided that the offences set forth in paragraph 1 of this article do not apply to the persons who committed the predicate offence;

(f) Knowledge, intent or purpose required as an element of an offence set forth in paragraph 1 of this article may be inferred from objective factual circumstances.

**Article 7. Measures to combat money-laundering**

1. Each State Party:

   (a) Shall institute a comprehensive domestic regulatory and supervisory regime for banks and non-bank financial institutions and, where appropriate, other bodies particularly susceptible to money-laundering, within its competence, in order to deter and detect all forms of money-laundering, which regime shall emphasize requirements for customer identification, record-keeping and the reporting of suspicious transactions;

   (b) Shall, without prejudice to articles 18 and 27 of this Convention, ensure that administrative, regulatory, law enforcement and other authorities dedicated to combating money-laundering (including, where appropriate under domestic law, judicial authorities) have the ability to cooperate and exchange information at the national and international levels within the conditions prescribed by its domestic law and, to that end, shall consider the establishment of a financial intelligence unit to serve as a national centre for the collection, analysis and dissemination of information regarding potential moneylaundering.

2. States Parties shall consider implementing feasible measures to detect and monitor the movement of cash and appropriate negotiable instruments across their borders, subject to safeguards to ensure proper use of information and without impeding in any way the movement of legitimate capital. Such measures may include a requirement that individuals and businesses report the cross-border transfer of substantial quantities of cash and appropriate negotiable instruments. 10

3. In establishing a domestic regulatory and supervisory regime under the terms of this article, and without prejudice to any other article of this Convention, States Parties are called upon to use as a guideline the relevant initiatives of regional, interregional and multilateral organizations against money-laundering.

4. States Parties shall endeavour to develop and promote global, regional, subregional and bilateral cooperation among judicial, law enforcement and financial regulatory authorities in order to combat money-laundering.

**Article 8. Criminalization of corruption**

1. Each State Party shall adopt such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally:

   (a) The promise, offering or giving to a public official, directly or indirectly, of an undue advantage, for the official himself or herself or another person or entity, in order that the official act or refrain from acting in the exercise of his or her official duties;

(b) The solicitation or acceptance by a public official, directly or indirectly, of an undue advantage, for the official himself or herself or another person or entity, in order that the official act or refrain from acting in the exercise of his or her official duties.

2. Each State Party shall consider adopting such legislative and other measures as may be necessary to establish as criminal offences conduct referred to in paragraph 1 of this article involving a foreign public official or international civil servant. Likewise, each State Party shall consider establishing as criminal offences other forms of corruption.

3. Each State Party shall also adopt such measures as may be necessary to establish as a criminal offence participation as an accomplice in an offence established in accordance with this article.

4. For the purposes of paragraph 1 of this article and article 9 of this Convention, "public official" shall mean a public official or a person who provides a public service as defined in the domestic law and as applied in the criminal law of the State Party in which the person in question performs that function.

**Article 9. Measures against corruption**

1. In addition to the measures set forth in article 8 of this Convention, each State Party shall, to the extent appropriate and consistent with its legal system, adopt legislative, administrative or other effective measures to promote integrity and to prevent, detect and punish the corruption of public officials.
2. Each State Party shall take measures to ensure effective action by its authorities in the prevention, detection and punishment of the corruption of public officials, including providing such authorities with adequate independence to deter the exertion of inappropriate influence on their actions.

**Article 10. Liability of legal persons**

1. Each State Party shall adopt such measures as may be necessary, consistent with its legal principles, to establish the liability of legal persons for participation in serious crimes involving an organized criminal group and for the offences established in accordance with articles 5, 6, 8 and 23 of this Convention.

2. Subject to the legal principles of the State Party, the liability of legal persons may be criminal, civil or administrative.
3. Such liability shall be without prejudice to the criminal liability of the natural persons who have committed the offences.
4. Each State Party shall, in particular, ensure that legal persons held liable in accordance with this article are subject to effective, proportionate and dissuasive criminal or non-criminal sanctions, including monetary sanctions.

**Article 11. Prosecution, adjudication and sanctions**

1. Each State Party shall make the commission of an offence established in accordance with articles 5, 6, 8 and 23 of this Convention liable to sanctions that take into account the gravity of that offence.
2. Each State Party shall endeavour to ensure that any discretionary legal powers under its domestic law relating to the prosecution of persons for offences covered by this Convention are exercised to maximize the effectiveness of law enforcement measures in respect of those offences and with due regard to the need to deter the commission of such offences.
3. In the case of offences established in accordance with articles 5, 6, 8 and 23 of this Convention, each State Party shall take appropriate measures, in accordance with its domestic law and with due regard to the rights of the defence, to seek to ensure that conditions imposed in connection with decisions on release pending trial or appeal take into consideration the need to ensure the presence of the defendant at subsequent criminal proceedings.
4. Each State Party shall ensure that its courts or other competent authorities bear in mind the grave nature of the offences covered by this Convention when considering the eventuality of early release or parole of persons convicted of such offences.
5. Each State Party shall, where appropriate, establish under its domestic law a long statute of limitations period in which to commence proceedings for any offence covered by this Convention and a longer period where the alleged offender has evaded the administration of justice.
6. Nothing contained in this Convention shall affect the principle that the description of the offences established in accordance with this Convention and of the applicable legal defences or other legal principles controlling the lawfulness of conduct is reserved to the domestic law of a State Party and that such offences shall be prosecuted and punished in accordance with that law.

**Article 12. Confiscation and seizure**

1. States Parties shall adopt, to the greatest extent possible within their domestic legal systems, such measures as may be necessary to enable confiscation of:
   (a) Proceeds of crime derived from offences covered by this Convention or property the value of which corresponds to that of such proceeds;
   (b) Property, equipment or other instrumentalities used in or destined for use in offences covered by this Convention.
2. States Parties shall adopt such measures as may be necessary to enable the identification, tracing, freezing or seizure of any item referred to in paragraph 1 of this article for the purpose of eventual confiscation.
3. If proceeds of crime have been transformed or converted, in part or in full, into other property, such property shall be liable to the measures referred to in this article instead of the proceeds.

4. If proceeds of crime have been intermingled with property acquired from legitimate sources, such property shall, without prejudice to any powers relating to freezing or seizure, be liable to confiscation up to the assessed value of the intermingled proceeds.
5. Income or other benefits derived from proceeds of crime, from property into which proceeds of crime have been transformed or converted or from property with which proceeds of crime have been intermingled shall also be liable to the measures referred to in this article, in the same manner and to the same extent as proceeds of crime.
6. For the purposes of this article and article 13 of this Convention, each State Party shall empower its courts or other competent authorities to order that bank, financial or commercial records be made available or be seized. States Parties shall not decline to act under the provisions of this paragraph on the ground of bank secrecy.
7. States Parties may consider the possibility of requiring that an offender demonstrate the lawful origin of alleged proceeds of crime or other property liable to confiscation, to the extent that such a requirement is consistent with the principles of their domestic law and with the nature of the judicial and other proceedings.
8. The provisions of this article shall not be construed to prejudice the rights of bona fide third parties.
9. Nothing contained in this article shall affect the principle that the measures to which it refers shall be defined and implemented in accordance with and subject to the provisions of the domestic law of a State Party.

**Article 13. International cooperation for purposes of confiscation**

1. A State Party that has received a request from another State Party having jurisdiction over an offence covered by this Convention for confiscation of proceeds of crime, property, equipment or other instrumentalities referred to in article 12, paragraph 1, of this Convention situated in its territory shall, to the greatest extent possible within its domestic legal system:
   (a) Submit the request to its competent authorities for the purpose of obtaining an order of confiscation and, if such an order is granted, give effect to it; or
   (b) Submit to its competent authorities, with a view to giving effect to it to the extent requested, an order of confiscation issued by a court in the territory of the requesting State Party in accordance with article 12, paragraph 1, of this Convention insofar as it relates to proceeds of crime, property, equipment or other instrumentalities referred to in article 12, paragraph 1, situated in the territory of the requested State Party.
2. Following a request made by another State Party having jurisdiction over an offence covered by this Convention, the requested State Party shall take measures to identify, trace and freeze or seize proceeds of crime, property, 14 equipment or other instrumentalities referred to in article 12, paragraph 1, of this Convention for the purpose of eventual confiscation to be ordered either by the requesting State Party or, pursuant to a request under paragraph 1 of this article, by the requested State Party.

3. The provisions of article 18 of this Convention are applicable, mutatis mutandis, to this article. In addition to the information specified in article 18, paragraph 15, requests made pursuant to this article shall contain:
   (a) In the case of a request pertaining to paragraph 1 (a) of this article, a description of the property to be confiscated and a statement of the facts relied upon by the requesting State Party sufficient to enable the requested State Party to seek the order under its domestic law;
   (b) In the case of a request pertaining to paragraph 1 (b) of this article, a legally admissible copy of an order of confiscation upon which the request is based issued by the requesting State Party, a statement of the facts and information as to the extent to which execution of the order is requested;
   (c) In the case of a request pertaining to paragraph 2 of this article, a statement of the facts relied upon by the requesting State Party and a description of the actions requested.
4. The decisions or actions provided for in paragraphs 1 and 2 of this article shall be taken by the requested State Party in accordance with and subject to the provisions of its domestic law and its procedural rules or any bilateral or multilateral treaty, agreement or arrangement to which it may be bound in relation to the requesting State Party.
5. Each State Party shall furnish copies of its laws and regulations that give effect to this article and of any subsequent changes to such laws and regulations or a description thereof to the Secretary-General of the United Nations.
6. If a State Party elects to make the taking of the measures referred to in paragraphs 1 and 2 of this article conditional on the existence of a relevant treaty, that State Party shall consider this Convention the necessary and sufficient treaty basis.
7. Cooperation under this article may be refused by a State Party if the offence to which the request relates is not an offence covered by this Convention.
8. The provisions of this article shall not be construed to prejudice the rights of bona fide third parties.
9. States Parties shall consider concluding bilateral or multilateral treaties, agreements or arrangements to enhance the effectiveness of international cooperation undertaken pursuant to this article.

**Article 14. Disposal of confiscated proceeds of crime or property**

1. Proceeds of crime or property confiscated by a State Party pursuant to articles 12 or 13, paragraph 1, of this Convention shall be disposed of by that State Party in accordance with its domestic law and administrative procedures.
2. When acting on the request made by another State Party in accordance with article 13 of this Convention, States Parties shall, to the extent permitted by domestic law and if so requested, give priority consideration to returning the confiscated proceeds of crime or property to the requesting State Party so that it can give compensation to the victims of the crime or return such proceeds of crime or property to their legitimate owners.

3. When acting on the request made by another State Party in accordance with articles 12 and 13 of this Convention, a State Party may give special consideration to concluding agreements or arrangements on:
   (a) Contributing the value of such proceeds of crime or property or funds derived from the sale of such proceeds of crime or property or a part thereof to the account designated in accordance with article 30, paragraph 2 (c), of this Convention and to intergovernmental bodies specializing in the fight against organized crime;
   (b) Sharing with other States Parties, on a regular or case-by-case basis, such proceeds of crime or property, or funds derived from the sale of such proceeds of crime or property, in accordance with its domestic law or administrative procedures.

**Article 15. Jurisdiction**

1. Each State Party shall adopt such measures as may be necessary to establish its jurisdiction over the offences established in accordance with articles 5, 6, 8 and 23 of this Convention when:
   (a) The offence is committed in the territory of that State Party; or
   (b) The offence is committed on board a vessel that is flying the flag of that State Party or an aircraft that is registered under the laws of that State Party at the time that the offence is committed.
2. Subject to article 4 of this Convention, a State Party may also establish its jurisdiction over any such offence when:
   (a) The offence is committed against a national of that State Party;
   (b) The offence is committed by a national of that State Party or a stateless person who has his or her habitual residence in its territory; or
   (c) The offence is:
      (i) One of those established in accordance with article 5, paragraph 1, of this Convention and is committed outside its territory with a view to the commission of a serious crime within its territory;
      (ii) One of those established in accordance with article 6, paragraph 1 (b) (ii), of this Convention and is committed outside its territory with a view to the commission of an offence established in accordance with article 6, paragraph 1 (a) (i) or (ii) or (b) (i), of this Convention within its territory.
3. For the purposes of article 16, paragraph 10, of this Convention, each State Party shall adopt such measures as may be necessary to establish its jurisdiction over the offences covered by this Convention when the alleged offender is present in its territory and it does not extradite such person solely on the ground that he or she is one of its nationals.
4. Each State Party may also adopt such measures as may be necessary to establish its jurisdiction over the offences covered by this Convention when the alleged offender is present in its territory and it does not extradite him or her.

5. If a State Party exercising its jurisdiction under paragraph 1 or 2 of this article has been notified, or has otherwise learned, that one or more other States Parties are conducting an investigation, prosecution or judicial proceeding in respect of the same conduct, the competent authorities of those States Parties shall, as appropriate, consult one another with a view to coordinating their actions.
6. Without prejudice to norms of general international law, this Convention does not exclude the exercise of any criminal jurisdiction established by a State Party in accordance with its domestic law.

**Article 16. Extradition**

1. This article shall apply to the offences covered by this Convention or in cases where an offence referred to in article 3, paragraph 1 (a) or (b), involves 17 an organized criminal group and the person who is the subject of the request for extradition is located in the territory of the requested State Party, provided that the offence for which extradition is sought is punishable under the domestic law of both the requesting State Party and the requested State Party.
2. If the request for extradition includes several separate serious crimes, some of which are not covered by this article, the requested State Party may apply this article also in respect of the latter offences.
3. Each of the offences to which this article applies shall be deemed to be included as an extraditable offence in any extradition treaty existing between States Parties. States Parties undertake to include such offences as extraditable offences in every extradition treaty to be concluded between them.
4. If a State Party that makes extradition conditional on the existence of a treaty receives a request for extradition from another State Party with which it has no extradition treaty, it may consider this Convention the legal basis for extradition in respect of any offence to which this article applies.
5. States Parties that make extradition conditional on the existence of a treaty shall:
   (a) At the time of deposit of their instrument of ratification, acceptance, approval of or accession to this Convention, inform the Secretary-General of the United Nations whether they will take this Convention as the legal basis for cooperation on extradition with other States Parties to this Convention; and
   (b) If they do not take this Convention as the legal basis for cooperation on extradition, seek, where appropriate, to conclude treaties on extradition with other States Parties to this Convention in order to implement this article.
6. States Parties that do not make extradition conditional on the existence of a treaty shall recognize offences to which this article applies as extraditable offences between themselves.
7. Extradition shall be subject to the conditions provided for by the domestic law of the requested State Party or by applicable extradition treaties, including, inter alia, conditions in relation to the minimum penalty requirement for extradition and the grounds upon which the requested State Party may refuse extradition.

8. States Parties shall, subject to their domestic law, endeavour to expedite extradition procedures and to simplify evidentiary requirements relating thereto in respect of any offence to which this article applies.
9. Subject to the provisions of its domestic law and its extradition treaties, the requested State Party may, upon being satisfied that the circumstances so warrant and are urgent and at the request of the requesting State Party, take a person whose extradition is sought and who is present in its territory into custody or take other appropriate measures to ensure his or her presence at extradition proceedings.
10. A State Party in whose territory an alleged offender is found, if it does not extradite such person in respect of an offence to which this article applies solely on the ground that he or she is one of its nationals, shall, at the request of the State Party seeking extradition, be obliged to submit the case without undue delay to its competent authorities for the purpose of prosecution. Those authorities shall take their decision and conduct their proceedings in the same manner as in the case of any other offence of a grave nature under the domestic law of that State Party. The States Parties concerned shall cooperate with each other, in particular on procedural and evidentiary aspects, to ensure the efficiency of such prosecution.
11. Whenever a State Party is permitted under its domestic law to extradite or otherwise surrender one of its nationals only upon the condition that the person will be returned to that State Party to serve the sentence imposed as a result of the trial or proceedings for which the extradition or surrender of the person was sought and that State Party and the State Party seeking the extradition of the person agree with this option and other terms that they may deem appropriate, such conditional extradition or surrender shall be sufficient to discharge the obligation set forth in paragraph 10 of this article.
12. If extradition, sought for purposes of enforcing a sentence, is refused because the person sought is a national of the requested State Party, the requested Party shall, if its domestic law so permits and in conformity with the requirements of such law, upon application of the requesting Party, consider the enforcement of the sentence that has been imposed under the domestic law of the requesting Party or the remainder thereof.
13. Any person regarding whom proceedings are being carried out in connection with any of the offences to which this article applies shall be guaranteed fair treatment at all stages of the proceedings, including enjoyment of all the rights and guarantees provided by the domestic law of the State Party in the territory of which that person is present.
14. Nothing in this Convention shall be interpreted as imposing an obligation to extradite if the requested State Party has substantial grounds for believing that the request has been made for the purpose of prosecuting or punishing a person on account of that person's sex, race, religion, nationality, ethnic origin or political opinions or that compliance with the request would cause prejudice to that person's position for any one of these reasons.
15. States Parties may not refuse a request for extradition on the sole ground that the offence is also considered to involve fiscal matters.

16. Before refusing extradition, the requested State Party shall, where appropriate, consult with the requesting State Party to provide it with ample opportunity to present its opinions and to provide information relevant to its allegation.
17. States Parties shall seek to conclude bilateral and multilateral agreements or arrangements to carry out or to enhance the effectiveness of extradition.

**Article 17. Transfer of sentenced persons**

States Parties may consider entering into bilateral or multilateral agreements or arrangements on the transfer to their territory of persons sentenced to imprisonment or other forms of deprivation of liberty for offences covered by this Convention, in order that they may complete their sentences there.

**Article 18. Mutual legal assistance**

1. States Parties shall afford one another the widest measure of mutual legal assistance in investigations, prosecutions and judicial proceedings in relation to the offences covered by this Convention as provided for in article 3 and shall reciprocally extend to one another similar assistance where the requesting State Party has reasonable grounds to suspect that the offence referred to in article 3, paragraph 1 (a) or (b), is transnational in nature, including that victims, witnesses, proceeds, instrumentalities or evidence of such offences are located in the requested State Party and that the offence involves an organized criminal group.
2 . Mutual legal assistance shall be afforded to the fullest extent possible under relevant laws, treaties, agreements and arrangements of the requested State Party with respect to investigations, prosecutions and judicial proceedings in relation to the offences for which a legal person may be held liable in accordance with article 10 of this Convention in the requesting State Party.
3. Mutual legal assistance to be afforded in accordance with this article may be requested for any of the following purposes:
   (a) Taking evidence or statements from persons;
   (b) Effecting service of judicial documents;
   (c) Executing searches and seizures, and freezing;
   (d) Examining objects and sites;
   (e) Providing information, evidentiary items and expert evaluations;
   (f) Providing originals or certified copies of relevant documents and records, including government, bank, financial, corporate or business records;
   (g) Identifying or tracing proceeds of crime, property, instrumentalities or other things for evidentiary purposes;
   (h) Facilitating the voluntary appearance of persons in the requesting State Party;
   (i) Any other type of assistance that is not contrary to the domestic law of the requested State Party.

4. Without prejudice to domestic law, the competent authorities of a State Party may, without prior request, transmit information relating to criminal matters to a competent authority in another State Party where they believe that such information could assist the authority in undertaking or successfully concluding inquiries and criminal proceedings or could result in a request formulated by the latter State Party pursuant to this Convention.
5. The transmission of information pursuant to paragraph 4 of this article shall be without prejudice to inquiries and criminal proceedings in the State of the competent authorities providing the information. The competent authorities receiving the information shall comply with a request that said information remain confidential, even temporarily, or with restrictions on its use. However, this shall not prevent the receiving State Party from disclosing in its proceedings information that is exculpatory to an accused person. In such a case, the receiving State Party shall notify the transmitting State Party prior to the disclosure and, if so requested, consult with the transmitting State Party. If, in an exceptional case, advance notice is not possible, the receiving State Party shall inform the transmitting State Party of the disclosure without delay.
6. The provisions of this article shall not affect the obligations under any other treaty, bilateral or multilateral, that governs or will govern, in whole or in part, mutual legal assistance.
7. Paragraphs 9 to 29 of this article shall apply to requests made pursuant to this article if the States Parties in question are not bound by a treaty of mutual legal assistance. If those States Parties are bound by such a treaty, the 21 corresponding provisions of that treaty shall apply unless the States Parties agree to apply paragraphs 9 to 29 of this article in lieu thereof. States Parties are strongly encouraged to apply these paragraphs if they facilitate cooperation.
8. States Parties shall not decline to render mutual legal assistance pursuant to this article on the ground of bank secrecy.
9. States Parties may decline to render mutual legal assistance pursuant to this article on the ground of absence of dual criminality. However, the requested State Party may, when it deems appropriate, provide assistance, to the extent it decides at its discretion, irrespective of whether the conduct would constitute an offence under the domestic law of the requested State Party.
10. A person who is being detained or is serving a sentence in the territory of one State Party whose presence in another State Party is requested for purposes of identification, testimony or otherwise providing assistance in obtaining evidence for investigations, prosecutions or judicial proceedings in relation to offences covered by this Convention may be transferred if the following conditions are met:
    (a) The person freely gives his or her informed consent;
    (b) The competent authorities of both States Parties agree, subject to such conditions as those States Parties may deem appropriate.

11. For the purposes of paragraph 10 of this article:
    (a) The State Party to which the person is transferred shall have the authority and obligation to keep the person transferred in custody, unless otherwise requested or authorized by the State Party from which the person was transferred;
    (b) The State Party to which the person is transferred shall without delay implement its obligation to return the person to the custody of the State Party from which the person was transferred as agreed beforehand, or as otherwise agreed, by the competent authorities of both States Parties;
    (c) The State Party to which the person is transferred shall not require the State Party from which the person was transferred to initiate extradition proceedings for the return of the person;
    (d) The person transferred shall receive credit for service of the sentence being served in the State from which he or she was transferred for time spent in the custody of the State Party to which he or she was transferred.
12. Unless the State Party from which a person is to be transferred in accordance with paragraphs 10 and 11 of this article so agrees, that person, 22 whatever his or her nationality, shall not be prosecuted, detained, punished or subjected to any other restriction of his or her personal liberty in the territory of the State to which that person is transferred in respect of acts, omissions or convictions prior to his or her departure from the territory of the State from which he or she was transferred.
13. Each State Party shall designate a central authority that shall have the responsibility and power to receive requests for mutual legal assistance and either to execute them or to transmit them to the competent authorities for execution. Where a State Party has a special region or territory with a separate system of mutual legal assistance, it may designate a distinct central authority that shall have the same function for that region or territory. Central authorities shall ensure the speedy and proper execution or transmission of the requests received. Where the central authority transmits the request to a competent authority for execution, it shall encourage the speedy and proper execution of the request by the competent authority. The Secretary-General of the United Nations shall be notified of the central authority designated for this purpose at the time each State Party deposits its instrument of ratification, acceptance or approval of or accession to this Convention. Requests for mutual legal assistance and any communication related thereto shall be transmitted to the central authorities designated by the States Parties. This requirement shall be without prejudice to the right of a State Party to require that such requests and communications be addressed to it through diplomatic channels and, in urgent circumstances, where the States Parties agree, through the International Criminal Police Organization, if possible.
14. Requests shall be made in writing or, where possible, by any means capable of producing a written record, in a language acceptable to the requested State Party, under conditions allowing that State Party to establish authenticity. The Secretary-General of the United Nations shall be notified of the language or languages acceptable to each State Party at the time it deposits its instrument of

ratification, acceptance or approval of or accession to this Convention. In urgent circumstances and where agreed by the States Parties, requests may be made orally, but shall be confirmed in writing forthwith.

15. A request for mutual legal assistance shall contain:
    (a) The identity of the authority making the request;
    (b) The subject matter and nature of the investigation, prosecution or judicial proceeding to which the request relates and the name and functions of the authority conducting the investigation, prosecution or judicial proceeding;
    (c) A summary of the relevant facts, except in relation to requests for the purpose of service of judicial documents;
    (d) A description of the assistance sought and details of any particular procedure that the requesting State Party wishes to be followed;
    (e) Where possible, the identity, location and nationality of any person concerned; and
    (f) The purpose for which the evidence, information or action is sought.
16. The requested State Party may request additional information when it appears necessary for the execution of the request in accordance with its domestic law or when it can facilitate such execution.
17. A request shall be executed in accordance with the domestic law of the requested State Party and, to the extent not contrary to the domestic law of the requested State Party and where possible, in accordance with the procedures specified in the request.
18. Wherever possible and consistent with fundamental principles of domestic law, when an individual is in the territory of a State Party and has to be heard as a witness or expert by the judicial authorities of another State Party, the first State Party may, at the request of the other, permit the hearing to take place by video conference if it is not possible or desirable for the individual in question to appear in person in the territory of the requesting State Party. States Parties may agree that the hearing shall be conducted by a judicial authority of the requesting State Party and attended by a judicial authority of the requested State Party.
19. The requesting State Party shall not transmit or use information or evidence furnished by the requested State Party for investigations, prosecutions or judicial proceedings other than those stated in the request without the prior consent of the requested State Party. Nothing in this paragraph shall prevent the requesting State Party from disclosing in its proceedings information or evidence that is exculpatory to an accused person. In the latter case, the requesting State Party shall notify the requested State Party prior to the disclosure and, if so requested, consult with the requested State Party. If, in an exceptional case, advance notice is not possible, the requesting State Party shall inform the requested State Party of the disclosure without delay.
20. The requesting State Party may require that the requested State Party keep confidential the fact and substance of the request, except to the extent necessary to execute the request. If the requested

State Party cannot comply with the requirement of confidentiality, it shall promptly inform the requesting State Party.

21. Mutual legal assistance may be refused:
    (a) If the request is not made in conformity with the provisions of this article;
    (b) If the requested State Party considers that execution of the request is likely to prejudice its sovereignty, security, ordre public or other essential interests;
    (c) If the authorities of the requested State Party would be prohibited by its domestic law from carrying out the action requested with regard to any similar offence, had it been subject to investigation, prosecution or judicial proceedings under their own jurisdiction;
    (d) If it would be contrary to the legal system of the requested State Party relating to mutual legal assistance for the request to be granted.
22. States Parties may not refuse a request for mutual legal assistance on the sole ground that the offence is also considered to involve fiscal matters.
23. Reasons shall be given for any refusal of mutual legal assistance.
24. The requested State Party shall execute the request for mutual legal assistance as soon as possible and shall take as full account as possible of any deadlines suggested by the requesting State Party and for which reasons are given, preferably in the request. The requested State Party shall respond to reasonable requests by the requesting State Party on progress of its handling of the request. The requesting State Party shall promptly inform the requested State Party when the assistance sought is no longer required.
25. Mutual legal assistance may be postponed by the requested State Party on the ground that it interferes with an ongoing investigation, prosecution or judicial proceeding.
26. Before refusing a request pursuant to paragraph 21 of this article or postponing its execution pursuant to paragraph of this article, the requested State Party shall consult with the requesting State Party to consider whether assistance may be granted subject to such terms and conditions as it deems necessary. If the requesting State Party accepts assistance subject to those conditions, it shall comply with the conditions.
27. Without prejudice to the application of paragraph 12 of this article, a witness, expert or other person who, at the request of the requesting State Party, consents to give evidence in a proceeding or to assist in an investigation, prosecution or judicial proceeding in the territory of the requesting State Party shall not be prosecuted, detained, punished or subjected to any other restriction 25 of his or her personal liberty in that territory in respect of acts, omissions or convictions prior to his or her departure from the territory of the requested State Party. Such safe conduct shall cease when the witness, expert or other person having had, for a period of fifteen consecutive days or for any period agreed upon by the States Parties from the date on which he or she has been officially informed that his or her presence is no longer required by the judicial authorities, an opportunity of leaving, has nevertheless remained voluntarily in the territory of the requesting State Party or, having left it, has returned of his or her own free will.

28. The ordinary costs of executing a request shall be borne by the requested State Party, unless otherwise agreed by the States Parties concerned. If expenses of a substantial or extraordinary nature are or will be required to fulfil the request, the States Parties shall consult to determine the terms and conditions under which the request will be executed, as well as the manner in which the costs shall be borne.
29. The requested State Party:
    (a) Shall provide to the requesting State Party copies of government records, documents or information in its possession that under its domestic law are available to the general public;
    (b) May, at its discretion, provide to the requesting State Party in whole, in part or subject to such conditions as it deems appropriate, copies of any government records, documents or information in its possession that under its domestic law are not available to the general public.
30. States Parties shall consider, as may be necessary, the possibility of concluding bilateral or multilateral agreements or arrangements that would serve the purposes of, give practical effect to or enhance the provisions of this article.

**Article 19. Joint investigations**

States Parties shall consider concluding bilateral or multilateral agreements or arrangements whereby, in relation to matters that are the subject of investigations, prosecutions or judicial proceedings in one or more States, the competent authorities concerned may establish joint investigative bodies. In the absence of such agreements or arrangements, joint investigations may be undertaken by agreement on a case-by-case basis. The States Parties involved shall ensure that the sovereignty of the State Party in whose territory such investigation is to take place is fully respected.

**Article 20. Special investigative techniques**

1. If permitted by the basic principles of its domestic legal system, each State Party shall, within its possibilities and under the conditions prescribed by its domestic law, take the necessary measures to allow for the appropriate use of controlled delivery and, where it deems appropriate, for the use of other special investigative techniques, such as electronic or other forms of surveillance and undercover operations, by its competent authorities in its territory for the purpose of effectively combating organized crime.
2. For the purpose of investigating the offences covered by this Convention, States Parties are encouraged to conclude, when necessary, appropriate bilateral or multilateral agreements or arrangements for using such special investigative techniques in the context of cooperation at the international level. Such agreements or arrangements shall be concluded and implemented in full compliance with the principle of sovereign equality of States and shall be carried out strictly in accordance with the terms of those agreements or arrangements.

3. In the absence of an agreement or arrangement as set forth in paragraph 2 of this article, decisions to use such special investigative techniques at the international level shall be made on a case-by-case basis and may, when necessary, take into consideration financial arrangements and understandings with respect to the exercise of jurisdiction by the States Parties concerned.
4. Decisions to use controlled delivery at the international level may, with the consent of the States Parties concerned, include methods such as intercepting and allowing the goods to continue intact or be removed or replaced in whole or in part.

**Article 21. Transfer of criminal proceedings**

States Parties shall consider the possibility of transferring to one another proceedings for the prosecution of an offence covered by this Convention in cases where such transfer is considered to be in the interests of the proper administration of justice, in particular in cases where several jurisdictions are involved, with a view to concentrating the prosecution.

**Article 22. Establishment of criminal record**

Each State Party may adopt such legislative or other measures as may be necessary to take into consideration, under such terms as and for the purpose 27 that it deems appropriate, any previous conviction in another State of an alleged offender for the purpose of using such information in criminal proceedings relating to an offence covered by this Convention.

**Article 23. Criminalization of obstruction of justice**

Each State Party shall adopt such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally:

(a) The use of physical force, threats or intimidation or the promise, offering or giving of an undue advantage to induce false testimony or to interfere in the giving of testimony or the production of evidence in a proceeding in relation to the commission of offences covered by this Convention;

(b) The use of physical force, threats or intimidation to interfere with the exercise of official duties by a justice or law enforcement official in relation to the commission of offences covered by this Convention. Nothing in this subparagraph shall prejudice the right of States Parties to have legislation that protects other categories of public officials.

**Article 24. Protection of witnesses**

1. Each State Party shall take appropriate measures within its means to provide effective protection from potential retaliation or intimidation for witnesses in criminal proceedings who give testimony concerning offences covered by this Convention and, as appropriate, for their relatives and other persons close to them.
2. The measures envisaged in paragraph 1 of this article may include, inter alia, without prejudice to the rights of the defendant, including the right to due process:

(a) Establishing procedures for the physical protection of such persons, such as, to the extent necessary and feasible, relocating them and permitting, where appropriate, non-disclosure or limitations on the disclosure of information concerning the identity and whereabouts of such persons;

(b) Providing evidentiary rules to permit witness testimony to be given in a manner that ensures the safety of the witness, such as permitting testimony to be given through the use of communications technology such as video links or other adequate means.

3. States Parties shall consider entering into agreements or arrangements with other States for the relocation of persons referred to in paragraph 1 of this article.

4. The provisions of this article shall also apply to victims insofar as they are witnesses.

**Article 25. Assistance to and protection of victims**

1. Each State Party shall take appropriate measures within its means to provide assistance and protection to victims of offences covered by this Convention, in particular in cases of threat of retaliation or intimidation.

2. Each State Party shall establish appropriate procedures to provide access to compensation and restitution for victims of offences covered by this Convention.

3. Each State Party shall, subject to its domestic law, enable views and concerns of victims to be presented and considered at appropriate stages of criminal proceedings against offenders in a manner not prejudicial to the rights of the defence.

**Article 26. Measures to enhance cooperation with law enforcement authorities**

1. Each State Party shall take appropriate measures to encourage persons who participate or who have participated in organized criminal groups:

(a) To supply information useful to competent authorities for investigative and evidentiary purposes on such matters as:

(i) The identity, nature, composition, structure, location or activities of organized criminal groups;

(ii) Links, including international links, with other organized criminal groups;

(iii) Offences that organized criminal groups have committed or may commit;

(b) To provide factual, concrete help to competent authorities that may contribute to depriving organized criminal groups of their resources or of the proceeds of crime.

2. Each State Party shall consider providing for the possibility, in appropriate cases, of mitigating punishment of an accused person who provides substantial cooperation in the investigation or prosecution of an offence covered by this Convention.

3. Each State Party shall consider providing for the possibility, in accordance with fundamental principles of its domestic law, of granting immunity from prosecution to a person who provides

substantial cooperation in the investigation or prosecution of an offence covered by this Convention.

4. Protection of such persons shall be as provided for in article 24 of this Convention.

5. Where a person referred to in paragraph 1 of this article located in one State Party can provide substantial cooperation to the competent authorities of another State Party, the States Parties concerned may consider entering into agreements or arrangements, in accordance with their domestic law, concerning the potential provision by the other State Party of the treatment set forth in paragraphs 2 and 3 of this article.

**Article 27. Law enforcement cooperation**

1. States Parties shall cooperate closely with one another, consistent with their respective domestic legal and administrative systems, to enhance the effectiveness of law enforcement action to combat the offences covered by this Convention. Each State Party shall, in particular, adopt effective measures:

   (a) To enhance and, where necessary, to establish channels of communication between their competent authorities, agencies and services in order to facilitate the secure and rapid exchange of information concerning all aspects of the offences covered by this Convention, including, if the States Parties concerned deem it appropriate, links with other criminal activities;

   (b) To cooperate with other States Parties in conducting inquiries with respect to offences covered by this Convention concerning:

      (i) The identity, whereabouts and activities of persons suspected of involvement in such offences or the location of other persons concerned;

      (ii) The movement of proceeds of crime or property derived from the commission of such offences;

      (iii) The movement of property, equipment or other instrumentalities used or intended for use in the commission of such offences;

   (c) To provide, when appropriate, necessary items or quantities of substances for analytical or investigative purposes;

   (d) To facilitate effective coordination between their competent authorities, agencies and services and to promote the exchange of personnel and other experts, including, subject to bilateral agreements or arrangements between the States Parties concerned, the posting of liaison officers;

   (e) To exchange information with other States Parties on specific means and methods used by organized criminal groups, including, where applicable, routes and conveyances and the use of false identities, altered or false documents or other means of concealing their activities;

   (f) To exchange information and coordinate administrative and other measures taken as appropriate for the purpose of early identification of the offences covered by this Convention.

2. With a view to giving effect to this Convention, States Parties shall consider entering into bilateral or multilateral agreements or arrangements on direct cooperation between their law enforcement agencies and, where such agreements or arrangements already exist, amending them. In the absence of such agreements or arrangements between the States Parties concerned, the Parties may consider this Convention as the basis for mutual law enforcement cooperation in respect of the offences covered by this Convention. Whenever appropriate, States Parties shall make full use of agreements or arrangements, including international or regional organizations, to enhance the cooperation between their law enforcement agencies.

3. States Parties shall endeavour to cooperate within their means to respond to transnational organized crime committed through the use of modern technology.

**Article 28. Collection, exchange and analysis of information on the nature of organized crime**

1. Each State Party shall consider analysing, in consultation with the scientific and academic communities, trends in organized crime in its territory, the circumstances in which organized crime operates, as well as the professional groups and technologies involved.

2. States Parties shall consider developing and sharing analytical expertise concerning organized criminal activities with each other and through international and regional organizations. For that purpose, common definitions, standards and methodologies should be developed and applied as appropriate.

3. Each State Party shall consider monitoring its policies and actual measures to combat organized crime and making assessments of their effectiveness and efficiency.

**Article 29. Training and technical assistance**

1. Each State Party shall, to the extent necessary, initiate, develop or improve specific training programmes for its law enforcement personnel, including prosecutors, investigating magistrates and customs personnel, and other personnel charged with the prevention, detection and control of the offences covered by this Convention. Such programmes may include secondments and exchanges of staff. Such programmes shall deal, in particular and to the extent permitted by domestic law, with the following:

   (a) Methods used in the prevention, detection and control of the offences covered by this Convention;

   (b) Routes and techniques used by persons suspected of involvement in offences covered by this Convention, including in transit States, and appropriate countermeasures;

   (c) Monitoring of the movement of contraband;

(d) Detection and monitoring of the movements of proceeds of crime, property, equipment or other instrumentalities and methods used for the transfer, concealment or disguise of such proceeds, property, equipment or other instrumentalities, as well as methods used in combating money-laundering and other financial crimes;

(e) Collection of evidence;

(f) Control techniques in free trade zones and free ports;

(g) Modern law enforcement equipment and techniques, including electronic surveillance, controlled deliveries and undercover operations;

(h) Methods used in combating transnational organized crime committed through the use of computers, telecommunications networks or other forms of modern technology; and

(i) Methods used in the protection of victims and witnesses.

2. States Parties shall assist one another in planning and implementing research and training programmes designed to share expertise in the areas referred to in paragraph 1 of this article and to that end shall also, when appropriate, use regional and international conferences and seminars to promote cooperation and to stimulate discussion on problems of mutual concern, including the special problems and needs of transit States.

3. States Parties shall promote training and technical assistance that will facilitate extradition and mutual legal assistance. Such training and technical assistance may include language training, secondments and exchanges between personnel in central authorities or agencies with relevant responsibilities.

4. In the case of existing bilateral and multilateral agreements or arrangements, States Parties shall strengthen, to the extent necessary, efforts to maximize operational and training activities within international and regional organizations and within other relevant bilateral and multilateral agreements or arrangements.

**Article 30. Other measures: implementation of the Convention through economic development and technical assistance**

1. States Parties shall take measures conducive to the optimal implementation of this Convention to the extent possible, through international cooperation, taking into account the negative effects of organized crime on society in general, in particular on sustainable development.

2. States Parties shall make concrete efforts to the extent possible and in coordination with each other, as well as with international and regional organizations:

(a) To enhance their cooperation at various levels with developing countries, with a view to strengthening the capacity of the latter to prevent and combat transnational organized crime;

(b) To enhance financial and material assistance to support the efforts of developing countries to fight transnational organized crime effectively and to help them implement this Convention successfully;

(c) To provide technical assistance to developing countries and countries with economies in transition to assist them in meeting their needs for the implementation of this Convention. To that end, States Parties shall endeavour to make adequate and regular voluntary contributions to an account specifically designated for that purpose in a United Nations funding mechanism. States Parties may also give special consideration, in accordance with their domestic law and the provisions of this Convention, to contributing to the aforementioned account a percentage of the money or of the corresponding value of proceeds of crime or property confiscated in accordance with the provisions of this Convention;

(d) To encourage and persuade other States and financial institutions as appropriate to join them in efforts in accordance with this article, in particular by providing more training programmes and modern equipment to developing countries in order to assist them in achieving the objectives of this Convention.

3. To the extent possible, these measures shall be without prejudice to existing foreign assistance commitments or to other financial cooperation arrangements at the bilateral, regional or international level.

4. States Parties may conclude bilateral or multilateral agreements or arrangements on material and logistical assistance, taking into consideration the financial arrangements necessary for the means of international cooperation provided for by this Convention to be effective and for the prevention, detection and control of transnational organized crime.

Article 31. Prevention

1. States Parties shall endeavour to develop and evaluate national projects and to establish and promote best practices and policies aimed at the prevention of transnational organized crime.

2. States Parties shall endeavour, in accordance with fundamental principles of their domestic law, to reduce existing or future opportunities for organized criminal groups to participate in lawful markets with proceeds of crime, through appropriate legislative, administrative or other measures. These measures should focus on:

(a) The strengthening of cooperation between law enforcement agencies or prosecutors and relevant private entities, including industry;

(b) The promotion of the development of standards and procedures designed to safeguard the integrity of public and relevant private entities, as well as codes of conduct for relevant professions, in particular lawyers, notaries public, tax consultants and accountants;

(c) The prevention of the misuse by organized criminal groups of tender procedures conducted by public authorities and of subsidies and licences granted by public authorities for commercial activity;

(d) The prevention of the misuse of legal persons by organized criminal groups; such measures could include:

(i) The establishment of public records on legal and natural persons involved in the establishment, management and funding of legal persons;

(ii) The introduction of the possibility of disqualifying by court order or any appropriate means for a reasonable period of time persons convicted of offences covered by this Convention from acting as directors of legal persons incorporated within their jurisdiction;

(iii) The establishment of national records of persons disqualified from acting as directors of legal persons; and

(iv) The exchange of information contained in the records referred to in subparagraphs (d) (i) and (iii) of this paragraph with the competent authorities of other States Parties. 3. States Parties shall endeavour to promote the reintegration into society of persons convicted of offences covered by this Convention.

4. States Parties shall endeavour to evaluate periodically existing relevant legal instruments and administrative practices with a view to detecting their vulnerability to misuse by organized criminal groups.

5. States Parties shall endeavour to promote public awareness regarding the existence, causes and gravity of and the threat posed by transnational organized crime. Information may be disseminated where appropriate through the mass media and shall include measures to promote public participation in preventing and combating such crime.

6. Each State Party shall inform the Secretary-General of the United Nations of the name and address of the authority or authorities that can assist other States Parties in developing measures to prevent transnational organized crime.

7. States Parties shall, as appropriate, collaborate with each other and relevant international and regional organizations in promoting and developing the measures referred to in this article. This includes participation in international projects aimed at the prevention of transnational organized crime, for example by alleviating the circumstances that render socially marginalized groups vulnerable to the action of transnational organized crime.

**Article 32. Conference of the Parties to the Convention**

1. A Conference of the Parties to the Convention is hereby established to improve the capacity of States Parties to combat transnational organized crime and to promote and review the implementation of this Convention.

2. The Secretary-General of the United Nations shall convene the Conference of the Parties not later than one year following the entry into force of this Convention. The Conference of the Parties shall adopt rules of procedure and rules governing the activities set forth in paragraphs 3 and 4 of this article (including rules concerning payment of expenses incurred in carrying out those activities).

3. The Conference of the Parties shall agree upon mechanisms for achieving the objectives mentioned in paragraph 1 of this article, including:

(a) Facilitating activities by States Parties under articles 29, 30 and 31 of this Convention, including by encouraging the mobilization of voluntary contributions;

(b) Facilitating the exchange of information among States Parties on patterns and trends in transnational organized crime and on successful practices for combating it;

(c) Cooperating with relevant international and regional organizations and non-governmental organizations;

(d) Reviewing periodically the implementation of this Convention;

(e) Making recommendations to improve this Convention and its implementation.

4. For the purpose of paragraphs 3 (d) and (e) of this article, the Conference of the Parties shall acquire the necessary knowledge of the measures taken by States Parties in implementing this Convention and the difficulties encountered by them in doing so through information provided by them and through such supplemental review mechanisms as may be established by the Conference of the Parties.

5. Each State Party shall provide the Conference of the Parties with information on its programmes, plans and practices, as well as legislative and administrative measures to implement this Convention, as required by the Conference of the Parties.

**Article 33. Secretariat**

1. The Secretary-General of the United Nations shall provide the necessary secretariat services to the Conference of the Parties to the Convention.

2. The secretariat shall:

(a) Assist the Conference of the Parties in carrying out the activities set forth in article 32 of this Convention and make arrangements and provide the necessary services for the sessions of the Conference of the Parties;

(b) Upon request, assist States Parties in providing information to the Conference of the Parties as envisaged in article 32, paragraph 5, of this Convention; and

(c) Ensure the necessary coordination with the secretariats of relevant international and regional organizations.

**Article 34. Implementation of the Convention**

1. Each State Party shall take the necessary measures, including legislative and administrative measures, in accordance with fundamental principles of its domestic law, to ensure the implementation of its obligations under this Convention.

2. The offences established in accordance with articles 5, 6, 8 and 23 of this Convention shall be established in the domestic law of each State Party 36 independently of the transnational nature or the involvement of an organized criminal group as described in article 3, paragraph 1, of this Convention, except to the extent that article 5 of this Convention would require the involvement of an organized criminal group.

3. Each State Party may adopt more strict or severe measures than those provided for by this Convention for preventing and combating transnational organized crime.

**Article 35. Settlement of disputes**

l. States Parties shall endeavour to settle disputes concerning the interpretation or application of this Convention through negotiation.

2. Any dispute between two or more States Parties concerning the interpretation or application of this Convention that cannot be settled through negotiation within a reasonable time shall, at the request of one of those States Parties, be submitted to arbitration. If, six months after the date of the request for arbitration, those States Parties are unable to agree on the organization of the arbitration, any one of those States Parties may refer the dispute to the International Court of Justice by request in accordance with the Statute of the Court.

3. Each State Party may, at the time of signature, ratification, acceptance or approval of or accession to this Convention, declare that it does not consider itself bound by paragraph 2 of this article. The other States Parties shall not be bound by paragraph 2 of this article with respect to any State Party that has made such a reservation.

4. Any State Party that has made a reservation in accordance with paragraph 3 of this article may at any time withdraw that reservation by notification to the Secretary-General of the United Nations.

**Article 36. Signature, ratification, acceptance, approval and accession**

1. This Convention shall be open to all States for signature from 12 to 15 December 2000 in Palermo, Italy, and thereafter at United Nations Headquarters in New York until 12 December 2002.

2. This Convention shall also be open for signature by regional economic integration organizations provided that at least one member State of such organization has signed this Convention in accordance with paragraph 1 of this article.

3. This Convention is subject to ratification, acceptance or approval. Instruments of ratification, acceptance or approval shall be deposited with the Secretary-General of the United Nations. A regional economic integration organization may deposit its instrument of ratification, acceptance or approval if at least one of its member States has done likewise. In that instrument of ratification, acceptance or approval, such organization shall declare the extent of its competence with respect to the matters governed by this Convention. Such organization shall also inform the depositary of any relevant modification in the extent of its competence.

4. This Convention is open for accession by any State or any regional economic integration organization of which at least one member State is a Party to this Convention. Instruments of accession shall be deposited with the Secretary-General of the United Nations. At the time of its accession, a regional economic integration organization shall declare the extent of its competence with respect to matters governed by this Convention. Such organization shall also inform the depositary of any relevant modification in the extent of its competence.

**Article 37. Relation with protocols**

1. This Convention may be supplemented by one or more protocols.

2. In order to become a Party to a protocol, a State or a regional economic integration organization must also be a Party to this Convention.

3. A State Party to this Convention is not bound by a protocol unless it becomes a Party to the protocol in accordance with the provisions thereof.

4. Any protocol to this Convention shall be interpreted together with this Convention, taking into account the purpose of that protocol.

**Article 38. Entry into force**

1. This Convention shall enter into force on the ninetieth day after the date of deposit of the fortieth instrument of ratification, acceptance, approval or accession. For the purpose of this paragraph, any instrument deposited by a regional economic integration organization shall not be counted as additional to those deposited by member States of such organization.

2. For each State or regional economic integration organization ratifying, accepting, approving or acceding to this Convention after the deposit of the 38 fortieth instrument of such action, this Convention shall enter into force on the thirtieth day after the date of deposit by such State or organization of the relevant instrument.

**Article 39. Amendment**

1. After the expiry of five years from the entry into force of this Convention, a State Party may propose an amendment and file it with the Secretary-General of the United Nations, who shall thereupon communicate the proposed amendment to the States Parties and to the Conference of the Parties to the Convention for the purpose of considering and deciding on the proposal. The Conference of the Parties shall make every effort to achieve consensus on each amendment. If all efforts at consensus have been exhausted and no agreement has been reached, the amendment shall, as a last resort, require for its adoption a two-thirds majority vote of the States Parties present and voting at the meeting of the Conference of the Parties.

2. Regional economic integration organizations, in matters within their competence, shall exercise their right to vote under this article with a number of votes equal to the number of their member States that are Parties to this Convention. Such organizations shall not exercise their right to vote if their member States exercise theirs and vice versa.

3. An amendment adopted in accordance with paragraph 1 of this article is subject to ratification, acceptance or approval by States Parties.

4. An amendment adopted in accordance with paragraph 1 of this article shall enter into force in respect of a State Party ninety days after the date of the deposit with the Secretary-General of the United Nations of an instrument of ratification, acceptance or approval of such amendment.

5. When an amendment enters into force, it shall be binding on those States Parties which have expressed their consent to be bound by it. Other States Parties shall still be bound by the provisions of this Convention and any earlier amendments that they have ratified, accepted or approved. Article

**Article 40. Denunciation**

1. A State Party may denounce this Convention by written notification to the Secretary-General of the United Nations. Such denunciation shall become effective one year after the date of receipt of the notification by the Secretary-General.

2. A regional economic integration organization shall cease to be a Party to this Convention when all of its member States have denounced it.

3. Denunciation of this Convention in accordance with paragraph 1 of this article shall entail the denunciation of any protocols thereto.

**Article 41. Depositary and languages**

1. The Secretary-General of the United Nations is designated depositary of this Convention.

2. The original of this Convention, of which the Arabic, Chinese, English, French, Russian and Spanish texts are equally authentic, shall be deposited with the Secretary-General of the United Nations.

IN WITNESS WHEREOF, the undersigned plenipotentiaries, being duly authorized thereto by their respective Governments, have signed this Convention.

## १८. बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव बेचविखन, खास गरी महिला र बालबालिकाको बेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख, २०००

### प्रस्तावना

यस आलेखका राज्य पक्षहरु,

मानव बेचविखन र खासगरी महिला तथा बालबालिकाको बेचविखन तथा ओसारपसारको रोकथाम तथा दमनको कार्य प्रभावकारी बनाउनका लागि उत्पत्ति, पारवहन र गन्तव्यका देशहरुमा एक व्यापक अन्तर्राष्ट्रिय दृष्टिकोण (एप्रोच) आवश्यक हुने र त्यस्तो दृष्टिकोणले बेचविखन तथा ओसारपसार रोक्न, बेचविखनकर्ता र ओसारपसारकर्तालाई सजाय दिन र मानव बेचविखन तथा ओसारपसारबाट पीडित भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय रुपमा मान्यताप्राप्त मानव अधिकारको संरक्षण लगायत त्यस्ता पीडितको संरक्षण गर्न आवश्यक रहेको घोषणा गर्दै, व्यक्तिको शोषण र खासगरी महिला तथा बालबालिकाको शोषणलाई प्रतिरोध गर्ने नियम र व्यावहारिक उपायहरु भएका थुप्रै अन्तर्राष्ट्रिय लिखतहरु विद्यमान भए तापनि मानव बेचबिखन तथा ओसारपसारका सम्पूर्ण पक्षहरुलाई सम्बोधन गर्ने विश्वव्यापी लिखत नभएको तथ्यलाई ध्यानमा राख्दै,

त्यस्तो लिखतको अभावमा बेचबिखन र ओसारपसारबाट जोखिममा रहेका व्यक्तिहरुको पर्याप्त संरक्षण हुन नसक्ने कुरामा सचेत हुँदै,

बहुराष्ट्रिय संगठित अपराध विरुद्ध एक व्यापक अन्तर्राष्ट्रिय महासन्धिको विस्तृतिकरण गर्न, अन्य कुराको अतिरिक्त, महिला तथा बालबालिकाको बेचविखन तथा ओसारपसारलाई सम्बोधन गर्न एक अन्तर्राष्ट्रिय लिखतको विस्तृतिकरणको छलफल गर्ने प्रयोजनका लागि संयुक्त राष्ट्र संघीय महासभाले सदस्य संख्या नतोकेको (ओपन इण्डेड) एक अन्तरसरकारी तदर्थ समिति स्थापना गर्ने निर्णय गरी सन् १९९८ को डिसेम्बर ९ (तदनुसार सम्वत २०५५ साल मंसिर २३ गते) का दिन संयुक्त राष्ट्र संघीय महासभाबाट पारित प्रस्ताव ५३/१११ को स्मरण गर्दै,

बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई मानव बेचविखन र खासगरी महिला तथा बालबालिकाको बेचविखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजायका सम्बन्धमा व्यवस्था भएको एक अन्तर्राष्ट्रिय लिखतलाई पूर्णता दिइनु त्यस्तो कसूरको रोकथाम तथा प्रतिरोध गर्न उपयोगी हुने कुरामा विश्वस्त हुँदै, देहाय बमोजिम गर्न सहमत भएका छन्;

### १. सामान्य प्रावधानहरु

#### धारा १

#### बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिसँगको सम्बन्ध

१. यो आलेख बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको पूरकको रुपमा रहनेछ । यो आलेखलाई महासन्धिसँगै व्याख्या गरिनेछ ।

२. यस आलेखमा अन्यथा व्यवस्था भए बाहेक महासन्धिका व्यवस्थाहरु आवश्यक हेरफेर सहित यस आलेखको सम्बन्धमा पनि लागू हुने छन् ।

३. यस आलेखको धारा ५ बमोजिम कायम गरिएका कसूरहरु महासन्धि बमोजिम नै कायम गरिएका कसूर सरह मानिने छन् ।

**धारा २**

**उद्देश्य**

यस आलेखका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्;

(क) महिला तथा बालबालिका माथि विशेष ध्यान दिँदै मानव बेचविखन तथा ओसारपसारको रोकथाम गर्ने तथा त्यसको प्रतिरोध गर्ने,

(ख) बेचबिखन तथा ओसारपसारबाट पीडित भएकाहरुको मानव अधिकारको सम्मान र संरक्षण गर्ने साथै सहायता प्रदान गर्ने र

(ग) उपर्युक्त उद्देश्यहरु पूरा गर्नका लागि राज्य पक्षहरु बीच सहयोग प्रवर्द्धन गर्ने।

**धारा ३**

**शब्दावलीहरुको प्रयोग**

यस आलेखको प्रयोजनका लागिः

(क) "मानव बेचविखन तथा ओसारपसार" भन्नाले धम्की वा बल प्रयोग वा अन्य प्रकारको करकाप, अपहरण, धोका, अख्तियारको दुरुपयोग वा नाजुक अवस्थामा रहेको स्थिति वा भुक्तानी वा लाभको लेनदेनको माध्यमबाट यौन शोषणको प्रयोजनको लागि अर्को व्यक्ति उपर नियन्त्रण राख्ने व्यक्तिको सहमति हासिल गर्न व्यक्तिहरुको भर्ति, ओसारपसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने काम सम्झनुपर्छ।

"शोषण" भन्नाले न्यूनतम रुपमा अरुको वेश्यावृत्तिको शोषण वा अन्य स्वरुपका यौन शोषण, जवर्जस्ती श्रम वा सेवामा लगाउने काम, दासता वा दासता सरहका अभ्यास, बाँधा बनाउने वा मानव अंग झिक्ने काम समेतलाई जनाउँछ।

(ख) यस धाराको खण्ड (क) मा उल्लिखित कुनै माध्यमको उपयोग भएको अवस्थामा खण्ड (क) मा उल्लिखित नियोजित शोषणका लागि मानव बेचविखन तथा ओसारपसारबाट पीडितले दिएको सहमति असान्दर्भिक हुनेछ।

(ग) खण्ड (क) मा उल्लिखित कुनै माध्यमको उपयोग विना भएको भए तापनि शोषण्को प्रयोजनका लागि कुनै बालबालिकाको भर्ति, ओसारपसार, स्थानान्तरण, आश्रय दिने वा प्राप्त गर्ने काम माध्यम "मानव बेचविखन तथा ओसारपसार" मानिने छ

(घ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर नपुगेको कुनै व्यक्ति सम्झनुपर्छ।

**धारा ४**

**लागू हुने क्षेत्र**

यस आलेखमा अन्यथा उल्लेख भएकोमा बाहेक यस आलेखको धारा ५ बमोजिम कायम भएका बहुराष्ट्रिय प्रकृतिका तथा संगठित अपराधिक समूहको संलग्नता भएका कसूरको रोकथाम, अनुसन्धान र अभियोजन तथा त्यस्ता कसूरहरुबाट पीडितहरुको संरक्षणका सम्बन्धमा यो आलेख लागू हुनेछ।

**धारा ५**

**अपराधीकरण**

१. प्रत्येक राज्य पक्षले यस आलेखको धारा ३ मा उल्लिखित कार्य मनसायपूर्वक गरेको अवस्थामा फौजदारी कसूरको रुपमा स्थापित गर्न आवश्यक हुन सक्ने विधायिकी र अन्य उपाहरु अवलम्बन गर्नेछ।

२. प्रत्येक राज्य पक्षले देहायका कामलाई फौजदारी कसूरको रुपमा कायम गर्न आवश्यक हुन सक्ने कानूनी र अन्य उपायहरु समेत अवलम्बन गर्ने पर्नेछ ।

(क) आफ्नो कानून प्रणालीको आधारभूत अवधारणाको अधीनमा रही यस धाराको प्रकरण १ बमोजिम स्थापित कसूर गर्ने उद्योग गरेको,

(ख) यस धाराको प्रकरण १ बमोजिम कायम भएका कसूरमा मतियार भई सहयोग गरेको,

(ग) यस धाराको प्रकरण १ बमोजिम कायम भएका कसूर गर्न अन्य व्यक्तिलाई संगठित गरेको वा निर्देशन दिएको ।

**२. मानव बेचबिखन तथा ओसारपसारका पीडितको संरक्षण**

**धारा ६**

**मानव बेचबिखन तथा ओसारपसारका पीडितलाई प्रदान गरिने सहायता तथा तिनीहरुको संरक्षण**

१. प्रत्येक राज्य पक्षले आफ्नो आन्तरिक कानून बमोजिम उपयुक्त भएको अवस्थामा र सम्भव भएसम्म अन्य कुराको अतिरिक्त मानव बेचविखन तथा ओसारपसारसँग सम्बन्धित कानूनी कारवाहीहरु गोप्य बनाई त्यस्तो बेचबिखन तथा ओसारपसारका पीडितहरुको गोपनीयता र परिचयको संरक्षण गर्नेछ ।

२. प्रत्येक राज्य पक्षले आफ्नो कानूनी वा प्रशासनिक प्रणालीमा मानव बेचविखन तथा ओसारपसारका पीडितहरुलाई संरक्षण प्रदान गर्ने र उपयुक्त भएको अवस्थामा देहायका कुराहरु प्रदान गर्ने कुरा सुनिश्चित गर्नेछः

(क) सम्बद्ध अदालती तथा प्रशासकीय कारवाहीहरुको जानकारी,

(ख) प्रतिरक्षाको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी निजहरुको विचार र सरोकारलाई कसूरदार विरुद्धको फौजदारी कारवाहीको उपयुक्त चरणमा प्रस्तुत गराउन र विचार गर्न समर्थ बनाउने सहायता।

३. प्रत्येक राज्य पक्षले उपयुक्त भएको अवस्थामा गैरसरकारी संस्था, अन्य सम्बद्ध संस्था र नागरिक समाजका विभिन्न पक्षहरुसँगको सहयोगमा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरुका लागि भौतिक, मनोवैज्ञानिक तथा सामाजिक पुनर्स्थापना प्रदान गर्ने उपायहरु कार्यान्वयन गर्न र खासगरी देहायका व्यवस्थाहरु गर्न विचार गर्ने छन्;

(क) आवासको उपयुक्त व्यवस्था मिलाउने,

(ख) परामर्श सेवा र खासगरी मानव बेचविखन र ओसारपसारका पीडितले बुझ्न सक्ने भाषामा निजहरुको कानूनी अधिकार सम्बन्धी जानकारी गराउने,

(ग) चिकित्सकीय, मनोवैज्ञानिक तथा भौतिक सहायता उपलब्ध गराउने, र

(घ) रोजगारी, शिक्षा र तालिमका अवसरहरु प्रदान गर्ने ।

४. प्रत्येक राज्य पक्षले यस धाराको प्रावधानलाई कार्यान्वयन गर्दा मानव बेचबिखन तथा ओसारपसारका पीडितहरुको उमेर, लिंग र विशेष आवश्यकता र खासगरी बालबालिकाहरुका उपयुक्त आवास, शिक्षा र हेरचाह लगायतका आवश्यकतालाई ध्यान दिनेछन् ।

५. प्रत्येक राज्य पक्षहरु मानव बेचविखन तथा ओसारपसारका पीडित आफ्नो भू(भागभित्र रहँदा निजहरुलाई भौतिक सुरक्षा प्रदान गर्न प्रयत्नशील रहने छन् ।

६. प्रत्येक राज्य पक्षले आफ्नो आन्तरिक कानूनी प्रणालीमा मानव बेचविखन तथा ओसारपसारका पीडितहरुलाई निजहरुले भोगेको क्षति वापत क्षतिपूर्ति प्राप्त गर्ने सम्भावना रहने करा सुनिश्चित गर्नेछ ।

**धारा ७**

**आतिथ्यता प्रदान गर्ने देशमा मानव बेचविखन तथा ओसारपसारका पीडितको हैसियत**

१. प्रत्येक राज्य पक्षले यस आलेखको धारा ६ बमोजिम अपनाइएका उपायहरुका अतिरिक्त मानव बेचविखन तथा ओसारपसारका पीडितहरुलाई आफ्नो इलाकामा उपयुक्त अवस्थामा स्थायी वा अस्थायी रुपमा रहने अनुमति दिने व्यवस्था भएको कानूनी वा अन्य उपयुक्त उपायहरु अपनाउने कुराको विचार गर्नेछ ।

२. यस धाराको प्रकरण १ मा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा प्रत्येक राज्य पक्षले मानवीय तथा सहानुभूतिपूर्ण व्यवहार गर्ने कुरालाई ध्यानमा राख्ने छन् ।

**धारा ८**

**मानव बेचविखन र ओसारपसारका पीडितलाई फिर्ता पठाउने**

१. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्ति आतिथ्यता प्रदान गर्ने राज्य पक्षका इलाकामा प्रवेश गर्दाका बखत जुन राज्यको नागरिक रहेको थियो वा जहाँ त्यस्तो व्यक्तिको स्थायी बसोबासको अधिकार रहेको थियो, त्यस्तो राज्य पक्षले त्यस्तो व्यक्तिको सुरक्षामा उचित ध्यान दिई त्यस्तो व्यक्तिलाई अनुचित वा अनावश्यक विलम्ब विना फिर्ता ल्याउन सहजीकरण गर्ने र स्वीकार गर्नेछ ।

२. जुनबेला कुनै राज्य पक्षले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित ब्यक्तिलाई त्यस्तो व्यक्तिको नागरिकता रहेको वा आतिथ्यता प्रदान गर्ने राज्यमा प्रवेश गर्दाको बखत निजको स्थायी बसोबास भएको राज्य पक्षमा फिर्ता पठाउँछ, त्यसरी फिर्ता पठाउने कामले त्यस्तो व्यक्तिको सुरक्षा तथा मानव बेचविखन तथा ओसारपसारवाट त्यस्तो व्यक्ति पीडित रहेको तथ्यसँग सम्बन्धित कुनै पनि कानूनी कारबाईको हैसियत उपर उचित ध्यान दिनेछ र त्यस्तो काम स्वेच्छापूर्वक हुनु पर्नेछ ।

३. आतिथ्यता प्रदान गर्ने राज्य पक्षको अनुरोधमा, अनुरोध गरिएको राज्य पक्षले मानव बेचविखन तथा ओसारपसारबाट पीडित भएको व्यक्ति आफ्नो नागरिक भए वा नभएको वा आतिथ्यता प्रदान गर्ने राज्यमा प्रवेश गर्दाका वखत निजको स्थायी बसोबासको अधिकार भए वा नभएको विवरण अनुचित वा अनावश्यक विलम्व विना यकिन गर्नेछ ।

४. ठीक ढंगबाट यात्रा अनुमतिपत्र नभएको मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिलाई फिर्ता गर्न सहज गर्नका लागि त्यस्तो व्यक्ति नागरिक रहेको वा आतिथ्यता प्रदान गर्ने राज्य पक्षको इलाकामा प्रवेश गर्दाका बखत निजको स्थायी बसोबासको अधिकार भएको पक्ष राज्यले त्यसरी आतिथ्यता प्रदान गर्ने राज्य पक्षको अनुरोधमा त्यस्तो राज्यको इलाकामा यात्रा गर्ने र पुनः प्रवेश गर्ने व्यक्तिलाई समर्थ तुलाउन आवश्यक भए बमोजिमका यात्रा अनुमतिपत्र वा अन्य आवश्यक अख्तियारी जारी गर्न मञ्जुर गर्नेछ ।

५. आतिथ्यता प्रदान गर्ने राज्य पक्षको कुनै आन्तरिक कानून बमोजिम मानव बेचविखन तथा ओसारपसारवाट पीडित व्यक्तिलाई प्रदान गरिएका कुनै पनि अधिकारलाई यस धारामा लेखिएका कुनै पनि कुराले प्रतिकूल असर पार्ने छैन ।

६. मानव बेचविखन तथा ओसारपसारबाट पीडितको फिर्ता गर्ने कामलाई पूर्ण वा आंशिक रुपमा नियमन गर्ने प्रचलित द्विपक्षिय वा बहुपक्षीय सम्झौता वा बन्दोबस्तबाट व्यवस्था भएको कुनै पनि कुरालाई यस धारामा लेखिएको कुनै कुराले प्रतिकूल असर पार्ने छैन ।

**३. निवारण, सहयोग तथा अन्य उपायहरु**

**धारा ९**

**मानव बेचविखन तथा ओसारपसारको निवारण**

१. राज्य पक्षहरुले देहायको काम गर्न व्यापक नीति, कार्यक्रम तथा अन्य उपायहरुको व्यवस्था गर्नेछन्;

(क) मानव बेचविखन तथा ओसारपसारको निवारण तथा प्रतिरोध गर्न,

(ख) मानव बेचविखन तथा ओसारपसारबाट पीडित र खास गरी महिला तथा वालवालिकालाई पुनः पीडित हुने कामबाट संरक्षण गर्न।

२. मानव बेचविखन तथा ओसारपसारको निवारण तथा प्रतिरोध गर्न राज्य पक्षहरुले अनुसन्धान गर्न, सूचना दिन तथा आम संचार अभियान संचालन गर्न र सामाजिक तथा आर्थिक पहलहरु संचालन गर्न प्रयत्न गर्नेछन्।

३. यस धारा बमोजिम स्थापना गरिएका नीति, कार्यक्रम तथा अन्य उपायहरुमा, उपयुक्त भए बमोजिम, गैरसरकारी संगठनहरु तथा अन्य सम्बद्ध संगठनहरु र नागरिक समाजका अन्य पक्षहरुसँगको सहयोग पनि पर्नेछन्।

४. राज्य पक्षहरुले मानव बेचविखन तथा ओसारपसार र खास गरी महिला तथा बालबालिकालाई बेचविखन र ओसारपसारको जोखिम पुयाउने गरिवी, कम विकास तथा समान अवसरको अभाव जस्ता कारक तत्वहरुको उन्मूलन गर्ने उपायहरु लगायत द्विपक्षीय वा वहुपक्षीय सहयोग मार्फत विभिन्न उपायहरु अपनाउने वा सुदृढ गर्नेछन्।

५. राज्य पक्षहरुले मानव शोषण र खास गरी महिला तथा बालवालिकालाई बेचविखन तथा ओसारपसारतर्फ डोयाउने, सवै किसिमका शोषणलाई बढावा दिने मागहरुलाई हतोत्साहन गर्न शैक्षिक, सामाजिक वा साँस्कृतिक लगायत द्विपक्षीय सहयोग जस्ता कानूनी वा अन्य उपायहरु अपनाउने वा सुदृढ गर्नेछन्।

**धारा १०**

**सूचना आदान प्रदान तथा प्रशिक्षण**

१. राज्य पक्षका कानून कार्यान्वयन गर्ने, अध्यागमन वा अन्य सम्बद्ध अधिकारीहरुले उपयुक्त भए बमोजिम देहायका विषय निर्धारण गर्न समर्थ बनाउन आ-आफ्नो आन्तरिक कानून बमोजिम सूचना आदान प्रदान गरी एक अर्कालाई सहयोग गर्ने छन्;

(क) अन्तर्राष्ट्रिय सिमाना पार गर्दै गरेका वा पार गर्न लाग्दै गरेका व्यक्तिहरुको साथमा अन्य व्यक्तिको यात्रा अनुमतिपत्र रहेको वा यात्रा अनुमतिपत्र विना नै पीडक वा मानव बेचबिखन तथा ओसार पसारका पीडित रहेको,

(ख) मानव बेचबिखन तथा ओसारपसारको प्रयोजनका लागि अन्तर्राष्ट्रिय सिमाना पार गर्ने व्यक्तिहरुले प्रयोग गरेका वा प्रयोग गर्न गई रहेका यात्रा अनुमतिपत्रको किसिम,

(ग) र पीडितको भर्ति तथा परिवहन, परिवहन मार्ग, मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेका व्यक्तिहरु तथा समूहहरु बीचको सम्पर्क (लिङ्क) तथा तिनीहरुको पहिचान गर्ने संभावित उपायहरु लगायत मानव बेचबिखन तथा ओसारपसारको प्रयोजनका लागि संगठित आपराधिक समूहहरुबाट उपयोग भएका माध्यम तथा विधिहरु।

२. राज्य पक्षहरुले कानून कार्यान्वयन, अध्यगमन तथा मानव बेचबिखन तथा ओसारपसारको निवारणमा संलग्न अन्य सम्बद्ध अधिकारीलाई प्रशिक्षण प्रदान गर्ने वा यसको सुदृढ गर्ने छन् । प्रशिक्षणले त्यसरी बेचबिखन तथा ओसारपसार गर्ने कामको रोकथाम, मानव बेचबिखन तथा ओसारपसार गर्नेहरुको अभियोजन तथा मानव बेचबिखन तथा ओसारपसार गर्नेहरुबाट पीडितको संरक्षण लगायत पीडितको संरक्षणका लागि उपयोग भएका विधिहरु केन्द्रित गर्नु पर्नेछ । प्रशिक्षणले मानव अधिकार तथा बाल-लैङ्गिक सम्वेदनशील विषयहरु विचार गर्न आवश्यक हुने कुरामा ध्यान दिनु पर्नेछ र गैरसरकारी संस्थाहरु, अन्य सम्बद्ध संस्थाहरु तथा नागरिक समाजका अन्य पक्षहरुसँगको सहयोगलाई प्रोत्साहन गर्नु पर्नेछ ।

३. सूचना प्राप्त गर्ने कुनै पनि राज्य पक्षले सूचनाको प्रयोगमा गरिनु पर्ने नियन्त्रणका सम्बन्धमा सूचना सम्प्रेषण गर्ने राज्य पक्षले गरेको कुनै पनि अनुरोधको पालना गर्ने छ ।

## धारा ११

## सिमाना सम्बन्धी उपायहरु

१. मानिसहरुको स्वतन्त्र आवागमनका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु उपर प्रतिकूल नहुने गरी राज्य पक्षहरुले सम्भव भएसम्म मानव बेचबिखन तथा ओसारपसारको रोकथाम गर्न तथा त्यस्ता घटना पत्ता लगाउन आवश्यक भए बमोजिम सिमाना नियन्त्रणलाई सुदृढ गर्नेछन् ।

२. प्रत्येक राज्य पक्षले यस आलेखको धारा ५ बमोजिम परिभाषित कसूरको वारदातमा प्रयोग भइरहेको व्यावसायिक ढुवानीकर्ताहरुबाट संचालन भएका यातायातका साधनहरुलाई त्यस्तो कार्यबाट रोक्न सम्भव भएसम्म कानूनी वा अन्य उपयुक्त उपायहरु अपनाउने छन् ।

३. उपयुक्त भए अनुसार र प्रचलित अन्तर्राष्ट्रिय महासन्धिहरुको प्रतिकूल नहुने गरी त्यस्ता उपायहरुमा कुनै यातायात कम्पनी वा कुनै यातायात साधनका धनी वा संचालक लगायत व्यावसायिक ढुवानीकर्ताहरुले गन्तव्य राज्यमा प्रवेश गर्नका लागि चाहिने यात्रा अनुमतिपत्र सम्पूर्ण यात्रुहरुले आफूसंग राखेको कुरा यकिन गर्नुपर्ने दायित्व रहने व्यहोरा समेत समावेश हुनेछन् ।

४. प्रत्येक राज्य पक्षले यस धाराको प्रकरण ३ मा उल्लिखित दायित्व उल्लंघन भएको अवस्थामा आफ्नो आन्तरिक कानून बमोजिम सजायको व्यवस्था गर्न आवश्यक उपायहरु अपनाउने छ ।

५. प्रत्येक राज्य पक्षले यस आलेख बमोजिम परिभाषित कसूर गर्ने कार्यमा संलग्न रहेको व्यक्तिलाई आफ्नो कानून बमोजिम प्रवेश अनुमति दिन अस्वीकार गर्ने वा प्रवेश इन्कारी गर्ने वा प्रवेशाज्ञा रद्द गर्ने गरी उपायहरु अपनाउन विचार गर्नेछ ।

६. यस महासन्धिको धारा २७ को प्रतिकूल नहुने गरी राज्य पक्षहरुले अन्य कुराको अतिरिक्त संचारको प्रत्यक्ष सूत्र स्थापना गर्न र त्यसलाई कायम राखी सिमा नियन्त्रण निकायहरु बीचको सहयोग सुदृढीकरणका लागि विचार गर्ने छन् ।

## धारा १२

## कागजातको सुरक्षा तथा नियन्त्रण

प्रत्येक राज्य पक्षले उपलब्ध साधनहरुको परिधि भित्र रही आवश्यक भए बमोजिम देहायका उपायहरु अपनाउने छन्;

(क) त्यस्तो राज्यले जारी गरेका यात्रा अनुमतिपत्र वा परिचयपत्र सजिलैसँग दुरुपयोग हुन नसक्ने तथा सजिलैसँग नक्कली बनाउन वा गैरकानूनी रुपमा परिवर्तन गर्न, प्रतिलिपि तयार गर्न वा जारी गर्न नसकिने गरी गुणस्तर कायम रहने कुरा सुनिश्चित गर्ने, र

(ख) राज्य पक्ष वा राज्य पक्षका तर्फबाट जारी भएका यात्रा अनुमतिपत्र वा परिचयपत्रको परिपूर्णता तथा सुरक्षा सुनिश्चित गर्ने र त्यसलाई गैरकानूनी रुपमा उत्पादन गर्ने जारी गर्ने र प्रयोग गर्ने कार्यको रोकथाम गर्ने।

**धारा १३**

**कागजातहरुको कानूनी मान्यता तथा बैधानिकता**

कुनै राज्य पक्षले अर्को राज्य पक्षको अनुरोधमा आफ्नो त्यस्तो राज्य पक्षको नाममा जारी भएका वा जारी गरिएका भनिएका र मानव बेचबिखन तथा ओसारपसारको लागि प्रयोग भएको आशंका गरिएका यात्रा अनुमतिपत्र वा परिचयपत्र आफ्नो आन्तरिक कानून बमोजिम मनासिव समयावधि भित्र परीक्षण गर्नेछ।

**४. आखिरी प्रावधानहरु**

**धारा १४**

**बचाउ सम्बन्धी व्यवस्था**

१. अन्तर्राष्ट्रिय मानवीय कानून तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानून र खासगरी लागू हुने अवस्थामा शरणार्थीको हैसियत सम्बन्धी सन् १९५१ मा व्यवस्था भएको महासन्धि तथा सन् १९६७ मा व्यवस्था भएको सो सम्बन्धी आलेख तथा त्यस्तो महासन्धि र आलेखमा उल्लिखित शरणार्थीलाई देश निकाला नगर्ने (नन्-रिफलमेन्ट) सिद्वान्त लगायत अन्तर्राष्ट्रिय कानून बमोजिम प्राप्त राज्यहरु तथा व्यक्तिहरुका अधिकार, दायित्व र जिम्मेवारीलाई यस आलेखमा लेखिएका कुनै कुराले असर पार्ने छैन।

२. यस आलेखमा उल्लिखित उपायहरुलाई मानव बेचविखन तथा ओसारपसारबाट पीडित भएको आधारमा व्यक्तिहरुलाई भेदभाव नहुने गरी व्याख्या र कार्यन्वयन गरिने छ। त्यस्ता उपायहरुको व्याख्या तथा कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त भेदभाव नगरिने (नन्-डिस्क्रीमिनेशन) सिद्धान्त अनुकुल हुने गरी गरिने छ।

**धारा १५**

**विवादको समाधान**

१. यस आलेखको व्याख्या तथा कार्यान्वयन सम्बन्धी विवादहरु वाताबाट समाधान गर्न राज्य पक्षहरुले प्रयत्न गर्नेछन्।

२. यस आलेखको व्याख्या तथा कार्यान्वयन सम्बन्धी दुई वा दुईभन्दा बढी राज्य पक्षहरु बीचको विवाद मनासिव समयभित्र वार्ताबाट समाधान हुन नसकेमा त्यस्ता राज्य पक्ष मध्ये कुनै एक राज्य पक्षको अनुरोधमा सो विवाद मध्यस्थता समक्ष पेश गरिने छ। मध्यस्थताको लागि अनुरोध गरिएको छ महिनासम्म त्यस्ता राज्य पक्षहरु मध्यस्थताको गठनका सम्बन्धमा सहमत हुन नसकेमा त्यस्ता राज्य पक्षहरुमध्ये कुनै एकले अन्तर्राष्ट्रिय न्यायालयको विधान बमोजिम अनुरोध गरी त्यस्तो विवादलाई सो न्यायालय समक्ष प्रस्तुत गर्न सक्नेछ।

३. प्रत्येक राज्य पक्षले यस आलेखको हस्ताक्षर, अनुमोदन, स्वीकृति वा समर्थन गर्दा वा यसमा सम्मिलन हुदाँका बखत यस धाराको प्रकरण २ आफूलाई बाधात्मक नहुने कुराका सम्बन्धमा घोषण गर्न सक्नेछ। अन्य राज्य पक्षहरुलाई त्यस्तो आरक्षण घोषणा गरेको राज्य पक्षका सम्बन्धमा यस धाराको प्रकरण २ बाध्यात्मक हुने छैन।

४. यस धाराको प्रकरण ३ बमोजिम आरक्षण राखेको राज्य पक्षले संयक्त राष्ट्र संघका महासचिवलाई लिखित सूचना दिई त्यस्तो आरक्षण जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

**धारा १६**

**<u>हस्ताक्षर, अनुमोदन, स्वीकृति, समर्थन तथा सम्मिलन</u>**

१. यो आलेख सन २००० को डिसेम्बर १२ देखि १५ तारिख (तदनुसार सम्वत २०५७ साल मंसीर २७ देखि ३० गते( सम्म पालेर्मो, इटालीमा र त्यस पछाडि सन् २००२ को डिसेम्वर १२ तारिख (तदनुसार सम्वत २०५९ साल मंसीर २६ गते( सम्म सवै राज्यहरुलाई हस्ताक्षरका लागि खुला रहने छ।

२. यो आलेख क्षेत्रीय आर्थिक एकीकरण सम्बन्धी संगठनहरुबाट हुने हस्ताक्षरका लागि पनि खुला रहने छ। तर त्यस्तो संगठनको कम्तिमा एक सदस्य राज्यले यस धाराको प्रकरण १ बमोजिम यस प्रोटोकलमा हस्ताक्षर गरेको हुनुपर्नेछ।

३. यस आलेखलाई अनुमोदन, स्वीकृति वा समर्थन गर्नु पर्नेछ। अनुमोदन, स्वीकृति वा समर्थनका लिखतहरु संयुक्त राष्ट्र संघका सहसचिव समक्ष अभिलेख गरिनेछन्। क्षेत्रीय आर्थिक एकिकरण सम्बन्धी संगठनले आफ्ना सदस्यहरुमध्ये कम्तिमा एक सदस्य राज्यले अनुमोदन, स्वीकृति वा समर्थनका लिखत अभिलेख गरेको अवस्थामा आफ्नो अनुमोदन, स्वीकृति वा समर्थनको लिखत अभिलेखगर्न सक्नेछ। अनुमोदन, स्वीकृति वा समर्थनको त्यस्तो लिखतमा त्यस्तो संगठनले यस आलेखबाट नियमन भएका विषयहरुमा आफ्नो सक्षमताको सीमाका बारेमा उद्घोषण गर्नेछ। त्यस्तो संगठनले आफ्नो सक्षमताको सीमामा भएको कुनै पनि सम्बद्ध परिवर्तनको बारेमा अभिलेख अधिकारी (डिपोजिटरी( लाई जानकारी समेत दिनेछ।

४. यो आलेख कुनै पनि राज्यबाट हुने वा यस आलेखको कम्तिमा एक सदस्य राज्य पक्ष रहेको कुनै क्षेत्रीय आर्थिक एकिकरण सम्बन्धी संगठनबाट हुने सम्मिलनका लागि खुला रहने छ। सम्मिलनका लिखितहरु संयुक्त राष्ट्र संघका महासचिव समक्ष अभिलेख गरिने छन्। सम्मिलन गर्दाका वखत क्षेत्रीय आर्थिक एकिकरण सम्बन्धी संगठनले यस आलेखबाट नियमन भएका विषयहरुमा आफ्नो सक्षमताको सीमाका बारेमा उद्घोषण गर्नेछ। त्यस्तो संगठनले आफ्नो सक्षमताको सीमामा भएको कुनै पनि सम्बद्ध परिवर्तनका बारेमा अभिलेख अधिकारीलाई जानकारी समेत दिनेछ।

**धारा १७**

**<u>लागू हुने</u>**

१. अनुमोदन, स्वीकृति, समर्थन वा सम्मेलनको चालीसौं लिखत अभिलेख गरेको मितिले नब्वे औं दिनमा यो आलेख लागू हुनेछ। तर महासन्धि लागू हुनु अगाडि यो आलेख लागू हुने छैन। यस प्रकरणको प्रयोजनका लागि कुनै क्षेत्रीय आर्थिक एकिकरण सम्बन्धी संगठनले अभिलेख गराएको लिखतलाई त्यस्तो संगठनका सदस्य राज्यहरुले अभिलेख गराएको लिखतको थप संख्याको लिखतको रुपमा गणना गरिने छैन।

२. यो आलेख अनुमोदन, स्वीकृति, समर्थन गर्ने वा यसमा सम्मिलन गर्ने प्रत्येक राज्य वा क्षेत्रीय आर्थिक एकिकरण सम्बन्धी संगठनको लागि त्यस्तो कार्य भएको चालीसौं लिखत अभिलेख गरेपछि त्यस्ता राज्य वा संगठनहरुबाट

सम्बन्धित लिखत अभिलेख भएको मितिबाट तीसौं दिनमा वा यस धाराको प्रकरण १ बमोजिम यो आलेख लागू भएको मिति मध्ये जुन पछिल्लो हुन्छ सोही मितिबाट यो आलेख लागू हुनेछ।

**धारा १८**

**संशोधन**

१. यो आलेख प्रारम्भ भएको पाँच वर्ष व्यतित भएपछि आलेखको कुनै पक्ष राज्यले यसमा संशोधन प्रस्ताव पेश गर्न सक्नेछ र संयुक्त राष्ट्रसंघका महासचिव समक्ष संशोधन दाखिला गर्नेछ र निजले प्रस्ताव उपर विचार गर्ने तथा निर्णय गर्ने प्रयोजनका लागि पक्ष राज्यहरु तथा महासन्धिका पक्षहरुको सम्मेलनलाई त्यसको सूचना दिनेछ। पक्षहरुको सम्मेलनमा सहभागी यस आलेखका राज्य पक्षहरु प्रत्येक संशोधनमा सर्वसम्मति हासिल गर्न हर सम्भव प्रयत्न गर्नेछन्। सर्वसम्मतिका लागि भएका सम्पूर्ण प्रयासहरु गरेर पनि सहमतिमा पुग्न नसकिएमा अन्तिम उपायको रुपमा संशोधन पारित हुनका लागि पक्षहरुको सम्मेलनको बैठकमा उपस्थित भई मतदान गर्ने यस आलेखहरु राज्य पक्षहरुको दई-तिहाई बहमत आवश्यक हुनेछ।

२. क्षेत्रीय आर्थिक एकिकरण सम्बन्धी संगठनहरुले आफ्ना सक्षमताका विषयहरुमा यस आलेखको पक्ष भएका आफ्ना सदस्य राज्यको संख्या बराबर यस धारा बमोजिम मतदानको अधिकार प्रयोग गर्नेछन्। त्यस्ता संगठनका सदस्यहरु आफैले मतदान गरेमा सदस्यहरुले मतदान गर्न सक्ने छैनन् र त्यस्ता संगठनले मतदान गरेमा सदस्यहरुले मतदान गर्न सक्ने छैनन्।

३. यस धाराको प्रकरण १ बमोजिम पारित भएको संशोधनलाई राज्य पक्षहरुले अनुमोदन, स्वीकृति वा समर्थन गर्नु पर्नेछ।

४. यस धाराको प्रकरण १ बमोजिम पारित भएको संशोधन त्यस्तो संशोधनको अनुमोदन, स्वीकृति वा समर्थनको लिखत संयुक्त राष्ट्र संघका महासचिव समक्ष अभिलेख गरेको मितिले नब्बे दिन पछि त्यस्तो राज्य पक्षका हकमा लाग हुनेछ।

५. जुनबेला संशोधन लागू हुन्छ, संशोधन आफूलाई बाध्यात्मक हुने भनी सहमति व्यक्त गर्ने राज्य पक्षहरुलाई त्यस्तो संशोधन बाध्यात्मक हुनेछ। अन्य राज्य पक्षहरुलाई यस आलेखका प्रावधानहरु तथा त्यस्ता पक्षहरुले अगाडि नै अनुमोदन, स्वीकृति वा समर्थन गरेको संशोधनहरु बाध्यात्मक भई नै रहने छन्।

**धारा १९**

**परित्याग**

१. संयुक्त राष्ट्रसंघका महासचिवलाई लिखित सूचना दिई कुनै पनि राज्य पक्षले यस आलेखको परित्याग गर्न सक्नेछ। महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्ष पछि त्यस्तो परित्याग प्रभावकारी हुनेछ।

२. कुनै क्षेत्रीय आर्थिक एकिकरण सम्बन्धी संगठनका सम्पूर्ण सदस्यहरुले यो आलेखको परित्याग गरेमा त्यस्तो संगठन यो आलेखको पक्ष रहने छैन्।

**धारा २०**

**अभिलेख अधिकारी तथा भाषा**

१. संयुक्त राष्ट्रसंघका महासचिवलाई यस आलेखको अभिलेख अधिकारी तोकिएको छ।

२. अरबी, चिनियाँ, अंग्रेजी, फ्रान्सिली, रुसी तथा स्पेनीस भाषाका सक्कल प्रति भएको यस आलेखका सबै प्रतिहरु समान रुपमा प्रामाणिक हुनेछन् र संयुक्त राष्ट्रसंघका महासचिव समक्ष अभिलेख हुनेछन्।

यसको प्रमाणस्वरुप आ-आफ्ना सरकारहरुबाट हस्ताक्षर गर्न रीतपूर्वकको अख्तियारी प्राप्त गरेका निम्नलिखित हस्ताक्षरकारी सर्वाधिकार सम्पन्न प्रतिनिधिहरुले यस आलेखमा हस्ताक्षर गरेका छौं।

**खण्ड ७० संख्या ४ नेपाल राजपत्र भाग ६ मिति २०७७।०१।२९ (आधिकारिताको लागि)**

## १९. भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३

**प्रस्तावना**

यस महासन्धिका राज्य पक्षहरू,

भ्रष्टाचारका कारण सामाजिक स्थायित्व र सुरक्षामा उत्पन्न हुने गम्भीर समस्या र चुनौती, प्रजातन्त्रको मूल्य र सो सम्बद्ध संस्थाको नैतिक मूल्य र न्याय प्रतिको उपेक्षा एवं दिगो विकास तथा कानूनको शासनको खतरा प्रति सरोकार राख्दै,

भ्रष्टाचार र अन्य किसिमका अपराध, खासगरी सम्पत्ति शुद्धीकरण लगायतका सङ्गठित अपराध र आर्थिक अपराधको अन्तरसम्बन्ध प्रति पनि सरोकार राख्दै,

राज्यहरूको राजनीतिक स्थायित्व एवं दिगो विकासलाई चुनौती दिने खालका बृहत् परिमाणका सम्पत्तिसँग सम्बन्धित रहेका भ्रष्टाचारका मुद्दाहरूमा राज्यका स्रोतहरू ठूलो अनुपातमा रहने कुरातर्फ थप सरोकार राख्दै,

भ्रष्टाचार अब स्थानीय समस्या मात्र नभई सबै समाज एवं अर्थ व्यवस्थाहरूलाई प्रभावित गर्ने बहुराष्ट्रिय क्रियाकलाप भएको, यसको रोकथाम तथा नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने कुरामा विश्वस्त हुँदै,

भ्रष्टाचारलाई प्रभावकारी रूपमा रोकथाम गर्न र त्यसको प्रतिरोध गर्न व्यापक र बहुआयामिक दृष्टिकोण आवश्यक पर्ने कुरामा समेत विश्वस्त हुँदै,

भ्रष्टाचारको प्रभावकारी रोकथाम गर्न र त्यसको प्रतिरोध गर्नका लागि क्षमता वृद्धि एवं संस्थागत विकास लगायत राज्यहरूको कार्यक्षमता अभिवृद्धि गर्न प्राविधिक सहायता प्राप्त भएमा त्यसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने कुरातर्फ थप विश्वस्त हुँदै,

गैरकानूनी रूपमा आर्जन गरिएको व्यक्तिगत सम्पत्तिले खासगरी प्रजातान्त्रिक संस्थाहरू, राष्ट्रिय अर्थव्यवस्था एवं कानूनको शासनलाई क्षति पुऱ्याउने कुरामा विश्वस्त हुँदै,

गैरकानूनी रूपमा आर्जित सम्पत्तिलाई अन्तर्राष्ट्रिय रूपमा एकबाट अर्को देशमा सार्ने कुरालाई अझ प्रभावकारी तरिकाबाट रोकथाम गर्ने, पत्ता लगाउने र दुरुत्साहित गर्ने र सम्पत्ति फिर्ता गराउने कार्यमा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने बारे अठोट गर्दै,

फौजदारी तथा देवानी वा प्रशासकीय कारवाहीमा सम्पत्ति सम्बन्धी अधिकारबारे न्यायिक निरूपण गर्न कानूनको उचित प्रक्रियाका आधारभूत सिद्धान्तहरूलाई आत्मसात गर्दै,

भ्रष्टाचार निवारण र उन्मूलन सबै राज्यहरूको उत्तरदायित्व भएको र राज्यहरूले यदि यस क्षेत्रमा चालिएका उनीहरूका प्रयासलाई प्रभावकारी तुल्याउने हो भने सार्वजनिक क्षेत्र बाहिरका नागरिक समाज, गैरसरकारी संस्था र समुदायमा आधारित सङ्गठनहरूका व्यक्ति तथा समूहहरूको समर्थन र संलग्नतामा एक अर्कालाई सहयोग गर्नैपर्ने कुरालाई ध्यानमा राख्दै,

सार्वजनिक सम्पत्ति र सार्वजनिक कार्यहरूको समुचित व्यवस्थापन, निष्पक्षता, उत्तरदायित्व र कानूनको अगाडि समानताका सिद्धान्त र स्वाभिमानको रक्षाको आवश्यकता एवं भ्रष्टाचारलाई तिरष्कार गर्ने संस्कृतिलाई परिपालित गर्ने कुरालाई समेत ध्यानमा राख्दै,

भ्रष्टाचार निवारण एवं त्यसको प्रतिरोधमा अपराध नियन्त्रण तथा फौजदारी न्याय सम्बन्धी आयोग तथा संयुक्त राष्ट्रसङ्घीय लागू औषध तथा अपराध सम्बन्धी कार्यालयका कार्यको प्रशंसा गर्दै,

यस क्षेत्रमा कार्यरत अफ्रिकन सङ्गठन, युरोपीय परिषद्, भन्सार सहयोग परिषद् (विश्व भन्सार परिषद् पनि भनिने) युरोपीयन युनियन, अरब राज्यहरूको लिग, आर्थिक सहयोग र विकास सम्बन्धी सङ्गठन र अमेरिकी राज्यहरूको सङ्गठन लगायतका अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूले गरेका कार्यहरूलाई स्मरण गर्दै,

भ्रष्टाचार निवारण एवं त्यसको प्रतिरोधमा अमेरिकी राज्यहरूको सङ्गठनले सन् १९९६ को मार्च २९ मा पारित गरेको भ्रष्टाचार विरुद्धको अन्तरअमेरिकी महासन्धि, युरोपीयन युनियनको परिषद्ले सन् १९९७ को मई २६ मा पारित गरेको युरोपीयन समुदायका अधिकारीहरूको वा युरोपीयन युनियनका सदस्य राष्ट्रहरूका अधिकारीहरूको भ्रष्टाचारमा संलग्नता बारेको महासन्धि, आर्थिक सहायता तथा विकास सम्बन्धी सङ्गठनले सन् १९९७ को नोभेम्वर २१ मा पारित गरेको अन्तर्राष्ट्रिय व्यावसायिक कारोवारमा संलग्न वैदेशिक सार्वजनिक अधिकारीसँग सम्बन्धित घुस रिसवत विरुद्धको महासन्धि, युरोपीय मन्त्रिपरिषद्को समितिद्वारा १९९९ को जनवरी २७ मा पारित भ्रष्टाचार सम्बन्धी फौजदारी कानून महासन्धि, युरोपीय मन्त्रिपरिषद्को समितिद्वारा १९९९ को नोभेम्वर ४ मा अनुमोदित भ्रष्टाचार सम्बन्धी देवानी कानून महासन्धि र अफ्रिकन सङ्गठनका राज्यप्रमुख तथा सरकार प्रमुखहरूद्वारा २००३ को जुलाई १२ मा पारित भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध सम्बन्धी अफ्रिकी युनियन महासन्धि लगायतका भ्रष्टाचार निवारण र प्रतिरोध सम्बन्धी बहुराष्ट्रिय आलेखहरूलाई स–सम्मान ध्यानमा राख्दै,

बहुराष्ट्रिय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि सन् २००३ को नोभेम्वर २९ मा प्रारम्भ भएको कुरालाई स्वागत गर्दै, देहाय बमोजिम गर्न मञ्जुर गरेका छन्:

## परिच्छेद— एक

## सामान्य प्रावधानहरू

### धारा १

### उद्देश्य सम्बन्धी अभिकथन

यस महासन्धिका देहायका उद्देश्यहरू रहेका छन्:

(क) भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध सम्बन्धी उपायहरू अझ दक्षतापूर्वक र प्रभावकारी रूपमा विकसित र सुदृढ गर्नु,

(ख) भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध लगायत सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग र प्राविधिक सहायताको अभिवृद्धि, सहजीकरण र समर्थन गर्नु,

(ग) सार्वजनिक कार्य र सार्वजनिक सम्पत्तिको इमान्दुरी, जवाफदेहिता तथा उचित व्यवस्थापनको अभिवृद्धि गर्नु।

### धारा २

### परिभाषा

यस महासन्धिको प्रयोजनका लागि:

"सार्वजनिक अधिकारी" भन्नाले जुनसुकै वरिष्ठताको भए पनि कुनै राज्य पक्षको विधायिकी, कार्यकारी, प्रशासनिक वा न्यायिक कार्यालयमा नियुक्त वा निर्वाचित भई, स्थायी वा अस्थायी रूपमा रही, पारिश्रमिक पाई वा नपाई, कुनै पदमा बहाल रहेको व्यक्ति, र

कुनै सार्वजनिक निकाय वा सार्वजनिक संस्थाको लागि सार्वजनिक कार्य गर्ने वा राज्य पक्षको आफ्नै मुलुकको कानूनमा परिभाषित भए बमोजिम र राज्य पक्षको कुनै खास कानूनी क्षेत्रभित्र रही सार्वजनिक सेवा प्रदान गर्ने अन्य कुनै व्यक्ति, राज्य पक्षको आफ्नै मुलुकको कानूनद्वारा "सार्वजनिक अधिकारी" भनी परिभाषित गरिएको अन्य कुनै व्यक्ति सम्झनुपर्छ।

(क) तथापि, यस महासन्धिको परिच्छेद—२ मा उल्लिखित केही खास उपायहरूको प्रयोजनको लागि "सार्वजनिक अधिकारी" भन्नाले राज्य पक्षको आफ्नै मुलुकको कानून बमोजिम सार्वजनिक कार्य गर्ने र सार्वजनिक सेवा प्रदान गर्ने तथा त्यस्तो सदस्य राज्यको खास कानूनी क्षेत्रभित्र पर्ने व्यक्तिलाई समेत जनाउन सक्नेछ।

(ख) "विदेशी सार्वजनिक अधिकारी" भन्नाले कुनै विदेशी मुलुकको विधायिकी, कार्यकारी वा न्यायिक कार्यालयमा नियुक्त वा निर्वाचित भई पदमा रहेको र कुनै सार्वजनिक एजेन्सी वा सार्वजनिक संस्था लगायतका पदमा रही विदेशी मुलुकका लागि सार्वजनिक कार्य गरिरहेको व्यक्ति समेत सम्झनुपर्छ।

(ग) "सार्वजनिक अन्तर्राष्ट्रिय संस्थाको अधिकारी" भन्नाले अन्तर्राष्ट्रिय निजामती कर्मचारी वा त्यस्तो संस्थाका तर्फबाट कार्य गर्न अख्तियारी पाएको व्यक्तिलाई सम्झनुपर्छ।

(घ) "सम्पत्ति" भन्नाले भौतिक वा अभौतिक, चल वा अचल, स्पर्शीय वा अस्पृश्य, जुनसुकै प्रकारको सम्पत्ति र त्यस प्रकारको सम्पत्ति माथिको हक वा हित प्रमाणित गर्ने कानूनी लिखत वा आलेख सम्झनुपर्छ।

(ङ) "आपराधिक आर्जन" भन्नाले अपराधजन्य कार्यमार्पmत् सम्बन्धित प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आएको वा प्राप्त भएको कुनै सम्पत्ति सम्झनुपर्छ।

(च) "रोक्का" वा "कब्जा" भन्नाले अदालत वा अन्य सक्षम निकायद्वारा जारी गरिएको आदेशका आधारमा सम्पत्तिलाई हस्तान्तरण गर्न, परिवर्तन गर्न, बिक्री गर्न वा स्थानान्तरण गर्नबाट अस्थायी रूपमा निषेध गर्नु वा सम्पत्तिलाई अस्थायी रूपमा कब्जा गर्नु वा नियन्त्रणमा लिनुलाई सम्झनुपर्छ।

(छ) "जफत" जसमा अवस्था अनुसार हरण पनि पर्दछ, भन्नाले अदालत वा अन्य सक्षम निकायको आदेश बमोजिम सम्पत्तिबाट स्थायी रूपमा वञ्चित गर्नुलाई सम्झनुपर्छ।

(ज) "सम्बद्ध कसूर" भन्नाले त्यस्तो कसूरलाई सम्झनुपर्छ, जसबाट प्राप्त लाभहरू यस महासन्धिको धारा २३ मा परिभाषा गरिएको कसूरसँग सम्बन्धित विषय बन्न सक्छ।

(झ) "नियन्त्रित आपूर्ति" भन्नाले कसूरको अनुसन्धान र कसूर गर्नमा संलग्न भएका व्यक्तिहरूको पहिचान गर्ने उद्देश्यले सक्षम निकायहरूको सुपरीवेक्षण र जानकारीका साथ एक वा सोभन्दा बढी राज्यहरूको क्षेत्र बाहिर वा भित्र वा क्षेत्र भएर गैरकानूनी वा शंकास्पद खेपहरूलाई ओहोर–दोहोर गराउन अनुमति दिइने प्रविधि सम्झनुपर्छ।

**धारा ३**

**लागू हुने क्षेत्र**

१. यो महासन्धि यसै महासन्धिद्वारा स्थापित व्यवस्था अनुसार, भ्रष्टाचारजन्य कसूरको निवारण, अनुसन्धान र अभियोजन तथा आपराधिक आर्जन रोक्का राख्ने, कब्जा गर्ने, र जफत गर्ने एवं फिर्ता गर्ने कुरामा हकमा लागू हुनेछ।

२. यो महासन्धिको कार्यान्वयनको प्रयोजनका लागि, यसमा अन्यथा उल्लेख भए बमोजिम बाहेक, यस महासन्धिमा व्यवस्था गरिएका कसूरहरूले कुनै राज्यको सम्पत्तिलाई नोक्सानी वा क्षति पुर्याएको हुनु आवश्यक मानिने छैन।

**धारा ४**

**सार्वभौमसत्ताको संरक्षण**

१. यस महासन्धि अन्तर्गतका दायित्व निर्वाह गर्दा राज्य पक्षहरूले अन्य राज्यहरूको आन्तरिक मामिलामा हस्तक्षेप नहुने गरी तथा राज्यहरूको क्षेत्रीय अखण्डता एवं सार्वभौम समानताका सिद्धान्तहरूको विपरीत नहुने गरी गर्नेछन्।

२. यस महासन्धिमा उल्लेख भएका कुनै पनि व्यवस्थाले कुनै पनि राज्य पक्षलाई अर्को राज्यको क्षेत्रभित्र क्षेत्राधिकारको अभ्यास गर्न र सम्बन्धित राज्यको आन्तरिक कानूनले आफ्ना निकायहरूलाई निरपेक्ष रूपमा प्रदान गरेका कार्यहरू गर्न कुनै पनि अधिकार प्रदान गर्नेछैन।

## परिच्छेद— दुई

## निवारणात्मक उपायहरू

**धारा ५**

**भ्रष्टाचार विरुद्धका निवारणात्मक नीति तथा व्यवहारहरू**

१. प्रत्येक राज्य पक्षले आफ्नो कानूनी प्रणालीका आधारभूत सिद्धान्तहरूको अनुकूल हुने गरी सामाजिक सहभागिताको अभिवृद्धि हुने, कानूनको शासनका सिद्धान्तहरू प्रतिबिम्बित हुने एवं सार्वजनिक सम्पत्ति र सार्वजनिक कार्यहरूको समुचित व्यवस्थापन गरिने, इमान्दुरी, पारदर्शिता र जवाफदेहिता कायम रहने गरी प्रभावकारी र समन्वयात्मक रूपमा भ्रष्टाचार विरोधी नीतिहरू विकसित गर्ने, लागू गर्ने र कायम राख्नेछ।

२. प्रत्येक राज्य पक्षले भ्रष्टाचार निवारण गर्ने उद्देश्यले प्रभावकारी व्यवहारहरूको स्थापना र अभिवृद्धि गर्ने प्रयास गर्नेछ।

३. प्रत्येक राज्य पक्षले भ्रष्टाचार रोक्न र त्यस विरुद्ध लड्न आफ्ना सम्बद्ध कानूनी आलेख र प्रशासनिक उपायहरू पर्याप्त छन् वा छैनन् भनी पत्ता लगाउनका लागि तिनको आवधिक मूल्याङ्कनगर्ने प्रयास गर्नेछ।

४. राज्य पक्षहरूले उपयुक्तता अनुसार र आफ्नो कानून प्रणालीका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी यस धारामा उल्लिखित उपायहरूको प्रवर्धन र विकास गर्नका लागि सम्बद्ध अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सङ्गठनहरूसँग र एक–आपसमा साझेदारी कायम राख्नेछन्। यस्तो साझेदारी भित्र भ्रष्टाचार निवारण गर्ने उद्देश्य रहेका अन्तर्राष्ट्रिय कार्यक्रम र परियोजनाहरूमा सहभागी हुने कुराहरू समावेश हुन सक्नेछन्।

**धारा ६**

**भ्रष्टाचार–विरोधी निवारणात्मक निकाय र निकायहरू**

१. प्रत्येक राज्य पक्षले आफ्नो कानूनी प्रणालीका आधारभूत सिद्धान्तहरू अनुसार भ्रष्टाचार निवारण गर्न उपयुक्तता अनुसार देहायका व्यवस्था अनुरूपका निकाय वा निकायहरू गठन गर्ने कार्य सुनिश्चित गर्नेछः

(क) यस महासन्धिको धारा ५ मा उल्लेख गरिएका नीतिहरू लागू गर्न र, उपयुक्तता अनुसार, ती नीतिहरूको कार्यान्वयन पक्षको सिंहावलोकन र समन्वय गर्न,

(ख) भ्रष्टाचार निवारण सम्बन्धी ज्ञान अभिवृद्धि र सम्प्रेषण गर्न।

२. प्रत्येक राज्य पक्षले, आफ्नो कानूनी प्रणालीका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, यस्ता निकाय वा निकायहरूले कुनै पनि अनुचित प्रभावबाट मुक्त रहेर र प्रभावकारी रूपमा आफ्नो वा आफ्ना कार्यसञ्चालन गर्न सक्षम रहन सक्ने गरी यस धाराको प्रकरण १ मा उल्लिखित निकाय वा निकायहरूलाई आवश्यक स्वतन्त्रता प्रदान गर्नेछ। त्यस्ता निकायहरूलाई आवश्यक भौतिक स्रोत र विशिष्टीकृत कर्मचारी लगायत ती कर्मचारीलाई आफ्ना कार्यहरू गर्नका लागि आवश्यक पर्न सक्ने तालिम समेत प्रदान गर्नुपर्दछ।

३. प्रत्येक राज्य पक्षले भ्रष्टाचार निवारणका लागि खास उपायहरू विकसित गर्न र कार्यान्वयन गर्न अरू राज्य पक्षलाई सहायता पुऱ्याउन सक्ने निकाय वा निकायहरूको नाम र ठेगाना बारे संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचित गर्नेछ।

**धारा ७**

**सार्वजनिक क्षेत्र**

१. प्रत्येक राज्य पक्षले, उपयुक्त भएसम्म र आफ्नो कानूनी प्रणालीका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, निजामती कर्मचारीहरू र उपयुक्त भएसम्म अन्य अनिर्वाचित सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको भर्ना गर्ने (recruitment), नियुक्ति गर्ने (hiring), कायम राख्ने, बढुवा र अवकाश सम्बन्धी पद्धति लागू गर्न, यथावत राख्न र सबलीकृत गर्न प्रयास गर्नेछः

(क) ती कुराहरू सक्षमता, पारदर्शिता र वस्तुगत आधारहरू, जस्तैः योग्यता, समन्याय र आर्जित क्षमताका सिद्धान्तहरूमा आधारित हुनेछन्,

(ख) ती कुराहरूभित्र खासगरी भ्रष्टाचार हुनसक्ने खतरा रहेको मानिने सार्वजनिक पदहरूमा व्यक्तिहरूको छनौट र तालिम प्रदान गर्ने र सम्भव भएसम्म त्यस्ता व्यक्तिहरूलाई अरू पदमा स्थानान्तरित गरिरहने पर्याप्त परिपाटीहरू समावेश हुनेछन्,

(ग) ती कुराहरूभित्र राज्य पक्षको आर्थिक विकासको दरलाई ध्यानमा राख्दै पर्याप्त पारिश्रमिक र न्यायोचित तलबमान अभिवृद्धि गर्ने कुरा पर्नेछन्,

(घ) ती कुराहरूभित्र त्यस्ता अधिकारीहरूलाई सार्वजनिक कार्य समुचित, सही र सम्मानजनक तरिकाबाट सम्पादन गर्न आवश्यक हुने योग्यता प्रदान गर्न शिक्षा र तालिम सम्बन्धी कार्यक्रमहरू विकसित गर्ने र उनीहरूले आफ्नो कार्यसम्पादन गर्ने कुरासँग अन्तरनिहित रहेको भ्रष्टाचारको सम्भाव्य जोखिमप्रति जागरुकता अभिवृद्धि गर्न विशिष्टीकृत र समुचित तालिम प्रदान गर्ने कुरा पर्नेछन्। यस्ता कार्यक्रमहरूले सम्बद्ध क्षेत्रमा आचारसंहिता वा आचरणका मापदण्डलाई निर्दिष्ट गर्न सक्नेछन्।

२. प्रत्येक राज्य पक्षले, यस महासन्धिका उद्देश्यहरूको अनुकूल हुने गरी र आफ्नो मुलुकको कानूनी प्रणालीका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी सार्वजनिक पदको उम्मेदवारी र निर्वाचनसँग सम्बन्धित आधारहरू प्रदान गर्न समुचित विधायिकी र प्रशासनिक उपायहरू लागू गरिने विषयमा पनि विचार गर्नेछ।

३. प्रत्येक राज्य पक्षले, यस महासन्धिका उद्देश्यहरूको अनुकूल हुने गरी र आफ्नो मुलुकको कानूनी प्रणालीका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, निर्वाचित हुने सार्वजनिक कार्यालय र राजनीतिक दलहरूको कोष सम्बन्धी विषयमा लागू हुने हदसम्म पारदर्शिता अभिवृद्धि गर्न समुचित विधायिकी र प्रशासनिक उपायहरू लागू गर्ने विषयमा पनि विचार गर्नेछ।

४. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू अनुरूप पारदर्शिता अभिवृद्धि गर्ने र स्वार्थ सङ्घर्षलाई निवारण गर्ने पद्धति अनुमोदन गर्न, कायम राख्न र त्यसको सवलीकरणका लागि प्रयास गर्नेछ।

**धारा ८**

**सार्वजनिक अधिकारीहरूको आचारसंहिता**

१. प्रत्येक राज्य पक्षले भ्रष्टाचार विरुद्ध लड्नका लागि, आफ्नो कानूनी प्रणालीका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी आफ्ना सार्वजनिक अधिकारीहरूमा अन्य कुराका अतिरिक्त निष्ठा, इमान्दुरी र उत्तरदायित्व अभिवृद्धि गर्नेछ।

२. प्रत्येक राज्य पक्षले सार्वजनिक कार्यहरूको सही, सम्मानजनक र समुचित सम्पादनका लागि विशेष गरी, आफ्ना संस्थागत र कानूनी पद्धतिहरूभित्र आचारसंहिता र आचरणका मापदण्डहरू लागू गर्न प्रयास गर्नेछ।

३. प्रत्येक राज्य पक्षले यस धाराका प्रावधानहरू कार्यान्वयन गर्ने प्रयोजनका लागि, उपयुक्त भएसम्म र आफ्नो कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, महासभाको १२ डिसेम्वर १९९६ को प्रस्ताव नं. ५१/५९ को परिशिष्टमा उल्लिखित सार्वजनिक अधिकारीका अन्तर्राष्ट्रिय आचारसंहिता जस्ता क्षेत्रीय, अन्तरक्षेत्रीय र बहुपक्षीय सङ्गठनका सम्बद्ध प्रयासहरूलाई जानकारीमा लिनेछ।

४. प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, कुनै सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई आफ्नो कार्यसम्पादनको सिलसिलामा भ्रष्टाचारको कुनै कार्य भएको भन्ने कुरा जानकारी हुन आएमा, उनीहरूले सो कुराको सूचना उपयुक्त अधिकारीलाई प्रदान गर्न सहजीकरण गर्ने पद्धति र उपायहरू स्थापित गर्न समेत विचार गर्नेछ।

५. प्रत्येक राज्य पक्षले, उपयुक्त भएसम्म र आफ्नो कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, सार्वजनिक पदाधिकारीले त्यस्तो पदाधिकारीको रूपमा आफ्नो कार्यसम्पादन गर्दा स्वार्थ सङ्घर्ष (Conflict of Interest) देखिन सक्ने आफ्ना बाह्य क्रियाकलापहरू, रोजगारी, लगानी, सम्पत्ति र ठूलाठूला उपहार र लाभ प्राप्त गर्ने लगायतका कुराहरू बारे सम्बद्ध निकायसमक्ष घोषणा गर्ने पद्धति र उपायहरू स्थापित गर्न प्रयास गर्नेछ।

६. प्रत्येक राज्य पक्षले, आफ्नो कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, यसै धाराद्वारा स्थापित आचारसंहिता वा मापदण्डहरू उल्लंघन गर्ने सार्वजनिक पदधारण गरेका व्यक्तिहरू विरुद्ध अनुशासनात्मक कारवाही गर्ने वा अन्य उपाय अवलम्बन गर्नेतर्फ विचार गर्नेछ।

**धारा ९**

**सार्वजनिक खरिद एवं सार्वजनिक वित्तको व्यवस्थापन**

१. प्रत्येक राज्य पक्षले, आफ्नो कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरू अनुसार, अन्य कुराका अतिरिक्त, भ्रष्टाचार निवारण गर्न प्रभावकारी हुने गरी पारदर्शिता, प्रतिस्पर्धा र निर्णय–निर्माण प्रक्रिया वस्तुगत आधारमा हुने गरी उपयुक्त खरिद पद्धति स्थापित गर्न आवश्यक कदम चाल्नेछ। यस्ता पद्धति, जसले आफ्नो कार्यान्वयनमा समुचित आधार मूल्यलाई ख्याल गर्नेछन्, ले अन्य कुराका अतिरिक्त निम्न कुरालाई सम्बोधित गर्नेछन्:

(क) सम्भाव्य टेण्डरदाताहरूलाई आफ्नो टेण्डर तयार गर्न र पेश गर्न पर्याप्त समय प्रदान गर्नको लागि टेण्डर आव्हान सम्बन्धी सूचना र ठेक्कापट्टा सम्बन्धी सम्बद्ध र महत्वपूर्ण सूचना लगायत खरिद–बिक्री सम्बन्धी कार्यविधिहरू र ठेक्कापट्टाहरूसँग सम्बन्धित सूचनाको सार्वजनिक प्रवाह;

(ख) छनौट र प्रदान गर्ने शर्त र टेण्डर सम्बन्धी नियमहरू र तिनको प्रकाशन लगायत सहभागिताका शर्तहरूको अग्रिम व्यवस्था सम्बन्धी;

(ग) नियम र कार्यविधिहरूको सही प्रयोग भए नभएको बारे तदनन्तर जाँचबुझ प्रक्रियालाई सहजीकरण गर्नको लागि सार्वजनिक खरिद–बिक्री सम्बन्धी निर्णयका निमित्त वस्तुगत र पूर्वनिर्धारित आधारहरूको प्रयोग;

(घ) यस प्रकरण बमोजिम स्थापित नियम र कार्यविधिहरू पालना नभएको अवस्थामा कानूनी उपाय र उपचार सुनिश्चित गर्न पुनरावेदनको प्रभावकारी प्रणाली लगायत आन्तरिक पुनरावलोकनको प्रभावकारी प्रणाली;

(ङ) उपयुक्तता अनुसार, खरिद र प्राप्तिका लागि जिम्मेवार कर्मचारीसँग सम्बन्धित विषयहरू, जस्तै– खास सार्वजनिक खरिदसँग सम्बन्धित स्वार्थको घोषणा, छनौट गर्ने सम्बन्धी कार्यविधिहरू र तालिम सम्बन्धी आवश्यकताहरूसँग सम्बन्धित कुराहरू नियमित गर्ने उपायहरू;

२. प्रत्येक राज्य पक्षले, आफ्नो कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी सार्वजनिक वित्तको व्यवस्थापनमा पारदर्शिता र जिम्मेवारीको अभिवृद्धि गर्न समुचित उपायहरू अवलम्बन गर्नेछ । त्यस्ता उपायहरूमा, अन्य कुराका अतिरिक्त निम्न कुरा समावेश हुनेछन्ः

(क) राष्ट्रिय बजेट अनुमोदन सम्बन्धी कार्यविधिहरू;

(ख) राजश्व र व्ययको सामयिक जानकारी;

(ग) लेखा तथा लेखापरीक्षणका मापदण्ड सम्बन्धी पद्धति र सम्बद्ध नियन्त्रण;

(घ) जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण सम्बन्धी प्रभावकारी र सक्षम पद्धति;

(ङ) उपयुक्त भएसम्म यस प्रकरणमा व्यवस्थित प्रावधानहरूको परिपालना गर्न असफल भएका अवस्थामा लिइने सुधारात्मक कारवाही ।

३. प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी लेखा सम्बन्धी स्रेस्ताहरू, अभिलेखहरू, वित्तीय विवरणहरू वा सार्वजनिक खर्च र राजश्व सम्बन्धी लिखतहरूको शुद्धता कायम राख्न र त्यस्ता लिखतहरूको मिथ्याकरण रोक्न आवश्यकता अनुरूपका देवानी र प्रशासनिक उपायहरू अवलम्बन गर्नेछ ।

**धारा १०**

**सार्वजनिक सूचना प्रवाह**

प्रत्येक राज्य पक्षले, भ्रष्टाचारको प्रतिरोध गर्न आवश्यक पर्ने कुरालाई ध्यानमा राखी, आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्त अनुरूप हुने गरी, उपयुक्तता अनुसार सङ्गठन, क्रियाकलाप र निर्णय–निर्माण प्रक्रियाहरू लगायतका सार्वजनिक प्रशासन सम्बन्धी विषयमा पारदर्शिता बढाउन आवश्यकता अनुसारका उपायहरू अवलम्बन गर्नेछ । यस्ता उपायहरूमा, अन्य कुराका अतिरिक्त निम्न कुराहरू समावेश हुन सक्नेछन्ः

(क) सर्वसाधारण जनतालाई उपयुक्तता अनुसार सार्वजनिक प्रशासनका सङ्गठन, क्रियाकलाप र निर्णय–निर्माण प्रक्रियाहरूको बारेमा र गोपनीयता एवं वैयक्तिक सूचनाहरूको संरक्षणलाई समुचित सम्मान प्रदान गर्दै, सर्वसाधारण जनतासँग सम्बन्धित निर्णयहरू र कानूनी कार्यहरूका सम्बन्धमा, सूचना प्राप्त गर्न अनुमति प्रदान गर्ने गरी कार्यविधि र नियमहरू लागू गर्ने;

(ख) निर्णय गर्ने सक्षम अधिकारीहरूसम्म सर्वसाधारणको पहुँचलाई सरलीकृत गर्ने प्रयोजनका लागि उपयुक्तता अनुसार प्रशासनिक कार्यविधिहरू सरलीकरण गर्ने; र

(ग) सार्वजनिक प्रशासनमा हुन सक्ने भ्रष्टाचारको जोखिम बारे आवधिक प्रतिवेदन समाहित भएको सूचना प्रकाशित गर्ने ।

**धारा ११**

**न्यायपालिका र अभियोजन सेवासँग सम्बन्धित उपायहरू**

१. प्रत्येक राज्य पक्षले, न्यायपालिकाको स्वतन्त्रता र भ्रष्टाचारको प्रतिरोधमा यसको महत्वपूर्ण भूमिकालाई ध्यानमा राख्दै, आफ्नो कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी र न्यायपालिकाको स्वतन्त्रताको प्रतिकूल नहुने गरी न्यायपालिकाका सदस्यहरूको निष्ठा बढाउने र उनीहरूलाई भ्रष्टाचारको मौका प्राप्त हुन नदिने उपायहरू अवलम्बन गर्नेछ । यस्ता उपायहरू अन्तर्गत न्यायपालिकाका सदस्यहरूको आचारसंहितासँग सम्बन्धित नियमहरू समेत पर्न सक्नेछन् ।

२. ती राज्य पक्षहरू, जहाँ अभियोजन सेवा न्यायपालिकाको अङ्ग नभएको तर यस सेवाले न्याय सेवाले जस्तै स्वतन्त्रताका उपभोग गर्ने गर्दछ, मा यस धाराको प्रकरण १ मा उल्लेख भए सरहकै उपायहरूको थालनी गर्न र लागू गर्न सकिनेछ ।

**धारा १२**

**निजी क्षेत्र**

१. प्रत्येक राज्य पक्षले निजी क्षेत्रसँग सम्बन्धित भ्रष्टाचार निवारण गर्न आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी निजी क्षेत्रमा लेखा र लेखापरीक्षणका मापदण्डहरू विकसित गर्न उपायहरू अवलम्बन गर्नेछ र उपयुक्तता अनुसार त्यस्ता उपायहरूको परिपालना गर्न असफल रहेमा प्रभावकारी आनुपातिक र दुरुत्साहनमुखी (dissuasive) देवानी, प्रशासनिक वा फौजदारी दण्ड दिने व्यवस्था गर्नेछ ।

२. ती उद्देश्य प्राप्त गर्ने उपायहरूमा, अन्य कुराका अतिरिक्त निम्न कुराहरू समावेश हुन सक्नेछन्:

(क) कानून कार्यान्वयन गर्ने निकायहरू र सम्बद्ध निजी एकाइका बीच सहयोगको अभिवृद्धि गर्ने;

(ख) राज्य र व्यवसायीहरू बीच करारीय सम्बन्ध राख्न र व्यवसायीहरू बीच असल व्यापारिक व्यवहारहरूको प्रयोगमा अभिवृद्धि गर्न र स्वार्थ–सङ्घर्षको निवारण गर्न र सम्बद्ध सबै पेशाहरू र व्यावसायिक क्रियाकलापहरूको सही, सम्मानजनक र समुचित सम्पादनका लागि आचारसंहिता लगायत सम्बद्ध निजी एकाइहरूको स्वाभिमानको रक्षाका लागि व्यवस्थित मापदण्डहरू र कार्यविधिहरूको विकासको प्रवर्धन गर्ने,

(ग) संस्थागत निकायहरूको स्थापना र व्यवस्थापनमा संलग्न रहेका कानूनी र प्राकृतिक व्यक्तिहरूको पहिचान गर्ने लगायतका निजी एकाइहरूमा पारदर्शिता प्रवर्धन गर्ने उपायहरू उपयुक्तता अनुसार अवलम्बन गर्ने;

(घ) सार्वजनिक निकायहरूले व्यापारिक क्रियाकलापको सम्बन्धमा छुट र अनुमति–पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधिहरू लगायतका निजी एकाइको नियमन गर्ने कार्यविधिहरूको दुरूपयोग हुन रोक लगाउने;

(ङ) सार्वजनिक पदधारण गरेका व्यक्तिहरूले आफ्नो कार्यकालमा पदमा रहँदा सुपरीवेक्षण गरेका वा त्यस्ता कार्य गर्दा वा काममा रहँदा प्रत्यक्ष रूपमा सम्बन्ध भएका क्रियाकलापसँग त्यस्ता सार्वजनिक अधिकारीहरूले राजीनामा गरेपछि वा अवकास प्राप्त गरेपछि उनीहरूलाई निजी क्षेत्रले काममा लगाउने सम्बन्धमा वा पूर्व सार्वजनिक अधिकारीहरूका व्यावसायिक क्रियाकलाप सम्बन्धमा उपयुक्तता अनुसार र मनासिव समयावधिसम्म प्रतिबन्ध लगाएर स्वार्थ–सङ्घर्षमा रोक लगाउने;

(च) निजी प्रतिष्ठानहरूको संरचना र आकारलाई ध्यानमा राख्दै भ्रष्टाचारजन्य कार्यको रोकथाम गर्ने र पत्ता लगाउने कार्यमा सहयोग पुऱ्याउने सिलसिलामा पर्याप्त आन्तरिक लेखापरीक्षण नियन्त्रण सम्बन्धी व्यवस्थाहरूको विद्यमानता र त्यस्ता प्रतिष्ठानहरूको लेखा र वित्तीय विवरणहरू उपयुक्त लेखापरीक्षण र प्रमाणीकरण कार्यविधिको अधीनमा रहने कुराको सुनिश्चितता प्रदान गर्ने;

३. भ्रष्टाचार निवारण गर्नका लागि, प्रत्येक राज्य पक्षले श्रेस्ता र अभिलेख, वित्तीय विवरणको सार्वजनिकीकरण तथा लेखा र लेखापरीक्षणको मापदण्ड (standards) सम्बन्धी आफ्नो मुलुकको कानून र नियम अनुसार यस महासन्धि बमोजिम व्यवस्था गरिएका कुनै कसूर गर्ने उद्देश्यले देहायका कुनै कार्य गर्न रोक लगाउन आवश्यकता अनुरूपका उपायहरू अवलम्बन गर्नेछः

(क) वास्तविक श्रेस्ता बाहिरै लेखा राख्नु;

(ख) वास्तविक श्रेस्ता बाहिरै वा पर्याप्त रूपमा पहिचान हुन नसक्ने किसिमका कारोवारहरू देखाउनु;

(ग) अस्तित्वमै नरहेका खर्चहरू हिसाब किताबमा देखाउनु;

(घ) विषयको गलत पहिचान हुने गरी दायित्वको उल्लेख गर्नु;

(ङ) गलत लिखतहरू प्रयोग गर्नु; र

(च) कानूनले निर्धारण गरेभन्दा अगावै खातापाता सम्बन्धी लिखतहरू मनसायपूर्वक नष्ट गर्नु।

४. प्रत्येक राज्य पक्षले, करछुट गर्न योग्य खर्चको निर्धारण गर्दा उपयुक्त भएसम्म यस महासन्धिको धारा १५ र १६ मा उल्लेख भए अनुसार कसूरजन्य तत्वको रूपमा स्थापित घुस र भ्रष्ट आचरणलाई प्रोत्साहित गर्ने अन्य खर्चहरूको गणनालाई निषेध गर्नेछ।

**धारा १३**

**समाजको सहभागिता**

१. प्रत्येक राज्य पक्षले आफ्नो क्षमता र आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी भ्रष्टाचारले सिर्जना गर्ने चुनौती र त्यसको अस्तित्व, कारण र गम्भीरताका सम्बन्धमा सर्वसाधारणमा जागरुकता ल्याउन र भ्रष्टाचार निवारण गर्न तथा त्यस विरुद्ध लड्न, नागरिक समाज, गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरू जस्ता सार्वजनिक क्षेत्र बाहिरका व्यक्तिहरू र समूहहरूको सक्रिय सहभागिता अभिवृद्धि गर्न समुचित उपायहरू अवलम्बन गर्नेछ।

यस्तो सहभागिताको सबलीकरण निम्नानुसारका उपायहरूद्वारा गरिनुपर्छः

(क) निर्णय निर्माण प्रक्रियाहरूमा पारदर्शिता र सर्वसाधारणको सहभागिता अभिवृद्धि गर्ने कार्यलाई बढावा दिएर;

(ख) सर्वसाधारणलाई सूचनासम्मको प्रभावकारी पहुँच पुग्ने कुरामा सुनिश्चितता दिलाएर;

(ग) विश्वविद्यालय एवं विद्यालयस्तरीय पाठ्यक्रम लगायतका सार्वजनिक शिक्षा कार्यक्रममा भ्रष्टाचार प्रति असहिष्णुता पैदा गर्ने सार्वजनिक सूचना प्रणाली अवलम्बन गरेर;

(घ) भ्रष्टाचारसँग सम्बन्धित सूचनाहरू खोजी गर्ने, प्राप्त गर्ने, प्रकाशित गर्ने र प्रवाहित गर्ने स्वतन्त्रताको सम्मान, प्रवर्द्धन र संरक्षण गरेर । त्यस्तो स्वतन्त्रता कुनै खास प्रतिबन्धहरूको अधीनस्थ हुन सक्नेछ, तर यस्ता प्रतिबन्धहरू:

(i) अन्य व्यक्तिहरूका अधिकारहरू र प्रतिष्ठाको सम्मान गर्नका लागि;

(ii) राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुव्यवस्था वा सार्वजनिक स्वास्थ वा नैतिकताको रक्षा गर्नका लागि;

कानूनद्वारा व्यवस्था गरिएको र आवश्यक भएको हुनुपर्नेछ ।२. प्रत्येक राज्य पक्षले यस महासन्धि अनुसार कसूर भएको मानिने कुनै पनि घटना बारे उपयुक्तता अनुसार आफ्नो नाम उल्लेख नगरिकन समेत सूचित गर्न सम्बन्धित निकायहरूसम्म पहुँच प्रदान गर्ने सम्बन्धमा र यस महासन्धिमा व्यवस्था गरिए अनुरूपका भ्रष्टाचार–विरुद्धका निकायहरूबाट सर्वसाधारण जनतालाई जानकारी हुने व्यवस्था सुनिश्चित गर्न समुचित उपायहरू अवलम्बन गर्नेछ ।

**धारा १४**

**सम्पत्ति शुद्धीकरण रोक्ने उपायहरू**

१. प्रत्येक राज्य पक्षले:

(क) मुद्रा र मूल्य को प्रसार गर्नका लागि औपचारिक र अनौपचारिक सेवा प्रदान गर्ने प्राकृतिक वा कानूनी व्यक्तिहरू र सबै किसिमका सम्पत्ति शुद्धीकरण कार्यलाई दुरुत्साहित गर्न र पत्ता लगाउनका लागि आफ्नो कार्यक्षेत्रभित्र आवश्यकता अनुरूप, खासगरी सम्पत्ति शुद्धीकरणसँग संवेदनशीलता राख्ने अन्य निकायहरू, लगायत बैंक र गैरबैंकजन्य वित्तीय संस्थाहरूका लागि समग्र प्रकृतिको आन्तरिक नियमन र सुपरीवेक्षण गर्ने पद्धति स्थापना गर्नेछन्, त्यस्तो पद्धतिले उपभोक्ताका आवश्यकता र उपयुक्तता अनुरूप, लाभ प्राप्त गर्ने धनीको पहिचान गर्ने, अभिलेख राख्ने र शंकास्पद कारोवारहरूको सूचना दिने कार्यलाई बढावा दिनेछ;

(ख) यस महासन्धिको धारा ४६ को प्रतिकूल नहुने गरी, सम्पत्ति शुद्धीकरणको प्रतिरोध गर्न प्रतिबद्ध रहेका प्रशासनिक, नियामक, कानून कार्यान्वयन गर्ने र अन्य निकायहरूसँग (आफ्नो मुलुकको कानून बमोजिम उपयुक्तता अनुसार न्यायिक निकायहरू समेत) आफ्नो मुलुकको कानूनद्वारा व्यवस्था गरिएका शर्तहरूभित्र रही राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा सहयोग गर्ने र सूचना आदान–प्रदान गर्ने क्षमता सुनिश्चित गर्नेछन् र त्यस उद्देश्यका लागि सम्भावित सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित सूचना संकलन गर्ने, विश्लेषण गर्ने र प्रवाहित गर्ने राष्ट्रिय केन्द्रको रूपमा कार्य गर्न वित्तीय निगरानी एकाई स्थापना गर्न विचार गर्नेछ ।

२. राज्य पक्षहरूले, वैध पँजीको ओहोर–दोहोरमा कुनै पनि किसिमले अवरोध नगर्ने गरी र सूचनाको समुचित प्रयोगलाई सुनिश्चित गर्ने सुरक्षा व्यवस्थाहरूको अधीनमा रही, आफ्ना सीमाहरूभित्र नगद र समुचित विनियोजन अधिकारपत्रको ओहोर–दोहोर (movement) पत्ता लगाउने र निगरानी गर्ने सम्भाव्य उपायहरू लागू गर्न विचार गर्नेछन् । यस्तो उपाय अन्तर्गत व्यक्ति तथा व्यवसायहरूले उल्लेखनीय परिमाणमा नगद र समुचित विनियोजनपत्रहरूको हुने सीमा वारपार स्थानान्तरणको बारेमा सूचना दिनुपर्ने कुरा पर्न सक्नेछ ।

३. राज्य पक्षहरूले मुद्रा विप्रेषक लगायतका वित्तीय संस्थाहरूको लागि आवश्यक पर्ने उपयुक्त र सम्भाव्य उपायहरू अवलम्बन गर्न निम्नानुसार विचार गर्नेछन्:

(क) विद्युतीय माध्यमबाट रकम कलम स्थानान्तरण गर्न सम्बन्धित फर्ममा उद्गमकर्ताबाट एकदमै सही र सारभूत सूचना एवं सम्बन्धित जानकारीहरू समावेश गर्नुपर्ने;

(ख) भुक्तानीका श्रृंखलाबद्ध तहभरि नै यस्ता सूचना कायम राख्ने;

(ग) सम्पूर्ण सूचना प्राप्त नभएका उद्गमकर्ताबाट रकम कलम स्थानान्तरण भएकोमा बढी सतर्कता अपनाउने।

४. यस धाराको शर्त अनुरूप र यस महासन्धिका अन्य धाराहरूको प्रतिकूल नहुने गरी आन्तरिक रूपमा नियामक र सुपरीवेक्षणीय प्रणाली स्थापना गर्ने क्रममा राज्य पक्षहरूलाई सम्पत्ति शुद्धीकरण विरुद्ध कार्यरत क्षेत्रीय, अन्तरक्षेत्रीय र बहुपक्षीय सङ्गठनहरूका सम्बद्ध प्रयासहरूलाई मार्गदर्शनको रूपमा प्रयोग गर्न आह्वान गरिन्छ।

५. राज्य पक्षहरूले सम्पत्ति शुद्धीकरणको प्रतिरोधका लागि न्यायिक, कानून कार्यान्वयन र वित्तीय नियामक निकायहरू बीच विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र द्विपक्षीय सहयोगको विकास र प्रवर्धन गर्न प्रयास गर्नेछन्।

## परिच्छेद– तीन

## अपराधीकरण र कानून कार्यान्वयन

**धारा १५**

**राष्ट्रिय सार्वजनिक अधिकारीको घुस रिसवत सम्बन्धी**

प्रत्येक राज्य पक्षले निम्न कार्यहरू मनसायपूर्वक गरिएमा त्यसलाई फौजदारी कसूर स्थापित गर्ने गरी आवश्यकता अनुसार विधायिकी र अन्य उपायहरू अवलम्बन गर्नेछः

(क) कुनै सार्वजनिक अधिकारीबाट निजको सार्वजनिक कर्तव्यहरू पालना गराउन वा पालना गर्न इन्कार गराउनका लागि त्यस्तो सार्वजनिक अधिकारी स्वयंलाई वा अन्य व्यक्ति वा निकायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, कुनै अनुचित लाभका लागि प्रतिज्ञा गर्नु, प्रस्ताव गर्नु वा प्रदान गर्नु;

(ख) कुनै सार्वजनिक अधिकारीले आफ्नो सार्वजनिक कर्तव्यहरू पालना गर्न वा पालना गर्नबाट इन्कार गर्नका लागि त्यस्तो सार्वजनिक अधिकारी स्वयं आफैँलाई वा अन्य व्यक्ति वा निकायका लागि त्यस्तो सार्वजनिक अधिकारीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै अनुचित लाभको निम्ति याचना गर्नु वा स्वीकार गर्नु।

**धारा १६**

**विदेशी सार्वजनिक अधिकारी र सार्वजनिक अन्तर्राष्ट्रिय सङ्गठनहरूका**

**अधिकारीको घुस रिसवत सम्बन्धी**

१. प्रत्येक राज्य पक्षले, कुनै विदेशी सार्वजनिक अधिकारी वा कुनै सार्वजनिक अन्तर्राष्ट्रिय सङ्गठनको अधिकारीलाई निजबाट उसको पदीय कर्तव्य पालना गराउन वा उसको पदीय कर्तव्य पालना नगराउन, कुनै व्यवसायजन्य कार्य प्राप्त गर्न वा त्यस्तो कार्य कायम राख्न वा अन्तर्राष्ट्रिय व्यवसायजन्य कार्यसञ्चालनका सिलसिलामा अनुचित फाइदाका लागि, प्रत्यक्ष वा परोक्ष रूपमा अधिकारी स्वयं वा अन्य व्यक्ति वा निकायलाई अनुचित लाभको प्रतिज्ञा गर्ने वा प्रस्ताव राख्ने वा प्रदान गर्ने कार्य मनसायपूर्वक गरेमा त्यस्तो कार्यलाई आवश्यकता अनुसार फौजदारी कसूर स्थापित गर्नसक्ने गरी विधायिकी र अन्य उपायहरू अवलम्बन गर्नेछ।

२. प्रत्येक राज्य पक्षले, कुनै विदेशी सार्वजनिक अधिकारीले वा कुनै सार्वजनिक अन्तर्राष्ट्रिय सङ्गठनको अधिकारीले उसको पदीय कर्तव्य पालना गरिदिए वापत वा गर्न इन्कार गरी दिए वापत कुनै निकायलाई प्रत्यक्ष वा परोक्ष रूपमा

अनुचित लाभका लागि त्यस्तो अधिकारीले आग्रह गर्ने वा स्वीकार गर्ने कार्य मनसायपूर्वक गरेमा त्यस्ता कार्यलाई आवश्यकता अनुसार फौजदारी कसूर स्थापित गर्न विधायिकी वा अन्य उपायहरू अवलम्बन गर्न विचार गर्नेछ।

**धारा १७**

**सार्वजनिक अधिकारीद्वारा सम्पत्तिको हिनामिना गर्ने, दुरूपयोग गर्ने वा अन्यत्र लगाउने सम्बन्धी**

प्रत्येक राज्य पक्षले कुनै सार्वजनिक अधिकारीले आफैँ वा अन्य व्यक्ति वा निकायलाई लाभ पुऱ्याउनका लागि निजको पदको आधारमा निजमाथि सार्वजनिक अधिकारीका हैसियतले सुम्पिएको कुनै सार्वजनिक वा निजी रकम वा धितोपत्रहरू वा मूल्य रहेको अन्य कुनै वस्तु हिनामिना वा दुरूपयोग वा अन्यत्र लगाउने गरी मनसायपूर्वक गरेको कार्यलाई फौजदारी कसूरको रूपमा स्थापित गर्न आवश्यक विधायिकी र अन्य उपायहरू अवलम्बन गर्नेछ।

**धारा १८**

**प्रभावको दुरूपयोग**

प्रत्येक राज्य पक्षले, देहायका कुनै कार्य मनसायपूर्वक गरिएमा, तिनलाई आवश्यकता अनुरूप फौजदारी कसूर स्थापित गर्न विधायिकी वा अन्य उपायहरू अवलम्बन गर्ने बारेमा विचार गर्नेछन्ः–

(क) राज्य पक्षको प्रशासन वा सार्वजनिक निकायबाट सम्बन्धित कार्यको मूल दुरुत्साहनकर्ता वा अन्य कुनै व्यक्तिलाई अनुचित लाभ पुऱ्याउने दृष्टिबाट सार्वजनिक अधिकारी वा अन्य व्यक्तिलाई निजको वास्तविक वा अनुमानित प्रभाव दुरूपयोग गराउनका लागि कुनै सार्वजनिक अधिकारी वा अन्य कुनै व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित लाभ पुऱ्याउन प्रतिज्ञा गर्नु, प्रस्ताव गर्नु वा त्यस्तो लाभ प्रदान गर्नु;

(ख) राज्य पक्षको प्रशासन वा सार्वजनिक निकायबाट अनुचित लाभ प्राप्त गर्ने दृष्टिबाट सार्वजनिक अधिकारी वा अन्य कुनै व्यक्तिलाई निजको वास्तविक वा अनुमानित प्रभावको दुरूपयोग गराउनका लागि कुनै सार्वजनिक अधिकारी वा अन्य कुनै व्यक्तिले आफैँ वा अन्य कुनै व्यक्तिद्वारा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित लाभ पुऱ्याउन याचना गर्नु वा स्वीकार गर्नु।

**धारा १९**

**कर्तव्यको दुरूपयोग**

प्रत्येक राज्य पक्षले, कुनै सार्वजनिक अधिकारीले आफ्नो कर्तव्यपालनको सिलसिलामा आफू वा अन्य कुनै व्यक्ति वा निकायलाई अनुचित लाभ प्राप्त हुने गरी कानूनको उल्लंघनद्वारा, कुनै काम गरेर वा नगरेर कर्तव्य वा पदको दुरूपयोग मनसायपूर्वक गरेको कार्यलाई आवश्यकता अनुसार फौजदारी कसूर स्थापित गर्न विधायिकी वा अन्य उपायहरू अवलम्बन गर्ने बारेमा विचार गर्नेछ।

**धारा २०**

**गैरकानूनी सम्पन्नता**

प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको संविधान र कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरूको अधीनमा रही मनसायपूर्वक हासिल गरिएको गैरकानूनी सम्पन्नता अर्थात कुनै सार्वजनिक अधिकारीले आफ्नो वैध आम्दानीको तुलनामा आफूसँग रहेको सम्पत्तिको सारभूत वृद्धिलाई तर्कसङ्गत तरिकाबाट पुष्टि गर्न नसकेको अवस्थालाई आवश्यकता अनुसार विधायिकी र अन्य उपायहरू अवलम्बन गरी फौजदारी कसूर स्थापित गर्ने कुरा लागू गर्न विचार गर्नेछ।

**धारा २१**

**निजी क्षेत्रमा घुस रिसवत**

प्रत्येक राज्य पक्षले, आर्थिक, वित्तीय वा व्यापारिक क्रियाकलापहरूको सिलसिलामा मनसायपूर्वक गरिएका देहायका कार्यहरूलाई फौजदारी कसूर स्थापित गर्न आवश्यकता अनुसार विधायिकी र अन्य उपायहरू लागू गर्नेतर्फ विचार गर्नेछः

(क) निजी क्षेत्रको निकायको लागि कुनै पनि हैसियतमा रही निर्देशित गर्ने वा कार्य गर्ने कुनै व्यक्तिलाई निजको कर्तव्यबाट च्युत गर्न वा कुनै काम गराउन वा नगराउनका लागि त्यस्तो व्यक्ति स्वयं वा अन्य कुनै व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित लाभ पुऱ्याउन प्रतिज्ञा गर्नु, प्रस्ताव गर्नु वा प्रदान गर्नु;

(ख) निजी क्षेत्रको निकायका लागि कुनै पनि हैसियतमा रही निर्देशित गर्ने वा कार्य गर्ने कुनै व्यक्तिले आफ्नो कर्तव्यबाट च्युत हुन वा कुनै काम गर्न वा नगर्नका लागि स्वयंले वा अन्य व्यक्तिका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित लाभको याचना गर्नु वा स्वीकार गर्नु।

**धारा २२**

**निजी क्षेत्रको सम्पत्ति हिनामिना**

प्रत्येक राज्य पक्षले निजी क्षेत्रको निकायमा निर्देशन गर्ने वा कार्य गर्ने कुनै पनि हैसियतमा रहेको व्यक्तिले, आर्थिक वित्तीय वा व्यापारिक क्रियाकलापहरूको सिलसिलामा निजलाई उसको पदीय विश्वासको आधारमा प्रदान गरिएको कुनै सम्पत्ति, निजी कोष वा धितोपत्र वा मूल्य रहने कुनै पनि वस्तु मनसायपूर्वक हिनामिना गरेको कार्यलाई कसूर स्थापित गर्न आवश्यकता अनुसार विधायिकी र अन्य उपाय अवलम्बन गर्नेतर्फ विचार गर्नेछ।

**धारा २३**

**आपराधिक आर्जनको शुद्धीकरण**

१. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्त अनुसार देहायका कुनै कार्यहरू मनसायपूर्वक गरिएमा तिनलाई फौजदारी कसूर स्थापित गर्न आवश्यकता अनुसार विधायिकी र अन्य उपाय अवलम्बन गर्नेछः

(क) (i) आफ्नो कुनै कार्यबाट उत्पन्न हुने कानूनी कारवाहीको परिणामबाट बच्न, कुनै सम्पत्ति आपराधिक आर्जन हो भन्ने जानी जानी त्यस्तो सम्पत्तिको गैरकानूनी उत्पत्तिलाई लुकाउन छिपाउन सो सम्पत्तिको स्वरूप परिवर्तन गर्नु वा हस्तान्तरण गर्नु वा सम्बद्ध कसूर गर्नमा संलग्न रहेको कुनै व्यक्तिलाई सहयोग गर्नु;

(ii) कुनै सम्पत्ति आपराधिक आर्जन हो भन्ने जानीजानी त्यस्तो सम्पत्तिको यथार्थ प्रकृति, स्रोत, स्थान, अवस्थिति, ओहोर–दोहोर वा त्यस्तो सम्पत्तिसँग सम्बद्ध स्वामित्व वा अधिकार लुकाउने छिपाउने वा आकृति परिवर्तन गर्ने कार्य गर्नु।

(ख) आफ्नो कानूनी पद्धतिका आधारभूत अवधारणाका अधीनमा रहीः

(i) कुनै सम्पत्ति आपराधिक आर्जन हो भन्ने कुरा सम्पत्ति प्राप्त गर्दाकै अवस्थामा जान्दाजान्दै त्यस्तो सम्पत्ति प्राप्त गर्नु, भोग गर्नु वा त्यस्तो सम्पत्तिको प्रयोग गर्नु;

(ii) यस धाराबाट कसूर स्थापित गरिएको कुनै कार्य गर्न, त्यसको उद्योग गर्न, सहयोग गर्न दुरुत्साहन दिनु सुविधा पुऱ्याउन र परामर्श दिन सहभागिता जनाउनु, संलग्नता राख्नु वा षडयन्त्र गर्नु।

२. यस धाराको प्रकरण १ को कार्यान्वयन वा लागू गर्ने उद्देश्यका लागि;

(क) प्रत्येक राज्य पक्षले यस धाराको प्रकरण १ लागू गर्ने सिलसिलामा स्थापित कसूरलाई व्यापक क्षेत्रसम्म लागू गर्न खोज्नेछ;

(ख) प्रत्येक राज्य पक्षले यो महासन्धिद्वारा स्थापित फौजदारी कसूरलाई न्यूनतम रूपमा व्यापक क्षेत्रसम्म सम्बद्ध कसूरमा समावेश गर्नेछ;

(ग) पूर्वोक्त खण्ड (ख) को प्रयोजनका लागि स्थापित कसूरभित्र विवादमा रहेका राज्य पक्षहरूको अधिकार क्षेत्रभित्र र बाहिर गरिएका कसूरहरू समावेश हुनेछन्। तथापि, राज्य पक्षको अधिकार क्षेत्र बाहिर गरिएको कसूर स्थापित कसूर तबमात्र हुनसक्छ जब यो सम्बद्ध व्यवहार जहाँ भएको हो त्यहाँको आफ्नै कानून अन्तर्गत फौजदारी कसूर हुन्छ र यो धारा कार्यान्वयन गर्ने वा लागू गर्ने राज्य पक्षको आफ्नै मुलुकको कानून अन्तर्गत सोही मुलुकमा कसूर गरे सरह फौजदारी कसूर हुन सक्दछ;

(घ) प्रत्येक राज्य पक्षले यो धारालाई प्रभावित गर्ने कानूनहरू र त्यस्ता कानूनमा भएका पछिल्ला कुनै पनि परिवर्तन वा तिनीहरूको विवरणका प्रतिहरू संयुक्त राष्ट्रसङ्घका महासचिवलाई प्रदान गर्नेछन्;

(ङ) यदि कुनै राज्य पक्षको आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरूबाट आवश्यक देखिएमा, यस धाराको प्रकरण १ मा व्यवस्था गरिएका कसूरहरू सम्बद्ध कसूर गर्ने व्यक्तिहरूको हकमा लागू नहुन सक्नेछन्।

**धारा २४**

**लुकाउने छिपाउने कार्य**

प्रत्येक राज्य पक्षले, यस महासन्धिको धारा २३ को प्रतिकूल नहुने गरी, यो महासन्धिद्वारा स्थापित कसूरमा सहभागी नभएको भए पनि यो महासन्धिद्वारा स्थापित कसूरहरूबाट नै त्यस्तो सम्पत्ति प्राप्त भएको भन्ने थाहा पाएर पनि त्यस्तो सम्पत्ति जानीजानी लुकाउने छिपाउने वा लगातार नियन्त्रणमा राख्ने कार्यलाई आवश्यकता अनुसार फौजदारी कसूर स्थापित गर्न विधायिकी र अन्य उपाय अवलम्बन गर्नेतर्फ विचार गर्नेछ।

**धारा २५**

**न्यायमा अवरोध**

प्रत्येक राज्य पक्षले देहायका कुनै कार्य मनसायपूर्वक गरिएमा तिनलाई आवश्यकता अनुसार फौजदारी कसूर स्थापित गर्न विधायिकी र अन्य उपाय अवलम्बन गर्नेछः

(क) यस महासन्धिद्वारा स्थापित कसूरको कारवाहीको सम्बन्धमा झुठ्ठा साक्षी परीक्षणलाई उत्प्रेरित गर्न वा प्रमाण प्रस्तुतीकरण कार्यमा हस्तक्षेप गर्न भौतिक बल प्रयोग गर्नु, धम्काउनु, तर्साउनु वा अनुचित लाभको प्रतिज्ञा गर्नु, प्रस्ताव गर्नु वा त्यस्तो लाभ प्रदान गर्नु;

(ख) यो महासन्धिद्वारा स्थापित कसूरसँग सम्बन्धित विषयमा कानून कार्यान्वयन गर्ने अधिकारी वा न्यायकर्मीले आफ्नो पदीय कर्तव्य पालना गर्नमा हस्तक्षेप गर्न शारीरिक बल प्रयोग गर्नु, धम्की दिनु वा तर्साउनु। यस प्रकरणमा उल्लिखित कुनै पनि कुराले राज्य पक्षलाई अरू किसिमका सार्वजनिक अधिकारीको रक्षार्थ कानून बनाउन बाधा परेको मानिने छैन।

**धारा २६**

**कानूनी व्यक्तिको दायित्व**

१. प्रत्येक राज्य पक्षले आफ्ना कानूनी सिद्धान्तको अनुकूल हुने गरी यस महासन्धिद्वारा स्थापित कसूरमा कुनै कानूनी व्यक्ति सहभागी भएमा त्यसको दायित्व निर्धारित गर्ने सम्बन्धमा आवश्यक उपायहरू अवलम्बन गर्नेछ।

२. राज्यका कानूनी सिद्धान्तहरूको अधीनमा रही कानूनी व्यक्तिको दायित्व फौजदारी, देवानी वा प्रशासनिक हुन सक्नेछ।

३. यस्तो दायित्व प्राकृतिक व्यक्तिले कसूर गरी बहन गर्नुपर्ने फौजदारी दायित्वलाई प्रतिकूल प्रभाव नपार्ने गरी कायम हुनेछ।

४. प्रत्येक राज्य पक्षले, खासगरी यस धारा अन्तर्गत दायित्व बहन गर्नुपर्ने कानूनी व्यक्तिले प्रभावकारी, आनुपातिक र दुरुत्साहनोन्मुख (dissuasive) रूपमा आर्थिक सजाय लगायत फौजदारी वा गैरफौजदारी अनुशास्ती व्यहोर्नुपर्ने कुरा सुनिश्चित गर्नेछ।

**धारा २७**

**सहभागिता र उद्योग**

१. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून अनुरूप, यो महासन्धिद्वारा स्थापित कसूरमा कुनै पनि हैसियत, जस्तैः मतियार, सहयोगी वा उक्साउने व्यक्तिका रूपमा सहभागी बन्ने कार्यलाई फौजदारी कसूर कायम गर्न आवश्यकता अनुसार विधायिकी र अन्य उपायहरू अवलम्बन गर्नेछ।

२. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून अनुरूप, यो महासन्धिद्वारा कसूर स्थापित गरिएका कार्य गर्ने कुनै उद्योगलाई फौजदारी कसूर स्थापित गर्न आवश्यकता अनुसार विधायिकी र अन्य उपायहरू अवलम्बन गर्न सक्नेछ।

३. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून अनुरूप, यो महासन्धिद्वारा कसूर स्थापित गरिएका कार्य गर्न तयारी गर्ने कार्यलाई फौजदारी कसूर स्थापित गर्न आवश्यकता अनुसार विधायिकी र अन्य उपायहरू अवलम्बन गर्न सक्नेछ।

**धारा २८**

**कसूरको तत्वको रूपमा जानकारी, आशय र उद्देश्य**

यस महासन्धिद्वारा स्थापित गरिएको कसूरको तत्वको रूपमा आवश्यक पर्ने जानकारी, आशय र उद्देश्य जस्ता कुराहरू वस्तुगत तथ्यपरक परिवेशबाट ग्रहण गरिनेछ।

**धारा २९**

**हदम्याद सम्बन्धी कानूनी प्रावधान**

प्रत्येक राज्य पक्षले उपयुक्तता अनुसार यस महासन्धिद्वारा स्थापित गरिएका कुनै पनि कसूरका सम्बन्धमा कानूनी कारवाही शुरु गर्न आफ्नो मुलुकको कानूनमा लामो हदम्याद सम्बन्धी कानूनी व्यवस्था स्थापना गर्ने तथा आरोपित कसूरदारले न्याय प्रशासनलाई छल्ने कार्य गरेकोमा हदम्याद सम्बन्धी कानूनी प्रावधानलाई लामो बनाउने वा हदम्याद सम्बन्धी कानूनी प्रावधानलाई निलम्बित गर्ने व्यवस्था स्थापित गर्नेछ।

**धारा ३०**

**अभियोजन, न्यायनिर्णयन र अनुशास्ती**

१. प्रत्येक राज्य पक्षले, यो महासन्धिद्वारा कसूर स्थापित गरिएको कुनै कार्य गरिएमा कसूरको मात्रालाई ध्यानमा राख्दै त्यसको अनुशास्तीको निम्ति जिम्मेवार बनाउनेछ ।

२. प्रत्येक राज्य पक्षले, आफ्नो कानूनी पद्धति र संवैधानिक सिद्धान्तहरू अनुरूप आफ्ना सार्वजनिक अधिकारीहरूबाट उनीहरूलाई आफ्नो कार्यसम्पादन गर्न प्रदान गरिएका छुट वा क्षेत्राधिकारजन्य विशेषाधिकार र आवश्यक भएसम्म यो महासन्धिद्वारा स्थापित कसूरहरूको प्रभावकारी अनुसन्धान, अभियोजन र न्यायनिर्णयन कार्यलाई सम्भव तुल्याउने कार्य बीच समुचित सन्तुलन स्थापित गर्न वा कायम राख्न आवश्यकता अनुसारका उपायहरू अवलम्बन गर्नेछ ।

३. प्रत्येक राज्य पक्षले, यो महासन्धिद्वारा स्थापित कसूर गर्ने व्यक्ति विरुद्ध अभियोजन गर्ने सम्बन्धमा आफ्नो मुलकको कानून अन्तर्गत स्वविवेकीय कानूनी अधिकारको प्रयोग गर्दा ती कसूरहरूका सम्बन्धमा कानून कार्यान्वयन गर्ने उपायहरूको प्रभावकारिता अभिवृद्धि गर्ने र यस्ता कसूरहरूलाई दुरुत्साहित गर्ने आवश्यकता प्रति समुचित सम्मान सुनिश्चित गर्न प्रयास गर्नेछ ।

४. यस महासन्धिद्वारा कसूर स्थापित गरिएका मुद्दाका सम्बन्धमा प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानूनको र प्रतिरक्षाका अधिकारहरूको समुचित सम्मान गर्दै, मुद्दाको सुनुवाइ हुँदा वा पुनरावेदन गर्नका लागि थुनाबाट मुक्त गर्ने निर्णय सम्बन्धी शर्तहरूका सम्बन्धमा विचार गर्दा पछि हुने फौजदारी कारवाहीहरूमा प्रतिवादी उपस्थित रहन सक्ने कुरा सुनिश्चित गर्न आवश्यक हुने समुचित उपायहरू अवलम्बन गर्नेछ ।

५. प्रत्येक राज्य पक्षले कसूरहरूमा सजाय पाएका व्यक्तिहरूको पूर्व छुटकारा वा प्यारोलको सम्भावित घटना माथि विचार गर्दा सम्बन्धित कसूरको मात्रालाई ध्यानमा राख्नेछ ।

६. प्रत्येक राज्य पक्षले, आफ्नो कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरूको अनुकूल ताको सीमासम्म यस महासन्धिद्वारा स्थापित कसूरको अभियुक्त रहेको सार्वजनिक अधिकारीलाई सम्बद्ध अख्तियारवालाद्वारा हटाउँदा, निलम्बन गर्दा वा पुनस्थापित गर्दा उपयुक्तता अनुसार निर्दोषिताको अनुमान गरिने सिद्धान्तको सम्मान प्रति ध्यान दिँदै कार्यविधिहरू स्थापित गर्न विचार गर्नेछ ।

७. प्रत्येक राज्य पक्षले, कसूरको मात्राले अपेक्षा गरे अनुरूप आफ्नो पद्धतिका आधारभूत सिद्धान्तहरूको अनुकूल ताका सीमासम्म यो महासन्धिद्वारा स्थापित कसूरमा अदालतको आदेश वा अन्य उपयुक्त माध्यमद्वारा सजाय पाएका व्यक्तिहरूलाई आफ्नो मुलुकको कानूनले निर्धारित गरेको समयावधिसम्म निम्न कार्यको लागि अयोग्य ठहराउने कार्यविधिहरू स्थापित गर्न विचार गर्नेछः

(क) सार्वजनिक पदमा रहिरहन; र

(ख) राज्यको सम्पूर्ण वा आंशिक स्वामित्व रहेको प्रतिष्ठानको पदमा रहिरहन ।

८. यस धाराको प्रकरण १ ले निजामती कर्मचारीहरू विरुद्ध अधिकारप्राप्त अधिकारीहरूले अभ्यास गर्ने अनुशासनात्मक कारवाहीमा प्रतिकूल प्रभाव पार्ने छैन ।

९. यस महासन्धिमा उल्लिखित कुनै पनि कुराले यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूरको विवरणसँग सम्बन्धित सिद्धान्त र राज्य पक्षको आफ्नै मुलुकको कानूनबाट संरक्षित गर्ने व्यवहारको वैधानिकता नियन्त्रित गर्ने अन्य कानूनी सिद्धान्तहरूलाई प्रभावित गर्नेछैन र यस्ता कसूरहरूमा सोही कानून बमोजिम अभियोजन र दण्ड गरिनेछ ।

१०. राज्य पक्षहरूले यो महासन्धिद्वारा स्थापित कसूरमा सजाय पाएका व्यक्तिहरूलाई समाजमा पुनर्एकीकरणको प्रवर्धन गर्न प्रयास गर्नेछन् ।

**धारा ३१**

**रोक्का, बरामदी र जफत**

१. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानूनी पद्धतिबाट अधिकाधिक रूपमा सम्भव भएसम्म निम्न कुराहरू जफत गर्न आवश्यकता अनुरूप देहायका उपायहरू अवलम्बन गर्नेछः

(क) यो महासन्धिद्वारा स्थापित कसूरहरूबाट उत्पत्ति भएका आपराधिक आर्जनहरू वा त्यस्ता आर्जनहरू सरह मूल्य रहेको सम्पत्ति ।

(ख) यो महासन्धिद्वारा स्थापित कसूरहरूको सन्दर्भमा प्रयोग भएका वा प्रयोगतर्फ लक्षित सम्पत्ति, साधन वा अन्य माध्यमहरू ।

२. प्रत्येक राज्य पक्षले यस धाराको प्रकरण १ मा उल्लिखित कुनै पनि वस्तुको अन्ततः जफतको प्रयोजनका लागि त्यस्तो वस्तुको पहिचान, खोजी, रोक्का वा बरामद जस्ता कार्य सम्भव बनाउन आवश्यकता अनुसारका उपायहरू अवलम्बन गर्नेछ ।

३. प्रत्येक राज्य पक्षले यस धाराको प्रकरण १ र २ अन्तर्गत रोक्का राखिएको, बरामद गरिएको वा जफत गरिएको सम्पत्तिको सक्षम निकायद्वारा प्रशासन गर्न आफ्नो मुलुकको कानून बमोजिम आवश्यकता अनुसार विधायिकी र अन्य उपायहरू अवलम्बन गर्नेछ ।

४. यदि यस्तो आपराधिक आर्जन पूर्ण वा आंशिक रूपमा अर्को कुनै सम्पत्तिमा रूपान्तरण वा परिवर्तन गरिएको भए यस धारामा उल्लिखित उपायको लागि त्यस्तो आर्जनको सट्टा यस्तो रूपान्तरित वा परिवर्तित सम्पत्ति नै जिम्मेवार हुनेछ ।

५. यदि त्यस्तो आपराधिक आर्जन वैधानिक स्रोतबाट प्राप्त गरिएको सम्पत्तिसँग मिसाइएको रहेछ भने यसरी मिसाइएको आर्जन मुल्याङ्कित मूल्य को हदसम्म रोक्का राख्ने र बरामद गर्ने अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी त्यस्तो सम्पत्ति जफत गर्न सकिनेछ ।

६. त्यस्तो आपराधिक आर्जनबाट प्राप्त हुन आएको आम्दानी, आपराधिक आर्जनको रूपान्तरण वा परिवर्तन गरिएको सम्पत्तिबाट निकालिएको आम्दानी वा अन्य लाभहरू यस धारामा उल्लिखित उपायहरू प्रति आपराधिक आर्जन जस्तै सोही तरिका र सोही मात्रामा जिम्मेवार हुनेछन् ।

७. यस महासन्धिको यसै धारा र धारा ५५ को प्रयोजनका लागि प्रत्येक राज्य पक्षले आफ्ना अदालतहरू वा अन्य सक्षम निकायहरूलाई बैंकिङ्ग वा वित्तीय वा व्यापारिक अभिलेखहरू उपलब्ध गराउन वा बरामद गर्न आदेश जारी गर्न सक्षम बनाउनेछ । कुनै राज्य पक्षले बैंक गोपनीयताको आधारमा यस प्रकरणका प्रावधान अन्तर्गत कार्य गर्न इन्कार गर्ने छैन ।

८. राज्य पक्षहरूले आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू एवं न्यायिक र अन्य कारवाहीहरूको अनुकूल ताको सीमाभित्र रही कसूरदारले आरोपित आपराधिक आर्जन वा जफत हुनसक्ने अन्य सम्पत्तिको वैधानिक उत्पत्ति बारे बताउनुपर्ने कुराको सम्भाव्यता बारे विचार गर्न सक्नेछन् ।

९. यस धाराका प्रावधानहरूको व्याख्या वास्तविक तेस्रो पक्षका अधिकारहरूको प्रतिकूल हुने गरी गरिने छैन ।

१०. यस धारामा उल्लेख गरिएको कुनै पनि कुराले त्यहाँ उल्लिखित व्यवस्थाहरूको व्याख्या गरिँदा वा लागू गरिँदा राज्य पक्षको आफ्नै मुलुकको कानूनका प्रावधानको अधीनमा रही गरिने सिद्धान्तलाई प्रभावित गर्ने छैन।

**धारा ३२**

**साक्षी, विशेषज्ञ र पीडितको सुरक्षा**

१. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानूनी प्रणाली अनुरूप र आफ्ना साधनको सीमाभित्र रही यो महासन्धिद्वारा स्थापित कसूरका सम्बन्धमा बकपत्र गर्ने साक्षी र विशेषज्ञ एवं उपयुक्तता अनुसार उनीहरूका नातेदार र अन्य निकटस्थ व्यक्तिहरूलाई सम्भावित दुर्व्यवहार वा त्रासबाट प्रभावकारी सुरक्षा प्रदान गर्न समुचित उपायहरू अवलम्बन गर्नेछ।

२. यस धाराको प्रकरण १ मा व्यवस्था गरिएका उपायहरूभित्र अन्य कुराका अतिरिक्त, प्रतिवादीका अधिकारहरूको प्रतिकूल नहुने गरी, उचित प्रक्रियाको अधिकार लगायत देहायका कुराहरू समावेश हुन सक्नेछन्:

(क) त्यस्ता व्यक्तिहरूको भौतिक सुरक्षाको लागि आवश्यक र सम्भव भएसम्म उनीहरूलाई अन्यत्र पुनस्थापित गर्ने र उपयुक्तता अनुरूप यस्ता व्यक्तिहरूको गोप्यता कायम राख्ने तथा उनीहरूको पहिचान र अवस्थितिको खुलासा गर्न सीमा तोक्न अनुमति दिने जस्ता कार्यविधि स्थापित गर्ने कुराहरू;

(ख) साक्षी र विशेषज्ञहरूले साक्षी परीक्षण दिने क्रममा त्यस्ता व्यक्तिहरूको सुरक्षा सुनिश्चित गर्ने तरिका; जस्तै– भिडियो वा अन्य उपयुक्त साधन जस्तो सञ्चार प्रविधिको प्रयोगका माध्यमबाट परीक्षण गर्न सकिने गरी अनुमति प्रदान गर्ने नियमलाई मान्यता दिने कुराहरू।

३. राज्य पक्षहरूले यस धाराको प्रकरण १ मा उल्लिखित व्यक्तिहरूको पुनस्थापन गर्ने विषयमा अरू राज्यहरूसँग सम्झौता गर्न वा व्यवस्था गर्न विचार गर्नेछन्।

४. यस धाराका प्रावधानहरू पीडित व्यक्ति साक्षी रहेसम्म उनीहरूका लागि पनि लागू हुनेछन्।

५. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानूनका अधीनमा रही कसूरदार विरुद्धका फौजदारी कारवाहीका प्रत्येक उपयुक्त चरणहरूमा प्रतिवादीका अधिकारहरूमा प्रतिकूल प्रभाव नपर्ने तरिकाबाट पीडित व्यक्तिहरूका दृष्टिकोण र सरोकारहरूलाई प्रस्तुत गर्न तथा ध्यान दिन सक्षम बनाउनेछ।

**धारा ३३**

**सूचित गर्ने व्यक्तिहरूको सुरक्षा**

प्रत्येक राज्य पक्षले यस महासन्धिद्वारा स्थापित कसूरसँग सम्बन्धित कुनै तथ्यका विषयमा कुनै व्यक्तिले असल नियतले र तर्कसङ्गत आधारहरू सहित सक्षम निकायहरू समक्ष कुनै सूचना पेश गरेमा निजका विरुद्ध कुनै अवाञ्छित व्यवहार हुनबाट सुरक्षा प्रदान गर्न आफ्नो मुलुकको कानूनी प्रणालीमा समुचित उपायहरू अवलम्बन गर्ने व्यवस्था गर्न विचार गर्नेछ।

**धारा ३४**

**भ्रष्टाचारजन्य कार्यहरूको परिणाम**

प्रत्येक राज्य पक्षले, उनीहरूबाट असल नियतले प्राप्त तेस्रो पक्षको अधिकारको समुचित सम्मान गर्दै, आफ्नो मुलुकका कानूनका आधारभूत सिद्धान्तहरूको अनुकूल हुने गरी, भ्रष्टाचारका परिणामहरूलाई सम्बोधित गर्न उपायहरू अवलम्बन गर्नेछ । यस परिप्रेक्षमा राज्य पक्षहरूले कुनै करार खारेज गर्ने वा रद्द गर्ने, कुनै छुट दिने वा अन्य त्यस्तै लिखत फिर्ता लिने वा अन्य कुनै

उपचारात्मक कारवाही गर्ने जस्ता कानूनी कारवाहीका विषयहरूमा भ्रष्टाचारलाई एउटा सान्दर्भिक कारक तत्वको रूपमा विचार गर्न सक्नेछन् ।

**धारा ३५**

**नोक्सानीको क्षतिपूर्ति**

प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानूनका सिद्धान्तहरूको अनुकूल हुने गरी कुनै निकायहरू वा व्यक्तिहरूले भ्रष्टाचारजन्य कार्यको परिणामस्वरूप कुनै नोक्सानी व्यहोर्नु परेकोमा त्यस्तो नोक्सानी पुऱ्याउनेबाट क्षतिपूर्तिप्राप्त गर्ने किसिमको कानूनी कारवाही शुरु गर्ने अधिकार सुनिश्चित गर्न आवश्यकता अनुसारका उपायहरू अवलम्बन गर्नेछ ।

**धारा ३६**

**विशिष्टीकृत निकायहरू**

प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानूनी प्रणालीका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी कानून कार्यान्वयनको माध्यमबाट भ्रष्टाचारको प्रतिरोध गर्नका लागि विशिष्टीकृत निकाय वा निकायहरू वा व्यक्तिहरूको विद्यमानता सुनिश्चित गर्नेछ । यस्ता निकाय वा निकायहरू वा व्यक्तिहरूलाई राज्य पक्षको कानूनी पद्धतिका आधारभूत सिद्धान्तहरू अनुरूप, उनीहरूले आफ्ना कार्य प्रभावकारी रूपमा र अनुचित प्रभाव विना सम्पन्न गर्नसक्ने गरी आवश्यक स्वतन्त्रता प्रदान गरिनेछ । यस्ता व्यक्तिहरू वा निकाय वा निकायहरूका कर्मचारीलाई उनीहरूको कार्यसम्पादन गर्न समुचित तालिम र स्रोतहरू हुनु पर्नेछ ।

**धारा ३७**

**कानून कार्यान्वयन गर्ने निकायहरू बीचको सहयोग**

१. प्रत्येक राज्य पक्षले, यस महासन्धिद्वारा स्थापित कसूरका सहभागी हुने वा भएका व्यक्तिहरूलाई, उनीहरूबाट अनुसन्धानजन्य र प्रमाणमूलक सूचनाहरू सक्षम निकायहरूलाई उपलब्ध गराउन प्रोत्साहित गर्न र कसूरदारहरूलाई आपराधिक आर्जनबाट वञ्चित गराउन तथा त्यस्तो आर्जन फिर्ता गराउने क्रममा सक्षम निकायहरूलाई तथ्यपरक एवं खास किसिमको सहयोग पुऱ्याउन योगदान पुग्न सक्ने गरी समुचित उपायहरू अवलम्बन गर्नेछ ।

२. प्रत्येक राज्य पक्षले यस महासन्धिद्वारा स्थापित कसूरका सम्बन्धमा उपयुक्त ठानिएका मुद्दाहरूमा, अनुसन्धान वा अभियोजन क्रममा आधारभूत सहयोग प्रदान गर्ने अभियुक्तलाई सजायमा छुट दिलाउने सम्भावनातर्फ विचार गर्नेछ ।

३. प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू अनुरूप यो महासन्धिद्वारा स्थापित कसूरका सम्बन्धमा, त्यसको अनुसन्धान वा अभियोजनमा आधारभूत सहयोग पुऱ्याउने व्यक्तिलाई अभियोजनबाट छुट प्रदान गर्ने सम्भावनातर्फ विचार गर्नेछ ।

४. यस्ता व्यक्तिहरूको सुरक्षा सम्बन्धी व्यवस्था, आवश्यक हेरफेरसहित यस महासन्धिको धारा ३२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. यस धाराको प्रकरण १ मा उल्लेख गरिएको एका राज्य पक्षमा रहेको कुनै व्यक्तिले अर्को राज्य पक्षका सक्षम निकायहरूलाई आधारभूत सहायता पुऱ्याउन सक्ने भएमा सम्बद्ध राज्य पक्षहरू यस धाराको प्रकरण २ र ३ मा उल्लेख गरिएको उपचारसँग सम्बन्धित सम्भाव्य प्रावधानहरू अर्को राज्य पक्षद्वारा स्वीकार्ने गरी सम्झौता वा अन्य प्रबन्धमा प्रवेश गर्न विचार गर्न सक्नेछन् ।

**धारा ३८**

**राष्ट्रिय निकायहरू बीचको सहयोग**

प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानून अनुरूप, एकातर्फ आफ्ना सार्वजनिक निकायहरू लगायत आफ्ना सार्वजनिक अधिकारीहरू र अर्कातिर फौजदारी कसूरको अनुसन्धान र अभियोजनका लागि जिम्मेवार आफ्ना निकायहरू बीचको सहयोगलाई आवश्यकता अनुरूप प्रोत्साहित गर्ने उपायहरू अवलम्बन गर्नेछ। त्यस्ता सहयोगभित्र निम्न कुरा समावेश हुन सक्नेछन्ः–

(क) यो महासन्धिको धारा १५, २१ र २३ बाट कसूर स्थापित गरिएका कुनै कसूर भएको भनी विश्वास गर्न सकिने तर्कसङ्गत आधारहरू भएकोमा पछिल्ला निकायहरूलाई आफ्नै प्रयासमा सूचना प्रदान गर्ने कुरा; वा

(ख) पछिल्ला निकायहरूलाई अनुरोधका आधारमा सबै आवश्यक सूचना प्रदान गर्ने कुरा।

**धारा ३९**

**राष्ट्रिय निकाय र निजी क्षेत्र बीचको सहयोग**

१. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून अनुरूप हुने गरी, यस महासन्धिद्वारा स्थापित कसूर गर्ने कार्यमा संलग्न रहेका विषयसँग सम्बन्धित कुरामा, अनुसन्धान र अभियोजन गर्ने राष्ट्रिय र निजी क्षेत्रका एकाइहरू, खासगरी वित्तीय संस्थाहरू बीचको सहयोगलाई आवश्यकता अनुरूप प्रोत्साहित गर्ने उपायहरू अवलम्बन गर्नेछ।

२. प्रत्येक राज्य पक्षले यो महासन्धिद्वारा कसूर स्थापित गरिएका कार्य भएकोमा आफ्ना नागरिकहरू र आफ्नो क्षेत्रभित्र बसोबास गर्दै आएका व्यक्तिहरूले तत्सम्बन्धमा अनुसन्धान र अभियोजन गर्ने राष्ट्रिय निकायहरूलाई त्यसको सूचना दिने कार्यलाई प्रोत्साहित गर्न विचार गर्नेछ।

**धारा ४०**

**बैंकको गोपनीयता**

प्रत्येक राज्य पक्षले, यस महासन्धिद्वारा स्थापित कसूरहरूको सिलसिलामा आफ्नो मुलुकमा फौजदारी अनुसन्धानको सन्दर्भमा, बैंकको गोपनीयता सम्बन्धी कानूनहरूको कार्यान्वयनको क्रममा उत्पन्न हुन सक्ने बाधा व्यवधानहरूलाई हटाउन आफ्नो मुलुकको कानूनी प्रणालीभित्र समुचित संयन्त्रको उपलब्धता सुनिश्चित गर्नेछ।

**धारा ४१**

**फौजदारी अभिलेख**

प्रत्येक राज्य पक्षले, उपयुक्त उद्देश्य र शर्तका अधीनमा रही, अर्को कुनै राज्यमा आरोपित कसूरदारलाई पहिले नै सजाय गरिएको कुराको सूचना यस महासन्धिद्वारा स्थापित कसूरहरूसँग सम्बन्धित फौजदारी कारवाहीका सिलसिलामा विचार गर्न आवश्यकता अनुसार विधायिकी वा अन्य उपायहरू अवलम्बन गर्न सक्नेछ।

**धारा ४२**

**अधिकार क्षेत्र**

१. प्रत्येक राज्य पक्षले यस महासन्धिद्वारा स्थापित कसूरहरूका सम्बन्धमा देहायका अवस्थामा अधिकार क्षेत्र स्थापित गर्न आवश्यकता अनुसारका उपायहरू अवलम्बन गर्नेछः

(क) सो राज्य पक्षको क्षेत्रभित्र त्यस्तो कसूर गरिएकोमा;

(ख) त्यस्तो कसूर गर्दाका अवस्थामा सो राज्य पक्षको ध्वजावाहक जहाजभित्र वा सो राज्यको कानून अन्तर्गत दर्ता भएको हवाइजहाजभित्र कसूर गरेमा।

२. यस महासन्धिको धारा ४ को अधीनमा रही कुनै राज्य पक्षले देहायका कुनै कसूरका सम्बन्धमा पनि अधिकार क्षेत्र कायम गर्न सक्नेछः

(क) सम्बन्धित राज्य पक्षको नागरिक विरुद्ध कसूर गरिएमा; वा

(ख) सम्बन्धित राज्य पक्षको नागरिकद्वारा वा सो राज्य पक्षको क्षेत्रभित्र बसोबास गर्दै आएको राज्यविहीन व्यक्तिले कसूर गरेमा; वा

(ग) सो कसूर यस महासन्धिको धारा २३ को प्रकरण १ (ख) (ii) अन्तर्गत स्थापित कसूर भएको र यस महासन्धिको धारा २३ को प्रकरण १ (क) (i) वा (ii वा (ख) (i) अन्तर्गत स्थापित कसूर आफ्नो क्षेत्रभित्र गर्ने उद्देश्यले आफ्नो क्षेत्र बाहिर रही गरेमा;

(घ) राज्य पक्षकै विरुद्धमा कसूर गरिएकोमा।

३. यस महासन्धिको धारा ४४ को प्रयोजनका लागि, प्रत्येक राज्य पक्षले यस महासन्धिद्वारा स्थापित कसूरको कुनै आरोपित कसूरदार आफ्नो क्षेत्रभित्र रहेको र त्यस्तो व्यक्ति आफ्नो नागरिक भएको भन्ने मात्र आधारमा निजलाई सपुर्दगी नगरिएको अवस्थामा त्यस्तो कसूरमा अधिकार क्षेत्र स्थापित गर्न आवश्यकता अनुसारका उपायहरू अवलम्बन गर्नेछ।

४. प्रत्येक राज्य पक्षले यस महासन्धिद्वारा स्थापित कसूरका सम्बन्धमा आरोपित कसूरदार आफ्नो क्षेत्रभित्र रहेको र निजलाई सपुर्दगी नगरिएकोमा आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यकता अनुसारका उपाय अवलम्बन गर्न सक्नेछ।

५. यदि कुनै राज्य पक्षलाई यस धाराको प्रकरण १ र २ को अधिकार क्षेत्रको प्रयोग गर्ने क्रममा अर्को कुनै राज्य पक्षले सोही व्यवहारका सम्बन्धमा अनुसन्धान, अभियोजन वा न्यायिक कारवाही गरिरहेको भन्ने कुराको सूचना प्राप्त भएमा वा अन्य कुनै तरिकाबाट जानकारी हुन आएमा, ती राज्यका सक्षम निकायहरूले उपयुक्तता अनुरूप आफ्ना कामहरूमा समन्वय गर्ने उद्देश्यले एकअर्का बीच परामर्श गर्नेछन्।

६. अन्तर्राष्ट्रिय कानूनका सामान्य मापदण्डको विपरीत नहुने गरी, राज्य पक्षले स्थापित गरेको फौजदारी अधिकार क्षेत्रको प्रयोगलाई यो महासन्धिले अन्यथा गर्नेछैन।

## परिच्छेद– चार

## अन्तर्राष्ट्रिय सहयोग

**धारा ४३**

**अन्तर्राष्ट्रिय सहयोग**

१. राज्य पक्षहरूले फौजदारी विषयमा यस महासन्धिको धारा ४४ देखि ५० बमोजिम सहयोग गर्नेछन्। उपयुक्त भएसम्म र आफ्नो मुलुकका कानूनको अनुकूल रहेसम्म, राज्य पक्षहरूले भ्रष्टाचारसँग सम्बन्धित देवानी र प्रशासनिक विषयहरूको अनुसन्धान र कारवाहीमा एक अर्कालाई सहायता पुऱ्याउन विचार गर्नेछन्।

२. अन्तर्राष्ट्रिय सहयोगका विषयहरूमा दोहोरो अपराधिकतालाई वाञ्छनीय ठानिएको अवस्थामा, यदि सहयोगको अपेक्षा गरिएको कसूरसँग सम्बन्धित व्यवहार दुवै राज्य पक्षका कानूनहरू अन्तर्गत फौजदारी कसूर मानिएको छ भने अनुरोध गरिएको राज्य पक्षको कानूनले समान तहको कसूरमा राखे वा नराखेको वा अनुरोधकर्ता राज्यको कानूनमा कसूरलाई उही शब्दावलीबाट नामाङ्कित गरिए वा नगरिएको जेसुकै भए पनि त्यस्ता शर्तहरू पूरा भएको मानिनेछन् ।

**धारा ४४**

**सपुर्दगी**

१. यो धारा यस महासन्धिद्वारा स्थापित कसूरहरूका सम्बन्धमा सपुर्दगीको लागि अनुरोध गरिएको व्यक्ति अनुरोध गरिएको राज्यभित्र रहेको अवस्थामा लागू हुनेछ । तर सपुर्दगीको लागि अनुरोध गरिएको कसूर अनुरोधकर्ता र अनुरोध गरिएका दुवै राज्यका आ–आफ्नो मुलुकका कानून अन्तर्गत दण्डनीय हुनुपर्नेछ ।

२. यस धाराको प्रकरण १ का प्रावधानहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै राज्य पक्षले उसको कानूनले अनुमति दिएमा आफ्नो मुलुकको कानूनले दण्डनीय नभएको भए पनि यो महासन्धिबाट व्यवस्था गरिएका कसूरहरूसँग सम्बन्धित व्यक्तिलाई सपुर्दगी गर्न सक्नेछ ।

३. सपुर्दगीको लागि अनुरोध गरिएको विषयभित्र धेरै भिन्न भिन्न कसूरहरू समावेश भएको अवस्थामा कम्तीमा एउटा कसूर यस धारा अन्तर्गत सपुर्दगीयोग्य भएमा र ती मध्ये कुनै कसूर सजायको अवधिका हिसाबले सपुर्दगीयोग्य नभएमा पनि यस महासन्धिद्वारा स्थापित कसूरसँग सम्बन्धित भएमा अनुरोध गरिएको राज्यले ती कसूरहरूका सम्बन्धमा पनि यो धारा लागू गर्न सक्नेछ ।

४. राज्य पक्षहरू बीच विद्यमान रहेका कुनै पनि सपुर्दगी सन्धिहरूमा यो धारा लागू हुने कसूरहरू सपुर्दगीयोग्य कसूरको रूपमा समावेश भएको मानिनेछ । राज्य पक्षले अब उप्रान्त आफूहरू बीच सम्पन्न हुने प्रत्येक सपुर्दगी सन्धिमा यस्ता कसूरहरू सपुर्दगीयोग्य कसूरको रूपमा समावेश गर्ने जिम्मेवारी ग्रहण गर्दछन् । कुनै राज्य पक्षको कानूनले यसै महासन्धिलाई सपुर्दगीको आधारको रूपमा प्रयोग गर्ने अनुमति दिएको अवस्थामा सो राज्यले यस महासन्धिद्वारा स्थापित कसूरहरूलाई राजनीतिक कसूर मान्नेछैन ।

५. यदि कुनै राज्य पक्षले सपुर्दगीलाई सन्धिको आधारमा मात्र गर्न सकिने गरी सशर्त बनाएकोमा त्यस्तो सपुर्दगी सम्झौता नभएको अर्को कुनै राज्य पक्षबाट सपुर्दगीको अनुरोध प्राप्त गरेमा, त्यस्तो राज्यले यो धारा लागू हुने कसूरका सम्बन्धमा यसै महासन्धिलाई सपुर्दगीको कानूनी आधारको रूपमा विचार गर्न सक्नेछ ।

६. कुनै राज्य पक्षले सपुर्दगीलाई सन्धिको आधारमा मात्र गर्ने गरी सशर्त बनाएमा देहाय बमोजिम गर्नेछः

(क) यस महासन्धिको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको लिखत दाखिला गर्ने समयमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई यस महासन्धिका अन्य पक्षसँग सपुर्दगी सम्बन्धी सहयोग गर्दा यसै महासन्धिलाई कानूनी आधारको रूपमा लिने वा नलिने कुराबारे सूचित गर्नेछ; र

(ख) यदि कुनै राज्य पक्षले यस महासन्धिलाई सपुर्दगी सम्बन्धी सहयोगको कानूनी आधारको रूपमा ग्रहण नगर्ने भएमा, यो धारा लागू गर्नका लागि यो महासन्धिको अर्को राज्य पक्षसँग उपयुक्तता अनुसार सपुर्दगी सन्धि गर्ने प्रयास गर्नेछ ।

७. सपुर्दगी सन्धि हुनुपर्ने शर्त नराख्ने राज्य पक्षहरूले यो धारा लागू हुने कसूरहरूलाई एकआपसमा सपुर्दगीयोग्य कसूरको रूपमा मान्यता दिनेछन् ।

८. सपुर्दगी अनुरोध गरिने राज्यको आफ्नै कानून वा लागू हुने सपुर्दगी सन्धिका शर्तहरूका अधीनस्थ हुनेछ जसमा, अन्य कुराका अतिरिक्त सपुर्दगी गर्न न्यूनतम सजाय आवश्यक पर्ने शर्त र सपुर्दगी गर्न इन्कार गर्न सक्ने आधारहरू समावेश हुनेछन्।

९. राज्य पक्षहरूले, आफ्नो मुलुकको कानूनका अधीनमा रही, यो धारा लागू हुने कुनै पनि कसूरका सम्बन्धमा सपुर्दगी सम्बन्धी कार्यविधि विकसित गर्न र सो सम्बन्धमा प्रमाण सम्बन्धी व्यवस्था सरलीकृत गर्न प्रयास गर्नेछन्।

१०. अनुरोध गरिएको राज्य पक्षले, आफ्नो मुलुकको कानून र आफ्ना सपुर्दगी सन्धिहरूको अधीनमा रही अनुरोधकर्ता राज्यको अनुरोधमा तथा सम्बद्ध परिस्थितिको अनिवार्यता र अपरिहार्यताबाट सन्तुष्ट भएमा, सपुर्दगीको निमित्त अपेक्षा गरिएको व्यक्ति आफ्नो क्षेत्रभित्र रहेको भए निजलाई हिरासतमा लिने वा निजलाई सपुर्दगीको कारवाहीमा उपस्थित गराउन अन्य समुचित उपायहरू अवलम्बन गर्न सक्नेछ।

११. कुनै राज्य पक्षको क्षेत्रभित्र कुनै आरोपित कसूरदार फेला परेमा र त्यस्तो व्यक्ति आफ्नै देशको नागरिक भएको भन्ने एक मात्र आधारमा त्यस्तो व्यक्तिलाई सपुर्दगी नगर्ने भएमा, सपुर्दगी खोजिरहेको राज्य पक्षको अनुरोधमा, त्यस्तो व्यक्ति विरुद्ध अभियोजन गर्नका लागि त्यस्तो मुद्दा तत्काल सक्षम निकाय समक्ष पेश गर्नु त्यस्तो राज्य पक्षको दायित्व हुनेछ। त्यस्ता निकायहरूले आफ्नै राष्ट्रिय कानून अन्तर्गतको अन्य गम्भीर प्रकृतिको कसूरको मुद्दा सरह मानी निर्णय गर्ने र कारवाही अगाडि बढाउनेछन्। सम्बद्ध राज्य पक्षहरूले अभियोजनको प्रभावकारितालाई सुनिश्चित गर्न, खासगरी कार्यविधिगत र प्रमाण सम्बन्धी पक्षहरूमा एकअर्कालाई सहयोग गर्नेछन्।

१२. कदाचित कुनै राज्य पक्षले आफ्नो नागरिकलाई सपुर्दगी वा शरणको अपेक्षा गरिएको सुनुवाइ वा कारवाहीको परिणामस्वरूप गरिएको सजाय भोग्नका निम्ति त्यस्तो व्यक्तिलाई आफ्नै मुलुकमा फिर्ता पठाउनुपर्ने शर्त अनुरूप सपुर्दगी वा अन्य तरिकाले शरणागत गर्न सक्नेगरी आफ्नो मुलुकको कानूनले अनुमति प्रदान गरेकोमा र त्यस्तो राज्य पक्ष तथा त्यस्तो व्यक्तिको सपुर्दगीको अपेक्षा गरिरहेको राज्य पक्ष सो विकल्प र अरू समुचित देखिएका शर्तमा सहमत भएमा यस्तो सशर्त सपुर्दगी वा शरण पनि यस धाराको प्रकरण ११ मा व्यवस्थित दायित्व निर्वाहका लागि पर्याप्त हुनेछ।

१३. यदि सजाय कार्यान्वयन गर्ने उद्देश्यका लागि सपुर्दगी माग गरिएकोमा त्यसरी माग गरिएको व्यक्ति अनुरोध गरिने राज्यको नागरिक भएका कारण इन्कार गरिएको छ भने, अनुरोध गरिएको राज्य पक्षले आफ्नो मुलुकको कानूनले अनुमति दिएमा र त्यस्तो कानूनका आवश्यक शर्तका अनुकूल हुने गरी, अनुरोधकर्ता राज्यको आग्रहमा सो राज्यको आफ्नो कानून अन्तर्गत दिइएको सजाय वा त्यसको बाँकी अंश कार्यान्वयन गर्न विचार गर्नेछ।

१४. कुनै व्यक्तिका सम्बन्धमा यो धारा लागू हुने कसूरका सन्दर्भमा कारवाही चलिरहेकोमा त्यस्तो कारवाहीका प्रत्येक चरणहरूमा सो व्यक्तिलाई निज जुन राज्य पक्षको क्षेत्रभित्र छ त्यस मुलुकको कानूनबाट प्रदत्त सबै अधिकारहरू र प्रत्याभूतिहरू लगायत न्यायपूर्ण उपचारको प्रत्याभूति गरिनेछ।

१५. यस महासन्धिका कुनै पनि कुराको व्याख्या गर्दा कुनै व्यक्तिलाई निजको लिङ्ग, जाति, धर्म, राष्ट्रियता, जातीय उत्पत्ति वा राजनीतिक विचारका आधारमा अभियोजन वा सजाय गर्ने प्रयोजनको लागि अनुरोध गरिएको हो भनी अनुरोध गरिने राज्य पक्षले विश्वास गर्नसक्ने सारभूत आधार भएमा वा अनुरोधको पालना गर्दा उल्लिखित मध्ये कुनै आधारमा निजका प्रति पूर्वाग्रही बन्ने अवस्था भएमा सपुर्दगी गर्नै पर्ने दायित्व रहेको भनी व्याख्या गरिनेछैन।

१६. राज्य पक्षहरूले सम्बन्धित कसूरमा वित्तीय विषयहरू पनि समावेश भएको भन्ने एउटै आधारमा मात्र सपुर्दगीको अनुरोधलाई इन्कार गर्नसक्ने छैनन्।

१७. सपुर्दगी गर्न इन्कार गर्नुपूर्व अनुरोध गरिने राज्य पक्षले अनुरोधकर्ता राज्य पक्षलाई उपयुक्त भएसम्म आफ्नो राय प्रस्तुत गर्न पर्याप्त मौका प्रदान गर्न र आरोपसँग सम्बन्धित सूचना उपलब्ध गराउन अनुरोधकर्ता राज्यसँग परामर्श गर्नेछ।

१८. राज्य पक्षहरूले सपुर्दगी कार्यान्वित गर्न वा त्यसको प्रभावकारिता अभिवृद्धि गर्नका लागि द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्ध गर्न प्रयत्न गर्नेछन्।

**धारा ४५**

**सजाय पाएका व्यक्तिको हस्तान्तरण**

राज्य पक्षहरूले यस महासन्धिद्वारा स्थापित कसूरका सम्बन्धमा सजाय पाएका व्यक्तिहरूलाई कैद गर्न वा उनीहरूलाई अन्य प्रकारको स्वतन्त्रताबाट वञ्चित गरी तत्स्थानमै सजाय पूरा गर्नसक्ने व्यवस्था गर्न त्यस्ता व्यक्तिलाई आफ्नै क्षेत्रमा हस्तान्तरण गर्न द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्ध गर्न विचार गर्न सक्नेछन्।

**धारा ४६**

**पारस्परिक कानूनी सहायता**

१. राज्य पक्षहरूले यस महासन्धिमा व्यवस्था गरिएका कसूरहरूसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारवाहीमा यथासम्भव उदार रूपमा एकआपसमा पारस्परिक कानूनी सहायता प्रदान गर्नेछन्।

२. अनुरोधकर्ता राज्यमा महासन्धिको धारा २६ बमोजिम कानूनी व्यक्तिलाई उत्तरदायी बनाउन सक्ने गरी त्यस्तो कसूरको अनुसन्धान, अभियोजन र न्यायिक कारवाहीमा अनुरोध गरिने राज्यका सम्बद्ध कानून, सन्धि, सम्झौता र प्रबन्ध अन्तर्गत सम्भव भएसम्म व्यापक रूपमा पारस्परिक कानूनी सहायता प्रदान गरिनेछ।

३. यस धारा बमोजिम पारस्परिक कानूनी सहायता प्रदान गर्दा देहायका कुनै उद्देश्यका लागि गर्न सकिनेछः–

(क) व्यक्तिहरूबाट प्रमाण वा बयान लिनका लागि;

(ख) न्यायिक लिखतहरू तामेल गराउनका लागि;

(ग) खानतलासी, बरामदी र रोक्का राख्ने कार्य कार्यान्वित गर्नका लागि;

(घ) वस्तु र स्थानको जाँचका लागि;

(ङ) सूचना, प्रमाणजन्य वस्तु र विशेषज्ञको मूल्याङ्कन प्रदान गर्नका लागि;

(च) सरकारी, बैंकिङ्ग, वित्तीय, संस्थानजन्य वा व्यावसायिक अभिलेख लगायत सम्बद्ध लिखत र अभिलेखका मूल वा प्रमाणित प्रति प्रदान गर्नका लागि;

(छ) आपराधिक आर्जन, सम्पत्ति, अन्य माध्यमहरू वा प्रमाणजन्य उद्देश्यका लागि अन्य चिज वस्तुहरूको पहिचान गर्ने वा पत्ता लगाउने कार्य गर्नका लागि;

(ज) अनुरोधकर्ता राज्यमा व्यक्तिहरूको स्वैच्छिक उपस्थितिलाई सुविधाजनक बनाउनका लागि;

(झ) अनुरोध गरिने राज्यको आफ्नो मुलुकको कानूनको प्रतिकूल नहुने अन्य कुनै पनि सहयोगका लागि;

(ञ) यस महासन्धिको परिच्छेद पाँचका प्रावधान बमोजिम आपराधिक आर्जनको पहिचान, रोक्का र पत्ता लगाउने कार्य गर्नका लागि;

(ट) यस महासन्धिको परिच्छेद– पाँचका प्रावधान बमोजिम सम्पत्ति फिर्ताका लागि ।

४. राज्य पक्षका सक्षम निकायहरूले आफ्नो मुलुकको कानूनको प्रतिकूल नहुने गरी, पूर्व अनुरोध बेगर नै पनि अर्को राज्य पक्षको सक्षम निकायलाई फौजदारी विषयसँग सम्बन्धित त्यस्ता सूचनाहरू, जुन सूचनाले छानविन वा फौजदारी कारवाहीलाई अघि बढाउन वा सफलतापूर्वक सम्पन्न गर्नका लागि सहयोग पुऱ्याउन सक्छ वा यस महासन्धि बमोजिम पछिल्लो राज्यद्वारा तयार गरिएको अनुरोधको रूप लिन सक्छ भन्ने विश्वास भएमा, त्यस्ता सूचना प्रसार गर्न सक्नेछन् ।

५. यस धाराको प्रकरण ४ बमोजिम सूचना प्रसार गर्दा सूचना प्रदायक राज्यका सक्षम निकायहरू समक्ष चलिरहेको छानविन र फौजदारी कारवाहीहरूलाई प्रतिकूल प्रभाव नपार्ने गरी गरिनेछ । सूचना प्राप्त गर्ने सक्षम निकायहरूले पूर्वोक्त सूचना अस्थायी रूपमा समेत गोप्य राख्ने वा यसको प्रयोगमा बन्देज लगाउने अनुरोधको पालना गर्नेछन् । तथापि, यसले सूचना प्राप्तकर्ता राज्य पक्षलाई आरोपित व्यक्तिलाई आफ्नो कारवाहीको क्रममा निरपराध घोषित गर्ने किसिमका सूचना सार्वजनिक गर्न रोक लगाउनेछैन । यस्तो अवस्थामा, सूचना प्राप्त गर्ने राज्य पक्षले सूचनादाता राज्य पक्षलाई त्यस्तो सूचना सार्वजनिक गर्नुपूर्व सूचित गर्नेछ र त्यस्तो अनुरोध भएमा सूचनादाता राज्य पक्षसँग परामर्श गर्नेछ । कुनै अपवाद स्वरूप पूर्व सूचना दिन सम्भव नभएमा, सूचना प्राप्त गर्ने राज्य पक्षले सूचना प्रदायक राज्य पक्षलाई विना कुनै ढिलाई सूचना सार्वजनिक गरेको कुरा जानकारी गराउनेछ ।

६. यस धाराका प्रावधानहरूले पारस्परिक कानूनी सहायता सम्बन्धी विद्यमान वा पछि लागू हुने अन्य कुनै द्विपक्षीय वा बहुपक्षीय सन्धिलाई पूर्ण वा आंशिक रूपमा प्रभाव पार्नेछैनन् ।

७. सम्बद्ध राज्य पक्षहरू कुनै पारस्परिक कानूनी सहायता सम्बन्धी सन्धिबाट बाध्यकारी नभएको अवस्थामा यस धारा अन्तर्गत गरिएका अनुरोधका सम्बन्धमा यस धाराका प्रकरण ९ देखि २९ सम्मका व्यवस्थाहरू लागू हुनेछन् । ती राज्य पक्षहरू त्यस्तो कुनै सन्धिबाट बाँधिएको अवस्था भएमा त्यस्तो सन्धिका समानान्तर प्रावधानका सट्टामा यस धाराका प्रकरण ९ देखि २९ सम्मका व्यवस्थाहरू लागू गर्न राज्यहरू सहमत नभएसम्म तिनै (सन्धिका) प्रावधानहरू लागू हुनेछन् । राज्य पक्षहरूलाई सहयोग प्रदान गर्ने अवस्थामा ती प्रावधानहरू लागू गर्न जोडदार रूपमा प्रोत्साहित गरिन्छ ।

८. राज्य पक्षहरूले बैंक गोप्यताको आधारमा यस धारा बमोजिमको पारस्परिक कानूनी सहायता प्रदान गर्न इन्कार गर्ने छैनन् ।

९. (क) अनुरोध गरिएको राज्य पक्षले दोहोरो आपराधिकताको अभाव रहेको अवस्थामा यस धारा बमोजिम सहयोगको लागि गरिएको अनुरोधको प्रत्युत्तरमा यस महासन्धिको धारा १ मा वर्णित उद्देश्यहरूलाई ध्यानमा राख्नेछ ।

(ख) राज्य पक्षहरूले दोहोरो आपराधिकताको अभाव रहेको भन्ने आधारमा यस धारा बमोजिम सहायता प्रदान गर्न इन्कार गर्न सक्नेछन् । तथापि, अनुरोध गरिएको राज्यले, आफ्नो कानूनी पद्धतिका आधारभूत अवधारणाहरूको अनुकूल हुनेगरी दबावमूलक कार्य समावेश नहुने गरी सहायता प्रदान गर्नेछ । कुनै अनुरोधमा अति सामान्य प्रकृतिको विषय समावेश भएको वा यो महासन्धिका अन्य प्रावधान अन्तर्गत नै अपेक्षित सहयोग वा सहायता प्राप्त हुने भएमा यस्तो सहायता गर्न इन्कार गर्न सकिनेछ ।

(ग) प्रत्येक राज्य पक्षले दोहोरो आपराधिकताको अभाव रहेको अवस्थामा पनि यस धारा बमोजिमको सहायतालाई विस्तृत स्वरूप प्रदान गर्न सक्षम बनाउन आवश्यकता अनुरूपका उपायहरू अवलम्बन गर्नेतर्फ विचार गर्न सक्नेछ ।

१०. कुनै व्यक्ति एक राज्य पक्षको क्षेत्रभित्र थुनामा रहेको वा सजाय भोगिरहेको अवस्थामा त्यस्तो व्यक्तिलाई यस महासन्धिद्वारा कसूर कायम गरिएका विषयमा अनुसन्धान वा अभियोजन वा न्यायिक कारवाहीका सिलसिलामा

पहिचान, साक्षी परीक्षण वा प्रमाण प्राप्त गर्ने सम्बन्धमा वा अन्य सहायता प्रदान गर्ने उद्देश्यका लागि अर्को राज्य पक्ष समक्ष उपस्थित गराउन अनुरोध गरिएकोमा, देहायका अवस्थाहरू पूरा भएको भए त्यस्तो व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछः–

(क) त्यस्तो व्यक्तिले स्वतन्त्रतापूर्वक जानकारीयुक्त सहमति दिएमा;

(ख) दुवै राज्य पक्षका सक्षम निकायहरू आफूहरूले समुचित सम्झेका शर्तहरूको अधीनमा रही सहमत भएमा ।

११. यस धाराको प्रकरण १० को प्रयोजनका लागिः

(क) जुन राज्य पक्ष समक्ष व्यक्ति हस्तान्तरण भएको हो सो राज्यलाई, जुन राज्यबाट त्यस्तो व्यक्ति हस्तान्तरण गरिएको हो सो राज्य पक्षले अन्यथा अनुरोध गरेमा वा अख्तियारी दिएमा बाहेक त्यस्तो व्यक्तिलाई हिरासतमा राख्ने अख्तियारी वा दायित्व हुनेछ ।

(ख) जुन राज्य पक्ष समक्ष त्यस्तो व्यक्ति हस्तान्तरण भएको हो सो राज्यले, जुन राज्य पक्षबाट त्यस्तो व्यक्ति हस्तान्तरण गरिएको हो सो राज्यको हिरासतमा त्यस्तो व्यक्तिलाई दुवै राज्य पक्षका सक्षम निकायहरूबाट तत्काल वा अन्यथा सहमति भए बमोजिम विना कुनै ढिलाइ फिर्ता पठाउनुपर्ने दायित्व निर्वाह गर्नेछ ।

(ग) जुन राज्य पक्षबाट त्यस्तो व्यक्तिलाई हस्तान्तरण गरिएको हो सो राज्यले त्यस्तो व्यक्तिलाई हस्तान्तरण गरिएको राज्यबाट फर्काउनका लागि सपुर्दगीको कारवाहीको प्रारम्भ गर्न आवश्यक हुनेछैन ।

(घ) एउटा राज्य पक्षबाट अर्को राज्य पक्षमा हस्तान्तरण भई त्यस्तो व्यक्तिले हिरासतमा बसेकोमा निजले हस्तान्तरण गर्ने राज्यमा सजाय भोगे सरह त्यस्तो हिरासतमा बसेको अवधिको सजायमा छुट पाउनेछ ।

१२. जुन राज्य पक्षबाट त्यस्तो व्यक्ति यस धाराको प्रकरण १० र ११ बमोजिम हस्तान्तरण गरिएको हो सो राज्य सहमत नभएसम्म, त्यस्तो व्यक्ति जुनसुकै राष्ट्रियताको भए पनि, निजलाई जुन राज्यबाट हस्तान्तरण गरिएको हो, सो राज्यबाट प्रस्थान गर्नुपूर्व जुन राज्यमा त्यस्तो व्यक्तिलाई हस्तान्तरण गरिएको हो सो राज्यमा कुनै कार्य गरेको नगरेकोमा अभियोजन गरिने, थुनिने, दण्डित गरिने वा निजको कुनै पनि वैयक्तिक स्वतन्त्रतामा बन्देज लगाइने छैन ।

१३. प्रत्येक राज्य पक्षले पारस्परिक कानूनी सहायता सम्बन्धी अनुरोधहरू ग्रहण गर्ने र ती अनुरोधलाई कार्यान्वित गर्ने वा कार्यान्वयन गर्ने सक्षम निकायमा पठाउने उत्तरदायित्व र अधिकार भएको एउटा केन्द्रीय निकायको व्यवस्था गर्नेछ । कुनै राज्य पक्षको पारस्परिक कानूनी सहायता सम्बन्धी पृथक पद्धति रहेको कुनै खास प्रदेश वा क्षेत्र भएमा त्यस्तो राज्यले त्यस्तो प्रदेश वा क्षेत्रका लागि सोही कार्य गर्न खास केन्द्रीय निकायको व्यवस्था गर्न सक्नेछ । केन्द्रीय निकायहरूले प्राप्त अनुरोधको द्रुत र समुचित कार्यान्वयन एवं आदान–प्रदान कार्यलाई सुनिश्चित गर्नेछन् । केन्द्रीय निकायले प्राप्त अनुरोधलाई कार्यान्वयनको निम्ति सक्षम निकायमा पठाएकोमा त्यसले त्यस्तो सक्षम निकायलाई सो अनुरोधको द्रुत र समुचित कार्यान्वयनको लागि प्रोत्साहित गर्नेछ । यस महासन्धिको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको लिखत दाखिला गर्ने समयमा प्रत्येक राज्य पक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई यस उद्देश्यका लागि व्यवस्था गरिएको केन्द्रीय निकायका बारेमा सूचित गर्नेछ । पारस्परिक कानूनी सहायता र सो विषयका अन्य सूचना सम्बन्धी अनुरोध पठाउँदा राज्य पक्षहरूले व्यवस्था गरेका केन्द्रीय निकायमा पठाइनेछ । राज्य पक्षको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी यस्ता अनुरोध र सूचनाहरू कुटनैतिक माध्यम मार्फत सम्बोधित हुन र अत्यावश्यक अवस्थाहरूमा राज्य पक्षहरू मञ्जुर गरेमा यथासम्भव अन्तर्राष्ट्रिय फौजदारी प्रहरी सङ्गठन मार्फत प्रेषित गर्ने व्यवस्था हुनेछ ।

१४. अनुरोधहरू लिखित रूपमा वा सम्भव भएसम्म लिखित अभिलेख तयार गर्न सक्ने माध्यमको प्रयोगद्वारा अनुरोध गरिने राज्य पक्षलाई मान्य हुने भाषामा गरिनेछ, साथै त्यस्तो राज्यले आधिकारिकता स्थापित गर्न सक्ने अवस्था अनुरूप गरिनेछ । यस महासन्धिको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको लिखत दाखिला गर्ने समयमा प्रत्येक राज्य पक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई आफुलाई स्वीकार्य हुने भाषा वा भाषाहरू बारे सूचित गर्नेछ । अपरिहार्य अवस्था र राज्य पक्षहरूले सहमति जनाएको स्थितिमा अनुरोधहरू मौखिक रूपमा पनि गर्न सकिनेछ, तर यथासक्य छिटो त्यसलाई लिखित रूपबाट पुष्टि गरिनेछ ।

१५. पारस्परिक कानूनी सहायता सम्बन्धी अनुरोधमा देहायका कुरा हुनेछन्:

(क) अनुरोध गर्ने निकायको पहिचान हुने कुरा;

(ख) अनुसन्धान, अभियोजन वा न्यायिक कारवाही गरिरहेको निकायको नाम र त्यसका कार्यहरू तथा अनुरोधसँग सम्बन्धित अनुसन्धान, अभियोजन वा न्यायिक कारवाहीको विषयवस्तु र त्यसको प्रकृति;

(ग) न्यायिक लिखतहरू तामेल गर्ने उद्देश्यसँग सम्बन्धित अनुरोधहरू बाहेकका विषयमा सम्बद्ध तथ्यहरूको सारांश;

(घ) अपेक्षा गरिएको सहयोगको स्वरूप र अनुरोधकर्ता राज्यले पालना गर्नुपर्ने ठानेको कुनै खास कार्यविधिको विवरण;

(ङ) सम्भव भएसम्म सम्बद्ध व्यक्तिको पहिचान, अवस्थिति र राष्ट्रियता; र

(च) प्रमाण, सूचना र कारवाहीको अपेक्षा गर्नुको उद्देश्य ।

१६. अनुरोध गरिने राज्य पक्षले त्यस्तो अनुरोध कार्यान्वित गर्न सक्ने भएमा वा आफ्नो मुलुकको कानून अनुरूप त्यस्तो अनुरोध कार्यान्वित गर्न आवश्यक पर्ने ठानेमा थप सूचनाको लागि आग्रह गर्न सक्नेछ ।

१७. कुनै अनुरोधको कार्यान्वयन गर्दा अनुरोध गरिने राज्य पक्षको आफ्नै मुलुकको कानून अनुसार र अनुरोध गरिने राज्य पक्षकै कानूनको प्रतिकूल नहुने हदसम्म र सम्भव भएसम्म अनुरोधमा उल्लिखित कार्यविधि बमोजिम कार्यान्वित गरिनेछ ।

१८. आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तसँग अनुकूल हुने तथा सम्भव भएसम्म कुनै व्यक्ति एउटा राज्य पक्षको क्षेत्रभित्र रहेको र त्यस्तो व्यक्तिलाई अर्को राज्य पक्षको न्यायिक निकायद्वारा साक्षी वा विशेषज्ञका रूपमा सुनुवाइ गर्नुपर्ने भएमा, पहिलो राज्य पक्षले अर्को राज्य पक्षको अनुरोधमा, सम्बन्धित व्यक्ति अनुरोधकर्ता राज्यको क्षेत्रमा वैयक्तिक रूपमा उपस्थित हुन सम्भव नभएमा वा इच्छुक नभएमा, त्यस्तो व्यक्तिको सुनुवाइ दृश्य सम्मेलन (video conference) बाट सम्पन्न गर्न अनुमति दिन सक्नेछ । राज्य पक्षहरू अनुरोधकर्ता राज्य पक्षको न्यायिक निकायबाट सुनुवाइको सञ्चालन गर्न र अनुरोध गरिने राज्यको न्यायिक निकायका तर्फबाट उपस्थित रही त्यस्तो सुनुवाइ गर्न सहमत हुन सक्नेछन् ।

१९. अनुरोधकर्ता राज्य पक्षले, अनुरोध गरिएको राज्य पक्षको पूर्व सहमति विना, अनुरोधमा उल्लेख भए भन्दा बाहेकका अनुसन्धान, अभियोजन वा न्यायिक कार्यवाहीका लागि, त्यस्तो अनुरोध गरिएको राज्य पक्षद्वारा उपलब्ध गराइएका सूचना वा प्रमाण प्रसार गर्ने वा प्रयोग गर्ने छैनन् । यस प्रकरणमा उल्लेख भएका कुनै पनि कुराले अनुरोधकर्ता राज्य पक्षलाई आफ्नो कारवाहीको सिलसिलामा कुनै अभियुक्तलाई निरपराध घोषित गर्ने किसिमका सूचना वा प्रमाण, खुलस्त गर्नबाट रोक्नेछैन । पछिल्लो अवस्थामा, अनुरोधकर्ता राज्यले खुलस्त गर्नु अगाडि अनुरोध गरिने राज्य पक्षलाई सूचित गर्नेछ र त्यसरी अनुरोध गरिएकोमा अनुरोध गरिने राज्य पक्षसँग परामर्श गर्नेछ । यदि, कुनै अपवादात्मक

अवस्थामा, पूर्व सूचना सम्भव नभएमा अनुरोधकर्ता राज्य पक्षले अनुरोध गरिने राज्य पक्षलाई खुलस्त गरिएको विषयका बारेमा विना कुनै ढिलाई सूचना गर्नेछ।

२०. अनुरोधकर्ता राज्य पक्षले अनुरोध गरिने राज्य पक्षसँग अनुरोध कार्यान्वयन गर्न आवश्यक पर्ने हदसम्म बाहेक अनुरोधमा उल्लिखित तथ्य र सारलाई गोप्य राखिदिने अपेक्षा गर्न सक्नेछ। यदि अनुरोध गरिने राज्य पक्षले गोप्यता कायम राख्नुपर्ने शर्तको पालना गर्न नसक्ने भएमा अनुरोधकर्ता राज्य पक्षलाई तत्कालै सूचित गर्नेछ।

२१. पारस्परिक कानूनी सहायता निम्न अवस्थामा इन्कार गर्न सकिनेछः

(क) यसै धाराका प्रावधान अनुरूप अनुरोध गरिएको नभएमा;

(ख) अनुरोध गरिएको राज्य पक्षले त्यस्तो अनुरोध कार्यान्वयन गर्दा आफ्नो सार्वभौमिकता, सुरक्षा, सार्वजनिक सुव्यवस्था वा अन्य आधारभूत हितको प्रतिकूल हुने लागेमा;

(ग) आफ्नै अधिकार क्षेत्र अन्तर्गत त्यस्तै प्रकारको कुनै कसूरसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारवाहीको अधीनमा रही, अनुरोध गरिएको कार्यलाई अगाडि बढाउन अनुरोध गरिएको राज्य पक्षका निकायहरूलाई आफ्नै मुलुकको कानूनद्वारा निषेधित अवस्था भएमा;

(घ) अनुरोध बमोजिम आपसी कानूनी सहायता प्रदान गर्दा अनुरोध गरिएको राज्य पक्षको कानूनी पद्धति विपरीत हुन सक्ने भएमा।

२२. राज्य पक्षहरूले सम्बन्धित कसूरमा वित्तीय विषयहरू पनि समावेश भएको भन्ने एउटै आधारमा पारस्परिक कानूनी सहायताको अनुरोधलाई इन्कार गर्नसक्ने छैनन्।

२३. पारस्परिक कानूनी सहायता प्रदान नगर्नुका कारणहरू प्रदान गरिनेछ।

२४. अनुरोध गरिएको राज्य पक्षले मूलतः अनुरोधका आधारमा यथासक्य छिटो पारस्परिक कानूनी सहायताको अनुरोधलाई कार्यान्वयन गर्नेछ र अनुरोधकर्ता राज्य पक्षले कुनै समयावधि सुझाव गरेको भए त्यसलाई सम्भव हुने पूर्ण हदसम्म ग्रहण गर्नेछ र त्यसका लागि कारण पनि दिइनेछ। अनुरोधकर्ता राज्य पक्षले आफ्नो अनुरोधका सम्बन्धमा सन्तुष्ट हुन अनुरोध गरिएको राज्यद्वारा लिइएका उपायहरूको स्थिति र प्रगतिसँग सम्बन्धित सूचनाका लागि तर्कसङ्गत अनुरोध गर्न सक्नेछ। अनुरोध गरिएको राज्य पक्षले, अनुरोधकर्ता राज्यका तर्कसङ्गत अनुरोधका सम्बन्धमा अनुरोधको स्थिति र अनुरोध अघि बढाउँदाको प्रगतिको बारे जवाफ दिनेछ। अनुरोधकर्ता राज्यलाई तदुपरान्त सहायता आवश्यक नभएमा सोको सूचना तत्कालै अनुरोध गरिएको राज्य पक्षलाई प्रदान गर्नेछ।

२५. अनुरोध गरिएको राज्यद्वारा चलिरहेको अनुसन्धान, अभियोजन वा न्यायिक कारवाहीमा हस्तक्षेप पुऱ्याउने आधारमा पारस्परिक कानूनी सहायतालाई स्थगित गर्न सकिनेछ।

२६. यस धाराको प्रकरण २१ बमोजिम इन्कार गर्नु वा प्रकरण २५ बमोजिम कार्यान्वयन कार्यलाई स्थगित गर्नुभन्दा अगाडि, अनुरोध गरिएको राज्य पक्षले आवश्यक सम्झे अनुरूपका अवस्था र शर्तहरूका अधीनमा रही सहायता प्रदान गर्न सकिने वा नसकिने भन्ने विषयमा विचार गर्न अनुरोधकर्ता राज्य पक्षसँग परामर्श गर्नेछ। यदि अनुरोधकर्ता राज्य पक्षले त्यस्ता शर्तहरूको अधीनमा रही सहायता स्वीकार गरेमा ती शर्तहरूको पालना गर्नेछ।

२७. यस धाराको प्रकरण १२ को कार्यान्वयनको प्रतिकूल नहुने गरी, कुनै साक्षी, विशेषज्ञ वा अन्य व्यक्तिले, अनुरोधकर्ता राज्यको अनुरोधमा, अनुरोधकर्ता राज्यको क्षेत्रभित्र कारवाहीमा प्रमाण दिन वा अनुसन्धान, अभियोजन वा न्यायिक कारवाहीमा सहयोग पुऱ्याउन सहमति प्रदान गरेमा, त्यस्तो व्यक्तिलाई, अनुरोध गरिएको राज्य पक्षको क्षेत्रबाट प्रस्थान

गर्नु अघि, निजले सो क्षेत्रमा कुनै कार्य गरी, नगरी वा सजाय सुनाइएको अवस्थामा पनि, निजलाई अभियोजन गरिने, थुनिने, दण्डित गरिने वा निजको वैयक्तिक स्वतन्त्रता नियन्त्रित गरिने छैन । कुनै साक्षी वा विशेषज्ञ वा अन्य व्यक्तिलाई प्राप्त यस्तो सुरक्षित व्यवहार लगातार पन्ध्र दिनभन्दा बढीको समय पश्चात वा निजको उपस्थिति आवश्यक नभएको भन्ने कुराको आधिकारिक सूचना न्यायिक अधिकारीले सूचित गरेको मितिका सन्दर्भमा राज्य पक्षहरूले सहमति जनाएको समय पछि वा सो राज्य छोड्ने मौका प्रदान गरिएकोमा पनि अब त्यस्तो अनुरोधकर्ता राज्यको क्षेत्रभित्र स्वेच्छिक रूपमा रहे बसेमा वा त्यस्तो मुलुकबाट बाहिर गए पनि आफ्नो स्वेच्छाले पुनः फर्केको अवस्थामा समाप्त हुनेछ ।

२८. सम्बन्धित राज्य पक्षहरूले अन्यथा सहमति जनाएको अवस्थामा बाहेक अनुरोध कार्यान्वयन सम्बन्धी साधारण खर्चहरू अनुरोध गरिएको राज्य पक्षद्वारा व्यहोरिनेछ । यदि अनुरोधका परिपालनाका लागि ठूलो वा विशेष किसिमको खर्च लागेमा वा लाग्ने भएमा सम्बन्धित राज्य पक्षहरूले अनुरोधको कार्यान्वयन कसरी गर्ने भन्ने लगायत कुन तरिकाबाट खर्च व्यहोर्ने भन्ने बारेका अवस्था र शर्तहरू सुनिश्चित गर्न परामर्श गर्नेछन् ।

२९. अनुरोध गरिएको राज्य पक्षलेः

(क) आफ्नो मुलुकको कानून बमोजिम सर्वसाधारण जनतालाई उपलब्ध गराइने किसिमका आफूसँग रहेका सरकारी अभिलेख, लिखत वा सूचनाका प्रतिहरू अनुरोधकर्ता राज्य पक्षलाई प्रदान गर्नेछ;

(ख) आफ्नो मुलुकको कानून बमोजिम सर्वसाधारण जनतालाई उपलब्ध नगराइने किसिमका आफूसँग रहेका कुनै सरकारी अभिलेख, लिखत वा सूचनाका प्रतिहरू उचित लागेका शर्तहरूको अधीनमा रही, आफ्नो विवेकमा, पूर्ण वा आंशिक रूपमा अनुरोधकर्ता राज्य पक्षलाई प्रदान गर्न सक्नेछ ।

३०. राज्य पक्षहरूले, यो धाराका प्रावधानहरूलाई व्यावहारिक प्रभाव दिन वा बढावा दिन र त्यसको उद्देश्य पँर्तिका लागि, आवश्यकता अनुसार द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्ध गर्ने सम्भावनातर्फ विचार गर्नेछन् ।

**धारा ४७**

**फौजदारी कारवाहीको स्थानान्तरण**

राज्य पक्षहरूले, अभियोजनमा ध्यान केन्द्रित गर्ने दृष्टिबाट, खासगरी ती मुद्दाहरू, जसमा विभिन्न अधिकार क्षेत्रहरू समावेश भएका छन्, लाई स्थानान्तरण गर्दा समुचित न्याय सम्पादनको हित संरक्षण हुने ठानेमा, यस महासन्धिद्वारा स्थापित कसूरको अभियोजनको कारवाहीलाई एक अर्को राज्यमा स्थानान्तरण गर्ने सम्भावनातर्फ विचार गर्नेछन् ।

**धारा ४८**

**कानून कार्यान्वयनमा सहयोग**

१. राज्य पक्षहरूले यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूरको प्रतिरोध गर्ने सिलसिलामा, आ–आफ्ना मुलुकका कानूनी र प्रशासनिक पद्धतिको अनुकूल हुने गरी, कानून कार्यान्वयन सम्बन्धी कार्यको प्रभावकारिता अभिवृद्धि गर्न एकअर्कासँग निकटस्थ रही सहयोग गर्नेछन् । राज्य पक्षहरूले मूलतः देहायका कार्य गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन्:

(क) सम्बन्धित राज्य पक्षहरूले समुचित ठानेमा अन्य फौजदारी क्रियाकलापहरूसँग सम्बन्ध राख्ने लगायत यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूरका सबै पक्षहरूसँग सम्बन्धित सूचनाहरूको सुरक्षित र द्रुतदर आदान–प्रदान गर्नका लागि मार्ग प्रशस्त गर्न आफ्ना सक्षम निकायहरू, एजेन्सीहरू र सेवाहरूका बीच आवश्यकता अनुसार सञ्चारका सम्पर्क–सयन्त्रहरू स्थापना गर्ने र तिनको अभिवृद्धि गर्ने;

(ख) यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूरहरूसँग सम्बन्धित निम्न विषयमा छानविन गर्दा अरू राज्य पक्षहरूलाई सहयोग पुऱ्याउने;

(i) त्यस्ता कसूरहरूमा संलग्न शंकास्पद व्यक्तिहरूको पहिचान, अवस्थिति र क्रियाकलापहरू वा सम्बद्ध अन्य व्यक्तिहरू रहेको स्थान,

(ii) त्यस्ता कसूर गरी प्राप्त गरिएको आपराधिक आर्जन वा सम्पत्तिको ओहोरदोहोर,

(iii) त्यस्ता कसूर गर्दा प्रयोग गरिएका वा प्रयोग गर्ने इच्छा राखिएका सम्पत्ति, साधन र अन्य माध्यमहरूको ओहोर–दोहोर।

(ग) विश्लेषण वा अनुसन्धानको प्रयोजनका लागि उपयुक्तता अनुसार वस्तुको आवश्यक अदत वा परिमाण उपलबध गराउने,

(घ) यस महासन्धिबाट व्यवस्था गरिएका कसूर गर्न प्रयोग गरिएका गलत पहिचानका लागि प्रयोग भएका, जालसाज गरिएका, हेरफेर गरिएका वा झुठ्ठा लिखतहरू र लुकाउने छिपाउने सम्बन्धी क्रियाकलाप गर्ने अन्य साधनहरू लगायत खास प्रकारका साधन र तरिकाहरूसँग सम्बन्धित सूचना एक–अर्का राज्य पक्षबीच उपयुक्तता अनुरूप आदान–प्रदान गर्ने;

(ङ) सम्बन्धित राज्य पक्षहरू बीच सम्पन्न द्विपक्षीय सम्झौता वा प्रबन्धहरूको अधीनमा रही सम्पर्क अधिकारीहरूको पदस्थापन लगायत कर्मचारी र विशेषज्ञहरूको आदान प्रदान अभिवृद्धि गर्न आफ्ना सक्षम निकायहरू, एजेन्सीहरू र सेवाहरू बीच प्रभावकारी समन्वयको मार्ग प्रशस्त गर्ने;

(च) यस महासन्धिमा व्यवस्था गरिएका कसूरको अग्रिम पहिचानका लागि सूचनाहरूको आदान–प्रदान गर्ने र उपयुक्त हुने प्रशासनिक तथा अन्य उपायहरूमा समन्वय कायम गर्ने।

२. यस महासन्धिलाई प्रभावकारिता प्रदान गर्ने दृष्टिले, राज्य पक्षहरूले, आफ्ना कानून कार्यान्वयन निकायहरू बीचको प्रत्यक्ष सहयोगका लागि द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्धहरूमा प्रवेश गर्न र पहिलेदेखि नै यसप्रकारका सम्झौता वा प्रबन्धहरू रहेकोमा तिनलाई संशोधन गर्नका लागि विचार गर्नेछन्। यसप्रकारका सम्झौता वा प्रबन्धहरू सम्बद्ध राज्य पक्षहरूको बीचमा नभएको अवस्थामा त्यस्ता राज्य पक्षहरूले यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूरहरूका सम्बन्धमा पारस्परिक कानून कार्यान्वयन सहयोगको आधारशिलाको रूपमा यसै महासन्धिलाई स्वीकार गर्न विचार गर्न सक्नेछन्। राज्य पक्षहरूले आफ्ना कानून कार्यान्वयन गर्ने एजेन्सीहरू बीच सहयोग अभिवृद्धि गर्न उपयुक्तता अनुसार अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरू लगायत सबै सम्झौता र प्रबन्धहरूकोपूर्ण सदुपयोग गर्नेछन्।

३. आधुनिक प्रविधि प्रयोग गरी गरिएका यस महासन्धिमा समाविष्ट कसूरहरूको प्रतिकार गर्न राज्य पक्षहरूले आफ्ना साधन स्रोतले भ्याएसम्म सहयोग गर्न प्रयास गर्नेछन्।

**धारा ४९**

**संयुक्त अनुसन्धान**

राज्य पक्षहरूले, एक वा एकभन्दा बढी राज्यहरूमा अनुसन्धान, अभियोजन वा न्यायिक कारवाही गर्नुपर्ने विषयवस्तुहरूका सम्बन्धमा, सम्बद्ध निकायहरूले संयुक्त अनुसन्धनात्मक निकायहरू स्थापना गर्नसक्ने गरी द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्धहरू सम्पन्न गर्ने विचार गर्नेछन्। यस्ता सम्झौता र प्रबन्धहरूको अभावमा, संयुक्त अनुसन्धान गर्नुपर्ने हुन आएमा मुद्दै पिच्छे

सम्झौता गरी गर्न सकिनेछ । यस कार्यमा संलग्न राज्य पक्षहरूले जुन राज्य पक्षको क्षेत्रमा अनुसन्धान हुने हो त्यसको सार्वभौमसत्ताको पूर्ण सम्मान गर्ने कुरा सुनिश्चित गर्नेछन् ।

**धारा ५०**

**विशेष अनुसन्धानात्मक प्रविधिहरू**

१. प्रत्येक राज्य पक्षले, भ्रष्टाचारलाई प्रभावकारी रूपमा प्रतिरोध गर्न आफ्नै देशको कानूनी व्यवस्थाका आधारभूत सिद्धान्तहरूले अनुमति दिएको हदसम्म र आफ्नै मुलुकको कानूनले निर्धारित गरेका शर्तहरू अनुरूप, आवश्यकता अनुसार, आफ्नो साधन स्रोतले भ्याएसम्म, आफ्ना सक्षम निकायहरूद्वारा नियन्त्रित आपूर्तिको समुचित प्रयोगका लागि र उपयुक्त लागेमा आफ्नो क्षेत्रभित्र विद्युतीय वा अन्य किसिमका सुराकी र गुप्त कारवाही जस्ता अन्य विशेष अनुसन्धानात्मक प्रविधिहरू तथा ती प्रविधिबाट प्राप्त प्रमाणहरूलाई अदालतमा ग्रहणयोग्य बनाउन अनुमति प्रदान गर्नेछ ।

२. राज्य पक्षहरूलाई यस महासन्धिमा व्यवस्था गरिएका कसूरहरूको अनुसन्धान गर्ने उद्देश्यले आवश्यकता अनुसार, अन्तर्राष्ट्रिय तहमा सहयोग कायम गर्ने सन्दर्भमा, विशेष अनुसन्धानात्मक प्रविधिहरू प्रयोगमा ल्याउन समुचित द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्धहरू सम्पन्न गर्न प्रोत्साहित गरिएको छ । यस्ता सम्झौता वा प्रबन्धहरू राज्यहरूको सार्वभौमिक समानताको सिद्धान्तको पूर्ण पालना हुने गरी सम्पन्न हुनेछन् र लागू गरिनेछन् तथा त्यस्ता सम्झौता र प्रबन्धहरूका व्यवस्थाहरूकोअनिवार्य रूपमा पालना गरिनेछ ।

३. यस धाराको प्रकरण २ मा व्यवस्था गरिएका सम्झौता वा प्रबन्धहरूको अभाव रहेको अवस्थामा, अन्तर्राष्ट्रिय तहमा यस्ता विशेष अनुसन्धानात्मक प्रविधिहरूको प्रयोग सम्बन्धी निर्णय गर्नुपर्दा मुद्दै पिच्छे अलग–अलग गरिनेछ र आवश्यक भएमा, सम्बन्धित राज्य पक्षहरूद्वारा वित्तीय प्रबन्ध र अधिकार क्षेत्रको प्रयोगसँग सम्बन्धित विषयलाई पनि ध्यानमा राख्न सकिनेछ ।

४. अन्तर्राष्ट्रिय तहमा नियन्त्रित आपुर्ती उपयोग सम्बन्धी निर्णयभित्र सम्बन्धित राज्य पक्षको सहमतिमा वस्तु वा रकमलाई पूर्ण वा आंशिक रूपमा हटाउन वा स्थानान्तरण गर्न वा यथावत राख्नका लागि रोक्ने र अनुमति दिने जस्ता पद्धतिहरू समावेश हुन सक्नेछन् ।

## परिच्छेद– पाँच

## सम्पत्ति फिर्ता

**धारा ५१**

**सामान्य प्रावधान**

यस परिच्छेद बमोजिम सम्पत्ति फिर्ता गर्ने कार्य यस महासन्धिको आधारभूत सिद्धान्त हो र राज्य पक्षहरूले यस सम्बन्धमा एक–अर्कालाई अधिकाधिक मात्रामा सहयोग र सहायता प्रदान गर्नेछन् ।

**धारा ५२**

**आपराधिक आर्जनको हस्तान्तरणको रोकथाम र खोजपडताल**

१. प्रत्येक राज्य पक्षले यस महासन्धिको धारा १४ को प्रतिकूल नहुने गरी, आफ्नो मुलुकको कानून अनुरूप हुने गरी, आवश्यकता अनुसार आफ्नो क्षेत्रभित्रका वित्तीय संस्थाहरूले उच्च–मूल्य का–खातामा जम्मा गरिएको रकमका लाभ प्राप्तकर्ता मालिकको पहिचान गर्न समुचित कदम चाल्न र महत्वपूर्ण सार्वजनिक कार्यमा संलग्न रहेका वा रहिरहेका व्यक्ति आफैँ वा निजका तर्फबाट र तिनीहरूका परिवारका सदस्यहरू एवं निकटस्थ व्यक्तिहरूद्वारा खोलिएका वा कायम राखिएका खाताहरूको व्यापक जाँचपडताल गर्न एवं ग्राहकहरूको पहिचान सुनिश्चित गर्न आवश्यक पर्ने उपायहरू अवलम्बन गर्नेछ। यस्ता व्यापक जाँचपडताल सक्षम निकायहरूलाई सूचित गर्ने उद्देश्यका लागि शंकास्पद कारोवारहरू पत्ता लगाउने किसिमले तर्कसङ्गत रूपमा तर्जुमा गरिनेछ र त्यसलाई कुनै वैधानिक ग्राहकसँग व्यवसाय गर्न वित्तीय संस्थाहरूलाई निरुत्साहित गर्ने वा वञ्चित गर्नेगरी व्याख्या गर्न हुँदैन।

२. यस धाराको प्रकरण १ मा व्यवस्था गरिएका उपायहरूलाई लागू गर्ने कुरालाई सरलीकृत गर्न प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानून बमोजिम र सम्पत्ति शुद्धीकरण विरुद्ध गठित क्षेत्रीय, अन्तरक्षेत्रीय र बहुपक्षीय सङ्गठनहरूका सान्दर्भिक प्रयासहरूबाट प्रेरित रही निम्न कार्य गर्नेछः

(क) आफ्नो अधिकार क्षेत्रभित्रका वित्तीय संस्थाहरूबाट कस्ता प्रकारका प्राकृतिक वा कानूनी व्यक्तिहरूका खाताहरू माथि व्यापक जाँचपडतालको अपेक्षा गरिएको हो सो विषय, खास किसिमबाट ध्यान दिनुपर्ने खाता र कारोवारको किसिम तथा सम्बन्धित खाताका सम्बन्धमा खाता खोल्ने, कायम राख्ने र अभिलेख राख्ने समुचित उपायहरू सम्बन्धी विषयमा सुझावहरू जारी गर्ने कार्य; र

(ख) अर्को राज्य पक्षको अनुरोधमा वा आफ्नै प्रयासमा, वित्तीय संस्थाहरूले अन्यथा पहिचान गरेका प्राकृतिक र कानूनी व्यक्तिहरूका अतिरिक्त वित्तीय संस्थाहरूका खाताहरूको व्यापक जाँचपडतालकोअपेक्षा गरिएको हो सो सम्बन्धमा उपयुक्तता बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका वित्तीय संस्थाहरूलाई सूचित गर्ने कार्य;

३. यस धाराको प्रकरण २ (क) का सन्दर्भमा, प्रत्येक राज्य पक्षले, उपयुक्त समयावधिभर आफ्ना वित्तीय संस्थाहरूले यसै धाराको प्रकरण १ मा उल्लेख भएका व्यक्तिहरू संलग्न रहेका खाताहरू र कारोवारहरूका पर्याप्त अभिलेखहरू राख्ने उपायहरू अवलम्बन गर्नेछन्, जसबाट कम्तीमा पनि ग्राहकको पहिचानसँग सम्बन्धित सूचना लगायत लाभ प्राप्तकर्ता मालिकका सूचनाहरू राखिराख्ने भन्ने कुरा सुनिश्चित हुनेछ।

४. यस महासन्धिद्वारा स्थापित कसूरहरूसँग सम्बन्धित आपराधिक आर्जन हस्तान्तरण गर्ने कार्य रोक्ने र पत्ता लगाउने उद्देश्यले प्रत्येक राज्य पक्षले, भौतिक उपस्थिति नभएका र नियमन गरिएका वित्तीय समूहसँग सम्बन्धन नभएका बैंकहरू स्थापना गर्न रोक लगाउन, आफ्ना नियमनकर्ता र नियन्त्रण गर्ने निकायहरूको मद्दतबाट समुचित र प्रभावकारी उपायहरू अवलम्बन गर्नेछ। यसको अलावा राज्य पक्षहरूले ती संस्थाहरू, जसले भौतिक उपस्थिति नभएका र नियमन गरिएका वित्तीय समूहसँग सम्बन्धन नभएका बैंकहरूलाई आफ्नो खाता प्रयोग गर्न दिन्छन्, तिनीहरूलाई यस्ता संस्थासँग समानान्तर बैंकिङ्ग सम्बन्धमा प्रवेश गर्न वा त्यस्तो सम्बन्ध कायम गर्न नदिन र विदेशी वित्तीय संस्थासँग सम्बन्ध कायम गर्ने कुरा विरुद्ध चनाखो राख्न आफ्ना वित्तीय संस्थाहरूलाई शर्त तोक्नेतर्फ विचार गर्न सक्नेछन्।

५. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून बमोजिम सार्वजनिक अधिकारीहरूले प्रभावकारी रूपमा वित्तीय अवस्था सार्वजनिक गर्ने पद्धति स्थापना गर्ने र त्यसको पालना नगरेमा समुचित सजायको व्यवस्था गर्नेछ। प्रत्येक राज्य पक्षले, यस महासन्धिद्वारा स्थापित कसूरको अनुसन्धान गर्न, त्यसको दावी गर्न र आपराधिक आर्जन फिर्ता प्राप्त गर्न अरू राज्य पक्षका सक्षम निकायसँग सूचना आदान–प्रदान गर्न आफ्ना सक्षम निकायहरूलाई अनुमति प्रदान गर्न आवश्यकता अनुरूपका उपायहरू अवलम्बन गर्न पनि विचार गर्नेछ।

६. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून बमोजिम, विदेशमा रहेका वित्तीय खातामा सरोकार राख्नेवा हस्ताक्षर गर्ने वा अन्य अख्तियारी राख्ने उपयुक्त सार्वजनिक पदाधिकारीहरूले त्यस्तो खातासँगको सम्बन्ध बारे उपयुक्त निकायलाई सूचित गर्न र त्यस्ता खाता सम्बन्धी उपयुक्त अभिलेख राख्न आवश्यकता अनुरूप व्यवस्था गर्ने उपाय अवलम्बन गर्न विचार गर्नेछ। यस्तो उपायले सो परिपालना नगर्नेलाई समुचित सजायको व्यवस्था समेत गर्नेछ।

**धारा ५३**

**सम्पत्ति प्रत्यक्ष रूपमा फिर्ता गर्ने सम्बन्धी उपायहरू**

प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून अनुरूपः

(क) यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूरहरू गरी आर्जन गरिएको सम्पत्तिमा हक वा स्वामित्व स्थापित गर्न आफ्ना अदालतमा देवानी मुद्दा दायर गर्नअर्को राज्यलाई आवश्यकता अनुसार अनुमति प्रदान गर्न उपायहरू अवलम्बन गर्नेछ;

(ख) यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूर गर्नेबाट त्यस्तो कसूरबाट पुऱ्याइएको हानि नोक्सानी सम्बन्धमा अर्को राज्य पक्षलाई क्षतिपूर्तिवा नोक्सानी भराउन आदेश दिन आवश्यकता अनुसार आफ्ना अदालतहरूलाई अनुमति प्रदान गर्ने उपायहरू अवलम्बन गर्नेछ; र

(ग) यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूर गरी आर्जन गरेको सम्पत्ति माथि वैधानिक स्वामित्वको दावी गर्न अर्को राज्य पक्षलाई मान्यता दिनका लागि, जफत सम्बन्धी निर्णयको सिलसिलामा अदालत वा सक्षम निकायहरूलाई आवश्यकता अनुसार अनुमति प्रदान गर्ने उपायहरू अवलम्बन गर्नेछ।

**धारा ५४**

**जफत सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग मार्फत सम्पत्ति फिर्ता सम्बन्धी संयन्त्र**

१. प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून बमोजिम हुने गरी, यस महासन्धिद्वारा व्यवस्था गरिएका कसूर गरी आर्जन गरिएको वा त्यसमा समावेश गरिएकोसम्पत्तिका सम्बन्धमा यस महासन्धिको धारा ५५ बमोजिम पारस्परिक कानूनी सहायता प्रदान गर्दाः

(क) अर्को राज्य पक्षको अदालतद्वारा जारी गरिएको जफत सम्बन्धी आदेशलाई कार्यान्वित गर्न आफ्ना सक्षम निकायलाई अनुमति दिन आवश्यकता अनुसारका उपायहरू अवलम्बन गर्नेछ;

(ख) आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा, विदेशी उत्पत्तिको कुनै सम्पत्ति सम्बन्धमा सम्पत्ति शुद्धीकरणको कसूरको न्यायिक कारवाही गर्ने क्रममा जफतको आदेश जारी गर्न वा आफ्नै अधिकार क्षेत्रभित्रको हुनसक्ने अन्य कुनै कसूरका सम्बन्धमा वा आफ्नै मुलुकको कानूनद्वारा अख्तियारी प्रदान गर्न आवश्यकता अनुरूपका उपाय अवलम्बन गर्नेछ; र

(ग) मृत्यु भएको, पलायन भएको, अनुपस्थित रहेको वा अन्य कुनै समुचित अवस्थामा कसूरदारलाई अभियोजन गर्न नसकिने भएमा दोषी ठहर नभएको भए पनि त्यस्तो सम्पत्ति जफत गर्न अनुमति प्रदान गर्न आवश्यकता अनुरूपका उपायहरू अवलम्बन गर्ने विचार गर्नेछ।

२. आफ्नो मुलुकको कानून बमोजिम प्रत्येक राज्य पक्षले यस महासन्धिको धारा ५५ को प्रकरण २ बमोजिम अनुरोध गरिएको पारस्परिक कानूनी सहायता प्रदान गर्दाः

(क) अनुरोधकर्ता राज्यको अदालत वा सक्षम निकायलेजारी गरेको रोक्का राख्ने वा बरामद गर्ने आदेशमा अनुरोध गरिएको राज्यलाई रोक्का राख्ने वा बरामद गर्ने कार्य गर्न पर्याप्त आधारहरू छन् र यस धाराको प्रकरण १ (क) को उद्देश्यका लागि त्यस्तो सम्पत्तिलाई अन्ततः जफत गरिनेछ भनी विश्वास गर्न सकिने तर्कसङ्गत आधार भएमा आफ्ना सक्षम निकायहरूलाई त्यस्तो सम्पत्ति रोक्का राख्ने वा बरामद गर्ने बारे अनुमति प्रदान गर्न आवश्यकता अनुरूप उपाय अवलम्बन गर्नेछ,

(ख) सम्पत्ति रोक्का राख्न वा बरामद गर्न गरिएको अनुरोधमा पर्याप्त आधार भएको र यस धाराको प्रकरण १ (क) को प्रयोजनका लागि त्यस्तो सम्पत्ति अन्ततः जफत गर्न सकिनेछ भनी विश्वास गर्ने तर्कसङ्गत आधार भएको भनी अनुरोध गरिने राज्यलाई विश्वास दिलाएमा आफ्नो सक्षम निकायहरूलाई त्यस्तो सम्पत्ति रोक्का राख्ने वा बरामद गर्ने बारे अनुमति प्रदान गर्न आवश्यकता अनुसार उपाय अवलम्बन गर्नेछ; र

(ग) वैदेशिक गिरफ्तारी वा सम्पत्ति आर्जन सम्बन्धी फौजदारी आरोपजस्ता आधारमा यस्तो सम्पत्ति जफत गर्नका लागि संरक्षण गर्न आफ्ना सक्षम निकायहरूलाई अनुमति प्रदान गर्न थप उपायहरू अवलम्बन गर्नेतर्फ विचार गर्नेछ।

**धारा ५५**

**जफतको प्रयोजनका लागि अन्तर्राष्ट्रिय सहयोग**

१. यस महासन्धिद्वारा स्थापित कसूरका सम्बन्धमा अधिकार क्षेत्र भएको कुनै राज्य पक्षले यसै महासन्धिको धारा ३१ को प्रकरण १ मा उल्लेख भए बमोजिम आफ्नो क्षेत्रभित्र रहेको आपराधिक आर्जन, सम्पत्ति, साधन वा अन्य माध्यमहरूको जफत सम्बन्धमा क्षेत्राधिकार भएको अर्को कुनै राज्य पक्षबाट अनुरोध प्राप्त गरेमा आफ्नो मुलुकको कानूनी पद्धति बमोजिम हुने गरी अनुरूप सम्भव भएको हदसम्म देहायका कार्यहरू गर्नेछः

(क) जफतको आदेश प्राप्त गर्ने उद्देश्यका लागि आफ्ना सक्षम निकाय समक्ष अनुरोध गर्ने र त्यस्तो आदेश प्रदान गरिएकोमा त्यसलाई कार्यान्वित गर्ने; वा

(ख) यस महासन्धिको धारा ३१ को प्रकरण १ र धारा ५४ को प्रकरण १ (क) अनुसार अनुरोधकर्ता राज्य पक्षको क्षेत्रभित्रको अदालतद्वारा जारी गरिएको जफत सम्बन्धी आदेश यदि अनुरोध गरिएको राज्यको क्षेत्रभित्र रहेको धारा ३१ को प्रकरण १ मा उल्लिखित आपराधिक आर्जन, सम्पत्ति, साधन वा अन्य माध्यमसँग सम्बन्धित भएमा अनुरोध गरिएको हदसम्म त्यसलाई कार्यान्वयन गर्नेउद्देश्यले आफ्ना सक्षम निकाय समक्ष पेश गर्ने।

२. यस महासन्धिद्वारा व्यवस्था गरिएको कुनै कसूरसँग सम्बन्धित विषयमा आफ्नो अधिकार क्षेत्र भएमा अर्को राज्य पक्षले गरेको अनुरोधका सिलसिलामा, अनुरोध गरिएको राज्य पक्षले, यस धाराको प्रकरण १ अन्तर्गत गरिएको अनुरोध बमोजिम वा अनुरोधकर्ता राज्यबाट गरिने वास्तविक जफतको आदेश सम्बन्धी प्रयोजनका लागि यो महासन्धिको धारा ३१ को प्रकरण १ मा उल्लिखित आपराधिक आर्जन, सम्पत्ति, साधन वा माध्यमहरूको पहिचान गर्न, पत्ता लगाउन र रोक्का राख्न वा बरामद गर्न अनुरोध गरिएको राज्यले आवश्यक उपायहरू अवलम्बन गर्नेछ।

३. यस महासन्धिका धारा ४६ का प्रावधानहरू यस धाराका सम्बन्धमा पनि आवश्यक हेरफेरसहित लागू हुनेछन्। धारा ४६ को प्रकरण १५ मा व्यवस्था गरिएका सूचनाको अलावा यस धारा बमोजिम गरिएको अनुरोधमा देहायका कुराहरू रहनेछन्:

(क) यस धाराको प्रकरण १ (क) सँग सम्बन्धित अनुरोधको हकमा, जफत गर्न भनिएको सम्पत्तिको सम्भव भएसम्म त्यसको अवस्थिति र सान्दर्भिक भएमा त्यस्तो सम्पत्तिको अनुमानित मूल्य र अनुरोध गरिएको राज्यलाई उसको

आफ्नो मुलुकको कानून बमोजिम आदेश प्राप्त गर्न पर्याप्त हुने भनी अनुरोधकर्ता राज्यले विश्वास गरेका तथ्यहरूको विवरण लगायतका कुराहरू;

(ख) यस धाराको प्रकरण १ (ख) सँग सम्बन्धित अनुरोधको हकमा, अनुरोधकर्ता राज्य पक्षले आधार बनाएको जफत सम्बन्धी आदेशको कानून बमोजिम स्वीकार्य हुने प्रति, त्यस्तो आदेश कार्यान्वयनका लागि अनुरोध गरिएका तथ्य र सूचनाहरूको विवरण, वास्तविक तेस्रो पक्षलाई पर्याप्त सूचना प्रदान गर्न अनुरोधकर्ता राज्य पक्षले अवलम्बन गरेका उपायहरू उल्लेख भएको विवरण र उचित प्रक्रियाको सुनिश्चितता र जफत गर्ने आदेश अन्तिम भएको भन्ने विवरण सम्बन्धी कुराहरू;

(ग) यस धाराको प्रकरण २ सँग सम्बन्धित अनुरोधको हकमा, अनुरोधकर्ता राज्यले भर गरेका तथ्यहरूको विवरण (statement) र अनुरोध गरिएका कार्यहरूको विवरण (description) र उपलब्ध भएसम्म अनुरोधमा आधारित रहेको आदेशको कानून बमोजिम स्वीकार्य हुने प्रति सम्बन्धी कुराहरू।

४. अनुरोध गरिएको राज्य पक्षले यस धाराको प्रकरण १ र २ बमोजिम निर्णय वा कार्य गर्दा आफ्नो मुलुकको कानूनका प्रावधान र त्यसका कार्यविधिगत नियमहरू वा अनुरोधकर्ता राज्य पक्षका लागि बन्धनकारी हुने द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्ध बमोजिम तथा त्यसको अधीनमा रही सोही बमोजिम गरिनेछ।

५. प्रत्येक राज्य पक्षले यो धारालाई प्रभावित गर्ने कानून तथा नियमहरू र त्यस्ता कानून तथा नियममा तदुपरान्त भएका परिवर्तनहरू वा तिनको विवरण सम्बन्धी प्रति संयुक्त राष्ट्रसङ्घका महासचिवलाई उपलब्ध गराउनेछ।

६. यदि कुनै राज्य पक्षले यस धाराका प्रकरण १ र २ मा उल्लिखित उपायहरूलाई सम्बन्धित सन्धिमा सशर्त रूपमा ग्रहण गर्ने गरी चयन गरेमा त्यस्तो राज्य पक्षले यस महासन्धिलाई आवश्यक र पर्याप्त सन्धिको आधारको रूपमा विचार गर्नेछ।

७. यदि अनुरोध गरिएको राज्यलाई पर्याप्त मात्रामा र समयमै प्रमाण प्राप्त नभएमा वा सम्पत्तिको मूल्य भएमा यस धारा बमोजिमको सहयोग गर्न इन्कार गर्न वा अस्थायी उपायहरूलाई हटाउन पनि सकिनेछ।

८. यस धारा बमोजिम कुनै अस्थायी उपायलाई हटाउनुपूर्व अनुरोध गरिएको राज्य पक्षले सम्भव भएसम्म अनुरोधकर्ता राज्यलाई उपायलाई निरन्तरता दिने पक्षमा आफ्ना कारण प्रस्तुत गर्न मौका प्रदान गर्नेछ।

९. यस धाराका प्रावधानहरूलाई वास्तविक तेस्रो पक्षकोअधिकारलाई मर्का पर्ने गरी व्याख्या गरिने छैन।

**धारा ५६**

**विशेष सहयोग**

यदि यस महासन्धि अनुसारका आपराधिक आर्जनहरूको बारेको सूचना दिनाले अर्को राज्य पक्षलाई अनुसन्धान, अभियोजन अथवा कानूनी प्रक्रिया प्रारम्भ गर्न वा तालिम गर्न मद्दत पुग्ने लागेमा वा उक्त राज्य पक्षले यस महासन्धिको यस परिच्छेद बमोजिम सोको लागि अनुरोध गर्न सक्ने लागेमा आफ्नो मुलुकको कानूनकोविपरीत नहुने गरी प्रत्येक राज्य पक्षले आफ्नो अनुसन्धान, अभियोजन र कानूनी प्रक्रिया माथि प्रतिकूल असर नपर्ने गरी सो महासन्धिको पक्ष भएको अर्को राज्यलाई पूर्व अनुरोध विना नै उपलब्ध गराउने बारे उपायहरू अवलम्बन गर्न प्रयास गर्नेछ।

**धारा ५७**

**सम्पत्ति फिर्ता र बन्दोवस्ती**

१. यस महासन्धिको धारा ३१ वा ५५ बमोजिम राज्य पक्षले जफत गरेको सम्पत्ति, सो राज्य पक्षले, यस महासन्धि र आफ्नै मुलुकको कानून अनुसार, यस धाराको प्रकरण ३ बमोजिम, यसको पूर्ववत् वैध स्वामीलाई फिर्ता गर्ने लगायतको बन्दोवस्ती गर्नेछ।

२. प्रत्येक राज्य पक्षले, आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, वास्तविक तेस्रो पक्षका अधिकारहरूलाई ध्यानमा राख्दै, यस महासन्धि अनुरूप अर्को राज्य पक्षद्वारा गरिएको अनुरोधका सन्दर्भमा कार्य गर्दा जफत गरिएको सम्पत्ति फिर्ता गर्न आफ्ना सक्षम निकायहरूलाई सबल तुल्याउन आवश्यकता अनुसार विधायिकी र अन्य उपायहरू अवलम्बन गर्नेछ।

३. यस महासन्धिको धारा ४६ र ५५ तथा यसै धाराको प्रकरण १ र २ बमोजिम अनुरोध गरिएको राज्य पक्षले देहाय बमोजिम गर्नेछः

(क) यस महासन्धिको धारा १७ र २३ मा उल्लेख भए बमोजिम सार्वजनिक कोषको हिनामिना वा हिनामिना गरिएको सार्वजनिक कोषको शुद्धीकरण सम्बन्धी विषयमा जफत सम्बन्धी कार्य धारा ५५ अनुसार र अनुरोधकर्ता राज्य पक्षको अन्तिम निर्णयका आधारमा कार्यान्वित गरिएको भए (जुन शर्त अनुरोध गरिएको राज्य पक्षबाट परित्याग गर्न सकिन्छ) त्यस्तो जफत गरिएको सम्पत्ति अनुरोधकर्ता राज्य पक्षलाई फिर्ता गर्ने;

(ख) यस महासन्धिभित्र उल्लेख गरिएका अन्य कसूरसँग सम्बन्धित आर्जनका विषयमा, जफत सम्बन्धी कार्य यस महासन्धिको धारा ५५ अनुसार र अनुरोधकर्ता राज्य पक्षको अन्तिम निर्णयको आधारमा कार्यान्वित गरिएको भए, साथै अनुरोधकर्ता राज्य पक्षले जफत गरिएको सम्पत्तिको पूर्व स्वामित्व तर्कसङ्गत रूपमा स्थापित गर्दछ भने अथवा जब अनुरोध गरिएको राज्यले अनुरोधकर्ता राज्यलाई जफत गरिएको सम्पत्ति फिर्ता गर्ने आधारको रूपमा नोक्सानीलाई मान्यता दिन्छ भने, अनुरोध गरिएको राज्य पक्षबाट कुनै शर्तलाई परित्याग गर्न सकिने भए, जफत गरिएको सम्पत्ति अनुरोधकर्ता राज्य पक्षलाई फिर्ता गर्ने;

(ग) बाँकी अन्य सबै विषयका हकमा जफत गरिएको सम्पत्ति त्यसको पूर्ववत वैधानिक स्वामीलाई फिर्ता गरी वा कसूरका पीडित पक्षलाई क्षतिपूर्ति दिई अनुरोधकर्ता राज्यमा त्यस्तो सम्पत्ति फिर्ता गर्न उच्च प्राथमिकता प्रदान गर्ने।

४. राज्य पक्षले अन्यथा निर्णय नगरेको अवस्थामा अनुरोध गरिएको राज्य पक्षले यस धारा बमोजिम जफत गरिएको सम्पत्ति फिर्ता वा बन्दोवस्त गर्ने सम्बन्धमा अनुसन्धान, अभियोजन वा न्यायिक कारवाही गर्ने क्रममा वास्तवमा लागेकोतर्कसङ्गत खर्च उपयुक्तता अनुसार कट्टा गर्न सक्नेछ।

५. राज्य पक्षहरूले जफत गरिएको सम्पत्तिको अन्तिम बन्दोवस्तीका लागि मुद्दै पिच्छे विचार गर्ने गरी सम्झौता गर्न वा पारस्परिक रूपमा स्वीकार्य हुने प्रबन्धहरू गर्न उपयुक्तता अनुसार विशेष ढङ्गले विचार गर्न सक्नेछन्।

**धारा ५८**

**वित्तीय निगरानी एकाई**

राज्य पक्षहरूले यस महासन्धिद्वारा व्यवस्था गरिएका आपराधिक आर्जनहरूको स्थानान्तरणलाई नियन्त्रित गर्न र प्रतिरोध गर्न तथा त्यस्ता आर्जन फिर्ता गर्ने उपाय र तरिकाकोप्रवर्धन गर्न एक–आपसमा सहयोग गर्नेछन् तथा त्यस प्रयोजनका लागि शंकास्पद

वित्तीय कारोवार बारे सक्षम निकायहरूलाईसूचित गर्नका लागि सूचना प्राप्त गर्ने, विश्लेषण गर्ने र प्रवाह गर्ने जिम्मेवारीसहितको वित्तीय निगरानी एकाई स्थापना गर्नेतर्फ विचार गर्नेछन् ।

**धारा ५९**

**द्विपक्षीय र बहुपक्षीय सम्झौता र प्रबन्धहरू**

राज्य पक्षहरूले महासन्धिको यस परिच्छेद बमोजिम ग्रहण गरिएकोअन्तर्राष्ट्रिय सहयोग अभिवृद्धिका लागि द्विपक्षीय वा बहुपक्षीय सम्झौता वा प्रबन्धहरू सम्पन्न गर्न विचार गर्नेछन् ।

१. प्रत्येक राज्य पक्षले, आवश्यकता अनुसार, भ्रष्टाचार नियन्त्रण गर्ने र प्रतिरोध गर्ने जिम्मेवारी पाएका आफ्ना कर्मचारीलाई दिइने विशेष तालिम कार्यक्रमहरूको शुरुवात, विकास वा सुधार गर्नेछ । यस्ता तालिम कार्यक्रमहरूले अन्य कुराका अतिरिक्त देहायका क्षेत्रहरूमा ध्यान दिनसक्ने छन्:

(क) प्रमाण संकलन र अनुसन्धानमूलक पद्धतिहरूको उपयोगिता लगायत भ्रष्टाचार नियन्त्रण गर्ने, पत्ता लगाउने, अनुसन्धान गर्ने, दण्ड दिने र नियन्त्रण गर्ने प्रभावकारी उपायहरू;

(ख) भ्रष्टाचार विरुद्धको रणनीतिक नीतिको विकास र योजना निर्माण क्षमता वृद्धि;

(ग) यस महासन्धिका शर्त पूर्ति गर्ने गरी पारस्परिक कानूनी सहायता सम्बन्धी अनुरोधहरू तयार गर्ने सक्षम निकायहरूको तालिम;

(घ) सार्वजनिक खरिद बिक्री र निजी क्षेत्र लगायतका संस्थाहरू, सार्वजनिक सेवा व्यवस्थापन र सार्वजनिक वित्तको व्यवस्थापनको मूल्याङ्कनतथा सबलीकरण;

(ङ) यस महासन्धिद्वारा व्यवस्था गरिएका आपराधिक आर्जनहरू कोस्थानान्तरणलाई नियन्त्रण गर्ने र प्रतिरोध गर्नेर त्यस्ता आर्जन फिर्ता गर्नेसम्बन्धमा;

(च) यस महासन्धिद्वारा व्यवस्था गरिएका आपराधिक आर्जनहरूको स्थानान्तरण, पत्ता लगाउनेर रोक्का राख्ने सम्बन्धमा;

(छ) यस महासन्धिद्वारा व्यवस्था गरिएका आपराधिक आर्जनहरूकोओहोर–दोहोर माथि निगरानी राख्ने र स्थानान्तरणका तरिका एवं यस्ता आर्जनलाई लुकाउने वा पहिचान बदल्नेतरिका;

(ज) यस महासन्धिद्वारा व्यवस्था गरिएका आपराधिक आर्जनहरू फिर्ता गराउन मार्ग प्रशस्त गर्नेसमुचित र प्रभावकारी कानूनी र प्रशासनिक संयन्त्र तथा पद्धति;

(झ) न्यायिक निकायहरूलाई सहयोग पुऱ्याउने, पीडित र साक्षीहरूको सुरक्षाको लागि प्रयोग हुने पद्धति; र (ञ) राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी विषय र भाषामा तालिम ।

२. राज्य पक्षहरूले, मूलतः यसै धाराको प्रकरण १ मा उल्लिखित क्षेत्रहरूमा भौतिक समर्थन र तालिम लगायत भ्रष्टाचारको प्रतिरोध गर्ने उनीहरूका योजना र कार्यक्रमहरूलाई फाइदा पुऱ्याउने गरी तथा सपुर्दगी र पारस्परिक कानूनी सहायताका क्षेत्रमा राज्य पक्षहरू बीचको अन्तर्राष्ट्रिय सहयोगलाई सरलीकृत तुल्याउनेगरी सम्बद्ध अनुभव र विशिष्टीकृत ज्ञानको पारस्परिक अदान–प्रदान र सहयोग तथा तालिम सम्बन्धी विषयमा आ–आफ्नो क्षमता अनुसार, खासगरी विकासोन्मुख मुलुकहरूलाई लाभदायक हुने गरी एक–अर्कालाई व्यापक मात्रामा प्राविधिक सहायता प्रदान गर्न विचार गर्नेछन् ।

३. राज्य पक्षहरूले, अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूमा र सम्बन्धित द्विपक्षीय र बहुपक्षीय सम्झौता वा प्रबन्धहरूमा कार्यान्वयन र तालिम सम्बन्धी क्रियाकलापहरूलाई बढावा दिने प्रयासहरूलाई आवश्यकता अनुसार सबलीकरण गर्नेछन्।

४. राज्य पक्षहरूले भ्रष्टाचारलाई प्रतिरोध गर्न सक्षम निकाय र समाजको सहभागितामा रणनीति र कार्ययोजनाहरू विकसित गर्ने उद्देश्यले आ–आफ्ना मुलुकमा भ्रष्टाचारका किसिम, कारण, प्रभाव र मूल्य सँग सम्बन्धित मूल्याङ्कन, अध्ययन र अनुसन्धान सञ्चालन गर्ने सम्बन्धमा अनुरोधका आधारमा एक–अर्कालाई सहायता गर्न विचार गर्नेछन्।

५. राज्य पक्षहरूले यस महासन्धिद्वारा व्यवस्था गरिएका आपराधिक आर्जनहरू फिर्ता गर्ने कार्यलाई सरलीकृत गर्नका लागि सो उद्देश्य प्राप्तिको निम्ति मद्दत पुऱ्याउन सक्ने विशेषज्ञहरूको नाम एक–अर्कालाई प्रदान गर्ने कार्यमा सहयोग गर्न सक्नेछन्।

६. राज्य पक्षहरूले विकासोन्मुख मुलुक र संक्रमणकालीन अर्थव्यवस्था भएका मुलुकका विशेष समस्या र आवश्यकताहरू लगायत सहयोग, प्राविधिक सहायता अभिवृद्धि तथा आपसी सरोकारका समस्याहरू माथिको छलफललाई प्रोत्साहित गर्न उपक्षेत्रीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्मेलनहरूकोउपयोग सम्बन्धमा विचार गर्नेछन्।

७. राज्य पक्षहरूले यस महासन्धिलाई प्राविधिक सहायता कार्यक्रम र परियोजना मार्फत कार्यरूप दिन विकासोन्मुख देश र संक्रमणकालीन अर्थव्यवस्था भएका मुलुकहरूका प्रयासहरूलाई वित्तीय रूपमा मद्दत पुऱ्याउने उद्देश्यले स्वैच्छिक संयन्त्र स्थापना गर्न विचार गर्नेछन्।

८. प्रत्येक राज्य पक्षले यो महासन्धि कार्यान्वयन गर्ने उद्देश्यले विकासोन्मुख मुलुकहरूका कार्यक्रम र परियोजनाहरूलाई लागू औषध र अपराध सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यालय मार्फत संवर्द्धन गर्नसो कार्यालयलाई स्वैच्छिक रूपमा योगदान दिन विचार गर्नेछन्।

**धारा ६१**

**भ्रष्टाचार सम्बन्धी सूचना संकलन, आदान–प्रदान र विश्लेषण**

१. प्रत्येक राज्य पक्षले विशेषज्ञहरूको परामर्शमा आफ्नो क्षेत्रभित्रको भ्रष्टाचारको प्रवृत्ति लगायत भ्रष्टाचारको अपराध गरिने परिस्थितिको विश्लेषण गर्न विचार गर्नेछ।

२. राज्य पक्षहरूले एक–आपसमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरू मार्फत, सम्भव भएसम्म, समान परिभाषा, मापदण्ड र कार्यपद्धति लगायत भ्रष्टाचार नियन्त्रण र प्रतिरोध गर्न आदर्श व्यवहार विकसित गर्ने उद्देश्यले तथ्याङ्कहरू, भ्रष्टाचारसँग सम्बन्धित विश्लेषणात्मक विशेषज्ञता र सूचनाहरू विकसित गर्ने र हिस्सेदार बन्नेतर्फ विचार गर्नेछन्।

३. प्रत्येक राज्य पक्षले भ्रष्टाचारलाई प्रतिरोध गर्न वास्तविक उपायहरू र आफ्ना नीतिहरूको निरीक्षण गर्न र तिनको प्रभावकारिता एवं दक्षताकोमूल्याङ्कन गर्न विचार गर्नेछ।

**धारा ६२**

**अन्य उपायहरू**: आर्थिक विकास र प्राविधिक सहायताद्वारा महासन्धिको कार्यान्वयन

१. राज्य पक्षहरूले आम समुदायमा र विशेषतः दिगो विकासमा पर्ने भ्रष्टाचारका नकारात्मक असरहरूलाई ध्यानमा राख्दै, अन्तर्राष्ट्रिय सहयोगका माध्यमबाट, सम्भव भएसम्म यो महासन्धिलाई अधिकतम रूपमा कार्यान्वयन गर्न सहयोगी हुने उपायहरू अवलम्बन गर्नेछन्।

२. राज्य पक्षहरूले आपसी एवं अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूको समन्वयमा सम्भव भएसम्म देहायका कार्यहरू गर्न ठोस प्रयासहरू गर्नेछन्:

(क) भ्रष्टाचारको निवारण तथा प्रतिरोध गर्नका लागि विकासोन्मुख मुलुकको क्षमता वृद्धि गर्ने उद्देश्यले त्यस्ता मुलुकहरूसँग विभिन्न तहमा सहयोग अभिवृद्धि गर्ने;

(ख) विकासोन्मुख मुलुकहरूलाई प्रभावकारी रूपमा भ्रष्टाचार निवारण र प्रतिरोध गर्न तथा ती मुलुकहरूलाई यस महासन्धिको सफलतापूर्वक कार्यान्वयन गर्ने कुरामा मद्दत पुऱ्याउने प्रयासमा टेवा पुऱ्याउन वित्तीय र वस्तुगत सहायता अभिवृद्धि गर्ने।

(ग) विकासोन्मुख र संक्रमणकालीन अर्थव्यवस्था भएका मुलुकहरूलाई यस महासन्धिको कार्यान्वयनका निम्ति आवश्यक पर्ने प्राविधिक सहायता प्रदान गर्ने। यस प्रयोजनका लागि राज्य पक्षहरूले मूलतः यसै उद्देश्यको लागि व्यवस्थित संयुक्त राष्ट्रसङ्घको आर्थिक व्यवस्था सम्बन्धी संयन्त्रको तोकिएको खातामा पर्याप्त र नियमित रूपमा स्वैच्छिक योगदान दिन प्रयास गर्नेछन्। राज्य पक्षहरूले, आफ्नो मुलुकको कानून र यस महासन्धिका प्रावधानहरू बमोजिम जफत गरेको आपराधिक आर्जनका सापेक्षिक मूल्य वा सम्पत्तिको निश्चित प्रतिशत रकम सो खातामा योगदान दिन विशेष ध्यान दिन पनि सक्नेछन्।

(घ) यस महासन्धिका उद्देश्य परिपूर्तिका लागि विकासोन्मुख मुलुकहरूलाई सहयोग गर्नका लागि उनीहरूलाई यस धारा बमोजिमका प्रयासहरू, मूलतः थप तालिम कार्यक्रमहरू वा आधुनिक साधन प्रदान गर्ने कार्यमा उपयुक्तता अनुसार संलग्न गराउन अरू राज्यहरू र वित्तीय संस्थाहरूलाई प्रोत्साहित र प्रेरित गर्ने।

३. यी उपायहरूले हालको वैदेशिक सहायता प्रतिबद्धता वा द्विपक्षीय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्तरका अन्य वित्तीय सहयोग प्रबन्धहरूलाई सम्भव भएसम्म प्रतिकूल प्रभाव पार्ने छैनन्।

४. राज्य पक्षहरूले भ्रष्टाचार निवारण, पहिचान र नियन्त्रण गर्न तथा यस महासन्धिले व्यवस्था गरेको अन्तर्राष्ट्रिय सहयोगका साधनलाई प्रभावकारी तुल्याउन आवश्यक पर्ने वित्तीय प्रबन्धलाईध्यानमा राख्दै वस्तुगत र आधारभूत सहायताका विषयमा द्विपक्षीय र बहुपक्षीय सम्झौता वा प्रबन्धहरू सम्पन्न गर्न सक्नेछन्।

**परिच्छेद– सात**

**कार्यान्वयनका संयन्त्रहरू**

**धारा ६३**

**महासन्धिका राज्य पक्षहरूको सम्मेलन**

१. यस महासन्धिमा व्यवस्था गरिएका उद्देश्यहरूको प्राप्ति एवं यसको कार्यान्वयनको संवर्द्धन तथा पुनरावलोकन गर्नका लागि राज्य पक्षहरूका बीचमा क्षमता र सहयोगमा सुधार ल्याउन यस महासन्धिका राज्य पक्षहरूको सम्मेलन स्थापना गरिएको छ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले यो महासन्धि लागू भएकोएक वर्ष व्यतीत हुनु अगावै राज्य पक्षहरूको सम्मेलन बोलाउनेछन्। तत्पश्चात, राज्य पक्षहरूका सम्मेलनका नियमित बैठकहरू सम्मेलनले अङ्गीकार गरेका कार्यविधि सम्बन्धी नियम बमोजिम बस्नेछन्।

३. राज्य पक्षहरूको सम्मेलनले पर्यवेक्षकहरूको प्रवेश र सहभागितासँग सम्बन्धित नियमहरू लगायत यस धारामा व्यवस्था गरिएका क्रियाकलापहरूको कार्यान्वयन सम्बन्धी एवं ती क्रियाकलाप सञ्चालन गर्न लाग्ने खर्चको भुक्तानी सम्बन्धी कार्यविधिगत र अन्य नियम पारित गर्नेछ।

४. राज्य पक्षहरूको सम्मेलन यस धाराको प्रकरण १ मा व्यवस्था गरिएका उद्देश्य प्राप्तिका लागि देहायका गतिविधि लगायतका क्रियाकलाप, कार्यविधि र पद्धतिहरूमा सहमत हुनेछः

(क) स्वैच्छिक योगदान परिचालन गर्न प्रोत्साहित गर्ने लगायत यस महासन्धिका धारा ६० र ६२ तथा परिच्छेद दुईदेखि पाँच अन्तर्गतका क्रियाकलापमा सहयोग पुऱ्याउने;

(ख) यस धारामा उल्लेख भएका सम्बद्ध सूचना लगायतका माध्यमहरूबाट आपराधिक आर्जन फिर्ता गर्ने र भ्रष्टाचार निवारण र प्रतिरोधका सफल व्यवहार तथा भ्रष्टाचारका तौरतरिका र प्रवृत्ति सम्बन्धी सूचनाहरू राज्य पक्षहरूका बीचमा आदान–प्रदान गर्न सहयोग पुऱ्याउने;

(ग) सम्बद्ध अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरू तथा संयन्त्र एवं गैरसरकारी संस्थाहरूलाई सहयोग पुऱ्याउने;

(घ) कामको अनावश्यक पुनरावृत्तिबाट छुटकारा पाउनका लागि भ्रष्टाचारको प्रतिरोध र निवारण गर्नका लागि अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संयन्त्रहरूले उत्पादन गरेका सम्बद्ध सूचनाहरूको समुचित प्रयोग गर्ने;

(ङ) राज्य पक्षहरूद्वारा महासन्धिको कार्यान्वयनलाई आवधिक रूपमा पुनरावलोकन गर्ने;

(च) यस महासन्धिको सुधार र कार्यान्वयनका लागि सुझावहरू दिने;

(छ) यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा राज्य पक्षहरूका प्राविधिक सहायताका आवश्यकता बारे ध्यान पुऱ्याउने र सो प्रयोजनका लागि आवश्यक देखिएका कार्य गर्न सुझाव दिने।

५. यस धाराको प्रकरण ४ को प्रयोजनका लागि, राज्य पक्षहरूको सम्मेलनले, यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा राज्य पक्षहरूले अवलम्बन गरेका उपायहरू र त्यसो गर्दा उनीहरूले भोग्नुपरेका कठिनाइहरू बारे उनीहरूले प्रदान गरेका सूचना र राज्य पक्षहरूको सम्मेलनले स्थापना गर्न सक्ने पूरक पुनरावलोकन संयन्त्रको माध्यमबाट आवश्यक जानकारी प्राप्त गर्नेछ।

६. प्रत्येक राज्य पक्षले, राज्य पक्षहरूको सम्मेलनले आवश्यक सम्झे बमोजिम, यो महासन्धि कार्यान्वयन गर्ने सम्बन्धी आफ्ना कार्यक्रम, योजना र व्यवहार, लगायत विधायिकी र प्रशासनिक उपायहरू बारे राज्य पक्षहरूको सम्मेलनलाई सूचना प्रदान गर्नेछ। राज्य पक्षहरूको सम्मेलनले, सक्षम अन्तर्राष्ट्रिय सङ्गठनहरू र राज्य पक्षहरूबाट प्राप्त अतिरिक्त, सूचना लगायत अन्य कुरा प्राप्त गर्ने र त्यस्ता सूचना माथि कारवाही गर्ने सबभन्दा प्रभावकारी तरिकाको जाँचबुझ गर्नेछ। राज्य पक्षहरूको सम्मेलनद्वारा निर्दिष्ट हुने कार्यविधि बमोजिम सम्बद्ध गैरसरकारी संस्थाहरूबाट आधिकारिक रूपमा प्रस्तुत गरिएका आगतहरू माथि पनि विचार गर्न सकिनेछ।

७. राज्य पक्षहरूको सम्मेलनले आवश्यक सम्झेमा यस महासन्धिको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउन यस धाराको प्रकरण ४, ५ र ६ बमोजिम कुनै उपयुक्त संयन्त्र वा निकाय स्थापना गर्नेछ।

**धारा ६४**

**सचिवालय**

१. संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिका राज्य पक्षहरूको सम्मेलनलाई आवश्यक सचिवालय सेवा प्रदान गर्नेछन्।

२. सचिवालयलेः

(क) राज्य पक्षहरूको सम्मेलनलाई यस महासन्धिको धारा ६३ मा व्यवस्था गरिएका क्रियाकलापहरूलाई कार्यान्वित गर्न र राज्य पक्षहरूको सम्मेलनका बैठकहरूको प्रबन्ध मिलाउन र आवश्यक सेवा प्रदान गर्न सहयोग गर्नेछ;

(ख) यस महासन्धिको धारा ६३ का प्रकरण ५ र ६ मा उल्लेख भए बमोजिम राज्य पक्षहरूको सम्मेलनलाई सूचना प्रदान गर्ने सम्बन्धमा अनुरोध भएमा राज्य पक्षहरूलाई सहयोग गर्नेछ; र

(ग) सम्बद्ध अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनका सचिवालयहरूसँग आवश्यक समन्वय सुनिश्चित गर्नेछ।

**परिच्छेद– आठ**

**अन्तिम व्यवस्थाहरू**

**धारा ६५**

**महासन्धिको कार्यान्वयन**

१. प्रत्येक राज्य पक्षले यस महासन्धि अन्तर्गतका दायित्वहरूको कार्यान्वयनलाई सुनिश्चित गर्न, आफ्नो मुलुकको कानूनका आधारभूत सिद्धान्तहरू अनुरूप हुने गरी, विधायिकी र प्रशासनिक लगायतका आवश्यक उपायहरू अवलम्बन गर्नेछ।

२. प्रत्येक राज्य पक्षले भ्रष्टाचारको निवारण र प्रतिरोधका लागि यस महासन्धिले व्यवस्था गरेका भन्दा थप कठिन वा कठोर उपायहरू अवलम्बन गर्न सक्नेछ।

**धारा ६६**

**विवादको समाधान**

१. यस महासन्धिको व्याख्या वा कार्यान्वयनसँग सम्बन्धित विवाद राज्य पक्षहरूले वार्ताद्वारा समाधान गर्ने प्रयास गर्नेछन्।

२. यस महासन्धिको व्याख्या वा कार्यान्वयन सम्बन्धमा दुई वा दुईभन्दा बढी राज्य पक्षहरू बीच उत्पन्न विवाद मनासिव समयभित्र वार्ताद्वारा समाधान हुन नसकेमा, ती मध्येका कुनै एक राज्य पक्षको अनुरोधमा, मध्यस्थताका लागि प्रस्तुत गरिनेछ। यदि मध्यस्थताको लागि अनुरोध गरिएको मितिले छ महिनाभित्र ती राज्य पक्षहरू मध्यस्थको गठन गर्न सहमत हुन नसकेमा, ती मध्येको कुनै एउटा राज्य पक्षले अन्तर्राष्ट्रिय न्यायालयको विधान बमोजिम अनुरोध गरी सो विवाद उक्त न्यायालयमा प्रेषित गर्न सक्नेछ।

३. प्रत्येक राज्य पक्षले, यस महासन्धिमा हस्ताक्षर, अनुमोदन, स्वीकृति वा समर्थन वा सम्मिलन गर्दाको अवस्थामा यस धाराको प्रकरण २ को व्यवस्था आफुलाई बन्धनकारी नहुने भन्ने कुराको घोषणा गर्न सक्नेछन्। यसप्रकारको आरक्षण राख्ने कुनै राज्यका सन्दर्भमा यस धाराको प्रकरण २ बाट अरू राज्य पक्षहरू बाध्य हुने छैनन्।

४. यस धाराको प्रकरण ३ बमोजिम आरक्षण राखेको कुनै पनि राज्य पक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचित गरी कुनै पनि समयमा सो आरक्षण फिर्ता लिन सक्नेछ।

**धारा ६७**

**हस्ताक्षर, अनुमोदन, स्वीकृति, समर्थन र सम्मिलन**

१. यो महासन्धि सन् २००३ को ९ डिसेम्बरदेखि ११ डिसेम्बरसम्म मेक्सिकोको मेरिडामा र तदुपरान्त सन् २००५ को ९ डिसेम्बरसम्म संयुक्त राष्ट्रसङ्घको मुख्यालय, न्यूयोर्कमा सबै राज्यहरूको हस्ताक्षरका लागि खुला रहनेछ।

२. यस धाराको प्रकरण १ बमोजिम यस महासन्धिमा, कुनै क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनको कम्तीमा कुनै एक सदस्य राज्यले हस्ताक्षर गरेको भए, त्यस्तो सङ्गठनका लागि पनि यो महासन्धि हस्ताक्षरका लागि खुला रहनेछ।

३. यो महासन्धि अनुमोदन, स्वीकृत वा समर्थन गर्नुपर्नेछ। अनुमोदन, स्वीकृति वा समर्थनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिव समक्ष दाखिला गरिनेछ। क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनको कम्तीमा कुनै एक सदस्यले अनुमोदन, स्वीकृति वा समर्थनको लिखत दाखिल गरेको भए त्यस्तो सङ्गठनले पनि आफ्नो त्यस्तो लिखत दाखिला गर्न सक्नेछ। अनुमोदन, स्वीकृति वा समर्थनको सो लिखतमा त्यस्तो सङ्गठनले यस महासन्धिले व्यवस्था गरेका विषयहरूका सम्बन्धमा आफ्नो कार्य क्षेत्रकोसीमाको बारेमा घोषणा गर्नेछ। यस्तो सङ्गठनले आफ्नो कार्य क्षेत्रको सीमाका बारेमा कुनै सान्दर्भिक परिवर्तन गरेमा त्यसको सूचना समेत अभिलेख अधिकारीलाई प्रदान गर्नेछ।

४. यो महासन्धि कुनै पनि राज्य वा आफ्नो कम्तीमा कुनै एक सदस्य यस महासन्धिको सदस्य रहेको कुनै क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनबाट हुने सम्मिलनका लागि खुला रहनेछ। सम्मिलनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिव समक्ष दाखिला गरिनेछ। क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनले महासन्धिको सम्मिलनका समयमा यस महासन्धिले व्यवस्था गरेका विषयहरूका सम्बन्धमा आफ्नो कार्य क्षेत्रकोसीमाको बारेमा घोषणा गर्नेछ। यस्तो सङ्गठनले आफ्नो कार्य क्षेत्रकोसीमाका बारेमा कुनै सान्दर्भिक परिवर्तन गरेमा त्यस्तो सूचना समेत अभिलेख अधिकारीलाई प्रदान गर्नेछ।

**धारा ६८**

**प्रारम्भ**

१. यो महासन्धि अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको तीसौँ लिखत दाखिला भएपछिको नब्बेऔँ दिनमा प्रारम्भ हुनेछ। यस प्रकरणको प्रयोजनका लागि, क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनले जम्मा गरेको कुनै आलेखलाई त्यस्तो सङ्गठनका राज्य पक्षहरूले जम्मा गरेकोभन्दा अतिरिक्त मात्रामा गणना गरिने छैन।

२. यस महासन्धिको अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलन गरेको तीसौँ लिखत दाखिला भएपछि प्रत्येक राज्य वा क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनका लागि, यो महासन्धि यस्तो राज्य वा सङ्गठनले सम्बद्ध लिखत दाखिला गरेको तीस दिनपछि वा यस धाराको प्रकरण १ बमोजिम यो महासन्धि प्रारम्भ भएको दिन मध्ये जुन पछाडि हुन्छ, सोही मितिबाट प्रारम्भ हुनेछ।

**धारा ६९**

**संशोधन**

१. यो महासन्धि प्रारम्भ भएको मितिले पाँच वर्ष व्यतित भएपछि कुनै राज्य पक्षले संशोधनको प्रस्ताव राख्न सक्नेछ र त्यस्तो प्रस्ताव संयुक्त राष्ट्रसङ्घका महासचिव समक्ष पठाउनेछ, निजले तदुपरान्त प्रस्तावित संशोधन माथि विचार र

निर्णय गर्नका लागि सो प्रस्ताव बारे राज्य पक्षहरू र राज्य पक्षहरूको सम्मेलनलाई सूचित गर्नेछन् । राज्य पक्षहरूको सम्मेलनले प्रत्येक संशोधनमा सर्वसम्मति प्राप्त गर्न हरसम्भव प्रयास गर्नेछ । सर्वसम्मतिका लागि सबै प्रयासहरू गर्दा पनि कुनै सहमतिमा पुग्न नसकिएमा त्यस्तो संशोधनलाई, अन्तिम उपायको रूपमा, राज्य पक्षहरूको सम्मेलनको बैठकमा उपस्थित भई मतदान गर्ने राज्य पक्षहरूको दुईतिहाई बहुमतले पारित गर्नुआवश्यक हुनेछ ।

२. क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनहरूले आफ्नो कार्य क्षेत्रभित्रका विषयमा, यस धारा बमोजिम आफ्नो मताधिकारको प्रयोग गर्दा यस महासन्धिका पक्ष भएका आफ्ना सदस्य राज्यहरूको संख्या बराबरको मतको संख्याका आधारमा गर्नेछन् । यस्ता सङ्गठनहरूले आफ्ना सदस्यहरूले आफ्नो मताधिकार प्रयोग गरेको अवस्थामा आफ्नो मताधिकारको प्रयोग गर्ने छैनन् भने नगरेको अवस्थामा गर्नेछन् ।

३. यस धाराको प्रकरण १ बमोजिम पारित संशोधन राज्य पक्षहरूद्वारा अनुमोदित, स्वीकृत वा समर्थित हुनुपर्नेछ ।

४. यस धाराको प्रकरण १ बमोजिम पारित गरिएका संशोधन, त्यस्तो संशोधनको अनुमोदन, स्वीकृति वा सहमतिकोलिखत संयुक्त राष्ट्रसङ्घका महासचिव समक्ष दाखिला गरेको मितिले नब्बे दिनपछि सो राज्य पक्षका हकमा प्रारम्भ हुनेछ ।

५. कुनै संशोधन प्रारम्भ भएकोमा, त्यस्तो संशोधन जुन राज्य पक्षहरूले सो कुरा आफुलाई बन्धनकारी हुने भनी आफ्नो सम्मति (consent) प्रदान गरेका छन्, तिनीहरूको हकमा बन्धनकारी हुनेछ । अरू राज्य पक्षहरू यो महासन्धिका प्रावधानहरू र आफूले पहिले नै अनुमोदन गरेका, स्वीकार गरेका वा समर्थन गरेका संशोधनहरू पालना गर्न बाध्य हुनेछन् ।

**धारा ७०**

**अलग हुने**

१. कुनै राज्य पक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित जानकारी दिई यो महासन्धिबाट अलग हुन सक्नेछ । महासचिवलाई त्यस्तो जानकारी प्राप्त भएको मितिले एक वर्षपछि त्यस्तो व्यवस्था प्रभावकारी हुनेछ ।

२. कुनै क्षेत्रीय आर्थिक एकीकरण सङ्गठनका सबै राज्य पक्षले यो महासन्धि परित्याग गरेको अवस्थामा त्यस्तो सङ्गठनको यस महासन्धिको सदस्यता समाप्त हुनेछ ।

**धारा ७१**

**अभिलेख अधिकारी र भाषाहरू**

१. यस महासन्धिको अभिलेख अधिकारीको रूपमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई तोकिएको छ ।

२. अरबी, चिनिया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका यस महासन्धिका मूल प्रतिहरू समान रूपले प्रामाणिक रहेका छन् र संयुक्त राष्ट्रसङ्घका महासचिव समक्ष दाखिला गरिने छन् । यस कुराको साक्षीको रूपमा सम्बन्धित सरकारहरूबाट विधिवत रूपमा अख्तियार प्राप्त गरेका देहायका सर्वाधिकार सम्पन्न हस्ताक्षरकारी प्रतिनिधिहरूले यस महासन्धिमा हस्ताक्षर गरेका छन् ।